महालेखापरीक्षकको
उनन्साठीऔं वार्षिक प्रतिवेदन
२०७९

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको
उनन्साठीऔं वार्षिक प्रतिवेदन
२०७९



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दुरदृष्टि *(Vision)*

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be credible institution in promoting accountability, transparency and integrity)

गन्तव्य *(Mission)*

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to nation)

मूल्य मान्यता *(Core Values)*

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यवसायिकता	*(Professionalism)*

नेपालका महालेखापरीक्षक

अनामनगर, काठमाडौं
नेपाल

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्या : २०७८।७९
चलानी नं. : ६१

विषय : उनन्साठीऔं वार्षिक प्रतिवेदन ।

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
काठमाडौं, नेपाल ।

नेपालको संविधानको धारा २४१ बमोजिम आर्थिक वर्ष २०७७।७८ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ बमोजिम वार्षिक प्रतिवेदन पेश गरेको छु ।

भवदीय,

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

२०७९ साल असार २९ गते, बुधवार

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
परिच्छेद १:	लेखापरीक्षण गरिएका निकायको विवरण	१
परिच्छेद २:	लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति	५
परिच्छेद ३:	लेखापरीक्षणबाट देखिएको समष्टिगत स्थिति	११
	खण्ड - १: संघीय मन्त्रालय तथा निकाय	
	१. संघीय संसद सचिवालय	३९
	२. सर्वोच्च अदालत	४०
	३. अख्तियार दुरुपयोग अनुसन्धान आयोग	४३
	४. लोक सेवा आयोग	४५
	५. निर्वाचन आयोग	४६
	६. राष्ट्रिय मानव अधिकार आयोग	४८
	७. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग	४९
	८. राष्ट्रिय महिला आयोग	५२
	९. महान्यायाधिवक्ताको कार्यालय	५३
	१०. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	५४
	११. अर्थ मन्त्रालय	७७
	१२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	१९५
	१३. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय	२२०
	१४. कृषि तथा पशुपन्छी विकास मन्त्रालय	२४७
	१५. खानेपानी मन्त्रालय	२६५
	१६. गृह मन्त्रालय	२८०
	१७. परराष्ट्र मन्त्रालय	३०४
	१८. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय	३१५
	१९. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	३३८
	२०. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	३८०
	२१. युवा तथा खेलकुद मन्त्रालय	३९०
	२२. रक्षा मन्त्रालय	३९९
	२३. वन तथा वातावरण मन्त्रालय	४१४
	२४. शहरी विकास मन्त्रालय	४३२
	२५. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	४५५
	२६. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	४९१
	२७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	५०१
	२८. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	५३२
	२९. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	५४२
	३०. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	५६४
	३१. राष्ट्रिय योजना आयोग	६०४
	खण्ड - २: प्रदेश मन्त्रालय तथा निकाय	६०९

परिच्छेद	शीर्षक	पृष्ठ
	खण्ड - ३: स्थानीय तह	६४३
परिच्छेद ४:	लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति	७०५
परिच्छेद ५:	भविष्यमा गर्नुपर्ने सुधार	७१२
परिच्छेद ६:	कार्यालय गतिविधि	७३२
अनुसूचीहरु		७४१

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २९४(१) बमोजिम सम्माननीय राष्ट्रपतिज्यूसमक्ष नेपालका महालेखापरीक्षकको ५९औँ वार्षिक प्रतिवेदन पेस गरेको छु । मेरो कार्यकालको यो पाँचौँ वार्षिक प्रतिवेदन हो । नेपालको संविधानको धारा २९४)२(तथा लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (१) को (क) देखि (घ) मा उल्लिखित विषय क्रमशः महालेखापरीक्षकबाट वर्षभरिमा भए गरेका काम कारबाहीको विवरण, लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराको सारांश, लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति र भविष्यमा गर्नुपर्ने सुधार, र आवश्यक अन्य कुराहरू खुलाउनुपर्ने व्यवस्थाबमोजिम यो वार्षिक प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोराहरू सम्बन्धित निकायका जिम्मेवार पदाधिकारीलाई जानकारी गराइएको र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ बमोजिम प्राप्त प्रतिक्रियासमेतका आधारमा फर्स्यौंट हुन नसकेका विषयहरू लेखा उत्तरदायी अधिकृत र सम्बन्धित विभागीय मन्त्रीलाईसमेत जानकारी गराई वार्षिक प्रतिवेदनमा समावेश गरिएको छ ।

नेपालको संविधानको धारा २९४(३) बमोजिम प्रदेशको कामकारबाहीका सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश प्रमुखसमक्ष पेस गरेको छु । लेखापरीक्षण सम्पन्न भएका स्थानीय तहको प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम सम्बन्धित तहलाई जारी गरिएको छ। संगठित संस्था र कार्यमूलक तथा विशेष लेखापरीक्षणबाट देखिएका व्यहोराहरू सम्बन्धित मन्त्रालयगत खण्डमा समावेश गरिएको छ । त्यसैगरी सार्वजनिक निकायबाट भएका कामकारबाहीको बारेमा सरोकारवालालाई सुसूचित गराउन वार्षिक प्रतिवेदनका सारभूत विषयहरू समावेश गरी विगत वर्षहरूमा झैं वार्षिक प्रतिवेदनको सारांशसमेत तयार पारिएको छ ।

लेखापरीक्षण व्यवस्थापन

नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ को दफा ३ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको संगठित संस्था र संघीय कानूनबमोजिम महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका संस्था वा निकायको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी आर्थिक वर्ष २०७७।७८ र बक्यौता समेतको विनियोजन, राजस्व, धरौटी र अन्य कोषको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ को दफा ४ बमोजिम अन्तिम लेखापरीक्षणका लागि लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोक्ने , त्यसबाट प्राप्त भएको तथ्यहरू दर्शाउने ,त्यसमा विवेचना तथा आलोचना गर्ने र आर्थिक विवरण उपर आवश्यकता अनुसार रायसहितको प्रतिवेदन जारी गर्ने व्यवस्थाअनुरूप वार्षिक लेखापरीक्षण योजना तथा मन्त्रालयगत लेखापरीक्षण योजना तयार गरी सोबमोजिम जोखिममा आधारित निकायगत लेखापरीक्षण योजना बनाई लेखापरीक्षण गरिएको छ ।

लेखापरीक्षण ऐन, २०७५ मा लेखापरीक्षण गर्न तोकिएका प्रावधान , नेपाल सरकारी लेखापरीक्षणमान , लेखापरीक्षण मार्गदर्शन, निर्देशिका र एवं असल अभ्यास समेतको अनुसरण गरी कार्यालयले यो वर्ष विद्युतीय पद्धतिमा आधारित" नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली" प्रयोग गरी सबै निकायको विद्युतीय लेखापरीक्षण मार्फत् लेखापरीक्षण कार्यको व्यवस्थापन गरिएको छ ।जोखिममा आधारित सूचकको आधारमा निकायहरूको वर्गीकरण गरी बढी जोखिमयुक्त निकायहरूको विस्तृत विधिबाट ,मध्यम जोखिमयुक्त निकायको छनौट विधिबाट, र न्यून जोखिमयुक्त निकायको आन्तरिक लेखापरीक्षण प्रतिवेदन एवं एकल खाता कोषबाट सूचना तथा विवरण सङ्कलन गरी लेखापरीक्षण सम्पादन गरिएको छ । बढी जोखिमयुक्त निकायको स्थलगत तथा मध्यम र न्यून जोखिमयुक्त निकायको दूरलेखापरीक्षण विधिबाट लेखापरीक्षण गरिएको छ ।

लेखापरीक्षणका सन्दर्भमा संघ र प्रदेश सरकारका लेखाउत्तरदायी अधिकृत, स्थानीय तह तथा संगठित संस्थाका जिम्मेवार पदाधिकारीहरूसँग छलफल र अन्तरक्रिया गरिएको छ । लेखापरीक्षण कार्य प्रारम्भ गर्नुपूर्व यसवर्ष वार्षिक लेखापरीक्षण योजना र समयतालिका बारे नेपाल सरकारका मुख्य सचिवमार्फत् सबै तहका सरकारी निकाय र अन्य सम्बद्ध पक्षहरूलाई समेत जानकारी गराई चरणबद्धरूपमा लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षणलाई गुणस्तरीय बनाउन लेखापरीक्षण सल्लाहकार समितिका सदस्यहरूका सुझाउ र सम्बन्धित पक्षका रायलाई ध्यान दिई आवश्यकतानुसार विषयविज्ञसँग समेत परामर्श गरिएको छ । कार्यमूलक लेखापरीक्षणलाई उद्देश्य प्रभावी बनाउन लाभग्राही समूह र सरोकारवालालाई समेत लेखापरीक्षणका चरणमा सहभागी गराइएको छ । लेखापरीक्षणको गुणस्तर नियन्त्रण गर्न लेखापरीक्षणका प्रत्येक चरणमा उच्चतहबाट अनुगमन एवं सुपरिवेक्षण गरिएको छ । लेखापरीक्षकको आचारसंहिता पालना एवं अनुगमनलाई प्रभावकारी बनाइएको छ। लेखापरीक्षणको गुणस्तर आश्वस्तता गर्न लेखापरीक्षण फाइलको छनौट गरी स्वतन्त्रतवरले गुणस्तर आश्वस्तता पुनरावलोकन गरिएको छ ।

लेखापरीक्षण अङ्क र बेरुजू

यो वर्ष संघीय, प्रदेश सरकारी निकाय र स्थानीय तह, संगठित संस्था, समिति र अन्य संस्थासमेतको रू.७५ खर्ब ३३ अर्ब ९ करोडको लेखापरीक्षण सम्पन्न भएको छ । सोबाट संघ, प्रदेश र स्थानीय तहसमेतको लेखापरीक्षणबाट रू.१ खर्ब १५ अर्ब ५ करोड बेरुजू कायम भएको छ । सोमध्ये ३ हजार २८७ संघीय सरकारी निकायको रू.२८ खर्ब २० अर्ब ३८ करोड लेखापरीक्षणबाट रू.४९ अर्ब ४७ करोड अर्थात् १.७५ प्रतिशत बेरुजू देखिएको छ । प्रदेशतर्फ १ हजार १३१ कार्यालयको रू.२ खर्ब ९९ अर्ब ५७ करोडको लेखापरीक्षणबाट रू.७ अर्ब ४८ करोड अर्थात् २.५० प्रतिशत र स्थानीय तहतर्फ यस वर्षको ७४४ र बक्यौता ५५ समेत ७९९ को रू.१० खर्ब ५१ अर्ब १० करोडको लेखापरीक्षणबाट रू.४३ अर्ब ९१ करोड अर्थात् ४.१८ प्रतिशत बेरुजू देखिएको छ । समिति र अन्य संस्थातर्फ ४४८ निकायको रू.२ खर्ब ६ अर्ब १२ करोडको लेखापरीक्षण भएकोमा रु १४ अर्ब १९ करोड अर्थात ६.८९ प्रतिशत बेरुजू कायम भएको छ । समग्रमा लेखापरीक्षण अङ्कको तुलनामा २.६३ प्रतिशत बेरुजू कायम भएको छ ।

संगठित संस्था तथा समितितर्फ रू.३१ खर्ब ५५ अर्ब ९३ करोडको लेखापरीक्षण सम्पन्न भएको छ । सोको अतिरिक्त ३१ संगठित संस्थाको लेखापरीक्षणको लागि परामर्श उपलब्ध गराएबमोजिम रू.११ खर्ब ५२ अर्ब ७६ करोडको लेखापरीक्षण भएको छ । सो रकमसमेत यो वर्ष कुल रू.८६ खर्ब ८५ अर्ब ८५ करोड को लेखापरीक्षण सम्पन्न भएको छ । यो वर्ष संघतर्फ २ हजार ,९८१ प्रदेशतर्फ ५२ र स्थानीय तहतर्फ २० समेत ३ हजार ५३ निकायको लेखापरीक्षण गर्न बाँकी रहेको छ।

गत वर्षसम्मको बाँकी बेरुजू रू. ४खर्ब १८ अर्ब ८५ करोड रहेकोमा समायोजन तथा फर्स्यौट गरिएको अङ्क घटाई यो वर्ष थप भएको समेत रू. ४खर्ब ८३ अर्ब ६० करोड बेरुजू बाँकी रहेको छ । लेखापरीक्षण तथा सम्परीक्षणबाट यो वर्ष रू.४ अर्ब २१ करोड असुल भएको छ । अद्यावधिक कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम गतवर्षसम्म रू. २खर्ब ५७ अर्ब ५६ करोड रहेकोमा यो वर्ष रू. ८८अर्ब थप भई रू.३ खर्ब ४५ अर्ब ५६ करोड कायम भएको छ । अद्यावधिक बेरुजूमा कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम थप गर्दा रू.८ खर्ब २९ अर्ब १६ करोड पुगेको छ । गतवर्ष यस्तो रकम रू.६ खर्ब ७६ अर्ब ४१ करोड रहेको थियो । गत वर्षको तुलनामा यस्तो रकम २२.५८ प्रतिशतले बढेको छ ।

संघीय सरकारी निकायतर्फ विगत ३ वर्षको लेखापरीक्षण र बेरुजू रकमको तुलना गर्दा आर्थिक वर्ष २०७५।७६ र २०७६।७७ मा लेखापरीक्षण अङ्कको तुलनामा क्रमशः ४.०८ र २.८५ प्रतिशत बेरुजू रहेकोमा यो वर्ष १.७५ प्रतिशत कायम भएको छ । त्यसै गरी संघीय सरकारी कार्यालय तर्फ गत वर्ष रू. ८५

अर्ब ४३ करोड २९ लाख बेरुजू फस्यौंट भएकोमा यो वर्ष यस्तो फस्यौंट रू.३४ अर्ब ८७ करोड ३० लाख रहेको छ।

प्रदेश सरकारतर्फ यो वर्ष लेखापरीक्षण अङ्कको तुलनामा २.५० प्रतिशत बेरुजू देखिएको छ, जुन गत वर्ष २.४७ प्रतिशत रहेको थियो । प्रदेशतर्फ गतवर्ष रू. २अर्ब ४१ करोड ३७ लाख सम्परीक्षण भएकोमा यो वर्ष रू.१ अर्ब ६८ करोड ९० लाख सम्परीक्षण भएको छ । त्यस्तैगरी स्थानीय तहतर्फ यो वर्ष लेखापरीक्षण अङ्कको तुलनामा ४.१८ प्रतिशत बेरुजू रहेको छ । गत वर्ष यस्तो बेरुजू लेखापरीक्षण अङ्कको तुलनामा ५ प्रतिशत रहेको थियो । स्थानीय तहतर्फ गत वर्ष रू.७ अर्ब ५१ करोड ३७ लाख सम्परीक्षण भएकोमा यो वर्ष रू. १०अर्ब ५८ करोड ८७ लाख सम्परीक्षण भएको छ ।

वित्तीय जवाफदेहिता

सार्वजनिक वित्तीय व्यवस्थापनलाई प्रभावकारी र नतीजामूलक बनाउन आर्थिक सुशासन कायम गर्नु जरूरी छ । आन्तरिक नियन्त्रण व्यवस्था, आर्थिक कार्यविधिको पालना, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनको स्थितिलाई हेर्दा आर्थिक सुशासनको पाटो कमजोर रहेको छ । वित्तीय जवाफदेहिताको अवस्था उत्साहप्रद छैन। यो वर्ष लेखापरीक्षण अङ्कको तुलनामा बेरूजू प्रतिशत केही घटी छ । तर असुल गर्नुपर्ने प्रतिशत वृद्धि भएको छ भने नियमित गर्नुपर्ने बेरूजूको प्रतिशत गत वर्षको हाराहारीमा नै छ । पेश्की बाँकी करिब ४ प्रतिशत घटेको छ । आर्थिक कार्यविधिमा निर्धारित प्रावधानको विपरीत उही प्रकृतिका अनियमित कार्य बारम्बार दोहोऱ्याउनाले आर्थिक अनुशासन फितलो हुन गएको छ । आर्थिक अनुशासन कमजोर हुँदा वित्तीय प्रशासनमा अपेक्षित सुधार हुन सकेको छैन । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम तालुक निकायबाट अनुगमन गर्ने र कार्यविधिको पालना नगर्ने ,अनियमित गर्ने पदाधिकारीलाई समयमै जिम्मेवार बनाउने, वित्तीय अनुशासन पालनालाई कार्य सम्पादन मूल्याङ्कनसँग आबद्ध गर्ने, लेखापरीक्षण प्रतिवेदनमा औँल्याइएका व्यहोराको कार्यान्वयनमा तीव्रता दिने, विगतको वित्तीय अनुशासन पालना र मूल्याङ्कनको विश्लेषण गरी विशेष जिम्मेवारी दिने एवं दण्ड पुरस्कारको व्यवस्था अवलम्बन गर्नुपर्दछ ।

बजेट एवं खर्च व्यवस्थापन

विनियोजनमा कुशलता, स्रोतको प्रभावकारी उपयोग र अपेक्षित नतिजा प्राप्त हुने गरी कार्यान्वयन योग्य बजेटको तर्जुमा र खर्चको व्यवस्थापन गर्नु आवश्यक छ । अनुमान गर्न सकिने प्रयोजनको लागि समेत अर्थ विविध वा अबण्डामा ठूलो बजेट राख्ने र वर्षान्तमा रकमान्तर गर्ने एवं बढी खर्च लेख्ने, राष्ट्रिय बजेट प्रणाली बाहिरबाट बजेट कार्यान्वयन गर्ने, प्रदेश सरकार र स्थानीय तहले समेत कानूनबेगर विभिन्न कोषहरू सञ्चालन गर्ने, वैदेशिक सहायताको सुनिश्चितता बेगरका कार्यक्रम बजेटमा राख्ने, मध्यमकालीन खर्च संरचना प्रभावकारीरूपमा लागू नगर्ने, पूर्व तयारी बेगरका आयोजनामा बजेट विनियोजन गर्ने एवं बजेट खर्च हुन नसक्ने अवस्थामा खर्चको आकारमात्र बढाउन फ्रिज नहुने खातामा राख्ने वा संघ संस्थाको खातामा ट्रान्सफर गर्ने लगायतका कमी कमजोरी यथावत् नै रहेका छन् । विगत वर्षहरूको न्यून बजेट कार्यान्वयनको अवस्थाले बजेटको कार्यान्वयन पक्ष कमजोर देखिन्छ । यी समग्र पक्षमा सुधार हुनुपर्ने देखिएको छ ।

आवधिक योजनाका लक्ष्यलाई बजेटमा आबद्ध गरी चालु खर्चमा मितव्ययिता अपनाई पुँजीगत प्रकृतिका तुलनात्मक लाभ भएका संभाव्य योजना तथा कार्यक्रममा स्रोतको सुनिश्चितता गरी समन्यायिक तवरले बजेट विनियोजन गर्नुपर्दछ । अनुत्पादक खर्च नियन्त्रण गरी चालु खर्चलाई राजस्वको सीमाभित्र राख्ने, सार्वजनिक ऋणलाई निश्चित सीमा भित्र राखी प्रतिफलमुखी क्षेत्रमा विनियोजन गर्ने, संरचना र जनशक्ति व्यवस्था छरितो पार्ने, खर्चको उत्पादकत्व वृद्धि गर्ने ,वैदेशिक सहायता राष्ट्रिय प्रणालीमा आबद्ध गरी उपलब्धिमूलक ढङ्गले उपयोग

गर्ने क्षमता अभिवृद्धि गर्नुपर्दछ । बजेट कार्यान्वयनको अनुगमन गरी देखिएका समस्या शीघ्र समाधान गर्ने व्यवस्था गरी बजेट विनियोजन र कार्यान्वयनमा कुशलता कायम गर्नुपर्दछ ।

राजस्व प्रशासन

राजस्वको ठूलो हिस्सा आयातमा निर्भर रहनु, करको दायरा विस्तार हुन नसक्नु, कर सङ्कलन लागत र कर परिपालनामा सुधार नहुनु ,राजस्व चुहावटको स्थिति विद्यमान रहनु, संघीय संरचनाबमोजिम राजस्व परिचालन हुन नसक्नु, कर बक्यौता रहनु, आर्थिक क्रियाकलापमा अनौपचारिक क्षेत्रको हिस्सा उल्लेख्य रहनु लगायतका समस्या रहेका छन् । अर्थतन्त्रका विभिन्न क्षेत्रहरूको अध्ययन गरी सबै क्षेत्र र व्यवसायलाई करको दायरामा ल्याउने, राजस्व छुटलाई नियन्त्रण गर्ने, बक्यौता असुलीलाई प्रभावकारी बनाउने, आयातमा आधारित राजस्वको हिस्सालाई घटाउँदै आन्तरिक राजस्वको हिस्सा बढाउने, विद्युतीय व्यापारलाई करको दायरामा ल्याउने, गैरकर राजस्वको दर पुनरावलोकन गरी लागत प्रभावी बनाउने लगायतका विषयहरूमा ध्यान दिनुपर्दछ।

विद्यमान कर परीक्षण पद्धतिमा सुधार गरी अनुसन्धानमूलक एवं सूचना प्रविधिमा आधारित बनाउने, एकीकृत कर प्रणाली र राजस्व व्यवस्थापन सूचना प्रणालीका सूचना एक आपसमा भिडान हुने र कर सूचना सञ्जालको स्थापना गर्ने, अनुगमनलाई प्रभावकारी बनाई सही कर निर्धारण हुने पद्धतिको विकास गर्नुपर्दछ । त्यसैगरी भन्सार विन्दुमा मालवस्तुको घोषणा, वर्गीकरण र मूल्याङ्कनलाई यथार्थपरक र कारोबार मूल्यमा आधारित बनाउनुपर्दछ । मूल्य हस्तान्तरण, आयको खण्डीकरण र कर मुक्ति योजनाको प्रबन्ध हुने कार्यलाई निरुत्साहित गर्न सूचना प्रणालीलाई सुदृढ बनाउने, निकायका बीच समन्वय र सहकार्य गर्ने तथा न्यून बीजकीकरणलाई नियन्त्रण गर्न विशेष व्यवस्था गर्नु आवश्यक छ ।

सार्वजनिक सेवा प्रवाह

सार्वजनिक सेवा प्रवाहलाई मितव्ययी, लागत प्रभावी र प्रभावकारी बनाउनुपर्ने देखिएको छ । सार्वजनिक निकायले नागरिकलाई दिने दैनन्दिन सेवामा ढिलासुस्ती, जटिलता र क्षमताको अभावले सेवाको लागत बढी परेको अवस्था छ । सेवा प्रवाहको समय, दूरी र लागत घटाउने तथा त्यस्तो सेवा प्रवाहलाई सुरक्षित, भरपर्दो र दिगो बनाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने, कार्यविधि सरलीकरण गर्ने, एकद्वार सेवा प्रणाली अवलम्बन गर्ने, गुनासो सुनुवाइका लागि प्रभावकारी संयन्त्र स्थापना र परिचालन गर्ने लगायतका कार्यमा ध्यान दिनुपर्ने देखिन्छ । सेवाग्राहीसँगको प्रत्यक्ष सम्पर्कका कारण सेवा प्रवाहमा हुने अनियमितता, ढिलासुस्ती, मोलाहिजा, व्यक्तिगत सम्बन्धमा आधारमा प्राथमिकता र अधिकारको दुरूपयोग लगायतका गलत क्रियाकलाप नियन्त्रणका लागि कागजरहित र व्यक्ति सम्पर्करहित सेवा प्रवाह गर्नुपर्दछ । सेवा प्रवाहमा संलग्न पदाधिकारी र जनशक्तिको विद्यमान घुमाउरो उत्तरदायित्व प्रणाली अन्त गरी सेवाग्राहीप्रति सिधै उत्तरदायी र जवाफदेही हुनुपर्ने प्रणाली लागू गर्नुपर्दछ । सार्वजनिक निकायले सेवाप्रवाह गरेको सम्बन्धमा प्रभावकारी अनुगमन हुनुपर्दछ ।

सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग

मुलुकको शासकीय प्रणाली संघीय संरचनामा रूपान्तरण भएपछि अधिकार क्षेत्रको द्विविधा तथा दोहोरो उत्तरदायित्वका कारण सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोगमा समस्या देखिएको छ । संघ, प्रदेश र स्थानीय तहमा रहेका सार्वजनिक सम्पत्तिको संरक्षण, उपयोग एवं अभिलेख व्यवस्थापन प्रभावकारी हुन नसकेको अवस्था छ । सार्वजनिक जग्गामा अतिक्रमण, नदीजन्य, वनजन्य तथा खानीजन्य पदार्थको अत्यधिक दोहन एवं सरकारी सम्पत्तिको अनाधिकृत प्रयोग नियन्त्रण गर्नुपर्दछ । नेपाल सरकारबाट तयार गरिएको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा सबै सम्पत्ति अभिलेख गर्ने एवं प्राकृतिक स्रोत र सांस्कृतिक सम्पदाको समेत भरपर्दो

अभिलेख राखिनुपर्दछ । सार्वजनिक सम्पत्तिको अद्यावधिक अभिलेख व्यवस्थित गर्ने एवं जिम्मेवार व्यक्तिले सार्वजनिक सम्पत्तिको दुरूपयोग गरेमा जवाफदेही बनाउने व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । सार्वजनिक सम्पत्तिको संरक्षण र समुचित उपयोग हुने व्यवस्था सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली कार्यान्वयन गर्नुपर्दछ।

मानव संसाधन व्यवस्थापन

संघीय शासन प्रणालीलाई जनमुखी, सक्षम, सेवामूलक र उत्तरदायी बनाउन सक्षम मानव संसाधन हुनु जरूरी छ । संघीयता कार्यान्वयनमा आएको लामो समय व्यतीत भइसक्दा पनि संगठन संरचना र जनशक्ति व्यवस्थापनले पूर्णता पाउन सकेको छैन । सबै तहमा संरचनागत व्यवस्था भइनसक्नु र भएका व्यवस्थाबमोजिम पनि जनशक्ति पूर्ति भइनसक्नु र भएका जनशक्तिमा पनि आवश्यक ज्ञान, सीप र क्षमताको कमी रहनाले प्रभावकारी सेवा प्रवाह हुन नसकेको स्थिति छ । संघीयता लागू भएको लामो समय व्यतीत भइसक्दा पनि संघीय निजामती सेवा कानून जारी हुन सकेको छैन । यसले गर्दा संघीय संरचनाअनुरूप निजामती कर्मचारीको समायोजनमा असहजता रहेको, प्रदेश निजामती सेवा ऐन जारी गर्नमा कठिनाइ रहेको र समस्त निजामती प्रणालीलाई संघीयताअनुरूप परिचालन गर्न बाधा परेको छ। त्यसैले तत्काल संघीय निजामती सेवा ऐन जारी गर्ने र त्यसका आधारमा एकरूपता कायम हुने गरी प्रदेश निजामती सेवा ऐन जारी गर्ने तथा विद्यमान दरबन्दीको पुनरावलोकन गरी पदपूर्तिमा ध्यान दिनुपर्ने देखिएको छ । प्रदेश सरकारका निकाय तथा स्थानीय तहमा प्रदेश लोकसेवा आयोगको परामर्शबिगर कर्मचारी नियुक्ति तथा बढुवा गर्ने प्रचलन देखिएको छ । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ।

राष्ट्रसेवकमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न व्यावहारिक तालिमको व्यवस्था र सान्दर्भिक अद्यावधिक ज्ञान र सीपलाई निरन्तरता दिन र कुशलता अभिवृद्धिका लागि हरेक वर्ष न्यूनतम समयावधिको तालिम लिनुपर्ने व्यवस्था गर्नुपर्दछ । प्रतिभावान् व्यक्तिलाई सार्वजनिक सेवामा प्रवेश गर्नका लागि उत्प्रेरणा दिने व्यवस्था कायम गर्नुपर्दछ । उपयुक्त व्यक्तिलाई उपयुक्त समय र स्थानमा पदस्थापना गर्ने, कर्मचारी उत्प्रेरणा र मनोबल अभिवृद्धि गर्ने, सरुवा तथा बढुवालाई अनुमानयोग्य बनाउने र नेतृत्व क्षमता मूल्याङ्कन गरी विभागीय प्रमुख, आयोजना प्रमुखलगायतको जिम्मेवारी दिने व्यवस्था अलम्बन गर्नुपर्दछ । निजामती र अन्य सरकारी सेवाबाट अवकाश प्राप्त दक्ष जनशक्तिको ज्ञान, सीप र अनुभवलाई सरकारी सेवामा उपयोग गर्ने नीतिगत व्यवस्था मिलाउनुपर्दछ।

सूचना प्रविधिको उपयोग

सूचना प्रविधिलाई अर्थतन्त्रको महत्वपूर्ण अवयवको रूपमा अङ्गीकार गरी आर्थिक विकास र सेवा प्रवाहका समग्र पक्षमा सूचना प्रविधिको अधिकतम उपयोग गरी छिटोछरितो सेवा प्रवाह गरी खर्चमा मितव्ययिता ल्याउन सकिने अवसर उपलब्ध छ । तथापि सरकारी निकायबाट सूचना प्रविधिको प्रयोग गरी डिजिटल गभर्नेन्सको नीति पूर्णरूपमा कार्यान्वयन हुन सकेको छैन । संघ, प्रदेश र स्थानीय तहका निकायबाट प्रवाह हुने सबै सेवाहरूलाई सर्वसुलभ, भरपर्दो, विश्वसनीय र मितव्ययी बनाउन सूचना प्रविधिको उपयोगमा जोड दिनुका साथै निकायगत सूचना आदानप्रदान एवं उपयोग गर्न सक्ने प्रणालीको विकास गर्नुपर्दछ । कार्यालयपिच्छे सफ्टवेयर खरिद गर्ने कार्यलाइ निरुत्साहित गर्नुपर्दछ । कार्य सञ्चालनमा एकरूपता ल्याउन निकायका कार्यप्रकृतिअनुरूप आवश्यक पर्ने सफ्टवेयर केन्द्रीय निकायले विकास गरी संघ, प्रदेश र स्थानीयतहका निकायले प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्दछ । विद्युतीय हस्ताक्षरसम्बन्धी व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । सूचना प्रविधि व्यवस्थालाई सुरक्षित गर्न साइबर सुरक्षाको व्यवस्था र अनुगमन प्रभावकारी बनाउनुपर्दछ ।

प्रकोप तथा महामारी व्यवस्थापन

प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट हरेक वर्ष अत्याधिक क्षति भइरहेको छ । प्रकोप तथा महामारीको नियन्त्रण, रोकथाम र उपचारको व्यवस्थापन समुचित तवरले कार्यान्वयन हुन सकेका छैनन् । कोभिड-१९ महामारीको निरन्तरता कायम नै छ । प्रकोप एवं महामारीको असर न्यून गर्न जोखिम पहिचान, आँकलन र नक्साङ्कन गरी पूर्व सूचना प्रवाह गर्ने र पूर्व तयारीका कार्यलाई प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था गर्नुपर्दछ । प्रकोप तथा महामारी नियन्त्रण र व्यवस्थापनका लागि परिचालन गरिने स्रोत र खर्चको पारदर्शिता हुनुपर्छ । यस कार्यमा प्राप्त हुने सबै प्रकारका वैदेशिक सहायताको उचित अभिलेख र परीक्षण हुनुपर्दछ । महामारी नियन्त्रणका लागि स्थायी संयन्त्रको व्यवस्था गर्ने, समयमा नै नाका व्यवस्थापन गर्ने, अत्यावश्यक औषधि उपकरणलगायतका पूर्वाधारको व्यवस्थापन गर्नुपर्दछ ।

विपद् व्यवस्थापनका कार्यलाई प्रभावकारीरूपमा सञ्चालन गर्न संघ, प्रदेश र स्थानीय तहका सरकारी र गैरसरकारी निकायबीच सहकार्य र समन्वय गर्ने व्यवस्था गरी विपद्को उद्धार, राहत, पुनर्स्थापना तथा पुनर्निर्माणका लागि एकद्वार प्रणालीको व्यवस्था कायम गर्नुपर्दछ । संक्रामक रोग तथा महामारी रोकथामका लागि उपलब्ध खोपको म्याद भित्रै उपयोग गर्ने तथा अन्य स्वास्थ्य सामग्रीको समुचित उपयोग गर्ने व्यवस्था गर्नुपर्दछ । विपद् व्यवस्थापन तथा महामारी व्यवस्थापनका लागि कानून बमोजिमका कोषलाई कार्यविधि बनाई विधिवत परिचालन गर्नुपर्दछ ।

आर्थिक गतिविधि

नेपाल सरकारले २०७७।७८ मा आर्थिक वृद्धिदर ९.६ प्रतिशत पुऱ्याउने लक्ष्य राखे पनि ४.२५ प्रतिशतमात्र रहेको छ । पन्ध्रौं योजना र यो वर्ष पुँजीगत खर्च कुल गार्हस्थ्य उत्पादनको क्रमशः १८.६ प्रतिशत र १६.८ प्रतिशत हासिल गर्ने लक्ष्य रहेकोमा ५.४ प्रतिशत मात्र रहेको छ । वैदेशिक अनुदानको उपयोग कुल गार्हस्थ्य उत्पादनको ३ प्रतिशत पुग्नुपर्नेमा ०.६३ प्रतिशत मात्र रहेको छ।यसबाट अपेक्षित पुँजी निर्माण हुन सकेको छैन । हाल कुल वैदेशिक व्यापारमा करिब ९० प्रतिशत आयात रहेको तथा ठूलो परिमाणमा वैदेशिक मुद्रा आयातमा खर्च भइरहेको स्थिति छ । वैदेशिक व्यापार घाटा करिब रू.१४ खर्ब पुगेको छ । निर्यातलाई कुल गार्हस्थ्य उत्पादनको तुलनामा ११.३ प्रतिशत पुऱ्याउने लक्ष्य लिइएकोमा ३.३ प्रतिशत रहेको अवस्था छ। विप्रेषण आप्रवाहमा कमी र बढ्दो शोधान्तर घाटाले अर्थतन्त्रमा चुनौती थपिएको छ । यसले गर्दा विदेशी मुद्राको सञ्चितिमा परेको चापले विकास निर्माण कार्यका साथै वित्तीय तथा आर्थिक स्थायित्वमा असर पर्ने अवस्था रहेको छ । राजस्वमा परेको चाप, आपूर्ति श्रृंखलामा परेको प्रभाव, खर्च परिचालन गर्न सक्ने क्षमताको अभाव र आयातमा आधारित आर्थिक कृयाकलापले गर्दा आर्थिक गतिविधिमा संकुचन आएको छ । आर्थिक शिथिलताका कारण रोजगारी र आयमा कमी आउनाले असमानता र गरिबीमा वृद्धि भएको अवस्था छ ।

उत्पादकत्वका आधारमा सार्वजनिक खर्चलाई मितव्ययी बनाउनुपर्दछ । लगानीयोग्य पुँजी सुनिश्चित गर्न, शोधनान्तर स्थितिमा सुधार गर्न, मुद्रास्फीतिलाई सीमामा राख्न, खर्च गर्ने क्षमताको विकास गर्न, प्रतिफल नदिने अनुदान खर्चमा नियन्त्रण गर्न, ऋणलाई उत्पादनसँग जोडन, आन्तरिक कच्चा पदार्थको खपत गरी उत्पादनमा वृद्धि गर्न, आर्थिक वृद्धिलाई रोजगारी सृजना गर्न एवं उत्पादन वृद्धिसँग आबद्ध गर्दै वित्तीय स्थायित्व कायम गर्नु जरूरी छ ।

ऋण व्यवस्थापन

आन्तरिक तथा वैदेशिक ऋणमा बढोत्तरी भइरहेको छ । ऋण दायित्व २०७०।७१ मा कुल गार्हस्थ्य उत्पादनको २८.५१ प्रतिशत रहेकोमा २०७७।७८ को अन्तमा ४०.७३ प्रतिशत पुगेको छ । विनिमय दरको अधिमूल्यनले ऋण दायित्वमा थप चाप परिरहेको देखिन्छ । सरकारले ऋणको उपादेयता, आवश्यकता, ऋणबाट

पर्ने अल्पकालीन, मध्यकालीन र दीर्घकालीन प्रभाव, ऋणका शर्तसमेतको विश्लेषण गरी प्रतिफलयोग्य ऋण लिने र सो को ऋणको प्रभावकारी व्यवस्थापन गर्नुपर्दछ । ऋणको अभिलेख, लेखाङ्कन र प्रतिवेदन प्रणालीलाई व्यवस्थित गर्नुपर्दछ ।

नेपाल राष्ट्र बैङ्कको प्रतिवेदनबमोजिम गैरसरकारी क्षेत्रमा पनि ऋणको उच्च विस्तार भएको छ । उच्च ऋण विस्तारको अनुपातमा आर्थिक वृद्धि नहुँदा, ऋण उत्पादनसँग आबद्ध नहुँदा, ऋण रकम उत्पादनभन्दा आयात, उपभोग र व्यापारमा प्रयोग हुनाले मुद्रास्फीति बढ्न गएको अवस्था छ । निर्दिष्ट प्रयोजनमा भन्दा ऋण रकमको प्रयोग जग्गा, उपभोग लगायतका अनुत्पादक क्षेत्रमा भइरहेको प्रवृत्तिलाई नियन्त्रण गर्न र ऋणलाई उत्पादनसँग जोड्नु आवश्यक छ ।

दिगो विकास लक्ष्य

दिगो विकास लक्ष्यको २०१९ मा मध्यकालीन मूल्याङ्कन गर्दा लक्ष्य हासिल गर्न नसकेको अवस्था छ। कोभिड महामारीको कारण लक्ष्य प्राप्ति अझै चुनौतीपूर्ण देखिन्छ । लक्ष्य प्राप्तिका लागि तीनै तहका सरकारबीच समन्वय, सहकार्य र अन्तरसम्बन्ध हुनुपर्दछ । यसलाई प्रदेश र स्थानीय तहले नीति, योजना, कार्यक्रम र बजेटमा आन्तरिकीकरण गर्नुपर्ने देखिएको छ । दिगो विकास लक्ष्य हासिल गर्न आर्थिकलगायतका स्रोत साधनको अधिक कमी रहने अवस्थालाई न्यूनीकरण गर्न आन्तरिक स्रोतको प्रभावकारी परिचालन, नीजि तथा गैरसरकारी क्षेत्रको भूमिकामा अभिवृद्धि, वैदेशिक सहायताको समुचित उपयोग गर्न आवश्यक छ । दिगो विकास लक्ष्य हासिल गर्नको लागि तीन तहका सरकार एवं बिषयगत निकायबाट हुने योगदान पहिचान गरी प्रगतिको मापन, मूल्याङ्कन गर्नका लागि सूचकसहितको तथ्याङ्क सङ्कलन एवं विश्लेषण व्यवस्था मिलाई एकीकृत सरकारको अवधारणा अनुरूप अनुगमन मूल्याङ्कन गर्नुपर्दछ ।

आयोजना व्यवस्थापन

आर्थिक गतिविधि चलायमान बनाउन र पुँजी निर्माणका लागि बृहत् आयोजना सञ्चालन गर्नु जरूरी छ। आयोजना व्यवस्थापन मितव्ययी एवं दक्षतापूर्ण नहुँदा समय र लागत वृद्धिका घटनामा वृद्धि भइरहेको अवस्था छ । राष्ट्रिय गौरवका योजना, रूपान्तरणकारी आयोजनालगायतका आयोजनाको प्रभावकारी व्यवस्थापन हुन नसक्दा लक्षित प्रतिफल समयमा प्राप्त हुने अवस्था छैन । लागत लाभ विश्लेषणको आधारमा आयोजना बैङ्क तयार गरी सोभन्दा बाहिरका आयोजना बजेटमा समावेश नगर्ने ,पर्याप्त अध्ययन र स्थलगत अवलोकनबेगर ड्राइङ डिजाइन तयार गर्ने, आयोजना कार्यान्वयनको लागि अन्तरसम्बन्धित रहेका सडक, विद्युत, टेलिफोन, सिँचाइ, खानेपानी ,वनलगायतका निकायहरूबीच समन्वयत्मक तवरले काम गर्नुपर्दछ । आयोजनाका लागि जग्गा प्राप्ति र मुआब्जा कार्यलाई व्यवस्थित गर्न कानूनी व्यवस्था गर्नुपर्दछ । आयोजना अनुगमन गर्न आयोजना व्यवस्थापन सूचना प्रणाली तर्जुमा गरी कार्यान्वयन गर्नुका साथै आयोजनाको नेतृत्व र कर्मचारीहरूको निरन्तरता र कार्यसम्पादनलाई नतिजामुखी तुल्याउन नतिजामा आधारित कार्य सम्पादन मूल्याङ्कन प्रणाली अवलम्बन गर्नुपर्दछ।

सार्वजनिक खरिद व्यवस्थापन

सार्वजनिक खरिद ऐन र नियमावलीको व्यवस्था भए तापनि पूर्णरूपले परिपालना भएको छैन । खरिद प्रक्रिया स्वच्छ, प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी हुन नसकेको स्थिति छ । खरिद कानूनमा व्यवस्था भएबमोजिम मालसामान, निर्माण कार्य र सेवाको आवश्यकता पहिचान, खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना तयारी गरी प्रतिस्पर्धात्मक तवरले खरिद व्यवस्थापन यद्यपि हुन सकेको छैन । सार्वजनिक खरिद प्रयोजनाका लागि गठन हुने उपभोक्ता समितिहरू कतिपय अवस्थामा निर्माण व्यवसायीको प्रतिस्थापन जस्तो देखिएको छ । पूर्व तयारीका सबै कार्य गरेपश्चात् मात्र खरिद व्यवस्थापनको कार्य गर्नुपर्दछ । बोलपत्रमा अत्यधिक न्यून दर कबोल

गरेको कारण कामको गुणस्तरमा समस्या देखिएको एवं ठेक्का अधुरो छाड्ने प्रवृत्ति बढ्दै गएकोले सोलाई निराकरण गर्न न्यूनतम र अधिकतम कबोल गर्नेको बोलपत्रलाई हटाई बाँकी बोलपत्रको कबोल अङ्कलाई औसत गर्दा हुने रकमसँग नजिक कबोल अङ्क रहेको बोलपत्र स्वीकृत गर्ने कानूनी व्यवस्था हुनुपर्दछ । विद्युतीय खरिद प्रणाली अनिवार्यरूपमा लागू गर्ने र दातृ निकाय तथा राष्ट्रबाट गरिने खरिदमा समेत विद्युतीय खरिद प्रणाली प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ । लागत अनुमानलाई वैज्ञानिक एवं भरपर्दो बनाउने र प्रतिस्पर्धालाई निरुत्साहन हुने गरी स्पेसिफिकेसन तयार गर्ने एवं प्याकेजिङ्ग गर्ने कार्यलाई निरुत्साहन गर्नुपर्दछ ।

आन्तरिक नियन्त्रण, आन्तरिक लेखापरीक्षण ,लेखाङ्कन तथा प्रतिवेदन

सार्वजनिक निकायले आफ्नो सञ्चालनको उद्देश्य, कानूनको परिपालना र प्रतिवेदनसम्बन्धी उद्देश्यहरू प्राप्त गर्ने क्रममा आईपर्न सक्ने जोखिमको पहिचान गर्ने, आँकलन गर्ने, तिनको विश्लेषण गरी प्राथमिकताको आधारमा ती विषयलाई व्यवस्थापन गर्न आवश्यक आन्तरिक नियन्त्रण प्रणालीको विकास अझै हुन सकेको छैन। आन्तरिक लेखापरीक्षण अपेक्षित प्रभावकारी हुन सकेको देखिँदैन । सरकारले अपनाएको नगदमा आधारित नेपाल सार्वजनिक क्षेत्र लेखामान) नेप्सास (प्रभावकारीरूपमा कार्यान्वयन भएको छैन । नगदमा आधारित हुनाले वित्तीय प्रतिवेदनले समस्त कारोबारको यथार्थ चित्रण गर्न नसक्ने, समग्र आर्थिक अवस्थालाई प्रस्तुत गर्न नसक्ने, जमानतबसेको ऋण र प्रतिबद्ध दायित्वको लेखाङ्कन नहुने, सम्पत्ति र जायजेथाको एकीकृत प्रतिवेदन तयार नहुने तथा कार्यात्मक वर्गीकरणबमोजिमको लेखाङ्कन नहुने जस्ता कमीले विद्यमान लेखाङ्कन र प्रतिवेदनको व्यवस्था आवश्यकतानुसार उद्देश्यमूलक हुन सकेको छैन ।

नेपाल सार्वजनिक क्षेत्र लेखामान) नेप्सास (को आधारमा महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा वित्तीय विवरण तयार गर्नुका साथै कार्यात्मक वर्गीकरणको आधारमा लेखाङ्कन र विवरण प्रस्तुत गर्ने व्यवस्था गर्नुपर्दछ। नगदमा आधारित लेखा प्रणालीलाई सुधार गरी प्रोदभावी आधारको लेखा प्रणालीमा रुपान्तरण गर्नेतर्फ आवश्यक कार्य गर्नुपर्दछ । आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी यसको प्रभावकारी कार्यान्वयन गर्ने तथा आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन अन्तर्राष्ट्रिय असल अभ्यास समेतको आधारमा व्यवस्थापकीय तथा सञ्चालनगत जिम्मेवारीबाट स्वतन्त्र राख्न कानूनी र संरचनागत सुधार गरी स्थानीय तहलगायत सबै निकायमा प्रभावकारी आन्तरिक लेखापरीक्षणको व्यवस्था गर्नुपर्दछ ।

नियमन व्यवस्था

राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउन सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता रहने निर्देशक सिद्धान्तबमोजिम अर्थतन्त्र सञ्चालनमा सरकारको नियमनकारी भूमिका रहेको छ । नेपालले सन् १९९० पछि खुला बजार व्यवस्थालाई आत्मसात गर्दै खुला बजारमा अनैतिक तथा अनियमित गतिविधिको नियन्त्रणका लागि नियमनकारी निकायको व्यवस्था गरेको छ । यी पक्षले आ-आफ्नो भूमिका समुचित तवरले निर्वाह गर्न नसकेमा विकृति सिर्जना हुने गर्दछ । नियामक निकायको कमजोर कार्यसम्पादनका कारण सार्वजनिक एवं नीति क्षेत्रमा देखिएका एवं आउन सक्ने सम्भावित असंगतिहरूको नियन्त्रणमा कठिनाइ देखिएको छ । अत्यधिक मुनाफा लिने, न्यून गुणस्तरीय, कम तौल तथा म्याद नाघेका वस्तु तथा सेवा आपूर्ति हुने, अत्यावश्यक वस्तुको अभाव लगायतका समस्या रहेकोले बजार अनुगमन तथा कारबाही गर्ने व्यवस्थालाई प्रभावकारी बनाउनुपर्दछ । निजी क्षेत्रको वित्तीय शुद्धताका लागि नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्थाका कामकारबाहीका सम्बन्धमा स्वतन्त्ररूपले निरीक्षण र नियन्त्रण गर्न उपयुक्त संयन्त्रको व्यवस्था गर्नुपर्दछ । साथै सार्वजनिक कोषको समुचित परिचालन गर्न नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, कर्मचारी सञ्चय कोष लगायतका कोषहरूको नियमन गर्ने नियमनकारी निकाय नभएकोले यस्ता निकायको नियमन गर्ने निकाय स्थापना गर्नुपर्दछ ।

सरकारका काम कारबाहीलाई प्रभावकारी र अपेक्षित बनाउन नियमनकारी निकायको रूपमा रहेका नेपाल राष्ट्र बैङ्क ,बीमा समिति, धितोपत्र बोर्ड, दूरसञ्चार प्राधिकरण, विद्युत नियमन आयोगलगायत विषयगत मन्त्रालय र विभागहरूको क्षमता अभिवृद्धि गर्नुपर्दछ । त्यसैगरी नियमनकारी निकायहरूबीच सूचना आदानप्रदानको उचित संयन्त्र निर्माण गर्दै अन्तर निकाय कार्यगत समन्वय र सहकार्य हुनुपर्दछ।

संघीयता कार्यान्वयन

संघीयता कार्यान्वयनको समग्र अवस्था सन्तोषजनक छैन । अधिकारक्षेत्र अनुरूप कानून निर्माण नभएको एवं वित्तीय संघीयताले मूर्तरूप लिन सकेको छैन । अधिकारक्षेत्र अनुरूप संघ, प्रदेश र स्थानीय तहले समन्वयात्मक ढङ्गले कानून निर्माण गर्न ध्यान दिनुपर्दछ । संघले प्रदेशले सशर्त अनुदान उपलब्ध गराउँदा क्रियाकलाप नै तोकेर सशर्त अनुदान उपलब्ध गराउने परिपाटी अन्त्य गरी क्षेत्रगत शर्त र लक्ष्य तोकेर उपलब्ध गराउने व्यवस्था हुनुपर्दछ । प्रदेशका लोकसेवा आयोगहरूको प्रभावकारिता अभिवृद्धि गरी प्रदेश र स्थानीय तहमा आवश्यक जनशक्ति व्यवस्थापन गर्नुपर्दछ ।

समन्वय परिषदमार्फत विवाद निरूपण गर्ने एवं प्राकृतिक स्रोतको प्रयोग गर्दा लाभको वितरण समन्यायिक, सन्तुलित र पारदर्शी रूपमा गर्नुपर्दछ । प्रदेश र स्थानीय तहको आन्तरिक आय र खर्च आवश्यकता बीचको खाडल पुरा गर्न स्थानीय सरकारलाई राजस्वको दायरा बढाउन प्रोत्साहित गर्नुको साथै साझा अधिकार अन्तर्गत संकलित राजस्व सम्बन्धित विभाज्य कोषमा जम्मा गरी समयमै बाँडफाँट गर्नुपर्दछ । संविधानमा उल्लिखित साझा अधिकारका विषयहरूमध्ये प्रदेश र स्थानीय तहलाई हस्तान्तरण गर्नुपर्ने कार्यक्रमहरूसमेत संघ र प्रदेशले राखे गर्दा सडक, सिँचाइ ,कृषि, पशु ,वन स्वास्थ्यलगायतका विषयगत क्षेत्रहरूको कार्यक्रम कार्यान्वयनमा देखिएको दोहोरोपनलाई नियन्त्रण गर्नुपर्दछ ।

संसदीय समिति र अन्य सरोकारवालासँगको सम्बन्ध

संघीय संसद र प्रदेश सभाअन्तर्गतका सार्वजनिक लेखा समितिलगायत संसदीय समितिहरूसँग निकटतम् सम्बन्ध कायम गर्दै निरन्तर छलफल, सम्पर्क एवं समन्वय गरी कार्य गर्ने प्रयास गरिएको छ । महालेखापरीक्षकद्वारा प्रचलित कानूनबमोजिम लेखापरीक्षण गरी पेस गरिएका लेखापरीक्षण प्रतिवेदन उपर समयमा नै छलफल गरी कार्यान्वयनको सुनिश्चितता गरिनुपर्दछ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन छलफल तथा कार्यान्वयनको लागि स्वार्थ नबाझिने गरी संयन्त्र खडा गर्न थप कानूनी व्यवस्था बनाउन जरूरी देखिन्छ । समान लक्ष्य प्राप्त गर्ने सन्दर्भमा एक आपसमा समन्वय एवं सूचना आदान-प्रदान अन्य संवैधानिक निकाय र सरोकारवालाहरूसँग गरी लेखापरीक्षणको प्रभाव वृद्धि र प्रतिवेदनका सुझाउ कार्यान्वयनमा सकारात्मक वातावरण निर्माण गर्न आवश्यक छ। विगतको अनियमितता तथा बेरुजू उपर जनप्रतिनिधिहरूलाई नै जवाफदेही बनाउनु आवश्यक छ । गत स्थानीय तहको निर्वाचनमा निर्वाचन आयोगले निर्वाचनमा उम्मेदवार हुनको लागि व्यक्तिगत पेश्की, असुल उपर गर्नुपर्ने बेरुजू नरहेको घोषणा गर्नुपर्ने गरी आचारसंहितामा राखेपछि जनप्रतिनिधिहरूमा चासो बढेको र रकम असुल भएको छ । यसको लागि निर्वाचन आयोगलाई हार्दिक धन्यवाद दिन चाहान्छु । आगामी संघीय संसद र प्रदेश सभाको निर्वाचनमा समेत सोही नीतिको निरन्तरताका लागि आग्रह गर्न चाहन्छु ।

अन्तर्राष्ट्रिय सम्बन्ध

नेपाल सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठन र एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरूको संगठनको सदस्य रहेको छ । ती संगठनबाट लेखापरीक्षणको गुणस्तर र प्रभाव वृद्धि गर्न सञ्चालित गरिएका विभिन्न कार्यक्रममा तथा कार्य दलमा नेपाल सहभागी हुँदै आएको छ । सार्कको लेखापरीक्षण गर्न कार्यालयका कर्मचारीलाई सहभागी गराइएको छ । लेखापरीक्षणलाई प्रभावकारी बनाउन र आपसी अनुभव आदान-प्रदान गर्न अन्य सर्वोच्च लेखापरीक्षण संस्थाहरूसँग समझदारी गरिएको छ ।

अक्सफोर्ड विश्वविद्यालयद्वारा सन् २०२१ देखि २०२३ सम्म आयोजना हुने "सत्यनिष्ठा र भ्रष्टाचार" विषयक चान्डलर सेसनमा मेरो पनि सहभागिता रहेको छ । विश्वका १५ जना विशिष्ट व्यक्तित्व सहभागी रहने सो कार्यक्रममा नेपाल पनि सहभागी हुनुले कार्यालयको साख बढेको छ । सो कार्यक्रममा भ्रष्टाचार नियन्त्रणका रणनीति तयार गरिने अनुभवले भ्रष्टाचार रोकथाम गर्न र गुणस्तरीय लेखापरीक्षणका लागि योजना बनाउन र सत्यनिष्ठा प्रवर्द्धन गर्नका लागि नवीन रणनीति तयार गर्न मद्दत पुग्नेछ ।

लेखापरीक्षणका चुनौती

कार्यालयमा उपलब्ध सीमित स्रोतसाधनबाट सार्वजनिक क्षेत्रको आर्थिक कारोबारमा भएको वृद्धि र आर्थिक अनुशासन पालनामा देखिएका विचलनहरूका कारण देशको समग्र वित्तीय प्रशासनलाई जवाफदेही र जिम्मेवार बनाउन थप चुनौतीहरू देखा पर्दै गएका छन् । त्यसका अलावा महालेखापरीक्षकको कार्यालयका कर्मचारीहरूको क्षमता विकास गर्ने, लेखापरीक्षणको विधि, पद्धति र प्रतिवेदन प्रणालीमा सुधार गर्दै लेखापरीक्षक र सार्वजनिक निकायको पदाधिकारीहरूको आचरण तथा व्यवहारलाई अपेक्षित बनाउनुपर्ने देखिएको छ । त्यसैगरी लेखापरीक्षणका समग्र कार्यप्रक्रियालाई विद्युतीय माध्यमबाट सम्पादन गर्न कार्यान्वयनमा ल्याइएको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको पूर्ण कार्यान्वयन गर्दै दूर लेखापरीक्षणको अवधारणालाई नतिजामुखी ढंगले कार्यान्वयनमा लैजानु समेत चुनौती रहेको छ।

लेखापरीक्षणमा सुधार

सम्वत् २०७२ सालको विनाशकारी भूकम्पपश्चात् भवन अभावको समस्या झेल्दै आएकोमा सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट २०७८ मङ्सिर ९ गते कार्यालयको नवनिर्मित भवनको समुद्घाटन भई उक्त नयाँ भवनमा कार्यालय स्थानान्तरण भएको छ । हाल महालेखापरीक्षकको कार्यालयले चौथो रणनीतिक योजना कार्यान्वयनमा ल्याएको छ । सो रणनीतिक योजनामा लेखापरीक्षणको गुणस्तर अभिवृद्धि, स्वायतत्ता तथा आन्तरिक सुशासन, संस्थागत र पेशागत क्षमता विकास र सरोकालवालाहरूसँगको सम्बन्ध सुधारलगायतका विषय समावेश गरिएका छन् । यसै वर्ष सर्वोच्च लेखापरीक्षण संस्थाहरूको कार्यसम्पादनको आवधिक रूपमा मूल्याङ्कन गर्ने प्रचलनअनुसार थाइल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्थाबाट यस कार्यालयको कार्यसम्पादन मूल्याङ्कन भएको छ । प्राप्त प्रतिवेदनमा उल्लेख भएका सुधार गर्नुपर्ने विषयहरूलाई महालेखापरीक्षकको कार्यालयको चौथो रणनीतिक योजनामा समेत समावेश गरिएको छ।

हाल लेखापरीक्षण ऐन, २०७५ कार्यान्वयनमा रहेको छ । लेखापरीक्षण ऐनका प्रावधानहरूलाई व्यवस्थित तरिकाले कार्यान्वयनमा ल्याउन लेखापरीक्षण नियमावली तर्जुमाको प्रक्रियामा रहेको छ । यसैगरी लेखापरीक्षण सेवाका कर्मचारीहरूको सेवा सञ्चालनको लागि छुट्टै नेपाल लेखापरीक्षण सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति (नियमहरू, २०७७ तर्जुमा भई कार्यान्वयनमा आएको छ । लेखापरीक्षण सेवाका कर्मचारी परिचालन , सीप तथा क्षमता विकास, उत्प्रेरणागत प्रोत्साहन प्रणाली, पेशागत आचरण र व्यवहारगत पक्ष, वृत्ति विकासका अवसरलगायतका विषयमा अध्ययन गरी थप व्यवस्थित गर्ने प्रयत्न भइरहेको छ।

लेखापरीक्षणलाई अन्तर्राष्ट्रियस्तर अनुरूपको बनाउन इन्टोसाई मानदण्ड ग्रहण गरी २०७७ श्रावणदेखि कार्यान्वयनमा ल्याइएको छ । लेखापरीक्षणमानलाई कार्यान्वयन गर्न वित्तीय, परिपालना र कार्यमूलक लेखापरीक्षणलगायतका मार्गदर्शनहरू तयारी एवं अद्यावधिक गर्ने कार्य सम्पन्न गरिएको छ । महालेखापरीक्षकको कार्यालयको संस्थागत क्षमता विकास गर्न लेखापरीक्षण अनुसन्धान तथा अभिलेख केन्द्र, जनशक्ति विकासको लागि लेखापरीक्षण उत्कृष्टता केन्द्र स्थापना गर्ने प्रयास भइरहेको छ ।

महालेखापरीक्षकको कार्यालयमा लेखापरीक्षणका व्यहोरा कार्यान्वयनको अनुगमनका लागि अनुगमन तथा फस्यौंट प्रणाली प्रभावकारी बनाउन जरुरी देखिएको छ । लेखापरीक्षण ऐनबमोजिम महालेखापरीक्षकले कुनै सार्वजनिक पदाधिकारीले वित्तीय जवाफदेहिता वहन गरे नगरेको सम्बन्धमा लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम परीक्षण गर्न सक्ने व्यवस्था मिलाइन्छ । यसैगरी सार्वजनिक पदमा बहाल रहेका पदाधिकारीलाई विशेष जिम्मेवारी दिनुपर्दा आर्थिक अनुशासन र वित्तीय जवाफदेहिता पालनाको स्तरसमेतलाई आधार लिने व्यवस्था मिलाउन आवश्यक देखिएको छ ।

कार्यालयको अपेक्षा

म महालेखापरीक्षकमा नियुक्ति भएपश्चात् मेरो आफ्नो कार्य अवधिमा गर्नुपर्ने सुधारका विषयहरू समावेश गरी महालेखापरीक्षकको ६ वर्षे कार्ययोजना सार्वजनिक गरेको थिएँ । यस अवधिमा हामीले लेखापरीक्षणसँग सम्बन्धित केही कानूनी, नीतिगत एवं व्यवस्थापकीय विषयमा सुधार गरेका छौं । यस कार्यले आगामी दिनमा समेत निरन्तरता पाउनेमा सबैलाई विश्वस्त पार्न चाहन्छु । लेखापरीक्षणको माध्यमबाट सार्वजनिक निष्ठा, सदाचार, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गरी सुशासन अभिवृद्धि र आम नागरिकको जीवनमा सकारात्मक भूमिका खेल्ने प्रमुख उद्देश्य राखिएको छ । यस प्रतिवेदनले विकास निर्माण, सार्वजनिक सेवा, राजस्व र खर्च तथा सरकारी काम कारबाहीको अवस्थाबारे बुझ्न मद्दत पुग्ने विश्वाससमेत गरेको छु ।

महालेखापरीक्षकको कार्यालयको स्थापनापश्चात् यो समेत ५९ वटा वार्षिक प्रतिवेदन राष्ट्र प्रमुख समक्ष पेस भइसकेका छन् । तर ती प्रतिवेदनको कार्यान्वयन अवस्था सन्तोषजनक हुन नसक्दा हरेक वर्ष एउटै प्रकृतिका व्यहोरा दोहोरिने गरेका छन् । प्रस्तुत सन्दर्भमा महालेखापरीक्षकका वार्षिक प्रतिवेदन र कार्यालयबाट जारी भएका अन्य लेखापरीक्षण प्रतिवेदनहरू यथासमयमा संघीय संसद, प्रदेश सभा र गाउँसभा/नगर सभामा पेस भई प्रतिवेदनमा उल्लिखित सुझाउ कार्यान्वयन गर्न सम्बन्धित पक्षहरूले थप ध्यान दिने अपेक्षा गरेको छु।

लेखापरीक्षणको गुणस्तर अभिवृद्धि र प्रभावकारिताका लागि सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठनको लिमा तथा मेक्सिको घोषणा र संयुक्त राष्ट्रसंघको महासभाले पारित गरेका प्रस्तावअनुसार महालेखापरीक्षकको कार्यालयको लागि आवश्यक पर्ने वित्तीय, संगठनात्मक र कार्यात्मक स्वतन्त्रता प्रदान गर्न संघीय संसद र नेपाल सरकारबाट आवश्यक सहयोग प्राप्त हुने अपेक्षा लिएको छु । नेपालको संविधानबमोजिम नेपालको महालेखापरीक्षकलाई आफ्नो जिम्मेवारी निर्वाह गर्नका लागि औचित्यता प्रयोग गर्ने समेतको अधिकार सहित पर्याप्त प्रबन्ध भएको छ । तर कानूनी व्यवस्थाहरूबाट वित्तीय र कार्यगत स्वतन्त्रतामा संकुचन हुन पुगेमा कार्यदक्षता र प्रभावकारितामा प्रभाव पर्दछ । यसतर्फ सम्बद्ध पक्षहरूको ध्यान जानुपर्दछ । लेखापरीक्षण ऐन, २०७५ले महालेखापरीक्षकलाई लेखापरीक्षण र सम्परीक्षणसम्बन्धी सबै अधिकार प्रदान गरेको छ । तर आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ का केही प्रावधान लेखापरीक्षण ऐनसँग बाझिएको अवस्थाले महालेखापरीक्षकको कार्यात्मक स्वतन्त्रतामा संकुचन आउन सक्ने देखिँदा यसमा सुधार हुनुपर्ने देखिएको छ ।

महालेखापरीक्षकको स्वायतता तथा प्रभावकारिताको लागि यस कार्यालयमा कार्यरत कर्मचारीको छुट्टै सेवा समूह रहेको भए तापनि सेवाको सञ्चालन नेपाल सरकारबाट भइरहेको छ । अन्य निजामती कर्मचारी र यस कार्यालयका कर्मचारीबीच सेवा शर्त र सुविधामा भिन्नता छैन । उक्त नीतिले यस कार्यालयमा कार्यरत

कर्मचारीलाई संवैधानिक निकायमा निर्वाह गरेका भूमिकाको छुट्टै मूल्याङ्कन गरी विशेष व्यवस्था गर्न सकिएको छैन। सो नीतिमा परिवर्तन गरी यस कार्यालयमा कार्यरत कर्मचारीको छुट्टै सेवा शर्त र विशेष सुविधा तथा प्रोत्साहनको व्यवस्था हुनुपर्ने कुरामा मेरो ध्यानाकर्षण भएको छ ।

अन्तमा,

सार्वजनिक वित्तीय व्यवस्थापन र सेवा प्रवाहका सम्बन्धमा महालेखापरीक्षकको वार्षिक एवं अन्य प्रतिवेदनको कार्यान्वयनबाट सार्वजनिक निष्ठा, सदाचार, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धनमा उल्लेख्य योगदान पुग्ने विश्वास लिएको छु । मैले महालेखापरीक्षकको जिम्मेवारी लिएपछि नेपालको वित्तीय प्रशासनमा सुधार तथा आर्थिक अनुशासन पालना र सुशासनमा योगदान पुऱ्याउने अठोटसहितको प्रतिबद्धताका साथ यो कार्यभार सम्हालेको थिएँ । आज पनि मैले जिम्मेवारी लिँदाका बखतको प्रतिबद्धता, उत्साह, जोश, जाँगर र हौसलामा कुनै कमी आउन दिएको छैन । मेरो ज्ञान, सीप, अनुभव र समय पूर्णरूपमा महालेखापरीक्षकको काम कर्तव्य प्रति समर्पित रहने गरी कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्दै सबैको सहयोग र सदभाव सदाझै प्राप्त हुने विश्वास लिएको छु।

संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सम्माननीय राष्ट्रपतिज्यू ,सम्माननीय उपराष्ट्रपतिज्यू, सम्माननीय प्रधानमन्त्रीज्यू, सम्माननीय प्रधानन्यायधीशज्यू, प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यू, राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूबाट प्राप्त मार्गदर्शन, संघीय संसद, प्रदेश सभा, संवैधानिक निकाय, सबै तहका सरकार , सार्वजनिक संस्था ,लेखापरीक्षण सल्लाहकार समिति , विकास साझेदार, नागरिक समाज, सञ्चारकर्मी, आम नागरिकलगायतबाट प्राप्त सुझाउप्रति आभार व्यक्त गर्न चाहन्छु । साथै ,सीमित स्रोत साधन र कठिनाइका बाबजुद पनि लेखापरीक्षण कार्यलाई समयमै सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ (१) मा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाललगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानूनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । संविधानको धारा २४१(२) बमोजिम ५० प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्त गर्दा महालेखापरीक्षकसँग परामर्श गर्नुपर्ने व्यवस्था छ । साथै, संविधानको धारा २४१ (५) बमोजिम अन्य कुनै कार्यालय वा संस्थाको लेखापरीक्षण संघीय कानूनमा व्यवस्था गरी महालेखापरीक्षकबाट गर्न सकिने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा ३ अनुसार सरकारी कार्यालय, नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था छ ।

महालेखापरीक्षकले लेखापरीक्षण ऐन, २०७५ को दफा ८ मा लेखापरीक्षण गर्दा परीक्षण गर्नुपर्ने विषय र दफा ९ बमोजिम औचित्यको दृष्टिकोणबाट परीक्षण गर्न सक्ने विषय तथा दफा ४ बमोजिम अन्तिम लेखापरीक्षण गर्दा लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोक्ने, त्यसबाट प्राप्त भएको तथ्यहरू दर्शाउने, त्यसमा विवेचना तथा आलोचना गर्ने र आर्थिक विवरण उपर आवश्यकताअनुसार रायसहितको प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था गरेको छ ।

२. **उद्देश्य -** संविधानबमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र संघीय कानूनद्वारा तोकिएका अन्य कार्यालय वा निकायको वित्तीय कारोबार तथा सेवा प्रवाहको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा परीक्षण गरी देखिएका व्यहोरा औंल्याई सार्वजनिक वित्तीय व्यवस्थापनमा सुधार गर्न सुझावसहितको प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको मूल उद्देश्य रहेको थियो । लेखापरीक्षणको मूल उद्देश्य हासिल गर्न देहायका विषयसमेत समावेश गरी परीक्षण गरिएको थियो।

वित्तीय लेखापरीक्षण

- तीन वटै तहको सञ्चित कोष तथा अन्य सरकारी कोषको तोकिएको ढाँचाअनुरूप वित्तीय विवरण र प्रतिवेदन तयार भै कारोबारको यथार्थ स्थिति चित्रण गरेको,
- विनियोजन ऐन बमोजिम सीमाभित्र रही निर्दिष्ट प्रयोजनका लागि खर्च भएको,
- सरकारी ऋण, लगानी, सम्पत्ति र त्यसबाट प्राप्त हुनुपर्ने वा तिर्नु बुझाउनुपर्ने र बुझाइएको सावाँ, ब्याज, लाभांशलगायतको लेखा राखेको,

परिपालनाको लेखापरीक्षण

- कानूनसम्मत तवरले राजस्वलगायत समस्त आम्दानी, राजस्व तथा धरौटीको निर्धारण, असुली र दाखिला गरेको र तीनै तहका सरकारबीच प्रचलित कानूनबमोजिम राजस्व बाँडफाँट भएको,
- आर्थिक कारोबार गर्दा ऐन कानूनको परिपालना गरेको एवं पुष्ट्याँइ गर्ने यथेष्ट प्रमाण राखेको,

- खर्च गर्दा दुरुपयोग हुन नपाउने गरी पर्याप्त कानूनी व्यवस्था भएको, तत्सम्बन्धी नियमन, आन्तरिक नियन्त्रण व्यवस्था पर्याप्त भएको र सोको अनुसरण गरेको,

कार्यमूलक लेखापरीक्षण

- खर्च मितव्ययी तवरले गरेको र कार्यक्रम एवं लक्ष्यअनुसार प्रगति हासिल गरेको,
- नगदी जिन्सी तथा अन्य सरकारी सम्पत्तिसमेतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी संरक्षण एवं उपयोग गर्ने व्यवस्था मिलाएको र सोको अनुसरण गरेको,
- कार्यालयको संगठन र व्यवस्थापन तथा कार्य विभाजन यथेष्ट र समुचित रहेको एवं दोहोरो नहुने व्यवस्था मिलाएको,
- निर्दिष्ट उद्देश्य नीतिअनुरूप कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गरी उपलब्धि हासिल गरेको, कामको गुणस्तर र परिमाण मापदण्डअनुरूप भएको,
- खर्च गर्दा लागत तथा उपलब्धि विश्लेषण गरी उचित ढंगले खर्च गरेको र लागतको तुलनामा प्रतिफल प्राप्त भएको,

विविध विषयको लेखापरीक्षणको

- कोभिड-१९ को विश्वव्यापी महामारीको रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धमा सञ्चालित क्रियाकलाप र खर्च कानूनसम्मत एवं दक्षतापूर्ण रहेको,
- दिगो विकास लक्ष्य प्राप्तिका सम्बन्धमा सञ्चालन गरिएका क्रियाकलापहरूबाट आवधिक लक्ष्य प्राप्तिको अवस्था, अनुगमन एवं सूचना सङ्कलन व्यवस्थित रहेको,
- सूचना प्रविधि प्रणालीको उपयुक्त तवरले विकास एवं प्रभावकारीतवरले उपयोग गरेको,

३. **लेखापरीक्षणको क्षेत्र -** संवैधानिक निकाय, संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहका सम्पूर्ण कार्यालय, तीन तहका सरकारका पूर्ण स्वामित्व भएको संगठित संस्था, समिति, बोर्ड, कोष, प्राधिकरण र विश्वविद्यालय, संघीय कानूनले लेखापरीक्षण गर्नुपर्ने भनी तोकेका अन्य निकायको आर्थिक वर्ष २०७७।७८ को आर्थिक कारोबार एवं बक्यौता र सोसँग सम्बन्धित कागजात समेतलाई लेखापरीक्षण क्षेत्रमा समेटिएको छ । निकायहरुको वित्तीय विवरणको शुद्धता, आन्तरिक नियन्त्रण प्रणाली, बजेट र खर्च व्यवस्थापन, राजस्व निर्धारण सङ्कलन एवं दाखिला, जिन्सी एवं सार्वजनिक सम्पत्ति व्यवस्थापन, आयोजना व्यवस्थापन, सार्वजनिक खरिद, सार्वजनिक निर्माण, सार्वजनिक सेवा प्रवाह, सार्वजनिक स्रोत साधनको संरक्षण र उपयोग, नियमनकारी निकायहरुको कार्य प्रभावकारिता, सार्वजनिक संस्थान व्यवस्थापन, जनशक्ति व्यवस्थापन जिम्मेवारी र जवाफदेहिता जस्ता पक्षको परीक्षण तथा मूल्याङ्कनलाई समेत लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । कोभिड-१९ महामारीको रोकथाम नियन्त्रण तथा उपचार सम्बन्धमा २०७७।७८ मा भएको खर्च र दिगो विकास लक्ष्य प्राप्तिको लागि सञ्चालित क्रियाकलापको मूल्याङ्कनलाई समेत लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ ।

४. **लेखापरीक्षण पद्धति -** वार्षिक लेखापरीक्षण योजना तयार गरी सोसँग सामञ्जस्य हुने गरी मन्त्रालयगत लेखापरीक्षण योजना तथा निकायगत लेखापरीक्षण योजनाका आधारमा कार्यालयले तयार गरेको "नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली" (NAMS) प्रयोग गरी यो वर्ष सबै निकायको विद्युतीय लेखापरीक्षण र सोको व्यवस्थापन गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ मा उल्लिखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय, कार्यमूलक, प्रकोप व्यवस्थापन, वातावरणीय तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गर्नुपर्ने

निकायहरुलाई जोखिम मूल्याङ्कनको आधारमा न्यून, मध्यम र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त निकायको विस्तृत लेखापरीक्षण गरिएको छ । मध्यम जोखिमयुक्त निकायको छानिएको विषय तथा कारोबारको मात्र परीक्षण र न्यून जोखिमयुक्त निकायको आन्तरिक नियन्त्रण मूल्याङ्कन प्रणाली आन्तरिक लेखापरीक्षण तथा एकल कोष खाताबाट उपलब्ध सूचना समेतको आधारमा दूरलेखापरीक्षण सम्पन्न गरिएको छ ।

समग्र एवं निकायगत जोखिम मूल्याङ्कन गरी पहिचान भएका विषयको परीक्षण गर्ने सन्दर्भमा सक्षम, पर्याप्त तथा सान्दर्भिक प्रमाण सङ्कलन गर्न लेखापरीक्षणको इकाईगत योजनामा उल्लेख गरी नमूना छनौटका आधारमा लेखापरीक्षण गरिएको छ । कार्यमूलक लेखापरीक्षणको सन्दर्भमा केही विषयमा नागरिक समाजलाई संलग्न गराइएको छ भने यस्तो लेखापरीक्षणमा प्रमाण सङ्कलन गर्न अन्तर्वार्ता, प्रश्नावली तयार, सरोकारवालासँग सामूहिक छलफल लगायतका विधि अपनाइएको छ । लेखापरीक्षणमा विशेषतः समस्यामूलक र परिणाममूलक पद्धति अवलम्वन गरिएको छ । प्राविधिकरूपमा जटिल विषयका लेखापरीक्षणमा सम्बन्धित विषयविज्ञको सेवा समेत लिइएको छ । साथै लेखापरीक्षणका समग्र पक्षमा सल्लाहकार समितिबाट समेत सुझाव लिइएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरिवेक्षण, स्थलगत निरीक्षण, गुणस्तर आश्वस्तता निर्देशिका बमोजिम प्रारम्भिक प्रतिवेदन जारी पूर्वको पुनरावलोकन र नमूना छनौटको आधारमा सम्पन्न लेखापरीक्षणको गुणस्तर आश्वस्तता पुनरावलोकनका कार्यहरुसमेत गरिएको छ ।

५. **वार्षिक प्रतिवेदन -** संविधानको धारा २९४(१) बमोजिम महालेखापरीक्षकले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ । साथै, संविधानको धारा २९४(२) मा वार्षिक प्रतिवेदनमा खुलाउनुपर्ने कुराहरू संघीय कानुन बमोजिम हुने व्यवस्थाअनुरूप लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (१) को (क) मा महालेखापरीक्षकबाट वर्षभरिमा भए गरेका काम कारबाहीको विवरण, (ख) मा लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराको सारांश, (ग) मा लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति र भविष्यमा गर्नुपर्ने सुधार र (घ) मा आवश्यक अन्य कुराहरू खुलाउनुपर्ने व्यवस्थाबमोजिम महालेखापरीक्षकले सम्माननीय राष्ट्रपतिसमक्ष यो ५९औँ वार्षिक प्रतिवेदन पेस गरिएको छ। यस प्रतिवेदनमा ६ परिच्छेद तथा २३ अनुसूची रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका व्यहोराको स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएका व्यहोरा, परिच्छेद ४ मा लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति, परिच्छेद ५ मा भविष्यमा गर्नुपर्ने सुधार र परिच्छेद ६ मा कार्यालय गतिविधि समावेश गरिएको छ। कोभिड-१९ व्यवस्थापनसम्बन्धी विशेष लेखापरीक्षण प्रतिवेदन बेग्लै तयार गरिएको छ । संविधानको धारा २९४(३) बमोजिम प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग ७ प्रतिवेदन तयार गरिएको छ । स्थानीय तहको अन्तिम प्रतिवेदन सम्बन्धित ७४४ स्थानीय तहलाई जारी गरिएको छ। त्यसैगरी कार्यमूलक, सूचना प्रविधि र वातावरणीय लेखापरीक्षणका व्यहोरालाई पनि यो प्रतिवेदनमा समावेश गरिएको छ । वार्षिक प्रतिवेदनका प्रमुख व्यहोरा समावेश गरी वार्षिक प्रतिवेदनको सारांशसमेत तयार गरिएको छ ।

नेपालका महालेखापरीक्षक

अनामनगर, काठमाडौं
नेपाल

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

प.स. २०७८।७९
च.नं. ६०

मिति २०७९।३।२८

विषयः **संघीय सञ्चित कोषको प्राप्ति तथा भुक्तानीको एकीकृत आर्थिक विवरण उपर लेखापरीक्षण प्रतिवेदन ।**

श्री अर्थ सचिव,
अर्थ मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

१. **कैफियत सहितको राय** - हामीले आर्थिक वर्ष २०७७।७८ को संघीय सञ्चित कोषको प्राप्ति तथा भुक्तानीको एकीकृत आर्थिक विवरण, तत्सम्बन्धमा अपनाएका आधार र लेखा नीति तथा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७।७८ को संघीय सञ्चित कोषको प्राप्ति तथा भुक्तानीको एकीकृत आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरूले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूत रूपले सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. प्रचलित ऐन कानूनको व्यवस्थाअनुरूप सरकारी लेखा नगद आधारमा लेखाङ्कन गरिने व्यवस्था भएकोमा सञ्चित कोषको समग्र नगद मौज्दात ऋणात्मक देखिएको छ । आर्थिक वर्ष २०७७।७८ मा समग्र राजस्व, अनुदान, आन्तरिक तथा बाह्य ऋण र सोझै भुक्तानी हुने अनुदान र ऋणसमेत जम्मा रू.१३ खर्ब १ अर्ब ४० करोड ८२ लाख प्राप्त भई चालु, पुँजीगत र वित्तीय व्यवस्थातर्फ (सोझै भुक्तानी हुने अनुदान र ऋणसमेत) रू.११ खर्ब ९६ अर्ब ६७ करोड ६० लाख खर्च भई यो वर्षको बचत रू.१ खर्ब ४ अर्ब ७३ करोड २२ लाख रहेको छ ।गत वर्षान्तमा ऋणात्मक देखाएको रू.२ खर्ब १६ अर्ब ६९ करोड ५६ लाखमा यो वर्षको बचत समायोजन गर्दा २०७८ आषाढ मसान्तमा रू.१ खर्ब ११ अर्ब ९६ करोड ३४ लाख ऋणात्मक मौज्दात देखिन्छ । उक्त ऋणात्मक रकम नेपाल सरकारको नाममा रहेका कार्यसञ्चालन कोष, धरौटी, वैदेशिक सहायता लगायतका विभिन्न खातामा रहेको मौज्दातबाट व्यहोरिएको उल्लेख गरे पनि खातागत रूपमा प्रयोग भएको विवरण उल्लेख गरेको छैन ।

नगद आधारमा लेखाङ्कन गर्दा कोषको मौज्दात ऋणात्मक हुन नसक्ने अवस्थामा गत विगत वर्षदेखि नै ऋणात्मक मौज्दात देखिएको छ । यस्तो मौज्दात समायोजन गरी राफसाफ गरिनुपर्दछ ।

२.२. नेपाल राष्ट्र बैङ्कबाट प्राप्त विवरणअनुसार स्वीकृति प्राप्त वाणिज्य बैङ्कहरूको नाममा खोलिएका खाताहरूमा २०७८ आषाढ मसान्तमा रू.११ खर्ब १३ अर्ब २० करोड ८९ लाख मौज्दात रहेको देखिन्छ । त्यसैगरी खर्चतर्फका खातामा रू.१० खर्ब १७ अर्ब ७१ करोड ३३ लाख ऋणात्मक मौज्दात देखिएको छ। उक्त दुई खातालाई मिलान गरी हेर्दा रू.९५ अर्ब ४९ करोड ५६ लाख मौज्दात बाँकी रहेको देखिन्छ । नियमित कारोबार भइरहने खाता तथा फ्रिज नहुने प्रकृतिका खाताहरूसमेत विचार गरी नियमित रूपमा लेखा स्रेस्ता र बैङ्कको विवरणबीच हिसाब समायोजन विवरण तयार गर्नुपर्दछ।

२.३. नेपाल सरकारको लेखा महालेखा नियन्त्रक कार्यालयले राख्ने र नेपाल राष्ट्र बैङ्कले सरकारी बैङ्कको रूपमा खाता सञ्चालन गर्ने व्यवस्था छ । खाता सञ्चालन सम्बन्धमा नेपाल राष्ट्र बैङ्कले सरकारी कारोबार निर्देशिका, २०७६ जारी गरेको छ। नयाँ निर्देशिकाबमोजिम सबै खाताहरू अद्यावधिक गर्नुपर्नेमा बैङ्कले सरकारी कारोबार निर्देशिका, २०७१ अनुसारका खातासमेत सञ्चालन गरिरहेको देखिन्छ। परिवर्तित निर्देशिकाअनुसारका खाताको सञ्चालन गरी सञ्चित कोषको लेखाङ्कन गर्नुपर्दछ।

२.४. एक आयोजनाले अघिल्लो आर्थिक वर्षमा खर्च गरिसकेको रू.५६ करोड ७१ लाख सोझै भुक्तानी हुने खर्च यस वर्षको खर्चमा समावेश गरेको छ। त्यसैगरी अन्य ६ आयोजनाको लागि दुई विकास साझेदारबाट सोझै भुक्तानी हुने गरी प्राप्त सहायतामध्ये यो वर्ष भएको खर्च रू.९६ करोड ७३ लाख सञ्चित कोषको हिसाबमा समावेश गरेको छैन । यस प्रकारको खर्च सम्बन्धित वर्षमा लेखाङ्कन हुनुपर्दछ ।

२.५. सञ्चित कोषको आर्थिक विवरणमा वैदेशिक अनुदान र ऋण (सोझै भुक्तानी बाहेक) क्रमशः रू.२६ अर्ब ७९ करोड १५ लाख र रू.१ खर्ब ४६ अर्ब ४३ करोड ४८ लाख प्राप्त भएको देखाएको छ। यद्यपि नेपाल राष्ट्र बैङ्कले प्रस्तुत गरेको केन्द्रीय ट्रेजरी हिसाबमा अनुदान रू.३४ अर्ब ६६ करोड २३ लाख र वैदेशिक ऋण रू.१ खर्ब १२ अर्ब ५ करोड ५ लाख देखाएकोले कार्यालयले प्रस्तुत गरेको सञ्चित कोषको आर्थिक विवरण र नेपाल राष्ट्र बैङ्कले प्रस्तुत गरेको केन्द्रीय ट्रेजरी हिसाबमा अनुदानतर्फ रू.७ अर्ब ८७ करोड ८ लाख र वैदेशिक ऋणतर्फ रू.३४ अर्ब ३८ करोड ४३ लाख फरक परेको छ। उक्त फरक सम्बन्धमा हिसाब मिलान गर्नुपर्दछ ।

२.६. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५(१) मा संघीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) को हिसाब अनुसार स्थानीय तहलाई सशर्त, विशेष र समपूरक अनुदान स्वरूप रू.१ खर्ब ९३ अर्ब ३८ करोड १५ लाख हस्तान्तरण गरी खर्च लेखिएको मध्ये रू.१ खर्ब ७१ अर्ब ३ करोड ६७ लाख खर्च भई रू.२२ अर्ब ३४ करोड ४८ लाख मौज्दात रहेकोले सो रकम

संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्नेमा २०७७।७८ मा जम्मा रू.४ अर्ब ६८ करोड १० लाखसमेत २०७८ पौषसम्म रू.१६ अर्ब ४२ करोड ८६ लाख मात्र फिर्ता भएकोले रू.५ अर्ब ९१ करोड ६२ लाख स्थानीय तहको सञ्चित कोषमा नै मौज्दात रहेको पाइयो। अनुदानमार्फत् वित्तीय हस्तान्तरण गरिएको रकम संघीय सञ्चित कोषमा खर्च लेखाङ्कन भए तापनि यथार्थमा खर्च नभई स्थानीय तहमा बैङ्क मौज्दात नै रहने अवस्थाले संघीय सञ्चित कोषले खर्च देखाए पनि वास्तविक रूपमा विकास र सेवा प्रवाहमा खर्च भएको देखिएन ।

२.७. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ बमोजिम मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनबाट उठ्ने अन्तःशुल्क रकमको ७० प्रतिशत संघीय सञ्चित कोषमा र १५ प्रतिशत प्रदेशलाई र १५ प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिने व्यवस्था छ। त्यसैगरी सोही दफाको उपदफा ५ मा बाँडफाँटबाट प्रत्येक प्रदेशले प्राप्त गर्ने रकम सम्बन्धित प्रदेश सञ्चित कोषमा र प्रत्येक स्थानीय तहले प्राप्त गर्ने रकम सम्वन्धित स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी मासिक रूपमा उपलब्ध गराइने व्यवस्था छ। विभाज्य कोषको वित्तीय विवरणमा बाँडफाँट हुने रकम शून्य देखाई २०७८ आषाढ मसान्तमा हिसाब मिलान गरे तापनि २०७८ आषाढ २० पश्चात् उठेको मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनमा आधारित अन्तःशुल्क रू.२२ अर्ब ५८ करोड ३८ लाख संघ, प्रदेश र स्थानीय तहलाई तोकिएको समयमा बाँडफाँट नगरी आर्थिक वर्षको समाप्तिपछि २०७८।९।८ मा बाँडफाँट गरेको छ। आर्थिक वर्ष समाप्त भएपछि राजस्वको हिस्सा बाँडफाँट गरे पनि संघीय सञ्चित कोषमा आषाढ मसान्तमा नै जम्मा भएको देखाएको छ। प्रदेश र स्थानीय तहको राजस्व समयमै सम्बन्धित सञ्चित कोषमा जम्मा नभएकोले ती सञ्चित कोषमा रू.६ अर्ब ७७ करोड ५१ लाख राजस्व न्यून हुन गएको छ ।

२.८. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा रोयल्टीबापत प्राप्त हुने रकम ५० प्रतिशत संघीय विभाज्य कोषमा, २५ प्रतिशत प्रदेश विभाज्य कोष र २५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने व्यवस्था छ। यो वर्ष विभाज्य कोष खातामा जम्मा भएको रू.५ अर्ब ७ करोड ५० लाख २०७८।९।१४ मा बाँडफाँट गरेको देखिन्छ। तर संघीय राजस्वको हिस्सा संघीय सञ्चित कोषमा आषाढ मसान्तमा नै जम्मा भएको देखाएको छ। प्रदेश र स्थानीय तहले समयमा आफूले प्राप्त गर्नुपर्ने राजस्व प्राप्त गरेको देखिएन।

२.९. नेपालको संविधानको धारा ११५(२) को व्यवस्थाअनुसार संघीय कानूनअनुसार नेपाल सरकार जमानत बसेर ऋण उपलब्ध गराउने व्यवस्था छ । तर त्यसरी जमानत बसेबाट सिर्जना हुन सक्ने सम्भावित दायित्व सम्बन्धमा लेखा टिप्पणीमा कुनै व्यहोरा खुलासा गरेको छैन।

२.१०. यस वर्षको लेखापरीक्षणबाट सरकारी निकायतर्फ रू. ४९ अर्ब ४७ करोड ७ लाख बेरुजू देखिएको छ । सोमध्ये रू.२६ अर्ब ३७ करोड ४९ लाख असुल गर्नुपर्ने, रू.५ अर्ब २१ करोड ७७ लाख अनियमित देखिएको, रू.१३ अर्ब ४२ करोड २० लाख प्रमाणका कागजात पेस नभएको, रू.१६ करोड ३८ लाख शोधभर्ना नलिएको र रू.४ अर्ब २९ करोड २३ लाख पेश्की बेरुजू देखिएको छ। यस अतिरिक्त राजस्व बक्यौता रू.३ खर्ब १२ अर्ब ६१ करोड ६ लाख र शोधभर्ना हुन बाँकी वैदेशिक अनुदान र ऋण क्रमशः रू.११ अर्ब ५६ करोड ९८ लाख र रू.१२ अर्ब ३६ करोड ९१ लाख रहेकोले असुल फर्स्यौट गर्नुपर्ने देखिन्छ ।

२.११. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने नेपाल सरकारका निकायसँग हामी स्वतन्त्र छौं। त्यसका लागि संवैधानिक तथा कानूनी प्रावधान र स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा प्रतिवेदन** - सम्पत्तिको संरक्षण, स्रोत साधन प्राप्ति र उपयोग, बजेट व्यवस्थापन, वैदेशिक सहायता परिचालन, राजस्व असुली, सार्वजनिक खरिद व्यवस्थापन, आयोजना कार्यान्वयन, सार्वजनिक ऋण व्यवस्थापन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, दिगो विकास, सार्वजनिक प्रशासन र सुशासनलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएको छ।

४. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने जिम्मेवारी तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रूपमा गलत आँकडारहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयमा रहेको छ। वित्तीय प्रतिवेदन तयारीगर्ने प्रक्रियाको अनुगमनका लागि अर्थ मन्त्रालय जिम्मेवार रहेको छ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतको कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्ततामा उच्चस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजीजन्य वा अन्य गल्तीका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

परिच्छेद -१

लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण**

लेखापरीक्षण गरिएका निकाय र विषय		संख्या	(रू. करोडमा)
(क) वित्तीय लेखापरीक्षण			
१. संघीय मन्त्रालय तथा निकाय (बक्यौता ४८ समेत)		३२८७	२८२०३८
२. प्रदेश मन्त्रालय तथा निकाय (बक्यौता १२ समेत)		११३१	२९९५७
३. स्थानीय तह (बक्यौता ५५ समेत)		७९९	१०५११०
४. समिति र अन्य संस्था (प्रदेशतर्फको ७८ समेत)		४४८	२०६११
५. संगठित संस्था		९३	३१५५९३
(ख) कार्यमूलक लेखापरीक्षण	६	-	-
(ग) परिपालना लेखापरीक्षण	१	-	
(घ) वातावरणीय लेखापरीक्षण	१	-	-
(ङ) विशेष लेखापरीक्षण	१	-	-
(च) सूचना प्रविधि लेखापरीक्षण	३		-
जम्मा		**५७५८**	**७५३३०९**

यो वर्ष ३ हजार २८७ संघीय मन्त्रालय तथा निकायको रू.२८ खर्ब २० अर्ब ३८ करोड र प्रदेश मन्त्रालय तथा निकाय १ हजार १३१ को रू.२ खर्ब ९९ अर्ब ५७ करोड, स्थानीय तह ७५३ मध्ये ७४४ र गत वर्षको बक्यौता ५५ समेत ७९९ को रू.१० खर्ब ५१ अर्ब १० करोड, विश्वविद्यालय, समिति, संस्था, प्रतिष्ठानसमेत ४४८ को रू.२ खर्ब ६ अर्ब ११ करोड र संगठित संस्था ९३ को रू.३१ खर्ब ५५ अर्ब ९३ करोडसमेत रू.७५ खर्ब ३३ अर्ब ९ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय लेखापरीक्षणको अतिरिक्त ६ विषयको कार्यमूलक, १ विषयको परिपालना, १ विषयको वातावरणीय, १ विषयको विशेष लेखापरीक्षण र ३ विषयको सूचना प्रविधि लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गरिएका निकायको विवरण अनुसूची १, १क, १ख, २, ४, र २१ मा उल्लेख छ ।

१. **संघीय मन्त्रालय तथा निकाय** - यो वर्ष ३ हजार २८७ संघीय सरकारी निकायको विनियोजन/राजस्व/धरौटी र अन्य कारोबारतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू.करोडमा)

क्र. सं.	कारोबार	लेखापरीक्षण सम्पन्न रकम
१	विनियोजन	११२४१६
२	राजस्व	११०२९६
३	धरौटी	६६२७
४	अन्य कारोबार	५२६९९
	जम्मा	**२८२०३८**

लेखापरीक्षण सम्पन्न निकायको विवरण अनुसूची १ मा र लेखापरीक्षण रकमको विवरण अनुसूची २ मा उल्लेख छ । गत वर्षसम्म संघीय सरकारी कार्यालयतर्फ ३ हजार ७९ एकाईको रू.१५ अर्ब

७४ करोड लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष १४३ ईकाईले रु.११ अर्ब २१ करोडको लेखापरीक्षण गराएका छन् ।

२. **प्रदेश मन्त्रालय तथा निकाय** - यो वर्ष ७ प्रदेशअन्तर्गत १ हजार १३१ निकायको रू.२ खर्ब ९९ अर्ब ५७ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ । गत वर्षसम्म प्रदेश कार्यालयतर्फ ४१ ईकाईको रू.२ अर्ब ४५ करोड लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष १२ निकायले रु.२ अर्ब ४२ करोडको लेखापरीक्षण गराएका छन् । यस सम्बन्धी विवरण अनुसूची २ मा छ । प्रदेश तहको लेखापरीक्षणमा देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ खण्ड २ मा समावेश छ ।

३. **स्थानीय तह** - यो वर्ष महानगरपालिका ६, उपमहानगरपालिका ११, नगरपालिका २८७ र गाँउपालिका ४९५ समेत ७९९ (विगतको बक्यौता ५५ समेत) स्थानीय तहको रू.१० खर्ब ५१ अर्ब १० करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ । यससम्बन्धी विवरण अनुसूची २१ मा छ । स्थानीय तहको लेखापरीक्षणमा देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ खण्ड ३ मा समावेश छ ।

४. **समिति र अन्य संस्था** - यो वर्ष ४४८ समिति र अन्य संस्था (प्रदेशतर्फको ७८ समेत) को रू.२ खर्ब ६ अर्ब ११ करोडको लेखापरीक्षण गरिएको छ । समितिहरूको विस्तृत विवरण अनुसूची १क, ४, ५, ६ र ७ मा र लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ ।

५. **संगठित संस्था** - यो वर्ष संगठित संस्थातर्फ ९३ इकाईको रू.३१ खर्ब ५५ अर्ब ९३ करोडको लेखापरीक्षण गरिएको छ । सोको अतिरिक्त ३१ संस्थाको रू.११ खर्ब ५२ अर्ब ७६ करोडको लेखापरीक्षणका लागि परामर्श दिइएअनुसार लेखापरीक्षण सम्पन्न भएको छ । विस्तृत विवरण अनुसूची १क, ४, ५, ६ र ७ मा र लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ ।

६. **कार्यमूलक लेखापरीक्षण** - यो वर्ष ६ बिषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गरिएका विषयको विवरण अनुसूची १ख मा र लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ ।

७. **परिपालना लेखापरीक्षण** - यो वर्ष १ विषयको परिपालना लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गरिएका विषयको विवरण अनुसूची-१ख मा र लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ ।

८. **वातावरणीय लेखापरीक्षण** - यो वर्ष १ विषयमा वातावरणीय लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गरिएको विषयको विवरण अनुसूची १ख मा र लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ ।

९. **विशेष लेखापरीक्षण** - यो वर्ष कोभिड-१९ को रोकथाम, नियन्त्रण र व्यवस्थापन विषयमा विशेष लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा यसै प्रतिवेदनको अङ्ग हुने गरी छुट्टै प्रतिवेदन तयार गरिएको छ ।

१०. **सूचना प्रविधि लेखापरीक्षण -** यो वर्ष ३ विषयको सूचना प्रविधिको लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गरिएका विषयको विवरण अनुसूची १ख मा र लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ ।

• सरकारी बजेट र राजस्व कार्यान्वयन स्थिति

११. **सरकारी बजेट तथा खर्च -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७५।७६ र २०७६।७७ को यथार्थ खर्च तथा २०७७।७८ को संघीय सरकारको शीर्षकगत/क्षेत्रगत बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रू.लाखमा)

शीर्षक/क्षेत्र	२०७५।७६ को यथार्थ खर्च	२०७६।७७ को यथार्थ खर्च	२०७७।७८ को		
			बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
चालु खर्च	७१६४१७६	७८४१४८९	९४८९४०६	८४६२१७३	८९.१७
पुँजीगत खर्च	२४१५६२५	१८९०८४७	३५२९१७५	२२८८३६१	६४.८४
वित्तीय व्यवस्था (साँवा व्याज भुक्तानी)	१५२४७७०	११७९०१६	१७२७८७३	१२१६२२६	७०.३९
जम्मा	**१११०४५७१**	**१०९११३५२**	**१४७४६४५४**	**११९६६७६०**	८१.१५
सामान्य सार्वजनिक सेवा	४९४०३५७	५२२९४८९	४९४३३९२	६३४६१६१	१२८.३८
रक्षा	५००१४६	४९७९१४	४९२२०५	५१९१३९	१०५.४७
सार्वजनिक शान्ति सुरक्षा	४७९८४९	५१८६३८	५६२८५३	५७०४२९	१०१.३५
आर्थिक मामिला	३४४६७१८	२६४४३६५	३८९०००७	२३६०२२९	६०.६७
वातावरण संरक्षण	१४७३८६	१३५९३२	११६६४६	६५९५९	५६.५५
आवास तथा सामुदायिक सुविधा	३८४३८०	३५१८९४	८१८६०७	४४९९५२	५४.९७
स्वास्थ्य	३५९९९३	४०१९५७	११५०६२०	४९६१३१	४३.१२
संस्कृति र धर्म	६०४२२	६८४८९	७२३४५	४०६०२	५६.१२
शिक्षा	३६२१७८	३९४००९	१७२१९२२	३७१४५८	२१.५७
सामाजिक सुरक्षा	४२३१४२	६६८६६५	९७७८५७	७४६७००	७६.३६
जम्मा	**१११०४५७१**	**१०९११३५२**	**१४७४६४५४**	**११९६६७६०**	८१.१५

द्रष्टव्यः स्वास्थ्य र शिक्षातर्फको प्रदेश तथा स्थानीय तहबाट हस्तान्तरण भई हुने खर्च समावेश छैन ।

१२. **खर्चको स्थिति -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको कुल चालु र पुँजीगत खर्चमध्ये रकमको आधारमा बढी खर्च गर्ने संघीय सरकारका पाँच मन्त्रालय तथा अन्य निकायको खर्च विवरण निम्नानुसार छः

(रू.लाखमा)

चालु खर्च				पुँजीगत खर्च			
क्र.सं.	मन्त्रालय/निकाय	रकम	प्रतिशत	क्र.सं.	मन्त्रालय/निकाय	रकम	प्रतिशत
१	गृह मन्त्रालय	१२७०६०६	१५.०२	१	भौतिक पूर्वाधार तथा यातायात व्यवस्था	९३५२६५	४०.८७
२	अर्थ मन्त्रालय	९८९२५३	११.६९	२	राष्ट्रिय पुनर्निर्माण प्राधिकरण	२८७६३३	१२.५७
३	रक्षा मन्त्रालय	४४७४५८	५.२८	३	शहरी विकास मन्त्रालय	२१७७०७	९.५१
४	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	३६५४३७	४.३२	४	उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय	२१२८११	९.३०
५	स्वास्थ्य तथा जनसंख्या	३४०२३५	४.०२	५	खानेपानी मन्त्रालय	११६०३८	५.०७
६	अन्य मन्त्रालय तथा निकायहरू	५०४९१८४	५९.६७	६	अन्य मन्त्रालय तथा निकायहरू	५१८९०७	२२.६८
	जम्मा	**८४६२१७३**	**१००**		**जम्मा**	**२२८८३६१**	**१००**

चालु र पुँजीगत खर्चवाहेक वित्तीय व्यवस्था खर्च रू.१ खर्ब २१ अर्ब ६२ करोड रहेको छ । प्रदेश र स्थानीय तह ७५३ लाई गएको अनुदान रकमसमेत अन्य निकायको चालु खर्चतर्फ समावेश रहेको छ ।

१३. **स्रोतगत खर्च** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार संघीय सरकारको २०७५।७६ र २०७६।७७ को यथार्थ खर्च तथा २०७७।७८ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रू.लाखमा)

स्रोत	२०७५।७६ को यथार्थ खर्च	२०७६।७७ को यथार्थ खर्च	२०७७।७८ को		गत वर्षको तुलनामा वृद्धि प्रतिशत
			अनुमान	यथार्थ खर्च	
नेपाल सरकार	९६३१८६०	९५१४३०७	१११४६१८४	९८४५९७३	३.४९
वैदेशिक अनुदान	२२८९८६	२३२१५७	६०५२७७	३६४८१३	५७.१४
वैदेशिक ऋण	१२४३७२५	११६४८८८	२९९४९९३	१७५५९७४	५०.७४
जम्मा	**१११०४५७१**	**१०९११३५२**	**१४७४६४५४**	**११९६६७६०**	**९.६७**

१३.१ यो वर्ष नेपाल सरकारको स्रोततर्फको खर्च रू.९ खर्ब ८४ अर्ब ५९ करोडमध्ये राजस्वबाट रू.८ खर्ब ६८ अर्ब ६० करोड (८८.२२ प्रतिशत) व्यहोरेको छ ।

१३.२ यो वर्ष वैदेशिक अनुदानतर्फ १९ निकायअन्तर्गत रू.६० अर्ब ५३ करोड प्राप्त हुने अनुमान गरेकोमा रू.३६ अर्ब ४८ करोड (६०.२७ प्रतिशत) प्राप्त भएको र वैदेशिक ऋणतर्फ १८ निकायअन्तर्गत रू.२ खर्ब ९९ अर्ब ५० करोड प्राप्त हुने अनुमान रहेकोमा रू.१ खर्ब ७५ अर्ब ६० करोड (५८.६३ प्रतिशत) प्राप्त भएको छ ।

१४. **राजस्व असुली** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार संघीय सरकारको राजस्वको स्रोतअनुसार २०७५।७६ र २०७६।७७ को यथार्थ असुली तथा २०७७।७८ को अनुमान र यथार्थ असुलीको स्थिति निम्नानुसार छः

(रू.लाखमा)

विवरण	२०७५।७६ को यथार्थ असुली	२०७६।७७ को यथार्थ असुली	२०७७।७८ को		
			अनुमान	असुली	प्रतिशत
कुल राजस्व	**८४२७४१०**	**७५५५७५२**	**८८९६१८४**	**८६८६०२९**	**९७.६४**
१. कर राजस्व	७३७२७२६	६१३३९०५	७९०८०९०	७६१०५६६	९६.२४
२. अन्य राजस्व (गत वर्षको नगद मौज्दात र बेरुजूसमेत)	१०२४०२३	१३९६७५७	९८८०९४	१०४३२२८	१०५.५८
३. साँवा फिर्ता	३०६६१	२५०९०	-	३२२३५	-

गत वर्षको तुलनामा यो वर्ष राजस्व असुली १४.९६ प्रतिशतले बढेको देखिन्छ । आर्थिक वर्ष २०७७।७८ को असुलीमा गत वर्षको नगद मौज्दात र बेरुजू दाखिला भएको रू.४ अर्ब ४३ करोड ३० लाख समेत समावेश छ । बजेट अनुमान नगरेको साँवा फिर्ताबाट रू.३ अर्ब २२ करोड प्राप्त भएको छ । यससम्बन्धी विवरण अनुसूची १३ मा उल्लेख छ । राजस्व असुली सम्बन्धमा लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ।

परिच्छेद - २

लेखापरीक्षणबाट देखिएका बेरुजू स्थिति

१. **बेरुजू** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २(त) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ ।

सोही ऐनले बेरुजूलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेश्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ। यस कार्यालयले बेरुजू वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजूमा हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने बेरुजू समावेश गरेको छ भने नियमित गर्नुपर्ने बेरुजूलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा वर्गीकरण गरेको छ। पेश्कीलाई कर्मचारी, मोबिलाइजेसन र अन्य पेश्कीमा वर्गीकरण गरिएको छ।

यो वर्ष संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको बेरुजू रू.१ खर्ब १५ अर्ब ५ करोड ५० लाख रहेको छ । सो बेरुजू अङ्कको वर्गीकरण निम्नानुसार छः

(रू.लाखमा)

वर्गीकरण	संघीय सरकारी कार्यालय	प्रदेश सरकारी कार्यालय	स्थानीय तह	समिति/ अन्य संस्था	जम्मा	कुल बेरुजूको प्रतिशत
१. असुल गर्नुपर्ने	**२६३७४९**	**७०२२**	**५९८०९**	**६८९९**	**३३७४७९**	२९.३३
२. नियमित गर्नुपर्ने	**१८८०३५**	**५५०५०**	**३२८२६१**	**१२४७९७**	**६९६१४३**	६०.५१
२.१ अनियमित भएको	५२१७७	१६४५२	११७०६२	२१४५३	२०७१४४	१८.००
२.२ प्रमाण कागज पेस नभएको	१३४२२०	३८५९६	२१०९७६	१०२८०१	४८६५९३	४२.२९
२.३ जिम्मेवारी नसारेको	०	०	०	०	०	०.००
२.४ शोधभर्ना नलिएको	१६३८	२	२२३	५४३	२४०६	०.२२
३. पेश्की	**४२९२३**	**१२७३९**	**५१०२५**	**१०२४१**	**११६९२८**	१०.१६
जम्मा बेरुजू	**४९४७०७**	**७४८११**	**४३९०९५**	**१४१९३७**	**११५०५५०**	**१०० **

द्रष्टव्यः १. उल्लिखित पेश्की अङ्कमा म्याद ननाघेको पेश्की समावेश छैन ।

२. संगठित संस्थाहरूको लेखापरीक्षणबाट देखिएको बेरुजूको लगत राखे एवं सम्परीक्षण गर्ने कार्य सम्बन्धित निकायबाटै हुने भएकोले उल्लिखित अङ्कमा समावेश छैन ।

बेरुजू वर्गीकरणको विवरण अनुसूची-१५, १६ र २१ मा उल्लेख छ ।

२. **लेखापरीक्षण र बेरुजू अंक -** यो वर्ष ५ हजार ६६५ सरकारी निकायको रु.४३ खर्ब ७७ अर्ब १७ करोड १६ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण सम्पन्न गरिएका निकाय र विषयगत अवस्था निम्नानुसार छः

(रू. लाखमा)

लेखापरीक्षण गरिएका निकाय र विषय	संख्या	रकम	बेरुजू	बेरुजू प्रतिशत
१. संघीय मन्त्रालय तथा निकाय (बक्यौता ४८ समेत)	३२८७	२८२०३७९८	४९४७०७	१.७५
२. प्रदेश मन्त्रालय तथा निकाय (बक्यौता १२ समेत)	११३१	२९९५७०७	७४८११	२.५०
३. स्थानीय तह (बक्यौता ५५ समेत)	७९९	१०५१०९९०	४३९०९५	४.१८
४. समिति र अन्य संस्था	४४८	२०६१२२१	१४१९३७	६.८९
जम्मा	**५६६५**	**४३७७१७१६**	**११५०५५०**	**२.६३**

द्रष्टव्यः संगठित संस्थाको बेरुजू लगत कायम नगरिने भएकोले यस तालिकामा समावेश गरिएको छैन ।

३. **अद्यावधिक बेरुजू** - संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह र संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको अद्यावधिक बेरुजू रू.४ खर्ब ८३ अर्ब ५९ करोड ६४ लाख रहेको छ । अद्यावधिक बेरुजू गत वर्ष भन्दा १५.४६ प्रतिशतले बढेको छ ।

(रू.लाखमा)

विवरण	विगतको बेरुजू	समायोजनबाट थप (घट)	फर्स्यौट तथा सम्परीक्षण	विगतको खुद बाँकी	चालू वर्षको थप बेरुजू	अद्यावधिक बाँकी बेरुजू
संघीय सरकारी कार्यालयहरू	२३२५३७१	३३	३४८७३०	१९७६६७४	४९४७०७	२४७१३८१
प्रदेश सरकारी कार्यालयहरू	१२४७९०		१६८९०	१०७९००	७४८११	१८२७११
स्थानीय तह	१०३०३७७	(३६१)	१०५८८७	९२४१२९	४३९०९५	१३६३२२४
अन्य संस्था समिति (प्रदेश समेत)	७०७९६७		३१२५६	६७६७११	१४१९३७	८१८६४८
जम्मा	**४१८८५०५**	**(३२८)**	**५०२७६३**	**३६८५४१४**	**११५०५५०**	**४८३५९६४**

अद्यावधिक बेरुजूको विवरण अनुसूची १७ र १८ मा उल्लेख छ ।

४. **कारबाही टुङ्गो लगाउनुपर्ने रकम** - संघीय तथा प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फको बेरुजूका अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमका सम्बन्धमा समयमा नै कारबाही टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रू.३ खर्ब ४५ अर्ब ५६ करोड ३ लाख रहेको छ ।

(रू.लाखमा)

क्र.स.	विवरण	गत वर्षसम्म	यस वर्ष थप /घट	अद्यावधिक रकम
१	लेखापरीक्षण बक्यौता (प्रदेश समेत)	१८१९३५	(११२३२७)	६९६०८
२	राजस्व बक्यौता	२१५५६८७	९७०४१९	३१२६१०६
३	शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान	९०१३६	२५५६२	११५६९८
४	शोधभर्ना लिन बाँकी वैदेशिक ऋण	१२७३४३	(३६५२)	१२३६९१
५	जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज	२०५००	०	२०५००
	जम्मा	**२५७५६०१**	**८८०००२**	**३४५५६०३**

उक्त रकममा अद्यावधिक बेरुजू रू.४ खर्ब ८३ अर्ब ५९ करोड ६५ लाख थप गर्दा कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रू.८ खर्ब २९ अर्ब १५ करोड ६८ लाख पुगेको छ । कारबाही टुङ्गो लगाउनुपर्ने रकम बढ्नुमा राजस्व बक्यौता रकम मुख्य कारण रहेको छन् ।

५. **बेरुजू विश्लेषण -** संघीय र प्रदेश सरकारी कार्यालय, स्थानीय तह, संगठित संस्था, अन्य समितिको बेरुजूको अवस्था निम्नानुसार रहेको छः

५.१. यो वर्ष संघीय र प्रदेश सरकारी कार्यालय, स्थानीय तह, संगठित संस्था, समिति तथा अन्य संस्थासमेतको रू.७५ खर्ब ३३ अर्ब ९ करोडको लेखापरीक्षण गर्दा प्रारम्भिक प्रतिवेदनबाट रू.१ खर्ब २७ अर्ब १९ करोड ४० लाख बेरुजू देखिएको छ । सोमध्ये प्रतिवेदन अवधिसम्म रू.१२ अर्ब १३ करोड ९० लाख (कुल बेरुजूको ९.५४ प्रतिशत) सम्परीक्षण गराएबाट रू.१ खर्ब १५ अर्ब ५ करोड ५१ लाख बेरुजू फर्स्यौंट हुन बाँकी रहेको छ । यो वर्षसम्म फर्स्यौंट गर्न बाँकी कुल बेरुजू रू.४ खर्ब ८३ अर्ब ५९ करोड ६५ लाख छ । यससम्बन्धी विस्तृत विवरण अनुसूची १५, १६, १७ र २१ मा समावेश छ ।

५.२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ बमोजिम बेरुजू फर्स्यौंट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारीको हुने र बेरुजू फर्स्यौंट हुन नसकेमा सम्बन्धित लेखाउत्तरदायी अधिकृतले फर्स्यौंट गर्नु गराउनुपर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ३७ मा औंल्याइएको बेरुजूको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौंट गर्ने र फर्स्यौंट नगरेमा दफा ३७ (४) बमोजिम लेखा उत्तरदायी अधिकृत र दफा ३७(६) बमोजिम विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । उक्त व्यवस्थाअनुसार बेरुजूको जानकारी सम्बन्धित पदाधिकारीहरूलाई दिइएको छ । सोही ऐनको दफा ५० मा बेरुजू फर्स्यौंट गर्ने गराउने लगायतका वित्तीय उत्तरदायित्व बहन गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम यो वर्ष कार्यरत लेखाउत्तरदायी अधिकृतहरूको नामावली र बेरुजू रकम अनुसूची-२० मा समावेश गरिएको छ ।

प्रदेशको सन्दर्भमा सम्बन्धित प्रदेश आर्थिक कार्यविधि ऐनले गरेको व्यवस्थाअनुसार प्रदेश मन्त्रालयका लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्रीलाईसमेत बेरुजू सम्बन्धमा जानकारी गराइएको छ।

५.३. संघीय सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजू हुने मन्त्रालय निम्नानुसार छन्:

(रू. लाखमा)

क्र.सं.	मन्त्रालय/निकाय	लेखापरीक्षण अङ्क	बेरुजू अङ्क				कुल बेरुजूको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजू प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेश्की बाँकी	जम्मा		
१	अर्थ	२१७७२९७३	१२४८५२	७४४०५	१३	१९९२७०	४०.२८	०.९२
२	भौतिक पूर्वाधार तथा यातायात	१२०७४५३	२४१७६	२९५३८	१९९५	५५७०९	११.२६	४.६१
३	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण	१२००३५०	३७४६२	९८३२	२१०	४७५०४	९.६०	३.९६
४	सञ्चार तथा सूचना प्रविधि	१५३८८५	३६५३१	१९२०	२९५	३८७४६	७.८३	२५.१८
५	कृषि तथा पशुपन्छी विकास	२२०८७८	२९००५	४८०६	४८१	३४२९२	६.९३	१५.५३

६	स्वास्थ्य तथा जनसंख्या	३६४५६९	१६९७	४४८९	६०४२	१२२२८	२.४७	३.३५
७	रक्षा	७४३७६८	२०१८	१६६०	७२४८	१०९२६	२.२१	१.४७
८	शिक्षा, विज्ञान तथा प्रविधि	२५२९३९	२८	१०६७१	६०	१०७५९	२.१७	४.२५
९	राष्ट्रिय पुननिर्माण प्राधिकरण	५४३८१५	४२७	९३७९	८६७	१०६७३	२.१६	१.९६
९	उद्योग, वाणिज्य तथा आपूर्ति	७८१३८	३३९	९५६१	२९	९९२९	२.०१	१२.७१
१०	गृह	८३४२८६	९५	२४४४	६६८३	९२२२	१.८६	१.११
११	अन्य	८३०७४५	७११९	२९३३०	१९०००	५५४४९	११.२२	६.६७
	जम्मा	**२८२०३७९९**	**२६३७४९**	**१८८०३५**	**४२९२३**	**४९४७०७**	**१००**	१.७५

उल्लिखित दश मन्त्रालयमा संघीय सरकारी कार्यालयतर्फको कुल बेरुजूको ८८.७८ प्रतिशत रहेको छ । यसैगरी प्रदेश सरकारतर्फ लेखापरीक्षण अङ्कको तुलनामा २.५२ प्रतिशत बेरुजू कायम भएकोमा सबैभन्दा बढी कर्णाली प्रदेशको ५.०६ प्रतिशत र सबैभन्दा घटी लुम्बिनी प्रदेशको १.०९ प्रतिशत रहेको छ । स्थानीय तहतर्फ लेखापरीक्षण अङ्कको तुलनामा ४.१८ प्रतिशत बेरुजू कायम भएकोमा सबैभन्दा बढी महोत्तरी जिल्लाको पिपरा गाउँपालिकामा २३.८७ प्रतिशत र सबैभन्दा घटी ताप्लेजुङ जिल्लाको सिरीजङ्घा गाउँपलिका र प्युठान जिल्लाको मल्लरानी र सरुमारानी गाउँपालिकाको बेरुजू शून्य रहेको छ । यो वर्षको लेखापरीक्षणबाट ५ प्रतिशतभन्दा कम बेरुजू हुने ५३३, ५ देखि १५ प्रतिशतसम्म बेरुजू हुने १९३ र १५ प्रतिशतभन्दा बढी बेरुजू हुने स्थानीय तह १८ रहेका छन् ।

५.४. यो वर्ष ३ हजार २८७ संघीय सरकारी कार्यालयको लेखापरीक्षण गरिएकोमा १ हजार ३४१ कार्यालय (४०.७९ प्रतिशत) मा उल्लेख्य बेरुजू देखिएन । प्रदेश सरकारी कार्यालयतर्फ १ हजार १३१ को लेखापरीक्षण गरेकोमा ३४७ कार्यालय (३०.६८ प्रतिशत) मा उल्लेख्य बेरुजू देखिएन ।

५.५. यो वर्ष ५ हजार २१७ संघीय सरकारी कार्यालय, प्रदेश र स्थानीय तहको (बक्यौता समेत) १ लाख ५५ हजार ८६९ दफा बेरुजू देखिएकोमा ६४ हजार २७ दफा सैद्धान्तिक र ९१ हजार ८४२ दफा लगती बेरुजू कायम भएको छ ।

५.६. संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फ यो वर्ष लेखापरीक्षणबाट असुल गर्नुपर्ने देखिएको संघीय सरकारी कार्यालयतर्फका २४ मन्त्रालय/निकाय अन्तर्गतका कार्यालयले लेखापरीक्षणको क्रममा रू.१५ करोड ८३ लाख र प्रारम्भिक प्रतिवेदन पठाएपछि १६ निकाय/मन्त्रालय अन्तर्गतका कार्यालयले रू.१२ करोड २३ लाख तथा गत विगतको बेरुजू सम्परीक्षणको क्रममा १९ निकाय/मन्त्रालय मातहतका कार्यालयले रू.२ अर्ब २८ करोड ७५ लाख, अन्य निकायले रू.१७ करोड ९४ लाख, प्रदेश सरकार मातहतका निकायले रू.११ करोड ४७ लाख र स्थानीय तहले रू.१ अर्ब ३४ करोड ३४ लाखसमेत रू.४ अर्ब २० करोड ५६ लाख असुल गराएका छन् ।

यो वर्षको संघीय सरकारी कार्यालयतर्फ लेखापरीक्षणबाट असुल गर्न बाँकी देखिएको रू.२६ अर्ब ३७ करोड ४९ लाखमध्ये १० मन्त्रालय/निकायको रू.२६ अर्ब ९ करोड ८१ लाख (९८.९५ प्रतिशत) र बाँकी मन्त्रालय/निकायको रू.२७ करोड ६८ लाख (१.०५ प्रतिशत) देखिएको छ । यससम्बन्धी विवरण अनुसूची ९ र १५ मा छ ।

५.७. संघीय सरकारी कार्यालयतर्फ म्याद नाघेको गत वर्षसम्मको पेश्की रू.७४ अर्ब ८८ करोड ९२ लाख बाँकी रहेकोमध्ये यो वर्ष रू.१५ अर्ब २९ करोड ४४ लाख (२०.४२ प्रतिशत) फस्यौंट भई रू.५९ अर्ब ५९ करोड ४८ लाख बाँकी रहेको र सोमा यो वर्ष थप भएको रू.४ अर्ब २९ करोड २३ लाखसमेत कुल पेश्की रू.६३ अर्ब ८८ करोड ७१ लाख बाँकी रहेको छ । यस सम्बन्धी अद्यावधिक विवरण अनुसूची ८ मा छ ।

त्यस्तै संघ र प्रदेशतर्फको समिति, अन्य संस्थातर्फ यो वर्षको रू.१ अर्ब २ करोड ४१ लाख पेश्की बाँकी देखिएको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

संवैधानिक निकायहरू राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षकको कार्यालय, न्याय परिषद्, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, राष्ट्रिय समावेशी आयोग, थारु आयोग, मुस्लिम आयोगमा उल्लेख्य बेरुजू देखिन आएन ।

महालेखापरीक्षकको दृष्टिमा सार्वजनिक जवाफदेहिता

स्रोत परिचालन

- करको दायरा विस्तार हुन नसकेको,
- आयातमा निर्भर राजस्व संरचना रहेको,
- राजस्व परिचालन न्यून रहेको,
- मूल्य अभिवृद्धि कर क्रेडिट बढेको डेबिट घटेको,
- राजस्व चुहावट नियन्त्रण प्रभावकारी हुन नसकेको,
- भन्सार विन्दुमा मालवस्तुको मूल्याङ्कन यथार्थपरक नभएको,
- राजस्व छुट अनुगमनमा प्रभावकारी हुन नसकेको,
- प्रतिवद्धता अनुरुप वैदेशिक सहायता प्राप्त नभएको,
- प्रत्यक्ष वैदेशिक लगानी बढ्न नसकेको ।

योजना तर्जुमा र कार्यान्वयन

- आयोजनाको प्राथमिकीकरण वस्तुनिष्ठ हुन नसकेको,
- राष्ट्रिय गौरवका आयोजनाको प्रगति न्यून रहेको,
- आयोजना बैङ्क प्रभावकारी रुपमा कार्यान्वयन नभएको,
- पूर्वतयारी बेगरका आयोजनाहरू बजेटमा समावेश गरेको,
- परामर्शतर्फ ठूलो धनराशी खर्च हुने गरेको र परनिर्भरता बढेको,
- योजनाहरू समयमै सम्पन्न नहुँदा समय र लागतमा वृद्धि हुने गरेको,
- आयोजनाको अनुगमन र मूल्याङ्कन नतिजामुखी नभएको ।

बजेट तर्जुमा र कार्यान्वयन

- योजना, कार्यक्रम र वार्षिक बजेटबीच तादाम्यता हुन नसकेको,
- वर्षान्तमा रकमान्तर गर्दा बजेट अनुशासन कमजोर रहेको,
- राष्ट्रिय बजेट प्रणाली बाहिर बजेट कार्यान्वयन हुने गरेको,
- सबै वैदेशिक सहायता बजेटमा समावेश नगरेको र लेखापरीक्षण नगराएको,
- विभिन्न समिति, कोषमा रहेको रकम उपयोग हुन नसकेको,
- वैदेशिक सहायता उपयोग पक्ष कमजोर रहेको,
- अबण्डा बजेट राखी खर्च गरेको ।

विकास निर्माण

- राष्ट्रिय निर्माण क्षमताको मापन हुन नसकेको,
- चालु खर्चको तुलानामा पुँजीगत खर्चतर्फ कम बजेट विनियोजन हुने गरेको,
- पुँजीगत बजेटतर्फ विनियोजित बजेट खर्च न्यून हुने गरेको,
- प्रविधि तथा उपकरणको पर्याप्त उपलब्धता नरहेको,
- अन्तरनिकाय समन्वयको अभावले विकास निर्माण लागत प्रभावी नभएको,
- सार्वजनिक खरिद कानुनको परिपालना हुन नसकेको,

सार्वजनिक सम्पत्ति व्यवस्थापन

- सार्वजनिक सम्पत्तिको एकीकृत अभिलेख व्यवस्थित नरहेको,
- सार्वजनिक सम्पत्ति अतिक्रमण नियन्त्रण हुन नसकेको,
- मूल्यवान उपकरणहरुको मर्मत सम्भार नहुँदा सञ्चालन हुन नसकेको,
- सार्वजनिक सम्पत्तिहरुको उच्चतम उपयोग हुन नसकेको,
- सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा सबै सम्पत्तिको विवरण प्रविष्टि नभएको,
- सार्वजनिक सम्पत्ति लिज तथा पट्टामा दिँदा प्रतिष्पर्धात्मक र पारदर्शी हुन नसकेको।

सार्वजनिक संस्थान सञ्चालन

- सम्पत्ति, शेयर तथा ऋण लगानीको हिसाब अद्यावधिक र यथार्थपरक नरहेको,
- संस्थानको निर्णयमा पूर्ण स्वायत्तता नरहेको,
- सार्वजनिक संस्थानको संगठन संरचना छरितो नभएको,
- सार्वजनिक संस्थानका कर्मचारीको सेवासुविधामा विविधता रहेको,
- संस्थान सञ्चालनमा व्यवसायिकता हुन नसकेको,

अर्थतन्त्र

- मुद्रास्फिती वाञ्छित सीमाभित्र रहन नसकेको,
- आर्थिक वृद्धिदर न्यून रहेको,
- विदेशी मुद्रा सञ्चितिमा ह्रास हुँदै गएको,
- आयातको तुलनामा निर्यात बढ्न नसकेको,
- कुल लगानी र राष्ट्रिय बचत वृद्धि हुन नसकेको,
- आन्तरिक एवं बैदेशिक ऋणको भार बढ्दै गएको,
- कुल गार्हस्थ्य उत्पादनमा विप्रेषणको हिस्सा अधिक रहेको,
- अनौपचारिक अर्थतन्त्र नियन्त्रण हन नसकेको ।

सार्वजनिक प्रशासन र *सुशासन*

- प्रशासन सुधारका सुझावहरुको प्रभावकारी कार्यान्वयन हुन नसकेको,
- सार्वजनिक प्रशासन नतिजामूखी हुन नसकेको,
- सेवा प्रवाहमा समय, दुरी र लागत घटाई भरपर्दो र विश्वसनीय बनाउन नसकिएको,
- सार्वजनिक निकायको संरचना र कार्यक्षेत्रमा दोहोरोपना रहेको,
- गुनासो सुनुवाईमा विद्युतीय माध्यमको प्रभावकारी प्रयोग हुन नसकेको,
- पुरस्कार र दण्ड पद्धति प्रभावकारी हुन नसकेको,
- निजामती सेवा ऐन जारी हन नसकेको ।

संघीयता कार्यान्वयन

- संविधानमा उल्लिखित साझा अधिकारका विषयमा स्पष्ट कानुन तर्जुमा हुन नसकेको,
- प्रदेश र स्थानीय तहको बजेट संघीय अनुदानमा निर्भर रहेको,
- तीन तहका निकायमा दोहोरोपना र अन्तर तह समन्वयको अभाव रहेको,
- कर्मचारी समायोजनले पूर्णता नपाएको,
- अनुत्पादक खर्चमा नियन्त्रण नभएको,
- प्रदेश र स्थानीय तहका कानुन बमोजिमका स्पष्ट निर्देशिका, मार्गदर्शन बन्न नसकेको,
- प्रदेश तथा स्थानीय तहको आन्तरिक आय परिचालन प्रभावकारी हुन नसकेको ।

वित्तीय अनुशासन र नियमन

- आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नभएको,
- वित्तीय प्रतिवेदनले यथार्थ चित्रण गर्न नसकेको,
- प्रोदभावी आधारको लेखा प्रणाली लागु गर्न पहल नगरेको,
- नेपाल वित्तीय प्रतिवेदनमान र नेपाल सार्वजनिक लेखामान पूर्ण कार्यान्वयन नगरेको,
- समयमै लेखापरीक्षण नगराउने पदाधिकारीलाई जवाफदेही बनाउन नसकेको,
- बेरुजू बढ्दै गएको र फर्स्यौटमा अपेक्षित तदारुकता नभएको,
- नियामक निकायको कार्यसम्पादन क्षमता अभिवृद्धि नभएको,
- वित्तीय संस्था लगायतका निकायको नियमन प्रभावकारी नभएको ।

परिच्छेद ३

लेखापरीक्षणबाट देखिएको समष्टिगत स्थिति

लेखापरीक्षणबाट देखिएको समष्टिगत स्थिति

• संघीय मन्त्रालय तथा निकाय

१. **संघीय सञ्चित कोष -** समग्र राजस्व, अनुदान, ऋण (आन्तरिक तथा बाह्य), (सोझै भुक्तानी हुने अनुदान र ऋण समेत) २०७७।७८ मा जम्मा रू.१३ खर्ब १ अर्ब ४० करोड ८२ लाख प्राप्त भई चालु, पुँजीगत र वित्तीय व्यवस्थातर्फ (सोझै भुक्तानी हुने अनुदान र ऋणसमेत) रू.११ खर्ब ९६ अर्ब ६७ करोड ६० लाख खर्च भई यो वर्षको बचत रू.१ खर्ब ४ अर्ब ७३ करोड २२ लाख रहेको छ । गत वर्षान्तमा ऋणात्मक देखाएको रू.२ खर्ब १६ अर्ब ६९ करोड ५६ लाखमा यो वर्षको बचत समायोजन गर्दा २०७८ आषाढ मसान्तमा रू.१ खर्ब ११ अर्ब ९६ करोड ३४ लाख ऋणात्मक मौज्दात देखिन्छ । नगद आधारमा लेखाङ्कन गर्दा कोषको मौज्दात ऋणात्मक हुन नसक्ने अवस्थामा गत विगत वर्षदेखि नै ऋणात्मक मौज्दात देखिएको छ ।

२. **समग्र आर्थिक अवस्था -** देशको आर्थिक वृद्धिदर पन्ध्रौं योजनामा औसत १०.३ प्रतिशत र २०७७।७८ मा ९.६ प्रतिशत हुने लक्ष्य रहेकोमा यो वर्ष ४.२५ प्रतिशत वृद्धिदर रहेको छ भने योजनाको दोस्रो वर्षसम्मको औसत वृद्धिदर १.०८ प्रतिशत मात्र रहे तापनि थोक मुद्रा स्फीति दर ६.९ प्रतिशत रहेको छ। पन्ध्रौं योजना र यो वर्ष उपभोक्ता मुद्रास्फीतिदर ६ प्रतिशतमा सीमित गर्ने लक्ष्य रहेकोमा ३.६ प्रतिशत रहेको छ । पन्ध्रौं योजना र यस वर्षको पुँजीगत खर्च कुल गार्हस्थ्य उत्पादनको क्रमशः १८.६ प्रतिशत र १६.८ प्रतिशत गर्ने लक्ष्य रहेकोमा यो वर्षसम्म औसत ५.१२ र २०७७।७८ मा ५.४ प्रतिशत मात्र पुगेको देखिन्छ। निर्यातलाई कुल गार्हस्थ्य उत्पादनको तुलनामा ११.३ प्रतिशत पुऱ्याउने लक्ष्य लिइएकोमा ३.३ प्रतिशतमा सीमित भएको छ । मुलुकको विगत ३ वर्षको प्रमुख आर्थिक परिसूचकहरू निम्नानुसार छन्:

(प्रतिशतमा)

विषय	लक्ष्य (पन्ध्रौं योजना अनुसार)		प्रगति		
	२०८०।८१	२०७७।७८	२०७५।७६	२०७६।७७	२०७७।७८
आर्थिक वृद्धिदर	१०.३	९.६०	६.४०	-२.१०	४.२५
उपभोक्ता मुद्रास्फीति दर	६.०	६.०	४.६०	६.२०	३.६०
कुल राजस्व/गार्हस्थ्य उत्पादन	३०.०	२७.०	२१.५०	२०.२८	२१.९
कुल राष्ट्रिय बजेट/गार्हस्थ्य उत्पादन	४३.३	४२.६	२८.७८	२७.८७	२८.०
चालु खर्च/गार्हस्थ्य उत्पादन	१७.९	२०.५	१८.५७	२०.०३	१९.८
पुँजीगत खर्च/गार्हस्थ्य उत्पादन	१८.६	१६.८	६.२६	४.८३	५.४०
वैदेशिक अनुदान/गार्हस्थ्य उत्पादन	३.०	-	०.८०	०.५०	०.६३
वैदेशिक ऋण/गार्हस्थ्य उत्पादन	५.७	-	२.४०	४.२०	३.०६
आन्तरिक ऋण/गार्हस्थ्य उत्पादन	४.३	-	२.५०	५.०	५.२४
व्यापार घाटा/गार्हस्थ्य उत्पादन	३५.३	३९.६	३४.२	२८.१०	३२.७
निर्यात /गार्हस्थ्य उत्पादन	१५.७	११.३	२.५०	२.५०	३.३०
आयात /गार्हस्थ्य उत्पादन	५१.०	५०.९	३६.८	३०.६	३६.०
बजेट घाटा/गार्हस्थ्य उत्पादन	१०.०	१०.५	८.८०	८.१२	७.०५

स्रोतः पन्ध्रौं योजना र आर्थिक सर्वेक्षण २०७८।७९

योजना अवधिको दोस्रो वर्षको प्रगति योजनाको लक्ष्य भन्दा न्यून रहेकोले समष्टिगत आर्थिक परिसूचकमा सकारात्मक सुधार गर्न सरकारी, निजी र सहकारी क्षेत्रबाट समन्वयात्मक रूपमा प्रयास गर्नुपर्ने देखिन्छ।

३. **राजस्व अनुमान र असुली -** अर्थ मन्त्रालयबाट प्राप्त विवरणअनुसार ३ वर्षको राजस्व असुली देहायअनुसार छः

(रू.लाखमा)

विवरण	२०७५।७६			२०७६।७७			२०७७।७८		
	लक्ष्य	असुल	असुल प्रतिशत	लक्ष्य	असुल	असुल प्रतिशत	लक्ष्य	असुल	असुल प्रतिशत
आयकर	२०९६८५३	१९४४२०४	९२.७२	२८०३५१०	२१९६८९५	७८.३६	२३८०३८७	२३००७७३	९६ .६६
मूल्य अभिवृद्धि कर	२५०८८२६	२४१६६८०	९६.३३	३१५००८३	२२४०७०५	७१.१३	३०२१६८७	२८२०१९१	९३ .३३
अन्तः शुल्क	१२४८८८८	१२१८५४१	९७.५७	१६९९८२१	१००६२२६	५९.२	१५५५०४१	१३३७८०५	८६ .०३
भन्सार महसुल	१५१५९४१	१४३३१९८	८७.११	२१३२००४	१३७९९०३	६४.७२	१९३५५४७	२०१३८९६	१०४ .०५
अन्य कर	१२२९५१५	१३८४११५	१२८.०२	१३३४९१५	१५८९३९५	११९.०६	१२१४९२२	१३१४८७६	१०८ .२३
जम्मा	**८६०००२३**	**८३९६७३८**	**९७.८६**	**१११२०३३३**	**८४१३१२४**	**७५.६६**	**१०११७५८४**	**९७८७५४१**	**९६ .७४**

यो वर्ष राजस्व असुलीको लक्ष्य रू.१० खर्ब ११ अर्ब ७५ करोड ८४ लाख रहेकोमा रू.९ खर्ब ७८ अर्ब ७५ करोड ८४ लाख (अन्य प्राप्ति समेत) असुल भई लक्ष्यको तुलनामा ९६.७४ प्रतिशत सङ्कलन भएको छ । कर राजस्व सङ्कलनतर्फ यो वर्ष लक्ष्यको तुलनामा ४.६९ प्रतिशत, गैरकर राजस्व लक्ष्यको तुलनामा ३०.९६ प्रतिशत न्यून असुल भएको छ । नेपाल सरकारको सञ्चित कोष हिसाबमा राजस्व असुली रू.९ खर्ब ७६ अर्ब ३२ करोड ९ लाख उल्लेख छ । महालेखा नियन्त्रक कार्यालयबाट पेस भएको राजस्वको केन्द्रीय आर्थिक विवरणमा र मन्त्रालयले तयार गरेको राजस्वको विवरणमा बाँडफाँट हुने रकम समेत समावेश गरेकोले रू.२ अर्ब ४३ करोड ७५ लाख राजस्व फरक देखिएको छ।

४. **बजेट विनियोजन र खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १०(३) मा बजेट विनियोजन गर्दा खर्च गर्न सक्ने क्षमतासमेतको आधारमा गर्नुपर्ने उल्लेख छ । आर्थिक वर्ष २०७७।७८ मा रू.१४ खर्ब ७४ अर्ब ६४ करोड ५४ लाख बजेट विनियोजन भएकोमा रू.११ खर्ब ९६ अर्ब ६७ करोड ६० लाख (८१.१५ प्रतिशत) खर्च भएको छ । नेपाल सरकारको कुल बजेटमध्ये २०७४।७५ मा ८५.०१ प्रतिशत, २०७५।७६ मा ८४.४३ प्रतिशत र २०७६।७७ मा ७१.१८ प्रतिशत खर्च भएको थियो । त्यसैगरी कुल खर्चको २०७५।७६ मा २१.७५ प्रतिशत, २०७६।७७ मा १७.३३ प्रतिशत र २०७७।७८ मा रू.२ खर्ब २८ अर्ब ८३ करोड ६२ लाख अर्थात् १९.१२ प्रतिशत मात्र पुँजीगत खर्च भई प्रति वर्ष न्यून खर्च भएको देखियो । न्यून खर्च हुनुका समस्या पहिचान गरी गुणात्मक तथा परिमाणात्मक रूपमा खर्चमा वृद्धि गर्नुपर्दछ । विकास निर्माण एवं सेवा प्रवाहमा ध्यान दिई पुँजीगत खर्च परिचालनमा वृद्धि गर्नुपर्दछ।

५. **पन्ध्रौं योजनाको दोस्रो वर्षको उपलब्धि -** पन्ध्रौं योजना अवधि कार्यान्वयनमा आएको प्रथम वर्षको तुलनामा दोस्रो वर्षमा केही सूचकमा सुधार आए तापनि धेरै सूचकमा अपेक्षाकृत उपलब्धि हासिल भएको छैन । सूचकाङ्क तथा उपलब्धिको स्थिति निम्नानुसार छः

क्र.सं.	सूचक	आधार वर्ष (२०७५।७६)	२०७७।७८ को लक्ष्य	२०७७।७८ को प्रगति
१.	वार्षिक औसत आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा, प्रतिशत)	६.८	९.६	४.२५
२.	कृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	४.८	५.१	२.८५
३.	उद्योग क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	१२.२	१५.६	४.५१
४.	सेवा क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	७.९	१०	४.१९
५.	वार्षिक औसत मुद्रास्फीति (प्रतिशत)	४.६	६.०	३.६०
६.	प्रतिव्यक्ति राष्ट्रिय आय (अमेरिकी डलरमा)	१०४७	१२२२	१२४६
७.	गरिबीको रेखामुनिको जनसंख्या (प्रतिशत)	१८.७	१४.८	-
८.	मानव विकास सूचकाङ्क	०.५७९	०.६०२	०.६०२
९.	अपेक्षित आयु (जन्म हुँदाको समयमा, वर्ष)	६९.७	७१.२	७१.१७
१०.	खानेपानी सेवा पुगेको जनसंख्या (प्रतिशत)	८९	९४	९३.२३
११.	१५-२४ वर्ष उमेर समूहको साक्षरता दर (प्रतिशत)	९२	९४	९२
१२.	विद्युत उत्पादन (जडित क्षमता, मेगावाट)	१२५०	३१७९	१३८८
१३.	विद्युतमा पँहुच प्राप्त परिवार (प्रतिशत)	८८	९६	९१
१४.	सिँचाइ (हेक्टर लाखमा)	१४.७	१५.३५	-
	इन्टरनेट सेवामा पँहुच प्राप्त जनसंख्या (प्रतिशत)	६५.९	७१	८२.७९

स्रोतः पन्ध्रौं योजना र आर्थिक सर्भेक्षण, २०७८।७९ र राष्ट्रिय योजना आयोगको वार्षिक प्रतिवेदन, २०७७।७८

उल्लिखित विवरणअनुसार वार्षिक आर्थिक वृद्धिदर, कृषि क्षेत्रको वार्षिक वृद्धिदर, उद्योग क्षेत्रको वार्षिक वृद्धिदर र सेवा क्षेत्रको वार्षिक वृद्धिदर क्रमशः ९.६ प्रतिशत, ५.१ प्रतिशत, १५.६ प्रतिशत र १० प्रतिशत हासिल गर्ने लक्ष्य रहेकोमा क्रमशः ४.२५ प्रतिशत, २.८५ प्रतिशत, ४.५१ प्रतिशत र ४.१९ प्रतिशत रहेको छ । खानेपानी सेवा पुगेको जनसंख्या ९४ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ९३.२३ प्रतिशत, विद्युत उत्पादन ३ हजार १७९ मेगावाट जडित क्षमता पुऱ्याउने लक्ष्य रहेकोमा १ हजार ३८८ मेगावाट र विद्युत पँहुच प्राप्त परिवार संख्या ९६ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ९१ प्रतिशत पुगेको छ। गरिबीको रेखामुनिको जनसंख्या १४.८ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा प्रगतिको स्थिति यकिन गरेको देखिएन । लक्ष्यअनुसार प्रगति हासिल गर्न उपयुक्त रणनीति तय गरी कार्यान्वयन गर्नुपर्दछ ।

६. **राष्ट्रिय गौरवका आयोजना -** नेपाल सरकारले २०६८।६९ मा समृद्ध नेपालको सडक पूर्वाधार विकासको आधारशीला निर्माण गर्ने, सिँचाइ सुविधामार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउने, जलविद्युत, विमानस्थल निर्माण, खानेपानी व्यवस्था, साँस्कृतिक सम्पदाको संरक्षण लगायतका क्षेत्रमा महत्वपूर्ण देखिएका १७ आयोजनाहरूलाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्न राष्ट्रिय गौरवका आयोजना घोषणा गरेकोमा यो वर्षसम्म यस्ता आयोजनाको संख्या २४ पुगेको देखिन्छ । राष्ट्रिय गौरवका आयोजनाहरूको २०७७।७८ सम्मको खर्च र प्रगति निम्नानुसार छः

(रकम रू.करोडमा)

क्र. सं.	आयोजनाको नाम	शुरु वर्ष	सम्पन्न हुने वर्ष	कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च	भौतिक/वित्तीय प्रगति प्रतिशत
१	पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना	२०६४।६५	२०७९।८०	८४३३	७२०	५३३४	५७.८४
२	रेल्वे तथा मेट्रो विकास आयोजना	२०६६।६७	२०७८।७९	९५५२२	२५८	२४४७	०
३	उत्तर दक्षिण (कर्णाली करिडोर) लोकमार्ग	२०६९।७०	२०७९।८०	४१००	२३	११३०	२८
४	उत्तर दक्षिण (कोशी करिडोर) लोकमार्ग	२०६५।६६	२०८०।८१	१६२००	५५	३०५८	२४
५	उत्तर दक्षिण (कालीगण्डकी करिडोर) लोकमार्ग	२०६६।६७	२०८०।८१	२७०००	३०२	१००१	४९
६	हुलाकी लोकमार्ग आयोजना	२०६६।६७	२०७९।८०	६५२०	१०१३	४५५३	६८
७	रानी जमरा कुलरिया सिँचाइ आयोजना	२०६७।६८	२०८०।८१	२७७०	१२५	१४३८	५१.९१

क्र. सं.	आयोजनाको नाम	शुरु वर्ष	सम्पन्न हुने वर्ष	कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च	भौतिक/वित्तीय प्रगति प्रतिशत
८	सिक्टा सिँचाइ आयोजना	२०६१।६२	२०८५।८६	२५०२	१०८	१७७३	७०.८६
९	बबई सिँचाइ आयोजना	२०४५।४६	२०८२।८३	१८९६	१४३	९९२	५२.३२
१०	पशुपति क्षेत्र विकास कोष	२०५७।५८	२०७८।७९	१२७	४५	११६	८०
११	लुम्बिनी क्षेत्र विकास कोष	२०६६।६७	२०७८।७९	६१०	६५.५६	६२०	८६
१२	महाकाली सिँचाइ आयोजना	२०६३।६४	२०८१।८२	३५००	९०	४४८	१२.८०
१३	भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना	२०६८।६९	२०७९।८०	३६८०	१२३	१३९६	३७.९३
१४	बुढीगण्डकी जलविद्युत आयोजना	२०६९।७०	२०८३।८४	२६०००	१६६	३५४३	२१.५४
१५	सुनकोशी मरिन डाइभर्सन आयोजना	२०७६।७७	२०८०।८१	४६१९	१२३	१४८	३.२०
१६	माथिल्लो तामाकोशी आयोजना	२०६७।६८	२०७६।७७	४९२९	६७५	५२९८	१००
१७	पश्चिम सेती जलविद्युत आयोजना	२०६७।६८	नखुलेको	२७३८५	०	०	०
१८	पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल	२०७१।७२	२०७९।८०	२२६०	३२१	१९०४	९२.३
१९	निजगढ अन्तर्राष्ट्रिय विमानस्थल	२०७१।७२	२०८५।८६	१६५००	१६	८७	नखुलेको
२०	गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल	२०७०।७१	२०७८।७९	३०९१	१४८	२६४१	९६
२१	मेलम्ची खानेपानी आयोजना	२०५५।५६	२०७७।७८	२८७८	१६२	३११०	९९.४७
२२	काठमाडौं तराई मधेश द्रुतमार्ग	२०६४।६५	२०८१।८२	२१३९५	८७३	२९०७	१६.१
२३	राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति	२०६६।६७	२०९३।९४	२४९७०	१६१	१०८२	४.४४
२४	विद्युत प्रसारण आयोजना	२०६७।६८	०	७५००	०	०	०

राष्ट्रिय गौरवका आयोजनाको रूपमा विगत १० वर्षदेखि प्राथमिकताका साथ कार्य हुँदै आएकोमा माथिल्लो तामाकोशी आयोजना बाहेक अन्य आयोजना सम्पन्न हुन सकेको देखिँदैन । विस्तृत आयोजना प्रतिवेदन तयार नगरी निर्माण कार्य शुरु गर्नु, खरिद कार्य गर्नुपूर्वका कार्यहरू जग्गा प्राप्ति र क्षतिपूर्ति, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृति, सीमाङ्कन, रेखाङ्कन लगायतका कार्य सम्पन्न नगरी निर्माणको खरिद गर्नु, अन्तर निकाय समन्वय अभाव, निर्माण क्षमताको अभाव,कमजोर अनुगमन मूल्याङ्कन लगायतका समस्याले गर्दा आयोजना निर्माणको समय र लागत दुवै वृद्धि भएको छ ।

७. **वर्षान्तको खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० (२) बमोजिम थप बजेट, खर्चको स्रोत परिवर्तन वा अति आवश्यक काम परी खर्च गर्नुपर्ने अवस्थामा बाहेक भुक्तानी दिनुपर्ने अन्य रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा ७ दिन अगावै निकासा बन्द गर्नुपर्ने व्यवस्था छ । यो वर्ष रू.१४ खर्ब ७४ अर्ब ६४ करोड ५४ लाख विनियोजन भई रू.११ खर्ब ९६ अर्ब ६७ करोड ६० लाख खर्च भएकोमा आषाढ महिनामा रू.२ खर्ब ७९ अर्ब ७१ करोड ९ लाख (२३.३७ प्रतिशत) खर्च भएको छ । खर्चमध्ये आषाढ महिनाको अन्तिम हप्तामा रू.७१ अर्ब ६० करोड (कुल खर्चको ५.९८ प्रतिशत) खर्च भएको छ। स्वीकृत कार्यक्रम तथा खर्च गर्ने कार्यतालिकाबमोजिम निर्धारित समयमा कार्यक्रम सञ्चालन गरी वर्षान्तको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

८. **रकमान्तर** - यस वर्षको कुल बजेट रू.१४ खर्ब ७४ अर्ब ६४ करोड ५४ लाखमध्ये रू.५ खर्ब ९७ अर्ब २४ करोड ९८ लाख (४०.५० प्रतिशत) रकमान्तर भएको छ । सोमध्ये आषाढ महिनामा रू.४२ अर्ब ५५ करोड २५ लाख र आषाढ अन्तिम हप्तामा रू.६ अर्ब ११ करोड २० लाख रकमान्तर गरी विभिन्न शीर्षक उपशीर्षकमा रकम थप गरेको छ । बजेट उपशीर्षक ६०२ (अर्थ विविध) मा एकमुष्ट रू.५६ अर्ब १९ करोड ५३ लाख विनियोजन भएकोमा विभिन्न बजेट उपशीर्षकबाट रू.६२ अर्ब ७२ करोड ४९ लाख (शुरु बजेट विनियोजनको १११.६२ प्रतिशत) रकमान्तरबाट थप गरी रू.१ खर्ब १८ अर्ब ९२ करोड २ लाख बजेट कायम भएकोमा रू.१ खर्ब १६ अर्ब १५ करोड २९ लाख (शुरु बजेट

विनियोजनको २०६.७० प्रतिशत) विभिन्न संवैधानिक निकाय, आयोग वा मन्त्रालय मातहतका कार्यालय, प्रदेश तह र स्थानीय तहलाई रकम थप गरेको घटाई रू.२ अर्ब ७६ करोड ७२ लाख खुद बजेट कायम गरेको देखिन्छ । उक्त शीर्षकबाट रू.१५ करोड १ लाख खर्च गरी रू.२ अर्ब ६१ करोड ७१ लाख बजेट बाँकी रहेको देखियो । यसरी बजेट खर्च हुन नसक्ने अवस्थामा पनि विभिन्न बजेट उपशीर्षकबाट रकमान्तर गरी थप रकम ल्याएको स्थिति छ ।

शुरु बजेट व्यवस्था नभएका विभिन्न ११ कार्यक्रममा रकमान्तर गरी रू.१ अर्ब ३१ करोड ९७ लाख ४५ हजार बजेट कायम गरी रू.१ अर्ब १४ करोड ७२ लाख ४१ हजार खर्च गरेको छ। शुरु बजेट विनियोजन नभएको कार्यक्रममा रकमान्तरबाट थप गरी खर्च गर्नु उल्लिखित नियमावली तथा बजेट सिद्धान्त अनुरूप देखिँदैन ।

९. **वैदेशिक सहायता** - विकास सहायताको तथ्याङ्क विश्लेषण गर्दा २०७७।७८ मा नेपाल सरकारको कुल खर्च रू.११ खर्ब ९६ अर्ब ६७ करोडमध्ये रू.२ खर्ब ९ अर्ब ४२ करोड (१७.५० प्रतिशत) वैदेशिक सहायताले ओगटेको छ । यो वर्ष बजेटमा अनुमान गरिएको वैदेशिक अनुदान ६०.२८ प्रतिशत र वैदेशिक ऋण ५७.७५ प्रतिशत प्राप्त भई समग्रमा अनुमानित रकमको ५८.१७ प्रतिशत वैदेशिक सहायता प्राप्त भएको देखिन्छ । सबै प्रकारका सहायता प्रतिवद्धतामध्ये २३.२१ प्रतिशत मात्र प्राप्त भएको छ । प्राप्त भएको रकममध्ये अमेरिकी डलर २६५.४५ मिलियन र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट खर्च भएको अमेरिकी डलर १५४.६१ मिलियन बजेटरी प्रणालीभन्दा बाहिर रहेको अवस्था छ। समग्रमा प्राप्त विकास सहायता रकमको ७७.९५ प्रतिशतमात्र संघीय सञ्चित कोषमार्फत् परिचालन भएको र बाँकी २२.०५ प्रतिशत सहायता बजेट बाहिरबाट परिचालन भएको अवस्था छ ।

बजेट वक्तव्यसाथ संसदमा पेस भएको प्राविधिक तथा अन्य सहायतासम्बन्धी विवरणमा संघीय सरकारका १८ मन्त्रालय/निकायअन्तर्गत १२४ आयोजना तथा कार्यक्रमका लागि यो वर्ष रू.८५ अर्ब ५७ करोड ९२ लाख तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था मार्फत् १२० आयोजना/कार्यक्रमका लागि रू.९३ अर्ब ६१ करोड ३९ लाखसमेत रू.१ खर्ब ७९ अर्ब १९ करोड ३१ लाख प्राविधिक सहायता प्राप्त हुने उल्लेख छ । उक्त रकममध्ये खर्च भएको रकम आर्थिक विवरणमा समावेश भएको देखिएन।

१०. **आयात निर्यात -** भन्सार विभागबाट प्राप्त तथ्याङ्कअनुसार नेपालको विगत ५ वर्षको आयात निर्यातको अवस्था देहायबमोजिम छः

(रकम रू.अर्बमा)

आर्थिक वर्ष	निर्यात रकम	आयात रकम	व्यापार घाटा रकम	अनुपात
२०७७।७८	१४१	१५३९	१३९८	०१:१०.९
२०७६।७७	९७.७१	११९६.८	१०९९.०९	०१:१२.२
२०७५।७६	९७.११	१४१८.५६	१०२१.४२	०१:१४.६
२०७४।७५	८१.३५	१२४५.१	११६३.७५	०१:१५.३
२०७३।७४	७३.०३	९८४.३	९११.२७	०१:१३.५

गत वर्षको तुलनामा निर्यात ४४.३ प्रतिशतले वृद्धि भई यस वर्ष रू.१ खर्ब ४१ अर्ब पुगेको छ । निर्यात गरिएका प्रमुख वस्तुमा भटमास तेल, कटन धागो, ऊनी गलैँचा, जुटका समान, तयारी

पोशाक, अलैंची आदि रहेका छन् । कुल निर्यातमा भटमासको तेलको अंश ३८.९८ प्रतिशत रहेको छ। गत वर्षको तुलनामा आयात २८.५२ प्रतिशतले वृद्धि भई रू.१५ खर्ब ३९ अर्ब पुगेको छ। निर्यात आयात अनुपात २०७६।७७ मा १:१२.२ रहेकोमा २०७७।७८ मा १:१०.९ देखिन्छ।

आयाततर्फ भटमासको कच्चा तेल १८१.१, सुन १०१.५०, कच्चा सूर्यमुखी तेल ६५.४, रायो सर्स्यूको दाना ६३.८, फलाम र स्टिलका कच्चा पदार्थ ४४.२०, रबर र सोका उत्पादन ४३.७०, सुती कपडा ५२.४०, दूरसञ्चार उपकरण तथा पार्टपुर्जा ६७.३०, यातायात साधन तथा पार्ट पुर्जा ४९.७० खाद्यान्न ३९.९ प्रतिशतले वृद्धि भएको छ । निर्यातको तुलनामा आयात उच्च रहेकोले व्यापार घाटा बढ्न गई वैदेशिक मुद्राको सञ्चितिमा समेत प्रतिकूल प्रभाव परेको छ ।

११. **व्यापार घाटा -** वैदेशिक व्यापारमा हाल देखिएका अवरोध न्यून गर्दै निर्यात, आयात र आपूर्ति व्यवस्थालाई सुचारु गरी विश्व बजारमा सम्भाव्य तुलनात्मक लाभ र प्रतिस्पर्धी वस्तुको उत्पादन बढाई निकासी प्रवर्द्धन गरिने उल्लेख छ । वैदेशिक व्यापारको तथ्याङ्कको विश्लेषण गर्दा प्रत्येक वर्ष आयात वृद्धि भई व्यापार घाटा बढेको छ । गत वर्षको तुलनामा यो वर्ष आयात २८.६६ प्रतिशतले वृद्धि भई रू.१५ खर्ब ३९ अर्ब ८० करोड पुगेको छ । सोही अवधिमा निर्यातमा सामान्य वृद्धि भई रू.१ खर्ब ४१ अर्ब १० करोड पुगेको छ । यो वर्षको अन्तमा व्यापार घाटा रू.१३ खर्ब ९८ अर्ब ७० करोड पुगेको छ। कुल आयातमा २०७७।७८ मा खनिज इन्धन तथा चिल्लो पदार्थको अंश १४ प्रतिशत, यातायात तथा यान्त्रिक उपकरणको अंश २२ प्रतिशत, खाद्य तथा जीव जन्तु १४ प्रतिशत, रसायन तथा औषधिको १२ प्रतिशत र अन्य उपभोग्य वस्तुहरू ३८ प्रतिशत रहेको छ । आयातमुखी अर्थ व्यवस्थालाई क्रमशः उत्पादन र निर्यातमुखी बनाई व्यापार घाटा न्यूनीकरण गर्नुपर्दछ । पेट्रोलियम पदार्थको खपत घटाउने र देशमा उत्पादन भएको विद्युतको खपतलाई वृद्धि गर्न प्रोत्साहन गर्ने रणनीति अवलम्बन गर्नुपर्दछ ।

१२. **विदेशी मुद्रा सञ्चिति -** मुद्रा स्फीतिलाई वाञ्छित सीमाभित्र राख्दै चालु खाता घाटालाई नियन्त्रण गरी शोधनान्तर स्थिति सुधार गर्न पर्याप्त विदेशी मुद्रा सञ्चिति आवश्यक हुन्छ । विदेशी मुद्रा सञ्चितिमा क्रमशः ह्रास हुँदै २०७८ आषाढ मसान्तमा रू.१३ खर्ब ९९ अर्ब ३ करोड रहेको र चालु खाता रू.३ खर्ब ३१ अर्ब ७० करोडले ऋणात्मक रहेको छ। त्यसैगरी, शोधान्तर स्थिति २०७७।७८ मा रू.१ अर्ब २० करोड मात्र बचत अवस्था छ । व्यापार सन्तुलन, विदेशी मुद्रा सञ्चिति र शोधनान्तर स्थितिलाई सुधार गरी अर्थतन्त्रलाई दिगो र प्रभावकारी बनाउन उपयुक्त रणनीति अवलम्बन गर्नुपर्दछ।

१३. **सार्वजनिक संस्थान व्यवस्थापन -** सार्वजनिक संस्थान ६९ मध्ये विभिन्न वर्ष विनिवेश भएका संस्था ३० तथा पछिल्लो समयमा स्थापना भै थप भएका समेत हाल अस्तित्वमा रहेका ४४ संस्थामध्ये ४२ संस्था सञ्चालनमा रहेका छन् ।

१३.१ हालसम्म विनिवेश गरिएका ३० संस्थानमध्ये १२ संस्थान खारेजी गरिएकोमा एक संस्थान (कृषि चुन उद्योग लिमिटेड) को मात्र कम्पनी रजिष्ट्रारको कार्यालयबाट कानूनी रूपमा खारेजी प्रक्रिया सम्पन्न भएको छ । अन्य संस्थानको कानूनी रूपमा खारेजी प्रक्रिया सम्पन्न भएको छैन । रोजगारी तथा उत्पादनमा टेवा पुऱ्याउने उद्देश्यले निजीकरण भएका १८ संस्थानमध्ये हाल १२ सञ्चालनमा रहेको र ६ संस्थान बन्द अवस्थामा रहेका छन् । निजीकरण भई सञ्चालनमा रहेका मध्ये ७ संस्थान मात्र नाफामा रहेको देखिन्छ ।

१३.२ सार्वजनिक संस्थानमध्ये १६ ले मात्र २०७८ जेष्ठ सम्म २०७७।७८ सम्मको लेखापरीक्षण गराएको देखिन्छ । २६ संस्थानले २०७७।७८ को लेखापरीक्षण गराएका छैनन् । सोमध्ये खाद्य व्यवस्था तथा व्यापार कम्पनीले विगत ३ वर्ष, विशाल बजार कम्पनी लिमिटेड र राष्ट्रिय बीमा कम्पनी लिमिटेडले विगत ५ वर्षको तथा राष्ट्रिय बीमा संस्थानले विगत ९ वर्षदेखि लेखापरीक्षण गराएका छैनन् ।

१३.३ सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०७९ मा उल्लेख भएअनुसार सञ्चालनमा रहेका ४२ संस्थानको विगत ३ वर्षको सञ्चालन अवस्था विश्लेषण गर्दा ४ क्षेत्रका १५ सार्वजनिक संस्थान निरन्तर घाटामा रहेका छन् । त्यस्ता संस्थानको कुल सञ्चित नोक्सानी २०७५।७६ मा रू.२६ अर्ब ९ करोड ८ लाख रहेकोमा सोमा निरन्तर वृद्धि भै २०७६।७७ मा रू.३२ अर्ब ३ करोड ७८ लाख तथा २०७७।७८ मा रू.३५ अर्ब १६ करोड ८८ लाख पुगेको छ । सार्वजनिक संस्थानहरूको २०७७।७८ मा कोषको व्यवस्था नगरिएको दायित्व रू.५९ अर्ब ३९ करोड रहेको छ ।

१३.४ महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार नेपाल सरकारले गत वर्षसम्म विभिन्न ११४ संस्थान र अन्तर्राष्ट्रिय संस्थामा रू.३ खर्ब ४२ अर्ब ११ करोड १० लाख शेयर लगानी गरेकोमा ८ संस्थाबाट रू.१२ अर्ब ७५ करोड १३ लाख नगद लाभांश प्राप्त भएको देखिन्छ । यो वर्ष प्राप्त गरेको लाभांश गत वर्ष प्राप्त भएको भन्दा ४५.६५ प्रतिशतले घटेको देखिन्छ । ती बाहेक १०६ संस्थामा गरेको शेयर लगानी रू.३ खर्ब ४५ करोड ३८ लाखबाट यो वर्ष कुनै प्रतिफल प्राप्त गरेको छैन ।

१४. **संगठित संस्थाको लेखापरीक्षण -** यो वर्ष ५२ संस्थाको बक्यौतासमेत ६७ वर्षको लेखापरीक्षण गर्नुपर्नेमा ४४ संस्थाको ४९ आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गरी अन्तिम प्रतिवेदन जारी भएको छ भने १४ संस्थाको १८ आर्थिक वर्षको लेखापरीक्षण बाँकी रहेको छ । समयमा लेखापरीक्षण नगराउने संस्था र पदाधिकारीलाई जिम्मेवार बनाई आवश्यक कारबाही भएको छैन । लेखापरीक्षण ऐन, २०७५ को दफा ११(२) अनुसार संगठित संस्थाले लेखापरीक्षक नियुक्त गर्दा महालेखापरीक्षकको परामर्श लिनुपर्ने व्यवस्था छ । लेखापरीक्षक नियुक्त गर्दा परामर्श माग गर्नुपर्ने संगठित संस्थाको संख्या यकिन छैन । यो वर्ष ३८ संस्थाको ४६ आर्थिक वर्षको लागि लेखापरीक्षक नियुक्त गर्न परामर्श माग गरेका छन् । समयमा लेखापरीक्षण नगराउने संस्थाका सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

१५. **संगठित संस्था/समितिको नतिजा -** लेखापरीक्षण सम्पन्न गरिएका संगठित संस्था, समिति र अन्य संस्थामध्ये व्यावसायीक लेखा राखी वासलात तयार गर्ने ७८ संस्था, समिति र अन्य संस्थाको वित्तीय स्थिति यस प्रतिवेदनमा समावेश गरिएकोमा ५३ संस्था, समिति र अन्य संस्थाको कुल सञ्चालन मुनाफा रू.६४ अर्ब ६२ करोड र २५ संस्थाको कुल सञ्चालन नोक्सानी रू.५ अर्ब २३ करोड रहेको छ ।

यस्तै व्यावसायिक लेखा नराखी आय-व्यय हिसाब मात्र तयार गर्ने संगठित संस्था, समिति र अन्य संस्था ७० को सञ्चालन बचत रू.१० अर्ब ९३ करोड ७९ लाख र २५ संस्थाको सञ्चालन नोक्सानी रू.२ अर्ब ९५ करोड ३५ लाख र अन्य ५ संस्थाको सञ्चालन बचत शून्य रहेको छ ।

१६. **सार्वजनिक ऋण -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७७।७८ को अन्त्यसम्म नेपाल सरकारको कुल तिर्न बाँकी ऋण रू.१७ खर्ब ३७ अर्ब ६३ करोड ६८ लाख रहेको छ । कुल ऋणमध्ये बाह्य ऋण रू.९ खर्ब ३४ अर्ब ६९ करोड ५२ लाख (५३.८० प्रतिशत) र आन्तरिक ऋण रू.८ खर्ब २ अर्ब ९४ करोड १६ लाख (४६.२० प्रतिशत) रहेको देखिन्छ । यो वर्ष सरकारको

ऋण दायित्व रू.३ खर्ब ४ अर्ब २३ करोड ४४ लाख थप भई गत वर्षको तुलनामा २१.२२ प्रतिशतले वृद्धि भएको देखिन्छ । गत वर्षभन्दा साँवा ब्याज भुक्तानी गर्नुपर्ने रकम वृद्धि भै रू.९४ अर्ब ८० करोड ३८ लाख पुगेको देखिन्छ । साँवा ब्याज भुक्तानी २०७६।७७ को तुलनामा १३.४० प्रतिशतले वृद्धि भएको देखिन्छ । यो वर्ष आन्तरिक ऋणबाट रू.२ खर्ब २५ अर्ब प्राप्त गर्ने लक्ष्य रहेकोमा रू.२ खर्ब २२ अर्ब ७८ करोड प्राप्त भएको छ । प्राप्त आन्तरिक ऋणमध्ये चालुतर्फ सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान शीर्षकमा रू.३३ अर्ब ६४ करोड खर्च भएको छ । त्यसैगरी पुँजीगततर्फ सवारीसाधन खरिद लगायतका शीर्षकमा रू.१ खर्ब २२ अर्ब १५ करोड खर्च गरेको देखिन्छ । वित्तीय व्यवस्थाअन्तर्गत रू.२३ अर्ब ४ करोड खर्चमध्ये सार्वजनिक संस्थानमा ऋण लगानी तर्फ रू.९ अर्ब ५८ करोड र शेयर लगानी तर्फ रू.१३ खर्ब २६ करोड खर्च गरेको देखिन्छ । प्राप्त भएको आन्तरिक ऋण र उपयोग भएको रकम बीचको फरक रू.४३ अर्ब ९५ करोड उपयोग गर्न नसके तापनि उक्त रकममा ब्याज तिर्नु परेको अवस्था छ । त्यसैगरी पुँजीगत शीर्षकमै आन्तरिक ऋण उपयोग भएको अवस्थामा पुँजीगत खर्चबाट मूल्य सार्थकता प्राप्त भएको सुनिश्चित गरेर मात्र ऋणको परिचालन गर्नुपर्दछ।

१७. **ऋण लगानी** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार विभिन्न ५६ संस्थामा नेपाल सरकारको स्रोतबाट गत वर्षसम्म रू.१ खर्ब १८ अर्ब १५ करोड ४४ लाख ऋण लगानी भएकोमा यो वर्ष विभिन्न १० संस्थामा रू.१४ अर्ब ३ करोड ८४ लाख थप लगानी भएको देखिन्छ । लगानी भएकोमध्ये १ संस्थाको समायोजन गरी रू.१ करोड ८८ लाख र ३ संस्थाबाट साँवा फिर्ता भएको रू.१५ करोड ८१ लाख समेत रू.१७ करोड ६९ लाख घटाई यस वर्षसम्म रू.१ खर्ब ३२ अर्ब १ करोड ५९ लाख लगानी भएको देखिन्छ । वैदेशिक स्रोतबाट गत वर्षसम्म विभिन्न ३८ संस्थामा रू.१ खर्ब ७९ अर्ब ४६ लाख लगानी भएकोमा यो वर्ष विभिन्न ५ संस्थामा रू.२१ अर्ब २८ करोड २९ लाख थप लगानी भएको देखिन्छ । लगानी भएकोमध्ये १ संस्थाको समायोजन गरी रू.३२ करोड १७ लाख र ४ संस्थाबाट साँवा फिर्ता भएको रू.३ अर्ब ६ करोड ५४ लाखसमेत रू.३ अर्ब ३८ करोड ७१ लाख घटाई यस वर्षसम्म रू.१ खर्ब ९६ अर्ब ९० करोड ५ लाख लगानी भएको देखिन्छ । समग्रमा २०७७।७८ सम्म कुल रू.३ खर्ब २८ अर्ब ९१ करोड ६४ लाख ऋण लगानी भएको देखिन्छ ।

१८. **बक्यौता ब्याज** - महालेखा नियन्त्रक कार्यालयले तयार गरेको शेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदनअनुसार २०७६।७७ सम्म प्राप्त हुनुपर्ने ब्याज रू.४३ अर्ब ८१ करोड ९४ लाख बाँकी रहेकोमा यो वर्ष थप भएको रू.१० अर्ब ६९ करोड २९ लाखसमेत यो रू.५४ अर्ब ५१ करोड २३ लाख ब्याज प्राप्त हुनुपर्नेमा यो वर्ष रू.८ अर्ब ४१ करोड २ लाख प्राप्त भै रू.४६ अर्ब १० करोड २१ लाख प्राप्त हुन बाँकी रहेको देखिन्छ । प्राप्त गर्नुपर्ने ब्याज रकम वृद्धि हुँदै गएकाले ब्याज समयमै प्राप्त गर्नुपर्दछ ।

१९. **शोधभर्ना बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४२ मा नेपाल सरकारको स्रोतबाट खर्च गरी दातृपक्षबाट शोधभर्ना लिनुपर्ने व्यवस्था छ । ऋणको स्रोतगत विवरण अनुसार महालेखा नियन्त्रक कार्यालयले गत वर्षको जिम्मेवारी र यो वर्ष समेत विभिन्न आयोजनाको खर्च भन्दा बढी प्राप्त भएको भनी देखाएको ४२ आयोजनाको रू.५५ अर्ब ६१ करोड ७५ लाख ऋणात्मक रकम समायोजन गरी २०७८ आषाढ मसान्तमा रू.१२ अर्ब ३६ करोड ९१ लाख शोधभर्ना

प्राप्त हुन बाँकी देखाएको छ । उक्त ऋणात्मक देखिएको आयोजनाको प्राप्त रकम समायोजन नगरी हिसाव गर्दा वर्षान्तमा रू.६७ अर्ब ९८ करोड ६६ लाख शोधभर्ना हुन बाँकी देखिन्छ । त्यसैगरी अनुदानको स्रोतगत विवरणअनुसार गत वर्षको जिम्मेवारी र यो वर्षसमेत विभिन्न आयोजनाको खर्चभन्दा बढी प्राप्त भएको भनी देखाएको ३८ आयोजनाको रू.२६ अर्ब ३४ करोड १२ लाख ऋणात्मक रकम समायोजन गरी २०७८ आषाढ मसान्तमा रू.११ अर्ब ५६ करोड ९८ लाख शोधभर्ना प्राप्त हुन बाँकी देखाएको छ । उक्त ऋणात्मक देखिएको आयोजनाको प्राप्त रकम समायोजन नगरी हिसाब गर्दा वर्षान्तमा रू.३७ अर्ब ९१ करोड १० लाख शोधभर्ना हुन बाँकी देखिन्छ । शोधभर्ना प्राप्त हुनुपर्ने ऋण तथा अनुदानतर्फको स्पष्ट देखिने गरी आयोजनागत, दातागत तथा प्रदेश तथा स्थानीय तहगत देखिने गरी लेखाङ्कन र अभिलेख गर्नुपर्दछ ।

२०. **राजस्व बाँडफाँट** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ बमोजिम मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनबाट उठ्ने अन्तःशुल्क रकमको ७० प्रतिशत संघीय सञ्चित कोषमा र १५ प्रतिशत प्रदेशमा र १५ प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रतिवेदनअनुसार विभाज्य कोषको वित्तीय विवरणमा बाँडफाँट हुने रकम शून्य देखाई २०७८ आषाढ मसान्तमा हिसाब मिलान गरे तापनि २०७८ आषाढ २० गते पश्चात् उठेको मूल्य अभिवृद्धि कर र अन्तःशुल्क रू.२२ अर्ब ५८ करोड ३८ लाख संघ, प्रदेश र स्थानीय तहलाई बाँडफाँट नगरी २०७८।९।८ मा मात्र बाँडफाँट गरेको छ । तर संघीय सञ्चित कोषमा आषाढ मसान्तमा नै जम्मा भएको देखाएको छ । प्रदेश र स्थानीय तहको राजस्व सम्बन्धित आर्थिक वर्षभित्र सञ्चित कोषमा जम्मा नभएकोले सञ्चित कोषमा रू.६अर्ब ७७ करोड ५१ लाख आम्दानी न्यून हुन गएको छ । वर्षान्तमा खाता बन्द गर्दा समायोजन लेखाङ्कन गरी समयमै बाँडफाँट गर्नेतर्फ आवश्यक व्यवस्था गर्नुपर्दछ।

२१. **रोयल्टी बाँडफाँट** - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा रोयल्टीबापत प्राप्त हुने रकम ५० प्रतिशत संघीय विभाज्य कोषमा, २५ प्रतिशत प्रदेश विभाज्य कोष र २५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने व्यवस्था छ। यो वर्ष विभाज्य कोष खातामा जम्मा भएको रू.५ अर्ब ७ करोड ५० लाख २०७८ पौष १४ मा बाँडफाँट गरेको देखिन्छ। तर संघीय राजस्वको हिस्सा संघीय सञ्चित कोष क १ खातामा आषाढ मसान्तमा नै जम्मा भएको देखाएकोले हिसाब यथार्थपरक देखिएन । प्रदेश र स्थानीय तहले समेत समयमा प्राप्त गर्नुपर्ने राजस्व प्राप्त गरेको देखिएन।

२२. **प्राकृतिक स्रोतको बाँडफाँट** - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ मा पर्वतारोहण, विद्युत, वन र खानी तथा खनिज रोयल्टी शीर्षकमा संघीय विभाज्य कोषमा जम्मा भएको रोयल्टी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसअनुसार नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच क्रमशः ५०, २५ र २५ प्रतिशतको अनुपातमा बाँडफाँट गर्नुपर्ने व्यवस्था छ । संघीय विभाज्य कोषमा २०७६।७७ मा जम्मा भएको रोयल्टी र बाँडफाँटको स्थिति निम्नानुसार छः

(रू.लाखमा)

क्र सं	रोयल्टी शीर्षक	विभाज्य कोषमा जम्मा	बाँडफाँट भएको रोयल्टी रकम					
			नेपाल सरकार	प्रतिशत	प्रदेश सरकार	प्रतिशत	स्थानीय तह	प्रतिशत
१	पर्वतारोहण	४४,८२	३६,३८	८१.१८	४,२२	९.४१	४,२२	९.४१

२	विद्युत	२,८७,९५	१,४५,७३	५०.६२	७१,११	२४.६९	७१,११	२४.६९
३	वन	१,१९,५६	५९,७८	५०.००	२९,८९	२५	२९,८९	२५
४	खानी तथा खनिज	८५,०१	५२,१३	६१.३२	१६,४४	१९.३४	१६,४४	१९.३४
५	पानी तथा अन्य	५,७५	५,७५	१००	०	०	०	०
	जम्मा	**५,४३,०९**	**२,९९,७७**	**५५.२०**	**१,२१,६६**	**२२.४०**	**१,२१,६६**	**२२.४०**

संघीय विभाज्य कोषको ५ रोयल्टी शीर्षकमा २०७६।७७ मा रू.५ अर्ब ४३ करोड ९ लाख जम्मा भएकोमा नेपाल सरकारलाई रू.२ अर्ब ९९ करोड ७७ लाख (५५.२० प्रतिशत), प्रदेश सरकारलाई र स्थानीय तह दुवैलाई समान रू.१ अर्ब २१ करोड ६६ लाखका दरले रू.२ अर्ब ४३ करोड २२ लाख (४४.८० प्रतिशत) बाँडफाँट भई हस्तान्तरण भएको देखिन्छ । पर्वतारोहण, विद्युत र खानी तथा खनिज रोयल्टी शीर्षकमा आयोगको सिफारिसभन्दा फरक अनुपातमा बाँडफाँट भएको र पानी तथा अन्य रोयल्टी शीर्षकमा जम्मा भएको रोयल्टी शत प्रतिशत संघीय सञ्चित कोषमा जम्मा भएको छ । रोयल्टीसम्बन्धी अभिलेख तथा प्रतिवेदन प्रणालीमा सुधार गरी आयोगको सिफारिसबमोजिम प्राकृतिक स्रोतको बाँडफाँट तथा वितरण गर्ने व्यवस्था नेपाल सरकारले मिलाउनुपर्दछ ।

२३. **आन्तरिक राजस्व संरचना -** आन्तरिक राजस्व विभागले २०७७।७८ मा रू.४ खर्ब ५० अर्ब ३४ करोड राजस्व असुली गर्ने लक्ष्य निर्धारण गरेकोमा रू.४ खर्ब २९ अर्ब २७ करोड (९५.३२ प्रतिशत) असुली भएको छ । कुल आन्तरिक राजस्व सङ्कलनमा आयकरको ४६.७७ प्रतिशत, मूल्य अभिवृद्धि करको २७.१२ प्रतिशत, अन्तःशुल्ककको १८.९९ प्रतिशत र अन्य करको ७.१२ प्रतिशत योगदान रहेको छ। गत वर्ष कुल राजस्व सङ्कलनमा आयकरको ५०.२० प्रतिशत, मूल्य अभिवृद्धि करको २५.५० प्रतिशत र अन्तःशुल्ककको १६.८४ प्रतिशत र अन्य करको ७.४६ प्रतिशत योगदान रहेको थियो। विभागको राजस्व असुली गतवर्षको तुलनामा यो वर्ष ११.६४ प्रतिशतले वृद्धि भएको छ। कर उठ्न र तिर्न सक्ने क्षमताको विश्लेषण तथा करको दायरा विस्तार गरी करदाताको सहभागिता र कर कानून परिपालनाको प्रभावकारी व्यवस्थापनबाट राजस्व असुलीमा बढोत्तरी गर्नुपर्दछ ।

२४. **बक्यौता र लगत कट्टा -** आयकर ऐन, २०५८ को दफा १०३ देखि ११२ सम्म, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१ र अन्तःशुल्क ऐन, २०५८ को दफा १० मा कर बक्यौता असुल गर्ने व्यवस्था छ । आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदनअनुसार कुल राजस्व बक्यौता रू.१ खर्ब ७१ अर्ब ३९ करोड ४६ लाख रहेकोमा एकीकृत वित्तीय विवरणमा रू.१ खर्ब ५० अर्ब ४९ करोड ३५ लाख उल्लेख छ। उल्लिखित स्थितिले वार्षिक प्रतिवेदन र एकीकृत आर्थिक विवरणमा रू.२० अर्ब ९० करोड ११ लाख बक्यौता फरक परेको छ । फरक रकम सम्बन्धमा विभागले खुलासा गरेको छैन।

२५. **करको दायरा** - आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ र अन्तःशुल्क ऐन, २०५८ मा पेशा, व्यवसाय वा कारोबार गर्दा तोकिएबमोजिम दर्ता हुनुपर्ने तथा इजाजत लिनुपर्ने व्यवस्था छ । करमा दर्ता भएका एवं इजाजत लिने करदाताको संख्या निम्नानुसार छः

विवरण	२०७४।७५ सम्म	२०७५।७६ सम्म	२०७६।७७ सम्म	२०७७।७८ मा थप	२०७७।७८ सम्म
व्यावसायिक स्थायी लेखा नम्बर	१०३८२६६	१२३५४१२	१४२९६०४	१४७७७९	१५७७३८३
व्यक्तिगत स्थायी लेखा नम्बर	७६६६४६	९९६०४१	१९७८६८०	४९३०४६	२४७१७२६

अग्रिम कर स्थायी लेखा नम्बर	-	७३७	५१०६	४८९२	९९९८
जम्मा	१८०४९१२	२२३२१९०	३४१३३९०	६४५७१७	४०५९१०७
मूल्य अभिवृद्धि करमा दर्ता	१९४५४७	२४०४६०	२५५९६३	१२४७३	२६८४३६
अन्तः शुल्क इजाजतपत्र	६५५११	६८२१३	९४२९२	९१३१	१०३४२३

स्रोतः आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन

उपर्युक्त विवरणअनुसार २०७६।७७ को तुलनामा यस वर्ष स्थायी लेखा नम्बर लिने करदाताको संख्यामा आयकरतर्फ १८.९, मूल्य अभिवृद्धि करतर्फ ४.८७ र अन्तःशुल्क इजाजतपत्रतर्फ ९.६८ प्रतिशत वृद्धि भएको छ । यस वर्षसम्म ४० लाख ५९ हजार १०७ करदाता करको दायरामा आएको देखिन्छ । चिकित्सक, इन्जिनियर, वकिल, सल्लाहकार, लेखापरीक्षक, कलाकार, खेलाडी, शिक्षक, प्राध्यापकलगायतका पेशाविद् अधिकांशले स्थायी लेखा नम्बर नलिएका र लिएकाले समेत आय विवरण दाखिला गरेको देखिँदैन । सम्बद्ध निकायबीच अन्तरआवद्धतासहित उक्त व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

२६. **मूल्य अभिवृद्धि कर संरचना -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना बुझाउनुपर्ने कर स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र पेस गर्नुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व विभागको विगत ५ वर्षको मूल्य अभिवृद्धि कर कार्यान्वयनको स्थिति निम्नानुसार छः

विवरण	२०७३।७४	२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८
डेबिट विवरण प्रतिशत	१३.२५	१४.०६	२५.६०	२२.१७	११.०७
क्रेडिट विवरण प्रतिशत	५१.१४	५१.९७	४५.९०	४८.३८	५५.१५
शून्य विवरण प्रतिशत	३५.६१	३३.९७	२८.५०	२९.४५	३३.७८
आषाढमा डेबिट (रू.अर्बमा)	४९.३२	६९.८५	१२.६९	११.२३	१०.४८
आषाढमा क्रेडिट (रू.अर्बमा)	२९.१६	३८.१९	३९.७४	४२.४०	४७.४४
क्रेडिट/डेबिट अनुपात (गुणा)	०.५९	०.५४	३.१३	३.७७	४.५३

विभागको वार्षिक प्रतिवेदनअनुसार यस वर्षको कुल राजस्वमध्ये मूल्य अभिवृद्धि कर (आन्तरिक) तर्फ रू.१ खर्ब १६ अर्ब ४३ करोड असुली भएको छ । उक्त असुलीमा करदाताको क्रेडिट मिलान समेत समावेश छ। वर्षान्तमा करदाताको मूल्य अभिवृद्धि कर रू.४७ अर्ब ४४ करोड क्रेडिट रहेको छ । विवरण बुझाउने करदातामध्ये डेबिट विवरण बुझाउने ११.०७ प्रतिशत, क्रेडिट विवरण बुझाउने ५५.१५ प्रतिशत र शून्य विवरण बुझाउने ३३.७८ प्रतिशत रहेको देखिन्छ । डेबिट रकम यसवर्ष ६.६८ प्रतिशतले घटेकोमा क्रेडिट रकम ११.८८ प्रतिशतले वृद्धि भएको छ । मूल्य अभिवृद्धि करको प्रभावकारिता वृद्धि गर्न कर कानूनको कार्यान्वयन, परिपालना र अनुगमन संयन्त्रको परिचालनसँगै नीतिगत एवं व्यवस्थापकीय पक्षमा सुधार गर्नुपर्ने देखिन्छ ।

२७. **क्षेत्रगत मूल्याङ्कन -** प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तयार गरेको एकीकृत अनुगमन प्रणालीबाट २०७७।७८ मा सञ्चालित नीति तथा प्रमुख कार्यक्रमको मूल्याङ्कन गरेको देखिन्छ । मूल्याङ्कन गर्दा क्षेत्रगत मन्त्रालयका क्रियाकलाप र माइलस्टोनलाई आधार लिएको छ । सो आधारमा मूल्याङ्कन गर्दा क्षेत्रगत मन्त्रालयहरूबाट आषाढ मसान्तसम्मको अवस्था देहायअनुसार छः

क्षेत्र	सम्बन्धित मन्त्रालय	क्रियाकलाप(संख्या)	माइलस्टोन

		सम्पादन गर्नुपर्ने	सम्पन्न	चालु	शुरु नभएका	सम्पादन गर्नुपर्ने	सम्पन्न	चालु	शुरु नभएका
आर्थिक क्षेत्र	अर्थ कृषि, उद्योग, भूमि व्यवस्था	४६१	३०८	१४७	६	७६९	५६४	१८०	२५
पूर्वाधार क्षेत्र	भौतिक पूर्वाधार, ऊर्जा, शहरी विकास, खानेपानी, सञ्चार, पुनर्निर्माण	२८२	५५	२२६	१	६६०	२३३	४००	२७
सामाजिक क्षेत्र	शिक्षा, स्वास्थ्य, महिला, युवा, श्रम	१७०	९१	७८	१	३१६	१९८	१०६	१२
शासकीय सुधार क्षेत्र	प्रधानमन्त्री कार्यालय, गृह, रक्षा, संघीय मामिला, कानुन, परराष्ट्र	२००	१२५	७१	४	३५५	२५०	९५	१०
जम्मा		**१११३**	**५७९**	**५२२**	**१२**	**२१००**	**१२४५**	**७८१**	**७४**

उल्लिखित १ हजार ११३ क्रियाकलापमध्ये ५७९ अर्थात् ५२.०२ प्रतिशत क्रियाकलाप मात्र सम्पन्न भएका छन् भने २ हजार १०० माइलस्टोनमध्ये १ हजार २४५ अर्थात् ५९.२९ प्रतिशत माइलस्टोन मन्त्रालयहरूले पूरा गरेको देखिन्छ । क्षेत्रगत रूपमा विश्लेषण गर्दा पूर्वाधार क्षेत्रका क्रियाकलापहरू १९.५ प्रतिशत मात्र सम्पन्न भएका छन् । सबैभन्दा घटी क्रियाकलापहरू सम्पन्न गर्ने मन्त्रालयहरूमा शहरी विकासको १३.३ प्रतिशत र खानेपानीको १३.६ प्रतिशत रहेको छ । क्षेत्रगत मन्त्रालयका क्रियाकलाप र माइलस्टोनको प्रगति कमजोर रहेको छ ।

२८. **पुनर्निर्माण -** नेपाल सरकारले आयोजना गरेको नेपालको भूकम्प पश्चात्को पुनर्निर्माणसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन, २०७२ मा ३६ राष्ट्र तथा २४ दातृ निकाय सहभागी भई रू.४ खर्ब १० अर्बको प्रतिवद्धता जनाएकोमध्ये रू.३ खर्ब ८८ अर्बको अनुदान सम्झौता भई २०७७।७८ सम्म रू.१ खर्ब ५४ अर्ब ७३ करोड प्राप्त भएको छ । भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणसम्बन्धी ऐन, २०७२ मा प्राधिकरणको कार्य अवधि ५ वर्ष तोकिएको थियो । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको वार्षिक प्रतिवेदन २०७७।७८ अनुसार पुनर्निर्माणको प्रगति स्थिति निम्नानुसार छः

क्र.सं.	विवरण	एकाइ	पुनर्निर्माण गर्नुपर्ने संख्या	पुनर्निर्माण सम्पन्न संख्या	सम्पन्न प्रतिशत
१	निजी आवास	संख्या	८६६२०७	६१५४९३	७१.०६
२	निजी आवास प्रबलीकरण	संख्या	४७८२७	२०३५	४.२५
३	एकीकृत बस्ती विकास	संख्या	१०६	६२	५८.४९
३	स्वास्थ्य संस्था	संख्या	११६४	७५१	६४.५२
४	सामुदायिक विद्यालय	संख्या	७५८३	६६४७	८७.६६
५	पुरातात्त्विक तथा सांस्कृतिक सम्पदा	संख्या	९२०	५८६	६३.७०
६	सरकारी भवन	संख्या	४१४	३८८	९३.७२
७	सुरक्षा निकायका भवन	संख्या	२१६	२१६	१००
८	सडक पुल	वटा	१५	९	६०
९	सडक	कि.मी.	७६४	६५७	८५.९९
१०	विश्वविद्यालय एवं कलेज भवन	संख्या	७०	१०	१४.२९

सम्पूर्ण कार्यक्रम ५ वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखेकोमा सो अवधि व्यतीत भैसक्दा निजी आवास प्रबलीकरण, विश्वविद्यालय एवं कलेज भवन, एकीकृत बस्ती विकास लगायतका निर्माण कार्यमा ६० प्रतिशतभन्दा न्यून प्रगति हासिल भएको र अधिकांश पूर्वाधार निर्माण कार्य सम्पन्न नभएकोले प्रभावित व्यक्ति

तथा संस्थाले आवासलगायतका सुविधा प्राप्त गर्न सकेको देखिएन । अतः बाँकी कार्यहरू हस्तान्तरित कार्यालयहरूबाट यथाशीघ्र सम्पन्न गर्नुपर्दछ ।

२९. **कृषियोग्य भूमि र सिँचाइ उपलब्धता -** उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट प्राप्त विवरण अनुसार २६ लाख ४१ हजार हेक्टर कृषि योग्य भूमिमध्ये १७ लाख ६६ हजार हेक्टर सिँचाइयोग्य भूमि रहेकोमा २०७७।७८ मा १५ लाख ९ हजार ४२७ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको देखिन्छ। आर्थिक सर्वेक्षण २०७८ अनुसार २०७४।७५ मा कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २८.१ प्रतिशत रहेकोमा २०७५।७६ मा २७ प्रतिशत, २०७६।७७ मा २६.२ प्रतिशत, २०७७।७८ मा २५.८ प्रतिशत मात्र योगदान रहेबाट कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान घट्दै गएको देखिन्छ । तसर्थ सिँचाइ र कृषिबाट सञ्चालित कार्यक्रमहरूलाई एकीकरण र समन्वय गरी राष्ट्रिय योगदानमा थप टेवा पुग्ने गरी सञ्चालन गर्नुपर्दछ ।

३०. **कृषि अनुदान -** कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो वर्ष रासायनिक मल खरिद, उन्नत बीउ बिजन, उत्पादन एवं खरिद, मत्स्य विकास, बाली संरक्षण तथा विकास, कृषि यान्त्रीकरण तथा खाद्य सुरक्षा, बाली तथा पशुधन बीमा, तरकारी खेती, पोखरी निर्माणलगायतका क्रियाकलाप सञ्चालन गर्न रू.२३ अर्ब ४ करोड ४१ लाख बजेट व्यवस्था गरेकोमा रू.१९ अर्ब ६८ करोड २ लाख अनुदान वितरण गरेको छ । सोमध्ये रासायनिक मल खरिदका लागि कृषि सामग्री कम्पनी लिमिटेडलाई रू.८ अर्ब ७६ करोड १७ लाख र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडलाई रू.३ अर्ब ३० करोड समेत रू.१२ अर्ब ६ करोड १७ लाख (६१.२९ प्रतिशत) अनुदान दिएको छ । गत वर्षको तुलनामा यो वर्ष कृषि क्षेत्रको अनुदानमा १६.९३ प्रतिशतले वृद्धि भएकोमा खाद्यान्न उत्पादन १.८२ प्रतिशत, तरकारी उत्पादन २.६१ प्रतिशत र फलफूल उत्पादन २४.०९ प्रतिशतले वृद्धि भएको मन्त्रालयले उल्लेख गरेको छ । यद्यपि कृषिजन्य वस्तुको आयात वृद्धिदर २०७५।७६ को तुलनामा २०७६।७७ मा ११.५८ प्रतिशत र २०७६।७७ को तुलनामा २०७७।७८ मा २७.०९ प्रतिशत रहेकोले वस्तुको आयात वर्षेनि बढ्दै गएको देखिन्छ । कृषिमा आत्मनिर्भर हुन नसक्दा प्रत्येक वर्ष आयातसमेत वृद्धि भइरहेको देखियो । कृषि उत्पादन वृद्धि र आयात प्रतिस्थापन हुने गरी अनुदान नीतिमा पुनरावलोकन हुनुपर्दछ ।

३१. **कारागार व्यवस्थापन -** कारागार व्यवस्थापन विभागबाट प्राप्त विवरणअनुसार १४ हजार ८२० पुरुष र १ हजार ६९१ महिलासमेत १६ हजार ५११ कैदी बन्दी राख्न सक्ने क्षमता रहेका कारागारमा २०७८ असार मसान्तमा पुरुष २३ हजार २२२ र महिला १ हजार ३३७ समेत २४ हजार ५५९ कैदी तथा थुनुवा बन्दी राखिएको छ । केन्द्रीय कारागार भवन, नुवाकोट समेत ४ ठाउँमा रू.१ अर्ब ५२ करोड ५० लाखमा सम्झौता भई भवन निमार्णाधीन रहेका छन् । तथापि २० जिल्लाका कारागार भवन नयाँ निर्माण गर्नुपर्ने र विभिन्न जिल्लाका जीर्ण भएका ३० कारागार भवनको मर्मत सुधार गर्नुपर्ने अवस्था छ। बाँकेमा खुल्ला कारागार अवधारणाको लागि भवन निर्माण अन्तिम चरणमा रहेकोले सोको कार्यान्वयनका लागि नीतिगत र कानूनी व्यवस्था गर्नुपर्दछ । कारागारको संरचना र सुविधासम्बन्धी न्यूनतम मापदण्ड तयार गरी कैदी बन्दीलाई न्यूनतम सुविधा उपलब्ध हुने गरी पूर्वाधार तयार गर्नुपर्दछ ।

३२. **राष्ट्रिय परिचयपत्र -** नेपाल सरकारको २०७६।७७ को बजेट वक्तव्यमा २ वर्षभित्र सबै नेपाली नागरिकलाई परिचयपत्र उपलब्ध गराउने उल्लेख छ । यो वर्ष ७७ जिल्ला प्रशासन कार्यालयबाट विवरण दर्ता कार्य

शुरु गरिएको छ । परिचयपत्र कार्यक्रमको लागि २०७५।७६ देखि यस वर्षसम्म रू.२ अर्ब ४० करोड ९८ लाख खर्च भएको देखिन्छ । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट उपलब्ध विवरणअनुसार २०७६।४।३१ देखि २०७८।९।१९ सम्म ४९ लाख १५ हजार ५७२ राष्ट्रिय परिचयपत्रको लागि आवेदन दर्ता भए तापनि १ लाख १४ हजार ८०४ कार्ड छपाइ भई ८५ हजार २२८ अर्थात् निवेदनको १.७३ प्रतिशतमात्र वितरण भएको छ । परिचयपत्रलाई विद्युतीय राहदानीसँग अन्तरआबद्धता गरेकोले परिचयपत्र नम्बर प्राप्त नभएसम्म राहदानीको लागि निवेदन दिन नमिल्ने कारण परिचयपत्रको लागि सेवाग्राहीको चाप बढेको छ। सेवा प्रदायक निकायले आफ्नो जिम्मेवारी पूरा गर्न वार्षिक लक्ष्यअनुसारका कार्य सम्पादन गरी सेवा प्रवाहमा सुधार गर्नुपर्दछ ।

३३. **विद्युतीय राहदानी छपाइ** - विद्युतीय राहदानीका विवरणहरू विद्युतीय रूपमा मेसिनले प्राप्त गरी पढ्ने र बढी सुरक्षित, विश्वसनीय र भरपर्दो हुने भएकोले हाल प्रयोगमा रहेको राहदानी सेवालाई विद्युतीय राहदानीमा परिणत गर्न २०७४।७५ देखि नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेख हुँदै आएकोमा विद्युतीय राहदानी आपूर्ति तथा छपाइका लागि २०७७ पौषमा एक फ्रान्सेली सेवा प्रदायक कम्पनीसँग प्रति एकाइ लागत ३२ पृष्ठको लागि अमेरिकी डलर १०.४५ र ६४ पृष्ठको लागि अमेरिकी डलर १०.९५ को दरले २० लाख विद्युतीय राहदानी छपाइका लागि ३ वर्ष कार्यावधि रहने गरी मूल्य अभिवृद्धि कर बाहेक अमेरिकी डलर २ करोड ११ लाखको खरिद सम्झौता भएको छ। सम्झौता भएपछि विद्युतीय राहदानीको विस्तृत डिजाइन तयार, आवश्यक बुकलेट डिजाइन, सफ्टवयेर निर्माण, उपकरण जडान एवं डाटा ट्रान्सफर र परीक्षणलयायतका काम सम्पन्न गरी २०७८ मंसिर १ बाट विद्युतीय राहदानी छपाइ कार्य शुरु भएको छ ।

३४. **सामाजिक सुरक्षा भत्ता** – सामाजिक सुरक्षा ऐन, २०७५ मा आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय, एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई भत्ता वितरण गर्ने उल्लेख छ । विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४ मा विद्युतीय प्रणालीबाट बैङ्क खातामार्फत् रकम प्रदान गर्ने उल्लेख छ । राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागबाट उपलब्ध विवरणअनुसार सामाजिक सुरक्षातर्फ ३४ लाख ५५ हजार ४४६ लाभग्राही रहेकोमा २२ लाख ३३ हजार १३ जनाले बैङ्कमार्फत् र १२ लाख २२ हजार ४३३ ले नगद भुक्तानी लिएको उल्लेख छ । सामाजिक सुरक्षा तथा संरक्षण भत्तातर्फ यो वर्ष रू.६८ अर्ब ५० करोड ६६ लाख निकासा भएको छ । प्रत्येक वर्ष भत्ता रकम वृद्धि हुँदै गएको देखिन्छ । लाभग्राहीको विवरण दुरुस्त गरी बैंकिङ्ग प्रणालीमार्फत् भुक्तानी दिई अनुगमन व्यवस्थासमेत प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ ।

३५. **अनुगमन मूल्याङ्कन** - यूवा स्वरोजगार कोषबाट २०७७।७८ मा रू.३२ लाख खर्च गरी ७ प्रदेशका २० जिल्लामा प्रथम किस्ता लगानी भएका ८८, दोस्रो किस्ता लगानी भएका ११२ र कर्जा माग गरी प्रस्ताव पेश भएका २९१ गरी कुल ४९१ सहकारी संस्थाहरूको स्थलगत अनुगमन भएको छ । अनुगमन भएकोमध्ये लगानी पश्चात्का २०० वटा (१०.१६ प्रतिशत) मात्र रहेको देखिन्छ । अनुगमन गर्दा पर्याप्त संख्यामा ऋणीको अनुगमन नगरेका कारण कतिपयले तोकिएको व्यवसायमा लगानी नगरेको, एउटै व्यक्तिलाई दोहोरो ऋण दिएको, कास्की, लमजुङ्ग, तनहुँ र बाग्लुङमा १६ सहकारी संस्थाको ५२९ ऋणीको स्थिति अध्ययन गर्दा १२६ ऋणीले व्यावसायिक निरन्तरता नदिएको, २ सुन पसललाई कार्यविधिले

तोकेको प्रक्रिया नपुर्‍याई ऋण दिएको, २४ लक्षित समूहमा नपर्ने ठूला व्यवसायीलाई ऋण दिएको, मापदण्ड नपुगेका ५ सहकारी संस्थालाई लगानी गरेको र तोकिएको मितिमा ऋण फिर्ता नगर्ने १ हजार १७७ सहकारी संस्थालाई तोकिएबमोजिम कारबाही समेत नगरेको अवस्था छ ।

३६. **सरकारी तथा सार्वजनिक जग्गा** - नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले सरकारी तथा सार्वजनिक जग्गाको राष्ट्रिय अभिलेख व्यवस्थापन गरी संरक्षण गर्नुपर्ने, जग्गा प्रशासन निर्देशिका, २०५८ को बुँदा नं. ४१४ मा सरकारी र सार्वजनिक जग्गा अनुसूची १९ र २० बमोजिमको ढाँचामा दर्ता गरी अभिलेख अद्यावधिक राख्नुपर्ने व्यवस्था छ । मन्त्रालयले तयार गरेको वार्षिक प्रगति प्रतिवेदनमा सरकारी जग्गा २९ लाख ७ हजार ५४२ हेक्टर र सार्वजनिक जग्गा ४० लाख ५३ हजार ७१४ हेक्टर रहेको उल्लेख छ । उक्त प्रतिवेदनमा महोत्तरीको जलेश्वर, डोल्पा, डडेल्धुरा, सप्तरीको राजविराज तथा कञ्चनपुर, अर्घाखाँची, कञ्चनपुरको महेन्द्रनगर र झलारी स्थित मालपोत कार्यालयअन्तर्गतको सरकारी तथा सार्वजनिक जग्गाको विवरण समावेश गरेको छैन। सबै मालपोत कार्यालयबाट सरकारी सार्वजनिक जग्गाको अभिलेख प्राप्त गरी सरकारी/सार्वजनिक जग्गाको एकीकृत अभिलेख तयार गर्नुपर्दछ ।

३७. **वायु गुणस्तर** - नेपाल सरकारले तोकेको मापदण्ड अनुसार हावामा पाइने मसिना धूलोका कण पार्टिकुलेट म्याटर (पी.एम.) २.५ को दैनिक औसत मापदण्ड ४० माइक्रोग्राम प्रति घनमिटर हुनुपर्नेमा वातावरण विभाग अन्तर्गतका वायु गुणस्तर मापन केन्द्रहरूको तथ्याङ्कअनुसार काठमाडौंको रत्नपार्कमा २३० दिनमध्ये ७८ दिन, ललितपुरको पुल्चोक केन्द्रमा ५१ दिनमध्ये ३ दिन, काभ्रेको धुलिखेल केन्द्रमा २४१ दिनमध्ये २९ दिन, भक्तपुरमा २१४ दिनमध्ये ३७ दिन, चितवनको सौराहमा १९३ दिनमध्ये ८० दिन, ललितपुरको भैंसेपाटीमा ३५९ दिनमध्ये १४० दिन, लुम्बिनीमा २८ दिनमध्ये १२ दिन, नेपालगन्जमा ३१२ दिनमध्ये ५१ दिन, झापाको दमकमा १५८ दिनमध्ये १०९ दिन, बाराको सिमरामा १८५ दिनमध्ये ९० दिन र काठमाडौंको शंखपार्कमा २५२ दिनमध्ये ३३ दिन धूलोको कण राष्ट्रिय मापदण्डभन्दा बढि देखिएको विवरण प्राप्त भएको छ । वायु प्रदूषण हुने कार्य नियन्त्रण गर्न थप नीतिगत एवं प्रक्रियागत व्यवस्था मिलाउनुपर्दछ ।

३८. **नयाँ शहर आयोजना** - शहरी विकास तथा भवन निर्माण विभागले मध्य पहाडी लोकमार्ग (पुष्पलाल लोकमार्ग) र यसको आसपासमा पर्ने प्रमुख १० स्थानमा नयाँ सहर स्थापना गर्ने उद्देश्यले २०६६।६७ देखि कार्यक्रम शुरु गरेकोमा २ स्थान थप भई १२ पुगेको छ । हुलाकी राजमार्ग र आसपासका १५ स्थान र अन्य विभिन्न १३ शहरलाई स्मार्ट शहरको रूपमा विकास गर्ने, लुक्ला सहित उच्च हिमाली भागमा रहेका १० बस्तीहरूलाई ट्रान्स हिमालयन सीटीका रूपमा विकास गर्ने कार्यक्रम गरी ४० शहर र बस्तीसमेत थप भई ५० कायम भएको छ । आयोजनाअन्तर्गत २०७७।७८ मा ११५.०७ किलोमिटर सडकको ट्रयाक खोल्ने, २२.८९ किलोमिटर सडक कालोपत्रे गर्ने, २९.०२ किलोमिटर रिजिड पेभमेन्ट(ढलान) र ५७.३६ किलोमिटर ढल/नाला निर्माण लगायतका कार्य सम्पन्न भएका छन्। आयोजनाले हालसम्म ५ हिमाली वस्तीको सम्भाव्यता अध्ययन गरी मोर्फोलोजिकल रिटेनमेन्ट एण्ड इन्हेन्समेन्ट प्लानको अन्तिम प्रतिवेदन र १३ स्मार्ट सीटीको गुरुयोजना सहितको अन्तिम प्रतिवेदन स्वीकृत गरेको छ। चालु आयोजनाहरूको कार्य समाप्त नहुँदै नयाँ नयाँ शहरी आयोजना थप्दै जाने

प्रवृत्तिले लक्ष्य बमोजिम २०८६।८७ सम्ममा आयोजना पूरा नभई अपेक्षित प्रतिफल हासिल नहुने अवस्था छ ।

३९. **शिक्षक विद्यार्थी अनुपात -** शिक्षा नियमावली, २०५९ मा शिक्षक/विद्यार्थी अनुपात हिमालमा ४०, पहाडमा ४५ र तराईमा ५० हुनुपर्ने उल्लेख छ । शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट प्रकाशित प्रतिवेदनअनुसार विद्यालय-विद्यार्थी तथा शिक्षक-विद्यार्थी अनुपात देहायबमोजिम रहेको छः

प्रदेश	विद्यालय-विद्यार्थी अनुपात				शिक्षक-विद्यार्थी अनुपात			
	आधारभूत (१-५)	आधारभूत (६-८)	माध्यमिक (९-१०)	माध्यमिक (११-१२)	आधारभूत (१-५)	आधारभूत (६-८)	माध्यमिक (९-१०)	माध्यमिक (११-१२)
प्रदेश १	८०	८९	८९	१५५	१५	२९	२४	३९
मधेस प्रदेश	१८६	१७३	१६७	१५५	३७	६८	५०	५९
वाग्मती प्रदेश	९२	९१	७५	१८९	१४	२५	१५	३९
गण्डकी प्रदेश	६२	८१	७५	११६	१०	२२	१७	२१
लुम्बिनी प्रदेश	११५	१२१	११०	१६३	१८	३६	२८	३६
कर्णाली प्रदेश	८९	११२	११६	१५१	२४	४१	४१	३८
सुदूरपश्चिम प्रदेश	९७	१०८	१४६	११०	१९	३५	३२	३२
कुल	**१०१**	**१०६**	**९८**	**१५८**	**१८**	**३३**	**२४**	**३५**

प्रतिवेदनअनुसार विद्यालय विद्यार्थी अनुपात आधारभूत तहको कक्षा १-५ मा १०१ र कक्षा ६-८ मा १०६, माध्यमिक तहको कक्षा ९-१० मा ९८ र कक्षा ११-१२ मा १५८ रहेको छ । त्यसैगरी शिक्षक विद्यार्थी अनुपात कक्षा १-५ मा १८, कक्षा ६-८ मा ३३, माध्यमिक तहको कक्षा ९-१० मा २४ र कक्षा ११-१२ मा ३५ रहेको छ । त्यस्तो अनुपात सबैभन्दा कम गण्डकी प्रदेशमा रहेको छ । शिक्षाको गुणस्तर सुधार गर्न निर्धारित मापदण्डबमोजिम सबै प्रदेशमा विद्यालय-विद्यार्थी तथा शिक्षक-विद्यार्थी अनुपात कायम हुनेगरी व्यवस्थापन गर्नुपर्दछ ।

४०. **सामाजिक सुरक्षा कोष -** श्रम ऐन, २०७४ ले रोजगारदातालाई ऐन प्रारम्भ भएको ६ महिनाभित्र सामाजिक सुरक्षा कोषमा सूचीकरण भइ सक्नुपर्ने व्यवस्था गरेको छ । कोषमा २०७८ चैत्र मसान्तसम्म १७ हजार ३७ प्रतिष्ठानमा कार्यरत ३ लाख २७ हजार ७८४ श्रमिक सूचीकरण भए पनि योगदानकर्ता श्रमिकको संख्या २ लाख १४ हजार ५५० रहेको छ । कोषमा योगदानकर्ताको २०७७।७८ सम्म रू.१५ अर्ब १९ करोड जम्मा भएको छ । कोष व्यवस्थापन संघीय सरकारले मात्र गरेको देखिन्छ ।

कोषले यो वर्ष औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनामा रू.४ करोड ८९ लाख २४ हजार, दुर्घटना तथा अशक्तता सुरक्षा योजनामा रू.३८ लाख ५३ हजार, आश्रित परिवार सुरक्षा योजनामा रू.४३ लाख २८ हजार र वृद्धावस्था सुरक्षा योजनामा रू.९ करोड २६ लाख ९६ हजारसमेत रू.१४ करोड ९८ लाख २ हजार दाबी गर्ने व्यक्तिलाई शोधभर्ना गरेको छ ।

कोषले स्वास्थ्य सुरक्षा योजना कार्यान्वयन गर्न प्रदेश १ मा १९, मधेश प्रदेशमा १६, वाग्मती प्रदेशमा २१, गण्डकी प्रदेशमा ८, लुम्बिनी प्रदेशमा १४, कर्णाली प्रदेशमा १० र सुदूरपश्चिममा १७ अस्पतालहरूसँग सम्झौता गरेकोमा उक्त अस्पताल तराई तथा शहरी क्षेत्रमा केन्द्रित रहेका छन् ।

४१. **मृतक क्षतिपूर्ति** - श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जाने श्रमिक रोजगारीको क्रममा मृत्यु भएका श्रमिकका हकवालालाई बैदेशिक रोजगार बोर्डको सचिवालयबाट २०७६।७७ मा १७ महिला र ५६२

पुरुषसहित ५७९ श्रमिकको क्षतिपूर्तिबापत रू.८१ करोड १० लाख १७ हजार आर्थिक सहायता प्रदान भएकोमा २०७७।७८ मा २७ महिला र १ हजार ७२ पुरुषसहित १ हजार ९९ श्रमिकको क्षतिपूर्तिबापत रू.७० करोड २५ लाख ८५ हजार आर्थिक सहायता प्रदान गरेको छ । मृत्यु हुने श्रमिकलाई रू.७ लाख र अङ्गभङ्ग वा चोटपटकबापत बीमामा उल्लिखित दरमा आर्थिक सहायता प्रदान हुने गरेको छ । उल्लिखित स्थितिले विदेशमा अङ्गभङ्ग तथा मृत्यु हुने श्रमिकको संख्या बढी रहेकोले बोर्डले जोखिम न्यूनीकरण हुने प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ।

४२. **संघीय निजामती सेवा ऐन -** राज्यको पुनःसंरचना पश्चात संघीय व्यवस्था अन्तर्गत संघ, प्रदेश र स्थानीय तहको प्रशासनिक संरचना स्वीकृत भई कर्मचारी समायोजन भईसकेको अवस्था छ । तीनै तहका कर्मचारी व्यवस्थापनका लागि संघीय निजामती सेवा ऐन तर्जुमा गर्नु आवश्यक छ । संघीय निजामती सेवा विधेयक संघीय संसदको प्रतिनिधि सभामा २०७५।१०।२७ मा दर्ता भएकोमा उक्त विधेयक २०७८।६।१९ मा नेपाल सरकारले फिर्ता लिएको छ । संघीय निजामती सेवा ऐन जारी नभएको अवस्थामा मधेश प्रदेशबाट प्रदेश निजामती सेवा ऐन, २०७७ तथा वाग्मती प्रदेशबाट प्रदेश निजामती सेवा अध्यादेश, २०७८ जारी भएको पाइयो । संघीय निजामती सेवा ऐन पारित नभएको र प्रदेशले आफ्नै तवरले निजामती सेवा ऐन बनाउने, स्थानीय तहले कानून निर्माण नगरिकन बढुवा वा स्तरवृद्धि गर्ने कार्यले प्रशासनिक संयन्त्रमा वृत्ति विकास, सेवा सुविधा, सरुवा, बढुवा प्रणालीमा एकरूपता नहुने स्थिति छ । संघीय ऐन समयमै जारी हुन नसक्दा प्रदेशहरूबाट तर्जुमा भएका कानूनमा विविधता देखिएको छ । मधेश प्रदेश र वाग्मती प्रदेशको निजामती सेवा अध्यादेशमा पदपूर्ति प्रतिशत, तह वृद्धि व्यवस्था, बढुवा उजुरी म्याद आदिमा भिन्नता रहेको छ ।

४३. **कर्मचारी समायोजन** - कर्मचारी समायोजन ऐन, २०७५ को दफा ५(१) मा सरकारी सेवाको कर्मचारीलाई संघ, प्रदेश र स्थानीय तहको पदमा समायोजन गर्ने प्रयोजनका लागि समायोजन गरिने सेवा, समूहको पद तथा तहगत विवरण खुलाई कर्मचारीबाट निवेदन माग गर्न सूचना प्रकाशन गर्ने व्यवस्था छ । संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७५।९।११ मा सूचना प्रकाशन गरी दफा ८ बमोजिम संघमा जम्मा ५२ हजार ९२८ दरबन्दी स्वीकृत गरेकोमा ३७ हजार ९४४ कर्मचारी समायोजन भई १४ हजार ९८४ दरबन्दी रिक्त रहेको देखिन्छ । त्यसैगरी ७ प्रदेशमा २२ हजार २९७ दरबन्दी स्वीकृत भएकोमा १४ हजार ८६३ कर्मचारी समायोजन भई ७ हजार ४३४ दरबन्दी रिक्त रहेको देखिन्छ । त्यसैगरी ७५३ स्थानीय तहमा ६७ हजार ७१९ दरबन्दी स्वीकृत भएकोमा ४४ हजार ३२१ कर्मचारी समायोजन भई २३ हजार ३९८ दरबन्दी रिक्त रहेको देखियो । संघ, प्रदेश र स्थानीय तहमा समायोजन नभई २ हजार ४४३ कर्मचारी फाजिलमा रहेको देखिन्छ । कुल स्वीकृत दरबन्दीमध्ये संघमा २८.३१ प्रतिशत, प्रदेशमा ३३.३४ प्रतिशत र स्थानीय तहहरूमा ३४.५५ प्रतिशत दरबन्दी रिक्त रहेको देखिन्छ । मन्त्रालयले कर्मचारी समायोजनको सम्पूर्ण काम सम्पन्न भएको जनाए पनि फाजिलमा रहेका कर्मचारी व्यवस्थापन गरेको छैन । जनसरोकारसँग प्रत्यक्ष सम्बन्ध राख्ने स्थानीय तहहरू र प्रदेशअन्तर्गतका कार्यालयहरूमा कर्मचारीहरूको अभाव हुँदा सेवा प्रवाहमा असर परेको अवस्था छ ।

४४. **हुलाक सेवाको पुनर्संरचना -** बजेट वक्तव्य २०७७।७८ को बुँदा २६७ मा हुलाक प्रणालीको पुनर्संरचना गर्ने र हुलाक सेवालाई आधुनिक बनाउँदै सम्भाव्यताको आधारमा सेवाको क्षेत्र विस्तार गर्ने उल्लेख

गरेको छ । हुलाक सेवा विभाग मातहतका कार्यालयहरूमा गोश्वारा हुलाक कार्यालय, हुलाक प्रशिक्षण केन्द्र, केन्द्रीय धनादेश कार्यालय, केन्द्रीय टिकट भण्डार, नेपाल फिलाटेलिक ब्युरो, क्षेत्रीय हुलाक निर्देशनालय ४, जिल्ला हुलाक कार्यालय ७०, इलाका हुलाक कार्यालय ८४२ र अतिरिक्त हुलाक कार्यालय ३ हजार ७४ रहेका छन् । स्वदेशी हुलाक सेवाको अलावा साधारण पत्र तथा पार्सलहरू सीधै विश्वभर र ई.एम.एस. सेवा ३९ मुलुकमा सञ्चालन हुँदै आएको छ । विभाग र मातहतका कार्यालयमा विभिन्न तहमा गरी कुल ६२९४ दरबन्दी रहेको छ भने वार्षिक रूपमा औसत चालु खर्च रू.३ अर्ब १० करोड हुने गरेको छ । तर विगत केही वर्षदेखि पार्सल तथा चिठीपत्र सेवामा निरन्तर कमी आई आन्तरिक तर्फ सन् २०१७ मा ३ करोड ३४ लाख ५१ हजार प्रदान गरेकोमा सन् २०२० मा ३ लाख ३५ हजार र वैदेशिकतर्फ सन् २०१७ मा ६२ लाख १८ हजार सेवा प्रदान गरेकोमा सन् २०२० मा १ लाख ९४ हजार मात्र सेवा प्रदान गरेको देखिन्छ । हुलाक सेवाको पुनर्संरचना गरी हुलाक सेवालाई आधुनिक र प्रविधियुक्त बनाउँदै सम्भाव्यताको आधारमा सेवाको क्षेत्र विस्तार गर्न आवश्यक देखिएको छ ।

४५. **विद्युत अनुमतिपत्र -** यस वर्षसम्म विद्युत विकास विभागबाट विद्युत उत्पादनको लागि अनुमति लिई उत्पादनमा आएका १०३ आयोजनाको १ हजार ३६५ मेगावाट विद्युत उत्पादन जडित क्षमता रहेको छ। अनुमति लिई निर्माणको चरणमा रहेका आयोजनाहरूमध्ये २०७७।७८ सम्म २१६ आयोजनाको ८ हजार ३४० मेगावाट जडित क्षमता रहने देखिन्छ। सर्भेक्षण अनुमति लिएका आयोजनामध्ये २०७७।७८ सम्म २५३ आयोजनाको १६ हजार ७८४ मेगावाट र उत्पादन अनुमतिपत्र लिने ४८६ आयोजनाको २५ हजार २२३ मेगावाट विद्युत उत्पादन र सर्वेक्षणको अनुमतिपत्र जारी भएको देखिन्छ १२२ आयोजनाबाट १ हजार ३८० मेगावाट जडित क्षमताको आयोजना सञ्चालनमा आएको समेत गरी कुल २६ हजार ६०३ मेगावाट क्षमताको अनुमति पत्र प्रदान गरेको देखिन्छ । प्रशारण लाइन सर्भेक्षण अनुमतितर्फ ३३, ६६, १३२, २२० र ४०० के.भि.को लागि २०७७।७८ सम्म २६२ ले विद्युत प्रसारणको सर्वेक्षण र निर्माणको अनुमति प्राप्त गरेको देखिन्छ । त्यसैगरी २०७७।७८ सम्म विद्युत उत्पादन १ मेगावाट माथिका जलविद्युत तर्फ १ हजार २९० मेगावाट, तापीय विद्युत ५३.४१ मेगावाट, सौर्य विद्युत १८.५ मेगावाट र सह-उत्पादन ३ मेगावाट समेत कुल जडित क्षमता १ हजार ३६५ मेगावाट रहेको छ ।

४६. **प्रसारण इजाजतपत्र नवीकरण -** राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम १६(४) बमोजिम म्याद भुक्तान भएपछि हरेक वर्ष इजाजतपत्र नवीकरण गर्न आएमा दश प्रतिशतदेखि शतप्रतिशतसम्म जरिबाना लिई नवीकरण गर्नसक्ने, सो समयभित्र पनि नवीकरण नगराएमा इजाजतपत्र स्वतः रद्द हुने र नियम १८ बमोजिम इजाजतपत्रमा उल्लिखित शर्तबमोजिम कार्यक्रम प्रसारण गरेको नदेखिएमा मन्त्रालयले अनुमतिपत्र रद्द गर्न एवं अनधिकृत कुनै कार्यक्रम प्रसारण गरेको देखिएमा त्यस्तो कार्यक्रम प्रसारण गर्न प्रयोग गरेको यन्त्र वा उपकरण आफ्नो नियन्त्रणमा लिन सक्ने व्यवस्था छ । सूचना तथा प्रशारण विभागबाट प्राप्त विवरणअनुसार हालसम्म २०२ टेलिभिजन र ६५ एफ.एम. रेडियोले प्रसारण इजाजतपत्र प्राप्त गरेको देखिन्छ । ती संस्थाहरूमध्ये १४५ टेलिभिजन र ९ एफ.एम रेडियोसमेत १५४ संस्थाले २०७८ आषाढ मसान्तसम्म इजाजत पत्र नवीकरण गराएका छैनन् । यस स्थितिमा पनि नियमानुसार जरिवाना गर्ने ६ महिनाभित्र नवीकरण नगराउने प्रसारण संस्थाको अनुमनिपत्र रद्द भएको अभिलेख राख्ने,

निरीक्षण गर्ने गराउने कार्य भएको छैन । मन्त्रालयबाट इजाजतपत्र नवीकरण नगराउने संस्थाहरूको सम्बन्धमा अनुगमन तथा छानबिन गरी नियमबमोजिम कारबाही गर्नुपर्दछ ।

४७. **विभूषण** - विभूषण ऐन, २०६४ मा ४ प्रकारका १२ श्रेणी मानपदवी, ९ प्रकारका अलङ्कार र १३ प्रकारका पदकबाट राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने महानुभावलाई विभूषण समितिले स्वीकृत गरेको मापदण्ड, २०७५ बमोजिम सिफारिस गर्ने र नेपाल सरकारले निर्णय गर्ने व्यवस्था छ । नेपाल सरकार मन्त्रिपरिषद्बाट २०७५।७६ मा ५१८ जना, २०७६।७७ मा ६३३ जना र यो वर्ष ५९३ जना विभूषित गर्ने निर्णय भएको छ । त्यसैगरी २०७८।७९ मा ८८७ जनालाई विभूषित गर्ने निर्णय भएको छ । घोषणा गरेका विभूषण तयार गर्न गृह मन्त्रालयले २०७५।७६ मा रू.५ करोड ६९ लाख ७७ हजार, २०७६।७७ मा रू.८ करोड ५० लाख र २०७७।७८ मा रू.१० करोड २२ लाख १६ हजार खर्च गरेको देखिन्छ । विगतमा घोषणा भएमध्येको १७६ मानपदवी, ३६ अलङ्कार र ६२ पदकसमेत २७४ विभूषण वितरण नभई मौज्दात रहेको छ । विभूषण तयार गर्न लाग्ने लागत वर्षेनी बढ्दै गएकोले लागतमा कमी ल्याउने तथा विभूषित हुने संख्या निश्चित गरी खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

४८. **सोझै खरिद** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी लागत टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ। त्यस्तै नियमावलीको नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरणअनुसार ऐनको प्रावधान विपरित ऊर्जा, जलस्रोत तथा सिँचाई, शहरी विकास, खानेपानी, गृह र स्वास्थ्य मन्त्रालय अन्तर्गतका ३४ निकायले मालसामान तथा संरचना निर्माण कार्यलाई विभिन्न टुक्रामा लागत अनुमान तयार गरी रू.४९ करोड ५३ लाख १३ हजारको खरिद गरेको देखिन्छ ।

४९. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १२ महिनाभन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा मूल्य समायोजन गर्न सकिने दफा ५५(२) मा खरिद सम्झौता गर्नेको ढिलाइको कारण काम सम्पन्न नभएमा र निश्चित बजेटको आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन गर्न नसकिने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरणअनुसार ऊर्जा, जलस्रोत तथा सिँचाई, शहरी विकास, खानेपानी र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गतका ३८ निकायले सूचकाङ्क र गुणक फरक पारी, मूल्य समायोजन फरक गणना गरी रू.१ अर्ब ८ करोड ९२ लाख नियम एवं सम्झौताविपरित मूल्य समायोजन भुक्तानी गरेको पाइयो ।

५०. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ एवं खरिद सम्झौतामा निर्माण व्यवसायीको ढिलाइको कारणले सम्झौताबमोजिमको कार्य तोकिएको समयभित्र सम्पन्न हुन नसकेमा प्रतिदिन सम्झौता मूल्यको ०.०५ प्रतिशतका दरले बढीमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । उल्लिखित व्यवस्थाको पालना नगरी ऊर्जा, जलस्रोत तथा सिँचाई, शहरी विकास, स्वास्थ्य र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गतका २४ निकायले रू.१० करोड ९५ लाख

पूर्वनिर्धारित क्षतिपूर्ति असूल गरेका छैनन् । निर्माण व्यवसायी वा आपूर्तिकर्ताबाट ढिलाइ भएकोमा पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ ।

५१. **वित्तीय संघीयता -** संघीय शासनप्रणालीको आधार स्तम्भ वित्तीय संघीयता हो । राजश्व र रोयल्टी बाँडफाँट वर्षान्त भित्रै हुन नसक्दा प्रदेश र स्थानीय सञ्चित कोषमा आम्दानी न्यून हुन गएको, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेभन्दा नेपाल सरकारले प्रदेशमा रू.२ अर्ब ३७ करोड ५० लाख र स्थानीय तहमा रू.३ अर्ब ७६ करोड ६७ लाख घटी हस्तान्तरण भएको, प्रदेश र स्थानीय तहको बजेट संघीय अनुदानमा निर्भर रहेको, प्राप्त अनुदानबाट अनुत्पादक तथा वितरणमुखी कार्यक्रम सञ्चालन, सञ्चित कोषको हिसाब तोकिएको ढाँचामा तयार नगरेको, बजेट अबण्डा राखी खर्च गरेको, स्थानीयले प्रदेशमा चौमासिक आय-व्ययको प्रतिवेदन पेस नगरेको, प्रशासनिक खर्च उच्च रहेको, कार्यक्रममा दोहोरोपना रहेको, सुविधा सम्बन्धी मापदण्ड नहुँदा पदाधिकारी लगायत कर्मचारी सुविधा बढ्दै गएको, दिगो विकास लक्ष्यको आन्तरिकीकरण नभएको र आवधिक योजना मध्यकालिन खर्च संरचना अनुरूप कार्यक्रम तर्जूमा नगरेको, अनुदानलाई बढावा दिएको तर अनुगमन कमजोर रहेको, साझा अधिकार अन्तर्गत संकलित राजस्व परिचालनमा प्राथमिकता नदिएको, स्थानीय तहमा योजना तर्जुमा प्रक्रिया व्यवस्थित नभएको अवस्था छ ।

५२. **कार्यमूलक तथा विशेष लेखापरीक्षण -** यो वर्ष ६ विषयको कार्यमूलक, १ विषयको वातावरणीय, १ विषयको परिपालनाको र ३ विषयको सूचना प्रविधि लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गरिएका विषय देहायअनुसार छन्:

क्र.सं.	लेखापरीक्षणको विषय	लेखापरीक्षण प्रकार
१.	जेष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षाको अवस्था विश्लेषण	कार्यमूलक लेखापरीक्षण
२.	बीमा समितिको नियमनकारीको प्रभावकारिता	
३.	नेपाल नागरिक उड्डयन प्राधिरणको नियमनकारीको प्रभावकारिता	
४.	युवा स्वरोजगार कार्यक्रम कार्यान्यवनको स्थिति	
५.	उपत्यकाको भौतिक विकास योजना तर्जुमा एवं कार्यान्वयन	
६.	विशेष आर्थिक क्षेत्र सञ्चालन एवं व्यवस्थापन	
७.	जलवायु परिवर्तन	वातावरणीय लेखापरीक्षण
८.	कोभिड-१९ रोकथाम र नियन्त्रण	विशेष लेखापरीक्षण
९.	सार्वजनिक खरिद कानूनको पालना	परिपालनाको लेखापरीक्षण
१०.	एकल खाता कोष प्रणाली	सूचना प्रविधि लेखापरीक्षण
११.	स्वचालित भन्सार जाँचपास प्रणाली	
१२.	विद्युतीय सरकारी खरिद प्रणाली	

कार्यमूलक लेखापरीक्षणमा सार्वजनिक स्रोतको प्राप्ति, उपयोग र व्यवस्थापनमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको पक्षलाई मध्यनजर राखी अध्ययन, मूल्याङ्कन र विश्लेषण गरिएको छ । न्यूनतम लागत र समयमा तोकिएको गुणस्तरको वस्तु वा सेवा प्राप्त भए नभएको, निश्चित स्रोत साधनको उपयोगबाट अधिकतम उपलब्धि हासिल भए नभएको र तोकिएको उद्देश्य प्राप्त भई लक्षित प्रतिफल हासिल भए नभएको एवं सोबाट सकारात्मक प्रभाव परे नपरेको परीक्षण गर्ने कार्य कार्यमूलक लेखापरीक्षणमा गरिएको छ । सूचना प्रविधि लेखापरीक्षणले सार्वजनिक सेवाप्रवाहमा सूचना प्रविधिको

प्रयोग, जोखिम विश्लेषण र परिपालना, विपद्व्यवस्थापन, डाटा र सूचनाको सुरक्षा, पहुँच नियन्त्रण, भौतिक सुरक्षा लगायतका पक्षको मूल्याङ्कन गरेको छ । वातावरणीय लेखापरीक्षणमा यस वर्ष जलवायू परिवर्तनको अध्ययन गरिएको छ । परिपालना लेखापरीक्षण अन्तर्गत सार्वजनिक खरिद कानुनको पालनाको लेखाजोखा गरिएको छ । त्यसैगरी कोभिड-१९ को रोकथाम र नियन्त्रण एवं सोबाट समग्रमा परेको प्रभाव बारे अध्ययन गरिएको छ ।

• कोभिड–१९ प्रकोप नियन्त्रण

५३. **समग्र खर्च व्यस्थापन** - संघीय सरकारअन्तर्गत यो वर्ष कोभिड-१९ रोकथाम र नियन्त्रणमा विनियोजित बजेट र केन्द्रीय कोरोना कोषबाट रू.१२ अर्ब २२ करोड ११ लाख, प्रदेश सरकारको खर्च रू.२ अर्ब ११ करोड ६७ लाख र स्थानीय तहबाट रू.४ अर्ब ७५ करोड ८९ लाख समेतको रू.१९ अर्ब ९ करोड ६७ लाखमा गत वर्ष २०७६।७७ को खर्च रू.१३ अर्ब ५४ करोड ३९ लाख समेत रू.३२ अर्ब ६४ करोड ६ लाख खर्च भएको छ । सो खर्चमा विभिन्न दातृनिकायबाट प्राप्त सहायता, वस्तुगत सहायता लगायतको रकम समावेश छैन ।

५४. **सङ्क्रमणको अवस्था** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोरोना संक्रमण सुरु भएदेखि २०७७ फागुन महिनासम्मको अवधिलाई पहिलो लहर र २०७७ चैत्रदेखि २०७८ चैत्रसम्मको अवधिलाई दोस्रो लहरको रूपमा लिएको छ । वर्ल्डोमिटर र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्रकाशित तथ्याङ्कको आधारमा सङ्क्रमणको अवस्था सार्क मुलुकसँगको तुलना देहायबमोजिम प्रस्तुत गरिएको छः

विवरण	२०७७ आषाढ मसान्त		२०७८ आषाढ मसान्त		२०७९ वैशाख ३० गते	
	कुल सङ्क्रमण	मृत्यु सङ्ख्या	कुल सङ्क्रमण	मृत्यु	कुल सङ्क्रमण	मृत्यु
सार्क मुलुक	१४३९४७४	३३२२८	३४२८९१७७	४७१७७४	४८६७९४३७	६२०१६०
भारत	९३६१८१	२४३०९	३१०२६८२९	४१२५३१	४३११६६००	५२४१९०
पाकिस्तान	२५५७६९	५३८६	९८३७१९	२२७२०	१५२९०८०	३०३७६
बङ्गलादेश	१९००५७	२४२४	१०७२७७४	१७२७८	१९५२९३९	२९१२७
अफगानिस्तान	३४७४०	१०४५	१३७८५३	५९८३	१७९१६९	७६८६
नेपाल	१७१७७	३९	७०९४५७	९४६३	९७८९८२	११९५२
माल्दिभ्स	२८०१	१४	७५६२२	२१५	१९९४८३	२९८
श्रीलङ्का	२६६५	११	२८०५४३	३५७३	६६३६३२	१६५१०
भुटान	८४	०	२३८०	११	५९५५२	२१

सार्क मुलुकहरूमा २०७७ आषाढ मसान्तमा कुल सङ्क्रमण १४ लाख ३९ हजार ४७४ रहेकोमा मृत्यु हुनेको सङ्ख्या ३३ हजार २३८ रहेको छ । सोही अवधिमा नेपालमा कुल सङ्क्रमण सङ्ख्या १७ हजार १७७ भई मृत्यु हुनेको सङ्ख्या ३९ रहेको छ । सङ्क्रमण फैलिँदै जाँदा २०७८ आषाढ मसान्तमा सार्क मुलुकमा कुल संङ्क्रमण ३ करोड ४२ लाख ८९ हजार १७७ र मृत्यु हुनेको संख्या ४ लाख ७१ हजार ७७४ पुगेको देखिन्छ। सोही अवधिमा नेपालमा कुल सङ्क्रमण ७ लाख ९ हजार ४५७ भएकोमा ९ हजार ४६३ को मृत्यु भएको छ । यसैगरी २०७९ वैशाख ३० सम्म सार्क मुलुकमा कुल संङ्क्रमण ४ करोड ८६ लाख ७९ हजार ४३७ र मृत्यु हुनेको संख्या ६ लाख २० हजार १६० रहेकोमा नेपालमा कुल संक्रमण ९ लाख ७८ हजार ९८२ र मृत्यु ११ हजार ९५२ पुगेको देखिन्छ ।

५५. **कोभिड-१९ को असर-** स्वास्थ्यकर्मीको कुल दरबन्दी ३० हजार १०१ मध्ये ३ हजार ९९ रिक्त रहेको अवस्थामा नियमित स्वास्थ्य सेवामा परिचालित जनशक्ति कोभिड–१९ रोगको रोकथाम, नियन्त्रण र उपचारमा संलग्न हुनु परेकोले नियमित स्वास्थ्य सेवा प्रवाहमा समेत असर परेको छ।

५५.१ नेपालले कोभिड-१९ को महामारीबाट हुनसक्ने आर्थिक क्षतिलाई भन्दा मानव समुदायको जीवन रक्षालाई उच्च महत्व दिई २०७६ को चैत्र महिनाबाट बन्दाबन्दी शुरु गरेको थियो । कोरोना संक्रमणकालमा भएको लामो समयसम्मको बन्दाबन्दी लगायतका कारण नेपालको आर्थिक वृद्धिदरमा असर गरेको देखिन्छ । नेपालमा २०७६।७७ र २०७७।७८ मा क्रमशः ८.५ र ७.० प्रतिशत आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य राखेकोमा कोरोनाको कारण क्रमशः ऋणात्मक २.१ र ४.०१ प्रतिशत मात्र आर्थिक वृद्धि भएको देखिन्छ ।

५५.२ कोभिड संक्रमणभन्दा अघिल्ला वर्षहरूमा राजस्व असुली २०७३।७४ मा २३.३६ प्रतिशत र २०७४।७५ मा २७.१२ प्रतिशत वृद्धि भएकोमा कोरोना संक्रमण अवधि २०७५।७६ मा ७.३२ प्रतिशत र २०७६।७७ मा ०.२० प्रतिशत मात्र वृद्धि भएको एवं लक्ष्यको तुलनामा राजश्व सङ्कलन न्यून भएको देखिन्छ ।

५५.३ श्रम स्वीकृति लिएर विदेश जाने कामदारहरू २०७४।७५ मा १६ लाख ८ हजार, २०७५।७६ मा ११ लाख १९ हजार, २०७६।७७ मा ११ लाख २६ हजार रहेकोमा २०७७।७८ मा १० लाख ९० हजार मात्र रहेको श्रम तथा रोजगार मन्त्रालयले उल्लेख गरेको छ । यसरी मुलुकको श्रमशक्ति वैदेशिक रोजगारमा जाने तथ्याङ्क घट्नु सुखद पक्ष भएपनि श्रम बजारमा आउने नागरिकको संख्या बढ्दै गई २०७७।७८ मा ७ लाख ५२ हजार सूचीकृत बेरोजगार रहेको अवस्थाले मुलुकमा बेरोजगार र अर्ध बेरोजगारको संख्या बढ्दै गएको देखिन्छ ।

५५.४ कोरोना अघिको दुई वर्ष सन् २०१८ र २०१९ मा नेपाल भ्रमण गर्ने पर्यटकको संख्या क्रमशः ११ लाख ७३ हजार र ११ लाख ९७ हजार रहेकोमा कोरोना अवधिको दुई वर्ष सन् २०२० र २०२१ मा पर्यटक अनुगमनको संख्या क्रमशः २ लाख ३० हजार र १ लाख ५० हजारमा सीमित भएको छ । पर्यटन क्षेत्रबाट २०७५।७६ मा रू.७३ करोड ९८ लाख राजस्व असुली भएकोमा २०७७।७८ मा रू.३२ लाख ५७ हजार मात्र सङ्कलन भएको छ।

५५.५ सामाजिक सुरक्षा कोषमा आवद्ध भएका प्रतिष्ठानमा कार्यरत श्रमिकको अन्तिम चार महिनाको श्रमिक तथा रोजगारदाताको तर्फबाट जम्मा गर्नुपर्ने योगदान रकम नेपाल सरकारले व्यहोर्ने निर्णय भएको देखिन्छ। गत वर्ष सरकारले व्यहोरेको रू.१ अर्ब ३ करोड २४ लाख रहेकोमा यो वर्ष पनि रू.१ अर्ब ६ करोड २० लाख नेपाल सरकारको तर्फबाट सामाजिक सुरक्षा कोषमा भुक्तानी गरेको छ ।

५५.६ वार्षिक २० लाखसम्मको कारोबार वा दुई लाखसम्म आय हुने करदातालाई आय वर्ष २०७७।७८ मा लाग्ने आयकरमा ९० प्रतिशत, वार्षिक २० लाखदेखि ५० लाख रुपैयाँसम्म कारोबार भएका करदातालाई ७५ प्रतिशत र वार्षिक १ करोड रुपैयाँसम्म व्यावसायिक कारोबार भएका करदातालाई आयकरमा ५० प्रतिशत छुटको व्यवस्था गरेको छ ।उल्लिखित व्यवस्था अनुसार ५ लाख १२ हजार करदाताले रू.२ अर्ब ८९ करोड २९ लाख छुट सहुलियत प्रदान भएको देखिन्छ । होटल, ट्राभल्स, ट्रेकिङ्ग, यातायात वा हवाई सेवा व्यवसायको रू.१ करोड रुपैयाँभन्दा बढी कारोबार भएका करदातालाई

२०७७।७८ मा करयोग्य आयमा १ प्रतिशत मात्र कर लाग्ने व्यवस्था भएको छ। कोभिड-१९ सङ्क्रमण रोकथाम तथा नियन्त्रण र उपचारका लागि स्वीकृत मापदण्डअनुसार सूचीकृत औषधि, स्वास्थ्य सामग्री र स्वास्थ्य उपकरण पैठारी गर्दा लाग्ने सम्पूर्ण महसुल छुट सुविधा दिइएकोमा २०७७।७८ मा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यो वर्ष ३५९ स्वास्थ्य संस्थालाई रू.४० अर्ब ८१ करोड ८२ लाख मूल्यको स्वास्थ्य उपकरण पैठारीमा राजस्व छुटको सिफारिश गरेकोमा यस्ता उपकरण तथा स्वास्थ्य सामग्रीको उपयोग गरी सेवा प्रवाह गर्दा सेवाग्राहीले सहुलियत प्राप्त गरेको सम्बन्धमा अध्ययन भएको छैन ।

५५.७ स्थानीय तहहरूले ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन तथा बिक्री गर्न ठेक्का बन्दोवस्त गरेकोमा कोभिड-१९ को महामारीको कारण कार्यपालिका एवं सभाको निर्णयको आधारमा ठेक्का सम्झौता बमोजिम सङ्कलन गर्नुपर्ने आन्तरिक आयमा यो वर्ष ३७ स्थानीय तहले रू. ३७ करोड. ६९ लाख रू.७८ हजार मिन्हा गरेका छन्। ठेक्का सम्झौता गर्दा दैनिक सङ्कलन गर्न सक्ने परिमाण नखुलाएको एवं सम्झौता बमोजिम संकलन र बिक्री गरेको अभिलेख नराखेको अवस्थामा महामारीको कारण देखाई राजस्व मिन्हा दिएको छ ।

५६. **कोरोना बीमा -** कोरोना भाइरसको सङ्क्रमण तीव्र रूपमा फैलिरहेको समयमा बीमा समितिले २०७७ जेठदेखि महामारीको बीमा कार्यक्रम सञ्चालन गरेको देखिन्छ । यस प्रयोजनका लागि बीमा समितिले कोरोना बीमा मापदण्ड, २०७७ जारी गरेको देखिन्छ । यस अन्तर्गत २०७७।७८ मा १ लाख १४ हजार ६३३ जनाको बीमा दाबीबापतको अनुमानित रू.१० अर्ब ९७ करोड ७३ लाख रहेकोमा ७७ हजार ६३२ जनाको रू.४ अर्ब ८१ करोड ११ लाख भुक्तानी भएको छ । दाबीमध्ये ३७ हजार एक जनाको रू.६ अर्ब १६ करोड ६२ लाख भुक्तानी हुनसकेको छैन । निर्देशिकाको व्यवस्थाअनुसार नेपाल सरकारलाई दायित्व पर्ने अवस्था सिर्जना भएको छ ।

• प्रदेश मन्त्रालय तथा निकाय

५७. **प्रदेश सञ्चित कोष** - प्रदेश लेखा नियन्त्रक कार्यालयहरूबाट प्राप्त प्रदेशगत सञ्चित कोषको विवरणअनुसार २०७७।७८ मा रू.२ खर्ब ५१ अर्ब ३९ करोड २८ लाख आम्दानी भएकोमा रू.१ खर्ब ८९ अर्ब ५३ करोड ८५ लाख (७५.४० प्रतिशत) खर्च गरी रू.६१ अर्ब ८५ करोड ४३ लाख बाँकी रहेको छ । खर्चमध्ये प्रदेश नं. १ मा रू.२७ अर्ब ९५ करोड १२ लाख, मधेश प्रदेशमा रू.२२ अर्ब ५४ करोड ५८ लाख, वागमती प्रदेशमा रू.३५ अर्ब ५९ करोड ४८ लाख, गण्डकी प्रदेशमा रू.२५ अर्ब ६२ करोड ३४ लाख, लुम्बिनी प्रदेशमा रू.३२ अर्ब १० करोड ३० लाख, कर्णाली प्रदेशमा रू.२२ अर्ब ७५ करोड २० लाख र सुदूरपश्चिम प्रदेशमा रू.२२ अर्ब ९६ करोड ८३ लाख खर्च भएको छ।

५८. **विभाज्य कोष -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार सवारीसाधन कर बापतको रकम प्रदेश विभाज्य कोषमा जम्मा गरी सोको ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । प्रदेश विभाज्य कोषमा यो वर्ष रू.१६ अर्ब ७२ करोड ६५ लाख जम्मा भएकोमध्ये रू. १६ अर्ब ६१ करोड ३२ लाख बाँडफाँट गरेको र प्रदेश नं. १ को आर्थिक मामिला तथा योजना मन्त्रालयले रू.११ करोड ३३ लाख बाँडफाँट नगरी बाँकी राखेको छ । ऐनको व्यवस्थाबमोजिम उक्त रकम बाँडफाँट हुनुपर्दछ ।

५९. **लेखापरीक्षण** - यो वर्ष प्रदेश मातहतका १ हजार ११५ कार्यालयको रू.२ खर्ब ९७ अर्ब १३ करोड १० लाख र ११ कार्यालयको बक्यौता रू.२ अर्ब ३७ करोड ६१ लाख समेत रू.२ खर्ब ९९ अर्ब ५० करोड ६१ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । प्रदेश सरकार मातहतका ८० अन्य संस्था तथा समितिको रू.१५ अर्ब २३ करोड ९२ लाख र ३ समितिको बक्यौता समेत लेखापरीक्षण सम्पन्न गरिएको छ । यस वर्ष २४ निकायको रू.१ अर्ब २८ करोड २९ लाख लेखापरीक्षण बक्यौता रहेको छ।

६०. **बजेट तथा खर्च** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा प्रदेश अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको लागि प्रदेश सभासमक्ष राजस्व र व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था बमोजिम सातवटा प्रदेश सभाबाट स्वीकृत भएको २०७७।७८ को बजेट रू.२ खर्ब ६८ अर्ब २८ करोड ७५ लाख रहेकोमा रू.१ खर्ब ८९ अर्ब ५३ करोड ८६ लाख (७०.६५ प्रतिशत) खर्च भएको छ । कुल खर्चमध्ये चालुखर्च ३९.७७ प्रतिशत, पूँजिगत खर्च ५९.४९ र अन्य खर्च ०.७४ प्रतिशत रहेको छ । प्रदेशको औसत खर्च ७०.६५ प्रतिशत रहेकोमा बजेटको तुलनामा सबभन्दा बढी लुम्बिनी प्रदेशको ८१.९९ र सबभन्दा कम सुदुरपश्चिम प्रदेश को ६६.३० प्रतिशत रहेको छ ।

६१. **रकमान्तर** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार स्वीकृत बजेटको रकम एक बजेट उपशीर्षक, स्रोत वा खर्च शीर्षकबाट अर्का बजेट उपशीर्षक स्रोत वा खर्च शीर्षकमा रकमान्तर गर्ने अधिकार आर्थिक मामिला तथा योजना मन्त्रालयको हुने व्यवस्था छ । यो वर्ष ७ प्रदेशमा रू.२७ खर्ब ७ अर्ब ९६ करोड २ लाख शुरु बजेट विनियोजन भएकोमा रू. ४४ अर्ब ४८ करोड ७४ लाख रकमान्तर गरेको छ । रकमान्तरमध्ये २०७७ आषाढ महिनामा मात्र प्रदेश नं.१ ले रू.४ करोड ७६ लाख, वागमती प्रदेशले रू.१ अर्ब ६ करोड ४९ लाख, गण्डकी प्रदेशले रू.३ अर्ब ७९ करोड ७८ लाख, लुम्बिनी प्रदेशले रू.२ अर्ब ५० करोड ४४ लाख, र कर्णाली प्रदेशले १ अर्ब २ करोड २८ लाख रकमान्तर गरेको छन् । वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

६२. **प्रदेश आन्तरिक स्रोत परिचालन** - प्रदेश सरकारहरूको २०७७।७८ को कुल खर्च रू.१ खर्ब ८९ अर्ब ५३ करोड ८५ लाख रहेकोमा आन्तरिक स्रोतबाट रू.१ खर्ब १४ अर्ब ८८ लाख (६०.१५ प्रतिशत) खर्च गरेको देखिन्छ । आन्तरिक स्रोतअन्तर्गत सबैभन्दा घटी प्रदेश न.१ को ५२.१६ प्रतिशत र सबैभन्दा बढी कर्णाली प्रदेशले ८२.२७ प्रतिशत परिचालन गरेको छ ।

६३. **लेखापरीक्षण र बेरुजू** - प्रदेश सरकार मातहतका सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको २०७७।७८ को लेखापरीक्षण रकम रू.३ खर्ब १४ अर्ब ७४ करोड ५३ लाख रहेकोमा रू.८ अर्ब ३८ करोड ५४ लाख बरुजु कायम रहेको छ । सबैभन्दा बढी बेरुजू मधेश प्रदेशको ५.४२ प्रतिशत र सबैभन्दा कम बेरुजू लुम्बिनी प्रदेशको १.१८ प्रतिशत रहेको छ । त्यसैगरी प्रदेश नं १ को ३.५६ प्रतिशत, बागमति प्रदेशको १.६० प्रतिशत गण्डकी प्रदेशको १.२७ प्रतिशत, कर्णालि प्रदेशको ५.१५ प्रतिशत र सुदुरपश्चिम प्रदेशको २.१८ प्रतिशत रहेको छ ।

प्रदेश सरकार मातहत सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको गत वर्षसम्मको बाँकी बेरुजू रू.१२ अर्ब ९९ करोड १३ लाख रहेकोमा सम्परीक्षणबाट रू.१ अर्ब ७२ करोड ४६ लाख फस्यौंट भई रू.११ अर्ब २६ करोड ६७ लाख बाँकी रहेको र यो वर्ष रू.८ अर्ब ३८ करोड ५५

लाख थप भई अद्यावधिक बेरुजू रू.१९ अर्ब ६५ करोड २२ लाख रहेको छ । सो रकममा रू.४ अर्ब १० करोड ७ लाख पेस्की रहेको छ ।

• स्थानीय तह

६४. **समग्र आय व्यय -** महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वार्षिक आर्थिक विवरण अनुसार यो वर्ष ७५३ स्थानीय तहहरूको कुल बजेट रू.५ खर्ब ३२ अर्ब ९८ करोड ३७ लाख रहेकोमा संघ र प्रदेशबाट हस्तान्तरण गरेको अनुदान रू.३ खर्ब ८ अर्ब ६० करोड ३३ लाख, संघ र प्रदेश सरकार राजस्व बाँडफाँटबाट रू.७३ अर्ब ४० करोड, आन्तरिक आयमा गत वर्षको मौज्दातसमेत रू.१ खर्ब ११ अर्ब ६ लाख गरी रू.४ खर्ब ९३ अर्ब ३९ लाख आय प्राप्त गरेको देखिन्छ। प्राप्त आयबाट रू.३ खर्ब ९१ अर्ब ४३ करोड ६३ लाख खर्च गरी रू.१ खर्ब १ अर्ब ५६ करोड ७६ लाख मौज्दात रहेको छ ।

यो वर्ष लेखापरीक्षण भएका ७४४ स्थानीय तहको देहाय अनुसार कुल बजेट रू.५ खर्ब ९७ अर्ब ४८ करोड ५१ लाख रहेको छ । कुल बजेटमध्ये रू.४ खर्ब ८७ अर्ब ८८ करोड १७ लाख (८१.६५ प्रतिशत) खर्च भएको छ । कुल खर्चमध्ये चालु खर्च रू.२ खर्ब ५० अर्ब ६४ करोड १७ लाख (५१.३७ प्रतिशत), पुँजीगत खर्च रू.१ खर्ब ६० अर्ब ३२ करोड ५८ लाख (३२.८६ प्रतिशत) र वित्तीय व्यवस्था तथा अन्यतर्फ रू.७६ अर्ब ९१ करोड ४२ लाख (१५.७७ प्रतिशत) खर्च भएको छ। यो वर्ष लेखापरीक्षण भएका ७४४ स्थानीय तहको २०७७।७८ को कुल आन्तरिक राजस्व रू.३५ अर्ब २८ करोड ५६ लाख, संघ तथा प्रदेश सरकारबाट राजस्व बाँडफाँट रू.६९ अर्ब १ करोड ६९ लाख, गत वर्षको मौज्दात रू.९१ अर्ब ७७ करोड ३८ लाखसमेत आन्तरिक स्रोततर्फ रू.१ खर्ब ९६ अर्ब ७ करोड ६३ लाख प्राप्त भएको छ ।

६५. **राजस्व परिचालन -** महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वार्षिक आर्थिक विवरण अनुसार स्थानीय तहहरूले यो वर्ष आन्तरिक आयबाट रू.२ खर्ब ३ अर्ब १७ करोड ९४ लाख प्राप्त गर्ने अनुमान गरेकोमा रू.१ खर्ब ८४ अर्ब ६५ करोड २७ लाख (९०.८८ प्रतिशत) प्राप्त गरेको छ। सोमध्ये गत वर्षको मौज्दात रू.७५ अर्ब ६३ करोड, राजस्व बाँडफाँटबाट रू.७३ अर्ब ४० करोड र आन्तरिक श्रोतबाट रू.३५ अर्ब ६२ करोड ७३ लाख प्राप्त भएको छ । नेपाल सरकारको अनुदानसमेतको कुल प्राप्ति रू.४ खर्ब ९३ अर्ब ३९ लाखमध्ये स्थानीय तहको यस वर्षको आन्तरिक स्रोतको आय ६.२२ प्रतिशत मात्र देखिएको छ ।

६६. **घटी जिम्मेवारी -** स्थानीय तहले प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्दा गत वर्षको मौज्दात यस वर्ष जिम्मेवारी सार्नुपर्दछ । जिम्मेवारी सार्ने क्रममा फरक परेमा सोको पुष्ट्याई उल्लेख गर्नुपर्दछ । यो वर्ष १६७ स्थानीय तहले रू.२ अर्ब २७ करोड ३९ लाख १९ हजार घटी जिम्मेवारी सारेकोमा कारण खुलाएका छैनन् ।

६७. **बैङ्क हिसाब मिलान -** स्थानीय तहहरूले मासिक रूपमा स्रेस्ता र बैङ्क खाताको हिसाब मिलान गरी म.ले.प.फा.नं. २१२ को ढाँचामा बैङ्क हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा अधिकांश स्थानीय तहले

यस्तो विवरण तयार गरेका छैनन् । यो वर्ष ८२ स्थानीय तहको स्रेस्तालेदेखाएकोभन्दा बैङ्कमा रू.६८ करोड ४३ लाख १४ हजार घटी मौज्दात रहेको देखिएको छ ।

६८. **अबण्डा बजेट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यो वर्ष २३३ स्थानीय तहले रू.४ अर्ब ७३ करोड ३३ लाख ६७ हजार अबण्डा राखी बजेट तथा कार्यक्रम स्वीकृत गरेका छन् । अबण्डा रकम कार्यपालिकाको निर्णयबाट पछि बाँडफाँट गरी पटके आयोजना र कार्यक्रममा खर्च हुने, वित्तीय अनुशासन पालना नहुने लगायतका अवस्था विद्यमान रहने हुँदा अवण्डा राखी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

६९. **अन्तर परिषद् समन्वय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट लगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ । लेखापरीक्षणबाट प्रदेश सरकारले स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने साना योजनाहरू आफैंले सञ्चालन गरेको, स्थानीय तहले गर्ने कार्यको लागि समेत प्रदेशस्तरका कार्यालय स्थापना गरेको, स्थानीय तहले राजस्व बाँडफाँट गरी पठाउनुपर्ने सबै रकम प्रदेश सरकारलाई नपठाएको लगायतको स्थिति देखिएको छ ।साझा अधिकार सूचिमा रहेका कार्यको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न नियमित रूपमा प्रदेश समन्वय परिषद्को बैठक बसी स्थानीय तहले आफ्नो कार्यसम्पादनमा सहजता आउने गरी प्रदेश सरकार र स्थानीयतहबीच समन्वय कायम गर्नुपर्दछ ।

७०. **अनुदान -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त वित्तीय विवरण अनुसार अनुदानतर्फ संघीय तथा प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराएको अनुदानको ३ वर्षको अवस्था देहाय अनुसार रहेको छः

(रू.लाखमा)

आर्थिक वर्ष	समानीकरण अनुदान	सशर्त अनुदान	विशेष अनुदान	समपुरक अनुदान	जम्मा
संघतर्फ					
२०७५।७६	८५२८७९	१२५३४२७	२२७७०	३८५७३	२१६७६४९
२०७६।७७	८९९६५२	१५०९९४१	४८२८४	४७५४०	२५०५४१७
२०७७।७८	८९९७३२	१८३३०२५	५८३४१	५०८८६	२८४१९८४
प्रदेशतर्फ					
२०७५।७६	४४२०१	७९९४३	९४४७	१८६२३	१५२२१४
२०७६।७७	६२८०२	८२७७२	२५८४८	५७८१७	२२९२३९
२०७७।७८	५३५७६	८९४०९	७४४७९	२७७२६	२४५१९०

उल्लेखित तथ्याङ्क अनुसार स्थानीय तहहरूमा प्राप्त अनुदान क्रमशः बढ्दै गएको छ । प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी रकमको निश्चित प्रतिशत त्यस्तै प्रकारको प्राकृतिक श्रोत संरक्षण र समग्र वातावरण संरक्षण कार्यमा प्रयोग हुने अन्तर्राष्ट्रिय असल अभ्यास रहे पनि स्थानीय तहहरूमा तद्अनुसार बजेट छुट्याई खर्च गर्ने प्रक्रिया अवलम्बन हुन बाँकी छ ।

७१. **बक्यौता असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्काबापत बक्यौता रकमसमेत असुली गर्ने व्यवस्था छ । यो वर्ष

३२ स्थानीय तहबाट रू.२६ करोड २५ लाख ६१ हजार असुल गर्न बाँकी रहेको र सोको लगत तयार गरेका छैनन् । बक्यौता राजस्वको लगत तयार गरी असुलीको कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ ।

७२. **लेखापरीक्षण र बेरूजु -** यो वर्ष ७५३ स्थानीय तहमध्ये ७४४ स्थानीय तहको रू.९ खर्ब ९३ अर्ब ५९ करोड ३१ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । बक्यौता लेखापरीक्षणतर्फ ५५ स्थानीय तहको २०७६।७७ को रू.५७ अर्ब ५० करोड ५९ लाख समेत यो वर्ष रू.१० खर्ब ५१ अर्ब ९ करोड ९० लाखको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट रू.४४ अर्ब २४ करोड १३ लाख बेरूजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.३ अर्ब ४ करोड ३३ लाख फस्यौंट गरेकोले रू.४१ अर्ब १९ करोड ८८ लाख बाँकी रहेको छ । बेरूजुमध्ये असुल गर्नुपर्ने रू.५ अर्ब ६० करोड ५९ लाख, नियमित गर्नुपर्ने रू.३० अर्ब ७९ करोड ६५ लाख र म्याद नाघेको पेस्की रू.४ अर्ब ७९ करोड ५६ लाख बाँकी छ । त्यसैगरी बक्यौता लेखापरीक्षणबाट रू.५७ अर्ब ५० करोड ५९ लाखको लेखापरीक्षणबाट रू.२ अर्ब ७१ करोड १५ लाख बेरूजू देखिएको छ । मधेश प्रदेशका ८ तथा कर्णाली प्रदेशको १ समेत ९ स्थानीय तहको लेखापरीक्षण गर्न बाँकी छ ।

खण्ड - १

संघीय मन्त्रालय तथा निकाय

संघीय संसद सचिवालय

नेपालको संविधानको धारा ८३ मा दुई सदनसहितको एक संघीय संसद रहने र धारा १०७ मा संघीय संसदको काम कारबाही सञ्चालन तथा व्यवस्थापन गर्न एक संघीय संसद सचिवालयको स्थापना हुने व्यवस्था छ । नेपालको संविधानको धारा ८४ मा २७५ सदस्य रहने प्रतिनिधि सभा र धारा ८६ मा ५९ सदस्य रहने राष्ट्रिय सभा गठनसम्बन्धी व्यवस्था छ । प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७० र राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४९ अनुसार प्रतिनिधि सभामा १०, राष्ट्रिय सभामा ४ र दुवै सदनको संयुक्त रूपमा २ समेत १६ विषयगत समिति रहेका छन् ।

संसदको काम कारबाही सुचारु रूपले सञ्चालन गर्न व्यवस्थापिका-संसद सचिवालयसम्बन्धी ऐन, २०६४ अनुसार व्यवस्थापिका-संसद सचिवालयको स्थापना भई संघीय संसद सचिवालयको रूपमा रहेको छ । सचिवालयमा ३८५ कर्मचारीको दरबन्दी रहेको छ ।

१. **संसद सचिवालय -** सचिवालयको निम्नानुसार रू.१ अर्ब ६ करोड ४ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१,०४,३०	३०	८०	६४	१,०६,०४

२. **विधेयक दर्ता र पारित -** संघीय संसद गठन पश्चात पहिलोदेखि आठौं अधिवेशनसम्म प्रतिनिधि सभातर्फ ९० र राष्ट्रिय सभातर्फ ४१ समेत १३१ विधेयक दर्ता भएका छन् । प्रतिनिधि सभामा उत्पन्न भएका ५२ र राष्ट्रिय सभामा उत्पन्न भएका १६ समेत ७१ विधेयक प्रमाणीकरण भएका छन् । प्रतिनिधि सभामा ४४ र राष्ट्रियसभामा १३ समेत ५७ विधेयक प्रक्रियामा रहेको देखिन्छ।

३. **योग्यता/मापदण्ड** - संघीय ससंद सचिवालयअन्तर्गत स्वकीय सचिवालयका कर्मचारीहरुको योग्यता र पदपूर्ति प्रक्रिया सम्बन्धमा सचिवालयले मापदण्ड तयार गरेको देखिएन । सहसचिव र उपसचिवस्तरको सुविधा प्राप्त गर्नेगरी नियुक्त हुने स्वकीय सचिवालयका कर्मचारीहरुको लागि कुनै प्रकारको शैक्षिक योग्यता तोकेको छैन। स्वकीय सचिवालयका कर्मचारीको लागि यस वर्ष प्रतिनिधि सभाका सम्माननीय सभामुख तथा राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष र माननीय उपसभामुख र माननीय उपाध्यक्षको स्वकीय सचिवालयका २ सहसचिव, ३ उपसचिव, ३ शाखा अधिकृत र १८ सहायक स्तरका समेत २६ कर्मचारीको पारीश्रमिकबापत रू.८६ लाख ६३ हजार भुक्तानी गरेको छ । यस्तै, प्रतिनिधि सभा तथा राष्ट्रिय सभाका माननीय पदाधिकारीहरु र माननीय सांसदहरूको स्वकीय सचिवालयका उपसचिव २४, शाखा अधिकृत २७३ र सहायकस्तरका ९६ समेत ३९३ कर्मचारीको पारिश्रमिकमा रू.१७ करोड २४ लाख ९९ हजार खर्च भएको छ । स्वकीय सचिवालयका कर्मचारीको शैक्षिक योग्यता र पदपूर्ति प्रक्रियाको मापदण्ड तयार गर्नु उपयुक्त हुने देखिन्छ ।

- **बेरुजू स्थिति -** संघीय संसद सचिवालयको यो वर्ष रू.२ करोड ३३ लाख ४९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.२ करोड १० लाख ५८ हजार फर्स्यौंट भई रू.२२ लाख ९१ हजार बेरुजू बाँकी रहेको छ । सोमध्ये रू.५ लाख ६१ हजार म्याद नाघेको पेश्की रहेको छ । यस संम्बन्धी विवरण अनुसूची-१५ मा छ ।

सर्वोच्च अदालत

नेपालको संविधानको भाग ११ धारा १२८ मा सर्वोच्च अदालतको व्यवस्था छ। सर्वोच्च अदालत अभिलेख अदालत हुने र संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक सबै अदालत र न्यायिक निकायहरू सर्वोच्च अदालत मातहत रहने व्यवस्था छ । नेपालको संविधानमा ३ तहको अदालत हुने व्यवस्था अनुरूप सर्वोच्च अदालत, उच्च अदालत, विशेष अदालत तथा जिल्ला अदालतसमेत १०६ निकायमा ४३५ न्यायाधीश सहित विभिन्न सेवा, समूह र श्रेणीका ६ हजार २२१ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय** - सर्वोच्च अदालत र मातहतका अदालतसमेत १०६ निकायको निम्नानुसार रू.२३ अर्ब ८५ करोड ९१ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य	जम्मा
७,१४,४२	४,४६,७७	१२,२३,६९	१,०३	२३,८५,९१

उल्लिखित लेखापरीक्षण रकममा गत वर्ष बक्यौता रहेको ४ कार्यालयको रू.४६ करोड २६ लाख समावेश छ ।

२. **मुद्दा र फर्स्यौट** - सर्वोच्च अदालतको चौथो रणनीतिक योजना (२०७६।७७–२०८०।८१) अनुसार जिल्ला र उच्च अदालतमा रहेका मुद्दा १८ महिनाभित्र र सर्वोच्च अदालतमा रहेका मुद्दा २ वर्षभित्र फर्स्यौट गर्ने उल्लेख छ । यो वर्ष सर्वोच्च अदालत र मातहत अदालतहरूमा गत वर्षबाट जिम्मेवारी सरेको १ लाख २० हजार ७७५ समेत कुल २ लाख ९० हजार ५६४ मुद्दामध्ये १ लाख ४८ हजार ६८८ (५१.१७ प्रतिशत) फर्स्यौट भई १ लाख ४१ हजार ८७६ बाँकी रहेको देखिन्छ । रणनीतिक योजनामा मुद्दा फर्स्यौटको अवधि निर्धारण गरेको भए तापनि तीनै तहको अदालतमा २ वर्ष नाघेका मुद्दाको संख्या २७ हजार ४९६ रहेको देखिन्छ। तीनै तहको अदालतमा ४३५ न्यायाधीशको दरबन्दी रहेकोमा ३७ रिक्त तथा प्रशासकीय कर्मचारीहरूको कुल दरबन्दी ५ हजार ७८६ रहेकोमा १ हजार ९०९ रिक्त रहेको देखिन्छ। स्वीकृत दरबन्दीअनुसार पदपूर्ति गरी रणनीतिक योजनामा उल्लेख भएको लक्ष्य प्राप्ति गर्न पहल गर्नुपर्दछ।

३. **फैसला कार्यान्वयन स्थिति** – नेपालको संविधानको धारा १२६ मा मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णय सबैले पालन गर्नुपर्ने व्यवस्था छ । सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनअनुसार २०७७।७८ सम्म अदालतबाट भएका फैसलाबमोजिम वर्षान्तसम्म भुक्तान हुनुपर्ने बाँकी कैदको कुल लगत १ लाख ६ हजार २ वर्ष ५ महिना २५ दिन रहेको र असुलउपर हुनुपर्ने जरिवाना रू.१६ अर्ब ३१ करोड १७ लाख बक्यौता रहेको छ । फैसला कार्यान्वयनका लागि जिल्ला अदालतहरूमा निवेदनको लगत ३३ हजार ८८९ रहेकोमा १२ हजार ८५७ (३७.९४ प्रतिशत) मात्र फर्स्यौट भई २१ हजार ३२ बाँकी रहेको छ । उल्लिखित अवस्थाले फैसला कार्यान्वयन व्यवस्थालाई थप प्रभावकारी बनाउनुपर्ने देखिएको छ।

४. **भवन निर्माण** - रामशाहपथमा सर्वोच्च अदालतको भवन निर्माण गर्न मूल्य अभिवृद्धि करसहित रू.५ अर्ब ८९ करोड ३८ लाखको लागत अनुमान स्वीकृत गरी ३ वर्षमा कार्य सम्पन्न गर्न एक संयुक्त उपक्रमसँग २०७७।१२।१९ मा रू.५ अर्ब ८७ करोड ६ लाखको सम्झौता भएको छ । यो वर्ष निर्माण व्यवसायीलाई रू.१ अर्ब ३ करोड मोबिलाइजेसन पेस्की दिएको छ । उक्त निर्माण कार्यको खरिद सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:

४.१. अदालतले भवन निर्माणको लागि २०७७।९।६ मा राष्ट्रियस्तरको बोलपत्र आह्वान गरेअनुरूप पर्न आएका ४ थान बोलपत्र २०७७।१०।७ मा खोली प्राविधिक मूल्याङ्कन गर्दा ३ बोलपत्र प्राविधिक तवरले प्रभावग्राही नभएकोले १ संयुक्त उपक्रमको बोलपत्र मात्र प्रभावग्राही भई निजको कबोल अङ्क मूल्य अभिवृद्धि करसहित रू.५ अर्ब ८७ करोड ६ लाखको बोलपत्र २०७७।१२।७ मा स्वीकृत भएको छ। प्रतिस्पर्धा गर्ने एक बोलपत्रदाताका विदेशी साझेदारबाट ५ वर्षको सट्टा ३ वर्षको मात्र वित्तीय विवरण पेस भएको र अन्य २ बोलपत्रदाताको न्यूनतम औसत वार्षिक टर्नओभर बोलपत्र कागजातमा तोकिएको २५ प्रतिशतभन्दा कम भएको कारणले अप्रभावग्राही भई एक बोलपत्रदातामा सीमित भएको पाइयो । निर्माण व्यवसायीसँग विद्यमान रहेका कागजातहरूसमेत विद्युतीय खरिद प्रणालीमा पेस नगरेका कारण निजहरूको बोलपत्र अप्रभावग्राही भई प्रतिस्पर्धा संकुचित भएकाले खरिद कार्य मितव्ययी भएको मान्न सकिने आधार भएन ।

४.२. बोलपत्र कागजातको बोलपत्र मूल्याङ्कन खण्डको बुँदा ३०.६ मा संयुक्त उपक्रमको कुनै साझेदार विरुद्ध भ्रष्टाचारसम्बन्धी मुद्दा दायर भएको अवस्थामा बोलपत्र मूल्याङ्कनबाट हटाइने प्रावधान छ । यस विषयमा २०७७।१०।२७ मा सर्वोच्च अदालतले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाएकोमा सो सम्बन्धमा तहाँबाटै आवश्यक निर्णय हुन फिर्ता गरेकोमा २०७७।११।३ मा सम्माननीय प्रधान न्यायाधीशबाट उक्त संयुक्त उपक्रमको बोलपत्र मूल्याङ्कनमा समावेश गर्ने निर्णयबमोजिम २०७७।१२।७ मा बोलपत्र स्वीकृत भएको छ । एकमात्र बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही मानेर स्वीकृत गर्दा प्रतिस्पर्धा सीमित भई निर्माण कार्यको स्वीकृत लागत अनुमानको हाराहारी अर्थात् ०.३९ प्रतिशतमात्र न्यून रकमको ठेक्का स्वीकृत भएकोले खरिद कार्य प्रतिस्पर्धी एवं मितव्ययी भन्न सकिने अवस्था रहेन ।

५. **जिल्ला अदालत भवन निर्माण** - भक्तपुर जिल्ला अदालतको ७ तले कार्यालय भवन निर्माण कार्यको लागि पेस भएका १० मध्ये ९ बोलपत्र पूर्णता परीक्षणमा प्रभावग्राही नभएको र कबोल अङ्क मूल्य अभिवृद्धि कर बाहेक रू.१ अर्ब २१ करोड ५ लाखको एक मात्र बोलपत्र पूर्णता परीक्षण र आर्थिक मूल्याङ्कनमा समेत प्रभावग्राही भएको जनाई २०७७।५।१३ मा उक्त बोलपत्र स्वीकृत भई २४ महिनामा कार्य सम्पन्न गर्न २०७७।६।१६ मा सम्झौता भएको छ । पेस भएका मध्ये बोलपत्रमा संयुक्त उपक्रमको अख्तियारनामा पेस नगरेको, विदेशी साझेदारको हकमा कम्पनी दर्ता र व्यवसाय दर्ता समेतका कागजात नोटराइज्ड एवं दूतावासबाट प्रमाणीकरण नभएको र पेस गरेको बोलपत्र सक्कल बोलपत्रका केही प्रावधानसँग नमिलेको आधारमा ९ बोलपत्र अप्रभावग्राही भएको उल्लेख छ । फलस्वरूप ती बोलपत्रदाताको वास्तविक प्राविधिक क्षमताको मूल्याङ्कन नै नहुने अवस्था रहेको छ। यसरी आर्थिक मूल्याङ्कनमा एक मात्र बोलपत्र बाँकी रहन गई लागत अनुमान मूल्य अभिवृद्धि करबाहेक रू.१ अर्ब २१ करोड २८ लाखको ०.१९ प्रतिशतमात्र न्यून रकमको बोलपत्र स्वीकृत भएकोले सो खरिद कार्य प्रतिस्पर्धात्मक र मितव्ययी भएको भन्न सकिने अवस्था रहेन ।

६. **कार्यक्षेत्र** - नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम शहरी विकास मन्त्रालयको कार्यक्षेत्रमा सरकारी भवनको निर्माण र मर्मत सम्भार गर्ने कार्य रहेकोमा उक्त मन्त्रालय र मातहत विभागका प्राविधिक जनशक्ति परिचालन नगरी छुट्टै परामर्शदाता राखेर सर्वोच्च अदालतले एक परामर्शदातासँग २०७३।६।१४ मा रू.८१ लाख ८१ हजार र अर्को एक परामर्शदातासँग २०७८।५।१५ मा रू.४ करोड १५ लाख ९८ हजारसमेत रू.४ करोड ९७ लाख ७९ हजारको सम्झौता गरी २०७८।७९ मा रू.५६ लाख १ हजार भुक्तानी गरेको छ। भक्तपुर जिल्ला अदालतले ३ परामर्शदातासँग यो वर्ष रू.१ करोड ९० लाख १७ हजारको सम्झौता गरी रू.४९ लाख ३८ हजार भुक्तानी गरेको छ । सर्वोच्च र भक्तपुर जिल्ला अदालतले भवन निर्माणको परामर्श सेवाको लागि रू.६ करोड ८७ लाख ९६ हजारको सम्झौता गरी रू.१ करोड ५ लाख ३९ हजार भुक्तानी गरेको उपयुक्त देखिएन। शहरी विकास मन्त्रालयअन्तर्गतको निकायबाट निर्माण कार्य गर्ने गराउने वा ती निकायहरूका प्राविधिक जनशक्ति उपयोग गरी सुपरिवेक्षणबाट गुणस्तर नियन्त्रण गराउनेतर्फ ध्यान जानुपर्ने देखिन्छ।

- **बेरुजू स्थिति** - सर्वोच्च अदालत र मातहतसमेतका ८२ निकायमा यो वर्ष रू.२ करोड ५ लाख ४३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.६६ हजार फर्स्यौट भई रू.२ करोड ४ लाख ७७ हजार बेरुजू बाँकी रहेको छ । सोमध्ये रू.७ लाख ६० हजार म्याद नाघेको पेश्की रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

नेपालको संविधानको धारा २३८ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था छ । आयोगमा संवैधानिक परिषद्को सिफारिसमा एक प्रमुख आयुक्त र अन्य चार आयुक्तको नियुक्ति राष्ट्रपतिबाट हुने व्यवस्था छ । धारा २३९ मा भएको व्यवस्थाअनुसार सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानुनबमोजिम अनुसन्धान तहकिकात एवं अभियोजन गरी अदालतमा मुद्दा दायर गर्ने काम आयोगबाट हुँदै आएको छ । आयोगको केन्द्रीय र मातहतका ८ कार्यालयमा ९९५ कर्मचारीको दरबन्दी रहेको छ ।

१. **सरकारी कार्यालय -** आयोग र मातहतसमेत ९ निकायको निम्नानुसार रू.९३ करोड १० लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
८३,०४	१,७०	७,९८	३८	९३,१०

२. **उजुरी व्यवस्थापन -** आयोगमा गत वर्षबाट जिम्मेवारी सरी आएका ८ हजार ५०० र यो वर्ष दर्ता भएका १४ हजार ४२५ समेत २२ हजार ९२५ उजुरी दर्तामध्ये ८ हजार २६७ प्रारम्भिक छानबिनबाट तामेलीमा राखिएको, ८५० उजुरी सुझावसहित तामेलीमा पठाइएको, ५१० उजुरीउपर विस्तृत अनुसन्धान गर्ने निर्णय भएको र ४ हजार ९०५ अन्य कारबाही गरी कुल १४ हजार ५३२ उजुरी फर्स्यौंट भै ८ हजार ३९३ उजुरी बाँकी रहेका छन् । यो वर्ष ४७८ फाइलको विस्तृत अनुसन्धान भएकोमा ११३ मुद्दा विशेष अदालतमा दायर भएका छन् । ती मुद्दाहरूमा ४४३ जना व्यक्तिलाई प्रतिवादी बनाई रू.१ अर्ब ८९ करोड ४७ लाख ३५ हजार बिगो माग दाबी गरिएको छ । भ्रष्टाचारसम्बन्धी मुद्दामा २०७७।७८ मा ७१.६८ प्रतिशत सफलता हासिल भएको देखिएको छ ।

३. **कार्य सम्पादन -** आयोगले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्न उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक तथा संस्थागत क्षमता विकासका रणनीतिहरु अवलम्बन गर्दै आएको छ । उक्त रणनीतिमध्ये निरोधात्मक कार्यअन्तर्गत ढुङ्गा गिट्टी बालुवा उत्खनन् प्रशोधनका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत ढुङ्गा गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ लागू गर्ने, समान प्रकृतिका कार्यका लागि एकरूपता हुने गरी नर्म्स तयार गर्ने, राष्ट्रिय योजना आयोगको सहमति बेगर बहुवर्षीय ठेक्का नलगाउने, निर्माणाधीन ठेक्का योजनाहरु तोकेको म्यादभित्र सम्पन्न गर्न गराउन सुपरिवेक्षण तथा अनुगमन गराउने र ठेक्का पूर्व गर्नुपर्ने पूर्व तयारीका कार्यहरू भएपश्चात् मात्र ठेक्का प्रक्रिया अघि बढाउने सुझाव दिएको छ । आयोगले संघीय संसदका विभिन्न समितिबाट अनुगमन, छलफल तथा अन्तरक्रिया कार्यक्रम गरी कार्य सम्पादनमा देखिएका समस्या तथा चुनौती र समाधानका लागि सुझावसमेत दिँदै आएको छ । आयोगमा उजुरीको रूपमा प्राप्त भएका जनगुनासा सम्बोधन गर्दा विभिन्न निकायका प्रमुख तथा जिम्मेवार पदाधिकारीहरूसँग सेवा प्रवाह सम्बन्धमा समन्वय बैठक तथा अन्तरक्रिया कार्यक्रमहरूसमेत सञ्चालन गरेको छ । यो वर्ष ४ जिल्ला समेत १९ जिल्लामा भ्रष्टाचार विरुद्धको नागरिक निगरानी संस्था गठन भएको छ।

यसैगरी आयोगले प्रवर्द्धनात्मक कार्यमा यस वर्ष २० जिल्लाका २५ कार्यक्रममा २ हजार १७० सहभागी भई हालसम्म ६१३ कार्यक्रममा ७४ हजार ८१३ सहभागीलाई भ्रष्टाचार विरुद्धको सामुदायिक शिक्षा कार्यक्रम उपलब्ध गराएको छ । यो वर्ष आयोगले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्ने प्रयोजनका लागि २ श्रव्यदृश्य सामाग्री निर्माण गरी नेपाल टेलिभिजनमार्फत् प्रसारण गरेको छ । भ्रष्टाचार नियन्त्रणका लागि गरेका निरोधात्मक तथा प्रवर्द्धनात्मक कार्य र सोको आधारमा दिएका सुझावहरूको कार्यान्वयनबाट भ्रष्टाचार न्यूनीकरण भई वित्तीय सुशासन कायम गर्न सघाउ पुग्ने हुँदा सम्बद्ध सबै पक्षको समन्वयात्मक भूमिका आवश्यक रहेको छ ।

लोक सेवा आयोग

नेपालको संविधानको धारा २४२ मा लोक सेवा आयोगको व्यवस्था छ । आयोगका अध्यक्ष र अन्य ४ सदस्यको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले हुने व्यवस्था छ । धारा २४३ मा निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु लोक सेवा आयोगको कर्तव्य हुने उल्लेख छ । निजामती सेवाको पद बाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, अन्य संघीय सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्दछ। आयोग र मातहत निकायमा ३९९ कर्मचारीको दरबन्दी रहेकोमा ३५५ जनाको पदपूर्ति भएको छ ।

१. **सरकारी कार्यालय** - आयोग र मातहतसमेत १६ निकायको निम्नानुसार रू.७६ करोड ३८ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य	जम्मा
५२,३१	२१,८३	६०	१,६३	७६,३८

२. **सेवा प्रवाह** - आयोगको केन्द्रीय कार्यालय र मातहतका अन्य कार्यालयबाट संघअन्तर्गत बढुवा, आन्तरिक प्रतियोगिता र खुला तथा समावेशीतर्फ यो वर्ष कुल ३ हजार७५४ पदका लागि १ हजार ३६२ विज्ञापन प्रकाशन गरेको छ। विज्ञापनअनुसार बढुवातर्फ १ हजार १०० पद, आन्तरिक प्रतियोगितातर्फ ४२१ पद, खुलातर्फ १ हजार २३५ पद र समावेशीतर्फ ९९८ पद रहेका छन्। उक्त विज्ञापनहरूबाट यो वर्ष १३८ उम्मेदवारलाई नियुक्तिका लागि सिफारिस गरेको छ । आयोगले यो वर्ष ४ सुरक्षा निकाय र १९ संगठित संस्थाका बढुवा, आन्तरिक प्रतियोगिता, खुला तथा समावेशीसमेत प्राविधिकतर्फ कुल १ हजार २८४ र अप्राविधिकतर्फ कुल ९ हजार ६७२ पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने सहमति प्रदान गरेको छ । यो वर्ष ४ सुरक्षा निकाय र ११ संगठित संस्थामा १२९ विज्ञापनको लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा सुरक्षा निकायतर्फ १२ हजार ३९३ र संगठित संस्थातर्फ १ हजार ३१० समेत १३ हजार ७०३ जना परीक्षार्थी लिखित परीक्षामा उत्तीर्ण भएका छन् ।

यसैगरी आयोगले विगत ३ वर्षमा अप्राविधिक क्षेत्रको आन्तरिक प्रतिस्पर्धाअन्तर्गत राजपत्राङ्कित प्रथम श्रेणीतर्फ ४८ पदका लागि २५ पटक विज्ञापन गरेकोमा ५१९ परीक्षार्थी परीक्षामा समावेश भएको एवं राजपत्राङ्कित द्वितीय श्रेणीतर्फ १६२ पदका लागि ४६ पटक विज्ञापन गरेकोमा २ हजार ३२१ परीक्षार्थी परीक्षामा समावेश भएको देखिन्छ।

- **बेरुजू स्थिति** - आयोग र मातहतसमेत ११ निकायमा यो वर्ष रू.२४ लाख ९२ हजार बेरुजू देखिएकोमा फर्स्यौट नगरेकोले बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा संलग्न छ ।

निर्वाचन आयोग

नेपालको संविधानको धारा २४५ मा निर्वाचन आयोगको व्यवस्था छ । आयोगमा प्रमुख आयुक्त र अन्य ४ आयुक्त रहने तथा प्रमुख आयुक्त र आयुक्तहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ । आयोगलाई संविधान र संघीय कानूनको अधीनमा रही संघीय संसद, प्रदेश सभा र स्थानीय तहका सदस्यको निर्वाचनलगायतका काम, कर्तव्य र अधिकार तोकिएको छ । आयोग र मातहतका ७८ कार्यालयमा ६७१ कर्मचारीको दरबन्दी रहेको छ ।

१. **सरकारी कार्यालय -** निर्वाचन आयोग र मातहतसमेत ७८ निकायको निम्नानुसार रू.५६ करोड १० लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
४९,४३	१,७७	४,८५	५	५६,१०

उल्लिखित लेखापरीक्षण रकममा गत वर्ष बक्यौता रहेको १ इकाईको रू.८४ लाखसमेत समावेश छ ।

२. **निर्वाचन खर्च** - निर्वाचन आयोग ऐन, २०७३ को दफा २४ मा निर्वाचन खर्चको हद तोक्ने र दफा २५ ले निर्वाचन खर्चको विवरण पेस गर्नुपर्ने साथै दफा २६ मा निर्वाचनमा तोकिएको हदभन्दा बढी खर्च गरेमा सजाय गर्नुपर्ने व्यवस्था छ । उक्त व्यवस्थाबमोजिम आयोगले तर्जुमा गरेको निर्वाचन आचारसंहिता, २०७८ को बुँदा १५ मा निर्वाचन खर्चसम्वन्धी व्यवस्था छ। आचारसंहिताले संघीय, प्रदेश तथा स्थानीय तहको निर्वाचनको लागि छुट्टाछुट्टै सीमा निर्धारण गरेको छ। निर्वाचन आयोगले तोकेको सीमाभित्र रही उम्मेदवारले निर्वाचनसम्बन्धी खर्च गर्दा बैङ्क वा वित्तीय संस्थामा खाता खोली निर्वाचन कार्यालयमा जानकारी दिनुपर्ने, एक पटकमा रू.२५ हजार भन्दा बढीको आर्थिक सहयोग प्राप्त गर्दा बैङ्क तथा वित्तीय संस्थामार्फत् लिनुपर्ने तथा निर्वाचन खर्चको विवरण निर्वाचन सम्पन्न भएपश्चात् सार्वजनिक गरी आयोग वा निर्वाचन कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ । उक्त व्यवस्थाको पालना सम्बन्धमा आचारसंहिताबमोजिम अनुगमन गर्न परिच्छेद-८ मा विभिन्न अनुगमन समिति रहने व्यवस्था रहेको छ ।

निर्वाचनमा भाग लिने दल तथा उम्मेदवारले गर्ने निर्वाचन खर्च र सोको स्रोतको पारदर्शिता अभिवृद्धि गर्न तथा आयोगबाट तोकिएको सीमाभित्र रही खर्च गरेको सुनिश्चित गर्न आयोगले अनुगमन प्रभावकारी बनाउनुपर्दछ ।

३. **मेसिनको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ बमोजिम खरिदको आवश्यकता पहिचान गरी खरिद कार्य गर्नुपर्ने व्यवस्था छ । आयोगले २०७४ मा रू.१० करोड ५५ लाख ४० हजारको हाई स्पिड डिजिटल कलर प्रिन्टर १ थान र रू.११ करोड २८ लाख मूल्यका २ थान छाड स्प्रिङ डिजिटल मोनोक्रोमसमेत रू.२१ करोड ८३ लाख ४० हजारको अत्याधुनिक छपाई मेसिन खरिद गरेकोमा हालसम्म प्रयोगविहीन अवस्थामा छ। विगतमा खरिद गरिएको मेसिनको प्रयोग सम्बन्धमा सार्वजनिक लेखा समितिको २०७७।५।२२ को मेसिन प्रयोग गर्ने निर्देशन समेत कार्यान्वयन भएको

देखिएन । तसर्थ उक्त मेसिन प्रयोग गर्ने व्यवस्था मिलाई यसरी मेसिन प्रयोग गर्न सक्ने नसक्ने सम्भाव्यता अध्ययन बेगर खरिद गरेर प्रयोग नहुने अवस्था सिर्जना भएको सम्बन्धमा भविष्यमा यस्ता कार्य नदोहोरिने गरी सम्बन्धित पदाधिकारीलाई आवश्यक कारबाही हुनुपर्दछ ।

आयोगमा रहेका मूल्य नखुलेका ६५९ थान ल्यापटपमध्ये ५८१ थान कोर आई थ्री ल्यापटप उपयोगविहीन रहेका छन् । उपकरणहरू मर्मत गरी प्रयोगमा ल्याउने र मर्मत नहुने अवस्थामा प्राविधिक पुष्ट्याइँसहित लिलाम बिक्री गर्नेतर्फ कारबाही गरिनुपर्दछ ।

- **बेरुजू स्थिति -** निर्वाचन आयोग र मातहतसमेत ४१ निकायमा यो वर्ष रू.७ लाख ४६ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.१ लाख ९७ हजार फर्स्यौट भई रू.५ लाख ४९ हजार बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची १५ मा छ ।

राष्ट्रिय मानव अधिकार आयोग

नेपालको संविधानको धारा २४८ मा राष्ट्रिय मानवअधिकार आयोगको व्यवस्था छ । आयोगमा अध्यक्षसहित अन्य ४ सदस्य रहने र संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले नियुक्ति गर्ने व्यवस्था छ। संविधानको धारा २४९ अनुसार मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु आयोगको कर्तव्य हुने उल्लेख छ । आयोगमा प्राप्त उजुरी एवं सूचनाको सङ्कलन, अध्ययन, अनुसन्धान, जाँचबुझ तथा निरीक्षण गरी प्रतिवेदन दिने लगायतका कार्य आयोगबाट सम्पादन हुँदै आएको छ । आयोग र मातहतका क्षेत्रीय एवं उपक्षेत्रीय समेत १० कार्यालयमा ३०९ कर्मचारीको दरबन्दी रहेकोमा २२७ पदपूर्ति भएको छ ।

१. **सरकारी कार्यालय -** आयोग र मातहतसमेत १० निकायको निम्नानुसार रू.१८ करोड १७ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य करोबार	जम्मा
१७,७३	१	१	४२	१८,१७

२. **उजुरी दर्ता र फर्स्यौंट** - राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १५ मा मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन सम्बन्धमा प्राप्त उजुरी वा जानकारी वा आफै स्वविवेकमा कारबाही शुरु गरेको सम्बन्धमा ६ महिनाभित्र मानव अधिकारको उल्लङ्घन वा दुरुत्साहन भए नभएको आयोगले निर्णय गर्नुपर्ने व्यवस्था छ । आयोगमा गत वर्षको जिम्मेवारी २ हजार ३१० समेत २ हजार ४९६ उजुरीमध्ये यो वर्ष १८९ फर्स्यौंट भई २ हजार ३०७ बाँकी रहेको देखिन्छ ।

आयोगको प्रतिवेदनअनुसार २०५७ देखि २०७७ असारसम्म दर्ता भएका १२ हजार ८२५ उजुरीमध्ये ६ हजार ६१७ उजुरी फर्स्यौंट गरी दोषीमाथि कानुनी कारबाही र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन १ हजार १९५ सिफारिस गरेकोमा सोको १३ प्रतिशत पूर्ण र ३७ प्रतिशत आंशिक कार्यान्वयन भएको तथा ५० प्रतिशत सिफारिस कार्यान्वयन नभएको उल्लेख छ । कार्यान्वयन भएका अधिकांश सिफारिसहरू क्षतिपूर्ति उपलब्ध गराउने प्रकृतिका रहेका छन् । मानव अधिकार उल्लङ्घनका घटनामा संलग्न व्यक्ति/निकायहरू माथि घटनाको अनुसन्धान गरी कानुनी कारबाहीका लागि गरिएका सिफारिसहरू कार्यान्वयन हुनुपर्दछ ।

- **बेरुजू स्थिति -** आयोगको यो वर्ष रू.११ हजार बेरुजू देखिएकोमा फर्स्यौंट नगरेकोले बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

नेपालको संविधानको धारा २५० मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था छ । आयोगमा अध्यक्षसहित बढीमा पाँचजना सदस्य रहने र संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले नियुक्ति गर्ने व्यवस्था छ । संविधानको धारा ६० र २५१ को व्यवस्थाबमोजिम आयोगले राजस्व बाँडफाँट, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, आन्तरिक ऋणको सीमा सिफारिस तथा प्राकृतिक स्रोतको बाँडफाँट तथा उपयोग सम्बन्धमा सिफारिस गर्ने गर्दछ । आयोगमा ७३ कर्मचारीको दरबन्दी रहेकोमा ५६ पदपूर्ति भएको छ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रू.४ करोड ७४ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	जम्मा
४६०	१	१३	४,७४

२. **वित्तीय हस्तान्तरण** - नेपालको संविधानको धारा ६० को उपधारा (३) ले प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसबमोजिम हुने व्यवस्था भए तापनि वित्तीय समानीकरण अनुदान बाहेकका सशर्त, समपूरक र विशेष अनुदानको परिमाण तय गर्ने सम्बन्धमा कानूनबाट आयोगलाई क्षेत्राधिकार तोकेको छैन। संवैधानिक प्रावधानबमोजिम विद्यमान कानून र कार्यप्रणालीमा आवश्यक संशोधन गरी आयोगको भूमिका स्पष्ट हुनुपर्दछ ।

२.१. आयोगले २०७७।७८ को लागि संघीय सञ्चितकोषबाट प्रदेशहरूलाई कुल रू.५७ अर्ब ५७ करोड वित्तीय समानीकरण अनुदान उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिस गरेकोमा नेपाल सरकारबाट रू.५५ अर्ब १९ करोड ५० लाख विनियोजन गरी हस्तान्तरण गरेबाट रू.२ अर्ब ३७ करोड ५० लाख कम हस्तान्तरण भएको र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान रू.९३ अर्ब ७४ करोड प्रदान गर्न सिफारिस गरेकोमा नेपाल सरकारबाट रू.८९ अर्ब ९७ करोड ३३ लाख हस्तान्तरण भई आयोगले सिफारिस गरेको भन्दा रू.३ अर्ब ७६ करोड ६७ लाख घटी हस्तान्तरण भएको छ ।

२.२. सशर्त अनुदानबाट सञ्चालन हुने आयोजना, कार्यक्रम प्रति सम्बन्धित तहको अधिकतम स्वामित्व कायम गर्न नेपाल सरकारले क्रियाकलाप नै तोक्ने कार्य नगरी त्यस किसिमको स्वायत्तता सम्बन्धित प्रदेश वा स्थानीय तहलाई नै हुने गरी क्षेत्रगत शर्त र आयोजना, कार्यक्रमको लक्ष्य तथा अपेक्षित उपलब्धि जस्ता विषय मात्र तोकेर पठाउनु उपयुक्त हुने सुझाव आयोगले दिएकोमा प्रदेश तथा संघीय सरकारबाट कार्यान्वयन हुनुपर्दछ ।

२.३. नेपाल सरकारले बजेट तर्जुमा गर्दा सशर्त अनुदानका सबै कार्यक्रम वा आयोजनाहरू समावेश गरी बजेट विनियोजनकै बखत निर्धारण गर्नुपर्नेमा आर्थिक वर्षको बीचमा पनि नयाँ कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्न थप सशर्त अनुदान हस्तान्तरण गर्ने गरेको छ । विपद्जन्य अवस्था, महामारी वा अन्य आकस्मिक परिस्थितिको रोकथाम, नियन्त्रण तथा प्रतिकार्य र पुनर्स्थापना गर्नुपरेको अवस्थामा बाहेक आर्थिक वर्षको बीचमा कुनै पनि नयाँ कार्यक्रम वा आयोजनाहरू कार्यान्वयन गर्न थप सशर्त अनुदान

हस्तान्तरण गर्ने कार्यमा नियन्त्रण गर्ने आयोगको सुझावसमेत संघीय र प्रदेश तहका सरकारले कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

३. **राजस्व बाँडफाँट -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (४) मा प्रदेश तथा स्थानीय तहले उठाएको राजस्व र यस ऐनबमोजिम प्राप्त हुने राजस्व बाँडफाँट रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था भएकोमा कतिपय स्थानीय तहले प्रशासनिक खर्चमा आवश्यकताभन्दा बढी रकम विनियोजन गरेको देखिन्छ। अत्यावश्यक प्रशासनिक र सञ्चालन खर्च सकभर सम्बन्धित प्रदेश वा स्थानीय तहको आफ्नो आन्तरिक आयबाट नै मितव्ययी रूपमा व्यवस्थापन गर्नुपर्ने र उक्त रकम अपुग भएमा मात्रै संघबाट प्राप्त राजस्व बाँडफाँटको रकमबाट व्यहोरी बाँकी रकम सार्वजनिक सेवा र विकास निर्माणका कार्यमा खर्च गर्ने व्यवस्था मिलाउन दिएको सुझाव प्रदेश तथा स्थानीय सरकारबाट कार्यान्वयन गरिनुपर्दछ ।

४. **प्राकृतिक स्रोतको बाँडफाँट -** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ मा पर्वतारोहण, विद्युत, वन र खानी तथा खनिज रोयल्टी शीर्षकमा संघीय विभाज्य कोषमा जम्मा भएको रोयल्टी आयोगको सिफारिसअनुसार नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच क्रमशः ५०, २५ र २५ प्रतिशतको अनुपातमा बाँडफाँट गर्नुपर्ने व्यवस्था छ । संघीय विभाज्य कोषमा २०७६।७७ मा जम्मा भएको रोयल्टी र बाँडफाँट स्थिति निम्नानुसार छः

(रू. लाखमा)

क्र सं	रोयल्टी शीर्षक	विभाज्य कोषमा जम्मा	बाँडफाँट भएको रोयल्टी रकम					
			नेपाल सरकार	प्रतिशत	प्रदेश सरकार	प्रतिशत	स्थानीय तह	प्रतिशत
१	पर्वतारोहण	४४,८२	३६,३८	८१.१८	४,२२	९.४१	४,२२	९.४१
२	विद्युत	२,८७,९५	१,४५,७३	५०.६२	७१,११	२४.६९	७१,११	२४.६९
३	वन	१,१९,५६	५९,७८	५०.००	२९,८९	२५	२९,८९	२५
४	खानी तथा खनिज	८५,०१	५२,१३	६१.३२	१६,४४	१९.३४	१६,४४	१९.३४
५	पानी तथा अन्य	५,७५	५,७५	१००	०	०	०	०
	जम्मा	**५,४३,०९**	**२,९९,७७**	**५५.१९**	**१,२१,६६**	**२२.४०**	**१,२१,६६**	**२२.४०**

संघीय विभाज्य कोषको ५ रोयल्टी शीर्षकमा २०७६।७७ मा रू.५ अर्ब ४३ करोड ९ लाख जम्मा भएकोमा नेपाल सरकारलाई रू.२ अर्ब ९९ करोड ७७ लाख (५५.१९ प्रतिशत), प्रदेश सरकारलाई र स्थानीय तह दुवैलाई समान रू.१ अर्ब २१ करोड ६६ लाख (२२.४० प्रतिशत) बाँडफाँट भई हस्तान्तरण भएको देखिन्छ । पर्वतारोहण, विद्युत र खानी तथा खनिज रोयल्टी शीर्षकमा आयोगको सिफारिसभन्दा फरक अनुपातमा बाँडफाँट भएको र पानी तथा अन्य रोयल्टी शीर्षकमा जम्मा भएको रोयल्टी शतप्रतिशत संघीय सञ्चित कोषमा जम्मा भएको छ । रोयल्टीसम्बन्धी अभिलेख तथा प्रतिवेदन प्रणालीमा सुधार गरी आयोगको सिफारिसबमोजिम प्राकृतिक स्रोतको बाँडफाँट तथा वितरण गर्ने व्यवस्था नेपाल सरकारले मिलाउनुपर्दछ ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा प्राकृतिक स्रोतको प्रयोगबाट प्राप्त हुने रोयल्टी रकम बाँडफाँट गर्ने व्यवस्था छ । देशभरका ६ हजार मिटरसम्मका २७ हिमचुली आरोहण गर्दा प्राप्त हुने रोयल्टी दस्तुर सङ्कलन तथा बाँडफाँट गर्ने कार्य नेपाल पर्वतारोहण संघबाट भई

२०७६।७७ मा सङ्कलित रकमको ५५ प्रतिशतले हुने रोयल्टी संघीय सञ्चितकोषमा र ४५ प्रतिशत पर्वतारोहण संघले राखेकोमा यस वर्ष रोयल्टीबापत सङ्कलित रू.२ करोड ३२ लाख ९२ हजारको ५० प्रतिशतले रू.१ करोड १६ लाख ४६ हजार नेपाल सरकारको कोषमा, ५ प्रतिशतले हुने रू.११ लाख ६५ हजार पर्वतीय प्रशिक्षण विकास समिति र बाँकी ४५ प्रतिशतले हुने रू.१ करोड ४ लाख ८१ हजार संघको आम्दानीमा देखाएको छ । यो वर्ष संघले बाँडफाँटको अनुपात परिवर्तन गरेकोमा नेपाल सरकारबाट स्वीकृति लिएको छैन । राष्ट्रिय प्राकृतिक स्रोतबाट रोयल्टी उठाउने अधिकार पर्वतारोहण संघलाई प्रदान गरी नेपाल सरकार र उक्त संघबीच रोयल्टी बाँडफाँट गर्ने प्रक्रिया कानूनसम्मत देखिँदैन। असुल भएको सबै रोयल्टी संघीय विभाज्य कोषमा दाखिला गरी आयोगको सिफारिसअनुसार नेपाल सरकारले बाँडफाँट गर्नुपर्दछ ।

५. **दूरसञ्चार क्षेत्रको रोयल्टी -** दूरसञ्चार ऐन, २०५३ को दफा ३२(२) र नियमावली, २०५४ को नियम २६ बमोजिम दूरसञ्चार सेवा प्रदायकले कुल आम्दानीको ४ प्रतिशतले हुने रोयल्टी नेपाल सरकारलाई बुझाउनुपर्ने व्यवस्था छ । नेपाल दूरसञ्चार प्राधिकरणबाट यो वर्ष रू.३ अर्ब ५७ करोड ७८ लाख नेपाल सरकारको सञ्चितकोषमा दाखिला भएको छ । उक्त दूरसञ्चार क्षेत्रको रोयल्टीसमेत अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम अन्य रोयल्टीअन्तर्गत पर्ने नपर्ने यकिन गर्नुपर्दछ ।

राष्ट्रिय महिला आयोग

नेपालको संविधानको धारा २५२ मा राष्ट्रिय महिला आयोगको व्यवस्था छ । आयोगमा अध्यक्ष र अन्य चारजना सदस्य रहने र संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले नियुक्ति गर्ने व्यवस्था छ। संविधानबमोजिम आयोगको काम, कर्तव्य र अधिकारहरूमा महिलाको हकहितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकारसमक्ष पेस गर्ने लगायत महिलाको हकहित, समानुपातिक सहभागिता, सशक्तीकरण आदि सुनिश्चित गर्ने विषयमा सिफारिस गर्ने उल्लेख छ ।आयोगमा विभिन्न सेवा, समूह र श्रेणीका ३८ कर्मचारीको दरबन्दी रहेकोमा ३३ पदपूर्ति भएको छ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रू.७ करोड २८ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
६,९०	-	७	३१	७,२८

२. **उजुरी तथा कारबाही -** राष्ट्रिय महिला आयोग ऐन, २०७४ को दफा ८ बमोजिम महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा कुनै व्यक्ति वा संस्थाले महिला अधिकारको प्रयोग गर्नबाट वञ्चित रहेको विषयमा पीडित व्यक्ति वा निजको तर्फबाट जो सुकैले आयोग समक्ष लिखित वा मौखिक उजुरी दिन सक्ने र त्यसरी प्राप्त उजुरी छानबिन गरी आवश्यक कारबाहीको लागि सिफारिस गर्ने उल्लेख छ । यो वर्ष आयोगको विद्युतीय घटना व्यवस्थापन प्रणालीमार्फत् १ हजार ५७० घटना दर्ता भएमध्ये १ हजार ३५२ घरेलु हिंसा तथा २१८ महिला विरुद्ध हुने हिंसाका घटना रहेका छन् । दर्ता भएका उजुरीमध्ये ९०० फर्स्यौंट भई ६७० बाँकी रहेका छन् । आयोगमा प्राप्त भएका उजुरी किनारा लगाउन सोसम्बन्धी कार्यविधिको तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

३. **कार्यक्रम सञ्चालन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १९(२) मा प्रत्येक केन्द्रीय निकायले आफूले सम्पादन गर्ने काम कारबाहीको प्रकृतिअनुसार अर्थ मन्त्रालयले तर्जुमा गरेको मापदण्डको प्रतिकूल नहुने गरी सो मन्त्रालयको सहमतिमा एकीकृत वा छुट्टाछुट्टै मापदण्ड बनाउन सक्ने व्यवस्था छ । आयोगले तालिम, गोष्ठी, सीप विकास तथा जनचेतना अभिवृद्धिलगायतका कार्यशालामा गत वर्ष रू.१ करोड २५ लाख ८५ हजार खर्च गरेकोमा यो वर्ष रू.४ करोड ५२ लाख २ हजार खर्च गरेको छ । आयोगको कार्य प्रकृतिअनुसारको खर्च मापदण्ड तर्जुमा गरी अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०७५ बमोजिम खर्च व्यवस्थापन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** आयोगको यो वर्ष रू.३ लाख ३७ हजार बेरुजू देखिएकोमा फर्स्यौंट नगरेकोले बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

महान्यायाधिवक्ताको कार्यालय

नेपालको संविधानको धारा १५७ मा नेपालमा एक महान्यायाधिवक्ता रहने र निजको नियुक्ति प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ । महान्यायाधिवक्ता नेपाल सरकारको मुख्य कानुनी सल्लाहकार हुने र निजले संवैधानिक तथा कानुनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनुपर्ने व्यवस्था छ । महान्यायाधिवक्ताको कार्यालय र मातहतसमेत ९७ कार्यालयमा १ हजार ४५७ कर्मचारीको दरबन्दी रहेको छ ।

१. **सरकारी कार्यालय -** कार्यालय र मातहतसमेत ९७ निकायको निम्नानुसार रू.१ अर्ब २ करोड ६८ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य	जम्मा
९७,६९	१८	३,४३	१,३८	१,०२,६८

२. **रिट र मुद्दा -** कार्यालय र मातहतका निकायमा गत वर्ष सम्म ५२ हजार ४५७ र यो वर्ष ४७ हजार ३२८ समेत ९९ हजार ७८५ रिट दर्ता भएको उल्लेख गरेकोमा ४१ हजार ६५० फर्स्यौंट भएका छन् । फर्स्यौंटमध्ये कार्यालयको दाबी ठहर ७०.२८ प्रतिशत रहेको छ । यस्तै कार्यालय र मातहतका निकायबाट नेपाल सरकार वादी र प्रतिवादी भई दायर भएका मुद्दा, गत वर्षसम्म ४४ हजार ७८७ र यो वर्षको ३८ हजार ८०८ समेत ८३ हजार ५९५ रहेकोमा ३५ हजार ३०४ फर्स्यौंट (४२.२३ प्रतिशत) भएका छन् । फर्स्यौंटमध्ये कार्यालयको माग दाबीअनुसार ७२.३४ प्रतिशत कसुर ठहर रहेको छ । फर्स्यौंट संख्या र माग दाबीबमोजिम सफलता प्रतिशत बढाउन प्रमाण सङ्कलन, अभियोजन, बहस, पैरवी र प्रतिरक्षा कार्यमा सुधार गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

- **बेरुजू स्थिति -** महान्यायधिवक्ताको कार्यालय र मातहतसमेत ५७ निकायको यो वर्ष रू.२ करोड ४८ लाख ८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.२ लाख ७४ हजार फर्स्यौंट भई रू.२ करोड ४५ लाख ३४ हजार बाँकी रहेको छ । सोमध्ये रू.४० हजार म्याद नाघेको पेश्की रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा संलग्न छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम कार्यालयको कार्यक्षेत्रमा मन्त्रालयहरूको गठन, विघटन तथा संगठन संरचना हेरफेर, नेपाल सरकारको कार्यसम्पादन नियमावली, विभिन्न मन्त्रालयको कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, सुपरिवेक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कन, मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन तथा सोको अनुगमन, विधेयक, अध्यादेश, नियम तथा आदेशको तर्जुमा, स्वीकृति, संघीय व्यवस्थापिकाको अधिवेशन आव्हान र अन्त्य, सुशासन तथा संघीय ढाँचाको प्रशासन पुनर्संरचना, सम्झौता वा सहमति कार्यान्वयनको अनुगमन, विपद् व्यवस्थापनको अद्यावधिक जानकारी, निर्देशनलगायतका कार्य रहेका छन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मातहत कार्यालय तथा अन्य संस्थासमेत १८६ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय** - प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मातहतसमेत १८३ निकायको निम्नानुसार रू.५९ अर्ब ६८ करोड ८८ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ:

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
५३,७३,९३	४०,४५	५,०७,७२	४६,७८	५९,६८८८

उल्लिखित लेखापरीक्षण रकममा अर्थ मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा विनियोजन भै यस कार्यालयबाट भएको खर्च रू.१ करोड ९३ लाख तथा मन्त्रालय मातहतका एक निकायको २०७६।७७ को बक्यौता लेखापरीक्षण रू.३ करोड ४ लाख समावेश छ ।

२. **अन्य संस्था -** यो वर्ष यस कार्यालय मातहत ३ अन्य संस्थाको रू.१ अर्ब ७० करोड ५७ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **परिपालना लेखापरीक्षण -** यो वर्ष सार्वजनिक खरिद कानूनको परिपालना विषयको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

४. **सूचना प्रविधि लेखापरीक्षण -** यो वर्ष विद्युतीय सरकारी खरिद (ई-जीपी) प्रणालीको विषयमा सूचना प्रविधि लेखापरीक्षण सम्पन्न गरिएको छ ।

५. **आयोजनाको अनुगमन -** बजेटमा उल्लेखनीय हिस्सा ओगट्ने तथा महत्व राख्ने र विषयगत नतिजा सूचक हासिल गर्न योगदान पुऱ्याउने विभिन्न आयोजनाको कार्यान्वयनमा सहजीकरण गर्ने उद्देश्यले यो वर्ष राष्ट्रिय गौरवका २४, रुपान्तरणकारी १८ र अन्य राष्ट्रिय महत्वका २५ समेत ६७ आयोजना अनुगमनका लागि छनोट गरेको देखिन्छ । आयोजनालाई अनलाइन सूचना प्रणालीमा आबद्ध गरिएको र छनोट भएका योजनामा आर्थिक क्षेत्रका १२, सामाजिक क्षेत्रका ९, पूर्वाधार क्षेत्रका ४३ र शासकीय सुधारतर्फ ३ रहेका छन् । यसप्रकारका आयोजनाले राष्ट्रिय पुँजीगत बजेटको ४८.८४ प्रतिशत हिस्सा ओगटेका छन् । उल्लिखित आयोजनाहरूमध्ये ८ महिनाको अवधिमा ५४ आयोजना अनुगमन प्रणालीमा आबद्ध भएको देखिन्छ भने १३ आयोजना प्रणालीमा आबद्ध भएको देखिएन । प्रणालीमा आबद्ध भएका ५४ आयोजनामध्ये २०७८ आषाढमा जम्मा २९ आयोजनाको मात्र उक्त प्रणालीबाट प्रगति प्राप्त भएको

देखियो ।उल्लिखित आयोजनामध्ये ८० प्रतिशतभन्दा माथि प्रगति गर्ने १३, ५० देखि ८० प्रतिशत प्रगति गर्ने १०, ५० प्रतिशतभन्दा कम प्रगति गर्ने ६ आयोजना देखिन्छ । समग्रमा अनुगमनका लागि छनोट गरिएका आयोजनाहरूको प्रगति सन्तोषजनक देखिएको छैन । कार्ययोजनाअनुसार समयमै सबै क्रियाकलाप सम्पन्न गर्न आयोजना सक्रिय हुनुपर्ने तथा अनुगमन गर्ने निकायले प्रभावकारी अनुगमन प्रणाली विकास गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

६. **वार्षिक नीति तथा कार्यक्रम -** कार्यालयले तयार गरेको एकीकृत अनुगमन प्रणालीबाट २०७७।७८ मा सञ्चालित नीति तथा प्रमुख कार्यक्रमको मूल्याङ्कन गरेको छ । मूल्याङ्कन गर्दा क्षेत्रगत मन्त्रालयका क्रियाकलाप र माइलस्टोनलाई आधार लिएको छ । सो आधारमा मूल्याङ्कन गर्दा क्षेत्रगत मन्त्रालयहरूबाट आषाढ मसान्तसम्मको अवस्था देहायअनुसार छः

क्षेत्र	सम्बन्धित मन्त्रालय	क्रियाकलाप(संख्या)				माइलस्टोन			
		सम्पादन गर्नुपर्ने	सम्पन्न	चालु	शुरु नभएका	सम्पादन गर्नुपर्ने	सम्पन्न	चालु	शुरु नभएका
आर्थिक क्षेत्र	अर्थ कृषि, उद्योग, भूमि व्यवस्था	४६१	३०८	१४७	६	७६९	५६४	१८०	२५
पूर्वाधार क्षेत्र	भौतिक पूर्वाधार, ऊर्जा, शहरी विकास, खानेपानी, सञ्चार, पुनर्निर्माण	२८२	५५	२२६	१	६६०	२३३	४००	२७
सामाजिक क्षेत्र	शिक्षा, स्वास्थ्य, महिला, युवा, श्रम	१७०	९१	७८	१	३१६	१९८	१०६	१२
शासकीय सुधार क्षेत्र	प्रधानमन्त्री कार्यालय, गृह, रक्षा, संघीय मामिला, कानुन, परराष्ट्र	२००	१२५	७१	४	३५५	२५०	९५	१०
जम्मा		**१११३**	**५७९**	**५२२**	**१२**	**२१००**	**१२४५**	**७८१**	**७४**

उल्लिखित १ हजार ११३ क्रियाकलाप मध्ये ५७९ अर्थात् ५२.०२ प्रतिशत क्रियाकलाप मात्र सम्पन्न भएका छन् भने २ हजार १०० माइलस्टोनमध्ये १ हजार २४५ अर्थात् ५९.२९ प्रतिशत माइलस्टोन मन्त्रालयहरूले पूरा गरेको देखिन्छ । क्षेत्रगत रूपमा विश्लेषण गर्दा पूर्वाधार क्षेत्रका क्रियाकलापहरू १९.५ प्रतिशत मात्र सम्पन्न भएका छन् । सबैभन्दा घटी क्रियाकलापहरू सम्पन्न गर्ने मन्त्रालयहरूमा शहरी विकासको १३.३ प्रतिशत र खानेपानीको १३.६ प्रतिशत रहेको छ । निर्धारित नीति तथा कार्यक्रमबमोजिम क्रियाकलाप समयमा सम्पादन हुन नसक्दा विनियोजित बजेट खर्च हुन नसकेको, लक्षित वर्गले सेवा प्राप्त गर्न नसकेको, सामाजिक, आर्थिक, पूर्वाधार र शासकीय सुधारका सूचकाङ्कहरू प्राप्त हुन नसकेको र दिगो विकासका लक्ष्य प्राप्त गर्न कठिनाइ हुने भएकाले क्षेत्रगत रूपमा सम्पादन गर्नुपर्ने क्रियाकलाप र माइलस्टोन तोकिएको समयमा नै सम्बन्धित मन्त्रालयहरूले कार्यान्वयन गर्ने एवं अनुगमन व्यवस्थालाई प्रभावकारी रूपमा लागू गर्नुपर्ने देखिन्छ।

७. **निर्णय कार्यान्वयनको अनुगमन -** नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ को अनुसूची २(४) मा नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन गर्ने अधिकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई तोकिएको छ । यो वर्ष नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन अवस्थाको अनलाइन अनुगमन गर्न मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन अनुगमन प्रणाली सफ्टवेयर तयार भएको देखिन्छ । उपलब्ध विवरणअनुसार २०७७।७८ मा ८५ पटक मन्त्रिपरिषद्को बैठक बसी १ हजार ३५० निर्णय भएका मध्ये ४९४ निर्णयमात्र उक्त प्रणालीमा प्रविष्ट गरेको देखिन्छ ।

मन्त्रिपरिषद्का सबै निर्णय सफ्टवेयरमा प्रविष्टि गरी कार्यान्वयन अवस्थाको प्रभावकारी अनुगमन हुनुपर्दछ।

८. **हेलो सरकार -** विविध विषयमा सर्वसाधारणको गुनासो सम्बोधन गर्ने प्रयोजनका लागि २०६८।६९ मा स्थापित हेलो सरकारमा २०७७।७८ मा विभिन्न माध्यमबाट प्राप्त ७ हजार ६८३ गुनासो सम्बन्धमा आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा पठाएकोमा ५ हजार १८० (६७.४२ प्रतिशत) फर्स्यौंट भई २ हजार ५०३ फर्स्यौंट हुन बाँकी रहेको देखियो । प्राप्त भएका सबै गुनासो समयमै फर्स्यौंट गर्नुपर्ने देखिन्छ ।

९. **कोष व्यवस्थापन -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २२ मा विपद् व्यवस्थापन कोष र दफा २३ मा अन्य कोष सम्बन्धी व्यवस्था छ । प्रधानमन्त्री दैवी प्रकोप सहायता कोष सञ्चालन नियमावली, २०६३ तथा प्रधानमन्त्री सहायता कोष नियमावली, २०५९ अन्तर्गत स्थापना भएका कोषमा गत वर्षको मौज्दात समेत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रू.४ अर्ब ५ करोड ९१ लाख २१ हजार र प्रधानमन्त्री राहत कोषमा रू.१० करोड ९३ लाख ६ हजारसमेत रू.४ अर्ब १६ करोड ८४ लाख २७ हजार विगत वर्षदेखि खर्च नभै जिम्मेवारी सर्दै आएको देखिन्छ । विपद् व्यवस्थापनसँग सम्बन्धित सबै कोषहरूलाई एकीकृत गरी उद्देश्यअनुरूप मौज्दात रकमको उपयोग तथा व्यवस्थापन गर्नुपर्दछ।

१०. **मातहत निकायको कार्यसम्पादन -** कार्यालयअन्तर्गत नियमनकारी निकायको रूपमा कर तथा गैरकर राजस्व चुहावट र आर्थिक अपराधको अनुसन्धान तथा नियन्त्रण गर्न राजस्वअनुसन्धान विभाग, अपराधजन्य कार्यबाट प्राप्त सम्पत्ति तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी गर्ने कार्यलाई निवारण गर्न सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र भ्रष्टाचार नियन्त्रणको लागि निरोधात्मक र प्रवर्द्धनात्मक कार्य गर्न राष्ट्रिय सर्तकता केन्द्र स्थापना भै कार्यसम्पादन गर्दै आएका छन् । ती निकायको जनशक्ति एवं उजुरी व्यवस्थापनतर्फ यस वर्षको कार्यसम्पादन स्थिति देहायअनुसार छः

क्र.सं.	निकाय	जनशक्ति	विगतबाट जिम्मेवारी सरेका उजुरी	यस वर्ष प्राप्त उजुरी	फर्स्यौंट	फर्स्यौंट हुन बाँकी उजुरी
१	राष्ट्रिय सतर्कता केन्द्र	१४८	३२४	५२०	५९४	२५०
२	राजस्व अनुसन्धान विभाग	१३५	५६१	१०३४	१४०५	१९०
३	सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग	८२	१७	२५०	२२५	४२

जिम्मेवार निकायहरूले समयमै मुद्दा दायर एवं उजुरी फर्स्यौंट गरी राजस्व चुहावट, भ्रष्टाचार नियन्त्रण एवं सुशासन प्रवर्द्धनको कार्यमा प्रभावकारिता ल्याउनुपर्दछ ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

विनाशकारी भूकम्प र तत्पश्चातका पराकम्पका कारण क्षतिग्रस्त संरचनाको दिगो र योजनाबद्ध रूपमा निर्माणकार्य सम्पन्न गरी तथा भूकम्पबाट विस्थापित भएका व्यक्ति र परिवारको पुनर्वास तथा स्थानान्तरण गरी राष्ट्रियहित प्रवर्द्धन तथा सामाजिक न्याय प्रदान गर्ने उद्देश्यले प्राधिकरणको स्थापना भएको हो । भूकम्पबाट अति प्रभावित १४ र कम प्रभावित १७ समेत ३१ जिल्ला यसको कार्यक्षेत्र रहेको छ । प्राधिकरणले २०७६।९।२८

मा विपद् पश्चातको पुनर्निर्माण तथा पुनः लाभ कार्यढाँचा तयार गरी पुनर्निर्माण कार्यको संशोधित लागत अनुमान रू.४ खर्ब ६९ अर्ब ९३ करोड ५३ लाख कायम गरेकोमा प्राधिकरण र अन्तर्गतका कार्यालयबाट यो वर्ष रू.५२ अर्ब ९७ करोड ७२ लाखसमेत यस वर्षसम्म रू.३ खर्ब ७१ अर्ब ५३ करोड ६७ लाख खर्च भएको छ ।

११. **लेखापरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै प्रकारका आय व्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । प्राविधिक तथा अन्य सहायता विवरणअनुसार पुनर्निर्माण कार्यअन्तर्गत रू.३ अर्ब ४२ करोड ७९ लाख २५ हजार अनुमानमध्ये यो वर्ष रू.१ अर्ब ३२ करोड ४१ लाख ७६ हजार प्राविधिक सहायता प्राप्त हुने उल्लेख गरेकोमा प्राप्त सहायताको लेखापरीक्षण गराएको छैन । ऐनको व्यवस्थाअनुसार सबै प्रकारका आय व्यय तथा कारोबारको लेखापरीक्षण गराउनुपर्दछ ।

१२. **अनुदान विवरण -** भूकम्प प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ को अनुसूची-१ मा भूकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माण एवं प्रबलीकरण अनुदानका लागि लाभग्राही छनौट मापदण्डको व्यवस्था छ । निजी आवास पुनर्निर्माणतर्फ प्राधिकरणबाट सङ्कलित लगतअनुसार कुल लाभग्राही संख्या ८ लाख ६६ हजार २०७ रहेकोमा अनुदान सम्झौता गर्ने ८ लाख २९ हजार ६६७ मध्ये पहिलो किस्ता ८ लाख २८ हजार ७६३ र दोस्रो किस्ता ७ लाख ५० हजार ४५९ ले भुक्तानी लिएको उल्लेख छ । पहिलो किस्ता भुक्तानी लिने ७८ हजार ३०४ लाभग्राहीले रू.३ अर्ब ९१ करोड ५२ लाख भुक्तानी लिई दोस्रो तथा अन्तिम किस्ता नलिएको र ४७ हजार १५२ लाभग्राहीले दोस्रो किस्ता रू.९ अर्ब ४३ करोड ४ लाख लिई अन्तिम किस्ता लिएका छैनन् ।

प्रबलीकरण तर्फ ४७ हजार ८२७ लाभग्राही रहेकोमा ३५ हजार २२२ सँग अनुदान सम्झौता भएको र पहिलो किस्ता ३५ हजार २७ जनालाई भुक्तानी भएको देखिन्छ । दोस्रो तथा अन्तिम किस्ता २ हजार ३५ लाई मात्र भुक्तानी गरेको विवरण प्राप्त भएकोले पहिलो किस्ता भुक्तानी लिई निर्माण कार्य शुरु नगर्ने ३२ हजार ९९२ लाई प्रति लाभग्राही रू.५० हजारले रू.१ अर्ब ६४ करोड ९६ लाख अनुदानको निर्माण कार्य भएको छैन । दोस्रो र तेस्रो किस्ता रकम लिने लाभग्राहीको संख्या पहिलो किस्ता लिनेको भन्दा कम भएको सन्दर्भमा अनुगमन तथा मूल्याङ्कन गरी घर निर्माण सम्पन्न बेगर उपर्युक्तबमोजिम कुल रू.१४ अर्ब ९९ करोड ५२ लाख सम्बन्धित लाभग्राहीबाट यकिन गरी असुल हुनुपर्ने देखिएको छ ।

१२.१. पहिलो किस्ता बापतको शुरुमा दिइएको रकम लामो समयसम्म डमी खाताको रूपमा मौज्दात रहेकोमा लाभग्राहीहरूको खाता अद्यावधिक नगरेसम्म निष्क्रिय रहने देखिन्छ । पहिलो किस्ता लाभग्राहीहरूका बैङ्क खातामा भुक्तानी भई खाता अद्यावधिक नगरेको कारण निष्क्रिय रहेको रकम यकिन गरी असुल हुनुपर्ने देखिएको छ ।

१२.२. राष्ट्रिय पुनर्निर्माण प्राधिकरण निर्देशक समितिको २०७८।९।७ को निर्णयले निजी आवास पुनर्निर्माणसँग सम्बन्धित कार्यहरू २०७८।१२।२६ गते सम्म सम्पन्न गर्नेगरी शहरी विकास मन्त्रालयअन्तर्गतको शहरी विकास तथा भवन निर्माण विभागमा हस्तान्तरण गरेको छ । लाभग्राहीहरूलाई अन्तिम किस्ता भुक्तानी गर्ने म्याद २०७८।१२।२६ सम्म थप भएको र तत्पश्चात् पहिलो किस्ता लिएर बाँकी

नलिएको तथा दोस्रो किस्ता लिएर कार्य सम्पन्न नगरेको अवस्थामा सम्वद्ध निकायले यकिन गरी अनुदान रकम असुलउपर गर्नुपर्ने देखिएको छ ।

१३. **कार्यक्रम अनुगमन -** पुनर्निर्माण र पुनर्स्थापनाको लागि गैरसरकारी संस्था परिचालनसम्बन्धी कार्यविधि, २०७२ मा प्राधिकरणले गैरसरकारी संस्थासँग सम्झौता गरी तोकिएको क्षेत्र र स्थानमा पुनर्निर्माण तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था छ । यो वर्षसम्म पुनर्निर्माणसम्बन्धी ४४५ परियोजना सञ्चालन गर्न २६० संस्थाले अनुमति पाएको देखिन्छ । प्राधिकरणले गैर सरकारी संस्थामार्फत अनुदान प्राप्ति र उपलब्धिको अद्यावधिक अभिलेख नराखेकोले अभिलेख राखी त्यस्ता गैरसरकारी संस्थाबाट सञ्चालित कार्यक्रमको अनुगमन गर्नुपर्दछ ।

१४. **सहायताको प्रतिवद्धता र प्राप्ति -** नेपाल सरकारले आयोजना गरेको नेपालको पुनर्निर्माणसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन, २०७२ मा ३६ राष्ट्र तथा २४ दातृ निकाय सहभागी भई रू.४ खर्ब १० अर्बको प्रतिबद्धता जनाएको मध्ये रू.३ खर्ब ८८ अर्बको अनुदान सम्झौता भई २०७७।७८ सम्म रू.१ खर्ब ५४ अर्ब ७३ करोड प्राप्त भएको छ । दातृ निकायसँग समन्वय गरी प्रतिबद्धता जनाएको सहायता प्राप्त गर्न पहल गर्नुपर्दछ ।

१५. **लक्ष्य प्रगति -** भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणसम्बन्धी ऐन, २०७२ मा प्राधिकरणको कार्य अवधि ५ वर्ष तोकिएको छ । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको वार्षिक प्रतिवेदन २०७७।७८ अनुसार पुनर्निर्माणको प्रगति स्थिति निम्नानुसार छः

क्र.सं.	विवरण	एकाई	पुनर्निर्माण गर्नुपर्ने संख्या	पुनर्निर्माण सम्पन्न संख्या	सम्पन्न प्रतिशत
१	निजी आवास	संख्या	८६६२०७	६१५४९३	७१.०६
२	निजी आवास प्रबलीकरण	संख्या	४७८२७	२०३५	४.२५
३	एकीकृत बस्ती विकास	संख्या	१०६	६२	५८.४९
३	स्वास्थ्य संस्था	संख्या	११६४	७५१	६४.५२
४	सामुदायिक विद्यालय	संख्या	७५८३	६६४७	८७.६६
५	पुरातात्विक तथा सांस्कृतिक सम्पदा	संख्या	९२०	५८६	६३.७०
६	सरकारी भवन	संख्या	४१४	३८८	९३.७२
७	सुरक्षा निकायका भवन	संख्या	२१६	२१६	१००
८	सडक पुल	वटा	१५	९	६०
९	सडक	कि.मी.	७६४	६५७	८५.९९
१०	विश्वविद्यालय एवं कलेज भवन	संख्या	७०	१०	१४.२९

प्राधिकरणले स्वीकृत गरेको पञ्चवर्षीय योजना तथा पुनर्निर्माणसम्बन्धी खाकामा उल्लिखित २१ क्षेत्रमध्ये व्यापार र उद्योग, सञ्चार, पोषण, विपद् जोखिम न्यूनीकरण, वित्तीय क्षेत्र, विद्युत र नवीकरणीय ऊर्जा, पर्यटन, कृषि, पशु विकास र सिँचाइ, सामाजिक संरक्षण, शासकीय व्यवस्था, लैंगिक समानता र समावेशीकरण, वातावरण र वन तथा रोजगारी र जीवनस्तरका क्षेत्रसमेत १० क्षेत्रमा भएका प्रगतिको विवरण तयार गरेको पाइएन । सम्पूर्ण कार्यक्रम ५ वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखेकोमा सो अवधि व्यतीत भैसक्दा निजी आवास प्रबलीकरण, विश्वविद्यालय एवं कलेज भवन, एकीकृत बस्ती विकास लगायतका निर्माण कार्यमा ६० प्रतिशतभन्दा न्यून प्रगति हासिल भएको र अधिकांश पूर्वाधार निर्माण कार्य सम्पन्न

नभएकोले प्रभावित व्यक्ति तथा संस्थाले आवासलगायतका सुविधा प्राप्त गर्न सकेको देखिएन । बाँकी कार्यहरू हस्तान्तरित कार्यालयहरूबाट सम्पन्न गर्नुपर्दछ ।

१६. **निजी आवास प्रबलीकरण -** भूकम्प प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ बुँदा ३ को अनुसूची १ मा भूकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माण एवं प्रबलीकरण अनुदानका लागि लाभग्राही छनौट गर्न मापदण्डसम्बन्धी व्यवस्था छ ।मापदण्डअनुसार भूकम्पबाट आंशिक रूपमा क्षति भएका निजी आवास प्रबलीकरण गर्नुपूर्व रू.५० हजार र प्रबलीकरण कार्य सम्पन्न गरेपछि रू.५० हजारसमेत रू.१ लाख अनुदान दिने व्यवस्था छ । हालसम्म निजी आवास प्रबलीकरण अनुदान प्राप्त गर्ने ४७ हजार ८२७ लाभग्राहीसँग सम्झौता भएको छ । गत वर्षसम्म भएका सम्झौतामध्ये ५४ हजार ४०९ लाभग्राहीलाई पहिलो किस्ता रू.२ अर्ब ७२ करोड ४ लाख ५० हजार भुक्तानी भएको छ । पहिलो किस्ता भुक्तानी भएकालाई प्रबलीकरण सूचीबाट पुनर्निर्माण सूचीमा परिवर्तन गर्न सक्ने व्यवस्था बमोजिम यस वर्ष गत वर्षभन्दा १९ हजार ३८२ प्रबलीकरण लाभग्राही कम गरी ३५ हजार २७ लाई प्रथम किस्ता भुक्तानी गरेको विवरण पेस गरेको छ ।

१७. **जग्गा खरिद अनुदान -** भूकम्प पीडितलाई बसोबासयोग्य जग्गा खरिदसम्बन्धी मापदण्ड, २०७४ मा अनुदान लाभग्राहीको सूचीमा सूचीकृत व्यक्तिको आफ्नो वा एकासगोलको परिवारको नाममा नेपाल राज्यभर कुनै बसोबासयोग्य जग्गा नभएमा प्राधिकरणले जग्गा खरिद गर्न रू.२ लाख उपलब्ध गराउने र खरिद भएको जग्गामा तीन महिनाभित्र घर निर्माण गरिसक्नुपर्ने व्यवस्था छ । यो वर्षसम्म २ हजार ७५६ जनाले सुरक्षित स्थानमा जग्गा खरिद गर्न अनुदान प्राप्त गरेका छन् । विभिन्न जिल्लाका २१३ लाभग्राहीले जग्गा खरिद गर्न अनुदान प्राप्त गरे तापनि जग्गा खरिद र घर निर्माण शुरु गरेको सम्बन्धमा सुनिश्चित गरेको छैन । प्राधिकरणले अनुगमन गरी मापदण्डअनुसार घर निर्माण गराउन ध्यान दिनुपर्ने देखिन्छ ।

१८. **बस्ती स्थानान्तरण -** जोखिमयुक्त बस्ती स्थानान्तरण तथा पुनर्स्थापनासम्बन्धी कार्यविधि, २०७३ को बुँदा ४ मा जोखिमयुक्त बस्तीका लाभग्राहीहरू मध्येबाट कम्तीमा दश परिवार समावेश भई उपभोक्ता समिति गठन गरी सो समितिले छनौट गरेको सुरक्षित स्थानमा एकीकृत बस्ती विकास गरी बस्ती स्थानान्तरण गर्न प्रोत्साहन गर्ने व्यवस्था छ । हालसम्म १ हजार १०२ बस्तीको भौगर्भिक अध्ययन सम्पन्न भएको मध्ये २९९ बस्ती स्थानान्तरण गर्नुपर्ने, ३४० बस्तीमा सुरक्षाका उपायहरू अवलम्बन गर्नुपर्ने र ४६३ बस्ती सुरक्षित रहेको विवरण पेस गरेको छ । यस वर्ष १८७ जनाले सुरक्षित स्थानमा घर बनाउन आफैं जग्गा खरिद गरेका छन् । जोखिमयुक्त बस्तीको समयमै व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

१९. **ग्रामीण सडक -** एसियाली विकास बैङ्कको आर्थिक सहयोग अमेरिकी डलर ४५.३२ मिलियन र स्वीस सरकारको प्राविधिक सहयोगमा भूकम्प प्रभावित १२ जिल्लाका ७७ ग्रामीण सडकको स्तरोन्नतिका लागि १ हजार २३ किलोमिटरको विस्तृत परियोजना प्रतिवेदन तयार भएको मध्ये ७६४ कि.मि.को पुनर्निमाण कार्य शुरु गरेकोमा ६५७ किलोमिटर सडक निर्माणकार्य सम्पन्न भएको छ । अन्य सडकहरूको निर्माण प्रगति सन्तोषजनक नदेखिएकोले निर्माण कार्यमा तीव्रता दिनुपर्दछ।

२०. **निर्माण स्थल -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा निर्माण स्थलको व्यवस्थापन नभई निर्माण कार्यको लागि खरिद प्रक्रिया अगाडि बढाउन नहुने उल्लेख छ । जिल्ला आयोजना कार्यान्वयन एकाई (भवन), ललितपुरले आश्राङ्ग स्वास्थ्य चौकी निर्माण कार्यको लागि एक निर्माण

व्यवसायीसँग रू.२ करोड २७ लाखमा २०७७।३।२८ मा सम्झौता गरेको देखिन्छ । सम्झौता अनुसार १८ महिना भित्र निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा निर्माण स्थलमा जग्गाको स्वामित्त्व सम्बन्धी विवादका कारण निर्माण कार्य शुरु भएको छैन । त्यसैगरी विशंखुनारायण आयुर्वेद औषधालय, ललितपुरको भवन निर्माणस्थल परिवर्तन भई नक्सा संशोधन गर्नु परेको कारणबाट निर्माण कार्य प्रारम्भ भएको देखिएन । यस सम्बन्धमा गत वर्षको प्रतिवेदनमा समेत औंल्याइएकोमा स्थिति यथावत् रहेको छ । निर्माण कार्यमा ढिलाइका कारण स्वास्थ्य सेवाग्राहीलाई असर परेको छ । निर्माणस्थल यकिन गरेर मात्र ठेक्का बन्दोबस्त गर्नुपर्दछ ।

२१. **धरहरा पुनर्निर्माण -** धरहरा पुनः निर्माण कार्यको लागि रू.४ अर्ब ४० करोड ६८ लाख ४४ हजार को लागत अनुमान स्वीकृत गरी रू.३ अर्ब ४८ करोड १६ लाख ९१ हजार कबोल गर्ने एक निर्माण व्यवसायीसँग २०७७।६।१४ सम्म सम्पन्न गर्न २०७५।६।१४ मा सम्झौता भएको देखिन्छ । यो वर्ष २० औं रनिङ बिलसम्म रू.१ अर्ब ७४ करोड ८७ लाख ७२ हजार र मोबिलाइजेसन पेश्की रू.६१ करोड १७ लाख ४८ हजार तथा मूल्य वृद्धिबापत रू.७ करोड ५२ लाख ३९ हजार भुक्तानी भएकोमा यो वर्षसम्म भौतिक प्रगति ५०.२२ प्रतिशत रहेको देखिन्छ। धरहराको मुख्य भाग समुद्घाटन भैसके तापनि धरहरासँगै निर्माण हुने पार्किङ स्थल, मनोरञ्जन स्थल, भूकम्प संग्रहालय, बगैंचा तथा शौन्दर्यीकरण लगायतका निर्माण कार्यमा अपेक्षाकृत प्रगति भएको छैन ।

२२. **लागत वृद्धि -** प्राधिकरणले धरहरा पुनर्निर्माणको निर्माण कार्य रेखदेख तथा सुपरीवेक्षण गर्न एक परामर्शदातासँग प्राविधिक तथा आर्थिक प्रस्ताव लिई गुणस्तर र लागत विधिबाट मूल्याङ्कन गरी रू.२ करोड ७८ लाख २० हजार मा खरिद सम्झौता भएकोमा उक्त परामर्शदातालाई रू.१ करोड ५६ लाख ९३ हजार भुक्तानी गरेको छ । निर्माण कार्य समयमा सम्पन्न नभएको कारण परामर्शदाताको म्याद २०७७।१०।७ सम्म रहेकोमा म्याद थप भै २०७८।९।१० सम्म कायम गरेको देखिन्छ । निर्माण कार्यमा प्रगति हुन नसक्दा सुपरिवेक्षणसँग सम्बन्धित परामर्श लागत अझै बढ्न जाने देखिन्छ । अतः समयमै निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

२३. **बढी भुक्तानी -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा खरिद सम्झौता प्राप्त गर्ने व्यक्तिको ढिलाइको कारणबाट सम्झौताबमोजिमको काम सो सम्झौतामा उल्लिखित अवधिभित्र सम्पन्न नभई बढी समय लागेमा मूल्य वृद्धि भुक्तानी नहुने उल्लेख छ । मन्त्रिपरिषद्को २०७७।१०।११ को निर्णयमा समेत म्याद थप भएबापत नेपाल सरकारलाई म्याद थप भएको अवधिमा कुनै आर्थिक व्ययभार नहुने उल्लेख छ । सोही आधारमा पुर्निर्माण प्राधिकरणले धरहरा निर्माणमा २०७७।६।२० देखि २०७८।९।१५ सम्म पटक पटक म्याद थप गरेको छ । निर्माण व्यवसायीलाई १७ औं रनिङ बिलदेखि २० औं रनिङसम्म बढी मूल्य सूचकाङ्क प्रयोग गरी मूल्यवृद्धि फ्याक्टर १.०६०९ अनुसार विल रकमको मूल्य वृद्धि भुक्तानी खर्च लेख्नुपर्नेमा फरक फ्याक्टर प्रयोग गरी भुक्तानी गरेकोले बढी भुक्तानी रू.३१ लाख ६० हजार र सोको मूल्य अभिवृद्धि कर रू.४ लाख ११ हजारसमेत रू.३५ लाख ७० हजार असुल गर्नुपर्दछ ।

२४. **गैरसरकारी संस्था अनुगमन -** पुनर्निर्माण र पुनर्स्थापनाको लागि गैरसरकारी संस्था परिचालन सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७२ को बुँदा ७(१३) मा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको शिरोभार खर्च, जनशक्ति व्यवस्थापन तथा सञ्चालन खर्च कुल परियोजना लागतको २० प्रतिशत भन्दा

बढी हुन नहुने व्यवस्था छ । त्यसैगरी बुँदा ७(८) मा साझेदार संस्थाहरूले गरेको सम्पूर्ण खर्चको हिसाब किताबको लेखापरीक्षण दर्तावाल लेखापरीक्षकबाट गराउनुपर्ने साथै लाभान्वित समूह र सरोकारवालाहरूका बीचमा सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गराई सोको जानकारी प्राधिकरणलाईसमेत गराउनुपर्ने व्यवस्था छ । प्राधिकरणले २६० भन्दा बढी गैरसरकारी संस्थासँग रू.९१ अर्ब ५४ करोड ४९ लाखमा निजी आवास, स्वास्थ्य संस्थाका भवनहरू र विद्यालयहरूको पुनर्निर्माण, सम्पदा पुनर्निर्माण जीविकोपार्जनलगायतका क्रियाकलाप सम्पन्न गर्न सम्झौता गरेकोमा प्राधिकरण तथा सो मातहतका इकाईहरूमा गैरसरकारी संस्थाहरूले लेखापरीक्षण गराएको प्रतिवेदन एवं खर्चसम्बन्धी विवरण पेस गरेको देखिएन। कार्यविधिका शर्तहरूअनुसार कार्य गराई गैरसरकारी संस्थाबाट भएको खर्च तथा सोको उपलब्धिको सुनिश्चितता गर्नुपर्ने देखिन्छ ।

२५. **उपभोक्ता समितिबाट निर्माण -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा, रोजगारी सिर्जना गर्ने, लाभग्राही सहभागी गराउने भएमा रू.१ करोडसम्मको लागत अनुमान भएको कार्य उपभोक्ता समितिबाट गराउन सकिने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) अनुसार निर्माण कार्य सम्पन्न भएपछि सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन) ले २०७७।७८ मा ४ योजनामा उपभोक्ता समितिमार्फत रू.४ करोड ६ लाख ८९ हजारको सम्झौता गरी निर्माण कार्य गराएकोमा ३ योजनाको निर्माण कार्य सम्पन्न नभएको अवस्थामा कार्य स्वीकार प्रतिवेदन तयार गरी रू.१ करोड ३९ लाख २७ हजार भुक्तानी गरेको देखिन्छ । निर्माणकार्य अधुरो अवस्थामै कार्यस्वीकार गर्ने पदाधिकारीलाई जिम्मेवार गराई यस्तो परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२६. **भेरिएसन आदेश -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ बमोजिम खरिद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा भेरिएसन गर्दा प्राविधिक पुष्ट्याइँसहित पेस गर्नुपर्ने व्यवस्था छ । अधिकांश खरिद सम्झौतामा परामर्शदाताले सिफारिस गरेको कामको परिमाणमा थप/घट भई आयोजनाबाट भेरिएसन आदेश जारी गर्नु परेको अवस्थाले गर्नुपर्ने कार्यको विवरण र लागत अनुमानको विश्वसनीयता यकिन गर्न सकिएन । केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) अन्तर्गत परामर्शदाताले पेस गरेको विस्तृत आयोजना प्रतिवेदनमा उल्लेख गरेको परिमाणको विद्यालय भवन निर्माण कार्य गर्दा अधिकांश निर्माण कार्यमा भेरीएशन आदेश जारी रू.४२ करोड ४१ लाख ७८ हजार थप भुक्तानी भएकोले लागत अनुमान विश्वसनीय देखिएन ।

यसैगरी आयोजनाबाट प्राप्त विभिन्न सरकारी भवनको पुनर्निर्माण कार्यका ३४ ठेक्का कार्य मध्ये १४ ठेक्कामा ६.१५ प्रतिशत देखि २४.९४ प्रतिशतसम्म भेरिएसन भई मूल्य अभिवृद्धि कर समेत रू.३२ करोड ६१ लाख ९३ हजार लागत बढ्न गएको देखिन्छ । यथार्थ कार्य विवरण र लागत अनुमान तयार नगर्ने व्यक्तिलाई जिम्मेवार बनाउनुपर्दछ ।

२७. **वित्तीय प्रगति -** केन्द्रीय आयोजना कार्यान्वयन इकाई, पुनर्निर्माण (भवन) तर्फ एक्जिम बैङ्क भारतको सोझै भुक्तानी हुने ऋण रू.१ अर्ब २४ करोड ५० लाख बजेट व्यवस्था भएकोमा निकासा तथा खर्च भएको छैन । साउदी कोष शोधभर्ना हुने ऋणतर्फ रू.३३ करोड ७८ लाख ७५ हजार बजेट व्यवस्था भएकोमा रू.५ करोड ५१ लाख ६२ हजार निकासा तथा खर्च भै १६.३२ प्रतिशत प्रगति भएको, भारत

सरकार शोधभर्ना हुने अनुदानतर्फ रू.१ अर्ब ५२ करोड २ लाख २५ हजार बजेट व्यवस्था भएकोमा रू.९ करोड ५० लाख २६ हजार निकासा तथा खर्च भै ६.२५ प्रतिशत, जाईका जापान सोझै भुक्तानी ऋणतर्फ रू.५ करोड बजेट व्यवस्था भएकोमा रू.२ करोड ५९ लाख ५१ हजार खर्च भै ५१.९० प्रतिशत र आई.डी.ए.तर्फ शोधभर्ना हुने ऋण रू.५ करोड ३५ लाख बजेट व्यवस्था भएकोमा रू.१ करोड ८७ लाख ३० हजार खर्च भै ३५ प्रतिशत वित्तीय प्रगति भएको देखिन्छ । वैदेशिक स्रोततर्फको रकम बजेटमा व्यवस्था गरेअनुसार प्राप्त भएको देखिएन ।

२८. **परामर्श सेवा** - अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ अनुसार उपलब्ध र सम्भव भएसम्म नेपाली नागरिक वा संस्थालाई प्राथमिकता दिनुपर्ने र प्रविधि तथा ज्ञानको हस्तान्तरण गर्ने र राष्ट्रियस्तरमा उपलब्ध नभएको विज्ञताका लागि मात्र अन्तर्राष्ट्रिय परामर्शदाता परिचालन गर्ने व्यहोरा उल्लेख छ । भूकम्प प्रभावित ललितपुर, धादिङ, रसुवा, नुवाकोट, गोरखा र मकवानपुर जिल्लामा निर्माण हुने विद्यालय भवनको डिजाइन तथा निर्माण सुपरभिजन कार्यको परामर्श सेवा लिन नेपाल सरकार र जाईकाबीच २१ डिसेम्बर २०१५ मा जापानी येन १४ अर्बको ऋण सम्झौता भई हालसम्म निर्माण र मालसामान खरिदमा रू.८ अर्ब ८४ करोड ६५ लाख ३९ हजार, परामर्श सेवामा रू.१ अर्ब ३७ करोड १२ लाख ६३ हजार र निर्माण अवधिको ब्याज रू.१० लाख १८ हजारसमेत रू.१० अर्ब २१ करोड ८८ लाख २० हजार खर्च भएको छ । नेपाल सरकारले त्यस्तो सहायता परिचालन एवं कार्यमा विदेशी परामर्शदाताको आवश्यकता पहिचान गरी पर्याप्त विश्लेषणका आधारमा मात्र परामर्शदाताको सेवा लिनुपर्दछ ।

२९. **पुरस्कार** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२६(१) मा खरिद सम्झौतामा तोकिएको अवधिभन्दा अघि काम सम्पन्न गर्ने निर्माण व्यवसायीलाई सार्वजनिक निकायले पुरस्कार दिनसक्ने व्यवस्था छ । निर्माण व्यवसायीलाई सोही नियमावलीमा तोकिएबमोजिम पुरस्कार उपलब्ध गराइएकोमा काम घटी बढी भएको देखाई भेरिएसन जारी मितिभन्दा पहिला नै कार्य सम्पन्न भएको अन्तिम बिल पेस भएको छ । परामर्शदाताबाट सारभूत रूपमा सम्पन्न प्रतिवेदन जारी हुँदा नै विद्यालयगत भेरिएसन र अन्तिम बिल पेस हुनुपर्नेमा सारभूत सम्पन्न (सबटेन्सियल कम्पलिसन) भएको जनाई पुरस्कार दिए पश्चात् आयोजनाबाट भेरिएसन आदेश जारी भएको छ । भेरिएसन पश्चात् काम गर्न बाँकी रहे नरहेको यकिन छैन । तसर्थ ७ निर्माण व्यवसायीलाई भुक्तानी दिएको रू.२ करोड ७४ लाख ७० हजार पुरस्कार सम्बन्धमा छानबिन गरी यकिन गर्नुपर्दछ ।

परिपालना लेखापरीक्षण

सार्वजनिक खरिद कानूनको पालना

सार्वजनिक निकायहरूबाट हुने खरिद कार्यलाई व्यवस्थित गर्न सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तर्जुमा भई कार्यान्वयन भइरहेको छ । सार्वजनिक निकायबाट हुने खरिद कार्यको अनुगमन, नियमन र सार्वजनिक खरिद प्रणालीलाई व्यवस्थित गर्ने, खरिद कार्यमा सुशासन कायम गर्न सहयोग पुऱ्याउन आवश्यक राय परामर्श उपलब्ध गराउने, खरिद प्रक्रियामा प्रतिस्पर्धा सुनिश्चित गर्न आवश्यक नमूना कागजातहरू तयार गर्ने उद्देश्यले सार्वजनिक खरिद अनुगमन कार्यालयको स्थापना भएको छ । सार्वजनिक निकायहरूले खरिद कानून र सार्वजनिक खरिद कार्यका लागि तयार गरेका नमूना कागजातका आधारमा खरिद

कारबाही गर्नुपर्ने हुन्छ । सार्वजनिक निकायले गर्ने खरिद कार्य खरिद कानून र अन्य संस्थागत व्यवस्था भए नभएको सम्बन्धमा परीक्षण गरी देखिएका व्यहोराको आधारमा खरिद कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक सुझाव दिने उद्देश्यले गरिएको परिपालना लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायअनुसार छन्:

३०. **खरिद इकाई गठन र क्षमता विकास -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १६ मा खरिद सम्बन्धी कार्य गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको योग्यता भएको र खरिद कार्य सम्बन्धी ज्ञान भएको वा तालिम प्राप्त गरेको कर्मचारीबाट गराउनु पर्ने व्यवस्था छ । प्रत्येक सार्वजनिक निकायमा खरिद इकाई एक संस्थागत प्रणालीको रूपमा रहने र सो इकाईमा खरिदसम्बन्धी काम गर्न सक्ने क्षमता भएका कर्मचारीहरू राख्ने र आवश्यकतानुसार खरिद इकाई गठन गर्दा खरिद सम्बन्धी कार्यबोझ र कार्य प्रकृतिको आधारमा छुट्टै महाशाखा, शाखा वा इकाईको स्थापना गरी खरिद अधिकारी तोक्नुपर्ने व्यवस्था छ । सो इकाईको जिम्मेवारी मुख्यतः खरिद योजना तयार गर्ने, सूचना प्रकाशन गर्ने, मूल्याङ्कनको लागि मूल्याङ्कन समितिमा पेश गर्ने, स्वीकृतिको सूचना दिने, कार्य सम्पादन जमानत लिने तथा गुणस्तर परीक्षणको लागि सहजीकरण गर्ने लगायत रहेको छ। लेखापरीक्षणको क्रममा ६ मन्त्रालय अन्तर्गतका १४ सार्वजनिक निकायको अध्ययन गर्दा प्रायःजसो कार्यालयले खरिद कानूनले तोकेको कर्मचारीहरू नै राखे तापनि अधिकांशले सार्वजनिक खरिदसम्बन्धी तालिम लिएको देखिँदैन ।

खरिद इकाईका पदाधिकारीहरूको पदस्थापना र नियुक्तिमा सार्वजनिक खरिद कानूनले गरेको व्यवस्था अनुसारको संस्थागत विकास नभएकोले खरिद कार्यको अभिलेख स्पष्ट नभएको, खरिद योजनाको तयारी तोकिएको ढाँचा र प्रक्रियाअनुसार नभएको लगायतका समस्या देखिएका छन् । खरिद कानूनअनुसार तोकिएका सम्पूर्ण कार्यहरू गराउने गरी संस्थागत संरचनाको लागि मन्त्रालयहरू र सार्वजनिक खरिद अनुगमन कार्यालयले अनुगमन र सुपरिवेक्षणको कार्य प्रभावकारी बनाई सार्वजनिक खरिद कानूनअनुसार संस्थागत संरचना प्रभावकारी गराउन भूमिका निर्वाह गर्नुपर्दछ । सार्वजनिक खरिदसम्बन्धी तालिमलाई समेत व्यवहारिक तथा सीपयुक्त बनाउनु आवश्यक देखिन्छ ।

३१. **खरिद कारबाहीको तयारी -** सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद-२ तथा नियमावली, २०६४ को परिच्छेद-२ मा खरिद कारबाहीको तयारी, खरिद योजना र लागत अनुमान, खरिदको विवरण, परिमाण र क्षेत्र, खरिद विधिसम्बन्धी कार्यहरू समेटिएका छन् । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बजेट प्रस्ताव र छलफल गर्ने र दफा १० मा बजेट विनियोजन गर्ने समयमा तयारीका कार्यहरू पूरा भए नभएको यकिन गरेर मात्र बजेट र कार्यक्रमको स्वीकृति गर्नुपर्ने व्यवस्था छ ।

खरिद कारबाहीको तयारी भए नभएको बारेमा प्रश्नावलीमा सोधिएकोमा छनौट गरिएका आयोजना तथा कार्यालयहरूबाट तयारी कार्यहरू चरणबद्ध रूपमा गरेको भनी जवाफ प्राप्त भएको छ । यद्यपि खरिदको माग तथा अभिलेखको पूर्णताको अभावमा कार्य भएको यकिन भएन । बजेट तथा कार्यक्रम तयारीको समयमा नै गरिने हुँदा कार्यालयमा यसको बारेमा औपचारिकता दिने गरेको देखिएन।

पर्याप्त तयारी गरेर मात्र खरिद कारबाही गर्ने कानूनी प्रावधान भए पनि बजेटको सुनिश्चितता र कार्यक्रम वा आयोजनाको तयारी भइनसकेको अवस्थाले खरिदसम्बन्धी तयारीको कार्यहरू बजेट

विनियोजन भएपछि तयार गर्नुपर्ने अवस्था सिर्जना भएको देखिन्छ । जसले गर्दा खर्च गर्ने समयमा पर्याप्त तयारी नहुँदा प्राविधिक विवरण, बजार अध्ययन तथा लागत अनुमानको कार्यहरू यथार्थपरक नभई खरिद कार्यहरूको विश्लेषण हुन सक्ने अवस्था देखिँदैन । सार्वजनिक निकायहरूले निकायगत क्रियाकलापहरू र लागत अनुमान तयार गर्ने क्रममा तयारीका कार्यहरू अद्यावधिक हुने गरी सम्बन्धित सार्वजनिक निकायले अनुगमन प्रभावकारी बनाउने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ दफा ९ र दफा १० एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ बमोजिमका कार्यहरू पूरा भए नभएको सुनिश्चित गरेर मात्र बजेट र कार्यक्रम स्वीकृतिको समयमा मन्त्रालयस्तरबाट र अर्थ मन्त्रालय तथा राष्ट्रिय योजना आयोगले बजेट उपशीर्षकअनुसार परीक्षण वा जाँच हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

३२. **प्राविधिक विवरण तथा बजार अध्ययन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३(१) मा बजार अध्ययन, नियम ४२ मा मालसामानको प्राविधिक विवरणमा उल्लेख गर्नुपर्ने कुरा, नियम ४३ मा निर्माण कार्य, नियम ६९ मा परामर्श सेवाको कार्यक्षेत्रगत शर्तको रूपमा प्राविधिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ । प्राविधिक विवरणले खरिद कार्यको परिमाण र गुणस्तरलाई निर्धारण गर्नुका साथै खरिद योजनाको आधार निर्धारण गर्दछ । यसैगरी बजार अध्ययनले प्राविधिक विवरण अनुसारका वस्तु वा सेवा आपूर्तकको संख्या, गुणस्तर, मूल्य तथा प्राविधिक क्षमताको पहिचान गर्ने भएकोले यी दुवै विवरण खरिद कार्य हुँदा तयार गर्नुपर्दछ ।

प्रश्नावली तथा छलफलबाट प्राप्त जानकारी अनुसार निकायहरूले प्राविधिक विवरणहरू तयार गरेको देखिन्छ । तथापी बजार अध्ययन सम्बन्धमा अनौपचारिक रूपमा अध्ययन गर्ने र सूचना सङ्कलन गरेको उल्लेख भए तापनि लिखित प्रतिवेदन लिने कार्य भएको देखिएन ।

बजार अध्ययन गर्ने कार्य औपचारिक रूपमा गरी सो को प्रतिवेदन लिएर मात्र खरिद कार्य गर्नु आवश्यक देखिन्छ । सार्वजनिक खरिद अनुगमन कार्यालयले बजार अध्ययन सम्बन्धी कार्यविधि जारी गर्नुपर्दछ । सम्बन्धित मन्त्रालय र विभागले खरिद कार्यको अनुगमन गरी बजार अध्ययन प्रतिवेदन खरिद अभिलेखमा राख्ने व्यवस्था गर्नुपर्दछ ।

३३. **प्याकेज निर्धारण र लागत अनुमान -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७(२)(ग) मा प्याकेजिङ तथा समूह विभाजन गर्दा खरिद गुरुयोजनामा उल्लिखित प्याकेज सङ्ख्याको प्रतिकूल नहुने गरी खरिदलाई बढी सुविधाजनक समूहमा विभाजन गरी प्रतिस्पर्धालाई ग्राह्यता दिनुपर्ने व्यवस्था छ। त्यसैगरी लागत अनुमान तयार गर्दा सोही नियमावलीको नियम १०, ११ र १२ मा क्रमशः निर्माण कार्य, मालसामान तथा परामर्श सेवाको लागत अनुमान तयार गर्ने र नियम १५ र १४८ ले क्रमशः लागत अनुमान अद्यावधिक गर्ने तथा जिल्ला दररेट निर्धारण समितिको व्यवस्था छ । प्रश्नावली तथा छलफल मार्फत् प्राप्त जानकारीको आधारमा अध्ययन गर्दा बजेटमा क्रियाकलाप छुट्याउनु पर्ने भएको अवस्था र बजेट तर्जुमाकै बखत वार्षिक खरिद योजना तयार गर्ने प्रावधानले शुरुमा नै प्याकेजिङ्ग गर्ने गरेको देखिएको छ । प्याकेजिङ्ग गर्दा खरिद कार्यको समानताको आधार, खरिद गुरुयोजना, कार्यसम्पादन, अधिकतम प्रतिस्पर्धा, समान कामको लागि एकै प्याकेज लगायतका आधारहरूको विश्लेषण गरेको देखिएन । प्याकेजको निर्धारण वस्तुगत विश्लेषणको आधारमा हुन सकेको छैन ।

लागत अनुमान तयार गर्दा विगतको मूल्यको आधार, बजार अध्ययन, अन्य सार्वजनिक निकाय, जिल्ला दररेट निर्धारण समिति, जिल्ला उद्योग वाणिज्य संघबाट दररेट प्राप्त गर्ने प्रावधान भएपनि सबै निकायबाट दररेट लिएर लागत अनुमान तयार गर्ने वा नगर्ने, सबै निकाय वा स्रोतबाट लिएको दररेटमध्ये उच्चतम वा न्यूनतम दररेट लिने वा औसत दररेट लिने सम्बन्धमा स्पष्ट नीति उल्लेख नहुँदा सार्वजनिक निकायहरूलाई द्विविधा हुने गरेको छ । छलफलका क्रममा कतिपय अवस्थामा अवधि किटान गर्दा बजेटको उपलब्धतालाई समेत आधार बनाउने गरेको जानकारी प्राप्त भएको छ । निजी क्षेत्रले उपलब्ध गराउने दररेट पनि लागत अनुमान र बोलपत्र वा दरभाउ पत्र पेश गर्दाको समयमा फरक फरक पेश गरेमा सजायँ हुने व्यवस्था नगरिँदा लागत अनुमान र मूल्याङ्कनको कार्यमा पनि फरक हुने गरेको र निर्णय लिन कठिन देखिएको छ । लागत अनुमान तयार गर्दा निर्माण कार्य सम्पन्न गर्न लाग्ने समयावधि समेत किटान गर्नुपर्नेमा सो प्रावधान लागू भएका देखिएन । प्रश्नावली भरेको निकायले न्यूनतम दररेटलाई आधार मानी लागत अनुमान तयार गर्ने गरेको देखियो ।

प्याकेजिङ र लागत अनुमान तयारीको कार्यमा गुणात्मक र वस्तुगत विश्लेषण गरेको अवस्था नहुँदा सुधार गर्नु आवश्यक छ । बजेट प्रस्ताव गर्ने र समयमा नै प्याकेज निर्माण गर्ने पक्षहरूको आधारभूत विश्लेषण गर्ने कार्य मन्त्रालयको बजेट समितिले गर्ने र आयोजना बैंङ्क तयार गर्दा राष्ट्रिय योजना आयोग तथा अर्थ मन्त्रालयले प्याकेज निर्माणको आधारहरू तथा लागत अनुमान अनुसार कार्य सम्पन्न गर्ने समयावधिको यथार्थता परीक्षण गरेर मात्र बजेट स्वीकृत गर्नुपर्दछ । लागत अनुमान तयार गर्दा दररेट कायम गर्ने सम्बन्धी स्पष्ट कार्यविधि, नीति र मार्गदर्शन सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गर्नुपर्दछ । जिल्ला उद्योग वाणिज्य संघबाट दररेट प्राप्त गर्न कठिन हुने, दररेट प्राप्त भएपनि मिल्ने प्रकृतिको नहुने हुँदा यस्तो दररेट लिने निकायबाट सो निकायको नाम हटाउनेतर्फ सार्वजनिक खरिद नियमावलीमा संशोधन हुनुपर्ने देखिन्छ ।

३४. **वार्षिक खरिद योजना -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा सार्वजनिक निकायले एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा वार्षिक दश करोड रूपैयाँभन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ मा सार्वजनिक निकायले वार्षिक दश लाख रूपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा खरिद योजना बनाउनुपर्ने तथा नियम ७ मा खरिद योजना तयार गर्दा गुरु योजनाको समेत आधार लिनुपर्ने प्रावधान छ ।

कतिपय निकायले वार्षिक खरिद योजनामा मिति उल्लेख नगरेको, योजना अनुसारको मितिमा कार्य सम्पन्न भए नभएको र योजनाले अंगीकार गरेको खरिद विधिको अनुशरण भए नभएको सम्बन्धमा कुनै अनुगमन नभएकोले खरिद योजना कानूनी औपचारिकतामा मात्र सीमित रहेको देखिन्छ। खरिद योजनामा उल्लिखित समय तालिका अनुसार काम नहुँदा जिम्मेवार पदाधिकारीहरूलाई सजाय गर्ने प्रणालीको व्यवस्था हुन सकेको छैन । खरिद योजना तयार भए नभएको यकिन गरेर मात्र मन्त्रालयहरूले बजेट र कार्यक्रम पेश गर्नुपर्ने र सो अनुसार राष्ट्रिय योजना आयोग तथा अर्थ मन्त्रालयले परीक्षण गर्नुपर्ने प्रणाली प्रभावकारी बनाउनु पर्दछ। वार्षिक खरिद योजनाको समीक्षा हुने व्यवस्था गरी सो अनुसार कार्य सम्पादन नगर्ने जिम्मेवार पदाधिकारीलाई दण्ड पुरस्कारसँग जोडेर समीक्षा गर्नुपर्दछ । प्रत्येक खरिद गर्ने सार्वजनिक निकायको खरिद योजनाको सूचीकृत हुने व्यवस्था सहित मापदण्ड र कार्यविधि निर्धारण गर्नुपर्दछ ।

३५. **खरिद विधि तथा खरिद सम्झौता -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ अनुसार मालसामान, निर्माण कार्य वा अन्य सेवा खरिद गर्नु पर्दा अन्तर्राष्ट्रिय वा राष्ट्रिय स्तरमा खुल्ला बोलपत्र आह्वान, सिलबन्दी, सोझै खरिद, निर्माण कार्यको लागि उपभोक्ता समितिको सहभागितामा र अमानत तथा एकमुष्ट दर विधि लगायतका खरिद विधि उल्लेख छ । खरिद एकाइले माग एकीकृत गरेपछि सकेसम्म खुल्ला रूपमा बोलपत्र आह्वान गरी खरिद गर्नुपर्ने र योग्य बोलपत्रदातालाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन समान अवसर प्रदान गर्नुपर्ने व्यवस्था छ । नियमावलीको नियम ३१ मा बीस लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुल्ला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने प्रावधान छ ।

प्रश्नावलीबाट प्राप्त जवाफको आधारमा निकायहरूले एकीकृत मागको एकरूपता, कार्यसम्पादन गर्न प्राविधिक प्रकृतिले एउटै गर्नुपर्ने, समन्वयात्मक रूपमा गर्नुपर्ने, चरणबद्ध रूपमा काम गर्दा फरक फरक प्याकेज गर्नुपर्ने आदि आधार प्रयोग गरे नगरेको जानकारी उपलब्ध गराउन सकेको देखिएन । खरिद विधिको छनौट गर्दा लागत अनुमानको आधारमा मात्र यकिन गरेको अवस्था देखिन्छ ।

खरिद कार्यको प्रकृति, प्रवाह, सामयिकता, व्यावसायिकता, अन्तरसम्बन्धित तथा कार्यसम्पादन र समन्वयको आधारमा कार्यविभाजन र प्याकेजिङ्ग हुन नसकेमा खरिदको लागत अनुमान तयारीको कार्य यथार्थ हुन सक्दैन । सार्वजनिक निर्माण, मालसामान, परामर्श सेवा आदि कामको प्रकृतिको आधारमा वार्षिक बजेट र कार्यक्रमलाई प्याकेज विश्लेषण र सोको आधारमा लागत अनुमान तयार गर्ने कार्यसँग सम्बन्ध स्थापित गर्ने प्रक्रिया स्पष्ट गर्नुपर्दछ । सार्वजनिक खरिद अनुगमन कार्यालयले प्याकेज निर्धारण मार्गदर्शन तयार गरी लट, कार्यविभाजन र प्याकेजिङ्ग गर्ने आधार र तरिका निर्धारण गरेपछि मात्र लागत अनुमान तयार गर्ने प्रणाली विकास गर्नुपर्दछ ।

३६. **बोलपत्र परीक्षण तथा मूल्याङ्कन -** सार्वजनिक खरिद ऐन तथा नियमावलीमा दरभाउपत्र, प्रस्ताव तथा बोलपत्रहरूको परीक्षण तथा मूल्याङ्कन चरणवद्ध रूपमा सम्पादन गर्नुपर्ने व्यवस्था छ । कागजातहरू परीक्षण र मूल्याङ्कन गर्दा सर्वप्रथम ग्राह्यतासम्बन्धी आधारहरूको परीक्षण गर्नुपर्ने प्रावधान छ ।

समग्रता परीक्षण र मूल्याङ्कनको कार्यपछि बोलपत्र वा प्रस्तावहरूको मूल्याङ्कन गर्दा मूल्यको आधारमा नभई गुणस्तर, प्राविधिक पक्षको मूल्याङ्कन र कानूनी पक्षको पालना पछि मात्र वित्तीय रूपमा कबोल अङ्क न्यूनतमसँग करार सम्झौता गर्ने तर न्यूनतम कबोल गर्नेलाई करार सम्झौता गर्न नहुने कानूनी पक्ष र अभ्यास प्रभावकारी बनाउनुपर्ने व्यवस्थालाई व्यवहारमा लागू गर्नुपर्दछ ।

प्राप्त प्रश्नावलीअनुसार मूल्याङ्कनका आधारहरू प्रायः सबै निकायहरूबाट पालना भएको उल्लेख भएपनि कानून अनुसारको सिलसिलाबद्धता सारभूत रूपमा कार्यान्वयन हुन सकेको छैन। बोलपत्रसम्बन्धी कागजातमा परीक्षण र मूल्याङ्कनका आधारहरू स्पष्ट गरे पनि कुन आधार र चरणमा मूल्याङ्कन गर्ने भन्ने स्पष्ट हुन नसक्दा मूल्याङ्कन समितिले अपेक्षाअनुसार काम गर्न कठिनाइ रहेको देखिन्छ ।

प्राविधिक पक्षको अधिक भारको आधारमा परीक्षण र मूल्यांकनको कार्य प्रभावकारी बनाउन कठिनाइ रहेको देखिन्छ । मार्गदर्शनको अभावमा परीक्षण र मूल्याङ्कनको प्रक्रिया र प्रवाहका साथै व्याख्याको लागि निकायको सुनिश्चितता स्पष्ट नभएको हुँदा निकायको निर्णय र मार्गदर्शनको पनि अभाव भएकोले हालको मूल्याङ्कन प्रभावकारी हुन सकेको छैन । न्यूनतम कबोल अङ्क भएको बोलपत्रदाता वा प्रस्तावदातालाई प्राथमिकता दिनुपर्ने मनसाय तथा अभ्यासमा परिवर्तन गरिनु आवश्यक देखिन्छ ।

सार्वजनिक खरिद अनुगमन कार्यालयले परीक्षण र मूल्याङ्कन निर्देशिका वा मार्गदर्शन जारी गरी सबै सार्वजनिक निकाय र नियामक निकायहरूले पालना गर्नुपर्ने प्रावधान लागू गर्न सकिएमा मूल्याङ्कनको कार्य प्रभावकारी बनाउन सकिने देखिन्छ । साथै, विद्युतीय खरिदको प्रक्रिया अनलाइन गरी हालको मूल्याङ्कनको कार्य विद्युतीय आधारमा गरी बढी पारदर्शी र प्रतिस्पर्धात्मकता हुने गरी विद्युतीय मूल्याङ्कनका पूर्वाधारहरू विकास गर्ने र विद्युतीय खरिदसम्बन्धी सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइटलाई व्यापक बनाउन आवश्यक छ ।

३७. **खरिद सम्झौता -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ मा सार्वजनिक निकायले फुटकर खरिद बाहेक अन्य खरिद गर्दा सम्झौता गर्नुपर्ने र आवश्यकतानुसार शर्तहरू समावेश गर्नुपर्ने प्रावधान छ । सम्झौतामा मुख्यतः कार्य क्षेत्र, लिखतहरूको विवरण र प्राथमिकताको क्रम, कार्य सम्पादन तालिका, आपूर्ति समय, कार्यसम्पादन गर्नुपर्ने समय वा म्याद थप व्यवस्था, सम्झौताको रकम र निर्धारण गर्ने तरिका, स्वीकार हुने शर्तहरू, भुक्तानीका शर्त र तरिका, काबूबाहिरको परिस्थिति, मूल्य समायोजन, खरिद सम्झौता संशोधन, भेरिएसन आदेश, बीमा, जमानत, पूर्व निर्धारित क्षतिपूर्ति, बोनस, सम्झौता रद्द व्यवस्था, विवाद समाधानको संयन्त्र, लागू हुने कानूनलगायतका शर्त समावेश गर्नुपर्ने व्यहोरा उल्लेख छ ।

उल्लिखित प्रावधानहरूको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले नमूना बोलपत्र तथा प्रस्तावसम्बन्धी कागजात तयार गर्ने गरेकोले उल्लिखित शर्त समावेश भई करार व्यवस्थापन हुन्छ । सम्झौता अनुसार मोबिलाइजेसन पेश्कीको लागि छुट्टै बैङ्क खातामा खर्च जम्मा गर्ने कार्य हुने नगरेको तथा खर्चको प्रयोजन खुलेको बिल भरपाई निर्माण व्यवसायीले पेश गर्ने नगरेको र कार्यालय प्रमुख तथा लेखा प्रमुखले मासिक रूपमा समीक्षा गर्ने गरेको देखिएन ।

प्रश्नावलीबाट प्राप्त सूचना अनुसार खरिद व्यवस्थापन प्रशासन सम्बन्धमा समान धारणा आए तापनि पोष्ट बिड कन्फरेन्स हुने नगरेको र कार्यान्वयन प्रगतिको समीक्षा हुने नगरेको जवाफ प्राप्त भएको छ । विवादको समाधान प्रायः आपसी सहमतिमा हुने देखिएको छ । खरिद सम्झौता गरेको ३ दिनभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयमा सोको जानकारी पठाउने कार्य नगरेको, तालुक निकायले सुपरिवेक्षण र जाँचबुझ हुने नगरेको तथा केही निकाय बाहेक अन्यले कालोसूचीमा राख्न पठाउने गरेको देखिन्छ ।

खरिद सम्झौताअनुसारको अवधिमा कार्यसम्पन्न गराउन पर्याप्त ध्यान दिनुपर्ने, भेरिएसनको माध्यमबाट काम गरेकोमा लागत अनुमान गर्नु अघि खरिद कार्यको क्रियाकलापहरू विस्तृत सर्भेक्षणको आधारमा आधारित रहनुपर्ने कुरामा पर्याप्त ध्यान दिनुपर्ने देखिन्छ । म्याद थप गर्दा प्रायः काबु बाहिरको परिस्थितिको कारण उल्लेख गरे तापनि वस्तुगत कारणहरूको आधारमा म्याद थप गर्नुपर्ने कुरामा सजग हुनुपर्ने देखिन्छ । निर्माण व्यवसायीलाई मोबिलाइजेसन पेश्की भुक्तानी गर्दा पेश्कीको लागि छुट्टै बैङ्क खातामा जम्मा गर्ने, निर्माण व्यवसायीले पेश्की खर्चको प्रयोजन खुलेको बिल भरपाई पेस गराउने तथा कार्यालय प्रमुख तथा लेखा प्रमुखले मासिक रूपमा समीक्षा गरी पेश्की फछ्यौंट गर्ने कार्यलाई प्रभावकारी बनाउनुपर्दछ ।

करार सम्झौतापछि पोष्ट बिड कन्फ्रेन्स गराउने तथा करार सम्झौताको कार्यान्वयन प्रगतिको समीक्षा र अनुगमन गर्ने कार्य तालुक निकायहरूले विद्युतीय माध्यमबाट समेत गर्ने व्यवस्था मिलाउने

तथा सार्वजनिक निकायहरूले खरिद सम्झौता गरेको ३ दिनभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाउने कार्य प्रभावकारी बनाउनुपर्दछ । तालुक निकायहरूले सुपरिवेक्षण र जाँचबुझ गरी खरिद सम्झौताको कार्यान्वयन प्रभावकारी बनाउन आवश्यक देखिएको हुँदा अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कानून निर्माण गरी तालुक निकायहरूलाई जिम्मेवार र जवाफदेही बनाउन आवश्यक छ ।

३८. **खरिद कार्यको अभिलेख -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ मा प्रत्येक सार्वजनिक निकायले खरिद कार्य र क्रियाकलापहरूको प्याकेज संख्या र नम्बरको आधारमा छुट्टाछुट्टै खरिद अभिलेख राख्नुपर्ने प्रावधान छ । त्यसैगरी खरिद कार्यको लागि मालसामान, निर्माण कार्य, परामर्श सेवा वा अन्य सेवाको लागि करार सम्झौताको सम्पूर्ण प्रमाण कागजात एउटै फाइलबाट जानकारी हुने गरी कम्तीमा सात वर्षको लागि अभिलेख व्यवस्था गर्नुपर्ने उल्लेख छ । स्थलगत अवलोकनबाट प्राप्त सूचना अनुसार केही सार्वजनिक निकायले खरिद अभिलेख व्यवस्थित तरिकाले नराखेको तथा अभिलेख राख्ने सार्वजनिक निकायले समेत कानूनले तोकेअनुसार एकीकृत अभिलेख राखेको देखिएन ।

खरिद कार्यको अभिलेखीकरण नहुँदा वित्तीय उत्तरदायित्वको प्रवर्द्धन नहुने भएकोले खरिद कार्यको अभिलेखलाई व्यवस्थित गराउनुपर्दछ । मन्त्रालयहरूले यस्तो खरिद कार्यको अभिलेख नराख्ने, व्यवस्थित नगर्ने र पूर्णरूपमा नराख्ने सार्वजनिक निकायका खरिद इकाईका कर्मचारीहरू र निकायका प्रमुखलाई उत्तरदायी बनाउनु पर्दछ । सार्वजनिक खरिद अनुगमन कार्यालयले सम्बन्धित मन्त्रालय मार्फत् खरिद कार्यको अभिलेखलाई अनुगमन र मूल्याङ्कन गर्ने प्रणाली विकास गरी विद्युतीय माध्यमबाट नियमित अनुगमन गर्ने कार्य गर्नुपर्दछ । खरिद योजना बनाउने समयमा राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयले समेत खरिद कार्यको अभिलेख परीक्षण हुने प्रणाली स्थापित गरी खरिद अभिलेख व्यवस्थापन प्रभावकारी बनाउनुपर्दछ ।

सूचना प्रविधि लेखापरीक्षण

विद्युतीय सरकारी खरिद (ई-जीपी)

सार्वजनिक खरिद प्रक्रियामा देखिएको अस्वस्थ प्रतिस्पर्धालाई न्यून गरी खरिद प्रक्रियालाई खुल्ला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउने उद्देश्यले सार्वजनिक खरिद अनुगमन कार्यालयले विद्युतीय सरकारी खरिद प्रणालीको विकास गरी सञ्चालनमा ल्याएको छ । नेपाल सरकारले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४६ (१) बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयले स्थापना गरेको विद्युतीय प्रणाली २०७४।४।१ देखि सञ्चालनमा ल्याउने निर्णय गरे अनुसार यो प्रणाली लागू भै यसको व्यवस्थापन सार्वजनिक खरिद अनुगमन कार्यालयले गरीरहेको छ । विद्युतीय सरकारी खरिद प्रणालीको पूर्वाधार, सुरक्षा जोखिम पर्यासता तथा नियन्त्रण वातावरणको परीक्षण एवं मूल्याङ्कन गर्ने उद्देश्यले सूचना प्रविधि लेखापरीक्षण गर्दा देखिएका व्यहोरा देहायअनुसार छन्:

३९. **अनुगमन लेखापरीक्षण -** विद्युतीय सरकारी खरिद प्रणालीको उपयोग स्थिति मूल्याङ्कन विषयमा २०७४।७५ मा महालेखापरीक्षकको कार्यालयले सूचना प्रविधि लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरेको थियो। उक्त लेखापरीक्षण प्रतिवेदनमा सुझाइएका व्यहोरामध्ये केही व्यहोराको कार्यान्वयन भएको तर सूचना प्रविधि निर्देशक समिति गठन गर्नुपर्ने, वार्षिक तथा रणनैतिक योजना तयारी गर्नुपर्ने, सूचना

प्रविधि नीति तयार गरी लागू गर्नुपर्ने, तेस्रोपक्ष आश्वस्तता परीक्षण गराउनुपर्ने, सूचना प्रविधि प्रणालीको प्राविधिक पक्षबाट आन्तरिक लेखापरीक्षण गराउनुपर्ने, जनशक्ति व्यवस्थापन प्रभावकारी बनाइनुपर्ने, कर्मचारी तालिम उचित र पर्याप्त हुनुपर्ने, हेल्प डेस्कको व्यवस्था थप प्रभावकारी बनाउनुपर्ने, नियमितताको परीक्षण गराउनुपर्ने, पासवर्ड नीति बनाई कार्यान्वयन गर्नुपर्ने लगायतका व्यहोरा कार्यान्वयन भएको पाइएन । सूचना प्रविधिको माध्यमबाट सार्वजनिक खरिद प्रक्रिया खुल्ला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउन उपयोग गरिएको सरकारी विद्युतीय खरिद प्रणाली भरपर्दो, सुरक्षित र प्रभावकारी रूपमा सञ्चालनको लागि प्रतिवेदनमा सुझाइएका उपर्युक्त व्यहोरा प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ।

४०. **ईजीपी प्रणाली विकास -** सूचना प्रविधि प्रणाली तथा सफ्टवेयर विकास तथा विस्तार गर्दा प्रणालीलाई सजिलो, छरितो, र प्रविधिमैत्री हुने गरी यथेष्ट अध्ययनको आधारमा विकास गरिनुपर्दछ । सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमानदारिता जवाफदेहिता र विश्वसनीयता प्रवर्द्धन गर्न २०६३।९।३० मा जारी भएको सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९ अनुसार विद्युतीय माध्यमबाट खरिद कार्य हुनसक्ने गरी पहिलो पटक खरिद प्रक्रियामा सूचना प्रविधिको प्रयोग शुरु भएको हो । विद्युतीय खरिद प्रणाली विकास तथा विस्तार गर्ने क्रममा प्रोसेस रि-इन्जिनियरिङ गरी सोहीअनुसार खरिद ऐन, नियमावली तथा निर्देशिकामा आवश्यक परिमार्जन गरी प्रणाली निर्माण तथा कार्यन्वयन गर्नुपर्नेमा सो अनुरूप नगरी मुलभूत रूपमा विद्यमान प्रक्रियाहरूलाई नै डिजीटाइज् गरेको देखियो । प्रणाली लागू भएको ७-८ वर्षसम्म पनि प्रणाली प्रयोगकर्ता मैत्री एवं प्रयोग गर्न सहज भएको देखिएन। प्रणाली विकास गर्दा सरोकार पक्ष, ई-बिडिङ्ग, कार्य प्रवाह व्यवस्थापन प्रणाली, प्रशासनिक व्यवस्थापन, विद्युतीय ठेक्का व्यवस्थापन प्रणाली, बैकिङ्ग उपकरण प्रमाणीकरण, सार्वजनिक खरिद व्यवस्थापन सूचना प्रणाली र प्रणाली सुरक्षा प्रशासन जस्ता मोड्युलहरू प्रयोग गरेको छ । उपर्युक्त मोड्युल मध्ये विद्युतीय ठेक्का व्यवस्थापन प्रणाली हालसम्म पूर्ण रूपमा लागू हुन सकेको देखिएन । साथै अन्य मोड्युलहरू पनि आंशिक रूपमा मात्र लागू भएको पाइयो।

एकैपटक सम्पूर्ण मोड्युल विकास गरी खर्च गर्नुको सट्टा चरणबद्ध रूपमा आवश्यक र सान्दर्भिक मोड्युल मात्र विकास गरी लागू गर्दै जाने नीति अवलम्बन गर्दा मितव्ययिता कायम हुने देखिन्छ ।

४१. **स्टोरेज डिभाइसको प्रयोग र व्यवस्थापन -** कार्यालयलाई प्रतिथान २० टेराबाईट क्षमता भएको २ थान युनिटी सान स्टोरेज डिभाइस राष्ट्रिय सूचना प्रविधि केन्द्रबाट उपलब्ध भएकोमा हस्तान्तरण प्राप्त भएको छैन । डिभाइस सपोर्ट र क्षमताका सम्बन्धमा जिम्मेवारी स्पष्ट नभएबाट प्रारम्भिक सेटअप एवं कन्फिगरेशन पश्चात डिभाइसको वार्षिक मर्मत तथा सपोर्ट र क्षमता व्यवस्थापनको काम हुन सकेको छैन । कर्मचारीलाई स्टोरेज डिभाइसको व्यवस्थापन सम्बन्धी तालिम नभएकोले डिभाइसमा आवश्यक परिवर्तन तथा अपडेट गर्न नसकिएको कार्यालयले जनाएको छ । राष्ट्रिय सूचना प्रविधि केन्द्रबाट आधिकारिक रूपमा हस्तान्तरण प्राप्त नगरेकोले वारेन्टी तथा ग्यारेन्टीको उपयोग गर्न सकिने अवस्था रहेन । सपोर्ट तथा व्यवस्थापनको लागि राष्ट्रिय सूचना प्रविधि केन्द्रबाट खर्च हुनसक्ने जोखिम रहेको देखियो । स्टोरेज डिभाइसको प्राप्तिसँगै राष्ट्रिय सूचना प्रविधि केन्द्रबाट वारेन्टी, ग्यारेन्टी र सपोर्ट तथा व्यवस्थापनका कागजातसमेत हस्तान्तरण प्राप्त गर्नुपर्दछ । प्राप्त स्टोरेज डिभाइसको सपोर्ट तथा व्यवस्थापनमा राष्ट्रिय सूचना प्रविधि केन्द्रसँग दोहोरो खर्च नभएको सुनिश्चित हुनुपर्दछ ।

४२. **प्रविधिको प्रयोग र अद्यावधिकता -** निकायहरूले उपयोग गरेको सूचना प्रविधि प्रणालीको विभिन्न कम्पोनेन्ट सुरक्षित तरिकाले प्रयोग गर्न निरन्तर रूपमा अद्यावधिक गरिरहनुपर्दछ । विद्युतीय सरकारी खरिद प्रणाली सुरक्षाको हिसावले निरन्तर रूपमा अद्यावधिक गरीरहनुपर्ने प्रकृतिको अत्यन्तै संबेदनशील प्रणाली हो। विद्युतीय सरकारी खरिद प्रणाली विकास गर्दाका बखत प्रयोग गरीएका कम्पोनेन्टमा थप सुविधा र सुरक्षा सहितका नयाँ संस्करण उपलब्ध भए पनि कार्यालयले नियमित अद्यावधिक गर्ने गरेको देखिएन । पुरानो संस्करण लामो समयसम्म उपयोग गरीरहँदा प्रणालीमा साइबर सुरक्षाका दृष्टिकोणले जोखिम सिर्जना हुन सक्ने देखिन्छ ।

प्रणालीको मोड्युल कागजात व्यवस्थापन प्रणालीको लागि अलफ्रेस्को नामको अत्यन्तै पुरानो तथा सपोर्ट नभएको कम्युनिटी भर्सन प्रयोग गरेको पाइयो । उक्त मोड्युलमा सपोर्ट सुविधा नलिएको कारण कागजात व्यवस्थापन प्रणालीमा समस्या भई कागजात प्राप्त गर्न नसकिने जोखिम रहेको देखियो। त्यसैगरी अन्य ८ मोड्युलको नयाँ संस्करण उपलब्ध भैसके पनि शुरुदेखि हालसम्म संस्करण अपडेट नगरी पुरानो संस्करण प्रयोगमा ल्याइएको छ । कार्यालयले उपयोग गरीरहेको पुरानो संस्करणका प्राविधिक कम्पोनेण्ट नियमित रूपमा अद्यावधिक गरी सम्भावित सुरक्षा जोखिमलाई न्यूनीकरण गर्नुपर्दछ।

४३. **अडिट ट्रेल -** सार्वजनिक सेवा प्रवाहकोलागि उपयोगमा ल्याएको सफ्टवेयरमा प्रणाली सञ्चालनका सम्पूर्ण क्रियाकलाप जस्तै अपरेटिङ्ग सिस्टम, एप्लिकेसन, प्रयोगकर्ताका क्रियाकलाप, कम्प्युटरमा भएका प्रत्येक घट्नाहरूको स्वचालित रूपमा परीक्षण गरी सूचना प्रविधि लेखापरीक्षणको लागि आवश्यक पर्ने सूचना तथा डाटा स्वतः उपलब्ध गराउने अडिट ट्रेललाई विद्युतीय सरकारी खरिद प्रणालीमा सफ्टवेयर निर्माण गर्दा नैं समावेश गर्नुपर्नेमा यस प्रणालीमा उपर्युक्त व्यवस्था रहेको पाइएन । अडिट ट्रेल नहुँदा सफ्टवेयरमा आइपर्ने घटना तथा समस्या बारेमा जानकारी नहुने र सामान्य भन्दा सामान्य त्रुटिहरूसमेत तुरुन्तै पत्ता लगाउन नसकिने र प्रणालीको गतिविधिको अनुसन्धान गर्नु परेको खण्डमा आवश्यक सूचना प्राप्त नहुने अवस्था सिर्जना हुन्छ । प्रणालीमा अडिट ट्रेलको व्यवस्था समावेश गर्नुपर्दछ ।

४४. **सेवा सम्झौता र तथ्याङ्कको गोपनियता -** कार्यालयले प्रणालीको सपोर्ट सेवाको लागि एक विदेशी संयुक्त उपक्रम बाह्य परामर्शदातासँग सम्झौता गरेकोमा तथ्याङ्कको गोपनियतामा जोखिम सिर्जना हुने सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:

४४.१. सम्झौताको म्याद सकिएपछि पनि तथ्याङ्कको गोपनियता सधैं कायम राख्नु पर्ने व्यवस्था गर्नुपर्नेमा २ वर्ष पछि गोपनीयता भङ्ग भएमा परामर्शदातालाई जिम्मेबार बनाउन नसकिने गरी सम्झौता सकिए २ वर्षसम्म मात्र गोपनीयता कायम गर्नुपर्ने व्यवस्था उल्लेख गरेर परामर्शदाताले उन्मुक्ति पाउने प्रावधान राखेको पाइयो । सम्झौता समाप्त भएपछि पनि सदैव तथ्याङ्कको गोपनीयता कायम गर्नुपर्ने प्रावधान राख्नुपर्दछ ।

४४.२. कार्य सम्पन्न भए पश्चात पनि प्रतिवेदन, तथ्याङ्क तथा सूचना (डाटाबेस र कागजात समेत) परामर्शदाताले राख्न पाउने व्यवस्था गरेको पाइयो । यसले गर्दा व्यावसायिक सम्झौताको समाप्ति पश्चात् पनि बाह्य व्यक्तिसँग सूचनाको पहुँच रहिरहने हुँदा सरकारी गोप्य सूचना चुहावट र दुरुपयोग हुनसक्ने अवस्था नियन्त्रण गर्नुपर्दछ ।

४४.३. परामर्शदाता कम्पनी तथा सो कम्पनीका विदेशी कर्मचारीले नेपालमा रहेर काम गर्दा कानूनी प्रावधान पुरा गर्न कुनै निकायमा दर्ता हुनुपर्ने वा गर्नुपर्ने भएमा त्यस्तो दर्ता गर्नु नपर्ने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयले छुट गर्न सहयोग गर्नुपर्ने प्रावधान राखेको पाइयो ।

४५. **प्रणाली सञ्चाल सुरक्षा -** कार्यालयले सञ्चालनमा ल्याएको प्रणालीले लामो समयसम्म सञ्चाल सुरक्षाका न्यूनतम मापदण्ड समेत पूरा गरेको पाइएन । न्यूनतम मापदण्ड पूरा नगर्दा प्रणाली सञ्चालनमा जोखिम सिर्जना हुने देखिन्छ । हालै मात्र नेक्स्ट जेनेरेसन फायरवाल खरिद गरी जडान प्रक्रियामा रहेको र आपूर्तिकर्ताले कार्यालयलाई हस्तान्तरण नगरेकै अवस्थामा त्यस्तो फायरवाल जडान गरी प्रयोगमा ल्याएकोले प्रणालीमा जोखिम सिर्जना हुन सक्ने देखिन्छ । कार्यालयको सुरक्षा, निर्देशिका र नीतिको अभावमा आपूर्तिकर्ता र प्रणालीको सपोर्ट दिने तेस्रो पक्षको अनुभवको आधारमा फायरवाल उपयोग गर्ने नियम लेखिनुले प्रणाली प्रयोगमा चुनौती र जोखिम दुबै रहेको देखिन्छ । कार्यालयले खरिद गरेको उक्त फायरवाललेमात्रै सम्पूर्ण सञ्चाल सुरक्षा प्रदान गर्न नसक्ने हुँदा सुरक्षा चूनौतीलाई ध्यान दिई "प्रणालीलाई अनुपलब्ध बनाउने आक्रमण" रोकथाम गर्ने र वेव एप्लिकेसनलाई जोगाउने फायरवालको सञ्चाल सुरक्षा थप नगर्दा प्रणाली उच्च जोखिममा रहने देखियो । कार्यालयले सञ्चालनमा ल्याएको प्रणालीले लामो समयसम्म सञ्चाल सुरक्षाका न्यूनतम मापदण्डसमेत पूरा गरेको देखिएन । प्रणालीको सञ्चाल सुरक्षाका न्यूनतम मापदण्ड पूरा गर्न आवश्यक संयन्त्र लागू गर्नुपर्दछ ।

४६. **तथ्याङ्कको बैकल्पिक भण्डारण -** केन्द्रीय डाटा सेन्टरमा दैवी विपत्ति वा अन्य कुनै कारणले भण्डारण भएको तथ्याङ्क उपलब्ध हुन नसक्ने अबस्था आइपरेमा तथ्याङ्क प्राप्त हुने गरी तथ्याङ्क भण्डारणको वैकल्पिक व्यवस्था गर्नुपर्दछ । कार्यालयको सरकारी एकीकृत डाटा केन्द्रमा कोलोकेसन सेवा लिएर यन्त्र उपकरण जडान गरेर तथ्याङ्क सोही स्थानमा मात्र भण्डारण भएको तर अन्य स्थानमा तथ्याङ्क भण्डारणको वैकल्पिक व्यवस्था गरेको छैन । कार्यालयको सरकारी एकीकृत डाटा केन्द्रको यन्त्र उपकरण तथा डाटा सेन्टरमा कुनै समस्या आई तथ्याङ्क नस्ट वा फेरबदल भएको खण्डमा तथ्याङ्क रिकभर गर्ने कुनै व्यवस्था रहेको छैन । उक्त स्थितिमा कार्यालयको तथ्याङ्क भण्डारणको अवस्था उच्च जोखिममा रहेको देखियो । कार्यालयले तथ्याङ्क भण्डारणको वैकल्पिक व्यवस्था गर्नुपर्दछ ।

४७. **बीमा व्यवस्था -** निकायहरूले सेवा प्रवाहका लागि खरिद गरेको यन्त्र, उपकरण, एप्लिकेशन, प्रणालीको उपयोगका क्रममा चोरी, आगलागी, दुर्घटना तथा प्राकृतिक प्रकोप वा दैवी विपत्तिका कारण जुनसुकै बखत हुन सक्ने तथ्याङ्क तथा मानवीय क्षति तथा नोक्सानीको न्यूनीकरण गर्न बीमा गर्नुपर्दछ । कार्यालयले आफ्नो डाटा सेन्टरको हालसम्म बीमा गरेको छैन । क्षति तथा नोक्सानीबाट सुरक्षित रहन पूर्वाधार, यन्त्र, उपकरण र सोको सञ्चालन तथा व्यवस्थापनमा संलग्न जनशक्तिको बीमा गर्नुपर्दछ ।

४८. **लिलाम बिक्री र तथ्याङ्क सुरक्षा -** सूचना प्रविधि यन्त्र उपकरणहरूमा लामो समयसम्म सूचना भण्डारण गर्ने हार्ड डिस्क, सिडी, म्याग्नेटिक टेप, म्याग्नेटिक डिस्क, माइक्रो फिल्म, चिप्स, मेमोरी कार्ड, फ्ल्यास स्टोरेज, फ्लपी डिस्क, जिप डिस्क, अप्टिकल डिस्क, डिभिडि, म्याग्नेटो अप्टिकल डिस्क, सिम कार्ड र पेन ड्राइभ जस्ता भण्डारण डिभाइसहरू जडान भएका हुन्छन् । सूचना प्रविधिसम्बन्धी यन्त्र उपकरणहरू लिलाम बिक्री र मिनाहा गर्दा सोमा जडान भएका सूचना भण्डारण गर्ने डिभाइसहरू पनि सँगै लिलाम र सूचना बाहिरिने दुरुपयोग हुन सक्ने जोखिम रहन्छ । सूचना प्रविधिसम्बन्धी यन्त्र उपकरणमा जडान भएको भण्डारण डिभाइसलाई राखेर वा नष्ट गरेर मात्र लिलाम बिक्री गर्ने कार्यालयको कुनै नीति

रहेको पाइएन । लिलाम बिक्री भएका यन्त्र उपकरणमा भण्डारण गरेका सूचना तथा तथ्याङ्क बाहिरिने र दुरुपयोग हुने जोखिम रहेको देखियो । त्यस प्रकारका डिभाइसहरूलाई नष्ट गर्ने कार्यविधि नरहेको अवस्थामा कार्यविधि तयार नभएसम्म त्यस्ता डिभाइस (जस्तै हार्ड डिस्क) लाई यन्त्र उपकरणबाट निकालेर सुरक्षित राखेपश्चात मात्र लिलाम बिक्री गर्नुपर्दछ। सूचना प्रविधि यन्त्र उपकरणको लिलाम बिक्री गर्ने वा मिन्हा गर्ने प्रावधानको लागि नीतिगत व्यवस्था गरी सोको कार्यान्वयन गर्नुपर्दछ ।

अन्य संस्था

नेपाल ट्रष्टको कार्यालय

पूर्व राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूको परिवारको देहावसान हुँदाका बखत निजहरूको नाममा रहेको र हक पुग्ने सम्पत्तिलाई ट्रष्ट बनाई त्यस्तो सम्पत्तिको व्यवस्थापन गरी राष्ट्रहितमा प्रयोग गर्न नेपाल ट्रष्ट ऐन, २०६४ बमोजिम नेपाल ट्रष्ट स्थापना भएको हो । ट्रष्टले यो वर्ष रू.४ करोड २१ लाख ४९ हजार खर्च गरेको छ ।

४९. **लिज भाडा -** नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ५ मा अवधि तोकी लिजमा दिएको सम्पत्तिको उपभोग गर्ने पक्षले थप पुँजी लगानीसहित विद्यमान संरचनालाई मर्मत सम्भार गरी सञ्चालन गर्न चाहेमा र सोबाट ट्रष्टलाई थप आर्थिक लाभ हुने सुनिश्चित भएमा त्यस्तो अवधि समाप्त हुनु अगावै समेत आवश्यकताअनुसार ट्रष्टको सिफारिसमा नेपाल सरकारले लिज अवधि थप गर्न सक्ने व्यवस्था छ । तत्कालीन राजदरबारको डिपार्टमेन्ट अफ क्राउन प्रपर्टी र एक निजी कम्पनीबीच २०५२।४।३१ मा गोकर्णमा रहेको ३ हजार ९७० रोपनी १ आना ३ पैसा ३ दाम जग्गामध्ये क्षेत्र २ हजार ७९२ रोपनी ३ पैसा १ दाम जग्गा फरेष्ट रिसोर्ट निर्माण तथा सञ्चालन गर्न ३० वर्षका लागि अमेरिकी डलर ५० लाख बुझाउने गरी लिज सम्झौता भएको देखिन्छ । सञ्चालक समितिको २०७६।७।२६ को निर्णयबाट मौजुदा लिज अवधि समाप्त हुने मिति (सम्वत् २०८२) देखि परिमार्जित लिज भाडा दर लागू हुने गरी नेपाल ट्रस्ट ऐन, २०६४ को दफा ५ को उपदफा (३)ख अनुसार २५ (पच्चीस) वर्ष लिज अवधि थप गर्न नेपाल सरकार मन्त्रिपरिषद्बाट २०७६।८।२३ मा प्रस्ताव पारित भएको छ । सोहीबमोजिम सञ्चालक समितिको २०७६।९।२९ को निर्णयअनुसार साविकको प्राइभेट लिमिटेड कम्पनीसँग लिजसम्बन्धी सम्झौता गरेको देखिन्छ ।

लिज अवधि थप गर्दा पुरानो सम्झौताकै बाँकी अवधिमा अमेरिकी डलर ३ लाख ७७ हजार ७०० को हुने रू.४ करोड ३१ लाख ८३ हजार प्रत्यक्ष आर्थिक लाभ हुने, रू.२९ करोड लगानी गरी ४८ सुविधायुक्त कोठा तथा ४०० व्यक्ति अट्ने सभाहल निर्माण हुने, लिज अवधि थप भएको २५ वर्षमा लिज भाडाबापत अमेरिकी डलर ८९ लाख ४ हजारको रू.१ अर्ब १ करोड ५१ लाख २ हजार प्राप्त हुने, प्रत्यक्ष रोजगारी सिर्जना हुने लगायतका अप्रत्यक्ष लाभ पुग्ने समेतका आधार उल्लेख गरी लिज अवधि थप गर्ने निर्णय गरेको देखिन्छ । उक्त सम्झौता बमोजिम संरचना निर्माणको प्रगति स्थितिसमेत यकिन हुन आएन । साथै लिजमा दिइने सम्पत्तिको वैकल्पिक प्रयोग गर्न सकिने सम्भावना र विज्ञबाट अध्ययन नगराई विना प्रतिस्पर्धा लिज अवधि बढाएको औचित्यपूर्ण नदेखिएको र ट्रष्टको सम्पत्ति लिजमा दिँदा अधिकतम लाभ हासिल हुने गरी प्रतिस्पर्धात्मक प्रक्रिया अवलम्बन गर्नुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा औँल्याइएकोमा स्थिति यथावत् छ ।

५०. **सम्पत्ति खोजबिन तथा उपयोग -** नेपाल ट्रस्ट ऐन, २०६४ बमोजिम ट्रस्टमा रहनुपर्ने सम्पत्तिको नेपालभित्र वा बाहिर खोजतलास गर्ने व्यवस्था छ । नेपाल ट्रस्टको स्थापनाकालदेखि हालसम्म १२ जिल्लाको २१ हजार ६३३ रोपनी १५ आना जग्गा ट्रष्टको स्वामित्वमा आएको छ । विभिन्न वाणिज्य बैङ्कमा स्टर्लिङ पाउण्ड ५१ हजार ४२८, अमेरिकी डलर १ लाख ५४ हजार ९२६ रहेको छ । यसैगरी नबिल बैङ्क लिमिटेडको ७ लाख ६२ हजार कित्ता, नेपाल औद्योगिक विकास निगमको ६ हजार ७५० कित्ता र होटल डेला अन्नपूर्णको ३० हजार ७२० कित्ता समेत ७ लाख ९९ हजार ३७३ कित्ता शेयर रहेको देखिन्छ । नेपाल ट्रष्टको स्वामित्वमा आउनुपर्ने विदेशस्थित चल तथा अचल सम्पत्तिको खोजबिन हुन सकेको नदेखिँदा सो समेतको खोजबिन गरी संरक्षण र उपयोग गर्नुपर्दछ ।

५१. **मोहीको नाममा जग्गा दर्ता -** नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ११ मा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि ट्रष्टको स्वामित्वमा रहको अचल सम्पत्ति कुनै व्यक्ति विशेष वा संस्थापकको नाममा दर्ता हुन नसक्ने उल्लेख छ । नेपाल सरकार मन्त्रिपरिषद्को २०६४।५।२६ को निर्णय अनुसार मालपोत कार्यालय कलंकीवाट विभिन्न मितिमा नेपाल ट्रष्टको नाममा जग्गाधनी प्रमाणपुर्जा प्राप्त भएको काठमाडौंको मातातीर्थ, थानकोट, सतुंगल तथा इचंगुमा रहेको १७२ रोपनी १५ आना जग्गा मोही तथा निजको हकवालाको नाममा नामसारी भई गएको देखिन्छ । ऐनको व्यवस्था विपरीत ट्रष्टको सम्पत्ति मोहीको नाममा दर्ता गर्ने कार्य अनियमित देखिएकोले उक्त जग्गा छानबिन गरी ट्रष्टको नाममा ल्याउनुपर्दछ । बालाजु, स्वयम्भू, शेष नारायण, थानकोटलगायत ११ स्थानमा रहेको ४०४ रोपनी ६ आना जग्गामा हालसम्म पनि मोहीहरूले खेतीपाती गरिरहेको, एक निजी विद्यालय सञ्चालनमा रहेको देखिएकोले नेपाल ट्रष्टले प्रयोग गर्न सकेको छैन । ऐनको व्यवस्थाबमोजिम जग्गा संरक्षण गरी प्रयोगमा ल्याउनुपर्दछ ।

५२. **सम्झौता भन्दा बढी निर्माण -** दरबारमार्गस्थित २ रोपनी २ पैसा २ दाम जग्गा वार्षिक रू.४ करोड ५० लाख भाडा लिने गरी विक्रम सम्वत् २१०४ सम्म लिजमा दिन एक प्राइभेट लिमिटेड कम्पनीसँग २०७४।२।१४ मा सम्झौता भएको छ । सम्झौतामा ३ तल्लासम्मको निर्माण कार्य गर्ने गरी भाडा दर कायम भएकोमा सम्झौताका शर्त विपरीत ४ तल्ला स्थायी र थप एक तल्ला अस्थायी संरचना निर्माण गरेको देखियो । सम्झौतामा ट्रष्टलाई जानकारी गराई निर्माण कार्यको सामान्य फेरबदल गर्न सक्ने उल्लेख भएकोमा निर्माण कार्यको डिजाइन तथा तला संख्यामा सारभूत फरक पर्ने गरी संरचना निर्माण भएको छ । साथै सञ्चालक समितिको २०७७।७।१३ निर्णयले सम्झौताभन्दा फरक निर्माण कार्य गर्ने प्रथम पक्षसँग प्रचलित बजार मूल्यअनुसार थप भाडा निर्धारण गरी असुल गर्न प्रक्रिया अगाडि बढाउन व्यवस्थापनलाई निर्देशन दिएको देखिन्छ ।

५३. **लिज सम्झौता -** ट्रष्टको स्वामित्वमा काठमाडौं महानगरपालिका ताहाचलमा रहेको जग्गा ३० वर्षको लागि लिजमा दिन सूचना प्रकाशन गरेकोमा एक कम्पनीको रू.२७ करोड ७४ लाख ७६ हजारको प्रस्ताव २०७४।७।१३ मा स्वीकृत गरी सम्झौता गरेको छ । सम्झौतामा कम्पनीले रू.२२ करोड ६१ लाख ४८ हजार लगानी गरी २०७७ असारसम्म भवन निर्माण कार्य सम्पन्न गर्ने, जग्गा भाडाबापत ३० वर्षमा वार्षिक रू.५ करोड १३ लाख २७ हजारका दरले ट्रष्टलाई उपलब्ध गराउने र उक्त भवन ३० वर्षपछि ट्रष्टलाई नै हस्तान्तरण गर्ने उल्लेख छ । सो सम्झौतामा ६ तले भवन निर्माण गर्ने उल्लेख भएकोमा काठमाडौं महानगरपालिकामा १२ तले भवनको नक्सा स्वीकृतिका लागि पेस भएको जानकारीमा आएको छ । लिज सम्झौताका शर्तहरू सारभूत रूपमा फरक पर्ने गरी संरचना निर्माण गर्न मिल्ने

देखिँदैन । भवन निर्माण अवधि समाप्त भएको र तत्पश्चात् वार्षिक रूपमा प्राप्त हुनुपर्ने लिज भाडा २०७७।७८ को रू.५ करोड १३ लाख २७ हजार नोक्सान परेको अवस्था छ ।

५४. **काठमाडौं प्लाजा लिज भाडा -** काठमाडौं महानगरपालिका, कमलादीस्थित ५ रोपनी २ पैसा जमिनमा रहेको काठमाडौं प्लाजाको भवन लिजमा दिने सम्बन्धमा साबिकको राजदरबारसँग सम्वत् २०५०।३।३ मा २७ वर्षको लागि एक कम्पनीसँग सम्झौता भएकोमा उक्त सम्झौतालाई नै कायम राख्ने गरी नेपाल ट्रष्टले २०६६।९।२३ मा पूरक सम्झौता गरेको देखिन्छ । नेपाल सरकार, मन्त्रिपरिषद्ले २०७७।३।२ मा उक्त कम्पनीसँग सहकार्य तोड्ने र २०७७।३।३ देखि मासिक रू.६० लाख ५० हजार भाडा लिने तथा प्रत्येक ५ वर्षमा १० प्रतिशतका दरले भाडा वृद्धि गर्ने गरी १० वर्षका लागि महानगरपालिकालाई उक्त भवन लिजमा दिने निर्णय गरेको देखिन्छ । उल्लिखित मितिदेखि २०७८ आषाढ मसान्तसम्म १३ महिनाको भाडा कम्पनीले ट्रष्टलाई बुझाएको देखिँदैन । महानगरपालिकासँग भएको सम्झौताअनुसारको भाडालाई आधार मान्दा यस अवधिको जम्मा रू.७ करोड ८६ लाख ५० हजार भाडा बापत ट्रष्टको कार्यालयले प्राप्त गर्नुपर्ने देखिन्छ । मन्त्रिपरिषद्ले महानगरपालिकालाई उक्त भवन लिजमा दिने निर्णय विरुद्ध समय थप गर्न अदालतमा मुद्दा दायर गरेको देखिन्छ । ट्रष्टको कार्यालयले काठमाडौं प्लाजामा भाडामा बसिरहेका व्यापारीलाई २०७७ चैत्र मसान्तसम्म भवन खाली गर्न गराउन २०७७।१२।२५ मा अन्तिम पटक सूचना जारी गरेकोमा सो भवन आंशिक रूपमा मात्र खाली भएको जानकारी दिएको छ । नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय कार्यान्वयनमा ढिलाइ हुँदा एकातिर नयाँ सम्झौताअनुसार लिजमा लिने काठमाडौं महानगरपालिकाले सो जग्गा र भवन उपभोग गर्न नपाउने र अर्कोतिर ट्रष्टलाई प्राप्त हुनुपर्ने भाडा समयमा प्राप्त नहुने अवस्था छ । अतः नेपाल सरकारले निर्णय गरेको मितिदेखि हालसम्मको बाँकी भाडा असुल गरी सो भवन अविलम्ब खाली गराई नयाँ सम्झौताअनुसार लिज व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

गरिबी निवारण कोष

गरिब, महिला, दलित र जनजातिलाई अधिकतम मात्रामा परिचालन गर्दै मागमा आधारित कार्यक्रममा प्रत्यक्ष लगानीमार्फत गरिबी निवारण गर्ने उद्देश्यले ६४ जिल्लामा कार्यक्रम सञ्चालन भएको छ । यस वर्ष को रू.१ करोड ६३ लाख ५३ हजारसमेत हालसम्म रू.२६ अर्ब ३६ करोड ६४ लाख ३ हजार खर्च भएको छ।

५५. **अनुगमन -** नेपाल सरकार, मन्त्रिपरिषद्को २०७५।७।२५ को निर्णयबाट स्वीकृत गरिबी निवारण कोषको पुनर्संरचनासम्बन्धी कार्यान्वयन कार्ययोजनाअनुसार कोषद्वारा प्रवर्द्धित सामुदायिक संस्था तथा साना पूर्वाधार आयोजनाहरू सम्बन्धित स्थानीय तहहरूलाई नै हस्तान्तरण गरेको देखियो । सामुदायिक संस्थामार्फत् आय आर्जन, क्षमता विकास, सामाजिक परिचालन र भौतिक पूर्वाधार कार्यक्रम गर्न अनुदान र सदस्यहरूको योगदानसमेत रू.१९ अर्ब घुम्ती कोषमा रहेको छ । नेपाल सरकार मन्त्रिपरिषद्को २०७५।७।२५ को गरिबी निवारण कोषको पुनर्संरचनाका लागि स्वीकृत कार्य योजनाको बुँदा नं. ४.१ बमोजिम विस्तृत विवरणसहित स्थानीय तहमा हस्तान्तरण भए तापनि घुम्ती कोषको अवस्थाबारे अनुगमन भएको देखिएन । तसर्थ घुम्ती कोषमा रहेको रकम दुरुपयोग हुन नदिन कोषले समयमा नै ध्यान दिनुपर्ने देखिन्छ ।

त्यस्तै विभिन्न जिल्लामा साना पूर्वाधार निर्माणका कार्यहरूअन्तर्गत मोटरबाटो निर्माण, खानेपानी आयोजना, भवन निर्माण, सिँचाइ आयोजना, कल्भर्ट निर्माण, माइक्रो हाइड्रोपावर निर्माण, पोखरी निर्माण लगायतका कार्य रहेका छन् । कोषले निर्माण गरेका पूर्वाधारमध्ये ७३५ आयोजनामा रू.९६ करोड ३५ लाख ४४ हजार खर्च भइसकेकोमा अधुरा अवस्थामा रहेका छन् । सम्पन्न नभएका आयोजनाहरू सशर्त अनुदानसहित स्थानीय तहमा हस्तान्तरण भइकेको छ । अधुरा आयोजना सम्पन्न गर्ने व्यवस्था हुनुपर्दछ । साथै सामुदायिक संस्थाको लेखापरीक्षण तथा प्रगति प्रतिवेदनको सम्बद्ध निकायबाट अनुगमन गरी कोषको प्रभावकारी परिचालन गर्नुपर्दछ ।

लगानी बोर्डको कार्यालय

स्वदेशी तथा विदेशी स्रोतको परिचालन गरी पूर्वाधार संरचनाको निर्माण तथा सेवा क्षेत्रको विकास गरी लगानी प्रवर्द्धन गर्ने कार्यको लागि सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ बमोजिम यस कार्यालयको स्थापना भएको हो ।

५६. **कार्य प्रगति -** बोर्डबाट २०७७।७८ को लागि स्वीकृत वार्षिक कार्यक्रममा लगानी सम्मेलन २०१९ मा समावेश गरिएका ५० आयोजनाको अध्ययन मूल्याङ्कन तथा अनुगमन परियोजनाको समझदारीपत्र एवं लगानी सम्झौता गर्ने, विभिन्न कार्यविधि, निर्देशिका एवं मापदण्ड तर्जुमा गर्ने, सार्वजनिक निजी साझेदारीसम्बन्धी असल अभ्यासको अध्ययन गरी प्रतिवेदन तयार गर्ने तथा एकल बिन्दु सेवा केन्द्र स्थापना गरी सञ्चालन गर्ने, सार्वजनिक-निजी साझेदारी एकाई स्थापना, ठूलो क्षमताको एक सम्मेलन केन्द्र स्थापनासम्बन्धी परियोजना विकास तथा बजारीकरण, लगानी दिवस आयोजना गर्ने, मुक्तिनाथ केबलकार परियोजना सहजीकरण तथा अनुगमन र तमोर जलविद्युत आयोजनाको निर्माणकर्ता छनौट गर्ने लगायतका कार्यक्रम उल्लेख भएकोमा ती कामहरू सम्पादन भएको देखिएन । लगानी बोर्डको उद्देश्यअनुरूप प्रभावकारी रूपमा कार्यसञ्चालन हुनुपर्दछ ।

५७. **कार्यक्रम कार्यन्वयन -** आवधिक योजनाले तय गरेका लक्ष्यहरू हासिल गर्न पूर्वाधार विकास तथा सेवा क्षेत्रमा स्वदेशी तथा विदेशी, निजी तथा साझेदारीमा हुने लगानी वृद्धि गर्ने कार्यमा बोर्डको भूमिका महत्वपूर्ण रहन्छ । पन्ध्रौ योजना अवधिको कुल लगानी लक्ष्य रू.९२ खर्ब २९ अर्ब २९ करोड रहेकोमा ३९ प्रतिशत सार्वजनिक क्षेत्रबाट, ५.४ प्रतिशत सहकारी क्षेत्रबाट र ५५.६ प्रतिशत निजी क्षेत्रबाट योगदान गरिने लक्ष्य रहेको छ । देशमा सार्वजनिक निजी साझेदारी तथा निजी लगानीसम्बन्धी परियोजनाको नीति तर्जुमा गर्ने, परियोजनाका लागि लगानी स्वीकृत गर्ने, विदेशी लागानीको स्वीकृति र प्रवर्द्धन गर्ने, परियोजनाको सूची तयार गर्नुका साथै प्राथमिकता प्राप्त परियोजना छनौट गर्ने कार्य समेत बोर्डको क्षेत्राधिकारभित्र पर्दछ । करिब दुई दर्जन परियोजनाहरूको पूर्व सम्भाव्यता तथा सम्भाव्यता अध्ययन गर्ने कार्यक्रम रहेकोमा परियोजना छनौट गर्नका लागि आवश्यक मापदण्ड र मार्गदर्शन तयार नभएकाले अपेक्षित लक्ष्य हासिल गर्न सकेको देखिँदैन।

५८. **बैठक -** सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ ले निर्दिष्ट गरेअनुसारका विषयमा आवश्यक निर्णय गर्न वर्षमा कम्तीमा ६ पटक बोर्डको बैठक बस्नुपर्ने कानुनी व्यवस्था रहेकोमा उपलब्ध विवरणअनुसार २०७७।७८ मा ३ बैठक बसी ३१ निर्णय भएका छन् । यो वर्ष ६२३.४ मेगावाट क्षमताका ५ जलविद्युत परियोजनाका लागि रू.१ खर्ब ३५ अर्ब ६९ करोड लगानी स्वीकृत गरेको

र गैरऊर्जा क्षेत्रका ४ परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना अध्ययन प्रतिवेदन भई मूल्याङ्कनको प्रक्रियामा रहेको देखिन्छ । बोर्ड बैठक नियमित नहुँदा कतिपय परियोजना विकास कार्यान्वयन, सहजीकरण, लगानी प्रवर्द्धन, संस्थागत विकासलगायतका विषयमा समयमै निर्णय र त्यसको कार्यान्वयन हुन नसकेको अवस्था छ । कानुनले निर्दिष्ट गरेको बैठक व्यवस्थापन गरी लगानीका सम्भावना र क्षेत्रहरूको खोजी गरी थप कार्ययोजना बनाउनुपर्दछ ।

५९. **अनुगमन -** सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा ९ बमोजिम लगानी बोर्डको क्षेत्राधिकारअन्तर्गत पर्ने परियोजनाहरूको कार्यान्वयन तथा अनुगमन गर्न एवं सो कार्यमा सहजीकरणका लागि लगानी बोर्डका उपाध्यक्षको संयोजकत्वमा अनुगमन तथा सहजीकरण समिति गठन हुने व्यवस्था छ । यस वर्ष पाँचौं र छैठौं अनुगमन तथा सहजीकरण समितिको बैठक बसी सम्झौताअनुसारका परियोजनाहरू कार्यान्वयन भए नभएको अनुगमनको विवरण प्रस्तुत गर्ने निर्णय भएको देखिन्छ । कार्यालय स्थापनाको एक दशकको अवधिमा अनुगमन तथा सहजीकरण समितिको बैठक ६ पटकमात्र बसेकोले अनुगमन तथा मूल्याङ्कन कार्य प्रभावकारी रूपमा गर्नुपर्ने देखिन्छ ।

अनुगमन तथा बेरूजू

- **अनुगमन -** गत वर्षको प्रतिवेदनमा खर्च मितव्ययी नभएको, लक्ष्यअनुसार प्रगति नभएको, प्राविधिक परीक्षण प्रतिवेदनले औंल्याएका त्रुटिहरूको अनुगमन नभएको, सम्झौताको कार्यान्वयन नभएको, नेपाल ट्रष्टको सम्पत्ति उपयोग नभएको लगायतका व्यहोरा औंल्याइएकोमा सुधार भएको देखिएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरूजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरूजूको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ७७ निकायमा यो वर्ष रू.१ अर्ब ८ करोड ६ हजार बेरूजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.१ करोड ११ लाख ४४ हजार फर्स्यौंट गरेकोले रू.१ अर्ब ६ करोड ८८ लाख ६२ हजार फर्स्यौंट गर्न बाँकी रहेको छ । सोमध्ये रू.८ करोड ६६ लाख ५१ हजार म्याद नाघेको पेस्की रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - संगठित संस्था एवं समिति २ तर्फ यो वर्ष रू.२ करोड ४४ लाख ९९ हजार बेरूजू देखिएकोमा फर्स्यौंट नगराएकोले बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

अर्थ मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा आर्थिक नीतिको तर्जुमा गरी राजस्व प्रक्षेपण एवं सङ्कलन गर्दै योजना तथा कार्यक्रममा साधनको प्रभावकारी व्यवस्थापन, उच्च, दिगो, भरपर्दो र गरिबी निवारणोन्मुख आर्थिक वृद्धि हासिल गर्ने, पारदर्शिता र वित्तीय जवाफदेहिता वृद्धि गर्ने, वार्षिक कार्यक्रम र बजेटको माध्यमबाट सार्वजनिक खर्च व्यवस्थापन गरी आर्थिक नीति कार्यान्वयनमा सहयोग पुऱ्याउने लगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहतका सरकारी कार्यालय तथा संगठित संस्था समेत २२४ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत २१४ सरकारी कार्यालयको निम्नानुसार रू.२१ खर्ब ७७ अर्ब २९ करोड ७३ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य	जम्मा
६,३१,२६,८०	१०,६३,०३,२०	६,५६,२९	४,७६,४३,४४	२१,७७,२९,७३

२. **संगठित संस्था, समिति र अन्य संस्था -** यो वर्ष १० संस्थाको रू.२० खर्ब ३१ अर्ब ५१ करोड १९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **कार्यमूलक लेखापरीक्षण -** यो वर्ष बीमा समितिको नियमन विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ ।

४. **सूचना प्रविधि लेखापरीक्षण -** यो वर्ष एकल कोष खाता प्रणाली र स्वचालित भन्सार जाँचपास प्रणालीसमेत २ विषयको सूचना प्रविधि लेखापरीक्षण गरिएको छ ।

५. **दिगो विकास लक्ष्य -** दिगो विकास लक्ष्यहरू वर्तमान अवस्था र भावी मार्गचित्र (सन् २०१६-२०३०) को कार्यान्वयन र उपलब्धि मापन गर्न तयार गरिएको संरचनाबमोजिम कुल सूचकमध्ये ४६ सूचकको लागि अर्थ मन्त्रालयलाई जिम्मेवार निकायको रूपमा पहिचान भएको छ । जिम्मेवारी तोकिएका ४६ सूचकमध्ये २७ सूचकका लागि मापन आधार खुलाइए तापनि १९ सूचकका लागि मापनको आधार तोकिएको छैन । सन् २०२२ लाई मापनको दोस्रो माइलस्टोन तोकिएको छ। मन्त्रालयले २०७७।७८ सम्मको प्रगतिको अवस्था मूल्याङ्कन गरेको छैन । राष्ट्रिय योजना आयोगले प्रकाशन गरेको दिगो विकास लक्ष्य २०१६ देखि २०१९ सम्म (प्रथम माइलस्टोन अवधि) को प्रगति मूल्याङ्कनमा १६ सूचकका प्रगतिको अवस्था उल्लेख भए तापनि अन्य सूचकको प्रगति उल्लेख भएको देखिँदैन ।

५.१ दिगो विकास लक्ष्य २०१६ देखि २०१९ सम्म (प्रथम माइलस्टोन अवधि) को प्रगति मूल्याङ्कनमा उल्लेख भएका १६ सूचकमध्ये प्रति १ लाख वयस्कहरूमा वाणिज्य बैङ्कहरूको शाखा संख्या २३ पुऱ्याउनुपर्नेमा १६ रहेको, कुल गार्हस्थ्य उत्पादनमा अनुसन्धान र विकास खर्च ०.६२ प्रतिशत हुने

लक्ष्य रहेकोमा ०.३० प्रतिशत रहेको, उपभोक्ता मूल्य सूचकाङ्क र ज्याला सूचकाङ्कको अनुपात २.९६ तोकिएकोमा १.९७ रहेको, बजेटमा आन्तरिक राजस्वको अनुपात ७७.१ प्रतिशत हुनुपर्नेमा ७३.९ प्रतिशत, कुल आन्तरिक बजेटको अनुपातमा आधिकारिक विकास सहायता १५.८ प्रतिशत लक्ष्य तोकिएकोमा ११.२ प्रतिशत, कुल गार्हस्थ्य उत्पादनको तुलनामा प्रत्यक्ष वैदेशिक लगानी (इन्वार्ड स्टक) ७.३ प्रतिशत हुने लक्ष्य तोकिएकोमा ६.२ प्रतिशत, वस्तु र सेवाको निर्यातको अनुपातमा ऋणको साँवा ब्याज भुक्तानीको अनुपात १३.२ हुने लक्ष्य भएकोमा ८.८९ प्रतिशत रहेको र तिर्न बाँकी ऋण र कुल गार्हस्थ्य उत्पादनको अनुपात २८.८० प्रतिशतमा सीमित राख्ने लक्ष्य लिइएकोमा ३०.३० प्रतिशत रहेकाले तोकिएबमोजिम प्रगति हुन सकेको देखिँदैन । उल्लिखित सूचकाङ्क प्रयोग गरी मन्त्रालयले प्रत्येक वर्ष मूल्याङ्कन गरी कार्यान्वयन अवस्थाबारे जानकारी राख्नुपर्नेमा मन्त्रालयतहमा कुनै अनुगमन मूल्याङ्कन हुने गरेको पाइएन ।

५.२ राष्ट्रिय योजना आयोगको आवश्यकता, लागत अनुमान तथा वित्तीय रणनीति प्रतिवेदन, २०१७ बमोजिम दिगो विकास लक्ष्य हासिल गर्न नेपालले वार्षिक रू.२० खर्ब २५ अर्ब लगानी आवश्यक रहेको अनुमान मध्ये वार्षिक औसत रू.५ खर्ब ८५ अर्ब अपुग हुने देखिन्छ। अपुग बजेटमध्ये सार्वजनिक र निजी क्षेत्रहरूमा दिगो विकास लक्ष्यका लागि वित्त व्यवस्थाको अन्तराल क्रमशः रू.२ खर्ब १८ अर्ब र रू.३ खर्ब ६७ अर्ब हुने अनुमान गरेको देखिन्छ । विद्यमान आर्थिक सङ्कुचनको अवस्था, नेपाली मुद्राको विनिमय दरमा आएको गिरावट, मुद्रास्फीतिलगायतका कारण दिगो विकास लक्ष्यका क्षेत्रहरूमा लगानीका लागि वित्तीय स्रोतको आवश्यकता अझ बढ्ने र नपुग स्रोतको अन्तराल अनुमान गरेभन्दा बढी हुने अवस्था रहेको छ।

समग्र वित्त नीति तर्जुमा गर्न यो मन्त्रालय जिम्मेवार हुने भएकाले व्यापक लागत सहभागिता जुटाउने सम्बन्धमा वित्तीय स्रोत वृद्धिका लागि राजस्वका दायरा विस्तार गरी थप राजस्व सङ्कलन गर्ने, वैदेशिक सहायताको उच्चतम परिचालन गर्नेतर्फ अग्रसर हुनुपर्दछ । साथै सहकारी र निजी क्षेत्रको सहभागिता अभिवृद्धि गर्न थप प्रयास गर्नुपर्दछ ।

६. **विकास लक्ष्य -** नेपाल अतिकम विकसित राष्ट्रको समूहबाट विकासशील मुलुकमा स्तरोन्नति हुन आवश्यक ३ मापदण्डमध्ये २ मापदण्ड पूरा गरेको छ । सन् २०२१ मा भएको मूल्याङ्कनबाट मानव सम्पत्ति सूचकाङ्कको थ्रेसहोल्ड ६६ भन्दा बढी हुनुपर्नेमा ७४.९ र आर्थिक जोखिम सूचकाङ्कको थ्रेसहोल्ड ३२ भन्दा कम हुनुपर्नेमा २४.७ प्राप्त गरी दुवै थ्रेसहोल्ड पूरा गरेकोले सन् २०२६ देखि विकासशील मुलुकमा रुपान्तरण हुने निर्णय संयुक्त राष्ट्र संघले गरेको देखिन्छ। सन् २०२१ को मूल्याङ्कनअनुसार प्रतिव्यक्ति आयको थ्रेसहोल्ड अमेरिकी डलर १ हजार २२२ रहेकोमा अमेरिकी डलर १ हजार २७ मात्र भएकाले पूरा हुन सकेको देखिँदैन। स्तरोन्नति पश्चात् कम विकसित राष्ट्रको रूपमा पाइरहेको व्यापार सहजीकरण, कोटा सुविधा अन्त्य हुने भएकाले सोको असर न्यून गर्न लगानीमैत्री वातावरण सिर्जना गरी व्यापार विविधीकरण, आन्तरिक उत्पादन अभिवृद्धि, निजी क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नेतर्फ अग्रसर हुनुपर्दछ ।

• *समष्टिगत आर्थिक स्थिति*

७. **समग्र आर्थिक अवस्था -** मुलुकको विद्यमान आर्थिक परिसूचकहरू अन्तर्गत आर्थिक वृद्धिदर, उपभोग, लगानी र बचत, राजस्व, निजी क्षेत्रको पुँजी तथा सरकारी खर्चको अवस्था, वैदेशिक सहायता परिचालन,

मुद्रास्फीति, आयात निर्यातलगायत कुल गार्हस्थ्य उत्पादनमा भएको परिवर्तनलगायतका पक्षहरूको विश्लेषणबाट देखिएका ब्यहोरा निम्नानुसार छन्:

(प्रतिशतमा)

विषय	लक्ष्य (पन्ध्रौं योजना अनुसार)		प्रगति		
	२०८०।८१	२०७७।७८	२०७५।७६	२०७६।७७	२०७७।७८
आर्थिक वृद्धिदर	१०.३	९.६०	६.४०	-२.१०	४.२५
उपभोक्ता मुद्रास्फीति दर	६.०	६.०	४.६०	६.२०	३.६०
कुल राजस्व/गार्हस्थ्य उत्पादन	३०.०	२७.०	२१.५०	२०.२८	२१.९
कुल सरकारी खर्च गार्हस्थ्य उत्पादन (लक्ष्य बजेट, प्रगति खर्चमा)	४३.३	४२.६	२८.७८	२७.८७	२८.०
चालु खर्च/गार्हस्थ्य उत्पादन	१७.९	२०.५	१८.५७	२०.०३	१९.८
पुँजीगत खर्च/गार्हस्थ्य उत्पादन	१८.६	१६.८	६.२६	४.८३	५.४०
वैदेशिक अनुदान/गार्हस्थ्य उत्पादन	३.०	-	०.८०	०.५०	०.६३
वैदेशिक ऋण/गार्हस्थ्य उत्पादन	५.७०	-	२.४०	४.२०	३.०६
आन्तरिक ऋण/गार्हस्थ्य उत्पादन	४.३०	-	२.५०	५.०	५.२४
व्यापार घाटा/गार्हस्थ्य उत्पादन	३५.३	३९.६	३४.२	२८.१०	३२.७
निर्यात /गार्हस्थ्य उत्पादन	१५.७	११.३	२.५०	२.५०	३.३०
आयात /गार्हस्थ्य उत्पादन	५१.०	५०.९	३६.८	३०.६	३६.०
बजेट घाटा/गार्हस्थ्य उत्पादन	१०.०	१०.५	८.८०	८.१२	७.०५

स्रोतः पन्ध्रौं योजना र आर्थिक सर्भेक्षण २०७८।७९

७.१ माथि उल्लिखित तथ्याङ्क विश्लेषण गर्दा पन्ध्रौं योजनामा औसत १०.३ प्रतिशत र २०७७।७८ मा आर्थिक वृद्धिदर ९.६ प्रतिशत हुने लक्ष्य रहेकोमा यो वर्ष ४.२५ प्रतिशत वृद्धिदर रहेकोमा २०७७।७८ सम्मको औसत वृद्धिदर १.०८ प्रतिशत मात्र रहेको छ। पन्ध्रौं योजना र यो वर्ष उपभोक्ता मुद्रास्फीति ६ प्रतिशतमा सीमित गर्ने लक्ष्य रहेकोमा वाञ्छित सीमाभित्र रही उपभोक्ता मुद्रास्फीति ३.६ प्रतिशत मात्र रहे तापनि थोक मुद्रा स्फितिदर ६.९ प्रतिशत रहेको देखिन्छ । पन्ध्रौं योजना र यस वर्षको पुँजीगत खर्च कुल गार्हस्थ्य उत्पादनको क्रमशः १८.६ प्रतिशत र १६.८ प्रतिशत गर्ने लक्ष्य रहेकोमा यो वर्षसम्म औसत ५.१२ र २०७७।७८ मा ५.४ प्रतिशत मात्र पुगेको देखिन्छ। वैदेशिक अनुदानको उपयोग अपेक्षित रूपमा परिचालन हुन नसकेको कारण कुल गार्हस्थ्य उत्पादनको ३ प्रतिशत रहनुपर्नेमा ०.६३ प्रतिशत मात्र रहेको छ। निर्यातलाई कुल गार्हस्थ्य उत्पादनको तुलनामा ११.३ प्रतिशत पुऱ्याउने लक्ष्य लिइएकोमा ३.३ प्रतिशतमा सीमित भएको छ ।

७.२ पन्ध्रौं योजनाले २०७७।७८ मा कृषि, उद्योग र सेवा क्षेत्रको वृद्धिदर क्रमशः ५.१ प्रतिशत, १५.६ प्रतिशत र १० प्रतिशत रहने लक्ष्य लिएको छ । आर्थिक सर्भेक्षणअनुसार २०७७।७८ मा कृषि, उद्योग र सेवा क्षेत्रको वृद्धिदर क्रमश २.८५ प्रतिशत, ४.५१ प्रतिशत तथा ४.१९ प्रतिशत मात्र रहेको छ। त्यसैगरी २०७७।७८ को कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको अंश क्रमशः २५.५ प्रतिशत, १३.१ प्रतिशत तथा ६१.८ प्रतिशत रहेको छ । पन्ध्रौं योजनाको लक्ष्यअनुसार तोकिएको क्षेत्रमा प्रगति हासिल गर्ने कार्य चुनौतीपूर्ण देखिएको छ ।

७.३ संघीय सरकारको बजेट घाटा २०७६।७७ मा रू.३ खर्ब १७ अर्ब ८० करोड रहेकोमा २०७७।७८ मा रू.३ खर्ब १ अर्ब ३८ करोड रहेको देखिन्छ । यो वर्ष कुल गार्हस्थ्य उत्पादनमा संघीय खर्च २७.९८ प्रतिशत रहेको छ जुन गत वर्ष २८.०६ प्रतिशत रहेको थियो। त्यसैगरी २०७७।७८ मा

चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थासँग कुल गार्हस्थ्य उत्पादनको अनुपात क्रमशः १९.८० प्रतिशत, ५.४० प्रतिशत र २.८० प्रतिशत रहेकोले लक्ष्य भन्दा न्यून रहेको देखिन्छ। कुल गार्हस्थ्य उत्पादनमा संघीय सरकारले सङ्कलन गरेको राजस्वको अनुपात २१.८८ प्रतिशत रहेकोमा संघीय सरकारले उपयोग गर्ने राजस्वको अनुपात १९.२९ प्रतिशत रहेको देखिन्छ।

योजना अवधिको दोस्रो वर्षको प्रगति योजनाको लक्ष्य भन्दा न्यून रहेकोले समष्टिगत आर्थिक परिसूचकमा सकारात्मक सुधार गर्न मुद्रा स्फीतिलाई निर्धारित सीमामा राख्नुका साथै चालु खाता घाटाको नियन्त्रण, निर्यात प्रवर्द्धन, सरकारी खर्चको प्रभावकारी व्यवस्थापन, वैदेशिक सहायताको प्रभावकारी परिचालन, उपलब्ध स्रोत साधनको समुचित उपयोग, आन्तरिक उत्पादनमा वृद्धि तथा लगानी विस्तार गर्न सरकारी, निजी र सहकारी क्षेत्रबाट समन्वयात्मक रूपमा प्रयास गर्नुपर्ने देखिन्छ।

७.४ पन्ध्रौं योजनाले खाद्य र पोषण सुरक्षा तथा खाद्य सम्प्रभुता सहितको दिगो एवं समृद्ध कृषि अर्थतन्त्र बनाउने सोच अनुरूप कृषि क्षेत्रलाई आत्मनिर्भर एवं निर्यातमुखी उद्योगका रूपमा रुपान्तरण गर्ने लक्ष्य लिएको देखिन्छ। कुल गार्हस्थ्य उत्पादनको एक तिहाई अंश कृषि क्षेत्रले ओगटेकोले कृषि उत्पादनलाई टेवा पुऱ्याउन कृषि तथा पशुपन्छी विकास मन्त्रालयमार्फत् रासायनिक मलमा रू.११ अर्ब समेत कृषकलाई कुल रू.१५अर्ब ५ करोड अनुदान उपलब्ध गराएको छ। आसिकुडा तथ्याङ्कको विश्लेषण गर्दा गतवर्ष रू.७२ अर्ब ८० करोड ५८ लाख (भन्सार प्रयोजन मूल्य) को कृषि सुधार शुल्क लाग्ने कृषिजन्य सामग्री पैठारी भएकोमा यो वर्ष रू.१ खर्ब २१ अर्ब ९९ करोड ३४ लाखको सुधार शुल्क लाग्ने कृषिजन्य सामग्री पैठारी भएको देखिदा कृषिजन्य वस्तुको पैठारी गतवर्षको तुलनामा ६७.५६ प्रतिशतले वृद्धि भएको देखिन्छ। कृषिजन्य सामग्रीको आन्तरिक उत्पादन वृद्धि गर्न संघीय, प्रदेश र स्थानीय सरकारले विभिन्न अनुदान तथा कार्यक्रम सञ्चालन गरी ठूलो रकम कृषिजन्य क्षेत्रमा लगानी गरेको भए तापनि कृषिजन्य सामग्रीको आयात वृद्धि हुँदै गएको छ। आन्तरिक उत्पादन वृद्धि गरी कृषि क्षेत्रलाई दिगो, भरपर्दो एवं आत्मनिर्भर बनाउन मौजुदा कृषि कार्यक्रमको पुनरावलोकन गर्नुपर्दछ।

८. **मध्यमकालीन खर्च संरचना** - सरकारको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकताका साथै वार्षिक नीति तथा कार्यक्रम र दिगो विकासको लक्ष्य सन् २०३० को मार्गचित्रलाई समेत आधार लिई मध्यमकालीन खर्च संरचना तर्जुमा हुने गरेकोमा २०७७।७८ को लागि तय गरिएको मध्यमकालीन खर्च संरचनाको अवस्था देहायबमोजिम छः

(रू.लाखमा)

मध्यमकालीन खर्च संरचनाले २०७७।७८ का लागि तय गरेको विनियोजन तथा स्रोतको अनुमान				खर्च संरचनाको तुलनामा बजेटको अन्तर	
विवरण	**२०७५।७६**	**२०७६।७७**	**२०७७।७८**	**२०७५।७६**	**२०७६।७७**
बजेटको अनुमान					
चालु खर्च	९६८६०२३	१००१३५८४	९४८९४०६	१९६६१७	५२४१७८
पुँजीगत खर्च	६९००७३१	५४५९०११	३५२९१७५	३३७१५५६	१९२९८३६
वित्तीय व्यवस्था	२०५९२४६	२११८१०२	१७२७८७३	३३१३७३	३९०२२९
कुल	**१८६४६०००**	**१७५९०६९७**	**१४७४६४५४**	**३८९९५४६**	**२८४४२४३**

स्रोत अनुमान					
राजस्व	१२२६३०००	११६९७७००	८८९६१८४	३३६६८१६	२८०१५१६
वैदेशिक अनुदान	७१९०००	६३०००००	६०५२७७	११३७२३	२४७२३
वैदेशिक ऋण	३५१४०००	३३९०००००	२९९४९९३	५११९००७	३९५००७
आन्तरिक ऋण	२१५०००००	१८७२९९६	२२५०००००	-१०००००	-३७७००४
कुल	**१८६४६०००**	**१७५९०६९६**	**१४७४६४५४**	**३८९९५४६**	**२८४४२४२**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६ बमोजिम मध्यमकालिन खर्च संरचना तयार गरी सबै तहका सरकारमा संस्थागत गर्न राष्ट्रिय योजना आयोगले सहयोगी र संयोजनकारी भूमिका निर्वाह गर्नुपर्दछ। मध्यमकालीन खर्च संरचनामा समष्टिगत वित्त, बजेट र नतिजा खाका बीच सामन्जस्यता गरी बजेट सूचना प्रणालीमा प्रविष्ट गरी सोको कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र अन्य सम्बन्धित मन्त्रालय बीच प्रभावकारी समन्वय गर्नुपर्दछ ।

९. **राजस्व अनुमान र असुली -** अर्थ मन्त्रालयबाट प्राप्त विवरणअनुसार ३ वर्षको राजस्व असुली देहायअनुसार छः

(रू.लाखमा)

विवरण	२०७५।७६			२०७६।७७			२०७७।७८		
	लक्ष्य	असुल	असुल प्रतिशत	लक्ष्य	असुल	असुल प्रतिशत	लक्ष्य	असुल	असुल प्रतिशत
आयकर	२०९६८५३	१९४४२०४	९२.७२	२८०३५१०	२१९६८९५	७८.३६	२३८०३८७	२३००७७३	९६.६६
मूल्य अभिवृद्धि कर	२५०८८२६	२४१६६८०	९६.३३	३१५००८३	२२४०७०५	७१.१३	३०२१६८७	२८२०१९१	९३.३३
अन्तः शुल्क	१२४८८८८	१२१८५४१	९७.५७	१६९९८२१	१००६२२६	५९.२०	१५५५०४१	१३३७८०५	८६.०३
भन्सार महसुल	१५१५९४१	१४३३१९८	९४.५४	२१३२००४	१३७९९०३	६४.७२	१९३५५४७	२०१३८९६	१०४.०५
अन्य कर	१२२९५१५	१३८४११५	११२.५७	१३३४९१५	१५८९३९५	११९.०६	१२२४९२२	१३१४८७६	१०७.३४
जम्मा	**८६०००२३**	**८३९६७३८**	**९७.६३**	**१११२०३३३**	**८४१३१२४**	**७५.६६**	**१०११७५८४**	**९७८७५४१**	**९६.७४**

उल्लिखित विवरणअनुसार २०७७।७८ मा रू.९ खर्ब ७८ अर्ब ७५ करोड ४१ लाख (अन्य प्राप्ति समेत) राजस्व असुल भई गत वर्षको तुलनामा राजस्व असुली १६.३४ प्रतिशतले बढी देखिन्छ। यो वर्ष राजस्व असुलीको लक्ष्य रू.१० खर्ब ११ अर्ब ७५ करोड ८४ लाख रहेकोमा लक्ष्यको तुलनामा ९६.७४ प्रतिशत सङ्कलन भएको छ। कर राजस्व सङ्कलनतर्फ यो वर्ष रू.८ खर्ब ७० अर्ब १० करोड ६७ लाख असुल भई लक्ष्यको तुलनामा ४.६९ प्रतिशतले घटी रहेको छ । यो वर्ष गैरकर राजस्व रू.६८ अर्ब २१ करोड ४५ लाख असुल भई लक्ष्यको तुलनामा ३०.९६ प्रतिशत तथा गत वर्षको तुलनामा २७.१९ प्रतिशत न्यून देखिन्छ । महालेखा नियन्त्रक कार्यालयले तयार गरेको सञ्चित कोष हिसाबमा राजस्व असुली रू.९ खर्ब ७६ अर्ब ३२ करोड ९ लाख उल्लेख छ । महालेखा नियन्त्रक कार्यालयबाट पेस भएको राजस्वको केन्द्रीय आर्थिक विवरणमा र मन्त्रालयले तयार गरेको राजस्वको विवरणमा बाँडफाँट हुने रकम समेत समावेश गरेकोले रू.२ अर्ब ४३ करोड ३२ लाख राजस्व फरक देखिएको छ।

• *राजस्व नीति तथा मार्गदर्शन*

१०. **स्रोतको प्रक्षेपण -** राजस्व प्रक्षेपणको आधार लिँदा कुल गार्हस्थ्य उत्पादनलगायत अन्य आधार लिने गरेको देखिन्छ । पन्ध्रौं योजनाको अन्त्यसम्म कुल राजस्व र कुल गार्हस्थ्य उत्पादनको अनुपात ३० प्रतिशत हुने र २०७७।७८ मा २७ प्रतिशत हुने लक्ष्य लिइएकोमा २०७६।७७ मा राजस्व सङ्कलन कुल गार्हस्थ्य उत्पादनको २०.८० प्रतिशत तथा २०७७।७८ मा २१.९ प्रतिशत मात्र रहेको

देखिएकोले राजस्व सङ्कलन र परिचालनलाई थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ । कुल गार्हस्थ्य उत्पादनको अनुमान गर्दा समेट्नुपर्ने सबै नवीनतम व्यवसाय र अनौपचारिक क्षेत्रलगायतलाई गार्हस्थ्य उत्पादनको दायरामा ल्याई तथ्याङ्क यथार्थपरक बनाउनुपर्दछ।

११. **राजस्व नीति -** बजेटले कोरोना संक्रमण जोखिमका कारण प्रभावित कृषि, उद्योग तथा सेवा व्यवसायको पुनरुत्थान हुने गरी करका दर समायोजन, छुट तथा सहुलियत प्रदान गर्ने, करयोग्य आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याउँदै प्रगतिशील, समन्यायिक, पारदर्शी र व्यवसायमैत्री राजस्व प्रणालीको विकास गर्ने, औद्योगिक संरक्षण गरी आन्तरिक उत्पादन प्रोत्साहन गर्ने र अनावश्यक तथा मानव स्वास्थ्यका लागि हानिकारक एवं वातावरणमा ह्रास ल्याउने वस्तुको आयात निरुत्साहित गर्ने दक्ष, व्यावसायिक र स्वच्छ कर प्रशासनको विकास, प्रक्रियागत सरलीकरण, सूचना प्रविधिको प्रयोग, कर कानूनको परिपालनामार्फत् कर सहभागिता अभिवृद्धि गर्ने, राजस्व चुहावट नियन्त्रण गर्ने र गैरकर राजस्वको दायरा विस्तार गर्दै दरलाई पुनरावलोकन गर्ने उद्देश्य लिएको छ। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा देहायअनुसार छन्:

११.१ बजेट वक्तव्यमा कोरोनाबाट प्रभावित व्यवसायलाई राहत दिने, शिथिल भएको आर्थिक क्रियाकलापलाई चलायमान बनाई पुनरुत्थान गर्ने र राजस्व प्रणालीलाई आन्तरिक आयमा आधारित बनाई सार्वजनिक वित्तको दिगो र भरपर्दो स्रोतको रूपमा स्थापित गर्दै जाने उल्लेख गरेकोमा आशातीत प्रगति हासिल हुन सकेको छैन । यो वर्ष कुल राजस्व असुली रू.९ खर्ब ७८ अर्ब ७५ करोड ४१ लाखमध्ये पैठारीमा आधारित भन्सार महसुल रू.१ खर्ब ६८ अर्ब १८ करोड ५२ लाखलाई मात्र आधार लिँदा पैठारीमा आधारित राजस्वको अंश १७.१८ प्रतिशत देखिन्छ जुन गत वर्ष १६.४० प्रतिशत रहेको थियो । त्यसैगरी पैठारीमा आधारित भन्सार महसुल, मूल्य अभिवृद्धि कर र अन्तःशुल्कसमेतलाई आधार लिँदा कुल राजस्व असुलीको ३९.४२ प्रतिशत (रू.३ खर्ब ८५ अर्ब ८६ करोड ३४ लाख) रहेकोले आयातमा आधारित राजस्वको अंश उल्लेख्य देखिन्छ जुन गत वर्ष ३५.६० प्रतिशत रहेको थियो । पैठारीमा आधारित राजस्व संरचनालाई परिवर्तन गर्न आन्तरिक उत्पादन सोको उपयोगमा वृद्धि गरी आन्तरिक राजस्व सङ्कलनको दिगो आधार तय गर्नुपर्दछ ।

११.२ सबै आर्थिक क्रियाकलापलाई औपचारिक अर्थतन्त्रमा समावेश गर्न विद्युतीय माध्यमबाट कारोबार गर्नुपर्ने व्यवस्थालाई थप प्रभावकारी बनाउनुपर्दछ। सबै किसिमका राजस्व भुक्तानी विद्युतीय माध्यमबाट गर्ने व्यवस्था गरी राजस्व प्रशासनलाई स्वचालित बनाउन डिजिटल हस्ताक्षरलाई कार्यान्वयनमा ल्याउन कानूनी व्यवस्था गर्नुपर्दछ ।

११.३ निर्यातजन्य वस्तुको बजार सुनिश्चित गर्न सरकार एवं निजी क्षेत्रले निकासी गृह स्थापना गर्न प्रोत्साहन गर्ने, निर्यातजन्य वस्तुको उत्पादनको लागि नगद अनुदानका साथै कच्चापदार्थ उत्पादनलाई नगद अनुदानको व्यवस्था गर्न विद्यमान नीतिमा परिमार्जन गर्नुपर्दछ ।

११.४ भन्सारमा मालवस्तुको घोषणा, वर्गीकरण र कारोबार मूल्यमा आधारित बनाउन अन्तरदेशीय भन्सार प्रशासनसँग विद्युतीय सूचना आदानप्रदान गर्ने तथा भन्सार जाँचपास प्रक्रियालाई पूर्ण रूपमा स्वचालित बनाउन र मूल्याङ्कनलाई यथार्थपरक बनाउन भ्यालुएसन सब-मोडलको विस्तार र स्वचालित भ्यालुएसन डाटाबेस निर्माण गर्नुपर्दछ।

११.५ मूल्य अभिवृद्धि कर प्रणालीलाई राष्ट्रिय कराधार संरक्षण गर्न सक्ने गरी सुदृढ गरी राजस्व सङ्कलनलाई प्रभावकारी बनाउनुपर्दछ। कर संरचना र दायरामा सामयिक सुधार गरी कर प्रणालीलाई समन्यायिक तथा सरल बनाउनुपर्दछ ।

११.६ सबै किसिमका आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याई राजस्वको आधार फराकिलो बनाउन ई-कमर्श, भाइबर, म्यासेन्जर, स्काइप, विच्याट, फेसबुक, ट्विटरलगायतका सामाजिक सञ्जालमा हुने अनलाइन विज्ञापन तथा ओभर द टप सेवालाई करको दायरामा ल्याउन कानूनी व्यवस्था गर्नुपर्दछ।

११.७ राजस्व असुल गर्ने निकाय बीच सूचना आदान प्रदान गर्न सूचना प्रणाली विकास गर्ने, सबै प्रकारका आर्थिक कारोबारमा संलग्न व्यक्ति तथा संस्थालाई अनिवार्य स्थायी लेखा नम्बरमा आवद्ध गर्ने विद्युतीय माध्यमबाट बीजक जारी गरी कारोबार गर्ने प्रणालीको विकास गरी कार्यान्वयन गर्नुपर्दछ ।

११.८ गैरकर राजस्वलाई लागत प्रभावी बनाई राजस्व सङ्कलन वृद्धिका लागि यसका दरहरूलाई समयानुकूल पुनरावलोकन गर्दै हालको विद्यमान नीतिगत तथा संरचनागत व्यवस्थामा एकीकृत तथा परिमार्जन गरी गैरकर प्रशासनसम्बन्धी छुट्टै कानूनी व्यवस्था हुनुपर्दछ ।

११.९ राजस्व प्रशासनलाई प्रभावकारी बनाउन कार्यालयको कार्यबोझ, कारोबारको सघनता, करदाता संख्या अन्तशुल्क प्रशासन र प्रशासनिक सुगमताका आधारमा कर्मचारी व्यवस्थापन गर्नुपर्दछ ।

११.१० संघमार्फत् प्रदेश तथा स्थानीय तहलाई सशर्त, वित्तीय समानीकरण, समपूरक र विशेषसमेत ४ प्रकारका अनुदानबापत यो वर्ष रू.३ खर्ब ९४ अर्ब ५४ करोड ६६ लाख प्रदान गरिएको छ । प्रदेश र स्थानीय तहको आन्तरिक आम्दानी न्यून रहेको हुँदा संघको अनुदानमा निर्भर रही कार्यक्रम सञ्चालन गरेको देखिन्छ। संघीय अनुदानमा मात्र निर्भर रही कार्यक्रम सञ्चालन गर्दा तीन तह बीचको वित्तीय सन्तुलन र वित्तीय दिगोपनामा असर पर्ने देखिन्छ। तसर्थ वित्तीय संघीयतालाई मजबुत बनाउन प्रदेश तथा स्थानीय तहले आफ्नै स्रोतबाट कम्तीमा सञ्चालन खर्च र आधारभूत सेव प्रदान गर्न सक्ने गरी नीति तथा कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

१२. **साँवा ब्याज असुली -** मन्त्रालयले साँवा ब्याज असुलीको अनुगमन, निर्देशन र अभिलेखाङ्कनको कार्यमा थप क्रियाशीलता देखाउन नसकेकोले बक्यौताको अङ्कमा वृद्धि र असुलीको प्रतिशतमा न्यूनता आएको देखिन्छ। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

१२.१ महालेखा नियन्त्रक कार्यालयको विवरणअनुसार सरकारले सार्वजनिक संस्थान, समिति, बोर्ड, कोष र स्थानीय तहमा गरेको ऋण लगानीको भाखा नाघेको साँवा रू.६७ अर्ब १९ करोड २ लाख र ब्याज रू.५६ अर्ब ९ करोड ९२ लाख समेत रू.१ खर्ब २३ अर्ब २८ करोड ९४ लाख राजस्व बक्यौता रहेको छ। भाखा नाघेको साँवा र ब्याज चुक्ता नगर्ने ७९ निकायमध्ये सबैभन्दा बढी साँवा र ब्याज हुने ६ निकायमा क्रमशः नेपाल विद्युत प्राधिकरण रू.८१ अर्ब १ करोड ४३ लाख, काठमाडौं उपत्यका खानेपानी बोर्ड रू.६ अर्ब ६८ करोड १० लाख, नेपाल खानेपानी संस्थान रू.६ अर्ब ६० करोड ६ लाख, जनकपुर चुरोट कारखाना रू.३ अर्ब ४६ करोड ५७ लाख, उदयपुर सिमेन्ट उद्योग लिमिटेड रू.२ अर्ब ९८ करोड २४ लाख, विराटनगर जुट मिल्स रू.२ अर्ब ३ करोड ४ लाख समेत रू.१ खर्ब २ अर्ब ७७ करोड ४४ लाख रहेको देखिन्छ। यी निकायको मात्र भाखा नाघेको साँवा ब्याज ८३.३६ प्रतिशत रहेको देखिन्छ । नियमित सञ्चालनमा रहेका मुनाफा आर्जनसमेत गरेका साना किसान विकास

बैङ्क, रुरल माइक्रो फाइनान्स डेभेलपमेन्ट लिमिटेड लगायतका संस्थाले समेत साँवा र ब्याज बुझाउन बाँकी देखिएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

१२.२ सरकारले गरेको ऋण लगानीको भाखा नाघेको साँवा र ब्याज बुझाउन बाँकी रहने सार्वजनिक संस्थान, समितिमध्ये कतिपय निकायहरू खारेज भएका तथा सञ्चालनमा रहेको देखिँदैन । नेपाल ओरियण्ट म्यागनेसाइट प्रा.लि, जनकपुर चुरोट कारखाना, रघुपति जुट मिल, नेपाल यातायात संस्थान, गोरखकाली रबर उद्योग, हिमाल सिमेन्ट कम्पनी लिमिटेडलगायत २७ कम्पनीमा भाखा नाघेको साँवा रू.५ अर्ब ९८ करोड १ लाख र भाखा नाघेको ब्याज रू.५ अर्ब ७ करोड ५० लाख बाँकी रहेको देखिन्छ ।

१२.३ भाखा नाघेको साँवा र ब्याज बुझाउन बाँकी रहेका १३ स्थानीय तहतर्फ काठमाडौं महानगरपालिकाको साँवा रू.३६ करोड ७० लाख ४३ हजार र ब्याज रू.६३ करोड ८ लाख ७२ हजारसमेत रू.९९ करोड ७९ लाख १५ हजार, पोखरा महानगरपालिकाको साँवा रू.१३ करोड ६३ लाख १९ हजार र ब्याज रू.२४ करोड ८८ लाख १५ हजार समेत रू.३८ करोड ५१ लाख ३४ हजार, भरतपुर महानगरपालिकाको साँवा रू.१६ करोड ९२ लाख ७५ हजार ब्याज रू.२० करोड २० लाख ६८ हजार समेत रू.३७ करोड १३ लाख ४३ हजार र हेटौंडा उप-महानगरपालिकाको साँवा रू.१४ करोड २ लाख ११ हजार र ब्याज रू.७ करोड ४५ लाख ९१ हजार समेत रू.२१ करोड ४८ लाख ३ हजार रहेको छ । आन्तरिक ऋणतर्फ ३ स्थानीय तहको रू.३ करोड ३८ लाख र बाह्यऋणतर्फ रू.१ अर्ब ३ करोड ३१ लाख समेत रू.१ अर्ब ६ करोड ६९ लाख साँवा तथा आन्तरिक र बाह्य गरी रू.१ अर्ब १४ करोड ५ लाख ब्याजसमेत रू.२ अर्ब ५२ करोड ७४ लाख बुझाउन बाँकी रहेको देखिन्छ ।

१२.४ आन्तरिक राजस्व विभागको वार्षिक प्रगति प्रतिवेदनअनुसार २०७७।७८ सम्म कर बक्यौता रकममध्ये आयकर रू.१ खर्ब ३९ अर्ब १३ करोड ४ लाख, मूल्य अभिवृद्धि कर रू.२५ अर्ब ५५ करोड ५ लाख, अन्तःशुल्क रू.४ अर्ब ९ करोड ३६ लाख र अन्यतर्फ रू.२ अर्ब ६१ करोड ९९ लाखसमेत रू.१ खर्ब ७१ अर्ब ३९ करोड ४६ लाख रहेको छ । बक्यौताको ठूलो हिस्सा न्यायिक निकायमा विचाराधीन रहेको छ ।

राजस्व बक्यौता रहेको रकम मध्ये सार्वजनिक संस्थान सञ्चालनमा नरहेको, करदाता पलायन भएको, करदाताले दायर गरेको मुद्दा विचाराधीन रहेका जस्ता कारणले समयमा बक्यौता उठ्न सक्ने अवस्था देखिँदैन । सरकारले प्राप्त गर्नुपर्ने राजस्व बक्यौता रहेको परिप्रेक्ष्यमा नीतिगत एवं कानूनी व्यवस्था मिलाई अभियानकै रूपमा असुली प्रक्रिया अगाडि बढाउनुपर्दछ ।

१३. **राजस्व छुट** - आर्थिक ऐन, २०७७ को दफा १८ ले नेपाल सरकारले आवश्यकताअनुसार प्रचलित कानूनबमोजिम लगाइएको दस्तुर, शुल्क, महसुल वा करको दर घटाउन बढाउन वा आंशिक वा पूर्ण रूपमा राजस्व छुट दिने व्यवस्था गरेको छ । राजस्व छुट दिने व्यवस्थामा क्रमशः सुधार भए पनि वस्तु तथा सेवाको पैठारीमा लाग्ने महसुल दरमा दिइने छुट द्रष्टव्य, अनुसूची तथा पटके रूपमा गरिने निर्णयका आधारमा हुने गरेको अवस्था छ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्नानुसार छन्:

१३.१ आर्थिक ऐन, २०७७ को दफा १८ (५) मा यस दफाबमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर शुल्क महसुल वा कर आंशिक वा पूर्ण रूपमा छुट दिइएको विवरण प्रत्येक वर्ष नेपाल सरकार अर्थ मन्त्रालयले संघीय संसदमा पेस गर्नुपर्ने उल्लेख छ । वैदेशिक सहायतामा सञ्चालन हुने

आयोजनामा निर्माण कार्यका लागि सम्झौतामा व्यवस्था भएबमोजिम आयात गर्ने निर्माण सामग्री तथा उपकरणमा नेपाल सरकारको निर्णयबाट भन्सार महसुल, कर, शुल्क छुट दिने व्यवस्थाअनुसार २०७७।७८ को फागुन मसान्तसम्म मन्त्रालय, विभाग, स्थानीय तह, संस्थानहरू र निर्माण व्यवसायीहरूसमेत विभिन्न ६५ निकायलाई रू.१२ अर्ब ४८ करोड ९८ लाख पैठारी मूल्यमा रू.६ अर्ब ६ करोड २९ लाख छुट दिएको विवरण मन्त्रालयगत प्रगति प्रतिवेदनमा उल्लेख छ । तथापि मन्त्रालयले २०७७ फाल्गुन पश्चात् दिएको छुटको विवरण उपलब्ध गराएको छैन । यस्ता छुट सुविधामा आयात हुने सामग्री तथा उपकरणमा लाग्ने राजस्व छुट रकमको अभिलेख र राजस्व छुट दिएको रकम आयोजनाको लगानी र उत्पादित वस्तुको लागतमा समायोजन गर्ने गरेको छैन । छुटमा आयातित सामान सम्बन्धित आयोजनामा नै उपयोग भएको सम्बन्धमा अनुगमन गर्ने जिम्मेवारी स्पष्ट नहुँदा अर्थ मन्त्रालय र अन्तर्गतका निकाय एवं सम्बन्धित आयोजनाहरूबाट समेत अनुगमन गर्ने नगरेबाट तोकिएका शर्तअनुसार उपयोग गरेको सुनिश्चित गर्न प्रभावकारी अनुगमन गर्ने कार्य हुनुपर्दछ ।

१३.२ आर्थिक ऐन, २०७७ को दफा २(१) सँग सम्बन्धित अनुसूची १ को दफा ६ र ७ मा सार्क मुलुकबाट उत्पादित सामानहरू प्रतीतपत्र खोली दक्षिण एसियाली स्वतन्त्र व्यापार सम्झौता (साफ्टा) अन्तर्गत प्रमाणपत्र संलग्न गरेर पैठारी भएमा २०६२।९।१७ मा कायम रहेको भन्सार महसुल दरमा निश्चित प्रतिशतले भन्सार महसुल छुट दिने व्यवस्था छ। यो व्यवस्था लागू भएको १७ वर्ष व्यतीत भैसकेको छ। साफ्टाको सुविधा उपयोग गरी २०७७।७८ मा विभिन्न व्यवसायीले प्लाष्टिक ग्रेनुअल, स्टिल पाता, हर्लिक्स, ग्लासवेयर, प्राइमरी रेजिन, ग्लास बोतल, फलाम वा अमिश्रित स्पातका एङ्गल, सोयाबिन मिल, प्रि फेब्रिकेटेड हाउसलगायतका सामान पैठारी गर्दा रू.८ अर्ब ११ करोड ३६ लाख भन्सार महसुल र सोको मूल्य अभिवृद्धि कर रू.१ अर्ब ५ करोड ४७ लाखसमेत रू.९ अर्ब १६ करोड ८३ लाख राजस्व छुट भएको छ । साफ्टा छुटमा पैठारी हुने कतिपय मालवस्तु तयारी एवं उपभोग्य प्रकृतिको देखिन्छ। सरकारले साफ्टा छुटमा कच्चा पदार्थ तथा पार्टपुर्जालगायतका वस्तु पैठारी गरी सोबाट स्वदेशमा उत्पादन वृद्धि गरेर तयारी मालवस्तु निकासी गरी तुलनात्मक रूपमा फाइदा लिन सकेको छैन । तसर्थ साफ्टा छुटबाट लाभ लिन स्वदेशी उत्पादन वृद्धि गरी निकासी प्रवर्द्धनमा जोड दिनुपर्दछ ।

१३.३ आर्थिक ऐन, २०७७ को अनुसूची -१ को दफा १४(१), १४(२) र १४(३) मा भन्सार महसुल पूर्ण एवं आंशिक छुट हुने व्यवस्था छ। सोही ऐनको दफा १५ मा नेपाल सरकारको सम्बन्धित निकायको सिफारिसमा भन्सार महसुल पूर्ण वा आंशिक छुट हुने मालवस्तु उल्लेख गरेको छ । त्यसैगरी सोही ऐनले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ बमोजिमका सामानमा मूल्य अभिवृद्धि कर छुट हुने व्यवस्था गरेको छ । राजस्व छुटको उक्त विवरणमा भन्सार, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क छुट दिएको कारण एवं सो छुटले राजस्व असुलीमा हुन गएको कमीको रकमगत अभिलेख राखेको छैन। लेखापरीक्षणको क्रममा आसिकुडाको तथ्याङ्कबाट सङ्कलित सूचनाअनुसार यो वर्ष रू.४२ अर्ब ८९ करोड ६४ लाख राजस्व छुट दिएको छ। अन्तर्राष्ट्रिय मान्यताअनुरूप सबै प्रकारका राजस्व छुटको रकमगत अभिलेख तयार गरी सार्वजनिक गर्नुपर्दछ ।

१३.४ आयकर ऐन, मूल्य अभिवृद्धि कर ऐन तथा साल बसाली रूपमा आउने कर छुट प्रावधानमा विनियोजनको विकल्प भन्दा राजस्व छुट प्रदान गर्दा सोको आवश्यकता र औचित्यसम्बन्धी ठोस आधारहरू तय भएको देखिँदैन । यसरी विभिन्न प्रकारले दिइने छुटको अनुमान गर्ने, सोको स्पष्ट उद्देश्य तय गर्ने तथा यथार्थमा दिएको छुटको प्रकार, रकम र प्राप्त उपलब्धि समेतको प्रगति तयार गरी संसदमा पेस गर्ने तथा सार्वजनिक

गर्ने व्यवस्थामा उल्लेख्य सुधार हुन सकेको देखिँदैन । करको प्रकार, सिफारिस गर्ने निकाय, कर छुटको रकम, कर छुट प्राप्त गर्ने निकाय वा व्यक्तिलगायतको विवरणसहित कर छुटबाट प्राप्त भएको समग्र असर (परिणाम) को एकीकृत विवरण संसदमा पेस गर्ने व्यवस्था गर्नुपर्दछ ।

१३.५ भौतिक पूर्वाधार निर्माणमा प्रयोग हुने मेसिन, उपकरण तथा अन्य सामग्रीहरू पैठारी गर्दा दिइने कर छुटको रकमलाई भौतिक पूर्वाधार निर्माणको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले कर छुटको कारणबाट उक्त पूर्वाधारको लागतमा पर्ने असर यकिन गरी लागत अनुमान तयार गर्नुपर्दछ ।

१३.६ पूर्वाधार संरचना निर्माणमा सहभागी हुने बोलपत्रदाताले बोलपत्र पेस गर्दा त्यसरी कर छुट हुने वस्तुहरूमा कर छुट हुने बाहेकको लागत मात्र कबोल गरेको यकिन गर्न उक्त खरिद कार्य र सुपरिवेक्षणमा रहने निकायलाई जिम्मेवार बनाउनुपर्दछ ।

१३.७ वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, विद्युत विकास विभाग, उद्योग विभाग, औषधि व्यवस्था विभागलगायतका महसुल र कर छुटको सिफारिस गर्ने निकायले आर्थिक ऐनबमोजिम छुटको सिफारिसका सन्दर्भमा दोहोरो सुविधा उपभोग हुन नपाउने गरी वस्तुको विस्तृत विवरण, कर छुटका आधार, अनुगमन र सूचना प्रवाहको व्यवस्था सुनिश्चित हुने मापदण्ड तय गरी कार्यान्वयन नगर्नाले उद्देश्यअनुसार महसुल र कर छुटको उपभोग भएको यकिन गर्न कठिन छ । महसुल र कर छुटको सिफारिसमा मापदण्ड तय गरी सो लागू गर्न सिफारिस गर्ने निकाय र छुट दिने निकाय बीच समन्वय र सहकार्य हुनुपर्दछ।

१३.८ महसुल र कर छुट पाएका मालवस्तु तथा सवारीसाधनको उपयोग निर्दिष्ट कार्यमा भए नभएको र तोकिएको समय पश्चात् फिर्ता लगे नलगेको सम्बन्धमा कर छुटको सिफारिस गर्ने निकाय, भौतिक पूर्वाधारको अनुगमन सुपरिवेक्षण गर्ने निकाय र छुट दिने निकाय बीच प्रभावकारी सूचना तथा प्रतिवेदन गर्ने व्यवस्था गर्नुपर्दछ ।

१३.९ निश्चित निकायको सिफारिसमा दिइने कर छुट बाहेकका सरकारले दिनसक्ने छुट सम्बन्धमा आर्थिक ऐन, २०७७ को दफा १८ को अधिकारबमोजिमको छुट सामान्य समग्र प्रकृतिको प्रयोग गरेको हो वा आर्थिक ऐनबमोजिम सन्दर्भ र परिस्थितिमा हुने छुट हो स्पष्ट गरी मातहत निकायलाई पत्राचार गर्नुपर्दछ। सामान्य समग्र प्रकृतिको प्रयोगलाई पारदर्शी र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

राजस्व छुटको विषयमा भएको सुधारलाई निरन्तरता दिँदै आर्थिक ऐनको द्रष्टव्य र पटके निर्णयबाट दिइने छुटलाई घटाउनुको अतिरिक्त छुटको अभिलेख व्यवस्थित गरेर पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।

• *बजेट तर्जुमा तथा कार्यान्वयन*

१४. **बजेट वक्तव्य कार्यान्वयन** - अर्थ मन्त्रालयसँग सम्बन्धित कार्यक्रमहरूमध्ये बजेट वक्तव्य २०७७।७८ मा ऋणपत्रको दोस्रो बजारमा कारोबार शुरु गर्न विनियमावली तर्जुमा गर्ने, सम्मिश्रित वित्त व्यवस्था तथा लगानीसम्बन्धी नियमावली तर्जुमा गर्ने तथा विशिष्टिकृत लगानी कोष भेन्चर क्यापिटल तथा प्राइभेट इक्विटी फण्ड सञ्चालन अनुमति प्रदान गर्ने, सम्पूर्ण सरकारी ऋणपत्रहरू नेपाल स्टक एक्सचेञ्जमा सूचीकरण गरी अभौतिकरण गर्ने, नेपालको क्रेडिट रेटिङ्ग गर्ने जस्ता कार्य सम्पन्न भएको देखिएन । सार्वजनिक संस्थानहरूको नियमन, सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाउन संस्थान सञ्चालन सम्बन्धी छाता ऐनको मस्यौदा तर्जुमा गर्ने उल्लेख गरेकोमा ऐन तर्जुमा हुन सकेको छैन । सञ्चालनमा

नरहेका संस्थानको स्वामित्वमा रहेका जग्गा, भौतिक संरचना, मेसिनरी उपकरण र अन्य सम्पत्ति उपयोगको अवधारणा तयार गर्ने, योगदानमा आधारित निवृत्तभरणमा नसमेटिएका राष्ट्रसेवक कर्मचारीलाई दायरामा ल्याउन अवकाश कोष सञ्चालनसम्बन्धी कानून संशोधन गर्ने लगायतका कार्य शुरु भएको जनाए तापनी सम्पन्न हुन सकेको देखिँदैन ।

१४.१ बजेट वक्तव्यमा कार्यबोझ र कार्य प्रकृतिका आधारमा आवश्यक नदेखिएका र काममा दोहोरोपना भएका निकायहरू पहिचान र खारेज गर्ने, सम्झौताको कार्यान्वयन नगर्ने संस्थानलाई सम्झौतामा व्यवस्था भए बमोजिम कारबाही गर्ने लगायतका कार्यहरू शुरुवात गरेको देखिएन । बजेट वक्तव्यमा उल्लेख भएका सम्पूर्ण कार्यक्रमहरू कार्यान्वयन गर्न प्रभावकारी बजेट कार्यान्वयन कार्ययोजना तयार गरी लागू गर्नुपर्दछ।

१४.२ बजेट वक्तव्यमा राष्ट्रसेवक कर्मचारीलाई निजी आवास निर्माण र सन्ततिलाई उच्च शिक्षा प्रदान गर्न सहुलियत दरको कर्जा सुविधा उपलब्ध गराउने तथा सबै कर्मचारीलाई आगामी आर्थिक वर्षको लागि रू.१ लाखसम्मको कोरोना बीमा निःशुल्क हुने उल्लेख छ। उल्लिखित व्यवस्थाको कार्यान्वयन गरी सहुलियतपूर्ण कर्जा प्रदान गरेको प्रगति विवरण तयार गरेको छैन । मन्त्रालयले कोरोना बीमा प्रिमियम बापत यो वर्ष रू.४१ करोड ९५ लाख १५ हजार भुक्तानी गरे तापनि रू.२ करोड ३ लाख ६४ हजार भुक्तानी हुन बाँकी रहेको देखिन्छ । कोरोना बीमा दाबी गरेको १ लाख ६२ हजार ३४६ संख्याको दाबी रू.१५ अर्ब ३५ करोड ६८ लाख २६ हजारमध्ये ५० हजार ४४७ दाबी संख्याको रू.४ अर्ब ८३ करोड ३५ लाख ३६ हजार दाबी भुक्तानी भएको देखिन्छ । कोरोना बीमा दाबी गर्ने १ लाख ११ हजार ८९९ संख्याको दाबी रू.१० अर्ब ५२ करोड ३२ लाख ९० हजार २०७७।७८ सम्म भुक्तानी भएको छैन। बीमा दाबी रकम यकिन गरी भुक्तानी गर्नुपर्दछ ।

१४.३ बजेट वक्तव्यमा विद्युतीय भुक्तानीमार्फत् कारोबारको लागत घटाउँदै नगदरहित कारोबारलाई प्रोत्साहन गरिने र विद्युत, खानेपानी, शिक्षा र स्वास्थ्य लगायतका सार्वजनिक सेवा शुल्ककको भुक्तानी विद्युतीय माध्यमबाट गर्ने व्यवस्था मिलाउने उल्लेख भएकोमा सरकारी भुक्तानीमध्ये धरौटी र विविध शीर्षकतर्फको तर्फको भुक्तानीका साथै टेलिकम, विद्युत, खानेपानी तथा करकट्टी रकम विद्युतीय माध्यमबाट भुक्तानी हुने व्यवस्था भएको छैन ।

१४.४ बजेट वक्तव्यमा घरेलु, साना तथा मझौला उद्यम तथा कोरोना प्रभावित पर्यटन व्यवसायका श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानी तथा व्यवसाय सञ्चालनको लागि ५ प्रतिशत ब्याजमा कर्जा उपलब्ध गराउन रू.५० अर्बको छुट्टै कोष खडा गर्ने, उक्त कोष नेपाल राष्ट्र बैङ्कमार्फत् सञ्चालन हुने र उक्त कोषमा नेपाल सरकार, सरकारी स्वामित्वमा रहेका सार्वजनिक संस्थान र दातृ निकायबाट प्राप्त हुने रकम समावेश हुने उल्लेख छ । बजेट वक्तव्यको कार्यान्वयनको लागि व्यवसाय निरन्तरता कोष स्थापना गरी नेपाल सरकारको तर्फबाट २०७७ श्रावण २६ मा रू.१ अर्ब भुक्तानी गरेको देखिन्छ। मन्त्रालयगत प्रगति प्रतिवेदन २०७८ अनुसार उक्त कोषबाट २०७७ फाल्गुण मसान्तसम्म राष्ट्र बैङ्कबाट इजाजत प्राप्त ५ बैङ्क तथा वित्तीय संस्थामार्फत् २० ऋणीलाई रू.२० करोड ८७ लाख ५३ हजार मात्र कर्जा प्रवाह भएको देखिन्छ। उक्त कोषको सञ्चालन र कार्यान्वयन स्थितिको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

१५. **कोभिड -१९ को वित्तीय व्यवस्थापन -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार संघीय सरकारले छुट्टै बजेट उपशीर्षकमा रू.१४ अर्ब ५ करोड ५७ लाख विनियोजन गरी रू.१० अर्ब ७१ करोड ३४ लाख खर्च गरेको छ। यसका अतिरिक्त सरकारले कोराना भाइरस संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोष स्थापना गरेकोमा उक्त कोषबाट यो वर्ष रू.१ अर्ब ४८ करोड ८८ लाख निकासा गरेको देखिन्छ। त्यसैगरी प्रदेश सरकारबाट रू.२ अर्ब ११ करोड ६६ लाख तथा स्थानीय तहबाट रू.४ अर्ब ७५ करोड ८८ लाख गरी यो वर्ष कोभिड १९ व्यवस्थापनको लागि रू.१९ अर्ब ७ करोड ७६ लाख खर्च भएको देखिन्छ । सरकारले कोभिड-१९ सँग जुध्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसँग समन्वय गरी २०७७।७८ मा थप १३.७९ मिलियन अमेरिकी डलर परिचालन गरेको र सोही अवधिमा विभिन्न दातृ निकाय तथा संस्थाबाट स्वास्थ्य सामग्री र औजार उपकरणलगायतमा रू.५१ अर्ब बराबरको सहयोग प्राप्त भएको उल्लेख छ ।

१५.१ कोभिड-१९ को प्रभाव न्यूनीकरणका लागि सरकारले विभिन्न उद्धार, राहत तथा पुनरुत्थानका लागि तोकिएका पेशा, उद्यम र व्यवसायीलाई २०७८ आषाढ मसान्तसम्म रू.१ खर्ब २२ अर्ब ७० करोड पुर्नकर्जा सुविधा उपलब्ध गराएको, १ लाख ४ हजार १०९ ऋणीलाई रू.१ खर्ब ६१ अर्ब ४४ करोड सहुलियतपूर्ण कर्जा लगानी गरेको, कोभिड-१९ बाट प्रभावित पर्यटन लघु, घरेलु तथा साना उद्यम क्षेत्रको व्यवसाय निरन्तरताका लागि रू.९५ करोड ६७ लाख कर्जा प्रदान गरेको छ। त्यसैगरी कोरोना अति प्रभावित उद्योग व्यवसाय सुचारु गर्न चालु पुँजी कर्जाको २० प्रतिशत थप कर्जा स्वरूप १६ हजार ८८२ ऋणीलाई रू.१४ अर्ब २४ करोड कर्जा प्रवाह भएको, ९५३ ऋणीको रू.५२ अर्ब कर्जाको ग्रेस अवधि थप भएको, २१ हजार ६१७ उद्यमीको कर्जा पुनः तालिकीकरण सुविधा प्रदान गरेको देखिन्छ।

१५.२ रेम्डिसिभिर, अक्सिजन, अक्सिजन सिलिण्डर, अक्सिजन कन्सनट्रेटर, अक्सिजन फ्लोमिटर, अक्सिजन रेगुलेटर, आईसीयू बेडलगायतका मालवस्तुमा सम्पूर्ण महसुल छुट प्रदान गरेको, नेपाल सरकारलाई हस्तान्तरण गर्नको लागि पैठारी गर्ने मेसिनरी यन्त्रमा महसुल छुट प्रदान गरेको, कुनै व्यक्तिले कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा गरेको योगदान रकम करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउने, रू.१ करोडसम्म कारोबार भएका व्यवसायीलाई न्यूनतम २५ प्रतिशतदेखि ७५ प्रतिशतसम्म आयकर छुट गरेको, कोभिड-१९ को नि:शुल्क परीक्षण तथा उपचार गरेको, श्रमिक तथा रोजगारदाताबाट सामाजिक सुरक्षा कोषमा जम्मा गर्नुपर्ने रकम सरकारले जम्मा गरिदिएको अवस्था छ ।

कोभिड-१९ जोखिम व्यवस्थापन गर्न संविधानको धारा १२४ बमोजिमको संघीय आकस्मिक कोष र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिमको कानूनबाट नै स्थापित गरेका कोषहरूको परिचालन गर्नुपर्दछ । विपद्को अवस्थामा पारदर्शीरूपमा स्थायी प्रकृतिका आकस्मिक कोष तथा अन्य विपद् व्यवस्थापन कोषहरूबाट निकासा, खर्च, लेखाङ्कन र प्रतिवेदन गर्ने विषयमा कार्यविधि कानूनको तर्जुमा गर्नुपर्दछ ।

१६. **बजेट विनियोजन र खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १०(३) मा बजेट विनियोजन गर्दा खर्च गर्न सक्ने क्षमतासमेतको आधारमा गर्नुपर्ने उल्लेख छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा देहायबमोजिम छन्:

१६.१ संघीय सरकारको ४ वर्षको बजेट विनियोजन र खर्चको स्थिति विश्लेषण गर्दा बजेट विनियोजन भएअनुरूप खर्च हुन सकेको देखिएन। खर्च स्थिति देहायअनुसार छः

(रू.लाखमा)

आर्थिक वर्ष	बजेट विनियोजन	खर्च	खर्च प्रतिशत
२०७४।७५	१२,७८,९९,४८	१०,८७,२७,९९	८५.०१
२०७५।७६	१३,१५,१६,१७	११,१०,४५,७१	८४.४३
२०७६।७७	१५,३२,९६,७१	१०,९१,१३,५३	७१.१८
२०७७।७८	१४,७४,६४,५४	११,९६,६७,६०	८१.१५

उल्लिखित विवरणअनुसार विगतका ३ वर्षमा बजेट विनियोजनअनुरूप खर्च हुने क्रम घट्दो दरमा रहेकोमा यो वर्ष केही वृद्धि भएको छ। विनियोजनअनुरूप खर्च नहुनुमा बजेट विनियोजनको लागि पर्याप्त गृहकार्यको अभाव, प्राविधिक अध्ययन र तयारी विना आयोजना छनोट तथा बजेट माग गर्ने, आयोजनाको लागि पर्याप्त बजेट नराखी रकमान्तर गरी थप गर्ने प्रचलन रहेको तथा आर्थिक वर्षको शुरु देखि नै ठेक्का बन्दोबस्त नगर्ने जस्ता कारणले पनि विनियोजनअनुरूप खर्च हुन नसकेको स्थिति छ। उल्लिखित पक्षहरूमा सुधार गरी गुणात्मक तथा परिमाणात्मक रूपमा खर्च वृद्धि गर्नुपर्दछ।

१६.२ समष्टिगत रूपमा माथि उल्लेख भएअनुसार खर्च भएको देखिए तापनि शीर्षकगत रूपमा यो वर्षसमेत ३ वर्षको स्थिति देहायअनुसार छ;

(रू.लाखमा)

विवरण	२०७५।७६			२०७६।७७			२०७७।७८		
	बजेट विनियोजन	खर्च	खर्च प्रतिशत	बजेट विनियोजन	खर्च	खर्च प्रतिशत	बजेट विनियोजन	खर्च	खर्च प्रतिशत
चालु खर्च	८,४५,४४,७५	७,१६,४१,७८	८४.७३	९,५७,१०,१४	७,८४,१४,८९	८१.९२	९४७०६८०	८४६२१७३	८९.३५
पुँजीगत खर्च	३,१३,९९,८२	२,४१,५६,२३	७६.९३	४,०८,००,५९	१,८९,०८,४७	४६.३४	३५३७४०८	२२८८३६२	६४.६९
वित्तीय व्यवस्था	१,५५,७१,६०	१,५२,४७,७०	९७.९१	१,६७,८५,९८	१,१७,९०,१७	७०.२४	१७३८३६६	१२१६२२५	६९.९६
जम्मा	**१३,१५,१६,१७**	**११,१०,४५,७१**	**८४.४३**	**१५,३२,९६,७१**	**१०,९१,१३,५३**	**७१.१८**	**१४७४६४५४**	**११९६६७६०**	**८१.१५**

सार्वजनिक खर्च व्यवस्थापनमा कुशलता अभिवृद्धि गरी आर्थिक अनुशासन कायम गर्ने, चालु खर्चमा नियन्त्रण र पुँजीगत खर्चमा वृद्धि गर्ने नीति सरकारले लिएको भए तापनि पुँजीगत खर्चमा विनियोजन भएअनुरूप खर्च हुन सकेको देखिएन । यसरी एकातर्फ विनियोजन भएअनुरूप पुँजीगत खर्च नभएको र अर्कोतर्फ कुल खर्चको २०७५।७६ मा २१.७५ प्रतिशत, २०७६/७७ मा १७.३३ प्रतिशत र २०७७।७८ मा १९.१२ प्रतिशत मात्र पुँजीगत खर्च भई प्रतिवर्ष न्यून रूपमा खर्च भएको देखियो। अनिवार्य दायित्वमा खर्च बढ्दै जानु, स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरिने रकमको लेखाङ्कन चालु खर्च शीर्षकबाट गरिनु र ऋणको ब्याज भुक्तानी बढ्दै जानु जस्ता प्रमुख कारण रहेको देखिन्छ । विकास निर्माण एवं सेवा प्रवाहमा ध्यान दिई पुँजीगत खर्च परिचालनमा वृद्धि गर्नुपर्दछ।

१६.३ सार्वजनिक खर्च व्यवस्थापनमा कुशलता अभिवृद्धि गरी आर्थिक अनुशासन कायम गर्ने, चालु खर्चमा नियन्त्रण र पुँजीगत खर्चमा वृद्धि गर्ने नीति सरकारले लिएकोमा ३ वर्षको अवस्था देहायअनुसार छ;

(रू.लाखमा)

विवरण	२०७५।७६	प्रतिशत	२०७६।७७	प्रतिशत	२०७७।७८	प्रतिशत
चालु खर्च	७,१६,४१,७८	६४.५२	७,८४,१४,८९	७१.८७	८,४६,२१,७३	७०.७२
पुँजीगत खर्च	२,४१,५६,२३	२१.७५	१,८९,०८,४७	१७.३३	२,२८,८३,६२	१९.१२
वित्तीय व्यवस्था	१,५२,४७,७०	१३.७३	१,१७,९०,१७	१०.८०	१,२१,६२,२५	१०.१६

खर्च व्यवस्थापन सम्बन्धमा अध्ययन गर्दा गत विगतको तुलनामा चालु खर्च वर्षेनि वृद्धि हुँदै गएको देखिन्छ भने पुँजीगत खर्चको अनुपातमा उल्लेख्य वृद्धि हुन सकेको छैन ।

१६.४ महालेखा नियन्त्रक कार्यालयले तयार गरेको नेपाल सरकारको आय- व्ययको वार्षिक विवरण अनुसार २०७७।७८ को कुल खर्च रू.११ खर्ब ९६ अर्ब ६७ करोड ६० मध्ये आन्तरिक राजस्वबाट रू.८ खर्ब ८ अर्ब ४१ करोड मात्र खर्च भएको छ । यो वर्षको खर्चको स्रोतगत विवरण देहायअनुसार रहेको छ;

(रू.लाखमा)

विवरण	आन्तरिक राजस्व	आन्तरिक ऋण	शोधभर्ना/ नगद/ सोझै भुक्तानी अनुदान	शोधभर्ना/ नगद/सोझै भुक्तानी ऋण	वस्तुगत अनुदान	कुल खर्च
चालु खर्च	७१५६९३३	३३६४१३	२४२४५८	७०९२४९	१७१२०	८४६२१७३
पुँजीगत खर्च	२९९५२३	१२२१५४९	८३९५५	६८३३३५	-	२२८८३६२
वित्तीय व्यवस्था	६२७६४५	२३०४०२	२१२८०	३३६८९८	-	१२१६२२५
जम्मा	**८०८४१०१**	**१७८८३६४**	**३४७६९३**	**१७२९४८२**	**१७१२०**	**११९६६७६०**

उल्लिखित विवरणअनुसार रू.८ खर्ब ४६ अर्ब २१ करोड ७३ लाख चालु खर्च भएकोमा आन्तरिक राजस्वबाट रू.७ खर्ब १५ अर्ब ६९ करोड ३३ लाख, आन्तरिक ऋणबाट रू.३३ अर्ब ६४ करोड १३ लाख, अनुदानबाट रू.२५ अर्ब ९५ करोड ७८ लाख र बाह्य ऋणबाट रू.७० अर्ब ९२ करोड ४९ लाख खर्च भएको छ । कुल चालु खर्चमध्ये बाह्य ऋणको अंश ८.३८ प्रतिशत रहेको देखिन्छ । बाह्य ऋण स्रोतबाट चालु खर्च शीर्षकअन्तर्गतका कर्मचारीसम्बन्धी खर्च, सेवा तथा परामर्श खर्च, कार्यालय सामान र सेवाहरू, सञ्चालन तथा सम्भार खर्च र पारिश्रमिक सुविधालगायतका शीर्षकमा समेत खर्च गरेको देखिन्छ । बाह्य ऋणबाट पुँजी निर्माण गर्न विशेषतः पुँजीगत शीर्षकमा खर्च गर्नुपर्नेमा चालु शीर्षकमा गरेको खर्चको तुलनामा न्यून रहेको छ ।

१७. **वर्षान्तमा रकमान्तर** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० मा तोकिएको कुनै एक अनुदान संकेतअन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान संकेतअन्तर्गतको उपशीर्षकमा बचत हुने रकममध्येबाट विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही अर्थ मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ । कुल बजेट रू.१४ खर्ब ७४ अर्ब ६४ करोड ५४ लाखमध्ये यो वर्ष रू.५ खर्ब ९७ अर्ब २४ करोड ९८ लाख अर्थात् ४०.५० प्रतिशत रकमान्तर भएको छ। सोमध्ये आषाढ महिनामा रू.४२ अर्ब ५५ करोड २५ लाख र आषाढ अन्तिम हप्तामा रू.६ अर्ब ११ करोड २० लाख रकमान्तर गरी विभिन्न शीर्षक उपशीर्षकमा रकम थप गरेको छ। वर्षान्तमा रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१८. **अर्थ विविधबाट रकमान्तर -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा विनियोजन ऐनबमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शीर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमाभित्र भएको विषय सुनिश्चित गरी खर्च गर्नुपर्ने उल्लेख छ । विनियोजन ऐनले छुट्याएको रकम सोही प्रयोजनमा खर्च गर्नुपर्दछ । बजेट उपशीर्षक ६०२ (अर्थ विविध) मा एकमुष्ट रू.५६ अर्ब १९ करोड ५३ लाख विनियोजन भएकोमा विभिन्न बजेट उपशीर्षकबाट रू.६२ अर्ब ७२ करोड ४९ लाख (शुरु बजेट विनियोजनको १११.६२ प्रतिशत) रकमान्तरबाट थप गरी रू.१ खर्ब १८ अर्ब ९२ करोड २ लाख

बजेट कायम भएकोमा रू.१ खर्ब १६ अर्ब १५ करोड २९ लाख (शुरु बजेट विनियोजनको २०६.७० प्रतिशत) विभिन्न संवैधानिक निकाय, आयोग वा मन्त्रालय मातहतका कार्यालय, प्रदेश तह र स्थानीय तहलाई रकम थप गरेको घटाई रू.२ अर्ब ७६ करोड ७२ लाख खुद बजेट कायम गरेको देखिन्छ । उक्त शीर्षकबाट रू.१५ करोड १ लाख खर्च गरी रू.२ अर्ब ६१ करोड ७१ लाख बजेट खर्च हुन नसकी बजेट बाँकी रहेको देखियो । यसरी बजेट खर्च हुन नसक्ने अवस्थामा पनि विभिन्न बजेट उपशीर्षकबाट रकमान्तर गरी थप रकम ल्याएको स्थिति छ ।

रकमान्तर गरी बजेट रकम थप गरेका निकायमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा रू.१६ अर्ब २७ करोड २२ लाख, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा रू.७ अर्ब ८६ करोड ४८ लाख, प्रदेशतर्फ रू.५ अर्ब २४ करोड ८२ लाख, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा रू.४ अर्ब, रक्षा मन्त्रालयमा रू.३ अर्ब ५१ करोड १० लाख र विभिन्न स्थानीय तहमा रू.२ अर्ब ४८ करोड २० लाख थप गरेको रकम उल्लेखनीय रहेको छ । रकमान्तरमध्ये दायित्व सिर्जना भएको योजनामा भुक्तानी गर्न, स्थानीय तहको समपूरक अनुदान र विशेष अनुदान प्रदान गर्न, पूर्वाधार निर्माणको लागि रकम थप गरेको देखिन्छ । कतिपय कार्य अपर्झट सिर्जना भएको नभई विगतदेखि नै सञ्चालनमा आएको र अनुमान गर्न सकिने कार्यक्रम रहेको समेत देखिन्छ । अर्थ विविध शीर्षकमा बजेट विनियोजन गरी पटके निर्णयको आधारमा निकासा दिने तथा सम्बन्धित कार्यक्रममा र शीर्षकमा विनियोजन नै नगर्ने वा गरेकोमा पनि कम विनियोजन गरी अर्थ विविधबाट रकमान्तर गरी रकम थप गर्ने परिपाटी बजेट सिद्धान्तअनुरूप रहेको मान्न सकिँदैन। यस्तो स्थितिमा बजेट उपर संसदलाई जानकारी नहुने तथा नियन्त्रण कमजोर हुने, अनुगमन गर्न कठिनाइ हुने, पारदर्शिता नहुने अभिलेखनमा समस्या पर्ने देखिएकोले सुधार गर्नुपर्ने व्यहोरा विगत वर्षदेखि औंल्याईँदै आए तापनि यसमा सुधार गरेको छैन।

१९. **सीमाभन्दा बढी रकमान्तर -** विनियोजन ऐन, २०७७ को दफा ३(३) मा कुनै पनि अनुदान संख्यामा वचत भएको रकम अर्थ मन्त्रालयले अपुग हुने अनुदान संख्यामा सार्दा विनियोजन भएको रकमको १० प्रतिशतभन्दा बढी रकमान्तर गर्न नपाइने उल्लेख छ । सार्वजनिक लेखा समितिको २०७६।१।९ को निर्णयबाट कानूनको परिधिभित्र रही रकमान्तर गर्न निर्देशन दिएको देखिन्छ। यो वर्ष देहायअनुसार ६२.१९ प्रतिशतसम्म खुद रकमान्तर गरी रकम थप/घट गरेको देखिदाँ विनियोजन ऐनको पालना भएको देखिएन। यस सम्बन्धी केही उदाहरण निम्नानुसार छन्:

(रू.लाखमा)

क्र.सं.	अनुदान संख्या	मन्त्रालय/निकायको नाम	शुरु बजेट	खुद बजेट	रकमान्तरबाट खुद थप/घट	रकमान्तर प्रतिशत
१.	२३०	मधेशी आयोग	३४६	५१८	१७२	४९.७१
२.	३९२	राष्ट्रिय पुनर्निर्माण प्राधिकरण	५५००००	६९३३७७	१४३३७७	२६.०७
३.	२३२	थारु आयोग	४४७	५५७	११०	२४.६१
४.	२१२	निर्वाचन आयोग	४८०१	५९४०	११३९	२३.७२
५.	२०४	अदालत	६७८१२	८२७७६	१४९६४	२२.०७
६.	७०१	प्रदेश	९९८७३७	११३५४१२	१३६६७५	१३.६८
७.	८०१	स्थानीय तह	२६२७५७६	२९५८६९९	३३११२३	१२.६०
८.	३४३	युवा तथा खेलकुद मन्त्रालय	१८३९५	२०५७६	२१८१	११.८६
९.	३३७	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	१३४२९४४	१४८२८९८	१३९९५४	१०.४२
१०.	२१०	लोक सेवा आयोग	९१२६	७९५५	-११७१	-१२.८३
११.	३५०	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	५८८६८९	४७७५४२	-१११४७	-१८.८८

क्र.सं.	अनुदान संख्या	मन्त्रालय/निकायको नाम	शुरु बजेट	खुद बजेट	रकमान्तरबाट खुद थप/घट	रकमान्तर प्रतिशत
१२.	३४०	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	८५८९	६७५९	-१८३०	-२१.३१
१३.	३९१	राष्ट्रिय योजना आयोग	३२५७०	१६६३२	-१५९३८	-४८.९३
१४.	३७१	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	८३९४०	३१७३८	-५२२०२	-६२.१९

२०. **शून्य बजेट विनियोजनमा खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२ अनुसार ऐनको दफा २० को उपदफा (२) मा सम्बन्धित सचिवले रकमान्तर गर्दा वार्षिक कार्यक्रममा बाधा नपर्ने गरी रकमान्तर गर्नुपर्ने तर पहिलो त्रैमासिक अवधि समाप्त नभएसम्म र बजेट विनियोजन नभएको खर्च शीर्षकमा रकमान्तर गर्न नपाइने उल्लेख छ । सो व्यवस्था विपरीत शुरु बजेट व्यवस्था नभएका देहायअनुसारका ११ कार्यक्रममा रकमान्तर गरी रू.१ अर्ब ३१ करोड ९७ लाख ४५ हजार बजेट कायम गरी रू.१ अर्ब १४ करोड ७२ लाख ४१ हजार खर्च गरेको देखियोः

(रू.हजारमा)

ब.उ.शि.नं.	उपशीर्षकको नाम	शुरु बजेट	खुद बजेट	निकासा/खर्च	बजेट बाँकी
२२४०००११४	राष्ट्रिय दलित आयोग	-	१०००	१०००	०
३२५०२०१४४	नारायणहिटी दरबार संग्रहालय	-	४५००	४४८०	२०
३२९००१०१४	नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम	-	४३५२८	०	४३५२८
३४०८१०११४	राष्ट्रिय बालअधिकार परिषद्	-	८४००	७४७५	९२५
३५०२१०११४	विश्वविद्यालय अनुदान आयोग	-	७००००	७००००	०
३६५००१०४४	स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम	-	३३०३	३३०३	०
३७०००१०५४	बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल	-	१७६५००	१७६५००	०
३७०००११८४	कोभिड-१९ रोकथाम तथा नियन्त्रण कार्यक्रम	-	६०११८५	५५३५०५	४७६८०
३७०६१०१६४	राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान	-	१६५२४०	१६५२४०	०
३७०६१०११४	केन्द्रीय अस्पताल तथा प्रतिष्ठान	-	९६०८९	१५७३८	८०३५१
३७०६१०१३४	बी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान	-	१५००००	१५००००	०
	जम्मा	**-**	-	**११४७२४१**	**१७२५०४**

शुरु बजेट विनियोजन नभएको कार्यक्रममा रकमान्तरबाट थप गरी खर्च गर्नु उल्लिखित नियमावली तथा बजेट सिद्धान्त अनुरूप मान्न सकिँदैन। संविधानको धारा १२० अनुसार पारित हुने विनियोजन ऐनमा आधारित रही तयार गरिने व्यय अनुमानको विवरण (रातो किताब) मा व्यवस्था नगरेको उपशीर्षकमा कार्यक्रम तथा बजेट दिने कार्य कानून सम्मत छैन ।

२१. **कार्यक्रम कार्यान्वयन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३१ बमोजिम स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने भएमा वा स्वीकृत कार्यक्रमभित्रको अन्य कुनै क्रियाकलापमा खर्च गर्नुपर्ने अवस्था भएमा सम्बन्धित कार्यालयले त्यस्तो कार्यक्रम सम्पन्न गर्न नसक्नुको कारण तथा नयाँ कार्यक्रम सञ्चालन गर्नुपर्ने आधार उल्लेख गरी कार्यक्रम संशोधन गर्नको लागि तालुक केन्द्रीय निकायमा लेखी पठाउनुपर्ने उल्लेख छ । यस वर्ष काँकडभिट्टा-इनरुवा-पथलैया-नारायणघाट सडक, सुर्यविनायक-धुलिखेल-कोटेश्वर-वानेश्वर-त्रिपुरेश्वर सडक, उत्तरीक्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम, साना सिँचाइ कार्यक्रमलगायतका विभिन्न १९ कार्यक्रममा थप घट गरी रू.४ अर्ब १५ करोड १० लाख २८ हजार खुद बजेट कायम गरेकोमा

उक्त कार्यक्रममा खर्च भएको देखिएन। विनियोजन भएको बजेट रकम लक्षित कार्यक्रम सञ्चालन गरी खर्च गर्नुपर्दछ।

२२. **वर्षान्तको खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३०(१) मा विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको शीर्षकको रकम, नियम ३० (२) बमोजिम थप बजेट, खर्चको स्रोत परिवर्तन वा अति आवश्यक काम परी खर्च गर्नुपर्ने अवस्थामा बाहेक भुक्तानी दिनुपर्ने अन्य रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा ७ दिन अगावै निकासा बन्द गर्नुपर्ने व्यवस्था छ । सोही नियमावलीको नियम २८(६) बमोजिम बजेट तथा कार्यक्रम र अख्तियारीको आधारमा बजेट खर्च गर्ने कार्यतालिका पेस गर्नुपर्ने र सोअनुसार निकासा तथा खर्च गर्नुपर्ने व्यवस्था रहे तापनि कार्यक्रमअनुसार खर्च गर्ने तालिकाको अवधि नाघ्ने गरी तथा अति आवश्यक खर्चमा पुष्ट्याइं नहुने गरी आषाढको अन्त्यमा खर्च गर्ने गरेको देखिन्छ । यो वर्ष रू.१४ खर्ब ७४ अर्ब ६४ करोड ५४ लाख विनियोजन भई रू.११ खर्ब ९६ अर्ब ६७ करोड ६० लाख खर्च भएकोमा आषाढ महिनामा रू.२ खर्ब ७९ अर्ब ७१ करोड ९ लाख अर्थात् २३.३७ प्रतिशत खर्च भएको छ । खर्चमध्ये आषाढ महिनाको अन्तिम हप्तामा रू.७१ अर्ब ६० करोड अर्थात् कुल खर्चको ५.९८ प्रतिशत खर्च भएको छ। नियमावलीमा व्यवस्था भएबमोजिम स्वीकृत कार्यक्रम तथा खर्च गर्ने कार्यतालिकाबमोजिम निर्धारित समयमा कार्यक्रम सञ्चालन गरी खर्च लेख्नुपर्ने तथा आर्थिक वर्षको अन्तमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

२३. **बजेटभन्दा बढी खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा विनियोजन ऐनबमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शीर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमाभित्र भएको बिषय सुनिश्चित भएको यकिन गरी खर्च गर्नुपर्ने उल्लेख छ । यो वर्ष अर्थ मन्त्रालयअन्तर्गत वित्तीय व्यवस्थातर्फ सासेक विद्युत प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण आयोजनामा रू.१ अर्ब २ करोड ५० लाख बजेट विनियोजन भएकोमा रू.१ अर्ब १८ करोड ९ लाख बजेट खर्च भएको देखिन्छ। नियमावलीमा भएको व्यवस्था विपरीत रू.१५ करोड ५९ लाख स्वीकृत बजेटभन्दा बढी खर्च हुने गरी खर्च लेखेको पाइयो । सोही नियमावलीको नियम ४३ मा बजेटमा रकम भए पनि निकासा भएको रकम अपर्याप्त भएमा सम्बन्धित सचिवको सिफारिसमा अर्थ मन्त्रालयले रकमान्तर वा खर्च समर्थनबाट निकासा दिई त्यस्तो खर्च भएको रकम नियमित गरिदिन सक्ने उल्लेख भए पनि सो बढी खर्च नियमित भएको छैन । एकल खाता कोष प्रणाली लागू भएको अवस्थामा स्वीकृत बजेटभन्दा बढी निकासा दिन नमिल्नेमा बजेटभन्दा बढी निकासा हुन गएकाले एकल खाता कोष प्रणालीले नियन्त्रण कायम गर्न सकेको देखिएन।

• *विकास सहायता परिचालन*

२४. **वैदेशिक सहायता प्राप्ति** - नेपालको विकासलाई टेवा पुऱ्याउने विकास सहायताको तथ्याङ्क परीक्षण गर्दा २०७७।७८ मा नेपाल सरकारको कुल खर्च रू.११ खर्ब ९६ अर्ब ६७ करोडमध्ये रू.२ खर्ब ९ अर्ब ४२ करोड अर्थात् १७.५० प्रतिशत हिस्सा वैदेशिक सहायताले ओगटेको छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

२४.१ मन्त्रालयबाट प्राप्त विवरणअनुसार २०७६।७७ मा अमेरिकी डलर १ हजार ४००.२१ मिलियन ऋण, ३७४.४९ मिलियन अनुदान र २२८.१० मिलियन प्राविधिक सहायतासमेत अमेरिकी डलर २ हजार

००२.८० मिलियन प्राप्त भएकोमा २०७७।७८ मा अमेरिकी डलर १ हजार १९३.३२ मिलियन ऋण, ३६१.०६ मिलियन अनुदान, १९१.८० मिलियन प्राविधिक सहायता र ३.९७ मिलियन वस्तुगत सहायता समेत अमेरिकी डलर १ हजार ७५०.१५ मिलियन सहायता प्राप्त भएको देखिन्छ । समग्र विकास सहायता गत वर्षभन्दा १२.६१ प्रतिशत न्यून रकम प्राप्त भएको छ । सबै प्रकारका सहायता स्वरूप २०७७।७८ मा अमेरिकी डलर २ हजार २७९.११ मिलियन प्राप्त हुने प्रतिवद्धतामध्ये १ हजार ७५०.१६ मिलियन अर्थात् २३.२१ प्रतिशत प्राप्त भएको छ । गत वर्षको भन्दा अनुदानमा अमेरिकी डलर १३.४३ मिलियन र ऋण रकममा २०६.८९ मिलियन घटी प्राप्त भएको देखिन्छ । प्राप्त भएको रकममध्ये अमेरिकी डलर २६५.४५ मिलियन बजेटरी प्रणालीभन्दा बाहिर रहेको छ । यसका अतिरिक्त अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट खर्च भएको अमेरिकी डलर १५४.६१ मिलियन समेत बजेटरी प्रणालीभन्दा बाहिर रहेको अवस्था छ। समग्रमा प्राप्त विकास सहायता रकमको ७७.९५ प्रतिशतमात्र संघीय सञ्चित कोषमार्फत् परिचालन भएको र बाँकी २२.०५ प्रतिशत सहायता बजेट बाहिरबाट परिचालन भएको अवस्था छ ।

२४.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १७ मा वैदेशिक सहायताको रकमलाई बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्ने उल्लेख छ । अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ मा संविधानको व्यवस्थाअनुसार वैदेशिक सहायता लिँदा राष्ट्रियहित र प्राथमिकतालाई आधार बनाउँदै यसलाई पारदर्शी बनाउने र वैदेशिक सहायतालाई राष्ट्रिय बजेट प्रणालीमार्फत् परिचालन गर्नुपर्ने, सामान्यतः सबै प्रकारका अन्तर्राष्ट्रिय विकास सहायता राष्ट्रिय बजेट प्रणालीमा समावेश हुने गरी स्वीकार गरिने उल्लेख छ । त्यसैगरी बजेटमा समावेश भएका सबै सहायताको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुने गरी व्यवस्था मिलाइने उल्लेख छ । नीति तथा कानूनमा उल्लिखित व्यवस्था भए तापनि देहायअनुसारको अमेरिकी डलर २६५.४५ मिलियन अर्थात् कुल प्राप्त रकमको १५.१६ प्रतिशत (गैरसरकारी सस्थाबाट खर्च भएको रकम बाहेक) बजेटरी प्रणालीभन्दा बाहिर रहेको देखिन्छ । गत वर्ष १६.४६ प्रतिशत बजेटभन्दा बाहिर रहेकोमा यो वर्ष केही सुधार भएको देखिन्छ । बजेटमा समावेश भई प्राप्त भएको र बजेटमा समावेश नभएको रकम देहायअनुसार छः

(डलर हजारमा)

क्र.सं.	दातृ निकाय	बजेटमा समावेश	बजेट बाहिर	जम्मा रकम	सि.न.	दातृ निकाय	बजेटमा समावेश	बजेट बाहिर	जम्मा रकम
१.	वर्ल्ड बैङ्क	७९३४६७	११३८	७९४६०५	१२.	नर्वे	१११९१	१०६७७	२१८६८
२.	एडिबी	२४८६२५	२४३०	२५१०५५	१३.	साउदी अरेबिया	१६७६८	-	१६७६८
३.	युएस एड	-	१०५९४१	१०५९४१	१४.	फिनल्याण्ड	१०६६६	१५३५	१२२०१
४.	इयु	८७२१२	१८२३१	१०५४४३	१५.	गाभी	९३२९	-	९३२९
५.	चीन	१०२५७६	३९६	१०२९७२	१६.	कोरिया	-	८१२४	८१२४
६.	बेलायत	४५३९९	३८५७५	८३९७४	१७.	आइफ्याड	६४७१	-	६४७१
७.	भारत	७२३२१	-	७२३२१	१८.	अष्ट्रेलिया	-	५१३७	५१३७
८.	युएन	९९१	५४९९७	५५९८८	१९.	ओएफआइडी	४२७७	-	४२७७
९.	जापान	३२६१६	३६०	३२९७६	२०.	ग्लोबल फण्ड	३०१५	-	३०१५
१०.	जर्मनी	२२२३५	८९३५	३११७०	२१.	नेदरल्याण्ड	-	१३२२	१३२२
११.	स्वीट्जरल्याण्ड	१६७४१	७६५६	२४३९७	२२.	कुवेत	७९७	-	७९७
						जम्मा	**१४८४६९७**	**२६५४५४**	**१७५०१५१**

वैदेशिक सहायताको रकमलाई बजेटमा समावेश गरी खर्च गर्नुपर्ने व्यहोरा विगत वर्षको प्रतिवेदनमा औँल्याइएकोमा सोमा सुधार हुँदै आए तापनि पूर्ण रूपमा कार्यान्वयन भएको देखिएन । नियममा भएको व्यवस्था र वैदेशिक सहायता नीतिअनुसार वैदेशिक सहायतालाई राष्ट्रिय बजेट प्रणालीमा समावेश गरी खर्च गर्नुपर्दछ ।

२५. **वैदेशिक सहायता परिचालन** - अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ मा सामान्यत सबै प्रकारका अन्तर्राष्ट्रिय विकास सहायता राष्ट्रिय बजेट प्रणालीमा समावेश हुने गरी स्वीकार गरिने र बजेटमा समावेश भएका सबै सहायताको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुने गरी व्यवस्था मिलाइने उल्लेख छ । मन्त्रालयबाट प्राप्त विवरणअनुसार यो वर्ष सबैभन्दा बढी क्रमशः स्वास्थ्य क्षेत्रमा ७९ कार्यक्रम, शिक्षामा ५६ कार्यक्रम, जीवनस्तर क्षेत्रमा ४३ कार्यक्रम, कृषि क्षेत्रमा २२ कार्यक्रम सञ्चालनको लागि क्रमशः अमेरिकी डलर ५२.५२ मिलियन, २९.८२ मिलियन, २०.५२ मिलियन र ५.५६ मिलियनलगायत विभिन्न क्षेत्रका ३२१ कार्यक्रम सञ्चालन गर्न विभिन्न ८७ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले अमेरिकी डलर १५४.६१ मिलियन खर्च गरेको देखिन्छ ।

अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको क्षेत्रगत निकासा/ खर्च २०२०।२१

(अमेरिकी डलरमा)

क्र.सं.	प्राथमिक क्षेत्र	आयोजना संख्या	निकासा/खर्च	क्रम	प्राथमिक क्षेत्र	आयोजना संख्या	निकासा/खर्च
१	शिक्षा	५६	२९८२२३३४	७	खानेपानी	१५	४९५२७९६
२	स्वास्थ्य	७९	५२५२६८६६	८	अन्य सामाजिक	१४	९९९७४९९
३	जीवनस्तर	४३	२०५२८११५	९	वातावरण, विज्ञान र प्रविधि	८	४२९६५५२
४	भूकम्प पुनर्निर्माण	१	१८९६३९	१०	वास स्थान	५	१६७७०२५
५	सिँचाई	३	७८५६४	११	अन्य १८ क्षेत्र	७५	२४९७५०१९
६	कृषि	२२	५५६७२७८		**जम्मा**	**३२१**	**१५४६११६८५**

अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले २०७६।७७ मा २८ विभिन्न क्षेत्रका आयोजनामा अमेरिकी डलर १३१.९८ मिलियन खर्च गरेकोमा यो वर्ष १७.१४ प्रतिशतले वृद्धि भएको देखिन्छ । यो वर्ष न्यूनतम १३ हजार अमेरिकी डलरदेखि अधिकतम २८.८६ मिलियनसम्म ८७ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट अमेरिकी डलर १५४.६१ मिलियन खर्च भएको देखिन्छ । देहायअनुसारका १९ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट अमेरिकी डलर ११५.१८ मिलियन अर्थात् ७४.५० प्रतिशत र अन्य विभिन्न ६८ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट ३९.४२ मिलियन अर्थात् २५.५० प्रतिशत रकम खर्च गरेको देखिन्छ।

अन्तर्राष्ट्रिय गैरसरकारी संस्थागत निकासा/खर्च २०२०।२१

(अमेरिकी डलरमा)

क्र.सं.	सस्थाको नाम	२०७७।७८ मा प्राप्त	क्र.सं.	सस्थाको नाम	२०७७।७८ मा प्राप्त
१.	सेभ द चिल्ड्रेन	२,८८,६१,६९७	११.	लुथरन वल्ड फेडेरेसन	३५,१३,३९६
२.	ल्याप्रोसी मिसन नेपाल	१,५०,४३,१७५	१२.	वन हर्ट वल्ड वाइड नेपाल	२९,५६,७५२
३.	वर्ल्ड भिजन इन्टरनेशनल	१,१७,४५,३४६	१३.	रिसर्ज इन्टरनेसनल	२९,०५,१५९
४.	प्लान नेपाल	१,०५,०१,०६२	१४.	इन्टरनेशनल नेपाल फेलोसिप	२७,०१,०५३
५.	कतार च्यारिटि नेपाल	५७,६१,६५८	१५.	हाइफर इन्टरनेशनल नेपाल	२५,८९,५९४
६.	युनाइटेड मिसन टु नेपाल	४७,७१,५०८	१६.	सेभा नेपाल आइकेयर प्रोग्राम	२२,३८,७५५
७.	गुड नेगवोर्स इण्टरनेशनल	४१,२८,९१७	१७.	देउट्स्च वेल्दुङ्गरहाइफ	२१,५१,८२६
८.	निक साइमनस फाण्डेसन	३७,८८,३५६	१८.	स्ट्रिट चाइल्ड अफ नेपाल	२०,६६,४५४
९.	मर्कीक्रप्स	३७,५०,०००	१९.	हेविटेट फर ह्युमानिटि इन्टरनेसनल नेपाल	२०,५६,५७२
१०.	वल्ड वाइल्ड लाईफ नेपाल	३६,५५,५७७	२०.	अन्य ६८	३,९४,२४,७८८
				जम्मा	**१५,४६,११,६८५**

उल्लिखित सहायता बजेट प्रणालीभन्दा बाहिरबाट खर्च भएको र लेखापरीक्षण महालेखा-परीक्षकको कार्यालयबाट हुने गरेको छैन। सो रकम सम्बन्धित अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आफ्नै संरचना खडा गरी आफैं खर्च गर्ने गरेकोले सरकारी संरचनामार्फत् सहायता परिचालन नहुँदा तोकिएको रकम परियोजनाको काममा मात्र खर्च नहुने र सम्बन्धित संस्थाको प्रशासनिक तथा अन्य खर्चसमेतको दायित्व पर्दछ ।

वैदेशिक सहायतालाई राष्ट्रिय बजेट प्रणालीमा ल्याई परिचालन गर्ने विषयलाई सहायताको प्रभावकारिताको लागि पेरिस घोषणा पत्रबाट स्वीकार गरिसकेको अवस्थामा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत् सहयोग रकम कार्यान्वयन गर्नु मनासिब देखिँदैन। अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र विकास साझेदारबाट प्राप्त रकम राष्ट्रिय बजेट प्रणालीमार्फत् कार्यान्वयन गर्ने व्यवस्था गर्नुपर्दछ।

२६. **वैदेशिक सहायता उपयोग** - बजेट वक्तव्य २०७७।७८ ले वैदेशिक अनुदान रू.६० अर्ब ५२ करोड र वैदेशिक ऋण रू.२ खर्ब ९९ अर्ब ५० करोड समेत रू.३ खर्ब ६० अर्ब २ करोड प्राप्त हुने अनुमान गरेको देखिन्छ । यो वर्ष वैदेशिक अनुदानतर्फ सोझै भुक्तानी हुने अनुदान र वस्तुगत सहायतासमेत रू.३६ अर्ब ४८ करोड १३ लाख र वैदेशिक ऋणतर्फ रू.१ खर्ब ७२ अर्ब ९४ करोड ८१ लाख समेत रू.२ खर्ब ९ अर्ब ४२ करोड ९४ लाख प्राप्त भएको देखियो। बजेट वक्तव्यमा अनुमान गरिएको रकमको तुलनामा यो वर्ष वैदेशिक अनुदान ६०.२८ प्रतिशत र वैदेशिक ऋण ५७.७५ प्रतिशत प्राप्त भई समग्रमा अनुमानित रकमको ५८.१७ प्रतिशत वैदेशिक सहायता प्राप्त भएको देखिन्छ । यस सम्बन्धी अन्य ब्यहोरा निम्नानुसार छन्:

२६.१ विकास साझेदारगत रूपमा विश्लेषण गर्दा ३२ विकास साझेदारबाट अनुदान र २१ साझेदारबाट ऋण समेत रू.३ खर्ब ६० अर्ब २ करोड ७० लाख प्राप्त हुने अनुमान गरेकोमा ५ विकास साझेदारबाट प्राप्त ऋण तथा अनुदानको स्थिति देहायबमोजिम छ;

(रू.लाखमा)

विकास साझेदार	ऋणतर्फ			विकास साझेदार	अनुदानतर्फ		
	बजेट	निकासा	प्राप्ति प्रतिशत		शुरु बजेट	निकासा	प्राप्ति प्रतिशत
आइफाड	३७६५१	१८६२	४.९५	युएनडीपी	६९१	२	०.२९
युरोपियन इन्भेष्टमेण्ट बैङ्क	२७१७९	२५८३	९.५०	जापान केआर २	२०००	४९	२.४५
कुवेत कोष	१२२९४	३५२६	२८.६८	जीसीएफ	१३३१	९५	७.१४
चीन एक्जिम बैङ्क	११३०००	३५५२५	३१.४४	जापान-जाइका	२१३००	२०१२	९.४५
भारत एक्जिम बैङ्क	१८३३८२	६८८५२	३७.५५	मिलेनियम च्यालेञ्ज कर्पोरेसन	५२८८५	७०२८	१३.२९

अनुदानतर्फ १४ दातृ निकायबाट र ऋणतर्फ ५ दातृ निकायबाट ४० प्रतिशतभन्दा न्यून सहायता प्राप्त भएको देखिन्छ । चीन, बेलायत-जनरल र यूएनईपी समेत ३ दातृ निकायबाट रू.४ अर्ब ६५ करोड १२ लाख अनुदान प्राप्त हुने अनुमान गरिएकोमा सो अनुदान प्राप्त भएको देखिएन। त्यसैगरी अनुमान गरेको रकमको १० प्रतिशत भन्दा न्यून अनुदान प्राप्त हुने दाताहरू क्रमशः यूएनडीपी ०.२९ प्रतिशत, जापान केआर-२ बाट २.४९ प्रतिशत, जीसीएफबाट ७.१४ प्रतिशत, गाभिबाट ७.६८ प्रतिशत र जापान-जाइकाबाट ९.४५ प्रतिशतमात्र अनुदान प्राप्त भएको देखिन्छ । उल्लिखित ५ दातृ निकायबाट रू.२ अर्ब ५४ करोड १२ लाख अनुदान प्राप्त गर्ने अनुमान रहेकोमा रू.२१ करोड ६६ लाख अर्थात् अनुमानको तुलनामा ८.५२ प्रतिशत मात्र प्राप्त भएको देखिन्छ । ऋणतर्फ विश्व बैङ्क-ट्रष्टकोषबाट रू.३९ करोड ६१ लाख तथा जर्मन केएफडब्लूबाट रू.१० करोड र एआईआईबीबाट रू.३ अर्ब २० करोड

८० लाखसमेत रू.३ अर्ब ७० करोड ४१ लाख ऋण प्राप्त गर्ने अनुमान गरिएकोमा सो ऋण प्राप्त भएको छैन । नर्वे सरकारबाट रू.९५ करोड अनुदान प्राप्त हुने अनुमान रहेकोमा रू.१ अर्ब १० करोड ५९ लाख अर्थात् ११६.४१ प्रतिशत अनुदान प्राप्त भएको देखिन्छ । दातासँग समन्वय गरी सम्झौता भएको अनुदान तथा ऋण प्राप्त गर्न थप प्रयास गर्नुपर्दछ ।

२६.२ मन्त्रालय एवं निकायगत विश्लेषण गर्दा महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७७।७८ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले रू.२९ करोड १० लाख तथा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले रू.६५ करोड ६० लाखसमेत रू.१ अर्ब ३० करोड ७० लाख प्राप्त भएको देखिएन । प्राप्त भएको अनुदानमध्ये गृह मन्त्रालयले ३.०१ प्रतिशत, अर्थ मन्त्रालयले १४.६१ प्रतिशत, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले २०.३३ प्रतिशत, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले २५.२८ प्रतिशत, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले ३१.६४ प्रतिशत, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ३३.५१ प्रतिशत मात्र अनुदान उपयोग गरेको देखिन्छ। अनुदान प्राप्त गर्ने अनुमान गरिएको महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले अनुमानको तुलनामा १०३.४५ प्रतिशत अनुदान प्राप्त गरेको देखिन्छ ।

२६.३ महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणबाट २०७७।७८ मा सबैभन्दा न्यून ऋण उपयोग गर्ने मन्त्रालयमा वन तथा वातावरण मन्त्रालयले ०.४५ प्रतिशत, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले ५.८६ प्रतिशत, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २४.२५ प्रतिशत र युवा तथा खेलकुद मन्त्रालय ३६.२५ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी ऋण प्राप्त गर्ने अनुमान गरिएको अर्थ मन्त्रालय विविधतर्फ रू.८५ करोड ९० लाख लाख प्राप्त भएको छैन ।

वैदेशिक सहयोगको उपयोग क्षमता न्यून हुँदा त्यसको प्रत्यक्ष असर विकास निर्माण र सेवा प्रवाहमा परेको छ । स्वीकृत कार्यक्रमअनुसारका क्रियाकलाप सञ्चालन गरी अपेक्षित रकम उपयोग गर्नेतर्फ ध्यान दिनुपर्दछ।

२६.४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तरसमेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । ऋण प्राप्ति र उपयोग २०७४।७५ मा रू.९३ अर्ब ४५ करोड प्राप्त भएकोमा रू.८९ अर्ब ६९ करोड, २०७५।७६ मा रू.९४ अर्ब ४० करोड प्राप्त भएकोमा रू.१ खर्ब २४ अर्ब ३७ करोड र २०७६।७७ मा रू.१ खर्ब ६२ अर्ब ६० करोड प्राप्त भएकोमा रू.१ खर्ब १६ अर्ब ४८ करोड उपयोग भएको देखिन्छ । महालेखा नियन्त्रक कार्यालयको विवरण अनुसार २०७७।७८ मा रू.१ खर्ब ७४ अर्ब १८ करोड प्राप्त भएकोमा रू.१ खर्ब ७२ अर्ब ९४ करोड उपयोग भएको देखिन्छ । यो वर्ष नगद ऋणतर्फ रू.९२ अर्ब ५९ करोड ७५ लाख प्राप्ति भएकोमा रू.९२ अर्ब ९४ करोड २६ लाख खर्च भै प्राप्तिभन्दा रू.३४ करोड ५१ लाख बढी उपयोग भएको देखिन्छ। सरकारले गतवर्ष तथा यो वर्ष प्राप्त भै सञ्चित कोषमा आम्दानी नदेखाएको क७ समूहको खातामा राखेको वैदेशिक ऋणको रकमबाट खर्च गरेको कारणले प्राप्तिभन्दा उपयोग बढी भएको देखिन्छ। वैदेशिक ऋणको प्राप्ति तथा उपयोगको हिसाब यथार्थपरक नभएकाले प्राप्त भएको सबै रकमलाई सञ्चित कोषबाट खर्च गर्नेतर्फ ध्यान जानुपर्ने देखिन्छ ।

२६.५ नेपाल सरकारले एसियाली विकास बैङ्क, विश्व बैङ्क तथा आईएमएफसँग बजेट सहयोगसम्बन्धी गतवर्ष र यो वर्ष ऋण सम्झौता गरी प्राप्त भएको अमेरिकी डलर ८७३.९२ मिलियनमध्ये यो वर्ष खर्च भएको अमेरिकी डलर ८७.९१ मिलियनलाई मात्र सञ्चित कोषमा स्थानान्तरण गरेको देखिन्छ । सम्झौताबमोजिम प्राप्त भएको अमेरिकी डलर ७८६.०१ मिलियन अर्थात् रू.९३ अर्ब ५६ करोड ७० लाख ऋण रकम सञ्चित कोषमा जम्मा नगरी बेग्लै ऋण खाता खोलेर राखेको देखिन्छ । सो रकम प्राप्त हुनासाथै ऋण कायम गरिएको तर उपयोगको आधारमा मात्र सञ्चित कोषमा दाखिला गर्ने व्यवस्थाले नेपाल सरकारलाई प्राप्त भएको सबै ऋण सञ्चित कोषमा जम्मा हुनुपर्ने नेपालको संविधानको धारा ११६ को संवैधानिक व्यवस्थाको पालना भएको देखिएन। वर्षान्तमा पूर्ण उपयोग नहुने गरी ऋण प्राप्त गरेबाट उपयोग विनाको ऋणमा ब्याजबापत औसत मासिक रू.५ करोड ४७ लाख थप ब्ययभार परेको अवस्था छ । तसर्थ ऋण कायम भई नेपाल सरकारलाई प्राप्त हुने सबै रकम सञ्चित कोषमा जम्मा हुने व्यवस्था मिलाउनुपर्दछ । साथै अग्रिम रूपमा ऋण लिनुको सट्टा उपयोग भएपश्चात् ऋण कायम हुने गरी ऋण लिने र प्राप्त ऋण प्राथमिकता प्राप्त क्षेत्रमा उपयोगको व्यवस्था मिलाउनुपर्दछ ।

२७. **प्राविधिक तथा अन्य सहायता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९(१) अनुसार वैदेशिक सहायता सम्बन्धी विवरण केन्द्रीय वित्तीय विवरणमा समावेश गर्नुपर्ने उल्लेख छ । बजेट वक्तव्य साथ संसदमा पेस भएको प्राविधिक तथा अन्य सहायतासम्बन्धी विवरणमा संघीय सरकारका १८ मन्त्रालय/निकायअन्तर्गत १२४ आयोजना तथा कार्यक्रमका लागि यो वर्ष रू.८५ अर्ब ५७ करोड ९२ लाख तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था मार्फत् १२० आयोजना/कार्यक्रमका लागि रू.९३ अर्ब ६१ करोड ३९ लाखसमेत रू.१ खर्ब ७९ अर्ब १९ करोड ३१ लाख प्राविधिक सहायता प्राप्त हुने उल्लेख गरेको छ । उक्त रकममध्ये खर्च भएको रकम आर्थिक विवरणमा समावेश भएको देखिएन । प्राविधिक तथा अन्य सहायता रकमको लेखापरीक्षणसमेत गराएको नदेखिएकोले सरकारको समग्र आय-व्ययको चित्रण गर्न प्राविधिक तथा अन्य सहायतालाई केन्द्रीय वित्तीय विवरणमा समावेश गर्नुपर्दछ ।

२८. **व्यापार घाटा -** बजेट वक्तव्यमा वैदेशिक व्यापारमा हाल देखिएका अवरोध न्यून गर्दै निर्यात, आयात र आपूर्ति व्यवस्थालाई सुचारु गरी विश्व बजारमा सम्भाव्य तुलनात्मक लाभ र प्रतिस्पर्धी वस्तुको उत्पादन बढाई निकासी प्रवर्द्धन गरिने उल्लेख छ । वैदेशिक व्यापारको तथ्याङ्कको विश्लेषण गर्दा प्रत्येक वर्ष आयात वृद्धि भई व्यापार घाटा बढेको छ । गत वर्षको तुलनामा यो वर्ष आयात २८.६६ प्रतिशतले वृद्धि भई रू.१५ खर्ब ३९ अर्ब ८० करोड पुगेको छ । सोही अवधिमा निर्यातमा सामान्य वृद्धि भई रू.१ खर्ब ४१ अर्ब १० करोड पुगेको छ । यो वर्षको अन्तमा व्यापार घाटा रू.१३ खर्ब ९८ अर्ब ७० करोड पुगेको छ । कुल आयातमा २०७७।७८ मा खनिज इन्धन तथा चिल्लो पदार्थको अंश १४ प्रतिशत, यातायात तथा यान्त्रिक उपकरणको अंश २२ प्रतिशत, खाद्य तथा जीव जन्तु १४ प्रतिशत, रसायन तथा औषधिको १२ प्रतिशत र अन्य उपभोग्य वस्तुहरू ३८ प्रतिशत रहेको छ ।

आयातमुखी अर्थ व्यवस्थालाई क्रमशः उत्पादन र निर्यातमुखी बनाई व्यापार घाटा न्यूनीकरण गर्नुपर्दछ । पेट्रोलियम पदार्थको खपत घटाउने र देशमा उत्पादन भएको विद्युतको खपतलाई वृद्धि गर्न प्रोत्साहन गर्ने रणनीति अवलम्बन गर्नुपर्दछ ।

२९. **विदेशी मुद्रा सञ्चिति -** मुद्रा स्फीतिलाई वाञ्छित सीमाभित्र राख्दै चालु खाता घाटालाई नियन्त्रण गरी शोधनान्तर स्थिति सुधार गर्न पर्याप्त विदेशी मुद्रा सञ्चिति आवश्यक हुन्छ । विदेशी मुद्रा सञ्चितीमा क्रमश ह्रास हुँदै २०७८ आषाढ मसान्तमा रू.१३ खर्ब ९९ अर्ब ३ करोड रहेको र चालु खाता रू.३ खर्ब ३१ अर्ब ७० करोडले ऋणात्मक रहेको छ। त्यसैगरी शोधान्तर स्थिति २०७७।७८ मा रू.१ अर्ब २० करोड मात्र बचत अवस्था छ । ब्यापार सन्तुलन, विदेशी मुद्रा सञ्चिति र शोधनान्तर स्थितिलाई सुधार गरी अर्थतन्त्रलाई दिगो र प्रभावकारी बनाउन उपयुक्त रणनीति अवलम्बन गर्नुपर्दछ।

३०. **सम्परीक्षण तथा बेरुजूको लगत कट्टा** - नेपालको संविधानको धारा २४१(१) र (५) ले सार्वजनिक निकायको लेखापरीक्षण गर्ने काम, कर्तव्य र अधिकार महालेखापरीक्षकको रहने व्यवस्था गरेको छ । लेखापरीक्षण ऐन, २०७५ लेखापरीक्षणसम्बन्धी मुख्य कानून रहेको र सोमा तोकिएका प्रक्रिया, दायित्व र अधिकारको पालना गर्नुपर्ने कर्तव्य महालेखापरीक्षकको रहेको छ। सोही ऐनको दफा २ (घ) अनुसार "लेखापरीक्षण" भन्नाले दफा ३ बमोजिमका निकायको लेखा तथा लेखासँग सम्बन्धित कामको परीक्षण र त्यसको आधारमा गरिने मूल्याङ्कन तथा विश्लेषण सम्झनु पर्ने र सो शब्दले सम्परीक्षण गर्ने कार्यलाई समेत जनाउने व्यवस्था गरेको छ। सो व्यवस्थाबाट सम्परीक्षण कार्य पनि लेखापरीक्षणकै अंग रहेको प्रष्ट छ ।

संघ, प्रदेश तथा स्थानीय तहको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने प्रयोजनका लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तर्जुमा भएको छ। सो ऐनको दफा २ (व) मा "सम्परीक्षण" भन्नाले आन्तरिक वा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको बेरूजूको सम्बन्धमा पेस हुन आएका स्पष्टीकरण वा प्रतिक्रिया साथ संलग्न प्रमाण तथा कागजातको आधारमा गरिने फर्स्यौंटसम्बन्धी कार्यलाई सम्झनुपर्ने र सो शब्दले प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिबाट प्राप्त सुझाव वा निर्देशनका आधारमा गरिने फर्स्यौंटलाई समेत जनाउने उल्लेख छ । बेरुजू फर्स्यौंट तथा फरफारक सम्बन्धमा सो ऐनको दफा ३९, ४० र ४१ को व्यवस्था र लेखापरीक्षण ऐन, २०७५ को विभिन्न दफाहरूसँग बाझिएकोले यसाट महालेखापरीक्षकको कार्यक्षेत्र र स्वायत्ततामा समेत असर पर्ने भएकोले अन्तर्राष्ट्रिय असल अभ्यासहरूसमेत विचार गरी आवश्यक परिमार्जन गरिनुपर्दछ ।

• *सार्वजनिक संस्थान व्यवस्थापन*

३१. **सार्वजनिक संस्थान -** नेपालमा सञ्चालित ६९ सार्वजनिक संस्थानमध्ये विभिन्न वर्ष विनिवेश भएका संस्था ३० तथा अस्तित्वमा रहेका ३९, पछिल्लो समयमा स्थापना भै थप भएका समेत हाल अस्तित्वमा रहेका ४४ संस्था मध्ये ४२ संस्था सञ्चालनमा रहेका छन् । यससम्बन्धी प्रमुख व्यहोरा निम्नानुसार छन्:

३१.१ बजेट वक्तव्यमा सार्वजनिक संस्थानको नियमन, सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाउन संस्थान सञ्चालन सम्बन्धी छाता ऐनको तर्जुमा गरिने र कारोबार बन्द भई सञ्चालनमा नरहेका संस्थानको स्वामित्वमा रहेका जग्गा, भौतिक संरचना, मेसिनरी उपकरण र अन्य सम्पत्तिको अभिलेख अद्यावधिक गरी उत्पादनशील उपयोग गर्ने व्यवस्था मिलाइने उल्लेख छ। कारोबार बन्द भै सञ्चालनमा नरहेका ९ संस्थानको स्वामित्वमा रहेका जग्गा, भौतिक संरचना, मेसिनरी उपकरण र अन्य सम्पत्तिको अभिलेख अद्यावधिक गरी उत्पादनशील उपयोग भएको देखिएन । सार्वजनिक संस्थान सञ्चालनसम्बन्धी छाता ऐन तर्जुमा गर्ने उल्लेख भएकोमा हालसम्म ऐन तर्जुमा भएको छैन ।

३१.२ पन्ध्रौं योजनामा आवश्यकता र उपदेयताका आधारमा संघीय संरचनाबमोजिम उपयुक्त ठहरिएका सार्वजनिक संस्थान पुनर्संरचना र स्थापना तथा सान्दर्भिक नदेखिएका संस्थानको विनिवेश गर्ने उल्लेख छ। साथै बजेट वक्तव्य २०७७।७८ मा सार्वजनिक संस्थानको सञ्चालक समिति र प्रमुख प्रशासकीय अधिकृतलाई कार्यसम्पादन नतिजाप्रति जिम्मेवार र जवाफदेही बनाइने, व्यावसायिक सम्भावना नभएका र उद्देश्यअनुरूप कार्यसम्पादन गर्न नसकी लगातार घाटामा सञ्चालन भएका सार्वजनिक संस्थानको अध्ययन गरी एक आपसमा गाभ्ने वा खारेज गर्ने नीति लिइने उल्लेख छ। संस्थान निरन्तर घाटामा रहेको अवस्थामा ती संस्थाको अध्ययन गरी गाभ्ने वा खारेज गर्ने कार्य तथा काममा दोहोरोपना भएका निकाय खारेज गर्नेतर्फ कारबाही अघि बढाएको देखिएन।

३१.३ नेपालमा हालसम्म विनिवेश गरिएका ३० संस्थानमध्ये १२ संस्थान खारेजी गरिएकोमा एक संस्थान (कृषि चुन उद्योग लिमिटेड) को मात्र कम्पनी रजिष्ट्रारको कार्यालयबाट कानूनी रूपमा खारेजी प्रक्रिया सम्पन्न भएको छ। अन्य संस्थानको कानूनी रूपमा खारेजी प्रक्रिया सम्पन्न भएको छैन । खारेजी गर्ने निर्णय भइसकेको लामो अवधिसम्म पनि कानूनी प्रक्रिया सम्पन्न नगर्नुको कारण स्पष्ट हुन आएन । खारेज भएका संस्थानको कानूनी रूपमै अस्तित्व समाप्त गर्नुपर्दछ ।

३१.४ रोजगारी तथा उत्पादनमा टेवा पुऱ्याउने उद्देश्यले निजीकरण भएका १८ संस्थानमध्ये हाल १२ सञ्चालनमा रहेको र ६ संस्थान बन्द अवस्थामा रहेका छन् । भूकुटी कागज कारखाना, हरिसिद्धि इँट्टा तथा टायल कारखाना, बाँसबारी छाला जुत्ता कारखाना, काँचो छाला सङ्कलन तथा बिक्री कम्पनी, बालाजु कपडा उद्योगको जग्गा जमिनसमेत कित्ता काट गरी बिक्री गरेको अवस्था छ।

सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०७९ अनुसार विराटनगर जुट मिल्स घाटामा सञ्चालनमा रहेको, रघुपति जुट मिल्स, नेपाल चिया विकास निगम, लुम्बिनी चिनी कारखाना र नेपाल रोजिन एण्ड टर्पेन्टाइन लिमिटेड सञ्चालनमा रहे तापनि नाफा घाटाको अवस्था यकिन गरेको छैन। निजीकरण भएका ७ संस्थान मात्र नाफामा सञ्चालनमा रहेको देखिन्छ । निजीकरण सम्झौता अनुसार उद्योगहरू सञ्चालन नभएकोमा सम्बन्धित निकाय र मन्त्रालयबाट प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरेको छैन । निजीकरण भएका संस्थाबाट उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना र राजस्वमा योगदान समेत न्यून रहेकाले निजीकरणका सम्बन्धमा उचित नीति अवलम्बन गर्नुपर्दछ ।

३१.५ संस्थानको वित्तीय पारदर्शिता तथा आर्थिक सुशासनका लागि सञ्चालनमा रहेका संस्थानहरूले कानूनमा तोकिएको समयमै लेखापरीक्षण गराउनुपर्नेमा सम्बन्धित तालुक निकायबाट संस्थानहरूलाई समयमै लेखापरीक्षण गर्न निर्देशन गरेको भए तापनि २०७८ ज्येष्ठ सम्ममा १६ सार्वजनिक संस्थानले मात्र तोकिएको समयमा २०७७।७८ सम्मको लेखापरीक्षण गराएको देखिन्छ। त्यसैगरी २६ संस्थानले २०७७।७८ को लेखापरीक्षण नगराएको, खाद्य व्यवस्था तथा व्यापार कम्पनीले २०७७।७८ समेत ३ वर्षको, विशाल बजार कम्पनी लिमिटेड र राष्ट्रिय बीमा कम्पनी लिमिटेडले विगत ५ वर्षको तथा राष्ट्रिय बीमा संस्थानले ९ वर्षदेखि लेखापरीक्षण गराएका छैनन् । जनकपुर चुरोट कारखाना र राष्ट्रिय आवास कम्पनीले २०७६।७७ को लेखापरीक्षण एक वर्ष ढिला गरी गरेको देखिन्छ । समयमा लेखापरीक्षण नगराउने संस्थाका पदाधिकारीलाई जिम्मेवार बनाई कानूनबमोजिम कारबाही गर्नुपर्दछ ।

३१.६ सार्वजनिक संस्थानको स्वामित्वमा रहेको जग्गा एवं सम्पत्ति उचित व्यवस्थापन हुन नसकेको कारण सम्पत्ति तथा स्रोत साधनको सदुपयोग नभएको, जग्गा तथा अन्य सम्पत्तिको अतिक्रमण भएको, कतिपय

संस्थानको जग्गा एवं सम्पत्ति संरक्षणका लागि कर्मचारी राखी थप खर्च भएको देखिन्छ । साथै जग्गा बाँझो नराख्ने सरकारको नीति रहेकोमा नेपाल सरकारको जग्गा उपयोगमा नआएको हुँदा यसतर्फ सम्बन्धित संस्थान र तालुक मन्त्रालयको ध्यान जानुपर्दछ ।

३१.७ सार्वजनिक वस्तु तथा सेवाको आपूर्ति, बजार प्रतिस्पर्धा तथा गुणस्तर कायम गर्न रोजगारी सिर्जना गर्न तथा स्रोतसाधनको प्रभावकारी परिचालनमार्फत् आय आर्जन गर्ने उद्देश्यले संस्थानको स्थापना भएको देखिन्छ। सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०७९ अनुसार सञ्चालनमा रहेका ४२ संस्थानको विगत ३ वर्षको सञ्चालन अवस्था विश्लेषण गर्दा ४ क्षेत्रका १५ सार्वजनिक संस्थान निरन्तर घाटामा रहेका छन्:

(रू.लाखमा)

क्र.सं.	सार्वजनिक संस्थानको क्षेत्र	कुल संख्या	घाटामा रहेको संख्या	घाटामा रहेका संस्थानको सञ्चित घाटा*		
				२०७५।७६	२०७६।७७	२०७७।७८
१	औद्योगिक	१०	८	१५९६६०	१७४९५६	१८०२६३
२	व्यापारिक	४	१	१०६९९	१०४१२	१००३५
३	सेवा	९	३	५८४६७	९८७७२	१२७५४५
४	सामाजिक	५	३	३२०८२	३५१३५	३७०६८
	जम्मा	**२८**	**१५**	**२६०९०८**	**३१९२७५**	**३५४९११**

***** निरन्तर ३ वर्षदेखि घाटामा गएका संस्थान मात्र समावेश गरिएको ।

उपर्युक्त तथ्याङ्क विश्लेषण गर्दा १० मध्ये ८ औद्योगिक संस्थान विगत ३ आर्थिक वर्षमा निरन्तर नोक्सानीमा रहेका कारण समग्र औद्योगिक क्षेत्र नोक्सानीमा देखिएको छ । औद्योगिक क्षेत्रका संस्थानको कुल सञ्चित नोक्सानी २०७६।७७ मा रू.१७ अर्ब ४९ करोड ५६ लाख रहेकोमा सञ्चित नोक्सानी निरन्तर वृद्धि भै २०७७।७८ मा रू.१८ अर्ब २ करोड ६३ लाख पुगेको छ । त्यसैगरी सामाजिक क्षेत्रका संस्थानको २०७७।७८ को कुल सञ्चित नोक्सानी रू.३ अर्ब ७० करोड ६८ लाख, व्यापारिक क्षेत्रको सञ्चित नोक्सानी रू.१ अर्ब ३५ लाख र सेवा क्षेत्रको सञ्चित नोक्सानी रू.१२ अर्ब ७५ करोड ४५ लाख पुगेको देखिन्छ। उल्लिखित संस्थानको सञ्चित घाटा निरन्तर वृद्धि भैरहेकोले घाटा न्यूनीकरण गर्दै नाफा उन्मुख बनाउन उपयुक्त रणनिति तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

३२. **संस्थानमा जनशक्ति व्यवस्थापन -** संस्थान स्थापनाको निर्दिष्ट लक्ष्य प्राप्त गर्नका लागि जनशक्ति व्यवस्थापन प्रभावकारी हुनुपर्दछ । संस्थानहरू सञ्चालन सम्बन्धमा भएका ऐन, नीति, नियम र कार्यविधिहरू समयसापेक्ष संशोधन भएको छैन । संस्थागत शुसासन कायम राख्न सञ्चालक समितिको भूमिका महत्वपूर्ण हुन्छ । संस्थानको उद्देश्यअनुरूप सोही क्षेत्रसँग सम्बन्धित अनुभवी र योग्य व्यक्तिलाई सञ्चालक सदस्यमा नियुक्ति नहुने र फरक विज्ञता भएका व्यक्तिलाई नियुक्ति गर्ने, सरकार परिवर्तनसँगै सञ्चालक सदस्य परिवर्तन हुने, सम्बन्धित मन्त्रालयको प्रतिनिधि सदस्य बारम्बार परिवर्तन भै रहने, सञ्चालकको कार्यसम्पादन मूल्याङ्कन नीति तथा आचरण सम्बन्धी व्यवस्थाको पालनाको कमी रहेको र सञ्चालकको नियुक्ति समयमा नहुने जस्ता समस्या विद्यमान रहेको देखिन्छ। कार्यकारी प्रमुखको नियुक्ति संस्थानको प्रकृतिअनुसार फरक रहेको र कार्यकाल, नियुक्ति प्रक्रिया फरक फरक हुनुको वस्तुनिष्ठ विश्लेषण भएको छैन। संस्थानहरूमा दरबन्दीअनुसार पदपूर्ति नभएको र उच्च व्यवस्थापकीय तहमा समेत कर्मचारी पदपूर्ति नभएकोले संस्थानको सेवा प्रवाह तथा कार्यसञ्चालनमा असर परेको अवस्था छ।

उल्लिखित समस्यालाई समाधान गर्न व्यावसायिक योजना, आवश्यकता र आर्थिक अवस्था अनुसार नीति र ऐन अद्यावधिक गर्नुपर्ने देखिन्छ । सञ्चालक सदस्य नियुक्ति सम्बन्धी अलग्गै कार्यविधि तथा आचारसंहिता तय गरी कार्यान्वयन गर्नुपर्ने, प्रचलित कानूनबमोजिम सञ्चालक नियुक्त गर्ने र समयावधिको वैज्ञानिक विश्लेषणको आधारमा तय गर्नुपर्दछ । संस्थानको संगठन तथा व्यवस्थापन सर्भेक्षण मार्फत् कर्मचारी व्यवस्थापन प्रभावकारी वनाउनुपर्ने देखिन्छ । कर्मचारीसम्बन्धी विनियमावलीको समय सापेक्ष संशोधन गरी नियुक्ति, सरुवा र कार्यसम्पादन मूल्याङ्कन पद्धतिलाई प्रभावकारी बनाउनु पर्दछ ।

३३. **निजीकरण भएका संस्थानको स्थिति** - निजीकरण भएका ३० संस्थानमध्ये १२ खारेज भएको, ६ बन्द अवस्थामा रहेको र सञ्चालित १२ संस्थानमध्ये ९ नाफामा र ३ घाटामा रहेका छन् । सञ्चालित १२ संस्थान सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्;

३३.१ रघुपति जुट मिल्स, विराटनगर जुट मिल्स, नेपाल रोजिन एण्ड टरपेन्टाइन लि. र भक्तपुर इँटा टायल कारखाना, नेपाल दूरसञ्चार कम्पनी लिमिटेड र लुम्बिनी चिनी कारखानाले नेपाल सरकारलाई बुझाउनुपर्ने भाखा नाघेको साँवा र ब्याज क्रमशः रू.२५ करोड ३५ लाख ७६ हजार, रू.२ अर्ब ३ करोड ७३ लाख ७४ हजार, रू.८५ लाख ८७ हजार, रू.४६ करोड ७ लाख ४६ हजार, रू.१३ करोड ६ लाख ५४ हजार र रू.८८ लाखसमेत रू.२ अर्ब ८९ करोड ९७ लाख ३७ हजार रहेको देखिँदा सम्झौताअनुसार उक्त साँवा र ब्याज असुल गर्नुपर्दछ ।

३३.२ रघुपति जुट मिल्स र नेपाल चिया विकास निगमको जग्गा अतिक्रमण बढ्दै गएको, नेपाल सरकारबाट सम्झौताबमोजिम जग्गा हस्तान्तरण नभएको लगायतका समस्या समन्वयात्मक तवरबाट समाधान गर्नुपर्दछ।

३३.३ नेपाल सरकारसँग भएको सम्झौताबमोजिम नेपाल ढलौट उद्योग लिमिटेड, भक्तपुर इँटा टायल कारखाना लिमिटेडले अधिकतम ४५ प्रतिशतसम्म शेयर सर्वसाधरणलाई उपलब्ध नगराएको, नेपाल रोजिन एण्ड टरपेन्टाईन लिमिटेड (दिब्य रोजिन एण्ड टरपेन्टाईन लिमिटेड) को वन क्षेत्र तथा कच्चा पदार्थ हस्तान्तरण सम्बन्धी, चिया विकास निगमको चिया बगान तथा अतिक्रमित जग्गासम्बन्धी र नेपाल ल्युब आयलको सम्झौताबमोजिम जग्गा हस्तान्तरण नभएको सम्बन्धी विवादित विषयहरूको टुङ्गो लगाउनुपर्दछ।

३३.४ सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०७९ अनुसार विराटनगर जुट मिल मात्र घाटामा रहेको, नेपाल रोजिन एण्ड टर्पेन्टान लिमिटेड, रघुपति जुट मिल, नेपाल चिया विकास निगम र लुम्बिनी चिनी कारखाना सञ्चालनमा रहेको उल्लेख भए तापनि नाफा वा घाटाबारे उल्लेख गरेको छैन । अर्थ मन्त्रालय, विषयक्षेत्रगत मन्त्रालय र संस्थान व्यवस्थापनको समन्वयमा संस्थानलाई उद्देश्यअनुरूप सञ्चालन गर्नुपर्दछ।

३४. **खारेज भएका संस्थानमा ऋण लगानी -** निजीकरण ऐनबमोजिम निजीकरण भई हाल बन्द अवस्थामा रहेका १२ संस्थानमध्ये देहायबमोजिमका संस्थानमा २०७७।७८ सम्म निम्नानुसार नेपाल सरकारलाई बुझाउनुपर्ने भाखा नाघेको साँवा र ब्याज वक्यौता रहेको देखिन्छः

(रू.हजारमा)

क्र.सं.	संस्थानको विवरण	२०७७।७८ सम्मको साँवा	२०७७।७८ सम्मको ब्याज	जम्मा साँवा ब्याज
१	हिमाल सिमेन्ट कम्पनी	३७२१३६	३१९७०३	६९१८३९
२	सुर्ती विकास कम्पनी	२१५१	७९८७	१०१३८
३	कृषि औजार कारखाना	७२३६२	५९९५२	१३२३१४
४	नेपाल जुट विकास तथा व्यापार कम्पनी	१११३८९	-	१११३८९
५	घरेलु सिल्पकला बिक्री भण्डार	४७२५२	१०९२४८	१५६५००
६	हेटौंडा कपडा उद्योग	४२६७०७	४४५९९९	८७२७०६
७	वीरगन्ज चिनी कारखाना	२५००००	३३६७४६	५८६७४६
८	नेपाल यातायात संस्थान	७८५३७	१४१६१४	२२०१५१
जम्मा		**१३६०५३४**	**१४२१२४९**	**२७८१७८३**

खारेज भई बन्द अवस्थामा रहेका १२ संस्थानमध्ये ८ संस्थानमा ऋण लगानी रहेको रू.१ अर्ब ३६ करोड ५ लाख ३४ हजार साँवा तथा रू.१ अर्ब ४२ करोड १२ लाख ४९ हजार ब्याज समेत रू.२ अर्ब ७८ करोड १७ लाख ८३ हजार प्राप्त गर्न बाँकी रहेको देखिन्छ । उल्लिखित विवरणमा नेपाल जुट विकास तथा व्यापार कम्पनीलाई प्रदान गरेको २०७६।७७ सम्मको बाँकी ऋणको २०७७।७८ ब्याज गणना गरेको देखिँदैन । उक्त रकम प्राप्त गर्नुपर्दछ ।

३५. **बन्द रहेका संस्थान व्यवस्थापन -** व्यावसायिक संभावना नभएका र उद्देश्यअनुरूप कार्य सम्पादन गर्न नसकी लगातर घाटामा सञ्चालन भएका सार्वजनिक संस्थानमा सरकारको आर्थिक दायित्व वर्षेनि बढ्दै गएको छ। बढ्दो आर्थिक दायित्व घटाउन संस्थानको पुनर्संरचना गर्ने कार्य हुन सकेको छैन । त्यसैगरी बन्द अवस्थामा रहेका संस्थानहरूको पुनःसञ्चालन गर्न २०७८।७।१५ गठन भएको कार्यदले तयार गरेको प्रतिवेदनअनुसार ४४ संस्थान अस्तित्वमा रहेकोमा ६ संस्थान बन्द अवस्थामा रहेका छन्। हाल बन्द अवस्थामा रहेका नेपाल ओरिएण्ट एण्ड म्याग्नेसाइट प्रा.लि., बुटवल धागो कारखाना, गोरखकाली रबर उद्योग, जनकपुर चुरोट कारखाना, विराटनगर जुट मिल र नेपाल औषधि लमिटेडमा नेपाल सरकारको लगानी रहेको र तिनको पुनः सञ्चालन गर्न केही संस्थान निजी क्षेत्रलाई सञ्चालन गर्न दिने, केही संस्थान खारेज गर्ने, संस्थानको ट्रेडमार्क तथा ब्राण्डहरू ब्रिक्री गर्ने र संस्थानको जग्गा नेपाल सरकारको स्वामित्वमा ल्याउने लगायतको सिफारिस गरेको देखिन्छ । नेपाल सरकारले ती संस्थामा गरेको लगानी, लगानी उठाउने विधि र संस्थान सञ्चालनसम्बन्धी ठोस निर्णय गरी प्रभावकारी व्यवस्थापन गर्नुपर्दछ ।

३६. **कोषको व्यवस्था नगरिएको दायित्व -** सार्वजनिक संस्थानहरूले दीर्घकालमा तिर्नुपर्ने दायित्व सिर्जना गर्ने तर कोषको व्यस्था नगर्ने प्रवृतिमा वृद्धि हुँदै गएको देखिन्छ । दीर्घकालमा तिर्नुपर्ने दायित्वको व्यवस्था नगरेको रकमलाई कोषमा व्यवस्था नगरिएको दायित्वअन्तर्गत लेखाङ्कन गरिन्छ । सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०७९ अनुसार कोषमा व्यवस्था नगरिएको दायित्व २०७५।७६ मा रू.४८ अर्ब ६० करोड रहेकोमा २०७७।७८ मा रू.५९ अर्ब ३९ करोड अर्थात् २०७५।७६ को तुलनामा २२.१९ प्रतिशतले वृद्धि भएको छ । दीर्घकालमा तिर्नुपर्ने दायित्वको लागि कोषको व्यवस्था अनिवार्य गर्नुपर्दछ ।

३७. **शेयर लगानी प्रतिफल** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार नेपाल सरकारले गत वर्षसम्म विभिन्न ११४ संस्थामा साधारण, अग्राधिकार शेयर र अन्तर्राष्ट्रिय संस्थामा शेयरसमेत रू.३ खर्ब

१५ अर्ब ७० करोड २८ लाख शेयर लगानी गरेकोमा यो वर्ष रू.२६ अर्ब ९६ करोड, ७४ लाख थप लगानी गरेको छ । शेयर लगानीमा समायोजन भएको रू.५५ करोड ९२ लाख घटाउदाँ यो वर्षसम्म रू.३ खर्ब ४२ अर्ब ११ करोड १० लाख शेयर लगानी भएको देखिन्छ ।

उल्लिखित शेयर लगानीमध्ये यो वर्ष नेपाल राष्ट्र बैङ्कबाट रू.६ अर्ब, नेपाल टेलिकमबाट रू.५ अर्ब ४८ करोड ९७ लाख, नेपाल आयल निगमबाट रू.१८ करोड ८१ लाख, कृषि विकास बैङ्क लिमिटेडबाट रू.६४ करोड ४ लाख, राष्ट्रिय वाणिज्य बैङ्कबाट रू.३१ करोड ५० लाख नेपाल स्टक एक्सचेञ्जबाट रु ८ करोड ८० लाख, बुटवल पावर कम्पनीबाट रू.२ करोड ९८ लाखसमेत ८ संस्थाबाट रू.१२ अर्ब ७५ करोड १३ लाख नगद लाभांश प्राप्त भएको देखिन्छ । यो वर्ष प्राप्त गरेको लाभांश गत वर्ष प्राप्त भएको भन्दा ४५.६५ प्रतिशतले घटेको देखिन्छ । ती बाहेक १०६ संस्थामा गरेको शेयर लगानी रू.३ खर्ब ४५ करोड ३८ लाखबाट यो वर्ष कुनै प्रतिफल प्राप्त गरेको नदेखिँदा संस्था सञ्चालन व्यवस्थापनमा दक्षता ल्याउनुपर्ने देखिन्छ।

३८. **शेयर स्वामित्व -** नेपाल सरकार, साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड र जापान सरकार बीच त्रिपक्षीय सम्झौताबमोजिम निर्माण भएको भवन र सरकारको स्वामित्वमा रहेको जग्गाको मूल्याङ्कन गरी २०७५।३।३१ सम्म कायम रहेको नून भण्डारण गोदामको खुद परल मूल्य रू.५८ करोड १७ लाख ९ हजार रहेकोले उक्त मूल्य बराबर नेपाल सरकारको नाममा शेयर कायम हुनुपर्दछ । विराटनगर जुट मिलमा नेपाल सरकारको रू.७२ करोड ४८ लाख शेयर लगानी र रू.१ अर्ब १७ करोड ४६ लाख ऋण लगानी भएको देखिन्छ। शेयर संरचनालाई सञ्चालक समितिले शेयर स्वामित्व परिवर्तन गरी निजी क्षेत्रको लगानी थप गरी नेपाल सरकारको स्वामित्वमा संकुचन गरेको विषयमा उच्चस्तरीय जाँचबुझ आयोगले जुट मिलमा नेपाल सरकारको लगानी पुँजीकरण गरी शेयर संरचना बदल्न सुझाव दिएकोमा सुझावअनुसार नेपाल सरकारको लगानी पुँजीकरण गरी शेयर संरचना परिवर्तन गर्नुपर्ने विषय गत वर्ष समेत औंल्याइएकोमा यो वर्षसमेत स्थिति यथावत् रहेको छ ।

३९. **बक्यौता असुली -** निजीकरण समितिले हालसम्म निजीकरण भैसकेका संस्था र अन्य संस्थाबाट प्राप्त गर्नुपर्ने रकमको छुट्टाछुट्टै अभिलेख लगत खडा गरी प्राप्त गर्न बाँकी किस्ता, ब्याज तथा हर्जानाको अभिलेख राख्नुपर्नेमा राखेको देखिएन । उक्त व्यहोरा गत विगत वर्षदेखि औंल्याईँदै आए तापनि स्थिति यथावत छ। विगत वर्षमा रघुपति जुट मिल्स, नेपाल चिया विकास निगम लिमिटेड, नेपाल रोजिन एण्ड टर्पेन्टाइनलगायतका १४ संस्थानबाट गत वर्षसम्म रू.५४ करोड ११ लाख ८२ हजार रकम प्राप्त हुनुपर्ने उल्लेख छ । तथापि मन्त्रालयले यो वर्षसम्म प्राप्त गर्नुपर्ने बक्यौताको विवरण अद्यावधिक गरेको देखिएन । विवरण अद्यावधिक गरी बक्यौता असुली गर्नुपर्दछ ।

- ***सार्वजनिक ऋण व्यवस्थापन***

४०. **सार्वजनिक ऋण -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार नेपाल सरकारको कुल ऋण दायित्वको स्थिति देहायअनुसार छ:

(रू.करोडमा)

शीर्षक	आर्थिक वर्ष		
	२०७५।७६	२०७६।७७	२०७७।७८
आन्तरिक ऋण	४५३२३.०५	६१३७३.५४	८०२९४.१६
बाह्य ऋण	५९४९२.६२	८१९६६.७१	९३४६९.५२
कुल ऋण	१०४८१५.६७	१४३३४०.२५	१७३७६३.६८
कुल गार्हस्थ्य उत्पादनको प्रतिशत	३०.२६	३८.०५	४०.७३

स्रोतः नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदन २०७७।७८

महालेखा नयन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७७।७८ को अन्त्यसम्म नेपाल सरकारको कुल तिर्न बाँकी ऋण रू.१७ खर्ब ३७ अर्ब ६३ करोड ६८ लाख रहेको छ । कुल ऋणमध्ये बाह्य ऋण रू.९ खर्ब ३४ अर्ब ६९ करोड ५२ लाख र आन्तरिक ऋण रू.८ खर्ब २ अर्ब ९४ करोड १६ लाख रहेको देखिन्छ । यो वर्षसरकारको ऋण दायित्व रू.३ खर्ब ४ अर्ब २३ करोड ४४ लाख थप भई गत वर्षको तुलनामा २१.२२ प्रतिशतले वृद्धि भएको देखिन्छ । कुल ऋणमध्ये बाह्य ऋण ५३.८० प्रतिशत र आन्तरिक ऋण ४६.२० प्रतिशत रहेको छ । उक्त ऋण कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ४०.७३ प्रतिशत पुगेको छ । ऋण अनुपात २०७५।७६ मा ३०.२६ र २०७६।७७ मा ३८.०५ प्रतिशत रहेको थियो । बाँकी ऋण कायम गर्दा लेखाङ्कन छुट भएको तथा विनिमय दरमा भएको नोक्सानीको कारण गत वर्ष कायम भएको बाह्य ऋणको विवरणमा रू.१३ अर्ब ५२ करोड ६४ लाख थप गरेको छ । ऋण भारका सन्दर्भमा उपयुक्त नीति तर्जुमा गर्नुपर्दछ ।

सार्वजनिक ऋण परिचालन बढ्दो क्रममा रहेको छ । नेपाल सरकार, प्रदेश तथा स्थानीय सरकारले लिने आन्तरिक ऋणको एकीकृत व्यवस्थापन, लेखाङ्कन र प्रतिवेदन प्रणालीको विकास गरी कार्यान्वयन गर्नुपर्दछ । ऋणको भुक्तानी गर्दा आन्तरिक बोझ महसुस गर्नु नपर्ने तथा भावी पुस्तालाई असहज नहुने गरी ऋणको परिचालन गर्नुपर्दछ । नेपाल सरकारको जमानीमा सार्वजनिक संस्थानहरूलगायतले लिने ऋण भुक्तानीको परोक्ष दायित्व नेपाल सरकारमै रहने हुँदा सोको व्यवस्थापन प्रभावकारी बनाउनुपर्दछ।

४१. **आन्तरिक ऋणको उपयोग -** यो वर्ष आन्तरिक ऋणबाट रू.२ खर्ब २५ अर्ब प्राप्त गर्ने लक्ष्य रहेकोमा रू.२ खर्ब २२ अर्ब ७८ करोड प्राप्त भएको छ । प्राप्त आन्तरिक ऋण मध्ये चालुतर्फ सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान शीर्षकमा रू.३३ अर्ब ६४ करोड खर्च भएको छ । त्यसैगरी पुँजीगततर्फ सवारीसाधन खरिद लगायतका शीर्षकमा रू.१ खर्ब २२ अर्ब १५ करोड खर्च गरेको देखिन्छ । वित्तीय व्यवस्थाअन्तर्गत रू.२३ अर्ब ४ करोड खर्च मध्ये सार्वजनिक संस्थानमा ऋण लगानी तर्फ रू.९ अर्ब ५८ करोड र शेयर लगानी तर्फ रू.१३ खर्ब २६ करोड खर्च गरेको देखिन्छ ।

प्राप्त भएको आन्तरिक ऋण र उपयोग भएको रकम बीचको फरक रू.४३ अर्ब ९५ करोड उपयोग गर्न नसके तापनि उक्त रकममा ब्याज तिर्नु परेको अवस्था छ । त्यसैगरी पुँजीगत शीर्षकमै आन्तरिक ऋण उपयोग भएको अवस्थामा पुँजीगत खर्चबाट मूल्य सार्थकता प्राप्त भएको सुनिश्चित गरेर मात्र ऋणको परिचालन गर्नुपर्दछ ।

४२. **साँवा ब्याज भुक्तानी -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदन २०७७।७८ को विवरणअनुसार यो वर्ष नेपाल सरकारले भुक्तानी गरेको साँवा तथा ब्याजको समष्टिगत स्थिति देहायअनुसार छः

(रू.लाखमा)

ऋणको किसिम	२०७५।७६ साँवा ब्याज भुक्तानी	२०७६।७७ साँवा ब्याज भुक्तानी	२०७७।७८			गतवर्षको तुलनामा वृद्धि प्रतिशत
			साँवा भुक्तानी	ब्याज भुक्तानी	जम्मा भुक्तानी	
आन्तरिक	५०५२१५	५४७९९६	३६९०११	२८४६०६	६५३६१७	१९.२७
बाह्य	२४५४४१	२८७९८१	२३२६८६	६१७३५	२९४४२१	२.२४
जम्मा	**७५०६५६**	८३५९७७	६०१६९७	३४६३४१	९४८०३८	१३.४०

गत वर्षभन्दा साँवा ब्याज भुक्तानी गर्नुपर्ने रकम वृद्धि भै रू.९४ अर्ब ८० करोड ३८ लाख पुगेको देखिन्छ । साँवा ब्याज भुक्तानी २०७५।७६ को तुलनामा २०७६।७७ मा ११.३६ प्रतिशतले र २०७६।७७ को तुलनामा १३.४० प्रतिशतले वृद्धि भएको देखिन्छ।

यो वर्ष भएको साँवा ब्याज भुक्तानी रकम कुल खर्च रकमको ७.९२ प्रतिशत र पुँजीगत खर्चको ४१.४३ प्रतिशत रहेको छ। असुली भएको कुल राजस्वको १०.९६ प्रतिशत रहेको छ ।

४३. **जमानत दिएको वैदेशिक ऋण -** नेपाल सरकार जमानत बसेको वैदेशिक ऋणको भुक्तानी प्रक्रिया प्रभावकारी बनाउनुपर्दछ। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार एक स्पिनिङ्ग मिल्सको लागि नेपाल सरकारको जमानतमा ६ मार्च, १९९० मा एसियाली विकास बैङ्कसँग ऋण सम्झौता भएको देखिन्छ । उक्त उद्योग लिक्विडेसनमा गई सो ऋणबापत एसियाली विकास बैङ्कलाई भुक्तानी गर्नुपर्ने साँवा ब्याजको लागि उक्त उद्योगले नेपाल राष्ट्र बैङ्कमा खोलेको डलर खातामा रकम जम्मा गरेको छ। यो वर्षको अन्त्य सम्म उक्त खातामा अमेरिकी डलर २५ लाख ७७ हजार ९००.६७ रहेको देखिन्छ। नेपाल सरकारले एसियाली विकास बैङ्कलाई नियमित रूपमा उक्त ऋणको साँवा तथा ब्याज भुक्तानी सो खाता मार्फत् गर्दै आएकोमा २०७५।७६ देखि उक्त ऋणको साँवा ब्याज बजेटमा व्यवस्था भएको शीर्षकबाट भुक्तानी गर्न शुरु भएको देखिन्छ। बजेट व्यवस्था भै निरन्तर भुक्तानी भए पश्चात् समेत उक्त खातामा रहेको रकम नेपाल सरकारको साँवा फिर्ता खातामा जम्मा गरेको नदेखिएकोले उक्त रकम प्राप्त गरी निस्कृय खाता बन्द गर्नुपर्दछ ।

४४. **वैदेशिक ऋणको उपयोग -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार नेपाल सरकारको वार्षिक बजेटमा वैदेशिक ऋण प्राप्तिको लक्ष्य र प्राप्तिको विगत ३ वर्षको स्थिति देहायअनुसार रहेको छ:

शीर्षक	रकम (रू.लाखमा)		
	२०७५।७६	२०७६।७७	२०७७।७८
लक्ष्य	२५३०२८२	२९८८३३३	२९९५०००
ऋण प्राप्ति	९४४००८	१६२६०७३	१७२९४८१
प्राप्ति/लक्ष्य प्रतिशत	३७.३१	५४.४१	५७.७४

नेपाल सरकारले २०७७।७८ मा रू.२ खर्ब ९९ अर्ब ५० करोड वैदेशिक ऋण प्राप्त गरी उपयोग गर्ने लक्ष्य राखेकोमा रू.१ खर्ब ७२ अर्ब ९४ करोड ८१ लाख अर्थात् लक्ष्यको तुलनामा ५७.७४ प्रतिशत मात्र प्राप्त गरेको देखिन्छ । गतवर्ष लक्ष्यको तुलनामा ५४.४१ प्रतिशत ऋण प्राप्ति

गरेकोमा यो वर्ष केही बढेको छ । वैदेशिक ऋणको लक्ष्य र प्राप्ति बीचमा ठूलो अन्तर रहेकोले ऋणको लक्ष्य निर्धारण वस्तुनिष्ठ बनाई शोधभर्नामा हुने ढिलासुस्तीलाई न्यूनीकरण गरी प्रभावकारी समन्वयमार्फत् वैदेशिक ऋण परिचालन गर्नुपर्दछ ।

४५. **ऋण लगानी -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार विभिन्न ५६ संस्थामा नेपाल सरकारको स्रोतबाट गत वर्षसम्म रू.१ खर्ब १८ अर्ब १५ करोड ४४ लाख लगानी भएकोमा यो वर्ष विभिन्न १० संस्थामा रू.१४ अर्ब ३ करोड ८४ लाख थप लगानी भएको देखिन्छ । लगानी भएको मध्ये १ संस्थाको समायोजन गरी रू.१ करोड ८८ लाख र ३ संस्थाबाट साँवा फिर्ता भएको रू.१५ करोड ८१ लाख समेत रू.१७ करोड ६९ लाख घटाई यस वर्षसम्म रू.१ खर्ब ३२ अर्ब १ करोड ५९ लाख लगानी भएको देखिन्छ । वैदेशिक स्रोतबाट गत वर्षसम्म विभिन्न ३८ संस्थामा रू.१ खर्ब ७९ अर्ब ४६ लाख लगानी भएकोमा यो वर्ष विभिन्न ५ संस्थामा रू.२१ अर्ब २८ करोड २९ लाख थप लगानी भएको देखिन्छ । लगानी भएको मध्ये १ संस्थाको समायोजन गरी रू.३२ करोड १७ लाख र ४ संस्थाबाट साँवा फिर्ता भएको रू.३ अर्ब ६ करोड ५४ लाखसमेत रू.३ अर्ब ३८ करोड ७१ लाख घटाई यस वर्षसम्म रू.१ खर्ब ९६ अर्ब ९० करोड ५ लाख लगानी भएको देखिन्छ । समग्रमा २०७७।७८ सम्म कुल रू.३ खर्ब २८ अर्ब ९१ करोड ६४ लाख ऋण लगानी भएको देखिन्छ ।

४६. **बक्यौता ब्याज -** संस्थानमा लगानी भएको रकममा प्राप्त गर्नुपर्ने ब्याज रकम निर्धारित समयमा नै प्राप्त गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ । महालेखा नियन्त्रक कार्यालयले तयार गरेको शेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदनअनुसार २०७६।७७ सम्म प्राप्त हुनुपर्ने ब्याज रू.४३ अर्ब ८१ करोड ९४ लाख बाँकी रहेकोमा यो वर्ष थप भएको रू.१० अर्ब ६९ करोड २९ लाखसमेत रू.५४ अर्ब ५१ करोड २३ लाख ब्याज प्राप्त हुनुपर्नेमा यो वर्ष रू.८ अर्ब ४१ करोड २ लाख प्राप्त भै रू.४६ अर्ब १० करोड २१ लाख प्राप्त हुन बाँकी रहेको देखिन्छ । प्राप्त गर्नुपर्ने ब्याज रकम वृद्धि हुँदै गएकाले ब्याज समयमै प्राप्त गर्नुपर्दछ ।

४७. **राष्ट्रिय लगानी नीति -** सरकारले लगानीसम्बन्धी एकीकृत नीति तय गरी लगानीको प्रभावकारी व्यवस्थापन गर्नुपर्दछ । महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रतिवेदनअनुसार सरकारले विभिन्न संस्थाहरूमा करिब रू.६ खर्ब ७२ अर्ब लगानी गरेको उल्लेख छ । लगानी वृद्धि भएसँगै लगानीसम्बन्धी एकीकृत नीति बन्न नसक्दा लगानीको प्राथमिकता, ब्याजदरको सैद्धान्तिक आधार, लगानीको सदुपयोग, लगानीको प्रभावकारी सुपरिवेक्षण, लगानीबाट प्राप्त लाभको विश्लेषण जस्ता विषयको प्रभावकारिता मूल्याङ्कन गर्न सकेको अवस्था छैन । संस्थाहरूमा तत्कालीन आवश्यकता पूरा गर्न लगानी गर्ने, एकद्वार पद्धतिबाट मात्र लगानी नहुने, लगानीको अभिलेखाङ्कनमा एकरूपता नहुने, लगानीका क्षेत्र र सोको प्रतिफल लगायतका विषयलाई सम्बोधन गर्ने गरी ठोस नीतिको तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

४८. **अस्तित्वमा नरहेका संस्थामा ऋण लगानी -** अस्तित्वमा नरहेका संस्थाहरूमा भएको ऋण लगानीको हिसाब फरफारक गर्नुपर्दछ । अस्तित्वमा नरहेका विभिन्न २९ संस्थामा यस वर्षको अन्तसम्म लगानी रू.१ अर्ब ९३ करोड २७ लाख ४५ हजार रहेको छ । सरकारले गरेको कुल ऋण लगानीको ०.५८ प्रतिशत अस्तित्वमा नरहेका संस्थामा लगानी भएको देखिँदा उक्त ऋणका सम्बन्धमा उपयुक्त विधि अपनाई हिसाब समायोजन गर्नुपर्दछ ।

- ***अनुदान उपयोग***

४९. **पशु तथा बाली सुरक्षा अनुदान -** बीमा ऐन, २०४९ को दफा ४१ (क) अनुसार बीमा ऐनबमोजिम दर्ताको प्रमाणपत्र प्राप्त बीमक बाहेक अन्य कुनै व्यक्ति वा संस्थासंग नेपालभित्र रहेका कुनै पनि व्यक्ति वा संस्थाले बीमासम्बन्धी कारोबार गर्न नहुने र दफा २८ बमोजिम बीमकले आफूले धारण गर्ने जोखिम धारण गरी बाँकी रहेको जोखिमको पुनर्बीमा गराउनुपर्ने व्यवस्था छ । मन्त्रालयले लघु बीमा सहयोग कार्यक्रमबाट कृषि विकास बैङ्क तथा साना किसान विकास बैङ्कलाई किसानहरूको पशु, बाली र स्वास्थ्य बीमाको लागि किसानलाई प्रिमियम रकमको ५० प्रतिशत अनुदान रू.११ करोड ४२ लाख ३३ हजार र निक्षेप तथा कर्जा सुरक्षण कोषलाई पशुधन तथा कर्जा सुरक्षणका लागि रू.५३ करोड २५ लाख ७२ हजारसमेत रू.६४ करोड ६८ लाख ५ हजार अनुदान दिएको छ । बीमासम्बन्धी कार्य गरिरहेका निकायहरूले ऐनको व्यवस्थाबमोजिम बीमाको कारोबार गर्ने गरी बीमकको रूपमा दर्ता भई अनुमति लिएको देखिँदैन र बीमाको पुनर्बीमा हुने गरेको छैन । उक्त रकम किसानको पशुधन तथा बाली सुरक्षाको लागि दिए तापनि मन्त्रालयबाट लघु बीमा सहयोग कार्यक्रमकै लागि अनुदान गएको र रकम परिचालन गर्ने निकायहरूले पनि बीमाकै प्रकृतिको कार्य गरेको अवस्था देखिन्छ । यसरी बीमा गर्दा पशु तथा बालीको मूल्य कायम गर्ने वस्तुनिष्ठ तरिका समेत अवलम्बन नहुने र क्षतिको मूल्याङ्कन समेत उचित नहुने देखिन्छ ।उक्त कार्यक्रम बीमाको अवधारणाअनुरूप सञ्चालन भए नभएको स्पष्ट गरी कानूनबमोजिम सञ्चालन गर्ने व्यवस्था हुनुपर्दछ ।

पशुधन सुरक्षण तथा कर्जा सुरक्षण कार्यक्रम सञ्चालन गर्ने ३ संस्थाको खातामा २०७७।७८ सम्म सरकारबाट प्राप्त अनुदान र किसानबाट सङ्कलन भएको रू.२ अर्ब ६८ करोड ९८ लाख मौज्दात रहेको देखिन्छ। विभिन्न संस्थाले कार्यक्रम सञ्चालन गर्दा फरक फरक कार्यविधि तय गरेको देखियो। कृषि विकास बैङ्कले तयार गरेको कार्यविधिअनुसार मौज्दात रहेको प्रिमियम रकमबाटै व्यवस्थापन लगायतका खर्च तथा कृषकलाई प्रिमियम रकम फिर्ता गरेको देखिन्छ भने साना किसान विकास वित्तीय संस्थाले ब्याज आम्दानीबाट मात्र व्यवस्थापन खर्च गरी साँवा प्रिमियम रकम खर्च गर्न नपाइने कार्यविधि तय गरेको देखिन्छ । निक्षेप तथा कर्जा सुरक्षण कोषले कृषकलाई बैङ्क तथा वित्तीय संस्थाले प्रदान गर्ने पशु ऋणको सुरक्षण गर्न सो अनुदान रकम प्रयोग गर्ने कार्यविधि तय गरेको देखिन्छ ।त्यस्ता संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रम सञ्चालन कार्यविधिमा एकरूपता कायम गर्ने तथा बाँकी रहेको मौज्दात रकम समेतको अनुगमन गरी अनुदान सदुपयोग भएको सुनिश्चित गर्नुपर्दछ।

५०. **शीतघर तथा खाद्यान्न भण्डार -** शीतघर तथा खाद्यान्न भण्डार घर स्थापना कार्यक्रमका लागि ब्याज अनुदान मापदण्ड, २०७३ को बुँदा नम्बर ७ (३) अनुसार स्थापना हुने शीतघर तथा खाद्यान्न भण्डारण घर स्थापना गर्न वित्तीय संस्थाहरूको नियमअनुसार ऋण प्राप्त गर्न सक्ने व्यवस्था छ। प्राप्त ऋणको शतप्रतिशत ब्याज ऋण प्राप्त गरेको मितिले ५ वर्षसम्मको लागि नेपाल सरकारबाट अनुदान स्वरूप सम्बन्धित वित्तीय संस्थालाई प्राप्त हुने र नेपाल राष्ट्र बैङ्कले प्रत्येक ३ महिनामा ब्याजबापतको रकम भुक्तानी दिएको छ । यो वर्ष मुनाफाको उद्देश्यले स्थापित निजी प्रकृतिका १२ शीतघर तथा खाद्यान्न भण्डारलाई रू.५ करोड ४५ लख ८३ हजार ब्याज अनुदान दिएको छ । उल्लिखित शीत तथा खाद्य भण्डारहरूको सञ्चालनको अवस्था र ऋण अनुदान लिएको रकम सोही प्रयोजनमा उपयोग गरेको सुनिश्चितता गर्नुपर्दछ ।

५१. **कृषि कर्जामा ब्याज अनुदान -** सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५ मा व्यवसायीहरूलाई तोकिएका ९ क्षेत्रमा आकर्षित गर्न कृषि कर्जामा नेपाल सरकारले ५ प्रतिशत, महिला उद्यमशीलताका लागि ६ प्रतिशत तथा रू.५ करोडभन्दा माथिको व्यावसायिक कृषि तथा पशुपन्छी कर्जामा २ प्रतिशत ब्याज अनुदान उपलब्ध गराउने उल्लेख छ । नेपाल राष्ट्र बैङ्कबाट प्राप्त तथ्याङ्कअनुसार ब्याज अनुदान प्राप्त गर्ने लाभग्राहीको संख्या २०७५।७६ मा १७ हजार ७३०, २०७६।७७ मा २४ हजार ७६३ रहेकोमा २०७७।७८ मा संख्या ५८ हजार ५२ पुगेको छ। नेपाल सरकारले नेपाल राष्ट्र बैङ्कमार्फत् २०७६।०७७ सम्म रू.३ अर्ब ब्याज अनुदान उपलब्ध गराएकोमा यो वर्ष रू.४ अर्ब उपलब्ध गराई रू.७ अर्ब पुगेको छ। व्यावसायिक कृषि तथा पशुपन्छी कर्जाको सीमा रू.१० करोड बाट घटाउनुपर्ने, एक पटक सहुलियतपूर्ण कर्जा उपभोग गरिसकेको ऋणीले पुनः अर्को बैङ्क तथा वित्तीय संस्थाबाट सहुलियतपूर्ण कर्जा लिन नपाउने, स्वाप भएको कर्जामा ब्याज अनुदान नपाउने, सहुलियतपूर्ण कर्जा उपभोग गरी रहेका ऋणीलाई कर्जा सीमा थप गर्दा सीमा थप भएको समय पश्चात् कार्यविधिबमोजिमका कुनै पनि अनुदान सुविधा उपलब्ध नगराउने लगायतका विषयमा सहुलियतपूर्ण कर्जाको प्रभावकारिता अध्ययन प्रतिवेदनले सुझाउ गरेको देखिँदा सोबमोजिम सुधार हुनुपर्दछ । कार्यविधिको बुँदा १९ मा नेपाल राष्ट्र बैङ्कले कर्जाको अनुगमन गर्ने व्यवस्था गरेकोले उद्देश्य अनुरूप सदुपयोग भए नभएको मूल्याङ्कन गर्ने व्यवस्थालाई प्रभावकारी बनाउनुपर्दछ ।

महालेखा नियन्त्रक कार्यालय

संघीय सञ्चित कोष र अन्य सरकारी कोषको सञ्चालन र व्यवस्थापन गर्ने चल,अचल सरकारी सम्पत्तिको अभिलेख राखी प्रतिवेदन गर्ने, आर्थिक प्रशासन सञ्चालन निर्देशन, नियन्त्रण तथा आन्तरिक लेखापरीक्षण गर्ने गराउने र आर्थिक कारोबारको प्रतिवेदन गर्ने निकायको रूपमा महालेखापाल कार्यालयको रूपमा विक्रम सम्वत् २००८ सालमा स्थापना भई ८१ कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत् कार्य सञ्चालन गर्दै आएको छ ।

५२. **सञ्चित कोष -** कार्यालयले पेस गरेको संघीय सञ्चित कोषको आर्थिक विवरणअनुसार प्राप्ति र भुक्तानीको अवस्था निम्नानुसार छः

(रू.लाखमा)

विवरण	२०७७।७८		२०७६।७७		प्रतिशत
प्राप्तितर्फ					
१.राजस्व तथा अनुदान		८,६९,१४,४८		७,८२,८०,९२	**११.०३**
क) राजस्व	८,२४,३७,५७		७,०५,४९,८२		
ख) अनुदान	३५,४४,७७		२९,७४,५२		
ग) वेरुजु तथा अन्य प्राप्ति	९,३२,१४		४७,५६,५८		
२. वित्तीय व्यवस्था		४,००,५३,०८		३,२२,५७,१६	**२४.१७**
क) ऋण लगानी फिर्ता	३,२२,३५		१,७८,८२		
ख) वैदेशिक ऋण प्राप्ति	१,७४,५२,८५		१,२७,२९,७९		
ग) आन्तरिक ऋण	२,२२,७७,८८		१,९३,४८,५५		
३. अन्य प्राप्ति	**३१,७३,२६**	**३१,७३,२६**			
जम्मा		**१३,०१,४०,८२**		**११,०५,३८,०८**	**१७.७३**
भुक्तानीतर्फ					
१. चालु तथा पुँजीगत खर्च		१०,७५,०५,३४		९,७३,२३,३६	**१०.४६**
क) सञ्चित कोष माथि व्ययभार हुने चालु खर्च	३४,९३,०२		२६,२१,२८		

विवरण	२०७७।७८		२०७६।७७		प्रतिशत
ख) विनियोजन ऐनद्वारा भएको चालु तथा पुँजीगत खर्च	१०,४०,१२,३२		९,४७,०२,०८		
२. वित्तीय व्यवस्था अन्तर्गत खर्च		१,२१,६२,२६		१,१७,९०,१७	**३.१६**
क) सञ्चित कोष माथि व्ययभार हुने खर्च ऋण भुक्तानी	६०,२३,०३		५७,५३,७५		
ख) विनियोजन ऐनद्वारा भएको ऋण तथा शेयर लगानी	६१,३९,२३		६०,३६,४२		
जम्मा		**११,९६,६७,६०**		**१०,९१,१३,५३**	**९.६७**
३. चेक साट्न बाँकीको विवरण				-९,८५	
४. राष्ट्रिय वाणिज्य बैङ्क नेपालगन्जले कम शोधभर्ना माग गरी फरक परेको रकम				-३	
५. चेक साट्न बाँकी बाहेकको यस वर्षको जम्मा भुक्तानी (कुल खर्च-साँट्न बाँकी ५ चेक रकम)		११,९६,६७,६०		१०,९१,०३,६५	
६. कोषमा परिवर्तन *(+/-)*		**१,०४,७३,२२**		**१४,३४,४३**	
७. आर्थिक वर्षको शुरुको मौज्दात		*-२,१६,६९,५६*		-२,३१,०३,९९	
आर्थिक वर्षको अन्त्यको मौज्दात		*-१११९६३४*		-२,१६,६९,५६	
सञ्चित कोषको मौज्दात					
८. कार्य सञ्चालन कोष धरौटीलगायतका विभिन्न खातामा नेपाल सरकारका नाममा रहेको मौज्दात रकमका आधारमा गरिएको खुद खर्च		१,११,९६,३४		२,१६,६९,५६	
९.कार्य सञ्चालन कोष धरौटीलगायतका विभिन्न खातामा तिर्नुपर्ने दायित्व		*-१,११,९६,३४*		-२,१६,६९,५६	

५२.१ यो वर्ष समग्र राजस्व, अनुदान, ऋण (आन्तरिक तथा बाह्य), (सोझै भुक्तानी हुने अनुदान र ऋण) समेत रू.१३ खर्ब १ अर्ब ४० करोड ८२ लाख प्राप्त भई चालु, पुँजीगत र वित्तीय व्यवस्थातर्फ (सोझै भुक्तानी हुने अनुदान र ऋणसमेत) रू.११ खर्ब ९६ अर्ब ६७ करोड ६० लाख खर्च भई यो वर्षको बचत रू.१ खर्ब ४ अर्ब ७३ करोड २२ लाख रहेको छ । गत बर्षान्तमा ऋणात्मक देखाएको रू.२ खर्ब १६ अर्ब ६९ करोड ५६ लाखमा यो वर्षको बचत समायोजन गर्दा २०७८ आषाढ मसान्तमा रू.१ खर्ब ११ अर्ब ९६ करोड ३४ लाख ऋणात्मक मौज्दात देखिन्छ । नेपाल सरकारले नगदमा आधारित लेखा प्रणाली अपनाएकोले कोषको मौज्दात ऋणात्मक हुन नसक्ने अवस्थामा गत विगत वर्षदेखि नै ऋणात्मक मौज्दात देखिएको छ । सञ्चित कोष ऋणात्मक भएकोमा सोको हिसाब मिलान गर्न अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, नेपाल राष्ट्र बैङ्क र महालेखापरीक्षकको कार्यालयको प्रतिनिधि सदस्य रहेको समिति गठन भए पनि सो कार्य सम्पन्न नभएको व्यहोरा गत प्रतिवेदनमा औंल्याएकोमा स्थिति यथावत् रहेको छ ।

५२.२ नेपाल राष्ट्र बैङ्कबाट प्राप्त विवरणअनुसार स्वीकृति प्राप्त वाणिज्य बैङ्कहरूको नाममा खोलिएका खाताहरूमा २०७८ आषाढ मसान्तमा रू.११ खर्ब १३ अर्ब २० करोड ८९ लाख मौज्दात रहेको देखिन्छ । त्यसैगरी खर्चतर्फका खातामा रू.१० खर्ब १७ अर्ब ७१ करोड ३३ लाख ऋणात्मक मौज्दात देखिएको छ । उक्त दुई खातालाई मिलान गर्दा रू.९५ अर्ब ४९ करोड ५६ लाख मौज्दात बाँकी रहेको देखिन्छ । नियमित कारोबार भइरहने खाता तथा फ्रिज नहुने प्रकृतिका खाताहरूसमेत नियमित रूपमा लेखा स्रेस्ता र बैङ्कको विवरण बीच समायोजन हिसाब तयार गर्नुपर्दछ ।

५२.३ नेपाल सरकारको लेखा महालेखा नियन्त्रक कार्यालयले राख्ने र नेपाल राष्ट्र बैङ्कले सरकारी बैङ्कको रूपमा खाता सञ्चालन गर्ने व्यवस्था छ । खाता सञ्चालन सम्बन्धमा नेपाल राष्ट्र बैङ्कले सरकारी कारोबार निर्देशिका, २०७६ जारी गरेको छ। नयाँ निर्देशिकाबमोजिम सबै खाता अद्यावधिक गर्नुपर्नेमा बैङ्कले सरकारी कारोबार निर्देशिका, २०७१ अनुसारका खातासमेत सञ्चालन गरिरहेको देखिन्छ । नेपाल सरकारको परिवर्तित निर्देशिकाअनुसारका खाताको अवलम्बन गरी सञ्चित कोषको वार्षिक आर्थिक विवरण तयार गर्नुपर्दछ ।

५२.४ एक आयोजनाले अघिल्लो आर्थिक वर्षमा खर्च गरिसकेको रू. ५६ करोड ७१ लाख सोझै भुक्तानी हुने खर्च यस बर्षको खर्चमा समावेश गरेको छ । त्यसैगरी अन्य ६ आयोजनाको लागि दुई विकास साझेदारबाट सोझै भुक्तानी हुने गरी भएको यो वर्षको खर्च रू.९६ करोड ७३ लाख सञ्चितकोषको हिसावमा समावेश गरेको छैन । यसप्रकारको खर्च सम्बन्धित बर्षमा लेखाङ्कन हुनुपर्दछ।

५२.५ सञ्चित कोषको आर्थिक विवरणमा वैदेशिक अनुदान र ऋण(सोझै र वस्तुगत सहायता बाहेक) क्रमशः रू.२६ अर्ब ७९ करोड १५ लाख र रू.१ खर्ब ४६ अर्ब ४३ करोड ४८ लाख प्राप्त भएको देखाएको छ। नेपाल राष्ट्र बैङ्कले प्रस्तुत गरेको केन्द्रीय ट्रेजरी हिसाबमा वैदेशिक अनुदान रू.३४ अर्ब ६६ करोड २३ लाख र वैदेशिक ऋण रू.१ खर्ब १२ अर्ब ५ करोड ५ लाख प्राप्ति देखाएकोले कार्यालयले प्रस्तुत गरेको सञ्चित कोषको आर्थिक विवरण र नेपाल राष्ट्र बैङ्कले प्रस्तुत गरेको केन्द्रीय ट्रेजरी हिसाबमा अनुदानतर्फ रू.७ अर्ब ८७ करोड ८ लाख र वैदेशिक ऋणतर्फ रू.३४ अर्ब ३८ करोड ४३ लाख फरक परेको छ । उक्त फरक सम्बन्धमा हिसाब मिलान गर्नुपर्दछ।

५२.६ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५(१) मा संघीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त, अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) को हिसाबअनुसार स्थानीय तहलाई सशर्त, विशेष र समपूरक अनुदान स्वरूप रू.१ खर्ब ९३अर्ब ३८ करोड १५ लाख हस्तान्तरण गरी खर्च लेखिएको मध्ये रू.१ खर्ब ७१ अर्ब ३ करोड ६७ लाख खर्च भई रू.२२ अर्ब ३४ करोड ४८ लाख मौज्दात रहेकोले सो रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्नेमा २०७७।७८ मा जम्मा रू.४ अर्ब ६८ करोड १० लाखसमेत २०७८ पौषसम्ममा रू.१६ अर्ब ४२ करोड ८६ लाख फिर्ता भएकोले रू.५ अर्ब ९१ करोड ६२ लाख संघीय सञ्चित कोषमा फिर्ता नभई स्थानीय तहको सञ्चित कोषमा मौज्दात रहेको पाइयो। अनुदानमार्फत् वित्तीय हस्तान्तरण गरिएको रकम संघीय सञ्चित कोषमा खर्च लेखिए पनि यथार्थमा खर्च नभई स्थानीय तहमा बैङ्क मौज्दात नै रहने अवस्थाले संघीय सञ्चित कोषले खर्च देखाए पनि वास्तविक रूपमा विकास र सेवा प्रवाहमा खर्च भएको हुँदैन ।

५३. **बजेट खर्च लेखाङ्कन र खुलासा -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ मा बजेट, निकासा, खर्च र नियन्त्रणसम्बन्धी व्यवस्था रहेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

५३.१ यो वर्ष ७६ कार्यालयमा बजेटभन्दा बढी र बजेट बेगरसमेत रू.२ अर्ब ३४ करोड ७१ लाख खर्च भएको छ । उक्त रकम २०७८ मंसिर पछि मात्र समायोजन गरी हिसाब मिलान गरेको छ । मन्त्रालयगत

बजेट सूचना प्रणाली र एकल कोष खाता प्रणाली बीच सामञ्जस्य हुने गरी समयमै हिसाब मिलान गर्नुपर्दछ।

५३.२ संघीय कानूनबमोजिम नेपाल सरकार जमानत बसेको वैदेशिक ऋणको विवरण नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदनमा समावेश गरेको छैन । जमानत बसेबाट सिर्जना हुन सक्ने सम्भावित दायित्वका सम्बन्धमा लेखा टिप्पणीमा कुनै व्यहोरा खुलासा गरेको छैन ।

५४. **वैदेशिक सहायता आम्दानी खाता (क-७)** - वैदेशिक सहायता प्राप्त गर्न प्रयोग गरिएका क-७ खाता सञ्चालन सम्बन्धमा देखिएका व्यहोराहरू देहायअनुसार छन्:

५४.१ नेपाल राष्ट्र बैङ्कको विवरणअनुसार विगतदेखि जिम्मेवारी सरी आएको ९ दाताबाट प्राप्त भएको रू.१८ करोड १५ लाख उपयोग नभई मौज्दातमा रहेको छ। उक्त खाताको रकम सम्झौताको शर्तबमोजिम फिर्ता गर्ने, फिर्ता गर्नु नपर्ने भए आम्दानी जनाउनुपर्दछ।

५४.२ महालेखा नियन्त्रक कार्यालयले देखाएको मौज्दातभन्दा नेपाल राष्ट्र बैङ्कले क७.१७ शोधभर्ना हुने वैदेशिक अनुदान खातामा रू.४२ करोड ४४ लाख ९२ हजार घटी देखाएको छ ।

५५. **शोधभर्ना बाँकी –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४२ मा नेपाल सरकारको स्रोतबाट खर्च गरी दातृपक्षबाट शोधभर्ना लिनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

५५.१ ऋणको स्रोतगत विवरण अनुसार महालेखा नियन्त्रक कार्यालयले गत वर्षको जिम्मेवारी र यो वर्ष समेत विभिन्न आयोजनाको खर्च भन्दा बढी प्राप्त भएको भनी देखाएको ४२ आयोजनाको रू.५५ अर्ब ६१ करोड ७५ लाख ऋणात्मक रकम समायोजन गरी २०७८ आषाढ मसान्तमा रू.१२ अर्ब ३६ करोड ९१ लाख शोधभर्ना प्राप्त हुन बाँकी देखाएको छ । उक्त ऋणात्मक देखिएको आयोजनाको प्राप्त रकम समायोजन नगरी हिसाव गर्दा वर्षान्तमा रू.६७ अर्ब ९८ करोड ६६ लाख शोधभर्ना हुन बाँकी देखिन्छ।

५५.२ अनुदानको स्रोतगत विवरणअनुसार महालेखा नियन्त्रक कार्यालयले गत वर्षको जिम्मेवारी र यो वर्षसमेत विभिन्न आयोजनाको खर्चभन्दा बढी प्राप्त भएको भनी देखाएको ३८ आयोजनाको रू.२६ अर्ब ३४ करोड १२ लाख ऋणात्मक रकम समायोजन गरी २०७८ आषाढ मसान्तमा रू.११ अर्ब ५६ करोड ९८ लाख शोधभर्ना प्राप्त हुन बाँकी देखाएको छ । उक्त ऋणात्मक देखिएको आयोजनाको प्राप्त रकम समायोजन नगरी हिसाब गर्दा वर्षान्तमा रू.३७ अर्ब ९१ करोड १० लाख शोधभर्ना हुन बाँकी देखिन्छ।

५५.३ शोधभर्ना प्राप्त हुनुपर्ने ऋण तथा अनुदानतर्फको स्पष्ट देखिने गरी आयोजनागत, दातागत तथा प्रदेश तथा स्थानीय तहगत देखिने गरी लेखाङ्कन र अभिलेख गर्नुपर्दछ ।

५६. **विभाज्यकोषको बाँडफाँट** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ बमोजिम मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनबाट उठ्ने अन्तःशुल्क रकमको ७० प्रतिशत संघीय सञ्चित कोषमा, १५ प्रतिशत प्रदेशमा र १५ प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिने व्यवस्था छ । त्यसैगरी सोही दफाको उपदफा ५ मा बाँडफाँटबाट प्रत्येक प्रदेशले प्राप्त गर्ने रकम सम्बन्धित प्रदेश सञ्चित कोषमा र प्रत्येक स्थानीय तहले प्राप्त गर्ने रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा हुनेगरी मासिक रूपमा उपलब्ध गराइने व्यवस्था छ । विभाज्य कोषको वित्तीय विवरणमा बाँडफाँट हुने रकम शून्य देखाई २०७८ आषाढ मसान्तमा हिसाब मिलान गरे तापनि २०७८ आषाढ २० गते पश्चात् उठेको मूल्य

अभिवृद्धि कर र अन्तःशुल्क रू.२२ अर्ब ५८ करोड ३८ लाख संघ, प्रदेश र स्थानीय तहलाई बाँडफाँट नगरी २०७८।९।८ मा मात्र बाँडफाँट गरेको छ । तर संघीय सञ्चित कोषमा आषाढ मसान्तमा नै जम्मा भएको देखाएको छ । प्रदेश र स्थानीय तहको राजस्व सम्बन्धित आर्थिक वर्षभित्र सञ्चित कोषमा जम्मा नभएकोले ती सञ्चित कोषमा रू.६अर्ब ७७ करोड ५१ लाख आम्दानी न्यून हुन गएको छ । वर्षान्तमा खाता बन्द गर्दा समायोजन लेखाङ्कन गरी समयमै बाँडफाँट गर्नेतर्फ आवश्यक व्यवस्था गर्नुपर्दछ।

५७. **रोयल्टी बाँडफाँट** - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा रोयल्टीबापत प्राप्त हुने रकम ५० प्रतिशत संघीय विभाज्य कोषमा, २५ प्रतिशत प्रदेश विभाज्य कोष र २५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने व्यवस्था छ। यो वर्ष बिभाज्य कोष खातामा जम्मा भएको रू.५ अर्ब ७ करोड ५० लाख २०७८ पौष १४ मा बाँडफाँट गरेको देखिन्छ। तर संघीय राजस्वको हिस्सा संघीय सञ्चित कोष क १ खातामा आषाढ मसान्तमा नै जम्मा भएको देखाएकोले हिसाब यथार्थपरक देखिएन । प्रदेश र स्थानीय तहले समेत समयमा प्राप्त गर्नुपर्ने राजस्व प्राप्त गरेको देखिएन।

५८. **लेखा जनशक्ति** - महालेखा नियन्त्रक कार्यालय र अन्तर्गतको कार्यालयहरूका विभिन्न तहमा १ हजार ७२ र बिभिन्न आयोजनामा यस कार्यालयबाट स्थायी दरबन्दी रही निश्चित समयका लागि पुल दरबन्दी ५६३ समेत १ हजार ६३५ रहेकोमा आयोजनातर्फको पुल दरबन्दीमा पदपूर्ति रहेको तर कार्यालयतर्फ १ हजार ७२ मध्ये ९०५ जना मात्र कार्यरत रहेकोले १६७ जना पदपूर्ति नभएको विवरण प्राप्त भएको छ । पर्याप्त र सक्षम जनशक्तिको अभावमा समयमा वित्तीय विवरण तयार नहुने, लेखापरीक्षण नगराउने, अभिलेख अद्यावधिक नहुने कारणबाट आर्थिक प्रशासन चुस्त र प्रभावकारी नहुने भएकोले यसतर्फ ध्यान दिनुपर्दछ।

५९. **आन्तरिक लेखापरीक्षणको प्रभावकारिता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ मा नेपाल सरकारका प्रत्येक कार्यालयको कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण महालेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदन तयार गरी प्रत्येक वर्षको कार्तिक महिनाभित्र अर्थमन्त्रीसमक्ष पेस गर्नुपर्ने उल्लेख छ । सोही ऐनको दफा ३५ मा महालेखापरीक्षकले अन्तिम लेखापरीक्षण गर्दा आन्तरिक लेखापरीक्षकको प्रतिवेदनलाईसमेत आधार लिनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

५९.१ आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदनअनुसार २०७७।७८ मा रू.२५ अर्ब २६ करोड ५० लाख (२.११ प्रतिशत) बेरुजू औंल्याएको छ । प्रतिवेदनअनुसार नियमित गर्नुपर्ने रू.६ अर्ब ९५ करोड ७३ लाख, असुल उपर गर्नुपर्ने रू.५९ करोड १९ लाख र पेश्की बाँकी रू.१७ अर्ब ७१ करोड ५८ लाख देखिएको छ ।

५९.२ आन्तरिक लेखापरीक्षण गर्न चार वर्षका लागि २०७७।७८ देखि २३० दरबन्दी स्वीकृत गरेकोमा ९० जनाको मात्र पदपूर्ति भएको छ । सोको लागि छुट्टै उपसमूहसमेत गठन गरी उपयुक्त तालिम प्राप्त जनशक्तिको व्यवस्था गर्नुपर्दछ ।

५९.३ आन्तरिक लेखापरीक्षणले औँल्याएको भन्दा अन्तिम लेखापरीक्षणले औँल्याएको विषय र बेरुजूका व्यहोरामा भिन्नता रहेको देखिन्छ । आन्तरिक लेखापरीक्षणको लागि दक्ष कर्मचारीको व्यवस्थापन गर्न, चौमासिक रूपमा लेखापरीक्षण गर्ने, पर्याप्त तालिमको व्यवस्था गर्ने, लेखा राख्ने तथा आन्तरिक लेखापरीक्षण कार्यमा संलग्न हुने जनशक्तिले लेखाप्रणाली विषय अध्ययन गरेको योग्यता हुनुपर्ने लगायतका विषयमा सुधार गरी पेशागत दक्षता र कार्यात्मक स्वतन्त्रतासहितको संरचनात्मक सुधार गर्नुपर्दछ।

आन्तरिक राजस्व विभाग

कर प्रशासनलाई स्वच्छ, पारदर्शी र जवाफदेही बनाई करदातालाई आवश्यक सेवा प्रदान गर्ने, कर सङ्कलन लागत घटाउने, करको दायरा विस्तार गर्ने, करदाताको स्वेच्छिक सहभागिता अभिवृद्धि गर्ने, कर कानूनको परिपालना भए नभएको अनुगमन तथा मूल्याङ्कन गर्ने र कर जोखिममा आधारित भई कर कानूनहरूको कार्यान्वयन गर्ने गराउने उद्देश्यले विभागको गठन भएको हो । विभागले १ ठूला करदाता कार्यालय, १ मध्यमस्तरीय करदाता कार्यालय, ४३ आन्तरिक राजस्व कार्यालय र ३९ करदाता सेवा कार्यालयमार्फत् कर प्रशासन, सञ्चालन एवं व्यवस्थापन गर्दै आएको छ ।

६०. **आन्तरिक राजस्व संरचना -** विभागले २०७७।७८ मा रू.४ खर्ब ५० अर्ब ३४ करोड राजस्व असुली गर्ने लक्ष्य निर्धारण गरेकोमा रू.४ खर्ब २९ अर्ब २७ करोड (९५.३२ प्रतिशत) असुली भएको छ । कुल आन्तरिक राजस्व सङ्कलनमा आयकरको ४६.७७ प्रतिशत, मूल्य अभिवृद्धि करको २७.१२ प्रतिशत, अन्तःशुल्कको १८.९९ प्रतिशत र अन्य करको ७.१२ प्रतिशत योगदान रहेको छ। गत वर्ष कुल राजस्व सङ्कलनमा आयकर ५०.२० प्रतिशत, मूल्य अभिवृद्धि कर २५.५० प्रतिशत र अन्तःशुल्क १६.८४ प्रतिशत र अन्य कर ७.४६ प्रतिशत रहेको थियो। विभागको राजस्व असुली २०७५।७६ को तुलनामा २०७६।७७ मा ७.३८ प्रतिशतले वृद्धि भएकोमा गतवर्षको तुलनामा यो वर्ष ११.६४ प्रतिशतले वृद्धि भएको छ। कर उठ्न र तिर्न सक्ने क्षमताको विश्लेषण तथा कर दायरा विस्तार गरी करदाताको सहभागिता र कर कानून परिपालनाको प्रभावकारी व्यवस्थापनबाट राजस्व असुलीमा बढोत्तरी गर्नुपर्दछ ।

६१. **रणनीतिक योजना कार्यान्वयन -** विभागको दोस्रो रणनीतिक योजना (२०७४।७५ - २०७८।७९) मा नेपालको कर प्रणालीलाई थप आधुनिकीकरण गर्ने, करदाताको कर सहभागिता लागत र समय घटाउने, विद्युतीय सुशासन कायम गर्ने, करदाता शिक्षा र सेवा बढाउने, आन्तरिक कार्य प्रक्रियाको सरलीकरण गर्ने, जोखिममा आधारित कर परीक्षण प्रभावकारी रूपमा गर्न जनशक्ति विकास गर्ने, नतिजामा आधारित व्यावसायिक संगठन र कार्य विशिष्टीकरणका लागि संस्थागत सुधार गर्ने लगायतका उद्देश्यहरू निर्धारण गरिएको छ। रणनीतिक योजनाले निर्धारण गरेका प्रमुख सूचकाङ्कको कार्यान्वयन स्थिति निम्नानुसार छः

सूचकाङ्क	एकाइ	आधार वर्ष २०७४।७५	योजनाको लक्ष्य	२०७७।७८ को प्रगति
कुल गार्हस्थ्य उत्पादनमा कर राजस्वको योगदान	प्रतिशत	२१.६६	२५	२०.३९
कुल गार्हस्थ्य उत्पादनमा आयकरको योगदान	प्रतिशत	५.२७	७	५.३०
कुल गार्हस्थ्य उत्पादनमा मूल्य अभिवृद्धि करको योगदान	प्रतिशत	६.८२	९	६.७३
कुल गार्हस्थ्य उत्पादनमा अन्तःशुल्कको योगदान	प्रतिशत	४.१४	५	३.१४
कुल करदाता	संख्या (लाखमा)	२०	३०	४०
मूल्य अभिवृद्धि कर नन्-फाइलर	प्रतिशत	२३.६८	१०	३८.०५
मूल्य अभिवृद्धि करमा डेबिट रिटर्न	प्रतिशत	१४.०६	२०	११.०७
आयकर नन्-फाइलर	प्रतिशत	४६	३०	४९

स्रोतः आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन

उल्लिखित सूचकाङ्कअनुसार कुल गार्हस्थ उत्पादनमा कर राजस्व, आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्कको योगदान, मूल्य अभिवृद्धि कर नन्फाइलर, मूल्य अभिवृद्धि कर डेबिट रिटर्न र आयकर नन्फाइलर लक्ष्यको तुलनामा प्रगति हासिल हुन सकेको देखिएन । तोकिएका लक्ष्य प्राप्त हुने गरी कार्यसम्पादन स्थितिमा सुधार गर्नुपर्दछ।

६२. **बक्यौता र लगत कट्टा -** आयकर ऐन, २०५८ को दफा १०३ देखि ११२ सम्म, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१ र अन्तःशुल्क ऐन, २०५८ को दफा १० मा कर बक्यौता असुल गर्ने व्यवस्था छ । विभागको वार्षिक प्रतिवेदनअनुसार कुल राजस्व बक्यौता रू.१ खर्ब ७१ अर्ब ३९ करोड ४६ लाख रहेकोमा एकीकृत वित्तीय विवरणमा रू.१ खर्ब ५० अर्ब ४९ करोड ३५ लाख उल्लेख छ। उल्लिखित स्थितिले वार्षिक प्रतिवेदन र एकीकृत आर्थिक विवरणमा रू.२० अर्ब ९० करोड ११ लाख बक्यौता फरक परेको छ । फरक रकम सम्बन्धमा विभागले खुलासा गरेको छैन । विभागले पेस गरेको राजस्व बक्यौताको लगत र मिनाहा सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

६२.१ विभागको वार्षिक प्रतिवेदनमा उल्लिखित बक्यौतामध्ये प्रशासकीय पुनरावलोकन तथा न्यायिक निकायमा पुनरावेदनमा रहेका ५ हजार २६४ करदाताको रू.१ खर्ब ३१ अर्ब ९८ करोड ८५ लाख (७७ प्रतिशत) बक्यौता रहेको छ । गत वर्ष बक्यौता रू.६१ अर्ब ४० करोड ५७ लाख (५९.२३ प्रतिशत) रहेकोमा यो वर्ष ११४.९५ प्रतिशतले वृद्धि भएको छ।

६२.२ प्रशासकीय पुनरावलोकन तथा न्यायिक निकायमा पुनरावेदनमा नगएका १ लाख २ हजार ४५७ करदाताको रू.३९ अर्ब ४० करोड ६० लाख (२३ प्रतिशत) बक्यौता रहेको छ। बक्यौतामध्ये आयकर रू.२३ अर्ब ५४ करोड १७ लाख, मूल्य अभिवृद्धि कर रू.१४ अर्ब ६५ लाख र अन्तःशुल्क रू.८२ करोड ५० लाख रहेको छ ।

६२.३ विभागको एकीकृत वित्तीय विवरणअनुसार विभागअन्तर्गतका कार्यालयहरूको शुरु कायमी लगत रू.७७ अर्ब ८४ करोड ८८ लाख रहेकोमा यो वर्ष रू.४ अर्ब ६८ करोड २१ लाख (६.०१ प्रतिशत) असुल भएको देखिन्छ ।

विभाग र अन्तर्गतका कार्यालयहरूले वक्यौता रकमको आयुगत, आर्थिक क्षेत्रगत र करदातागत विवरण तयार गरी प्रचलित कानूनको प्रभावकारी कार्यान्वयनमार्फत् बक्यौता असुलीमा थप प्रयत्न गर्नुका साथै लगत कट्टा र मिनाहाको हिसाब खुलासा गरी व्यवस्थित रूपमा राख्नुपर्दछ।

६३. **करको दायरा** - आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ र अन्तःशुल्क ऐन, २०५८ मा पेशा, व्यवसाय वा कारोबार गर्दा तोकिएबमोजिम दर्ता हुनुपर्ने तथा इजाजत लिनुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

६३.१ करको दायरा विस्तारको लागि स्थायी लेखा नम्बर प्रदान गर्ने कार्यलाई अभियानका रूपमा सञ्चालन गर्ने, भुक्तानीमा कर कट्टी गर्ने व्यक्तिहरूलाई स्थायी लेखा नम्बर प्रदान गर्ने, सबै किसिमका व्यवसायलाई करको दायरामा समेट्ने कार्यक्रमअनुसार करमा दर्ता भएका एवं इजाजत लिने करदाताको संख्या निम्नानुसार छः

विवरण	२०७४।७५ सम्म	२०७५।७६ सम्म	२०७६।७७ सम्म	२०७७।७८ मा थप	२०७७।७८ सम्म
व्यावसायिक स्थायी लेखा नम्बर	१०३८२६६	१२३५४१२	१४२९६०४	१४७७७९	१५७७३८३
व्यक्तिगत स्थायी लेखा नम्बर	७६६६४६	९९६०४१	१९७८६८०	४९३०४६	२४७१७२६
अग्रिम कर स्थायी लेखा नम्बर	-	७३७	५१०६	४८९२	९९९८
जम्मा	१८०४९१२	२२३२१९०	३४१३३९०	६४५७१७	४०५९१०७
मूल्य अभिवृद्धि करमा दर्ता	१९४५४७	२४०४६०	२५५९६३	१२४७३	२६८४३६
अन्तः शुल्क इजाजतपत्र	६५५११	६८२१३	९४२९२	९१३१	१०३४२३

स्रोतः आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन

उपर्युक्त विवरणअनुसार २०७६।७७ को तुलनामा यस वर्ष स्थायी लेखा नम्बर लिने करदाताको संख्यामा आयकरतर्फ १८.९, मूल्य अभिवृद्धि करतर्फ ४.८७ र अन्तःशुल्क इजाजतपत्रतर्फ ९.६८ प्रतिशत वृद्धि भएको छ।

६३.२ व्यावसायिक स्थायी लेखा नम्बर लिएका १५ लाख ७७ हजार ३८३, व्यक्तिगत स्थायी लेखा नम्बर लिएका २४ लाख ७१ हजार ७२६, अग्रिम कर स्थायी लेखा नम्बर लिएका ९ हजार ९९८ समेत ४० लाख ५९ हजार १०७ करदाता करको दायरामा आएको देखिन्छ। मुलुकको विद्यमान जनसंख्या, आर्थिक क्रियाकलापमा संलग्न व्यवसायी तथा पेशागत व्यक्ति करको दायरामा समेटिएको सुनिश्चित हुनुपर्दछ ।

६३.३ चिकित्सक, इन्जिनियर, वकिल, सल्लाहकार, लेखापरीक्षक, कलाकार, खेलाडी, शिक्षक प्राध्यापकलगायतका पेशाविद् अधिकांशले स्थायी लेखा नम्बर नलिएका र लिएकाले समेत आय विवरण दाखिला गरेको देखिँदैन। पेशाविद्हरुले आफ्नो पेशागत प्रमाणपत्रलाई नवीकरण गर्दा कर चुक्ता वा कर विवरण पेस गरेको प्रमाणपत्र माग गर्ने व्यवस्था गर्नुपर्ने व्यहोरा महालेखापरीक्षकको ५८ औं वार्षिक प्रतिवेदनमा औंल्याइएकोमा २०७९।८० को बजेट वक्तव्यमा पेशा व्यवसायमा संलग्न व्यक्तिको पेशागत प्रमाणपत्र नवीकरण गर्दा स्थायी लेखा नम्बर र करचुक्ता प्रमाणपत्र अनिवार्य रूपमा पेस गर्नुपर्ने व्यवस्था गरिने उल्लेख छ। सम्बद्ध निकाय बीच अन्तरआवद्धतासहित उक्त व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

६४. **प्रशासकीय पुनरावलोकन -** आयकर ऐन, २०५८ को दफा ११४ र ११५, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३१क. र अन्तःशुल्क ऐन, २०५८ को दफा १९ मा कर तथा शुल्क निर्धारण उपर विवादित रकमको एक चौथाई रकम बुझाई प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सक्ने व्यवस्था छ। गत वर्षसम्म ८६८ निवेदन उपर प्रशासकीय पुनरावलोकनको कारबाही हुन बाँकी रहेकोमा यो वर्ष ५२७ थप भई १ हजार ३९५ मध्ये यो वर्ष ३२२ को कारबाही टुङ्गो लगाई १ हजार ७३ निवेदन बाँकी रहेका छन्। यो वर्ष टुङ्गो लागेकामध्ये आर्थिक ऐन, २०७७ र आर्थिक ऐन, २०७८ ले व्यवस्था गरेका स्कीमबमोजिम मुद्दा फिर्ता लिएका ६६ र विभागबाट निर्णय भएका २५६ समेत ३२२ निवेदन नियमित प्रक्रिया अन्तर्गत फस्यौंट भएका छन्। कारबाही टुंगो लागेका र कारबाही टुंगो लाग्न बाँकी करदाताहरू प्रशासकीय पुनरावलोकनमा जाँदा बुझाएको विवादित करको करदातागत अभिलेख राखेको छैन। अतः प्रशासकीय पुनरावलोकनमा जाँदा करदाताले बुझाएको विवादित रकमको करदातागत अभिलेख राखी टुंगो लाग्न बाँकी १ हजार ७३ निवेदन उपर ऐनले तोकेको अवधि (६० दिन) भित्र विवादको निरूपण गर्नुपर्दछ।

६५. **मूल्य अभिवृद्धि कर संरचना -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना बुझाउनुपर्ने कर स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र पेस गर्नुपर्ने व्यवस्था छ । विभागको विगत ५ वर्षको मूल्य अभिवृद्धि कर कार्यान्वयनको स्थिति निम्नानुसार छः

विवरण	२०७३।७४	२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८
डेबिट विवरण प्रतिशत	१३.२५	१४.०६	२५.६०	२२.१७	११.०७
क्रेडिट विवरण प्रतिशत	५१.१४	५१.९७	४५.९०	४८.३८	५५.१५
शून्य विवरण प्रतिशत	३५.६१	३३.९७	२८.५०	२९.४५	३३.७८
आषाढमा डेबिट (रू.अर्बमा)	४९.३२	६९.८५	१२.६९	११.२३	१०.४८
आषाढमा क्रेडिट (रू.अर्बमा)	२९.१६	३८.१९	३९.७४	४२.४०	४७.४४
क्रेडिट/डेबिट अनुपात (गुणा)	०.५९	०.५४	३.१३	३.७७	४.५३

६५.१ विभागको वार्षिक प्रतिवेदनअनुसार यस वर्षको कुल राजस्वमध्ये मूल्य अभिवृद्धि कर (आन्तरिक) तर्फ रू.१ खर्ब १६ अर्ब ४३ करोड असुली भएको छ । उक्त असुलीमा करदाताको क्रेडिट मिलान समेत समावेश छ। बर्षान्तमा करदाताको मूल्य अभिवृद्धि कर रू.४७ अर्ब ४४ करोड क्रेडिट रहेको छ। क्रेडिट रहेको रकम करदाताले आगामी अवधिमा करकट्टी पाउने भएकोले सरकारी दायित्वको रूपमा खुलासा गर्नुपर्नेमा सो गरेको छैन । सोही प्रकृतिको क्रेडिट कट्टी पाउने रकम अन्तःशुल्क र आयकरतर्फ समेत रहेता पनि विभागको वित्तीय विवरणमा खुलासा गरेको छैन ।

६५.२ विवरण बुझाउने करदातामध्ये डेबिट विवरण बुझाउने ११.०७ प्रतिशत, क्रेडिट विवरण बुझाउने ५५.१५ प्रतिशत र शून्य विवरण बुझाउने ३३.७८ प्रतिशत रहेको देखिन्छ । गत वर्षको तुलनामा यस वर्ष डेबिट विवरण बुझाउनेको संख्यामा कमी आए तापनि क्रेडिट विवरण र शून्य विवरण बुझाउनेको संख्यामा वृद्धि भएको छ। डेबिट रकम यसवर्ष ६.६८ प्रतिशतले ह्रास आएकोमा क्रेडिट रकम ११.८८ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी डेबिट र क्रेडिट रकमको अनुपात गत वर्ष ३.७७ रहेकोमा यो वर्ष ४.५३ पुगेको छ।

मूल्य अभिवृद्धि करको प्रभावकारिता वृद्धि गर्न कर कानूनको कार्यान्वयन, परिपालना र अनुगमन संयन्त्रको परिचालनसँगै नीतिगत एवं व्यवस्थापकीय पक्षमा सुधार गर्नुपर्ने देखिन्छ ।

६६. **मूल्य अभिवृद्धि कर सङ्कलन -** विभागले आन्तरिक र पैठारीमा सङ्कलन गरेको मूल्य अभिवृद्धि कर २०७३।७४ र २०७७।७८ को ५ वर्षको अन्तरालको अवस्था निम्नानुसार छः

सङ्कलन तथा अनुपात	२०७३।७४	२०७७।७८
आन्तरिक (रू.अर्बमा)	६१.१२	११६.४३
पैठारी (रू.अर्बमा)	१०५.३४	१७०.६३
जम्मा मूल्य अभिवृद्धि कर असुली (रू.अर्बमा)	१६६.४६	२८७.०६
आन्तरिक पैठारी अनुपात	३७:६३	४१:५९
कुल आन्तरिक राजस्वमा मूल्य अभिवृद्धि कर असुली प्रतिशत	२३.६७	२७.१२

उपर्युक्त विवरणअनुसार कुल आन्तरिक राजस्वमा मूल्य अभिवृद्धि कर असुली २०७३।७४ मा २३.६७ प्रतिशत रहेकोमा २०७७।७८ मा २७.१२ प्रतिशत रहेको छ। त्यसैगरी मूल्य अभिवृद्धि करमा आन्तरिक पैठारी अनुपात २०७३।७४ मा ३७:६३ र २०७७।७८ मा ४१:५९ रहेको छ।

आन्तरिक तर्फको अनुपात २०७३।७४ को तुलनामा बढेको र पैठारीको अनुपात घटेको देखिन्छ। कुल आन्तरिक राजस्वमा मूल्य अभिवृद्धि करको हिस्सा र आन्तरिक सङ्कलनलाई वृद्धि गर्न

विद्युतीय बीजक प्रणाली, क्याश रजिष्टर, फिस्कल प्रिन्टर, अनलाइन कनेक्टीभिटी, बजार अनुगमन जस्ता विधिको प्रयोग गर्नुपर्दछ ।

६७. **कर परीक्षणबाट योगदान-** आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा अन्तःशुल्क ऐन, २०५८ को व्यवस्थाबमोजिम पूर्ण कर परीक्षण र अनुसन्धानात्मक परीक्षणबाट कर राजस्वमा पुगेको योगदान निम्नानुसार देखिन्छः

(रकम रू.अर्बमा)

आर्थिक वर्ष	कुल कर राजस्व	पूर्ण कर परीक्षणबाट योगदान		अनुसन्धनात्मक परीक्षणबाट योगदान	
		रकम	प्रतिशत	रकम	प्रतिशत
२०७३।७४	२५८.१७	७०.१०	२७.१५	१.७१	०.६६
२०७४।७५	२९८.६५	२३.८८	८.००	१.६८	०.५६
२०७५।७६	३५८.३५	५०.७९	१४.१७	६.४५	१.८०
२०७६।७७	३८४.५३	४९.११	१२.७७	२.९०	०.७५
२०७७।७८	४२९.२७	९१.३९	२१.२८	२.४१	०.५६

पूर्ण कर परीक्षणबाट २०७५।७६ मा रू.५० अर्ब ७९ करोड अर्थात् कुल कर राजस्वको १४.१७ प्रतिशत योगदान भएकोमा २०७६।७७ मा १२.७७ प्रतिशत रहेको छ भने २०७७।७८ मा रू.९१ अर्ब ३९ करोड अर्थात् २१.२८ प्रतिशत योगदान रहेको छ। त्यसैगरी अनुसन्धानात्मक परीक्षणबाट २०७५।७६ मा रू.६ अर्ब ४५ करोड (१.८० प्रतिशत) को योगदान रहेकोमा २०७७।७८ मा रू.२ अर्ब ४१ करोड (०.५६ प्रतिशत) को योगदान रहेको देखिन्छ। जोखिमयुक्त कारोबार र करदाताको छनौट गरी कर परीक्षण र अनुसन्धानको गुणस्तर वृद्धि गर्दै समग्र कर प्रशासनको प्रभावकारिता वृद्धि गर्नुपर्दछ।

६८. **विद्युतीय सेवामा कर -** युट्युब, टिकटक, गुगलमिट, जुम, माइक्रोसफ्ट टीम लगायतका एप्लिकेसन प्रयोग गरेपश्चात् हुने भुक्तानीबाट राज्यको ठूलो धनराशि विदेशिएको अवस्था छ। नेपालबाट वैधानिकरूपमा ती एप्लीकेशन सञ्चालकहरूलाई भुक्तानी गर्ने पेमेन्ट गेटवे समेत नभएकोले पेटीएम, पेपाललगायतका क्रेडिट कार्ड र अन्तर्राष्ट्रिय विद्युतीय भुक्तानी माध्यम प्रयोग गरी सम्बन्धित साइटका सञ्चालकलाई रकम भुक्तानी हुने गरेको छ । ती एप्लिकेसनले नेपालमा सेवा दिने भएकाले करको स्रोतको सिद्धान्तको आधारमा सो कारोबार विदेशबाट सञ्चालन भए तापनि नेपालमा कर तिर्नुपर्ने हुन्छ। यद्यपि कारोबारको पहिचान हुन नसकेको र नेपालमा दर्ता नभएकोले सो कारोबारबाट राज्यलाई कर प्राप्त हुन सकेको छैन ।

यससम्बन्धी व्यहोरा महालेखापरीक्षकको अन्ठाउन्नौं प्रतिवेदनमा औंल्याइएकोमा आर्थिक ऐन, २०७९ ले गैह्र बासिन्दा व्यक्तिले नेपालका उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवाको कारोबार मूल्यमा २ प्रतिशतका दरले विद्युतीय सेवा कर लगाउने व्यवस्था गरेको छ । उक्त व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि त्यस्तो कारोबार गर्नेको दर्ता र नियमनका लागि आवश्यक कानूनी व्यवस्था गर्नुपर्दछ।

६९. **ठेक्का वा करार -** आयकर ऐन, २०५८ को दफा ८९(३) मा गैर बासिन्दालाई हुने ठेक्का वा करारको भुक्तानीमा ५ प्रतिशत कर कट्टा गर्ने व्यवस्था छ। ठेक्का वा करारलाई आयकर निर्देशिका, २०६६ (तेस्रो संशोधन २०७७) ले समेत व्याख्या गरेको छ। विमान उत्पादकबाट हवाईजहाज खरिद, नेपाल आयल निगमद्वारा इन्धन खरिद, अन्य संस्थाहरूबाट मल, नून, विद्युतीय उपकरण, सवारीसाधन, भारी

उपकरणलगायत खरिद गर्दा कुनै न कुनै प्रकारको ठेक्का वा करार हुने गर्दछ। सो ठेक्का वा करारको आधारमा भुक्तानीमा कर कट्टी गर्ने वा नगर्ने सम्बन्धमा कर प्रशासन भित्रै फरक-फरक अभ्यास देखिन्छ। यस दफाको प्रयोजनको लागि दिइएको ठेक्का वा करारको परिभाषाले वस्तुको आपूर्ति वा मूर्त सम्पत्ति वा संरचनाको निर्माण वा जडान वा स्थापना गर्ने सम्बन्धमा गरिएको करार वा सम्झौता अन्तर्गत समग्र अन्तर्राष्ट्रिय व्यापार मार्फत् हुने पैठारी कारोबार लगायतलाई समेट्छ वा समेट्दैन भन्ने सम्बन्धमा कानूनी रूपमै स्पष्ट गर्नुपर्ने देखिन्छ।

७०. **अन्तर्राष्ट्रिय संस्थाका कर्मचारीको कर** - आयकर ऐन, २०५८ को दफा १०(क) मा नेपाल सरकार र कुनै विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघसंस्थाबिच भएको द्विपक्षीय वा बहुपक्षीय सन्धि वा सम्झौतामा उल्लेख भएबमोजिम कर छुटको सुविधा पाउनेलाई मात्र कर छुट हुने व्यवस्था छ। संयुक्त राष्ट्रसंघको २३ फेब्रुअरी १९४६ को साधारण सभाको निर्णयमा समेत संयुक्त राष्ट्रसंघका कूटनैतिक कर्मचारी बाहेक अन्य कर्मचारी तथा परामर्शदाताहरूलाई आय कर छुट हुने देखिँदैन। नेपालमा रहेका यस्ता अन्तर्राष्ट्रिय संघसंस्थाहरूले कूटनैतिक सुविधा प्राप्त गरे बाहेकको भुक्तानीमा कर दाखिला भए नभएको यकिन गरी त्यस्ता निकायका कर्मचारी वा परामर्शदातालाई करको दायरामा ल्याउनुपर्ने व्यहोरा विगतको प्रतिवेदनमा औंल्याइएता पनि स्थिति यथावत् छ ।

७१. **दोहोरो करमुक्ति सम्झौता** - आयकर ऐन, २०५८ को दफा ७३ बमोजिम नेपाल सरकारले विदेशी सरकारसँग द्विपक्षीय हित र आवश्यकताका आधारमा दोहोरो करमुक्ति सम्झौता गर्न सक्ने व्यवस्था छ। सोबमोजिम नेपालले सन् १९८७ मा भारतसँग दोहोरो कर मुक्ति सम्झौता गरेकोमा २०७७।७८ सम्म ११ देशसँग दोहोरो करमुक्ति सम्झौता गरेको छ। त्यसैगरी सन् २००५ मा सार्क राष्ट्र बीच बहुपक्षीय सम्झौता भएको छ। दोहोरो करमुक्ति सम्झौता भएका देशहरूसँगको सम्झौता कार्यान्वयन स्थिति, त्यसबाट प्राप्त लाभ र आगामी दिनमा गर्नुपर्ने सुधारका सम्बन्धमा विभागबाट अध्ययन तथा विश्लेषण भएको देखिएन। दोहोरो करमुक्ति सम्झौताको विविध पक्षबारे निरन्तर अध्ययन अनुसन्धान गर्दै सोबाट राष्ट्रिय हित प्राप्त गर्ने विषयलाई सुनिश्चित गर्नुपर्दछ ।

७२. **कर छुट** - सरकारले शिक्षा, स्वास्थ्य तथा सामाजिक कल्याणका क्षेत्रमा सेवा प्रदान गर्ने विभिन्न संस्थालाई कर छुटको सुविधा प्रदान गर्दै आएको छ। सोही प्रकृतिका सेवा अन्य निजी क्षेत्रका संघ संस्थासमेतले प्रदान गर्दै आएका छन्। समान प्रकृतिको व्यवसायमा कर तिर्ने र कर छुट पाउने पक्षबाट सेवा प्रवाह भैरहेको छ । यसरी समान प्रकृतिको सेवा प्रदान गर्न कर छुट प्राप्त गर्ने संस्था र कर छुट नपाउने संस्था बीचको सेवाको स्तर, सेवाशुल्क तथा सञ्चालन खर्चको मूल्याङ्कन एवं विश्लेषण गरी कर छुटको आवश्यकता एवं औचित्य सम्बन्धमा अध्ययन एवं पुनरावलोकन हुनुपर्दछ ।

नेपाल सरकारसँग कर छुटको सम्झौताअनुसार कार्यक्रम सञ्चालन गर्ने द्विपक्षीय तथा बहुपक्षीय दातृ निकायबाट प्राप्त हुने वैदेशिक सहायता अनिवार्य रूपमा राष्ट्रिय बजेट प्रणालीमार्फत् प्रवाह हुने व्यवस्था गर्नुपर्दछ। राष्ट्रिय बजेट प्रणालीमार्फत् प्राप्त नभई गैरबजेटरी प्रणाली र सरकारी कोष बाहिरबाट सञ्चालन हुने वैदेशिक सहायतामा सञ्चालित कार्यक्रमलाई कर छुट दिने विद्यमान व्यवस्थामा पुनरावलोकन हुनुपर्दछ ।

७३. **आय-व्ययको खुलासा** - करदाताको वित्तीय विवरणको परीक्षण गर्दा समान प्रकृतिको कारोबार गर्ने करदाता तथा एकै करदाताको फरक-फरक आय वर्षमा आय र व्ययका विभिन्न शीर्षकको रकममा

ठुलो भिन्नता हुने गरेको देखिन्छ । आय र व्ययमा देखिएको यस्तो अस्वाभाविक भिन्नता सम्बन्धमा वित्तीय विवरण एवं कर परीक्षण प्रतिवेदनमा समेत खुलासा गरेको देखिदैन। करदाताको आय र व्ययको विश्वसनीयता अभिवृद्धिका लागि एकै शीर्षकमा निश्चित प्रतिशतभन्दा बढी घटबढ भएमा सोको खुलासा गर्न छुट्टै फारामको व्यवस्था गरी विभागको एकीकृत कर प्रणालीमा अपलोड गर्ने व्यवस्था हुनुपर्दछ ।

७४. **एकीकृत कर प्रणाली -** करदाताको आय विवरण, वासलात, नगद प्रवाह विवरण, पुँजीमा भएको परिवर्तनको विवरण, थप खुलासाहरू र अन्य अनुसूचीहरू विभागको एकीकृत कर प्रणालीमा पूर्ण रूपमा प्रविष्टि रहेको छैन। त्यसैगरी पूर्ण कर परीक्षण भएका करदाताको कर परीक्षण प्रतिवेदन र त्यस क्रममा माग गरिएका विवरण एवं कागजातहरू एकीकृत कर प्रणालीमा प्रविष्ट नहुँदा लेखापरीक्षणका लागि स्थलगत रूपमा कार्यालयमा नै जानुपर्ने अवस्था छ। सूचना प्रविधिमा आधारित रही लेखापरीक्षण कार्य सम्पन्न गर्ने प्रयोजनका लागि पूर्ण कर परीक्षण भएका करदाताको कर परीक्षण प्रतिवेदन, सो क्रममा माग गरिएका प्रमुख प्रमाण एंव कागजातहरू एकीकृत कर प्रणालीमा अभिलेख राख्ने व्यवस्था गर्नुपर्दछ।

आन्तरिक राजस्व विभागले राजस्व व्यवस्थापन प्रणालीलाई प्रविधिमा आधारित बनाउन सञ्चालनमा ल्याएको एकीकृत कर प्रणालीमा करदाताले पेस गरेको विवरणको आधारमा कर दायित्व निर्धारण तथा बक्यौता कायम हुने व्यवस्था रहेको छ । उक्त प्रणालीमा करदाताले पेस गरेको अनुसूची-२ (कर दायित्व निर्धारणको विवरण) र अनुसूची-१० (कर दाखिला तथा मिलानको विवरण) अनुसार करदाताले कर दाखिला नगरेको अवस्थामा स्वतः बक्यौता कायम हुनुपर्नेमा त्यस्तो भएको देखिएन। आन्तरिक राजस्व कार्यालय, पुतलीसडकमा दर्ता रहेका २५ करदाताले अनुसूची-२ अनुसारको कर दायित्व रू.२४ करोड ५ लाख ९७ हजार दाखिला नगरेको अवस्थामा पनि करदाताको नाममा उक्त रकम बक्यौता रहेको देखिँदैन। उक्त स्थितिमा कर दायित्व भुक्तान नगरेका करदाताको कर बक्यौता यकिन गर्ने अवस्था छैन। अतः पूर्ण कर परीक्षण तथा अन्य कर परीक्षण नभएको अवस्थामा राजस्व गुम्न सक्ने अवस्था विद्यमान रहेकोले प्रणालीमा सुधार हुन आवश्यक छ।

७५. **उत्पादन प्रतिलब्धि** – उत्पादनमूलक उद्योग/प्रतिष्ठानहरूमा कच्चा पदार्थ खपतबाट तोकिएबमोजिम स्थापित नर्म्सअनुसारको उत्पादन प्रतिलब्धि हुनुपर्दछ। विभाग अन्तर्गतका विभिन्न आन्तरिक राजस्व कार्यालयमा दर्ता रहेका राइस मिल सञ्चालन गर्ने करदाताको धान-चामलको प्रतिलब्धि दर ६१ प्रतिशत देखि ६५ प्रतिशतसम्म रहेको देखिन्छ। तर मध्यमस्तरीय करदाता कार्यालयमा दर्ता रहेका ४ राइस मिल सञ्चालन गर्ने करदाताले चामलको प्रतिलब्धि दर ५० देखि ५२ प्रतिशत मात्र देखाएको पाइयो। अन्य कार्यालयहरूमा दर्ता रहेका करदाताहरूको उल्लिखित प्रतिलब्धिमध्ये न्यून प्रतिलब्धि दर ६१ प्रतिशतलाई आधार लिँदा उक्त करदाताको ९ आय वर्षको फाइल परीक्षण गर्दा यसरी न्यून प्रतिलब्धि देखाएको कारणबाट आयकरमा रू.५ करोड ६६ लाख १० हजार न्यून कर निर्धारण भएको देखिन्छ।

राइस मिल लगायत अन्य उत्पादनमूलक उद्योगको प्रतिलब्धि दरमा एकरूपता नहुँदा हुन सक्ने न्यून राजस्व असुलीलाई नियन्त्रण गर्न र राजस्व परिचालनमा दक्षता अभिवृद्धि गर्न कर प्रशासनले अन्य सम्बन्धित सरकारी निकायहरू एवं उद्योगी, व्यवसायीहरू समेतसँग समन्वय गरी उद्योगमा जडान भएको मेसिन, उपकरण साथै कच्चा पदार्थको गुणस्तर समेत मध्यनजर गरी क्षेत्रगत एवं उद्योगगत उत्पादन प्रतिलब्धि दर निर्धारण गर्नुपर्दछ ।

७६. **निर्माण व्यवसायको खर्च कट्टी -** पूर्वाधार निर्माण कार्यमा संलग्न निर्माण व्यवसायीको स्वयं कर निर्धारण तथा कर परीक्षण फाइल परीक्षण गर्दा निर्माण कार्यको प्रत्यक्ष लागत अन्तर्गत पर्ने ज्याला, इन्धन, मेसिन/उपकरणको भाडा तथा मर्मत सम्भार लगायतका शीर्षकमा अघिल्लो आय वर्षको कारोबारको आकार तथा सोही प्रकृतिको कारोबार गर्ने अन्य करदाताको तुलनामा अस्वाभाविक खर्च दाबी गर्ने एवं खर्च कट्टी गर्न नमिल्ने खर्च समेत दाबी गर्ने गरेको पाइयो । मध्यमस्तरीय करदाता कार्यालयमा दर्ता रहेका निर्माण व्यवसायीले एक सडक आयोजनाको कार्य गर्दा दर विश्लेषण र नर्म्समा नै नरहेको अर्ध-दक्ष कामदारको ज्याला उल्लेख गरी रू.२ करोड ४५ लाख ८३ हजार खर्च कट्टी लिएको र अर्का एक करदाताले बोलपत्र प्रक्रिया मार्फत् आफूलाई प्राप्त सबै (शत् प्रतिशत) कार्य अन्य निर्माण व्यवसायीबाट सब-कन्ट्र्याक्टमार्फत् गराएको अवस्थामा समेत ज्याला बापत रू.१ करोड २४ लाख ३३ हजार खर्च कट्टी दाबी गरेको पाइयो। प्रविधि तथा उपकरणमा भएको विकाससँगै निर्माण कार्य श्रममूलकभन्दा यन्त्र-उपकरणमूलक हुँदै गएको अवस्थामा ज्याला शीर्षकमा हुने अस्वाभाविक खर्च दाबी सम्बन्धमा निर्माण व्यवसायीले प्राप्त गरेको खरिद विवरण र ती खरिद कार्यमा लाग्न सक्ने श्रमिक एवं श्रमको प्रयोग हुने आइटमहरूमा श्रमको अनुपात तथा सोको कबोल दरबाट हुने रकमसमेत पेस गर्न लगाई कर असुलीमा परेको प्रभाव सम्बन्धमा छानबिन हुनुपर्दछ।

७७. **मूल्याङ्कन -** आयकर ऐन, २०५८ को दफा २(ष) मा बजार मूल्य भन्नाले कुनै सम्पत्ति वा सेवाका सम्बन्धमा असम्बन्धित व्यक्तिहरू बीच सामान्य बजार व्यवहारको सिलसिलामा सेवा वा सम्पत्तिको सामान्य कारोबार मूल्य सम्झनु पर्ने उल्लेख छ । सोही ऐनको दफा १५, ४०, ४१, ४२, ४४, ४५, ५७ तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १२, १३ लगायतका दफामा प्रचलित बजार मूल्यलाई आधार लिई कर प्रशासन गर्नुपर्ने व्यवस्था छ। कर कानूनमा उक्त व्यवस्था भए तापनि बजार मूल्य निर्धारण गर्ने कार्यका लागि छुट्टै मानदण्ड तयार गरेको छैन। तसर्थ कानूनी व्यवस्थाहरूको परिपालना गरी राजस्व प्रशासनलाई वस्तुनिष्ठ, व्यवस्थित, मर्यादित र जवाफदेही बनाउन बजार मूल्य निर्धारण गर्ने व्यवस्था मिलाउनुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख गरेकोमा स्थिति यथावत् छ।

७८. **कर परीक्षण -** आयकर ऐन, २०५८ को दफा १०१ मा दफा ९९ वा १०० बमोजिम कर निर्धारण भएको व्यक्तिको करको दायित्व ऐनको उद्देश्यबमोजिम न्यायोचित आधारमा समायोजन गर्न विभागले संशोधित कर निर्धारण गर्न सक्ने व्यवस्था छ । विभागबाट प्राप्त तथ्याङ्कअनुसार २०७७।७८ मा पूर्ण कर परीक्षणतर्फ गत वर्षको बक्यौता जिम्मेवारी सरिआएका फाइल सङ्ख्या ८ हजार ५०८ रहेकोमा यस वर्ष ३ हजार ८०० छनौट भएका समेत १२ हजार ३०८ फाइलको कर परीक्षण गर्नुपर्नेमा ३ हजार ९६४ करपरीक्षण गरेको देखियो। यस वर्ष छनौट भएका फाइललाई आधार लिँदा लक्ष्यको तुलनामा १०४.३२ प्रतिशत र कुल परीक्षण गर्नुपर्ने फाइलको तुलनामा ३२.२० प्रतिशत मात्र कर परीक्षण सम्पन्न भई ८ हजार ३४४ फाइल (६७.८० प्रतिशत) आगामी वर्षको लागि जिम्मेवारी सारेको छ। तसर्थ कर परीक्षणका लागि फाइल छनौट गर्ने एवं कर परीक्षण गर्ने प्रचलित प्रणालीमा पुनरावलोकन गर्दै कर परीक्षण क्षमतामा सुधार गर्नुपर्दछ।

७९. **अध्ययन तथा अनुसन्धान -**विभागले कर अन्तराल, राजस्व जोखिम, नीति तथा परिपालना जस्ता विषयमा अध्ययन कार्यक्रम सञ्चालन गर्ने लक्ष्य लिँदै आए तापनि सोअनुसार अध्ययन अनुसन्धान गरेको देखिँदैन। देशको अर्थतन्त्रमा अनौपचारिक अर्थतन्त्रको ठूलो प्रभाव रहेको देखिँदा त्यस्तो अर्थतन्त्रलाई क्रमशः औपचारिक क्षेत्रतर्फ प्रवाहित गर्दै जाने, कर अन्तर रहेका क्षेत्रहरूको पहिचान गरी घटाउँदै लैजाने तथा

राजस्व प्रशासनका समग्र सूचकहरूलाई सकारात्मक र अपेक्षित बनाउन विभागको प्रशासनिक दक्षतामा अभिवृद्धि र अध्ययन अनुसन्धान कार्यमा तिव्रता दिँदै अन्तर्राष्ट्रिय असल अभ्यासको अनुशरण र अन्तर निकाय समन्वयमा समेत ध्यान दिनुपर्दछ ।

८०. **कर निर्धारणको गुणस्तर -** आयकर ऐन, २०५८ को दफा १३३ र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३८ अनुसार कर दायित्व बढ्ने वा घट्ने गरी कुनै कर निर्धारण बदनियतसाथ वा लापरवाहीबाट भएको भन्ने महानिर्देशकले ठहर गरेमा त्यसरी कर निर्धारण गर्ने कर अधिकृतलाई महानिर्देशकले निजको सेवा शर्त सम्बन्धी कानूनबमोजिम विभागीय कारबाही चलाउन सक्ने व्यवस्था छ । यस वर्ष विभागले १११ करदाताको आन्तरिक पुनरावलोकन गरेको छ। उल्लिखित पुनरावलोकन कार्यबाट कर निर्धारण प्रक्रियामा भएका त्रुटि उपर कुनै पनि कर्मचारीलाई जवाफदेही बनाएको छैन । कर परीक्षण कार्यलाई थप गुणस्तरीय र विश्वसनीय बनाउन त्रुटिपूर्ण कर निर्धारण भएको अवस्थामा प्रचलित कानूनअनुसार सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउन ध्यान दिनुपर्दछ।

८१. **मुनाफा बाहेकको लाभांशमा कर -** आयकर ऐन, २०५८ को दफा ५६(३) मा कुनै निकायले कुनै हिताधिकारीलाई लाभांशको रूपमा मुनाफा बाहेकको लाभांश वितरण गरेमा तोकिएको कुनै अवस्थाभन्दा बाहेक त्यस्तो लाभांशको रकमलाई सो निकायको आय गणना गर्दा समावेश गर्नुपर्ने व्यवस्था छ । आयकर नियमावली, २०५९ को नियम १८ मा मुनाफा बाहेकको रकममा हिताधिकारीलाई सेवा उपलब्ध गराइएको वा हिताधिकारीलाई प्रयोगका लागि उपलब्ध गराइएको अवस्थामा निकायको स्वामित्वमा रहेको सम्पत्ति निकायको आयमा समावेश गर्नु नपर्ने गरी तोकेको छ। विभागले आयकर निर्देशिका (संशोधन सहित) २०६६ को परिच्छेद १३ को बुँदा नं. १३.९ मा मुनाफा बाहेकको वितरणको रूपमा शेयर प्रिमियमबाट बोनस शेयर वितरण भएमा सोलाई सोही ऐनको दफा ५३(१)(क) अनुसार निकायबाट हुने वितरण मानी अन्तिम रूपमा कर कट्टी विधिमा कर लाग्ने उल्लेख गरेको छ। ऐनको दफा ५६(३) मा आय गणना गर्न नपर्ने सम्बन्धमा स्पष्ट व्याख्या नभएको अवस्था छ भने अर्कोतर्फ विभागले सो मुनाफाबाट भएको वितरणमा निकायलाई आयकर नलाग्ने दफा ५३(१) को वितरण मानी अन्तिम कर कट्टी विधिले कर असुल गर्ने उल्लेख गरी व्याख्या गर्दा त्यसबाट दफा ५६(३) अनुसार सिर्जित हुने निकायको कर दायित्व नै खारेज वा खण्डित भएको देखिन्छ। आयकर ऐनको दफा ५६(३) को सम्बन्धमा नियमावलीले तोक्ने उल्लेख भए तापनि नियमावलीले तोकेको भन्दा फरक व्याख्या गरी निर्देशिकामा शेयर प्रिमियमबाट भएको वितरणमा मुनाफा बाहेकको लाभको अवधारणा व्याख्या गरेको छ। उक्त व्याख्या आयकर ऐन र नियमावलीसँग बाझिई आयकर ऐनको दफा १३९ र १४२ विपरीत देखिन्छ।

यस सम्बन्धमा गत वर्षको प्रतिवेदनमा ठूला करदाता कार्यालयअन्तर्गत दर्ता भएका २४ वाणिज्य बैङ्क र १३ बीमा कम्पनीको मुनाफा बाहेकको लाभांश वितरण रू.११ अर्ब ६३ करोड ३० लाखमा रू.३ अर्ब ४८ करोड ९९ लाख राजस्व छुट हुन गएको व्यहोरा उल्लेख गरिएको छ। आन्तरिक राजस्व विभाग र ठूला करदाता कार्यालयले प्रतिवेदन अवधिसम्म छुट भएको उक्त कर रकम असुल गर्ने प्रक्रिया अघि बढाएको छैन। यो वर्ष ठूला करदाता कार्यालयमा दर्ता रहेका १६ र मध्यमस्तरीय करदाता कार्यालयमा दर्ता रहेका १५ समेत ३१ करदाताले विभिन्न मितिमा फर्दर पब्लिक अफरिङ्ग र शेयर लिलामीमार्फत् विभिन्न आय वर्षमा लाभ आर्जन गरेको रू.३ अर्ब ७८ करोड ३० लाखको ३०

प्रतिशत हुने कर रू.१ अर्ब १३ करोड ४९ लाख छुट हुन गएको सम्बन्धमा छानबिन गरी असुल गर्नुपर्दछ ।

८२. **मर्जर/एक्विजिसनमा कर-** आयकर ऐन, २०५८ को दफा २२ को उपदफा (१) मा कुनै व्यक्तिले कहिले कुनै आय प्राप्त गर्छ वा कुनै खर्च गर्छ भन्ने कुराको निर्धारण यस ऐनको अधीनमा रही लेखाङ्कन गर्नुपर्ने र दफा ७ मा व्यवसायबाट भएको सबै लाभ तथा मुनाफा व्यवसायको आयमा समावेश हुने व्यवस्था छ । त्यसैगरी नेपालका बैङ्क एवं वित्तीय संस्थाहरूले कम्पनी ऐन, २०६३ को दफा १०८ बमोजिम दोहोरो लेखा प्रणालीअनुसार कम्पनीको कारोबारको यथार्थ स्थिति स्पष्ट रूपमा प्रतिविम्वित हुने गरी प्रचलित कानूनबमोजिम अधिकार प्राप्त निकायले लागू गरेको लेखामानअनुरूप लेखा राख्नुपर्ने व्यवस्था छ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले जारी गरेको नेपाल वित्तीय प्रतिवेदनमान-३ (बिजनेश कम्बिनेशन) अनुसार कुनै पब्लिक कम्पनीले प्राप्ति गर्ने वा अर्को कम्पनीमा गाभिने सम्बन्धमा विभिन्न व्यवस्था गरेको छ । वित्तीय प्रतिवेदनमानमा प्राप्ति गर्ने कम्पनीले प्राप्ति हुने कम्पनीको पहिचान भएको सम्पत्तिहरू प्राप्ति गर्दा र उक्त कम्पनीको पहिचान भएको दायित्व स्वीकार गर्दा बजार मूल्यमा गर्नुपर्ने र पहिचान भएको सम्पत्तिमा स्वीकार गरेको दायित्व घटाई बाँकी खुद सम्पत्ति बापत दिएको साधारण शेयरको बजार मूल्यको आधारमा आउने फरक रकमलाई अवस्थाअनुसार सौदाबाजी गर्दाको लाभ वा ख्यातिको रूपमा लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ । लेखामानको उल्लिखित प्रावधान विपरीत मर्जर/एक्विजिसन गर्दा भएको लाभलाई प्राप्ति गर्ने कम्पनीले सोझै आफ्नो इक्विटीमा भएको परिवर्तन विवरणमा एक्विजिसन रिजर्भ, जेनेरल रिजर्भ, क्यापिटल रिजर्भ लगायतका शीर्षकमा देखाएको छ।

नेपाल लेखामानमा भएको आयकरसम्बन्धी व्यवस्थाअनुसार सौदाबाजी गर्दा भएको लाभलाई नाफा नोक्सान विवरणमा उल्लेख गरी लेखाङ्कन गर्नुपर्नेमा सो नगरेकोले प्रचलित लेखामान र आयकर ऐन, २०५८ को दफा २२ विपरीत हुन गएको देखिन्छ। यस्तै कारोबारलाई कतिपय बैङ्क तथा वित्तीय संस्थाले नाफा नोक्सान खातामा नै देखाएको अवस्था छ । बिजनेस कम्बिनेसनबाट प्राप्त भएको लाभलाई ठुला करदाता कार्यालयमा दर्ता रहेका ८ र मध्यमस्तरीय करदाता कार्यालयमा दर्ता रहेका ३ समेत ११ बैङ्क तथा वित्तीय संस्थाले उपर्युक्तबमोजिम लाभ देखाई आयकर तिर्नुपर्नेमा सोअनुसार नगरेकोले निजहरूले प्राप्त गरेको लाभ रू.८ अर्ब २४ करोड ७६ लाखमा आयकर ऐन, २०५८, अनुसूची - १ को दफा २ को उपदफा (२) बमोजिम ३० प्रतिशतले हुने कर रू.२ अर्ब ४७ करोड ४३ लाखमा शुल्क एवं ब्याज समेत छानबिन गरी कर निर्धारण हुनुपर्दछ।

८३. **लाभांश कर -** आयकर ऐन, २०५८ को दफा ४७क(५) मा उपदफा (१) बमोजिम गाभिई निःसर्ग भएको निकायले गाभिएको मितिले दुई वर्ष भित्र गाभिएको अवस्थामा कायम रहेका शेयरधनीलाई वितरण गरेको लाभांशमा कर नलाग्ने व्यवस्था छ। उक्त व्यवस्थाअनुसार गाभिई निःसर्ग भएको निकायका साविकका शेयरधनीहरूले मात्र वितरण गरेको लाभांश रकममा कर छुट प्राप्त गर्ने कानूनी व्यवस्था देखिन्छ। ठूला करदाता कार्यालयमा दर्ता रहेका वित्तीय कारोबार गर्ने ७ करदाताले लाभांश वितरण गर्दा गाभिई निःसर्ग भएको निकायको साविकका शेयरधनीको हकमा मात्र लाभांश कर छुट दिनुपर्नेमा गाभिए पश्चात्को निकायको सबै शेयरधनीलाई छुट दिएको देखियो। त्यसैले ऐनको दफा ४७क(५)

अनुसार उल्लिखित करदाताले वितरण गरेको लाभांश रू.३१ अर्ब ८३ करोड ५३ लाखमा ५ प्रतिशतले लाग्ने कर रू.१ अर्ब ५९ करोड १८ लाख असुल गर्न छानबिन गर्नुपर्दछ ।

८४. **पुँजीगत लाभकर -** आयकर ऐन, २०५८ को दफा ४७क(४) मा उपदफा (१) बमोजिम गाभिई निःसर्ग भएको निकायमा कायम रहेका शेयरधनीहरूले गाभिएको दुई वर्षभित्र आफ्नो शेयर बिक्रीको माध्यमबाट निःसर्ग गर्दा त्यसरी निःसर्ग भएको शेयरमा भएको लाभमा पुँजीगत लाभकर नलाग्ने व्यवस्था छ । उक्त व्यवस्थाअनुसार गाभिई निःसर्ग भएको निकायका साविकका शेयरधनीहरूले मात्र छुट सुविधा प्राप्त गर्नुपर्ने कानूनी व्यवस्था देखिन्छ। नेपाल धितोपत्र विनिमय बजार लिमिटेडअन्तर्गत रहेका ५० धितोपत्र दलाल व्यावसायीले गाभिई निःसर्ग भएको निकायको साविकका शेयरधनीको शेयर बिक्रीमा मात्र पुँजीगत लाभकर छुट दिनुपर्नेमा गाभिए पश्चात्को निकायको सबै शेयरधनीको कारोबारमा पुँजीगत लाभकर छुट दिएको देखियो। नेपाल धितोपत्र विनिमय बजार लिमिटेड र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले उक्त शेयर कारोबारमा हुने पुँजीगत लाभकर छुटको स्पष्ट अभिलेख राख्नु पर्ने र सो अभिलेख राख्ने प्रयोजनका लागि छुट्टै फारमको व्यवस्था भएकोमा उक्त अभिलेख माग गर्दा कुनै पनि धितोपत्र दलाल व्यवसायीबाट अभिलेख प्राप्त भएन। अतः ऐनको दफा ४७क(४) अनुसार पुँजीगत लाभकर असुल नगरेको सम्बन्धमा ५० धितोपत्र दलाल व्यवसायीको २०७३।७४ देखि २०७७।७८ सम्मको कारोबारको छानबिन गरी कर निर्धारण हुनुपर्दछ।

८५. **हायर पर्चेज सेवा -** आन्तरिक राजस्व विभागले २०७२।६।२२ मा विभिन्न कर कार्यालय अन्तर्गत वित्तीय कारोबार गर्ने ४ करदाताका हकमा दिएको पूर्वदिशअनुसार हायर पर्चेज कर्जा दिने निकायहरू बैङ्क तथा वित्तीय संस्था अन्तर्गत पर्ने निकायहरू नभएको हुँदा निजहरूले शंकास्पद कर्जा कोष व्यवस्था गरी आयकर ऐन, २०५८ को दफा ५९ को उपदफा (१क) र (१ग) बमोजिम आयकर प्रयोजनका लागि खर्च तथा आय लेखाङ्कन गर्न नमिल्ने र निजहरूको आयमा आयकर ऐन, २०५८ को अनुसूची - १ को दफा २ (१) बमोजिम २५ प्रतिशत कर लाग्ने उल्लेख छ । करदाताको कारोबार वित्तीय कारोबार भित्र नपर्ने गरी विभागबाट व्याख्या भएको अवस्थामा निजले प्राप्त गर्ने सेवा शुल्क, ब्याज आयमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५(१)(क) अनुसार मूल्य अभिवृद्धि कर लाग्ने देखिएकोमा सो कर असुल गरेको छैन ।

आर्थिक ऐन, २०७८ ले मूल्य अभिवृद्धि कर ऐनमा थप संशोधन गर्दै अनुसूची (१)(आ) "अन्य वस्तु तथा सेवाहरू" अन्तर्गत बुँदा नम्बर (४) मा हायर पर्चेज कारोबारलाई मूल्य अभिवृद्धि कर नलाग्ने कानूनी व्यवस्था गरेको छ। उक्त संशोधन हुनु पूर्व विभागबाट करदाताको कारोबार वित्तीय सेवा नभएको व्याख्या तथा हायर पर्चेज सेवा मूल्य अभिवृद्धि कर छुटको कारोबार अन्तर्गत समावेश नभएको अवस्थामा मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय त्रिपुरेश्वर, पुतलीसडक, ठमेल लगायत ६ कार्यालयमा दर्ता रहेका १० करदाताले गरेको कारोबार रू.४ अर्ब ६६ करोड १९ लाखको १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रू.६० करोड ६० लाख ४८ हजार र नियमानुसार लाग्ने शुल्क तथा ब्याज समेत छानबिन गरी असुल गर्नुपर्दछ।

८६. **नियन्त्रणमा परिवर्तन -** आयकर ऐन, २०५८ को दफा ५७(१) अनुसार विगत ३ वर्षको स्वामित्वको तुलनामा ५० प्रतिशत वा सोभन्दा बढी स्वामित्व परिवर्तन भएमा सो निकायले आफ्नो स्वामित्वको सम्पत्ति वा आफूले वहन गरेको दायित्व निःसर्ग गरेको मानिने, त्यस्तो निःसर्गलाई दफा ४१ अनुसार

थमौती सहितको निःसर्ग मानिने, दफा ५७(२) अनुसार स्वामित्व परिवर्तन हुनुभन्दा अघि सो निकायलाई हुन गएको नोक्सानी दफा २० अनुसार कट्टी गर्न नपाउने, निकायको स्वामित्वमा कुनै आय वर्षमा दफा ५७(१) मा उल्लिखित किसिमले स्वामित्व परिवर्तन भएमा सो आय वर्षको स्वामित्व परिवर्तन अघि र पछिको भागहरूलाई छुटाछुट्टै आय वर्षहरूको रूपमा मानिने र निःसर्ग हुँदा कायम सम्पत्ति र दायित्वको बजार मूल्यमा निःसर्ग भएको मानिने व्यवस्था छ । यो वर्ष ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय टंगाल, पुतलीसडक, वीरगन्ज, सिमरा लगायत ८ कार्यालयमा दर्ता रहेका ९ करदाताको नियन्त्रणमा परिवर्तन भएको देखिएको छ । यस सम्बन्धी केही व्यहोरा निम्नानुसार छन्:

८६.१ ठूला करदाता कार्यालयअन्तर्गतको एक बहुराष्ट्रिय कम्पनीको शेयर सिंगापुरस्थित एक गैरबसिन्दा कम्पनीको स्वामित्वमा रहेकोमा २०६१।१।९ मा दुबईस्थित अर्को बहुराष्ट्रिय कम्पनीले सम्पूर्ण शेयर खरिद गरी २०६९।२।१५ मा शेयर परिवर्तनको जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयलाई गराएको छ। दुबईस्थित बहुराष्ट्रिय कम्पनीको स्वामित्वमा रहेको ७६.१६ प्रतिशत शेयर २०७१।७।७ (२४ अक्टोबर २०१४) मा आयरलैण्डस्थित एक युरोपियन रिफ्रेसमेन्टलाई बिक्री गरेको शेयर खरिद सम्झौताबाट देखिन्छ। उल्लिखित आधारमा पछिल्लोपटक शेयरको स्वामित्वमा ७६ प्रतिशत भन्दा बढी परिवर्तन भएकोले नियन्त्रणमा परिवर्तन भै सम्पत्ति र दायित्वको निःसर्ग गरी नियन्त्रणमा परिवर्तन हुनु अघि र पछि छुट्टाछुट्टै आय विवरण दाखिला गरी कायम हुने करयोग्य आयमा कर दायित्व बहन गर्नुपर्नेमा सो गरेको देखिएन । राजस्व अनुसन्धान विभागले विज्ञ समुहबाट स्वतन्त्र रूपमा गराएको उक्त कम्पनीको शेयरको बजार मुल्याङ्कनअनुसार शेयर प्रति कित्ता रू.३,८८३।- मा खरिद मूल्य रू.५३६।- घटाउँदा प्रति कित्ता रू.३,३४७।- ले बिक्री गरेको ७६.१६ प्रतिशतले हुने शेयर संख्या १४ लाख ८४ हजार ३०१ कित्ताको बिक्रीबाट कम्तीमा रू.४ अर्ब ९६ करोड ७९ लाख ५५ हजार खुद लाभ हुने देखिन्छ । सोका अतिरिक्त वित्तीय विवरणमा रहेको सम्पत्ति र दायित्वको मुल्याङ्कन गरी खुद लाभलाई समेत करदाताको आयमा समावेश गर्नुपर्दछ । स्वामित्व परिवर्तन भएको अवस्थामा पनि आय विवरण दाखिला र स्वयं कर निर्धारण नगरी करमुक्तिको प्रबन्ध गरेको देखिएकोले शेयर बिक्री समेतबाट प्राप्त हुने लाभलाई आयमा चारित्रीकरण गर्न अनुसन्धान गरी शेयरको बजार मूल्यअनुसार हुने खुद लाभ रू.४ अर्ब ९६ करोड ७९ लाख ५५ हजारमा २५ प्रतिशतले लाग्ने कर रू.१ अर्ब २४ करोड १९ लाख ८८ हजार र सोमा लाग्ने शुल्क तथा ब्याज समेत छानबिन गरी असुल गर्नुपर्दछ ।

८६.२ आन्तरिक राजस्व कार्यालय, टंगाल अन्तर्गत दर्ता रहेको एक ग्याँस उद्योगको शेयर लगत अभिलेख अनुसार २०७५।८।१७ र २०७५।१२।१२ मा शेयर संरचनामा ५३.७ प्रतिशत परिवर्तन भएको देखिन्छ । करदाताले २०७४।७५ मा पेस गरेको वित्तीय तथा आय विवरणअनुसार सो वर्षसम्मको हालसम्मको कुल नोक्सानी रू.१२ करोड ५७ लाख ९ हजार रहेकोमा स्वामित्व परिवर्तन पश्चात् समेत उक्त नोक्सानी सारेकोले त्यस्तो रकम अमान्य गरी नोक्सानी समायोजन गर्नुपर्दछ ।

८६.३ आन्तरिक राजस्व कार्यालय, वीरगन्जमा दर्ता रहेका एक मेडिकल कलेजको २०७२ असार मसान्तमा शत् प्रतिशत स्वामित्व परिवर्तन भएको आधारमा कर निर्धारण भएको देखिन्छ। करदाताको वित्तीय विवरणअनुसार स्थिर सम्पत्तिमध्ये २०७१।७२ मा जग्गाको रू.१४ करोड २४ लाख ९३ हजार तथा भवनको ह्रासयोग्य किताबी मूल्य रू.९ करोड ४१ लाख ५१ हजार रहेको छ। स्वामित्व परिवर्तन भएको मितिमा करदाताले २०७२।७३ मा जग्गा तथा भवनको पुनर्मूल्याङ्कन गरी सोमा भएको लाभ रू.७ करोड २ लाख ८६ हजारलाई २०७३।७४को वित्तीय विवरणमा रिजर्भ एण्ड सर्प्लसमा समावेश गरेको छ। सोअनुसार करदाताले स्वामित्व

परिवर्तन पश्चात्को आय वर्षमा जग्गा र भवनको पुनर्मूल्याङ्कन गरी लाभ देखाएकोले स्वामित्व परिवर्तन अघिसमेत त्यसको लाभ हुने देखिन्छ। ऐनको दफा ४१ बमोजिम बजार मूल्यअनुसार मूल्याङ्कन गर्दा स्वामित्व परिवर्तन अगाडि नै सो बराबर आम्दानी हुने देखिएकोले ऐनको दफा ७ अनुसार रू.७ करोड २ लाख ८६ हजार आयमा समावेश गरी कर परीक्षणबाट कायम संशोधित नोक्सानी रू.७० लाख ९१ हजार समायोजन गरी बाँकी लाभ रू.६ करोड ३१ लाख ९५ हजारमा २० प्रतिशतले हुने कर रू.१ करोड ५७ लाख ९९ हजार र सो मा नियमानुसार लाग्ने शुल्क तथा ब्याज समेत असुल हुनुपर्दछ ।

८६.४ आन्तरिक राजस्व कार्यालय, सिमराअन्तर्गत ग्याँसको कारोबार गर्ने एक करदाताको २०७१।७।१७ मा ५७ हजार ५०० अर्थात् ५७.५ प्रतिशत शेयर परिवर्तन भएको देखिन्छ। उल्लिखित आधारमा कम्पनीको नियन्त्रण एवं स्वामित्व परिवर्तन भएको देखिन्छ। स्वामित्व परिवर्तनभन्दा अगाडिको नोक्सानी दाबी रू.११ करोड २२ लाख ५० हजार अमान्य गरी करदाताको नोक्सानी समायोजन गर्न र स्वामित्व परिवर्तन पश्चात् दफा ५७ बमोजिम गर्नुपर्ने अन्य व्यवस्थाको सम्बन्धमा छानबिन गर्नुपर्दछ ।

८७. **हवाई सेवामा कर** - आयकर ऐन, २०५८ को दफा ७० अनुसार नेपालबाट प्रस्थान हुने यात्रुको ओसारपसार गर्दा ५ प्रतिशत र नेपालबाट अर्को विदेशी मुलुकमा पुग्ने गरी प्रस्थान नहुने हवाई यातायातमा २ प्रतिशतका दरले कर लाग्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, पुतलीसडकमा दर्ता रहेका ४ र नयाँ बानेश्वरमा दर्ता रहेको १ हवाई कम्पनीले विभिन्न गन्तव्यमा नेपालबाट उडान भर्दा प्राप्त तथ्याङ्कको आधारमा निम्नानुसार घटी कर दाखिला गरेको वा दाखिला नै नगरेको पाइएकोले रू.१५ करोड ५६ लाख ८१ हजार र सोमा लाग्ने शुल्क तथा ब्याज असुल गर्न छानबिन गर्नुपर्दछ।

(रू.हजारमा)

हवाइ कम्पनी र उडान भर्ने स्थान	उडान भरेको यात्रु	औसत भाडा (रू.)	५ प्रतिशतले हुने कर (रू.)	दाखिला	घटी दाखिला
साउदी अरब उडान गर्ने एक एयरलाइन्स कम्पनी	३९७८४	२१५००	४२७६८	-	४२७६८
सिंगापुर उडान गर्ने एक एयर एयरलाइन्स कम्पनी	२९४२	३०७०१	४५१६	-	४५१६
दुबई उडान गर्ने एक एयरलाइन्स कम्पनी	३५८९६	३४३५०	६१६५१	३८९७२	२२६७९
कुवेत उडान गर्ने एक एयरलाइन्स कम्पनी	१३३२९	४७४००	३१५९०	-	३१५९०
इस्तानबुल उडान गर्ने एक एयरलाइन्स कम्पनी	१८००९	६०१२०	५४१३५	७	५४१२८
				जम्मा	**१५५६८१**

उल्लिखित तिर्नुपर्ने कर पहिलो गन्तव्यसम्मको मात्र गणना गरिएको छ । नेपालबाट उडान भएकोमा कनेक्टिङ्ग फ्लाइटबाट दोस्रो गन्तव्यको भाडा रकम थप गर्दा उल्लिखित रकम थप हुने देखिएकोले सो समेत छानबिन गरी कर दायित्व यकिन गर्नुपर्दछ। यस सम्बन्धमा उपर्युक्त बाहेक अन्य हवाई कम्पनीको समेत छानबिन हुनुपर्दछ ।

८८. **आयकरतर्फ नन्-फाइलर** - आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिनाभित्रमा दफा ९७, ९८ र १०० को अधीनमा रही सो वर्षका आय विवरण दाखिला गर्नुपर्ने व्यवस्था छ। आन्तरिक राजस्व कार्यालय, कलंकी, नयाँसडक, ठमेल, त्रिपुरेश्वर लगायतका १४ कार्यालय अन्तर्गतका ५२ करदाताले आयकरतर्फको विवरण पेस गरेको पाइएन । तर उक्त करदाताले मूल्य अभिवृद्धि कर तर्फ पेस गरेको विवरणबमोजिम सोही करदाताको अघिल्लो वर्षको कुल मुनाफा

प्रतिशतलाई आधार मानी गणना गर्दा हुने करयोग्य आयमा लाग्ने कर रू.२८ करोड २५ लाख ७३ हजार छानबिन गरी असुल गर्नुपर्दछ ।

८९. **वैदेशिक शिक्षण शुल्कमा कर** - आयकर ऐन, २०५८ को दफा ८८(१) मा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको सेवा शुल्कको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा नेपाल राष्ट्र बैङ्कले आन्तरिक राजस्व विभागसँग नेपालमा अध्ययन अध्यापन गराए बापतको शुल्क विदेशी संस्थालाई भुक्तानी गर्दा अग्रिम करको दरबारे सोधनी गरेकोमा विभागबाट २०७६।७।२६ मा जारी पत्रमा विदेशी सम्बन्धन प्राप्त विश्वविद्यालयले नेपाली विद्यार्थीबाट लिने रकममा दफा ८८(१) बमोजिम १५ प्रतिशतका दरले नै कर कट्टा गर्नुपर्ने उल्लेख छ। आन्तरिक राजस्व कार्यालय, कालिमाटीअन्तर्गतका १ करदाताले वित्तीय विवरणमा विश्वविद्यालय चार्ज पेयबल रू.१ करोड ७९ लाख ३१ हजार देखाएकोमा ऐनको व्यवस्थाअनुसार उक्त रकममा कर कट्टा गरेको नदेखिएकोले १५ प्रतिशतले हुने कर रू.२६ लाख ९० हजार र सोमा लाग्ने शुल्क तथा ब्याज सहित छानबिन गरी असुल गर्नुपर्दछ ।

९०. **वैदेशिक लगानी स्वीकृति तथा उपयोग** - विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा १५ र १७ मा विदेशी लगानीकर्ताले नेपालमा लगानी गर्दा तोकिएबमोजिम उद्योग विभाग तथा लगानी प्रवर्द्धन बोर्डको स्वीकृति लिनुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ३६ मा विदेशी लगानीकर्ता वा विदेशी लगानी भएको उद्योगले लगानी स्वीकृति लिँदा तोकिएका शर्त विपरीतको कुनै काम गरेको पाइएमा स्वीकृति रद्द गर्न सकिने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वर अन्तर्गत दूरसञ्चार सेवाको कारोबार गर्ने १ करदाताले विदेशबाट टेलिकम सेवाको लागि २०७६।७७ सम्म रू.८ अर्ब ८ करोड ४४ लाख ५६ हजार निर्ब्याजी ऋण लिएकोमा सो मध्ये रू.२ अर्ब ११ करोड ३५ लाख ७० हजार आफ्नो सम्बद्ध पक्षलाई सापटी दिएकोले स्वीकृति प्राप्त क्षेत्रमा वैदेशिक लगानीको उपयोग भएको देखिएन ।

९१. **लगानीको नोक्सानी समायोजन** - आयकर ऐन, २०५८ को दफा २०(२) मा लगानीको नोक्सानी व्यवसायको आयमा समायोजन गर्न नसकिने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, पुतलीसडक अन्तर्गत सिमेण्ट उद्योग सञ्चालन गर्ने १ र शैक्षिक सेवाको कारोबार गर्ने १ समेत २ करदाताले बैङ्कबाट ऋण लिई व्यावसायिक प्रयोजन बाहेक अन्य कार्यमा लगानी गरेकोमा सो बापत कुनै प्रतिफल देखाएको छैन। तर सो ऋणको ब्याजखर्च रू.१० करोड ५९ लाख ८२ हजार दाबी गरेको छ । लगानीको आय नदेखाई ब्याज खर्च दाबी गर्नु ऐनको व्यवस्थाअनुसार मिल्ने नदेखिएकोले उक्त ब्याज खर्च लगानी तर्फको नोक्सानी हुने भएकोले ऐनको दफा ७ अनुसार व्यवसायबाट भएको आय गणना गर्ने प्रयोजनको लागि ब्याज खर्च अमान्य गरी रू.२ करोड ६४ लाख ९५ हजार कर असुल गर्न छानबिन गर्नुपर्दछ।

९२. **बीमा क्षतिपूर्ति आय** - आयकर ऐन, २०५८ को दफा ७ र ३१ मा बीमा लगायतका क्षतिपुर्ति बापतको रकम आयमा समावेश गर्नुपर्ने व्यवस्था छ। आन्तरिक राजस्व विभागको एकीकृत कर प्रणालीमा विभिन्न बीमा कम्पनीबाट क्षतिपूर्ति रकम प्राप्त गरेका करदाताहरूले उक्त रकम सम्बन्धित आय वर्षको आम्दानीमा समावेश गरेको देखिएन। यससम्बन्धी व्यहोरा निम्नानुसार छन्:

९२.१ ठूला करदाता कार्यालय अन्तर्गत २०७५।७६ मा ५६ करदातालाई रू.९७ करोड ६२ लाख ६५ हजार तथा २०७६।७७ मा ३८ करदातालाई रू.४८ करोड ६९ लाख ८७ हजार विभिन्न वीमा

कम्पनीहरूवाट क्षतिपुर्ति दाबी भुक्तानी भएको देखिन्छ। उक्त रकमलाई करदाताहरूले आफ्नो वित्तीय विवरण तथा सम्बन्धित वर्षको आय विवरणमा समावेश गरी खुलासा गरेको देखिएन। उक्त रकमलाई सम्बन्धित करदाताहरूको आयमा समावेश गरी २०७५।७६ को रू.२४ करोड ४० लाख ६६ हजार र २०७६।७७ को रू.१२ करोड १७ लाख ४६ हजार समेत रू.३६ करोड ५८ लाख १३ हजार कर तथा सोमा लाग्ने शुल्क एवं ब्याज समेत असुल गर्न छानबिन गर्नुपर्दछ।

९२.२ आन्तरिक राजस्व कार्यालय, पुतलीसडक अन्तर्गतका १६ करदातालाई बीमा कम्पनीबाट क्षतिपूर्ति स्वरूप रू.२२ करोड ५ लाख ५५ हजार प्राप्त भएकोमा सम्बन्धित करदाताले सो रकमलाई आयमा समावेश गरेको नदेखिएकाले लाग्ने कर रू.५ करोड ५४ लाख ३९ हजार तथा नियमानुसार लाग्ने शुल्क र ब्याज समेत असुल हुनुपर्दछ ।

९३. **फरक करको दर -** आयकर ऐन, २०५८ अनुसूची-१ को दफा २(१) मा साधारण व्यवसायको आयकरको दर २५ प्रतिशत तथा सोही अनुसूचीको दफा २(२) मा बैङ्क, वित्तीय संस्था, सामान्य बीमा व्यवसाय, मुद्रा हस्तान्तरण, पुँजी बजार व्यवसाय, धितोपत्र व्यवसाय, मर्चेन्ट बैंकिङ्गलगायतका व्यवसाय गर्ने निकायको कर योग्य आयमा ३० प्रतिशतका दरले कर लाग्ने व्यवस्था छ । यस वर्ष ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय ललितपुर-१, टंगाल, ठमेल, महाराजगञ्ज, त्रिपुरेश्वर, पुतलीसडक लगायत २१ कार्यालय अन्तर्गतका ४४ करदाताले करको दर फरक पारी घटी कर दाखिला गरेको रू.४४ करोड ७३ लाख ३७ हजार असुल हुनुपर्दछ । यस सम्बन्धी केही व्यहोरा निम्नानुसार छन्:

९३.१ मध्यमस्तरीय करदाता कार्यालयमा दर्ता रहेका धितोपत्र व्यवसाय सञ्चालन गर्ने २ करदाताले आफ्नो करयोग्य आयमा २०७७।७८ मा २५ प्रतिशतका दरले मात्र आयकर दाखिला गरेको देखिएकोले ५ प्रतिशतका दरले छुट भएको कर रू.५ करोड ५० लाख ३५ हजार तथा प्लाष्टिकजन्य सामग्री उत्पादन गर्ने एक उद्योगले उद्योग र व्यापार दुवै कारोबार गरेकोमा व्यापारतर्फ छुट भएको ५ प्रतिशत कर रू.७० लाख १५ हजारसमेत रू.६ करोड २० लाख ५० हजार शुल्क तथा ब्याजसहित असुल गर्नुपर्दछ।

९३.२ आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वरअन्तर्गत धितोपत्र विनिमयको कारोबार गर्ने ३ करदाताले आफ्नो करयोग्य आयमा २०७७।७८ मा २५ प्रतिशतका दरले मात्र आयकर कर दाखिला गरेको देखिएकोले ५ प्रतिशतले हुने नपुग आयकर रू.८६ लाख २७ हजार र सोमा लाग्ने शुल्क तथा ब्याजसमेत असुल गर्न छानबिन हुनुपर्दछ ।

९३.३ आन्तरिक राजस्व कार्यालय, पुतलीसडकअन्तर्गतका ८ करदाताले २०७७।७८ मा नेपाल धितोपत्र विनिमय बजार लिमिटेडमा धितोपत्र व्यवसाय गरी प्राप्त गरेको आयमा ३० प्रतिशत आयकर दाखिला गर्नुपर्नेमा २५ प्रतिशतका दरले मात्र आयकर दाखिला गरेको देखिएकोले न्यून दाखिला गरेको आयकर रू.१ करोड ८७ लाख ६८ हजार तथा सोमा लाग्ने शुल्क एवं ब्याज समेत असुल हुनुपर्दछ।

९३.४ आन्तरिक राजस्व कार्यालय, भक्तपुरअन्तर्गत दर्ता रहेका निर्माण व्यवसायको कारोबार गर्ने एक करदाताले २० प्रतिशतका दरले मात्र कर दाखिला गरेको पाइयो। उक्त करदाताको २०७७।७८ को करयोग्य आय रू.२० करोड ४८ लाख ५३ हजारमा ५ प्रतिशतले हुने कर रू.१ करोड २ लाख ४३ हजार र सोमा लाग्ने शुल्क तथा ब्याजसमेत असुल हुनुपर्दछ ।

९४. **सम्पत्ति तथा दायित्वको निःसर्ग -** आयकर ऐन, २०५८ को दफा ४०(१) मा कुनै व्यक्तिको कुनै सम्पत्तिबाट स्वामित्व हटेमा निजले सो सम्पत्तिको निःसर्ग गरेको मानिने र दफा ४०(२) मा कुनै व्यक्ति दायित्वको भारबाट हटेमा निजले सो दायित्वको निःसर्ग गरेको मानिने व्यवस्था छ । यस वर्ष ठुला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय, पोखरा र कलंकी समेत ४३ कार्यालयका ३३४ करदाताको सम्पत्ति तथा दायित्व निःसर्ग गरेको रू.४ अर्ब ६३ करोड ८४ लाखमा लाग्ने कर रू.१ अर्ब २१ करोड ६१ लाख २४ हजार असुल हुनुपर्दछ । यस सम्बन्धी प्रमुख व्यहोरा निम्नानुसार छन्:

९४.१ मध्यमस्तरीय करदाता कार्यालयअन्तर्गत दर्ता रहेको कुखुराको दानाको कारोबार गर्ने एक करदाताले गत वर्ष जग्गा खरिदका लागि रू.४ करोड २५ लाख पेश्की दिई वासलातको सम्पत्ति तर्फ एड्भान्स एण्ड डिपोजिटमा देखाएकोमा यो वर्ष पनि वित्तीय विवरणको एड्भान्स एण्ड डिपोजिटमा जग्गा खरिदका लागि पेश्कि उल्लेख गरी सोही रकम देखाएको छ । सोका अतिरिक्त करदाताले पेस गरेको वित्तीय विवरणअनुसार एउटै सम्पत्तिको दोहोरो गणना भएको र सो सम्पत्ति बराबर अवास्तविक दायित्व समेत सिर्जना गरेको छ। सो व्यहोरालाई पूर्ण कर परीक्षणमा समेत उल्लेख गरेको छैन । तसर्थ दोहोरो गणना भएको उक्त सम्पत्ति निःसर्ग गरी हुने लाभलाई आयमा समावेश गरी कर रू.८५ लाख र सो मा शुल्क तथा ब्याज समेत असुल गर्न छानबिन गर्नुपर्दछ ।

९४.२ आन्तरिक राजस्व कार्यालय, पोखराअन्तर्गत होटल व्यवसायको कारोबार गर्ने १ करदाताको शेयर संरचनामा २०७०।७१ मा ८६.१५ प्रतिशत परिवर्तन भएको देखियो । ऐनको व्यवस्थाअनुसार सम्पत्ति तथा दायित्वको मूल्याङ्कन गरी निःसर्ग भएको मानी आयमा समावेश नगरेकोले स्थिर सम्पत्ति रू.५ करोड ४९ लाख ९६ हजारसमेत कूल सम्पत्ति रू.१३ करोड ८ लाखको बजार मूल्यमा र दायित्वको मूल्याङ्कन गरी लाभ गणना गरी आयमा समावेश गर्नुपर्दछ।

९५. **मौज्दात मूल्याङ्कन खर्च -** आयकर ऐन, २०५८ को दफा १५(४) अनुसार व्यवसायको व्यापार मौज्दातको अन्तिम मूल्य लागत वा बजार मूल्यमा जुन घटी हुन्छ सोको आधारमा मूल्याङ्कन गर्नुपर्दछ। आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वर र विराटनगरसमेत ११ कार्यालयअन्तर्गतका २० करदाताले व्यापार मौज्दातको लागत गणना गर्दा प्रत्यक्ष सामग्री लागतमा समावेश भएका सबै खर्च समावेश गरी अन्तिम मौज्दात गणना गर्नुपर्नेमा प्रत्यक्ष खर्च रू.१५ करोड ६१ लाख ८८ हजारलाई अन्तिम मौज्दातको गणनामा समावेश गरेको देखिएन । मौज्दात गणनाका कारणबाट छुट हुन गएको कर रू.१ करोड ५९ लाख ६२ हजार छानबिन गरी असुल हुनुपर्दछ । यससम्बन्धी प्रमुख व्यहोरा निम्नानुसार छन्:

९५.१ आन्तरिक राजस्व कार्यालय, विराटनगरअन्तर्गत विद्युतीय सामग्रीको कारोबार गर्ने एक करदाताले सामानहरूको मौज्दात मूल्याङ्कन गर्दा कुनै पुष्ट्याइँ बेगर शुरु मौज्दात र खरिद दरभन्दा घटी दरमा मूल्याङ्कन गरी बढी खर्च दाबी गरी रू.१ करोड ५६ लाख ५८ हजार आय कम देखाएकोले छुट भएको कर रू.३९ लाख १४ हजार तथा सोमा लाग्ने शुल्क र ब्याज सहित छानबिन गरी असुल हुनुपर्दछ।

९५.२ आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वरअन्तर्गत सवारीसाधनको कारोबार गर्ने एक करदाताको यो वर्षको खरिद रू.७ करोड ३३ लाख ५२ हजार रहेकोमा अन्तिम मौज्दात रू.९ करोड ७७ लाख ९३ हजार रहेको छ। करदाताले यस वर्ष रू.२ करोड २ लाख ६७ हजार प्रत्यक्ष खर्च लेखाङ्कन गरेको छ । पेस भएको विवरणअनुसार प्रत्यक्ष खर्च अन्तिम मौज्दातको मूल्याङ्कनमा समावेश भएको छैन। अन्तिम

लागतमा समावेश नभएको प्रत्यक्ष खर्च रू.२ करोड २ लाख ६७ हजार अन्तिम मौज्दातको लागतमा समावेश नगरी व्यापार मौज्दातमा बढी खर्च दाबी गरेकोले छुट भएको कर रू.५० लाख ६६ हजार तथा सोमा लाग्ने शुल्क र ब्याज सहित छानबिन गरी असुल हुनुपर्दछ।

९६. **घटी आय -** आयकर ऐन, २०५८ को दफा ७(२) मा कुनै व्यक्तिको कुनै आय वर्षमा व्यवसाय सञ्चालनबाट भएको मुनाफा र लाभको गणना गर्दा सो व्यक्तिले सो वर्षभित्र प्राप्त गरेको सेवा शुल्क, व्यापारिक मौज्दातको निःसर्ग, व्यावसायिक सम्पत्ति वा दायित्वको निःसर्गबाट प्राप्त खुद लाभलाई समावेश गरी गणना गर्नुपर्ने व्यवस्था छ । ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय, ललितपुर-२, पुतलीसडक, सिमरा, पोखरा समेत ४१ कार्यालयका ३९४ करदाताले घटी आय देखाएको रू.१४ अर्ब ८३ करोड ४९ लाखलाई आयमा समावेश गरी सो रकममा लाग्ने आयकर रू.३ अर्ब ४९ करोड ९६ लाख ८३ हजार र शुल्क एवं ब्याज समेत छानबिन गरी असुल गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

९६.१ ठूला करदाता कार्यालयअन्तर्गतको सेलुलर मोबाइल फोन बिक्री गर्ने एक करदाताले यो वर्ष रू.१५ करोड ३५ लाख ११ हजार मूल्य अभिवृद्धि कर फिर्ता लिएकोमा आय विवरणमा सोबापत रू.१० करोड ५१ लाख ७८ हजार मात्र लेखाङ्कन गरेको छ । करदाताले मूल्य अभिवृद्धि कर फिर्ता बापत प्राप्त गरेको रू.४ करोड ८३ लाख ३३ हजार आयमा समावेश गरेको नदेखिएकोले दफा ७(२) बमोजिम आयमा समावेश गरी छुट भएको आयकर रू.१ करोड २० लाख ८३ हजार र सोमा लाग्ने शुल्क तथा ब्याजसमेत असुल हुनुपर्दछ ।

९६.२ मध्यमस्तरीय करदाता कार्यालयअन्तर्गत दर्ता रहेका एक निर्माण व्यवसायीले आय विवरण अनुसूची-१० को अग्रिम करकट्टी विवरणअनुसार एक सडक आयोजनाले करदातालाई ९ पटक भुक्तानी गर्दा रू.१ करोड २ लाख ६० हजार अग्रिम कर कट्टी गरेको आधारमा आयोजनाले करदातालाई गरेको भुक्तानी रू.६८ करोड ४० लाख २६ हजार हुने देखिन्छ । तर वित्तीय तथा आय विवरणमा करदाताले रू.६३ करोड ३९ लाख ६२ हजार मात्र आय समावेश गरी रू.५ करोड ६४ हजार घटी आम्दानी देखाएकोले सोमा २५ प्रतिशतले हुने कर रू.१ करोड २५ लाख १६ हजार र सोमा लाग्ने शुल्क तथा ब्याज समेत छानबिन गरी असुल हुनुपर्दछ।

९६.३ आन्तरिक राजस्व कार्यालय, ललितपुर-२ अन्तर्गतका एक करदाताले पेस गरेको अनुसूची-१० को अग्रिम करकट्टी विवरणअनुसार यस वर्षको बिक्री रू.२० करोड १२ लाख ६ हजार हुने देखिन्छ । मूल्य अभिवृद्धि कर विवरणमा समेत सोही बिक्री देखाएको छ। तर करदाताले आय विवरणमा रू.१२ करोड ८४ लाख १३ हजार मात्र बिक्री लेखाङ्कन गरेकोले घटी आय लेखाङ्कन गरेको रू.७ करोड २७ लाख ९२ लाख सम्बन्धमा छानबिन गरी २५ प्रतिशतले हुने कर रू.१ करोड ८१ लाख ९८ हजार र सोमा नियमानुसार लाग्ने ब्याज तथा शुल्क समेत असुल गर्नुपर्दछ।

९६.४ आन्तरिक राजस्व कार्यालय, सिमराअन्तर्गत दर्ता रहेका एक निर्माण व्यवसायीले मूल्य अभिवृद्धि कर विवरणभन्दा आय विवरणमा रू.५ करोड ७५ लाख ९८ हजार घटी बिक्री देखाएको सम्बन्धमा खुलासा गरेको छैन । आय विवरणमा घटी बिक्री देखाएको रकम आयमा समावेश गरी छुट भएको आय कर रू.१ करोड ४३, लाख ९९ हजार र सोमा लाग्ने शुल्क तथा ब्याज समेत छानबिन गरी असुल हुनुपर्दछ।

९७. **बढी खर्च दाबी -** आयकर ऐन, २०५८ को दफा १३ मा कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि यस ऐनको अधीनमा रही कारोबारसँग सम्बन्धित खर्च कट्टी गर्न पाउने व्यवस्था छ । ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय, विराटनगरसमेत ३६ कार्यालयका ३२६ करदाताको व्यवसायसँग सम्बन्धित नरहेको कट्टी गर्न नपाउने खर्च रू.६ अर्ब ३६ करोड ९३ लाख ८५ हजार अमान्य गरी सोलाई आयमा समावेश गर्दा हुन आउने कर रू.१ अर्ब ३५ करोड ४४ लाख २ हजार र सोमा नियमानुसार लाग्ने शुल्क एवं ब्याज समेत छानबिन गरी असुल गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

९७.१ ठूला करदाता कार्यालयअन्तर्गतको जग्गा विकास तथा भवन निर्माण गरी बिक्री गर्ने एक करदाताको विभिन्न ५ स्थानमा रहेको आयोजनाको अन्तिम मौज्दात विवरणअनुसार मौज्दात गणना गर्दा प्लट लस बापत धुम्बाराहीमा १४.७३ आना र मूलपानीमा १०२.०१ आना जग्गाको रू.२२ करोड ८६ लाख २१ हजार घटाई मूल्याङ्कन गरेको पाइयो। कुनै कारणले प्लट लस भएको अवस्थामा सम्बन्धित भूमि व्यवस्था कार्यालयमा आवश्यक प्रमाण पेस गरी साविकबमोजिम क्षेत्रफल कायम गराई कर कार्यालयमा जानकारी गराई घटाउनुपर्नेमा सो समेत गरेको छैन ।जग्गाको नोक्सानी करदाताले जग्गा विकास तथा सुविधा विस्तार गर्दा भएको हुन सक्ने तथा उक्त मूल्य बाँकी रहेको जग्गाको मूल्यमा अभिवृद्धि गरी सोलाई जग्गाको खरिद मूल्य वा शुरु मूल्य कायम गरी बिक्री गर्नुपर्नेमा सो गरेको छैन। करदाताको खुद नाफा दरमा गत वर्षभन्दा ३८ प्रतिशतले गिरावट आएको देखिन्छ । जग्गाको नोक्सानी देखाएको रकमलाई आयमा समावेश गर्दा लाग्ने आयकर रू.५ करोड ७१ लाख ५० हजार र सोमा लाग्ने शुल्क तथा ब्याजसमेत छानबिन गरी असुल हुनुपर्दछ ।

९७.२ मध्यमस्तरीय करदाता कार्यालयअन्तर्गत दर्ता रहेका एक निर्माण व्यवसायीले प्रत्यक्ष खर्चको विवरण तथा व्यहोरा समेत नखुलाई मेसिनरी एक्सपेन्सेज उल्लेख गरी गत वर्षभन्दा १२.५० गुणा बढी रू.३ करोड ५९ लाख २४ हजार खर्च दाबी गरेको छ। मेसिनरी एक्सपेन्सेज प्रत्यक्ष खर्चमा समावेश गर्न नमिल्ने देखिएकोले छानबिन गरी २५ प्रतिशतले हुने आयकर रू.८९ लाख ८१ हजार र सोमा लाग्ने शुल्क तथा ब्याजसमेत असुल हुनुपर्दछ ।

९८. **ह्रास खर्च -** आयकर ऐन, २०५८ को दफा १९ मा व्यवसायको आय आर्जन गर्न सो वर्षमा आफ्नो स्वामित्वमा रही प्रयोग गरेको ह्रासयोग्य सम्पत्तिको ह्रास खर्च सोही ऐनको अनुसूची २ बमोजिम कट्टी गर्न पाउने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, नेपालगन्जअन्तर्गतको एक होटेलको २०७६।६।१२ मा स्वामित्व परिवर्तन भई स्वामित्व परिवर्तन हुनुभन्दा अगाडि जग्गा तथा भवनको पूनर्मूल्याङ्कन गरी सम्पत्तिको बुक भ्याल्यु लेखाङ्कन गरेकोमा सो अवधिसम्म रू.७१ लाख ८५ हजार ह्रास खर्च कट्टी लिएको र स्वामित्व परिवर्तन पश्चात् साविकको स्थिर सम्पत्तिको मूल्य लेखाङ्कन गर्दा ह्रास कट्टी पछिको मूल्य लेखाङ्कन गर्नुपर्नेमा ह्रास कट्टी अघिको मूल्य लेखाङ्कन गरी दोहोरो ह्रास कट्टी खर्च लिएकोले स्थिर सम्पत्तिको दोहोरो ह्रास खर्च रू.७१ लाख ८५ हजार अमान्य गरी नोक्सानी समायोजन गर्न छानबिन हुनुपर्दछ ।

९९. **ब्याज खर्च कट्टी -** आयकर ऐन, २०५८ को दफा १४ अनुसार कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानीबाट भएको आयको गणना गर्ने प्रयोजनको लागि सो व्यवसाय गर्दा सिर्जना भएको ऋण दायित्वको ब्याज खर्च कट्टी गर्न पाउने व्यवस्था छ । करदाताले एकातर्फ आफ्नो उठ्नुपर्ने रकम

नउठाउने र अर्कोतर्फ व्यावसायिक प्रयोजन बेगरको कार्यमा प्रयोग भएको ऋणको ब्याजसमेत खर्च दाबी गरेको देखिन्छ । ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय नयाँ बानेश्वर, कोटेश्वर, पोखरासमेत ३८ कार्यालयका २३२ करदाताको कट्टी गर्न नपाउने ब्याज खर्च रू.१ अर्ब ३७ करोड १० लाख ८५ हजार अमान्य गरी सोमा लाग्ने कर रू.३६ करोड ९० लाख ५१ हजार र शुल्क एवं ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ । यस सम्बन्धी प्रमुख व्यहोरा निम्नानुसार छन्:

९९.१ ठूला करदाता कार्यालयअन्तर्गतको एक सिमेन्ट कम्पनीले यो वर्ष ५ आपूर्तिकर्ताबाट ३७७ नक्कली बीजक मार्फत् रू.१५ करोड ४४ लाख ७२ हजार को खरिद खर्च देखाएको छ । सो मध्ये करपरीक्षणबाट लुज कोलतर्फ रू.१४ करोड २ लाख ११ हजार र पुँजीगतजन्य सम्पत्तितर्फ रू.५३ लाख ११ हजार ह्रास खर्च र ह्रास आधार अमान्य गरेको छ । करदाताको खरिद खर्च २०७१।७२ देखि २०७५।७६ सम्म रू.३७ करोड २७ लाख ५ हजार रहेको र उक्त खर्च करदाताले लगानी गरी ब्याज आय गर्ने तर आय विवरणमा नदेखाउने हुँदा कम्तीमा यो वर्षको औसत ब्याज दर ११.१५ प्रतिशतले हुने ब्याज आय रू.४ करोड १५ लाख ५६ हजारलाई आयकर ऐन, २०५८ को दफा ९ अनुसार लगानी तर्फको आयमा समावेश गरी २५ प्रतिशतले लाग्ने रू.१ करोड ३ लाख ८९ हजार र सोमा लाग्ने शुल्क र ब्याजसमेत छानबिन गरी असुल हुनुपर्दछ।

९९.२ आन्तरिक राजस्व कार्यालय, कोटेश्वरअन्तर्गत दर्ता रहेका एक करदाताले बैङ्कबाट ऋण लिई अन्य व्यक्तिलाई रू.९ करोड ७५ लाख ३२ हजार निर्ब्याजी सापटी दिएको छ । करदाताले बैङ्कबाट लिएको ऋण व्यावसायिक कार्यमा प्रयोग नगरी सापटी दिएकोले औसत ब्याजदर ११.३० प्रतिशतले हुने ब्याज खर्च रू.१ करोड १० लाख २१ हजार अमान्य गरी नोक्सानी समायोजन गर्न छानबिन हुनुपर्दछ।

९९.३ आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरअन्तर्गत दर्ता रहेको एक शैक्षिक संस्थाले २०७०।७१ मा ऋण लिई उक्त ऋण भवन खरिद गर्न रू.६ करोड ५४ लाख २० हजार पेश्की दिएकोमा २०७६।७७ मा उक्त भवन प्राप्त गरी सम्पत्तिमा लेखाङ्कन गरेको छ । व्यावसायिक प्रयोजनको लागि प्रयोग नभएको अवधिको भवन खरिदमा प्रयोग भएको ऋणको ५ वर्षको ब्याज खर्च रू.५ करोड ३ लाख ७३ हजार दाबी गरेकोले उक्त ब्याज खर्च अमान्य गरी रू.१ करोड २५ लाख ९३ हजार कर असुल गर्नुपर्दछ।

९९.४ आन्तरिक राजस्व कार्यालय, पोखराअन्तर्गतका २ करदाताले बैङ्कबाट ऋण लिई २०७४।७५ देखि रू.५४ करोड ९७ लाख २ हजार सञ्चालकलाई निर्ब्याजी सापटी दिएका छन्। करदाताले बैङ्कबाट लिएको ऋण व्यावसायिक कार्यमा प्रयोग नगरी सञ्चालकलाई सापटी दिएकोले सोको ब्याज खर्च रू.६ करोड ३५ लाख १५ हजार अमान्य गरी रू.१ करोड ५८ लाख ८७ हजार कर असुल गर्न छानबिन हुनुपर्दछ।

१००. **लगानीको ब्याज -** आयकर ऐन, २०५८ को दफा ९(१) मा कुनै व्यक्तिले कुनै आय वर्षमा लगानीबाट गरेको मुनाफा र लाभहरू सो व्यक्तिको सो लगानीको सो वर्षको आय हुने उल्लेख छ । लगानी प्रयोजनका लागि लिएको ऋणको ब्याज खर्चसमेत लगानीको खर्चमा नै कट्टी लिनुपर्नेमा यस वर्ष मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय बालाजुलगायत ८ कार्यालयका २६ करदाताले सो विपरीत व्यवसायको आय गणना गर्दा खर्च कट्टी लिएको देखिएकोले उक्त लगानी रू.५ अर्ब ३१ करोड ९० हजार बराबरको ऋणको ब्याज खर्च रू.५८ करोड ४१ लाख ९ हजार अमान्य

गरी सोमा लाग्ने कर रू.११ करोड ५३ लाख ७१ हजार र शुल्क एवं ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ । यस सम्बन्धी प्रमुख व्यहोरा निम्नानुसार छन्:

१००.१ मध्यमस्तरीय करदाता कार्यालयअन्तर्गतका एक करदाताले २०७६।७७ र २०७७।७८ मा ३ सहायक कम्पनीमा रू.४० करोड ४२ लाख लगानी गरेकोमा लगानीबाट आर्जित आयलाई आयकर ऐन, २०५८ को दफा ९(२) अनुसार प्राप्त लाभसहित सोही ऐनको दफा ९(१) अनुसार लगानीको आयमा गणना गरी आय विवरण पेस गरेको छैन। व्यवसाय सञ्चालनको लागि बैङ्कबाट ऋण लिई सोको ब्याज खर्च रू.४१ करोड ३७ लाख ३२ हजार दाबी गरेको छ । यसरी अन्यत्र गरेको लगानीको लागि भुक्तानी गरेको ब्याज खर्च व्यवसायमा प्रयोग भएको नदेखिएकोले करदाताले ऋणमा भुक्तानी गरेको औसत ब्याजदर ९.१ प्रतिशतले हुने रू.३ करोड ६६ लाख ७९ हजार ब्याज खर्च अमान्य गरी नोक्सानी समायोजन गर्नुपर्दछ।

१००.२ आन्तरिक राजस्व कार्यालय, बालाजुअन्तर्गत दर्ता रहेको एक इन्भेष्टमेन्ट कम्पनीको २०७७।७८ मा औसत ऋण रू.५ करोड ६९ लाख ८९ हजार रहेकोमा यस वर्षको ब्याज खर्च रू.३८ लाख ८३ हजार दाबी गरी आय विवरण पेस गरेको छ। करदाताले पेस गरेको वित्तीय विवरणमा लोन एण्ड एडभान्स अन्तर्गत सञ्चालकलाई यस वर्ष रू.२२ करोड ७६ लाख १८ हजार पेश्की दिएको छ। करदाताले विना प्रतिफल आफू सम्बद्ध सञ्चालकलाई दिएको पेश्की रू.२२ करोड ७६ लाख १८ हजारमा सामान्य ब्याजदर १५ प्रतिशतका दरले हुन आउने रू.३ करोड ४१ लाख ४३ हजारलाई आयमा समावेश गरी २५ प्रतिशतका दरले हुने कर रू.८५ लाख ३६ हजारमा शुल्क तथा ब्याज समेत असुल गर्न छानबिन गर्नुपर्दछ।

१०१. **ब्याजको पुँजीकरण** - आयकर ऐन, २०५८ को दफा १४ अनुसार व्यवसायमा प्रयोग भएको ऋणमा तिरेको ब्याज खर्च दाबी गर्न पाउने व्यवस्था छ। निर्माणाधीन सम्पत्तिमा प्रयोग भएको ऋणको ब्याज सम्बन्धित सम्पत्तिमा पुँजीकरण नगरी खर्च दाबी लिएकोले आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतली, महाराजगञ्जसमेत १५ कार्यालयका ३३ करदाताको रू.४६ करोड ४ हजार अमान्य गरी सोमा लाग्ने कर रू.११ करोड १३ लाख ४० हजार शुल्क एवं ब्याज सहित असुली हुनुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१०१.१ आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीको होटल व्यवसाय गर्ने एक करदाताको निर्माणाधीन अवस्थामा रू.१७ करोड ८९ लाख ८ हजारको भवन रहेको देखिन्छ। करदाताले उक्त स्थिर सम्पत्ति निर्माणमा खर्च भएको ऋणको ब्याज पुँजीकरण नगरी खर्च कट्टी लिएको छ। निर्माणाधीन सम्पत्तिमा प्रयोग भएको ऋणको ब्याज खर्च रू.२ करोड २६ लाख ६ हजार अमान्य गर्न छानबिन गर्नुपर्दछ।

१०१.२ आन्तरिक राजस्व कार्यालय, महाराजगञ्ज अन्तर्गतका एक करदाताले बैङ्कबाट ऋण लिई रू.५७ करोड ५९ लाख १९ को जग्गा खरिद गरेको छ । करदाताले बैङ्कबाट लिएको ऋण व्यावसायिक कार्यमा उपयोग नगरी जग्गा खरिदमा प्रयोग गरेकोले ब्याज खर्च रू.२ करोड ६५ लाख ८९ हजार अमान्य गरी नोक्सानी समायोजन गर्न छानबिन हुनुपर्दछ।

१०२. **भुक्तानीमा कर कट्टी** - आयकर ऐन, २०५८ दफा ८७, ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टी सम्बन्धी व्यवस्था छ । ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय, भक्तपुरसमेत ४२

कार्यालयका २७३ करदाताले सेवा शुल्क, कमिशन, भाडा, ढुवानी खर्च लगायतमा रू.६ अर्ब ६३ करोड ३७ लाख ५५ हजार भुक्तानी गर्दा भुक्तानीमा कर कट्टी गरी दाखिला गरेको नदेखिएकोले सोमा लाग्ने कर रू.४६ करोड ६ लाख ९६ हजार र शुल्क तथा ब्याजसमेत असुल हुनुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१०२.१ ठूला करदाता कार्यालय अन्तर्गतको एक मेडिकल कलेजले शिक्षण अस्पतालमा स्वास्थ्य सेवा प्रदान गरे बापत परामर्श सेवामा रू.६ करोड ८९ लाख ७ हजार खर्च लेखेको छ। सो शुल्क भुक्तानी पाउने चिकित्सकहरूको नाम नामेसी सहितको विवरण खुलासा गरेको छैन। चिकित्सकलाई नियमित पारिश्रमिकका अतिरिक्त प्राप्त गरेको सेवा शुल्क समेतलाई आयमा समावेश गरी कर निर्धारण गर्नुपर्नेमा सो गरेको पाइएन। परामर्श सेवा शुल्क भुक्तानीमा १५ प्रतिशत कर कट्टा गरेको उल्लेख भएको तर सो रकमलाई पारिश्रमिक आयमा समावेश गरी कर गणना गरेको नदेखिएकोले २०७४।७५ को पारिश्रमिक आयको माथिल्लो दरको सीमा ३५ प्रतिशतमा २० प्रतिशत कर छुट हुन गएकोले रू.१ करोड ३७ लाख ८१ हजार र सोमा लाग्ने शुल्क तथा ब्याज समेत असुल गर्न छानबिन हुनुपर्दछ ।

१०२.२ आन्तरिक राजस्व कार्यालय, भक्तपुरअन्तर्गत एक अस्पतालले चिकित्सक तथा कर्मचारीको पारिश्रमिक, परामर्श शुल्क, बैठक भत्ता लगायतको भुक्तानीमा कर कट्टा नगरेको रू.३१ लाख, २ फर्मास्युटिकल्सले कमिशन तथा बोनस भुक्तानीमा रू.१९ लाख ५८ हजार र विविध वस्तु आयात निर्यातको कारोबार गर्ने एक करदाताले टार्गेट इन्सेन्टिभ भुक्तानीमा रू.२० लाख ३१ हजार समेत रू.७० लाख ८९ हजार कर कट्टा गरी दाखिला गरेको नदेखिएकोले शुल्क तथा ब्याज सहित असुल हुनुपर्दछ।

१०३. **नोक्सानी समायोजन** - आयकर ऐन, २०५८ को दफा २०(ख) मा कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनका लागि त्यस्तो व्यक्तिले कुनै व्यवसायबाट व्यहोर्नु परेको विगत सात वर्षको कट्टी हुन नपाएको नोक्सानी कट्टी गर्न पाउने व्यवस्था छ । यस वर्ष आन्तरिक राजस्व कार्यालय, बुटवल, जनकपुर, सिमरा लगायत २४ कार्यालयका ६३ करदाताको आय विवरणमा सात वर्षभन्दा पहिलेको नेक्सानी खर्चकट्टी दाबी गरेको विभिन्न खर्च अमान्य गरी रू.८७ करोड ९१ लाख ७७ हजार नोक्सानी समायोजन गर्न छानबिन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१०३.१ आन्तरिक राजस्व कार्यालय, बुटवलअन्तर्गत दर्ता भएको एक हाउजिङ कम्पनीले २०७७।७८ मा २०७०।७१ सम्मको नोक्सानी सार्न पाउनेमा सो भन्दा पूर्व अवधिको समेत नोक्सानी रू.३ करोड ४२ लाख ४२ हजार जिम्मेवारी सारेको पाइएकोले उक्त नोक्सानी कट्टी अमान्य गरी नोक्सानी समायोजन गर्न छानबिन गर्नुपर्दछ ।

१०३.२ आन्तरिक राजस्व कार्यालय, जनकपुरअन्तर्गत दर्ता रहेको एक करदाताले २०७३।७४ को आय विवरणमा रू.६३ करोड ४९ लाख ७६ हजार नोक्सानी देखाएकोमा २०७४।७५ मा सोही नोक्सानी जिम्मेवारी सार्नुपर्नेमा रू.१६ करोड ७ लाख ३७ हजार बढी नोक्सानी जिम्मेवारी सारेको छ । वास्तविक भन्दा बढी नोक्सानी जिम्मेवारी सारेको रू.१६ करोड ७ लाख ३७ हजार अमान्य गर्न छानबिन हुनुपर्दछ।

१०३.३ आन्तरिक राजस्व कार्यालय, सिमरा अन्तर्गतको एक ग्याँस कम्पनीले विगत सात आय वर्षको नोक्सानी कट्टी गर्न पाउनेमा ७ वर्ष अगाडिको नोक्सानी रू.६७ लाख ७ हजार र २०७३।७४ को नोक्सानी जिम्मेवारी

बढी सारेको रू.६४ लाख ५० हजार समेत रू.१ करोड ३२ लाख २९ हजार नोक्सानी कट्टी गर्न नपाउने हुँदा नोक्सानी समायोजन गर्न छानबिन हुनुपर्दछ ।

१०४. **सिमेन्ट उद्योगको नर्म्स -** सिमेन्ट उत्पादनमा प्रयोग हुने चुन, ढुङ्गा र अन्य कच्चा पदार्थको मिश्रणलाई भट्टीमा क्यालिसनेसन र सिल्टरिङको प्रक्रियाबाट बनेको क्लिङ्करलाई सिमेन्ट तयार गर्ने क्रममा ग्राइन्डिङ्ग मिलमा पिँध्दा सोको तौलमा ह्रास हुने स्थिति नरहेकोले प्रयोग भएको पदार्थको परिमाणको शत प्रतिशत नै सिमेन्ट उत्पादन हुने देखिन्छ । कर परीक्षण गरिएका फाइलको अध्ययन गर्दा नेपाल सरकारको स्वामित्वमा रहेका २ र निजी क्षेत्रका ३ समेत ५ सिमेन्ट उद्योगले क्लिङ्करको खपतबाट शतप्रतिशत परिमाणमा सिमेन्टको उत्पादन गरिरहेका छन्। तर केही उद्योगले प्राविधिक कारण बेगर घटी उत्पादन देखाइरहेका छन् । जसको कारणबाट ८ उद्योगको १२ आय वर्षको आयकर रू.१७ करोड २ लाख ८९ हजार, अन्तःशुल्क रू.१ करोड ४२ लाख ४० हजार र मूल्य अभिवृद्धि कर रू.११ करोड ३० लाख ८६ हजार समेत राजस्वमा रू.३० करोड १८ लाख २३ हजार असर परेको अवस्था देखिन्छ। यस सम्बन्धमा विगत वर्षका प्रतिवेदनमा समेत औँल्याइएकोमा सार्वजनिक लेखा समितिले निर्माण हुने तयारी वस्तु र जर्तिको मापदण्ड पुनरावलोकनका लागि उद्योग विभागमा पत्राचार गरी यस विषयमा ठूला करदाता कार्यालयलाई छानबिनका लागि निर्देशन दिएकोमा हालसम्म पनि सो मापदण्डको पुनरावलोकन र छानबिन प्रतिवेदन प्राप्त भएको देखिँदैन।

१०५. **सम्बद्ध कम्पनीमा कारोबार -** ठूला करदाता कार्यालयअन्तर्गतको एक अटोमोबाइल्स प्राइभेट लिमिटेडको वित्तीय विवरणअनुसार बैङ्क ऋण लिई सम्बद्ध पक्षलाई व्यवसायसँग असान्दर्भिक प्रयोजनका लागि प्रवाह गरेको छ । गत वर्षको अन्त्यमा क्याजुअल एडभान्स रू.४० करोड २ लाख ७६ हजार रहेकोमा यो वर्ष फिर्ता लिएको छ । आय आर्जन कार्यका लागि प्रयोग नभएको ऋणको ब्याजलाई अमान्य गर्नुपर्नेमा खर्च दाबी गरी अन्य आयमा ब्याज आम्दानी रू.३ करोड २३ लाख ७३ हजार देखाएको छ । आफ्नो नियन्त्रणमा रहेको ऋण रकम सम्बद्ध पक्षलाई लगानी गरेको छ । लगानीबाट आर्जित ब्याज आयलाई दफा ९(२) अनुसार ब्याजबाट प्राप्त लाभसहित दफा ९(१) अनुसार लगानीको आयमा गणना गर्नुपर्नेमा सो नगरी व्यवसायको कार्यमा प्रयोग नभएको ऋणको ब्याज खर्च दाबी गरी सम्बद्ध पक्षबाट प्राप्त ब्याजलाई व्यवसायकै आय सरह दफा ७ अनुसार आम्दानी देखाएको छ । सम्बद्ध पक्षबाट प्राप्त ब्याज आयलाई लगानी तर्फको आयमा समावेश नगरी व्यवसायको आयमा समावेश गर्दा खुद करयोग्य आय सिर्जना नभएको स्थितिमा सम्बद्ध पक्षबाट कर कट्टी गरेको रकमलाई आय विवरणको अनुसूची १० मा क्रेडिट दाबी गरी व्यवसायबाट सृजित कर दायित्वको भारबाट मुक्त भएको देखिन्छ। व्यवसायको करयोग्य आयमा लाग्ने करको दायित्व घटाएको कारण ब्याज आयमा कर कट्टीको समायोजन रू.४८ लाख ५५ हजार तथा २०७४।७५ देखि २०७७।७८ सम्म ब्याज आम्दानीमा लिएको रू.९९ लाख ५५ हजार कर मिलानसमेत अमान्य गरी सोमा लाग्ने शुल्क र ब्याजसमेत असुल गर्न छानबिन गर्नुपर्दछ।

१०६. **नक्कली बिल बीजक** - आयकर ऐन, २०५८ को दफा १३ अनुसार आय आर्जनसँग सम्बन्धित वास्तविक खर्च मात्र कट्टी पाउने व्यवस्था रहेको छ । यस सम्बन्धी प्रमुख व्यहोरा निम्नानुसार छन्:

१०६.१ ठूला करदाता कार्यालय, अन्तर्गत एक डिष्टिलरी उद्योगले २०७३।७४ को कारोबारको कार्यालयले छानबिन गरी बिक्री वितरण शीर्षकअन्तर्गत ३ आपूर्तिकर्ताबाट नक्कली बीजक मार्फत् खरिद गरेको ठहर गरी रू.१२ करोड ५९ हजारको शिशा खरिदमा लेखेको खर्च अमान्य गरेको छ । सो आधारमा

२०७२।७३ मा पनि उक्त ३ आपूर्तिकर्ताबाट रू.११ करोड ४५ लाख १६ हजार खरिद गरेको अवास्तविक पुष्टि हुन्छ। उक्त करदाता दर्ता मात्र रहेका तर वास्तविक रूपमा अस्तित्वमा रही कारोबार नगर्ने हुँदा सो अवास्तविक खर्चलाई दफा १३ अनुसार अमान्य गरी लाग्ने कर रू.३ करोड ४३ लाख ५४ हजार तथा नक्कली बीजकको प्रयोग गरी मूल्य अभिवृद्धि कर क्रेडिट लिएको रू.१ करोड ४८ लाख ८७ हजार अमान्य गरी सोमा लाग्ने शुल्क, ब्याज र जरिबानासमेत निर्धारण गर्न छानबिन गर्नुपर्दछ।

१०६.२ ठूला करदाता कार्यालयअन्तर्गत एक स्टिल्स कम्पनीले २०७४।७५ मा आन्तरिक राजस्व कार्यालय टंगाल अन्तर्गत रहेको एक इन्टरप्राइजेजबाट ५० कर बीजकमार्फत् रू.१ करोड ६६ लाख ६८ हजार र आन्तरिक राजस्व कार्यालय, भरतपुर अन्तर्गतको एक आपूर्तकबाट १२५ कर बीजक मार्फत् रू.३ करोड ६५ लाख ९ हजारको फलाम स्क्रयाप खरिद गरेको छ। उक्त बिक्री गर्ने दुवै करदाता नन् फाईलर रहेको र कार्यालयले उक्त दुवै करदाताबाट गरेको खरिद अवास्तविक रहेको भनी २०७६।७७ को खरिद अमान्य गरेको छ । करदाताको गत वर्ष कुल कच्चा पदार्थको ०.६५ प्रतिशत सहायक कच्चा पदार्थ रहेकोमा यो वर्ष ०.९१ प्रतिशत रहनु तथा कुल नाफा गत वर्ष १९.०७ प्रतिशतबाट यो वर्ष ११.४३ प्रतिशतमा झर्नुले पनि अवास्तविक प्रत्यक्ष खर्च समावेश रहेको र कार्यालयले उक्त करदाताको सम्बन्धमा २०७६।७७ मा अवास्तविक खरिद उल्लेख गरी अमान्य गरेको आधारमा करदाताको २०७४।७५ को उक्त खरिद रू.५ करोड ३१ लाख ७८ हजारको फलाम स्क्रयाप खरिद समेत अवास्तविक ठहर्ने देखिन्छ। फलाम स्क्रयापको खरिद यथार्थपरक नरहेको हुँदा खर्च कट्टी नदिई सोमा छुट हुन गएको कर रू.१ करोड ६ लाख ३५ हजार, अवास्तविक खरिदको मूल्य अभिवृद्धि कर रू.६९ लाख १३ हजार र सोमा लाग्ने शुल्क, ब्याज र जरिबानासमेत छानबिन गरी असुल हुनुपर्दछ।

१०७. **कर छुट सुविधा** - आयकर ऐन, २०५८ को दफा ११(३)(ग) अनुसार सञ्चालनमा रहेका उद्योगले कम्तीमा २५ प्रतिशत जडित क्षमता वृद्धि गरी रू.१ अर्ब रूपैया पुँजी पुऱ्याई पाँच सय भन्दा बढीलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी प्रदान गरेमा त्यसरी क्षमता वृद्धिबाट प्राप्त भएको आयमा पाँच वर्षसम्म पूर्ण रूपमा आयकर छुट हुने व्यवस्था छ । सो प्रावधानअनुसार उद्योगले वर्षैभरि कम्तीमा नेपाल सरकारले तोकेको न्यूनतम् ज्याला दिई रोजगारी प्रदान गरेको हुनुपर्दछ ।

ठूला करदाता कार्यालयअन्तर्गतको एक बेभरेज कम्पनीले काठमाडौंका अतिरिक्त हल्का पेय पदार्थ उत्पादन गर्नका लागि बर्दघाट सुस्ता पश्चिमको नवलपरासी जिल्लामा स्थापना गरेको युनिटबाट प्राप्त संशोधित कर योग्य आय २०७४।७५ मा रू.१६ करोड ६१ लाख ७९ हजार र २०७५।७६ मा रू.४८ करोड ९२ लाख ९१ हजारमा लाग्ने कर ऐनको प्रावधानअनुसार पूर्ण रूपमा छुट लिएको छ ।करदाताले नवलपरासी युनिटतर्फको आय र व्यय वित्तीय विवरणमा खुलासा नगरेको र कर्मचारी तथा कामदारको तलब ज्याला समेत प्रष्ट हुने विस्तृत विवरण खुलासा गरेको छैन । तलब र ज्याला शिर्षकमा नवलपरासी युनिट तर्फ २०७४।७५ मा रू.२ करोड ५२ लाख ८७ हजार र २०७५।७६ मा रू.४ करोड ५३ लाख खर्च भएको देखिन्छ । नेपाल सरकारले तोकेको न्यूनतम मासिक ज्याला दर २०७४।७५ मा रू.९,७००।- र २०७५।७६ मा रू.१३,४५० ।- को आधारमा ५०१ कर्मचारी तथा कामदारका लागि वार्षिक तलव र ज्याला २०७४।७५ मा रू.५ करोड ८३ लाख १६ हजार र २०७५।७६ मा रू.८ करोड ८ लाख ६१ हजार खर्च हुनुपर्ने देखिन्छ। कतिपय कर्मचारी र कामदारको क्षमता तथा कार्यका आधारमा न्यूनतम दरभन्दा बढी दरमा तलब र ज्याला भुक्तान हुने र सो आधारमा तलब तथा ज्यालामा अझ बढी खर्च हुने देखिन्छ। तलब तथा ज्याला खर्चका आधारमा

५०० भन्दा बढीलाई वर्षैभरि पूर्ण रूपमा रोजगारी दिएको पुष्टि हुने विश्वासनीय आधार नदेखिएकोले नवलपरासी युनिटबाट आर्जित करयोग्य आय २०७४।७५ मा रू.१६ करोड ६१ लाख ७० हजार र २०७५।७६ मा रू.६५ करोड ९० लाख ४८ हजार समेत रू.८२ करोड ५२ लाख २७ हजारमा छुट हुन गएको कर रू.१६ करोड ५० लाख ४५ हजार तथा शुल्क र ब्याजसमेत असुल गर्न छानबिन हुनुपर्ने देखिन्छ।

१०८. **संरचना निर्माणको मूल्य अभिवृद्धि कर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) अनुसार रू.५० लाख भन्दा बढीको भवन वा शपिङ कम्लेक्स वा विभागले तोकेका यस्तै प्रकारका अन्य संरचना मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताबाट निर्माण गराउनुपर्ने, सो नगरेमा सो मूल्य अभिवृद्धि कर सम्पत्तिको स्वामित्व कर्ताबाट असुल गर्ने व्यवस्था छ । कानूनी व्यवस्थालाई आन्तरिक राजस्व विभागको २०७०।७।३ को परिपत्रबाट समेत थप व्याख्या गरेको छ । आन्तरिक राजस्व कार्यालय भद्रपुर, नेपालगन्ज, पोखरा, भरतपुरसमेत ३० कार्यालयअन्तर्गतका ६६ करदातासँग यस वर्ष रू.२ अर्ब २७ करोड २१ लाखका निर्माणाधीन संरचना रहेको वित्तीय विवरणबाट देखिन्छ । उक्त रकममा १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रू.२९ करोड ५३ लाख ८५ हजार र सोमा नियमानुसार लाग्ने जरिबाना र ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ । यससम्बन्धी प्रमुख व्यहोरा निम्नानुसार छन्:

१०८.१ आन्तरिक राजस्व कार्यालय, भद्रपुरअन्तर्गतका १० करदाताले यस वर्ष रू.५६ करोड १९ लाख मूल्यका संरचना निर्माण गरेकोमा रू.५४ करोड ५३ लाख ३६ हजारको निर्माण कार्य मूल्य अभिवृद्धि करमा दर्ता भएका निर्माण व्यवसायीबाट गराएको नदेखिएकोले उक्त रकममा १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रू.७ करोड ८ लाख ९४ हजार र सोमा नियमानुसार लाग्ने जरिबाना र ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ ।

१०८.२ आन्तरिक राजस्व कार्यालय, नेपालगन्जअन्तर्गतका एक करदाताको वित्तीय विवरणअनुसार निर्माणाधीन भवनको मूल्य रू.८ करोड ५ लाख ६८ हजार रहेको छ। करदाता मूल्य अभिवृद्धि करमा दर्ता नभएको र उक्त निर्माण कार्य मूल्य अभिवृद्धि करमा दर्ता भएको करदातासँग गराएको खुलासा नगरेकोले छानबिन गरी छुट हुन गएको मूल्य अभिवृद्धि कर रू.१ करोड ४ लाख ७३ हजार ८९४ असुल हुनुपर्दछ ।

१०८.३ आन्तरिक राजस्व कार्यालय, भरतपुरअन्तर्गत ६ करदाताको स्थिर सम्पत्ति विवरणमा निर्माणाधीन भवन उल्लेख गरी रू.३० करोड १५ लाख ५७ हजार पुँजीकृत गरेको रकम मध्ये मूल्य अभिवृद्धि कर दर्तावालसँग खरिद नगरेको साथै रिभर्स मूल्य अभिवृद्धि कर समेत दाखिला गरेको नदेखिएकोले १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रू.३ करोड ९२ लाख २ हजार र सोमा लाग्ने शुल्क तथा ब्याजसमेत असुल गर्न छानबिन हुनुर्दछ।

१०८.४ आन्तरिक राजस्व कार्यालय, पोखरामा दर्ता रहेको रिसोर्ट सञ्चालन गर्ने १ करदाताले रू.२८ करोड ८३ लाख ४१ हजारको संरचना निर्माण भएकोमा करदाताले पेस गरेको प्रमाण कागजात तथा लेखापरीक्षण प्रतिवेदनमा समेत मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिबाट निर्माण कार्य गरेको नदेखिएकोले १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रू.३ करोड ७४ लाख ८४ हजार तथा सोमा लाग्ने शुल्क, ब्याजसमेत छानबिन गरी असुल हुनुपर्दछ ।

१०९. **मूल्य अभिवृद्धि कर क्रेडिट -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम करदाताले बिक्रीमा सङ्कलन गरेको करभन्दा खरिदमा तिरेको कर बढी भएमा करदाताले क्रेडिट सुविधा पाउने व्यवस्था छ। क्रेडिट

सुविधा लिएका करदाताको कारोबार परीक्षण गर्दा नपाउने क्रेडिट सुविधा लिएको देखिएकोले सो सुविधा अमान्य गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१०९.१ ठूला करदाता कार्यालयअन्तर्गत विभिन्न उत्पादनको वितरकको कारोबार गर्ने एक करदाताले विभिन्न सामग्री बिक्रेताबाट क्षतिपूर्तिबापत २०७४।७५ मा रू.५१ करोड ३४ लाख २३ हजार र २०७५।७६ मा रू.२३ करोड ३३ लाख ५ हजार दाबी गरी आयमा समावेश गरेको छ । मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३९क अनुसार उक्त सामान चोरी, दुर्घटना, टुटफुट, आगजनी आदि कारणबाट क्षति भएको पुष्टि हुने निवेदनसहितको प्रमाण कागजात खुलासा गरेको छैन । अतः २०७४।७५ र २०७५।७६ को कारोबारमा दाबी गरेको मूल्य अभिवृद्धि कर क्रेडिट रू.९ करोड ७० लाख ७४ हजार अमान्य गर्न छानबिन गरी असुल गर्नुपर्दछ ।

१०९.२ आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वरअन्तर्गत एक करदाताको व्यवसायको प्रकृतिअनुसार भिल्ला तयार गरी बिक्री गर्ने रहेको छ । यस आधारमा करदाताको व्यवसायको प्रकृति मूल्य अभिवृद्धि कर लाग्ने देखिँदैन । करदाताले बिक्रीमा कुनै मूल्य अभिवृद्धि कर सङ्कलन गरेको छैन । उक्त अवस्थामा खरिदमा तिरेको कर क्रेडिट समेत नपाउने हुँदा नियमित क्रेडिट देखाएको रू.८ करोड ९ लाख ८३ हजार शून्य गर्न छानबिन गर्नुपर्दछ ।

११०. **अन्तःशुल्क** - अन्तःशुल्क ऐन, २०५८ को दफा ३ सँग सम्बन्धित अनुसुचीअनुसार अन्तःशुल्क लाग्ने वस्तु वा सेवा उत्पादन गरी निष्काशन, पैठारी र सेवा बिक्री गर्दा तोकिएबमोजिम अन्तःशुल्क लाग्ने व्यवस्था छ। अनुसूचीको अन्तःशुल्क दरबन्दीको शीर्षक १८.०६ को उपशीर्षक १८०६.१०.०० (कोकोको धूलो, चिनी वा गुलियो पदार्थ हालेको खाद्य पदार्थ) मा मोलको ५ प्रतिशत अन्तःशुल्क लाग्ने व्यवस्था छ। ठूलाकरदाता कार्यालय अन्तर्गत एक बिस्कुट तथा चकलेट उत्पादकले कोको पाउडरको प्रयोग गरी उत्पादित विस्कुटमा अन्तःशुल्क तिरेको छैन। अन्तःशुल्क दरबन्दीको प्रावधानअनुसार अन्य उत्पादनमा समेत अन्तःशुल्क लाग्ने देखिएकोले अन्य उत्पादित वस्तुको बिक्री रू.९६ करोड ११ लाख ५२ हजारमा लाग्ने अन्तःशुल्क रू.४ करोड ८० लाख ५७ हजार र सोमा १३ प्रतिशतको दरमा लाग्ने मूल्य अभिवृद्धि कर रू.६२ लाख ४७ हजारसमेत रू.५ करोड ४३ लाख ४ हजार तथा सोमा लाग्ने शुल्क, ब्याज, थप दस्तुरसमेत छानबिन गरी असुल गर्नुपर्दछ।

१११. **जर्ती** - अन्तःशुल्क नियमावली, २०५९ को नियम २३ (क) मा वियर उत्पादन गर्ने उद्योगलाई तयारी वोतलवन्दी गर्दा फ्लोमिटरले देखाएको परिमाण भन्दा बोतलबन्दीपछि बोतल गणनाबाट देखाएको मौज्दात कमी भएमा सोमा बढीमा १.५ प्रतिशतसम्म र पाश्चराइजेसन, प्याकेजिङ तथा गोदाम भण्डारण गर्दा टुटफुट बियरको भौतिक परीक्षण गर्दा बढीमा २ प्रतिशतसम्म मिनाहा दिन सक्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, कावासोती अन्तर्गतका एक करदाताले फ्लोमिटर बिग्रेको अवस्थामा समेत पाश्चाराईजेशन र प्याकिङ्गमा २ प्रतिशत भन्दा बढी मिनाहा लिएकोले बियरतर्फ ३२ हजार १८६ लिटर र साईडरतर्फ ५ हजार ९८७ लिटरको बढी जर्ती दाबी गरेको रू.६८ लाख ६९ हजार अमान्य गरी सोमा लाग्ने शुल्क र ब्याजसहित छानबिन गरी असुल गर्नुपर्दछ ।

भन्सार विभाग

विभागले विदेशबाट पैठारी हुने मालवस्तुमा लाग्ने भन्सार, अन्तःशुल्क र मूल्य अभिवृद्धि कर सङ्कलन गर्ने, प्रतिबन्धित मालवस्तुको आयात निर्यातलाई नियन्त्रण गर्ने, वैध व्यापारलाई प्रोत्साहन गर्ने र अन्तर्राष्ट्रिय आधार अनुरूप व्यापार सहजीकरण गर्ने लगायतका कार्य गर्दै आएको छ। भन्सार विभाग र मातहतका कार्यालयको लागि यो वर्ष रू.२ अर्ब २० करोड ३ लाख बजेट व्यवस्था भएकोमा रू.१ अर्ब ३० करोड ८७ लाख ३३ हजार खर्च गरेको देखिन्छ । भन्सार विभागअन्तर्गत ३८ मुख्य भन्सार कार्यालय, एक भन्सार जाँचपास परीक्षण कार्यालय र १३३ छोटी भन्सार कार्यालय रहेका छन् ।

११२. **राजस्वको लक्ष्य प्रगति -** भन्सार विभागको राजस्वको लक्ष्य र प्रगतिको तुलनात्मक स्थिति देहायअनुसार छः

(रू.करोडमा)

विवरण	२०७६।७७ को असुली	२०७७।७८ को लक्ष्य	२०७७।७८ को असुली	चालु वर्षको लक्ष्यको तुलनामा असुली प्रतिशत	गत वर्षको तुलनामा राजस्व असुली प्रतिशत
भन्सार राजस्व	१३७९९	१९३५५	२०१३९	१०४.०५	१४५.९४
पैठारी मू.अ.कर	१३९३२	१९०१३	१६५४८	८७.०४	११८.७८
पैठारी अन्तःशुल्क	३५५९	५६५८	५२२०	९२.२५	१४६.६७
जम्मा	३१२९०	४४०२६	४१९०७	९५.१९	१३३.९३

यो वर्ष पैठारीमा आधारित राजस्वको लक्ष्य रू.४ खर्ब ४० अर्ब २६ करोड रहेकोमा रू.४ खर्ब ४३ अर्ब ३६ करोड (१००.६८ प्रतिशत) असुली भएको देखिन्छ । उक्त असुली अङ्कमा सडक निर्माण दस्तुर र सडक मर्मत तथा सुधार दस्तुर रू.२४ अर्ब २९ करोड समावेश भएको हुँदा सो बाहेक भन्सार महसुल, आयातमा आधारित अन्तःशुल्क र मूल्य अभिवृद्धि कर असुलीलाई मात्र समावेश गर्दा लक्ष्यको तुलनामा ९५.१९ प्रतिशत राजस्व असुली भएको छ ।

गत वर्षको तुलनामा यो वर्ष समग्रमा ३३.९३ प्रतिशत बढी भन्सार राजस्व असुली भएको छ। गत वर्ष कोभिड-१९ को विश्वव्यापी महामारीका कारण बन्दाबन्दी भएकोले पैठारी कम भएको र यो वर्ष महामारीको असर क्रमशः सुधार भएको हुँदा तुलनात्मक रूपमा भन्सार राजस्व असुलीमा सुधार आएको देखिए तापनि यो वर्षको असुली लक्ष्यको तुलनामा घटी रहेको छ।

११३. **भन्सार सुधार तथा आधुनिकीकरण रणनीति** - भन्सार विभागको कार्यक्षेत्र अन्तर्गतका कार्यक्रमलाई लक्ष्य उन्मुख बनाउन भन्सार सुधार तथा आधुनिकीकरण पाँचौ कार्य योजना, (२०७४-२०७८) कार्यान्वयन भएको छ। उक्त कार्ययोजनामा व्यापार सहजीकरण, सदाचार र सुशासन प्रवर्द्धन, भन्सार स्वचालन र तथ्याङ्क भण्डारणको व्यवस्थापन, जनशक्ति व्यवस्थापन र क्षमता विकास, पूर्वाधार निर्माण तथा भौतिक सुविधा वृद्धि, यात्रु जाँचपासमा सुधार, वास्तविक रूपमा लाग्ने राजस्व सङ्कलन, सुदृढ अनुपालन व्यवस्थापन, विकसित जोखिम व्यवस्थापन, समाजको संरक्षण, सुरक्षा र प्रत्याभूति र समन्वयात्मक सीमा व्यवस्थापन, जस्ता महत्वपूर्ण रणनीति रहेका छन् ।

पाँचौ कार्य योजनाको अवधिमा आसिकुडा वर्ल्ड नामक कम्प्युटर प्रणाली लागू गरी स्वचालित रूपमा भन्सार प्रणाली विकास गर्ने प्रयास भइरहेको छ । त्यसैगरी ४ भन्सार कार्यालयका भवन,

वीरगन्ज र विराटनगरमा एकीकृत जाँच चौकी भवन निर्माण गरेको छ। तर भन्सार व्यवस्थापन प्रणालीका अन्तर्राष्ट्रिय स्वीकृत मापदण्डहरू र असल अभ्यासहरू कार्यान्वयन गर्ने, आधुनिक सूचना प्रविधिको प्रयोग गर्ने, संगठन संरचनालाई चुस्त बनाउने, व्यापार सहजीकरण, चोरी पैठारी नियन्त्रण र राजस्व जोखिम न्यूनीकरण गर्ने, एकीकृत भन्सार जाँचपास प्रणालीलाई व्यवस्थित गरी अवैध ओसारपसार नियन्त्रण गर्ने र निगरानी एवं नियन्त्रण संयन्त्र प्रभावकारी बनाई अनुमान योग्य र भरपर्दो भन्सार प्रणाली विकास गर्ने कार्य पूरा हुन सकेको छैन। भन्सार व्यवस्थापन प्रणालीको माध्यमबाट व्यापार लागत घटाउने र उत्कृष्ट सेवा प्रवाह गर्ने कार्यमा भन्सार सुधार तथा आधुनिकीकरण योजनाको सञ्चालनबाट परेको प्रभाव सम्बन्धमा समेत अध्ययन भएको छैन। राजस्व भुक्तानी प्रणालीलाई बैंकिङ्ग प्रणालीसँग आवद्ध गर्ने काम पूर्णरूपमा लागू भएको छैन। रणनीतिले तय गरेका ११ क्षेत्रमा भए गरेका प्रगति तथा सुधारका क्षेत्र सम्बन्धमा विश्लेषण गरी आगामी दिनमा भन्सार सुधार तथा आधुनिकीकरणको लागि नयाँ कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

११४. **भन्सार कोष खाता** - समयमा राजस्व रकम सञ्चित कोषमा दाखिला गर्न, सङ्कलित भन्सार महसुल फिर्ता दिनसमेत सहज बनाई लेखा व्यवस्थित बनाउन भन्सार कार्यालयमा भन्सार कोष खाता सञ्चालनमा रहेका छन्। देशभरका कुल ३८ भन्सार कार्यालय मध्ये ७ भन्सार कार्यालयले भन्सार कोषको हिसाब महालेखा नियन्त्रक कार्यालयमा प्रस्तुत गरेका छन्। अन्य ३१ भन्सार कार्यालयको आर्थिक विवरणअनुसार यो वर्ष रू.१ खर्ब ७६ अर्ब ५५ करोड ९६ लाखमात्र प्राप्त गरेको देखिन्छ। अन्य भन्सार कार्यालयले भन्सार कोषको हिसाब पेस गरेका छैनन्। यो वर्ष रू.४ खर्ब ४३ अर्ब ३६ करोड राजस्व प्राप्त भएकोमा सञ्चित कोषमा दाखिलाको प्रक्रिया फरक फरक रहेको छ। भन्सार विभागले भन्सार कोषको एकीकृत केन्द्रीय आर्थिक विवरण तयार गरेको छैन। भन्सार कोषबाट हुने कारोबारको मासिक हिसाबमिलान विवरण तयार गरी हिसाब दुरुस्त भएको सुनिश्चित गर्न गराउनुपर्ने र भन्सार कोष खाताको आवश्यकताका सम्बन्धमा पुनरावलोकन हुनुपर्दछ।

भन्सार कार्यालयहरू

११५. **भटमासको दाना** - सुक्खा बन्दरगाह र मेची भन्सार कार्यालयबाट एक पैठारीकर्ताले भटमास दाना पैठारी गर्दा आर्थिक ऐन, २०७७ को दफा १४ को ३ (भ) बमोजिम भटमासको दानाबाट प्रशोधित तेल तथा पिना उत्पादन गर्ने उद्योगले उपशीर्षक १२०१९० मा पर्ने भटमासको गेडा पैठारी गर्दा लाग्ने महसुलमा ५० प्रतिशत छुटको सुविधा दिएर जाँचपास गरेको देखिन्छ। आर्थिक ऐन, २०७७ को १४ को ३(म) मा दाना तथा पशुपन्छी उद्योगले पैठारी गर्ने उपशीर्षक २३०४०० मा पर्ने भटमासको पिनामा मात्र आंशिक महसुल छुट दिएको छ। विभिन्न पैठारीकर्ताले विविध प्रकारका दाना उत्पादन गर्ने उद्योगका रूपमा दर्ता भएको देखिन्छ। पैठारीकर्ताहरूले दुई भन्सार कार्यालयमार्फत् भारतबाट पैठारी गरेको भटमासको दानालाई भन्सार उपशीर्षक १२०१९० मा लाग्ने कृषि सुधार शुल्क ९ प्रतिशत असुल गरी जाँचपास गरेको देखिएकोले घटी असुल भएको भन्सार महसुल रू.८२ लाख ११ हजार असुल गर्नुपर्दछ।

११६. **ओनियन पेलेट** - सुक्खा बन्दरगाह र वीरगन्ज भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले ओनियन पेलेट पैठारी गरेकोमा उक्त मालवस्तु भन्सार उपशीर्षक १९०२१९ (अन्य पकाइएका वा नपकाइएका वा अन्य किसिमबाट तयार पारिएका पास्ताका परिकारहरू) बाट ४० प्रतिशत भन्सार महसुल, प्रतिकेजी रू.१७ का दरले अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक

१९०४२० (भुटेको अन्नको पाप्रा वा भुटेको वा नभुटेको अन्नका मिश्रण वा फुलाएको खाद्यान्नबाट उपलब्ध तयारी वस्तुहरू) बाट १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर मात्र लगाई जाँचपास गरेको देखिन्छ। भन्सार विभागले २०७६।८।२४ मा उक्त वस्तुलाई भन्सार उपशीर्षक १९०२१९ बाट जाँचपास गर्नुपर्ने स्पष्ट पारेको अवस्थामा समेत फरक उपशीर्षक लगाई जाँचपास गर्दा घटी भएको महसुल समेत रू.७३ लाख १३ हजार असुल गर्नुपर्दछ।

११७. **प्राउन क्रेकर -** सुक्खा बन्दरगाह र वीरगन्ज भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले प्राउन क्रेकर पैठारी गरेकोमा भन्सार उपशीर्षक १९०५९०८१ (फ्राई नगरिएका कुरमुरे, चटपटे प्रकृतिका अन्य क्रिस्प साभेरी खाद्य उत्पादनहरू) बाट ३० प्रतिशत भन्सार महसुल, प्रतिकेजी रू.१७ का दरले हुने अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लिई जाँचपास गर्नुपर्नेमा १९०४१०९९ लगायत विभिन्न अन्य उपशीर्षकबाट न्यून भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गरेको देखिन्छ। यसरी फरक उपशीर्षक लगाई जाँचपास गर्दा घटी भएको भन्सार महसुल, अन्तःशुल्क र मूल्य अभिवृद्धि करसमेत रू.४२ लाख ५३ हजार असुल गर्नुपर्दछ ।

११८. **मेन बोर्ड** - सुक्खा बन्दरगाह र वीरगन्ज भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले मेन बोर्ड पैठारी गरेकोमा उक्त मेन बोर्ड टेलिभिजन सिग्नल रिसिभर सेटअप बक्स पार्टपुर्जा भएकाले भन्सार उपशीर्षक ८५२९९०१० (टेलिभिजन रिसिभरका पाटपूर्जाहरू) बाट १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लिइ जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ८५३४०० (छापिएका परिपथहरू) बाट मूल्य अभिवृद्धि करमात्र लिई जाँचपास गर्दा छुट भएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि करसमेत रू.१ करोड ८० लाख ६ हजार असुल गर्नुपर्दछ।

११९. **स्टोरेज डिभाइस -** सुक्खा बन्दरगाह, वीरगन्ज र त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले विभिन्न प्रकारका स्टोरेज डिभाइस पैठारी गरेकोमा पैठारी भएका डाटा स्टोरेज डिभाइसहरूको ब्राण्ड, मोडल, स्पेसिफिकेसन, युजर म्यानुअल र त्यस्ता डिभाइसहरूको अन्तर्राष्ट्रिय भन्सार जाँचपासको अभ्यास समेत अध्ययन र परीक्षण गर्दा ती डाटा स्टोरेज डिभाइस भएकाले भन्सार उपशीर्षक ८४७१७०९० (अन्य सञ्चय एकाइ) बाट ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा ८४७१५०१० (कम्प्युटर सर्भर तथा नेटवर्क सर्भर), ८५२३८०१० (सफ्टवेयरहरू) लगायतका भन्सार उपशीर्षकबाट मूल्य अभिवृद्धि करमात्र लगाई जाँचपास गरेको छ। यसरी फरक उपशीर्षकबाट जाँचपास गर्दा छुट भएको अन्तःशुल्क तथा मूल्य अभिवृद्धि करसमेत रू.२ करोड ९० लाख ४१ हजार असुल गर्नुपर्दछ।

१२०. **काठको काम गर्ने मेसिन -** विराटनगर, भैरहवा र मेची भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले काठ सम्बन्धी कार्यको लागि प्रयोग हुने औजार तथा मेसिनहरू पैठारी गर्दा भन्सार उपशीर्षक ८४६५ मा काठ(उड), कर्क, हाड (बोन), कडा रबर, कडा प्लास्टिक वा यस्तै कडा पदार्थको काम गर्न निमित्तका यान्त्रिक औजारहरू (मेसिन-टुल्स) (किला ठोक्ने (नेलिङ्ग), मसिनो तारको सिलाई (स्टेपलिङ्ग), सरेसले टाँस्ने (ग्लूइङ्ग) वा अन्य किसिमबाट संयोजन गर्ने (अदरवाइज एसेम्बलिङ्ग) कामका यन्त्रहरूसमेत) सो भन्सार शीर्षकअन्तर्गत भन्सार उपशीर्षक ८४६५९२ मा पर्ने रण्डा गर्ने वा समतल गर्ने (प्लेनिङ्ग), मिलिङ्ग वा मोल्डिङ्ग (कटिङ्ग गरेर) मेसिनहरूमा मात्र मूल्य अभिवृद्धि कर छुट हुने र सो बाहेकका अन्य सबै मेसिनमा ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गरी जाँचपास गर्नुपर्नेमा भन्सार

उपशीर्षक ८४६५९२ बाट मूल्य अभिवृद्धि कर मात्र लिई जाँचपास गरी छुट हुन गएको भन्सार महसुल र त्यसको मूल्य अभिवृद्धि करसमेत रू.८३ लाख ८३ हजार असुल गर्नुपर्दछ।

१२१. **डेकोरेटिभ लेमिनेट्स सीट** - वीरगन्ज, भैरहवा र विराटनगर भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले डेकोरेटिभ सीट पैठारी गर्दा भन्सार उपशीर्षक ३९२१९०१०० (मुद्रण गरिएका प्लास्टिकका अन्य प्लेटहरू, सिटहरू) बाट २० प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ३९२०४९९० (भिनाइल क्लोराइड पोलिमरको अन्य) बाट १५ प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लिई जाँचपास गर्दा छुट भएको भन्सार महसुल, अन्तःशुल्क र मूल्य अभिवृद्धि करसमेत रू.६२ लाख ७० हजार असुल गर्नुपर्दछ।

१२२. **माछा** - वीरगन्ज, भैरहवा, मेची र भद्रपुर भन्सार कार्यालयबाट पैठारीकर्ताले रहु, पाङ्गस लगायत जातका ताजा माछा पैठारी गर्दा भन्सार उपशीर्षक ०३०२५९ (अन्य) बाट ९ प्रतिशत कृषि सुधार शुल्क र ५ प्रतिशत अग्रिम आयकर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ०३०२१९, ०३०२४९, ०३०२३९ लगायत बाट ५ प्रतिशत कृषि सुधार शुल्क र ५ प्रतिशत अग्रिम आयकर मात्र लगाई जाँचपास गरेको छ । यो वर्ष तीन भन्सार कार्यालयले ३८९ प्रज्ञापनपत्रबाट रू.२१ करोड ८९ लाख ६६ हजार मूल्यका सोही जातका माछा उपशीर्षक ०३०२५९ बमोजिमकै ९ प्रतिशत कृषि सुधार शुल्क र अग्रिम आयकर असुल गरी जाँचपास गरेको देखिन्छ। यसरी फरक उपशीर्षक लगाई जाँचपास गर्दा घटी भएको कृषि सुधार शुल्क रू.२ करोड १९ लाख ९९ हजार असुल गर्नुपर्दछ।

१२३. **पानीपुरी** - मेची, भद्रपुर, विराटनगर र वीरगन्ज भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले पानीपुरी पैठारी गरेकोमा भन्सार उपशीर्षक १९०५९०८१ (फ्राइ नगरिएका क्रिप्स सेभरी खाद्य उत्पादनहरू) बाट ३० प्रतिशत भन्सार महसुल, प्रति केजी रू.१७ अन्तःशुल्क र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा फरक भन्सार उपशीर्षकबाट ४० प्रतिशत भन्सार महसुल र १३ प्रतिशत मूल्य अभिवृद्धि करमात्र लगाई जाँचपास गरेको छ। यस सम्बन्धमा भन्सार विभागले २०७५।१०।२२ मा उक्त सामानलाई भन्सार उपशीर्षक १९०५९०८१ बाट जाँचपास गर्नुपर्ने गरी वर्गीकरण समेत गरेको छ। अतः भन्सार उपशीर्षक १९०५९०९० (अन्य) बाट ४० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्दा घटी भएको अन्तःशुल्क र सोको मूल्य अभिवृद्धि करसमेत रू.६२ लाख ५५ हजार असुल गर्नुपर्दछ।

१२४. **कंक्रिट मिक्सचर लहरी** - मेची र वीरगन्ज भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले पैठारी गरेको कंक्रिट मिक्चर लहरीको उत्पादन कम्पनीको क्याटलग तथा वीजकसमेत परीक्षण गर्दा चेसिस नम्बर तथा इन्जिन नम्बरसहितको मिक्सचर लहरी भएको सामान भएकोले सो सामानलाई भन्सार उपशीर्षक नं ८७०५४० (कंक्रिट मिक्सचर लहरी) बाट जाँचपास गरी १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा भन्सार उपशीर्षक ८४७४३१ (कंक्रिट वा मोटर मिक्चर्स) बाट जाँचपास गर्दा घटी असुल भएको भन्सार महसुल र मूल्य अभिवृद्धि करसमेत रू.३५ लाख ६० हजार असुल गर्नुपर्दछ।

१२५. **एक्रेलिक बेस इमल्सन** - मेची, नेपालगन्ज र वीरगन्ज भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले गरेको बोन्डेक्स ५२९५, एक्रोसोल, भिसिक्रिल ७६५०, रिभोसिस लगायतका एक्रेलिक बेस इमल्सनलाई भन्सार उपशीर्षक ३२०९१०१० (एक्रेलिक इमल्सन) बाट जाँचपास गरी ३० प्रतिशत भन्सार महसुल, ७

प्रतिशत अन्तःशुल्क, र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा भन्सार उपशीर्षक ३९०९५० (पोलियुरेथिन्स), ३९०६९० (प्राथमिक रूपका एक्रेलिक पोलिमर) बाट १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि करमात्र लिई जाँचपास गर्दा घटी असुल भएको भन्सार महसुल, अन्तःशुल्क र मूल्य अभिवृद्धि करसमेत रू.१ करोड २७ लाख ८२ हजार असुल गर्नुपर्दछ।

१२६. **सडक निर्माण दस्तुर** - आर्थिक ऐन, २०७७ को अनुसूची -३ मा उल्लिखित सवारी तथा ढुवानीका साधन पैठारी हुँदाका बखत भन्सार विन्दुमा तोकिएको दरमा सडक निर्माण दस्तुर लिई जाँचपास गर्नुपर्ने व्यवस्था भएकोमा सुक्खा बन्दरगाह भन्सार कार्यालय, वीरगन्ज भन्सार कार्यालय, मेची भन्सार कार्यालय, विराटनगर भन्सार कार्यालय र जलेश्वर भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले विद्युतवाट चल्ने तीन पाँग्रे सवारीसाधन पैठारी गर्दा उक्त साधनलाई आर्थिक ऐन, २०७७ बमोजिम प्रति सवारी रू.१३ हजार र आर्थिक ऐन २०७८ बमोजिम प्रति सवारी रू.१० हजार सडक निर्माण दस्तुर नलिइ जाँचपास गर्दा छुट भएको सडक निर्माण दस्तुर रू.२ करोड ९८ लाख २७ हजार असुल गर्नुपर्दछ।

१२७. **टिटानियम डाइ-अक्साइड रुटाइल** - सुक्खा बन्दरगाह र वीरगन्ज भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले पैठारी गरेको टिटानियम डाइ-अक्साइड रुटाइललाई भन्सार उपशीर्षक ३२०६११ (सुक्खा पदार्थमा (ड्राइ म्याटर) मा गणना गरिँदा तौलको हिसाबले टिटानियम डाइ-अक्साइडबाट भन्सार महसुल १५ प्रतिशत र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक २८२३०० (टिटानियम अक्साइडहरू) बाट जाँचपास गरेको छ । भन्सार महसुल दरबन्दीको परिच्छेद- ६ को द्रष्टव्य २ ले ३००६ मा वर्गीकरण गर्न सकिने खालका सामानहरू परिमित वा मापित मात्रामा राखिनाको कारणले वा खुद्रा बिक्रीमा राखिनाको कारणले ती शीर्षकहरूमा नै वर्गीकरण गरि अनुसूचीका अन्य कुनै शीर्षकमा वर्गीकरण नगरिने उल्लेख छ । यसरी फरक भन्सार उपशीर्षकबाट जाँचपास गर्दा हुँदा छुट हुन गएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि करसमेत रू.१ करोड ४५ लाख ४१ हजार असुल गर्नुपर्दछ।

१२८. **पेस्ता** - तातोपानी, सुक्खा बन्दरगाह र वीरगन्ज भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले पेस्ता पैठारी गरेकोमा उक्त मालवस्तु भन्सार उपशीर्षक २००८१९९० (भुटेको वा भुटेर नुन राखिएको पेस्ता) बाट १५ प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्ने आर्थिक ऐन, २०७७ मा उल्लेख भएकोमा यो वर्ष आसिकुडा प्रणालीमा नै अन्तःशुल्क छुटाई जाँचपास गरेको छ । आर्थिक ऐनले पेस्तामा अन्तःशुल्क लाग्ने व्यवस्था गरेकोमा अन्तःशुल्क नलिई जाँचपास गरेकोले घटी भएको अन्तःशुल्क र सोको मूल्य अभिवृद्धि करसमेत रू.२ करोड ४ लाख ९८ हजार असुल गर्नुपर्दछ।

१२९. **नेटवर्किङ सम्बन्धी उपकरण** - सुक्खा बन्दरगाह र वीरगन्ज भन्सार कार्यालयबाट पैठारीकर्ताले पैठारी गरेको नेटवर्किङ सम्बन्धी उपकरण वा गूड्सलाई भन्सार उपशीर्षक ८५३६५०० (अन्य स्वीचहरू) बाट १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ८५१७६२३० (राउटर) बाट जाँचपास गर्दा छुट भएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि करसमेत रू.१ करोड १३ लाख ७ हजार असुल गर्नुपर्दछ।

१३०. **पोलिकार्बोनेट शीट** - सुक्खा बन्दरगाह र भैरहवा भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले पैठारी गरेका पिसी शीटलाई भन्सार उपशीर्षक ३९२५९०१० (रुफिङ्ग शीट वा रुफिङ्ग टायल) बाट जाँचपास गरी ३० प्रतिशत भन्सार र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा ३९१८९०१०, ३९२०९९९० लगायतका

भन्सार उपशीर्षकबाट न्यून महसुल लगाई जाँचपास गर्दा घटी असुल भएको भन्सार महसुल र मूल्य अभिवृद्धि करसमेत रू.६५ लाख २७ हजार असुल गर्नुपर्दछ।

१३१. **इन्टरेक्टिभ फ्ल्याट प्यानल** - त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, विराटनगर र कैलाली भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले इन्टरेक्टिभ फ्ल्याट प्यानल पैठारी गरेकोमा उल्लिखित सामानको ब्राण्ड मोडल तथा स्पेसिफिकेसन तथा वेबसाइट परीक्षण गर्दा उक्त सामान सबै किसिमका कार्य गर्ने मोनिटर भएकाले उल्लिखित सामान भन्सार उपशीर्षक ८५२८५९ (अन्य मनिटर) बाट भन्सार महसुल ३० प्रतिशत र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ९०१७२० (अन्य खिच्ने, चिनो लगाउने र गणितीय हिसाब गर्ने औजारहरू) बाट ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि करमात्र लगाई जाँचपास गरेको तथा ८५२८७२९ लगायतका अन्य शीर्षकबाट धरौटीमा जाँचपास गरेको देखियो। फरक भन्सार उपशीर्षकबाट जाँचपास गरेकोले छुट हुन गएको महसुल तथा धरौटीमा राखेको महसुलसमेत रू.८४ लाख ७४ हजार राजस्व दाखिला गर्नुपर्दछ।

१३२. **चिलर** - वीरगन्ज र भैरहवा भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले पैठारी गरेको चिलरलाई भन्सार उपशीर्षक ८४१८६९१० (चिलर) बाट जाँचपास गरी १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा भन्सार उपशीर्षक ८४१९८९०० (अन्य) तथा अन्य शीर्षकबाट जाँचपास गर्दा घटी असुल भएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि कर समेत रू.६६ लाख ६५ हजार असुल गर्नुपर्दछ।

१३३. **पिभिसी श्रृङ्ख फिल्म** - वीरगन्ज र भैरहवा भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले पिभिसी श्रृङ्ख फिल्मलाई भन्सार उपशीर्षक ३९२६९०९९ (अन्य प्लाष्टिकका सामान) बाट ३० प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा फरक भन्सार उपशीर्षक ३९२०४९९०० बाट जाँचपास गर्दा छुट भएको भन्सार महसुल, अन्तःशुल्क र सोको मूल्य अभिवृद्धि करसमेत रू.३० लाख ६० हजार असुल गर्नुपर्दछ।

१३४. **पेट्रोलियम कोक** - आर्थिक ऐन, २०७७ को भन्सार ऐनसँग सम्बन्धित अनुसूची-१ को दफा ७ मा सोही ऐनको दफा १९ मा उल्लिखित नेपाल सरकारको संवेदनशील सूचीमा परेका मालवस्तुहरू र दफा २० मा उल्लिखित मालवस्तुहरू बाहेक सार्क मुलुकमा उत्पादित मालवस्तुहरू सोही मुलुकमा प्रतीतपत्र खोली सोही मुलुकबाट जारी भएका बिल बीजकसहित सोही मुलुकबाटै साफ्टा सम्झौताबमोजिम साफ्टा उत्पत्तिको प्रमाणपत्रसहित पैठारी भएमा भन्सार महसुल दरमा आंशिक छुट दिई भन्सार महसुल असुल गरिने उल्लेख छ। यो वर्ष विभिन्न उद्योगले भन्सार उपशीर्षक २७१३११ बाट पेट्रोलियम कोक पैठारी गरेकोमा पैठारीकर्तालाई साफ्टा सुविधा दिएर जाँचपास गरेको देखिन्छ। साफ्टाको नियम ८(II) बमोजिम नन् ओरिजिन मेटेरियल ६० प्रतिशतभन्दा बढी प्रयोग भएको अवस्थामा रुल अफ ओरिजिन प्रिन्सीपल बमोजिम उत्पत्तिको प्रमाण पत्र जारी गर्न नमिल्ने अवस्था छ। सोहीबमोजिम वीरगन्ज र भैरहवा भन्सार कार्यालयले भारतीय पेट्रोलियम करपोरेसनले पायोनीयर नेपाललाई १० जुलाई २०१५ मा नै साफ्टा सर्टिफिकेट दिन नसकिने उल्लेख गरेकोमा सोही कम्पनीलाई साफ्टा सुविधा दिई जाँचपास गर्दा न्यून असुल भएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि करसमेत रू.६२ लाख ५५ हजार असुल गर्नुपर्दछ।

१३५. **सिडी सफ्टवेयर -** त्रिभुवन विमानस्थल, सुक्खा बन्दरगाह, वीरगन्ज र भैरहवा भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले सफ्टवेयर सिडी पैठारी गरेकोमा उक्त मालवस्तु भन्सार उपशीर्षक ८५२३४९ (डिस्कहरू, टेपहरू, सुगठित अवस्थाका वाष्पीकरण नहुने सोलिड टेष्ट नन्-भोलाटाइल सञ्चय उपकरणहरू अन्य) बाट ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लिई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ८५२३८०१० (सफ्टवेयरहरू) बाट मूल्य अभिवृद्धि कर मात्र असुल गरी जाँचपास गरेका छन्। आर्थिक ऐन, २०७७ को अनुसूची-१ सँग सम्बन्धित दफा १४ को ३(ढ) मा हार्डवेयरमा पहिले नै लोड भइ आएका प्रिलोलेड वा इनविल्ट सफ्टवेयर पैठारी हुँदा जुन हार्डवेयरमा लोड भई आएको हो सोही हार्डवेयरमै वर्गीकरण गरी महसुल लिइने र सफ्टवेयरको छुट्टै वर्गीकरण गर्नु नपर्ने उल्लेख गरेको अवस्थामा समेत फरक भन्सार उपशीर्षक तथा सोही शीर्षकबाट धरौटीमा जाँचपास गरेकोले छुट भएको राजस्व असुल गरी धरौटीमा रहेको रकमसमेत रू.५ करोड ४४ लाख ५० हजार राजस्व दाखिला गर्नुपर्दछ।

१३६. **वाशिङ मेसिन -** भैरहवा, नेपालगंज र कैलाली भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले पैठारी गरेको वाशिङ मेसिनको विल वीजक, प्रोडक्ट म्यानुअल, स्पेशिफिकेशन परीक्षण तथा पैठारीकर्ताको व्यापारको प्रकृति अध्ययन गर्दा पैठारी गरिएका वाशिङ मेसिनहरू घरायसी तथा धोबीखानामा प्रयोग हुने किसिमका वाशिङ मेसिन भएको देखियो । घरायसी तथा धोबी खानामा प्रयोग हुने गैरऔद्योगिक वाशिङ मेसिन जाँचपास गर्दा भन्सार उपशीर्षक ८४५०१९ (घरायसी वा धोबीखानामा प्रयोगहुने अन्य वाशिङ मेसिनहरू) र ८४५०२० (प्रत्येक सुख्खा कपडा क्षमता ड्राइ लिनेन क्यापासिटी १० केजी भन्दा बढी क्षमता भएका यन्त्रहरू) बाट जाँचपास गरी ३० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा भन्सार उपशीर्षक ८४५१४० (टेक्सटायल उद्योगले कोरा कपडा तथा कच्चा धागो ब्लिचिङ गर्न प्रयोग हुने इण्डष्ट्रियल वाशिङ मेसिनबाट जाँचपास गरी ४ प्रतिशत भन्सार महसुलमात्र असुल गरेको छ। यसरी फरक भन्सार उपशीर्षक लगाई जाँचपास गरेको कारण छुट हुन गएको महसुल र मूल्य अभिवृद्धि कर समेत रू.१ करोड २५ लाख ७८ हजार असुल गर्नुपर्दछ।

१३७. **आरबीडी पाल्म स्टेरिन** - सुक्खा बन्दरगाह र विराटनगर भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले पैठारी गरेका आरबीडी पाल्म स्टेरिनलाई भन्सार उपशीर्षक १५११९० (रासायनिक परिवर्तन नगरेको, प्रशोधन गरेको वा नगरेको ताड (खजूर) को तेल र तैलांश अन्य) बाट १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गरी जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ३८२३१९ (औद्योगिक मोनोकार्बोक्लिसिक स्नेहीय अम्ल फ्याटी एसिड अन्य) बाट जाँचपास गर्दा छुट भएको भन्सार महसुल तथा सोको मूल्यअभिवृद्धि कर समेत रू.६८ लाख ७८ हजार असुल गर्नुपर्दछ।

१३८. **थेराप्युटिक फूड** - वीरगन्ज र मेची भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले थेराप्युटिक फूड पैठारी गर्दा भन्सार उपशीर्षक २१०६९०९९ (अन्यत्र नपरेको खाद्य पदार्थ अन्य) बाट ३० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ०४०२२९१० (बच्चाहरूलाई खानाको रूपमा खुवाउन मिल्ने दूध) बाट जाँचपास गर्दा छुट हुन गएको महसुल रू.६२ लाख ८९ हजार असुल गर्नुपर्दछ।

१३९. **एक्सबीआर ल्याटेक्स** - वीरगन्ज र विराटनगर भन्सार कार्यालयबाट एक्सबिआर ल्याटेक्स पैठारी गरेकोमा भन्सार उपशीर्षक ३९०३१९ (प्राथमिक रूपका, स्टाइरिनका पोलिमरहरू अन्य) बाट १० प्रतिशत

भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा ४००२११(लेटेक्स) भन्सार उपशीर्षकबाट जाँचपास गर्दा छुट भएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि करसमेत रू.७८ लाख ५० हजार असुल गर्नुपर्दछ।

१४०. **सिलिकन सिलेन्ट** - सुक्खा बन्दरगाह तथा विराटनगर भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले पैठारी गरेको सिलिकन सिलेन्टलाई भन्सार उपशीर्षक ३२१४१० (काचनकर्ताको पोटीन, रोपण वा कलम बाँध्ने पोटीन पुट्टी, रेजिन सिमेन्टहरू, सन्धिबन्धक यौगिकहरू) बाट १० प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा ३५०६१० (अन्यत्र समावेश नगरिएका तयारी सरेशहरू र अन्य तयारी टाँसिने पदार्थहरू) भन्सार उपशीर्षकबाट जाँचपास गरेको हुँदा छुट हुन गएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि कर समेत रू.४२ लाख १६ हजार असुल गर्नुपर्दछ।

१४१. **ट्रयाक्टरमा मूल्य अभिवृद्धि कर छुट** - वीरगन्ज र मेची भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले एग्रीकल्चर ट्रयाक्टर-२४२ लगायतका ट्रयाक्टर पैठारी गरेकोमा उल्लिखित ट्रयाक्टरको उत्पादक कम्पनीको आधिकारिक स्पेसिफिकेसनमा उक्त मोडलको ट्रयाक्टर २५ एचपी इन्जिन पावर वा सोभन्दा बढी पावरको हुने र सो इन्जिन पावर १८ किलोबाट भन्दा बढी हुने भएकाले पैठारी भएको ट्रयाक्टरलाई भन्सार उपशीर्षक ८७०१२० (सेमीटेलरको लागी सडकमा गुड्ने ट्रयाक्टर) बाट भन्सार जाँचपास गरी ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाउनु पर्नेमा भन्सार उपशीर्षक ८७०११०९० (अन्य) बाट जाँचपास गरी ५ प्रतिशत भन्सार महसुल मात्र असुल गरेकोले छुट हुन गएको मूल्य अभिवृद्धि कर रू.५३ लाख ४ हजार असुल गर्नुपर्दछ।

१४२. **स्ट्राटाग्रिड/जियोग्रिड** - वीरगन्ज तथा विराटनगर भन्सार कार्यालयबाट पैठारी गरेको स्ट्राटाग्रिड/ जियोग्रिडलाई भन्सार उपशीर्षक ३९२६९०९९ (प्लास्टिकका अन्य सामग्रीहरू अन्य) बाट जाँचपास गरी ३० प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा भन्सार उपशीर्षक ५६०८९०, ५९११९० लगायतका फरक भन्सार उपशीर्षक जाँचपास गरेको छ। यस सम्बन्धमा भन्सार विभागले २०७४।३।८ जियोग्रिडलाई भन्सार उपशीर्षक ३९२६९०९० बाट र आर्थिक ऐन, २०७७ अनुसार भन्सार उपशीर्षक ३९२६९०९९ बाट जाँचपास गर्नुपर्ने गरी वर्गीकरण गरेको देखिन्छ। फरक भन्सार उपशीर्षकबाट जाँचपास गर्दा घटी असुल भएको राजस्व रू.६६ लाख ७७ हजार असुल गर्नुपर्दछ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय

१४३. **ल्याब रिएजेन्ट्स** - ड्याग्नोस्टिक तथा लेवोरेटरी, रिएजेन्ट्सका सामग्रीहरू पैठारी गर्दा भन्सार उपशिर्षक ३८२२ (प्रयोगशाला, लेवोरेटरी, रिएजेन्ट्सका सामग्रीहरू) बाट जाँचपास गरी ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नु पर्नेमा त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले उक्त रिएजेन्टसलाई भन्सार उपशीर्षक ३००२९०१० (ड्याग्नोस्टिक किट्स) बाट जाँचपास गरी ५ प्रतिशत भन्सार महसुल मात्र असुल गरेको छ। यसरी फरक भन्सार उपशीर्षकबाट जाँचपास गरेको कारण छुट हुन गएको महसुल रू.१ करोड ६१ लाख ७८ हजार असुल गर्नुपर्दछ ।

१४४. **क्यूभेट -** क्यूभेट (प्रयोगशालामा नमूना सङ्कलन तथा सञ्चय गर्ने भाँडो) पैठारी गर्दा भन्सार उपशिर्षक ३९२६९०३० (प्लाष्टिकका प्रयोगशालाका सामानहरू) बाट जाँचपास गरी ३० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नु पर्नेमा कार्यालयबाट उक्त वस्तुलाई भन्सार उपशीर्षक ९०२६ (तरल वा ग्यास पदार्थको प्रवाह परीक्षण गर्ने औजार) बाट जाँचपास गरी ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर मात्र असुल गरेको छ। यसरी फरक भन्सार उपशिर्षकबाट जाँचपास गरेको कारण छुट हुन गएको महसुल र मूल्य अभिवृद्धि करसमेत रू.५४ लाख ४० हजार असुल गर्नुपर्दछ ।

१४५. **फिल्टर टिप -** प्लाष्टिकका सामग्रीहरू माइक्रो टिप, फिल्टर टिपलगायतका वस्तुहरू पैठारी गर्दा भन्सार उपशिर्षक ३९२६९०३० (प्लाष्टिकका प्रयोगशालाका सामानहरू) बाट जाँचपास गरी ३० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा कार्यालयले भन्सार उपशीर्षक ९०.१८ (औषधोपचार शल्यचिकित्साका उपकरणहरू) बाट जाँचपास गरी ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर मात्र असुल गरेको छ ।यसरी फरक भन्सार उपशिर्षकबाट जाँचपास गरेको कारण छुट हुन गएको महसुल र मूल्य अभिवृद्धि करसमेत रू.४९ लाख ११ हजार असुल गर्नुपर्दछ।

सुक्खा बन्दरगाह भन्सार कार्यालय

१४६. **फाइबर डिस्ट्रिव्युसन बक्स** - आर्थिक ऐन, २०७८ को दफा २ मा विदेशबाट नेपालभित्र पैठारी हुने सामानमा अनुसूची-१ बमोजिम भन्सार महसुल लगाउनुपर्ने, दफा ५ मा नेपालभित्र पैठारी भएका मालवस्तुमा अन्तःशुल्क ऐन, २०५८ बमोजिम अन्तःशुल्क असुल गर्नुपर्ने र दफा ६ मा मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम मूल्य अभिवृद्धि कर लगाई असुल गर्नुपर्ने उल्लेख छ। सुक्खा बन्दरगाह भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले पैठारी गरेको फाइबर डिस्ट्रिव्युसन बक्सलाई भन्सार उपशीर्षक ८५१७७० (टेलिफोन सेटहरू, सेलुलर सञ्जालहरू वा अन्य तारविहीन सञ्जालहरूका लागि प्रयोग हुने टेलिफोनहरू समेत; ध्वनि, छवि वा अन्य आँकडा प्रसारण वा संग्रहण निमित्तका उपकरणहरू, तारसहित वा तार‌रहित सञ्जाल) बाट जाँचपास गरी १० प्रतिशत भन्सार र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा ८५३८९० (बोर्ड, प्यानेल, कन्सोल, डेस्क लगायत अन्य) भन्सार उपशीर्षकबाट जाँचपास गर्दा घटी असुल भएको रू.२० लाख ९५ हजार असुल गर्नुपर्दछ।

१४७. **मिक्स चीज पाउडर -** कार्यालयबाट एक पैठारीकर्ताले पैठारी गरेको मिक्स चीज पाउडरलाई भन्सार उपशीर्षक २१०३९०९० (मिश्रित मसला र मिश्रित मरमसला, अन्य) बाट २० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ०४०६९० (अन्य चीज) बाट १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्दा छुट भएको ५ प्रतिशत भन्सार महसुल र सोको मूल्य अभिवृद्धि करसमेत रू.२६ लाख ११ हजार असुल गर्नुपर्दछ ।

१४८. **एन्टी फ्रिज आयल** - एक पैठारीकर्ताले पैठारी गरेको एन्टी फ्रिज आयललाई भन्सार उपशीर्षक २७१०१९९९ बाट ३० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ३८२००० बाट जाँचपास गरी १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर मात्र असुल गरी जाँचपास गरेको छ। सोही पैठारीकर्ताले एक प्रज्ञापनपत्रबाट रू.१ करोड ९२ हजार मूल्यको सोही आयललाई भन्सार उपशीर्षक २७१०१९९९ बाट धरौटीमा जाँचपास गरेको समेत

देखिएकोले छुट हुन गएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि कर समेत रू.४५ लाख २ हजार असुल गर्नुपर्दछ।

१४९. **मेटल स्ट्रिप क्वाइल** - विभिन्न पैठारीकर्ताले पैठारी गरेको मेटल स्ट्रिप क्वाइललाई भन्सार उपशीर्षक ७२१२३० (अन्य किसिमले जस्ता (जिङ्क) को जलप वा लेपन गरिएको स्पातहरू) बाट जाँचपास गरी ३० प्रतिशत भन्सार र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा फरक भन्सार उपशीर्षकबाट जाँचपास गरेको छ। भन्सार कार्यालयले सोही मालवस्तु विभिन्न ३१ प्रज्ञापनपत्रबाट पैठारी भएका रू.४ करोड ५२ लाख ३८ हजार मूल्यका सामानलाई ३० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गरी जाँचपास गरेको छ। पैठारी भएको सामान एउटै प्रकृतिको भएको, सोको भन्सार मूल्यमा समेत एकरूपता रहेको र आर्थिक ऐन, २०७७ को १४ (३ द) मा समेत पूर्वनिर्मित भवन निर्माण गर्न आवश्यक पर्ने मालवस्तु उत्पादन गर्न दर्ता भएका उद्योगले त्यस्ता भवन निर्माण गर्न आवश्यक पर्ने मालवस्तु उत्पादन गर्न पैठारी गर्ने ७२१० र ७२१२ अन्तर्गतका ३० प्रतिशत भन्सार महसुल लाग्ने स्टिल क्वाइलमा २० प्रतिशतमात्र भन्सार महसुल लाग्ने उल्लेख गरेको छ। एउटै सामानलाई फरक भन्सार उपशीर्षक जाँचपास गर्दा घटी असुल भएको राजस्वसमेत रू.१ करोड ८ लाख ४२ हजार असुल गर्नुपर्दछ।

१५०. **प्याचकर्ड** - विभिन्न पैठारीकर्ताले प्याचकर्ड पैठारी गरेकोमा भन्सार उपशीर्षक ८५३६७० (चाक्षुषीय तन्तुहरू अप्टिकल फाइबर्स निमित्तका संयोजकहरू) बाट १५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा ८५१७६२, ८५३८१० लगायत भन्सार उपशीर्षकबाट जाँचपास गरेको छ। कार्यालयले रू.८ करोड ७७ लाख ३० हजार मूल्यको सोही सामानलाई १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गरेको छ। फरक उपशीर्षक लगाई जाँचपास गर्दा घटी भएको तथा धरौटीमा जाँचपास गरेको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि करसमेत रू.२ करोड ६ लाख ४० हजार असुल गर्नुपर्दछ।

१५१. **दूध** - विभिन्न पैठारीकर्ताले दूध पैठारी गरेकोमा भन्सार उपशीर्षक ०४०२९१ (चिनी वा अन्य गुलियो पदार्थ नहालिएको दूध वा तर) बाट जाँचपास गरी भन्सार महसुल ४० प्रतिशत २.५ प्रतिशत अग्रिम कर र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा ०४०११० (दुध र तर, गाढा नपारिएको, चिनी वा अन्य गुलियो पदार्थ नहालिएको) भन्सार उपशीर्षकबाट जाँचपास गर्दा छुट भएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि करसमेत रू.२६ लाख ८७ हजार असुल गर्नुपर्दछ।

१५२. **क्रसर बकेट** - विभिन्न पैठारीकर्ताले पैठारी गरेको क्रसर बकेटलाई भन्सार उपशीर्षक ८४७४९० (पार्टपुर्जाहरू) बाट जाँचपास गरी ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा मूल्य अभिवृद्धि कर छुट भएकाले उक्त कर रू.३९ लाख ३ हजार असुल गर्नुपर्दछ।

वीरगन्ज भन्सार कार्यालय

१५३. **रोड मार्किङ्ग मेटेरियल** - कार्यालयबाट विभिन्न पैठारीकर्ताले थर्मोप्लास्टिक रोड मार्किङ मेटेरियलहरू पैठारी गरेकोमा भन्सार उपशीर्षक ३२१००१० (थर्मोप्लास्टिक रोड मार्किङ मेटेरियल) बाट ३० प्रतिशत भन्सार महसुल, ७ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ३९१११० (पेट्रोलियम रेजिन्स, कोमारोन, इन्डेन वा कोमोरोन इन्डेन रेजिन्स र पोलिटर्पेन्स) बाट १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लिई जाँचपास गरेको देखियो । फरक भन्सार

उपशीर्षकबाट न्यून महसुल लगाई जाँचपास गर्दा छुट भएको भन्सार महसुल तथा मूल्य अभिवृद्धि करसमेत रू.५० लाख २ हजार असुल गर्नुपर्दछ।

१५४. **एयर कन्डिसन**- आर्थिक ऐन, २०७७ को दफा २ मा विदेशबाट नेपालभित्र पैठारी हुने मालसामानमा अनुसूची-१ बमोजिम भन्सार महशुल र दफा ६ मा मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम मूल्य अभिवृद्धि कर लगाई असुल गर्नुपर्ने उल्लेख छ। आर्थिक ऐन, २०७७ को दफा १५(२त) मा विद्युत विकास विभाग वा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सिफारिसमा जलविद्युत उत्पादन, प्रसारण, वितरण, सञ्चालन वा सम्भारको लागि आवश्यक पर्ने निर्माण उपकरणहरू, मेसिनरी औंजारहरू र सोको सम्बन्धित पार्टपूर्जा तथा त्यस्ता उपकरणहरू निर्माण गर्न आवश्यक पर्ने कच्चा पदार्थमा मात्र १ प्रतिशत भन्सार महसुल लाग्ने उल्लेख छ। नेपाल विद्युत प्राधिकरणले रू.२ करोड ९४ लाख ९० हजार मुल्यको एयर कन्डिसनलाई भन्सार उपशीर्षक ८५१५१० बाट विद्युत विकास विभागको सिफारिसमा १ प्रतिशत भन्सार महसुल मात्र असुल गरी जाँचपास गरेको छ। उक्त सामान जलविद्युत उत्पादन, प्रसारण, वितरण, सञ्चालन वा सम्भारको लागि आवश्यक पर्ने निर्माण उपकरणहरू, मेसिनरी औंजारहरू र सो सँग सम्बन्धित पार्टपुर्जा तथा त्यस्ता उपकरणहरू निर्माण गर्न आवश्यक पर्ने कच्चा पदार्थ नभएकोले उक्त सामान लाई भन्सार छुट दिन मिल्ने नदेखिएकोले छुट भएको भन्सार महसुल रू.८५ लाख ५२ हजार र मूल्य अभिवृद्धि कर रू.४९ लाख ८४ हजारसमेत रू.१ करोड ३५ लाख ३६ हजार असुल गर्नुपर्दछ।

१५५. **ट्रान्सफर्मर आयल** - कार्यालयबाट नेपाल विद्युत प्राधिकरणले ट्रान्सफर्मर आयल पैठारी गरेकोमा भन्सार उपशीर्षक २७१०१९९२ (ट्रान्सफर्मर आयल) बाट ३० प्रतिशत भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ८५०४९ (विद्युत ट्रान्सफर्मरका पार्टपुर्जाहरू) बाट ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि करमात्र लगाइ जाँचपास गरेको देखियो । यसरी फरक भन्सार उपशीर्षकबाट जाँचपास गर्दा छुट हुन गएको महसुल रू.३१ लाख ४० हजार र सोको मूल्य अभिवृद्धि कर रू.४ लाख ८ हजारसमेत रू.३५ लाख ४८ हजार असुल गर्नुपर्दछ।

१५६. **वेट कन्क्रिट स्प्रेइङ र पम्प मेसिन** - कार्यालयबाट पैठारी गरेको वेट कन्क्रिट स्प्रेयिङ मेसिनला भन्सार उपशीर्षक ८७०५९०९० (मूलतः व्यक्ति वा वस्तुको यातायातको लागि वनाइएका बाहेकका खास उद्देश्यका मोटर गाडीहरू जस्तै स्प्रेइङ लहरीहरू, घुम्ती वर्कशप अन्य) बाट र पैठारी भएका कंक्रिट पम्पलाई भन्सार उपशीर्षक ८४१३४० (कंक्रिट पम्पहरू) बाट जाँचपास गरी १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा फरक भन्सार उपशीर्षकबाट जाँचपास गर्दा घटी असुल भएको रकम रू.५७ लाख ६१ हजार असुल गर्नुपर्दछ।

१५७. **सालको काठ** - कार्यालयबाट विभिन्न पैठारीकर्ताले सालको काठ पैठारी गरेकोमा उक्त मालवस्तु भन्सार उपशीर्षक ४४१८६० (सिकर्मीका घरमा जडान गर्ने काठका समानहरू, काठका सेलुलर प्यानेलहरू, पोष्टहरू र निदाल, विमहरू) बाट १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा ४४०७९९ (लम्बाइमा चिरेको वा काटेको, ताछेको वा वोक्रा हटाएको रण्डा लगाएको वा नलगाएको काठ) भन्सार उपशीर्षकबाट न्यून महसुल लगाई जाँचपास गरेको छ। केही प्रज्ञापन पत्रमा भन्सार कार्यालयले सोही भन्सार उपशीर्षकबाट १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि करसमेत असुल गरी जाँचपास गरेको देखिन्छ। फरक उपशीर्षक लगाई जाँचपास गर्दा घटी भएको भन्सार महसुल रू.१ करोड ५ लाख ७७ हजार असुल गर्नुपर्दछ।

१५८. **प्याराफिन लिक्विड** - कार्यालयबाट विभिन्न पैठारीकर्ताले पैठारी गरेको प्याराफिन लिक्विडलाई भन्सार उपशीर्षक २७१०१९९९ (अन्य) बाट ३० प्रतिशत भन्सार महसुल र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक २९०११०११ (रेफ्रिजेरेन्टमा प्रयोग हुने ९५ प्रतिशत वा सो भन्दा बढी शुद्धता भएको व्युटेन) बाट १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लिई जाँचपास गर्दा छुट भएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि करसमेत रू.४७ लाख ५८ हजार असुल गर्नुपर्दछ ।

१५९. **खाद्य परिपूरक आहार** - कार्यालयबाट एक पैठारीकर्ताले इन्सियुर भेनिला, पेडिसियुर चकलेट पैठारी गरेकोमा उक्त वस्तुहरू खाद्य परिपूरक आहार भएको, पैठारी भएको समान ४०० ग्राम ५०० ग्राम तथा १ किलोग्रामको प्याकेटमा पैठारी हुने र प्रोटिनको मात्रा बढी भएको खाद्य पदार्थ भएको देखिन्छ। सो सामानलाई कार्यालयले भन्सार उपशीर्षक २१०६९०९१ (खाद्य परिपूरक आहारहरू) बाट जाँचपास गरी २० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा सोही शीर्षकमा १५ प्रतिशत भन्सार महसुलमात्र दाखिला गरी बाँकी ५ प्रतिशत रकम धरौटीमा राखी जाँचपास गरेको देखियो। पैठारी भएको सामान भन्सार उपशीर्षक २१०६९०९१ बाट जाँचपास गर्नुपर्ने देखिएकोले छुट भएको राजस्व रू.४५ लाख ३१ हजार असुल गर्नुपर्दछ।

१६०. **बी प्रोटिन सीएफ/डी प्रोटिन सीएफ** - कार्यालयबाट विभिन्न पैठारीकर्ताले पैठारी गरेको बी प्रोटिन सीएफ/डी प्रोटिन सीएफलाई भन्सार उपशीर्षक २१०६९०९९ (अन्य खाद्य परिपूरक आहारहरू) बाट ३० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लिई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक २१०६१० (प्रोटिनको सार र टेक्चर्ड प्रोटिन पदार्थ) बाट जाँचपास गरेको देखिन्छ। यस सम्बन्धमा भन्सार विभागले २०७६।५।६ मा उक्त सामानलाई भन्सार उपशीर्षक २१०६९०९० बाट जाँचपास गर्नुपर्ने गरी वर्गीकरण गरेको छ। फरक भन्सार उपशिर्षकबाट जाँचपास गर्दा छुट भएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि करसमेत रू.३१ लाख २९ हजार असुल गर्नुपर्दछ।

१६१. **स्वास्थ्य जोखिम कर** - आर्थिक ऐन, २०७७ को दफा ७ मा विदेशबाट पैठारी हुने र स्वदेशमा उत्पादित खाने सुर्तीमा प्रति किलोग्राम चालीस रूपैयाँका दरले पैठारीका बखत भन्सार विन्दुमा असुल गरिने उल्लेख भएको छ। आर्थिक ऐन, २०७८ पश्चात् भन्सार उपशीर्षक २४०१२० बाट २ पैठारीकर्ताले पैठारी गरेको १० लाख ७ हजार ७८० किलो अप्रशोधित सुर्ती पैठारी गरेकोमा स्वास्थ्य जोखिम कर सहित सबै राजस्व धरौटीमा राखी जाँचपास गरेको देखिन्छ। भन्सार कार्यालयले आर्थिक वर्षको अन्त्यमा सो सुर्तीमा लाग्ने भन्सार महसुल रू.८ करोड ९० लाख ४१ हजार, अन्तःशुल्क बापत रू.११ करोड ८९ लाख १८ हजार तथा मूल्य अभिवृद्धि कर रू.८ करोड ४९ लाख ११ हजार सदरस्याहा गरेको देखिन्छ। स्वास्थ्य जोखिम करबापतको रू.४ करोड ३ लाख ११ हजार धरौटी खातामा मौज्दात रहेको देखिन्छ। उक्त स्वास्थ्य जोखिम कर रकम सदरस्याहा नगरेको सम्बन्धमा यकिन गरी धरौटी खाता हिसाबमिलान गर्नुपर्ने देखिन्छ।

१६२. **आयोजनाको लागि पैठारी भएका गाडी** - आर्थिक ऐन, २०७७ को अनुसूची १ दफा २(१) सँग सम्बन्धित दफा १३ मा बैङ्क जमानतमा पैठारी भएका सवारीसाधन, यन्त्र उपकरण एवं अन्य मालवस्तुहरू कार्य समाप्त भएपछि नेपालभित्र कसैलाई उपहार दिई वा बिक्री गरी वा आफैंले प्रयोग गर्ने गरी महसुल बुझाइसकेको अवस्थामा बाहेक त्रुटि सच्याउने अवधि समाप्त भएको मितिले ३ महिनाभित्र फिर्ता लगिसक्नु

पर्ने अन्यथा जफत गरिने व्यवस्था छ। तोकिएको समयावधि भित्र फिर्ता नलगेका वा महसुल नबुझाएका सवारी वा ढुवानीका साधन जफत गरी अस्थायी पैठारी गर्दा राखेको बैङ्क जमानतबाट लाग्ने महसुल बराबरको रकम समेत राजस्वमा आम्दानी बाँधिने उल्लेख छ। एसियाली विकास बैंङ्कको सहयोगमा नेपाल सरकार र नेपाल विद्युत प्राधिकरणको लगानीमा मर्स्याङ्दी-काठमाडौं २२० केभी प्रसारण लाइन आयोजनाको निर्माणकार्य गर्ने एक निर्माण व्यवसायीले सो आयोजना निर्माण गर्नका लागि अर्थ मन्त्रालयबाट स्वीकृत मास्टर लिस्टअनुसारका सवारीसाधन पछि फिर्ता लैजाने शर्तमा बैङ्क ग्यारेन्टी जमानतमा आयात गरेको देखिन्छ। अत: उक्त निर्माण व्यवसायीसँग नेपाल विद्युत प्राधिकरणले मिति २०७६।१।३ मा ठेक्का अन्त्य गरेको देखिन्छ। उक्त निर्माण व्यवसायीले आयात गरेको रू.८८ लाख ५७ हजार मूल्य भएका गाडीहरूको महसुल बापत राखेको बैंङ्क जमानत रू.२ करोड ७१ लाख ७३ हजार राजस्व दाखिला गर्नुपर्दछ।

भैरहवा भन्सार कार्यालय

१६३. **भिटामिन -** भन्सार महसुल दरबन्दीको भाग ३० मा पर्ने भिटामिन बाहेकका औषधि पैठारी गर्दा भन्सार महसुल १५ प्रतिशतको सट्टामा ५ प्रतिशतमात्र असुल गरी जाँचपास गर्न सक्ने उल्लेख छ। भैरहवा भन्सार कार्यालयले भिटामिन ए, डि, र ई सप्लिमेन्टको रूपमा प्रयोग हुने भिटासेप्ट इन्जेक्सन, फोलिक एशिड (भिटामिन बि नाइन तथा भिटामिन बि टुवेल) जस्ता भिटामिनहरूको जाँचपास गर्दासमेत औषधि पैठारीमा हुने भन्सार सुविधामा जाँचपास गरेको हुँदा उक्त छुट सुविधा भिटामिन पैठारीमा दिन नमिल्ने हुँदा छुट हुन गएको भन्सार महसुल रू.१ करोड ९ लाख ३० हजार असुल गर्नुपर्दछ।

१६४. **बेस आयल -** कार्यालयबाट बेस आयल पैठारी गर्दा भन्सार उपशीर्षक २७१०१९६० (बेस आयल) बाट जाँचपास गरी ३० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा लुब्रिकेटिङ र ग्रीज उत्पादन गर्ने उद्देश्यले दर्ता भएको उद्योगले मात्र पाउने सुविधा अन्तर्गत १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि करमात्र असुल गरेकोमा सोअनुसारको उद्देश्य भएको उद्योगको प्रमाण प्रज्ञापनपत्रका साथ पेस नगरेको हुँदा छुट हुन गएको भन्सार महसुल र मूल्य अभिवृद्धि करसमेत रू.१ करोड १ लाख १९ हजार असुल गर्नुपर्दछ। ।

१६५. **प्लाष्टिक सिट** - निश्चित आकारमा काटिएका तथा आकार उल्लेख गरिएका प्लाष्टिक सिट पैठारी गर्दा भन्सार उपशीर्षक ३९२६९०९९ (प्लाष्टिकका अन्य सामानहरू) बाट जाँचपास गरी ३० प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्त:शुल्क र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा भन्सार उपशिर्षक ३९२०५१९०, ३९२०४९९० लगायतबाट जाँचपास गरेकोले घटी असुल हुन गएको भन्सार महसुल, अन्त:शुल्क र सोको मूल्य अभिवृद्धि करसमेत रू.१ करोड १२ लाख ३४ हजार असुल गर्नुपर्दछ।

१६६. **जियोस्ट्राप** - विभिन्न पैठारीकर्ताले जियोस्ट्राप पैठारी गर्दा भन्सार उपशीर्षक ३९२६९०९९ (प्लाष्टिकका अन्य सामानहरू) बाट जाँचपास गरी ३० प्रतिशत भन्सार महसुल ५ प्रतिशत अन्तशुल्क र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा भन्सार उपशिर्षक ३९२०१०१० (प्रिन्टेड इथाइलिन पोलिमर) बाट जाँचपास गरेको कारण छुट हुन गएको भन्सार महसुल, अन्तशुल्क र सोको मूल्य अभिवृद्धि करसमेत रू.८९ लाख ४५ हजार असुल गर्नुपर्दछ।

१६७. **मेज ग्रुट्स** - विभिन्न पैठारीकर्ताले मेज गुड्स पैठारी गर्दा भन्सार उपशीर्षक ११०३१३० (अन्न कुटेको पिठो) बाट जाँचपास गरी ९ प्रतिशत कृषि सुधार शुल्क २ प्रतिशत अग्रिम आयकर र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा भन्सार उपशीर्षक ११०४२३० (फलेको टुक्रा गरेको मकै) बाट जाँचपास गरेको कारण छुट हुन गएको महसुल रू.३१ लाख ६५ हजार असुल गर्नुपर्दछ।

विराटनगर भन्सार कार्यालय

१६८. **नगद धरौटीमा पैठारी** - आर्थिक ऐन, २०७७ को दफा ११ मा निर्यात हुने वस्तुको कच्चा पदार्थ नगद धरौटीमा पैठारी गर्न सकिने व्यवस्था छ। उद्योगले कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ पैठारी गर्दा तयारी वस्तु निकासी गर्ने व्यहोरा जनाई उपशीर्षकअनुसार लाग्ने भन्सार महसुल धरौटीमा जाँचपास गर्न सकिने, सो को विवरण पैठारीकर्तालाई दिइने पासबुकमा स्पष्टसँग उल्लेख गर्नुपर्ने र पैठारी भएको कच्चा पदार्थबाट उत्पादित तयारी मालवस्तु १२ महिनाभित्र निकासी वा स्वदेशमा परिवर्त्य विदेशी मुद्रामा बिक्री गरिसक्नुपर्ने व्यवस्था छ। ऐनले दिएको सुविधाबमोजिम विराटनगर भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले पैठारी गरेको विभिन्न मालवस्तु ऐनले तोकेको समयभित्र निकासी नगरेको र म्याद थप माग गरेकोमा म्याद थप नभएको समेत अवस्था छ । ऐनको व्यवस्थाबमोजिम पैठारी गरिएका मालवस्तुमा लागेको भन्सार महसुल रू.४ करोड २३ लाख ६ हजार सोको १० प्रतिशत जरिबाना रू.४२ लाख ३० हजार र सोको मूल्य अभिवृद्धि कर रू.५ लाख ४९ हजारसमेत रू.४ करोड ६९ लाख ११ हजार असुल गर्नुपर्दछ।

१६९. **धरौटी सदरस्याहा** - एक आयल रिफाइनरी उद्योगले २०७७।३।१८ देखि वन्डेड वेयर हाउसको सुविधा लिएको छ। उद्योगको पासबुक परीक्षण गर्दा सामान पैठारी गरेको १२ महिनाभित्र निकासी नगरेको, म्याद थप माग नगरेको, म्याद थप माग गरेकोमा म्याद थप अवधि पश्चात् समेत निकासी नगरेको अवस्था छ। म्याद थप अवधिमा निकासी नगरेको सामानको तथा बन्डेड वेयर हाउसमा गए पश्चात्को हालसम्म पनि धरौटी सदर स्याहा नगरेकोले रकम यकिन गरी धरौटी रू.१ करोड ५४ लाख ७६ हजार सोको १० प्रतिशतले हुने जरिबाना रू.१५ लाख ४७ हजार जरिबाना रकमको १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रू.२ लाख १ हजार समेत रू.१ करोड ७२ लाख २५ हजार सदरस्याहा गर्नुपर्ने देखिएको छ। नगद धरौटीमा सामान पैठारीको सुविधा प्राप्त गरी तोकिएको अवधिमा तयारी मालसामान निकासी नगर्ने अन्य उद्योगको कागजात परीक्षण गरी म्याद समाप्त भएका उद्योगको धरौटी रकम सदरस्याहा गर्नुपर्दछ।

१७०. **महसुल छुट** - आर्थिक ऐन, २०७७ को दफा १४ (३)(ग) मा उद्योग विभागको स्वीकृत स्किमबमोजिम कम्प्लिट्ली नक्ड डाउन/सेमी नक्ड डाउन (सी.के.डी./एस.के.डी.) अवस्थामा पटक पटक पैठारी हुने मेसिनरीका मुख्य अवयव एंव तिनका पहिचान योग्य अङ्गहरू एंव सहायक सामग्रीमा ४ प्रतिशतमात्र भन्सार महसुल लगाई एक प्रतिशत छुट दिने व्यवस्था छ। यो वर्ष यस कार्यालय अन्तर्गतको एक उद्योगले २०७६।३।५ को पत्रबमोजिम १ प्रतिशत छुटमा रू.९५ करोड ८२ लाख ५७ हजारको विभिन्न मेसिन, उपकरण तथा पार्टपुर्जा पैठारी गरेको छ। सो पत्रको आधारमा २०७५।७६, २०७६।०७७ र २०७७।७८ मा सो स्किमबाट पैठारी गरेको सामानको अद्यावधिक अभिलेख राखेको छैन । उद्योग विभागको २०७७।६।२८ को पत्रमा विभागको पूर्व पत्रमा उल्लेख भएका मेसिनरी तथा मेसिनरी पार्टस्हरु आयात भै नसकेको भएमा बाँकी रहेका परिमाण संख्या आर्थिक विधेयक, २०७७

मा भएको व्यवस्थाअनुसार आयात गर्न पाउने गरी महसुल छुट सुविधाको सिफारिस गरेको देखिन्छ। आर्थिक ऐनले भाग ८४ मा पर्ने सामान तोकिएको स्किम र परिमाणभित्र रहे मात्र छुट हुने उल्लेख गरेकोमा भाग ८४ मा नपर्ने विद्युतीयसामग्री आयात गर्नसमेत छुट गरेको देखिन्छ। भाग ८४ मा मेसिनरी तथा मेसिनरी पार्टस र तिनको अवयव एंव पहिचान योग्य अङ्गहरूमा मात्र छुट हुने व्यवस्था छ। उद्योग विभागको स्वीकृत स्किम भन्दा बढी परिमाणमा सामान पैठारी हुँदा १ प्रतिशत भन्सार महसुल र भन्सार प्रयोजन मूल्यमा १३ प्रतिशत मूल्य अभिवृद्धि कर छुट हुने सम्भावना रहन्छ। यस सम्बन्धमा कार्यालयले उद्योगको लागि आवश्यक पर्ने मेसिन तथा मेसिनरी पार्टसको अभिलेख अद्यावधिक गरी उद्योग विभागको स्वीकृत स्किमबमोजिम भाग ८४ मा पर्ने मेसिन र मेसिनका पार्टसमा मात्र भन्सार महसुल छुट दिने अन्यथा आर्थिक ऐनबमोजिम भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ ।

आर्थिक ऐन, २०७७ को १४ (३) (ग) मा विद्युत प्रसारण लाइनमा जडान गरिने ट्रान्सफरमर जस्ता मालवस्तुमा छुट सुविधा प्रदान नगरी उपशीर्षकबमोजिम नै महसुल असुल गरिने व्यवस्था छ। विराटनगर भन्सार कार्यालयबाट एक उद्योगले विद्युत प्रसारण लाइनमा जडान गरिने ट्रान्सफरमर पैठारी गरेकोमा भाग ८४ कै छुट सुविधा लिएको छ। उपशीर्षक ८५०४ लगाई भन्सार महसुल १५ प्रतिशत र सोमा १३ प्रतिशत मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा छुट सुविधाबाट सामान पैठारी गरेकोले छुट भन्सार महसुल रू.३४ लाख ५३ हजार र मूल्य अभिवृद्धि कर रू.४७ लाख ३ हजार समेत रू.८१ लाख ५७ हजार असुल गर्नुपर्दछ।

१७१. **प्रोमार्क टचस्क्रिन प्रो -** विभिन्न पैठारीकर्ताले प्रोमार्क टचस्क्रिन प्रो पैठारी गरेकोमा भन्सार उपशीर्षक ९०१७२० (अन्य खिच्ने, चिनो लगाउने र गणितीय हिसाब गर्ने औजारहरू) बाट ५ प्रतिशत अन्तःशुल्क तथा मूल्य अभिवृद्धि करमात्र लगाई जाँचपास गरेको छ। उल्लिखित सामानको ब्राण्ड मोडल तथा स्पेसिफिकेसन तथा वेवसाइट परीक्षण गर्दा उक्त सामान सबै किसिमका कार्य गर्ने मोनिटर भएकाले उल्लिखित सामान भन्सार उपशीर्षक ८५२८५९ (अन्य मनिटर) बाट भन्सार महसुल ३० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा फरक भन्सार उपशीर्षकबाट जाँचपास गरेको देखिँदा छुट भएको भन्सार महसुल तथा मूल्य अभिवृद्धि करसमेत रू.७९ लाख १३ हजार असुल गर्नुपर्दछ।

१७२. **एअर प्युरीफिकेसन** - यस कार्यालयबाट विभिन्न पैठारीकर्ताले पैठारी गरेको एअर प्युरीफिकेशनलाई भन्सार उपशीर्षक ८४७९६० (वाष्पशील (इन्भ्यापोरेटिभ) वात शीतकहरू) बाट ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा ८४२१३९(ग्याँसको लागि निष्पन्दन वा परिशोधन यन्त्रावली र उपकरणहरू) भन्सार उपशीर्षकबाट जाँचपास गर्दा छुट भएको महसुलसमेत रू.३५ लाख ८० हजार असुल गर्नुपर्दछ।

१७३. **प्रि फेब्रिकेटेड बिल्डिङ** - यस कार्यालयबाट विभिन्न पैठारीकर्ताले पैठारी गरेको प्रि फेब्रिकेटेड बिल्डिङलाई भन्सार उपशीर्षक ९४०६९०९० (पूर्व निर्मित भवन अन्य) बाट ३० प्रतिशत भन्सार महसुल, १० प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ७३१८१५, ७३०८२० लगायतबाट जाँचपास गर्दा छुट भएको महसुल र सोको मूल्य अभिवृद्धि कर समेत रू.७७ लाख ७९ हजार असुल गर्नुपर्दछ।

मेची भन्सार कार्यालय

१७४. **पोटेटो क्र्याकर पेलेट** - यस कार्यालयबाट विभिन्न पैठारीकर्ताले पैठारी गरेको पोटेटो क्र्याकर पेलेट पैठारी गरेकोमा भन्सार उपशीर्षक १९०२१९०० नपकाएको पास्ता (मुछेको पिठो), नभरेको (नौट स्टफेड) वा अन्य प्रकारको तयारी अन्यबाट ४० प्रतिशत भन्सार महसुल प्रतिकिलो रू.१७ का दरले हुने अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक १९०५०८१ (फ्राई नगरिएका) बाट न्यून भन्सार महसुल र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई जाँचपास गरेको छ। भन्सार विभागको २०७६।८।२४ को निर्णयअनुसार उक्त सामानमा विभिन्न जातका अन्नको पिठोसहित आलुको सुक्ष्म मात्रासहित नुन मसला रङ्ग मिलाई मुछिएको पिठोलाई हेग्जागोनल र प्लेन आकारमा काटी सुकाई बनाइएको पास्ताजस्तै पकाउन मिल्ने उत्पादनसमेत भएको उल्लेख गरी उपशीर्षक १९०२१९ मा वर्गीकरण गरेको छ। यसरी फरक उपशीर्षक लगाई जाँचपास गर्दा घटी भएको महसुल र सोको मूल्य अभिवृद्धि करसमेत रू.५२ लाख २४ हजार असुल गर्नुपर्दछ।

१७५. **फरक सामान आयात** - यस कार्यालयबाट एक पैठारीकर्ताले पैठारी गरेको ३ टनको ग्रीज प्लान्ट तथा ओइल बेन्डिङ प्लान्ट भन्सार उपशीर्षक ८४७७८० उल्लेख गरी घोषणा गरेकोमा प्रज्ञापनपत्र साथ पेस भएको वीजक, टि.टि, बिल अफ एक्सपोर्ट, प्याकिङ्ग लिष्ट लगायत अन्य कागजातमा पैठारी भएको वस्तु भन्सार उपशीर्षक ८४३८८०९० उल्लेख भएको देखिन्छ । प्याकिङ्ग लिस्ट परीक्षण गर्दा फलामका टङ्की, फलामका पार्टस, फलामका स्टेण्ड र फलाम पाताहरू पैठारी भएको पाइयो। यसरी ३०० लिटरभन्दा बढी क्षमता टङ्कीहरू भन्सार उपशीर्षक ७३०९०० बाट पैठारी हुने देखिन्छ। त्यसैगरी आर्थिक ऐन, २०७७ को अनुसूची-१ को दफा १४ उपदफा ३ (ग) मा भाग ७३ मा पर्ने मेकानिकल संयन्त्र जडान नगरिएका भण्डारण टङ्कीहरू (स्टोरेज ट्याङ्क ग्राइण्डिङ वल (पेषण गुटिका), फलाम वा स्पातका पाइप जस्ता मालवस्तुमा यो सुविधा प्रदान नगरी उपशीर्षकबमोजिम नै महसुल असुल गरिने उल्लेख भएको देखिन्छ । कार्यालयले समेत गलत घोषणा अन्तर्गत दफा १८ बमोजिमको जरिबाना लगाई जाँचपास गरेको देखिएकोले उल्लिखित प्रज्ञापन पत्रबाट जाँचपास गर्दा राजस्वमा दाखिला नभएको रू.३१ लाख ५९ हजार दाखिला गर्नुपर्दछ।

१७६. **क्लोजिङ बोटलिङ र च्यापिङ्ग मेसिन** - यस कार्यालयबाट बेभरेज मेसिन, बेभरेज प्रोसेसिङ जस्ता मेसिन पैठारी गर्दा उल्लिखित सामानलाई भन्सार उपशीर्षक ८४३५१० (दाखको आसव (वाइन), स्याउको आसव (साइडर), फलको रस (फ्रुट जूस) हरू वा यस्तै पेय पदार्थहरू (विभरेजेज) को उत्पादन (म्यानुफ्याक्चर) मा प्रयोग हुने संपीडक दाब यन्त्रहरू (प्रेसेस), दलित्र वा पेल्नेयन्त्र (क्रसर्स) र यस्तै यन्त्रावलीबाट) १ प्रतिशत भन्सार महसुलमात्र लगाई जाँचपास गरेको छ । उल्लिखित मेसिनहरूको ब्राण्ड मोडल तथा स्पेसिफिकेसनबमोजिम उल्लिखित मेसिनहरू फिलिङ तथा लेवलिङ मेसिन भएकाले उल्लिखित मेसिनहरू भन्सार उपशीर्षक ८४२२३० बोतलहरू, बट्टाहरू (क्यान्स), डिब्बाहरू (बौक्सेज), झोलाहरू (ब्याग्स) वा अन्य आधानपात्रहरू (कण्टेनर्स) भर्न (फिलिङ्ग), बन्द गर्न (क्लोजिङ्ग), मुखबन्द वा सिलबन्द गर्न (सिलिङ्ग) वा नामपत्रण (लेबेलिङ्ग) गर्ने यन्त्रावली; बोतलहरू, जारहरू, नलिकाहरू (ट्यूब्स) र त्यस्तै आधानपात्र (कण्टेनर) हरूलाई संपुटन (क्याप्सुलिङ्ग) गर्न निमित्तका यन्त्रावली पेय पदार्थ (विभरेजेज) लाई वायु मिश्रण (एयरेटिङ्ग) गर्न निमित्तका यन्त्रावलीहरूबाट वर्गीकरण गरी ५ प्रतिशत भन्सार महसुल असुल गर्नुपर्नेमा फरक भन्सारबाट जाँचपास गर्दा छुट भएको भन्सार महसुल

तथा सोही मेसिनका पार्टसमा छुट भएको भन्सार महसुल तथा मूल्य अभिवृद्धि करसमेत रू.२१ लाख ६८ हजार असुल गर्नुपर्दछ।

कार्यमूलक लेखापरीक्षण

बीमा समितिको नियमन

बीमा क्षेत्रको नियमनकारी भूमिका निर्वाह गर्न बीमा समिति २०२५ मा स्थापना भई हाल बीमा ऐन २०४९, अनुसार सञ्चालनमा रहेको छ । हाल जीवन बीमा कम्पनी १९, निर्जीवन बीमा कम्पनी २० र पुनर्बीमा कम्पनी १ समेत बीमा कम्पनीको संख्या ४० रहेको छ । बीमा कम्पनीहरूले नेपालका सबै प्रदेशका व्यापारिक केन्द्रहरूमा आ-आफ्ना शाखा प्रशाखा विस्तार गरेका छन् । विभिन्न बीमा कम्पनीहरूले सर्वसाधारण समेतबाट सङ्कलन गरेको बीमा प्रिमियम बापतको रकम परिचालन गर्ने गरेका छन् । समग्र बीमा व्यवसायलाई व्यवस्थित, नियमित, विकसित र नियन्त्रित गर्ने नियमन कार्यको कार्यान्वयन पक्षको मूल्याङ्कन गर्ने उद्देश्यले कार्यमूलक लेखापरीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन्:

१७७. **बीमक दर्ता तथा नवीकरण** - बीमा ऐन, २०४९ को दफा ११ मा बीमकले आफ्नो दर्ताको प्रमाणपत्र नवीकरणको लागि प्रत्येक वर्ष चैत्र मसान्तसम्ममा तोकिएको दस्तुरसहित तोकिएको ढाँचामा बीमा समितिको कार्यालयमा निवेदन दिनुपर्ने व्यवस्था छ । बीमकको वासलात, आम्दानीको हिसाब, लेखापरीक्षणको प्रतिवेदन, बीमाङ्कीको प्रतिवेदन पेस नगरेमा, सेवा शुल्क नबुझाएमा र बीमा व्यवसाय गर्न रोक लगाएको अवस्थामा त्यस्तो बीमकको दर्ता प्रमाणपत्रको नवीकरण नहुने उल्लेख छ ।

अधिकांश बीमकले म्याद समाप्त हुनु पूर्व बीमक दर्ता प्रमाणपत्र नवीकरणको लागि निवेदन दस्तुर बुझाए तापनि आवश्यक कागज प्रमाण पेस नगरेकोमा यसको लागि बीमकले म्यादथप माग गरेको तथा समितिले म्याद थप गरेको पाइएन । बीमकले त्यस्ता आवश्यक विवरणहरू २ वर्ष भन्दा ढिलो गरी पेस गरे तापनि त्यस्ता बीमक उपर कुनै कारबाही नगरी नवीकरण गरेको देखिन्छ । निवेदन दस्तुर बुझाएपछि अन्य कागज प्रमाण ढिलोगरी बुझाएको र दर्ता प्रमाणपत्र नवीकरण नगराएकोमा पनि बीमा कारोबार गरिरहेको देखिन्छ ।

बीमा नियमावली, २०४९ को नियम ९(२) अनुसार बीमक दर्ता प्रमाणपत्र नवीकरणको लागि निवेदन दिने बीमकको प्रधान कार्यालय नेपाल बाहिर भए त्यस्तो विदेशी बीमकले आफ्ने मुलुकको अधिकार प्राप्त अधिकारीबाट सो मुलुकको प्रचलित कानूनबमोजिम बीमा व्यवसाय गर्न र प्राप्त गरेको प्रमाणपत्र नवीकरण गरेको निस्सासमेत नवीकरणको लागि निवेदन साथ संलग्न गरेको हुनुपर्ने व्यवस्था छ । तर भारतमा प्रधान कार्यालय भएका २ बीमा कम्पनीले उक्त विवरण पेस नगरे पनि दर्ता प्रमाणपत्र नवीकरण गरेको देखिन्छ ।

बीमा ऐन, २०४९ तथा बीमा नियमावली, २०४९ मा भएको प्रावधानअनुसारको प्रमाण कागजात संलग्न गर्न लगाई बीमकको दर्ता प्रमाणपत्र म्यादभित्र नवीकरण नगरेकोले बीमकहरूले अनियमित कार्यगर्न सक्ने नियमनको कारबाही प्रभावकारी नहुने तथा बीमा समिति तथा नेपाल सरकारलाई प्राप्त हुनु पर्ने राजस्व समयमा प्राप्त नहुने अवस्था देखिएकोले बीमकको दर्ता नवीकरण कार्य समयमै नगर्ने बीमकलाई आवश्यक कारबाही गर्नुका साथै नवीकरण समयमै गराउनु पर्दछ ।

१७८. **नियमन तथा अनुगमन -** बीमा ऐन, २०४९ र बीमा नियमावली, २०४९ मा बीमा व्यवसायीहरूले आफ्नो व्यवसाय सञ्चालन गर्दा अनिवार्य रूपमा गर्नुपर्ने कार्यहरू बारे उल्लेख छन् । यसका अतिरिक्त अन्य प्रचलित ऐनले बीमा व्यवसायीहरूले गर्नुपर्ने कार्यहरूको मापदण्ड कायम गर्न र कार्यविधिलाई सहज, स्पष्ट र पारदर्शी बनाउन समितिले विभिन्न निर्देशिका जारी गरेको छ । साथै, कार्यान्वयनमा एकरूपता कायम गर्न, ऐन र नियमावलीमा भएका द्विविधा लाई स्पष्ट गर्न समितिले समय समयमा परिपत्र समेत गर्ने गरेको छ । ऐन, नियमावली, निर्देशिका र परिपत्रअनुसार बीमकहरूले गर्नुपर्ने कार्यहरू गरे नगरेको, ऐन तथा नियमावलीमा तोकिएको दायित्व पूरा गरे नगरेको, बीमा समितिले दिएको निर्देशन पालना गरे नगरेको, बीमकको कारणबाट बीमितलाई कुनै किसिमको नोक्सान वा अनावश्यक आर्थिक भार बहन भए नभएको बीमा व्यवसायको नाममा बीमक वा बीमितले गैरकानूनी कारोबार गरे नगरेको सुनिश्चित गरी बीमा व्यवसायलाई नियमित र नियन्त्रित गर्न बीमा समितिले आवधिक रूपमा अनुगमन गनुपर्ने व्यवस्था छ ।

बीमकले गर्नुपर्ने कार्यको अनुगमन प्रयोजनका लागि बीमा समितिले हरेक त्रैमासिकमा बीमकहरूबाट विभिन्न सूचक सहितको प्रतिवेदन लिने गरेको देखियो । त्रैमासिक प्रतिवेदनको कुनै निर्धारित ढाँचा स्वीकृत नगरेकोले बीमकहरूले आफूखुशी विवरण बनाई प्रतिवेदन पेस गरेको देखिन्छ। त्रैमासिक प्रतिवेदनमा ऐन, नियमावली तथा निर्देशिकामा बीमकले गर्नुपर्ने भनी उल्लेख भएका प्रावधानहरूको पूणर्रुपमा पालना गरेको, आंशिक रूपमा मात्र पालना गरेको वा पालना गर्दै नगरेको लगायतका सूचना लिएको देखिन्छ । समितिले प्रतिवेदन लिंदा सबै बीमकबाट समान किसिमको सूचना आउने गरी प्रतिवेदनको ढाँचा नतोकेको कारणले त्रैमासिक विवरणमा समान किसिमको सूचना प्राप्त भएको देखिएन । कतिपय बीमकले ऐन, नियमावली तथा निर्देशिकाहरूमा उल्लेख भएका पुरै प्रावधानको व्यहोरा उल्लेख नगरी केही दफाको व्यहोराको मात्र प्रतिवेदन गरेका छन् । कतिपय बीमकले ऐन, नियमावली तथा निर्देशिकाहरूमा उल्लेख भएका प्रावधानहरूको आंशिक रूपमा मात्र पालना गरेको वा पालना गर्दे नगरेको सूचना दिएका छन । कतिपय कम्पनीले आवश्यक पर्ने सूचना नदिई ठाडो प्रतिवेदन दिएर विवरण बुझाउनेको लिष्टमा नाम दर्ता गरेको समेत देखिन्छ । समितिमा बीमकहरूबाट प्राप्त गर्नुपर्ने सूचना र प्राप्त गरेको सूचनाको समष्टिगत अभिलेख राखी समस्याहरूको पहिचान गर्ने परिपाटी देखिएन ।

बीमकहरूबाट प्राप्त सूचनाहरूको मूल्याङ्कन गरी अभिलेख नराखेकोले ऐन, नियमावली, निर्देशिका र परिपत्रमा उल्लिखित प्रावधानहरूको पालना नगर्ने बीमकहरूलाई कारबाही नहुने अवस्था छ । अद्यावधिक अभिलेखको अभावमा कुनै बीमकलाई आवश्यकता भन्दा बढी निगरानी कारबाही हुन सक्ने र कुनैलाई कारबाही नै नहुने अवस्था छ । यस किसिमको अनुगमनबाट बीमा व्यवसायलाई व्यवस्थित, नियमित, विकसित तथा नियन्त्रित गर्ने कार्य प्रभावकारी बनाउन सकेको देखिँदैन ।

बीमकबाट सूचकको आधारमा आवधिक प्रतिवेदन लिई प्रतिवेदनमा उल्लिखित सूचनाको मूल्याङ्कनबाट उचित देखिएको कारबाही गर्नुपर्दछ ।

१७९. **सूचना प्रविधि अभिलेख -** नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको कानून बमोजिम गोप्य राख्नुपर्ने बाहेक अन्य सूचना माग्ने र पाउने हक हुने उल्लेख छ । बीमा समितिले यसको लागि बीमकको सूचना प्रविधि मार्गदर्शन २०७६ तयार गरेको

छ । सो मार्गदर्शन अनुसार हरेक बीमकले आफ्नो कम्पनीको स्थिति र सम्पूर्ण कारोबारको तथ्याङ्क कम्प्युटर प्रणालीको प्रयोगगरी डिजिटल ढाँचामा विद्युतीय माध्यमबाट अभिलेख राखु पर्ने उल्लेख छ । उक्त मार्गदर्शन अनुसार हरेक बीमकले उक्त विवरण वेबसाइटमा राखुपर्दछ ।

बीमा समितिले मार्गदर्शन जारी गरेको २ वर्ष व्यतीत भइसकेकोमा समितिमा दर्ता भएका बीमकहरूमध्ये लेखापरीक्षणको क्रममा ५० प्रतिशत बीमकहरूको वेब साइट परीक्षण गर्दा अधिकांश बीमकहरूले आफ्नो विवरण वेबसाइटमा अद्यावधिक गरेको देखिएन । जीवन बीमाका ६ र निर्जीवन बीमाका ३ बीमकले वित्तीय विवरण समेत प्रकाशित गरेका छैनन् । समितिबाट नियमित अनुगमन तथा नियमन हुन नसक्दा बीमकहरूले वित्तीय तथा अन्य तथ्याङ्क अद्यावधिक गरेका छैनन् । अद्यावधिक अभिलेखको अभावमा बीमकहरूको कारोबार पारदर्शी नहुने, मार्गदर्शनको प्रभावकारी कार्यान्वयन नहुने र बीमितले पाउनुपर्ने सूचनाको हकको उपयोग गर्न नपाई लाभान्वित हुने अबस्था नरहकोले यसमा सुधार गर्नुपर्दछ।

१८०. **बीमकको चुक्ता पुँजी -** बीमक दर्तासम्बन्धी कार्यलाई पारदर्शी र व्यवस्थित बनाउन, विदेशी बीमकको दर्ता तथा सञ्चालनका बारेमा व्यवस्था गर्न र बीमा व्यवसाय सञ्चालनका सम्बन्धमा मापदण्ड निर्धारण गर्न आवश्यक भएकोले बीमा ऐन, २०४९ को दफा ८(घ)२ ले दिएको अधिकारको प्रयोग गरी बीमक दर्ता तथा व्यवसाय सञ्चालन सम्बन्धी निर्देशिका, २०७३ बनाई लागू गरेको छ । उक्त निर्देशिका अनुसार जीवन बीमा व्यवसायको लागि दुई अर्ब रुपैयाँ र निर्जीवन बीमा व्यवसायका लागि एक अर्ब रूपैयाँ चुक्ता पुँजी भएको हुनुपर्ने व्यवस्था गरेको छ । निर्देशिका प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका बीमकहरूले २०७५ साल आषाढ मसान्तसम्म निर्देशिकामा उल्लेख भए अनुसारको चुक्तापुँजी कायम गरी सक्नुपर्ने व्यवस्था छ।

बीमा समितिले निर्देशिका जारीगरेको ५ वर्ष पुरा भएकोले बीमकले चुक्ता पुँजी बढाउन पाउने म्याद पनि सकिएको छ । बीमकहरूले निर्देशिकाको मापदण्ड बमोजिम चुक्तापुँजी बढाउनु पर्नेमा २०७८ आषाढ मसान्तसम्म जीवन बीमा तर्फ ३ र निर्जीवन बीमा तर्फ २ बीमकले तोकिए अनुसारको चुक्ता पुँजी कायम गरेको देखिएन । साथै, चुक्ता पुँजी बढाउन नसक्ने बीमकलाई सोही व्यवसाय गर्ने अन्य बीमकसँग गाभिन समितिले आदेश दिएको पनि पाइएन ।

निर्देशिकाअनुसार विदेशी बीमकले पनि तोकिएको चुक्ता पुँजी बराबरको निर्धारित पुँजी कायम गर्नुपर्दछ । निर्धारित पुँजी कायम नगरेसम्म कुनै प्रकारको लाभांश घोषणा गर्न र वितरण गर्न नपाउने समेत उल्लेख छ । विदेशी बीमा कम्पनीहरूको नेपालमा शाखा कार्यालय रहेका मध्ये भारतीय बीमा कम्पनी २ तथा अमेरिकी बीमा कम्पनी १ ले वित्तीय विवरणमा निर्धारित पुँजी उल्लेख गर्नुपर्ने प्रावधान भएपनि सो रकम खुलाएका छैनन् ।

चुक्ता पुँजी कम हुँदा बीमकले वीमितको दायित्व भुक्तानी गर्न कठिनाइ पर्ने हुँदा तोकिएको चुक्ता पुँजी कायम गर्न लगाउनु पर्दछ ।

१८१. **बीमा अभिकर्ता** - बीमा ऐन, २०४९ तथा बीमा नियमावली २०४९, अनुसार कम्तीमा एस.एल.सी. वा सो सरह परीक्षा उत्तीर्ण गरेको र समिति वा समितिबाट मान्यता प्राप्त गरेको संस्थाले अभिकर्ताका लागि सञ्चालन गरेको सम्बन्धित बीमा व्यवसाय सम्बन्धी तालिममा सहभागी भई प्रमाणपत्र प्राप्त गरेको व्यक्तिले सम्बन्धित बीमकको सिफारिस सहित समितिमा निवेदन दिएमा तोकिएको दस्तुर लिई

अभिकर्ताको इजाजत पत्र जारी हुने उल्लेख छ । बीमा अभिकर्ताले आफ्नो इजाजत पत्रको अवधि पूरा भएपछि हरेक चैत्र मसान्त सम्ममा नवीकरण गर्नुपर्ने र इजाजत पत्र नवीकरण नगराएमा, बीमालेख लिनेको हक विरुद्ध वा बीमा ऐन नियम विपरित कुनै काम गरेमा समितिले खारेज गर्न सक्ने व्यवस्था छ ।

अभिकर्ताले कुनै एक बीमकको मात्र अभिकर्ता भएर काम गर्न पाउने र आफूले अभिकर्ताको इजाजत पाएको बीमकले सञ्चालन नगरेको बीमा व्यवसाय सञ्चालन गर्ने कुनै अर्को बीमकको अभिकर्ता हुन पाउने पनि व्यवस्था छ ।

उपर्युक्त ऐन नियमावली अनुसार बीमा समितिले बीमा अभिकर्ताको प्रमाणपत्रको दर्ता किताव राखी नवीकरणको अभिलेख समेत अद्यावधिक गर्नुपर्नेमा नवीकरण गर्नेको लगत अद्यावधिक गरेको देखिएन । बीमा अभिकर्ताको अभिलेख बीमक आफैंले राख्ने र सम्बन्धित बीमकले अभिकर्ता इजाजत पत्रको लागि लाग्ने दस्तुर र निजको कोड नम्बर राखी सिफारिस गरेको आधारमा बीमा समितिले इजाजत दिने र नवीकरण गर्ने गरेको देखियो । हरेक बीमकअन्तर्गत अभिकर्ता भएर कामगर्न इजाजत प्राप्त मध्ये हाल नवीकरण गराउने र एकभन्दा बढी बीमकको अभिकर्ता भएर काम गर्नेको अद्यावधिक अभिलेख बीमा समितिमा रहेको पाइएन ।

बीमा समितिले अभिकर्ताको इजाजत पाउनेको अभिलेख अद्यावधिक नगरेका कारण अभिकर्ताको योग्यता प्रमाणित गर्ने कागजात र तालिम दिने संस्थाको स्तर सम्बन्धमा आश्वस्त हुने आधार देखिएन।

बीमा अभिकर्ताको अनुगमन, नियमन तथा विकासको लागि बीमा समिति र सम्बन्धित बीमकले अभिलेख अद्यावधिक गर्नु गराउनुपर्दछ ।

१८२. **बीमा सर्भेयर -** बीमा ऐन, २०४९ तथा बीमा नियमावली २०४९, अनुसार सर्भेयर हुनको लागि कुनै बीमकको कार्यालयमा अधिकृत स्तरको पदमा कम्तीमा १० वर्षसम्म बीमा व्यवसायसँग सम्बन्धित कार्यको अनुभव हासिल गरेको, इञ्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरेको, अन्तर्राष्ट्रिय स्तरको चार्टर्ड इन्स्योरेन्स इन्टिच्युट वा त्यस्ता संस्थाको मान्यता प्राप्त संस्थाबाट बीमा सम्बन्धी विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरेको वा चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरेको र बीमा समितिले सञ्चालन गरेको सर्भेयर सम्बन्धी तालिमको प्रमाण पत्र लिएको हुनुपर्ने उल्लेख छ । सर्भेयरले आफ्नो इजाजत पत्रको अवधि पूरा भएपछि हरेक चैत्र मसान्त सम्म नवीकरण गर्नुपर्ने र इजाजत पत्र नवीकरण नगराएमा, बीमालेख लिनेको हक विरुद्ध वा बीमा ऐन नियम विपरीत कुनै काम गरेमा समितिले खारेज गर्न सक्ने व्यवस्था गरेको छ । बीमा समितिले सर्भेयरको इजाजत पत्रको दर्ता किताब राखी नवीकरण गर्नेको लगत अद्यावधिक गरेको देखिएन ।

बीमकहरूले सर्भेयरहरूको अभिलेख वेबसाइटमा समेत राख्नुपर्ने व्यवस्था गरेको छ । निर्जीवन बीमा कम्पनी ८ को वेभसाइट परीक्षणगर्दा ४ बीमकले सर्भेयरको विवरण वेबसाइटमा उल्लेख नगरेको र ३ बीमकको सर्भेयरको नाम र फोन नम्बर मात्र उल्लेख गरी नवीकरण स्थति उल्लेख गरेको देखिएन । अद्यावधिक अभिलेख अभावमा सर्भेयरहरूले वैधानिक रूपमा काम गरिरहेका छन् भन्ने आश्वस्त हुने अवस्था देखिएन ।

बीमा सर्भेयरको अनुगमन तथा नियमनको लागि बीमा समिति र सम्बन्धित बीमकमा अभिलेख अध्यावधिक गर्नु गराउनुपर्दछ ।

१८३. **लेखापरीक्षण** - बीमा ऐन २०४९को दफा २५ मा बीमकले आफूले गरेका बीमा व्यवसायको हिसाब किताबको लेखापरीक्षण प्रचलित कानून बमोजिम मान्यता प्राप्त लेखापरीक्षकद्वारा गराई सोको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले १० महिना भित्र बीमा समितिमा पेस गर्नुपर्ने उल्लेख छ । आयकर ऐन, २०५८ को दफा ९६ अनुसार प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको ३ महिना भित्र आय विवरण पेस गर्नुपर्ने र ऐनको दफा ९८ अनुसार उक्त म्याद भित्र आय विवरण दाखिला गर्न नसक्ने भएमा तीन महिना सम्म मात्र म्याद थप हुन सक्ने व्यवस्था छ । ऐनअनुसार सबै बीमकले हरेक वर्ष पौष महिना भित्रमा आय विवरण पेस गर्नु पर्दछ । आय विवरण पेस गर्न बीमकले लेखापरीक्षणसमेत गराएको हुनुपर्दछ । सरकारी स्वामित्वका २ बीमकले विगत ७ वर्ष भन्दा अघि देखिको लेखापरीक्षण प्रतिवेदनसहितको वित्तीय विवरण पेस गरेका छैनन् । बीमकको दर्ता प्रमाणपत्र नवीकरण चैत्र मसान्तसम्ममा गरी सक्नुपर्ने बीमा ऐन, २०४९ को दफा ११ र ११क मा उल्लेख छ । तर लेखापरीक्षण प्रतिवेदन पेसगर्न पाउने अवधि बैशाख मसान्त सम्म राखिएकोले यी प्रावधान बीच विरोधाभाष रहेको देखिन्छ । आयकर ऐनसँग मिल्ने गरी बीमा ऐन, २०४९ मा भएको व्यवस्था संशोधन गरी लेखापरीक्षण प्रतिवेदन समयमै बुझाउने, बीमकको दर्ता प्रमाणपत्र नवीकरण समितिलाई प्राप्त हुने सेवा शुल्क र बीमकहरूको वित्तीय स्थितिको समयमै प्राप्त हुने व्यवस्था मिलाउनु पर्दछ ।

१८४. **कोरोना बीमा मापदण्ड २०७७ -** विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस रोगबाट उत्पन्न हुनसक्ने जोखिमको आर्थिक सुरक्षा प्रदान गर्न, २०७७।७८को बजेट वक्तव्य कोरोना बीमा सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न तथा बीकमले जारीगर्ने कोरोना सम्बन्धी बीमा लेखलाई व्यवस्थित गर्नका लागि नेपाल सरकार अर्थ मन्त्रालयको सहमतिमा बीमा समितिले २०७७।४।१ बाट कार्यान्वयन गर्नेगरी कोरोना बीमा मापदण्ड २०७७ लागू गरेको छ ।

मापदण्डअनुसार २०७८ साल आषाढ मसान्तमा अवधि पुराहुने बीमा योजनाको बीमाङ्क एकलाख रुपैयाँ र पचास हजार रूपैयाँका दुई वटा स्किम रहेको देखिन्छ । बीमाङ्क एकलाख रुपैयाँको लागि बीमा शुल्क प्रति व्यक्ति एकहजार रुपैंया र सामूहिक (एका घरका परिवार सदस्यहरू र कुनै संस्थामा कार्यरत कर्मचारी वा कामदारहरूको) बीमा गर्दा प्रति व्यक्ति ६०० रूपैयाँ लाग्ने व्यवस्था गरेको देखियो । राष्ट्रसेवक कर्मचारीको सामूहिक बीमाअन्तर्गत वर्गीकरण गरेको छ । यस्तो बीमाङ्कको दावी भुक्तानीको ५० प्रतिशत रकम नेपाल सरकारले बीमकलाई अनुदानको रूपमा उपलब्ध गराउने उल्लेख छ । तर एकल बीमाको दाबी भुक्तानीको रकम नेपाल सरकारबाट अनुदान उपलब्ध नहुने उल्लेख छ ।

बीमालेख कायम रहेको अवधिमा स्वास्थ्य मन्त्रालय अन्तर्गतका निकायबाट कोरोना भाइरसको संक्रमण देखिएको मिति र समय उल्लेख भएको प्रमाण, उपचार गरेको भए उपचारमा संलग्न चिकित्सक/प्राविधिक र अस्पतालको विवरण पेस गरेको ७ दिन भित्र दावी भुक्तानी दिनुपर्ने गरी मापदण्ड जारी भएको देखिन्छ ।

बीमा समितिले जारी गरेको उक्त मापदण्डमा नेपाल सरकार स्वास्थ्य मन्त्रालयअन्तर्गतका निकायबाट मात्र पी.सी.आर. टेष्ट गरेको प्रमाणलाई मान्यता दिएको देखिन्छ । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, निजामती अस्पताल र स्थानीय तह अन्तर्गतका विभिन्न सामुदायिक अस्पतालबाट

सर्वसाधारणले पी.सी.आर.परीक्षण गराउने गरेको तथ्यलाई मापदण्डले समेटेको पाइएन । कोभिड-१९ पोजेटिभ भएको प्रमाण पेस गरे मात्र पनि बीमाङ्क रकम पुरै भुक्तानी दाबी गर्न मिल्ने गरी मार्गदर्शन जारी गरेकोहुँदा नेपाल सरकार तथा बीमा कम्पनीहरूमा ठूलो रकम माग दाबी पर्न थालेकोले दुई महिना बित्न नपाउँदै २०७७।५।२९ देखि लागू हुने गरी एकल बीमा योजना खारेज गरी पी.सी.आर. टेष्ट गर्ने क्षेत्र विस्तार तथा दावी भुक्तानी प्रकृयामा परिमार्जन गरी उक्त मापदण्ड संशोधन गरेको देखियो ।

बीमा समितिको २०७८।३।२८ सम्मको तथ्याङ्कअनुसार कोरोना बीमा गर्ने बीमित १७ लाख ५८ हजार ३४३ बाट विभिन्न बीमकले रू.१ अर्ब ५ करोड ५ लाख प्रिमियम सङ्कलन गरेका छन् । सोमध्ये १ लाख १४ हजार ६३३ बीमितबाट रू.१० अर्ब ९७ करोड ७३ लाख भुक्तानीको लागि दाबी परेको छ । यस परिस्थितिमा बीमकहरूले सङ्कलन गरेको प्रिमियमभन्दा रू.९ अर्ब ९२ करोड ६८ लाख बढी भुक्तानी दिनुपर्ने दायित्व सिर्जना भएको देखियो । बीमा भुक्तानीको लागि दाबी गर्ने मध्ये ७७ हजार ६३२ बीमितलाई रू.४ अर्ब ८१ करोड ११ लाख भुक्तानी भई ३७ हजार १ बीमितलाई रू.६ अर्ब १६ करोड ६२ लाख भुक्तानी दिन बाँकी रहेको देखिन्छ । यस्तो स्थितिले सर्व साधारणमा बीमा व्यवसाय प्रति विश्वास कम हुने अवस्था सिर्जना भएको देखिन्छ ।अतः अन्तर्राष्ट्रिय अभ्याससमेतको आधारमा बीमा मापदण्ड व्यवहारिक बनाई त्यसको पालना गर्नु गराउनुपर्ने देखिन्छ ।

१८५. **निर्देशिका तथा मार्गदर्शन -** बीमा ऐन, २०४९ लागू भएपश्चात् नेपालमा भएका राजनैतिक परिवर्तन र बीमा क्षेत्रको विकास र विस्तारसँगै बीमा समितिको जिम्मेवारी पनि थपिँदै गएको छ । बीमा ऐन, २०५८ र बीमा नियमावली, २०६० मा दोस्रो संशोधन भएको देखिन्छ । तत्पश्चात् आवश्यक संशोधन नगरी निर्देशिका र मार्गदर्शन जारी गरेर समितिले आफ्नो काम कर्तव्य र अधिकारको प्रयोग गर्दै आएको देखिन्छ । समितिले २०६४ देखि २०७७ सम्म जारी गरेका ५८ निर्देशिका वेबसाइटमा राखिएका छन् । उल्लिखित निर्देशिकाहरूको कार्यान्वयन स्थिति सम्बन्धमा समितिले अनुगमन गरेको देखिएन । बीमा समितिको कार्य दक्षता र प्रभावकारितामा अभिवृद्धि गर्न बीमा ऐनमा विगतका सन्दर्भमा राखिएका प्रावधानहरूलाई संशोधन गरी समय सापेक्ष बनाउनुपर्दछ ।

सूचना प्रविधि लेखापरीक्षण

एकल खाता कोष प्रणाली

सूचना प्रविधिको अवलम्बन गरी विद्युतीय माध्यमबाट सरकारी कोषको सञ्चालन र व्यवस्थापन गर्ने कार्यमा सहजीकरणको लागि नेपाल सरकार मन्त्रिपरिषद्को २०६५।१०।१५ को निर्णयबाट एकल खाता कोष प्रणाली (Treasury Single Account, TSA) महालेखा नियन्त्रक कार्यालयले सञ्चालनमा ल्याएको छ । प्रथम पटक नमूना अभ्यासको रूपमा भक्तपुर र ललितपुर जिल्लामा २०६६।६७ देखि शुरु गरेको यो प्रणाली २०७०।७१ देखि देशका सबै जिल्लामा लागू भएको छ । हाल ७ प्रदेशका प्रदेश लेखा नियन्त्रक कार्यालय, जिल्लास्थित ७७ कोष तथा लेखा नियन्त्रक कार्यालय र काठमाडौँमा ४ भुक्तानी केन्द्र गरी ८८ निकायले यसको कार्यान्वयन/ उपयोग गररिहेका छन् । एकल खाता कोष प्रणालीको पूर्वाधार सुरक्षा जोखिम, पर्याप्तता तथा नियन्त्रण वातावरणको परीक्षण एवं मूल्याङ्कन गर्ने उद्देश्यले सूचना प्रविधि लेखापरीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन्:

१८६. **अनुमगन लेखापरीक्षण -** एकल खाता कोष प्रणालीको उपयोग स्थितिको मूल्याङ्कन विषयमा २०७४।७५ मा महालेखापरीक्षकको कार्यालयले सूचना प्रविधि लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरेको थियो। उक्त लेखापरीक्षण प्रतिवेदनमा सुझाइएका व्यहोराहरूमध्ये केही व्यहोराहरूको कार्यान्वयन भएको तर सूचना प्रविधि निर्देशक समिति गठन गर्नुपर्ने, वार्षिक तथा रणनैतिक योजना तयार गर्नुपर्ने, सूचना प्रविधि नीति तयार गर्नुपर्ने, तेस्रोपक्ष आश्वस्तता परीक्षण गराउनुपर्ने, सूचना प्रविधि प्रणालीको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने, कर्मचारी तालिमको व्यवस्था हुनुपर्ने, प्रणालीको नियमितता परीक्षण गराउनुपर्ने, हेल्पडेस्कको व्यवस्था गर्नुपर्ने, उपयोगकर्ता दिग्दर्शनको व्यवस्था हुनुपर्ने लगायतका व्यहोरा कार्यान्वयन भएको पाइएन । सरकारी कोषको सञ्चालन र व्यवस्थापन गर्ने कार्यमा सूचना प्रविधिको माध्यमबाट सहजीकरण गर्न भरपर्दो, सुरक्षित र प्रभावकारी रूपमा एकल खाता कोष प्रणाली सञ्चालनको लागी प्रतिवेदनमा सुझाइएका उपर्युक्त व्यहोराहरूको प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ ।

१८७. **संस्करण परिवर्तन र परीक्षण** - निकायले सञ्चालन गरेको सूचना प्रविधि प्रणालीको नयाँ संस्करण जारी गर्नुपूर्व उक्त प्रणालीको डाटा बेसमा रहेको पुरानो संस्करणको डाटा अद्यावधिक र नयाँ संस्करणमा माईग्रेट गर्न उपयुक्त रहे नरहेको साथै नयाँ संस्करणले पुरानो संस्करणमा रहेका सबै शर्त पूरा गरेको छ भनी आश्वस्त हुन स्वतन्त्र रूपमा प्राविधिक परीक्षण गराउनुपर्दछ । कार्यालयले २०७७।४।२७ मा एकल खाता कोष प्रणालीको नयाँ संस्करण लागू गरेकोमा यस्तो परीक्षण गराएको छैन । यस्तो परीक्षण नगराउँदा प्रणालीको पुरानो संस्करणको डाटाको विश्वसनीयता र नयाँ संस्करणमा पुरानो संस्करणको न्यूनतम सूचना र डाटा माइग्रेसन भएको र पुरानो संस्करण र नयाँ संस्करण कम्प्याटिबल भएको छ भनी आश्वस्त हुने आधार रहेन । कार्यालयले प्रणालीको नयाँ संस्करण अपडेट गर्दा उल्लिखित आवश्यकता पुरा भएको आश्वस्तता प्रदान गर्न स्वतन्त्र पक्षबाट प्राविधिक परीक्षण गराउनुपर्दछ ।

१८८. **अडिट ट्रेल -** सार्वजनिक सेवा प्रवाहकोलागि उपयोगमा ल्याइएको सफ्टवेयरमा प्रणाली सञ्चालनका सम्पूर्ण क्रियाकलाप जस्तै अपरेटिङ्ग सिस्टम, एप्लिकेसन, प्रयोगकर्ताका क्रियाकलाप, कम्प्युटरमा भएका प्रत्येक घट्नाको स्वचालित रूपमा परीक्षण गरि सूचना प्रविधि लेखापरीक्षणको लागि आवश्यक पर्ने सूचना तथा डाटा स्वतः उपलब्ध गराउने अडिट ट्रेललाई सफ्टवेयर निर्माण गर्दा नैं समावेश गर्नुपर्नेमा यस प्रणालीमा उपर्युक्त व्यवस्था रहेको पाइएन । अडिट ट्रेल नहुँदा सफ्टवेयरमा आईपर्ने घट्ना तथा समस्या बारेमा जानकारी नहुने र सामान्यभन्दा सामान्य त्रुटिहरू समेत तुरुन्तै पत्ता लगाउन नसकिने र प्रणालीको गतिविधिको अनुसन्धान गर्नु परेको खण्डमा आवश्यक सूचना प्राप्त नहुने अवस्था सिर्जना हुन्छ। तसर्थ प्रणालीमा अडिट ट्रेलको व्यवस्था समावेश गर्नुपर्दछ ।

१८९. **सफ्टवेयरको प्राप्ति र हस्तान्तरण -** सार्वजनिक निकायले खरिद गरेका र अन्यत्रबाट हस्तान्तरण भै आएका सूचना प्रविधि यन्त्र उपकरण, लाइसेन्स तथा सफ्टवेयरको वारेण्टी/ग्यारेन्टी तथा लाइसेन्स अवधि स्पष्ट खुल्ने गरी प्रमाण कागजात सहितको अभिलेख राख्नुपर्दछ । कार्यालयले माग गरेअनुसार राष्ट्रिय सूचना प्रविधि केन्द्रबाट २०७६।८।४ को पत्र मार्फत् ओराकल डाटाबेस सफ्टवेयरको लाइसेन्स ६ कोर प्राप्त भएकोमा उक्त सफ्टवेयरको लाइसेन्स प्रमाणपत्र प्राप्त भएको छैन । सो लाइसेन्सको सपोर्ट सेवा समेत रहे, नरहेको सम्बन्धमा उल्लेख गरेको छैन । जसले गर्दा उक्त लाइसेन्स, सफ्टवेयर र सपोर्ट सेवा भएकोमा सो को म्याद सकिने अवधि, लाइसेन्सको प्रकृति जस्ता प्रावधानको जिम्मेवारी सम्बन्धमा अन्यौलता सिर्जना भएको छ भने तोकिएका शर्तहरूको पालना नभएको अवस्थामा आपूर्तिकर्ता वा सेवा प्रदायकसँग दाबी गर्ने सम्बन्धमा थप अन्यौलता सिर्जना भएको छ । कार्यालयले राष्ट्रिय सूचना

प्रविधि केन्द्रबाट प्राप्त ओराकल डाटाबेस सफ्टवेयरको लाइसेन्स र सपोर्ट सेवासमेत आफैंले सञ्चालन गर्ने गरी हस्तान्तरण प्राप्त गर्नुपर्दछ ।

राष्ट्रिय सूचना प्रविधि केन्द्रबाट उक्त डाटाबेस लाइसेन्सको प्रमाणपत्र र सपोर्ट सेवा हस्तान्तरण नभएकै अवस्थामा कार्यालयले २०७७।७८ मा रू.१ करोड ३९ लाख ७० हजार को ६ वटा डाटा गार्ड तथा रू.९३ लाख ५ हजारको ६ ओराकल रियल एप्लिकेसन क्लस्टरसमेत रू.१ करोड ३९ लाख ७० हजार को ओराकल डाटावेस एप्लिकेसन र टूल्स खरीद गरेको छ । यसरी आफ्नो नाममा हस्तान्तरण भै नआएको ओराकल डाटाबेसको व्यवस्थापनको लागि गरिएको थप खर्च मनासिब देखिएन। कार्यालयले खरिद गरेको एप्लिकेसन र टूल्सको पूर्ण उपयोग भएको र उक्त एप्लिकेशन र टूल्सको लागि राष्ट्रिय सूचना प्रविधि केन्द्रबाट पनि खर्च गरेको हुन सक्ने देखिएकोले दोहोरो खर्च नभएको सम्बन्धमा आश्वस्त हुनुपर्दछ । ओराकल डाटाबेस लाइसेन्स सफ्टवेयरको हस्तान्तरण प्राप्त गरेर मात्र सोको व्यवस्थापनको लागि थप खर्च गर्नुपर्दछ ।

१९०. **लाइसेन्स र सपोर्ट -** कार्यालयले प्रणाली सञ्चालनको लागि १२ कोरको ओराकल आर.डी.बी.एम.एस.को लाईसेन्स उपयोग गरेको मध्ये जुलाई २०१४ मा कार्यालयले खरिद गरेको ओराकल ९-आई पर्पेच्युल, ६ कोरले नपुग भएको उल्लेख गरी राष्ट्रिय सूचना प्रविधि केन्द्रबाट ओराकल *१२ci* पर्पेच्युल, ६ कोर प्राप्त गरेको देखिन्छ । कार्यालयले खरिद गरेको ओराकल *९i* पर्पेच्युल, ६ कोरको उत्पादक कम्पनी ओरेकलसँगको सम्झौता लाइसेन्स खरिद गरेको मितिदेखि नवीकरण नगरेको अवस्थामा डाटावेसको संस्करण ओराकल *९i* बाट ओराकल-*१९c* मा अपग्रेड गरेको पाइयो । एक्टिभ सपोर्ट विना संस्करण अपग्रेड गर्न उत्पादकले वर्जित गरेको छ । उत्पादकले आफ्नो उत्पादन प्रयोग गर्ने ग्राहकले उपयोग गरेको ओराकल सफ्टवेयर जाँचगरेको खण्डमा पुनःस्थापना शुल्कसहित विगत वर्षसमेतको सेवा शुल्क तथा जरिबानासहित दाबी गर्ने सम्भावना रहन्छ । साथै एक्टिभ सपोर्ट नभएको खण्डमा प्राविधिक कारणले डाटाबेसमा कुनै खराबी आएको खण्डमा तथ्याङ्क पुनः प्राप्तिको समेत सुनिश्चितता रहँदैन। कार्यालयले खरिद गरेको सफ्टवेयरको थप व्ययभार नपर्ने गरी र डाटाको सुरक्षा र गुणस्तरमा असर नपर्ने गरी उपयोग गर्नुपर्दछ ।

१९१. **इन्टरनेट सेवाको सम्झौता -** प्रदेश एकल खाता कोष प्रणाली सञ्चालन पुस्तिका, २०७५ मा एकल खाता कोष प्रणाली सञ्चालनको लागि २५६ केभिपिएस क्षमताको इन्टरनेट सेवा हुनुपर्ने व्यवस्था गरेको छ । महालेखा नियन्त्रक कार्यालय र हेटौंडाको डिजास्टर रिकभरी सेन्टरमा इन्टरनेट सेवा आपूर्ति वापत निजी क्षेत्रका २ सेवा प्रदायकलाई रू. १० लाख १७ हजार र सार्वजनिक क्षेत्रको १ सेवा प्रदायकलाई रू. २४ लाख १८ हजारसमेत रू. ३४ लाख ३५ हजार भुक्तानी गरेकोमा इन्टरनेट सेवा प्रदायकसँग कुनै सम्झौता गरेको छैन । सम्झौता नगरेका कारण इन्टरनेटको क्षमता, सेवा प्रवाहको अवधि, गुणस्तर र तोकिएको क्षमताको ईन्टरनेट उपलब्ध भए नभएको एकिन हुन सकेन । इन्टरनेट सेवाको सम्झौता नगर्दा तथ्याङ्कको सुरक्षा, सेवा प्रवाहको निरन्तरता तथा तोकिएको सेवा प्रवाह हुन नसकेमा सो को क्षतिपूर्ति सम्बन्धमा सेवा प्रदायकलाई बाध्य गराउन सकिने अवस्था रहेन । साथै तथ्याङ्कको असुरक्षा हुने, जुनसुकै बखत इन्टरनेट अवरुद्ध भै सेवा प्रवाह ठप्प हुने र डाटाको रियलटाईम ब्याकअप नभै प्रणालीबाट सरकारको आर्थिक अवस्थाको यथार्थ प्रतिवेदन समेत नहुन सक्ने जस्ता जोखिम रहन्छन् । इन्टरनेट सेवा प्रदायकले प्रवाह गरेको सेवाको वार्षिक प्रतिवेदन समेत प्राप्त नभएकोले इन्टरनेट सेवा भरपर्दो रहेको र तोकिएको क्षमताको इन्टरनेट सेवा निरन्तर प्रवाह भएको सुनिश्चत हुने

आधार रहेन । कार्यालयले सेवा प्रदायकसँग गोपनीयता, सुरक्षा, क्षमता तथा सेवा प्रवाहको निरन्तरताको शर्तसहित सम्झौता गरेर मात्र इन्टरनेट सेवा लिनुपर्दछ ।

१९२. **परीक्षण तथा जडान -** निकायहरूमा खरिद गरेर ल्याइएका, अनुदानमा प्राप्त भएका, अन्यत्रबाट मर्मत सम्भार गरी ल्याएका वा अन्य कुनै तरिकाबाट प्राप्त भएका सूचना प्रविधिसँग सम्बन्धित यन्त्र उपकरण तथा सफ्टवेयर स्वतन्त्र परीक्षण गर्ने संयन्त्र खडा गरेर सोको परीक्षण पश्चात् मुख्य प्रणालीमा जडान गर्नु पर्दछ । परीक्षण गर्दा प्राप्त नतिजाका आधारमा ती उपकरणको प्रयोग विधि तथा प्रयोग तरिका, लाइसेन्स अवधि, वारेन्टी तथा ग्यारेन्टी अवधि, उपकरण उपलब्धता अवधि, फेज आउट अवधि, प्रयोग अवधि जस्ता विषयको समेत यकिन गर्नुपर्दछ । कार्यालयले यो वर्ष रू.७ करोड ९१ लाख ५१ हजारका यन्त्र उपकरण तथा सफ्टवेर खरिद गरी प्रणालीमा जडान गरेकोमा जडान गर्नु पूर्व यस किसिमको परीक्षण गरेको देखिएन।

यन्त्र उपकरण तथा सफ्टवेयरलाई परीक्षण नगरी जडान गर्दा एकल खाता कोष प्रणालीमा रहेका सरकारी आर्थिक कारोबारका महत्वपूर्ण अभिलेखमा भाईरस प्रवेश तथा अन्य प्राविधिक समस्या आई जोखिम सिर्जना हुन सक्दछ । कार्यालयले यन्त्र उपकरण तथा सफ्टवेयर तोकिएको विधि तथा मापदण्ड अपनाएर परीक्षण पश्चात प्राप्त प्रतिवेदनका आधारमा मात्र सम्बन्धित प्रणालीमा जडान गर्नुपर्दछ।

१९३. **बीमा व्यवस्था -** निकायहरूले सेवा प्रवाहका लागि खरिद गरेका यन्त्र, उपकरण, एप्लिकेशन, प्रणालीको चोरी, आगलागी, दुर्घटना तथा प्राकृतिक प्रकोप वा दैवी विपत्तिका कारण क्षति तथा नोक्सानी हुने सम्भावना रहन्छ । डाटा सेन्टर सञ्चालनमा हाई भोल्टेज विद्युत निरन्तर प्रवाह हुने, ठूलो क्षमताका मेशिनहरू निरन्तर सञ्चालनमा रहने, कुलिङ्ग, मनिटरिङ्ग लगायतका उच्च जोखिम युक्त उपकरण प्रयोग भैरहने कारण जुनसुकै बखत दुर्घटना हुने जोखिम रहन्छ । महालेखा नियन्त्रक कार्यालयको डाटा सेन्टरमा प्रयोग भएका यन्त्र उपकरणको हालसम्म बीमा गरेको पाइएन । डाटा सेन्टरमा चोरी, आगलागी दुर्घटना तथा प्राकृतिक प्रकोप वा दैवी विपत्तिका कारण जुनसुकै बखत हुनसक्ने क्षति तथा नोक्सानीको जोखिमबाट सुरक्षित रहन पूर्वाधार, यन्त्र, उपकरण र प्रणालीको बीमा गर्नुपर्दछ।

१९४. **लिलाम विक्री र तथ्याङ्क सुरक्षा -** सूचना प्रविधि यन्त्र उपकरणमा लामो समयसम्म सूचना भण्डारण गर्ने हार्ड डिस्क, सिडी, म्याग्नेटिक टेप, म्याग्नेटिक डिस्क, माईक्रो फिल्म, चिप्स, मेमोरी कार्ड, फ्ल्यास स्टोरेज, फ्लपी डिस्क, जिप डिस्क, अप्टिकल डिस्क, डिभिडि, म्याग्नेटो अप्टिकल डिस्क, सिम कार्ड र पेन ड्राईभ जस्ता भण्डारण डिभाईस जडान भएका हुन्छन् । सूचना प्रविधि सम्बन्धी यन्त्र उपकरण लिलाम बिक्री र मिन्हा गर्दा सोमा जडान भएका सूचना भण्डारण गर्ने डिभाईस पनि संगै लिलाम भई सूचना दुरूपयोग हुन सक्ने जोखिम रहन्छ । सूचना प्रविधिसम्बन्धी यन्त्र उपकरणमा जडान भएको भण्डारण डिभाइस छुट्याई वा नष्ट गरेर मात्र लिलाम बिक्री गर्ने कार्यालयको नीति रहेको पाइएन । जसले गर्दा लिलाम विक्री भएका यन्त्र उपकरणमा भण्डारण गरिएको सूचना तथा तथ्याङ्क बाहिरिने र दुरूपयोग हुने जोखिम देखियो । त्यस प्रकारका डिभाईसहरू नष्ट गर्ने कार्यविधि नरहेको खण्डमा कार्यविधि तयार नभएसम्म त्यस्ता डिभाईस (जस्तै हार्ड डिस्क) लाई यन्त्र उपकरणबाट निकालेर सुरक्षित राखेपश्चात मात्र लिलाम विक्री गर्नुपर्दछ । सूचना प्रविधि यन्त्र उपकरणको लिलाम बिक्री गर्ने वा मिनाहा गर्ने प्रावधानको लागि नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ । महालेखा नियन्त्रक कार्यालयले मातहतका कार्यालयहरूमा समेत सो व्यवस्थाको लागि समन्वय गर्नुपर्दछ ।

स्वचालित भन्सार जाँचपास प्रणाली (आसिकुडा)

भन्सार विन्दुबाट हुने आयात निर्यातको जाँचपास प्रणालीलाई सूचना प्रविधिमा आधारित बनाउने उद्देश्यले सन् १९९६ देखि स्वचालित भन्सार जाँचपास प्रणाली (आसिकुडा) प्रयोगमा ल्याएकोमा २६ जनवरी, २०१६ मा मेची भन्सार कार्यालयबाट शुरु गरी पछिल्लो संस्करण आसिकुडा वर्ल्ड प्रयोगमा ल्याएको छ । हाल यो प्रणाली २६ भन्सार कार्यालयमा लागू भई आयात निर्यात प्रक्रियाको व्यवस्थापन हुने गरेको छ । स्वचालित भन्सार जाँचपास प्रणालीको पूर्वाधार, सुरक्षा जोखिम, पर्याप्तता तथा नियन्त्रण वातावरणको परीक्षण एवं मूल्याङ्कन गर्ने उद्देश्यले सूचना प्रविधि लेखापरीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन्:

१९५. **अनुमगन लेखापरीक्षण** - स्वचालित भन्सार जाँचपास प्रणालीको उपयोग स्थितिको मूल्याङ्कन विषयमा २०७४।७५ मा महालेखापरीक्षकको कार्यालयले सूचना प्रविधि लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरेको थियो । उक्त लेखापरीक्षण प्रतिवेदनमा सुझाइएका व्यहोराहरूमध्ये केही व्यहोराको कार्यान्वयन भएको तर सूचना प्रविधि निर्देशक समिति गठन गर्नुपर्ने, वार्षिक तथा रणनैतिक योजना र सूचना प्रविधि नीति तयार गरी लागू गर्नुपर्ने, आसिकुडा प्रणालीको स्वतन्त्र प्राविधिक पक्षबाट परीक्षण तथा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने, हेल्पडेस्कको व्यवस्था थप प्रभावकारी बनाउनुपर्ने, नियमितता परीक्षण गराउनुपर्ने, पासवर्ड नीति बनाई कार्यान्वयन गर्नुपर्ने, एप्लिकेशन नियन्त्रण प्रणाली प्रभावकारी हुनुपर्ने, डाटावेशको भरपर्दो सुरक्षा व्यवस्था गर्नुपर्ने र व्याकअप नीति तयार गरी कार्यान्वयन गर्नुपर्ने लगायतका व्यहोराको कार्यान्वयन भएको पाइएन । भन्सार विन्दुबाट हुने आयात निर्यातको जाँचपास प्रणालीलाई सूचना प्रविधिमा आधिरत बनाई स्वचालित भन्सार जाँचपास प्रणालीलाई भरपर्दो, सुरक्षित र प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि प्रतिवेदनमा सुझाइएका उपर्युक्त व्यहोरा प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ ।

१९६. **एप्लिकेसन प्रोग्रामिङ्ग इन्टरफेस इन्ट्रिगेसन** - नेपाल सरकारद्वारा सञ्चालित विभिन्न अनलाइन वा अफलाइन सूचना प्रविधिमा आधारित प्रणाली, एप्लिकेसन, सफ्टवेयर र मोबाइल एप्स् आदिको एक आपसमा सम्बन्ध कायम गर्न सुरक्षित र गुणस्तरीय इन्टरफेशको आवश्यक पर्दछ ।पूर्व सुरक्षा परीक्षण नगरी नेपाल राष्ट्रिय एकद्वार प्रणाली, पारवहन प्रणालीलाई एप्लिकेसन प्रोग्रामिङ्ग इन्टरफेस को माध्यमबाट इन्ट्रिगेसन गरीएकोमा एप्लिकेशन प्रोग्रामिङ्ग इन्टरफेस एकीकरण, प्रमाणीकरण, नियन्त्रण, निगरानी तथा अडिट सम्बन्धित नीति तथा कार्यविधि तयार गरी लागु गरीएको देखिएन । भन्सार विभागले अन्य प्रणालीसँग तथा आन्तरिक सूचना आदान प्रदानको लागि सुरक्षित एप्लिकेसन प्रोग्रामिङ्ग इन्टरफेस इन्ट्रिगेसन व्यवस्थापन प्रणाली प्रयोग गरेको पाइएन । विभागले सफ्टवेयर, एप्लिकेसन, प्रणालीलाई इन्ट्रिगेसन गर्न नीति वा कार्यविधि र सुरक्षा मापदण्ड तयार गरी लागू गर्नुपर्दछ ।

१९७. **सेन्ट्रल अनलाइन मनिटरिङ्ग सिष्टम** - आशिकुडा प्रणालीको प्रमुख कामहरूमध्ये भन्सार नाकामा वस्तु आयात/निर्यातको जाँचपास पारदर्शी एवं छिटो-छरितो बनाउनु हो । देशका विभिन्न स्थानमा रहेका भन्सार कार्यालयलाई सूचना प्रविधि सञ्चालको माध्यमबाट एकअर्कासँग जोड्दै भन्सार कार्यालयहरूको निगरानी र अनुगमनका लागि "सेन्ट्रल मनिटरिङ सिस्टम" सञ्चालनमा ल्याएको छ । विभागले केन्द्रबाट सीसीटीभीमार्फत हाल १४ भन्सार कार्यालयको गतिविधि निगरानी एवं आवश्यक निर्देशन दिन सक्ने

व्यवस्था गरेको छ । भन्सार कार्यालयमा घोषणा गरेको प्रज्ञापनपत्र सही भए नभएको, मूल्य निर्धारणमा अपनाइएका आधारहरू र दरबन्दीमा नियतवस वा भुलवस हुने गल्तीहरूको पहिचान गर्नसक्ने व्यवस्था गर्न र जाँचपास प्रक्रिया पारदर्शी बनाउन वाइड एसिया नेटवर्क (वान) कक्षबाट नमूना छनौटको आधारमा प्रज्ञापनपत्र एवं सम्बन्धित कागजातहरू जाँच गर्ने व्यवस्था भएको पाइयो । यस किसिमको अनुगमनले सीमित प्रज्ञापनपत्र मात्र जाँच गर्ने गरेको र जाँचको परिणाम स्वरूप औसत मासिक रू.१ करोड ५० लाख अतिरिक्त राजस्व सङ्कलन भएको विभागले उपलब्ध गराएको वाइड एरिया नेटवर्क मोनिटरिङ्ग रेकर्डबाट देखियो । उक्त वान मोनिटरिङ्गको दायरा विस्तार गर्न सकेमा चुहावट नियन्त्रण र राजस्व संकलनमा थप सुधार हुने देखिन्छ ।

वान मोनिटरिङ्गबाट भन्सार कार्यालयलाई छुट राजस्व असुल गर्न सुझाव दिएकोमा सो कार्यान्वयन भए नभएको व्यवस्थित अभिलेख राखेको छैन । प्रणालीबाट शंकास्पद इन्ट्रीको बारेमा सचेत गराउने व्यवस्था भएको देखिएन । भन्सार कार्यालयमा घोषणा गरेको प्रज्ञापनपत्रमा भएको घोषणा वा हार्मोनाइज्ड कोडको प्रयोग गलत भएमा यस किसिमको त्रुटि तथा अनियमिता रोक्न आसिकुडा प्रणाली वा मनिटरिङ्ग सिष्टममा विशेष व्यवस्था गर्ने तथा रोक्न नसकिएका त्रुटि तथा अनियमितता जाँच गर्न विशेष किसिमको डाटा एनालाइसिस एण्ड इन्टेलिजेन्स प्रणाली निर्माण गरी जाँचपासको दायरा थप विस्तार गरेर राजस्व चुहावट नियन्त्रण गर्दै भन्सार गतिविधिको निगरानी तथा निर्देशन प्रणालीमा सुधार गर्नुपर्ने देखिन्छ।

१९८. **प्रणाली सञ्जाल सुरक्षा -** वेबमा आधारित प्रणाली अनवरत रूपमा सञ्चालन हुनका लागि भरपर्दो ईन्टरनेट र सुरक्षित नेटवर्किङ्ग सेवा आवश्यक पर्दछ । विभागले अन्तर्राष्ट्रिय मान्यता र अभ्यासका आधारमा दुई तहको सञ्जाल सुरक्षाको अवधारणा प्रयोग गरेको पाइयो । यस अवधारणाबमोजिम खरिद भएका सुरक्षा उपकरणको लाइसेन्सको सबस्क्रिप्सन नवीकरण गरेको पाइएन। सञ्जाल सुरक्षाका लागि प्रयोग गरीने उपकरण उत्पादक कम्पनीबाट पिन, सपोर्ट तथा वारेण्टीसमेत बन्द हुने कारण त्यस्ता उपकरणले कुनै पनि किसिमको सुरक्षामा सहयोग नहुने तर सुरक्षा जोखिम बढ्ने देखिन्छ। विभागले प्रणाली सुरक्षाको लागि कुनै किसिमको सुरक्षा तह प्रयोग गरेको पाइएन । इन्टरनेटको माध्यमबाट पहुँच हुने सबै किसिमको प्रणालीमा सुरक्षा तह उपकरण जडान गरी सुरक्षित नबनाउँदा थप सुरक्षा जोखिम हुने देखिन्छ। प्रणालीमा "उपलब्ध नहुने वितरण अस्वीकार सेवा आक्रमण" बाट प्रणालीलाई सुरक्षित राख्ने कुनैपनि उपकरणसमेत प्रणाली सञ्जाल सुरक्षामा प्रयोग गरेको पाइएन ।

विभागले प्रणालीको सुरक्षित र अनवरत सञ्चालनको लागि प्रविधिसँग मेलखाने यन्त्र उपकरण खरिद र उपयोग गर्नुपर्ने तथा उपयोगमा ल्याएका यन्त्र उपकरण तथा प्रविधिको सबस्क्रिप्सन तथा सपोर्ट सेवा समयमै नवीकरण गरेर अद्यावधिक गर्नुपर्दछ ।

१९९. **तथ्याङ्कको बैकल्पिक भण्डारण -** केन्द्रीय डाटा सेन्टरमा दैवी विपत्ति वा अन्य कुनै कारणले भण्डारण भएको तथ्याङ्क उपलब्ध हुन नसक्ने अबस्थामा तथ्याङ्क प्राप्त हुनेगरी तथ्याङ्क भण्डारणको वैकल्पिक व्यवस्था गरिनुपर्दछ । तथ्याङ्क भण्डारणको बैकल्पिक व्यवस्थाको लागि विराटनगरमा डिजास्टर रिकभरी सेन्टर स्थापनाको प्रक्रिया अगाडी बढाएको जनाए तापनि हालसम्म डाटा रिकभरी सेन्टर सञ्चालनमा आउन सकेको छैन । विभागले विगतमा सिंहदरबारस्थित सरकारी एकीकृत डाटा केन्द्रमा तथ्याङ्कको वैकल्पिक भण्डारण गर्न यन्त्र उपकरण जडान गरेकोमा हाल यन्त्र उपकरण फिर्ता गरी सेवा बन्द

गरेको छ । विभाग परिसरमा रहेको केन्द्रीय डाटा सेन्टरमा मात्र तथ्याङ्क भण्डारण भएको छ भने अन्यत्र भण्डारणको वैकल्पिक व्यवस्था गरेको छैन । परिसरमा रहेको केन्द्रीय डाटा सेन्टरमा कुनै समस्या आइपरेर तथ्याङ्क नस्ट वा फेरबदल भएको खण्डमा तथ्याङ्क रिकभर गर्ने व्यवस्था नरहेकोले तथ्याङ्क भण्डारणको अवस्था जोखिममा रहेको पाईयो। डिजास्टर रिकभरी सेन्टर सञ्चालनमा ल्याई तथ्याङ्क भण्डारणको वैकल्पिक व्यवस्था गर्नुपर्दछ ।

२००. **डिजास्टर रिकभरी सेन्टर** - प्राथमिक डाटा सेन्टरमा दैवी विपत्ति वा अन्य कुनै कारणले समस्या आई सेवा सुचारु गर्न नसकिने अवस्थामा डाटा रिकभर गर्न र वैकल्पिक रूपमा सेवा सुचारु गर्न मूल डाटा सेन्टर रहेको भन्दा फरक तर सुरक्षित भौगोलिक स्थानमा रियलटाइम डाटा भण्डारण हुने गरी स्थापना गरेको डाटा सेन्टर, डिजास्टर रिकभरी सेन्टर हो । निकायले डिजास्टर रिकभरी सेन्टरको आवश्यकता पहिचान गरी उपयोग हुने सुनिस्चित भएपछि मात्र यन्त्र उपकरण र एप्लिकेशन खरिद प्रक्रिया अगाडी बढाउनुपर्दछ । विभागले विराटनगर भन्सार कार्यालयमा डिजास्टर रिकभरी सेन्टर स्थापना गर्ने उल्लेख गरी २०७७।२।२५ मा रू.३० लाख ११ हजार मूल्यका ५ थान यन्त्र उपकरण र डिजास्टर रिकभरी सेन्टरको यन्त्र उपकरण आपूर्ति, ढुवानी तथा जडान र सपोर्ट सेवाका लागि २०७७।२।२५ मा रू.१ करोड ३९ लाख ४० हजारसमेत रू.१ करोड ६९ लाख ५१ हजार सम्झौताअनुसार भुक्तानी गरेको छ । प्राविधिक समितिले स्पेसिफिकेसनबमोजिमको काम भएको प्रतिवेदन पेस गरे तापनि सम्झौता मितिबाट पहिलो म्याद सकिने समय व्यतीत भएको २४ महिना बितिसक्दा पनि डिजास्टर रिकभरी सेन्टर सञ्चालनमा आउन सकेको छैन । जसले गर्दा यन्त्र उपकरणमा कुनै समस्या आईपरेमा वारेन्टी तथा पार्टस् रिप्लेसमेन्टको उपयोग गर्न नसकिने र यन्त्रउपकरणको उपयोगिता नष्ट हुने अवस्था देखिएको छ ।

२००.१ डिजास्टर रिकभरी सेन्टरका लागि आवश्यक पर्ने खरिद गरेको यन्त्र उपकरणको सब्स्क्रिप्सन, सपोर्ट सेवा तथा लाइसेन्समा आधारित हुन्छन् । यन्त्र उपकरण खरिद गर्दा प्राप्त सब्स्क्रिप्सन तथा सपोर्ट सेवा तोकिएको समयमा नवीकरण नगरी एकैपटक नवीकरण गर्दा शुल्क तथा जरिबानाबापत थप भुक्तानी गर्नुपर्ने हुन्छ । डिजास्टर सेन्टर समयमै सञ्चालन नगर्दा सब्स्क्रिप्सन तथा सपोर्ट सेवाबापत रकम भुक्तानी भए तापनि सो सेवाको उपयोग भएको छैन । एकातर्फ विभाग परिसरमा रहेको केन्द्रीय डाटा सेन्टरमा प्रयोग भएका सञ्चाल तथा सुरक्षाका यन्त्र उपकरण पुराना तथा सेक्युरिटि सब्स्क्रिप्सन बिना नै जडान भएका छन् भने अर्कोतर्फ नयाँ खरिद भएका यन्त्र उपकरणको उपलब्ध सब्स्क्रिप्सन सेवा तथा लाइसेन्स उपयोग नै गर्न सकेको छैन । विभागले सब्स्क्रिप्सन तथा सपोर्ट सुविधाको उपयोग हुने गरी खरिद भएका यन्त्र उपकरण प्रयोग गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२००.२ विभागले एक आपूर्तिकर्ताबाट खरिद गरेका अधिकांश यन्त्र उपकरण र प्रविधि डिजास्टर रिकभरी सेन्टर सञ्चालनमा आएपछिमात्र उपयोग गर्न मिल्ने प्रकृतिका रहेका छन् । डिजास्टर रिकभरी सेन्टर सञ्चालनमा नआएकै अवस्थामा त्यस्ता यन्त्र उपकरण र प्रविधि खरिद गरी भुक्तानी भैसकेको छ । त्यसैगरी अर्को एक आपूर्तिकर्ताबाट खरिद भएका यन्त्र उपकरण समेत खरिद भएको करिब २४ महिना वितिसक्दा पनि प्रयोगविहीन अवस्थामा रहेको छ । उपयोगमा नल्याएको यन्त्र उपकरण र प्रविधि खरिदमा गरेको खर्च रू.१ करोड ६९ लाख ५१ हजार उपलब्धिपूर्ण हुन सकेको छैन ।

२००.३ मूल डाटा सेन्टरमा कुनै समस्या आइपरेर सेवा सुचारु गर्न नसकिने अवस्थामा डाटा रिकभर गर्न र वैकल्पिक रूपमा सेवा सुचारु गर्न मूल डाटा सेन्टर रहेको भन्दा फरक भौगोलिक अवस्थितिमा र अति सुरक्षित स्थानमा डिजास्टर रिकभरी सेन्टरको स्थापना गर्नुपर्ने हुन्छ । विभागले सञ्चालनको प्रक्रिया अगाडि बढाएको डिजास्टर रिकभरी सेन्टर छिमेकी मुलुकको सीमा क्षेत्रमा पर्ने विराटनगर भन्सार कार्यालय परिसरमा रहेको छ । देशको आयात निर्यात र राजस्व सङ्कलनसँग सम्बन्धित अति महत्वपूर्ण र गोप्यता कायम राख्नुपर्ने तथ्याङ्क भण्डारण हुने डाटा सेन्टर भविष्यसम्म अनवरत रूपमा सुरक्षित तवरले सञ्चालन हुनसक्नेमा विभाग सुनिश्चित हुनुपर्दछ ।

२०१. **प्रयोगविहीन यन्त्र उपकरण -** निकायले सूचना प्रविधि प्रणालीमा उपयोग हुने निश्चित भएपछि मात्र यन्त्र उपकरण र प्रविधि खरिद गर्नुपर्दछ र उद्देश्यअनुसार उपयोग पश्चात् तथ्याङ्क सुरक्षित भण्डारण गरेर यन्त्र उपकरण पुन उपयोग गर्न नमिल्ने भएमा लिलाम बिक्री गरी जिन्सी अद्यावधिक गर्नुपर्दछ। सूचना प्रविधि लेखापरीक्षणको अवधिमा भैरहवा भन्सार कार्यालयको स्थलगत अनुगमन गर्दा मूल्य नखुलेका १० थान यन्त्र उपकरणसहित रू.१० लाख ५ हजार मूल्यका ४ थान सर्भर लामो समयदेखि प्रयोगविहीन अवस्थामा रहेका छन् । उपयोगमा नरहेका डाटा सेन्टरको स्टोरेज डिभाइसमा भण्डारण भएका भन्सार व्यवस्थापन प्रणालीका तथ्याङ्क नयाँ प्रणालीमा माईग्रेट भए नभएको समेत एकिन गर्न सकिएन । तथ्याङ्क चोरी, नष्ट तथा दुरुपयोगसमेत हुन सक्ने देखिएकोले विभागले खोजी गरेर सबै भन्सार कार्यालयको डाटा एउटै डिभाइसमा माइग्रेसन गरी सुरक्षित रूपमा भण्डारण गर्नुको अतिरिक्त प्रयोगविहीन यन्त्र उपकरणको उचित व्यवस्थापन गर्नुपर्दछ ।

२०२. **बीमा व्यवस्था -** निकायहरूले सेवा प्रवाहका लागि खरिद गरेको यन्त्र, उपकरण, एप्लिकेशन, प्रणालीको उपयोगका क्रममा चोरी, आगलागी, दुर्घटना तथा प्राकृतिक प्रकोप वा दैवी विपत्तीका कारण जुनसुकै बखत हुन सक्ने तथ्याङ्क क्षति तथा नोक्सानीको न्युनीकरण गर्न बीमा गरीनु पर्दछ। भन्सार विभागले आफ्नो डाटा सेन्टरको बीमा गरेको छैन । विभागले सूचना प्रविधि प्रणालीमा चोरी, आगलागी दुर्घटना तथा प्राकृतिक प्रकोप वा दैवी विपत्तिबाट हुनसक्ने क्षति तथा नोक्सानीबाट सुरक्षित रहन बीमा गर्नु पर्दछ।

२०३. **लिलाम बिक्री र तथ्याङ्क सुरक्षा :** सूचना प्रविधि उपकरणमा लामो समयसम्म सूचना भण्डारण गर्ने हार्ड डिस्क, सिडी, म्याग्नेटिक टेप, म्याग्नेटिक डिस्क, माईक्रो फिल्म, चिप्स, मेमोरी कार्ड, फ्ल्यास स्टोरेज, फ्लपी डिस्क, जिप डिस्क, अप्टिकल डिस्क, डिभिडि, म्याग्नेटो अप्टिकल डिस्क, सिम कार्ड र पेन ड्राईभ जस्ता भण्डारण डिभाईसहरू जडान भएका हुन्छन् । सूचना प्रविधि सम्बन्धी यन्त्र उपकरण लिलाम बिक्री गर्दा सोमा जडान भएका सूचना भण्डारण गर्ने डिभाईस पनि संगै लिलाम हुने र भण्डारण भएका सूचना बाहिरिएर दुरूपयोग हुन सक्ने जोखिम रहन्छ । सूचना प्रविधि सम्बन्धी यन्त्र उपकरणमा जडान भएको भण्डारण डिभाइस झिकेर वा नष्ट गरेर मात्र लिलाम बिक्री गर्ने कार्यालयको नीति रहेको पाइएन । जसले गर्दा लिलाम बिक्री भएका यन्त्र उपकरणमा भण्डारण गरेको सूचना तथा तथ्याङ्क बाहिरिने र दुरूपयोग हुन सक्ने जोखिम देखियो । त्यस प्रकारका डिभाईसलाई नष्ट गर्ने कार्यविधि नरहेको खण्डमा कार्यविधि तयार नभएसम्म त्यस्ता डिभाइस (जस्तै हार्ड डिस्क/लाई यन्त्र उपकरणबाट निकालेर सुरक्षित राखेपश्चात् मात्र लिलाम बिक्री गर्ने वा मिन्हा गर्ने प्रावधानको लागि नीतिगत व्यवस्था गरी सोको कार्यान्वयन गर्नुपर्दछ ।

२०४. **परीक्षण तथा जडान -** निकायहरूमा खरिद गरेर ल्याएका, अनुदानमा प्राप्त भएका, अन्यत्रबाट मर्मत सम्भार गरी ल्याएका वा अन्य कुनै तरिकाबाट प्राप्त भएका सूचना प्रविधिसँग सम्बन्धित यन्त्र उपकरण तथा एप्लिकेसन सोझै जडान नगरी मूख्य प्रणालीभन्दा बाहिर परीक्षण गर्ने संयन्त्र खडा गरेर सोमा परीक्षण पश्चात प्रतिवेदनका आधारमा जोखिम नभएको निश्चित भएपछि मात्र मूख्य प्रणालीमा जडान गर्नु पर्दछ । परीक्षण गर्दा प्राप्त नतिजाका आधारमा ती उपकरणको प्रयोग विधि तथा प्रयोग गर्ने तरिका, लाइसेन्स अवधि, वारेन्टी तथा ग्यारेन्टी, उपकरण उपलब्धता अवधि, फेज आउट अवधि, प्रयोग अवधि जस्ता विषयको समेत यकिन गर्नुपर्दछ । विभागले यो वर्ष रू. ८५ लाख ६७ हजार मूल्यका यन्त्र उपकरण तथा सफ्टवेयर खरिद गरी प्रणालीमा जडान गरेकोमा जडान गर्नु पूर्व यस किसिमको परीक्षण गरेको देखिएन । परीक्षण नगरी जडान गर्दा भाईरस प्रवेश तथा अन्य प्राविधिक समस्याहरू आई प्रणालीमा जोखिम सिर्जना हुन सक्दछ । विभागले यन्त्र उपकरण तथा सफ्टवेयरलाई तोकिएको विधि तथा मापदण्ड अपनाएर परीक्षण पश्चात् प्राप्त प्रतिवेदनका आधारमा मात्र सम्बन्धित प्रणालीमा जडान गर्नुपर्दछ।

संगठित संस्था, अन्य संस्था र समिति

नेपाल राष्ट्र बैङ्क

नेपाल राष्ट्र बैङ्क ऐन, २०१२ अन्तर्गत नेपालको केन्द्रीय बैङ्कको रूपमा २०१३ सालमा स्थापित भई हाल नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ अन्तर्गत सञ्चालित बैङ्कले नोट तथा सिक्का निष्काशन, मौद्रिक नीतिको तर्जुमा र कार्यान्वयन, विदेशी विनिमय नीति निर्माण र कार्यान्वयन, विनिमय दर पद्धति निर्धारण, विदेशी विनिमय व्यवस्थापन र सञ्चालन, वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्दै आएको छ । नेपाल सरकारको बैंकिङ्ग सल्लाहकार तथा वित्तीय एजेन्टको रूपमा समेत बैङ्कले कार्य गर्दै आएको छ । बैङ्कको केन्द्रीय कार्यालय काठमाडौँमा र उपत्यका बाहिर विराटनगर, जनकपुर, वीरगन्ज, पोखरा लगायत ८ शाखा कार्यालयमा १ हजार ४६ कर्मचारी कार्यरत रहेका छन् ।

२०५. **रणनीतिक योजना -** बैङ्कको तेस्रो रणनीतिक योजना (२०१७-२१) ले निर्धारण गरेका कार्यहरूमध्ये वित्तीय साक्षरताको बेस लाइन सर्भे, वित्तीय सचेतना कार्यक्रमको प्रभाव अध्ययन, लघुवित्त संस्थाको लागि जोखिम व्यवस्थापन निर्देशिका तयारी तथा तनाव परीक्षण निर्देशिका तयारी, बैङ्क तथा वित्तीय संस्थाको लागि क्रेडिट ग्यारेन्टी मेकानिज्म स्थापना, सिक्का छुट्टाउने, गन्ने र प्याक गर्ने मेसिन खरिद, आधुनिक स्मारकीय तथा सुनको सिक्का टकमरी गर्ने मेसिन खरिद, वित्तीय निर्देशिकाहरूको नियमावली तयारी र वित्तीय सेवा उपभोक्ता संरक्षण विनियमावली तयारी गर्ने कार्य रणनीतिक योजनाको अवधिमा सम्पन्न गरेको छैन ।

२०६. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** बैङ्कको २०७८ आषाढ मसान्तको पुँजी रु ५ अर्ब, जगेडा तथा सञ्चित मुनाफा रू.३ खर्ब ५० अर्ब ९७ करोड ६२ लाख तथा दायित्व रू.११ खर्ब ८२ अर्ब ६६ करोड २४ लाख रहेको छ । सम्पत्ति रू.१५ खर्ब ३८ अर्ब ६३ करोड ८६ लाखमध्ये नगद तथा नगद सरहको सम्पत्ति रू.६ खर्ब २५ अर्ब २३ करोड ९६ लाख तथा धितोपत्र लगानी रु ६ खर्ब ८८ अर्ब ७२ करोड १५ लाख रहेको देखिन्छ । वितरण योग्य आम्दानी गत वर्ष रू.२८ अर्ब २१ करोड १४ लाख रहेकोमा यो वर्ष रू.१९ अर्ब ३५ करोड ६५ लाख रहेको छ । मुख्यतः ब्याज आम्दानी घटेको र सञ्चालन खर्च बढेकोले वितरण योग्य आम्दानी घटेको देखिन्छ ।

२०७. **अनुपात विश्लेषण -** सम्पत्तिमा आम्दानी अनुपात गत वर्ष ८ प्रतिशत रहेकोमा यो वर्ष २ प्रतिशत मात्र रहेको छ । पुँजी लगानीमा खुद सञ्चालन नाफा अनुपात गत वर्ष ३३ प्रतिशत रहेकोमा यो वर्ष ९ प्रतिशत रहेको छ । चालु सम्पत्तिमा चालु दायित्वको अनुपात गत वर्ष १२५ प्रतिशत रहेकोमा यो वर्ष १६० प्रतिशत पुगेको छ । नगद अनुपात गत वर्ष १.२० गुणा रहेकोमा यो वर्ष १.२९ गुणा छ । खुद चालु पुँजी गत वर्ष रू.१ खर्ब १४ अर्ब २२ करोड रहेकोमा यो वर्ष रू.२ खर्ब ८८ अर्ब २६ करोड पुगेको छ । कुल नाफा अनुपात गत वर्ष ९४ प्रतिशत रहेकोमा यो वर्ष ८८ प्रतिशत रहेकोले मुनाफा अनुपात घटेको छ । मुनाफा घट्नुको कारण विश्लेषण गरी यसमा सुधार गर्नुपर्दछ ।

२०८. **वित्तीय प्रतिवेदनमान कार्यान्वयन** - नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ९० ले बैङ्कको हिसाब खाता नेपाल लेखामान अनुसार राख्नुपर्ने उल्लेख गरेबमोजिम बैङ्कले आफ्नो वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मानबमोजिम तयार गरेको छ । बैङ्कद्वारा नियमन तथा सुपरिवेक्षण हुने बैङ्क तथा वित्तीय संस्थामध्ये क, ख तथा ग वर्गका बैङ्क तथा वित्तीय संस्थाहरूको मात्र वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमानबमोजिम भए नभएको अनुगमन गरेको छ । त्यसैगरी घ वर्गका लघुवित्त कम्पनीको हकमा थोक तथा निक्षेप सङ्कलन गर्ने लघुवित्त संस्थालाई मात्र २०७७।७८ देखि नेपाल वित्तीय प्रतिवेदनमान लागू गर्न निर्देशन दिएको तथा अन्य लघुवित्त संस्थाले प्रतिवेदनमान लागू गरे नगरेको सम्बन्धमा अनुगमन नगरेको व्यहोरा गत वर्ष औंल्याइएकोमा स्थिति यथावत छ ।

२०९. **मुद्रा परिचालन -** राष्ट्र बैङ्कले मूल्य स्थायित्व कायम गरी समष्टिगत आर्थिक स्थायित्व कायम गर्न, प्रक्षेपण क्षमताको सुदृढीकरण र सबल निगरानी प्रणाली कायम गरी आर्थिक वृद्धिलाई टेवा पुऱ्याउँदै आएको छ। प्रचलनमा रहेका मुद्रा गत वर्षको रू.५ खर्ब ७९ अर्बबाट बढेर यो वर्ष रू.६ खर्ब ६९ अर्ब पुगेको र विगत पाँच वर्षदेखि हरेक वर्ष झण्डै ३ देखि १५ प्रतिशतको दरले वृद्धि भएको देखिन्छ। आर्थिक सर्वेक्षण २०७७।७८ अनुसार कुल गार्हस्थ्य उत्पादन सन् २०१६।१७ को रू.३० खर्ब ७७ अर्बबाट बढेर २०२०।२१ मा रू.४२ खर्ब ६६ अर्ब पुगेको छ । नेपालको कुल खर्चयोग्य आयको तुलनामा प्रचलनमा रहेको मुद्रा ११.७३ प्रतिशत छ । सन् २०२०।२१ को अन्त्यमा प्रचलनमा रहेको मुद्रामध्ये रू.९९ अर्ब ९४ करोड मात्रै बैङ्क तथा वित्तीय संस्थाहरूसँग मौज्दात रहेको छ ।

अनौपचारिक अर्थतन्त्रको अस्तित्वले मुद्राको ठूलो हिस्सा चलन चल्तीमा हुने गर्दछ। अनौपचारिक अर्थतन्त्रको प्रतिबन्ध, नेपाल सरकार २०१८ को प्रतिवेदनअनुसार नेपालको करिब ४९.९ प्रतिशत पेशा व्यवसाय कानूनी रूपमा दर्ता नभएको र कूल जनसंख्याको २५.७९ प्रतिशत रोजगारी अनौपचारिक क्षेत्रमा रहेको अनुमान गरिएको छ । अनौपचारिक क्षेत्रलाई समेटी देशको सबै आर्थिक कारोबारलाई औपचारिक अर्थतन्त्रको परिधिभित्र ल्याउनुपर्ने अवस्था छ । राष्ट्र बैङ्कले अनौपचारिक अर्थतन्त्रमा उचित ध्यान दिँदै चलनचल्तीमा रहेका मुद्राको प्रयोग बारे अध्ययन गर्नुपर्दछ ।

२१०. **बैंकिङ्ग कर्जाको प्रयोग-** बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा ८ अनुसार कसैले पनि बैंङ्क वा वित्तीय संस्थाबाट जुन प्रयोजनको लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरी वा गराई कर्जाको दुरूपयोग गर्न वा गराउन नहुने व्यवस्था छ । इजाजत प्राप्त बैङ्क तथा वित्तीय संस्थाहरूबाट कर्जा लिने विभिन्न उद्योग, व्यवसायीहरूले जुन प्रयोजनका लागि कर्जा लिएको हो सोही प्रयोजनमा उपयोग गर्नुपर्दछ । विभिन्न कर्जा लिने त्यस्ता व्यवसायीले बैङ्क तथा वित्तीय संस्थाबाट लिएको कर्जा तोकिएको प्रयोजनमा प्रयोग नगरी सञ्चालक तथा सम्बद्ध पक्षालाई सापटी दिनेलगायतका कार्यमा

प्रयोग गरेको देखिन्छ । यो व्यहोरा त्यस्ता व्यवसायीहरूले तोकिएको प्रयोजनमा प्रयोग नभएको भनी आफैले पेस गरेको आय विवरणमा खर्च कट्टी अमान्य गरेको वा कर परीक्षणबाट अमान्य गरेको पुष्टि हुन्छ । तसर्थ बैङ्कले गर्ने सुपरिवेक्षणलाई सबल र प्रभावकारी बनाई वित्तीय क्षेत्रबाट प्रवाह भएको कर्जा तोकिएको प्रयोजनमा उपयोग भएको सुनिश्चित गरिनुपर्दछ ।

२११. **बैंकिङ्ग सेवा** - स्थानीय तह ७५३ मध्ये अघिल्लो वर्ष ७४७ मा र यो वर्ष ७५० स्थानीय तहमा बैंकिङ सेवा पुगेको बैङ्कले जनाएको छ । बैङ्क तथा वित्तीय संस्थाको शाखा संख्या गत वर्ष ९ हजार ७६५ रहेकोमा यो वर्ष १० हजार ६८३ पुगेको छ । बैंकिङ्ग सेवा करिब सबै स्थानीय तहमा उपलब्ध भएकोले नगदरहित बैंकिङ कारोबार गर्न डिजिटल बैंकिङ्ग प्रर्वद्धन गर्नुपर्दछ।

२१२. **मौद्रिक नीति** - यो वर्षको मौद्रिक नीतिले औसत भारित कर्जादर १ देखि ५ प्रतिशतको सीमाभित्र हुने लक्ष्य राखेकोमा ४.१४ प्रतिशत भई सीमाभित्रै रहेको छ । कुल ग्रार्हस्थ्य उत्पादनको लक्ष्य ४.०१ प्रतिशत रहेकोमा कोभिड-१९ बाट सिर्जित बन्दाबन्दीका कारण केही कमी हुने अनुमान छ । यस आर्थिक वर्षको मौद्रिक नीतिको उपलब्धि हेर्दा उपभोक्ता मुद्रास्फीति दर ७ प्रतिशतभित्र राख्ने लक्ष्य रहेकोमा ३.६ प्रतिशत रहेको छ । विस्तृत मुद्रा आपूर्तिको वृद्धि दर १८ प्रतिशत अनुमान गरिएकोमा २१.८ प्रतिशत रहेको पाइयो । वित्तीय क्षेत्रबाट निजी क्षेत्रलाई ऋण दिने वृद्धि दर २० प्रतिशत अनुमान गरिएकोमा उक्त दर २६.३ प्रतिशत रहेको छ । मौद्रिक नीतिले निर्धारण गरेका लक्ष्यहरू हासिल हुनुपर्दछ ।

२१३. **सुपरिवेक्षण तथा निरीक्षण** - बैङ्कबाट प्राप्त विवरण अनुसार यस वर्ष बैङ्क तथा वित्तीय संस्थाहरूको सुपरिवेक्षणसम्बन्धी विवरण देहायबमोजिम रहेको छः

बैङ्क तथा वित्तीय संस्था	जम्मा संख्या	सुपरिवेक्षण संख्या	सुपरिवेक्षण प्रतिशत
क वर्ग	२७	३	११.००
ख वर्ग	१८	८	४४.००
ग वर्ग	१७	४	२४.००
घ वर्ग	७०	१२	१७.००
जम्मा	**१३२**	**२७**	**२०.४५**

२१३.१ उल्लिखित विवरणअनुसार सीमित (२०.४५ प्रतिशत) बैङ्क तथा वित्तीय संस्थाहरूको सुपरिवेक्षण भएको देखिन्छ । प्राप्त सुपरिवेक्षण विवरणअनुसार बैङ्कहरूका सञ्चालक समितिका सदस्यहरू बैङ्कको परिचालन गतिविधिहरू, जस्तैः मानव संसाधन, भाडाको भवनको ठेक्का नवीकरण र खरिद प्रक्रियामा उपसमिति सदस्यको रूपमा संलग्न रही कार्य गरेको देखिन्छ । सञ्चालक समितिले असल शासन अभ्यासको प्रभावकारिता, स्वार्थको द्वन्द्व व्यवस्थापन, रणनीतिक मूल्यहरूको सन्दर्भमा सामर्थ्य र कमजोरीहरूको मूल्याङ्कन गर्ने गरेको देखिएन । धेरै बैङ्कमा सो कार्य सन्तोषजनक रूपमा नगरेको व्यहोरा राष्ट्र बैङ्कले विगतका निरीक्षण प्रतिवेदनमा उल्लेख गरेको छ । नेपाल राष्ट्र बैङ्कले जारी गरेको निर्देशनअनुसार बैङ्कको निरीक्षणद्वारा उठाइएका टिप्पणीहरूको कार्यान्वयन तथा अनुपालनको स्थिति समीक्षा गरी लेखापरीक्षण समितिले सञ्चालक समितिलाई जानकारी गराउनुपर्दछ ।

२१३.२ अधिकांश वाणिज्य बैङ्कमा मौज्दात निरीक्षण र असामीको प्रमाणीकरण कमजोर रहेको, संस्थाको कोष सञ्चालक समितिका सदस्यहरूको खातामा वा सहायक कम्पनीको खातामा हस्तान्तरण गरेको, ऋणको

मुख्य उद्देश्य स्पष्ट नरहेको, विश्वसनीय आधार बेगर ऋणीको क्रेडिट मूल्याङ्कन गरेको, लेखापरीक्षण भएको वित्तीय विवरण र अस्थायी वित्तीय विवरणको बिक्री र आम्दानीको तथ्याङ्कमा उल्लेख्य भिन्नता रहेको र कर्जा व्यवस्था, कर्जाको गुणस्तर तथा व्यवसायको कार्य सम्पादनमा आधारित नभई कर्जाको अवधिमा आधारित रहेको व्यहोरा समेत सुपरिवेक्षण प्रतिवेदनमा उल्लेख गरिएका छन् । उल्लिखित अवस्थाले बैङ्कहरूले गरेको ऋण व्यवस्थापनको अनुगमन कार्य कमजोर रहेको देखिन्छ । सञ्चालक समिति र व्यवस्थापनलाई ऋण सञ्चालन र गतिविधिहरूबारे पर्याप्त र समयमै जानकारी प्राप्तिको लागि धेरै जसो बैङ्कहरूसँग ऋण प्रतिवेदन, ऋण केन्द्रीकरण प्रतिवेदन, जोखिम मूल्याङ्कन प्रतिवेदन र अपवाद प्रतिवेदन जस्ता स्वचालित व्यवस्थापन सूचना पद्धतिको प्रतिवेदन गर्ने सफ्ट्वेयरको अभाव देखिन्छ ।

२१३.३ सबै बैङ्कले ऋण प्रवाह गर्दा आधार दर र प्रिमियम विधि अपनाउने गरेको देखिन्छ । बैङ्कहरूमा ग्राहकको लागि प्रिमियम दर निर्धारण गर्ने कुनै ठोस नीति नरहेको, प्रिमियमको स्तर ग्राहकको सम्बद्ध जोखिममा आधारित नभई पूर्ण रूपमा ब्यवस्थापनको विवेकमा आधारित रहेको अवस्था छ । नेपाल राष्ट्र बैङ्कले यी समस्यालाई समाधान गर्न सम्बन्धित बैङ्क तथा वित्तीय संस्थालाई निर्देशन दिएको छ । राष्ट्र बैङ्कले उक्त निर्देशनको पालना गराउनुपर्दछ ।

२१४. **अनुगमन -** नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ५(१)(च) अनुसार वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको वित्तीय कारोबार सम्बन्धमा आवश्यक नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्नुपर्नेमा वार्षिक रूपमा 'क' वर्गका वाणिज्य बैङ्कहरूको मात्र सुपरिवेक्षण गरेकोमा तिनीहरूको समूह संस्थाहरू सहायक वा सहयोगी कम्पनीहरूको सुपरिवेक्षणसमेत गरेको छैन । नेपाल राष्ट्र बैङ्क पुनर्कर्जा कार्यविधि, २०७७ को बुँदा १४ (२) अनुसार पुनर्कर्जाको अनुगमन तथा निरीक्षण गर्नुपर्नेमा यस्तो कर्जा लगानी रू.१ खर्ब ४८ अर्ब ५७ करोडको सदुपयोग सम्बन्धमा अनुगमन वा निरीक्षण गरेको छैन । नेपाल सरकारले कृषि क्षेत्रको प्रवर्द्धन, बेरोजगार युवालाई रोजगारीको अवसर र विदेशबाट फर्केका युवालाई स्वरोजगार प्रदान गर्न सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५ तर्जुमा गरेको छ । उक्त कार्यविधिको परिच्छेद ७ को १९ (ग) बमोजिम सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाको अनुगमन, नियमन, निरीक्षण तथा सुपरिवेक्षण गरी प्रतिवेदन तयार गरेको देखिन्छ । उक्त प्रतिवेदन अनुसार ऋणी ६० हजार ८७९ मध्ये ११९ (०.२ प्रतिशत) को नमूना तथ्याङ्क सङ्कलन गरी अध्ययन गरेको देखिन्छ । अध्ययन प्रतिवेदनमा सहुलियतपूर्ण कर्जा प्रवाह लक्षित समूहमा नभई पुरानो र स्थापित व्यवसायलाई भएको, कार्यविधि विपरीतको प्रयोजनमा भएको, दोहोरो अनुदान हुने गरी भएको र आवश्यकताभन्दा बढी भएको व्यहोरा उल्लेख छ। परीक्षण तथा अनुगमनको दायरालाई विस्तृत रूपमा वृद्धि गरी यसको प्रभावकारीताबारे थप परीक्षण र अनुगमन गर्नुपर्ने देखिन्छ ।

२१५. **वित्तीय विवरण स्वीकृति -** बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ४७ (२) अनुसार लाभांश घोषणा र वितरण अघि सम्भावित नोक्सानीको व्यवस्था गर्नुपर्दछ । एक बैङ्कको २०७६।७७ को वितरण योग्य सञ्चित नाफा रू.३ अर्ब १० करोड २७ लाख रहेको वित्तीय विवरण प्रकाशन तथा लाभांश स्वीकृति गर्दा लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका बुँदाहरू कोभिड -१९ बापत दिनुपर्ने छुट रू.२० करोड ४५ लाख लेखाङ्कन नभएको, अन्तर कार्यालय हिसाब डेबिट रू.१ अर्ब ७८ करोड ८९ लाख मिलान नभएको र सस्पेन्स खाता (अन्य सम्पत्ति) मा रू.४० लाख रहेको देखिन्छ । वित्तीय विवरणमा यसबाट पर्न सक्ने असरलाई ध्यान दिएको देखिएन । साथै, २०७६।७७ को बीमाङ्कीय मूल्याङ्कनबमोजिम बीमाङ्कीय नोक्सानी रू.२ अर्ब २१ करोड ३४ लाखलाई २०७६।७७ को सट्टामा

२०७७।७८ मा मात्र सञ्चित नाफा नोक्सानमा खर्च लेखी नियमनकारी कोषमा जम्मा गर्न निर्देशन दिएकोले २०७६।७७ मा सोको लेखाङ्कनले सञ्चित नाफा नहुनेमा निर्देशनअनुसार गत वर्षमा गरेको लेखाङ्कनले सो वर्ष सञ्चित नाफा देखिन गएको छ । वित्तीय विवरण स्वीकृति प्रदान गर्ने कार्यमा वित्तीय विवरणमा असर नपर्ने गरी उपयुक्त नियन्त्रण हुनुपर्दछ ।

२१६. **पुनर्कर्जा सीमा -** नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ४९ ले नेपाल राष्ट्र बैङ्कलाई आफूले निर्धारण गरेको शर्त तथा प्रक्रियाको अधीनमा रही पुनर्कर्जा दिन सक्ने व्यवस्था छ । यस वर्ष प्रवाह भएको पुनर्कर्जामध्ये २०७८ असारसम्म रू.१ खर्ब २२ अर्ब ७ करोड बाँकी रहेको छ । विकास कोष रू.४६ अर्ब ९५ करोड रहेकोले पुनर्कर्जा विकास कोषको २.६१ गुणा बढी रहेको छ । पुनर्कर्जा विनियम, २०७७ ले विकास कोषको ५ गुणासम्म पुनर्कर्जा दिन सक्ने सीमा तोकेको छ । पुनर्कर्जा सुविधा राहत प्रदान गर्ने प्रमुख साधन हुनुको साथै यसको सीमा राष्ट्र बैङ्कको वित्तीय स्थितिसँग प्रत्यक्ष समानुपातिक हुन्छ । यस्तो सीमा निर्धारणको लागि अध्ययन र प्रभाव विश्लेषण भएको छैन । उपलब्ध कोषभन्दा बढीको पुनर्कर्जा सीमा तोक्नु अघि सोबाट पर्ने प्रभावको विश्लेषण हुनुपर्दछ ।

२१७. **व्यवसाय निरन्तरता कर्जा -** नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ७५ बमोजिम नेपाल राष्ट्र बैङ्कले नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्थालाई कुनै प्रकारको वित्तीय सहयोग प्रदान गर्न नमिल्ने व्यवस्था छ । नेपाल सरकारको कार्यक्रम व्यवसाय निरन्तरता कर्जामा लगानी गर्न नेपाल सरकारको खातामा रू.३ अर्ब जम्मा गर्ने निर्णय भएकोमध्ये रू.१ अर्ब ४६ करोड जम्मा गरेको छ । नेपाल सरकारले बढीमा ५ प्रतिशतका दरले ब्याज उपलब्ध गराउने गरी उक्त रकम दिएकोमा नेपाल सरकारसँग सम्झौता बमोजिम ब्याज आम्दानीको लेखाङ्कन गरेको छैन। कानूनको पालना हुने गरी कर्जा लगानी गर्नुपर्दछ ।

२१८. **विदेशी मुद्रा व्यवस्थापन -** नेपाल राष्ट्र बैङ्क विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ को विनियम ६(५) अनुसार विदेशी लगानी तथा आर्जित रकम फिर्ता लैजानको लागि विदेशी मुद्रा सटही स्वीकृति प्रदान गर्दा जुन विदेशी लगानीकर्ता र देशबाट वैदेशिक लगानी भित्रिएको हो सोही विदेशी लगानीकर्ताको नाममा रहेको बैङ्क खातामा रकम जम्मा हुने गरी फिर्ता लैजान दिइने उल्लेख छ। यस व्यवस्थाबाट लगानीकर्ताको देश बाहेक अन्य देशमा पनि रकम लैजान सक्ने अवस्था देखिन्छ। यद्यपि, लगानीकर्ताको देश बाहेक अन्य देशमा रकम फिर्ता गर्ने मापदण्ड र अधिकारको तह विनियमावलीमा तोकिएको छैन । लगानी गर्ने देश बाहेक अन्य देशमा रकम फिर्ता गर्ने मापदण्ड स्पष्ट रूपमा निर्दिष्ट गरी विवेकाधिकारको प्रयोग घटाउनुपर्दछ ।

२१८.१ औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ३७(१) बमोजिम उद्योगले उपभोग गर्न पाउने सेवा, सुविधा, छुट र सहुलियत सहज र समयमै उपलब्ध गराउने उद्देश्यले नेपाल सरकारले एकल विन्दु सेवा केन्द्र सञ्चालन गरेको छ । विदेशी लगानीकर्ताले लगानी वा लगानीबाट आर्जित रकम फिर्ता लैजान उद्योग विभागबाट स्वीकृति लिनु पर्ने र विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ को विनियम ४ (३) बमोजिम शेयर हस्तान्तरण बापतको विदेशी मुद्रा फिर्ता लैजानको लागि नेपाल राष्ट्र बैङ्कमा निवेदन दिनु पर्ने व्यवस्था छ । उद्योग विभागमा पहिले नै पेस गरेको कागजात नेपाल राष्ट्र बैङ्कमा पुनः पेस गर्नुपर्ने भएकोले एकल विन्दु सेवा केन्द्रलाई प्रभावकारी बनाउनुपर्दछ ।

२१८.२ वैदेशिक लगानीसम्बन्धी अभिलेखहरू कम्प्युटरको एक्सेल सिटमा राखेकोले स्वीकृत भएका तथा पेन्डिङ्ग भएका फाइलहरूको शुद्धता र स्थितिको परीक्षण गर्न अधिक मेहनत र समय लाग्ने देखिएको छ । समान कागजातहरू धेरै ठाउँमा र धेरै पटक पेस गर्दा अतिरिक्त समय र लागत लाग्ने भएकाले वैदेशिक लगानी अन्तर्गत बैंकिङ्ग प्रणालीमार्फत् जम्मा भएको रकमलाई अनलाईन प्रतिवेदनमार्फत् प्राप्त गरी वैदेशिक लगानीको लेखाङ्कन तथा अभिलेख व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

२१९. **सुनमा लगानी -** सुन सञ्चित व्यवस्थापन नीति, २०७० अनुसार विद्यमान सुनको भण्डारलाई सुधार गर्न दोस्रो रणनीतिक योजनाअन्तर्गत कुल विदेशी मुद्रा सञ्चितिको न्यूनतम ५ देखि १० प्रतिशत सुनमा लगानी हुनुपर्ने व्यवस्था छ । सुनको रिजर्भमा २०७८ आषाढ मसान्तसम्म ४.५९ प्रतिशतले हुने रू.६० अर्ब २७ करोड मात्र लगानी भएको देखिन्छ । भौतिक परीक्षण प्रतिवेदन अनुसार ६०० देखि ९९९.६० टचका र केही गुणस्तर निर्धारण नभएको सुन रहेको देखिन्छ । तर बैङ्कले सञ्चित सबै सुनलाई ९९९.९ टचको दर रेटको आधारमा मूल्याङ्कन गरेको छ । त्यसैगरी सञ्चित चाँदीको पनि गुणस्तर निर्धारण बेगर सबै सञ्चित चाँदीलाई ९९९.९ टचको दर रेटको आधारमा मूल्याङ्कन गरेको छ। न्यून गुणस्तरको सुन, गुणस्तर निर्धारण नभएको सुन र चाँदीलाई असल सुन तथा चाँदीको दररेटरमा मूल्याङ्कन गरिँदा सञ्चित सुन र चाँदीको मूल्य वास्तविक मूल्यभन्दा बढी रहेको देखिन्छ ।

बैङ्कले सुनचाँदीको भौतिक परीक्षणमा गुणस्तर परीक्षण नगरी विगत वर्षका परीक्षणलाई आधार लिएको, चाँदीको तौल जाँच गर्न ठूलो क्षमताको तौलने मेसिनको अभावको कारण तौलको परीक्षण नगरी यस अघि गरेको भौतिक परीक्षण लाई नै आधार लिएको, सञ्चित सिक्का २ करोड थान भन्दा बढी रहेकोमा प्रत्येकको गणना नगरी प्रत्येक ड्रममा सिक्का रहेको जनाई अनुमान गरी ड्रमको बाहिर पट्टि उल्लेख भएको संख्यालाई आधार मानी गणना गरेको, भौतिक परीक्षणमा १९ लाख ५३ हजार ६६२.१० ग्राम सञ्चित सुन स्टक रहेको मध्ये ८ लाख ८३ हजार ६१७.१ ग्राम सञ्चित सुनको गुणस्तर यकिन नै नभएको र सञ्चित सुनको भौतिक परीक्षण गर्दा जिन्सी अभिलेखमा रहेको मौज्दातभन्दा ०.२४८२ किलोग्राम घटी देखिएको छ । यो वर्ष पशुपति विकास कोषलाई सुन बिक्री गर्नका लागि सुन तौलँदा बैङ्कको प्रणालीमा पहिला नै तौल गरी उल्लेख गरेको सुनको परिमाणभन्दा १३६.१० ग्राम बढी रहेको पाइयो । सुन चाँदीको गुणस्तर एवं सोअनुसार मूल्य र परिमाण समेत यकिन हुने गरी भौतिक परीक्षण गर्नुपर्दछ ।

२२०. **भुक्तानी प्रणालीको लेखापरीक्षण -** नेपाल राष्ट्र बैङ्कको एकीकृत भुक्तानी निर्देशिकाको बुँदा ३(२) बमोजिम प्रत्येक निकायले भुक्तानी प्रणालीको लेखापरीक्षण गरी आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र प्रणाली लेखापरीक्षण प्रतिवेदन राष्ट्र बैङ्कलाई बुझाउनुपर्ने उल्लेख भएबमोजिम प्रणाली लेखापरीक्षण गरेको पाइएन। प्रणाली लेखापरीक्षणको दायरा र मापदण्डहरू राष्ट्र बैङ्कको निर्देशनहरूमा निर्दिष्ट हुनुपर्छ । कुल ३८ मध्ये, ६ निकायले पहिले नै प्रणाली लेखापरीक्षण गराइसकेका र ७ निकायले गराउने प्रक्रियामा देखिएका छन् । तीमध्ये कतिपय नयाँ संस्थाले व्यवसायिक सञ्चालनसमेत शुरु गरेका छैनन्।

२२१. **हिसाब समायोजन -** ई-मनी ब्यालेन्स र सेटलमेन्ट बैङ्कमा पीएसपीहरूको सेटलमेन्ट खातामा रहेको मौज्दात बराबर हुनुपर्छ । पीएसपीको सेटलमेन्ट खातामा रहेको मौज्दात ई मनी ब्यालेन्सभन्दा रू.३० करोड ९९ लाख ४० हजारले कम भएको पाइयो । ई-मनी ब्यालेन्स र सेटलमेन्ट बैङ्कसँगको मौज्दात बीच कुनै भिन्नता आएमा समायोजन हुनुपर्दछ । एक पीएसपीको सम्बन्धमा राष्ट्र बैङ्कले भिन्नताको कारण

माग गरेकोमा पीएसपीले सही मौज्दात बुझाएकोमा सेटलमेन्ट बैङ्कले गलत मौज्दात बुझाएको प्रतिक्रिया दिएको छ । राष्ट्र बैङ्कले भिन्नता पत्ता लगाई हिसाब समायोजन गर्नुपर्दछ ।

२२२. **आन्तरिक लेखापरीक्षण**- नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ९३ बमोजिम बैङ्कले प्रत्येक आर्थिक वर्ष पूरा भएको मितिले चार महिनाभित्र नेपाल सरकारलाई लेखापरीक्षण प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ। आन्तरिक लेखापरीक्षण समयमै सम्पन्न गरिसक्नु पर्नेमा अन्तिम लेखापरीक्षणको अवधिमा विभाग र प्रदेश कार्यालयहरूको आन्तरिक लेखापरीक्षण भएको छैन । बैङ्कले आन्तरिक लेखापरीक्षण दिग्दर्शन तर्जुमा गरेतापनि जोखिममा आधारित आन्तरिक लेखापरीक्षण कार्य भएको छैन । आन्तरिक लेखापरीक्षण समयमै गराई सोको प्रभावकारितालाई सुधार तथा सुदृढ गर्नुपर्दछ ।

२२३. **वित्तीय सूचना इकाई -** नेपाल एसिया प्यासिफिक ग्रुप अफ मनी लाउन्डरिङ (एपीजी) को सदस्य भएकोले सम्पत्ति शुद्धीकरण तथा वित्तीय आतङ्कवाद विरुद्धको नीति, कानुनी र संस्थागत व्यवस्था गरेको छ । दोस्रो राष्ट्रिय रणनीति तथा कार्य योजना २०७६-२०८१ ले वित्तीय सूचना इकाई र नेपाल राष्ट्र बैङ्कलाई जिम्मेवार निकायको रूपमा पहिचान गरेको छ । राष्ट्रिय रणनीति तथा कार्ययोजनाले तोकेका केही कार्य कार्यान्वयन हुन बाँकी रहेका छन् । राष्ट्रिय उच्च प्रोफाइलका व्यक्तिका डाटाबेस राखी रिपोर्टिङ संस्थालाई जानकारी सञ्चार गर्ने, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को परिच्छेद -६ ख बमोजिम लक्षित वित्तीय कारबाही कार्यदल, आर्थिक समन्वय र विकासका लागि संस्था तथा संयुक्त राष्ट्र संघ जस्ता संस्थाबाट सूचीबद्ध प्रणालीगत कमजोर देशहरू एवं कारबाही भएका व्यक्तिको सूची तयार गर्ने, सम्पत्ति शुद्धीकरण र वित्तीय सुरक्षाका लागि एकीकृत पर्यवेक्षण प्रणालीको विकास गर्ने लगायतको क्षेत्रमा कुनै कार्य भएको छैन । वित्तीय सूचना इकाई र नेपाल राष्ट्र बैङ्क लगायत अन्य रिपोर्टिङ र जिम्मेवार निकायहरूले राष्ट्रिय रणनीतिमा निर्धारण गरिएको रणनीतिक कार्य योजनालाई समय सीमाभित्र कार्यान्वयन गर्नुपर्दछ। वित्तीय सूचना इकाईको प्रणालीगत सुरक्षा र अभिलेखको विश्वसनीयता सम्बन्धमा सूचना प्रविधिसम्बन्धी लेखापरीक्षण हुनुपर्दछ ।

२२४. **प्रतीत पत्र हिसाब -** बैङ्कले तयार गरेको प्रतीत पत्र मार्जिन खातासम्बन्धी विभिन्न अभिलेख एवं प्रतिवेदनहरू एक अर्कासँग भिडान भएको छैन । प्रतीत पत्रको लेखाअनुसार रू.७ अर्ब ८७ करोड २० लाख, एक्सेल सिटअनुसार रू.६ अर्ब ६१ करोड १६ लाख, मेमोराण्डम लेखाअनुसार रू.३ अर्ब २७ करोड ७२ लाख र सूचना प्रविधि प्रणालीअनुसार रू.४५ अर्ब ८२ करोड ३१ लाख रहेको छ। प्रतीत पत्र मार्जिन खाता लामो समयदेखि हिसाव मिलान नगरी यथावतै रहेको छ । बैङ्कले अपनाएको सूचना प्रविधिसम्बन्धी प्रणालीले लामो समयदेखि पेन्डिङ्ग रहेका र अवधि समाप्त भइसकेको हिसाब देखाउँदैन। लामो समयसम्म हिसाब मिलान नभई प्रतीत पत्र मार्जिनको समयमै टुङ्गो लगाउन नसक्दा विदेशी मुद्राको दुरूपयोग तथा अपचलन हुने जोखिम रहन्छ । बैङ्कले सम्बन्धित निकाय/संस्थासँग समन्वय गरी पेन्डिङ्ग प्रतितपत्र मार्जिनको हिसाब मिलान गर्नुपर्दछ ।

२२५. **शेयर बिक्री -** नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ३ अनुसार नेपाल राष्ट्र बैङ्क एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हो । बैङ्कले २०७७।७८ मा ४३ लाख ६२ हजार १७६ कित्ता शेयरको मूल्याङ्कन नगरी नेपाल सरकारलाई उक्त शेयरबापत रू.२ अर्ब ६५ करोड ७२ लाख र हकप्रद शेयरको रू.१८ करोड १३ लाखले रू.२ अर्व ८३ करोड ८५ लाख मा हस्तान्तरण गरेको छ । उक्त रकममध्ये रू.९९ करोड ५५ लाख नगदमा प्राप्त भए तापनि बाँकी रू.१ अर्ब ६६

करोड १६ लाख नेपाल सरकारलाई दिने लाभांशमा समायोजन गर्ने गरी लेखाङ्कन गरेको छ । नेपाल राष्ट्र बैङ्कको स्वामित्वमा रहेको टक्सार विभागअन्तर्गतको लागत रू.८ लाख ६१ हजारको ११ रोपनी ८ आना ३ पैसा जग्गा मूल्याङ्कन नगरी नेपाल सरकारलाई हस्तान्तरण गरेको छ । कम्पनी निर्देशिका, २०६५ को दफा ६ को प्रावधानले गैरसरकारी संस्थालाई कम्पनीको प्रोमोटर हुन बन्देज लगाएको छ। विभिन्न ३८ माइक्रोफाइनान्सका प्रोमोटर शेयरहरू अझै पनि गैरसरकारी संस्थाहरूको स्वामित्वमा रहेको र सो शेयरहरू बिक्री भएका छैनन्। प्रोमोटर शेयरहरूमा लाभांश समेत वितरण भइरहेको देखिन्छ। यसमा नियन्त्रण हुनुपर्दछ ।

२२६. **आवधिक मूल्याङ्कन -** नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ३३(४) बमोजिम सञ्चालक समितिले आफ्नो कार्यसम्पादनको सिलसिलामा देशको मौद्रिक तथा आर्थिक अवस्थाको आवधिक रूपमा मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । व्यवस्थापन समितिले कम्तीमा महिनाको एक पटक सञ्चालक समितिमा बैङ्कको प्रशासन र सञ्चालन, मौद्रिक तथा अन्य नियामक नीतिहरूको सञ्चालन, देशको बैंकिङ्ग प्रणालीको स्वस्थ्यता, मुद्रा, पुँजी र विदेशी विनिमय बजार, त्यस्ता नीतिहरूको कार्यान्वयन र त्यसले बैंकिङ्ग प्रणालीमा पार्न सक्ने प्रभाव, परिस्थिति र महत्वपूर्ण घटनाहरूको बारेमा मासिक रूपमा प्रतिवेदन गर्नुपर्नेमा त्रैमासिक रूपमा प्रतिवेदन पेस गर्ने गरेको छ । ऐनअनुसार मासिक रूपमा प्रतिवेदन नगर्दा देशको मौद्रिक तथा आर्थिक अवस्थाको अवधिको आधारमा मूल्याङ्कन गर्ने राष्ट्र बैङ्क ऐनको उद्देश्य पुरा भएको सुनिश्चित नभएकोले कानूनले तोकेअनुसार आवधिक रूपमा देशको मौद्रिक तथा वित्तीय स्थितिको मूल्याङ्कन हुनुपर्दछ ।

कर्मचारी सञ्चय कोष

सेवा निवृत्त सेनाको सञ्चय कोष रकम व्यवस्थापन गर्ने प्रमुख उद्देश्यले १९९१ सालमा सैनिक द्रव्य कोष स्थापना भएकोमा हाल निजामती, नेपाली सेना र नेपाल प्रहरीलगायतका कर्मचारीको सञ्चय कोष रकम प्रभावकारी ढङ्गले व्यवस्थापन गर्ने प्रमुख उद्देश्यले कर्मचारी सञ्चय कोष ऐन, २०१९ अनुसार कोष सञ्चालनमा छ । कोषले सार्वजनिक र निजी क्षेत्रका कर्मचारीहरूलाई पनि आफ्नो दायरामा समेटेको र २०७८ असार मसान्तसम्म करिब ६ लाख २८ हजार सञ्चयकर्ताको सञ्चित कोष रकम व्यवस्थापन गर्दै आएको छ ।

२२७. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कोषको २०७८ आषाढ मसान्तको सञ्चित कोष रू.३ खर्ब ९७ अर्ब ५७ करोड ३५ लाख, निवृत्तिभरण कोष रू.१ अर्ब ४५ करोड ७४ लाख, जगेडा तथा बचत रू.४१ अर्ब ९७ करोड ५७ लाख र अन्य दायित्व रू.५ अर्ब ६५ करोड ९६ लाख रहेको छ । स्थिर सम्पत्ति रू.६८ करोड ७० लाख, लगानी रु ३७ अर्ब २१ करोड ३६ लाख, कर्जा तथा सापटी रू.२ खर्ब ७२ अर्ब ५९ करोड ६० लाख र अन्य चालु सम्पत्ति रू.१ खर्ब ३६ अर्ब १६ करोड ९६ लाख समेत सम्पत्ति रू.४ खर्ब ४६ अर्ब ६६ करोड ६२ लाख रहेको देखिन्छ । गत वर्ष रू.३ अर्ब ४३ करोड ४६ लाख नाफा रहेकोमा यो वर्ष रू.३ अर्ब ९३ करोड ६५ लाख नाफा भई सञ्चित नाफा रू.४ अर्ब ५५ करोड ९४ लाख पुगेको छ। कोषले गत वर्ष रू.३३ अर्ब ३८ करोड ३१ लाख आम्दानी गरेकोमा यो वर्ष रू.३३ अर्ब ११ करोड ८ लाख आम्दानी गरेको छ ।

२२८. **वित्तीय अनुपात विश्लेषण -** सम्पत्ति र आम्दानी अनुपात गत वर्ष ११.५९ गुणा रहेकोमा यो वर्ष १३.४९ गुणा रहेको छ । पुँजी लगानीमा सञ्चालन नाफा गत वर्ष ०.९० प्रतिशत रहेकोमा यो वर्ष ०.८९

प्रतिशत रहेको छ । चालु सम्पत्ति र चालु दायित्वको अनुपात गत वर्ष २.९१ गुणा रहेकोमा यो वर्ष १.६८ गुणा रहेको छ । नगद अनुपात गत वर्ष ०.०१ गुणा रहेकोमा यो वर्ष ०.०३ गुणा रहेको छ। खुद चालु सम्पत्ति गत वर्ष रू.१ खर्ब ३३ अर्ब ५२ करोड ६२ लाख रहेकोमा यो वर्ष रू.१ खर्ब ७ अर्ब ३० करोड १४ लाख पुगेको छ । कुल नाफा आम्दानी अनुपात गत वर्ष १०.२९ प्रतिशत रहेकोमा यो वर्ष ११.८९ प्रतिशत पुगेको देखिन्छ ।

२२९. **वित्तीय प्रतिवेदनमान कार्यान्वयन -** नेपाल चार्टर्ड एकाउन्टेनन्ट्स संस्थाले सबै सरकारी निकायमा नेपाल वित्तीय प्रतिवेदनमान लागू गर्ने व्यवस्था कायम गराएअनुसार कोषले वित्तीय प्रतिवेदन नेपाल वित्तीय प्रतिवेदनमानबमोजिम तयार गर्दा परिभाषित कर्मचारी सुविधाको बीमाङ्कीय मूल्याङ्कनअनुसारको नोक्सान विगत ३ वर्षको रू.१ अर्ब ७ करोड २६ लाखलाई सम्बन्धित वर्षको सञ्चित नाफाबाट घटाउनुपर्नेमा साधारण जगेडा कोषबाट घटाएको देखिन्छ । यसअनुसार कोषको २०७७।७८ को वितरण योग्य नाफा रू.८६ करोड २ लाख रहने तथा २०७५।७६ र २०७६।७७ को परिभाषित कर्मचारी सुविधाको बीमाङ्कीय नोक्सानीले वित्तीय विवरणमा असर पर्ने हुँदा तदनुसारको रकम सुनिश्चित गरी यस वर्षको वित्तीय विवरणमा खुलासा सहित समायोजन गर्नुपर्ने देखिन्छ ।

२३०. **विमान खरिद कर्जा -** नेपाल वायुसेवा निगमसँग कोषले गरेको ऋण सम्झौताअनुसार विमान खरिद गर्न नेपाल सरकारको जमानीमा कोषले रू.२२ अर्ब ऋण प्रवाह गरेकोमा निगमले २०७६ सालको तेस्रो त्रैमासदेखि भुक्तानी नगरेको रू.१ अर्ब ५६ करोड ब्याज सञ्चय कोषद्वारा पुँजीकरण गर्ने सञ्चालक समितिको निर्णयअनुसार गत वर्षसम्म साँवा रू.२३ अर्ब ५६ करोड पुगेको छ । यो वर्ष प्राप्त हुन नसकेको साँवा रू.१ अर्ब ५६ करोड र ब्याज रू.२ अर्ब ३२ करोडलाई व्यवस्था गरेको कारण सोही रकमले नाफा घट्न गई सोबाट सञ्चयकर्तालाई वितरण हुने प्रतिफलमा कमी आएको छ । ठूला र दीर्घकालीन परियोजनाहरूमा लगानी गर्दा विस्तृत अध्ययन, जोखिम विश्लेषण, परियोजनाको सबल तथा दुर्बल पक्षहरू र कर्जा लिनेको व्यावसायिक योजना जस्ता विषयहरूमा अध्ययन, विश्लेषण र मूल्याङ्कन पश्चात मात्र कर्जा प्रवाह गर्नुपर्दछ । नेपाल सरकारले जमानतमा दिएको ऋणको साँवा ब्याजको भार सञ्चय कर्तालाई पार्नु हुँदैन यसको लागि छुट्टै प्रबन्ध मिलाउनुपर्दछ ।

२३१. **लगानी -** कोषको सञ्चालक समितिबाट बेतन कर्णाली सञ्चयकर्ता जलविद्युत कम्पनी लिमिटेडमा कोष र सञ्चयकर्ताद्वारा क्रमशः १५ प्रतिशत र ४० प्रतिशत शेयरमा लगानी गर्ने निर्णय भएको छ । कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा कोषले संस्था प्रवर्द्धन गर्न पाउने प्रावधान देखिँदैन। ऐनमा जलविद्युत उत्पादन गर्नको लागि कम्पनी वा संस्थाको स्थापना र सञ्चालन गर्ने कार्यक्षेत्र उल्लेख नभएको अवस्थामा कोषले बेतन कर्णाली सञ्चयकर्ता जलविद्युत कम्पनी लिमिटेड प्रवर्द्धन र सञ्चालन गर्ने गरी गरेको निर्णय पुनरावलोकन हुनुपर्दछ ।

२३२. **अस्थायी सञ्चयकर्ता खाता -** सङ्कलन शाखाले पठाएको फाँटवारी सम्बन्धित शाखाले प्रविष्टि गर्दा पूर्ण विवरण नआएमा वा विवरणमा अपूर्ण वा द्विविधा भएको खण्डमा फाँटवारी शाखाले नयाँ अस्थायी सञ्चय कोष नम्बर तथा कोड सिर्जना गरी सो खातामा प्रविष्ट गर्ने गरेको छ । कोषको यो वर्ष सम्म ३० हजार ७०५ अस्थायी सञ्चयकर्ता खातामा रू.१ अर्ब ५ करोड प्रविष्ट गरेको छ । सञ्चयकर्तालाई सो खाताको बारेमा सामान्यतः जानकारी नहुने हुँदा सञ्चयकर्ताले पूरा कोष रकम पाउनको लागि अस्थायी

सञ्चयकर्ता खाता पहिचान गरी उक्त रकम स्थायी सञ्चयकर्ता खातामा जम्मा गर्न प्रभावकारी व्यवस्था मिलाउनुपर्दछ ।

२३३. **भाडा असुली** - कोषको असुल हुन बाँकी बहाल तथा महसुल रू.६४ करोड ५० लाख रहेकोमा गत आर्थिक वर्षमा रू ३१ करोड ३५ लाख असुली शंकास्पद व्यवस्था कायम गरेको थियो । सोमध्ये यो वर्ष रू.५७ लाख असुल भएकोले शंकास्पद व्यवस्थाबाट हटाई बाँकी रहेको रू.३० करोड ७७ लाख शंकास्पद व्यवस्था कायम गरेको छ । कोषले भाडा उठाउने प्रक्रियालाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ । यस सम्बन्धमा देखिएका मुख्य व्यहोरा देहायबमोजिम छन्:

२३३.१ कोषको स्वामित्वमा काठमाडौं, सुन्धारामा रहेको घर भाडामा लगाउने सम्झौताअनुसार भाडामा लिनेले २०७३।१०।६ देखि प्रथम तीन महिनाको अग्रिम भाडा रू.८ करोड १३ लाख र २०७५ जेठमा रू.२ करोड ७१ लाख समेत रू.१० करोड ८४ लाख मात्र कोषलाई बुझाएको छ । सम्झौता अनुसारको भाडा नियमित रूपमा प्राप्त नभएकोले कोषले २०७५।१।५ मा रू.३२ करोड ५३ लाखको बैङ्क जमानत जफत गरी बक्यौता रकम चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गरेको देखिन्छ । कोषले जमानत जफत गरेको रकम कटाई २०७७ असार सम्ममा ब्याज तथा जरिबाना समेत रू.२२ करोड ५१ लाख उठाउन बाँकी रहेको छ । सोही भवनको अर्को एक भाडावालसँग २०७६ माघमा सम्झौता भएको र सम्झौता अनुसारको भाडा नियमित रूपमा प्राप्त नभएकोले कोषले २०७८ असार सम्ममा ब्याज तथा जरिबानासमेत रू.९ करोड ४३ लाख उठाउन बाँकी रहेको छ। उठाउन बाँकी भाडा असुल गर्नुपर्दछ।

२३३.२ कोषले २०७१।९।९ मा लगनखेल स्थित भवनको मासिक भाडा रू.५४ लाख ७० हजार कायम गरी एक नीजि कम्पनीसँग १५ वर्षको लागि करार गरेकोमा भाडा असुली हुन नसक्दा कोषले उक्त करार २०७५।५।१४ मा अन्त्य गरेको छ । विभिन्न समयमा भाडावालले तिरेको रकम र बैङ्क जमानत जफत गर्दा पनि सम्झौताअनुसारको भाडा नियमित रूपमा प्राप्त नभएकोले कोषले २०७८ असार सम्ममा ब्याज तथा जरिबानासमेत रू.१२ करोड ५२ लाख उठाउन बाँकी रहेको छ । बक्यौता असुलीको लागि कोष क्रियाशील हुनुपर्दछ ।

२३४. **बैङ्क हिसाब भिडान** - कोषको स्रेस्ताले देखाएको र बैङ्कले देखाएको मौज्दात भिडान गर्न बैङ्क हिसाव मिलान विवरण तयार गर्नुपर्दछ । बैङ्क मौज्दात भिडानमा फरक परेको रकम २०७५।७६ सम्म रू.१ अर्ब ६४ करोड २८ लाख, २०७६।७७ सम्म रू.१ अर्ब ५४ करोड २८ लाख रहेकोमा यस वर्ष स्रेस्ताअनुसार रू.४ अर्ब ४४ करोड ११ लाख र बैङ्क विवरणअनुसार रू.६ अर्ब ७९ करोड ८२ लाख रहेकोले रू.२ अर्ब ३५ करोड ७१ लाख फरक परेको छ । बैङ्क हिसाब भिडान नभएको रकम गत वर्षको तुलनामा ५२.७८ प्रतिशतले वृद्धि भएकोले हिसाव मिलान गरी अद्यावधिक गर्नुपर्दछ ।

२३५. **कर्मचारी सुविधा** - कोषमा कार्यरत कर्मचारीलाई कोष भत्ताबापत प्रतिमहिना रू.१२ हजारसम्म, दैनिक खाजा खर्च बापत रू.१००, इन्टरनेट तथा पत्रपत्रिका खर्चबापत मासिक रू.१ हजार ५००, महँगी भत्ता बापत मासिक रू.२ हजार, अतिथि सत्कार खर्च सहायक प्रबन्धकदेखि माथिका तहलाई मासिक रू.५०० सम्म, बाह्य स्टेसन भत्ता रू.४ हजार ७५० सम्म, वार्षिकोत्सव बापत ६७ दिनको तलब भत्ता बापत हुने रकम, औषधि उपचार सुविधा बापत वार्षिक ५५ दिनको तलब बराबरको रकम, पोशाक भत्ता लगायतका सुविधा प्रदान गर्दै आएको छ। यसका अतिरिक्त घर सापटी कर्जा कार्यक्रमबाट ३

वर्षको आधारभूत तलब र घर मर्मत सापटी कर्जा रू.२५ लाखसम्मको सुविधा प्रदान गर्दै आएको छ। सञ्चयकर्ताको हितमा समेत निःशुल्क र सहुलियतपूर्ण बस सेवा, सञ्चयकर्ता केन्द्रित अपार्टमेन्ट वा हाउजिङ कोलोनी, विद्यालय वा अस्पताल निर्माणलगायतका आय आर्जन तथा सामाजिक सेवाका क्षेत्रहरू पहिचान गरी कोषको रकम परिचालन गर्नुपर्दछ ।

राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड

सर्वसाधारणलाई बैंकिङ्ग सेवा उपलब्ध गराउने उद्देश्यले २०२२ सालमा स्थापना भएको यो बैङ्क हाल बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ अन्तर्गत सञ्चालन हुँदै आएको छ । बैङ्कमा नेपाल सरकारको ९९.९७ प्रतिशत र सर्वसाधारणको ०.०३ प्रतिशत शेयर स्वामित्व रहेको छ । बैङ्कको केन्द्रीय र शाखासमेत २५५ कार्यालयमा २ हजार १८७ कर्मचारी कार्यरत रहेका छन् ।

२३६. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा-** बैङ्कको २०७८ आषाढ मसान्तको ग्राहकहरूलाई प्रदान गरेको खुद कर्जा रू.१ खर्ब ७७ अर्ब ८७ करोड ९ लाख, बैङ्क तथा वित्तीय संस्थाहरूलाई प्रदान गरेको खुद कर्जा रू.१५ अर्ब ४३ करोड ४० लाख, स्थिर सम्पत्ति रू.१ अर्ब ८४ करोड ४२ लाख, लगानी रू.७१ अर्ब ६ करोड १२ लाख र अदृष्य सम्पत्ति रू.५ करोड ७८ लाख समेत रू.३ खर्ब ९ अर्ब ९९ करोड ७५ लाख सम्पत्ति रहेको छ । ग्राहकहरूको निक्षेप रू.२ खर्ब ६३ अर्ब ८३ करोड ६७ लाख समेत रू.२ खर्ब ८१ अर्ब ३१ करोड ३२ लाख कुल दायित्व रहेको छ । बैङ्कको शेयर पुँजी रू.१० अर्ब १८ करोड ४९ लाख, जगेडा कोष रू.१५ अर्ब ३ करोड ५६ लाख तथा सञ्चित नाफा रू.३ अर्ब ४५ करोड ३८ लाख रहेको छ । गत वर्षको नाफा रू.४ अर्ब ३९ करोड १८ लाख रहेकोमा यो वर्ष रु ३ अर्ब ४३ करोड ८९ लाख रहेको छ । बैङ्कले यो वर्ष रू.१८ अर्ब ४३ करोड ७२ लाख आम्दानी तथा रू.१४ अर्ब ९९ करोड ८३ लाख खर्च गरेको छ।

२३७. **ऋण तथा लगानी हिसाब-** बैङ्कको नेपाल धितोपत्र बजार (नेप्से)मा सूचीकृत र सूचीकृत नभएका शेयरसमेत रू.७१ अर्ब ६ करोड १२ लाखको लगानी रहेको साथै सहायक कम्पनीमा रू.२० करोड र सहयोगी कम्पनीमा रू.२० करोड ६१ लाख लगानी रहेको छ । बैङ्कले अन्य बैङ्क तथा वित्तीय संस्थाहरूलाई रू.१५ अर्ब ४३ करोड ४० लाख र अन्य सर्वसाधारणलाई रू.१ खर्ब ७७ अर्ब ८७ करोड ७ लाख कर्जा प्रवाह गरेको छ ।

२३८. **वित्तीय अनुपात विश्लेषण-** बैङ्कको वित्तीय अनुपात अवस्था देहायअनुसार छः

क्र.स.	विवरण	सूचकाङ्क	२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८
१	जम्मा आम्दानीको अनुपातमा खुद मुनाफा	प्रतिशत	२५.९७	३०.४३	२३.१७	१८.६१
२	प्रति शेयर आम्दानी	रूपैयाँ	३०.२६	५६.०४	४८.६१	३७.२७
३	निक्षेप र ऋण प्राप्तिको अनुपातमा ब्याज खर्च	प्रतिशत	१.७६	२.५९	३.३०	२.९७
४	ऋण लगानीको अनुपातमा प्राप्त ब्याज	प्रतिशत	९.२०	८.९७	९.६३	६.९९
५	सञ्चालन खर्चको अनुपातमा कर्मचारी खर्च	प्रतिशत	३१.४८	३०.५७	२४.५३	२२.४५
६	कुल सम्पत्तिको अनुपातमा खुद मुनाफा	प्रतिशत	१.४२	२.२३	१.६४	१.१०
७	ऋण लगानीको अनुपातमा निष्क्रिय कर्जा	प्रतिशत	४.७५	४.५९	४.०८	३.२३

उल्लिखित विवरणअनुसार जम्मा आम्दानीको अनुपातमा खुद मुनाफा, प्रतिशेयर आम्दानी, ऋण लगानीको अनुपातमा प्राप्त ब्याज र कुल सम्पत्तिको तुलनामा खुदा मुनाफा अनुपात गत वर्षको तुलनामा घटेको देखिन्छ।

२३९. **निर्देशनको पालना -** बैङ्कले नेपाल राष्ट्र बैङ्कको निर्देशिका र नेपाल राष्ट्र बैङ्कको कर्जा अपलेखन नीति अनुसार रू.६ करोड ७७ लाख अपलेखन गर्दा अपलेखन गरेको ऋण बापतको धितो सकार गरी गैर बैंकिङ्ग सम्पतिमा लेखाङ्कन गरेको छैन । बैङ्कले एकल ग्राहक सीमाको पहिचानको लागि पुमोरी सफ्टवेयरको डाटालाई मात्र आधार मानी ग्राहकको पुनर्वर्गीकरण म्यानुयल रूपमा गर्ने गरेको बाहेक कम्पनी रजिष्ट्रारको कार्यालय वा कुनै पनि अन्य निकायहरूबाट विवरण सङ्कलन गरेको छैन।

कुनै पनि कम्पनीमा सो कम्पनीको चुक्ता पुँजीको अधिकतम १० प्रतिशतसम्म मात्र लगानी गर्न सक्ने राष्ट्र बैङ्कको निर्देशन भए तापनि बैङ्कले बुटवल धागो कारखानामा २० प्रतिशत, एक खाद्य कम्पनीमा ५७ प्रतिशत, एक डिजिटल भुक्तानी कम्पनीमा ३७.७८ प्रतिशत र एक सिमेन्ट उद्योगमा ८०.९० प्रतिशत लगानी गरेको छ । बैङ्कले जोखिमयुक्त ग्राहकको पहिचान, वर्गीकरण र अनुगमन समेत गरेको नपाइएकोले उक्त कार्य प्रभावकारी रूपमा गर्नुपर्दछ ।

२४०. **सूचना प्रणाली -** शाखा हिसाब र ए.टी.एम. भुक्तानीको कारोबारको हिसाबमिलान हुन नसकेको लिनु पर्ने रू.२ करोड ६२ लाख र तिर्नु पर्ने रू.१७ करोड ७१ लाख रहेको छ । सूचना प्रणालीको माध्यमबाट उचित निरीक्षण प्रणालीको अवलम्बन गरी वित्तीय प्रतिवेदन प्रणालीलाई भरपर्दो र यथार्थ बनाउनुपर्दछ ।

२४१. **अन्तरशाखा हिसाब -** शाखा हिसाबमिलान हुन नसकेको रकम गत वर्ष रू.७६ करोड २३ लाख रहेकोमा यो वर्ष रू.३४ करोड १६ लाख रहेको छ । सो रकमको आयुगत वर्गीकरण र चारित्रीकरण गरी पहिचान गरेको छैन । बैङ्कले ग्राहकहरूलाई प्रदान गर्दै आएको डेबिट तथा क्रेडिट कार्ड सुविधाको साथै ए.टी.एम. कारोबारतर्फ गत वर्षसम्मको रू.२२ करोड ७७ लाख जिम्मेवारी सरी आएकोमा यस वर्षसम्म खुद रू.१५ करोड ७ लाख हिसाब मिलान हुन बाँकी छ । असामी र साहू पहिचान नभएको रू.१० करोड ८० लाख, एजेन्सी हिसाबअन्तर्गत हिसाबमिलान नभएको रू.६ करोड ४० लाख, मार्गस्थ नगद रू.२० लाख, दावी नगरिएको दायित्व समेत रू.२३ करोड ९० लाख र अन्य दायित्वअधिग्रहण खाताको रू.७ करोड ७० लाख हिसाब मिलान हुन बाँकी छ । बैङ्कको स्थिर सम्पत्तिको भौतिक परीक्षण नगराएको, आर्जित र पहिचान नभएको निक्षेप तथा म्याद समाप्त भएको मुद्दती खातामा रहेको रू.४९ करोड २४ लाख देखिन्छ। उल्लिखित हिसाब भिडान गर्नुपर्दछ ।

२४२. **गैरबैंकिङ्ग सम्पति** - गैरबैंकिङ्ग सम्पतिको असुलीमा कानुनी प्रक्रियाको साथै अन्य जटिलता हुने भएकाले असुलीमा कठिनाइ हुनुको अतिरिक्त सम्पत्तिको बजार मूल्यमा आउने ह्रासको कारण बैङ्कहरूले वित्तीय नोक्सानी समेत व्यहोर्नु पर्ने जोखिम रहन्छ । नियामक निकायले गैरबैंकिङ्ग सम्पत्ति बिक्री गर्न निर्देशन दिएपनि बैङ्कले २०४७ साल देखि वर्षान्तसम्मको रू.१२ करोड ४५ लाख ७५ हजार सम्पत्ति बिक्री गरेको छैन।

२४३. **ड्राफ्टको भुक्तानी -** बैङ्कको सूचना बेगर ड्राफ्टको भुक्तानी हिसाबमा लामो समयदेखि रू.७ करोड ५ लाख रहेकोमा २०६४।३।२० देखि पुमोरी विद्युतीय माध्यमबाट लेखा राख्न शुरु गर्दादेखि नै जिम्मेवारी सारेको रकम फर्स्यौंट नभई यथावत रहेको छ । उक्त हिसाब मिलान गर्नुपर्दछ ।

२४४. **दाबी नगरेको निक्षेप -** बैङ्कको निक्षेप विवरणअनुसार रू.२८ करोड ३७ लाखको निक्षेप पहिचान प्रमाणित हुन नसकेको कारणले गत विगत वर्ष देखि जिम्मेवारी सरी आएको देखिन्छ । उक्त रकम एउटै व्यक्तिले खातामा प्रविष्टि र स्वीकृत गरेकोले रकम कलमको आधिकारिकता यकिन हुन सकेन । बैङ्कको दावी नगरिएको हिसाबमा रू.२३ करोड ९९ लाखमध्ये केन्द्रीय कार्यालयको मौज्दात मात्र रू.४ करोड ३१ लाख समावेश छ । विभिन्न ग्राहक, पार्टीबाट २०५२ देखि दाबी पेस गरेको छैन । दाबी नगरेको रकममध्ये बैङ्कको वित्तीय विभाग दरबारमार्ग शाखामा रू.१७ करोड १२ लाख र जुम्ला शाखामा रू.१ करोड ७ लाख रहेको देखिन्छ । अनाधिकृत कारोबारको जोखिम रहने हुँदा समयमा नै निक्षेपको सही पहिचान गर्नुपर्दछ ।

२४५. **आन्तरिक नियन्त्रण प्रणाली -** बैङ्कहरूको सुरक्षित र अनवरत सञ्चालन र व्यवस्थापनलाई ठोस आधार प्रदान गर्न बासेल (BASEL) कमिटिले बैंकिङ्ग संस्थाहरूको लागि जारी गरेको आन्तरिक नियन्त्रण प्रणालीको खाकाले बैङ्क व्यवस्थापनको निगरानी र नियन्त्रण, संस्कृति, जोखिम पहिचान र मूल्याङ्कन, नियन्त्रण गतिविधि तथा जिम्मेवारीको बाँडफाँट, सूचना प्रविधि, अनुगमन गतिविधि तथा कमी कमजोरी सुधार गर्ने, र सुपरिवेक्षकले आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्ने बारेमा सुझाएको छ । उपर्युक्त परिप्रेक्ष्यमा बैङ्कको आन्तरिक नियन्त्रण प्रणाली अन्तर्गत सूचना प्रविधि प्रणालीको विश्वसनीयता, शाखागत ग्राहकसँगैको वक्यौता, ए.टी.एम र कोर बैंकिङ्ग प्रणाली (सी.बी.एस.) बीचको मौज्दात भिडान, सम्पत्तिको भौतिक परीक्षण, लिज सम्झौता अद्यावधिक गर्ने विषय, नेपाल राष्ट्र बैङ्कसँगको हिसाब मिलान, प्रभावकारी अनुगमन र सुपरिवेक्षण लगायतका कमी कमजोरी देखिएका छन् । आन्तरिक लेखापरीक्षण विभागको लक्ष्य २८९ शाखाको लेखापरीक्षण गर्ने उल्लेख गरेकोमा १७३ को मात्र गरेको छ ।बैङ्कको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनुपर्दछ।

कृषि विकास बैङ्क

कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले संस्थागत ऋण उपलब्ध गराउन २०२५ सालमा बैङ्क स्थापना भई २०३० साल देखि बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ । बैङ्कमा नेपाल सरकारको ५१ प्रतिशत तथा सर्वसाधारणको ४९ प्रतिशत स्वामित्व रहेको छ । बैङ्कको केन्द्रीय र शाखा समेत २८० कार्यालयमा २ हजार ४०२ कर्मचारी कार्यरत रहेका छन् ।

२४६. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** बैङ्कको २०७८ आषाढ मसान्तमा शेयर पुँजी रू.१६ अर्ब ४२ करोड २६ लाख, जगेडा कोष रू.११ अर्ब ४२ करोड ८० लाख, दायित्व रू.१ खर्ब ९० अर्ब ९३ करोड ५२ लाख तथा सञ्चित नाफा रू.३ अर्ब ६५ करोड ४५ लाख रहेको देखिन्छ । स्थिर सम्पत्ति रू.१ अर्ब ४८ करोड ६ लाख, सेक्युरीटीजमा लगानी रू.३७ अर्ब ८८ करोड, कर्जा लगानी रू.१ खर्ब ५० अर्ब ७१ करोड २० लाख र चालु सम्पत्ति रू.३२ अर्ब ३६ करोड ७७ लाखसमेत रू.२ खर्ब २२ अर्ब ४४ करोड ३ लाख कुल सम्पत्ति रहेको देखिन्छ । गत वर्ष रू.३ अर्ब ३३ करोड १७ लाख नाफा रहेकोमा यस वर्ष रू.३ अर्ब ५२ करोड ७५ लाख नाफा भई जगेडा कोष तथा सञ्चित नाफा रू.१५ अर्ब ८ करोड २५ लाख पुगेको छ । यो वर्ष रू.१५ अर्ब १२ करोड ४० लाख सञ्चालन आय तथा रू.८ अर्ब २५ करोड ८३ लाख सञ्चालन खर्च गरेको छ ।

२४७. **वित्तीय अनुपात विश्लेषण -** बैङ्कको वित्तीय अनुपात अवस्था देहायअनुसार छः

क्र.सं.	विवरण		२०७५।७६	२०७६।७७	२०७७।७८
१	जम्मा आम्दानीको अनुपातमा खुद मुनाफा	प्रतिशत	२४.२५	१८.२७	१९.३७
२	प्रति शेयर अम्दानी	रुपैंयाँ	४२.८८	३१.४५	२९.१३
३	निक्षेप र ऋण प्राप्तिको अनुपातमा ब्याज खर्च	प्रतिशत	६.६१	६.२४	४.७६
४	ऋण लगानीको अनुपातमा प्राप्त ब्याज	प्रतिशत	१३.८५	११.७४	९.९८
५	सञ्चालन खर्चको अनुपातमा कर्मचारी खर्च	प्रतिशत	२४.७२	२१.८७	३३.६७
६	कुल सम्पत्तिको अनुपातमा खुद मुनाफा	प्रतिशत	२.७७	१.८६	१.५९
७	ऋण लगानीको अनुपातमा निष्कृय कर्जा	प्रतिशत	३.२९	२.८४	१.८८

२४८. **शाखा हिसाब मिलान -** यो वर्षको अन्त्यमा अन्तर शाखा लिनु पर्ने रू.८ अर्ब ७० करोड ३९ हजार र दिनु पर्ने रू.८ अर्ब ६४ करोड ७७ लाख भई खुद रू.५ करोड दिनुपर्ने रहेको देखिन्छ । फरक रकम मिलान गर्नुपर्दछ ।

२४९. **कर्जा असुली स्थिति** - गत वर्ष कुल कर्जा रू.१ खर्ब २२ अर्ब ९८ करोड ६९ लाख रहेकोमा यो वर्ष रू.१ खर्ब ५० अर्ब ७१ करोड २० लाख भई कर्जा लगानी रू.२७ अर्ब ७२ करोड ५१ लाखले वृद्धि भएको छ । गत वर्ष ब्याज आम्दानी रू.१५ अर्ब ८२ करोड १७ लाख रहेकोमा यो वर्ष रू.१५ अर्ब १२ करोड ४० लाख भई रु ६९ करोड ७७ लाख घटी प्राप्त भएको छ । गत वर्ष ब्याज खर्च रू.९ अर्ब १० करोड ५६ लाख रहेकोमा यो वर्ष रू.८ अर्ब २५ करोड ८३ लाख भई रू.८४ करोड ७३ लाखले घटी भएको छ । त्यसै गरी खुद ब्याज आम्दानी गत वर्ष रू.६ अर्ब ७१ करोड ६१ लाख रहेकोमा यो वर्ष रू.६ अर्ब ८६ करोड ५७ लाख भई रू.१४ करोड ९६ लाखले वृद्धि भएको छ । गैह्र बैंकिङ्ग सम्पत्ति गत वर्ष रू.२२ करोड ९ लाख रहेकोमा यो वर्ष रू.१९ करोड ८३ लाख भई रू.२ करोड २६ लाखले घटी भएको छ । गत वर्षसम्म खराब कर्जा रू.१ अर्ब ८९ करोड २३ लाख रहेकोमा यो वर्षसम्म रू.१ अर्ब ८८ करोड ४४ लाख रहेको छ ।

२५०. **योजना, कार्यक्रम र लक्ष्य प्रगति -** बैङ्कको २०७७।७८ को प्राथमिकतामा रहेका योजना तथा कार्यक्रमको लक्ष्य तथा प्रगतिको स्थिति देहायअनुसार छः

(रू. करोडमा)

विवरण	लक्ष्य	प्रगति	प्रगति प्रतिशत
ग्राहकको निक्षेप दायित्व	१६,४०८.४३	१६,२८१.४९	९९.२३
कर्जा तथा सापटी	१४,७१८.१७	१५,०७१.२०	१०२.३९
ब्याज आम्दानी	१,७४९.८२	१,५१२.४०	८६.४३
शुल्क तथा कमिशन आम्दानी	२१४.००	१६१.२९	७५.३७
ब्याज खर्च	९०१.२५	८२५.८३	९१.६३
अन्य सञ्चालन खर्च	१६२.४९	१४०.८३	८६.६७
आयकर व्यवस्था अघिको मुनाफा	६७५.२६	५०६.२३	७४.९७

२५१. **सेवा प्रवाह -** बैङ्कले कर्जा लगानी तथा निक्षेप सङ्कलनका साथै अन्य बैंकिङ्ग सेवाहरू दिँदै आएको छ । बैंकिङ्ग सेवा चुस्त गर्न तथा सेवाग्राहीलाई सहज सेवा दिन बैङ्कले एटीएम र विद्युतीय बैंकिङ्ग सेवा दिँदै आएको छ । बैङ्कले न्यून आम्दानी हुने व्यक्तिसम्म बैंकिङ्ग सेवाको पहुँच पुऱ्याएको छ । बैङ्कको निक्षेप ग्राहक सङ्ख्या १५ लाख २ हजार र कर्जा ग्राहक सङ्ख्या १ लाख ५७ हजार रहेको छ ।

समग्र बैंकिङ्ग व्यवसायमा चालु प्रकृतिको कर्जाको अनुपात २० देखि २५ प्रतिशत रहेकोमा कुल कर्जाको ६८.३९ प्रतिशत चालु प्रकृतिका तथा साना कर्जामा लगानी गरेकोले कर्जाको प्रशासनिक खर्च उच्च रहेको छ । साना प्रकृतिका कर्जा धेरै भएकाले कर्जा अनुगमन कार्यको प्रभावकारिता न्यून रहेको छ। कर्जातर्फको प्रशासनिक खर्च घटाई अनुगमन कार्यको प्रभावकारिता बढाउनुपर्दछ ।

नेपाल बैङ्क लिमिटेड

नेपाल बैङ्क लिमिटेड १९९४ सालमा नेपाल सरकार र सर्वसाधारण नागरिकको संयुक्त उद्यमको रूपमा स्थापना भई हाल बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३, अन्तर्गत सञ्चालनमा रहेको छ । बैङ्कको कुल चुक्ता पुँजी रू.११ अर्ब २८ करोड २८ लाखमध्ये नेपाल सरकारको ५१ प्रतिशत र अन्य संस्था तथा सर्वसाधारणको ४९ प्रतिशत स्वामित्व रहेको छ । यस बैङ्कको केन्द्रीय र शाखा समेत २०९ कार्यालयमा २ हजार ५०४ कर्मचारी स्थायी र ५४९ करारमा कार्यरत रहेका छन् ।

२५२. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** बैङ्कको २०७८ आषाढ मसान्तमा शेयर पुँजी रू.१२ अर्ब ६३ करोड ६८ लाख, जगेडा कोष रू.१६ अर्ब ८४ करोड ६० लाख, तथा सञ्चित नाफा रू.३ अर्ब ७३ करोड २३ लाख र निक्षेप तथा दायित्व रू.१ खर्ब ८९ अर्ब ४३ करोड ३ लाख, रहेको देखिन्छ । स्थिर सम्पत्ति रू.१२ अर्ब २४ करोड, धितोपत्रलगायत अन्य लगानी रू.३० अर्ब १२ करोड ३ लाख, कर्जा लगानी रू.१ खर्ब ४१ अर्ब ९५ करोड ९१ लाख र चालु तथा अन्य सम्पत्ति रू.३८ अर्ब ३२ करोड ६० लाख समेत सम्पत्ति रू.२ खर्ब २२ अर्ब ६४ करोड ५४ लाख रहेको देखिन्छ। गत वर्षको खुद नाफा रू.२ अर्ब ३३ करोड २९ लाख रहेकोमा यो वर्ष रू.२ अर्ब ९६ करोड १२ लाख भएको छ। बैङ्कले यो वर्ष रू.१३ अर्ब ९४ करोड ७८ लाख आम्दानी तथा रू.१० अर्ब ९८ करोड ६६ लाख खर्च गरेको छ ।

२५३. **अनुपात विश्लेषण -** बैङ्कबाट प्राप्त विवरणअनुसार बैङ्कको वित्तीय अनुपात अवस्था देहायअनुसर छः

क्र.स.	विवरण	सूचाकाङ्क	२०७५।७६	२०७६।७७	२०७७।७८
१	जम्मा आम्दानीको अनुपातमा खुद मुनाफा	प्रतिशत	२१.५१	१७.३४	२१.२३
२	प्रति शेयर आम्दानी	रूपैयाँ	२६.९९	२०.६८	२३.४३
३	निक्षेप र ऋण प्राप्तिको अनुपातमा ब्याज खर्च	प्रतिशत	३.६३	४.१५	३.२९
४	ऋण लगानीको अनुपातमा प्राप्त ब्याज	प्रतिशत	११.२३	११.१६	८.७८
५	सञ्चालन खर्चको अनुपातमा कर्मचारी खर्च	प्रतिशत	२७.८५	२२.५३	२५.१०
६	कुल सम्पतिको अनुपातमा खुद मुनाफा	प्रतिशत	१.५१	१.२२	१.३३
७	ऋण लगानीको अनुपातमा निष्क्रिय कर्जा	प्रतिशत	२.६४	२.४७	२.०५

उल्लिखित वित्तीय परिसूचकमध्ये ऋण लगानीको अनुपातमा प्राप्त ब्याज घट्दै गएको र सञ्चालन खर्चको अनुपातमा कर्मचारी खर्च बढ्दै भएकोले यसतर्फ सुधार गर्नुपर्ने देखिएको छ ।

२५४. **निर्देशन पालना -** बैङ्क तथा वित्तीय संस्थाले नियामक निकाय नेपाल राष्ट्र बैङ्कबाट जारी निर्देशनको पालना गर्नुपर्दछ। नेपाल राष्ट्र बैङ्कले २०७३।७४ मा विशेष जगेडा कोषबाट सञ्चित मुनाफामा सारेको रू.१ अर्ब १९ करोड पुनः जगेडा कोषमा फिर्ता लैजान निर्देशन दिएकोमा बैङ्कले हालसम्म पनि सो रकमलाई जगेडा कोषमा नदेखाई सञ्चित मुनाफामै देखाएको छ ।

२५५. **शाखा हिसाब मिलान -** बैङ्कको एक शाखाले अर्को शाखाबाट शोधभर्ना गर्ने गरी रकम भुक्तानी गरेकोमा भुक्तानीको विवरण सम्बन्धित शाखामा नपठाएकोले अन्तर कार्यालय हिसाबमा फरक परेको छ। यो वर्षको अन्त्यसम्म अन्तर कार्यालय हिसाबमा खुद रू.१ अर्ब ५५ करोड ६८ लाख हिसाब भिडान गर्न बाँकी रहेको छ । फरक हिसाब समयमा नै भिडान गरी फरफारख गर्नुपर्दछ ।

२५६. **सरकारी कारोबार** - सरकारी कारोबारबापत बैङ्कले २०७८ असार मसान्तमा रू.१ अर्ब ८८ लाख तथा त्रिभुवन विश्वविद्यालयको पेन्सन बापत रू.३२ करोड ३७ लाख लामो समयदेखि लिनुपर्ने देखिएकोमा सोको पुष्टीकरण (कन्फर्मेसन) प्राप्त गरेको देखिएन । उक्त हिसाब सम्बन्धमा समयमा नै यकिन गरी फरफारक गर्नुपर्दछ ।

२५७. **गैरबैंकिङ्ग सम्पत्ति -** बैङ्कको हिसाबमा विगत वर्षदेखिको २९ गैरबैंकिङ्ग सम्पत्तिको रू.११ करोड १० लाख रहेको छ । सो सम्पत्तिमध्ये २ को जग्गा विवाद अदालतमा विचाराधीन रहेको अवस्थामा बैङ्कको नाममा हाल साविक गरेको हुँदा बैङ्कले समयमा नै स्वामित्व यकिन गरी सम्पत्ति सुरक्षित गर्नुपर्ने देखिन्छ । बैङ्कले गैरबैंकिङ्ग सम्पत्ति २०६२।६३ भन्दा अघि देखि बिक्री गर्न सकेको छैन । यस सम्बन्धमा गत वर्षको प्रतिवेदनमा औंल्याइएकोमा स्थिति यथावत छ ।

२५८. **कर्जा अपलेखन -** बैङ्कले यो वर्ष रू.१८ करोड २९ लाख कर्जा अपलेखन गर्दा रू.२२ करोड २३ लाख कर्जा उठाएको छ । वर्षको शुरुमा रू.८ अर्ब २९ करोड ६३ लाख रहेको अपलेखित कर्जा वर्षको अन्त्यमा घटेर रू.८ अर्ब २९ करोड २३ लाख हुन पुगेको छ । अपलेखित कर्जा उठाउन आवश्यक व्यवस्था गर्नुपर्ने देखिन्छ ।

२५९. **उज्राती र अन्य खाता -** बैङ्कको लेखामा वर्षान्तमा उज्राती खातामा लिनुपर्ने रू.४२ लाख तथा दिनुपर्ने रू.४६ लाख रहेको छ । पछिल्लो आर्थिक वर्षभरि कुनै परिवर्तन नभएको अन्य खाताहरूमा लिनुपर्ने रू.११ करोड ७९ लाख र दिनुपर्ने रू.६२ करोड ४६ लाख रहेको छ । त्यसप्रकारका खाता तथा अन्य मौज्दातको बारेमा समयमा नै यकिन गरी फरफारख गर्नुपर्दछ ।

२६०. **आन्तरिक नियन्त्रण -** आन्तरिक लेखापरीक्षण विभागले यो वर्ष १८ शाखाको अफसाईट लेखापरीक्षण सहित ५७ शाखा र प्रमुख ६ विभागको मात्र लेखापरीक्षण गरेको छ । सो संख्या स्वीकृत लेखापरीक्षण योजनाको ४३ प्रतिशत हुन आउँछ । आन्तरिक लेखापरीक्षण विभागले संस्थागत सुशासन सम्बन्धी प्रतिवेदन तयार गरी लेखापरीक्षण समितिमा पेस गरेको छैन । बैङ्कको लेखा नीतिहरू प्रचलित वित्तीय प्रतिवेदनमान तथा राष्ट्र बैङ्कले सिफारिस गरेका लेखा नीतिसँग सामाञ्जस्य भए नभएको बारेमा पुनरावलोकन गरेको छैन । बैङ्कले जोखिममा आधारित आन्तरिक लेखापरीक्षण सम्पन्न गर्नु गराउनुपर्ने देखिन्छ ।

नागरिक लगानी कोष

निजामती कर्मचारी, शिक्षक, प्रहरी र अन्य संस्थाका कर्मचारीको लागि अवकाश कोष, उपदान कोष, कर्मचारी बचत वृद्धि कोष, लगानीकर्ता हिसाब योजनालगायतका कार्यक्रमहरू सञ्चालन गर्न नागरिक लगानी कोष ऐन, २०४७ अन्तर्गत कोषको स्थापना भएको हो । कोषमा नेपाल सरकारको १०, नेपाल राष्ट्र बैङ्कको १३.३४, नेपाल स्टक एक्सचेन्जको १०, राष्ट्रिय बीमा संस्थानको ३१.५५, विभिन्न बैङ्क तथा वित्तीय संस्थाको १५.११ तथा सर्वसाधारणको २० प्रतिशत शेयर स्वामित्व रहेको छ।

२६१. **वित्तीय स्थिति र सञ्चालन नतिजा** - कोषको २०७८ असार मसान्तमा शेयर पुँजी रू.३ अर्ब २७ करोड, शेयर प्रिमियम रू.१ अर्ब २६ करोड ४८ लाख, जगेडा तथा सञ्चित मुनाफा रू.२ अर्ब ३८ करोड १० लाख र दायित्व रू.१२ अर्ब ९५ करोड ७६ लाख रहेको छ। स्थिर सम्पति रू.२ अर्ब ५ करोड ११ लाख, लगानी रू.७ अर्ब १७ करोड ९६ लाख र अन्य सम्पति रू.१० अर्ब ६४ करोड २७ लाख समेत सम्पति रू.१९ अर्ब ८७ करोड ३४ लाख रहेको छ। कोषको खुद नाफा गत वर्ष रू.६१ करोड ९९ लाख रहेकोमा यो वर्ष रू.७७ करोड ६८ लाख रहेको छ। उल्लिखित रकममा कोषले सञ्चालन गरेका विभिन्न १२ योजनाको रू.१ खर्ब ८८ अर्ब ५८ करोड ९७ लाख सम्पत्ति तथा दायित्व समावेश भएको छैन।

२६२. **कोषको योजना -** नागरिक लगानी कोष र कोषले सञ्चालन गरेका विभिन्न १२ योजना तथा कार्यक्रमहरूको तुलना गर्दा कोषको २०७८ असार मसान्तमा केन्द्रको कूल सम्पति रू.१९ अर्ब ८७ करोड ३४ लाख रहेको छ र योजनाहरूको कूल सम्पत्ति रू.१ खर्ब ८८ अर्ब ५८ करोड ९६ लाख रहेको छ ।यो वर्ष केन्द्रको सञ्चालन आम्दानी रू.१ अर्ब ३१ करोड २६ लाख र योजनाहरूको सञ्चालन आम्दानी रू.१४ अर्ब ८ करोड ४३ लाख रहेको छ । केन्द्रको सञ्चालन खर्च रू.३२ करोड ६० लाख, योजनाको सञ्चालन खर्च रू.१० अर्ब ८६ करोड १६ लाख र कर्मचारी खर्च रू.२५ करोड ३२ लाख रहेको छ ।

२६३. **आन्तरिक नियन्त्रण प्रणाली -** बैङ्क तथा अन्तर योजनाहरूको हिसाब भिडान, पेश्की तथा प्राप्त आम्दानीको सम्बन्धित खातामा हिसाब मिलान, लगानी र लेखा शाखाको विवरण मिलान गर्ने लगायतका हिसाब भिडान कार्य भएको छैन । कोषको आर्थिक प्रशासनसम्बन्धी विनियमावली, २०६८ को विनियम २१ बमोजिम तयार गर्नुपर्ने आम्दानी, खर्च तथा धरौटीको दैनिक, साप्ताहिक, मासिक लगायतका वित्तीय विवरणहरू समयमै तयार हुने गरेको छैन। चौमासिक रूपमा आन्तरिक लेखापरीक्षण नगरी आर्थिक वर्षको अन्त्य पश्चात् मात्र गर्ने, आन्तरिक लेखापरीक्षण र विगतको लेखापरीक्षणमा उठाएको कैफियतहरू समाधान भए नभएको पुनरावलोकन गर्ने, लगायतका कार्य भएको छैन। उल्लिखित स्थितिले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी देखिएन।

२६४. **प्रतिफल दर** - नागरिक लगानी कोष ऐन, २०४७ को दफा १९(४) तथा कोषअन्तर्गतका विभिन्न बीमा कोष र अन्य स्कीमहरूको सञ्चालन कार्यविधि बमोजिम योगदानकर्ताहरूको योगदानबापत अधिकतम लाभ प्रदान गर्न उक्त योगदान रकम लगानी गरी प्राप्त आम्दानीबाट खर्चहरू घटाई हुन आउने खुद बचत रकमबाट आवश्यक जगेडा तथा प्रतिफल समीकरण कोष छुट्टाई बाँकी रकम समानुपातिक रूपमा वितरण गर्नुपर्दछ। कोषअन्तर्गतका विभिन्न कोष र अन्य स्कीमले योगदानकर्ताहरूलाई प्रतिफल प्रदान गर्दा सञ्चालक समितिले तोकेबमोजिम ५.५ देखि ७.५ प्रतिशत ब्याज प्रदान गर्ने गरेको तथा उक्त ब्याज पश्चात बाँकी रहने रकम जगेडा कोषमा सारेको छ । योगदान बापत समानुपातिक रूपमा प्रतिफल वितरण हुनपर्दछ ।

२६५. **अन्तर स्कीम हिसाब -** कोषको अन्तर स्कीम कारोबार भिडान नहुँदा तिर्नुपर्ने रू.८ अर्ब २३ करोड ६३ लाख तथा लिनुपर्ने रू.९ अर्ब ९१ करोड ८६ लाख रहेकोले खुद लिनुपर्ने रू.१ अर्ब ६८ करोड २२ लाख फरक रहेको छ। गत वर्ष खुद तिर्नुपर्ने फरक रू.४ अर्ब ५१ करोड ८ लाख रहेको थियो। नियमित अन्तर स्कीम हिसाब मिलान गर्ने गराउने कार्यका लागि सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

२६६. **बैङ्क हिसाब मिलान** - कोषको अभिलेखअनुसार बैङ्क मौज्दात र बैङ्क विवरणबाट देखिने मौज्दात फरक सम्बन्धमा नियमित भिडान गरेको छैन। हिसाब मिलान सम्बन्धी केही व्यहोरा निम्नानुसार छन्:

२६६.१ यो वर्ष केन्द्रीय कोषतर्फ विभिन्न १२ बैङ्कका २५ बैङ्क खातामा कोषको लेखाअनुसार रू.३५ करोड २२ लाख धनात्मक मौज्दात र रू.४ करोड १९ लाख ऋणात्मक मौज्दात गरी खुद धनात्मक मौज्दात रू.३१ करोड ३ लाख देखिए तापनि बैङ्क विवरणमा रू.४८ करोड २९ लाख ३६ हजार धनात्मक मौज्दात रहेको देखिन्छ। सो फरक सम्बन्धमा बैङ्क मौज्दात हिसाब भिडान गरेको पाइएन।

२६६.२ कोषले सञ्चालन गरेका विभिन्न योजनातर्फको वित्तीय विवरणमा ११९ बैङ्क खातामा लेखा अनुसार रू.२ अर्ब ८७ करोड ६७ लाख मौज्दात रहेकोमा रू.५८ करोड ९८ लाख ऋणात्मक मौज्दात रहेको छ। सो ऋणात्मक मौज्दात समायोजन गरी खुद मौज्दात रू.२ अर्ब २८ करोड ६९ लाख योजनातर्फका वित्तीय विवरणमा प्रस्तुत गरेको देखिए तापनि बैङ्क विवरणमा रू.५ अर्ब ४९ करोड ५० लाख मौज्दात रहेको देखिन्छ।

बैङ्क हिसाब मिलान यकिन नगरी वित्तीय विवरण प्रस्तुत गर्ने गराउने कार्यका लागि सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

२६७. **लगानी -** यस वर्षसम्म कोषले केन्द्रीय हिसाब र १२ योजनाको रू.१ खर्ब ८८ अर्ब ५८ करोड लगानी गरेको छ। लगानीमध्ये बैङ्क तथा वित्तीय संस्थाहरूको मुद्दती निक्षेपमा रू.१ खर्ब २ अर्ब २७ करोड ३१ लाख, धितोपत्रहरूमा रू.३० अर्ब ८ करोड ७६ लाख, सहायक कम्पनीहरूमा रू.२ अर्ब ५५ करोड र ऋणपत्रहरूमा रू.५३ अर्ब ६८ करोड ९ लाख लगानी गरेको देखिन्छ। उक्त लगानीमध्ये समस्याग्रस्त घोषित भएका वित्तीय संस्थामा रू.६३ करोड ५ लाख ऋण लगानी रहेको छ। सम्बन्धित दक्ष जनशक्तिबाट ऋण लगानी परियोजना तथा सोको प्रक्षेपण गरिएको वित्तीय तथा अन्य सूचकाङ्कहरू अध्ययन तथा विश्लेशण भएको देखिएन । परियोजनाको प्रस्तावित तथा कार्यान्वयनको चरणमा आएको वास्तविक अवस्थाको अध्ययन गरी अल्पकालीन र दीर्घकालीन रूपमा अधिकतम प्रतिफल प्राप्त गर्ने लगानी नीति तर्जुमा तथा लागू गर्नुपर्ने देखिन्छ।

२६७.१ नेपाल वायुसेवा निगमसँग २०७४।२।२९ मा गरेको ऋण सम्झौता अनुसार वाइड वडी विमानको खरिद गर्न नेपाल सरकारको जमानीमा कोषले कर्मचारी बचत वृद्धि स्वीकृत अवकाश कोषबाट रू.१२ अर्बको दीर्घकालीन ऋण प्रवाह गरेको छ। निगमले साँवाको किस्ता पनि लामो समयसम्म तिर्न सकेको छैन । ऋण सम्झौतामा ब्याज पुँजीकरण गर्ने व्यवस्था उल्लेख छैन । सञ्चालक समितिको निर्णय बेगर ब्याज पुँजीकरण गरेको छ। ब्याज पुँजीकरण समेत वर्षान्तमा ऋण रू.१५ अर्ब ३४ करोड १ लाख बाँकी रहेको छ । कर्मचारी बचत वृद्धि स्वीकृत अवकाश कोषबाट नेपाल वायुसेवा निगममा गरिएको ऋण लगानीको सम्झौतामा रहेका प्रावधान अनुरूप साँवा ब्याज प्राप्त नगरेकोले नेपाल सरकार, नेपाल वायुसेवा निगम र नागरिक लगानी कोष बीच त्रिपक्षीय समन्वयबाट ऋण असुली हुनुपर्दछ । नेपाल सरकारको जमानतमा दिएको ऋणको असर बचतकर्तामा नपर्ने गरी छुट्टै प्रवन्ध गर्नुपर्दछ ।

२६७.२ माथिल्लो तामाकोशी हाइड्रो पावर कम्पनीमा कोषले कर्मचारी बचत वृद्धि स्वीकृत अवकाश कोषबाट रू.२ अर्ब ८ करोडको ऋण लगानी तथा रू.२१ करोड ९७ लाखको शेयर लगानी गरेको छ । सो कम्पनी र नागरिक लगानी कोष बीच दीर्घकालीन ऋण लिने/दिने सम्झौता २०७८ चैतमा संशोधन गरी पुरक ऋण सम्झौता गरेको छ ।

२६८. **सावधिक जीवन बीमा योजना -** यस योजनाअन्तर्गत सहभागीहरूबाट सङ्कलन गरिएको रकम बीमा संस्थानमा बुझाएको तथा योजनामा संलग्न नहुने राष्ट्रसेवकहरूको हकमा योजनाको कोषमै राखिएको रकम बीचको हिसाब मिलान गरेको छैन । उमेर हदको आधारमा वार्षिक सङ्कलित रकमभन्दा बढी रकम बीमा कोषबाट राष्ट्रिय बीमा संस्थानलाई भुक्तानी गर्दा योगदानकर्ताको खाताबाट कट्टी गरी समायोजन गरिएको तर समायोजन उचित तरिकाले नगरेकोले ५ हजार योगदानकर्ताहरूको खाता ऋणात्मक देखिएको छ । यो वर्षको अन्त्यमा विभिन्न साबधिक बीमा कोषमा मौज्दात रू.९ अर्ब १९ करोड ९० लाख रहेको अभिलेखबाट देखिन्छ । उक्त रकम सहभागीको व्यक्तिगत खाताको मौज्दातको जोडअनुसार खुल्ने गरी अभिलेख गरिएको छैन। यो वर्ष विभिन्न ५योजनाका ३ लाख ६२ हजार ८६७ सहभागीमध्ये ३१ हजार ५५० को राष्ट्रिय बीमा संस्थानद्वारा पूर्ण विवरण नभएको कारण जनाई बीमालेख जारी नगरे तापनि सम्बन्धित योजनाबाट निरन्तर रकम पठाईरहेको छ । सहभागीहरूको रकम यकिन हुने गरी अभिलेख अध्यावधिक गर्नु गराउनुपर्दछ ।

२६९. **तथ्याङ्क माईग्रेसन -** संस्थाले यो वर्ष व्यवसायिक सफ्टवेयर विकास गरी कार्यन्वयनमा ल्याएको छ। उक्त सफ्टवेयर प्रयोगमा ल्याउँदा विभिन्न ८ योजनाको हिसाबमा देखिएको फरक क्रेडिट रू.३ अर्ब ५७ करोड १२ लाख माइग्रेसन फरक उल्लेख गरी वित्तीय विवरणमा देखाएको छ। त्रुटिपूर्ण तथ्याङ्कको लागि सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति

नेपाल सरकार, अर्थ मन्त्रालय र संयुक्त राज्य अमेरिकाको मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) बीच २०७४।५।२९ (१४ सेप्टम्वर २०१७) मा भएको मिलेनियम च्यालेञ्ज कम्प्याक्ट (सम्झौता) कार्यान्वयन गर्ने निकायको रूपमा विकास समिति ऐन, २०१३ को दफा ३ बमोजिम मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल विकास समिति (गठन) आदेस, २०७४ जारी गरी मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल नामक विकास समिति गठन गरिएको हो। सम्झौताबमोजिम अमेरिकी सरकारले अमेरिकी डलर ५०० मिलियन अनुदान उपलब्ध गराउने र नेपाल सरकारको तर्फबाट अमेरिकी डलर १३० मिलियन बराबरको रकम सो कार्यक्रममा विनियोजन गर्नुपर्ने व्यवस्था छ। उक्त रकम करिब ३०० किलोमिटर विद्युत प्रसारण लाईन (४०० के.भि.ए. क्षमता) र सबस्टेशन निर्माण तथा संशोधित कार्यक्रमअनुसार ७७ किलोमिटर सडकको मर्मत सम्भार तथा स्तरोन्नति गर्ने कार्यमा खर्च गर्ने व्यवस्था छ। नेपाल सरकारले यस आयोजनालाई राष्ट्रिय गौरवको आयोजना घोषणा गरी कार्यान्वयन गरिरहेको छ।

२७०. **सम्झौता लागू हुने शर्त -** मिलेनियम च्यालेञ्ज कम्प्याक्ट (सम्झौता) को धारा ७ मा यो सम्झौता लागू हुनका लागि पूर्वसर्तको रूपमा पक्षहरूद्वारा कार्यक्रम कार्यान्वयन सम्झौतामा हस्ताक्षर गरेको हुनुपर्ने उल्लेख भएकोमा २०७४।५।२९ मा हस्ताक्षर भई २०७८।११।१५ मा संसदीय अनुमोदन समेत भैसकेको छ। अन्तरदेशीय प्रशारणलाईन निर्माण आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदन वन तथा वातावरण मन्त्रालयबाट २०७८।१।१६ मा स्वीकृत भए तापनि जग्गा अधिग्रहण एवं रुख कटानी कार्यमा पर्याप्त प्रगति हुन सकेको छैन। कम्प्याक्ट डेभ्लोपमेन्ट फण्ड (सिडिएफ) अन्तर्गत यो वर्ष समितिको लागि रू.८ अर्ब ७० करोड ९० लाख बजेट विनियोजन भएकोमा रू.२ अर्ब ३३ करोड २२ लाख (२८.४० प्रतिशत) खर्च भई हालसम्म रू.४ अर्ब ६४ करोड २५ लाख खर्च भएको छ। प्रभावकारी तवरले आयोजना सञ्चालन गर्नुपर्दछ ।

२७१. **वित्तीय व्यवस्था र खर्च** - मिलेनियम च्यालेञ्ज सम्झौताको धारा २ बमोजिम सम्झौता लागू भएपछि एमसीसीले वित्तीय व्यवस्था (ईआएफ) को लागि अमेरिकी डलर ४५९.५ मिलियन र कार्यान्वयन पूर्वको कम्प्याक्ट विकास (सिडिएफ) खर्चका लागि अमेरिकी डलर ४०.५ मिलियनसमेत अमेरिकी डलर ५०० मिलियन अनुदान प्रदान गर्ने र नेपाल सरकारले अमेरिकी डलर १३० मिलियन आयोजना कार्यान्वयनका लागि विनियोजन गर्नुपर्ने व्यवस्था छ। सम्झौताबमोजिम सिडिएफ (कार्यान्वयन पूर्वको खर्च) को लागि व्यवस्था भएको मिलेनियम च्यालेञ्ज कर्पोरेसनतर्फको अमेरिकी डलर ४०.५ मिलियन र नेपाल सरकार तर्फको अमेरिकी डलर ४० मिलियन निम्नानुसारको कार्यमा खर्च हुने उल्लेख भएकोमा हालसम्मको खर्चको अवस्था देहायबमोजिम छः

(अमेरिकी डलर हजारमा)

क्र स	खर्च शीर्षक	वित्तीय योजना (बहुवर्षीय)						हालसम्मको कम्प्याक्ट विकास (सिडिएफ) खर्च		
		कम्प्याक्ट विकास (सिडिएफ)		कार्यक्रम वित्तीय (ईआईएफ)		कुल				
		नेपाल सरकार	एमसिसि	नेपाल सरकार	एमसिसि	नेपाल सरकार	एमसिसि	नेपाल सरकार	एमसिसि	जम्मा
१	विद्युत प्रशारण लाइन परियोजना	४०,०००	२२,३४९	८०,९००	३७५,८८४	१२०,९००	३९८,२३३	१६,६०४	८,६७९	२५,२८३
२	सडक मर्मत तथा सम्भार परियोजना	-	६,१५२	२,१००	४६,१३३	२,१००	५२,२८५	४६४	५३९	१,००३
३	अनुगमन र मूल्याङ्कन	-	१९८	-	९,२९४	-	९,४९२	-	-	-
४	कार्यक्रम व्यवस्थापन र प्रशासन	-	११,८०१	७,०००	२८,१८९	७,०००	३९,९९०	४,७८८	४,६०१	९,३८९
	जम्मा	**४०,०००**	**४०,५००**	**९०,०००**	**४५९,५००**	**१३०,०००**	**५००,०००**	**२१,८५६**	**१३,८१९**	**३५,६७५**

सिडिएफ (कम्प्याक्ट विकास) तर्फ हालसम्म मिलेनियम च्यालेञ्ज कर्पोरेसन स्रोतको तर्फ अमेरिकी डलर १३.८१ मिलियन अर्थात् सम्झौता रकमको ३४.१२ प्रतिशत र नेपाल सरकारतर्फ अमेरिकी डलर २१.८५ मिलियन (५४.६४ प्रतिशत) खर्च भएको देखिन्छ। सम्झौताबमोजिम नेपाल सरकारले व्यहोर्ने सिडिएफ तर्फको रकमबाट विद्युत प्रशारण लाईन परियोजनामा मात्र खर्च गर्नुपर्नेमा सम्झौताको पूर्वसर्तहरू पूरा नगरेकोले एमसीसीको बजेट रोक्का गरेको जनाई अर्थ मन्त्रालयबाट रकमान्तर गरी यो वर्ष नेपाल सरकारतर्फ सडक मर्मत तथा सम्भार परियोजनामा रू.४१ लाख ७१ हजार तथा कार्यक्रम व्यवस्थापन र प्रशासनमा रू.१९ करोड ९८ लाख ६१ हजारसमेत रू.२० करोड ४० लाख ३२ हजार खर्च भएको छ। उक्त दुई क्रियाकलापमा हालसम्म ५.२५ मिलियन अर्थात् रू.६२ करोड ४ लाख ९५ हजार अमेरिकी डलर खर्च गरेको छ । मिलेनियम च्यालेञ्ज कर्पोरेसन स्रोतबाट खर्च गर्नुपर्ने रकम नेपाल सरकारको स्रोतवाट खर्च भएकोले उक्त रकम शोधभर्ना लिनुपर्दछ ।

२७२. **समय तथा लागत वृद्धि** - मिलेनियम च्यालेञ्ज कर्पोरेसन कार्यक्रमको खरिद कार्यविधिमा परामर्श सेवाको दायरा र सेवाको समयावधि सुनिश्चित गर्न नसकिने सेवाहरू समय-आधारित सम्झौताबाट खरिद गर्न उपयुक्त हुने उल्लेख छ। समय आधारित सम्झौतामा सन्तोषजनक ढङ्गले प्रगति भइरहेको सुनिश्चित गर्न प्रभावकारी अनुगमन र व्यवस्थापन गर्नुपर्ने समेत उल्लेख छ। समितिले विद्युत प्रसारण आयोजनाको तयारी तथा प्राविधिक सुपरिवेक्षणको परामर्श सेवाको लागि समयमा आधारित रहेर एक परामर्शदातासँग २० महिना वेस अवधिमा सम्पन्न गर्नुपर्ने १७ क्रियाकलापका लागि अमेरिकी डलर १४.९९ मिलियनमा सम्झौता गरेको छ । परामर्शदाताले उल्लिखित कार्यहरू निर्धारित समयमा सम्पन्न गर्न नसकी म्याद थप गरेको र लागतसमेत वृद्धि भै अमेरिकी डलर १६.४४ मिलियन पुगेको देखिन्छ। उक्त परामर्शदातासँग कोभिड-१९ लगायतका कारण जनाई ३ नोभेम्बर २०२१ मा सम्झौता अन्त्य गरेको छ। सो अवधिसम्म उक्त परामर्शदातालाई अमेरिकी डलर १४.६७ मिलियन भुक्तानी भएको देखिन्छ।

वेस अवधिमा सम्पन्न गर्नुपर्ने पुनर्वास कार्ययोजनाको मस्यौदा र अन्तिम पुनर्वास कार्ययोजना लगायतका महत्वपूर्ण क्रियाकलाप पूरा गरेको छैन। बाँकी कार्य सम्पन्न गर्नका लागि अमेरिकी डलर ३.१६ मिलियन थप लागत वृद्धि हुने देखिन्छ। त्यसैगरी खरिद एजेण्टको परामर्श सेवाका लागि अमेरिकी डलर १.०८ मिलियनमा सम्झौता गरेकोमा सम्झौताको म्याद थप भइ ४८.५ महिना पुगेको र लागतसमेत वृद्धि भइ अमेरिकी डलर २.९२ मिलियन पुगेको अवस्था छ ।

परियोजनाको इन्ट्रि इन्टु फोर्स (इआईएफ) कार्यान्वयनको ५ वर्षको अवधि शुरु नभएकोले उक्त परामर्शदातालाई तोकेको काम तोकिएको समयमा सम्पन्न गर्न सकेको देखिदैँन। यसरी कार्यान्वयनका पूर्व सर्त पूरा नहुँदै परामर्शदाता छनौट गरेका कारण थप लागत वृद्धि भएको अवस्था छ। परामर्श सेवाको लागि समय थप गर्दा लेखापरीक्षणको अवधिसम्म उक्त २ परामर्श सेवाको लागि मात्र अमेरिकी डलर ४.६८ मिलियन लागत वृद्धि भएको छ। तोकिएको समयमा नै काम सम्पन्न नहुँदा लागत वृद्धि नहुने तथा गरेको कामको आधारमा मात्र भुक्तानी गर्ने व्यवस्था गर्नुपर्दछ।

२७३. **परामर्श खर्च -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा वा दातृ पक्षसँग भएको सम्झौताबमोजिम वैदेशिक सहायता स्रोतबाट व्यहोरिने गरी परामर्शदाताबाट सेवा प्राप्त गर्नु पर्ने भएमा सार्वजनिक निकायले कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने उल्लेख छ। यस कार्यालयमा प्रमुख वित्त व्यवस्थापन अधिकृत १ जना, वित्त व्यवस्थापन विशेषज्ञ २ जना र आन्तरिक नियन्त्रण विशेषज्ञ १ जनाको दरबन्दी रहेको देखिन्छ। उपलव्ध जनशक्तिबाट हालको प्रारम्भिक चरणको आर्थिक कारोबारको लेखा राख्र र भुक्तानीको सिफारिस गर्न तथा भुक्तानी दिन सकिने नसकिने पुष्ट्याई नगरी वित्तीय कारोबारको चेक जाँच गर्नका लागि वित्तीय एजेण्टको रूपमा एक परामर्शदाता नियुक्ति गरेको छ ।उक्त परामर्शदातासँग अमेरिकी डलर ५.०५ मिलियन भुक्तानी गर्ने गरी सम्झौता गरेको र यो वर्ष अमेरिकी डलर ६ लाख ३ हजार अर्थात् रू.७ करोड ९ लाखसमेत हालसम्म अमेरिकी डलर २.४३ मिलियन अर्थात् रू.२७ करोड ९२ लाख खर्च गरेको देखिन्छ। खर्चमा मितव्ययिता कायम गर्नुपर्ने देखिन्छ।

बीमा समिति

विकसित स्वास्थ्य र पेशागत बीमा बजारको विकास गर्ने मूल उद्देश्य लिई बीमा व्यवसायलाई व्यवस्थित, विकसित, नियमित र नियन्त्रण गर्नका लागि एक स्वायत्त संस्थाको रूपमा बीमा ऐन, २०४९ अनुसार समितिको स्थापना भएको हो । हाल समितिले बीमा क्षेत्रमा नियमनकारी भूमिका निर्वाह गर्दै आएको छ ।

२७४. **वित्तीय स्थिति र सञ्चालन नतिजा** - समितिको यस वर्षको सञ्चित कोष रू.५ अर्ब २४ करोड ८६ लाख, चालु दायित्व तथा व्यवस्था रू.६७ करोड ५५ लाख, खुद स्थिर सम्पत्ति रू.५५ करोड ७९ लाख, लगानी रू.२ अर्ब ६८ करोड ८४ लाख, निर्माणाधीन सम्पत्ति रू.१ करोड ६ लाख र चालु सम्पत्ति रू.२ अर्ब ६६ करोड ७२ लाख रहेको छ । आयकर पछिको सञ्चालन नाफा गत वर्ष रू.१ अर्ब ९ करोड ९५ लाख रहेकोमा यस वर्ष रु ६१ करोड ४३ लाख रहेको छ । गत वर्ष रू.१ अर्ब सञ्चित कोषमा दाखिला गरेकोमा यो वर्ष समितिले नेपाल सरकारको सञ्चित कोषमा दाखिला गरेको छैन। कानुनी व्यवस्था मिलाई बाँकी रकम सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

२७५. **कोरोना बीमा -** नेपाल सरकारको २०७७।७८ को बजेट वक्तव्यमा सामूहिक कोरोना बीमा प्रिमियमको ५० प्रतिशत अनुदान दिने र सबै राष्ट्र सेवकको रू.१ लाखसम्मको कोरोना बीमा निःशुल्क हुने व्यवस्था रहेको देखिन्छ ।उक्त बजेट वक्तव्यको व्यवस्थालाई कार्यान्वयन गर्न अर्थ मन्त्रालयको सचिवस्तरको २०७७।४।१६ को निर्णयबाट कोरोना बीमा मापदण्ड, २०७७ को स्वीकृति भएको देखिन्छ । सोको लागि रू.३ अर्ब ५० करोडभन्दा माथिको दाबी रकमको दायित्व व्यहोर्ने निकाय नेपाल सरकार हुने उल्लेख छ । उक्त दायित्वको अधिकतम सीमा कायम गरिएको छैन । उक्त असीमित दायित्व नेपाल सरकारले व्यहोर्ने सचिव स्तरको निर्णय गरी मापदण्ड तथा कार्यविधिहरू तय गरिएको छ । समितिले कोरोना बीमा मापदण्डअनुरूप व्यहोर्नुपर्ने दायित्व रू.१ अर्ब नेपाल बीमक संघलाई भुक्तानी गरेको छ। मापदण्डमा बीमा समितिले ब्यहोर्ने दायित्वको दाबी भुक्तानीको प्रक्रिया उल्लेख छैन । बीमक संघ गैरसरकारी संस्था भएको र यसको विधानमा बीमा दावी भुक्तानीको कार्य गर्नसक्ने उद्देश्य देखिँदैन। अतः यस्तो रकम संघलाई भुक्तानी गर्नु नियमसम्मत देखिएन । नेपाल सरकारबाट कोरोना बीमा प्रिमियमको अनुदान बापत २०७७ कार्तिक मसान्त सम्मको रु ४ करोड १९ लाख भुक्तानी भएको तर त्यस पछिको रू.२ करोड ११ लाख भुक्तानी गर्न बाँकी रहेको देखिन्छ । कोरोना बीमा मापदण्ड बमोजिम नेपाल सरकारले भुक्तानी गर्न बाँकी दाबी रू.११ अर्ब ८२ करोड २१ लाख रहेको छ । कोरोना बीमा दावी समयमै भुक्तानी गर्नु गराउनुपर्दछ ।

२७६. **बाली तथा पशुपन्छी कोष -** बाली तथा पशुपन्छी बीमा गरी कृषि क्षेत्रलाई विस्तार एवं प्रवर्द्धन गर्ने, कृषकहरूको काबु बाहिरको परिस्थितिबाट हुनसक्ने सम्भावित जोखिम न्यूनीकरण गरी कृषकहरूलाई व्यवसायिक खेतीतर्फ आकर्षित गर्न सहयोग गर्ने, कृषि क्षेत्रमा निजी तथा सहकारी क्षेत्रको लगानी आकर्षित तथा लगानीलाई प्रोत्साहन र कृषि उत्पादन वृद्धि गरी आयातलाई प्रतिस्थापन गर्ने उद्देश्य अनुसार यो कार्यक्रम सञ्चालन भएको देखिन्छ । कोषमा गत वर्षको मौज्दात र नेपाल सरकारबाट प्राप्त अनुदानसमेत रू.३१ करोड ४५ लाख आय र रू.३१ करोड ३९ लाख व्यय भई रू.६ लाख बचत रहेको छ । बाली तथा पशुपन्छी बीमा निर्देशन, २०६९ परिच्छेद ३ (११) मा बीमकले बाली तथा पशुपन्छी बीमा दाबी गरेमा तत्काल छानबिन गरी ३० दिनभित्र दाबी भुक्तानी गर्नुपर्ने उल्लेख छ । यो वर्ष विभिन्न २० बीमा कम्पनीमा बीमा दाबी परेको रू.६७ करोड ६ लाख भुक्तानी गर्न बाँकी रहेको छ ।

उक्त निर्देशनको परिच्छेद -६ मा बीमकले बाली तथा पशुपंक्षी बीमा सम्बन्धमा बीमालेख बमोजिमको दायित्व भुक्तानी गरेको सम्बन्धमा समितिले अनुगमन गरी बिमितलाई हानि नोक्सानी हुने गरी दाबी भुक्तानी गरेकोमा बीमकलाई कारबाही गर्नसक्ने व्यवस्था छ । कृषि तथा पशुपन्छी बीमा निर्देशिका, २०७७ को परिच्छेद २ (३) ५ बमोजिम प्रत्येक निर्जीवन बीमा ब्यवसाय गर्ने बीमकले बार्षिक रूपमा बिक्री गर्ने कुल बीमालेख संख्यामध्ये पाँच प्रतिशत कृषि तथा पशुपन्छी बीमा लेख हुनुपर्ने व्यवस्था रहेको छ । यसको पालना सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार गरेको छैन । कोषको अनुगमन तथा आन्तरिक नियन्त्रण प्रभावकारी बनाउनुपर्दछ ।

२७७. **अनुगमन, सुपरिवेक्षण तथा निर्देशन -** बीमा ऐन, २०४९ को दफा ८ मा बीमक तथा बीमित बीच विवाद परेमा मध्यस्थता गर्ने र बीमा दायित्व निर्धारणका सम्बन्धमा बीमक विरुद्ध बीमितले दिएको उजुरी उपर निर्णय गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण अवधिसम्म १८० उजुरी उपर निर्णय हुन बाँकी रहेको छ । विगत ४ वर्षमा फर्स्यौट गर्न बाँकी उजुरीको उल्लेख्य वृद्धि भएको देखिँदा बीमा सम्बन्धी मुद्दाहरूको समयमै निर्णय गर्नुपर्दछ । बीमा ऐन, २०४९ को दफा ३९ मा समितिले बीमा लेख खरिद

गर्नेको हितको लागि वा अन्य कुनै मनासिब कारणले आवश्यकता अनुसार सोधपुछ वा जाँचबुझ गर्न सक्ने र नियमावली, २०४९ को नियम ३८ मा समितिले बीमकले गर्ने बीमा व्यवसायका सम्बन्धमा निरीक्षण गरी समय समयमा आवश्यक निर्देशन दिन सक्ने व्यवस्था छ ।

यो वर्ष बीमा समितिबाट बीमकहरूको स्थलगत निरीक्षणमा २ जीवन बीमा तथा ६ निर्जीवन बीमा समेत ८ बीमा कम्पनीको नियमित स्थलगत निरीक्षण तथा १२ जीवन तथा निर्जीवन बीमा कम्पनीहको आकस्मिक निरीक्षण गरेको छ । सोही नियमावलीको नियम ३२(३) मा सर्भेयर नियुक्त गरेको १५ दिनभित्र सर्भे प्रतिवेदन पेस गर्नु पर्ने र सो को ३५ दिनभित्र दाबी भुक्तानी व्यवस्था रहेकोमा प्रत्येक बीमा कम्पनीबाट दाबी भुक्तानीमा ढिलाई भएको बीमा लेखको विवरण माग गरी सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी निर्देशन दिने गरेको छैन । ऐनको दफा १२(क) मा समितिले दिएको निर्देशन उल्लघंन गरेमा बीमकको व्यवसायमा समितिले रोक लगाउन सक्ने व्यवस्था छ । राष्ट्रिय बीमा संस्थानको २०६९।७० सम्मको र राष्ट्रिय बीमा कम्पनीको २०७१।७२ सम्मको लेखापरीक्षण गरी वित्तीय विवरण स्वीकृतिका लागि समितिमा पेस गरेको छ । उक्त निकायहरूले तत् पश्चातको लेखापरीक्षण गराएका छैनन् । समयमा लेखापरीक्षण नगराएको सम्बन्धमा समितिले कारबाही गरेको छैन । समितिले बीमा कम्पनीहरूको अनुगमन तथा सुपरिवेक्षण कार्य प्रभावकारी बनाउनुपर्दछ ।

नेपाल धितोपत्र बोर्ड

मुलुकको अर्थतन्त्रमा पुँजी बजारको विकास गरी धितोपत्रमा लगानी गर्ने, लगानीकर्ताहरूको हित संरक्षण गर्नका लागि धितोपत्रको निष्काशन खरिद, बिक्री, वितरण तथा विनिमयलाई व्यवस्थित बनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिको कामकारबाहीलाई नियमित तथा व्यवस्थित गर्न २०५९ सालमा बोर्डको स्थापना भएको हो ।

२७८. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** बोर्डको २०७८ आषाढ मसान्तको कोष तथा जगेडा रू.१ अर्ब ८६ करोड ८९ लाख, गैह्र चालु दायित्व रू.६ करोड ४८ लाख र चालु दायित्व तथा व्यवस्था रू.१० करोड ८० लाख रहेको छ। खुद स्थिर सम्पत्ति रू.२ करोड १४ लाख, लगानी रू.२ करोड ७३ लाख, अन्य सम्पत्ति रू.६ करोड ७४ लाख, चालु सम्पत्ति रू.१ अर्ब ९२ करोड ५६ लाख समेत सम्पत्ती रू.२ अर्ब ४ करोड १७ लाख रहेको छ । सञ्चालन नाफा गत वर्ष रू.२३ करोड ८२ लाख रहेकोमा यो वर्ष रू.९४ करोड ९९ लाख रहेको छ ।

२७९. **आन्तरिक नियन्त्रण व्यवस्था -** शेयरको शुरु निष्कासन तथा बाँडफाँटको लागि प्रयोग भइरहेको सफ्टवेयरको स्तर निर्धारण नभएको तथा उक्त सफ्टवेयरको प्रणाली लेखापरीक्षणलगायत अन्य विश्वसनीयताको आधार कायम नगरेको, खरिद गुरुयोजना नबनाएको, काठमाडौं उपत्यका विकास प्राधिकरणलाई जग्गा खरिद गर्न रू.४२ करोड ५६ लाख पेश्की प्रदान गरेकोमा जग्गाको स्वामित्व हाल सम्म प्राप्त भएको छैन । नेपाल सरकारवाट सातदोबाटोस्थित ३ रोपनी १० आना २ पैसा १ दाम जग्गा पचास वर्षको लागि २०६६ कार्तिकमा लिजमा लिएकोमा उक्त जग्गाको उपयोग गर्न सकेको छैन । बोर्डले आय विवरण समयमा पेस नगरेको कारणले २०७६।७७ मा रू.५ लाख ८ हजार ब्याज तथा जरिबाना तिरेको छ । यो वर्षको कर विवरण २०७८ चैत्र सम्म पेस भएको छैन । बोर्डको रणनीतिक कार्य योजना २०७७।७८ का लागि निर्धारण गरेको ४६ कार्ययोजनामध्ये २४ सम्पन्न भई २२ बाँकी रहेकोले कार्य प्रगति ५२.१७ प्रतिशत रहेको छ । बोर्डको आन्तरिक नियन्त्रण व्यवस्थामा सुधार गर्नुपर्दछ ।

२८०. **भित्री कारोबार** - धितोपत्र बजारमा आन्तरिक सूचना चुहाएर शेयर कारोबार गर्ने प्रवृत्ति नियन्त्रण गर्न धितोपत्र बोर्डले भित्री कारोबार निषेध सम्बन्धी नियमावली, २०७६ को मस्यौदा २०७६।६।१२ मा स्वीकृतिको लागि नेपाल सरकार, अर्थ मन्त्रालयमा पेस गरेकोमा सो नियमावली स्वीकृत भएको छैन । प्रतिनिधि सभा अर्थ समितिको २०७८।५।४ को निर्णय अनुसार धितोपत्र बोर्डका अध्यक्ष र नेप्सेका प्रमुख कार्यकारी अधिकृतले पदीय आचरण विपरीत एक सिमेन्ट कम्पनीको शेयर परिवारका सदस्यका नाममा खरिद गरेकोले तत्काल कारबाही गर्न अर्थ मन्त्रालयलाई निर्देशन दिएको देखिन्छ । नियामक निकायका पदाधिकारी पदीय मर्यादा विपरीत शेयर कारोबारमा संलग्न रहेकोले धितोपत्र बजारको दिगो विकास र स्थायित्व कायम गर्दै बजारको स्वच्छता, पारदर्शिता, सदाचारिता, नैतिकता जिम्मेवारी र जवाफदेहिता प्रवर्द्धन गर्न नीतिगत, कानुनी र संरचनात्मक व्यवस्था गर्न समितिले निर्देशन दिएको छ । सो अनुसार हाल नेपाल सरकारले धितोपत्र बोर्डका अध्यक्षलाई पदमुक्त गरेको र अर्थमन्त्रालयबाट छानबिन भईरहेको अवस्था छ। भित्री कारोबार नियन्त्रण गर्ने संयन्त्रको विकास गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

२८१. **सेवा शुल्क निर्धारण -** धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम ३२(१) अनुसार धितोपत्र दलालले धितोपत्र करोबार सेवा उपलब्ध गराए बापत ग्राहकसँगबाट अनुसूची १४ बमोजिमको सेवा शुल्क लिन सक्ने व्यवस्था छ । यो वर्ष ५० धितोपत्र दलाल व्यवसायीको कुल आय रू.१० अर्ब ६९ करोड ३ लाखमध्ये रू.२ अर्ब ९९ करोड ४८ लाख खर्च गरी रू.७ अर्ब ६९ करोड ५५ लाख खुद आय देखाएका छन् । उच्च खुद आय हुने ५ धितोपत्र दलाल व्यवसायीको कुल आयको तुलनामा खुद आय क्रमशः ९१.८० प्रतिशत, ९१.६० प्रतिशत, ९१.६० प्रतिशत, ८८.३० प्रतिशत र ८५.३० प्रतिशत रहेको र ५० धितोपत्र दलाल व्यवसायीको कुल आयको तुलनामा औसत खुद आय ७०.७८ प्रतिशत रहेको छ ।

सेवा शुल्कबाट निश्चित प्रतिशत रकम कमिसनको रूपमा फिर्ता गरेको देखिन्छ । एक कम्पनीले यस वर्षमात्र कमिसनबापत रू.७ करोड २० लाख फिर्ता गरी खर्च दाबी गरेको छ । हाल धितोपत्रको कारोबार सूचना प्रविधिमा आधारित हुँदै गएको, धितोपत्र राफसाफ तथा फस्यौंट प्रणालीमा सुधार भएको, धितोपत्र व्यवसायको क्षेत्र र दायरा विस्तार हुँदै गएको सन्दर्भमा धितोपत्र दलाल व्यवसायीलाई अधिक र अस्वाभाविक लाभ आर्जन हुने तथा केही ठूला र संस्थागत लगानीकर्ताहरूले कमिसनबापत रकम प्राप्त गर्ने अवस्था देखिएकाले धितोपत्र दलाल व्यवसायीले लिने विद्यमान सेवा शुल्कको दरमा पुरावलोकन गरी धितोपत्र व्यवसायलाई स्वच्छ, पारदर्शी र लगानीमैत्री बनाउन ध्यान दिनुपर्दछ ।

२८२. **अनुगमन, सुपरिवेक्षण र कार्यान्वयन** - धितोपत्र ऐन, २०६३ को परिच्छेद-८ अनुसार धितोपत्र बजार, धितोपत्र व्यवसायी तथा धितोपत्र दलालहरूको कार्य उपर बोर्डले नियमित रूपमा प्रभावकारी ढङ्गबाट नियमन, अनुगमन, निरीक्षण तथा जाँचबुझ गर्नुपर्ने व्यवस्था छ । वस्तु विनिमय बजार नियमावली, २०७४ को नियम ५ अनुसार पूर्व स्वीकृतिका लागि २०७६ असारमा ६ निवेदकले पेस गरेको निवेदन स्वीकृति सम्बन्धमा २०७८ चैत्र सम्म निर्णय भएको छैन । सूचीकृत संगठित संस्था, नेप्से, सीडीएससी र क्रेडिट रेटिङ एजेन्सीको हालसम्म स्थलगत सुपरिवेक्षण भएको छैन । धितोपत्र बजार तथा दलालहरूको अनलाइन रियल टाईम निगरानीको हकमा धितोपत्र बजारले उपलब्ध गराएको सीमित र नियन्त्रित पहुँचका आधारमा कार्य हुने गरेको, बोर्डले प्रभावकारी अनुगमन तथा पर्याप्त सूचना प्राप्त गर्न सकेको छैन। नेप्सेको अनलाइन व्यापार प्रणालीमा देखिएको समस्या र सो प्रणालीमा बजार सहभागीहरूले गर्न सक्ने अस्वस्थ्य अभ्यास, अनधिकृत क्रियाकलाप तथा थपघट बारेमा बोर्डले

शीघ्र सूचना पाउन र नियन्त्रण गर्न सकेको छैन। सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन तथा ऋणपत्रको निष्काशन गरेपश्चात् पेस गर्नुपर्ने पुँजी उपयोगिताको प्रतिवेदन पेस गरेको छैन । मर्चेन्ट बैङ्क, सूचीकृत संगठित संस्था, धितोपत्र व्यवसायी तथा धितोपत्र बजारको सेवा शुल्क, विवरण, प्रतिवेदनहरू समयमै प्राप्त गरी प्रभावकारी नियमन र अनुगमन गर्नुपर्दछ ।

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

सेक्युरिटी खरिद बिक्री केन्द्र लिमिटेडको नाममा तत्कालीन कम्पनी ऐन, २०२१ अन्तर्गत २०३३ सालमा स्थापना भएको यो संस्था २०५० मा नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) को नामबाट सञ्चालन भइरहेको छ। कम्पनीले नेपालमा संगठित दोस्रो बजारको रूपमा २०५०।९।२९ देखि कार्य गर्दै आएको छ। नेप्से धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त नेपालको एक मात्र स्टक एक्सचेन्ज हो । संस्थाको कुल चुक्ता पुँजी रू.६० करोडमध्ये नेपाल सरकारको ५८.६६ प्रतिशत, नेपाल राष्ट्र बैङ्कको १४.६० प्रतिशत, कर्मचारी सञ्चय कोषको १० प्रतिशत, राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेडको ६.१४ प्रतिशत, तथा अन्यको १०.६० प्रतिशत स्वामित्व रहेको छ । स्टक एक्सचेन्जका सदस्यता प्राप्त ५० सदस्य दलाल कम्पनीमार्फत् धितोपत्रको कारोबार हुँदै आइरहेको छ । नेप्सेमा २०७७।७८ सम्म २१९ पब्लिक कम्पनी सूचीकृत रहेका छन् ।

२८३. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** लिमिटेडको २०७८ आषाढ मसान्तको शेयर पुँजी रू.६० करोड, जगेडा कोष, सञ्चित नाफा र अन्य कोष रू.६ अर्ब २५ करोड ९७ लाख, गैह्र चालु दायित्व रू.१ अर्ब १६ करोड ६३ लाख र चालु दायित्व रू.१ अर्ब ५ करोड ६४ लाख रहेको छ । गैह्र चालु सम्पत्ति रू.५ अर्ब ५० लाख र चालु सम्पत्ति रू.४ अर्ब ७ करोड ७४ लाख समेत रू.९ अर्ब ८ करोड २४ लाख कुल सम्पत्ति रहेको देखिन्छ । गत वर्ष रू.३३ करोड १३ लाख खुद मुनाफा रहेकोमा यो वर्ष रू.१ अर्ब ९४ करोड ६ लाख नाफा रहेको छ । कम्पनीले यो वर्ष रू.३ अर्ब ८३ करोड ९४ लाख सञ्चालन आम्दानी र रू.२७ करोड १० लाख सञ्चालन खर्च गरेको छ ।

२८४. **पुँजीगत अनुदान -** नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र सी.एम.सी, भारत बीच १२ सेप्टेम्बर, २०१० मा भएको सम्झौता बमोजिम नेपाल स्टक एक्सचेञ्ज लिमिटेडले भारतको एक संस्थाबाट भारत सरकारबाट प्राप्त अनुदान रू.१४ करोड ७२ को स्वचालित कारोबार सफ्टवेयर खरिद गरी सीडीएस एण्ड क्लियरिङ्ग कम्पनीलाई हस्तान्तरण गरेको छ । उक्त रकमको १४ लाख ७२ हजार कित्ता शेयर नेपाल सरकारलाई हस्तान्तरण गर्नुपर्दछ ।

२८५. **बोनस वितरण -** बोनस नियमावली, २०३९ को नियम ७ मा नेपाल सरकारको स्वामित्वमा नाफा आर्जन गर्ने उद्देश्यले नेपाल सरकारले तोकिदिएको क्षेत्रमा स्थापना भएको एकाधिकार प्राप्त प्रतिष्ठानमा कार्यरत अधिकृत तहका कर्मचारीले एक आर्थिक वर्षमा शुरु तलव स्केलको दुई महिनाको तलब बराबरको रकम र सोभन्दा तल्लो तहका कर्मचारीले तीन महिनाको तलब बराबरको रकमभन्दा बढी हुने गरी बोनस नपाउने व्यवस्था रहेकोमा कम्पनीले २०७६।७७ मा कर्मचारी बोनस व्यवस्था गरेको रकमबाट छ महिनाको तलब बराबरको रू.८६ लाख ३ हजार वितरण गरेको छ । नियमावलीमा भएको व्यवस्था भन्दा बढी भुक्तानी भएको बोनस रकम असुल हुनुपर्दछ ।

२८६. **शेयर स्वामित्व** - नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ७(२) बमोजिम नेपाल राष्ट्र बैङ्कको आफ्नो काम कारबाही वा दायित्व पुरा गर्न सहयोग हुने काम कारबाही गर्ने संस्थालाई सो संस्थाको कुल पुँजीको १० प्रतिशत ननाघ्ने गरी ऋण प्रदान गर्ने वा त्यस्ता संस्थाको शेयरमा स्वामित्व प्राप्त गर्नसक्ने व्यवस्था भए तापनि २०७८ आषाढ मसान्तमा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा नेपाल राष्ट्र बैङ्कको १४.६ प्रतिशत शेयर स्वामित्व रहेको देखिन्छ ।

२८७. **सेवा प्रवाह** - पुँजी बजारमा आदेश संख्या, कारोबार संख्या, कारोबार परिमाणमा वृद्धि भई यो वर्षको बजार पुँजीकरण रू.४० खर्ब १० अर्ब पुगेको छ । सो रकम देशको कुल गार्हस्थ्य उत्पादनको करिब ९४.०१ प्रतिशत हुन आउँछ । हाल नेप्सेमा अनलाईनबाट दैनिक करिव २ लाखले कारोबार गर्ने गरेको र अनलाईन सुविधा लिने लगानीकर्ताको संख्या १३ लाखभन्दा बढी पुगेको छ ।

२८७.१ सदस्य दलालले सञ्चालन गर्ने नेप्सेको अनलाइन कारोबार प्रणालीसँग जडित व्यापार व्यवस्थापन प्रणाली (टी.एम्.एस्) मा समस्या आई २०७७ भदौ १४, २५ र २८ मा क्रमशः २ घण्टा, २ घण्टा ४५ मिनेट र ३ घण्टा अवरुद्ध भएको देखिन्छ । विगतका समस्या मुख्यतः सदस्य दलालले सञ्चालन गर्ने व्यापार व्यवस्थापन प्रणालीसँग सम्बन्धित हुने गरेकोमा हाल सूचना व्यवस्थापन प्रणाली पटक पटक बन्द हुने र सर्भर डाउन हुने लगायतका गम्भीर प्रकृतिका समस्याहरू रहेका छन् । समस्याका कारणहरू पहिचान गरी समाधानका उपाय अवलम्बन गर्नुपर्दछ।

२८७.२ नेपालको पुँजी बजारलाई सबल र सुरक्षित बनाउन धितोपत्र दलाल, मानव संसाधन र कारोबार प्रणालीको क्षमता अभिवृद्धि गर्नुपर्दछ । पुँजी बजारलाई सबल र सुरक्षित बनाउन दलालले सञ्चालन गर्ने प्रणाली, नेप्सेको अनलाइन कारोबार प्रणाली र सीडीएसको प्रणाली र त्यसको सञ्चालनमा समन्वय आवश्यक भएकोले सबै पक्षलाई समेट्ने गरी एकीकृत र नियमित रूपमा प्रणालीको परीक्षण गराउनु पर्दछ । दक्षिण एसियाका विभिन्न मुलुकमा पुँजी बजार तथा त्यसको व्यवस्थापनमा देखिएका असल अभ्यासलाई अबलम्बन गरी पुँजी बजारको विकास व्यवस्थापनका साथै कानुनी व्यवस्थामा समय सापेक्ष सुधार गर्नुपर्दछ ।

२८८. **भुक्तानीमा कर कट्टी** - आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको कमिशन भुक्तानी गर्दा भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । धितोपत्र कारोबार राफसाफ तथा फस्यौंट विनियमावली, २०६९ को नियम ११(२) बमोजिम धितोपत्र कारोबारको राफसाफ तथा फस्यौंट गरेबापत प्रत्येक खरिद र बिक्रीमा सीडीएस एण्ड क्लियरिङ लिमिटेडले नेप्सेबाट कारोबार रकमको ०.०१७५ प्रतिशत कमिसन प्राप्त गर्ने उल्लेख छ । सोही व्यवस्था अनुसार यो वर्ष कम्पनीले आफ्नै सहायक कम्पनी सीडिएस एण्ड क्लियरिङ लिमिटेडलाई धितोपत्र कारोबारको राफसाफ तथा फस्यौंट गर्दा रू.५० करोड ४८ लाख ८४ हजार कमिशन भुक्तानी गर्दा १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्नेमा १.५ प्रतिशतले मात्र कर कट्टी गरी गरेकोले छुट भएको रू.६ करोड ८१ लाख ५९ हजार असुल गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजू

- **अनुगमन** - गत विगत वर्षको प्रतिवेदनमा प्राविधिक सहायताको लेखापरीक्षण नगराएको, समयमा ऋण तथा अनुदान शोधभर्ना नलिएको, ऐन विपरीत रकमान्तर गरेको, राजस्व बक्यौता बढ्दै गएको, सञ्चित कोषको ढाँचाअनुसार विवरण नबनाएको, सञ्चित कोषको फरक रकमको हिसाब मिलान नगरेकोले यथार्थ हिसाब नदेखाएको, भन्सारतर्फ

दरबन्दी फरक पारी घटी असुली गरेको ब्यहोराबाट राजस्व असुलीमा कमी भएको, आन्तरिक राजस्वतर्फ सम्भाव्य सबै करदातालाई करको दायरामा ल्याउन नसकेको, कानूनले तोकेको भन्दा घटी राजस्व असुल गरेको, समानुपातिक कट्टी नगरेको कारण मूल्य अभिवृद्धि कर क्रेडिट बढेको आदि कारणबाट राजस्व प्रशासनको प्रभावकारिता अपेक्षित रूपमा बढ्न नसकेको लगायतका ब्यहोरा गत विगत वर्षको प्रतिवेदनमा औँल्याइएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका ब्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहत निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः

  - सरकारी कार्यालयतर्फ १०९ निकायमा यो वर्ष रू.१९ अर्ब ९२ करोड ८१ लाख ७६ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.११ लाख २५ हजार फर्स्यौट गरेकोले रू.१९ अर्ब ९२ करोड ७० लाख ५१ हजार फर्स्यौट गर्न बाँकी रहेको छ । सोमध्ये रू.१२ लाख ८४ हजार म्याद नाघेको पेश्की रहेको छ । यससम्बन्धी विवरण अनुसूची -१५ मा छ ।
  - संगठित संस्था, अन्य संस्था र समितितर्फ १ निकायमा रू.२० करोड ६९ लाख १५ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि बेरुजू फर्स्यौट नभएकोले बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची -१६ मा छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा औद्योगिक नीति, कानून, मापदण्ड र नियमन, औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रसम्बन्धी नीति, व्यावसायिक फर्म व्यवस्थापन, खानी तथा खनिजसम्बन्धी राष्ट्रिय नीति, कानूनी मापदण्ड र नियमन, अन्तर्राष्ट्रिय व्यापार पारवहन तथा सोसम्बन्धी सन्धि सम्झौता कार्यान्वयन र नियमन, व्यापारसम्बन्धी नीति, कानून सहजीकरण र नियमनलगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत ३७ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतसमेत ३० सरकारी कार्यालयको निम्नानुसार रू.७ अर्ब ८१ करोड ३९ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य	जम्मा
४,८७,७७	२,४९,२८	४३,६६	६८	७,८१,३९

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई अर्थ, कृषि तथा पशुपन्छी विकास, भौतिक पूर्वाधार र रक्षा मन्त्रालयअन्तर्गतका निकायबाट भएको खर्च रू.६३ करोड ४५ लाख समावेश छैन।

२. **संगठित र अन्य संस्था** - यो वर्ष ७ संस्थाको रू.४ अर्ब १९ करोड ८८ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **कार्यमूलक लेखापरीक्षण -** यो वर्ष विशेष आर्थिक क्षेत्र सञ्चालन र व्यवस्थापन विषयको कार्यमूलक लेखापरीक्षण सम्पन्न गरिएको छ ।

४. **वार्षिक कार्यक्रम र प्रगति -** यस वर्षको लक्ष्य प्रगति स्थिति निम्नानुसार छः

सूचक	एकाइ	लक्ष्य	प्रगति	प्रतिशत
ठूला उद्योग दर्ता	संख्या	७०	४२	६०
मझौला उद्योग दर्ता	संख्या	१४०	४९	३५
घरेलु तथा साना उद्योग दर्ता (जिल्लास्तरमा)	संख्या	५५	४६	८४
लघु उद्यमीको स्तरोन्नति	जना हजारमा	३३	४	१२
उद्योगबाट थप रोजगारी सिर्जना	संख्या	२१०	१४०	६६
निजी क्षेत्रको साझेदारीमा सीपमूलक तालिम	संख्या	५०	०	०
संघ र सबै प्रदेशमा खाद्यन्न भण्डारण	रू.अर्बमा	३१०	६०	२०
औद्योगिक ग्राम स्थापना	संख्या	१३०	४०	३१

प्राप्त विवरणअनुसार मझौला उद्योग दर्ता, लघु उद्यमीको स्तरोन्नति र औद्योगिक ग्राम स्थापनामा ५० प्रतिशतभन्दा कम र निजी क्षेत्रको साझेदारीमा सीपमूलक तालिम सञ्चालनमा शून्य प्रगति देखिएको छ । वार्षिक कार्यक्रमबमोजिम प्रगति हासिल गर्नुपर्दछ ।

५. **आवधिक योजना कार्यान्वयन -** राष्ट्रिय अर्थतन्त्रमा उद्योग, वाणिज्य र आपूर्ति क्षेत्रलाई प्रबलीकरण गरी क्षेत्रगत योगदान वढाउने, उपभोक्ता हित तथा आपूर्ति प्रणालीमा नागरिकको सहज पहुँच बनाउने मुख्य लक्ष्यसहित पन्ध्रौं योजनाले २०७७।७८ का लागि निर्दिष्ट गरेका क्रियाकलापमध्ये १५ पेटेन्ट दर्ता गर्नुपर्नेमा ३, ३५ हजार ६०० लघु उद्यमी स्तरोन्नति गर्नुपर्नेमा ३ हजार ६१०, ३० हजार जना लघु उद्यमी सिर्जना गर्नुपर्नेमा १४ हजार ७९० जना र ३ विशेष आर्थिक क्षेत्र स्थापना गर्नुपर्नेमा २ को प्रगति भएको छ । बिजनेस इन्क्युवेशन सेन्टरको काम नै गरेको छैन । योजनाको बाँकी अवधिमा लक्षित कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

६. **दिगो विकास लक्ष्य** - पन्ध्रौ योजनाको समृद्ध नेपाल सुखी नेपालीको दीर्घकालीन सोचलाई साकार गराउन योजनाले दिगो विकास लक्ष्य निर्धारण गरेको छ । सन् २०३० सम्म कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको हिस्सा १५ बाट २५ प्रतिशत, उद्योग क्षेत्रमा रोजगारी वृद्धि ७ बाट १३ प्रतिशत पुऱ्याउने, ठूला उद्योगहरूको कुल उत्पादनको मेटेरियल इन्टेन्सिटीलाई ६६ बाट ६० प्रतिशतमा झार्ने लगायतका परिमाणात्मक लक्ष्य रहेका छन् । उल्लिखित कार्यका लागि यो वर्ष मन्त्रालयमार्फत् उद्योगतर्फ ६ कार्यक्रम/आयोजनाका ४० क्रियाकलाप तथा वाणिज्य तथा आपूर्तितर्फ ४ कार्यक्रम/आयोजनाका ३६ क्रियाकलापका लागि रू.१० अर्ब ६८ करोड ६४ लाख लागत परिचालन हुने उल्लेख छ । प्रक्षेपित लागतअनुसार बजेटसँग समन्वय गरी कार्यक्रमको प्रगति प्रतिवेदन तयार नगरेकोले योजनाको दीर्घकालीन सोच साकार वनाउन गरेका कार्यको मूल्याङ्कन गर्ने अवस्था रहेन । दिगो विकास लक्ष्यसँग आबद्ध हुनेगरी सम्पादन गरेका कार्यहरूको प्रतिवेदन, मूल्याङ्कन, सूचना तथा तथ्याङ्क व्यवस्थापन गरी उपलब्धि मापन गर्ने व्यवस्था गर्नुपर्दछ ।

७. **वैदेशिक सहायता -** दातृ निकायको अनुदान तथा ऋण सहयोगमा सञ्चालित निम्न २ आयोजनामा रू.११ अर्ब २५ करोड २० लाखको सम्झौता भएकोमा यो वर्षसम्म रू.३ अर्ब ८२ करोड २ लाख खर्च भएको छ ।

(रू.लाखमा)

क्र.सं.	आयोजनाको नाम	दातृ निकाय	आयोजना सञ्चालन भएका जिल्ला	आयोजना शुरु भएको वर्ष	आयोजना सम्पन्न हुने वर्ष	सम्झौता रकम	खर्च	खर्च प्रतिशत
१.	ग्रामीण उद्यम तथा विप्रेषण परियोजना	आई.एफ.ए.डी.	१६ जिल्ला	२०१५	२०२२	६८१५०	९८४२	१४.४४
२.	नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना	विश्व बैङ्क	काठमाडौं	२०७०।७१	२०७८।७९	४४३७०	२८३३०	६८.८५
					जम्मा	**११२५२०**	**३८२०२**	**३३.९५**

७.१. ग्रामीण उद्यम तथा विप्रेषण परियोजना सात वर्षमा सम्पन्न गर्नुपर्नेमा ६ वर्षको वित्तीय प्रगति १४.४४ प्रतिशत रहेको छ ।खर्च कम गरेको कारण निर्धारित क्रियाकलापहरू र ऋण रकम कटौती गरेको छ। नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजनाको यो वर्षसम्मको प्रगति ६८.८५ प्रतिशत छ । आयोजनाअन्तर्गत गर्नुपर्ने कतिपय कामहरू अधुरै रहेको अवस्थामा आयोजनाको अवधि सम्पन्न भएको छ । आयोजनाहरूको समयावधि व्यतीत भएको तुलनामा खर्च न्यून रहेकोले आयोजनाको समय र मूल्य लागत क्रमशः बढ्दै जाने अवस्था एकातिर छ भने प्रतिफल प्राप्तिमा ढिलाइ हुने जोखिम

उत्तिकै रहेको छ । तसर्थ लक्ष्यअनुसार कार्यक्रम सञ्चालन गर्न आयोजनाहरूले समय, कार्यक्रम तथा खर्च र बजेटबीच तादात्म्यता मिलाउनुपर्ने देखिन्छ ।

७.२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १७ मा केन्द्रीय निकायले आफ्नो बजेट तथा कार्यक्रमसँग सम्बन्धित वैदेशिक सहायताको सम्झौताबमोजिम प्राप्त हुने नगद तथा वस्तुगत सहायतालाई बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्ने व्यवस्था छ । सयुक्त राष्ट्रसंघ विकास कार्यक्रमको राष्ट्रिय ओजन इकाई कार्यान्वयन आयोजनाको राष्ट्र बैङ्कमार्फत् सोझै भुक्तानी हुने गरी रू.१८ लाख ४९ हजार र मन्त्रालयमार्फत् इन्हेन्सड इन्टिग्रेटेड फ्रेमवर्क कार्यक्रमको रू.१ करोड २५ लाख ७५ हजारसमेत रू.१ करोड ४४ लाख २४ हजार बजेटमा समावेश नगरी खर्च गरेको छ । कानूनी व्यवस्थाअनुसार सहायता रकम बजेटमा समावेश गरी खर्च गर्नुपर्दछ ।

७.३. उत्तरी क्षेत्र विकास कार्यक्रमअन्तर्गत २६ हिमाली जिल्लाको पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रमका लागि चीन सरकारसँग २०७५।७६ मा रू.३ अर्ब ४५ करोड (२०० मिलियन आर.एम.बी.) सहयोग प्राप्त गर्नेगरी सम्झौता भएकोमा सो कार्यक्रमको शुरुवात नै भएको छैन । जसको कारणले हिमाली जिल्लामा १२६ परियोजना कार्यान्वयन नभएको अवस्था छ । दातृ मुलुकसँग भएको सम्झौताअनुसार कार्यक्रम सञ्चालन गर्न समन्वय गरी सरोकारवालामा प्रतिफल पुऱ्याउनुपर्दछ ।

७.४. अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ को बुँदा ३.२.८ अनुसार सबै प्रकारका अन्तर्राष्ट्रिय विकास सहायता राष्ट्रिय बजेट प्रणालीमा समावेश हुने उल्लेख छ ।नेपाल सरकार (उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय) र चीन सरकार(प्राकृतिक स्रोत मन्त्रालय) बीच दैलेखमा पेट्रोल अन्वेषणका लागि सन् २०२१ सम्म १३६ मिलियन चाइनिज युआन खर्च गर्नेगरी २३ मार्च २०१६ मा सम्झौता भएकोमा सो लगानी बजेटमा समावेश गरेको छैन । अन्वेषण कार्य अन्तिम भई ड्रिलिङ्ग स्थान पहिचान गरेको उल्लेख गरे पनि सहायता खर्च परिचालन अवस्था यकिन भएन । सहायता परिचालनको अभिलेख राखी मूल्याङ्कन गर्नुपर्दछ ।

८. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०७७।७८ मा प्राथमिकता राखेर घोषणा गरेका कार्यक्रमहरू विशेष आर्थिक क्षेत्र सञ्चालन, बुस बोर्डर इकोनमी स्थापना, नेपाल चीन औद्योगिक मैत्री उद्यान, औद्योगिक स्थल पहुँच, बहुमूल्य पत्थर उत्पादन केन्द्र, उद्योग स्थापनामार्फत् रोजगारी सिर्जना, उद्योग सञ्चालनको लागि च्यालेज फण्ड स्थापना, प्रमाणपत्रको धितोमा शैक्षिक कर्जा, उद्यमी स्टार्टअप ऋणलगायतका कार्यक्रमहरू सञ्चालन गर्न नसकी यो वर्ष विनियोजित बजेट रू.४ अर्ब ७४ करोड २७ लाख खर्च भएको छैन । सबै प्रदेशमा कम्तीमा एक औद्योगिक क्षेत्र र सबै स्थानीय तहमा औद्योगिक ग्राम स्थापना गरी औद्योगिक विकास गर्ने लक्ष्य लिए पनि औद्योगिक क्षेत्र घोषणा हुन सकेको छैन । कृषि, पर्यटन तथा वनलगायतका क्षेत्रसँग अग्र र पृष्ठ सम्बन्ध स्थापित हुने उद्योगको विकास र विस्तार गरी उद्यमशीलता, सीप र प्रविधिको उपयोगमा नवीन खोज तथा अनुसन्धान गरी चिया, विद्युतीय तार तथा कण्डक्टर, जुत्ता चप्पललगायत आत्मनिर्भर उन्मुख उद्योगहरूलाई प्रोत्साहन हुने एवं स्थानीयस्तरमा उपलब्ध हुने कपास, रेशम, ऊन, बाँस, बेत, अल्लो जस्ता कच्चा पदार्थहरूको प्रविधिसँग सामञ्जस्यता गराई उपयोग गर्ने कार्य भएको छैन ।

नवलपरासीको धौवादी फलाम खानीबाट उत्पादन शुरु गर्न पहुँचमार्ग निर्माण र मेसिन जडान गर्ने कार्य सम्पन्न गर्ने लक्ष्य राखेकोमा सडक मर्मत तथा विस्तारमा ५ प्रतिशत वित्तीय प्रगति भएको

अवस्था छ । वातावरणीय परीक्षण लगायत आवश्यक अध्ययन पूरा नगर्दै मेसिन जडानको कार्यलक्ष्य राखेकोले कार्य प्रगति भएको छैन । बजेट खर्च गर्ने क्षमता वृद्धि गरी बजेट वक्तव्यमा उल्लिखित कार्यक्रमअनुसार कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ ।

९. **रुग्ण उद्योग** - नेपाल सरकार मन्त्रिपरिषदको २०७७।४।१९ को निर्णयले गठन भएको ६ सदस्यीय अध्ययन समितिले मन्त्रालयअन्तर्गतका ८, निजीकरण भएका १४ र निजी क्षेत्रका ७ उद्योगले पहिचान तथा सिफारिसका लागि निवेदन दिएकोमा उदयपुर सिमेन्ट कारखाना र हेटौंडा सिमेन्ट कारखाना रुग्ण उन्मुख रहेको तथा नेपाल ओरिएण्ट म्याग्नेसाइट कम्पनी, गोरखकाली रबर उद्योग, जनकपुर चुरोट कारखानालगायत ६ उद्योग पूर्ण रूपमा रुग्ण उद्योगमा सिफारिस भएका सहित निजीकरण भएका १४ उद्योगको अवस्था सन्तोषजनक छैन । उक्त समितिले दिएको प्रतिवेदन कार्यान्वयन नभएकोले कार्यान्वयन गरी रुग्ण उद्योगहरूको व्यवस्थापन तथा सुधार गर्नुपर्दछ ।

१०. **लघु उद्यम कार्यक्रम** - सरकारले लघु उद्यम कार्यक्रम (मेड्पा) लगायतबाट उद्योग क्षेत्रमा १ लाख २७ हजारलाई रोजगारी सिर्जना गरी गरिबी निवारण गर्ने कार्यक्रम निर्धारण गरेको थियो । लघु उद्यम कार्यक्रमबाट मात्र ६३ हजार ३९० लघु उद्यमी सिर्जना हुने उद्घोष गरेकोमा उपेक्षित नतिजा प्राप्त भएको छैन ।कार्यक्रम सञ्चालन गर्न गरिबी निवारणका लागि उद्यम विकास कार्यक्रम निर्देशिका, २०७७ तर्जुमा गरेको, १४ हजार ७९५ उद्यमी सिर्जना भएको प्रगति विवरणमा उल्लेख छ । सिर्जना भएका उद्यमीको अवस्थिति यकिन हुने अभिलेख राखी समन्वयात्मक रूपले कार्य गर्नुपर्दछ ।

११. **अन्तर्राष्ट्रिय व्यापार** - भन्सार विभागबाट प्राप्त तथ्याङ्कअनुसार नेपालको विगत ५ वर्षको आयात निर्यातको अवस्था देहायबमोजिम छः

(रू.अर्बमा)

आर्थिक वर्ष	निर्यात	आयात	व्यापार घाटा	अनुपात
२०७७।७८	१४१	१५३९	१३९८	१:१०.९
२०७६।७७	९७.७१	११९६.८०	१०९९.०९	१:१२.२
२०७५।७६	९७.११	१४१८.५६	१०२१.४२	१:१४.६
२०७४।७५	८१.३५	१२४५.१०	११६३.७५	१:१५.३
२०७३।७४	७३.०३	९८४.३०	९११.२७	१:१३.४

गत वर्षको तुलनामा ४४.३ प्रतिशतले निर्यात वृद्धि भई यस वर्ष रू.१ खर्ब ४१ अर्ब पुगेको छ । निर्यात गरिएका प्रमुख वस्तुमा भटमास तेल, कटन धागो, ऊनी गलैंचा, जुटका सामान, तयारी पोशाक, अलैंची आदि रहेका छन् । कुल निर्यातमा भटमासको तेलको अंश ३८.९८ प्रतिशत रहेको छ । निर्यात वृद्धि देखिएको तेल, कटन धागो आदिमा स्वदेशी कच्चा पदार्थको प्रयोग न्यून रहन गई मूल्य अभिवृद्धि भएको नदेखिँदा निर्यात वृद्धिको तथ्याङ्कले भुक्तानी सन्तुलनमा उल्लेख्य योगदान भएको संकेत गरेको छैन। गत वर्षको तुलनामा आयात २८.५२ प्रतिशतले वृद्धि भई रू.१५ खर्ब ३८ अर्ब पुगेको छ। निर्यात आयात अनुपात २०७६।७७ मा १:१२.२ रहेकोमा २०७७।७८ मा १:१०.९ देखिन्छ ।

भटमासको कच्चा तेल १८१.१, सुन १०१.५०, कच्चा सूर्यमुखी तेल ६५.४, रायो सर्स्यूको दाना ६३.८, फलाम र स्टिलका कच्चा पदार्थ ४४.२०, रबर र सोका उत्पादन ४३.७०, सुती कपडा ५२.४०, दूरसञ्चार उपकरण तथा पार्टपुर्जा ६७.३०, यातायात साधन तथा पार्ट पुर्जा ४९.७० खाद्यान्नको आयात

३९.९ प्रतिशतले वृद्धि भएको छ । दाल, मकै, चामल, गहुँ, तरकारी, फलफूलमा आत्मनिर्भर बन्ने सरकारको नीति तथा कार्यक्रम र सो क्षेत्रको अनुदानमा वृद्धि भई रहे पनि आयात वृद्धि भइरहेको छ । निर्यातको तुलनामा आयात उच्च रहेकोले व्यापार घाटा बढ्न गई वैदेशिक मुद्राको सञ्चितिमा समेत प्रतिकूल प्रभाव परेको छ ।

१२. **आर्थिक तथा सामाजिक विकास कार्यक्रम -** सरकारले बजेटमार्फत् घोषणा गरेको महत्वपूर्ण आर्थिक तथा सामाजिक विकास कार्यक्रमको विश्लेषण गर्दाको नतिजा प्रभावकारी देखिएको छैन । प्रमाणपत्र धितो राखेर कर्जा दिने कार्यक्रम २०७५।७६ मा नै घोषणा भए तापनि युवाहरूले प्रतिफल पाएका छैनन् । युवा उद्यमी च्यालेन्ज फण्डअन्तर्गत उद्यमी स्टार्टअपको लागि १ प्रतिशत ब्याज दरमा रू.२५ लाख ऋण उपलब्ध गराउने घोषित नीति कार्यान्वयनमा आएन । स्टार्टअप ऋणको लागि २०७७।७८ मा आवेदन माग गरेकोमा ७०० व्यवसायीबाट निवेदन प्राप्त भए पनि कार्यक्रम रद्द भएको छ । विदेशबाट फर्कने युवा लक्षित सहुलियत ऋण (प्रति युवा रू.१० लाख) को कार्यक्रमका लागि रू.१५ अर्ब बजेट प्रक्षेपण गरे पनि कार्यान्वयन हुन बाँकी छ । बन्द सार्वजनिक संस्थान सञ्चालन जस्ता कार्यक्रम बजेट वक्तव्यमा प्राथमिकताका साथ पर्दै आए पनि कार्यान्वयन पक्ष प्रभावकारी हुनसकेको छैन । मन्त्रालयको क्षेत्राधिकारका कार्यक्रम सम्पादनमा समन्वयकारी भूमिका निर्वाह गर्नुपर्दछ ।

१३. **नुन ढुवानी अनुदान** - सरकारले हिमाली तथा उच्च पहाडी जिल्लामा ९३ हजार ९८४ क्विन्टल नुन ढुवानी अनुदानबापत नेपाल साल्ट ट्रेडिङ्ग लिमिटेडलाई यो वर्ष रू.१७ करोड ४१ लाख ६० हजार अनुदान दिएको छ । नेपाल सरकारले २०५९ मा भौगोलिक अवस्था र यातायातको पहुँच नपुगेका २२ जिल्लामा नुन ढुवानी अनुदान दिने निर्णय गरेको थियो । हाल सोलुखुम्बु, अछाम, रुकुम, दार्चुला, जाजरकोट जस्ता जिल्लामा यातायातको पहुँच भइसकेकोले यी क्षेत्रमा दिएको अनुदान समय सापेक्ष पुनरावलोकन गर्नुपर्दछ ।

उद्योग विभाग

मझौला एवं ठूला उद्योगहरूको अनुमति, दर्ता, नवीकरण तथा अनुगमन गर्ने, विदेशी लगानीका उद्योगहरूलाई अनुमति प्रदान गर्ने लगायतका कार्यका लागि उद्योग विभागको स्थापना भएको हो ।

१४. **उद्योग दर्ता, नवीकरण र नियमन** - औद्योगिक व्यवसाय नियमावली, २०७६ को नियम ४ बमोजिम दर्ता प्रमाणपत्र दिएका उद्योगहरूले नियम ८ बमोजिम व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र लेखापरीक्षण प्रतिवेदन लगायत आवश्यक कागजातहरू उद्योग विभागमा बुझाउनु पर्ने व्यवस्था छ । प्राप्त विवरणअनुसार यो वर्ष दर्ता भएका २०३ समेत ८ हजार ५४३ उद्योग सञ्चालनमा रहेका छन् । मन्त्रालय तथा विभागले अनुगमन गरी उद्योगहरूको सञ्चालन स्थिति यकिन गरेको छैन ।नवीकरण नगराएका उद्योगहरूलाई कारबाही गरेको छैन । नियमावलीअनुसार नवीकरण गराई अनुगमन गर्नुपर्दछ ।

१५. **उद्योग स्थापना र सञ्चालन** - सरकारको नीति तथा कार्यक्रममा खाद्य, कृषि तथा वनजन्य वस्तुहरूको प्रशोधन, जनजीवनलाई सुचारु गर्न नभई नहुने वस्तु तथा औषधि र स्वास्थ्य सामग्री एवं स्वदेशी कच्चा पदार्थ प्रयोग गरी उत्पादनमूलक उद्योगहरूको स्थापना र विस्तारको लागि प्रोत्साहन गरिने उल्लेख छ। सरकारले स्थापना गरेको कपास विकास समितिलाई क्षमताअनुसार सञ्चालन नगर्दा कृषकले कपास खेती

गर्न छाडेको, स्थानीय कच्चा पदार्थलगायतको कारणले बुटवल धागो कारखाना लिमिटेड र हेटौंडा कपडा उद्योग जस्ता उद्योग बन्द भएको, जनकपुर चुरोट कारखाना बन्द हुँदा तराईका सुर्ती खेती प्रतिस्थापन भएको, जडिबुटी, दुग्ध उत्पादनको सम्भाव्यता क्षेत्रमा सोअनुरूप उद्योग स्थापना हुन नसकेको अवस्था छ । स्थानीयस्तरमा उपलब्ध हुने कच्चा पदार्थको प्रयोग गरी उत्पादनमूलक उद्योग स्थापना गर्ने नीतिगत प्राथमिकताको विषय कार्यान्वयनमा ल्याएको छैन । स्थानीय स्रोत साधन प्रयोग हुने कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योग सञ्चालन गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ ।

१६. **वैदेशिक लगानी र प्रविधि हस्तान्तरण** - उद्योगमा लगानी वृद्धि गरी अर्थतन्त्रमा योगदान पुऱ्याउन प्रत्यक्ष वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण कार्यलाई प्रोत्साहन गर्ने राज्यको नीतिअनुरूप यो वर्ष १८३ लगानीकर्ताबाट रू.३२ अर्ब२२ करोडसमेत हालसम्म रू.२२ खर्ब ८३ अर्ब २८ करोडको वैदेशिक लगानी स्वीकृत भएकोमा प्रत्यक्ष वैदेशिक लगानी र प्रविधि हस्तान्तरणको साथै वृद्धि हुने भनिएको ६ लाखबाट २८ हजार रोजगारीको अभिलेख राखेको छैन । नीतिगत अस्थिरता, कर प्रशासनमा समस्या, जग्गा विवाद, औद्योगिक सुरक्षा, कच्चा पदार्थ लगायतका कारण अपेक्षित रूपले वैदेशिक लगानी प्राप्त हुन नसकेको विभागले उल्लेख गरेको छ । विद्यमान समस्याहरू समाधान गरी प्रत्यक्ष वैदेशिक लगानी र प्रविधि हस्तान्तरण बढाउनुपर्दछ ।

१७. **एकल विन्दु सेवा** - औद्योगिक व्यवसाय ऐन, २०७२ को दफा ३५ मा यस ऐन तथा प्रचलित अन्य कानूनबमोजिम उद्योग वा लगानीकर्तालाई प्राप्त हुने छुट, सुविधा वा सहुलियत र उद्योगको लागि आवश्यक पर्ने पूर्वाधार सम्बन्धी सेवा समयमै सरल र सहजरूपमा एकै स्थानबाट उपलब्ध गराउन २०७६।२।१ मा एकल विन्दु सेवा केन्द्र स्थापना भई सञ्चालनमा रहेको छ । एकल विन्दु सेवा केन्द्र स्थापना भई सचांलनमा आए पनि संगठन संरचनाअनुसार क्षेत्रगत रूपमा एकल विन्दु सेवालाई प्रभावकारी बनाउन पूर्ण अटोमेसनमा लैजान आवश्यक सफ्टवेयर विकास र डकुमेन्ट डिजिटाइजेसन कार्य सम्पन्न हुन नसकी सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन । लक्ष्यअनुसार सेवा प्रवाह प्रभावकारी हुने गरी सुधार गर्नुपर्दछ ।

१८. **बौद्धिक सम्पत्ति** - पेटेन्ट डिजाइन ट्रेड मार्क ऐन, २०२२ अनुसार औद्योगिक बौद्धिक सम्पत्तिको विवादको निराकरण उद्योग विभागमार्फत् हुने व्यवस्था छ । विभागमा दर्ता भएका ७२४ उजुरीमध्ये ५७ मात्र छिनोफानो भई ६६७ उजुरीको छिनोफानो गर्न बाँकी देखिन्छ । प्राप्त गुनासो र उजुरीको छानबिन गरी औद्योगिक क्षेत्रमा भएका बौद्धिक सम्पत्ति माथिको विवाद निरूपण गर्नुपर्दछ ।

१९. **मिनाहा** - नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार उद्योगधन्दा विकासमा सहजीकरणका लागि नेपाल सरकारले दिने छुट, सहुलियतलगायत सुविधाहरूको विभागमार्फत् सिफारिस उपलब्ध गराउदै आएको छ । विभिन्न उद्योगीलाई भन्सार सहजीकरण, विदेशी मुद्राको सिफारिस, विद्युत महशुल छुट, ब्याज मिनाहालगायत सुविधाहरू उपलब्ध गराएकोमा सोको अभिलेख व्यवस्थित गरेको छैन । निकायगत समन्वय गरी छुटलगायत अन्य सुविधाहरूको अभिलेख व्यवस्थित गरी नीतिगत मूल्याङ्कन गर्नुपर्दछ ।

२०. **नगद प्रोत्साहन** - स्वदेशी उत्पादनलाई निर्यातमुखी बनाउन र निर्यात प्रवर्द्धन गरी वैदेशिक व्यापारमा देखिएको असन्तुलनलाई कम गर्न २०६८।६९ को बजेट वक्तव्यबाट निर्यातमा नगद प्रोत्साहन गर्ने व्यवस्थाअनुसार कार्यविधि बनाई निर्यातकर्तालाई अनुदान प्रदान गरिँदै आएको छ । अनुदान रकम

निकासाको लागि विभागबाट निकासीकर्ताको स्वघोषणालाई सिफारिस गरी निर्यात कारोबार गर्ने बैङ्क मार्फत् राष्ट्रबैङ्कमा अनुरोध भई अनुदान रकम उपलब्ध गराउने गरेको छ । विभागले गत वर्ष रू.८५ करोड ६९ लाख २० हजार र यो वर्ष रू.१ अर्ब ४० करोड ३ लाख ५ हजार नगद प्रोत्साहन खर्च लेखेको छ । मूल्य अभिवृद्धि सिफारिस गर्दा निर्यात रकममा कच्चा पर्दाथ आयात रकम घटाई निर्यातले भागगरी प्रतिशत निर्धारण गरेको छ । उत्पादित सामानको मूल्य वृद्धिमा थप भएको लगानीलाई आधार लिनुपर्नेमा कच्चा पर्दाथको आयातलाई आधार लिँदा वृद्धि प्रतिशत वास्तविक देखिएन । उत्पादित वस्तुमा खपत हुने अन्य अवयवहरूलाई आधार लिई यथार्थ लागतको आधारमा मूल्य वृद्धि प्रतिशत गणना गर्ने, उत्पादन मूल्य वृद्धि नर्म्स तयार गर्ने, अनुगमन निरीक्षण लगायतबाट रकम निर्धारण गरी विभागको भूमिका प्रभावकारी बनाउनुपर्दछ ।

२१. **सहुलियत** - नेपाल सरकारको औद्योगिक तथा वाणिज्य नीतिअनुसार तेस्रो मुलुकमा वस्तु निर्यात गर्ने गरी स्थापना भएका उद्योगलाई भन्सार मूल्य अभिवृद्धि कर तथा आयकरमा समेत विशेष सहुलियत दिँदै आएको छ । एकातर्फ उत्पादनमा सहुलियत दिने र सोही उत्पादन निर्यात गरेमा पुनः नगद अनुदान दिनुले एकै उद्योगले दोहोरो सुविधा उपयोग गर्न पाउने अवस्था छ । उत्पादित वस्तु तेस्रो मुलुकमा निर्यात गर्ने उद्देश्यले स्थापना भएका उद्योगलाई दिँदै आएको सुविधाका अतिरिक्त नगद अनुदानको व्यवस्था गर्दा राज्यले अपेक्षा गरे अनुरूपका प्रभावका सन्दर्भमा विश्लेषण गरी मुलुकको अर्थतन्त्रमा थप टेवा हुने गरी नगद अनुदान वितरण गर्नुपर्ने देखिन्छ ।

खानी तथा भू-गर्भ विभाग

नेपालमा भू-वैज्ञानिक सर्वेक्षण र अनुसन्धान, इन्जिनियरिङ, पर्यावरण, जोखिम आँकलन, सिस्मो टेक्टोनिक अध्ययन, भूकम्प अनुगमन, भौगर्भिक अध्ययन, अनुसन्धान तथा खनिज सम्पदाको प्रवर्द्धन एवं विकासको लागि विभागको स्थापना भएको हो ।

२२. **आवधिक योजनाको लक्ष्य** - पन्ध्रौं आवधिक योजनाले खानी तथा उत्खनन् कार्यका लागि सिमान्त पुँजी उत्पादन अनुपात वृद्धि ६.१ पुऱ्याउने लक्ष्य सहित आर्थिक वर्ष २०७६।७७ मा रू.१४ अर्ब ६८ करोड, २०७७।७८ मा रू.२४ अर्ब २१ करोड र योजना अवधिसम्म (२०८०।८१) रू.१ खर्ब २१ अर्ब ७ करोड लगानी गर्ने लक्ष्य लिएकोमा यो वर्ष ५३ क्रियाकलापका लागि रू.२१ करोड ३५ लाख ६४ हजार बजेट व्यवस्था भई रू.१२ करोड ९३ लाख ५७ हजार खर्च भएको देखिन्छ । हालको वार्षिक बजेट तथा कार्यक्रमबाट योजनाले राखेको लक्ष्य पूरा हुने देखिँदैन । खानी तथा खनिजजन्य उद्योगको खोज र अन्वेषण गरी उपयोगमा ल्याइने रणनीतिअनुसार वार्षिक सूचकाङ्क तोकिएकोमा विभागले सोअनुसारका कार्य योजना तथा तथ्याङ्क व्यवस्थापन गरेको छैन । तोकिएबमोजिम वार्षिक कार्यक्रम सञ्चालन गरी आवधिक योजनाको लक्ष्य पूरा गर्नुपर्दछ ।

२३. **नीति कार्यान्वयन** - खनिज स्रोतको संरक्षण, संवर्द्धन उपयोग एवं दिगो विकास गरी राष्ट्रको समुन्नतिमा योगदान पुऱ्याउन खनिज उद्योगमा रू.१०० अर्ब लगानी भित्र्याई ५० हजार रोजगारी सिर्जना गर्ने उद्देश्यले राष्ट्रिय खनिज नीति, २०७४ कार्यान्वयनमा रहेको छ । नीति कार्यान्वयनका लागि कार्य योजनासहितका विभिन्न ८१ रणनीति उल्लेख गरिएको छ । सबै खनिज स्रोतहरूको १ वर्षभित्र डाटाबेश तयार गरी रणनीतिक तथा सामरिक महत्वका खनिजहरूको गुण तथा परिमाण यकिन गर्ने, आईसीटीको माध्यमबाट खानी स्थलको अनुगमन गरी खनिज उत्खनन् व्यवस्थित गर्ने र २ वर्षभित्र रणनीतिक

महत्वका खनिजको विशेष क्षेत्र घोषणा गर्ने तथा ३ वर्षभित्र नवीनतम प्रयोग गरी नेपालको भौगर्भिक नक्साङ्कन तयार गर्ने उल्लेख भएकोमा कार्यान्वयन भएका छैनन् । नीतिको उद्देश्य पूरा गर्न प्रभावकारी कार्यान्वयनको व्यवस्था गर्नुपर्दछ ।

२४. **खनिज अन्वेषण** - खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को अनुसूची-१ मा सुन, सामरिक महत्वका खास खनिज र रेडियोधर्मी खनिज, युरेनियम, प्लाटिनियमलगायतका खनिजहरूलाई अति महत्वपूर्ण खनिजमा वर्गीकरण गरेको छ ।आणविक सामग्रीहरूको भौतिक संरक्षणसम्बन्धी महासन्धि, १९१८ अनुसार यस्ता सामग्रीको उत्पादन तथा प्रयोग गर्न पारवहन व्यवस्था, मानव स्वास्थ्य तथा अन्य सुरक्षा व्यवस्थामा सामजस्यता हुने गरी राष्ट्रिय कानून तर्जुमा गरेपछि मात्र यस्ता खनिजको उत्खनन् गर्नुपर्ने व्यवस्था छ । विभागले टोपो सर्भे, गामा स्पेक्ट्रोमेट्री सर्भेलगायत सर्भेबाट मनाङ, गोरखा, बझाङ, बैतडी, मुस्ताङको लोमाङ्थान, मकवानपुरको कालापानी, चाँदे, तीनभंगाले, माझदमारलगायतका स्थानमा युरेनियम भएको उल्लेख गरेको छ । लाभ लागतको आधारमा ती खनिज पदार्थको विस्तृत अध्ययन र उत्खनन् गर्नुपर्दछ ।

२५. **स्रोत परिचालन र कार्य योजना** - नेपालको संविधानको धारा ५१(५) मा प्राकृतिक स्रोतको संरक्षण, सम्वर्धन र वातावरणअनुकूल दिगो उपयोग गर्ने व्यवस्था छ । विभागले चुनढुङ्गा, कोइला, खरी, टुर्मालिन, काइनाइट, डोलोमाइटलगायत विभागबाट अन्वेषण जारी भएका खास खनिज-२१ समेत कुल १२९ खानी उत्खनन् अनुमति दिएको र विभागबाट अन्वेषण जारी रहेको खास खनिज समेत चुनढुङ्गा-१६८, क्वारजाइट-५१, सिलिका-२३, सुन-१८ समेत ३६५ खानीको खोजतलास अनुमति दिएको छ। विभागले अन्य सम्भावित खनिज पदार्थहरूको उत्खनन् एवं उपयोगसम्बन्धी दीर्घकालीन कार्ययोजना तयार गरेको छैन। खनिजको उपादेयताका आधारमा खनिज उद्योगहरूको राष्ट्रिय प्राथमिकतासहित वैदेशिक लगानी तथा निजीक्षेत्र समेतको आकर्षण बढाई खनिज सम्पदाको दीर्घकालीन उपयोग गर्नुपर्दछ।

२६. **खानीजन्य वस्तुको उत्खनन्** - खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा ११(क) र १३ मा वातावरणमा उल्लेखनीयरूपले प्रतिकूल प्रभाव पर्ने गरी खनिज पदार्थको उत्खनन् कार्य गरेमा र खनिज पदार्थको भण्डारलाई क्षति पुऱ्याएमा विभागले त्यस्तो काम नगर्न आदेश दिनसक्ने व्यवस्था छ । सोही ऐनको दफा २५ मा त्यस्तो आदेश पालन नगरेमा खनिज कार्य स्थगित गर्न, खनिज कार्यको अनुमति रद्द गर्न र खनिज पदार्थको भण्डारमा क्षति पुगेमा वा भू-क्षय भएमा रू.१ लाखसम्म जरिवाना गरी क्षतिपूर्ति भराउन सक्ने व्यवस्था छ । खनिजसम्बन्धी कार्य गर्न अनुमति प्राप्त व्यक्तिले प्राप्त अनुमतिको स्किममा तोकिएको परिमाण उत्खनन् गर्नुपर्नेमा ९ वटा उद्योगले ६१ लाख ३३ हजार ९९३ मेट्रिक टन तोकिएको परिमाणभन्दा बढी चुन ढुङ्गा उत्खनन् गरेको व्यहोरा विभागबाट गठित दुई समितिको प्रतिवेदनमा उल्लेख छ । बढी उत्खनन् गरेको सम्बन्धमा स्पष्टीकरण सोध्ने र केहीलाई रू.१ लाख जरिवाना गर्ने बाहेक विभागले अन्य कारबाही गरेको देखिएन ।

पहिलो प्रतिवेदनको अध्ययन गरी प्रतिवेदन दिन पुनः गठित अर्को समितिले पेस गरेको प्रतिवेदनमा एक कम्पनीले अनुमति प्राप्त क्षेत्रभन्दा बाहिर समेत गई उत्खनन् गरेको, वातावरणसम्बन्धी प्रतिवेदनको कार्यान्वयन नगरी उत्खनन् गरेको र वन क्षेत्र अतिक्रमणसमेत गरेको प्रतिवेदनमा उल्लेख छ । बढी उत्खनन् गरेको कारण हुन पुगेको क्षतिको विषयमा प्रतिवेदनमा उल्लेख गरिएको छैन । अघिल्लो समितिले दिएको जरिवाना र क्षतिपूर्तिसम्बन्धी सुझाव पछिल्लो समितिले संशोधन गरी जरिवाना

मात्र गर्ने सुझाव दिएको देखियो । उत्खनन् गर्ने परिमाणको उपयुक्त नियन्त्रण व्यवस्था कायम गर्दै उत्खनन्कर्ताहरूलाई उल्लिखित कानूनी व्यवस्थाअनुसार कारबाही गरी खनिज पदार्थको उपयोग उचित तवरले गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

२७. **राजस्व असुली** - खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा २३ ले खानीको अनुमति नवीकरण, प्रस्तावहरू परिमार्जन, शर्त तोक्ने, खनिज पदार्थको उत्पादन र खरिद बिक्रीको अभिलेख तथा राजस्व असुली गर्ने अधिकार दिएको छ । विभागले २०७०।७१ देखि २०७६।७७ सम्म ६ वर्षको अवधिमा २ हजार ४३७ व्यक्ति/निकायलाई अनुमति प्रदान गरेकोमा खनिज पदार्थ उत्पादन र नवीकरणको अभिलेख अद्यावधिक गरेको छैन। राजस्व सङ्कलनको अभिलेखबाट ८१ संस्थाले मात्र राजस्व दाखिला गरेको देखिन्छ । बाँकी निकायहरूले अनुमति पाए पश्चात् खनिज उत्खनन् एवं राजस्व दाखिलाको विवरणसमेत पेस गरेको देखिएन ।

अनुमतिको नवीकरण गर्दा खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को अनुसूची ९ अनुसार खानीजन्य पदार्थको उत्पादन, बिक्री र मौज्दातको विवरण लिने व्यवस्था गरे पनि माइनिङ्ग स्किमको पालना एवं कार्यान्वयन स्थितिको अनुगमन गरी जानकारी लिने गरेको छैन । उत्खनन्कर्ताबाट अनुमति पत्रमा उल्लेख भएभन्दा अस्वाभाविकरूपमा न्यून उत्खनन् गरेको विवरण पेस हुने गरेको छ । न्यून उत्खनन् देखाएको विषयमा विभागले विश्लेषण गरी समयमा आवश्यक कारबाही गरेको देखिएन । उत्खनन्कर्ताले माइनिङ स्किमभन्दा अस्वाभाविक रूपमा न्यून रोयल्टी बुझाएको कारण २०७६।७७ मा रू.४७ करोड ९४ लाख १९ हजार र २०७७।७८ मा रू.३४ करोड ६५ लाख ६६ हजार समेत रू.८२ करोड ५९ लाख ८५ हजार रोयल्टी प्राप्त भएको छैन । उत्खनन्कर्ताको अभिलेख तथा वित्तीय विवरणको उत्पादन लागतसमेतको विश्लेषण गरी चुहावट भएको राजस्व यकिन गरी दाखिला हुनुपर्दछ ।

२८. **नोक्सानी र क्षतिपूर्ति** - खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम २१.२ अनुसार रोयल्टी लिँदा उत्खनन्कर्ताले पेस गरेको उत्पादन विवरणसमेत लिनुपर्ने व्यवस्था छ । उक्त उत्पादनको विवरण स्वीकृत अनुमति पत्र र पेस गरेको माइनिङ स्किमभन्दा बढी भएमा उत्खनन्को कारणबाट वातावरणमा परेको असर, अनुमति दिँदा लिइएको दस्तुरमा आएको न्यूनता जस्ता पक्षलाई मध्यनजर गरेर खानी तथा खनिज पदार्थ ऐनको दफा २५.१ अनुसार अनधिकृत तवरले उत्खनन् गरेको खनिज पदार्थ जफत र २५.२ अनुसार खनिज उत्खनन् कार्यको स्थगन, रद्द तथा अनधिकृत उत्खननको कारणले भएको नोक्सानी भराउनुपर्ने व्यवस्था छ । विभागले उल्लिखित कानूनी प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्न गराउन सकेको छैन ।

उत्खनन् कर्ताहरूले उत्खनन् अनुमतिभन्दा बढी उत्खनन् गर्दा खनिज भण्डारणको अधिक दोहन भई पर्वतीय स्लोपमा असर परेको, प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लिखित परिमाणभन्दा बढी उत्खनन्ले भू-बनोटको संरचना क्षयीकरण भई भौगोलिक र वातावरणीय पक्षमा असर परेको, ढुवानीका साधनको एक्सेल लोडका कारणले निर्माण भएका सडक लगायतको संरचनामा समेत असर परी प्राप्त हुने राजस्वमा समेत प्रभाव परेको छ । तोकिएभन्दा बढी परिमाण उत्खनन् हुँदा २०७४।७५ र ०७५।७६ मा विभिन्न ९ उत्खनन्कर्ताले पुनरावृत्ति नगर्ने लिखित प्रतिबद्धता गरे पनि पछिल्ला वर्षमा पनि अनुमतिभन्दा बढी उत्खनन् गरेको देखिन्छ । उक्त अवस्थामा नोक्सानीको आधारमा

क्षतिपूर्ति गणना नगर्दा राज्यले प्राप्त गर्नुपर्ने राजस्वमा समेत संकुचन आएको छ । आर्थिक ऐन, २०७६ मा खनिजजन्य पदार्थको निकासीमा कायम गरेको राजस्व प्रति घनमिटर रू.६००।– का दरले प्रति मेट्रिकटन (लाइमस्टोन १.२९ घनमिटर र अन्य खनिज पदार्थ १ घनमिटरको तौल) का आधारमा हुन आउने २०७६।७७ को रू.१ करोड ६२ लाख ५६ हजार र २०७७।७८ को रू.६ करोड ३१ लाख ४६ हजार समेत रू.७ करोड ९४ लाख २ हजार मध्ये रोयल्टी बुझाएको रू.३ करोड ५७ लाख २५ हजार कट्टा गरी बाँकी रकम यकिन गरी असुल गर्नुपर्दछ ।

२९. **अनुमति धरौटी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६२(ग) को प्रयोजनअनुसार राखेको धरौटी सोही नियमावलीको नियम ६५ अनुसार काम पुरा नगरेमा जफत हुने व्यवस्था छ । खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ४३ मा समयमा शुल्क दस्तुर नबुझाउने, नवीकरण गर्न नआउने, शर्त पालना नगर्नेको अनुमति रद्द गर्ने व्यवस्थाअनुसार २०७७।७८ मा कुल १०८ अनुमति रद्द गरेकोमा खोजतलास तथा उत्खनन् कार्यका लागि राखेको धरौटी रू.८८ लाख ५० हजार जफत गरी राजस्व दाखिला गरेको छैन । खानी तथा खनिज पदार्थ नियमावली पूनरावलोकन गरी अनुमतिपत्र नवीकरण नगराउनेको धरौटी जफत गर्नेसम्मको कानूनी व्यवस्था गर्नुपर्दछ।

३०. **खोजतलास अनुमति नामसारी** - खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ५३(क) को उपनियम ५ मा अनुमतिपत्र प्राप्त व्यक्तिको मृत्यु भएमा वा अन्य कुनै कारणले निज अनुमतिपत्र जारी गर्दाका बखत अनुमतिपत्रमा तोकिएका शर्त वा ऐन वा नियमावलीको पालना गर्न असमर्थ भएमा अनुसूची-४ बमोजिमको नामसारी दस्तुर लिई निजको नाममा अनुमतिपत्र नामसारी गरी दिन सक्ने व्यवस्था छ । विभागले सो अवस्था बाहेक विगत ३ आर्थिक वर्षमा व्यक्तिले लिएको ३० अन्वेषण र ८ उत्खनन् कार्यको अनुमति कम्पनीको नाममा नामसारी भएको छ । प्राप्त अनुमतिअनुसार काम शुरु नगरी नामसारी गर्ने व्यवस्थाले उद्देश्यअनुसारको काममा ढिलाइ हुने भएकोले नामसारीसम्बन्धी उक्त प्रणालीमा पुनरावलोकन हुनुपर्दछ ।

नेपाल गुणस्तर तथा नापतौल विभाग

विभिन्न उत्पादनको गुणस्तर निर्धारण, गुणस्तर प्रमाण चिन्ह प्रदान, खेप प्रमाणीकरण, प्रयोगशाला प्रमाणिकरण, क्यालिब्रेसन, इको लेबलिङ्ग जस्ता सेवा उपलब्ध गराउने उद्देश्यले विभागको स्थापना भएको हो ।

३१. **ऐन/नियम परिमार्जन** - प्रचलित कानूनहरूमा समसामयिक संशोधन गर्नुपर्नेमा स्टाण्डर्ड नाप र तौल ऐन, २०२५, नेपाल गुणस्तर(प्रमाण चिन्ह) ऐन, २०३७ तथा नियमावली, २०४० अनुसार सबै प्रकारका व्यापार व्यवसायलाई अनिवार्य प्रमाणीकरण गराउने, ट्याक्सी, टेम्पोलगायतका मिटर नामसारीलाई सवारी खरिद बिक्रीसँग जोड्ने, प्रमाणपत्र रद्द बाहेक थप क्षतिपूर्तिसहितको कारबाही गर्ने लगायतका विषय उक्त कानूनले समेट्न नसकेको हुँदा समय सापेक्ष परिमार्जन गरी सो व्यवस्थाहरू समावेश गर्नुपर्दछ ।

३२. **गुणस्तर परीक्षण** - नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन, २०३७ को दफा १२ मा गुणस्तर प्रमाणपत्र प्राप्त गर्नेले त्यसको पालना गरे नगरेको सम्बन्धमा जुनसुकै अवस्थामा निरीक्षण गर्नसक्ने व्यवस्था गरेको छ । विभागले विभिन्न ३०४ वस्तु तथा कम्पनीलाई गुणस्तर प्रमाण चिन्ह उपलब्ध गराएको छ । यस वर्ष ७६ उद्योगको निरीक्षण गर्दा कैफियत देखिएको ९ उद्योगलाई स्पष्टीकरण पेस गर्न लगाएको

देखियो । त्यसैगरी बजार तथा उद्योगबाट ५०० नमूना संलन गरी परीक्षण गर्ने वार्षिक लक्ष्य रहेकोमा ३८० मात्र नमूना सङ्कलन भएको मध्ये २९ नमूना असफल भएको देखाएको छ । एक पटक गुणस्तर प्रमाण लिएपछि उद्योगको २४२ नमूनामा १६ (६.६१ प्रतिशत) र बजारको १३८ नमूनामा १३ (९.४२ प्रतिशत) गुणस्तर असफल भएको अवस्था छ । परीक्षण गर्नुपर्ने वस्तुको संख्याको आधारमा नमूना सङ्कलन तथा परीक्षणको दायरा बढाई गुणस्तर नियन्त्रण गर्नुपर्दछ ।

३३. **नाप तौल** - स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा २५ मा अनुमति लिएका नाप, तौल यन्त्रको निरीक्षकले नियमित जाँच गर्नुपर्ने व्यवस्था छ । विभागले यस वर्ष मातहत कार्यालयहरूबाट ७ हजार ३४७ नाप तौल वा नाप्ने तौलने यन्त्रका लागि इजाजत दिएको तथा नवीकरण गरेको, ३१५ ट्याङ्कर तथा ८ हजार २८० ट्याक्सी जाँच गरेको, नाप तौल तथा उपभोक्ता हित संरक्षणका लागि एकल अनुगमन १ हजार ४१८ र संयुक्त अनुगमन ३२४ पटक सम्पन्न गरेको वार्षिक प्रतिवेदनमा उल्लेख छ । निरीक्षणबाट १८ हजार ८८६ नाप तौल वा नाप्ने तौलने यन्त्र प्रयोग गर्ने १६ हजार ८२७ व्यवसायीलाई कारबाही गरेको छ ।ती व्यवसायीमध्ये १९ लाई अभियोग दायर गरी अन्यलाई सामान्य जरिवाना मात्र गरेको अवस्था छ । निरीक्षण गरिएको ८९.०९ प्रतिशत नाप तौल वा नाप्ने तौलने यन्त्र कारबाहीमा परेबाट नाप, तौल नियन्त्रण कार्य प्रभावकारी हुनुपर्ने देखिएको छ ।

३४. **राष्ट्रिय गुणस्तर प्रत्यायन** - उत्पादित वस्तुहरूको गुणस्तर पहिचान गरी प्रमाणित गर्न गुणस्तर तथा नापतौल विभागको स्थापना भई गुणस्तर प्रमाण चिन्ह प्रदान गर्दै आए पनि गुणस्तर प्रमाणित भएका वस्तुहरूको प्रत्यायनको माध्यमबाट समरूपता मूल्याङ्कन गरी अन्तर्राष्ट्रिय मान्यता दिने संस्था नेपालमा स्थापना भएको छैन । विभागलगायत नेपालमा सञ्चालित स्वास्थ्य प्रयोगशालाहरू, उद्योग तथा कम्पनीले स्थापना गरेका प्रयोगशालाहरू, निजीक्षेत्रका अन्य प्रयोगशालाहरू समेतले प्रत्यायन कार्यका लागि म्युचल रिकग्निसन एग्रिमेन्ट भएका विदेशी संस्थाहरूलाई शुल्क भुक्तानी गर्दै आएको छ । नेपालले राष्ट्रिय स्तरको एक्रिडिटेशन बोर्ड स्थापना गरी क्षेत्रीय तथा अन्तराष्ट्रियस्तरको अन्तर्राष्ट्रिय प्रत्यायन मञ्च (आइएएफ) सँगको सम्बन्धन लिने प्रयास गरेको छैन । गुणस्तर प्रमाणित भएको वस्तुहरूको प्रत्यायनको माध्यमबाट समरूपता मूल्याङ्कन गरी अन्तराष्ट्रिय मान्यता प्राप्त हुने व्यवस्था गर्नुपर्दछ ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

गुणस्तरीय वस्तु तथा सेवामा उपभोक्ताको पहुँच पुऱ्याई उपभोक्ताको अधिकार संरक्षण गर्ने, वाणिज्य नीति, आपूर्ति व्यवस्था र उपभोक्ताको अधिकार संरक्षण सम्बन्धी नीति निर्धारणमा अनुपोषण गर्ने उद्देश्यले विभागको स्थापना भएको हो ।

३५. **बजार अनुगमन** - व्यावसायिक फर्महरूको दर्ता, नवीकरण तथा कार्यसम्पादनको अनुगमन गर्ने विभागको प्रमुख कार्य हो । विभागले यो वर्ष दर्ता एवं नवीकरण भएका कुल १० हजार ८४६ व्यावसायिक फर्ममध्ये २ हजार ९७४ को बजार अनुगमन गरी १ हजार ३५ लाई कारबाही गरेको विवरण प्राप्त भएको छ । संयुक्त बजार अनुगमन निर्देशिका, २०६९ मा अनुगमन गर्ने संयन्त्रको संयोजन गर्ने निकाय तोकिएको छ । विभिन्न मितिको निर्णयअनुसार विभागले ७७ वटै जिल्ला प्रशासन कार्यालय र ७ महानगरपालिकामा निरीक्षण अधिकृतको नियुक्ति र सिफारिस माग गरेको देखिन्छ । बढ्दो बजार संरचनाले व्यापारिक क्रियाकलापमा भएको वृद्धिसँगै वस्तु वा सेवाको अनुचित सञ्चय गर्ने, कृत्रिम अभाव

सिर्जना गर्ने, खाद्य पदार्थमा मिसावट गर्ने, वस्तु वा गुणस्तर परिमाण वा मूल्यमा अनुचित व्यापारिक क्रियाकलाप गरी लाभ लिने जस्ता उपभोक्ता हित प्रतिकूल कार्यमा समेत बढोत्तरी हुँदै गएको छ । अतः बजार अनुगमन कार्यलाई प्रभावकारी बनाउनुपर्दछ ।

३६. **विद्युतीय व्यापारको नियमन** - नेपालको विद्युतीय व्यापारको विकास र उपयोग सम्बन्धी राष्ट्रिय रणनीति, २०७६ ले विद्युतीय व्यापारको नियमन, व्यवस्थापन, सहजीकरण तथा उपभोक्ता हित संरक्षणका लागि कानूनी व्यवस्था गर्ने उल्लेख छ । नेपालमा विभिन्न स्वदेशी, विदेशी, अन्तर्राष्ट्रिय ई-कमर्शका साइटहरूमार्फत् वस्तु तथा सेवा प्राप्त गर्न स्वदेशबाट हुने कारोबारको लागि छुट्टै व्यावसायिक कोड नभएकोले अनुगमन गर्न कठिनाइ भएको र विदेशी साइटहरू प्रयोग गरी स्वदेश वा विदेशबाट कारोबार गर्दा ती संस्थाहरू नेपालमा दर्ता नभएको कारणले ती व्यावसायिक करोबारलाई नियमन गर्न नसकिएका कारण वस्तु तथा सेवाको मूल्य र गुणस्तरको निगरानी प्रभावकारी हुन सकेको छैन । उपभोक्ताहरूको हित हुन नसकेको तथा विद्युतीय व्यापार करको दायराभन्दा बाहिर रहेको अवस्था छ। विद्युतीय व्यापारलाई स्वच्छ, गुणस्तरीय तथा प्रतिस्पर्धी र उपभोक्ता मैत्री बनाउन पर्याप्त कानूनी व्यवस्था गरी विद्युतीय व्यापारको नियमनलाई प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्दछ।

विभागले हाल प्रयोगमा ल्याएको व्यावसायिक फर्म व्यवस्थापन प्रणालीमा सफ्टवेयरबाट सेवाग्राहीले खोजेका आवश्यक सूचना लिन असजिलो रहेको, आन्तरिक राजस्व विभाग, कम्पनी रजिष्ट्रार कार्यालय, उद्योग विभाग, महालेखा नियन्त्रक कार्यालय जस्ता सरकारी निकायहरू प्रणालीसँग आबद्ध गर्न नसकिएको, अनलाइन भुक्तानीलाई प्रणालीसँग आबद्ध गर्न नसकिएको जस्ता पक्षमा सुधार गरी ती प्रविधिको उच्चतम उपयोग गर्नुपर्दछ ।

३७. **राष्ट्रिय खपत** - राष्ट्रिय आवश्यकताअनुसार मुलुकमा खपत हुने सामग्रीको आयात गर्ने व्यवस्था मिलाउनु पर्दछ । नेपालको बजार अवस्थालाई विश्लेषण गर्दा मरिच, छोकडा, सुपारी, पामआयल जस्ता वस्तुहरूको राष्ट्रिय उपभोगको विश्लेषण गरिएको छैन ।यस्ता सामग्रीहरू आयात गर्दा उल्लेख्य मात्रामा वैदेशिक मुद्रा बाहिर जाने गरेको छ । यी सामग्रीको खपतबाट मुलुकको कुल गार्हस्थ्य उत्पादनमा पुगेको योगदानको समेत विश्लेषण भएको छैन । आयात निर्यातको बढ्दो असन्तुलन व्यवस्थापन गर्ने विषयमा मन्त्रालयले ध्यान पुऱ्याउनुपर्दछ ।

कम्पनी रजिष्ट्रारको कार्यालय

कम्पनीको स्थापना, सञ्चालन तथा प्रशासन सम्बन्धी कार्य सरल र पारदर्शी बनाउने र कम्पनी ऐनको कार्यान्वयन तथा पालनामा एकरूपता ल्याउने उद्देश्यले कार्यालयको स्थापना भएको हो ।

३८. **सेवा प्रवाह** - सूचना प्रविधिको उपयोग र सुधारबाट कम्पनीहरूको प्रशासन प्रभावकारी बनाउन सकिन्छ । कार्यालयमा २ लाख ६१ हजार ४६७ कम्पनी दर्ता भएका र मातहत २ कार्यालय समेतबाट ती कम्पनीहरूको नियमन कार्य भइरहेको छ । सूचना प्रविधिको उच्चतम उपयोग, ओपन र क्लोज डाटाको उपयोग, कर्मचारी तथा सेवाग्राहीको क्षमता अभिवृद्धि, डाटा सुरक्षाको उचित प्रबन्ध गरी सेवाप्रवाह व्यवस्थित गर्नुपर्दछ ।

३९. **कम्पनी विवरण** - कम्पनी ऐन, २०६३ को दफा ८० मा लगातार तीन आर्थिक वर्षसम्म विवरण पेस नगरेमा तथा कम्पनीले आफ्नो कारोबार सञ्चालन नगरेमा कार्यालयले कम्पनीको दर्ता खारेज गर्न सक्ने

व्यवस्था छ । कार्यालयमा दर्ता भएका २ लाख ६१ हजार ४६७ कम्पनीमध्ये यो वर्ष २ लाख ३६ हजार २११ कम्पनीले नियमानुसार विवरणहरू पेस गरेका छैनन् । नेपाल सरकारको आंशिक तथा पूर्ण स्वामित्वका राष्ट्रिय बीमा कम्पनी लिमिटेड, उदयपुर सिमेन्ट उद्योग, नेपाल रेल्वे कम्पनी लिमिटेड लगायत १० कम्पनीले समेत विवरण पेस गरेका छैनन् । विवरण पेस नगर्ने कम्पनीलाई कानून बमोजिम कारबाही गर्नुपर्दछ । कम्पनीको सञ्चालकहरूले दर्ता भएको कम्पनी नवीकरण नगरी नयाँ कम्पनी खोलेको अवस्थासमेत देखिएकोमा कार्यालयले त्यसको छानबिन एवं कारबाही गरेको छैन । ऐनको व्यवस्थाअनुसार कम्नीको नियमन प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ ।

४०. **पुँजीगत लाभकर** - कम्पनी ऐन, २०६३ को दफा ५६(१) मा कुनै कम्पनीले नयाँ शेयर जारी गर्ने, शेयर पुँजी अंकित मूल्यभन्दा बढी वा घटी मूल्यको शेयरमा एकीकृत गर्ने तथा विभाजन गर्ने तथा खरिद बिक्री गर्न पाउने व्यवस्था छ । आयकर ऐन, २०५८ को दफा ९५(२)क मा नेपाल धितोपत्र बोर्डमा सूचीकरण नभएको निकायको हितको निसर्गबाट प्राप्त लाभको हकमा जुन निकायको हित निसर्ग हो सोही निकायले बासिन्दा प्राकृतिक व्यक्तिको हकमा लाभ रकमको पन्ध्र प्रतिशत र अन्यको हकमा लाभ रकमको पच्चीस प्रतिशतको दरले भारित औसत लागतको आधारमा कर गणना गर्नुपर्ने व्यवस्था छ । धितोपत्र बोर्डमा दर्ता नभएका प्राइभेट लिमिटेड कम्पनीको शेयर खरिद बिक्री हुँदा वास्तविक मूल्यमा खरिद बिक्री नभएका कारण नेपाल सरकारलाई पुँजीगत लाभकर घटी प्राप्त हुने गरेको छ । प्राइभेट कम्पनीको शेयर खरिद बिक्री मूलतः अनौपचारिक रूपमा हुने गरेको, बिक्रीको विन्दु, प्रक्रिया र मूल्य निर्धारणको प्रक्रियासमेत अनौपचारिक रूपमा हुने गरेको हुँदा ओभर द काउण्टर मार्केटको व्यवस्था गर्ने कानून र संस्थागत व्यवस्थाको अभाव देखिएको छ । धितोपत्र बोर्डमा दर्ता नभएका कम्पनीको शेयर खरिद/बिक्रीमा पुँजीगत लाभकर असुली सम्बन्धमा अध्ययन गरी आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गर्नुपर्दछ ।

४१. **अनुगमन तथा निरीक्षण** - कम्पनी ऐन, २०६३ बमोजिम कम्पनीहरूको दर्ता, अभिलेख अद्यावधिक, संस्थागत सुशासनको लागि अनुगमन तथा निरीक्षण गर्ने मुख्य जिम्मेवारी यस कार्यालयको रहेको छ । कार्यालयले २ लाख ६१ हजार ४६७ कम्पनीको प्रशासन तथा व्यवस्थापन गरिरहेकोमा २०४९ सालमा कार्यालय स्थापना हुँदाको तुलनामा कम्पनीको संख्या करिब ५ गुणा वृद्धि भएकोमा सोअनुसार साधन स्रोतमा वृद्धि भएको छैन । कुल ५३ कर्मचारी कार्यरत रहेकोले अनुगमन तथा निरीक्षण कार्य पर्याप्त हुन सकेको छैन । दर्ता भएका मध्ये नब्बे प्रतिशतभन्दा बढी कम्पनीले विवरण अद्यावधिक नगरेको, एउटै व्यक्तिले एकै उद्देश्यको एक भन्दा बढी कम्पनीहरू दर्ता गरिरहेको, व्यक्तिको नागरिकता दुरूपयोग गरी कम्पनी स्थापना एवं कर छली भएको अवस्था छ । साधन स्रोत थप गरी संस्थागत सुशासनलाई अभिवृद्धि गर्न अनुगमन तथा निरीक्षण कार्य प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

४२. **निकायगत समन्वय** - आयकर ऐन, २०५८ मा व्यावसायिक कारोबार गर्ने निकायले आर्थिक वर्ष व्यतीत भएपछि आय व्ययको विवरण आन्तरिक राजस्व कार्यालय र यस कार्यालयमा विवरण पेस गर्नुपर्ने व्यवस्था छ । कम्पनी दर्ता पश्चात् सोही प्रकारको विवरण स्थानीय निकायमा पनि पेस गर्नुपर्ने भएकोले कार्यालय, आन्तरिक राजस्व विभाग, स्थानीय निकाय तथा सम्बन्धित अन्य कार्यालयहरूसँग सूचना प्रणालीमा आबद्धता र समन्वय कायम गर्नुपर्दछ ।

नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना

व्यापार तथा पारवहनका लागि भौतिक पूर्वाधारहरू सुधार र विस्तार गरी व्यापार प्रणालीमा सुधार गर्न विश्व बैङ्कको अनुदान तथा ऋण सहयोगमा यो आयोजना स्थापना भएको हो । नेपाल सरकार र विश्व बैङ्कबीच ११ जुलाई, २०१३ मा भएको सम्झौतामा उद्योग मन्त्रालयतर्फको आयोजनाका लागत अमेरिकी डलर ५१ मिलियन रहेकोमा नोभेम्बर २०२१ मा आयोजना सम्पन्न भएको छ ।

४३. **अधुरो कार्य** - चोभारको सुख्खा बन्दरगाहमा भन्सारको एकद्वार प्रणाली निर्माण गरी सम्बन्धित ४० भन्दा बढी निकायलाई समेट्ने कार्यक्रम रहेकोमा आयोजना अवधिमा तीन फेजमध्ये रू.४० करोड ९१ लाख ७७ हजार प्रथम फेजमात्र पूरा भई अधुरो रहेको छ । आयोजना अवधि समाप्त भइसकेको अवस्थामा बाँकी कार्य गराउने बैङ्कल्पिक व्यवस्था गरेको देखिँदैन । अधुरो काम पूरा गरी बन्दरगाह पूर्ण क्षमतामा सञ्चालन गर्नुपर्दछ ।

४४. **परामर्शदाता सेवा खर्च** - वैदेशिक सहायता सम्झौता कार्यान्वयन गर्दा आयोजनामा उपलब्ध जनशक्तिले गर्न सक्ने कामको लागी परामर्शदाताको व्यवस्था गर्नु हुँदैन । आयोजनाले वार्षिक कार्ययोजना, बजेट, खरिद विधि सम्बन्धमा सुझाव प्रदान गर्न, खरिदसम्बन्धी कागजात तयार गर्न, पूर्वयोग्यता निर्धारण लगायत वार्षिक कार्ययोजना र बजेट तयारी जस्ता लेखा र खरिद एकाइका कर्मचारीले सार्वजनिक खरिद ऐन तथा नियम अनुसार गर्नुपर्ने कामलाई टर्म्स अफ रिफरेन्समा राखी खरिद र सम्झौता व्यवस्थापन विशेषज्ञको रूपमा २ परामर्शदाता नियुक्ति गरी यस वर्ष रू.१३ लाख ५२ हजार समेत हालसम्म रू.५१ लाख ५९ हजार भुक्तानी दिएको छ । परामर्शदाताले सम्पादन गर्नुपर्ने सुपरभिजन लगायतका आधारभुत कार्य अर्को परामर्शदाताबाट गराई रू.७१ लाख ५ हजार भुक्तानी दिएको छ । कार्यालयको जनशक्तिबाट हुनसक्ने परामर्शदाता नियुक्त गरी आयोजनाको लागत बढाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

आयोजना र व्यापार विकास सल्लाहकार बीच भएको सम्झौताको कार्यसम्पादन शर्तमा आयोजनाको राष्ट्रिय निर्देशकले लगाएको काम समेत विभिन्न १८ काम गर्ने उल्लेख छ । सम्झौतामा उल्लेख भएका मध्ये भारत र अन्य देशहरूसँगको व्यापार तथा पारवहन सम्झौता सुधार, क्षेत्रीय व्यापार सम्झौताको असर र सोबाट लाभ लिनको लागि अपनाउनुपर्ने उपायहरू, निर्यात हुने वस्तुको उत्पत्तिको नियमसँग सम्बन्धित विषयहरू, व्यापार सहजीकरण तथा भन्सार सुधार, व्यापार तथा पारवहन सम्बन्धित क्षमता विकास, व्यापार तथा पारवहन, नेपाल र व्यापार साझेदारहरूबीच स्वतन्त्र व्यापार सम्झौताको सम्भावना र मोडालिटीलगायतका कार्यहरू भएको पाइएन ।

ग्रामीण उद्यम तथा विप्रेषण परियोजना (समृद्धि)

तराई तथा पहाडका १६ जिल्लामा रहेका गरिवीको रेखामुनि रहेका र वैदेशिक रोजगारीमा गएका व्यक्तिको परिवार तथा विदेशबाट फर्केका व्यक्तिहरूलाई कृषि तथा गैर कृषि क्षेत्रमा नयाँ व्यवसाय स्थापना गर्न वा व्यावसायिक तालिमको माध्यमबाट रोजगारी सिर्जना गरी दिगो आय आर्जन गर्ने उद्देश्यले यो परियोजना सञ्चालनमा रहेको छ ।

४५. **सम्झौता संशोधन** - आयोजना कार्यन्वयनका लागि अन्तर्राष्ट्रिय कृषि विकास कोषसँग २७ सेप्टम्बर, २०१५ मा ऋणतर्फ एस.डी.आर. १ करोड ५५ लाख र अनुदानतर्फ एस.डी.आर. १ करोड १९ लाख ५० हजारको सम्झौता भएकोमा २ जून, २०२० मा सम्झौता संशोधन गरी ऋणतर्फ खर्च भइसकेको

एस.डी.आर. १८ लाख ३० हजारमात्र र अनुदानतर्फ साविककै रकम कायम गरेको छ । संशोधित ऋण सम्झौताबाट जिल्ला र करिडोर स्तरमा क्षमता नक्साङ्कन र सेटिङ्ग गर्ने कार्य हटाई आपूर्ति शृङ्खला विकास र परिचालन तथा समावेशीकरण कार्य थप गरेको छ। त्यसै गरी ७ हजार ५०० ग्रामीण लघु तथा साना उद्योग विकास गर्ने कार्य हटाइएको र ग्रामीण वित्तीय शिक्षा सञ्चालनलाई २ लाख १० हजारबाट घटाएर ५ हजार कायम गरेको छ । शुरु सम्झौताअनुसार कृषि र गैरकृषि क्षेत्रमा ग्रामीण लघु तथा साना उद्योगमार्फत् कम आय भएका घर परिवार बसाईँसराइ गरेका व्यक्ति र वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूलाई आय आर्जनको अवसर प्रदान गरी गरिबी घटाउने उद्देश्य पूरा हुन सकेको छैन । आयोजनाको कार्यान्वयन कमजोर भएको कारण ४ वर्ष पछि उद्देश्य र कार्यक्षेत्र परिवर्तन हुने गरी नयाँ कामहरू थपघट गरेको उचित देखिएन ।

४६. **जनशक्ति** - आयोजनाले विभिन्न तालिम प्रदायक संस्थामार्फत् सीपमूलक तालिम र औद्योगिक प्रशिक्षण तालिम मार्फत् ३० हजार जनालाई रोजगार बनाउने कार्यक्रम रहेकोमा सीपमूलकतर्फ २०७६।७७ मा ३० तालिम प्रदायक संस्थासँग सम्झौता गरी ५ हजार २ जनालाई तालिम दिएको छ । तालिम दिएका मध्ये १ हजार ८१० (३४.८ प्रतिशत) बेरोजागर रहेको परामर्शदाताले आयोजनलाई पेस गरेको रोजगारी मूल्याङ्कन प्रतिवेदनमा उल्लेख छ । तालिम प्रदान गर्न ५० प्रतिशत भुक्तानी दिएको रू.३ करोड १४ लाख १७ हजारको प्रतिफल प्राप्त हुन सकेको छैन । प्रतिफल प्राप्त हुनेगरी तालिम सञ्चालन गर्नुपर्दछ।

४७. **परामर्शदाता** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(१) क मा कार्यालयको कर्मचारीले गर्न सक्ने कामका लागि परामर्शदाता नियुक्त गर्न नहुने व्यवस्था छ । आयोजनामा ३ मुख्य परामर्शदाता २७ अधिकृतस्तरका र ४२ सहायकस्तरका जनशक्ति परामर्शदाताको रूपमा रहेका छन् । परामर्शदाताका लागि यो वर्ष रू.५ करोड ४१ लाख २३ हजार भुक्तानी गरेको छ । आयोजना सञ्चालनको लागि दरबन्दी स्वीकृत गरी आयोजना कार्यान्वयन गरेर परामर्शदाता माथिको निर्भरता घटाई आयोजनाको लागत कम गर्नुपर्नेमा आयोजना कार्यान्वयन समेतमा परामर्शदाता नियुक्ति गरी काम गराएको देखियो ।

खरिद योजना तयारी, खरिद प्रक्रियामा पुनरावलोकन, बोलपत्रको सूचना र बोलपत्रको कागजात तयारी, ठेक्का सम्झौतामा सहयोग, पूर्वयोग्यता निर्धारण, सर्टलिस्टिङमा सहयोग आदि लेखा र खरिद इकाईको कर्मचारीले खरिद ऐन तथा नियमअनुसार गर्नुपर्ने कार्यलाई टर्म्स अफ रिफरेन्समा राखी लेखा र खरिद इकाई सहयोगीको रूपमा वित्तीय र खरिद परामर्शदाता खरिदमा रू.५३ लाख २० हजार भुक्तानी दिएको छ । आवश्यकता बेगर कार्यालयका कर्मचारीको सहयोगीको रूपमा परामर्शदाता नियुक्त गर्ने व्यवस्था आयोजनाको दस्तावेजमा राखी आयोजनाको लागत बढाउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

४८. **सोझै खरिद** - नेपाल सरकार र दाताबीच भएको सहायता सम्झौतामा परामर्शदाताको प्राप्ति नेपाल सरकारको कानूनी व्यवस्थाअनुसार गर्ने उल्लेख छ । सोअनुसार २० लाखभन्दा बढीको परामर्श सेवा वोलपत्रको माध्यमद्वारा गर्नुपर्नेमा आयोजनाले अन्य संस्थामार्फत् छनोट भएका २८ व्यक्तिगत परामर्शदातालाई सोझै नियुक्ति गरी निजहरूको पारिश्रमिक तथा सुविधा गरी हालसम्म रू.११ करोड २ लाख ७ हजार भुक्तानी गरेको छ । प्रचलित कानूनी व्यवस्थाको पालना गरी मितव्ययी र प्रतिस्पर्धात्मक ढङ्गले परामर्शदाताको छनौट तथा नियुक्ति गर्नुपर्दछ ।

कार्यमूलक लेखापरीक्षण

विशेष आर्थिक क्षेत्र सञ्चालन एवम् व्यवस्थापन

निर्यात योग्य उद्योगहरूको विकास एवं प्रवर्द्धनका लागि स्वदेशी तथा वैदेशिक लगानी आकर्षित गरी मुलुकमा औद्योगीकरणको प्रकृया अघि बढाउने उद्देश्यले २०५६।५७ को बजेट वक्तव्य मार्फत विशेष आर्थिक क्षेत्रको अवधारणा कार्यान्वयनमा आएको छ । नेपालमा विगत ५ वर्षमा कुल गार्हस्थ्य उत्पादनको औसतमा आयात ३४ प्रतिशत, निर्यात ३ प्रतिशत भई व्यापार घाटा ३२ प्रतिशत रहेको छ । विशेष आर्थिक क्षेत्रबाट सञ्चालित उद्योगबाट २०७७।७८ मा कुल निर्यातको ०.६० प्रतिशत र कुल गार्हस्थ्य उत्पादनको ०.०२ प्रतिशत योगदान रहेको छ ।

नेपालले आर्थिक उदारीकरणको नीति अवलम्बन गरे पश्चात् आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्नको लागि कानूनी तथा संरचनागत संयन्त्र तयार गरे तापनि विशेष आर्थिक क्षेत्रको पूर्वाधार निर्माणका कार्य सम्पन्न नभएको र एक विशेष आर्थिक क्षेत्र निर्माण भएकोमा सो समेत पूर्ण क्षमतामा सञ्चालनमा आएको छैन । अवधारणा विकास भएको २० वर्षको अवधिसम्म पनि अवधारणा अनुरूप नेपालको अर्थतन्त्रमा यथोचित टेवा पुऱ्याउन नसकेकोले विशेष आर्थिक क्षेत्रको सञ्चालन र व्यवस्थापन अवस्थाको मूल्याङ्कन तथा विश्लेषण गर्न कार्यमूलक लेखापरीक्षण गर्दा देखिएका प्रमुख ब्यहोरा देहायबमोजिम छन्:

४९. **व्यापार विस्तार तथा विविधीकरण** - वैदेशिक व्यापार विस्तार तथा विविधीकरण गर्दै व्यापार घाटा न्यून गर्नुपर्दछ । पछिल्लो पाँच वर्षमा नेपालको कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक उत्पादनको औसत योगदान वार्षिक ५.४ प्रतिशत र निर्यातको ३ प्रतिशत रहेको छ । सोही अवधिमा ५ हजार ९३६ प्रकारका वस्तु आयात र २ हजार प्रकारका वस्तु निर्यात भई औसत आयात रू.१२ खर्ब ७७ अर्ब २९ करोड र निर्यात रू.९८ अर्ब ८ करोड रहेकोले व्यापार घाटा रू.११ खर्ब ७९ अर्ब २१ करोड रहेको छ । मुख्यतः इन्धन जन्य वस्तु, फलाम तथा सुनजन्य वस्तु, तेल, चामल, धान, गहुँ, मकै जस्ता वस्तु आयात र सोयाबिन, पाम तथा सूर्यमूखी तेल निर्यात भएको देखिन्छ। नेपालबाट प्रायः न्यून मूल्यका कच्चा वस्तु निर्यात भएको र सीमित मात्राका प्रशोधित तथा तयारी वस्तु निर्यात हुने कारणले निर्यात व्यापार संकुचित भएको छ । उच्च मूल्यका वस्तुहरू जस्तैः यार्चागुम्बा, जडिबुटी तथा अर्गानिक लगायतका वस्तुहरूको उत्पादनका लागि वैदेशिक लगानी भित्र्याएर उत्पादन वृद्धि गर्न हालसम्म कुनै ठोस नीति तर्जुमा भएको देखिँदैन ।

नेपालमा २०७७।८।१० सम्म रू.८९ अर्ब ३३ करोड प्रत्यक्ष वैदेशिक लगानी भित्रिए तापनि विशेष आर्थिक क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी प्राप्त भएको छैन । आर्थिक कुटनीतिमार्फत् सरकार-सरकार (जीटुजी) तथा व्यापारी-व्यापारी (बीटुबी) बीच वार्ताको पहल गरी लगानी भित्र्याउने तर्फ यथोचित पहल हुन नसकेका कारण वैदेशिक व्यापार अपेक्षित रूपमा विस्तार हुन सकेको छैन। दिगो अन्तर्राष्ट्रिय व्यापार सन्तुलन कायम गर्न प्रतिस्पर्धात्मक तथा तुलनात्मक लाभ भएका र उच्च मूल्यका वस्तु उत्पादनको पहिचान तथा छनौट गरी आर्थिक कूटनीतिमार्फत् वैदेशिक लगानी र प्रविधि भित्र्याउनुपर्दछ ।

५०. **राष्ट्रिय कार्ययोजना -** प्रदेशगत विशेष आर्थिक क्षेत्रहरू स्थापना र सञ्चालन गरी देशभित्र औद्योगिकीकरण वृद्धिमार्फत् व्यापार घाटा न्यूनीकरण गर्न २०७५।७६ लाई आधार वर्ष मानी २०७६।३।१२ मा ५ वर्षे कार्ययोजना लागू भएको छ । विराटनगर र गोरखामा जग्गा प्राप्ति नभएको, भैरहवा र सिमरामा ब्लक "ए" पूर्ण रूपमा सञ्चालनमा नआएको, सिमरा, जुम्ला तथा पाँचखालको बाँकी कार्य सम्पन्न गर्न पर्याप्त बजेट व्यवस्थापन नभएको, अन्तर सीमा विशेष आर्थिक क्षेत्र र विशेष आर्थिक क्षेत्रगत सूचना प्रविधि क्लस्टर स्थापना नभएकोले कार्ययोजनाको लक्ष्य हासिल हुन नसकी व्यापार घाटा बढ्दै गएको छ। सम्भाव्यता अध्ययन र आवश्यक बजेट व्यवस्था गरी कार्ययोजनाबमोजिमको कार्य सम्पादन गर्नुपर्दछ ।

५१. **न्यून बजेट -** प्राधिकरणबाट २०६७।६८ देखि हालसम्म सम्भाव्य भएका भैरहवा, सिमरा व्लक ए, ए विस्तार, बी र सी, डी र ई, पाँचखाल, जुम्ला, विराटनगर (बर्जु), कैलाली (गोदावरी), रौतहट, र सिराहासमेत ११ मध्ये भैरहवा र सिमरा ब्लक "ए" को निर्माण सम्पन्न भएको छ । विशेष आर्थिक क्षेत्र प्राधिकरणमार्फत् २०६०।६१ देखि हालसम्म ११ स्थानमा विशेष आर्थिक क्षेत्र स्थापनाको लागि भएको अध्ययनमा मात्र रू.४ करोड ८६ लाख खर्च भएको छ । निर्माण सम्पन्न गर्न बाँकी ९ विशेष आर्थिक क्षेत्रको साविकमा रू.४२ अर्ब ५९ करोड ६० लाख लागत अनुमान रहेकोमा २०७७।७८ सम्म रू. ३४ करोड ५२ लाखको मात्र कार्य भएको छ । राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क २०७७।७८ अनुसार बाँकी कार्य गर्न रू.५३ अर्ब ४८ करोड ७६ लाख लागत लाग्ने देखिन्छ ।

निर्माण कार्यको लागि २०६७।६८ देखि २०७७।७८ सम्म औसत वार्षिक बजेट विनियोजन रू.५२ करोड ८६ लाख रहेको छ । बजेट विनियोजन अनुसार निर्माण कार्य सम्पन्न गर्न साविक लागत अनुमानको आधारमा ७९ वर्ष र २०७८ फागुनमसान्तको लागत अनुमानबमोजिम १०१ वर्ष लाग्ने देखिन्छ । दीर्घकालीन रणनीति सहित लगानीको स्रोत व्यवस्थापन तथा आवश्यक बजेट विनियोजन गरी पूर्वाधार निर्माणको कार्य सम्पन्न गर्नुपर्ने देखिएको छ ।

५२. **विशेष आर्थिक क्षेत्र स्थापना** - नेपाल सरकारको २०७५।७६ र २०७६।७७ को बजेट बक्तव्यमा प्रत्येक प्रदेशमा एक/एक र नुवाकोट र काभ्रेपलाञ्चोकको पाँचखालमा विशेष आर्थिक क्षेत्र स्थापना गर्ने उल्लेख छ । सोबमोजिम प्रदेश नं.१ को विराटनगर, गण्डकी प्रदेशको गोरखा र सुदूरपश्चिम प्रदेशको कैलालीमा विस्तृत परियोजना प्रतिवेदन तयार भए तापनि निर्माण कार्यको थालनी भएको छैन । मधेश प्रदेशको सिमरा "ए" ब्लक र लुम्बिनी प्रदेशको भैरहवाको पूर्वाधार निर्माण कार्य सम्पन्न भएको छ । कर्णालीको जुम्लामा पहुँच सडक र बाउण्ड्री वाल तथा वाग्मतीको पाँचखालमा पहुँच सडक, बाउण्ड्री वाल र प्रशासकीय भवन निर्माणको कार्य मात्र भएको छ । नुवाकोटको विस्तृत परियोजना प्रतिवेदन तयार भएको छैन । भैरहवा, सिमरा (४ व्लक), पाँचखाल र जुम्ला समेत ७ स्थानको ६९२.४२ हेक्टर क्षेत्रफलमा ५२७ व्यावसायिक प्लट सहितको विशेष आर्थिक क्षेत्र निर्माणको लागत अनुमान रू.२४ अर्ब २४ करोड २० लाखमध्ये रू.२ अर्ब ५६ करोड ५६ लाखको मात्र कार्य सम्पन्न भएको छ । तोकिएको निर्माण कार्य समयमै सम्पन्न गरी ती स्थानमा विशेष आर्थिक क्षेत्र स्थापना गर्नुपर्दछ।

५३. **उद्योग स्थापना** - प्रस्तावदातासँग भएको सम्झौताबमोजिम उद्योग स्थापना गर्नुपर्दछ । भैरहवा र सिमरा व्लक "ए" विशेष आर्थिक क्षेत्रभित्र रहेका १३४ प्लटमा २०७३ देखि २०७६ सम्म उद्योग स्थापना तथा सञ्चालनको लागि ४ पटक प्रस्ताव आह्वान गरेकोमा भैरहवाको ९९ प्लटको लागि ३५ प्रस्ताव पेस भएको देखिन्छ । पेस गरेका सबै प्रस्तावकले अनुमति प्राप्त गरेकोमा २९ प्लटको लागि ९ उद्योगसँग सम्झौता भएकोमध्ये २२ प्लटमा ६ उद्योग सञ्चालनमा र १ स्थापनाको क्रममा रहेको छ। अनुमति प्राप्त गरेकामध्य २८ ले सम्झौता गरी उद्योग स्थापना गरेका छैनन् । नीतिगत असहजता तथा पर्याप्त भौतिक सुविधा अभावका कारण उद्योग स्थापना नभएकोले नीतिगत सुधार र आवश्यक भौतिक सुविधाको व्यवस्था गरी अनुकूल औद्योगिक वातावरण तयार गर्नुपर्दछ।

५४. **एकीकृत गुरुयोजना** - विशेष आर्थिक क्षेत्रको संख्या निक्यौंल गरी परिमाणात्मक लक्ष्य सहितको अवधारणा तथा कार्ययोजना सहितको दीर्घकालीन रणनैतिक योजना तयार गरी आयोजना छनौट तथा कार्यान्वयन गर्न एकीकृत गुरु योजना तयार गर्नुपर्दछ । एकीकृत गुरु योजना तथा दीर्घकालीन रणनीतिको अभावले प्राधिकरणको आवश्यक बजेट र आवधिक योजनामा समेत प्रतिविम्वित हुन सकेको छैन । यसैगरी मध्यकालीन खर्च संरचना तयार गरी बहुवर्षीय आयोजनाको रूपमा बजेट व्यवस्थापन नहुँदा खरिद गुरुयोजना तयारीमा समेत ब्यवधान देखिएको छ । विशेष आर्थिक क्षेत्रको निर्माण कार्य सम्पन्न नभई निर्यातजन्य उद्योग स्थापना नहुँदा विश्व ब्यापारमा नेपालको निर्यात अंशमा सुधार आउन सकेको छैन । एकीकृत गुरुयोजना तथा रणनीतिक योजना तर्जुमा गरी सोही आधारमा विशेष आर्थिक क्षेत्रको पूर्वाधार निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्नुपर्दछ ।

५५. **निर्यातको सीमा र आयात प्रतिस्थापन -** विशेष आर्थिक क्षेत्र ऐन, २०७३ को दफा १३ मा अनुमति प्राप्त उद्योगले कर छुट तथा सुविधा नपाउने गरी उत्पादन भएको वस्तु तथा सेवा एक वर्षसम्म आन्तरिक बजारमा बिक्री गर्न सक्ने र सो पश्चात् ६० प्रतिशत निर्यात गरी सो परिमाणमा मात्र कर छुट तथा सुविधा प्राप्त गर्ने व्यवस्था छ । ऐनको दफा १३ अनुसारको निर्यात व्यवस्था पूरा गर्न नसकेमा दफा १० अनुसार उद्योगको अनुमतिपत्र रद्द गर्न सक्ने व्यवस्था छ ।

सोही ऐनको दफा ७ अनुसार राजपत्रमा प्रकाशित खास प्रकारका उद्योग बाहेक साविकमा सञ्चालित उद्योग विशेष आर्थिक क्षेत्रमा स्थानान्तरण गरी सञ्चालन गर्न नसक्ने र प्रयोगमा ल्याएको मेसिन, औजार वा उपकरण विशेष आर्थिक क्षेत्रमा प्रयोग वा हस्तान्तरण गर्न नसकिने उल्लेख छ।

निर्यातको अनिवार्य प्रावधान तथा आयात प्रतिस्थापन सम्बन्धमा ऐनमा व्यवस्था नहुनु, "खास प्रकारका उद्योग"को स्पष्टता नभएको र नवीनतम प्रविधिका मेसिन औजार वा उपकरण प्रयोग गरी निर्यात सम्भाव्य वस्तु उत्पादन गर्ने साविकका उद्योग सम्बन्धमा ऐनले सम्बोधन गरेको छैन । तत्कालीन समयमा विशेष आर्थिक क्षेत्र बाहिर सञ्चालनमा रहेको एक उत्पादकको प्रविधिलाई स्वीकृति नहुने जानकारी पश्चात स्थापना नभएको अवस्था छ ।

कानूनमा रहेको उक्त व्यवस्थाका कारण स्थापित उद्योग अन्तर्राष्ट्रिय प्रतिस्पर्धा गर्न नसक्दा औद्योगिक लगानी आकर्षित हुने देखिँदैन । सिमरा व्लक "ए" विशेष आर्थिक क्षेत्रको तयारी पश्चात उद्योग स्थापनाको लागि प्रस्ताव आह्वान गरे तापनि कुनै पनि प्रस्ताव पेस नभएको र उत्पादनको

दोश्रो वर्षमा एक उद्योगबाट उत्पादित वस्तुको २३.८९ प्रतिशत र एक मिनरल्सको २.७४ प्रतिशत मात्र निर्यात भएको छ । विशेष आर्थिक क्षेत्रको उद्देश्य अनुरूप दीर्घकालीन निर्यात व्यापारमा केन्द्रित भई अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न नसक्ने परिस्थितिमा स्वदेशमा नै बिक्री गर्न र त्यस्ता वस्तुको आयात नियन्त्रण गर्ने गरी सुरक्षित औद्योगिक लगानी तथा आयात प्रतिस्थापन सम्बन्धमा नीतिगत रूपमा व्यवस्था गर्नुपर्दछ ।

५६. **सहुलियत** - विशेष आर्थिक क्षेत्र ऐन, २०७३ को दफा २६ मा विशेष आर्थिक क्षेत्रमा स्थापना भएका उद्योगले प्रयोग गरेको जग्गा वा भवनको बहाल वा लिज बापत बुझाउनु पर्ने रकममा उद्योग स्थापना भएको तीन वर्षसम्म तोकिएको दरमा छुट पाउने र दफा ३३(१) मा विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योग वा लगानीकर्तालाई प्रचलित कानूनबमोजिम उद्योग दर्ता, विदेशी लगानीको स्वीकृति, कम्पनी दर्ता, छुट, सुविधा तथा सहुलियत, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, उत्पत्तिको प्रमाणपत्र जारी गर्ने, भिसा तथा श्रम स्वीकृतिलगायतका सेवा प्रवाहको लागि एकद्वार इकाई स्थापना गर्नुपर्ने व्यवस्था छ । हाल विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगहरूले प्रति वर्गमिटर रू.२५।- का दरले बहाल भुक्तानी गर्नुपरेको उक्त दर महँगो भएको सम्बन्धित पक्षको भनाइ रहेको छ । कानूनले व्यवस्था गरेअनुसार एकद्वार इकाई स्थापना नभएको एवं उद्योग स्थापना गर्ने क्षेत्रमा गुणस्तरीय विद्युत आपूर्तिको व्यवस्था नभएको कारण स्थापित उद्योगको उत्पादन लागत बढ्न गएको एवं नयाँ उद्योग स्थापनाको लागि आकर्षण नभएको अवस्था छ । उल्लिखित अवस्थामा सुधार गरी उद्योग स्थापना गर्न आकर्षण गर्नुपर्दछ ।

संगठित संस्था, समिति र अन्य संस्था

नेपाल इन्टरमोडल यातायात विकास समिति

देशमा स्थलमार्गबाट हुने आयात निर्यातको सहजीकरणका लागी सुख्खा बन्दरगाहको सम्भाव्यता अध्ययन, निर्माण तथा सञ्चालन गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ अनुसार समितिको स्थापना भई सञ्चालनमा रहेको छ ।

५७. **अधुरो ठेक्का** - चोभारमा सुख्खा बन्दरगाह निर्माण गर्ने सम्झौताअनुसार १८ महिनामा काम सम्पन्न गर्ने गरी भेरिएसनसमेत रू.२४ करोड ४५ लाख ४३ हजारमा शुरु भएको कार्यालय भवन र आवास भवन निर्माणको १२२ प्रतिशत समय थप गर्दा समेत विद्युत जडान, झ्याल, ढोका, पेन्टिङ, रिजर्भ ट्याङ्की लगायत रू.४ करोड ९८ लाख ९ हजारको काम बाँकी रहेको छ । एक वर्षदेखि निर्माण व्यवसायीले काम गरेका छैन । विश्व बैङ्कले ३० जून २०२१ भन्दा पछिको कामको भुक्तानी नगर्ने जनाएको र आयोजना अवधि समाप्त भएको छ ।बाँकी काम गर्न अन्य स्रोतबाट बजेट व्यवस्था भएको छैन । निर्माण व्यवसायीले काम अधुरो छाडेमा वा काम सन्तोषजनक नभएमा सार्वजनिक खरिद नियमावलीको नियम १२१, ११३ र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र ६३ र सम्झौताको दफा ५९ अनुसार पूर्वनिर्धारित क्षतिपूर्ति लागउने, पेश्की जमानी जफत गर्ने, ठेक्का तोड्ने, कालोसूचीमा राख्ने, कार्य सम्पादन जमानत जफत गर्ने लागयत कारबाही गर्नुपर्नेमा १० प्रतिशत पूर्वनिर्धारित क्षातिपूर्ति कट्टा गर्ने

बाहेक अन्य कारबाही भएको छैन । ठेक्का तोडी पेश्की जमानत रू.१ करोड ५० लाख, धरौटी रू.८६ लाख १७ हजार र कार्यसम्पादन जमानत रू.२ करोड ९६ लाख जफत गरी कालोसूचीमा राख्नुपर्दछ।

५८. **आय बाँडफाँट -** टर्मिनल पट्टा बहालमा दिनेसम्बन्धी नियमावली, २०७० को नियम ४ मा समितिले संरचनाहरू बहालमा लगाई आय आर्जन गर्ने व्यवस्था छ । भौतिक संरचनाको बहालबाट प्राप्त आय समितिले खर्च गरी बाँकी रहेको रकम संघीय सञ्चित कोषमा जम्मा गर्ने गरेको छ । समितिले गत वर्षसम्म रू.१ अर्ब ५९ करोड २० लाख संघीय सञ्चित कोषमा जम्मा गरेकोमा यो वर्ष थप २० करोड जम्मा गरेको छ । आय बाँडफाँट सम्बन्धमा स्पष्ट नीति तयार गरेको छैन । नीति तयार गरी बाँडफाँट गर्ने व्यस्था मिलाउनुपर्दछ ।

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

नेपालको निर्यात व्यापारलाई विस्तार गरी देशको आर्थिक विकासमा सघाउ पुऱ्याउने उद्देश्यले व्यापार तथा निकासी प्रर्वद्धन विकास समिति गठन आदेश, २०६३ बमोजिम केन्द्रको स्थापना भएको हो ।

५९. **व्यापार प्रवर्धन** - केन्द्रले निकासी प्रवर्द्धन गर्नका लागि उच्च मूल्य अभिवृद्धि हुने तथा कम आयतन भएका वस्तुहरू निर्यात गर्न उत्पादन सम्भाव्यता अध्ययन, स्वदेश तथा विदेशमा व्यापार मेला सञ्चालन, निकासी क्षमता अभिवृद्धि गर्न उद्यमी तथा व्यवसायीहरूलाई तालिम प्रदान गर्ने र सम्भाव्य अन्तर्राष्ट्रिय बजारको विश्लेषण गरी सुझाव प्रदान गर्ने जस्ता कार्यहरू रहेका छन् । यो वर्ष उत्पत्तिको प्रमाणपत्र जारी गर्ने, विदेशी मुलुकबाट जेनरल प्रिफिरेन्स सिस्टमको अटोमेसनसम्वन्धी सफ्टवेयर सञ्चालन र रत्न पत्थर प्रशोधनलगायत ५ तालिम र नेपालको शान, नेपाली वस्तुको अन्तर्राष्ट्रिय पहिचान नारासहितको दिवस मनाउने लगायत अन्य १३ कार्यक्रम सञ्चालन नै गरेको देखिएन । व्यापार प्रवर्द्धन कार्यक्रमलाई समय सापेक्ष सुधार गरी व्यापार घाटा न्यूनीकरणमा योगदान पुऱ्याउनुपर्दछ।

६०. **उत्पत्तिको प्रमाण पत्र दस्तुर** - उत्पत्तिको प्रमाण पत्र जारी गर्ने सम्बन्धी कार्यविधि, २०७७ को बुँदा नं १० मा अनुमति प्राप्त संस्थाले उत्पत्तिको प्रमाणपत्र जारी गर्दा निर्यातकर्ताले पेस गरेको बीजक मूल्यको आधारमा प्रति रू.१०० को ९ पैसाका दरले शुल्क लिन पाउने र उक्त शुल्कको पाँच प्रतिशतका दरले हुन आउने रकम चौमासिक रूपमा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रलाई बुझाउनुपर्ने व्यवस्था छ । कार्यविधिको बुँदा नं.१५ मा संस्थाहरूबीच बाँडफाँड गर्न बाँकी रकम यो कार्यविधि प्रारम्भ भएको मितिले एक वर्ष भित्र बाँडफाँट गरी फरफारक गरिसक्नुपर्ने उल्लेख छ । केन्द्रले उत्पत्तिको प्रमाणपत्र पाएका निकायको अभिलेख राखेको छैन । उत्पत्ति प्रमाणपत्रको शुल्क सम्बन्धमा मन्त्रालयबाट गठित छानबिन समितिले पेस गरेको प्रतिवेदनअनुसार २०६७।६८ देखि २०७५ वैशाखसम्म रू.५३ करोड ९० लाख ७ हजार सङ्कलन भएको रकममध्ये रू.२ करोड ७६ लाख २४ हजार केन्द्रले प्राप्त गरेको छैन । उद्योग वाणिज्य महासंघले २०७५।७६ देखि २०७७।७८ सम्मको हिसाब यकिन गरी केन्द्रमा पठाएको छैन । केन्द्रमा बुझाउन बाँकी रकम महासंघबाट असुल गरी कोषमा दाखिला गर्नुपर्दछ ।

६१. **बचत** - व्यापार तथा निकासी प्रर्वद्धन विकास समिति गठन आदेश, २०६३ को दफा १० मा समितिको कार्य सञ्चालनको लागि आफ्नो एउटा छुट्टै कोष रहने र केन्द्रले प्राप्त गर्ने सबै रकम उक्त कोषमा जम्मा हुने उल्लेख छ । प्राप्त विवरणअनुसार कार्यालयको ८ बैङ्क खातामा रू.६ करोड ५० लाख रहेकोमा

बचतबाट ब्याज तथा अन्य प्रतिफलसमेत प्राप्त भएको छैन । कार्यलयको सम्पूर्ण खर्च नेपाल सरकारबाट विनियोजित बजेटबाट हुँदै आएको छ । उक्त रकमको व्यवस्थापन गरी निष्क्रिय खाता बन्द गर्नुपर्दछ ।

६२. **जग्गा प्राप्ति** - चोभारस्थित अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्र स्थापना गर्ने स्थानको जग्गा प्राप्त भएपछि मात्र सो स्थानमा निर्माण गरिने संरचना र पूर्वाधारहरूको गुरुयोजना तयार गर्नुपर्नेमा जग्गाको टुङ्गो नलाग्दै परामर्शदातामार्फत् माटो परीक्षण, विस्तृत आयोजना प्रतिवेदन र गुरुयोजना तयार गर्न रू.२ करोड ३८ लाख ६९ हजार खर्च गरेको छ । स्थान निर्धारण नभई त्यसमा बन्ने संरचनाहरू निर्धारण गर्न नसकिने तर्फ ध्यान दिनुपर्दछ।

नेपाल आयल निगम

देशभर पेट्रोलियम पदार्थको आयात, ढुवानी, भण्डारण र वितरण गर्ने उद्देश्यले २०२७ सालमा नेपाल आयल निगमको स्थापना भएको हो। निगममा नेपाल सरकारको ९९.४६ प्रतिशत, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको ०.२६ प्रतिशत, राष्ट्रिय बीमा कम्पनी लिमिटेडको ०.१५ प्रतिशत, नेपाल बैङ्क लिमिटेडको ०.०८ प्रतिशत, राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेडको ०.०५ प्रतिशत सेयर स्वामित्व रहेको छ । निगम अन्तर्गत ७ प्रादेशिक कार्यालय, ३ शाखा कार्यालय, ३ इन्धन डिपो, १ पेट्रोल पम्प, ७ हवाई इन्धन डिपो, ३ हवाई इन्धन रिफ्युलिङ स्टेशन रहेका छन् । निगमको जम्मा भण्डारण क्षमता ७१ हजार ५५८ किलोलिटर रहेको छ । निगममा ६२७ कर्मचारी कार्यरत रहेका छन् ।

६३. **वित्तीय स्थिति र सञ्चालन नतिजा** - निगमको २०७८ आषाढ मसान्तको शेयर पुँजी रू.११ अर्ब, सञ्चित मुनाफा रू.१९ अर्ब ८ करोड ३० लाख, दायित्व रू.२७ अर्ब ७७ करोड ५७ लाख रहेको छ। स्थिर सम्पत्ति रू.२७ अर्ब २८ करोड ६० लाख र चालु सम्पत्ति रू.३० अर्ब ५७ करोड २७ लाख समेत जम्मा सम्पत्ति रू.५७ अर्ब ८५ करोड ८७ लाख रहेको छ । निगमको यो वर्ष कुल बिक्री रू.२ खर्ब ३२ अर्ब ४४ करोड र अन्य आम्दानी रू.१ अर्ब ७९ करोड ८० लाख रहेको छ । बिक्री लागत रू.२ खर्ब २७ अर्ब ३८ करोड, प्रशासनिक र अन्य खर्च रू.७ अर्ब ५६ करोड ४३ लाख रहेको छ। विदेशी विनिमयमा निगमलाई रू.११ करोड ४७ लाख नाफा भएको छ । यो वर्ष निगम रू.४३ करोड घाटामा रहेको छ ।

६४. **अनुपात विश्लेषण** - निगमबाट प्राप्त विवरणअनुसार निगमको वित्तीय अनुपात अवस्था निम्नानुसार रहेको छः

विवरण	सूचकाङ्क	२०७७।७८	२०७६।७७
बिक्री	रू.लाखमा	२३२४४६७	२०५७४५२
कुल मुनाफा	रू.लाखमा	५०६०९	२२९९९३
खुद मुनाफा	रू.लाखमा	-४३०२	१२९१४८
कुल मुनाफा अनुपात	प्रतिशत	२.१८%	११.१८%
खुद मुनाफा अनुपात	प्रतिशत	-१.८५%	६.२८%
चालु सम्पत्ति	रू.लाखमा	३०५७२७	२९१६५१
चालु दायित्व	रू.लाखमा	२२२१८७	२४७ ०९१
चालु सम्पत्ति/चालु दायित्व	अनुपात	१.३८	१.१८
कुल सम्पत्ति	रू.लाखमा	५७८५८७	६२९६२७
कुल सम्पत्तिमा प्रतिफल	प्रतिशत	-०.७४%	२०.५१%
इक्विटीमा प्रतिफल	प्रतिशत	-१.४३%	४०.०२%

निगमको कुल सम्पत्तिमा मुनाफा अनुपात गत वर्ष २०.५१ प्रतिशत रहेकोमा यो वर्ष कमी भई ०.७४ प्रतिशत ऋणात्मक रहेको छ । चालु सम्पत्ति र चालु दायित्व अनुपात गत वर्ष १.१८ गुणा रहेकोमा यो वर्ष वृद्धि भई १.३८ गुणा भएको छ । कुल मुनाफा अनुपात गत वर्ष ११.१८ प्रतिशत रहेकोमा यो वर्ष कमी भई २.१८ प्रतिशत पुगेको देखिन्छ । त्यस्तै गरी खुद मुनाफा अनुपात गत वर्ष ६.२८ प्रतिशत रहेकोमा यो वर्ष कमी भई १.८५ प्रतिशत ऋणात्मक रहेको छ ।

६५. **आयको अवस्था -** पेट्रोलियम पदार्थ तथा हवाई इन्धनको बिक्री गत वर्ष रू.२ खर्ब ५ अर्ब ७४ करोड रहेकोमा यो वर्ष वृद्धि भई रू.२ खर्ब ३२ अर्ब ४५ करोड रहेको छ । अन्य आम्दानी तर्फ निक्षेप तथा कर्मचारी सापटी ब्याज रू.१ अर्ब ७२ करोड ८० लाख, इन्डियन आयल कर्पोरेशनसँगको खरिद समायोजनबाट आम्दानी रू.४ करोड २२ लाख, व्यावसायिकतर्फ रू.१ करोड १५ लाख, घरभाडा रू.२७ लाख ९७ हजार, विविध आम्दानी रू.३१ लाख ५६ हजार, अन्य आम्दानी रू.६ लाख र लेखा समायोजन रू.९७ लाख ६७ हजार रहेको छ ।

६६. **इन्धन खरिद तथा बिक्री -** निगमबाट प्राप्त विवरणअनुसार यो वर्षको पेट्रोलियम पदार्थको खरिद तथा बिक्री स्थिति देहायबमोजिम रहेको छः

क्र.सं.	पेट्रोलियम पदार्थ	इकाई	खरिद परिमाण (हजारमा)	बिक्री परिमाण (हजारमा)	बिक्री मूल्य (रू.हजारमा)
१	पेट्रोल	लिटर	५,९०,६७२	५९०,०००	५५,६०२,९९७,
२	डिजेल	लिटर	१,६९७,८८८	१,६९६,१३८	१३७,७२९,८३८
३	मट्टीतेल	लिटर	२३,५४४	२४४,१४	२,१४४,७२२
४	ए.टी.एफ.	लिटर	७२,९१२	७०४,००	५,९९०,२८९
५	एल.पी.जी.	मेट्रिकटन	४८१,२५९	४७७,७५२	३०,९६९,८०५

इन्धनको माग वर्षेनि बढ्दो क्रममा रहेको छ । निगमको भण्डारण क्षमता गत वर्ष ७१ हजार ५५८ किलो लिटर रहेकोमा यो वर्ष पोखरामा १० हजार किलोलिटर डिजेलको भण्डारणको लागि निर्माण कार्य भइरहको छ ।निगमले यो वर्ष विभिन्न कर वापत नेपाल सरकारलाई रू.९८ अर्ब ५९ करोड भुक्तानी गरेको छ ।

६७. **पाइपलाइन -** भारतको बिहारको मोतिहारी र नेपालको अमलेखगञ्ज जोड्ने पाईपलाइनको कार्य सम्पन्न भई गत बर्ष देखि पूर्ण रूपमा सञ्चालनमा आएको छ । उक्त परियोजनामा नेपाल सरकारको रू.१ अर्ब २० करोड र भारत सरकारको रू.३ अर्ब २० करोड समेत रू.४ अर्ब ४० करोड लगानी रहेको छ । पाइपलाइन सञ्चालन पश्चात पेट्रोलियम पदार्थको ढुवानी सहज, सुरक्षित र छिटो भई ढुवानी खर्चमा उल्लेख्य कमी भएको छ । पाइपलाइनको प्रयोग तथा संरक्षण निगमले गर्दै आएतापनि स्वामित्व हस्तान्तरण भएको देखिएन । पाइपलाइनको स्वामित्व निगमले लिई स्थिर सम्पत्तिमा लेखाङ्कन गर्नुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा औँल्याइएकोमा स्थिति यथावत रहेको छ ।

६८. **कर्मचारी कल्याणकारी कोष -** बोनस ऐन, २०३० को दफा १३(१क) मा बोनस बाँडफाँटपछि बाँकी रहेको रकमको ८० प्रतिशत राष्ट्रिय स्तरको कल्याणकारी कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । निगमले २०६२।६३ देखि राष्ट्रिय स्तरको कल्याणकारी कोषमा रू.२ करोड ९२ लाख जम्मा गर्नुपर्नेमा व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने शीर्षकमा देखाएको छ । उक्त रकम कल्याणकारी कोषमा जम्मा

गर्नुपर्दछ। निगमले साविकको श्रम ऐन, २०४८ को दफा ४१ बमोजिम २०७३।७४ सम्ममा कर्मचारी आवास कोषमा रू.३ अर्ब २५ करोड ८४ लाख रकम छुट्याई जिम्मेवारी सार्दै आएको छ। कोषमा रहेको रकमको परिचालन गर्ने सम्बन्धमा उपयुक्त निर्णय गरी रकमको उपयोग हुनुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा औँल्याइएको सुझाव कार्यान्वयन भएको छैन ।

६९. **मूल्य निर्धारण -** निगमले स्वचालित मूल्य प्रणाली अनुसार पेट्रालियम पदार्थको मूल्य समायोजन गर्ने उल्लेख गरे तापनि उक्त प्रणाली पूर्ण रूपमा लागू हुन सकेको छैन । यो वर्ष १७ पटक सम्म मूल्य समायोजन भएको छ । निगमले निर्धारण गरेको स्वचालित मूल्य कार्यविधि अनुसार मूल्य निर्धारण समितिको सिफारिसमा कार्यकारी निर्देशकले मूल्य निर्धारण गर्न सक्ने व्यवस्था रहेको छ । मूल्य निर्धारण गर्दा सवारी भाडा, डिलर कमिशन, प्राविधिक नोक्सानी, श्रृङ्खेज लस, डिलर बीमा, नाफा लगायतका विषयमा समयअनुसार समितिको स्वीकृतिमा परिवर्तन गर्न सक्ने व्यवस्था रहेको छ । कार्यविधिमा मूल्य निर्धारण समितिको सिफारिस पश्चात् कति समयभित्र मूल्य निर्धारणको निर्णय गर्नुपर्ने र मूल्य निर्धारण लागू हुने स्पष्ट व्यवस्था भएको पाइएन । स्वचालित मूल्य प्रणालीलाई लागू गर्न सो कार्यविधिलाई परिमार्जन गरी थप स्पष्ट बनाउनुपर्ने देखिन्छ । मूल्य निर्धारण गर्दा वर्षभरिमा न्यूनतम र अधिकतम दर पेट्रोलमा प्रति लिटर रू.२६।- तथा डिजल र मट्टीतेलमा रू.२३।- फरक परेको छ। अन्तर्राष्ट्रिय मूल्यमा कति सम्म फरक पर्दा नेपालको आधार मूल्यमा परिवर्तन गरिएको हो खुलाएको छैन । मूल्य परिवर्तन सम्बन्धी स्पष्ट नीति तय गर्नुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा औँल्याइएकोमा स्थिति यथावत रहेको छ।

७०. **क्षयीकरण -** निगमले वित्तीय विवरणको लेखासम्बन्धी टिप्पणीमा असामीहरूको क्षयीकरण सम्भावित क्रेडिट नोक्सान मोडेलमा गरिने उल्लेख गरे तापनि आधारबेगर रू.३ करोड ८५ लाख क्षयीकरण व्यवस्थापन लेखाङ्कन गरेको छ । लेखासम्बन्धी टिप्पणीमा उल्लेख भएबमोजिम क्षयीकरण व्यवस्थापन गर्नुपर्दछ ।

७१. **अन्तर कार्यालय हिसाब -** निगमको अन्तर कार्यालय हिसाब खातामा मिलान गरी समायोजन हुन बाँकी लिनुपर्ने रू.१ खर्ब २७ अर्ब १६ करोड ८२ लाख र तिर्नुपर्ने रू.१ खर्ब २७ अर्ब १६ करोड ७० लाख रहेको छ । उक्त हिसाब मिलान गर्न बाँकी रहेको कारण वित्तीय विवरणमा पर्न सक्ने अन्य असरबारे यकिन गर्न सकिएन।

७२. **वृक्षारोपण -** नेपाल आयल निगम र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग बीच २०७५।१०।१७ मा भएको सम्झौता बमोजिम पाइपलाइन आयोजना निर्माण बापत निगमले निकुञ्जलाई ५ वर्षसम्म वार्षिक रू.२ करोड भुक्तानी गर्नुपर्ने प्रावधान अनुरूप भुक्तानी गर्दै आएको छ । आयोजनाका पाइपलाइनको लागि विभिन्न प्रजातिका ८८ हजार १६३ रूख कटान गरेबमोजिम सोको १:२५ को अनुपातमा २२ लाख ४ हजार ७५ विरुवा पर्सा वन्यजन्तु आरक्षण क्षेत्रभित्र वृक्षारोपण गर्नुपर्ने र सो बिरुवाहरूको ५ वर्षसम्म संरक्षण समेत गर्नुपर्ने वा वृक्षारोपणको लागि लाग्ने दायित्वको मूल्यांङ्कन गरी सो बराबरको रकम पर्सा वन्यजन्तु आरक्षण क्षेत्रलाई ५ वर्षभित्र तिर्नुपर्ने देखिन्छ । निगमले वित्तीय विवरण तयार गर्दा सोको दायित्व यकिन गरी व्यवस्था गरेको पाइएन । निगमले सो रकम मूल्याङ्कन गरी दायित्व लेखाङ्कन गनुपर्ने अथवा सम्झौताबमोजिम वृक्षारोपणको दायित्व पूरा गर्नुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा औँल्याइएकोमा स्थिति यथावत रहेको छ ।

७३. **जग्गाको उपयोग -** आफ्नो स्वामित्वमा रहेको जग्गाको उचित उपयोग तथा संरक्षण गर्नुपर्दछ । निगमले २०७३।७४ मा रूपन्देही, चितवन, सर्लाही र झापा जिल्लामा खरिद गरेको रू.२ अर्ब ५ करोड ६६ लाख लागतको ६८ बिघा जग्गा हालसम्म उपयोगमा ल्याएको छैन । सर्लाहीको जग्गामा एल.पी.जी. ग्याँस बोटलिङ्ग प्लान्ट बनाउने, चितवन र झापाको जग्गामा अमलेखगंजको जस्तै पाइपलाइनको व्यवस्था गरी भण्डारणको व्यवस्था गर्ने कार्ययोजना बनाएको छ । रूपन्देहीमा रहेको जग्गामा पेट्रोलियम पदार्थ भण्डारणको कार्य गर्न केही जग्गा नपुग रहेको हुँदा थप जग्गा प्राप्ति पश्चात् पूर्ण उपयोगमा ल्याउने योजना रहेको उल्लेख छ । निगमको पोखरा प्रादेशिक कार्यालय अन्तर्गत रहेको ७७ रोपनी जग्गामध्ये करिब १८ रोपनी जग्गा निगमको नियन्त्रणमा नरहेको र उक्त जग्गा स्थानीय वासिन्दाहरूले खेल मैदान तथा बाटोको रूपमा प्रयोग गरिरहेकाले निगमको नियन्त्रणमा लिई प्रयोगमा ल्याउनुपर्दछ। निगमको लालबन्दी-१, सर्लाही स्थित जग्गामा तारबार नहुनाले स्थानीयले सडक निर्माण गरी प्रयोग गरेको, धनकुटास्थित जग्गा र भवन रेडियो नेपालले प्रयोगमा ल्याएतापनि बहाल रकम असुल नगरेको, चारआलीस्थित जग्गामा तारबार नभएकाले अतिक्रमणको जोखिम रहेको, जनकपुर स्थित जग्गाको अधिकांश भूभाग नेपाली सेनाले प्रयोग गरेको र थानकोटस्थित जग्गामा समेत पूर्ण रूपमा तारबार नगरेको अवस्था छ । निगमले आफ्नो स्वामित्वको जग्गाको उचित उपयोग र संरक्षण गर्नुपर्दछ।

७४. **मूल्य स्थिरीकरण कोष -** पेट्रोलियम पदार्थ तथा ग्याँस मूल्य स्थिरीकरण कोष (सञ्चालन) नियमावली, २०७१ को नियम ३(२ग)(ग) मा निगमले पेट्रोलियम पदार्थ तथा ग्याँसको खुद्रा बिक्री मूल्यको १ प्रतिशतले हुन आउने रकम मूल्य स्थिरीकरण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । उक्त नियमावलीको नियम ४ बमोजिम कोषमा जम्मा भएको रकम निर्धारित थोक मूल्य भन्दा बढी मूल्यमा पेट्रोलियम पदार्थ र ग्याँस पैठारी गर्नु परेको अवस्थामा निगमलाई अनुदान दिन, नेपाल सरकारले तोकेको वर्गका उपभोक्तालाई पेट्रोलियम पदार्थ तथा ग्याँसमा राहत प्रदान गर्न, पेट्रोलियम पदार्थ तथा ग्याँसको मूल्य वृद्धिको कारणबाट उपभोक्ता वर्गमा पर्न जाने असरलाई कम गरी मूल्य स्थिरता कायम गर्न र नेपाल सरकारले दिएको निर्देशन बमोजिमको कार्य गर्न सकिने उल्लेख छ । नियमावलीको नियम ११ र १२ मा समितिले उक्त कोषको हिसाव अलग्गै राख्नुपर्ने र सोको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुने व्यवस्था छ । कोषमा हालसम्म रू.१४ अर्ब ४८ करोड ९९ लाख जम्मा भएको छ । कोषमा रहेको उक्त रकममध्ये रू.९ अर्ब २८ करोड विभिन्न बैङ्कमा मुद्दती खातामा लगानी गरेको र रू.५१ करोड ४९ लाख विभिन्न बैङ्कमा चल्ती खातामा रहेको छ । निगमले रू.४ अर्ब ६९ करोड ५० लाख कोषमा जम्मा गर्न बाँकी रहेको छ । उक्त कोषमा रहेको रकम बैङ्कमा राख्ने, झिक्ने तथा मुद्दती खातामा लगानी गर्ने कार्य निगमले गर्दै आएको छ । कोष सञ्चालनको लागि गठन भएको समितिले कोष सञ्चालनसम्बन्धी कार्यविधि तर्जुमा गरेको छैन । उक्त कोषको रकम हालसम्म उपयोग नभएको र आन्तरिक तथा अन्तिम लेखापरीक्षणसमेत नभएको व्यहोरा गत विगत वर्षको प्रतिवेदनमा औंल्याइएकोमा स्थिति यथावत रहेको छ ।

अनुगमन तथा बेरुजू

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा वैदेशिक सहायता सोझै भुक्तानीतर्फको लेखापरीक्षण गराउनुपर्ने, विप्रेषणको प्रयोग उतपादनशील र दीर्घकालीन उपयोगमा ल्याउने नीतिगत व्यवस्था गर्ने लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ १७ निकायमा रू.९९ करोड ४० लाख ४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.११ लाख २२ हजार फर्स्यौंट गरेकोले रू.९९ करोड २८ लाख ८२ हजार बाँकी रहेको छ । सोमध्ये रू.२८ लाख ७९ हजार म्याद नाघेको पेश्की रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - अन्य सस्थातर्फ ४ निकायमा रू.१३ करोड ३ लाख ५० हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि फर्स्यौंट नगरेकोले बाँकी रहेको छ । सोमध्ये रू.८ लाख पेश्की बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा ऊर्जा, सिँचाइ तथा जलउत्पन्न प्रकोपसम्बन्धी एकीकृत कानून तर्जुमा, गुरुयोजना निर्माण, अध्ययन अनुसन्धान र समन्वय गर्ने तथा जलस्रोत तथा ऊर्जाको दिगो व्यवस्थापन, नियमन र पूर्वाधार निर्माण गर्ने लगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत ८९ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहत समेत ७७ सरकारी कार्यालयको निम्नानुसार रू.३६ अर्ब ७१ करोड ८४ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य	जम्मा
२६,३१,९३	४,४२,०३	५,९२,२६	५,६२	३६,७१,८४

उल्लिखित लेखापरीक्षण रकममा यो वर्ष मन्त्रालयमा विनियोजन भई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय र प्रदेश कार्यालय तथा स्थानीय तहबाट भएको खर्च रू.९६ करोड १२ लाख समावेश गरिएको छैन । कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा विनियोजन भई यस मन्त्रालयअन्तर्गत खर्च भएको रू.२१ करोड ४४ लाख तथा मन्त्रालय मातहत ६ कार्यालयको २०७६।७७ को बक्यौता लेखापरीक्षण रू.२ अर्ब २५ करोड १७ लाख समावेश छ ।

२. **संगठित र अन्य संस्था -** यो वर्ष ११ संस्थाको रू.५ खर्ब ३ अर्ब ५४ करोड ६६ लाखको लेखापरीक्षण गरिएको छ । एक समितिको यो वर्ष लेखापरीक्षण बाँकी रहेको छ ।

३. **आवधिक योजना कार्यान्वयन -** पन्ध्रौं योजना अन्तर्गत २०७७।७८ मा कृषि योग्य भूमिमध्ये सिँचित क्षेत्रफल १५ लाख ३५ हजार हेक्टरमा सुविधा पुऱ्याउने लक्ष्य रहेकोमा १५ लाख ९ हजार हेक्टरमा सुविधा पुगेको, सौर्य मिनी ग्रिड ६०० संख्या पुऱ्याउने लक्ष्य रहेकोमा २५ पुरा भएको, स्वचालित जल मापन केन्द्र स्थापना र सञ्चालन १५० पुऱ्याउने लक्ष्य रहेकोमा ११० स्थापना भएको, वैकल्पिक ऊर्जा उत्पादन १४५ मेगावाट पुऱ्याउने लक्ष्य रहेकोमा ७५ मेगावाट उत्पादन भएको, घरायसी बायोग्याँस ५ लाख १ हजार जडान गर्ने लक्ष्य रहेकोमा ४ लाख ३३ हजार जडान भएको देखिएको छ। आवधिक योजनाको परिमाणात्मक लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ ।

४. **वार्षिक कार्यक्रम र प्रगति** - राष्ट्रिय योजना आयोगबाट स्वीकृत २०७७।७८ को वार्षिक विकास कार्यक्रमअनुसार यस मन्त्रालयको स्वीकृत कार्यक्रमको प्रगति स्थिति निम्नानुसार छः

क्र.सं.	विवरण	एकाइ	लक्ष्य	प्रगति	प्रगति प्रतिशत
१	सिँचाइ सुविधा विस्तार	हेक्टर	१५३५	१५०९	९८
२	तटबन्ध निर्माण	किलोमिटर	११८२	१२०९	१०२
३	स्वचालित मौसम मापन केन्द्र स्थापना सञ्चालन	संख्या	१८०	२२२	१२३
४	विद्युत चुहावट	प्रतिशत	१३.५	१७.१८	१२७

क्र.सं.	विवरण	एकाइ	लक्ष्य	प्रगति	प्रगति प्रतिशत
५	प्रसारण लाइन निर्माण ६६ के.भी. भन्दा बढी	स.किलोमिटर	५७३०	४६४०	८१
६	३३ के.भी. प्रसारण लाइन विस्तार	स.किलोमिटर	६५००	६०१९	९३
७	राष्ट्रिय विद्युत प्रणालीबाट विद्युत प्राप्त जनसंख्या	प्रतिशत	९६	९३	९७
८	प्रतिव्यक्ति विद्युत खपत	किलोवाट घण्टा	३५०	३२५	९३
९	कुल विद्युत जडित क्षमता	मेगावाट	३०००	१६८५	५६
१०	लघु तथा साना जलविद्युत आयोजनाबाट विद्युत उत्पादन	मेगावाट	४५.१	४०.१	८९
११	घरायसी बायोग्यास प्रविधिबाट ऊर्जा उत्पादन	हजार	४७७	४३३	९१
१२	सुधारिएको पानी घट्ट	संख्या	११२९३	११०२२	९८
१३	सुधारिएको फलामे चुलो	संख्या	१६४.९	१३३.४४	८१

४.१ मन्त्रालयले आवधिक योजना र दिगो विकास लक्ष्यले तोकेका वार्षिक कार्यक्रममा आवद्ध गराई प्रगति प्रतिवेदन तयार गरी समीक्षा गरेको पाइएन। योजना अवधिमा जल विद्युत जडित क्षमता ३ हजार मेगावाट थप गर्ने लक्ष्य रहेकोमा यो वर्षसम्म १ हजार ६८५ मेगावाट, सुधारिएको पानी घट्ट ११ हजार २९३ थप गर्ने लक्ष्य रहेकोमा ११ हजार २२, ६६ के.भी. भन्दा बढीको ५ हजार ७३० स.कि.मि. प्रसारण लाइन निर्माण गर्ने लक्ष्य रहेकोमा ४ हजार ६४० स.कि.मि. निर्माण भएको एवं विद्युतमा पहुँच प्राप्त जनसंख्या ९६ प्रतिशतको लक्ष्यमा ९३ प्रतिशत पुगेको देखिन्छ ।

४.२ मन्त्रालय अन्तर्गत २०७७।७८ सम्म राष्ट्रिय गौरव तथा पहिलो र दोस्रो प्राथमिकतामा परेका कुल आयोजना संख्या ७३ मध्ये १९ आयोजनाको प्रगति ५० प्रतिशतभन्दा न्यून रहेको छ। ऊर्जातर्फ ४० आयोजनामा पहिलो प्राथमिकतामा परेका ३८ मध्ये ८० प्रतिशतभन्दा बढी प्रगति भएको १० आयोजना, ५० देखि ८० प्रतिशतसम्मका १३ र ५० प्रतिशतभन्दा कम प्रगति भएका आयोजना संख्या १५ रहेका छन्। दोस्रो प्राथमिकतामा परेका २ आयोजनामध्ये ८० प्रतिशतभन्दा माथि १ आयोजना र १ आयोजनाको ५० देखि ८० प्रतिशत सम्म प्रगति रहेको छ। जलस्रोत तथा सिँचाइतर्फ पहिलो र दोस्रो प्राथमिकतामा परेका २२ आयोजनाको प्रगति ८० प्रतिशतभन्दा माथि, ७ आयोजनाको प्रगति ५० देखि ८० प्रतिशत र ४ आयोजनाको प्रगति ५० प्रतिशतभन्दा न्यून रहेको छ। आयोजना कार्यान्वयनमा प्रभावकारिता ल्याई कार्य प्रगतिमा सुधार गर्नुपर्दछ।

५. **बजेट वक्तव्य कार्यान्वयन** - बजेट वक्तव्य २०७७।७८ मा समृद्ध तराई मधेश सिँचाइ विशेष कार्यक्रम अन्तर्गत तराई र भित्री मधेशका २५ जिल्लामा ५ हजार स्यालो ट्युबवेल तथा २४७ डीप ट्युबवेल जडान गर्ने कार्यक्रम रहेकोमा १ हजार ८५६ स्यालो टयुबवेल निर्माण र ३० डीप टयुबवेल जडान सम्पन्न भएको, सीमा क्षेत्रमा हुने नदी कटान र डुबानको समस्या समाधान गर्न द्विपक्षीय संयन्त्रलाई क्रियाशिल बनाइने कार्यक्रम रहेकोमा कार्यान्वयन नभएको अवस्था छ। मौसम पूर्वानुमानलाई विश्वसनीय बनाउन दुई स्थानमा मौसमी राडार प्रणाली सञ्चालन गर्ने कार्यक्रम रहेकोमा पाल्पा र उदयपुरमा राडार केन्द्र स्थापनाको लागि उपकरण जडान कार्यको ६० प्रतिशत सम्पन्न भएको छ। विद्युतको माग पुरा गर्दै विद्युत निर्यात गर्न सक्ने गरी विद्युत उत्पादनलाई नदी प्रणालीमा आधारित अर्धजलाशययुक्त र जलाशययुक्त आयोजनाको मिश्रणको रूपमा विकास गर्ने कार्यक्रम रहेकोमा नदी बेसिनका आधारमा अर्धजलाशययुक्त र जलाशयुक्त आयोजनाको लागि अध्ययन कार्य भइरहेको मन्त्रालयले जनाएको छ। माथिल्लो तामाकोशी, रसुवागढी, माथिल्लो साञ्जेन, मध्य भोटेकोशी र निजी लगानीबाट प्रवर्द्धित साना

तथा मझौला आयोजना सम्पन्न गरी कुल १ हजार ३०० मेगावाट विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा थप गर्ने कार्यक्रम रहेकोमा राष्ट्रिय प्रसारण प्रणालीमा ५८ मेगावाट विद्युत थप भएको, रसुवागढी जलुविद्युत आयोजनाको जग्गा अधिग्रहण कार्य र टावर डिजाइनको कार्य सम्पन्न भएको, माथिल्लो साञ्जेन तथा मध्य भोटेकोशी सम्पन्न हुने अन्तिम चरणमा रहेको देखिन्छ। बजेट वक्तव्यमा उल्लिखित कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ ।

६. **दिगो विकास लक्ष्य** - मन्त्रालयबाट प्राप्त विवरणअनुसार ऊर्जा तथा सिँचाइ क्षेत्रसँग सम्बन्धित दिगो विकास लक्ष्य अन्तर्गत परिमाणात्मक लक्ष्य र हालसम्मका उपलब्धि निम्नानुसार छः

क्र.सं.	सूचकहरू	आधार वर्ष सन् २०१५ स्थिति	सन् २०२१ सम्मको लक्ष्य	सन् २०२१ सम्मको प्रगति
१	विद्युतमा पहुँच भएको जनसंख्याको अनुपात प्रतिशत	७४	९६	९३
२	विद्युत खपत (प्रतिव्यक्ति किलोवाट) घण्टा	८०	३५०	३२५
३	कुल ऊर्जा खपतमा नवीकरणीय ऊर्जाको अंश (प्रतिशत)	११.९	७	७.६
४	जडित जलविद्युत क्षमता (मेगावाट)	७८२	३०००	१६८५
५	कुल गार्हस्थ उत्पादनमा व्यावसायिक ऊर्जाको उपयोग प्रति एकाइ	३२	३२	३२
६	कृषि योग्य जमिनमध्ये वर्षैभरि सिँचाइ हुने क्षेत्र (प्रतिशत)	२५.२	२०	१९

दिगो विकासका सूचकहरूको विश्लेषण गर्दा कृषि योग्य जमिनमध्ये वर्षैभरि सिँचाइ हुने क्षेत्र र कुल ऊर्जा खपतमा नवीकरणीय ऊर्जाको अंश समेत २ सूचकको प्रगति आधार वर्षभन्दा घटेको र अन्य सूचकको प्रगति लक्ष्यअनुसार रहेको देखिएन। दिगो विकासको लक्ष्यबमोजिम प्रगति हासिल हुने गरी बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन हुनुपर्दछ।

७. **राष्ट्रिय गौरवका आयोजना** - मन्त्रालय मातहत ८ राष्ट्रिय गौरवका आयोजना रहेका छन्। ती आयोजनाहरूको प्रगति निम्नानुसार छः

(रू.करोडमा)

क्र.सं.	आयोजनाको नाम	शुरु वर्ष	सम्पन्न हुने अवधि	लागत		हाल सम्मको खर्च	भौतिक प्रगति
				शुरु	संशोधित		
१.	बबई सिँचाइ आयोजना	२०४५।४६	२०८२।८३	१२६७	१८९६	९९२	५६.३८
२.	महाकाली सिँचाइ आयोजना	२०६३।६४	२०८१।८२	२६७७	३५००	४४८	१३.००
३.	रानीजमरा कुलरिया सिँचाइ	२०६७।६८	२०८०।८१	-	२७७०	१४३८	५२.१०
४.	भेरी बबई डाइभर्सन	२०७१।७२	२०७९।८०	१६४३	३६८०	१३९६	४८.९९
५.	सिक्टा सिँचाई आयोजना	२०५९।६०	२०८५।८६	-	२५०२	१७७३	७०.९०
६.	सुनकोशी मरिन डाईभर्सन	२०७३।७४	२०८०।८१	४६१९	-	१४८	३.५०
७.	बुढी गण्डकी जलविद्युत आयोजना	२०६९।७०	२०८३।८४	२६०००	-	३५४३	२१.५४
८.	अपर तामाकोशी जलविद्युत	२०६७।६८	२०७६।७७	-	-	४६२३	१००

उल्लिखित आयोजनामा नहर तथा एलाइनमेन्टको जग्गा विवाद, ठेक्काको न्युनतम प्रगति, आयोजना तथा सम्बद्ध पदाधिकारीको फेरबदल लगायतका कारण समयमा प्रगति हासिल हुन नसकी समय र लागत वृद्धि भएको छ । समयमा आयोजना सम्पन्न गर्न समस्या समाधान गर्ने, अनुगमन र सहजीकरणलाई प्रभावकारी बनाउने, सम्बन्धित पदाधिकारीसँग कार्यसम्पादन सम्झौता गरेर कार्यमा तिव्रता ल्याउने र सोको विश्लेषण गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

८. **कृषियोग्य भूमि र सिँचाइ उपलब्धता** - मन्त्रालयबाट प्राप्त विवरणअनुसार २६ लाख ४१ हजार हेक्टर कृषि योग्य भूमि मध्ये १७ लाख ६६ हजार हेक्टर सिँचाइयोग्य भूमि रहेकोमा २०७७।७८ मा १५ लाख ९ हजार ४२७ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको देखिन्छ। कृषिसँग सिँचाइलाई अन्तर समन्वय गर्न नसेका कारण हरेक वर्ष कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान घट्दै गएको छ। आर्थिक सर्वेक्षण २०७८ अनुसार २०७४।७५ मा कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २८.१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७५।७६ मा २७ प्रतिशत, २०७६।७७ मा २६.२ प्रतिशत, २०७७।७८ मा २५.८ प्रतिशत मात्र योगदान रहेबाट कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान घट्दै गएको देखिन्छ । सिँचाइलाई कृषिसँग आवद्ध गरी सोअनुसार लगानी र कृषि उत्पादनलाई व्यावसायीकरण गर्न नसक्दा सिँचाइ क्षेत्रमा भएको लगानीको अपेक्षित प्रभावकारिता देखिएन ।तसर्थ सिँचाइ र कृषिबाट सञ्चालित कार्यक्रमहरूलाई एकीकरण र समन्वय गरी राष्ट्रिय योगदानमा थप टेवा पुग्ने गरी सञ्चालन गर्नुपर्दछ ।

९. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी लागत टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ। त्यस्तै नियमावलीको नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजनाअनुसार बीस लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सक्ने व्यवस्था छ। यस मन्त्रालय अन्तर्गतका १ विभागसमेत १३ आयोजनाले विभिन्न निर्माण कार्यको ७६ टुक्रा बनाई रू.५ करोड २२ लाख १४ हजारको खरिद कार्य गरेको पाइयो। अतः प्रतिस्पर्धात्मक विधि अवलम्बन गरी खरिद कार्य गर्नुपर्दछ ।

१०. **विद्युत उत्पादन र सञ्चालन -** मन्त्रालय मातहत निर्माणाधीन रहेका भेरि बबई डाइभर्सन, रानी -जमरा-कुलरिया सिँचाइ र सुनकोशी-मरिन डाइभर्सनबाट विद्युतसमेत उत्पादन हुने गरी निर्माण कार्य भइरहेको छ। रानी-जमरा-कुलरिया सिँचाइ आयोजनाबाट ४.७१ मेगावाट विद्युत उत्पादन गर्नका लागि निर्माण कार्य अन्तिम चरणमा रहेको छ। त्यसैगरी भेरी-बबई डाइभर्सन आयोजनाबाट ४८ मेगावाट र सुनकोशी-मरिन डाइभर्शन आयोजनाबाट ३१ मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य छ। विद्युत उत्पादन तथा सञ्चालन सम्बन्धमा हालसम्म दक्ष जनशक्ति अपरेटर हाउस लगायतका सञ्चालन पूर्वाधारको व्यवस्था, उत्पादित विद्युतको बिक्री सम्झौता र लाभ बाँडफाँट लगायतका विषयमा मन्त्रालयबाट नीतिगत तथा संरचनात्मक व्यवस्था गरेको देखिँदैन। यस्ता बहुउद्देश्यीय आयोजनाबाट जडित क्षमताअनुसार विद्युत उत्पादन र सञ्चालनको संरचनात्मक तथा नीतिगत व्यवस्था यथाशीघ्र हुनुपर्ने देखिन्छ।

११. **मापदण्ड कार्यान्वयन -** नेपाल सरकारको कार्य विस्तृतीकरण प्रतिवेदन तथा सङ्घ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाहरूको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ अनुसार सङ्घ, प्रदेश र स्थानीय तहमा कार्य जिम्मेवारी बाँडफाँट निक्षेपण र प्रत्यायोजन हुनुपर्दछ ।

मन्त्रालय मातहत कार्यक्रम सञ्चालन गर्दा जोखिमयुक्त पहिरो नियन्त्रण आयोजनाबाट ९ लाखदेखि ५० लाखसम्मका ७३ साना कार्यक्रम, नयाँ प्रविधिमा आधारित नदी नियन्त्रण कार्यक्रममा ५ लाखदेखि १ करोडसम्मका २८५ साना कार्यक्रम यो वर्ष पनि संघबाट सञ्चालन भएको पाइयो। ऊर्जातर्फ ३ मेगावाट सम्मका जलविद्युत आयोजना स्थानीय तहबाट, ३ मेगावाट भन्दामाथि २०

मेगावाटसम्मका आयोजना प्रदेश तहबाट सञ्चालन गर्ने व्यवस्था छ । स्थानीय तहको अधिकार क्षेत्रमा पर्ने ३ मेगावाटसम्मका आयोजना समेत सङ्घबाट सञ्चालित भएको छ । कानूनी व्यवस्था र सङ्घीयताको मर्म अनुरूप राष्ट्रिय महत्वका ठूला आयोजना/कार्यक्रममा मन्त्रालय केन्द्रित हुनुपर्दछ ।

१२. **नदी नियन्त्रण कार्यमा समन्वय -** प्रादेशिक सीमा नदीको व्यवस्थापन एवं सञ्चालन गर्ने जिम्मेवारी सङ्घीय तह अन्तर्गत रहेको छ। कर्णाली नदी सुदूरपश्चिम र लुम्बिनी प्रदेशको सीमा नदी रहेकोले उल्लिखित मापदण्डअनुसार कार्य सञ्चालन हुनुपर्नेमा फरक फरक सङ्घीय कार्यालयबाट नदी नियन्त्रण कार्य सञ्चालन भएकोले कार्यमा समन्वय हुन नसकी नदी नियन्त्रण कार्य दिगो र प्रभावकारी भएको छैन । रानी जमरा कुलरिया सिँचाइ आयोजनाले कैलालीको टीकापुर क्षेत्रमा र कर्णाली नदी नियन्त्रण आयोजना, बर्दियामा आ-आफ्नो प्रयासमा नदी नियन्त्रण कार्य गरेको हुँदा सो कार्यमा समन्वय नहुँदा एवं नदीको बहाव पटक-पटक प्रभावित भएकोले दुवैतर्फ नियन्त्रण कार्यमा क्षति भएको छ । जसका कारण नदी नियन्त्रण कार्य दिगो हुन नसकी लगानी गुणस्तरीय नभएको, वर्षेनि दुवैतर्फबाट ठूलो खर्च भएपनि निर्मित संरचनामा पुनः क्षति भई नदी कटानका कारण जन धनको क्षति भएको देखिन्छ। कर्णाली नदी नियन्त्रण आयोजना, राजापुरले २०७७।७८ मा रू.२० करोड र रानी जमरा कुलरिया आयोजना, कैलालीले रू.६८ करोडसमेत रू.८८ करोड नदी नियन्त्रणमा खर्च गरे पनि नदी नियन्त्रण कार्य प्रभावकारी नभएकोले प्रादेशिक सीमाका नदी नियन्त्रण कार्यमा स्पष्टता र समन्वय हुनुपर्दछ।

जलस्रोत तथा सिँचाइ विभाग

१३. **नदी नियन्त्रण** - जलस्रोत तथा सिँचाइ विभागअन्तर्गत यो वर्ष संरचना निर्माणतर्फको रू.५० करोड ९३ लाख ५६ हजार, नदी नियन्त्रण तर्फको खर्च रू.१ अर्ब १८ करोड ३५ लाख १८ हजार, पहिरो तथा नदी नियन्त्रण तर्फ रू.५ अर्ब २७ करोड ८९ लाख ४४ हजार र नदी नियन्त्रण तर्फ परामर्श खर्च २ करोड ९८ लाख ५१ हजारसमेत नदी नियन्त्रण तर्फ कुल रू.७ अर्ब १६ लाख ६९ हजार खर्च भई विभागको कुल खर्चको ३२.२२ प्रतिशत खर्च भएको भएको छ ।

१४. **एकीकृत जलाधार व्यवस्थापन -** नदी नियन्त्रण तथा पहिरो रोकथाम गर्ने सन्दर्भमा एकीकृत जलाधार व्यवस्थापन रणनीति तर्जुमा गरी नदीजन्य ढुङ्गा, गिट्टी, माटो, बालुवा आदिलाई जलाधार क्षेत्रमा असर नपर्ने गरी उपयोग गर्नु पर्ने तथा प्रकोप न्यूनीकरणका कार्यहरू गरी एकीकृत जलाधार व्यवस्थापनमा आधारित नदी व्यवस्थापनका कार्यहरू गर्नुपर्ने देखिन्छ। यस सम्बन्धमा जलाधार व्यवस्थापनमा राष्ट्रपति चुरे संरक्षण आयोजना, विभिन्न राष्ट्रिय निकुञ्ज, विभाग अन्तर्गतका निकाय लगायतका बहुनिकाय संलग्न भएता पनि समन्वय भएको छैन। नदी नियन्त्रणतर्फ विभाग र मातहत कार्यालयबाट रू.७ अर्ब १६ लाख ६९ हजार खर्च भएकोमा खाडो, राप्ती, लालबकैया, बाग्मतीलगायतका केही नदीहरूमा गुरुयोजना स्वीकृत भए तापनि नदी नियन्त्रण कार्य भएका सबै नदीहरूको नदी नियन्त्रण गुरुयोजना स्वीकृत गरेको देखिएन। महाभारत तथा चुरेमा उत्पत्ति भई तराईतर्फ उत्तर-दक्षिण वहने नदीहरूमा तराई क्षेत्रमा बाढी तथा डुबानको समस्या उच्च भई तटबन्ध कार्यमा उल्लेख्य खर्च भएको देखिन्छ। तराईमा बहने खाडो, बक्राहा, मावा, राप्ती, लालबकैया, कमला लगायतका नदीहरूमा वर्षातको समयमा नदीजन्य वालुवा तथा पाँगो माटो जम्मा हुने, बस्ती तथा आम जनताको खेतबारी भन्दा नदीको बेड लेबल उच्च भई नदी नियन्त्रण कार्य जोखिमपूर्ण र खर्चिलो हुँदै गएको छ। अतः एकीकृत जलाधार व्यवस्थापनमा आधारित भई नदी नियन्त्रण कार्यलाई दिगो र प्रभावकारी बनाउनुपर्दछ ।

१५. **नर्म्स सुधार** - सिँचाइ विभागले मातहतका निकायबाट हुने निर्माण कार्यमा प्रयोग हुने नर्म्स सन् २००२ मा स्वीकृत गरेको देखिन्छ। निर्माण सम्बन्धी प्रविधि र उपकरणमा १८ वर्षमा उल्लेख्य परिवर्तन भइसकेको छ। तर विभागले स्वीकृत गरेको नर्म्समा सिमेन्ट, गिट्टी र बालुवा प्रयोग गरी एम् १०,१५, २०,२५ क्षमताको आरसीसी ढलान लगायतका कार्य गर्न ज्यामीको परिमाण तथा लागत राखेको छ। लेखापरीक्षण क्रममा उक्त कार्यको स्थलगत निरीक्षण गर्दा यो कार्यमा कन्क्रिट मिक्चर्स, ब्याचिङ्ग प्लान्ट र रेडी मिक्चर लगायतका मेसिन/उपकरणको समेतको प्रयोग गरेको देखियो। मन्त्रालयले ठुला आयोजनाहरूमा प्रयोग हुने रेडिमिक्स तथा हेभी इक्विप्मेन्ट, तटबन्धमा प्रयोग हुने जियो ब्याग, जियो सेल, क्रिजमर तथा बाँध बनाउँदा प्रयोग हुने हेभी रोलरको नर्म्स निर्धारण गरेको छैन। तसर्थ, पुरानो नर्म्समा समयसापेक्ष पुनरावलोकन तथा नयाँ आइटमको नर्म्स तयार गरी मितव्ययी, प्रभावकारी र कार्यदक्षतापूर्वक निर्माण कार्य गराउनुपर्दछ । यस सम्बन्धमा विगतमा दिइएको सुझावको कार्यान्वयन भएको देखिएन ।

१६. **योजना अभिलेख र प्रभाव मूल्याङ्कन** - जलस्रोत तथा सिँचाइ विभाग र मातहतका निकायबाट हालसम्म निर्मित संरचनाहरूको एकीकृत अवस्था देखिने गरी अभिलेख राखेको देखिएन। मातहतका निकायबाट निर्माण भएको वार्षिक प्रगतिलाई प्रत्येक वर्ष थप गर्दै एकीकृत वार्षिक प्रगति विवरण तयार गरे तापनि हालसम्म निर्मित सिँचाइ संरचनाहरूको योजनागत अभिलेख राखेको छैन। विभागले विभाग र मातहत निकायबाट भएका सबै स्तरका योजनाको अभिलेख अद्यावधिक राख्नुपर्ने र ती योजनाहरूको संभाव्यता अध्ययनमा उल्लेख भएबमोजिमको उपलब्धि सम्बन्धमा प्रभाव मूल्याङ्कन गरी प्राप्त पृष्ठपोषणका आधारमा नीतिगत तथा कार्यविधिगत सुधारका कार्यहरू गर्नुपर्दछ। त्यसैगरी जलस्रोत तथा सिँचाइ विभागबाट यो वर्ष ३ परामर्शदाताबाट ६ सिँचाइ प्रणालीको मात्र प्रभाव मूल्याङ्कन गरेको पाइयो। विभाग र मातहत निकायबाट सम्पन्न भएका योजनाको अभिलेख राखी प्रभाव मूल्याङ्कन गर्ने र प्राप्त पृष्ठपोषणका आधारमा सुधारका क्षेत्रहरू पहिचान गरी कार्य सञ्चालन गर्नुपर्दछ।

जल तथा मौसम विज्ञान विभाग

१७. **राडार खरिद तथा जडान** - उदयपुरको चित्रेथाम र पाल्पाको रिब्दिकोटमा राडार स्थापनाको लागि राष्ट्रिय, अन्तर्राष्ट्रिय बजारमा उपलब्ध आपूर्तकबाट दरभाउपत्र लिई रू.७८ करोड ३८ लाख ८३ हजारको लागत अनुमान तयार गरी एक विदेशी कम्पनीसँग रू.३९ करोड ११ लाख ८९ हजारमा सम्झौता गरी प्रतीत पत्र खोलेको मितिबाट ७८ हप्तामा सम्पन्न गर्ने गरी २०७६।६।२ मा सम्झौता भएको छ। यो वर्ष २०७८।३।२५ सम्म म्याद थप गरी राडारको टावर उपकरण र लिफ्ट तथा जेनेरेटरलगायतका उपकरणमा रू.५ करोड ५१ लाख ५ हजार (१२ प्रतिशत) खर्च गरेको छ। राडार खरिदको लागि रू.२९ करोड २७ लाख २६ हजारको प्रतीत पत्र खोलेकोमा लेखापरीक्षण अवधिसम्म उक्त उपकरण आपूर्ति हुन सकेको छैन। मौसम पूर्वानुमानको लागि आवश्यक राडार लगायतका उपकरण समयमा आपूर्ति तथा जडान कार्य सम्पन्न गर्नुपर्दछ।

१८. **भुक्तानीमा करकट्टी** - आयकर ऐन, २०५८ को दफा ८९(३) मा बासिन्दा व्यक्तिले ठेक्का वा करारअन्तर्गत गैरबासिन्दा व्यक्तिलाई दिने भुक्तानीमा ५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ। विभागले उदयपुर र पाल्पामा राडार टावर स्थापनाको कार्य गर्ने एक विदेशी कम्पनीलाई

रू.५ करोड ५१ लाख ५ हजार भुक्तानी गर्दा घटी कर कट्टी गरेको रू.१७ लाख ७ हजार असुल गर्नुपर्दछ।

१९. **हाईड्रोमेट वर्क स्टेसन** - विभागले हाइड्रोमेट वर्क स्टेसन निर्माणका लागि एक विदेशी कम्पनीसँग २०७५।४।१६ मा रू.१२ करोड ६५ लाख ९५ हजारको सम्झौता गरेकोमा म्याद थप गरी २०७७।१०।१८ मा रु १२ करोड ६५ लाख ९५ हजार भुक्तानी गरी कार्यसम्पन्न भएको छ। सम्झौतामा ४ तालिमको लागि युरो ६५ हजार राखेकोमा कोभिड-१९ महामारीको कारणले सम्झौतामा संशोधित लागत अनुमान तथा खर्चको विवरण बेगर हवाई टिकट र कस्ट अफ लाइफको युरो ६ हजार ४८० घटाई वैदेशिक सहायता तर्फको तालिमको रू.५४ लाख ४१ हजार भुक्तानी गरेको छ। आयोजनाले तोकेको अवधिमा सम्पन्न गरी वैदेशिक स्रोतबाट भुक्तानी गर्नुपर्ने मौसम प्रक्षेपण सम्बन्धी विशेषज्ञ सेवा तालिम, वर्क स्टेसन मर्मत तथा सञ्चालनसम्बन्धी तालिम समयमा सञ्चालन नहुँदा नेपाल सरकारलाई थप व्ययभार पर्ने गरी रू.३८ लाख २९ हजार भुक्तानी गरेको नियमसम्मत देखिएन ।

२०. **स्टुडियो निर्माण तथा सञ्चालन** - मौसम भविष्यवाणी प्रशारणसम्बन्धी उपकरण खरिदसहितको टिभी स्टुडियो निर्माणका लागि विभागले २०७५।१२।१९ मा एक आपूर्तिकर्तासँग रू.६ लाख ३९ हजारमा म्याद थपसमेत २०७७ कार्तिक ३० सम्म कार्यसम्पन्न गर्नेगरी सम्झौता गरेकोमा उक्त समयमा कार्य सम्पन्न भएको पाइएन ।सम्झौताको शर्तबमोजिम रू.६५ लाख ९६ हजारको आयोजना व्यवस्थापन सेवा, डिजाइन व्यवस्थापन र स्टुडियो सञ्चालनको लागि जनशक्ति व्यवस्थापन गरी तालिम सञ्चालन लगायतको कार्य नगरेकोले टिभी स्टुडियो सञ्चालनमा नआई प्रयोगविहीन देखिएको छ। सम्झौताको शर्तबमोजिम तोकिएको कार्य नगरेमा ०.३५ देखि बढीमा १० प्रतिशतसम्म क्षतिपूर्ति लगाउन सकिने उल्लेख गरेबमोजिम क्षतिपूर्ति बापत रू.३४ लाख ४१ हजार असुल गर्नुपर्दछ।

विद्युत विकास विभाग

२१. **अनुमतिपत्र -** विद्युत नियमावली, २०५० को नियम ३ देखि १८ सम्म विद्युत उत्पादनको अनुमतिपत्र सम्बन्धी व्यवस्था छ । विभागबाट विद्युत उत्पादनको लागि अनुमति लिई उत्पादनमा आएका २०७६।७७ सम्म ९२ आयोजनाको १ हजार २३६ मेगावाट रहेकोमा २०७७।७८ मा ११ आयोजनाको १२९ मेगावाट थपिई कुल १०३ आयोजनाको १ हजार ३६५ मेगावाट विद्युत उत्पादनको जडित क्षमता रहेको छ ।

अनुमति लिई निर्माणको चरणमा रहेका आयोजनाहरूमध्ये गत वर्षको १८८ आयोजनाको ७ हजार ८५४ मेगावाट र २०७७।७८ मा २८ आयोजनाको ६२२ मेगावाट समेत गरी २१६ कुल आयोजनाको ८ हजार ४७६ मेगावाट जडित क्षमता रहने देखिन्छ। सर्भेक्षण अनुमति लिएका आयोजनामध्ये २०७७।७८ मा २४ थप भएकासमेत सर्वेक्षण अनुमतिपत्र लिने कुल २५३ आयोजनाको १६ हजार ७८४ मेगावाट र उत्पादन अनुमतिपत्र लिने २३३ को ८ हजार ४३९ मेगावाट समेत २०७७।७८ सम्म ४८६ को २५ हजार २२३ मेगावाट विद्युत उत्पादन र सर्वेक्षणको अनुमतिपत्र जारी भएको देखिन्छ र १२२ वटा आयोजनाबाट १ हजार ३८० मेगावाट जडित क्षमताको आयोजना सञ्चालनमा आएको समेत गरी कुल २६ हजार ६०३ मेगावाट क्षमताको अनुमति पत्र प्रदान गरेको देखिन्छ। ३३, ६६, १३२, २२० र ४०० के.भी. प्रसारण लाइन सर्भेक्षण अनुमतितर्फ २०७६।७७

सम्म सर्वेक्षणमा ७८ र निर्माणमा १३४ लाई अनुमति प्रदान भएकोमा २०७७।७८ मा क्रमशः ३० र २० अनुमतिपत्र थप भई २६२ ले विद्युत प्रसारणको सर्वेक्षण र निर्माणको अनुमति प्राप्त गरेको देखिन्छ ।

त्यस्तै तापीय (थर्मल) तर्फ ५३.४१ मेगावाट जडित क्षमताका २ आयोजनाले अनुमति लिएका छन् भने सौर्य विद्युततर्फ ३६ आयोजनाले ५९९ मेगावाटको सर्वेक्षण अनुमतिपत्र लिएको र १५ आयोजनाबाट ९१ मेगावाट विद्युत उत्पादन गर्न अनुमतिपत्र लिएको देखियो। त्यसैगरी २०७७।७८ सम्म विद्युत उत्पादन १ मेगावाट माथिका जलविद्युत तर्फ १ हजार २९० मेगावाट, तापीय विद्युत ५३.४१ मेगावाट, सौर्य विद्युत १८.५ मेगावाट र सह-उत्पादन ३ मेगावाट समेत कुल जडित क्षमता १ हजार ३६५ मेगावाट रहेको छ। एक मेगावाट भन्दा साना जलविद्युत र सौर्य विद्युत आयोजनाको जडित क्षमता समेत गरी कुल १ हजार ३८० मेगावाट क्षमताको विद्युत आयोजना सञ्चालनमा आएको देखिन्छ। सर्वेक्षण अनुमति पत्र, उत्पादन अनुमति पत्र जारी भएका र अनुमति पत्र प्राप्त गरी सञ्चालनमा आएका जलविद्युत, सौर्य विद्युत, तापीय विद्युत, सह-उत्पादनसमेत कुल २६ हजार ६०३ मेगावाट क्षमताको अनुमति प्रदान भएकोमा अनुमति र उत्पादन अनुपात १००:५ रहेको छ। विद्युत आयात न्यून गर्न तथा अनुमतिपत्र प्रवाह र उत्पादन बीचको खाडललाई घटाउन विभागबाट गर्ने अध्ययन अनुसन्धान, जाँचबुझ तथा निरीक्षणलाई प्रभावकारी बनाउन आवश्यक छ।

२२. **रोयल्टी -** विद्युत ऐन, २०४९ को दफा ११ बमोजिम अनुमति प्राप्त व्यक्तिले जलविद्युतको व्यापारिक उत्पादन शुरु गरेको १५ वर्षसम्म प्रति जडित किलोवाट वार्षिक १ सय र प्रतियुनिट (किलोवाट घण्टा) सरदर बिक्री मूल्यको २ प्रतिशतका दरले सरकारलाई रोयल्टी बुझाउनुपर्ने व्यवस्था छ। उक्त अवधि पछि अनुमतिपत्र प्राप्त व्यक्तिले प्रति जडित किलोवाट वार्षिक १ हजार रुपैयाँ र प्रति युनिट (किलो घण्टा) सरदर बिक्री मूल्यको १० प्रतिशत का दरले रोयल्टी बुझाउनुपर्ने व्यवस्था छ।

विभागले विभिन्न ९४ जल विद्युत आयोजनाबाट २०७६।७७ मा रोयल्टी बापत उठाउनु पर्ने रू.४५ करोड ५५ लाख ४४ हजार रहेकोमा २०७७।७८ सम्म १०२ जल विद्युत आयोजना र कम्पनीबाट रू.३ अर्ब ७ करोड ५५ लाख ७४ हजार रोयल्टी प्राप्त हुनुपर्ने देखिन्छ । सोमध्ये रू.२ अर्ब ८२ करोड ६८ लाख ६८ हजार प्राप्त भई रू.२४ करोड ८७ लाख ६ हजार प्राप्त हुन बाँकी देखिन्छ । प्राप्त हुन बाँकी वक्यौता रोयल्टी समयमै असुल गर्नुपर्दछ।

२३. **राजस्व छुट तथा सुविधा** - विद्युत ऐन, २०४९ को दफा १२ र विद्युत विकास नीति तथा निर्देशिका बमोजिम निर्माणाधीन विद्युत आयोजनालाई कर, भन्सार, मूल्य अभिवृद्धि कर छुट र सटही सुविधा उपलब्ध गराउने व्यवस्था छ । विभागले यो वर्ष ७ कम्पनीलाई ५९ लाख २३ हजार ८५ अमेरिकी डलर, ३ कम्पनीलाई ६६ हजार १८२ युरो, १४ कम्पनीलाई भारतीय रू.४ करोड २२ लाख ६७ हजार ५१२ विदेशी मुद्रा सटहीको सुविधा उपलब्ध गराउन सिफारिस गरेको छ। भन्सार महशुल र मूल्य अभिवृद्धि कर तर्फ ४१ कम्पनीको ७ करोड ६३ लाख ४६ हजार ७२८ अमेरिकी डलर, १८ कम्पनीको १ करोड २० लाख ७ हजार ७८० युरो, ७६ कम्पनीको ३ अर्ब ९५ करोड ५० लाख ९७३ भारतीय रूपैयाँ र २ कम्पनीको जापानी येन ६ करोड ९८ लाख १२ हजार ७५८ भन्सार र मूल्य अभिवृद्धि कर छुट सिफारिस गरेको छ। राजस्व छुटको सिफारिसअनुसार प्राप्त मालसामानको विवरण, त्यसको विद्यमान उपयोग, आयोजना समाप्ति पछि उक्त सामानको उपयोग विषयमा अभिलेख राखेको छैन।

राजस्व छुटअनुसार भएको कामको अनुगमन गरेको नपाइएकोले सुविधा र सहुलियतबाट भएको कामको अभिलेख तथा अनुगमन हुनुपर्दछ।

२४. **नौमुरे बहुउद्देश्यीय आयोजना -** प्युठान, अर्घाखाँची, कपिलवस्तु तथा दाङ क्षेत्रमा पर्ने ३ स्किमको २८१ मेगावाट तथा ८० हजार हेक्टर भन्दा बढी क्षेत्रमा सिँचाइ सुविधा उपलब्ध गराउने यो आयोजनाको सम्भाव्यता तथा वातावरणीय अध्ययनको लागि एक परामर्शदातासँग ३० महिनाभित्र सम्पन्न गर्न २०७३।२।७ मा मूल्य अभिवृद्धि करसमेत रू.२३ करोड ९१ लाख ६७ हजारको सम्झौता भएकोमा यो वर्ष सम्म रू.१९ करोड ७९ लाख ४९ हजार भुक्तानी भएको पाइयो ।परामर्शदातालेे ३० महिना भित्र कार्य सम्पन्न गर्न नसकेकको कारण २०७८।१२।३० सम्म ७२ महिना म्याद थप भइसक्दा समेत कार्य सम्पन्न भएको छैन। सम्झौताअनुसार कार्य सम्पन्न नगरेकोमा पूर्व निर्धारित क्षतिपूर्ति लगाएको समेत देखिँदैन । अन्तिम मस्यौदा प्रतिवेदन स्वीकृत भई ८५ प्रतिशत भुक्तानी भएकोमा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत नभएकोले आयोजनाको जग्गा अधिग्रहण तथा निर्माण कार्यको पूर्व तयारी अन्तर्गत कार्यालय भवन, पहुँच मार्ग, पुल, नदी जलाधार क्षेत्र व्यवस्थापन आदि कार्य अगाडि बढ्न सकेको छैन । आयोजना अध्ययन कार्य समयमै सम्पन्न गराउन कार्यतालिकाबमोजिम कार्य गराउनुपर्दछ ।

२५. **सवारीसाधन खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२(३) बमोजिम परामर्श सेवाको लागत अनुमान तयार गर्दा इन्जिनियरिङ सुविधा खर्चबापत ल्यापटप, फर्निचर, चालक, इन्धन सुविधा, मोटर साइकल, सवारीसाधन भाडा तथा खरिद समावेश गर्न नमिल्नेमा विभागले त्यस्ता खर्चसमेत लागत अनुमानमा समावेश गरी परामर्शदाता फर्मसँग सम्झौता गरेको छ। सार्वजनिक लेखा समितिले २०६९।९।२ मा ठेक्का सम्झौता गर्दा कार्यसँग असम्बन्धित खर्चहरू ठेक्कामा समावेश नगर्न निर्देशन दिएको छ । अध्ययन परामर्श ठेक्कामा सवारीसाधन राखी सम्झौता गर्न मिल्ने देखिँदैन। एक आयोजनामा बिल अफ क्वान्टिटीमा रहेको ३ सवारीसाधन खरिद गर्दा अर्थ मन्त्रालयको स्वीकृति भन्दा रू.३३ लाख ९० हजार बढी हुने गरी खरिद गरेको देखिएकोले खरिद प्रक्रियामा संलग्नलाई जिम्मेवार बनाउनुपर्दछ।

२६. **वातावरणीय अध्ययन स्वीकृति** - जलविद्युत आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत हुनुपर्दछ । विभागअन्तर्गत ताप्लेजुङको यान्मा जलविद्युत आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृतिका लागि २०७७।३।२२ मा पठाइएकोमा २०७९।२।२० र प्युठान, अर्घाखाँची, कपिलवस्तु र दाङ क्षेत्रमा पर्ने नौमुरे बहुउद्देश्यीय, डोटी जिल्लाको सेती नदी ६, झापा र इलाममा पर्ने कन्काई बहुउद्देश्यीय, सिन्धुली र रामेछाप क्षेत्रमा पर्ने सुनकोशी २ र ३ जलविद्युत आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन कार्यको प्रतिवेदन स्वीकृतिको लागि २०७८।२।२६ मा वन तथा वातावरण मन्त्रालयमा पेस गरेकोमा २०७९।२।३० सम्म पनि स्वीकृति प्राप्त भएको देखिएन । वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृतिको कार्य हुन नसक्ने भएमा सोको कारण तथा पुष्ट्याइँसहित जानकारी दिनुपर्नेमा सोको कारण तथा पुष्ट्याइँ नदिई ढिलाइ गर्नेलाई जिम्मेवार बनाउने व्यवस्था गर्नुपर्दछ ।

जल तथा ऊर्जा आयोगको सचिवालय

२७. **परामर्श सेवा -** नेपालमा बहने १० मध्ये ९ नदी बेसिन क्षेत्रको नदी-नालाबाट विद्युत उत्पादनको जलाशयमा आधारित योजनागत विन्दुहरू तयार गर्ने, जल विद्युतको विकास र विस्तारका लागि जलाशयमा आधारित गुरुयोजना तयारी गर्ने, वातावरणीय रणनैतिक तथा सामाजिक प्रभावको गुरुयोजना तथा सरोकारवालाको क्षमता विकास, सूचना व्यवस्थापन प्रणाली, सोको विश्लेषण र मोडलिङ्ग, टुल्स एवं योजनाको विधिलगायतका कार्यमा परामर्श सेवा लिनको लागि ४८ महिना कार्यावधि रहने गरी एक अन्तर्राष्ट्रिय परामर्शदातासँग २०७५।३।१२ मा रू.५८ करोड २६ लाख ६३ हजारमा सम्झौता भएको देखिन्छ। लेखापरीक्षण अवधि (जेष्ठ, २०७९) सम्ममा पनि कार्य सम्पन्न भएको छैन। यो वर्षसम्म रू.३१ करोड ४१ लाख १० हजार भुक्तानी भएकोमा प्रतिवेदन प्राप्त भएको छैन। सम्झौता बमोजिम कार्य सम्पादन गर्नुपर्दछ ।

बुढीगण्डकी जलविद्युत आयोजना

२८. **लक्ष्य प्रगति -** नेपाल सरकारको २०६९।८।१८ को निर्णयले बुढीगण्डकी जलविद्युत आयोजना विकास समिति गठन गरी यो आयोजनाको काम आरम्भ भएको हो। आयोजनाको लागि ६३ वर्ग किलोमिटरको जलाशय बन्ने, जलाशयको पूर्ण जल सतह ५४० मिटर रहने र २६३ मिटर अग्लो बाँध निर्माण गरिने, औसत वार्षिक ३ हजार ३८३ गिगावाट तथा सुख्खा मौसममा १ हजार ४०४ गिगावाट विद्युत उत्पादन हुने, अनुमानित लागत रू.२ खर्ब ६० अर्ब र निर्माण अवधि ८ वर्ष ६ महिना रहने अनुमान छ। हालसम्म रू.३३ अर्ब ८८ करोड ८३ लाख मुआब्जा वितरण बाहेक अन्य कार्य (सिभिल वर्क्स, इलेक्ट्रो मेकानिकल वर्क्स प्रमुख कार्यहरू) प्रारम्भ हुन सकेको छैन।

२९. **पुनर्बास तथा पुनःस्थापना** - नेपाल सरकारको २०६९।८।१८ को निर्णयले आयोजना विकास समिति गठन भई समितिले आयोजनाको विस्तृत आयोजना प्रतिवेदन र वातावरणीय प्रभाव मूल्याङ्कन गरेको तथा आयोजनालाई आवश्यक पर्ने जग्गा प्राप्तिको लागि जग्गा रोक्का गर्ने निर्णय गरेको छ । यसैबीच नेपाल सरकारबाट २०७४।१।७ मा आयोजनाअन्तर्गतको समिति विघटन गरी बुढीगण्डकी जलविद्युत आयोजनाको वातावरण, मुआब्जा वितरण, पुनर्बास तथा पुनःस्थापना एकाइ गठन गरी ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयको मातहत राखी कार्य गरेको छ । यो इकाइको शुरु म्याद २ वर्ष रहेकोमा प्रत्येक वर्ष म्याद थप हुँदै आएको छ । नेपाल सरकारको निर्णयअनुसार २०७९।७।१० सम्म म्याद थप गरेकोमा हालसम्मको कार्य प्रगतिको आधारमा उक्त अवधिमा कार्य सम्पन्न हुने अवस्था छैन ।

३०. **मुआब्जाको निर्णय -** आयोजनाको लागि गोरखा जिल्लाको ३० हजार ७८ र धादिङ जिल्लाको २८ हजार ७५ रोपनी समेत ५८ हजार १५३ रोपनी जग्गा प्राप्ति गर्ने लक्ष्य रहेकोमा २०७६।७७ सम्म ४७ हजार ४४० रोपनी र यस वर्ष १ हजार ३४४ रोपनी जग्गा समेत ४८ हजार ७८४ रोपनी जग्गाको रू.३३ अर्ब ८८ करोड ८३ लाख ८१ हजार मुआब्जा भुक्तानी भएको छ ।हालसम्मको मुआब्जा वितरण प्रगति ८३.८९ प्रतिशत रहेको छ। आयोजनाको लागि आवश्यक जग्गा प्राप्तिको लागि मुआब्जा वितरण शुरु गरेको उक्त क्षेत्रमा पर्ने घर टहरा र बोट बिरुवाको मुआब्जा वितरण कार्य हालसम्म शुरु भएको देखिएन। त्यसैगरी मुआब्जा वितरण कार्य शीघ्र सम्पन्न गर्नुपर्दछ। जग्गाको

स्वामित्व आयोजनाको नाममा आए पनि जग्गा धनीले भोगचलन गरिरहेकोले अधिग्रहण गरेको जग्गाको उचित संरक्षण गरी आयोजनाको उपयोगमा ल्याउनुपर्दछ ।

३१. **ऐलानी जग्गाको क्षतिपूर्ति -** नेपाल सरकार मन्त्रिपरिषद्को २०७४।२।९ को निर्णयबाट ऐलानी/पर्ती/सरकारी जग्गा भोगचलन गरी रहेको व्यक्तिको रैकर जग्गासँगै ऐलानी/पर्ती (सरकारी जग्गा) जग्गामा सरकारी जग्गा घुसाई भोग चलन गरिरहेका हकमा समेत मुआब्जा निर्धारण समितिले त्यस्तो परिवारको आर्थिक स्थिति र जग्गाको क्षेत्रफल आदि कुरालाई समेत विचार गरी निश्चित मापदण्ड बनाई सो भोगचलन गरेको जग्गाको क्षतिपूर्ति प्रदान गर्ने निर्णय गरेको छ। मालपोत ऐन, २०३४ को दफा २४ मा सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषका नाममा दर्ता वा आवद्ध गर्न नहुने र कसैले यो दफा प्रारम्भ हुनु भन्दा अघि वा पछि सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषका नाममा दर्ता गरी आवद्ध गरेकोमा स्वतः बदर हुने व्यवस्था छ । मालपोत ऐनमा भएको व्यवस्थाबमोजिम सरकारी जग्गा हकभोगमा समावेश गरी व्यक्तिको नाममा दर्ता गरेको वा सरकारी जग्गा भोगचलन गरी रहेको जग्गाको सम्बन्धमा सरकारले उक्त जग्गाको व्यक्तिगत दर्ता खारेज गर्नुका साथै जग्गामा बसोबास गरेको वा भोगचलन गर्दै आएको देखिए कानूनबमोजिम कारबाही गरी जग्गाको उचित संरक्षणको लागि पहल गर्नुपर्नेमा सरकारी जग्गा भोगचलन गर्दै आएको व्यक्तिलाई समेत जग्गाको मुआब्जा भुक्तानी गर्ने कार्य कानूनसम्मत देखिँदैन । उल्लखित अवस्थाले सरकारी जग्गा अतिक्रमण कार्य थप वृद्धि हुन सक्ने देखिन्छ। आयोजना एकाइ कार्यालयले सरकारी जग्गामा व्यक्तिले भोगचलन गर्दै आएको जग्गाको मुआव्जा भुक्तानीसम्बन्धी निर्णय गर्दा ऐनको व्यवस्था परिपालनालाई उचित ध्यान दिनुपर्दछ ।

रानी जमरा कुलरिया सिँचाइ आयोजना, टीकापुर कैलाली

३२. **आयोजनाको कार्यान्वयन -** रानी, जमरा र कुलरिया सिँचाइ प्रणालीको आधुनिकीकरण र सुदृढीकरण गरी कृषि उत्पादन वृद्धि गर्न प्रथम चरणअन्तर्गत कर्णाली नदीको चिसापानीमा इन्टेक निर्माण गरी मूल नहर तथा फिडर नहर निर्माण गरी रानी, जमरा र कुलरिया नहर प्रणालीबाट १४ हजार ३ सय, लम्की विस्तारबाट ६ हजारसमेत २० हजार ३ सय हेक्टर जग्गामा सिँचाइ गर्ने १०.६ कि.मि. फिडर नहर, तीन वटा कन्ट्रोल रेगुलेटर, पहुँच मार्ग निर्माण समेतको कार्य विश्व बैङ्कको सहयोगमा सम्पन्न भइसकेको छ। दोस्रो चरणमा रानी, जमरा र कुलरिया क्षेत्रको कमाण्ड क्षेत्र विकास र पथरैया नदी नियन्त्रण गरी कमान्ड क्षेत्र बचाउ कार्यक्रमको सम्झौता भई कार्यान्वयन शुरु भएको छ। तेश्रो चरणमा पथरैयादेखि कान्द्रासम्म थप १८ हजार हेक्टरमा सिँचाइ पुऱ्याउने उद्देश्यले विस्तृत अध्ययन कार्य सम्पन्न भएको छ। यस आयोजनाको फिडर नहरमा ४.७१ मेगावाटको जलविद्युत निर्माणको कार्य पनि भइरहेको छ। उक्त आयोजनाको म्याद २०८०।९।१५ सम्म रहेको र बाँकी कार्य म्यादभित्र सम्पन्न गर्न कठिन देखिएको छ।

३३. **बजेट कार्यान्वयन -** आयोजना अन्तर्गत २०६७।६८ देखि २०७७।७८ सम्म रू.२० अर्ब ३३ करोड १७ लाख ७२ हजार बजेट व्यवस्था भएकोमा रू.१४ अर्ब ३८ करोड ८४ लाख ८८ हजार खर्च भएको देखिन्छ । सोमध्ये रू.१० अर्ब १२ करोड ९० लाख ३१ हजार नेपाल सरकार, रू.२ अर्ब १२ करोड ४४ लाख ११ हजार वैदेशिक ऋण र रू.२ अर्ब १३ करोड ५० लाख ४६ हजार वैदेशिक अनुदान रहको छ। परामर्श तर्फ रू.३१ करोड ९९ लाख ९८ हजार खर्च भएको देखिन्छ। बजेटको

तुलनामा खर्च ७०.७६ प्रतिशत भएकोले राष्ट्रिय गौरवको आयोजनाको कार्य क्षमता बढाई लक्ष्यअनुसार कार्य सम्पादन गर्नुपर्दछ।

३४. **कमाण्ड क्षेत्रको कार्य प्रगति -** सम्झौताअनुसार विश्व बैङ्क दोस्रो चरणअन्तर्गत रहेका कमाण्ड क्षेत्र डेभलपमेन्ट कार्यको लागि २०७८।२।५ मा परामर्शदातासँग सम्झौता गरेकोमा उक्त परामर्शदाताले २०७८।४।१ देखि कार्यारम्भ गरेको पाइयो। २०७७।७८ मा निर्माण व्यवसायी र परामर्शदाता दुवैले प्रगति प्रतिवेदन पेस गरेको छैन। परामर्शदाताले प्रथम पटक २०७८ पौषसम्मको प्रतिवेदन पेस गरेकोमा कोभिड महामारी, संयुक्त उपक्रमका पार्टनरबीच विवाद, एजबिल्ट नक्सा र परामर्शदाताको ड्रइङ्ग डिजाइनमा फरक, निर्माण व्यवसायीसँग पर्याप्त मात्रामा मेसिनरी सामग्री तथा सर्भेयर, डिजाइन इन्जिनियर, ड्राफ्ट पर्सनजस्ता दक्ष कामदार नरहेको देखिन्छ । उक्त ३ प्याकेजको वित्तीय तथा भौतिक प्रगति न्यून रहेकोले कार्य प्रभावकारिता बढाई समयमै कार्य सम्पन्न गर्नुपर्दछ।

३५. **विद्युत गृह निर्माण तथा सञ्चालन -** यस आयोजनाको रानी जमरा-कुलरिया खण्डको मुख्य नहरमा ४.७१ मेगावाट जलविद्युत आयोजना प्रणाली निर्माण गर्न एक निर्माण व्यवसायीसँग म्याद थप समेत २०७९ आषाढ मसान्तसम्म कार्य सम्पन्न गर्नेगरी रू.१ अर्ब ७३ करोड ३४ लाखमा शुरु सम्झौता भएकोमा १०.४८ प्रतिशत भेरिएसन भई सम्झौता अङ्क रू.१ अर्ब ९१ करोड ५१ लाख कायम भएको छ। निर्माण व्यवसायीलाई यस वर्षसम्म रू.१ अर्ब ३४ करोड ८० लाख भुक्तानी भएकोमा ६८ प्रतिशत भौतिक प्रगति देखिएको छ । जल विद्युत आयोजना सहित नहर सञ्चालनका लागि आवश्यक पर्ने १०० क्यूमेक पानीमध्ये डि-सिल्टिङ बेसिनमा जम्मा भएको बालुवा सफा गर्न २० क्यूमेक पानी प्रयोग गरी बाँकी ८० क्यूमेकमध्ये रानी, जमरा र कुलरिया शाखा नहरहरूको संयुक्त डिजाइन डिस्चार्जअनुसार ५५.५० क्यूमेक पानी आवश्यक पर्ने जनाई ७.८ किलोमिटर फिडर नहर निर्माण गरेको छ। निर्माणाधीन हाइड्रो पावर पूर्ण क्षमतामा सञ्चालन गरी ४.७१ मेगावाट विद्युत उत्पादन गर्न ८० क्यूमेक पानी आवश्यक पर्ने भए तापनि फिडर नहर ५५ क्यूमेक क्षमताको निर्माण गरेकोले पूर्ण क्षमताको जलविद्युत उत्पादन गर्न पानी कम हुने देखिन्छ । सिँचाइका सबै पूर्वाधार निर्माण गर्न १० वर्ष लाग्ने र २०७९ आषाढसम्म हाइड्रो पावर निर्माण सम्पन्न हुने भएकोले ८० क्यूमेक पानीबाट सञ्चालन हुने हाइड्रो पावर पूर्ण क्षमतामा सञ्चालन भई ५ वर्ष भित्र लागत उठ्ने प्रक्षेपण गरे तापनि तोकिएको समयमा हाइड्रो पावर पूर्ण रूपमा सञ्चालन हुने तथा विद्युत वितरण संरचना निर्माण सम्पन्न गर्ने चुनौती रहेको देखिन्छ। लाभ लागत विश्लेषण गरी समयमा निर्माण कार्य सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ।

३६. **थप कार्यको बीमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण व्यवसायीले सम्पूर्ण ठेक्का कार्य, कामदार, उपकरण र निर्माण कार्यसमेतको बीमा गराउनुपर्ने व्यवस्था छ । नहर तथा फिडर नहर र हाईड्रोपावर निर्माण कार्यको ठेक्का रू.१ अर्ब ७३ करोड ३४ लाखमा स्ट्रक्चरको साईजमा परिवर्तन भएको कारणले रू.१८ करोड १६ लाख र लम्की विस्तार तर्फ नहर र सिँचाइ संरचना निर्माणको ठेक्का रू.१ अर्व ७१ करोड ७९ लाखमा रू.७ करोड ५४ लाख भेरिएसनबाट थप भएको देखिन्छ । आयोजनाले थप भएको कार्य रू.२५ करोड ७० लाखको बीमा गराएको देखिएन । जोखिम न्यूनीकरणको लागि सम्झौता थप भएको कार्यसमेतको बीमा गराउनुपर्दछ ।

३७. **लम्की विस्तारको कार्य** - लम्की विस्तार तर्फ १४.६ कि.मि. मूल नहर र सो सँग सम्बन्धित संरचनाहरू निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७३।४।२३ मा रू.१ अर्ब ७१ करोड ७९ लाखको खरिद

सम्झौता भएकोमा पटक पटक म्याद थप गरी सम्झौताको म्याद २०७८।१२।१९ सम्म कायम भएको देखिन्छ । निर्माण व्यवसायीलाई २०७८ आषाढसम्मको रू.१ अर्ब ४५ करोड ६ लाख सम्झौता रकमको ८४.४४ प्रतिशत र मूल्य समायोजन रू.५ करोड ३९ लाख समेत रू.१ अर्ब ५० करोड ४५ लाख भुक्तानी भएकोमा सम्झौताअनुसार गर्नुपर्ने काममध्ये ८ बक्स कल्भर्ट, १३ पेडेस्ट्रियन अन्डरपास, ६ ड्रेन अन्डर पास, ८.५ किमी नहर लाइनिङलगायतका मुख्य कार्यहरू बाँकी रहेका छन् । यो वर्ष ४.३९ प्रतिशत भेरिएसन जारी गरी ठेक्काको मुख्य कार्य मध्ये १४.६ किलोमिटर क्यानल लाईनिङ्ग कार्य ६ किलोमिटर सम्पन्न भएकोमा सिँचाइ सरंचनाको मुख्य प्रगति देखिने ८.६ किलोमिटर लाईनिङ्ग कार्य हटाएको र समयमा कार्य सम्पन्न नहुँदा कमाण्ड एरियामा बस्ती बढेकोले सडक कल्भर्ट बनाउने, रोड क्रसिङको चौडाइ बढाउने, ड्रेन र अन्य संरचनागत कार्यहरू गर्न थप व्ययभार पर्ने देखिन्छ। समयमा कार्य नगर्ने निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनुपर्दछ।

३८. **सिञ्चित क्षेत्र संरक्षण -** सिञ्चित क्षेत्र संरक्षण कार्यअन्तर्गत २३ करोड ८१ लाख ७३ हजारको ४ खरिद सम्झौता भएकोमा सोमध्ये १ कार्य समयमै सम्पन्न भएको देखिन्छ भने रू.१७ करोड ८० लाख ५७ हजारका बाँकी शाहीपुर शनिघाट, कैलाशेश्वर सामुदायिक वन, संकटी घाट र दौलतपुर घाटका कर्णाली नदी किनारका ३ नदी नियन्त्रण कार्यमा २ पटक म्याद थप गर्दा समेत ५५ देखि ७५ प्रतिशतसम्म प्रगति भएको छ। समय तालिकानुसार काम गराउन आयोजनाले पहल गरेको देखिएन। वास्तविकता यकिन गरी क्षतिपूर्तिसहित कार्य गराउनुपर्दछ।

३९. **ऐलानी जग्गा/घर/टहराको क्षतिपूर्ति -** आयोजनाबाट यस वर्ष रू.४ करोड ५१ लाख ३४ हजार मुआब्जा वितरण भएकोमध्ये लम्की क्षेत्रको मूल नहर निर्माणअन्तर्गत ऐलानी जग्गा र सोमा चर्चित घर टहरा, बोट बिरुवा तथा बालीनाली समेतका मुआब्जाका लागि नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार सार्वजनिक पर्ती (ऐलानी)जग्गा मिचेर अनधिकृत रूपमा बस्नेहरूलाई समेत मुआब्जा बापत रू.२ करोड ११ लाख ५२ हजार र ती जग्गामा रहेका घर, टहरा, बोट बिरुवा तथा बालीनालीको क्षतिपूर्ति बापत रू.१ करोड ६ लाख ९१ हजारसमेत रू.३ करोड १८ लाख ४३ हजार भुक्तानी दिएको छ । जग्गाको क्षतिपूर्ति लिई सो क्षेत्रमा मूल नहर निर्माण गरिए पनि नहरको किनारामा पुनः घर टहरा बनाई बसोबास यथावत रहेको छ । जग्गा, घर टहराको क्षतिपूर्ति दिइसकेपछि सो जग्गाको स्वामित्व आयोजनाले ग्रहण गरी जग्गाको उचित संरक्षण र उपयोग गर्नुपर्दछ ।

भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना, सुर्खेत

४०. **कार्य प्रगति -** सुर्खेतको चिप्लेमा बाँध निर्माण गरी टनेल बोरिङ्ग मेसिनले निर्माण गरेको १२ किलोमिटर लामो सुरुङबाट निस्केको पानीबाट ४८ मेगावाट विद्युत उत्पादन गरी भेरी नदीको पानी बबई नदीमा मिसाई ५१ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा प्रदान गर्ने उद्देश्यले यो आयोजना २०६८।६९ मा प्रारम्भ भएको हो । उक्त आयोजनाको निर्माण कार्य २०७१।७२ बाट शुरु भएकोमा २०७९।८० मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । आयोजनाको प्रारम्भिक लागत अनुमान रू.१६ अर्ब ४३ करोड रहेकोमा संशोधित लागत अनुमान रू.३६ अर्ब ८० करोड ६६ लाख कायम भएको छ। आयोजनामा २०७८ आषाढसम्म टनेल निर्माण, परामर्श सेवा, आयोजना व्यवस्थापन, हेडवर्क्स तथा अन्य निर्माण समेतमा रू.१३ अर्ब ९६ करोड ६६ लाख (३७.९३ प्रतिशत) खर्च भएको छ। आयोजनाको हालसम्म भौतिक प्रगति ४८ प्रतिशत रहेकोले समयमा सम्पन्न हुन कठिन देखिएको छ।

४१. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दा पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयन गर्ने क्रममा सिर्जना भएमा कारण खुलाई भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ । आयोजनाले सुरुङ निर्माणतर्फको परामर्शदातालाई २०७७।७८ सम्म पारिश्रमिकतर्फ सम्झौतामा रू.११ करोड ९९ लाख ५ हजार रहेकोमा २१ औँ बिलसम्म रू.१२ करोड २५ लाख १२ हजार भुक्तानी गरेको छ। सम्झौतामा उल्लिखित मानिस/महिनाभन्दा बढी उपयोग गरी भेरिएसन स्वीकृति बेगर रू.५९ लाख ७० हजार थप भुक्तानी गरेको नियमसम्मत देखिएन ।

४२. **संयुक्त उपक्रम, क्षमता र गुणस्तर** - जटिल प्राविधिक दक्षता आवश्यक हुने ठूला पूर्वाधार संरचनाको निर्माणमा संयुक्त उपक्रममा बोलपत्र पेस गर्दा संयुक्त उपक्रमको मुख्य साझेदार अन्य साझेदारहरू आवद्ध भई संयुक्त रूपमा कार्य गर्दा कार्य दक्षता, गुणस्तर र प्रभावकारिता कायम हुने अपेक्षा गरिएको हुन्छ । आयोजनाले भेरी नदीमा ६ वटा ढोकासहितको १५१ मिटर लामो हेडवर्क्ससहित सर्ज शाफ्ट पेनस्टक र विद्युत गृह निर्माणका लागि बोलपत्र आव्हान गर्दा एक संयुक्त उपक्रमसँग रू.६ अर्ब १६ करोड ५२ लाख १५ हजारमा सम्झौता गरेकोमा निर्माण कार्यमा विदेशी मुख्य साझेदार उपस्थिति नभई सहयोगी साझेदार निर्माण कार्यमा संलग्न भएकाले स्वीकृत समय तालिका अनुरूप कार्य हुन सकेको छैन । सम्पन्न गर्नुपर्ने पावरहाउस, बाँधलगायतका निर्माण कार्यहरूको २०७७ आषाढसम्मको प्रगति ३८ प्रतिशत रहेको छ ।

सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना, सिन्धुली

४३. **प्रगति स्थिति** - टनेल बोरिङ मेसिनको सहायताले सुरुङ निर्माण गरी सुनकोशी नदीको पानी १३.३ किलोमिटर लामो सुरुङबाट सिन्धुली स्थित मरिन खोलामा खसाई रौतहट र सर्लाहीको १ लाख २२ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउने तथा ३१ मेगावाट विद्युत उत्पादनसमेत गर्ने उद्देश्यले २०७३ मा शुरु भएको यो आयोजनालाई मन्त्रिपरिषद्बाट २०७६।१०।६ मा राष्ट्रिय गौरवको आयोजनाको रूपमा सञ्चालन गर्ने निर्णय भएको छ । आयोजनाको कुल लागत अनुमान रू.४६ अर्ब १९ करोड ३९ लाख रहेकोमा यो वर्ष रू.१ अर्ब २४ करोडसमेत हालसम्म रू.१ अर्ब ५० करोड ४४ लाख खर्च भई ३.५० प्रतिशत भौतिक प्रगति भएको देखिन्छ । आयोजना कार्यान्वयनमा शीघ्रता ल्याउनुपर्दछ।

४४. **हेडवर्क्स निर्माण** - आयोजनाअन्तर्गत हेडवर्क्स निर्माणको लागि अनुमानित लागत रू.२० अर्ब मध्ये इलेक्ट्रो मेकानिकल निर्माण कार्यको लागत अनुमान रू.१ अर्ब ५० करोड र नदी नियन्त्रण कार्यको लागत अनुमान रू.८० करोड उल्लेख छ। उक्त कार्यको विस्तृत इन्जिनियरिङ कार्यको ड्राफ्ट प्रतिवेदन परामर्शदाताबाट प्राप्त भई सोको मूल्याङ्कन र लागत अनुमान तयारीको कार्य भइरहेको आयोजनाले जनाएको छ । हालसम्म परामर्शदाताबाट अन्तिम विस्तृत इन्जिनियरिङ प्रतिवेदन प्राप्त भई नसकेको अवस्थाले आयोजनाको उक्त कम्पोनेन्टहरूको लागि लागत अनुमान तयारी तथा स्वीकृति, ठेक्का व्यवस्थापन तथा निर्माण कार्यमा ढिलाइ भएको छ। जसले गर्दा आयोजनाको अपेक्षित प्रतिफल, लगानी फिर्ता अवधि र प्रतिफल दरमा असर पर्ने देखिन्छ । आयोजनाले नतिजा खाका तयार गरी सोअनुसार कार्य गर्नुपर्दछ।

४५. **सुरुङ निर्माण** - सुरुङ निर्माणको लागि अनुमानित लागत रू.१५ अर्ब ५९ करोड ४० लाख ४० हजार रहेकोमा स्रोत सुनिश्चित भई ५२ महिनामा कार्यसम्पन्न गर्न मूल्य अभिवृद्धि कर बाहेक रू.१० अर्ब ५ करोड ६८ लाख ३७ हजारमा ठेक्का सम्झौता भएको छ। निर्माण व्यवसायी र आपूर्तक एक विदेशी कम्पनी बीचको सम्झौतानुसार खरिद आदेश भएको १५ महिना भित्र उक्त मेसिन आपूर्ति गर्ने व्यवस्था रहेको पाइयो। टनेल बोरिङको डिजाइन फाइनल हुन बाँकी रहेकोले सम्झौता अवधि १० महिना व्यतीत भइसक्दा समेत निर्माण व्यवसायीले मेसिन आपूर्तकलाई खरिद आदेश दिन नसकेको अवस्था छ। टनेल बोरिङ मेसिन रि-इन्जिनियरिङ कार्यको सन्दर्भमा एक विदेशी कम्पनीबाट फेब्रुअरी, २०२२ भित्र मुख्य पाट्र्सको रि-इन्जिनियरिङ शत प्रतिशत तथा ब्याकअपको रि-इन्जिनियरिङ ८५ प्रतिशत सम्पन्न गर्ने लक्ष्य रहेको छ। यद्यपि हालसम्म डिजाइन स्वीकृत नभएकोले मेसिन आपूर्तिमा हुन सक्ने ढिलाइले समग्र टनेल निर्माणको समय र लागत बढ्ने हुँदा सम्झौतानुसारको अवधिमा टनेल निर्माण कार्य सम्पन्न गर्न आयोजना व्यवस्थापनको ध्यान जानुपर्ने देखिन्छ।

४६. **कर छुट** - टनेल निर्माणसम्बन्धी सम्झौताको शर्त नं. १४.१ मा नेपालमा लाग्ने सम्पूर्ण कर तथा शुल्कहरू निर्माण व्यवसायीले व्यहोर्नुपर्ने उल्लेख छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले आयोजनाको हेडरेस टनेल र सम्बन्धित संरचना निर्माणसम्बन्धी कार्यको लागि निर्माण व्यवसायीले भन्सार सुविधामा पैठारी गरी भेरी बबई डाइभर्सन बहुद्देश्यीय आयोजनाको टनेल निर्माणमा प्रयोग भएको टनेल बोरिङ मेसिन र यससँग सम्बन्धित उपकरणहरू रिईन्जिनिरिङ गरी सुनकोशी मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजनामा प्रयोग गर्ने गरी स्थानान्तरण गरी लैजान अर्थमन्त्रालयमा सहमतिको लागि लेखी पठाएको देखिन्छ। सो सम्बन्धमा अर्थ मन्त्रालयबाट एउटा आयोजनाको नाममा अस्थायी रूपमा पैठारी गरेको उपकरण निर्धारित अवधिभित्र फिर्ता नगरी अन्य आयोजनामा स्थानान्तण गरी प्रयोग गर्न पाइने स्पष्ट व्यवस्था नभएको र पूर्व अभ्यास समेत नदेखिएको हुँदा यन्त्र/उपकरणको बोलपत्र सम्बन्धी कागजातमा कर छुटसम्बन्धी व्यवस्था नभएको जवाफ प्राप्त भएको देखिन्छ । सो उपकरण रि-इन्जिनियरिङ वा पैठारीमा कर/महसुल छुटको व्यवस्था गरेको ठेक्का व्यवस्थापनमा स्वच्छ प्रतिस्पर्धामा असर पर्ने देखिँदा बोलपत्र कागजातबमोजिम आवश्यक सहजीकरण हुनुपर्ने देखिन्छ।

बबई सिँचाइ आयोजना, बर्दिया

४७. **प्रगति स्थिति** - बबई नदीको पूर्वी क्षेत्रमा २१ हजार हेक्टर र पश्चिममा १५ हजार समेत ३६ हजार हेक्टर जमिनको सिँचाइ सुविधा पुऱ्याउन तटबन्ध तथा बाँध निर्माण र मुख्य नहर, शाखा नहरलगायतका संरचना निर्माणको लागि २०७५।७६ देखि २०७९।८० सम्म निर्माण कार्य सम्पन्न गर्न रू.१८ अर्ब ९६ करोड ३० लाखको नयाँ गुरुयोजना २०७६।१।१४ मा स्वीकृत भएको देखिन्छ । उक्त अवधिमा निर्माण कार्य सम्पन्न हुन नसक्ने भई २०७७।७८ देखि २०८२।८३ सम्म ६ वर्षमा सम्पन्न गर्न २०७८।१।२१ मा छैटौं पटक नयाँ गुरुयोजना स्वीकृत भएको छ। आयोजनामा यो वर्ष रू.१ अर्ब ४३ करोड २२ लाख समेत २०७८ आषाढ मसान्तसम्म रू.९ अर्ब ९२ करोड २७ लाख (५२.३२ प्रतिशत) खर्च भएको छ । आयोजनाको हाल सम्मको भौतिक प्रगति ५६.३८ प्रतिशत रहेको छ । आयोजनाको कुल कार्यमध्ये मूल नहर निर्माण तथा लाइनिङ्ग कार्य १२ कि.मि., शाखा, उप-शाखा नहर १०४ कि.मि., सिँचित क्षेत्र विस्तार १२ हजार ४०० हेक्टर र जग्गा अधिग्रहण कार्य

१५४ हेक्टर बाँकी देखिएकोले गुरुयोजनाले लक्षित गरेको समयमा आयोजना सम्पन्न गर्न कठिन हुने देखिन्छ।

महाकाली सिँचाइ आयोजना, तेस्रो, कञ्चनपुर

४८. **लागत -** आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन, २००१ मा कञ्चनपुर र कैलाली जिल्लाको केही भागमा सिँचाइ सुविधा पुऱ्याउन रू.११ अर्ब १६ करोड ८३ लाख लागत लाग्ने उल्लेख भएकोमा २०१८ मा अद्यावधिक गरेको विवरणअनुसार आयोजनाको लागत रू.३५ अर्ब लाग्ने अनुमान रहेको छ। गुरुयोजनाअनुसार समयमा कार्य सम्पादन नहुँदा आयोजनाको अनुमानित लागत २१३.३९ प्रतिशतले वृद्धि भएको छ। यो वर्षसम्म जग्गा अधिग्रहणमा रू.९७ करोड ४५ लाख, निर्माण कार्यमा रू.२ अर्ब ८२ करोड ९५ लाख र परामर्श सेवामा रू.९ करोड ५ लाख र अन्य (कन्टिन्जेन्सी समेत) तर्फ रू.५९ करोड ४१ लाखसमेत रू.४ अर्ब ४८ करोड ८६ लाख खर्च भएको छ।

४९. **प्रगति स्थिति** - आयोजनाले सम्पन्न गर्नुपर्ने मुख्य भौतिक क्रियाकलापअन्तर्गत मूल नहर १५२ किलोमिटर मध्ये १३ वर्षमा १२.७ किलोमिटर, १२२ ड्रेन साईफन मध्ये २०, ५१ नहर साईफन मध्ये १४, सडक पुल १७४ मध्ये २, ग्रामीण सडक पुलहरू ४३५ मध्ये ३१, राजमार्ग पुल ६ मध्ये ३, स्केप पानी निकास ७२ मध्ये १ निर्माण भएको तथा जग्गा अधिग्रहण १ हजार २०० हेक्टर मध्ये १६७ हेक्टर अधिग्रहण भएको छ। त्यसैगरी शाखा/प्रशाखा नहर १ हजार १९६ किमी, एक्वाडक्ट ६, ड्रप ३९३ जस्ता संरचना निर्माण कार्य शुरु भएको छैन। पानीको सुनिश्चितता गरी आयोजना निर्माण कार्यमा क्रियाशिलता ल्याई समयमा सम्पन्न गर्न पहल गर्नुपर्दछ।

५०. **असम्बन्धित आइटम** - सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण कार्यसँग सम्बन्धित आईटमहरू समावेश गर्नुपर्ने र २०६९।९।२ पछि खरिद सम्झौता गर्दा निर्माण कार्यसँग असम्बन्धित खर्चहरू ठेक्कामा समावेश नगर्न सार्वजनिक लेखा समितिले निर्देशन गरेको छ । महाकाली सिँचाइ आयोजना तेस्रो चरणको चेनेज १८+५०० किलोमिटर देखि चेनेज २३+३०० किलोमिटरसम्मको निर्माण कार्यका लागि २०७७।१०।१४ सम्ममा सम्पन्न गर्ने गरी एक व्यवसायीसँग मूल्य अभिवृद्धि कर सहित रू.७९ करोड ५६ लाख ६५ हजारको सम्झौता भएकोमा सो मध्ये रू.१ करोड ९७ लाख २४ हजार लागतको सैनिक क्याम्प स्थापना कार्य प्रोभिजनल सममा राखी निर्माण व्यवसायीसँग वार्ता गरी रू.१ करोड ९४ लाख ७५ हजारमा सम्झौता गरी कार्य गराएको र मूल्य अभिवृद्धि करसमेत रू.८४ लाख ८९ हजार खर्च लेखेको छ। निर्माण कार्यसँग सम्बन्धित आईटमहरू लागत अनुमानमा समावेश गर्नु पर्नेमा थप व्ययभार पर्ने गरी शुक्लाफाँटा वन्यजन्तु आरक्षभित्रको सैनिक क्याम्प निर्माणको लागि एकमुष्ट रकम राखी ठेक्का सम्झौता गरेको उचित देखिएन।

५१. **मूल्य समायोजन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ अनुसार सार्वजनिक निकायले मूल्य समायोजन गर्न सकिने कुरा खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ । आयोजनाको ३ ठेक्कामा मूल्य समायोजन सम्बन्धमा सामान्य शर्त तथा विशेष शर्तमा फरक फरक व्यवस्था रहेको पाइयो । सम्झौताको सामान्य शर्तमा श्रम, सामग्री र उपकरण उपयोग अन्तर्गत यातायातका साधन र मेसिनरी सामानको भार रहेकोमा मूल्य समायोजन तालिकामा श्रम, सामग्री र उपकरण उपयोगमा नेपाल

आयल निगमको मूल्य सूचीअनुसार २०१७।११।२८ को मूल्य प्रति लिटर रू.७४।- रहेको छ भने व्यवसायीले पेस गरेको बोलपत्र कागजातमा आधार मूल्य नेपाल आयल निगमले रू.७८।- ले हुने उल्लेख छ । यसैगरी बोलपत्रको मूल्य समायोजन तालिकामा व्यवसायीबाट कुनै भार उल्लेख गरेको देखिएन । व्यवसायीले पेस गरेको बोलपत्र कागजात र सम्झौतामा उल्लिखित मूल्य समायोजन टेबल बीचमा तादात्म्यता देखिँदैन । यस सम्बन्धमा अन्य निर्णय पेस हुन आएन। बोलपत्र पेस भएको आधार २०१७।११।२८ को नेपाल आयल निगमले तोकेको इन्धनको मूल्य प्रति लिटर रू.७४।-नभई रू.७८।-रहेको देखिन्छ। उल्लिखित दिनको आधारमूल्य रू.७८।- हुँदा २०७७।७८ सम्म रू.१ करोड ७४ लाख ९४ हजार मूल्य समायोजन बढी भुक्तानी भएको देखिएको छ । सो मध्ये यो वर्ष रू.६४ लाख ६० हजार भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

५२. **मुआब्जा -** जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ बमोजिम नेपाल सरकारले कुनै सार्वजनिक कामको निम्ति जग्गा प्राप्तिको मुआब्जा रकम निर्धारण गर्न दफा १३ बमोजिम प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा समिति गठन गरी मुआब्जाको दर कायम गर्ने व्यवस्था छ। यो वर्ष १४१ व्यक्तिलाई रू.२५ करोड ४ लाख ३७ हजार मुआब्जा वितरण गरेको छ ।

जग्गा प्राप्ति ऐन, २०३४ मा सार्वजनिक जग्गामा अनधिकृत रूपमा निर्माण भएका घरको क्षतिपूर्ति दिन मिल्ने व्यवस्था छैन। स्थानीय तहको सिफारिसमा र २० वर्षभन्दा बढी उपभोग गरेको जग्गाधनी प्रमाणपुर्जा नभएका ऐलानी जग्गामा बसोवास गरेको ८९ व्यक्तिको घरको रू.७ करोड ७ लाख ७३ हजार मूल्याङ्कन गरी रू.६ करोड ३३ लाख १४ हजार क्षतिपूर्ति भुक्तानी गरेको छ । जग्गा, घर टहराको क्षतिपूर्ति दिइसकेपछि सो जग्गाको स्वामित्व आयोजनाले ग्रहण गरी जग्गाको उचित संरक्षण र उपयोग गर्नुपर्दछ ।

सिक्टा सिँचाइ आयोजना, नेपालगन्ज

५३. **समग्र प्रगति-** आयोजनाले मुख्य कार्यक्रम तथा क्रियाकलापको कम्पोनेन्टवाइज समग्र प्रगति प्रतिवेदन तयार गरेको पाइएन। आयोजनाको मूल बाँधको संरचना, गेट निर्माण तथा जडान कार्य र पश्चिमतर्फको नहर निर्माण कार्य सम्पन्न भएको छ । त्यसैगरी पूर्वतर्फको ५३.५ किलोमिटर नहरको निर्माण कार्य करिब ८० प्रतिशत सम्पन्न भएको छ । यसरी डुडुवा शाखा नहर प्रणालीको ठेक्का अन्त्य भई निर्माण व्यवसायी आर्बिट्रेसनमा रहेकोले सोसँग सम्बन्धित कार्यहरू शुरु भएको देखिएन । अन्य शाखा तथा उपशाखा नहरको निर्माण कार्य, जग्गा अधिग्रहणको कार्य बाँकी रहेको देखिन्छ। आयोजना सम्पन्न हुने अवधि १ वर्ष बाँकी रहँदा भौतिक प्रगति ७०.९ प्रतिशत मात्र भएको छ । लक्षित अवधिमा योजनाको निर्माण कार्य सम्पन्न गर्न पहल गर्नुपर्दछ।

५४. **लागत संशोधन -** बाँके जिल्लाको अगैयास्थित राप्ती नदीमा बाँध निर्माण गरी जिल्लाका ६ गाउँपालिका र २ नगरपालिका क्षेत्रका ४२ हजार ७६६ हेक्टर कृषि योग्य भूमिमा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यले रू.७ अर्ब ४४ करोड ७६ लाख लागत अनुमानमा २०५९।६० मा आयोजना स्थापना भएकोमा हाल संशोधित लागत अनुमान रू.२५ अर्ब २ करोड पुगेको देखिन्छ । आयोजनाको निर्माण कार्य २०७८।७९ भित्र सम्पन्न गर्ने गरी लक्ष्य निर्धारण भएको देखिन्छ । तीन चरणमा पूरा हुने आयोजनाको पहिलो चरणमा हेडवर्क्स, डिसिल्टिङ्ग बेसिन र ब्यारेज गेट निर्माण, दोस्रो चरणमा मूल नहर तथा शाखा

नहरको काम र तेस्रो चरणमा कमाण्ड क्षेत्र विकाससम्बन्धी काम गरिने योजना रहेको छ। गत वर्ष सम्म रू.१६ अर्ब ९७ करोड र यो वर्ष रू.१ अर्ब ८ करोडसमेत कुल रू.१८ अर्ब ५ करोड लागत अनुमानको ७२.१४ प्रतिशत खर्च भएको छ । आयोजनाको निर्माण कार्य रू.२५ अर्ब २ करोडको अधीनमा रही २०७८।७९ सम्म म्याद थप गरेकोमा आयोजनाले पूर्व प्रस्तावित लागतमा र समयमा सम्पन्न गर्न नसिकने उल्लेख गरी पुनः संरचना थप गरी रू.३९ अर्ब ९८ करोड संशोधित लागत अनुमान तयार गरी पेस गरेकोमा सो स्वीकृत हुन बाँकी रहेको देखिन्छ।

५५. **व्यवस्थापकीय त्रुटि -** आयोजनाको पूर्वी भागको चेनेज ०+००० देखि ५३+५०० किलोमिटर सम्मको नहर निर्माणको लागि एक संयुक्त उपक्रमसँग रू.३ अर्ब ६ करोड ९८ लाख ५९ हजारमा २०७६।८।२ सम्म सम्पन्न हुनेगरी सम्झौता भएको देखिन्छ। पछिल्लो म्याद थप पश्चात २०७८।१२।३० मा सम्पन्न हुने गरी म्याद थप भएकोमा उक्त अवधिसमेत व्यतीत भइसक्दा आयोजनाको प्रगति करिब ८० प्रतिशत मात्र रहेको छ । पूर्वी नहरको चेनेज ४४+९०० किलोमिटर सम्मका सबै रेखाङ्कनमा सार्वजनिक जग्गा र जंगलबाट जानु र उक्त चेनेज पछाडिका जग्गाहरू कृषियोग्य जमिन भएकोले कृषकले नहर निर्माण गर्न जग्गा उपलब्ध नगराउनु, आयोजनाको विस्तृत डिजाइन तथा लागत अनुमान स्वीकृत हुने क्रममा समेत सम्बद्ध अधिकारीले चेनेज २५+०५० देखि ५३+५०० किलोमिटरसम्म प्रस्ताव समेत नगरेको स्थिति छ। आयोजनाको सिलसिलाबद्ध कार्य प्रक्रिया तथा व्यवस्थापकीय पक्षमा विचार नगरी खरिद कार्य शुरु गरेका कारण आयोजनाको लागत र समय दुवै बढ्न जाने देखिएको छ । आवश्यक पूर्व तयारी नगरी ठेक्का व्यवस्थापन गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

५६. **अपूर्ण काम -** ठेक्का सम्झौताअनुसार कार्य सम्पादन गर्न विभिन्न ४ स्थानबाट छुट्टाछुट्टै कार्य सञ्चालन गरे पनि प्रत्येक खण्डमा काम अपुरो छाडी अगाडि बढ्ने गरेको पाइयो । यसले गर्दा निर्मित संरचनामा वर्षातको समयमा क्षति पुग्ने सम्भावना रहेको छ । चेनेज १+६९० देखि ३६+८२५ किलोमिटरसम्म निर्मित नहरसँगै इनलेट ड्रेनहरू निर्माण गर्नुपर्नेमा हालसम्म एउटा पनि निर्माण भएको देखिएन। यसैगरी ०+५४० देखि ०+६०० सम्म र विभिन्न चेनेजसहित १९+०० देखि १९+०२० किलोमिटरसम्म क्याच ड्रेन निर्माण गर्नुपर्नेमा एउटा मात्रै बनाएको देखिएको छ । ड्रेन इन्लेट र क्याच ड्रेनको कार्य अधुरो राख्नाले जंगलबाट वर्षातको समयमा बाढी आउँदा सोझै नहरमा पसी क्षति गर्ने र माथिको भागबाट माटो प्वाल पारी स्लोप क्षति हुने स्थिति स्थलगत निरीक्षणबाट देखिन्छ । आयोजनाले बनाएको नहर र सम्बद्ध संरचनालाई गुणस्तरीय, बलियो र टिकाउ बनाउन सम्बद्ध निर्माण स्थलका सबै काम सम्पन्न गरी अघि बढ्नुपर्नेमा चेनेज ०+८००, १+६९०, ०+५४०-०+६००, ३६+८२५ किलोमिटरसम्म आवश्यक संरचना निर्माण नगरी अघि बढेको पाइयो । निर्मित कार्य पूर्ण रूपमा सम्पन्न नगरी क्याच ड्रेन, ड्रेन इनलेट, बायो इन्जिनियरिङ, टर्फिङ्ग, सेडिमेन्ट, डेब्रिज हटाउनेलगायतका कार्य बाँकी रहेको देखिन्छ । तसर्थ सम्पूर्ण कार्य सम्पन्न गरेर अगाडि बढ्दै जानुपर्ने देखिन्छ ।

५७. **मूल्य समायोजन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १२ महिनाभन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा मूल्य समायोजन गर्न सकिने उल्लेख छ। यसरी समायोजन दिँदा तोकिएको अवधिमा कार्य सम्पन्न नभई म्याद थप गर्दा थप व्ययभार नपर्ने गरी म्याद थप गर्नुपर्ने हुँदा तोकिएको

अवधिपछि अघिल्लो सूचकाङ्कबाट मूल्य समायोजन गणना गर्नुपर्नेमा एक निर्माण व्यवसायीलाई सम्झौताको शुरु अवधिभन्दा पछिको मूल्य वृद्धि दिँदा अन्य सूचकाङ्कबाट बढी भुक्तानी भएको रू.२९ लाख ३३ हजार असुल हुनुपर्दछ ।

कर्णाली नदी व्यवस्थापन आयोजना, बर्दिया

५८. **लागत अनुमान -** कर्णाली नदीको बायाँ किनारा र गेरुवा नदीको दायाँ बायाँ किनारा गरी कुल ७१.३ किलोमिटर लामो ग्याबियन तार जालीमा ढुङ्गा भरी तटबन्ध निर्माण गर्न २०७१।७२ देखि शुरु गरी आयोजनाको कार्यक्षेत्र रहेको विगत वर्षमा सम्पन्न भई बाँकी रहेको ५३.७५ किलोमिटर नदी व्यवस्थापन कार्य २०८५।८६ मा सम्पन्न गर्नेगरी रू.१२ अर्ब ८० करोड ७४ लाखको लागत अनुमान २०७६।१०।८ मा स्वीकृत गरेको छ ।

आयोजनामा २०७७।७८ मा रू.३३ करोड ७० लाख ७३ हजार समेत यस वर्षसम्म रू.१ अर्ब ६५ करोड १५ लाख ९३ हजार खर्च भएको छ। स्वीकृत खरिद योजनाको ५८.२९ प्रतिशत मात्र खर्च गरेकोले लागत अनुमानअनुसार हालसम्मको प्रगति १३ प्रतिशत छ। तसर्थ लक्षित अवधिमा योजना सम्पन्न गर्न थप सक्रियतापूर्वक कार्य गर्नुपर्दछ।

५९. **नर्म्सको तर्जुमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नर्म्सको आधारमा लागत अनुमान तयार गर्ने र कुनै खास कामको लागि कुनै खास प्रकारको नर्म्स आवश्यक परेमा प्राविधिकबाट आवश्यक नर्म्स तयार गर्न लगाई विभागीय प्रमुखबाट स्वीकृत गराउन सक्ने उल्लेख छ। आयोजनाले कर्णाली नदी व्यवस्थापन आयोजना अन्तर्गत राजापुर नगर पालिका-१, तिहुनीमा नदीको बाँया किनारामा तटबन्ध मर्मत सम्भार तथा स्पर टो वाल निर्माणको लागि न्यूनतम ५०० एम.एम. को ठुलो साइजको बोल्डर १२ हजार ९४८.५५ घनमिटरको रू.२ करोड ९७ लाख ८१ हजारको काम गर्नुपर्नेमा सोको नर्म्स रहेको छैन। नर्म्स बेगरको लागतमा विश्वस्त हुन सकिएन। नर्म्सको तर्जुमा गरी बनाई सोअनुसार लागत अनुमान तयार गर्नुपर्दछ।

६०. **लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम लागत अनुमान तयार गर्दा दर विश्लेषणको आधारमा उपलब्ध जिल्ला दररेट, गत वर्षको दररेटको आधार तथा अन्य सार्वजनिक निकायले प्रयोग गरेको दरलाई आधार मानी तयार गर्नुपर्छ । यसैगरी यातायात तथा ढुवानी सेवाको उपलब्धता, लोड अनलोडसमेतलाई स्थलगत भौगोलिक स्थिति र दुरीको आधारमा यथार्थपरक लागत अनुमान तयार गर्नुपर्दछ। आयोजनाअन्तर्गत नदी नियन्त्रणसम्बन्धी इम्ब्याङ्कमेण्ट, स्लोपिङ रिभेटमेण्ट, स्पर तथा स्टड, लन्चिङ एप्रोनको कार्य गर्दा जालीमा ढुङ्गा भर्ने कार्यको लागि यो वर्षमा सम्पन्न भएका तथा जारी रहेका निर्माण कार्यसम्बन्धी संरचनाको नियमित रनिङ बिलको बिल अफ क्वान्टिटी परिमाणअनुसार बोल्डरको मात्रै लागत अनुमानको विश्लेषण गर्दा हलेजबापत ढुवानी लागत गणना गर्दा कच्ची ५ किमि र ग्राभेल २ किलोमिटर गरी ७ किलोमिटर दूरी कायम गरी हलेजको व्यवस्था गर्दा प्रति घनमिटर बोल्डरको लागत रू.१ हजार ५६१ परेको देखियो । कर्णाली नदीको विभिन्न स्थानबाट बोल्डर सङ्कलन गरेको उल्लेख भएपनि खास स्थान तोकेको छैन भने निर्माणाधीन सबै स्थानमा पर्याप्त मात्रामा बोल्डरलगायतका नदीजन्य सामग्री ३ किलोमिटर भित्रको दूरीमा रहेको देखिन्छ । कतिपय स्थानमा १ किलोमिटर भित्रकै दूरीमा बोल्डर रहेको देखिन्छ । ग्याबियन बक्समा हाल्ने बोल्डर सङ्कलन गर्न अधिकतम हलेज ४

किलोमिटर कायम गर्दा उक्त ३ ठेक्का कार्यको लागत अनुमानमा रू.२ करोड ४२ लाख ८२ हजार थप व्ययभार परेको देखिन्छ ।

सुनसरी मोरङ सिँचाइ आयोजना, मोरङ

६१. **पानीपोत -** सुनसरी-मोरङ सिँचाइ आयोजनामा गठन भएको समितिले २०५९।९।२३ को निर्णयानुसार २०५९।६० देखि पानीपोत (सेवा शुल्क) प्रति हेक्टर रू.३०० निर्धारण गरेको छ। आयोजनाको राजस्व शाखाबाट प्राप्त विवरणअनुसार योजना अन्तर्गत सञ्चालित २० नहर प्रणालीमध्ये ११ नहर प्रणालीबाट मात्र आंशिक सिँचाइ सेवा शुल्क पानीपोतको लगतअनुसार उठाएको देखियो। यो वर्ष आयोजनाले कुल सिँचित क्षेत्र ५७ हजार ८३३ हेक्टर जमिनको प्रति हेक्टर रू.३०० का दरले रू.१ करोड ७३ लाख ५० हजारको २० प्रतिशतले हुने रू.३४ लाख ७० हजार र १० प्रतिशतले हुने रू.७ लाख ३५ हजारसमेत रू.४२ लाख ५ हजार लगत कायम गरेकोमा २०७७।७८ मा उपभोक्ताले सङ्कलन गरेको सेवा शुल्क रू.३४ लाख ४१ हजारमा रू.६ लाख ७२ मात्र गतको दाखिला गरेको छ । यो वर्षको असुल गर्न बाँकी रू.४२ लाख ५ हजार असुल गरी संघीय राजस्व खातामा दाखिला गर्नुपर्दछ।

६२. **भुक्तानीमा कर कट्टी** - आयकर ऐन, २०५८ को दफा ८९(३क) अनुसार रू.५० लाख भन्दा बढी भुक्तानी हुने उपभोक्ता समितिको भुक्तानीमा १.५ प्रतिशतका दरले अग्रिम करकट्टी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न ८३ उपभोक्ता समितिलाई रू.५० लाखभन्दा बढी भुक्तानी गर्दा घटी कर कट्टी गरेको रू.३२ लाख ५६ हजार सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ ।

सप्तकोशी उच्च बाँध बहुउद्देश्यीय आयोजना, मोरङ (२०७६।०७७)

६३. **तालिम खर्च -** विश्वव्यापी महामारी कोभिड-१९ को कारण नेपाल सरकारले २०७६।११।११ देखि देशव्यापी रूपमा बन्दाबन्दी गरेको समयावधिमा आयोजनाले कम्प्युटर तालिम २०७६।३।३ मा सम्पन्न गर्नेगरी २०७६।१२।१९ मा र प्लम्बिङ, वेल्डिङ र इलेक्ट्रिकल तालिम २०७६।३।२३ सम्म सम्पन्न गर्ने गरी २०७६।१२।१३ मा सम्झौता भएको देखिन्छ । सम्झौताअनुसार ५ दिन तालिम कार्यक्रम तयारी र ५ दिन अन्तिम प्रतिवेदन तयारीसहित कम्प्युटर तालिम ७० दिन र अन्य तालिम १०० दिनभित्र सम्पन्न गर्नुपर्ने कुरा उल्लेख छ। आयोजना र परामर्शदाताहरूबीच २०७७।३।११ मा भएको बैठकमा तालिम मोडालिटीबारे विस्तृत पूरक प्रतिवेदन तयार गरी आयोजनामा पेस गर्ने निर्णय भएकोमा प्रतिवेदन पेस भएको पाइएन । परामर्शदाताबाट काम नै नभएको र बन्दाबन्दीको कारण काम हुने अवस्था समेत नरहेकोमा तालिम सम्पन्नको प्रारम्भिक प्रतिवेदन तयार गरी २०७७।३।३० मा परामर्शदातालाई भुक्तानी भएको रू.१९ लाख ८५ हजार भुक्तानी दिने जिम्मेवार कर्मचारीहरूलाई विभागीय कारबाही गरी असुल गर्नुपर्दछ।

संगठित संस्था तथा समिति

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र विकास समिति

वैकल्पिक तथा स्वच्छ ऊर्जा शक्ति बायोग्याँस लगायतको व्यवस्थापन गर्ने उद्देश्यले २०५३।७।१३ मा यो केन्द्रको स्थापना भएको हो ।

६४. **अनुदानको उपयोग -** यो वर्ष वैदेशिक अनुदानबाट रू.१ अर्ब ७ करोड ७५ लाख र वैदेशिक ऋणबाट रू.१७ करोड समेत रू.१ अर्ब २४ करोड ७५ लाख खर्च व्यहोरिने गरी बजेट विनियोजन भएकोमा वैदेशिक अनुदान रू.३९ करोड ४४ लाख खर्च भएको छ भने वैदेशिक ऋणतर्फ खर्च भएको छैन । कूल वैदेशिक स्रोतको बजेट विनियोजनको तुलनामा ३१.६२ प्रतिशत वैदेशिक सहायताको अधिकतम तथा प्रभावकारी उपयोग गर्नुपर्दछ ।

६५. **रुग्ण आयोजना -** जडित योजनाहरूको अधिकतम उत्पादन गरी उच्च क्षमतामा उपयोग गर्ने गरी दिगो रूपमा सञ्चालन हुनुपर्दछ। यस केन्द्रको प्रत्यक्ष संलग्नतामा १० किलोवाट भन्दा बढी क्षमताका ९८९ र १० किलोवाटसम्मका ८९१ गरी जम्मा १ हजार ८८० लघु जलविद्युत योजना जडान भएको पाइयो। १० किलोवाट भन्दा बढी क्षमताका उल्लिखित योजना कार्यसम्पादन अवस्थाको अध्ययन गर्दा ७६ योजना रुग्ण भएको पाइयो। त्यसैगरी १० किलोवाट भन्दा साना ८९१ योजनाको केन्द्रले नगरेको कारण सञ्चालन अवस्था सम्बन्धमा यकिन गर्न सकिएन। जडान योजनाको सञ्चालन अवस्थाको निरन्तर अध्ययन गर्नुका साथै मर्मत सम्भार कोषको व्यवस्था गरी नियमित मर्मत सम्भार गर्नुपर्दछ।

६६. **स्वच्छ विकास संयन्त्र -** कार्बन व्यापारबाट प्राप्त हुने आम्दानीमध्ये ८० प्रतिशतभन्दा बढी रकम सम्बन्धित वैकल्पिक ऊर्जा प्रविधिको प्रवर्द्धनको लागि अनुदान प्रदान गर्न र बाँकी आम्दानी सो केन्द्रको कार्बन क्रियाकलापसम्बन्धी क्षमता अभिवृद्धि लगायतका कार्यहरूमा सम्बन्धित समुदायलाई सहयोगमा उपयोग गर्ने मन्त्रिपरिषद्बाट निर्णय भएको छ। कार्बन व्यापारबाट यो वर्षसम्म रू.६० करोड ४६ लाख ४ हजार आम्दानी भएको छ। केन्द्रले प्राप्त अनुदान खर्च गरेको छैन। मौज्दात रकम तोकिए बमोजिम परिचालन गर्न नीति तय गर्नुपर्दछ ।

६७. **रिभल्भिङ बायोग्याँस क्रेडिट कोष** - कोषले विगतमा विभिन्न ११२ सहकारी संस्थालाई उपलब्ध गराएको कर्जा मध्ये हाल ३४ संस्थासँग रू.७ करोड १३ लाख ७१ हजार असुल गर्न बाँकी रहेको देखिन्छ। अर्थ मन्त्रालय र वैकल्पिक ऊर्जा प्रर्वद्धन केन्द्रबीच भएको सम्झौताको बुँदा नं. १(३) मा केन्द्रले प्रत्येक वर्षको जुन, १५ र डिसेम्बर, १५ मा किस्ता रकम तिर्नुपर्ने व्यवस्था भएकोमा केन्द्रले हालसम्म त्यस्तो किस्ता बुझाउने गरेको देखिएन । हालसम्म फिर्ता गर्नुपर्ने किस्ताको रू.१८ करोड २१ लाख ५१ हजार वासलातमा देखाएकोले हिसाब राफसाफ गर्नुपर्दछ।

६८. **केन्द्रीय नवीकरणीय ऊर्जा कोष**– ग्रामीण विद्युतीकरण तथा स्वच्छ ऊर्जा सेवा उपलब्ध गराउन नेपाल सरकारको दीर्घकालीन लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउन, नवीकरणीय ऊर्जा सेवाको प्रयोगबाट जनस्वाथ्य र शिक्षामा सुधार गर्न ग्रामीण घरपरिवारलाई प्रोत्साहन गर्ने उद्देश्यले स्थापना भएको केन्द्रीय नवीकरणीय ऊर्जा कोषमा यो वर्ष गत वर्षको मौज्दातसमेत रू.४ अर्ब १३ करोड ५२ लाख आय भएकोमा रू.१ अर्ब २४ करोड ८१ लाख ६० हजार खर्च देखाएको छ । उक्त खर्च रकम यकिन हुने स्रेस्ता कागजात कोषको सचिवालयको छुट्टै तयार गर्नुपर्नेमा बैङ्कमा देखाएको खर्चको आधारमा लेखाङ्कन गरेकोले खर्चको यथार्थता यकिन हुन सकेको छैन ।कोष सञ्चालन निर्देशिकाको बुँदा नं. २५ अनुसार विकास साझेदारहरूबाट कोषमा जम्मा हुने रकम केन्द्रमार्फत् प्रबन्धक बैङ्कको खातामा रहने र प्रबन्धक बैङ्कमा लगानी खाता, अनुदान खाता, कर्जा खाता र सचिवालय गरी ४ खाता सञ्चालनमा रहने उल्लेख छ। २०७८ आषाढ मसान्तसम्म प्रबन्धक बैङ्कमा रू.२ अर्ब ८८ करोड ७१ लाख ३ हजार मौज्दात रहेको छ । प्रबन्धक बैङ्कमा रहेको एक वाणिज्य बैङ्कबाट प्राप्त खाताहरूको विवरणअनुसार

विभिन्न २३ खाता खोलेकोमा दातृ निकाय खाता लगानी खाता सचिवालय सञ्चालन खाता र प्रतिवद्धता खाता सञ्चालनमा रहेको छैन् । कोष सञ्चालन निर्देशिकाअनुसार मौज्दात रकम परिचालन गरी थप आय आर्जन गर्नुपर्ने लगायतका माथि उल्लिखित विषयहरूमा सुधारको लागि गत वर्षहरूमा पनि दिएको सुझावहरूको पालना भएको देखिएन यसमा सुधार हुनुपर्दछ।

नेपाल विद्युत प्राधिकरण

विद्युत प्राधिकरण ऐन, २०४१ अनुसार २०४२ सालमा नेपाल विद्युत प्राधिकरणको स्थापना भएको हो । जलविद्युत उत्पादन, प्रसारण तथा वितरण गर्न नेपाल सरकारको पूर्ण स्वामित्व रहेको एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संस्था हो । प्राधिकरणबाट २०७७।७८ सम्म उत्पादित विद्युत २ हजार ८११ गिगावाट घण्टा, अन्य उत्पादकबाट उत्पादित ३ हजार २४१ गिगावाट घण्टा तथा आयात २ हजार ८२६ गिगावाट घण्टासमेत ८ हजार ८७८ गिगावाट घण्टा रहेको छ । यो बर्ष ४४ गिगावाट घण्टा विद्युत निर्यात भएको छ । यो वर्षसम्म प्राधिकरणको ग्राहक संख्या ५१ लाख ८ हजार र कर्मचारी ८ हजार २७० रहेका छन् ।

६९. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** प्राधिकरणको २०७८ आषाढ मसान्तको शेयर पुँजी रू.१ खर्ब ६१ अर्ब ४३ करोड ८४ लाख, सञ्चित नाफा रू.१४ अर्ब ६ करोड ६१ लाख र अन्य जगेडा तथा हित नियन्त्रण कोषमा रू.२० अर्ब १७ करोड ८१ लाख रहेको छ । गैरचालु दायित्व रू.२ खर्ब ६२ अर्ब ११ करोड २४ लाख र चालु दायित्व रू.९६ अर्ब २३ करोड ३१ लाख रहेको देखिन्छ । गैर चालु सम्पत्ति रू.४ खर्ब ४४ अर्ब २७ करोड ५५ लाख र चालु सम्पत्ति १ खर्ब ९ अर्ब ७५ करोड १० लाखसमेत जम्मा सम्पत्ति रू.५ खर्ब ५४ अर्ब २ करोड ६५ लाख रहेको छ । बिक्री रू.७० अर्ब ८५ करोड ९१ लाख देखिन्छ । प्राधिकरणको गत वर्षको नाफा रू.१० अर्ब ५ करोड २ लाख रहेकोमा यो वर्ष रू.७ अर्ब ६८ करोड ६९ लाख रहेको छ ।

७०. **अनुपात विश्लेषण -** प्राधिकरणबाट प्राप्त विवरणअनुसार प्रमुख अनुपात र वित्तीय सूचकहरूको स्थिति निम्नानुसार छः

अनुपात	२०७७।७८	२०७६।७७
कुल नाफा (कुल विद्युत बिक्रीमा) प्रतिशत	२०.५७	२९.६८
खुद नाफा (कुल विद्युत बिक्रीमा)-अन्य आम्दानी सहित प्रतिशत	२१.९४	१३.९२
खुद नाफा (कुल विद्युत बिक्रीमा)-अन्य आम्दानी बाहेक प्रतिशत	८.६१	१६.४९
कुल सम्पत्तिमा खुद आम्दानी प्रतिशत	१.२७	२.८२
चालु अनुपात	१.७६:१	१.६५:१
दीर्घकालीन ऋण तथा ईक्विटीको अनुपात	०.९३:१	१.०६:१
स्थिर सम्पत्ति र पुँजीगत कार्य प्रगति तथा कुल सम्पत्तिको अनुपात	०.६४:१	०.६५;१
कुल संचालन खर्चमा कर्मचारीको खर्च प्रतिशत	२१.२०	२१.२०
प्राधिकरणको उत्पादन (गिगावाट घण्टा)	२,८१०.७४	३,०११.४३
स्वतन्त्र उर्जा उत्पादकको उत्पादन (गिगावाट घण्टा)	३,२४१.००	२,९३६.७८
आयात (गिगावाट घण्टा)	२,८२६.२१	१,६३८.६९
निर्यात (गिगावाट घण्टा)	४४	१०७
ग्राहक संख्या	५१,०८,५८८	४७,८२,७१०

गत वर्षको तुलनामा कुल नाफा अनुपात घटेको र खुद नाफा अनुपात बढेको छ । कुल सम्पत्तिमा आम्दानी प्रतिशत घटेको, चालु अनुपात बढेको, इक्वीटीको अनुपातमा दीर्घकालीन ऋण घटेको छ । विद्युत उत्पादन तर्फ प्राधिकरणको घटेको र स्वतन्त्र ऊर्जा उत्पादकको बढेको देखिन्छ। विद्युत आयात बढेको र निर्यात घटेको देखिन्छ । ग्राहक संख्यामा यो वर्ष ग्रामीण विद्युतीकरण अन्तर्गतका ५ लाख ८० हजार १७७ ग्राहक र गत वर्षका ५ लाख ६५ हजार ग्राहक समेत समावेश छन् । प्राधिकरणले वित्तीय विवरणका केही आइटममा गत वर्षका रकमहरू पुनर्स्थापित एवं पुनर्वर्गीकरण गरेकोले उल्लिखित अनुपातहरू गत वर्ष प्रस्तुत गरिएभन्दा केही फरक परेका छन् ।

७१. **वित्तीय प्रतिवेदनमान -** प्राधिकरणले नेपाल वित्तीय प्रतिवेदनमानको आधारमा वित्तीय विवरण तयार गरेको भए तापनि सोबमोजिम लागू गर्नुपर्ने सम्पत्ति, संयन्त्र र औजारसँग सम्बन्धित उपयोगी आयु र ह्रास कट्टी तथा निर्माणाधीन सम्पत्तिको पुँजीकरण, क्षयीकरण छुट, अदृश्य सम्पत्ति लेखाङ्कन एवं सम्पत्ति, दायित्व, आम्दानी तथा खर्चको आपसी मिलानसँग सम्बन्धित कतिपय लेखा सिद्धान्त हालसम्म अनुसरण गर्न नसकेकोले वित्तीय विवरणले वित्तीय प्रतिवेदनमान बमोजिम यथार्थ तथा उचित प्रस्तुति गर्न सकेको छैन । प्राधिकरणको वित्तीय व्यवस्थापन पक्षमा सुधार हुनुपर्ने देखिन्छ ।

७२. **सम्पत्तिको लेखाङ्कन -** प्राधिकरणले तयार गरेको शेयर पुँजी तथा दीर्घकालीन ऋणसम्बन्धी विवरण महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कसँग गत विगत देखि भिडान हुन सकेको छैन । वर्षान्तमा रहेको असामी तथा साहुहरूको मौज्दात रकम समर्थन माग गरी भिडान भएको छैन । अतिक्रमण भएका १ हजार ४७४ रोपनी जग्गालगायतका सम्पत्तिको छानविन तथा यकिन नगरेको, लेखाङ्कन गरेको १ हजार ८८२ रोपनी जग्गाको लालपूर्जा प्राप्त नगरेको, निर्माण कार्य सम्पन्न भइसकेको रू.२ अर्ब २६ करोड सम्पत्ति पुँजीकृत नगरेको, सम्पत्तिको विस्तृत विवरण रहेको सफ्टवेयरले देखाएको रकम तथा वित्तीय विवरणमा उल्लेख भएको रकमबीच रू.१ अर्ब फरक देखिएबाट प्राधिकरणको सम्पत्ति यकिन हुन सकेन। वर्षान्तमा जम्मा निर्माणाधीन सम्पत्ति रू.१ खर्ब ४० अर्ब ४८ करोडमध्ये रू.१७ करोड ऋणात्मक मौज्दात रहेकोले ह्रास खर्च समेत यथार्थ छैन । प्राधिकरणले स्थिर सम्पत्तिको लेखाङ्कनमा सुधार गरी सही तथा यथार्थ चित्रण गर्ने गरी वित्तीय विवरण तयार गर्नुपर्दछ ।

७३. **ऋण तथा ब्याज हिसाब** - प्राधिकरणले दातृ निकाय तथा विदेशी बैङ्कहरूबाट प्राप्त हुने ऋणको लागि नेपाल सरकारसँग सहायक ऋण सम्झौता गरी ऋण लिने गरेको छ । यस प्रकारको ऋण २०७८ असार मसान्तमा रू.१ खर्ब ८१ अर्ब ९४ करोड रहेको छ । विगतदेखि नै ऋण रकम नेपाल सरकारको हिसाबसँग भिडान गरेको छैन । भाखा ननाघेको र भाखा नाघेको साँवा तथा ब्याज रकम देखिने गरी हिसाब तयार गरेको छैन । समयमा साँवा तथा ब्याज रकम भुक्तानी नगरेकोले बर्षेनि ब्याज सहितको ऋण रकम वृद्धि भइरहेको व्यहोरा विगत वर्षका प्रतिवेदनमा समेत औँल्याइएकोमा स्थिति यथावत् छ । ऋण तथा ब्याज हिसाब अद्यावधिक गरी तालिकाअनुसार भुक्तानी गर्नुपर्दछ ।

७४. **आय लेखाङ्कन -** वित्तीय विवरणमा उल्लेख गरेको असामी रू.१ अर्ब ५४ करोडको विस्तृत अभिलेख आय लेखाङ्कन सफ्टवेयरमा राखेको छैन । आय लेखाङ्कन सफ्टवेयरमा उल्लेख भएको रू.१ अर्ब ९८ करोड वित्तीय विवरणमा समावेश छैन । आय लेखाङ्कन सफ्टवेयर र लेखामा रहेको हिसाब विगत वर्षदेखि नै भिडान नगरेबाट सो फरक देखिएको छ । ग्राहकको घर, कलकारखाना तथा कार्यालयमा जडान भएको मिटर रिडिङको शुद्धता सम्बन्धमा नियमित रुपमा प्रयोग भइरहेको ऊर्जा भारसँग

तुलनात्मक विश्लेषण गर्ने, तेस्रो पक्ष परीक्षण गर्ने तथा ग्राहकसँग मौज्दात समर्थन गरी हिसाब भिडान गर्ने प्रभावकारी व्यवस्था नभएको कारण विद्युत बिक्रीबापतको आम्दानी यकिन गर्न सकिने अवस्था नभएकाले सुधार हुनुपर्दछ ।

७५. **महसुल बक्यौता** - विद्युत महसुल बक्यौता गत वर्षको तुलनामा यो वर्ष १३.१७ प्रतिशतले वृद्धि भई रू.३६ अर्ब ४३ करोड पुगेको छ । उक्त रकममध्ये ट्रङ्क तथा डेडिकेटेड फिडर लाइनतर्फ ५६ ग्राहकबाट असुल हुनुपर्ने रू.१७ अर्ब १५ करोड रहेको छ । सो रकम कुल बक्यौताको ४७.०८ प्रतिशत देखिन्छ। उक्त रकम नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिले किस्ताबन्दीमा उठाउने निर्णय गरेको र सार्वजनिक लेखा समितिले जरिवाना सहित असुल गर्न निर्देशन दिएको छ । यस बाहेक सडक बत्तीको रू.४ अर्ब ३२ करोड उठाउन बाँकी रहेको छ । बक्यौता रकम असुल गर्नुपर्दछ ।

७६. **सम्पत्ति कर** - प्राधिकरण र अन्तर्गतका अधिकांश शाखाले सम्पत्ति करको भुक्तानी तथा व्यवस्था गरेको छैन । वित्तीय विवरण अनुसार विगत वर्ष देखि नै रू.६ करोड ३५ लाख सम्पत्ति कर तिर्नुपर्ने देखाएकोमा सो तिरेको छैन । समयमा नै कर दायित्व यकिन गरी कर भुक्तानी गर्नुपर्दछ ।

७७. **आयकर** - आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम प्रत्येक आर्थिक वर्षको आय विवरण आश्विन मसान्तभित्र बुझाउनुपर्ने व्यवस्था छ । प्राधिकरणले आय विवरण समयमा नबुझाएको र २०७६।७७ को आय विवरण ढिला बुझाएबापतको शुल्क रू.६ करोड ५५ लाख रहेको छ । समयमै आय विवरण पेस नगरी ढिलाइ गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

७८. **नगद तथा बैङ्क** - विगत वर्षदेखि नै नगद मौज्दात कमीसम्बन्धी व्यवस्थामा रू.३ करोड़ ५४ लाख लेखाङ्कन गरिएको छ । यस वर्षको असार मसान्तको मार्गस्थ नगद मौज्दातमध्ये रू.१ करोड ७९ लाख विगत लामो समयदेखि बैङ्कमा जम्मा भएको छैन । नगद तथा मार्गस्थ नगदमा रू.५८ लाख ऋणात्मक मौज्दात रहेको छ । नगदमा प्राप्त आय वैंङ्क दाखिला नगरेकोसम्बन्धमा छानबिन गरी रकम असुल गर्नुपर्दछ।

७९. **विद्युत चुहावट** - प्राधिकरणबाट प्राप्त विवरण अनुसार विद्युत उत्पादन, प्रसारण तथा वितरणमा चुहावट स्थिति निम्नानुसार छः

क्र.स.	विवरण	२०७७।७८ प्रतिशत	२०७६।७७ प्रतिशत
१	उत्पादन नोक्सानी	०.६०	१.२०
२	प्रसारण नोक्सानी	४.६४	४.५१
३	वितरण नोक्सानी	११.९४	१०.२८
	कुल नोक्सानी	**१७.१८**	**१५.९९**

उल्लिखित तालिकाअनुसार गत वर्षको तुलनामा विद्युत चुहावटमा वृद्धि भएको देखिन्छ । विद्युत चुहावट नोक्सानीका कारण पत्ता लगाई चुहावट कम गर्न र तेस्रो पक्षबाट स्वतन्त्र मूल्याङ्कन गराई यथार्थ अवस्था यकिन गर्नुपर्ने व्यहोरा बिगत वर्षदेखि नै औंल्याइएकोमा स्थिति यथावत छ ।

८०. **आयातित विद्युतको महसुल** - नेपाल र भारत सरकारबीच भएको महाकाली सन्धिअनुसार नेपाल सरकारले ग्रेगोरियन क्यालेन्डरअनुसार प्रत्येक वर्ष ७ करोड युनिट विद्युत निःशुल्क पाउने तथा सोभन्दा बढी विद्युत चाहिएमा खरिद गर्नुपर्ने प्रावधान छ । उक्त प्रावधान अनुसार निःशुल्क प्राप्त गरेको विद्युत नेपाल

सरकारले प्रति युनिट रू.४.७५ का दरले प्राप्त गर्ने गरी प्राधिकरणलाई उपलब्ध गराएको छ । सो वापत सरकारलाई गत वर्षसम्म तिर्नुपर्ने रू.१ अर्ब ४२ करोड रहेकोमा यो वर्ष रू.१ अर्ब ७६ करोड भए तापनि सो भुक्तानी गरेको छैन ।

८१. **अन्तर कार्यालय हिसाब -** प्राधिकरणको अन्तर कार्यालय हिसाब राफसाफ नभएकोले वित्तीय विवरणमा खुद लिनुपर्ने रकम रू.६९ करोड़ उल्लेख गरेको देखिन्छ । समयमै हिसाब भिडान तथा मिलान गरी राफसाफ गर्नुपर्दछ ।

८२. **विद्युत, उत्पादन तथा खरिद -** प्राधिकरणले २०७७।७८ सम्म करिब ६ हजार मेगावाटभन्दा बढीको विद्युत खरिद सम्झौता गरिसकेको छ । प्राधिकरणको आफ्नै विद्युत उत्पादन क्षमता हाल ६०० मेगावाट भन्दा बढी भएकोमा आगामी वर्ष आन्तरिक स्वतन्त्र विद्युत उत्पादकबाट १ हजार ४०० मेगावाट भन्दा बढी प्रसारण तथा वितरण प्रणालीमा विद्युत उपलब्ध हुने तथा प्रत्येक वर्ष प्रणालीमा थप हुँदै जाने भएकोले विद्युतको आन्तरिक खपत वृद्धि तथा महसुल समायोजन र हिउँदे तथा वर्षायामको उत्पादन तथा मागलाई ध्यानमा राखी विद्युत निर्यातको सम्बन्धमा प्रभावकारी तथा विस्तृत रणनीति तयार गरी कार्यान्वयन गर्नुपर्ने देखिएको छ ।

८३. **कोभिड-१९ को छुट सोधभर्ना -** नेपाल सरकारले २०७६।७७ देखि कोभिड -१९ को समयमा ग्राहकहरूलाई विद्युत महसुलमा छुट दिने घोषणा गरे बमोजिम प्राधिकरणले ग्राहकहरूलाई रू.४ अर्ब ६७ करोड छुट दिई वित्तीय विवरणमा नेपाल सरकारसँग शोधभर्ना लिनुपर्ने देखाएको छ । उक्त रकम प्राधिकरणले नेपाल सरकारसँग माग गरेकोमा प्राप्त भएको छैन । शोधभर्ना रकम सम्बन्धमा यकिन गरी राफसाफ गर्नुपर्ने देखिन्छ ।

८४. **विद्युत लागत -** प्राधिकरणको विद्युत खरिद गत वर्ष रू.३५ अर्ब १२ करोड रहेकोमा यो वर्ष रू.४० अर्ब ८५ करोड पुगेकोले १६.३२ प्रतिशत वृद्धि भएको देखिन्छ । विद्युत बिक्री आम्दानी गत वर्ष रू.७१ अर्ब २९ करोडको तुलनामा यो वर्ष रु ७० अर्ब ८६ करोड रहेकोले ०.६ प्रतिशत न्यून देखिन्छ । प्राधिकरणको विद्युत उत्पादन तथा आन्तरिक खरिदको तुलनामा आयातित विद्युतको खरिद दर बढी भएको र गत वर्षको भन्दा विद्युत आयातसमेत वृद्धि भएकाले समष्टिगत लागत वृद्धि भै नाफामा कमी आएको छ । आन्तरिक उत्पादन बढाई आयात प्रतिस्थापन गर्नुपर्दछ ।

चिलिमे जलविद्युत कम्पनी लिमिटेड

देशमा रहेको जलस्रोतको उच्चतम प्रयोगगर्दै जलविद्युत उत्पादन गर्ने उद्देश्यले चिलिमे हाइड्रोपावर कम्पनी लिमिटेड, सन् १९९५ मा स्थापना भएको हो । कम्पनीको ५१ प्रतिशत सेयर नेपाल विद्युत प्राधिकरणको र ४९ प्रतिशत सेयर सर्वसाधारणको स्वामित्वमा रहेको छ । रसुवा जिल्लाको स्याफ्रु बेँसीमा अवस्थित कम्पनीले २२.१ मेगावाट विद्युत उत्पादन गर्ने क्षमता रहेकोमा वार्षिक करिब १५० गिगावाट विद्युत उत्पादन गर्दै आएको छ ।

८५. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०७८ आषाढ मसान्तको चुक्ता पुँजी रू.६ अर्ब २८ करोड ७ लाख, सञ्चित आय रू.३ अर्ब ८२ करोड ४० लाख र सामाजिक उत्तरदायित्व कोष रू.१ करोड ९ लाख रहेको छ । गैर चालु दायित्व रू.२९ करोड ४ लाख र चालु दायित्व रू.११ करोड ९७ लाख रहेको छ । गैर चालु सम्पत्ति रू.७ अर्ब ९१ करोड ५२ लाख र चालु सम्पत्ति रू.२ अर्ब

६१ करोड ५ लाखसमेत सम्पत्ति रू.१० अर्ब ५२ करोड ५७ लाख रहेको छ । विद्युत बिक्री आम्दानी गत वर्ष रू.१ अर्ब १४ करोड ७ लाख रहेकोमा यस वर्ष रू.१ अर्ब १२ करोड ८० लाख रहेको छ। सञ्चालन नाफा गत वर्ष रू.७९ करोड ५४ लाख रहेकोमा यस वर्षमा रू.७३ करोड ९५ लाख रहेको छ ।

८६. **संस्थागत सुशासन -** नेपाल धितोपत्र बोर्डद्वारा जारी भएको संस्थागत सुशासन निर्देशिका, २०७४ को बुँदा २६ मा कम्पनीको सञ्चालक समितिको अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत, सल्लाहकार, वित्त प्रमुख तथा निजका नातेदारहरू लेखापरीक्षण समितिमा रहन नपाउने व्यवस्था छ । सो व्यवस्था विपरीत कम्पनीको लेखापरीक्षण समितिमा वित्त प्रमुख सदस्य रहेको पाइयो । सुशासन निर्देशिका अनुकूल कम्पनीको प्रबन्धपत्र संशोधन गर्नुपर्दछ ।

८७. **जग्गा -** कम्पनीद्वारा आयोजनाका लागि प्रयोग गरिएको ३१ रोपनी १० आना क्षेत्रफलको २० कित्ता जग्गा कम्पनीको नाममा रहेको पाइएन । सो जग्गाको मुआब्जा बापत जिल्ला प्रशासन कार्यालय रसुवामा जम्मा गरिएको धरौटी रू.७ लाख ५४ हजार २०६५।६६ देखि नै जिम्मेवारी सर्दै आएको छ । कम्पनीको स्वामित्वमा रहेको ३७ रोपनी ३ आना ३ पैसा जग्गा सुरक्षा निकाय र सामुदायिक विद्यालयले निःशुल्क उपयोग गरेका छन् । कम्पनीको व्यवस्थापनबाट सुरक्षाकर्मीलाई आयोजनाको सुरक्षार्थ र सामुदायिक विद्यालयलाई संस्थागत सामाजिक जिम्मेवारी स्वरुप सो जग्गा उपलब्ध गराएको छ ।

८८. **सम्पत्ति बीमा -** कम्पनी र नेपाल विद्युत प्राधिकरणबीच भएको विद्युत खरिद सम्झौता बमोजिम कम्पनीले आयोजनाको संरचना, मेसिन, औजार तथा उपकरणको बीमा आयोजनाको पुनर्स्थापना मूल्यभन्दा कम नहुने गरी गर्नुपर्ने व्यवस्था रहेकोमा आयोजनाको स्थिर सम्पत्तिहरूको ह्रास कट्टा गरी आएको रकमलाई आधार मानेर बीमा गरेको छ । कम्पनीको आर्थिक प्रशासन नियमावली, २०६५ को नियम ८६ (१) बमोजिम कम्पनीको आफ्नो सम्पूर्ण स्थिर सम्पत्तिको बीमा गर्नुपर्ने व्यवस्था भए तापनि आयोजनासँग प्रत्यक्ष सम्बन्धित सम्पत्तिहरूको मात्र बीमा गरेको पाइयो । आर्थिक प्रशासन नियमावलीबमोजिम सबै सम्पत्तिको जोखिम वहन गर्ने गरी बीमा गर्नुपर्दछ ।

८९. **लगानी नीति -** कम्पनीले लगानी नीति तर्जुमा नगरी रू.२ अर्ब भन्दा बढी बैङ्क तथा वित्तीय संस्थाको मुद्दती खातामा राखेको छ। विभिन्न बैङ्कहरूमा मौज्दात रहेको रकमको लगानी नीति तयार गरी प्रभावकारी व्यवस्थापन गर्नुपर्दछ।

अनुगमन तथा बेरुजू

- **अनुगमन -** गत विगतका प्रतिवेदनहरूमा वार्षिक कार्यक्रमअनुसार प्रगति हासिल नभएको, अनुदानको अनुगमन नभएको, सम्पदा पुनर्निर्माण समयमा सम्पन्न नभएको, सोझै खरिद गरेको, ठेक्का व्यवस्थापनमा सुधार गर्नुपर्ने लगायतका व्यहोरा औल्याइएकोमा सो स्थितिमा सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।
- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः

- मन्त्रालय र मातहतसमेत ६२ निकायमा यो वर्ष रू.९६ करोड ५१ लाख ४९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.९ करोड ७ लाख ५८ हजार फर्स्यौट गरेकोले रू.८७ करोड ४३ लाख ९१ हजार बाँकी रहेको छ । सोमध्ये रू.५५ करोड ७७ लाख ५८ हजार म्याद नाघेको पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
- संगठित संस्था एवं समिति १ तर्फ यो वर्ष रू.९ करोड १९ लाख ४७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.३ करोड २९ लाख ४८ हजार फर्स्यौट गरेकोले रू.५ करोड ८९ लाख ९९ हजार बाँकी रहेको छ । सोमध्ये रू.५ करोड ७० लाख ७० हजार म्याद नाघेको पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा कृषि र पशु विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने, खाद्यान्न, नगदे बाली, औद्योगिक बाली, तरकारी र फलफूल खेतीको विकास तथा प्रवर्द्धन गर्ने, कृषि अनुसन्धान र प्रविधि विस्तार, कृषि इन्जिनियरिङ र उन्नत कृषि औजारको अनुसन्धान विकास तथा विस्तार, पशु नश्लको गुणस्तर सुधार, प्रमाणीकरण तथा नियमन लगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्था समेत **२७७** निकायबाट सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत २०२ सरकारी कार्यालयको निम्नानुसार रू.**२२** अर्ब १० करोड ५२ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२१,४८,१७	२४,२६	३६,७४	१,३५	२२,१०,५२

१.१ उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई अर्थ मन्त्रालय र ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट खर्च भएको रू.९७ करोड १० लाख समावेश गरिएको छैन । उद्योग मन्त्रालयमा विनियोजन भई यस मन्त्रालय मातहत कार्यालयबाट खर्च भएको रू.३ करोड ६३ लाख तथा मन्त्रालय मातहत एक कार्यालयको २०७६।७७ को बक्यौता रू.१ करोड ७५ लाख समावेश छ।

१.२ यो वर्ष मन्त्रालय मातहतका ३ निकायको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारसमेत रू.१० करोड ८७ लाखको लेखापरीक्षण बाँकी रहेको छ ।

२. **संगठित, अन्य संस्था र समिति** - यो वर्ष ७ संस्थाका ७१ संगठित संस्था र समितिको रू.२९ अर्ब ५७ करोड ३२ लाख लेखापरीक्षण सम्पन्न गरिएको छ । समितितर्फ १ एकाइको रू.७३ करोड ४२ लाख ११ हजारको लेखापरीक्षण गर्न बाँकी रहेको छ ।

३. **प्राविधिक सहायता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै कारोवारको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । बजेट वक्तव्य २०७७।७८ मा **७** कार्यक्रमका लागि रू.३३ करोड ५२ लाख **८२** हजार प्राविधिक सहायता प्राप्त हुने उल्लेख छ ।प्राविधिक सहायता अन्तर्गत भएको खर्चको विवरण उपलब्ध गराएको छैन । प्राविधिक सहायताअन्तर्गत भएको खर्चको विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्दछ ।

४. **सोझै भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै कारोवारको लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ ।मन्त्रालय अन्तर्गत नेपाल कृषि बजार विकास कार्यक्रमको लागि स्वीस विकास नियोगबाट प्राप्त रू.१२ करोड ६१ लाख ८१ हजार र खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाको अन्तर्राष्ट्रिय कृषि विकास कोषबाट प्राप्त रू.१४ करोड ३५ लाख २७ हजार सोझै भुक्तानीबाट खर्च गरेकोमा लेखापरीक्षण गराएको छैन । ऐनको व्यवस्थाबमोजिम उक्त खर्चको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट गराउनुपर्दछ।

५. **आवधिक योजना कार्यान्वयन** - पन्ध्रौं योजनाअन्तर्गत २०७७।७८ मा केही प्रमुख खाद्य वस्तुको उत्पादकत्वको लक्ष्य तथा प्रगति स्थिति देहायअनुसार रहेको छः

नतिजा सूचक	इकाई	२०७५।७६ आधार वर्ष	२०७७।७८ को लक्ष्य	प्रगति	प्रगति प्रतिशत
कृषि क्षेत्रको वृद्धि दर	प्रतिशत	५	५.१	२.८५	५५.८८
कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान	प्रतिशत	२७	२५	२४.९०	१००.४
खाद्य वस्तु उत्पादनतर्फ					
धान	मेट्रिक टन प्रति हेक्टर (हजारमा)	३.७६	४.१६	३.८२	९१.८३
मकै	मेट्रिक टन प्रति हेक्टर (हजारमा)	२.८४	३.५५	३.०५	८५.९२
गहुँ	मेट्रिक टन प्रति हेक्टर (हजारमा)	२.८५	३.३	२.८०	८४.८५
तरकारी	मेट्रिक टन प्रति हेक्टर (हजारमा)	१४.३७	१७.१	१४.४५	८४.५०
आलु	मेट्रिक टन प्रति हेक्टर (हजारमा)	१६.०५	१९.२०	१७.१५	८९.३२
फलफूल	मेट्रिक टन प्रति हेक्टर (हजारमा)	९.८१	११.२	१०.६५	९५.०९

मन्त्रालयबाट प्राप्त प्रगति प्रतिवेदनअनुसार पन्ध्रौं योजनामा कृषि क्षेत्रको वृद्धि दर लक्ष्य ५.८ प्रतिशत र यो वर्ष ५.१ प्रतिशत रहेकोमा २.८५ प्रतिशत प्रगति हाँसिल भएको र कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २५ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा २४.९० प्रतिशत पुगेको उल्लेख छ। योजनामा कृषिजन्य वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्ने, साना र मझौला स्तरका कृषियन्त्रको आपूर्ति गर्ने, कृषि क्षेत्रलाई व्यावसायिक तथा नाफामूलक बनाउने, नयाँ प्रविधिको उपयोग तथा कृषि प्रसार सेवामा किसानको समान पहुँच पुऱ्याउने उल्लेख भए तापनि कार्यान्वयनको नतिजा सन्तोषजनक छैन । आवधिक योजनाको लक्ष्यअनुसार वार्षिक कार्यक्रमको लक्ष्य निर्धारण गरी प्रगति हासिल गर्नुपर्दछ ।

आधार वर्षमा माछा, दूध, अण्डा र मासुको उत्पादकत्व क्रमशः ४.९३ मेट्रिकटन प्रति हेक्टर, १ हजार १८८ लिटर प्रति दुधालु पशु बेत, २४५ गोटा प्रति पन्छी र ७५ के.जी. प्रति बध गरिएको पशु रहेकोमा २०७७।७८ मा माछा उत्पादन प्रति हेक्टर ४.९९ टन, गाईको दूध प्रति बेत १ हजार २२४ लिटर, मासु ८४.१ के.जी. प्रति पशु, अण्डा २५६ प्रति के.जी. उत्पादन भएको उल्लेख छ । शतप्रतिशत भन्दा बढी प्रगति देखिए तापनि माछा, मासु र दूधजन्य पदार्थको आयात क्रमशः बढी रहेकोले निर्धारण गरेको लक्ष्यको यथार्थता यकिन गर्नुपर्दछ ।

६. **दिगो विकास लक्ष्य** - दिगो विकासको परिमाणात्मक लक्ष्यमा सन् २०२२ सम्म प्रति व्यक्ति खाद्यान्न उत्पादन ४१८ किलोग्राम, प्रति हेक्टर जमिनको उत्पादकत्व अमेरिकी डलर ४ हजार ६४६, कुल खेतीयोग्य जमिन मध्ये ६० प्रतिशतमा वर्षैभरि सिँचाई सुविधा, माटोमा जैविक पदार्थको मात्रा ३.९२ प्रतिशत पुऱ्याउने उल्लेख छ । प्रगति प्रतिवेदन तयार गरी अनुगमन र मूल्याङ्कन गर्नुपर्दछ।

७. **बजेट वक्तव्य कार्यान्वयन** - बजेट वक्तव्य २०७७।७८ मा उल्लेख भएका कार्यक्रममध्ये उत्पादन तथा रोजगार प्रवर्द्धन कार्यक्रममार्फत १ हजार जनालाई रोजगारी उपलब्ध गराउने, प्राङ्गारिक उपज निर्यात सहयोग कार्यक्रम सञ्चालन गर्ने, स्रोत बीउमा उत्पादनको आधारमा प्रोत्साहन उपलब्ध गराउने, २०७५।७६ मा सम्झौता भएका निर्माणाधीन शीत भण्डार गृहहरूको निर्माण सम्पन्न गर्ने, नश्ल सुधार कार्यक्रममा बोयर, मुर्रा र माछाको भुरा आयात गर्ने, स्थानीय तहमा लागत सहभागितामा बाई ब्याक

प्रणाली स्थापना गर्न खाद्य गोदाम घर निर्माणसहित अन्य पूर्वाधार सहयोग कार्यक्रम सञ्चालन गर्ने, सातै प्रदेशका ७८ स्थानमा कृषि थोक बजार निर्माण कार्यक्रम कार्यान्वयन गर्ने र खाद्य सुरक्षा तथा आपूर्ति व्यवस्थापनलाई सुदृढ तुल्याउन र कृषि उपजको मूल्य सुनिश्चितताको लागि १०० खाद्य भण्डारण केन्द्र स्थापना गर्ने लगायतका कार्यक्रम कार्यान्वयन गरेको छैन । बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

८. **कार्यक्रम सञ्चालन -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य र जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने उल्लेख छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशु सेवा विभाग, कृषि विभाग, खाद्य पोषण तथा सुरक्षा सुधार आयोजनालगायतका ८ कार्यालयले वार्षिक कार्यक्रममा समावेश २५६ कार्यक्रम सञ्चालन नगरेकोले ती कार्यक्रममा विनियोजन भएको रू.५६ करोड २२ लाख ६९ हजार बजेट खर्च गरेका छैनन् ।बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गरी अपेक्षित प्रगति हासिल गर्नुपर्दछ।

९. **संगठन संरचना -** मन्त्रालयबाट प्राप्त विवरणअनुसार मन्त्रालय र अन्तर्गतका कार्यालयको कर्मचारी दरबन्दी २ हजार २५९ रहेकोमा १ हजार ६८४ पदपूर्ति भई ५७५ रिक्त रहेको देखिन्छ । संघीय शासन प्रणाली लागू भएपछि संघमा रहेको कृषिसम्बन्धी विभिन्न अधिकार प्रदेश र स्थानीय तहमा समेत हस्तान्तरण भएकोले तीनै तहको अधिकार सूची र कार्यबोझ विश्लेषण गरी दरबन्दी व्यवस्थापन गर्नुपर्दछ।

१०. **अनुदान -** मन्त्रालयले यो वर्ष रासायनिक मल खरिद, उन्नत बीउ बिजन, उत्पादन एवं खरिद, मत्स्य विकास, बाली संरक्षण तथा विकास, कृषि यान्त्रीकरण तथा खाद्य सुरक्षा, बाली तथा पशुधन बीमा, तरकारी खेती, पोखरी निर्माणलगायतका क्रियाकलाप सञ्चालन गर्न रू.२३ अर्ब ४ करोड ४१ लाख बजेट व्यवस्था गरेकोमा रू.१९ अर्ब ६८ करोड २ लाख अनुदान वितरण गरेको छ । सो मध्ये रासायनिक मल खरिदका लागि कृषि सामग्री कम्पनी लिमिटेडलाई रू.८ अर्ब ७६ करोड १७ लाख र साल्टट्रेडिङ कर्पोरेसन लिमिटेडलाई रू.३ अर्ब ३० करोड समेत रू.१२ अर्ब ६ करोड १७ लाख (६१.२९ प्रतिशत) अनुदान दिएको छ ।

१०.१ मन्त्रालयबाट प्राप्त विवरणअनुसार विगत ५ वर्षमा कृषि क्षेत्रमा अनुदान वितरण र उत्पादनको अवस्था निम्नानुसार छः

आर्थिक वर्ष	अनुदान (रू.करोडमा)	खाद्यान्न उत्पादन (मेट्रिक टन हजारमा)			तरकारी उत्पादन (मेट्रिक टन हजारमा)			फलफूल उत्पादन (मेट्रिक टन हजारमा)		
		लक्ष्य	प्रगति	प्रगति प्रतिशत	लक्ष्य	प्रगति	प्रगति प्रतिशत	लक्ष्य	प्रगति	प्रगति प्रतिशत
२०७३।७४	१०७८	९३२५	९३४५	१००	३७००	४१२५	१११	१२११	९७५	८०
२०७४।७५	८७६	९७९२	९६५७	९९	३८००	४०९९	१०७	१३३९	१०१०	७५
२०७५।७६	१२२९	१०४७६	१०३२८	९८	४०००	४२७१	१०६	१४८०	११७८	७८
२०७६।७७	१६८३	१०३९०	१०३६९	९९	४०८९	४०८९	१००	१३००	१०९६	८४
२०७७।७८	१९६८	१०८००	१०५५८	९७.७६	४२८०	४१९६	९८	१३०५	१३६०	१०४

गत वर्षको तुलनामा यो वर्ष कृषि क्षेत्रको अनुदानमा १६.९३ प्रतिशतले वृद्धि गरी रू.१९ अर्ब ६८ करोड खर्च गरेकोमा खाद्यान्न उत्पादन १.८२ प्रतिशत, तरकारी उत्पादन २.६१ प्रतिशत र फलफूल उत्पादन २४.०९ प्रतिशत वृद्धि भएको उल्लेख गरेको छ । विगत ५ वर्षमा अनुदान बढेको अनुपातमा

कृषिजन्य उत्पादनको वृद्धि हुन सकेको छैन । अनुदानको उपयोगबाट उत्पादन र उत्पादकत्व वृद्धि गरी लक्ष्य तथा उपलब्धिको विवरण अद्यावधिक गर्नुपर्दछ ।

१०.२ कृषिजन्य वस्तुको विगत ५ वर्षको आयातको अवस्था निम्नानुसार छः

(रू.करोडमा)

बाली	२०७३।७४	२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८
धान/चामल	२३७८	२९५३	३१४३	३५६९	४३३५
गहुँ	२४७	२९०	५७९	८१७	१०४४
मकै	१०६३	१२२६	१२५५	१४७५	१५९४
तरकारी	२१५४	२३७१	२८६६	३३०५	३५८०
फलफूल	१२२९	१४६९	१८१०	२०७५	२१३४
अन्य	४९४०६	४९९१५	४३३२४	४७८७२	६२४३९
जम्मा	५६४७७	५८२२४	५२९७७	५९११३	७५१२६
वृद्धि प्रतिशत		३.०९	(९.०१)	११.५८	२७.०९

उल्लिखित तालिकाअनुसार कृषिजन्य वस्तुको आयात वृद्धिदर २०७५।७६ को तुलनामा २०७६।७७ मा ११.५८ प्रतिशत र २०७६।७७ को तुलनामा २०७७।७८ मा २७.०९ प्रतिशत रहेकोले वस्तुको आयात वर्षेनी बढ्दै गएको देखिन्छ । कृषिमा अत्मनिर्भर हुन नसक्दा प्रत्येक वर्ष आयातसमेत वृद्धि भइरहेको देखियो । कृषि उत्पादन वृद्धि र आयात प्रतिस्थापन हुने गरी अनुदान नीतिमा पुनरावलोकन हुनुपर्दछ ।

१०.३ रासायनिक मलको आवश्यकता पहिचान तथा विश्लेषण गरी खरिद योजना तयार नहुँदा समयमा मल आपूर्ति हुन नसकी कृषकले खेती लगाउने समयमा रसायनिक मल प्राप्त गर्न सकेका छैनन् ।

यो वर्ष ४ लाख ६५ हजार मेट्रिक टन रासायनिक मल खरिदको लागि १६ ठेक्का व्यवस्थापन भएकोमा १ लाख मेट्रिक टनको ठेक्का रद्द भएको, ६० हजार मेट्रिक टन मल आपूर्तिसम्बन्धी मुद्दा अदालतमा विचाराधीन रहेको र २५ हजार मेट्रिक टन यो वर्ष प्राप्त नभई २०७८।७९ मा प्राप्त हुने क्रममा रहेकोले यो वर्ष १० ठेक्कावाट २ लाख ७२ हजार ६८१.६० मेट्रिक टन मल प्राप्त भएको छ । रासायनिक मलको माग, आपूर्ति र वितरणबीच सन्तुलन कायम गर्दै ठेक्का सम्झौताअनुसार मल आपूर्ति नगर्ने आपूर्तिकर्तालाई प्रचलित कानूनअनुसारको कारवाही गरी समयमा मल आपूर्ति गर्नुपर्दछ ।

१०.४ सशर्त अनुदान दिएको रकम आर्थिक वर्षको अन्तमा बचत भएमा फिर्ता गर्नुपर्दछ । यस वर्ष रासायनिक मल खरिदका लागि कृषि सामग्री कम्पनी लिमिटेडलाई रू.८ अर्ब ७६ करोड १६ लाख र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडलाई रू.३ अर्ब ३० करोड निकासा दिएकोमा खर्च नभएको रकम रू.२ अर्ब ६४ करोड ८७ लाख फिर्ता नगरेकोमा २०७८।७९ को मल खरिद अनुदान निकासा गर्दा उक्त रकम समायोजन गरेको उल्लेख गरे तापनि प्रमाण पेस नभएको व्यहोरा औंल्याएपछि मन्त्रालयले २०७९।३।२४ मा उक्त रकम महालेखा नियन्त्रक कार्यालयको केन्द्रीय हिसाबमा फिर्ता गरेको छ ।

१०.५ अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ को दफा १७ मा मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिले मलको मूल्यमा कृषकहरूको लागत सहभागिता हुने गरी मलको आयात विन्दुको मूल्य र मल वितरक कम्पनीको विक्री मूल्य निर्धारण गर्ने व्यवस्था छ । रासायनिक मल अनुदानको मूल्य २०७३।८।१४ मा पुनरावलोकन भएकोमा तत्पश्चात पुनरावलोकन भएको देखिएन। रासायनिक

मलको मूल्य निर्धारण भएको वर्ष २०७३।७४ मा मलको लागत मूल्य प्रति मेट्रिक टन युरियाको रू.३५ हजार ८०१, डी.ए.पी.को रू.४७ हजार ९८० र पोटासको रू.३४ हजार ८८ रहेकोमा आयात बिन्दुमा कृषकले तिर्नुपर्ने मलको मूल्य क्रमशः रू.१४ हजार, रू.४३ हजार र रू.३१ हजार निर्धारण गरेको देखियो। यो वर्ष मलको लागत मूल्य युरियाको रू.४७ हजार ४१६, डी.ए.पी.को रू.५३ हजार २३९ र पोटासको रू.३७ हजार ६५२ भएकोमा क्रमशः ३२.४४, १०.९६ र १०.११ प्रतिशतले लागत वृद्धि भएको छ। लागतका आधारमा मलको मूल्य समायोजन गर्नुपर्दछ ।

१०.६ रासायनिक मल खरिद गर्न यो वर्ष लागत अनुमान स्वीकृत गरेको छैन। विभिन्न आपूर्तिकर्ताबाट रासायनिक मल खरिद गर्दाको मूल्य युरियाको प्रति मेट्रिक टन रू.३७ हजार ६७९ देखि रू.५६ हजार ९४३, डी.ए.पी.को रू.४६ हजार ५५९ देखि रू.५८ हजार ६५८ र पोटासको रू.३७ हजार २४९ देखि रू.३७ हजार ६५३ रहेको देखियो ।कृषि सामग्री कम्पनी लिमिटेडले २ लाख ७२ हजार ६८२ मेट्रिक टनका लागि रू.१३ अर्ब ३६ करोड ८५ लाख र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले १ लाख २७ हजार ५२७ मेट्रिकटनका लागि रू.५ अर्ब ६१ करोड ७५ लाखसमेत रू.१८ अर्ब ९८ करोड ६० लाखको मल खरिद प्रक्रियामा विभिन्न आपूर्तकको खरिद लागत फरक फरक देखिएकोले खरिद कार्य मितव्ययी हुन सकेको देखिएन।

खरिद योजनाअनुसार समयमा नै खरिद नगरी समय व्यतीत भएपछि खरिद प्रक्रिया शुरु गर्दा युरिया खरिद २ लाख ५२ हजार ३३० मेट्रिकटनमा रू.१ अरब ९६ करोड ४७ लाख, डी.ए.पी.को खरिद १ लाख ३२ हजार ५०५ मेट्रिकटनमा रू.७६ करोड ७८ लाख र पोटास खरिद १५ हजार ३७४ मेट्रिक टनमा रू.४२ लाखसमेत यो वर्ष खरिद गरिएको ४ लाख २०९ मेट्रिकटन रासायनिक मलमा रू.२ अर्ब ७३ करोड ६६ लाख बढी व्ययभार परेको देखियो । नेपाल सरकारले कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेसन लिमिटेडमार्फत् खरिद गरी विक्री वितरण हुँदै आएको रासायनिक मलको खरिद कार्य मितव्ययी बनाउनुपर्दछ।

१०.७ अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ को दफा २१ मा मल वितरण गर्ने कम्पनी र विक्रेताले आफ्नो जिम्मेवारी अनुरूप कार्य गरे नगरेको सम्बन्धमा मल आपूर्ति तथा वितरण व्यवस्थापन समिति, प्राविधिक समिति र मन्त्रालय स्वयंले मलको गुणस्तर, आपूर्ति तथा बिक्री वितरण व्यवस्थापनको सम्पूर्ण क्रियाकलाप अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्ने गराउने व्यवस्था छ । अनुदानको मल वितरण गर्दा मल आपूर्ति तथा वितरण समितिले कृषकहरूको लागत सहभागिता हुने गरी मल वितरक कम्पनीको आयात विन्दुको लागि निर्धारण गरिएको बिक्री मूल्यमा स्थानीय समितिले स्थानीय तहको बिक्रेताको बिक्री केन्द्रसम्म लाग्ने ढुवानी भाडा र सञ्चालन खर्च वापत बढीमा प्रति के.जी रू.१।- जोडी बिक्री मूल्य कायम गरी मल वितरण गर्नुपर्ने व्यवस्था छ । बिक्री मूल्य सार्वजनिक रूपमा प्रकाशन गरी सो मूल्यमा सहजरूपमा गुणस्तरयुक्त मल कृषकलाई बिक्री वितरण भएको सुनिश्चित हुने गरी अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गरी प्रतिवेदन तयार हुनुपर्दछ।

१०.८ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ५९ (८) मा खरिद सम्झौताको अन्त्य भएमा कार्यसम्पादन जमानत वापतको रकम जफत हुने व्यवस्था छ । सम्झौताअनुसार मल आपूर्ति नगर्ने ३ आपूर्तकसँगको सम्झौता अन्त्य गरी जफत गरेको कार्यसम्पादन जमानत रू.२४ करोड ३५ हजार संघीय संचित कोष दाखिला नगरी कृषि सामाग्री कम्पनीको खातामा जम्मा गरेको छ। सम्झौताको शर्तअनुसार आपूर्तिकर्ताले मल आपूर्ति नगरेको कारण नेपाल सरकारलाई क्षति भएको

र कम्पनीलाई मल खरिदको लागि सञ्चालन खर्च समेत सशर्त अनुदानबाट निकासा दिएकोले जफत भएको कार्यसम्पादन जमानत रकम संघीय सञ्चित कोष दाखिला हुनुपर्दछ।

१०.९ रासायनिक मल आपूर्तिको क्रममा क्षति हुन गई गुणस्तर परीक्षण गर्दा असफल भएको डी.ए.पी. मल १ लाख ५४ हजार ६७९ बोरा वीरगञ्जको सुख्खा बन्दरगाह सिसैंयामा २०७७।३।१२ देखि बेवारिसे अवस्थामा रहेको छ ।उक्त मल समयमा व्यवस्थापन नहुँदा वातावरणमा समेत प्रतिकूल प्रभाव परेकोले समयमै कारबाही गरी किनारा लगाउनुपर्दछ ।

११. **वैदेशिक सहायता -** दातृ निकायको अनुदान तथा ऋण सहयोगमा सञ्चालित निम्न ४ आयोजनामा रू.२८ अर्ब ४३ करोड ७५ लाख खर्च गर्ने सम्झौता भएकोमा यस वर्षसम्म रू.३ अर्ब २३ करोड खर्च भएको छः

(रू.लाखमा)

क्र.सं.	आयोजनाको नाम	दातृ निकाय	आयोजना सञ्चालित जिल्ला	आयोजना शुरु वर्ष	आयोजना सम्पन्न हुने वर्ष	सम्झौता रकम	खर्च	खर्च प्रतिशत
१.	कृषि क्षेत्र विकास कार्यक्रम	आइफाड/स्वीस	१० जिल्ला	२०७५।७६	२०८०।८१	६९४५२	५३२२	७.६६
२.	नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना	विश्व बैङ्क	२८ जिल्ला	२०७४।७५	२०८०।८१	८७८७२	११७४५४	१९.८६
३.	खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना	आई.डी.ए.	८ जिल्ला	२०७५।७६	२०८०।८१	३२१५१	९१६०	२८.४९
४.	ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना	आई.डी.ए.	३५ जिल्ला अन्तर्गतका १७१ स्थानीय तह	२०७७।७८	२०८१।८२	९४९००	३६४	०.३८
					जम्मा	**२८४३७५**	**३२३००**	**११.३६**

कृषि क्षेत्र विकास कार्यक्रम, नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना र खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाको ५० प्रतिशतभन्दा बढी अवधि समाप्त हुँदा खर्च क्रमशः ७.६६, १९.८६ र २८.४९ प्रतिशत रहेको छ । लक्ष्यअनुसार कार्यक्रम सञ्चालन गर्न आयोजनाहरूले समय, कार्यक्रम तथा बजेट खर्च बीच तादाम्यता मिलाई वैदेशिक सहायताको उपयोग गर्नुपर्दछ ।

१२. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायले कार्यालयमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ । निम्न ४ आयोजनामा यो वर्षसम्म रू.३ अर्ब ८९ करोड ८९ लाख खर्च भएको मध्ये परामर्श सेवामा रू.६४ करोड ९ लाख खर्च गरेको छ ।

(रू.लाखमा)

क्र.सं.	आयोजनाको नाम	कुल सम्झौता रकम	२०७७।७८ सम्मको आयोजनाको खर्च	२०७७।७८ सम्मको परामर्श सेवाको खर्च	कूल खर्च र परामर्श सेवाको खर्चको तुलना (प्रतिशत)
१.	कृषि क्षेत्र विकास कार्यक्रम	६९४५२	**५३२२**	५६३	**१०.५७**
२.	नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना	८७८७२	१७४५४	१४५१	८.३१
३.	खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना	**३**२१५१	९१६०	२६७६	२९.२१
४.	जलवायु प्रकोप समुत्थान निर्माण आयोजना	६०००	७०५३	१७१९	२४.३७
	जम्मा	**१९५४७५**	**३८९८९**	**६४०९**	**१६.४४**

यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन:

१२.१ उल्लिखित आयोजनाहरूमा परामर्श सेवामा कुल खर्चको ८.३१ देखि २९.२१ प्रतिशत सम्म खर्च भएको देखिन्छ। दुई आयोजनाले आयोजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन समेत परामर्शदाताबाट गराएको कारण परामर्श सेवा खर्च बढ्न गएको छ। आयोजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, खरिद, लेखा लगायतका काम आयोजनाको जनशक्तिले गर्न सक्ने कामको लागि परामर्श सेवा खरिद नगरी नेपाल सरकारकै जनशक्तिबाट गराई यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

१२.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ अनुसार परामर्श सेवाको नर्म्स तयार गरी लागत अनुमान तयार गर्नुपर्नेमा नेपाल सरकारले हालसम्म नर्म्स तयार गरेको छैन । दातासँग भएको सम्झौतामा पनि परामर्शदाता खरिदसम्बन्धी व्यवस्था उल्लेख गरेको छैन । साथै लागत अनुमान तयार गर्न परामर्शदाताहरूको पारिश्रमिक दर पनि निर्धारण गरेको पाइएन । माथि उल्लिखित ४ आयोजनाले परामर्श सेवामा रू.६४ करोड ९ लाख खर्च गर्दा नर्म्स र पारिश्रमिक दर निर्धारण नगरी लागत अनुमान तयार गरेर परामर्श सेवा खरिद गरेका छन् । उक्त निकायहरूले परामर्श सेवा खरिद गर्दा एकै प्रकृतिका कार्य गर्ने परामर्शदाताहरूको पारिश्रमिकमा एकरूपता समेत छैन । नर्म्स र पारिश्रमिक दर निर्धारण गरी परामर्श सेवा खरिदमा एकरूपता र मितव्ययिता ल्याउनुपर्दछ ।

१२.३ आयोजना डिजाइन गर्दा निर्धारण गरिएको संख्यामा परामर्शदाता राख्नुपर्दछ । कृषि क्षेत्र विकास कार्यक्रमको आयोजना डिजाइन प्रतिवेदनको बुँदा नं. १८ मा आयोजनाको लागि आवश्यक परामर्श सेवा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार खरिद गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावलीको नियम ३१(१) मा रू.२० लाखभन्दा बढी लागत अनुमानको परामर्श सेवा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । आयोजना कार्यान्वयन निर्देशिकामा ६१ परामर्शदाता राख्ने व्यवस्था रहेकोमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको २०७७।१०।१९ को सचिवस्तरिय निर्णयबाट १३५ जना राख्ने निर्णय गरी ९६ परामर्शदाताको सेवा सोझै खरिद गरी यो वर्ष रू.५ करोड ६२ लाख ७९ हजार खर्च गरेको छ । आवश्यकताको आधारमा प्रतिस्पर्धा गराई मितव्ययी तवरले परामर्श सेवा खरिद गर्नुपर्दछ ।

१२.४ आयकर ऐन २०५८ को दफा ८८(१) मा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको सेवा शुल्क भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कृषि क्षेत्र विकास आयोजनाले विज्ञको रूपमा नियुक्ति गरेका १८ परामर्शदाताहरूलाई सेवा शुल्क भुक्तानी गर्दा पन्ध्र प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नुपर्नेमा पारिश्रमिकको रूपमा गणना गर्दा रू.१७ लाख ५० हजार करकट्टी गर्न छुट भएको देखियो । उक्त कर रकम असुल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

१२.५ खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाले यो वर्ष आयोजनाका वित्त तथा खरिद विज्ञलाई भुक्तानी गरेको रू.२८ लाख १३ हजार र प्राविधिक सहायताबाट परामर्श सेवाको लागि रू.१४ करोड ३५ लाख २७ हजारसमेत रू.१४ करोड ६३ लाख ४० हजार (३७.९५ प्रतिशत) खर्च गरेको छ। विकास कार्यक्रममा खर्च गर्नुपर्ने वैदेशिक सहायताको ठूलो हिस्सा परामर्श सेवामा खर्च भएकोले यसमा सुधार गर्नुपर्दछ।

१३. **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर निरीक्षण र परीक्षण गर्नुपर्ने उल्लेख छ । खाद्य ऐन, २०३३ को दफा ७

अनुसार खाद्य वस्तु, फलफूल तथा तरकारीको गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१३.१ खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको प्रयोगशालामा व्याक्टेरियाको आंशिक रूपमा गुणस्तर परीक्षण गर्ने सुविधा भए पनि भाइरसको परीक्षण गर्ने सुविधा उपलव्ध छैन । विभागले हालसम्म १४० वस्तुको मापदण्ड निर्धारण गर्न नसक्दा ती वस्तुको गुणस्तर परीक्षण हुन सकेको छैन । यो वर्ष ३ हजार २७० खाद्य पदार्थ, दाना र खाद्य आहार पदार्थको परीक्षण गर्ने लक्ष्य रहेकोमा १ हजारको परीक्षण गरेको छ । बजारको आकार तथा परीक्षण गर्ने वस्तुहरूको प्रकारको आधारमा उक्त परीक्षण प्रयास नभएकोले गुणस्तर परीक्षणको दायरा विस्तार गर्नुपर्दछ ।

१३.२ राष्ट्रिय खोप उत्पादन प्रयोगशालाले उत्पादन गरेका रेबिज, भ्यागुते, चरचरे जस्ता जनावरहरूमा लाग्ने रोगहरूको भ्याक्सिनहरूको गुणस्तर परीक्षण गर्ने व्यवस्था उपलब्ध छैन । गुणस्तर परीक्षणको अभावमा उत्पादित भ्याक्सिनहरूको विश्व पशु स्वास्थ्य संगठनबाट मान्यता प्राप्त गरेको छैन ।

१३.३ राष्ट्रिय खोप उत्पादन प्रयोगशाला भवन निर्माणको तीन बिलको रू.९ करोड ४० लाख ७९ हजार र केद्रीय कृषि प्रयोगशाला भवन निर्माणको रू.१ करोड ८४ लाख २२ हजार भुक्तानी दिँदा गुणस्तर परीक्षण गरेको छैन । निर्माण कार्यको दिगोपना सुनिश्चित गर्न गुणस्तर परीक्षण तथा नियन्त्रणलाई अनिवार्य र प्रभावकारी बनाउनुपर्दछ।

१४. **विषादी व्यवस्थापन -** जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ अनुसार पञ्जीकरण गरिएका विषादीहरूमा कीटनाशक, ढुसीनाशक, व्याक्टेरियानाशक, सुलसुलेनाशक, शंखेकीरानाशक, मुसानाशक, किरानाशक वानस्पतिक र जैविक समूहका विषादीहरूमा सामान्य नामका आधारमा १६५ वटा र व्यापारिक नामका आधारमा ३ हजार ३५ विषादी पञ्जीकरण भएका छन् । केन्द्रबाट प्राप्त विवरण अनुसार विभिन्न आयातकर्ताले यो वर्ष रू.७९ करोड ३८ लाख ४ हजार मूल्यको २० लाख ५ हजार ५१५ किलोग्राम विषादी आयात गरेको देखिन्छ । विषादीको बढ्दो प्रयोगले मानव, जीवजन्तु र वातावरणमा प्रतिकूल प्रभाव पर्ने भएकोले यसको आयात, उपयोग र भण्डारणको उचित व्यवस्थापन हुनुपर्दछ ।

कृषि विभाग

कृषि विकाससम्बन्धी कार्यक्रम सञ्चालन, कृषिको विविधीकरण र व्यावसायिकताको विकास गरी खाद्य सुरक्षाको सुनिश्चितता र गरिबी न्यूनीकरणमा योगदान गर्ने मुख्य उद्देश्य रहेको विभागअन्तर्गत ६ केन्द्रीय निकाय र १४ फार्म तथा केन्द्र रहेका छन् ।

१५. **बाली बीमा -** कृषि तथा पशुपन्छी बीमा निर्देशिका, २०७० अनुसार यो वर्ष बाली बीमा गर्दा बीमा प्रिमियमको ७५ प्रतिशत नेपाल सरकारले व्यहोर्ने कार्यक्रम अन्तर्गत विभागले बीमा समितिको कोषमा रू.५ करोड ४५ लाख भुक्तानी दिएको छ । विभागले कोषलाई यो वर्ष २ हजार ८२४ कृषकको रू.१ अर्ब ३६ करोड ५० लाखको बीमा गर्दा रू.७ करोड २७ लाख बीमा प्रिमियम निर्धारण गरी प्रिमियमको ७५ प्रतिशतले हुने अनुदान रकम खर्च लेखेको छ । बीमा प्रिमियम भुक्तानी, जिल्लागत बीमा, क्षतिपूर्ति र बीमाबाट लाभ प्राप्त गर्ने लाभग्राहीको विवरण नराखेको र अनलाइन सूचना प्रणाली

स्थापना नभएकोले कार्यक्रमको कार्यान्वयन स्थिति विश्लेषण गर्न सकिएन । बीमा कार्यक्रमबाट लाभग्राही लाभान्वित भएको सुनिश्चित गर्नुपर्दछ ।

१६. **उखु कृषक अनुदान -** विभागको स्वीकृत कार्यक्रमअनुसार उखु कृषकहरूलाई रू.९६ करोड ६४ लाख अनुदान भुक्तानी गरेको विवरण प्राप्त भएको छ ।कार्यान्वयन गर्ने निकाय विभागले यसको अनुगमन तथा मूल्याङ्कन गरेको छैन । निश्चित समयका लागि मात्र अनुदान दिए तापनि क्रमशः उखुको मूल्य खरिदकर्ता व्यवसायीले नै व्यहोर्ने गरी नीतिगत निर्णय हुनुपर्दछ ।

१७. **भवन र ल्याब निर्माण -** नेपाल-भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजनाको सहयोगमा ललितपुरमा रू.१४ करोड ५३ लाख ९ हजारमा निर्मित अन्तर्राष्ट्रियस्तरको प्रयोगशाला भवन यो वर्ष केन्द्रीय कृषि प्रयोगशालालाई हस्तान्तरण गरेको छ । एक प्याकेजको बोलपत्र नै नपरेको र एक प्याकेजको बोलपत्र रद्द भएकोले उक्त भवनमा ल्याब स्थापनाका लागि यो वर्ष उपकरण खरिद सम्झौता हुन सकेको छैन। प्रयोगशालाले २०७८।७९ मा रू.६ करोड ७७ लाख १९ हजारको उपकरण खरिद गरेकोमा कतिपय उपकरण जडान भएको छैन । आयोजनाको म्याद नोभेम्बर २०२१ मा समाप्त भइसके तापनि प्रयोगशालाको निर्माण कार्य सम्पन्न नभएकोले पूर्ण रूपमा सञ्चालनमा आएको छैन । उपकरणको व्यवस्थापन गरी ल्याब सञ्चालनमा ल्याउनुपर्दछ ।

१८. **डीप ट्युबवेल जडान -** कृषि यान्त्रिकीकरण प्रवर्द्धन केन्द्र, जनकपुरले छनोटको आधार बेगर १० डीप ट्युबवेल जडान गरी रू.२ करोड ३३ लाख ३५ हजार खर्च गरेको छ। संघीय सरकारको सिँचाइ मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहले पनि यो कार्य सम्पादन गरिरहेका छन् ।अधिकार क्षेत्रको स्पष्ट व्यवस्था गरी भूमिगत सिँचाइ सुविधा विस्तार र कार्यान्वयनको लागि डीप ट्युववेल जडान कार्यको मापदण्ड तथा आधारहरू स्वीकृत गरी प्राथमिकताको आधारमा डीप ट्युबवेल जडान गर्नुपर्दछ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

खाद्य पदार्थको स्वच्छता एवं गुणस्तर नियमन गरी उपभोक्ताको हित संरक्षण गर्न गुणस्तरीय परीक्षण सेवा उपलब्ध गराउने, स्थानीय स्तरमा खाद्य प्रविधिको विकास गर्न सीपमूलक तालिम प्रदान गर्ने, खाद्य पोषण ज्ञान विस्तार र बाल आहारा विकासबाट कुपोषण न्यूनीकरण गर्ने उद्देश्यले विभागको स्थापना भई सञ्चालनमा रहेको छ ।

१९. **कार्यक्रम सञ्चालन -** खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय विराटनगर, हेटौँडा र भैरहवाका लागि हेड स्पेस र एक्सेसोरिज सहितको जि.सी.-एम.एसका लागि एक्सट्र्याक्सन उपकरण खरिद कार्यक्रम सम्पादन हुन सकेको छैन । वार्षिक कार्यक्रमबमोजिम कार्य नहुँदा विनियोजन भएको रू.२२ करोड ७२ लाखमध्ये रू.८ करोड ७४ लाख (३८ प्रतिशत) मात्र खर्च भएको छ । नागरिकको जीवनस्तरमा प्रत्यक्ष प्रभाव पार्ने खाद्य वस्तुको गुणस्तर कायम नगर्ने र अस्वस्थकर गतिविधिमा संलग्न उपर मुद्दा दायरको तथ्याङ्क वृद्धि भइरहेको अवस्थामा विभाग र मातहतका निकायले बजारमा निगरानी बढाई खाद्य प्रविधि र बजारमा सुशासन कायम गराउनुपर्दछ।

२०. **बजार निरीक्षण -** विभाग तथा मातहत कार्यालयबाट स्थानीय बजार, सुपरमार्केट तथा खाद्य उद्योगहरूको निरीक्षण/अनुगमन गरी खाद्य तथा दानाको गत वर्ष ३ हजार ४५३ नमूना सङ्कलन भएकोमा यो वर्ष २ हजार ८३४ नमूना सङ्कलन गरेको देखियो । सङ्कलित नमूनामध्ये गुणस्तर नपुगेको वस्तु बिक्री गर्ने १०२ व्यवसायीलाई कारबाहीको प्रक्रिया अगाडि बढाएको छ । खाद्य पदार्थको बजार खपत बढिरहेको

अवस्थामा नमूना सङ्कलनको संख्या घटेको देखियो। खाद्य वस्तुको न्यूनतम मापदण्ड पूरा नगर्ने उत्पादक तथा बिक्रेता माथि हुने कारबाही समयमै हुन सकेको छैन । विभागले खाद्यलगायत अन्य वस्तुको गुणस्तर परीक्षण गर्ने कार्य वृद्धि गरी अनुगमन तथा कारवाहीलाई प्रभावकारी बनाउनुपर्दछ।

पशु सेवा विभाग

पशुपालन व्यवसायको विकास, विस्तार र विविधीकरण गर्ने, पशुजन्य रोगहरूको उपचार गर्ने, पशु बीमा कार्यक्रम सञ्चालन गर्ने, घाँसको बीउ उत्पादन गर्ने एवं नश्ल सुधारका कार्य गरी कुल राष्ट्रिय उत्पादनमा योगदान गर्ने उद्देश्यले विभागको स्थापना भएको हो ।

२१. **पशु बीमा कार्यक्रम -** कृषि तथा पशुपन्छी बीमा निर्देशिका, २०७० अनुसार पशु बीमा गर्ने कृषकको बीमा प्रिमियमको ७५ प्रतिशत अनुदान रू.१ अर्ब २४ करोड २२ लाख बाली तथा पशुधन बीमा कोषलाई भुक्तानी दिएको छ । यो कार्यक्रम २०७३।७४ देखि सञ्चालित भई २०७७।७८ सम्म सबै जिल्ला समेटेतापनि पशु बीमा गर्ने कृषकको विवरण अद्यावधिक गरेको छैन । बीमाङ्क र बीमा प्रिमियमको निर्धारणका साथै क्षतिपूर्ति दिने कामसमेत निजी क्षेत्रका बीमा कम्पनीबाट भइरहेको छ । पशु सेवा विभाग मातहत संघीय सरकारको कार्यक्रमहरू नभएको अवस्थामा संघीय स्तरबाट मात्र बीमा कार्यक्रमको कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन गर्ने कार्य जटिल भएकोले प्रदेश तथा स्थानीय तहहरूको समेत भूमिका निर्धारण र समन्वयात्मक रूपमा सूचना प्रणाली व्यवस्थापन गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

२२. **क्षतिपूर्ति दर** - बर्ड फ्लु रोग नियन्त्रण आदेश, २०६४ अनुसार पन्छीजन्य उत्पादन सामग्रीको प्रचलित दररेट निर्धारण समितिले प्रत्येक वर्षको श्रावण महिनाभित्र घरपालुवा पन्छी र पन्छीजन्य पदार्थको दररेट प्रचलित बजार मूल्यको आधारमा निर्धारण गरी सोको जानकारी केन्द्रीय बर्ड फ्लु नियन्त्रण समन्वय समितिमा पठाउनुपर्ने व्यवस्था छ।काठमाडौं र ललितपुरमा बर्डफ्लु संक्रमण फैलिएपछि विभागले २०७७।१०।१६ मा पन्छी नष्ट गर्ने निर्णय गरेपछि दर निर्धारण समितिले २०७७।१०।२० मा दर निर्धारण गरी रू.१ करोड १२ लाख ६४ हजार क्षतिपूर्ति भुक्तानी दिएको छ । आर्थिक वर्षको शुरु र घटना घटिसकेपछिको दर फरक पर्ने भएकोले उक्त आदेशअनुसार श्रावण महिनाभित्र दर निर्धारण गरी कार्यान्वयन गर्नुपर्दछ ।

२३. **मेसिन प्रयोग -** विभाग मातहत निकायका लागि खरिद गरेका मालसामानहरू सम्बन्धित निकायमा हस्तान्तरण गरी उपयोग गर्नुपर्नेमा विभागले पशु विकास फार्म, प्रयोगशाला, क्वारेण्टाइन तथा चेकपोष्ट कार्यालयका लागि २०७८ आषाढमा खरिद गरेको रू.२१ लाख ६९ हजार मूल्यका ६० थान फगिङ्ग मेसिन विभागमै रहेको पाइयो । खरिद गरेका मेसिनहरू सम्बन्धित नियकायलाई हस्तान्तरण गरी प्रयोगमा ल्याउनुपर्दछ।

२४. **म्याद नाघेका औषधि -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा आवश्यकता पहिचान गरी सामान खरिद गर्नुपर्ने व्यवस्था छ ।पशु सेवा विभागले २०७५।७६ मा खरिद र हस्तान्तरणबाट प्राप्त गरेका ४९ प्रकारका रू.१९ लाख ६९ हजारका भेटेरिनरी औषधि म्याद समाप्त भई प्रयोगविहीन अवस्थामा रहेकोले ती औषधिको उचित व्यवस्थापन गर्नुपर्दछ ।

२५. **जग्गाधनी प्रमाणपुर्जा -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ मा सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत र स्रेस्तासहित संरक्षण गर्ने कर्तव्य कार्यालय प्रमुख

र जिन्सी सामान जिम्मा लिने कर्मचारीको हुने व्यवस्था छ । राइजोबियम तथा घाँसेबाली बीउ बिजन प्रयोगशालाले सन् २०१७ सालदेखि धनुषास्थित राम मन्दिर गुठीको ४६ बिगाह जग्गा भोग चलन गरी कार्यालय सञ्चालन गर्दै आएकोमा सो जग्गा प्राप्तिको लागि २०२९।३० मा रू.९ लाख २० हजार गुठी संस्थानलाई बुझाएको अभिलेखबाट देखिए तापनि उक्त जग्गा प्राप्त गरेको छैन । संस्थानबाट उक्त जग्गाको मूल्याङ्कनमा पुनरावलोकन भई २०६६।६७ सम्मको रू.१ अर्ब १ करोड ४२ लाख न्यूनतम मूल्याङ्कन कायम गरेको छ । रकम बुझाएको आधारमा जग्गा प्राप्त गरी जग्गाधनी प्रमाणपुर्जा लिनुपर्दछ।

२६. **भेरिएसन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौताका बखत पूर्वानुमान गर्न नसकिने काम सम्झौता कार्यान्वयनको चरणमा सिर्जना भएमा प्राविधिक पुष्टयाईसहित भेरिएसन गर्न सकिने व्यवस्था छ । राष्ट्रिय खोप उत्पादन प्रयोगशाला, त्रिपुरेश्वरको रेबिज भ्याक्सिन उत्पादन ल्याब निर्माण गर्न एक निर्माण व्यवसायीसँग रू.१५ करोड ९१ लाख ३८ हजारको सम्झौता गरी यो वर्षसम्म रू.१० करोड १२ लाख ६ हजार भुक्तानी भएको छ। साविकको ठेक्कामा छुट भएको आपतकालीन भन्याङ, रुफटप शेडलगायतका आइटम समावेश गरी ठेक्का अङ्कको १३.३९ प्रतिशत अर्थात् रू.२ करोड ६ लाख १ हजार भेरिएसन स्वीकृतिको लागि प्रस्ताव गरेको छ । ठेक्का सम्झौताको बुँदा ४६.६ अनुसार अत्यावश्यक कामको भेरिएसन आदेश जारी गर्नु परेको अवस्थामा साविक बिल अफ क्वान्टिटीमा भएको कामलाई साविक दर र नयाँ कामको लागि नयाँ दर कायम गर्नुपर्नेमा साविकको ठेक्कामा समावेश भएका आइटमको लागि समेत नयाँ दरको भेरिएसन आदेश प्रस्ताव गरेको छ । उक्त निर्माण कार्य २०७७ माघमा सम्पन्न गर्ने गरी २०७६।३।२६ मा सम्झौता भएकोमा म्याद थप भएको अवधि २०७८।३।२५ मा समेत सम्पन्न हुन सकेको छैन । म्याद थप र भेरिएसनसम्बन्धी निर्णय समयमा नहुँदा निर्माण कार्य सम्पन्न गर्ने समय बढेको र सुपरभिजन परामर्शदाताको समय थप हुन गई लागत समेत बढ्न गएको छ। तोकिएको समयमा कार्य सम्पन्न गर्न पहल गर्नुपर्दछ।

२७. **पशु चिकित्सालय -** केन्द्रीय रिफरल पशु चिकित्सालयले आफ्नो उद्देश्यअनुसार गाई, भैँसी, भेडा, बाख्रा र घोडाको उपचार गरी स्वस्थ मासु र दूध उत्पादनमा योगदान गर्नुपर्नेमा यो वर्ष रू.३५ लाख १० हजार खर्च गरी २१ हजार ९३५ भेटरिनरी सेवा प्रवाह गरेको छ । सोमध्ये १६ हजार ९०१ कुकुर लगायत १९ हजार ५९० पशुलाई सेवा प्रवाह गरेको देखियो । भेटरिनरी सेवाको एकमात्र रिफरल अस्पताल भए पनि पशुपालन नभएको काठमाडौँमा केन्द्रित रहँदा उपत्यका बाहिरका सेवाग्राहीलाई कठिनाइ परेको अवस्था छ । लाभग्राहीलाई पायक पर्ने गरी अस्पतालको सेवा सञ्चालन गर्नुपर्दछ ।

२८. **स्पेसिफिकेसन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तरको भए नभएको परीक्षण गर्नुपर्ने व्यवस्था छ। केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्रले एक आपूर्तकबाट ११ प्यारामिटरको १ थान र ४ प्यारामिटरको १ थान मल्टी प्यारामिटर खरिद गरी रू.१४ लाख ७८ हजार भुक्तानी दिएको छ । प्राविधिक परीक्षणअनुसार स्टोरेज क्षमता १ लाख हुनुपर्नेमा ४४ हजार भएको, डिस्प्लेको स्क्रिन रङ्गिन हुनुपर्नेमा ग्राफिक भएको र क्यालिब्रेसन ३ विन्दुको हुनुपर्नेमा २ विन्दुको भएको मल्टी प्यारामिटर खरिद गरेको पाइयो । स्पेसिफिकेसन विपरीत कम क्षमताको सामान खरिद गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

२९. **खोर निर्माण अनुदान -** खसी बोकामा आत्मनिर्भर कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को बुँदा नं. ९(ग) मा खोर निर्माण तथा सुधार कार्यक्रमअन्तर्गत ५०।५० प्रतिशत साझेदारीमा खोर सुधार कार्य सम्पन्न गरेको प्रमाण पेस गरेपछि ५० प्रतिशत अनुदान रकम बैङ्क खातामा जम्मा गर्ने व्यवस्था छ । राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय, ललितपुरले कृषकहरूले आफ्नो हिस्साको ५० प्रतिशत काम गरेको निरीक्षण र प्रमाण बेगर २ हजार खोर सुधारको लागि रू.१ करोड अनुदान दिएको छ । अनुदान दिँदा कार्यविधिको पालना गर्नुपर्दछ ।

३०. **नर्म्स तर्जुमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ अनुसार स्वीकृत नर्म्सका आधारमा लागत अनुमान तयार गर्नुपर्दछ । राइजोबियम तथा घाँसे बाली बीउ बिजन प्रयोगशाला धनुषाले जै, बर्सिम, भेज र टियोसेन्टी गरी ४ प्रकारका घाँसको बीउ उत्पादन गरी रू.२२ लाख ९४ हजार खर्च लेखेको छ । उक्त उत्पादन कार्यका लागि लाग्ने कच्चा पदार्थ एवं ज्यामी ज्यालालगायतका उत्पादन खर्चको नर्म्स तर्जुमा तथा स्वीकृत गरेको देखिएन नर्म्स स्वीकृत गराएर मात्र कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले बाली/वस्तु उत्पादनमा यान्त्रीकरण, प्रशोधन तथा बजारीकरणका लागि आवश्यक पूर्वाधारको व्यवस्था गर्ने लगायतका कार्य गर्न स्थापना भएको यो परियोजना ७७ जिल्लामा सञ्चालित छ।

३१. **खर्चको स्थिति -** परियोजना अवधि २०७३।७४ देखि २०८२।८३ सम्म रू.१ खर्ब ३० अरब ७४ करोड २० लाख खर्च गर्ने अनुमान गरेकोमा यस वर्षसम्म रू.२० अर्ब ४९ करोड ५२ लाख खर्च गरेको देखिन्छ । परियोजना शुरु भएको ५० प्रतिशत अवधिमा १५.६७ प्रतिशत मात्र खर्च भएको छ । परियोजना दस्तावेजअनुसार बजेट विनियोजन नगर्ने र विनियोजित बजेट पनि खर्च नगर्दा आयोजनाको पूर्वनिर्धारित लक्ष्य निर्धारित अवधिमा प्राप्त हुने अवस्था छैन । पर्याप्त बजेट व्यस्थापन तथा प्रभावकारी कार्यान्वयनमार्फत् लक्ष्य हासिल गर्नेतर्फ आयोजनाको ध्यान दिनुपर्दछ।

३२. **उत्पादन स्थिति -** परियोजनाको अपेक्षित उपलब्धिमा आयोजना लागू भएको ३ वर्षभित्र धान, मकै, गहुँजस्ता प्रमुख खाद्य वस्तुहरूमा आत्मनिर्भर हुने उल्लेख छ । आयोजना लागू भएको ५ वर्षमा प्रमुख खाद्यान्न उत्पादनको अवस्था निम्नानुसार छः

(मेट्रिक टन)

आर्थिक वर्ष	धान	मकै	गहुँ
२०७३/७४	५२३०	२३३६	१८५६
२०७४/७५	५१५१	२५५५	१९४९
२०७५/७६	५६१०	२७१३	२००५
२०७६/७७	५५५०	२८३५	२१८५
२०७७/७८	५६२१	२९९९	२१२७

माथिको तथ्याङ्क विश्लेषण गर्दा ५ वर्षको उक्त अवधिमा धान, मकै र गहुँको उत्पादन सामान्य वृद्धि भएको देखिए तापनि आयोजनाको अपेक्षित नतिजाको तुलनामा आत्म निर्भरतातर्फ सन्तोषजनक

प्रगति भएको देखिँदैन । आयोजनाको अपेक्षित उपलब्धि हासिल गरी क्रमशः आन्तरिक उत्पादनले आयात माथिको निर्भरता घटाउनुपर्दछ ।

३३. **परियोजनाको कार्यक्षेत्र-** परियोजना दस्तावेजअनुसार आयोजना कार्यान्वयन इकाईहरू पकेट, ब्लक, जोन र सुपरजोन परियोजना मातहत रहने व्यवस्थाअनुसार जोन र सुपरजोन परियोजना मातहत रहे तापनि पकेट र ब्लक २०७४।७५ मा स्थानीय तहअन्तर्गत र २०७५।७६ मा प्रदेशअन्तर्गत राखेकोमा पुनः २०७७।७८ देखि पकेट स्थानीय तह र ब्लक प्रदेश मातहत राखी सञ्चालन गरेको छ । आयोजनाको कार्यक्षेत्र कृषि बाली रहेकोमा २०७७।१।१८ को निर्देशक समितिको निर्णयबाट गाई, भैँसी, बाख्रा र बंगुरपालन थप गरी कार्यक्षेत्र विस्तार गरेको छ । परियोजनाको कार्यक्षेत्र थप गरेको एवं पकेट र ब्लकहरूको संघीय संरचनाको अवस्था परिवर्तन गरेको कारणबाट आयोजना कार्यान्वयनमा कठिनाइ भएको देखिन्छ । उक्त आयोजना तीन तहका सरकारअन्तर्गत सञ्चालन हुन गई कार्यान्वयन, समन्वय र सञ्चारजस्ता पक्षमा समेत जटिलता देखिएको छ । यसमा सुधार गर्नुपर्दछ।

३४. **परियोजना मूल्याङ्कन -** परियोजना दस्तावेजको परिच्छेद ९ को बुँदा नं ३ अनुसार प्रत्येक **२/२** वर्षमा परियोजना कार्यान्वयनको मूल्याङ्कन गर्नुपर्नेमा परियोजना सञ्चालन भएको पाँच वर्षसम्म पनि मूल्याङ्कन गरेको देखिएन । मूल्याङ्कनको अभावमा हालसम्मको अवस्था र भविष्यमा गर्नुपर्ने सुधार यकिन गर्न नसकिने भएकोले तोकिएअनुसार मूल्याङ्कन गर्नुपर्दछ ।

३५. **शीत भण्डार -** आयोजनाले प्राथमिकता दिएको क्षेत्रमध्ये शीत भण्डार निर्माण, कृषि उपज, सघन फलफूल विकाससम्बन्धी स्वीकृत कार्यविधिहरू सचिव र मन्त्रीस्तरीय निर्णयबाट कानूनी आधार बेगर स्वीकृत एवं संशोधन गरेको छ । शीत भण्डार निर्माणमा कम्पनीले बढीमा ७० प्रतिशत र घटीमा ३० प्रतिशत व्यहोर्ने गरेकोमा पूर्वाधार संरचना निर्माण गर्दा निजी साझेदारीसम्बन्धी कानूनमा २५ प्रतिशत मात्र अनुदान दिने व्यवस्था छ । सो कार्यमा कर्णाली प्रदेशले तयार गरेको कार्यविधिमा सिभिल निर्माणमा ३० प्रतिशत र मेसिनरीमा ५० प्रतिशत अनुदान दिने व्यवस्था छ । अनुदान कार्यविधिमा कानूनको अनुसरण गरी एकरूपता कायम गर्नुपर्दछ।

सम्भाव्यता अध्ययन र निश्चित आधार तयार गरेर शीत भण्डारलाई अनुदान दिनुपर्नेमा जिल्लाहरू नै तोकेर शीत भण्डार निर्माणको कार्यक्रम स्वीकृत गरी निर्माण चरण पूर्व नै विभिन्न कम्पनीहरूलाई पेश्की दिएको देखियो । निजी क्षेत्रबाट सञ्चालित शीत भण्डार गृह नै पूर्ण क्षमतामा सञ्चालन हुन नसकेको अवस्थामा अन्य निजी संस्थालाई समेत अनुदान दिँदा सोको सम्भाव्यता अध्ययन, लाभ लागत (निजी सेवा प्रदायक र अनुदानमा निर्मित शीत भण्डारको भाडा दर) विश्लेषण भएको छैन । कृषि उपज उत्पादन र खपतको आधारमा नतिजा विश्लेषण, लगानी र रोजगारीमा वृद्धि जस्ता पक्षलाई ध्यान दिई अनुदान दिने व्यवस्था मिलाउनुपर्दछ ।

कृषि क्षेत्र विकास कार्यक्रम

कर्णाली प्रदेशका पहाडी तथा उच्चपहाडी क्षेत्रमा बसोबास गर्ने नागरिकहरूको गरिबी तथा पोषण असुरक्षा न्यूनीकरण गरी नेपालको दिगो विकासको लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने उद्देश्यले अन्तर्राष्ट्रिय कृषि विकास कोषको ऋण तथा अनुदान सहायताबाट यो कार्यक्रम सञ्चालन हुँदै आएको छ ।

३६. **आयोजना कार्यान्वयन -** कार्यक्रमका मुख्य ३ सूचकमा १५ देखि ४९ वर्षका २४ हजारभन्दा बढी महिलालाई १० खाद्य समूहमा समाहित गर्ने, ३५ हजार घरधुरीको गरिबी न्यूनीकरण गर्ने र २६ हजार घरधुरीको आय दोब्बर गर्ने रहेको देखिन्छ । आयोजनाको कुल अवधि ६ वर्षमध्ये ३ वर्ष व्यतीत हुँदा ६ प्रतिशत मात्र बजेट खर्च भएकोले तोकिएको समयमा उद्देश्य पूरा हुने देखिँदैन।

आयोजना कार्यसञ्चालनको क्षेत्रगत प्रगति विष्लेषण गर्दा समावेशी दिगो कृषि मूल्य श्रृङ्खलामा १०.१ प्रतिशत, सहभागितामूलक एवं बहुउपयोग सेवा विकास तथा विस्तारमा ६.६ प्रतिशत, पोषणमा ३.४ प्रतिशत, मूल्य श्रृङ्खला विकासका लागि सहलगानीमा ३.२ प्रतिशत, समूदायमा आधारित पूर्वाधारमा २.४ प्रतिशत, बजारमुखी सार्वजनिक एवं सामुदायिक पूर्वाधारमा १.१ प्रतिशत, ग्रामीण वित्तीय सेवामा ०.९ प्रतिशत र महिला सशक्तीकरणमा ०.४ प्रतिशत मात्र प्रगति हाँसिल भएकोले आयोजना सञ्चालनबाट सरोकारवालाले अपेक्षित प्रतिफल प्राप्त गर्न सकेको देखिएन । कृषकहरूले उत्पादन गर्ने कृषि उपजको कृषि व्यवसाय व्यवस्थापन गर्ने आयोजनाको मुख्य कार्यसमेत यो वर्षसम्म शुरुवात नै भएको छैन । आयोजना कार्यान्वयनलाई थप प्रभावकारी बनाउनुपर्दछ ।

३७. **काउन्टर पार्ट फण्ड -** नेपाल सरकार र अन्तर्राष्ट्रिय कृषि विकास कोषबीच भएको वित्तीय सम्झौता अनुसार शुल्क र कर नेपाल सरकारको स्रोतको काउण्टर पार्ट फण्डबाट खर्च गर्ने र बाँकी सबै रकम दाताको स्रोतवाट खर्च गर्ने उल्लेख छ । यो वर्षसम्म रू.३६ करोड ४५ लाख खर्च भएकोमा नेपाल सरकारको स्रोतबाट शुल्क र कर बाहेक रू.१० करोड ९१ लाख खर्च भएको छ । यो वर्ष नेपाल सरकारको स्रोतबाट मूल्य अभिवृद्धि करको रू.५लाख ८३ हजार मात्र खर्च लेखुपर्नेमा रू.५ करोड ५९ लाख लेखेको छ । उक्त खर्चको स्रोतगत हिसाब मिलान गर्नुपर्दछ।

३८. **कार्य निरन्तरता -** आयोजनाको सब कम्पोनेन्ट ४ को कृषि सेवाको नवप्रर्वतन र मूल्य श्रृङ्खला विकासलाई दिगो रूपमा सहयोग गर्ने कार्यअन्तर्गतका क्रियाकलाप कार्यान्वयनको लागि स्वीस विकास तथा सहयोग एजेन्सीबाट अमेरिकी डलर ३० लाखको प्राविधिक सहायता उपलब्ध गराउन कृषि तथा पशुपन्छी विकास मन्त्रालय र एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबीच ११ डिसेम्बर २०१८ मा सम्झौता भएको देखियो । सम्झौताको बुँदा नं.६ मा पहिलो चरणका लागि अमेरिकी डलर १० लाख सहयोग गर्ने र अमेरिकी डलर २० लाख स्वीस विकास तथा सहयोग नियोगबाट स्वीकृति प्राप्त गरेपछि उपलब्ध गराउने उल्लेख छ । सो संस्थाले प्रथम चरणमा रू.५ करोड २४ लाख ४५ हजारको परामर्श सेवा उपलब्ध गराएको छ । उक्त संस्थाले गर्नुपर्ने क्रियाकलाप पूरा नहुँदै दोस्रो सहायताको रकम रोक्का भएको जनाई संस्थाले बीचैमा कार्य छोडेकोले बाँकी कार्य अलपत्र परेको छ । यस सम्बन्धमा सम्बद्ध निकाय, मन्त्रालय एवं आयोजना बीच समन्वय गरी आयोजनाका बाँकी कार्य सम्पन्न गर्नुपर्दछ ।

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना

विश्व बैङ्कको ऋण सहयोगसहित अमेरिकी डलर ११५ मिलियनमा पशु सेवालाई सुदृढ गर्दै नवीन प्रविधिको माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि, मूल्य श्रृङ्खला विकास, जलवायु अनुकूलन प्रविधिहरूको विकास र उपयोग गर्ने उद्देश्यले २०७४।७५ देखि आयोजना कार्यान्वयनमा रहेको छ । आयोजना मातहत ४ इकाई रहेको र २८ जिल्लाका २८९ स्थानीय तहमा कार्यक्षेत्र तोकेको छ । आयोजनाले यस वर्षसम्म रू.१ अर्ब ७४ करोड ५५ लाख खर्च गरी भौतिक प्रगति ५९.११ प्रतिशत र वित्तीय प्रगति १९.८६ प्रतिशत रहेको छ।

३९. **कार्य सम्पादन -** आयोजनाको अगष्ट २०२१ को मध्यकालीन पुनरावलोकन प्रतिवेदनअनुसार आयोजनाका कम्पोनेन्टहरूलाई उच्च सन्तोषजनक, सन्तोषजनक, मध्यमरूपले सन्तोषजनक र मध्यम रूपले असन्तोषजनक वर्गमा वर्गीकरण गर्दा ८ कम्पोनेन्ट मध्ये २ सन्तोषजनकमा, ३ मध्यम रूपमा सन्तोषजनकमा र २ मध्यमरूपले असन्तोषजनकमा परेकोले आयोजनाको कार्यान्वयन आंशिक रूपमा मात्र सन्तोषजनक देखिन्छ । मुर्रा, साँढे र भैंसी खरिद गर्ने, लाइभस्टक सूचना व्यवस्थापन प्रणाली पुरा गर्ने, पशु ऐन र नीतिहरू स्वीकृत गर्ने लगायतका कार्य पूरा गर्न बाँकी देखिन्छ । आयोजनाको कमजोर कार्यान्वयनका कारण च्याङ्ग्राको ऊन उत्पादन, उत्पादक समूहहरूको परिचालन र सुदृढीकरण, नर्सरी स्थापना, व्यावसायिक योजना संख्या, चरण क्षेत्रको लक्ष्य घटाउने लगायतका १८ क्रियाकलाप कटौती गर्ने सुझावसहित दाताले आयोजनाको पुनर्संरचना गर्न सिफारिस गरेको देखिँदा आयोजनाको क्षेत्र साँघुरिन गएको छ । कार्ययोजना साथ विकास साझेदारबाट समेत स्वीकृत भएका योजनाका क्रियाकलापहरू प्राथमिकताका आधारमा सम्पन्न गर्नुपर्दछ ।

संगठित संस्था तथा समिति

नेपाल कृषि अनुसन्धान परिषद्

कृषि क्षेत्रका समस्याहरूको अध्ययन तथा अनुसन्धानमार्फत् कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न उन्नत प्रविधि प्रयोग गरी सर्वसाधारण जनताको आर्थिकस्तर वृद्धि गर्ने उद्देश्यले नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ अन्तर्गत परिषद्को स्थापना भएको हो । परिषद्ले ६२ ईकाइबाट कृषि अनुसन्धान कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ ।

४०. **उन्मोचन -** राष्ट्रिय बीउ बिजन नीति, २०५६ अनुसार कृषि अनुसन्धानबाट विकसित बीउका नयाँ जातहरू उन्मोचन गर्नुपर्ने, बीउ बिजन ऐन, २०४५ अनुसार उन्मोचित बीउका जातहरू मात्र प्रयोग गर्न पाउने र क्रमिक रूपमा पुरानो र काम नलाग्ने जात सूचीबाट हटाउनुपर्ने व्यवस्था छ । यो वर्षसम्म विभिन्न ८० बालीका ७२३ जात उन्मोचन एवं पञ्जीकरण गरेको र ५ बालीका ११२ जात सूचीबाट हटाईएको छ। परिषद्ले हरेक वर्ष स्रोत बीउ उत्पादन गरी थप बीउ उत्पादन गर्न बीउ उत्पादक कृषक तथा संस्थाहरूलाई बिक्री गरेको छ । बिक्री गरेको बीउबाट उत्पादित थप बीउ, त्यसको प्रयोग तथा उत्पादकत्व वृद्धि सम्बन्धमा अनुगमन मूल्याङ्कन गर्ने गरेको छैन । उत्पादकत्व वृद्धि र प्रभावकारिताका आधारमा बीउहरूको प्रयोग र विस्तार गर्नुपर्दछ ।

४१. **आवधिक योजना तथा रणनीति** - पन्ध्रौं आवधिक योजनामा समसामयिक नीति तथा कानून संशोधनका साथै तत्सम्बन्धी अध्ययन अनुसन्धान गर्न कृषि नीति अनुसन्धान प्रतिष्ठान स्थापना गर्ने र कृषि शिक्षा, अनुसन्धान र प्रसारलाई प्रभावकारी बनाउन नेपाल कृषि अनुसन्धान परिषद्को अगुवाईमा मानित विश्वविद्यालय स्थापना गर्ने लक्ष्य रहेकोमा सोअनुसार कार्य भएको छैन ।

त्यसैगरी कृषि विकास रणनीति २०१५-३५ अनुसार नेपाल कृषि अनुसन्धान परिषद्लाई कृषि प्रणालीको सर्वोच्च निकायको रूपमा पुनर्गठन गर्ने, कृषि अनुसन्धान कोषको स्थापना गर्ने, कृषि विकास रणनीतिसँग तालमेल हुने गरी नार्क भिजन २०११-२०३० को टुङ्गो लगाउने, विकेन्द्रित अनुसन्धान प्रणालीका लागि नयाँ राष्ट्रिय अनुसन्धान संस्थानहरूको स्थापना गर्ने लक्ष्य राखेकोमा हालसम्म परिषद्को

पुनर्गठन र कोष स्थापना गर्ने कार्य भएको छैन । आवधिक योजना तथा रणनीतिमा उल्लेख भएका कार्यहरू कार्यान्वयन गर्नुपर्दछ ।

४२. **जनशक्ति व्यवस्थापन -** नेपाल कृषि अनुसन्धान परिषद्को वैज्ञानिक, प्राविधिक र प्रशासनिकसमेत कुल १ हजार ८२३ दरबन्दी रहेकोमा १ हजार १२३ पदपूर्ति भई अनुसन्धानमा प्रत्यक्ष संलग्न हुने वैज्ञानिक १९६ तथा प्राविधिक ३८० समेत ७०० (३८.४० प्रतिशत) पद रिक्त रहेको देखियो । परिषद्को कर्मचारी प्रशासन विनियमावली, २०४९ संशोधन हुन नसकी विगत ६ वर्षदेखि पदपूर्ति नभएकोले अनुसन्धान तथा प्रविधि विकासमा असर परेको देखिन्छ । रिक्त दरबन्दी समयमै पदपूर्ति गरी कार्यदक्षता अभिवृद्धि गर्नुपर्दछ ।

४३. **नन् अपरेटिभ खाता -** नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ को दफा ११ अनुसार परिषद्ले आफ्नो स्रोत र मातहत निकायवाट प्राप्त आम्दानीसमेतलाई परिषद्को बजेटमा समावेश गरी सोही अनुसार कार्यक्रम बनाई कार्यान्वयन गर्नुपर्दछ । परिषदको आयलाई बजेटमा समावेश नगरी मुद्दती खातामा लगानी गरी आम्दानी देखाएको छ । यो वर्षसम्म परिषद्को नन्-अपरेटिभ खातामा रू.२ अर्ब ४ करोड ८१ लाख मौज्दात रहेको छ । परिषद्को कार्यसञ्चालन, अवकाश प्राप्त कर्मचारीको निवृत्तिभरण, पुँजीगत अनुसन्धान तथा विकासलगायतका खर्च नेपाल सरकारको बजेटबाट हुँदै आएकोले विगतदेखि परिषद्को खातामा प्रयोगविहीन अवस्थामा रहेको मौज्दात रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

दुग्ध विकास संस्थान

दुग्ध व्यवसायलाई बढी प्रभावकारी बनाई ग्रामीण क्षेत्रका कृषकहरूद्वारा उत्पादित दूधको सुरक्षित बजारका साथै सहरी क्षेत्रका उपभोक्ताहरूलाई उच्च गुणस्तरयुक्त प्रशोधित दूध तथा दुग्ध पदार्थहरू आपुर्ति गर्ने उद्देश्यले तत्कालिन दुग्ध विकास बोर्डलाई संस्थान ऐन, २०२१ अन्तर्गत २०२६ मा दुग्ध विकास संस्थानमा परिणत गरेको देखिन्छ । संस्थानको केन्द्रीय र शाखा समेत १० कार्यालयमा ६८७ कर्मचारी कार्यरत रहेका छन् ।

४४. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** यो वर्षको कुल पुँजी रू.३६ करोड ६४ लाख, जगेडा तथा अन्य कोष रू.२ अर्ब ३४ करोड ७ लाख तथा सञ्चित नोक्सानी रू.८७ करोड ९७ लाख रहेको देखिन्छ । स्थिर सम्पत्ति रू.२ अर्ब ६६ करोड ५० लाख, लगानी रू.३ करोड ४८ लाख, अन्य सम्पत्ति रू.३ करोड ४ लाख र चालु सम्पत्ति रू.१ अर्ब ६४ करोड ३६ लाख समेत कूल सम्पत्ति रू.४ अर्ब ३७ करोड ३८ लाख रहेको देखिन्छ । सञ्चित नोक्सानी गत वर्ष रू.७७ करोड ७ लाख रहेकोमा यस वर्ष रू.१० करोड ९० लाख थप भै रू.८७ करोड ९७ लाख पुगेको छ ।

४५. **वित्तीय अनुपात विश्लेषण** - सम्पत्तिमा आम्दानी अनुपात गत वर्ष ऋणात्मक ३.७० प्रतिशत रहेकोमा यो वर्ष ऋणात्मक ३.९० प्रतिशत रहेको छ । पुँजी लगानीमा सञ्चालन नाफा गत ४३.१६ प्रतिशत र यो वर्ष ४६.५० प्रतिशत ऋणात्मक रहेको छ । चालु सम्पत्ति र चालु दायित्वको अनुपात गत वर्ष १.६९ रहेकोमा यो वर्ष १.६४ पुगेको छ । नगद अनुपात गत वर्ष ०.२९ रहेकोमा यो वर्ष बृद्धि भई ०.३२ भएको छ । खुद चालु सम्पत्ति गत वर्ष रू.६१ करोड ९४ लाख रहेकोमा यो वर्ष रू.६४ करोड ४१ लाख पुगेको देखियो । खुद नाफा अनुपात गत वर्ष ४.११ प्रतिशत र यो वर्ष ४.५५ प्रतिशत ऋणात्मक रहेको देखिन्छ ।

४६. **आन्तरिक नियन्त्रण** - विभिन्न शाखा कार्यालय अन्तर्गत विगत वर्ष देखि नै कारोबार नभएका असामीसँग रू.१ करोड २६ लाख असुल गर्न बाँकी रहेको छ । धरौटी वा बैङ्क जमानतभन्दा रू.३ करोड ६० लाख बढीको उधारो विक्री देखिन्छ । संस्थानको वित्तीय विवरणमा एकीकृत गर्दा अन्तर निकाय कारोबार नघटाएको, संस्थानको सम्पत्तिको रूपमा रहेको जग्गाको जग्गाधनी पुर्जा अद्यावधिक नरहेको, नर्म्स भन्दा ३ हजार किलोग्राम बढी क्षति देखाएकोमा रू.५७ लाख असुल नगरेको, गत विगत वर्ष देखिको रू.४२ लाख अग्रिम भुक्तानी रकम फरफारक नभएको, तोकिएको दरभन्दा घटी मूल्यमा मखन विक्री गरी रू.४८ लाख नोक्सानी पुऱ्याएको रकम गत विगत वर्ष देखि असुल नगरेको, सञ्चालनमा नरहेका विभिन्न बैङ्क खातामा रू.१ करोड ११ लाख मौज्दात रहेकोमा सञ्चालनमा रहेका खातामा स्थानान्तरण नगरेको, मूल्य अभिवृद्धि कर विवरण र वित्तीय विवरण बीचको बिक्रीमा देखिएको फरक रू.५९ करोड ५४ लाखको हिसाब भिडान विवरण तयार नगरेको लगायतका कारणले आन्तरिक नियन्त्रण प्रणाली कमजोर देखिदा सुधार हुनुपर्दछ ।

४७. **क्षमता उपयोग** - संस्थानको कुल दूध प्रशोधन क्षमता वार्षिक ५ करोड २९ लाख लिटर रहेकोमा कच्चा दूध संकलन ३ करोड ९२ लाख लिटर माग रहेको छ । प्रशोधन क्षमताअनुसार सञ्चालनमा रहन आवश्यक कच्चा दूध संकलन हुन नसकेकाले, बिक्री आम्दानी विगतदेखि नै घट्दै संस्थान नोक्सानीमा सञ्चालन हुन गएको छ ।

४८. **लगानी** - संस्थानले एक मिल्क लिमिटेडमा रू.२ करोड, कृषि सामग्री कम्पनी लिमिटेडमा रू.२० लाख र एक डेरी उद्योगमा रू.१ करोड २७ लाख शेयर लगानी छ । लगानी रहेको एक मिल्क लिमिटेड र डेरी उद्योगबाट शेयर प्रमाणपत्र जारी भएको पाइएन । उक्त संस्थाहरू विगत देखि नै घाटामा संचालन भइरहेकोले लाभांस प्राप्त भएको छैन ।

४९. **मुद्दती खाता** - भारतको एक निकायबाट ४१५ मेट्रिक टन स्कीम मिल्क पाउडर खरिद गर्न २०५३।१०।१ मा राष्ट्रिय वाणिज्य बैङ्कमा प्रतितपत्र खोलेकोमा सम्झौताअनुरूपको गुणस्तर युक्त सामान नआएकोले २० प्रतिशत रकम भुक्तानी नभई उक्त रकम बैङ्कमा मौज्दात रहेको छ । राष्ट्रिय वाणिज्य बैङ्क सञ्चालक समितिको २०७६।३।२७ र २०७६।३।३० को बैठकले संस्थानको राष्ट्रिय वाणिज्य बैङ्कमा मुद्दती खातामा रहेको रकमबाट उक्त कारोबारबाट सिर्जित दायित्वसँग राफसाफ गरी रू.१ करोड ३८ लाख कट्टा हुने निणर्य गरेको छ ।

सो रकम दिनु नपर्ने विषयमा पुनरावेदन अदालत, पाटनबाट २०५४।८।१३ र सर्वोच्च अदालतबाट २०६०।७।७ मा भएको फैसलाअनुसार उक्त धूलो दूधमा अखाद्य पदार्थ फेला परेकाले संस्थानले बाँकी २० प्रतिशत रकम भुक्तानी दिन नपर्ने देखिन्छ । मध्यस्थताका लागि क्षेत्रीय केन्द्र क्वालालम्पुर मलेसियामा भएको उक्त निकायको दाबीमा समेत उक्त रकम र ब्याज भुक्तानीको दाबी अस्वीकृत भएको छ । संस्थानको निवेदनअनुसार नेपाल राष्ट्र बैङ्कबाट २०६६।९।५ मा राष्ट्रिय वाणिज्य बैङ्कले उक्त मुद्दती खाता फुकुवा गर्नुपर्ने र साँवा तथा ब्याज उक्त बैङ्कबाट असुल उपर गर्ने निर्देशन दिएको देखिन्छ । सम्बन्धित निकायबाट भुक्तानी गर्नु नपर्ने निर्णय भए तापनि सो विपरित राष्ट्रिय वाणिज्य बैङ्कको सञ्चालक समितिले मुद्दतीमा रहेको रकमबाट हिसाब मिलान गरेको छ । नियम विपरीत भएको भुक्तानीलाई संस्थानले स्वीकृत गरी मुद्दतीमा रहेको रकम राफसाफ गरेको हुँदा संस्थानलाई नोक्सानी भएको छ । ब्याजसहित उक्त रकम सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्न गत विगत वर्षको प्रतिवेदनमा औंल्याईएकोमा स्थिति यथावत छ ।

५०. **रकम हिनामिना -** हेटौडा दुग्ध वितरण आयोजनाको दूध तथा दुग्ध पदार्थ बिक्रीबापतको एक डिस्ट्रिब्युटरसँग लिनुपर्ने रकम बैङ्क दाखिला नहुँदा समेत बैङ्क दाखिला देखाई नगद हिनामिना गरेको पाइयो । उक्त बैङ्कको गत विगत वर्ष देखिको हिसाब भिडान गर्दा रू.१ करोड २० लाख घटी दाखिला गरेको छ । सञ्चालक समितिको २०७८।१२।२८ को निर्णयबाट २०७९।१।१९ मा निज डिस्ट्रिब्युटर विरुद्ध केन्द्रीय अनुसन्धान ब्युरोमा उक्त रकम र ब्याजसहितको क्षतिपूर्ति असुल गर्न जाहेरी दिइएको छ । उक्त रकम असुल गर्नुपर्दछ।

५१. **बैङ्क हिसाब भिडान -** संस्थानले लेखा हिसाब अनुसारको बैङ्क मौज्दात, बैङ्क समर्थन पत्र र बैङ्क स्टेटमेण्टसँग भिडान गरी अद्यावधिक राख्नुपर्नेमा बैङ्क हिसाब भिडान गरेको पाइएन । संस्थानको दूध तथा दुग्ध पदार्थको बिक्री रकम जम्मा हुने बैङ्क खाताहरूको बैङ्क समर्थन पत्र भन्दा लेखा हिसाबमा बढी देखिएको रू.१ करोड २१ लाख २० हजार र बैङ्क समर्थन पत्रभन्दा लेखा हिसाबमा घटी देखिएको रू.२ करोड ५६ लाख ७१ हजारको हिसाब भिडान भएको छैन । सञ्चालनमा नरहेका खाताहरू केन्द्रीय हिसाबमा रू.४२ लाख र काठमाडौं दुग्ध वितरण आयोजनामा रू.६९ लाखसमेत रू.१ करोड ११ लाख हिसाब भिडान गरेको छैन । उक्त हिसाब मिलान गर्नुपर्दछ ।

५२. **कर्मचारी दायित्व** - यस वर्ष सम्म उपदान र बिदाबापतको बीमाङ्कीय मूल्याङ्कनअनुसार रू.१ अर्ब २४ करोड ६५ लाख दायित्व रहेकोमा सो दायित्व भुक्तानीका लागि नागरिक लगानी कोषमा रू.१ करोड ८ लाख मात्र जम्मा गरेको पाइयो । संस्थानले कर्मचारीहरूको अवकाश योजनाअन्तर्गत दायित्व व्यवस्थापन तथा भुक्तानीका लागि थप रू.१ अर्ब २३ करोड ५६ लाख व्यवस्था गरेको छैन । सेवा निवृत्त कर्मचारीले पाउने सुविधाको लागि कोषको उचित व्यवस्थापन गर्नुपर्दछ ।

अनुगमन तथा बेरूजू

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा रासायानिक मलमा सञ्चालन खर्च अनुदान दिएको, सम्भाव्यता अध्ययन र प्रतिफललाई ध्यानमा राखी योजना छनौट नगरेको, तोकिएको लक्ष्यअनुसार आयोजनामा प्रगति नभएको, बहाल असुल हुन नसकेको, परामर्श सेवा खर्चमा नियन्त्रण नभएको, खाद्य वस्तुको न्यूनतम मापदण्ड पूरा नगर्नेलाई कारबाही नगरेको, खरिद सामानको उपयोग नभएको, प्रोत्साहन अनुदानको आधार नखुलेको, केही सम्पन्न उप आयोजना सञ्चालनमा नरहेका लगायतका व्यहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरूजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरूजूको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ १११ निकायमा रू.४ अर्ब ७४ करोड ९२ लाख ९० हजार बेरूजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.१ अर्ब ३२ करोड १ लाख २० हजार फर्स्यौंट गरेकोले रू.३ अर्ब ४२ करोड ९१ लाख ७० हजार बाँकी रहेको छ । सोमध्ये रू.४ करोड ८० लाख ७७ हजार म्याद नाघेको पेश्की रहेको छ । यस सम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - संगठित संस्था, समिति र अन्य संस्थातर्फ ६७ निकायमा रू.१ करोड ९९ लाख ७० हजार बेरूजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.५ लाख २७ हजार फर्स्यौंट गरेकोले रू.१ करोड ९४ लाख ४३ हजार बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

खानेपानी मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा खानेपानीसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, अनुगमन, कार्यान्वयन, नियमन र मूल्याङ्कन गर्ने, राष्ट्रियस्तरका प्रशोधन सहितका बृहत् ढल प्रशोधन आयोजनाहरूको पहिचान, निर्माण र नियमन गर्ने, मन्त्रालयसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय गर्ने र मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, प्रतिष्ठान र कम्पनी आदिको सञ्चालन र नियमन गर्ने लगायतका कार्य तोकिएको छ । मन्त्रालय र मातहत ३४ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत २९ सरकारी कार्यालयको निम्नानुसार रू.१३ अर्ब ४० करोड ५७ लाखको लेखापरीक्षण सम्पन्न भएको छ:

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोवार	जम्मा
१२,२१,९१	७,२७	१,१०,४२	९७	१३,४०,५७

२. **संगठित संस्था र अन्य संस्था -** यो वर्ष २ संगठित संस्था समितिको रू.४६ अर्ब ७४ करोड ४७ लाख र २ अन्य संस्थाको रू.७ अर्ब ५१ करोड २० लाखसमेतको लेखापरीक्षण सम्पन्न गरिएको छ । यो वर्ष एक संस्थानको लेखापरीक्षण गर्न बाँकी रहेको छ ।

३. **वार्षिक कार्यक्रम र प्रगति -** राष्ट्रिय योजना आयोगबाट स्वीकृत १८ वार्षिक कार्यक्रममध्ये एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजनाको प्रगति ५ प्रतिशत, ढल निर्माण तथा प्रशोधन कार्यक्रम तर्फको प्रगति ३० प्रतिशत, मेलम्ची खानेपानी आयोजनाको प्रगति ३६ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । केन्द्रीय खानेपानी आयोजना, शहरी खानेपानी तथा सरसफाइ क्षेत्रगत आयोजना, जलवायु अनुकूलित बृहत् खानेपानी आयोजनाको प्रगति ५० देखि ६० प्रतिशतसम्म रहेको छ। तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना, काठमाडौं उपत्यका ढल व्यवस्थापन आयोजना, काठमाडौं उपत्यका खानेपानी सुधार आयोजना, ग्रामिण खानेपानी तथा सरसफाइ कोषको प्रगति ६० देखि ७५ प्रतिशतसम्म रहेको देखिन्छ। बाँकी ८ आयोजनाको प्रगति ७५ प्रतिशतभन्दा माथि रहेको छ । मन्त्रालयले स्वीकृत कार्यक्रमअनुसार लक्ष्य हासिल गर्नुपर्दछ।

४. **आवधिक योजना कार्यान्वयन -** राष्ट्रिय योजना आयोगले स्वीकृत गरेको पन्ध्रौं योजनामा यस मन्त्रालयका लागि तोकिएका नतिजाका सूचकहरू र उपलब्धिको अवस्था निम्नानुसार छ:

क्र.सं.	कार्यक्रम	लक्ष्य	हाल सम्मको प्रगति
१.	आधारभूत स्तरको खानेपानी सेवा विस्तार	९९ प्रतिशत घरपरिवार	९३.२१ प्रतिशत
२.	सुधारिएको (उच्च तथा मध्यम स्तर) खानेपानी सेवा विस्तार	४० प्रतिशत घरपरिवार	२४.६५ प्रतिशत
३.	खुला दिशामुक्त क्षेत्र घोषणा भएका क्षेत्रमा सरसफाइ	१०० प्रतिशत	१०० प्रतिशत
४.	प्रशोधन सहितको ढल प्रणाली	२० प्रतिशत	२.१० प्रतिशत

उल्लिखित विवरणअनुसार पन्ध्रौं योजनाको लक्ष्यमध्ये खुला दिसामुक्त क्षेत्र घोषणा (सरसफाइ क्षेत्रतर्फ) लक्ष्यअनुसार प्रगति हासिल भएको देखिए तापनि प्रशोधनसहितको ढल प्रणाली सेवा २०

प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा यो वर्षसम्म २.१० प्रतिशत र सुधारिएको (उच्च तथा मध्यम स्तर) खानेपानी सेवा विस्तार कार्य ४० प्रतिशत घर परिवारमा पुऱ्याउने लक्ष्य रहेकोमा २४.६५ प्रतिशत घर परिवारमा मात्र सेवा विस्तार भएको देखिन्छ । तोकिएको समयभित्रै आवधिक योजनाको लक्ष्य हासिल गर्ने २ आर्थिक वर्षसम्मको प्रगति सन्तोषजनक देखिँदैन । तोकिएको समयभित्रै लक्ष्य हासिल गर्न मन्त्रालयले आवधिक योजनाअनुसारका कार्य सम्पन्न गर्नुपर्दछ ।

५. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०७७।७८ मा आगामी वर्ष आधारभूत स्तरको खानेपानी सुविधा ९४ प्रतिशत जनसंख्यामा पुऱ्याइने उल्लेख भएकोमा यस वर्षसम्म ९३.२१ प्रतिशतलाई सेवा पुऱ्याएको, मेलम्ची खानेपानी आयोजनाको आधारभूत पूर्वाधार निर्माण कार्य चालु आर्थिक वर्षभित्रै सम्पन्न गरी आगामी आर्थिक वर्षको शुरुदेखि नै काठमाडौं उपत्यकामा खानेपानी वितरण गरिने उल्लेख भएकोमा निर्माणाधीन हेडवर्क्सको करिब ९५ प्रतिशत कार्य सम्पन्न भएको जानकारी प्राप्त भएको छ । त्यस्तै, निर्माण सम्पन्न सुरुङ मार्गबाट मेलम्ची खोलाको पानी काठमाडौंको सुन्दरीजलसम्म दैनिक १७ करोड लिटर पथान्तरण गरी सुरुङ र पानी प्रशोधन केन्द्र परीक्षणको क्रममा प्रशोधित खानेपानी काठमाडौं उपत्यकामा वितरणको लागि थोक प्रसारणमा उपलब्ध गराइएकोमा २०७८ साल असार १ र १६ गते मेलम्ची नदीमा आएको विनाशकारी बाढीका कारण समग्र आयोजना अवरुद्ध भएकोले हाल वैकल्पिक मार्गबाट हिउँदमा मात्र पानी आपूर्ति भई वर्षायाममा पानी आपूर्ति बन्द हुने अवस्था रहेको देखिन्छ ।

महाकाली, कर्णाली, बबई र कोशीलगायतका नदीमा आधारित थोक पानी वितरण प्रणाली तथा जलाशययुक्त खानेपानी आयोजना सञ्चालनको लागि सम्भाव्यता अध्ययन गर्ने उल्लेख भएकोमा सो अनुसार नभएको, काठमाडौं उपत्यका खानेपानी लिमिटेडको प्राविधिक र वित्तीय अवस्था सुदृढ गर्न संस्थागत पुनः संरचना गरी व्यावसायिक संस्थाको रूपमा विकास गर्ने उल्लेख भएकोमा यसतर्फ कुनै कार्य भएको देखिएन।

बजेट वक्तव्यमा उल्लिखित कार्यक्रम कार्यान्वयनका लागि नतिजा सूचकसहितको कार्ययोजना तर्जुमा गर्ने, कार्ययोजना अनुरूप कार्य विवरण तयार गरी लागू गर्ने र सोअनुसारको कार्य सम्पादन मूल्याङ्कन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

६. **पुँजीगत खर्च** - यस वर्ष पुँजीगत खर्चतर्फ रू.२४ अर्ब ५२ करोड १६ लाख बजेट विनियोजन भएकोमा रू.११ अर्ब ६० करोड ३६ लाख अर्थात् बजेटको ४७.३२ प्रतिशत खर्च भएको छ। यो वर्ष पुँजीगत खर्चतर्फको समग्र प्रगति ६४.८५ प्रतिशत भएकोमा मन्त्रालयको ४७.३२ प्रतिशत मात्र रहेकोले औसत दरभन्दा न्यून प्रगति देखिएको छ । मन्त्रालयले पुँजीगत खर्चमा वृद्धि गरी खानेपानी संरचनाको निर्माण कार्य समयमै सम्पन्न गरी सबै नागरिकलाई आधारभूत स्तरको खानेपानी सेवा पुऱ्याउने उद्देश्य हासिल गर्न कार्य सम्पादनमा प्रभावकारिता ल्याउनुपर्दछ।

७. **दिगो विकास लक्ष्य** – दिगो विकास लक्ष्य सन् २०३० का सूचकहरूमध्ये मन्त्रालयसँग सम्बन्धित सूचकको लक्ष्य र प्रगति स्थिति निम्नानुसार छः

विवरण	दिगो विकास लक्ष्य सन् २०३०	२०७८।७९ को लक्ष्य	२०७७।७८ को लक्ष्य	२०७७।७८ को प्रगति प्रतिशत
आधारभूत स्तर खानेपानी	१०० प्रतिशत	९५ प्रतिशत	९४ प्रतिशत	९३. ३२
उच्च तथा मध्यमस्तर खानेपानी	९० प्रतिशत	२७ प्रतिशत	३२ प्रतिशत	२४. ६५
आधारभूत सरसफाइ सेवा	१०० प्रतिशत	१०० प्रतिशत	१०० प्रतिशत	१००
प्रशोधनसहितको ढल प्रणाली	५० प्रतिशत	४ प्रतिशत	३ प्रतिशत	२.१०

मन्त्रालयले दिगो विकास लक्ष्य हासिल गर्न प्रत्येक आर्थिक वर्ष निर्धारित लक्ष्यअनुसारको प्रगति हासिल गर्नुपर्दछ । यो वर्ष निर्धारित लक्ष्यको तुलनामा मन्त्रालयको प्रगति न्यून रहेको देखिन्छ । तोकिएको लक्ष्यको तुलनामा न्यून प्रगति हुँदा तोकिएको समयमा दिगो विकास लक्ष्य हासिल गर्न कठिनाइ हुने देखिन्छ। अतः लक्ष्यअनुसार प्रगति हासिल गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

८. **राष्ट्रिय गौरवका आयोजना -** मन्त्रालयअन्तर्गत सञ्चालित राष्ट्रिय गौरवका आयोजनामध्ये २०५५।५६ मा शुरु भएको मेलम्ची खानेपानी आयोजनाको लागत अनुमान रू.३५ अर्ब ५४ करोड रहेकोमा यो वर्षसम्म रू.३० अर्ब १५ करोड ६२ लाख खर्च भएको छ । आयोजनाको भौतिक प्रगति ९९.४७ प्रतिशत रहेकोमा २०७८ आषाढ १ मा मेलम्ची खोलामा आएको भीषण बाढीका कारण निर्माणाधीन हेडवर्क्स पूर्ण रूपमा अवरुद्ध भएको छ । उक्त आयोजनाको दोस्रो चरण (लार्के र याङग्री) को लागि विस्तृत आयोजना प्रतिवेदन तयार भए तापनि स्वीकृत भएको छैन । दोस्रो चरणतर्फ यो वर्षसम्म रू.९१ करोड ८६ लाख खर्च गरी वार्षिक भौतिक प्रगति २४.८६ प्रतिशत देखिएको आयोजनाको डी.पी.आर. तयार गरी मुआब्जा र क्षतिपूर्ति वितरण, प्रवेश मार्ग निर्माण कार्य मात्र शुरुवात गरेको अवस्था छ ।

आयोजना कार्यान्वयन निर्देशनालयमार्फत मेलम्ची खानेपानी आयोजनाको वितरण सञ्जाल प्रणाली निर्माणअन्तर्गत पाइप सञ्जाल आदिको टेस्टिङ्ग एण्ड कमिसनिङ कार्य १ हजार १० किलोमिटरमध्ये ४५६ किलोमिटर अर्थात् ४५.१० प्रतिशत, मण्डिखाटार र बौद्ध-जोरपाटी खण्डको वितरण पाइप सञ्जाल सुधार कार्य २८० किलोमिटरमध्ये १०५ किलोमिटर अर्थात् ३७.५ प्रतिशत रहेको देखिन्छ । सुपरभाइजरी कन्ट्रोल एण्ड डाटा एक्विजिसन प्रणालीको डिजाइन तथा जडान कार्य १७ प्रतिशत र सल्लाघारी, धोबीघाट तथा कोड्कु ढल प्रशोधन केन्द्र डिजाइन तथा निर्माण कार्य २७ प्रतिशत प्रगति भएको छ। उल्लिखित कार्यमा प्रगति न्यून देखिएकोले निर्माण कार्य समयमै सम्पन्न गरी खानेपानी वितरण कार्य व्यवस्थित तथा सहज बनाउनुपर्दछ।

९. **रुग्ण तथा अधुरा आयोजना -** मन्त्रालय मातहत २०६९।७० भन्दा पहिले सम्झौता भई शुरु भएका संघ अन्तर्गत सञ्चालित ६२ आयोजना यस वर्षसम्म सम्पन्न भएका छैनन् । संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, खोटाङअन्तर्गत रू.१० करोड ३३ लाखमा २०६५।६६ मा सम्झौता भएको ब्रामाङ खानेपानी आयोजनाको हालसम्म २ करोड ८५ लाख खर्च भई २७.५९ प्रतिशत मात्र प्रगति भएको र अर्घाखाँचीअन्तर्गत तातोपानी र ख्याहा खानेपानी आयोजना पाल्पाको २०६७।६८ मा रू.७ करोड ५८ लाख र रू.७ करोड ८५ लाखमा सम्झौता भएकोमा हालसम्म क्रमशः रू.६ करोड १ लाख र रू.५ करोड ३४ लाख खर्च भई ७९.२९ र ६८.०३ प्रतिशत मात्र प्रगति भएको छ।

त्यसैगरी २०७२।७३ मा सम्झौता भई सञ्चालनमा रहेका खोटाङ जिल्लाका रू.७ करोड ५६ लाख लागतको चौंरीखर्क आयोजनामा ११ लाख मात्र खर्च भई १.४५ प्रतिशत प्रगति भएको, ७ करोड लागतको गोली आयोजनामा रू.४१ लाख खर्च भई ५.८५ प्रतिशत र २ करोड १९ लाख लागतको वासा आयोजनामा १५ लाख खर्च भई ६.८५ प्रतिशत मात्र प्रगति भएको छ । रुग्ण तथा अधुरा आयोजनाहरूमा रहेका समस्या समयमै समाधान गरी सम्पन्न गर्नुपर्दछ।

१०. **संगठन संरचना -** खानेपानी तथा ढल व्यवस्थापन कार्य साविकमा सबै जिल्लामा रहेका खानेपानी तथा ढल निकास विभाग मातहतका कार्यालयबाट सम्पादन हुँदै आएकोमा मुलुक संघीय प्रणालीमा रुपान्तरण भएपछि सो कार्य ३ तहका सरकारबाट हुँदै आएको छ । मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन

विभाग र अन्तर्गतका संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाको लागि कुल दरबन्दी ३५२ रहेकोमा विभाग मातहतका संघीय खानेपानी आयोजनाको लागि २३५ पुल दरबन्दी स्वीकृत गरी कार्य सम्पादन गर्दै आएको छ। संघीय कार्यालयले राष्ट्रिय महत्व एवं प्राथमिकता प्राप्त आयोजना मात्र सञ्चालन गर्न कार्यक्षेत्र र दरबन्दी यकिन गरी सोहीअनुसार संगठन संरचना र दरबन्दी व्यवस्थापन गरी कार्यमा प्रभावकारिता ल्याउनुपर्दछ ।

११. **निर्माण सम्झौतामा असम्बन्धित आइटम -** सार्वजनिक लेखा समितिको २०६९।१।८ को निर्णयमा निर्माण कार्यको बिल अफ क्वान्टिटीमा सवारीसाधन र सवारीसाधनको भाडालगायत अन्य सुविधा समावेश गरी निर्माण व्यवसायीलाई भुक्तानी गर्ने विषयमा नियन्त्रण गर्ने उल्लेख छ। सो निर्णय विपरीत शहरी विकास तथा खानेपानी सरसफाइ आयोजना व्यवस्थापन कार्यालय काठमाडौंले २ निर्माण कार्यको ठेक्कामा सवारीसाधन भाडा समावेश गरी रू.३६ लाख ५९ हजार, आयोजना व्यवस्थापन क्षेत्रीय कार्यालय बाँकेले ३ ठेक्कामा सवारीसाधन भाडा र साइट अफिस लगायतका इन्जिनियरिङ्ग सुविधा समावेश गरी रू.६८ लाख ८० हजार, तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना क्षेत्रीय कार्यालय बाँकेले ७ ठेक्कामा रू.१ करोड १८ लाख ७९ हजार, मेलम्ची खानेपानी आयोजनाले एक ठेक्कामा रू.२ करोड ६४ लाख ५३ हजार र आयोजना कार्यान्वयन निर्देशनालय काठमाडौंले २ ठेक्कामा रू.४१ लाख १० हजार भुक्तानी दिएको नियम सम्मत देखिएन। सार्वजनिक लेखा समितिको निर्णय पालना गर्नुपर्दछ।

खानेपानी तथा ढल व्यवस्थापन विभाग

१२. **प्रगति** - वार्षिक कार्यक्रममा चौमासिक रूपमा सञ्चालन गरिने कार्यक्रमहरूको लागत, परिमाण र भारसमेत खुलाई स्वीकृत गर्ने र तोकिएका कार्यक्रमहरू समयमै सम्पन्न गर्नुपर्दछ। विभाग र मातहतका आयोजनाबाट विभिन्न कार्यक्रम सञ्चालन गर्न यो वर्ष रू.१९ अर्ब ५ करोड ९७ लाख विनियोजन भएकोमा रू.९ अर्ब ४७ करोड ८० लाख मात्र खर्च भएको देखिन्छ। उल्लिखित आयोजना/ कार्यक्रमहरूको समग्र भौतिक प्रगति ५८ प्रतिशत भएको छ। समग्र प्रगतिमध्ये एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजनातर्फ ५.१० प्रतिशत, ढल निर्माण तथा प्रशोधन कार्यक्रमतर्फ ३०.१२ प्रतिशत र केन्द्रीय खानेपानी आयोजनातर्फ ५०.७५ प्रतिशत मात्र प्रगति भएको देखिन्छ। स्वीकृत कार्यक्रम तथा लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ।

१३. **खानेपानीको गुणस्तर** - खानेपानी सेवा उपलब्ध गराउने निकाय तथा संस्थाहरूले वितरण गर्ने खानेपानीको मापदण्ड निर्धारणको लागि नेपाल सरकारले राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड र निर्देशिका, २०६२ तर्जूमा गरेको छ । यो वर्ष विभागले खानेपानी गुणस्तर कार्यक्रममा रू.२६ करोड ३१ लाख १९ हजार खर्च गरेको देखिन्छ । सर्वसाधारणलाई वितरण हुने खानेपानी गुणस्तर मापदण्डअनुसार भएको सुनिश्चित हुनको लागि खानेपानी वितरण गर्ने आयोजनाहरूको मापदण्ड पूरा भएको अवस्था यकिन हुने आयोजनागत अभिलेख विभागमा रहेको देखिएन । मापदण्डअनुसार गुणस्तर सुनिश्चित गरी खानेपानी वितरण गर्नुपर्दछ ।

१४. **परामर्श खर्च** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा विभागीय जनशक्तिबाट सम्पादन हुन नसक्ने कार्यमा मात्र परामर्शदाता नियुक्ति गरी परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ । विभिन्न

आयोजनाको सम्भाव्यता अध्ययन, डिजाइन, गुरुयोजना तयार गर्ने तथा निर्माण सुपरिवेक्षण गर्ने कार्यको लागि विभागले रू.३ करोड ३ लाख १९ हजार, सह लगानी खानेपानी तथा सरसफाइ आयोजनाले रू.१ करोड ४९ लाख १८ हजार र जलवायु अनुकूलित बृहत् खानेपानी आयोजनाले २ करोड ७८ लाख ७१ हजार त्यसैगरी संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कैलाली, कञ्चनपुर, बाँके, रूपन्देही, कास्की र चितवनले मौजुदा सूचीबाट प्रस्ताव माग गरी रू.५ करोड २२ लाख ८५ हजारसमेत रू.१२ करोड ५३ लाख ९३ हजारको परामर्श सेवा खरिद गरेका छन् । समान प्रकृतिको कार्यको मिल्दो प्याकेज बनाई बोलपत्र मार्फत खरिद गर्ने व्यवस्था नमिलाएको र विभागीय जनशक्तिको उपयुक्त व्यवस्थापन नगरी परामर्शदाता माथिको निर्भरता बढाउनु उचित देखिएन । जटिल प्रकृतिको कार्यमा मात्र परामर्श सेवा लिई नियमित कार्यको लागि परामर्शदाता माथिको निर्भरता घटाउनु पर्दछ।

१५. **उपभोक्ता समितिबाट निर्माण कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टेन्जेन्सी रकम र जनसहभागिताको अंशसमेत रू.१ करोडसम्म लागत भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१५.१ यो वर्ष संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कास्कीले रू.४६ करोड ९२ लाख ३५ हजारका ३७ योजना, सुर्खेतले रू.१ करोड ८ लाखको एक योजना, मोरङले रू.८ करोड १० लाखका ८ योजना, कञ्चनपुरले रू.६ करोड ९६ लाखका ४ योजना र धनकुटाले रू.१ करोड ८ लाखको एक योजना समेत ५२ योजना कार्यान्वयनको लागि उपभोक्ता समितिसँग रू.४८ करोड ८१ लाख ३६ हजारको सम्झौता गरी निर्माण कार्य गराएको छ। नियमले तोकेको सीमाभन्दा बढीको काम उपभोक्ता समितिबाट गराउने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१५.२ संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, कास्कीले निर्माण कार्यको लागत अनुमानमा मूल्य अभिबृद्धि कर, ओभरहेड र कन्टिन्जेन्सी रकम समावेश नगरी रू.१ करोडभन्दा घटी हुने गरी लागत अनुमान बनाई एउटै उपभोक्ता समितिसँग रू.१ करोड भन्दा बढी लागत अनुमान हुने ५ निर्माण कार्यको सम्झौता गरी रू.४ करोड ४० लाख ४१ हजार भुक्तानी गरेको देखिन्छ। यसरी खरिद कार्यमा प्रतिस्पर्धा सीमित पार्ने उद्देश्यले १ करोड भन्दा घटीको लागत अनुमान तयार गरी एकै आर्थिक वर्षमा एउटै व्यक्ति अध्यक्ष रहेको एउटै उपभोक्ता समितिसँग एउटै प्रकृतिको कार्य गराएको नियमसम्मत नदेखिएकोले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१५.३ आयकर ऐन, २०५८ को दफा ८९(३क) मा उपभोक्ता समितिलाई गरिने रू.५० लाख भन्दा बढीको भुक्तानी रकममा एक दशमलव पाँच प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कास्की, धनुषा, कञ्चनपुर र अर्घाखाँचीले ४१ उपभोक्ता समितिलाई रू.२८ करोड ९७ लाख ९१ हजार भुक्तानी गर्दा स्रोतमा रू.४३ लाख ४७ हजार करकट्टी नगरेकोले उक्त रकम असुल गर्नुपर्दछ ।

१५.४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी दिँदा जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था भएकोमा संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना चितवन, वीरगञ्ज, इलाम र मकवानपुरले १५ उपभोक्ता समितिलाई जनसहभागिताको अंश रू.३८ लाख ९२ हजार कट्टा नगरी भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

१५.५ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिले हेभी मेशिन र औजार उपकरण प्रयोग हुने कार्य गर्न नहुने व्यवस्था छ। जटिल प्रकृतिको काम उपभोक्ता समितिबाट गराई संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना मकवानपुर र मोरङले ४२ योजनामा रू.१५ करोड ६६ लाख ४० हजार खर्च लेखेको छ। आर.सी.सी ओभरहेड ट्याङ्क, डिप बोरिङ, पानी प्रशोधन केन्द्र र भवन निर्माण जस्ता दक्षता नपुग्ने जटिल प्राविधिक पक्ष समावेश भएका संरचना निर्माणको कार्यमा उपभोक्ता समितिसँग सम्झौता गरी काम गराउँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) को प्रतिबन्धात्मक वाक्यांशबमोजिम सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति नलिई यस प्रकारबाट कार्य गराउने प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ ।

१६. **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ तथा नियम ८४ बमोजिम सार्वजनिक निकायले मालसामान, सेवा वा कुनै निर्माण कार्य गराउँदा २० लाख रूपैयाँभन्दा बढीको बोलपत्रको मध्यमबाट र २० लाख रूपैयाँसम्मको सिलबन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्ने व्यवस्था छ। यो वर्ष संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, चितवनले रू.३१ लाख ४६ हजार, मोरङले रू.७३ लाख ३२ हजार, बाँकेले रू.१८ लाख ६३ हजार, कञ्चनपुरले रू.६० लाख ३२ हजारको पाइप तथा फिटिङ्स र खोटाङले रू.७८ लाख ६७ हजार, कैलालीले रू.१ करोड ८२ लाख ७३ हजारको निर्माण कार्य र पाइप तथा फिटिङ्स खरिद समेत रू.४ करोड ४५ लाख १३ हजारको खरिद कार्य सोझै गरेका छन्। प्रतिस्पर्धा बेगर पटक पटक सोझै खरिद गर्ने कार्य नियमसम्मत नदेखिएकोले खरिद कार्यमा प्रचलित नियमको पालना गर्नुपर्दछ ।

१७. **पाइप तथा फिटिङ्स खरिद** - खानेपानी तथा ढल व्यवस्थापन विभागको २०६३।१।३ को परिपत्रमा पाइप तथा फिटिङ्स/औजारको मौज्दातलाई ध्यान दिई सोको उपयोग गर्ने र अत्यावश्यक भएमा मात्र खरिद गर्नुपर्ने व्यहोरा उल्लेख छ । संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना चितवन, कैलाली, सुर्खेत, अर्घाखाँची, रामेछाप, मोरङ र कञ्चनपुरले रू.५ करोड ५९ लाखको पाइप र अर्घाखाँची, इलाम, मोरङ र कञ्चनपुरले रू.२ करोड ६० लाख ६७ हजारको फिटिङ्स प्रतस्पर्धा बेगर टुक्रा गरी मौज्दातमा रहने गरी खरिद गरेको छ । आर्थिक वर्षको अन्तमा पाइप तथा फिटिङ्स मौज्दातमा रहने गरी खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१८. **पाइप खर्च -** नेपाल सरकार(सचिवस्तर) को २०६२।११।८ को निर्णयमा पाइप खरिद गर्दा विगतको मौज्दातको ध्यान दिई सोको उपयोग गर्ने, अत्यावश्यक भएमा मात्र खरिद गर्ने तथा नापी किताबमा जडान देखिएअनुसार जिन्सी खाताबाट मौज्दात घटाउनुपर्ने व्यहोरा उल्लेख छ। संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना अर्घाखाँची, खोटाङ, पर्सा, भक्तपुर, कास्की, मकवानपुर, धनुषा र रामेछापले रू.६ करोड ८३ लाख २६ हजार मूल्यका विभिन्न साइजका ३ लाख ४५ हजार मिटर एच.डी.पी.ई. पाइप जिन्सी खाताबाट खर्च देखाए तापनि योजनाको नापी किताबमा प्रविष्टि गरेको नदेखिएकोले पाइप खर्च पुष्टि हुने स्थिति छैन। पाइप उपयोगको पुष्टि हुनुपर्दछ।

१९. **एजबिल्ट नक्सा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा निर्माण कार्यसम्पन्न भएको ३० दिनभित्र एजबिल्ट नक्सा पेस गर्नुपर्ने र पेस नगरेमा तोकिएबमोजिम रकमको भुक्तानी नगरी रोक्का गर्नुपर्ने व्यवस्था बोलपत्र सम्बन्धी कागजातमा रहेको छ । संघीय खानेपानी तथा ढल व्यवस्थापन विभागअन्तर्गतका ४ आयोजनाबाट एज बिल्ट नक्सा पेस नगरेको अवस्थामा ९ निर्माण व्यवसायीलाई

रू.२१ लाख रोक्का नगरी भुक्तानी भएको छ । सम्झौताअनुसार एज बिल्ट नक्सा पेस नहुँदै भुक्तानी दिनेलाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्दछ ।

२०. **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्पन्न भएको कामको प्राविधिकले नापजाँच गरी नापी किताबमा उल्लेख भएको कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, सुर्खेतले एक आयोजनाको सम्झौतामा उल्लिखित भन्दा बढी परिमाणको भुक्तानी दिएको रू.६ लाख ७१ हजार र चितवनले ओभरहेड टंकी निर्माण कार्यमा फरक सूत्र प्रयोगको कारणबाट बढी कार्य परिमाण गणना भई बढी भुक्तानी दिएको रू.२८ लाख ५५ हजारसमेत रू.३५ लाख २६ हजार बढी भुक्तानी दिएको छ । बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

२१. **मूल्य समायोजन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा मूल्य समायोजन गर्न सकिने व्यवस्था छ। यो वर्ष ५ कार्यालयले ८ निर्माण व्यवसायीलाई मूल्य सूचकाङ्क फरक पारी रू.२ करोड ७९ लाख २४ हजार मूल्य समायोजन भुक्तानी गरेका छन् । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२१.१ निर्माण कार्यको म्याद थप गर्दा थप आर्थिक व्ययभार नपर्ने गरी म्याद थप भएको अवस्थामा शुरु सम्झौताको अन्तिम मितिको मूल्य समायोजन सूचकाङ्कअनुसार मूल्य समायोजन गणना गर्नुपर्नेमा सो विपरीत अन्य सूचकाङ्कबाट मूल्य समायोजन गणना गरी संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, इलामले दुई निर्माण व्यवसायीलाई रू.२ करोड १६ लाख भुक्तानी गरेको छ । बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ।

२१.२ निर्माण कार्यको सम्झौतामा तोकिएको समयको आधार सूचकाङ्क र फ्याक्टर प्रयोग गरी मूल्य समायोजन गणना गरी भुक्तानी गर्नुपर्नेमा फरक मितिको आधार सूचकाङ्क र फरक फ्याक्टर प्रयोग गरी संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना धनुषाले रू.३९ लाख १७ हजार, भक्तपुरले रू.१८ लाख ९७ हजार र कास्कीले रू.५ लाख १० हजारसमेत रू.६३ लाख २४ हजार बढी भुक्तानी भएको छ। उक्त रकम असुल गर्नुपर्दछ ।

तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना

२२. **पाइप फिटिङ्स मौज्दात -** आयोजनाको ड्राइङ डिजाइनअनुसार निर्माण गर्दा आवश्यक पर्ने निर्माण सामग्री र पार्टपुर्जा खरिद गरी प्रयोग गरेको आधारमा नापी किताबमा प्रविष्ट गरी ठेक्का बिलअनुसार भुक्तानी दिनुपर्दछ। आयोजना व्यवस्थापन कार्यालय, काठमाडौंले ५ आयोजनाको सम्झौताबमोजिम रू.१ अर्ब ६३ करोड ४८ लाख को भुक्तानी गर्दा रू.५ करोड ९४ लाख ६७ हजार र आयोजना व्यवस्थापन क्षेत्रीय कार्यालय, बाँकेले २ आयोजनाको रू.४४ करोड ३९ लाख ९२ हजार भुक्तानी गर्दा रू.१ करोड ७ लाख ७८ हजार समेत रू.७ करोड २ लाख ४५ हजार मूल्यका बाँकी रहेका पाइप तथा फिटिङ्स उपभोक्ता समितिलाई हस्तान्तरण गरेको आधारमा निर्माण व्यवसायीलाई भुक्तानी गरेको छ । कार्यालयले उपयोग नभएको निर्माण सामग्री फिर्ता गरी भण्डारणको सुरक्षा गर्ने, अभिलेख अद्यावधिक गर्नुपर्नेमा उपभोक्तालाई हस्तान्तरण गरेको आधारमा मात्र भुक्तानी गर्नु उपयुक्त नदेखिएको साथै निर्माण सम्पन्न

भएपछि मर्मत सम्भारको लागि अत्यावश्यक हुने र बजारमा उपलब्ध नहुने प्रकृतिका सामग्रीहरू आयोजनाको संरक्षणमा रहने गरी फिर्ता गर्नुपर्नेमा उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने गरी गरेको सम्झौता कानुनसम्मत देखिएन। उक्त सामान उपयोगको सुनिश्चितता हुनुपर्दछ ।

शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना

२३. **परामर्शदाताको पारिश्रमिक -** एसियाली विकास **बैङ्क**सँग भएको सम्झौताअनुसार आयोजनाले खानेपानी तथा सरसफाइ आयोजनासँग सम्बन्धित खर्च मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। आयोजनाले नगर विकास कोषको कामका लागि नियुक्त परामर्शदाताको पारिश्रमिक भुक्तानी गरेको छ । उपभोक्ता समितिलाई लगानी गर्ने ऋणलगायतको कार्य गर्न परामर्शदाता नियुक्त गरेको र निजहरूको पारिश्रमिक यो वर्ष रू.९८ लाख ४८ हजार आयोजनाले भुक्तानी गरेकोले ऋण लगानी गर्ने प्रयोजनको लागि नियुक्त गरिएका परामर्शदाताको खर्च नगर विकास कोषको आफ्नै दायित्व भएकोले आयोजनाबाट भुक्तानी गर्नु उचित होइन । आयोजनाको लागि छुट्टै परामर्शदाता नियुक्त भएको अवस्थामा आवश्यकता र औचित्यता पुष्टि नहुने गरी नगर विकास कोषले यस्ता परामर्शदाताको व्यवस्था गरी व्ययभार बढाएको देखिँदा यस्तो खर्चमा मितव्ययिता ल्याउनुपर्दछ ।

२४. **सवारीसाधन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५५(१) मा कार्यालयमा प्राप्त हुन आएको सम्पूर्ण नगदी जिन्सीको संरक्षणको प्रबन्ध मिलाउनु जिम्मेवार व्यक्तिको कर्तव्य हुने उल्लेख छ । आयोजना व्यवस्थापन कार्यालयअर्न्तगत सञ्चालित खानेपानी आयोजनाका उपभोक्ता समितिलाई उपलब्ध गराउन खरिद भएका १५ थान सवारीसाधनमध्ये हस्तान्तरण प्रक्रिया र निर्णय बेगर ३ सवारीसाधन आयोजना कार्यान्वयन इकाईलाई उपलब्ध गराएको, खरिद भएको ६ महिना (२०७८ पौष) सम्म ५ सवारीसाधन सम्बन्धित समितिलाई हस्तान्तरण नगरी खानेपानी तथा ढल व्यवस्थापन विभागको परिसरभित्र उचित संरक्षण बेगर खुला स्थानमा राखेको र ७ सवारीसाधन सम्बन्धित आपुर्तिकर्तासँग नै रहेको उल्लेख छ । आपूर्तकसँग भएको सम्झौताअनुसार १२ महिनाको वारेन्टी पिरियड मध्ये ६ महिना व्यतीत भइसकेको छ । खरिद गरेको धेरै अवधिसम्म प्रयोजन बेगर सवारीसाधन रहेकोले खरिदको उद्देश्य पूरा नभएको र अनावश्यक बजेट खर्च भएको देखिन्छ । खरिद भएका सवारीसाधन सम्बन्धित आयोजनाको उपभोक्ता समितिलाई हस्तान्तरण गर्नेतर्फ तालुक निकायको समेत ध्यानाकर्षण हुनुपर्ने देखिन्छ ।

समिति तथा अन्य संस्था

मेलम्ची खानेपानी विकास समिति

सिन्धुपाल्चोक जिल्लाको हेलम्बुस्थित मेलम्ची खोलामा हेडवर्क्स निर्माण र सुन्दरीजलसम्म २७.५ किलोमिटर सुरुङ निर्माण गरी पहिलो चरणमा १७ करोड र दोस्रो चरणमा याङग्री र लार्के खोलाबाट ३४ करोड समेत दैनिक ५१ करोड लिटर पानी काठमाडौं उपत्यकामा ल्याउने उद्देश्यले २०५५।५६ मा विकास समिति स्थापना भएको हो ।

२५. **आयोजनाको पुनर्संरचना** - शुरुमा सन् १९९९ मा आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार भई विद्युत उत्पादन तथा रिबर्मा-सुन्दरीजल प्रसारण लाइन निर्माण गर्ने प्रस्ताव रहेकोमा दातृ निकायको समन्वयमा विद्युत तथा प्रसारण लाइनको कार्य बाहेक खानेपानी आयोजना सञ्चालन गरिएको थियो। मेलम्ची खानेपानी आयोजनाको प्रथम चरणको उप-आयोजना १ को शुरूको कुल लागत अमेरिकी डलर २४९.४० मिलियन रहेको थियो। आयोजनाको हेडवर्क्स तथा सुरुङ्ग निर्माण कार्यको लागि एक चिनियाँ कम्पनीसँग २०६४।११।७ मा रू.४ अर्ब २८ करोड ८८ लाख (मूल्य अभिवृद्धि कर बाहेक) को ठेक्का सम्झौता भएकोमा सन्तोषजनक कार्य सम्पादन हुन नसक्दा २०६९।६।९ मा खरिद सम्झौताको अन्त्य गरेको देखिन्छ । आयोजनाले सुरुङ निर्माण कार्यको लागि पुनः ठेक्का आव्हान गर्दा एक इटालियन कम्पनीसँग २०७० असार ३१ मा रू.७ अर्ब ७२ करोड ३५ लाख (मूल्य अभिवृद्धि कर बाहेक) को खरिद सम्झौता गरेकोमा २०७५।८।२९ मा उक्त निर्माण कम्पनीले अकस्मात् निर्माण स्थल छाडे पछि बाँकी निर्माण कार्य तत्कालै अगाडि बढाउनुपर्ने मन्त्रिपरिषद्को २०७६।२।६ को निर्णयबमोजिम १० प्याकेज कार्यको लागि रू.२ अर्ब २७ करोड ८२ लाखमा विभिन्न निर्माण सेवा प्रदायकसँग सम्झौता भई निर्माण कार्य भएको देखिन्छ । निर्माण कार्यमा पटक पटक ठेक्का गर्नुपर्दा आयोजनाको लागत वृद्धि भई अमेरिकी डलर २८७.४ मिलियन पुगेको छ । सन् २०१५ मा पानी प्रशोधन केन्द्रको क्षमता अभिवृद्धि गरी दैनिक प्रशोधन क्षमता १७ करोड लिटर पुऱ्याउन र आयोजनाको दोस्रो चरणको डिजाइन प्रतिवेदन तयारीका लागि अमेरिकी डलर २५.५ मिलियन थप भई आयोजनाको कुल संशोधित लागत अमेरिकी डलर ३१२.९ मिलियन रहेको छ । काठमाडौं उपत्यकामा थप भएको उप-आयोजना २ को लागतसमेत उल्लेख गरी विस्तृत आयोजना प्रतिवेदन स्वीकृत गरेको देखिएन ।

आयोजनामा यो वर्षको रू.१ अर्ब ६२ करोड १६ लाखसमेत हालसम्म रू. ३१ अर्ब १० करोड ६१ लाख खर्च भइसकेको अवस्थामा आयोजनाको यथार्थ लागत यकिन गर्न सक्ने अवस्था छैन। कुल खर्चमध्ये निर्माण खर्च ८१.४२ प्रतिशत र परामर्श सेवा तथा अन्य खर्च १८.५८ प्रतिशत रहेकोले निर्माणसँगको प्रत्यक्ष खर्चभन्दा अन्य खर्चले आयोजनाको लागत वृद्धि हुँदै गएको छ। निर्धारित कार्य तालिकाबमोजिम कार्य गर्दै खर्चमा मितव्ययिता ल्याई आयोजनाको लागत निश्चित र नियन्त्रित हुनुपर्दछ।

२६. **भेरिएसन** - मेलम्ची खानेपानी विकास समितिले बागमती नदीको पानी प्रशोधन केन्द्रमा खसाली २५ मार्च २०२१ मा ३ महिनासम्म पानी सञ्चालनको काम समेत सम्पन्न भएको देखिन्छ। पानी प्रशोधन केन्द्र- प्रथमको मुख्य भागको निर्माण कार्य सम्पन्न भएको उल्लेख गरी ३१ डिसेम्बर २०१७ देखि लागू हुनेगरी टेकेन ओभर सर्टिफिकेट (टी.ओ.सी.) दिएकोमा १३ डिसेम्बर, २०१७ मा भएको सम्झौता अनुसार १ जनवरी, २०१८ देखि १ वर्षको लागि सञ्चालन र मर्मत अवधिको भेरिएसन भई आएकोमा परीक्षणको काम पूरा नभएको उल्लेख गरी पटक पटक मर्मत अवधिको म्याद थप तथा भेरिएसन गरी २०७८ असार मसान्तसम्म निर्माण व्यवसायीलाई भेरिएसनबाट थप भएको कार्यको लागि रू.१२ करोड ९५ लाख २७ हजार भुक्तानी भएको छ।

यस्तै, २६ मार्च, २०२१ देखि मेलम्ची खोलाको पानी प्रशोधन केन्द्रमार्फत् १५ जून, २०२१ सम्म करिब ८० दिनसम्म परीक्षण, सञ्चालन र मर्मत सम्भारको काम सम्पन्न भई प्रशोधित पानी काठमाडौँमा वितरण भइसके पश्चात् सम्झौताअनुसार निर्माण व्यवसायीसँग भएको ठेक्का फाइनल नगरी १६ जुन, २०२१ पश्चात् पनि निर्माण व्यवसायीलाई प्रति महिना ४२ लाखका दरले हालसम्म भेरिएसन रकम भुक्तानी गरेको कारण नेपाल सरकारलाई थप व्ययभार परेको देखिन्छ । मेलम्ची खानेपानी विकास समितिले ३१ डिसेम्बर २०१७ देखि लागू हुने गरी कार्य स्वीकार प्रतिवेदन दिई पानी प्रशोधन केन्द्र आफ्नो स्वामित्वमा लिए पश्चात् प्रशोधन केन्द्रको व्यवस्थापन आफैं वा काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डलाई दिएर ठेक्का फाइनल गर्न सक्ने अवस्था रहेकोमा सो नगरी मर्मत, इन्जिनियर सुविधा र मूल्य समायोजनलगायतमा अतिरिक्त भुक्तानी दिनु उपयुक्त देखिएन ।

२७. **मूल्य समायोजन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा मूल्य समायोजन गर्न सकिने व्यवस्था छ । पानी प्रशोधन केन्द्र-दोस्रोका निर्माण व्यवसायीसँग भएको सम्झौताको म्याद थपको निर्णयमा म्याद थपबाट नेपाल सरकारलाई थप आर्थिक दायित्व नपर्ने व्यहोरा उल्लेख छ। निर्माण व्यवसायीसँग भएको सम्झौताको म्याद थप गर्दा म्याद थप हुनुभन्दा अगाडिको मूल्य सूचकाङ्क फ्रिज नगरी म्याद थप पछिको अवधिको सूचकाङ्कबाट मूल्य समायोजन गणना गरी भुक्तानी दिएका कारण निर्माण व्यवसायीलाई ३४ औं आई.पी.सी. सम्म मूल्य अभिवृद्धि कर थपसमेत रू.१ करोड ३९ लाख १७ हजार बढी भुक्तानी भएकोले उक्त रकम असुल गर्नुपदर्छ ।

२८. **भेरिएसनबाट थप कार्यादेश** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(च) मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई सो ऐनको दफा २ को खण्ड (ख) को उपखण्ड (२) बमोजिमको सार्वजनिक निकायको हकमा १५ प्रतिशत देखि माथिको भेरिएसन सो निकायको सर्वोच्च कार्यकारी निकायले स्वीकृत गर्न सक्ने उल्लेख छ। प्याकेज २ को बाँकी सुरुङ निर्माण कार्यको लागि रू.८५ करोड १ लाख ९४ हजार (मूल्य अभिवृद्धि करसहित) को लागतमा समिति र एक निर्माण व्यवसायीबीच २९ सेप्टेम्बर, २०१९ मा सम्झौता भई कार्यान्वयनका चरणमा शुरु सम्झौता रकमको तुलनामा २९.३० प्रतिशतले अर्थात् रू.२४ करोड ९१ लाख ८४ हजारले वृद्धि हुने गरी दोस्रो भेरिएसन आदेश स्वीकृतिको लागि समिति समक्ष सिफारिस भएकोमा अध्ययन समितिको सिफारिसअनुसार २०७८।२।११ को समितिको बोर्ड बैठकबाट २४.१९ प्रतिशतले हुने रू.१८ करोड २० लाख ३५ हजारको भेरिएसन स्वीकृत भएको छ।

आयोजनाले निर्माण कार्यको डिजाइन तथा सुपरिवेक्षण परामर्श र आयोजना व्यवस्थापन परामर्शदाताको सेवा समेत लिने गरी एक परामर्शदाताबाट गत वर्ष देखि सेवा लिएको र परामर्शदाताको कार्यविवरणमा समेत ड्राइङ डिजाइन लागत अनुमान र सुपरभिजन गर्नुपर्ने कार्य निजका विशेषज्ञहरूको कार्य विवरण तोकिएको छ । निर्माण कार्यको लागत अनुमान तयार र अन्य कार्य गर्न परामर्शदातालाई खरिद सम्झौता गरी निरन्तर सेवा लिएकोमा शुरु ठेक्का सम्झौता भन्दा २४.१९ प्रतिशत (रू.१८ करोड २० लाख ३५ हजार) थप व्ययभार पर्ने गरी दुई पटक भेरिएसन आदेश जारी गर्नुपर्ने अवस्था सृजना भएकोले शुरुको डिजाइन र लागत अनुमानको यथार्थता यकिन हुन सकेन। वास्तविक लागत

अनुमान तयार नगर्ने परामर्शदातालाई सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५क. बमोजिम जिम्मेवार गराउनुपर्दछ।

२९. **सम्झौता विपरितको भुक्तानी** - सुरुङ निर्माणको बाँकी कार्य सम्पन्न गर्न छनौट भएका निर्माण व्यवसायीसँगको खरिद सम्झौतामा ग्राउटिङको कार्य रक डबेलअन्तर्गत रहेको देखिएकोले निर्माण व्यवसायीको दायित्वभित्र पर्ने उल्लेख छ । तर परार्शदाताले पेस गरेको अघिल्ला आई.पी.सी. हरूमा एक्सेस ग्राउटिङ इन रक डोवेल कार्यको रू.२ करोड ३१ लाख ४४ हजार प्रोभिजनल रूपमा सिफारिस गरेकोमा समितिले पछिल्लो आई.पी.सी. हरूमा समायोजन गर्नेगरी अग्रिम रूपमा भुक्तानी गरेको छ। मेलम्ची खानेपानी विकास समितिको २०७८।२।११ को बोर्डको निर्णयबाट थप सिमेन्ट ग्राउटिङ्गको कार्य निर्माण व्यवसायीकै दायित्वभित्र पर्ने उल्लेख गरी उक्त रकम घटाई भेरिएसन २ स्वीकृत गरी निर्माण व्यवसायीले पाउने २०७८।७९ को आई.पि.सी. १८ देखि २२ सम्मको रू.१ करोड ६२ लाख ४६ हजार समितिले असुल गरेकोमा रू.६८ लाख ९८ हजार असुल हुन बाँकी देखिएकोले उक्त रकमसमेत असुल हुनुपर्दछ।

३०. **जनरल आइटममा बढी खर्च** - मेलम्ची खानेपानी आयोजनाले हेडवर्क्स निर्माणको लागि निर्माण व्यवसायीसँग गरेको खरिद सम्झौतामा जनरल आइटम अन्तर्गत बी.ओ.क्यू. मा तोकिएको कार्य सम्पन्न गर्ने दायित्व निर्माण व्यवसायीको रहने उल्लेख छ। आयोजनाले निर्माण व्यवसायीलाई २० औं आई.पी.सी. सम्मको रकम भुक्तानी गर्दा जनरल आइटमअन्तर्गतका सवारीसाधन सञ्चालन र मर्मत, डे वर्क्स, इन्जिनियर्स फेसिलिटी, पेस्की र कार्य सम्पादन जमानत कमिसनलगायत निर्माण व्यवसायीका दायित्वभित्रका १४ कम्पोनेन्टमा खर्च गर्न पाउने सीमाभन्दा रू.१ करोड ४५ लाख बढी भुक्तानी गरेको छ। सम्झौताभन्दा बढी हुने गरी भुक्तानी खर्च लेख्न मिल्ने देखिँदैन ।

परामर्शदाताले गरेको म्याद थपको सिफारिसअनुसार कार्यकारी निर्देशकबाट २०७८।१।६ मा म्याद थपको निर्णय हुँदा अप्रत्यक्ष खर्च माथि थप व्ययभार पार्न नपाउने उल्लेख छ। निर्माण व्यवसायीले पेश गरेको बिलको यथार्थता परामर्शदाताले परीक्षण गरेको नदेखिएकोले परामर्शदाता र सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई बढी भुक्तानी भएको रकम निर्माण व्यवसायीबाट असुल हुनुपर्दछ ।

३१. **हेडवर्क्समा क्षति** - हेडवर्क्स एवं सुरुङ निर्माण कार्यका तत्कालीन निर्माण व्यवसायीले १५ डिसेम्बर, २०१८ मा अचानक निर्माण कार्य स्थगन गरी निर्माण स्थल छोडेकोले हेडवर्क्सअन्तर्गतका बाँकी कार्यहरू ११ फेब्रुअरी २०२१ मा सम्पन्न गर्ने गरी मिति ११ अक्टोबर २०१९ मा अर्को एक विदेशी कम्पनीसँग रू.९० करोड ९८ लाख ९७ हजारको खरिद सम्झौता भएको थियो । समितिले २०७८ आषाढ मसान्तसम्म पेश्की बाहेक जनरल तथा प्रिलिमिनरी आइटम, हेडवर्क्ससम्म पुग्ने पहुँच मार्ग र पुल, हेडवर्क्स निर्माण, वातावरणीय न्यूनीकरण, इलेक्ट्रिक आइटम र भेरिएसनबाट थप नयाँ आइटम समेत जम्मा रू.६३ करोड २ लाख २४ हजार खर्च गरी करिब ७० प्रतिशत काम सम्पन्न भएकोमा २०७८ साल आषाढ १ मा मेलम्ची खोलामा आएको भीषण बाढीको कारण निर्माणाधीन हेडवर्क्समा पूर्ण रूपमा क्षति भएको छ ।

आयोजनातर्फका प्राविधिकसमेतको संयुक्त टोलीले २०७९।२।१३ मा बाढीले क्षतिग्रस्त मेलम्ची हेडवर्क्सको स्थलगत निरीक्षण गर्दा हेडवर्क्सको संरचना स्थलमा २२ मिटर अग्लो डेब्रिज थुप्रिएको, गेट नं. १, २, ७, ९, १०, ११, १४, १५, बेडलोड स्क्लुडर, स्पर सिष्टम, मेसिन रुम,

कन्ट्रोल रुम, जेनेरेटर रुम, स्काडा रुम, अफिस रुम, इन्टेक पार्ट १ देखि ३ सम्म लगायतका संरचना पूर्ण रूपमा क्षति भई हालसम्म मूल्य अभिवृद्धि कर बाहेकको रू.६३ करोड २ लाख २४ हजार बराबरको क्षति पुगेको देखियो । बाढी पश्चात् क्षतिग्रस्त हेडवर्क्समा हालसम्म कुनै पनि निर्माण कार्य शुरु भएको छैन । मेलम्ची खानेपानी आयोजनाको हेडवर्क्समा बाढीले पुऱ्याएको क्षतिको कारण याङ्ग्री र लार्के खानेपानी आयोजनाको निर्माण कार्यमा समेत अवरोध सिर्जना भएको छ। राष्ट्रिय गौरवको रूपमा रहेको यस आयोजनाको क्षतिग्रस्त हेडवर्क्स निर्माण कार्यमा सम्बन्धित निकायले ध्यान दिनुपर्ने देखिन्छ।

आयोजना कार्यान्वयन निर्देशनालय

मेलम्ची खानेपानीको वितरण प्रणालीलाई व्यवस्थित गर्न २०६५।६६ बाट उप-आयोजनाको रूपमा यो आयोजना शुरु भएको हो । एसियाली विकास बैङ्कसँग आयोजनाको लागि ४ ऋण सम्झौतावाट अमेरिकी डलर २७ करोड ९३ लाख ८० हजार, नेपाल सरकारको स्रोतवाट अमेरिकी डलर १७ करोड ७ लाख र ओफिडको अमेरिकी डलर १ करोड ६० लाखसमेत अमेरिकी डलर ४६ करोड ६० लाख ८० हजार खर्च हुने अनुमान रहेकोमा यो बर्ष सम्म रू.२९ अर्व ९७ करोड ६ लाख खर्च भएको छ । यो बर्ष रू.५ अर्व ४८ करोड ७७ लाख बजेट विनियोजन भएकोमा रू.३ अर्व ३५ करोड ९१ लाख खर्च भएको छ ।

३२. **अनुदान उपयोग** - एसियाली विकास बैङ्कसँग भएको ऋण सम्झौताअनुसार अमेरिकी डलर २७ करोड ९३ लाख ८० हजार प्राप्त हुने उल्लेख भएकोमा यो वर्ष रू.३ अर्ब ३५ करोड ९१ लाख ४० हजार प्राप्त भई खर्च भएको छ । आयोजनाको हालसम्मको खर्च देहायअनुसार छः-

सि.नं.	खर्चको विवरण	खर्च रू.(हजारमा)			खर्चको अनुपात प्रतिशतमा
		२०७६।७७ सम्मको कुल खर्च	२०७७।७८ को खर्च	हालसम्मको कुल खर्च	
१.	सञ्चालन खर्च	६१४००७	१०४८४९	७१८८५६	२.४०
२.	उपकरण, सामाग्री	३७५३३८	५७३८	३८१०७६	१.२७
३.	सिभिल वर्कस	२३४३०७८७	२९४५६२२	२६३७६४०९	८८.०१
४.	परामर्श सेवा	२१९१३३४	३०२९३१	२४९४२६५	८.३२
	कुल जम्मा	**२६६११४६६**	**३३५९१४०**	**२९९७०६०६**	**१००**

३३. **पाइप लाइनको क्षति** - आयोजना कार्यान्वयन निर्देशनालय र सडक विभागबीच भएको सम्झौताको दफा ७ मा निर्देशनालयबाट पाइप बिछ्याइसकिएको सडकहरूमा सडक निर्माणको क्रममा पाइपमा क्षति पुग्न गएमा सो क्षतिलाई पुनः निर्माण गर्न लाग्ने रकम सडक विभागले निर्देशनालयलाई उपलब्ध गराउने व्यवस्था छ। निर्माण कार्य गर्दा पर्याप्त सावधानी अपनाउन नसक्दा थोक वितरण प्रणाली र वितरण सञ्जाल सुधारअन्तर्गतका ८ प्याकेजका निर्माण व्यवसायीले पाइप बिछ्याई पुर्ने कार्यसमेत सम्पन्न गरेपछि सडक मर्मत तथा सुधार गर्ने क्रममा पाइपहरू नोक्सान गरेको र नोक्सान भएका पाइपको मूल्य, बिछ्याउने, पुर्ने र जडान खर्च समावेश गरी निर्देशनालयले पाइपलाइन क्षतिको गत वर्षसम्म रू.१८ करोड ४१ लाख ७३ हजार मूल्याङ्कन गरेकोमा यस वर्ष रू.५ करोड ८९ लाख ३९ हजार थप भई जम्मा रू.२४ करोड ३१ लाख १२ हजार मूल्याङ्कन गरेको छ। सडक विभागसँग उक्त रकम माग गरेकोमा प्राप्त भएको छैन । सडक तथा अन्य पूर्वाधार निर्माणको क्रममा उक्त पाइपलाइन क्षति भएकोले पाइपलाइन पुनः स्थापना गर्दा निर्मित सडक तथा पूर्वाधारको पुनः क्षति भई यस्तो रकम अझै

बढ्ने अवस्था छ। अतः सरोकारवाला निकायसँग समन्वय गरी अन्य संरचनाको क्षतिसमेत यकिन गरी कुल क्षतिको मूल्याङ्कन गर्नुपर्ने र पाइप लाइनको पुनः निर्माण हुनुपर्दछ।

३४. **गुह्येश्वरी ढल प्रशोधन केन्द्र** - निर्माण कार्य सम्पन्न गरी हाल ढल प्रशोधन भइरहेको ३२.४ मिलियन लिटर प्रतिदिन क्षमताको गुह्येश्वरी ढल प्रशोधन केन्द्रको १० वर्षसम्म सञ्चालन र मर्मतको जिम्मा निर्माण व्यवसायीकै रहेको देखिन्छ। सम्झौताको शर्तअनुसार ढलको प्रशोधन गरी प्राप्त हुनुपर्ने पानीको गुणस्तरका सबै पारामिटर पूरा भई सोही मुताबिकको प्रशोधित पानी बागमती नदीमा खसाउनु पर्ने उल्लेख छ। अपरेसन एण्ड मेन्टिनेन्सको लागि १० वर्षसम्म निर्माण व्यवसायीले आफ्नो स्रोत साधन प्रयोग गरी गुणस्तरीय पानी पठाए/नपठाएको सम्बन्धमा सम्झौताको विशेष शर्तअनुसार परीक्षण गरी गुणस्तर सुनिश्चित गरेको सम्बन्धमा अभिलेख नहुँदा यकिन गर्न सकिएन। प्रशोधित पानीको गुणस्तर सुनिश्चित हुनेगरी प्रशोधन केन्द्रको सञ्चालन हुनुपर्दछ।

३५. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा मूल्य समायोजन गर्न सकिने व्यवस्था छ। मूल्य समायोजन सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

३५.१ निर्माण कार्यको म्याद थप गर्दा थप आर्थिक व्ययभार नपर्ने गरी म्याद थप भएको अवस्थामा शुरु सम्झौताको अन्तिम मितिको मूल्य समायोजन सूचकाङ्कअनुसार मूल्य समायोजन गणना गर्नुपर्नेमा अन्य सूचकाङ्क प्रयोग गरी मूल्य समायोजन गणना गर्दा ६ निर्माण व्यवसायीलाई बढी मूल्य समायोजन भुक्तानी भएको रू.४ करोड ८४ लाख ३ हजार असुल हुनुपर्दछ।

३५.२ निर्माण व्यवसायीले पेस गरेको बोलपत्रको मूल्य समायोजन डाटामा ट्रान्सपोर्ट भेहिकल एण्ड मेसिनरी गुड्स भएकोमा राष्ट्र **बैङ्क**ले २०१८ जुलाइमा प्रकाशित गरेको रि-इन्डेक्समा मेसिनरी एण्ड इक्विपमेन्ट र ट्रान्स्पोर्ट, इक्विपमेन्ट एण्ड पार्ट्सको अलग अलग सूचकाङ्क रहेको छ । मूल्य समायोजन गणना गर्दा २०१८ जुलाईपछि गरिएका मूल्य समायोजन भुक्तानीमा मेसिनरी एण्ड इक्विपमेन्टको सूचकाङ्क प्रयोग नगरी ट्रान्स्प्रोट, इक्विपमेन्ट एण्ड पार्ट्सको सूचकाङ्क प्रयोग गरी भुक्तानी दिँदा एक निर्माण व्यवसायीलाई बढी भुक्तानी भएको रू.५८ लाख ६ हजार असुल गर्नुपर्दछ ।

३५.३ एक निर्माण व्यवसायीसँग भएको सम्झौताको विशेष शर्तको बुँदा १३.८ मा मूल्य समायोजन गर्दा विदेशी मुद्रामा भुक्तानी हुने अंशको गणना गर्दा भुक्तानी हुने मुद्राको देशकै इन्डेक्स प्रयोग गर्नुपर्ने उल्लेख छ। निजले बोलपत्र पेस गर्दा मूल्य समायोजन विदेशी मुद्रामा अमेरिकी डलर राखेको भए तापनि सूचकको स्रोतमा नेपाल राष्ट्र बैङ्क उल्लेख गरेको र सोहीअनुसार विदेशी मुद्राको मूल्य समायोजनसमेत नेपाल राष्ट्र बैङ्कको इन्डेक्सअनुसार दिएको देखिन्छ । मूल्य समायोजन सूचकको स्रोत नेपाल राष्ट्र बैङ्क भनिए तापनि विदेशी मुद्रामा अमेरिकी डलर उल्लेख भएकोले मूल्य समायोजन गणना गर्दा विदेशी मुद्रा भुक्तानीको अंश ७० प्रतिशतको मूल्य समायोजन गर्दा संयुक्त राज्य अमेरिकाको इन्डेक्स प्रयोग गर्नुपर्नेमा नेपाल राष्ट्र बैङ्कको इन्डेक्स प्रयोग गरी आई.पी.सी. ३ देखि ८ सम्मको अमेरिकी डलर २ लाख ८८ हजार भुक्तानी दिएको देखिन्छ । विदेशी मुद्रामा भुक्तानी हुने अंशको मूल्य समायोजन गणना गर्दा भुक्तानी हुने मुद्राको देशकै सूचक प्रयोग गर्नुपर्दछ ।

३६. **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा सम्झौताबमोजिम प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। निर्देशनालयले एक निर्माण व्यवसायीलाई आई.पी.सी.नं. २४ देखि २५ सम्म नरम माटोमा बोरिङ लगायतका कार्य २ हजार ३१९ रनिङ मिटर कार्य भएको नापी किताबमा जनाई सोहीअनुसार भुक्तानी दिएकोमा २६ औं आई.पी.सी. मा उक्त नरम माटोमा भएको कार्यको परिमाणमा ३८४ रनिङ मिटर घटाई सो कार्य कडा माटोमा गरेको उल्लेख गरी सोही कडा माटोको दरले भुक्तानी दिई २०७८ आश्विनमा भेरिएसन आदेश-३ जारी गरेको देखिन्छ। आई.पी.सी. २५ सम्म ३८४ रनिङ मिटर बोरिङ कार्य नरम माटोमा भएको उल्लेख गरी प्राविधिकबाट नापजाँच गरी सोहीबमोजिम प्रति रनिङ मिटर रू.१८ हजार ८७१ ले भुक्तानी समेत भई सकेको अवस्थामा पुनः उक्त बोरिङ कार्य कडा माटोमा गरेको जनाई प्रति रनिङ मिटर रू. ३० हजार ३०० को दरले भुक्तानी दिँदा प्रति रनिङ मिटर रू.११ हजार ४२९ का दरले ३८४ रनिङ मिटर कार्यको मूल्य अभिवृद्धि करसमेत बढी भुक्तानी भएको रू.४९ लाख ५९ हजार असुल गर्नुपर्दछ।

ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति

३७. **थप व्ययभार** - विश्व बैङ्कसँग भएको सम्झौताको अवधि २०७८ आषाढ मसान्त (म्याद थप समेत) मा समाप्त भएकोले सम्झौताबमोजिमको काम समयभित्र सम्पन्न हुन नसकी अनुदान तथा ऋण रकम पूरै खर्च भएको छैन । विश्व बैङ्कसँग भएको ऋण तथा अनुदानको अवधिभित्र आयोजनाको काम सम्पन्न नभएका कारण सरसफाइ संरचनाअन्तर्गत शौचालय निर्माणतर्फ १३ प्याकेजको र खानेपानी संरचना निर्माणतर्फ १६६ संरचना निर्माण कार्य बाँकी भई सम्झौताबमोजिमको भुक्तानी दिनुपर्ने दायित्व रू.१० करोड ८६ लाख २८ हजार नेपाल सरकारमा सरेको छ। उक्त दायित्वमा अनुदानको अंश ३१ प्रतिशतले रू.३ करोड ३६ लाख ७४ हजार हुन आउँछ । समयभित्र निर्माण कार्य सम्पन्न नगरेका कारण २०७८।७९ मा नेपाल सरकारले भुक्तानी गर्नुपर्ने भई थप व्ययभार पर्न गएको छ । सम्झौताबमोजिम तोकिएको कार्य समयमै सम्पन्न गरी वैदेशिक सहयोगको उपयोग गर्नुपर्दछ ।

३८. **घटी श्रमदान** - ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति नियम, २०६० को नियम ४० मा आयोजनाको पुँजीगत लागतमा समुदायको योगदान २० प्रतिशतभन्दा कम हुन नहुने व्यवस्था छ। कार्यालयले यस वर्ष सम्झौता भई भुक्तानी गरेका र गत विगत वर्षमा सम्झौता भई भुक्तानी भएका २६४ आयोजनाको कुल लागत रू.१ अर्ब २८ करोड ५७ लाख ६६ हजारको न्यूनतम २० प्रतिशत (नगद अनुदान र श्रमदान समेत) योगदान उपभोक्ता समितिको हुनुपर्नेमा घटी योगदान हुन गई समितिलाई रू.९ करोड ४४ लाख ५४ हजार थप व्ययभार पर्न गएको छ । उपभोक्ता समितिको अनिवार्य नगद र श्रमदानको योगदान २० प्रतिशत हुनेगरी कार्य सम्पन्न गर्नुपर्दछ ।

खानेपानी महसुल निर्धारण आयोग

३९. **कार्य सम्पादन** - खानेपानी महसुल निर्धारण आयोग ऐन, २०६३ को दफा ३ मा खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारण गरी मनासिब मूल्यमा गुणस्तरीय र भरपर्दो खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराई उपभोक्ताको हित संरक्षण गर्न अध्यक्षसमेत तीन सदस्यीय आयोग रहने व्यवस्था

छ । आयोगका २ सदस्यहरू २०७३।७।२२ देखि र अध्यक्ष २०७६।४।८ देखि रिक्त रहेकोले आयोग पदाधिकारीविहीन रहेको छ ।

खानेपानी महसुल निर्धारण आयोग ऐन, २०६३ को दफा १६(६) मा कुनै व्यक्तिले सेवा प्रदायकलाई वा सेवा प्रदायकले कुनै व्यक्तिलाई खानेपानी वा सरसफाइ सेवाको लागि एकमुष्ट पानी (बल्क वाटर सप्लाई) खरिद वा बिक्री गर्ने भएमा त्यसरी खरिद वा बिक्री गर्ने पानीको खरिद वा बिक्री मूल्य आयोगबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । खानेपानी महसुल निर्धारण आयोग नियमावली, २०६४ को नियम ८(२) मा सेवा प्रदायकले कुनै व्यक्तिलाई खानेपानी वा सरसफाइ सेवाको लागि एकमुष्ट पानी बिक्री गर्नको लागि आयोगबाट स्वीकृत बिक्री मूल्यको अधिकतम २ प्रतिशतसम्म हुन आउने रकम आयोगले त्यस्तो एकमुष्ट पानी बिक्रेताबाट प्रति वर्ष शुल्कको रूपमा उठाउने उल्लेख छ। तर काठमाडौँ उपत्यकालगायत देशका प्रमुख शहरहरूमा विभिन्न सेवा प्रदायकले ट्याङ्करको पानी बिक्री गर्ने गरेकोमा आयोगबाट सेवा प्रदायकले बिक्री मूल्य स्वीकृत गराएको देखिएन । आयोगले बिक्रेताको अनुगमन गरी नियमावलीबमोजिम बिक्री मूल्यको २ प्रतिशत शुल्क असुल गर्नुपर्दछ।

अनुगमन तथा बेरुजू

- **अनुगमन** - गत विगतका प्रतिवेदनहरूमा वार्षिक कार्यक्रमअनुसार प्रगति हासिल नगरेको, निर्माण कार्य समयमा सम्पन्न नभएको, सोझै खरिद गरेको, पाइप तथा फिटिङ सामग्री मौज्दात राखेको, उपभोक्ता समितिबाट कार्य गराएको, निर्माण कार्यमा भेरिएसन र म्याद थप भएको, मूल्य समायोजन बढी भुक्तानी भएको लगायतका व्यहोरा औँल्याइएकोमा स्थिति सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।
- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजू स्थिति देहायअनुसार छः
  - **सरकारी कार्यालयतर्फ** - मन्त्रालय मातहतसमेत २७ निकायमा यो वर्ष रू.७४ करोड ५१ लाख २६ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.९९ लाख ८६ हजार फर्स्यौंट गरेकोले रू.७३ करोड ५१ लाख ४० हजार बाँकी रहेको छ । सोमध्ये रू.१६ करोड ३५ लाख ५७ हजार म्याद नाघेको पेश्की रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - संगठित संस्था एवं समितितर्फ ३ निकायको यो वर्ष रू.३९ करोड ७९ लाख ५८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.२१ लाख ६२ हजार फर्स्यौंट गरेकोले रू.३९ करोड ५७ लाख ९६ हजार बाँकी रहेको छ । सोमध्ये रू.३ करोड ७९ लाख १० हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

गृह मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा आन्तरिक सुरक्षा तथा शान्ति सुव्यवस्थासम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, हातहतियार खरखजाना प्रयोगसम्बन्धी नीति, कार्यान्वयन र नियन्त्रण, विदेशी नागरिकको नियमन तथा नियन्त्रण, नागरिकतासम्बन्धी नीति, कानून, कार्यान्वयन र नियमन, विपद् व्यवस्थापन, अध्यागमन, राष्ट्रिय परिचयपत्र व्यवस्थापन, लागू औषध नियन्त्रण, सीमा प्रशासन, अपराध अनुसन्धान, संगठित अपराध नियन्त्रण, मानव अधिकार संरक्षण र अन्य मन्त्रालयको कार्य विभाजनमा नपरेका विषयलगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहत सरकारी कार्यालय तथा अन्य संस्थासमेत ८४७ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह हुँदै आएको छ।

१. **सरकारी कार्यालय** - मन्त्रालयसमेत ८४४ सरकारी कार्यालयको निम्नानुसार रू.८३ अर्ब ४२ करोड ८६ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
६९,१२,६८	३,८१,४४	२,१४,६०	८,३४,१४	८३,४२,८६

उल्लिखित लेखापरीक्षण रकममा यो वर्ष मन्त्रालयमा विनियोजन भै स्थानीय तहबाट खर्च भएको रू.६८ अर्ब ५० करोड ६६ लाख र शहरी विकास मन्त्रालयबाट खर्च भएको रू.२६ करोड ३९ लाख समावेश गरिएको छैन । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा विनियोजन भई यस मन्त्रालयअन्तर्गतका निकायबाट भएको खर्च रू.७५ करोड ४६ लाख तथा मन्त्रालय मातहत ११ कार्यालयको २०७६।७७ को बक्यौता लेखापरीक्षण रू.१ अर्ब ८८ करोड २६ लाख समावेश छ।

२. **अन्य संस्था र समिति** - यो वर्ष ३ संस्थाको रू.११ अर्ब ४ करोड ५१ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

३. **एकीकृत वित्तीय विवरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९(२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालयसमेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय व्ययको केन्द्रीय वित्तीय विवरण पेस गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले यस वर्ष पेस गरेको केन्द्रीय वित्तीय विवरणमा मातहत कार्यालयसमेतको चालु तथा पुँजीगततर्फ रू.१ खर्ब ३५ अर्ब ३५ करोड ५८ लाख खर्च उल्लेख गरेकोमा वस्तुगत सहायता, सोझै भुक्तानी, प्राविधिक सहायता, अन्य सहायता र कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि भएको निकासा र खर्च समावेश गरेको छैन । उल्लिखित अवस्थाले एकीकृत वित्तीय विवरणले यथार्थ स्थिति चित्रण गर्न सकेको छैन । ऐनको व्यवस्थाबमोजिम समग्र आय व्ययको केन्द्रीय वित्तीय विवरण तयार गर्नुपर्दछ।

४. **रकमान्तर -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२ मा रकमान्तर गर्नुपर्ने कारणसहित सम्बन्धित सचिवबाट निर्णय गराई अनुरोध भएमा अर्थ मन्त्रालयले आवश्यकताअनुसार रकमान्तर गर्न सक्ने व्यवस्था छ। मन्त्रालयको शुरु बजेट रू.१ खर्ब ३५ अर्ब ८९ करोड ८३ लाखमा रकमान्तरबाट मन्त्रालय र मातहतका बजेट उपशीर्षकबाट रू.१९ अर्ब ९४ करोड २६ लाख घटाई तथा विभिन्न बजेट उपशीर्षकमा रू.३० अर्ब ८ करोड ३७ लाख थप गरि खुद बजेट रू.१ खर्ब ४६ अर्ब ३ करोड ९४ लाख कायम गरेको छ। यसबाट यथार्थपरक वजेट विनियोजन गरेको पाइएन।

५. **पन्ध्रौं योजना कार्यान्वयन** - पन्ध्रौं योजनामा मुलुकमा शान्ति सुव्यवस्था र सुरक्षा कायम राख्न अवलम्बन गरिएका ११ रणनीति अन्तर्गतका ४९ कार्यनीति कार्यान्वयन गर्ने जिम्मेवारी गृह मन्त्रालयमा रहेको छ। मन्त्रालयले २०७७।७८ मा १८ नतिजा सूचकमध्ये आधारभूत सामाजिक सुरक्षामा आबद्ध संख्या, हानिकारक मदिरा प्रयोग गर्ने र न्यूनतम मानवोचित सुविधासहित कारागारमा रहेको कैदीको तथ्याङ्क राखेको देखिएन । सडक दुर्घटना, राष्ट्रिय परिचयपत्र प्राप्त गर्नेको संख्या, बालबालिका जन्मदर्तालगायतको विवरण प्राप्त भए तापनि अपेक्षाकृत प्रगति हासिल हुन सकेको नदेखिएकोले योजना कार्यान्वयनमा सुधार गर्नुपर्ने देखिन्छ ।

६. **बजेट वक्तव्य कार्यान्वयन** - बजेट वक्तव्य, २०७७।७८ मा उल्लेख भएका विषयहरूमध्ये राष्ट्रिय परिचयपत्र वितरण गर्न १ करोड नागरिकको विवरण विद्युतीय प्रणालीमा अद्यावधिक गरिने लक्ष्य रहेकोमा ३० लाख ५० हजारको विवरण दर्ता भएको उल्लेख छ । नुवाकोट र बाँकेमा निर्माणाधीन कारागार निर्माण सम्पन्न गरिने, विपदको पूर्व तयारीका लागि सम्भाव्य जोखिमको पहिचान र न्यूनीकरण गर्ने, क्षतिको पूर्वानुमान गर्ने र सतर्कताको लागि पूर्व चेतावनी गर्ने प्रणाली र सबै प्रदेशमा आपतकालीन भण्डार केन्द्र स्थापना गरिने उल्लेख भएकोमा प्रदेश नं.१, मधेश र गण्डकी प्रदेशमा सो सम्बन्धी कार्य भएको देखिएन । बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

७. **गृह प्रशासन सुधार कार्ययोजना** - मन्त्रालयले गृह प्रशासन विकास र समृद्धिको लागि शान्ति, सुरक्षा र सुशासन कायम गर्न गृह प्रशासन सुधार कार्ययोजना, २०७४ कार्यान्वयनमा ल्याएको छ । कार्य योजनामा नीतिगत र कानुनी सुधारसमेत १० विषयक्षेत्र र ८२ क्रियाकलाप समावेश छन् । कार्य योजनानुसार गृह प्रशासनसँग सम्बन्धित २४ भन्दा बढी ऐन १ वर्षभित्र तर्जुमा संशोधन/परिमार्जन गर्ने उल्लेख भएकोमा सार्वजनिक सुरक्षा, क्षतिपूर्तिलगायतका कानून तयार भएको देखिएन । त्यसै गरी विपदबाट हुने मानवीय र भौतिक सम्पत्तिको जोखिम हस्तान्तरण गर्न वीमा कम्पनीहरूसँग सहकार्य गर्ने र सबै जिल्ला प्रशासन र जिल्ला प्रहरी कार्यालयसँग मन्त्रालयबाट भिडियो कन्फ्रेन्स गर्ने प्रणाली क्रमशः जडान गर्दै जाने उल्लेख भएकोमा प्रगति भएको पाइएन । सुधारसम्बन्धी योजना पूर्णरूपले कार्यान्वयन गर्नुपर्दछ।

८. **कानून संशोधन** - नेपालको संविधानले राज्यशक्तिको बाडँफाँट गरी प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा तथा प्रदेश अनुसन्धान ब्युरो प्रदेशको अधिकार सूचीमा र नगर प्रहरी स्थानीय तहको अधिकार सूचीमा समावेश गरेको छ । सोअनुसार १ नं, मधेश र गण्डकी प्रदेशले प्रहरी ऐन जारी गरिसकेको अवस्थामा गृह प्रशासनसँग सम्बन्धित प्रहरी ऐन, २०१२ लगायत विभिन्न ऐन नियम संशोधन भएका छैनन्।

नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्यसञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ ले नेपाल प्रहरीको काम, कर्तव्य र अधिकारलगायत नेपाल प्रहरीको सञ्चालन, सुपरिवेक्षण र समन्वयसम्बन्धी व्यवस्था गरेको छ। सो व्यवस्थाअनुकूल हुने गरी प्रहरी ऐन,२०१२ तथा प्रहरी नियमावली,२०७१ मा संशोधन नगरेका कारण दुई ऐनमा फरक फरक व्यवस्था रहेको छ। कानुनी व्यवस्थामा एकरूपता कायम हुने गरी संघीय प्रहरी ऐन जारी हुनु आवश्यक देखिन्छ ।

९. **कार्यसञ्चालन कोष** - कार्य सञ्चालन कोष ऐन, २०५२ मा नेपाल सरकारले कार्य सञ्चालन कोष स्थापना गर्न सक्ने व्यवस्था छ। मन्त्रालय मातहतका कार्यालयहरूमा गत वर्ष रू.८ अर्ब २५ करोड ९० लाख ९० हजार मौज्दात रहेकोमा यस वर्षको आम्दानी रू.६ अर्ब ७६ करोड १६ लाख ३८ हजारमध्ये रू.८ अर्ब ५२ करोड ३९ लाख ८९ हजार खर्च भई स्रेस्ताअनुसार रू.६ अर्ब ४९ करोड ६७ लाख ३९ हजार बाँकी भए तापनि बैङ्कअनुसार रू.६ अर्ब ४५ करोड ५६ लाख ३० हजारमात्र बाँकी रहेको विवरण प्राप्त भएको छ । स्रेस्ता र बैङ्कबीच फरक परेको रू.४ करोड ११ लाख ९ हजार सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

१०. **जग्गा प्राप्ति** - जग्गा प्राप्ति ऐन, २०३४ अनुसार सार्वजनिक कामको लागि मुआब्जा दिने गरी जग्गा प्राप्त गर्न सकिने व्यवस्था छ। जग्गा प्राप्त गर्न प्रारम्भिक कारबाहीको प्रतिवेदनअनुसार सूचना प्रकाशन गरी प्रक्रिया अगाडि बढाउने कार्य सम्बन्धित प्रमुख जिल्ला अधिकारीले गर्ने व्यवस्था छ। यो वर्ष जिल्ला प्रशासन कार्यालयहरूमा रहेका कार्य सञ्चालन कोषमा रू.६ अर्ब ४७ करोड ७९ लाख ५८ हजार मौज्दात रहेको देखिन्छ। मौज्दातमध्ये बढी हिस्सा जग्गा मुआब्जाको रकम बाँकी रहेको छ । मन्त्रालयले मातहतका जिल्ला प्रशासन कार्यालयले गरेका काम कारबाहीको अनुगमन गरी जग्गा प्राप्ति प्रक्रिया समयमै सम्पन्न गराउनुपर्दछ।

११. **प्रहरी समायोजन** - प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ को दफा ४ बमोजिम प्रत्येक प्रदेशमा समायोजन गरिने प्रहरी नायब उपरीक्षक वा सोभन्दा मुनिका पदलाई प्रहरी कर्मचारीबाट निवेदन आह्वान गरी प्रदेश प्रहरीमा समायोजन गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले प्रदेश प्रहरी प्रमुख पदमा प्रहरी नायब महानिरीक्षकलाई खटाएको छ । प्रदेश सरकारहरूले प्रदेश प्रहरीका सम्बन्धमा अलग कानून बनाइसकेको स्थितिमा पनि प्रदेशमा प्रहरी समायोजन भएको छैन । प्रदेश मन्त्रालयले नेपाल प्रहरीका ७२ कार्यालयलाई बजेट व्यवस्था गरी यो वर्ष रू.१ अर्ब १ करोड २७ लाख खर्च गरेको छ। प्रदेश प्रहरी प्रशासनका लागि प्रदेश अन्तर्गत प्रहरी समायोजनको कार्य सम्पन्न नहुँदा केन्द्रीय प्रहरी मातहत नै प्रदेश प्रहरीको नियमनका कारण आदेशको पालनामा समस्या सिर्जना हुन सक्ने देखिएकोले समायोजन कार्य सम्पन्न गरी अधिकार क्षेत्रबमोजिम प्रहरी प्रशासन सञ्चालन गर्नुपर्दछ ।

१२. **शान्ति सुरक्षा खर्च** - मन्त्रिपरिषद्को २०५०।२।१३ को निर्णयानुसार शान्तिसुरक्षा कायम राख्ने प्रयोजनका लागि एक पटकमा गृहमन्त्रीले रू.५० हजार र गृहसचिवले रू.२० हजारसम्म खर्च गर्न सक्ने व्यवस्था छ। उक्त निर्णयका आधारमा यो वर्ष गृहमन्त्रीबाट रू.६२ लाख ५० हजार र गृह सचिवबाट रू.७५ लाख ५५ हजारसमेत रू.१ करोड ३८ लाख ५ हजार खर्च भएको छ। उल्लिखित निर्णयमा एक पटकको खर्चको सीमा तोकिए तापनि साप्ताहिक, मासिक वा कुनै निश्चित अवधि किटान नगरेकोले स्पष्टतासहित अवधि किटान गरिनुपर्दछ।

१३. **आर्थिक सहायता** - नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०६८ को बुँदा १२ अनुसार राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्तिलाई औषधोपचार तथा आर्थिक सहायता तोकिएको दरमा उपलब्ध गराउने उल्लेख छ। यसप्रकारको आर्थिक सहायता २०७५।७६ मा रू.१३ करोड ४ लाख ९५ हजार, २०७६।७७ मा रू.९ करोड ११ लाख ६७ हजार र यो वर्ष रू.७ करोड ९३ लाख ६७ हजार भुक्तानी भएको छ। कार्यविधिको बुँदा १२.१(ग) बमोजिम बढीमा रू.७ लाखसम्म आर्थिक सहायता दिन सकिनेमा यो वर्ष एक जनालाई रू.८ लाख १२ हजार, ११ जनालाई प्रति व्यक्ति रू.१० लाखका दरले, ७ जनालाई रू.१२ लाख ५० हजारदेखि रू.२५ लाख ३० हजारसम्मका दरले तथा १ सेवा आश्रमलाई रू.१ करोड र १ साँस्कृतिक विकास कोषलाई रू.२० लाख आर्थिक सहायता भुक्तानी गरेको छ। जनस्वास्थ्य ऐन, २०७५ को दफा ३० मा विदेशमा उपचार गर्नुपर्ने भएमा सोको लागि लाग्ने खर्च नेपाल सरकारबाट उपलब्ध नगराइने व्यवस्था भए तापनि सो प्रयोजनका लागि आर्थिक सहायता प्रदान गरेको देखिन्छ। कार्यविधिको सीमाभित्र रही मापदण्डभन्दा बढी आर्थिक सहायता वितरण गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

१४. **व्यक्तिगत सुरक्षाकर्मी** - विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम मन्त्रालयले बहालवाला एवं पूर्व पदाधिकारीहरूको सुरक्षार्थ प्रहरी कर्मचारी खटाउने गरेको छ । विशिष्ट व्यक्तिको तह र निजलाई उपलब्ध गराउने सुविधा सम्बन्धमा ऐन कानूनमा समावेश गरेर मात्र खर्च लेख्न सर्वोच्च अदालतले २०६८।८।२२ मा आदेश दिएको भए तापनि सोअनुसार कानून तर्जुमा भएको छैन । यो वर्ष बहालवाला विशिष्ट व्यक्तिहरूको वैयक्तिक सुरक्षामा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलसमेत ५५१ र पूर्व पदाधिकारीतर्फ ४६० समेत १ हजार ११ सुरक्षाकर्मी उपलब्ध गराएको विवरण प्राप्त भएको छ। विशिष्ट व्यक्तिलाई उपलब्ध गराउने सुरक्षाकर्मी सम्बन्धमा कानुनी व्यवस्था गरेर सुरक्षा व्यवस्थापन गर्न विगतदेखि औंल्याइए तापनि स्थिति यथावत् छ ।

१५. **राष्ट्रिय विपद् व्यवस्थापन कोष** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २२ मा विपद व्यवस्थापनका लागि केन्द्रीयस्तरमा छुट्टै विपद् व्यवस्थापन कोष रहने र सो कोष राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट सञ्चालन हुने उल्लेख छ। राष्ट्रिय विपद् व्यवस्थापन कोषमा गत वर्ष रू.१ अर्ब ४८ करोड ५१ लाख मौज्दात भएकोमा यो वर्ष नेपाल सरकारबाट प्राप्त रू.२ करोडसमेत रू.१ अर्ब ५० करोड ५१ लाखमध्ये जिल्लास्थित विपद् व्यवस्थापन कोषमा रू.१७ करोड २ लाख निकासा गरेको, विपद् उद्धार तथा राहतमा नेपाली सेनाको हेलिकोप्टर प्रयोगबापत रू.३ करोड ८९ लाख र अन्य कार्यमा रू.२२ लाख खर्च भई वर्षान्तमा रू.१ अर्ब २९ करोड ३८ लाख बाँकी रहेको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन निमायवली, २०७६ को नियम १० अनुसार कार्यकारी समितिले कोषको सञ्चालन सम्बन्धी व्यवस्था निर्धारण गरी कोषको सञ्चालन गर्नुपर्दछ ।

१६. **विभूषण** - विभूषण ऐन, २०६४ मा ४ प्रकारका १२ श्रेणीका मानपदवी, ९ प्रकारका अलङ्कार र १३ प्रकारका पदकबाट राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने महानुभावलाई विभूषण समितिले स्वीकृत गरेको मापदण्ड, २०७५ बमोजिम सिफारिस गर्ने र नेपाल सरकारले निर्णय गर्ने व्यवस्था छ । नेपाल सरकार मन्त्रिपरिषद्बाट २०७५।७६ मा ५१८ जना, २०७६।७७ मा ६३३ जना र यो वर्ष ५९३ जना विभूषित गर्ने निर्णय भएको छ । त्यसैगरी २०७८।७९ मा ८८७ जनालाई विभूषित गर्ने निर्णय भएको देखियो । घोषणा गरेका विभूषण तयार गर्न २०७५।७६ मा रू.५ करोड ६९ लाख ७७

हजार, २०७६।७७ मा रू.८ करोड ५० लाख र २०७७।७८ मा रू.१० करोड २२ लाख १६ हजार खर्च गरेको देखिन्छ । विगतमा घोषणा भएमध्येको १७६ मानपदवी, ३६ अलङ्कार र ६२ पदकसमेत २७४ विभूषण वितरण नभई मौज्दात रहेकोले उपयोगमा ल्याउन मिल्ने विभूषणको व्यवस्थापन गर्नुपर्ने देखिन्छ। विभूषण तयार गर्न लाग्ने लागत वर्षेनी बढ्दै गएकोले लागतमा कमी ल्याउने तथा विभूषित हुने संख्या निश्चित गरी खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

१७. **कोभिड -१९ रोकथाम तथा नियन्त्रण** - मन्त्रालयले कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारसम्बन्धी भएको खर्चको एकीकृत विवरण तयार गरेको छैन । संघीय बजेटबाट कोभिड-१९ नियन्त्रणका लागि नेपाल ए.पी.एफ. अस्पतालबाट रू.३७ करोड २६ लाख र नेपाल प्रहरी अस्पतालबाट रू.३१ करोड ३३ लाखसमेत रू.६८ करोड ५९ लाख खर्च भएको छ । मन्त्रालयले यो वर्ष कोभिड-१९ नियन्त्रणका लागि रोकथाम, नियन्त्रण, निदान र उपचारको एकीकृत कार्य योजना, २०७८ तयार गरेको, सङ्क्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी सोको रोकथाम र निर्मूल गर्न आदेश जारी गर्ने नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७७।१२।९ को निर्णय कार्यान्वयन गर्न सबै सुरक्षा निकाय र जिल्ला प्रशासन कार्यालयहरूमा निर्देशन पठाएको, जोखिमको आधारमा कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको मापदण्डअनुसार कोभिड-१९ बाट प्रभावित जिल्लाको वर्गीकरण गरेको, सबै सुरक्षा निकाय र जिल्ला प्रशासन कार्यालयहरूलाई सङ्कट व्यवस्थापन केन्द्र स्थापना गर्न पत्राचारलगायतका कार्य गरेको छ। त्यसैगरी काठमाडौं उपत्यका एकीकृत क्वारेन्टिन व्यवस्थापन समितिको निर्णयबमोजिम क्वारेन्टिन निर्माण सम्बन्धमा जिल्ला प्रशासनसँग समन्वय गरी ५ हजार ५८७ बेडको लागि स्थान पहिचान गरी १ हजार ९०४ बेड तयार गरेको, विदेशी नागरिकलाई स्वदेश फर्किने प्रयोजनका लागि काठमाडौंसम्म आउन सहजीकरण गर्नुको अतिरिक्त निजी क्षेत्रको वायुसेवा कम्पनीलाई २७५ पटकभन्दा बढी उडान अनुमति दिएको छ ।

कोभिड-१९ को बन्दाबन्दीको नीतिलाई कार्यान्वयन गर्न र सीमा नाकाबाट हुने आवतजावतलाई नियन्त्रण गर्न सशस्त्र प्रहरी बल नेपालका बी.ओ.पी. र एफ.ओ.बी. स्थापना गरी सीमा इलाकाका १ हजार १३७ स्थानमा दैनिक २२ हजार ५०० सुरक्षाकर्मी र नेपाल प्रहरी तर्फ लकडाउन तथा निषेधाज्ञा कार्यान्वयनमा २३ हजार ९७३, अन्तर्राष्ट्रिय सीमा आगमनको चेक जाँचमा ३ हजार ३, देशभरको क्वारेन्टाइन तथा आइसोलेसनमा १ हजार २५४, कोरोना संक्रमितलाई अस्पताल वा आइसोलेसनमा पुऱ्याउन १ हजार ५०८, कोरोना संक्रमितको शव व्यवस्थापनमा ८०० र अन्य कार्यमा १४ हजार ८०५ समेत ४५ हजार ३५५ प्रहरी जनशक्ति परिचालन भएको उल्लेख छ । जोखिमको आधारमा कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको मापदण्डअनुसार कोभिड-१९ बाट प्रभावित जिल्लाको वर्गीकरण गरे तापनि जोखिमबमोजिमको कार्ययोजना तयार गरी कार्यान्वयन गरेको देखिएन । महामारीको समयमा आवतजावत, सवारी पास व्यवस्थापन, मापदण्डको परिपालना अनुगमन, जनचेतना अभिवृद्धि गर्ने लगायतका कार्यमा प्रभावकारी समन्वय गरी कोभिड-१९ सँग सम्बन्धित समग्र खर्चको एकीकृत विवरण तयार गर्नुपर्दछ।

अध्यागमन विभाग

नेपालभित्र विदेशीहरूको प्रवेश, उपस्थिति र प्रस्थानलाई नियमन एवं नियन्त्रण कार्यमा सहयोग गर्न तथा अध्यागमनसम्बन्धी कानूनको परिपालना गराउने र मातहत १३ अध्यागमन कार्यालयलाई नियन्त्रण, अनुगमन तथा मूल्याङ्कन गर्ने उद्देश्यले विभागको स्थापना भएको हो।

१८. **आगमन, प्रस्थान तथा अनुगमन -** विभागले २०७६ माघ १३ देखि नेपाली पोर्ट.इमिग्रेसन.जीओभी.एनपी नामक सफ्टवेयरमा आगमन, प्रस्थान, भिसासम्बन्धी अभिलेखीकरण गरे तापनि पर्यटकहरूको बसाई अवधि, शुरु प्रस्थान र गन्तव्य देश तथा भिसाअनुसारको विवरण उल्लेख गर्ने गरेको देखिएन । सन् २०१८ देखि २०२१ सम्मको तथ्याङ्कअनुसार नेपालमा आगमन गरेका विदेशी नागरिकमध्ये १० हजार ९५३ जना विदेशी नेपालमा रहेको देखिन्छ । यो वर्ष भिसा अवधि समाप्ति पश्चात् बढी अवधि बसेका २३२ जना, भिसा विपरीत कार्य गरेको र गैरकानुनी कार्यलगायतमा संलग्नसमेत २७७ जना विदेशी नागरिकलाई निष्काशन गरेको देखिन्छ। नेपालमा रहेकामध्ये भिसा अवधि सकिएका पर्यटकको विवरण तयार गरी अनुगमन तथा कारबाहीको लागि आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन। पर्यटक आगमन पश्चात् आवश्यक सूचना सङ्कलन तथा अन्तर निकाय समन्वय गरी अनुगमन प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ।

१९. **राजस्व सङ्कलन** - विभाग, अध्यागमन कार्यालयहरू, परराष्ट्र मन्त्रालयस्थित नियोगहरूबाट वितरण हुने प्रवेशाज्ञा र सोबाट सङ्कलित राजस्वको एकीकृत अभिलेख तयार गर्नुपर्दछ । विभागले प्रयोगमा ल्याएको नेपाली पोर्ट सफ्टवेयरबाट विभाग र मातहतका कार्यालय समेतबाट रू.९२ करोड १९ लाख १५ हजार राजस्व सङ्कलन भएको देखिएकोमा सञ्चित कोषमा रू.७७ करोड ९० लाख ६१ हजार दाखिला भई रू.१४ करोड २८ लाख ५४ हजार दाखिला गर्न बाँकी देखिएको छ । परराष्ट्र मन्त्रालय र विदेशस्थित नियोगको राजस्व र शाखागत रूपमा उठेको राजस्व र राजस्व व्यवस्थापन सूचना प्रणालीले देखाएको राजस्वबीच भिडान गर्ने गरेको पाइएन । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, अध्यागमन कार्यालयको नेपाली पोर्ट सफ्टवेयरअनुसार यो वर्ष रू.११ करोड ३२ लाख ९७ हजार राजस्व सङ्कलन भएको देखिएकोमा सञ्चित कोषमा रू.७ करोड ९५ लाख ९३ हजार मात्र दाखिला भएको देखिन्छ । नेपाली पोर्ट सफ्टवेयर प्रारम्भिक चरणमा रहेकोले प्रस्थान कक्षमा भिसा अवधि विस्तार, जरिबानालगायतबाट बैङ्क दाखिला भएको रकम नेपाली पोर्टमा ६ महिनासम्म प्रविष्टि नगरेको र प्रविष्टि गर्दा भूलवश बढी गरेका कारण फरक परेको कार्यालयले उल्लेख गरेको छ । जिम्मेवार निकायले सफ्टवेयर र सोको सञ्चालन सम्बन्धमा विश्वसनीयता यकिन गरी नियमित र भरपर्दो रूपमा प्रयोग गर्नुको अतिरिक्त फरक परेको सम्बन्धमा यकिन गर्नुपर्दछ।

२०. **भिसा स्टिकर** - अध्यागमन ऐन, २०४९ र नियमावली, २०५१ मा भिसा स्टिकरसम्बन्धी कार्य गर्ने सबै कार्यालयले सोको अभिलेख राख्नुपर्ने व्यवस्था छ । विभागले २०७६।७७ देखि भिसाको नयाँ दर लागू गरेका कारण पुरानो दर उल्लेख भएका ७ प्रकारका भिसा स्टिकर गत वर्षको अन्तमा २ लाख १७ हजार ६९६ मौज्दातमध्ये २ लाख १४ हजार ४९० नष्ट गरेको भए तापनि बाँकी ३ हजार २०६ भिसा स्टिकरको सम्बन्धमा कुनै कारबाही भएको देखिएन । विभाग, कार्यालय तथा नियोगहरूमा रहेका प्रयोगमा नआउने बाँकी भिसा स्टिकर संख्या यकिन गरी सोको उचित व्यवस्थापन हुनुपर्दछ।

कारागार व्यवस्थापन विभाग

न्यायिक तथा अर्धन्यायिक निकायको आदेशबमोजिम कैद तथा थुनुवा व्यक्तिलाई कारागारमा राख्ने र मातहतका कारागारको व्यवस्थापन गर्ने तथा कारागार ऐन, २०१९ बमोजिम कैदीबन्दी तथा थुनुवाहरूको मानवोचित सुविधाको व्यवस्थापन गर्ने उद्देश्यले विभागको स्थापना भएको हो।

२१. **कारागार व्यवस्थापन -** कारागार ऐन, २०१९ मा थुनुवा वा कैदीलाई थुनामा राख्दा पुरुष र महिलालाई छुट्टाछुट्टै घरमा भिन्दा भिन्दै भागमा राख्ने, थुनुवा र कैदीलाई यथासम्भव छुट्टाछुट्टै भागमा राख्ने, देवानी र फौजदारी मुद्दाका कैदीलाई यथासम्भव भिन्दा भिन्दै भागमा राख्ने, गम्भीर प्रकृतिका बिरामी र मानसिक रोगीलाई यथासम्भव भिन्दा भिन्दै भागमा राख्नेलगायतका व्यवस्था छन् । विभागबाट प्राप्त विवरणअनुसार १४ हजार ८२० पुरुष र १ हजार ६९१ महिलासमेत १६ हजार ५११ कैदी बन्दी राख्न सक्ने क्षमता रहेका कारागारमा २०७८ असार मसान्तमा पुरुष २३ हजार २२२ र महिला १ हजार ३३७ समेत २४ हजार ५५९ कैदी तथा थुनुवा बन्दी राखिएको छ ।

केन्द्रीय कारागार भवन, नुवाकोट समेत ४ स्थानमा रू.१ अर्ब ५२ करोड ५० लाखमा सम्झौता भई भवन निमार्णाधीन रहेका छन् । तथापि २० जिल्लाका कारागार भवन नयाँ निर्माण गर्नुपर्ने र विभिन्न जिल्लाका जीर्ण भएका ३० कारागार भवनको मर्मत सुधार गर्नुपर्ने अवस्था छ। बाँकेमा खुल्ला कारागार अवधारणाको लागि भवन निर्माण अन्तिम चरणमा रहेकोले सोको कार्यान्वयनका लागि नीतिगत र कानूनी व्यवस्था गर्नुपर्दछ । कारागारको संरचना र सुविधासम्बन्धी न्यूनतम मापदण्ड तयार गरी कैदी बन्दीलाई न्यूनतम सुविधा उपलब्ध हुने गरी पूर्वाधार तयार गर्नुपर्दछ ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्र प्रदान गर्न, जन्म, मृत्युलगायतका व्यक्तिगत घटना दर्ता एवं पञ्जीकरण गर्न र सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको अभिलेख दुरुस्त राखी बैंकिङ्ग प्रणालीमार्फत भत्ता वितरण गर्ने गराउने मुख्य उद्देश्यले विभागको स्थापना भएको हो।

२२. **वार्षिक कार्यक्रम कार्यान्वयन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयनसम्बन्धी व्यवस्था छ । वित्तीय प्रगति विवरणअनुसार यो वर्ष १४६ क्रियाकलापमध्ये २६ क्रियाकलापमा १ देखि २५ प्रतिशतसम्म र ३६ क्रियाकलापमा शून्य प्रगति देखाएको छ । यन्त्र उपकरण खरिद, स्मार्टकार्ड खरिद प्रणाली विकासलगायत ३६ क्रियाकलापको लागि यो वर्ष रू.७८ करोड ४१ लाख ९६ हजार बजेट विनियोजन भएकोमा कार्यक्रम कार्यान्वयन भएको देखिएन । यो वर्ष राष्ट्रिय परिचयपत्र (स्मार्ट कार्ड) खरिद गर्न रू.५४ करोड ९७ लाख ६० हजार बजेट विनियोजन भएकोमा खरिद सम्झौता भएको छैन । गत वर्षको वार्षिक कार्यक्रममा समेत सोही कार्यका लागि रू.१ अर्ब २५ करोडको बजेट व्यवस्था भएकोमा खरिद कार्य भएको देखिएन । वार्षिक कार्यक्रममा तोकिएको कार्य समयमै कार्यान्वयन गरी प्रगति हासिल गर्नुपर्दछ।

२३. **राष्ट्रिय परिचयपत्र -** नेपाल सरकारको २०७५।७६ को बजेट वक्तव्यमा पाँच वर्षभित्र सबै नागरिकलाई राष्ट्रिय परिचयपत्र वितरण गर्ने उल्लेख छ । साथै २०७६।७७ को नीति तथा कार्यक्रममा ४ वर्षभित्र र बजेट वक्तव्यमा २ वर्षभित्र सबै नेपाली नागरिकलाई परिचयपत्र उपलब्ध गराउने उल्लेख छ । यो वर्ष ७७ जिल्ला प्रशासन कार्यालयबाट विवरण दर्ता कार्य शुरु गरिएको छ । परिचयपत्र कार्यक्रमको लागि

२०७५।७६ देखि यस वर्षसम्म रू.२ अर्ब ४० करोड ९८ लाख खर्च भएको देखिन्छ। यससम्बन्धी व्यहोरा निम्नानुसार छन्:

२३.१. विभागबाट उपलब्ध विवरणअनुसार २०७६।४।३१ देखि २०७८।९।१९ सम्म ४९ लाख १५ हजार ५७२ राष्ट्रिय परिचयपत्रको लागि आवेदन दर्ता भए तापनि १ लाख १४ हजार ८०४ कार्ड छपाइ भई ८५ हजार २२८ अर्थात् निवेदनको १.७३ प्रतिशतमात्र वितरण भएको छ । आवेदन दर्तामध्ये ४८ लाख ७६८ कार्ड छपाइ हुन सकेको छैन । परिचयपत्रलाई विद्युतीय राहदानीसँग अन्तरआबद्धता गरेकोले परिचयपत्र नम्बर प्राप्त नभएसम्म राहदानीको लागि निवेदन दिन नमिल्ने कारण परिचयपत्रको लागि जिल्ला प्रशासन कार्यालय तथा विभागमा समेत सेवाग्राहीको चाप बढ्दै गएकोले सेवा प्राप्ति सहज हुन सकेको देखिँदैन। रुपान्तरणकारी आयोजनाको रूपमा सञ्चालित यस कार्यक्रमअन्तर्गत राष्ट्रिय परिचयपत्रको लागि निवेदन दर्ता गरेको १७ महिनासम्म तत्सम्बन्धी सेवा उपलब्ध हुन नसक्नुले विभागको कार्य सम्पादन दक्षतापूर्ण देखिएन । सेवा प्रदायक निकायले आफ्नो जिम्मेवारी पूरा गर्न वार्षिक लक्ष्यअनुसारका कार्य सम्पादन गरी सेवा प्रवाहमा सुधार गर्नुपर्दछ ।

२३.२. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा ३१ मा प्रचलित कानूनबमोजिम अधिकार प्राप्त निकायले सङ्कलन गरेका विवरण प्रयोग गर्न सकिने व्यवस्था छ । निर्वाचन आयोगले मतदाता नामावली सङ्कलन गर्दाको विवरण भविष्यमा राष्ट्रिय परिचयपत्रमा समेत प्रयोग गर्न सक्ने गरी मतदाता परिचयपत्र जारी गरेको तथा राहदानी विभागले पनि विद्युतीय रूपमा फाराम भराई राहदानी वितरण गरेकोमा आयोग तथा राहदानी विभागसँग समन्वय गरी सो विवरणलाई राष्ट्रिय परिचय व्यवस्थापन सूचनाको प्रणालीमा आबद्ध गरेमा नागरिकले परिचयपत्र प्राप्त गर्न सहज हुने र निवेदन सङ्कलन तथा प्रशोधनको लागत र समयमा न्यूनता आउने देखिन्छ ।

२३.३. सोही ऐनको दफा १० मा परिचयपत्रको मान्यता र प्रयोगसम्बन्धी व्यवस्था छ । हाल नेपाली नागरिकले नागरिकता प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, मतदाता परिचयपत्र, व्यक्तिगत स्थायी लेखा नम्बर, सवारीचालक अनुमतिपत्र तथा सामाजिक सुरक्षा भत्ता प्रमाणपत्रलगायतका विद्युतीय माध्यमबाट जारी भएका विभिन्न परिचयपत्र लिनुपर्ने व्यवस्था छ । विभिन्न निकायले फरक फरक परिचयपत्र माग गर्ने प्रचलन रहेकोले नेपाल सरकारले जारी गर्ने सबै खालका परिचयपत्रलाई राष्ट्रिय परिचयपत्रमा आबद्ध गरी फरक फरक परिचयपत्र पेस गर्नुपर्ने अवस्थाको अन्त्य हुनुपर्दछ ।

२४. **परामर्श सेवा -** राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीलाई विस्तार गरी सबै नेपालीलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराउने कार्यको लागि राष्ट्रिय परिचयपत्र पर्सनलाईजेसन र वितरणसम्बन्धी कार्य गर्न एक परामर्शदातासँग ३२ महिनाभित्र सम्पन्न गर्न २०७६।३।१५ मा रू.८७ करोड २६ लाखको सम्झौता भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२४.१. सम्झौतामा उल्लिखित विभिन्न प्याकेजको कार्यसम्पन्न गर्नुपर्ने अवधिमा दुई पटक म्याद थप भएकोमा आइरिस विवरण थप, बायोमेट्रिक विवरण प्रशोधन क्षमता अभिवृद्धि, कार्ड प्रशोधन क्षमता बढाउने कार्य सम्पन्न भई सञ्चालनमा आएको छ । प्याकेज ४ को डिजास्टर रिकभरी सिस्टम तयार गर्न युरो ५ लाख ४ हजार १९९ र नेपाली मुद्रा रू.६ करोड ६३ लाख १८ हजारको सम्झौता भएकोमा यस वर्षसम्म युरो ४ लाख १५ हजार ८३७ र नेपाली मुद्रा सम्झौताबमोजिमको भुक्तानी भए तापनि थप

भएको अवधि २०७८।२।१७ भित्र कार्य सम्पन्न भएको देखिएन । तत्पश्चात म्याद थप पनि नभएको र कार्य पनि अधुरो देखिएकोले सम्झौताका शर्तबमोजिम कार्य सम्पन्न गर्नुपर्दछ।

२४.२. राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीलाई स्तरोन्नति र क्षमता विकास गरी ३ करोड नेपाली नागरिकको वैयक्तिक विवरण र २ करोड नागरिकको जैविक विवरण सङ्कलन तथा प्रशोधन गर्ने कार्य परामर्शदातालाई तोकिएको छ।परिचयपत्र वितरणको लागि प्रणाली डिजाइन, सूचना सङ्कलन, प्रशोधन, कार्ड छपाइ र वितरणसम्मका कार्यलाई समयबद्ध कार्ययोजना बनाई ठेक्का प्रकिया व्यवस्थापन गर्नुपर्नेमा प्रणाली डिजाइन, तथ्याङ्क सङ्कलन र प्रशोधनको काममात्रै सञ्चालन हुने गरी सम्झौता गरेको र प्रणाली डिजाइन कार्यपश्चात् २ वर्षपछि मात्र २०७८ अषाढमा १ करोड २० लाख कार्ड खरिद गर्न खरिद प्रक्रिया अगाडि बढाएको देखिन्छ । फलस्वरुप समयमा नै कार्ड छपाइ र वितरण हुन सकेको छैन । समयमै कार्ड छपाइ वितरण कार्य शुरु हुने गरी व्यवस्थापन गर्नुपर्दछ ।

२४.३. विभागले परिचयपत्र वितरणको लागि १ हजार ८० थान इनरोल्मेण्ट एण्ड इस्युएन्स स्टेशनबाट विभिन्न जिल्लामा चरणबद्ध रूपमा विवरण सङ्कलन गर्न शुरु गरी २०७७।७८ मा १ करोड विवरण सङ्कलन गर्ने लक्ष्य लिएकोमा २४ लाख ६७ हजार विवरण मात्र सङ्कलन गरेको छ। हालको प्रणालीको भण्डारण क्षमताअनुसार २ करोड नेपाली नागरिकको विवरणमात्र केन्द्रीय सर्भरमा भण्डारण गर्न सकिने देखिएकोले सबै नेपालीलाई राष्ट्रिय परिचयपत्र वितरण गर्न सकिने गरी प्रणालीको क्षमता विस्तार गर्नुपर्ने देखिन्छ।

२४.४. राष्ट्रिय परिचयपत्रमा नेपाली नागरिकको व्यक्तिगत विवरणको डिजिटल पहिचान रहने हुँदा सोको अनधिकृत प्रयोग हुने वा प्रकाशन हुन नदिने गरी नियन्त्रण व्यवस्था कायम गर्नुपर्दछ । विभागले प्रयोगमा ल्याएको सूचना प्रविधि प्रणालीको सुरक्षा परीक्षण गराएको देखिएन । प्रणालीको विश्वसनीयता बढाउन समय समयमा सुरक्षा परीक्षण तथा सो प्रविधिको पहुँचमा नियन्त्रण गर्नुको साथै सुरक्षा नीतिबमोजिम सुरक्षाको प्रबन्ध रहे नरहेको अनुगमन गरी डिजिटल प्रणाली सञ्चालनमा ल्याउनुपर्दछ ।

२५. **सामाजिक सुरक्षा भत्ता -** सामाजिक सुरक्षा ऐन, २०७५ मा आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय, एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई भत्ता वितरण गर्ने उल्लेख छ । विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४ मा विद्युतीय प्रणालीबाट बैङ्क खातामार्फत् रकम प्रदान गर्ने उल्लेख छ । उपलब्ध विवरणअनुसार सामाजिक सुरक्षातर्फ ३४ लाख ५५ हजार ४४६ लाभग्राही रहेकोमा २२ लाख ३३ हजार १३ जनाले बैङ्कमार्फत् र १२ लाख २२ हजार ४३३ ले नगद भुक्तानी लिएको उल्लेख छ । सामाजिक सुरक्षा तथा संरक्षण भत्तातर्फ यो वर्ष रू.६८ अर्ब ५० करोड ६६ लाख निकासा भएको छ ।

विभागले २०७६।७७ र २०७५।७६ को विवरणमा लाभग्राही संख्या क्रमशः ३० लाख ६२ हजार २२७ र २८ लाख ७८ हजार ७०७ उल्लेख गरेकोमा यो वर्षको विवरणमा उल्लिखित आर्थिक वर्षको संख्या क्रमशः २९ लाख ५९ हजार ९१५ र २८ लाख २७ हजार ५१८ देखाएकोले लाभग्राहीको अभिलेख प्रत्येक वर्ष दुरुस्त गरेको देखिएन । विभागले यो वर्ष सोसियल सेक्युरिटि डाटा क्लिनिङ्गसमेत गरेको छैन। लाभग्राहीको विवरण दुरुस्त गरी बैंकिङ्ग प्रणालीमार्फत् भुक्तानी दिई अनुगमन व्यवस्थासमेत प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ ।

नेपाल प्रहरी

नेपाल प्रहरीले प्रहरी ऐन, २०१२ तथा प्रचलित अन्य कानूनबमोजिम शान्ति सुव्यवस्था, अपराध नियन्त्रण र अनुसन्धान, चोरी तस्करी नियन्त्रण, सवारीसाधनको व्यवस्थापन, विशिष्ट व्यक्तिहरू तथा महत्वपूर्ण संरचनाहरूको सुरक्षा एवं प्रकोप व्यवस्थापनलगायतका कार्यसम्पादन गरिरहेको छ ।

२६. **कार्यसम्पादन स्थिति -** नेपाल प्रहरीलाई प्रहरी ऐन, २०१२ ले १३ र नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ ले १७ प्रकारका काम कर्तव्य र अधिकार तोकेको छ। यो वर्ष नेपाल प्रहरीले चोरी तस्करी नियन्त्रणतर्फ रू.१ अर्ब ३४ करोड ५० लाख मूल्य बराबरका सामग्री बरामद गरी सम्बन्धित निकायमा बुझाएको, विपद व्यवस्थापन गर्न ३१ हजार ४८ प्रहरी जनशक्ति परिचालन गरेको, विभिन्न प्रकारका २० हजार ६३४ सवारी दुर्घटनाको उद्धार व्यवस्थापन गरेको, सवारी नियमको उल्लङ्घन गर्ने सवारीधनीबाट रू.१ अर्ब १६ करोड ३५ लाख ३२ हजार जरिबाना असुल गरेको, २३ हजार ३४५ मुद्दाको अनुसन्धान कार्य सम्पादन गरेको, विभिन्न मुद्दामा फरार ७ हजार ३९० जना पक्राउ गरेको, अनलाइनमार्फत् २ लाख ५७ हजार ९७७ चारित्रिक प्रमाणपत्र वितरण गरेको, कोभिड-१९ को नियन्त्रण तथा रोकथाम गर्न ४५ हजार ३५५ प्रहरी परिचालन गरेको र मुलुकभर यो वर्ष ४६ पटक नेपाल बन्द हडताल भएकोमा जनधनको क्षति हुन नदिने कार्यको व्यवस्थापनलगायतका कार्यहरू सम्पादन गरेको छ ।

नेपाल प्रहरी कार्ययोजना २०७७ अनुसार दुई वर्षभित्र सम्पन्न गर्ने १५६ क्रियाकलापमध्ये २१ मात्र सम्पन्न भएको, त्रिवर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजनामा उल्लिखित विषयको आंशिक कार्यान्वयन भएको र १६ हजार ७७५ अपराध अनुसन्धानका घटना अनुसन्धान गरी टुङ्गो लगाउन बाँकी रहेको देखिन्छ । कार्ययोजना र जिम्मेवारीमा रहेका सबै कार्य समयमै प्रभावकारी रूपले सम्पन्न गर्नुपर्दछ ।

२७. **अपराध अनुसन्धान -** नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्यसञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ को दफा ४ ले राज्य विरुद्धको कसूरलगायत १२ किसिमका कसूरको सम्बन्धमा अनुसन्धान गर्ने अधिकार नेपाल प्रहरीलाई तोकेको छ । यससम्बन्धी व्यहोरा निम्नानुसार छन्:

२७.१. अनुसन्धान कार्यहरूको लागि केन्द्रीय अपराध अनुसन्धान विभाग, केन्द्रीय अनुसन्धान ब्युरो, महिला बेचविखन अनुसन्धान ब्युरो, साइबर ब्युरो, लागू औषध नियन्त्रण ब्युरोलगायत सम्पूर्ण प्रहरी संगठन क्रियाशील रहेका छन् । विगत ५ वर्षको अपराधसम्बन्धी घटना र छानबिन स्थिति देहायअनुसार रहेको देखिन्छ:

अपराधको किसिम	२०७३।७४	२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८
ज्यान	५९०४	६४०५	६९८६	७१५५	८०५९
आत्महत्या	५१२४	५३१७	५७५४	६२४१	७११७
चोरी	१६२७	१६२८	२८७३	२४५१	२३८२
संगठित तथा आर्थिक	३५९३	४६५६	५३०१	४६०८	४६५२
सामाजिक	१०२५६	१४४५०	१११८९	११४८१	८१६८
महिला तथा बालबालिका	२४३९	३२५५	४४२३	४०९२	४७०५
सवारी	२१५०	२३२०	२५४०	१९७१	२१७८
विविध	३६९	१२८४	३९८५	३८९९	२८५९
जम्मा	**३१४६२**	**३९३१५**	**४३०५१**	**४१८९८**	**४०१२०**

अपराधको किसिम	२०७३।७४	२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८
फर्स्यौंट	८९८२	१३५९६	३५३३०	२५५८३	२३३४५
फर्स्यौंट प्रतिशत	२९	३५	८२	६१	५८
बाँकी	२२४८०	२५७१९	७७२१	१६३१५	१६७७५

यो वर्ष चोरी, सामाजिक र विविध अपराधको घटना दर्ता गत वर्षको तुलनामा कमी आए तापनि ज्यान, आत्महत्या, संगठित तथा आर्थिक, महिला तथा बालबालिका र सवारीसम्बन्धी अपराधमा वृद्धि भएको छ । यो वर्ष आत्महत्या गर्ने २०७६।७७ को तुलनामा १४.०३ प्रतिशत र २०७३।७४ को तुलनामा ३८.९० प्रतिशतले वृद्धि भएको छ । विविधतर्फ २ हजार ८५९ अपराधमध्ये २ हजार ३७३ बैंकिङ्ग कसूरसम्बन्धी रहेका छन् । कुल अपराधमध्ये केन्द्रीय अनुसन्धान ब्युरोअन्तर्गत ४१, उपत्यकाअन्तर्गत ७ हजार १९५, प्रदेश नं. १ मा ७ हजार ३८२, मधेश प्रदेशमा ७ हजार २०१, वाग्मती प्रदेशमा ४ हजार ३४३, गण्डकी प्रदेशमा ३ हजार ३५१, लुम्बिनी प्रदेशमा ५ हजार ८३५, कर्णाली प्रदेशमा १ हजार ६३१ सुदूरपश्चिम प्रदेशमा ३ हजार १४१ रहेका छन् । अपराध दर्तासम्बन्धी एकीकृत विवरणअनुसार १६ हजार ७७५ मुद्दा फर्स्यौंट हुन बाँकी रहेका छन् । दर्ता भएका अपराधसम्बन्धी उजुरी समयमै तहकिकात र अनुसन्धान गरी टुङ्गो लगाउनुपर्दछ ।

२७.२. त्रिवर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना २०७५।७६-२०७७।७८ अनुसार १२ कार्यनीतिगत क्षेत्रमा कार्य गर्न रू.२ अर्ब ५३ करोड १६ लाख प्रस्तावित बजेटको तीन वर्षमा १०.३० प्रतिशतले रू.२६ करोड ८ लाख बजेट विनियोजनको छ । सोमध्ये रू.२२ करोड ८२ लाख खर्च भएको छ । कार्ययोजनाअनुसार १२ कार्यनीतिका ८७ क्रियाकलापमध्ये १८ पूर्ण र ३३ आंशिक रूपमा सम्पन्न भएको उल्लेख गरेको छ । कार्ययोजनामध्ये अभिलेखन अभियोजन समन्वय सुदृढीकरण, साक्षी सुरक्षा योजना विकास र सहज उपस्थिति, सामुदायिक प्रहरी अवधारणा सबलीकरण, अन्तर्राष्ट्रिय क्षेत्रीय संगठनसँग सम्बन्ध विकास र सम्पर्क विस्तारलगायत ३६ क्रियाकलाप सञ्चालन भएको देखिएन। कार्ययोजनामा प्रस्तावित बजेटभन्दा उपलब्ध बजेट न्यून रहेको देखिँदा स्रोत साधनको उपलब्धता समेतलाई ध्यान दिई कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

२८. **ट्राफिक व्यवस्थापन -** नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ को दफा ३ मा ट्राफिक व्यवस्थापनसम्बन्धी काम, कर्तव्य र अधिकार नेपाल प्रहरीलाई तोकेको छ । ट्राफिक व्यवस्थापनमा देखिएका प्रमुख व्यहोरा देहायअनुसार छन्:

२८.१. विगत ५ वर्षको दुर्घटना अवस्था विश्लेषण गर्दा २०७४।७५ सम्म औसत ७ प्रतिशतले दुर्घटना वृद्धि हुने गरेकोमा २०७४।७५ देखि २०७७।७८ सम्मको औसत वृद्धि दर २० प्रतिशत रहेको छ। सडक र सवारीसाधनको अवस्था, सवारी चाप, यात्रु चाप, सवारी ज्ञान, सवारी नियमको पालनामा कमी, चालकको असावधानीलगायतका कारणबाट सवारी दुर्घटनामा कमी आउन सकेको छैन । आर्थिक वर्ष २०७६।७७ को तुलनामा २०७७।७८ मा ३३ प्रतिशतले दुर्घटनामा वृद्धि भएको छ । सवारी दुर्घटना वृद्धिसँगै मृत्यु, गम्भीर घाइते र सामान्य घाइते हुनेको संख्यामा समेत वृद्धि हुँदै गएको देखिन्छ। प्राप्त विवरणअनुसार देशभर सवारी दुर्घटनासम्बन्धी ५ वर्षको स्थिति निम्नानुसार छः

क्र.सं.	आ.व.	कुल दुर्घटना		मृत्य		गम्भिर घाइते		सामान्य घाइते	
		संख्या	वृद्धि प्रतिशत	संख्या	वृद्धि प्रतिशत	संख्या	वृद्धि प्रतिशत	संख्या	वृद्धि प्रतिशत
१.	२०७३।७४	१०१७८	२	२३८४	१९	४२५२	२	८२९०	१
२.	२०७४।७५	१०९६५	८	२५४१	७	४१४४	(३)	८२४७	(१)
३.	२०७५।७६	१३३६६	२२	२६७८	१०	४३७६	६	१०३६०	२६
४.	२०७६।७७	१५५५९	१७	२२५१	(१९)	४६२४	६	११५९३	१२
५.	२०७७।७८	२०६४०	३३	२५००	११	६४४८	३९	१८६००	६०

सम्बन्धित निकायहरूबाट सडकको सुधार, क्रसिङ्ग व्यवस्था, पार्किङ्गस्थल, ट्राफिक बत्ती, सी.सी.टी.भी., सडक चिन्हलगायतको उपयुक्त व्यवस्था र सवारी ऐन, नियमको पालना एवं अन्तर निकाय समन्वयबाट बढ्दो दुर्घटना न्यूनीकरण गर्नुपर्ने देखिएको छ । सवारी दुर्घटना हुन नदिन सम्बन्धित सरोकारवालासमेतको समन्वयमा सवारीसाधनको अवस्था, भार वहन क्षमता, यात्रु क्षमता, चालकको अवस्था, सवारीसाधनको गति, ट्राफिक चिन्हको अनिवार्य पालना आदिबारे स्पष्ट निर्देशनसहित आवश्यक अनुगमनलाई तीव्रता दिने, काठमाडौं उपत्यका र देशका अन्य मुख्य शहरमा ट्राफिक व्यवस्थापनमा सुधार गर्न इन्टिलिजेन्ट् ट्राफिक लाइट प्रणाली जडानलाई तीव्रता दिने लगायतका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

२८.२. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा सवारीचालकले तोकिएका नियम पालना गर्नुपर्ने व्यवस्था छ । ट्राफिक प्रहरीतर्फ दरबन्दीका २ हजार ६१८ जनाका अतिरिक्त थप १ हजार ३३५ जना काजमा ल्याई ३ हजार ९५३ जना ट्राफिक व्यवस्थापनमा संलग्न रहेका छन् । उपलब्ध विवरणअनुसार २०७७।७८ मा ट्राफिक नियमको पालना नगर्ने सवारीधनीहरूलाई १६ लाख ४० हजार ३९१ पटक कारबाही गरी रू.१ अर्ब १६ करोड ३५ लाख ३२ हजार जरिबाना असुली भएको छ।

गत वर्षको तुलनामा सवारी नियमको पालना नगर्नेको प्रतिशत २०.४३ ले बढेको छ । यो वर्ष सवारी नियम पालना नगर्ने सवारीचालक १६ लाख ४० हजार ३९१ मध्ये मादक पदार्थ सेवकलाई २१ हजार ५९३ पटक, तीव्रगतिमा सवारीसाधन चलाउनेलाई २६ हजार ६०३ पटक, लेन अनुशासन पालना नगर्नेलाई १२ हजार ५८७ पटक र अन्य कसूरमा १५ लाख ७९ हजार ६०८ पटक कारबाही भएको छ । प्रधान कार्यालयबाट प्राप्त विवरणअनुसार सवारीसाधनको प्रकृतिअनुसार मोटरसाइकल चालकले ५ लाख ७ हजार ६१८, ट्रक/ट्याङ्कर चालकले ४ लाख ९५ हजार १२२, कार, जिप, भ्यान चालकले ३ लाख २० हजार ४१२ पटक र बस, मिनीबस र टेम्पो चालकलगायतले ३ लाख १७ हजार २३९ पटक सवारी नियमको उल्लङ्घन गरेको देखिन्छ । उल्लिखित अवस्थाले सवारी नियमको पालनामा कमजोरी रहेको र नियमको पालना नहुँदा सडक दुर्घटनामा समेत वृद्धि हुँदै आएको देखिँदा आवश्यकताअनुसार ट्राफिक दरबन्दीको व्यवस्था गरी सवारी नियमको पालनामा कडाइ गर्नुपर्ने देखिएको छ।

२९. **खरिद व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) मा लागत अनुमान, बोलपत्र आह्वानलगायतका कार्य प्रथम त्रैमासिकभित्र गरिसक्नुपर्ने उल्लेख छ । प्रहरी प्रधान कार्यालयबाट उपलब्ध विवरणअनुसार यो वर्ष सुरक्षा सामग्रीका ८, निर्माणतर्फ ४, पोशाकतर्फ २८, सूचना प्रविधिजन्य सामग्री र सेवातर्फ ३३ तथा अन्य विविध सामग्री १३ समेत ८६ बोलपत्रको माध्यमबाट खरिद गर्न सम्झौता भएको देखियो । उल्लिखित कार्यको लागत अनुमान

रू.१ अर्ब ३६ करोड ६८ लाख ८५ हजार रहेकोमा बोलपत्र आह्वान गर्दा रू.१ अर्ब २१ करोड ९६ लाखको खरिद सम्झौता भएको छ । सोमध्ये ५५ ठेक्का तेस्रो चौमासिकमा सम्झौता भएको देखिन्छ। खरिद सम्झौतामध्ये यो वर्ष रू.४२ करोड ९४ लाख ५ हजार बराबरका ६२ ठेक्कामात्र सम्पन्न भएको छ ।

यसैगरी यो वर्ष सम्झौता भएका ठेक्कामध्ये २४ ठेक्काको रू.७९ करोड २ लाखका सामान आपूर्ति हुन नसकेको मध्ये पोशाकतर्फका १३ र मेसिनरी औजारतर्फका ३ समेत १६ ठेक्काको सामग्री चालु वर्षमा आपूर्ति नहुने देखिएकोले रू.५६ करोड १३ लाख ८९ हजार बजेट समर्पण गरेको छ । निर्माण, पोशाक, मेसिनरी र उपकरण लगायत खरिद कार्यको व्यवस्थापन समयमै हुन नसक्दा म्यादभित्र कार्य सम्पन्न नहुने, कर्मचारीले पोशाकलगायतका आवश्यक सामान प्राप्त गर्न नसक्ने, सोझै खरिद गर्नुपर्ने, बजेट उपयोग नभै समर्पण गर्नुपर्ने अवस्था देखिएको छ । खरिद गुरुयोजना र वार्षिक खरिद योजनाअनुसार खरिदको व्यवस्थापन हुनुपर्दछ ।

३०. **पूर्वाधार निर्माण** - नेपाल प्रहरीअन्तर्गत स्थापना हुने विभाग, महानिर्देशनालय, निर्देशनालय, अस्पताल, कार्यालय, ब्युरो, शिक्षालय, तालिम केन्द्र, जिल्ला, इलाका, वडालगायतका कार्यालयका लागि आवश्यक पर्ने न्यूनतम पूर्वाधारहरूको लागि मापदण्ड तयार गरी सोहीअनुसार बजेट विनियोजन हुनुपर्दछ । नेपाल प्रहरीका लागि यो वर्ष भवन निर्माण/खरिदमा रू.२ अर्ब ६७ करोड ३ लाख मात्र बजेट विनियोजित भएकोमा रू.२ अर्ब ६१ करोड ३४ लाख खर्च भएको छ ।

प्रहरी कर्मचारीले कार्य सम्पादन गर्न कार्यकक्ष, ब्यारेक, मेस, शौचालयलगायतका पूर्वाधार उपलब्ध हुनुपर्नेमा आफ्नो भवन नभएका कारण ३२९ एकाईले सरकारी निकाय र २५९ इकाईले अन्य संघ संस्थाको भवनबाट कार्य सञ्चालन गरेको देखिन्छ । त्यसैगरी विभिन्न स्थानमा आफ्नो स्वामित्वमा जग्गा जमिन रहे तापनि ४०१ एकाईको भवन निर्माण हुन सकेको छैन । यो वर्ष घरभाडा शीर्षकमा रू.९ करोड ९ लाख खर्च भएको छ । कार्य सम्पादनमा सुधार ल्याउन तथा सेवाको गुणस्तर वृद्धि गर्न कार्ययोजना बनाई न्यूनतम पूर्वाधार उपलब्ध गराउनुपर्ने, आवश्यकतानुसार बजेट विनियोजन हुनुपर्ने र निर्माणाधीन भवनको निर्माण कार्य तोकिएको अवधिमा सम्पन्न गर्नुपर्ने देखिएको छ।

३१. **पोशाक वितरण** - प्रहरी नियमावली, २०७१ को परिच्छेद-१४ तथा अनुसूची-१६ देखि २१ सम्म प्रहरी कर्मचारीले पाउने सामान तथा पोशाकको संख्या र खपत अवधि तोकिएको छ । पोशाक वितरण सम्बन्धमा विभिन्न १७ प्रकारका सामानको ३ वर्षको खरिद, आवश्यक पर्ने परिमाण र वितरणको तथ्याङ्क विश्लेषण गर्दा सादा चुस्ता १० लाख ३२ हजार ८८५ मिटर आवश्यक पर्नेमा ५ लाख १६ हजार २९३ मिटर उपलब्ध भएको, छालाको बुट ७६ हजार ५१० जोर आवश्यक पर्नेमा ६१ हजार १३३ जोर उपलब्ध भएको, झुल ५९ हजार ६५६ थान आवश्यक पर्नेमा १८ हजार ५० थान उपलब्ध भएको, पी.टी. जुत्ता १ लाख १९ हजार ३१२ जोर आवश्यक पर्नेमा ४६ हजार जोर उपलब्ध भएको, म्याट्रेस ४७ हजार ७२५ थान आवश्यक पर्नेमा २६८ थान मात्र उपलब्ध भएको, कम्बल १ लाख ५९ हजार ८२ थान आवश्यक पर्नेमा ६६ हजार १६१ मात्र उपलब्ध भएको देखिन्छ । उल्लिखित अवस्थाले प्रहरीको कार्यसम्पादनमा समेत असर पर्नसक्ने जोखिम रहने हुँदा नियमावलीमा तोकिएअनुसार पोशाक वितरण गर्न आवश्यकताअनुसार बजेट र खरिद कार्यको व्यवस्था गर्नुको अतिरिक्त ती सामग्री स्वदेशमा उत्पादन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

३२. **मानवस्रोत व्यवस्थापन -** प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ को दफा ३ मा संगठन संरचना तथा दरबन्दी कायम गर्ने तथा प्रहरी नियमावली, २०७१ को नियम ५ मा संगठन तथा व्यवस्थापन सर्वेक्षण र पद दर्ताको व्यवस्था छ । नेपाल प्रहरीमा २०७५।२।२७ पूर्व कुल ७२ हजार ७४४ जनाको दरबन्दी रहेकोमा २०७७।७८ मा ७९ हजार ५३८ दरबन्दी कायम भएको देखिन्छ । सोमध्ये ६९ हजार ९४३ अर्थात् ८७.९३ प्रतिशत पदपूर्ति भएको देखिन्छ । उपलब्ध विवरणअनुसार २०७७।१।२ मा प्रहरी अतिरिक्त महानिरीक्षकको दरबन्दी ४ र प्रहरी नायब महानिरीक्षकको ३४ दरबन्दी रहेकोमा २०७७।७।२७ मा क्रमशः ५ र २७ कायम गरेको छ। पुनः २०७८।३।१० मा प्रहरी अतिरिक्त महानिरीक्षकको संख्या ६ कायम भएको छ । तत्पश्चात् २०७८।११।५ मा प्रहरी अतिरिक्त महानिरीक्षकको दरबन्दी ९ कायम गरी कुल दरबन्दी ७९ हजार ५४१ कायम भएको छ । दरबन्दी सिर्जना गर्दा प्रहरी नियमावली, २०७१ को नियम ५ मा उल्लेख भएका आधार तथा अपराधको वृद्धि एवं अन्तर्राष्ट्रियस्तरमा अवलम्बन गरिएको जनसंख्या र प्रहरी अनुपातलगायतको विश्लेषणका आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी नेपाल प्रहरीलाई तोकिएको जिम्मेवारी हासिल हुने गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ ।

प्रहरी प्रधान कार्यालयले यस वर्ष विभिन्न पदमा २ हजार ६५९ जना प्रहरी कर्मचारी काजमा खटाएको देखिन्छ । यस बाहेक उपत्यकाभित्र महानगरीय प्रहरी कार्यालय र प्रदेश प्रहरी कार्यालयले समेत प्रदेशभित्र काज राखी कार्य सञ्चालन गरेका छन् । दरबन्दीअनुसार पदपूर्ति व्यवस्था मिलाई काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

३३. **प्रदेश प्रहरी कार्यालय -** प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ मा नेपाल सरकारले नेपाल प्रहरीको प्रहरी नायब महानिरीक्षकलाई प्रदेश प्रहरी प्रमुखको रूपमा खटाउने व्यवस्था छ । यसरी खटिने प्रहरी कर्मचारीको पारिश्रमिक तथा सुविधा प्रदेश कानूनबमोजिम हुने उल्लेख छ । नेपाल सरकारले प्रदेश प्रहरी कार्यालयमा खटिएका प्रहरी कर्मचारीको पारिश्रमिक तथा सुविधाबापतको रकम सम्बन्धित प्रदेश सरकारको बजेटबाट उपलब्ध नगराई यो वर्ष प्रदेश प्रहरी कार्यालयहरूमा रू.६ अर्ब ६६ करोड ९४ लाख ९७ हजार बजेट विनियोजन भई रू.६ अर्ब ११ करोड ४५ लाख ५२ हजार नेपाल सरकारको बजेटबाट खर्च गरेको छ । ऐनअनुसार खर्च व्यवस्थापन हुनुपर्दछ ।

३४. **लेखापरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै प्रकारका आय व्यय तथा तोकिएबमोजिमका कारोबारको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउने व्यवस्था छ । प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागबाट प्राप्त विवरणअनुसार एक परियोजनाको लागि यो वर्ष एक संयुक्त राष्ट्रसंघीय निकायमार्फत् रू.३१ लाख ४ हजार प्रशिक्षण, तथ्याङ्क सङ्कलन, अनुगमन, बालमैत्री कक्षको स्थापनालगायतका कार्यमा खर्च गरेको जनाएको छ । त्यसैगरी राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगन्जले संयुक्त राष्ट्रसंघीय निकायबाट प्राप्त रू.२ करोड ३ लाख ७० हजार क्षमता विकास तथा पाठ्यक्रम सुधारमा खर्च गरेको उल्लेख छ । दुवै निकायले सक्कल स्रेस्ता सम्बन्धित निकायमा पठाएकोले लेखापरीक्षणको लागि पेस गरेको छैन । ऐनको व्यवस्थाअनुसार सबै प्रकारका आय व्यय र कारोबारको लेखापरीक्षण गराउनुपर्दछ ।

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान

३५. **तालिम सञ्चालन -** राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगन्जले तयार गरेको वार्षिक तालिम क्यालेण्डरमा समावेश भएका जुडो, कराँते आधारभूत, घुम्ती प्रशिक्षण, विमानस्थल सुरक्षा, अपरेसनल कमाण्ड म्यानेजमेण्ट, सार्वजनिक खरिद क्षमता अभिवृद्धि, कवाज प्रशिक्षणलगायत विभिन्न तालिम सञ्चालनका लागि यो वर्ष रू.१२ करोड ४० लाख बजेट व्यवस्था भएकोमा रू.१० करोड ४९ लाख खर्च भएको छ । त्यस्तै मास्टर्स इन पुलिस साइन्स सञ्चालन गर्ने अवधारणाअनुसार २०७५।७६ देखि बजेट विनियोजन हुँदै आए तापनि प्रत्येक वर्ष बजेट फ्रिज हुने गरेको छ । यस वर्षको स्वीकृत कार्यक्रमबमोजिम तनाव तथा परिवर्तन व्यवस्थापन लगायत रू.१ करोड ६६ लाख लागतका १८ तालिम कार्यक्रम सम्पन्न गरेको छैन । कार्यान्वयनयोग्य कार्यक्रमका लागि बजेट विनियोजन गर्नुपर्ने र स्वीकृत कार्यक्रम तोकिएबमोजिम सम्पन्न गर्नुपर्दछ।

३६. **प्रशिक्षण प्रतिष्ठान स्थानान्तरण -** काभ्रेपलान्चोक जिल्लाको पनौतीमा प्रतिष्ठानलाई अत्याधुनिक र सुविधा सम्पन्न बनाउन, सबलीकरण एवं सहयोग गर्न नेपाल सरकार र भारत सरकारबीच २५ नोभेम्बर २०१४ मा समझदारी भई भारतीय रू.५ हजार ४९४.६१ मिलियन अनुदान सहयोग प्राप्त हुने र ४ वर्षमा परियोजना सम्पन्न गर्ने उल्लेख भएकोमा ६ वर्षपछि १० जनवरी २०२० मा मात्र विस्तृत परियोजना प्रतिवेदन प्राप्त भएको छ । प्रतिवेदनअनुसार १३ विभिन्न तहको लागि आवासीय भवन, प्रशासकीय भवन पुस्तकालय अडिटोरियम, सेमिनार हलसमेत १५ गैरआवासीय भवन, परेड मैदान, पार्किङ, स्वीमिङ पुललगायतका पूर्वाधार बनाउन रू.६ अर्ब ५७ करोडको गुरुयोजना तयार भएको छ । उक्त प्रतिष्ठान निर्माणको लागि भारत सरकारबाट नियुक्त परामर्शदाताबाट यो वर्ष बोलपत्र कागजात तयार गर्ने र खरिद प्रक्रिया पूर्वका कार्यहरू भइरहेको व्यहोरा प्रतिष्ठानले जनाएको छ । गुरुयोजनाबमोजिमका कार्य योजनाबद्ध तवरले समयमै सम्पन्न गर्नुपर्दछ ।

३७. **अस्थायी संरचनाको उपयोग -** नेपाल सरकारको २०७५।५।२१ को निर्णयानुसार १८ महिना भित्र र अस्थायी रूपमा व्यवस्थापन गरी प्रतिष्ठानलाई पनौतीमा सार्न अस्थायी संरचना निर्माण कार्य शुरु गरेकोमा हालसम्म रू.३२ करोड ९२ लाख ३९ हजार खर्च भइसकेको छ । नेपाल सरकारको निर्णयानुसार २०७६ फागुनदेखि नै महाराजगन्जबाट पनौतीमा स्थानान्तरण कार्य शुरु हुनुपर्ने देखिन्छ । प्रतिष्ठानलाई पनौतीबाट कार्य सञ्चालन गर्ने गरी अस्थायी संरचनाको निर्माण शुरु भए तापनि कार्यालय स्थानान्तरण र संरचना उपयोग सम्बन्धमा कुनै कार्य अगाडि नबढेको अवस्था छ । प्रहरी प्रतिष्ठानको परिसरभित्र रहेको सँगै स्थानान्तरण हुने नेपाल प्रहरी अपराध अनुसन्धान विद्यालयतर्फको अस्थायी संरचना निर्माण कार्य शुरु नै भएको छैन । यसरी गुरुयोजनाबमोजिम पूर्ण संरचना निर्माण गरी स्थानान्तरण नहुँदा प्रिफ्याब संरचनाको उपयोगिता नरहने स्थिति छ । साथै तत्काल स्थानान्तरण निर्णय कार्यान्वयन नगरी अस्थायी संरचना निमार्णकार्य जारी राख्दा स्थायी संरचना निर्माणसँगै अस्थायी संरचनामा भएको खर्च उपयोगविहीन हुनसक्ने देखिँदा नेपाल सरकारको निर्णयानुसार स्थानान्तरण गर्नुपर्ने देखिन्छ ।

नेपाल प्रहरी अस्पताल

नेपाल प्रहरी सेवामा कार्यरत प्रहरी कर्मचारी, तिनका परिवार र भूतपर्व प्रहरी कर्मचारीहरूको स्वास्थ्य उपचार गर्ने उद्देश्यले २०४० सालमा स्थापना भएको हो । अस्पतालले २०७४ कार्तिक २६ गते देखि

सर्वसाधारणलाईसमेत उपचार सेवा प्रदान गर्दै आएको छ । अस्पतालमा १५० शय्या रहेकोमा २०७७।१२।१६ को मन्त्रिस्तरीय निर्णयानुसार स्तरोन्नति गरी ३०० शय्याबाट सेवा उपलब्ध गराउँदै आएको छ । सोको अतिरिक्त ३०० शय्याको अस्थायी कोभिड-१९ अस्पताल सञ्चालन गर्न स्वीकृति पाई सेवा प्रवाह गर्दै आएको छ।

३८. **सञ्चालन खर्च -** यो वर्ष नेपाल सरकारबाट चालु तथा पुँजीगत बजेटतर्फ रू.७४ करोड १३ लाख ८४ हजार खर्च भएको छ । चालु खर्चतर्फ पारिश्रमिकमा रू.२५ करोड ९६ लाख ७७ हजार, औषधि खरिदमा रू.१० करोड ८ लाख ४७ हजार, पुँजीगततर्फ मेसिनरी तथा औजार खरिद गरी रू.२७ करोड २९ लाख ५५ हजार खर्च भएको देखिन्छ । अस्पतालले यो वर्ष सर्वसाधारण उपचार व्यवस्थापनबाट रू.५९ लाख ३३ हजार, विपन्न नागरिक उपचार व्यवस्थापनबाट रू.७६ लाख ९७ हजार, कल्याणकारी कोषबाट अनुदान रू.२ करोड, एनेस्थेसिया तथा अन्य परीक्षण शुल्क रू.१ करोड १६ लाख ९४ हजार, नयाँ उम्मेदवार स्वास्थ्य परीक्षणबाट रू.१ करोड ६४ लाख ४० हजारसमेत रू.६ करोड १७ लाख ६४ हजार आम्दानी गरेको छ । अस्पतालको आन्तरिक आम्दानीले मात्र प्रशासनिक खर्च व्यवस्थापन गर्न कठिन रहेको देखिन्छ। अस्पतालको दिगोपना र सेवा विस्तारको लागि सबै प्रकारका आन्तरिक स्रोतलाई एकीकृत गरी आय वृद्धि गर्न तथा खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

३९. **सेवा प्रवाह -** अस्पतालले यो वर्ष सेवारत तथा अवकाश प्राप्त प्रहरी कर्मचारी, आश्रित कर्मचारी परिवार र ११ हजार ८९७ सर्वसाधारणसमेत २ लाख २ हजार ६२७ जनालाई चिकित्सा परामर्श, प्रयोगशाला परीक्षण, एक्सरे, शल्य चिकित्सालगायतको स्वास्थ्य सेवा उपलब्ध गराएको छ । अस्पतालमा २ हजार ३१७ जनालाई भर्ना गरी उपचार उपलब्ध गराएको छ । सोको अतिरिक्त २०७७।७८ मा कोभिड-१९ संक्रमितको पहिचान गर्न २० हजार ६४१ को पीसीआर र २०२ को एन्टिजेन परीक्षण गरेको छ। कोभिड-१९ संक्रमित ३ हजार ४१८ जना भर्ना गरी उपचार सेवा उपलब्ध गराएको छ ।

फार्मेसी सेवा निर्देशिका, २०७२ अनुसार सर्वसाधारणको लागि अस्पतालकै फार्मेसीमार्फत् सुलभ र गुणस्तरीय औषधि उपलब्ध गराउनुपर्ने व्यवस्था गरे तापनि फार्मेसी सञ्चालन नगरेका कारण सो सेवा उपलब्ध हुन सकेको छैन । यसैगरी विस्तारित अस्पताल सेवा कार्यक्रम तथा नन्प्राक्टिस कार्यविधि, २०७१ बमोजिम सामान्य चिकित्सा, शल्यचिकित्सा, प्रयोगशाला सेवालगायतका विभिन्न विस्तारित सेवा उपलब्ध गराउने उल्लेख भएकोमा अस्पतालले हालसम्म विस्तारित स्वास्थ्य सेवा सञ्चालन गरेको छैन। सेवा प्रवाहमा सुधार गर्न तत्सम्बन्धी सेवा सञ्चालन गर्नुपर्ने देखिन्छ ।

४०. **डायलोसिस -** अस्पतालको सेवा प्रभावकारी हुन जनशक्ति र पूर्वाधार सेवाग्राहीको आवश्यकताअनुसार उपलब्ध हुनुपर्दछ । अस्पतालमा रहेका १५ डायोलोसिस मेसिनमध्ये २ मेसिन सञ्चालनमा रहेको छैन। यो वर्ष ८८ जनालाई ५ हजार ८०१ सेसन सञ्चालन गरी डायलोसिस सेवा उपलब्ध गराएको देखियो। त्यसैगरी डायलोसिस गराउन यो वर्ष १४ जना प्रतीक्षा सूचीमा रहेको अवस्था छ । बिरामीको चापअनुसार डायलोसिस मेसिनको अभावमा समयमा उपचार गर्न नसकिने हुँदा बेचालु अवस्थामा रहेका उपकरण मर्मत, बिरामीको चापअनुसार आवश्यक उपकरण र दक्ष जनशक्तिको व्यवस्थापन गरी डाइलोसिस सेवा विस्तार गरी थप प्रभावकारी बनाउनुपर्दछ।

४१. **एम.आर.आई. मेसिन -** अस्पतालले २०७२ मा खरिद गरेको इचेन टेस्ला १.५ एम.आर.आई.मेसिन मर्मत सम्भारको अभावमा २०७७ पौषदेखि बन्द रहेको छ । मेसिनको केही पार्टस् मर्मतको लागि २०७७ असोजमा बाईब्याक विधिबाट खरिद गर्ने प्रक्रिया अगाडि बढाएकोमा कोभिडका कारण समयमै प्राविधिक

उपलब्ध नहुँदा मेसिन पूर्ण रूपमा बन्द हुन गई २०७७ पौषदेखि एम.आर.आई. सुविधा उपलब्ध हुन सकेको छैन । एम.आर.आई. मेसिन मर्मत गरी सञ्चालनमा ल्याउनुपर्दछ ।

४२. **औषधि मौज्दात -** अस्पतालले औषधिको अभाव हुन नदिन अस्पतालको स्तर र औषधिको उपयोगअनुसार औषधिको औसत मौज्दात र आकस्मिक माग विन्दु तोकी व्यवस्थापन गर्नुपर्दछ । यो वर्ष औषधि आम्दानी, खपत र मौज्दातको विवरण परीक्षण गर्दा लोसार्टन पोटासियम ५० एमजी तथा एटोरभाष्टिन १० एमजी क्रमश: ३ लाख ८ हजार २३७ र ५ लाख २५ हजार ७०० चक्की उपलब्ध रहेको मध्ये क्रमश: २ लाख २७ हजार २० र ३ लाख ९१ हजार २०० मात्र खपत भई ८१ हजार २१७ र १ लाख ३४ हजार ५०० मौज्दात रहेको छ । गत वर्ष नै पर्याप्त मौज्दात रहेका ती औषधि यो वर्षसमेत खरिद गरेको छ । त्यसैगरी रिटुक्सीम्याव ५०० एमजी इन्जेक्सन, सेफाजोलिन इन्जेक्सन जस्ता अत्यावश्यक औषधिको मौज्दात शून्य रहेको छ ।

औषधिको उपयोगस्तरभन्दा बढी मौज्दात रहेमा औषधिको आयु समाप्त भई उपयोगविहीन हुने र व्यवस्थापन गर्न कठिनाइ हुने अवस्था रहन्छ । यो वर्ष विभिन्न ६१ प्रकारका रू.१ लाख ७१ हजार मूल्यका औषधिको आयु समाप्त भई नष्ट गर्नु परेको अवस्था छ । त्यसैगरी आवश्यक जीवनदायी औषधिको मौज्दात शून्य रहँदा उपचार सेवा प्रवाहित हुने भएकोले आकस्मिक माग विन्दु तय गरी मौज्दात व्यवस्थापन गर्नुपर्ने देखिएको छ ।

४३. **कोभिड-१९ रोकथाम तथा नियन्त्रण -** अस्पतालले यो वर्ष कोभिड -१९ रोकथाम तथा नियन्त्रण कार्यक्रमअन्तर्गत ५० बेडको एच.डी.यू. स्थापनामा रू.५ करोड १४ लाख ५४ हजार, जोखिम भत्तामा रू.४ करोड ५७ लाख ८३ हजार, अस्पताल तथा आईसोलेसनका बिरामीहरूको खाना खर्चमा रू.१ करोड ५ लाख २८ हजार, पी.पी.ई. खरिदमा रू.१८ लाख ५४ हजार, औषधिजन्य सामग्री, रि-एजेन्ट ल्याब एसोसिरिजमा रू.८ करोड ७३ लाख ८१ हजारसमेत रू.१९ करोड ७० लाख खर्च गरेको छ। साथै कोरोना कोषअन्तर्गत विविध खातामार्फत् भेन्टिलेटरसहित २० आई.सी.यू. बेड स्थापना तथा उपकरण खरिदमा रू.८ करोड ३१ लाख २१ हजार र नियमित बजेटबाट २०० बेड स्थापना तथा स्तरोन्नतिमा रू.३ करोड ३२ लाख २५ हजारसमेत रू.३१ करोड ३३ लाख ४६ हजार खर्च भएको देखिन्छ । शय्या विस्तार, आई.सी.यू. तथा एच.डी.यू. स्थापनाको लागि स्वास्थ्य सामग्री, मेसिनरी औजार तथा उपकरण विशेष परिस्थितिको खरिदसम्बन्धी नियम प्रयोग गरी ५ दिनको सूचनामा ४२ आइटमको लागि रू.१६ करोड ७८ लाख १ हजारको खरिद सम्झौता भएको छ । तत्काल खरिद व्यवस्थापन गर्ने उद्देश्यले विशेष परिस्थितिको खरिद प्रक्रिया अपनाएकोमा समेत समयमा सामान आपूर्ति नभएको, क्रेयासक्याट ट्रली, इलेक्ट्रिकल बेड, सिरिन्ज पम्प, प्यासेन्ट मोनिटरलगायतका सामानहरू आपूर्ति भए पनि प्राविधिक नापजाँच र जडान कार्य ४ देखि ३२ दिनसम्म ढिलो भएको छ । विशेष परिस्थितिमा खरिद भएका सामान तोकिएको समयभित्र आपूर्ति गराई सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

महानगरीय ट्राफिक प्रहरी महाशाखा

४४. **उपत्यकाको ट्राफिक व्यवस्थापन -** सडक, सवारी साधन, जनशक्ति, प्रविधि, शहरीकरण, जनसंख्या वृद्धि र प्रविधिको विकाससँगै वढ्दै गएको सवारी साधनहरूको चापलाई सुव्यवस्थित गर्न दूरगामी सोचकासाथ योजनाहरूको तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन हुनुपर्दछ। काठमाडौं उपत्यकाका तीन जिल्लामा

२ हजार ८४ किलोमिटर सडक रहेको छ। आर्थिक वर्ष २०७६।७७ को कार्तिक मसान्तसम्म वाग्मतीमा मात्र दर्ता भएका सवारी साधनको संख्या १५ लाख ८ हजार ५३७ रहेको छ। ट्राफिक व्यवस्थापन तर्फ हाल १ हजार ८७ जनशक्तिलाई आधार मान्दा एक जना ट्राफिक प्रहरीले १ हजार ३८८ सवारी साधन र १.९२ किलोमिटर सडक व्यवस्थापन गर्नुपर्ने अवस्था देखिन्छ।

केशरमहल संग्रहालयको दक्षिण गेट, माइतीघर, थापाथली, तीनकुने, कोटेश्वर, जडीबुटी, टंकेश्वर परोपकारलगायत ९ स्थानका सडक वत्ती बेचालु अवस्थामा रहेको एवं विभिन्न १० स्थानमा पैदल यात्रीका लागि जडान गरिएको बत्तीसमेत चालु अवस्थामा छैनन् । भौतिक पूर्वाधार (सडक, सडक बत्ती, आकाशे पुल, पार्किङ्ग स्थल) पर्याप्त नहुनु, उपलब्ध पूर्वाधार समयमा मर्मत नहुनु, सडकमा खाल्डा खुल्डी पर्नु, मास ट्रान्सपोर्ट गर्ने साधनको अभाव, सवारी नियमको उल्लङ्घन लगायतका कारण ट्राफिक व्यवस्थापन कार्य चुनौती र समस्याको रूपमा देखिएको छ। उपत्यकाको यातायात व्यवस्थापनसँग सम्बन्धित सबै निकायले आपसी समन्वय गरी एकीकृत यातायात व्यवस्था प्रणाली कार्यान्वयन गर्न र पूर्वाधारमा सुधार गर्दै प्रविधियुक्त ट्राफिक व्यवस्थापन कार्यलाई अगाडि बढाउनुपर्ने देखिन्छ।

४५. **सवारीसाधन होल्ड -** सवारी नियमको पालना नगरी सञ्चालन गरेका सवारी साधन ट्राफिक प्रहरीले होल्डमा लिई आवश्यक कारबाही गर्दै आएको छ। महाशाखाले उपलब्ध गराएको विवरणअनुसार ट्राफिक प्रहरी महाशाखाअन्तर्गत २०७८।४।१३ सम्म चारपाँग्रे २४८ र दुई पाङ्ग्रे १६१ सवारी साधन होल्डमा रहेको देखिन्छ। त्यसैगरी ट्राफिक महाशाखाअन्तर्गतका उपत्यकाका विभिन्न ४१ शाखामा मोटरसाइकल १ हजार ७५५, कार र जिप १४, टेम्पो १, ट्रक टिपर ९ समेत १ हजार ७७९ सवारी तथा ढुवानी साधन होल्डमा रहेको देखियो।

बढी समयसम्म सवारीसाधन होल्डमा रहँदा सवारीसाधनको आयुमा ह्रास आउनुका अतिरिक्त व्यवस्थापनमा समेत कठिनाइ भइरहेको छ । उपर्युक्त सवारीसाधनमध्ये दाबी गर्न नआएका सवारीसाधन प्रहरी ऐन, २०१२ को दफा २० बमोजिम तायदाती खडा गरी प्रमुख जिल्ला अधिकारीसमक्ष पेस गर्नुको अतिरिक्त होल्ड भएका सवारीसाधनको समयमै आवश्यक व्यवस्था मिलाउनुपर्ने देखिन्छ।

४६. **जरिबाना -** सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा उल्लिखित सवारी अनुमतिपत्र बेगर सवारीसाधन चलाएमा र ट्राफिक अनुशासन पालना नगरेका लगायत विभिन्न व्यवस्था पालना नगरेमा ऐनको दफा १६० बमोजिम दण्ड सजाय हुने व्यवस्था छ । यो वर्ष महानगरीय ट्राफिक प्रहरी महाशाखाले उपत्यकामा तोकिएको मापदण्ड पालना नगरी सवारीसाधन चलाएको कारण सवारीधनीहरूबाट ऐनबमोजिम जरिबाना रू.२० करोड ७२ लाख ५० हजार असुल गरेको देखिन्छ। महानगरीय ट्राफिक महाशाखाले प्रयोगमा ल्याएको ट्राफिक भायोलेसन रेकर्ड प्रणाली सफ्टवेयरअनुसार २०७७।७८ मा २ लाख ९३ हजार १५९ जनाले ट्राफिक नियम उल्लङ्घन गरेकोले रू.१८ करोड ९२ लाख ३१ हजार जरिबाना असुल गर्नुपर्ने गरी अभिलेखीकरण गरे तापनि सो प्रणालीमा सबै विवरण आबद्ध नगरेको कारण विवरण एकीकृत हुन सकेको छैन ।

लेखापरीक्षणका लागि उपलब्ध विवरणअनुसार २०७७।४।१ देखि २०७८।१०।१४ सम्म सवारी नियमको पालना नगर्ने ८ हजार ७४० जना सवारी धनीबाट रू.६६ लाख ३१ हजार असुल गर्न बाँकी रहेको छ । सोको अतिरिक्त २०७६।९।२३ देखि २०७७ आषाढ मसान्तसम्म सवारी नियमको पालना नगर्ने ३ हजार ९८३ जनाबाट रू.३१ लाख ३२ हजार जरिबानासमेत असुल गर्न बाँकी रहेको

छ । सवारी नियमको उल्लङ्घन पश्चात् सवारी ब्लुबूक, लाइसेन्स, यातायात अनुमतिपत्र जफत गरी जरिबाना तोकेको अर्धकट्टी रसिदसमेत कार्यालयमा रहेको देखिन्छ । कतिपय सवारीधनीले आफ्नो सवारी साधनको वैधता र पटक पटक सवारी नियम उल्लङ्घन गरेको कारण सम्पर्कमा समेत नआई जरिबाना रकम दाखिला नगरेको अवस्था छ । जरिबाना दाखिला नगर्ने र सम्पर्कमा नै नरहने अन्य कारणसमेतको पहिचान गरी सवारी नियमको पालना नगर्ने सवारीधनीलाई तत्काल जरिबाना रकम दाखिला गराउन अन्तर निकाय समन्वय गरी आवश्यक व्यवस्था मिलाउनुपर्ने देखिएको छ।

सशस्त्र प्रहरी बल, नेपाल

सशस्त्र संघर्ष, विद्रोह तथा पृथकतावादी गतिविधि, आतंकवादी गतिविधि तथा दङ्गा नियन्त्रण गर्न, प्राकृतिक प्रकोप र महामारीबाट पीडितको उद्धारमा सहयोग गर्न, सीमा सुरक्षा गर्न, बाह्य आक्रमणको अवस्थामा नेपाली सेनाको मातहतमा रही सहयोग गर्न र नेपाल सरकारले तोकेको अन्य कार्यसमेतको जिम्मेवारी निर्वाह गर्न सशस्त्र प्रहरी बल ऐन, २०५८ अनुसार यो सुरक्षा निकाय गठन भई सञ्चालनमा रहेको छ।

४७. **वार्षिक कार्यसम्पादन -** वार्षिक प्रगति विवरणअनुसार सशस्त्र प्रहरी बलबाट यो वर्ष सीमा सुरक्षा पोष्ट वृद्धि गरी २२४ पुगेको, सीमा इलाकामा २७ हजार ७७९ संयुक्त गस्ती र १ हजार २१८ एकल गस्ती सञ्चालन भएको, मानव बेचबिखनमा शंकास्पद १०६ जनालाई नियन्त्रणमा लिई सम्बन्धित निकायमा बुझाएको, १२३ पटक समकक्षीसँग सीमा समन्वयात्मक बैठक सम्पन्न गरेको, अवैध राजस्व चोरी पैठारी नियन्त्रण कार्यअन्तर्गत रू.८१ करोड २५ लाख ५५ हजारको अवैध चोरी पैठारी निकासीका सामान बरामद गरी भन्सार कार्यालयमा बुझाएको, विभिन्न १ हजार ६५६ घटनामा १७ हजार ९२४ शसस्त्र प्रहरी कर्मचारी परिचालन गरी ३२२ जनाको जीवित उद्धार, १ हजार ८०२ जना घाईते उद्धार र ८६६ मृतकको व्यवस्थापन गरेको छ । त्यस्तै यस सुरक्षा निकायले सीमा ईलाकाका १ हजार १३७ स्थानमा दैनिक २२ हजार ५०० जनशक्ति परिचालन गरी कोभिड-१९ रोकथाम र नियन्त्रण गरेको, विशिष्ट व्यक्ति सुरक्षाअन्तर्गत ६३ स्थानमा ३३२ जना, जलविद्युत र राष्ट्रिय गौरवका ६ आयोजनाको सुरक्षाअन्तर्गत २२७, राजदूतावास ५ मा ८५ र महत्वपूर्ण प्रतिष्ठानअन्तर्गत ११ स्थानमा २९४ समेत ९३८ जना सशस्त्र प्रहरी कर्मचारी परिचालित भई सुरक्षा व्यवस्था मिलाएको छ।

४८. **भौतिक संरचना -** सशस्त्र प्रहरी बल, प्रधान कार्यालय तथा मातहत समेत ३८ कार्यालयमा २०७७।७८ मा ब्यारेक, निवास, शौचालय लगायत विभिन्न भौतिक संरचना निर्माण गर्न रू.७१ करोड ६५ लाख १४ हजारको बजेट विनियोजन भई रू.६८ करोड ६४ लाख ९३ हजारको खर्च भएको देखियो । किमाथान्का र लोमान्थाङ्ग बी.ओ.पी भवन, छाङ्गरु गुल्म भवनको ३० देखि ५० प्रतिशत काम भएको, आश्रित गुल्म रामेछाप र बर्दघाट तथा नौबस्ता तालिम शिक्षालय भवनको निर्माण कार्य सम्पन्न भएको र आश्रित गुल्म, बाजुराको भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ । तथापि पूर्वाधार पर्याप्त रहेको देखिँदैन । सशस्त्र प्रहरी बलको मौजुदा जनशक्तिको लागि अति आवश्यक पर्ने ब्यारेक भवन, कार्यालय भवन, मेश, लेक्चर हल, शौचालयलगायतका पूर्वाधारको कार्ययोजना तयार गरी पूर्वाधारको व्यवस्थापन गर्नुपर्ने देखिएको छ।

४९. **सूचना प्रविधि एवं सवारीसाधन -** स्थापना भएका सीमा सुरक्षा पोष्टमध्ये महत्वपूर्ण सीमा इलाकामा सीमा निगरानीका लागि ८८ स्थानमा २६० सर्भिलेन्स सिष्टम (सी.सी. क्यामरा) जडान भएको छ। सीमा

क्षेत्रमा हुने अपराधिक क्रियाकलापलाई नियन्त्रण र निरुत्साहित गर्न ग्राउण्ड बेस राडार सिष्टम, ड्रोन क्यामरा रेकर्डर, भी.एच.एफ.वेस सेट, ५५५ थान सवारी, ढुवानी, उद्धारलगायत बन्दोबस्तीका साधन तथा उपकरण आवश्यक रहेको उल्लेख भए तापनि उपलब्ध हुन नसकेको अवस्था छ । सीमा क्षेत्रमा हुने अपराधिक क्रियाकलापलाई तत्काल नियन्त्रण गरी सूचना प्रणालीलाई प्रभावकारी वनाउन आवश्यक उपकरणको व्यवस्था मिलाई प्रविधिको उपयोगबाट सीमा सुरक्षा पोष्टलाई थप व्यवस्थित बनाउनुपर्दछ।

५०. **पोशाक खरिद र वितरण -** सशस्त्र प्रहरी नियमावली, २०७२ मा खपत अवधिको आधारमा विभिन्न ४७ प्रकारका पोशाक तथा सामान उपलब्ध गराउने व्यवस्था छ । यो वर्ष पोशाक खरिद गर्न रू.५१ करोड ७२ लाख बजेट विनियोजन भएकोमा बोलपत्र तथा सिलबन्दी दरभाउपत्रको माध्यमबाट १३ प्रकारका पोशाक खरिद गर्न रू.३० करोड ५० लाख ५७ हजारको खरिद सम्झौता भई आपूर्ति एवं वितरण भएको छ । विगत तीन वर्षमा वितरण गर्नुपर्ने सामानमध्ये तयारी चुस्ता १ लाख ३९ हजार ७०६ थान, पी.टी. जुत्ता १ लाख ६ हजार ४२९, ब्यारेट क्याप ७३ हजार २१०, ऊनी जर्सी ८९ हजार ३९३, ऊलन पाइन्ट ५७ हजार ६९०, ऊलन सर्ट ४५ हजार ६५८ र कटन पाइन्ट ३८ हजार ८२ समेत विभिन्न १४ प्रकारका सामान अपुग रहेको छ । दरबन्दीअनुसारका सामान वितरण हुन नसक्दा सेवा प्रवाहमा असर पर्न सक्ने हुँदा स्वीकृत नर्म्सअनुसार खरिद व्यवस्थापन गर्नुपर्दछ।

५१. **मानवस्रोत व्यवस्थापन -** सशस्त्र प्रहरी बल, नेपालमा दक्ष जनशक्ति भर्नादेखि अवकाश एवं अवकाश पछिको सेवा सञ्चालन गर्न संगठनभित्र मानवस्रोत विभाग रहेको छ । नेपाल सरकार मन्त्रिपरिषद्को २०७८।११।५ को निर्णयअनुसार कायम भएको ३७ हजार ११६ दरबन्दीमध्ये ३५ हजार ६१० (९५.९४ प्रतिशत) को पदपूर्ति भएको छ । दरबन्दीअनुसार २२४ सीमा सुरक्षा पोष्टमा ७ हजार ३८५, जलविद्युतलगायत राष्ट्रिय गौरवका ६ आयोजना र ११ महत्वपूर्ण प्रतिष्ठानमा ५२१ जनासमेत ७ हजार ९०६ जना अर्थात् २२.२० प्रतिशत कार्यरत रहेको उल्लेख छ । त्यसैगरी प्रधान कार्यालयमा १ हजार २३६ जनासमेत उपत्यकास्थित कार्यालयहरूमा ५ हजार २५८ कार्यरत रहेका छन् । यो वर्ष विभिन्न पदमा ६७२ जना प्रहरी कर्मचारी काजमा राखी जनशक्ति परिचालन गरेको देखिन्छ । राजस्व, भन्सार, औद्योगिक सुरक्षा बल गठन भएको छैन । सशस्त्र प्रहरी बल ऐन, २०५८ बमोजिम सीमा र राष्ट्रिय गौरवका आयोजना र प्रतिष्ठानको सुरक्षा, सशस्त्र द्वन्द र दङ्गा नियन्त्रण गर्ने लगायतका कार्य प्रभावकारी बनाउन आवश्यकताअनुसार दरबन्दी र पदपूर्तिको व्यवस्था मिलाई काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

नेपाल ए.पी.एफ. अस्पताल

बहालवाला र अवकाश प्राप्त शसस्त्र प्रहरी कर्मचारी तथा आश्रित परिवारलाई आवश्यक पर्ने स्वास्थ्य सेवा प्रदान गर्न काठमाडौंमा सशस्त्र प्रहरी बलको मुख्यालय परिसरमा मेडिकल शाखाको रूपमा २०५९ देखि आरम्भ भएकोमा २०६२ देखि नेपाल ए.पी.एफ. अस्पतालको रूपमा बलम्बु, काठमाडौंमा स्थापना भएको यस अस्पतालले २०७३ देखि सर्वसाधारणलाई समेत स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको छ ।

५२. **सेवा प्रवाह -** अस्पतालले यो वर्ष सशस्त्र प्रहरी कर्मचारी, आश्रित परिवार, पूर्व कर्मचारीतर्फ ८३ हजार ७५८ र सर्वसाधारणतर्फ ५ हजार ६३१ जनालाई बहिरङ्ग, शल्य चिकित्सा, एक्सरे, प्रयोगशाला परीक्षणलगायत विभिन्न स्वास्थ्य सेवा उपलब्ध गराएको छ । अस्पतालले सशस्त्र प्रहरी कर्मचारी, आश्रित

परिवार, पूर्व कर्मचारीलाई सबै सेवा र औषधि निःशुल्क उपलब्ध गराएको छ । उल्लिखित सेवाका अतिरिक्त कोभिड-१९ को संक्रमणको उपचारको लागि डेडिकेटेड कोरोना अस्पतालको रूपमा समेत कार्य गर्ने अनुमति पाए पश्चात् यो वर्ष अस्पतालले ३ हजार ५३६ कोरोना बिरामीको उपचार गरेको छ। यसैगरी कोभिड-१९ परीक्षणको लागि ल्याब सञ्चालन गरी ३६ हजार १९१ जना र मोलिकुलर ल्याबबाट २३ हजार ४५८ जनालाई सेवा प्रवाह गरेको छ ।

५३. **खरिद व्यवस्थापन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । यो वर्ष औषधि खरिदमा ६, सर्जिकलमा ५, रेडियोलोजीमा १, प्याथोलोजीमा ४, सरसफाइसम्बन्धी सामानको ५, स्टेशनरी प्रिन्टिङ्ग र बिरामी डाईट राशनमा एक/एक ठेक्का बन्दोवस्त भई रू.२ करोड ९३ लाख ४७ हजारको सम्झौता भएकोमा सम्झौताभन्दा बढी रकमको सोही आपूर्तिकर्ता र सम्झौता गरेको बाहेक अन्य आपूर्तिकर्ताबाट रू.५ करोड ९७ लाख ८२ हजारको सोझै खरिद भएको छ । आवश्यकता निर्धारण नगरी थोरै परिमाण र मूल्यको लागि बोलपत्रको माध्यमबाट खरिद गर्ने र बढी परिमाण र मूल्यको लागत अनुमान प्राविधिक स्पेसिफिकेसन तयार बेगर टुक्रा पारी सोही र अन्य आपूर्तिकर्ताबाट फरक मूल्यमा सोझै खरिद गर्नाले प्रतिस्पर्धा सीमित हुन गएको छ । प्रतिस्पर्धा बेगरको खरिद कार्य नियन्त्रण हुनुपर्दछ ।

५४. **कोभिड-१९ रोकथाम र नियन्त्रण -** नेपाल सरकारको २०७६।१२।९ को निर्णयअनुसार डेडिकेटेड कोभिड अस्पतालको रूपमा कार्य गर्न अस्पतालले स्वीकृति पाएको छ । यो वर्ष कोभिड-१९ रोकथाम र नियन्त्रणको लागि रू.३७ करोड २६ लाख ३३ हजार खर्च भएको छ । कोभिडका बिरामीको उपचारमा खटिएका चिकित्सक र कर्मचारीको जोखिम भत्ता र निर्देशन समितिको बैठक भत्ता बापत रू.६ करोड २८ लाख, ८९ हजार, वार्ड र आई.सी.यू.मा भर्ना भएका बिरामी, स्वास्थ्यकर्मी, कर्मचारीलाई खाजा खाना खर्च रू.५ करोड ४९ लाख ९७ हजार र मेडिकल टिमको आवासमा रू.६७ लाख ५६ हजार, आई.सी.यू. वार्डको औषधि र औषधिजन्य सामानहरू खरिद गर्दा रू.५ करोड ५१ लाख १० हजार खर्च भएको छ । अक्सिजन र अक्सिजन ग्याँस प्लाण्ट निर्माणमा रू.१ करोड ९९ लाख २६ हजार, वेष्ट मेनेजमेन्ट उपकरणमा रू.१ करोड ६१ लाख ९२ हजार, एच.डी.यू.२ को आवश्यक मापदण्ड पूरा गर्न आवश्यक पर्ने आई.सी.यू. ५० बेड र एसोसिरिज प्यासेन्ट मोनिटर २५, डिफ्रिबलिटर १ समेतका सामग्री खरिदमा रू.८ करोड ४८ लाख ५२ हजार भुक्तानी भएको छ ।

एच.डी.यू. भवन, कोभिड मेश, आल्मुनियम पार्टिशनलगायतका भौतिक संरचना निर्माण गर्न रू.२ करोड ११ लाख ६ हजार, ट्रान्सफर्मर जडान, ए.टी.एस. प्यानल जडान र इलेक्ट्रिकलसँग सम्बन्धित मर्मत सम्भार खर्च रू.१ करोड २६ लाख ४० हजार, इन्धनलगायत व्याट्री खर्च रू.५५ लाख ९ हजार, क्लोथिङ्ग र सरसफाइ खर्चमा रू.१ करोड ५२ लाख ७७ हजार र कार्यालय सामान, सञ्चार, पानी, मर्मत सम्भार र फर्निचर खरिदमा रू.१ करोड ७३ लाख ७९ हजार खर्च गरेको छ । अस्पतालले बजेटको शीर्षकगत बाँडफाँट नभएकोले कोभिड-१९ सँग सम्बन्ध नभएको करार सेवा शुल्क, बैठक भत्ता, सम्भार खर्च, कार्यालय सामान, मर्मत सम्भार र इन्धनलगायतका खर्च लेखेको छ । अस्पतालले रू.५ करोड ५१ लाखको औषधि र औषधिजन्य सामग्री विशेष परिस्थितिको उल्लेख गरी नियमिततर्फका बोलपत्रदाताको स्वीकृत दरमा नै खरिद गरेको उल्लेख छ ।

अन्य संस्था

प्रहरी कल्याणकारी कोष

शान्ति स्थापनार्थ २०४९ सालदेखि संयुक्त राष्ट्रसंघ मिसनहरूमा नेपाल प्रहरीको सहभागिताबाट प्राप्त रकममध्ये केही रकम कल्याणकारी कोषमा जम्मा हुने र उक्त रकम लगानी गरी आर्जित ब्याजबाट बहालवाला तथा पूर्व प्रहरी र परिवारका लागि कल्याणकारी कार्य सञ्चालन गर्ने उद्देश्यले प्रहरी कल्याण कोषको स्थापना भएको हो । प्रहरी नियमावली, २०७१ को नियम १९४ को व्यवस्थाअनुसार प्रहरी कल्याण कोष सञ्चालन कार्यविधि तर्जुमा भई कोष सञ्चालनमा रहेको छ।

५५. **वित्तीय स्थिति -** कोषको गत वर्षको मौज्दात रू.३ अर्ब ५७ करोड ३६ लाख ६९ हजार रहेकोमा यो वर्ष रू.९५ करोड ४० लाख ९८ हजार थप र रू.९१ करोड ७२ लाख ९१ हजार खर्च भई रू.३ अर्ब ६१ करोड ४ लाख ७६ हजार मौज्दात रहेको छ । यो वर्ष जग्गा, भवन, कार्यालय सामान, फर्निचर, उपकरण तथा अन्य सम्पत्तिसमेत रू.७ करोड ७ लाख ३ हजारको स्थिर सम्पत्ति रहेकोमा रू.३ करोड २६ लाख ७८ हजार ह्रास कट्टी पश्चात् रू.३ करोड ८० लाख २५ हजार बाँकी देखिन्छ। सम्पत्तिअनुसार ५ देखि १५ प्रतिशत ह्रास कट्टी गरेकोमा सम्पत्ति मूल्याङ्कनको आधार स्पष्ट नभएकोले वास्तविक सम्पत्तिको अवस्था चित्रण गरेको छैन । भौतिक परीक्षण गरी वास्तविक मूल्यका आधारमा सम्पत्ति लेखाङ्कन गर्नुपर्दछ ।

५६. **मिसनमा लगानी र शोधभर्ना -** प्रहरी कल्याण कोष सञ्चालन कार्यविधि, २०७१ को परिच्छेद ४.१ मा कल्याणकारी कार्यक्रम सञ्चालनको लागि यू.एन.मिसन, पेट्रोल पम्प, शपिङ्ग कम्पलेक्सलगायतबाट प्राप्त रकम कोषको आय स्रोत हुने व्यवस्था छ । हाइटी मिसनमा रू. ५० करोड ८१ लाख ८६ हजार लगानी भएको र रू.१ अर्ब ६५ करोड ५ लाख ४३ हजार शोर्धभर्ना प्राप्त भएको देखिन्छ । सुडान मिसनतर्फ रू.९८ करोड ८७ लाख ४१ हजार लगानी भई रू.२ अर्ब २५ करोड ६ लाख ४९ हजार शोधभर्ना प्राप्त भएको छ । यो वर्षसम्म रू.२४ करोड ६८ लाख शोधभर्ना हुन बाँकी रहेको छ । मिसन बाहेक आम्दानीको स्रोत न्यून देखिएकोले कोषको दिगोपना र कल्याणकारी कार्यहरूको निरन्तरता चुनौतीपूर्ण देखिँदा कोष निरन्तर सञ्चालनको लागि अन्य वैकल्पिक स्रोतको पहिचान गर्नुपर्ने देखिन्छ। शोधभर्ना प्राप्त गर्न बाँकी रकम समयमै लिनुपर्दछ ।

५७. **व्यावसायिक क्रियाकलाप -** नेपाल प्रहरी नियमावली, २०७२ को नियम १९४ मा कल्याण कोष सञ्चालनका लागि आवश्यक जनशक्ति नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने उल्लेख छ। कोष सञ्चालनको लागि प्रहरी वरिष्ठ उपरीक्षकसहित ३४ जनाको जनशक्ति संलग्न रही पारिश्रमिकमा यो वर्ष रू.१ करोड २२ लाख ८६ हजार खर्च गरेको र नेपाल प्रहरीको स्वामित्वमा रहेको जग्गा समेत प्रयोग गरेको अवस्था छ। छुट्टै अस्तित्वसहित दर्ता भएको संस्थामा कार्यरत कर्मचारीको पारिश्रमिक तथा सो संस्थाले प्रयोग गरेको सम्पत्तिसँग सम्बन्धित खर्च सोही निकायबाट व्यहोर्ने, शोधभर्ना लिने वा नेपाल सरकारको तर्फबाट योगदान देखाउने व्यवस्था मिलाउनुपर्दछ।

५८. **लेखा नीति -** प्रहरी नियमावली, २०७२ को नियम १९४(७) मा कोषको लेखा प्रचलित कानूनबमोजिम राखिने व्यवस्था छ । कोषले वासलात तयार गरे तापनि नेपाल वित्तीय प्रतिवेदनमानको पालना गरी वित्तीय विवरण तयार गरेको छैन ।

सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्र

संस्था दर्ता ऐन, २०३४ अनुसार २०५९ सालदेखि कार्य प्रारम्भ गरेकोमा हाल सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम १६५ अनुसार सञ्चालनमा रहेको छ ।

५९. **वित्तीय विवरण**-सशस्त्र प्रहरी बल नियमावली, २०७२ को नियम १६५ (८) मा कोषको लेखा प्रचलित कानूनबमोजिम राखिने व्यवस्था रहेको छ । केन्द्रले वासलात तयार गरेको भएपनि नेपाल वित्तीय प्रतिवेदनमानको पालना गरी वित्तीय विवरण तयार गरेको छैन। केन्द्रले मातहतका विद्यालयको आम्दानी र खर्चलाई वित्तीय विवरणमा एकीकृत गरेको पाइएन। मातहतमा सञ्चालित अस्पतालको आय र व्ययलाई वित्तीय विवरणमा समावेश गरेको छैन।

६०. **सञ्चालन नतिजा -** केन्द्रको गत वर्षको मौज्दात रू.७४ करोड १२ लाख रहेकोमा यो वर्ष संयुक्त राष्ट्र संघबाट प्राप्त शोधभर्ना, मुद्दती लगानीको व्याज र व्यावसायिक लगानीबाट प्राप्त प्रतिफलसमेत रू.१ अर्ब ४२ करोड २८ लाख आम्दानी भई कुल रू.२ अर्ब १६ करोड ४० लाख भएकोमा मिसनमा जाने प्रहरी कर्मचारीको भत्तामा रू.९४ करोड ८ लाख, प्रशासनिकलगायत सामाजिक क्रियाकलाप रू.१५ करोड ६० लाख, पूर्वाधार तथा लगानी विकासमा रू.३० करोड ९ लाख खर्च भई रू.७६ करोड ६३ लाख बाँकी रहेको छ ।

६१. **ऋण तथा लगानी -** केन्द्रले यस वर्षसम्म रू.२ अर्ब ८८ करोड १९ लाख लगानी गरेको र कर्मचारीलाई रू.२ अर्ब १९ करोड ४७ लाख सापटी प्रदान गरेको छ । केन्द्रले ऋण सापटीबाट यस वर्ष रू.११ करोड ४६ लाख सेवा शुल्क र ब्याजबापत प्राप्त गरेको छ । कर्जा कार्यक्रमबाट गरेको लगानीमध्ये जागिर छाडेका तथा अयोग्य ठहरिने गरी वर्खास्त भएका ५ कर्मचारीबाट २०६८ सालदेखि रू.२५ लाख ५ हजार उठ्न बाँकी रहेको रकम असुल गरेको देखिएन ।

केन्द्रले २०७६ सालसम्म कीर्तिपुरस्थित विद्यालयमा गरेको लगानी रू.१२ करोड ६७ लाखलाई खर्चको रूपमा देखाएकोमा यस वर्ष सप्तरी र कोहलपुरको २ विद्यालयमा रू.१० करोड ८२ लाखलाई लगानीको रूपमा लेखाङ्कन गरेको छ । विद्यालयको आय र व्यय, जायजेथा र दायित्वलाई एकीकृत वित्तीय विवरणमा लेखाङ्कन गर्नुपर्दछ ।

६२. **शोधभर्ना -** केन्द्रले संयुक्त राष्ट्रसंघबाट प्राप्त शोधभर्नालाई नगद प्राप्तिका आधारमा लेखाङ्कन गर्ने गरेको छ । संयुक्त राष्ट्रसंघ र केन्द्रबीच भएको सम्झौताअनुसार मेजर इक्युपमेन्ट, सेल्फ सस्टेन तथा टुल्सबापतको खर्च रकम शोधभर्ना हुनुपर्दछ । यो वर्ष सशस्त्र प्रहरीको कर्मचारीको निर्वाह भत्ता रू.९४ करोड ८ लाखसमेत रू.१ अर्ब ५ करोड ८६ लाख खर्च भएकोमा रू.१ अर्ब २६ करोड २५ लाख शोधभर्ना प्राप्त भएको छ । मेजर इक्युपमेन्ट तथा सेल्फ सस्टेनका सामान, तालिमलगायतमा गरेको लगानी र शोधभर्ना तथा भुक्तानी भएको विवरण व्यवस्थित गर्नुपर्दछ ।

६३. **व्यावसायिक क्रियाकलाप -** सशस्त्र प्रहरी बल नेपाल, कल्याणकारी सेवा केन्द्रको सञ्चालनसम्बन्धी कार्यविधि, २०६६ मा आर्थिक व्यवस्थापनको उल्लेख भए तापनि कर्मचारी व्यवस्थापनबारे उल्लेख छैन। कोष सञ्चालनको लागि प्रहरी निरीक्षकसहितको जनशक्ति संलग्न रहनुको साथै सशस्त्र प्रहरी बल नेपालको स्वामित्वमा रहेको जग्गा समेत प्रयोग गरेको अवस्था छ । छुट्टै अस्तित्वसहित दर्ता भएको संस्थामा कार्यरत कर्मचारीको पारिश्रमिक तथा सो संस्थाले प्रयोग गरेको सम्पत्तिसँग सम्बन्धित खर्च

सोही निकायबाट व्यहोर्ने, शोधभर्ना लिने वा नेपाल सरकारको तर्फबाट योगदान देखाउने व्यवस्था मिलाउनुपर्दछ ।

अनुगमन तथा बेरुजू

- **अनुगमन -** गत विगतको प्रतिवेदनमा मन्त्रालयको शान्ति सुरक्षा र आर्थिक सहायता खर्च नियन्त्रण गर्नुपर्ने, कारागारको क्षमता विस्तार नभएको, भौतिक पूर्वाधारको आवश्यकताअनुसार नभएको, भिसा स्टिकर अभिलेख अद्यावधिक नभएको, ट्राफिक व्यवस्थापन गर्ने निकायबीच समन्वय नगरेको, उजुरी फर्स्यौंट नभएको, मुआब्जा वितरण नभएको, नर्म्सअनुसार पोशाक वितरण, अस्पतालले फार्मेसी सेवा सञ्चालन नगरेको लगायतका व्यहोरा औँल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ४४३ निकायको रू.९३ करोड ६९ लाख १९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.१ करोड ४६ लाख ११ हजार फर्स्यौंट गरेकोले रू.९२ करोड २३ लाख ८ हजार बाँकी रहेको छ । सोमध्ये रू.६६ करोड ८३ लाख ३३ हजार म्याद नाघेको पेश्की रहेको छ । यससम्बन्धी विवरण अनुसूची -१५ मा छ ।
  - अन्य संस्था १ तर्फ रू.१ करोड ७ लाख २० हजार बेरुजू देखिएकोमा फर्स्यौंट नभई बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची -१६ मा छ ।

परराष्ट्र मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा नेपालको परराष्ट्र नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र मूल्याङ्कन, विदेशी राष्ट्रहरू तथा संयुक्त राष्ट्र संघलगायतका अन्तर्राष्ट्रिय र क्षेत्रीय संगठनहरूसँगको सम्बन्ध, अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको कूटनीतिक प्रतिनिधित्व, अन्तर्राष्ट्रिय जगतमा नेपालको प्रतिष्ठा अभिवृद्धि, राहदानी तथा भिसा, शिष्टाचार र ओहदाको प्रमाणपत्र, आर्थिक कूटनीति, कूटनीतिक तहमा हुने वार्ता र सम्झौता, नेपालको अन्तर्राष्ट्रिय सीमा सम्बन्ध, विदेशमा रहेका नेपालीहरूको अभिलेख तथा तिनीहरूको हक, हित, उद्धार र संरक्षण गर्ने लगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहत सरकारी कार्यालय तथा अन्य संस्थासमेत ४६ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत ४४ सरकारी कार्यालयको निम्नानुसार रू.१० अर्ब ३ करोड ७७ लाखको लेखापरीक्षण सम्पन्न भएको छ:

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
६,२४,५९	३,००,५७	४६	७८,१५	१०,०३,७७

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई शहरी विकास मन्त्रालयबाट खर्च भएको रू.२६ करोड ६५ लाख र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट खर्च भएको रू.३७ लाखसमेत रू.२७ करोड २ लाख समावेश गरिएको छैन । गत विगत वर्ष लेखापरीक्षण नभई बाँकी रहेका २ निकायको रू.५४ करोड ९४ लाख समावेश छ ।

२. **अन्य संस्था -** यो वर्ष परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानको रू.२ करोड ६७ लाख र बी.पी. कोइराला नेपाल-भारत फाउण्डेसन, नयाँ दिल्लीको चालु आर्थिक वर्षतर्फ रू. २५ करोड ३५ लाख र वक्यौतातर्फ रू.४७ करोड ७६ लाखसमेत रू.७३ करोड ११ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **योजना तथा कार्यक्रम कार्यान्वयन -** आवधिक योजना, वार्षिक कार्यक्रम तथा बजेट वक्तव्यमा उल्लिखित कार्यक्रम कार्यान्वयनको स्थिति देहायबमोजिम छः

३.१ राहदानी विभागले यो वर्ष ३ लाख ४९ हजारसमेत २०६७ देखि २०७८ आषाढसम्म ६७ लाख २५ हजार मेसिन रिडेबल पासपोर्ट जारी गरेको, २० लाख थान विद्युतीय राहदानीका लागि एक सेवा प्रदायक संस्थासँग सम्झौता गरेको, परराष्ट्र मन्त्रालयबाट कूटनैतिक सम्बन्धतर्फ यो वर्ष ३ समेत हालसम्म १७१ देशसँग कूटनीतिक सम्बन्ध स्थापना भएको छ । यो वर्ष ५ मुलुकसँग ११ सम्झौता भएको एवं द्विपक्षीय उच्चस्तरीय भ्रमणहरूको आदान प्रदान भएको छ ।

३.२ पन्ध्रौं योजनामा उल्लिखित कार्यक्रममध्ये परराष्ट्र नीति, २०७७ तर्जुमा भई कार्यान्वयनमा आएको तथा २०७८।८।१ देखि विद्युतीय राहदानी वितरणको कार्य प्रारम्भ भएको छ । विदेशस्थित नियोगहरूको लागि जग्गा खरिदतर्फ यो वर्ष नेपाली राजदूतावास रियादमा ३ हजार ६६४ वर्गमिटर जग्गा खरिद

भएको छ । नेपालको अन्तर्राष्ट्रिय व्यापार र पर्यटन प्रवर्द्धन तथा वैदेशिक लगानी आकर्षण गर्नका लागि देशगत व्यापार रणनीति तर्जुमा एवं कार्यान्वयन, आर्थिक कूटनीतिको प्रभावकारिता अध्ययन/मूल्याङ्कन लगायतका कार्य हुन सकेको छैन ।

३.३ बजेट वक्तव्य २०७७।७८ र मन्त्रालयको वार्षिक कार्यक्रम तथा कार्ययोजनामा उल्लिखित क्रियाकलापमध्ये नेपालको आर्थिक कूटनीतिलाई देशगत र क्षेत्रगत लक्ष्य तोकी परिचालन गर्ने, विकास सहायता, व्यापार, लगानी, श्रम र पर्यटन प्रवर्द्धनमा अन्तर्राष्ट्रिय सहयोग बढाउने गरी आर्थिक कूटनीति सञ्चालन गर्ने जस्ता कार्यक्रम/क्रियाकलाप आंशिक रूपमा कार्यान्वयन भएको छ । विदेशी नागरिकलाई आगमनमा दिइने प्रवेशाज्ञा अनलाइन माध्यमबाट उपलब्ध गराउने कार्य कार्यान्वयन हुन सकेको छैन। राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी सरोकार र चासोका विषयहरूमा सघन छलफल गरी साझा दृष्टिकोण बनाउन अन्तर्राष्ट्रिय स्तरको सगरमाथा सम्वाद कार्यक्रम कोभिड-१९ महामारीका कारण यो वर्षसमेत सञ्चालन भएको छैन ।

स्वीकृत वार्षिक कार्यक्रम तथा लक्ष्यअनुसार प्रगति हासिल गर्ने एवम् बजेट वक्तव्यमा उल्लिखित कार्यक्रमको कार्यान्वयनका लागि नतिजा सूचकसहितको कार्ययोजना तर्जुमा गर्ने, कार्ययोजनाअनुरूप कार्य विवरण तयार गरी लागू गर्ने र सोअनुसारको कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्दछ ।

४. **नियोगहरूको कार्य सम्पादन -** विश्वका विभिन्न देशमा ३० राजदूतावास, ७ महावाणिज्यदूतावास तथा ३ स्थायी नियोगसमेत नेपाली नियोगको संख्या ४० पुगेको छ । नियोगको उद्देश्य, सेवा दिने कार्यक्षेत्र, सेवाको कार्य परिणाम, खर्च तथा जनशक्तिको विश्लेषण गरी स्थापना गर्नुपर्नेमा सो सम्बन्धमा पर्याप्त अध्ययन/विश्लेषण भएको छैन। विदेशस्थित नेपाली नियोगहरूको कार्य प्रभावकारी बनाउन नियोगको कार्य परिमाण, खर्च तथा जनशक्तिको विश्लेषण गरी नियोगहरूको काम कारबाहीलाई प्रभावकारी बनाउनु पर्दछ ।

५. **वित्तीय विवरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९(२) बमोजिम मन्त्रालयले पेस गरेको आय-व्ययको केन्द्रीय वित्तीय विवरणमा देखिएका व्यहोरा देहायबमोजिम छन्:

५.१ मन्त्रालयबाट पेस भएको वित्तीय विवरणअनुसार नियोगतर्फ यो वर्ष रू.४ अर्ब २५ करोड १ लाख निकासा भएको मध्ये रू.४ अर्ब २३ करोड ९६ लाख खर्च भएकोमा नियोगहरूबाट पेस भएको वित्तीय विवरणअनुसार रू.३ अर्ब ८२ करोड ८८ लाख खर्च भएको देखिन्छ । नियोगमा रकम पठाएको आधारमा मन्त्रालयले खर्च प्रविष्टि गर्ने तर यथार्थमा सबै रकम नियोगमा खर्च भई नसक्ने कारण मन्त्रालयले नियोगहरूको वित्तीय विवरणमा उल्लेख भएभन्दा रू.४१ करोड ८ लाख बढी खर्च जनाएको छ ।

५.२ वित्तीय विवरणअनुसार यो वर्ष विदेशस्थित नेपाली नियोगहरूलाई रू.४ अर्ब २५ करोड १ लाख निकासा भएको मध्ये रू.३ अर्ब ८२ करोड ८८ लाख खर्च भई रू.४२ करोड १३ लाख बाँकी रहेको देखिन्छ। मन्त्रालयले ४० नियोगलाई २०७८।७९ को प्रथम चौमासिक निकासा दिँदा सोहीबमोजिम बाँकी रकम कट्टा गर्नुपर्नेमा रू.३९ करोड ८१ लाख कट्टी गरेको छ । विनिमय दर फरक परेको कारण निकासा फिर्ता गर्नुपर्ने रकम र फ्रिज कट्टी गरेको रकमबीच रू.२ करोड ३२ लाख फरक देखिएको छ ।

५.३ मन्त्रालयले २०७७।७८ को वित्तीय विवरणमा समावेश गरेको ३९ नियोगको कुल राजस्व रू.१ अर्ब ७५ करोड ९ लाखमध्ये गत वर्षको फ्रिज रू.४८ करोड ६१ लाख कट्टा गर्दा खुद राजस्व रू.१ अर्ब २६ करोड ४८ लाख हुने देखिन्छ । तर नियोगहरूबाट पेस भएको वित्तीय विवरणअनुसार रू.१ अर्ब ४८ करोड ७२ लाख राजस्व सङ्कलन भएको देखिएको छ । लेखाङ्कनको अवधि फरक र विनिमय दर परिवर्तनका कारण केन्द्रीय वित्तीय विवरण र नियोगहरूको वित्तीय विवरणमा रू.२२ करोड २४ लाख फरक देखिएको छ ।

५.४ स्रेस्ताको मौज्दात र बैङ्क विवरणले देखाएको मौज्दात एक आपसमा भिडान गरी बैङ्क हिसाब विवरण तयार गर्नुपर्नेमा नेपाली राजदूतावास कोपनहेगन, इस्लामाबाद, रियादसमेत ९ नियोगबाट उपलब्ध विवरणअनुसार २०७८ असार मसान्तमा स्रेस्तामा देखिएको मौज्दातभन्दा बैङ्कमा रू.३७ लाख ५० हजार बढी देखिएको छ ।

५.५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ बमोजिम प्रत्येक कार्यालयले धरौटी कारोबारको लेखा अद्यावधिक राखी आर्थिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ। नेपाली राजदूतावास ओमान, बहराइन, इजिप्ट र अबुधाबीसमेत ४ नियोगले घरेलु कामदारको सुरक्षणबापत सम्बन्धित रोजगारदाताबाट सङ्कलन गरेको रू.८ करोड ४९ लाख वित्तीय विवरणमा समावेश गरेका छैनन् ।

नियोगहरूले विनियोजनतर्फ वर्षान्तमा निकासामध्ये खर्च भई बाँकी रकम तथा राजस्व रकम वर्षान्तमा दाखिला नगरी अर्को आर्थिक वर्षको प्रथम/दोस्रो चौमासिक निकासाबाट मन्त्रालयले कट्टा गरी हिसाब मिलान गरेको देखिन्छ । उपर्युक्त स्थितिमा मन्त्रालय र नियोगहरूले देखाएको खर्च तथा राजस्व भिडान नहुने समस्या रहेको छ । यस सम्बन्धमा अनलाइन कम्प्युटरमा आधारित प्रणालीको प्रयोग गरी यथार्थपरक वित्तीय विवरण तयार गर्नुपर्दछ ।

६. **घर/अपार्टमेण्ट सुरक्षण -** सरकारी निकायले अन्य निकायमा राखेको धरौटीको अभिलेख महालेखा परीक्षकद्वारा स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । राजदूतावासहरूले चान्सरी भवन र कर्मचारी आवास गृह भाडामा लिँदा जेनेभा, हङकङ, कोपेनहेगनलगायत २२ नियोगबाट १०२ घर/अपार्टमेण्टका सम्बन्धित घरधनीलाई रू.६ करोड ७४ लाख सुरक्षणबापत भुक्तानी भएको छ । मन्त्रालय तथा नियोगहरूमा रहेको सुरक्षण रकमको अद्यावधिक अभिलेख राख्ने तथा गत विगतसमेतको जिम्मेवारी देखिने गरी वित्तीय विवरण तयार गरी करार अवधि समाप्त भए पश्चात् सम्बन्धित घरधनीबाट फिर्ता लिई राजस्व दाखिला गर्नुपर्दछ । यो वर्ष नेपाली स्थायी नियोग, न्युयोर्कले विगतदेखि भाडामा लिएका मध्ये २ घर छाडेकोमा घरधनीलाई भुक्तानी दिएको घरभाडा सुरक्षण रू.१२ लाख ९८ हजार फिर्ता लिनुपर्दछ ।

७. **सेवा सुविधा सम्बन्धी कानुन -** विदेशस्थित नियोगका कर्मचारीलाई वैदेशिक भत्ता, पारिवारिक भत्ता, शैक्षिक भत्ता, सेटलमेन्ट भत्ता, औषधि उपचार खर्च, आवासलगायतका सुविधा उपलब्ध गराउने सम्बन्धमा २०३१ सालदेखि पटक पटक र मन्त्रिपरिषद्को २०५१।२।२३ को निर्णयका आधारमा विभिन्न सुविधा उपलब्ध गराउँदै आएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

७.१ नियोगमा कार्यरत कर्मचारीहरूलाई एकीकृत रूपमा कानुन बनाई सेवा सुविधा उपलब्ध गराउनुपर्ने व्यहोरा गत विगत वर्षदेखि औंल्याईँदै आएकोमा स्थिति यथावत् छ ।

७.२ कार्यालय र कर्मचारी आवासको घर भाडाको लागि यो वर्ष ४० नियोगले रू.९० करोड ६० लाख खर्च गरेको छ । कर्मचारी आवासको लागि लिएको घरमा उपलब्ध गराएको सुविधा र भाडा रकमसम्बन्धी मापदण्डमा विविधता देखिएकोले मन्त्रालयले स्पष्ट मापदण्डसहितको नीति बनाई कार्यान्वयन गर्न सार्वजनिक लेखा समितिले २०६९।१।५ मा निर्देशन दिएकोमा हालसम्म कार्यान्वयन नभएकोले २०७७।८।१४ को निर्णयले तत्काल स्पष्ट मापदण्ड बनाई लागू गर्न पुनः निर्देशन दिए तापनि कार्यान्वयन भएको देखिएन । समितिबाट भएको निर्देशनको पालना हुनुपर्दछ ।

७.३ मन्त्रिपरिषद्को २०५१।२।२३ को निर्णयमा नियोग प्रमुख, अन्य कर्मचारी र निजका आश्रित परिवार तथा निजी कामदारको स्वास्थ्य बीमा र बीमक आफैंले तिर्नुपर्ने शुल्क वा कमिसन भएमा सोसमेत नेपाल सरकारले व्यहोर्ने उल्लेख छ । बीमा हुन नसक्ने भएमा मन्त्रालयको पूर्व स्वीकृति लिई गराएको स्वास्थ्योपचारमा लागेको खर्च रकम नेपाल सरकारले व्यहोर्ने उल्लेख छ । यो वर्ष विदेशस्थित ४० कूटनैतिक नियोगले नियोग प्रमुख, कूटनीतिक कर्मचारी, आश्रित परिवार र निजी कामदारको स्वास्थ्य बीमा तथा उपचार खर्चको लागि रू.२३ करोड १३ लाख खर्च गरेका छन्। औषधि उपचार खर्च सम्बन्धमा स्पष्ट नीति बनाई लागू गर्न मन्त्रालयलाई सार्वजनिक लेखा समितिले २०७६।३।६ को निर्णयबाट निर्देशन दिएको छ । पदाधिकारी, कर्मचारी तथा तिनका परिवारको बीमा तथा औषधोपचार खर्चमा सम्बन्धित पदाधिकारीको समेत निश्चित प्रतिशत योगदान हुने गरी कार्यविधि बनाउनुपर्दछ ।

८. **भ्रमण खर्च** - भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने उल्लेख छ । वैदेशिक भत्तासमेत पाउने कूटनीतिक कर्मचारीहरूले कार्यरत मुलुकको आन्तरिक भ्रमणमा काज खटिई दैनिक भत्ता प्राप्त गरेको अवधिमा समेत यो वर्ष ९ नियोगले रू.१९ लाख ७६ हजार वैदेशिक भत्ता भुक्तानी गरेको छ । वैदेशिक भत्ता प्राप्त गर्ने कर्मचारीलाई दैनिक भत्ता भुक्तानी गर्ने सम्बन्धमा आवश्यक नीतिगत व्यवस्था गर्नुपर्ने व्यहोरा विगत वर्षको प्रतिवेदनमा समेत औंल्याइएकोमा स्थिति यथावत् छ ।

९. **सम्पत्ति खरिद तथा व्यवस्थापन** - विदेशस्थित ४० नियोगमध्ये ९ राजदूतावास कार्यालय र ११ राजदूत निवासमात्र आफ्नो स्वामित्वमा वा लिजमा रहेको र बाँकीले भवन भाडामा लिई सञ्चालन गर्दै आएका छन् । नियोगहरूको लागि भवन खरिद तथा निर्माण गर्दै जाने नेपाल सरकारको नीति भए पनि साउदी अरेबियाको रियादमा रू.५२ करोड ७७ लाखमा जग्गा खरिद गर्ने कार्य मात्र भएको छ । नियोगहरूको घर/अपार्टमेण्ट भाडाको लागि यो वर्ष रू.९० करोड ६० लाख खर्च भएको छ । नियोगको नाममा रहेका घरजग्गाको उपयोग र व्यवस्थापन सम्बन्धमा देखिएका केही व्यहोरा देहायबमोजिम छन्:

९.१ गैरआवासीय भवन निर्माण गर्नका लागि विगतमा क्यानबेरा, क्वालालम्पुर, कोलम्बो, इस्लामावाद र बेइजिङ्गसमेत ५ स्थानमा खरिद गरिएका जग्गा लामो समयदेखि प्रयोगविहीन अवस्थामा रहेका छन्। मन्त्रालयको वार्षिक कार्य योजनाअनुसार यो वर्ष बेइजिङ्ग र क्यानबेरामा नेपाली राजदूतावासहरूको भवन निर्माण प्रारम्भ गर्न शुरुमा रू.७० करोड बजेट व्यवस्था गरेकोमा रकमान्तर गरी क्यान्बेराको लागि मात्र रू.१० लाख विनियोजन कायम गरे तापनि सो रकमसमेत खर्च भएको छैन । उल्लिखित ५ नियोगको घर भाडाको लागि यो वर्ष मात्र रू.१० करोड १५ लाख खर्च भएको छ ।मन्त्रालयले आफ्नो स्वामित्वमा रहेको जग्गामा भवन निर्माण गरी घर भाडा खर्चमा न्यूनता ल्याउनुपर्दछ ।

९.२ नेपाली राजदूतावास, क्यानबेराले ६ हजार १९८ वर्गमिटर जग्गा ९९ वर्षको लागि १२ लाख अष्ट्रेलियन डलरमा लिजमा खरिद गरेको छ । जग्गा खरिदको लागि २१ मार्च २०१८ मा गरेको सम्झौताको बुँदा ३(ए) मा लिजमा लिएको सो जग्गामा १८ महिनाभित्र भवन निर्माण कार्य शुरु गरी ३६ महिनाभित्र सम्पन्न गर्नुपर्ने उल्लेख छ । अष्ट्रेलियन क्यापिटल अथोरिटीले ५ मे, २०२२ सम्म पुनः भवन निर्माणको कार्य शुरु गर्न स्वीकृति दिएकोमा जग्गा खरिद गरेको ५० महिना व्यतीत भइसकेकोमा भवनको ड्रइङ्ग डिजाइन मात्र तयार भएको छ । तर निर्माण कार्यको लागि खरिद प्रक्रिया अगाडि बढेको छैन । भवन निर्माणको लागि बजेट सुनिश्चितता भएपछि खरिद प्रक्रिया अगाडि बढाउने जानकारी नियोगबाट प्राप्त भएको छ । लिज सम्झौताबमोजिम भवन निर्माण कार्य प्रारम्भ गर्नुपर्दछ ।

९.३ जर्मनी एकीकरण अघि पश्चिम जर्मनीको बोनमा रहेको नेपाली राजदूतावास सन् २००० मा बर्लिन सरे पश्चात् बोनस्थित नेपाल सरकारको स्वामित्वमा रहेको २ घर र त्यसले चर्चेको २ हजार ८४६ वर्गमिटर जग्गासमेत प्रयोगविहीन अवस्थामा रहे तापनि पालोपहरा, विद्युत र पानी महसुलबापत यो वर्ष ८ हजार ६२६ युरो खर्च भएको छ । प्रयोगविहीन घरजग्गामा प्रत्येक वर्ष खर्च भइरहेकोले २१ वर्षमा उक्त घरजग्गामा रू.१ करोड ८६ लाखभन्दा बढी खर्च भइसकेको छ । उक्त सम्पत्तिको बिक्री वा सट्टापट्टा वा अन्य उपयुक्त उपाय अपनाई यथाशीघ्र व्यवस्थापन गर्नुपर्ने व्यहोरा गत विगत वर्षका प्रतिवेदनहरूमा औँल्याइएको छ । यस सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७६।८।१७ को निर्णयले तोकिएको प्रक्रिया पूरा गरी प्रतिवेदन पेस गर्न नेपाली राजदूतावासलाई अख्तियारी प्रदान गरेकोमा नियोगबाट बिक्रीको लागि आवश्यक प्रक्रिया शुरु गरेको जानकारी प्राप्त भएको छ ।

९.४ नेपाल सरकारको स्वामित्वमा संयुक्त राज्य अमेरिकाको वाशिङ्टन डी.सी.मा चान्सरी भवन, कर्मचारी आवास र राजदूतको निवाससमेत ३ भवन रहेका छन् । सोमध्ये ०.९३ एकड अर्थात् ४० हजार ७२६ वर्गफिट क्षेत्रफल भएको राजदूत निवास रहेको जग्गामा तीन तले भवनको पछाडिपट्टि करिब ३० हजार वर्गफिट जग्गाको उपयोग हुन सकेको छैन । प्रयोगविहीन जग्गा उपयोगमा ल्याउनुपर्दछ ।

९.५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६४ मा विदेशस्थित नियोगको लिलाम सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयले छुट्टै कार्यविधि तर्जुमा गरी नेपाल सरकारबाट स्वीकृत गराई लागू गर्ने व्यवस्था भए पनि त्यस्तो कार्यविधि तर्जुमा भएको छैन । विदेशस्थित नियोगहरूमा रहेका पुराना सवारीसाधन लगायत अन्य प्रयोगविहीन मालसामानको लागि बीमा लगायतका कारण थप आर्थिक दायित्व सिर्जना भएको छ । ऐनमा उल्लिखित प्रावधानबमोजिम विदेशस्थित नियोगको जिन्सी मालसामानको व्यवस्थापनका लागि आवश्यक कार्यविधि तर्जुमा गरी जिन्सी व्यवस्थापन अद्यावधिक गर्नुपर्दछ ।

१०. **आर्थिक कूटनीति -** पन्ध्रौं योजनाअनुसार मन्त्रालय र मातहत निकायबाट व्यापार, लगानी, पर्यटन तथा रोजगारी प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय, क्षेत्रीय र द्विपक्षीय सम्बन्ध सुदृढ गर्न आर्थिक कूटनीतिका विभिन्न क्रियाकलाप कार्यान्वयनमा रहेका छन् । मन्त्रालयबाट विदेशस्थित नियोगहरूमार्फत् कार्यान्वयन गर्न निर्यात प्रवर्द्धन, लगानी सम्मेलनको आयोजना, धार्मिक र सांस्कृतिक, पर्यटन प्रवर्द्धन, रोजगारीको नयाँ सम्भावनाहरूको पहिचान, पर्यटन प्रवर्द्धनसम्बन्धी कार्यक्रम र नेपाली डायस्पोराको परिचालन गर्ने कार्यक्रममा यो वर्ष ४० नियोगमा रू.७ करोड ४८ लाख विनियोजन भएकोमा १८ नियोगबाट रू.१ करोड ६० लाख खर्च भएको छ । नेपाल पर्यटन बोर्ड, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, वैदेशिक

रोजगार प्रवर्द्धन बोर्डसमेतबाट कार्यक्रम सञ्चालन गर्न मन्त्रालय मार्फत् नियोगहरूमा बजेट प्रवाह हुने गरेको छ । मन्त्रालयको यो वर्षको वार्षिक कार्यक्रम तथा बजेट वक्तव्यमा उल्लेख भएअनुसार नेपालको आर्थिक कूटनीतिलाई देशगत र क्षेत्रगत लक्ष्य तोकी परिचालन गर्ने, आर्थिक कूटनीतिसम्बन्धी फ्याक्ट बूक तयार गर्ने, आर्थिक कूटनीतिको प्रभावकारिता अध्ययन/मूल्याङ्कन गर्ने लगायतका कार्य हुन सकेको छैन । आर्थिक कूटनीतिसँग सम्बन्धित नेपाल सरकारका मन्त्रालय तथा अन्य सम्बद्ध निकायहरूबीच समन्वयात्मक रूपमा एकीकृत कार्यक्रम तर्जुमा गरी कार्यान्वयन हुने व्यवस्था मिलाउनुपर्दछ ।

११. **आयकर -** आयकर ऐन, २०५८ को दफा ८ मा कुनै प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा रोजगारीबाट प्राप्त गरेका सबै प्रकारका रकम सो वर्षमा सो व्यक्तिको रोजगारीको आय मानी गणना गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

११.१ आयकर ऐन, २०५८ को दफा ६७ (६) मा रोजगार जहाँसुकै भए पनि नेपाल सरकारले भुक्तानी दिने भएमा भुक्तानीको स्रोत नेपालमा रहेको मानी कर कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । विदेशस्थित नेपाली नियोगहरूले सोअनुसार स्थानीय कर्मचारीहरूको पारिश्रमिक आयकर गणना गरेको पाइएन । यो वर्ष २१ नेपाली नियोगले नेपालमा स्थायी घर ठेगाना भएका ८२ नेपाली नागरिकलाई स्थानीय कर्मचारीको रूपमा भर्ना गरी रू.१३ करोड २ लाख करार सेवा शुल्क भुक्तानी गरेका छन् । आयकर ऐन, २०५८ को दफा ८७ तथा अनुसूची-१ बमोजिम उल्लिखित स्थानीय कर्मचारीको पारिश्रमिक भुक्तानीमा लाग्ने रू.३ करोड २५ लाख पारिश्रमिक कर कट्टा गरेको छैन। यस सम्बन्धमा यकिन गरी सो बापतको कर कट्टा गर्ने व्यवस्था हुनुपर्दछ ।

११.२ नेपाल सरकार, मन्त्रिपरिषद्को २०७६।९।२८ को निर्णयबाट विदेशस्थित नेपाली नियोगहरूमा कार्यरत सर्भिस स्टाफ (अर्दली) को पारिश्रमिक वृद्धि भई मासिक एकमुष्ट अमेरिकी डलर ६०० देखि १ हजार ३६५ सम्म तोकिएको छ । वैदेशिक भत्ता नतोकिएको अवस्थामा आयकर ऐन, २०५८ को अनुसूची-१ को व्यवस्थाअनुसार कूटनीतिक कर्मचारी सरह वैदेशिक भत्ताको ७५ प्रतिशत रकममा कर छुटको सुविधा प्राप्त हुने देखिँदैन । यो वर्ष विभिन्न १४ नियोगले २५ सर्भिस स्टाफलाई रू.२ करोड ४६ लाख पारिश्रमिक भुक्तानी गरेकोमा नियोगले सर्भिस स्टाफको पारिश्रमिक कर रू.३५ लाख कट्टा गरेको छैन। अतः यस सम्बन्धमा यकिन गरी सोबापतको कर कट्टा गर्ने व्यवस्था हुनुपर्दछ ।

१२. **दरबन्दी -** निजामती सेवा ऐन, २०४९ को दफा ६क (२) मा कुनै नयाँ दरबन्दी सिर्जना गर्दा वा तत्काल कायम रहेको संगठन संरचना र दरबन्दीमा पुनरावलोकन गर्दा वा हेरफेर गर्दा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी नेपाल सरकार (मन्त्रिपरिषद्) मा स्वीकृतिको लागि पेस गर्नुपर्ने व्यवस्था छ। विदेशस्थित ४० नेपाली नियोगमा स्वीकृत २३८ स्थानीय कर्मचारीको दरबन्दीका अतिरिक्त दोहा, बहराइन, जेद्दा, ओमान, वाशिङ्गटनलगायत १० नियोगमा पब्लिक रिलेसन अफिसर, ड्राइभर, अफिस असिस्टेन्ट र सोसियल सेक्रेटरीलगायतका पदमा १५ जनालाई अर्थ मन्त्रालयको पटक-पटकको सहमतिका आधारमा स्थानीय कर्मचारीको रूपमा सेवा करारमा नियुक्त गरेको छ । स्वीकृत दरबन्दीका अतिरिक्त थप १५ स्थानीय कर्मचारीको पारिश्रमिकको लागि यो वर्ष रू.४ करोड १ लाख खर्च भएको छ । ऐनको प्रावधानअनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा नेपाल सरकारबाट थप दरबन्दी स्वीकृत गराएर मात्र पारिश्रमिक भुक्तानी गर्नुपर्दछ ।

१३. **हवाई टिकट खरिद -** भ्रमण खर्च नियमावली, २०६४ को नियम ४ मा भ्रमण किफायती हुनुपर्ने उल्लेख छ । मन्त्रालयमा कार्यरत कर्मचारीहरूको विदेश भ्रमण र विदेशस्थित नियोगहरूमा कार्यरत कर्मचारी तथा तिनका आश्रित परिवार, निजी कामदार र उच्चस्तरीय भ्रमणको लागि हवाई टिकट आपूर्ति गर्न २०७४।७५ मा बोलपत्र प्रक्रिया अपनाई एक सेवा प्रदायक फर्मसँग सम्झौता भएको छ। गत वर्ष हवाई टिकट खरिदको लागि बोलपत्र आह्वान गरेकोमा प्राप्त भएका प्रस्ताव असन्तुलित देखिएकाले रद्द गरेकोमा पुनः बोलपत्रसम्बन्धी प्रक्रिया प्रारम्भ गरेको छैन । साविक सम्झौताबमोजिम मन्त्रालयले सोही फर्मसँग यो वर्ष पटक पटक गरी रू.५ करोड ९८ लाख ८७ हजारको टिकट खरिद गरेको छ।

नयाँ बोलपत्र नगरी ४ वर्ष पहिलाको ठेक्कालाई निरन्तरता दिनु मनासिब देखिँदैन । उक्त फर्मसँग साविकको सम्झौताअनुसार टिकट आपूर्ति गर्दा मन्त्रालयका पदाधिकारी तथा कर्मचारीहरूको विभिन्न नियोगहरूमा पदस्थापना तथा नियोगबाट फिर्ता हुँदा एकतर्फी टिकट आवश्यक पर्ने भएकाले त्यस्ता टिकटको परिमाण बढी हुने भई आपूर्तिकर्तालले बढी दर राखेको तथा दुई तर्फीको परिमाण कम हुने हुँदा कम दर राखेको कारण समग्रमा नेपाल सरकारलाई थप व्ययभार पर्ने अवस्था छ । कतिपय रुटको दर सम्झौतामा नहुँदा तोकिएभन्दा फरक रुटबाट यात्रा गर्दा अतिरिक्त व्ययभार परेको छ । विगतको सम्झौता कार्यान्वयन स्थितिसमेतलाई ध्यान दिई सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्न बोलपत्र प्रक्रियाबाट हवाई टिकट खरिद गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१४. **कानूनी परामर्श सेवा खर्च -** नेपालमा दूरसञ्चार सेवा प्रदान गर्ने एक कम्पनीको विदेशी प्यारेण्ट कम्पनीले नेपाल सरकार विरुद्ध संयुक्त राज्य अमेरिकाको वाशिङ्टन डी.सी. स्थित लगानी विवाद निरुपणसम्बन्धी अन्तर्राष्ट्रिय केन्द्र समक्ष मध्यस्थताको लागि २०७६।२।६ मा लगानीसम्बन्धी विवादको विषय पेस गरेको देखियो । यससम्बन्धी खरिद कार्य कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सम्पादन भई नेपाली दूतावास, वाशिङ्गटन डीसीले भुक्तानी दिएको सम्बन्धमा देहायबमोजिम देखिएको छः

१४.१ नेपाल सरकार (मन्त्रिपरिषद्) ले २०७७।६।१ मा नेपाल सरकारको तर्फबाट कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले कानूनी प्रतिरक्षा गर्न आवश्यकताअनुसार विषय विज्ञको सेवा लिन सक्ने निर्णय गरेको छ । तत्पश्चात् सो मन्त्रालयले सम्पर्क गरी १३ अन्तर्राष्ट्रिय ल फर्मबाट प्राप्त प्रस्ताव प्रारम्भिक अध्ययन गरी सम्भावित ५ फर्मको सूची अमेरिकास्थित नेपाली राजदूतावास वाशिङ्गटन डि.सी.लाई २०७७।६।३० मा पठाएको छ । उक्त सूचीमध्ये एक फर्मसँग वार्ता गरी अमेरिकी डलर २३ लाखमा कानूनी परामर्श लिने सम्झौता गरेको छ । दूतावासले यो वर्ष कानूनी परामर्श प्रयोजनका लागि थप कार्य समेतमा गरी अमेरिकी डलर ३० लाख ४० हजारको रू.३६ करोड १७ लाख ५५ हजार खर्च गरेको छ ।

१४.२ विदेशस्थित नेपाली नियोगको सार्वजनिक खरिद कार्यविधि, २०७३ को बुँदा ३ मा नियोग प्रमुखले सार्वजनिक खरिद ऐन, २०६३ र सार्बजनिक खरिद नियमावली. २०६४ को मूलभूत मान्यता अनुकूल हुने गरी प्रतिस्पर्धा, पारदर्शिता, स्वच्छता, प्रभावकारिता र मितव्ययिता अपनाइ खरिद गर्नुपर्ने व्यवस्था छ। कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा प्राप्त सम्भावित ५ अन्तर्राष्ट्रिय ल फर्मको प्रस्तावहरूमा अमेरिकी डलर १५ लाखदेखि २५ लाखसम्म रहेको थियो । दूतावासले सोमध्ये पहिलो नम्बरमा रहेकोसँग प्रस्ताव माग गरेकोमा उक्त फर्मले सम्झौता गर्न अस्वीकार गरेपछि दोस्रो नम्बरमा

रहेको अमेरिकी डलर १८ लाख प्रस्ताव गर्ने एक अन्तर्राष्ट्रिय ल फर्मसँग वार्ता गरी प्रस्ताव संशोधन पश्चात अमेरिकी डलर २३ लाखमा सम्झौता गरेको देखियो ।

१५. **कार्य सञ्चालन कोष -** वैदेशिक रोजगारीका सिलसिलामा विभिन्न मुलुकमा मृत्यु वा घाइते भएका नेपाली नागरिकको क्षतिपूर्तिबापत सम्बन्धित रोजगारदाता कम्पनी तथा बीमा कम्पनीबाट प्राप्त हुने रकम कन्सुलर सेवा विभागले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाउने गरेको छ । मन्त्रालयको कार्य सञ्चालन कोषमा गत विगत वर्षको रू.२ करोड ४७ लाख ९७ हजार र यो वर्ष नियोगहरूबाट प्राप्त राजस्व बापतको रकमसमेत रू.३ करोड ५२ लाख ३७ हजार बाँकी रहेको देखिन्छ । उक्त रकम मध्ये क्षतिपूर्तिबापतको रकम मृतक/घाइतेका सम्बन्धित हकवालाको विवरण तयार पारी सम्बन्धित जिल्ला प्रशासन कार्यालयमार्फत् समयमै भुक्तानी गर्ने र बाँकी रकम यकिन गरी सञ्चित कोष दाखिला हुनुपर्दछ ।

राहदानी विभाग

नेपाल सरकार (मन्त्रिपरिषद्) को २०६६।१०।७ को निर्णयानुसार नेपाली नागरिकलाई राहदानी जारी गर्ने उद्देश्यले २०६७ ज्येष्ठमा केन्द्रीय राहदानी कार्यालय स्थापना भएकोमा २०६८ माघदेखि उक्त कार्यालय राहदानी विभागको रूपमा परिणत भई राहदानी सेवा उपलब्य गराइरहेको छ ।

१६. **मेसिन रिडेबल राहदानी छपाइ -** एक फ्रान्सेली कम्पनीसँग २०६७।५।११ मा ४५ लाख मेसिन रिडेबल पासपोर्ट छपाई, आपूर्ति र पर्सनलाइजेसनसम्बन्धी कार्य गर्न प्रति राहदानी अमेरिकी डलर ३.५९ का दरले भुक्तानी गर्ने गरी २०७२।८।८ सम्मका लागि सम्झौता भएको देखिन्छ । नेपाल सरकार, मन्त्रिपरिषद्को २०७२।३।१८ को निर्णयअनुसार २०७२।३।३१ मा थप २५ लाख राहदानी छपाइ, आपूर्ति र पर्सनलाइजेसनसम्बन्धी कार्य तथा ५० प्रत्यक्ष आवेदन प्रणाली स्टेसन स्थापनासमेतको कार्य गर्न प्रति राहदानी करसहित अमेरिकी डलर ५.१४७३ कायम हुने गरी भेरिएसन भएको देखिन्छ। यो वर्ष रू.३ करोड ३८ लाख ८३ हजारसमेत हालसम्म उक्त कम्पनीलाई रू.२ अर्ब ६८ करोड ४४ लाख १६ हजार भुक्तानी भएको छ । यो वर्ष ३ लाख ४९ हजारसमेत २०६७ देखि २०७८ चैत्र मसान्तसम्म कूटनीतिक (रातो) ६ हजार, विशेष/अफिसियल (नीलो) १९ हजार, साधारण (हरियो) ७० लाख ४५ हजार र ट्राभल डकुमेन्ट २ हजारसमेत ७० लाख ७२ हजार राहदानी छपाइ गरेको देखिन्छ ।

त्यसैगरी सबै शर्तहरू पहिलो संशोधित सम्झौताबमोजिम नै हुने गरी थप २ लाख राहदानी छपाइ, आपूर्ति र पर्सनलाइजेसन गर्ने गरी २०७७।२।२८ मा उक्त सम्झौता पुनः दोस्रो पटक संशोधन गरेको छ । दुई पटक सम्झौता संशोधन गरी २०७८ चैत्रसम्म ७० लाख ७२ हजार राहदानी छपाइ तथा पर्सनलाईजेसनको काम भएको छ । यसरी ५ वर्षको लागि भएको खरिद सम्झौता भेरिएसनबाट ५ वर्ष थप गर्नु सार्वजनिक खरिदको सिद्धान्तअनुकूल देखिएन । आवश्यकता पहिचानको आधारमा ठेक्का अवधि निर्धारण गरी बोलपत्र आह्वान एवं कार्यान्वयन गरिनुपर्दछ ।

१७. **भुक्तानीमा कर -** खरिद सम्झौताको विशेष शर्तको बुँदा नं. १२ मा आपूर्तिकर्ता संस्थालाई रकम भुक्तानी गर्दा ५ प्रतिशत अग्रिम कर कट्टा गरी बाँकी रकमको प्रतितपत्र खाता खोली आपूर्तिकर्ताले सम्झौताबमोजिम राहदानी पर्सनलाइजेसन गरेको संख्याका आधारमा भुक्तानीका लागि नेपाल राष्ट्र बैङ्कमा लेखी पठाउनुपर्ने व्यवस्था छ । उक्त संस्थासँग १० जून, २०२० मा भएको संशोधित सम्झौताबमोजिम

२ लाख राहदानी छपाइ, आपूर्ति र पर्सनलाइजेसनका लागि अमेरिकी डलर ९ लाख ७८ हजार नेपाल राष्ट्र बैङ्कमा रहेको प्रतीतपत्र खातामा जम्मा गर्नुपर्नेमा विभागले करसमेत अमेरिकी डलर १० लाख २९ हजार जम्मा गर्न पठाएको देखियो । सम्झौताबमोजिम भुक्तानीमा ५ प्रतिशतले हुने अग्रिम करबापतको अमेरिकी डलर ५१ हजारको रू.६० लाख ७२ हजार कट्टा गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

१८. **विद्युतीय राहदानी छपाइ** - विद्युतीय राहदानीका विवरणहरू विद्युतीय रूपमा मेसिनले प्राप्त गरी पढ्ने र बढी सुरक्षित, विश्वसनीय र भरपर्दो हुने भएकोले हाल प्रयोगमा रहेको राहदानी सेवालाई विद्युतीय राहदानीमा परिणत गर्न २०७४।७५ देखि नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेख हुँदै आएकोमा विद्युतीय राहदानी आपूर्ति तथा छपाइका लागि २०७७ पौषमा एक फ्रान्सेली सेवा प्रदायक कम्पनीसँग प्रति एकाई लागत ३२ पृष्ठको लागि अमेरिकी डलर १०.४५ र ६४ पृष्ठको लागि अमेरिकी डलर १०.९५ को दरले २० लाख विद्युतीय राहदानी छपाइका लागि ३ वर्ष कार्यावधि रहने गरी मूल्य अभिवृद्धि कर बाहेक अमेरिकी डलर २ करोड ११ लाखको खरिद सम्झौता भएको छ। सम्झौता भएपछि विद्युतीय राहदानीको विस्तृत डिजाइन तयार, आवश्यक बुकलेट डिजाइन, सफ्टवयेर निर्माण, उपकरण जडान एवम् डाटा ट्रान्सफर र परीक्षणलयायतका काम सम्पन्न गरी २०७८ मंसिर १ बाट विद्युतीय राहदानी छपाइ कार्य शुरु भएको छ ।

१९. **विद्युतीय राहदानीको व्यवस्थापन -** यो वर्ष ३ लाख ४९ हजार १७५ राहदानी जारी भएको तथ्याङ्कको आधारमा मासिक औसत २९ हजार १०० राहदानी वितरण भएको देखिन्छ । कोरोना महामारीका कारण विगत वर्षको तुलनामा यो वर्ष न्यून संख्यामा राहदानी जारी भएको छ । शुरुमा ५० लाख थान विद्युतीय राहदानीको आवश्यकता पहिचान गरी खरिद प्रक्रिया थालिएकोमा पछि २० लाख थान राहदानी वा ३ वर्षमध्ये जुन पहिला हुन्छ सोका लागि मात्र खरिद सम्झौता भएको छ। बोलपत्र आह्वान र न्यून सहभागिताको कारण ठेक्का अवधि लम्ब्याउनुपर्ने विगतको परिस्थिति समेतका आधारमा ठेक्का व्यवस्थापन गर्नुपर्नेमा कम अवधि र परिमाणको ठेक्का बन्दोवस्त हुँदा प्रतिस्पर्धामा असर पर्नुका साथै निकट भविष्यमा नै अति आवश्यक सेवा प्रवाहमा कठिनाइ हुने देखिन्छ ।

कन्सुलर सेवा विभाग

कन्सुलर सेवालाई सरल, सहज, पारदर्शी र उत्तरदायी ढङ्गले सम्पादन गर्ने उद्देश्यले नेपाल सरकारको २०७०।१।२० को निर्णयबाट परराष्ट्र मन्त्रालयअन्तर्गत कन्सुलर सेवा विभागको स्थापना भएको हो ।

२०. **मृतक/घाइते क्षतिपूर्ति कोष -** वैदेशिक रोजगारीका सिलसिलामा विभिन्न मुलुकमा मृत्यु वा घाइते भएका नेपाली नागरिकको क्षतिपूर्तिबापत सम्बन्धित रोजगार कम्पनी तथा बीमा कम्पनीबाट प्राप्त हुने रकम नेपाली नियोगहरूमार्फत् यस विभागमा प्राप्त हुने र विभागले मृत्यु वा घाइते भएका व्यक्तिको स्थायी ठेगाना रहेको जिल्ला प्रशासन कार्यालयमा पठाउने गरेको छ । विभागबाट प्राप्त विवरणअनुसार ७ श्रम गन्तव्य मुलुकमा मृत्यु/घाइते भएका ८५७ जनाको क्षतिपूर्तिबापत रू.६९ करोड २९ लाख ८० हजार प्राप्त भएकोमा गत वर्षको बाँकीसमेत ८११ जनाको परिवारलाई रू.६२ करोड २ लाख ९० हजार सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूमा पठाए तापनि ४६ जनाको परिवारलाई रू.८ करोड ६२ लाख २८ हजार पठाउन बाँकी रहेको देखिन्छ । मृतक/घाइतेका हकवालाले क्षतिपूर्तिबापतको रकम प्राप्त गरे, नगरेको सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।

२१. **भिसा स्टिकर -** विदेशस्थित नेपाली राजदूतावास, महावाणिज्यदूतावास र स्थायी नियोगहरूले माग गरेको आधारमा अध्यागमन विभागबाट १५ दिने, ३० दिने र ९० दिने अवधिका भिसा स्टिकरहरू कन्सुलर सेवा विभागमार्फत् ती नियोगहरूलाई उपलब्ध गराउने गरेको छ । नेपाली नियोगहरूले पेस गरेको राजस्वको आर्थिक विवरणअनुसार यो वर्ष भिसा शुल्कबापत रू.३६ करोड ३८ लाख ४५ हजार राजस्व सङ्कलन भएको देखिन्छ । सबै नियोगबाट भिसा स्टिकरको अद्यावधिक विवरण प्राप्त हुन नआएकोले सङ्कलित राजस्व यथार्थ रहेको सुनिश्चित हुने व्यवस्था मिलाउनुपर्दछ । छपाइ तथा स्थानान्तरण लागतमा मितव्ययिता कायम गर्न र आम्दानी खर्चको अभिलेख सरल र सहज बनाउन भिसा स्टिकरको हालको व्यवस्थालाई ई-भिसा प्रणालीमा रुपान्तरण गर्नुपर्दछ ।

अन्य संस्था

परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान

नेपालको परराष्ट्र नीतिलाई सक्षम र प्रभावकारी बनाउने सम्बन्धमा नेपाल सरकारलाई सुझाव तथा परामर्श दिने उद्देश्यले विकास समिति ऐन, २०१३ बमोजिम परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान गठन आदेश, २०६८ अनुसार प्रतिष्ठानको स्थापना भएको हो ।

२२. **कार्य सम्पादन -** परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान गठन आदेश, २०६८ को दफा ३ मा नेपालको परराष्ट्र नीतिलाई सक्षम र प्रभावकारी बनाउने सम्बन्धमा नेपाल सरकारलाई सुझाव तथा परामर्श दिन परराष्ट्र मन्त्रीको अध्यक्षतामा प्रतिष्ठान विकास समिति गठन हुने व्यवस्था छ । गठन आदेशअनुसार परराष्ट्र मामिला सम्बन्धमा अल्पकालीन तथा दीर्घकालीन नीति तर्जुमा, नेपालले अवलम्बन गर्नुपर्ने रणनीतिसम्बन्धी अवधारणापत्र तथा विदेशी मुलुकमा दूतावास खोल्दा अपनाउनुपर्ने मापदण्डका सम्बन्धमा नेपाल सरकारलाई परामर्श तथा सुझाव दिने जिम्मेवारी समितिलाई तोकेको छ ।

प्रतिष्ठानको काम कारबाहीलाई चुस्त र प्रभावकारी बनाउन प्रतिष्ठानको संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भएको छैन । प्रतिष्ठानले दरबन्दी स्वीकृत नगराई स्रोत व्यक्ति २, सवारीचालक १ र स्वीपर १ करारमा नियुक्त गरी कार्य सञ्चालन गरिरहेको छ । प्रतिष्ठानले यो वर्ष ३ अनुसन्धान कार्य, परराष्ट्र मामिलासम्बन्धी ५ पुस्तक प्रकाशन र २ नवनियुक्त राजदूतलाई अनुशिक्षण दिने कार्य गरी रू.१ करोड ३० लाख खर्च गरेको छ । प्रतिष्ठानको काम कारबाहीलाई प्रभावकारी बनाउँदै परराष्ट्र नीतिसम्बन्धी मामिला अध्ययन अनुसन्धानमा विज्ञ समूहको रूपमा विकास गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा संगठनात्मक स्वरूप तयार गरी कार्य सम्पादन कार्यलाई प्रभावकारी बनाउनुपर्दछ ।

अनुगमन तथा बेरुजू

- **अनुगमन -** गत विगतको प्रतिवेदनमा भिसा स्टिकरको अभिलेख, विनियोजन तथा राजस्वको यथार्थ हिसाब, कर फिर्ताको अभिलेख, यथार्थ आय व्यय विवरण तयार गर्नुपर्ने, विदेशस्थित नेपाली नियोगहरूको कार्य विश्लेषण गरी सोको संख्या पुनरावलोकन गर्नुपर्ने, सुविधा सम्पन्न आवास उपलब्ध गराएको अवस्थामा सेटलमेन्ट भत्ताको औचित्यमा पुनरावलोकन गर्नुपर्ने, नियोगहरूको जग्गा खरिद र भवन निर्माण कार्यलाई प्राथमिकता दिनुपर्ने, सेवा सुविधासम्बन्धी एकीकृत र समयसापेक्ष कानूनी व्यवस्था गर्नुपर्ने, हवाई टिकट

खरिदमा देखिएका समस्या निराकरण गरी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नुपर्ने लगायतका विषयहरू औंल्याइएकोमा यस वर्ष पनि सुधार भएको देखिएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः
  - मन्त्रालय र मातहतसमेतका ४४ निकायको यो वर्ष रू.८ करोड ५३ लाख ९१ हजार बेरुजू देखिएकोमा फर्स्यौंट नगरेकोले बाँकी रहेको छ । सोमध्ये रू.१७ लाख १२ हजार म्याद नाघेको पेश्की रहेको छ । यससम्बन्धी विवरण अनुसूची-१५ मा रहेको छ ।
  - यो वर्ष एक प्रतिष्ठानको लेखापरीक्षणबाट रू.३ लाख ७९ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट फर्स्यौंट भएको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा भूमि नीति, भू-उपयोग नीति, सहकारी सम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड र नियमन, अन्तर्राष्ट्रिय सीमाको नक्साङ्कन, अभिलेखलगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत २७३ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत २६४ सरकारी कार्यालयको निम्नानुसार रू.३३ अर्ब ५५ करोड ५४ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
५,१४,७८	१,३०,८२	१,१२,७४	२५,९७,२०	३३,५५,५४

उल्लिखित लेखापरीक्षण रकममा यो वर्ष मन्त्रालयमा विनियोजन भई अन्य निकायबाट भएको खर्च रू.३५ करोड ९६ लाख समावेश गरिएको छैन । अन्य मन्त्रालयमा विनियोजन भई यस मन्त्रालयबाट खर्च भएको रू.४१ लाख तथा मन्त्रालय मातहत दुई निकायको बक्यौता लेखापरीक्षण रू.८७ करोड ९१ लाख समावेश छ ।

मन्त्रालयअन्तर्गत ७ निकायको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारसमेत रू.५ अर्ब ४३ लाख लेखापरीक्षण गर्न बाँकी छ ।

२. **संगठित संस्था -** यो वर्ष राष्ट्रिय सहकारी बोर्डको २०७६।७७ र २०७७।७८ तथा गुठी संस्थानको २०७५।७६ र २०७६।७७ समेतको रू.४ अर्ब ३३ करोड ७१ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । गुठी संस्थानको २०७७।७८ को लेखापरीक्षण गर्न बाँकी रहेको छ ।

३. **वार्षिक कार्यक्रम र प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ मा बजेट तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था छ । यो वर्ष मन्त्रालयको वार्षिक कार्यक्रमको प्रगति स्थिति निम्नानुसार छः

क्र सं	कार्यक्रम	प्रगति प्रतिशत	
		भौतिक	वित्तीय
१.	जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भू-सम्बन्ध व्यवस्थापन कार्यक्रम(भूमि सम्बन्धी समस्या समाधान आयोग)	५६.५४	६५.९३
२.	कित्तानापी तथा नापी कार्यालय सुदृढीकरण कार्यक्रम	९८.४७	७६.७४
३.	स्थलरुपी नापी तथा भू-उपयोग व्यवस्थापन कार्यक्रम	८८.१४	७२.४५
४.	खगोल तथा भू-मापन कार्यक्रम	८५.०८	७६.३४
५.	सहकारी क्षेत्र सुदृढीकरण तथा प्रणाली सुधार कार्यक्रम	८६.७०	३०.८६
६.	गरीब घर परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम	७०.००	४५.८०
७.	गरीबसँग विश्वेश्वर कार्यक्रम	७५.७६	८८.६०
८.	गरिबी निवारण कोष	-	३०.९७
	समग्र प्रगति प्रतिशत	८५.९६	७४.५३

जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भू-सम्बन्ध व्यवस्थापन, गरीबसँग विश्वेश्वर र गरिबी निवारण कोषको कार्यक्रम लगायतको वित्तीय प्रगतिको तुलनामा भौतिक प्रगति न्यून देखिएकाले वार्षिक लक्ष्यअनुसार प्रगति हासिल हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

४. **पन्ध्रौं योजना कार्यान्वयन**- पन्ध्रौं योजनाको दोस्रो वर्षमा पाँच उत्पादन क्षेत्रमा कृयाशील सहकारीलाई नमूना सहकारी बनाउने र एक सहकारी शीत भण्डार निर्माण गर्ने लक्ष्य रहेकोमा कार्यान्वयन नभएको, जग्गाको खण्डीकरण २.२२ प्रतिशतले घटाउने लक्ष्य रहेकोमा ४.२३ प्रतिशतले वृद्धि भएको, ६५ प्रतिशत सहकारी संस्थाहरू सहकारी तथा गरिबी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) मा आवद्ध हुने लक्ष्य रहेकोमा २७.५८ प्रतिशतमात्र आवद्ध भएको, २० हजार वर्गकिलोमिटर लाइडार सर्भेक्षण र नक्साङ्कन गर्ने लक्ष्य रहेकोमा १४.५ वर्गकिलोमिटर भएको, भूमिसुधार तथा मालपोत कार्यालयहरूमा रहेको स्रेस्ता २ करोड ८६ लाख पृष्ठ डिजिटलाइजेशन गर्ने लक्ष्य रहेकोमा १ करोड २५ लाख पृष्ठमात्र सम्पन्न भएको प्रगति विवरणबाट देखिएको छ । समग्रमा आवधिक योजनाले निर्धारण गरेका सूचकहरूको प्रगति विश्लेषण गर्दा योजना कार्यान्वयनमा प्रगति न्यून देखिएको छ । योजनाले लक्षित गरेका कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता बढाउनुपर्दछ ।

५. **बजेट वक्तव्य कार्यान्वयन** - बजेट वक्तव्य २०७७।७८ मा गरीव घरपरिवार पहिचान गर्न १५ जिल्लामा तथ्याङ्क सङ्कलन गर्ने लक्ष्य रहेकोमा ११ जिल्लामा सम्पन्न भएको र गरिबी निवारण कोषद्वारा प्रवर्द्धित ५५१ सामुदायिक संस्थालाई सहकारी संस्थाको रूपमा दर्ता तथा परिचालन गर्ने, सहकारी सङ्ग संस्थाहरूको साझेदारीमा १० व्यावसायिक आयोजनालाई पुँजीगत अनुदान उपलब्ध गराउने, ३०० स्थानीय तहमा भूमि बैङ्क स्थापना गर्ने, एकीकृत भूमि ऐन तर्जुमा गर्ने, स्थानीय तहमा सेवा हस्तान्तरण सम्बन्धी मोडालिटी तयार गरी ६० कार्यालय हस्तान्तरण गर्ने, सुकुम्बासी व्यवस्थापन तथा अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्न १०० स्थानीय तहमा जग्गा धनी पूर्जा वितरण गर्ने लगायतका कार्य कार्यान्वयन भएका छैनन् । बजेट वक्तव्यमा उल्लिखित कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

६. **सेवा प्रवाह** - सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ मा प्रत्येक पदाधिकारी तथा कर्मचारीले कार्यविवरणमा तोकिएबमोजिम कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ । सेवा प्रवाह सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

६.१ सबै मालपोत तथा नापी कार्यालयबीच सञ्जालीकरण गरी एकीकृत भू-सूचना अभिलेख व्यवस्थापन प्रणालीमार्फत सेवा प्रवाह हुन नसकेको, सङ्गठन संरचना स्वीकृत भएका १३१ मालपोत कार्यालय मध्ये १२६ कार्यालयमात्र सञ्चालनमा आएका, ७८ मालपोत कार्यालयले आफ्नै सरकारी भवनबाट र बाँकी कार्यालयले भाडाको भवनबाट सेवा प्रवाह गरेका छन् । उल्लिखित स्थितिमा भू-अभिलेख व्यवस्थापन सूचना प्रणालीमा १२६ वटै मालपोत कार्यालयलाई आबद्ध गरेपनि आवश्यकता अनुरूप कार्यालय भवन नभएकोले सो निर्माण गरी बाँकी ६ मालपोत कार्यालयबाट समेत सेवा सञ्चालन गरी नागरिकलाई सेवा प्रदान गर्ने कार्यमा प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ ।

६.२ भूमि व्यवस्थापन तथा अभिलेख विभाग मातहतका मालपोत कार्यालयहरूका १ लाख ९५ हजार ७५ मोठ ठेली रहेकोमा १ लाख २३ हजार ८५५ मोठ ठेली बाइण्डिङ्ग भएको, ७१ हजार २२० ठेली

बाइण्डिङ्ग तथा ६२ हजार ४८९ ठेली मर्मत गर्न बाँकी रहेको छ । नागरिकको सम्पत्तिसँग सम्बन्धित महत्वपूर्ण अभिलेखको रूपमा रहेका मोठहरूको मर्मत सम्भार तथा बाइण्डिङ्ग गरी सुरक्षण गर्नुपर्दछ ।

६.३ मोहीको लगत कट्टासम्बन्धी बाँडफाँट, छोडपत्र, जग्गा छोडेको, अदालतको फैसला र अन्य समेत २१ भूमिसुधार तथा मालपोत कार्यालयमा रहेका ३८ हजार ६४५ मुद्दामध्ये १५ हजार ४६५ फर्स्यौट भई २३ हजार १८० मुद्दा फर्स्यौट गर्न बाँकी रहेका छन् ।त्यसैगरी मोही कायम, मोही नामसारी, मोही प्रमाणपत्र, मोही निष्काशन लगायतका विषयमा यस वर्षसम्म २७ हजार ४८६ मुद्दा दर्ता रहेकोमा यो वर्ष ८ हजार ४१६ फर्स्यौट गरी १९ हजार ७० मुद्दा फर्स्यौट गर्न बाँकी रहेको छ । मुद्दा फर्स्यौट कार्यमा दक्षता वृद्धि गरी सेवा प्रवाह थप प्रभावकारी बनाउनुपर्ने देखिएको छ ।

६.४ मन्त्रालय र मातहत निकायको स्वीकृत दरबन्दी ६ हजार ६५४ मध्ये भूमि व्यवस्थापन तथा अभिलेख विभागतर्फ ९४६, नापी विभागतर्फ ८९८ र सहकारी विभागतर्फ ४ समेत १ हजार ८४८ पद रिक्त रहेको छ । रिक्त पदहरूमध्ये मालपोत कार्यालय, नापी कार्यालयलगायत दैनिक रूपमा नागरिकलाई सेवा दिनुपर्ने कार्यालयहरू रहेका छन् । आवश्यक दरबन्दी पदपूर्ति नहुँदा सेवा प्रवाह प्रभावित हुने भएकोले दरबन्दीअनुसारको पदपूर्ति गर्नुपर्दछ ।

६.५ राष्ट्रिय विकास समस्या समाधान समितिको २०७७।१०।२ को निर्णयले एउटै प्रकृतिको कार्य सम्पादन गर्न जिल्लास्तरमा मालपोत र नापी दुई कार्यालय कायम रहेको हुँदा सेवाग्राहीहरूलाई थप कठिनाइ हुने भएकोले सेवा प्रवाहलाई सरल, सहज, चुस्त र सेवाग्राहीमैत्री बनाउन भूमि व्यवस्था सम्बन्धी सेवा प्रवाह प्रणाली र संगठनात्मक पुनर्संरचना गरी एकीकृत सेवा प्रदान गर्ने व्यवस्था मिलाउन र दीर्घकालीन समाधानको लागि मन्त्रालयले भूमि व्यवस्थासम्बन्धी सेवा प्रवाह प्रणाली र साङ्गठनिक पुनर्संरचनासम्बन्धी विस्तृत अध्ययन गरी ३ महिनाभित्र मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्ने निर्देशन दिएको छ । मन्त्रालयले हालसम्म एकीकृत सेवा प्रदान गर्ने व्यवस्था गरेको छैन । साथै दीर्घकालीन समाधानको लागि प्रस्ताव पेस गरेको पनि देखिएन । मन्त्रालयले एकीकृत प्रणाली मार्फत् सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्दछ।

७. **भूमिसम्बन्धी समस्या समाधान -** नेपाल सरकारले भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनको लागि २०७७।१।१ मा सात सदस्यीय भूमि समस्या समाधान आयोग गठन गरेको छ ।आयोगको काम कारबाहीलाई सहयोग, समन्वय र सहजीकरण गर्न प्रत्येक जिल्लामा जिल्ला समिति रहने, आयोगले गरेको कामको प्रगति विवरण चौमासिक रूपमा मन्त्रालयमा पेस गर्नुपर्ने उल्लेख छ ।आयोगले नेपाल सरकारले विगतमा गठन गरेका आयोग, कार्यदल वा समितिले पुरा गर्न बाँकी राखेको अधुरो कार्यको विषयमा ४३ हजार ८५५ र ७५३ मध्येका ७४३ स्थानीय तहसँगको सहकार्यमा भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीतर्फ २ लाख ४७ हजार ९६० र अव्यवस्थित बसोवासी तर्फ ९ लाख ३२ हजार ८०१ समेत १२ लाख २४ हजार ६१६ निवेदन सङ्कलन गरेको उल्लेख छ । यो वर्ष पदाधिकारी तथा कर्मचारीको तलब भत्तामा रू.५ करोड २३ लाख ८५ हजार समेत चालु र पुँजीगत बजेटबाट कुल रू.८ करोड १५ लाख खर्च गरेको छ। नेपाल सरकारले पटक पटक यस प्रकृतिका आयोग गठन गरे पनि सुकुम्बासी समस्या समाधान हुन सकेको छैन । विगतको आयोगले गरेको काम समेतको आधारमा वास्तविक भूमिहीन र अव्यवस्थित बसोवासी पहिचान गरी भूमिसम्बन्धी समस्याको दीर्घकालीन समाधान गर्नुपर्दछ ।

८. **सार्वजनिक जग्गा जाँचबुझ आयोग -** नेपाल सरकार मन्त्रिपरिषद्को २०७६।२।६ को निर्णयबाट ६ महिनाको कार्यकाल तोकी 'सरकारी, सार्वजनिक गुठी जग्गा संरक्षण सम्बन्धी जाँचबुझ आयोग' गठन भएकोमा चौथो पटक २०७७ माघ मसान्तसम्म म्याद थप भई सो पश्चात् आयोग विघटन भएको छ। आयोगमा ३२६ उजुरी दर्ता हुन आएकोमा गत वर्ष १० र २०७७ माघ मसान्तसम्म २३ समेत ३३ उजुरी माथि छानबिन गरी प्रतिवेदन दिएको देखिन्छ । आयोगले पेस गरेको प्रतिवेदनमध्ये १० प्रतिवेदनको आधारमा मन्त्रिपरिषद्बाट २०७६।१०।६ मा निर्णय भएबमोजिम वाँके, मकवानपुर, रौतहट, भोजपुर र कास्की जिल्ला समेत ३२० रोपनी जग्गा नेपाल सरकारको नाममा कायम गर्न मन्त्रालयले मातहत विभाग तथा कार्यालयहरूमा लेखी पठाएको छ । तर उक्त प्रतिवेदनको कार्यान्वयनको अवस्था सम्बन्धमा मन्त्रालयले अनुगमन गरेको छैन ।

९. **जग्गा खण्डीकरण** - भू-उपयोग ऐन, २०७६ मा स्थानीय आवासीय प्रयोजनको लागि वर्गीकरण गरिएको क्षेत्र बाहेक अन्य क्षेत्रमा व्यावसायिक घडेरी विकास र बिक्री वितरण गर्न नपाइने उल्लेख छ । कृषियोग्य जमिनको बढ्दो खण्डीकरण नियन्त्रण गर्न २०७४।४।२६ मा वर्षको एकपटक बाहेक खेतीयोग्य जग्गाको कित्ताकाट गर्न नपाइने निर्णय गरेकोमा पुनः २०७५।९।२७ मा समेत खेती योग्य जग्गा कुनै पनि प्रकारले कित्ताकाट गरी घडेरीको रूपमा बिक्री वितरण गर्न वा हक हस्तान्तरण गर्ने गरी लिखत पास गर्न नपाइने निर्णय दोहोऱ्याएको छ । एकातर्फ जारी ऐन तथा निर्देशनको प्रभावकारी अनुगमन नहुँदा अंशबण्डा, छोडपत्र, बकस तथा हालसाविकका नाममा खेतीयोग्य जग्गाको खण्डीकरण नरोकिएको र अर्कोतर्फ समस्यामा परी कित्ताकाट गर्नुपर्ने अवस्थामा सर्वसाधारणले अनावश्यक झमेला भोग्नुपर्ने अवस्था छ । यो वर्ष जग्गाको खण्डीकरण दर २.२२ प्रतिशतले न्यूनीकरण गर्ने लक्ष्य रहेकोमा ४.२३ प्रतिशतले वृद्धि भएको छ । जग्गाको खण्डीकरण तथा कित्ताकाटलाई व्यवस्थित गर्नेगरी आधार र मापदण्ड तोकी प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

१०. **लिज कार्यनीति कार्यान्वयन -** सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१ मा भोगाधिकारको रूपमा सरकारी जग्गा प्राप्त गर्ने व्यक्ति, संस्थाले त्यस्तो सरकारी जग्गाको भोगाधिकार कार्यनीतिबमोजिम लिजमा परिणत गर्नुपर्ने, लिजमा उपलब्ध गराएको जग्गाको विवरण वेबसाइटमा राख्नुपर्ने, सो जग्गाको उपयोग सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्नुपर्ने, लिजमा दिएका जग्गाको एकीकृत वार्षिक प्रगति प्रतिवेदन मन्त्रालयमा पेस गर्नुपर्ने व्यवस्थालगायतका विषय कार्यान्वयन भएको छैन ।

सोही कार्यनीतिमा भोगाधिकार प्राप्त व्यक्ति वा निकायले लिजमा परिणत गर्ने म्याद समाप्त भएपछि निकायलाई त्यस्तो भोगाधिकार अन्त्य भएको जानकारी गराउने र भोगाधिकार पाएको संस्थाको नाम कट्टा गर्ने व्यवस्था छ । विगतमा सरकारी जग्गाको भोगाधिकार उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०५९ बमोजिम तराईका १३ जिल्लामा २ हजार ८५७ बिघा, पहाडका १७ जिल्लामा ४ हजार १४ रोपनी तथा दोलखा, दैलेख र कालिकोट जिल्लामा २६ हजार ७३८ वर्गमिटर जग्गा भोगाधिकार दिएकोमा २०७८ आषाढसम्म २१ जिल्लाका ३० निकायलाई १० लाख १ हजार वर्ग मिटर जग्गामात्र लिजमा उपलब्ध गराएको उल्लेख छ। यसरी कार्यनीतिअनुसार लिजमा परिणत नभएका

बाँकी जग्गा सम्बन्धित व्यक्ति/संस्थाको भोगाधिकारको लगत कट्टा गरी नेपाल सरकारको नाममा लगत कायम गर्नुपर्दछ ।

केही सरकारी निकायले समेत आवश्यक प्रक्रिया पुरा नगरी सरकारी जग्गा जमिनमा संरचना खडा गरी व्यवसायजन्य कार्यसमेत गरिरहेका छन् । उक्त अवस्थामा सरकारी जग्गा लिजमा लिएको समेत देखिदैन । लिज कार्यनीतिको व्यवस्थाअनुसार यसप्रकारका जग्गाको अभिलेख राखी निश्चित शुल्क लिने विषयमा मन्त्रालयबाट आवश्यक निर्देशन दिने व्यवस्था मिलाउनुपर्दछ ।

११. **जग्गाको हदबन्दी -** भूमिसम्बन्धी ऐन, २०२१ मा कुनै परिवारले भित्री मधेश समेत तराई क्षेत्रमा १० बिघा, काठमाडौं उपत्यकामा २५ रोपनी र काठमाडौं उपत्यका बाहेक सम्पूर्ण पहाडी क्षेत्रमा ७० रोपनीको हदसम्म जग्गा राख्नसक्ने व्यवस्था छ । उक्त ऐनमा नेपाल सरकारले सूचित आदेशद्वारा तोकिएको शर्तमा सार्वजनिक संस्था, उद्योग, प्रतिष्ठान, कम्पनी वा आयोजना र अन्य शिक्षण वा स्वास्थ्य संस्था, उद्योग, घर जग्गा व्यावसाय, सहकारी खेतीको लागि हदबन्दीभन्दा बढी जग्गा राख्न स्वीकृति दिनसक्ने व्यवस्था छ । यस वर्षसम्म हदबन्दी छुट भएका १६७ संस्थाको पहाडतर्फ ७६ हजार ७६६ रोपनी र तराईतर्फ ८ हजार ४२९ बिघा जमिन रहेको छ । त्यस्तो सुविधा प्राप्त परिवार तथा संस्थाले हदबन्दीभन्दा बढी जग्गाको उद्देश्यअनुरूप उपयोग गरे/नगरेको सम्बन्धमा अनुगमन गरी यकिन गर्नुपर्दछ।

११.१ भूमि व्यवस्थापन तथा अभिलेख विभागको भू-अभिलेख सूचना प्रणालीको अभिलेखअनुसार एक व्यक्तिको नाममा ललितपुरमा २८.८३ रोपनी जग्गा रहेको छ । ललितपुरका उल्लिखित व्यक्ति र एक अर्को व्यक्तिको संयुक्त नाममा चितवनमा ६६.६७ रोपनी घर जग्गा रहेको अवस्था छ । कानूनले तोकेको हदभन्दा बढी देखिएका ३.८३ रोपनी जग्गा सम्बन्धमा यकिन गरी ऐनमा भएको व्यवस्थाअनुसार कारबाही गर्नुको अतिरिक्त हदबन्दीभन्दा बढी जग्गा रहेका अन्य व्यक्तिको समेत छानबिन गर्नुपर्दछ ।

उल्लिखित जग्गाधनीले ललितपुर उपमहानगरपालिका ५(घ)१ को २ रोपनी जग्गा रजिष्ट्रेसन नम्बर ५५४(क) २०७८।३।३१ बाट एक निजी विद्यालयलाई रू.७ करोड ४ लाखमा निःसर्ग गरेको देखिन्छ। यसरी हदबन्दी भन्दा बढी जग्गा भएको व्यक्तिले बिक्री गरेको जग्गाको लिखत पास गर्ने कार्य कानून सम्मत भएको नदेखिएकोले सो लिखतबाट बिक्री भएको जग्गा भूमि सम्बन्धी ऐन, २०२१ को दफा ७(३) अनुसार जफत गर्नुपर्दछ ।

११.२ कम्पनी ऐन, २०६३ अन्तर्गत दर्ता भएका संस्थाहरूबाट सञ्चालन हुँदै आएको घर जग्गाको व्यावसायिक कारोबारलाई व्यवस्थित गर्नका लागि 'हदबन्दीभन्दा बढी जग्गा राख्न छुट दिने सम्बन्धमा जारी भएको आदेश, २०६८' ले काठमाडौं उपत्यकामा ६० रोपनीभन्दा बढी जग्गा हाउजिङ्ग कम्पनीले खरिद गर्न नपाउने गरी हदबन्दी तोकिएको छ। सो आदेश जारी हुनुभन्दा अगाडि ४७ हाउजिङ्ग कम्पनीले काठमाडौं उपत्यकामा हदबन्दीभन्दा बढी जग्गा खरिद गर्न स्वीकृति माग गरेकोमा ४३ कम्पनीलाई ६० रोपनीभन्दा बढी जग्गा खरिदको स्वीकृति दिएको पाइयो । उल्लिखित कम्पनीहरूले पूर्वस्वीकृतिका आधारमा कारोबार गरिरहेका छन् ।जग्गाको हदबन्दी छुट दिने सम्बन्धी आदेश, २०७४ मा हाउजिङ्ग कम्पनीलाई हदबन्दी छुट दिने सम्बन्धमा कुनै व्यवस्था नभएको र पहिले स्वीकृति लिएका हाउजिङ्ग कम्पनीहरूको सम्बन्धमा समेत उल्लेख गरेको छैन । हदबन्दी छुट दिने सम्बन्धमा विभिन्न समयमा तदर्थ प्रकृतिका

आदेश जारी गरेको विषयमा तत्पश्चातको कानूनले सम्बोधन नगरेको हुँदा यस्तो स्वीकृतिबाट भए गरेका कार्यहरू बन्द गर्न सम्बन्धितलाई निर्देशन दिने गरी नीतिगत स्थिरता कायम गर्नुपर्दछ ।

१२. **सरकारी तथा सार्वजनिक जग्गा** - नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयले सरकारी तथा सार्वजनिक जग्गाको राष्ट्रिय अभिलेख व्यवस्थापन गरी संरक्षण गर्नुपर्ने, जग्गा प्रशासन निर्देशिका, २०५८ को बुँदा नं. ४१४ मा सरकारी र सार्वजनिक जग्गा अनुसूची १९ र २० बमोजिमको ढाँचामा दर्ता गरी अभिलेख अद्यावधिक राख्नुपर्ने व्यवस्था छ। मन्त्रालयले तयार गरेको यस वर्षको वार्षिक प्रगति प्रतिवेदनमा सरकारी जग्गा २९ लाख ७ हजार ५४२ हेक्टर र सार्वजनिक जग्गा ४० लाख ५३ हजार ७१४ हेक्टर रहेको उल्लेख छ ।उक्त प्रतिवेदनमा महोत्तरीको जलेश्वर, डोल्पा, डडेल्धुरा, सप्तरीको राजविराज तथा कञ्चनपुर, अर्घाखाँची, कञ्चनपुरको महेन्द्रनगर र झलारी स्थित मालपोत कार्यालयअन्तर्गतको सरकारी तथा सार्वजनिक जग्गाको विवरण समावेश गरेको छैन। सबै मालपोत कार्यालयबाट सरकारी सार्वजनिक जग्गाको अभिलेख प्राप्त गरी सरकारी/सार्वजनिक जग्गाको एकीकृत अभिलेख तयार गर्नुपर्दछ ।

१३. **सरकारी जग्गाको संरक्षण** - मुलुकी देवानी संहिता, २०७४ को दफा ३०६ र ३०७ मा सरकारी, सार्वजनिक जग्गा मिची, घुसाई आफ्नो कब्जामा राख्न नहुने, नेपाल सरकारको स्वीकृति नभई यस्तो जग्गामा निजी प्रयोजनको लागि कुनै संरचना निर्माण गरेको भएमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो संरचना भत्काउन आदेश दिने, नभत्काएमा आफैंले भत्काउनुपर्ने व्यवस्था छ । यससम्बन्धी व्यहोरा निम्नानुसार छन्:

१३.१ भूमिसुधार तथा मालपोत कार्यालय, ललितपुरका संयुक्त जग्गाधनी तीन जनाले छम्पी ७क. को साविक कित्ता नम्बर २६ को ९ रोपनी ८ आना जग्गा २०६७।८।५ मा राजिनामा पास गरी खरिद गरेका छन् । निजहरूले सो जग्गा ट्रायल चेकको लागि निवेदन दिएकोमा मालपोत कार्यालयको २०६७।११।६ को निर्णयबाट उक्त कित्ताको जग्गाको क्षेत्रफलमा ३ रोपनी ४ आना थप भई कुल क्षेत्रफल १२ रोपनी १२ आना कायम गरी जग्गाधनी दर्ता स्रेस्तामा कायम गरेको देखिन्छ । हाल उक्त जग्गा ४१ कित्तामा कित्ताकाट गरी विभिन्न व्यक्तिलाई निःसर्ग गरेकोमा उक्त जग्गाको नापी नक्सा भिडान गर्दा हाल कायम भएका ९ कित्तामा सार्वजनिक जग्गा तथा पर्ती जग्गा घुसाई क्षेत्रफल वृद्धि गरेको देखिन्छ ।साविकको एक कित्ताबाट कित्ताकाट गरी रजिष्ट्रेसन नं. ६३०५ग-२०७८।३।३० बाट निःसर्ग गरेको कित्ताको जग्गाको थैली अङ्कको आधारमा रू.४ करोड ५२ लाख १७ हजार मूल्य बराबरको जग्गा बढाएको देखिन्छ । यसरी सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गर्ने मालपोत र नापी कार्यालयका तत्कालीन पदाधिकारी तथा संलग्न व्यक्तिलाई मुलुकी देवानी संहिता, २०७४ को दफा ३११ तथा अन्य कानूनबमोजिम कारबाही गरी उक्त जग्गा नेपाल सरकारको नाममा दर्ता स्रेस्ता खडा गर्नुपर्दछ ।

१३.२ साविक महाँकाल, हाल बुढानीलकण्ठ नगरपालिका वडा नं.९ को दुई कित्ताको ३६.५६ रोपनी जग्गा नापी कार्यालयको फिल्डबुक र मालपोत कार्यालयको जग्गा धनी दर्ता स्रेस्ता किताबअनुसार साविकको धोबिखोला जनिई नेपाल सरकारको नाममा दर्ता कायम रहेको देखिन्छ । लेखापरीक्षणको क्रममा २०७९।१।६ मा स्थलगत निरीक्षण गर्दा उक्त जग्गा विभिन्न व्यक्तिले कब्जा गरी करिब १०० घर

टहरा निर्माण गरी निजी विद्यालय, ग्याँस डिलर, मासु पसल, किराना पसल, गाडी मर्मत केन्द्रलगायतका व्यवसाय सञ्चालन गरिरहेको देखियो । मालपोत कार्यालय, चाबहिलको २०७७।११।१४ को सोही स्थानको अन्य जग्गाको कारोबार मूल्यको आधारमा उक्त जग्गाको मूल्य रू.१ अर्ब ९७ करोड २३ लाख हुन आउछ । नेपाल सरकारको नाममा रहेको जग्गा कब्जा गरी निजी फाइदाको लागि प्रयोग गर्ने व्यक्ति तथा संस्थाहरूलाई कानूनअनुसार आवश्यक कारबाही गरी अनधिकृत रूपमा निर्माण गरेका भौतिक संरचनाहरू भत्काई नेपाल सरकारको नाममा रहेको जग्गाको संरक्षण गर्नुपर्दछ ।

१३.३ नापी कार्यालय, चावहिलमा रहेको विक्रम सम्वत् २०२२ को नापीबाट कायम मोठ नम्बर ११/३३७१ र फिल्डबुकअनुसार १७.६३ रोपनी क्षेत्रफल भएको सावित चपली ९(घ) कित्ता नम्बर २५५ को जग्गा धोबिखोला जनिई नेपाल सरकारको नाममा दर्ता कायम रहेकोमा नयाँ नापी पछिको फिल्डबुक र जग्गा धनी दर्ता स्रेस्ता किताबमा महाँकाल ९(घ) किता नम्बर १७३ को ९.५३ रोपनी जग्गा साविकको धोबिखोला जनिई नेपाल सरकारको नाममा दर्ता कायम भएको देखियो।तत्कालीन ६ नम्बर नापी गोस्वारा कार्यालय, वसुन्धरा, काठमाडौँले २०६४ जेठमा तयार गरेको नक्सासँग हाल कायम नक्सा भिडान गर्दा कित्ता नम्बर १७३ सावित धोबिखोला कायम भएको सरकारी जग्गामध्ये ८.१० रोपनी क्षेत्रफल कित्ता नम्बर ४२, ४६, ४७, ९३ लगायतका २० कित्तामा घुसेको देखिन्छ । मालपोत कार्यालय, चाबहिलको रजिष्ट्रेसन नं. २५३४(क) २०७७।११।१४ बाट पारित भएको सोही स्थान आसपासको कारोबारको आधारमा रू.४३ करोड ६९ लाख पर्ने उल्लिखित जग्गा हालसाविकको निर्णयबाट कानून विपरीत व्यक्तिको नाममा दर्ता गरेको पाइएकोले सो मा संलग्न मालपोत कार्यालय र नापी कार्यालयका तत्कालीन पदाधिकारी तथा अन्य सम्लग्न व्यक्तिलाई मुलुकी देवानी संहिता, २०७४ को दफा ३११ तथा अन्य कानूनबमोजिम आवश्यक कारबाही गरी व्यक्तिको नाममा दर्ता भएको सार्वजनिक जग्गा फिर्ता गरी नेपाल सरकारको नाममा कायम गर्नुपर्दछ ।

१३.४ मालपोत कार्यालय,चाबहिलको रजिष्ट्रेसन नं. ४०५१(क)-२०७८।३।१६ अनुसार एक निःसर्गकर्ताले रू.२ करोड ८६ लाखमा निःसर्ग गरेको चपली भद्रकाली-२, कित्ता नम्बर ९७ को २७१.९० वर्गमिटर जग्गा वि.सं. २०२२ सालको नापी नक्सामा कित्ता नम्बर ८०० कायम भई १७२.६२ वर्ग मिटर क्षेत्रफल रहेको देखिन्छ । कार्यालयमा रहेको नापी कार्यालय, चाबहिलले नयाँ नापीको आधारमा २०७६।१।१९ मा ९९.२८ वर्ग मिटर क्षेत्रफल थप गरी हालको कित्ता नम्बर ९७ मा २७१.९० वर्ग मिटर क्षेत्रफल कायम गरेको छ । सोही आधारमा मालपोत कार्यालय चाबहिलले २०७८।३।१६ मा जग्गाधनी दर्ता स्रेस्ता अद्यावधिक गरेको छ । विक्रम सम्वत् २०२२ सालको नापी नक्सा र फिल्ड बुकमा कित्ता नम्बर ७७८ र ८०० को बीचमा गोरेटो बाटो र कित्ता नम्बर ८००, ७०७, ७७८ र ७९९ को बीचमा पर्ती जग्गा रहेकोमा नयाँ नापी पश्चात् गोरेटो र पर्ती जग्गा लोप भएको छ । कारोबार मूल्य रू.१ करोड ४ लाख भएको सरकारी जग्गालाई निजी जग्गामा घुसाएको सम्बन्धमा छानबिन गरी तत्कालीन जिम्मेवार पदाधिकारी तथा व्यक्तिलाई मुलुकी देवानी संहिता, २०७४ को दफा ३११ तथा अन्य कानूनबमोजिम कारबाही गरी उक्त जग्गा नेपाल सरकारको नाममा कायम गर्नुपर्दछ।

१४. **चिया बगानको जग्गा व्यक्तिको नाममा दर्ता -** भूमिसम्बन्धी ऐन,२०२१ को दफा १२ङ मा हदबन्दीभन्दा बढी जग्गा राख्न स्वीकृति पाएका कृषि फार्म, उद्योग प्रतिष्ठान वा कम्पनीबाट उद्देश्यअनुरूप प्रयोग भएको

नपाइएमा मन्त्रालयले जफत गरी नेपाल सरकारको नाममा कायम गर्ने उल्लेख छ । २०२१ सालको नापीअनुसार झापाको पूर्व-पश्चिम राजमार्गसँग जोडिएको अनारमनी-१को कित्ता नम्बर २३६(मोठ नम्बर १/५२) को ३ बिघा ६ कट्टा जग्गा त्यसपछि नापी हुँदा २ हजार ९३५ वर्ग मिटर जग्गा छुट्याई साविकबमोजिम एक चिया बगानको नाममा कित्ता नम्बर ४८ कायम गरेको मोठ नम्बर १३७/७३ र नापी कार्यालय भद्रपुरको फिल्ड बुकबाट देखिन्छ । सोही कार्यालयका ३ जग्गाधनीले अनारमनी १, कित्ता नम्बर २३७ र ९५१ मा रहेको २ बिघा ८ कट्टा ७$^{१}/_{२}$ धुर जग्गा हालसाविकको लागि २०६९।१२।१३ मा संयुक्त निवेदन दिएकोमा नापी कार्यालयले २०७०।८।१ मा कित्ता नम्बर २३७ र ९५१ को जग्गा अनारमनी - १ को नक्सा सिट नम्बर १८०-७०४२ मा कित्ता नम्बर ४८, ४९, ५१, ५२ र ५३ सँग भिडेको तर कित्ता नम्बर ४८ को जग्गा एक चिया बगानका नाममा दर्ता रहेकोले स्रेस्ता मिलान गरी हालसाविक गरिदिनु नपर्ने जनाई फिल्ड मुचुल्का र मिसिल मालपोत कार्यालयमा फिर्ता गरेको देखिन्छ। नापी कार्यालय भद्रपुरले पुनः २०७०।११।९ र २०७०।१२।१० मा कित्ता नम्बर ४८ को जग्गा उल्लिखित निवेदकमध्येका एक व्यक्तिको साविक कित्ता नम्बर २३७ भित्रको जग्गा भएकाले निजको नाममा हालसाविक गरी स्रेस्ता मिलान गर्न पत्राचार गरेको आधारमा मालपोत कार्यालय भद्रपुरले २०७०।१२।१२ मा उक्त २ हजार ९३५ वर्गमिटर जग्गा चिया बगानको नामबाट उक्त व्यक्तिको नाममा दर्ता स्रेस्ता कायम गरेको छ । जग्गा दर्ता स्रेस्ता (मोठ) र फिल्डबुक विपरित चिया बगानको नामबाट व्यक्तिको नाममा दर्ता भएको सम्बन्धमा छानबिन गरी सम्बन्धित व्यक्ति तथा पदाधिकारीलाई जिम्मेवार बनाई उक्त जग्गा साविक चिया बगानको नाममा स्रेस्ता कायम गर्नुपर्दछ ।

१५. **सरकारी जग्गा दर्ता -** मालपोत ऐन, २०३४ को दफा २४(२) ले सार्वजनिक सरकारी जग्गा जसको नाममा जुनसुकै तरिकाबाट दर्ता गराए पनि नेपाल सरकारको नाममा कायम गर्ने व्यवस्था छ । काठमाडौंको बानेश्वर र अनामनगरको सरकारी जग्गालाई मालपोत कार्यालयका कर्मचारीसमेतको मिलोमतोमा व्यक्तिको नाममा दर्ता गराएको विषयमा उजुरी परेपछि विभिन्न २९ कित्ताको ७ रोपनी ७ आना २ पैसा २ दाम जग्गा कार्यालयको २०७८।१।१७ को निर्णयले नेपाल सरकारको नाममा कायम गरे तापनि साविककै व्यक्तिहरूले भोगचलन गरिरहेका छन् । उक्त सरकारी जग्गाको संरक्षण र सदुपयोग गर्नुपर्दछ ।

रक्सौल-अमलेखगञ्ज खण्डमा पर्ने नेपाल गभरमेण्ट रेल्वेको नाउँमा रहेको १ हजार ७४९ बिघा जग्गा वि.सं. २०२२ सालमा उक्त रेल्वे बन्द भए पश्चात त्यसको संरचना र जग्गा संरक्षण हुन नसक्दा अतिक्रमित भएको छ । उक्त जग्गा हाल विभिन्न व्यक्ति/उद्योगहरूले कब्जा गरेका छन् । यस सम्बन्धमा छानबिन गरी सरकारी जग्गाको संरक्षण गर्ने व्यवस्था मिलाउनुपर्दछ । सार्वजनिक स्रोत साधनको अपव्यय र अतिक्रमण रोक्न मन्त्रालयले पर्याप्त ध्यान दिई मातहतका निकायलाई परिचालन गर्नुपर्दछ ।

१६. **भूमि बैङ्कको स्थापना** - भू-उपयोग ऐन,२०७६ को दफा २१ मा नेपाल सरकारले आवश्यकताअनुसार स्थानीय तहमा भूमि बैङ्क स्थापना गर्न सक्ने उल्लेख छ । राष्ट्रिय भूमि नीति, २०७५, पन्ध्रौ योजना र २०७७।७८को नीति तथा कार्यक्रममा भूमि बैङ्क स्थापना र सञ्चालन गरिने उल्लेख छ । त्यसैगरी

२०७७।७८ को बजेट वक्तव्यमा सङ्घ, प्रदेश र स्थानीय तहको सहलगानीमा ३०० स्थानीय तहमा भूमि बैङ्कका इकाई स्थापना गरिने, बाँझो जमिन धेरै भएका स्थानीय तहबाट भूमि बैङ्क स्थापना शुरु गरी क्रमशः सबै स्थानीय तहमा लागू गरिने, भूमि बैङ्कमा शेयर लगानी गर्न रू.५० करोड व्यवस्था गरिने उल्लेख छ । दशौं पञ्चवर्षीय योजनादेखि नै भूमि बैङ्क स्थापना गर्ने व्यहोरा उल्लेख हुँदै आए तापनि सो सम्बन्धी विस्तृत कार्य योजना,सङ्गठन संरचना तथा आवश्यक कानून बन्न नसकेको कारण लागू हुन सकेको छैन । आवधिक योजना, नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेख भएका विषयहरू कार्यान्वयन हुनुपर्दछ ।

१७. **सहकारी प्रवर्द्धन कार्यक्रम -** सहकारी ऐन, २०७४ मा सहकारी संस्थाहरूको निरीक्षण तथा अनुगमन गर्ने जिम्मेवारी रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीको हुने उल्लेख छ । सहकारी प्रवर्द्धनको लागि सहकारीसँग सम्बन्धित अनुगमन, तालिम, गोष्ठी, सेमिनार,आदि सहकारी विभाग तथा सहकारी प्रशिक्षण केन्द्रले सञ्चालन गर्दै आएको छ । सोही किसिमका अनुगमन, प्रशिक्षण र गोष्ठी तथा सेमिनार सञ्चालन गर्न एक सहकारी महासंघलाई मन्त्रालयले रू.२ करोड ३५ लाख ९७ हजार निःशर्त अनुदान उपलब्ध गराएको देखियो । एकै प्रकृतिका कार्यहरू फरक फरक निकायबाट सम्पादन गर्दा समन्वय गरी दोहोरो नहुने गरी सञ्चालन गर्नुपर्दछ।

१८. **सहकारी प्रवर्द्धन कोष** - सहकारी ऐन, २०७४ मा सहकारी प्रवर्द्धन कोषमा सहकारी संस्थाहरूको जगेडा कोषमा रहेको रकमको ०.५ प्रतिशतले रकम साधारण सभाबाट लेखापरीक्षण प्रतिवेदन अनुमोदन भएको १५ दिनभित्र सहकारी संस्थाले कोषको खातामा रकम जम्मा गर्नुपर्ने व्यवस्था छ ।कोषमा रकम जम्मा नगर्ने सहकारीको लगत खडा गरी आवश्यक कारबाहीको लागि विभागमा लेखी पठाउने व्यवस्था भए पनि देशभरिका २९ हजार ८८६ सहकारी संस्थामध्ये अधिकांश संस्थाले उक्त कोषमा रकम जम्मा गरेका छैनन् ।कोषमा गत वर्षको जिम्मेवारी रू.१ करोड ६९ लाख २१ हजार र यो वर्षको थप रू.३ करोड ८ लाख ४८ हजार समेत रू.४ करोड ७७ लाख ६९ हजार मौज्दात रहेको छ ।कोष सचिवालयले सहकारीहरूबाट विवरण सङ्कलन नगरी बैङ्क स्टेटमेण्टको आधारमा कोषमा एकमुष्ठ आम्दानी जनाउने गरेकोले रकम दाखिला गर्ने सहकारीको विवरण यकिन हुने अवस्था छैन । सहकारी संस्थाहरूको अनुगमन गरी कोषमा जम्मा भएको रकम प्रभावकारी तवरले परिचालन गर्नुपर्दछ ।

१९. **समस्याग्रस्त सहकारी संस्था** - सहकारी ऐन, २०७४ को दफा १०४ मा सहकारी संस्थाको निरीक्षण र जाँचवाट सदस्यहरूको हित विपरीत कार्य गरेमा, सहकारीसम्बन्धी ऐन, नियम विपरीत कार्य गरेमा, आर्थिक संकट परेमा सहकारी विभागका रजिष्ट्रारको सिफारिसमा मन्त्रालयले सहकारी संस्थाहरूलाई समस्याग्रस्त घोषणा गर्न सक्ने व्यवस्था छ । बचत तथा ऋणको कारोबार गर्ने समस्याग्रस्त सहकारी संस्थाहरूको छानबिन गर्न गठित जाँचबुझ आयोग, २०७० को प्रतिवेदनअनुसार १५३ सहकारी संस्था समस्याग्रस्त देखिएकोमा मन्त्रालयले २०७४ मा १२ सहकारी संस्था मात्र समस्याग्रस्त घोषणा गरेको र १४१ संस्था समस्याग्रस्त घोषणा गर्न बाँकी रहेको देखिन्छ । बचतको हिनामिना गरी हाल कारबाहीमा परेको एक सहकारीलाई समेत समस्याग्रस्त घोषणा गरेको पाइएन । समयमै समस्याग्रस्त घोषणा नगरेको वा ढिलो घोषणा गरेको कारण सहकारीहरूबाट उठ्न सक्ने रकम पनि नउठ्ने अवस्था उत्पन्न भएको छ । प्रतिवेदनमा उल्लेख गरे बाहेक सहकारी विभागको निरीक्षणबाट ऐन विपरीत कार्य गरी

आर्थिक सङ्कटमा परेका सहकारीहरूलाई समस्याग्रस्त संस्था घोषणा गरेको देखिँदैन ।प्रतिवेदनका सुझाउको कार्यान्वयन तथा नेपाल राष्ट्र बैङ्कलगायत अन्य निकायसँग समन्वय गरी अनुगमनलाई थप प्रभावकारी बनाई सर्वसाधारणको बचत रकम जोखिमरहित बनाउन गत विगत वर्षसमेत औँल्याइएकोमा अपेक्षित सुधार भएको देखिएन ।

२०. **गरीब परिचयपत्र -** गरीब परिवार पहिचानको लागि आवश्यक तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने तथा पहिचान भएका परिवारलाई परिचयपत्र वितरण गर्ने प्रक्रियालाई व्यवस्थित गर्न गरीब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ जारी भएको छ । विगतमा गरीब घर परिवार सहयोग समन्वय बोर्डको सचिवालय मार्फत् २६ जिल्लामा गरिएको गरीब घर परिवार पहिचान सर्वेक्षणबाट ३ लाख ९१ हजार ८३१ गरीब घरपरिवार पहिचान गरेको छ । त्यसैगरी बाँकी ५१ जिल्लामध्ये यो वर्ष सम्म २३ जिल्लाबाट सङ्कलन भएको ११ लाख १० हजार ७७० तथ्याङ्क प्रशोधन तथा विश्लेषण भएको मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदनमा उल्लेख छ । विगतमा गरीब परिवारको रूपमा पहिचान भएका सबैलाई परिचयपत्र वितरण हुन सकेको छैन । प्राप्त विवरणअनुसार २०७५।७६ को ८ लाख ५० हजार लगायत हालसम्म सङ्कलन भएका घर परिवारको तथ्याङ्क विश्लेषण र वर्गीकरण गरी गरीब परिवारको सूचीमा पर्ने संख्या यकिन हुन बाँकी रहेको छ।समयमा कार्य योजना बनाई गरीब परिचयपत्र वितरण गर्ने कार्य सम्पन्न गर्नुपर्दछ ।

२१. **मेसिन खरिद -** मन्त्रालयले नक्सा प्रणालीलाई डिजिटलाईज गर्नको लागि एटीएम शैलीको नक्सा दिने मेसिन २०७७।३।१७ सम्म आपूर्ति गर्न एक आपूर्तकसँग २०७६।११।१७ मा रु.१९ लाख ८९ हजारको खरिद सम्झौता गरेको र सबै उपकरणको आपूर्ति र जडान भएपछि भुक्तानी हुने उल्लेख छ। मन्त्रालयले उक्त मेसिनको बिल, जाँचपास तथा जिन्सी दाखिला प्रतिवेदन संलग्न गरी २०७८।३।२३ मा पुरै रकम भुक्तानी गरेको छ ।उक्त मेसिन लेखापरीक्षणको समय २०७९।१।२० पश्चात आपूर्ति भए पनि उपयोगमा आएको देखिएन । मागबमोजिमको मेसिन आपूर्ति नहुँदै अन्तिम भुक्तानी दिएको सम्बन्धमा सम्बन्धित पदाधिकारी तथा आपूर्तिकर्ता जिम्मेवार हुनुपर्दछ ।

२२. **उपकरण खरिद -** गरीब घर परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रमको तथ्याङ्क प्रशोधनका लागि छुट्टै सर्भर स्थापनाको गर्न २०७७।३।२० सम्म आपूर्ति गर्न २०७७।२।१४ मा एक आपूर्तकसँग रू.३७ लाख ३४ हजारको खरिद सम्झौता भएकोमा तोकिएको समयमा आपूर्ति हुन नसकी २०७७।९।१९ सम्म म्याद थप भएको देखिन्छ । सम्झौताको बुँदा नं.२ मा सबै उपकरणको आपूर्ति र जडान भई निरीक्षण प्रतिवेदन प्राप्त भएपछि भुक्तानी दिने व्यवस्था रहेकोमा २०७७।९।२६ को जाँचपास प्रतिवेदनमा अपरेटिङ्ग सिस्टम सपोर्ट जडान नभएको उल्लेख छ । मन्त्रालयले सो सिष्टम जडान भएको सुनिश्चित नगरी गत वर्षको भुक्तानी रू.४ लाख ३३ हजार र यो वर्ष रू.३३ लाख १ हजारसमेत रू.३७ लाख ३४ हजार भुक्तानी गरेको छ । उक्त सर्भर लेखापरीक्षण अवधि (२०७९ वैसाख) सम्म पनि प्रयोगमा ल्याएको देखिएन । यस सम्बन्धमा मन्त्रालयले छानबिन गरी जिम्मेवार व्यक्तिलाई जवाफदेही बनाउनुपर्दछ ।

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

सर्वसाधारण जनताको सेवा, सुविधा र आर्थिक हित कायम राख्न भू-अभिलेख तथा स्रेस्ता व्यवस्थित गरी भू-सूचना प्रणालीको विकास गर्ने उद्देश्यले साविकको मालपोत र भूमिसुधार विभागलाई एकीकरण गरी २०५७ सालमा विभागको स्थापना भएको हो ।

२३. **कार्य सञ्चालन कोष** - भूमि व्यवस्थापन सुदृढीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०६७ मा साविकका जिल्ला विकास समिति, गाउँपालिका तथा नगरपालिकाबाट प्राप्त रकम बाँडफाँट गरी रू.६ लाख मालपोत कार्यालयले खर्च गर्ने र सोभन्दा माथिको रकम विभागको कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ ।कोषमा गत वर्षसम्म रू.१९ करोड ३७ लाख ११ हजार रहेकोमा यो वर्षको रू.२५ लाख ८० हजार आम्दानीसमेत रू.१९ करोड ६२ लाख ९१ हजारमध्ये रू.१७ करोड ९२ लाख ८९ हजार खर्च भै रू.१ करोड ७० लाख २ हजार मौज्दात देखिन्छ । कोषमा रहेको मौज्दात रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

२४. **अनिवार्य बचत** - भूमि सम्बन्धी ऐन,२०२१ को दफा ५९ख मा कुनै व्यक्तिले अनिवार्य बचतको रकम फिर्ता लिन चाहेमा यो दफा प्रारम्भ भएको मिति (आठौं संशोधन २०७६।१०।२८) ले एक वर्षभित्र सोको प्रमाणसहित कार्यालयमा निवेदन दिनुपर्ने र म्यादभित्र निवेदन पर्न नआएमा अनिवार्य बचतको रूपमा जम्मा भएको रकम राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । भूमिसुधार तथा मालपोत कार्यालय विराटनगरको प्रगति प्रतिवेदनमा अनिवार्य बचततर्फ फिर्ता गर्न बाँकी रू.६८ लाख १७ हजार, असुल गर्न बाँकी ऋण रू.८७ लाख ६६ हजार र बैङ्कमा मौज्दात रू.६६ लाख १० हजार रहेको उल्लेख छ । उल्लिखित अवधिमा बचत फिर्ताको लागि निवेदन प्राप्त भएको अभिलेखबाट नदेखिएकोले बैङ्क मौज्दात रकम सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

२५. **राजस्व हिनामिना** - साविक आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरी १५ दिनभन्दा बढी ढिलो गरेर जम्मा गरेमा २५ प्रतिशतसम्म जरिबाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्राअनुसार प्रचलित कानूनबमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था रहेकोमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा साविकको ऐनमा भएको जरिबाना १० प्रतिशत कायम गरी अन्य कारबाही साविककै कानून सरह रहेको छ । भूमिसुधार तथा मालपोत कार्यालय, कलैया,बाराका एक कर्मचारीले २०७५ श्रावणमा रजिष्ट्रेसन फाँट 'ग' मा कार्यरत रहँदा असुल गरेको रजिष्ट्रेसन दस्तुर,सेवा शुल्क र पुँजीगत लाभकर समेतको नगद राजस्व रू.७७ लाख ३८ हजार सम्बन्धित राजस्व खातामा दाखिला गरेको छैन। सोही कर्मचारी मालपोत कार्यालय, सिमरा, बारामा २०७५।४।२९ देखि २०७६।१।१२ सम्म निमित्त कार्यालय प्रमुख भई कार्यरत रहँदा कार्यालयले असुल गरेको रजिष्ट्रेसन दस्तुर, सेवा शुल्क तथा पुँजीगत लाभकरमध्ये रू.४ करोड ५१ लाख ४० हजार सम्बन्धित राजस्व खातामा दाखिला गरेको छैन। राजस्व रकम दाखिला नगरी हिनामिना गर्ने कर्मचारीबाट दाखिला गर्न बाँकी राजस्व र सोमा लाग्ने जरिबानासमेत असुल गरी कानूनबमोजिम कारबाही गर्नुपर्दछ ।

मालपोत कार्यालय, धनकुटाले २०७७।७८ मा नगदी रसिदवाट असुल गरेको राजस्वमध्ये रू.६७ लाख ७९ हजार राजस्व दाखिला नगरेकोले नगदी रसिद जिम्मा लिने कर्मचारीले कार्यालयमा कार्यरत अवधिको कारोबार छानबिन गर्न लेखी पठाएकोमा २०७५।७६ देखि २०७८।७९ अवधिमा मस्यौट गरेको रकममा ब्याजसमेत रू.१ करोड ६७ लाख ८ हजार असुल गरेको जानकारी दिएको छ। लेखापरीक्षणबाट औँल्याएको रकम र ब्याजमात्र असुल गरेर उन्मूक्ति नदिई प्रचलित कानूनअनुसार थप कारबाही गर्नुपर्दछ ।

२६. **डिजिटाइजेसन** - विभागअन्तर्गतका मालपोत कार्यालयहरूमा लिखत पारित सम्बन्धी कामलाई डिजिटाइजेसन गर्ने क्रममा विकास गरेको तीन सफ्टवेयरमध्ये जग्गा अभिलेख सूचना व्यवस्थापन प्रणाली १२६ मालपोत कार्यालयमा लागू भए तापनि सफ्टवेयरले सबै सूचना उपलब्ध गराउन सकेको छैन । विभागले एक सेवा प्रदायकसँग २०७६ सम्मका मोठ तथा पुराना स्रेस्ता कम्प्युटरकृत गर्ने कार्य २०७८।३।१४ मा सम्पन्न गर्न २०७६।४।१६ मा रु १३ करोड ५३ लाख ६२ हजारको सम्झौता गरेको छ । सो कार्यका लागि रू.५ करोड ९७ लाख ९३ हजार भुक्तानी भएकोमा हालसम्म कार्यसम्पन्न भएको छैन ।

भू-सेवा प्रणाली ७१ मालपोत कार्यालयमा मात्र लागू भएकोमा मध्यस्त बेगर सेवाग्राही आफैंले उपयोग गर्न सकेका छैनन् । जग्गाको कारोबारमा संलग्न लेखापढी व्यवसायीको मात्र पहुँच रहेको छ। यी तीनवटै प्रणाली मालपोतको सेवा प्रवाहको आधुनिकीकरणका लागि प्रयोगमा ल्याइएको भए तापनि एक आपसमा अन्तरआवद्धता गर्ने प्रणाली विकास गरेको छैन । विभागले यो सफ्टवेयरलाई मूल प्रणालीमा आवद्ध गराई सेवा प्रवाहमा प्रभावकारिता ल्याउनुपर्दछ ।

२७. **घटी थैली** - मालपोत नियमावली, २०३६ को नियम ५ख मा न्यूनतम मूल्य निर्धारण समितिले प्रत्येक वर्षको आषाढ मसान्त भित्र जग्गाको न्यूनतम मूल्य निर्धारण गर्ने र न्यूनतम मूल्य निर्धारण गर्ने आधारहरू आफैंले तोक्न सक्ने व्यवस्थाअनुसार २०७७।७८ को लागि जग्गाको न्यूनतम मूल्य निर्धारण गरेका छन् । मालपोत कार्यालय, भद्रपुरको रजिष्ट्रेसन नम्बर ४ र ६ अनुसार एक व्यक्तिले २०७७।४।१ मा अनारमनी ३ का कित्ता नम्बर ९५,९६ र १७० को २५३.९३ वर्गमिटर क्षेत्रफल भएका जग्गा रू.२१ लाखमा खरिद गरेकोमा रजिष्ट्रेसन नम्बर २०।२०७७।४।२ बाट आफैं सञ्चालक रहेको निजी अस्पताललाई रू.३ करोड ४० लाख थैली अङ्क कायम गरी निःसर्ग गरेको देखियो । एक दिनको फरकमा रू.३ करोड १९ लाख फरक थैली कायम गरी जग्गाको खरिद बिक्री कारोबार गर्ने कार्य प्रचलित बजार व्यवहार अनुरूप भएको नदेखिएकाले सो सम्बन्धमा छानबिन गरी एक दिनको फरकमा घटी थैली कायम भएको कारणले रजिष्ट्रेसन दस्तुर रू.१२ लाख ७६ हजार असुल गरी रू.२१ लाखमा खरिद गरेको जग्गा रू.३ करोड ४० लाखमा निःसर्गकर्ता आफैं सञ्चालक रहेको संस्थालाई बिक्री गर्दा छुट भएको करलगायतका विषयमा थप छानबिन गरी असुल गर्नुपर्दछ ।

२८. **रजिष्ट्रेसन र दृष्टिबन्धकको मूल्याङ्कन** - न्यूनतम मूल्य निर्धारण समितिले प्रत्येक वर्षको आषाढ मसान्त भित्र जग्गाको न्यूनतम मूल्य निर्धारण गर्ने र न्यूनतम मूल्य निर्धारण गर्ने आधारहरू आफैंले तोक्न सक्ने व्यवस्थाअनुसार समितिले भौतिक पूर्वाधार, सडक, विगतका पारित लिखत चलन चल्तीको खरिद बिक्री मूल्य र दृष्टिबन्धकको मूल्यलाई आधार मान्ने गरेका छन् । बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन,

२०७३ को दफा ५५मा राष्ट्र बैङ्कको निर्देशन तथा सञ्चालक समितिले निर्धारण गरेको कर्जा नीतिको अधीनमा रही बैङ्क तथा वित्तीय संस्थाले प्रयोजन खुलाएर मात्र कर्जा प्रवाह गर्नुपर्ने र कर्जा दिँदा आफूलाई मान्य हुने चल अचल सम्पत्ति सुरक्षण लिई वा अन्य उचित जमानीलाई आफ्नो र निक्षेपकर्ताको हितको सुरक्षा हुनेगरी कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

२८.१ भूमिसुधार तथा मालपोत कार्यालय, भद्रपुरको २०७७।४।२ को राजिनामा लिखतबाट अनारमनी ३ को ५७१.४८ वर्गमिटर क्षेत्रफल भएका ५ कित्ता जग्गा एक निजी अस्पतालले आफ्नै सञ्चालकबाट रू.८ करोड थैली अङ्क कायम गरी खरिद गरेकोमा सोही जग्गा तथा लिग-लगापात समेत २०७७।४।४ मा सोही कार्यालयबाट विभिन्न ४ वित्तीय सँस्थासँग दृष्टिबन्धक लिखत पारित गरी रू.१ अर्ब ७४ करोड ऋण लिएको देखियो । सञ्चालकले अस्पताललाई बिक्री गरेको जग्गाको लिखतमा लिग-लगापातको मूल्य समावेश गरेको छैन । जग्गाधनीले आफ्नो अचल सम्पत्तिको खरिद मूल्यभन्दा अधिक मूल्याङ्कन गराई वित्तीय संस्थाबाट ऋण लिंदा सर्वसाधारण निक्षेपकर्ताहरूको निक्षेप जोखिममा पर्ने भएकाले वास्तविक मूल्य भन्दा अधिक कर्जा प्रवाह गरेको कारोबारको विश्वसनीयता सम्बन्धमा नेपाल राष्ट्र बैङ्कले सम्बन्धित बैङ्कहरूको प्रभावकारी अनुगमन गरी सर्वसाधारणको निक्षेपको सुरक्षा गर्नुपर्दछ । एक दिनको फरकमा रजिष्ट्रेसन प्रयोजनमा जग्गाको थैली अङ्क न्यून देखाउने तर सोही जग्गा दृष्टिबन्धक गर्दा खरिद मूल्य भन्दा २२ गुणा बढी थैली अङ्क कायम गर्दा घटी राजस्व प्राप्त हुने गरी गरेको कारोबार सम्बन्धमा कार्यालयले थप छानबिन गरी छुट भएको राजस्व यकिन गरी असुल गर्नुपर्दछ ।

२८.२ भूमिसुधार तथा मालपोत कार्यालय, विराटनगरको लिखतअनुसार एक निजी बाल अस्पतालले २०७५।१०।२८ मा रू.८ करोड ७ लाख ११ हजारमा खरिद गरेको विराटनगर-१० को रङ्गेली जाने मूल बाटोमा पर्ने १ हजार ७०० वर्गमिटर क्षेत्रफल भएको चार कित्ता जग्गा खरिद मूल्यलाई नै हालको थैली कायम गरी एक निजी कम्पनीलाई २०७७।१२।१२ मा बिक्री गरेको छ । निजी कम्पनीले उक्त जग्गा सोही दिन एक वाणिज्य बैङ्कमा रू.६७ करोड ८० लाखमा धितो राखी ऋण लिन यसै कार्यालयबाट दृष्टिबन्धक लिखत पास गरेको छ । दुवै कम्पनीको सञ्चालक एकै व्यक्ति रहेका र खरिद मूल्य तथा धितो अङ्क बीच रू.५९ करोड ७२ लाख ८९ हजार फरक परेकोले दुई कम्पनी बीचको कारोबार सामान्य बजार व्यवहारअनुसार पनि देखिएन । उक्त जग्गाको कारोबार सम्बन्धमा छानबिन गरी छुट भएको राजस्व यकिन गरी असुल गर्नुपर्दछ ।

२८.३ भूमिसुधार तथा मालपोत कार्यालय, कलैयाको लिखतअनुसार सवारीसाधनको कारोबार गर्ने एक निजी कम्पनीले साविक प्रसौनी-२ को १-१८-७ बिघा क्षेत्रफल भएको ६ कित्ता जग्गा २०७८।३।२३ मा रू.१२ करोड ७६ लाख ५० हजारमा खरिद गरेकोमा भोलिपल्टै एक वाणिज्य बैङ्कमा रू.३४ करोडमा धितो बन्धक राखी ऋण लिएको छ । सो जग्गाको मूल्य एक दिनको फरकमा रजिष्ट्रेसन लिखत र दृष्टिबन्धक लिखतमा रू.२१ करोड २३ लाख ५० हजार फरक परेकोले वास्तविक बजार मूल्यअनुसार कारोवार भएको देखिएन । उक्त जग्गाको कारोबार सम्बन्धमा छानबिन गरी छुट भएको राजस्व यकिन गरी असुल गर्नुपर्दछ ।

२९. **कर नियोजन -** आयकर ऐन, २०५८ को दफा ३५ मा करमुक्ति योजनाको भागको रूपमा गरिएको कुनै प्रबन्ध वा प्रबन्धको कुनै भागलाई पुनः चारित्रीकरण गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको अनुसूची-

१ मा कम्पनीको आयमा २५ प्रतिशत कर लाग्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२९.१ भूमिसुधार तथा मालपोत कार्यालय, विराटनगरअन्तर्गत एक निजी कम्पनीको नाममा थलाहा-१ख मा रहेको १२ कित्ता जग्गा आफ्नै सञ्चालकहरूलाई २०७७।८।१० मा रू.१ करोड ९३ लाख ३ हजारमा राजिनामा पास गरी निःसर्ग गरेकोमा सञ्चालकहरूले सोही दिन राजिनामा पास गरी कृषि सम्बन्धी अर्को दुई फर्मलाई रू.५ करोड १५ लाख ३९ हजारमा बिक्री गरेका छन् । निःसर्गकर्ता कम्पनीले सञ्चालकलाई थोरै मूल्यमा बिक्री गरी ५ प्रतिशतमात्र लाभकर तिरी कर नियोजन गरेको देखिएकोले फरक परेको थैली रू.३ करोड २२ लाख ३६ हजारमा घटी हुन गएको २० प्रतिशत कर रू.६४ लाख ४७ हजार सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा आय-विवरण पेस गर्न लगाई असुल गर्नुपर्दछ।

२९.२ मालपोत कार्यालय, भरतपुरको रजिष्ट्रेसन नं. ३७४२ग २०७८।१।१६ अनुसार कृषि सम्बन्धी एक कम्पनीले कित्ता नम्बर१९०७,९६७ र ९६९ को १० हजार ५१३ वर्गमिटर जग्गा ६ जनाको नाममा संयुक्त दर्ता रहने गरी रू.१ करोड ७९ लाख ९० हजारमा राजिनामा पारित गरेकोमा उल्लिखित ६ जनाले सो जग्गा रजिष्ट्रेसन नं.३७६१ बाट २०७८।३।२२ मा आफ्नै परिवारका सदस्य सञ्चालक रहेको पोलिस्याक उत्पादन गर्ने अर्को कम्पनीललाई रू.१० करोड ७८ लाख २१ हजारमा बिक्री गरेको छ । निःसर्गकर्ता कम्पनीले २५ प्रतिशत करबाट उन्मुक्ति पाउन बीचमा कम थैलीको कारोबार खडा गरी ५ प्रतिशत पुँजीगत लाभकरमात्र तिरेको देखिएकोले दुई कारोबारबीचको फरक रकम रू.८ करोड ९८ लाख ३१ हजारमा २० प्रतिशतले हुने आयकर रू.१ करोड ७९ लाख ६६ हजार असुल गर्नुपर्दछ।

२९.३ भूमिसुधार तथा मालपोत कार्यालय,डिल्लीबजारको रजिष्ट्रेसन नं. २७९घ अनुसार निजी कम्पनीको रूपमा दर्ता एक कलेजले काठमाडौं महानगरपालिका-३ को कित्ता नम्बर १७६ को ६७६.२० वर्ग मिटर जग्गा र सोमा निर्मित घर २०७७।६।१८ मा आफ्नै एकल हिस्सेदारलाई रू.८ करोडमा बिक्री गरी १.५ प्रतिशत अग्रिम कर दाखिला गरेको छ । उल्लिखित खरिदकर्ताले सोही घर-जग्गा २०७७।१०।७ मा एक व्यक्तिलाई रू.१३ करोडमा बिक्री गरी खर्च कट्टी पछिको लाभमा ५ प्रतिशत पुँजीगत लाभकर दाखिला गरेको छ ।कलेजले संस्थागत लाभमा लाग्ने २५ प्रतिशत आयकरलाई कम गर्न सम्बद्ध व्यक्तिलाई न्यून थैलीमा बिक्री गरी कर नियोजन गरेकोले थप छानविन गरी न्यून थैली अङ्क रू.५ करोडमा छुटेको २० प्रतिशत आयकर रू.१ करोड र शुल्क समेत हिसाव गरेर कर निर्धारण गरी असुल गर्नु पर्दछ ।

२९.४ भूमिसुधार तथा मालपोत कार्यालय,कलैयाको लिखतअनुसार ललितपुर ठेगाना भएको एक निजी कम्पनीले प्रसौनि वडा न २ को १ बिघा ३ कट्ठा १२ धुर क्षेत्रफल भएको चार कित्ता जग्गा २०७८।२।२६ मा रू.२ करोड ५६ लाख ५० हजारमा दुई व्यक्तिलाई बिक्री गरेकोमा सोही जग्गा उक्त खरिदकर्ताले २०७८।३।२३ मा सवारी साधन सम्बन्धी कारोबार गर्ने अर्को एक निजी कम्पनीलाई पुनः रू.१० करोड २० लाखमा निःसर्ग गरेको छ ।

सोही कार्यालयको अर्को लिखतअनुसार ललितपुर ठेगाना भएको सोही कम्पनीले २०७१ सालमा खरिद गरेको प्रसौनि-२ कै १४ कट्ठा १५ धुर क्षेत्रफल भएको दुई कित्ता जग्गा २०७८।२।२३ र २६ मा कम्पनीकै एक सम्बद्ध व्यक्तिलाई रू.२६ लाख ५५ हजारमा निःसर्ग गरेकोमा उक्त सम्बद्ध

व्यक्तिले पनि सवारी साधन सम्बन्धी कारोबार गर्ने उल्लिखित निजी कम्पनीलाई नै २०७८।३।२३ मा रू.२ करोड ८० लाखमा बिक्री गरेको छ ।

स्थानीय तहको दुवै सिफारिसमा घर-बाटोको स्थिति यथावत रहे पनि १ महिनाको अन्तरालमा जग्गाको मूल्यमा क्रमशः चार गुणा र दश गुणा अन्तर रहेबाट ललितपुर ठेगाना भएको कम्पनीले मुनाफामा लाग्ने २५ प्रतिशत करबाट उन्मुक्ति पाउन बीचमा कम थैलीको कारोबार खडा गरी कर नियोजन गरेको देखिन्छ । यस प्रकार सम्बद्ध पक्षबीच भएको कारोबारको मुनाफा रू.२ करोड ५२ लाख ७८ हजार र दोस्रो कारोबारको मुनाफा रू.७ करोड ५७ लाख ७३ हजार समेत रू.१० करोड १० लाख ५१ हजारमा २० प्रतिशतले हुने आयकर रू.२ करोड २ लाख १० हजार असुल गर्नुपर्दछ।

३०. **पुँजीगत लाभकर** - आयकर ऐन, २०५८ को दफा ९५क (५) र जग्गा तथा घर जग्गा निःसर्गमा पुँजीगत लाभकर सम्बन्धी निर्देशिका, २०७२ बमोजिम जुनसुकै किसिमबाट स्वामित्त्व प्राप्त गरेको जग्गा तथा घरजग्गा भए तापनि ५ वर्ष अवधि नपुगेको भए ५ प्रतिशत र ५ वर्ष अवधि पुगेको भए २.५ प्रतिशत पुँजीगत लाभकर लिनुपर्ने व्यवस्था रहेकोमा सोअनुसार पुँजीगत लाभकर असुल नभएका व्यहोरा निम्नानुसार छन्।

३०.१ मालपोत कार्यालय, ललितपुर, चाबहिल र भैरहवाका ४१ निःसर्गकर्ताले पाँच वर्षभन्दा कम अवधि स्वामित्व भएको जग्गा निःसर्ग गर्दा ५ प्रतिशतका दरले पुँजीगत लाभकर असुल गर्नुपर्नेमा २.५ प्रतिशतका दरले मात्र असुल गरेकोले निःसर्ग रकम रू.७५ करोड २२ लाख ४७ हजारमा रू.२ करोड १५ लाख पुँजीगत लाभकर घटी असुल गरेका छन् ।उक्त रकम असुल गर्नुपर्दछ ।

३०.२ मालपोत कार्यालय, सिमराले २०७५।७६ मा चौध निःसर्गकर्ताहरूले ५ वर्षभन्दा कम अवधि स्वामित्व भएको रू.३ करोड २६ लाख ६० हजार मूल्यको जग्गा निःसर्ग गरेकामा रू.१५ लाख ८५ हजार पुँजीगत लाभकर असुल गरेको छैन ।उक्त रकम असुल गर्नुपर्दछ ।

३१. **थैली** - मालपोत कार्यालयबाट पारित हुने लिखतमा जग्गाको बाटोको स्तरका आधारमा न्यूनतम मूल्याङ्कन पुस्तिकामा उल्लिखित दरभन्दा घटी थैली कायम गरी राजीनामा पास गर्न नमिल्ने व्यवस्था छ ।भूमिसुधार तथा मालपोत कार्यालयहरू कलैया, पर्सा, ललितपुर, डिल्लीबजार तथा काभ्रेपलाञ्चोकले घटी थैली राखी लिखत पारित गर्दा रजिष्ट्रेसन दस्तुर रू.३ करोड ७ लाख ३३ हजार र पुँजीगत लाभकर रू.२ करोड ९० लाख ८९ हजारसमेत रू.५ करोड ९८ लाख २२ हजार घटी राजस्व असुल गरेका छन् । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

३१.१ भूमिसुधार तथा मालपोत कार्यालय, कलैयाको न्यूनतम मूल्याङ्कन पुस्तिकामा निजी प्लटिङ्ग जग्गाको हकमा प्रत्येक स्थानीय तहको पक्की बाटोको अधिकम मूल्याङ्कन सरह थैली कायम गर्नु पर्ने व्यवस्था छ। जग्गा कारोबार गर्ने विभिन्न व्यक्तिले अंशबण्डा, दर्ताफारी, बकसपत्र समेतलाई माध्यम बनाई कित्ताकाट गरी बाटो सहितका विकसित घडेरीहरू बिक्री गरेको नापी नक्सा तथा लिखतहरूबाट देखिन्छ। छनौटको आधारमा लिखत परीक्षण गर्दा निजी तवरले विकास गरेका घडेरीलाई मूल्याङ्कन पुस्तिकाबमोजिम सम्बन्धित स्थानीय तहको पक्की बाटोको अधिकतम दरको आधारमा न्यूनतम थैली कायम गर्नु पर्नेमा बाटो नै नभएको वा कच्ची बाटोसँग जोडिएको देखाई २०७५।७६ मा ३६

निःसर्गकर्ताले २६६ लिखतमा रू.१ करोड २२ लाख ४३ हजार रजिष्ट्रेसन दस्तुर तथा रू.१ करोड ३ लाख ७३ हजार पुँजीगत लाभकर र २०७७।७८ मा १६७ निःसर्गकर्ताले ६०८ लिखतमा रू.१ करोड ४० लाख ३० हजार रजिष्ट्रेसन दस्तुर तथा रू.१ करोड ५६ लाख २६ हजार पुँजीगत लाभकर समेत रू.५ करोड २२ लाख ७२ हजार राजस्व छुट भएकोले उक्त रकम असुल हुनु पर्दछ ।

३१.२ भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजार, काभ्रे र ललितपुरले जग्गाको न्यूनतम मूल्याङ्कन पुस्तिकामा उल्लेख दरभन्दा घटी थैली अङ्क कायम गरी लिखत पारित गर्दा ८ निःसर्गकर्ताको रू.३ करोड ८० लाख ६४ हजार घटी थैली कायम हुन गई रजिष्ट्रेसन दस्तुर रू.१६ लाख ४१ हजार र पुँजीगत लाभकर रू.११ लाख ३७ हजार समेत रू.२७ लाख ७८ हजार घटी भएको हुँदा उक्त रकम असुल गर्नुपर्दछ।

३१.३ भूमिसुधार तथा मालपोत कार्यालय, पर्साले रजिष्ट्रेसन नम्बर ख ५३४ बाट वेल्वा ५ को कित्ता नम्बर १६५,१६७, १७६, १७७ लगायत ११ कित्ताको ६ बिघा २ कट्ठा ३ धुर र लालपर्सा ४ को १६२ र १६३ को जग्गा २ बिघा ३ कट्ठा जग्गा एक स्पिनिङ्ग मिलले स्थानीय तहको बाटो नभएको सिफारिसको आधारमा प्रतिकट्ठा रू.१ लाखको दरले एक व्यक्तिलाई रू.१ करोड ६७ लाख १५ हजार थैली राखी रजिष्ट्रेसन पारित गरी दिएकोमा सो जग्गाको नापी नक्सामा बाटो छुट्याई कित्ताकाट भएको देखिन्छ । सो वर्षको मूल्याङ्कन पुस्तिकाअनुसार घडेरीयुक्त जग्गालाई कच्ची बाटोले छोए सरह मूल्याङ्कन गर्दा घटीमा रू.३ करोड ३० लाख ३० हजार हुनेमा रू.१ करोड ६३ लाख १५ हजार घटी मूल्याङ्कन गरी रजिष्ट्रेसन दस्तुर रू.८ लाख ९७ हजार र पुँजीगत लाभकर रू.२ लाख ४५ हजार समेत रू.११ लाख ४२ हजार घटी असुल भएको छ । यस सम्बन्धमा थप छानबिन गरी छुट भएको राजस्व असुल हुनुपर्दछ ।

३१.४ एक पटक कायम भैसकेको थैली घटाउन नमिल्नेमा भूमिसुधार तथा मालपोत कार्यालय ललितपुर र डिल्लिबजारका निःसर्गकर्ताले ती जग्गा खरिद गर्दाको थैलीभन्दा रू.३ करोड ७५ लाख १६ हजार घटीमा लिखत पारित गर्दा रजिष्ट्रेसन दस्तुर, बागमती सभ्यता शुल्क र पुँजीगत लाभकर समेत रू.३६ लाख ३० हजार घटी असुल गरेको छ । उक्त रकम असुल गर्नुपर्दछ ।

३२. **कित्ताकाट -** मालपोत कार्यालयहरूको न्यूनतम मूल्याङ्कन पुस्तिकामा एउटा मूल कित्ताबाट कित्ताकाट भई पारित हुने लिखतहरूमा क्षेत्रफलको अनुपातमा समान थैली कायम गरिने व्यवस्था छ। मालपोत कार्यालय ललितपुरका १३,चाबहिलका २ र कलङ्कीका ४ निःसर्गकर्ताले एउटा मूल कित्ताबाट कित्ताकाट भई निःसर्ग गरेको जग्गाको लिखत पारित गर्दा क्षेत्रफलको अनुपातमा समान थैली नराखी रू.२७ करोड २६ लाख १५ हजार घटी थैली कायम गरी जग्गा निःसर्ग गरेकाले रजिष्ट्रेसन दस्तुर रू.१ करोड ३२ लाख ९९ हजार र पुँजीगत लाभकर रू.१ करोड ३२ लाख ९८ हजार समेत रू.२ करोड ६५ लाख ९७ हजार घटी राजस्व असुल गरेका छन् । उक्त रकम असुल गर्नुपर्दछ।

३३. **घरबाटो सिफारिस -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ को उपदफा २ङ(२८) बमोजिम स्थानीय निकायले घरबाटो सिफारिस गर्दा वास्तविक अवस्था खुलाई सिफारिस गर्नुपर्ने र सोही सिफारिसबमोजिम न्यूनतम मूल्याङ्कन पुस्तिकाको आधारमा घरजग्गाको थैली अङ्क कायम गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

३३.१ मालपोत कार्यालयबाट लिखत पास भएका कित्ताहरूको नापी नक्सा भन्दा सिफारिस फरक भएको कारणले भूमिसुधार तथा मालपोत कार्यालय, ललितपुर, गरुडा र मौलापुरका का ११२ निःसर्गकर्ताको रू.४१ करोड ९७ लाख ७७ हजार थैली रकम घटी कायम हुन गई रजिष्ट्रेसन दस्तुर रू.१ करोड ६१ लाख ६७ हजार र पुँजीगत लाभकर रू.१ करोड १९ लाख २५ हजार समेत रू.२ करोड ८० लाख ९२ हजार राजस्व छुट भएकोले उक्त रकम असुल गर्नुपर्दछ।

३३.२ मालपोत कार्यालय, सिमराले २०७५।७६ मा एक निःसर्गकर्ताले जीतपुर सिमरा उप-महानगरपालिकाको २ग को दुई कित्ताको ७ कट्ठा १२ धुर जग्गा स्थानीय तहको बाटो नभएको भन्ने २०७६।२।१४को सिफारिसको आधारमा २०७६।२।३१ मा रू.९ लाख ७५ हजार थैली कायम गरी निःसर्ग गरेको छ । सोही जग्गा सोही दिन साविक खरिदकर्ताले एक कम्पनीलाई बिक्री गर्ने प्रयोजनको लागि पेस गरेको सोही स्थानीय तहको २०७६।२।३१को सिफारिसमा उक्त जग्गा ढलान बाटोसँग जोडिएको लेखी आएबमोजिम रू.४ करोड ५० लाख थैली कायम गरेको छ । नापी कार्यालयको ट्रेस नक्सामा उक्त जग्गा राजमार्गसँग जोडिएको देखिएकोले न्यूनतम मूल्याङ्कन पुस्तिकाअनुसार न्यूनतम थैली रू.२ करोड २८ लाख हुन आउँछ । एउटै जग्गा एकै स्थानीय तहबाट फरक फरक सिफारिस भई आएको र कारोबार थैली समेत फरक पारी पहिलो कारोबारमा घटी राजस्व असुल भएको सम्बन्धमा छानबिन गरी फरक रू.४ करोड ४० लाख २५ हजारमा रजिष्ट्रेसन तथा मुख्यमन्त्री स्वच्छता अभियान कोष शुल्क समेत रु २२ लाख १ हजार र पुँजीगत लाभकर रू.११ लाख २५ हजार समेत रु ३३ लाख २६ हजार असुल गर्नुपर्दछ ।

३३.३ मालपोत कार्यालय, सिमराको २०७५।७६ को लिखतअनुसार ६ निःसर्गकर्ताले निजी तवरले घडेरी विकास गरी एक कट्ठा क्षेत्रफलका ५४ कित्ता जग्गा निःसर्गमा सो वर्षको न्यूनतम मूल्याङ्कन पुस्तिकाअनुसार प्रति कट्ठा रू.७ लाख दरले न्यूनतम थैली कायम गर्नुपर्ने व्यवस्था छ ।ती कित्ताको नापी नक्सामा प्लटिङ्गको बाटो देखिए तापनि बाटो नभएको उल्लेख गरी स्थानीय तहको सिफारिसको आधारमा घटी दरले थैली कायम गर्दा रू.३ करोड ७७ लाख ५० हजार घटी मूल्याङ्कित भई रजिष्ट्रेसन दस्तुर रू.१५ लाख १९ हजार र पुँजीगत लाभकर रू.१५ लाख ३० हजारसमेत रू.३० लाख ३९ हजार घटी दाखिला भएको छ । उक्त रकम असुल गर्नुपर्दछ ।

३४. **जोडिएका कित्ताको मूल्य** - मालपोत कार्यालयहरूको २०७७।७८ को न्यूनतम मूल्याङ्कन पुस्तिकामा स्थानीय तहबाट घरबाटो सिफारिसमा जे लेखी आए तापनि एक आपसमा जोडिएर आएको कित्ता कुनै एक व्यक्तिले खरिद गरेमा कुनै एक कित्तामा बाटो भए अन्य कित्ता पनि सोही बाटोमा जोडिए सरहको न्यूनतम मूल्याङ्कन कायम गरिने उल्लेख छ। आपसमा जोडिएका जग्गाहरूको बाटोको स्तरअनुसार माथिल्लो दरमा मूल्याङ्कन नगरेका कारण थैली रकम घटी हुन गई भूमिसुधार तथा मालपोत कार्यालय, डिल्लीबजार, ललितपुर, चाबहिल, कलङ्की र भैरहवाका २० निःसर्गकर्ताबाट रजिष्ट्रेसन दस्तुर रू.३ करोड ८ लाख ५८ हजार र पुँजीगत लाभकर रू.२ करोड ६० लाख ८२ हजारसमेत रू.५ करोड ६९ लाख ३० हजार छुट भएकोले उक्त छुट राजस्व असुल गर्नुपर्दछ ।

३५. **उद्देश्य विपरीत कारोबार** - स्थानीय तहले भू-उपयोग ऐन, २०७६ तथा नापी विभागबाट तयार गरिएको भू-उपयोग नक्सा डाटाबमोजिम जग्गाको वर्गीकरण गरी मापदण्ड पूरा भएका जग्गालाई मात्र

कित्ताकाटको लागि सिफारिस गर्ने व्यवस्था छ । पशुपालन, फलफूल खेती व्यवसायको उद्देश्यले दर्ता भएको मालपोत कार्यालय, ललितपुरअन्तर्गतका एक निजी कम्पनीको स्वामित्वमा रहेको चापागाउँमा रहेको जग्गा यो वर्ष मात्र ५ कित्तामा टुक्रा गरी बिक्री गरेको देखिन्छ । एक किसिमको उद्योग व्यवसाय गर्न दर्ता भएको कम्पनीले खरिद गरेको जग्गालाई भू-उपयोग ऐन विपरीत प्लटिङ गरी घडेरीको रूपमा बिक्री गर्न स्थानीय तहले दिएको सिफारिस नियमसम्मत देखिएन। संस्थाको उद्देश्य विपरीत कम्पनीको नाममा रहेको जग्गा कित्ताकाट गरी विगत वर्षदेखि जग्गा बिक्री गर्ने कार्य गर्दै आएको देखिएकोले यस सम्बन्धमा छानबिन गरी छुट भएको राजस्व असुल गर्नुपर्दछ ।

३६. **रजिष्ट्रेसन दस्तुर छुट** - मधेश प्रदेश र लुम्बिनी प्रदेशको आर्थिक ऐन, २०७७ मा विभिन्न खेती एवं उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखतमा लाग्ने रजिष्ट्रेसन शुल्कमा सम्बन्धित स्थानीय तहको सिफारिसको आधारमा ७५ प्रतिशत छुट दिने तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा छुट दिएको रजिष्ट्रेसन शुल्क असुल गरी सोही रकम बराबर जरिबाना गर्नुपर्ने उल्लेख छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

३६.१ मालपोत कार्यालय,पश्चिम नवलपरासीले नागार्जुन, काठमाडौको एक ट्रेडिङ्ग कम्पनीले खाद्य तथा तयारी वस्तुहरू उत्पादन गर्ने मिल संचालन गर्ने गराउने उद्देश्य थप गरी २०७७।१२।१२ मा गरेको रू.९ करोड ५० लाखको २ बिघा १५ कट्टा १० धुर जग्गा खरिदमा स्थानीय तहको सिफारिस बेगर ७५ प्रतिशतले हुने रू.२८ लाख ५० हजार रजिष्ट्रेसन दस्तुर छुट दिएको पाइयो । सोही कार्यालयले तीन कृषि फर्मलाई रू.४ करोड ४९ लाखको जग्गा खरिदमा रू.१३ लाख ४७ हजार रजिष्ट्रेसन दस्तुर छुट दिएकोमा स्थानीय तहको सिफारिस प्राप्त गरेको छैन । स्थानीय तहको सिफारिस बेगर यस्तो छुट दिन नमिल्ने भएकोले उक्त रकम असुल हुनु पर्दछ ।

३६.२ भूमिसुधार तथा मालपोत कार्यालय, कलैयाको २०७६।७७ को लिखत परीक्षण गर्दा एक कृषि फर्म र एक औषधि उद्योगले क्रमशः कृषि र उद्योग प्रयोजनको लागि जग्गा खरिद गर्दा क्रमशः रू.५ लाख ७९ हजार र रू.२ लाख समेत रू.७ लाख ७९ हजार रजिष्ट्रेसन दस्तुर छुट लिई खरिद गरेको जग्गा अन्य प्रयोजनको लागि बिक्री गर्दा प्रदेश आर्थिक ऐनबमोजिम छुट लिएको रकम र सोही बरावर जरिबाना समेत रू.१५ लाख ५८ हजार असुल गरेको छैन । मालपोत कार्यालय सिमराले २०७७।७८ को लिखतअनुसार एक एग्रो फर्मले कृषि प्रयोजनको लागि खरिदमा ७५ प्रतिशतले हुने रू.१५ लाख ९ हजार छुट लिई खरिद गरेको जग्गा दुई महिनामा नै अन्य प्रयोजनको लागि बिक्री गरेकोमा छुट लिएको रकम र सोही बरावरको जरिबानासमेत रू.३० लाख १७ हजार असुल गरेको छैन । उक्त रकम असुल गर्नुपर्दछ ।

३७. **कर विवरण** - आयकर ऐन,२०५८ को दफा ९६(२) मा प्रत्येक वर्ष समाप्त भएको तीन महिनाभित्रमा सो वर्षको आय विवरण विभागले तोकेको स्थानमा दाखिला गर्नुपर्ने उल्लेख छ । मालपोत कार्यालय विराटनगरले रजिष्ट्रेसन नम्बर ८६६ ख २०७७।५।२८ बाट एक कम्पनीले कञ्चनबारी विराटनगरको २ कट्टा जग्गा एक व्यक्तिलाई रू.१ करोड १० लाखमा निःसर्ग गरेकोमा १.५ प्रतिशतले हुने अग्रिम लाभकर दाखिला गरेको छ । आन्तरिक राजस्व विभागको एकीकृत कर प्रणालीअनुसार निःसर्गकर्ताले २०७७।७८ को आय विवरण पेस गरेको नदेखिएकोले पुँजीगत लाभकर स्वघोषणा फाराममा देखाएको

लाभ रू.१ करोड ६ लाख ४० हजारमा आयकर ऐन,२०५८ बमोजिम २५ प्रतिशत कर रू.२६ लाख ६० हजार छुट भएको छ । उक्त कारोबारको विवरण सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पेस गरी छुट भएको कर असुल गर्नुपर्दछ ।

नापी विभाग

आर्थिक तथा सामाजिक विकासका निम्ति आवश्यक पर्ने नक्सा तथा भौगोलिक सूचना उत्पादनमा एकरूपता कायम गर्ने प्रमुख उद्देश्यले विक्रम सम्वत् २०१४ मा विभागको स्थापना भएको हो । विभागअन्तर्गत ४ महाशाखा, १२९ नापी कार्यालय र ६ विशेष नापी कार्यालय रहेका छन् ।

३८. **नर्म्स् -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२ मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान सम्बन्धित मन्त्रालयले तयार गरेको भए त्यस्तो नर्म्सअनुसार गर्नुपर्ने उल्लेख छ । विभागले २७ जिल्लाका २२१ स्थानीय तहको भू-उपयोग नक्सा तयार गर्ने कार्य भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट २०७३।१२।२० मा स्वीकृत विषेशज्ञहरूको पारिश्रमिक दरअनुसार लागत अनुमान तयार गरी बोलपत्रको माध्यमद्वारा परामर्शदतासँग खरिद सम्झौता गरी यो वर्ष रू.५४ करोड खर्च गरेको छ । मन्त्रालयले नियमावालीअनुसार भू-उपयोग नक्सा तयार गर्न आवश्यक पर्ने विषयगत विषेशज्ञको प्रति इकाई कार्यदिन निर्धारण गरी नर्म्स स्वीकृत गरेको देखिएन । नर्म्स स्वीकृत गराई खरिद व्यवस्थापनको कार्य गर्नुपर्दछ ।

३९. **खरिद व्यवस्थापन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ अनुसार रू.१० करोडभन्दा बढीको खरिद कार्य गर्दा खरिद गुरुयोजना बनाई अधिकतम प्रतिस्पर्धाको लागि खरिद प्याकेज बनाई खरिद कार्य अगाडि बढाउनुपर्नेमा नापी नक्सा डिजिटलाइजेसन सम्बन्धी एकै प्रकृतिको कार्य विभिन्न जिल्लाको लागि २० टुक्रामा अलग अलग प्याकेज बनाई रू.३ करोड १५ लाख देखि रु ३ करोड ९४ लाखसम्म विभाजन गरी स्थानीय परामर्शदातासँग सम्झौता गरेको पाइयो । उल्लिखित २० प्याकेजको कार्यमा यो वर्ष रू.५४ करोड ९५ लाख ९२ हजार भुक्तानी गरेको छ । बिभिन्न परामर्शदाताबाट भएको कार्यलाई एकीकृत तथा समन्वयात्मक तरिकाले सम्पन्न गरी भू-उपयोग नक्सालाई प्रयोगमा ल्याउनुपर्दछ ।

४०. **लाइडर सर्भे -** बिभिन्न प्रकारका विकास निर्माण परियोजना, प्रकोप व्यवस्थापन तथा नक्साङ्कन कार्यका लागि आवश्यक पर्ने परिशुद्ध साङ्घीय तथा हवाईचित्र तयार गर्न चितवन देखि कन्चनपुरसम्म तराई क्षेत्रको करिब २० हजार वर्गमिटर लाईडर प्रविधिको प्रयोग गरी सर्भे गर्ने कार्यको लागि २०७६।३।२० मा रू.५९ करोड ३५ लाख ३५ हजारको एक परामर्शदातासगँ खरिद सम्झौता भएको छ । सम्झौताअनुसार २०७७।६।२० सम्ममा कार्य सम्पन्न गर्नुपर्नेमा २०७८।१२।१४ सम्म म्याद थप हुँदा १४ हजार ५०० वर्ग मिटर (७२ प्रतिशत) को मात्र कार्य सम्पन्न भएको छ । परामर्शदातालाई यो वर्ष रू.८ करोड ९० लाख ३० हजारसमेत यस वर्षसम्म रू.२३ करोड ७४ लाख १४ हजार भुक्तानी भएको छ । पटक पटक म्याद थप गर्दा समेत कार्य सम्पन्न नगर्ने परामर्शदातालाई खरिद सम्झौताको शर्त तथा कानूनबमोजिम कारबाही गरी कार्य सम्पन्न गर्न लगाउनुपर्दछ ।

सहकारी विभाग

सहकारी प्रणालीलाई आर्थिक तथा सामाजिक विकासको आधारको रूपमा विकास गर्ने र ग्रामीण विकासको उपयुक्त र प्रभावकारी माध्यमको रूपमा उपयोग गर्ने प्रयासलाई संस्थागत गर्न विक्रम सम्वत् २०१० मा विभागको स्थापना भएको हो । विभागको कार्यक्षेत्रमा सहकारी संस्थाहरूको नियमन, प्रवर्द्धन तथा प्रशिक्षण सम्बन्धी कार्य रहेका छन् ।

४१. **सहकारी संस्था अनुगमन -** सहकारी ऐन, २०७४ को दफा १२५ अनुसार सहकारी ऐन र नियम बमोजिमको निर्देशन पालना नगरेमा रू.३ लाखसम्म जरिबाना गर्नसक्ने व्यवस्था छ। नमूना छनौट गरी परीक्षण गरिएका १६ सहकारी संस्थाको अनुगमन प्रतिवेदनमा तिर्न सक्ने क्षमता विचार नगरी पदाधिकारीलाई ऋण दिएको, धितोको मूल्याङ्कन रीतपूर्वक नगराएको, भाखा नाघेको ऋण असुली नगरेको, सीमाभन्दा बढी शेयर जारी गरेको, कार्यक्षेत्र बाहिर ऋण लगानी गरेको, स्वीकृति बेगर बचत सङ्कलन गरेको लगायतका व्यहोरा उल्लेख छ । विभागले १३ सहकारी संस्थालाई अनुगमन गरेको २० महिनापछि सुधारको लागि निर्देशन दिएको छ । अनुगमनबाट कैफियत देखिएका सहकारी संस्थाहरूलाई सुधारको कार्य योजना पेस गर्न लगाए पनि सुधारको स्थिति मूल्याङ्कन तथा विश्लेषण गरेको छैन । निर्देशन पालना नगरेको अवस्थामा जरिबाना असुली लगायतका कारबाही गर्नुपर्नेमा अनुगमन कार्यलाई निष्कर्षमा पुऱ्याएको छैन । अनुगमन कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ ।

४२. **सम्पत्ति शुद्धीकरण :** सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थाहरूलाई जारी गरिएको निर्देशन, २०७४ को दफा ३२ मा सम्पत्ति शुद्धीकरणसम्बन्धी व्यवस्थाहरूको कार्यान्वयन नगर्ने संस्थालाई लिखित रूपमा सचेत गराउने, अटेर गर्नेलाई रू.१० लाख देखि रू.५ करोडसम्म जरिबाना गर्ने एवं दर्ता खारेजसम्म गर्न सक्ने उल्लेख छ । नमूना छनौट गरिएका १४ बचत तथा ऋण सहकारी संस्थाको निरीक्षण प्रतिवेदनअनुसार जोखिम व्यवस्थापन नगरेको, शङ्कास्पद कारोबारको पहिचान गर्ने प्रणाली नराखेको, सदस्यको उच्च र असामान्य आर्थिक कारोबारको सुक्ष्म अध्ययन नगरेको लगायतका व्यहोरा उल्लेख छ । विभागले निरीक्षण पश्चात स्पष्टीकरण माग गरी सुधारको कार्य योजना पेस गर्न लगाए पनि कार्यान्वयनको अवस्था यकिन गरेको छैन । यो वर्ष एक सहकारी संस्थालाई कारबाही गरे पनि अन्य संस्थाहरूमा देखिएका कैफियत माथि कारबाही गरेको छैन । सहकारी संस्थामाथिको नियमनकारी भूमिका प्रभावकारी नभएका कारण सम्पत्ति शुद्धीकरणसम्बन्धी जोखिम विद्यमान रहेको देखिएकाले प्रचलित कानूनअनुसार कारबाही गर्नुपर्दछ ।

४३. **गुनासो व्यवस्थापन -** यो वर्ष सहकारी संस्थाको बचत तथा निक्षेप हिनामिना, अपचलन तथा अनियमितता गरेको, कार्यालय फेला नपरेको, आफ्नो खाताको रकम अरुलाई दिएको, झुटो लेखापरीक्षण प्रतिवेदन पेस भएको लगायतका ७५ उजुरी परेको देखिन्छ । विभागले प्राप्त उजुरीहरू सम्बन्धित प्रदेश तथा स्थानीय तहमा पठाए तापनि कतिपय संस्थाको पहिचान नभएकोले कारबाही गर्न नसकिएको जवाफ प्राप्त भएको उल्लेख छ । सहकारी संस्थाहरूको समन्वयात्मक तवरले अनुगमन तथा नियमन गर्न एकीकृत सूचना प्रणाली विकास गरी सहकारी संस्थाहरूमा आर्थिक सुशासन, पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गराउनुपर्दछ ।

४४. **कार्य सम्पादन -** सहकारी ऐन,२०७४ को दफा १०५ मा समस्याग्रस्त संस्था वा सङ्कको सम्पत्ति व्यवस्थापन तथा दायीत्व भुक्तानी सम्बन्धी कार्य गर्न नेपाल सरकारले २०७४ सालदेखि समस्याग्रस्त सहकारी व्यवस्थापन समिति गठन गरेको छ ।उक्त ऐनको दफा १०६ मा सो समितिले सहकारीका सभा, समिति र लिक्विडेटरको अधिकार प्रयोग गर्न पाउने, सोधपुछ, बयान र कागजात पेस गर्न लगाउने, ऋण असुली, लिलाम बिक्री र सम्पत्ति बिक्री गर्न पाउने व्यवस्था छ । २०७६ आषाढसम्म समस्याग्रस्त घोषणा भएका १२ मध्ये ११ सहकारी संस्थाको रू.१ अर्ब ९८ करोड ७१ लाख दायित्व व्यवस्थापन गर्न यस समितिमा पठाइएकोमा गत वर्ष एक सहकारी संस्थाको रू.५ करोड ५२ लाख दायित्व मिलान गरे पनि यो वर्ष कुनै प्रगति भएको छैन । समितिले विपक्षीलाई कार्यालयमा हाजिर हुन सूचना जारी गरे पनि हाजिर हुन नआउनेलाई हाजिर गराउन थप प्रयास गरेको छैन ।समितिले आफ्नो भूमिका र जिम्मेवारीलाई प्रभावकारी रूपले सम्पन्न गर्नुपर्दछ ।

संगठित संस्था

राष्ट्रिय सहकारी विकास बोर्ड

सहकारी सिद्धान्तअनुरूप निम्नस्तरका जनताको आर्थिक तथा सामाजिक विकासका लागि सेवा सुविधासम्बन्धी नीति निर्माण तथा तत्सम्बन्धी योजना तर्जुमा गरी राष्ट्रिय स्तरमा विभिन्न किसिमका सहकारी संघ तथा संस्थाहरूको विकासमा सघाउ पुऱ्याउने उद्देश्यले राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ अन्तर्गत बोर्ड सञ्चालनमा रहेको छ ।

४५. **वित्तीय स्थिति र सञ्चालन नतिजा** - यो वर्ष पुँजी तथा दायित्वअन्तर्गत जगेडा कोष रू.१ अर्ब १० करोड ४० लाख, साधारण जगेडा कोष रू.२३ करोड ४४ लाख, सहकारी विकास कोष रू.१३ करोड ३ लाख, कर्मचारी उपदान कोष रू.२ करोड ७५ लाख, कल्याणकारी कोष रु ७२ लाख र चालु दायित्व रू.६ करोड ८ लाख रहेको देखिन्छ । स्थिर सम्पत्ति रू.१ अर्ब २९ करोड ६६ लाख, कर्जा लगानी रु ११ करोड २७ लाख, शेयर लगानी रू.७० लाख र चालु सम्पत्ति रू.१४ करोड ७९ लाखसमेत सम्पत्ति रू.१ अर्ब ५६ करोड ४२ लाख देखिन्छ । गत बर्ष रु १ करोड १४ लाख नाफा भएकोमा यो वर्ष रू.१ करोड ९४ लाख रहेको छ ।

४६. **भरतपुर बसपार्क -** सहकारी विकास बोर्डको २०६०।८।२३ को निर्णयअनुसार भरतपुर नगरपालिकालाई बोर्डको स्वामित्वमा रहेको भरतपुर नगरपालिका वडा नम्वर ९ स्थित कित्ता नम्बर २४३६ को ४ बिघा ९ कट्ठा ११ धुर जग्गा एवं सो नगरपालिकाको स्वामित्वमा रहेको जग्गासमेत ७ बिघा ९ कट्ठा ११ धुर जग्गामा बसपार्क टर्मिनल निर्माण गर्न बोर्ड र नगरपालिकाबीच २०६०।११।१५ मा करार भएअनुसार बसपार्क निर्माण गरी बसपार्क सञ्चालन भएको देखिन्छ । सोसम्बन्धी व्यहोरा निम्नानुसार छन्:

४६.१ करारअनुसार भरतपुर नगरपालिकाको खर्चमा बसपार्क निर्माण गरी उक्त खर्चबापतको साँवा, ब्याज र व्यवस्थापनको खर्च कटाई बचत रकममा दुवै पक्षको शेयरको अनुपातमा हिस्सा हुने व्यवस्था छ ।

बसपार्क, कम्पनी ऐनअनुसार सञ्चालन गर्ने र त्यसपछि यो करार स्वतः रद्द हुने व्यवस्था छ । बोर्डले बसपार्कको आम्दानी खर्च तथा हक हिस्साको विवरण प्राप्त गरेको छैन ।

४६.२ भरतपुर नगरपालिका कार्यालयले २०६६।१२।१५ मा बोर्डको जग्गामा केन्द्रीय बस टर्मिनल सम्पन्न भईसकेको जानकारी गराएको र बाँकी रहेको बोर्डको जग्गामा सम्पूर्ण आम्दानी नगरपालिकाले प्राप्त हुने गरी टर्मिनलसँगै रहेको खाली स्थानमा यातायात व्यवसायीसँग सम्वन्धित व्यावसायिक क्रियाकलाप र थोक तरकारी तथा फलफुल बजार (मण्डी) निमार्ण र सञ्चालन गर्न स्वीकृति दिएको छ । उल्लिखित बस टर्मिनल र नारायणगढ बसपार्क निजी क्षेत्रलाई सहभागी गराई सञ्चालन तथा व्यवस्थापन गर्ने निर्णयानुसार २०७५।७६ देखि २०७७।७८ सम्म ३ वर्षका लागि न्यूनतम रू.७ करोड ९८ लाख कायम गरी सिलबन्दी बोलपत्र आह्वान गर्दा एक प्राईभेट लिमिटेडले सबैभन्दा बढी रु १० करोड ५ लाख कबोल गरेको र निजको बोलपत्र स्वीकृत गरी आशयको सूचना प्रकाशन गरेकोमा सम्झौता भएको देखिएन । बसपार्क सञ्चालन भइसके तापनि बोर्डलाई कुनै आम्दानी प्राप्त भएको छैन। बोर्डको नाममा बसपार्कको शेयर प्राप्त हुनुपर्ने र बजार क्षेत्रबाट प्राप्त हुनुपर्ने रकम असुल गर्नुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा औँल्याइएकोमा स्थिति यथावत छ।

४७. **अन्य जग्गा -** बाँकेस्थित कारकाँदो-७, नेपालगन्जमा रहेको बोर्डको जग्गामा तत्कालीन नेपाल खाद्य संस्थानले भवन निर्माण गरेकोले त्यसको सट्टामा जग्गा उपलब्ध गराईदिन लामो समय देखि खाद्य संस्थानसँग बारम्बार पत्राचार गरेता पनि सट्टा जग्गा उपलब्ध गराएको छैन। बोर्डको स्वामित्वमा रहेको भरतपुर तथा भोटाहिटीस्थित जग्गाको मालपोत/घरजग्गा कर भुक्तानी अद्यावधिक नगरेको र काठमाण्डौ महानगरपालिका वडा नम्बर २४ स्थित १ रोपनी ८ आना २ पैसा ३ दाम जग्गाको अवस्था खुलासा गरेको छैन । बोर्डको स्वामित्वमा रहेका जग्गाको अभिलेख अद्यावधिक गरी राखी उपयोग र संरक्षण गर्नुपर्दछ।

४८. **लगानी -** यो वर्ष बोर्डको शेयर लगानी रू.७० लाख ४८ हजारलाई परल मूल्यमा देखाईएको छ । शेयर वापत लगानी गरिएका संस्थाहरूबाट लाभांश प्राप्त भएको छैन । गत वर्ष बोर्डको रु ९ करोड ८९ लाख ३६ हजार कर्जा लगानी रहेकोमा यो वर्ष रू.१ करोड ३७ लाख १८ हजारले बृद्धि भई रु ११ करोड २६ लाख ५४ हजार रहेको छ। कर्जा वर्गीकरण गरी जोखिम व्यवस्था गर्न यस सम्बन्धी कुनै नीति निर्माण गरेको देखिएन। आवश्यक नीति निर्माण तथा विनियम संशोधन गरी समय सापेक्ष सुधार गर्न विगतमा एक समिति गठन भएकोमा कुनै कार्य भएको देखिएन ।कर्जा लगानीलाई व्यवस्थित गर्न सो सम्बन्धी नीति तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजू

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा भोगाधिकारमा दिएका जग्गा लिजमा परिणत नगरेको, सरकारी तथा सार्वजनिक जग्गाको केन्द्रीय अभिलेख अद्यावधिक नगरेको, हदबन्दीभन्दा बढी जग्गाको उपयोगको प्रभावकारी अनुगमन नभएको, कारोबार मूल्यको आधारमा जग्गा तथा घरको रजिष्ट्रेसन शुल्क असुल नगरेको, पुँजीगत लाभकर निर्धारण सम्बन्धमा आवश्यक प्रमाण पेस नगरेको, न्यूनतम मूल्याङ्कन घटाई घर जग्गाको कारोबार गरेको, घरबाटो सिफारिस गर्दा त्रुटिपूर्ण सिफारिस हुने गरेको, सम्बद्ध व्यक्ति बीच कारोबार गरी कर दायित्व

घटाउने गरेको, बैङ्कहरूको धितो लिलाम र दाखिला खारेज गर्दा लाभकर घटी असुल हुने गरेको, समस्याग्रस्त सहकारी संस्थाहरूको दायित्व फरफारक नभएको लगायतका व्यहोरा औँल्याइएकोमा यो वर्ष पनि सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतका समेत १३७ कार्यालयमा रू.४ अर्ब ७५ करोड ८३ लाख ६६ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २ कार्यालयले रू.७९ लाख ७५ हजार फर्छ्यौट गरेकोले रू.४ अर्ब ७५ करोड ३ लाख ९१ हजार बाँकी रहेको छ । सोमध्ये रू.२ करोड ९ लाख ८९ हजार म्याद नाघेको पेश्की रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा राष्ट्रिय यातायात विकास र व्यवस्थापन, राष्ट्रिय रेलमार्ग, मेट्रो रेल, यातायात सुरक्षा प्रणाली, राष्ट्रिय लोकमार्ग, जल मार्ग लगायत वैकल्पिक यातायात, आधारभूत यातायातसम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा तथा कार्यान्वयन, समन्वय र नियमन लगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत १४० निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेतका १३९ सरकारी कार्यालयको निम्नानुसार रू.१ खर्ब २० अर्ब ७४ करोड ५३ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य	जम्मा
९४,११,३८	१,६२,९३	१६,३०,१९	८,७०,०३	१,२०,७४,५३

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई रक्षा मन्त्रालयबाट खर्च भएको रू.९ अर्ब ३७ करोड ४० लाख समावेश छैन । साथै उद्योग मन्त्रालय र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा विनियोजन भई यस मन्त्रालयबाट खर्च भएको रू.१३ करोड २५ लाख तथा मन्त्रालय मातहत ४ कार्यालयको २०७६।७७ को लेखापरीक्षण बक्यौता रू.१ अर्ब ५८ करोड ९४ लाख समावेश छ ।

२. **अन्य संस्था -** यो वर्ष २ संस्थाको रू.१३ अर्ब ४६ करोड ६६ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । नेपाल रेलवे कम्पनीको लेखापरीक्षण बक्यौता रहेको छ ।

३. **आवधिक योजना कार्यान्वयन -** पन्ध्रौं योजनाले राष्ट्रिय सडक सञ्जालको विस्तार गरी आर्थिक समाजिक विकास, व्यापार सहजीकरणमार्फत् आर्थिक समृद्धि हासिल गर्ने लक्ष्य पूरा गर्न कुल यातायात खर्च न्यूनत्तम हुने गरी सडक सञ्जालको सन्तुलित विकास तथा विस्तार गर्ने, सडक पूर्वाधारहरूको उचित संरक्षण, मर्मत सम्भार र सडक सुरक्षा गरी सहज सवारी आवागमन सुनिश्चित गर्ने लक्ष्य राखेको छ । सडक तथा रेल मार्ग पूर्वाधारका प्रमुख सूचकहरूमा विगत २ वर्षको प्रगति स्थिति देहायबमोजिम छः

क्र.सं.	सूचक	एकाइ	१५ औं योजनाको लक्ष्य		उपलब्धि		२०७७।७८ को प्रगति प्रतिशत
			२०७६।७७	२०७७।७८	२०७६।७७	२०७७।७८	
१	राष्ट्रिय राजमार्ग (दुई लेन सम्म कालो पत्रे)	किलोमिटर	७१९४	८४९४	६३६४	६८७०	८०.८८
२	राष्ट्रिय राजमार्ग (दुई लेन माथि द्रुतमार्ग समेत)	किलोमिटर	१५५	२२५	१५९	२१०	९३.३३
३	राष्ट्रिय राजमार्ग (नयाँ ट्रयाक निर्माण)	किलोमिटर	३५०	३५०	६३	१५०	४२.८६
४.	राष्ट्रिय राजमार्ग पुनर्स्थापना तथा पुनर्निर्माण	किलोमिटर	२००	२२५	२७०	३००	१३३.३३
५.	राष्ट्रिय राजमार्ग आवधिक मर्मत सम्भार	किलोमिटर	७२९	७५०	३६०	४२४	५६.५३
६.	राष्ट्रिय राजमार्ग नियमित मर्मत सम्भार	किलोमिटर	७१८७	७२००	७२००	७१८७	९९.९२
७.	रेलमार्ग (स्तरोन्नति र नयाँ ट्रयाक)	किलोमिटर	६५	११५	४८	६०	५२.१७
८.	नयाँ सडक निर्माण	किलोमिटर	१४५०	१८००	३६५	४७२	२६.२२

स्रोतः मध्यावधि खर्च मूल्याङ्कन, २०७८ - राष्ट्रिय योजना आयोग र आर्थिक सर्वेक्षण, २०७९ - अर्थ मन्त्रालय

उल्लिखित तालिकाअनुसार राष्ट्रिय राजमार्ग (नयाँ ट्रयाक) निर्माण र नयाँ सडक निर्माणतर्फ यो वर्ष ५० प्रतिशतभन्दा न्यून प्रगति देखिएको छ । मध्यावधि खर्च मूल्याङ्कन प्रतिवेदन, २०७८ बमोजिम बजेट विनियोजन भएकोमा नयाँ सडक निर्माण, रेलमार्गको स्तरोन्नति तथा नयाँ ट्रयाक लगायतका कार्यक्रमहरू लक्ष्यअनुरूप कार्यान्वयन नहुँदा यो वर्ष ६७.८२ प्रतिशत मात्र खर्च भएको देखिन्छ । मन्त्रालयले तोकिएको नतिजा सूचक पूरा गरेको नदेखिँदा वित्तीय एवं भौतिक लक्ष्य पूरा गरी नतिजा हासिल गर्नुपर्दछ ।

४. **नीति तथा कार्यक्रम कार्यान्वयन** - मन्त्रालयको वार्षिक कार्यक्रमहरूको प्रगति स्थिति देहायबमोजिम छः

४.१ पूर्व-पश्चिम राजमार्गलाई आगामी ३ वर्षभित्र एसियाली राजमार्ग मापदण्डअनुरूपको डेडिकेटेड चार लेनको सुरक्षित सडकको रूपमा स्तरोन्नति गर्ने नीतिअनुसार यो वर्ष रू.१२ अर्ब २१ करोड विनियोजन भएकोमा कमला-ढल्केबर-पथलैया १३० किलोमिटर खण्डको स्तरोन्नतिको डिजाइन तयार गर्ने कार्य पूरा हुन नसकेको, कमला-कञ्चनपुर ८७ किलोमिटर खण्डको ठेक्का व्यवस्थापन भई मोबिलाइजेशन पेश्की रु.९६ करोड ९१ लाख भुक्तानी भएको, नारायणगढ-बुटवल ११३ किलोमिटरमध्ये पूर्वी र पश्चिम खण्डको भौतिक प्रगति ७ प्रतिशत मात्र रहेको छ ।

४.२ आगामी ३ वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यसहित मध्यपहाडी (पुष्पलाल) लोकमार्ग ३०० किलोमिटर कालोपत्रे गर्ने लक्ष्य रहेकोमा १९९ किलोमिटर, हुलाकी राजमार्ग २५० किलोमिटर कालोपत्रे गर्ने लक्ष्य रहेकोमा २२५ किलोमिटर र उत्तर दक्षिण लोकमार्गअन्तर्गतको कालीगण्डकी करिडोर ९० किलोमिटर कालोपत्रे गर्ने लक्ष्य रहेकोमा ५५ किलोमिटर मात्र कालोपत्रे भएको छ ।

४.३ नेपालका सबै जिल्ला सदरमुकाम सडक सञ्जालमा जोड्न कर्णाली करिडोरको निमार्ण कार्यलाई तीव्रता दिई हुम्ला सदरमुकामसम्म सडक पुऱ्याउने लक्ष्य रहेको भए तापनि कर्णाली करिडोरमा यस वर्षको १० किलोमिटर समेत १३५ किलोमिटर ट्रयाक निर्माण भई २८ प्रतिशत प्रगति गरेको छ । हुम्ला सदरमुकामसम्म मोटरबाटो पुग्न बाँकी रहेको छ ।

४.४ काठमाडौं तिनकुने-कोटेश्वर-जडीबुटी खण्डमा संभाव्यता अध्ययन पूरा गरी फ्लाई ओभर तथा सुरूङ्ग मार्ग निमार्ण प्रारम्भ गर्ने तथा नयाँ बानेश्वरमा अन्डरपास र त्रिपुरेश्वर माइतीघरसम्म सवारी सहज गर्न उपयुक्त विकल्प पहिचान गरी निमार्ण गर्ने उल्लेख भए तापनि कार्य शुरु भएको छैन ।

४.५ निजगढ, बुटवल र कोहलपुर जोड्ने रेलवे लाइनको निमार्ण गर्ने, जयनगर-जनकपुर-बिजलपुरा खण्डमा रेल सेवा सञ्चालन गर्ने र बर्दिबास -निजगढ खण्डको निर्माण कार्यको भौतिक प्रगति ५२ प्रतिशत मात्र रहेको छ । रसुवा-निजगढ-काठमाडौं र वीरगन्ज-काठमाडौं रेलमार्गको लागि विस्तृत सम्भाव्यता अध्ययन गर्ने कार्यक्रम रहेकोमा सोको कार्यान्वयन भएको पाइएन ।

४.६ पानीजहाज सञ्चालनको लागि कानूनी, नीतिगत, संस्थागत व्यवस्था गर्न आन्तरिक जल यातायात पूवार्धार विकास गर्न कोशीको चतरादेखि तुम्लिङटार, नारायणीको त्रिवेणीदेखि देवघाट हुँदै राम्दी र कर्णालीको खक्रौलादेखि खिमडीसम्म जल यातायात सञ्चालनको सम्भाव्यता अध्ययन कार्य सम्पन्न गर्ने र नेपालको आफ्नै ध्वजावाहक पानीजहाज भारतको आन्तरिक जलमार्ग समुद्रसम्म जान सक्ने गरी सञ्चालन गर्न

पूवार्धार निमार्ण तथा कानूनी व्यवस्था गर्ने लक्ष्य रहेकोमा पानीजहाज सञ्चालनसम्बन्धी कानून परिमार्जन/अद्यावधिक नभएकोले अन्य कार्यसमेत भएको पाइएन ।

४.७ शहरी क्षेत्रको सवारी चापलाई व्यवस्थापन गर्न र यात्रुलाई सुरक्षित एवं सुविधायुक्त सेवा प्रदान गर्न ठूला क्षमताका सार्वजनिक सवारीसाधन सञ्चालनलाई प्रोत्साहित गर्ने कार्य भएको देखिएन ।

नीति तथा वार्षिक कार्यक्रममा उल्लिखित कार्यक्रमहरू लक्ष्य अनुरूप कार्यान्वयन गरी प्रगति हासिल गर्नुपर्दछ ।

५. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०७७।७८ ले मन्त्रालयसँग सम्बन्धित मुख्य मुख्य कार्यक्रमका साथै क्षेत्रगत अपेक्षित सूचकहरूसमेत प्रस्तुत गरेको छ । सडक विभागले तयार गरेको वार्षिक प्रगति प्रतिवेदनबमोजिम वार्षिक बजेटले निर्धारण गरेका सडक क्षेत्रको सूचकहरूमा देहायबमोजिम प्रगति हासिल भएको देखिन्छः

बिबरण	एकाई	२०७५।७६		२०७६।७७		२०७७।७८		प्रगति प्रतिशत
		लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	
जिल्ला सदरमुकाम पुग्ने बाटो	संख्या			७७	७६	७७	७६	९८.७०
कालोपत्रे सडक	किलोमिटर	१२२६	९८८	१२००	७२९	१४००	११९०	८५
खण्डास्मित सडक	किलोमिटर	१४१६	१३६३	१२००	७५७	१०००	७३९	७३.९
माटे सडक	किलोमिटर	६५२	४४०	५००	५००	५००	४७२	९४.४
कालोपत्रे स्तरको सडक पुनः निर्माण तथा पुनर्स्थापना	किलोमिटर	-	-	-	-	६००	५०७	८४.५
आवधिक सडक मर्मत	किलोमिटर	३३४	२३०	५२४	३६०	७२९	४२४	५८.१६
पुल निर्माण	संख्या	३००	२४३	३००	२१०	३००	१९२	६४

५.१ यो वर्ष सडक क्षेत्रको लागि रू.१ खर्ब १९ अर्ब ९८ करोड ४७ लाख, रेल यातायातको लागि रू. ८ अर्ब ४६ करोड ७० लाख, जलयातायातको लागि रू.७ करोड ३० लाख बजेट विनियोजन भएकोमा क्रमशः रु.८८ अर्ब ७२ करोड ७१ लाख, रू.४ अर्ब ६५ करोड ३२ लाख र रू.५ करोड ४५ लाख खर्च भएको देखिन्छ । सडक क्षेत्रका सूचकहरूमा लक्ष्यअनुरूप अपेक्षित प्रगति हासिल हुन सकेको छैन। रेल यातायात र जल यातायातको सूचकसमेत निर्धारण गरेको देखिएन ।

५.२ पहिलो प्राथमिकता प्राप्त ४८ आयोजनामध्ये ३ आयोजनाको भौतिक प्रगति शून्य, ६ आयोजनाको ५० प्रतिशतभन्दा कम, १८ आयोजनाको ८० प्रतिशतभन्दा कम र २१ आयोजनाको भौतिक प्रगति ८० प्रतिशतभन्दा बढी रहेको छ । भौतिक प्रगति ५० प्रतिशतभन्दा कम रहेका पहिलो प्राथमिकता प्राप्त आयोजना देहायबमोजिम छन्:

क्र.सं	योजनाको नाम	वित्तीय (रू. लाखमा)			भौतिक प्रगति
		विनियोजन	खर्च	प्रतिशत	
१	सासेक राजमार्ग सुधार आयोजना दोस्रो चरण	४,२१,८३	७३,९८	८.८७	४९.९१
२	चक्रपथ विस्तार आयोजना	७७,९०	११,१९	१५.४०	४६.००
३	नेपाल भारत क्षेत्रीय व्यापार तथा यातायात आयोजना (मुग्लिङ-नारायणगढ सडक खण्ड)	४८,५०	१८,१९	३७.५२	४३.६४

क्र.सं	योजनाको नाम	वित्तीय (रू. लाखमा)			भौतिक प्रगति
		विनियोजन	खर्च	प्रतिशत	
४	सुरुङ मार्ग विकास कार्यक्रम	३६,००	४८	१.३५	२९.२८
५	क्षेत्रीय व्यापारिक मार्ग विस्तार आयोजना	२,८३,७९	७५	०.२७	२१.००
६	सासेक सडक सुधार आयोजना	६,२२,९४	१,२१,६५	१९.५३	१७.४३
७	दोस्रो पुल सुधार तथा संभार आयोजना	१,२०,००	८	०.०७	०.०५
८	सुर्यविनायक-धुलिखेल र कोटेश्वर-बानेश्वर-त्रिपुरेश्वर सडक	९७,००	-	-	-

स्रोतः वार्षिक प्रगति समीक्षा २०७७।७८ - सडक विभाग

विनियोजित रकम खर्च गर्न नसक्दा आगामी वर्षको दायित्व बढ्ने, अपेक्षित लाभ प्राप्त गर्न ढिलाइ हुने भएकोले मन्त्रालय मातहतका विभाग र कार्यालयहरूले बजेट कार्यान्वयन दक्षता बढाउनुपर्दछ ।

६. **रणनीतिक योजना कार्यान्वयन -** सडक, रेल तथा यातायातको विकास गर्न पाँच वर्षे रणनीतिक योजना (२०७३-२०७८) मा सडक पूर्वाधार क्षेत्रका लागि रू.६ खर्ब २० अर्ब, रेल पूर्वाधार क्षेत्रका लागि रू.१ खर्ब ८० अर्ब एवं यातायात व्यवस्थापन क्षेत्रका लागि रू.१६ अर्बसमेत रू.८ खर्ब १६ अर्ब लगानी गर्नुपर्ने उल्लेख छ । योजना कार्यान्वयन भएको ५ वर्षको अवधिमा देहायबमोजिम रू.५ खर्ब ८६ अर्ब ६६ करोड ५३ लाख विनियोजन गरी रू.४ खर्ब ३० अर्ब ७२ करोड ४२ लाख (७३.४२ प्रतिशत) मात्र खर्च गरेको छः

(रू. लाखमा)

क्षेत्र	अनुमान	विनियोजन	खर्च	खर्च प्रतिशत
सडक	६,२०,००,००	५,५०,९७,९७	४,०५,८०,१८	७३.६५
रेल	१,८०,००,००	२८,५८,५७	२१,५०,३२	७५.२२
यातायात व्यवस्थापन	१६,००,००	७,०९,९९	३,४१,९२	४८.१६
जम्मा	**८,१६,००,००**	**५,८६,६६,५३**	**४,३०,७२,४२**	**७३.४२**

रणनीतिक योजनाले राखेका लक्ष्य प्रगति सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

६.१ भूकम्पबाट क्षतिग्रस्त दोलखा-सिंगटी, पाँचखाल-मेलम्चीलगायतका सडकलाई भूकम्पपछिको पुनर्निर्माणको नमूना सडकको रूपमा स्तरोन्नति तथा पुनर्निर्माण कार्य सम्पन्न गर्ने, हुम्लाको सिमिकोटलाई सडक सञ्जालमा जोड्ने, नदाहा-कोशी पुल-चतरा-रूपनगर सडक, विराटनगर चक्रपथ, हलेसी-दिक्तेललगायतका ६५४ किलोमिटर सडकलाई २ वर्षभित्र र सगरमाथा राजमार्ग, शहीद मार्ग, राँके-रवि-भेडेटार सडक, सहजपुर-बोक्तान-दिपायल सडक, मुस्ताङ-डोल्पा-जुम्लालगायतका १ हजार ५२४ किलोमिटर महत्वपूर्ण १९ सडकलाई ५ वर्षभित्र इण्टरमिडियट डबल लेनमा विकास गर्ने लक्ष्य हासिल भएको छैन ।

६.२ रेलमार्ग निर्माण सम्पन्न गरी ८५ किलोमिटरमा रेल सञ्चालन गर्ने र नयाँ रेलमार्ग बेड ट्रयाक तथा पुल निर्माण लक्ष्य ३९८ किलोमिटर रहेकोमा रेलमार्ग निर्माण ५६ किलोमिटर र नयाँ रेलमार्ग बेड ट्रयाक निर्माण ४९ किलोमिटर मात्र भएको छ ।

६.३ यातायात उपक्षेत्रअन्तर्गत २५ लाख सवारीसाधनका नम्बर प्लेटलाई ५ वर्षमा इम्बोस्ड नम्बर प्लेटमा रुपान्तरण गर्ने लक्ष्य रहेकोमा २४ हजार ५६१ छपाइ गरी ९ हजार ५१ (०.९८ प्रतिशत) मात्र इम्बोस्ड नम्बर जडान भएको छ ।

६.४ काठमाडौं उपत्यकाभित्रका ५७३ किलोमिटर सडकमा विद्यमान २०० रुटमध्येबाट ५६ रुट कायम भई ३०९ किलोमिटर सडकको २४ रुटमा लामवद्ध भएर बस चढ्ने प्रणाली सहितको सहचालक रहित यातायात सेवा सञ्चालनमा नभएको तथा मास ट्रान्सपोर्ट सिस्टम सञ्चालन नभएकोले लक्ष्य अनुरूप ४ लाख ८३ हजार ३०० भेहिकल किलोमिटर प्रति दिनबाट १ लाख ५५ हजार भेहिकल किलोमिटर प्रतिदिन कायम गरी प्रति वर्ष अमेरिकी डलर ३४ मिलियन बचत गर्ने लक्ष्यसमेत हासिल हुन सकेको देखिएन।

मन्त्रालयले रणनीतिक योजना कार्यान्वयनको प्रगति समीक्षा एवं अनुगमन गरेको पाइएन । रणनीतिक योजना कार्यान्वयनबाट ५ वर्षमा प्रत्येक वर्ष करिब १५ प्रतिशतले राजस्व वृद्धि भई यातायात क्षेत्रको वार्षिक राजस्व २०७७।७८ मा रू.२५ अर्ब ५० करोड पुग्ने अपेक्षा राखेकोमा लक्ष्यबमोजिमका योजनाहरू कार्यान्वयन नहुँदा यस क्षेत्रबाट लाभ प्राप्त गर्न सकेको छैन । अतः रणनैतिक योजनाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

७. **नीतिगत एवं कानूनी व्यवस्था** - भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँग सम्बन्धित नीति, कार्यक्रम, कार्य सञ्चालनलाई व्यवस्थित गर्न विद्यमान नीति तथा कानूनमा संशोधन एवं कार्य क्षेत्रमा पुनरावलोकनको आवश्यकता देखिएको छ ।

७.१ राष्ट्रिय यातायात नीति, २०५८ तर्जुमा भएको दुई दशकभन्दा बढी समय व्यतीत भइसकेकोले सो पश्चात परिवर्तन भएको जनसंख्या, प्रादेशिक विभाजन, अधिकार तथा स्रोतको विभाजन, प्रशासनिक प्रणाली, सवारीको चाप समेतले परिवर्तित राष्ट्रिय प्राथमिकता पूरा गर्न सम्भव नहुने तथा सडक, रेल, जल, रज्जु र हवाई मार्गसमेत यातायातका सबै क्षेत्रलाई समेट्न नयाँ राष्ट्रिय यातायात नीति आवश्यक देखिएको छ।

७.२ राज्य संरचनाअनुसार संघीय सरकार, प्रदेश सरकार, स्थानीय तहहरूबीच अधिकार, जिम्मेवारी र स्रोत समेतको बाँडफाँट भएकोले अधिकार र जिम्मेवारीमा दोहोरो नपर्ने गरी कार्यक्षेत्र पुनरावलोकन गर्नुपर्ने आवश्यकता रहेको छ ।

८. **बजेट र खर्चको अवस्था** - मन्त्रालय र मातहतको निकायहरूको विगत ५ वर्षको पुँजीगत खर्चको स्थिति देहायबमोजिम छः

(रू. लाखमा)

आर्थिक वर्ष	शुरु बजेट	संशोधित बजेट	कुल निकासा/खर्च	
			खर्च	खर्च प्रतिशत
२०७३।७४	७२,६७,६०	७९,४२,५६	७१,७३,२३	९०.३१
२०७४।७५	८९,५०,६७	१,०३,५६,८७	९६,०१,०५	९२.७०
२०७५।७६	९३,७२,८२	१,१९,२८,९३	९१,४८,४९	७६.६९
२०७६।७७	१,४४,८८,७७	१,३९,५४,५०	७४,५८,९७	५३.५२
२०७७।७८	१,२३,९२,८३	१,३७,८९,८७	९३,५२,६५	६७.८२

८.१ मन्त्रालयको विगत ४ वर्षको औसत पुँजीगत खर्च विनियोजित बजेटको तुलनामा ७८ प्रतिशत रहेकोमा यो वर्ष ६७.८२ प्रतिशतमात्र रहेको देखिएकोले बजेट कार्यान्वयन दक्षता बढाउनुपर्ने देखिन्छ ।

८.२ मन्त्रालय र अन्तर्गत निकायले यो वर्ष रू.९३ अर्ब ५२ करोड ६५ लाख पुँजीगत खर्च गरेकोमा तेस्रो चौमासिकमा रू.५९ अर्ब ४ करोड ६५ लाख (६३.१३ प्रतिशत) तथा आषाढ महिनामा रू.३४ अर्ब ४५ करोड ४३ लाख (३६.८४ प्रतिशत) खर्च गरेको देखियो । वर्षको अन्तमा खर्च गर्ने परिपाटीले अनुगमनमा कमी भई गुणस्तरीय कार्य सम्पादन गर्न कठिनाइ हुने, खरिद र निर्माणका विधि, प्रक्रियाहरू पूरा नहुने, वास्तविक खर्च नभई पेश्की प्रवाह मात्र हुने भएकोले चौमासिक खर्च सन्तुलन कायम हुने गरी बजेट कार्यान्वयन गर्नुपर्दछ ।

९. **वैदेशिक स्रोतको उपयोग** - यो वर्ष वैदेशिक अनुदान रू.३ अर्ब १ करोड ९६ लाख र ऋण रू.६९ अर्ब ७१ करोड ७३ लाखसमेत वैदेशिक स्रोतबाट रू.७२ अर्ब ७३ करोड ६९ लाख प्राप्त हुने अनुमान रहेकोमा अनुदान रू.२ अर्ब ६ करोड १९ लाख (२.८३ प्रतिशत) र ऋणबाट रू.३८ अर्ब ४१ करोड १७ लाख (५२.८१ प्रतिशत) समेत रू.४० अर्ब ४७ करोड ३६ लाख वैदेशिक सहायता प्राप्त भएको छ ।

९.१ राजमार्ग स्तरोन्नति तथा पुनर्स्थापना कार्यक्रमको लागि यो वर्ष भारतको एक्जिम बैङ्कको सोझै भुक्तानी ऋणबाट रू.१ अर्ब ५० करोड, काकडभिट्टा-इनरूवा-पथलैया-नारायणघाट खण्डको लागि एसियाली विकास बैङ्क (ए.डी.बी.) शोधभर्ना ऋणबाट रू.१ अर्ब, सूर्यविनायक-धुलिखेल र कोटेश्वर-बानेश्वर-त्रिपुरेश्वर सडकको लागि जाइका शोधभर्ना ऋणबाट रू.९७ करोड प्राप्त हुने अनुमान गरेकोमा प्राप्त भएको छैन।

९.२ मन्त्रालयले संशोधित बजेट अनुमान गर्दा चीन सरकारको सोझै भुक्तानी अनुदानबाट चक्रपथ विस्तार आयोजनाको लागि रू.५९ करोड ९६ लाख र सुरुङ मार्ग विकास कार्यक्रमको लागि रू.१५ करोड प्राप्त हुने अनुमान गरेकोमा प्राप्त भएको छैन ।

९.३ वैदेशिक स्रोतबाट सञ्चालित देहायका १२ योजनामा वैदेशिक सहायता उपयोग क्षमता ०.१८ प्रतिशतदेखि ५८.३० प्रतिशतसम्म रहेको पाइयो ।

(रू. लाखमा)

क्र सं	स्रोत	योजना कार्यक्रम	विनियोजन	खर्च	खर्च प्रतिशत
१	एक्जिम बैङ्क, भारत	सडक सुधार आयोजना	७,८१,३६	३,७३,१२	४७.७५
२	आई.डी.ए.	क्षेत्रीय व्यापार तथा यातायात आयोजना मुग्लिङ नारायणगढ सडक	४८,५०	१८,२०	३७.५३
३	आई.एम.एफ. आर.सी.एफ	सडक पूर्वाधार विकास कार्यक्रम	१,१०,११	६०,१५	५४.६३
४	जापान	नागढुङ्गा सुरूङ्ग मार्ग निर्माण आयोजना	३,५५,८१	१,२८,२५	३६.०४
५	ए.डी.बी.	सासेक राजमार्ग सडक सुधार आयोजना, कन्चनपुर कमला (पश्चिम) खण्ड	३,२८,१८	३६,९२	११.२५
६	ए.डी.बी.	सासेक राजमार्ग सडक सुधार आयोजना	२,३९,३०	३८,८४	१६.२३
७	ए.डी.बी.	सासेक राजमार्ग सडक सुधार आयोजना, साँघुटार-ओखलढुङ्गा कुइभिर सडक	२,६२,४४	८५,९२	३२.७४

क्र सं	स्रोत	योजना कार्यक्रम	विनियोजन	खर्च	खर्च प्रतिशत
८	ए.डी.बी.	सासेक राजमार्ग सडक सुधार आयोजना, कन्चनपुर कमला (पूर्वी) खण्ड	१,३७,५५	३,२२	२.३४
९	आई.डी.ए.	क्षेत्रीय व्यपार तथा यातायात आयोजना	२,६९,०६	४८	*०.१८*
१०	ए.डी.बी.	सासेक (मुग्लिङ-पोखरा) सडक योजना - १	२,४०,०१	२१,७९	९.०८
११	ए.डी.बी.	सासेक (मुग्लिङ-पोखरा) सडक योजना - २	१,६०,००	८,१३	५.०८
१२	आई.डी.ए.	रेल मेट्रो रेल तथा मोनो रेल आयोजना	५,३३,८३	३,११,२१	५८.३०

स्रोतः केन्द्रीय आर्थिक विवरण २०७७।७८ : भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

९.४ वैदेशिक स्रोतबाट यो वर्ष रू.३८ अर्ब ४१ करोड १७ लाख ऋण प्राप्त भएकोमा रू.१० अर्ब १० करोड ७२ लाख मात्र खर्च भएको छ । प्राप्त रकमको २६.३१ प्रतिशत मात्र खर्च भएकोले बाँकी उपभोग नगरिएको ऋण रकममा समेत ब्याज तिर्नुपर्ने अवस्था छ । अतः प्राप्त वैदेशिक स्रोतको उपयोग क्षमता बढाउनुपर्दछ ।

१०. **रकमान्तर एवं स्रोतान्तर** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ मा बजेट निकासा, खर्च र नियन्त्रण सम्बन्धी व्यवस्था छ । स्वीकृत बजेट थपघट तथा रकमान्तरसम्बन्धी व्यहोरा देहायबमोजिम छन्:

१०.१ मन्त्रालय र मातहतको निकायहरूका लागि पुँजीगततर्फ शुरू विनियोजित बजेट रू.१ खर्ब २३ अर्ब ९२ करोड ८३ लाखमा रू.६१ अर्ब १५ करोड १३ लाख (४९.३४ प्रतिशत) थप तथा रू.४७ अर्ब १८ करोड १० लाख (३८.०७ प्रतिशत) घटाई रू.१ खर्ब ३७ अर्ब ८९ करोड ८७ लाख बजेट कायम गरेकोले शुरु विनियोजन यथार्थपरक देखिएन । यो वर्ष रकमान्तरबाट बजेट थप तथा घट भएका केही उदाहरण देहायबमोजिम छन्:

(रू. लाखमा)

रकमान्तरबाट थप				रकमान्तरबाट घट			
ब.उ.शी.नं.	शुरु बजेट	थप बजेट	थप प्रतिशत	ब.उ.शी.नं.	शुरु बजेट	घट बजेट	घट प्रतिशत
३३७०११२२४	६,८५,९६	६,९८,२०	१०२	३३७०११७६४	३,३०,२०	४,०४,९०	१२२.६२
३३७०११२०४	१,१७,९९	१,७८,४०	१५१	३३७०११२२४	२३,९८	१८,८५	७८.६२
३३७०१११९४	८,००	१०,००	१२५	३३७०११२३४	६६,१५	४,२३,८०	६४.०८
३३७०११३०४	१,९१,६२	२,०६,५०	१०८	३३७०११३४४	७७,९०	८४,५०	१०८.४७
३३७०११०८४	३,०१,५१	३,१२,४९	१०४	३३७०११६७४	३,४९,७७	२,५०,०३	७१.४९
३३७०११३४४	७७,९०	८४,५०	१०८	३३७०११६९४	२,७७,८०	२,५५,९८	९२.१५
३३७०११३७४	१,९६,८०	५,४२,२२	२७६	३३७०११७०४	४,३६,३८	४,३२,९२	९९.२१
३३७०११४३४	१,८३,२०	४,०२,५४	२२०	३३७०११७४४	१,१०,५०	६८,००	६१.५४
३३७०१११५४	१८,२१	२८,७०	१५८	३३७०२१०१४	८,६४,२९	६,१९,०७	७१.६३
३३७०१११७४	२३,८२	३१,९९	१३४	३३७०११४२४	१४,००	५,९२	४२.३३

१०.२ मन्त्रालयले कार्यप्रगतिको आधारमा बजेट थप/घट गर्दा असार महिनामा मात्र २३ आयोजनामा रू.९ अर्ब ३९ करोड ७५ लाख थप गरी १८ आयोजनामा रू.९ अर्ब ८ करोड ४९ लाख घटाएको छ । शुरू विनियोजित बजेटको ८७.४१ प्रतिशत असारमा मात्र थप घट भएको छ ।

मन्त्रालयले आवश्यकतामा आधारित बजेट अनुमान तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

११. **राष्ट्रिय गौरवका आयोजना** - मन्त्रालय मातहत राष्ट्रिय गौरवका ७ आयोजनाहरू कार्यान्वयनमा रहेका छन् । यी आयोजनाहरूको लागि यो वर्ष रू.४० अर्ब ६२ करोड ९६ लाख बजेट विनियोजन भएकोमा रू.३४ अर्ब ३६ करोड ९६ लाख खर्च भएको छ । राष्ट्रिय गौरवका आयोजनाहरूको कार्यान्वयन अवस्था देहायबमोजिम देखिएको छः

११.१ पूर्वमा पाँचथरको चियो भन्ज्याङदेखि पश्चिममा बैतडीको झुलाघाटसम्म कुल लम्बाइ १ हजार ८७९ किलोमिटर रहेको पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना रू.८४ अर्ब ३३ करोडको लागतमा २०६४।६५ देखि शुरु भई २०७४।७५ मा सम्पन्न हुने अनुमान रहेकोमा संशोधित कार्यतालिका अनुसार २०७९।८० सम्म रू.१ खर्ब १ अर्ब ५० करोडको लागतमा सम्पन्न गर्ने लक्ष्य रहेको छ । यो वर्ष १९९ किलोमिटर कालोपत्रे र ७ पुल निर्माणसमेत यो वर्षसम्म १ हजार ११३ किलोमिटर सडक कालोपत्रे तथा ९० पुल निर्माणको कार्य सम्पन्न भई आयोजना शुरु भएको १३ वर्षमा भौतिक प्रगति ५८ र वित्तीय प्रगति ६३ प्रतिशत रहेको छ । यो वर्षको रू.७ अर्ब २० करोड समेत यो वर्षसम्म रू.५३ अर्ब ३४ करोड खर्च भएको छ । कार्यतालिकाबमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

११.२ हुलाकी राजमार्गअन्तर्गत पूर्वमा झापाको केचनादेखि पश्चिममा कञ्चनपुरको दोधारा चाँदनीसम्म रू.६५ अर्ब २० करोडको लागतमा १ हजार ७९२ किलोमिटर कालोपत्रे सडक र २१९ पुल निर्माण गर्ने लक्ष्य रहेकोमा आयोजनाले यो वर्ष २२५ किलोमिटर कालोपत्रे र ५ पुल निर्माण सम्पन्न गरेको छ । यो वर्षसम्म ७३७ किलोमिटर कालोपत्रे र १०० पुल निर्माण कार्य सम्पन्न भई समष्टिगत भौतिक प्रगति ६८ र वित्तीय प्रगति ४६ प्रतिशत रहेको छ । यो वर्षको रू.१० अर्ब १३ करोडसमेत यो वर्षसम्म रू.४५ अर्ब ५३ करोड खर्च भएको छ ।

११.३ तेह्रथुम जिल्लाको वसन्तपुरदेखि उत्तरी सीमाना किमाथाङ्कासम्मको १६२ किलोमिटर सडक निर्माण एवं स्तरोन्नति गर्न रू.१६ अर्ब २० करोडको लागतमा शुरु भएको उत्तर-दक्षिण (कोशी) लोकमार्ग आयोजनामा यो वर्षको रू.५४ करोडसमेत रू.३ अर्ब ५८ करोड खर्च भई यो वर्षसम्म १४८ किलोमिटर ट्रयाक, ६८ किलोमिटर खण्डास्मित र ४ पुल निर्माण कार्य सम्पन्न भएको छ । यो आयोजना २०६५।६६ देखि शुरु भई २०८०।८१ मा सम्पन्न हुने अनुमान गरिएकोमा १२ वर्ष (७५ प्रतिशत) अवधि व्यतीत हुँदा मा भौतिक प्रगति २४ र वित्तीय प्रगति २२ प्रतिशत रहेको छ ।

११.४ उत्तर-दक्षिण लोकमार्ग अन्तर्गत नवलपरासीदेखि मुस्ताङसम्मका ९ जिल्ला समेटेको काली गण्डकी कोरिडोर आयोजना २०६६।६७ देखि शुरू भएको हो । यस आयोजनाले गैंडाकोट-रामदी-मालढुङ्गा खण्डको २४५ किलोमिटर ट्रयाक निर्माण तथा स्तरोन्नति गर्ने र बेनी-जोमसोम-कोरला खण्डको १९९ किलोमिटर ट्रयाक खोल्ने तथा स्तरोन्नति गर्ने लक्ष्य राखेको छ । कुल लागत रू.२७ अर्ब रहेको यस आयोजनाले गैंडाकोट-रामदी-मालढुङ्गा खण्डमा यो वर्ष रू.२ अर्ब ८ करोड ८२ लाख खर्च गरी १.१ किलोमिटर नयाँ ट्रयाक निर्माण, ५.५ किलोमिटर कालो पत्रे र ४ वटा पुल निर्माण भएको छ । त्यस्तै बेनी-जोमसोम-कोरला खण्डमा रू.९३ करोड ५० लाख खर्च गरी १.१ किलोमिटर नयाँ ट्रयाक निर्माण, १० किलोमिटर कालो पत्रे, ५० किलोमिटर खण्डास्मित र ४ वटा पुल निर्माण गरेको छ । आर्थिक

वर्ष २०७९।८० मा सम्पन्न गर्ने लक्ष्य रहेको यो आयोजना शुरु भएको १३ वर्षमा भौतिक प्रगति ४९ र खर्च रू.१० अर्ब १ करोड भई वित्तीय प्रगति ३७.०७ प्रतिशत रहेको छ ।

११.५ उत्तर-दक्षिण (कर्णाली करिडोर) लोकमार्ग आयोजनाले हिल्सा-सिमीकोट-सलिसल्ला सडक खण्ड १४५ किलोमिटर ट्रयाक खोलेको छ । आयोजना २०६९।७० देखि शुरु भई २०७९।८० मा सम्पन्न हुने अनुमान रहेको थियो । शुरु लागत रु.४ अर्ब १० करोड रहेको उक्त आयोजनाको संशोधित लागत अनुमान रू.११ अर्ब पुगेको छ । आयोजनामा यो वर्षसम्म रु.२ अर्ब ६८ करोड खर्च भई ९ वर्षको समग्र प्रगति २८ प्रतिशत रहेको छ ।

११.६ पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म कुल ९४६ किलोमिटर रेल मार्ग निर्माण एवं सञ्चालनको लक्ष्यसहित रेल, मेट्रो तथा मोनोरेल विकास आयोजना २०६६।६७ देखि शुरु भएको हो ।यस आयोजनाको कुल लागत रू.९ खर्ब ५५ अर्ब २२ करोड रहेकोमा यो वर्षसम्म रू.२४ अर्ब ४६ करोड ९६ लाख खर्च गरी ४९ किलोमिटर नयाँ ट्रयाकबेड र ५६ किलोमिटर रेलमार्ग पुनर्स्थापना गरी जयनगरदेखि जनकपुर कुर्थासम्म ३५ किलोमिटर रेल सेवा सञ्चालनमा ल्याएको छ । आयोजनाको समग्र वित्तीय प्रगति ३ प्रतिशत रहेको छ ।

आयोजनाको लागि आवश्यक जग्गा प्राप्तिमा समस्या, सम्झौता कार्यान्वयनको प्रभावकारी अनुगमनको कमी, कोभिड-१९ लगायतका कारणले आयोजनाहरूको भौतिक प्रगति न्यून रहेको छ । लागत लाभ विश्लेषण, सम्भाव्यता अध्ययन, जग्गा प्राप्ति, वातावरणीय प्रभाव अध्ययन जस्ता पूर्व तयारी चरणका कार्यहरू सम्पन्न नगरी आयोजनाहरू कार्यान्वयनमा लैजाँदा कार्यान्वयन चरणमा विविध समस्या सिर्जना हुन गई उल्लेख्य रूपमा समय एवं लागतसमेत वृद्धि भएको छ । मन्त्रालयले योजना सञ्चालनमा रहेका समस्या समाधानको लागि आवश्यक समन्वय र कार्यान्वयन स्थितिको प्रभावकारी अनुगमन गरी तोकिएको भौतिक लक्ष्य हासिल गर्नुपर्दछ ।

१२. **मातहत कार्यालयको बजेट खर्च** - मन्त्रालयले मातहतका कार्यालयले सञ्चालन गर्ने योजना तथा कार्यक्रमका लागि विनियोजित बजेट उपशीर्षक नं ३३७३१०११३ सडक बोर्डतर्फको सडक मर्मत तथा सञ्चालन र निर्माणका लागि रू.७ अर्ब २५ करोड मातहत कार्यालयलाई अख्तियारी नदिई आफैंले खर्च लेखी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई भुक्तानी आदेश जारी गरी कार्यालयमार्फत् भुक्तानी दिएको पाइयो । यस प्रकार खर्चको अख्तियारी दिई कार्यक्रमअनुसार खर्च गरे नगरेको अनुगमन गर्नुपर्ने निकाय आफैंले बजेट खर्च लेखु उचित देखिएन । यस्ता कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१३. **माथिल्लो निकायबाट खरिद** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम अधिकार प्राप्त अधिकारीको अधिकारमा तालुक कार्यालय वा पदाधिकारीले हस्तक्षेप गर्न मिल्दैन । सार्वजनिक लेखा समितिले समेत केन्द्रीय निकायले गरिने उल्लेख भएका आयोजना बाहेक सबै आयोजना मातहतका सम्बन्धित निकायबाट खरिद व्यवस्थापन कार्य गर्ने र विभाग एवं निर्देशनालयहरूले अनुगमन तथा मूल्याङ्कन गर्ने निर्देशन दिएको छ । उक्त प्रावधान विपरीत पुष्पलाल (मध्यपहाडी) आयोजना निर्देशनालयले रू.५ अर्ब ९५ करोड, मदन भण्डारी आयोजना निर्देशनालयले रू.५ अर्ब ७९ करोड,

हुलाकी राजमार्ग आयोजना निर्देशनालयले रू.१ अर्ब ८३ करोड ५ लाखका, सडक विभाग, पुल महाशाखाले रू.५ अर्ब ६१ करोडका खरिद सम्झौता गरी कार्यान्वयनका लागि मातहत कार्यालयमा पठाएको छ । विभाग तथा निर्देशनालयहरूले मातहत कार्यालयको काममा हस्तक्षेप हुने गरी खरिद कार्य गर्नु उपयुक्त नदेखिएको व्यहोरा विगतका वार्षिक प्रतिवेदनमा समेत औंल्याइएकोमा स्थिति यथावत छ ।

सडक विभाग

विभागले दीर्घकालीन सडक संरचनाहरूको निर्माण एवं सुधार कार्य मातहत डिभिजन एवं योजना कार्यालयहरूमार्फत् सञ्चालन गर्ने गरेको छ । सडकहरूको मर्मत संभारको कार्यमा हेभी इक्विपमेन्ट डिभिजन र यान्त्रिक कार्यालयहरूमा रहेको उपकरणसमेत परिचालन गर्ने गरेको छ ।

१४. **संयुक्त उपक्रम दर्ता -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० (ख) (१) मा संयुक्त उपक्रम दर्ता हुने व्यवस्था र सोही दफाको उपदफा ३ मा दर्ता भएको संयुक्त उपक्रमले त्यस्तो उपक्रम खडा गर्दा गरेको सम्झौतामा तोकिएको अवधि समाप्त भएपछि दर्ता खारेज गराउनुपर्ने व्यवस्था छ । विभागले मूल्य अभिवृद्धि करमा दर्ता नभएका ६ संयुक्त उपक्रमसँग रू.१ अर्ब ६ करोड ८४ लाख र सडक डिभिजन कार्यालय काठमाडौंले ७ संयुक्त उपक्रमसँग रू.४९ करोड ४३ लाखको खरिद सम्झौता गरेको छ । विभागले यो वर्ष सम्बन्धित निर्माण कार्य गर्ने संयुक्त उपक्रमको मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको आधारमा खरिद सम्झौता गर्नुपर्नेमा पुरानो अन्य कामको लागि मूल्य अभिवृद्धि कर दर्ता भएका ११ संयुक्त उपक्रमसँग रू.१ अर्ब ६२ करोड ३४ लाखको र सडक डिभिजन कार्यालय, काठमाडौंले अन्य काममा दर्ता भएका ९ संयुक्त उपक्रमसँग ८७ करोड ६४ लाखको खरिद सम्झौता गरेको छ । ऐनको व्यवस्थाबमोजिम तोकिएको अवधि समाप्त भएका संयुक्त उपक्रमसँग खरिद सम्झौता गर्न मिल्ने देखिदैन ।

१५. **स्रोतको सुनिश्चितता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २१ मा बजेट तर्जुमा गर्दा विगत र चालु आर्थिक वर्षमा सम्झौता भई बाँकी दायित्वमध्ये आगामी आर्थिक वर्षमा सम्झौताअनुसार खर्च हुने प्रतिवद्धता तथा स्रोत सुनिश्चितता गरेर मात्र ठेक्का व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । सडक डिभिजन, बुटवलले २०७६।७७ र २०७७।७८ मा २१ खरिद सम्झौता गरी मोबिलाइजेसन पेश्की र रनिङ बिलको रू.११ करोड १० लाख भुक्तानी गरेका ठेक्काहरू यस वर्ष वार्षिक कार्यक्रममा नै समावेश नभएकोले रू.१२ करोड ४४ लाख बराबरको निर्माण कार्य हुन सकेको छैन । विभाग तथा मन्त्रालयले खरिद सम्झौता गरेका योजनाको स्रोतको सुनिश्चितता गरी निर्माण कार्य सम्पन्न गराउनुपर्दछ ।

१६. **खरिद सम्झौताको अन्त्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (४) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक सार्वजनिक निकायले सार्वजनिक हितका लागि सुविस्ताको आधारमा खरिद सम्झौताको अन्त्य गर्न सक्ने व्यवस्था छ । सडक डिभिजन, काठमाडौंले रू.८३ करोड १५ लाख ६१ हजारमा खरिद सम्झौता गरी रू.३५ करोड २ लाख ६६ हजार भुक्तानी गरेका १८४ ठेक्का, सडक डिभिजन पाल्पाले ३६ ठेक्का, सडक डिभिजन कास्कीले रू.१७ करोड १० लाख ६४ हजारमा

खरिद सम्झौता गरी रू.१२ करोड ५१ लाख ९९ हजार भुक्तानी गरेका ९ ठेक्का, मदन भण्डारी राजमार्ग आयोजना कार्यालय गुल्मीले १८ ठेक्का सुविस्ताको आधारमा फरफारक गरेका छन् । सार्वजनिक हितका लागि खरिद सम्झौताको अन्त्य गरेको पुष्टि नभई पटक पटक म्याद थप गर्दा पनि कार्य सम्पादन कम भएका ठेक्का फरफारक गरेको पाइयो । यस्तो अवस्थामा ऐनको दफा ५९(८) बमोजिम जमानत जफत गरी सम्झौताबमोजिमको कार्य गराउँदा लाग्ने थप लागतसमेत असुल गर्नुपर्नेमा विभागीय सहमति लिई सुविस्ताको आधारमा ठेक्का फरफारक गरेको नियमसम्मत देखिएन ।

१७. **कन्टिन्जेन्सी खर्च -** नेपाल सरकारले जारी गरेको आर्थिक संकेत तथा खर्च वर्गीकरण, २०७४ मा खर्चसम्बन्धी संकेतहरू तोकिएका छन् । उक्त संकेतसँग मेल नखाने गरी सार्वजनिक निर्माण खर्च शीर्षकबाट विभाग र अन्तर्गतका ४८ कार्यालयले ज्याला खर्चमा रू.२३ करोड ८१ लाख, इन्धन खर्चमा रू.८ करोड ७ लाख, कार्यालय सामान र सूचना प्रकाशनमा रू.१५ करोड २८ लाख, दैनिक तथा भ्रमण भत्तामा रू.४ करोड ३३ लाख, मर्मत खर्च रू.१२ करोड २७ लाख, अन्य खर्च रू.१२ करोड ४२ लाख, विवरण नखुलेको खर्च रू.५ करोड ८२ लाख ४१ हजार र विभागमा पठाएको रू.३८ करोड ३७ लाखसमेत रू.१ अर्ब २० करोड ३७ लाख कन्टिन्जेन्सी रकमबाट खर्च गरेका छन् । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१७.१ मन्त्रालयले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ जारी गरेको छ । निर्देशिकाले कन्टिन्जेन्सी खर्च जनाउँदा सम्बन्धित ठेक्काको नापी किताबमा खर्च प्रविष्ट गर्नुपर्ने र ठेक्कागत खर्चको अभिलेख राख्ने व्यवस्था गरे तापनि विभाग र मातहतका कार्यालयले सो अनुरूप अभिलेख राखेको पाइएन । स्वीकृत निर्देशिकाको पालना गर्नुपर्ने व्यहोरा गत विगत वर्षको प्रतिवेदनमा औंल्याइएकोमा सुधार भएको छैन ।

१७.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० मा विनियोजन ऐनले फ्रीज नहुने भनी तोकेको शीर्षकको रकम बाहेक आर्थिक वर्ष समाप्त हुन कम्तीमा ७ दिन अगावै भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था छ । विभागले मातहत कार्यालयलाई खर्च गर्ने अख्तियारी दिएको मध्ये यो वर्ष सम्बन्धित कार्यालयले कन्टिन्जेन्सी खर्च जनाई विभागमा पठाएको रू.३८ करोड ३७ लाख कार्य सञ्चालन कोषमा राखी यो वर्ष रू.१६ करोड २३ लाखको मेसिनरी औजार खरिद गरेको र आगामी वर्षका लागि दायित्व सिर्जना गरेको रू.१४ करोड ८ लाख २०७८।७९ मा खर्च गरी बाँकी रू.८ करोड ६ लाख सञ्चित कोष दाखिला गरेको छ । सडक विभाग र मातहतका कार्यालयलाई विनियोजन ऐनले फ्रीज हुने शीर्षकबाट निकासा दिएको रकम आर्थिक वर्षको अन्तसम्ममा फ्रीज नगरी आगामी वर्ष जिम्मेवारी सारी खर्च लेखेको नियमसम्मत देखिएन । यस सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई उक्त कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१८. **मूल्य समायोजन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ को उपनियम २ (ख)मा सम्पन्न भएको काममा लागेको श्रम, सामग्री र उपकरणको मात्र मूल्य समायोजन हुने गरी सूत्र निर्धारण गर्नुपर्ने र सोहीअनुसार सम्झौतामा उल्लेख गरी सोही आधारमा मूल्य समायोजन भुक्तानी हुनुपर्ने उल्लेख छ । मूल्य समायोजन रकम भुक्तानीसम्बन्धी प्रमुख व्यहोरा निम्नानुसार छन्:

१८.१ पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना कार्यालय दैलेखले थलाहगाड पुल निर्माण योजनाको बेस इन्डेक्स निर्धारण गर्दा जुलाई अगष्ट २०१८।१९ को इन्डेक्स लिनुपर्नेमा जुलाई अगष्ट २०१७।१८ को बेस इण्डेक्स लिई बढी भुक्तानी गरेको रू.२४ लाख ६८ हजार, पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय, पर्वतले ३ निर्माण व्यवसायीलाई मूल्य समायोजन भुक्तानी गर्दा बेस इन्डेक्स फरक पारी यो वर्ष बढी भुक्तानी गरेको रू.९३ लाख १७ हजारसमेत रू.१ करोड १७ लाख ८५ हजार असुल गर्नुपर्दछ ।

१८.२ व्यापारिक मार्ग विस्तार आयोजना, बाराले एक संयुक्त उपक्रमलाई मूल्य समायोजन भुक्तानी गर्दा निर्माण सामग्रीको बेस इन्डेक्स ९५.१ लिनुपर्नेमा ९४.२ लिएको तथा मेसिनरी एण्ड इक्विपमेन्टको इन्डेक्स लिई मूल्य समायोजन भुक्तानी गर्नुपर्नेमा ट्रान्सपोर्ट, भेइकल्स एण्ड गुड्सको इन्डेक्स लिएकोले आईपीसी १० देखि १५ सम्म मूल्य अभिवृद्धि करसमेत रू. ५९ लाख ५२ हजार बढी मूल्य समायोजन भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

१८.३ खरिद सम्झौताको विशेष शर्तमा पुरानो सूत्र प्रयोग गरी मूल्य समायोजन भुक्तानी गर्ने उल्लेख गरे तापनि सडक डिभिजन, हेटौंडाले बंगरी खोला पुल निर्माण गर्ने एक संयुक्त उपक्रमलाई इन्डेक्स उल्लेख नगरेको र निर्माण व्यवसायीले श्रम, सामग्री र उपकरणको कोफिसियन्ट फ्याक्टर सम्झौतामा उल्लेख नगरेको अवस्थामा सम्झौताको शर्त विपरीत यस वर्षसम्म मूल्य समायोजन भुक्तानी गरेको मूल्य अभिवृद्धि कर समेत रू.६० लाख २८ हजार असुल गर्नुपर्दछ ।

१८.४ सडक डिभिजन, सुर्खेत अन्तर्गतका विभिन्न ५ ठेक्काको सम्झौतामा मूल्य समायोजन बापत औसत विधिबाट गणना गर्ने उल्लेख छैन । कार्यालयबाट मेसिन उपकरणको हिसाब गरी मूल्य वृद्धि भुक्तानी गर्नुपर्नेमा ट्रान्सपोर्ट भेइकल्स एण्ड गुड्सको र मेसिन उपकरणको औसत विधिबाट गणना गरी मूल्य अभिवृद्धि कर समेत रू.२ करोड ४१ लाख ३५ हजार बढी भुक्तानी भएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

१८.५ मोहना पुल, अत्तरिया सडक योजनाले मेसिन/उपकरणको मूल्य सूचीअनुसार मूल्य समायोजन भुक्तानी गर्नुपर्नेमा ट्रान्सपोर्ट इक्विप्मेन्ट एण्ड पार्टस र मेसिनरी एण्ड इक्वीपमेन्टको औसत विधिबाट गणना गरेको कारणबाट एक निर्माण व्यवसायीलाई रू.४२ लाख ४० हजार, सडक डिभिजन ललितपुरले ६ निर्माण व्यवसायीलाई रू.४१ लाख १६ हजार, मदन भण्डारी राजमार्ग योजना कार्यालय, हेटौंडाले १ निर्माण व्यवसायीलाई रू.१ करोड ३६ लाख ६९ हजार र मदन भण्डारी राजमार्ग योजना कार्यालय, उदयपुरले १ निर्माण व्यवसायीलाई रू.३ करोड ५३ लाख १ हजारसमेत रू.५ करोड ७३ लाख २६ हजार बढी मूल्य समायोजन भुक्तानी दिएको छ । बढी भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।

१८.६ सडक विभागले २०७०।४।२ मा मोबिलाइजेसन पेश्की कटाए पछिको बाँकी बिल रकममा मूल्य समायोजन गर्ने गरी खरिद सम्झौता गर्न मातहत कार्यालयलाई निर्देशन दिएको छ । उक्त निर्देशनअनुसार मूल्य वृद्धिको भुक्तानी गर्दा मोबिलाइजेसन पेश्की कट्टी पश्चात्को बिल रकमबाट गणना गर्नुपर्नेमा पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना कार्यालय दैलेख, पर्वत र सडक डिभिजन, नेपालगन्जले ९ ठेक्कामा पेश्की रू.७२ करोड ४७ लाख कट्टी नगरी मूल्य समायोजन रू.११ करोड ५७ लाख भुक्तानी

गरेको छ । सडक विभागको निर्णय कार्यान्वयन नगर्दा नेपाल सरकारलाई थप व्ययभार परेको उक्त रकम असुल गर्नुपर्दछ ।

१८.७ सार्वजनिक खरिद अनुगमन कार्यालयको २०७६।९।१६ को पत्रानुसार बोलपत्रसम्बन्धी कागजातको प्राइस एड्जस्टमेन्ट डाटामा बोलपत्रदाताले कोफिसियन्ट नभरी खाली छोडेमा निजलाई मूल्य समायोजन दिन नमिल्ने उल्लेख छ । पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना कार्यालय, काभ्रेपलाञ्चोकले एक निर्माण व्यवसायीले बोलपत्रसम्बन्धी कागजात पेस गर्दा प्राइस एड्जस्टमेन्ट डाटाको कोफिसियन्ट नभरेकोमा मूल्य समायोजन रू.६४ लाख १३ हजार र सडक डिभिजन, दाङले ककरहवा पुल निर्माण गर्ने एक व्यवसायीले बोलपत्रको प्राइस एड्जस्टमेन्ट डाटा भर्ने स्थानमा कोफिसियन्ट नभरेकोमा रू.२३ लाख ६९ हजार मूल्य समायोजन भुक्तानी गरेको छ । उल्लिखित व्यवस्था विपरीत सम्झौता एवं भुक्तानी गर्नेलाई कारबाही गरी मूल्य समायोजनबापत भुक्तानी भएको रू.८७ लाख ८२ हजार असुल हुनुपर्दछ।

१८.८ सडक डिभिजन, लहानले गिदेरी खोला पुल, महुली घाडन खोला पुल र सुमरी खोला पुल निर्माणको सम्झौताको विशेष शर्तको बुँदा ४६.१ मा मूल्य समायोजन आकर्षित नहुने गरी खरिद सम्झौता भएकोमा कार्यालयले रू.४९ लाख ४९ हजार मूल्य समायोजन भुक्तानी दिएको देखिएकोले सम्झौता विपरीत भुक्तानी भएको उक्त रकम असुल हुनुपर्दछ ।

मूल्य समायोजन भुक्तानी सम्बन्धमा बेस फ्याक्टर एवं इन्डेक्स फरक गणना, दाबी नगरेको मूल्य समायोजन भुक्तानी, सम्झौतामा उल्लेख नभएको बीमा तथा जनरल आइटम समावेश गरी मूल्य समायोजन भुक्तानी गरेको पाइयो । यसबाट निर्माण लागत बढ्ने भएको हुँदा विभागले अनुगमन गरी सम्झौताका व्यवस्थाको पालना गराउनुपर्दछ ।

१९. **डिजाइन एण्ड बिल्ड सम्झौतामा मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा एकमुष्ट कार्य सम्पादन (लमसम कन्ट्राक्ट) को आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन भुक्तानी गर्न नमिल्ने उल्लेख छ । सार्वजनिक लेखा समितिले डिजाइन एण्ड बिल्ड प्रक्रियाबाट हुने निर्माण कार्यको भेरिएसन र मूल्य समायोजनलाई व्यवस्थित गर्न थप कानूनी व्यवस्था गर्न २०७६।११।८ मा निर्देशन दिएकोमा हालसम्म सोसम्बन्धी कानूनी व्यवस्था गरेको छैन । सडक विभाग, पुल महाशाखा आयोजना कार्यान्वयन इकाईले लमसम प्रकृतिका पुल निर्माण कार्यमा डिजाइन एण्ड बिल्ड सम्झौता गर्दा मूल्य समायोजन भुक्तानी दिने प्रावधान राखेको कारण १० कार्यालयहरूले ८० खरिद सम्झौतामा रू.७३ करोड ४५ लाख मूल्य समायोजन भुक्तानी गरेका छन् । डिजाइन एण्ड बिल्ड लमसम प्रकृतिको सम्झौता भएकोले ऐनको व्यवस्थाअनुसार मूल्य समायोजन भुक्तानी दिन मिल्दैन।

डिजाइन एण्ड बिल्ड प्रक्रियाबाट निर्माण कार्य गराउने सम्बन्धमा सार्वजनिक खरिद ऐन, नियमावलीमा विस्तृत उल्लेख नभएको तथा सार्वजनिक खरिद अनुगमन कार्यालयले बोलपत्र कागजात तयार नगरेकोले मूल्य समायोजन, भेरिएसन आदेशलगायतका पक्षमा विविधता देखिएको छ । यस विधिबाट गरिने खरिद कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।

२०. **पूर्वनिर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको कारणले तोकिएको अवधिमा कार्य सम्पन्न हुन नसकेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । यो वर्ष विभाग मातहतका ५ कार्यालयले १२ खरिद सम्झौतामा नियमानुसार रू.२ करोड ७० लाख ६५ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरेका छैनन् । यससम्बन्धी व्यहोरा देहायअनुसार छन्:

२०.१ सडक डिभिजन, महेन्द्रनगरले रू.७ करोड २३ लाख २१ हजारमा खरिद सम्झौता गरेको विभिन्न ८ ठेक्कामा सडक स्तरोन्नति गर्ने कामको लागि निर्माण व्यवसायीसँग २०७७।१२।१५ मा सम्पन्न गर्ने गरी २०७७।३।७ मा सम्झौता गरेको छ । उक्त ठेक्काहरूको निर्माण कार्य म्यादभित्र सम्पन्न गरेको देखिएन । साथै उक्त ठेक्काको म्याद थपसमेत भएको छैन । नियमावलीमा भएको व्यवस्थाअनुसार रू.३३ लाख ५५ हजार पूर्वनिर्धारित क्षतिपूर्ति लगाई सम्झौताबमोजिमको निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

२०.२ सडक डिभिजन, ललितपुरले कोट्कु खोलामा २५ मिटरको आरसीसी पुल निर्माण गर्नको लागि २०७२।६।२२ मा एक निर्माण व्यवसायीसँग रू.३ करोड ४१ लाख ९३ हजारको खरिद सम्झौता भई अन्तिम पटक २०७७।२।२० सम्म म्याद थप गरे तापनि कार्य सम्पन्न भएको छैन । निर्धारित अवधि तथा म्याद थपको अवधिमा पनि सुपर स्ट्रक्चरका केही काम गरेको, एप्रोच रोड, रिभर ट्रेनिङ र प्रोटेक्सनको कुनै पनि कार्य नगरी अधुरै रहेको देखियो । म्याद थपसमेत नभएकोले सम्झौता रकमको १० प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति रू.३८ लाख ८६ हजार असुल गरी बाँकी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

२०.३ सडक डिभिजन, बुटवलले एक निर्माण व्यवसायीसँग सम्झौता रकम रू.८ करोड ५४ लाख २६ हजार र रू.८ करोड ४९ लाख ९६ हजारमा निर्माण गरिरहेको दुई पुलको निर्माण कार्यमा अधिकतम् १० प्रतिशतले हुने रू.१ करोड ७० लाख ४२ हजार पूर्वनिर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप गरेकोमा कार्यालयले रू.६० लाखमात्र कट्टा गरेको देखिएकोले बाँकी रू.१ करोड १० लाख ४२ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ। यसैगरी तारेखोला पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको म्याद २०७६।१२।३० सम्म भएकोमा निर्माण व्यवसायीले २०७७।६।२८ मा मात्र कार्य सम्पन्न गरेको देखिन्छ । अतः सम्झौता रकम रू.३ करोड ३२ लाख ५ हजारको ०.०५ प्रतिशत प्रति दिनका दरले १७८ दिनको रू.२९ लाख ५५ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ ।

२१. **खरिद सम्झौताको अन्त्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा खरिद सम्झौता गर्ने निर्माण व्यवसायीले सम्झौताबमोजिम काम शुरु नगरेमा, काम शुरु गरी बीचैमा छाडेमा वा सम्झौताबमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त गर्न सक्ने, सो काम बापत राखिएको पूरै जमानत जफत हुने र बाँकी कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम सम्झौताबमोजिम कार्य नगर्ने निर्माण व्यवसायीबाट सरकारी बाँकी सरह असुल उपर गर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

२१.१ सडक डिभिजन, हेटौंडाले १८ सडकको निर्माण कार्यको खरिद सम्झौता अन्त्य गरी रू.२ करोड २३ लाख ९२ हजार राजस्व दाखिला गर्न सूचना प्रकाशन गरेकोमा हालसम्म दाखिला भएको छैन । उक्त रकम असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

२१.२ हुलाकी राजमार्ग योजना कार्यालय, जनकपुरले समयमा नै निर्माण व्यवसायीले काम नगरेका कारण २ निर्माण व्यवसायीको कार्यसम्पादन जमानत र पेश्की जफत गरी राजस्व दाखिला गरेकोमा थप जरिवाना र पेश्कीमा लाग्ने ब्याज रू.१ करोड ४३ लाख ५२ हजार असुल गर्न पत्राचार गरेकोमा हालसम्म असुल भएको छैन । बाँकी जरिवाना असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

२२. **भेरिएसन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएसन जारी गर्दा प्राविधिक पुष्ट्याइँ समेत पेस गर्नुपर्ने व्यवस्था छ । भेरिएसन आदेश सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२२.१ सडक डिभिजन, सुर्खेतले बोटेचौर-काल्चे सडक खण्डमा सडक निर्माण तथा स्ट्रक्चर निर्माण कार्यको कार्य सम्पन्न भएको अवधि (२०७६।१०।१०) पश्चात् २०७७।५।२ मा रू.३७ लाख ४३ हजार (३.११ प्रतिशत) बढीको दोस्रो भेरिएसन आदेश स्वीकृत गरेको छ । साथै पहिरोको कारणबाट नोक्सानी भएको कार्य बीमाबाट दाबी गरी कार्य गराउनुपर्नेमा भेरिएसनमार्फत् कार्य गराएकोले थप व्ययभार परेको छ ।

२२.२ हुलाकी राजमार्ग योजना कार्यालय, पर्साले सडक निर्माण कार्यमा महानिर्देशकबाट २०७६।३।२७ मा स्वीकृत भेरिएसनबाट कायम भएको परिमाणभन्दा बढी परिमाणको नापी गरी रू.८५ लाख २४ हजार भुक्तानी गरेको छ ।

२२.३ व्यापारिक मार्ग विस्तार आयोजना, बाराले भेरिएसन जारी गरी कायम भएका परिमाणभन्दा एक निर्माण व्यवसायीलाई बढी परिमाण नापी गरी रू.४२ लाख ७० हजार बढी भुक्तानी गरेको छ । यसरी पुनः थप भेरिएसन स्वीकृत नै नगरी थप परिमाण भुक्तानी गरेको छ ।

२२.४ सडक डिभिजन, जनकपुरले रातो नदी पुल निर्माण गर्ने निर्माण व्यवसायीलाई भेरिएसन नै स्वीकृत नगरी शुरु परिमाण भन्दा बढीको रू.४० लाख ७७ हजार भुक्तानी गरेको छ।

२२.५ गाईघाट-दिक्तेल सडक योजना, उदयपुरले भेरिएसन आदेश जारी गरिसकेकोमा भेरिएसनबाट कायम परिमाण भन्दा बढी परिमाण नापी गरी एक निर्माण व्यवसायीलाई रू.८५ लाख ८६ हजार भुक्तानी गरेको छ ।

२२.६ सडक डिभिजन, काठमाडौंले ७ ठेक्कामा कार्य सम्पन्न पश्चात् भेरिएसन आदेश स्वीकृत गरेको छ । भेरिएसन आदेश स्वीकृत नगराई थप काम गर्न तथा सम्झौताबमोजिमको कार्य घटाउन नमिल्नेमा विभिन्न आइटमको परिमाणमा भेरिएसन पश्चात् रू.३ करोड ५२ लाख थप र रू.७ करोड १५ लाख १० हजार घटाएको नियमसम्मत देखिएन ।

२२.७ सडक डिभिजन, सुर्खेतले २ ठेक्कामा विभिन्न स्थानमा पुल निर्माणको प्याकेज बनाई सम्झौता गरेकोमा काम शुरु भएको करिब १ वर्षभन्दा बढी अवधि व्यतीत भइसकेपछि २ पुल निर्माणका प्याकेजमा एक एक/थप पुल वनाउन नसक्ने कारण उल्लेख गरी तरिया खोलाको सट्टा काले खोलामा र इड्की गाडको सट्टा छेडेना खोलामा पुल बनाउने गरी ड्रइङ्ग डिजाइन र लागत अनुमान परिवर्तन गरी शुरु लागत रू.६ करोड १५ लाखको सट्टा रू.६ करोड २९ लाख ९० हजार लागत कायम गरी भेरिएसन स्वीकृत गरेको छ । फरक कार्यको लागि नयाँ खरिद प्रक्रिया शुरु नगरी पहिलाको सम्झौतामा भेरिएसनबाट काम थपघट गराई गर्नु खरिद ऐन तथा नियमावलीको मनसाय अनुरूप देखिँदैन । यस प्रकार कार्य क्षेत्र परिवर्तन भएको अवस्थामा समेत भेरिएसन गरी कार्य गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ।

२२.८ रानी-विराटनगर-इटहरी-धरान सडक योजना र एक निर्माण व्यवसायीबीच चेनेज २९+६३० देखि ३२+०८० किलोमिटर सम्म सडक विस्तार गर्ने गरी सम्झौता भएकोमा उक्त क्षेत्रमा निर्माण कार्य गर्दा ११० मिटर लम्बाइ बढेको जनाई भेरिएसनबाट ०+००० देखि ०+११० सम्म नयाँ चेनेज कायम गरी रू.१ करोड १ लाख २९ हजार थप भुक्तानी दिएको छ । कुल २ हजार ४५० मिटरको ठेक्कामा थप ११० मिटरले लम्बाइ वृद्धि हुँदा समग्र बाटोको लम्बाइ बढ्न गएको छ । चेनेज ओभरल्याप सम्बन्धमा गत वर्षसमेत औँल्याइएकोमा पुनः कुल लम्बाइ वृद्धि हुने गरी भेरिएसन गर्दा सोको कारण खोजी गरी लम्बाइ यकिन गरेको छैन । योजनाले पुनः नापजाँच गरी सडकको लम्बाइ र भुक्तानी रकम यकिन गर्नुपर्दछ।

२२.९ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(३) मा लागत अनुमान स्वीकृत गर्नेभन्दा तल्लो तहको अधिकारीले भेरिएसन आदेश जारी गर्न नहुने व्यवस्था छ । सडक डिभिजन, बुटवलले कुरुङ्गे खोलाको पुल निर्माण गर्न रू.१० करोड ४४ लाख १८ हजारको लागत अनुमान महानिर्देशकबाट स्वीकृत भएकोमा २.९७ प्रतिशत बढीको लागत अनुमान तथा शुरु सम्झौता रकम रू.८ करोड ८८ लाख ८९ हजारभन्दा २.२८ प्रतिशत बढी अर्थात् रू.२० लाख २८ हजारको भेरिएसन आदेश डिभिजन प्रमुखबाट स्वीकृत भएको छ । महानिर्देशकबाट लागत अनुमान स्वीकृत भएको ठेक्काको भेरिएसन आदेश कार्यालय प्रमुखले जारी गरेको नियमसम्मत देखिएन ।

२३. **जमानत** - सार्वजनिक खरिद नियमावली, २०६४ मा पेश्की जमानतको म्याद पेश्की फर्स्यौट गर्ने अवधिभन्दा कम्तीमा १ महिना बढी अवधिको र कार्यसम्पादन जमानतको मान्य अवधि त्रुटि सच्याउने अवधिभन्दा कम्तीमा १ महिनाभन्दा बढी अवधिको हुनुपर्ने व्यवस्था छ । यो वर्ष सडक डिभिजन ललितपुर, काठमाडौं लगायत १३ कार्यालय अन्तर्गतका ४७ निर्माण व्यवसायीले राखेको कार्य सम्पादन जमानत रू.५ करोड ७८ लाख ३९ हजार र पेश्की जमानत रू.१३ करोड २१ लाख ४६ हजारको म्याद समाप्त भएको छ । सम्झौता अवधिमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई सार्वजनिक खरिद ऐन, नियम तथा खरिद सम्झौताबमोजिम कारबाही गरी पेश्की बाँकी रकममा १० प्रतिशत ब्याजसहित असुल हुनुपर्दछ ।

२४. **बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिँदा रीत पुगे, नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को

नियम १२३ मा सम्पन्न भएको कामको नापी किताबमा प्रमाणित भएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा २२ कार्यालयबाट नापी किताबमा एवं बिलमा उल्लेख भएको वास्तविक कार्य परिमाण, बिल र संलग्न प्रमाणभन्दा बढी भुक्तानी भएको रू.५ करोड ५५ लाख २४ हजार असुल गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:

२४.१ पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना कार्यालय, दैलेखले दैलेख खण्डको चेनेज नं. १३+३०० देखि २९+१६८ किलोमिटर सम्म कालोपत्रे सडक निर्माण गर्न निर्माण व्यवसायीले पेस गरेको रनिङ बिलको आधारमा १४ औं रनिङ बिलसम्मको मूल्य समायोजनसमेत रू.३५ करोड ५७ हजार भुक्तानी गर्नुपर्नेमा कार्यालयले राखेको ठेक्का लगतअनुसार १४ औं रनिङ बिलसम्मको कुल भुक्तानी रू.३५ करोड ४५ लाख ९४ हजार रहेको छ । यथार्थ कार्य परिमाणभन्दा रू.४५ लाख ३७ हजार बढी भुक्तानी गरेकोमा कार्यालयले रू.१३ लाख ७७ हजार मात्र कट्टी गरेको पाइयो । अतः घटी कट्टी गरेको रू.३१ लाख ६० हजार असुल हुनुपर्दछ ।

२४.२ सडक सुधार तथा विकास आयोजना निर्देशनालयले परामर्शदातालाई वास्तविक बिल रू.११ करोड ३० लाख ३० हजार भुक्तानी गर्नुपर्नेमा हालसम्म रू.१५ करोड २२ लाख ४३ हजार भुक्तानी भएकोले वास्तविक बिल रकमभन्दा रू.३ करोड ९२ लाख १३ हजार बढी भुक्तानी गरेको रकम असुल हुनुपर्दछ।

२४.३ व्यापारिक मार्ग विस्तार आयोजना बाराले एक निर्माण व्यवसायीलाई मूल्य समायोजनबापत भुक्तानी गर्दा दोहोरो जोडजम्मा भएको कारण रू.१६ लाख ३३ हजार बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

२५. **स्पेसिफिकेसनभन्दा बढी प्रयोग -** स्ट्यान्डर्ड स्पेसिफिकेसन अफ रोड एण्ड ब्रिज, २०७३ को बुँदा १३०२ मा कालोपत्रे सडकमा प्रयोग हुने बिटुमिनको ट्याक कोटको स्प्रे दर ०.४ देखि ०.६ लिटर प्रति वर्गमिटरसम्म हुने व्यवस्था छ । विभागबाट जारी भएको स्ट्यान्डर्ड स्पेसिफिकेसनबमोजिम निर्माण सामग्रीको प्रयोग गर्नुपर्नेमा तोकिएको परिमाणभन्दा बढी निर्माण समाग्रीको प्रयोग गर्ने दर विश्लेष्ण गरी तथा ठेक्का बिलमा तोकिएको परिमाणभन्दा बढी परिमाणमा सामग्रीको प्रयोग गरेको देखाई ११ कार्यालयले ६६ ठेक्कामा देहायबमोजिम रू.२ करोड ३१ लाख बढी भुक्तानी गरेको छः

कार्यालय संख्या	ठेक्का संख्या	कामको विवरण	स्पसिफिकेसनअनुसारको दर (लि./व.मि.)	प्रयोग भएको (लि./व.मि.)	फरक परिमाण (घनमिटर)	बढी भुक्तानी (रू. हजारमा)
९	६४	ट्याक कोट	०.६	०.७३	२८६५५.१	१७०१३
२	२	प्रिमिक्स कार्पेटिङ्ग	०.०२	०.०४	१७४३१	६०८७
११	**६६**				**जम्मा**	**२३१००**

२५.१ सडक डिभिजन, मोरङले विभिन्न २३ ठेक्कामा स्पेसिफिकेसनले तोकेकोभन्दा बढी ०.७३ लिटर प्रति वर्गमिटरले सम्झौता गरी सोहीबमोजिम निर्माण व्यवसायीलाई भुक्तानी दिएको छ । कार्यालयले स्पेसिफिकेसनले तोकेको माथिल्लो स्प्रे दरभन्दा बढीको सम्झौता गरी रू.२९ लाख १६ हजार बढी भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल हुनुपर्दछ ।

२५.२ मोहना पुल-अत्तरिया सडक योजना कार्यालय, कैलालीले यस वर्ष ३ ठेक्कामा ०.८ का दरले स्प्रे रेट राखी ट्याककोट भुक्तानी गरेको छ । स्पेसिफिकेसनभन्दा फरक दरमा ट्याक कोट प्रयोग गरेकोले रू.८९ लाख ६५ हजार बढी भुक्तानी भएको देखिएकोले उक्त रकम असुल हुनुपर्दछ ।

२५.३ सडक डिभिजन, दाङले यस वर्ष सडक निर्माणको ट्याककोटमा ०.७३ का दरले स्प्रे रेट प्रयोग गरेको छ । स्पेसिफिकेसनभन्दा फरक दरमा ट्याककोटमा स्प्रे गरेको कारण २० ठेक्कामा रु १८ लाख ६८ हजार बढी भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल हुनुपर्दछ ।

२५.४ सडक डिभिजन, हेटौंडाले कालोपत्रे सडक निर्माण गर्नका लागि २०७६।७७ मा लागत अनुमान बनाई ठेक्का बन्दोबस्त गर्दा ट्याक कोटको स्प्रे दर ०.७३ सम्म राखी स्पेसिफिकेसनले तोकेभन्दा बढी दरले लागत अनुमान बनाएको र सोहीअनुसार खरिद सम्झौता गरी २ निर्माण व्यवसायीलाई स्पेसिफिकेसन भन्दा बढी स्प्रे दर राखी बिटुमिनको रू.३६ लाख ६५ हजार बढी भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल हुनुपर्दछ ।

२५.५ सडक डिभिजन, जनकपुरले कालोपत्रे सडक निर्माण गर्नका लागि २०७६।७७ मा लागत अनुमान बनाई ठेक्का बन्दोबस्त गर्दा ट्याककोटको स्प्रे दर ०.७३ सम्म राखी स्पेसिफिकेसनले तोकेभन्दा बढी दर राखी लागत अनुमान बनाएको र सोहीअनुसार खरिद सम्झौता गरी १३ निर्माण व्यवसायीलाई स्पेसिफिकेसनभन्दा बढी स्प्रेको रू.३० लाख ३७ हजार बढी भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल हुनुपर्दछ ।

२५.६ सडक डिभिजन, नेपालगन्जले दुई ठेक्कामा प्रिमिक्स कार्पेटिङ्ग कार्यको ०.०२ स्पेसिफिकेसनअनुसार भुक्तानी गर्नुपर्नेमा ०.०४ प्रयोग गरी स्पेसिफिकेसनभन्दा रू.६० लाख ८७ हजार बढी भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल हुनुपर्दछ ।

विभाग र मातहतका कार्यालयहरूले स्पेसिफिकेसनले तोकेको दर र परिमाणबमोजिम लागत अनुमान तयार गरी सोही आधारमा सम्झौता एवं भुक्तानी गर्नुपर्दछ ।

२६. **डिजाइन परिवर्तन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(क) मा एकपटक स्वीकृत भएको डिजाइन वा लागत अनुमानमा संशोधन गर्नुपर्दा त्यस्तो संशोधन शुरुको लागत अंकमा २५ प्रतिशत भन्दा बढी फरक परेमा वा त्रुटिपूर्ण डिजाइन गरेको वा अस्वाभाविक लागत अनुमान तयार गरेको कारणले खरिद कार्य प्रभावित भएमा त्यस्तो डिजाइन वा लागत अनुमान तयार जाँच वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानूनबमोजिम कारबाहीको भागीदार हुने उल्लेख छ । डिजाइन परिवर्तन हुँदा निर्माण कार्य ढिलो र लागत वृद्धि हुन गएको केही उदाहरण देहायबमोजिम छः

२६.१ सडक डिभिजन, सुर्खेतले पुल निर्माण कार्यको व्यवसायीसँग जुन १८, २०१८ मा सम्झौता भएपश्चात् फेब्रुअरी ६, २०२० मा डिजाइन परिवर्तन गरेको छ । पुलको डिजाइनमा ५० मिटर स्पानको सट्टा ६० मिटर बनाएको, लेफ्ट एबुटमेन्टमा स्लोप बेड रक भेटिएको उल्लेख गरी भेरिएसन आदेशमार्फत् शुरु सम्झौता रकममा १४.९८ प्रतिशत अर्थात् रू.१ करोड ९० लाख ५२ हजार लागत वृद्धि हुने गरी

सम्झौता रू.१४ करोड ६२ लाख २१ हजार कायम गरेको छ । यसप्रकार स्थान तथा पुलको लम्बाइ परिवर्तन गर्नुपर्ने कारण दर्शाइ सम्झौता भएको २ वर्ष पश्चात् मात्र निर्माण कार्य शुरु भएको देखिन्छ ।

२६.२ पुल योजना पूर्वी क्षेत्र सेक्टर नं. १, धरानबाट निर्माण भएको बुढी खोला पुल स्वीकृत डिजाइनअनुसार एप्रोच रोड बायाँतर्फ २०० मिटर र दायाँतर्फ १४८.१७ मिटर समेत ३४८.१७ मिटर रहेकोमा सम्झौताको बी.ओ.क्यू. मा २०० मिटर मात्र राखेकोले डिजाइन भन्दा १४८.१७ मिटर घटी कार्य गरेको छ । एप्रोच सडकमा २०० मिटरको प्रति मिटर रू.५५ हजारका दरले रू.१ करोड १० लाख भुक्तानी गरेको छ । डिजाइन एण्ड बिल्ड ठेक्काको सम्पूर्ण रकम भुक्तानी भैसकेकोमा स्वीकृत डिजाइनभन्दा घटी परिमाणको कार्य भएको छ । समानुपातिक दरले हिसाब गर्दा डिजाइनअनुसार प्रस्तावित मूल्य रू.१ करोड १० लाखलाई डिजाइनको परिमाण ३४८.१७ ले हिसाब गर्दा प्रति मिटर रू.३१ हजार ५९३ को दरले डिजाइनभन्दा घटी कार्य गरेको १४८.१८ मिटरको रू.४७ लाख ८१ हजार र सोमा लाग्ने मूल्य अभिवृद्धि करसमेत असुल हुनुपर्दछ ।

२६.३ नारायणघाट-मुग्लिङ सडक आयोजना, भरतपुरले जलविरे खोलामाथि प्रिस्ट्रेस्ड आरसीसी पुल निर्माण गर्न रू.१२ करोड ३५ लाख ५१ हजारमा निर्माण व्यवसायीसँग सम्झौता भएकोमा भेरिएसनबाट ०.२८ प्रतिशत वृद्धि गरी हालसम्म रू.११ करोड ७४ लाख ७४ हजार भुक्तानी भएको छ । पुलको शुरु डिजाइन नक्सामा पियरको जग सतहभन्दा २.१० मिटर तल देखाएकोमा वास्तविक स्थलको अवस्थाअनुसार सो लेभलसम्म माटो खन्ने कार्य गर्न आवश्यक नदेखिएको, बायाँ पियरको फाउण्डेसन लेभलसम्म माटो खन्ने कार्य गर्दा खोलापट्टिको १ मिटर भागमा कडा चट्टान नभेटिएकोले पहिलो पटक डिजाइन संशोधन भएको छ । साविकको २० मिटर स्पानलाई घटाएर १५ मिटरको स्पान बनाई दोस्रोपटक संशोधन भएको र आरसीसी वालको समेत दायाँ एबुट्मेन्टको डिजाइन फाउण्डेसन लेभल भन्दा झण्डै २ मिटर तल रहेको देखिएकोले तेस्रो पटक डिजाइन संशोधन गरेको पाइयो । शुरुको डिजाइनमा पुलको लागि ६०० मिटर एप्रोच सडक निर्माणको व्यवस्था रहेकोमा संशोधित रेखाङ्कन अनुसार ३०० मिटरले एप्रोच सडक पुग्ने देखिएको, त्यस्तै पुलको समग्र लम्बाइ ८० मिटरबाट घटेर ७५ मिटर भएको छ । उपर्युक्त अवस्थामा ग्याबियन परिमाण ४ हजार ८४५ घन मिटरबाट घटाई ९८३ घनमिटर कायम भएको छ । विभिन्न १३ नयाँ आइटम थप गरी नयाँ आइटमको कामको लागत अनुमान दरको हाराहारीमा रू.१ करोड ३५ लाख १३ हजार भुक्तानी भएको छ । शुरु सम्झौता भन्दा घटीको भेरिएसन भए तापनि त्रुटिपूर्ण डिजाइनको कारणबाट तोकिएको अवधिमा काम सम्पन्न नभएको, भेरिएसन गर्नुपरेको, नयाँ आइटम थप गर्दा नयाँ आइटमको काममा प्रतिस्पर्धा हुन नसकेको अवस्था छ ।

२६.४ सडक डिभिजन, सुर्खेतले सुर्खेत-जुम्ला सडक खण्डअन्तर्गत रानी खोला, छेडा खोला, लोहा खोला, पातले खोला, लामचुडी खोला र माटो खोला समेत ६ स्थानमा पुल निर्माण गर्न निर्माण व्यवसायीसँग २०७४।२।२८ मा रू.१८ करोड ४६ लाख ८४ हजारको सम्झौता गरेको थियो । सम्झौता भएको करिब २ वर्ष पश्चात् २०७६।२।८ मा सबै पुलमा डिजाइन ड्रइङ्गमा उल्लिखित आइटमबाट कार्य हुन नसक्ने जनाई भेरिएसन आदेशबाट विभिन्न आइटमको कार्य परिमाण परिवर्तन गरेको छ । सोमध्ये

चेनेज नं ७+६०० छेडा खोलामा पुल निर्माण गर्ने उल्लेख भएकोमा जग खन्ने कार्य गर्दा बेड प्राप्त हुन नसकेको, फाउण्डेसन मुनिको माटो कमसल प्रकृतिको देखिएको, ३० मिटर लम्बाइको पुल बनाउनुपर्नेमा १० मिटरको मात्र डिजाइन भएको, सो ठाउँमा कजवे प्रयोगयोग्य भएको जनाई पुल नबनाउने निर्णय गरेको छ । पुल नबनाउने भैसकेपछि पुलका सबै आइटम भेरिएसन आदेशले घटाउनुपर्नेमा कज वे प्रोटेक्सन कार्य गर्नुपर्ने जनाई रू.६९ लाख २७ हजारको कार्य गराएको देखिन्छ ।

२६.५ सडक डिभिजन, काठमाडौँले धोबिखोला आर.सी.सी. पुल परामर्शदाताबाट पेस गरेको डिजाइनका आधारमा २०७२।४।२१ मा ठेक्का सम्झौता गरेकोमा निर्माण कार्य प्रारम्भ गरी पुलको एबुटमेन्ट समेत राखिसकेपछि २०७५।११।१७ मा डिजाइनअनुसारको पुल बनाउँदा सो पुलको डेक स्लाबको लेभल सडकभन्दा २.५ मिटर उचाईसम्म पुग्ने, एप्रोच रोड को ग्रेड उच्च हुने, टर्निङ्ग रेडिएस नपुग्ने, सडकको लेभल उठाउनुपर्ने लगायतका कारण उल्लेख गरी डिजाइन परिवर्तनको निर्णय गरेको छ । संघीय सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौँले २०७६।११।८ मा पुलको पुनः डिजाइन गर्दा पुलको उचाई घटाउनुपर्ने र सोको लागि विभिन्न उपायमध्ये साइट स्पेसिफिक डिजाइन अप्सन उपयुक्त हुने तथा पुलको पुनः डिजाइन सडक विभाग अन्तर्गतको पुल महाशाखाले गर्ने गरी निर्णय भएको छ । पुल निर्माण कार्य प्रारम्भ भएको झण्डै ५ वर्षपछि डेक स्ल्याबको उचाई ९०० एम.एम.बाट ७०० एम.एम. बनाई २०७७।४।२९ मा महानिर्देशकबाट पुलको नयाँ डिजाइन स्वीकृत भएको छ । यसरी सडक लेभलबाट झण्डै २.५ मिटर माथि पुल हुने गरी डिजाइन गर्ने परामर्शदातालाई कारबाही नगरी विभागले पुलको पुनः डिजाइन गरेको छ ।

२६.६ सडक डिभिजन, काठमाडौँले एक परामर्शदाताबाट तयार गराएको ज्यामिरे खोलाको पुलको डिजाइन स्वीकृति पश्चात् २०७५।१।२० मा १८ महिनाभित्र निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएकोमा निर्माण प्रारम्भ भएको २ वर्ष पछि पुलको डिजाइन परिवर्तन भएको छ । परामर्शदाताले शुरुमा पुलको चौडाइ ११ मिटर हुने गरी डिजाइन गरे पश्चात् बाटोको चौडाइ ७ मिटर मात्र भएकोले पुलको चौडाइ पनि घटाउनुपर्ने कारण डिजाइन परिवर्तन भएको छ । परामर्शदाताले पुल निर्माण गरिने स्थानमा बाटोको चौडाइसमेतलाई ध्यान नदिई डिजाइन गरेको र विभागबाट समेत सोही डिजाइनलाई नै स्वीकृत गरी कार्य प्रक्रिया अगाडि बढाउँदा निर्माण कार्यमा ढिलाइ भएको छ ।

परामर्शदाताले आवश्यक तथ्याङ्क, सूचना, भौगोलिक अवस्था र स्थानीय आवश्यकता समेत विचार नगरी निर्माण कार्य नै नहुने गरी डिजाइन बनाएको स्थिति देखिएको छ । त्यस्तो डिजाइन तथा सिफारिस गर्ने र स्वीकृत गर्ने पदाधिकारीलाई कारबाही गरेको देखिएन । डिजाइनमा त्रुटि भएकोमा परामर्शदातालाई त्रुटि नदोहोऱ्याउने सचेत गराए तापनि पुलको विस्तृत परियोजना प्रतिवेदन तथा ड्रइङ्ग डिजाइनमा भएको खर्चको उपलब्धि देखिएन । विभागले परामर्शदाताले पेस गरेको डिजाइन तथा निर्माण स्थलको यथार्थ अध्ययन गरी ड्रइङ्ग डिजाइन तयार गरेको सुनिश्चित गरी स्वीकृत गर्नुपर्दछ ।

२७. **पहुँचमार्गको बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम भएको निर्माण कार्य सम्पन्न भएपछि ३० दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको नक्सा (एज बिल्ट) सार्वजनिक निकायमा पेस गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीले

पेस गरेको एजबिल्ट नक्सामा माई खोला पुल निर्माणमा ७६० मिटर पहुँच मार्गको कार्य गरेको देखिएकोमा पुल योजना पूर्वी क्षेत्र सेक्टर नं. १, धरानले बिल अफ क्वान्टिटीमा उल्लेख भएबमोजिम १ किलोमिटर पहुँच मार्गको एकमुष्ट मूल्य अभिवृद्धि कर बाहेक रू.७० लाख भुक्तानी गरेको छ । वास्तविक काम देखिने एज बिल्टमा उल्लेख भएको भन्दा २४० मिटर बढी पहुँच मार्गको प्रति मिटर रू.७ हजारले हुने रू.१६ लाख ८० हजार र सोको मूल्य समायोजन रू.६ लाख ७२ हजारसमेत रू.२३ लाख ५२ हजार र सोमा लाग्ने मूल्य अभिवृद्धि करसमेत असुल हुनुपर्दछ ।

२८. **बढी भुक्तानी -** परामर्शदातासँग भएको सम्झौताको विशेष शर्तको बुँदा नं. ४.५ मा ५ जनाभन्दा बढी मुख्य विशेषज्ञ परिवर्तन गरेमा परिवर्तन भएका कर्मचारीहरूको ५ प्रतिशत पारिश्रमिक कट्टा गर्नुपर्ने व्यवस्था छ । सडक सुधार तथा विकास आयोजना निर्देशनालयले ५ जनाभन्दा बढी मुख्य विशेषज्ञ परिवर्तन गरेकोमा ५ प्रतिशतले हुने रू.४४ लाख ८१ हजार पारिश्रमिक कट्टा गरेको नदेखिएकोले सम्झौताबमोजिमको उक्त रकम परामर्शदाताबाट असुल गर्नुपर्दछ ।

२९. **दोहोरो भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच भएको वास्तविक कामको परिमाणको मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना कार्यालय, दैलेखले जाजरकोट जिल्लाको कुदु जगातिपुर-काडा-झप्रा-थलागाड सडक स्तरोन्नति तथा सडक विस्तारकार्यको निर्माण व्यवसायीलाई भुक्तानी गर्दा विभिन्न आइटममा दोहोरो हुने गरी नापजाँच गरेको छ । दोहोरो भुक्तानी भएको परिमाणको सम्झौता दरको आधारमा बढी भुक्तानी भएको रू.१२ लाख ६५ हजार र सोही योजना कार्यालयले रुकुम-हाँसिबाङ्ग-चौरजहारी सडक निर्माणको अर्का एक निर्माण व्यवसायीलाई एउटै चेनेजमा दोहोरो काम गराई रू.१३ लाख ४६ हजार बढी भुक्तानी गरेको छ । दोहोरो भुक्तानी भएको रू.२६ लाख ११ हजार र सो को मूल्य अभिवृद्धि करसमेत असुल हुनुपर्दछ ।

३०. **पाइप लाइनको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ मा अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको छ भने खर्च गर्न र खर्चको आदेश दिन पाउने उल्लेख छ । सडक डिभिजन, काठमाडौंले काठमाडौं उपत्यका खानेपानी लिमिटेड महाँकालबाट चाबहिल चोकमा १२ इन्च डी वान पाइपबाट ४ इन्च एच.डी.पी. पाइप इन्टरकनेक्सन गर्ने लगायतका कार्य कार्यालयको बजेटबाट गराई भुक्तानी गरेको पाइयो । नयाँ जडान गरिएको ८ र ४ इन्च साइजमा पाइप लाइनमा पानी सञ्चालनमा समस्या भएको कारण पहिलेको कार्यमा सुधारसमेत गरेको देखिन्छ । यस प्रकारको प्राविधिक त्रुटिलाई खानेपानी योजनाको निर्माण व्यवसायीबाट गराउनुपर्नेमा डिभिजनबाट गराएको छ । सो कार्यको लागि डिभिजनले पाइप लाइन तथा फिटिङ्ग, पाइप तथा फिटिङ्ग खरिद तथा ढुवानी र प्रोभिजनल समबाट खानेपानी कार्यालयलाई भुक्तानी दिएको रू.१२ लाखसमेत रू.४ करोड ८० लाख खर्च गरेको छ । काठमाडौं उपत्यकाभित्र मेलम्चीको खानेपानी आपूर्ति तथा विस्तार कार्य गर्न काठमाडौं उपत्यका खानेपानी लिमिटेड र आयोजना कार्यान्वयन निर्देशनालयलाई तोकिएको छ । उक्त कार्यको लागि छुट्टै बजेट व्यवस्था भै सो कार्यालयले कार्य गर्दै आइरहेको हुँदा सडक डिभिजन कार्यालयको कार्य क्षेत्रभित्र नपर्ने उक्त खर्च सोधभर्ना लिनुपर्दछ।

३१. **फरक चेनेजमा कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा बिल वा बीजकको भुक्तानी गर्दा निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको शर्तबमोजिम गर्नुपर्ने उल्लेख छ । निर्माण व्यवसायीले ठेक्का सम्झौतामा उल्लिखित स्थानभन्दा फरक स्थानमा गरेको निर्माणको भुक्तानी दिन नमिल्ने भए तापनि विभाग मातहतका कार्यालयहरूबाट त्यस्तो भुक्तानी भएको केही उदाहरण देहायबमोजिम छन्:

३१.१ सडक डिभिजन, महेन्द्रनगरले विभिन्न ३ ठेक्काको लागत अनुमानमा उल्लेख भएको चेनेजभन्दा फरक चेनेजमा कार्य गराई रू.१ करोड ४९ लाख ४२ हजार भुक्तानी गरेको छ । सम्झौताभन्दा फरक चेनेजमा कार्य गराएको नियमसम्मत देखिएन ।

३१.२ सडक डिभिजन, काठमाडौंले एक निर्माण व्यवसायीसँग चेनेज ०+००० देखि ३+६०० कि.मि. सम्म मात्र सडक निमाण कार्य गर्ने गरी ठेक्का सम्झौता गरेको थियो । तोकिएको चेनेजभन्दा फरक चेनेजमा विभिन्न आइटमको निर्माण कार्य गराई रू.१ करोड ६५ लाखको भुक्तानी गरेको नियमसम्मत देखिएन।

३१.३ गोरखा जिल्लास्थित ११ किलो-छेपेटार-भालुस्वाँरा-बारपाक सडक योजनाले चेनेज नं ४०+००० देखि ५०+००० किलोमिटर सम्म सडक खन्ने, सबबेस, आर.सी.सी पेभमेण्ट र क्रस ड्रेनेज कार्यका लागि निर्माण व्यवसायीसँग सम्झौता गरेकोमा रिभाइज्ड इष्टिमेट तथा भेरिएसन निर्णयमा समेत सोही चेनेज ४० किलोमिटर देखि ५० किलोमिटर उल्लेख छ । तर निर्माण व्यवसायीलाई रू.२ करोड २९ लाख ९७ हजार भुक्तानी गर्दा सम्झौतामा उल्लेख भएको चेनेजभन्दा फरक चेनेजको नापी गरी रू.१ करोड ६ लाख ६६ हजार भुक्तानी गरेको नियमसम्मत देखिएन ।

३१.४ सडक डिभिजन, काठमाडौंले बालाजु माछापोखरी-मुड्खु सडकको स्तरोन्नति कार्य चेनेज ३+९०० देखि ५+००० कि.मि. सम्मको सम्झौता गरेकोमा निर्माण व्यवसायीले २०७७।१०।४ मा पेस गरेको अन्तिम बिलमा चेनेज ०+६०० देखि ०+६८० र चेनेज ३+५५० देखि ३+८२० मा कार्य गरेको उल्लेख छ । सम्झौतामा तोकिएको स्थानभन्दा फरक स्थानमा सडक मर्मत तथा स्तरोन्नतिबापत भुक्तानी दिएको रू.५२ लाख ६८ हजार नियमसम्मत देखिएन ।

३२. **अधुरा योजना -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौताबमोजिम काम नगरी वीचैमा छोडेमा वा सम्झौताबमोजिम कामको प्रगति नगरेमा निजसँगको सम्झौता अन्त्य गरी कारबाही गर्न सकिने र दफा ६३ मा कालोसूचीमा राख्न लेखी पठाउनुपर्ने व्यवस्था छ । सम्झौताबमोजिम काम नभएकोमा प्रचलित ऐनबमोजिम कारबाही नभएका केही उदाहरण निम्नानुसार छन्:

३२.१ विभागले शतप्रतिशतभन्दा बढी म्याद थप गर्दा समेत रू.४९ करोड ४३ लाख ५० हजारमा सम्झौता भएका २२ ठेक्काको प्रगति शून्य रहेको छ । विभिन्न ३३ ठेक्कामा रू.१ अर्ब ४० करोड ८१ लाख ३८ हजारमा सम्झौता भएकोमा प्रगति २५ प्रतिशतसम्म मात्र रहेको छ । त्यस्तै रू.९ अर्ब ५ करोड ४५ लाख ३६ हजारमा सम्झौता भएका १०७ ठेक्काको प्रगति ५० प्रतिशतसम्म मात्र रहेको छ । यसरी शतप्रतिशत म्याद थप गर्दा समेत निर्माण कार्य नगर्ने निर्माण व्यवसायीलाई खरिद सम्झौताको शर्त तथा सार्वजनिक खरिद ऐन र नियमावलीबमोजिम कारबाही गर्नुपर्दछ ।

३२.२ हुलाकी राजमार्ग योजना कार्यालय, पर्साले जमुनी खोला पुल निर्माण गर्न २०६६।३।३० मा रू.४ करोड ३० लाख ५० हजारमा खरिद सम्झौता गरेको छ । सम्झौताअनुसार ३१ महिनामा निर्माण कार्य सम्पन्न गरिसक्नुपर्नेमा निर्माण व्यवसायीले ९३ प्रतिशत भौतिक प्रगति पश्चात् कुनै काम गरेको छैन । उक्त ठेक्काको म्याद महानिर्देशकबाट २०७१ चैत्र मसान्तसम्म अन्तिम पटकको लागि थप गरेकोमा सुपरिटेन्डेन्ट इन्जिनियरबाट २०७१ चैत्र मसान्तबाट २०७८।८।१९ सम्म १० प्रतिशत जरिवाना लगाई म्याद थप भएको छ । म्याद थप गर्दा समेत एप्रोच रोड र नदी नियन्त्रणका बाँकी कामहरू गरेको देखिएन ।

३२.३ सडक डिभिजन, हेटौंडाले तिलाबे खोला पुल र नौरंगिया नदी पुल निर्माण गर्न २०६७।६८ मा क्रमशः रू.२ करोड १४ लाख २५ हजार र रू.२ करोड ६४ लाख ४८ हजारमा खरिद सम्झौता गरेकोमा पटक पटक गरी २०७८।१२।३० सम्म म्याद थप गरेको छ । तिलावे खोला पुलको रू.१ करोड २ लाख १४ हजार भुक्तानी भई वित्तीय प्रगति ४७ प्रतिशत र नौरंगिया नदी पुलको रू.२ करोड ४० लाख ३६ हजार भुक्तानी भई वित्तीय प्रगति ९० प्रतिशत छ । बाँकी कार्य नगरी निर्माण कार्य अधुरो राखेको छ ।

३२.४ पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना कार्यालय, धुलिखेलले पङखु खोला पुल निर्माण गर्नका लागि एक निर्माण व्यवसायीसँग २०७२।६।७ मा १२ महिनामा सम्पन्न गर्ने गरी रू.२ करोड २९ लाख ३८ हजारमा खरिद सम्झौता गरेकोमा फाउण्डेसनसम्मको निर्माण कार्य गरी रू.९१ लाख ३८ हजार भुक्तानी गरेको छ । सो पश्चात् कुनै पनि भुक्तानी भएको देखिएन । ठेक्काको म्याद समेत २०७७।६।३० सम्म थप भएको र सो पश्चात् म्याद थप समेत नभएको तथा निर्माण कार्य नगरी अधुरो रहेको छ ।

३२.५ हुलाकी राजमार्ग योजना कार्यालय, पर्साले बगईखोला पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७४।३।२८ मा रू.८ करोड २४ लाख ९९ हजारमा २०७६।९।२७ मा सम्पन्न गर्ने गरी खरिद सम्झौता गरेकोमा थप भएको म्याद २०७८।१२।२ समेत समाप्त हुँदा रू.२ करोड २० लाख ३५ हजार भुक्तानी भई वित्तीय प्रगति २६.७ प्रतिशत र भौतिक प्रगति ३४.२ प्रतिशत मात्र रहेको छ । पुलको एउटा एबुट्मेन्ट अधुरो राखेकोले १ वर्षदेखि डण्डीहरू पानीमा डुबेर खिया लागिसकेको देखिन्छ।

३२.६ उत्तर-दक्षिण (कालिगण्डकी) लोकमार्ग आयोजना, पाल्पाले २०७५।४।३० मा रू.३ करोड ४८ लाखमा तरङ्ग खोला पुल निर्माण गर्न र २०७५।५।३ मा रू.६ करोड ३२ लाखमा बोदी खोला पुल निर्माणका लागि एक निर्माण व्यवसायीसँग सम्झौता गरेको छ । व्यवसायीले २०७६।५।११ मा थप भएको म्यादभित्र कार्य सम्पन्न गर्ने प्रतिवद्धता जनाएको देखिन्छ । दुवै सम्झौतामा मूल्य समायोजनसमेत क्रमशः रू.२ करोड ४१ लाख र रू.४ करोड ९१ लाख खर्च भैसकेको अवस्थामा अन्तिमपटक मिति २०७८।१२।३० सम्म म्याद थप भएकोमा हालसम्म दुवै पुलको निर्माण कार्य अधुरो अवस्थामा रहेका छन् ।

३२.७ जटही-जनकपुर-ढल्केबर सडक योजना, बर्दिवासले निर्माण व्यवसायीसँग २०७३।३।२९ मा पत्थरखोला पुल निर्माणका लागि २४ महिनामा सम्पन्न गर्ने गरी मूल्य अभिवृद्धि कर बाहेक रू.५ करोड

७ लाखको खरिद सम्झौता भएको छ । हालसम्म पुल निर्माणको लागि मूल्य समायोजन समेत रू.२ करोड ३२ लाख भुक्तानी भएको छ । स्थलगत अवलोकन गर्दा पुल निर्माण कार्य स्थगित रहेको तथा साइट परिचालनकै अवस्थामा रहे तापनि कामदार परिचालित नभएको र एम्बुटमेन्टसम्मको काम सम्पन्न भएको देखिएको छ । निर्माणस्थलमा राखिएका निर्माण सामग्री खिया लागिसकेको र वर्षातको मौसम शुरुवात भएसँगै एम्बुटमेन्टपछि थप काम हुने अवस्था छैन । निर्माण कार्यको हालसम्मको प्रगति ४७ प्रतिशत मात्रै रहेको अवस्थामा २०७८।८।२७ मा रू.४० लाख थप पेश्की उपलब्ध गराएको छ । निर्माण व्यवसायीले २०७८।१२।३० सम्म सक्ने गरी म्यादथप भए तापनि सो म्याद गुज्रिसकेको र पेश्की जमानत रू. ६४ लाख ८३ हजारको म्याद समाप्त भैसक्दासमेत कार्यालयले थप अवधिको जमानत प्राप्त गरेको छैन ।

३३. **निर्माणस्थलको उपलब्धता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा सार्वजनिक (३) निकायले निर्माणस्थलको व्यवस्था नभई बोलपत्र आह्वान गर्न नहुने व्यवस्था छ । निर्माणस्थल उपलब्ध नभई ठेक्का अधुरो रहेका केही उदाहरण देहायबमोजिम छन्:

३३.१ सडक डिभिजन, काठमाडौंले निर्माणस्थल सुनिश्चित नगरी रू.३८ करोड १० लाख २२ हजारका ७ ठेक्का बन्दोबस्त गरेकोमा रू.१९ करोड १६ लाख ४५ हजार भुक्तानी भएपश्चात् खरिद सम्झौता अनुसारको थप काम गर्नको लागि निर्माणस्थल उपलब्ध गराउन नसकेको कारण उक्त ठेक्काहरू अधुरो अवस्थामा रहेका छन् । डिभिजनले समयमै निर्माण स्थल उपलब्ध गराउन नसक्दा निर्माण कार्यमा अवरोध हुनुका साथै हालसम्मको भुक्तानी उपलब्धिविहीन हुने स्थिति छ ।

३३.२ सडक डिभिजन, शिवपुरले भारतीय सीमा-हरिवेसपुर-महादेव-सोहसा-पटना सडक निर्माणका लागि २०७४।११।१० मा मूल्य अभिवृद्धि कर बाहेक रू.१० करोड ८२ लाखमा ३० महिनाभित्र सम्पन्न गर्नेगरी सम्झौता गरेकोमा २०७७।५।९ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी म्याद थप भएको छ । लामो समयदेखि स्थानीय स्तरमा विवाद सिर्जना भएको र उक्त विवाद समाधानको लागि कार्यालय, जिल्ला प्रशासन कार्यालय र स्थानीय तहसमेतको रोहबरमा पटक पटक छलफल गर्दा समेत विवाद समाधान हुन नसकी निर्माण कार्य अधुरो रहेको छ ।

नियमावलीको व्यवस्थाअनुसार निर्माणस्थलको व्यवस्था गरेर मात्र ठेक्का बन्दोबस्त गर्नुपर्दछ ।

३४. **शर्त सहितको बैङ्क जमानत -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ मा व्यवस्था भएअनुसार कार्य सम्पादन जमानत लिनुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२(क) मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात् निर्माण व्यवसायीबाट अग्रिम बैङ्क जमानत लिई खरिद सम्झौता रकमको २० प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सकिने व्यवस्था छ । बोलपत्रसम्बन्धी कागजातमा कार्य सम्पादन र पेश्की जमानत शर्तरहित हुनुपर्ने उल्लेख छ । विभाग मातहतका ३ कार्यालयबाट शर्त सहितको बैङ्क जमानत स्वीकार गरेको अवस्था देहायबमोजिम छः

३४.१ सडक डिभिजन, सुर्खेतले छिन्चु-जाजरकोट सडक निर्माणको निर्माण व्यवसायीले पेस गरेको रू.२८ लाख ८० हजारको शर्तसहितको कार्य सम्पादन जमानत लिई खरिद सम्झौता गरेको छ ।

३४.२ मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय, ललितपुरले डिजाइन एण्ड बिल्ट बिधिबाट पुल निर्माण कार्यका निर्माण व्यवसायीलाई रू.२ करोड एक वाणिज्य बैङ्कको शर्तसहितको बैङ्क जमानत लिई पेश्की भुक्तानी गरेको छ ।

३४.३ सडक डिभिजन कार्यालय, झापाले एक निर्माण व्यवसायीलाई वाणिज्य बैङ्कबाट जारी भएको शर्तसहितको बैङ्क जमानतको आधारमा रू.२ करोड १ लाख पेश्की उपलब्ध गराएको छ ।

शर्तसहितको बैङ्क जमानत स्वीकार गर्दा जमानतबापत निर्माण व्यवसायीलाई भुक्तानी गरेको रकम जोखिममा पर्ने भएकोले कानून र बोलपत्रसम्बन्धी कागजातमा तोकिएको ढाँचामा बैङ्क जमानत लिनुपर्दछ ।

३५. **घटी पेश्की कट्टी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) बमोजिम निर्माण व्यवसायीबाट सम्झौताबमोजिमको काम सम्झौतामा उल्लिखित अवधिभित्र सम्पादन नगरेको कारणले पेश्की फस्यौंट हुन नसकेमा सार्वजनिक निकायले उपनियम (३) बमोजिम बैङ्क जमानतको रकम सम्बन्धित बैङ्कबाट प्राप्त गरी पेश्की फस्यौंट गरी पेश्की रकमको दश प्रतिशत ब्याजसमेत असुल गर्नुपर्ने व्यवस्था छ । बोलपत्रसम्बन्धी कागजातअनुसार निर्माण व्यवसायीसँग भएको सम्झौता रकमको ३० प्रतिशत भुक्तानी भएपछि प्रत्येक रनिङ बिलमा पेश्की रकमको न्यूनतम २० प्रतिशतका दरले कट्टी गर्नुपर्ने र ८० प्रतिशत कार्य हुँदा सबै कट्टी भैसक्नुपर्ने उल्लेख छ । सम्झौताबमोजिम पेश्की कट्टा नगरेका केही उदाहरण देहायबमोजिम छन्:

३५.१ पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना कार्यालय, दैलेखले विभिन्न ५ ठेक्काको निर्माण व्यवसायीलाई रनिङ बिल भुक्तानी गर्दा ठेक्कामा न्यूनतम कट्टी गर्नुपर्ने पेश्की कट्टी नगरी भुक्तानी गरेको छ । सम्झौतामा शुरु अवधिको ८० प्रतिशतभित्रै सम्पूर्ण पेश्की कट्टी भैसक्नुपर्ने भए तापनि पेश्की कट्टी गरेको छैन । सम्झौताबमोजिम कट्टी गर्नुपर्ने पेश्की रू.९ करोड ६० लाख ६ हजार कट्टी नगरी भुक्तानी गरेकोले सम्झौताको पालना भएको देखिएन । सम्झौताअनुसार निर्माण व्यवसायीको पेश्की कट्टा हुनुपर्दछ ।

३५.२ गोरखाको ११ किलो-छेपेटार-भालुस्वाँरा-बारपाक सडक योजनाले त्रिशूली नदीमा मोटरेबल पुल निर्माण गर्न निर्माण व्यवसायीसँग २०७४।९।२८ गते सम्म कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा २०७८।३।१३ सम्म ठेक्काको म्याद थप गरेको छ । योजनाले पेश्की जमानत उपलब्ध गराउने एक वाणिज्य बैङ्कलाई २०७८।३।१३ मा उक्त ठेक्काको अग्रिम पेश्की जमानत रू.१ करोड ४९ लाख ४५ हजारको म्याद २०७९।३।३० सम्म थप गरी दिन वा उक्त जमानतबापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, गोरखाको धरौटी खातामा जम्मा गर्न पत्राचार गरेकोमा उक्त बैङ्कले पेश्की जमानतको म्याद थप नगरेको एवं जमानत रकम धरौटी खातामा दाखिला गरेको छैन ।

३५.३ सडक सुधार तथा विकास आयोजना निर्देशनालयले ठेक्का सम्झौता गरेका ९ ठेक्काको सम्झौताअनुसार निर्माण सम्झौताको शुरु अवधिको ८० प्रतिशत अवधिभन्दा बढी भैसक्दा पनि निर्माण व्यवसायीलाई भुक्तानी दिएको मोबिलाइजेसन पेश्की रू.१ अर्ब ३४ करोड ५९ लाख ९७ हजार बाँकी देखिएकोले बाँकी रकम बैङ्क जमानतबाट असुल गर्नुपर्नेमा हालसम्म असुल नगरेकोले म्याद नाघेको पेश्की रकम असुल हुनुपर्दछ ।

३५.४ सडक डिभिजन, काठमाडौँले १ ठेक्का कार्यमा निर्माण व्यवसायीलाई रू.३ करोड ५८ लाख पेश्की दिएकोमा हालसम्म रू.१ करोड ५८ लाख मात्र फर्स्यौट भै रू.२ करोड बाँकी देखिन्छ । निर्माण व्यवसायीले २०७५।२।२ सम्म निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा म्याद थप गरी ठेक्काको अवधि २०७७।२।२० सम्म पुऱ्याएकोमा उक्त म्याद र बैङ्क जमानतको म्याद पनि २०७८।४।२४ मा समाप्त भई पेश्की रकम जोखिममा परेकोले उक्त पेश्की बाँकी रकम असुल गर्नुपर्दछ ।

३६. **सडक लगत सर्वेक्षण -** सडक विभागले नेपालका रणनैतिक सडक सञ्जालको सडक सुरक्षासम्बन्धी डाटा भेरिफाई गर्ने, सफ्टवेयरसम्बन्धी तालिम दिने तथा अन्य विभिन्न जानकारी गराउने उद्देश्यले विश्व बैङ्कको सहयोगमा तयार गरिएको रोड इन्भेन्ट्री सर्भे सफ्टवेयर बनाउन दुई चरण अन्तर्गत पहिलो चरणमा सो सफ्टवेयरको विकास गर्ने र दोस्रो चरणमा नेपालका विभिन्न भागमा सो सफ्टवेयर लागू गर्न परामर्श सेवा उपलब्ध गराउने गरी सम्झौता भएको देखिन्छ । विश्व बैङ्कबाट प्राप्त सहयोगको समयावधि २०७५।४।२८ मा समाप्त भएको छ । समयावधि समाप्त भएको कारण सम्झौताअनुसारको भुक्तानी गर्न बाँकी रकम प्रथम चरणको रू.४ लाख ८७ हजार र दोस्रो चरणको रू.२ करोड २२ लाख २ हजारसमेत रू.२ करोड २६ लाख ९० हजार नेपाल सरकारको स्रोतबाट भुक्तानी गरको छ । आयोजना समयमै सम्पन्न हुन नसकेकोले दातृ निकायको सहयोगबाट भुक्तानी हुने रकम नेपाल सरकारले भुक्तानी गर्दा नेपाल सरकारको स्रोततर्फ चाप परेको छ ।

३७. **दर्ता नभएकालाई मूल्य अभिवृद्धि कर भुक्तानी -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० मा कुनै दुई वा सोभन्दा बढी व्यक्तीले कुनै निश्चित अवधिका लागि कर लाग्ने कारोबार गर्न संयुक्त उपक्रम खडा गरेमा त्यस्ता व्यक्तीहरू दर्ता रहेका कार्यालयमध्ये कुनै एक कार्यालयको कर अधिकृत समक्ष संयुक्त उपक्रम अस्थायी दर्ताका लागि निवेदन दिनुपर्ने व्यवस्था छ । सोही ऐनको दफा १५(१) मा दर्ता नभएको व्यक्तिले कर असुल गरेको देखिने कुनै बीजक वा कागजात जारी गर्न र कर उठाउन नहुने व्यवस्था छ । पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय, पर्वतले मूल्य अभिवृद्धि करमा दर्ता भएको नदेखिएको एक निर्माण व्यवसायीसँग सम्झौता गरी भुक्तानी भएको मूल्य अभिवृद्धि कर रू.३१ लाख ३४ हजार र सोमा लाग्ने जरिवाना समेत छानविन गरी असुल गर्नुपर्दछ ।

३८. **पुलको प्रयोग -** खरिद सम्झौताको शर्तबमोजिम तोकिएको म्यादभित्र निर्माण कार्य सम्पन्न गर्नुपर्दछ । निर्माण कार्य सम्पन्न नभई प्रयोग नभएका पुलका सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

३८.१ सडक डिभिजन, हेटौंडाले भलुवाई खोला पुल निर्माणको लागि एक निर्माण व्यवसायीलाई रू.१ करोड ३९ लाख ४४ हजार भुक्तानी गरेको छ । उक्त खोलामा २०७६।३।२५ मा आएको बाढीले पहुँच मार्ग र खोलाको पश्चिमतर्फ ४० मिटर र पूर्वतर्फ २० मिटर बगाई लगेकोले २० मिटरका ३ स्पान पुलले पानीको बहाव थेग्न नसक्ने भनी प्राविधिक प्रतिवेदन प्राप्त भएको देखिन्छ । राष्ट्रिय योजना आयोगको टोलीले समेत स्थलगत अनुगमन गर्दा विस्तृत डिजाइन र ड्रइङ्गमा नै प्राविधिक त्रुटि भएकोले स्पान थप गर्ने तथा तत्काल तटबन्ध व्यवस्थित गरी सुधार गर्नुपर्ने राय दिएको छ । पुलको एप्रोच रोड नबनाउँदा हाल उक्त पुल प्रयोगविहीन भएकोले रू.१ करोड ३९ लाख ४४ हजार लगानीको उपयोग भएको छैन। पुलको एप्रोच रोड बनाई पुल प्रयोगमा ल्याउनुपर्दछ ।

३८.२ हुलाकी राजमार्ग योजना कार्यालय, पर्साले भालु खोला पुलको निर्माण गर्न रू.३ करोड १४ लाख ७७ हजारमा निर्माण गर्ने गरी खरिद सम्झौता भएकोमा पुल निर्माणको स्थलगत अवलोकन गर्दा खोला पश्चिमतर्फ भएकोमा खोलालाई छोडेर पूर्वतिर पुल निर्माण भइरहेको छ । पुलको हालसम्म वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत नहुनु तथा साइटमा जग्गाको विवादका कारण समेत खोला एकातिर पुल अर्कैतिर निर्माण भइरहेको देखिन्छ । यसरी पुलको निर्माण कार्य खोलामाथि हुनुपर्नेमा खोला नै नभएको स्थानमा पुल निर्माण गरी हालसम्म रू.१ करोड ३७ लाख ५६ हजार भुक्तानी गरेको छ ।

३८.३ सडक डिभिजन, विराटनगरले भलुवा-सिमरिया-इनरूवा सडक खण्डको बुढी खोलामा पुल निर्माण गर्न निर्माण व्यवसायीसँग २०७४।७।३० सम्म सम्पन्न गर्ने गरी २०७१।८।१० मा रू.८ करोड ९३ लाख ९३ हजारको सम्झौता गरेको छ । पटक पटक गरी २०७८।१२।३० सम्म म्याद थप भएको उक्त निर्माण कार्यमा यो वर्षसम्म रू.५ करोड १० लाख ३१ हजार भुक्तानी भई ५७ प्रतिशत वित्तीय प्रगति भएको देखिन्छ । उक्त निर्माण कार्यको सम्झौता भएको ८ वर्ष व्यतीत हुँदा पनि निर्माण कार्य सम्पन्न भएको छैन । स्थलगत निरीक्षण गर्दा पुलको एकतर्फ मात्र सडकको पहुँच रहेको र अर्कोतर्फ सडक नै नभएको तथा निर्माणाधीन उक्त पुलको करिब ४०० मिटर नजिकै अर्को पुल सञ्चालनमा रहेको देखियो । सम्झौता भएको ८ वर्ष ५ महिना व्यतीत हुँदासम्म पनि उक्त पुलको निर्माण कार्य सम्पन्न नभएकोले हालसम्म भएको खर्च रू.५ करोड १० लाख ३१ हजार उपयोग हुन सकेको छैन ।

सार्वजनिक स्रोतको अपव्यय हुनेगरी गलत डिजाइन गर्ने र सो डिजाइनलाई स्वीकृत गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई पुललाई प्रयोगमा ल्याउने व्यवस्था गर्नुपर्दछ ।

३९. **रोक्का रकम फिर्ता** - सडक डिभिजन, काठमाडौंले एक ठेक्का कार्यका निर्माण व्यवसायीलाई अन्तिम बिलको २०७८।३।२९ मा भुक्तानी गर्दा म्याद थप नभएको आधारमा पूर्वनिर्धारित क्षतिपूर्ति रू.१ करोड ८ लाख ५० हजार रोक्का गरी भुक्तानी दिएको छ । उक्त कार्य २०७७।७।१३ मा सम्पन्न भएको जनाई २०७७।७।१४ मा अन्तिम नापी गरेको उल्लेख छ । कार्य सम्पन्न पश्चात् २०७७।९।१० मा शुरु सम्झौता भन्दा १०.८० प्रतिशत घटीको प्रथम भेरिएसन आदेश विभागीय प्रमुखबाट स्वीकृत गरेको छ। कार्यसम्पन्न पश्चात् निर्माण व्यवसायीले नगरेको कामलाई स्वीकार गरी भेरिएसन जारी गर्नु र कार्य सम्पन्न भएको ९ महिना २० दिन पश्चात् म्याद थप गरेको छ । विभागीय निर्णयबाट म्याद थप गरी २०७८।६।२२ मा पूर्वनिर्धारित क्षतिपूर्तिबापत रोक्का रकम फिर्ता गरेको नियमसम्मत देखिएन।

४०. **एजबिल्ट नक्सा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र एजबिल्ट नक्सा पेस गर्नुपर्ने र पेस नगरेमा तोकिएको रकम भुक्तानी रोक्का गर्नुपर्ने व्यवस्था छ । सडक विभागअन्तर्गतका १७ कार्यालयले एज बिल्ट नक्सा पेस नभएकै अवस्थामा ७१ निर्माण व्यवसायीलाई रू.१ करोड ४० लाख रोक्का नगरी भुक्तानी गरेको छ । सम्झौताअनुसार एज बिल्ट नक्सा पेस नहुँदै भुक्तानी दिनेलाई जिम्मेवार बनाई निर्माण व्यवसायीबाट उक्त रकम असुल गर्नुपर्दछ ।

४१. **अन्तरनिकाय समन्वय** - पुल सेक्टर, पाल्पाले पोखराको नदिपुरस्थित सेती नदी पुल निर्माणका लागि रू.११ करोड २३ लाखमा सम्झौता भएकोमा पुलनिर्माणको लागि ३७७.५० वर्गमिटर जग्गा प्राप्ति सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषदबाट २०७६।१०।२८ मा निर्णय भए तापनि मुआब्जा वितरणको कार्य हुन बाँकी रहेको छ । पुल निर्माणमा रू.९ करोड ५८ लाख खर्च भैसकेकोमा पुलसँगै नहरको पानी वारपार हुन प्रयोग भएको सिँचाइको मोटरेबल पुल र खानेपानी पाइप लाइन क्रसिङ्गको लागि ट्रस ब्रिज स्वरूपको अर्को संरचना रहेका छन् । एकै स्थानमा सेतीनदी वारपार गर्नका लागि ३ संरचना निर्माण गर्नुले सार्वजनिक निकायहरूबीच समन्वयको अभाव देखिएको छ ।सार्वजनिक स्रोत र साधनको अधिकतम उपयोग गर्न सार्वजनिक निकायहरूले आपसी समन्वय एवं औचित्यका आधारमा निर्माण कार्य गर्ने व्यवस्था गर्नुपर्दछ ।

४२. **सीमा क्षेत्रमा पुल -** जटही-जनकपुर-ढल्केबर सडक आयोजना, बर्दिवासले २०७८।५।१६ मा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७६।५।१५ मा मूल्य अभिवृद्धि कर बाहेक रू.२३ करोड ९२ लाखको सम्झौता गरेकोमा हालसम्म मूल्य समायोजन समेत रू. ७ करोड ७१ लाख भुक्तानी गरेको छ । धनुषा जिल्लाको जटहीस्थित नेपाल-भारत सीमा नजिक निर्माण हुने यो पुलमा हाल अवरोध भएको कारण योजना कार्यालयले मन्त्रालय एवं भारतीय दूतावाससँग पत्राचार गरेको छ । निर्माण कार्यको सम्भाव्यता अध्ययन, स्थलगत परीक्षणलगायत निर्माण कार्यको भौतिक संरचना ३८ प्रतिशत सम्पन्न हुँदा निर्माण अवरोधले निर्माण कार्यमा अन्योल सिर्जना भएको छ । निर्माण कार्य गर्न २०७९।५।८ सम्म म्याद थप भएको छ । निर्माण कार्यमा देखिएको सीमासम्बन्धी अवरोध समाधान गर्न जिम्मेवार निकायहरूले आवश्यक समन्वय तथा सहजीकरण गर्नुपर्दछ ।

पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना

मध्यपहाडी भूभागका जिल्लालाई यातायात सञ्जालमा जोडी सन्तुलित विकास गर्ने उद्देश्यले पाँचथरको चियो भञ्ज्याङदेखि बैतडीको झुलाघाटसम्म १ हजार ८७९ किलोमिटर सडक र १२९ पुल निर्माण गर्न यो आयोजना २०६४।६५ मा शुरु भई २०७९।८० मा सम्पन्न गर्ने लक्ष्य रहेको छ

४३. **लक्ष्य प्रगति -** पुष्पलाल (मध्यपहाडी) राजमार्गअन्तर्गत पूर्वमा पाँचथरको चियो भन्ज्याङदेखि पश्चिममा बैतडीको झुलाघाटसम्म कुल लम्बाइ १ हजार ८७९ किलोमिटर रहेको यो आयोजना रू.८४ अर्ब ३३ करोडको लागतमा २०६४।६५ देखि शुरु भई २०७४।७५ मा सम्पन्न हुने अनुमान गरिएकोमा संशोधित कार्यतालिकाअनुसार २०७९।८० सम्म रू.१ खर्ब १ अर्ब ५० करोडको लागतमा सम्पन्न गर्ने लक्ष्य रहेको छ । यो वर्ष १९९ किलोमिटर कालोपत्रे र ७ पुल निर्माणसमेत यो वर्षसम्म १ हजार ११३ किलोमिटर कालोपत्रे, ९० पुल निर्माणको कार्य सम्पन्न भई आयोजना शुरु भएको १३ वर्षमा भौतिक प्रगति ५८ र वित्तीय प्रगति ५२.५५ प्रतिशत रहेको छ । यो वर्षको रू.७ अर्ब २० करोड समेत यो वर्षसम्म रू.५३ अर्ब ३४ करोड मात्र खर्च भएको छ । बाँकी ५३० किलोमिटर सडक र १८ वटा पुल निर्माणाधीन अवस्थामा रहेको छ । संशोधित कार्यतालिकाबमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

उपर्युक्त प्रगतिको विवरणअनुसार यस योजना कार्यालयले कुल रूपमा लिएको लक्ष्य प्रगतिको अपेक्षा समयमै पूर्ति हुने अवस्था देखिएन यसका लागि आयोजनाले थप प्रयास गर्नुपर्ने देखिन्छ ।

४४. **सडकको मापदण्ड -** लोकमार्ग सडक मापदण्डअनुसार सडकको केन्द्रविन्दुबाट दायाँबायाँ २५/२५ गरी ५० मिटर सीमा कायम गर्नुपर्नेमा आयोजनाले सडकको सीमा तोकेको छैन । आयोजनाले स्थानीय जग्गाधनीको सहमतिमा सडकको चौडाइ दुई लेन (करिब १० मिटर) कायम गरी निर्माण गर्दै आएको छ । सडकको सीमा सहितको मापदण्ड तोक्नुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा औंल्याइएकोमा स्थिति यथावत छ ।

हुलाकी राजमार्ग आयोजना निर्देशनालय

तराईका २१ जिल्लामा पूर्व-पश्चिम ९७५ किलोमिटर र उत्तर-दक्षिण सहायक मार्ग करिब ८१७ किलोमिटरसहित १ हजार ७९२ किलोमिटर सडक र सो सडक खण्डमा पर्ने २१९ पुलको निर्माण गर्न २०६५।६६ देखि हुलाकी राजमार्ग आयोजना सञ्चालनमा रहेको छ । आयोजना अन्तर्गत केन्द्रमा निर्देशनालय र उपत्यका बाहिर इटहरी, जनकपुर, वीरगन्ज, कपिलवस्तु, नेपालगन्ज र धनगढीमा आयोजना कार्यालय रहेका छन् । यो आयोजनाको निर्माण कार्य शुरुमा २०७४।७५ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेकोमा कार्य सम्पन्न नभएकोले आयोजनाको अवधि २०७९।८० सम्म थप भएको र संशोधित लागत अनुमान रू.६५ अर्ब २० करोड हुने उल्लेख छ । आयोजामा २०७७।७८ सम्म रू.४५ अर्ब ५३ करोड खर्च भएको छ ।

४५. **आयोजनाको प्रगति** - निर्देशनालयबाट प्राप्त विवरणमा १ हजार ७९२ किलोमिटर र २१९ पुल निर्माण गर्नुपर्नेमध्ये ७३७ किलोमिटर सडक र १०० पुल निर्माण सम्पन्न भएको छ । लक्षित अवधिभित्र आयोजना सम्पन्न हुनेगरी निर्माण कार्य गराउनुपर्दछ ।

४६. **लागत अनुमानभन्दा बढीमा सम्झौता** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम ७ मा निर्माण कार्यको लागत अनुमान सम्बन्धी व्यवस्था छ । निर्माण कार्यमा लाग्ने लागत परिमाणलाई त्यसको दररेटले गुणन गरी लागत अनुमान तयार गर्नुपर्दछ । निर्देशनालयले ठेक्का व्यवस्थापन गरी सम्झौता गरेका ९ ठेक्कामध्ये ४ ठेक्काका आईटमहरूमा लागत अनुमानमा उल्लेख भएभन्दा बढी परिमाण राखी ठेक्का सम्झौता गरेको देखियो । लागत अनुमानभन्दा बढी परिमाण राखी रू.१ करोड १२ लाख बढी रकमको ठेक्का सम्झौता गरेको नियमित देखिएन । यसरी लागत अनुमानभन्दा बढी परिमाणमा ठेक्का स्वीकृत गर्नेलाई जिम्मेवार बनाई यस्तो कार्यमा सुधार गर्नुपर्ने देखिन्छ ।

४७. **स्पेसिफिकेसनको प्रयोग** - स्टाण्डर्ड स्पेसिफिकेसन अफ रोड एण्ड ब्रिज, २०७३ मा कालोपत्रे सडकमा प्रयोग हुने ट्याक कोटमा प्रयोग हुने बिटुमिनको स्प्रे दर प्रति वर्गमिटर ०.४ देखि ०.६ लिटरसम्म हुने व्यवस्था छ । निर्देशनालयबाट यो वर्ष भएका ९ ठेक्कामध्ये २ ठेक्कामा ट्याक कोटको स्प्रे दर ०.९ लिटर प्रति वर्गमिटर राखी लागत अनुमान तयार गरी सोहीअनुसार ठेक्का सम्झौता गरेको देखियो । यसरी स्टाण्डर्ड स्पेसिफिकेसनले तोकेभन्दा बढी दरले लागत अनुमान स्वीकृत गरी ठेक्का सम्झौता गर्दा रू.१ करोड १८ लाख १९ हजार थप व्ययभार पर्न गएको देखिन्छ । स्पेसिफिकेसनअनुसार लागत अनुमान बनाउनुपर्दछ ।

मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय

झापा जिल्लाको शान्तिनगरदेखि डडेलधुरा जिल्लाको रुपालसम्म पूर्व-पश्चिम राजमार्ग र मध्यपहाडी राजमार्ग बीचमा समानान्तर सडक निर्माण गर्ने उद्देश्यले २०६४।६५ देखि सडक विभागबाट आयोजना सञ्चालन हुँदै आएकोमा मन्त्रिपरिषद्को २०७५।२।६ को निर्णयबाट मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय स्थापना भई कार्य हुँदै आएको छ । यो आयोजनाले ७६१ किलोमिटर सडक र १७५ पुल निर्माण गर्ने लक्ष्य राखेकोमा यो वर्षसम्म ३२४ किलोमिटर सडक र ७७ पुल निर्माणको कार्य सम्पन्न भएको छ ।

४८. **अधुरो ठेक्का** - सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौताबमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ । ऐनको दफा ५९ तथा नियमावलीको नियम १२७ र १२८ मा खरिद सम्झौताको अन्त्य सम्बन्धी व्यवस्था छ । रिडीबजारमा गुल्मी र स्याङ्जा जोड्ने पुल निर्माणका लागि मदन भण्डारी राजमार्ग आयोजना कार्यालय, गुल्मीले निर्माण गर्न २०६९।३।२५ मा ३ वर्षको अवधिमा सम्पन्न गर्ने गरी रू.२० करोड २९ लाखमा एक निर्माण व्यवसायीसँग सम्झौता गरेकोमा २०७८।१२।३० सम्म म्याद थप भएको छ । निर्माण कार्य शुरु भएको एक दशक नाघिसक्दा हालसम्म रु २ करोड ७८ लाख खर्च भई भौतिक प्रगति २० प्रतिशत र वित्तीय प्रगति १२ प्रतिशत मात्र रहेको छ ।

वेल फाउण्डेसन डिजाइनबमोजिम ठेक्का व्यवस्थापन, अर्थ रेसिस्टेन्स (ई.आर.टी.) गरिएको र उक्त टेष्टमा करिब ३० मिटर वरपर कडा चट्टान वा बेड रक नरहेको उल्लेख भई व्यवसायीले उक्त ई.आर.टी. बापतको भुक्तानी गरेको तथा परीक्षणबमोजिम विद्यमान डिजाइन नै अन्तिम रहेको प्रतिवेदन पेस भएकोमा लिफ्ट स्टेनिङ्ग र वेल सिकिङ्गको काम बाहेक अन्य कार्य भएको छैन । निर्माण कार्यको सातौँ रनिङ बिल २०७२ मा भुक्तानी भएको र पुल निर्माण गर्ने मुख्य कार्यमा केन्द्रित नभई एप्रोच रोड एवं रिभर ट्रेनिङ्गलगायतका कार्यका लागि २०७७।६।२७ को आठौँ रनिङ बिलबाट रू.३९ लाख भुक्तानी भएको छ । कालीगण्डकी करिडोरको निर्माण कार्य सञ्चालनमा रहिरहेको र उक्त करिडोर जोड्ने पुलको निर्माण कार्य रोकिएको अवस्था छ । पुलको डिजाइनमा कार्यालय र व्यवसायीको फरक मत रहेकोले ऐन तथा नियममा भएको व्यवस्थाबमोजिम निर्माण कार्य अगाडि बढाउने वा सम्झौता अन्त्य गर्ने सम्बन्धमा आवश्यक निर्णय गर्नुपर्दछ ।

४९. **स्पेसिफिकेसनको प्रयोग -** स्टान्डर्ड स्पेसिफिकेसन अफ रोड एण्ड ब्रिज, २०७३ ले कालोपत्रे सडकमा प्रयोग हुने ट्याक कोटमा प्रयोग हुने बिटुमिनको स्प्रे दर प्रति वर्गमिटर ०.४ देखि ०.६ लिटरसम्म लाग्ने व्यवस्था छ । निर्देशनालयले ३ आयोजनामा ट्याककोटको स्प्रे दर ०.७ लिटर प्रति वर्गमिटर राखी लागत अनुमान तयार गरेको पाइयो । स्टान्डर्ड स्पेसिफिकेसनले तोकेभन्दा बढी दर राखी लागत अनुमान तयार गर्दा ५८ हजार ८०० लिटरको रू.५२ लाख ४० हजार बढीको लागत अनुमान तयार गरी स्वीकृत गरेको देखियो । विभागले स्वीकृत गरेको स्पेसिफिकेसनअनुसार लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गर्नुपर्दछ ।

५०. **लागत अनुमान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (६) बमोजिम स्वीकृत ड्रइङ्ग डिजाइनको आधारमा लागत अनुमान तर्जुमा गर्नुपर्ने, एक तह माथिको प्राविधिक वा

प्राविधिकहरूको समूहलाई जाँच्न लगाउनुपर्ने र त्रुटि देखेमा सच्याउनुपर्ने व्यवस्था छ । आयोजनाले यस वर्ष बोटेचौर-भेडाबारी-धुलियाबिट सडक खण्डका २ ठेक्का, रिडी-बलकोट सडक स्तरोन्नति कार्य र धरान झापा सडक खण्डसमेत ४ ठेक्कामा ड्रइङ्ग डिजाइनमा उल्लेख भएको परिमाणमा सार्वजनिक माग हुनसक्ने उल्लेख गरी १० प्रतिशत थप गरी शुरु चेनेजदेखि अन्तिम चेनेजसम्मको लम्बाइमा प्रोभिजनल सममा थप गरी रू.२१ करोड ९६ लाख ८५ हजार अतिरिक्त आर्थिक भार पर्ने गरी लागत अनुमान तयार गरेको देखियो। आर्थिक व्ययभार पर्ने गरी लागत अनुमान स्वीकृत र ठेक्का पट्टा गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

सडक सुधार तथा विकास आयोजना निर्देशनालय

भारतीय एक्जिम बैङ्कको ऋण सहायताबाट सञ्चालित योजनाहरूले सम्पादन गर्ने कामहरूको समन्वय गर्ने कार्यको लागि स्थापना गरिएको यो आयोजनाअन्तर्गत सञ्चालित विभिन्न योजनाको लागि परामर्शदाता छनौट गरी तिनको कार्यको आधारमा भुक्तानी गर्ने, सञ्चालन गरिने निर्माणसम्बन्धी कामको सर्वेक्षण, लागत अनुमान स्वीकृति, सिफारिस तथा ठेक्कापट्टाको कार्य गराई मोबिलाइजेसन पेश्कीसमेत भुक्तानी गरी बाँकी कामको जिम्मेवारी मातहत योजना कार्यालयमा पठाउने गरेको छ ।

५१. **सुपरिवेक्षण खर्च** - बाग्दुल्ला-भीमगिष्ठे सडक निर्माण गर्ने एक व्यवसायीले ३० महिना भित्र कार्य सम्पन्न गर्नुपर्नेमा सम्झौताको ३० महिना बितिसक्दा ४.०४ प्रतिशत मात्र कार्य गरेको छ । निर्माण व्यवसायीले २०७७।७८ मा कुनै पनि काम गरेको छैन । उक्त कार्यमा परामर्शदातालाई सुपरभिजन खर्च बापत हाइवे इन्जिनियर, फिल्ड निरीक्षक, रेसिडेन्ट इन्जिनियर, सहायक रेसिडेन्ट इन्जिनियर, सोसोलोजिष्ट जस्ता व्यक्तिलाई वर्ष भरि नै राखी रू. ८१ लाख ५१ हजार भुक्तानी गरेको छ । काम नै नगरेको अवस्थामा सुपरभिजन खर्च भुक्तानी गर्दा परामर्शदाताको कार्यदिन नपुग भई भेरिएसनबाट थप गरी अतिरिक्त आर्थिक भार व्यहोर्नु परेको छ ।

५२. **परामर्शदाताको भुक्तानी** - भेडेटार-रवि-राँके सडक, सेलेघाट-रामेछाप-साँघुटार सडक, लमही-घोराही तुलसीपुर सडक, बर्दिबास-जलेश्वर सडक, चन्द्रौटा-कृष्णनगर सडक र वसन्तपुर-कटहरिया-कवागोठ सडकको भौतिक प्रगति १२ प्रतिशत देखि ४२ प्रतिशत मात्र हुँदा समेत परामर्शदातालाई ५० प्रतिशत भन्दा बढी भुक्तानी भएको छ । परामर्शदातालाई निर्माण कार्य न्यून भएको अवस्थामा समेत सुपरभिजन बापत पूरै भुक्तानी भएको छ । यी आयोजनामा हालसम्म परामर्शदातालाई रू.२ अर्ब ८७ करोड ४ लाख भुक्तानी भएको छ । परामर्शदाताको सम्झौता अवधि समाप्त भई म्याद थप गर्दै अतिरिक्त रकम भेरिएसनमार्फत् थप गर्दै भुक्तानी गर्नुपर्ने र काम नभएको अवस्थामा अनावश्यक भुक्तानी हुने देखिन्छ। यसप्रकारका कार्य नियन्त्रण गर्न आयोजनाले ध्यान दिनुपर्दछ ।

५३. **निर्माण कार्य र परामर्श खर्च** - आयोजनाले लमही घोराही सडक ३३ किलोमिटर, घोराही-तुल्सीपुर सडक २४ किलोमिटर, भालुबाङ्ग-बाग्दुल्ला-भिमगिष्ठे सडक ७० किलोमिटर र सहजपुर-बोक्टान-दिपायल सडक ५० किलोमिटर को निर्माण सुपरभिजन कार्य गर्नका लागि एक परामर्शदातासँग रू. ३५ करोड ६३ लाखको सम्झौता गरेको छ । भालुबाङ्ग-बागदुल्ला-भीमगिष्ठे ७० किलोमिटर सडकको ठेक्का पट्टा रद्द भई निर्माण कार्य हुन नसकेको र उक्त कार्यको प्रति किलोमिटर कन्स्ट्रक्सन सुपरभिजनको लागत

भेरिएसन मार्फत् रू.१३ करोड १९ लाख ४७ हजार घटाई बाँकी सडक निर्माणको सुपरभिजन कार्य गराउनुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा समेत उल्लेख गरेकोमा सुधार भएको देखिएन । ठेक्का रद्द भए पछि परामर्शदाताको कार्य समेत सोही आधारमा घटाउनुपर्दछ ।

आयोजना निर्देशनालय (ए.डी.बी.)

सडक सञ्जालमार्फत् देश विकासमा टेवा पुऱ्याउने उद्देश्यले सडक विभागअन्तर्गत रही एसियाली विकास बैङ्कको सहयोगमा सडक निर्माण कार्य गर्न यस निर्देशनालयको स्थापना भएको हो । निर्देशनालयअन्तर्गत सञ्चालन हुने सबै योजनाको योजना तर्जुमा, कार्यन्वयन, सुपरिवेक्षण तथा अनुगमन गर्ने कार्य निर्देशनालबाट हुने गरेको छ ।

५४. **वैदेशिक सहायता उपयोग** - एसियाली विकास बैङ्कको सहयोगमा सञ्चालित योजना कार्यान्वयनको लागि अमेरिकी डलर ६४ करोड १७ लाख ४४ हजार प्राप्त हुने गरी सम्झौता भएकोमा यो वर्षसम्म अमेरिकी डलर १३ करोड ९९ लाख ४ हजार (२१.८० प्रतिशत) मात्र उपयोग भएकोले वैदेशिक सहायताको उपयोग सम्झौताको तुलनामा न्यून देखिएको छ । वैदेशिक सहायताको अधिकतम परिचालन हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

५५. **पुँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा स्वीकृत बजेटअनुरूप कार्यक्रम कार्यान्वयन गर्ने कर्तव्य र जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र जिम्मेवार व्यक्तिको हुने उल्लेख छ । निर्देशनालयको लागि यो वर्ष पुँजीगत बजेट रू.१५ अर्ब ८६ करोड ७६ लाख विनियोजन भएकोमा रू.३ अर्ब ५३ करोड २ लाख (२२.५० प्रतिशत) मात्र खर्च भएको देखिन्छ । स्वीकृत बजेट तथा कार्यक्रमको कार्यान्वयन गरी लक्ष्य हासिल गर्नुपर्दछ ।

५६. **नारायणगढ बुटवल सडक** - एसियाली विकास बैङ्कसँग भएको सम्झौताअनुसार जनवरी २०२२ सम्म १५४ किलोमिटर सडक निर्माण गर्ने सम्झौता भएकोमा नारायणगढ-बुटवल (११३ किलोमिटर) सडकको प्रगति न्यून रहेको छ । उक्त खण्डको काम सम्पन्न गर्न ६५ र ४८ किलोमिटरको दुई प्याकेजको रू.१९ अर्ब ५३ करोड २० लाख ५९ हजारको लागत अनुमान तयार गरी ७ अगस्ट, २०२२ सम्म सम्पन्न गर्न रू.१६ अर्ब ९९ करोड ५२ लाख ९६ हजारको सम्झौता भएकोमा २०७७।७८ सम्म रू.५९ करोड ११ लाख ६८ हजार खर्च भएको छ । यो वर्षसम्म सडक निर्माणतर्फ ७ प्रतिशतमात्र भौतिक प्रगति भएकोले ऋण सम्झौता अवधिभित्र सडक निर्माण सम्पन्न हुने अवस्था छैन । निर्माण व्यवसायीको क्षमता, सम्पन्न गर्ने समयावधि, प्रतिस्पर्धामा समान अवसर र बढीभन्दा बढी बोलपत्रदाताको सहभागिता हुने उद्देश्यले निर्माण कार्यको प्याकेजिङ्ग वा कामको स्लाइसिङ्ग भएकोमा बोलपत्रबाट एउटै निर्माण व्यवसायी छनोट भएकोले एकै निर्माण व्यवसायीबाट निर्माण कार्य भइरहेको छ । राजमार्गको निर्माण कार्य ढिलो हुँदा पर्न जाने असरलाई ध्यान दिई निर्माण कार्यमा तीव्रता ल्याउनुपर्दछ ।

५७. **बढी भुक्तानी** - भैरहवा-लुम्बिनी-तौलिहवा सडक निर्माण गर्न निर्देशनालय र व्यवसायीसँग भएको सम्झौताको बिल अफ क्वान्टिटीमा १ लाख ८ हजार ५६२ घनमिटर माटो खन्ने र खन्दा निस्कने माटोको ५० प्रतिशत प्रयोग गर्ने गरी इम्बैङ्कमेण्टको परिमाण ५४ हजार २८१ घनमिटर र अन्यत्रबाट ढुवानी हुने माटोको परिमाण २ लाख ९७ हजार १३७ घनमिटर समावेश गरेको छ । सडकमा माटो

खन्ने परिमाण बढेको उल्लेख गरी भेरिएसन थपसमेत १ लाख ३६ हजार ३०८ घनमिटरको भुक्तानी दिएको छ । सोअनुसार खनेको माटोबाट ६८ हजार १५४ घनमिटर माटो इम्बैंकमेण्टमा प्रयोग गरी नपुग हुने परिमाणमात्र अन्यत्रबाट आपूर्ति गरेको परिमाणमा गणना गरी भुक्तानी दिनु पर्नेमा ५४ हजार २८१ घनमिटर मात्र खनेको माटो प्रयोग गरी ३ लाख ३६ हजार ३०८ अन्यत्रबाट ढुवानी गरेको माटोको परिमाण गणना गरी भुक्तानी दिएको देखियो । यसरी १३ हजार ८७३ घनमिटर खन्दा निस्कने माटोबाट इम्बैङ्कमेण्ट तयार गर्ने कार्यमा निर्माण व्यवसायीले उल्लेख गरेको दर रू.१२५ प्रति घनमिटरले भुक्तानी दिनुपर्नेमा अन्यत्रबाट माटो ल्याई इम्बैङ्कमेण्ट वनाउने दर रू.२६० ले भुक्तानी दिएकोले प्रति घनमिटर रू.१३५ दरले बढी भुक्तानी गरेकोले मूल्य अभिवृद्धि करसमेत रू.२१ लाख १६ हजार वढी भुक्तानी दिएको छ । बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ ।

५८. **मूल्य समायोजन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ बमोजिम सार्वजनिक निकायले मूल्य समायोजन गर्न सकिने कुरा खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने र खरिद सम्झौतामा मूल्य समायोजन गर्न इन्डेक्स र सूत्रसमेत खरिद सम्झौतामा उल्लेख गर्नुपर्दछ । हलेसी-दिक्तेल सडक निर्माण कार्यको सम्झौताको म्याद २०७३।१२।१० देखि दोस्रो पटक थप गर्दा नेपाल सरकारलाई कुनै प्रकारको थप आर्थिक भार नपर्ने निर्णय भएको छ । सोअनुसार दोस्रो पटक म्याद थप भएको दिनको समायोजन इन्डेक्सअनुसार मूल्य समायोजन भुक्तानी दिनुपर्नेमा सोभन्दा बढी इन्डेक्स प्रयोग गरी गत वर्ष १३ औं आईपीसीसम्म रू.५१ लाख ५५ हजार र यो वर्ष १४ औं र १५ औं तथा अन्तिम आईपीसीसम्म रू.९ लाख ३९ हजारसमेत रू.६० लाख ९४ हजार बढी भुक्तानी दिएको छ । बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ ।

नागढुङ्गा सुरुङ मार्ग निर्माण आयोजना

काठमाडौं उपत्यका प्रवेश गर्ने मुख्य सडक नौबिसे-काठमाडौं खण्डमा पर्ने नागढुङ्गामा त्रिभुवन राजमार्गको सिस्नेखोला देखि काठमाडौं जिल्लाको चन्द्रागिरी नगरपालिका वडा नं ३ सम्मको २.६८ किलोमिटर सुरुङ निर्माण र सोको लागि पश्चिम तर्फ ५६५ मिटर र पूर्वतर्फ २.३०७ किलोमिटरको पहुँच सडक निर्माण गरी सडक यातायात सुधार गर्ने र नागढुङ्गा आसपासमा रहेको ट्राफिक आवागमनको चापलाई कम गर्ने उद्देश्यले जापान सरकारसँग २२ डिसेम्बर २०१६ मा ऋण सम्झौता भई जापानी येन १३ अर्ब २९ करोड ८० लाख १३ हजारमा ४२ महिनाभित्र कार्यसम्पन्न गर्नेगरी २०७६।६।६ मा खरिद सम्झौता भई निर्माण कार्य भइरहेको छ ।

५९. **बजेट खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ (२) मा विनियोजन ऐन वा अन्य ऐनबमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधीनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य र जिम्मेवारी सम्वन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने व्यवस्था छ । आयोजनाको लागि गत वर्ष रू.५ अर्ब ९० करोड ७८ लाख बजेट विनियोजन भएकोमा रू.२ अर्ब १९ करोड १० लाख (३७.०८ प्रतिशत) खर्च भएको छ । यो वर्ष रू.४ अर्ब ९१ करोड ७१ लाख विनियोजन भएकोमा रू.१ अर्ब ५० करोड ३२ लाख खर्च भई ३०.५७ प्रतिशत मात्र खर्च भएको छ।

लक्ष्यअनुरूप खर्च नहुँदा आयोजनाको सुरुङ निर्माण कार्य समयमा सम्पन्न हुने अवस्था देखिँदैन । स्रोतको अधिकतम उपयोग हुने गरी बजेटको कार्यान्वयन दक्षता बढाउनुपर्दछ ।

६०. **वार्षिक प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ र ३५ मा बजेट कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले प्रगति विवरण तयार गरी घटी प्रगति हुनुका प्रमुख कारण र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने उल्लेख छ । यो वर्ष १ किलोमिटर एप्रोच सडक निर्माण गर्ने लक्ष्य रहेकोमा ०.७८२ किलोमिटर निर्माण भएको, १ किलोमिटर सुरुङ मार्ग निर्माण गर्ने लक्ष्य रहेकोमा ०.७०७ किलोमिटर मात्र सुरुङ मार्ग निर्माण भएको छ । साथै पुल, फ्लाइओभर, अण्डरपास, माटोको व्यवस्थापन, यातायात व्यवस्थापन, संयन्त्रको निर्माण, ट्राफिक व्यवस्थापन, विद्युत आपूर्ति व्यवस्थापन लगायतका कार्य हुन सकेको छैन । लक्ष्यबमोजिम प्रगति हासिल गर्नुपर्दछ ।

६१. **मूल्य समायोजन -** निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको सामान्य शर्तको दफा १३.८ मा करेन्ट इन्डेक्स रनिङ बिलको ४९ दिन अगाडिको सूचकाङ्क लिई मूल्य समायोजन भुक्तानी गर्नुपर्ने व्यवस्था रहेकोमा औसतमा, फ्युल र पावरको फरक इन्डेक्स लिई आयोजनाले रू.७८ लाख ८६ हजार बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकममा मूल्य अभिवृद्धि करसमेत असुल गर्नुपर्दछ।

६२. **बीमामा मूल्य समायोजन** - खरिद सम्झौताअनुसार बीमाको भुक्तानी गर्दा सो मा मूल्य समायोजन भुक्तानी दिन मिल्दैन । आयोजनाले मूल्य समायोजन भुक्तानी गर्दा बीमाबापतको रकममा समेत श्रम, सामग्री र उपकरणको सूचकाङ्क प्रयोग गरी भुक्तानी दिएको देखियो । बीमाको रकम श्रम, सामग्री र उपकरण अन्तर्गत नपर्ने हुँदा बीमा रकममा मूल्यवृद्धि दिन मिल्ने नदेखिएकोले निर्माण व्यवसायीलाई बीमा रकममा समेत भुक्तानी भएको मूल्य समायोजन रू.२५ लाख ११ हजार असुल हुनुपर्दछ ।

काठमाडौं उपत्यका सडक विस्तार आयोजना

काठमाडौं उपत्यकाभित्र यातायात सञ्चालमा देखिएको समस्या समाधान गर्ने उद्देश्यले २०६३।६४ मा आयोजनाको स्थापना भएको हो । स्थापनाकालमा सोल्टीमोड-कलंकी-नागढुङ्गा सडक विस्तार तथा स्तरोन्नतिको काम गर्दै आएकोमा २०६८।६९ देखि उपत्यकाभित्रको १४ मिटरभन्दा बढी चौडाइका सडक विस्तार एवं सुधार गर्दै आएको छ ।

६३. **लक्ष्य प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ मा बजेट कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ । कार्यक्रमको कार्यान्वयन समीक्षा गर्दा प्रगति घटी हुनुका प्रमुख कारण र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ ।आयोजनाले गत विगत वर्षदेखि सञ्चालित १५ स्थानमा २७ योजनाको कुल लागत रू.९ अर्ब ६३ करोड ७० लाखमध्ये यो वर्षसम्म ५२.६६ प्रतिशतले रू.५ अर्ब ७ करोड ५७ लाखको मात्र कार्य सम्पन्न गरेको छ । यो वर्ष ६ योजना सम्पन्न भएको, एक निर्माण सम्झौताको हुन नसकेको कार्य शुरु र २० योजना निर्माणाधीन अवस्थामा रहेकोले भौतिक प्रगति शून्यदेखि ९५ प्रतिशतसम्म रहेको छ । समयमा साइट क्लियरेन्स, जग्गा विवाद, युटिलिटी हस्तान्तरण, निर्णय

प्रक्रियामा ढिलाई आदि प्रगति कम हुनुका कारण देखिएका छन् । उल्लिखित समस्या समाधान गरी निर्माण कार्य तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ।

६४. **पूर्वनिर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको कारणले तोकिएको अवधिमा कार्य सम्पन्न हुन नसकेमा पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । आयोजनाबाट चाबहिल-जोरपाटी-साँखु सडकको चेनेज ०+००० देखि ३+६०० किलोमिटर को निर्माण अवधिको म्याद २०७७।६।३० सम्म मात्र भएकोमा निर्माण व्यवसायीले १८ औं रनिङ बिल २०७८।३।८ मा पेस गरेको छ । म्याद सकिएको २४८ दिनको सम्झौता अङ्क रू.३३ करोड ३ लाख ९२ हजारको अधिकतम १० प्रतिशतले हुने रू.३ करोड ३० लाख २९ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ ।

६५. **भेरिएसन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएसन जारी गर्दा प्राविधिक पुष्ट्याइसमेत पेस गर्नुपर्ने व्यवस्था छ । आयोजनाले इमाडोल-सिद्दिपुर-गोदावरी सडक निर्माण कार्यको विभिन्न आइटमहरू थपघट हुन गएको जनाई तेस्रो भेरिएसन आदेश जारी गरेको छ । उक्त ठेक्काको कार्य २०७७।८।१२ मा सम्पन्न गरेकोमा कार्य सम्पन्न पश्चात् १३.८९ प्रतिशतले रू.३ करोड २६ लाख ५३ हजार बढीको भेरिएसन २०७७।१२।१२ मा स्वीकृत गरेको नियमसम्मत देखिँदैन ।

६६. **फरक क्षेत्रमा कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा बिल वा बीजकको भुक्तानी गर्दा निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको शर्तबमोजिम गर्नुपर्ने उल्लेख छ । निर्माण व्यावसायीले ठेक्का सम्झौतामा उल्लिखित स्थानभन्दा फरक स्थानमा गरेको निर्माणको भुक्तानी गर्न नमिल्ने भए तापनि आयोजनाले इमाडोल-सिद्धिपुर-गोदावरी सडक निर्माण कार्य गर्ने गरी चेनेज ३+१२६ देखि ७+२१५ किलोमिटरसम्म उल्लेख गरेकोमा निर्माण व्यवसायीलाई सोभन्दा फरक चेनेजमा कार्य गराई रू. ४४ लाख २६ हजार भुक्तानी गरेको नियमसम्मत देखिएन ।

रेल विभाग

नेपालमा रेल सेवाको विकास र विस्तार गरी सुरक्षित, सुलभ र भरपर्दो रेल यातायात प्रणाली विकास गर्ने, रेल सेवासम्बन्धी अनुसन्धान र विकासको कार्य गर्ने, रेल सेवा विस्तार गर्न सम्भाव्य भएका ठाउँहरूको अध्ययन गर्ने उद्देश्यले २०६८ मा रेल विभागको स्थापना भई सो मातहत रेल, मेट्रोरेल तथा मोनोरेल विकास आयोजना सञ्चालनमा आएको छ । आयोजनाले तयार गरेको प्रतिवेदनअनुसार मेची महाकाली १ हजार ३ किलोमिटर विद्युतीय रेल्वे ट्रयाक स्टयाण्डर्ड गेजमा निर्माण गर्न आवश्यक पर्ने जग्गाको मुआब्जा र निर्माण कार्यमा रू.९ खर्ब ५५ अर्ब २२ करोड २१ लाख लाग्ने अनुमान भएकोमा यो वर्षसम्ममा रू.२४ अर्ब ३० करोड ५३ लाख (२.५४ प्रतिशत) खर्च गरेको छ ।

६७. **कार्यक्रम र प्रगति -** पूर्व-पश्चिम (मेची-महाकाली), काठमाडौँ-पोखरा-तराईलगायतका दक्षिणी सीमाबाट महत्वपूर्ण औद्योगिक, व्यापारिक केन्द्रहरूलाई रेल सञ्चालनसँग आवद्ध गर्ने, प्रादेशिक प्रशासिनक केन्द्रहरूलाई पूर्व-पश्चिम एवं काठमाडौँ-तराई रेल सञ्चालनसँग आवद्ध गर्न पन्धौं योजना अवधि २०८०।८१ सम्म ३४८ किलोमिटर रेलमार्ग स्तरोन्नति तथा ट्रयाक निर्माण गर्ने लक्ष्य रहेको छ । लक्ष्यअनुसार २०७८ असार मसान्तसम्म ११५ किलोमिटर रेलमार्ग स्तरोन्नति तथा नयाँ ट्रयाक निर्माण पूरा गर्ने आवधिक योजनामा उल्लेख छ । यो वर्ष २५ किलोमिटर ट्रयाकबेड निर्माण गर्ने, १२० किलोमिटरको विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने, काठमाडौँ उपत्यका मेट्रो रेल (२२ किलोमिटर) को विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने कार्यक्रम भएकोमा १५.५ किलोमिटर मात्र ट्रयाकबेड निर्माण गरेको छ । काठमाडौँ उपत्यका मेट्रो रेल, वीरगन्ज-काठमाडौँ रेलमार्ग र केरूङ्ग-काठमाडौँ रेलमार्गको विस्तृत अध्ययन गरी आयोजना प्रतिवेदन तयार गरेको छैन । रेलमार्ग सञ्चालनका लागि एप्रोच सडक सुधार सम्बन्धी कार्यसमेत गरेको छैन । समग्रमा प्रगति न्यून देखिएकोले पन्धौं योजना अवधि २०८०।८१ सम्म ३४८ किलोमिटर रेलमार्ग स्तरोन्नति तथा ट्रयाक निर्माण गर्ने लक्ष्य पूरा गर्न चुनौतीपूर्ण देखिएको छ ।

६८. **जग्गा प्राप्ति र मुआब्जा -** जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३ बमोजिम मुआब्जा निर्धारण समितिले कायम गरेको दरमा जग्गाको मुआब्जा भुक्तानी गर्नुपर्दछ । योजना कार्यालयमा अधिग्रहण गर्न सूचीकृत भएका कित्तालाई रेल योजना कार्यालयको स्वामित्वमा ल्याउन मुआब्जा वितरणका लागि जिल्ला प्रशासन कार्यालय सर्लाही, महोत्तरी र रौतहटलाई रू.२ अर्ब ३८ करोड ३१ लाख पेश्की रकम उपलब्ध गराएकोमा यो वर्षसम्म रू.२० करोड ७ लाख मात्र फर्स्यौट भएको छ । योजनाअन्तर्गतका निर्माण कार्य सञ्चालन गर्नका लागि निर्माणस्थल व्यवस्था गर्ने कार्य प्रस्थान विन्दु भए तापनि मुआब्जा वितरणको कार्य पूरा हुन सकेको छैन । मुआब्जा वितरणका लागि १ हजार ४१७ कित्ताको २०३ बिघा १४ कठ्ठा सूचीकृत भई सूचना प्रकाशन भएकोमा ९९० कित्ताका १६० विघा १२ कठ्ठाको मात्र मुआब्जा वितरण भएको छ । मुआब्जा वितरणसम्बन्धी कार्यलाई समयमै सम्पन्न गरी रेलवे निर्माण कार्य अगाडि बढाउनुपर्दछ ।

६९. **खरिद प्रक्रिया रद्द -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई, निर्माणस्थलबाट हटाउनुपर्ने रुख बिरुवालगायतका संरचना हटाउने सुनिश्चितता नभई, मुआब्जा र क्षतिपूर्ति वितरण गर्नुपर्नेमा सोको लागि बजेटको सुनिश्चितता नगरी तथा प्रचलित कानूनबमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आह्वान गर्न नहुने उल्लेख छ । आयोजनाले झापाको काँकडभिट्टादेखि सुनसरीको इनरुवासम्म १०६ किलोमिटरको क्षेत्रमा रू.३३ अर्ब ३० करोड लागत अनुमानको रेल्वे ट्रयाकबेड निर्माण गर्न जिल्ला प्रशासन कार्यालयले जग्गा प्राप्ति सूचना प्रकाशन गरेको आधारमा २०७७।३।१४ मा ३० प्याकेज र २०७७।३।१७ मा २४ प्याकेजसमेत ५४ प्याकेजमा निर्माण गर्ने गरी बोलपत्र आह्वान गरेको थियो । आयोजनाले जग्गा प्राप्तिको कामसमेत हुन नसकेको कारण देखाई २०७७।५।२१ मा महानिर्देशकबाट ठेक्का रद्द गरेकोमा हालसम्म मुआब्जा वितरणको लागि रू.३ अर्ब ७२ करोड ६४ लाख पेश्की दिएकोमा २० करोड ७ लाखमात्र फर्स्यौट भएको छ । मुआब्जाको काम सम्पन्न हुन नसकेको तथा निर्माणको लागि

स्रोत व्यवस्थापन हुन नसकेको कारण जनाई रेल्वे ट्रयाकवेड निर्माण कार्य अगाडि बढ्न सकेको छैन। आयोजना सञ्चालनसम्बन्धी पूर्व तयारी नभई बोलपत्र आह्वान गरी रद्द गरिनु औचित्यपूर्ण मान्न सकिँदैन।

७०. **सम्झौताको कार्यान्वयन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ मा लक्ष्यअनुसार कार्य सम्पन्न गरी प्रगति समीक्षा गर्ने व्यवस्था छ । रेल योजना कार्यालय, सर्लाहीअन्तर्गत सञ्चालित रू.१४ अर्ब ७१ करोड बरारबरका २१ खरिद सम्झौतामध्ये २०७०।७१ देखिका ४ रेलवे ट्रयाक बेड र ९ रेलवे ब्रिज निर्धारित समयमा सम्पन्न हुन नसकेको र म्याद गुज्रिसकेको अवस्थामा रहेका छन् । उक्त खरिद कार्यका लागि मूल्य समायोजनसमेत यो वर्षसम्म रू.९ अर्ब ६० करोड ८५ लाख खर्च गरेको छ । जग्गाको साँध सिमानामा स्थानीय अवरोध, साईट क्लियर हुन बाँकी देखिएको, स्वामित्व विवादका कारण मुआब्जा वितरण हुन नसकेको, घरटहराको मुआब्जा, धारा बिजुली लगायतको लोकेसन सिफ्ट हुन बाँकी रहेको, अदालतमा मुद्दा विचाराधीन रहेको, जंगल कटान र व्यक्तिगत जग्गा हस्तान्तरण नभएको तथा पुल स्पान कम भएकोमा स्थानीयले स्पान थप माग गरेको कारण सम्झौताबमोजिम तोकिएको अवधिमा कार्य सम्पादन हुन नसकेको जनाएको छ । केन्द्रीय निकायले त्यसको भौतिक र वित्तीय पक्षको समीक्षा गरी समस्याहरूको समाधान गरी निर्माण कार्य समयमा सम्पन्न गर्नुपर्दछ ।

७१. **नर्म्सको तर्जुमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माणसम्बन्धी नर्म्स नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत गराई लागू गर्नुपर्ने व्यवस्था छ । विभागले रेल्वेसम्बन्धी निर्माण कार्य गर्नको लागि अलग नर्म्स तथा स्पेसिफिकेसन स्वीकृत गरी लागू गरेको छैन । नर्म्स स्वीकृत गराई लागू गर्नुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख गरिएकोमा स्थिति यथावत छ ।

७२. **रेल सञ्चालन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(५ख) मा कुनै मालसामान खरिद गर्नुपर्दा विदेशी मुलुकको सरकार वा त्यस्तो मुलुकको सार्वजनिक निकायसँग निर्धारित बिक्री मूल्यमा सोझै खरिद गर्नसक्ने व्यवस्था छ । नेपाल भारत सिमानामा निर्माणाधीन अन्तरदेशीय रेलमार्गमध्येको जयनगर-जनकपुर-बर्दिबास ६९ किलोमिटर, जयनगरदेखि कुर्थासम्म ३४ किलोमिटर निर्माण कार्य सम्पन्न भई रेल सञ्चालनको तयारी अवस्थामा रहेको र उक्त स्थानमा रेल सञ्चालन गर्न जी टु जी प्रक्रियाद्वारा खरिद गर्न मन्त्रिपरिषद्को २०७५।९।२९ को निर्णयले सैद्धान्तिक सहमति प्रदान गरेको देखियो । सो सहमतिअनुसार आयोजनाले भारतको एक रेलवे कम्पनीसँग रू.८४ करोड १ लाख ४७ हजारमा २ थान रेल खरिद गरेको छ । खरिद गरेको १७ महिनापछि सञ्चालनमा आउँदा उक्त रेलको वारेन्टी अवधि समाप्त भइसकेको छ ।

यातायात व्यवस्था विभाग

विभिन्न प्रकारका सवारीसाधनको दर्ता, नवीकरण, खारेजी, सडक इजाजतपत्र, सवारीचालक अनुमतिपत्रको व्यवस्थापन गरी सर्वसाधारणलाई आवागमन सेवा पुऱ्याउन २०४१ मा विभागको स्थापना भएको हो । साविकमा विभाग मातहत सञ्चालनमा रहेका यातायात व्यवस्था कार्यालयहरू प्रदेश सरकारलाई हस्तान्तरण भएको छ ।हाल विभाग मातहत पाँच सवारी परीक्षण केन्द्र रहेका छन् ।

७३. **सेवा प्रवाह -** विभागले सवारी चालक अनुमतिपत्रको रूपमा स्मार्ट कार्ड छपाइ गरी वितरण गर्दै आएको छ । विभागले २०७१ र २०७४ सालमा खरिद गरेका पाँच थान स्मार्ट कार्ड प्रिन्टर र २०७६ मा खरिद गरेको मास प्रिन्टर मेसिनबाट यो वर्षसम्म २५ लाख ४१ हजार स्मार्ट कार्ड छपाइ गरी वितरण गरेको र १ लाख ५० हजार कार्ड छपाइ गर्न बाँकी देखिन्छ । मास प्रिन्टरले प्रति घण्टा ४५० थानका दरले प्रति दिन औसत ९ हजार थान मात्र कार्ड छपाइ गर्ने देखिन्छ । दैनिक सवारी परीक्षा पास गर्ने संख्या मास प्रिन्टरले छपाइ गर्ने क्षमताभन्दा बढी हुने एवं ट्रायल परीक्षा उत्तीर्ण पश्चात् स्मार्ट लाइसेन्स प्राप्त गर्न महिनौसम्म प्रतीक्षा गर्नुपर्ने अवस्था छ । विभागले स्रोत साधनको व्यवस्था गरी समयमै सेवा प्रवाह गर्नुपर्दछ ।

मध्यम तथा लामो दूरीमा सञ्चालन हुने यात्रुवाहक सार्वजनिक यातायात सेवासँग सम्वन्धित प्रक्रिया सहज, सरल, र प्रतिस्पर्धी बनाउन सूचना प्रविधिको माध्यमबाट सार्वजनिक यातायात सेवाको टिकट खरिद गर्न सक्ने गरी अनलाइनबाट सवारीको टिकट खरिद बिक्रीसम्बन्धी निर्देशिका विभागले २०७७।६।२५ बाट लागू हुने गरी स्वीकृत गरेकोमा सोको कार्यान्वयन भएको छैन । निर्देशिकाको व्यवस्था कार्यान्वयन गरी सार्वजनिक यातायातको सेवा प्रवाह सरल र सहज बनाउनुपर्दछ ।

७४. **इम्बोस्ड नम्बर प्लेट -** मागका आधारमा २५ लाख इम्बोस्ड नम्बर प्लेट जडान गर्ने एक कम्पनीसँग ३० मे २०१६ मा ५ वर्षभित्र सम्पन्न गर्न अमेरिकी डलर ४ करोड ३७ लाख ८७ हजार ५०० को खरिद सम्झौता भएको देखिन्छ । खरिद सम्झौताको शुरु म्याद ५ वर्ष समाप्त भई १ वर्ष थप गर्दा समेत यो वर्षसम्म २४ हजार ५६१ थान इम्बोस्ड नम्बर प्लेट छपाइ भई रु. ४ करोड ३३ लाख ६१ हजार भुक्तानी भएको देखिन्छ । विभागले अनिवार्य रूपमा इम्बोस्ड नम्बर प्लेट जडान कार्य लागू गर्ने गरी राजपत्रमा सूचना प्रकाशन गरेको भए तापनि अपेक्षित प्रगति भएको देखिँदैन । विभागले प्रदेश कार्यालयहरूसँग समन्वय गरी इम्बोस्ड नम्बर प्लेट अनिवार्य रूपमा जडान गराउनुपर्दछ ।

७५. **रेडियो फ्रिक्वेन्सी उपकरण -** काठमाडौं उपत्यकाको जगाती, नागढुङ्गा, नागार्जुन, फर्पिङ र जोरपाटी तथा उपत्यका बाहिर इटहरी, पथलैया, अत्तरिया, बुटवल, कोहलपुरलगायत १० स्थानमा इम्बोस्ड नम्बर प्लेट जडित सवारीसाधनको अनुगमन तथा निरीक्षण गर्नका लागि रेडियो फ्रिक्वेन्सी आइडेन्टिफिकेसन डिभाइस जडान गर्ने गरी इम्बोस्ड नम्बर जडान गर्ने कम्पनीसँग सम्झौता भएकोमा निर्माण कम्पनीले हालसम्म कुनै पनि ठाउँमा उक्त डिभाइस जडान गरेको देखिएन । रेडियो फ्रिक्वेन्सी आइडेन्टिफिकेसन डिभाइस जडान नहुँदा इम्बोस्ड नम्बर प्लेट जडान भएका सवारीसाधनको अनुगमन, निरीक्षण हुन सकेको छैन । अतः सम्झौताबमोजिमको कार्य तोकिएको समयमा सम्पन्न गराउनुपर्दछ ।

७६. **स्मार्ट प्रिन्टर -** चार थान स्मार्ट कार्ड प्रिन्टर खरिद गर्नका लागि विभाग र एक कम्पनीबीच १५ अक्टोबर २०१७ मा अमेरिकी डलर २ लाख ४४ हजारको सम्झौता भएको देखिन्छ । प्रिन्टरको २४ फेब्रुअरी, २०१९ मा जारी गरेको स्वीकार्य प्रमाणपत्रमा वारेन्टी अवधि ३ वर्ष उल्लेख छ । साथै प्राविधिक स्पेसिफिकेसनमा समेत वारेन्टी अवधि ३ वर्ष उल्लेख गरी खरिद सम्झौता भएको देखिएकोले स्वीकार्य प्रमाणपत्रमा जारी मितिले वारेन्टी अवधि २४ फेब्रुअरी २०२२ सम्म हुने देखिन्छ । खरिद सम्झौताको विशेष शर्त १५.१ मा स्मार्ट कार्ड प्रिन्टरको १० प्रतिशत भुक्तानी वारेन्टी सकिए

पश्चात् मात्र गर्ने उल्लेख छ । तर ४ थान स्मार्ट कार्ड प्रिन्टर २०२० देखि नै बिग्रिएको र आपूर्तक कम्पनीले वारेन्टी अवधिमा मर्मत गरेको नदेखिएकोले भुक्तानी बाँकी रहेको १० प्रतिशतले हुने अमेरिकी डलर २४ हजार ४०० को हुने रू.२९ लाख ३२ हजार भुक्तानी गर्न मिल्ने देखिँदैन ।

नेपाल पानीजहाज कार्यालय

वैकल्पिक यातायातको विकास एवं आन्तरिक र समुद्रसम्म जल यातायात एवं समुद्रमा नेपाली पानी जहाज सञ्चालन गरी देशको आर्थिक प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय व्यापार सहजीकरण, पर्यटन प्रवर्द्धनलगायतबाट राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने उद्देश्यले नेपाल पानीजहाज दर्ता ऐन, २०२७ बमोजिम २०७५ फाल्गुण २ मा नेपाल पानीजहाज कार्यालयको स्थापना भएको हो । यो कार्यालयलाई जल यातायातको पूर्वाधार विकास, पानीजहाज तथा डुङ्गा दर्ता र सञ्चालन व्यवस्थापन तथा नियमन गर्ने प्रमुख जिम्मेवारी तोकिएको छ ।

७७. **कानून तर्जुमा -** आन्तरिक एवं अन्य मुलुकसँग जल यातायातको माध्यमबाट सम्पर्क कायम गर्न, सामुद्रिक मार्गको अधिकार उपयोग गर्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताअनुकूल हुने गरी कानून तयार गर्नुपर्नेमा कार्यालयले नेपाल पानीजहाज दर्ता ऐन, २०२७ संशोधनको प्रारम्भिक मस्यौदा तयार गरे पनि संशोधन भएको छैन । तेस्रो मुलुकहरूसँग हुने वैदेशिक व्यापारका लागि जल यातायात सञ्चालनको माध्यमबाट समुद्रसम्मको पहुँचमा सहजता आउने, नेपालमा दर्ता भएका व्यापारिक पानी जहाज समुद्रमा सञ्चालन गर्दा नेपालमा आयात निर्यात हुने सामानको ढुवानी सहज, सुरक्षित र भरपर्दो भई देशको प्रतिस्पर्धात्मक क्षमता वृद्धि हुने, व्यवसाय खर्चमा कमी आउने र रोजगारीमा वृद्धि हुने अपेक्षा पन्ध्रौं योजनाले गरेकोले यसका लागि आवश्यक अन्तर्राष्ट्रिय सन्धि, समझदारी र जलयातायातको पूर्वाधार विकास एवं नियमनका लागि समयानुकूल कानून एवं निर्देशिका तर्जुमा गर्नुपर्दछ ।

७८. **कार्य सम्पादन तथा मापदण्ड -** नेपाल पानीजहाज दर्ता ऐन, २०२७ ले नेपाल पानीजहाज कार्यालयलाई नेपाली पानीजहाज दर्ता गर्ने, नेपाली डुङ्गा दर्ता गर्ने, पानीजहाज तथा डुङ्गा सञ्चालन गर्ने संस्था दर्ता गर्ने तथा सोको नियमन गर्ने कार्य तोकेको छ । यो वर्ष कर्मचारीको तलब भत्ता र कार्यालय सञ्चालनमा रू.१ करोड ९५ लाख खर्च भएको छ । नेपालका नदीमा सञ्चालनमा रहेका यातायातका साधन र नेपाल बाहिर पानीजहाज सञ्चालन गर्ने कुनै पनि संस्था दर्ता भएका छैनन् । नेपालका प्रमुख नदीहरू कोशी र नारायणी तथा विभिन्न तालमा स्टिमर, डुङ्गाहरू सञ्चालन भइरहे तापनि ती डुङ्गा सञ्चालन गर्ने संस्था दर्ता, डुङ्गा सञ्चालनसम्बन्धी मापदण्ड निर्माण तथा निश्चित मापदण्ड अपनाई सञ्चालन भए नभएको नियमन कार्यालयबाट हुन सकेको छैन । कार्यालयले निर्देशिका एवं मापदण्ड स्वीकृत गराई पालनाको स्थितिको अनुगमन गर्नुपर्दछ ।

७९. **कार्यक्रम कार्यान्वयन** - बजेट वक्तव्य २०७७।७८ मा आन्तरिक जल यातायात पूर्वाधार विकास गर्न कोशीको चतरादेखि तुम्लिङ्गटार, नारायणीको त्रिवेणीदेखि देवघाट हुँदै राम्दी र कर्णालीको खग्रौलादेखि खिमडीसम्म जल यातायात सञ्चालनको सम्भाव्यता अध्ययन कार्य सम्पन्न गरिने र नेपालको आफ्नै ध्वजावाहक पानीजहाज भारतको आन्तरिक जलमार्गबाट समुद्रसम्म जानसक्ने गरी सञ्चालन गर्न पूर्वाधार निर्माण तथा कानूनी व्यवस्था गरिने उल्लेख छ । कार्यालयको लागि २०७५।७६ देखि २०७७।७८

सम्म रू. १८ करोड ३५ लाख ६९ हजार विनियोजन भएकोमा रू.८ करोड ९६ लाख खर्च गरेको छ । बजेट वक्तव्यले उल्लेख गरेका जल यातायात सञ्चालनको संभाव्यता अध्ययन लगायतका कार्यहरु भएका छैनन् । बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

अन्य संस्था

सडक बोर्ड नेपाल

सडक बोर्ड ऐन, २०५८ अनुसार स्थापना भएको बोर्डको यो वर्षको आम्दानी रू.७ अर्ब ३९ करोड १८ लाख ४६ हजारमध्ये रू.६ अर्ब १४ करोड ३९ लाख ७ हजार खर्च भई रू.१ अर्ब २४ करोड ७९ लाख ३९ हजार मौज्दात रहेको छ ।

८०. **सडक दस्तुर** - सडक बोर्ड ऐन, २०५८ को दफा ६ मा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको सडक उपयोग गर्ने सवारीसाधनबाट दस्तुर एवं शुल्क असुल गर्ने व्यवस्था छ । यो वर्ष बोर्डले रू.३ करोड ८२ लाख ३९ हजार सङ्कलन गरेको छ । सडक दस्तुर सङ्कलनको तीन वर्षको अवस्था निम्नानुसार छः

(रू. हजारमा)

सडक खण्ड	आर्थिक वर्ष		
	२०७५।७६	२०७६।७७	२०७७।७८
नौबिसे-मुग्लिङ	६०९५४	१५५२५१	९०००
हेटौंडा-नारायणगढ	५१०७२	९०३७७	१००००
नारायणगढ-बुटवल	३५९५६	४६७०३	४५००
भैरहवा-भूमही	९७२६	१०१४६	४२९८
पाँचखाल-मेलम्ची	२०७६।७७ देखि दस्तुर सङ्कलन कार्य शुरू भएको ।	६७५१	७६
खुर्कोट-सिन्धुली-बर्दीवास		२१५६२	९९२७
धुलीखेल-खुर्कोट-सिन्धुली		२९१३४	४३८
जम्मा	**१५७७०८**	**३५९९२४**	**३८२३९**

उल्लिखित विवरणअनुसार सडक दस्तुर गत वर्षको तुलनामा १०.६२ प्रतिशत मात्र सङ्कलन भएको देखिन्छ । नेपाल सरकारले २०७६।१।२ मा विभिन्न राजमार्गका १४ खण्डमा सडक दस्तुर सङ्कलन गर्ने अनुमति दिए तापनि काँकडभिट्टा-दमक खण्ड, दमक-इटहरी खण्ड, कोशी-चौहर्वा खण्ड, चौहर्वा-पथलैया खण्ड, हेटौंडा-वीरगन्ज खण्ड, वीरगन्ज-पथलैया खण्ड र विराटनगर-धरान खण्डमा यो वर्षसम्म सडक दस्तुर सङ्कलन कार्य भएको छैन । ऐनको व्यवस्थाबमोजिम सडक दस्तुर असुल गरी उपयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

८१. **सडक दस्तुर असुली** - सडक दस्तुर सङ्कलनकर्तासँग भएको सम्झौतामा सङ्कलनकर्ताले ठेक्का सम्झौता गर्नु अगावै प्रथम किस्ता दाखिला गर्नुपर्ने, सम्झौता पश्चात् महिना शुरु भएको ७ दिनभित्र किस्ता रकम दाखिला गरीसक्नुपर्ने, सो नगरेमा प्रतिदिन ०.०५ देखि ०.५ प्रतिशतका दरले ३० दिनसम्म हर्जाना असुल गर्नुपर्ने र सो पश्चात् कार्यसम्पादन जमानत जफत गर्नुपर्ने व्यवस्था छ ।बोर्डले नौबिसे-मुग्लिङ

सडक, हेटौंडा-नारायणगढ सडक, खुर्कोट-सिन्धुली-बर्दिवास र भैरहवा-भूमही सडक खण्डमा दस्तुर सङ्कलनको ठेक्काबाट २०७८ असारसम्म हर्जाना समेत रू.४ करोड ६ लाख असुल भएको छैन । उक्त रकम असुल गर्नुपर्दछ ।

८२. **फरक लेखाङ्कन** - बोर्डबाट निकासा दिएकामध्ये ३६ कार्यालयले फिर्ता गर्न बाँकी रु ५ अर्ब ७९ करोड ४४ लाख ८७ हजार देखिएकोमा सडक बोर्डको आर्थिक विवरणअनुसार रू.५ अर्ब ७७ करोड २० लाख २७ हजार मात्र देखिएकोले रू.२ करोड २४ लाख ६१ हजार घटी देखिएको छ । निकासा फरक परेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

८३. **मौज्दात उपयोग** - सडक बोर्ड ऐन, २०५८ को दफा ५ ले बोर्डलाई सडकको मर्मत सम्भार गराउने, सडक उपयोग दस्तुर असुल गर्ने जिम्मेवारी प्रदान गरेको छ । बोर्डले पर्याप्त जनशक्ति नभएको कारण देखाई सडकको पुनः निर्माण, पुनर्स्थापना, स्तर वृद्धि र दस्तुर सङ्कलन कार्य प्रभावकारी बनाउन सकेको छैन । सडक मर्मत कार्य प्रभावकारी रूपमा सञ्चालन नभएका कारण मौज्दात रकम उपयोग हुन नसकी यो वर्षसम्म बोर्डको खातामा रू.६ अर्ब ५२ करोड ३४ लाख ६० हजार बाँकी रहेको र सोबाट रू.२९ करोड ७४ लाख ३७ हजार ब्याज प्राप्त भएको छ । सङ्कलन गरिएको दस्तुर सोही प्रयोजनमा खर्च गरी सडकको गुणस्तरमा सुधार गर्नुपर्दछ ।

८४. **पेश्की** - बोर्डको आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०६० को नियम ३७ मा सडक बोर्डबाट निकासा प्राप्त गर्ने निकायले प्रत्येक आर्थिक वर्ष समाप्त भएको १ महिनाभित्र फरफारक गर्नुपर्ने उल्लेख छ । तत्कालीन जिल्ला विकास समितिहरूलाई २०७२।७३ अगावै दिएको पेश्कीमध्ये रू.१० करोड ८२ लाख २३ हजार फिर्ता गर्न पटक पटक ताकेता गरे तापनि फिर्ता भएको देखिएन ।

स्थानीय तहलाई दिएको पेश्कीमध्ये २०७७।७८ सम्म रू.३७ करोड ३९ लाख ७० हजार फस्यौंट हुन बाँकी देखिएको छ । निकासामा ढिलाइ भएको र पेश्की रकमबाट मर्मत सम्भारको कार्य हुन नसकेका कारण निकासा रकम खर्च हुन नसकेकोले स्थानीय निकायलाई २०७८ चैत्रसम्म खर्च गर्न सहमति दिएको छ । समयमा निकासा दिई मर्मत कार्य समयमै गराउने र नियमको व्यवस्था अनुसार तोकिएको समयमा पेश्की फरफारक गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजू

- **अनुगमन** - गत वर्षको प्रतिवेदनमा त्रुटिपूर्ण डिजाइन, अधुरा आयोजना, नीति तर्जुमा, बजेट वक्तव्यको कार्यान्वयन, पुँजीगत खर्च, रकमान्तर एवं स्रोतान्तर, स्रोत सुनिश्चितता, सडक सीमा, खरिदमा प्रतिस्पर्धा, अधुरा निर्माण कार्य, आयोजना स्वीकृति, कन्टिन्जेन्सी खर्च, परामर्श सेवा, समन्वय र निर्माणस्थल, पूर्वनिर्धारित क्षतिपूर्ति, आइटम भेरिएसन, नर्म्स, खरिद सम्झौता अन्त्य, मूल्य समायोजन, निर्माण कार्यको गुणस्तर, डिजाइन एण्ड बिल्ड ठेक्कामा मूल्य समायोजन, नर्म्समा विविधतालगायतमा सुधार गर्नुपर्ने व्यहोरा समावेश गरिएकोमा सोको कार्यान्वयन भएको पाइएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहत निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः

- सरकारी कार्यालयतर्फ ११९ निकायमा रू.६ अर्ब ६१ करोड ५५ लाख १२ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ११ निकायले रू.४ करोड ४५ लाख ८० हजार फर्स्यौंट गरेकोले रू.६ अर्ब ५७ करोड ९ लाख ३२ हजार बाँकी रहेको छ । सोमध्ये रू.१ अर्ब १९ करोड ९४ लाख ७८ हजार म्याद नाघेको पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
- अन्य संस्था सडक बोर्डतर्फ रू.२ करोड ५१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि कुनै बेरुजू फर्स्यौंट नभएकोले रू. २ करोड ५१ हजार बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकका विषयमा नीति, योजना र कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्ने, अनाथ बालबालिका, असहाय महिला, वृद्धवृद्धा, ज्येष्ठ नागरिक, अपाङ्ग र अशक्तको संरक्षण गर्ने, समाज कल्याण परिषद् र सरकारी एवं गैरसरकारी संघ संस्थाद्वारा सञ्चालित कार्यक्रमको मूल्याङ्कन तथा गैरसरकारी संस्थाको समन्वय, परिचालन र अनुगमनलगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत १० निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत ९ सरकारी कार्यालयको निम्नानुसार रू.४५ करोड ८ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य	जम्मा
३७,८०	२,२३	९५	४,०९	४५,०८

२. **अन्य संस्था** - यो वर्ष १ संस्थाको रू.७७ करोड ४० लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

३. **कार्यमूलक लेखापरीक्षण**- यो वर्ष ज्येष्ठ नागरिक संरक्षण र सामाजिक सुरक्षा विषयको कार्यमूलक लेखापरीक्षण सम्पन्न गरिएको छ ।

४. **कार्यक्रम र प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(९) तथा ३५(१) बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले कार्यक्रमको क्रियाकलापगत रूपमा तोकिएको अवधिको प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ । वार्षिक प्रगति प्रतिवेदनअनुसार निम्न क्रियाकलापमा न्यून प्रगति देखिएकोले स्वीकृत कार्यक्रम कार्यान्वयन गरी प्रगति हासिल गर्नुपर्दछः

क्र. सं.	क्रियाकलाप	इकाई	वार्षिक लक्ष्य	वार्षिक प्रगति	प्रगति प्रतिशत
१	महिला उद्यमशीलता सहजीकरण केन्द्रको स्थापना	स्थानीय तह	७०	३०	४२.८५
२	जीविकोपार्जन सुधार कार्यक्रमबाट सीप विकास तालिम तथा प्रविधि प्राप्त महिला	महिला संख्या	२६६५	१५००	५६.२८
३	अपाङ्गता भएकालाई सहायक सामग्री उत्पादन तथा वितरण	जना	४०००	२०४३	५१
४	ज्येष्ठ नागरिक दिवा सेवा तथा मिलन केन्द्र सञ्चालन	वटा	३५०	२११	६०.२८

५. **आवधिक योजनाको कार्यान्वयन -** पन्ध्रौं योजनामा सामाजिक उत्तरदायित्व कोषअन्तर्गतको निश्चित रकम महिला सशक्तिकरणमा उपयोग गर्ने नीतिगत व्यवस्था गर्ने, लैङ्गिक सशक्तीकरण सूचकाङ्कहरूको आधार लिई प्रदेश तथा स्थानीय तहलाई वित्तीय हस्तान्तरण गर्ने, ज्येष्ठ नागरिक संरक्षण नीति तर्जुमा गर्ने र प्रदेशमा कम्तिमा एउटा सुविधासम्पन्न वृद्धाश्रम सञ्चालन गर्ने उल्लेख छ । वार्षिक कार्यक्रमको कार्यान्वयनबाट निम्नानुसारको उपलब्धि हासिल भएको मन्त्रालयले उल्लेख गरेको छः

क्र. सं.	नतिजा सूचक	२०७७।७८ को लक्ष्य	२०७७।७८ को उपलब्धि
१	लैङ्गिक सशक्तीकरण सूचकाङ्क	०.६१	०.५६
२	लैङ्गिक असमानता सूचकाङ्क	०.४४	०.५५८
३	लैङ्गिक विकास सूचकाङ्क	०.९३४	०.८७
४	ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा मिलन केन्द्र	३५०	२११
५	मानव बेचबिखन पीडित/प्रभावितका लागि पुनर्स्थापना केन्द्र सञ्चालन भएका जिल्ला	१३	१०

पन्ध्रौं योजनाका ९ नतिजा सूचकमा रहेका असहाय, अशक्त, एकल र जोखिममा परेका ज्येष्ठ नागरिकको विशेष संरक्षण र सुरक्षाको व्यवस्था गर्ने, ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न नीति निर्माणमा, सहभागिता र स्रोतमा पहुँच सुनिश्चित गर्ने लगायतका ४ रणनीतिसम्बन्धी कार्यक्रम कार्यन्वयन गरेको छैन । स्वीकृत योजना र बजेट कार्यान्वयन क्षमता वृद्धि गरी योजनाका लक्ष्य पूरा गर्नुपर्दछ ।

६. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०७७।७८ मा उल्लेख भएका कार्यक्रमहरूमध्ये असहज परिस्थितिका कारण जोखिममा परेका महिला, बालबालिका र ज्येष्ठ नागरिकलाई सुरक्षा एवं संरक्षणका कार्यक्रम, लैङ्गिक उत्तरदायित्व वजेट प्रणालीलाई प्रदेश तथा स्थानीय तहको बजेट प्रणालीमा समावेश गर्ने, सडक बालबालिका मुक्त देश बनाउन बालबालिकाको समुचित व्यवस्थापन लगायत खेलकुद, मनोरञ्जनका लागि बाल उद्यान, पुस्तकालय र विज्ञान तथा प्रविधि संग्राहालय निर्माण गर्ने, मुलुकभरका ज्येष्ठ नागरिक आश्रमहरूको न्यूनतम पूर्वाधारहरू र सुविधाहरूको मापदण्ड तोकी सञ्चालन गर्ने, अलजाइमर्स, अटिजम लगायतका उमेरजन्य रोगका कारण अपाङ्गता भएका ज्येष्ठ नागरिकको निःशुल्क उपचार र आय-आर्जन कार्यक्रम सञ्चालन गर्नेलगायतका विषयको कार्यान्वयन भएको छैन । बजेट वक्तव्यले उल्लेख गरेका कार्यक्रमको कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ।

७. **दिगो विकास लक्ष्य** - दिगो विकास लक्ष्यसँग आबद्ध हुने गरी यस मन्त्रालयअन्तर्गत विभिन्न क्रियाकलापमा २० सूचक तोकी लक्ष्य निर्धारण भएको छ । सन् २०१९, २०२२, २०२५ र २०३० को लागि तोकिएको माइलस्टोनअनुसार सन् २०१९ सम्मको प्रगति देहायबमोजिम रहेको छः

क्र. सं.	परिमाणात्मक लक्ष्य र सूचकहरू	२०१५ को आधार	२०१९ को माइलस्टोन	२०१९ को प्रगति
१.	समान कामका लागि सामान ज्याला/पारिश्रमिक (महिला र पुरुषबीचको समानतामूलक ज्यालाको अनुपात)	०.६२	०.७२	०.९२
२.	लैङ्गिक असमानताका सूचकहरू	०.४९	०.३८	०.०५
३.	लैङ्गिक सशक्तीकरण मापन	०.५७	०.६	०.६९
४.	श्रमशक्तिमा महिला र पुरुषको सहभागिताको अनुपात	०.९३	०.९५	१
५.	महिलाले घरायसी काममा खर्चेको औसत समय/घण्टा	१४	११.८४	६
६.	महिलाहरूको सम्पत्ति माथिको स्वामित्व	२६	२९.७	४०
७.	१५ देखि २४ वर्ष उमेर समूहका इन्टरनेट प्रयोग गर्ने महिलाको प्रतिशत	१९.६	४०.५	९८

मन्त्रालयले सन् २०१९ पछि लक्ष्य सूचकहरूको प्रगति अद्यावधिक मूल्याङ्कन गरेको छैन। कतिपय सूचकका मापनको आधारको अभाव रहेको, कतिपयको प्रगति स्थिति उल्लेख नभएकोले मन्त्रालयले दिगो विकास लक्ष्य कार्यान्वयन गर्नेतर्फ गरेका कार्यको मूल्याङ्कन गर्न सक्ने अवस्था छैन। महिला माथि हुने सबै प्रकारका हिंसाको उन्मूलन, निर्णायक तहमा महिलाको सहभागिता अभिवृद्धि,

लैङ्गिक असमानता न्यूनीकरण जस्ता कार्हरुको कार्यान्वयनका लागि कार्ययोजना तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

८. **कोष सञ्चालन** - केन्द्रीय आपतकालीन बाल उद्धार कोष, ज्येष्ठ नागरिक कल्याण कोष र एकल महिला सुरक्षा कोष लगायत पाँच कोषमा गत विगतको मौज्दात रू.१९ करोड ६० लाख र यो वर्ष रू.१ करोड ५० लाख थप गरी जम्मा रू.२१ करोड १० लाख मौज्दात रहेको छ । मन्त्रालयले हरेक वर्ष कार्यक्रम स्वीकृत गरी उक्त कोषमा रकम जम्मा गर्ने गरेको छ । मुलुक संघीय संरचनामा गएको अवस्थामा सोहीअनुसारको कोष खर्च गर्ने कार्यविधि स्वीकृत नभएको कारण रकम खर्च हुनसकेको छैन । महिला, बालवालिका एवं ज्येष्ठ नागरिकको संरक्षण र विकासका निर्धारित लक्ष्य हासिल गर्न विभिन्न उद्देश्यले स्थापना भएका कोषहरू उद्देश्य परिपूर्ति हुने गरी गठन आदेशअनुसार सञ्चालन गर्नुपर्दछ ।

९. **बालगृह सञ्चालन** - बालबालिकासम्बन्धी ऐन, २०७५ ले वैकल्पिक हेरचाहको व्यवस्था भएसम्म बालबालिकालाई बालगृहमा राख्न अनुमति दिएको छैन । आवश्यक बालगृह सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०६९ अनुसार वैकल्पिक हेरचाहको व्यवस्थाविहीन बालबालिकाको लागि आवासीय बालगृह अन्तिम विकल्पको रूपमा हुनुपर्ने उल्लेख छ । राष्ट्रिय बाल अधिकार परिषद्काअनुसार ४३ जिल्लामा ४५३ बालकल्याण गृह रहेका र ती संस्थामा ११ हजार ३८१ बालबालिका आश्रित छन् । यो वर्ष बालगृहमा ५ हजार २३७ बालक र ६ हजार १४४ बालिका रहेको उल्लेख छ । परिषद्ले पछिल्लो एक वर्षमा १६९ बालगृहको अनुगमन गर्दा १ हजार ७१ जना आमाबुबा भएका, ७५० जना आमा मात्रै भएका, ४२५ जना बाबु मात्रै भएका, ६०२ जना आमाबुबा दुवै नभएका र ५२ जना अभिभावक नखुलेको विवरण उल्लेख गरेको छ । बालगृह एकद्वार प्रणालीबाट दर्ता हुनुपर्नेमा ३८ समाज कल्याण परिषदमा कार्यक्रम स्वीकृत भएर सञ्चालनमा रहेको, १४८ जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका, ८ कम्पनी रजिष्ट्रारको कार्यालयमा र एउटा गुठी संस्थानमा दर्ता भएको छ । एक बालगृह वडा कार्यालयमा व्यवसायका रूपमा दर्ता गरेको छ ।

मापदण्ड विपरीत सञ्चालनमा रहेका संस्थालाई आवश्यक कारबाही र खारेजी गर्ने, आवश्यक पर्ने बालगृहको संख्या यकिन गरी सोको व्यावहारिक खाका बनाई लागू गर्ने, आमाबाबु फेला परेका तर बालगृहमै राखी परिवारमा पुनर्मिलन नगराउने संस्थाका सञ्चालकलाई कारबाही गर्ने साथै संस्था दर्ताको एकीकृत कानुन बनाई एकद्वार प्रणालीबाट दर्ता, नवीकरण र अनुगमनको कार्य गरी बालगृह सञ्चालन कार्यलाई पारदर्शी र प्रभावकारी बनाउनुपर्दछ ।

१०. **धर्मसन्तान व्यवस्थापन**- सन् २०१० मा तत्कालीन महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री व्यवस्थापन समिति गठन गरी १८ देशमा धर्मपुत्र, धर्मपुत्री पठाउन सक्ने व्यवस्था गरेको देखिन्छ । मुलुकी देवानी संहिता, २०७४ लागू भएपछि विदेशी नागरिकको लागि धर्मपुत्र, धर्मपुत्री ग्रहणमा प्रतिबन्ध लगाएको छ । मन्त्रालयको अभिलेखअनुसार सन् २०१० देखि २०१९ जुलाईसम्म अमेरिका, फ्रान्स, नर्वे, डेनमार्क, क्यानडा, स्वीट्जरल्याण्ड र बेल्जियममा २४ बालबालिका धर्मसन्तानको रूपमा गएको देखिए तापनि अमेरिकी स्टेट डिपार्टमेन्टको अभिलेख र उक्त ७ देशले नेदरल्याण्डस्थित अन्तर सरकारी निकाय 'हेग कन्फ्रेन्स अन प्राइभेट इन्टरनेसनल ल' लाई बुझाएको सूचीमा १७३ धर्म सन्तान नेपालबाट उक्त देशमा लगेको देखिन्छ । उक्त तथ्याङ्कहरूको आधारमा १४९ बालबालिका सरकारी अभिलेखमा नराखी धर्म सन्तान बनाएर गैरकानुनी रूपमा विदेश

पुऱ्याएको अवस्था छ । मन्त्रालयले अन्य ११ देशमा धर्म सन्तानको रूपमा लगेका बालबालिकाको तथ्याङ्कसमेत राखेको छैन । यो वर्षको कार्यक्रममा धर्मपुत्र धर्मपुत्रीको तथ्याङ्क अभिलेखाङ्कन गर्न रू.८ लाख बजेट विनियोजन भएकोमा खर्च भएको छैन ।

११. **अनुगमन** - नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ मा मन्त्रालयले राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूको समन्वय र परिचालन गरी सञ्चालित कार्यक्रमको अनुगमन गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले २०७७।७८ मा विभिन्न ४३ संस्थाको साधारण सम्झौता र ३२ संस्थाको परियोजना सम्झौताको लागि समाज कल्याण परिषद्लाई सहमति दिएको छ । सम्झौताका शर्तअनुसार कार्यक्रम सञ्चालन भए, नभएको मन्त्रालयले अनुगमन गरेको छैन । गैरसरकारी संस्था मार्फत् सञ्चालन हुने कार्यक्रमको अनुगमन गर्नुपर्दछ ।

कार्यमूलक लेखापरीक्षण

ज्येष्ठ नागरिक संरक्षण र सामाजिक सुरक्षा

नेपालको संविधानले ज्येष्ठ नागरिकको हकलाई मौलिक हकमा समावेश गरी राज्यबाट विशेष संरक्षण र सामाजिक सुरक्षाको प्रत्याभूति गरेको छ । ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले ६० वर्ष उमेर पूरा गरेका नेपालीलाई ज्येष्ठ नागरिकको रूपमा परिभाषित गरेको छ । राष्ट्रिय जनगणना, २०६८ अनुसार नेपालमा ज्येष्ठ नागरिकको जनसंख्या २१ लाख ५४ हजार अर्थात् कुल जनसंख्याको ८.१३ प्रतिशत रहेको छ । ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षासँग सम्बन्धित कार्यक्रमहरूको सञ्चालन दक्षता तथा कार्यक्रमको प्रभावकारिता परीक्षण एवं मूल्याङ्कन गर्ने उद्देश्यले कार्यमूलक लेखापरीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन्:

१२. **ज्येष्ठ नागरिक नीति** - नेपालको संविधानले मौलिक हकको रूपमा ज्येष्ठ नागरिकको हकको व्यवस्था गरेको छ । संविधानको व्यवस्था कार्यान्वयनको लागि ज्येष्ठ नागरिकसम्बन्धी ऐन तथा नियमावली र सामाजिक सुरक्षा ऐन जारी भएका छन् । मुलुकी देवानी संहिता, २०७४ मा प्रत्येक छोराछोरीले आफ्नो आर्थिक तथा सामाजिक हैसियतअनुसार आमा बाबुको आवश्यक हेरचाह, स्याहार सम्भार, औषधि उपचार वा रेखदेख गर्नुपर्ने व्यवस्था छ । कानूनको व्यवस्था कार्यान्वयन गर्न ज्येष्ठ नागरिक राष्ट्रिय कार्ययोजना, २०६२ तथा अन्य कार्यविधि एवं निर्देशिकाहरू जारी भएको छन् । यी सबै व्यवस्थाबाट समेत ज्येष्ठ नागरिकले मानव अधिकारको पूर्ण उपयोग गर्न नपाएको एवं ज्येष्ठ नागरिकको ज्ञान सीप र अनुभवको अन्तरपुस्ता हस्तान्तरण हुन सकेको छैन । तसर्थ ज्येष्ठ नागरिक सम्बन्धमा हालसम्म कार्यान्वयन भएका कानून, कार्यविधि र कार्यक्रमहरूको मूल्याङ्कन एवं समस्या र चुनौतीको विश्लेषण गरी ज्येष्ठ नागरिकसम्बन्धी नीति तर्जुमा गर्नुपर्दछ ।

१३. **ज्येष्ठ नागरिक व्यवस्थापन** - नेपालको संविधानमा ज्येष्ठ नागरिकको व्यवस्थापन स्थानीय तहको एकल अधिकार सूचीमा समावेश छ । स्थानीय तहले संघ र प्रदेशबाट हस्तान्तरण हुने अनुदान र आफ्नै स्रोत समेतबाट सामाजिक सुरक्षा भत्ता वितरण, दिवा सेवा केन्द्र, भेटघाट स्थल र ज्येष्ठ नागरिक मिलन केन्द्र निर्माण तथा सञ्चालन, ज्येष्ठ नागरिक सम्मानलगायतका क्रियाकलापहरू सञ्चालन गर्ने गरेका छन् । लेखापरीक्षणको सिलसिलामा प्राप्त जानकारीअनुसार ११४ वृद्धाश्रम र ९४ दिवा सेवा केन्द्रसमेत २०८ केन्द्र स्थापना भई सञ्चालनमा रहेको र ती केन्द्रमा ८ हजार ८९० ज्येष्ठ नागरिकले आश्रय पाएको

देखिन्छ । त्यसैगरी ७७ जिल्लाका १६४ स्थानीय तहमा २०० मिलन केन्द्र सञ्चालनमा रहेका छन्। स्थानीय तहले ज्येष्ठ नागरिक व्यवस्थापनअन्तर्गत ज्येष्ठ नागरिक मैत्री सडक मनोरन्जन स्थल तथा पार्क, व्यायमशाला र ध्यान केन्द्र लगायतका आधारभूत सेवामा ध्यान दिनुपर्ने देखिएको छ । स्थानीय तहभित्र रहेका ज्येष्ठ नागरिकको वर्गीकरण र अवस्थासहितको अभिलेख अद्यावधिक गर्ने एवं आफ्नो क्षेत्रमा सञ्चालित वृद्धाश्रम, दिवा सेवा केन्द्र, ज्येष्ठ नागरिक मिलन केन्द्र एवं विभिन्न संघ संस्थाबाट सञ्चालित कार्यक्रमहरूको नियमित अनुगमन गरी देखिएका समस्या समाधान गर्न लगाउनुपर्दछ। साथै कानूनले तोकेबमोजिम ज्येष्ठ नागरिकको अभिलेख राखी उनीहरूसँग भएको अनुभव र विज्ञताको प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१४. **पालनपोषण र हेरचाह -** ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा ४ मा भएको व्यवस्थाअनुसार आफ्नो आर्थिक हैसियत तथा इज्जत आमदअनुसार पालनपोषण तथा हेरचाह गर्नु परिवारको प्रत्येक सदस्यको कर्तव्य हुने, ज्येष्ठ नागरिकले आफ्नो अंश लिई परिवारबाट अलग बसेको वा बस्न चाहेको अवस्थामा बाहेक निजले चाहेको परिवारको सदस्यले आफ्नो साथमा राखी पालनपोषण गर्नुपर्ने लगायतका व्यवस्था छन् । सोही ऐनको दफा ५ मा ज्येष्ठ नागरिकको पालन पोषण तथा हेरचाह गर्नुपर्ने कर्तव्य भएको परिवारको सदस्य नातेदार वा हकवालाले निजलाई आफूसँगै राखी पालनपोषण तथा हेरचाह नगरेमा ज्येष्ठ नागरिकले सम्बन्धित स्थानीय तहमा उजुरी दिनसक्ने व्यवस्था छ । ज्येष्ठ नागरिकको पालनपोषण र रेखदेखको पहिलो कर्तव्य परिवारका सदस्य वा हकवालाको हुने कानूनी व्यवस्था रहेको भए तापनि सोको कार्यान्वयन पक्ष सबल रहेको देखिँदैन । ज्येष्ठ नागरिकको मानव अधिकारको संरक्षण एवं सम्पत्तिको लागि उनीहरू माथि हुने हिंसा र दुर्व्यवहार रोक्न एवं पालनपोषण तथा उचित हेरचाहको सुनिश्चितताको लागि ज्येष्ठ नागरिकले आर्जेको सम्पत्तिलाई इच्छापत्रअनुसार हस्तान्तरण गर्न पाउने कानूनी व्यवस्था गर्नुपर्दछ ।

१५. **स्वास्थ्य बीमा र स्वास्थ्य सेवा -** स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम १६ अनुसार कार्यक्रममा आबद्ध ७० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकको योगदान रकमको शतप्रतिशत नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले व्यहोर्ने उल्लेख छ । स्वास्थ्य बीमा बोर्डबाट उपलव्ध विवरण अनुसार २०७७।७८ मा स्वास्थ्य बीमा कार्यक्रममा ७० वर्ष माथिका ५ लाख ५७ हजार ज्येष्ठ नागरिक आवद्ध भएको र सो वापत नेपाल सरकारले रू.१ अर्व ९४ करोड ९९ लाख व्यहोरेको देखिन्छ। राष्ट्रिय जनगणना, २०६८ अनुसार ७० वर्षमाथिका ज्येष्ठ नागरिकको संख्या ८ लाख ४३ हजार रहेकोमा ५ लाख ५७ हजार मात्र स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध भएकोले २ लाख ८६ हजार बीमाको पहुँच बाहिर रहेको देखिन्छ । स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत देशभरका ४३२ स्वास्थ्य संस्थाबाट विभिन्न ३५ रोगको निःशुल्क उपचार उपलव्ध भइरहेकोले सबै ज्येष्ठ नागरिक आवद्ध हुने व्यवस्था गर्नुपर्दछ ।

जेरियाट्रिक वार्ड स्थापना तथा सञ्चालन निर्देशिका, २०७० बमोजिम यो वर्षसम्म विभिन्न २४ अस्पतालबाट ज्येष्ठ नागरिकहरूलाई निःशुल्क एवम् सहुलियतपूर्ण जेरियाट्रिक स्वास्थ्य सेवा उपलव्ध गराउँदै आए तापनि अधिकांश अस्पतालमा जेरियाट्रिक विशेषज्ञको अभाव रहेको, निजी अस्पतालहरूले यस्ता सेवा उपलव्ध नगराएको, तोकिएका सीमित अस्पतालबाट मात्रै सेवा प्रदान हुने स्थितिले सबैलाई सुलभ पहुँचको अभाव रहेको छ । ज्येष्ठ नागरिकको उपचारको लागि राष्ट्रियस्तरको अस्पतालको स्थापना गर्ने एवं ५० शैया वा सोभन्दा बढी क्षमताका सबै अस्पतालहरूको पूर्वाधार ज्येष्ठ नागरिक मैत्री बनाई जेरियाट्रिक विशेषज्ञ समेत रहने व्यवस्था मिलाई वार्ड सञ्चालन गर्नुपर्दछ।

१६. **सामाजिक सुरक्षा भत्ता -** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ४ को उपदफा १ मा दलित र एकल महिला ज्येष्ठ नागरिकले ६० वर्ष उमेर पूरा गरेपछि र अन्य ज्येष्ठ नागरिकले ७० वर्ष (२०७९।८० को बजेट वक्तव्यले ६८ वर्ष) उमेर पूरा गरेपछि सामाजिक सुरक्षा भत्ता पाउने व्यवस्था छ । विभिन्न १० प्रकारका सामाजिक सुरक्षा भत्तामा २०७५।७६ मा रू.१ खर्ब १३ अर्ब १० करोड २०७६।७७ मा रू.१ खर्ब ४७ अर्ब ३२ करोड र २०७७।७८ मा रू.१ खर्ब ५६ अर्ब ४९ करोड खर्च भएको देखिन्छ। सामाजिक सुरक्षाको दायरा र दर एवं यस्तो सुविधा प्राप्त गर्ने लाभग्राहीको संख्या वृद्धि हुँदै गएकोले खर्चको आकार प्रत्येक वर्ष वृद्धि हुँदै गएको देखिन्छ । सामाजिक सुरक्षामा राज्यको दायित्व वृद्धि भइरहेको सन्दर्भमा न्यून आय भएका नागरिक तथा लक्षित वर्गलाई समेट्ने गरी भत्ता वितरण गर्न सकेमा र सो कार्यक्रमलाई कोष व्यवस्थासहित अघि बढाउन सकेमा दायित्व व्यवस्थापन सहज हुने देखिन्छ। अतः बेग्लै कोषको व्यवस्थासहित स्वास्थ्य, खाना तथा अन्य क्षेत्रमा समेत आवद्ध गरी कार्यक्रम सञ्चालन गर्न अध्ययन अनुसन्धान गरी कार्यक्रमलाई थप व्यवस्थित गर्नुपर्ने देखिन्छ।

१७. **अनुदान परिचालन -** ज्येष्ठ नागरिकका क्षेत्रमा काम गर्ने संस्थालाई स्थानीय तहमार्फत् उपलव्ध गराउने अनुदानसम्बन्धी कार्यविधि, २०७५ को बुँदा नं.६ मा कार्यविधि बमोजिमका लक्षित वर्गलाई नेपाल सरकारबाट जुन उद्देश्यको लागि अनुदान उपलव्ध गराइएको हो सोही उद्देश्यको लागि मात्र उपयोग गर्नुपर्ने उल्लेख छ । यो वर्ष मन्त्रालयले ३४ गैरसरकारी संस्थालाई सम्बन्धित स्थानीय तहमार्फत् रू.४ करोड ९१ लाख अनुदान प्रदान गरेको छ । अनुदान प्रदानको स्थिति विश्लेषण गर्दा ज्येष्ठ नागरिक धेरै भएका संस्थामा कम र कम भएको संस्थामा बढी अनुदान प्रदान भएको देखिन्छ। अनुदान वितरणको वस्तुगत आधार तय नगरेको कारण आवश्यकताको आधारमा अनुदान प्रदान भएको अवस्था देखिएन । यसमा सुधार हुनेगरी कार्यविधि निर्माण र अनुदान उपयोगको अनुगमनसमेत गरी कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ ।

१८. **आवास निर्माण -** सार्वजनिक निकायबाट अनुदान प्राप्त गरी जेष्ठ नागरिकका लागि निर्माण भएका संरचनाहरू तोकिएको प्रयोजनमा उपयोग भए नभएको सम्बन्धमा प्रभावकारी अनुगमन गर्नुपर्दछ । मन्त्रालयले सार्वजनिक निजी साझेदारीमा जेष्ठ नागरिक आवस बनाउने प्रयोजनको लागि जे.पी. प्रतिष्ठानसंग सम्झौता गरी २०७२।७३ सम्म लप्सिफेदी काठमाडौंमा जेष्ठ नागरिक ग्राम मैत्री सेवाश्रम निर्माण कार्यको लागि रू. ९ करोड १ लाख अनुदान उपलव्ध गराएको देखिन्छ । प्रतिष्ठानले केही निःशुल्क र अन्य सःशुल्क जेष्ठ नागरिक आवास सुविधा सहित जेष्ठ नागरिक गृह संचालन गरी रहेकोमा सरकारले दिएको अनुदान र प्रतिष्ठानको आयबाट सम्झौता बमोजिम जेष्ठ नागरिकहरूले सुविधा प्राप्त गरे नगरेको सम्बन्धमा अनुगमन गरेको छैन ।

एक गैरसरकारी संस्थालाई खुलालटार, काठमाडौंमा जेष्ठ नागरिक आवास गृह निर्माण गर्न २०७१।७२ सम्म रू. ६ करोड १ लाख उपलब्ध गराएकोमा प्राविधिक प्रतिवेदनअनुसार २०७२ को भुकम्पबाट निर्माणाधीन भवनमा क्षति पुगेको उल्लेख छ । निर्माणाधिन भवनको शुरुवातका बिम तथा पिलरहरू रेट्रोफिटिङ्गबाट समेत सुधार हुन नसक्ने अवस्था भएकोले थप निर्माण कार्य गर्न उपयुक्त नभएको साथै अपर ब्लकमा जमिनको बनावटका कारण प्रविधिबाट स्लोप फेलर रोकी निर्माण कार्य गर्न नसकिने उल्लेख गरी ती संरचनामा तत्पश्चात कुनै काम भएको छैन । यस सम्बन्धमा थप छानबिन गरी संरचनामा खर्च भएको बाहेक बाँकी रकम फिर्ता गरी सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

१९. **समन्वय र सहकार्य -** ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १४ बमोजिम महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको मन्त्री वा राज्यमन्त्रीको अध्यक्षतामा गठन हुने केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समितिले ज्येष्ठ नागरिकसम्बन्धी कार्य गर्ने निकाय र सञ्चालित कार्यक्रमबीच समन्वय गर्ने व्यवस्था छ । ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा सम्बन्धी कार्य गर्दा ज्येष्ठ नागरिक सम्बन्धी कार्य गर्ने सरकारी निकाय र गैरसरकारी संघ संस्था बीच सहकार्य गर्नुपर्दछ । ज्येष्ठ नागरिकहरूको संरक्षण तथा सुरक्षाको क्षेत्रमा कार्य गर्न महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, प्रदेश मन्त्रालय, स्थानीय तहहरू, समाज कल्याण परिषद्, राष्ट्रिय ज्येष्ठ नागरिक महासंघ, वृद्धाश्रम तथा दिवा सेवा केन्द्रहरू, क्लबहरू तथा गैरसरकारी निकायहरू रहेका छन् । मन्त्रालयले नीतिगत कार्य तथा अनुगमन गर्ने, पञ्जीकरण विभागले तथ्याङ्क सङ्कलन तथा परिचयपत्र वितरण गर्ने, स्थानीय तहहरूले सामाजिक सुरक्षा भत्ता वितरण र तथ्याङ्क अद्यावधिक गर्ने र अन्य निकायहरूले ज्येष्ठ नागरिकहरूको संरक्षणका कार्यहरू गर्दै आएका छन् । कतिपय स्थानीय तहहरूले ज्येष्ठ नागरिकहरूलाई थप भत्ता तथा सुविधा उपलव्ध गराउने र ज्येष्ठ नागरिकको सम्मानमा विभिन्न कार्य गर्ने गरेका छन् । ज्येष्ठ नागरिकको क्षेत्रमा कार्यरत निकायहरूबीच नीति निर्माण, योजना तथा कार्यक्रम निर्माण र सञ्चालन समन्वयात्मक रूपमा हुन सकेमा मात्र ज्येष्ठ नागरिकहरूको सुरक्षा र संरक्षण थप प्रभावकारी हुन सक्दछ । तर यी निकायहरूबीच उचित समन्वय हुन नसक्दा कार्यक्रम सञ्चालनमा दोहोरोपना आउनुका साथै स्रोतको सदुपयोग तथा लक्षित उद्देश्य हासिल हुनसक्ने अवस्था देखिँदैन। केन्द्रीय समिति तथा सम्बद्ध निकायहरूबीच समन्वय कायम गरी कार्यसञ्चालन गर्नुपर्दछ ।

अन्य संस्था

समाज कल्याण परिषद्

समाज कल्याण र सामाजिक सेवा सम्बन्धित क्रियाकलाप विकाससँग आबद्ध गराउने तथा गैरसरकारी संस्थाको कार्यमा समन्वय गर्ने उद्देश्यले २०३४ सालमा सामाजिक सेवा राष्ट्रिय समन्वय समितिको नामले स्थापना भई समाज कल्याण ऐन, २०४९ अनुसार परिषद्ले कार्य गर्दैआएको छ ।

२०. **आय-व्यय एवं स्रोत परिचालन** - आय-व्यय विवरणअनुसार गत वर्षको मौज्दात रू.५१ करोड ६६ लाखसमेत कुल आय रू.९३ करोड ५३ लाखमध्ये यो वर्ष प्रशासनिक कार्य र कार्यक्रममा रू.३५ करोड ७७ लाख खर्च भई रू.५७ करोड ७६ लाख मौज्दात रहेको छ । वार्षिक कार्यसम्पादनको अवस्था विश्लेषण गरी मौज्दात रहेको रकम प्रतिफल आर्जन हुने गरी परिचालन गर्नुपर्दछ ।

२१. **संस्था आबद्धता तथा नवीकरण -** समाज कल्याण ऐन, २०४९ को दफा १३ र समाज कल्याण नियमावली, २०४९ को नियम १३ बमोजिम २०७७।७८ मा १ हजार ६६ गैरसरकारी संस्थाले आबद्धता लिई हालसम्म आबद्ध संख्या ५२ हजार ५७९ पुगेको देखिन्छ । आबद्धता लिएका संस्थामध्ये ७ हजार ८८४ संस्थाले नवीकरण गराए तापनि ४४ हजार ६९५ संस्थाले नवीकरण गरेका छैनन् । आबद्धता नवीकरण नगर्ने तर वैदेशिक सहयोग लिई कारोबार गर्ने संस्थाको सम्बन्धमा विदेशी मुद्रा प्राप्त गर्ने माध्यम बैङ्क तथा वित्तीय संस्थाहरू, अर्थ मन्त्रालयको वैदेशिक सहयोग व्यवस्थापन सूचना प्रणाली, सम्बन्धित आन्तरिक राजस्व कार्यालय, संस्था दर्ता नवीकरण गर्ने निकायसँग समन्वय, दोहोरो सञ्चार

स्थापित गरी नवीकरणको दायरामा ल्याउनुपर्दछ। ऐनबमोजिम आबद्धता नलिई वैदेशिक स्रोत परिचालन गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

२२. **उजुरी छानबिन** - समाज कल्याण नियमावली, २०४९ को नियम ७(१२) मा परिषद्सँग आबद्ध संस्थाहरूसँग सम्झौता गरी कार्यरत सामाजिक संस्थामा प्राप्त उजुरी उपर छानबिन गर्ने, छानबिन प्रतिवेदनअनुसार सम्बन्धित निकायमा सिफारिस एवं कारबाही गर्ने गराउने उल्लेख छ । परिषद् तथा अन्य निकायमा राष्ट्रिय गैरसरकारी संस्थातर्फ २० उजुरी परेकोमा २ को र अन्तराष्ट्रिय गैरसरकारी संस्थातर्फ ७ उजुरी परेकोमा ३ को छानबिन गरेको देखिन्छ । परिषद्मा परेका उजुरीको अनुपातमा छानबिन न्यून रहेको छ । छानबिन प्रतिवेदनको कार्यान्वयन नभएको एवं कार्यान्वयन गर्ने निकायमा सिफारिस पनि नभएको अवस्था छ ।

जिल्ला प्रशासन कार्यालय, ललितपुरमा २०५४।४।१६ मा दर्ता भएको एक सामाजिक संस्थाले परिषद्सँग २०५५ मा आबद्धता लिएको छ । सन् २०१५ मार्चदेखि २०२० फेब्रुअरीसम्म चितवनमा एक कोरियन संस्थाको आर्थिक सहयोगमा सनहाक पिस सेन्टर स्थापनाको लागि भवन निर्माण र आवश्यक फर्निचर खरिद गर्न रू.६ करोड ४१ लाखको समझदारी भई भरतपुर महानगरपालिका-११, वसेनीमा १० कट्ठा जमिन भाडामा लिई ४० कोठाको पिस सेन्टर निर्माण गर्दा रू.५ करोड ९८ लाख खर्च भएको रकम परिषद्बाट अनुमोदन भएको छ । उक्त संस्थाको लेखापरीक्षण प्रतिवेदनअनुसार उक्त कार्यमा रू.७ करोड ४२ लाख खर्च देखाएकोमा अतिरिक्त खर्च भएको रू.१ करोड ४४ लाख आम्दानीको स्रोत खुलेको छैन । वित्तीय विवरणअनुसार एक कम्पनीको स्वामित्वमा रहेको उक्त जग्गा ३० वर्षको लागि मासिक रू.५० हजार लिजमा लिएको देखिन्छ। एक समाजसेवीले विश्व शान्तिको लागि संस्थालाई निःशुल्क दान दिएको जग्गा चितवन मालपोत कार्यालयले रू.५ लाखको थैली अङ्क कायम राखी एक कम्पनीको नाममा राजिनामा पास गरेको देखिन्छ

जग्गादाताले निःशुल्क प्रदान गरेको जग्गा एक कम्पनीको नाममा राजिनामा पारित गरी निःशुल्क दान लिएको संस्थाले लिजमा लिएको, अनुमोदन भएको रकमभन्दा बढी खर्च देखाएको रकमको स्रोत नखुलेको लगायतका विषयहरू छानबिन प्रतिवेदनमा औल्याएकोमा प्रतिवेदन कार्यान्वयन गरेको छैन। छानबिन प्रतिवेदनले उल्लेख गरेका विषय उपर कारबाही गर्नुपर्दछ ।

२३. **वैदेशिक सहयोग** - वैदेशिक सहयोग स्वीकृति निर्देशिका, २०७१ को बुँदा नं.४ मा गैरसरकारी संस्थाहरूको स्वीकृत परियोजना अर्थ मन्त्रालयको सहयोग व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरी महिला तथा बालबालिका मन्त्रालयको सिफारिसमा परिषद्ले परियोजना स्वीकृत गर्ने व्यवस्था छ । सोही निर्देशिकाको बुँदा नं.४.११ मा सम्बन्धित संस्थाले उक्त प्रणालीमा प्रविष्ट गरेको जानकारी परिषद्लाई दिई परियोजना अनुदान संशोधन गर्न सक्ने व्यवस्था छ । परिषद्ले यो वर्ष ३६ संस्थाको रू.६ अर्ब ९९ करोड १६ लाखको शुरु परियोजना स्वीकृत गरेकोमा रू.६६ करोड १२ लाख संशोधनबाट थप गरेको छ । संशोधित बजेट अर्थ मन्त्रालयको बजेट सूचना प्रणालीमा प्रविष्ट गरेको देखिएन । वैदेशिक सहयोग रकम बजेटरी सिस्टममा नदेखाई संशोधन गर्नुलाई नियमसम्मत मान्न सकिँदैन। निर्देशिकाको प्रक्रिया पूरा गरेर मात्र संशोधनको स्वीकृति दिनुपर्दछ ।

२४. **सम्पत्तिको अभिलेख** - वैदेशिक सहयोग स्वीकृति निर्देशिका, २०७१ को बुँदा नं.४.८ मा गैरसरकारी संस्थाले वैदेशिक सहयोगमा जग्गा वा भवन खरिद गर्दा सम्बन्धित स्थानीय तहको सिफारिस र जग्गा

वा भवन उपयोग गर्ने योजना परिषदमा पेस गर्नुपर्ने व्यवस्था छ । त्यसरी खरिद भएको भौतिक सम्पत्ति सम्बन्धित संस्थाको जिन्सी खातामा अभिलेख राखी परिषदमा पेस गर्नुपर्ने र परिषद्ले अभिलेख राख्नुपर्ने व्यवस्था छ । परिषदबाट २०७७ मा प्रकाशित श्वेत-पत्रको बुँदा नं.६ मा करिब ६०० संस्थासँग अचल सम्पत्ति रहेको उल्लेख गरेतापनि परिषद्ले संस्थासँग भएको अचल सम्पत्तिको अभिलेख राखेको छैन । लेखापरीक्षणको क्रममा छनौट गरिएका १४ संस्थासँग १ हजार ३७१ रोपनी ९ आना जग्गा रहेको देखिन्छ । वैदेशिक सहयोगमा खरिद गरेका अचल सम्पत्ति संस्थाको उद्देश्यभन्दा फरक प्रयोजनमा उपयोग हुनसक्ने जोखिम रहेकोले अभिलेख अद्यावधिक राख्नुपर्दछ । त्यसैगरी उद्देश्यअनुसार प्रयोग भए नभएको सम्बन्धमा अनुगमन मूल्याङ्कन गरी उद्देश्यअनुसार प्रयोग नभएका जग्गा नेपाल सरकार मातहत ल्याउन आवश्यक कारबाही गर्नुपर्दछ ।

२५. **कार्यक्रम तथा परियोजना अनुमोदन**- वैदेशिक सहयोग स्वीकृति निर्देशिका, २०७१ को बुँदा नं.५ मा संघ, संस्थाद्वारा वैदेशिक सहयोगमा कार्यक्रम, परियोजना सञ्चालन गर्नुपूर्व समाज कल्याण ऐन २०४९ को दफा १६ अनुसार स्वीकृत लिनुपर्ने व्यवस्था छ । पूर्व स्वीकृति नलिई कार्यक्रम सञ्चालन गरेमा एक पटकका लागि मात्र खर्च रकम अनुगमन/मूल्याङ्कन गरी अनुमोदन गर्न सक्ने व्यवस्था छ । तर २०७१।७२ देखि २०७७।७८ सम्म स्वीकृत नलिई खर्च गरेका ५१६ राष्ट्रिय गैरसरकारी संस्थाका ५६९ परियोजनाको रू.१८ अर्ब ८७ करोड ५६ लाख परिषद्ले अनुमोदन गरेको छ ।

अर्थ मन्त्रालयको अनुदान व्यवस्थापन सूचना प्रणालीमा समेत सहायता रकम नदेखाई सोझै दातासँग सम्झौता गरी कार्यक्रम सञ्चालन गर्ने प्रवृत्ति बढेकोले गैरसरकारी क्षेत्रमा वित्तीय सुशासन कमजोर रहेको देखिन्छ । पूर्व स्वीकृति बेगर परियोजनामा खर्च गर्ने र खर्च गरी कार्यक्रम सम्पन्न पश्चात् अनुमोदनका लागि परिषदमा पेस गर्ने प्रवृत्ति प्रत्येक वर्ष बढ्दै गएको छ । परिषद्ले गैरसरकारी संस्थाहरूले कानुनको पालना नगरेको अवस्थामा समेत आवश्यक नियन्त्रणका लागि ठोस कदम चालेको देखिँदैन । निर्देशिकाको प्राबधानबमोजिम परियोजना सञ्चालन गर्नु गराउनुपर्दछ ।

२६. **बालगृह परियोजना -** वैदेशिक सहयोग स्वीकृति निर्देशिका, २०७१ को बुँदा नं.४.६ मा बालगृह सञ्चालन गर्ने संघ संस्थाले नेपाल सरकारद्धारा निर्धारण गरेको मापदण्डबमोजिम बालगृह सञ्चालन गर्नुपर्ने, बालगृहको निरन्तरताको लागि वार्षिक बजेटको न्यूनतम ५ प्रतिशत रकम अक्षय कोषको रूपमा मुद्दती खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । परिषद्ले कोष परिचालन निर्देशिकाबेगर विगत ३ आर्थिक वर्षमा बालगृह सञ्चालनको लागि १४ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थातर्फ रू.१७ अर्ब ७९ करोड ९७ लाख र १३० राष्ट्रिय गैरसरकारी संस्थातर्फ रू.२ अर्ब ३८ करोड ५४ लाख वैदेशिक सहयोग स्वीकृति तथा सम्झौता गरेको देखिन्छ । बालगृहको निरन्तरताको लागि निर्देशिकाअनुसारको रकम कट्टी नगरेको, कट्टी गरेको रकमसमेत अक्षय कोषमा राखेको छैन । उल्लिखित विषय परिषद्ले गर्ने अनुगमन मूल्याङ्कन प्रतिवेदनमा समेत उल्लेख गरेको छैन । परिषद्ले बालगृहको निरन्तरताको लागि परियोजना स्वीकृत वा सम्झौता हुँदा नै अक्षय कोषमा तोकेको रकम राख्ने सुनिश्चितता पश्चात् मात्र स्वीकृत दिनुपर्दछ । सो कोषको स्थिति मूल्याङ्कन प्रतिवेदनमा समावेश गर्नुपर्दछ। साथै कोष परिचालन तथा सञ्चालन सम्बन्धमा आवश्यक निर्देशिका बनाई लागू गर्नुपर्दछ ।

२७. **बालगृह सञ्चालन** - आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९ को बुँदा ८ मा बालगृहका लागि भवन बनाउँदा वा भाडामा लिँदा श्मसान घाट नजिक नभएको हुनुपर्ने र भवन

तथा जग्गा व्यावसायिक प्रयोजनको लागि भाडामा दिन वा अन्य प्रयोजनमा लगाउन नपाइने व्यवस्था छ। एक अन्तराष्ट्रिय गैरसरकारी संस्थाको नेपाली साझेदार संस्थाले साँखुमा १४ रोपनी १५ आना ३ पैसा क्षेत्रफलको जग्गामा भवन निर्माण गरी बालगृह सञ्चालन गरेको देखिन्छ । उक्त बालगृहमा ५० बालबालिका रहेका छन् । परिषद्को स्वीकृति विना भवनको कोठा थप गरी संरचना परिवर्तन गरेको, संस्थाको नाममा रहेको जग्गा तथा भवनमा व्यवसाय सञ्चालन गरेको तथा जग्गा र भवन नजिकै श्मसानघाट रहेको देखिन्छ । मापदण्ड विपरीत सञ्चालनमा रहेका बालगृहलाई कानुनी दायरामा ल्याई आवश्यक कारबाही गर्नुपर्दछ ।

२८. **बक्यौता असुली** - परिषद् आर्थिक प्रशासन नियमावली, २०५० को नियम ६२(४) मा परिषद्ले भवन, जमिन र उपकरण निर्धारित प्रक्रिया अपनाई भाडामा दिनसक्ने व्यवस्था छ । भृकुटीमण्डप सञ्चालन कार्यालयबाट २०७८ आषाढ मसान्तसम्म विभिन्न ५० संघ संस्था एवं व्यक्तिबाट भाडा बापत रू.५ करोड २८ लाख ७७ हजार असुल गर्न बाँकी रहेको देखिन्छ । सोमध्ये यो वर्षको मात्र विभिन्न ९ संस्थाको रू.३९ लाख ४३ हजार रहेको छ । सम्झौताबमोजिमको रकम असुल गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजू

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा अनुदानको उपयोग, अनुगमन मूल्याङ्कन, अभिलेख व्यवस्थापन, कार्यक्रम कार्यान्वयन, उजुरी छानबिन, भाडा असुलीलगायतका व्यहोरामा औंल्याइएकोमा यो वर्ष पनि सुधार भएको पाइएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजू** - यो वर्ष मन्त्रालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजू स्थिति देहाय अनुसार छः
  - मन्त्रालय र मातहतसमेतका ८ निकायको यो वर्ष रू.३१ लाख २० हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.२ हजार फर्स्यौंट गरेकोले रू.३१ लाख १८ हजार बाँकी रहेको छ । सोमध्ये रू.१० लाख म्याद नाघेको पेश्की रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - यो वर्ष एक संगठित संस्थाको रू.४ करोड ९० लाख ५१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.५ लाख २० हजार फर्स्यौंट भई रू.४ करोड ८५ लाख ३१ हजार बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ

युवा तथा खेलकुद मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा खेलकुदको माध्यमबाट युवा जनशक्तिको शारीरिक तथा मानसिक विकास गरी सक्षम र अनुशासित नागरिक तयार गर्न युवा एवं खेलकुदसम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन र विकास गर्ने लगायतका कार्य रहेका छन् । मन्त्रालय मातहत सरकारी कार्यालय र अन्य संस्थासमेत ४ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय -** मन्त्रालयको निम्नानुसार रू.१ अर्ब ६० करोड ६७ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य	जम्मा
१,३९,५२	७,३१	१३,८४	-	१,६०,६७

२. **अन्य संस्था -** यो वर्ष ३ संस्थाको रू.१३ अर्ब ५४ करोड ९ लाखको लेखापरीक्षण सम्पन्न भएको छ।

३. **कार्यमूलक लेखापरीक्षण** - यो वर्ष युवा स्वरोजगार कार्यक्रम कार्यान्वयन विषयको कार्यमूलक लेखापरीक्षण सम्पन्न गरिएको छ ।

४. **आवधिक योजना कार्यान्वयन** - पन्ध्रौं योजनामा उल्लेख भएका खेलकुदसम्बन्धी अध्ययन तथा विकासका लागि छुट्टै शैक्षिक संस्थाको स्थापना, अक्षय कोषको व्यवस्था गरी खेलाडीको सामाजिक सुरक्षाको सुनिश्चितता, खेल सहरको विकास र उच्च भू-भागिय खेलकुद तालिम केन्द्र स्थापना, खेलकुद क्लिनिक स्थापना, हरेक प्रदेशमा सुविधा सम्पन्न एक रङ्गशाला निर्माण, क्रिकेट मैदान निर्माण, प्रत्येक निर्वाचन क्षेत्रमा कम्तीमा एक खेल मैदान निर्माणलगायतका खेलकुद पूर्वाधार निर्माण, स्तरोन्नति र व्यवस्थापनका साथै प्रतियोगिता सञ्चालनमा निजीक्षेत्रको सहभागितालगायतका कार्यक्रमहरू शुरु भएको छैन । समय तालिका बनाई आवधिक योजनाको कार्यान्वयन गर्नुपर्दछ ।

५. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०७७।७८ मा सबै प्रदेशमा युवा नव प्रवर्तन केन्द्र स्थापना गर्ने, युवालाई प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम उपलब्ध गराई उद्यमशीलताको विकास गर्ने, राष्ट्रिय युवा परिषद्, नेपाल स्काउट र राष्ट्रिय सेवा दल तथा शैक्षिक संस्थालगायतका माध्यमबाट युवा परिचालन गर्ने, संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा खेलकुद पूर्वाधारको निर्माण, प्रतियोगिता आयोजना र प्रशिक्षणका कार्यक्रम सञ्चालन गर्ने, निर्माणाधीन अन्तराष्ट्रिय क्रिकेट मैदान निर्माण, प्रादेशिक रङ्गशाला निर्माण, सबै स्थानीय तहमा खेलग्रामको विकास र उच्च पर्वतीय खेलकुद तालिम केन्द्र स्थापनालगायतका कार्य गर्न रू.२ अर्ब ३६ करोड बजेट विनियोजन भएको देखिन्छ । कार्यक्रमअनुसार ७११ युवालाई युवा उद्यमशीलता तथा साक्षरता तालिम प्रदान भएको, नेपाल स्काउटबाट ४२० जनालाई विपद् व्यवस्थापन तालिम दिएको, मुलपानी क्रिकेट रङ्गशालाको खरिद सम्झौता मात्र भएको, च्यासल फुटवल मैदान निर्माण सम्पन्न हुन नसकेको, गुल्मीको शहीद लखन थापा रङ्गशालाको ५ प्रतिशत कार्य सम्पन्न भएको र १४० स्थानीय तहमा खेलग्राम स्थापना गर्न वित्तीय हस्तान्तरण गरेको स्थिति छ । पुँजीगततर्फ ७७ कार्यक्रम सञ्चालन गर्न रू. ७७ करोड २२ लाख ३७ हजार बजेट रहेकोमा रू.४५ करोड ५५

लाख ५२ हजार खर्च गरी ५९ प्रतिशत भौतिक प्रगति गरेको छ । उक्त कार्यक्रममध्ये धनगढी प्रादेशिक रङ्गशाला, लम्जुङ्गको गौरीटार रङ्गशाला र झापाको मदन भण्डारी रङ्गशाला लगायतका १५ कार्यक्रममा विनियोजन भएको रू.२ करोड २५ लाख खर्च नभएकोले प्रगति शुन्य रहेको छ । बेलझुण्डी, दाङ्ग, सिमरा रङ्गशाला र झापामा कभर्डहल निर्माण कार्यक्रममा २५ प्रतिशतभन्दा कम प्रगति भएको छ । लक्ष्यबमोजिम समयमा खेलकुद पूर्वाधार निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

६. **दिगो विकास लक्ष्य -** दिगो विकास लक्ष्यमा गरिबी न्यूनीकरणको कार्यमा युवाको सहभागिता बढाउने, कृषि व्यवसायमा आकर्षण बढाउने, प्राविधिक तथा व्यवसायिक सीप भएका युवाको संख्यामा वृद्धि गर्ने, युवा स्वयं सेवा र नवीनतालाई प्रोत्साहन गर्ने, रोजगारी, शिक्षा र तालिम पाएका युवाहरूको अनुपात बढाउने र निर्णय लिने सबै तहहरूमा युवा प्रतिनिधित्व सुनिश्चित गर्ने उल्लेख छ । नेपालमा कुल जनसंख्याको ४०.३५ प्रतिशत युवा छन् । युवा विकास सूचकांकमा नेपाल विश्वमा ९५ औं स्थानमा भए पनि १९.२ प्रतिशत युवा पूर्ण बेरोजगार छन्। बेरोजगार युवाको २७ प्रतिशत एक वर्षभन्दा बढी अवधिको रोजगारीको खोजीमा रहेका छन् । युवा साक्षरता दर ७१ प्रतिशत रहेकोमा सीप र दक्षताका आधारमा दक्ष युवा २, अदक्ष ७४ र अर्धदक्ष २४ प्रतिशत रहेका छन् । स्नातक गरिसकेका २६.१ प्रतिशत दक्ष युवा बेरोजगार छन् । मन्त्रालयले दिगो विकास लक्ष्यसँग उपर्युक्तबमोजिमका युवाको अवस्थालाई विश्लेषण गरी प्रगति प्रतिवेदन तयार नगरेकोले सम्पादित कार्यको मूल्याङ्कन गर्ने स्थिति देखिएन । जनसांख्यिक लाभको अवसरलाई पुँजीकृत गरी आर्थिक समृद्धिमा युवाको योगदान सुचिश्चतता हुनेगरी दिगो विकास लक्ष्य हासिल गर्नुपर्दछ ।

७. **खेलग्राम निर्माण**- स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माणसम्बन्धी कार्यविधि, २०७५ मा स्थानीय तहदेखि नै खेलाडीहरूको उत्पादन, विकास तथा व्यवस्थापनका लागि खेलकुद पूर्वाधारहरूको निर्माण गर्ने उल्लेख छ । कार्यविधि अनुसार २०७६।७७ मा ७०:३० को अनुपातमा लागत साझेदारीमा ८४ स्थानीय तहलाई रू.४० करोड निकासा दिएकोमा खेलग्राम निर्माण तथा स्तरोन्नति कार्यक्रममा अधिकांश पेश्की बाँकी रहेको, निर्माण कार्य सुस्त रहेको छ । निकासा रकम खर्च भएको सुनिश्चित नगरी २०७७।७८ मा थप १४० स्थानीय तहलाई रू.३७ करोड ४० लाख निकासा गरेको छ। खेलग्राम निर्माणको प्रगति प्रतिवेदन लिई खर्च र प्रगतिको आधारमा निर्माण कार्य हुनेगरी बजेट उपलब्ध गराउनुपर्दछ ।

८. **आर्थिक तथा सामाजिक विकास कार्यक्रम –** सरकारले बजेट मार्फत् घोषणा गरेका आर्थिक तथा सामाजिक विकास कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । प्रमाणपत्र धितो राखेर ५ प्रतिशत ब्याजमा रू.२५ लाखसम्म शैक्षिक कर्जा उपलब्ध गराउने कार्यको लागि कुनै वित्तीय संस्थालाई जिम्मेवारी दिएको देखिएन । उक्त कार्यक्रम २०७५।७६ मा नै घोषणा भएकोमा यो कार्यक्रमबाट लक्षित वर्गले लाभ पाएका छैनन् । युवा उद्यमी च्यालेन्ज फण्ड अन्तर्गत उद्यमी स्टार्टअपको लागि १ प्रतिशत ब्याज दरमा रू.२५ लाख ऋण उपलब्ध गराउने घोषित नीति समेत कार्यान्वयनमा आएको छैन । नेपाल सरकारले २०७१।७२ देखि नै ऋण उपलब्ध गराउन एक कोष गठन गरी रू.५० करोड अनुदान उपलब्ध गराएकोमा सो कोष परिचालन भएको छैन । यो वर्ष स्टार्टअप ऋणको लागि ७०० व्यवसायीको निवेदन माग गरेकोमा सो कार्यक्रम रद्द गरेको छ । गरिब घर परिवार पहिचान गरी विपन्न लक्षित कार्यक्रम सञ्चालन गर्न २०६९ मा नै एक बोर्ड गठन गरेर २०७१ सालमा २६ जिल्लामा गरिब घर परिवारको तथ्याङ्क सङ्कलन गर्न शुरु गरेकोमा हालसम्म उक्त कार्य सम्पन्न गरेको छैन । विदेशबाट फर्कने लक्षित युवालाई सहुलियत ऋणको कार्यक्रमका लागि रू.१५ अर्ब बजेट प्रक्षेपण गरे पनि कार्यान्वयन हुन बाँकी छ।

युवा तथा साना व्यवसायी स्वरोजगार कोषको सचिवालय

बैङ्क, वित्तीय संस्था तथा सहकारी संस्थाबाट विना धितोका परियोजनामा सहुलियत ब्याजदरमा व्यवसायीलाई बढीमा रू.२ लाखसम्म आवधिक ऋण उपलब्ध गराउन स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने र व्यावसायिक तथा सीपमूलक तालिम समेत उपलब्ध गराउने उद्देश्यले २०६४ सालमा कोषको स्थापना भएको हो।

९. **आन्तरिक लेखापरीक्षण** - कोष सञ्चालन नियमावली, २०६५ को नियम २१ (२) मा कोषको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था गरेकोमा विनियोजनतर्फको मात्र आन्तरिक लेखापरीक्षण भएको छ । नियममा व्यवस्था भएबमोजिम सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गर्नु गराउनुपर्दछ ।

१०. **कर्जा लगानी** - बैङ्क तथा वित्तीय संस्थासँग लिएको कर्जा रू.३ अर्ब ८२ करोड ३ लाख, जगेडा तथा कोष व्यवस्था रू.७९ करोड ४८ लाख र अन्य दायित्व रू.१९ करोड ३ लाख समेत कुल पुँजी तथा दायित्त्व रू.४ अर्ब ८० करोड ५४ लाखमध्ये कोषबाट कर्जा प्रवाह भएको रू.२ अर्ब ४८ करोड ८ लाख, अन्य सम्पत्ति रू.२ करोड १७ लाख र मौज्दात रू.२ अर्ब ३० करोड २९ लाख रहेको छ । गत वर्ष रू.३ अर्ब ८१ करोड मौज्दात रहेकोमा यो वर्ष रू.३ अर्ब ८२ करोड बाँकी देखिन्छ । मौज्दातमध्ये बैङ्क मौज्दात रू.२ अर्ब ३० करोडको ब्याज आय रू.१२ करोड ३७ लाख मात्र देखाएकोले प्रतिस्पर्धात्मक तवरले सुरक्षित हुने गरी मौज्दात रकमको उचित परिचालन हुनुपर्दछ ।

११. **ब्याज अनुदान** - नेपाल सरकारबाट ब्याज अनुदान दिने प्रयोजनको लागि विगतमा निकासा भएको रकममध्ये रू.१ करोड ६१ लाख ६० हजार ब्याज अनुदान निर्देशिका २०७४ बमोजिम ब्याज अनुदान दिनुपर्ने दायित्त्व नदेखाई मौज्दात राखेकोले उक्त रकम संघीय सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

कार्यमूलक लेखापरीक्षण

युवा स्वरोजगार कार्यक्रम कार्यान्वयन

आर्थिक रूपले विपन्न महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, सीमान्तकृत, लोपोन्मुख, अल्पसंख्यक, मुस्लिम, अपाङ्गता भएका व्यक्ति वा समुदाय, गरिब किसान, मजदुर, सुकुम्बासी वा साना व्यवसायी एवं युवाहरू तथा परम्परागत सीप भएका जातजातिहरूलाई व्यावसायिक खेती, पशुपंक्षीपालन, कृषिजन्य तथा सेवामूलक स्वरोजगार कार्यक्रम सञ्चालन गर्न सहुलियत व्याजदरमा प्रतिव्यक्ति रू.२ लाखसम्म आवधिक ऋण उपलब्ध गराई रोजगारी सृजनाबाट आयआर्जन वृद्धि गरी जीविकोपार्जनलाई सहज बनाउने मुख्य उद्देश्यले युवा स्वरोजगार कोष स्थापना भएको छ । कोषको व्यवस्थापन र कोषबाट सञ्चालित स्वरोजगार कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन तथा विश्लेषण गर्ने उद्देश्यले कार्यमूलक लेखापरीक्षण गर्दा देखिएका प्रमुख व्यहोरा देहायबमोजिम छन्:

१२. **निष्क्रिय पुँजी** - कोषले युवा तथा साना व्यवसाय प्रवर्द्धन गरी स्वरोजगार सृजना गर्ने उद्देश्यले विभिन्न बैङ्क तथा वित्तीय संस्थाहरूबाट ३.५ प्रतिशत ब्याजदरमा प्राप्त गरेको रकम ४ प्रतिशत ब्याजदरमा लगानी गर्ने गरेको छ । वित्तीय संस्थाबाट ऋण लिएको रकम समयमै परिचालन गर्नुपर्नेमा २०७७।७८ सम्ममा विभिन्न बैङ्क तथा वित्तीय संस्थाको १८३ खातामा रू.२ अर्ब ३० करोड २८ लाख ५७ हजार मौज्दात रहेको छ । गत वर्षसम्म यस्तो मौज्दात रू.१ अर्ब ३८ करोड ६० लाख ३० हजार थियो। प्राप्त ऋणमध्ये कोषले गत वर्षदेखि नै लगानी नगरी ठूलो रकम निष्क्रिय राखेको कारणले यो वर्ष खुद ब्याज आम्दानी रू.२ करोड ११ लाख ३० हजार ऋणात्मक रहेको छ । प्राप्त ऋण प्रभावकारी ढंगले

लगानी नगरी घाटामा सञ्चालन गर्नुपर्दा कोषको दिगोपनामा असर पर्दछ । कोषलाई प्रभावकारी ढंगले सञ्चालन गर्न आवश्यकताको आधारमा मात्र ऋण लिने र लिएको ऋणलाई प्रभावकारी रूपमा उपयोग गर्नुपर्दछ ।

१३. **व्यवसायको निरन्तरता** - कर्जा लगानी तथा असुली कार्यविधि, २०७७ को १७(६) मा ऋणीले लिएको ऋण तोकिएको प्रयोजन बाहेक अन्य प्रयोजनमा उपयोग गरेमा वा कर्जाको दुरूपयोग गरेमा त्यस्ता ऋणीबाट कोषले प्रचलित कानूनबमोजिम साँवा, ब्याज र हर्जानासमेत असुल गर्नुपर्ने व्यवस्था छ । स्वरोजगारको लागि विभिन्न सहकारी संस्थाबाट उपलब्ध गराइएको ऋण रकमबाट ऋणीको श्रम, सीप, ज्ञान र पुँजीको परिचालन गरी कुनै वस्तु वा सेवाको व्यापार, लघु उद्यम, साना वा घरेलु उद्योग सञ्चालन वा साना व्यापार, व्यवसाय वा त्यस्तै अन्य कुनै उद्यम गरी आय आर्जन गर्नुपर्नेमा कास्की, तनहुँ, बाग्लुङ र लमजुङ जिल्लाका १६ सहकारी संस्थाले उपलब्ध गराएका ५२९ ऋणीहरूको व्यवसायिक निरन्तरता कर्जा सम्बन्धमा विवरण माग गरी विश्लेषण गर्दा रू.८ करोड ७० लाख लगानी भएकोमध्ये रू.२ करोड ५० हजार (२३.०५ प्रतिशत) लगानीका १४६ (२७.५९ प्रतिशत) उद्यमीले व्यावसायलाई निरन्तरता नदिएको अवस्था छ । व्यवसायको प्रबर्द्धन तथा निरन्तरता नहुँदा कोषको उद्देश्य हासिल हुन सक्ने स्थिति रहँदैन । वास्तविक रूपमा व्यवसाय गर्न चाहने व्यक्तिको पहिचान गरेर मात्र ऋण दिने नीतिको अवलम्बन गर्नुपर्दछ ।

१४. **दोहोरो ऋण** - युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०७७ को नियम १६ मा नेपाल सरकारबाट सहुलियतपूर्ण ब्याज अनुदान नपाएका व्यक्ति वा समूहमा दोहोरो नपर्ने गरी लगानी गर्नुपर्ने व्यवस्था छ । तनहुँ जिल्ला स्थित केही सहकारी संस्था मार्फत् भएको कोषको कर्जा लगानी स्थिति अवलोकन गर्दा एक सहकारी संस्थाले २०७३।७४ मा ऋण लगानी गरिसकेपछि पुनः २०७७।७८ मा दोहोरो पर्ने गरी ऋण लगानी गरेको देखियो । यसले गर्दा सीमित वर्गले दोहोरो सहुलियत लिई लक्षित युवाहरू सो कार्यक्रमबाट वञ्चित भई युवालाई स्वरोजगार बनाउने सरकारको लक्ष्य पूरा नहुने देखिन्छ । नियमको पालना गरी बेरोजगार युवालाई ऋण लगानी गर्ने गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

१५. **ऋणको उपयोग** - विभिन्न किसिमका उद्यमशीलता विकास गरी स्वरोजगार सिर्जना गर्ने प्रयोजनमा लगानी गर्न कोषले कृषि विकास बैङ्कलाई रू.२२ करोड ५४ लाख ९ हजार, राष्ट्रिय वाणिज्य बैङ्कलाई रू.६ करोड ७९ हजार र निजी क्षेत्रका ३ बैङ्कलाई रू.७४ लाख २० हजार कर्जा लगानी गरेको छ । कर्जा रकममा कृषि विकास बैङ्कले ६ प्रतिशत र राष्ट्रिय वाणिज्य बैङ्कले ५ प्रतिशत नियमित ब्याज बुझाएको र बाँकीले साँवा तथा ब्याज बुझाएको देखिँदैन । उपलब्ध कर्जा बैङ्कहरूले स्वरोजगारको क्षेत्रमा सहुलियत ब्याज दरमा लगानी गरे नगरेको सम्बन्धमा कोषले अनुगमन गरेको छैन । अनुगमनको अभावमा लक्षित वर्गले सहुलियत पाए नपाएको, कर्जाको सदुपयोग भए नभएको जानकारी हुन सक्ने अवस्था देखिँदैन । प्रभावकारी अनुगमन गरी ऋणको उपयोगमा दक्षता अभिवृद्धि गर्नुपर्दछ ।

१६. **लगानी जोखिम** - कोषले एक फाइनान्स कम्पनीलाई २०६८।११।२ मा स्वरोजगार सृजनाको लागि ऋण लगानी गर्न उपलब्ध गराएको साँवा रू.१ करोड ५० लाख तथा सोको ब्याज रू.१ करोड ६ लाख ७८ हजारसमेत रू.२ करोड ५६ लाख ७८ हजार यो वर्षसम्म फिर्ता भएको छैन । उक्त फाइनान्स कम्पनीलाई नेपाल राष्ट्र बैङ्कले संकटग्रस्त घोषणा गरेको छ । यसैगरी निजी क्षेत्रको अर्को

फाइनान्स कम्पनीको खातामा कोषले रू.३ करोड ५६ लाख ४ हजार मौज्दात राखेकोमा सो फाइनान्स कम्पनीसमेत नेपाल राष्ट्र बैङ्कले संकटग्रस्त घोषणा गरेको छ । अन्य बैङ्क तथा वित्तीय संस्थाबाट ३.५ प्रतिशत ब्याजदरमा लिएको ऋण तोकिएको क्षेत्रमा लगानी नगरी संकटग्रस्त संस्थामा लगानी तथा बचत राख्दा कोषको रकम जोखिममा परेको देखिन्छ । उक्त लगानी तथा बचत रकम प्राथमिकताको आधारमा प्राप्त गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१७. **ब्याजमा नोक्सानी** - नेपाल राष्ट्र बैङ्कबाट क, ख, ग वर्गका इजाजत प्राप्त संस्थाहरूलाई जारी एकीकृत निर्देशन, २०७६ मा युवा तथा स्वरोजगार कोष सम्बन्धी व्यवस्था अनुसार कोषमा जम्मा भएको रकम सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले कोषलाई प्रवाह गरिएको कर्जा मानिने उल्लेख छ । कोष स्थापनाको समयमा विपन्न वर्गमा जाने सबै बैङ्क तथा वित्तीय संस्थाबाट ३.५ प्रतिशत व्याज दिने गरी कोषमा जम्मा भएको रू.३ अर्ब ८२ करोड २ लाख ८३ हजार कोषले ४ प्रतिशतमा विभिन्न बैङ्क तथा वित्तीय संस्था तथा सहकारी संस्थामा लगानी गरेको छ । चालु वर्ष नेपाल राष्ट्र बैङ्कबाट क, ख, ग वर्गका इजाजत प्राप्त संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ मा भएको संशोधन अनुसार नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थालाई कुनै पनि कर्जा आधार दरभन्दा कम व्याजदरमा प्रवाह गर्न नपाइने व्यवस्था गरेबमोजिम सनराईज बैङ्कले ७.५४ प्रतिशत, एनसीसी बैङ्कले ७.५७ प्रतिशत, एसबीआई बैङ्कले ७.३७ प्रतिशत, नेपाल बैङ्कले ५.३ प्रतिशत र नेपाल इन्भेस्टमेन्ट बैङ्कले ६.०९ प्रतिशत व्याजदर कायम गरेका छन् । राष्ट्रिय वाणिज्य बैङ्कले यस्तो ऋणमा ५ प्रतिशत व्याज दर कायम गरेको छ । ऋण लगानीकोभन्दा ऋण लिँदाको ब्याज दर बढी हुने अवस्थाले केही वर्षमा स्वरोजगार कोषको वित्तीय अवस्था कमजोर हुने देखिएको छ । यसबाट कोषको कर्जा परिचालन, नीति र कार्ययोजना प्रभावकारी देखिएन । कोषले लगानीको रकम असुली गर्नेतर्फ प्रभावकारी कार्य योजना बनाई क्रमशः बैङ्क तथा वित्तीय संस्थाबाट लिएको ऋण घटाउँदै लैजानु पर्दछ ।

१८. **कर्जाको सीमा** - कोषबाट प्रदान हुने कर्जाको सीमा स्वरोजगारको लागि पर्याप्त हुनुपर्दछ । हाल करिब २३ प्रतिशत जनसंख्या बेरोजगार रहेकोले प्रत्येक दिन करिब १५०० को हाराहारीमा युवाहरू विदेशिने गरेका छन् । प्रत्येक वर्ष करिब ५ लाख मानिसहरू श्रम बजारमा आएको देखिन्छ । स्वरोजगार सृजना गर्ने मुख्य उद्देश्य राखी २०६५ मा स्थापना भएको यस कोषमा स्थापना कालमा रहेको रू.३ अर्ब ८२ करोडको सहुलियत ऋणबाट लगानी, असुली र पुनः लगानी गरी विभिन्न सहकारी संस्था मार्फत् हालसम्म १४ वर्षको अवधिमा ८३ हजार ४०९ जनालाई रू.९ अर्ब ९० करोड ५४ लाख ३५ हजार कर्जा प्रवाह गरेका देखिन्छ । स्थापनाकालमा बढीमा रू.२ लाखसम्म प्रति व्यक्ति कर्जाको सीमा उपयुक्त भए पनि आजको समयमा यो कर्जा सीमाले तोकिएको क्षेत्रमा स्वरोजगार सृजनाको लागि पर्याप्त हुने देखिँदैन । केही जिल्लाको सहकारी संस्थाबाट भएको लगानीको स्थलगत अवलोकन गर्दा ती संस्थाले नयाँ स्वरोजगार सिर्जनाभन्दा पनि स्वरोजगार भएका व्यक्तिलाई नै थप लगानी समेत गरेको र कोषमा निष्क्रिय पुँजी वृद्धि हुँदै गएको अवस्था छ । कर्जा लगानीको सीमा समय सापेक्ष बनाउनु पर्दछ ।

१९. **लक्षित वर्गमा कर्जा प्रवाह** - युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०७७ को नियम ५ मा आर्थिक रूपले विपन्न महिला, दलित, आदिवासी, जनजाती, मधेशी, थारु, सीमान्तकृत, लोपोन्मुख, अल्पसंख्यक, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, द्वन्द पीडित तथा पिछडिएका क्षेत्रका व्यक्ति वा समुदाय जस्ता लक्षित समुदायमा पेशा र सीप विकास तथा व्यवसाय प्रवर्द्धन गर्न सहुलियत दरमा

ऋण लगानी गर्ने व्यवस्था छ । कोषले कर्जा प्रवाह गरेका अधिकांश सहकारी संस्थाहरू शहर बजार र सदरमुकाम केन्द्रित रहेका छन् । सहकारीले आफ्नो सदस्य बाहेक अरुलाई ऋण लगानी गर्न नपाउने व्यवस्थाले विपन्न वर्गमा स्वरोजगारको लागि कर्जा लगानी गर्न समस्या रहेको देखिएको छ । धेरै सहकारीले विपन्न वर्ग कर्जा लगानी प्रयोजनको लागि सदस्य बनाई स्वरोजगार कर्जा लगानी गरेको अवस्थाले सहकारीको सदस्य हुन नसक्ने लक्षित वर्गमा यस्तो कर्जाको पहुँच पुगेको देखिँदैन । कास्की, लमजुङ्ग, तनहुँ र बाग्लुङ जिल्लाका सहकारी संस्थाबाट भएको ऋण लगानी स्थितिको परीक्षण गर्दा उल्लेखित लक्षित वर्गका व्यक्ति भएको आधार बेगर २ सुन पसल सहित २६ ऋणीलाई सहकारी संस्थाले रू.५१ लाख ऋण उपलब्ध गराएको छ । नियमले तोकेको लक्षित वर्गलाई स्वरोजगार बनाउने गरी मात्र यस्तो ऋण लगानी हुने वातावरण तयार गर्नुपर्दछ ।

२०. **कर्जा असुली** - कर्जा लगानी तथा असुली कार्यविधि, २०७७ को दफा १७, १८ र १९ मा कर्जा असुल गर्ने सम्पूर्ण दायित्व कर्जा लगानी गर्ने बैङ्क, वित्तीय संस्था वा सहकारी संस्थाको हुने, ती संस्थाले कोषबाट लिएको कर्जा सम्झौतामा उल्लेख भएबमोजिम निर्धारित समयमा साँवा ब्याज भुक्तानी नगरेमा कोषले प्रचलित कानूनबमोजिम हर्जाना समेत असुल उपर गर्ने तथा कर्जा असुली उप-समितिले कर्जा लगानी, कर्जाको उपयोग तथा कर्जा असुलीमा आवश्यक सहयोग र समन्वय गर्ने उल्लेख छ ।

कोषले २०७७।७८ सम्म ८३ हजार ४०९ युवालाई रू.९ अर्ब ९० करोड ५४ लाख ३५ हजार ऋण लगानी गरी रू.७ अर्ब ४२ करोड ४६ लाख ४२ हजार (७४.९६ प्रतिशत) असुल गरेको छ । लगानी गरेको रकममध्ये १ हजार १७७ सहकारी संस्थाको नाममा भाखा (५ वर्ष) नाघेको साँवा रू.३४ करोड ४६ लाख ७९ हजार (१३.८९ प्रतिशत) र ब्याज रू.४ करोड १८ लाख ३२ हजार तथा हर्जाना रू.१ करोड ६ लाख २४ हजार समेत रू.३९ करोड ७१ लाख ३५ हजार असुल भएको छैन। ऋण लिनेले प्राप्त ऋणमा २ प्रतिशत हर्जाना समेत ६ प्रतिशत ब्याज तिर्दा हुने दायित्वभन्दा सो रकम अन्य बैङ्कको मुद्दती खातामा राख्दा वा ब्याजमा लगानी गर्दा थप आय आर्जन हुने अवस्था तथा स्थापित व्यवसायीको निरन्तरता नभएकोले भाखा नाघेको ऋणको रकम बढ्दै जाने स्थिति रहेको छ । कर्जा लगानी तथा असुली कार्यविधि र प्रचलित कानून कार्यान्वयन गरी लगानी रकम म्यादभित्र असुल गर्नुपर्दछ । दीर्घकालमा कोषको छुट्टै ऐन तर्जुमा गरी ऋण लगानी, उपयोग तथा असुलीलाई व्यवस्थित गर्नुपर्दछ ।

२१. **अनुगमन मूल्याङ्कन** - कर्जा लगानी तथा असुली कार्यविधि, २०७७ को परिच्छेद-७ मा तोकिएको प्रयोजनमा कर्जा उपयोग भए नभएको, परियोजनाको बीमा गरे नगरेको, कर्जा भुक्तानी तालिका अनुसार ऋणीले कर्जा बुझाए नबुझाएको भन्ने विषयमा स्थलगत रूपमा अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ । कोषबाट २०७७।७८ मा रू.३२ लाख खर्च गरी ७ प्रदेशका २० जिल्लामा प्रथम किस्ता लगानी भएका ८८ वटा, दोस्रो किस्ता लगानी भएका ११२ र कर्जा माग गरी प्रस्ताव पेश भएका २९१ गरी कुल ४९१ सहकारी संस्थाहरूको स्थलगत अनुगमन भएको छ । यद्यपि परियोजनाको अवस्थाबारेमा कुनै अनुगमन तथा निरीक्षण भएको छैन । अनुगमन भएकोमध्ये लगानी पश्चात्का २०० वटा (१०.१६ प्रतिशत) मात्र रहेको देखिन्छ । अनुगमन गर्दा पर्याप्त संख्यामा ऋणीको अनुगमन नगरेका कारण कतिपयले तोकिएको व्यवसायमा लगानी नगरेको, एउटै व्यक्तिलाई दोहोरो ऋण दिएको, कास्की, लमजुङ्ग, तनहुँ र बाग्लुङमा १६ सहकारी संस्थाको ५२९ ऋणीको स्थिति अध्ययन गर्दा १२६ ऋणीले व्यावसायिक निरन्तरता नदिएको, २ सुन पसललाई कार्यविधिले तोकेको प्रक्रिया नपुर्‍याई

ऋण दिएको, २४ लक्षित समूहमा नपर्ने ठूला व्यवसायीलाई ऋण दिएको, मापदण्ड नपुगेका ५ सहकारी संस्थालाई लगानी गरेको र तोकिएको मितिमा ऋण फिर्ता नगर्ने १ हजार १७७ सहकारी संस्थालाई तोकिएबमोजिम कारबाही समेत नगरेको अवस्था छ । कोषद्वारा सञ्चालित कार्यक्रमको समन्वय र अनुगमनको लागि प्रत्येक स्थानीय तहमा ५ सदस्यीय अनुगमन समिति र प्रत्येक जिल्लामा कर्जा असुली समितिबाट परियोजना समेतको अनुगमन गराई लगानी भएको ऋणलाई प्रभावकारी बनाउन कोषले ध्यान दिनुपर्दछ ।

कर्जा प्राप्ति र कर्जा लगानीको ब्याज व्यवस्थापन र अनुगमनबाट देखिएका व्यहोरामा तत्काल सुधारका लागि पहल गर्ने र अनुगमन व्यवस्था प्रभावकारी बनाई कोषको उद्देश्य मुताविक लक्षित वर्गमा कर्जा प्रवाह गरी प्रगति हासिल गर्नुपर्दछ ।

२२. **कोष सञ्चालन खर्च** - साना तथा विपन्न युवावर्गमा ऋण लगानी गरी स्वरोजगार सृजना गर्ने उद्देश्यले २०६५ मा स्थापित यस कोषको सञ्चालन खर्च नेपाल सरकारको स्रोतबाट व्यहोरिएको छ । कोषले आफ्नो कार्यक्रम सञ्चालन गर्न बैङ्क तथा वित्तीय संस्थाबाट ३.५ प्रतिशत ब्याज दरमा ऋण प्राप्त गरी स्वरोजगार परियोजनामा ८ प्रतिशतमा लगानी गर्ने शर्तमा बैङ्क, वित्तीय संस्थालाई ४ प्रतिशत ब्याज दरमा ऋण लगानी गर्ने गरेको छ । कोषले विगत पाँच वर्षमा प्राप्त गरेको ब्याज र कोषको सञ्चालन खर्चको स्थिति देहायअनुसार छः

(रू. हजारमा)

विवरण	२०७३।७४	२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८
चालु बजेट	१०६३२०	१३८०४१	१९२३८०	१५०३५१	१२५६००
चालु खर्च	९१६४२	१३५४७१	१८२८२३	८१०५४	४८०९८
खुद ब्याज आम्दानी	४२९४५	४८९१८	७८७०७	३२३३४	(२११३०)
बचत	(४८६९७)	(८६५५३)	(१०४११६)	(४८७२०)	(६९२२८)

कोषको हरेक वर्षको आम्दानीभन्दा सञ्चालन खर्च बढी देखिएको छ । यो वर्ष पनि ब्याज आम्दानीभन्दा ब्याज खर्च नै बढी देखिएकोले नेपाल सरकारबाट सञ्चालन खर्च प्राप्त नहुँदा कोषको दिगोपनामा असर पर्ने देखिन्छ । घाटामा कोष सञ्चालन हुने स्थितिमा सुधार गर्नुपर्दछ ।

अन्य संस्था

राष्ट्रिय खेलकुद परिषद्

खेलकुदको संस्थागत विकास गर्न २०१५ सालमा राष्ट्रिय स्वास्थ्य तथा खेलकुद परिषद्को नाममा स्थापना भई खेलकुद विकास ऐन, २०७७ अन्तर्गत राष्ट्रिय खेलकुद परिषद् सञ्चालनमा रहेको छ । परिषद्ले यो वर्ष रू.१ अर्ब २३ करोड २९ लाख खर्च गरेको छ ।

२३. **नीति कार्यक्रम** - राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा १० अनुसार परिषद्को बैठक वर्षको कम्तीमा २ पटक बस्नुपर्ने र दफा ९ मा परिषद्को वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृति सम्बन्धी व्यवस्था छ । परिषद्को वैठक २०७६ देखि बसेको छैन । यो वर्ष परिषद्को निर्णय बेगर आन्तरिक स्रोतबाट रू.१ करोड २२ लाख खर्च गरेको र विभिन्न खेल संघलाई अनुदान मापदण्ड

स्वीकृत नगरी रू.६२ लाख सशर्त अनुदान दिएको छ । कानूनले तोकेबमोजिम बैठक बसी परिषद्बाट नीति, वार्षिक बजेट र कार्यक्रम स्वीकृत गराई परिषद्को कार्यसञ्चालन गर्नुपर्दछ ।

२४. **कर्मचारी व्यवस्थापन** - खेलकुद विकास ऐन, २०७७ को दफा १९(६) मा परिषदमा कार्यरत स्थायी कर्मचारी ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र नेपाल सरकारले एक पटकको लागि संघ, प्रदेश र स्थानीय तहका खेलकुदसम्बन्धी संरचनामा समायोजन गर्ने उल्लेख छ । परिषदमा स्थायी ५५१ र करार ३२० गरी ८७१ कर्मचारी कार्यरत रहेका छन् । ऐन जारी भएपश्चात् परिषद्अन्तर्गतका क्षेत्रीय तथा जिल्ला खेदकुद विकास समितिहरू खारेज भएका छन् । ऐनबमोजिम कर्मचारी समायोजन भएको छैन ।

खारेज भएका क्षेत्रीय र जिल्ला खेलकुद समितिहरूमा ५४७ कर्मचारीलाई जिम्मेवारीविहीन बनाई तलब भत्ता खर्च लेखेको छ । पूर्वाञ्चल खेलकुद विकास समिति मातहतका ८३ कर्मचारी र घरजग्गालगायतका भौतिक पूर्वाधारलाई प्रदेश नं.१ सरकारले जिल्ला र प्रदेश खेलकुद विकास बोर्डमा रुपान्तरण गरेको छ । रुपान्तरणको निर्णय गर्दा यी कर्मचारीको तलब भत्ता राष्ट्रिय खेलकुद परिषद्ले भुक्तानी गर्ने उल्लेख छ । परिषद्ले यो वर्ष तलब भत्ता र कार्यालय सञ्चालनमा रू.५ करोड ९१ लाख खर्च लेखेको छ । ऐनबमोजिम कर्मचारी समायोजन गरी तलब भत्ता र कार्यालय सञ्चालन खर्च व्यवस्थापन सम्बन्धित निकायले गर्नुपर्दछ ।

२५. **खेल संघ -** राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को परिच्छेद ६ मा प्रचलित कानूनबमोजिम संघ, प्रदेश र स्थानीय तहमा रहेका खेल संघ परिषदमा दर्ता गर्नुपर्ने र सञ्चालनमा रहेका संघहरूले आ-आफ्नो कार्य प्रगति र लेखापरीक्षण प्रतिवेदन परिषद्मा पेस नगर्ने, पदाधिकारीको नियमित निर्वाचन नगराउने, खेलसँग सम्बन्धित संघ, महासंघ वा ओलम्पिक कमिटीबाट प्राप्त सहयोगबारे परिषद्लाई जानकारी नगराउने लगायतका कार्य गर्ने खेल संघलाई ३ महिनासम्म निलम्बन साथै दर्ता खारेजी गर्नसक्ने उल्लेख छ । हाल १८३ खेल संघमध्ये नवीकरण नभएका संघ ९३, तदर्थ संघ २५ तथा साधारण सभा नगरेका संघ ३१ रहेका छन् । एकै खेल वा समान नाममा एकभन्दा बढी संघ दर्ता भएका र नवीकरण नभएका संघहरूसमेत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुने गरेका छन्। विधानबमोजिम तोकिएको समयमा संघका पदाधिकारीको निर्वाचन नहुने, निर्वाचन भए पनि समानान्तर समिति गठन हुने गरेका छन् ।

यो वर्ष राष्ट्रिय खेल संघलाई खेलकुद कार्यक्रम सञ्चालन गर्न सशर्त अनुदान रू.५९ लाख ६७ हजार खर्च लेखेको छ । व्यावसायिक कार्य योजना पेस गर्न लगाई दर्ता तथा नवीकरण गर्ने, वैदेशिक स्रोत प्राप्ति पूर्व अनिवार्य रूपमा परिषदको सहमति लिनुपर्ने, खेलकुदका पदाधिकारी, प्रशिक्षक, खेलाडी तथा संघहरूको आचारसंहिता निर्माण गर्ने र संघहरूको दर्ता नवीकरणलाई व्यवस्थित बनाई नवीकरण नभएको संघलाई अनुदान निकासा नदिने र एक खेलकुदका लागि एक खेल संघ दर्ता हुने गरी खेल संघलाई परिचालन गर्नुपर्दछ ।

२६. **रङ्गशाला निर्माण** - राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ९(ञ) मा खेलकुद पूर्वाधार विकास निर्माण गर्दा कायम गर्नुपर्ने न्यूनतम मापदण्ड निर्धारण गर्ने र सोको अनुगमन गर्ने, गराउने साथै प्रदेश र स्थानीय तहमा खेलकुदको पूर्वाधार विकासको लागि आवश्यक समन्वय र सहकार्य गर्ने उल्लेख छ। करिब रू.३ अर्ब लागत अनुमानमा चितवनमा गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माण गर्न एक

गैरसरकारी संस्था र भरतपुर महानगरपालिकाबीच समझदारी पत्रमा हस्ताक्षर गरी निर्माण प्रारम्भ गरेकोमा हाल निर्माण कार्य चालु अवस्थामा रहेको छैन । रङ्गशाला निर्माण गर्न परिषद्ले मापदण्ड स्वीकृत गरी निर्माणको पूर्व स्वीकृत दिएको देखिएन । परिषद् र भरतपुर महानगरपालिकाबीच समन्वय गरी रङ्गशाला निर्माणको सुनिश्चितता गर्नुपर्दछ ।

२७. **निर्माण कार्यको गुणस्तर** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(१ङ) मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको परीक्षण र निरीक्षण गर्नुपर्ने व्यवस्था छ । परिषद्ले यो वर्ष विभिन्न रङ्गशाला निर्माण, मर्मत सुधार, स्तरोन्नतिलगायतका निर्माण कार्यमा रू.३८ करोड ७८ लाख ९३ हजार खर्च गरेको भए पनि निर्माण कार्य र सोमा प्रयोग भएको निर्माण सामग्रीको गुणस्तर सुनिश्चित गरेको छैन । नियमावली तथा सम्झौतामा उल्लेख भएअनुसार निर्माण कार्यको गुणस्तर परीक्षण गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजू

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा उल्लेख भएका नीति तथा कार्यक्रम कार्यान्वयन प्रभावकारी हुन नसकेको, प्रगति न्यून रहेको, पूर्वाधार विकास कार्यक्रमको अपेक्षित प्रगति हुन नसकेको, खेल मैदान तथा खेलकुद पूर्वाधार विकास कार्य प्रगति न्यून रहेको लगायतका व्यहोरामा अपेक्षित सुधार भएको पाइएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजू -** यो वर्ष मन्त्रालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजू स्थिति देहायअनुसार छः
  - मन्त्रालयको यो वर्ष रू.१ करोड ९४ लाख ८२ हजार बेरुजू देखिएकोमा फर्स्यौट नगरेकोले बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - यो वर्ष ३ संगठित संस्थाको रू.१४ करोड ९९ लाख १७ हजार बेरुजू देखिएकोमा फछ्यौंट नभएकोले बाँकी रहेको छ । सोमध्ये रू.७ करोड ६३ लाख ६५ हजार पेश्की रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

रक्षा मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा राष्ट्रिय सुरक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र नियमन, अन्तर्राष्ट्रिय सीमानाको सुरक्षा समन्वय, नेपाली सेनासम्बन्धी विषयको व्यवस्थापन, समन्वय र सहजिकरण, विपद् उद्धार कार्यमा सहयोग, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र महत्वपूर्ण राष्ट्रिय सम्पदा तथा स्मारकको सुरक्षा लगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहतका सरकारी कार्यालय तथा संगठित संस्थासमेत ३४० निकायबाट उक्त कार्य सम्पादन भइरहेको छ ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत ३१२ सरकारी कार्यालयको निम्नानुसार रू.७४ अर्ब ३७ करोड ६८ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
६७,७६,३८	२,३३,३६	२,२७,२५	२,००,६९	७४,३७,६८

उल्लिखित लेखापरीक्षण रकममा अन्य मन्त्रालयमा विनियोजन भई यस मन्त्रालयबाट भएको खर्च रू.१३ अर्ब ८४ करोड ९७ लाख तथा मन्त्रालय मातहत ५ कार्यालयको २०७६।७७ को लेखापरीक्षण बक्यौता रू.१ अर्ब ३३ करोड ८५ लाख समावेश छ ।

२. **अन्य संस्था र समिति -** यो वर्ष २८ संस्थाको रू.६३ अर्ब १ करोड ७५ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

३. **रकमान्तर** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० मा रकमान्तर सम्बन्धी व्यवस्था छ । मन्त्रालयले पेस गरेको एकीकृत वित्तीय विवरणअनुसार यो वर्ष रू.५० अर्ब २५ करोड ८६ लाख विनियोजन भएकोमा १० उपशीर्षकमा रू.७ अर्ब ६० करोड ९६ लाख थप र १३ उपशीर्षकमा रू.३ अर्ब ९ करोड ८७ लाख घट हुने गरी रकमान्तरबाट रू.५४ अर्ब ७६ करोड ९५ लाख बजेट कायम भएको मध्ये रू.५२ अर्ब ६१ करोड ६९ लाख अर्थात् कुल बजेटको ९६.०७ प्रतिशत खर्च भएको छ।

४. **राष्ट्रिय सेवा दल** - राष्ट्रिय सेवा दल ऐन, २०२७ मा नेपालका छात्रछात्राहरूमा देशप्रति वफादारीको भावना अझ बढी जागृत गराई राष्ट्रिय सेवा भाव विकसित गरी योग्य र अनुशासित नागरिक बनाउन र उनीहरूमा नेतृत्वको क्षमता बढाउन सैनिक तालिम प्रदान गर्न नेपाल सरकारले राष्ट्रिय सेवा दल गठन गर्ने व्यवस्था छ । नेपाल सरकारले नेपाली सेनाका उपरथी सरहको तलब, भत्तालगायतको सेवा सहुलियत हुने गरी सेवा दलका कार्यकारी महानिर्देशक नियुक्ति गरेको छ । राष्ट्रिय सेवा दलको मुख्यालय र ३ तालिम शिक्षालयमा यो वर्ष रू.४० करोड ४५ लाख बजेट विनियोजन भएकोमा रू.२२ करोड ४२ लाख २८ हजार खर्च भएको छ । राष्ट्रिय सेवा दलको महानिर्देशकको नियुक्ति, योग्यता, सेवाका शर्तलगायत राष्ट्रिय सेवा दलको कार्य सञ्चालनको लागि नेपाल सरकारले थप कानुनी व्यवस्था गरेको पाइएन।

५. **सामग्री उत्पादन -** सैनिक तथा विकास निर्माण प्रयोजनका लागि आवश्यक विस्फोटक पदार्थलगायत सैनिक सरसामानहरू स्वदेशमा उत्पादन गरी आत्मनिर्भर हुँदै जाने दीर्घकालीन योजनाअनुरूप रू.४

अर्बको लागतमा सुरक्षा सामग्री उत्पादन गर्ने मेसिन तथा उपकरण जडान भई उत्पादनसमेत प्रारम्भ भइसकेको छ । सुरक्षासम्बन्धी सामग्रीहरू नेपाली सेना बाहेक नेपाल प्रहरी, सशस्त्र प्रहरी बल लगायतका सुरक्षा निकायसमेतलाई आवश्यक हुने भएकोले सबै सुरक्षा निकायलाई आवश्यक सुरक्षा सामग्री स्वदेशमा नै उत्पादन गरी आत्मनिर्भर बनाउनुपर्दछ ।

६. **सुरक्षा व्यवस्था -** सैनिक ऐन, २०६३ को दफा १३५क मा नेपाल सरकारले नेपाली सेनालाई विकास निर्माण तथा विपद् व्यवस्थापनका कार्यमा समेत उपयोग गर्न सक्ने व्यवस्था छ । नेपाली सेनालाई सुम्पिएको दायित्व बाहेक विभिन्न आयोजना, बैङ्क, दूरसञ्चार, आयल निगम, विमानस्थल, पेन्सन क्याम्पलगायतका निकायको सुरक्षाको लागि नेपाली सेनाले सुरक्षाकर्मी खटाउने गरेको छ। नेपाली सेना र नेपाल राष्ट्र बैङ्कबीच २०६०।१०।१ मा भएको सम्झौताअनुसार यो वर्ष नेपाल राष्ट्र बैङ्कले रू.१ करोड ८५ लाख ४ हजार राजस्व दाखिला गरेको छ । उक्त सम्झौता हाल पुनरावलोकन गरिएको छ । तथापि दूरसञ्चार, आयल निगम, विमानस्थललगायतमा खटाएबापत कुनै रकम प्राप्त गरेको देखिएन । सैनिक ऐनमा तोकिएका बाहेक अन्य व्यवसायिक प्रकृतिका निकायमा सुरक्षा प्रदान गर्न सुरक्षाकर्मी खटाउने सम्बन्धमा नीतिगत निर्णय गरी खटिएका सुरक्षाकर्मी र प्राप्त हुनुपर्ने रकमको अद्यावधिक अभिलेख राख्नुपर्दछ।

७. **कार्य सञ्चालन कोष** - कार्य सञ्चालन कोष ऐन, २०५२ मा नेपाल सरकारले कार्य सञ्चालन कोष स्थापना गर्न सक्ने व्यवस्था छ । मन्त्रालय मातहतका विभिन्न कार्यालयमा कार्य सञ्चालन कोषमा गत वर्ष रू.३० करोड ६९ लाख ४१ हजार बाँकी रहेकोमा यो वर्षको आम्दानी रू.१९ करोड ६३ लाख १० हजार समेत रू.५० करोड ३२ लाख ५१ हजारमध्ये रू.८ करोड ५८ लाख ५९ हजार खर्च भई वर्षान्तमा रू.४१ करोड ७३ लाख ९२ हजार मौज्दात रहेको विवरण प्राप्त भएको छ । अस्पताल, विद्यालय, सैनिक स्वास्थ्य महानिर्देशनालय, प्रबन्धरथी विभागलगायतका कार्यालयले विनियोजित बजेट बाहेक अन्य कारोबारतर्फ रू.१ अर्ब ८२ करोड ८९ लाख खर्च गरेकोमा कोषको केन्द्रीय आर्थिक विवरणमा समावेश गरेको पाइएन । मातहतका कार्यालयले बजेट बाहेकको आर्थिक कारोबार गरेको सम्बन्धमा अनुगमन गरी कोषको प्रयोजन समाप्त भएको अवस्थामा बाँकी रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

८. **हवाई जहाज सञ्चालन -** नेपाली सेना मातहत रहेका १७ हवाई जहाजमध्ये चालु हालतमा १०, मर्मत गर्नुपर्ने १ तथा सेवा दिन नसक्ने अवस्थामा ६ वटा रहेका छन् । नेपाली सेनाले इण्डोनेसियाको एक एयरक्राफ्ट निर्माता कम्पनीसँग अमेरिकी डलर ३ करोड ४ लाख ७७ हजारको मिडियम साइजको एयरक्राफ्ट खरिद गर्ने सम्झौता भई २०७६।७।१६ मा परीक्षण उडान गरी नेपाली सेनाको स्वामित्वमा ल्याएको छ । सम्झौताअनुसारका केही जगेडा पार्टपुर्जा २६९ दिन ढिलो प्राप्त भएकोमा १२४ दिन नेपाली सेनाको कारण र १४५ दिन आपूर्तकको कारणले ढिलो भएको कारण अमेरिकी डलर २२ लाख ९ हजार ५९४ को हुने रू.२६ करोड ७२ लाख ९५ हजार पूर्वनिर्धारित क्षतिपूर्ति लगाएकोमा उक्त आपूर्तक सो रकम बुझाउन सहमत नहुँदा आपूर्तकले सम्पादन गर्नुपर्ने तालिमलगायतका कार्य हुन सकेको छैन । परीक्षण उडान भएको २ वर्षभन्दा बढी अवधि व्यतीत भैसक्दा समेत जहाज सञ्चालनमा ल्याउन सकेको छैन । सञ्चालनमा नआउँदा जहाजको कार्यक्षमतामा ह्रास हुन गई अन्तर्राष्ट्रिय मापदण्डअनुसार

प्रतिस्थापन गर्नुपर्ने भई नेपाल सरकारलाई थप व्ययभार हुने स्थिति छ । तसर्थ सम्झौताका प्रावधान पूरा गरी जहाज सञ्चालनमा ल्याउनुपर्दछ।

नेपाली सेना

नेपालको संविधानको धारा २६७ मा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि संविधानप्रति प्रतिबद्ध समावेशी नेपाली सेनाको संगठन रहने व्यवस्था छ । यो वर्ष नेपाली सेनाका लागि रू.५० अर्ब ९ करोड ४१ लाख शुरु विनियोजन भएकोमा खुद बजेट रू.५४ अर्ब ६० करोड ४६ लाख बजेट कायम भई रू.५२ अर्ब ५१ करोड ६९ लाख खर्च भएको छ ।

सम्भाररथीको कार्यालय

नेपाली सेनाका लागि राशन र औषधि बाहेकका मालसामान, उपकरण, सवारीसाधन र पार्टपुर्जाको खरिदसम्बन्धी कार्य यस कार्यालयले गर्दै आएको छ ।

९. **पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा व्यक्ति फर्म संस्था वा कम्पनीलाई दिइने पेश्की सम्बन्धी व्यवस्था छ । कार्यालयले गत वर्षसम्मको रू. १४ अर्ब २ करोड ७२ लाख ७६ हजार पेश्की जिम्मेवारी सारेकोमा यो वर्ष रू.१० अर्ब ४९ करोड ४८ लाख ३९ हजार फर्स्यौंट हुन बाँकी रहेको र बाँकीमध्ये रू.१० अर्ब ३७ करोड २ लाख ४२ हजार प्रतीतपत्र पेश्की रहेको छ । २०७८ असार मसान्तसम्म फर्स्यौंट हुन बाँकी पेश्कीमध्ये रू.१० अर्ब ३४ करोड ४८ लाख ३९ हजारको म्याद नाघेको छ । मालसामान खरिद गर्न भएको सम्झौताअनुसार अमेरिकी डलरलाई नेपाली रूपैयाँमा परिवर्तन गरी नेपाल राष्ट्र बैङ्कमा प्रतीतपत्र खोलेकोमा सम्झौताअनुसार समयमा मालसमान आपूर्ति नहुँदा विनिमय दरमा भएको परिवर्तनले गर्दा थप रकम दाखिला गर्नु परेको छ । अतः सम्झौतामा भएको म्यादभित्र कार्य सम्पन्न गर्नुपर्ने र विनिमय दरमा भएको परिवर्तनले वृद्धि गर्ने दायित्व सम्बन्धमा स्पष्ट व्यवस्था हुनुपर्दछ।

१०. **दायित्व सिर्जना** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १२(२) मा अर्थ मन्त्रालयको पूर्वसहमति बेगर कुनै पनि कार्यालयले बहुवर्षीय दायित्व सिर्जना हुने गरी खर्चको प्रतिबद्धता जनाउन नहुने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा सार्वजनिक निकायले खरिदको लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारबाही शुरु गर्न नहुने व्यवस्था छ। कार्यालयले अर्थ मन्त्रालयको सहमतिबेगर २०७६।७७ मा रू.१५ करोड ६४ लाख ८४ हजार र २०७७।७८ मा रू.४७ करोड ९३ लाख ८८ हजारसमेत रू.६३ करोड ५८ लाख ७२ हजारको आर्थिक दायित्व सिर्जना गरेको छ । सोमध्ये पोशाकमा रू.३२ करोड ४९ लाख ६८ हजार मेसिनरी औजारमा रू.२४ करोड ४६ लाख ३३ हजार, सुरक्षा उपकरणमा रू.४ करोड ५३ लाख ८३ हजार र अन्यमा रू.२ करोड ८ लाख ८८ हजार रहेको छ । पोशाक खरिदको लागि २०७६।७७ मा सम्झौता भएको मध्ये रू.४ करोड ५५ लाख मूल्यका मालसामान आपूर्ति भएको छैन । अर्थ मन्त्रालयको सहमतिबेगर खर्चको दायित्व सिर्जना गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

११. **प्रतीतपत्र** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(८) मा प्रतीतपत्रबाट मालसामान उपलब्ध गराउने आपूर्तकबाट मालसामान उपलब्ध हुन नसकेकोमा निर्धारित समयभित्र मालसामान प्राप्त हुन नसकेमा साधारणतया प्रतीतपत्र रद्द गर्नुपर्ने र सो बापत बैङ्कमा जम्मा भएको रकम फिर्ता लिई प्रतीतपत्र खोलेको पेश्की रकम फस्यौंट गर्नुपर्ने उल्लेख छ । कार्यालयबाट उपलब्ध प्रतीतपत्रको विवरणअनुसार २०६४।६५ देखि २०७६।७७ सम्म नेपाल राष्ट्र बैङ्कमा अमेरिकी डलर २ करोड ६० लाख १५ हजार ८७१, भा.रू.१० करोड ५५ लाख १७ हजार, युरो ४ लाख ७४ हजार १७४ र रू.९२ लाख १९ हजारका ६१ प्रतीतपत्र बन्द हुन बाँकी रहेका छन् । बन्द हुन बाँकीमध्ये अमेरिकी डलर ७४ लाख ९४ हजार २६०, भा.रू. ७ करोड ८० हजार युरो ४ लाख ४० हजार र रू.९२ लाख १९ हजारका प्रतीतपत्र समस्याग्रस्त देखिएकाले कानुनबमोजिम कारबाही गरी समयमा नै प्रतीतपत्र बन्द गरी हिसाब फरफारक एवं बचत रकम राजस्व दाखिला हुनुपर्दछ।

त्यसैगरी सैनिक हवाई महानिर्देशनालयले नेपाली सेनाको हवाई सेवा सञ्चालनको लागि आवश्यक मर्मत सामग्री तथा पार्टस् खरिद गर्न २०७१।७२ देखि २०७५।७६ सम्म नेपाल राष्ट्र बैङ्क तथा अन्य बैङ्कमा खोलिएका २२ प्रतीतपत्रको रू.११ करोड ७२ लाख २६ हजार मौज्दात रहेको विवरण प्राप्त भएको छ । बैङ्कमा रहेका प्रतीतपत्रसँग सम्बन्धित खरिद सम्झौताबाट नियमानुसार प्राप्त हुनुपर्ने सामग्री वा सेवा प्राप्त गरी प्रतीतपत्र बन्द गर्ने वा बैङ्कमा रहेको रकम फिर्ता हुनुपर्दछ।

१२. **खरिद सम्झौताको अन्त्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौताबमोजिम कार्य सम्पादन नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने व्यवस्था छ । सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको पूरै जमानत जफत हुने र सम्झौता अन्त्य भएको कारणले सम्झौताबमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौताबमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल गरिने व्यवस्था रहेको छ।

कार्यालयले तीन आपूर्तिकर्तासँग ओटी टेबुल १, युरो डायनामिक १ सेट, गोर्खा ह्याट १० हजार थान तथा ९५ किसिमका सीएसएसआर उपकरण खरिद गर्न सम्झौता गरी प्रतीतपत्र खोल्न पेश्की दिएको छ । आपूर्तिकर्ताले सम्झौताअनुसारका मालसमान आपूर्ति नगरेको उल्लेख गरी खरिद सम्झौता अन्त्य गरी जमानतसमेत जफत गरी प्रतीतपत्र खोलेको अमेरिकी डलर २ लाख र रू.१ करोड १३ लाख २७ हजार नेपाल राष्ट्र बैङ्कबाट फिर्ता लिई सञ्चित कोष दाखिला गरेको छ । कार्यालयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(८) बमोजिम बाँकी कार्य गर्न लागेको रकम आपूर्तकबाट असुल गरेको छैन । ती सामानहरू आपूर्ति गर्दा थप लाग्ने रकम हिसाब गरी उक्त आपूर्तकबाट असुल गर्नुपर्ने र कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउनुपर्दछ।

१३. **सम्झौता विपरीत भुक्तानी** - एक आपूर्तक कम्पनीसँग नेपाली सेनाको लागि आवश्यक पर्ने ९५ प्रकारका मालसामान रू.३ करोड २२ लाख ४ हजारमा आपूर्ति गर्ने गरी भएको सम्झौताको दफा १६ मा सम्पूर्ण मालसामानहरू आपूर्ति भएपछि मात्र अन्तिम बिल भुक्तानी गर्नुपर्ने व्यवस्था छ । आपूर्तकले ८२ प्रकारका सामान आपूर्ति गरी १३ प्रकारका सामान आपूर्ति नगरेको अवस्थामा रू.२ करोड ६४ लाख

२ हजार भुक्तानी गरी खरिद सम्झौता अन्त्य गरेको छ । तोकिएको कार्य नगर्ने आपूर्तकलाई सम्झौताबमोजिम कारबाही गर्नुपर्दछ ।

स्थपति निर्देशनालय

१४. **होल्डिङ सेन्टर निर्माण -** नेपाल सरकार मन्त्रिपरिषद्ले २०७८।१।१३ मा नेपाल भारत स्थलगत सीमा नाकाहरू गड्डाचौकी, गौरीफन्टा, जमुनाह, कृष्णनगर, बेलहिया, वीरगन्ज, रानी तथा काकडभिट्टा नजिकै पायक पर्ने स्थानमा र काठमाडौँमा कम्तीमा एक हजार क्षमताको बहुउपयोगी अर्ध स्थायी प्रकृतिको होल्डिङ सेन्टर नेपाली सेनाले निर्माण गर्ने निर्णय गरेअनुसार विभिन्न ९ स्थानमा निर्माण गर्न रू.२ अर्ब ३२ करोड ९० लाखको लागत अनुमान स्वीकृत गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ अनुसारको विशेष परिस्थिति मानी खरिद कारबाही शुरु गरेको देखिन्छ। निर्देशनालयले सबैभन्दा कम कबोल गर्ने एक निर्माण व्यवसायीसँग रू.२ अर्ब २२ लाखमा २ महिनाभित्र निर्माण सम्पन्न गर्न २०७८।३।३ मा सम्झौता गरेकोमा २०७९।२।१९ सम्म रू.१ अर्ब ६४ करोड ३७ लाख भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका ब्यहोरा निम्नानुसार रहेका छन्:

१४.१. नेपाल सरकारको निर्णयअनुसार ९ स्थानमा होल्डिङ सेन्टर निर्माण गर्न एक निर्माण व्यवसायीसँग सम्झौता भएकोमा निर्माण व्यवसायीले हालसम्म जमुनाह र काठमाडौँमा निर्माणस्थलको अभावमा निर्माण कार्य प्रारम्भ गरेको छैन। बेलहियामा निर्माण गर्न सम्झौता गरेको छैन । होल्डिङ सेन्टर सबै प्रदेशमा निर्माण गर्नुपर्ने र फरक भौगोलिक क्षेत्रमा भएको अवस्थामा एउटै निर्माण व्यवसायी छनौट भएकोले निर्माण व्यवसायीले समयमा निर्माण सम्पन्न गरेको छैन ।

१४.२. निर्माण व्यवसायीसँग भएको सम्झौतामा तोकिएको अवधिभन्दा बढी म्याद थप नगरिने उल्लेख छ। सम्झौता मितिले २ महिनाभित्र (२०७८।५।२ सम्म) निर्माण कार्य सम्पन्न गरिसक्नुपर्नेमा २०७८ चैत्र मसान्तसम्म म्याद थप भए तापनि निर्माण कार्य सम्पन्न भएको छैन । सम्झौताको शर्तअनुसार कार्य सम्पन्न गर्नुपर्दछ।

१४.३. कोभिड-१९ को सङ्क्रमणको रोकथाम, नियन्त्रण तथा उपचारको लागि उपर्युक्तानुसारका होल्डिङ सेन्टर निर्माण शुरु गरेकोमा हाल महामारीको अवस्था विद्यमान नरहेकोले ती सेन्टरहरूलाई विपद् व्यवस्थापन जस्ता वैकल्पिक प्रयोजनमा उपयोग गर्ने सम्बन्धमा कार्यविधि तर्जुमा गरी सेन्टरहरू प्रयोगमा ल्याउनुपर्दछ।

विकास निर्माण निर्देशनालय

१५. **लक्ष्य तथा प्रगति** - नेपाल सरकार मन्त्रिपरिषद्ले विभिन्न मितिमा निर्णय गरेअनुसार नेपाली सेनाद्वारा निर्माण गरिने भवन, सडकलगायत पूर्वाधार निर्माणका कार्य यस निर्देशनालयबाट हुँदै आएको छ । निर्देशनालयले हालसम्म २८ सडक आयोजनाको ट्रयाक निर्माण गर्ने जिम्मेवारी पाएकोमा गत वर्षसम्म २५ आयोजना सम्पन्न गरी सडक विभागलाई हस्तान्तरण गरेको छ । निर्देशनालयबाट यो वर्ष ५ सडक आयोजनाको निर्माण कार्य गरेकोमा कर्णाली करिडोरको खुलालु-लैफू-सलिसल्ला खण्डको १२२.७५ किलोमिटर र कालीगण्डकी करिडोरको ७५.३६ किलोमिटरको निर्माण कार्य सम्पन्न भई सडक

विभागलाई हस्तान्तरण भएको छ । यो वर्ष निर्माण कार्य भएका सडक आयोजनाहरूको स्थिति निम्नानुसार छः

आयोजना	कुल लागत रू.लाखमा	निर्माण गर्ने लम्बाइ किलोमिटर	२०७८ आषाढसम्मको प्रगति किलोमिटर	२०७८ आषाढसम्मको खर्च रू.लाखमा
कर्णाली करिडोर	२८४१६	१२२.७५	१२२.७५	२०८०४
कालीगण्डकी करिडोर	३२२२००	७५.३६	७५.३६	१८५८७
कोशी करिडोर	नखुलेको	१०.५१	०.५००	७१४
बेनीघाट-आरुघाट-लार्केभन्ज्याङ्ग	३४७४५	९२	३१	२१५१
महाकाली करिडोर	नखुलेको	७४.२२	-	६८०

बेनीघाट-आरुघाट-लार्के भन्ज्याङ्ग र कोशी करिडोरको निर्माण कार्य क्रमश ३३.६९ र ४.७५ प्रतिशत मात्र सम्पन्न भएको छ। नेपाली सेनालाई प्राप्त जिम्मेवारी अनुरूपका निर्माण कार्यको लागत अनुमानसहित बजेट सुनिश्चितता गरी समयमा निर्माण सम्पन्न गर्नुपर्दछ ।

१६. **विस्तृत आयोजना प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५क (१) मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि नक्सा, डिजाइन, योजना स्वीकृत गराउनुपर्ने व्यवस्था छ । निर्देशनालयबाट निर्माण कार्य भइरहेका कर्णाली करिडोर, काली गण्डकी करिडोर र बेनीघाट-आरुघाट-लार्केभन्ज्याङ्ग सडक आयोजनाको ८५४ किलोमिटर सडक निर्माण गर्न सडक विभागले रू.३८ अर्ब ५३ करोड ६१ लाख लागत अनुमान तयार गरेकोमा नेपाली सेनालाई तोकिएको २९०.११ किलोमिटरको लागत अनुमान तथा ड्रइङ्ग डिजाइन निर्देशनालयलाई उपलब्ध गराएको पाइएन ।

नेपाली सेनाले आफूलाई तोकिएको खण्डको निर्माणका लागि खर्च गर्न अख्तियारी प्राप्त रकमअनुसार प्राविधिक सर्वेक्षणमार्फत् गर्नुपर्ने कामको विवरण यकिन गरे पनि आयोजनाको पूर्ण ड्रइङ्ग डिजाइन तथा लागत अनुमान स्वीकृत हुने गरेको छैन । सडक निर्माणको जिम्मेवारी लिँदा दिँदा विस्तृत आयोजना प्रतिवेदन उपलब्ध गराउनुपर्ने र निर्धारित खण्डमा विस्तृत आयोजना प्रतिवेदन तयार गरेर मात्र कार्य गर्नुपर्दछ ।

१७. **कार्यपद्धति** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४क मा प्राविधिक मार्गदर्शन, कार्यविधि तथा निर्देशिका बनाउन सक्ने व्यवस्था छ । नेपाल सरकारको निर्णयानुसार नेपाली सेनाले सडक निर्माणको कार्य निर्माण सामग्री खरिद गरी स्थानीय श्रमिकबाट काम गराउँदै आएको छ । यसका लागि नेपाली सेनाबाट निर्माण गरिने सडक आयोजनासम्बन्धी मार्गदर्शन, २०४९ मा सडक निर्माण सम्बन्धी माटो र स-साना स्ट्रक्चरको काम नेपाली सेनाका जवानहरूबाट गराउने र ठूला स्ट्रक्चर सम्बन्धी कार्य आवश्यकतानुसार लेबर कन्ट्रयाक्टबाट गराउन सक्ने उल्लेख छ ।

निर्देशनालयअन्तर्गत यो वर्ष सञ्चालित ५ सडक आयोजनामा रू.६४ करोड २८ लाख ७५ हजारको निर्माण कार्य गरेकोमा निर्माण सामग्रीहरू बोलपत्र तथा सिलबन्दी दरभाउपत्रबाट र श्रमिक ज्याला डोर हाजिरीमार्फत खर्च गरेको छ । सोमध्ये डोर हाजिरी फारमबाट लिएको श्रमिक ज्याला खर्च रू.२५ करोड ३१ लाख ७७ हजार रहेको छ । श्रमिक ज्याला लिने परम्परागत कार्यपद्धति

भएको र सोको लागि दक्षतापूर्वक अनुगमन गर्नुपर्ने अवस्था रहन्छ । आन्तरिक नियन्त्रण पर्याप्त नहुँदा एवं सँगसँगै मेसिनरीको प्रयोग गर्दा दुरुपयोग हुने सम्भावना रहन्छ । कामको ड्रइङ/डिजाइन तयार गरी नर्म्सअनुसार दर विश्लेषण गरेर एकमुष्ट रूपमा प्रतिस्पर्धात्मक खरिद विधिबाट खरिद सम्झौता गरी गुणस्तर अनुगमन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१८. **गुणस्तर व्यवस्थापन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९(२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण लागतसमेत समावेश गर्नुपर्ने व्यवस्था छ । यसरी समावेश गरी खरिद गरिएका निर्माण सामग्रीको गुणस्तर परीक्षण हुनुपर्दछ । निर्देशनालयले बोलपत्रको माध्यमबाट खरिद गरिएका बेली ब्रिज र ग्याबियन बक्सबापत रू.५ करोड २० लाख ७५ हजार भुक्तानी गरेकोमा निर्माण सामग्रीको आपूर्ति पश्चात्को गुणस्तर परीक्षण भएको देखिएन । आपूर्ति भएका सामग्रीको गुणस्तर आश्वस्तताको सुनिश्चितता हुनुपर्दछ।

काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजना

देशको राजधानीलाई तराई/मधेससँग जोड्न काठमाडौंदेखि बाराको निजगढसम्म ७६.२ किलोमिटर द्रुतमार्ग निर्माण कार्य ४ वर्षभित्र निर्माण सम्पन्न गर्न नेपाल सरकार मन्त्रिपरिषद्को २०७४।१।२१ को निर्णयअनुसार आयोजना २०७४।४।२७ मा नेपाली सेनालाई हस्तान्तरण भएको हो । एसियाली विकास बैङ्कको सहयोगमा सन् २००८ मा तयार भएको सम्भाव्यता अध्ययन तथा प्रारम्भिक डिजाइनको आधारमा २०६४।६५ मा निर्माण कार्य प्रारम्भ भएकोमा नेपाल सरकारबाट २०७६।५।१ मा स्वीकृत विस्तृत आयोजना प्रतिवेदनअनुसार सडक, पुल तथा सुरुङ मार्गसमेत निर्माण गर्न विभिन्न कन्टिन्जेन्सी तथा मूल्य अभिवृद्धि करसमेत रू.२ खर्ब १३ अर्ब ९५ करोड लागत लाग्ने देखिएकोमा यो वर्षसम्म रू.२९ अर्ब ७ करोड ६२ लाख खर्च भएको छ।

१९. **समग्र प्रगति** - विस्तृत सम्भाव्यता अध्ययनबेगर २०६४।६५ मा निर्माण शुरु भएको आयोजनाको स्वीकृत विस्तृत आयोजना प्रतिवेदनअनुसार ७२.५ किलोमिटर सडक, ८७ पुल, तीन सुरुङ मार्ग, तीन इन्टरचेन्ज, तीन टोल प्लाजा, रेष्ट एरिया, सुविधाहरू, वातावरणीय, सामाजिक र अन्य समेतको लागत अनुमान रू.२ खर्ब १३ अर्ब ९५ करोड खर्च हुने अनुमान रहेकोमा विस्तृत आयोजना प्रतिवेदन स्वीकृत हुनु पूर्व १६.५९ प्रतिशत खर्च भएको र १६.१० प्रतिशत भौतिक प्रगति भएको छ । आयोजनाले कुल कार्यमध्ये सो वर्षसम्म ग्याबियन वालमा १० प्रतिशत, बक्स कल्भर्टमा ११ प्रतिशत, आर.ई. वालमा २० प्रतिशत, पाइप कल्भर्टमा ४२ प्रतिशत, मेसिनरी स्ट्रक्चरमा ५९ प्रतिशत र ढुङ्गा माटो फिलिङमा ६० प्रतिशत प्रगति भएको छ । योजनाबद्ध तवरले निर्माण कार्य अगाडि बढाई समयमै आयोजना सम्पन्न गर्नुपर्दछ।

२०. **खर्चको उपादेयता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(६) मा प्रस्तावित आयोजनाका लागि बजेट प्रस्ताव गर्ने व्यवस्था छ । आयोजनाको निर्माण कार्य शुरु गर्नु पूर्व आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार विस्तृत आयोजना प्रतिवेदन स्वीकृतिबेगर बजेट विनियोजन गरी रू.२९ अर्ब ७ करोड ६२ लाख खर्च भएको छ । सो खर्चमध्ये नेपाली सेनाका जनशक्ति प्रयोग गरी तथा निर्माण व्यवसायीसँग खरिद सम्झौता गरी सडक निर्माणमा रू.११ अर्ब ५८ करोड ७ लाख तथा नेपाली सेनाका जनशक्ति प्रयोग गरी सडक निर्माण गर्न हेभी उपकरण खरिदमा

रू.८८ करोड ५५ लाख ४४ हजार खर्च भएको छ । नेपाल सरकारबाट स्वीकृत विस्तृत आयोजना प्रतिवेदनअनुसार निर्माण हुने सडकको लम्बाइ ७६.२ किलोमिटरबाट ७२.५ किलोमिटर कायम भएको, कुल लम्बाइ ७२.५ किलोमिटरमध्ये ६.४१५ किलोमिटरको ३ सुरुङ तथा १०.५७६ किलोमिटर लम्बाइका ८७ पुल निर्माण हुने भई ५५.५० किलोमिटर मात्र सडक निर्माण गर्नुपर्ने र केही स्थानको रेखाङ्कन समेत परिवर्तन भएको छ। यसबाट विस्तृत आयोजना प्रतिवेदन स्वीकृत हुनुभन्दा अघि भएका खर्च एवं निर्माण भएका संरचना नयाँ परियोजना प्रतिवेदनअनुसार निर्माण हुने संरचनाभित्र समावेश भई उपयोग हुने नहुने सम्बन्धमा आयोजनाले विश्लेषण गरेको पाइएन । आयोजनाको विस्तृत परियोजना प्रतिवेदनअनुसार योजनाबद्ध रूपमा निर्माण कार्य अगाडि बढाउनुपर्दछ ।

२१. **स्रोत सुनिश्चितता** - नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत विस्तृत आयोजना प्रतिवेदनअनुसारको निर्माण कार्य सम्पन्न गर्न आयोजनाले कुल कार्यलाई ११ प्याकेज/क्लष्टरमा विभाजन गरेको छ । यो वर्षसम्म दुई प्याकेजको मात्र निर्माण सम्झौता भएको छ । सबै प्याकेज/कलष्टरअनुसार निर्माण कार्य गर्न २०८१।८२ भित्र सम्पन्न गर्न २०७८।७९ मा रू.८.९३ अर्ब, २०७९।८० मा रू.५५.५० अर्ब र २०८०।८१ मा रू.८५.५७ अर्ब खर्च गर्नुपर्ने देखिन्छ । आयोजनाको प्रक्षेपणअनुसार स्रोत सुनिश्चित हुनुपर्दछ ।

२२. **पूर्व योग्यता** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३३ मा पूर्व योग्यताको आधार स्वीकृत गराउनुपर्ने व्यवस्था छ । नेपाल सरकारबाट स्वीकृत विस्तृत आयोजना प्रतिवेदनअनुसार सुरुङ निर्माण गर्न रू.३४ अर्ब ५३ करोड ६५ लाख लागत लाग्ने उल्लेख छ । आयोजनाले देहायका स्थानमा सुरुङ निर्माण गर्न ई.पी.सी. माध्यमबाट खरिद सम्झौता गरेको छः

सि.नं.	निर्माण हुने चेनेज	लागत अनुमान (रू.लाखमा)	परेका बोलपत्र संख्या	सम्झौता रकम (रू.लाखमा)	सफल बोलपत्र संख्या	घटी कबोल प्रतिशत	निर्माण अवधि
१	२६+३५० देखि ३०+६९५ सम्म	२०७१८१	२१	१८२४३७	२	११.९४	२०८१।८।३०
२	३०+६९५ देखि ३५+३१६ सम्म	२५०७०१	२२	२४३७००	१	२.७९	२०८१।८।३०

यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:

२२.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१(६) मा बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित क्षेत्र, गुणस्तर, विशेषता, शर्त, कार्यसम्पादन वा अन्य कुनै आवश्यकतामा तात्विक फरक र गम्भीर असर नपर्ने सार्वजनिक निकायलाई स्वीकार्य सानातिना फरक भएका प्रस्तावलाई सारभूत रूपमा प्रभावग्राही मानिने व्यवस्था रहेको छ। आयोजनाले सुरुङ तथा पुल निर्माण कार्यको अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गर्दा सामान्य निर्माणसम्बन्धी अनुभवमा १, उस्तै प्रकृति र आकारको कामको अनुभव अन्तर्गत ईपीसी सम्झौतामा ४, सुरुङ निर्माण कार्य अनुभवमा ३, पुल निर्माण कार्य अनुभवमा ४, द्रुतमार्ग निर्माण कार्य अनुभवमा ३, हिमाली तथा पहाडी क्षेत्रको अनुभवमा १, संयुक्त उपक्रममा १, जनशक्तिअन्तर्गत १६, उपकरणअन्तर्गत २२ र वित्तीय क्षमता एवं कानुनी पक्ष अन्तर्गत १५ समेत ७१ मूल्याङ्कनका आधार निर्धारण गरेको छ । उक्त ७१ आधारलाई समान भार निर्धारण गरी कुनै पनि एक आधार नपुग भएमा प्रस्तावलाई अयोग्य ठहर गर्ने प्रावधान राखेको देखिन्छ । सबै आधारलाई समान भार दिई सानातिना

त्रुटि वा नपुग भएका विषयका आधारमा बोलपत्रदातालाई अयोग्य ठहऱ्याएका कारण एक प्याकेजमा २१ र अर्को प्याकेजमा २२ बोलपत्र पेस भएकोमा एक प्याकेजमा दुई र अर्को प्याकेजमा एकमात्र प्रस्तावलाई योग्य ठहऱ्याएकोले प्रतिस्पर्धा सीमित हुन गई लागत अनुमानको तुलनामा क्रमशः ११.९४ प्रतिशत र २.७९ प्रतिशत घटीको खरिद सम्झौता भएको देखिन्छ ।

२२.२. चेनेज नम्बर २६+३५० देखि ३०+६९५ सम्मको लागि पूर्वयोग्यता मूल्याङ्कन गर्दा २१ बोलपत्र पेस भएकोमा १९ बोलपत्र असफल भएको र सफल भएका दुई बोलपत्रदातासँग आर्थिक प्रस्ताव माग गरी घटीवालासँग रू.१८ अर्ब २४ करोड ३७ लाखमा ठेक्का सम्झौता गरेको पाइयो । सो ठेक्काको मूल्याङ्कनमा असफल भएका बोलपत्रदातामध्ये एकले पेस गरेको प्रस्तावमा १६ जनशक्तिमध्ये टनेल फ्यासिलिटी इन्जिनियर, जिओटेक्निकल इन्जिनियर, जिओलोजिष्ट, स्ट्रक्चरल इन्जिनियर, हेल्थ एण्ड सेफ्टी मेनेजर, वातावरण संरक्षण मेनेजर जस्ता जनशक्तिसम्बन्धी प्रावधान पूरा नगरेको कारण र अर्को एक बोलपत्रदाताले जिओलोजिष्ट, क्वालिटी कन्ट्रोल इन्जिनियर, स्ट्रक्चरल इन्जिनियर, पुल डिजाइन इन्जिनियरसम्बन्धी प्रावधान पूरा नगरेका कारण असफल भएको देखिन्छ ।

२२.३. चेनेज नम्बर ३०+६९५ देखि ३५+३१६ सम्मको लागि पूर्वयोग्यता मूल्याङ्कन गर्दा २२ बोलपत्र पेस भएकोमा २१ बोलपत्रदाता असफल भएको र एकमात्र बोलपत्रदाता सफल भएको र सो निर्माण व्यवसायीसँग आर्थिक प्रस्ताव माग गरी रू.२४ अर्ब ३७ करोडमा ठेक्का बन्दोबस्त गरेको पाइयो। मूल्याङ्कनमा असफल भएका बोलपत्रदातामध्ये एकले १६ जनशक्तिमध्ये पुल डिजाइन इन्जिनियर, स्ट्रक्चरल इन्जिनियर, टनेल तथा पुल डिजाइन इन्जिनियरसम्बन्धी प्रावधान पूरा नगरेको एवं अर्को एकले जियोलोजिष्ट, क्वालिटी कन्ट्रोल इन्जिनियर, स्ट्रक्चरल इन्जिनियर, पुल डिजाइन इन्जिनियर सम्बन्धि प्रावधान पूरा नगरेका कारण असफल भएको देखिन्छ ।

सबै पूर्व योग्यताका आधारलाई समान रूपमा अङ्क प्रदान गर्ने गरी मूल्याङ्कनका आधार स्वीकृत गरेबाट एउटा प्रस्तावमा एक मात्र र अर्को प्रस्तावमा दुई मात्र प्रस्तावदाता सफल भई प्रतिस्पर्धा सीमित हुन गएको देखियो । सार्वजनिक खरिद ऐन, २०६३ ले परिकल्पना गरेअनुसार सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा गराई सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल हुने अवस्था सिर्जना हुन नसकेकोले खरिद प्रक्रिया मितव्ययी र औचित्यपूर्ण भएको पाइएन । अतः खरिद प्रक्रिया प्रतिस्पर्धात्मक हुने गरी खरिद व्यवस्थापनलाई प्रभावकारी गराउन पूर्व योग्यसम्बन्धी कागजातमा अनिवार्य र स्वेच्छिक योग्यताका आधार अलग अलग गरी सोहीबमोजिम अङ्कभार निर्धारण गर्ने तथा बोलपत्रदाताको योग्यतालाई पनि निश्चित अङ्क प्रदान गरी मूल्याङ्कन गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

२३. **परामर्श सेवा** - विस्तृत आयोजना प्रतिवेदनअनुसार निर्माण कार्यको डिजाइन तथा निर्माण सुपरिवेक्षण गर्न रू.३ अर्ब ७७ करोड ७ लाख लागत अनुमान स्वीकृत गरी एक परामर्शदातासँग २०८१।८।२ सम्ममा सम्पन्न गर्ने गरी रू.२ अर्ब ७२ करोड २७ लाखको सम्झौता गरेकोमा यो वर्षसम्म रू.३९ करोड १७ लाख २३ हजार भुक्तानी भएको छ । परामर्शदातासँग आयोजनाको ड्रइङ्ग डिजाइन, लागत अनुमान, बोलपत्र कागजात तयारीलगायतका कार्य ६ महिनाभित्र सम्पन्न गर्ने गरी सम्झौता भएकोमा यस वर्षसम्म दुई प्याकेजको मात्र खरिद सम्झौता भएको पाइयो । परामर्शदाताले पेस गरेको कार्यतालिकाबमोजिम २०७८ चैत्रसम्म सबै निर्माण कार्यको खरिद व्यवस्थापन भैसक्नुपर्नेमा आयोजनाले

सबै प्याकेजको खरिद कारबाही सम्पन्न नगरेकोले आयोजना समयमा सम्पन्न नभई परामर्श सेवाको म्याद थप गर्नु पर्दा लागत बढ्ने देखिँन्छ । अतः तोकिएको समयमा आयोजना सम्पन्न हुने गरी कार्यान्वयन गर्नुपर्दछ ।

२४. **बेली ब्रिज निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(ङ) मा सम्झौता कार्यान्वयनको प्रगति अनुगमन गर्ने व्यवस्था छ । आयोजनाले ५१ मिटर लम्बाइका १४ सेट बेली ब्रिज र सोको लागि आवश्यक पार्टस आपूर्ति तथा जडान कार्य २०७५।८।२९ सम्म सम्पन्न गर्ने गरी एक कम्पनीसँग २०७५।३।११ मा रू.४१ करोड ४० लाख २३ हजारको खरिद सम्झौता गरेकोमा १४ सेट आपूर्ति भए पनि ८ सेट मात्र जडान गरी रू.२७ करोड २० लाख ७२ हजार भुक्तानी भएको छ । सम्झौताअनुसार जडान हुन बाँकी बेली ब्रिज जडान गरी उपयोग हुने व्यवस्था मिलाउनुपर्दछ। यो वर्ष आयोजनाले बेली ब्रिजको एबुटमेन्ट निर्माण कार्य २०७८।४।३२ भित्र सम्पन्न गर्न रू.१० करोड ५१ लाख ८७ हजारमा एक संयुक्त उपक्रमसँग सम्झौता गरेकोमा रू.९२ लाख पेश्की भुक्तानी दिने बाहेक अन्य कार्य भएको छैन। निर्धारित समयावधिभित्र कार्य सम्पन्न गर्नुपर्दछ ।

२५. **ट्रान्सफरमर जडान** - बोलपत्रसम्बन्धी कागजात एवं आयोजनाले निर्माण व्यवसायीहरूसँग गरेको सम्झौताको भाग ९ को दफा ४.१९ मा अस्थायी युटिलिटी अन्तर्गत निर्माण प्रयोजनका लागि आवश्यक विद्युतलगायत अस्थायी प्रकृतिका युटिलिटिजहरू निर्माण व्यवसायीले आफ्नै खर्चमा गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायीले टनेल एवं पुल निर्माण प्रयोजनका लागि आवश्यक विद्युत प्रसारणलाइन एवं ट्रान्सफरमर जडान गर्न आयोजना र नेपाल विद्युत प्राधिकरणबीच सम्झौता भई खोकना, मख्खुबेंसी, सिस्नेरी, महादेवटार, धोद्रे, लेनडाँडा, बुधुने, राजदमार र निजगढमा ट्रान्सफरमर जडान एवं विद्युतलाइन विस्तार गर्न आयोजनाले प्राधिकरणलाई रू.१८ करोड ६२ लाख ७६ हजार पेश्की दिएको छ । निर्माण व्यवसायीसँगको सम्झौताबमोजिम निर्माण कार्यको लागि आवश्यक विद्युत प्रसारणलाइन र ट्रान्सफरमर जडानबापत हुने खर्च निर्माण व्यवसायी स्वयंले गर्नुपर्नेमा आयोजनाले ब्यहोरेको पाइयो । अतः उक्त स्थानहरूमा प्रसारणलाइन तथा ट्रान्सफरमर जडान गर्न लागेको खर्च हिसाब गरी सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ ।

२६. **एप्रोच रोड निर्माण** - आयोजनाको विस्तृत आयोजना प्रतिवेदनअनुसार एप्रोच रोड निर्माणको लागत अनुमान रू.२ अर्ब ३४ करोड २१ लाख २५ हजार रहेको छ । निर्माण व्यवसायीसँग भएको खरिद सम्झौता एवं बोलपत्रसम्बन्धी कागजातको बुँदा १.१६.२ मा निर्माणस्थलमा आवश्यक पहुँच मार्गको निर्माण तथा मर्मत सम्भार निर्माण व्यवसायीले गर्नुपर्ने उल्लेख भएकोमा सोही कागजातको बुँदा १.२.२ मा आयोजनाले पहुँच मार्ग उपलब्ध गराउने र निर्माण व्यवसायीले स्तरोन्नति एवं मर्मत सम्भार गर्ने उल्लेख गरी बोलपत्रसम्बन्धी कागजातमा नै एक आपसमा बाझिने प्रावधान राखेको देखिन्छ । जसबाट पहुँच मार्ग निर्माण गर्ने जिम्मेवारी सम्बन्धमा द्विविधा सिर्जना भएको देखिन्छ । आयोजनाले विभिन्न ६ स्थानमा एप्रोच रोड निर्माण गर्न रू.६५ करोड ५१ लाख ६३ हजारको खरिद सम्झौता गरी रू.३६ करोड ९२ लाख ८१ हजार भुक्तानी गरेको छ । अतः सम्झौता एवं बोलपत्र कागजातमा स्पष्ट उल्लेख गरी एप्रोच रोड बनाउने जिम्मेवारी तोकिनुपर्दछ।

२७. **जग्गा अधिग्रहण** - जग्गा प्राप्ति ऐन, २०३४ मा सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति गर्ने प्रक्रिया उल्लेख छ । आयोजनाको शुरु विन्दुदेखि ९ किलो मिटरसम्म २५/२५ मिटर र बाँकी मार्गमा ५०/५० मिटर सडकको मार्गाधिकार (राइट अफ वे) रहेको छ । मार्गाधिकारमा पर्ने १५ हजार ४२३ रोपनी जग्गामध्ये १० हजार २५१ रोपनी सरकारी जग्गा रहेको छ । बाँकी ५ हजार १७२ रोपनीमध्ये ४ हजार ७३६ रोपनी जग्गा प्राप्त भइसकेको देखिन्छ भने ४३६ रोपनी जग्गा प्राप्ति कार्य प्रक्रियामा रहेको छ।

आयोजनाले खोकना, फर्सिडोल र बुङमती क्षेत्रमा ४२७ रोपनी १५ आना २१ दाम जग्गा अधिग्रहण गर्न सकेको छैन । विस्तृत आयोजना प्रतिवेदनअनुसार थप ३६० रोपनी जग्गा अधिग्रहण गर्नुपर्नेमा सोअनुसार जग्गा प्राप्ति कार्य भएको छैन। सडकको रेखाङ्कन परिवर्तनसँगै मुआब्जा वितरण भैसकेको तर निर्माण प्रयोजनका लागि आवश्यक नभएका जग्गाको संरक्षण र उपयोगको व्यवस्था मिलाउनुपर्दछ ।

२८. **रुख कटान तथा वृक्षारोपण** - नेपाल सरकारको नीतिअनुरूप आयोजनाले कटान गरेका एक रुखको बदलामा २५ वृक्षारोपण गरी सोको ५ वर्षसम्म स्याहार सम्भार गरी सम्बन्धित डिभिजन वन कार्यालयलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । आयोजनाको मार्गाधिकारभित्र पर्ने छपान भएका ३८ हजार ६६४ रुखमध्ये २७ हजार ७ रुख कटान भई ११ हजार ६५७ रुख कटान गर्न बाँकी रहेको छ । हालसम्म कटान भएका २७ हजार ७ रुखको १ को अनुपातमा २५ को दरले ६ लाख ७५ हजार ६७५ वृक्षारोपण गर्नुपर्नेमा २ लाख २६ हजार ३०७ अर्थात् ३३.४९ प्रतिशतमात्र वृक्षारोपण गरेको छ । यस प्रयोजनका लागि ६ ठेक्कामार्फत रू.६ करोड ९७ लाख ४९ हजारको खरिद सम्झौता भएकोमा रू.५ करोड ८३ लाख ५९ हजार खर्च भएको छ । यो वर्ष रू.१० करोडको कार्यक्रम स्वीकृत गर्दा वृक्षारोपण हुने संख्या नतोकिएको भए पनि फलफूल बिरुवा खरिद र वृक्षारोपणमा रू.२ करोड ९७ लाख खर्च भएको देखियो । सम्झौताबमोजिम तोकिएको संख्यामा वृक्षारोपण गरी संरक्षण गर्नुपर्दछ ।

२९. **उपकरणको सदुपयोग** - नेपाल सरकारले आयोजनाको निर्माण कार्य नेपाली सेनामार्फत गर्ने गरी हस्तान्तरण गरेपछि निर्माण हुने सडकमध्ये १८.३१४ किलोमिटर नेपाली सेनाको जनशक्ति प्रयोग गरी निर्माण गर्न रू.८८ करोड ५५ लाख ४४ हजार मूल्यका हेभी उपकरण खरिद गरेको छ । यो वर्ष नेपाल सरकारबाट स्वीकृत विस्तृत आयोजना प्रतिवेदनअनुसारका सडक एवं पुललगायतका निर्माण कार्यहरू गर्न विभिन्न ११ क्लष्टर वा प्याकेजमा गर्ने गरी खरिद सम्झौता भएको र हुने क्रममा रहेकाले यस प्रयोजनका लागि खरिद भएका उपकरणहरू द्रुतमार्गको निर्माण कार्यमा प्रयोग नभई उपयोगविहीन अवस्थामा रहेका छन् । आयोजनाले खरिद गरेका मेसिन उपकरण प्रयोगमा ल्याउने व्यवस्था गर्नुपर्दछ।

वीरेन्द्र सैनिक अस्पताल

प्रथम विश्वयुद्धमा वीरगति प्राप्त फौजको सम्झनामा प्रधानमन्त्री चन्द्रशम्शेरले विक्रम सम्वत् १९८२।५।२४ मा काठमाडौं महाँकालमा त्रिचन्द्र मिलिटरी अस्पतालको स्थापना गरेको देखिन्छ । अस्पतालको सेवालाई आधुनिक र थप प्रभावकारी बनाई बहालवाला सैनिक, भूतपूर्व सैनिक र तिनका परिवारलाई औषधि उपचार गर्न वीरेन्द्र सैनिक अस्पतालको नाममा २०४६।९।१४ देखि काठमाडौंको छाउनीबाट सेवा प्रवाह गर्दै आएको छ।

३०. **सेवा प्रवाह -** अस्पतालले यो वर्ष ३ लाख ५१ हजार जनालाई स्वास्थ्य सेवा उपलब्ध गराएको छ। कुल १ हजार ४५ शय्याको यस अस्पताललाई नेपाल सरकारले कोभिड डेडिकेटेट अस्पतालको रूपमा समेत तोकेकोले ४८ शय्या कोभिड-१९ उपचारका लागि छुट्याएको छ । अस्पतालमा २०७७ भाद्रमा पीसीआर परीक्षण प्रयोगशाला स्थापना भए पश्चात् २०७८ आषाढसम्म ४९ हजार १०७ जनाको पीसीआर परीक्षण भएको छ ।

अन्य संस्था तथा समिति

नेपाली सैनिक कल्याणकारी कोष

संयुक्त राष्ट्रसंघको अनुरोधमा शान्ति स्थापना गर्ने कार्यमा भाग लिएबापत नेपाली सेनाले प्राप्त गर्ने रकममध्ये केही रकम कल्याणकारी कोषमा जम्मा हुने र उक्त रकम लगानी गरी आर्जित ब्याजबाट बहालवाला तथा पूर्वसैनिक र निजहरूको परिवारका लागि कल्याणकारी कार्य सञ्चालन गर्ने उद्देश्यले २०३२ सालमा नेपाली सैनिक कल्याणकारी कोषको स्थापना भएको देखिन्छ । सैनिक ऐन, २०६३ र सैनिक कल्याणकारी कोष सञ्चालन नियमावली, २०६५ अनुरूप यो कोष सञ्चालनमा रहेको छ । हाल विभिन्न देशमा शान्ति स्थापनार्थ १२ मिसनहरूमा ५ हजार १७५ सैनिक कार्यरत छन् । उक्त कोषको रकमबाट सैनिक कल्याणकारी कार्यक्रम सञ्चालन हुँदै आएका छन्।

३१. **वित्तीय स्थिति -** कोषमा गतवर्षको मौज्दात रू.५२ अर्ब १५ करोड ४ लाख रहेकोमा यो वर्ष संयुक्त राष्ट्रसंघबाट शोधभर्ना, लगानीबाट ब्याज र आयमूलक कार्य सञ्चालनसमेतबाट रू.२४ अर्ब ३६ करोड ७२ लाख आम्दानी भई शान्तिसेना सञ्चालन कल्याणकारी कार्य, आयमूलक कार्य, पुँजीगत तथा पूर्वाधार विकाससमेतमा रू.१५ अर्ब ५३ करोड ९५ लाख खर्च भई रू.८ अर्ब ८२ करोड ७७ लाख सञ्चालन बचत भएको छ । यो वर्षसम्म कोषमा अन्य दायित्व रू.१ करोड ९३ लाख ५० हजारसमेत मौज्दात रू.६० अर्ब ७३ करोड २२ लाख पुगेको छ । कोषमा रहेको रकममध्ये मुद्दति निक्षेपमा रू.४९ अर्ब ७२ करोड ९७ लाख, २२ ऋण पत्रमा रू.२ अर्ब ३० करोड ६५ लाख तथा कल्याणकारी योजनाअन्तर्गत स्थापना भएका १७ निकायमा रू.६ अर्ब २४ करोड ३६ लाख लगानी, पेश्की तथा सापटी रू.२६ करोड ९६ लाख र बैङ्क मौज्दात रू.२ अर्ब १८ करोड २८ लाख रहेको छ । बचत रकमलाई अधिकतम आय आर्जन हुने क्षेत्रमा सुरक्षित तबरले परिचालन गर्नुपर्दछ।

३२. **वित्तीय विवरण -** सैनिक कल्याणकारी कोष नियमावली, २०६५ को नियम १५ मा कोषको दैनिक आय व्ययको लेखा प्रचलित कानुनबमोजिम राखिने र समितिले नेपाल सरकारको प्रचलित आर्थिक ऐन नियमलाई मार्ग निर्देश मानी लेखाप्रणालीको ढाँचा तयार गर्ने व्यवस्था छ । कोषले नेपाल सार्वजनिक क्षेत्र लेखामानअनुरूप हुने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्ने देखिन्छ।

कोषले वासलात तयार गरे पनि नेपाल वित्तीय प्रतिवेदनमानबमोजिम वित्तीय विवरण तयार गरेको छैन। कोषले वासलात तयार गर्दा मातहतका २६ निकायमा रहेका सम्पत्ति तथा दायित्व (घर जग्गा, फर्निचर, सवारीसाधन, मेसिनरी औजार) लाई समावेश नगरेको साथै यो वर्ष पुँजीगत तथा पूर्वाधार विकासमा भएको खर्च रू.६८ करोड ८९ लाख ८ हजारलाई पुँजीकरण गरेको वा लगानीमा देखाएको

छैन । कोष र मातहतका कार्यालयले वित्तीय विवरण तयार गर्दा एउटै ढाँचामा तयार गर्नुपर्नेमा कोषले वासलात तयार गरेको र मातहतका कार्यालयले प्राप्ति र भुक्तानीको विवरण तयार गरेको छ । सुपथ मूल्य पसल क्यान्टिनलगायत मातहतका कार्यालयले प्राप्ति र भुक्तानीको विवरण तयार गर्दा कोषले तोकेको ढाँचामा तयार नगरी फरक ढाँचामा प्रयोग गरेको पाइयो । कोषले मातहतका पेट्रोल पम्प तथा सुपथ मूल्य पसलको आय व्यय विवरणलाई कोषको वित्तीय विवरणमा एकीकृत गरेको छैन । गत वर्षको लेखापरीक्षण भएको वासलातमा कोषमा मौज्दात रू.५२ अर्ब १५ करोड ४ लाख बाँकी रहेकोमा यो वर्ष रू.५१ अर्ब ८८ करोड ५१ लाख देखाई रू.२६ करोड ५३ लाख कम देखाएको छ भने मातहतका ५ निकायले देखाएको पेश्की रू.७ अर्ब ५ करोड २७ लाख तथा १५ निकायमा धरौटीबापतको रू.३१ करोड ६६ लाख ९१ हजार वासलातमा देखाएको छैन । अत: मातहतका सबै निकायको कारोबार समावेश हुने गरी वित्तीय विवरणको ढाँचा स्वीकृत गरी सोहीअनुसार तयार गर्नुपर्दछ।

३३. **संयुक्त राष्ट्रसंघबाट शोधभर्ना -** यो वर्ष संयुक्त राष्ट्रसंघबाट प्राप्त शोधभर्नाबापत रू.१९ अर्ब ७८ करोड १५ लाख आम्दानी र शान्ति सेना सञ्चालनमा रू.१० अर्ब ३९ करोड ३१ लाख खर्च देखाएको छ । कोषले खटिएका जनशक्तिको तलब, भत्ता, उपकरण एवं अन्य खर्चबापतको शोधभर्ना उल्लेख नगरी एकमुष्ट रकम शोधभर्ना आम्दानी देखाएको छ । अत: शीर्षकगत रूपमा कोषबाट भएको खर्चमध्ये शोधभर्ना प्राप्त हुनुपर्ने, प्राप्त भएको र बाँकी रकमको विस्तृत विवरण तयार गर्नुपर्दछ ।

३४. **लेखापरीक्षण** - लेखापरीक्षण ऐन, २०७५ को दफा ३(१)(ख) मा नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण महालेखापरीक्षकबाट गराउनुपर्ने व्यवस्था छ । कोषले कल्याणकारी योजना अन्तर्गत स्थापित वा कोषले लगानी गरेका ४६ निकायहरूमध्ये फ्युल स्टेसन खैरेनीटार र बुटवल, रिपुमर्दिनी पेट्रोल स्टेसन भद्रकाली, शक्तिदेवी पेट्रोल स्टेसन लगनखेल तथा प्रदेश स्तरका सुपथ मूल्य पसलको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराएको छैन । ऐनको व्यवस्थाबमोजिम लेखापरीक्षण गराउनुपर्दछ।

३५. **आन्तरिक नियन्त्रण प्रणाली** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३१ मा सबै सरकारी कार्यालयले आफ्नो र अन्तर्गतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । कोषले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

३६. **सरकारको योगदान** - सैनिक ऐन, २०६३ को दफा ३१(ज) मा कल्याणकारी कार्य, आयमूलक कार्य तथा कल्याणकारी योजना सञ्चालन भएका स्थानको सुरक्षाका लागि आवश्यकताअनुसार बहालवाला सैनिक व्यक्ति खटाउन सक्ने अधिकार छ । कोष र मातहतका निकायले नेपाली सेनाका जनशक्ति तथा साधन स्रोत र नेपाली सेनाको सम्पत्ति उपयोग गरेकोमा ती जनशक्तिलाई भुक्तानी हुने पारिश्रमिक तथा सुविधाको रकम तथा साधन स्रोत परिचालन गर्न लागेको लागतलाई नेपाल सरकारको योगदान वा अनुदानको रूपमा वित्तीय विवरणमा प्रस्तुत गर्नुपर्नेमा सो नगरी कोष मातहत सञ्चालित विद्यालय तथा अन्य निकायहरूको सुरक्षाका लागि परिचालित जनशक्तिको पारिश्रमिक तथा अन्य प्रशासनिक खर्च बापत १३ निकायले यो वर्षको खर्च रू.१ अर्ब १७ करोड १ लाख नेपाल सरकारको स्रोतबाट व्यहोरेको देखिन्छ । नेपाली सेनालाई अन्य निकायको सुरक्षामा खटाउने तथा सोको नेपाल सरकारको योगदान वा अनुदानमा देखाउने व्यवस्था गरी सोहीअनुसार वित्तीय विवरण तयार गर्ने व्यवस्था मिलाउनुपर्दछ।

३७. **भवन भाडा -** प्रथम विश्वयुद्धमा बहादुरी देखाउने फौजको सम्झनामा वि·सं· १९८२ मा स्थापित त्रिचन्द्र मिलिटरी अस्पतालको साबिक भवनको संरचना हटाई ६ हजार ५२० वर्गमिटर क्षेत्रफलमा रु·१ अर्ब ६० करोड २३ लाख को लागतमा नेपाली सेना कल्याणकारी कोषले आधुनिक भवन निर्माण गरेको छ । भवनको अग्रभागमा डेन्टल अस्पताल सञ्चालन गरेको र बाँकी भाग भाडामा लगाउने निर्णयअनुसार व्यापारिक प्रयोजनको एक व्यवसायीसँग मासिक रू.४ करोड ११ लाख ११ हजारमा भाडा सम्झौता गरेको छ । उक्त भाडा सम्झौतामा अस्पतालले निजी व्यबसायीलाई भवन हस्तान्तरण गरेको मितिदेखि भाडा रकम बुझाउनुपर्ने र भाडादर, सोको वृद्धि प्रतिशत, भाडा तिर्ने बुझाउने प्रक्रिया, करार अवधि तथा धरौटीलगायतका करार सम्झौताका आधारभूत संरचना र शर्तसम्बन्धी व्यवस्थामा संशोधन नहुने व्यहोरा उल्लेख छ । कोषले सम्झौता गरी भवन हस्तान्तरण भएपछि ६ महिनाको आंशिक भाडा लिने गरी भवन हस्तान्तरण गरेको छ । भाडाबापत यो वर्ष रू.१५ करोड ९१ लाख ११ हजार दाखिला भए पनि रू.२ करोड १ लाख ३३ हजार प्राप्त भएको छैन । सम्झौतामा आंशिक भाडा लिने व्यवस्था छैन । कोषले भवन हस्तान्तरण पछि प्राप्त हुनुपर्ने भाडा रकम असुल गर्नुपर्दछ । साथै भवन भाडामा लगाउँदा नेपाल सरकारको सहमति लिनुपर्ने व्यहोरा गत प्रतिवेदनमा औँल्याइएकोमा स्थिति यथावत रहेको छ ।

३८. **मौज्दात उपयोग** - कल्यणकारी योजना निर्देशनालयले महाँकालमा निर्माणाधीन नेपाली सेना भेट्रान्स तथा सिभिल अस्पताल निर्माणको लागि रू.२१ करोड ४० लाख २० हजारका सेनेटरी फ्लोरिङ्ग र अन्य आइटम तथा ढोका प्राप्त भएकोमा रू.५ करोड १३ लाख ५३ हजार मूल्यका प्रयोग भई रू.१६ करोड २६ लाख ६७ हजार मूल्य बराबरका मालसमान बाँकी रहेको विवरण प्राप्त भएको छ । निर्देशनालयले मालसमानको विवरण तयार गर्दा प्रयोगमा आउने गरी आवश्यकताको पहिचान गरी खरिद गर्नुपर्नेमा आवश्यकताभन्दा धेरै परिमाणमा खरिद गरी मौज्दातमा रहेको छ । अतः आवश्यकताभन्दा बढी खरिद गर्ने कार्य नियन्त्रण गरी मौज्दातमा रहेका सामग्री उपयोगमा ल्याउनुपर्दछ।

राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय विकास समिति

राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक भौतिक, संस्थागत तथा कानुनी पूर्वाधार तयार गर्न विकास समिति ऐन, २०१३ अनुसार राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७६ बमोजिम २०७७।१।१ मा समितिको गठन भएको हो।

३९. **विस्तृत परियोजना प्रतिवेदन** – गठन आदेशमा समितिलाई विश्वविद्यालयको स्थापना, सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक कानुनी, संस्थागत, भौतिक तथा मानव स्रोतसहितको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने जिम्मेवारी र अधिकार तोकिएअनुसार समितिले रू.८ अर्ब ३ करोड ३९ लाख लागत लाग्ने गरी विस्तृत आयोजना प्रतिवेदन तयार गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १६(६) बमोजिम सो प्रतिवेदन स्वीकृत नगरी समितिले यो वर्षसम्म काभ्रेपलाञ्चोक जिल्लाको साँगामा पेरिमिटर पर्खाल निर्माण, खानेपानी संरचना निर्माण, ग्राभेल सडक निर्माण, विद्युत संरचना निर्माणलगायतका कार्यमा रू.१७ करोड ९५ लाख ५८ हजार खर्च गरेको छ। उक्त प्रतिवेदन स्वीकृत गरी प्रतिवेदनमा उल्लेख भएका कार्य गर्नुपर्दछ ।

४०. **कार्यप्रगति** - समितिले विश्वविद्यालय र सो अन्तर्गत रहने महाविद्यालय, अध्ययन वा अनुसन्धान केन्द्र तथा शैक्षिक विभागहरूको संरचना तथा सञ्चालन ढाँचा निर्धारण गर्ने तथा विश्वविद्यालयमा गराइने

अध्ययन, अनुसन्धान तथा अध्यापनका विषयमा राष्ट्रिय आवश्यकताबमोजिम अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको पाठ्यक्रमको मस्यौदा तयार गर्ने कार्य सम्पन्न गरेको छैन । गठन आदेशबमोजिमका कार्य जिम्मेवारी तोकिएको म्यादभित्रै सम्पन्न गर्नुपर्दछ।

नेपाली सैनिक विमान चार्टर उडान विकास समिति

नेपाली सेनाका हवाई साधनहरूलाई नागरिक सेवाअन्तर्गत अत्यावश्यकीय क्षेत्रमा नियमित एवं मितव्ययी सेवा प्रदान गर्न नेपाल सरकारले विकास समिति ऐन, २०१३ अनुसार नेपाली सैनिक विमान चार्टर विकास समिति गठन आदेश, २०७३ जारी गरी यो समिति गठन भएको हो ।

४१. **वित्तीय विवरण** - समितिको गठन आदेशमा समितिले नेपाल सरकारले अपनाएको लेखा प्रणालीअनुसार आय व्यय हिसाब तयार गर्नुपर्ने व्यवस्था छ । समितिले महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा प्राप्ति र भुक्तानीको विवरण मात्र तयार गरेको छ ।

४२. **चार्टर उडान** - समितिमा रहेका १७ जहाजमध्ये १ मर्मतको लागि भूमिस्थ रहेको र ६ सेवा दिन नसक्ने अवस्थामा रहेकाले १० जहाजबाट २४१ घण्टा उडान गरेको छ । हवाई साधनबाट गत वर्ष रू.१९ करोड ३३ लाख ६९ हजार आम्दानी गरेकोमा यो वर्ष १४.९४ प्रतिशतले न्यून भई रू.१६ करोड ४४ लाख ६४ हजार मात्र आम्दानी भएको छ। उपलब्ध साधनको समुचित उपयोग गर्न भूमिस्थ जहाजलगायत अन्य जहाजको नियमित मर्मत सम्भार गरी सञ्चालन गर्नुपर्दछ।

४३. **बक्यौता** - समितिबाट प्राप्त विवरणअनुसार ८ निकायबाट २०७७।७८ को चार्टर भाडा रू.७१ लाख १९ हजार र २०३४।३५ देखि २०७६।७७ सम्मको रू.१ करोड १८ लाख ३५ हजार समेत रू.१ करोड ८९ लाख ५४ हजार उठ्न बाँकी रहेको छ । बक्यौता रकम समितिको कार्यविधिअनुसार असुल गर्नुपर्दछ।

अनुगमन तथा बेरुजू

- **अनुगमन** - विगतका प्रतिवेदनमा रकमान्तर, आवधिक योजना कार्यान्वयन, खरिद व्यवस्थापन, पुराना प्रतीतपत्र, सामग्री आपूर्ति, वित्तीय र भौतिक प्रगति, सेवा प्रवाह, पेट्रोल पम्पको आय लेखाङ्कनलगायतमा सुधार गर्नुपर्ने व्यहोरा औँल्याइएकोमा यो वर्ष पनि सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।
- **बेरुजूको स्थिति** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः
  - मन्त्रालय र मातहतसमेत १५९ निकायमा यो वर्ष रू.२ अर्ब ३१ करोड ८२ लाख ७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ३ निकायले रू.१ अर्ब २२ करोड ५५ लाख ९२ हजार फर्स्यौट गरेकोले रू.१ अर्ब ९ करोड २६ लाख १५ हजार बाँकी रहेको छ । सोमध्ये रू.७२ करोड ४७ लाख ७० हजार म्याद नाघेको पेश्की रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - अन्य संस्था ३ तर्फ यो वर्ष रू.३ करोड ३७ लाख २१ हजार बेरुजू देखिएकोमा फर्स्यौट नगरेकोले बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

वन तथा वातावरण मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा वन तथा वातावरण सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने, कार्यक्रम अनुगमन र मूल्याङ्कन गर्ने राष्ट्रिय वन तथा वनको सर्वेक्षण, वर्गीकरण, नाप, नक्सा र सीमाङ्कन, निजी, सार्वजनिक, सरकारी, धार्मिक, सामुदायिक, साझेदारी, कबुलियती, चक्ला वन, वन्यजन्तु आरक्षण तथा सिकार आरक्ष सीमसार क्षेत्र, योजना तथा कार्यान्वयन, प्राणी उद्यान, वातावरण, जलवायु, कार्बनको सेवा र सञ्चिति, हरित गृह ग्याँसको उत्सर्जन लगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित सस्था समेत ७७ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतसमेत ५८ सरकारी कार्यालयको निम्नानुसार रू.१० अर्ब ११ करोड ८२ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य करोबार	जम्मा
६,०७,६५	३,६१,२०	२३,६९	१९,२८	१०,११,८२

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई रक्षा मन्त्रालयबाट खर्च भएको रू.३ अर्ब ७९ करोड ६६ लाख समावेश छैन । यो वर्ष एक निकायको रू. ११ करोड ४७ लाखको लेखापरीक्षण हुन बाँकी रहेको छ ।

२. **वातावरणीय लेखापरीक्षण** - यो वर्ष जलवायु परिवर्तन विषयको वातावरणीय लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **संगठित संस्था र अन्य संस्था** - यो वर्ष ४ संस्थाका १६ कार्यालयको रू.५ अर्ब ९४ करोड १४ लाखको लेखापरीक्षण सम्पन्न गरिएको र २ संस्थाको लेखापरीक्षण गर्न बाँकी रहेको छ ।

४. **योजना कार्यान्वयन**- पन्धौं योजनाले वन, जैविक विविधता र जलाधार, वातावरण तथा जलवायु परिवर्तन क्षेत्रमा तोकेका २६ सूचकमध्ये केही प्रमुख सूचकको परिमाणात्मक लक्ष्य र प्रगति स्थिति देहायअनुसार छः

सि. नं	नतिजा सूचक	एकाइ	आधार वर्ष (२०७५।७६)	२०७७।७८	
				लक्ष्य	प्रगति
१	काठ उत्पादन	घन फिट (लाख)	१९४	२२५	१९४
२	वृक्षारोपण गरिएको क्षेत्रफल	हेक्टर (हजारमा)	४	७	२
३	बिरुवा उत्पादन (वार्षिक)	संख्या (करोडमा)	२०	२२	२
४	वन्यजन्तुको पालन	प्रजाति	०	२	०
५	दर्ता भएका निजी वन विकास	हेक्टर (हजारमा)	२	२	०
६	वन पैदावारको व्यावसायिक खेती	हेक्टर	०	४००	२००
७	फोहोर पानीको प्रशोधन अनुपात	प्रतिशत	५	१०	०
८	प्रशोधन नगरिएको औद्योगिक फोहोर	प्रतिशत	९५	९०	०
९	फोहोर मैला प्रशोधन केन्द्र	संख्या	२	८	०
१०	प्लाष्टिकको प्रयोग (ग्राम)	प्रति व्यक्ति प्रति दिन	२	२	०

सि. नं	नतिजा सूचक	एकाइ	आधार वर्ष (२०७५।७६)	२०७७।७८	
				लक्ष्य	प्रगति
११	वनजन्य उद्यमको विकास तथा प्रवर्द्धन	संख्या	०	२०००	१८९६
१२	प्लाष्टिकको पुनः प्रशोधन गरी तयारी वस्तु उत्पादन गर्ने उद्योग	प्रतिशत	२५	४५	०
१३	सिसा र धातुजन्य पदार्थको पुनः प्रशोधन गरी तयारी वस्तु उत्पादन गर्ने उद्योग	प्रतिशत	७	४०	०

उल्लिखित तालिकाबमोजिम आवधिक योजना अनुरूप २०७७।७८ मा ८ सूचकमा प्रगति शुन्य रहेको र ५ सूचकमा लक्ष्यअनुसार प्रगति न्यून रहेको छ । प्रगति शून्य रहेको मध्ये वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम खारेज भएको भए तापनि निजी वन समेतको अनुगमन गर्ने दायित्व मन्त्रालयको हो।

५. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०७७।७८ मा उल्लेख भएका क्रियाकलापमध्ये ३० हरित उद्यान निर्माण गर्नुपर्नेमा ९ मात्र भएको, १६९ हेक्टरमा कृषि वन प्रणाली प्रवर्द्धन गर्ने कार्यक्रम रहेकोमा १४१ हेक्टरमा भएको, ७५ टन सुगन्धित तेल उत्पादन गर्ने लक्ष्य रहेकोमा ४६ टन उत्पादन भएको, १ करोड थान हर्बल केयर उत्पादन गर्ने लक्ष्य रहेकोमा ६५ लाख थान उत्पादन भएको, ५०० स्थानीय अनुकूलन कार्ययोजना कार्यान्वयन गर्नुपर्नेमा २४१ मात्र कार्यान्वयन भएको, ७ प्रदेशमा वातावरण मैत्री उद्यान निर्माण गर्नुपर्नेमा ४ प्रदेशमा मात्र भएको, सवारीसाधनको लागि युरो-४ मापदण्ड र प्रयोगमा रहेको सवारीसाधनबाट हुने प्रदूषणसम्बन्धी मापदण्ड स्वीकृत हुन बाँकी रहेको, समृद्धिका लागि वन परियोजनाको आधार सर्वेक्षण कार्य नभएको, सहकारी/समूहमार्फत् जडिबुटी उत्पादन तथा खेती विस्तार गर्ने कार्यक्रम सञ्चालन नभएको अवस्था छ । पन्ध्रौं योजनाले परिलक्षित गरेका कार्यक्रममध्ये यस वर्ष सम्पादन गरिने भनी उल्लेख गरिएका सबै क्रियाकलाप वार्षिक बजेट तथा कार्यक्रममा समेटिएको छैन। कार्यक्रम कार्यान्वयन नहुनु वा कम हुनुका कारण पहिचान गरी आवश्यक बजेट व्यवस्था र कार्यान्वयनमा प्रभावकारिता ल्याई बजेटको लक्ष्य हासिल गर्नुपर्दछ ।

६. **दिगो विकास लक्ष्य** - मन्त्रालयसँग सम्बन्धित दिगो विकासका लक्ष्यहरूको प्रगति स्थिति निम्नानुसार छः

क्र. सं.	लक्ष्य/सूचक	मापन	आधार वर्ष सन् २०१५	२०७७।७८ को	
				लक्ष्य (सन् २०१९)	प्रगति
१	ताल, सिमसार र पोखरी संरक्षण	संख्या	१७२७	२५९९	८७३
२	सार्वजनिक निजी क्षेत्रमा बिरुवा रोपण	हेक्टर प्रति वर्ष	०	५०००	२५८८
३	औसत रुख संख्या	प्रति हेक्टर	४३०	४८७	४३०
४	जैविक विविधता र पारिस्थितिकीय प्रणालीहरूको संरक्षण र दिगो प्रयोगको लागि आधिकारिक विकास सहायता	प्रतिशत	१.९	०	०
५	रुख बिरुवा प्रजाति संरक्षण	संख्या	३	३३	१०
६	जनावर प्रजाति संरक्षण	संख्या	५	४८	१६
७	जलवायु दृष्टिकोणले व्यवस्थित गाउँहरू	संख्या	०	४५	४२
८	वन क्षेत्रले वायुमण्डलबाट शोषण गरेर लिएको कुल कार्बन	मिलियन टन्स	२२७६	२५२२	११५७.४

निर्धारित लक्ष्यबमोजिमका कार्यक्रमको कार्यान्वयन सम्बन्धमा मन्त्रालयबाट प्रभावकारी रूपमा अनुगमन गरी प्रगति हासिल गर्नुपर्दछ ।

७. **वन व्यवस्थापन -** साविकमा वैज्ञानिक वन व्यवस्थापन कार्यविधि बनाई वन व्यवस्थापन कार्य हुँदै आएकोमा अनियमितता भएको कारण उल्लेख गरी ती क्षेत्रमा काठ कटान कार्य रोक्का राखेको छ । यो वर्षको बजेटमा वैज्ञानिक वन व्यवस्थापनको माध्यमबाट वन पैदावारलाई आर्थिक क्रियाकलापसँग जोडिने उल्लेख छ । ढलापडा, सुखड खडा, हैसियत बिग्रिएका, प्रकोपले ढलेका र बुढो तथा उमेर पुगेका रुख बढ्दो क्रममा रहेका छन्। हिउँद तथा सुख्खा मौसममा लाग्ने डढेलोले यस्ता काठहरू नष्ट हुने गरे तापनि प्रभावकारी व्यवस्थापन गरी उपयोग हुन सकेको छैन । आवश्यकतानुसार काठ उपलब्ध हुन नसकेको कारण २०७७।७८ मा रू.२ अर्ब ३३ करोड मूल्यको काठ आयात भएको भन्सार विभागको तथ्याङ्कबाट देखिएको छ । ढलापडा, सुख्खा खडा रुखहरूको व्यवस्थापन गरी प्राप्त हुने काठको सदुपयोग हुने व्यवस्था मिलाउनुपर्दछ।

८. **वन विकास कोष** - वन ऐन, २०७६ को दफा ४५ मा वन क्षेत्र अन्य प्रयोजनको लागि दिएमा सो वापत प्राप्त रकम वनको संरक्षण, संवर्द्धन एंव प्रवर्द्धनात्मक कार्य गर्न वन विकास कोषमा जम्मा हुने व्यवस्था छ। मन्त्रालयले २०७६।७।४ मा वन विकास कोष स्थापना गरेकोमा वन क्षेत्रको भोगाधिकार प्राप्त गर्ने संस्थाबाट गत वर्षसम्म रू.२८ करोड १६ लाख र यस वर्ष रू.२० करोड ९४ लाख समेत जम्मा रू.४९ करोड १० लाख प्राप्त गरेको देखिन्छ। उक्त रकम एक निजी क्षेत्रको वाणिज्य बैङ्कमा उपयोग विहीन रहेकोमा २०७८।११।२६ मा कार्य सञ्चालन कोष खातामा जम्मा गरेको छ।

पूर्वाधारजन्य संरचना निर्माण गर्दा नष्ट भएको जंगल एवं बोट बिरुवाको सट्टा भरण गरी वनको क्षेत्रफल कमी नआउने गरी व्यवस्थापन गर्ने कानूनी व्यवस्था भएपनि सबै संरचना निर्माण गर्ने निकायले यस कोषमा रकम पठाएका छैनन् । मन्त्रालयले समेत सोको अनुगमन गरेको छैन । वन तथा वृक्षारोपणको सट्टाभरणको लागि कोषमा रकम नपठाई सम्बन्धित आयोजनाले वृक्षारोपण कार्यक्रम सञ्चालन गरेकोमा सोको टिकाउपना, वृक्षारोपण भएका बिरुवाको अवस्था यकिन गरी सम्बन्धितलाई निर्देशन दिने, कारबाही गर्ने व्यवस्था मिलाउनु पर्दछ।

९. **लेखा तथा वित्तीय विवरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा प्रत्येक कार्यालयले सबै प्रकारका आयव्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकबाट अन्तिम लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ। मन्त्रालयको वार्षिक आर्थिक विवरणअनुसार सोझै भुक्तानी हुने अनुदान रू.४६ करोड १५ लाख २७ हजार खर्च भएको देखिएकोमा रू.४५ करोड ७८ लाख ९ हजारको लेखा तथा वित्तीय विवरण लेखापरीक्षणको लागि पेस भएको छैन। उल्लिखित आर्थिक कारोबारका सम्बन्धमा राय पेस गर्न सकिएन। ऐनको व्यवस्था बमोजिम महालेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्दछ ।

१०. **रोयल्टी** - वन नियमावली, २०५१ को नियम ४९ मा सरकारी जग्गा अन्य निकायलाई लिजमा दिएमा रोयल्टी असुल गर्नुपर्ने व्यवस्था छ। गत वर्षसम्म ५३१ संस्थालाई १९ हजार १५१ हेक्टर जग्गा ७ देखि ४० वर्षको लागि उपयोग गर्न दिएकोमा यस वर्ष सोको विवरण पेस भएन । लिजमा उपलब्ध गराएको जग्गाको अभिलेख अद्यावधिक गरी रोयल्टी रकम असुल गर्नुपर्नेमा अभिलेख राखेको छैन। लिजमा दिएका जग्गाको रोयल्टी असुली अवस्था सुनिश्चित गर्न अद्यावधिक अभिलेख राख्नुपर्दछ ।

११. **कार्य सम्पादन करार -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ (५) मा बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक प्रतिफल सूचकसहित करार गर्ने व्यवस्था छ । मन्त्रालयले मन्त्री र सचिव, सचिव र विभागीय प्रमुखबीच भएको कार्यसम्पादन करारको प्रगतिको मूल्याङ्कन गरेको देखिएन । करार अवधिमै सरुवा गर्ने पद्धतिले यसको कार्यान्वयन र मूल्याङ्कनमा प्रभाव पारेको छ। कार्यसम्पादन करारको प्रगति स्थितिको मूल्याङ्कन गरी तोकिएको कार्यमा प्रभावकारिता अभिबृद्धि गर्नुपर्दछ।

१२. **संगठन संरचना -** मन्त्रालयले साविकको कर्मचारी दरबन्दी पुनः संरचना गरी वन तथा वातावरण मन्त्रालयमा १२९, वन तथा भू-संरक्षण विभागमा ४५६, सशस्त्र वन रक्षक ब्यारेक ५ मा ९३०, राष्ट्रिय निकुञ्ज विभागमा १ हजार ९४४, वनस्पति विभागमा २५५, वातावरण विभागमा ५५ र अन्य २ निकायमा ८६ समेत ३ हजार ८५५ कर्मचारीको दरबन्दी स्वीकृत गरेको छ । सेवा, समूह सञ्चालन गर्ने मन्त्रालयले मातहत निकायहरूको पदपूर्ति तथा रिक्तको विवरण अद्यावधिक गरेको छैन । सेवा प्रवाहलाई प्रभावकारी बनाउन मानव संसाधनको अभिलेख अद्यावधिक राखी उपयुक्त व्यवस्थापन हुनुपर्दछ।

१३. **कार्यविधि तथा मापदण्ड -** मन्त्रालयको वार्षिक कार्यक्रममा प्रयोगमा रहेको सवारीसाधनबाट हुने प्रदूषण सम्बन्धी मापदण्ड तयार गर्ने, ठूला निर्माण उपकरण तथा सवारीसाधनका लागि युरो मापदण्ड तयार गर्ने, ब्लेण्डिङ् उद्योगबाट निष्काशन हुने फोहोर पानीको मापदण्ड तयार गर्ने, नियम, नीति, रणनीति सम्बन्धी मस्यौदा तयारी, सवारीसाधनको लागि युरो ४ मापदण्ड तयार गर्ने, रोजगारी मापदण्ड निर्धारणसम्बन्धी अध्ययन गर्ने उल्लेख भएकोमा सोसम्बन्धी मापदण्ड, नीति, नियम तयार भएको छैन । त्यसैगरी निर्माण कार्यमा उपभोक्ता समितिको योगदानसम्बन्धी मापदण्ड तयार गरेको देखिएन । कार्यक्रममा तोकिएका लगायत आवश्यक अन्य कार्यविधि तर्जुमा गर्नुपर्दछ।

१४. **वन अतिक्रमण -** वन ऐन, २०७६ को दफा ४९ मा राष्ट्रिय वनक्षेत्रको अतिक्रमण गर्ने कार्य दण्डनीय अपराध मानिने उल्लेख छ । अतिक्रमण नियन्त्रण गर्न वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ कार्यान्वयनमा रहेको छ । मन्त्रिपरिषद्को २०७७।२।२८ को निर्णयअनुसार राष्ट्रिय वन क्षेत्रको साल तथा अन्य रुख कटान, मुछान, सङ्कलन तथा ओसार पसारबाट वन विनाश भएको सम्बन्धमा छानबिन गर्न गठित उच्चस्तरीय छानबिन समितिले प्रधानमन्त्रीसमक्ष पेस गरेको प्रतिवेदनले ६५ जिल्लामा १ लाख ४ हजार हेक्टर वन अतिक्रमण भएको उल्लेख गरेकोमा मन्त्रालयबाट अतिक्रमण हटाउने सम्बन्धमा भएको प्रगति उल्लेख गरेको छैन । प्रतिवेदनमा पूर्व-पश्चिम राजमार्गको दुवैतर्फ वन क्षेत्र रहेको स्थानहरूमा अव्यवस्थित बस्तीहरू रहेको, कतिपय बस्तीहरू शहरको रूपमा विकास हुँदै गएको, पालिकाहरूले अतिक्रमित क्षेत्रका बस्तीमा बिजुली, खानेपानी, टेलिफोन आदिको व्यवस्था गरेको, मठ, मन्दिर, विद्यालय, क्याम्पस, कार्यालय, खेल मैदान, पाटी, चौतारा, पार्कलगायतका सार्वजनिक पूर्वाधार बनाउँदा वन क्षेत्रकै जग्गा प्रयोग गर्ने गरेको उल्लेख छ । वन ऐन, २०७६ बमोजिम कारबाही गरी वन क्षेत्रको संरक्षण गर्नुपर्दछ।

वन जंगल अवस्थित जग्गाको प्रशासन संघीय सरकारले गर्ने र सोही जग्गामा अवस्थित वन जंगल प्रदेश सरकारको कार्यक्षेत्र भित्र राखेकोले वन जंगलको प्रभावकारी संरक्षणको लागि जिम्मेवारी र जवाफदेहिता स्पष्ट देखिएन। कार्यक्षेत्र स्पष्ट गरी कार्यसम्पादन गर्नुपर्दछ ।

१५. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयमा उपलब्ध जनशक्तिबाट सम्पादन हुन नसक्ने काम भएमा मात्र परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान सम्बन्धित मन्त्रालयबाट स्वीकृत नर्म्सको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१५.१ विभिन्न अध्ययन, सर्वेक्षण, अनुसन्धानलगायतका कामको लागि मन्त्रालयअन्तर्गतको रेड कार्यान्वयन केन्द्रले रू.२ करोड ८८ लाख, पहाडी साना किसानको लागि अनुकूलन आयोजनाले रू.२ करोड ५० लाख, वन तथा भू-संरक्षण विभागले रू.१ करोड ६१ लाख, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले रू.३ करोड ९१ लाखसमेत यो वर्ष परामर्श सेवामा रू.१० करोड ९० लाख खर्च लेखेकोमा परामर्श सेवाको लागत अनुमान तयार गर्न आवश्यक नर्म्स मन्त्रालयबाट स्वीकृत भएको देखिएन । पारिश्रमिक दर नतोकेकोले आधार बेगर लागत अनुमान तयार गरी पारिश्रमिकलगायत विभिन्न आइटममा पटक पटकको निर्णयअनुसार फरक फरक दर राखेको छ । परामर्श सेवाको लागत अनुमानमा एकरूपता ल्याउन मन्त्रालयले नर्म्स स्वीकृत गरी लागू गर्नुपर्ने व्यहोरा गतविगत वर्ष समेत औँल्याइएकोमा सुधार भएको छैन। नर्म्ससम्बन्धमा कानूनी व्यवस्था गरी नियमन गर्नुपर्दछ ।

१५.२ सम्बन्धित निकायमा उपलब्ध जनशक्तिबाट हुन नसक्ने आधार र कारण स्पष्ट नखुलाई आफ्नै जनशक्तिबाट गर्न सकिने कामको लागि पनि परामर्श सेवा खरिद गरेको देखियो। उपलब्ध जनशक्तिको पर्याप्त उपयोग गरी परामर्शदाता माथिको निर्भरता घटाउनुपर्दछ।

१५.३ परामर्शदाताहरूले प्रस्तावमा पारिश्रमिक, शोधभर्ना हुने खर्च र प्रोभिजनल सम आइटमको छुट्टा छुट्टै दर पेस गरेको आधारमा सम्झौता गरेकोमा शोधभर्ना हुने शीर्षकको रकमलाई लमसममा परिवर्तन गरी विल भरपाई पेस गर्न नपर्ने गरी वन तथा भू संरक्षण विभागले रू.२३ लाख ७३ हजार, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले रू.१ करोड ६ लाख १६ हजार, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिले रू.४३ लाख १० हजारसमेत रू.१ करोड ७२ लाख ९९ हजार विल भरपाई बेगर भुक्तानी दिएका छन् । शोधभर्ना शीर्षकको खर्चमा कार्यालयले नियन्त्रण गरेको देखिँदैन । वास्तविक खर्चको आधारमा शोधभर्ना हुनुपर्दछ।

१५.४ परामर्शदातामार्फत् भएको अध्ययन, अनुसन्धानको प्रतिवेदनहरूको अभिलेख अद्यावधिक नगरेकोले उपयोग अवस्था यकिन हुन सक्ने देखिदैन । हरेक वर्ष अध्ययन अनुसन्धान गर्ने तर ती अनुसन्धानका निष्कर्षहरूको कार्यान्वयन नगर्ने वा ढिलो गर्ने कारण खर्चको प्रभावकारिता र उपलब्धि अपेक्षाकृत हुने देखिदैन । अतः आवश्यक अध्ययन एवं अनुसन्धानको लागि मात्र परामर्श सेवा लिने, परामर्शदाताबाट प्राप्त प्रतिवेदनको अभिलेख राख्ने र प्रतिवेदनको उपयोग हुने वातावरण तयार गरी खर्चको सदुपयोग सुनिश्चित गर्नु पर्दछ।

१६. **वातावरणीय प्रभाव मूल्याङ्कन** - वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा वातावरणीय परीक्षण एवं मूल्याङ्कन गरी प्रतिवेदन स्वीकृतिका लागि सम्बन्धित निकायमा पेस गर्नुपर्ने व्यवस्था छ । वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९ मा प्रारम्भिक वातावरणीय परीक्षण १५ दिन भित्र र वातावरणीय प्रभाव मूल्याङ्कन ३५ दिन भित्र स्वीकृत गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पेस भएकोमध्ये १४ र गत विगत वर्षमा पेस भएको मध्ये ४९ समेत मन्त्रालयले यस वर्ष ६३ प्रतिवेदन स्वीकृत गरेको छ । उक्त

प्रतिवेदनमध्ये ९ प्रतिवेदनको परीक्षण गर्दा पेस भएको तथा स्वीकृत भएको मिति देहाय बमोजिम देखिएको छः

क्र. सं.	आयोजनाको नाम	वातावरणीय प्रभाव मूल्याङ्कन			
		पेस भएको मिति	पत्राचार तथा प्रमाण सङ्कलन अवधि	स्वीकृत मिति	स्वीकृतिको लागि लागेको दिन
१	सुपर कावेली खोला ए जलविद्युत आयोजना	२०७८।१।१५	४१	२०७८।३।४	४९
२	सुपर कावेली खोला जलविद्युत आयोजना	२०७७।१२।२६	७२	२०७८।३।२०	८४
३	उत्तर दक्षिण लोक मार्ग	२०७६।७।१८	२४१	२०७७।४।२१	२७३
४	मध्य पहाडी सडक (नेपालथोक - बाहुनेपाटी खण्ड)	२०७६।६।१०	४९४	२०७७।११।१९	५१९
५	न्यूरो हस्पिटल स्तरोन्नति, विराटनगर	२०७६।३।१५	३१३	२०७८।१।१२	६६७
६	बाँदरमुढे खोला पुल, चितवन	२०७६।३।१	६१५	२०७८।१।१६	६७५
७	सहकारी शीत भण्डार, सप्तरी	२०७६।२।१७	६९०	२०७८।१।३०	७१३
८	कालीगण्डकी दाना उद्योग, स्याङजा	२०७५।६।१८	६५०	२०७७।६।६	७१८
९	ब्रजमादी जलविद्युत आयोजना, कास्की	२०७५।६।२४	७५३	२०७७।७।२६	७६२

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गर्न प्रक्रियागत अवधि ७६२ दिनसम्म लागेको देखिन्छ । यसमा पत्राचार तथा प्रमाण सङ्कलन गर्न ७५३ दिनसम्म लागेको एवं मन्त्रालयले समेत तोकिएको समयमा स्वीकृत गरेको पाइएन । वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गर्न भएको ढिलाइले योजनाहरू कार्यान्वयन गर्न ढिलाइ हुन गएको परामर्शदाता र निर्माण व्यवसायीको समय र मूल्य समायोजनको समयावधि बढाउनु पर्ने अवस्थाले लागत बढ्ने अवस्था छ । तसर्थ मन्त्रालयले सरोकारवालाहरूसँग समन्वय गरी वातावरणीय प्रभाव मूल्याङ्कनको स्वीकृति कानूनले तोकेको म्याद भित्रै दिने व्यवस्था मिलाउनु पर्दछ ।

१७. **प्रदूषण** - जलवायुको क्षेत्रमा निर्धारित राष्ट्रिय योगदान, राष्ट्रिय अनुकूलन योजना, शून्य कार्वन उसर्जन रणनीति, राष्ट्रिय जलवायु तथा अन्य क्षेत्रगत नीतिले गरेको व्यवस्था कायान्वयन गर्न सन् २०५० सम्मका लागि रू.१ खर्ब बजेटको आवश्यकता पर्ने पूर्व सम्भाव्यता अध्ययनबाट देखिएको छ। सो आधारमा कार्ययोजना सहित काम गर्ने, स्रोत जुटाउन विकास साझेदारसँग वार्ता र छलफल गर्ने, अन्तर्राष्ट्रिय समुदायसंग समन्वय लगायतका कार्य गरी राजधानी एवं मुलुकमा प्रदूषण न्यून गर्ने नीतिगत एवं कार्यगत व्यवस्था मिलाउन सकेको छैन । प्रदूषण घटाउने प्रकृतिको कार्यलाई प्राथमिकता दिनु पर्नेमा गाउँपालिकास्तरमा सचेतनाको नाउमा सिधै निश्चित रकम खर्च गर्ने गरेको देखियो। अन्तर्राष्ट्रिय अभ्यास र स्थानीय अवस्थालाई सम्बोधन हुनेगरी कार्यक्रम स्वीकृत एवं कार्यान्वयन गरी मुलुकलाई प्रदुषणमुक्त राष्ट्रको रूपमा लैजानेतर्फ कदम चाल्नुपर्दछ ।

१८. **वैदेशिक सहायताको उपयोग -** दातृ निकायको अनुदान तथा ऋण सहयोगमा सञ्चालित निम्न ३ आयोजनामा रू.९ अर्ब २ करोड ३८ लाख खर्च गर्ने सम्झौता भएकोमा २०७७।७८ सम्म रू.२ अर्ब ९७ करोड २८ लाख खर्च भएको छः

(रू. लाखमा)

सि.नं	आयोजनाको नाम	दातृ निकाय	आयोजना सञ्चालित जिल्ला	शुरु वर्ष	आयोजना सम्पन्न हुने वर्ष	सम्झौता रकम	खर्च	खर्च प्रतिशत
१	रेड कार्यान्वयन केन्द्र	विश्व बैङ्क	नेपालभर	जनवरी २०१७	डिसेम्बर २०२२	५६८७	४३०२	७५%
२	पहाडी क्षेत्रका साना किसानको लागि अनुकूलन आयोजना	आइफाड	७ जिल्ला	फेब्रुअरी २०१५	मार्च २०२१	३४५००	२४५२६	७१%
३	चुरे उत्थानशील आयोजना	जिसिएफ	११ जिल्ला	मे २०२०	मे २०२७	५००६०	९००	१.८०%
					जम्मा	**९०२३८**	**२९७२८**	

रेड कार्यान्वयन केन्द्रको आयोजना कार्यान्वयन अवधि ९२ प्रतिशत समाप्त हुँदा ७५ प्रतिशत, पहाडी क्षेत्रको साना किसानका लागि अनुकूलन आयोजनाको ८९ प्रतिशत अवधि समाप्त हुँदा ७१ प्रतिशत, चुरे उत्थानशील आयोजनाको १७ प्रतिशत अवधि समाप्त हुँदा १.८० प्रतिशत कार्यप्रगति भएको देखिन्छ । कार्यान्वयनमा ढिलाई गरी कम खर्च हुन गएकोले वैदेशिक सहायताको पर्याप्त उपयोग हुन सकेको छैन । बाँकी अवधिमा तोकीएअनुसार कार्यक्रम सञ्चालन गर्न आयोजनाहरूले ध्यान दिनुपर्दछ।

१९. **प्रदूषण नियन्त्रण शुल्क** - आर्थिक ऐन, २०७७ को दफा १३ मा नेपालभित्र बिक्री वितरण हुने पेट्रोल तथा डिजेलमा प्रतिलिटर रू.१।५० का दरले प्रदूषण नियन्त्रण शुल्क लगाई असुल गरिने व्यवस्था छ। उक्त व्यवस्था बमोजिम यो वर्ष रू.३ अर्ब ३८ करोड २५ लाखसमेत २०६५।६६ देखि २०७७।७८ सम्म रू.१२ अर्ब ८१ करोड ३१ लाख राजस्व असुल गरी सञ्चित कोष दाखिला गरेको देखिन्छ । सो रकम प्रत्यक्ष रूपमा प्रदूषण नियन्त्रण एवं रोकथाम गर्ने कार्यमा खर्च गरेको नदेखिएकोले जुन प्रयोजनको लागि शुल्क उठाएको हो सोही कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

वन तथा भू-संरक्षण विभाग

वनको प्रभावकारी व्यवस्थापन, संरक्षण र संवर्द्धन गरी सर्वसाधारण जनतालाई काठ, दाउरा लगायत वन पैदावारको सरल र सुलभ तरिकाले उपलब्ध गराउने उद्देश्यले २०५० सालमा विभागको स्थापना भएको हो । विभाग मातहत ४ बृहत जलाधार व्यवस्थापन केन्द्र, १ संघीय जलाधार व्यवस्थापन स्रोत केन्द्र, ४ वन बीउ प्रयोगशाला तथा भण्डारण केन्द्र र १ सशस्त्र वन रक्षक तालिम केन्द्र रहेका छन् ।

२०. **क्षेत्रगत बजेट** - वनको समुचित व्यवस्थापन गरी वनलाई समृद्धिको आधार बनाउने उद्देश्यले वन कार्यक्रमका लागि रू.२ करोड बजेट विनियोजन भएको छ । विनियोजित बजेटमध्ये जाजरकोट जलाधार व्यवस्थापन केन्द्रबाट मात्र रू.१ करोड ८० लाख (९० प्रतिशत) खर्च भएको छ। विभाग अन्तर्गत ५ बृहत् जलाधार केन्द्र रहेकोमा एउटा केन्द्रबाट मात्र कार्य सञ्चालन गर्दा समग्र जलाधार व्यवस्थापन हुन सक्ने देखिँदैन। राष्ट्रव्यापी कार्यक्षेत्र भएको विभागले उक्त कार्यक्रमको ९० प्रतिशत रकम एउटै केन्द्रबाट खर्च गर्नाले कार्यक्रम आवश्यकताको आधारमा तय भएको तथा क्षेत्रगत रूपमा समान वितरण भएको देखिएन। वनलाई समृद्धिको आधार बनाउने कार्यक्रमका लागि लक्षित कार्यक्रम र विनियोजित बजेटले नतिजा दिने अवस्था छैन । सन्तुलित रूपले बजेट विनियोजन गरी कार्यान्वयन गर्नुपर्दछ ।

२१. **कार्यविधिको पालना** - स्थानीय तहसँगको साझेदारीमा शहरी वन विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को बुँदा नं ११ मा सक्कल बिल भरपाई र सम्बन्धित स्थानीय तहको योजना अनुगमन तथा मूल्याङ्कन समितिको प्रतिवेदन पेस भए पश्चात् मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। विभागले ४ स्थानीय तहलाई सडक किनारामा बिरुवा लगाउने कामको लागि सक्कल विल भरपाई र प्रतिवेदन बेगर रू.१ करोड ९ लाख ९३ हजार भुक्तानी गरेको छ । कार्यविधिको पालना हुनुपर्दछ ।

२२. **अनुदान** - वनजन्य उद्यम प्रवर्द्धन तथा विकासका लागि अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुँदा ४.३ मा अनुदान रकमको लेखापरीक्षण दर्तावाला लेखापरीक्षकबाट गराउनुपर्ने व्यवस्था छ। विभागले प्रस्ताव पेस गर्ने ४०० समूहमध्ये ८५ समूहलाई रू.२ लाख देखि रू.७ लाख ५० हजारका दरले जम्मा रू.१ करोड ६१ लाख ५२ हजार अनुदान दिएको छ। अनुदान रकमको अद्यावधिक अभिलेख नराखेको, लेखापरीक्षण प्रतिवेदन पेस नगरेको एवं प्रतिवेदन पेस नगर्ने समूह र संघ संस्थालाई ताकेता वा अन्य कारवाही पनि नगरेकोले अनुदानको अनुगमन पक्ष प्रभावकारी देखिएको छैन । अनुदान दिँदा आय आर्जन र रोजगारीमा वृद्धि हुने, अनुदानबाट सम्पादित हुने कार्यमा सरोकारवाला समेत उत्प्रेरित हुने गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ ।

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र

२३. **इन्टर्नशीप कार्यक्रम** - वन अनुसन्धान रणनीति, २०७३ र पन्ध्रौं योजनामा उल्लेख भए बमोजिम अनुसन्धान निकाय, विश्वविद्यालय र अन्य संघ/संस्थासँग समन्वय, सहकार्य र साझेदारी गरी वन सम्बन्धी अध्ययन, अनुसन्धान, शोध र क्षमता अभिवृद्धि गर्ने कार्यक्रम स्वीकृत गरी रू.१ करोड ४४ लाख २९ हजार खर्च गरेको छ ।

केन्द्रले इन्टर्नशीप कार्यक्रम सञ्चालन निर्देशिकाको व्यवस्थाअनुसार सहजीकरण समिति गठन नगरेको, विश्वविद्यालय/अध्ययन संस्थान/कलेजहरूबाट प्रस्ताव आशयपत्र माग नगरेको, आफ्नो पाठ्यक्रममा इन्टर्नको व्यवस्था भएका इच्छुक विश्वविद्यालय/अध्ययन संस्थान/कलेजहरूको सूची तयार नगरेको, इन्टर्न छनौट गर्दा सार्वजनिक सूचना नगरेको, सुपरिवेक्षक नतोकेको, इन्टर्नशिप कार्यक्रम सम्पन्न भएपश्चात इन्टर्न तथा सुपरिवेक्षकले वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा प्रतिवेदन नबुझाएको लगायतका कमी कमजोरी रहेको हुँदा प्रभावकारी रूपमा कार्यक्रम सञ्चालन गर्न निर्देशिकाको पूर्णरूपमा पालना गर्नुपर्दछ ।

वनस्पति विभाग

नेपालमा पाइने वानस्पतिक स्रोत विविधताको अन्वेषण, सङ्कलन, पहिचान, संरक्षण, अध्ययन, अनुसन्धान र तिनीहरूको संरक्षण र व्यवस्थापन गर्ने, विद्यमान रासायनिक तत्वहरूको अध्ययन, अनुसन्धान, दिगो उपयोग लगायतका कार्य गरी देशको विकासमा टेवा पुऱ्याउने उद्देश्यले २०१६ सालमा यस विभागको स्थापना भएको हो।

२४. **राजस्व असुली** - वार्षिक कार्यक्रमअनुसार उच्च माग रहेका गुणस्तरीय तथा स्वस्थ बिरुवा उत्पादन गरी लागत मूल्यको ५० प्रतिशत अनुदान दिने र ५० प्रतिशत राजस्व लिई बिरुवा वितरण गर्न रू.४० लाख

खर्च भएकोमा ५० प्रतिशतले हुने रू.२० लाख राजस्व असुल गर्नु पर्नेमा राजस्व प्राप्त भएको छैन। अत: बिरुवा उत्पादन र वितरणको अभिलेख तयार गरी राजस्व असुल गर्नुपर्दछ ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

वनस्पति, वन्यजन्तु र भू-दृश्यहरूको संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापन गर्ने उद्देश्यले २०२९ मा विभाग स्थापना भएको हो । विभाग अन्तर्गत १२ राष्ट्रिय निकुञ्ज, ६ संरक्षण क्षेत्र, १ वन्यजन्तु आरक्ष, १ शिकार आरक्ष सहित २० संरक्षित क्षेत्र र १३ मध्यवर्ती क्षेत्र रहेका छन् ।

२५. **संरक्षित क्षेत्र अतिक्रमण -** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५ मा निकुञ्जको कुनै भाग कब्जा गर्न, आवादी गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा काट्न, घरपालुवा जीवजन्तु वा पन्छी चराउन वा वनपैदावर हानी नोक्सानी पुऱ्याउन र खनिज निकाल्न नपाइने व्यवस्था छ । विभाग अन्तर्गतको संरक्षित क्षेत्रको ४ हजार ५८६ हेक्टर जग्गा अतिक्रमण भएकोमा यस वर्ष ३५ हेक्टर जग्गा मात्र अतिक्रमण मुक्त गरेको देखिन्छ । कानूनअनुसार कारबाही गरी संरक्षित क्षेत्र अतिक्रमण मुक्त गराउनु पर्दछ ।

२६. **मौज्दात -** वन्यजन्तुवाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ अन्तर्गत १४ प्रकारका वन्यजन्तुबाट मानवीय र पशुधनको क्षति भएमा राहत वितरण गरी खर्च नभई बाँकी रहेको रकम संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने व्यवस्था छ । यो वर्ष वन्यजन्तुवाट हुने क्षतिको राहत वितरणको लागि २० संरक्षित क्षेत्रलाई रू.१४ करोड १० लाख निकासा गरेकोमा विभाग र अन्तर्गतका कार्यालयको कार्य सञ्चालन खातामा रू.५ करोड ९३ लाख बाँकी रहेको छ । राहत वितरण गरी वर्षान्तमा बाँकी रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

२७. **मानव तथा वन्यजन्तु संरक्षण** - विभागबाट प्राप्त विवरणअनुसार यस वर्ष वन्यजन्तुबाट ४० जना मृत्यु, सख्त तथा सामान्य घाइते, पशुधन अन्नबाली, घरगोठ क्षति लगायतका ८ हजार १५५ घटना घटेको र वन्यजन्तु तर्फ सडक दुर्घटना, कुकरको आक्रमण तथा चोरी शिकारी लगायतका कारणबाट ५७३ वन्यजन्तुको मृत्यु भएको देखिन्छ । अत: मानव-वन्यजन्तुद्वन्द्व बढेको र राहत वितरण रकम पनि वृद्धि हुँदै गएकोले मानव वन्यजन्तु द्वन्द र क्षति न्यूनीकरण तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२८. **मुद्दा फर्स्यौंट स्थिति -** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र सो अन्तर्गतका नियमावली विपरीत राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षण क्षेत्र तथा मध्यवर्ती क्षेत्रमा निषिद्ध कार्यहरू गर्नेलाई अनुसन्धान तथा तहकिकात सम्पन्न भएपछि मुद्दा हेर्ने अदालत वा तोकिएको अधिकारी समक्ष पेस गर्नुपर्ने उल्लेख छ । गत वर्ष वन अपराध सम्बन्धी ८८ मुद्दा फर्स्यौंट हुन बाँकी रहेकोमा यो वर्ष ८३ थपसमेत १७१ मध्ये ६३ फर्स्यौंट भई १०८ मुद्दा फर्स्यौंट हुन बाँकी देखिन्छ । त्यस्तै गत वर्ष वन्यजन्तु अपराधसम्बन्धी ८९ मुद्दा फर्स्यौंट हुन बाँकी रहेकोमा यो वर्ष ८६ थपसमेत १७५ मुद्दा मध्ये ८२ फर्स्यौंट भई ९३ मुद्दा फर्स्यौंट हुन बाँकी देखिन्छ ।

२९. **उत्खनन् स्वीकृत -** वन विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र अरुण तेस्रो जलविद्युत आयोजनाबीच भएको सम्झौतापत्रको बुँदा नम्बर १० मा वातावरणीय प्रभाव मूल्याङ्कन गरी जिल्ला वन कार्यालय र मकालु बरुण राष्ट्रिय निकुञ्जबाट पूर्व अनुमति लिई सो को दस्तुर बुझाई ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा सङ्कलन गरी प्रयोग गर्नुपर्ने उल्लेख छ। तर आयोजनाले ठूलो परिमाणमा ढुङ्गा, गिट्टी,

बालुवा उत्खनन तथा सङ्कलन गरी प्रयोग गरेकोमा निकुञ्ज कार्यालयबाट स्वीकृति लिएको र रोयल्टी बुझाएको छैन । वातावरण संरक्षण ऐन, २०७६ र नियमावली, २०७७ अनुसार कारवाही गर्नुपर्दछ ।

३०. **सम्झौता कार्यान्वयन** - राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र नेपाल आयल निगमबीच २०७५।१०।१७ मा भएको सम्झौताको बुँदा नं ४ अनुसार पेट्रोलियम पाइपलाइन निर्माण गर्न ३ हेक्टर सरकारी वन क्षेत्रको जग्गा प्रयोग गरेकोमा पर्सा राष्ट्रिय निकुञ्ज कार्यालयले तोकेको स्थानमा कटान गरेको ८८ हजार १६३ रुख बिरुवाको सट्टा १ बिरुवा बराबर २५ बिरुवा रोपी ६ वर्षसम्म स्याहार सुसार गरी हस्तान्तरण गर्नुपर्नेमा हालसम्म वृक्षारोपण गर्ने वा सोको लागि निकुञ्जलाई रकम दिने कार्य गरेको छैन । संझौतानुसार वृक्षारोपण गर्नुपर्दछ ।

३१. **उपभोक्ता समिति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (१) मा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सोसम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिने उल्लेख छ । चितवन राष्ट्रिय निकुञ्ज कार्यालयले निकुञ्जको भित्री क्षेत्रमा सञ्चालन हुने वनपथ निर्माण तथा व्यवस्थापनका लागि ४ उपभोक्ता समितिसँग रू.२ करोड २५ लाख २९ हजारको सम्झौता गरी रू.६५ लाख ६६ हजार पेश्की उपलब्ध गराएको छ। निकुञ्जको क्षेत्रमा लाभग्राही पनि नभएका वा उपभोग गर्ने समुदायको प्रतिनिधि पनि नहुनेमा उपभोक्ता समितिसंग सम्झौता गरी कार्य गराउनु नियमसम्मत नभएकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

३२. **अर्ना हस्तान्तरण** - अर्ना संरक्षण गर्न राष्ट्रिय प्राकृतिक संरक्षण कोष तथा यू.एस.एड. को वित्तीय तथा प्राविधिक सहायतामा कोशीटप्पु वन्यजन्तु आरक्षणबाट १२ र चिडियाखाना जावलाखेलबाट ३ समेत १५ अर्ना २०७३ मा चितवन राष्ट्रिय निकुञ्जमा स्थानान्तरण गरेको थियो । वन क्षेत्रमा इन्क्लोजर निर्माण गरी राखेको ती अर्नामध्ये गत वर्षसम्म मृत्यु भई बाँकी रहेका १३ मध्ये २०७७।७८ मा १० अर्ना प्राकृतिक तथा अन्य कारणबाट मृत्यु भई हाल ३ मात्र जिवीत रहेको विवरण प्राप्त भएको छ । अर्ना व्यवस्थापनमा २०७६।७७ र ०७७।७८ मा रू.६३ लाख ६९ हजार खर्च भएता पनि अर्नाको संरक्षणमा अपेक्षित सफलता प्राप्त भएको देखिएन । अध्ययन अनुसन्धानका आधारमा अर्ना स्थानान्तरणलाई व्यवस्थित र दिगो तुल्याउन सम्बन्धित क्षेत्रले ध्यान दिनुपर्दछ ।

वातावरण विभाग

वातावरण व्यवस्थापनको अवधारणालाई स्थानीयस्तरसम्म पुऱ्याउने, नेपालको जलवायु परिवर्तनका कारण सिर्जित समस्याहरूलाई समाधान गर्न सरकारी, गैरसरकारी एवं निजी क्षेत्रबीच समन्वय कायम गर्ने र वातावरण व्यवस्थापनको प्रभावकारी अनुगमन एवं वातावरण क्षेत्रमा उपलब्ध सम्भावना तथा अवसरहरूको पूर्ण उपयोग गर्न २०६९ सालमा विभागको स्थापना भएको हो ।

३३. **प्रदूषण नियन्त्रण** - वायु प्रदूषणको रोकथाम र नियन्त्रण गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्न काठमाडौं उपत्यकाको लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ लागु भएको छ। कार्ययोजनाले २ वर्ष भित्र सञ्चालनमा रहेका इँट्टा भट्टाहरूमा नयाँ प्रविधिको प्रवर्द्धन गर्ने, इँटाको विकल्पको रूपमा प्रयोग हुने निर्माण सामग्रीहरूको अध्ययन गरी प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्ने, इँटा उद्योगहरूमा प्रयोग गर्न सकिने स्वच्छ प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान गर्ने र

अध्ययनका नतिजाका आधारमा कार्यान्वयन गर्दै लैजाने, अस्पतालजन्य फोहोर व्यवस्थापनमा अटोक्लेभिङ प्रविधि लगायतका नबालिने प्रविधिलाई प्रर्वद्धन गर्ने, दैनिक रूपमा पत्रपत्रिकाहरूमा वायु गुणस्तर सम्बन्धी सूचना प्रकाशित गर्ने र भट्टी तथा बोइलर भएका तथा उत्पादन प्रक्रियामा इन्धन बाल्ने उद्योगहरूको डाटाबेश बनाउने उल्लेख गरेकोमा ती कार्यहरू २०७८ माघसम्म पनि शुरु भएको देखिएन। साधन श्रोत व्यवस्था गरी तोकिएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

३४. **प्रदूषण जाँच** - वातावरण संरक्षण ऐन, २०७६ को दफा १५ मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै सवारीसाधन, यन्त्र उपकरणबाट हुने प्रदूषण न्यूनीकरण वा निराकरण गर्नको लागि प्रदूषण नियन्त्रण सम्बन्धी मापदण्ड निर्धारण गर्न सक्ने र स्वास्थ्य एवं वातावरणमा प्रतिकूल प्रभाव पार्ने गरी प्रदूषण गर्न वा गराउन नहुने व्यवस्था छ। विभागबाट प्राप्त प्रतिवेदनअनुसार २०७७।७८ मा प्रदूषण नियन्त्रणअन्तर्गत डिजल तथा पेट्रोलबाट चल्ने सवारीसाधनको प्रदूषण जाँच कार्य प्रदेश १ का झापा, इलाम र ओखलढुङ्गा जिल्लामा एक एक दिन मात्रै गरेको छ। पेट्रोलबाट चल्ने १०५ सवारीसाधन परीक्षण गर्दा समग्रमा ४६ प्रतिशत र डिजलबाट चल्ने ७४ सवारीसाधन परीक्षण गर्दा ९३.७५ प्रतिशत सवारीसाधन मापदण्डअनुसार नभएको उल्लेख छ । प्रदूषण परीक्षणको दायरा बृद्धि गरी मापदण्ड पूरा नगरी सवारीसाधन सञ्चालन गर्ने कार्य नियन्त्रण गर्न समन्वयात्मक भूमिका निर्वाह गर्नुपर्दछ ।

३५. **वायु गुणस्तर** - नेपाल सरकारले तोकेको मापदण्डअनुसार हावामा पाइने मसिना धूलोका कण पार्टिकुलेट म्याटर (पी.एम.) २.५ को दैनिक औसत मापदण्ड ४० माइक्रोग्राम प्रति घनमिटर हुनुपर्नेमा वायु गुणस्तर मापन केन्द्रहरूको तथ्याङ्कअनुसार काठमाडौंको रत्नपार्कमा २३० दिनमध्ये ७८ दिन, ललितपुरको पुल्चोक केन्द्रमा ५१ दिनमध्ये ३ दिन, काभ्रेको धुलिखेल केन्द्रमा २४१ दिनमध्ये २९ दिन, भक्तपुरमा २१४ दिनमध्ये ३७ दिन, चितवनको सौराहामा १९३ दिनमध्ये ८० दिन, ललितपुरको भैंसेपाटीमा ३५९ दिन मध्ये १४० दिन, लुम्बिनीमा २८ दिनमध्ये १२ दिन, नेपालगन्जमा ३१२ दिनमध्ये ५१ दिन, झापाको दमकमा १५८ दिनमध्ये १०९ दिन, बाराको सिमरामा १८५ दिनमध्ये ९० दिन र काठमाडौंको शंखपार्कमा २५२ दिनमध्ये ३३ दिन धूलोको कण राष्ट्रिय मापदण्डभन्दा बढि देखियो । प्राप्त तथ्याङ्कको विश्लेषण गरी वायु प्रदूषण हुने कार्य नियन्त्रण गर्न थप नीतिगत एवं प्रक्रियागत व्यवस्था मिलाउनुपर्दछ ।

रेड कार्यान्वयन केन्द्र

वन संरक्षण गरी वायुमण्डलमा रहेको हरितगृह ग्यासँ र कार्बन डाइअक्साइड प्राप्त गरी भण्डारण गर्ने र वनबाट हुने कार्वन उत्सर्जनमा कमी ल्याई जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्ने उद्देश्यले केन्द्रको स्थापना भएको हो ।

३६. **सम्झौता कार्यान्वयन** - नेपाल सरकार र विश्व बैङ्कबीच भएको रेड कार्यान्वयन सम्बन्धी सम्झौतामा उल्लेख भएका काठ बजार र आपूर्ति श्रृंखला स्थापित गर्ने, रोयल्टी दर परिमार्जन गर्ने, रेड प्लस र कार्बन उत्सर्जन न्यूनीकरण कार्य गर्न वनमा आधारित जीविकोपार्जन र उद्यमशीलता प्रवर्द्धन गर्न, दिगो वन व्यवस्थापनका लागि सिल्भिकल्चरल अभ्यास र प्रकृतिमा आधारित पर्यटन कार्यक्रमको विकास, कार्बन रजिष्ट्री संयन्त्रको विकास र संस्थागत गर्ने लगायतका कार्यक्रमहरू वार्षिक कार्यक्रममा समावेश भएको पाइएन।

कार्यक्रममा समावेश भएतापनि वन कार्वन मापन तथा वन क्षेत्र सर्वेक्षण उपकरण खरिद, उत्सर्जन न्यूनीकरण जनचेतना कार्यक्रम, निजी वन धनीलाई कार्वन व्यापारमा सहभागी गराउने सम्बन्धी अध्ययन, बायोमेट्रिक प्रयोगशाला व्यवस्थापन र तालिम, वन व्यवस्थापन मापदण्ड, कार्यविधि तयारी लगायतका कार्यक्रम सञ्चालन भएको छैन । आयोजनाका महत्वपूर्ण क्रियाकलाप सञ्चालन नहुँदा आयोजना अवधि डिसेम्वर २०२२ सम्म तोकिएका उद्देश्य हासिल गर्न कठिनाइ हुने देखिन्छ ।

३७. **कार्बन मापन** - केन्द्रले यस वर्ष कार्बन मापनसँग सम्बन्धित एलोमेट्रिक इक्वेशन अफ मेजर स्पाइसेस तयार गर्ने कार्यको लागि उपकरण खरिद, आर्क जिआईएस सफ्टवेयर, हट एयर ड्रायर खरिद लगायतका कार्यमा रू.९७ लाख ४ हजार खर्च गरे तापनि उक्त एलोमेट्रिक इक्वेशन तयार गरेको छैन । नमूना प्लटका तथ्याङ्क, दूर संवेदनशील नक्शाहरू, उत्सर्जनका कारक तत्वहरू आदिको प्रयोग गरी वन श्रोत विश्लेषण, कार्बन गणना र उत्सर्जन न्यूनीकरणको तथ्याङ्क विश्लेषण, एमआरभी सम्बन्धी तथ्याङ्क तयारी तथा एकीकृत आवधिक प्रतिवेदन तयार गरेको छैन । एकीकृत आवधिक प्रतिवेदन तयार नभएकोले अन्तर्राष्ट्रिय निकायहरूमा प्रतिवेदन पठाउने र सम्झौताबमोजिम लाभ दाबी गर्न सकेको छैन । तोकिएका कार्यहरू सम्पन्न गरी कार्बन व्यापारबाट लाभ लिनुपर्दछ ।

पहाडी साना किसानका लागि अनुकूलन आयोजना

नेपालका ६ जिल्लाका साना किसानलाई जलवायु परिवर्तनसँग अनुकूलित बनाउने तथा उनीहरूको क्षमता बढाउने उद्देश्यले यो आयोजना नेपाल सरकार र कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोषको अनुदान सहयोगमा सञ्चालित छ । यो वर्ष आयोजनाले रू.७३ करोड ४४ लाख ८२ हजार खर्च गरेको छ ।

३८. **आयोजनाको उपलब्धि** - यो वर्षसम्म सम्पादन गर्नुपर्ने क्रियाकलापमध्ये जलवायु समानुकूलित भू-व्यवस्थापन अभ्यास ४० हजार हेक्टरमा हुनु पर्नेमा २२ हजार हेक्टर, जलवायु अनुकूलित घाँस, डाले घाँस रोपण २५ हजार हेक्टरमा हुनु पर्नेमा २३ हजार हेक्टर र घरेलु प्रयोजनको लागि नवीकरणीय ऊर्जा प्रविधिमा ७ हजार ५०० घरधुरीमा पुऱ्याउनुपर्नेमा ७ हजार १३४ पुऱ्याएको देखिन्छ । लक्ष्यअनुसार प्रगति हासिल गर्न आयोजनाले ध्यान दिनुपर्दछ ।

३९. **सेवा करार** - सार्वजनिक खरिद ऐनको दफा ३० तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० मा सार्वजनिक निकायले बीस लाख रुपैयाँ भन्दा बढी मूल्यको परामर्श सेवा खरिद गर्न संक्षिप्त सूची तयार गरी दफा ३१ तथा नियम ७१ वमोजिम प्रस्ताव माग गर्नुपर्ने व्यवस्था छ । आयोजना र मातहत ६ कार्यालयको स्वीकृत वजेट तथा कार्यक्रमअनुसार जलवायु परिवर्तन बिज्ञ, कृषि बिज्ञ, इन्जिनियर, अनुगमन मूल्याङ्कन अधिकृत, लापा संयोजक लगायत विभिन्न पदमा ३४ जना करार सेवामा नियुक्ति गरी अनुसन्धान तथा परामर्शबाट रू.४ करोड १४ लाख खर्च लेखेको छ । दैनिक कार्य सञ्चालन गर्न आवश्यक पर्ने कर्मचारीको अस्थायी दरवन्दी स्वीकृत गराई नेपाल सरकारको स्वीकृत नर्म्स एवं पारिश्रमिकवमोजिम लागत अनुमान तयार गरी विज्ञ सेवाको लागि प्रस्ताव माग गरी सेवा खरिद गर्नुपर्दछ।

वातावरणीय लेखापरीक्षण

जलवायु परिवर्तन

नेपालले जलवायु परिवर्तनको अन्तर्राष्ट्रिय महासन्धि सन् १९९२ को अनुसरण गरी अपेक्षित लक्ष्य हासिल गर्ने प्रतिवद्धता जनाउँदै आएको छ । सो अनुरूपका प्रावधान नीति तथा ऐन कानूनमा समावेश गरे तापनि जलवायु परिवर्तनको प्रतिकूल असर वर्षेनि भोग्नु परेको छ । जलवायु परिवर्तनको जोखिम व्यवस्थापन गर्दा अनुकूलन क्षमता बढाउनु, संस्थागत क्षमता अभिवृद्धि गर्दै अन्तर निकाय समन्वय गर्नु, नेपालका विशिष्टीकृत विषयलाई अन्तर्राष्ट्रिय मञ्चमा जलवायु परिवर्तनबाट जोखिममा परेका देशहरूको साझा आवाजको रूपमा स्थापित गर्नु चुनौतीपूर्ण रहेको छ । क्षेत्रगत निकायबीच समन्वयमा कमी, प्रकोपबाट हुने क्षति सम्बन्धमा अध्ययन अनुसन्धान र आधारभूत तथ्याङ्कको कमी, जलवायु परिवर्तनको विषयको विकास प्रक्रियामा मूल प्रवाहीकरण हुन नसक्नु जस्ता कारण अपेक्षित नतिजा हासिल हुन सकेको छैन । यस सम्बन्धमा वातावरणीय लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायअनुसार छन्:

४०. **नीतिगत व्यवस्था -** पहिलो पटक २०६७ सालमा जलवायु परिवर्तनको नीति तर्जुमा भएकोमा २०७६ मा अद्यावधिक गरी लागू गरेको छ । नीतिले राष्ट्रिय अनुकूलन कार्यक्रम, स्थानीय अनुकूलन कार्ययोजना, जलवायु परिवर्तन वित्तीय खाका तथा बजेट सङ्केत, हरित विकास रणनीति जस्ता क्षेत्रमा दीर्घकालीन रणनीति तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ । तत्कालीन राष्ट्रिय अनुकूलन कार्यक्रम योजनाले जलवायु परिवर्तनसँग प्रत्यक्षरूपमा आवद्ध यातायात तथा पूर्वाधार, लैङ्गिक तथा सामाजिक समावेशिता लगायतका क्षेत्र समेटेको छैन । प्रदेश स्तरीय जलवायु परिवर्तन रणनीति तथा कार्ययोजना तर्जुमाकै चरणमा रहेको छ। राष्ट्रिय अनुकूलन कार्यक्रम योजनाको कार्यान्वयन समय १२ वर्ष पछि ३४२ समुदायस्तरको अनुकूलन योजना तयार गरेको बाहेक थप प्रगति भएको देखिएन । स्थानीय जलवायु अनुकूलन कार्ययोजना प्रदेश कार्ययोजनासँग आवद्ध गर्दै समुदायस्तरसम्म अनुकूलन कार्यक्रम नै कार्यान्वयन गर्नुपर्दछ ।

४१. **लक्षित वर्गको मूल प्रवाहीकरण -** जलवायु परिवर्तन नीति, २०७८ ले जलवायु परिवर्तनको क्षेत्रमा लैङ्गिक तथा सामाजिक समावेशीकरणमार्फत् जीविकोपार्जन सहजीकरण गर्ने उद्देश्य राखेको छ । वातावरण संरक्षण ऐन, २०७६ मा जलवायु परिवर्तनबाट बढी जोखिममा परेका, भौगोलिक क्षेत्रका बासिन्दालाई विशेष प्राथमिकता दिनुपर्ने व्यवस्था छ । त्यसैगरी जलवायु परिवर्तनमा लैङ्गिक समानता र सामाजिक समावेशिताको लागि तर्जुमा गरेको रणनीति, सन् २०२१ ले समेत उक्त विषय सम्बोधन गरी कार्यान्वयन गर्न जोड दिएकोमा संकटापन्न घरपरिवारलाई निर्णय प्रक्रियामा न्यून भूमिका प्रदान गरेको, समुदायस्तरको अनुकूलन योजनामा लक्षित वर्ग समाहित नगरेको, स्थानीय अनुकूलन कार्ययोजना स्थानीय सरकारको योजना तथा बजेटसँग आबद्ध नगराएको जस्ता कमजोरी देखिएका छन् । सहभागितामूलक अनुगमन पद्धतिमार्फत् संकटापन्न वर्गको सहभागिता निश्चित गर्नुपर्दछ।

४२. **सचेतना अभिवृद्धि तथा क्षमता विकास** - राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७८ ले जलवायु परिवर्तनको प्रभाव र जोखिम सम्बन्धमा जनचेतना अभिवृद्धि गर्दै न्यूनीकरण र अनुकूलनका उपायहरू अवलम्वन गर्न स्थानीय समुदायलगायत सबै सरोकारवालाको क्षमता विकास गर्ने नीति लिएको छ। पन्ध्रौं आवधिक योजनाले क्षमता विकासलाई जलवायु परिवर्तनको पाँचौ रणनीतिको रूपमा लिएको छ। राष्ट्रिय जलवायु

परिवर्तन नीतिको बुदाँ १० ले स्थानीय तहमा जोखिम क्षेत्रका समुदायको क्षमता विकास गरी जनचेतना अभिवृद्धि गर्ने विषयमा जोड दिएको छ ।

नीतिगत व्यवस्थाको बावजुद जलवायु परिवर्तन सम्बन्धी क्षमता अभिवृद्धिमा नागरिक सहभागिता बढाउन सकेको छैन। विभिन्न ५ जिल्लाका ७ स्थानमा भएको सर्वेक्षणमा अधिकांशले जलवायु परिवर्तनको अवधारणका सम्बन्धमा स्पष्ट बुझाइ नरहेको साथै एफ.एम. रेडियोको माध्यमबाट जलवायु परिवर्तनको कार्यक्रम सम्प्रेषण गरे पनि प्रभावकारी नभएको प्रतिक्रिया दिएका छन् । मन्त्रालयको २०७६।७७ को वार्षिक प्रगति प्रतिवेदनले २०० स्थानीय जलवायु अनुकूलन कार्ययोजना कार्यान्वयन गरेको उल्लेख गरे तापनि नागरिकमा जलवायु परिवर्तन तथा यसको प्रभावबारे ज्ञान अभिवृद्धि गर्न सकेको देखिएन । स्थानीय तहका लक्षित वर्ग तथा समुदायको अनुकूलन क्षमताको कुल २८ अङ्कको आधारमा मापन गर्दा २.५ अङ्क (८.९३ प्रतिशत) मात्र प्राप्त गरेकोले अनुकूलन क्षमता न्यून रहेको देखिएको छ। तीनै तहका सम्बद्ध सरकारी, गैरसरकारी तथा प्राज्ञिक निकाय एवं सामुदायिक संघ संस्थाको क्षमताको अभिवृद्धि गरी लक्षित कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

४३. **जलवायु वित्त व्यवस्थापन -** जलवायु परिवर्तन नीति, २०७८ को बुदाँ ८.१२ अनुरूप स्रोतको न्यायोचित परिचालन गर्नुका साथै अन्तर्राष्ट्रिय संयन्त्रमार्फत् प्राप्त हुने जलवायु वित्तको कम्तीमा ८० प्रतिशत स्थानीय स्तरका कार्यक्रम कार्यान्वयनमा परिचालन हुने गरी कोडिङ्ग गर्ने संस्थागत रणनीति लिएकोमा २०७४।७५ सम्म जलवायु कार्यक्रम सञ्चालन भएका मन्त्रालयको संख्या १२ बाट १६ पुगेपनि उक्त व्यवस्था कार्यान्वयन भएको देखिएन। बजेट तर्जुमा दिग्दर्शनले पूर्वाधार विकास अन्तर्गतका कार्यक्रमको प्राथमिकता मापनका लागि जलवायु परिवर्तनको सान्दर्भिकता २ प्रतिशतबाट १० प्रतिशत पुऱ्याइएको भएपनि उद्योग, पर्यटन र खानेपानी क्षेत्रका कार्यक्रम जलवायु परिवर्तनको सान्दर्भिकतासँग आवद्ध गरेको देखिएन ।

जलवायु परिर्वतनको कुल बजेटको ८० प्रतिशत स्थानीय स्तरका कार्यक्रम कार्यान्वयनमा परिचालन गरेको देखिन्छ । जलवायुको बजेट साधारण वा विकासमध्ये कुन खर्च शीर्षकअन्तर्गत राख्ने सम्बन्धमा स्पष्टता कायम गरेको छैन । उल्लिखित नीतिगत तथा संस्थागत प्रयासका बावजुद जलवायु वित्त व्यवस्थापनमा वन तथा वातावरण मन्त्रालयसँग योजना निर्माण तथा प्रतिवेदनमा समन्वय नभएको, जलवायुसँग सम्बन्धित आयोजना तथा कार्यक्रमका लक्ष्य तथा प्राथमिकता संस्थागत हुन नसकेको, प्रत्यक्ष लाभ हुने जलवायू परिवर्तन बजेट अनुपात ५.६६ प्रतिशत मात्र रहेको छ । कार्यक्रमको प्रभावकारी व्यवस्थापन गर्नुपर्दछ ।

४४. **विद्युतीय सवारीसाधन** - नेपालमा हरित गृह ग्याँसको उत्सर्जन सन् २०११ मा ३१ हजार ९९८.९१ (जीजीसीओटूई) हुने अनुमान गरेको थियो । पेट्रोल, डिजल र एलपीजी ग्यासँको आयात उच्च भएका कारण नेपालको प्रति व्यक्ति कार्बन उत्सर्जन दक्षिण एसियामा नै उच्च रहेको छ । सन् २०५० सम्म नेपालले हरित गृह ग्याँसको उत्सर्जन शून्यमा ल्याउने लक्ष्य रहेकोमा सन् २०१६ देखि २०१७ सम्म कार्बन उत्सर्जन ५ प्रतिशतले बढेकोले विश्वको औसत ०.५ प्रतिशत भन्दा अधिक रहेको छ। दोस्रो राष्ट्रिय निर्धारित योगदान प्रतिवेदनमा ९० प्रतिशत सवारीसाधन विद्युतीय भएमा, खनिज तेलको मात्रामा कमी ल्याएमा र स्वच्छ उर्जा प्रयोग गरेमा सन् २०३० सम्ममा २८ प्रतिशतसम्म हरित गृह ग्यासँमा कमी ल्याउन सकिने व्यहोरा उल्लेख छ । पन्धौं योजना अवधिको २०७६।७७ र २०७७।७८ को

बजेट वक्तव्यमा विद्युतीय सवारीसाधनको उपयोगमा प्रोत्साहन गरिने, पेट्रोलियम पदार्थबाट सञ्चालन हुने हलुका सवारीसाधन विद्युतीय सवारीसाधनमा रुपान्तरण गरेमा नबीकरण शुल्क र सडक निर्माण तथा सम्भार दस्तुर छुट दिने व्यवस्था उल्लेख छ । त्यसैगरी वाग्मती प्रदेशको पहिलो आवधिक योजना सन् २०१८ ले सार्वजनिक/निजी साझेदारीमा विद्युतीय सार्वजनिक यातायात सञ्चालनमा ल्याइने र विद्युतीय सवारीसाधनको प्रर्वद्धन र नगरपालिकालाई चार्जिङ स्टेशन स्थापना गर्न प्रदेश सरकारले सहजीकरण गर्ने उल्लेख छ ।

नेपाल सरकारले सन् २०२५ सम्म नेपालको निजी यात्रु बाहक गाडीको २५ प्रतिशत र सबै सार्वजनिक चारपाङ्ग्रे गाडीको २० प्रतिशत बिक्री विद्युतीय हुने र सन् २०३० सम्म निजी यात्रु बाहक गाडीको ९० प्रतिशत र सबै सार्वजनिक चारपाङ्ग्रे गाडीको ६० प्रतिशत विद्युतीय सवारीसाधन बिक्री वितरण बढाउने लक्ष्य लिएको छ । नेपाल राष्ट्र बैङ्कको सन् २०१७ को मौद्रिक नीतिले विद्युतीय गाडीलाई ८० प्रतिशतसम्म ऋण दिने नीति लिएको छ ।

यी नीतिगत व्यवस्थाहरू सकारात्मक पक्ष भए तापनि विद्युतीय सवारीसाधनको संख्या सन् २०२० सम्म बढाउने लक्ष्य लिएकोमा सो अवधिमा १ प्रतिशतले मात्र वृद्धि भएको पाइयो । तर २०७८।७९ को बजेट वक्तव्यले विद्युतीय सवारीसाधनको प्रर्वद्धनात्मक नीतिको निरन्तरता दिएको देखिएन । छिमेकी मुलुक भारतले विद्युतीय सवारीमा दिइने अनुदान २० बाट ४० प्रतिशत पुऱ्याएको र सडक करमा शतप्रतिशत मिनाहा गरेको छ । पाकिस्तानले नयाँ प्रस्तावित विद्युतीय सवारी नीति अन्तर्गत चार पाङ्ग्रे विद्युतीय सवारीसाधनमा ५० प्रतिशतसम्म कर छुट दिने र १ हजार ८०० सीसी भन्दा बढी इन्जिन क्षमता भएका कारमा लाग्ने २५ प्रतिशत कर तथा विद्युतीय सवारीसाधनको दर्ता र वार्षिक नवीकरण शुल्कसमेत मिनाहा गरेको छ । भुटानले विद्युतीय सवारीसाधनको लागतमा २० प्रतिशत अनुदान र वित्तीय संस्थाबाट ७० प्रतिशत ऋण सुविधा प्रदान गर्ने उल्लेख छ।

नेपालको सन्दर्भमा बिभिन्न समयमा विद्युतीय गाडीमा कर बढने र घट्ने क्रम जारी रहेको छ। बजेट वक्तव्य २०७७।७८ मा विद्युतीय गाडीको क्षमताअनुसार अन्तःशुल्क ४० देखि ८० प्रतिशत भएकोमा ८० प्रतिशत भन्सार महसुल बढाइएको थियो । सोको अतिरिक्त १३ प्रतिशत मूल्य अभिवृद्धि कर र ५ प्रतिशत अस्वीकृत व्युत्पन्न इन्धन शुल्क (आर.डी.एफ.) यथावत रहेको थियो । यो वर्षको बजेट वक्तव्यले मूल्य अभिवृद्धि कर र आर.डी.एफ. को प्रावधान यथावत् राखी ५० देखि १०० किलोवाटको विद्युतीय सवारीसाधनमा अन्तःशुल्क ४० बाट घटाएर १० प्रतिशत र २०० भन्दा बढी किलोवाट विद्युतीय गाडीमा ४० देखि ८० प्रतिशतबाट घटाएर ३० देखि ४० प्रतिशतमा ल्याइएको छ । साथै सबै प्रकारको विद्युतीय गाडीको पैठारीमा लाग्ने महसुल शून्य प्रतिशत गरेको छ । २० वर्ष पुरानो गाडी विद्युतीय सवारीसाधनमा रुपान्तरण हुन चाहेमा उपर्युक्त कुनै सुविधा नपाउने प्रावधान रहेको छ ।

पर्याप्त सुविधा उपलब्ध नभएका कारण विद्युतीय सवारीसाधनको प्रयोगमा वृद्धि हुने देखिँदैन। उक्त स्थितिले पेट्रोलियम पदार्थको उपयोग बढ्न गई यातायात तथा ऊर्जा क्षेत्रबाट उत्सर्जन हुने हरितगृह ग्याँस अपेक्षित मात्रामा घट्ने अवस्था छैन । नेपालले अन्तर्राष्ट्रिय मञ्चमा गरेका प्रतिवद्धता समेत पूरा हुन सक्ने नदेखिएकोले हरित गृह ग्याँसको उत्सर्जनको स्रोतगत तथा क्षेत्रगत आधारभूत तथ्याङ्क खडा

गरी सोअनुरूप सन् २०५० सम्ममा शून्यमा झार्न वार्षिक लक्ष्य सहित योजना तथा कार्यक्रम बनाई यातायात क्षेत्रको हरित गृह ग्याँसको उत्सर्जन कम गर्न आवश्यक ध्यान दिनुपर्दछ ।

४५. **दस्तावेज र प्रतिवेदन -** राष्ट्रिय जलवायु परिवर्तन नीतिले संघीय, प्रदेश तथा स्थानीय तहमा जलवायु परिवर्तन शाखा, इकाई वा सम्पर्क विन्दुको व्यवस्था गरिने उल्लेख गरेपनि जलवायु परिवर्तनमा ज्ञान भएको सम्पर्क व्यक्ति पदस्थापन नभएको कारण वातावरण संरक्षण ऐन, २०७६ बमोजिम अनुकूलन योजना बनाउन सक्ने अवस्था छैन । वातावरण संरक्षण नियमवाली, २०७७ ले राष्ट्रिय प्रतिवेदन तयारीका लागि आवश्यक पर्ने सूचना तथा तथ्याङ्क सम्बन्धित विषयगत मन्त्रालयले वातावरण मन्त्रालयलाई उपलब्ध गराउनुपर्ने र वार्षिक प्रगति विवरण स्थानीय तहले प्रदेशलाई र प्रदेशले वातावरण मन्त्रालयलाई उपलब्ध गराउनुपर्ने व्यवस्था गरे तापनि संघीय मन्त्रालय, प्रदेश मन्त्रालय र स्थानीय तहबीच सूचना तथा तथ्याङ्क आदान प्रदान हुने खाका नभएकोले केन्द्रमा सूचना र तथ्याङ्क प्राप्त हुनेगरेको देखिएन ।

उल्लिखित नीतिगत तथा कानुनी व्यवस्थाका वावजुद सबै तहका सरकार तथा निकायले सञ्चालन गरेका कार्यक्रमको अभिलेखिकरण र प्रतिवेदन नगरेकोले पेरिस सम्झौता, दिगो विकास लक्ष्य र विपद् व्यवस्थापनका लागि सेन्डाई खाका र अन्य अन्तर्राष्ट्रिय दायित्व पूरा गर्न थप समय लाग्ने देखिन्छ । जलवायुसँग आबद्ध सबै दस्तावेज अभिलेखीकरण अद्यावधिक गरी सूचना, तथ्याङ्क र प्रतिवेदन प्राप्तिमा सहजिकरण गर्ने एकीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउनुपर्दछ ।

४६. **अनुगमन तथा मूल्याङ्कन -** जलवायु नीति तथा आवधिक योजनाले नदी, हिमपहिरो, सिमसार र सम्वेदनशील परिस्थितिकीय प्रणालीमा पर्ने जोखिमको नियमित अनुगमन र वैज्ञानिक विश्लेषण गरी आवधिक रूपमा हरितगृह ग्याँस उत्सर्जनका स्रोत पहिचान गर्दै उत्सर्जनको मापन र उत्सर्जन न्यूनीकरण कार्यको अनुगमन तथा मूल्याङ्कन गरिने उल्लेख गरेको छ । दातृ समुदायको सहयोगमा सञ्चालित आयोजना तथा कार्यक्रमको नतिजा तालिका अनुरूप अनुगमन तथा मूल्याङ्कन हुने गरेको छ । त्यसैगरी २०७६ मा तर्जुमा भएको स्थानीय जलवायु अनुकूलन कार्य योजनाको संरचनाले सूचक आधार रेखा र लक्ष्य निर्धारण गर्ने, परिवर्तन अनुगमन गर्ने तथा आधारभूत तथ्याङ्कको आधारमा लक्ष्यसहितको अनुगमन योजना तयार गर्ने, प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गर्नेबारे समेत उल्लेख छ ।

उपर्युक्त व्यवस्था भएपनि हालसम्म मन्त्रालयले तथ्याङ्कको आधारमा क्षेत्रगत तथा विषयगत एवं अन्तरसम्बन्धित समष्टिगत तथा वर्षगत लक्ष्य सहितको एकीकृत नतिजा तालिका बनाउन नसकेको कारण अनुगमन तथा मूल्याङ्कन कार्य प्रभावित भएको छ । प्रदेश एवं स्थानीयस्तरबाट मन्त्रालयमा प्रगति प्रतिवेदन प्राप्त नहुँदा एकीकृत प्रगति तथा समीक्षा प्रतिवेदन समेत तयार हुन सकेको छैन । एकीकृत नतिजा तालिका तयार गरी अनुगमन तथा मूल्याङ्कनको सूचक सहित प्रारूप तयार गरी प्रभावकारी बनाउनुपर्दछ । साथै मन्त्रालयले प्रदेश तथा स्थानीय तहका पदाधिकारी तथा निकायहरूको अनुगमन तथा मूल्याङ्कन क्षमता अभिवृद्धि गर्न उपयुक्त तालिम दिने व्यवस्था गर्नुपर्दछ।

संगठित संस्था तथा समिति

राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति

चुरे क्षेत्रमा भइरहेको वातावरणीय विनाशको न्यूनीकरण गर्ने उद्देश्यले राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति (गठन) आदेश, २०७१ अनुसार २०७१ मा समितिको स्थापना भएको हो। देशको कूल भू-भागको करिब १२.७८ प्रतिशत क्षेत्र ओगट्ने चुरे क्षेत्र ७ प्रदेशका ३७ जिल्ला, ३४० स्थानीय तहमा फैलिएको छ ।

४७. **आयोजनाको स्थिति -** चुरे संरक्षण तथा विकास सम्बन्धी २० वर्षीय गुरुयोजनाअनुसार रू.२ खर्ब ४९ अर्ब ७२ करोड लगानी आवश्यक पर्ने र पहिलो पाँच वर्षमा रू.८० अर्ब ८५ करोड ६३ लाख खर्च गर्ने अनुमान रहेकोमा २०७१।७२ देखि २०७७।७८ सम्म रू.१० अर्ब ८१ करोड ८७ लाख खर्च भएको छ । गुरुयोजना बमोजिम बजेट विनियोजन तथा खर्च नहुँदा संरक्षण र विकासको लक्ष्य पूरा हुने देखिएन । गुरुयोजनाअनुसारको बजेट व्यवस्था गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

४८. **उत्खनन -** राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समित (गठन) आदेश, २०७१ को बुँदा ५ मा चुरे क्षेत्रको संरक्षण र व्यवस्थापनका लागि आवश्यक नीति तथा रणनीति तर्जुमा गर्ने, विकास योजना सञ्चालन गर्दा चुरे क्षेत्रको प्राकृतिक स्रोत र साधनलाई कम क्षति पुग्ने गरी कार्यक्रम सञ्चालन गर्ने निकायसँग समन्वय गर्नु पर्ने व्यवस्था छ । बढ्दो वन अतिक्रमण तथा अव्यवस्थित बसोवासले वन र वन क्षेत्रको विनाश हुने गरेको र नदीजन्य पदार्थको अव्यवस्थित उत्खनन्ले चुरे क्षेत्र जोखिममा रहेको, नदी संरक्षण तथा नदीजन्य पदार्थ उपयोग नियमनको अधिकार तथा दायित्व स्पष्ट नभएको व्यहोरा मन्त्री परिषद्बाट २०७७।२।२८ मा गठित छानबिन समितिले उल्लेख गरेको छ ।

चुरे तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजनाले चुरे-तराई मधेशको संरक्षण र व्यवस्थापनका लागि विशेष कानूनको आवश्यकता रहेको, विभिन्न २७ जिल्लाका २४२ स्थानमा नदीजन्य पदार्थ उत्खनन् गरिएको, उत्खनन गर्ने क्रममा प्रारम्भिक वातावरणीय प्रभाव प्रतिवेदन तयार गरेतापनि पूर्णरूपमा पालना नभएको, पर्याप्त प्राविधिक अध्ययनबिनै चुरे क्षेत्रका नदीहरूबाट अत्यधिक नदीजन्य पदार्थ ढुङ्गा र बालुवाको उत्खनन तथा सङ्कलनका कार्य गरिँदा भूक्षय, पहिरो तथा नदी किनारा कटान लगायतका कार्यले वातावरणमा नकारात्मक असर परेको, उत्खनन् तथा सङ्कलन कार्यको पर्याप्त अनुगमन नभएको, उत्खनन् तथा ढुवानीको क्रममा हुने भौतिक तथा वातावरणीय क्षतिलाई आधार नलिएको उल्लेख गरेको छ । अतः समितिको प्रतिवेदन तथा गुरुयोजनाले उल्लेख गरेका विषयमा सरोकारवालासंग समन्वय गरी चुरे संरक्षणका कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

राष्ट्रिय प्रकृति संरक्षण कोष

४९. **वित्तीय स्थिति -** राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९ बमोजिम वन्यजन्तु तथा प्राकृतिक सम्पदाको संरक्षण, संवर्द्धन र व्यवस्थापन गर्ने, निकुञ्ज आरक्षको विकासको निमित्त आवश्यक व्यवस्था गर्ने उद्देश्यले कोषको स्थापना भएको देखिन्छ । कोष र अन्तर्गतका ८ निकायले यो वर्ष रू.३३ करोड ९२ लाख आम्दानी रू.४३ करोड १९ लाख खर्च गरेका छन् । कोष अन्तर्गत सञ्चालित सात आयोजना मध्ये अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना र सदर चिडियाखाना बाहेक अन्य पाँच निकायले यो वर्ष रू.३ करोड

९९ लाख १५ हजार सञ्चालन नोक्सान देखाएका छन् । स्रोत निश्चित गरी मितव्ययी ढंगले दीर्घकालीन आर्थिक भार नपर्ने गरी आयोजनाको कार्य दिगो रूपमा व्यवस्थापन गर्नुपर्दछ ।

अन्नपूर्ण संरक्षण क्षेत्र

५०. **सार्वजनिक जग्गाको संरक्षण र उपयोग** - संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ को नियम २१ मा कुनै व्यक्तिले संरक्षण क्षेत्रभित्रको सरकारी स्वामित्वको जग्गामा व्यावसायिक वा अन्य कुनै काम गर्दा अनुमति लिनुपर्ने तथा नियम २२ मा संरक्षण अधिकृतसँग परामर्श लिनुपर्ने व्यवस्था छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, कास्कीमा सार्वजनिक क्षेत्रमा सञ्चालित ७४ होटल तथा रेष्टुरेण्ट दर्ता प्रक्रियामा रहेको र केही होटल तथा रेष्टुरेण्ट सञ्चालनमा रहेकोमा होटल व्यवसायीको संख्या र चर्चेको सार्वजनिक जग्गाको विवरण अद्यावधिक गरेको छैन । आयोजनाले सार्वजनिक जग्गाको क्षेत्रफल यकिन गरी संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ एवं वन नियमावली, २०५१ अनुसार रोयल्टी असुल गर्नुपर्ने व्यहोरा विगत वर्ष देखि औँल्याइएकोमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आए पश्चात् स्थानीय तहले नै व्यवसाय सञ्चालन कर लिएकोले रोयल्टी असुल नभई कोषको आय न्यून भएको छ ।सम्बन्धित सरोकारवालाहरूसँग समन्वय गरी सेवाको स्तर निर्धारण, सोको अनुगमन र नियमावलीअनुसार रोयल्टी रकम असुल गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजू

- **अनुगमन -** विगतका प्रतिवेदनमा परामर्श सेवाको लागतको नर्म्स तर्जुमा नगरेको, वैदेशिक सहायता रकमको लेखापरीक्षण नगराएको, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गर्न कानूनले तोकेभन्दा बढी समय लागेको, वन अतिक्रमण नियन्त्रण प्रभावकारी नभएको लगायतका व्यहोरा समावेश भएकोमा यो वर्ष पनि सुधार भएको पाइएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ४८ निकायमा रू.६० करोड १२ लाख ६० हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.१ करोड १६ हजार फर्स्यौंट गरेकोले रू.५९ करोड १२ लाख ४४ हजार बाँकी रहेको छ । सोमध्ये रू.५५ लाख १३ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ ।
  - संगठित संस्था, अन्य संस्था र समितितर्फ रू.३ करोड ७९ लाख ७८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएकोमा फर्स्यौंट नगरेकोले बाँकी रहेको छ । सोमध्ये रू.२९ लाख ५० हजार म्याद नाघेको पेश्की रहेको छ । यससम्बन्धी विवरण अनुसूची-१६ मा छ ।

शहरी विकास मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा शहरी विकास र शहरी पूर्वाधारको विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, सरकारी भवनको निर्माण, मर्मत सम्भार, रेखदेख र सुरक्षा, विशिष्ट पदाधिकारीहरूको आवास व्यवस्थापन, लगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत ५९ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहत समेत ४५ सरकारी कार्यालयको निम्नानुसार रू.३४ अर्ब ६४ करोड १२ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२८,८०,७५	७५,५५	४,६१,७५	४६,०७	३४,६४,१२

उल्लिखित लेखापरीक्षण रकममा स्वास्थ्य तथा जनसंख्यालगायत ६ मन्त्रालय र संवैधानिक निकायमा बजेट विनियोजन भई यस मन्त्रालयले खर्च गरेको रू.३ अर्ब ३१ करोड ५ लाख तथा मन्त्रालय मातहत २०७६।७७ को सघन शहरी तथा भवन निर्माण आयोजना धनकुटा र संघीय आयोजना कार्यान्वयन इकाई मोरङको बक्यौता लेखापरीक्षण भएको रू.१ अर्ब १४ करोड ९ लाख समावेश छ।

२. **संगठित संस्था, समिति र अन्य संस्था -** यो वर्ष १४ संस्थाको रू.२५ अर्ब ६८ करोड ७३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **कार्यमूलक लेखापरीक्षण -** यो वर्ष उपत्यका विकास प्राधिकरणको भौतिक विकास योजना तर्जुमा र कार्यान्वयन विषयको कार्यमूलक लेखापरीक्षण सम्पन्न भएको छ ।

४. **आवधिक योजना कार्यान्वयन -** पन्ध्रौं योजनामा मन्त्रालय अन्तर्गत १८ क्रियाकलाप तय गरी कार्यान्वयन गर्ने लक्ष्य तोकिएकोमा एकीकृत बस्ती सहितको बाहिरी चक्रपथ निर्माण, १० लाख आवास इकाई निर्माण, १ लाख आवासीय फ्ल्याट निर्माण र शहरी गरिबको आवास निर्माणमा प्रगति शून्य देखिएको छ । एकीकृत बस्ती विकास तर्फ पन्ध्रौं योजना अवधिमा ३५ बस्ती विकास गर्ने लक्ष्य रहेकोमा हालसम्म मुगु र मोरङ जिल्लामा दुई वस्तीको मात्र निर्माण कार्य शुरु भएको छ । सुरक्षित आवासतर्फ ३५ हजार आवास निर्माण गर्ने लक्ष्य रहेकोमा यो वर्ष भएको कार्यको प्रगति विवरण तयार गरेको छैन।

५. **वार्षिक कार्यक्रम र प्रगति -** यो वर्षको स्वीकृत कार्यक्रमअनुसार काठमाडौं उपत्यकामा ४ स्मार्ट सीटी निर्माण शुरु गर्ने लक्ष्य रहेकोमा तीन आयोजनाको भौतिक विकास योजना स्वीकृत भए तापनि यी आयोजनाको विस्तृत आयोजना प्रतिवेदन स्वीकृत भएको छैन । एकीकृत बस्ती विकाससहित ७२ किलोमिटर बाहिरी चक्रपथ निर्माण गर्ने लक्ष्य रहेकोमा प्रगति शून्य देखिएको छ। सुरक्षित आवासमा वसोवास गर्नेको संख्या ६० प्रतिशत र आफ्नै स्वामित्वको आवासमा बस्नेको संख्या ८९ प्रतिशत पुऱ्याउने, आवास इकाई १० लाख, आवासीय फ्ल्याट १ लाख, शहरी गरिबका लागि ५ हजार आवास

निर्माण गर्ने कार्यक्रम सुरुवात हुन सकेको देखिएन। स्वीकृत कार्यक्रमहरू तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ ।

६. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०७७।७८ मा उल्लेख भएका विषयमध्ये मध्यपहाडी लोकमार्गले जोड्ने १० स्थान लगायत अन्य संभाव्य स्थानमा उपयुक्तताको आधारमा सुविधायुक्त नयाँ शहर विकास गर्न रू.२ अर्ब विनियोजन भएकोमा नवलपरासी पूर्वको जिल्ला सदरमुकामको पूर्वाधार विकासअन्तर्गत पहिलो चरणको कार्य शुरु भएको, शहरी करिडोर आयोजनाअन्तर्गत पूर्वी शहरी करिडोर निर्माण (विराटनगर-धरान-इनरुवा-दमक), पश्चिम शहरी करिडोर निर्माण (बुटवल-भैरहवा-लुम्बिनी-कपिलवस्तु) र मध्यपश्चिम (नेपालगन्ज-कोहलपुर-सुर्खेत), सुदूरपश्चिम (धनगढी-अत्तरिया-भीमदत्त) करिडोरको संभाव्यता अध्ययन एवं केन्द्रीय करिडोर (वीरगन्ज-पथलैया-हेटौंडा) को विस्तृत अध्ययन कार्य शुरु भए तापनि सम्पन्न भएको छैन। बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रम कार्यान्वयन हुनुपर्दछ।

७. **दिगो विकास लक्ष्य** - दिगो विकास लक्ष्य अन्तर्गत शहरी एवं मानवीय बस्तीलाई समावेशी, सुरक्षित र दिगो बनाउने लक्ष्यअन्तर्गत ५ भन्दा बढी व्यक्ति भएको परिवारलाई ४७ प्रतिशतबाट २० प्रतिशतमा झार्ने, ५० प्रतिशत सडक सुरक्षित बनाउने, सुरक्षित घर परिवारमा बस्ने जनसंख्या ३० बाट ६० प्रतिशतमा पुऱ्याउने र भूकम्पबाट क्षति भएका संरचना सन् २०२० सम्म मर्मत तथा पुनः निर्माण गर्ने, सांस्कृतिक सम्पदाका लागि विनियोजन गरिने बजेट १.५ प्रतिशतबाट २ प्रतिशत पुऱ्याउने सूचक निर्धारण भए तापनि कार्यसम्पादन अवस्था खुल्ने गरी कार्य प्रगति विवरण तयार गरेको देखिएन । दिगो विकास लक्ष्यका सूचकका आधारमा नीति तथा कार्यक्रम तयार गरी सम्पादित कार्यको अनुगमन र पृष्ठपोषणसहितको अद्यावधिक प्रगति तयार गरी सोको समीक्षा गर्नुपर्दछ ।

८. **कानून संशोधन** - भवन (दोस्रो संशोधन) ऐन, २०७७ को मस्यौदा, आवासको अधिकारसम्बन्धी नियमावली, २०७७ को मस्यौदा तयार गरी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सहमति प्राप्त गरेको छ ।शहरी विकास सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, सम्मेलन केन्द्र विकास समिति (गठन) आदेश, २०७८, सुरक्षित नागरिक आवास कार्यान्वयन (दोस्रो संशोधन) कार्यविधि, २०७८, राष्ट्रिय शहरी नीतिको मस्यौदा मन्त्रालयमा पेस भएको छ । त्यसैगरी यो वर्ष सरकारी भवनहरू तथा आन्तरिक सजावट सम्बन्धी मापदण्डको प्रारम्भिक प्रतिवेदन प्राप्त भएको छ । उल्लिखित कानून तथा मापदण्डहरू समयमै स्वीकृत गराई कार्यान्वयनमा ल्याउनुपर्दछ।

९. **नक्सा पास तथा मापदण्ड -** भवन ऐन, २०५५ को दफा ११ मा नगरपालिका क्षेत्रभित्र भवन निर्माण गर्न चाहने,व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्न प्रचलित कानूनबमोजिम सम्बन्धित स्थानीय तहबाट नक्सा तथा डिजाइन स्वीकृत गराउनुपर्ने उल्लेख छ । यो वर्ष ३९ सरकारी भवन निर्माणाधीन रहेकोमा १६ भवनको निर्माण कार्य सम्पन्न भएको छ । शहरी विकास तथा भवन निर्माण विभाग र अन्तर्गतका कार्यालयहरूले निर्माण गरेको सरकारी कार्यालय भवनहरूको उक्त ऐनको व्यवस्था बमोजिम नक्सा तथा डिजाइन स्वीकृत गराएको पाइएन । नक्सा तथा डिजाइन स्वीकृत गराई भवन निर्माण गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याउन गत वर्षको प्रतिवेदनमा समेत सुझाव गरिएकोमा स्थिति यथावत् छ।

१०. **स्मार्ट सीटीको कार्यान्वयन -** नेपाल सरकारले काठमाडौँ उपत्यकाको बस्ती व्यवस्थापन गर्न २०७५।१।२५ मा स्मार्ट सीटीको अवधारणा स्वीकृत गरेको छ । बाहिरी चक्रपथको कार्यसम्पादन अवस्था यकिन भै नसकेको स्थितिमा सोही क्षेत्रको अधिकांश भू-भाग समेटिने गरी काठमाडौँ उत्तरपूर्वमा १ लाख रोपनी, काठमाडौँ उत्तरमा १० हजार रोपनी तथा ललितपुर र भक्तपुरमा १०/१० हजार रोपनी क्षेत्रमा ४ स्मार्ट सीटीको आयोजना अघि बढाउने लक्ष्य अनुरूप तीन आयोजनाको भौतिक विकास योजना स्वीकृत भए तापनि विस्तृत आयोजना प्रतिवेदन स्वीकृत गरेको छैन। ललितपुर महानगरपालिकाले स्वीकृति नदिएको कारण ललितपुरमा स्मार्ट सीटीको अवधारणा कार्यान्वयन भएको छैन। स्मार्ट सीटीको अवधारणा स्वीकृत भएको ३ वर्षसम्म विस्तृत आयोजना प्रतिवेदन तयार हुन नसकेको र स्मार्ट सीटी क्षेत्रको जग्गाको कित्ताकाट संरचना निर्माण र बेचबिखन कार्य रोक्का रहेको अवस्था छ। आयोजना कार्यान्वयनमा लैजाने व्यवस्था मिलाउनुपर्दछ ।

११. **सभाहल निर्माण -** सघन शहरी तथा भवन निर्माण विभागबाट प्राप्त विवरण अनुसार सात प्रदेशमा ४१ सभाहल निर्माण गर्ने योजना रहेकोमा ७ सभाहल निर्माण कार्य सम्पन्न भएको, १९ निर्माणाधीन रहेको र १५ सभाहलको लागि जग्गा प्राप्ति, विस्तृत परियोजना प्रतिवेदन तयारी लगायत प्रारम्भिक चरणको कार्य भैरहेको छ। उल्लिखित ४१ सभाहलमध्ये २६ सभाहल निर्माणको लागि रू. १३ अर्ब २५ करोड ७१ लाखको लागत अनुमान रहेकोमा यो वर्षसम्म रू.७ अर्ब ८१ करोड १९ लाख खर्च भएको छ। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा देहायबमोजिम छन्:

११.१ ललितपुरको गोदावरीमा ३ हजार क्षमताको सभाहल निर्माण गर्न एक निर्माण व्यवसायीसँग रू. ६५ करोड ८१ लाख ६५ हजारमा सम्झौता भएको छ ।भेरिएसन आदेश पछि रू. ८२ करोड १४ लाख ३० हजार संशोधित सम्झौता कायम भएकोमा रू. ८० करोड २७ लाख १६ हजारमा कार्य सम्पन्न गरेको छ । सभाहल निर्माण गर्न १४३ रोपनी १ आना ३ पैसा जग्गा उपलब्ध गराउने निर्णय भएकोमा ४३ रोपनी जग्गामा सभाहल निर्माण भएको र बाँकी जग्गा संरक्षण गर्न उचित प्रबन्ध नगरेकोले अतिक्रमण भएको अवस्था छ । सरकारी जग्गाको संरक्षणको उचित प्रबन्ध मिलाउनुपर्दछ।

११.२ रूपन्देहीको बुटवलमा १ हजार ७० क्षमताको सभाहल निर्माण गर्न सभाहलको दोस्रो चरणको निर्माण कार्यको लागि एक निर्माण व्यवसायीसँग मूल्य अभिवृद्धि करसमेत रू.९३ करोड ३४ लाख ९८ हजारको सम्झौता भएकोमा रू.६१ करोड ७७ लाख ९१ हजार भुक्तानी भएको छ । शुरु सम्झौता अवधिको करिब १६६ प्रतिशत अवधि समाप्त हुँदासम्म उक्त निर्माण कार्यको ६५ प्रतिशत वित्तीय र ७२ प्रतिशत मात्र भौतिक प्रगति भएको छ ।

११.३ रूपन्देहीको बुटवलमा १० हजार क्षमताको ८०० स्टल क्षमतासहितको अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्रको निर्माण कार्यको लागि एक निर्माण व्यवसायीसँग २०७८।४।१२ सम्म सम्पन्न गर्ने गरी २०७५।१२।२६ मा मूल्य अभिवृद्धि करसमेत रू.१ अर्ब १५ करोड ४२ लाखको निर्माण सम्झौता भएकोमा यो वर्षसम्म रू.२७ करोड १७ लाख २१ हजार भुक्तानी भएको छ। सम्झौता अवधि समाप्त भइसकेकोमा २५ प्रतिशत वित्तीय र ४० प्रतिशत भौतिक प्रगति भएको देखिन्छ ।

११.४ झापा जिल्लाको दमक नगरपालिकाको दापगाछीमा रहेको ५ विघा जग्गामा १८ तला (७२ मिटर उचाइ)को स्थायी संरचना र ७ तलाको स्टील संरचना र अण्डरग्राउण्ड पार्किङसहितको सुविधा सम्पन्न

भ्यू टावर निर्माण कार्य २०७८।९।२७ भित्र सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसँग २०७६।३।२७ मा सम्झौता भएको छ । शुरु लागत मूल्य अभिवृद्धि कर सहित रू.१ अर्ब ५६ करोड १४ लाख ३९ हजार रहेको उक्त निर्माण कार्यको २०७७।११।७ मा भेरिएसनबाट रू.२ करोड ७ लाख ६७ हजार थप भई संशोधित सम्झौता रकम रू.१ अर्ब ५८ करोड २२ लाख पुगेको छ । यो वर्षसम्म रू.६७ करोड ३३ लाख ६ हजार भुक्तानी भएको छ। यो वर्षसम्म भौतिक प्रगति ५० प्रतिशत र वित्तीय प्रगति ४१ प्रतिशत भएको छ। उक्त टावर निर्माण कार्यको शुरुमा तोकिएको म्याद समाप्त भइसक्दा १२ तलासम्मको संरचना मात्र तयार भएको देखिन्छ।

११.५ झापाको दमक नगरपालिका वडा नं. ९ मा १ हजार ८०० सिट क्षमताको सभाहल निर्माण गर्न एक संयुक्त उपक्रमसँग ३६ महिनाभित्र सम्पन्न गर्ने गरी २०७४।३।२० मा रू.२८ करोड ४० लाख ५९ हजारको सम्झौता भएकोमा दुईपटकको भेरिएसनबाट सम्झौता रकममा १३.४३ प्रतिशतले वृद्धि भई रू.३२ करोड २२ लाख ७ हजार कायम भएको छ । यस वर्षसम्म रू.२३ करोड ८४ लाख ५१ हजार खर्च भई समग्र भौतिक तथा वित्तीय प्रगति क्रमशः ८० र ७४ प्रतिशत रहेको छ। निर्माण कार्य २०७८।१२।३० मा सम्पन्न गर्नेगरी म्याद थप भएको छ।

११.६ उदयपुरस्थित त्रियुगामा मदन भण्डारी स्मृति सभाहल तथा अतिथि गृह निर्माण कार्यको लागि २०७७।१।१० भित्र कार्य सम्पन्न गर्ने गरी रू.२४ करोड ९ लाख ४१ हजारमा एक संयुक्त उपक्रमसँग २०७४।१।१० मा सम्झौता गरेकोमा १४.९७ प्रतिशतले भेरिएसन थप भई संशोधित लागत मूल्य अभिवृद्धि कर बाहेक रू.२७ करोड ७० लाख २१ हजार कायम भएको छ । मूल्य समायोजनसमेत यस वर्षसम्म रू.३० करोड ९६ लाख ९९ हजार खर्च भइसके तापनि निर्माण कार्य सम्पन्न भएको छैन । उक्त निर्माण कार्यको २०७९ वैशाखमा स्थलगत निरीक्षण गर्दा सुपर स्ट्रक्चर लगायतको कार्य सम्पन्न भएकोमा २०७८ भाद्रदेखि काममा रोकावट भएको, छानाको कार्य नहुँदा निर्मित संरचनामा हावापानी तथा घामबाट प्रभावित भई गुणस्तरमा असर परेको अवस्था छ ।

११.७ कैलालीको धनगढीमा ९८० क्षमताको सभाहल निर्माणको लागि एक संयुक्त उपक्रमसँग २०७८।३।९ मा कार्य सम्पन्न गर्ने गरी २०७५।१०।२ मा रू.२५ करोड २८ लाख ८८ हजारको सम्झौता भएकोमा यो वर्षसम्म रू.२१ करोड ९० लाख भुक्तानी भएको छ। कार्यान्वयन इकाईले नक्सा ढाँचा बमोजिमको स्टिलको काम बढेको, सभाहल पर्खाल निर्माण, स्टोन म्यासनरी र माटो फिलिङको काम, इन्टरलक ब्लक, सिलिङ प्लास्टर, सेप्टिक ट्यांक र सकपिट म्यानहोल जस्ता भवनको आवश्यक संरचनाको कार्य लागत अनुमानमा छुट भएको जनाई रू.३ करोड ७१ लाख २० हजार भेरिएसन गरी रू.२९ करोड ८ हजार संशोधित सम्झौता रकम कायम भएको छ ।

उल्लिखित सभाहलको अतिरिक्त प्रदेश एवं स्थानीय सरकारले समेत सभाहल निर्माण गरिरहेको अवस्था छ । सञ्चालन खर्च निरन्तर व्यहोर्नुपर्ने यस्ता संरचनाले दीर्घकालीन दायित्व सिर्जना गर्ने हुँदा आवश्यकता र लाभ लागतको विश्लेषण गरी संरचना निर्माण गर्नुपर्दछ । निर्मित सभाहलको सञ्चालनको लागि कार्यविधि एवं मापदण्ड तयार भएको छैन । निर्मित संरचनाको संरक्षण र उपयोगको उचित व्यवस्थापन हुनुपर्दछ ।

१२. **एकीकृत जाँच चौकी** - नेपाल भारत सीमाका प्रमुख ४ नाका क्रमशः विराटनगर, वीरगंज, भैरहवा र नेपालगन्जमा सुविधा सम्पन्न एकीकृत जाँच चौकी निर्माण गर्न सन् २००५ मा दुई देशबीच भएको समझदारीमा नेपाल सरकारले जग्गा व्यवस्थापन, विस्थापितहरूको पुनर्स्थापना, आयोजना क्षेत्रमा सामाजिक, आर्थिक पूर्वाधारहरूको निर्माण तथा आयोजना कार्यान्वयन गर्न सहजीकरण र समन्वय गर्नुपर्ने र भारत सरकारले एकीकृत जाँच चौकी निर्माण सम्पन्न गरी टर्न की प्रोजेक्टका रूपमा नेपाल सरकारलाई हस्तान्तरण गर्ने उल्लेख छ । वीरगञ्ज र विराटनगरका जाँच चौकीहरूको निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आइसकेको र नेपालगन्ज जाँचचौकीको यो वर्ष शिलान्यास भई निर्माण कार्य शुरु भएको छ । भैरहवामा जाँच चौकी निर्माणका लागि नेपाल सरकारका तर्फबाट जग्गा अधिग्रहण गर्ने कार्य सम्पन्न भइसकेको छ ।बाँकी रहेको निर्माण कार्य सम्पन्न गर्न नेपाल सरकारको तर्फबाट गर्नुपर्ने आयोजना कार्यान्वयन, सहजीकरण र समन्वय लगायतका कार्य प्रभावकारीरूपले गर्नुपर्दछ ।

शहरी विकास तथा भवन निर्माण विभाग

भौतिक सुविधाको व्यवस्था गरी दिगोरूपले शहरको विकास गर्ने, व्यवस्थित बसोबासको प्रबन्ध गर्दै सुरक्षित र किफायती आवास उपलब्ध गराउने, सरकारी निकायहरूको भवन निर्माण, सुधार र पुनः निर्माण गर्ने उद्देश्यले यस विभागको स्थापना भएको हो ।

१३. **शोधभर्ना -** एसियाली विकास बैङ्कको ऋण सहयोगमा सञ्चालित मझौला शहर एकीकृत वातावरणीय सुधार आयोजना २०६७।६८ देखि सञ्चालन भैरहेकोमा ३१ डिसेम्बर २०१९देखि बन्द भएको छ । एसियाली विकास बैङ्कको ६ जुलाई २०२१ र डीएफआईडीतर्फको ३० जून २०२० मा वित्तीय कारोवार बन्द भएको छ । आयोजनाले रू.४८ करोड ३८ लाख ६ हजार शोधभर्ना माग गरेकोमा रू.३९ करोड ३ लाख ३ हजार शोधभर्ना भई रू.९ करोड ८५ लाख प्राप्त हुन बाँकी देखिन्छ । एसियाली विकास बैङ्कको स्वीकृत ऋण सम्झौताअनुसार खर्च भएको रकम शोधभर्ना प्राप्त भएपछि मात्र खाता बन्द गर्ने व्यवस्था अवलम्बन गर्नुपर्दछ।

१४. **निर्मित संरचनाको अभिलेख** - विभाग र मातहतका आयोजनाले आफ्नो क्षेत्राधिकारभित्र रहेका भवन, कल्भर्ट, सडक लगायतका संरचनाहरूको निर्माण एवं सञ्चालन अवस्था र लागत खुलाई अभिलेख राखेको देखिएन । निर्मित, निर्माणाधीन एवं प्रस्तावित संरचनाको अभिलेख, सोको सञ्चालन अवस्था, मर्मत सम्भार कार्य योजनाका लागि आवश्यकता पहिचान, सर्वेक्षण, विस्तृत डिजाइन तथा लागत अनुमान तयार, जी.पी.एस. को माध्यमले निर्माणस्थल चेनेज पहिचान र अभिलेख खुल्ने व्यवस्था मिलाउने कार्य शुरु भएको छैन । अन्तर निकाय समन्वय गरी संरचना निर्माणमा दोहोरोपनाको अन्त्य गर्न तथा अभिलेख व्यवस्थापनका लागि जी.पी.एस. बाट अभिलेख देखिने व्यवस्था मिलाउनुपर्दछ । त्यसैगरी नयाँ निर्माण भएका र वर्षेनी मर्मत सम्भार गरिएका भवनहरूको अवस्था, लागत तथा मर्मत खर्चसमेत खुल्ने गरी अभिलेख अद्यावधिक गर्नुपर्दछ । यससम्बन्धी व्यहोरा गत वर्षको प्रतिवेदनमा समेत औंल्याइएकोमा स्थिति यथावत् छ ।

१५. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ । विभागले यो वर्ष रू.१३ करोड ३ लाख ४७ हजार परामर्श सेवामा खर्च गरेको छ । एकीकृत कार्यमूलक शहरी

योजना शहरी विकास शीर्षक अन्तर्गत नेपाल सरकार आन्तरिक ऋणबाट परामर्श सेवामा रू.११ करोड २८ लाख ४६ हजार भुक्तानी गरेको देखियो । जनशक्तिको उपयुक्त व्यवस्थापन गरी परामर्शदाता माथिको निर्भरता घटाउनुपर्दछ ।

१६. **बन्चरेडाँडा स्यानिटरी ल्याण्डफिल्ड साइट** - काठमाडौं उपत्यकामा उत्सर्जन हुने फोहोर दिगो व्यवस्थापनको लागि नुवाकोट जिल्लाको ककनी गाँउपालिका वडा नं. २ र धादिङ्ग जिल्लाको धुनीबेंसी नगरपालिका १, कोल्फु खोला बन्चरेडाँडा फेदमा खोला डाइभर्सन गरी ३१ हजार वर्गमिटर क्षेत्रफलमा स्यानिटरी ल्याण्ड फिल्ड साइट निर्माणाधिन रहेको छ। मिश्रित फोहोर भएमा २० वर्ष र वर्गीकृत फोहोर भएमा ४० वर्ष सम्मकोलागि धान्नेगरी २० हजार घन मिटरको लिचड पोखरी र सेडिमेन्टेसन पोखरी निर्माण हुनेगरी वैज्ञानिक ढङ्गले जियोमेम्ब्रेन, जियोटेक्सटायल, ड्रेनेज लेयर राखेर फोहोरको लेदो सङ्कलन गरी ट्रिटमेन्टका लागि सेडिमेन्टेसन, एरेसन तथा रिसर्कुलेसनको प्रावधान भए मुताबिक संरचनाहरू निर्माणाधीन रहेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:

१६.१ बन्चरेडाँडामा एप्रोच रोड, ल्याण्डफिल साइट विकास गर्ने र युटिलिटी भवन निर्माण गर्न २०७६।१।२२ मा रू.३४ करोड ६८ लाख ७५ हजारमा २०७७।१।२२ सम्म कार्य सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग सम्झौता गरेकोमा सो निर्माण कार्यको यो वर्षसम्म रू.२३ करोड ४० लाख ४५ हजार भुक्तानी भएको देखिन्छ । पछिल्लोपटक २०७८।१२।१६ सम्म म्याद थप गरे तापनि कार्य अधुरो नै रहेको छ ।

१६.२ बन्चरेडाँडा स्यानिटरी ल्याण्डफिल साइट निर्माण आयोजना अन्तर्गत फेज-२ को रिटेनिङ्ग संरचनाको लागि विभाग र एक निर्माण व्यवसायी बीच २०७८।१२।३० सम्ममा निर्माण सम्पन्न गर्नेगरी २०७६।१२।२० मा रू. ५२ करोड ४ लाख ७१ हजारको सम्झौता भएको छ । यो वर्षसम्म रू.१० करोड ९३ लाख ८८ हजार भुक्तानी भएको छ। उक्त संरचना निर्माणको वित्तीय प्रगति २१ प्रतिशत मात्र भएकोले तोकिएको अवधिसम्म कार्य सम्पन्न हुन सक्ने देखिँदैन । सम्झौताअनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

१७. **संयुक्त र बहुतले आवास** - संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन, २०५४ र नियमावली, २०६० अनुसार संयुक्त आवासको व्यावसायिक कारोबार गर्ने संयुक्त आवास कम्पनी तथा जग्गा विकास गरी सामुहिक भवनहरू निर्माण अनुमतिका लागि पेस भएका प्रस्तावहरू जाँच गरी निर्माण स्वीकृति, अनुगमन र निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गर्ने जिम्मेवारी विभागको रहेको छ। सो अनुसार विभागले ३८ व्यवसायीलाई संयुक्त आवास निर्माण गर्न २ हजार ८७३ आवास इकाईको स्वीकृति दिएको छ। बहुतले भवन, अपार्टमेन्ट तथा सामूहिक आवासहरूको निर्माण कार्य व्यवसायीहरूले सम्झौता बमोजिम नगरेको, कतिपय व्यवसायीले महानगरपालिकाबाट निर्माण सम्पन्न प्रमाण पत्र लिएर पुनः रद्द गरेको, खरिदकर्तालाई जग्गा धनीपुर्जा उपलब्ध नगराएको, दिनुपर्ने सुविधा उपलब्ध नगराएको, प्लानिङ्ग पर्मिट अनुसार कार्य नगरेको, खरिदकर्ताबाट रकम उठाई निर्माण कार्य नै प्रारम्भ नगरेको, कतिपय निर्माणाधीन अपार्टमेन्टहरूका नाम परिवर्तन गरी होटेल र बैङ्क सञ्चालन गरेको र आवास कम्पनीले अर्काको नाममा रहेको जग्गा बुकिङ्ग गरी रकम उठाएको लगायतका उजुरी तथा गुनासो रहेको देखिन्छ। उल्लिखित गुनासोहरू सम्बोधन गरी प्रचलित कानूनको पालना गराउनुपर्दछ ।

१८. **कार्यक्रमको प्रभावकारिता -** सघन शहरी विकास कार्यक्रमअन्तर्गत सघन शहरी तथा भवन निर्माण आयोजना झापा, पर्सा, चितवनलगायत १८ कार्यालयबाट विभिन्न जिल्लामा २०७४।७५ देखि हालसम्म ८१७.५ किलोमिटर सडक कालोपत्रे भएको छ। यस कार्यक्रमबाट यो वर्ष ४१८.५ किलोमिटर सडक कालोपत्रे, १०.०८ किलोमिटर नाला र ५ बसपार्कको निर्माण, विभिन्न १२ पार्क, उद्यान, पोखरी आदिको संरक्षण तथा सौन्दर्यीकरण गर्ने कार्य सम्पन्न गरेको छ। उक्त कार्यक्रममा यो वर्ष रू.९ अर्ब ६४ करोड ३ लाख खर्च भएको छ। यो कार्यक्रमलाई नगरपालिकाहरूको आवधिक योजनासँग तादात्म्यता हुने गरी सञ्चालन गरिएको छैन। कार्यक्रमलाई गरिबी नक्साङ्कनले इङ्गीत गरेको पूर्वाधार विकास कार्यक्रम, ठूला शहरी करिडोरहरूमा पूर्वाधार विकास गर्ने कार्यक्रमहरूसँग समन्वयात्मक रूपले सञ्चालन गरी उपलब्धीमूलक र प्रभावकारी बनाउनुपर्दछ ।

१९. **जनता आवास कार्यक्रम -** व्यवस्थित बसोबासको प्रवर्द्धन गर्दै सुरक्षित तथा किफायती खालका आवासहरू उपलब्ध गराउने उद्देश्यका साथ गरिब, पिछडिएका एवं सीमान्तकृत वर्गलाई आवास सुविधा उपलब्ध गराउने क्रममा दलित, मुस्लिम, चेपाङ, राउटे, कुसुण्डा, वनकरिया, गन्धर्व, वादी एवं सुरेल समुदायलाई लक्षित गर्दै जनता आवास कार्यक्रम सञ्चालन हुँदै आएकोमा विगत १२ वर्षको स्थिति देहायबमोजिम छः

आर्थिक वर्ष	जिल्लाहरू	क्रमागत आवास संख्या	नयाँ आवास संख्या	जम्मा लक्ष्य आवास संख्या	विनियोजित बजेट (रू. हजारमा)	निर्माण सम्पन्न आवास संख्या	जम्मा खर्च (रू. हजारमा)	
							वित्तीय	प्रतिशत
२०६६।६७	३	२२७४	-	२२७४	३०३०००	१४६०	२८०६५३	९२.६२
२०६७।६८	११	८१४	१९४२	२७५६	२८७२८१	१२२६	१२०६४९	४२.००
२०६८।६९	२१	१५३०	७३३	२२६३	३३४४६४	१६०४	२६७९६४	८०.१२
२०६९।७०	२१	६५९	८८९	१५४८	१६६७११	२४४	१३०६५६	७८.३७
२०७०।७१	२७	१३०४	३२२	१६२६	१५३१८८	१०२८	९७४५५	६३.६२
२०७१।७२	२८	५९८	११६४	१७६२	२६७१८४	४२७	१३२८८६	४९.७४
२०७२।७३	४३	१३३५	११९८	२५३३	२९३०३४	८६३	२१४५५९	७३.२२
२०७३।७४	५२	१६७०	२१६७३	२३३५३	१८१२६१८	१८७४	१६२८२२८	८९.८३
२०७४।७५	७४	२१४२२	२५७७५	४७१९७	३०२७४४८	८३१३	२७७६०४९	९१.७०
२०७५।७६	७४	४१६४०	०	४१६४०	४३५५४६६	२५२४	-	-
२०७६।७७	७४	३९११६	०	३९११६	४४०५८७१	४६०९	-	-
२०७७।७८	७४	३४५०७	०	३४५०७	२५०००००	०	-	-
			जम्मा	२००५७५	**१७९०६२६५**	**२४१७२**	**५६४९०९९**	

कार्यक्रम शुरु भएको १२ वर्ष व्यतीत भइसक्दा २ लाख ५७५ आवास संख्या निर्माण गर्ने लक्ष्य रहेकोमा २४ हजार १७२ मात्र आवास निर्माण भएको छ। यस कार्यक्रममा २०७४।७५ सम्म रू.५ अर्ब ६४ करोड ९१ लाख खर्च भएको छ। जनता आवास कार्यक्रम २०७५।७६ देखि प्रदेश सरकारमा हस्तान्तरण भएको छ। विभागले तत्पश्चात् भएको खर्चको विवरण अद्यावधिक गरेको छैन। तोकिएको लक्ष्य हासिल हुने गरी लक्षित समुदायलाई आवास सुविधा उपलब्ध गराउने कार्य समयमा नै सम्पन्न हुनुपर्दछ। विभागले संघीय कोषबाट बजेट विनियोजन भएका यस्ता कार्यक्रमहरूको कार्य प्रगतिसमेत तयार गर्नुपर्दछ।

२०. **एकीकृत बस्ती विकास कार्यक्रम** - भौगोलिक रूपमा विकट तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा बसोबास गरेका घरपरिवारहरूलाई सुरक्षित स्थानमा एकीकृत बस्ती विकास गरी स्थानान्तरण गर्ने, सेवा सुविधा पुऱ्याउन कठिन, विकासका लागि बाधक, अपायक र असुरक्षित स्थानमा रहेका घरपरिवारहरूलाई एकीकृत गरी सुरक्षित स्थानमा सेवा, सुविधा, पूर्वाधार र जीविकोपार्जनका लागि उपयुक्त रोजगारीको अवसर सहितका बस्तीहरू निर्माण गरी स्थानान्तरण गर्ने, प्राकृतिक प्रकोपबाट विस्थापितहरूलाई पुनर्स्थापना गराउने उद्देश्यले २०७६।७७ बाट यो कार्यक्रम सञ्चालनमा आएको हो। यस कार्यक्रम अन्तर्गत डडेल्धुराको परशुराम नगरपालिकामा बाढीबाट विस्थापित परिवारहरूको पुनर्स्थापना गर्न जग्गा खरिद गरी पूर्वाधार निर्माणको कार्य र मोरङको उर्लाबारीमा १३२ सन्थाल जातिका घरपरिवारलाई पुनर्स्थापना गराउन एकीकृत बस्ती विकासको कार्यक्रम शुरु गरिएको छ। तोकिएको लक्ष्य हासिल गर्न विद्यमान बस्तीहरूको स्तरोन्नति गर्न एकीकृत वस्ती विकास तथा पूर्वाधार निर्माणका कार्यहरू कार्यान्वयन गर्नुपर्दछ।

२१. **सुरक्षित नागरिक आवास कार्यक्रम** - प्रकोपका कारण घरबारविहीन भएका विपन्न परिवारलाई सुरक्षित आवास उपलब्ध गराउने नीतिअनुसार जारी गरिएको सुरक्षित नागरिक आवास कार्यान्वयन, कार्यविधि २०७५ मा सम्झौता भएका लाभग्राहीलाई पहिलो किस्ताको साठी प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग सम्झौता भएपछि र निर्माण कार्य सम्पन्न भएको स्थानीयतहको प्राविधिकबाट प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा दोस्रो तथा अन्तिम किस्ता चालिस प्रतिशत अनुदान रकम उपलब्ध गराउने र उपलब्ध अनुदान अन्य प्रयोजनमा खर्च गरे वा किस्ता बमोजिमको गर्नुपर्ने कार्य तीन महिनाभित्र नगरेमा त्यस्तो अनुदान रकम असुल उपर गर्ने उल्लेख छ । यस कार्यक्रमअन्तर्गत २०७७।७८ सम्म १२ लाख ११ हजार १६१ लाभग्राही छनौट भएका छन्। छनौट भएकामध्ये यो वर्षसम्म १ लाख १३ हजार ६४४ लाभग्राहीसँग अनुदान सम्झौता भएकोमा ७४ हजार २६८ लाभग्राहीलाई पहिलो किस्ता, १३ हजार ३४० लाई दोस्रो किस्ता भुक्तानी दिएको छ । कार्यक्रमबाट पहिलो किस्ता लिएका ७४ हजार २६८ लाभग्राहीमध्ये २२ हजार ६२९ लाभग्राहीको मात्र निर्माण सम्पन्न भएकोले बाँकी ५१ हजार ६३९ लाभग्राहीलाई रू.३० हजारका दरले उपलब्ध गराएको पहिलो किस्ताको रू.१५ करोड ४९ लाख १७ हजारको सम्बन्धमा अनुगमन गरी खर्चको सुनिश्चितता गर्नुपर्ने देखिएको छ।

२२. **रुग्ण आयोजना** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(ङ) मा सम्झौता कार्यान्वयनको प्रगति अनुगमन गर्ने व्यवस्था छ। त्यस्तै, नियम १२८ मा सम्झौता उल्लंघन गर्ने निर्माण व्यवसायीहरूलाई पूर्व निर्धारित क्षतिपूर्ति लगाउने सम्झौताको अन्त्य गर्ने र सम्झौताबमोजिमको काम नगर्ने निर्माण व्यवसायीको खर्चमा त्यस्तो कार्य सम्पन्न गराउने व्यवस्था छ । डोटी, झापा, धनुषा, पर्सा, ओखलढुंगा लगायतका १७ जिल्लामा स्वास्थ्य संस्था भवन निर्माणको जिम्मेवारी विभागलाई प्राप्त भएकोमा २०७८ आषाढ मसान्तसम्म शुरु म्याद समाप्त भई सोही बराबरको म्याद थप हुँदा समेत कार्य सम्पन्न हुन नसकेका ११० आयोजनालाई विभागले रुग्ण आयोजनामा वर्गीकरण गरेको छ। यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय बमोजिम रहेका छन्:-

२२.१ खरिद सम्झौता भएकामध्ये ५४ आयोजनाको शत प्रतिशत भौतिक प्रगति भएपनि आयोजनाको नापजाँच एवं अन्तिम विल भुक्तानी गरी हस्तान्तरण हुन बाँकी रहेको देखिन्छ । त्यसैगरी ९० प्रतिशत भौतिक प्रगति भएका ३८, ७५ प्रतिशत भौतिक प्रगति भएका ५, ६० प्रतिशत भौतिक प्रगति भएका ६, ५०

प्रतिशत भौतिक प्रगति भएको १ र २५ प्रतिशत भौतिक प्रगति भएका २ आयोजना रहेका छन्। निर्माण कार्य अघि नबढेको कारण ३ खरिद सम्झौता अन्त्य गर्ने प्रक्रियामा रहेको उल्लेख छ ।

२२.२ रौतहट जिल्लाको अस्पताल भवन पुनः निर्माण कार्य २०७४ सम्म सम्पन्न गर्नेगरी २०६१।६२ मा निर्माण व्यवसायीसँग सम्झौता भएकोमा २०७८ आषाढ मसान्तसम्म कार्य सम्पन्न भएको छैन।

खरिद सम्झौता कार्यान्वयन स्थितिको उचित व्यवस्थापन तथा अनुगमनको कमीका कारण लगानीको प्रतिफल हासिल भएको देखिँदैन। अतः निर्माण कार्य अधुरो छाडी सम्पर्क विहीन रहेका तथा सम्झौता बमोजिमको कार्य नगर्ने निर्माण व्यवसायीलाई नियमको व्यवस्थाबमोजिम सम्झौता अन्त्य गरी बाँकी काम सम्पन्न गर्न लाग्ने रकम असुल गर्ने वा पूर्वनिर्धारित क्षतिपूर्ति लगाई काम सम्पन्न गर्ने सम्बन्धमा विभागबाट निर्णय हुनुपर्दछ।

२३. **नयाँ शहर आयोजना -** मध्य पहाडी लोकमार्ग (पुष्पलाल लोकमार्ग) र यसका आसपासमा पर्ने प्रमुख १० स्थानमा २०८६।८७ सम्म प्रति शहर कम्तीमा १ लाख जनसंख्या बसोबास गर्न सक्ने अत्याधुनिक, सेवा सुविधा र पूर्वाधारयुक्त शहरहरू निर्माण र विकास गर्ने उद्देश्यले २०६६।६७ देखि नयाँ शहर आयोजना शुरु भएको छ । पाँचथरको फिदिमसहित १० स्थान छनौट गरी कार्यक्रम शुरु गरिएकोमा २ स्थान थप भई १२ पुगेको छ । हुलाकी राजमार्ग र आसपासका १५ स्थान र अन्य विभिन्न १३ शहरलाई स्मार्ट शहरको रूपमा विकास गर्ने, लुक्ला सहित उच्च हिमाली भागमा रहेका १० बस्तीहरूलाई ट्रान्स हिमालयन सीटीका रूपमा विकास गर्ने कार्यक्रम समेत ४० शहर र बस्तीहरू समेत थप भई ५० कायम भएको छ । आयोजनाअन्तर्गत २०७७।७८ मा ११५.०७ किलोमिटर सडकको ट्रयाक खोल्ने, २२.८९ किलोमिटर सडक कालो पत्रे गर्ने, २९.०२ किलोमिटर रिजिड पेभमेन्ट(ढलान) र ५७.३६ किलोमिटर ढल/नाला निर्माण लगायतका कार्य सम्पन्न भएका छन्। आयोजनाले हालसम्म ५ हिमाली वस्तीको सम्भाव्यता अध्ययन गरी मोर्फोलोजिकल रिटेनमेन्ट एण्ड इन्हेन्समेन्ट प्लानको अन्तिम प्रतिवेदन र १३ स्मार्ट सीटीको गुरुयोजना सहितको अन्तिम प्रतिवेदन स्वीकृत गरेको छ। चालु आयोजनाहरूको कार्य समाप्त नहुँदै नयाँ नयाँ शहरी आयोजना थप्दै जाने प्रवृत्तिले वर्षौंसम्म आयोजनाको कार्य अधुरो रहने एवं अपेक्षित प्रतिफल हासिल नहुने अवस्था छ । शुरु भएका आयोजना सम्पन्न भैसकेपश्चात् मात्र नयाँ कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

२४. **बढी भुक्तानी -**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि संलग्न कागजातअनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२४.१ सघन शहरी तथा भवन निर्माण आयोजना, बाग्लुङले ५० शय्याको म्याग्दी जिल्ला अस्पताल निर्माण गर्न निर्माण व्यवसायीसँग सम्झौताको बिल अफ क्वान्टिटीमा ग्राउण्ड लेभलभन्दा माथि फ्लोरमा १:४ अनुपातको इँट्टाको गाहो लगाउने कार्यको कबोल दरमा छुट हुने गरी प्रति घनमिटर रू.१० हजार ६८७ कायम गरेको छ। यो वर्षसम्म १०७.४० घनमिटरको मूल्य अभिवृद्धि कर समेत रू.१२ लाख ९७ हजार भुक्तानी दिनुपर्नेमा नापी किताब अनुसार ६९५.८९ वर्ग मिटरको रू.८४ लाख ४ हजार भुक्तानी दिएको छ। सम्झौता अनुसार उक्त आइटमको एकाइ घनमिटर रहेकोमा कार्य परिमाण गणना गर्दा वर्ग मिटरमा नाँपजाँच तथा गणना गरी बढी भुक्तानी दिएको रू.७१ लाख ७ हजार असुल हुनुपर्दछ।

२४.२ नुवाकोट जिल्लामा विदुर सभाहल निर्माण कार्यको लागि एक संयुक्त उपक्रमसँग २०७८।४।१९ भित्र सम्पन्न गर्ने गरी २०७४।३।२० मा रू.२४ करोड ९४ लाख २३ हजारको सम्झौता भएकोमा दशौं रनिङ बिलसम्म रू.२४ करोड ७० लाख २५ हजार भुक्तानी भएको छ। निर्माण कार्यको प्राविधिक मूल्याङ्कन अनुसार रू.२३ करोड ९५ लाख ६ हजारको कार्यमात्र मूल्याङ्कन भएकोले निर्माण व्यवसायीलाई रू.७५ लाख १९ हजार बढी भुक्तानी भएको देखिन्छ। मूल्य समायोजनतर्फ दशौं रनिङ बिलसम्मको रू.२० लाख २४ हजार भुक्तानी दिन बाँकी देखिन्छ। भुक्तानी गर्न बाँकी रकम समायोजन गर्दा रू.५४ लाख ९५ हजार निर्माण व्यवसायीलाई बढी भुक्तानी भएको देखिएकोले सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ ।

२५. **मूल्य समायोजन** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ५५ मा मूल्य समायोजन सम्बन्धी व्यवस्था छ। सघन शहरी तथा भवन निर्माण आयोजना पर्सा, दाङ, क्षेत्रीय आयोजना कार्यान्वयन इकाइ कैलाली, क्षेत्रीय आयोजना कार्यान्वयन इकाइ धनुषा, कास्कीसमेत ५ कार्यालयका ७ निर्माण व्यवसायीलाई मूल्य समायोजन भुक्तानी गर्दा फरक बेस इन्डेक्स र फ्याक्टर प्रयोग गरी त्रुटिपूर्ण गणना गरेबाट रू.१ करोड ४६ लाख ६ हजार बढी भुक्तानी गरेको रकम असुल हुनुपर्दछ।

२६. **पूर्व निर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाइको कारणले सम्झौताबमोजिमको कार्य तोकिएको समयभित्र सम्पन्न हुन नसकेमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । यो वर्ष शहरी विकास तथा भवन निर्माण विभाग र अन्य ६ आयोजना कार्यालयले समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीहरूबाट रू.३७ लाख २९ हजार पूर्व निर्धारित क्षतिपूर्ति असुल गरेका छैनन् । उक्त रकम सम्झौताको शर्तबमोजिम असुल हुनुपर्दछ।

२७. **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रूपैयाँभन्दा बढीको मालसामान, सेवा वा कुनै निर्माण कार्य गराउँदा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय, सघन शहरी तथा भवन निर्माण आयोजना बाग्लुङ र सप्तरीले रू.३ करोड ६८ लाख १७ हजारको समान प्रकृतिका कार्य टुक्रा पारी मर्मत, मेसिनरी औजार, फर्निचरलगायतका सामग्रीहरू सोझै खरिद गरेको छन्। खरिद नियमको पालना गरी प्रतिस्पर्धात्मक तरिकाले खरिद कार्य गर्नुपर्दछ।

२८. **उपभोक्ता समितिबाट निर्माण कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा उपभोक्ता समितिबाट काम गराउन सकिने व्यवस्था छ। शहरी विकास तथा भवन निर्माण विभाग, सघन शहरी तथा भवन निर्माण आयोजना बबरमहल र अन्य २ कार्यालयबाट १६६ उपभोक्ता समितिमार्फत् मन्दिर, उद्यान, नालालगायतका निर्माण कार्य गराई रू.६० करोड ४७ लाख हजार खर्च गरेको छ। उपभोक्ता समितिमार्फत् काम गराउँदा प्रतिस्पर्धा र गुणस्तरीय निर्माण कार्य भएको सुनिश्चित हुने व्यवस्था मिलाउनुपर्दछ।

२९. **सवारीसाधन** - सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण कार्यसँग सम्बन्धित आइटमहरू मात्र समावेश गर्नुपर्ने र ठेक्का सम्झौता गर्दा असम्बन्धित खर्चहरू ठेक्कामा समावेश नगर्न सार्वजनिक लेखा समितिले २०६९।९।२ मा निर्णय गरेको छ।

सघन शहरी तथा भवन निर्माण आयोजना, धादिङले सेर्तुङ्ग स्वास्थ्यचौकी भवन निर्माण कार्यको बि.ओ.क्यू.मा आयोजना कर्मचारीको लागि सवारी चालकसहितको सवारी साधन समावेश गरी यो वर्ष भाडामा रू.११ लाख ७२ हजार र केन्द्रीय कारागार नुवाकोटको भवन निर्माण कार्यमा बी.ओ.क्यू.मा सवारी साधनको भाडा र मर्मत खर्च समावेश गरी यो वर्ष रू.१३ लाख ५६ हजार, र क्षेत्रीय आयोजना कार्यान्वयन इकाई, कैलालीले इन्जिनियरिङ सुविधाअन्तर्गत यो वर्ष रू.३४ लाख ४५ हजारसमेत रू.५९ लाख ७३ हजार भुक्तानी दिएका छन् । आयोजनाको लागत वृद्धि नियन्त्रण गर्ने सम्बन्धमा सार्वजनिक लेखा समितिले गरेको निर्णय कार्यान्वयन गर्नुपर्दछ ।

३०. **कार्य सम्पादन जमानत** - सार्वजनिक खरिद नियमवली २०६४ को नियम ११०(४) मा कार्य सम्पादन जमानत निर्माण कार्यको त्रुटि सच्याउने अवधिभन्दा कम्तीमा १ महिना बढीको हुनुपर्ने व्यवस्था छ। संघीय आयोजना कार्यान्वयन इकाई धनुषा र सघन शहरी तथा भवन निर्माण आयोजना, झापाले विभिन्न ६ निर्माण कार्यका लागि लिएको रू.१ करोड २९ लाख २५ हजार कार्य सम्पादन जमानतको अवधि तोकिएको भन्दा कम रहेको देखियो। नियम अनुसारको अवधि समेट्ने गरी कार्य सम्पादन जमानतको म्याद थप गराउनुपर्दछ।

३१. **प्रोभिजनल सम** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(२) मा रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी लिनको लागि आपूर्तिकर्ता, निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम आवश्यक पर्ने कागजात तथा बिल भर्पाइ पेस गर्नुपर्ने उल्लेख छ। सघन शहरी तथा भवन निर्माण आयोजना पर्सा, संघीय आयोजना कार्यान्वयन इकाइ सुर्खेत, पोखरा, कैलाली, धनकुटा र धनुषाले विभिन्न निर्माण व्यवसायीलाई बिल बीजकबेगर प्रोभिजनल समबाट रू. ८४ लाख २६ हजार भुक्तानी दिएका छन्। यस्तो रकम असुल गर्नुपर्दछ।

३२. **विशेष भवन निर्माण** - बालुवाटारमा प्रधानमन्त्री आवास निर्माण गर्न एक निर्माण व्यवसायीसँग रू.३३ करोड ८० लाख ८३ हजारको सम्झौता भएकोमा रू.१५ करोड २ लाख ३६ हजार खर्च भएको, सिंहदरबारमा संघीय संसद भवन निर्माणको लागि रू.५ अर्ब ६७ करोड २७ लाखको सम्झौता भएकोमा यो वर्षसम्म पेश्कीसमेत रू.२ अर्ब ६४ करोड ७० लाख खर्च भएको, भैंसेपाटीमा ७ वटै प्रदेशका प्रदेश प्रमुख र मुख्य मन्त्रीहरूको सम्पर्क कार्यालय भवनको लागि रू.७३ करोड ३९ लाखको सम्झौता भएकोमा यो वर्षसम्म रू.३१ करोड ६ लाख ९३ हजार खर्च भएको छ। संघीय संसद भवन निर्माण कार्यमा ३७ प्रतिशत, प्रधानमन्त्री आवास निर्माणमा ८७ प्रतिशत, संघीय मन्त्री आवास निर्माण र प्रदेश प्रमुख तथा मुख्यमन्त्रीको सम्पर्क कार्यालय भवनमा ६८ प्रतिशत मात्र भौतिक प्रगति देखिएकोले सम्झौता अवधि भित्र निर्माण सम्पन्न हुने देखिँदैन । निर्माणाधीन संरचनाहरूको निर्माण कार्य तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ ।

३३. **कोभिड-१९ खर्च** - विश्वव्यापीरूपमा फैलिएको कोभिड-१९ को संक्रमणबाट सिर्जित असहज परिस्थितिलाई सामना गर्न नेपाल सरकार (मन्त्रिपरिषद्)को २०७७।५।४ को निर्णय तथा काठमाडौं उपत्यका एकीकृत क्वारेन्टिन व्यवस्थापन समितिको निर्णयअनुसार शहरी विकास तथा भवन निर्माण विभागलाई तोकिएको स्थानमा दुई हजार बेड क्षमताको क्वारेन्टिन स्थलको मर्मत सम्भार र लजिष्टिक व्यवस्थापन कार्यको लागि ५ आपूर्तकलाई रू.२ करोड ६० लाख २४ हजार भुक्तानी गरेको छ। क्वारेन्टिन स्थलको ब्यवस्थाका लागि आवश्यक सामान खरिद गर्ने सम्झौताअनुसार स्वीकृत

बोलपत्रदाताबाट खरिद गरिएका सामग्री स्वीकृत स्पेशिफिकेशन, बिल एवं खरिद आदेश अनुसारको भए नभएको परीक्षण गरी जिन्सी दाखिला, माग र वितरणको अद्यावधिक अभिलेख राखेको छैन। खरिद भएका हस्पिटल बेड, म्याट्रेस, ब्लाङकेट, लगायतका मालसामान विभिन्न संस्थाहरूमा हस्तान्तरण गरेकोमा सोको सदुपयोग एवं संरक्षण हुनुपर्दछ ।

संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय

३४. **सुविधासम्बन्धी मापदण्ड** - संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयबाट विशिष्ट व्यक्तिहरूका लागि मागअनुसार फर्निचर, भान्साका अन्य सामान, बिजुलीका सामान, कार्पेट, पर्दा लगायतका भौतिक सुविधाका सामान र चालु प्रकृतिका सामान सोझै खरिद गरी यो वर्ष कार्यालयले रू.३ करोड २१ लाख ९० हजार खर्च गरेको छ। विशिष्ट व्यक्तिलाई उपलब्ध गराउने सेवा सुविधाको मापदण्ड तयार गर्नुपर्ने व्यहोरा विगतका प्रतिवेदनमासमेत औंल्याइएकोमा मापदण्ड तयार गरी २०७९।१।२५ मा मन्त्रालयमा पेस गरेकोमा स्वीकृती भएको छैन। मापदण्ड स्वीकृत नगरेका कारण सामानको गुणस्तर, परिमाण तथा खर्चमा एकरूपता हुन सकेको छैन। विशिष्ट व्यक्तिहरूको लागि आवश्यक पर्ने बजेट सम्बन्धित निकायमा नै विनियोजन गरी मापदण्ड बनाई खर्च गर्नुपर्दछ ।

३५. **जिन्सी व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि कार्यालय प्रमुखले लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति नियम १०६ बमोजिम लिलाम बिक्री गर्नुपर्ने व्यवस्था छ । संघीय सचिवालयको कार्यालयले २०६४ देखि लिलाम बिक्रीको कारबाही गरेको छैन ।विशिष्ट व्यक्तिबाट प्रयोग भई फिर्ता भएका र कार्यालयमा प्रयोग भएकामध्ये जिन्सी निरीक्षण प्रतिवेदन अनुसार मर्मत हुन नसक्ने फर्निचर, मेसिनरी, सवारी साधनलगायतका सामानहरू लिलाम बिक्री गर्नुपर्दछ।

कार्यमूलक लेखापरीक्षण

उपत्यका विकास प्राधिकरणको भौतिक विकास योजना तर्जुमा र कार्यान्वयन

संघीय राजधानी काठमाडौं जनसंख्या वृद्धिको तीव्र दबाबमा रहेको छ । करिब ३० लाख जनसंख्या रहेको उपत्यकामा जनसंख्या वृद्धिसँगै अव्यवस्थित शहरीकरण, वातावरणीय जोखिम र एकीकृत पूर्वाधार निर्माण योजनाको अभावमा दिगो र योजनाबद्ध विकास प्रक्रियामा अवरोधको अवस्था छ । यद्यपि राजधानीको सांस्कृतिक, प्रशासनिक र वातावरणीय दृष्टिकोणले सन्तुलित विकासको आवश्यकता रहेको सन्दर्भमा बर्षेनि काठमाडौं उपत्यका विकास प्राधिकरण, मातहत कार्यालयहरू र उपत्यकाका १८ नगरपालिकाबाट अर्बौं बजेट खर्च हुने गरेको छ। यस परिप्रेक्ष्यमा प्राधिकरणबाट उपत्यकाको दिगो विकासको लागि भएको योजना तर्जुमा तथा कार्यान्वयनका विषयमा परीक्षण गरी देखिएका समस्या समाधानका लागि सुझाव दिने उद्देश्यले गरिएको कार्यमूलक लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन्:

३६. **एकीकृत विकास गुरुयोजना -** काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा ५ मा उपत्यकालाई नेपालको एक प्रमुख प्रशासनिक, पर्यटन, सांस्कृतिक एवं आर्थिक केन्द्रको रूपमा विकास गर्ने, नगरको पुनःनिर्माण, विस्तार र विकास तथा नयाँ नगरको निर्माण गर्ने, भू-उपयोग क्षेत्र निर्धारण

गर्ने जस्ता कार्यहरू सम्पादन गर्न प्राधिकरणले उपत्यकाको भौतिक विकास योजना तर्जुमा गर्न सक्ने व्यवस्था छ । मन्त्रिपरिषदबाट २०५९ मा दीर्घकालीन विकास योजना स्वीकृत भएकोमा कार्यान्वयन हुन नसकेको, प्राधिकरणले २०७२ मा तयार गरेको २० वर्षे रणनीतिक विकास योजनाको मस्यौदा हालसम्म स्वीकृत नभएको एवं उपत्यकाको विकासमा तीनै तहका सरकारले खर्च गर्ने भए तापनि एकीकृत गुरुयोजना बन्न नसकेकोले उपत्यकाको योजनाबद्ध विकासमा असर परेको छ । तसर्थ उपत्यकालाई एकै प्रशासनिक एकाईको रूपमा संस्थागत संरचना निर्माण गरी विकास योजना कार्यान्वयन गर्ने एकीकृत विकास गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

३७. **आवधिक तथा वार्षिक योजना** - चौधौं योजना (२०७३।७४-२०७५।७६) मा प्रमुख शहरहरूमा सम्भावित प्राकृतिक प्रकोप हुनसक्ने ठाउँहरूको नक्सा तयार पार्ने, पूर्व सूचना प्रणालीको विकास गर्ने र प्राकृतिक प्रकोपपछि सर्वसाधारणलाई सुरक्षित उद्धार गर्न योजना तर्जुमा गर्ने र स्वीकृत भू-उपयोग नीतिमा आधारित भएर नगर क्षेत्रको एकीकृत पूर्वाधार विकास गर्ने उल्लेख छ । त्यसैगरी काठमाडौं उपत्यका विकास प्राधिकरण नियमावली, २०६८ को नियम ३ मा काठमाडौं उपत्यकाको दिगो विकास तथा व्यवस्थापनको लागि काठमाडौं उपत्यकालाई एउटै योजना एकाइको रूपमा लिई दीर्घकालीन विकास अवधारणा, सम्बन्धित नीति, मापदण्ड, विषयगत योजना तथा नक्सालाई समेत आधार लिई र वार्षिक बजेट तथा योजना तर्जुमासम्बन्धी मार्गदर्शन, २०७५ ले तोकेको आयोजना प्राथमिकीकरणका आधारहरूमा भौतिक विकासको योजना तर्जुमा गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

३७.१ चौधौं योजनामा समावेश भई २०७६।७७ को वार्षिक नीति तथा कार्यक्रममा समेत समावेश भएको काठमाडौं उपत्यकालाई मेगासिटीमा विकास गर्न सम्भाव्यता अध्ययन गर्ने कार्यको योजना तर्जुमा तथा कार्यान्वयन भएको छैन । आवधिक योजनासँग वार्षिक नीति तथा कार्यक्रमहरू तादात्म्यता नहुनाले आवधिक योजनाको लक्ष्य हासिल हुन सकेको छैन । पन्ध्रौं योजनामा काठमाडौं उपत्यकालाई वातावरणमैत्री अत्याधुनिक सुविधायुक्त सांस्कृतिक राजधानी शहरको रूपमा विकास गर्ने तथा विद्यमान शहरहरूको स्तरीकरण गरी सोही अनुसार सडक पूर्वाधारको मापदण्ड तोक्ने व्यवस्था छ । आवधिक तथा वार्षिक नीतिको कार्यान्वयन हुने गरी वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

३७.२ आवधिक योजना र नियमावलीले व्यवस्था गरेअनुसार प्राधिकरणले एकीकृत भौतिक विकासको योजना तर्जुमा गरेको छैन । प्राधिकरण र अन्तर्गतका काठमाडौं, ललितपुर र भक्तपुर कार्यालय समेतबाट २०७७।७८ मा रू.१ अर्ब ६८ करोड ४५ लाखका २०२ आयोजना तर्जुमा तथा छनोट गरी रू.१ अर्ब ३७ करोड ९६ लाखबाट (उप-आयोजना समेत) १९० आयोजना सञ्चालन गरेकोमा वार्षिक बजेट तथा योजना तर्जुमा सम्बन्धी मार्गदर्शन, २०७५ ले तोकेको आयोजना प्राथमिकीकरणका आधारहरूमा योजना तर्जुमा गरेको देखिएन । नियम २३ बमोजिम विकास आयुक्तले प्राधिकरणको दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि विभागीय मन्त्रीको अध्यक्षतामा गठित भौतिक विकास समिति समक्ष पेस गर्नुपर्नेमा पेस गरेको छैन । योजना तर्जुमामा तोकिएका आधार अवलम्बन नहुँदा उपत्यकाको समग्र विकास योजनामा असर गर्ने मात्र नभई स्थानीय स्तरको स्वामित्व नहुँदा योजनाको मर्मत सम्भार तथा सञ्चालनमा समेत समन्वय हुन नसकी दिगो विकासमा असर पर्ने देखिन्छ ।

उपत्यका विकासको गुरुयोजना, आवधिक योजना, विकास रणनीति, बजेट तथा योजना तर्जुमा सम्बन्धी मार्गदर्शन र योजना तर्जुमाका सामान्य सिद्धान्त अवलम्बन गरी योजना तर्जुमा तथा सञ्चालन गर्नुपर्दछ ।

३८. **समन्वय** - काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा ६.२ मा प्राधिकरणले भौतिक विकास योजना सञ्चालन गर्दा नेपाल सरकारका निकाय तथा अन्य सम्बन्धित निकायसँग समन्वय कायम गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहहरूले स्थानीयस्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक र विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नसक्ने व्यवस्था छ । काठमाडौं उपत्यका भौतिक विकास समितिमा ३ नगरपालिका मात्रको सहभागितालेबाँकी १५ स्थानीय तहहरूबाट तर्जुमा हुने योजना र यसको कार्यान्वयनमा समन्वय र सहकार्यको समस्या देखिएको छ । यसले निर्माण कार्यमा दोहोरोपन मात्र नभई कार्यमा एकरूपता नहुने तथा निर्मित संरचनाको अभिलेख समेत छरिएर रहने जोखिम देखिएको छ। जिल्ला आयुक्तको कार्यालय, भक्तपुरले हनुमन्ते खोला कोरिडोर निर्माण गर्दा प्रदेश र कार्यालयले छुट्याएको योजना सँगसँगै रहेको तर संरचनाको डिजाइन फरक रहेको अवस्था छ । अतः संघ, प्रदेश तथा स्थानीय तहहरूसँग आपसमा समन्वय हुने गरी ऐन तथा नियम संशोधन गर्नुपर्दछ ।

३९. **कार्यक्रम सञ्चालन** - काठमाडौं उपत्यकाको भौतिक विकास योजना तर्जुमा गरी उपत्यकालाई आर्थिक केन्द्रको रूपमा विकास गरेर नयाँ नगरको स्थापना गर्ने प्राधिकरणको मुख्य जिम्मेवारी रहेको छ । प्राधिकरण र अन्तर्गतका निकायबाट विगत तीन वर्षमा रू.६ अर्ब ५३ करोड ५९ लाख खर्च भएकोमध्ये रू.५ लाखभित्रका टुक्रे आयोजना खुला दरभाउपत्रबाट रू.२८ करोड ६५ लाख ७० हजार र ८८१ उपभोक्ता समितिबाट रू.३ अर्ब ४३ करोड ७ लाख समेत रू.३ अर्ब ७१ करोड ७३ लाख खर्च भएको देखिन्छ । यो कुल खर्चको ५७ प्रतिशत हो । प्राधिकरणले गुरुयोजना तर्जुमा गरी महत्वपूर्ण र ठुला आयोजनामा केन्द्रित भई स-साना आयोजना स्थानीय तहबाट सम्पादन हुने व्यवस्था मिलाउँदा काममा दोहोरोपना नहुने तथा बजेट र जनशक्ति ठूला, महत्वपूर्ण र विकासमा केन्द्रित हुँदा शहरी विकासमा पनि योगदान रहने देखिन्छ । यसतर्फ प्राधिकरणले ध्यान दिनुपर्दछ ।

४०. **योजना छनोट** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ८ तथा नियमावली, २०७७ को नियम १६ बमोजिम आफ्नो कार्यालय वा निकायको उद्देश्य अनुरूपको लक्ष्य निर्धारण गरी सोको आधारमा अनुसूची-१ बमोजिमको ढाँचामा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने व्यवस्था छ। प्राधिकरण र अन्तर्गतका ३ निकायले योजनाको नाम, स्थान र बजेट रकम उल्लेख नगरी एकमुष्ट कार्यक्रम बजेट राखी पेस गरेको आधारमा बजेट तर्जुमा भएको छ । प्राप्त बजेट निकाय आफैंले विभिन्न योजनामा बाँडफाँट गरी खर्च गरेको देखिन्छ । सडक चौडा गर्ने, टेवा पर्खाल लगाउने, सुधार गर्ने, ढुङ्गा विछ्याउने, फेन्सिङ्ग गर्ने र हरियाली विकास लगायतका कार्यमा काठमाडौंले रू.२ करोड, ललितपुरले रू.२५ लाख र भक्तपुरले रू.१५ लाख, निर्देशित जग्गा विकास कार्यक्रममा काठमाडौंले रू.३० लाख, ललितपुरले रू.३५ लाख र जलवायु तथा पर्यावरण अनुकूलन, विपद् व्यवस्थापन, सार्वजनिक जग्गा संरक्षण र नमूना पार्क निर्माणमा काठमाडौंले रू.५० लाख, ललितपुरले रू.१ करोड ३० लाख र भक्तपुरले रू.५० लाख समेत तीन निकायको रू.५ करोड ३५ लाखको एकमुष्ट कार्यक्रम र बजेट व्यवस्था गरी ३ जिल्लाका विभिन्न स्थानका ७५ योजनामा रू.४ करोड ६४ लाख खर्च गरेको देखिन्छ।

आर्थिक वर्षको शुरुमा नै योजना तयार गरी बजेट व्यवस्थापन गर्नुपर्नेमा स्वविवेकीय आधारबाट योजना छनौट गर्ने परिपाटीले योजना तर्जुमा प्रक्रिया र बजेट वितरणमा पारदर्शिता देखिएको छैन । योजना र बजेट तर्जुमा गर्दा तोकिएको प्रक्रिया अनुशरण गर्नुपर्दछ ।

४१. **योजना कार्यान्वयन अवस्था** - काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा १३ अनुसार गठित काठमाडौं उपत्यका भौतिक विकास समितिले भौतिक विकास योजनाको नीति निर्धारण गर्ने, भौतिक विकास योजनालाई अन्तिम रूप दिने, योजना अन्तर्गत सञ्चालित कार्यक्रमहरूको प्रगति समीक्षा र मूल्याङ्कन गर्ने तथा वार्षिक बजेट स्वीकृत गर्ने काम, कर्तव्य र अधिकारको व्यवस्था छ । यद्यपि समितिले योजनाको नीति निर्धारण, वार्षिक बजेट स्वीकृत योजनाहरूको समीक्षा, अनुगमन र मूल्याङ्कन गरेको देखिएन । प्राधिकरणबाट प्राप्त विवरण अनुसार विगत पाँच वर्षमा १ हजार ४३ योजनाको (उप-योजना बाहेक) लागि रू.८ अर्ब ८ करोड ४० लाख बजेट व्यवस्था भएकोमा ९८३ (९४ प्रतिशत) योजना सञ्चालन गरी रू.६ अर्ब ८९ करोड ३९ लाख (८५ प्रतिशत) खर्च भएको देखिन्छ । सञ्चालित योजनामध्ये ७९१ योजना (८१ प्रतिशत) सम्पन्न भएका छन् भने ७१ योजना (७ प्रतिशत) को प्रगति ० देखि २५ प्रतिशत, ४४ योजना (५ प्रतिशत) को २५ देखि ५० प्रतिशत र ७७ योजना (८ प्रतिशत) को प्रगति ५० देखि ७५ प्रतिशतसम्म रहेको देखिन्छ । कूल योजनामध्ये ६० योजनामा शून्य प्रगति र १९२ (२० प्रतिशत) योजनामा ७५ प्रतिशतभन्दा न्यून प्रगति भएको छ । लक्ष्य अनुरूप प्रगति नहुनुमा जनशक्तिको कमी, उपभोक्ता तथा निर्माण व्यवसायीबाट काममा ढिलाइ, कोभिड-१९ तथा आयोजना क्षेत्रका बासिन्दाबाट मुद्दा मामिला लगायतका कारण रहेको देखिन्छ । योजनाहरूमा लक्ष्य अनुसार प्रगति नहुँदा प्राधिकरणको उद्देश्य हासिल गर्न कठिनाइ हुने देखिन्छ । विगत पाँच वर्षको समग्र प्रगति स्थिति विश्लेषण गर्दा शुरुआती वर्षको प्रगति सन्तोषजनक भए तापनि पछिल्लो तीन वर्षको प्रगति औसत ६६ प्रतिशत मात्रै देखिएको छ। भौतिक विकास समिति समेतबाट योजना र बजेट स्वीकृति, योजनाको प्रगति समीक्षा तथा अनुगमन र मूल्याङ्कनमा सहभागिता हुनुपर्दछ । निर्माण क्षमता अभिवृद्धि तथा प्रचलित कानूनको परिपालना गरेर योजना कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्दछ ।

४२. **जग्गा विकास कार्यक्रम** - काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा ६.१.६ अनुसार जग्गा विकास कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था अनुसार प्राधिकरणले निर्देशित जग्गा विकास, सेवा सुविधा र जग्गा एकीकरण कार्यक्रम सञ्चालन गरेको देखिन्छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

४२.१ समितिको २०४५।२।४ को निर्णय अनुसार काठमाडौं, ललितपुर र भक्तपुर नगरपालिका क्षेत्रमा निर्देशित जग्गा विकास कार्यक्रम शुरु भएको थियो । कार्यक्रममा ४ मिटर, ६ मिटर, ८ मिटर र ११ मिटर चौडाइका ४७५ किलोमिटर सडक निर्माणको योजना रहेकोमा हालसम्म १८० किलोमिटर (३८ प्रतिशत) मात्र निर्माण सम्पन्न भएको र ५०८ किलोमिटर सडक विस्तार गर्ने योजना रहेकोमा १११ कि.मी. (२२ प्रतिशत) मात्र सडक विस्तार भएको देखिन्छ । उपत्यकाको बहुप्रतिक्षित सडक विस्तारमा लक्ष्य अनुसार प्रगति नहुँदा शहरी यातायात व्यवस्थापनमा कठिनाइ बढिरहेकोले लक्ष्यअनुसार सडक विस्तारलाई प्राथमिकता दिनुपर्दछ ।

४२.२ कार्यक्रमअन्तर्गत डल्लु, नयाँबजार, गोंगबुँ, चाबहिल, वाग्मती फाँट, कीर्तिपुर (प्रथम), कमलविनायक, लिवाली, लुभु र सिन्टिटार जग्गा एकीकरण आयोजनाहरूको ४ हजार ३६६ रोपनी क्षेत्रफलको १०

हजार ७७९ घडेरी विकसित गर्ने कार्यसम्पन्न भएको छ । सैंबु भैंसेपाटी र सिनामंगलको ३ हजार १८४ रोपनी क्षेत्रफलको १ हजार ५८१ घडेरी विकसित गर्ने कार्य अन्तिम चरणमा रहेको देखिन्छ । वाग्मती नगर, दिव्यश्वरी, इचंगुनारायण, मनोहरा, चःमती, वाग्मती फाँट (शंखमूल), चुमुचो दुगुरे चोखा र कमेरोटारलगायतका जग्गा विकास आयोजनाका ७ हजार २६१ रोपनी क्षेत्रफलको १० हजार ९१४ वटा विकसित घडेरीको निर्माण कार्य अधुरो रहेको देखिन्छ :

अधुरा आयोजनामध्ये २०५९, २०६०, २०६३ र २०६५ देखि शुरुआत भएका आयोजना रहेको देखिन्छ । कीर्तिपुर र सैंबु नख्खुडोल १ हजार २६९ रोपनी क्षेत्रफलको ३ हजार घडेरी विकसित गर्ने गरी जग्गा एकीकरणको विस्तृत परियोजना प्रतिवेदन (डी.पी.आर.) तयार भए तापनि सोअनुसार निर्माण कार्यको थालनी भएको छैन ।

जग्गा विकास कार्यक्रम समयमा सम्पन्न नहुनुमा जग्गाको अभिलेख नभिड्नु, जग्गा विकासको नर्म्स नहुनु, जग्गा व्यवस्थापन समिति र उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार स्पष्ट नहुनु, शुरु पुँजी पर्याप्त नहुनु, गुठी जग्गालाई रैकर गर्न कानूनी कठिनाइ हुनु, जग्गाको द्वैत स्वामित्व रहनु, सम्बन्धित निकायसँगको समन्वयमा कठिनाइ, आयोजना अवधिभर प्रमुखले काम गर्न नपाउनु, राजनीतिक प्रतिवद्धता दिगो नहुनु जस्ता रहेका छन् । आयोजना सञ्चालनमा ढिलाइ हुँदा समय र लागतमा वृद्धि भएको छ । उल्लिखित समस्याहरू समाधान हुने गरी आवश्यक नीतिगत व्यवस्था हुनुपर्दछ ।

४३. **गैरकानूनी प्लटिङ्ग** - प्राधिकरण ऐन, २०४५ को दफा २१.१ मा कसैले गैरकानूनी प्लटिङ्ग गरेमा ५० हजार जरिबाना गर्न सक्ने र नियमावली, २०६८ को नियम ७ मा सोसँग सम्बन्धित सम्पत्ति रोक्का राख्न सक्ने व्यवस्था छ । भक्तपुर जिल्ला आयुक्तको कार्यालयले ९२ प्लटको १ हजार २८८ रोपनीका योजनाहरू गैर कानूनीरूपमा जग्गा विकास गरेको उल्लेख गरी सार्वजनिक सूचना प्रकाशन गरेको छ भने ललितपुरले ७३ प्लटको ८३७ रोपनी गैर कानूनी जग्गा विकास योजनाहरूको अभिलेख मात्र राखेको छ। काठमाडौं जिल्ला आयुक्तको कार्यालयले गैर कानूनी जग्गा विकास योजनाको लगत समेत राखेको पाइएन।

गैरकानूनी प्लटिङ्गले योजनावद्ध विकासमा असर परे तापनि गैरकानूनी प्लटिङ्ग गर्नेलाई कारवाही गरेको पाइएन । कानूनबमोजिम कारबाही गरी व्यवस्थित शहरीकरणमा ध्यान दिनुपर्दछ । गैरकानूनी प्लटिङ्गको परिभाषासहित स्पष्ट कानूनी व्यवस्था गरी प्रभावकारी नियमनको व्यवस्था गरिनुपर्दछ ।

४४. **ऋणको दायित्व** - काठमाडौं उपत्यकामा हालसम्म सञ्चालन भएका जग्गा विकास आयोजनाहरूलाई काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा १२ अनुसार उपलब्ध हुने ऋणबाट आयोजनाले जग्गा विकास गरी प्लट बाँडफाँट पश्चात् बिक्रीबाट प्राप्त हुने, आम्दानीबाट ऋण चुक्ता गर्ने व्यवस्था छ । काठमाडौं उपत्यकामा रहेका जग्गा एकीकरण आयोजनामध्ये २०५९ देखि सञ्चालित कमेरोटार, २०६० देखिको वाग्मती नगर, २०६३ देखिको दिव्यश्वरी, २०६५ देखि सैंबु तथा २०७१ देखिको भेल्पा हात्तीवन लगायतका १० जग्गा एकीकरण आयोजनाहरू हालसम्म सम्पन्न भएका छैनन्। हालसम्म जग्गा विकास कार्यक्रमहरूको साँवा रू.१ अर्ब ४९ करोड ८८ लाख र ब्याज रू.४७ करोड ५३ लाख २२ हजार समेत रू.१ अर्ब ९७ करोड ४१ लाख पुगेकोले ऋणको दायित्व बढिरहेको छ। आयोजनाका लाभग्राहीले जग्गा रोक्कालगायतका समस्या भोग्नु परेको तथा लामो अवधिसम्म सेवा करारमा

कर्मचारी राख्दा लागत बढ्न गएको छ । आयोजना समयमै सम्पन्न गरी ऋण परिचालनमा दक्षता अभिवृद्धि गर्नुपर्दछ ।

४५. **मापदण्ड** - काठमाडौं उपत्यका विकास प्राधिकरण नियमावली, २०६८ को नियम ५(२) मा प्राधिकरणले जारी गरेको भौतिक निर्माण मापदण्डबमोजिम निर्माण कार्य गर्नु सम्बन्धित व्यक्ति, निकाय वा संस्थाको कर्तव्य हुने तथा नियम ७ मा प्राधिकरणको मापदण्ड विपरीत संरचना निर्माण गर्नेको सम्पत्ति रोक्कासम्म गर्न सकिने व्यवस्था छ । त्यसैगरी काठमाडौं उपत्यकाको भौतिक निर्माण सम्बन्धी मापदण्ड, २०६४ को दफा १०(१) मा नारायणहिटी दरबार संग्राहालयको कम्पाउण्डवालबाट ३०० फिटसम्मको दुरीमा अधिकतम १२ तल्ला वा ३६ मिटरसम्मको उचाइको संरचना निर्माण गर्न सकिने व्यवस्था छ । नारायणहिटी दरबार संग्रहालयको पश्चिमतर्फको कम्पाउण्ड वालबाट ३०० फिटको दूरीभित्र १७ तल्ले एक पाँचतारे होटलको संरचना निर्माण भइरहेको सम्बन्धमा प्राधिकरणबाट उल्लिखित मापदण्ड अनुगमन गरी कुनै कारबाही गरेको छैन । स्थानीय तहले भवन निर्माण अनुमति दिएको र संघको फरक मापदण्ड रहेकोले यस्तो हुन गएको देखिन्छ । अन्तरनिकाय समन्वय अभावमा यस्तो अवस्था सिर्जना भएको देखिन्छ । कानूनबमोजिम आवश्यक कारबाही गरी मापदण्डको पालना गर्ने गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

४६. **बाहिरी चक्रपथ** - जग्गा एकीकरण विधिबाट बाहिरी चक्रपथ निर्माण गर्ने २०६०।६१ को बजेट वक्तव्य अनुसार २०६० मा आयोजना कार्यालय स्थापना भई २०६५ मा निर्माण कार्यको विस्तृत परियोजना प्रतिवेदन तयार गरे तापनि सोको कार्यान्वयन भएको छैन । शहरी विकास मन्त्रालयले २०७४ मा स्वीकृत चोभार-सतुंगल खण्डको विस्तृत परियोजना प्रतिवेदनअनुसार जग्गा अधिग्रहण नभएकोले चक्रपथ निर्माण कार्य सम्पन्न हुन सकेको देखिँदैन । उक्त खण्ड (६.६ कि.मि.) मा आवश्यक पर्ने ८ हजार रोपनी जग्गा अधिग्रहणको लागि मन्त्रिपरिषदबाट निर्णय भए तापनि जग्गा प्राप्ति ऐन, २०३४ को प्रावधान उल्लेख नभएको कारण अधिग्रहणको लागि सूचना प्रकाशन हुन सकेको छैन। जग्गा अधिग्रहण गर्दा २०६०।६१ मा प्रतिआना रू.५ लाखका दरले ५० मिटर फराकिलो ७१.९६ कि.मि. बाहिरी चक्रपथ निर्माणको लागि रू.५६ अर्बको लागत अनुमान स्वीकृत भएकोमा हालको मूल्य अनुसार करीब रू.२ खर्ब ८० अर्ब जग्गा अधिग्रहणमा मात्र खर्च हुने देखिन्छ । आयोजनाबाट विगत पाँच वर्षमा रू.३ करोड ५७ लाख ८८ हजार प्रशासनिक खर्च बाहेक कुनै भौतिक पूर्वाधारको कार्य भएको छैन । बाहिरी चक्रपथ निर्माणको कार्यान्वयन ढाँचा निश्चित नहुँदा हालसम्मको खर्च उपलब्धिमूलक देखिएन । उपत्यकाको दिगो विकासमा टेवा पुग्ने चक्रपथ निर्माणको कार्ययोजना तयार गरेर कार्यान्वयन गर्नुपर्दछ ।

४७. **जग्गाको स्वामित्व** - उपत्यका विकास प्राधिकरणले कार्यविधि अनुसार घर जग्गाको मुआब्जा वितरण गरी सडक विस्तार गर्दै आएको छ । मुख्य सचिवको अध्यक्षतामा गठित केन्द्रीय अनुगमन समितिको २०६९ को निर्णय अनुसार मुआब्जा वितरण गर्दा ९० प्रतिशतभन्दा बढी घरले ओगटेको जग्गाको मुआब्जा दिँदा घर र जग्गा दुबैको दिने गरे पनि सोभन्दा कम क्षेत्रफल ओगटेको हकमा घरको मात्र मुआब्जा दिने व्यवस्था छ । प्राधिकरणले उपत्यकाको बाटो विस्तार गर्दा २०६९ सालदेखि हालसम्म काठमाडौं, ललितपुर र भक्तपुरका १ हजार ५३१ घर जग्गा धनीलाई रू.१ अर्ब २० करोड ७३ लाख ६८ हजार मुआब्जा दिए पनि जमिनको मुआब्जा नदिई सरकारी स्वामित्व कायम नगर्नू भन्ने अदालतको

आदेशले सो जग्गा नेपाल सरकारको स्वामित्वमा आएको छैन । यसले गर्दा जग्गाको मुआब्जा लिनेले पूरै जमिनको मालपोत शुल्क तिर्नु परेको र जग्गा धनी स्वयंले लगत कट्टा गरिदिन निवेदन दिँदा समेत कार्यालयबाट लगत कट्टा हुन सकेको छैन । मुआब्जा दिएर विस्तार गरिएको सडकको स्वामित्व नेपाल सरकारमा नआउने तथा नागरिक माथि मालपोत तिर्नुपर्ने दायित्व रहिरहने स्थितिले सडक विस्तारको दिगोपनामा सुनिश्चितता देखिएन । यसले गर्दा काठमाडौँ उपत्यकाको सडक विस्तार, पूर्वाधार र सुविधा निर्धारणको दिगोपनामा चुनौती थपिएको देखिन्छ । मुआब्जा वितरण गरेर विस्तार गरेको सडकको जग्गा उपयुक्त कानूनी व्यवस्था गरी सरकारी स्वामित्वमा ल्याउनुपर्दछ ।

४८. **नयाँ नगर** - काठमाडौँ उपत्यका प्राधिकरण ऐन, २०४५ को दफा ५ अनुसार "काठमाडौँ उपत्यका भौतिक विकास योजना" स्वीकृत गरेर सोहीअनुसार नयाँ नगर विकास गर्न सक्ने व्यवस्था छ । प्राधिकरणले भौतिक विकास योजना स्वीकृत नहुँदै चारवटा नयाँ नगर विकास गर्ने निर्णय गरी काठमाडौँ उपत्यकाको उत्तर-पूर्व (इसान) अन्तर्गत कागेश्वरी, शंखरापुर, भक्तपुर, मध्यपुर थिमी र चाँगुनारायण नगरपालिकाका तोकिएका वडाहरूका १ लाख रोपनी, दक्षिण-पूर्व (आग्नेय) अन्तर्गत सूर्यविनायक नगरपालिकाका तोकिएका वडाहरूको १० हजार रोपनी, दक्षिण-पश्चिम (नैऋत्य) अन्तर्गत ललितपुरको साविक खोकना र बुँङ्गमती गाउँ विकास समितिका तोकिएका वडाहरूको १० हजार रोपनी र उत्तर अन्तर्गत तारकेश्वर नगरपालिकाका तोकिएका वडाहरूको १० हजार रोपनी समेत १ लाख ३० हजार रोपनीको जग्गामा नयाँ नगर निर्माणको लागि भौतिक संरचना निर्माणमा रोक लगाई रू.१५ करोड ६५ लाख ४१ हजारको लागतमा विस्तृत परियोजना प्रतिवेदन तयार गरेको छ । प्राधिकरणबाट भौतिक विकास योजना स्वीकृति बेगर जग्गा रोक्का राखेको तथा स्वीकृत भू-उपयोग नक्सा र घनाबस्ती भएको आधार बेगर रोक्का राखेको ४६८ कित्ता जग्गाको कित्ताकाटको सिफारिस समेत गरेको देखियो । सर्वसाधारणको दैनिक व्यवहारलाई प्रतिकूल प्रभाव पार्ने गरी विना योजना नयाँ नगरको नाममा मापदण्ड र अवधि निश्चित नहुँदै जग्गा रोक्का राख्दा नागरिकको दैनिक जीवनयापनमा असर परेको छ । नयाँ नगरको मापदण्ड र निर्माण अवधि निश्चित गरेर मात्र भौतिक संरचना निर्माणमा रोक लगाई प्राविधिक प्रतिवेदनअनुसार योजना कार्यान्वयन गर्नुपर्दछ ।

संगठित संस्था, अन्य संस्था र समिति

काठमाडौँ उपत्यका विकास प्राधिकरण

काठमाडौँ उपत्यकामा नगरहरूको पुनः निर्माण, विस्तार र विकासका साथै योजनाबद्ध रूपमा भौतिक विकास गरी जनसाधारणलाई आवश्यक सेवा र सुविधा पुऱ्याउन काठमाडौँ उपत्यका विकास प्राधिकरण ऐन, २०४५ अनुसार यस प्राधिकरणको स्थापना भएको हो । प्राधिकरण अन्तर्गत उपत्यकाका ३ जिल्लामा जिल्ला आयुक्तको कार्यालय स्थापना गरी कार्य सम्पादन भइरहेको छ ।

४९. **ऋण लगानी कोष** - काठमाडौँ उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा १२ को व्यवस्था अनुसार नेपाल सरकारसँग प्राधिकरणले ४ प्रतिशत ब्याजदरमा रू.९९ करोड ऋण लिई ७ आयोजनालाई ऋण लगानी गरेकोमा यो वर्ष सम्म सावाँ रू.८९ करोड ८५ लाख र ब्याज रू.३० करोड ७३ लाख

५२ हजारसमेत रू.१ अर्ब २० करोड ६५ लाख उठ्न बाँकी रहेको छ । नेपाल सरकारलाई यो वर्ष साँवा तथा ब्याज फिर्ता गरेको देखिएन । लगानी रकमको साँवा ब्याजसमेत असुल गर्नुपर्दछ ।

५०. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुनेगरी टुक्रा टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ । काठमाडौं उपत्यका विकास प्राधिकारण जिल्ला आयुक्तको कार्यालय काठमाडौं र ललितपुरले सार्वजनिक जग्गा संरक्षण, सडक निर्माण, मर्मत सम्भार, नदी नियन्त्रण जस्ता कार्यमा एकमुष्ट लागत अनुमान तयार नगरी रू.५ लाख भन्दा घटीका विभिन्न ५३ टुक्रामा रू.२ करोड ६४ लाख १२ हजार लागत अनुमान तयार गरी लागत अनुमानकै हाराहारीमा भुक्तानी गरेको छ । एउटै प्रकृतिको कामको लागि प्याकेज बनाएर लागत अनुमान तयार गरी निर्माण कार्य गर्नुपर्नेमा पटक पटक गरी सोझै खरिद गरेको नियमसम्मत देखिएन । खरिद कार्यमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको पालना गर्नुपर्दछ।

५१. **उपभोक्ता समिति परिचालन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सकिने उल्लेख छ। यो वर्ष जिल्ला आयुक्तको कार्यालय काठमाडौं, ललितपुर र भक्तपुरले १४० लाभग्राही संस्थामार्फत् सडक निर्माण, पर्खाल निर्माण, सडक स्तरोन्नति, ढल निर्माण, पर्ती जग्गा संरक्षण लगायतका कार्य गराई रू.५३ करोड १३ लाख ४५ हजार भुक्तानी गरेका छन्। उपभोक्ता समितिबाट काम गराउँदा आयोजना एवं उपभोक्ता र लक्षित समूह छनौटको आधार तयार गरेको छैन। उपभोक्ता समितिमार्फत् काम गराउँदा प्रतिस्पर्धा र गुणस्तरीय निर्माण कार्य भएको सुनिश्चित हुने व्यवस्था मिलाउनुपर्दछ।

५२. **वातावरणीय प्रभाव मूल्याङ्कन -** वातावरण संरक्षण नियामावली, २०५४ को नियम ३मा रू.२५ करोड भन्दा बढी लागत भएको तथा भू-उपयोग योजना परिवर्तन हुने विकास निर्माणको कार्य गर्दा अनिवार्य रूपमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रावधान छ। बुढानीलकण्ठ नगरपालिका वडा नं.१०,११ र १२ मा बर्षौदेखि बाढीको समस्या रहँदै आएकोमा सोको रोकथामको लागि प्रयोग भएको ह्युम पाइप पर्याप्त नभएपछि तीन चरणमा काम गर्ने गरी बक्स कल्भर्ट निर्माण गर्न पहिलो ठेक्का रू.१० करोड ८५ लाखको कार्य सम्पन्न भएको, दोस्रो ठेक्का रू.२८ करोड ७४ लाखमा सम्झौता भई काम चालू रहेको छ। साथै तेस्रो चरणको लागि समेत रू.४५ करोड बजेट स्वीकृत हुने क्रममा रहेको छ। यस प्रकार पूर्वाधार निर्माण गर्दा समेत कार्यालयले वातावरणीय प्रभाव मूल्याङ्कन गराएको देखिएन ।

५३. **धोबीखोला करिडोर** - काठमाडौंको बुढानिलकण्ठ नगरपालिकाको खैरो पुलदेखि काठमाडौं महानगरपालिकाको वाग्मती दोभानसम्म धोबीखोलाको दुवै किनारामा लिङ्क रोड तथा ढल निर्माण गरी वाग्मती नदीलाई स्वच्छ र सफा राख्न सहयोग पुऱ्याउनुका साथै मध्य काठमाडौंदेखि उत्तर काठमाडौं सम्मको आवागमनमा सहजता ल्याउने उद्देश्यले २०५९ देखि धोबीखोला सुधार आयोजना सञ्चालनमा आएको छ। आयोजनाअन्तर्गत कुल २४ किलोमिटर सडक र ढल निर्माण गर्ने कार्यक्रम रहेकोमा निर्माण कार्य अन्तिम चरणमा पुगे तापनि चुनिखेल क्षेत्रमा गएको पहिरोका कारण करिब ३०० मिटर लम्बाईको सडक निर्माण कार्य प्रारम्भ हुन नसकेको, नीलोपुल क्षेत्रको पूर्वपट्टि वडा नम्बर १० मा ५ घरजग्गा अधिग्रहण गर्न बाँकी रहेका कारण करिब २०० मिटर सडक ट्रयाक खोल्न बाँकी रहेको देखिन्छ । निर्माण सम्पन्न भएको सडकको केही स्थानमा खाडल परिसकेको र मर्मत नभएको, सडक विभाग तथा विद्युत प्राधिकरणसँग उचित समन्वय नहुँदा पुल निर्माण तथा विद्युत पोल गाड्दा बिग्रिएका

सडकको समयमै मर्मत नभएको, किनारामा लगाइएका बिरुवाको उचित संरक्षण हुन नसकेको, पुलमुनिबाट बनाइएको अण्डरपासमा पर्याप्त उचाई नभएको तथा वर्षायाममा आउने बाढीको कारण अण्डरपासबाट सवारी पास हुन कठिनाइ हुनुका साथै सो स्थानमा फोहर जम्मा भएको स्थलगत निरीक्षणबाट देखिएको छ। संरचनाको मर्मत तथा रेखदेख गरी बाँकी संरचना निर्माणको कार्य सम्पन्न गर्नुपर्दछ।

५४. **बाहिरी चक्रपथ निर्माण -** सडक पहुँच पुऱ्याई जनजीवनलाई सहजीकरण गर्ने उद्देश्यले सरकारले २०५८ मा काठमाडौं उपत्यकामा ७२ किलोमिटर लामो बाहिरी चक्रपथ निर्माण गर्ने अवधारणा ल्याएकोमा २१ वर्ष व्यतीत हुँदा पनि संभाव्यता अध्ययन बाहेक अन्य कार्य भएको छैन। उक्त आयोजनामा २०७७।७८ सम्म रू.१३ करोड ४८ लाख ५८ हजार खर्च भएको छ। बाहिरी चक्रपथको कार्य अधुरै रहेको अवस्थामा सरकारले २०७३।७४ मा सोही क्षेत्र समेट्ने गरी स्मार्ट सीटीको अवधारणा ल्याएको छ। हालसम्म विस्तृत आयोजना प्रतिवेदन तयार नभएकोले आयोजनाको अवधि निश्चित छैन। यो वर्ष करारका कर्मचारीको तलब भत्ता र कार्यालय सञ्चालनमा रू.१ करोड १३ लाख ८ हजार खर्च बाहेक अन्य कार्य भएको देखिँदैन। प्राथमिकतामा रहेको यो आयोजना सञ्चालन मोडालिटी तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति

पशुपति क्षेत्रलगायत वाग्मती नदीको वातावरणलाई सुधार गर्ने उद्देश्यले मन्त्रिपरिषद्को निर्णयअनुसार अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति गठन भएको हो। एकीकृत कार्यक्रमको लागि रू.२१ अर्ब १ करोड ४ लाख लागत अनुमान तयार भई २०८०।८१ सम्म सम्पन्न गर्ने लक्ष्य रहेकोमा यो वर्ष रू.२ अर्ब २८ करोड ८९ लाखसमेत २०७७।७८ सम्म रू.१६ अर्ब ५७ करोड ४७ लाख खर्च भएको छ ।

५५. **कार्ययोजनाको कार्यान्वयन** – २०६४ सालमा अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति गठन भएपश्चात् वाग्मती सुधार आयोजना सञ्चालनमा रहेको छ । नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २०६७।४।२७ मा स्वीकृत भई कार्यान्वयनमा रहेको ५ बर्षे कार्ययोजनाको म्याद शत प्रतिशत थप भई वाग्मती, विष्णुमती, नख्खु, बल्खु र हनुमन्ते खोलामा गरिने निर्माण कार्यमा ७०.२७ किलोमिटर नदी तटबन्ध गर्नुपर्नेमा ६१.५० किलोमिटर, ५१.३ किलोमिटर सडक निर्माण गर्नुपर्नेमा २०.२१ किलोमिटर, ९८.६४ किलोमिटर ढल निर्माण गर्नुपर्नेमा ८७.४९ किलोमिटर प्रगति भएको छ। आयोजनाबाट नदी सौन्दर्यीकरण कार्यक्रम अन्तर्गत ११ स-साना बाँध निर्माण, साइकल ट्रयाक निर्माण, नदीको दुवै किनारामा पार्क निर्माण, वृक्षारोपण लगायतका कार्य भइरहे तापनि वाग्मती नदीमा हिउँदमा समेत न्यूनतम ४० लिटर प्रति सेकेण्ड पानीको बहाव कायम राख्न शिवपुरी राष्ट्रिय निकुञ्ज क्षेत्रमा २४ मिटरको उचाईको धाप ड्याम निर्माणको कार्य सम्पन्न हुन सकेको छैन ।

त्यस्तै, थापाथलीदेखि टेकु दोभानसम्म वाग्मती नदी किनारामा रहेका २०७२ को भूकम्पबाट क्षति भएका २८ पुरातात्विक ऐतिहासिक सम्पदाहरू पुनःनिर्माण गर्ने लक्ष्य रहकोमा १३ सम्पदाको पुनर्निर्माण कार्य सम्पन्न भएको छैन। आयोजनाको कार्यान्वयन पक्षमा सुधार गरी तोकिएको समयमा प्रगति हासिल हुनुपर्दछ।

५६. **सुकुम्बासी समस्या** - समग्र वाग्मती सभ्यता र नदी तथा किनारा समेतको उचित संरक्षण र विकासका लागि अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति गठन भई कार्य हुँदै आएको छ। यसको कार्यक्षेत्रमा वाग्मती र सोमा समावेश हुने उपत्यकाका मुख्य नदीहरू रहेको देखिन्छ। नदीको दायाँ बायाँ ढल र करिडोर सडक तथा किनारामा सौन्दर्यीकरणका लागि पार्क निर्माण, सार्वजनिक जग्गा संरक्षण, तटबन्ध निर्माण र सरसफाइ लगायतका कार्य रहेकोमा मुख्य कार्य क्षेत्र वाग्मती नदी रहेको छ। नदीको बहाव क्षेत्र सिनामंगलदेखि मीनभवन क्षेत्रमा करिब ५००, थापाथली क्षेत्रमा १४५, गुँसिङ्गल क्षेत्रमा ९५, मनोहरा नदी किनारमा १४, विष्णुमतीमा १५० घरधुरी सुकुम्बासी रहेको समितिले जानकारी गराए तापनि सोको अद्यावधिक अभिलेख तयार गरेको छैन। सुकुम्बासीको उचित व्यवस्थापन गरी करिडोर र तटबन्ध निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

५७. **स्थायी संरचना निर्माण** - काठमाडौं महानगरपालिकाको वडा नं ११, थापाथली क्षेत्रमा पर्ने वाग्मती नदीको दाँया किनारास्थित सुकुम्बासी बस्तीदेखि पूर्व वाग्मती नदीको उत्तर रुद्रेश्वर मन्दिर पश्चिम तथा पिच सडकको दक्षिण करिव ४ हजार ६५० बर्गमिटर क्षेत्रफलको ९ रोपनी जग्गामा हरियाली प्रबर्द्धन र उद्यान निर्माण तथा सञ्चालन गर्न ब्रह्मकुमारी राजयोग सेवा केन्द्र र विश्व शान्ति भवन काठमाडौं बीच २०७६।१।१० मा सम्झौता भएको छ । सम्झौताको बुँदा ३ मा हरियाली क्षेत्र उद्यानमा स्थायी प्रकृतिका संरचना निर्माण गर्न नपाईने व्यवस्था रहेकोमा उक्त सेवा केन्द्रले सम्झौताको शर्त विपरीत स्थायी संरचना निर्माण गरेको देखियो । सम्झौताबमोजिम शर्तको पालना गर्नुपर्दछ ।

५८. **दोहोरो खर्च** - जल उत्पन्न प्रकोप व्यवस्थापन विभागबाट २०७३।७४ मा रू.१ करोड ८८ लाखको ठेक्का व्यवस्था गरी निर्माण गरिएको वाग्मती नदीको बायाँ किनारको गुहेश्वरी क्षेत्रमा निर्मित ५०० मिटरको ग्याबियन ढलान रिभेटमेन्ट र ग्याबियनमा लन्चिङ एप्रोनलाई निर्माण भएको ४ वर्षमै भत्काई पुनः सोही स्थानमा घाट र भकारीहरू निर्माण भइरहेको छ । सो कार्यमा हालसम्म रू.३ करोड २ लाख खर्च भएको समितिले जानकारी दिएको छ । कार्यक्रमको पूर्व स्वीकृति तथा स्थान किटान नगरी निर्माण कार्य गराएको व्यहोरा ५५ औं वार्षिक प्रतिवेदनमा समावेश भएको छ । जल उत्पन्न प्रकोप नियन्त्रण विभागले नदी नियन्त्रण गर्ने कार्य शुरु गर्नुभन्दा अघि पशुपति क्षेत्र विकास कोषसँग स्वीकृति नलिई वाग्मती नदीको गुहेश्वरी खण्डको बायाँ किनारामा निर्माण गरिएको घाट भासिएको र प्राविधिक कारणबाट उक्त कार्य उपयुक्त नदेखिएकोले घाट पुनःनिर्माण गर्नुपर्ने लगायतका व्यहोरा उल्लेख गरी एकै स्थानमा छोटो अवधिमा पटक पटक विभिन्न निकायबाट निर्माण कार्य गर्दै भत्काई पुनःनिर्माण गर्दा दोहोरो खर्च भएको देखिएको छ । यस सम्बन्धमा छानबिन गरी जानकारी दिन शहरी विकास मन्त्रालयलाई २०७९।१।१९ बाट अनुरोध गरिएकोमा मन्त्रालयबाट २०७९।१।२१ मा गठन भएको छानबिन समितिको रायसुझावमा सो निर्माणस्थल वाग्मती सभ्यता एकीकृत विकास समिति र पशुपति क्षेत्र विकास कोषको कार्यक्षेत्र र गुरुयोजनाबमोजिम समिति र कोषसँग समन्वय गरी घाट निर्माण गर्नुपर्नेमा सो नगरी जलउत्पन्न प्रकोप व्यवस्थापन विभागबाट घाट तथा तटबन्ध निर्माण भएको निष्कर्ष दिएको छ । विभागबाट निर्मित घाट तथा तटबन्ध भत्काएकोमा समितिबाट पुनः निर्माण हुँदा दोहोरो खर्च भएको छानबिन समितिको प्रतिवेदनमा उल्लेख छ । दोहोरो खर्च भएको सम्बन्धमा सम्बन्धित पदाधिकारीहरूलाई आवश्यक कारबाही हुनुपर्दछ ।

५९. **प्रोभिजनल सम -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९(२) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा बोलपत्र जमानत वा कार्य सम्पादन जमानतलगायत मोबिलाइजेसन र डिमोबिलाइजेशन खर्च, बीमा, परामर्शदातालाई दिनुपर्ने सुविधावापतका कार्यहरू, गुणस्तर परीक्षण, व्यवसायजन्य स्वास्थ्य र सुरक्षा, एजबिल्ट नक्सा, कार्य सम्पादन जमानतको कमिसन आदिको छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ । यो वर्ष विभिन्न २५ ठेक्कामा नियमावलीमा उल्लेख नभएका सिभिल, सेनिटेसन एवम् इलेक्ट्रिकल वर्कको लागत अनुमान छुट्टै तयार गरी प्रोभिजनल सममा समावेश गरी खर्च लेखेको छ । यो वर्षसम्म रू.९ अर्ब ५९ करोड ७१ लाखको सम्झौतामा रू.२१ करोड ५ लाखका (२.६१ प्रतिशत) यस्ता आइटमहरू प्रोभिजनल आइटममा समावेश गरेको छ । उल्लिखित कार्य प्रतिस्पर्धा गराई कार्यान्वयन गर्नुपर्दछ ।

राष्ट्रिय आवास कम्पनी लिमिटेड

नेपाल सरकार मन्त्रिपरिषद्को २०४६।११।२ को निर्णयानुसार ग्रामीण क्षेत्रमा योजनाबद्ध रूपमा आवास कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले साविकको नेपाल पुनर्वास कम्पनीलाई २०४६।११।९ मा ग्रामीण कम्पनीमा रुपान्तरण गरी पुन: २०६९ मा नाम परिवर्तन भई राष्ट्रिय आवास कम्पनी लिमिटेड भएको छ ।

६०. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** यो वर्ष चुक्ता पुँजी रू.५ करोड २० लाख र जगेडा कोष तथा सञ्चित नाफा रू.२ अर्ब ३५ करोड ४ लाख रहेको देखिन्छ । स्थिर सम्पत्ति रू.२० करोड ४४ लाख, लगानी रू.८४ लाख, स्थगन कर सम्पत्ति रू.१४ लाख र चालु सम्पत्ति रू.२ अर्ब १८ करोड ८२ लाखसमेत रू.२ अर्ब ४० करोड २४ लाख सम्पत्ति रहेको देखिन्छ। गत वर्ष रू.२ करोड ६५ लाख नोक्सान रहेकोमा यो वर्ष रू.३० लाख ४५ हजार नाफा भई सञ्चित नोक्सान रू.४ करोड ३३ लाख पुगेको छ। कम्पनीले यो वर्ष रू.१५ करोड ३३ लाख आम्दानी तथा रू.५ करोड ९७ लाख प्रशासनिक खर्च, रू.२ करोड १३ लाख विकास खर्च र रू.३० लाख पुँजीगत खर्च गरेको छ।

६१. **हिसाब मिलान -** नेपाल सरकारबाट प्राप्त कार्यादेश अनुरूप फुटकर जग्गा बिक्री गर्दा शुल्क लिई जग्गाधनी पुर्जाको लागि सिफारिस उपलब्ध गराउने व्यवस्था रहेको र उक्त शुल्कबाट हुने आम्दानी रकमको ५० प्रतिशत रकम नेपाल सरकारको आय हुने गरी २०५०।९।२२ मा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय भएकोमा कम्पनीले हालसम्म नेपाल सरकारलाई बुझाउनुपर्ने रू.२ करोड १ लाख दायित्वको रूपमा लेखाङ्कन गरेको छ । कम्पनीले नेपाल सरकारबाट प्राप्त गर्नुपर्ने मुआब्जा बापतको रू.१ करोड ३१ लाख ९५ हजार लेखाङ्कन गरे तापनि हिसाब मिलान गरेको छैन। हिसाब राफसाफ गरी दुरुस्त गर्नुपर्दछ।

नगर विकास समिति

बढ्दो जनसंख्या तथा शहरीकरणको चुनौतीलाई सामना गर्न दिगो तथा योजनाबद्ध रूपमा नगर विकास गर्न भइरहेका नगरको विस्तार र विकासको साथै नयाँ नगरको निर्माण गरी नगरबासीलाई आवश्यक सेवा सुविधा पुऱ्याउन नगर विकास समिति ऐन, २०४५ बमोजिम नगर विकास समितिहरूको गठन हुने गरेको छ।

६२. **स्थानीय तहमा समाहित -** नगर विकास ऐन, २०७५ मा स्थानीय तहले आफ्नो सीमा क्षेत्रमा नगर योजना तर्जुमा र स्वीकृति तथा कार्यान्वयनको लागि सम्बन्धित स्थानीय तहको प्रमुखको अध्यक्षतामा

नगर विकास समितिको गठन हुने व्यवस्था छ। साविकमा नगर विकास समितिको गठन संघीय सरकारबाट हुने व्यवस्था भए तापनि नगर विकास ऐनको संशोधनले सम्बन्धित स्थानीय तहको प्रमुखको अध्यक्षतामा प्रत्येक स्थानीय तहमा नगर विकास समितिको व्यवस्था गरेको छ। साविकमा ३३५ नगर विकास समिति गठन भएकोमा ती समितिको सञ्चालन अवस्था यकिन गरेको छैन। साथै नेपालको संविधानले स्थानीय तहहरूलाई अधिकार र स्रोत साधन सम्पन्न संघीय शासन प्रणालीको इकाईको रूपमा अंगिकार गरी कार्य सम्पादन भइरहेको अवस्थामा नगर विकास समितिहरूको उपादेयता र आवश्यकता बारेमा पुनरावलोकन गरी कानूनी र संरचनागत सुधार हुनुपर्दछ।

अनुगमन र बेरुजू

- **अनुगमन -** विगतको प्रतिवेदनमा उल्लेख भएका व्यहोरामध्ये शहरी विकास तथा भवन निर्माण विभागको प्राविधिक कर्मचारीको दरबन्दी पुनरावलोकन नभएको, विभागीय जनशक्तिबाट कार्य नगराई परामर्शदाताबाट परामर्श सेवा खरिदको सम्झौता गरेको, विशिष्ट व्यक्तिको सुविधासम्बन्धी मापदण्ड तर्जुमा नभएको, बाहिरी चक्रपथ आयोजनाको विस्तृत आयोजना प्रतिवेदन, जग्गा एकीकरण र वातावरणीय प्रभाव मूल्याङ्कन तयार नगरेको, विभिन्न आयोजनाका लागि खरिद गरिएका सवारीसाधन मन्त्रालयमा प्रयोग भएको, मूल्य समायोजन बढी भुक्तानी गरेको, खरिद गुरुयोजना बेगर खर्च गरेको, सम्झौता अनुसार विदेशी साझेदारको संलग्नता हुने नगरेको लगायत व्यहोरा यो वर्षको लेखापरीक्षणबाट समेत देखिएको छ । विगतका व्यहोरा पुनारावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजूको स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ४३ निकायमा रू.८२ करोड ९९ लाख ८४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.१२ करोड ७१ लाख ७९ हजार फर्स्यौंट गरेकोले रू.७० करोड २८ लाख ५ हजार बाँकी रहेको छ । सोमध्ये रू.६ करोड ३ लाख ६६ हजार म्याद नाघेको पेश्की रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - अन्य संस्था र समिति ८ निकायमा रू.१९ करोड ८१ लाख ७० हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन पठाएपछि रू.३६ हजार फर्स्यौंट गरेकोले रू.१९ करोड ८१ लाख ३४ हजार बेरुजू बाँकी रहेको छ । सोमध्ये रू.३करोड ८७ लाख ८५ हजार म्याद नाघेको पेश्की रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा शिक्षा, विज्ञान र प्रविधिसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, शिक्षा विज्ञान तथा प्रविधिसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सम्पर्क तथा समन्वय, विश्वविद्यालयहरू र नेपाल शिक्षा सेवाको सञ्चालनलगायतका कार्यहरू रहेका छन् । मन्त्रालय मातहत सरकारी कार्यालय र संगठित संस्थासमेत ४८८ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत ८४ सरकारी कार्यालयको निम्नानुसार रू.२५ अर्ब २९ करोड ४० लाखको लेखापरीक्षण सम्पन्न भएको छ ।

(रू.लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२३,९६,७५	९८,०५	८,१५	२६,४५	२५,२९,४०

उल्लिखित लेखापरीक्षण रकममा मन्त्रालयमा विनियोजन भई अर्थ मन्त्रालय र गृह मन्त्रलयमा खर्च भएको रकम रू.१२ अर्ब ६० करोड ६६ लाख यसमा समावेश छैन । यो वर्ष ६ संघीय निकायको रू.३२ करोड ६२ लाख लेखापरीक्षण गर्न बाँकी रहेको छ ।

२. **संगठित र अन्य संस्था -** यो वर्ष २२४ संस्थाको रू.१ खर्ब १५ अर्ब २४ करोड ३० लाखको लेखापरीक्षण सम्पन्न भएको छ । संगठित संस्था १७४ निकायको लेखापरीक्षण बाँकी रहेको छ ।

३. **प्राविधिक सहायता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै कारोबारको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । अर्थ मन्त्रालयबाट प्रकाशित प्राविधिक सहायतासम्बन्धी विवरणअनुसार २५ विकास साझेदारबाट यो वर्ष अमेरिकी डलर १ करोड १५ लाखको हुने रू.१ अर्ब ३७ करोड ५८ लाख प्राविधिक सहायता प्राप्त हुने उल्लेख भएकोमा प्राप्त सहयोगको वित्तीय विवरण तयार गरी लेखापरीक्षणका लागि पेस भएको छैन । ऐनको व्यवस्थाबमोजिम सबै कारोबारको लेखा राखी लेखापरीक्षण गराउनुपर्दछ ।

४. **बजेट तथा खर्च -** शिक्षातर्फ रू.१ खर्ब ७१ अर्ब ७१ करोड बजेट विनियोजन भएकोमा रकमान्तरबाट खुद बजेट रू.१ खर्ब ६३ अर्ब ६० करोड कायम भई रू.१ खर्ब ५२ अर्ब ७२ करोड (खुद बजेटको ९३.३४ प्रतिशत) खर्च भएको छ । सरकारगत खर्चको अवस्था विश्लेषण गर्दा संघीय सरकारले रू.३६ अर्ब ८८ करोड (३२.५४ प्रतिशत), प्रदेश सरकारले रू.५ अर्ब १० करोड (२.९७ प्रतिशत) र स्थानीय तहले रू.१ खर्ब १० अर्ब ७४ करोड (६४.४९ प्रतिशत) खर्च गरेको देखिन्छ । वार्षिक बजेटको उल्लेखनीय हिस्सा स्थानीय तहबाट खर्च हुने गरेकोमा ती निकायले गरेको उपलब्धि सम्बन्धमा मन्त्रालयले एकीकृत प्रतिवेदन तयार गरी अनुगमन गर्ने गरेको देखिएन । शिक्षा क्षेत्रमा तीनै तहका सरकारबाट भएको खर्चको समग्र उपलब्धि एकीकृत गरी मूल्याङ्कन गर्ने प्रणाली तयार गर्नुपर्दछ । विद्यालय क्षेत्र विकास कार्यक्रमले कुल बजेटको तुलनामा शिक्षा क्षेत्रमा २०७६।७७ सम्म १७ प्रतितशत र २०७९।८० सम्म २० प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ । विगत ३ वर्षको विनियोजित बजेट विश्लेषण गर्दा कुल

बजेटको तुलनामा शिक्षा क्षेत्रमा २०७५।७६ मा १०.२० प्रतिशत, २०७६।७७ मा १०.७८ र २०७७।७८ मा ११.६४ प्रतिशत विनियोजन भएको छ । गुणस्तरीय शिक्षाको सुनिश्चित गर्न लक्षित कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्था गरी कार्य योजना बनाएर खर्च गर्नुपर्दछ ।

५. **वार्षिक कार्यक्रम र प्रगति -** स्वीकृत वार्षिक कार्यक्रम तथा प्रगति विवरण अनुसार मन्त्रालय र अन्तर्गतका निकायहरूको प्रगति निम्नानुसार छः

(रू.हजारमा)

क्र. सं.	कार्यक्रम	खुद बजेट	खर्च	खर्च प्रतिशत	प्रगति प्रतिशत	
					चालु	पुँजीगत
१	विद्यालय क्षेत्र विकास कार्यक्रम (केन्द्र)	२,५७,३३,०६	३८,७३,६८	१५	२५	९८
२	सबैका लागि शिक्षा शिशु विकास कार्यक्रम	१,६०,००	४७,१४	२९	४५	-
३	शिक्षा तथा मानवस्रोत विकास केन्द्र	७२,५०,४२	८,२५,२३	११	-	३८
४	शिक्षा विकास समन्वय इकाईहरू	६६,२४,७२	४६,९८,३०	७१	-	३८
५	प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद विशेष कार्यक्रम समेत	१,४९,२५,००	४८,६७,०५	३३	७५	-
६	नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान	३९,०८,००	२४,३१,९३	६२	७२	८७
७	युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग	१,६६,००	१,२५,००	७५	९१	०
८	राष्ट्रिय परीक्षा बोर्ड	३०,००,००	८,१७,९४	२७	७८	-
९	पुस्तकालय -३	१३,०७,००	६,२२,५३	४८	९१	३८
१०	शिक्षाको लागि खाद्य कार्यक्रम परियोजना	४५,७८,००	४१,७६,१२	९१	१००	७१
११	शैक्षिक गुणस्तर परीक्षण केन्द्र	४०,००	३३,३७	८३	८३	-
१२	व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि योजना–दोस्रो	२,८७,९४,००	१,१४,६६,७२	४०	८३	८१
१३	पढाई सीप प्रवर्द्धन कार्यक्रम	१२,४३,००	०	०	०	०

उल्लिखित तालिकाअनुसार विद्यालय क्षेत्र विकास कार्यक्रमतर्फ १५, शिक्षा तथा मानवस्रोत विकास केन्द्रतर्फ ११, सबैका लागि शिक्षा शिशु विकास कार्यक्रमतर्फ २९, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्तर्फ ३३, राष्ट्रिय परीक्षा बोर्डतर्फ २७ प्रतिशत प्रगति देखिएको तथा पढाई सीप प्रवर्द्धन कार्यक्रम सञ्चालन भएको छैन । सबै निकायले विनियोजन बजेट तथा स्वीकृत कार्यक्रमअनुसार भौतिक प्रगति खुल्ने विवरण तयार गरेका छैनन् । समयमा नै कार्यक्रम सञ्चालन गरी लक्षित नतिजा हासिल गर्नुपर्दछ ।

६. **आवधिक योजना कार्यान्वयन -** पन्ध्रौं योजनामा शिक्षातर्फ तोकिएका सूचकहरूलाई वार्षिक बजेटबाट सम्बोधन गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । युवा साक्षरता दर (१५ देखि २४ वर्ष), प्रारम्भिक बाल शिक्षा तथा विकास पूर्व/प्राथमिक शिक्षामा कुल भर्ना दर, खुद भर्ना दर, उच्च शिक्षाको कुल भर्ना दर, विद्यालय छाड्ने दर, कक्षा ८ का विद्यार्थीको सिकाई उपलब्धि, अनुसन्धान, विज्ञान तथा प्रविधि, कुल गार्हस्थ्य उत्पादनको अनुपातमा अनुसन्धान र विकास खर्चका नतिजालगायतका सूचकमा २०७७।७८ को लक्ष्यबमोजिम प्रगति हासिल भएको देखिएन ।

क्र. सं.	सूचक	इकाई	२०७७।७८ को लक्ष्य	प्रगति
१	युवा साक्षरता दर (१५—२४ वर्ष)	प्रतिशत	९४	९२
२	प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षामा कुल भर्ना दर	प्रतिशत	९२	८७.६
	खुद भर्ना दर			
३	आधारभूत तह (१—८)	प्रतिशत	९९	९४.७
४	माध्यमिक तह (९—१२)	प्रतिशत	५७	५१.२
५	उच्च शिक्षाको कुल भर्ना दर	प्रतिशत	१८	१४.१
	विद्यालय छाड्ने दर			
६	आधारभूत तह (१—८)	प्रतिशत	२.९	४.२
७	माध्यमिक तह (९—१२)	प्रतिशत	१.८	३.४
८	पेशागत तालिम प्राप्त शिक्षक	स्कोर	८६	- *
९	गुणस्तर सुनिश्चितता तथा प्रत्ययन प्राप्त क्याम्पस	प्रतिशत	९०	६०
१०	इन्टरनेट सुविधा पुगेका विद्यालय	प्रतिशत	५५	४१
११	प्रदेशस्तरका विधि विज्ञान प्रयोगशाला स्थापना	प्रतिशत	४	३

* पेशागत तालिम प्राप्त शिक्षकहरूको लक्ष्य तोके पनि यस सम्बन्धी कार्य प्रदेश सरकारले सम्पादन गर्ने र सो सम्बन्धी तथ्याङ्क प्राप्त नभएको कारण प्रगति देखाएको छैन ।

उपर्युक्त विवरणअनुसार उच्च शिक्षाको कुल भर्ना दर, विद्यालय छाड्ने दर, इन्टरनेट सुविधा पुगेका विद्यालय, प्रदेशस्तरका विधिविज्ञान प्रयोगशाला स्थापनालगायतका सूचकमा न्यून प्रगति देखिएकोले आवधिक योजनामा उल्लेख भएका क्रियाकलाप निर्धारित समयावधिभित्र कार्यान्वयन गरी निर्धारित लक्ष्य हासिल गर्न थप क्रियाशील हुनुपर्दछ ।

७. **नीति तथा बजेट कार्यान्वयन -** यस वर्षको वार्षिक नीति तथा कार्यक्रममा २४ जिल्लामा साक्षरता कार्यक्रम सञ्चालन गरी अभियानकै रूपमा साक्षर नेपाल घोषणा गर्ने उल्लेख छ । साक्षरता अभियान कार्यक्रम २०६५।६६ मा शुरु भई हालसम्म रू.८ अर्बभन्दा बढी रकम खर्च भएको छ । यो वर्ष थप एक जिल्ला साक्षरता घोषणा भए तापनि २३ जिल्ला साक्षरता घोषणा भएको छैन ।

सार्वजनिक विद्यालयलाई गुणस्तरीय शिक्षाको केन्द्र बनाइने, विद्यालय तथा शिक्षण संस्थाको नक्साङ्कन गरी भूगोल र न्यूनतम विद्यार्थी संख्याको आधारमा समायोजन गर्ने घोषणाको कार्यान्वयन भएको छैन । कक्षा ९ देखि १२ सम्मका विपन्न र अपाङ्ग भएका नागरिकका बालबालिका, शहिदका छोराछोरी र जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति वितरण, जनसंख्याको बनोट र भौगोलिक अवस्थाको आधारमा विद्यालय तथा शिक्षण संस्थाहरूको समायोजन एवं एकीकरण कार्यका लागि रू.४७ करोड, "चिनौं आफ्नो माटो, बनाऔं आफ्नै देश" अभियानका लागि रू.१ अर्ब ५० करोड विनियोजन भएकोमा कार्यान्वयन हुनसकेको छैन । प्रत्येक स्थानीय तहमा न्यूनतम एक विद्यालयमा प्राविधिक धारका पठनपाठन सञ्चालनको कार्यक्रम लागू गर्ने उल्लेख भएकोमा २८ प्रतिशतमात्र प्रगति भएको छ । बजेटले निर्दिष्ट गरेअनुरूपका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

८. **शिक्षा क्षेत्रको समग्र कार्यक्रम** - यो वर्ष शिक्षा क्षेत्रमा रू.१ खर्ब ५२ अर्ब ७२ करोड बजेट खर्च भए पनि बाल विकास क्षमता अभिवृद्धि, आधारभूत विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालय भर्ना, भर्ना भएकालाई अध्ययन निरन्तरता, निःशुल्क माध्यमिक शिक्षालगायतका आधारभूत विषयको प्रगति सन्तोषजनक हुनसकेको छैन । बजारको माग र रोजगारीबीच तालमेल नभएको, शिक्षित बेरोजगार बढ्दै

गएको, उच्च शिक्षा प्रतिस्पर्धी र अनुसन्धानमूलक नभएको, विज्ञान तथा प्रविधिमा आधारित शिक्षा र प्राविधिक शिक्षाको पहुँच विस्तार पर्याप्त मात्रामा नभएको, शिक्षाको प्रक्रिया सिकाइभन्दा परीक्षामुखी भएको, शिक्षकको पेशागत सक्षमता, नैतिकता र उत्प्रेरणा वृद्धि हुन नसकेको, सार्वजनिक शिक्षामा स्थानीय समुदायको अपनत्व सिर्जना नभएकोले निजी क्षेत्रले बढी प्राथमिकता प्राप्त गरेको, निजी क्षेत्रमा शैक्षिक संस्था अधिक नाफामुखी भएका कारण शैक्षिक क्षेत्रमा सुशासन प्रवर्द्धन हुनसकेको छैन । सार्वजनिक शिक्षामा गुणस्तर अभिवृद्धि र शैक्षिक क्षेत्र सुधारका लागि सरोकारवाला सबैको पेशागत जवाफदेहिता सुनिश्चित गर्दै शिक्षा र रोजगार एक आपसमा पूरक हुने व्यवस्था मिलाउनुपर्दछ ।

९. **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम -** यस कार्यक्रम अन्तर्गत यो वर्ष ४८४ विद्यालयमा कक्षा कोठा निर्माण, शौचालय निर्माण, खेलकुद मैदान, सूचना प्रविधि ल्याब स्थापना, शैक्षिक सामग्री खरिद तथा विशेष विद्यालयलाई सञ्चालन अनुदान दिने उद्देश्यले रू.६ अर्ब बजेट विनियोजन भएकोमा विभिन्न विद्यालयलाई रू.५ अर्ब ७ करोड ४१ लाख निकासा भएको छ । अनुदान प्रदान गरेको रकमबाट निर्धारित कार्यक्रमको कार्यसम्पादन विवरण प्राप्त गरी एकीकृत नगरेका कारण उपयोगको सम्बन्धमा सुनिश्चित हुने स्थिति देखिएन ।समयमा नै बजेट निकासा गरी खर्चको प्रतिवेदन लिएर कार्यक्रम सम्पन्न गरेको यकिन गर्नुपर्दछ ।

१०. **सम्बन्धन -** विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ मा मन्त्रालयबाट मनसायपत्र प्राप्त गरेपछि विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी अन्य मुलुकका शैक्षिक कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ । विदेशी विश्वविद्यालयका शैक्षिक कार्यक्रम सञ्चालन गर्न मनसायपत्र प्राप्त गरेका ६७ शैक्षिक संस्थाले अनुमतिका लागि निवेदन गरेकोमा सम्बन्धित विश्वविद्यालयले स्वीकृति दिएको छैन । विदेशका विश्वविद्यालयमा अध्ययन गर्न यो वर्ष २९ हजार ४६३ समेत विगत ८ वर्षमा ३ लाख २७ हजार विद्यार्थीले निजी खर्चमा विदेशमा अध्ययन गर्न नो अब्जेक्सन लेटर लिएका छन् । विदेश अध्ययन गर्न जाने विद्यार्थीले ठूलो धनराशी विदेशी मुद्रा सटही गरेको अवस्था छ। मनसायपत्र प्राप्त गरेका शैक्षिक संस्थालाई सम्बन्धन दिने सम्बन्धमा निर्णय हुनुपर्दछ।

११. **शिक्षक विद्यार्थी अनुपात -** शिक्षा नियमावली, २०५९ मा शिक्षक/विद्यार्थी अनुपात हिमालमा ४०, पहाडमा ४५ र तराईमा ५० हुनुपर्ने उल्लेख छ । शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट प्रकाशित प्रतिवेदनअनुसार विद्यालय-विद्यार्थी तथा शिक्षक-विद्यार्थी अनुपात देहायबमोजिम रहेको छः

देश	विद्यालय-विद्यार्थी अनुपात				शिक्षक-विद्यार्थी अनुपात			
	आधारभूत (१-५)	आधारभूत (६-८)	माध्यमिक (९-१०)	माध्यमिक (११-१२)	आधारभूत (१-५)	आधारभूत (६-८)	माध्यमिक (९-१०)	माध्यमिक (११-१२)
प्रदेश १	८०	८९	८९	१५५	१५	२९	२४	३९
मधेस प्रदेश	१८६	१७३	१६७	१५५	३७	६८	५०	५९
वाग्मती प्रदेश	९२	९१	७५	१८९	१४	२५	१५	३९
गण्डकी प्रदेश	६२	८१	७५	११६	१०	२२	१७	२१
लुम्बिनी प्रदेश	११५	१२१	११०	१६३	१८	३६	२८	३६
कर्णाली प्रदेश	८९	११२	११६	१५१	२४	४१	४१	३८
सुदूरपश्चिम प्रदेश	९७	१०८	१४६	११०	१९	३५	३२	३२
कुल	**१०१**	**१०६**	**९८**	**१५८**	**१८**	**३३**	**२४**	**३५**

प्रतिवेदनअनुसार विद्यालय विद्यार्थी अनुपात आधारभूत तहको कक्षा १-५ मा १०१ र कक्षा ६-८ मा १०६, माध्यमिक तहको कक्षा ९-१० मा ९८ र कक्षा ११-१२ मा १५८ रहेको छ । त्यसैगरी शिक्षक विद्यार्थी अनुपात कक्षा १-५ मा १८, कक्षा ६-८ मा ३३, माध्यमिक तहको कक्षा ९-१० मा २४ र कक्षा ११-१२ मा ३५ रहेको छ । त्यस्तो अनुपात सबैभन्दा कम गण्डकी प्रदेशमा रहेको छ । शिक्षाको गुणस्तर सुधार गर्न निर्धारित मापदण्डबमोजिम सबै प्रदेशमा विद्यालय-विद्यार्थी तथा शिक्षक-विद्यार्थी अनुपात कायम हुनेगरी व्यवस्थापन गर्नुपर्दछ ।

१२. **कक्षा १० (एस.ई.ई.) को नतिजा -** कक्षा १० को माध्यमिक शिक्षा परीक्षा (एस.ई.ई.) शैक्षिक सत्र, २०७६ मा कोरोना महामारीका कारण परम्परागत तरिकाले भौतिक रूपमा परीक्षा सञ्चालन गर्न नसकी नेपाल सरकार मन्त्रिपरिषद्को २०७७।२।२८ को निर्णय अनुसार विद्यालयहरूले मूल्याङ्कन गरेको प्राप्ताङ्कका आधारमा नतिजा प्रकाशन गरेको छ । त्यसैगरी २०७७।७८ मा समेत सोही निर्णयबमोजिम कुल विद्यार्थी ४ लाख ८४ हजार २७८ सहभागीमध्ये १५.०४८ प्रतिशतले ३.६ देखि ४ जी.पी.ए.सम्म प्राप्त गरेका थिए। उक्त नतिजा शैक्षिक सत्र २०७६ को तुलनामा ७ प्रतिशतले बढी छ । शैक्षिक वर्ष २०७६ तथा २०७७ को नतिजाको तुलनात्मक अवस्था निम्नानुसार रहेको छः

सि.नं.	जी.पी.ए.	२०७६ को नतिजा	२०७७ को नतिजा	कुलको तुलनामा २०७६ को जी.पी.ए.प्रतिशत	कुलको तुलनामा २०७७ को जी.पी.ए.प्रतिशत	२०७६को नतिजाको तुलना २०७७ को नतिजा प्रतिशत
१	नतिजा रोकिएको	१८१२६	९१३२	३.७५	१.८९	-४९.६२
२	०.८ देखि १.१९ सम्म	१२	३	०.०१	०.००१	-७५.००
३	१.२ देखि १.५९ सम्म	५३९	१३	०.११	०.००३	-९७.५९
४	१.६ देखि १.९९ सम्म	१७०८१	६२०	३.५४	०.१२८	-९६.३७
५	२ देखि २.३९ सम्म	७९४०४	१९३८३	१६.४४	४.००२	-७५.५९
६	२.४ देखि २.७९ सम्म	११७४९९	११३०१७	२४.३३	२३.३३७	-३.८१
७	२.८ देखि ३.१९ सम्म	९५००३	१५९६४८	१९.६७	३२.९६६	६८.०५
८	३.२ देखि ३.५९ सम्म	७७१५०	१०९५९०	१५.९७	२२.६३०	४२.०५
९	३.६ देखि ४ सम्म	७८१६९	७२८७२	१६.१८	१५.०४८	-६.७८
	जम्माः	**४८२९८३**	**४८४२७८**	**१००**	**१००**	

एस.ई.ई.परीक्षाको नतिजामा २०७६ को तुलनामा २०७७ को नतिजा न्यून जी.पी.ए.प्राप्त गर्ने तथा ३.६ देखि ४ सम्मको उच्च जी.पी.ए.प्राप्ति गर्नेको संख्या पनि घटेको देखियो । सबैभन्दा न्यून जी.पी.ए. ०.८ देखि १.१९ सम्म प्राप्त गर्ने ७५ प्रतिशतले घटेको तथा उच्च जी.पी.ए. प्राप्त गर्ने ६.७८ प्रतिशतले घटेको देखिएको छ ।

१३. **निःशुल्क शिक्षा-** नेपालको संविधानको धारा ३१ मा प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने उल्लेख छ। अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ मा माध्यमिक तहको शिक्षा निःशुल्क गर्ने व्यवस्था छ। माध्यमिक तह अन्तर्गत राष्ट्रिय परीक्षा बोर्डले रजिष्ट्रेसन, परीक्षा, प्रमाणपत्र लगायतका शीर्षकमा यो

वर्ष रू.३ करोड ९६ लाख शुल्क सङ्कलन गरेको छ । ऐन विपरीत शुल्क असुल गर्ने कार्यमा नियन्त्रण गरी निःशुल्क शिक्षा उपलब्ध गराउने कानूनी व्यवस्थाको पालना हुनुपर्दछ।

१४. **उच्च शिक्षा -** मन्त्रालयबाट विश्वविद्यालयसम्बन्धी नीति, कानुनको निर्माण, मापदण्ड निर्धारण, अनुगमन लगायतका कार्यसम्पादन हुने गरेको छ। नेपालमा ११ विश्वविद्यालय तथा ६ स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालनमा रहेका छन् । ती विश्वविद्यालय मातहत १ हजार ४३७ क्याम्पसमा सेवा करारका ४७७ समेत १० हजार ८१० प्राज्ञिक जनशक्ति रहेको छ । सञ्चालित विश्वविद्यालयमा अध्ययनरत कुल ४ लाख ६६ हजार विद्यार्थीमध्ये त्रिभुवन विश्वविद्यालयमा ७६ प्रतिशत, अन्य १० विश्वविद्यालय र स्वास्थ्य विज्ञान प्रतिष्ठानमा २४ प्रतिशत रहेका छन् । विश्वविद्यालयहरूमा अध्ययन गर्नेमध्ये साधारण विषय अध्ययन गर्ने ७७.८३ र प्राविधिक विषय अध्ययन गर्ने २२.१७ प्रतिशत रहेका छन् । साधारण धारमा पनि ४३ प्रतिशत व्यवस्थापन, १९ प्रतिशत शिक्षा, १३ प्रतिशत मानविकी संकायका रहेका छन् । प्राविधिक धारमा विद्यार्थीको प्राथमिकता रहे पनि विज्ञानमा ८ प्रतिशत, इन्जिनियरिङमा ६.३८ र मेडिकलमा ५.९८ प्रतिशत भर्ना भएका छन् । आर्थिक क्षमता र अन्य पहुँचका कारणले अपेक्षा अनुरूपको अवसर उपभोग गर्न नसकेको अवस्था छ । मन्त्रायलयले जनशक्ति प्रक्षेपण तथा मानव संसाधन विकास योजना तयार नगरेको तथा सीपमूलक शैक्षिक कार्यक्रमको न्यूनताले गर्दा शैक्षिक बेरोजगारको संख्यामा बढोत्तरी भई शिक्षातर्फको लगानीबाट उचित प्रतिफल प्राप्त गर्न सकिएको छैन। विश्वविद्यालयहरूबाट विश्व बजारको माग र नव प्रविधिमा आधारित शिक्षा बायोमेट्रिक्स, बायो इन्फर्मेसन, कम्प्युटर केमेष्ट्री, मेसिन लर्निङ्ग, आर्टिफियल इन्टेलिजेन्स जस्ता विषय अझै कार्यान्वयनमा आउन सकेको छैन । सीपयुक्त जनशक्ति उत्पादन गर्न कार्यक्रम सञ्चालनको दायरा बढाउनुपर्दछ।

१५. **अध्ययन अनुसन्धान -** विश्वविद्यालयको कार्यक्षेत्रमा अर्थ व्यवस्था, उत्पादन, रोजगार, आय आर्जन, सामाजिक विकास, प्रविधि विकास लगायतका विषयहरूमा विशेष अध्ययन, अनुसन्धानसमेत गरी नयाँ ज्ञान, प्रविधि र सीपको विकास गर्नु समेत रहेको छ । सञ्चालनमा रहेका ११ विश्वविद्यालयमा मौलिक ज्ञान र प्रविधिमा आएको परिवर्तनलाई आत्मसात् गरी राष्ट्रको उन्नति तथा संमृद्धिमा सहयोग पुग्ने गरी नयाँ पाठ्यक्रम तथा व्यावहारिक अभ्यासले प्राथमिकता पाएको छैन। लेखन, अभ्यासस्थल परियोजनासँग आबद्धता लगायतका सीपको विकास गर्न अध्ययन अनुसन्धान गरेका छैनन्। विश्वविद्यालयहरूले शैक्षिक कार्यक्रमहरूको अलावा अध्ययन अनुसन्धान कार्यमा समेत जोड दिनुपर्ने देखिन्छ ।

१६. **पुस्तकालय व्यवस्थापन -** यो वर्ष उपत्यकाका ३ पुस्तकालयलाई रू.९० लाख अनुदान उपलब्ध गराएको छ । नेपालमा सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित पुस्तकालयहरूमध्ये राष्ट्रिय पुस्तकालय, केशर पुस्तकालय, काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय आदि सञ्चालित छन् । त्यस्तै मदन पुरस्कार पुस्तकालय, रत्न पुस्तकालय तथा विभिन्न क्याम्पस, विद्यालय एवम् सामुदायिक रूपमा करिब १ हजार ५०० पुस्तकालय रहेका छन् । पुस्तकालयहरूको व्यवस्थित सञ्चालनको लागि गुरुयोजना तर्जुमा गरी अभिलेख व्यवस्थापन र डिजिटलाइजेसनको कामसमेत हुनसकेको छैन । भौतिक रूपमा उपस्थित भई अध्ययन गर्नुपर्ने विद्यमान अवस्थालाई डिजिटल पुस्तकालय (ई-लाइब्रेरी) को रूपमा रुपान्तरण गर्दै विश्वभर रहेका अन्य पुस्तकालयसँग आबद्ध गर्न हालका पुस्तकालयको संस्थागत संरचनामा पुनरावलोकन गरी विद्यालय, विश्वविद्यालयको पठनपाठन विधिसमेत सुधार गर्नुपर्दछ ।

१७. **सम्बन्धन धरौटी** - विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ अनुसार सञ्चालन अनुमति प्राप्त गर्न सञ्चालन भएको कार्यक्रमहरूका लागि स्वीकृति प्राप्त 'क' वर्गको वाणिज्य बैंकको खातामा शिक्षण संस्थाकै नाममा धरौटी रकम दाखिला गर्नुपर्ने व्यवस्था छ। उक्त व्यवस्थाबमोजिम ८६ शिक्षण संस्थाको बैङ्क खातामा रू.२८ करोड २६ लाख धरौटी रहेको छ। करारको शर्तनामाबमोजिम कार्य नगरेमा राजस्व खातामा सहज तवरले दाखिला गर्न उक्त धरौटी रकम नेपाल सरकारकै धरौटी खातामा राख्ने व्यहोरा औंल्याएपछि रू.११ करोड ६९ लाख नेपाल सरकारको खातामा दाखिला भई रू.१६ करोड ५७ लाख शिक्षण संस्थाकै खातामा रहेकोले उक्त रकम धरौटी खातामा दाखिला गर्नुपर्दछ।

१८. **छात्रवृत्ति** - विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ मा सञ्चालन अनुमति प्राप्त शिक्षण संस्थाले कुल क्षमताको कार्यक्रमगत आधारमा १० प्रतिशत कोटा छात्रवृत्तिको रूपमा नेपाल सरकारलाई उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१८.१. निर्देशिकानुसार प्राप्त हुने छात्रवृत्ति कोटामा जेहेन्दार, विपन्न, महिला, जनजाति, मधेशी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्र समेटिने गरी छात्रवृत्ति दिनुपर्ने व्यवस्था छ । विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने शिक्षण संस्थाहरूमा राजश्व प्रयोजनका लागि पेस भएको विवरणअनुसार ८६ संस्थामा २२ हजार ४५३ विद्यार्थी रहेको र सोको १० प्रतिशतले हुने २ हजार २४५ जनालाई छात्रवृत्ति दिनुपर्नेमा उपलब्ध गराएको देखिएन । निर्देशिकाबमोजिम छात्रवृत्ति उपलब्ध गराउनुपर्दछ ।

१८.२. सरकारलाई विभिन्न विश्वविद्यालय एवं मित्रराष्ट्रहरूबाट प्राप्त हुने छात्रवृत्तिमा छनोट भएका विद्यार्थीहरूले अध्ययन अवधि समाप्त गरेपछि निश्चित समय सेवा गर्नेगरी कबुलियतनामा गराउने व्यवस्था भए पनि चिकित्सा शिक्षा बाहेक अन्यमा सो अनुसार कबुलियत गराउने र शिक्षा पूरा गरेपछि सेवा गराउने व्यवस्था मिलाएको छैन । मित्रराष्ट्रहरूबाट प्राप्त छात्रवृत्तिमा अध्ययन पूरा गरे पश्चात् स्वदेश फर्के नफर्केको अभिलेख राख्ने तथा सेवा गराउने दुवै कार्य भएको छैन ।

छात्रवृत्तिको अभिलेख परीक्षण गर्दा २०७१।७२ देखि २०७५।७६ सम्म छात्रवृत्ति प्राप्त गरी अध्ययन समाप्त गरेका विद्यार्थीहरू चिकित्सा सेवामा १ हजार ७१८, इन्जिनियरिङमा ६६, कृषि तथा पशु विज्ञानमा १६ र अन्यमा ४२ रहेका छन् । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट प्राप्त छात्रवृत्तिको हकमा अभिलेखसमेत राखेको छैन ।

कार्यसम्पादनमा संघीय सरकारदेखि स्थानीय तहसम्म प्राविधिक जनशक्तिको रिक्तताले सेवा प्रवाहमा असर परेतापनि छात्रवृत्तिमा अध्ययन गरेका जनशक्तिलाई निश्चित अवधिको लागि सरकारले परिचालन गर्नसकेको छैन । जनशक्तिलाई व्यावहारिक ज्ञान र सार्वजनिक सेवा प्रवाहमा सहजता ल्याउन छात्रवृत्तिको अवसर प्राप्त गरेका विद्यार्थीलाई परिचालन गर्ने नीति बनाई कार्यान्वयनमा ल्याउनुपर्दछ ।

१९. **नवीकरण -** विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ मा अनुमतिपत्र प्राप्त गरी सञ्चालनमा रहेका शिक्षण संस्थाले प्रति विद्यार्थी रू.१ हजार ५०० का दरले प्रत्येक वर्ष माघ मसान्तभित्र राजस्व दाखिला गरी अनुमति नवीकरण नगराएमा संस्थाको अनुमतिपत्र रद्द गरी धरौटी रकम जफत गर्नुपर्ने व्यवस्था छ । शिक्षण अनुमति प्राप्त गर्ने ८६ विदेशी शिक्षण संस्थामध्ये ८३ संस्थाले नवीकरणको लागि मन्त्रालयमा निवेदन गरेकोमा सो सम्बन्धमा अनुगमन गरी आवश्यक निर्णय गरेको छैन ।

शैक्षिक परामर्श तथा भाषा शिक्षण निर्देशिका, २०७३ मा भएको व्यवस्थाबमोजिम १ हजार ४७३ शैक्षिक परामर्श सेवा प्रदायक कम्पनी दर्ता भएकोमा संघ र प्रदेशको क्षेत्राधिकार स्पष्ट नभएकोले २०७५।४।१४ को सचिवस्तरीय निर्णयबाट नवीकरण र नयाँ दर्ता स्थगित भएको छ। ती कम्पनीहरूको नवीकरण वापत प्रतिवर्ष रू.४४ लाख १९ हजारका दरले ४ वर्षको रू.१ करोड ७६ लाख ७६ हजार प्राप्त हुनसकेको छैन । यस्ता संस्थाहरूले निरन्तर कारोबार गरिरहेको अवस्थामा अनुगमन गरी नवीकरण नगर्नेलाई कारबाहीसमेत गरेको छैन । निर्देशिकाको व्यवस्था अनुसार त्यस्ता संस्था नवीकरण गराउनुपर्दछ ।

२०. **वैदेशिक शैक्षिक कार्यक्रम -** नेपालका विश्वविद्यालयहरूले अन्तर्राष्ट्रिय मानक अनुसारका शैक्षिक कार्यक्रम सञ्चालन एवं जनशक्ति उत्पादन हुनेगरी पाठ्यक्रम एवं शैक्षिक कार्यक्रम सञ्चालन गर्न नसक्दा विदेशी विश्वविद्यालयबाट सम्बन्धन लिई नेपालमा सञ्चालित कलेज र विद्यार्थीको संख्यामा निरन्तर वृद्धि भई विदेशी मुद्रा पलायन भएको स्थिति छ । यस्तो रकम विद्यार्थीले नेपालको कलेजमा बुझाई कलेज मार्फत् विदेशका विश्वविद्यालय वा कलेजमा पठाउनुपर्नेमा विद्यार्थी मार्फत् विदेशी मध्यस्तकर्ताको खातामा रकम पठाउने (तेस्रो पक्षलाई भुक्तानी) प्रबन्ध नेपालका कलेजहरूले गरेका छन् । उल्लिखित अवस्थामा विश्वविद्यालय, कलेजले तोकेकोभन्दा बढी रकम तिर्न विद्यार्थी बाध्य भएको र मुलुकले यस प्रकारको सेवामा प्राप्त गर्ने मूल्य अभिवृद्धि कर सङ्कलनसमेत जोखिममा देखिएको छ ।

शिक्षण संस्थाको नवीकरण गर्दा अनौपचारिक माध्यमबाट रकम विदेश पठाएको, विदेशी पाठ्यक्रमको क्रेडिट आवर पुगे नपुगेको यकिन गर्नुपर्नेमा नवीकरण नै नगराई शैक्षिक संस्था सञ्चालन गर्न दिएको विषयमा छानबिन गरी यथार्थता यकिन गर्नुपर्दछ ।

२१. **छात्रा शिक्षा कोष -** छात्रा शिक्षा कोष कार्यान्वयन कार्यविधि, २०६२ मा सामुदायिक विद्यालयका कक्षा ११/१२ र विश्वविद्यालय तहमा अध्ययन गर्ने जेहेन्दार तथा विपन्न विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था छ । कोषमा रहेको रकम खर्च नभई यो वर्षसम्म रू.४६ करोड ८६ लाख ६९ हजार मौज्दात रहेकोले उक्त रकम सञ्चित कोष दाखिला गर्न गत विगत वर्षको प्रतिवेदनमा औंल्याएकोमा स्थिति यथावत् छ ।

२२. **एकीकृत सेवा आयोग -** विश्वविद्यालय र अन्तर्गतका आंगिक क्याम्पसहरूमा शिक्षक तथा कर्मचारी नियुक्तिको लागि प्रत्येक विश्वविद्यालयमा सेवा आयोग वा छनोट समिति रहेको छ । विश्वविद्यालयहरूले अध्यापन गराउने विषयको गुणस्तरीयता अभिवृद्धिको लागि अध्यापन गराउने शिक्षकसमेत योग्य हुनुपर्ने

र सोको लागि शिक्षक छनोट योग्यतामा आधारित हुनुपर्दछ । विश्वविद्यालयहरूको सेवा आयोगले समयमै विज्ञापन गरी नियमित रूपमा पदपूर्ति गर्न नसकेको एवं पदपूर्तिको क्रममा विवादसमेत आउने गरेको सन्दर्भमा सबै विश्वविद्यालय र स्वास्थ्य प्रतिष्ठानहरूमा शिक्षक तथा कर्मचारी पदपूर्तिको लागि एकीकृत सेवा आयोगको व्यवस्था गरी पदपूर्ति गर्ने व्यवस्था गर्नुपर्दछ ।

विद्यालय शिक्षातर्फ विद्यालयमा अध्यापन गर्ने शिक्षकहरू शिक्षक सेवा आयोगबाट सञ्चालन हुने शिक्षक अनुमतिपत्र परीक्षामा उत्तीर्ण हुनुपर्ने व्यवस्था छ । विश्वविद्यालय र अन्तर्गतका क्याम्पसमा अध्यापन गर्ने शिक्षकहरूको लागि योग्यता परीक्षामा छनोट हुनुपर्ने व्यवस्था नभएका कारण विश्वविद्यालयले प्रदान गर्ने शिक्षाको गुणस्तरमा पर्ने असर मूल्याङ्कन भएको छैन । राष्ट्रिय योग्यता परीक्षा वा यस्तै प्रकारका अन्य योग्यता परीक्षाको व्यवस्था गर्ने र सो परीक्षामा उत्तीर्ण उम्मेदवार मात्र विश्वविद्यालय र अन्तर्गतका क्याम्पसमा अध्यापन गराउनको लागि योग्य हुने व्यवस्था गर्नुपर्दछ ।

२३. **शोधग्रन्थ परीक्षण -** विश्वविद्यालय अनुदान आयोगले जारी गरेको विद्यावारिधि उपाधिको लागि न्यूनतम मापदण्ड तथा कार्यविधि २०७३ को बुँदा ४.२ मा शोधग्रन्थलाई सम्बन्धित विश्वविद्यालयले अन्तिम स्वीकृति दिनु पूर्व शोध प्रबन्धकले विश्वविद्यालय वा आयोगले व्यवस्था गरेबमोजिमको परीक्षामा उत्तीर्ण हुनुपर्ने उल्लेख छ । अन्तर्राष्ट्रिय असल अभ्यासको मूल्याङ्कन गर्दा १० प्रतिशतसम्म साभार भएको शोधग्रन्थलाई मान्यता दिएकोमा नेपालमा २५ प्रतिशतसम्म कायम गरेको देखिन्छ। आयोगले जारी गरेको कार्यविधिमा सो सम्बन्धी कुनै व्यवस्था नभएको र विश्वविद्यालय एवं आयोगमा चोरी परीक्षण गर्ने भरपर्दो व्यवस्था स्थापित हुनसकेको देखिँदैन । विश्वविद्यालय स्थापनाको उद्देश्य र सञ्चालित कार्यक्रमलाई मध्यनजर राखेर भौतिक तथा मानवीय स्रोत (शोध निर्देशन दिने प्राध्यापक) को विश्लेषण गर्दै विषयगत क्षेत्रमा मात्र विद्यावारिधि कार्यक्रम चलाउनुपर्नेमा सो विषयको विश्लेषण भएको छैन। यस सम्बन्धमा विश्वविद्यालय अनुदान आयोग एवं मन्त्रालयले नीतिगत सम्बोधन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

२४. **विज्ञान तथा प्रविधि -** इन्टरनेटको सहजतासँगै सरकारी सेवाहरूलाई डिजिटल मैत्री प्रविधिमा रुपान्तरण गर्न सरकारका विभिन्न निकायले विभिन्न एप्लिकेशन विकास गरी प्रयोगमा ल्याएका छन्। स्वास्थ्यसम्बन्धी जानकारी गराउन हाम्रो स्वास्थ्य, करदाताको सूचनाको लागि आईआरडी एप, भन्सार सूचनाको लागि नेपाल कष्टम, कानुनसम्बन्धी जानकारीको लागि नेपाल ल एप, खरिदसम्बन्धी सूचनाको लागि ई.जी.पी.एप, वैदेशिक रोजगारीको लागि नेपाल काउन्सिलर, भिसासम्बन्धी जानकारीको लागि इमिग्रेशन एप, स्थानीय तहको जानकारीको लागि स्थानीय एप प्रयोगमा ल्याएका छन् । सरकारले बेरा भर्सनमा नागरिक एप्स पनि सञ्चालन गरेको छ । यसरी विभिन्न एप्लिकेसन डाउन लोड गरी युजर आई.डी.र पास वर्ड प्रयोग गर्नु पर्दा नागरिक सेवामा सहजता आएको छैन। एकल नागरिक एप्सबाट सबैमा पहुँच हुने नीतिगत निर्णय हुनसकेको छैन। सबै सरोकारवाला निकायसँग समन्वय गरी एकल नागरिक एप्सबाट यस्ता सूचनामा पहुँच हुने व्यवस्था मिलाउनुपर्दछ।

२५. **पाठ्यक्रम तर्जुमा, परिमार्जन र कार्यान्वयन -** बदलिँदो आन्तरिक तथा विश्वपरिवेश र उत्पादित जनशक्तिले बजारको मागलाई सम्बोधन गर्नसक्ने गरी विश्वविद्यालयले पाठ्यक्रम तर्जुमा परिमार्जन र कार्यान्वयन गर्नुपर्दछ । विश्वविद्यालयहरूबाट विभिन्न संकायमा अध्यापन हुने विषयहरूको पाठ्यक्रम तर्जुमा गर्दा राष्ट्रिय शिक्षा नीति र आवधिक योजनामा उल्लेख भएका उच्च शिक्षासम्बन्धी उद्देश्य नीति र रणनीति

सम्बोधन हुने गरी पाठ्यक्रम तर्जुमा नभएको, पाठ्यक्रम तर्जुमा गर्दा विषयवस्तु केन्द्रित, विद्यार्थी केन्द्रित र समस्या केन्द्रित पाठ्यक्रमविधिलाई उपयुक्त सन्तुलन गर्न नसकेको, बहुविश्वविद्यालय अवधारणा बमोजिम उच्च शिक्षाले समेट्नुपर्ने विषय, पाठ्यभार, पाठ्पुस्तकको मानकीकरण एवम् पाठ्यक्रम परिमार्जनको आधार संरचना तयार नभएको, विश्वविद्यालयमा अध्यापन हुँदै आएका उच्च शिक्षाका पाठ्यक्रमहरुमा सामञ्जस्यता नभएको, माध्यमिक शिक्षा र उच्च शिक्षाबीच आवद्धता हुने गरी पाठ्यक्रम तर्जुमा नभएको, एवं पाठ्यक्रम तर्जुमा गर्दा अनुसन्धात्मक प्रक्रिया अवलबम्बन नभएको अवस्था देखिन्छ।

विश्वविद्यालयले लागू गरेका पाठ्यक्रम त्यसको व्यावहारिक उपयोग, सान्दर्भिकता र विषय परिवेशमा आएको परिवर्तन अनुरूप समयमै परिमार्जन गर्न सबै विश्वविद्यालय र मातहतका संकाय र विषयगत समितिहरू अग्रसर नभएको, विश्वविद्यालयहरुले लागू गरेका कार्यक्रमहरुमा विद्यार्थीको रुचि र समाजको माग सम्बोधन हुन नसक्दा विद्यार्थी संख्या न्यून हुँदै गएको छ । विश्वव्यापी रूपमा आएका शैक्षिक परिवर्तनलाई स्थानीय आवश्यकता अनुरूप आन्तरिकीकरण गर्न विषय समिति तथा अभ्यासकर्ता र अनुसन्धान निकाय निरन्तर ज्ञान निर्माणमा क्रियाशील हुन नसकेका लगायतका कारण आवश्यकता अनुसार पाठ्यक्रम परिमार्जन हुन सकेको छैन ।

पाठ्यक्रम कार्यान्वयनका सैद्धान्तिक कक्षा, मामिला अध्ययन, फिल्ड कार्य, समुदाय कार्य, आयोजना कार्य, प्रस्ताव तयारी, प्रयोगशाला कार्य र प्रस्तुति लगायतका विधि सन्तुलित र व्यावहारिक रुपमा लागू नभएको लगायतका कारण पाठ्यक्रम कार्यान्वयनको स्थिति कमजोर रहेको छ । समाजिक, आर्थिक रुपान्तरणका लागि शिक्षामार्फत सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादशील र नवप्रवर्तनमुखी मानव स्रोतको विकास गर्न पाठ्यक्रम समेत सोहीबमोजिम तयार गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

नेपाल सरकार मन्त्रिपरिषद्को २०७५।२।६ को निर्णयानुसार साविकको शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र र अनौपचारिक शिक्षा केन्द्रलाई गाभेर शिक्षा तथा मानव स्रोत विकास केन्द्र स्थापना भएको हो । केन्द्रको मुख्य कार्य विद्यालय शिक्षा, अनौपचारिक शिक्षा र शैक्षिक जनशक्ति विकासलगायत विद्यालय शिक्षाको वार्षिक योजना तर्जुमा, कार्यान्वयन र व्यवस्थापन गर्ने रहेको छ।

२६. **न्यून प्रगति -** यो वर्ष मुल ५ कार्यक्रमको लागि रू.३ अर्ब ४८ करोड २७ लाख ४८ हजार विनियोजन भएको छ । स्वीकृत कार्यक्रममध्ये नेतृत्व क्षमता विकास तालिम, प्रारम्भिक पढाई सीप कार्यक्रम, भर्ना अभियान सञ्चालन, अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण स्वयंसेवक सेवा परिचालन, खुला विद्यालय सञ्चालनलगायतका १७ कार्यक्रम सञ्चालन नभएको, ४ कार्यक्रममा रू.४८ करोड ९९ लाख ४३ हजार (१५.७६ प्रतिशत) र विद्यालय क्षेत्र विकास कार्यक्रममा विनियोजित रू.२ अर्ब ४६ करोड ७६ लाखमध्ये रू.३१ करोड २३ लाख ४८ हजार (१२.६६ प्रतिशत) मात्र खर्च भएको छ । बजेटमा तोकिएको कार्यक्रम यथासमयमा सञ्चालन गर्नुपर्दछ।

२७. **विद्यालय र विद्यार्थी संख्या -** यो वर्षको तथ्याङ्क अनुसार पूर्व प्राथमिक, आधारभूत र माध्यमिक तहका ३५ हजार ६७४ विद्यालयमा ८३ लाख ३५ हजार विद्यार्थी अध्यनरत रहेका छन् । ती विद्यालयहरूमा

कार्यरत शिक्षकको संख्या ३ लाख ६३ हजार रहेको छ । तहगत रूपमा सामुदायिक, संस्थागत र धार्मिक विद्यालयमा अध्ययनरत विद्यार्थी, शिक्षक र विद्यालयको अनुपात देहायअनुसार छन्:

विवरण	विद्यालयको प्रकार	बाल विकास/पूर्व प्राथमिक विद्यालय	आधारभूत विद्यालय (कक्षा १-८)	माध्यमिक विद्यालय (कक्षा ९-१२)	कुल जम्मा
विद्यालय संख्या	सामुदायिक	३०१२६	२७६८४	७४१८	२७८१२
	संस्थागत	६५४३	६४९०	३७६३	६७३२
	धार्मिक	४६१	१२३४	५०	११३०
	जम्मा	**३७१३०**	**३५४०८**	**११२३१**	**३५६७४**
	सामुदायिकको प्रतिशत	**८१.१३**	**७८.१८**	**६६.०५**	**७७.९६**
	संस्थागतको प्रतिशत	**१७.६२**	**१८.३३**	**३३.५०**	**१८.८७**
	धार्मिकको प्रतिशत	**१.२५**	**३.४९**	**०.४५**	**३.१७**
विद्यार्थी संख्या	सामुदायिक	५९३९१४	४००९५२०	१३२६३२३	५९२९७५७
	संस्थागत	५३६६०७	१३२९४३३	४१८७१३	२२८४७५३
	धार्मिक	९७३४	१०८३४०	१९१८	१११९९२
	जम्मा	**११४०२५५**	**५४४७२९३**	**१७४६९५४**	**८३३४५०२**
	सामुदायिकको प्रतिशत	**५२.०८**	**७३.६०**	**७५.९२**	**७१.१४**
	संस्थागतको प्रतिशत	**४७.०६**	**२४.४०**	**२३.९६**	**२७.४१**
	धार्मिकको प्रतिशत	**०.८६**	**१.८०**	**०.१२**	**१.४५**
शिक्षक संख्या	सामुदायिक(कुल शिक्षक संख्या)	६००४१	१५२६८१	३४७४५	२७४४६७
	संस्थागत	१८१६७	६८४७२	२६८६७	११३५०६
	धार्मिक	४५२	१४३४	३५२	२२३८
	जम्मा	**७८६६०**	**२२२५८७**	**६१९६४**	**३६३२११**
	सामुदायिकको प्रतिशत	७६.३३	८१.८८	७५.०२	**८०.००**
	संस्थागतको प्रतिशत	२३.०९	१७.६७	२४.८६	**१९.५९**
प्रति विद्यालय विद्यार्थीको अनुपात	सामुदायिक	२०	१४३	१७९	१९२
	संस्थागत	८२	२०५	१११	२६०
	धार्मिक	२१	८८	३८	९८

उल्लिखित तालिकाअनुसार विद्यालय, विद्यार्थी र शिक्षकको कुल संख्यामध्ये सामुदायिकतर्फ विद्यालयको हिस्सा ७७.९६ प्रतिशत, विद्यार्थीको हिस्सा ७१.१४ प्रतिशत र शिक्षकको हिस्सा ८० प्रतिशत तथा संस्थागततर्फ विद्यालय १८.८७ प्रतिशत, विद्यार्थी २७.४१ प्रतिशत र शिक्षक १९.५९ प्रतिशत रहेको छ ।उक्त तथ्याङ्कअनुसार पूर्व प्राथमिकदेखि माध्यमिक तहसम्म प्रति विद्यालयमा विद्यार्थी संख्या सामुदायिकमा १९२, संस्थागतमा २६० र धार्मिकमा ९८ रहेको छ । सामुदायिक विद्यालयको विद्यार्थी शिक्षक अनुपातको आधारमा शिक्षकको व्यवस्थापन गर्नुपर्ने तथा संस्थागत र सामुदायिक विद्यालयबीच शैक्षिक कार्यहरूमा सह-सम्बन्ध कायम गरी शैक्षिक गुणस्तरमा सामञ्जस्यता ल्याउन स्पष्ट नीति ल्याई कार्यान्वयन गर्नुपर्दछ।

२८. **विद्यार्थी भर्ना** - नेपाल सरकारले सबै बालबालिकालाई शिक्षामा पहुँच सुनिश्चित गर्ने र माध्यमिक तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क गर्न अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५

कार्यान्वयनमा ल्याएको छ । विद्यालय जाने सबै उमेर समूहका बालबालिकालाई विद्यालय भर्ना गरी निःशुल्क शिक्षा उपलब्ध गराउन निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजालगायतका कार्यक्रममा बर्षेनी खर्च बढाउँदै लगेको छ । शैक्षिक सूचना व्यवस्थापन प्रणालीको प्रतिवेदन अनुसार विगत ६ वर्षको आधारभूत तहको विद्यालयमा विद्यार्थी भर्नाको अवस्था देहायअनुसार छः

(संख्या हजारमा)

वर्ष	कक्षा १—५ को विद्यार्थीको संख्या		कक्षा ६-८ को विद्यार्थीको संख्या		आधारभूत विद्यालयको जम्मा विद्यार्थी संख्या			सामुदायिकको प्रतिशत	संस्थागतको प्रतिशत
	सामुदायिक	संस्थागत	सामुदायिक	संस्थागत	सामुदायिक	संस्थागत	जम्मा		
२०७२	३६११	६५४	१५६२	३०१	५१७३	९५५	६१२८	८४.४०	१५.६०
२०७३	३४५०	६८५	१५४०	३१९२	४९९०	१००५	५९९५	८३.२४	१६.७६
२०७४	३३१२	६५८	१५४५	३२२	४८५७	९८०	५८३७	८३.२१	१६.७९
२०७५	२७९३	९३७	१३९४	४३१	४१८७	१३६९	५५५५	७५.४०	२४.६०
२०७६	२४७९	१०५५	१३१५	४५७	३७९५	१५१२	५३०७	७१.५०	२८.५०
२०७७	२६८८	८३४	१३८१	४३५	४०६९	१२६९	५३३९	७६.२०	२३.८०

उल्लिखित तथ्याङ्क विश्लेषण गर्दा आधारभूत तह (कक्षा १ देखि ८ सम्म) मा कुल विद्यार्थी भर्ना संख्या वर्षेनी घट्दै गएको र शैक्षिक वर्ष २०७७ मा भर्ना भएका विद्यार्थीमध्ये २३.८० प्रतिशत संस्थागत विद्यालयमा भर्ना भएका छन् । शैक्षिक वर्ष २०७२ को तुलनामा २०७७ मा कुल विद्यार्थी संख्या १२.८७ प्रतिशतले घटेको मध्ये सामुदायिक विद्यालयमा २१.३४ प्रतिशतले घटेको र संस्थागत विद्यालयमा ३२.८८ प्रतिशतले बढेको देखिन्छ । सबै बालबालिकालाई विद्यालयमा भर्ना अनिवार्य र निःशुल्क शिक्षाको लागि शिक्षा क्षेत्रमा सरकारी अनुदान बर्सेनि बढेको छ । सामुदायिक विद्यालयहरूमा अपेक्षित रूपमा शैक्षिक गुणस्तर सुधार हुन नसकेका कारण विद्यार्थीको आकर्षण घटेको अवस्था छ । सबैलाई अनिवार्य शिक्षा र माध्यमिक तहसम्म निःशुल्क शिक्षाको कार्यक्रम सफल बनाउन सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याउनुपर्दछ।

२९. **विपन्न लक्षित छात्रवृत्ति -** विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७४ मा विज्ञान विषय अध्ययन गर्ने विपन्न वर्गका छात्रछात्रालाई वार्षिक रू.२४ हजार र अन्य विषय अध्ययन गर्नेलाई रू.१८ हजारका दरले छात्रवृत्ति वितरण गर्ने व्यवस्था छ । यो वर्ष विपन्न लक्षित छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्न कक्षा ९ र १० का १४ हजार ५००, कक्षा ११ र १२ का ४६ हजार समेत ६० हजार ५०० विपन्न विद्यार्थी छनोट भए तापनि विज्ञान विषय अध्ययन गर्ने ३७४ र अन्य विषय अध्ययन गर्ने १२ हजार १२५ समेत १२ हजार ४९९ (२०.६६ प्रतिशत) लाई मात्र छात्रवृत्ति बापत रू.१८ करोड ८६ लाख वितरण गरेको छ । छात्रवृत्ति छनोटसम्बन्धी कार्यविधिमा पुनरावलोकन गरी विपन्न लक्षित कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ।

७७.२. विश्वविद्यालयको केन्द्रीय कार्यालय परिसरमा रहेको ११३ रोपनी जग्गा एक आवासीय विद्यालयलाई २०५७।४।१३ मा १५ वर्षको लागि उपलब्ध गराएकोमा सम्झौता अवधि सकिएपछि जग्गा खाली गर्न पटक-पटक ताकेता गर्दा पनि सो विद्यालयले नछाडेको, वाग्मती नदीको किनारामा रहेको १३ रोपनी जग्गा एक संस्थाले भोगचलन गरिरहेको, एक क्लबलाई २०७२।१।२८ देखि ३ रोपनी र एक संघलाई २०७२।३।२ मा १० रोपनी जग्गा प्रयोग गर्न दिएकोमा ती जग्गाबाट विश्वविद्यालयले कुनै आम्दानी प्राप्त गरेको छैन । विश्वविद्यालयको सम्पत्ति शैक्षिक प्रयोजनमा उपयोग गरी संरक्षण गर्नुको अतिरिक्त सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी (दोस्रो संशोधन) कार्यनीति, २०७१ बमोजिम लिजमा दिने व्यवस्था मिलाउनुपर्दछ ।

७७.३. विश्वविद्यालयको स्वामित्वमा भरतपुर महानगरपालिका १५ मा रहेको २९४ बिगाह १५ कट्टा १ धुर जग्गामा कृषि तथा वन विज्ञान विश्वविद्यालय स्थापना भई सञ्चालनमा रहेको छ । उक्त जग्गामध्ये २० बिगाह ६ कट्टामा अन्तर्राष्ट्रियस्तरको क्रिकेट मैदान निर्माण गर्न भरतपुर महानगरपालिकालाई उपलब्ध गराउने नेपाल सरकारको २०७४।१।७ को निर्णयको आधारमा त्रिभुवन विश्वविद्यालय, भरतपुर महानगरपालिका र कृषि तथा वन विज्ञान विश्वविद्यालयबीच २०७५।६।७ मा सम्झौता गरेको उल्लेख गरी क्रिकेट मैदान निर्माण गर्न जग्गा उपलब्ध गराएकोमा सम्झौतामा त्रिभुवन विश्वविद्यालयको तर्फबाट हस्ताक्षर गरेको देखिएन । उक्त सम्झौतामा महानगरपालिकाले स्रोत जुटाई ३ वर्षभित्र क्रिकेट मैदान निर्माण कार्य सम्पन्न गर्ने उल्लेख भएकोमा हालसम्म खेल मैदान निर्माण कार्य सम्पन्न भएको छैन ।

७७.४. त्रिपुरेश्वरस्थित साविकको जनप्रशासन क्याम्पसको १० रोपनी १३ आना जग्गामा व्यापारिक केन्द्र भवन निर्माण गरी ३२ वर्ष प्रयोग गर्नेगरी लिजमा दिन एक व्यवसायीसँग २०५९।१०।२ मा सम्झौता भएको देखिन्छ । सम्झौता अनुसार प्रत्येक महिनाको घर भाडा महिना शुरु भएको १५ दिनभित्र बुझाई सक्नुपर्ने र समयमा नबुझाएमा २० प्रतिशतका दरले विलम्ब शुल्क लाग्ने व्यवस्था छ । व्यवसायीले २०६४ बैशाख देखि २०७८ आषाढसम्म रू.१ करोड ६७ लाख बुझाउन बाँकी देखिएको छ । सम्झौताअनुसार कारबाही गरी उक्त रकम विलम्ब शुल्कसहित असुल हुनुपर्दछ ।

७८. **सम्बन्धन तथा नवीकरण -** विश्वविद्यालयको संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५० को नियम ३८० मा क्याम्पसलाई शैक्षिक कार्यक्रम सञ्चालन गर्न कार्यकारी परिषद्ले बढीमा २ वर्षका लागि अस्थायी सम्बन्धन दिनसक्ने र नियम ३८१ मा स्थायी सम्बन्धन दिनसक्ने वा अस्थायी सम्बन्धनको अवधि २ वर्ष थप गर्नसक्ने व्यवस्था छ । स्थायी सम्बन्धन प्राप्त नगरेका वा अस्थायी सम्बन्धनको अवधि सकिएका क्याम्पसहरूले शैक्षिक कार्यक्रम सञ्चालन गर्न नपाउने व्यवस्था छ । विश्वविद्यालयले सम्बन्धन दिएका सामुदायिक तथा निजी क्याम्पसहरू १ हजार ६२ मध्ये एक क्याम्पसले अन्य विश्वविद्यालयको सम्बन्धन लिएको र दुई क्याम्पस आपसमा गाभिएकोले हाल सम्बन्धन प्राप्त क्याम्पस १ हजार ६० रहेका छन् । विश्वविद्यालयले तीमध्ये हालसम्म बीरगञ्जको एक मेडिकल कलेजलाई मात्र स्थायी सम्बन्धन दिएको र बाँकी सबै क्याम्पसलाई अस्थायी सम्बन्धन मात्र दिएको छ । अस्थायी सम्बन्धनको अवधि समाप्त भएका क्याम्पसको अवधि थप गर्न र स्थायी सम्बन्धन लिने व्यवस्था मिलाउनुपर्दछ ।

७९. **अनुसन्धान केन्द्र -** विश्वविद्यालयको संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५० को नियम ३३ मा विश्वविद्यालयमा अनुसन्धानात्मक कार्यसम्पादन गर्न गराउन नेपाल र एसियाली अनुसन्धान केन्द्र, व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र, आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र र शिक्षा विकास तथा अनुसन्धान केन्द्र समेत ४ अनुसन्धान केन्द्र सञ्चालनमा रहेका छन् । ती अनुसन्धान केन्द्रहरूले यो वर्ष रू.२७ लाख ७६ हजार आम्दानी गरेको र रू.६ करोड ३८ लाख खर्च गरेको देखिए पनि विश्वविद्यालयको लागि गत विगतदेखि अनुसन्धानात्मक कार्यहरू गरेको देखिएन । उद्देश्य अनुरूप अनुसन्धान कार्यमा केन्द्रित हुनुपर्दछ ।

अन्य विश्वविद्यालयहरू

८०. **सम्बन्धन शुल्क -** पूर्वाञ्चल विश्वविद्यालय नियमावली, २०५३ को परिच्छेद-१५क मा सम्बन्धनसम्बन्धी व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरणअनुसार विश्वविद्यालयबाट ११७ क्याम्पसले सम्बन्धन लिएकोमा ११४ सञ्चालनमा रहेका र ३ सञ्चालनमा नरहेको उल्लेख छ । सम्बन्धन लिएका क्याम्पसहरू मध्ये आर्थिक वर्षको अन्त्यसम्म ५२ क्याम्पसबाट रू.२ करोड ९६ लाख सम्बन्धन शुल्क असुल हुन बाँकी रहेको छ । सो रकममध्ये ७ क्याम्पसबाट मात्र रू.२ करोड २८ लाख असुल हुन बाँकी रहेको देखिन्छ । उक्त रकम विश्वविद्यालयको नियमानुसार असुल गर्नुपर्दछ।

८१. **खर्च रकम धरौटीमा सारेको -** पूर्वाञ्चल विश्वविद्यालयको वित्तीय व्यवस्था नियमावली, २०७४ को नियम २२(१०) मा बजेट निकासा भएको रकम सम्बन्धित आर्थिक वर्षको अन्तमा स्वतः फ्रीज भएको मानिने व्यवस्था छ । सोही नियमावलीको नियम ३४ मा आर्थिक वर्षको अन्त्यसम्ममा काम हुन नपाई केवल बजेट फ्रीज हुन नदिने उद्देश्यले मात्र कसैलाई पेश्की दिन वा धरौटी खातामा जम्मा गर्न नहुने व्यवस्था छ । केन्द्रीय कार्यालय आफैले यस वर्ष बस र कार खरिद बापत २ आपूर्तकलाई भुक्तानी दिने प्रयोजनको लागि रू.८६ लाख बजेट खर्च लेखी धरौटी खातामा सारेकोले उक्त खर्च नियमसम्मत देखिएन । नियमावलीको प्रावधानअनुसार आर्थिक कारोबार सञ्चालन हुनुपर्दछ ।

८२. **जग्गाको सीमाङ्कन** - पूर्वाञ्चल विश्वविद्यालयलाई नेपाल सरकारबाट मोरङ्ग जिल्लाको साविक इन्द्रपुर, मृगौलिया र सुन्दरपुर गाउँ विकास समिति अन्तर्गतको ८०५ विगाहा जग्गा भोगचलनको लागि २०५५ सालमा स्वीकृति प्राप्त भएको उल्लेख छ । उक्त जग्गामध्ये ८० विगाहा जग्गा घेरा पर्खाल लगाई शैक्षिक तथा प्रशासकीय भवनहरू बनाई प्रयोग गर्दै आएको छ । विश्वविद्यालयको जग्गा अतिक्रमणमा परेको जनाई कंक्रिट पिलर निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७४।२।२० मा खरिद सम्झौता भएकोमा हालसम्म सीमा छुट्याउने काम सम्पन्न भएको देखिएन । नापी शाखा बेलबारीले २०७७।११।४ मा लेखेको पत्रमा तोकिएको चार किल्लाभित्र साविक नापीका बखत नापनक्सा नभएको, नक्सा तथा फिल्डबुक समेत कार्यालयमा नभएको उल्लेख गरेको देखिन्छ । यसरी बिभिन्न कारणले जग्गाको सीमाङ्कन नहुँदा अतिक्रमण भएको देखिँदा जग्गाको उचित संरक्षण र उपयोग गर्नुपर्दछ।

८३. **जग्गा अतिक्रमण –** नेपाल संस्कृत विश्वविद्यालयको केन्द्रीय कार्यालय र १२ आङ्गिक क्याम्पसको स्वामित्वमा तराईमा १ हजार ७१८ बिगाह १८ कट्ठा र पहाडी क्षेत्रमा १०२ रोपनी ९ आना जग्गा रहेको छ । उक्त जग्गामध्ये ४०८ बिगाहमा मोही कायम रहेको र १२ बिगाहमा स्वामित्व विवाद रहेको उल्लेख छ । दाङको बेलझुण्डी क्षेत्रमा रहेको ३२६ बिगाह जग्गा २०५८ देखि अतिक्रमणमा परेको कारण भोगचलन गर्न र आय आर्जनमा उपयोग हुन सकेको छैन । विश्वविद्यालयले सम्पत्तिको उचित संरक्षण गरी उपयोग गर्नुपर्दछ ।

पोखरा विश्वविद्यालय आर्थिक नियमावली, २०५५ को नियम २९(५) मा विश्वविद्यालय र अन्तर्गतका निकायहरूमा रहेको घरजग्गा सवारी साधनलगायतका अन्य सम्पत्तिहरूको केन्द्रीय लगत राख्ने व्यवस्था मिलाउने उल्लेख छ । कार्यालयले विश्वविद्यालय अन्तर्गतका निकायहरूमा रहेको सम्पत्तिहरूको केन्द्रीय लगत राखेको देखिएन । विश्वविद्यालयको स्वामित्वमा रहेका पोखरा

महानगरपालिका वडा नं.१२, १३, १४ का जग्गा १ हजार ३७२ रोपनी १४ आनामध्ये ६२५ रोपनीभन्दा बढी जग्गा सुकुम्बासीहरूले अतिक्रमण गरेको विवरण प्राप्त भएकोमा विश्वविद्यालयले सम्पत्तिको केन्द्रीय लगत राखी संरक्षण तथा सदुपयोगको उचित व्यवस्था मिलाउनु पर्दछ ।

८४. **सम्पत्ति व्यवस्थापन -** सुदूर पश्चिमाञ्चल विश्वविद्यालय आर्थिक प्रशासन नियमावली, २०६९ नियम ९३(७) मा विश्वविद्यालयको नाममा प्राप्त हुन आएका सम्पतिको मूल्य, सम्पति रहेको स्थान, खरिद तथा प्राप्ति मिति खुल्ने गरी राख्नुपर्नेमा तद्अनुसार राखेको छैन । विश्वविद्यालयको भवन, फर्निचर मेसिनरी तथा वैज्ञानिक सम्पत्तिलगायतका स्थिर सम्पत्तिको मूल्य रू.२१ करोड १४ लाख देखाएकोमा भवन मूल्याङ्कनको स्पष्ट आधार लिएको छैन भने मातहतका निकायहरूको सम्पत्ति समावेश गरेको छैन । विश्वविद्यालयअन्तर्गतका सम्पूर्ण निकायहरूमा सम्पत्तिको वास्तविक मूल्याङ्कनको आधारमा अभिलेख राख्नुपर्दछ ।

मेडिकल कलेज पूर्वाधार निर्माण विकास समिति, कैलाली

चिकित्सा शिक्षाको विकास तथा प्रवर्द्धन गर्न मध्यम तथा उच्च स्वास्थ्य प्राविधिक जनशक्ति उत्पादन गरी गुणस्तरीय तथा विशेषज्ञ स्वास्थ्य सेवा सुनिश्चित गर्न कैलालीको गेटामा मेडिकल कलेज स्थापना गर्न आवश्यक पूर्वाधारहरू निर्माण गर्ने उद्देश्यले यो समिति गठन भएको देखिन्छ । समितिले यो वर्ष रू.१० करोड ९७ लाख खर्च गरेको छ ।

८५. **गुरुयोजना -** समितिले मेडिकल कलेजको मापदण्डअनुसार अस्पताल, छात्रावास भवन लगायतका संरचना निर्माण गर्न रू.८ अर्ब ७४ करोड १२ लाखको गुरुयोजना तयार गरेको छ । गुरुयोजना अनुसार पहिलो चरणमा अस्पताल भवन, कलेज भवन, छात्रावास, आवासगृह, लण्ड्री, मर्चरी, रोड एक्सेस लगायतका कार्य २०७३।७४ सम्म सम्पन्न गर्ने र दोस्रो चरणमा बाँकी रहेको सिभिल वर्क्स र अन्य संरचना निर्माण कार्य २०७६।७७ देखि २०८०।८१ सम्म सम्पन्न गर्ने उल्लेख छ । समितिले यस वर्षसम्म रू.४ अर्ब २८ करोड ८८ हजार खर्च गरेकोमा निर्माण कार्य सम्पन्न गरेको छैन । गुरुयोजना अनुसार पहिलो चरणमा गर्नुपर्ने कार्यमध्ये रू.२३ करोड १९ लाख लागत अनुमान भएको खानेपानी तथा ढल व्यवस्थापन लगायतका ७ निर्माण कार्य हालसम्म सम्पन्न नभएको र दोस्रो चरणको कार्य शुरु भएको छैन ।

८६. **निर्माण कार्यको प्रगति -** खरिद सम्झौतामा तोकिएको अवधिभित्र कार्यतालिकाअनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्दछ । समितिबाट ७ निर्माण कार्यका लागि रू.३ अर्ब ९३ करोड ३५ लाखमा खरिद सम्झौता भएकोमा रू.२ अर्ब ६५ करोड १९ लाख (६७.४१ प्रतिशत) खर्च गरेको छ । सोमध्ये विभिन्न ५ निर्माण कार्यमा २०७७ आषाढसम्म शुरु अवधिको ७९ देखि ४८० प्रतिशतसम्म अवधि व्यतीत भए पनि भौतिक प्रगति ३३ देखि ७३ प्रतिशतमात्र भएको देखिन्छ।

सबै प्याकेजको निर्माण कार्य तोकिएको समयमा सम्पन्न हुन नसकी ३५० प्रतिशतसम्म म्याद थप भएको छ। ती निर्माण कार्यहरू संशोधित कार्यतालिकाबमोजिम कार्य सम्पन्न नगरेको तथा पटक पटक म्याद थप गर्दा पनि कार्य सम्पन्न नभएको अवस्था रहेकोले खरिद नियमावली तथा सम्झौताको शर्तबमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड

नेपाल सरकारको राष्ट्रिय शिक्षा पद्धति योजनाको उद्देश्य परिपूर्तिका निमित्त आवश्यक शैक्षिक सामग्री, पाठ्यपुस्तक, शिक्षक निर्देशन पुस्तिका, शैक्षिक नक्सा, चार्ट, फिल्म आदिको उत्पादन तथा प्रकाशन गरी निर्धारित मूल्यमा उपलब्ध गराउने मुख्य उद्देश्य रहेको यस केन्द्रको स्थापना कम्पनी ऐन, २०२१ अनुसार २०३५।६।८ मा भएको हो ।हाल केन्द्र कम्पनी ऐन, २०६३ अनुसार सञ्चालनमा रहेको छ । केन्द्र अन्तर्गत ८ शाखा कार्यालयमा समेत ३५८ कर्मचारी कार्यरत रहेका छन् ।

८७. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** केन्द्रको २०७८ आषाढ मसान्तमा शेयर पुँजी रू.४५ करोड ६४ लाख, सञ्चित नोक्सानी रू. १अर्ब ५३ करोड ३१ लाख, अन्य जगेडा रू. ५ अर्ब २७ करोड ७१ लाख र दायित्व रू.४ अर्ब ४० करोड ४८ लाख रहेको छ । गैर चालु सम्पत्ति रू.७ अर्ब ७७ करोड ४७ लाख र चालु सम्पत्ति रू. ८३ करोड ५ लाखसमेत सम्पत्ति रू. ८ अर्ब ६० करोड ५२ लाख रहेको छ । केन्द्रको गत वर्ष रू.१३ करोड ३५ लाख नोक्सान रहेकोमा यो वर्ष रू.१० करोड ६७ लाख नाफा रहेको छ ।

८८. **स्थिर सम्पत्तिको मूल्याङ्कन -** व्यवस्थापनले वार्षिक रूपमा सम्पत्तिको मूल्याङ्कनलाई पुनरावलोकन गर्ने लेखा नीतिमा उल्लेख गरेता पनि केन्द्रको स्थिर सम्पत्तिमा विगत वर्षदेखि मूल्याङ्कनबाट थप भएको रकमसमेत समावेश गरेको छ ।नेपाल लेखामान १६ को बुँदा ३४ बमोजिम मूल्यांकन गरी सम्पत्ति प्रस्तुत गर्दा कम्तीमा ३ वा ५ वर्षमा पुर्नमूल्याङ्कन गर्न सकिने उल्लेख छ ।केन्द्रको लेखा नीतिमा जग्गाको ४ वर्षको अन्तरालमा मूल्याङ्कन गरिने उल्लेख भए तापनि २०७४ आषाढ पश्चात् पुनर्मूल्याङ्कन गरी प्रस्तुत गरेको छैन । सम्पत्तिको आवधिक पुनर्मूल्याङ्कन हुनुपर्दछ ।

८९. **लक्ष्य प्रगति -** केन्द्रले शैक्षिक सत्र २०७८ का लागि कक्षा १ देखि १२ सम्मका १ करोड ९० लाख थान पुस्तक छपाइ गर्ने लक्ष्य राखेकोमा १ करोड ६५ लाख ३४ हजार १५३ पुस्तक छपाइ गरेको छ । देशको संघीय संरचना अनुसार प्रदेशको आवश्यकतानुसार पाठ्यपुस्तक बिक्री वितरणको तयारी हुन नसकेको, केन्द्रमा रहेको शैक्षिक सुरक्षण मुद्रणलाई प्रभावकारीरूपमा स्तरोन्नति गरी नेपाल सरकारको सुरक्षण छपाइ सम्बन्धी कार्यमा विकास गर्ने लक्ष्यमा प्रगति नभएको, आन्तरिक राजस्व विभागको अन्तःशुल्क स्टिकर छपाइको कामको छुट्टै सुरक्षण मुद्रणको व्यवस्था गर्ने लक्ष्यमा प्रगति नभएको, केन्द्रको पुराना मेसिनहरुको प्रतिस्थापन नभएको अवस्था छ । लक्ष्यअनुसार प्रगति हासिल गरी सेवा प्रवाहमा सुधार ल्याउनुपर्दछ ।

९०. **जिन्सी अभिलेख -** शैक्षिक सामग्री बिक्री वितरण निर्देशिका, २०७० ले पुस्तकहरूको निष्कासन, भण्डारण, प्राप्ति र नोक्सानीलाई लेखाङ्कन गर्ने सम्बन्धमा व्यवस्था गरेको छ । केन्द्रले प्रत्येक वर्ष भौतिक परीक्षणबाट कायम भएको पुस्तकको संख्या र मूल्य पछिल्लो वर्षलाई जिम्मेवारी सार्ने गरेको छ । केन्द्रले संरक्षणमा पर्याप्त ध्यान नपुऱ्याएका कारण यो वर्ष २० हजार ६२ थान पुस्तक क्षति भएको अवस्था छ । त्यस्तै, भौतिक परीक्षणमा भण्डारबाट निष्कासन एवं प्राप्ति हुँदा ४८ हजार १२५ थान किताब बढी र १४ हजार ३२५ थान घटी मौज्दात देखिएको छ । केन्द्रको मुख्य कार्य नै पुस्तक छपाइ र वितरण भएकोले सोको परिमाणगत हिसाब यथार्थपरक तवरले राख्ने प्रबन्ध गर्नुपर्दछ ।

९१. **खरिद तथा उत्पादन नर्म्स -** केन्द्रले वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा कागज खपतको परिमाण अनुमान गर्ने गरेकोमा कागजको खपत र सोअनुसार तयार हुने पुस्तकको पृष्ठ संख्या सम्बन्धी नर्म्स तयार गरेको देखिएन । केन्द्रमा गत वर्ष २ हजार ७४८ मेट्रिकटन कागज मौज्दात रहेकोमा यो वर्ष ७ हजार १५२ मेट्रिकटन खरिद तथा ६ हजार ८४० मेट्रिकटन निष्कासन गरी ३ हजार ६० मेट्रिकटन कागज मौज्दात रहेको देखिन्छ। केन्द्रले मौज्दात सम्बन्धी मापदण्ड समेत बनाएको छैन। कागजको उत्पादन, खपत, खरिद तथा मौज्दातको नर्म्स एवम् मापदण्ड तयार गरी व्यवस्थित गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजू

- **अनुगमन** – गत विगतका प्रतिवेदनमा विद्यालय भौतिक भवन निर्माण तथा मर्मत सुधार समयमा नभएको, खर्च भई बाँकी रकम फिर्ता नगरेको, पुँजीगत सम्पत्तिको उचित संरक्षण तथा व्यवस्थापन नभएको, संस्थागत विद्यालयको शुल्क अनुगमन, त्रिभुवन विश्वविद्यालयका केही निकायको समयमै लेखापरीक्षण नगराएको लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार भएको छैन ।

  आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३२ मा लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समिति रहने व्यवस्था भए पनि मन्त्रालयले तद्अनुसारको समिति बनाएको छैन । लेखापरीक्षण प्रतिवेदन तथा सरोकारवालाले उठाएका विषयहरूमा सुधार गरी स्वचालित रूपमा शैक्षिक प्रशासन सञ्चालन गर्न उक्त समिति गठन गरी सुझावहरू कार्यान्वयन गर्नुपर्नेमा यस्तो कार्य हुनसकेको छैन। गत विगत वर्षको लेखापरीक्षणमा तोकिएको सीमाभन्दा बढी वर्षान्तमा रकमान्तर गरेको, सरोकारवालाको गुनासो र सुझाव सङ्कलन गरी कार्यान्वयन गर्न हेलो सरकार कार्यक्रम अघि बढाएकोमा कार्यान्वयन नगरेको, छात्रवृत्तिको अनुगमन नगरेको, विदेशी संस्थाबाट सम्बन्धन लिएका शिक्षण संस्थाहरूले पालना गर्नुपर्ने कार्य नगरेकोमा कारबाही नगरेको, नयाँ शैक्षिक कार्यक्रम सञ्चालन अनुमति लिएकाले पनि नवीकरण नगर्दा कारबाही नगरेको लगायतका व्यहोरा यो वर्ष पनि दोहोरिएका छन् । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** – यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छः

  - सरकारी कार्यालयतर्फ ५२ निकायमा रू.१ अर्ब ८ करोड ३२ लाख ९४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ४ निकायले रू.७३ लाख ७६ हजार फर्स्यौंट गरेकोले रू.१ अर्ब ७ करोड ५९ लाख १८ हजार बेरुजू बाँकी रहेको छ । सोमध्ये रू.५९ लाख ९९ हजार म्याद नाघेको पेश्की रहेको छ । यस सम्बन्धी विवरण अनुसूची १५ मा छ ।

  - संगठित, अन्य संस्था र समिति १४१ तर्फ रू.८ अर्ब ९३ करोड २६ लाख ३३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ४ निकायले रू.३ अर्ब ७३ करोड ८८ लाख ८६ हजार फर्स्यौंट गरेकोले रू.५ अर्ब १९ करोड ३७ लाख ४७ हजार बाँकी रहेको छ । सोमध्ये रू.३८ करोड ४८ लाख ७ हजार म्याद नाघेको पेश्की रहेको छ । यस सम्बन्धी विवरण अनुसूची १६ मा छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा श्रम तथा रोजगारसम्बन्धी नीति, कानून योजना तथा कार्यक्रमको तर्जुमा कार्यान्वयन, समन्वय, अनुगमन र मूल्याङ्कन, श्रम शक्ति र श्रम बजारसम्बन्धी अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन तथा विश्लेषण, श्रमसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग सम्पर्क र सम्बन्ध, श्रमिक र व्यवस्थापकबीचको सम्बन्ध, रोजगार, सेवा तथा श्रमिक आपूर्ति, व्यावसायिक तालिमको सञ्चालन, समन्वय तथा प्रर्वद्धन, श्रमिकहरूको सामाजिक सुरक्षा, विदेशीहरूका लागि श्रम स्वीकृति, श्रम प्रशासन र व्यवस्थापन, श्रमिकलाई उपलब्ध गराइने बोनस, रोजगारी सिर्जनासम्बन्धी कार्यमा समन्वयलगायतका कार्य रहेका छन् । सरकारी कार्यालय तथा संगिठत संस्थासमेत २४ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत २१ सरकारी कार्यालयको निम्नानुसार रू.६ अर्ब ७५ करोड ३० लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य करोबार	जम्मा
१,६२,१९	८,३८	५,०२,५६	२,१७	६,७५,३०

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भएको प्रधानमन्त्री रोजगार कार्यक्रमबाट स्थानीय तहलाई हस्तान्तरण भएको रू.२ अर्ब ८० करोड २० लाख ६२ हजार समावेश छैन ।

२. **अन्य संस्था -** यो वर्ष ३ अन्य संस्थाको रू.४३ अर्ब २० करोड २ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **वार्षिक कार्यक्रम र प्रगति -** मन्त्रालयको वार्षिक लक्ष्य प्रगति स्थिति निम्नानुसार छः

कार्यक्रम	इकाई	लक्ष्य	प्रगति	प्रगति प्रतिशत
श्रम अडिट	संख्या	३,०००	२,३१२	७७
सामाजिक सुरक्षा कोषमा लाभग्राहीको संख्या	संख्या	५,००,०००	१,७७,०८०	३५
सामाजिक सुरक्षा योजनामा समावेश हुने रोजगारदाताको संख्या	संख्या	५०,०००	१४,९७१	३०
रोजगारमूलक तालिम(तीनै तहको सहकार्यमा)	जना	३०,०००	प्राप्त नभएको	-
थप रोजगारी सिर्जना	जना	६,००,०००	१,६९,७२५	२८
व्यावसायिक सीपमूलक तालिम लिनेको संख्या	जना	३२,३४०	११,००७	३४
श्रम कानून परिपालनाको अनुगमन (न्यूनतम पारिश्रमिक समेत)	प्रतिष्ठान	३,०००	१,८३०	६१

उल्लिखित तालिकाअनुसार मन्त्रालयबाट सम्पादन गर्ने गरी निर्धारण भएका लक्ष्यहरूको प्रगति न्यून देखिन्छ । प्रधानमन्त्री रोजगार कार्यक्रमबाट दुई लाख र सार्वजनिक, निजीलगायत विशेष क्षेत्रको कार्यक्रमबाट ४ लाखसमेत ६ लाख रोजगारी सिर्जना गर्ने लक्ष्य रहकोमा प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फको प्रगति विवरण पेस भए पनि अन्य निकायको तथ्याङ्क पेस भएको छैन । वार्षिक कार्यक्रमबमोजिम प्रगति हासिल गर्न जिम्मेवार पदाधिकारीहरूलाई कानूनबमोजिम उत्तरदायी बनाउन आवश्यक देखिन्छ ।

४. **आवधिक योजना कार्यान्वयन -** पन्ध्रौं योजनाले विक्रम सम्वत् २१०० सम्म "समृद्ध नेपाल सुखी नेपाली" को सोचसहितको सुखी नागरिक बसोबास गर्ने मुलुकमा स्तरोन्नति गर्ने दीर्घकालीन सोच राखेको छ । दीर्घकालीन सोच प्राप्तिका लागि मन्त्रालयसँग सम्बन्धित प्रमुख १० सूचकमध्ये पन्ध्रौं योजनामा ७ नतिजा सूचकको परिमाणात्मक लक्ष्य तोकिएकोमा २०७७।७८ को प्रगति निम्नानुसार छः

क्र.सं.	सूचक	एकाई	लक्ष्य	प्रगति	प्रगति प्रतिशत
१	वैदेशिक रोजगारीका गन्तव्य मुलुकमा दूतावासबाट सेल्टर हाउस सञ्चालन	संख्या	९	५	५५
२	वैदेशिक रोजगारीका लागि व्यवसायिक सीपमूलक तालिम प्राप्त व्यक्ति	जना	२० हजार	११००७	५५.०३
४	सामाजिक सुरक्षा योजनामा समावेश हुने प्रतिष्ठान र रोजगारदाताको संख्या	संख्या	५० हजार	१४९७१	३०
५	दिपक्षीय श्रम सम्झौता वा समझदारी भएका मुलुक	संख्या	१४	९	६४
६	रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा	प्रतिशत	४३	३६.५	८५
७	श्रमशक्ति सहभागिता दर (१५ वर्ष भन्दा माथि)	प्रतिशत	४४	३८.५	८७

योजनामा मानव संसाधनको विकास र उपयोगमा सरकारी, सामुदायिक र निजी क्षेत्रबीच साझेदारी र सहकार्य गरी जनशक्ति प्रक्षेपणका आधारमा प्राथमिकता प्राप्त क्षेत्रहरूमा सरकारी लगानी वृद्धि गर्ने एवं सरकारी र निजी क्षेत्रबीचको साझेदारी तथा कर्पोरेट सामाजिक उत्तरदायित्वको अवधारणामा आधारित भई मानव संसाधनको विकास र उपयोगमा निजी क्षेत्रलाई उत्प्रेरित गरिने उल्लेख भएपनि मन्त्रालयले सोअनुरूप बजेट तथा कार्यक्रम तर्जुमा गरेको छैन। आवधिक योजनाअनुसार कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

५. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०७७।७८ मा बजारमा प्रवेश गर्ने नयाँ श्रमिक, कोभिड-१९ को महामारीबाट रोजगार गुमाएका असंगठित क्षेत्रका श्रमिक र सो कारण रोजगारी गुमाई वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकसमेत ७५ हजार व्यक्तिलाई रोजगारी दिलाउन प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिम प्रदायक संस्थाको सुदृढीकरण गरी सीपमूलक तालिम प्रदान गर्न रू.४ अर्ब ३५ करोड विनियोजन गरिएकोमा खर्च भएको छैन । त्यसैगरी निजी क्षेत्रलाई आवश्यक पर्ने श्रमिक सूचना बैङ्कबाट सिफारिस भएका ५० हजार श्रमिकलाई रोजगारमूलक तालिम प्रदान गरी सोही व्यक्तिलाई न्यूनतम दुई वर्ष रोजगारी सुनिश्चित भएमा बढीमा तीन महिनासम्मको तालिम अवधिको न्यूनतम पारिश्रमिकको ५० प्रतिशतले रू.१ अर्ब सम्बन्धित प्रतिष्ठानलाई उपलब्ध गराउन बजेट व्यवस्था गरेकोमा कार्यान्वयन भएको छैन । बजेट वक्तव्यमा समावेश गरिएका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ ।

६. **दिगो विकास लक्ष्य -** दिगो विकासका लक्ष्यमध्ये श्रम तथा रोजगारसँग सम्बन्धित बेरोजगारी घटाउने, बालश्रम उन्मूलन गर्ने, प्रवासी कामदारहरूको श्रमिक अधिकारको रक्षा गर्ने लगायतका ५ परिमाणात्मक लक्ष्य तथा १० सूचक निर्धारण भएकोमा नतिजा कार्यान्वयन खुल्ने प्रगति प्रतिवेदन तयार नगरेकोले सोको कार्यान्वयन स्थिति यकिन हुन सकेन । दिगो विकासका लक्ष्यहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ।

७. **नीति तर्जुमा र कार्यान्वयन -** नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षासम्बन्धी नीति तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र परिमार्जन गर्ने जिम्मेवारी मन्त्रालयको हो । मन्त्रालयअन्तर्गत राष्ट्रिय रोजगार नीति, २०७१, वैदेशिक रोजगार नीति, २०६८ कार्यान्वयनमा रहेका छन् । रोजगारीका लागि विदेश गएका नागरिक मध्ये ९४ प्रतिशत अदक्ष

र अर्धदक्ष कामदार रहेका छन् । वैदेशिक रोजगारमा पठाउँदा ७ दिनको सामान्य अभिमुखीकरण तालिम दिने व्यवस्था कार्यान्वयन भए पनि मन्त्रालयले सीपमूलक तालिम दिने व्यवस्था मिलाएको छैन । वैदेशिक रोजगार नीति ५ वर्षेमा समीक्षा गर्ने उल्लेख भए तापनि कार्यान्वयनमा आएको ११ वर्षसम्म पनि नीतिको समीक्षा भएको छैन ।

८. **प्राविधिक सहायता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १७ मा केन्द्रीय निकायले आफ्नो बजेट तथा कार्यक्रमसँग सम्बन्धित वैदेशिक सहायता सम्झौताबमोजिम प्राप्त हुने नगद तथा वस्तुगत सहायतालाई वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्ने व्यवस्था छ। सुरक्षित आप्रवासन परियोजना सञ्चालनका लागि सोझै भुक्तानीअन्तर्गत रू.२२ करोड ६३ लाख २५ हजार मन्त्रालयको बजेटमा समावेश गरी खर्च गरेपनि एक गैरसरकारी संस्थामार्फत खर्च गरेको रू.१७ करोड ४३ लाख ९९ हजार नेपाल सरकारको लेखा प्रणालीमा लेखाङ्कन गरेको छैन ।

९. **विवाद समाधान** - श्रम नियमावली, २०७५ को नियम १६२ मा कुनै व्यक्ति तथा रोजगारदाता, श्रमिक वा पदाधिकारीले श्रम ऐन र नियम विपरीत कार्य गरेमा सो कार्यबाट मर्का पर्ने पक्षले सो कार्य भए गरेको मितिले ६ महिनाभित्र निर्णय गर्ने निकायमा उजुरी दिनसक्ने व्यवस्था छ । अर्धन्यायिक निकायको रूपमा रहेको वैदेशिक रोजगार न्यायाधीकरणमा ४२८, श्रम तथा व्यवसायजन्य सुरक्षण विभागमा १ हजार ३६ र वैदेशिक रोजगार विभागमा ४३१ मुद्दा परेकोमा क्रमश ५६.११, ५१.२५ र २४.३६ प्रतिशतमात्र फर्स्यौंट भएको देखिन्छ । तसर्थ प्राप्त उजुरीको विषयलाई प्राथमिकतामा राखी समयमा किनारा लगाउनुपर्दछ ।

१०. **रोजगारी सिर्जना** - यस वर्षको नीति तथा कार्यक्रममा प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वयन र सार्वजनिक तथा निजी क्षेत्रबाट हुने क्रियाकलापबाट ६ लाख रोजगारी सिर्जना गर्ने उल्लेख छ। साना किसान विकास लघुवित्त संस्थामार्फत सञ्चालित साना किसान कर्जा कार्यक्रमबाट थप ४० हजार, युवा स्वरोजगार कोषको स्वरोजगार कर्जा कार्यक्रमबाट थप १२ हजार, गरीबका लागि लघु उद्यमलगायत उद्योग क्षेत्रका कार्यक्रमबाट १ लाख १७ हजार, वन पैदावारमा आधारित उद्यम, कृषि वन, नर्सरी स्थापना तथा वृक्षारोपण, संरक्षित क्षेत्र, जडीबुटी उत्पादन तथा प्रशोधनलगायत कार्यक्रमबाट थप ३० हजार रोजगारी सिर्जना गर्ने उल्लेख भए पनि रोजगार तथा स्वरोजगारको एकीकृत विवरण तयार गरेको छैन ।

गरिबी निवारण कोषमार्फत ६४ जिल्लाका ३२ हजारभन्दा बढी सामुदायिक संस्थाले परिचालन गरेको रू.३६ अर्ब घुम्तीकोषलाई बीउ पुँजीको रूपमा उपयोग गरी स्थानीयस्तरमा आर्थिक गतिविधि सञ्चालन गर्न यी संस्थालाई सहकारीकरण गरी कृषि, लघु तथा साना उद्योग क्षेत्रमा थप १ लाख ५० हजार रोजगारी सिर्जना गर्ने उल्लेख गरेपनि यो वर्ष गरिबी निवारण कोष खारेज भइसकेको छ । श्रम बजारमा प्रत्येक वर्ष थप भएको जनशक्ति र रोजगारीको अवस्था विश्लेषण गर्न समेत लक्ष्य प्राप्तिको मूल्याङ्कन गर्नुपर्दछ ।

११. **सीपमूलक तालिम** - वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३३(१) मा वैदेशिक रोजगारमा जाने कामदारलाई सीपमूलक तालिम प्रदान गर्न वैदेशिक रोजगार कल्याणकारी कोषको प्रयोग गरिने उल्लेख छ । वैदेशिक रोजगारीमा २०७५।७६ मा ५ लाख ९ हजार, २०७६।७७ मा ३ लाख ६८ हजार र २०७७।७८ मा १ लाख ६७ हजारसमेत १० लाख ४४ हजार गएकोमा तीन वर्षमा क्रमशः ११०,

१ हजार ११८ र ३ हजार २९० समेत ४ हजार ५१८ जनालाई मात्र सीपमूलक तालिम प्रदान गरेको तथ्याङ्क प्राप्त भएको छ । उल्लिखित तथ्याङ्कअनुसार वैदेशिक रोजगारमा जाने कामदारमध्ये ०.४३ प्रतिशतले मात्र सीपमूलक तालिम लिएका छन् । वैदेशिक रोजगार बोर्डले वैदेशिक रोजगारीमा जाने कामदारको तालिमसमेतमा उपयोग गर्नुपर्ने रू.५ अर्ब ३५ करोड मुद्दती खातामा निष्क्रिय राखेको छ । सीपमूलक तालिम दिई दक्ष जनशक्ति वैदेशिक रोजगारीमा पठाई विप्रेषण लगायत अन्य लाभ अभिवृद्धिका लागि कोषको रकम परिचालन गर्नु उपयुक्त हुने देखिन्छ ।

१२. **वैदेशिक रोजगार बचतपत्र -** विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने उद्देश्यले नेपाल सरकारले २०६६।६७ देखि वैदेशिक रोजगार बचतपत्रको योजना ल्याएको देखिन्छ । यो वर्षसम्म रू.१३ अर्ब ८ करोड ७९ लाख बचतपत्रबाट स्रोत सङ्कलन गर्ने लक्ष्य रहेकोमा रू.६३ करोड ९३ लाख मात्र सङ्कलन भएको छ । सरकारले घोषणा गरेको लक्ष्यको तुलनामा ४.८८ प्रतिशतमात्र बचत रकम सङ्कलन भएकोले घोषित कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको छैन । बचत रकममा प्रदान गरिने प्रतिफललाई समय सापेक्ष बनाई विप्रेषणको परिचालन गर्नुपर्दछ ।

१३. **राष्ट्रियस्तरको कल्याणकारी कोष** - बोनस ऐन, २०३० को दफा १३ मा बोनसबापत छुट्टाइएको रकमबाट बोनस वितरण गरी बचत भएको ३० प्रतिशत रकम योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा पठाउने व्यवस्था भएअनुरूप हालसम्म रू.१४ अर्ब २४ करोड राष्ट्रियस्तरको कल्याणकारी कोषमार्फत् पठाएको देखिन्छ। सो रकम सामाजिक सुरक्षा कोषमा सोझै प्राप्त गर्ने व्यवस्था गरी उद्देश्यअनुसार खर्च गर्नुपर्दछ ।

१४. **प्रधानमन्त्री रोजगार कार्यक्रम -** रोजगारीको हकसम्बन्धी ऐन, २०७५ र नियमावली, २०७५ कार्यान्वयन गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएको छ । यससम्बन्धी व्यहोरा निम्नानुसार छन्:

१४.१. नेपाल सरकारले २०५५ देखि नै रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्दै आएकोमा उक्त कार्यक्रमको कार्य सम्पादन नतिजा विश्लेषण नगरी प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरेकोले कार्यक्रममा दोहोरो परेको व्यहोरा गत वर्षको प्रतिवेदनमा औँल्याएको थियो । यो कार्यक्रममा गत वर्षसम्म नेपाल सरकारको स्रोतबाट रू.४ अर्ब ५ करोड ६४ लाख खर्च भएको देखिन्छ । उक्त रकम खर्च गर्दा नेपाल सरकारले गत विगत वर्षहरूमा सम्पादन गरेको कार्यक्रम र खर्चलाई ध्यान नदिई छुट्टै आयोजनाका लागि प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रू.७८ अर्ब १७ करोड र युवा रोजगारीका लागि रुपान्तरण आयोजनामार्फत आई.डी.ए.को ऋण सहयोग रू.६८ अर्ब ७४ करोडसमेत रू.१ खर्ब ४६ अर्ब ९१ करोड खर्च गर्ने लक्ष्य रहेकोमा यो वर्ष स्थानीय तहलाई निकासा दिएको समेत रू.३ अर्ब ७५ करोड ६८ लाख ४ हजार खर्च भएको देखिन्छ। आयोजना सञ्चालनको ढाँचा पटक पटक परिवर्तन गर्नु उपयुक्त देखिएन । कार्यक्रमको स्पष्ट कार्ययोजना तयार गरी समयावधि निर्धारण गरेर कार्य सम्पादन गर्नुपर्दछ ।

१४.२. स्थानीयस्तरमा रोजगारी प्रवर्द्धनका लागि सार्वजनिक निर्माण कार्यहरूमा सम्भव भएसम्म श्रममूलक प्रविधिको प्रयोग गर्ने कार्यक्रमको रणनीति भए पनि स्थानीय तहका २ हजार २०८ व्यक्तिसँग अन्तरक्रिया गर्ने बाहेक अन्य कार्य भएको छैन । रोजगारी सिर्जनाका लागि उद्योग, प्रतिष्ठानहरूलाई प्रोत्साहन र सहयोग गर्ने क्रियाकलाप समावेश गरेको भए पनि सोको कार्यान्वयन गरेको छैन । रोजगारीबाट वञ्चित रहेका बेरोजगाररूका लागि स्वरोजगार प्रवर्द्धन गर्न श्रम बजारलाई आवश्यक पर्ने श्रमिकहरूको सर्वेक्षण, रोजगारीका लागि सीप विकास, सहुलियतपूर्ण ऋण, परामर्श, सूचना तथा जानकारीलगायतका सहयोग

उपलब्ध गराउने कार्य हालसम्म शुरु भएको छैन । कार्यक्रमले लिएका नीति र रणनीतिहरूको प्रभावकारी कार्यान्वयन गरी उद्देश्य हासिल गर्नुपर्दछ ।

१४.३. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्न ७५३ स्थानीय तहलाई प्रति स्थानीय तह रू.५१ लाख ७३ हजारका दरले रू.३ अर्ब ८९ करोड ३० लाख १० हजार बजेट व्यवस्था गरेकोमा ६५ स्थानीय तहले कार्यक्रम सञ्चालन नै गरेका छैनन् । त्यसैगरी ५७५ स्थानीय तहले विनियोजित बजेटको तुलनामा रू.६६ हजार देखि रू.५१ लाख ६९ हजारसम्मको हिसाबले रू.२ अर्ब ८० करोड २० लाख खर्च गरेको देखिन्छ । खर्चको विश्लेषण गर्दा लगानी मैत्री, उत्पादनमा बढोत्तरी भई प्रतिफल आउने कार्यक्रममा जोड दिनुपर्नेमा १०० दिने रोजगारी उल्लेख गरी सिँचाइ कुलो सफाइ, बाटो घाटो मर्मत जस्ता अनुत्पादक कार्यक्रममा खर्च गरेको देखिन्छ । कार्यक्रम नै सञ्चालन नभएको तथा पूर्णरूपमा सञ्चालन नगरेको अवस्थाले लक्षित प्रतिफल प्राप्त भएको छैन । स्वीकृत कार्यक्रमको अधीनमा रही प्रतिफलयुक्त कार्य योजना बनाई कार्यान्वयन गर्नुपर्छ ।

१४.४. रोजगार व्यवस्थापन सूचना प्रणाली स्थापना गरी रोजगारीसम्बन्धी तथ्याङ्क अद्यावधिक र उपयोग गर्ने नीति रहेकोमा सोसम्बन्धी तथ्याङ्क अद्यावधिक गरेको छैन । उक्त सूचना प्रणालीमा सूचीकृत ७ लाख ५२ हजार ९८३ जना बेरोजगारमध्ये १ लाख ६९ हजार ७२५ जनाले कामका लागि पारिश्रमिकमार्फत् रोजगार पाएको उल्लेख छ । स्थानीय तहमा रोजगार सेवा केन्द्रले बेरोजगारको तथ्याङ्क सङ्कलन, पहिचान र सूचीकरण, लगत, रोजगारदातासँग समन्वय र सहकार्यका माध्यमबाट थप रोजगारी सिर्जनामा उल्लेखनीय योगदान पुग्न सकेको देखिँदैन । रोजगार व्यवस्थापन सूचना प्रणालीलाई स्तरोन्नति र अद्यावधिक गर्नुपर्दछ ।

१४.५. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को बुँदा ८७ मा सो कार्यक्रमअन्तर्गत श्रमिकलाई काममा खटाउँदा रोजगार सेवा केन्द्रमा दुर्घटना बीमा गर्नुपर्ने व्यवस्था भएकोमा २०७८।९।३० मा कार्यविधिमा भएको दोस्रो संशोधनबाट मन्त्रालयले एकमुष्ट बीमा गर्न सक्ने गरी संशोधन भएको छ । मन्त्रालयले २ लाख श्रमिकको २०७७ पौषदेखि २०७८ असार मसान्तसम्मको दुर्घटना बीमा गरी रू.१ करोड ९५ लाख खर्च लेखेको छ । यो वर्ष १०० दिन रोजगारीका लागि २१० दिनको बीमा प्रिमियम भुक्तानी गर्दा बीमा गर्नु नपर्ने अवधिको लागि रू.८७ लाख ७५ हजार खर्च गरेको छ । रोजगारीमा संलग्न अवधि र संख्याको आधारमा बीमा शुल्क भुक्तानी गर्नुपर्दछ।

१५. **कार्यक्रम सञ्चालन** - स्थानीयस्तरमा सञ्चालन हुने सडक, सिँचाइ र खानेपानीसम्बन्धी कार्यमा २ लाख व्यक्तिलाई १०० दिनको रोजगारीको लागि रू.३ अर्ब ८९ करोड, युवालाई कृषिमा आकर्षित गर्न र उपकरण खरिदका लागि रू.३ अर्ब २२ करोड, प्रशिक्षार्थी कामदारका लागि रू.४ अर्ब ३४ करोड, युवा सीप विकास तालिमका लागि रू.१ अर्बसमेत रू.१२ अर्ब खर्च गर्ने गरी कार्यक्रम स्वीकृत गरेको छ। ग्रामीण क्षेत्रको रोजगारी सिर्जनाको प्रमखु माध्यम कृषि र लघु उद्यम भए पनि यसलाई प्राथमिकता नदिई १०० दिन रोजगारको कार्यक्रममार्फत् दैनिक ज्यालादारीमा काममा लगाएकोले यसले दीर्घकालीन रोजगारीमा योगदान गर्न नसक्ने हुँदा कार्यक्रममा सुधार गर्नुपर्ने देखिन्छ ।

श्रम तथा व्यवसाय जन्य सुरक्षा विभाग

देशभित्र श्रम सम्बन्धको विकास, श्रमिक हक हित प्रवर्द्धन, आन्तरिक श्रम बजार सर्वेक्षण, श्रम सम्बन्धि विषयहरूमा राय प्रतिक्रिया उपलब्ध गराउने, श्रमसम्बन्धी विषयका तथ्याङ्क एवं सूचनाहरू उपलब्ध गराउने

लगायतका श्रम प्रशासनसम्बन्धी कार्य विभागले गर्दै आएको छ । उक्त कार्य सम्पादनका लागि यो वर्ष रू.१७ करोड ५२ लाख ५० हजार बजेट व्यवस्था भएकोमा रू.११ करोड ८५ लाख ९२ हजार खर्च भएको छ ।

१६. **श्रम तथा व्यवसायजन्य सुरक्षा -** श्रम नियमावली, २०७५ को परिच्छेद १५ मा व्यवसायजन्य सुरक्षा तथा श्रम मापदण्ड पालना भए नभएको, कार्यस्थलको लागि अधिकतम ध्वनिको स्तर मापदण्ड, २०७३ पालना गरे नगरेको सम्बन्धमा अनुगमन गर्नुपर्ने व्यवस्था छ । विभाग र अन्तर्गतका निकायले १ हजार ८३० प्रतिष्ठानको निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा ध्वनिको स्तर मापन गर्ने यन्त्र उपकरण प्रयोग गरेका छैनन् । श्रम नियमावलीको पालना नगर्ने प्रतिष्ठानहरूलाई सुधार गर्न निर्देशन दिए पनि कार्यान्वयन भएको छैन । निरीक्षण टोलीले ध्वनिको स्तर मापन उपकरणसहित निरीक्षण अनुगमन गरी निरीक्षण कार्य प्रभावकारी बनाउनुपर्दछ ।

१७. **श्रम दक्षता प्रतिस्थापन -** स्वदेशी तथा विदेशी श्रम बजारमा प्रतिस्पर्धी, दक्ष एवं सीपयुक्त जनशक्तिको उत्पादन गर्न विदेशी लगानीमा स्थापित उद्योगले श्रम दक्षता प्रतिस्थापन गर्न गैर नेपाली नागरिकलाई श्रम स्वीकृति प्रदान गर्दा प्रतिस्थापन योजना पेस गर्नुपर्ने व्यवस्था छ । सो योजनाअनुसार विभागले नेपाली कामदारलाई दक्ष बनाई प्रतिस्थापन गरे नगरेको अभिलेख राखेको छैन । यसबाट विदेशी कामदारलाई प्रतिस्थापन गरी स्वदेशी कामदारलाई दक्ष बनाएको सम्बन्धमा समीक्षा र मूल्याङ्कन नभएकोले श्रम दक्षता प्रतिस्थापनको कार्य प्रभावकारी भएको छैन ।उक्त व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

१८. **बालश्रम निवारण -** बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना, २०७५-२०८५ कार्यान्वयनको लागि मन्त्रालयले २०७७।७८ मा २६ स्थानीय तहलाई बालश्रम मुक्त स्थानीय तह घोषणा गर्नु पूर्व प्रति स्थानीय तह रू.३ लाखका दरले रू.७८ लाख अनुदान दिएको छ । विभागले १ हजार ७६२ प्रतिष्ठान आफैंले निरीक्षण अनुगमन गर्दा बालश्रम निवारणको पक्ष समेत उल्लेख गरेको छ । यस्तो अवस्थामा स्थानीय तहलाई सो प्रयोजनका लागि दिएको रकमको औचित्य देखिँदैन । अनुदान रकमको खर्च प्रयोजन खुलाई बालश्रम निवारण भएको सुनिश्चितता हुने व्यवस्था मिलाउनुपर्दछ ।

वैदेशिक रोजगार विभाग

वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम विभागले वैदेशिक रोजगार अनुमति दिने, अनुमति नवीकरण गर्ने, अनुगमन गर्ने, वैदेशिक रोजगारीको सम्बन्धमा परेका उजुरीको आवश्यक जाँचबुझ गर्ने गराउने र क्षतिपूर्ति भराउने लगायतका कार्य गर्दै आएको छ ।

१९. **वैदेशिक रोजगारको स्थिति -** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३ मा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न पाउने मुलुक तोक्ने उल्लेख छ । हालसम्म संस्थागत रूपमा ११० र व्यक्तिगत रूपमा १८२ देशमा वैदेशिक रोजगारीको लागि खुल्ला गरेकोमा हाल इराक र लिबियामा रोक्का गरेको उल्लेख छ । संस्थागत, व्यक्तिगत, वैधानिकीकरण र नवीकरणसमेतबाट यस वर्ष १ लाख ६७ हजार व्यक्ति रोजगारीका लागि विदेश गएको देखिन्छ । रोजगारीमा गएका मध्ये १० देशसँग मात्र श्रम सम्झौता भएको छ । रोजगार गन्तव्यमध्ये २८.१७ प्रतिशत कामदार पठाएको मुलुक साउदी अरेबियासँग श्रम सम्झौता भएको छैन । अन्य देशसँग पनि श्रम सम्झौता गरी वैदेशिक रोजगारीलाई फराकिलो, सुरक्षित र व्यवस्थित बनाउनुपर्दछ ।

२०. **उजुरी फरफारक** - वैदेशिक रोजगारीको सिलसिलामा ठगीमा परेका व्यक्तिलाई विभागले उजुरीको आधारमा क्षतिपूर्ति दिलाउने गरेको छ । यो वर्ष व्यक्तिगत उजुरी तर्फ ४३१ उजुरीको रू.३४ करोड ५ लाख ८८ हजार माग दाबी गरेकोमा २०१ उजुरीको रू.१७ करोड ९२ लाख ५२ हजार बिगो दाबी गरी अदालतमा मुद्दा दायर गरेको छ । त्यसैगरी संस्थागततर्फ यो वर्ष ३४९ उजुरीबाट रू.९७ करोड ४९ लाख ७ हजार माग दाबी गरेकोमा रू.२१ करोड ७ लाख ३५ हजार बिगो भराएको छ । वैदेशिक रोजगारसम्बन्धी कानूनी तथा नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन नहुँदा उजुरीको संख्या र पीडितको दाबी रकम गत वर्षको तुलनामा १२० प्रतिशतले बढेको छ । विभागमा पेस गरेका उजुरी सम्बन्धमा समयमा नै निर्णय भएको नदेखिँदा उजुरीहरूको समयमा अनुसन्धान तथा निर्णय गरी पीडितलाई छिटो न्याय दिनुपर्दछ ।

व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठान

श्रम बजारमा सीपमूलक जनशक्ति उपलब्ध गराउने उद्देश्यले रोजगारमुखी अल्पकालीन सीपमूलक तालिम प्रदान गर्न प्रतिष्ठानको स्थापना भएको हो । यो वर्ष प्रतिष्ठानको लागि रू.२० करोड ६५ लाख ६५ हजार बजेट व्यवस्था भएकोमा रू.२ करोड ७५ लाख ४२ हजार खर्च भएको छ ।

२१. **सीप विकास तालिम** – प्रतिष्ठानबाट यो वर्ष ६ हजार १०० जनालाई विभिन्न १७ प्रकारका सीपमूलक तालिम सञ्चालन गर्न रू.१६ करोड ४२ लाख ५० हजार बजेट व्यवस्था भएकोमा ११ प्रकारका सीपमूलक तालिममार्फत् ५६३ लाई तालिम प्रदान गरी रू.१ करोड ३४ लाख ७७ हजार खर्च गरेको छ । कुक, सिलाइ कटाइ, सेक्युरिटी गार्डलगायत ७ प्रकारका तालिम सञ्चालन भएको छैन । सञ्चालित सबै तालिमको प्रगति ५० प्रतिशतभन्दा कम रहेको छ । वैदेशिक रोजगारीमा गएका कामदार विषयगत तालिम बिना नै ९४ प्रतिशत अदक्ष र अर्धदक्ष कामदारको रूपमा वैदेशिक रोजगारीमा गएको देखिन्छ। वैदेशिक रोजगारका लागि मागमा आधारित तालिमको व्यवस्था गर्नुपर्दछ ।

२२. **तालिम सञ्चालन लागत** - प्रतिष्ठानले कोरियन भाषा परीक्षा उत्तीर्ण गरेका कामदारहरूलाई अभिमुखीकरण तालिम दिने गरेको छ । अभिमुखीकरण तालिम सञ्चालन गर्न प्रति कामदार ६३ अमेरिकी डलरका दरले रू.२ करोड ३० लाख ५७ हजार शुल्क लिई ६ दिनको ४८ कक्षामा ३ हजार ९७ जनालाई तालिम दिई रू.१ करोड ९३ लाख ४४ हजार खर्च गरेको छ । प्रशिक्षार्थीहरूबाट असुल गरेको रकमबाट यस वर्षसम्म रू.१ करोड ७ लाख ४९ हजार बचत भएको देखिएकोले वैदेशिक रोजगारीमा जाने व्यक्तिबाट लिने शुल्कमा पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।

अन्य संस्था

सामाजिक सुरक्षा कोष

कोषले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ अनुसार जम्मा भएको रकम र राष्ट्रिय स्तरको कल्याणकारी कोषबाट प्राप्त रकम व्यवस्थापन गर्दछ । कोषको लागि यो वर्ष रू.२० करोड ४८ लाख ४ हजार बजेट व्यवस्था भएकोमा रू.१५ करोड ६१ लाख ९६ हजार खर्च भएको छ। कोषले रू.३८ अर्ब ६८ करोड ४२ लाख २३ हजारको वित्तीय विवरण (वासलात) पेस गरेको छ ।

२३. **पहुँच विस्तार** - श्रम ऐन, २०७४ ले रोजगारदातालाई ऐन प्रारम्भ भएको ६ महिनाभित्र सामाजिक सुरक्षा कोषमा सूचीकरण भइ सक्नुपर्ने व्यवस्था गरेको छ । कोषमा २०७८ चैत्र मसान्तसम्म १७ हजार ३७ प्रतिष्ठानमा कार्यरत ३ लाख २७ हजार ७८४ श्रमिक सूचीकरण भए पनि योगदानकर्ता श्रमिकको संख्या २ लाख १४ हजार ५५० रहेको छ । कोषमा योगदानकर्ताको २०७७।७८ सम्म रू.१५ अर्ब १९ करोड जम्मा भएको छ । कोष व्यवस्थापन संघीय सरकारले मात्र गरेको देखिँदा प्रदेश र स्थानीय तहसम्म यसको पहुँच पुऱ्याउनुपर्छ।

२४. **रकम निकासा** - बजेट वक्तव्य २०७७।७८ र २०७८।७९ मा कोभिड-१९ को कारणले सामाजिक सुरक्षा कोषमा योगदानकर्ताहरूले जम्मा गर्न नसकेको रकम सरकारले जम्मा गरिदिने उल्लेख छ । उक्त व्यवस्थाअनुसार गत वर्ष रू.८५ करोड २३ लाख ४० हजार निकासा भएको मध्ये रू.७९ करोड ३ लाख १८ हजार योगदानकर्ताको खातामा जम्मा गरी रू.६ करोड २० लाख २२ हजार कोषमा बाँकी रहेको छ । उक्त रकम बाँकी रहेका योगदानकर्ताको खातामा जम्मा गर्नुपर्दछ । यो वर्ष २०७८ ज्येष्ठ र आषाढमा १ लाख ४८ हजार ६६७ श्रमिकको खातामा रू.१ अर्ब ४८ करोड ३५ लाख ६२ हजार जम्मा गर्ने वार्षिक कार्यक्रम रहेकोमा सोको कार्यान्वयन भएको छैन । बजेट वक्तव्यमा उल्लिखित व्यवस्थाको कार्यान्वयन हुनु पर्दछ ।

२५. **लगानीको अवस्था** - सामाजिक सुरक्षा कोष लगानी कार्यविधि, २०७७ मा कोषले सरकारी ऋणपत्र, मुद्दती निक्षेप, शेयर, डिबेन्चर, म्युचुअल फण्ड, स्थिर सम्पति, योगदानकर्ता सापटी आदिमा लगानी गर्ने व्यवस्था छ । यो वर्षको अन्त्यमा २२ बैङ्कको मुद्दती निक्षेपमा रू.३४ अर्ब ९३ करोड ३४ लाख ७९ हजार तथा १० बैङ्कको डिबेन्चरमा रू.९४ करोड १६ लाख ६३ हजारसमेत जम्मा रू.३५ अर्ब ८७ करोड ५१ लाख ४२ हजार निक्षेप र लगानी रहेको छ । कोषसँग रू.१ अर्ब १४ करोड ८५ लाख ६२ हजार नगद तथा नगद जन्य सम्पत्ति रहेको छ । हाल बजारमा तरलताको कारणले वित्तीय संस्थाहरूले निक्षेपमा प्रदान गर्ने ब्याजदर बढिरहेको परिप्रेक्षमा निक्षेपको सुरक्षा समेतलाई ध्यान दिई कोषको रकम अल्पकालीन तथा दीर्घकालीन कार्ययोजना बनाई लगानी गर्नुपर्दछ ।

२६. **दाबी भुक्तानी** - सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ मा योगदानकर्ताहरूलाई औषधी उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा, दुर्घटना तथा अशक्तता सुरक्षा, आश्रित परिवार सुरक्षा, वृद्धावस्था सुरक्षालगायतका सामाजिक सुरक्षा प्रदान गर्ने उल्लेख छ। यो वर्ष औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनामा रू.४ करोड ८९ लाख २४ हजार, दुर्घटना तथा अशक्तता सुरक्षा योजनामा रू.३८ लाख ५३ हजार, आश्रित परिवार सुरक्षा योजनामा रू.४३ लाख २८ हजार र वृद्धावस्था सुरक्षा योजनामा रू.९ करोड २६ लाख ९६ हजारसमेत रू.१४ करोड ९८ लाख १ हजार दाबी गर्ने व्यक्तिलाई शोधभर्ना गरेको छ ।

स्वास्थ्य संस्था छनौट तथा रकम भुक्तानीसम्बन्धी कार्यविधि, २०७६ मा स्वास्थ्य संस्था छनौट र भुक्तानी प्रक्रियाबारे उल्लेख छ । कोषले स्वास्थ्य सुरक्षा योजना कार्यान्वयन गर्न प्रदेश १ मा १९, मधेश प्रदेशमा १६, वाग्मती प्रदेशमा २१, गण्डकी प्रदेशमा ८, लुम्बिनी प्रदेशमा १४, कर्णाली प्रदेशमा १० र सुदूरपश्चिममा १७ अस्पतालहरूसँग सम्झौता गरेकोमा उक्त अस्पताल तराई तथा शहरी क्षेत्रमा केन्द्रित रहेका छन् । कार्यविधिको बुँदा नं. ५ बमोजिम सेवाको लागतसमेत निर्धारण गरेको छैन ।

सबै क्षेत्रका योगदानकर्तालाई सुविधा हुने अस्पतालहरू सूचीकृत वा सम्झौता गरी स्वास्थ्य सेवाको लागत तोकी योजना सञ्चालन गर्नुपर्दछ ।

२७. **कार्यक्रममा सूचीकरण** - योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा १९ बमोजिम सामाजिक सुरक्षा कोषमा सूचीकृत हुन २०७५।७।२६ मा राजपत्रमा सूचना प्रकाशन गरी पटक पटक म्याद थप गरेको छ । सामाजिक सुरक्षाकोषले २०७७।७८ सम्म २ लाख ६८ हजार ९९८ श्रमिक र १६ हजार ५१९ रोजगारदातालाई सूचीकृत गरेको छ । बैङ्क तथा वित्तीय संस्था र केही अन्य क्षेत्रका कर्मचारीहरू सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध हुन बाँकी रहेका छन् । सबै रोजगारदातासँग समन्वय गरी कोषमा आवद्ध हुने व्यवस्था गर्नुपर्दछ ।

२८. **सामाजिक सुरक्षा कर** - चालु वर्षको बजेट वक्तव्यमा वृद्ध अवस्था पेन्सन, अशक्तता पेन्सन जस्ता सामाजिक सुरक्षाहरू क्रमशः विस्तार गर्दै लैजाने उल्लेख छ । पारिश्रमिक भुक्तानीमा १ प्रतिशत समाजिक सुरक्षा कर लगाइने व्यवस्थाबमोजिम २०६७।६८ देखि २०७७।७८ सम्म रू.४० अर्ब ६५ करोड ९५ लाख जम्मा भएको छ । सो रकम रोजगारीमूलक र उत्पादनमूलक कार्यमा खर्च गर्नुपर्दछ ।

२९. **बीमा** - योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा ६१ मा कोषले सञ्चालन गरेको सामाजिक सुरक्षा कार्यक्रमबापतको दायित्वको जोखिम वहन गर्न बीमा वा पुनर्बीमा गराउन सक्ने व्यवस्था छ । कोषले यो वर्ष औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनाको रू.४ करोड ८९ लाख २४ हजार र दुर्घटना तथा असक्तता सुरक्षा योजनाको रू.३८ लाख ५३ हजारसमेत रू.५ करोड २७ लाख ७७ हजार दाबी भुक्तानी गरेको छ । योगदानकर्ताको संख्या वृद्धिसँगै दायित्व बढ्दै गएकोले जोखिम न्यूनीकरण गर्न यस प्रकारका कार्यक्रमको बीमा तथा पुनर्बीमा गराउनुपर्दछ ।

वैदेशिक रोजगार बोर्डको सचिवालय

वैदेशिक रोजगार व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने तथा वैदेशिक रोजगारमा जाने कामदारको हकहितको संरक्षण गर्ने उद्देश्यले २०६५ सालमा वैदेशिक रोजगार बोर्डको गठन भएको हो । बोर्डको लागि यो वर्ष रू.१ अर्ब ८८ करोड ४४ लाखको कार्यक्रम स्वीकृत भएकोमा रू.९७ करोड ७० लाख ६२ हजार खर्च भएको छ ।

३०. **कार्यक्रम तथा प्रगति** - वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको कार्य सञ्चालन निर्देशिका, २०६८ को बुँदा १३ मा प्रगति विवरण समीक्षा गर्ने व्यवस्था छ । बोर्डले २०७७।७८ मा स्वीकृत गरेको लक्ष्य तथा प्रगति प्रतिवेदनअनुसार कोभिड-१९ लगायतका कारणले अलपत्र परेका श्रमिक उद्धारका लागि रू.७५ करोड बजेट व्यवस्था गरेकोमा रू.२ करोड ३८ लाख ७२ हजार, पुनर्एकीकरण तथा पुनर्स्थापनाका लागि रू.१५ करोड विनियोजन भएकोमा रू.३ करोड ५४ लाख ७० हजार र पूर्व प्रस्थान अभिमुखीकरण तालिमका लागि रू.१ करोड १० लाख विनियोजन भएकोमा रू.२५ लाख ४१ हजार खर्च भएको छ। नीति तथा कार्ययोजना निर्माण गर्ने कार्य यो वर्ष सम्पादन गरेको देखिएन। कोभिड-१९ महामारीको अवस्थामा नागरिक राहत तथा पुनर्स्थापना जस्ता कार्य बोर्डबाट अपेक्षाकृत रूपमा सम्पादन भएको छैन। स्वीकृत कार्यक्रमअनुसार तोकिएको लक्ष्य प्रगति हासिल हुने गरी कार्यसम्पादन प्रभावकारी बनाउनुपर्दछ ।

३१. **कानूनको पालना -** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३९ ले अन्तर्राष्ट्रिय श्रम बजारको अध्ययन गर्ने गराउने र नयाँ श्रम बजारको खोजी गर्ने, फर्किएका कामदारको सीप, पुँजी र निजले सिकेको प्रविधि उपयोग गरी राष्ट्र हितमा लगाउने कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने, वैदेशिक रोजगार व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हकहितको संरक्षण गर्ने नीति तर्जुमा गरी नेपाल सरकार समक्ष पेस गर्ने, कामदारले कमाएको आय सरल र सुलभ तरिकाले नेपाल भित्र्याउने सम्बन्धमा आवश्यक परामर्श दिने लगायतका काम कर्तव्य र अधिकार बोर्डलाई दिएको छ । बोर्डले दीर्घकालीन प्रभाव पार्ने यस्ता कार्यक्रममा लगानी गरेको देखिएन । ऐनले तोकेको कार्य जिम्मेवारी पूरा गरी बोर्डको कार्य सम्पादनलाई प्रभावकारी बनाउनुपर्दछ ।

३२. **आर्थिक सहायता -** श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जाने श्रमिक रोजगारीको क्रममा मृत्यु भएका श्रमिकका हकवालालाई बोर्डबाट २०७६।७७ मा १७ महिला र ५६२ पुरुषसहित ५७९ श्रमिकको क्षतिपूर्तिबापत रू.८१ करोड १० लाख १७ हजार आर्थिक सहायता प्रदान भएकोमा २०७७।७८ मा २७ महिला र १ हजार ७२ पुरुषसहित १ हजार ९९ श्रमिकको क्षतिपूर्तिबापत रू.७० करोड २५ लाख ८५ हजार आर्थिक सहायता प्रदान गरेको छ । मृत्यु हुने श्रमिकलाई रू.७ लाख र अङ्गभङ्ग वा चोटपटकबापत बीमामा उल्लिखित दरमा आर्थिक सहायता प्रदान हुने गरेको छ । उल्लिखित स्थितिले विदेशमा अङ्गभङ्ग तथा मृत्यु हुने श्रमिकको संख्या बढी रहेकोले बोर्डले जोखिम न्यूनीकरण हुने प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजू

- **अनुगमन -** विगतका प्रतिवेदनमा वैदेशिक सहायता सोझै भुक्तानीतर्फको लेखापरीक्षण गराउनुपर्ने, सामाजिक सुरक्षा कोषको रकम उद्देश्यअनुसार तोकिएको कार्यमा खर्च गर्नुपर्ने, उद्यमशीलता तथा रोजगारी सम्वन्धी तालिम, कार्यक्रमको प्रगति न्यून देखिएको, स्वास्थ्य सुरक्षा नीति बनाई पेस गर्नुपर्ने व्यवस्था पालना नगरेको लगायतका व्यहोरा औँल्याइएकोमा अपेक्षित सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ १७ निकायमा रू.२५ करोड १ लाख २४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ निकायले रू.१ हजार फस्यौट गरेकोले रू.२५ करोड १ लाख २३ हजार बाँकी छ । यससम्बन्धी विवरण अनुसूची - १५ मा छ ।
  - अन्य संस्थातर्फ ३ निकायमा रू.४ करोड ४९ लाख ११ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ निकायले रू.२ लाख ६८ हजार फस्यौट गरेकोले रू.४ करोड ४६ लाख ४३ हजार बाँकी छ । सोमध्ये रू.१ करोड ९० लाख ६५ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची - १६ मा छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा संस्कृति, पर्यटन तथा हवाई यातायातको विकास सम्बन्धी नीति, ऐन, नियम, योजना तथा कार्यक्रमको अनुगमन र मूल्याङ्कन, विमानस्थल निर्माण, सांस्कृतिक सम्पदा, धरोहर, ऐतिहासिक महत्वका दरबार एवं पर्यटनसँग सम्बद्ध संगठित संस्था र समिति, प्रतिष्ठान, कोष समेतको अनुगमन मूल्याङ्कन गर्नेलगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्था समेत ४१ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतसमेत १८ सरकारी कार्यालयको निम्नानुसार रू.६ अर्ब ८८ करोड १४ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
५,७१,५१	७७,७८	३७,७७	१,०८	६,८८,१४

उल्लिखित लेखापरीक्षण रकममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट स्थानीय तहको लागि पर्यटन प्रवर्द्धन लगायतका कार्यक्रममा उपलब्ध गराएको अनुदान खर्च रू.२२ करोड २१ लाखसमेत समावेश छ।

२. **संगठित संस्था र समिति** - यो वर्ष २१ संस्थाको रू.२ खर्ब ९४ अर्ब ६३ करोड २३ लाखको लेखापरीक्षण गरिएको छ । यस वर्षसम्म २ संस्थाको ५ आर्थिक वर्षको लेखापरीक्षण बक्यौता रहेको छ ।

३. **कार्यमूलक लेखापरीक्षण** - यो वर्ष नेपाल नागरिक उड्डयन नियमन विषयको कार्यमूलक लेखापरीक्षण सम्पन्न गरिएको छ ।

४. **आवधिक योजना कार्यान्वयन** - पन्ध्रौं योजनाले पर्यटन तथा नागरिक उड्डयन क्षेत्रमा तोकेका सूचकहरूको परिमाणात्मक लक्ष्य र प्रगति स्थिति देहायअनुसार छः

नतिजा सूचक	एकाइ	आधार वर्ष २०७५।७६	२०७७।७८ को लक्ष्य	प्रगति
नेपाल आउने अन्तर्राष्ट्रिय विमानमा उपलब्ध सिट	लाखमा	८०	१२०	७८
पर्यटनस्तरको होटलको बेड (एकतारे देखि पाँचतारे)	बेड संख्या	४२९७९	२०९४०	१३९००
पदमार्ग	कि.मि.	१८८	५५६	५६०
पहिचान तथा विकास भएका पर्यटकीय गन्तव्यस्थल	संख्या	१९२	२०८	२५५
पर्यटन क्षेत्रमा उत्पादित दक्ष जनशक्ति	संख्या	१००००	२००००	२००००

उल्लिखित सूचकहरूमध्ये अन्तर्राष्ट्रिय विमानमा उपलब्ध सिट र पर्यटनस्तरको होटल बेड संख्या लक्ष्यअनुसार प्रगति भएको नदेखिएकोले लक्ष्यबमोजिम उपलब्धि हासिल गर्ने गरी योजना कार्यान्वयन हुनुपर्दछ।

५. **वार्षिक कार्यक्रम र प्रगति** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ मा बजेट तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था छ। मन्त्रालयको स्वीकृत कार्यक्रमको प्रगति स्थिति देहायबमोजिम छः

क्र.स.	कार्यक्रम	एकाइ	२०७६।७७ सम्मको अवस्था	२०७७।७८ को		२०७७।७८ सम्मको कुल प्रगति
				लक्ष्य	प्रगति	
१.	प्रति पर्यटक प्रतिदिन खर्च	अमेरिकी डलर	४८	४८	६१	६१
२.	प्रति पर्यटक औसत बसाइ	दिन	१२.७	१२.७	१५.१	१५.१
३.	त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल विस्तार तथा स्तरोन्नति	प्रतिशत	९८	१००	९९	९९
४.	गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल	प्रतिशत	९१	१००	९७.३३	९७.३३
५.	पोखरा अन्तर्राष्ट्रिय विमानस्थल	प्रतिशत	६१	१००	८१	८१
६.	सम्पदा पुनःनिर्माण	संख्या	४५३	२००	१३८	५९१
७.	पर्यटक आगमन (लाखमा)	जना	११.९७	८.५	२.३	-
८.	आन्तरिक विमानस्थल वर्षैभरि सञ्चालन	संख्या	३५	२	२	३७
९.	रात्रिकालीन उडान सञ्चालनमा आएका विमानस्थल	संख्या	८	१	-	८
१०.	नेपाल आउने अन्तर्राष्ट्रिय विमान सेवा	संख्या	३०			२७
११.	पर्यटकस्तरको होटल	संख्या	१२८९	३५	२४	१३१३
१२.	निर्मित नयाँ पदमार्गको लम्बाई (GHT समेत)	कि.मि.	३६८	५५६	२२८	५६०

उल्लिखित तालिकाअनुसार पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको ८१ प्रतिशत निर्माण कार्य सम्पन्न भएको र २०० सम्पदा पुनर्निर्माण गर्ने लक्ष्य तोकिएकोमा १३८ सम्पन्न भएको छ । नयाँ पदमार्गको निर्माण लक्ष्य ५५६ किलोमिटर तोकिएकोमा २२८ किलोमिटर निर्माण भएको छ । पर्यटक आगमन, पर्यटकस्तरको होटल, निर्मित नयाँ पदमार्गको लम्बाईलगायतका कार्यक्रममा न्यून प्रगति देखिएकोले लक्षित कार्यक्रमअनुसार प्रगति हासिल गर्नेगरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

६. **बजेट वक्तव्य कार्यान्वयन** - प्रदेशको पर्यटन नीति र गुरुयोजना निर्माण गर्न तथा पर्यटकीय गन्तव्य, पदमार्ग, होम स्टे लगायत प्राकृतिक, धार्मिक तथा सांस्कृतिक, पर्यटकीय क्षेत्रको पूर्वाधार विकासका कार्यक्रमलाई निरन्तरता दिने, विपदमा परेका पर्यटकलाई उद्धार गर्न र पर्यटन सूचना प्रणालीलाई विकास गर्ने, पर्यटकीय गतिविधिको विस्तार र विविधीकरण गर्ने प्रवर्द्धनात्मक कार्यक्रमलाई निरन्तरता दिँदै कोभिड-१९ ले पर्यटन क्षेत्रमा पारेको समग्र असर र समस्यालाई व्यवसाय पुनर्जीवन कोषमार्फत् सम्बोधन गर्ने, मुस्ताङको लोमान्थाङ र गोरखाको गोरखा दरबारलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने तथा नेपाल ट्रष्टअन्तर्गत रहेका हिमा गृह र रत्न मन्दिरको व्यवस्थापन गर्ने कार्यक्रम रहेकोमा उल्लिखित कार्यक्रममा लक्ष्य अनुरूप प्रगति भएको छैन।

रात्रिकालीन उडानको सुविधा नभएका विमानस्थलमा रात्रिकालीन उडानको पूर्वाधार जडानतर्फ उल्लेख्य प्रगति हुन सकेको छैन । बजेटमा उल्लिखित भएको कार्यक्रम सम्पन्न गर्न कार्यक्रम, समय र कार्य लक्ष्यबीच समन्वय गरी निर्धारण गरेको प्रगति प्राप्तिमा वित्तीय स्रोतको परिचालन हुनुपर्दछ। बजेट वक्तव्यको व्यवस्था अनुरूप कार्यक्रम सञ्चालन गरी विनियोजन दक्षता अभिवृद्धि गर्नुपर्दछ।

७. **दिगो विकास लक्ष्य** - दिगो विकास लक्ष्य पूरा गर्न सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने एवं दिगो उपभोग तथा उत्पादन ढाँचा सुनिश्चित गर्न सन् २०२५ सम्म कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको १० प्रतिशत योगदान

पुऱ्याउने, १० वर्षे नेपालको राष्ट्रिय पर्यटन रणनीति योजना (२०१६-२०२५) बमोजिम सन् २०२० मा २० लाख पर्यटक भित्र्याउने लक्ष्य रहेकोमा ११ लाख ९७ हजार र सन् २०२१ मा ८ लाख ५० हजार पर्यटक भित्र्याउने लक्ष्यमा १ लाख ५१ हजार पर्यटकको आगमन भएको देखियो । मन्त्रालयसँग सम्बन्धित दिगो विकासका सूचकहरू लक्ष्यअनुसार प्रगति भएको छैन । दिगो विकास लक्ष्यहरू हासिल हुने गरी कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ ।

८. **रणनीतिक योजना कार्यान्वयन** - नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना (२०१६-२०२५) मा मन्त्रालय र मातहतले सम्पादन गर्नुपर्ने मुख्य कार्यमध्ये पर्यटकको संख्या र बसाइ अवधि वृद्धि गर्ने, ब्राण्डिङ तथा बजारीकरण गरी अर्थतन्त्रमा योगदान गर्ने लगायत ११ लक्ष्य निर्धारण भएका छन् । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

८.१. योजनामा उल्लेख भएअनुसार पर्वतारोहण नियमावली, स्की नियमावली र नयाँ हवाई नीति तर्जुमा गर्ने कार्य सम्पन्न नभएको र प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को संशोधन भएको छैन। आवश्यक कानूनहरूको तर्जुमा गरी कार्यान्वयन ल्याउनुपर्दछ ।

८.२. हवाई दुर्घटना तथा सोसँग सम्बन्धित गम्भीर घटनाहरूको जाँच, गैरसैनिक हवाई उडान दुर्घटना जाँच नियमावली, २०७१ तथा अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ) को एनेक्स-१३ बमोजिम दुर्घटना जाँच गर्न आवश्यक बजेट छुट्टै कोषमा राख्नुपर्ने र दुर्घटना जाँचको लागि छुट्टै स्वतन्त्र संयन्त्र हुनुपर्ने व्यवस्था भएकोमा कोष र संयन्त्र तयार गरेको देखिएन। आइकाओ एनेक्स १३ मा उल्लेख भएबमोजिम कोष तथा संयन्त्रको विकास हुनुपर्दछ ।

८.३. हवाई यातायातको विकास र विस्तारमार्फत स्तरीय र भरपर्दो सेवा प्रदान गर्न नेपाल वायु सेवा निगमको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाली उडानको दायरा बढाउने कार्य हुन सकेको छैन। नेपाल वायु सेवा निगमले २ वाइड बडी र २ न्यारोबडीबाट ९ गन्तव्य र निजी क्षेत्रले ५ अन्तर्राष्ट्रिय गन्तव्यमा नियमित सेवा सञ्चालन गरे तापनि लक्ष्य अनुरूपका नयाँ गन्तव्य रियाद, ग्वान्झाउ र सियोलमा उडान शुरु गरेको छैन। हवाई क्षेत्रमा विकास भइरहेका नयाँ अवसरलाई समेटिने गरी नयाँ गन्तव्यमा उडान, संस्थागत सुधार, व्यवसायीकरण र व्यवस्थापनमा मन्त्रालयले सहजीकरण गर्नुपर्दछ।

९. **टुरिजम प्रोफाइल** - पर्यटन प्रवर्द्धनका लागि २०७५।७६ मा घोषित १०० नयाँ पर्यटकीय गन्तव्य र यी गन्तव्यको नजिक रहेका प्रमुख गन्तव्यहरूको डिजिटल म्यापिङसहित टुरिजम प्रोफाइल तथा पर्यटकीय सूचना दिने मोबाइल एप तयार गरी प्रयोगमा ल्याउन रू.४७ लाख ४३ हजारको कार्य सम्पन्न गरेको छ । स्वीकृत पर्यटकीय गन्तव्य विवरण प्रणाली, प्रदेशगत गन्तव्य सूचना, विद्युतीय पथ प्रदर्शकसँग आवद्ध, सम्भव भएसम्म धेरै अन्तर्राष्ट्रिय भाषामा हेर्न मिल्ने गरी सेवाग्राहीलाई अधिकतम सुविधा हुने मोबाइल एप तथा प्रोफाइललाई एकीकृत प्रणालीमा आबद्ध गराउनुपर्दछ।

१०. **सशर्त अनुदान** - मन्त्रालयअन्तर्गत रहेका वृहत्तर वराह क्षेत्रलाई रू.१ करोड, नेपाल प्रज्ञा प्रतिष्ठानलाई रू.१ करोड २० लाख, नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानलाई रू.१ करोड ३३ लाख र अन्य विकास समिति समेतलाई वार्षिक सशर्त अनुदान रू.१२ करोड ६३ लाख निकासा गरेको छ । उक्त रकम उद्देश्य अनुरूप खर्च भएको सुनिश्चितताको लागि प्रगति विवरण, लेखापरीक्षण प्रतिवेदन लिई प्रगति समीक्षा र मूल्याङ्कन गर्नुपर्नेमा नगरेको र सशर्त अनुदानमध्ये खर्च नभई मौज्दात रहेको रकम फिर्ता

गराएको देखिएन। अनुदान खर्चको उद्देश्यमूलक उपयोगको सुनिश्चितताका लागि अनुगमन, मूल्याङ्कन गर्नुपर्दछ।

११. **हवाई सुरक्षा सेवा** - हवाई नीति, २०६३ मा सुरक्षित, भरपर्दो, व्यावसायिक र विश्वसनीय हवाई सेवा विस्तार गर्दै राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा गुणस्तरीय सेवा सुनिश्चित गर्ने लक्ष्य रहेको छ । आइकाओबाट सन् २०१९ मा सम्पन्न नेपालको हवाई सुरक्षा अडिटमा उठेका विषयहरूको प्लान क्याप बनाई आइकाओमा पेस गरी स्वीकृत भइसकेको देखिन्छ । हवाई सुरक्षाका पूर्वशर्तहरू पूरा गरी सुरक्षित गन्तव्यको प्रत्याभूति गर्नुपर्दछ।

१२. **पर्वतारोहण रोयल्टी** - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी रकम संघीय विभाज्य कोषमा जम्मा गर्ने र नेपाल सरकारले बाँडफाँट गर्ने व्यवस्था छ । सोही ऐनको अनुसूची-४ मा पर्वतारोहणबाट प्राप्त रोयल्टी नेपाल सरकार, सम्बन्धित प्रदेश सरकार र सम्बन्धित स्थानीय तहलाई क्रमशः ५० प्रतिशत, २५ प्रतिशत र २५ प्रतिशतको अनुपातमा बाँडफाट गर्ने व्यवस्था छ । नेपाल सरकारले आरोहणको लागि खुला गरेका ४१४ हिमचुलीमध्ये पर्वतारोहण संघबाट २७ र बाँकी हिमचुली पर्यटन विभागबाट अनुमति दिने गरेको छ । विभागबाट प्रदान भएको अनुमतिबाट यो वर्ष रू.५५ करोड ९८ लाख ६३ हजार रोयल्टी प्राप्त भएको छ।

नेपाल पर्वतारोहण संघलाई अनुमति तथा रोयल्टी सङ्कलन गर्न दिइएका देशभरका ६ हजार मिटरसम्मका २७ हिमचुलीतर्फको रोयल्टी दस्तुरको विवरण मन्त्रालयले उपलब्ध गराएको छैन । संघबाट सङ्कलित रोयल्टीमध्ये २०७६।७७ मा ५५ प्रतिशत संघीय सञ्चित कोषमा र ४५ प्रतिशत पर्वतारोहण संघमा रहेको व्यहोरा गत वर्षको प्रतिवेदनमा सुझावसहित औँल्याइएकोमा कार्यान्वयन भएको देखिएन । नेपाल पर्वतारोहण संघबाट अनुमति दिने र रोयल्टी सङ्कलन हुने हिमचुलीहरूबाट प्राप्त रोयल्टी यकिन गरी कानूनबमोजिम संघीय विभाज्य कोषमा दाखिला गरी बाँडफाँट गर्नुपर्दछ।

१३. **इजाजत नवीकरण-** नागरिक उड्डयनसँग सम्बन्धित संस्थालाई इजाजत दिने सम्बन्धी कार्यविधि, २०६६ मा वायुसेवा सञ्चालक संस्थालाई ४ वर्षको लागि इजाजतपत्र दिने र अवधि समाप्त भएको १ वर्षभित्र नवीकरण नगराएमा इजाजतपत्र स्वतः खारेज हुने व्यवस्था छ। यो वर्ष १२ वायुसेवा कम्पनी, १ वायुसेवा मर्मत कम्पनी र १ स्काई डाइभ कम्पनीले कार्यविधिबमोजिम इजाजत नवीकरण गराएका छैनन् । कार्यविधिअनुसार इजाजत नवीकरण गराउनुपर्दछ। इजाजत नवीकरण नगरी उड्डयन गर्नु कानूनसम्मत नहुने व्यहोरा गत विगत वर्षको प्रतिवेदनमा औँल्याइएकोमा स्थिति यथावत छ।

१४. **संस्कृति संरक्षण, सम्वर्द्धन** - मन्त्रालयले संस्कृति संरक्षण, प्रवर्द्धनअन्तर्गत एकीकृत व्यवस्थापन तथा संरक्षण योजना तर्जुमा गर्ने, सम्पदा अतिक्रमण हुन नदिने, सम्पदा एवं पुरातात्त्विक वस्तु तथा स्थलको सूचीकरण गर्ने लगायतका कार्य गर्नुपर्दछ । भौतिक, सांस्कृतिक सम्पदा संरक्षण तथा व्यवस्थापनका लागि विश्व सम्पदा महासन्धि, १९७२ र उक्त महासन्धि कार्यान्वयनसम्बन्धी कार्य सञ्चालन निर्देशिकाले निर्दिष्ट गरेबमोजिमको व्यवस्थापन तथा संरक्षण योजना तयार गर्ने तथा पूर्वाधारहरू पहिचान गर्ने कार्य गरेको देखिएन । पुरातात्त्विक महानका स्थल वा स्मारक रहेको वा स्मारक स्थल वरिपरि रहेका निजी जग्गामा स्वामित्ववालाले कुनै संरचना निर्माण गर्दा सांस्कृतिक सम्पदालाई असर नपर्ने गरी गर्नुपर्ने पूर्वाधार निर्माणसम्बन्धी निर्देशिका मापदण्डको अभाव रहेको हुँदा सम्पदामा प्रदूषण एवं अतिक्रमण समेत हुने खतरा रहेकोले मापदण्ड तथा निर्देशिका बनाई कार्यान्वयन गर्नुपर्दछ।

१५. **पर्यटन पूर्वाधार** - पर्यटन पूर्वाधार तथा पर्यटन उपजको विकास साझेदारी (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७७ बमोजिम प्रदेशगत छनौटका आधारमा २१२ स्थानीय तहका २१२ पर्यटकीय पूर्वाधार आयोजनाको लागि रू.७९ करोड बजेट व्यवस्थापन भएको छ। यो वर्ष ४५ स्थानीय तहबाट रू.२२ करोड २१ लाख ४४ हजार बराबरको खरिद सम्झौता भएको र वर्षान्तमा १९५ योजनाको लागि बोलपत्र आव्हान भए तापनि सम्झौता गरी काम प्रारम्भ भएको सम्बन्धमा यकिन हुन सकेन। मन्त्रालयले यो वर्ष प्रथम किस्ताको रकम निकासा गरेकोमा प्रगति विवरण समेत तयार गरेको छैन। अनुगमन गरी अभिलेख अद्यावधिक गर्ने र समयमा कार्य सम्पन्न गर्न आवश्यक सहजीकरण गर्नुपर्दछ।

पर्यटन विभाग

पर्यटन उद्योगको व्यवस्थापन, पर्यटन पूर्वाधार विकास, पर्यटकको सुरक्षा लगायतका कार्य गर्न २०७१ मा स्थापना भएको विभागले पर्यटन व्यवसाय र उद्योग भएका शहरहरू, ठूला पर्यटन उद्योगहरू, पाँच तारे होटलहरू, क्यासिनो, स्वदेशी विदेशी पर्यटन प्रवर्द्धन, पर्वतारोहण अनुमति र पर्वतीय पर्यटनको एकीकृत विकास लगायत कार्यको लागि विकास, नियमन, प्रवर्द्धन, व्यवस्थापन गर्ने कार्य गर्दै आएको छ।

१६. **अनुगमन** - पर्यटन विभागमा हालसम्म १६ पाँच तारे, १६ चार तारे, ३३ तीन तारे, ३७ दुई तारे, १०६ एक तारे समेत २०८ तारे होटल, ११६ रिसोर्ट, पर्यटनस्तरका साधारण होटल ३८७ र होमस्टे १०८ दर्ता भएका छन्। पर्यटन ऐन, २०३५ को परिच्छेद-३ मा मन्त्रालयले होटल, लज, रेष्टुराँ र बारलाई पर्यटक स्तरमा दर्ता गराउनुपर्ने, पर्यटकस्तरको होटललाई वर्गीकरण गर्नुपर्ने, होटल, लज, रेष्टुराँ, रिसोर्ट र बारको सेवा, सुविधा र गुणस्तरको सम्बन्धमा नेपाल सरकारले निरीक्षण र परीक्षण गर्नुपर्ने लगायतका व्यवस्था रहेका छन्। उपर्युक्त व्यवस्थाबमोजिम विवरण अद्यावधिक गरी अनुगमन गर्नुपर्दछ।

१७. **क्यासिनो रोयल्टी** - क्यासिनो नियमावली, २०७० मा क्यासिनो सञ्चालकले प्रत्येक वर्ष रोयल्टी बुझाउनु पर्ने व्यवस्था छ। आर्थिक ऐन, २०७७ को दफा १६ मा ६ महिना भित्र रोयल्टी बुझाउनुपर्ने, समयमा नबुझाएमा थप शुल्क र वार्षिक थप शुल्क बुझाउनुपर्ने प्रावधान रहेको छ । यो वर्ष १६ क्यासिनो सञ्चालकबाट निवेदन दस्तुर, इजाजत दस्तुर, रोयल्टी रकम, नवीकरण दस्तुर र वार्षिक थप दस्तुर समेत रू.४३ करोड ७५ लाख राजस्व दाखिला गर्नुपर्नेमा १० क्यासिनोबाट रू.११ करोड ५५ लाख मात्र दाखिला भई ६ क्यासिनोबाट रू.३२ करोड २० लाख दाखिला गर्न बाँकी रहेको छ। उक्त रकम असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ।

त्यसैगरी गत विगत वर्षदेखि ४ क्यासिनोले बुझाउनुपर्ने रोयल्टी रू.७४ करोड ४८ लाख ९८ हजार दाखिला गरेका छैनन्। बक्यौता रकम र सोमा लाग्ने थप शुल्कसहित असुल गर्नुपर्दछ।

१८. **फोहोर व्यवस्थापन** - नेपाल सरकारको २०७१।१२।१७ को मन्त्रिस्तरीय निर्णयअनुसार सगरमाथा, ल्होत्से र नुप्से हिमशिखरहरूमा रहेका फोहोरमैला व्यवस्थापनको कार्य एक गैरसरकारी संस्थालाई दिएको देखिन्छ । मन्त्रालयले तोकेअनुसार फोहोरमैला व्यवस्थापनको लागि धरौटी स्वरूप प्राप्त अमेरिकी डलर ४ लाख ४१ हजारमध्ये विभागले यो वर्ष अमेरिकी डलर २८ हजार समितिको सिफारिसको आधारमा फिर्ता गरेको छ । उक्त संस्थाले पर्वतारोहीबाट समेत शुल्क असुल गरेको पाइएकोमा शुल्क लिएको सम्बन्धमा विभागले अनुगमन गरेको छैन । पर्वतारोहण सम्बन्धी नियमावली, २०५९ को

नियम ९(६) मा सम्पर्क अधिकृतले वातावरणीय सरसफाइ तथा फोहोरमैला व्यवस्थापन सम्बन्धमा आवश्यक कार्य गर्ने, गराउने गरी काम, कर्तव्य, अधिकार तोकिएकोमा सम्पर्क अधिकृतबाट सो कार्यसम्पादन गरेको देखिएन । फोहोरमैला व्यवस्थापन भएको सम्बन्धमा सम्पर्क अधिकृतबाट प्रमाणित गर्ने व्यवस्था हुनुपर्दछ।

पुरातत्त्व विभाग

ऐतिहासिक, सांस्कृतिक एवं पुरातात्त्विक महत्वका वस्तु र प्राचीन सम्पदाको अन्वेषण, विश्लेषण, संरक्षण र प्रकाशन गर्ने कार्यका लागि २०२९ मा विभागको स्थापना भएको हो। विभागले प्राचीन स्मारक ऐन, २०१३ अनुसार कार्य गर्दै आएको छ ।

१९. **संरक्षण -** प्राचीन स्मारक संरक्षण ऐन,२०१३ को दफा ३ मा कुनै प्राचीन स्मारक स्थल तथा पुरातात्त्विक स्थलहरूको सूचीकरण गर्ने, वर्गीकरण गर्ने तथा संरक्षण गर्ने दायित्व विभागको हुने उल्लेख छ। ऐनमा स्वामित्वको दृष्टिकोणले सार्वजनिक र निजी सम्पदा तथा महत्वको दृष्टिकोणले अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय गरी वर्गीकरण गर्ने व्यवस्था छ । प्राचीन स्मारक तथा पुरातात्त्विक महत्वका स्थलहरूको संरक्षण र संवर्द्धन सम्बन्धमा संघीय, प्रदेश र स्थानीय तहबीच समन्वय गर्ने स्पष्ट नीति तथा ऐन कानूनको अभाव रहेको, सम्पदा संरक्षणको लागि पर्याप्त बजेट तथा दक्ष जनशक्तिको कमी रहेको, सम्पदाहरूमा अतिक्रमण बढेको लगायतका अवस्थाले सम्पदा संरक्षणमा अपेक्षित उपलब्धि हासिल हुन सकेको देखिएन । पुरातात्त्विक सम्पदामा सूचीकरण भएका ४ हजार ८५० सम्पदाको वर्तमान अवस्थाबारे अभिलेख अद्यावधिक गरी उचित संरक्षण एवं सम्बर्द्धनमा ध्यान दिनुपर्दछ।

२०. **सम्पदा पुनर्निर्माण** - विक्रम सम्वत् २०७२ मा गएको भूकम्पबाट क्षति भएका पुरातात्त्विक सम्पदाको पुनर्निर्माण कार्य ५ वर्षभित्र सम्पन्न गर्नुपर्ने लक्ष्य राखिएकोमा विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ महामारी तथा अन्य कारणले पुनर्निर्माण कार्य सम्पन्न भएको छैन। पुनःनिर्माण गर्नुपर्ने लक्ष्य रहेको सम्पदा संख्या ९२० मध्ये यो वर्ष ५८९ सम्पदा पुनर्निर्माण कार्य सम्पन्न गरी १९२ सम्पदाको पुनर्निर्माण कार्य भैरहको र १३९ सम्पदाको पुनर्निर्माण कार्य बाँकी रहेको देखिन्छ। पुनर्निर्माण सम्पन्न भएका र चालु रहेका सम्पदाहरूको निर्माण कार्यमा २०७२।७३ देखि २०७७।७८ सम्म रू.५ अर्ब ८५ करोड ८४ लाख बजेट विनियोजन भएकोमा रू.४ अर्ब ५४ करोड ८२ हजार खर्च भएको छ। सम्पदा पुनर्निर्माण कार्य समयमा सम्पन्न गर्नुपर्दछ।

दक्षिण एसिया पर्यटन पूर्वाधार आयोजना

एसियाली विकास बैङ्क र ओपेक फण्ड फर इन्टरनेसनल डेभलपमेन्ट (ओएफआइडी) को ऋण तथा अनुदान सहयोगबाट विमानस्थल लगायतका संरचना निर्माणका लागि २०६७ भाद्रमा अमेरिकी डलर ४६.५ मिलियनको सम्झौता भएकोमा आयोजनाको संशोधित अवधि २०७८ चैत्र र लागत अमेरिकी डलर ९७.२१ विलियन पुगेको छ ।

२१. **प्रगति** - नेपाल सरकार, एसियाली विकास बैङ्क र ओएफआइडीको ऋण तथा अनुदान सहयोगबाट गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माण, लुम्बिनी विकास कोषको पूर्वाधार निर्माण लगायतका संरचना निर्माणका लागि यस वर्षसम्म अमेरिकी डलर ६ करोड ३७ लाख ८० हजार प्राप्त र खर्च भई अमेरिकी

डलर ३ करोड ३४ लाख ३९ हजार प्राप्त हुन बाँकी रहेको छ। उक्त बाँकी रकम प्राप्त गरी उपयोगमा ध्यान दिनुपर्दछ।

२२. **सवारीसाधन खरिद -** मन्त्रालय र एक विदेशी आपूर्तकबीच २०७४।९।२५ मा ५ बस र ११ कारसमेत १६ सवारीसाधन ६ महिनाभित्र आपूर्ति गर्न अमेरिकी डलर १२ लाखको खरिद सम्झौता भएको छ । यो वर्ष अमेरिकी डलर ९ लाख ६० हजारसमेत अमेरिकी डलर १० लाख ८० हजार भुक्तानी भएको छ । आपूर्ति गरेका ५ बस सम्झौताको स्पेसिफिकेसन अनुरूप नभएकोले आपूर्तक सहमत भए पूर्वनिर्धारित क्षतिपूर्ति लाग्ने गरी छ महिना म्याद थप गर्ने र सहमति नगरेमा सम्झौताको शर्त नं ३५क अनुसार सम्झौताको अन्त्य गर्न २०७५।११।३ मा सचिवस्तरीय निर्णय भएको छ। सम्झौता अन्त्य गर्ने निर्णय भएको करिब ७ महिना पश्चात् २०७६।६।२ को मन्त्रिस्तरीय निर्णयबाट कुनै थप आर्थिक व्ययभार नपर्ने गरी स्पेसिफिकेसनअनुसार गुणस्तरीय बस र कार खरिद गरी पूर्व निरीक्षण गराई लिने निर्णय भएको देखिन्छ ।

सम्झौताको अन्त्य गर्ने तर्फ कारबाही अगाडि बढाउने सचिवस्तरीय निर्णय भएको करिब १३ महिना पश्चात् २०७६।१२।६ को सचिवस्तरिय निर्णयबाट ५ विद्युतीय बस र ११ विद्युतीय कारको सट्टा ५ विद्युतीय बस र १४ विद्युतीय कार आपूर्ति गर्ने गरी सम्झौता संशोधन भएको छ । सम्झौताको अवधि चौथो पटक २०७८।७।४ सम्म थप गरिएको छ । प्रथम पटक म्यादथपको निर्णय गर्दा तोकिएको शर्तअनुसार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरेको नदेखिएकोले सम्झौता रकम अमेरिकी डलर १२ लाखको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ र सम्झौताको शर्तअनुसार ६ महिनाको हुने अमेरिकी डलर १ लाख ८ हजारको हुने रू.१ करोड २९ लाख २१ हजार असुल हुनुपर्दछ।

कार्यमूलक लेखापरीक्षण

नेपाल नागरिक उड्डयन नियमन

नेपाल नागरिक उड्डयन प्राधिकरणले हवाई पथप्रदर्शन र विमानस्थल सञ्चालन क्षेत्रमा सेवा प्रदायकको रूपमा काम गर्ने तथा उक्त कार्यलाई व्यवस्थित, सुरक्षित र नियमित बनाउन नियमन गर्ने कार्य गर्दछ । प्राधिकरणको नियमनकार्यको प्रभावकारिता सम्बन्धी कार्यमूलक लेखापरीक्षण गर्दा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

२३. **नीति कार्यान्वयन -** स्तरीय हवाई सेवाको लागि आवश्यक पर्ने भौतिक पूर्वाधारलगायत आधुनिक प्रविधिको प्रयोग मार्फत छोटो र लामो दुरीको हवाई सेवा सञ्चालन गर्न सक्ने विमानस्थलको विकास गरी अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप उड्डयन एवं हवाई सुरक्षालाई सुनिश्चित गर्दै सुलभ, मितव्ययी, बजारमुखी, भरपर्दो तथा प्रभावकारी हवाई यातायातको माध्यमबाट पर्यटन र व्यापार प्रवर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यले नेपाल सरकारले हवाई नीति, २०६३ तर्जुमा गरेको छ । उक्त नीतिअनुसार नेपाल नागरिक उड्डयन प्राधिकरणले आफ्नो कार्यनीति तयार गरी कार्यान्वयन गरिरहेको छ । हवाई नीतिमा उल्लेख भएका प्रावधानमध्ये हब विमानस्थलबाट दुर्गम र पहाडी क्षेत्रका विमानस्थलमा उडान सञ्चालन अनुमति दिँदा सो क्षेत्रको वृत्त खण्ड उल्लेख नगरी उडान सञ्चालन अनुमति दिएकोले दुर्गम क्षेत्रमा हवाई यातायात सेवा पर्याप्त हुन नसकेको, आन्तरिक नियमित उडान सञ्चालन गर्ने वायुसेवा सञ्चालन संस्थासँग कम्तीमा ३ वायुयान हुनुपर्ने र तीमध्ये कम्तीमा १ वायुयान दुर्गम क्षेत्रका विमानस्थलमा सञ्चालन गर्नका लागि उपयुक्त हुनुपर्ने नीतिको पूर्ण

कार्यान्वयन नभएको, नेपाल सरकारको स्वीकृत नीतिभित्र रही हवाई यातायातसँग सम्बद्ध वायुसेवा सञ्चालन संस्था, वायुयान मर्मत सम्भार, इजाजत दिने, रुट परिवर्तन गर्नेलगायतका कार्य गर्न एकद्वार प्रणालीको विकास गरिने नीति रहेकोमा कार्यान्वयन नभएको, नेपालमा वायुसेवा सञ्चालन संस्थाका संस्थापकहरूले नेपाल नागरिक उड्डयन प्राधिकरण र नेपाल सरकारको स्वामित्वमा रहेका संस्थाहरूलाई तिर्न बाँकी नरहेको हुनुपर्ने हवाई नीतिको कार्यान्वयन नभएको स्थिति छ ।

नेपालमा हवाई उडान प्रशिक्षण संस्था सञ्चालन हुन नसकेको, नियमन, नियन्त्रण, एवं विस्तारका कार्यहरू प्रभावकारी रूपले गर्न छुट्टै नागरिक उड्डयन नियमनकारी निकाय स्थापना नगरेको, पोखराको नयाँ विमानस्थल सञ्चालनमा आएपछि विद्यमान विमानस्थलको उपयोग सम्बन्धमा अध्ययन कार्य नगरेको आदि अवस्थाले नीति कार्यान्वयन प्रभावकारी भएको पाइएन । हिमाली र पहाडी क्षेत्रमा साधारणतया २० नटिकल माइल र तराई तथा भित्री मधेशमा कम्तीमा ४० नटिकल माइलमा विमानस्थल हुनुपर्नेमा मसिनेचौर - जुफाल, अर्घाखाँची- गुल्मी, ओखलढुंगाको खिजी चण्डेश्वरी रामेछाप, फाप्लु-कागेलडाँडा र रुम्जाटार तथा कालिकोट-साँफेबगरलगायतका ११ विमानस्थल ५.८२ देखि १९.३५ नटिकल माईलसम्मको दुरीमा रहेकोले उडानमा समस्या हुनुका साथै नयाँ विमानस्थल निर्माणमा भएको लगानी खेर जान सक्ने देखिएको छ ।

यसैगरी सुगम सेक्टरमा मात्र उडान सञ्चालन गर्ने वायुसेवाले दुर्गम पहाडी क्षेत्रमा उडान सञ्चालन गर्ने वायुसेवालाई प्राधिकरणले तोकेबमोजिमको योगदान गर्नु पर्ने नीतिको कार्यान्वयन नभएको, दुर्गम क्षेत्रमा हवाई सेवा सञ्चालनलाई सुलभ तथा नियमित तुल्याउन स्थापित दुर्गम क्षेत्र हवाई सेवा सञ्चालन कोषमा रु. १९ लाख मौज्दात रहेको तथा सञ्चालन कार्यविधिको अभाव रहेको, सेवा सञ्चालन गरेको पाँच वर्षभित्र वायुयान चालक, इन्जिनियर जस्ता जनशक्ति पूर्णरूपमा नेपाली नागरिकबाट तयार गर्नुपर्नेमा सो अनुरूप नभएको अवस्था छ ।

हवाई नीति अनुरूप प्राधिकरणले निर्धारण गरेका कार्यनीतिको कार्यान्वयन प्रभावकारी बनाई हवाई सेवा सञ्चालनलाई सुलभ, मितव्ययी, भरपर्दो एवं प्रभावकारी बनाउनुपर्दछ ।

२४. **हवाई सेवा प्रवाह स्थिति -** प्राधिकरणले दुर्गम तथा सुगम सेक्टरमा आन्तरिक हवाई यातायात सेवा सञ्चालन गर्नुपर्दछ । दुर्गम पहाडी क्षेत्रमा निर्माण भएका २३ विमानस्थल मात्र प्राविधिक दृष्टिले बाह्रै महिना सञ्चालक गर्न सकिने रहेका छन् । प्राधिकरणबाट उडान अनुमति लिएका ९ वायुसेवा सञ्चालन संस्थामध्ये ७ संस्थासँग मात्र दुर्गम क्षेत्रका विमानस्थलमा उडान तथा अवतरण गर्न सक्ने क्षमताका २५ वायुयान रहेको देखिन्छ। अनुमति लिएका ९ वायुसेवा प्रदायकले दुर्गममा सेवा सञ्चालन गर्नु पर्नेमा २ वायु सेवा प्रदायकले सो क्षेत्रमा सेवा सञ्चालन गरेका छैनन् । नेपाल वायु सेवा निगमका ७ वायुयान मध्ये हाल ३ वायुयानले मात्र सेवा दिइरहेका छन् । कर्णालीका सिमकोट, डोल्पा, रारा, जुम्लाका साथै जोमसोम, लुक्ला, रामेछाप र ताप्लेजुङ्ग जस्ता पर्यटकीय क्षेत्र र चार्टर्ड सेवा प्राप्त हुने सेक्टरमा निगमले त्यस्तो सेवा सञ्चालन गरेको छैन । सुगम सेक्टरतर्फ भद्रपुर, राजविराज र जनकपुर विमानस्थल बाहेकमा उडान सेवा सञ्चालन गरेको देखिएन। पोखराबाट सिमरा, भरतपुर, भैरहवा र नेपालगन्ज सेक्टरको उडान अनुमति १ वायु सेवा प्रदायकलाई मात्र दिएको देखियो । काठमाडौं, पोखरालगायत सुगम सेक्टरमा केही वायु सेवालाई दैनिक १२ पटकसम्म उडान गर्न अनुमति प्रदान गरेको देखिन्छ ।

प्राधिकरणले वायुसेवाहरूलाई उडान अनुमति दिए पछि स्वीकृत तालिका अनुसार उडान सञ्चालन गरे नगरेको अनुगमन गर्न त्यसको लगत अद्यावधिक गरेको देखिएन । यसैगरी अनुगमन कमजोर भई हवाई

सेवा प्रभावकारी नहुँदा यात्रुलाई मर्का परेको छ । प्राधिकरणले वायु सेवा प्रदायक संस्थाहरूले गरेको नियमित, चार्टर्ड, आकस्मिक उडान सेवा आदिको तथ्याङ्कको अभिलेख लिई सेवा सञ्चालनको मापन गर्नु पर्दछ । वायुयानहरू नेपालमा दर्ता गर्न अनुमति दिँदा दुर्गम पहाडी क्षेत्रका विमानस्थलमा पनि हवाई उडान सेवा पुऱ्याउने क्षमता निक्यौंल गरी विकास र विस्तार गर्ने उद्देश्यले अनुमति दिनुपर्ने देखिन्छ । दुर्गम तथा सुगम सेक्टरबाट सुगम सेक्टरको हवाई उडानको व्यवस्थापन उपयुक्त किसिमले गरी यात्रुहरूले काठमाडौं पुगेर अन्य सेक्टरको विमानस्थलतर्फ उडान गर्नु पर्ने अवस्थामा सुधार गर्नुपर्दछ ।

२५. **सञ्चालनमा नरहेका विमानस्थल -** देशका विभिन्न स्थानमा निर्माण भएका विमानस्थलको संरक्षण गर्ने र सञ्चालन गर्ने, स्थानीय आवश्यकता र मागअनुसार विमानस्थल निर्माण तथा विस्तार गर्ने र त्यसमा समुचित किसिमले हवाई यातायात सञ्चालन गर्ने जिम्मेवारी प्राधिकरणको हो । प्राधिकरणका कालोपत्रे सर्फेस भएका ३, ग्राभेल सर्फेस भएका ४, माटे सर्फेस भएका १२ समेत १९ विमानस्थल निर्माणमा रु.५० अर्ब १९ करोड १७ लाख लगानी भएको देखिन्छ । हाल उक्त सबै विमानस्थलमा हवाई यातायात सञ्चालन भएको छैन । धावनमार्ग कालोपत्रे भएका बाह्रै महिना हवाई यातायात सञ्चालन गर्न सकिने अवस्थाका बाग्लुङ्ग र मनाङ्ग विमानस्थल, २०७५ मा रु. ४७ करोडमा निर्माण सम्पन्न भएको इलामको सुकिलुम्बा विमानस्थल, २०४१ सालमा निर्माण भएको टीकापुर विमानस्थल सञ्चालनमा रहेको पाइएन ।

ओखलढुंगाको खिजी चण्डेश्वरी विमानस्थल, गुल्मी र डोल्पाको मसिनेचौरसमेत ३ विमानस्थल स्तरोन्नतिको कार्य भइरहेको छ । त्यसैगरी २०६० मा निर्माण भएको काँगेलडाँडा, २०६४ मा निर्माण भएको कमल बजार र २०७४ मा निर्माण भएको कालिकोट विमानस्थलको धावनमार्ग हालसम्म माटे सर्फेस अवस्थामै छ । माटे सर्फेसस्तरका १२ विमानस्थलमा प्राधिकरणको लगानी रु. ५३ करोड भएको प्राधिकरणले उल्लेख गरेको छ । यस्ता विमानस्थलको स्तरोन्नति गरी हवाई यातायात सञ्चालन गर्ने वा अन्य प्रयोजनको लागि परिचालन गर्ने प्राधिकरणसँग कुनै व्यावसायिक योजना रहेको देखिएन ।

विमानस्थल निर्माण गर्दा राष्ट्रले गरेको लगानीको प्रतिफल प्राप्त गर्ने र सो क्षेत्रका यात्रुहरूलाई हवाई यातायात सुविधाको प्रबन्ध गर्नेतर्फ प्राधिकरणले पर्याप्त ध्यान दिनुपर्दछ ।

२६. **सम्पत्ति संरक्षण -** प्राधिकरणले आफ्नो सम्पतिको संरक्षण र उपयोग गर्नुपर्दछ । विमानस्थल निर्माण सम्पन्न भएपछि हवाई सुरक्षाका मापदण्ड कायम गर्न घेरा पर्खाल तथा तारबार गर्न जरुरी हुन्छ । यसको नियमन गर्न प्राधिकरणको एभिएशन सेफ्टी स्ट्याण्डर्ड विभागलाई जिम्मेवारी दिएको देखिन्छ । खिजी चण्डेश्वरी, सुकिलुमवा, अर्घाखाँची विमानस्थल निर्माण सम्पन्न भएको ३ वर्ष व्यतीत भए पनि घेरा पर्खाल एवं सुरक्षा तारबार गरेको पाइएन । धेरै वर्ष पहिले निर्माण भएको पालुङ्गटार विमानस्थलको जग्गामा स्थानीयबासीले बाटो तथा घर निर्माण गरेको, टीकापुर विमानस्थलको धावन मार्गको बीचबाटै स्थानीयबासीले पक्की सडक निर्माण गरेको, मेघौली र महेन्द्रनगर विमानस्थलको जग्गाबाट स्थानीयले बाटो निर्माण गरेको पाइयो । विमानस्थलको सम्पत्तिको सुरक्षा जाँचका सम्बन्धमा प्राधिकरणले आवधिक रूपमा निरीक्षण गरी प्रतिवेदन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन । विमानस्थलको सुरक्षा प्रबन्ध व्यवस्थित गर्नुपर्दछ । प्राधिकरण मातहतका विमानस्थल अतिक्रमण हुनबाट रोकी सम्पत्तिको संरक्षण एवं उपयोग गर्नुपर्दछ ।

२७. **हेलिकोप्टर सेवा -** सुरक्षा मापदण्ड पुरा गरेका हेलिप्याड निर्माणगर्न नेपाल नागरिक उड्डयन प्राधिकरणबाट अनुमति दिइने हुँदा त्यस्ता हेलिप्याडको लगत प्राधिकरणमा अद्यावधिक हुनुपर्दछ । यद्यपि प्राधिकरणले यसको अभिलेख राखेको देखिएन । सुरक्षा मापदण्ड पुरा गरेका हेलिकोप्टरलाई विभिन्न विमानस्थल, हेलिप्याड,

घरको छत तथा खुल्ला चौरमासमेत अवतरण गर्न अनुमति दिएको देखिन्छ । नेपालमा सन् २००१ देखि २०२० सम्ममा २७ हेलिकोप्टर दुर्घटना भई ७३ यात्रुको ज्यान गएको देखिन्छ । हेलिकोप्टर दुर्घटनाको अभिलेखअनुसार २७ दुर्घटनामध्ये १४ को कारण पहिचान गरी अभिलेखवद्ध गरेको पाइएन । अन्य १३ दुर्घटनामा भौगोलिक विकटता तथा चालकको त्रुटि उल्लेख छ । सुरक्षा मापदण्डमा पर्याप्त ध्यान दिई नियमन प्रभावकारी बनाई दुर्घटना नहुने गरी प्रबन्ध गर्नुपर्दछ ।

२८. **हवाई भाडा -** नेपाल नागरिक उड्डयन प्राधिकरणले २०७३।१।५ मा आन्तरिक हवाई भाडा दर पुनरावकलोकन कार्यदल गठन गरी उक्त कार्यदलले सिफारिस गरेको भाडा दर संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले ट्रङ्क (सुगम) सेक्टरको सम्बन्धमा २०७३।८।२३ देखि र दुर्गम सेक्टरको सम्बन्धमा २०७५।१।२६ देखि लागू गर्ने निर्णय भएको देखिन्छ । आन्तरिक हवाई भाडा निर्धारण सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२८.१. हवाई भाडा पुनरावलोकन कार्यदलले हवाई उडान क्षेत्रलाई टुरिष्ट सेक्टर, एसटीओएल (हव विमानस्थल देखि दुर्गम र दुर्गम देखि दुर्गम सेक्टर) सेक्टर र ट्रङ्क (सुगम देखि सुगम) सेक्टर गरी ३ सेक्टरमा वर्गीकरण गरेपनि भाडा निर्धारणको दृष्टिले टुरिष्ट सेक्टर र दुर्गम सेक्टरको प्रति मिनेट भाडा दर रु.९८।४१ कायम गरेकोले यी दुवै सेक्टरको भाडामा भिन्नता देखिएन । सिमिकोट, डोल्पा, रारा र सुर्खेत विमानस्थलमा पनि टुरिष्ट उडानको संख्या उल्लेखनीय भए तापनि प्राधिकरणले उक्त सेक्टरलाई टुरिष्ट सेक्टरमा राखेको छैन ।

२८.२. दुर्गम एसटीओएल सेक्टरमा उडान गर्ने ट्विन अटर वायुयानलाई आधार मानी निर्धारित भाडाको दरबाट प्रस्थानदेखि आगमनसम्मको उडान दुरी र समयको हिसाबबाट गणना गर्दा कायम हुने भाडा रकमलाई भाडाको उच्चतम सीमा कायम गरी सो रकमलाई २५ प्रतिशत घटाएर भाडाको बेस भाडा कायम गरिएको छ । भाडा निर्धारण गर्दा दुर्गम र सुगम सेक्टरको अधिकतम हवाई भाडा नटिकल माइलको आधारमा समय र दुरी बराबरी भई अधिकतम भाडा दर बराबर भए पनि सुगम सेक्टरको हवाई भाडाको न्यूनतम दर आधारभूत भाडाको ५० प्रतिशत र दुर्गम सेक्टरको हवाई भाडाको न्यूनतम दर आधारभूत भाडाको २५ प्रतिशत घटाई निर्धारण गरेकोले दुर्गम सेक्टरको न्यूनतम दर भन्दा सुगम सेक्टरको भाडा सस्तो गरेको देखियो । यसले गर्दा दुर्गम तथा पिछडिएको क्षेत्रमा बसोबास गर्ने यात्रुहरूले बढी भाडा तिर्नुपर्ने देखियो।

२८.३. प्राधिकरणको सेक्टर निर्धारणमा राजविराज र सुर्खेत विमानस्थल ट्रङ्क रुटमा पर्दछ । तर भाडा निर्धारण गर्दा उक्त विमानस्थललाई दुर्गम एसटीओएल सेक्टरमा राखी भाडा निर्धारण गरेको देखियो ।

२८.४. हवाई भाडा पुनरावलोकन कार्यदलले उडान सेक्टरको दुरी (नटिकल माइल) कायम गर्दा प्राधिकरणको कम्प्युटर अभिलेखमा रहेको दूरीभन्दा फरक पारेको देखियो । प्राधिकरणको अभिलेखमा रहेको भन्दा दुर्गम सेक्टरतर्फ २६ र ट्रङ्क सेक्टरतर्फ ६ सेक्टरको दूरी बढाई भाडा निर्धारण गरेकोले उक्त सेक्टरका यात्रुले बढी भाडा तिर्नु परेको देखियो । पोखरा डोल्पा सेक्टरको २६.७४ नटिकल माइल बढाई रु.१ हजार १८९, पोखरा मनाङ्गको १५.८५ नटिकल माइल र काठमाडौं रुकुमको १५.८ नटिकल माइलको भाडा क्रमशः रु.७९८।- र रु.६६५।- बढी रहेको छ ।

२८.५. विभिन्न १५ सेक्टरमा २ वायु सेवा प्रदायक कम्पनीलाई मन्त्रालयबाट स्वीकृत भएको भाडाको अधिकतम दरभन्दा पनि बढी भाडा लिन पाउने गरी प्राधिकरणले अनुमति दिएको देखियो । नेपाल सरकारले २०७३।८।२० र २०७५।१।२२ मा स्वीकृत एवं अनुमोदन गरेको हवाइ भाडा निर्धारण तालिकामा

उल्लेख गर्न छुट भएका विभिन्न ७ सेक्टरमा नेपाल सरकारको स्वीकृति एवं अनुमोदन बेगर प्राधिकरणले नयाँ भाडा दर लागू गर्न विभिन्न ४ संस्थालाई अनुमति दिएको देखियो ।

२८.६. प्राधिकरणले सुगम तथा दुर्गम सेक्टरको हवाई भाडा दर सस्तो र समसामयिक बनाउनुपर्दछ । स्वीकृत भाडादर भन्दा बढी भाडा लिने वायुसेवा प्रदायक संस्थाको अनुगमन गरी तोकिएभन्दा बढी भाडा लिनेलाई कारवाहीको दायरामा ल्याउनुपर्दछ ।

२९. **चार्टर्ड उडान** - नेपाल सरकारले नियमित उडानको अधिकतम दरको दोब्बर भाडा लिन पाउने गरी चार्टर्ड भाडा दर स्वीकृत गरेको देखियो । यसरी भाडा दर स्वीकृत गर्दा वायु सेवाले नियमित उडान भन्दा चार्टर्ड उडानलाई बढावा दिएकोले दुर्गम विमानस्थल प्रयोग गर्न उपभोक्ताले महङ्गो भाडा तिर्नु परेको गुनासो रहेको छ । चार्टर्ड उडानको अनुमति सम्बन्धित विमानस्थल कार्यालयबाट दिने गरेकोमा सो सम्बन्धी तथ्याङ्कको अभिलेख केन्द्रीय कार्यालयमा रहेको पाइएन । यस्तो अभिलेखको अभावमा वायु सेवागत तथा सेक्टरगत नियमित तथा चार्टर्ड उडान गरेको कुल संख्या यकिन गरी विश्लेषणसहित त्यसको उपयुक्तता निक्यौल गर्न सक्ने अवस्था छैन । प्राधिकरणबाट प्राप्त वार्षिक उडान अनुमति संख्या र विमानस्थल कार्यालयले उपलब्ध गराएको वार्षिक एयरक्राफ्ट मुभमेन्ट तथ्याङ्कमा उल्लेख भएको उडान संख्या तुलना गर्दा केही विमानस्थल कार्यालयले मन्त्रालयले तोकेको मापदण्डभन्दा बढी चार्टर्ड उडान अनुमति दिएको पाइयो । नेपालगन्ज विमानस्थलबाट सिमकोट र रारा सेक्टरमा एवं पोखरा विमानस्थलबाट जोमसोम सेक्टरको उडानमा नियमित उडान अनुमतिको तुलनामा बढी चाटर्ड उडान गर्न अनुमति दिएको पाइयो । चार्टर्ड उडानको अनुमति दिने, त्यसको अभिलेख राख्ने र अनुगमन गर्नेलगायतका कार्य प्राधिकरणले प्रभावकारी रूपमा गर्नुपर्दछ । चार्टर्ड उडानलाई नियमित नियमन गर्नुपर्दछ ।

३०. **अन्तर्राष्ट्रिय हवाई यातायात** - प्राधिकरणले अन्तर्राष्ट्रिय हवाई सेवा सञ्चालन सुरक्षित, नियमित तथा स्तरीय र प्रभावकारी बनाउनु पर्दछ । नेपालमा दर्ता भएका अन्तर्राष्ट्रिय उडान गर्ने वायुसेवाले उडान अनुमति माग गर्दा उडान गरिने सेक्टरको हवाई भाडा दरको विवरण पनि अनिवार्य रूपमा पेश गर्नु पर्ने र अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइसीएओ) को निर्देशनअनुसार प्राधिकरणले भाडादर स्वीकृत गर्नुपर्ने व्यवस्था छ। नेपाल सरकारले सन् १९८९ देखि सन् २०१९ सम्मको अवधिमा विश्वका ४० मुलुकसँग अन्तर्राष्ट्रिय हवाई यातायात सञ्चालन गर्न द्विपक्षीय तथा बहुपक्षीय सम्झौता गरेको देखिन्छ। सेप्टेम्बर २०२१ को तथ्याङ्कअनुसार नेपालमा अन्तर्राष्ट्रिय उडान गर्ने १३ देशका १७ वायुसेवाले हवाई सेवा सञ्चालन गरेको पाइयो। अन्तर्राष्ट्रिय हवाई यातायातको सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:

३०.१. नेपाल सरकारलाई अन्तर्राष्ट्रिय हवाई भाडा निर्धारण गर्ने अधिकार नभए पनि वायु सेवाहरूले अन्तर्राष्ट्रिय वायुसेवा संगठनद्वारा निर्धारित हवाई भाडाको सीमाभित्र रहेर भाडा लिए नलिएको प्राधिकरणले अनुगमन गरेको पाइएन ।

३०.२. सन् २०१८ को तुलनामा २०१९ मा वायुयान प्रस्थानतर्फ ७५१ (४.४३ प्रतिशत) र आगमन तर्फ ७४१ (४.३७ प्रतिशत) ले कमी भएको देखिन्छ । यात्रु संख्या २०१८ को तुलनामा २०१९ मा प्रस्थान तर्फ ७६ हजार ५२२ (३.५३ प्रतिशत) ले बढेको भएपनि आगमनतर्फ २ लाख ८१ हजार (१२.९२ प्रतिशत)ले घटेको देखिन्छ । कोभिड-१९ महामारीका कारण २०२० देखि हवाई उडान गतिविधिमा नकारात्मक असर परेको देखिन्छ । वायुयान उडानमा प्रस्थानतर्फ २०१८ को तुलनामा २०२१ को अक्टोवरसम्ममा १२ हजार ७४३ (७५.१० प्रतिशत) ले र आगमनतर्फ १२ हजार ७३२(७५.०६ प्रतिशत) ले कमी आएको देखिन्छ । यसैगरी यात्रुहरू प्रस्थानतर्फ १६ लाख ८३ हजार १५६ (७७.६१ प्रतिशत) ले र आगमनतर्फ

१६ लाख १७ हजार ८७९ (७४.४१ प्रतिशत) ले कमी भएको देखिन्छ । सन् २०२० लाई मात्र आधार लिदा २०२१ को अक्टोवर सम्ममा वायुयान उडानमा १७ प्रतिशतले कमी भएको देखिन्छ । यसैगरी यात्रु तर्फ प्रस्थानमा १४.४१ प्रतिशतले कमी भएको र आगमनतर्फ ३.४४ प्रतिशतले बढेको देखिन्छ ।

३०.३. युरोपका विभिन्न ९ मुलुकसँग धेरै वर्ष पहिले द्विपक्षीय हवाई यातायातसम्बन्धी सम्झौता भएकोमा हाल उक्त देशहरूमा सेवा सञ्चालन रहेको छैन । सम्झौता भएको १५/२० वर्ष व्यतीत भइसक्दा पनि फिलिपिन्स, भियतनाम, कम्बोडिया, ब्रुनाई, म्यान्मार, इजिप्ट इजरायल माल्दिभ्स र न्यूजील्याण्डमा हवाई सेवा सञ्चालन नभएको तथा विगत वर्षमा हवाई यातायात सञ्चालन भएका पाकिस्तान र जापानले पनि नियमित हवाई सेवा सञ्चालन नगरेको अवस्था छ । नियमित सेवा दिँदै आएका थाइल्याण्ड र हङकङका वायुसेवा सञ्चालन संस्थाले २०२१ मा नेपालमा उडान गरेको देखिंदैन । अष्ट्रेलियासँग २०१९ मा हवाई सेवा सम्झौता भए पनि उक्त सेवा शुरुवात भएको छैन । विदेशी मुलुकहरूसँग अन्तर्राष्ट्रिय हवाई यातायात सञ्चालन गर्न द्विपक्षीय तथा बहुपक्षीय सम्झौता गरे पनि ती मुलुकहरूसँग अन्तर सम्बन्ध कायम गरी सुरक्षित तथा विश्वसनीय हवाई सेवा प्रभावकारी रूपमा सन्चालन गर्न नसक्नुमा नेपाल सरकार र प्राधिकरण दुवैको सक्रियता कम रहेको देखिन्छ ।

अन्तर्राष्ट्रिय हवाई यातायातको आवश्यक नियमन तथा अनुगमनको व्यवस्था गरी उचित भाडामा यात्रुलाई स्तरीय सेवा प्रदान गर्नुपर्दछ। हवाई सुरक्षाको दृष्टिले नियमन प्रभावकारी हुनुपर्दछ ।

३१. **हवाई रुट -** अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्नु पूर्व ती विमानस्थलमा आवागमन गर्ने रुट तथा भारतीय सिमानामा प्रवेश तथा प्रस्थान विन्दु निश्चित गर्न जरुरी पर्दछ । नेपालमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल बाहेक पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणाधीन अवस्थामा छ र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल हालै सञ्चालनमा आएको छ। पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निकट भविष्यमा निर्माण सम्पन्न हुने अवस्थामा रहेको देखिन्छ । यी विमानस्थल निर्माण भएपछि सोझो तथा सुरक्षित रुटको आवश्यकता पर्दछ । नेपालबाट बाहिरिने विभिन्न ७ रुटमध्ये सबै रुटबाट विमानले नेपाल प्रवेश गर्न अनुमति पाएको देखिएन । नेपाल सरकार र नेपाल नागरिक उड्डयन प्राधिकरणले नयाँ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्पन्न गर्नु पूर्व अनुमति लिन सकेको देखिएन । गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा पश्चिमतर्फबाट आउने वायुयानले नयाँ रुट पाउन नसकेकोले सिमरा रुट प्रयोग गर्नुपर्दा वायुयानलाई सहज नहुने भई अन्तर्राष्ट्रिय उडानहरू प्रभावित हुने देखिन्छ । अन्तर्राष्ट्रिय हवाई उडान र सुरक्षा सम्बन्धी कानून तथा अभ्यासअनुसार रुटको प्रबन्ध गरी नवनिर्मित विमानस्थलको हवाई सेवालाई व्यवस्थित गर्नुपर्दछ ।

संगठित संस्था तथा समिति

पशुपति क्षेत्र विकास कोष

भगवान श्री पशुपतिनाथको मन्दिर र पावन पाशुपत क्षेत्र प्राचीन कालदेखि विश्वभरका सनातन हिन्दुहरूको श्रद्धा र आस्थाको केन्द्रको रूपमा रहिआएको छ । पशुपति क्षेत्र, जयबागेश्वरी, गौरीघाट, चाबहिल, कुटुम्बहाल, सिफल, गौशाला, पिंगलास्थान र क्लेषमान्तक वन आसपासको २६४ हेक्टर क्षेत्रलाई पशुपति क्षेत्रभित्र राखिएको छ । पशुपति क्षेत्रमा साना ठूला विभिन्न शैलीका मठ मन्दिर, सत्तल, ढुङ्गेधारा, चैत्य, देवालय जस्ता सम्पदा करिब ५०० र शिवलिङ्ग करिब १ हजार रहेका छन् । उक्त क्षेत्रको संरक्षण, सम्भार र विकास गर्न तथा सर्वसाधारण जनताको सदाचार र सुविधा कायम राख्न २०४४ मा कोषको स्थापना भएको हो ।

३२. **वित्तीय स्थिति -** कोषको २०७८ आषाढ मसान्तमा मूल कोष रू.३ अर्ब २० करोड १४ लाख, अक्षय कोष रू.१ अर्ब, मन्दिर सेवा कोष रू.२३ करोड ५४ लाख, घाट सेवा कोष रू.३ करोड ४४ लाख र स्थिर सम्पत्ति रू.१ अर्ब ५४ करोड ४९ लाख रहेको देखिन्छ। यो वर्ष नेपाल सरकारको अनुदान रू.६५ करोड र अन्य आम्दानी रू.२८ करोड १७ लाखसमेत रू.९३ करोड १७ लाख आम्दानी रहेकोमा रू.८४ करोड ३९ लाख खर्च भई रू.८ करोड ७८ लाख बचत रहेको देखिन्छ ।

३३. **आन्तरिक आय -** कोषले यो वर्ष आन्तरिक स्रोतबाट रू.५१ करोड २२ लाख सङ्कलन गर्ने लक्ष्य लिएकोमा रू.२८ करोड १७ लाख १९ हजार मात्र सङ्कलन गरेको छ । पर्यटक सेवा शुल्कतर्फ अनुमानित आय रू.३ करोड ६० लाख रहेकोमा प्रगति शून्य देखिएको छ । त्यसैगरी मन्दिर सेवा आम्दानीतर्फ रू.६ करोड ५३ लाख लक्ष्य रहेकोमा रू.३ करोड २२ लाख मात्र सङ्कलन भएको छ ।

३४. **लेखा प्रणाली** - पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को दफा १९ मा कोषको आय व्ययको लेखा परिषद्ले निर्धारण गरेबमोजिम राखिने उल्लेख छ । यो वर्ष पुँजीगत खर्च, कोष मातहत सञ्चालित वेद विद्याश्रमको सम्पत्ति, दायित्व तथा आय व्यय, श्री पशुपतिनाथ तहबिल कार्यालय, जयबागेश्वरी भण्डार तहबिल कार्यालय र अमालकोट कचहरी कार्यालयबाट असुल गर्न बाँकी कुतलगायतका बक्यौता रकम लिन बाँकी हिसाबमा लेखाङ्कन नगरेकोले कोषको वित्तीय विवरणले आय र व्ययको यथार्थ चित्रण गरेको छैन । कोष स्थापना भएको ३४ वर्षसम्म पनि कोषको सञ्चालक परिषद्ले लेखा नीति, आम्दानी तथा खर्चका शीर्षक, सम्पत्ति, कोषको वर्गीकरण तथा व्याख्यालगायतका लेखा नीति तथा निर्देशिका तयार गरी लागू गरेको छैन ।

३५. **नियमावलीको स्वीकृति** - पशुपति क्षेत्र विकास कोष ऐन,२०४४ को दफा २१(१) मा कोषको प्रयोजनका लागि तयार गरेका नियम नेपाल सरकारबाट स्वीकृत हुनुपर्ने उल्लेख छ। कर्मचारी सेवा, शर्त तथा सुविधासम्बन्धी (तेस्रो संशोधन) नियमावली, २०६५, पशुपति क्षेत्र विकास कोष (मन्दिर तथा पूजा व्यवस्था) नियमावली, २०६८ र पशुपति क्षेत्र विकास कोष आर्थिक प्रशासन(दोस्रो संशोधन) नियमावली,२०४५ मन्त्रालय (मन्त्रीस्तर) बाट स्वीकृत गरी कार्यान्वयनमा रहेको छ। कोषका नियमहरू ऐनको व्यवस्थाबमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत हुनुपर्दछ।

३६. **कोषको जग्गा उपयोग -** पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्ले कोषको घर जग्गाको भाडा निर्धारणको लागि कार्यविधि बनाई आयवृद्धिका कार्यक्रम सञ्चालन गर्न निर्देशन दिएकोमा कार्यविधि स्वीकृत भएको छैन । कोषको नाममा काठमाडौं जिल्ला कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ६ मा रहेको कित्ता नम्बर ५८, ८४ र ८० को ५३४ रोपनी जग्गालाई सतह मिलाई सो जग्गामा रहेको माटो, ढुङ्गा, बालुवा झिकी अन्यत्र बेचविखन गर्न प्रचलित कानूनबमोजिम कार्यविधि तयार गरी कोषले अधिकतम प्रतिफल प्राप्त गर्ने निर्णय गरेकोमा सो कार्यान्वयन नगरेकोले कोषलाई प्राप्त हुनुपर्ने रकम प्राप्त भएको छैन । कोषको स्वामित्वमा रहेका जग्गा अतिक्रमण रोक्ने तथा संरक्षण र उपयोग गर्न कार्य योजना बनाएको देखिँदैन । कोषले आफ्नो स्वामित्वमा रहेका जग्गा तथा अन्य सम्पतिको उचित संरक्षण र उपयोग गर्नुपर्दछ ।

३७. **नीति तथा कार्यक्रम कार्यान्वयन -** पशुपति क्षेत्र विकास कोषको वार्षिक नीति तथा कार्यक्रममा हवाई विभाग र नेपाल आँखा अस्पताल तिलगंगासँग भएको भाडा सम्झौतालाई पुनरावलोकन गर्ने, श्री पशुपतिनाथको विद्युतीय पूजा सञ्चालन गर्ने, पशुपति क्षेत्रमा जात्रा पर्वलाई व्यवस्थित गर्ने, जात्रा पर्व

नियमित सञ्चालन गर्न कोष स्थापना गर्ने, श्री पशुपतिनाथको मन्दिर परिसरमा रहेका नवग्रह, हनुमान र शीतलामाईलगायतका मन्दिरहरूको पूजाको कार्यविधि तयार गरी लागू गर्ने, श्री पशुपतिनाथको महाप्रसाद तयार गरी बिक्री वितरणको व्यवस्था गर्ने, पशुपति गौशाला धर्मशाला सम्झौताको पुनरावलोकन गर्ने, सिफलस्थित घ्याम्पे पाटीमा बटुवालाई निःशुल्क पानी खुवाउने लगायतका नीति तथा कार्यक्रम कार्यान्वयन भएको देखिएन ।घोषित वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

३८. **गुठीको बक्यौता -** पशुपति क्षेत्र विकास कोष ऐन,२०४४ ले पशुपति क्षेत्र विकास कोषअन्तर्गत रहेका गुठीको अद्यावधिक अभिलेख कायम गर्न २०७८।९।५ को सदस्य सचिवस्तरको निर्णयबाट गठित समितिको प्रतिवेदनअनुसार २०७८।१२।३० सम्मको गुठीको बक्यौता स्थिति देहायअनुसार छः

(रू.हजारमा)

क्र.सं.	गुठीको नाम	क्षेत्रफल (व.मि.)	मोही संख्या	कित्ता संख्या	वार्षिक कुत रकम	२०७८ चैत्र सम्मको कुत बक्यौता रकम
१.	श्री पशुपतिनाथ भण्डार तहबिल गुठी	८९४८२८	३६४५	४९६४	४५२५	११९२६
२.	श्री पशुपतिनाथ अमालकोट कचहरी गुठी	४६६३२८	२२७२	३०७६	१८२४	४२३६
३.	श्री पशुपतिनाथ जय वागेश्वरी भण्डार तहबिल कार्यालय	२५१०२०	११०७	१९१७	११६५	१८८९
	जम्मा	**१६१२१७६**	**७०२४**	**९९५७**	**७५१४**	**१८०५१**

उल्लिखित विवरणबाट पशुपतिअन्तर्गतका ३ गुठीबाट प्रत्येक वर्ष जग्गाको तिरो रू.७५ लाख १४ हजार असुल हुनुपर्नेमा यो वर्ष र विगतको समेत रू.१ करोड ८० लाख ५१ हजार बक्यौता रहेको देखियो। बक्यौता रकम जरिवाना सहित असुल हुनुपर्दछ ।

३९. **गुठी जग्गाको लगत -** पशुपति क्षेत्र विकास कोषका तत्कालीन कोषाध्यक्षको संयोजकत्वमा गठित समितिले पेस गरेको पशुपति गुठी जग्गा तथा सम्पत्ति प्रतिवेदन, २०७५ अनुसार श्री पशुपतिनाथ गुठीतर्फ अमालकोट, पशुपति भण्डार तहबिल र जयबागेश्वरी भण्डार तहबिलसमेतको ५ हजार ६० रोपनी गुठी जग्गा रहेकोमा २३१ रोपनी १० आना १ पैसा जग्गा दर्ता हुन बाँकी रहेको छ। त्रिभुवन विमानस्थलले सम्झौताबमोजिम १ हजार १६१ रोपनी १४ आना ३ पैसा जग्गा प्रयोग गरिरहेको छ। त्यसैगरी पशुपति क्षेत्रभित्रका मन्दिर, देवालय, शिवालय तथा विभिन्न गुठीको १० हजार १९ रोपनी १५ आना १ पैसा र श्रीपशुपतिनाथको महास्नान पोता गुठीको १ हजार २४१ रोपनी १ आना २ पैसा समेत गुठी संस्थान मातहत कुल ११ हजार २६२ रोपनी ३ आना १ पैसा जग्गा रहेको छ। पशुपति क्षेत्रभित्र गुठी संस्थान अन्तर्गत सञ्चालन र व्यवस्थापन हुँदै आएका राजगुठीहरूको सङ्ख्या करिब १९५ रहेको जनाए तापनि श्रीपशुपतिनाथ र यस क्षेत्रका मठ मन्दिर, पूजाआजा, पर्व एवं जात्रा आदिसँग सम्बन्धित राजगुठी, छुट गुठी र निजी गुठीसमेतका सम्पूर्ण गुठी जग्गाको यथार्थ र अद्यावधिक लगत अभिलेख कोषले तयार गरेको देखिएन । कोषद्वारा श्रीपशुपतिनाथ र यस क्षेत्रका गुठी तथा जग्गाको अद्यावधिक लगत अभिलेख कायम गर्नुपर्दछ ।

४०. **डिस्प्ले भाडा** - भ्रमण वर्ष २०२० को लागि हंशमण्डप उत्तरतर्फ शिवताण्डव र भ्रमण वर्षको लोगो १२० वर्गफुटको एल.ई.डी. डिस्प्ले एक वर्षको लागि भाडामा लिने कार्यको लागि कोषले एक आपूर्तकसँग २०७६।१२।७ मा रू.४२ लाख ७४ हजारको सम्झौता गरेको छ। सूचनामा उक्त डिस्प्ले बोर्ड खरिद गर्ने उल्लेख भएकोमा भाडामा उपलब्ध गराउने सम्झौता गरी यो वर्षसम्म रू.२१ लाख ३७ हजार भुक्तानी गरेको छ । स्थलगत निरीक्षण गर्दा उक्त डिस्प्ले बोर्ड चालु अवस्थामा रहेको

छैन । यसप्रकारको डीस्प्लेको हाल बजार दर प्रति वर्गफुट रू.८ हजारदेखि रू.१२ हजारसम्म पर्ने देखिँदा अधिकतम मूल्य रू.१४ लाख ४० हजारमात्र पर्ने देखिन्छ । सामान खरिद गर्दा पर्ने मूल्यभन्दा अत्यधिक बढी मूल्य तिर्ने गरी भाडामा लिएको औचित्यपूर्ण देखिएन । सामान खरिदको बोलपत्र आव्हान गरी भाडामा उपलब्ध गराउन सम्झौता गर्ने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

४१. **धर्मशाला सञ्चालन -** पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को दफा १० मा कोष सञ्चालक परिषद्ले कोष मातहतको घर जग्गासम्बन्धी भाडा निर्धारण गर्ने व्यवस्था छ । कोष मातहत रहेका धर्मशालाको सञ्चालन अवस्था देहायबमोजिम छः

४१.१. कोषले नेपाल भारत मैत्री पशुपति धर्मशाला सञ्चालन गर्न एक कम्पनीसँग २०७६।१।३० मा १५ वर्षको लागि वार्षिक रू.१ करोड ५ लाख ४२ हजार भाडा लिने गरी सम्झौता गरेको छ। धर्मशाला भाडामा लगाउँदा गरेको सम्झौता प्रचलित कानूनबमोजिम भए नभएको सम्बन्धमा २०७८।९।२३ मा गठित छानबिन समितिले २०७८।१०।३ मा पेस गरेको प्रतिवेदनअनुसार ६० कोठामा ३९९ बेड हुनुपर्नेमा ७४ कोठामा १५० बेड मात्र रहेकोले सम्झौता विपरीत धर्मशाला सञ्चालन गरेको जनाई सञ्चालक परिषद्बाट मिति २०७८।१०।११ मा सम्झौता खारेज गरेको छ । धर्मशाला सञ्चालन गर्न कार्यविधि तयार नगरेको, तत्कालीन पदाधिकारीहरूले कानूनबमोजिम गर्नुपर्ने काम नगरेको र धर्मशाला सञ्चालनको क्रममा अनुगमन गरेको देखिएन । धर्मशाला सञ्चालन गर्ने निर्णय खारेज गरेपछि कोषलाई वर्षेनि प्राप्त हुने न्यूनतम रू.१ करोड ५ लाख आयसमेत प्राप्त हुने देखिँदैन ।

४१.२. पशुपति क्षेत्र परिसरको वनकाली स्थित धर्मशाला वार्षिक रू.३० लाख १९ हजार भाडा बुझाउने गरी एक परामर्शदातासँग २०६८।९।२२ मा ५ वर्षको लागि सम्झौता गरेकोमा सम्झौता अवधि २०७३।९।२१ मा समाप्त भए पश्चात २०७१ वैशाख देखि २०७३।९।२१ सम्मको भाडा रू.८३ लाख ७९ हजार असुल भएको छैन । हाल धर्मशाला सञ्चालनमा रहेको र सम्झौताअनुसारको भाडा प्राप्त नभएकोले सम्झौताअनुसार लाग्ने जरिवाना सहित असुल हुनुपर्दछ।

४१.३. कोषको सञ्चालक परिषद्को २०६०।२।९ को निर्णयअनुसार एक सेवा प्रदायक संस्थालाई गौशाला धर्मशाला सञ्चालनको लागि अवधि उल्लेख नगरी वार्षिक रू.५१ हजारमा ९ रोपनी ९ आना २ पैसा जग्गा प्रयोग गर्न दिने सम्झौता भएको देखिन्छ । प्रचलित बजारदरको आधारमा न्यूनतम भाडादर कायम गरी अद्यावधिक गर्नुपर्नेमा अवधि नखुलाई सरकारी दररेट भन्दा पनि न्यून दरमा भाडामा दिएको र सोमा संरचना निर्माण गरी समितिले व्यावसायिक प्रयोजनमा प्रयोग गरेको छ। सरकारी दररेटभन्दा घटी नहुने गरी प्रयोग अवधि खुलाई सम्झौता पुनरावलोकन हुनुपर्दछ।

४१.४. पशुपति क्षेत्रको बी-१३ ब्लकमा रहेको जग्गा अधिग्रहण गरी २०७३ सालमा मुआब्जा भुक्तानी गरिसके तापनि कोषले सम्झौता मुताविक गोठाटारको जग्गामा प्लानिङ्ग गरी स्थानान्तरण नगरेकोले एक व्यक्तिले धर्मशालाको नामबाट व्यवसाय गरिरहेको अवस्था छ।

अतः सम्झौताबमोजिम कार्य नगर्ने पक्षलाई कानूनी कारवाही गरी बक्यौता रकम असुल गर्नुपर्ने तथा सम्झौता पालना नगर्दा कोषलाई भएको क्षति यकिन गरी सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

४२. **सुनको जलहरी निर्माण** - पशुपति शिवलिङ्गको गर्भगृहलाई पूर्ण रूपमा ढाक्ने गरी राखिने सुनको जलहरी निर्माण कार्यको लागि यो वर्ष नेपाल राष्ट्र बैङ्कबाट १०३ किलो ७७३ ग्राम सुन रू.८० करोड ११ हजारमा खरिद गरेको छ । विभिन्न शुद्धताको प्रतिशत रहेको सुनमा अन्य धातु र रसायनको मिश्रण तामा २ किलो ८९० ग्राम, चाँदी १ किलो २४९ ग्राम, जिङ्क १२.७५ ग्रामसमेत प्रयोग गरी १०७ किलो ९२४.७५ ग्राम सुन कायम भएको उल्लेख छ।

निर्मित जलहरी, जलधारा, नाग, नागमूर्ति, सुनको किलालगायतमा प्रयोग भएको सुनको तौल ९६ किलो ८२२ ग्राम रहेको र बाँकी रहेको सुन १० किलो ९७६ ग्रामको रिङ्ग बनाई जलहरीमा लगाएको उल्लेख छ। रिङ्ग बनाउन प्रयोग भएको सुनको मूल्य रू.७ करोड ८६ लाख ४६ हजार रहेको छ । जलहरी बनाएर बाँकी रहेको सो सुनको सम्पूर्ण परिमाण रिङ्ग बनाउने कार्यमा प्रयोग भएको पुष्टि हुने विवरण पेस गरेको छैन ।

४३. **जलहरी निर्माणको ज्याला खर्च** - पशुपति क्षेत्र विकास कोष आर्थिक प्रशासन (दोस्रो संशोधन २०६२) नियमावली, २०४५ नियम ३.४.१.१ अनुसार दाताहरूबाट प्राप्त चन्दा अनुदान भेटीघाटीलगायतको सम्पूर्ण रकम कोषको केन्द्रीय खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । सञ्चालक परिषद्को २०७७।१०।१४ को बैठकले सुनको जलहरी निर्माण कार्यको लागि आवश्यक ज्याला दातामार्फत् सोझै कालीगढलाई भुक्तानी गर्ने व्यवस्था मिलाउने निर्णय भएको देखिन्छ । सुनको खरिद कार्य रू.८० करोड ११ हजारमा भएको देखिन्छ । सो जलहरी निर्माण कार्यको लागि दाताबाट व्यहोरेको रकमको हिसाब लेखाङ्कन गरेको छैन । पाटन औद्योगिक क्षेत्रको एक रोलिङ्ग मिल्समार्फत् उक्त निर्माण कार्य गराएकोमा मिल्ससँग भएको सम्झौता र संलग्न १३ जना कालीगढलाई भुक्तानी भएको विवरण पेस गरेको छैन । सबै प्रकारका आम्दानी र खर्चको विवरण कोषबाट नै लेखाङ्कन हुनुपर्नेमा परिषद्ले दातामार्फत् ज्याला सोझै भुक्तानी गर्ने व्यवस्था उल्लेख गरेकोले दाताबाट प्राप्त नगद एवं जिन्सी आम्दानी खर्चको लेखाङ्कन नभएकोले जलहरी निर्माण कार्यमा भएको खर्चको यथार्थ अवस्था यकिन हुन सकेन । सो रकम यकिन गरी कोषको खातामा आम्दानी बाँधिनुपर्दछ । नियमावलीअनुसार प्राप्त चन्दा अनुदान भेटीघाटीलगायतको सम्पूर्ण रकम कोषको केन्द्रीय खातामा जम्मा गर्ने व्यवस्था गरिनुपर्दछ ।

४४. **पुनर्निर्माण** - पशुपति क्षेत्रमा रहेका १०५ स्मारकमध्ये २०७२ को भूकम्पका कारण करिब ३० पूर्ण रूपमा र ७५ मा आंशिक क्षति पुगेको देखिन्छ। सोमध्ये ५५ स्मारकको पुनर्निर्माण कार्य सम्पन्न भए तापनि विश्वरूप मन्दिर तथा सत्तल, बज्रघर सत्तल, भुवनेश्वरी मन्दिर, जितजङ प्रकाशेश्वर सत्तल, पञ्चदेवल सत्तल तथा देवालयलगायतका स्मारकको पुनर्निर्माण बाँकी रहेको देखिन्छ। पाशुपत क्षेत्रको प्राचीनतालाई कायम राख्दै सम्पदाको पुनर्निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

४५. **जिन्सी, द्रव्य भेटी, दान** - पशुपति क्षेत्र विकास कोष मन्दिर तथा पूजा व्यवस्था नियमावली, २०६८ को नियम ७७ बमोजिम कुनै व्यक्तिले श्री पशुपतिनाथको मन्दिर तथा मन्दिर प्राङ्गणभित्र रहेका अन्य मठमन्दिरमा सुन चाँदीजस्ता बहुमूल्य धातु र त्यस्ता धातुले बनेका सामान वा भाँडाकुँडा वा वस्त्र लगायत अन्य जिन्सी सामान चढाउन चाहेमा कोषमा दर्ता गरेर मात्र चढाउनु पर्ने व्यवस्था छ। सुन चाँदीजस्ता बहुमूल्य धातु र त्यस्ता धातुले बनेका सामान कोषमा दर्ता नगरी चढाउने गरेकोले आन्तरिक नियन्त्रण कमजोर देखिन्छ । जिन्सी भेटीमा चढाइएका सुन, चाँदीजस्ता धातुहरूको मूल्याङ्कन गरी वासलातमा समावेश गरिनुपर्दछ । मन्दिरमा उठेको भेटी गणना स्थलमा भएको सीसीटीभी क्यामेराको नियन्त्रण

समितिसँग नरहेकोले भेटी गणना कार्यको सीसीटीभीको नियन्त्रण पशुपति क्षेत्र विकास कोषमा ल्याई दैनिक आम्दानी रकम डिजिटल बोर्डमा प्रकाशित गर्नुपर्दछ ।

४६. **पूजा सामग्री तथा पसल** - पशुपति क्षेत्र विकास कोष मन्दिर तथा पूजा व्यवस्था नियमावली, २०६८ को नियम ८५(१) मा श्री पशुपतिनाथको क्षेत्रभित्र पूजा सामग्रीको व्यापार गर्न चाहने कुनै व्यक्ति वा संस्थाले कोषबाट अनुमति लिने र नवीकरण गर्नुपर्ने व्यवस्था छ । कोषको जग्गामा रहेको २४ विविध सामग्री बेच्ने पसल र १४८ फूल पसलको सम्झौता अवधि समाप्त भए तापनि नवीकरण तथा पुनः सम्झौता भएको देखिदैन । उक्त पसलहरूबाट रू.१ करोड २२ लाख ४३ हजार भाडा असुल गर्न बाँकी रहेको छ । नियमावलीबमोजिम पसल सञ्चालन गर्ने व्यवस्था मिलाई बक्यौता भाडा असुल गर्नुपर्दछ । पशुपति परिसरमा उपहार तथा फूल पसल सञ्चालन गर्न २०७५।२।१३ मा रू.५ करोड ७८ लाख ९० हजार लागत रहेको ६२ पसल कवलसहितको भवन निर्माण सम्पन्न भएकोमा हालसम्म पनि प्रयोगमा ल्याएको देखिएन । यस सम्बन्धमा विगतमा औँल्याइएको व्यहोरासमेत कार्यान्वयन भएको छैन । निर्मित भवन यथाशीघ्र उपयोगमा ल्याउनुपर्दछ ।

४७. **क्याफे सञ्चालन** - तिलगंगा धर्मशालामा सञ्चालित एक क्याफेसँग २०७२।४।३२ मा भाडा सम्झौता भएकोमा क्याफे सञ्चालकले कोषको स्वीकृति बेगर निर्माण गरेको संरचनाको लागत कोषलाई तिर्नुपर्ने भाडामा मिलान गर्न दाबी गरेपश्चात् कोष र क्याफेबीच विवाद रहेको देखिन्छ । विवाद सिर्जना भएको ६ वर्षसम्म पनि विवाद नटुंगिएको तथा सम्झौताको शर्तबमोजिम कोष व्यवस्थापनबाट निर्णय गरी भाडा असुल नगरेको र सम्झौता रद्द गरेको समेत देखिएन । उपर्युक्त स्थितिले वर्षेनी बक्यौता बढ्दै गई यस वर्षसम्म रू.८६ लाख ८० हजार पुगेको छ । विवाद समाधान गरी बक्यौता रकम असुल गर्नुपर्दछ।

४८. **पेश्की फर्स्यौंट** - पशुपति क्षेत्र विकास कोष आर्थिक प्रशासन नियमावली, २०४५ (दोश्रो संशोधन २०६२) को नियम ५७.२ मा पेश्की लिने कर्मचारीले म्यादभित्र फर्स्यौंट नगरेमा बाँकी पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले ब्याजसमेत असुल उपर गरिने व्यवस्था छ । कोषबाट प्राप्त विवरणअनुसार यस वर्षसम्म रू.१ करोड ४५ लाख ५६ हजार पेश्की बाँकीमध्ये २०६१।६२ देखि २३ कर्मचारीको कार्य सञ्चालन पेश्की रू.१ करोड १२ लाख ६२ हजार रहेको छ। उक्त पेश्की रकममा नियमानुसार १० प्रतिशतले हुने रू.३२ लाख ३ हजार ब्याज गणना गरी फर्स्यौंट तथा असुल हुनुपर्दछ।

लुम्बिनी विकास कोष

भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीलाई विश्व शान्तिको मुहान, संसारका बौद्धमार्गी एवं शान्ति प्रेमी मानिसहरूको आस्थाको केन्द्रको रूपमा विकास गर्ने लक्ष्य र आदर्शलाई बढी प्रभावकारी बनाउन, लुम्बिनी विकास योजनालाई समन्वयात्मक र सुचारु रूपले सञ्चालन गर्न लुम्बिनी विकास कोष ऐन, २०४२ बमोजिम कोषको स्थापना भएको हो। लुम्बिनी क्षेत्रको योजनाबद्ध विकासको लागि तयार भएको गुरु योजनाअनुसार ३ वर्गमाइल क्षेत्रलाई पवित्र उद्यान क्षेत्र, विहार क्षेत्र र नयाँ लुम्बिनी ग्रामको अवधारणाअनुसार योजना सञ्चालन हुँदै आएको छ।

४९. **वित्तीय स्थिति** - नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान रू.७० करोड ३८ लाखसमेत कुल आय रू.१ अर्ब २९ करोड ८४ लाखमध्ये रू.६८ करोड ५४ लाख खर्च भइ रू.६१ करोड ३० लाख बचत

रहेको छ । उक्त बचत मध्ये खर्च नभई बाँकी रहेको नेपाल सरकार तर्फको सशर्त अनुदान रू.३ करोड ९३ लाख संघीय सञ्चित कोषमा फिर्ता गर्दा खुद बचत रू.५७ करोड ३८ लाख हुने देखिन्छ।

५०. **जग्गा लगत -** लुम्बिनी विकास कोषको नाममा कपिलवस्तु, रूपन्देही र नवलपरासीका ७ स्थानमा जग्गा रहेकोमा सोको अभिलेख व्यवस्थित गरेको छैन। उक्त स्थानमा रहेको जग्गाको संरक्षण तथा उपयोग सम्बन्धमा आवश्यक नीति तयार गरेको देखिँदैन। कोषको नाममा रहेको जग्गाको एकीकृत विवरण बनाई संरक्षण र उपयोग गर्नुपर्दछ।

५१. **लुम्बिनी गुरुयोजना -** नेपाल सरकारको २०७७।७८ को नीति तथा कार्यक्रममा मुलुकको विशिष्ट संस्कृतिको संरक्षणमा ध्यान दिँदै विश्व सम्पदा सूचीमा रहेका सम्पदाहरूको संरक्षण र विकास गर्न तिलौराकोट, लुम्बिनी, देवदह र रामग्राम क्षेत्रलाई समेटी वृहत्त र लुम्बिनी एकीकृत विकास गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गरिने उल्लेख छ। गुरुयोजनाअनुसार यस वर्षसम्म भौतिकतर्फको निर्माण कार्यमा ८६ प्रतिशत प्रगति देखिएको छ । गुरुयोजनाअन्तर्गतका क्रियाकलापमा यो वर्षसम्म रू.६ अर्ब २० करोड खर्च भएको र बाँकी रहेका पूर्वाधारहरूको निर्माण गर्न रू.६ अर्ब थप लागत लाग्ने उल्लेख गरेकोमा स्रोत सुनिश्चितता भएको छैन । गुरुयोजना कार्यान्वयन गर्ने एकीकृत कार्ययोजना तयार गरेको छैन। वृहत्तर लुम्बिनी विकास योजनाअनुसार एकीकृत कार्ययोजना तर्जुमा गरी स्रोतको सुनिश्चितता हुनुपर्दछ।

५२. **पर्यटकीय गन्तव्य -** पर्यटन बजारमा लुम्बिनी क्षेत्रलाई आकर्षक पर्यटकीय गन्तव्यको रूपमा पूर्ण रूपले स्थापित गर्नु, पर्यटकीय सेवा सुविधाको गुणस्तर वृद्धि गर्नु, लुम्बिनीमा पर्यटकको खर्च र बसाइ अवधि वृद्धि गर्नु, पर्यटनसँग सम्बन्धित पूर्वाधारको विकास गरी पर्यटकीय उपजहरूको सिर्जना गर्नु, नयाँ स्थलको पहिचान र विविधीकरण गर्नु, पर्यटन पूर्वाधार र संस्कृतिमा निजी क्षेत्रको आर्कषण बढाउनु, लुम्बिनी क्षेत्र भित्र देखा परेका वातावरणीय जोखिमको न्यूनीकरण गर्ने लगायतका विषयहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेका छैनन् । ग्रामीण पर्यटन, नजिकैका ताल तलैयाको सौन्दर्यीकरण, पर्यटकीय विभिन्न गतिविधिको सञ्चालन, ध्यान, खोज अनुसन्धान क्षेत्रको दायरा वृद्धि, रात्रिकालीन आरती, बुद्धको विशाल मूर्ति निर्माण, वातावरणअनुकूल सवारी सञ्चालन, पर्यटक भुलाउने खेल तथा मनोरञ्जनलगायतबाट पर्यटकको बसाइ अवधिलाई लम्ब्याई आयमा वृद्धि हुने देखिँदा कार्यहरूको प्राथमिकिकरण गर्दै नतिजामूलक र प्रभावकारी रूपमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

५३. **धरौटी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को निमय ६९ मा धरौटी रकम अन्य कामको निमित्त खर्च गर्न नहुने प्रावधान छ । कार्यालयले गत वर्ष आन्तरिक मौज्दातले कर्मचारीलाई तलब भत्ता भुक्तानी गर्न अपुग भएको जनाई धरौटी खाताबाट रू.५ करोड ५० लाख आन्तरिक खातामा ट्रान्सफर गरी खर्च लेखेकोमा धरौटी खाताको रकम फिर्ता गरेको देखिएन। आन्तरिक आयबाट प्राप्त हुने रकम असुल नगरी धरौटी खाताबाट सापटी लिई खर्च गर्ने कार्य कानूनसम्मत् देखिँदैन।

५४. **परामर्श सेवा -** लुम्बिनी विकास गुरुयोजनाबमोजिम निर्माण हुने संरचनाहरूको ड्रइङ डिजाइन गरी लागत अनुमान तर्जुमा गर्ने, निर्माण कार्यको अनुगमन र सुपरिवेक्षण गर्ने कार्यदिशसहित एक परामर्शदातासँग १० डिसेम्बर २०१९ मा रू.२३ करोड ६ लाख ४२ हजारको सम्झौता भई ३२ महिना कार्यावधि रहेको देखिन्छ । परामर्शदातालाई यो वर्ष रू.२ करोड २९ लाख ८५ हजारसमेत हालसम्म रू.७

करोड १५ लाख १९ हजार भुक्तानी भएको छ। समयमा आधारित उक्त सम्झौताको अनुसूचीअनुसारको कार्य विवरण पुरा गर्नको लागि तोकिएको जनशक्ति परिचालन गरी पारिश्रमिक भुक्तानी गर्नुपर्ने उल्लेख छ। सम्झौताअनुसार ३ जुन, २०२० देखि ३० जून २०२१ सम्म अर्थात् १२ महिना २८ दिन पूरै अवधिमा कार्य गरेको भनी अधिकांश जनशक्तिको पारिश्रमिक भुक्तानी दिएको छ भने केही विज्ञ तथा अन्य जनशक्तिको १३ महिना १० दिनसम्मको पारिश्रमिक भुक्तानी भएको छ । उक्त अवधिमा कोभिड-१९ को कारण पटक पटक बन्दाबन्दी भएको र सोही व्यहोरा उल्लेख गरी कतिपय निर्माण व्यवसायीलाई कोषबाट ठेक्काको म्याद थप समेत गरेकोमा परामर्शदाताका अधिकांश जनशक्ति कुनै दिन बिदासमेत बसेको नजनाई पटक-पटक लामो अवधिको बन्दाबन्दीमा समेत १०० प्रतिशत देखि ११० प्रतिशतसम्मको अवधि कार्य गरेको देखाई भुक्तानी दिएको विश्वसनीय देखिएन । परामर्शदातालाई यो वर्ष पारिश्रमिकबापत रू.१ करोड ८८ लाख ९२ हजार भुक्तानी गरेकोमा यथार्थ कार्य गरेको अवधि यकिन गरी बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ ।

नेपाल नागरिक उड्डयन प्राधिकरण

नेपालमा नागरिक उड्डयनको विकास, विस्तार तथा नियमन गर्न र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाइ सम्पर्कको लागि हवाइ उड्डयन, सञ्चार, पथ प्रदर्शन र हवाइ सेवा, परिवहन सेवा सञ्चालन सुरक्षित, नियमित, स्तरीय र प्रभावकारी बनाउन नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ अनुसार २०५५।९।१६ मा प्राधिकरणको स्थापना भएको हो ।

५५. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** प्राधिकरणको २०७८ आषाढ मसान्तको शेयर पुँजी रू.५७ अर्ब ४१ करोड ९८ लाख, जगेडा तथा सञ्चित नाफा रू.१ खर्ब ४७ अर्ब १२ करोड र दायित्व रू.३० अर्ब ८७ करोड ९१ लाख रहेको छ । जम्मा सम्पति रू.२ खर्ब ३५ अर्ब ४२ करोड रहेको छ । गत वर्षको नाफा रू.२ अर्ब २४ करोड ३९ लाख रहेकोमा यो वर्ष रू.१ अर्ब २४ करोड ८३ लाख रहेको छ । यो वर्षसम्मको सञ्चित नाफा रू.१६ अर्ब ७५ करोड ७४ लाख पुगेको छ।

५६. **वित्तीय प्रतिवेदनमान -** नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ मा प्राधिकरणको लेखा समितिबाट स्वीकृत ढाँचा र तरिका बमोजिम राखिने व्यवस्था छ । प्राधिकरणले नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्न एक परामर्शदाताको सेवा लिए पनि प्रतिवेदनमानको आधारमा तयार गरेको छैन । स्थिर सम्पत्ति व्यवस्थापन निर्देशिका, २०७५ मा प्राधिकरणले सम्पत्ति, मेसिनरी तथा उपकरणको वार्षिक भौतिक परीक्षण, अनुगमन र मूल्याङ्कन गरी अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । प्राधिकरणले आफ्नो नाममा रहेको जग्गाको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । प्राधिकरणले वित्तीय प्रतिवेदनमानको पालना र सम्पत्ति, मेसिनरी तथा उपकरणको अभिलेख अद्यावधिक नगरेकोले प्राधिकरणको सम्पत्ति यकिन गर्न सकिने अवस्था छैन ।

५७. **मार्गस्थ नगद** - मार्गस्थ नगद गत वर्ष रू.१ अर्ब १७ करोड ६१ लाख रहेकोमा यो वर्ष रू.७० करोड ९४ लाख रहेको देखिन्छ । वर्षान्तमा नागरिक उड्डयन कार्यालयहरूबाट प्रधान कार्यालयमा ट्रान्सफर भएको रकममध्ये मूल कोषमा जम्मा हुन बाँकी रकम मात्र मार्गस्थ नगदमा समावेश गर्नुपर्नेमा यस वर्ष तथा विगतका वर्षहरूमा हिसाब मिलान हुन नसकेको रकमहरू पनि समावेश भएको देखिन्छ । हिसाब नमिलेको रकम यकिन गरी फरफारक गर्नुपर्दछ ।

५८. **सम्पत्ति व्यवस्थापन -** प्राधिकरणको स्थिर सम्पत्ति व्यवस्थापन निर्देशिका, २०७५ मा प्राधिकरणले सम्पत्ति, मेसिनरी तथा उपकरणको वार्षिक भौतिक परीक्षण, अनुगमन र मूल्याङ्कन गरी अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । सोही अनुरूप प्राधिकरणले सम्पत्तिहरूको भौतिक परीक्षण तथा मूल्याङ्कनको लागि टेन्डर आह्वान गरे तापनि सो कार्य पूरा नभएकोले २०७७।७८ को अन्त्यमा प्राधिकरणको स्वामित्व तथा नियन्त्रणमा रहेको सम्पत्ति, मेसिनरी तथा उपकरणको विवरण अद्यावधिक नगरेकोले सम्पत्तिको कुल मूल्य यकिन हुन सकेको छैन । विभिन्न विमानस्थलहरू निर्माण गर्न जग्गा अधिग्रहण गरी मुआब्जा समेत वितरण भइसकेका जग्गाहरूको जग्गाधनी दर्ता प्रमाणपत्र प्राप्त भएपश्चात् लगत कट्टा गरेको र प्राप्त हुन बाँकीको अद्यावधिक अभिलेख राखेको छैन । विमानस्थल क्षेत्र भन्दा बाहिर प्राधिकरणको नाममा रहेको, जग्गा र सोको उपयोग सम्बन्धमा खुलाएको देखिँदैन । प्राधिकरणले सम्पत्ति व्यवस्थापन प्रभावकारी बनाउनुपर्दछ ।

प्राधिकरणको काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालय लगायत मुलुकका विभिन्न जिल्लामा ५४ विमानस्थलमध्ये ३५ सञ्चालनमा रहेका र बाँकी १९ विमानस्थलहरू सञ्चालनमा रहेका छैनन् । सञ्चालनमा नभएका विमानस्थलहरू भविष्यमा सञ्चालनमा आउने वा नआउने सम्बन्धमा अध्ययन गरी सो विमानस्थलहरूको जग्गा, भवन तथा अन्य सम्पत्तिहरूको उचित व्यवस्थापन गर्नुपर्दछ।

५९. **एयरलाइन्स नियमन** - नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ तथा नियमावली, २०५८ अनुसार हवाई उडान अनुमति प्रदान गर्ने, वायुयान दर्ता गर्ने, राज्य भित्र उडान गर्न पाउने अवस्था र उडान तोक्ने, हवाई उडान सूचना र सचेत गर्ने, हवाई उडान नियन्त्रण र पथप्रदर्शन सेवा लगायतका कार्यको नियमन गरी प्राधिकरणले ३९ वायुसेवा कम्पनीलाई ३१ अन्तर्राष्ट्रिय तथा ३५ आन्तरिक गन्तव्यमा हवाई सेवा प्रदान गर्ने स्वीकृति दिएको प्राधिकरणको वार्षिक प्रतिवेदन, २०२०।२१ बाट देखिन्छ । हवाई सुरक्षण व्यवस्था प्रभावकारी नभएकोले हवाई सेवा प्रारम्भ भएदेखि हालसम्म नेपालमा दर्ता भएकामध्ये ५९ वायुयान, ३६ हेलिकोप्टर र ३ अल्ट्रालाईट तथा नेपाल बाहिर दर्ता भएका मध्ये ९ वायुयान समेत १०७ दुर्घटनामा क्रमशः ३८२, ८५, ३७३ र ५ समेत ८४५ व्यक्तिको मृत्यु भएको हवाई सुरक्षा प्रतिवेदन, २०२१ मा उल्लेख छ । हवाई दुर्घटना सम्बन्धमा विभिन्न छानबिन समितिले दिएका निर्देशनलाई हवाई सुरक्षाको क्षेत्रमा कार्यान्वयन गरेको अभिलेख व्यवस्थित देखिएन । हवाई सेवालाई सुरक्षित र भरपर्दो बनाउनुपर्दछ ।

६०. **बक्यौता असुली -** प्राधिकरणको सेवा शुल्क नियमावली, २०६७ मा सेवा शुल्क, भाडा, रोयल्टी वा अन्य आम्दानी सेवा प्रदायकले समयमा नै प्राधिकरणलाई बुझाउनु पर्ने व्यवस्था छ । विभिन्न एयरलाइन्स, सरकारी तथा गैरसरकारी संस्थाहरूबाट प्राप्त हुन बाँकी रहेको रकम गत वर्ष रू.२ अर्ब ३७ करोड ९१ लाख रहेकोमा यो वर्ष रू.२ अर्ब २२ करोड २१ लाख रहेको छ । जसमध्ये ६ महिना भन्दा पुरानो असुल हुन बाँकी रू.१ अर्ब ६० करोड ४५ लाखलाई शंकास्पद असामीको रूपमा शत प्रतिशत व्यवस्था गरी लेखाङ्कन गरेको छ । साविकदेखि विभिन्न एयरलाइन्सहरू तथा अन्य निकायहरूबाट प्राप्त हुन बाँकी रकमको समर्थन नलिएको साथै हाल ३० वटा एयरलाइन्सको कारोबार बन्द भई अस्तित्वमा रहेका छैनन् । बक्यौता असुल गर्न प्राधिकरणले आवश्यक लक्ष्य निर्धारण गरी सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

६१. **विमानस्थल निर्माण मापदण्ड -** हवाई नीति, २०६३ अनुसार निकटस्थ विमानस्थलबाट प्रस्तावित विमानस्थलको दुरी हिमाली र पहाडी क्षेत्रमा साधारणतया कम्तीमा २० नटिकल माइल र तराई तथा भित्री मधेशमा कम्तीमा ४० नटिकल माइलको हुनुपर्नेमा सञ्चालनमा नरहेका १३ विमानस्थलहरू सो मापदण्डअनुसार निर्माण भएका छैनन् । प्राधिकरणले पुराना विमानस्थल मर्मतको अतिरिक्त हाल नयाँ विमानस्थल निर्माण कार्यलाई पनि तीव्रता दिएको देखिन्छ । देशभर ५४ विमानस्थल रहेकोमा ३५ सञ्चालनमा रहेका र १९ सञ्चालनमा रहेका छैनन् । सञ्चालनमा रहेका विमानस्थलहरूमा पनि पर्याप्त उडान भएका छैनन् । छोटो दुरीमा निर्माण भएका केही विमानस्थलहरू सञ्चालन पछि पनि सडक यातायातको सहजताले पूर्ण क्षमतामा सञ्चालन हुने देखिँदैन । मापदण्डले तोकेअनुसार सञ्चालन हुने गरी मात्र विमानस्थल निर्माण गर्नुपर्दछ ।

६२. **ऋण हिसाब -** अर्थ मन्त्रालयद्वारा प्रकाशित सार्वजनिक संस्थानहरूको वार्षिक स्थिति समीक्षा, २०७९ र प्राधिकरणको वित्तीय विवरण अनुसार नेपाल सरकारलाई तिर्न बाँकी ऋणमा रू.६६ करोड ३० लाखको फरक देखिएको छ । नेपाल सरकारलाई तिर्नुपर्ने ऋण रकम ऋण व्यवस्थापन कार्यालयसँग समन्वय गरी समायोजन गर्नुपर्ने देखिन्छ ।

६३. **बैङ्क हिसाब मिलान -** प्राधिकरणको अभिलेखअनुसार बैङ्क मौज्दात रू.६१ करोड २४ लाख रहेकोमा बैङ्क विवरणअनुसार रू.१ अर्ब ६ लाख भई रू.३८ करोड ८२ लाख फरक देखिएको छ। सम्पूर्ण कारोबारको बैङ्क हिसाब मिलान विवरण तयार गरी प्राधिकरणले आफ्नो बैङ्क खाताहरूको उचित अभिलेख तथा व्यवस्थापन गर्नुपर्दछ ।

६४. **बहाल आम्दानी -** विमानस्थल सेवा शुल्क नियमावली, २०६७ को नियम १६(७) मा प्राधिकरणले सम्झौता अनुरूपको कार्य मूल्याङ्कन गरी सम्झौतालाई निरन्तरता दिने वा नदिने निर्णय गर्नुपर्ने व्यवस्था छ । हालसम्म बहालसँग सम्बन्धित मुद्दा सर्वोच्च अदालतमा ७, उच्च अदालत, पाटनमा १८ र जिल्ला अदालत, काठमाडौंमा ९ विचाराधीन छन् । त्यस्तै, सम्झौता अवधि समाप्त भएका बहालवालाहरूसँग प्राधिकरणको नियमावलीले गरेको व्यवस्थाअनुरूप बहाल असुल नगरी पुरानो सम्झौता बमोजिम हुन आउने रकम मात्र असुल गरेकोले नियमावलीको व्यवस्था अनुरूप बहाल गणना गरी बहाल रकम असुल गर्नुपर्दछ ।

६५. **टर्मिनल उपयोग तथा ब्यागेज शुल्क -** विमानस्थल सेवा शुल्क नियमावली, २०६७ को नियम २५ मा अन्य सेवा शुल्क लिने व्यवस्था अन्तर्गत टर्मिनल उपकरणको साझा उपयोग तथा ब्यागेज रिकन्सिलिएशन प्रणाली सेवाको उपयोग गरे बापत प्राधिकरणले सम्बन्धित वायुसेवा कम्पनीबाट सोझै र सेवा प्रदायकमार्फत् प्रति यात्रु क्रमशः अमेरिकी डलर १ र अमेरिकी डलर ०.३८५ शुल्क लगाउने तथा असुल उपर गर्ने व्यवस्था रहेको छ । प्राधिकरणले वायुसेवा प्रदायकहरूलाई उपरोक्त सेवा प्रदान गर्नका लागि एक सेवा प्रदायक कम्पनीसँग २६ अक्टोवर २०१० मा सम्झौता गरेको छ । सम्झौताअनुसार उल्लिखित सेवाहरू बापत टर्मिनल उपयोगतर्फ प्रति यात्रु अमेरिकी डलर १ असुल गर्नुपर्नेमा उक्त सेवा प्रदायकलाई तिर्नुपर्ने रकम घटाई असुल गरेको अमेरिकी डलर ०.३८५ मात्र लेखाङ्कन गरेको पाइयो। साथै, ब्यागेजतर्फ प्रति यात्रु अमेरिकी डलर ०.३५ असुल गर्नुपर्नेमा उक्त सेवा प्रदायकलाई तिर्नुपर्ने रकम घटाई असुल गरेको अमेरिकी डलर ०.१३१२५ मात्र आम्दानी लेखाङ्कन गरेको पाइयो । यसरी खुद रकममा मात्र बीजक जारी गर्दा सो सेवा प्रदायक कम्पनीलाई सेवा शुल्क भुक्तानीमा अग्रिम आयकर

समेत कट्टा नहुँदा सेवा प्रदायकको उक्त आम्दानी करको दायरामा आएको यकिन हुन सक्ने स्थिति छैन ।

यस वर्षसम्म सेवाप्रदायकबाट असुल गर्न बाँकी टर्मिनल तथा ब्यागेज शुल्क रू.२७ करोड ९२ लाख रहेको छ भने समयमा भुक्तानी नगरेको हुनाले २३ मार्च २०२० सम्म प्राधिकरणले विलम्ब शुल्क बापतको अमेरिकी डलर २२ लाख ४६ हजारको बीजक जारी गरेको छ। यस विषयमा सेवा प्रदायक कम्पनी र प्राधिकरणबीच विवाद भई विवाद समाधान गर्न नियुक्त मध्यस्थकर्ताले निर्णय अनुसार विलम्ब शुल्क भराई पाउनु पर्ने प्राधिकरणको दाबीलाई अस्वीकार गरेको पाइयो । उक्त निर्णय बदर गरी पाऊँ भनी प्राधिकरणले उच्च अदालत पाटनमा निवेदन पेस गरेको छ ।

६६. **पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल** - पोखरास्थित क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न नेपाल सरकार र चीन सरकार तथा एक्जिम बैङ्क, चीनबीच २१ मार्च २०१६ मा युआन १ अर्ब ३७ करोड ८७ लाख ४० हजारको सम्झौता भएको छ । सम्झौता पश्चात् उक्त रकम नेपाल सरकारले प्राधिकरणलाई ऋण सहायताको रूपमा उपलब्ध गराउने गरी २०७३।२।२३ मा सहायक ऋण सम्झौता भएको देखिन्छ । विनिमय परिवर्तनबाट हुनसक्ने जोखिम नेपाल सरकारले व्यहोर्ने र वार्षिक ५ प्रतिशतका दरले नेपाल सरकारलाई ब्याज बुझाउनुपर्ने गरी प्राधिकरण र नेपाल सरकारबीच भएको सहायक ऋण सम्झौता अनुसार २०७९ देखि २०९२ आश्विनसम्म सम्पूर्ण साँवा र सोको ब्याजसहित भुक्तानी गर्नुपर्ने देखिन्छ । अक्टोबर २०२१ सम्ममा विमानस्थल निर्माणको भौतिक प्रगति ८३.२४ प्रतिशत र वित्तीय प्रगति ७३.५४ प्रतिशत रहेको सम्बन्धित परामर्शदाताको अक्टोबर २०२१ को मासिक प्रगति विवरणबाट देखिन्छ । विमानस्थल निर्माण कार्य १० जुलाई, २०२० सम्म सम्पन्न गर्नुपर्नेमा कोभिड-१९ महामारीका कारणले ढिलाइ हुन गई जुलाई २०२२ सम्म सम्पन्न हुने प्रक्षेपण गरेको छ । विमानस्थलको व्यावसायिक उडानको लागि गर्नुपर्ने प्राविधिक पक्षको तयारीमा समयमा नै ध्यान दिन नसकेको हुँदा निर्माण कार्य सम्पन्न भए पश्चात् पनि विमानस्थल तुरुन्त सञ्चालनमा आउन सक्ने नदेखिएको कारण प्राधिकरणलाई वित्तीय नोक्सानी हुने देखिन्छ । विमानस्थलको भौतिक निर्माण एवं भौगोलिक वातावरण र बसोबास क्षेत्रमा पर्ने प्रभाव न्यूनीकरणका अतिरिक्त अन्य व्यवस्थापकीय पक्षको पनि तयारी गर्दै समयमा नै विमानस्थल निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउनुपर्दछ ।

६७. **गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल** - गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य सम्पन्न भई व्यावसायिक उडानको तयारी अवस्थामा रहेको देखिन्छ । संस्कृति, पर्यटन र नागरिक उड्डयन मन्त्रालयले हालको टर्मिनल भवन आन्तरिक उडानको लागि प्रयोग गर्ने गरी अन्तर्राष्ट्रिय उडानको लागि दोस्रो टर्मिनल निर्माणको (फेज-२) घोषणा गरेको छ । सो विमानस्थलमा आउने जहाजको सङ्ख्या समेत आँकलन र व्यावसायिक तवरले हुनसक्ने लाभ र लागतको विश्लेषण गरी विमानस्थलको दोस्रो टर्मिनल भवन निर्माण गर्नु उपयुक्त देखिन्छ ।

६८. **व्यावसायिक भवन** - त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको गोल्डेन गेटको पूर्वतर्फको करिब ५१ रोपनी जग्गामा व्यावसायिक भवन निर्माण गर्न नेपाल सरकार मन्त्रिपरिषद्को २०६७।५।१७ को सैद्धान्तिक सहमति अनुसार एक निर्माण व्यवसायीसँग २१ महिना भित्र निर्माण कार्य सम्पन्न गर्ने र उक्त भवन ३० वर्ष पछि प्राधिकरणलाई फिर्ता गर्ने गरी २०६९।७।२ मा सम्झौता भएको छ । निर्माण व्यवसायीले सम्झौतामा नभएको भूमिगत पार्किङ निर्माण गरेको, स्वीकृत डिजाइन अनुसार भवनको उचाइ ३७ फिट

रहेकोमा ५२ फिट उचाइ हुनेगरी संरचना बनाएकोले पर्याप्त मात्रामा सुरक्षाको प्रत्याभूति नरहेको व्यहोरा प्राधिकरणले जनाएको छ । सम्झौतामा उल्लेख भए भन्दा फरक हुने गरी निर्माण कार्य गरेको सम्बन्धमा आवश्यक कारवाही गर्न गत वर्षसमेत औंल्याइएकोमा स्थिति यथावत छ ।

सम्झौता शुरु हुने र जग्गा बहाल लागू हुने मिति २०७१।७।२ लाई कायम गर्ने सन्दर्भमा सम्बन्धित निर्माण व्यवसायी नेपाल मध्यस्थता परिषद्मा गएकोमा उक्त उजुरी विचाराधिन अवस्थामा रहेको छ। निर्माण कार्य सम्पन्न भएपछि प्राधिकरणलाई वार्षिक रू.७८ लाख जग्गा भाडा र भवन सञ्चालनमा आए पश्चात पहिलो १० वर्षसम्म कुल आम्दानीको ५ प्रतिशत, दोस्रो १० वर्ष सम्म १५ प्रतिशत तथा बाँकी अवधिसम्म २५ प्रतिशतका दरले हुन आउने रकम बुझाउने सम्झौतामा व्यवस्था भए तापनि हालसम्म जग्गा बहालबापत रू.१० करोड ७१ लाख असुल गरेको छैन । नियमअनुसारको वार्षिक वृद्धि दरअनुसार हुन आउने थप रकम गणना गरी उक्त रकम असुल गर्नुपर्दछ ।

६९. **धरौटी बक्यौता** - विमानस्थल सेवा शुल्क नियमावली, २०६७ को नियम ४ (२) मा वायुसेवा कम्पनीले उडान सञ्चालन गर्नु पूर्व रू.३० लाख प्राधिकरणलाई अग्रिम धरौटी बुझाउनुपर्ने व्यवस्था छ । सोही नियमावलीको नियम २३ (९) र २३ (क)(१६) मा वायुसेवा सञ्चालक संस्थाबाट प्रत्येक उडानको सिट क्षमताको आधारमा एक महिनाको यात्रुसेवा सुविधा शुल्क र विमानस्थल विकास शुल्क बराबरको धरौटी लिनुपर्ने व्यवस्था छ । यस वर्षको अन्त्यमा अन्तर्राष्ट्रिय उडान गर्ने २२ वायुसेवा कम्पनीबाट रू.३३ करोड ९ लाख बराबरको धरौटी रकम प्राप्त गर्न बाँकी देखिन्छ । नियमावलीले तोके अनुसार धरौटी बापतको रकम प्राप्त गरी अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

७०. **गुणस्तर** - त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयले २०७४।१।२९ मा खरिद गरेको रू.१ करोड १६ लाखको एयरपोर्ट ट्रली नेपाल ब्युरो अफ स्टाण्डर्ड एण्ड मेट्रोलोजीबाट गुणस्तर परीक्षण गराई २०७४।४।३ र २०७५।६।१७ मा प्राप्त प्रतिवेदन अनुसार उक्त ट्रलीको गुणस्तर सम्झौतामा तोकिएको गुणस्तर भन्दा न्यून देखिएको छ । यस्तो अवस्थामा कार्यालयले उक्त सामान अस्वीकृत गरी फिर्ता गर्नुपर्नेमा उक्त ट्रली प्रयोगमा ल्याई रू.१ करोड १६ लाख भुक्तानी गरेको छ । न्यून गुणस्तरको सामान खरिद तथा प्रयोग गराउने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउन गत विगत वर्षको प्रतिवेदनमा समेत औंल्याइएकोमा स्थिति यथावत छ ।

७१. **अनावश्यक खर्च** - त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयले २०७२ मा रू.५ करोड ९ लाखको कन्क्रिट कटर खरिद गरेकोमा प्रयोगमा नल्याई उक्त मेसिन हालसम्म निष्कृय अवस्थामा रहेको छ । त्यस्तै रन-वेको छेउमा उम्रिने घाँस काट्ने प्रयोजनको लागि रू.१ करोड ४० लाखको ग्रास कटर २०७५ मा खरिद गरेकोमा सो मेसिन प्रयोग नगरी यो वर्ष पुनः अर्को आपूर्तकसँग मेशिन खरिदको लागि सम्झौता गरेको छ । साथै, २०७७ मा अन्तर्राष्ट्रिय टर्मिनल भवनमा दुई एस्केलेटर खरिद तथा जडान गर्न रू.१ करोड २४ लाख खर्च भएको छ । सोही स्थानमा दोस्रो एस्केलेटर जडान गर्न जग खन्ने क्रममा देखिएको पुरानो संरचनाको जग फुटाउन नमिलेको जनाई जडान कार्य नहुँदा पहिलो एस्केलेटर समेत प्रयोग विहीन अवस्थामा रहेको छ। खरिद पूर्वको तयारी उचित ढङ्गले नगरेकोले अनावश्यक खर्च बढ्न गएको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयमा २०७६।७७ मा जडान भएको रू.१ करोड ८९ लाखको पेरीफेरी लाइटिङ्ग रन-वे देखि नजिक रहेको र सोको कारणले पाइलटहरूलाई रने-वे मा जहाज

अवतरण गर्दा भ्रम सिर्जना गर्ने र बाधा हुने जनाएको र प्राधिकरणको आन्तरिक अध्ययन प्रतिवेदनमा समेत उल्लेख भएकोले पुनः हटाउनुपर्ने अवस्था देखिन्छ । पर्याप्त अध्ययन, विश्लेषण बेगर यस्ता कार्यमा खर्च गरेकोले सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

७२. **बुटिक एयरपोर्ट** - त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई बुटिक विमानस्थलको रूपमा विकास गर्न रू.७ करोड ३५ लाख बजेट सहितको कार्यविधि नेपाल सरकार मन्त्रिपरिषद्ले २०७५।११।२८ मा निर्णय भएको छ । प्राधिकरणले बुटिक एयरपोर्ट शीर्षकबाट टर्मिनल भवन विस्तार, पुनर्निर्माण लगायतमा रू.३१ करोड ८४ लाखको सम्झौता भएकोमा उक्त शीर्षकबाट भएका सोसँग सम्बन्धित खर्चको एकीकृत विवरण तयार नहुनु, सोबापत खरिद गरिएका सम्पूर्ण सामानहरूको विवरणहरू तयार नहुनु तथा सो सामानहरू भौतिक रूपमा समेत पहिचान गर्न सकिने अवस्था नरहेबाट बुटिक एयरपोर्टको लागि भएका खर्चहरू पारदर्शी देखिएन । साथै, बुटिक विमानस्थलको अवधारणा अनुसार विमानस्थललाई थप आधुनिक सुविधा सम्पन्न बनाउने कार्ययोजना देखिएन ।उक्त व्यहोरा गत वर्षको प्रतिवेदनमा समेत औँल्याइएकोमा स्थिति यथावत छ ।

७३. **चार्टर्ड उडान नियमन** - हवाई भाडा समायोजन सम्बन्धी मन्त्रिस्तरीय निर्णय २०७३।८।२७ मा भएको देखिन्छ । उक्त निर्णय गर्दा दुर्गम क्षेत्रका विमानस्थलहरूमा नियमित उडान नहुने तर चार्टर्ड उडान मात्र हुँदा सेवाग्राहीले महङ्गो हवाई भाडा तिर्नु परेको हुनाले यस अघि भएका चार्टर्ड उडानहरूलाई आधार मानी कम्तीमा ३० प्रतिशत नियमित उडान हुने अवस्था सुनिश्चित गर्ने गरी उडान तालिका स्वीकृत गर्ने गराउने निर्णय भएको देखिन्छ । तथापि निजी विमान कम्पनीहरूले दुर्गममा हालसम्म प्रायः नियमित उडान गर्ने गरेको देखिएन । यो वर्ष नेपालगन्ज विमानस्थलबाट पहाडी क्षेत्रमा भएको उडानमध्ये चार्टर्ड उडानको सङ्ख्या ३ हजार ४६२ र नियमित उडानको संख्या ३१२ रहेबाट नियामक निकायबाट हुनुपर्ने नियमन प्रभावकारी हुनुपर्दछ ।

नेपाल वायुसेवा निगम २०७६।७७

नेपाल वायुसेवा निगम ऐन, २०१९ अन्तर्गत नेपाल वायुसेवा निगमको स्थापना भई राष्ट्रिय ध्वजावाहकको रूपमा सञ्चालन भइरहेको छ। नेपाल राज्यभर र बाहिर सुरक्षित, कुशल, किफायती हवाई यातायात सेवाको व्यवस्था गर्नु निगमको उद्देश्य रहेको छ। निगमले हाल २५ आन्तरिक र ९ अन्तर्राष्ट्रिय गन्तव्यमा नियमित उडानका अतिरिक्त चार्टर्ड उडान, कार्गो सेवा र भूमिस्थ सेवा प्रदान गर्दै आएको छ।

७४. **वित्तीय स्थिति र सञ्चालन नतिजा** - गत वर्ष नेटवर्थ रू.४ अर्ब ९४ करोड ५० लाख रहेकोमा यो वर्ष रू.१ अर्ब ९० करोड ३६ लाख रहेको छ । निगमको नोक्सानी गत वर्ष रू.२ अर्ब ६ करोड ४३ लाख रहेकोमा यो वर्ष रू.२ अर्ब ८२ करोड रहेको छ । सञ्चालन आम्दानी गत वर्ष रू.१५ अर्ब ९७ करोड २४ लाख रहेकोमा यो वर्ष ९.७३ प्रतिशतले घटेर रू.१४ अर्ब ४१ करोड ८३ लाख पुगेको छ । सञ्चालन खर्च गत वर्ष रू.१४ अर्ब ३७ करोड २१ लाख रहेकोमा यस वर्ष १.२१ प्रतिशतले बढेर रू.१४ अर्ब ५४ करोड ६१ लाख पुगेको छ । अन्य आम्दानी गत वर्षभन्दा यस वर्ष ११.४२ प्रतिशतले घटेर रू.३७ करोड २१ लाख भएको देखिन्छ । वित्तीय खर्च गत वर्षभन्दा यस वर्ष ९.७६ प्रतिशतले बढेर रू.४ अर्ब १ करोड ३५ लाख पुगेको छ । यससम्बन्धी विवरण देहायअनुसार रहेको छः

(रू. लाखमा)

क्र.स.	विवरण	आर्थिक वर्ष	
		२०७६।७७	२०७५।७६
१	सञ्चालन आम्दानी (क)	१४,४१,८३	१५,९७,२४
१.१	हवाइजहाज सञ्चालन	११,३५,६० (७८.७६ %)	११,७३,७९ (७३.४९ %)
१.२	हवाइजहाज ह्याण्डलिङ्ग सेवा	३,०६,२३ (२१.२४ %)	४,२३,४५ (२६.५१ %)
२	सञ्चालन खर्च (ख)	१४,५४,६१	१५,३७,२१
३	सञ्चालन नाफा (क)- (ख)	(१२,७८)	६०,०३
४	अन्य आम्दानी	३७,२१	४२,०१
५	वित्तीय खर्च अघिको कुल नाफा	२४,४३	१,०२,०४
६	वित्तीय खर्च	४,०१,३५	३,६५,६६
७	कर अघिको नाफा (नोक्सान)	(३,७६,९१)	(२,६३,६२)
८	स्थगन कर	९४,९१	५७,१९
९	कर पछिको नाफा (नोक्सान)	(२,८२,००)	(२,०६,४३)

निगमको गत वर्षको तुलनामा सञ्चालन आम्दानी घटेको र उच्च वित्तीय खर्चले गर्दा खुद नोक्सानी बढेको छ । निगमले विमानको प्रकृति, किसिम तथा उडानको क्षेत्र अनुसार सञ्चालन मुनाफा र नोक्सानी विश्लेषण गरी रणनीति तय गरेको छैन। उपयुक्त रणनीति तयार गरी निगमलाई स्थापनाको उद्देश्यअनुसार सञ्चालन गर्नुपर्दछ ।

७५. **अनुपात विश्लेषण** - निगमको वित्तीय विश्लेषण गर्न महत्वपूर्ण मानिने नगद अनुपात, चालु खर्च अनुपात, ऋण अनुपात र पुँजी संरचना अनुपातलगायतका वित्तीय अनुपात विश्लेषण देहायबमोजिम रहेको छः

क्र.स.	अनुपात	आधार	२०७६।७७	२०७५।७६
१	खुद नगद अनुपात	नगद रिजर्व/ चालु दायित्व	०.०५:१	०.११:१
२	लिक्वीडीटी अनुपात			
	चालु अनुपात	चालु सम्पत्ति/चालु दायित्व	०.५१:१	०.७:१
	शीघ्र अनुपात	शीघ्र सम्पत्ति/चालु दायित्व	०.१९:१	०.३६:१
३	पुँजी संरचना अनुपात	ऋण/इक्विटी	१९.४६:१	७.५१:१
४	लाभदायकता अनुपात	सञ्चालन नाफा/सञ्चालन आम्दानी	(०.०१):१	०.०४:१

निगमको नगद, चालु सम्पत्ति, दायित्व, पुँजी संरचना, मुनाफा स्थिति जस्ता प्रमुख सान्दर्भिक अनुपात विश्लेषण गर्दा गत वर्षको तुलनामा चालु दायित्व भुक्तानीको लागि उपलब्ध नगद घटेको, ऋण बढेको, सञ्चालन मुनाफा घटेर सञ्चालन नोक्सानीमा पुगेको स्थिति छ। उपर्युक्त अनुपातको आधारमा निगमको वित्तीय अवस्था र कार्यसम्पादन सन्तोष जनक देखिँदैन ।

७६. **नगद प्रवाह स्थिति -** निगमको सञ्चालन, लगानी तथा वित्तीय गतिविधिको तथ्याङ्क विश्लेषण गर्दा सञ्चालन क्रियाकलापबाट नगद प्रवाह गत वर्षभन्दा ४.२२ प्रतिशतले घटेको देखियो । वर्षान्तमा नगद मौज्दात रू.५६ करोड ७२ लाख भएको र लगानी नगद प्रवाह ऋणात्मक रहेको छ । यससम्बन्धी विवरण देहायअनुसार रहेको छः

(रू. लाखमा)

क्र.स.	आर्थिक वर्ष	२०७६।७७	२०७५।७६	प्रतिशत
१	सञ्चालन गतिविधिको खुद नगद प्रवाह	३,९४,०४	४,११,४०	(४.२२)
२	लगानी गतिविधिको खुद नगद प्रवाह	(२८,२४)	(७,८२,००)	(९६.३९)
३	वित्तीय गतिविधिको खुद नगद प्रवाह	(४,०७,८७)	४,१७,६२	(१९७.६६)
४	नगदमा कुल वृद्धि (कमी)	(४२,०८)	४७,०३	(१८९.४७)
५	खुद नगद मौज्दात	९८,८०	५१,७७	९०.८४
६	वर्षान्तमा खुद नगद मौज्दात	५६,७२	९८,८०	(४२.५९)

उल्लिखित विवरणबाट निगमको सञ्चालन तथा लगानी गतिविधिको नगद प्रवाहमा कमी आएको देखिन्छ।

७७. **ऋण भुक्तानी** - निगमले विमान खरिदको लागि नेपाल सरकारको जमानीमा कर्मचारी सञ्चयकोष र नागरिक लगानी कोषबाट लिएको ऋणको सावाँ र ब्याज तिर्न सकेको छैन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

७७.१. कर्मचारी सञ्चय कोषसँग २०७०।३।४ मा ए-३२० मोडल को २ जहाज खरिद गर्न नेपाल सरकारको जमानीमा रू.९ अर्ब ९८ करोड ११ लाख तथा २०७४।२।२८ मा ए-३३० मोडल को १ जहाज खरिद गर्न रू.११ अर्ब ९९ करोड ६१ लाख ऋण सम्झौता भएकोमा उक्त ऋणमा २०७७ असार मसान्त सम्मको ब्याज रू.१ अर्ब ६५ करोड ८७ लाख र हर्जाना ब्याज रु १ करोड ९ लाख समेत रू.१ अर्ब ६६ करोड ९६ लाख कोषले पुँजीकरण गरेको देखिन्छ । निगमले सञ्चय कोषलाई किस्ता भुक्तानी तालिकाअनुसार ए-३२० जहाजको किस्ता २०७६ पौष मसान्तसम्म भुक्तानी गरेको तर नगद प्रवाहको कमीले २०७६ चैत्र र २०७७ असारको किस्ता र ए-३३० जहाजको २०७६ असार पछिको किस्ता भुक्तानी गरेको देखिएन। साथै, निगमले नेपाल सरकारको रू.२२ अर्ब जमानीमा कर्मचारी सञ्चयकोषबाट ऋण लिएकोमा हाल उक्त ऋणको ब्याज पुँजीकरण समेत रू.२३ अर्ब ६४ करोड ६८ लाख पुगेको छ। जमानी दिएको भन्दा रू.१ अर्ब ६४ करोड ६८ लाख ऋण बढी रहेको देखिन्छ। निगमले समयमा ऋणको साँवा ब्याज भुक्तानी नगर्दा सञ्चयकर्ताको आयमा प्रत्यक्ष असर पर्दछ । त्यसको छुट्टै प्रबन्ध गरिनुपर्दछ ।

७७.२. नागरिक लगानी कोषसँग एयर बस कम्पनीको ए-३३० मोडेलको १ जहाज खरिद गर्न २०७४।२।२९ मा रू.१२ अर्बको ऋण सम्झौता भएको थियो। सम्झौताको शर्तबमोजिम निगमले कोषलाई २०७५।७६ को २ किस्ता तथा २०७६।७७ को किस्ता नबुझाएको कारण ऋणको ब्याज र हर्जाना ब्याज रू.१ अर्ब ८१ करोड ७४ पुँजीकरण गरेको समेत रू.१३ अर्ब ८१ करोड ७४ लाख ऋण पुगेको छ । सरकारी जमानी भन्दा रू.१ अर्ब ८१ करोड ७३ लाख बढी ऋण कायम भएको छ । तालिका बमोजिम ऋणको साँवा र ब्याज भुक्तानी नगरेकाले निगमको कार्य सम्पादन स्थिति सबल देखिँदैन। कार्य योजना बनाई समयमै ऋण भुक्तानी गर्नुपर्दछ ।

७८. **चार्टर्ड उडान** - निगमले २०७६।७७ मा ३७ चार्टर्ड उडानबाट अमेरिकी डलर ७८ लाख ६७ हजार आर्जन गरेको छ। निगमको ए-३३० विमानबाट काठमाडौं - ग्वाङ्गाओ - काठमाडौं सेक्टरमा कार्गो ल्याउने प्रयोजनको लागि २०७६।१२।१५ मा उडान गरेकोमा एक ग्रुपबाट निगमलाई सोबापतको कबोल अनुसारको चार्टर भाडा अमेरिकी डलर १ लाख ५४ हजार प्राप्त भएको छैन ।अग्रिम रूपमा

भाडा असुल नगरी चार्टर्ड सेवा उपलब्ध गराउने पदाधिकारीलाई जिम्मेवार बनाई विनिमय दर रू.१२१.३१ ले हुने रू.१ करोड ८६ लाख ७६ हजार ब्याज समेत असुल गर्नुपर्दछ।

७९. **भाडा अम्दानी -** निगमको आर्थिक विनियमावली, २०६५ को विनियम २३२ मा आफ्नो घर जग्गा भाडामा दिन सक्ने उल्लेख छ।निगमले गतवर्ष रू.३ करोड १६ लाख ५६ हजार र यसवर्ष रू.३ करोड ७३ लाख ९३ हजार भाडा आम्दानी गरेको छ। निगमले विनियम २३० मा व्यवस्था भएको उपसमितिबाट न्यूनतम मूल्य कायम भई अधिकतम प्रतिस्पर्धा हुने गरी घर जग्गा भाडामा दिनुपर्नेमा काठमाडौं, पोखरालगायतका स्थानका पसल कबल र घर भाडामा दिँदा प्रतिस्पर्धालाई सीमित पारेर बढाबढ बेगर पुरानै भाडा लिनेको एकाधिकार कायम हुने गरी भाडामा दिएकोले भाडा आयमा कमी भएको छ । तसर्थ निगमले आयमा वृद्धि गर्न कानूनी व्यवस्थाबमोजिम वोलपत्र आह्वान गरी भाडामा दिनुपर्दछ।

८०. **वाइड वडी सञ्चालन**- निगमको सञ्चालक समितिले २ वाइड बडी विमान सञ्चालनको व्यावसायिक योजना २०७३।६।८ मा स्वीकृत गरी खरिद गरिएका जहाज निगमको स्वीकृत कार्यक्रमअनुसार जापान, साउदी अरब, चीनको ग्वाङजाउ र दक्षिण कोरियामा २०७५ चैत्र मसान्तसम्म उडान गरी सक्ने लक्ष्य रहेकोमा उडान नभरेकोले स्थिति यथावत छ । विमानको उडान क्षमता दैनिक १६ घण्टा रहेकोमा हाल ९ घण्टामात्र उडान गरेको छ।यसबाट निगमको व्यावसायिक योजनाअनुसार आय प्राप्त हुन नसकेको, वाइड वडीको पूर्ण क्षमताअनुसार थप उडानका क्षेत्रहरू पहिचान गरी उडान गर्न नसकेको र विमान सञ्चालन तथा व्यवस्थापन कार्य प्रभावकारी रूपमा अगाडि बढाएको देखिदैन । अपेक्षित आय प्राप्त नहुँदा नेपाल सरकार जमानी बसी कर्मचारी सञ्चय कोष तथा नागरिक लगानी कोषबाट लिएको ऋणको साँवा ब्याजको किस्तासमेत भुक्तानी गर्न नसकेको अवस्था छ। विमान पूर्ण क्षमतामा सञ्चालन गरी व्यवसायिक योजनाअनुसार आय आर्जित गर्नुपर्दछ।

८१. **विमान सञ्चालन -** नेपाल वायुसेवा निगम ऐन, २०१९ को दफा १३ मा यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरूका अधीनमा रही नेपालभर वा बाहिर सर्वत्र सुरक्षित, कुशल, सुव्यवस्थित, किफायत र उचित रूपबाट सम्बन्धित हवाई यातायात सेवाको व्यवस्था गरी निगमले हवाई यातायात सेवालाई अधिक भन्दा अधिक फाइदा हुने गरी विकास गर्दै लैजाने उल्लेख छ। सञ्चालक समितिले चीनबाट प्राप्त विमान उडान नगर्ने निर्णय गरेको देखिन्छ। नेपाल सरकारले अनुदान तथा ऋणमा चीनबाट प्राप्त गरेका विमान निगमलाई उपलब्ध गराएको अवस्थामा नेपाल सरकारको स्वीकृति बेगर गरेको व्यावसायिक उडान नगर्ने भनी सञ्चालक समितिबाट भएको निर्णय उपयुक्त देखिएन । यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

८१.१. निगमले २ थान एम्.ए.-६० तथा ४ थान वाई-१२ ई विमान प्राप्तिका लागि नेपाल सरकार, अर्थ मन्त्रालयसँग २०७०।११।१४ मा सहायक ऋण सम्झौता भई २०७१।१।१० मा १ थान एम्.ए.-६० तथा १ थान वाई-१२ ई जहाज अनुदानबापत प्राप्त भएको छ । निगमले सो विमानको सञ्चालनमा प्रशिक्षक पाईलट समयमा नपठाउनु, तत्काल स्पेयर पार्ट उपलब्ध नगराउनु, स्पेयर पार्ट महङ्गो हुनु, धावन मार्गको मापदण्ड पुरा नहुनु, पाईलट तथा इन्जिनियरको महङ्गो तालिम खर्च र अत्यधिक बीमा प्रिमियम जस्ता समस्या दर्शाई २०७७।४।१६ देखि उडान बन्द गरेको छ। निगमले तयार गरेको वित्तीय कार्यसम्पादन प्रतिवेदन अनुसार २०७१।७२ देखि २०७५।७६ सम्म सञ्चालन नोक्सानी रू.७७

करोड ७४ लाख र कुल नोक्सानी रू.१ अर्ब ९० करोड ६९ लाख भएको देखिन्छ । निगमले २०७६।७७ को सञ्चालन नोक्सानी र खुद नोक्सानी विश्लेषण गरेको छैन । विमान सञ्चालनमा नल्याउने निर्णय गर्दा उक्त विमानलाई कसरी उपयोग गर्ने वा नगर्ने भन्ने सम्बन्धमा निर्णय गरेको छैन । विमानलाई के कसरी उपयोग गर्ने हो सोको यकिन हुनुपर्दछ ।

८१.२. निगमलाई विमानका आपूर्तिकर्ताले पार्टपुर्जा समयमा उपलब्ध नगराएकोले सबै उडान गर्न नसकेको, एक कम्पनीलाई पार्टपुर्जा खरिद गरेको ६ वर्षभन्दा बढी समयदेखि बाँकी बक्यौता रू.१८ करोड ६८ लाख ५५ हजार (अमेरिकी डलर १५ लाख ४५ हजार) भुक्तानी नदिएको र अब आवश्यक पार्टपुर्जाको अग्रिम भुक्तानी भएपछि मात्र सामान आपूर्ती गर्ने उक्त कम्पनीले जानकारी गराएको देखिन्छ । उक्त पाटपुर्जाको अभावमा जहाजहरू एयरक्राफ्ट अन ग्राउण्ड (ए.ओ.जी.) रहेको देखियो। यसबाट निगमले आन्तरिक उडानबाट प्राप्त हुने आय र साख समेत गुम्ने देखिन्छ। विमानहरू सञ्चालन नगरी राख्दा पनि बीमा लगायतका स्थिर खर्चहरूको व्ययभार परि रहेको छ । अतः यस सम्बन्धमा समुचित निर्णय गर्न जरुरी छ।

८२. **व्यावसायिक योजना -** निगमले सन् २०२१ देखि २०३० सम्मको लागि तयार गरेको व्यावसायिक योजनामा जहाज ४५ हप्ता चल्ने, ७० प्रतिशत देखि ८५ प्रतिशतसम्म सिट क्षमतामा सञ्चालन हुने, १५ वर्षमा ऋण तिरी सक्ने, नेपाल सरकारबाट शेयर बापत प्राप्त गरेको रकमले विमान खरिद गर्न लिएको ऋणको ब्याज कर्मचारी सञ्चयकोष र नागरिक लगानी कोषलाई भुक्तानी गर्ने, चाइनिज जहाज एमए-६० र वाई-१२-ई सञ्चालन नगर्ने व्यहोरा उल्लेख छ। यस आर्थिक वर्षमा आन्तरिक उडान संख्या २ हजार ९२२ (लक्ष्यको ३२ प्रतिशत) र बाह्य उडान संख्यामा ३ हजार ३०५ (लक्ष्यको ६६ प्रतिशत) मात्र भएको देखिन्छ । आन्तरिक यात्रु संख्या ५८ हजार (लक्ष्यको ३६ प्रतिशत) र बाह्य यात्रु संख्या ५ लाख ५६ हजार (लक्ष्यको ५९ प्रतिशत) भई सीट क्षमताको उपयोग न्यून रहेको छ। आन्तरिकतर्फ कुल आय रू.२३ करोड १४ लाख (लक्ष्यको २९ प्रतिशत) र बाह्यतर्फ कुल आय रू.१३ अर्ब ४३ करोड ८७ लाख (लक्ष्यको ५६ प्रतिशत) रहेको देखिन्छ । न्यारो बडी एवं वाइडबडी खरिदकालागि तयार पारेको व्यावसायिक योजना अनुसार गन्तव्य थप गर्न नसकेको, प्राविधिक कर्मचारीको अभावमा जहाज ग्राउण्डेड भएको, समयमा ऋण तिर्न नसकिरहेको जस्ता कारणले योजनाको कार्यान्वयन अवस्था कमजोर रहेको छ।

निगमको नेतृत्त्व चयन प्राविधिक एवं व्यावसायिक कर्मचारीको व्यवस्था लगायतका विषयमा सुधार गरी व्यावसायिक योजना तयारी गरी लगानीको वातावरण बनाउनुपर्दछ ।

८३. **पे बाई हावर (पी.वी.एच) कम्पोनेन्ट सपोर्ट -** सार्वजनिक लेखा समितिले एयरबस ३३० को पि.बि.एच् कम्पोनेन्ट सपोर्टको बोलपत्र सम्बन्धमा निगमले आर्थिक तथा प्राविधिक प्रस्ताव मूल्याङ्कन गरी पहिलो प्राथमिकता दिएको बोलपत्रदाताबाट २०७५।१०।१७ मा परेको उजुरी सम्बन्धमा २०७५।१०।२५ मा निगमबाट प्रतिक्रिया तथा कागजात माग भएको तथा सो सम्बन्धमा २०७५।११।२७ को समितिको निर्णयानुसार मितव्ययिता, प्रभावकारिता र गुणस्तर सेवाको मूल्याङ्कन नगरी पत्राचारको प्रक्रियालाई आधार मानेर गैर कानूनी रूपमा निजको बोलपत्रको प्रस्ताव अस्वीकार गरेको हुँदा सो निर्णय बदर गरी निगमलाई प्राप्त चार वटै कम्पनीहरूको प्रस्ताव र प्राप्त थप प्रस्ताव समेत समावेश गरी सार्वजनिक खरिद ऐन, २०६३, नियमावली, २०६४ र निगमको आर्थिक विनियमावली अनुरूप नै चार वटै कम्पनीहरूको

प्रस्तावमध्ये न्यूनतम कबुल गर्ने प्रभावग्राही रहेको कम्पनीको प्रस्ताव स्वीकृत गर्न निर्णय तथा निर्देशन भएको देखिन्छ।

समितिको उक्त निर्णय हुनुपूर्व मूल्याङ्कनबाट दोश्रो प्राथमिकतामा रहेको बोलपत्रदातासँग सम्झौता भइसकेकोले समितिको निर्णय कार्यान्वयन गर्न नमिल्ने जवाफ सार्वजनिक लेखा समितिलाई २०७५।११।६ को पत्रबाट निगमले पठाएको देखिन्छ। समितिबाट निगमको प्रतिक्रिया तथा कागजात २०७५।१०।२५ मा माग भएको तथा दोश्रो प्राथमिकताको बोलपत्र प्रस्तावकसँग ५ फेब्रुअरी २०१९ (२०७५।१०।२२) मा सम्झौतामा निगमको तर्फबाट हस्ताक्षर गरेको भएता पनि निजबाट १० फेब्रुअरी २०१९ (२०७५।१०।२७) सम्म उक्त सम्झौतामा हस्ताक्षर गरिनसकेको व्यहोरा र सो मितिमा स्पेयर पार्टसका लागि सम्झौता नभएको कारणले माग गरेको सामान आपूर्ति हुन नसकेको व्यहोरा निगमको इन्जिनियरिङ स्टोर एण्ड सप्लाई डिपार्टमेन्टका उप निर्देशकले पठाएको एक ईमेलबाट देखिन्छ। समितिले प्रतिकृया तथा कागजात माग गरेको ४ दिन पछि १२ फेब्रुअरी २०१९ - २०७५।१०।२९ मा दोस्रो प्राथमिकताको प्रस्तावकबाट सम्झौता प्राप्त भएको देखिन्छ। तसर्थ सार्वजनिक लेखा समितिको निर्देशन विपरीत निगमबाट अमेरिकी डलर ६८ लाख ८६ हजार को प्रस्तावमा १० प्रतिशत घटाएर कार्य गर्न मञ्जुर गर्ने न्यूनतम प्रस्तावकसँग कार्यसम्झौता नगरी अमेरिकी डलर ९३ लाख ४३ हजारको महँगो प्रस्तावकसँग सम्झौता गरेको देखिन्छ ।यस सन्दर्भमा प्रचलित कानूनबमोजिम आवश्यक छानबिन गरी सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

८४. **इन्जिन मर्मत तथा लिज -** सार्वजनिक लेखा समितिले एयरबस -३२० को मेन्टिनेन्स विथ लिज ईन्जिन सर्पोट अफ एन्.ए.सी. भी २५२७ ई-ए ५ इन्जिनका विभिन्न २५ कार्यसँग सम्बन्धित बोलपत्रमा निगमले २३ कार्यको अमेरिकी डलर ९ लाख ४७ हजार, एक कार्यको सिंगापुर डलर ५३ हजार र १ कार्यको हङकङ डलर ५० हजार मूल्याङ्कन गरी पहिलो प्राथमिकता दिएको बोलपत्रदाताबाट २०७५।१०।१७ मा परेको उजुरी सम्बन्धमा २०७५।१०।२५ मा निगमबाट प्रतिक्रिया तथा कागजात माग भएको तथा सो सम्बन्धमा २०७५।११।२७ को समितिको निर्णयानुसार बोलपत्र रद्द गर्नुको मनासिब कारण नपाइएकोले सो टेन्डर रद्द गर्दा निगमलाई ठूलो आर्थिक नोक्सानी हुने, इन्जिन लिजमा लिन द्विविधा पैदा हुने, ढिला सुस्तीले निगमलाई ठुलो आर्थिक नोक्सानी र नियमित कार्य सञ्चालनमा बाधा उत्पन्न हुने अवस्था सिर्जना भएको उल्लेख छ। यस अवस्थामा टेन्डर रद्द गर्नु औचित्यपूर्ण नभएकोले शुरुको टेण्डर प्रक्रियालाई नै अघि बढाउन निर्णय गरी निर्देशन दिएकोमा निगमले २०७५।९।२४ मा लिज बाहेकको नयाँ टेण्डरको सूचना प्रकाशन भैसकेको र पहिलाको बोलपत्रको म्याद समाप्त भई सकेकोले सो निर्णयको कार्यान्वयन गर्न नमिल्ने जवाफ दिएको देखियो। तर सार्वजनिक खरिद ऐन, २०६३ को दफा २० मा सार्वजनिक निकायले बोलपत्र मान्य अवधि बढाउनुपर्नाको कारण विश्लेषण गरी पुष्ट्याई हुने पर्याप्त आधार भए बोलपत्र मान्य हुने अवधि बढाउन सक्ने उल्लेख छ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ अनुसार बोलपत्र सारभूत रूपमा प्रभावग्राही नभएमा, वोलपत्रदातासँग सम्झौता हुन नसकेकोमा, कवोल अङ्क लागत अनुमान भन्दा बढी भएमा, माग गरेको सामान वा सेवा आवश्यक नभएमा जस्ता कारणले वोलपत्र रद्द गर्न सक्ने व्यवस्था छ । तर उल्लिखित कारणहरू नभएको अवस्थामा वोलपत्र रद्द गरेको देखिन्छ । यस विषयमा आवश्यक छानबिन गरी प्रचलित कानून विपरीत बोलपत्र रद्द गर्ने र लेखा समितिको निर्णय कार्यान्वयन नगर्ने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

८५. **डेभिल्यान्ड ट्विनअटर सञ्चालन -** नेपाल वायुसेवा निगम ऐन, २०१९ को दफा १३ मा नेपालभर वा बाहिर सर्वत्र सुरक्षित, कुशल, सुव्यवस्थित, किफायती र उचित हवाई यातायात सेवाको व्यवस्था गर्नु निगमको कर्तव्य हुने तथा हवाई यातायात सेवालाई अधिक फाईदा हुने गरी विकास गर्दै लैजानुपर्ने उल्लेख छ। निगमले विमानको आयु विस्तार समयमा नगर्दा ट्विनअटर विमान २०६९।४।३१ देखि ग्राउण्डेड भएर करिब ९ वर्ष देखि उडान नगरी निश्क्रिय रहेको छ ।यस कारण २०७० सालमा उक्त ट्विन अटर विमान (डी.एच.सी.-६-३००-९ एन्.एम.बी.एक्स) सञ्चालनमा ल्याउन अमेरिकी डलर ८० हजार ७०० लाग्ने आपूर्तिकर्ताले अनुमान पेस गरेकोमा जहाजको विङ्ग लाईफ एक्सटेन्सन नगर्दा अनुमानित खर्च साविकको भन्दा ५३ प्रतिशतले बढी अमेरिकी डलर ४२ हजार ३०० हुने गरी अमेरिकी डलर १ लाख २३ हजार लाग्ने लागत अनुमानबाट देखिन्छ ।उक्त जहाजको ल्याण्डिङ्ग गियर तथा अन्य रोटेबल सामानहरू झिकी अर्को जहाजमा लगाएकोले थप खर्च लाग्ने देखिन्छ।यसरी उडान नगर्दा २०७६।७७ को प्रति जहाज वार्षिक आम्दानी रू.४ करोड ७२ लाखको आधारमा ९ वर्षको करिब रू.४२ करोड ४८ लाख हालसम्म निगमले आय एवं साखसमेत गुमाएको देखिन्छ। यसरी समयमा जहाज मर्मत गरी उडान सञ्चालनमा नल्याउने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई उक्त जहाजलाई उचित व्यवस्थापन गर्नुपर्दछ ।

नारायणहिटी दरबार संग्रहालय

८६. **क्याफ्टेरिया सञ्चालन -** नारायणहिटी दरबार संग्रहालय र एक संस्थाबीच २०६७।६८ मा बनेको क्याफ्टेरिया भवन बहालमा सञ्चालन गर्न २०७७।९।१७ मा सम्झौता भएको छ । सो सम्झौतामा क्याफ्टेरिया भवन माथि वा बगैंचा वरिपरि खाली जग्गामा अस्थायी प्रकृतिको स्थायी संरचना निर्माण गर्दा क्याफ्टेरिया सञ्चालकले संग्रहालयसँग समन्वय गर्नुपर्ने उल्लेख छ । सो सम्झौतामा संग्रहालयले मासिक रू.२ लाख २१ हजार भाडा पाउनुपर्ने र प्रत्येक वर्ष सो भाडामा १० प्रतिशतले वृद्धि हुने उल्लेख छ। ऐतिहासिक एवं सांस्कृतिक महत्त्व रहेको नारायणहिटी दरबार संग्रहालयको जग्गा र भवन व्यापारिक प्रयोजनमा उपयोग गर्ने गरी लिजमा उपलब्ध गराएको देखियो। व्यापारिक प्रयोजनको लागि सञ्चालन गर्न विकास समिति गठन आदेश, २०७६ को दफा ८(ज) अनुसार मन्त्रालयको पूर्व स्वीकृति लिएको नदेखिएको, बोलपत्रसम्बन्धी कागजातमा विगतदेखि सञ्चालित रातो भवन र यसले चर्चेको ६ आना जग्गामा मात्रै क्याफ्टेरिया सञ्चालन गर्ने व्यवस्था भएकोमा सम्झौता विपरीत प्रथम पक्षसँग समन्वय नगरी आवश्यकताअनुसार अस्थायी प्रकृतिको स्थायी संरचना निर्माण गरेको, दोस्रो पक्षले १५ रोपनी जग्गामा तारबार लगाई संरचना तयार गरेको, संरचना तयार गर्दा दोस्रो पक्षले पहिलो पक्षसँग समन्वय र सम्पर्क तथा नक्सा पास समेत गरेको देखिएन । बोलपत्र प्रक्रियामा संलग्न तीनवटै फर्मको शेयर विवरणमा सबै जना एका घरका परिवारका सदस्य रहेको र कबोल भएको रकम न्यूनतम दररेटभन्दा न्यून मात्र बढी रहेको देखिएकोले खरिद प्रक्रियामा मिलेमतोको सम्भावना देखिए पनि आवश्यक छानबिन नगरी बोलपत्र स्वीकृत गरेको छ । हाल सो संरचना दोस्रो पक्षले नै भत्काएकोले सो क्षेत्रमा क्याफ्टेरिया सञ्चालनमा रहेको छैन । हालसम्म सम्झौताको अन्त्य गरेको नदेखिएको र कार्यान्वयन पनि भएको देखिएन । महत्वपूर्ण सांस्कृतिक, ऐतिहासिक स्थल र सम्पदाको उपयोग गर्दा स्पष्ट संरक्षण र व्यवस्थापनको नीतिगत सुनिश्चितता गरी ऐतिहासिक महत्वका सम्पदामा व्यापार व्यवसाय सञ्चालन गर्न दिने सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था हुनुपर्दछ ।

अनुगमन तथा बेरुजू

- **अनुगमन -** गत विगतका प्रतिवेदनहरूमा वार्षिक कार्यक्रमअनुसार प्रगति हासिल नगरेको, अनुदानको अनुगमन नगरेको, क्यासिनो रोयल्टी असुल नगरेको, सम्पदा पुनर्निर्माण समयमा सम्पन्न नभएको, पुरातात्त्विक सम्पदाको संरक्षण प्रभावकारी नभएको, भाडा तथा बहाल असुल नगरेको, विमानस्थल सञ्चालन, सोझै खरिद, ठेक्का व्यवस्थापनलगायतका व्यहोरा औँल्याइएकोमा सुधार भएको छैन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।
- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः
  - मन्त्रालय र मातहतसमेत १२ निकायमा यो वर्ष रू.४६ करोड ९४ लाख ७६ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि फर्स्यौंट नगरेकोले बाँकी रहेको छ । सोमध्ये रू.८ करोड ९६ लाख ७८ हजार म्याद नाघेको पेश्की रहेको छ । यस सम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - संगठित संस्था एवं समिति १९ तर्फ यो वर्ष रू.२४ करोड ३३ लाख ८२ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.१६ लाख ७२ हजार फर्स्यौंट गरेकोले रू.२४ करोड १७ लाख १० हजार बाँकी रहेको छ । सोमध्ये रू.७९ लाख ४१ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा संघ, प्रदेश र स्थानीय तहबीच सम्पर्क र समन्वय, स्थानीय पूर्वाधार विकास सम्बन्धी नीति, फोहोरमैला व्यवस्थापन, निजामती तथा अन्य सरकारी सेवाको व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह र नियमन गर्ने लगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्था समेत १०२ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतसमेत ९३ कार्यालयको निम्नानुसार रू.१२ अर्ब ७७ करोड ८५ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य	जम्मा
८,८९,८९	९,८९	१,३६,९३	२,४१,१४	१२,७७,८५

१.१. उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भै स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश र स्थानीय निकायमा निकासा भएको रू.७ अर्ब ११ करोड ८ लाख समावेश छैन । अन्य मन्त्रालयबाट प्राप्त रू.२९ करोड १७ लाख तथा मन्त्रालय र मातहतका तीन कार्यालयको २०७६।७७ को लेखापरीक्षण बक्यौता रू.७४ करोड ६६ लाख समावेश छ ।

१.२. यो वर्ष मन्त्रालय मातहतका ५ कार्यालयको विनियोजन, धरौटी र अन्य कारोबारसमेत रू.१२ करोड ७० लाखको लेखापरीक्षण गर्न बाँकी रहेको छ ।

२. **संगठित, अन्य संस्था र समिति** - यो वर्ष ४ संस्थाको रू.४ अर्ब १ करोड ७२ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **लेखापरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । मन्त्रालयबाट प्राप्त विवरणअनुसार यो वर्ष साना विकास परियोजनामा भारतीय सहयोग सोझै भुक्तानी रू.२६ करोड ६५ लाख तथा स्थानीय पूर्वाधार विभाग अन्तर्गत सोझै भुक्तानी रू.५१ करोड ४१ लाख ५३ हजारका स्रेस्ता तथा खर्चको विवरण पेस भएको छैन । यसैगरी विभिन्न ७ दातृ निकायबाट रू.१० अर्ब ८० करोड ४३ लाख २९ हजार प्राप्त हुने उल्लेख भएमध्ये यो वर्ष रू.२ अर्ब २० करोड ८१ लाख ९५ हजारको प्राविधिक सहयोग उपलब्ध हुने उल्लेख भएकोमा प्राप्त सहायताको वित्तीय विवरण, भौतिक प्रगति र खर्चको स्रेस्ता पेस गरी लेखापरीक्षण गराएको छैन । ऐनको उल्लिखित व्यवस्थाबमोजिम लेखापरीक्षण गराउनुपर्दछ ।

४. **संघीय निजामती सेवा ऐन** - नेपालको संविधानको धारा २८५(१) मा नेपाल सरकारले देशको प्रशासन सञ्चालन गर्न संघीय निजामती सेवा र आवश्यकताअनुसार अन्य संघीय सरकारी सेवाहरूको

गठन गर्नसक्ने र त्यस्ता सेवाहरूको गठन, सञ्चालन र सेवाका शर्त संघीय ऐनबमोजिम हुने व्यवस्था रहेकोमा हालसम्म निजामती कर्मचारी प्रशासनसम्बन्धी राष्ट्रिय नीति तर्जुमा भई जारी भएको छैन। संघीय निजामती सेवा विधेयक प्रतिनिधि सभामा २०७५।१०।२७ मा दर्ता भएकोमा उक्त विधेयक २०७८।६।१९ मा नेपाल सरकारले फिर्ता लिएको छ ।कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश निजामती सेवा तथा स्थानीय सेवासम्बन्धी कानून बनाउँदा कर्मचारी छनौट, भर्ना, नियुक्ति, सरुवा, बढुवा, आचरण र विभागीय सजायका विषयमा संघीय निजामती सेवासम्बन्धी कानूनका आधारभूत सिद्धान्त र मान्यतालाई आधारको रूपमा लिने व्यवस्था छ । संघीय निजामती सेवा ऐन जारी नभएको अवस्थामा मधेश प्रदेशबाट प्रदेश निजामती सेवा ऐन, २०७७ तथा वागमती प्रदेशबाट प्रदेश निजामती सेवा अध्यादेश, २०७८ जारी भएको पाइयो । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

४.१. संघीय निजामती सेवा ऐन पारित नभएको र प्रदेशले आफ्नै तवरले निजामती सेवा ऐन बनाउने, स्थानीय तहले कानून निर्माण नगरिकन बढुवा वा स्तरवृद्धि गर्ने कार्यले प्रशासनिक संयन्त्रमा वृत्ति विकास, सेवा सुविधा, सरुवा, बढुवा प्रणालीमा एकरूपता नहुने स्थिति छ । संघीय ऐन समयमै जारी हुन नसक्दा प्रदेशहरूबाट तर्जुमा भएका कानूनमा विविधता देखिएको छ । मधेश प्रदेशले निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति पदमध्ये ४९ प्रतिशतलाई विभिन्न समूहमा वर्गीकरण गरेको, पद पूर्तिमा अन्तर सेवा प्रतियोगिता र तह वृद्धि व्यवस्था रहेको, विभिन्न तहका पदपूर्ति प्रतिशतमा भिन्नता देखिएको, बढुवा उजुरीमा १५ दिनको म्याद राखेको लगायतका विविधता रहेका छन् । त्यसैगरी वागमती प्रदेशको निजामती सेवा अध्यादेशमा खुला प्रतियोगिताको पद मध्ये ४५ प्रतिशत लाई विभिन्न समूहमा वर्गीकरण गरेको, सेवाका छैठौं र दशौंमा तह वृद्धि सम्बन्धी व्यवस्था तथा आन्तरिक/अन्तर सेवा प्रतियोगिता हुने, बढुवाको उजुरी ३५ दिन म्याद रहेको लगायतका व्यवस्था उल्लेख गरेको छ ।

४.२. मधेश प्रदेशको निजामती सेवा ऐनमा उमेरको हद ननाघ्ने गरी प्रमुख सचिवको ३ वर्ष र सचिवको ५ वर्ष पदावधि कायम गरेको देखिन्छ । वागमती प्रदेशको निजामती सेवा अध्यादेशमा प्रदेश सचिवको पदावधि ५ वर्षको हुने उल्लेख छ । दुवै ऐनले अनिवार्य अवकाशको लागि ६० वर्ष कायम गरेको देखिन्छ । कर्मचारी समायोजन ऐन, २०७५ ले प्रदेश प्रमुख पदमा सचिव (विशिष्ट श्रेणी) र प्रदेश सचिव पदमा सहसचिवस्तरको कर्मचारी खटाउने व्यवस्था गरेको छ । उल्लिखित अवस्थाले कर्मचारीहरूको पदावधि र अवकाश सम्बन्धमा संघसँग तालमेल मिलेको नदेखिँदा समस्या आउने देखिन्छ ।

४.३. कर्मचारी समायोजन ऐन, २०७५ मा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा (३) बमोजिमको कानून नबनेसम्मका लागि नेपाल सरकारले गाउँपालिका र नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको पदमा निजामती सेवाको कुनै अधिकृतलाई खटाउने व्यवस्था छ । तर मधेश र वागमती प्रदेश निजामती सेवा ऐनले ती कर्मचारीहरू प्रदेश निजामती सेवाअन्तर्गतको हुने व्यवस्था गरेकोले द्विविधा परेको छ ।

समयमै निजामती सेवासम्बन्धी कानूनको अभावले कर्मचारी समायोजन तथा सेवा प्रवाहमा असर परेको, कानून तर्जुमा गर्दा विविधता रहने हुँदा संघीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सेवा सम्बन्धी कानूनहरू तर्जुमा गरी लागू गर्नुपर्दछ ।

५. **निजामती सेवामा पदपूर्ति -** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय कर्मचारी प्रशासनको केन्द्रीय भूमिकामा रहेकोले कर्मचारी सम्बन्धी समग्र प्रशासन गर्दै आएको छ । निजामती सेवा ऐन २०४९को दफा ७ मा पदपूर्ति सम्वन्धी व्यवस्था छ । राजपत्राङ्कित प्रथम श्रेणी र द्वितिय श्रेणीमा पदपूर्ति गर्दा १० प्रतिशत खुल्ला प्रतियोगिताद्धारा, ३५ प्रतिशत कार्यक्षमता मूल्याङ्कनद्धारा, २० प्रतिशत आन्तरिक प्रतियोगितात्मक परीक्षाद्धारा र ३५ प्रतिशत जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्धारा पदपूर्ति हुदै आएको छ। मन्त्रालयले रिक्त पदमा पदपूर्तिको लागि लोकसेवा आयोगमा माग पठाउने र तोकिएबमोजिम पदपूर्ति हुने गरेको छ । संघीय निजामती सेवा ऐन तर्जुमा गर्दा वर्तमान परिप्रेक्ष्यमा निजामती सेवाबाट प्रदान गरिने सेवा प्रवाहलाई प्रभावारी र नतिजामूलक बनाउन विद्यमान पदपूर्ति व्यवस्थामा समयानुकूल पुनरावलोकन गर्न आवश्यक व्यवस्था गर्नुपर्दछ ।

६. **तहगत दोहोरो संरचना -** संघीय व्यवस्थाअनुरूप स्थानीय तथा प्रदेशमा हस्तान्तरण हुने कार्य, संघ आफैंले गर्ने तथा प्रदेश वा स्थानीय तहले गर्ने कार्य र साझा रूपमा गर्ने कार्यबारे स्पष्ट उल्लेख छ । संघमा रहेका पूर्वाधार, कृषि, स्वास्थ्य, वन, शिक्षालगायतका कार्यालयहरू प्रदेशस्तरमा समेत स्थापना गरेको तथा स्थानीय तहबाट समेत सोही प्रकृतिका कार्यक्रम सञ्चालन गर्दा कार्यसम्पादनमा दोहोरोपना रहेको स्थिति छ । यसबाट समग्र शासन प्रणालीको खर्च बढ्ने र कार्य क्षेत्रमा दोहोरोपना हुने देखिन्छ । संघ, प्रदेश सरकार तथा स्थानीय तहले संगठन तथा दरबन्दी समय सापेक्ष पुनः संरचना गर्नुपर्ने देखिन्छ ।

७. **कर्मचारी समायोजन** - कर्मचारी समायोजन ऐन, २०७५ को दफा ५(१) मा सरकारी सेवाको कर्मचारीलाई संघ, प्रदेश र स्थानीय तहको पदमा समायोजन गर्ने प्रयोजनका लागि समायोजन गरिने सेवा, समूहको पद तथा तहगत विवरण खुलाई कर्मचारीबाट निवेदन माग गर्न सूचना प्रकाशन गर्ने व्यवस्था छ । मन्त्रालयले २०७५।९।११ मा सूचना प्रकाशन गरी दफा ८ बमोजिम संघमा जम्मा ५२ हजार ९२८ दरबन्दी स्वीकृत गरेकोमा ३७ हजार ९४४ कर्मचारी समायोजन भई १४ हजार ९८४ दरबन्दी रिक्त रहेको देखिन्छ । त्यसैगरी ७ प्रदेशमा २२ हजार २९७ दरबन्दी स्वीकृत भएकोमा १४ हजार ८६३ कर्मचारी समायोजन भई ७ हजार ४३४ दरबन्दी रिक्त रहेको देखिन्छ । त्यसैगरी ७५३ स्थानीय तहमा ६७ हजार ७१९ दरबन्दी स्वीकृत भएकोमा ४४ हजार ३२१ कर्मचारी समायोजन भई २३ हजार ३९८ दरबन्दी रिक्त रहेको देखियो । संघ, प्रदेश र स्थानीय तहमा समायोजन नभई २ हजार ४४३ कर्मचारी फाजिलमा रहेको देखिन्छ । मन्त्रालयले कर्मचारी समायोजनको सम्पूर्ण काम सम्पन्न भएको जनाए पनि फाजिलमा रहेका कर्मचारी व्यवस्थापन नगरेको ब्यहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख गरेकोमा स्थिति यथावत् छ ।

कुल स्वीकृत दरबन्दीमध्ये संघमा २८.३१ प्रतिशत, प्रदेशमा ३३.३४ प्रतिशत र स्थानीय तहहरूमा ३४.५५ प्रतिशत दरबन्दी रिक्त रहेको देखिन्छ । जनसरोकारसँग प्रत्यक्ष सम्बन्ध राख्ने

स्थानीय तहहरू र प्रदेशअन्तर्गतका कार्यालयहरूमा कर्मचारीहरूको अभाव हुँदा सेवा प्रवाहमा असर परेको अवस्था छ । प्रदेश लोकसेवा आयोग गठन भए पनि प्रदेश निजामती कानून नबन्दा पदपूर्ति प्रतिशत निर्धारण गरी प्रदेश र स्थानीय तहमा पदपूर्तिको लागि विज्ञापन हुन सकेको छैन । उल्लिखित स्थितिमा मन्त्रालयले प्रदेश लोक सेवा आयोगमार्फत् पदपूर्ति गर्न समन्वयकारी भूमिका निर्वाह गरी प्रदेश तथा स्थानीय तहहरूको कर्मचारी व्यवस्थापन र प्रशासनिक संरचनामा मन्त्रालयको भूमिकालाई प्रभावकारी बनाउनुपर्दछ ।

८. **छात्रवृत्ति** - निजामती कर्मचारीका सन्ततिलाई छात्रवृत्ति उपलब्ध गराउने निर्देशिका, २०७२ मा निजामती कर्मचारीका सन्ततिलाई नेपालको शिक्षण संस्थामा अध्ययन गर्न छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था छ। निर्देशिकाको बुँदा ३ मा नेपाल सरकारले प्रत्येक वर्ष निजामती कर्मचारीका सन्ततिलाई बुदाँ १३ बमोजिम अर्थ मन्त्रालयसँग समन्वय गरी बजेट विनियोजन गरी उपलब्ध गराउने व्यवस्था छ । छात्रवृत्ति निर्देशिका, २०७५ तयार गरी अर्थ मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सहमति प्राप्त नभएकोले निर्देशिका जारी नहुँदा २०७५।७६ को रू.१५ करोड ५५ लाख २०७६।७७ मा रू.१४ करोड २४ लाख ४४ हजार र २०७७।७८ मा विनियोजन नभएको कारण छात्रवृत्ति वितरण गरेको देखिएन । मन्त्रालयले छात्रवृत्ति वितरण गर्ने तर्फ ध्यान जानुपर्ने देखिन्छ ।

९. **वैदेशिक तालिम तथा अध्ययन** - निजामती सेवा ऐन, २०४९ को दफा ४० (ख) १ मा मन्त्रालय, आयोजना वा सचिवालयले आफ्नो मातहतका कर्मचारीहरूलाई नेपाल सरकारको नाममा प्राप्त भएका अध्ययन तालिम वा अध्ययन भ्रमणको अवसर समानुपातिक रूपमा बाँडफाँट गर्न नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा समिति गठन हुने र प्राप्त अवसरलाई समानुपातिक रूपमा बाँडफाँट गरी सो को जानकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई दिने र सो मन्त्रालयले सबै सरकारी निकायलाई जानकारी दिनुपर्ने व्यवस्था छ । नेपाल सरकारलाई यस वर्ष अध्ययन, तालिम र वैदेशिक भ्रमण अवसर प्राप्तिसम्वन्धी अद्यावधिक अभिलेख तयार गरेको देखिएन । सरकारी निकायलाई प्राप्त अवसरको बाँडफाँट गर्नुपर्नेमा सो नगरेको तथा निर्णयको जानकारी नगराउने निकाय प्रमुखलाई जिम्मेवार बनाउनुपर्दछ ।

१०. **अध्ययन बिदाको अभिलेख** - निजामती सेवा ऐन, २०४९ को दफा ४०(घ) बमोजिम कबुलियतनामा गराई नेपाल सरकार सचिवस्तरबाट अध्ययन बिदा स्वीकृत हुने र सोको जानकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई दिनुपर्ने व्यवस्था छ ।अध्ययन बिदामा बसेका कर्मचारीले कबुलियतनामामा उल्लेख भएअनुसारको अवधि सेवा दिनुपर्दछ । ऐनबमोजिम स्वीकृत भएको अध्ययन बिदाको अभिलेख नरहेकोले कर्मचारीको अध्ययन बिदा पश्चात् कबुलियतनामाबमोजिम नेपाल सरकारलाई दिएको सेवा सम्बन्धमा विश्वस्त हुने आधार देखिँदैन । अध्ययन बिदाबाट फर्किएपछि सोअनुसार सेवा नगरेका कर्मचारीलाई भुक्तानी गरेका तलब भत्ता र अन्य सुविधा सरकारी बाँकी सरह असुल हुन नसकेको, त्यस्तै सेवा र शर्तअनुसार काम नगर्ने कर्मचारीहरूलाई विभागीय कारबाहीसमेत हुन सकेको देखिएन । तसर्थ मन्त्रालयले अध्ययन बिदा बस्ने कर्मचारीको

अद्यावधिक अभिलेख राख्नुपर्ने र अध्ययन बिदा समाप्त भए पश्चात सेवा नगर्ने कर्मचारीलाई निजामती सेवा ऐन, २०४९ बमोजिम विभागीय कारबाही गर्नुपर्ने देखिन्छ ।

११. **बहुक्षेत्रीय पोषण कार्यक्रम -** महिलालाई कुपोषण (न्यून पोषण) बाट जोगाउन र पोषण तत्वमा सुधार गर्न युनिसेफको सहयोगबाट २०७५।७६ देखि २०७९।८० सम्म बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन भइरहेको छ । यस कार्यक्रमको लागि नेपाल सरकारबाट रू.२८ अर्ब ८५ करोड २० लाख र वैदेशिक सहयोगतर्फ युरोपियन युनियन एवं युनिसेफको नगद अनुदान रू.२० अर्ब ४ करोड ९० लाखसमेत रू.४८ अर्ब ९० करोड १० लाख बजेट खर्च गर्ने अनुमान गरिएको छ ।

गत वर्षसम्म नेपाल सरकारतर्फ रू.२ करोड ३५ लाख ३८ हजार र वैदेशिक स्रोततर्फ रू.५८ करोड ६२ लाख २९ हजारसमेत रू.६० करोड ९७ लाख ६७ हजार अर्थात् बजेटको तुलनामा १.२५ प्रतिशतमात्र खर्च भएको र यो वर्ष युरोपियन युनियनतर्फ रू.४ करोड ३४ लाख ९९ हजार बजेट व्यवस्था भएकोमा रू.९८ लाख ५२ हजार प्राप्त भै २२.६५ प्रतिशतमात्र खर्च भएको देखिन्छ । कार्यक्रम अवधि समाप्त हुन एक वर्ष बाँकी रहँदा १.२७ प्रतिशत बजेट मात्र खर्च भएकोले तोकिएको समयमा कार्यक्रम सम्पन्न हुन सक्ने अवस्था देखिएन ।

१२. **न्यून बजेट खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा स्वीकृत वजेट लक्ष्यअनुरूप खर्च नभएमा त्यसको जिम्मेवारी लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था छ । मन्त्रालयको आर्थिक विवरण परीक्षण गर्दा सार्वजनिक वित्तीय व्यवस्था सुधार कार्यक्रममा १८.०६ प्रतिशत र संघीय शासन प्रणाली व्यवस्था कार्यक्रममा २६.५९ प्रतिशत खर्च भएको छ । चीन सरकारको सहयोगमा कार्यान्वयन हुने उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रममा रू.१ अर्ब ६६ करोड ९५ लाख विनियोजन भएकोमा कार्यक्रम कार्यान्वयन भएको देखिएन । स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको रू. ४ करोड खर्च भएको छैन । वार्षिक लक्ष्यअनुसार कार्यक्रम सञ्चालन गरी प्रगति हासिल गर्नुपर्दछ ।

स्थानीय पूर्वाधार विभाग

१३. **गणेशमान सिंह समावेशी भवन -** ललितपुरको जावलाखेलमा निर्माण हुने उक्तको लागत अनुमान रू.६० करोड ७३ लाख १७ हजार रहेकोमा रू.४० करोड ६४ लाख ३७ हजार कबोल गर्ने एक निर्माण व्यवसायीसँग २०७७।३।१२ भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी २०७४।३।१३ मा खरिद सम्झौता भएको देखिन्छ । निर्माण व्यवसायीलाई गत वर्षसम्म रू.५ करोड ८४ लाख २३ हजार र यो वर्ष रू.४ करोड ३१ लाख ६५ हजारसमेत रू.१० करोड १५ लाख ८८ हजार, मूल्यवृद्धिबापत रू.१७ लाख ९७ हजार, पेश्की भुक्तानी रू.३ करोड ५९ लाख, भेरिएसन रू.१५ लाख ५० हजारसमेत रू.१४ करोड ८ लाख ३५ हजार भुक्तानी भएको देखिन्छ । सम्झौताअनुसार ३ वर्षभित्र २५ प्रतिशतमात्र वित्तीय प्रगति भएको अवस्थामा विभागीय प्रमुखबाट ३ पटक म्याद थप भै ६५५ दिन अर्थात् ५९.८१ प्रतिशत म्याद थप भैसकेको छ । निर्माण कार्यको भौतिक

प्रगति ४० प्रतिशतमात्र रहेकोले तोकिएको समयमा सम्पन्न हुन सक्ने अवस्था देखिएन । पटक पटक म्याद थप हुँदा समेत कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई सार्वजनिक खरिद ऐन, नियम तथा खरिद सम्झौताबमोजिम कारबाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

१४. **निर्माण स्थगन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ (३) मा निर्माण स्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारबाही शुरु गर्न नहुने व्यवस्था छ । वाग्मती नदीमा पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७४।१।१२ मा रू.९ करोड ४१ लाख ७५ हजारको खरिद सम्झौता भएको देखिन्छ । उक्त पुल नेपाली सेना (काठमाडौं तराई/मधेश द्रुत मार्ग सडक आयोजना) को पत्रबाट फाष्ट ट्रयाकको सीमाङ्कन भित्र परेको र द्रुत मार्गलाई असर गर्ने हुँदा सो निर्माण कार्य रोकिदिने व्यवस्थाको लागि अनुरोध भएको देखियो । सो अवधिसम्म रू.२ करोड ६८ लाख ६३ हजार भुक्तानी भएको छ । निर्माण व्यवसायी र कार्यालयका प्रतिनिधिबीच कार्यालयलाई तिर्नुपर्ने बाँकी दायित्व, बढी भुक्तानी, मोबिलाइजेसन पेश्की यथाशीघ्र कार्यालयलाई बुझाउने र भए गरेका कार्यका आधारमा भुक्तानी पाउने गरी ठेक्का सम्झौता अन्त गर्न २०७५।२।२८ मा सहमति भएको देखिन्छ । उक्त विवाद मध्यस्थतामा गई नेपाल मध्यस्थता परिषद्लाई रू.३ लाख ४० हजार भुक्तानी खर्च लेखेकोमा हालसम्म उक्त विवादको समाधान तथा निर्णय आएको देखिएन।

निर्माण व्यवसायीलाई दोस्रो बिलबाट भुक्तानी दिँदा पहिलो बिलमा भुक्तानी भएको रकम कट्टा नगरेकोले रू.७४ लाख ३० हजार बढी भुक्तानी भएको देखिन्छ । उक्त रकममध्ये तेस्रो रनिङ बिलबाट रू.२३ लाख ४५ हजार कट्टा भै रू.५० लाख ८५ हजार बढी भुक्तानी र मोबिलाइजेसन पेश्की रू.९४ लाख ६० हजारसमेत रू.१ करोड ४५ लाख ४५ हजार दाखिला गर्न २०७४ मा पत्राचार भए तापनि निर्माण व्यवसायीबाट दाखिला भएको छैन । बाँकी रकम पेश्की जमानतको बैङ्क ग्यारेन्टीबाट दाखिला गर्न कुनै कारबाही गरेको देखिएन । यसरी निर्माण स्थल यकिन नहुँदै खरिद सम्झौता गरी हालसम्म मोबिलाइजेसन पेश्कीसमेत रू.३ करोड ६३ लाख २३ हजार खर्च गरेको देखियो । उक्त खर्चबाट कुनै उपलब्धि हासिल नभएकोले प्रयोजनविहीन देखिएको छ ।

१५. **भुक्तानीमा कर -** आयकर ऐन, २०५८ को दफा ८९(३) मा गैरबासिन्दालाई हुने ठेक्का वा करारको भुक्तानीमा ५ प्रतिशत कर कट्टा गर्नुपर्ने उल्लेख छ । विभाग र एक वैदेशिक सेवा प्रदायकसँग फलामे लट्ठा खरिदको प्रतीतपत्रमार्फत् रू.८७ करोड ६५ लाख ९ हजारको सम्झौता भएको देखिन्छ । उक्त खरिद कार्यमा हालसम्म रू.६७ करोड ७६ लाख भुक्तानी भएकोमा रू.३ करोड ३८ लाख ८० हजार कर कट्टा गर्नुपर्नेमा लेखापरीक्षणको क्रममा रू.१ करोड २३ लाख ९२ हजार असुली भई सञ्चित कोष दाखिला गरेकोले बाँकी रकम रू.२ करोड १४ लाख ८८ हजार असुल हुनुपर्दछ ।

सस्पेन्सन ब्रिज डिभिजन

१६. **निर्माण कार्य स्थगन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा निर्माण स्थलको व्यवस्था भएपछि मात्र बोलपत्र आह्वान गर्नुपर्ने र एक सार्वजनिक निकायले अर्को सार्वजनिक निकायसँग समन्वय गर्नुपर्ने लगायतको व्यवस्था छ । चितवनस्थित बाल्मीकि आश्रम जोड्ने नारायणी नदीमा झोलुङ्गे पुल निर्माणका लागि रू.८ करोड १८ लाख ७२ हजारको लागत अनुमान तयार गरी २०७२।९।२९ भित्र कार्य सम्पन्न गर्न निर्माण व्यवसायीसँग २०७०।३।३० मा रू.५ करोड १९ लाख ६६ हजारको सम्झौता भएको देखिन्छ । भेरिएसनबाट सम्झौता रकममा रू.७९ लाख ८ हजार थप भएको देखिन्छ भने २०७५।७।२३ सम्म म्याद थप भएको छ । मिति २०७६।८।२५ सम्म रू.३ करोड ४७ लाख ५३ हजार बिल रकम र रू.१ करोड ३ लाख ३ हजार पेश्की भुक्तानी भए तापनि हाल कुनै कार्य भएको तथा म्याद थपसमेत गरेको देखिएन । कार्य सम्पादन जमानत रू.२९ लाख ३६ हजारको म्याद २०७७।४।२९ सम्म रहेको, पेश्की रू.१९ लाख ९६ हजार फर्स्यौट नभएको र पेश्की जमानतको म्याद २०७५।८।२३ मा समाप्त भएकोले पेश्की रकमसमेत जोखिममा रहेको छ । राष्ट्रिय निकुञ्ज र कार्यालयबीच समन्वय नहुँदा रू.३ करोड ४७ लाख ५३ हजार अर्थात् सम्झौताको करिब ६७ प्रतिशत रकम खर्च भएको अवस्थामा निर्माण कार्य अधुरो रहेको छ । निर्माणस्थलमा देखिएका समस्या समाधान गरी कार्यसम्पन्न गर्नुपर्दछ ।

१७. **न्यून प्रगति -** झोलुङ्गेपुल निर्माण कार्यमा प्रयोग हुने १६० रोल फलामे लठ्ठा खरिद कार्यको लागि अमेरिकी डलर १२ लाख ७१ हजार लागत अनुमान स्वीकृत भै अमेरिकी डलर १२ लाख २९ हजार कबोल गर्ने एक आपूर्तक संस्थासँग १५० दिनभित्र सबै लठ्ठा अमलेखगन्ज स्टोरमा प्राप्त हुने गरी २४ डिसेम्बर २०२० मा खरिद सम्झौता भएको देखिन्छ । सो खरिद सम्झौताको म्याद ३ पटकसम्म थप भएको देखियो । सम्झौताअनुसार १२० दिनभित्र ९० र १५० दिनभित्र ७० समेत १६० रोल लठ्ठा प्राप्त गरी सक्नुपर्नेमा २०७८ आषाढ मसान्तसम्म १२ रोलमात्र प्राप्त भै अमेरिकी डलर १ लाख ५ हजार खर्च भई ८ प्रतिशत प्रगति भएको देखिन्छ । सम्झौताका शर्तअनुसार लठ्ठा खरिद कार्य सम्पन्न नहुँदा झोलुङ्गे पुल निर्माण कार्यमा बाधा परेकाले सम्बन्धित निकाय जिम्मेवार बन्नुपर्दछ ।

ग्रामीण सडक सञ्जाल सुधार आयोजना

१८. **सवारीसाधन भाडा -** सार्वजनिक लेखा समितिले २०६९।१।८ मा निर्माण कार्यको बिल अफ क्वान्टिटीमा सवारीसाधन तथा मेसिनरी सामान खरिद तथा भाडाको रकम समावेश गरी ठेक्का सम्झौता गर्न नपाउने निर्णय गरेको छ । ग्रामीण सडक सञ्जाल सुधार आयोजनाका लागि स्थानीय पूर्वाधार विभागले विभिन्न सडकको सम्झौता गर्दा उक्त निर्णयको पालना नगरी पिक अप गाडी भाडामा लिई रू.८ करोड ४० लाख ७ हजार भुक्तानीसमेत गरेको देखियो । भुक्तानी गरेको देखियो । यसरी निर्णय विपरीत सवारीसाधन भाडा लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

जिल्ला समन्वय समिति

१९. **अवकाश पछिको सुविधा -** तत्कालीन काभ्रेपलाञ्चोक जिल्ला विकास समितिमा कार्यरत रही स्थानीय तहमा समायोजन भई गएका १५ जना कर्मचारीले अवकाश पछिको सुविधा कार्यरत रहेकै अवस्थामा भुक्तानी लिएको पाइयो । समायोजन भएका कर्मचारीलाई अवकाश मानेर सुविधा दिने कानुनी आधार नदेखिएकोले कर्मचारी कल्याण कोषबाट भुक्तानी भएको रू.१ करोड १३ लाख ३८ हजार प्रचलित कानूनअनुसार असुल गर्नुपर्दछ ।

संगठित संस्था समिति

निजामती कर्मचारी अस्पताल

२०. **आय-व्यय -** अस्पतालले यो वर्ष नेपाल सरकारको अनुदान रू.४७ करोड ६८ लाख २९ हजार, कोभिड-१९ को लागि निकासा प्राप्त रू.७ करोड ६८ लाख ४७ हजार, आन्तरिक स्रोतबाट रू.३९ करोड ६१ लाख ७६ हजार, विपन्न नागरिक सहायता अनुदान रू.२ करोड ३३ लाख १७ हजार, विविध आय रू.४७ करोड ६० लाख ४७ हजार र गत वर्षको मौज्दात रू.२४ करोड ५५ लाख ४० हजारसमेत रू.१ अर्ब ६९ करोड ४७ लाख ५६ हजार आय देखाएको छ । गत वर्षको भुक्तानी रू.२७ करोड ८९ लाख ९३ हजार, धरौटी तथा पेश्की रू.२९ करोड ५७ लाख १२ हजार सञ्चालन तथा अन्य खर्च रू.८५ करोड ९१ लाख ७१ हजारसमेत रू.१ अर्ब ४३ करोड ३८ लाख ७६ हजार खर्च भई रू.२६ करोड ८ लाख ८० हजार मौज्दात रहेको छ ।

२१. **स्वास्थ्य उपचार सेवा -** निजामती कर्मचारी अस्पताल विकास समिति (गठन) आदेश, २०६४ मा अस्पताल विकास समितिले स्रोत, साधन र क्षमताअनुसार निजामती कर्मचारीका साथै सर्वसाधारणलाई समेत स्वास्थ्य उपचार सेवा उपलब्ध गराउन सक्ने व्यवस्था छ । अस्पतालबाट प्राप्त विवरणअनुसार यो वर्ष निजामती कर्मचारी तर्फ ११ हजार ७८५ (१५.५० प्रतिशत) र सर्वसाधारण तर्फ ६४ हजार २४८ समेत ७६ हजार ३३ जना (८४.५० प्रतिशत) लाई स्वास्थ्य सेवा उपलब्ध गराएको देखिन्छ। निजामती कर्मचारीलाई लक्षित गरी स्थापित यस अस्पतालको उपचार सुविधा सोहीअनुरूप केन्द्रित गरी अस्पतालबाट उपलब्ध गराउने उपचारसम्बन्धी सेवामा दैनिक उपचार गराउने ओपीडी संख्यामा वृद्धि गर्नुपर्ने, प्रयोगशालालगायतमा निजामती कर्मचारीलाई प्राथमिकता दिने र निजामती कर्मचारीको लागि सेवा, समय र शय्या निर्धारण गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

२२. **कोभिड-१९ उपचारको व्यवस्थापन -** यस अस्पतालले नेपाल सरकारबाट कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि रू.७ करोड ६८ लाख ४७ हजार प्राप्त गरी खर्च गरेकोमा हाइ डिपेन्डेन्सी युनिट खरिद तथा जडानमा रू.३ करोड १० लाख ४९ हजार, पीपीई, मास्क, सेनिटाइजर, औषधि तथा औषधिजन्य सामग्री खरिद, अस्पताल व्यवस्थापन र क्वारेन्टाइनसमेतमा रू.३ करोड २४ हजार, मेसिनरी औजार तथा उपकरण खरिदमा रू.५० लाख ७१ हजार, उपचारमा संलग्न स्वास्थ्यकर्मीको जोखिम भत्तामा रू.८३ लाख २७ हजार खर्च गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५(३)१ मा सार्वजनिक निकायले रू.१० लाखभन्दा बढी

रकमको विशेष परिस्थितिमा खरिद गर्दा खरिदको विवरण सार्वजनिक गरी सोको जानकारी सार्वजनिक अनुगमन कार्यालयमा पठाई नियमावलीको व्यवस्था पालना गर्नुपर्दछ ।

२३. **अस्पतालको आम्दानी** - अस्पतालले पेस गरेको आय-व्यय विवरणअनुसार यो वर्षको आय रू.३३ करोड ५३ लाख ४९ हजार रहेकोमा कर्मचारीको तलब भत्ता र सेवा निवृत्त सुविधामा मात्र रू.१० करोड ७४ लाख ७६ हजार खर्च भएको देखिन्छ । उक्त खर्च आम्दानीको ३२.०४ प्रतिशत हुन आउँछ । समितिका कर्मचारीको लागि अवकाश पछि हुने भुक्तानीको लागि रू.६ करोड ८९ लाख दायित्व व्यवस्था गरेको छ । भौतिक पूर्वाधार र उपकरण व्यवस्थापनको लागि सरकारकै अनुदानमा भर पर्नुपर्ने स्थिति छ । अस्पताललाई दिगो रूपमा सञ्चालन गर्न र वित्तीय अवस्था सुधार गर्न आयमा वृद्धि र खर्च नियन्त्रणसम्बन्धी नीति तथा कार्यक्रम तय गरी कार्यान्वयन गर्नुपर्ने देखिएको छ ।

२४. **औषधिको म्याद** - अस्पताल र औषधि उपलब्ध गराउने आपूर्तक संस्थाबीच भएको सम्झौतामा औषधिको म्याद समाप्त हुने अवधि फार्मेसीमा औषधि प्राप्त भएको मितिले कम्तीमा एक वर्षको हुनुपर्ने उल्लेख छ । अस्पतालबाट औषधिको म्यादसम्बन्धी विवरण उपलब्ध हुन नसकेकोले औषधिको म्याद सम्बन्धमा स्पष्ट हुन सकिएन । सम्झौतामा ४ महिनामात्र बाँकी रहेका सबै औषधि सम्बन्धित आपूर्तिकर्तालाई फिर्ता गराई शोधभर्ना हुनुपर्नेमा विवरण उपलब्ध नहुँदा वास्तविक अवस्था यकिन गर्न सकिएन ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान

२५. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा** - प्रतिष्ठानको गत वर्षको आय रू.३१ करोड ६ लाख २ हजार रहेकोमा यो वर्ष रू.१९ करोड ४९ लाख ६२ हजार प्राप्त गरी गत वर्षभन्दा ३७.२३ प्रतिशतले घटी आय प्राप्त भएको छ । गत वर्ष रू.२५ करोड ९२ लाख २२ हजार खर्च भएकोमा यो वर्ष रू.१८ करोड ५० लाख १० हजार खर्च भएकोले गत वर्षभन्दा २८.६२ प्रतिशतले घटी रहेको छ । कोषतर्फको आय गत वर्षको भन्दा ३४ प्रतिशतले र खर्च ४० प्रतिशतले घटेको छ । दायित्व कोषतर्फ पेन्सन, उपदान र अन्य सुविधाबापत रू.४२ करोड ८७ लाख ७६ हजार रहेको छ ।

२६. **रणनीतिक योजना कार्यान्वयन** - प्रतिष्ठानले सञ्चालन गर्ने प्रशिक्षण, अनुसन्धान एवं परामर्श कार्यहरूलाई प्रभावकारी ढङ्गले सम्पादन गर्न २०७२।२०७३ देखि २०७६।२०७७ सम्मको पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गरेको छ । सो योजनाले प्रशिक्षण कार्यक्रमको स्तरीकरण र परिमार्जन गर्ने, नीतिगत अनुसन्धान कार्यहरूको प्रवर्द्धन गर्ने र नेपाल सरकारलाई नीतिगत सुझाव प्रदान गर्ने, सरकारी निकाय तथा सार्वजनिक संस्थाहरूको व्यवस्थापकीय सुधारका लागि परामर्श प्रदान गर्ने, प्रतिष्ठानको आन्तरिक सेवा प्रक्रियामा निरन्तर सुधार गर्ने, प्रशिक्षकहरूको क्षमता विकास गर्ने, प्रशिक्षण पूर्वाधारहरूको स्तरोन्नति र विकास गर्ने र वित्तीय स्रोतको उच्चतम परिचालन गर्ने जस्ता रणनीतिक उद्देश्यहरू निर्धारण गरेकोमा कार्यान्वयन अवस्थाको मूल्याङ्कन

गरेको देखिएन । रणनीतिक योजनामा निर्धारित लक्ष्य तथा उद्देश्य पूर्णरूपमा कार्यान्वयन गरिनुपर्दछ ।

२७. **तालिमको प्रभावकारिता -** प्रतिष्ठानले स्थापित उद्देश्य अनुरूप सरकारी निकाय तथा सार्वजनिक संस्थानहरूको प्रशासनिक एवं दक्षता अभिवृद्धि गर्न अधिकृतस्तरका कर्मचारीलाई पूर्व सेवाकालीन, सेवाकालीन तथा उच्चतहका कर्मचारीलाई सिनियर एक्जुकेटिभ डेभलोपमेन्ट प्रोग्रामलगायतका तालिम, अनुसन्धान र परामर्श सेवाको कार्य गर्दै आएको छ । यसको लागि तालिम सञ्चालन नीति, निर्देशिका स्वीकृत गरी तालिमको गुणस्तर कायम राख्न, तालिमबाट सञ्चालित सीपको अभिवृद्धि गरी गुणस्तरयुक्त जनशक्तिबाट सार्वजनिक सेवा प्रवाहमा दक्षता अभिवृद्धि गर्न पाठ्यक्रम पुनरावलोकन तथा तालिमको प्रभावकारिताको अध्ययन गरी प्राप्त पृष्ठपोषणको आधारमा सुधार गर्दै सञ्चालित तालिमको मापनयोग्य सूचकाङ्क र कार्ययोजना तयार गरी अनुगमन गर्न सकेमा तालिमको गुणस्तरमा थप प्रभावकारिता आउने देखिन्छ।

अनुगमन तथा बेरूजू

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा लक्ष्यअनुसार प्रगति नभएको, ठेक्का अधुरो रहेको, सोझै खरिद गरेको, निर्माण कार्यमा समन्वय नगरेको, पेश्की फर्स्यौट नभएको, बिल भरपाईबेगर खर्च गरेको लगायतका व्यहोरा औँल्याइएकोमा यस सम्वन्धमा सुधार भएको देखिएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरूजूको स्थिति देहायअनुसार छ ।
  - सरकारी कार्यालयतर्फ ४६ निकायमा यो वर्ष रू.६७ करोड ७१ लाख ७७ हजार बेरूजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ निकायले रू.५ लाख ३७ हजार फर्स्यौट गरेकोले रू.६७ करोड ६६ लाख ४० हजार फर्स्यौट गर्न बाँकी रहेको छ । सोमध्ये रू.४२ लाख ६८ हजार म्याद नाघेको पेश्की रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - संगठित संस्था एवं समिति ४ तर्फ यो वर्ष रू.१ करोड ४२ लाख ७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ निकायले रू.४ लाख ९८ हजार फर्स्यौट गरेकोले रू.१ करोड ३७ लाख ९ हजार बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा सो सम्बन्धी अध्ययन, अनुसन्धान र नियमन, सुरक्षण मुद्रण, हुलाकसम्बन्धी नीति, सञ्चालन र नियमन, साइबर सुरक्षा र नियन्त्रण, फ्रिक्वेन्सी बाँडफाँट तथा नियमनलगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्था समेत १०५ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतका समेत ८७ सरकारी कार्यालयको निम्नानुसार रू.१५ अर्ब ३८ करोड ६५ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य करोबार	जम्मा
६,५१,८४	७,९२,३१	३०,९१	६३,५९	१५,३८,६५

उल्लिखित लेखापरीक्षण रकममा ३ निकायको बक्यौता रू.४६ करोड ८३ लाखसमेत समाबेश छ ।

२. **संगठित संस्था तथा समिति** - यो वर्ष नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएका १६ संस्थाको रू.४९ अर्ब ८५ करोड ५ लाखको लेखापरीक्षण सम्पन्न भएको र २ संगठित संस्थाको बक्यौता रहेको छ।

३. **आवधिक योजनाको कार्यान्वयन -** पन्ध्रौं आवधिक योजनाले सबै नागरिकमा सञ्चार तथा सूचना प्रविधिको सहज पहुँच तथा उपयोग विस्तार गर्ने, सञ्चार तथा सूचना प्रविधिको सेवालाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय बनाउने, सञ्चार र सूचना प्रविधिमा आधारित उद्योगको विकास गरी रोजगारी वृद्धि गर्ने उदेश्य लिई योजना अवधिमा पूरा गर्ने लक्ष्य राखेको सूचकहरूमा योजना अवधिका विगत २ वर्षमा देहाय बमोजिम प्रगति गरेको छः

क्र.सं.	सूचक	एकाइ	२०७७।७८ को		२०७७।७८ सम्मको	
			लक्ष्य	प्रगति	लक्ष्य	प्रगति
१.	सञ्चार तथा सूचना प्रविधिबाट रोजगारी सिर्जना	संख्या हजारमा	२८८	-	५२८	-
२.	अप्टिकल फाइबर विस्तार	कि. मि.	१२६२०	१०५८२	२२९९०	२०१७८
३.	फोर जी/एल.टी.ई. सेवा विस्तार	प्रयोगकर्ता प्रतिशत	४०	२५.४६	६०	४०.७६
४.	फिक्स्ड ब्रोडब्याण्ड सेवा विस्तार	प्रतिशत	३०	२५.०९	४७.८०	४१.९२
५.	मोबाइल ब्रोडब्याण्ड सेवा विस्तार	प्रतिशत	७०	६५.४७	७०	६५.४७
६.	मोबाइल टेलिफोन ग्राहक संख्या	प्रति लाख	१५४.५५	३८७	५५२.५५	७७४.५४
७.	सरकारी डाटा सेन्टर	संख्या	-	२	-	४
८.	रेडियोको पहुँच	प्रतिशत	९२	८९	१८२	१७६
९.	टेलिभिजनको पहुँच	प्रतिशत	८२	७२	१६०	१४४
१०.	इ.एम.एस. सेवा विस्तार	जिल्ला	६८	७२	१३२	१३६
११.	इ.एम.एस. सेवा विस्तार	देश/संख्या	४४	३९	८६	७८

क्र.सं.	सूचक	एकाइ	२०७७।७८ को		२०७७।७८ सम्मको	
			लक्ष्य	प्रगति	लक्ष्य	प्रगति
१२.	अनलाइनमार्फत् सरकारी सेवा प्रवाह	संख्या	३५	२२	६५	४४
१३.	सञ्चारग्रामको स्थापना	संख्या	१	१	२	२
१४.	डिजिटल साक्षरता	प्रतिशत	६८	-	१२३	-

उल्लिखित विवरणअनुसार सञ्चार तथा सूचना प्रविधिबाट रोजगारी सिर्जना संख्या र डिजिटल साक्षरता प्रतिशत नतिजा सूचकको प्रगति विवरण प्राप्त भएको छैन । अप्टिकल फाइबर विस्तार, फोरजी सेवा, रेडियोको पहुँच, टेलिभिजनको पहुँच, इ.एम.एस. सेवा विस्तार र अनलाईन सरकारी सेवा प्रवाह जस्ता सूचकहरूमा प्रगति न्यून रहेको छ । आवधिक योजनाको लक्ष्य प्राप्त हुने गरी लक्ष्य निर्धारण र स्रोतको व्यवस्था गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

४. **डिजिटल नेपाल -** डिजिटल प्रविधिको उपयोगबाट सेवा प्रवाह, उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गरी मुलुकको आर्थिक रूपान्तरण र समृद्धि प्राप्त गर्न मन्त्रिपरिषद्ले २०७६ कात्तिक ५ मा डिजिटल नेपाल फ्रेमवर्क, २०७६ पारित गरेको छ । फ्रेमवर्कमा एक राज्य, ८ कार्यक्षेत्र र ८० क्रियाकलाप ५ वर्षभित्र (२०८०।८१) सम्पन्न गर्ने कार्य योजना समाबेस छन् । राष्ट्रिय योजना आयोगले रुपान्तरणकारी आयोजनाको रूपमा वर्गीकरण गरेको यस अवधारणको फ्रेमवर्क कार्यान्वयनका लागि रू.१ खर्ब ७ अर्ब ५० करोड बजेट अनुमान गरेको छ । नेपाल सरकार एप, पब्लिक वाइफाई, डिजिटल सिग्नेचर, राष्ट्रिय बायोमेट्रिक कार्ड, ई-हाट बजार, ई-ल्यान्ड, केन्द्रीय टेली मेडिसिन, ई-हेल्थ रेकर्ड, स्मार्ट टिचिङ, अनलाइन एजुकेसन, सेन्ट्रलाइज रजिस्ट्रेसन सिस्टम, ई-एटेन्डेन्स, स्मार्ट मिटरिङ, स्मार्ट ग्रिड, इलेक्ट्रोनिक्स भिसा, इलेक्ट्रोनिक्स टुरिजम गाइड, डिजिटल पेमेन्ट, मोबाइल वालेट सर्भिसमा प्रारम्भिक कार्य भए तापनि डिजिटल नेपालको आधार स्तम्भको रूपमा रहेको प्रत्येक जनताको पहुँच हुने गरी गुणस्तरीय उच्च गतिको इन्टरनेट सेवा विस्तार गर्ने, मोबाइल सेवामा पहुँच, फाइभ जी सेवा सञ्चालन, देशै भरी अप्टिकल नेटवर्क विस्तार, आईसीटी विशेष आर्थिक क्षेत्र, राष्ट्रिय साइबर सुरक्षा नीति, प्रादेशिक डाटा सेन्टर स्थापना, नेसनल पेमेन्ट गेट-वे निर्माणमा भएको ढिलाइले शुरूवाती चरणका परिमाणात्मक लक्ष्यहरू हासिल हुन सकेको छैन । सोको अतिरिक्त तोकिएअनुरूप बजेट व्यवस्था नहुनु, निजी क्षेत्रसँग समन्वयको कमीले गर्दा तोकिएको अवधि भित्रै डिजिटल नेपालको अवधारणाले मूर्तरूप लिन कठिनाइ हुने देखिन्छ । मन्त्रालयले समन्वयकारी भूमिका निर्वाह गरी डिजिटल नेपालको आधार स्तम्भहरू तयार गर्नुपर्दछ ।

५. **नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन -** नीति तथा कार्यक्रम र बजेट कार्यन्वयनमा देखिएका व्यहोरा देहायबमोजिम छनः

५.१ ब्रोडब्याण्ड नीति, २०७१ अनुसार व्यापारिक प्रयोजनको लागि विस्तार गरिने ब्रोडब्याण्ड सेवाबाट बाहिर पर्ने ग्रामीण क्षेत्रका साथै सामुदायिक विद्यालय, सामाजिक संघ सस्था तथा ग्रामीण स्वास्थ्य सस्थामा ब्रोडब्याण्ड सेवा पहुँच सन् २०२० सम्म सुनिश्चित गर्ने लक्ष्य रहेकोमा मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदनबाट २०७७।७८ सम्म ७१३ स्थानीय तहको केन्द्र, ६ हजार ४० वडा कार्यालय, ४ हजार १५ स्वास्थ्य केन्द्र र ५ हजार १७९ सामुदायिक माध्यमिक विद्यालयमा ब्रोडब्याण्ड इन्टरनेट सेवा पुगेको छ ।

५.२ ज्ञानमा आधारित अर्थतन्त्र विकासको लागि सूचना प्रविधिमा आधारित उद्योग व्यवसायको प्रवर्द्धन गर्न ललितपुरको खुमलटारमा राष्ट्रिय ज्ञानपार्क स्थापना कार्य अगाडि बढाउने कार्यक्रम रहेकोमा ज्ञानपार्क निर्माणको लागि सूचना प्रकाशन भए तापनि जग्गा भाडामा रहेको र सो विषय अदालतमा विचाराधीन रहेको छ । ज्ञानपार्क स्थापनाको लागि रू.२ करोड ७५ लाख बजेट व्यवस्था भएकोमा कम्पाउण्ड पर्खाल निर्माणमा रू.४९ लाख २० हजार खर्च भएको छ ।

५.३ सबै प्रदेशमा सञ्चारग्राम स्थापना गर्ने कार्यलाई निरन्तरता दिने कार्यक्रम रहे तापनि जग्गा प्राप्तिमा ढिलाइको कारण कार्य शुरु भएको छैन । साइबर सुरक्षा जोखिमको पहिचान, असर न्यूनीकरण र आकस्मिक साइबर सुरक्षा छरितो र भरपर्दो बनाउन छुट्टै साइबर सुरक्षा केन्द्र स्थापना गर्न सम्भाव्यता अध्ययन गर्ने कार्यक्रम रहेकोमा परामर्शदाता छनोट भएको छैन । साइबर सुरक्षा केन्द्र स्थापनाको लागि रू.२० करोड बजेट व्यवस्था भएकोमा खर्च भएको छैन ।

५.४ निजी तथा सहकारी क्षेत्रबाट सञ्चालित प्रसारण संस्थाले २०७७ पौषसम्म इजाजत नवीकरण गर्दा लाग्ने थप शुल्क तथा जरिबाना छुट दिने नीति रहेकोमा कार्यविधि र मापदण्ड तयार नभएकोले उक्त कार्य शुरु भएको छैन । कोहलपुरमा डाटा सेन्टर निर्माण कार्य शुरु गर्ने कार्यक्रम रहेकोमा निर्माण कार्य शुरु नभएको, ललितपुरमा डाटा सेन्टर र इन्टरनेट एक्स्चेञ्ज सेन्टरको निर्माण कार्य शुरु गर्ने कार्यक्रम रहेकोमा जग्गा प्राप्तिमा बिलम्ब भएकोले बोलपत्रको सूचना प्रकाशन हुन नसकेको, आगामी दुई वर्षभित्र व्यावसायिक सम्भाव्यताको आधारमा नेपालको आफ्नै स्याटलाइट स्थापना गरी सञ्चालनमा ल्याउन राष्ट्रिय भू-उपग्रहको स्थापनाको कार्य अगाडि बढाउने कार्यक्रम रहेकोमा परामर्शदाता छनौट हुन सकेको छैन।

५.५ हुलाक सेवाको पुनःसंरचना गरी हुलाक सेवालाई आधुनिक प्रविधियुक्त बनाउने कार्यक्रम रहेकोमा सो सम्बन्धी सम्भाव्यता अध्ययन प्रतिवेदन तयार भए तापनि आवश्यक पूर्वाधार तयार गरी सेवा आरम्भ भएको छैन ।

५.६ इन्टरनेट घनत्व प्रति १०० जनामा सन् २०२२ को लक्ष्य ७०.९ प्रतिशत रहेकोमा ९१.५५ प्रतिशत प्रगति भएको, मोबाइल नेटवर्कद्वारा समेटिएको जनसंख्याको हिस्सा शतप्रतिशत लक्ष्य रहेकोमा मोवाइल नेटवर्क जी.एस.एम. १२८.१० प्रतिशत, सी.डी.एम.ए. १.१० प्रतिशत प्रगति रहेको छ । इन्टरनेट प्रयोग गर्ने महिलाको प्रतिशत सन् २०२२ को लक्ष्य ५६.२ प्रतिशत र इन्टरनेटमा पहुँच भएका विद्यालयहरूको लक्ष्य ४७.२ प्रतिशत रहेकोमा सो को प्रगति प्राप्त भएको छैन ।

नीति तथा कार्यक्रम सम्बन्धमा न्यून प्रगतिको कारण खुलाई सोको समाधान गरी बजेटको उद्देश्य हासिल गर्न कार्यक्रम कार्यान्वयन गर्नुपर्छ ।

६. **दिगो विकास लक्ष्य -** मन्त्रालयबाट प्राप्त प्रतिवेदनमा दिगो विकास लक्ष्य ४ अन्तर्गत गुणस्तरीय शिक्षासँग सम्बन्धित प्रविधि एवं व्यावसायिक दक्षता अभिवृद्धि गर्न इन्टरनेटमा पँहुच, लक्ष्य-५ लैङ्गिक समानता हासिल गर्न महिला सशक्तीकरणका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा महिलाको पहुँचमा वृद्धि तथा लक्ष्य-९ को उत्थानशील पूर्वाधार निर्माण गर्ने लक्ष्यका लागि औद्योगिक क्षेत्रमा प्रविधिको स्तरोन्नतिको लागि वार्षिक कार्यक्रम र सो अनुरूप बजेटको व्यवस्था गरी कार्यक्रम कार्यान्वयनमा तदारुकता अपनाउनुपर्दछ ।

७. **राजस्व आम्दानी** - मन्त्रालय र मातहत निकायहरूले यो वर्ष रू.७ अर्ब ९० करोड ८८ लाख ५१ हजार राजस्व आम्दानी गरेका छन् । गत वर्ष रू.८ अर्ब ५४ करोड ९४ लाख ९० हजार राजस्व आम्दानी गरेकोमा यो वर्ष ७.४९ प्रतिशतले कमी आएको छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा देहायबमोजिम छः

७.१ पार्सल तथा चिठीपत्रलगायत हुलाक सेवाबाट प्राप्त हुने राजस्व गत वर्ष रू.२६ करोड २९ लाख १७ हजार रहेकोमा यो वर्ष रू.२१ करोड ९ लाख २८ हजार करिब २० प्रतिशतले कम प्राप्त भएको छ। उक्त अवस्थामा हुलाक सेवामा संरचनागत सुधारको आवश्यकता इंगित गरेको छ । फ्रिक्वेन्सी दस्तुर बापत गत वर्ष रू.३ अर्ब ९७ करोड ३२ लाख ७६ हजार प्राप्त भएकोमा यो वर्ष गत वर्षको तुलनामा ९.७६ प्रतिशत घटी रू.३ अर्ब ५८ करोड ५५ लाख ५७ हजार प्राप्त भएको छ ।

७.२ महालेखा नियन्त्रकको कार्यालयले तयार गरेको केन्द्रीय आर्थिक विवरणअनुसार हुलाक सेवा शुल्क रू.२१ करोड १८ लाख ७७ हजार देखिएकोमा मन्त्रालयले तयार गरेको केन्द्रीय आर्थिक विवरणमा रू.२१ करोड ९ लाख २८ हजार मात्र देखिन्छ ।

त्यसैगरी यो वर्ष फ्रिक्वेन्सी दस्तुरबापत रू.३ अर्ब ५८ करोड ५५ लाख ५७ हजार र रोयल्टीबापत रू.३ अर्ब ७५ करोड ९२ लाख ४६ हजार प्राप्त भएको आधारमा आम्दानी जनाएको छ । मन्त्रालयले दूरसञ्चार सेवा सञ्चालन गर्ने निकायहरूले नेपाल सरकारलाई बुझाउनुपर्ने रोयल्टी र फ्रिक्वेन्सी दस्तुरको अद्यावधिक हिसाब वा लगत राखेको छैन । सार्वजनिक लेखा समितिले २०७६।२।१२ मा अभिलेख व्यवस्थति बनाई अद्यावधिक गर्न दिएको निर्देशनको पालना भएको छैन।

७.३ दूरसञ्चार नियमावली, २०५४ को नियम २६ मा अनुमति प्राप्त व्यक्तिले कुल वार्षिक आम्दानीको ४ प्रतिशतले हुने रकम प्रत्येक वर्ष रोयल्टीको रूपमा नेपाल सरकारलाई बुझाउनुपर्ने व्यवस्था छ । विभिन्न १५ दूरसञ्चार सेवा प्रदायक संस्थाले आय वर्ष २०७६।७७ को पेस गरेको आय विवरणअनुसार कुल आय रू.८७ करोड २१ लाख ३६ हजारको ४ प्रतिशतले हुने रोयल्टी रू.३ करोड ४८ लाख ८५ हजार दाखिला गरेका छैनन् । मन्त्रालयले कानूनी व्यवस्थाबमोजिम रोयल्टी असुल गर्नुपर्दछ।

७.४ दूरसञ्चार नियमावली, २०५४ को नियम २६ मा अनुमति प्राप्त व्यक्तिले कुल वार्षिक आम्दानीको ४ प्रतिशतले हुने रोयल्टी र नियम ३१ मा रेडियो फ्रिक्वेन्सी दस्तुर प्रत्येक वर्षको लागि तोकिएबमोजिम बुझाउनुपर्ने व्यवस्था छ । दस्तुर नबुझाएमा दूरसञ्चार ऐन, २०५३ को दफा २८(३) मा प्राधिकरणले अनुमतिपत्र खारेज गर्न सक्ने उल्लेख छ । यो वर्ष तीन सेवा प्रदायकले रोयल्टी तथा फ्रिक्वेन्सी नवीकरण दस्तुर नबुझाएको कारणबाट प्राधिकरणबाट सेवा प्रदायकको अनुमतिपत्र खारेज भएकोमा नेपाल सरकार मन्त्रिपरिषद्को २०७६।९।२१ को निर्णयबाट बक्यौता रकम किस्तामा बुझाउन दिने निर्णय भएको छ । उक्त तीन सेवा प्रदायकबाट २०७७ आषाढ मसान्तभित्र रू.५ अर्ब १ करोड ८६ लाख २९ हजार दाखिला गर्नुपर्ने राजस्व पाँच किस्तामा पाँच वर्षभित्र बुझाउन सक्ने गरी निर्णय भएकोले उक्त राजस्व २०८०।८१ सम्म असुल हुने देखिन्छ । दूरसञ्चार ऐन, २०५३ मा राजस्व रकम किस्तामा बुझाउने सुविधा रहेको छैन । सेवा प्रदायकले तोकिएको मितिभित्र रोयल्टी तथा फ्रिक्वेन्सी दस्तुर बुझाउन स्वीकार गरेको अवस्थामा राजस्व असुली गर्न प्रभावकारी कदम चाल्नुपर्नेमा सेवा प्रदायकलाई किस्तामा बुझाउने गरी सहुलियत दिएको देखियो । सेवाप्रदायकलाई किस्तामा बुझाउने

गरी सहुलियत दिँदा राज्यले तत्काल प्राप्त गर्ने राजस्व ५ वर्षमा मात्र प्राप्ति हुन सक्ने स्थितिले सो राजस्व रकमको वर्तमान मूल्यमा मुद्रा स्फितीका कारण उल्लेखनीय ह्रास हुने अवस्था छ।

मन्त्रिपरिषद्को निर्णयअनुसार दुई टेलिकम कम्पनीले किस्ता सुविधा अन्तर्गत दोस्रो किस्ताको रू.१ अर्ब १७ करोड २२ लाख २०७८ आषाढ मसान्त भित्र बुझाउनुपर्नेमा बुझाएका छैनन्। दूरसञ्चार कानून विपरीत ५ वर्षको किस्ता सुविधा दिंदासमेत रोयल्टि र फ्रिक्वेन्सी दस्तुर असुल नभएको हुँदा सोमा विलम्ब दस्तुरसमेत नियमानुसार निर्धारण गरी किस्ता रकम असुल गर्नुपर्दछ ।

७.५ दूरसञ्चार नियमावली, २०५४ को नियम ३१ बमोजिम रेडियो फ्रिक्वेन्सी दस्तुर प्रत्येक वर्ष नियमितरूपमा बुझाउनुपर्ने, प्रत्येक सेवा प्रदायकले माइक्रोवेभ फ्रिक्वेन्सी र न्यूनतम फ्रिक्वेन्सीको दस्तुर प्रत्येक वर्ष समाप्त भएको ६ महिनाभित्र भुक्तानी गर्नुपर्ने, न्यूनतम फ्रिक्वेसीबाहेक थप फ्रिक्वेन्सी, अधिकतम फ्रिक्वेन्सी र भिस्याटको दस्तुर प्रत्येक आर्थिक वर्षको निमित्त सो आर्थिक वर्ष शुरु भएको ३ महिनाभित्र अग्रिम भुक्तानी गर्नुपर्ने र तोकिएको अवधिभित्र दस्तुर भुक्तानी नगरेमा बाँकी दस्तुरको प्रत्येक महिना दुई प्रतिशतका दरले थप दस्तुरसमेत लाग्ने व्यवस्था छ । यो वर्ष ३ सेवा प्रदायकले बुझाउनुपर्ने फ्रिक्वेन्सी तथा भिस्याट दस्तुर नबुझाएकोले फ्रिक्वेन्सी दस्तुर र थप दस्तुरसमेत रू.९१ करोड १३ लाख ७५ हजार असुल गर्नुपर्दछ ।

८. **बजेट खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(२) मा स्वीकृत बजेट र कार्यक्रम र सम्बन्धित खर्च शीर्षकमा परेको रकम यकिन गरी अधिकार प्राप्त अधिकारीले खर्च स्वीकृत गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले सूचना प्रविधि तथा आमसञ्चार क्षेत्रसँग सम्बन्धित वित्तीय प्रणाली सुधार एवं निर्माण गर्न दूरसञ्चार प्राधिकरणको बजेटबाट समझदारी पत्र मार्फत मन्त्रालयको लागि फर्निचर र मेसिनरी औजार खरिद तथा मन्त्रीको सचिवालय व्यवस्थापनको लागि समेत रू.७१ लाख ४१ हजार खर्च गरेको छ । स्वीकृत वार्षिक बजेट बेगर दूरसञ्चार प्राधिकरणको बजेटबाट मन्त्रालयको आन्तरिक व्यवस्थापनमा खर्च गरेको नियमसम्मत देखिएन । यस्ता प्रकृतिको खर्च गर्ने कार्य बन्द गर्नुपर्दछ।

९. **विदेशी मुद्रा सटही** - विदेशी मुद्रा सिफारिश सम्बन्धी विनियमावली, २०७६ को विनियम ४(४)(घ) मा विदेशी मुद्रा भुक्तानीको लागी सेवा प्रदायकले बुझाउनुपर्ने फ्रिक्वेन्सी दस्तुर, रोयल्टी तथा ग्रामीण दूरसञ्चार विकास कोष दस्तुर बुझाएको हुनुपर्ने उल्लेख छ । एक सेवा प्रदायकसँग २०७५।७६ को जरिवाना रोयल्टी समेत रू.२ करोड ८५ लाख ७४ हजार र ग्रामीण दूरसञ्चार विकास कोष जरिवाना सहित रू.६७ लाख ९४ हजारसमेत रू.१ करोड १ लाख ९१ हजार असूल हुन बाँकी रहेकोमा उक्त विनियम विपरीत इन्टरनेट ब्याण्डविथको मासिक रिकरिङ चार्ज बापत रू.२१ करोड ३५ लाख ६९ हजार बराबरको भारतीय विदेशी मुद्रा सिफारिस गरेको छ । विनियमावलीको व्यवस्था विपरीत विदेशी मुद्रा सिफारिस गर्नु उचित होइन ।

१०. **अनुदानको उपयोग -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(५) मा कार्यालयले कुनै संस्थालाई दिएको रकम जुन कामको लागि दिएको हो काममा लक्ष्य अनुसार खर्च गरे वा नगरेको कुराको अनुगमन गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले यो वर्ष गोरखापत्र संस्थान, नेपाल टेलिभिजन, चलचित्र विकास बोर्ड, राष्ट्रिय समाचार समिति, रेडियो प्रसार विकास समीति र विज्ञापन बोर्डलाई अर्काइभ निर्माण, भवन निर्माण, समावेशी प्रकाशन, मेसिन खरिद, लेख रचना प्रकाशन, कार्यक्रम

निर्माण तथा प्रसारण लगायतका प्रयोजनमा रू.२३ करोड ६० लाख सशर्त अनुदान दिएकोमा अनुदान रकम पूरै खर्च नभएको, चलचित्र कलाकार संघको भवन निर्माण नभएकोले सशर्त अनुदान रकम मध्ये आर्थिक वर्षको अन्त्यमा खर्च नभई बाँकी रहेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने सुझाउ अनुगमन प्रतिवेदनबाट दिएकोमा सो कार्यान्वयन भएको छैन । अनुगमन प्रतिवेदनमा उल्लिखित सुझाउ कार्यान्वयन गर्नुपर्दछ ।

११. **निर्णय कार्यान्वयन -** सरकारको बजेट वक्तव्यमा उल्लिखित नेपाल टेलिभिजन र रेडियो नेपाललाई एकीकृत प्रसारण संस्थाको रूपमा विकास गर्ने, मुद्रण विभाग र सुरक्षण मुद्रण विकास समितिलाई सुरक्षण मुद्रण कम्पनीमा रुपान्तरण गरी सञ्चालन गर्ने, हुलाक सेवा प्रतिस्पर्धी, व्यावसायिक बनाउन र हुलाक बचत बैङ्कलाई आधुनिकीकरण गरी व्यवस्थित रूपमा सञ्चालन गर्ने, आवधिक योजना तथा बजेट वक्तव्यमा समाबेस भएका आयोजनाहरूमध्ये सम्पन्न हुन बाँकी आयोजना समयमै सम्पन्न गर्ने, ग्रामीण दूरसञ्चार विकास कोष परिचालनमार्फत् बाँकी स्थानीय निकायहरूमा ब्रोडब्याण्ड इन्टरनेट सेवा यथाशीघ्र जडान गर्ने र प्रतिस्पर्धा गराई फ्रिक्वेन्सी वितरण गर्न तथा पुनर्वितरणसम्बन्धी नियमावली स्वीकृत गरी कार्यक्रमलाई अघि बढाउने लगायतका निर्णय तथा कार्यक्रम कार्यान्वयन भएको छैन ।

हुलाक सेवा विभाग

हुलाक सेवा विभागले हुलाक ऐन, २०१९ बमोजिम हुलाक सेवासँग सम्बन्धित चिठीपत्र ओसारपसार गर्ने, हुलाक टिकट प्रकाशन गर्ने, धनादेशको व्यवस्था गर्ने, बचत बैङ्क सञ्चालन गर्ने जस्ता कार्यहरू गर्दै आएको छ ।

१२. **निजी सेवा प्रदायकको नियमन -** हुलाक ऐन, २०१९ को दफा ३क मा नेपाल सरकारले कुनै व्यक्ति वा संस्थालाई तोकिएको शर्तको अधिनमा रही यस ऐनबमोजिम सञ्चालन हुने हुलाक सेवा सञ्चालन गर्नको निमित्त इजाजतपत्र दिन सक्ने व्यवस्था छ । निजी क्षेत्रलाई हुलाक सेवा सञ्चालन गर्ने गरी इजाजतपत्र नदिए तापनि २०६९।५।२७ देखि २०७८ असार मसान्त सम्म स्वदेशतर्फका ३४ मेल तथा कुरियर सेवा प्रदायकलाई घरेलु कार्गो र कुरियर सेवा सञ्चालन गर्न सहमति दिएको र निजी क्षेत्रका वैदेशिक हुलाक सेवातर्फका डी.एच.एल, टी.एन.टी, फेडेक्स आदि संस्थाले समेत इजाजत नलिई हुलाक सेवा सञ्चालन गरिरहेको अवस्था छ । ऐनमा भएको उल्लिखित व्यवस्थाअनुसार नेपाल सरकारले व्यक्ति वा संस्थालाई हुलाक सेवा सञ्चालन गर्न इजाजत दिने प्रयोजनका लागि ऐनबमोजिम तोक्नुपर्ने शर्त तोकेको देखिएन । ऐनको उल्लिखित प्रावधानबमोजिम निजी सेवा प्रदायकबाट हुलाकसम्बन्धी कार्यको नियमन गर्न, इजाजतपत्र दिने तथा कानूनबमोजिम महशुल, दस्तुर र शुल्क असुल गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

१३. **हुलाक सेवाको पुनर्संरचना -** बजेट वक्तव्य २०७७।७८ मा हुलाक प्रणालीको पुनर्संरचना गर्ने र हुलाक सेवालाई आधुनिक बनाउँदै सम्भाव्यताको आधारमा सेवाको क्षेत्र विस्तार गर्ने उल्लेख छ । विभाग मातहतका कार्यालयहरूमा गोश्वारा हुलाक कार्यालय, हुलाक प्रशिक्षण केन्द्र, केन्द्रीय धनादेश कार्यालय, केन्द्रीय टिकट भण्डार, नेपाल फिलाटेलिक ब्युरो, क्षेत्रीय हुलाक निर्देशनालय ४, जिल्ला हुलाक कार्यालय ७०, इलाका हुलाक कार्यालय ८४२ र अतिरिक्त हुलाक कार्यालय ३ हजार ७४ रहेका छन् । स्वदेशी हुलाक सेवाको अलावा साधारण पत्र तथा पार्सलहरू सीधै विश्वभर र ई.एम.एस. सेवा ३९ मुलुकमा

सञ्चालन हुँदै आएको छ । विभाग र मातहतका कार्यालयमा विभिन्न तहमा कुल ६ हजार २९४ दरबन्दी रहेको र वार्षिक रूपमा औसत चालु खर्च रू.३ अर्ब १० करोड हुने गरेको छ । विगत केही वर्षदेखि पार्सल तथा चिठीपत्र सेवामा निरन्तर कमी आई आन्तरिक तर्फ सन् २०१७ मा ३ करोड ३४ लाख ५१ हजार प्रदान गरेकोमा सन् २०२० मा ३ लाख ३५ हजार र वैदेशिकतर्फ सन् २०१७ मा ६२ लाख १८ हजार सेवा प्रदान गरेकोमा सन् २०२० मा १ लाख ९४ हजार मात्र सेवा प्रदान गरेको देखिन्छ । हुलाक सेवाको पुनर्संरचना गरी हुलाक सेवालाई आधुनिक र प्रविधियुक्त बनाउँदै सम्भाव्यताको आधारमा सेवाको क्षेत्र विस्तार गरी नागरिकता, राहदानी लगायत दस्तावेज हुलाकमार्फत् सम्बन्धित स्थानमा पुऱ्याउने व्यवस्था गर्नुपर्दछ ।

१४. **धनादेश तथा हुलाक बचत बैङ्क -** केन्द्रीय आर्थिक विवरणअनुसार गोश्वारा र ६८ जिल्ला हुलाक कार्यालयमा विक्रम सम्वत् २०३१ देखि सञ्चालित बचत बैङ्कमा २०७७।७८ मा रू.१ अर्ब ७० करोड ६५ लाख मौज्दात रहेको छ ।

(रू.लाखमा)

कारोबार	शुरु मौज्दात	यस वर्षको आम्दानी	जम्मा रकम	यस वर्षको खर्च	अन्तिम मौज्दात
धनादेश	२३५	१५	२५०	-	२५०
हुलाक बचत बैङ्क	१६४१७	१२२३०	२८६४७	११८३२	१६८१५
जम्मा	१६६५२	१२२४५	२८८९७	११८३२	१७०६५

यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:

१४.१ हुलाक बचत बैङ्क र धनादेशको हिसाब नगदमा आधारित लेखाप्रणालीबाट राख्दै आए तापनि लेखा सम्बन्धी टिप्पणी उल्लेख गरेको छैन । मन्त्रालयले नेपाल सार्वजनिक क्षेत्र लेखामानअनुसारको वित्तीय विवरण तयार गर्नुपर्दछ ।

१४.२ मन्त्रालयबाट प्राप्त हुलाक बचत बैङ्कको केन्द्रीय आर्थिक विवरणले रू.७ करोड १३ लाख ५७ हजार नगद मौज्दात देखाएको छ । उक्त रकममध्ये जिल्ला हुलाक कार्यालय रौतहटमा रू.१ करोड ५८ लाख ४१ हजार, जिल्ला हुलाक कार्यालय बझाङ्गमा रू.४ करोड ९.५ लाख १५ हजार र जाजरकोटमा रू.५९ लाख १६ हजारसमेत ७ करोड १२ लाख ७२ हजार हिनामिना मस्यौट गरेको उल्लेख छ । हिनामिना भएको रकम जरिवानासहित असुल उपर गरी मस्यौट गर्नेलाई कानूनबमोजिम कारबाही गर्नुपर्दछ ।

१४.३ हुलाक बचत बैङ्क कार्यसञ्चालन निर्देशिका, २०७३ को बुँदा ५६ मा बचत बैङ्कको कारोबारको आन्तरिक लेखापरीक्षण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुने व्यवस्था छ । हुलाक बचत बैङ्क सञ्चालन भएका जिल्ला तथा इलाका हुलाक कार्यालय ६८ मध्ये जिल्ला हुलाक कार्यालय भोजपुर, उदयपुर, रौतहट, र ईलाका हुलाक कार्यालय, शिवनगर, रौतहटसमेत ४ कार्यालयले आन्तरिक लेखापरीक्षण गराई वित्तीय विवरण र सोको स्रेस्ता पेस नगरेकोले अन्तिम लेखापरीक्षण भएको छैन । नियमानुसार आन्तरिक लेखापरीक्षण गराई बचत बैङ्कको स्रेस्ता पेस हुनुपर्दछ ।

१४.४ हुलाक बचत बैङ्कको हिसाब पूर्ण रूपमा सफ्टवेयर र लेखामानमा आधारित नरहेको, रकमको अपचलन हुने गरेको, लगानी गर्ने, लगानी फिर्ता नहुने जस्ता समस्याका कारण बचत बैङ्क सञ्चालन प्रभावकारी देखिएका छैनन् । बचत बैङ्क सञ्चालन गर्ने सम्बन्धमा पुनरावलोकन गर्नुपर्ने व्यहोरा विगत वर्षको प्रतिवेदनमा औँल्याउँदै आए तापनि स्थिति यथावत छ । बदलिँदो परिस्थितिअनुसार बचत रकमको परिचालन सुरक्षित तवरबाट गर्नुपर्ने आवश्यकता देखिएको र बचत बैङ्कको रकम बाणिज्य बैङ्कहरूमा ट्रान्सफर गर्ने नेपाल सरकारको नीतिको पालना नभएको सन्दर्भमा बचत बैङ्कको सञ्चालनलाई निरन्तरता दिने सम्बन्धमा पुनरावलोकन हुनुपर्दछ ।

१५. **हुलाक टिकट -** फिलाटेलिक तथा हुलाक टिकट व्यवस्थापन कार्यालयको भण्डारमा यो वर्षान्तमा ८ करोड ९० लाख ६ हजार २११ थान टिकटको मूल्य रू.१ अर्ब ७३ करोड १६ लाख ३७ हजार रहेको छ । यो वर्ष २ करोड २१ लाख ७ हजार ५१० थान टिकट खर्च भई रू.१ अर्ब ५४ करोड ९८ लाख १८ हजार मूल्य बराबरको ६ करोड ६८ लाख ९८ हजार ७०१ थान टिकट मौज्दात रहेको छ । मौज्दात रहेका टिकट मध्ये रू.३ करोड २८ लाख २८ हजार मूल्यको टिकट प्रयोग गर्न नमिल्ने अवस्थामा रहेको छ । अतः आवश्यकता र मौज्दात स्थितिलाई दृष्टिगत गरी टिकट छपाइ तथा सोको उपयुक्त व्यवस्थापन गर्नुपर्दछ ।

सूचना प्रविधि विभाग

सूचना प्रविधिको अनुसन्धान, विकास, उपयोग, डिजिटल नेपाल अभियान तथा नियमन लगायत सूचना प्रविधिको क्षेत्रमा सरकारको केन्द्रीयस्तरको कार्यन्वयन निकायको भूमिका निर्वाह गर्दै आएको छ ।

१६. **विद्युतीय सरकार -** सरकारी क्लाउडसम्बन्धी नीति तर्जुमा गर्ने, सरकारी क्लाउड सञ्चालन गर्ने, राष्ट्रिय ज्ञान पार्क स्थापनाको लागि पूर्वाधार तयार गर्ने, ब्रोडब्याण्ड नीतिको परिमार्जन गर्ने, मोबाइल डिभाईस व्यवस्थापन प्रणालीको स्थापना र सञ्चालन गर्ने, ब्रोडब्याण्ड सेवाको विस्तार गर्ने कार्यक्रमहरू रहेकोमा गभरमेन्ट इन्टरप्राइज आर्किटेक्चर (जी.ई.ए.) मापदण्ड तथा निर्देशिका तयार गरेको, ७५३ स्थानीय तहको आ-आफ्नो वेबसाइटसँग एकीकृत हुने गरी मोबाइल एप विकास गरेको छ । यसैगरी २०७८ असार मसान्तसम्म सरकारी क्लाउड विस्तार सम्बन्धमा २२२ निकायको सूचना प्रविधि प्रणाली होस्ट गर्न सहयोग गरेको, केन्द्रीकृत विद्युतीय हाजिरी प्रणालीअन्तर्गत ७५१ निकायलाई सहयोग गरेको र यस वर्ष ५१ सरकारी निकायहरूको वेब पोर्टलहरूको वेब सुरक्षा जाँच सम्पन्न गरेको छ । विद्युतीय सरकारको अवधारणालाई मूर्तरूप दिने कार्य प्रयास नभएकोले आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१७. **सूचना प्रविधि पार्क** - कम्प्युटर सप्टवेयर उत्पादन, विकास, प्रवर्द्धन र निर्यातको लागि सुविधा उपलब्ध गराउने, सप्टवेयर सम्बन्धित दक्ष जनशक्ति एवं विशेषज्ञ तयार गर्ने, सूचना प्रविधि क्षेत्रमा वैदेशिक लगानी आकर्षित गर्ने, लगानीकर्ताहरूलाई साइबर सेवा उपलब्ध गराउने, सूचना प्रविधिको क्षेत्रमा आवश्यक अनुसन्धानका लागि सुविधा उपलब्ध गराउने उद्देश्य राखी काभ्रेपलाञ्चोकको पनौतीमा २३३ रोपनी क्षेत्रफलमा करिब २७ करोडको लागतमा सन् २००४ मा निर्माण सम्पन्न भएको नेपालको पहिलो सूचना प्रविधि पार्कमा नेपाल सरकारले २०७५।१२।२९ मा सुरक्षण मुद्रण केन्द्र राख्ने निर्णय गरेको छ । सूचना प्रविधिका लागि तयार गरेको संरचनालाई अन्य प्रयोजनमा प्रयोग गर्नु उपयुक्त देखिँदैन ।

मुद्रण विभाग

सरकारी नीति, ऐन, नियम, अध्यादेश, सन्धि, सम्झौता, राजपत्र जस्ता महत्वपूर्ण सरकारी निर्णय, अन्य सरकारी दस्तावेजका साथै नेपाल सरकारको सुरक्षण मुद्रणको कार्य गर्न २०४९।५।२४ देखि मुद्रण विभागको रूपमा कार्यसञ्चालन हुँदै आएको छ ।

१८. **व्यावसायिक योजना** - संघ, प्रदेश र स्थानीय तहबाट प्राप्त छपाइसम्बन्धी कार्य गर्ने उद्देश्यले स्थापना भएको विभागले छपाइ कार्य व्यवस्थापन गर्न व्यावसायिक योजना स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ। छपाइबाट प्राप्त राजस्व गत वर्ष रू.१ करोड ७३ लाख ७९ हजार भएकोमा यो वर्ष गत वर्षको तुलनामा ६०.६५ प्रतिशतले न्यून भई रू.६८ लाख ३९ हजार रहेको छ । मुद्रण विभागको हालको छपाइ तथा बाइण्डिङ दस्तुर २०६९।४।१ मा तोकिएकोमा सोभन्दा पछि नयाँ दस्तुर कायम गरेको देखिँदैन। त्यसै गरी विभागमा रहेको विभिन्न किसिमका छपाइ मेसिनहरू र जनशक्ति क्षमताअनुसार उपयोग नगरिएको, नेपाल सरकारका निकायहरूबाट हुने छपाइसम्बन्धी माग र प्रतिस्पर्धी बजारको अध्ययन गरी सोहीअनुसार व्यावसायिक योजना नबनाउँदा विभागमा व्यवसायिकता विकास हुन सकेको छैन । विभागले मेसिन, उपकरण र जनशक्तिको सदुपयोग गर्न व्यवसायिक योजना तयार गरी स्वनिर्भरका लागि पहल गर्नुपर्दछ।

१९. **राजस्व बक्यौता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ मा राजस्व उठाउने कार्यालयले सेवाग्राहीबाट प्राप्त गरेको राजस्व राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । विभागको २०७४।७५ को लेखापरीक्षण प्रतिवेदनबाट रू.१ करोड २७ लाख ७३ हजार बक्यौता असुल गर्न बाँकी देखिएकोमा विगत वर्ष दखिनै लगतमा देखाएको छैन । यस सम्बन्धमा विभागले गठन गरेको समितिले २०७८।३।१३ मा पेस गरेको प्रतिवेदनअनुसार २०७२।७३ देखि २०७६।७७ सम्म ३०० वटा बिलको भुक्तानी मध्ये ६० वटा बिलको भुक्तानी प्राप्त भए नभएको आर्थिक प्रशासनको अभिलेखबाट खुल्न नसकेको व्यहोरा उल्लेख छ । साथै असुली गर्न बाँकी रकमको विवरण अद्यावधिक गरी आर्थिक विवरणमा समेत लगत बाँकी देखाई बक्यौताको रकम यकिन गरी असुल गर्नुपर्दछ ।

सूचना तथा प्रसारण विभाग

नेपाल सम्बन्धी विविध सूचनामूलक पुस्तकहरू लगायतका सामग्री प्रकाशन एवं वितरण गर्ने, स्वदेशी तथा विदेशी सञ्चार माध्यमका प्रतिनिधिहरूलाई प्रेस प्रतिनिधि प्रमाणपत्र तथा परिचयपत्र प्रदान गर्ने र नवीकरण गर्ने, अनलाइन सञ्चार माध्यम दर्ता तथा प्रमाणपत्र वितरण र नवीकरण गर्ने लगायतका कार्य गर्दै आएको छ ।

२०. **इजाजतपत्र नवीकरण** - राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम १६(४) बमोजिम म्याद भुक्तान भएपछि हरेक वर्ष इजाजतपत्र नवीकरण गर्न आएमा दश प्रतिशतदेखि शतप्रतिशतसम्म जरिबाना लिई नवीकरण गर्नसक्ने, सो समयभित्र पनि नवीकरण नगराएमा इजाजतपत्र स्वतः रद्द हुने र नियम १८ बमोजिम इजाजतपत्रमा उल्लिखित शर्तबमोजिम कार्यक्रम प्रसारण गरेको नदेखिएमा मन्त्रालयले अनुमतिपत्र रद्द गर्न एवं अनधिकृत कुनै कार्यक्रम प्रसारण गरेको देखिएमा त्यस्तो कार्यक्रम प्रसारण गर्न प्रयोग गरेको यन्त्र वा उपकरण आफ्नो नियन्त्रणमा लिन सक्ने व्यवस्था छ । विभागबाट प्राप्त विवरणअनुसार हालसम्म २०२ टेलिभिजन र ६५ एफ.एम. रेडियोले प्रसारण इजाजतपत्र प्राप्त गरेको देखिन्छ । ती संस्थाहरूमध्ये १४५ टेलिभिजन र ९ एफ.एम रेडियोसमेत १५४ संस्थाले २०७८

आषाढ मसान्तसम्म इजाजत पत्र नवीकरण गराएका छैनन् । उक्त स्थितिमा पनि नियमानुसार जरिवाना गर्ने ६ महिनाभित्र नवीकरण नगराउने प्रसारण संस्थाको अनुमनिपत्र रद्द भएको अभिलेख राख्ने, निरीक्षण गर्ने गराउने कार्य भएको छैन । मन्त्रालयबाट इजाजतपत्र नवीकरण नगराउने संस्थाहरूको सम्बन्धमा अनुगमन तथा छानबिन गरी नियमबमोजिम कारबाही गर्नुपर्दछ ।

२१. **प्रसारण शुल्क** - राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ११ र १२ बमोजिम कार्यक्रम प्रसारण वा वितरण गर्ने संस्था वा व्यक्तिले आफूले गरेको कुल आम्दानीको २ प्रतिशत रकम प्रसारण शुल्कबापत नेपाल सरकारलाई बुझाउनुपर्ने व्यवस्था छ । यो वर्ष विभागले रेडियो/एफ.एम.सञ्चालन दस्तुर रू.९५ लाख ७४ हजार र टेलिभिजन सञ्चालन दस्तुर रू.२६ करोड ६५ लाख आम्दानी गरेको छ । विभागले प्रसारण शुल्कबापत प्राप्त हुनुपर्ने रकम, प्राप्त भएको रकमका साथै शुल्क बुझाउने र नबुझाउने संस्थाहरूको अद्यावधिक अभिलेख राखेको छैन । विभागले प्राप्त हुनुपर्ने, प्राप्त भएको शुल्क र संस्थाहरूको अद्यावधिक अभिलेख राख्नुपर्दछ ।

सुरक्षण मुद्रण केन्द्र

सुरक्षण मुद्रणसम्बन्धी नीति, योजना, बजेट तथा कार्यक्रम स्वीकृत गर्ने, राहदानी, हुलाक टिकट, अन्तःशुल्क स्टिकर, बैङ्क नोट, स्मार्ट कार्ड, चेकबुक आदिको मुद्रणको लागि सुरक्षण प्रेसको स्थापना गरी सञ्चालन गर्ने काम तोकिएको छ ।

२२. **छापाखाना स्थापना** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(३) मा कुनै पनि नयाँ कार्यक्रम प्रस्ताव गर्दा क्षेत्रगत लक्ष्य तथा उपलब्धि, सम्भाव्यता अध्ययन प्रतिवेदन, विस्तृत अध्ययन, ड्रइङ डिजाइन, लागत अनुमान, कार्यान्वयन तालिका, खरिद गुरुयोजना, अपेक्षित प्रतिफल जस्ता आधारभूत विषयमा छलफल गरी प्रतिवेदन पेस गर्नुपर्ने उल्लेख छ । सुरक्षण मुद्रण छापाखानाको लागि बहुवर्षीय योजनाको रूपमा बजेट सुनिश्चितताको लागि भवन निर्माण र मेसिनरी खरिदमा २०७७।७८, २०७८।७९ र २०७९।८० को लागि विभागले रू.२३ अर्ब ५५ करोड ५४ लाख ७१ हजारको लागत अनुमान पेस गरेकोमा मन्त्रालयको २०७७।३।२२ को पत्रानुसार थप छलफल गर्नुपर्ने भनी मन्त्रिस्तरीय निर्णय भएको छ । तत्पश्चात् थप छलफल गरी लागत यकिन गरी बजेट व्यवस्था नभएका कारण सुरक्षण मुद्रण छापाखाना स्थापना र सञ्चालन गर्ने कार्यमा प्रगति भएको छैन । यस वर्षसम्म रू.१ अर्ब ९१ करोड ७७ लाख बजेट विनियोजन भई रू.१ अर्ब ६३ करोड ८१ लाख खर्च भएको भए तापनि २०७६।७७ को नीति तथा कार्यक्रमबमोजिम २०७८ भित्र सुरक्षण मुद्रण छापाखाना स्थापना हुनुपर्नेमा भएको छैन । पूर्वनिर्धारित कार्यक्रमअनुसार सेक्युरिटी छापाखाना स्थापना गरिनुपर्दछ । सुरक्षित मुद्रण छापाखाना स्थापना नभई अन्य प्रयोजनमा गरिएको खर्चको औचित्य स्थापित हुन सक्दैन ।

२३. **उपकरण खरिद** - सुरक्षण मुद्रणसम्बन्धी उपकरण, प्रेस मेसिन, औजार प्रणाली तथा अन्य आवश्यक सामग्री जी.टु.जी. विधिबाट खरिद गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) ले २०७६।७।२० मा सैद्धान्तिक स्वीकृति दिएअनुसार प्रेस मेसिनलगायतका उपकरण खरिदको लागि प्राविधिक समितिले तयार गरेको रू.३३ अर्बको लागत अनुमान २०७८।३।३० मा स्वीकृत भएको देखिन्छ । सो अगावै उपकरण खरिद सम्बन्धमा माग गरेको प्रस्तावअनुसार फ्रान्स सरकार र जर्मन सरकारको तर्फबाट प्रस्ताव प्राप्त

भएको र दुवै प्रस्ताव नेपालको आवश्यकतानुसार हुनसक्ने देखिएकोले कुनै एक देशको प्रस्ताव स्वीकृत गर्न नेपाल सरकार मन्त्रिपरिषद्मा पेस भएकोमा मन्त्रिपरिषदबाट २०७६।९।७ मा उक्त दुवै देशको प्रस्तावमध्ये उपयुक्तताको आधारमा मन्त्रालयले नै स्वीकृत गरी सोझै खरिद गर्न सक्ने निर्णय भएको र मन्त्रालयबाट सोअनुसार निर्णय नगरी पुन मन्त्रिपरिषद्मा पेस भएकोमा २०७७।१।२ को निर्णयअनुसार जी.टु.जी. विधिबाट सोझै खरिद गर्ने निर्णय कायम नराख्ने र खुल्ला प्रतिस्पर्धात्मक विधिद्वारा खरिद गर्न मन्त्रालयले प्रक्रिया अघि बढाउने निर्णय गरी निर्देशन दिएकोमा यो वर्ष कार्डमा आधारित प्रेस मेसिन हार्डवेयर र सफ्टवेयर, कागजमा आधारित प्रेस मेसिन सफ्टवेयर, हार्डवेयर र ड्रेनेज सिस्टम, बाउण्ड्री वाल निर्माणसमेतको लागि रू.९० करोड ३८ लाख २३ हजार लागत अनुमान र वस्तु खरिदका लागि २०७७।७८ को वार्षिक कार्यक्रम सचिवबाट २०७७।१०।२९ मा स्वीकृत भएको छ । उक्त कार्यक्रमअनुसार ड्रेनेज सिस्टम र वाउन्ड्री वाल निर्माणको काम भएको छैन । हाई सेक्युरिटी डिजिटल प्रिन्ट प्रोडक्सन सिस्टम आपूर्ति तथा जडानको लागि एक आपूर्तकसँग रू.७३ करोड ८८ लाख ९९ हजारको खरिद सम्झौता गरी रू.७२ करोड ९० लाख ७० हजार भुक्तानी गरेको छ । उक्त खरिद सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२३.१ सप्लाई, डेलिभरी, इन्सटलेशन एण्ड कमिशनिङ अफ हाई सेक्यूरिटी डिजिटल प्रिन्ट प्रोडक्सन सिस्टम खरिद गर्न स्वीकृत स्पेसिफिकेसनको आधारमा ३ आपूर्तकसँग दररेट माग गरी सबभन्दा कम दररेटको आधारमा रू.७५ करोड १३ लाख ३९ हजारको लागत अनुमान तयार गरेको छ । लागत अनुमान तयार गरे पश्चात २०७७।११।२४ को प्रिबिड मिटिङबाट शुरुको स्पेसिफिकेसन डिजिटल सेभेन कलर प्रिन्ट प्रोडक्सन सिस्टम बिथ मिडी.पी. सेक्युर सफ्टवेयर एण्ड डायकटिङ मेसिनको आउटपुट रिजोलुसन स्टान्डर्ड ८१२ डि.पि.आई @ ८ बिट भएकोमा संशोधन गरी न्युनतम आवश्यक ६०० डि.पि.आई @ ८ बिट कायम गरेको, पेपर रोल साइज न्युनतम १० इन्चको सट्टा १०.५ इन्च कायम गरेको, पेपर रोल साइज अधिकतम ४० इन्चको सट्टा १३.५ इन्च कायम गरेको र कन्ट्रोलर डब्लु.एस. जेड ८ जी ४ सर्भरको सट्टा मेसिन कम्प्याटिबल सर्भर कायम गरेको पाइयो ।

२३.२ स्पेसिफिकेसन संशोधन गर्दा लागत अनुमानमा समेत असर पर्ने अवस्थामा संशोधित स्पेसिफिकेसनको आधारमा लागत अनुमान संशोधन गर्नुपर्नेमा संशोधन गरेको छैन । खरिद पूर्व तयारी एवं आवश्यकता पहिचान हुन नसक्दा खरिद कारबाही शुरु गरेपश्चात् सामानको स्पेसिफिकेसन परिवर्तन गर्नुपरेको देखिन्छ। आवश्यक मेसिन उपकरणको स्पेसिफिकेसन यकिन गरी खरिद व्यवस्थापन गर्नुपर्दछ ।

२४. **उपकरण उपयोग -** सुरक्षण मुद्रण केन्द्रको लागि गत वर्षसम्म जेनेरेटर खरिदमा रू.४८ करोड ७० लाख ६२ हजार, इन्धन ट्याङ्की निर्माणमा रू.१८ करोड ७७ लाख ४६ हजार, गाडी खरिदमा रू.१ करोड ९९ लाख ४ हजार, निर्माण स्थल विकासमा रू.४ करोड १५ लाख ५२ हजार, कम्प्युटर प्लटर खरिदमा रू.२ करोड ४३ लाख ५७ हजार, बिजुली तार व्यवस्थापनमा रू.४ करोड ७२ लाख १ हजार समेत रू.८० करोड ७८ लाख २२ हजार खर्च भएको देखिन्छ । यो वर्ष हाई सेक्युरिटी डिजिटल प्रिन्टर प्रोडक्सन सिस्टम २ सेट, डाय कटिङ्ग मेसिन १, स्टोरेज ५, सर्भर २ को रू.७२ करोड ९० लाख ७० हजार, १ थान सवारी साधन रू.४४ लाख ३९ हजारसमेत रू.७३ करोड ३५ लाख ९ हजार खर्च भएको छ । खरिद भएका मेसिन, उपकरण, औजार, सवारीसाधनको उपयोग नभएकोले उपयोग हुनुपर्दछ ।

२५. **जनशक्ति व्यवस्थापन -** सुरक्षण मुद्रण सञ्चालन गर्न कार्य प्रकृति अनुरूप आवश्यक जनशक्ति दक्षता तथा कार्यबोझ विश्लेषणसहित व्यवस्थापन सर्वेक्षण गरी स्वीकृत गराउनुपर्नेमा त्यस अनुरूप जनशक्ति अनुमान तथा व्यवस्थापन सर्वेक्षण गरेको छैन । केन्द्रमा यो वर्ष अधिकृतस्तरका ८ पद र सहायकस्तरका ३४ पद अस्थायी दरबन्दी स्वीकृत भएकोमा पदपूर्ति हुन बाँकी नै रहेको छ । डिजिटल प्रिन्ट प्रोडक्सन सिस्टम सञ्चालन गर्न आवश्यक सीप, ज्ञान र तालिमको लागि ठेक्काको बिल अफ क्वान्टिटीमा रू.३३ लाख समाबेस भएकोमा जनशक्ति नभएको कारणबाट उक्त कार्य भएको छैन । सम्झौताको म्याद २०७८ चैत्र मसान्तमा समाप्त भए तापनि कार्य सम्पन्न भएको देखिएन । केन्द्र स्थापनाको पूर्व तयारी एवं पूर्वाधार निर्माणका प्रमुख गतिविधिहरूमा तालमेलको कमी रहेको देखिन्छ । केन्द्र स्थापनाको पूर्व तयारी एवं पूर्वाधार निर्माणका प्रमुख गतिविधिहरूको कार्यान्वयन तालिका तयार गरी दक्षतापूर्वक कार्यान्वयन गर्नुपर्दछ ।

राष्ट्रिय सूचना प्रविधि केन्द्र

सूचना प्रविधिको विकासको लागि राष्ट्रियस्तरमा सबै किसिमका तथ्यांक संकलन गरी सूचना बैङ्कको रूपमा काम गर्ने, सरकारी कार्यालयको कम्प्युटर अभिलेखीकरण र सोको विकास एवं विस्तारमा सहयोग पुऱ्याउने र सूचना प्रविधि सम्बन्धी नीति र योजनाको विस्तार गर्ने कार्य केन्द्रबाट हुँदै आएको छ।

२६. **एकीकृत डाटा केन्द्र -** राष्ट्रिय सूचना प्रविधि केन्द्रले सिंहदरबारस्थित सरकारी एकीकृत डाटा केन्द्र र कुनै प्राकृतिक प्रकोप वा दैवी विपत्तिका कारण सिंहदरबारस्थित डाटा केन्द्रमा अवरोध आएमा सेवा सुचारु राख्न र डाटाको वैकल्पिक भण्डारको रूपमा हेटौंडामा स्थापित डिजाष्टर रिकभरी केन्द्रको समेत व्यवस्थापन गरेको छ । सोको अतिरिक्त केन्द्रले यो वर्ष धरान र कोहलपुरमा डाटा सेन्टर भवन निर्माण गर्ने कार्य तथा ललितपुरमा डाटा सेन्टरसहित इन्टरनेट एक्सचेञ्ज सेन्टर, ई-पेमेन्ट र डिजिटल हस्ताक्षर विस्तार गर्ने कार्यक्रम रहेकोमा उक्त कार्य गरेको छैन । केन्द्रले स्वीकृत वार्षिक कार्यक्रमअनुसारका कार्यहरू गर्नुपर्दछ ।

२७. **राष्ट्रिय भुक्तानी द्वार -** मुलुक भित्र र बाहिरबाट हुने भुक्तानीलाई पूर्ण रूपमा विद्युतीय माध्यमबाट गर्ने गराउने उद्देयले सञ्चालन गर्न लागिएको पेमेन्ट गेटवेको पूर्वाधार निर्माण कार्य २०७५।३।२९ भित्र कार्य सम्पन्न गर्ने गरी २०७५।३।१९ मा एक आपूर्तकर्तासँग रू.२४ करोड २७ लाख ८० हजारको खरिद सम्झौता भएकोमा हालसम्म रू.२३ करोड २७ लाख ५८ हजार भुक्तानी गरेको छ। पेमेन्ट गेट वे सञ्चालनको लागि सम्झौता गरेको करिब चार वर्ष वितिसकेको र सम्झौता रकमको ९५.८७ प्रतिशत भुक्तानी भैसकेको अवस्था छ । हाल सञ्चार तथा सूचना प्रविधि मन्त्रालयद्वारा गठित गेट वे स्थापना र सञ्चालन सम्बन्धमा सुझाव पेस गर्न समिति गठन भएको र सो समितिबाट तत्कालको लागि मौजुदा नीतिगत, कानूनी र संरचनागत व्यवस्थाबाटै नेपाल सरकारको राजस्व र खर्च गेट्वे मार्फत सञ्चालन गर्न निर्देशक समिति गठन गरी राष्ट्रिय सूचना प्रविधि केन्द्रमार्फत सञ्चालन गर्ने निर्णय भएकोमा हाल सम्म सञ्चालनमा आएको छैन । यस सम्बन्धमा सम्बन्धित निकाय बिच समन्वय गरी विद्युतिय पेमेन्ट गेट वे सञ्चालनमा ल्याउनुपर्दछ ।

२८. **गुणस्तर परीक्षण र स्तर निर्धारण -** डाटा सेन्टरले प्रदान गर्ने सेवाको अन्तर्राष्ट्रिय मापदण्ड अनुसार परीक्षण गराई गुणस्तर निर्धारण गरेको हुनुपर्छ। एकीकृत डाटा केन्द्र र हेटौंडास्थित डिजाष्टर रिकभरी

केन्द्रले सञ्चालन प्रक्रिया, पूर्वाधार विकास, सुरक्षा पहुँच र नियन्त्रण र गुणस्तर सम्बन्धी राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्वतन्त्र निकायबाट गुणस्तर परीक्षण नगराउनुका साथै आई.एस.ओ. मापदण्डअनुसार स्तर निर्धारण प्रमाणपत्र लिएको पाइएन। सरकारी एकीकृत डाटा केन्द्र र डिजाष्टर रिकभरी केन्द्रले प्रदान गर्ने सेवाको गुणस्तर सुनिश्चित गर्न मान्यता प्राप्त स्वतन्त्र निकायबाट गुणस्तर परीक्षण गराउनुपर्दछ ।

संगठित संस्था, अन्य संस्था तथा समिति

नेपाल दूरसञ्चार प्राधिकरण

नेपालमा दूरसञ्चार क्षेत्रको विकासमा उदारीकरणको नीति लिई निजी क्षेत्रसमेतको सहभागिता गराई प्रतिस्पर्धात्मक वातावरणमा यस क्षेत्रको विकास तथा विस्तार गर्ने उद्देश्यले दूरसञ्चार ऐन, २०५३ बमोजिम दूरसञ्चार क्षेत्रको नियमनकारी स्वायत्त निकायको रूपमा २०५४ मा नेपाल दूरसञ्चार प्राधिकरणको स्थापना भएको हो । प्राधिकरणको यो वर्षको सञ्चालन नाफा रू.१ अर्ब १९ करोड ७३ लाख २ हजार सहित यस वर्ष सम्मको सञ्चित नाफा रू.२५ अर्ब ९९ करोड १ लाख ३२ हजार रहेको छ ।

२९. **अन्य प्रयोजनमा खर्च -** प्राधिकरणको स्वीकृत कार्यक्रमअनुसार सवारी साधन खरिदमा रू.२ करोड बजेट व्यवस्था भएकोमा २०७७।९।१६ को मन्त्रीस्तरको निर्णयबाट सूचना तथा सञ्चार प्रविधि मन्त्रीको लागि रू.२ करोड ५ लाख २५ हजारमा जिप १ थान खरिद गरी २०७८।५।२८ को पत्रानुसार मन्त्रालयलाई हस्तान्तरण गरेको छ । प्राधिकरणको स्वीकृत बजेटबाट मन्त्रीको सवारीसाधन खरिदको लागि खर्च गर्नु कानूनसम्मत देखिएन । यसप्रकारको खर्चमा नियन्त्रण हुनुपर्दछ।

३०. **मोबाइल सेवा नवीकरण -** दूरसञ्चार ऐन, २०५३ को दफा २५ तथा नियमावली, २०५४ को नियम १२ मा दूरसञ्चार सेवा प्रदायकले नवीकरण दस्तुर बुझाउनुपर्ने व्यवस्था छ । प्रतिस्पर्धाबाट छानिएको सबैभन्दा बढी रकम बुझाउन कबोल गर्ने सेवा प्रदायकले रू.२० अर्ब बुझाउन मन्जुर गरेअनुसार अन्य सेवा प्रदायकले समेत सोही रकम बुझाई नवीकरण गर्ने गरेकोमा कबुल गरेको दस्तुर एकमुष्ट असुल नगरी कानूनी आधार बेगर नै नेपाल सरकारले किस्तामा बुझाउन सक्ने व्यवस्था गरेको छ । यस वर्षसम्म २ सेवा प्रदायकले नवीकरण दस्तुर रू.३५ अर्ब ७३ करोड ५४ लाख बुझाएका छैनन् । उक्त रकम असुल गर्नुपर्दछ ।

३१. **युनिफाड लाइसेन्स दस्तुर -** दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँड तथा मूल्यसम्बन्धी) नीति, २०७३ ले आधारभूत टेलिफोन सेवाको नवीकरण दस्तुरको सम्बन्धमा व्यवस्था गरेको छ । अनुमतिपत्र प्राप्त गरेको दश वर्षको निमित्त सेवा प्रदायकले अनुमतिपत्र प्राप्त गरेको वर्षदेखि नै तोकिएको रकम भुक्तानी गर्नुपर्ने उल्लेख छ । अनुमतिपत्रको नवीकरणको लागि रू.२० अर्ब १३ करोड २८ लाख दाखिला गरेपश्चात् नवीकरण गरिने उल्लेख छ । उक्त प्रावधानअन्तर्गत अनुमतिपत्र लिएका २ सेवा प्रदायकले तोकिएको रकम २०७७।७८ सम्म दाखिला गर्नुपर्ने अनुपतिपत्र दस्तुर रू.४ अर्ब ९० करोड दाखिला गरेका छैनन् । उक्त शुल्क असुल गर्नुपर्दछ।

३२. **घटी दाखिला -** नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावली, २०६८ को विनियम ५ मा अनुमतिपत्र प्राप्त व्यक्तिले प्रत्येक वर्ष आफूले सञ्चालन गरेको दूरसञ्चार सेवाबाट प्राप्त गरेको वार्षिक आयको २ प्रतिशतका दरले हुने रकम ग्रामीण दूरसञ्चार विकास कोषमा जम्मा गर्नुपर्ने

व्यवस्था छ । प्राधिकरणको निर्णयअनुसार अनुमतिपत्र प्राप्त ३१ दूरसञ्चार सेवाप्रदायकले २०७६।७७ मा वार्षिक आय रू.५० अर्ब ७५ करोड ३९ लाख १४ हजारको २ प्रतिशतले हुने शुल्क रू.१ अर्ब १ करोड ५० लाख ७८ हजार दाखिला गर्नुपर्नेमा रू.९९ करोड ७२ लाख ४ हजार दाखिला गरेकोले नपुग रू.१ करोड ७८ लाख ७४ हजार र सोमा लाग्ने जरिबानासमेत असुल गर्नुपर्दछ।

३३. **फ्रिक्वेन्सी ब्याण्डविथ वितरण -** दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी बाँडफाँट तथा मूल्य नीति, २०७३ अनुसार प्रतिस्पर्धात्मक र बढाबढको माध्यमबाट वितरण हुनसक्ने फ्रिक्वेन्सी प्रतिस्पर्धात्मक र बढाबढको माध्यमबाट वितरण गर्ने उल्लेख छ । प्राधिकरणले ९०० मेगाहर्ज र २१०० मेगाहर्जको फ्रिक्वेन्सी बढाबढको प्रक्रियाबाट वितरण गर्न दोस्रो पटक बोलपत्र आह्वान गरेकोमा बोलपत्र पेस गर्ने ३ बोलपत्रदाता मध्ये २ बोलपत्रदाता रोयल्टी तथा फ्रिक्वेन्सी तिर्न बाँकी रहेको कारणले मूल्याङ्कन समितिबाट अयोग्य भएको र बाँकी १ बोलपत्रदातासँग वार्ता गरी सम्झौता भएको छ । वार्ताबाट ९०० ब्याण्ड (मेगाहर्ज) को आधार मूल्य प्रति २*१ मेगाहर्ज प्रति वर्षको रू.४ करोड ८० लाख भएकोमा रू.७ करोड ७७ लाख ६० हजार कायम भएको र २१०० ब्याण्ड (मेगाहर्ज) को आधार मूल्य प्रति २*१ मेगाहर्ज प्रति वर्षको रू.२ करोड ४० लाख भएकोमा रू.३ करोड कायम भएको छ । फ्रिक्वेन्सी वितरणका लागि ३ चरणमा भएको बोलपत्रदातासँगको वार्ता प्रतिवेदन २०७७।३।४ मा पेस भएकोमा त्यसको १० महिना पछि २०७८।१।६ मा अध्यक्षबाट फ्रिक्वेन्सी प्रदान गर्ने निर्णय भएको छ । एक मात्र बोलपत्रदातासँग वार्तामार्फत् फ्रिक्वेन्सी ब्याण्डविथको दस्तुर कायम भइसके पश्चात पनि उचित कारण बेगर ढिलो निर्णय गर्नाले ब्याण्डविथ फ्रिक्वेन्सीबाट प्राप्त हुने राजस्व ढिलो असुली हुने स्थिति सिर्जना भएको छ । समयमा नै निर्णय नगरी फ्रिक्वेन्सी वितरणमा ढिलाइ र सो को कारण राजस्व प्राप्तिमा विलम्ब हुने देखिदा निर्णयकर्तालाइ जवाफदेही बनाउनुपर्दछ।

३४. **मोबाइल डिभाइस व्यवस्थापन प्रणाली -** आपूर्तकसँगको सम्झौताको दफा ४५.१ मा तोकिएको अवधिमा काम सम्पन्न नगरेमा सम्झौता रकमको ०.०५ प्रतिशत प्रतिदिन पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने उल्लेख छ । मोबाइल डिभाइस सुरक्षित गर्न र अवैध मोबाइल आयातमा नियन्त्रण गर्ने उद्देश्यले प्राइमरी साइट कन्टेनर र सो भित्र जडान हुने मोबाइल डिभाइस व्यवस्थापन प्रणालीको डिजाइन, सप्लाई, इन्स्टलेसन, कमिसनिङ्ग र अपरेसनसमेतको कार्य गर्न एक अन्तर्राष्ट्रिय परामर्शदाता उपक्रमसँग सम्झौता मितिले ६ महिनाभित्र सम्पन्न गर्ने र ५ वर्षसम्मको सपोर्ट समेतको लागि २०७६।३।१९ मा अमेरिकी डलर ७० लाख ६६ हजार ८८८ को हुने रू.८८ करोड ३३ लाख ६१ हजारको सम्झौता भएको छ । सेकेन्डरी डाटा सेन्टरको हार्डवेयर खरिद तथा जडानबापत परामर्शदातालाई रू.३ करोड ६८ लाख ६४ हजार भुक्तानी गरेको छ । तोकिएको अवधिभित्र काम सम्पन्न नभई अन्तिम पटक २०७८।११।३ सम्मको म्याद तोकिएकोमा उक्त अवधिभित्र पनि सम्झौताअनुसारको प्राइमरी साइट कन्टेनर लगायतका उपकरण प्राप्त नभएकोले प्राधिकरणले २०७९।१।१९ मा परामर्शदाता जे.भी.को बैङ्क खाता रोक्का गरेको छ । आपूर्तकको ढिलाइको कारणबाट तोकिएको अवधिभित्र काम सम्पन्न नगरेकोले प्रचलित कानून र सझौताअनुसार पूर्वनिर्धारित क्षतिपूर्ति लिई कार्य सम्पन्न गराउनुपर्दछ ।

३५. **स्रेस्ता पेस नभएको** - सूचना प्रविधि प्रयोगशाला स्थापनाको लागि प्राधिकरण र एक आपूर्तिकर्ता जे.भी.बीच भएको खरिद सम्झौता, लागत अनुमान र बोलपत्र मूल्याङ्कनसम्बन्धी सक्कल स्रेस्ता प्राधिकरणको २०७७।४।२९ को पत्रबाट सर्वोच्च अदातलमा पेस भएको र सो मुद्दा विचाराधीन रहेको कारण रू.२ अर्ब ९९ करोड २ लाखको स्रेस्ता लेखापरीक्षणको लागि पेस भएको छैन ।

३६. **ग्रामीण दूरसञ्चार विकास कोष -** कोषको शुरु मौज्दात रू.८ अर्ब ४७ करोड २० लाख ४ हजार र यो वर्षको आम्दानी रू.२ अर्ब १९ करोड ६२ लाख ३१ हजार समेत रू.१० अर्ब ६६ करोड ८२ लाख ३५ हजारमध्ये रू.१ अर्ब ३० करोड ५८ लाख ३२ हजार खर्च भई रू.९ अर्ब ३६ करोड २४ लाख ३ हजार मौज्दात रहेको छ। कोषबाट अप्टिकल फाइबर बिछ्याउन र लक्षित समूहसम्म निःशुल्क इन्टरनेट सेवा पुऱ्याउने समेत २ परियोजनाको लागि प्राधिकरणले २०७७।७८ सम्म विभिन्न सेवाप्रदायकसँग २१ प्याकेजमा रू.१५ अर्ब १५ करोड ९२ लाखको सम्झौता गरेको छ । खरिद सम्झौता कार्यान्वयन सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छनः

३६.१ प्राधिकरणबाट सञ्चालित दूरसञ्चार पूर्वाधार निर्माण सम्बन्धी कार्यको नर्म्स र मापदण्ड स्वीकृत नभएकोले पूर्वाधार निर्माणको लागत अनुमानको यथार्थता यकिन गर्ने आधार भएन ।

३६.२ नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावली, २०६८ को विनियम १७(३) र (४) मा सम्झौताबमोजिम कार्य सम्पन्न भए नभएको कुरा यकिन गर्न प्राधिकरणले आफ्नो कर्मचारीमार्फत् स्थलगत जाँचबुझ गराई प्रतिवेदन प्राधिकरण समक्ष पेस गर्नुपर्ने उल्लेख छ । प्रदेश एक अन्तर्गत भोजपुर, पाँचथर, खोटाङ्ग, धनकुटा र तेह्रथुम जिल्लामा र गण्डकी प्रदेशअर्न्तगत बागलुङ, मनाङ, मुस्ताङ र म्याग्दी जिल्लामा सम्झौताअनुसार तोकिएको गाउँपालिका, नगरपालिका मातहतका वडा कार्यालय, सामुदायिक माध्यमिक विद्यालय, सामुदायिक अस्पताल र स्वास्थ्य केन्द्रमा सेवा प्रदायकले सम्पन्न गरेको ब्रोडब्याण्ड इन्टरनेट सेवा पुऱ्याउने कामको प्राधिकरणबाट अनुगमन निरीक्षण गरेको प्रतिवेदन पेस भएको छ । उक्त प्रतिवेदनमा लिच्किराम्चे हेल्थपोष्ट, खोटाङ, खाल्सा छिन्ताङ शहीदभूमि गाउँपालिका धनकुटा, लामिडाँडा रावावेसी गाउँपालिका-२ खोटाङ, फाल्गुनान्द गाँउपालिका-५ पाँचथर, याङ्गबरक गाउँपालिका-६ पाँचथर, ज्योति माध्यमिक विद्यालय पाँचथर, कालिका उच्च माध्यमिक विद्यालय तेह्रथुम, होमाटाङ हेल्थपोष्ट भोजपुर, नरेठाँटी हेल्थपोष्ट बागलुङ्ग, महेन्द्र उच्च माध्यमिक विद्यालय बागलुङ्ग, त्रिभुवन उच्च माध्यमिक विद्यालय बागलुङ, काथे खोला गाउँपालिका बागलुङ, हुम्डे हेल्थपोष्ट मनाङ्ग, बेनी नगरपालिका-६ म्याग्दी समेत १४ साइटमा इन्टरनेट कनेक्शन सक्रिय नभएको उल्लेख छ । उक्त इन्टरनेट कनेक्सन सक्रिय नभएको साइटको रकम कट्टा गर्नुपर्नेमा विगतमा सुचारु रहेको हाल निष्क्रिय रहेको व्यहोरा उल्लेख गरी नेटवर्क कनेक्सन सक्रिय नभएको साइटको समेत एक सेवाप्रदायकलांई प्रदेश १ को लागि रू.१८ करोड ७९ लाख ७० हजार र गण्डकी प्रदेशको लागि रू.८ करोड ५१ लाख २ हजार भुक्तानी गरेको छ । प्रदेश १ को पाँच जिल्लाको ९५९ साइटमा जडान गर्न रू.१८ करोड ७९ लाख ७० हजारको सम्झौता भएको आधारमा हुने प्रति साइटको रू.१ लाख ९६ हजारले इन्टरनेट कनेक्शन बन्द रहेको ८ साइटको रू.१५ लाख ६८ हजार र गण्डकी प्रदेशको ५५० साइटको लागि सम्झौता भएको रू.९ करोड ४५ लाख ५८ हजारको आधारमा प्रतिसाइट रू.१ लाख ७२ हजारले इन्टरनेट कनेक्सन बन्द रहेको साइट संख्या ६ को रू.१० लाख ३२ हजार समेत रू.२६ लाख सम्बन्धित सेवा प्रदायकबाट असुल गनुपर्दछ ।

३६.३ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र दफा ६३ मा सम्झौताबमोजिमको काम सम्पन्न नगरेकोमा ठेक्का अन्त्य गर्ने, सम्पन्न नभएको काम सम्पन्न गर्न सरकारी बाँकी सरह असुल गर्ने र कालोसूचीमा राख्ने व्यवस्था छ । सुदूरपश्चिम प्रदेशको बैतडी, डडेल्धुरा, दार्चुला र डोटी ४ जिल्लाको ८१९ स्थानमा ब्रोडब्याण्ड नेटवर्क जडान गर्न एक सेवाप्रदायकसँग रू.२६ करोड २ लाख ७८ हजारको र प्रदेश १ का ताप्लेजुङ, सोलुखुम्बु र संखुवासभा ३ जिल्लाको ५२७ स्थानमा अर्को एक सेवाप्रदायकसँग

रू.२० करोड ८० लाख को ठेक्का सम्झौता भएको छ । उक्त दुवै ठेक्काको सम्झौताअनुसारको कामको तेस्रो पक्ष परामर्शदाता फर्म र प्राधिकरणबाट समेत स्थलगत निरीक्षणबाट सुदूरपश्चिम प्रदेशको ८१९ स्थानमध्ये ४२ स्थानमा र प्रदेश एकको ५२७ स्थानमध्ये १८ स्थानमा नेटवर्क सञ्चालनमा नरहेको प्रतिवेदन पेस भएको छ । नेटवर्क सञ्चालन नभएको ४२ स्थानको रू.८ करोड ७९ लाख ४६ हजार र १८ स्थानको रू.४ करोड ५२ लाख ६६ हजार सेवा प्रदायकको बिलबाट कट्टा गर्नुपर्नेमा अन्तिम मौका दिएको उल्लेख गरी शुरु ठेक्का सम्झौता रकममा नबढाई नेटवर्क सञ्चालन भएको कामको लट एक र नेर्टवर्क सञ्चालन नभएको कामको लट-२ गरी २ महिनाभित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता संशोधन गरेको छ । यसरी सम्झौता संशोधन गर्दा नेटवर्क जडान कार्यको अनुगमन मूल्याङ्कन गर्ने कार्यको लागत बढ्ने र सेवाग्राहीलाई प्राप्त हुने सुविधा ढिला प्राप्त हुने देखिन्छ । उक्त दुवै ठेक्काको काम हालसम्म सम्पन्न नभएकोले ऐनमा उल्लेख भएबमोजिम कारबाही गर्नुपर्दछ ।

३६.४ मध्यपहाडी लोकमार्ग हुँदै जिल्ला सदरमुकाम जोड्ने ब्याकबोन परियोजना निर्माणको पहिलो प्याकेज पाँचथर जिल्लाको चियोभञ्याङदेखि धादिङ र गोरखा जिल्लाको आरुघाटसम्मको खण्ड प्रदेश नं. १, मधेश र वाग्मती प्रदेशको जिल्ला सदरमुकाम जोड्ने गरी २ हजार १९७ कि.मि. अप्टिकल फाइबर ओछ्याउन डी.डब्लु.डी.एम. सिस्टम २६ र कोर राउटर इक्वीपमेन्ट ४८ थान जडान गर्न २०७३।६।१२ मा एक कम्पनीसँग रू.४ अर्ब ८७ करोडको खरिद सम्झौता भएकोमा मोबिलाइजेशन पेश्की रू.६१ करोड ५५ लाख १२ हजार दिएपछि अन्य भुक्तानी भएको छैन । अप्टिकल फाइबर ओछ्याउने कामको लक्ष्य २ हजार १९७ कि.मि रहेकोमा १ हजार ६ कि.मि मा ओछ्याएको प्रगति पेस भएको छ । पेश्कीको बैङ्क जमानतको म्याद २०७७।५।१३ मा समाप्त भएकोमा सो को म्याद बढाएको छैन । सम्झौता अवधि २ वर्ष रहेकोमा २०७८।७।१ सम्म थप अवधिभित्र काम सम्पन्न नगरेकोले पुनः २०७९।७।१ सम्म म्याद थप भएको अवधिभित्र कार्यसम्पन्न गर्न कार्यालय सक्रिय रहनुपर्छ।

३६.५ गाउँपालिका, नगरपालिका तथा सो मातहतका वडा कार्यालय, सामुदायिक माध्यामिक विद्यालय, सामुदायिक स्वास्थ्य केन्द्रहरूमा ब्रोडब्याण्ड सेवा उपलब्ध गराउनको लागि सञ्चालित यो परियोजनाको १८ प्याकेजका लागि रू.५ अर्ब २६ करोड ९८ लाखको सम्झौता भएकोमा रू.३ अर्ब ३८ करोड ८७ लाख खर्च भएकोले वित्तीय प्रगति ६४.३० प्रतिशत भएको छ । कुल प्याकेजमध्ये १५ प्याकेजमार्फत् ६० जिल्लाको काम शतप्रतिशत र २ प्याकेजमार्फत ९ जिल्लाको काम ५० प्रतिशत सम्पन्न भएको छ। बाँकी १ प्याकेजको लागि मोबिलाइजसन पेश्की प्रवाहको कार्य मात्र भएको छ । सम्झौताअनुसार परियोजनाको बाँकी कार्य सम्पन्न गर्नुपर्दछ ।

३६.६ सेवा प्रदायकसँगको सम्झौताको शर्तमा काम सम्पन्न गरेको २ वर्षसम्म सेवाग्राहीलाई निःशुल्क नेटवर्क सेवा दिनुपर्ने उल्लेख छ । भूकम्प प्रभावित ४ जिल्ला काभ्रे, सिन्धुपाञ्चोक, नुवाकोट र रसुवाका ७४७ साइटमा नेटवर्क जडान गर्न एक कम्पनीसँग २०७४।१।२१ मा रू.२१ करोड १६ लाख ७५ हजारको सम्झौता भएकोमा रू.१८ करोड १४ लाख ७४ हजार भुक्तानी भएको छ । सेवा प्रदायकले सम्पन्न गरेको ७४७ साइटको स्थलगत अनुगमनबाट उक्त सबै साइटमा नेटवर्क सञ्चालनमा नरहेको र निःशुल्क नेटवर्क सेवा दिनुपर्ने अवधि समाप्त भएको प्रतिवेदन प्राप्त भएको छ । सम्झौताको शर्तअनुसार कार्य सम्पन्न गर्न सेवा प्रदायकलाई प्रचलित ऐन र सम्झौताबमोजिम कारबाही गर्नुपर्दछ ।

३६.७ गण्डकी प्रदेशको बागलुङ, म्याग्दी, मनाङ र मुस्ताङको प्याकेजअन्तर्गत ५५० साइटमा नेटवर्क जडान गर्न सम्झौता भएकोमा ५३० मा जडान भएको र प्रदेश १ को पाँचथर, खोटाङ, भोजपुर, धनकुटा र तेह्रथुमको प्याकेजअन्तर्गत ९५९ को साइटको सम्झौता भएकोमा सबै जडान भएको छ । प्रत्येक आइटमको दररेटमा नै ओभरहेड खर्च समाबेस भएकोमा बिल अफ क्वान्टिटीमा शिरोभार खर्च राखी भुक्तानी गर्न नमिल्नेमा गण्डकी प्रदेशको ५३० साइटमा प्रतिसाइट रू.१ लाखको दरले रू.५ करोड ३० लाख तथा प्रदेश एकमा प्रतिसाइट रू.९० हजारका दरले रू.८ करोड ६३ लाख १० हजार शिरोभार खर्च भुक्तानी गरेको छ । सम्झौतामा उल्लिखित कार्यका लागि एकमुष्ट दर तोकिसकेपछि सोको अतिरिक्त भुक्तानी गरेको शिरोभार खर्च रू.१३ करोड ९३ लाख १० हजार छानबिन गरी असुल गर्नुपर्दछ ।

गोरखापत्र संस्थान

सर्वसाधारण जनतालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचार सरल, सुलभ र भरपर्दो किसिमले उपलब्ध गराउने उद्देश्यले संस्थान ऐन, २०१९ अनुसार २०२०।३।२५ मा गोरखापत्र संस्थानको स्थापना भएको हो। संस्थानले गोरखापत्र र दि राइजिङ नेपाल समेत २ राष्ट्रिय दैनिक पत्रिका तथा युवामञ्च, मुना र मधुपर्क समेत ३ मासिक प्रकाशन प्रकाशित गर्दै आएको छ । संस्थानको केन्द्रीय कार्यालय, दुई प्रदेशस्तरीय प्रकाशन कार्यालय, ६ प्रदेशस्तरीय कार्यालय तथा १ सम्पर्क कार्यालय समेत १० कार्यालयमा ४४६ कर्मचारी कार्यरत रहेका छन्। यो वर्ष संस्थानले ८ कार्यालय र ९१ जना कर्मचारी थप गरेको छ ।

३७. **वित्तीय स्थिति र सञ्चालन नतिजा** - संस्थानको २०७७ आषाढ मसान्तमा चुक्ता पुँजी रू.१ करोड १५लाख, सञ्चित नाफा रू.२ करोड ७१ लाख र जगेडा तथा अन्य कोष रू.१३ करोड ३ लाख र नेपाल सरकारबाट प्राप्त ऋण रू.६ करोड २० लाख रहेको देखिन्छ । अचल सम्पत्ति रू.२२ करोड ६१ लाख र खुद चालु सम्पत्ति रू.४८ लाख समेत सम्पत्ति रू.२३ करोड ९ लाख रहेको छ । यो वर्ष संस्थानको कुल आम्दानी रू.६२ करोड ६४ लाख रहेको छ।खुद नोक्सानी गत वर्ष रु ४ करोड ३६ लाख रहेकोमा यो वर्ष रू.२ करोड खुद नाफा रहेको छ ।

३८. **दीर्घकालीन ऋण** - संस्थानले हालसम्म सम्झौताबमोजिम २ ऋण सम्झौताको साँवा तथा ब्याज नेपाल सरकारलाई भुक्तानी गरेको देखिँदैन । वर्षान्त सम्म ऋणको साँवा रू.६ करोड २० लाख तथा सोको व्याज रू.२० लाख तिर्नुपर्ने दायित्व रहेको छ। सम्झौताअनुसार नेपाल सरकारलाई बुझाउनु पर्ने किस्ता बुझाएको छैन ।

३९. **अग्रिम कर** - संस्थानले चालु सम्पत्तिमा लेखाङ्कन गरेको अग्रिम कर कट्टी रू.६ करोड ७० लाख ६६ हजार रहेको छ । आन्तरिक राजस्व कार्यालयमा आय विवरण पेस गर्दा दावी गरेको विवरणअनुसार उक्त रकम रू.२ करोड ६० लाख ५२ हजार रहेको छ । संस्थानले लेखाङ्कन गरेको र आन्तरिक राजस्व कार्यालयमा पेस गरेको विवरण बीच रू.४ करोड १० लाख १४ हजार फरक रहेको छ । उक्त हिसाव मिलान हुनुपर्दछ ।

४०. **बोनस व्यवस्था** - बोनस ऐन, २०३० को दफा ९(२) अनुसार व्यवस्था गरिएको रकमलाई आर्थिक वर्ष समाप्त भएको ८ महिनाभित्र अथवा श्रम कार्यालयबाट थप ३ महिनाको म्याद लिई वितरण गर्नुपर्ने वा अर्को आर्थिक वर्षमा एकैसाथ दुई वर्षको बोनस बाँड्ने गरी स्वीकृत लिनुपर्नेमा सो थप अवधिको

स्वीकृति लिएको छैन। संस्थानले २०६४।६५ देखि २०७३।७४ सम्मको वित्तीय विवरणमा कर्मचारीहरूको लागि बोनसबापत रू.३ करोड ७० लाख २३ हजार व्यवस्था गरेको देखिन्छ । उक्त रकम दुई वर्षभन्दा बढी अवधि नाघिसकेकोले वितरण गर्न मिल्ने कानूनी आधार देखिँदैन ।

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

साविकमा दूरसञ्चार संस्थानको नामबाट दूरसञ्चार सेवा उपलब्ध गराउँदै आएकोमा २०६१।१।१ देखि नेपाल दूरसञ्चार कम्पनी लिमिटेडमा परिणत भई कम्पनीले दूरसञ्चार सेवा उपलब्ध गराउँदै आएको छ । साविकको संस्थान कम्पनीमा रुपान्तरण भए पछि नेपाल सरकारको ९१.५ प्रतिशत, नागरिक लगानी कोषको ०.०३ प्रतिशत, तथा सर्वसाधारणको ८.४७ प्रतिशत शेयर स्वामित्व रहेको छ । नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले एक बहु सेवा प्रदायक कम्पनीको रूपमा जीएसएम, सीडीएमए, एफटीटीएच, पीएसटीएन, र वाइम्याक्स जस्ता सेवाहरू प्रदान गर्दै आएको छ । कम्पनीमा ३ हजार ९५७ कर्मचारी कार्यरत छन् । कम्पनीको ७ प्रादेशिक निर्देशनालय, १६ एकीकृत सम्भार युनिट र १६२ ग्राहक सेवा केन्द्र सञ्चालनमा रहेका छन् ।

४१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०७८ आषाढ मसान्तको शेयर पुँजी रू.१५ अर्ब र जगेडा कोष रू.७४ अर्ब ६८ करोड २१ लाखसमेत कुल पुँजी कोष रू.८९ अर्ब ६८ करोड २१ लाख रहेको छ । चालु दायित्व तथा व्यवस्था रू.३४ अर्ब ८९ करोड ४५ लाख रहेको छ । कम्पनीको कुल आम्दानी गत वर्ष रू.४३ अर्ब १४ करोड रहेकोमा यो वर्ष २.१६ प्रतिशतले कमी आई रू.४२ अर्ब २० करोड रहेको छ । कम्पनीको नाफा गत वर्ष रू.९ अर्ब १७ करोड २६ लाख रहेकोमा यस वर्ष रू.७ अर्ब १२ करोड ९४ लाख रहेको छ ।

४२. **अनुपात विश्लेषण** - कम्पनीबाट प्राप्त विवरण अनुसार कम्पनीको महत्त्वपूर्ण अनुपात तथा अन्य सूचकहरूको स्थिति देहाय अनुसार रहेको छः

क्र.सं.	अनुपात	आधार	२०७३।७४	२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८
१	खुद नाफा	अर्ब	१५.३७	१७.४८	९.७६	९.१७	७.१२
२	इक्विटीमा लाभ	प्रतिशत	१६.८३	१७.५४	१०.६२	१०.५४	७.९५
३	चालु अनुपात	अनुपात	४.२२	४.११	३.०४	२.०१	१.६६
४	प्रति शेयर आम्दानी	रु	१०२.४९	११६.५६	६५.०५	६१.१५	४७.५३
५	शेयर मूल्य आम्दानी अनुपात	अनुपात	६.६०	६.१९	१०.६५	१३.००	२७.६४
६	कर्मचारी संख्या	संख्या	४,१५७	४,२२०	४,१७९	४,०८२	३,९५७
७	खुद नाफा अनुपात	प्रतिशत	३४.४७	३८.६२	२२.२६	२१.२६	१६.८९

कम्पनीको नाफासँग सम्बन्धित अधिकांश अनुपात गत विगत बर्षको तुलनामा घटेको देखिएकोले कम्पनीको वित्तीय अवस्थामा प्रभावकारी सुधार हुनुपर्दछ ।

४३. **आम्दानीमा ह्रास** - कम्पनीको गत वर्ष भन्दा यस वर्षमा प्रति प्रयोगकर्ता औसत आम्दानीमा गिरावट आएको छ । प्रविधिको विकाससँगै डाटा सेवा प्रयोग गर्ने ग्राहकको संख्या बढ्दै गएकाले ग्राहकलाई तीव्र गतिको डाटा सेवा उपलब्ध गराई अन्य सेवा प्रदायकसँग प्रतिस्पर्धा गर्नुपरेको छ । कम्पनीले फोरजी/एलटीई. र एफ.टी.टी.एच.सेवा विस्तारमा भएको ढिलाइका कारण ग्राहकको मागअनुसार इन्टरनेट सहितको सेवा प्रदान गर्न नसक्दा मुख्यतः जी.एस.एम., पी.एस.टी.एन्. र ए.डी.एस.एल्. सेवाको

आम्दानीमा प्रति ग्राहक आम्दानी घट्दै गएको देखिन्छ । कम्पनीले प्रदान गरेको विभिन्न सेवाका प्रति ग्राहक आम्दानी निम्नानुसार रहेको छः

क्र.स.	सेवा	२०७७।७८ को कूल आम्दानी रू. लाखमा	कूल ग्राहक संख्या हजारमा	औषत प्रति ग्राहक आम्दानी		थप घट प्रतिशत
				२०७७।७८	२०७६।७७	
१.	पी.एस.टी.एन्	१५६२३	५६३	२,७७२.६७	३२६८.२५	-१५.१६
२.	जी.एस.एम्	२५६५३१	१९९७१	१,२८४.५१	१३४०.०६	-४.१५
३.	सीए.एम.डी	२०४२	४३८	४५६.६६	१९५.५१	१३८.१८
४.	एडी.एस.एल्	६८०६	१४९	४५५६.७७	४६४३.०३	-१.८६
५.	एफ. टी.टी. एच.	६४१६	१२२	५२५४.६७	३१५९.९२	६६.२९
६.	लिज लाइन	३३१३	३	१०७,८८९.११	८४,००९.८९	२८.४२

देशव्यापी रूपमा फोरजी/एलटीई सेवाको विस्तार गर्दै लगेको अवस्थामासमेत कम्पनीले जी.एस.एम. सेवाको आम्दानी तथा ग्राहक संख्यामा अपेक्षाकृत वृद्धि गर्न नसकेकाले टेलिकम सेवाबाट प्राप्त हुने औसत प्रति ग्राहक आम्दानी घट्दै गइरहेको छ । कम्पनीले नयाँ प्रविधिको प्रयोग र समयमै व्यावसायिक योजना कार्यान्वयन गरेर ग्राहकको चाहना र माग अनुसारको सेवा विस्तार गरी आम्दानी गर्नुपर्ने देखिन्छ।

४४. **सम्पत्ति पुँजीकरण -** कम्पनीले उपयोग गर्न योग्य भएको आधारमा सम्पत्ति र उपकरणहरू पुँजीकरण गर्ने लेखा नीति रहेको छ । २०७८ असार मसान्तसम्ममा चौथो पुस्ता फोर जी/एल.टी.ई. परियोजनाको रू.६ अर्ब ७ करोडको पुँजीकरण गरेकोमा रू.६ अर्ब ५ करोडको १ हजार ४६९ साइटहरू अस्थायी स्वीकारोक्ति प्रमाणपत्रको आधारमा र रू.२ करोड ११ लाख बराबरको ३५ साइटहरू तथा रू.४९ करोड ८० लाख बराबरको अन्य परियोजनाहरू पुँजीकरणको लागि आवश्यक साइट टेस्ट सम्पन्न प्रतिवेदन र खर्च प्रमाण बेगर पुँजीकरण गरेको पाइयो । पुँजीकरणमा ढिलाइ गरेकोले रू.२ अर्ब २५ करोडको प्लान्ट र उपकरण प्रयोगमा आएता पनि रू.१६ करोड बराबरको ह्रास खर्च यस वर्ष कर प्रयोजनका लागि मान्य नहुने हुँदा कम्पनीलाई थप करको व्ययभार पर्न गएको छ।

यस वर्ष रू.४६ करोड ९५ लाख बराबरको सम्पत्ति निसर्ग गरेकोमा अभिलेखबाट हटाएको छैन। भौतिक परीक्षण प्रतिवेदनमा उल्लेख भएको रू.६ अर्ब ५ करोडको परल मूल्य र रू.६ अर्ब संचित ह्रास कट्टी भएको सम्पत्ति तथा जायजेथा काम नलाग्ने, क्षतिग्रस्त वा पुनः प्रयोग गर्न योग्य नभएकोमा सोको लेखाङ्कन गरेको छैन । बिगत २ वर्षमा खरिद गरेको रू.३५ लाखका पुँजीगत मालसामान फेला नपरेको व्यहोरा भौतिक परीक्षण प्रतिवेदनमा उल्लेख भएकोमा सोको अवस्था पहिचान गरी आवश्यक कारवाही गरेको छैन । विदेशी मुद्रामा अग्रिम भुक्तानी वा प्राप्ति हुँदा सम्पत्तिको लेखाङ्कन तथा मूल्याङ्कन भुक्तानी मितिको विनियम दरमा नगरेकोले प्लान्ट तथा उपकरणहरू क्रमशः रू.६ करोड २२ लाख घटी तथा रू.१ करोड ६२ लाख बढीले लेखाङ्कन भएको छ । उल्लिखित अवस्थाले वित्तीय स्थिति र सञ्चालन नतिजामा असर पर्ने हुँदा लेखामान तथा नीति अनुसार पुँजीकरण तथा लेखाङ्कन हुनुपर्दछ।

४५. **कार्य प्रगतिमा रहेका सम्पत्ति -** करार सम्झौताबमोजिम रू.४ अर्ब ६८ करोड ५७ लाखको पुँजीगत उपकरण तथा अन्य सामान खरिद भएको र ती सामानहरू आपूर्तकको अधीनमा रहे तापनि पुँजीगत निर्माणधीन कार्य प्रगतिमा समावेश गरेको छ । यो वर्षको वित्तीय विवरणमा समावेश गरेको उल्लिखित

सम्पत्तिको मूल्य र अस्तित्वको यकिन गर्न सकिएन । त्यस्तै, बिक्रेतालाई दिएको रू.१ अर्ब ९७ करोडको अग्रिम भुक्तानीलाई चालु सम्पत्तिमा लेखाङ्कन गर्नु पर्नेमा पुँजीगत निर्माणाधीन सम्पत्तिमा देखाएकोले पुँजीगत निर्माणाधीन सम्पत्ति बढी तथा चालु सम्पत्ति घटी देखिएको छ ।

४६. **ऋण लगानी -** वर्षान्तमा अपर तामाकोशी हाइड्रो पावर लिमिटेडबाट रू.१४ अर्ब १३ करोड साँवा तथा ब्याज प्राप्त गर्न बाँकी छ । यो वर्ष ऋणीबाट प्राप्त हुनुपर्ने ब्याजलाई पुँजीकरण गरी आयमा देखाइएको र थप लगानी भएको रू.१ अर्ब ५० करोडमा संस्थागत जमानत नलिएको तथा सह-वित्तीय कर्जा सम्झौता र परिपासु आधारमा दृष्टिबन्धक गरेको पाइएन ।

४७. **बीमा -** वर्षान्तमा कम्पनीको स्वामित्वमा रहेको रहेको जग्गा र सवारीसाधन बाहेक रू.२८ अर्ब ४४ करोडको सम्पत्ति, उपकरण र औजार रहेकोमा रू.१२ अर्ब ७६ करोड बराबरको सम्पत्तिको लागि अग्नि र भूकम्प जोखिमको मात्र बीमा गरेको छ । कम्पनीको संकलन केन्द्रमा रहेको नगद मौज्दात, मेसिनरी पार्ट्स तथा जिन्सी मौज्दातको बीमा गरेको छैन ।

४८. **जोखिम व्यवस्थापन -** कम्पनीको बिलिङ सिस्टम, डाटा सेक्युरिटी, विभिन्न किसिमका सफ्टवेयर, सूचना प्रविधि उपकरणहरूको सञ्चालन लगायतका क्षेत्रमा पर्याप्त जोखिम व्यवस्थापन भएको पाइएन । कम्पनीले अन्य कम्पनीका उपकरण तथा सफ्टवेयरहरूको प्रयोग गरिरहेकोले सफ्टवयेर सुरक्षाको जोखिम बढी रहेको छ । साथै, कम्पनीले टेलिकम कोर उपकरण तथा ती उपकरणहरू रहेका भवनहरूमा सुरक्षाका लागि पहुँचमा नियन्त्रण, तापक्रमको नियन्त्रण, भवन आइसोलेसन जस्ता विशेष उपायहरू सहित सुरक्षाका उचित प्रबन्ध गरेको छैन । कम्पनीले सफ्टवेयर तथा डाटा सेक्युरिटीको समेत प्रभावकारी रूपमा सुरक्षाको प्रबन्ध गर्नुपर्ने देखिन्छ ।

४९. **फोरजी/एलटीई सेवा -** कम्पनीले देशव्यापी रूपमा तीव्रगति र उच्च क्षमताको डाटा ट्रान्सफर गर्ने प्रविधि फोर जी/एलटीई सेवा विस्तारका लागि आवश्यक पूर्वाधार निर्माणाधीन रहेको छ । यसका लागि छुट्टै कोर, रेडियो एक्सेस नेटवर्क १ र २ का लागि मूल्य अभिवृद्धि कर बाहेक रू.१९ अर्ब ६८ करोड खर्च गर्ने निर्णय गरेको र करार अनुसार भिन्न भिन्न मितिका खरिद आदेश जारी गरेको छ। उक्त परियोजना फेब्रुअरी २०२० भित्र सम्पन्न गरी सक्नुपर्नेमा हालसम्म कार्य सम्पन्न भएको छैन । सो सम्बन्धमा कुनै निर्णय नभएको र परियोजनाको परिमार्जित कार्यतालिका बनाई लागू गरेको छैन। पूर्व निर्धारित क्षतिपूर्ति सम्बन्धमा समेत निर्णय गरेको छैन । सो परियोजनाको ढिलाइले कम्पनीको व्यवसाय र आय आर्जनमा उल्लेखनीय असर पर्ने देखिन्छ ।

५०. **एफ.टी.टी.एच. सेवा -** असीमित डाटा ट्रान्सफर क्षमता भएको फाइबरमा आधारित प्रबिधि (एफ.टी.टी.एच.) विस्तार गर्ने कार्य २०६७।६८ बाट शुरु गरेकोमा उल्लेख्य प्रगति हुन सकेको छैन। कम्पनीको २०७८ अषाढ मसान्त सम्म ४१ हजार १०८ ग्राहक थपिएर वार्षिक लक्ष्यको १९ प्रतिशत प्रगती रहेको छ । पी.एम.टी. एन/ए.डी.एम.एल सेवाबाट एफ.टी.टी.एच. ग्राहक प्रतिस्थापन संख्या ८१ हजार ३८३ भै वार्षिक लक्ष्यको ५१ प्रतिशत मात्र प्रगति भएको छ । डाटा, टेलिफोन तथा इन्टरनेट टेलिभिजन जस्ता सेवा दिई ग्राहकको सन्तुष्टि वृद्धि गर्नुपर्ने अवस्थामा एफ.टी.टी.एच. सेवा विस्तारमा भएको ढिलाइले कम्पनीको सेवा विस्तार, ग्राहक अवधारणा तथा प्रभावकारितामा असर पर्न गई आम्दानीमा समेत असर पर्न गएको देखिन्छ । कम्पनीको एफ.टी.टी.एच. सेवा विस्तारको प्रगति

सन्तोषजनक नरहेकोले ग्राहकको चाहना र मागअनुसारको गुणस्तरीय सेवा उपलब्ध गराउन रणनीतिक योजना बनाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

५१. **ब्याण्डविथ खरिद/प्रयोग -** कम्पनीले दूरसञ्चार सेवा प्रदान गर्नका लागि आवश्यक इन्टरनेट ब्याण्डविथ विदेशी सेवाप्रदायक कम्पनीहरूसँग खरिद गरी उपयोग गरिरहेको छ । इन्टरनेट ब्याण्डविथ शुल्क बापत ३ विदेशी सेवाप्रदायक कम्पनीलाई यस वर्ष रू.१ अर्ब ६४ करोड ३६ लाख भुक्तानी भएकोमा ब्याण्डविथको उपयोग खरिद क्षमताको ८० प्रतिशत भन्दा न्यून रहेको देखिन्छ । त्यस्तै स्याट्लाइट ब्याण्डविथ पनि विदेशी सेवाप्रदायक कम्पनीहरूबाट प्राप्त गरिरहेकोमा सोको सेवा शुल्क अन्य निजी सेवा प्रदायकहरूले भुक्तानी गरेको भन्दा बढी देखिएकाले सुधार गर्नुपर्ने देखिन्छ । कम्पनीसँग ब्याण्डविथ आवश्यकताको एकीकृत तथा विस्तृत कार्ययोजनाको अभाव र ब्याण्डविथ खरिद तथा उपयोगको अन्तर देखियो । टेलिकमले फाइबर, माइक्रोवेभ जस्ता वैकल्पिक उपायहरूको अवलम्बन गरी स्याटलाइट ब्याण्डविथको उपयोग कम गर्नुपर्ने देखिन्छ ।

५२. **नेटवर्क अनुकूलन तथा ट्राफिक व्यवस्थापन -** टेलिफोन, मोबाइल, इन्टरनेट सेवामा देशको सबभन्दा ठूलो कम्पनीको हैसियतले ग्राहकलाई प्रदान गर्ने सेवा स्तरीय र विश्वसनीय बनाउन कम्पनीले देशको १६ स्थानमा एकीकृत सम्भार युनिटको व्यवस्था गरेको छ । ती युनिटबाट उपकरण मर्मत सम्भार कार्य समयमा हुन सकेको छैन । विद्युत, ब्याकअप ब्याट्री, सवारी साधन र टुल्स उपलब्ध नहुनु, रिपिटर टावरमा समस्या आउनु, यथेष्ट र सक्षम जनशक्तिको कमी हुनु, विदेशी सेवा प्रदायक कम्पनीसँग पर्याप्त समन्वय नहुनु जस्ता कारणले लामो समयसम्म नेटवर्क नचल्ने अवस्था रहेको छ। यसबाट ग्राहक सेवामा नकारात्मक असर पर्न गई आम्दानीमा समेत नकारात्मक असर परेको छ । कम्पनीले नेटवर्क अप्टिमाइजेसन् तथा मर्मत सम्भार नीतिमा सुधार गर्नुपर्ने देखिन्छ । कम्पनीको ग्रामीण क्षेत्रमा रहेका बेस स्टेशन तथा अन्य उपकरणहरूको अधिकतम उपयोग गरी बढी भन्दा बढी ट्राफिक सिर्जना गर्नुपर्ने देखिन्छ ।

५३. **अन्तर्राष्ट्रिय कल ट्राफिक -** विश्वव्यापी रूपमा नवीनतम प्रविधिको विकास तथा सामाजिक सञ्जालको विकास र विस्तारसँग अन्तराष्ट्रिय कल ट्राफिक घट्दै गइरहेको छ । नेपाल टेलिकमको आम्दानीमा अन्तर्राष्ट्रिय कल आम्दानी गत वर्ष रू.५ अर्ब ३३ करोड ३३ लाख रहेकोमा यो वर्ष रू.४ अर्ब ४९ करोड ६२ लाख रहेको छ । विगतमा अन्तर्राष्ट्रिय कल आम्दानीमा भएको कमीलाई पूरा गर्न नयाँ व्यापार प्रर्वद्धन रणनीति बनाई लागू गर्नुपर्ने आवश्यकता रहेको छ । साथै, नेपालबाट बाहिर जाने अन्तर्राष्ट्रिय कलका लागि न्यूनतम मूल्य लाग्ने क्यारियरमार्फत् पठाउने व्यवस्थाका लागि प्रविधि जडान गर्नुपर्ने देखिन्छ ।

५४. **रणनीतिक योजना -** प्रविधिमा समयानुकूल लगानी हुन नसक्नु, समयानुकूल सेवा तथा प्रोडक्ट विस्तार नहुनु, गुणस्तरीय सेवा देशभरि पुऱ्याउन नसक्नु आदि कारणले गर्दा कम्पनीको प्रगति तथा वित्तीय अवस्थामा प्रभाव पर्न गएको देखिन्छ । प्रविधिमा भैरहेको विकास र विद्यमान तीव्र प्रतिस्पर्धात्मक बजारमा ग्राहकको आवश्यकता तथा कम्पनीको व्यावसायिक लक्ष्य अनुसार आवश्यक व्यावसायिक रणनीतिको अभाव रहेको देखिन्छ । संचालक समितिको २०७६।९।१७ को निर्णय बमोजिम व्यवस्थापनलाई ६ महिनाभित्र व्यावसायिक रणनीतिक योजना तयार गरी सञ्चालक समितिमा पेस गर्नुपर्ने

निर्णय भए तापनि सो योजना हालसम्म तयार भएको छैन । यस सम्बन्धमा गत प्रतिवेदनमा समेत औँल्याइएकोमा स्थिति यथावत् रहेको छ ।

५५. **अमूर्त सम्पत्ति -** कम्पनीले रू.१ अर्ब ४ करोडको सफ्टवेयरलाई नेपाल लेखामान ३८ अनुसार अमूर्त सम्पत्तिअन्तर्गत लेखाङ्कन गर्नु पर्नेमा हार्डवेयर उपकरणको अभिन्न अङ्गको रूपमा मानेर सम्पत्ति, प्लान्ट र उपकरणअन्तर्गत लेखाङ्कन गरेकोले लेखामानको पालना नभई अमुर्त सम्पत्तिमा कमी तथा सम्पत्ति, प्लान्ट र उपकरणमा बढी देखाएको छ । लेखामान अनुरूप सम्पत्ति तथा दायित्वको लेखाङ्कन गरी यथार्थपरक वित्तीय विवरण तयार गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजू

- **अनुगमन** गत विगतका प्रतिवेदनमा प्रसारण इजाजत नवीकरण नगराएको, प्रयोग हुन बाँकी फ्रिक्वेन्सी बाँडफाँट र वितरण नगरेको, फ्रिक्वेन्सी नीतिले तोकेबमोजिमको फ्रिक्वेन्सी दस्तुर असुल नगरेको, रोयल्टी घटी असुल गरेको, अन्तर्राष्ट्रिय डाँक लेखा हिसाब अद्यावधिक नगरेकोले सरकारलाई प्राप्त हुनुपर्ने राजस्व यकिन नभएको लगायतका व्यहोरा औँल्याइएकोमा यो वर्ष पनि सुधार भएको छैन । त्यस्तै मध्यपहाडी लोकमार्ग हुँदै जिल्ला सदरमुकाम जोड्ने ब्याकबोन परियोजनाको प्याकेज-२ आरुघाट देखि पश्चिम गण्डकी र लुम्बिनी प्रदेशको जिल्ला सदरमुकाम जोड्ने अप्टिकल फाइबर ओछ्याउने र प्याकेज-३ अन्तर्गत कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा पर्ने मध्यपहाडी लोकमार्ग र सोको आसपासका जिल्ला सदरमुकाम जोड्ने अप्टिकल फाइबर ओछ्याउने कार्यको २ सेवा प्रदायकबाट कार्यसम्पादन जमानत र पेश्की जमानत जफत गरी असुल नगरेको व्यहोरा गत विगत वर्षको प्रतिवेदनमा औँल्याएकोमा स्थिति यथावत छ । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।
- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहत निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ७९ निकायमा रू.३ अर्ब ८७ करोड ४५ लाख ७२ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएकोमा फर्स्यौंट नगरेकोले बाँकी रहेको छ । सोमध्ये रू.२ करोड ९४ लाख ५९ हजार म्याद नाघेको पेश्की रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - संगठित संस्था तथा अन्य संस्था १६ तर्फ रू.४ अर्ब ३६ करोड ४६ लाख ६९ हजार बेरुजू देखिएकोमा फछ्यौंट नगरेकोले बाँकी रहेको छ । सोमध्ये रू.१९ हजार म्याद नाघेको पेश्की रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा स्वास्थ्यसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने, स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँच सुनिश्चित गर्ने, गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभूति गराउने, एलोप्याथिक, आयुर्वेदिक, होमियोप्याथिक र यूनानीजस्ता चिकित्सा प्रणालीसम्बन्धी प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक कार्यक्रमको पुनः स्थापना, अनुसन्धान तथा विकास गर्ने, नर्सिङ होम, निजी तथा सामुदायिक अस्पतालको नियमन गर्ने, औषधिको अनुसन्धान, उत्पादन, गुणस्तर निर्धारण, मूल्य निर्धारण गर्ने लगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहतका सरकारी तथा संगठित संस्थासमेत ४६ निकायबाट सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत १६ सरकारी कार्यालयको निम्नानुसार रू.३६ अर्ब ४६ करोड ३० लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३४,९०,९७	१,१४,९५	३०,२७	१०,११	३६,४६,३०

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई रक्षा, गृह, संघीय मामिला तथा सामान्य प्रशासन, शहरी विकास मन्त्रालय र प्रदेशअन्तर्गतका निकाय एवं स्थानीय तहबाट भएको खर्च समावेश छैन । यो वर्ष एक निकायको विनियोजन र राजस्वसमेत रू.१ करोड १६ लाखको लेखापरीक्षण गर्न बाँकी रहेको छ ।

२. **अन्य संस्था र समिति -** यो वर्ष २६ अन्य संस्था तथा समितिको रू.५५ अर्ब ५ करोड ९२ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । यो वर्ष पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको रू.१४ करोड ७९ लाख ५१ हजारको बक्यौता लेखापरीक्षण गरिएको छ । यो वर्ष चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, राष्ट्रिय ट्रमा सेन्टर र भक्तपुर क्यान्सर अस्पतालको लेखापरीक्षण हुन बाँकी छ ।

३. **प्राविधिक सहायता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै कारोबारको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । बजेट वक्तव्य २०७७।७८ मा विभिन्न दाताबाट ३३ कार्यक्रमको लागि अमेरिकी डलर ६ करोड ५१ लाख ४८ हजारको रू.७ अर्ब ७९ करोड ४३ लाख प्राविधिक सहायता प्राप्त हुने उल्लेख छ । मन्त्रालयले प्राप्त गरेको प्राविधिक सहायता र भएको खर्चको लेखा तथा वित्तीय विवरण उपलब्ध गराएको छैन । प्राविधिक सहायताको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्दछ ।

४. **गैरबजेटरी सहयोग -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १७ मा बजेट तथा कार्यक्रमसँग सम्बन्धित सम्झौताबमोजिमको नगद तथा वस्तुगत सहायतालाई बजेटमा समावेश गर्नुपर्ने व्यवस्था छ । यो वर्ष मन्त्रालयले रू.१ करोड ९ लाख ४२ हजार, स्वास्थ्य सेवा विभागले रू.१३ करोड २५ लाख ६५ हजार, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले रू.१ करोड ३७ लाख ६४ हजार, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले रू.१ करोड ७५ लाख ८६ हजार र भरतपुर अस्पतालले रू.६ करोड २५ लाख ८८ हजारसमेत रू.२३ करोड ७४ लाख ४५ हजार वैदेशिक सहायता प्राप्त गरी परामर्श सेवा,

तालिम तथा अनुसन्धानलगायतका कार्यमा खर्च गरेकोमा सो सहायता बजेट तथा कार्यक्रममा समावेश गरेको पाइएन । सहायता रकम बजेट तथा कार्यक्रममा समावेश गरेर मात्र खर्च गर्नुपर्दछ ।

५. **सोझै भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३५ मा सबै कारोबारको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । मन्त्रालयलाई यो वर्ष एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रममा जर्मन सरकारको सहयोगअन्तर्गत के.एफ.डब्लु.बाट सोझै भुक्तानी हुने गरी अनुदानतर्फ रू.६४ करोड ९९ लाख ९९ हजार खर्च भएको छ । मन्त्रालयले उक्त रकम ३ निर्माण व्यवसायीलाई स्वास्थ्य संस्थाको भवन निर्माणबापत भुक्तानी गरेको जनाए तापनि खर्चको स्रेस्ता लेखापरीक्षणको लागि पेस गरेको छैन । सोको लेखापरीक्षण गराउनुपर्दछ ।

६. **वैदेशिक सहयोग -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १३ मा राजस्व र व्ययको अनुमानमा वैदेशिक सहायतालाई समावेश गर्नुपर्ने व्यवस्था छ। राष्ट्रिय क्षयरोग केन्द्र, इपिडिमीयोलोजी तथा रोग नियन्त्रण महाशाखा र राष्ट्रिय एड्स तथा यौनरोग केन्द्रअन्तर्गतका कार्यक्रम सञ्चालनका लागि १९ जुलाई २०१८ मा स्वास्थ्य मन्त्रालय, सेभ द चिल्ड्रेन इन्टरनेसनल र ग्लोबल फन्डबीच भएको त्रिपक्षीय सम्झौतामा सेभ द चिल्ड्रेन इन्टरनेसनललाई प्रमुख प्राप्तिकर्ताको रूपमा लिई २०२१ सम्म रू.३ अर्ब ३८ करोड २१ लाखको सम्झौता भएको छ । सम्झौताबमोजिम भएको खर्चको विवरण प्राप्त हुन सकेन । वैदेशिक सहायतालाई राजस्व र व्ययको अनुमानमा समावेश गरी सरकारी निकायबाट खर्च भएपश्चात् सोको लेखापरीक्षण गराउनुपर्दछ।

७. **शोधभर्ना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४२(१२) मा विभिन्न दातृपक्षसँग भएको सम्झौताको आधारमा प्रत्येक आयोजनाले शोधभर्ना माग गर्ने, भएको निकासा खर्च दातृ पक्षबाट शोधभर्ना प्राप्त भएको र शोधभर्ना प्राप्त हुन बाँकीको अभिलेख राखी अनुगमन गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले उपलब्ध गराएको विवरणअनुसार वैदेशिक सहायता अन्तर्गत शोधभर्ना हुनेगरी भएको खर्चमध्ये अनुदानतर्फ रू.१ अर्ब ५२ करोड २ लाख र ऋणतर्फ रू.४ अर्ब ७१ करोड ८९ लाख २६ हजारसमेत रू.६ अर्ब २३ करोड ९१ लाख शोधभर्ना लिन बाँकी देखिन्छ । उक्त रकम शोधभर्ना प्राप्त गर्नुपर्दछ ।

८. **केन्द्रीय वित्तीय विवरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९(२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको केन्द्रीय वित्तीय विवरण पेस गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयको केन्द्रीय वित्तीय विवरणमा अस्पताल र प्रतिष्ठानहरूको कार्यसञ्चालन कोषको रकम समावेश गरेको छैन । त्यसैगरी संघ, प्रदेश तथा स्थानीय तहमा स्वास्थ्यसम्बन्धी समग्र कार्यको लागि मन्त्रालयले उपलब्ध गराएको रकमको एकीकृत अभिलेख राखेको समेत देखिएन । ऐनअनुसार सबै आर्थिक कारोबार मन्त्रालयको केन्द्रीय वित्तीय विवरणमा समावेश गर्नुपर्दछ।

• नीति कार्यान्वयन तथा उपलब्धि

९. **नीति कार्यान्वयन -** राष्ट्रिय स्वास्थ्य नीति, २०७६ अनुसार गुणस्तरीय एवं आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा उपलब्ध गराउने उल्लेख छ । नीति कार्यान्वयन सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

९.१. उक्त नीतिमा विषयगत विस्तृत रणनीति तयार भएपछि सम्बन्धित विद्यमान विषयगत नीतिहरू स्वतः खारेज हुने उल्लेख छ । राष्ट्रिय स्वास्थ्य नीतिको अलावा राष्ट्रिय जनसंख्या नीति २०७१, राष्ट्रिय स्वास्थ्य बीमा नीति २०७१, राष्ट्रिय रक्तसञ्चार नीति २०७१, राष्ट्रिय मुख स्वास्थ्य नीति २०७०, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला नीति, २०६९, राष्ट्रिय स्वास्थ्य सञ्चार नीति, २०६९, राष्ट्रिय औषधि नीति, २०५१, राष्ट्रिय आयुर्वेद स्वास्थ्य नीति, २०५२ लगायतका नीति कार्यान्वयनमा रहेका छन्। विषयगत रणनीतिहरू तयार नभएकोले उल्लिखित नीति खारेज भएका छैनन भने कार्यान्वयन समेत भएको पाइएन।

९.२. राष्ट्रिय स्वास्थ्य नीति, २०७६ मा ७० प्रकारका औषधि निःशुल्क वितरण गर्ने, सर्वसुलभ एवं प्रभावकारी रूपमा स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक जनशक्तिको योजना, उत्पादन, प्राप्ति, विकास तथा उपयोग गर्ने, सक्षम एवं जवाफदेही समन्वय, अनुगमन तथा नियमन संयन्त्र एवं प्रक्रियाद्वारा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गर्ने उल्लेख छ । स्वास्थ्य संस्थामा निःशुल्क औषधि पर्याप्त नभएको, न्यूनतम रूपमा हुनुपर्ने उपकरण उपलब्ध नभएको र चिकित्सकलगायत स्वास्थ्यकर्मीको पद रिक्त रहेकोले उल्लिखित नीति पूर्ण कार्यान्वयन हुन नसक्दा अपेक्षित नतिजा प्राप्त हुनसकेको छैन । नीतिअनुसार विषयगत रणनीति तयार गरी नीतिको प्रभावकारी कार्यान्वयनमार्फत् सेवा प्रवाहमा सुधार गर्नुपर्दछ ।

१०. **आवधिक योजना कार्यान्वयन -** पन्ध्रौं योजनामा स्वास्थ्य क्षेत्रमा तोकिएका सूचकमध्ये केही प्रमुख सूचकको परिमाणात्मक लक्ष्य र प्रगति स्थिति देहायअनुसार छः

क्र. सं.	सूचक	एकाई	२०७७।७८ को लक्ष्य	२०७७।७८ को प्रगति
१.	मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा)	जना	२००	२३९
२.	५ वर्ष मुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा)	जना	२०	२८
३.	५ वर्ष मुनिका कम तौल भएका बालबालिका	प्रतिशत	२४	२४.३
४.	नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा)	प्रतिशत	१८	१६
५.	कुल प्रजनन् दर	प्रतिशत	२.१	२
६.	५ वर्षभन्दा मुनिका बालबालिकामा भएको पुड्कोपना	प्रतिशत	३१	३१.५
७.	परिवार नियोजनको आधुनिक साधन प्रयोग दर	प्रतिशत	५२	४४.२
८.	स्वास्थ्य संस्थामार्फत् प्रसूति सेवा लिने महिला	प्रतिशत	६५	६२.१
९.	दक्ष स्वास्थ्यकर्मीको उपस्थितिमा जन्मिएका बच्चाहरू	प्रतिशत	६९	५८.२
१०.	प्रोटोकलअनुसार चार पटक गर्भवती जाँच गर्ने महिला	प्रतिशत	७१	५४.८
११.	भिटामिन ए प्राप्त गर्ने महिला	प्रतिशत	७५	५९.०
१२.	डीपीटी हेप खोप तेस्रो प्राप्त गर्ने बालबालिका	प्रतिशत	९१	८६·२
१३.	दादुरा खोप प्राप्त गर्ने बालबालिका	प्रतिशत	९१	८१.१
१४.	तोकिएबमोजिम सबै खोप पाउने बच्चाहरू	प्रतिशत	>९०	६४.५
१५.	नयाँ एच.आई.भी.सङ्क्रमित वार्षिक व्यक्ति (प्रति लाखमा)	संख्या	२२	०.०३
१६.	गर्भवती महिलामध्ये पीएमटीसीटी सेवा पाएका महिला	प्रतिशत	७५	५७.६
१७.	कालाजारको संक्रमण भएका व्यक्ति (प्रति १० हजारमा)	प्रतिशत	०	०.१५
१८.	हात्तीपाइले रोगको प्रिभलेन्स दर प्रति लाख	प्रतिशत	२००	२३९
१९.	स्वास्थ्य बीमामा आबद्ध भएको जनसंख्या	प्रतिशत	४०	१८.१७

उल्लिखित तालिकाअनुसार परिवार नियोजनको आधुनिक साधन प्रयोग दर, प्रोटोकलअनुसार ४ पटकसम्म गर्भवती जाँच गर्ने महिला, भिटामिन ए प्राप्त गर्ने महिला, डीपीटी हेप खोप तेस्रो प्राप्त गर्ने बालबालिका, दादुरा खोप प्राप्त गर्ने बालबालिका, तोकिएबमोजिम सबै खोप पाउने बच्चाहरू, नयाँ एच.आई.भी.संक्रमित र स्वास्थ्य बीमामा आबद्ध जनसंख्यासम्बन्धी लक्ष्यमा न्यून प्रगति भएको छ।

पन्ध्रौ योजनाका नतिजा खाकामा विभिन्न कानून, कार्यविधि, मापदण्ड तथा संगठन संरचना तयार गरी कार्यान्वयन गर्ने उल्लेख छ । योजना कार्यान्वयनको दुई वर्ष पूरा भएकोमा स्वास्थ्य संस्थाको संख्या, प्रकार, स्थान तथा आवश्यक स्वास्थ्य जनशक्तिको निर्धारण गुरुयोजना, एकीकृत राष्ट्रिय स्वास्थ्य वित्तीय रणनीति, स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूको एकीकृत छाता ऐनलगायतका दस्तावेज तर्जुमा भए तापनि स्वीकृत भएको पाइएन । आवश्यक दस्तावेज तथा संगठन संरचना बनाई उल्लेख भएका क्रियाकलाप निर्धारित समयावधिभित्र कार्यान्वयन गर्नुपर्दछ ।

११. **दिगो विकास लक्ष्य -** दिगो विकास लक्ष्यअन्तर्गत २०७७।७८ मा सबै उमेर समूहका व्यक्तिको स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्न २०३० सम्म मातृ मृत्यु अनुपात प्रति १ लाखमा ७० भन्दा कम गर्ने उल्लेख भएकोमा यो वर्षसम्म २३९ रहेको, नवजात शिशु मृत्यु प्रतिहजार जीवित जन्ममा १८ र ५ वर्ष मुनिका बालमृत्यु २० मा सीमित गर्ने उल्लेख भएकोमा क्रमशः १६ र २८ रहेको छ। यस्तै नसर्ने रोगबाट हुने असामयिक मृत्युदरलाई रोकथाम र उपचारबाट सन् २०३० सम्म एक तिहाइले कम गर्ने गन्तव्य तोकिएकोमा सोसम्बन्धी उपलब्धि सूचकाङ्क प्राप्त भएन । सडक दुर्घटनाबाट हुने मृत्यु र घाइतेको संख्यालाई २०३० सम्म आधा घटाउन ७ वटै प्रदेशमा ट्रमा सेन्टर स्थापना गर्ने कार्यक्रम रहेकोमा सो कार्य अगाडि बढ्न सकेको छैन । यसैगरी स्वास्थ्य बीमा कार्यक्रम २०७२।७३ देखि शुरु भएकोमा हालसम्म ४५ लाख ७२ हजार ९८९ (जनसंख्याको १८.१७ प्रतिशत) सहभागी भएका, एच.आई.भी सङ्क्रमित र क्षयरोगका बिरामी गत वर्षभन्दा वृद्धि भई क्रमशः ४० हजार ३४१ र २८ हजार ५८९ पुगेको छ । उपर्युक्त अवस्थाले दिगो विकास लक्ष्यले तोकेको सूचक हासिल गर्ने कार्य चुनौतीपूर्ण देखिन्छ। दिगो विकास लक्ष्य प्राप्तिका लागि स्पष्ट कार्ययोजना र सोको कार्यान्वयन गर्न सबै तहका स्वास्थ्य निकायबीच समन्वय, आवधिक मूल्याङ्कन तथा प्रभावकारी नियमन आवश्यक देखिन्छ।

• बजेट तथा कार्यक्रम कार्यान्वयन

१२. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य, २०७७।७८ मा स्वास्थ्य बीमा मुलुकभर विस्तार गर्ने उल्लेख भएकोमा २ जिल्ला बाहेक ७५ जिल्लामा लागू भएको, काठमाडौं उपत्यकामा ३०० शय्याको सुविधा सम्पन्न छुट्टै सरुवा रोग अस्पताल निर्माण गर्ने उल्लेख भएकोमा कार्य प्रारम्भ नभएको, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको क्षमता विस्तार गरी अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको बनाउने कार्य शुरु नभएको, मेडिकल सुपर स्पेसियालिटी केन्द्र स्थापना नभएको, प्रदेश राजधानीमा ५० शय्याको सरुवा रोग अस्पताल सञ्चालन र हरेक स्थानीय तहमा एक अस्पताल रहने गरी जनसंख्याको आधारमा ५ देखि १५ शय्यासम्मको ३९६ अस्पतालको शिल्यान्यास भई भवन डिजाइनको प्रोटोटाइपसहित स्थानीय तहमा रकम हस्तान्तरण गरेकोमा सोको प्रगति विवरण पेस नगरेको, नेपाललाई पूर्ण खोपयुक्त मुलुक घोषणा गर्न आवश्यक बजेट व्यवस्था गरेकोमा यो वर्ष ६९७ स्थानीय तह मात्र पूर्णखोप घोषणा भएको अवस्था

छ । बजेट बक्तव्यअनुसारका कार्यक्रम कार्यान्वयन नहुँदा वा न्यून हुँदा स्वास्थ्य सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लिखित कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

१३. **कार्यक्रम संशोधन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ मा स्वीकृत बजेट र आवश्यक योजनाअनुकूल हुनेगरी कार्यक्रमलाई आवश्यक संशोधन गर्नसक्ने उल्लेख छ। यो वर्ष मन्त्रालयले ४ बजेट उपशीर्षकमा रू.२० अर्ब १२ करोड ३७ लाख विनियोजन गरेकोमा रू.१२ अर्ब २७ करोड १२ लाख (६०.९७ प्रतिशत) रकमान्तर गरी घटाएको छ । आवधिक योजनाअनुसारका यो वर्ष सम्पादन गर्नुपर्ने विभिन्न कार्य हुनसकेको छैन । स्वीकृत कार्यक्रमको कार्ययोजना बनाई तोकिएका लक्ष्य हासिल गर्नुपर्दछ।

१४. **एच.डी.यू. स्थापना** - कोभिड महामारीको उपचारको लागि २०७७।५।१५ को मन्त्रालयको मन्त्रीस्तरीय निर्णयले २५ शय्याको एच.डी.यू.स्थापनाको लागि रू.४ अर्ब २५ करोड २७ लाख बजेट माग गरेकोमा अर्थ मन्त्रालयले रू.२ अर्बको स्रोतको सुनिश्चितता दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१४.१. मन्त्रालयले एच.डी.यू.को उपकरणहरूको लागत अनुमान वस्तुपरक ढङ्गले नगरेको अवस्थामा कार्यक्रम नै तोकेर निकासा दिँदा अस्पतालहरूले सोही निकासालाई लागत अनुमान कायम गरी ठेक्का व्यवस्थापन गरेको देखियो । एच.डी.यू.खरिद गर्न दिएको रू.२ अर्ब ७ करोड ४६ लाखमध्ये अस्पतालहरूले खरिद प्रक्रिया सम्पन्न गरी महामारीमा सेवा उपलब्ध गराएको एकीकृत प्रतिवेदन मन्त्रालयले तयार गरेको छैन।

१४.२. मन्त्रालयले २०७७।७८ मा बजेट निकासा गरी महामारीको समयमा छिटोछरितो माध्यमले १५ दिनभित्र एच.डी.यू.का उपकरण खरिद गर्न स्रोत व्यवस्थापन गरेकोमा केही अस्पतालले एच.डी.यू. उपकरण र यसको बजार दरलाई आधार मानी तथा मानव अङ्ग प्रत्यारोपण केन्द्रले पुनः लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट खरिद व्यवस्थापन गरी रू.१ करोड ४ लाख ९४ हजारको सम्झौता गरेको छ । राष्ट्रिय आयुर्वेद केन्द्र, परोपकार प्रसूति गृह, निजामती कर्मचारी अस्पताल, गजेन्द्र नारायण सिंह अस्पताल सप्तरी, भेरी अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान लगायतले मन्त्रालयबाट प्राप्त निकासा रकम बराबर लागत अनुमान कायम गरेर बोलपत्र माग गर्दा खरिद कार्य प्रतिस्पर्धी हुन सकेको छैन । यी अस्पताललगायतले आर्थिक वर्षको अन्त्यसम्म पनि एच.डी.यू.जडान गरी सेवा पुऱ्याएको देखिएन ।

१४.३. सम्बन्धित आर्थिक वर्षको बजेट तथा कार्यक्रमअनुसार खरिद व्यवस्थापन गरी सोही वर्ष भुक्तानी गर्नुपर्नेमा कोभिड-१९ महामारीको समयमा उपकरण खरिद नगरी २०७७।७८ को लागि व्यवस्था भएको बजेटबाट २०७८।७९ मा उपकरण खरिद गरी रू.४ अर्ब १० करोड २१ लाख ९० हजार भुक्तानी गर्न पटक पटक सचिवस्तरीय र रू.१ अर्ब ४१ करोडको लागि मन्त्रीस्तरबाट निर्णय गरेको पाइयो। योजना तयार गरी आवश्यकताको आधारमा मात्र खरिद व्यवस्थापन गर्नुपर्दछ ।

१५. **उपकरण उपयोग** - महामारीको समयमा उपचार व्यवस्थापन गर्ने प्रयोजनको लागि मन्त्रालयले संघीय, प्रदेश र स्थानीय तहका निकाय तथा सामुदायिक, निजी अस्पताल तथा मेडिकल कलेजहरूमा आवश्यकता भएको जनाई एच.डी.यू. युनिट, आई.सी.यू. बेड, भेन्टिलेटर, अक्सिजन प्लाण्ट र ट्याङ्क, पी.सी.आर.

उपकरण, यू.एस.जी.एक्सरे मेसिनलगायतको लागि यो वर्ष रू.६ अर्ब ९९ करोड ४५ लाख निकासा गरेको छ । महामारीको समयमा विभिन्न दाता एवं सहयोगी निकायबाट समेत उपकरण प्राप्त भएका छन् । मन्त्रालयले गत विगत वर्षदेखि विभिन्न अस्पतालमा रहेका र यो वर्ष खरिद भएका उपकरणको सञ्चालन अवस्था खुल्ने गरी एकीकृत विवरण तयार नगर्नुका साथै नियमित अनुगमन गरेको छैन । मेसिन/उपकरणका अतिरिक्त आइसोलेसन सेन्टर र क्वारेन्टाइनमा रहेका सामग्रीको एकीकृत अभिलेख राखी तिनीहरूको प्रभावकारी उपयोगको व्यवस्था मिलाउनुपर्दछ ।

१६. **विशेषज्ञ परिचालन** - चिकित्सा शास्त्र छात्रवृत्ति छनोट परिचालन कार्यविधि, २०७२ को बुँदा १५ मा विशेषज्ञ परिचालन गर्न सकिने व्यवस्था छ । मन्त्रालयले २०७२ देखि २०७६ सम्म एम.डी. मा सहभागी ६६ जनासँग ५ वर्षको सेवा करार सम्झौता गरेकोमा चिकित्सा शिक्षा ऐन, २०७५ आइसकेको उल्लेख गरी २ वर्षको लागि खटाएको छ। तीमध्ये ३५ लाई उपत्यकामा नै खटाएको छ । बिरामीको चाप हुने महेन्द्रनगर, दाङ, बुटवल, वीरगन्ज, जनकपुर, राजविराज, दमकलगायतका अस्पतालमा त्यस्ता विशेषज्ञ पठाएको छैन । एम.डी.एम.एस.तर्फ ४८५ मध्ये उपत्यकामा ९०, भरतपुरमा १६, हेटौंडामा १४, पोखरामा २७ विशेषज्ञ खटाएकोमा महेन्द्रनगर, जलेश्वर, सप्तरीमा सम्बन्धित विषयको चिकित्सक रिक्त भएकोमा उक्त स्थानमा खटाएको देखिएन । त्यसैगरी टीकापुर, डडेल्धुरा, धवलागिरि अस्पतालमा चिकित्सक दरबन्दी रिक्त रहेको अवस्थामा यस्ता अस्पतालमा छात्रवृत्तिमा अध्ययन गरी कबुलियत गरेका विशेषज्ञ चिकित्सक नपठाई अधिकांशलाई सुगम क्षेत्रका अस्पतालमा खटाएको पाइयो ।

कार्यविधिको व्यवस्थाअनुसार छात्रवृत्ति पाई अध्ययन पूरा गरे पश्चात् ५ वर्ष सेवा गर्ने कबुलियत गरेका विशेषज्ञ चिकित्सकलाई सो अवधि पूरा नहुँदै चिकित्सा शिक्षा ऐनमा संशोधन भएको कारण उल्लेख गरी २०७७ मा २ वर्षे सेवा अवधि पूरा गरेका १०८ विशेषज्ञ चिकित्सकलाई ३ वर्ष सेवा अवधि घटाएको छ ।

१७. **अनुदान** - सामुदायिक अस्पतालहरूलाई अनुदान दिने सम्बन्धी निर्देशिका, २०७३ को दफा ४ मा अनुदान प्राप्त गर्नसक्ने सामुदायिक अस्पतालको छनोट गर्दा राष्ट्रियस्तरको दैनिक पत्रिका एवं मन्त्रालयको वेब साइटमा सूचना प्रकाशित गर्नुपर्ने व्यवस्था भए तापनि सो प्रक्रिया पूरा नगरी मन्त्रालयले १७ सामुदायिक अस्पताल तथा संस्थालाई रू.१४ करोड ७५ लाख अनुदान उपलब्ध गराएको छ । निर्देशिकाको प्रक्रिया पूरा नगरी वितरण गरिएको अनुदान नियमसम्मत देखिएन ।

यो वर्ष नेपाल आँखा अस्पताल र आँखासम्बन्धी गैरसरकारी संस्थालाई रू.९ करोड ५७ लाख ६ हजार अनुदान दिएको छ । ती निकायलाई दिएको निकासाको मन्त्रालयबाट अनुगमन गरेको तथा प्रतिवेदन लिएको देखिएन । अनुदान दिएको रकमको उपयोग सम्बन्धमा अनुगमन गरी सुनिश्चित गर्नुपर्दछ।

१८. **विविध खाताबाट भुक्तानी** - मन्त्रालयको विविध खाताअन्तर्गत रहेको निकसाइमन कोषबाट प्रकोपको प्रभाव न्यून गर्ने, थप जोखिमबाट बचावट गर्ने लगायतका प्रकोपसँग सम्बन्धित कार्यमा मात्र खर्च गर्नुपर्नेमा कोभिड-१९ को अवधिमा भत्ता वितरण, इन्धन खर्च, संस्थागत अनुदान लगायतका असम्बन्धित कार्यमा रू.८४ लाख ८२ हजार खर्च लेखेको छ । यसप्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• जनशक्ति व्यवस्थापन

१९. **संगठन व्यवस्थापन -** नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा संघ, प्रदेश र स्थानीय तहको स्वास्थ्य सम्बन्धी अधिकार उल्लेख छ । संघको अधिकारको सूचीमा स्वास्थ्यसम्बन्धी नीति, मापदण्ड, गुणस्तर, नियमनलगायतका प्रदेशको अधिकारको सूचीमा स्वास्थ्य सेवा विषय, संघ र प्रदेशको अधिकारको साझा सूचीमा औषधि र विषादी विषय र स्थानीय तहको अधिकारको सूचीमा आधारभूत स्वास्थ्यसम्बन्धी अधिकार रहने उल्लेख छ ।

स्वास्थ्यसम्बन्धी कार्य गर्न संघअन्तर्गत ४६, प्रदेश अन्तर्गत २२९ र स्थानीय तहअन्तर्गत ४ हजार ३९२ समेत ४ हजार ६६७ निकाय रहेका छन् । मन्त्रालयअन्तर्गतका ३ विभागमध्ये औषधि व्यवस्था विभागअन्तर्गत ४ कार्यालय मात्र रहेकोमा स्वास्थ्य सेवा विभाग र आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग मातहत कुनै कार्यालय छैनन् । स्वास्थ्य सेवा विभागको मुख्य कार्य मन्त्रालयको काममा सहजीकरण गर्ने रहेको र विभाग मातहत अन्य कार्यालयसमेत नरहेकोले प्रशासनिक र सेवा प्रवाह सरलीकृत गर्न एवं लागतअनुसार अत्याधिक लाभ प्राप्त गर्न संगठन संरचनामा पुनरावलोकन हुनुपर्दछ ।

२०. **कर्मचारी समायोजन -** नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २५ख. मा कुनै पनि कर्मचारीलाई पदीय जिम्मेवारी नदिई एक महिनाभन्दा बढी अवधिसम्म राख्न नहुने उल्लेख छ । मन्त्रालयअन्तर्गत साविकमा ३० हजार १०१ दरबन्दी रहेकोमध्ये संघ, प्रदेश र स्थानीय तहमा २६ हजार ९५९ कर्मचारी समायोजन गरेको, ४३ फाजिलमा रहेको र ३ हजार ९९ दरबन्दी रिक्त रहेको उल्लेख छ । समायोजन पश्चात् पनि कतिपय कार्यालयमा बढी र कतिपय कार्यालयमा घटी कर्मचारी रहेको अवस्था देखिँदा कार्यबोझ र सेवा प्रवाहको अवस्थालाई मध्यनजर गरी कर्मचारी समायोजन गर्नुपर्दछ ।

• स्वास्थ्य संस्था नियमन

२१. **सञ्चालन अनुमति -** स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० मा अनुमति नलिई स्वास्थ्य संस्था सञ्चालन गर्न नहुने उल्लेख छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा २०० शय्याभन्दा माथिको स्वास्थ्य संस्था सञ्चालन अनुमतिको लागि १८ संस्थाले ९ हजार ७९२ शय्याको स्वास्थ्य संस्था सञ्चालन गर्न निवेदन दिएकोमा १० संस्थाले २ हजार ८२५ शय्याको अनुमति पाएको र अन्य संस्थाले राष्ट्रिय भवन संहिता, २०६० बमोजिम भवन निर्माण भएको कागजात पेस नगरेकोले स्वास्थ्य संस्था सञ्चालन अनुमतिको निवेदनउपर थप कारबाही भएको देखिएन । सञ्चालन अनुमति प्राप्त नभए तापनि स्वास्थ्य संस्था सञ्चालन भइरहेको र सञ्चालन अनुमति माग गरेकोमा लामो समयसम्म निर्णयविहीन अवस्था रहनु उचित देखिँदैन । यस सम्बन्धमा मन्त्रालयले आवश्यक निर्णय गर्नुपर्दछ ।

२२. **अनुमति दस्तुर -** स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० मा स्वास्थ्य संस्था स्थापना, सेवा विस्तार वा स्तरोन्नतिको अनुमति लिन प्रति शय्या रू.४ हजारका दरले दस्तुर बुझाउनुपर्ने उल्लेख छ । मन्त्रालयमा स्तरोन्नतिको लागि निवेदन दिएकामध्ये ६ संस्थाले १ हजार शय्या क्षमताको लागि अनुमति प्राप्त गरेकोमा ३ हजार ७२५ शय्या राखी सेवा दिएको उक्त संस्थाको वेबसाइट तथा मन्त्रालयको अनुगमन प्रतिवेदनमा उल्लेख छ । ती अस्पतालहरूले अनुमति

पाएको भन्दा बढी शय्या राखी सेवा प्रदान गरे तापनि बढी सञ्चालन गरेको २ हजार ७२५ शय्याको रू.१ करोड ९ लाख अनुमति दस्तुर राजस्व दाखिला गरेका छैनन् । यस सम्बन्धमा यकिन गरी छुट रकम असुल हुनुपर्दछ।

२३. **अनुगमन र नियमन -** स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० अनुसार स्वास्थ्य संस्थाहरूको अनुगमन तथा नियमन गर्नुपर्नेमा सोको प्रभावकारी अनुगमन भएको छैन । यससम्बन्धी प्रमुख व्यहोरा निम्नानुसार छन्:

२३.१. मेडिकल कलेज सञ्चालनको मन्त्रालयले, २०० शय्यासम्मको अस्पताल र २५ शय्या माथिको डाइलासिस केन्द्र र पुनर्स्थापना केन्द्र स्वास्थ्य सेवा विभागले तथा २०० भन्दा कम शय्याको अस्पताल प्रदेश सरकारले अनुगमन गर्ने व्यवस्था छ । यो वर्ष विभागले अनुगमन गरेका २० निजी अस्पतालमा आवश्यक जनशक्ति, उपकरणको कमी रहेको, दश प्रतिशत शय्या निःशुल्क उपचारका लागि नछुट्याएको, फोहोरमैलाको उचित व्यवस्थापन नगरेको, ज्येष्ठ नागरिकको उपचार कक्ष व्यवस्थित नगरेको, शय्याहरूबीचको दूरी ४ फिट नभएको, औषधि २४ सै घण्टा अस्पताल क्षेत्रभित्र उपलब्ध नभएको, प्रयोगशालाको गुणस्तर कायम नराखेको, नियमित रूपमा तालुक निकायमा प्रतिवेदन नगरेको अवस्थामा पनि कमजोरी सच्याउने शर्त राखी नवीकरण गरेको देखियो । सञ्चालन मापदण्ड पूरा नगर्ने अस्पताललाई नियमानुसार कारबाही गर्नुपर्दछ ।

२३.२. स्वास्थ्य संस्थाले लिने शुल्कमा विविधता रहेको र निजी क्षेत्रका स्वास्थ्य संस्थाको सेवा शुल्क सरकारी स्वास्थ्य संस्थाको तुलनामा बढी रहेको ठहर गरी सोको विस्तृत रूपमा अध्ययन गरी शुल्क निर्धारण गर्न २०७६।९।२७ मा शुल्क निर्धारण कार्यदल गठन गरे तापनि सो कार्यदलले प्रतिवेदन पेस गरेको छैन । कार्यदलको प्रतिवेदन लिई सो समेतको आधारमा स्वास्थ्य संस्थाले लिने शुल्कको मापदण्ड निर्धारण गर्नुपर्दछ ।

२३.३. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको अनुमति लिई सञ्चालनमा रहेका मेडिकल कलेज, छुट्टै ऐनअन्तर्गत गठित प्रतिष्ठान, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट अनुमति नलिई सञ्चालनमा रहेका मेडिकल कलेज तथा अस्पतालको नियमन हुन सकेको छैन ।

स्वास्थ्य सेवा जस्तो संवेदनशील विषयमा नियमन कार्य प्रभावकारी नहुँदा सेवाको गुणस्तर, लागत र पहुँच अपेक्षा गरेअनुरूप सबल देखिँदैन । त्यसैगरी औषधि तथा औषधिजन्य पदार्थ र खाद्यवस्तुको नियमनका विषयहरू अन्तरसम्बन्धित भएकोमा सो कार्य दुई अलग निकाय औषधि व्यवस्था विभाग र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट हुने भएकोले नियमन प्रभावकारी हुन सकेको छैन ।

२३.४. अस्पतालले बिरामीलाई गुणस्तरयुक्त हेरचाह, उपचार सेवा, उपकरण व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कनका लागि विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको मापदण्डअनुसार सेवास्तर, बिरामीको अभिलेख, रोगको पहिचान, संक्रमण नियन्त्रण, उपचार प्रक्रिया, उपकरण सञ्चालन, सर्जिकल केस, स्वास्थ्यकर्मीको व्यवहार, बिरामीको अस्पताल बसाइ, फोहोरमैला व्यवस्थापन, सेवा शुल्क, खाना तथा पोषण, उपचार गर्न लाग्ने समय, प्रदूषण, सामानको उपलब्धता आदि विषयको मूल्याङ्कन सूचक बनाई मेडिकल अडिटको व्यवस्था अपनाई सेवा प्रवाहको गुणस्तर प्रवर्द्धन प्रक्रिया अपनाउनुपर्नेमा तदनुरूप सूचक निर्धारण गरेको

पाइएन । मन्त्रालयले निर्देशिका तयार गरी अस्पतालहरूले सञ्चालन गरेको विभिन्न सेवा तथा कार्यक्रमको समकक्षी पुनरावलोकन गराई सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

२४. **राजस्व छुट सिफारिस** - स्वास्थ्य संस्थाले पैठारी गर्ने स्वास्थ्य उपकरण, एम्बुलेन्स, शव वाहनको लागि राजस्व छुटको सिफारिस मन्त्रालयबाट हुने गरेको छ। मन्त्रालयले यो वर्ष रू.४० अर्ब ८१ करोड ८२ लाख बराबरको ३५९ स्वास्थ्य संस्थाको ३७२ एम्बुलेन्ससहित १५७ प्रकारका स्वास्थ्य उपकरण पैठारीमा राजस्व छुटको सिफारिस गरेको छ । राजस्व छुट दिई पैठारी भएका सामग्रीको प्रयोग लक्षित वर्ग, समूहको हितमा प्रयोग भए नभएको तथा राजस्व छुट पाउने र नपाउने स्वास्थ्य संस्थाको सेवा शुल्क सम्बन्धमा मन्त्रालयले अनुगमन गरेको छैन । राजस्व छुट दिँदा छुट प्राप्त गर्ने स्वास्थ्य संस्थाले तिर्नुपर्ने कर दाखिला गरे नगरेको, अनुगमन प्रतिवेदनका सुझावहरूको कार्यान्वयन गरे नगरेको र सहुलियतपूर्ण मूल्य निर्धारण गरे नगरेको विश्लेषण गरेको छैन । राजस्व छुट प्राप्त गर्ने स्वास्थ्य संस्थाको अनुगमन गर्ने र राजस्व छुटमा पैठारी भएका उपकरण तथा स्वास्थ्य सामग्रीको उपयोग गरी सेवा प्रवाह गर्दा सेवाग्राहीले तिर्ने शुल्कमा समेत सहुलियत हुने गरी व्यवस्था गर्नुपर्दछ ।

• स्वास्थ्य सेवा प्रवाह

२५. **सेवाको गुणस्तर** - अस्पतालको सेवा प्रभावकारी हुन भौतिक, जनशक्ति तथा उपकरण लगायतको उचित व्यवस्थापन हुनुपर्दछ । स्वास्थ्य संस्थामा आवश्यक पूर्वाधारको स्थिति देहायअनुसार छः

२५.१. शुक्कराज ट्रपिकल तथा सरुवा रोग अस्पतालअन्तर्गत रहेका ११ मध्ये ९ भवन जीर्ण अवस्थामा रहेका छन्। यो वर्ष ३०० शय्याको अत्याधुनिक सुविधा सम्पन्न केन्द्रीय सरुवा रोग अस्पताल निर्माण कार्य प्रारम्भ गर्न रू.१ करोड ७५ लाख विनियोजन भए तापनि निर्माण कार्य शुरु भएको छैन । सरुवा रोगसम्बन्धी एक मात्र केन्द्रीय अस्पताल भएकोले बिरामीको चाप प्रत्येक वर्ष बढ्दै गएको छ। ओ.पी.डी. प्रतीक्षालय साँघुरो रहेकोले बाहिर बाटोमा उभिनु परेको, विभिन्न प्रकारका सरुवा रोगका बिरामी एकै स्थानमा उभिनु परेको, शौचालय र पार्किङस्थल पर्याप्त नरहेको लगायतका समस्याले अस्पताल सञ्चालनमा कठिनाइ परेको देखियो । अस्पतालमा इण्डोस्कोपी मेसिन, हेमोडाइलाइस मेसिन, अटो एनालाइजर, आधुनिक कलर डप्लरलगायतका उपकरण अभावका कारण बिरामीलाई थप सेवा उपलब्ध गराउन सकेको छैन। सरुवा रोगसम्बन्धी उपचार गर्ने प्रेषण अस्पतालमा पर्याप्त भौतिक पूर्वाधारको व्यवस्था हुनुपर्दछ ।

२५.२. नारायणी अस्पताललाई प्रदेशस्तरीय प्रेषण अस्पतालको रूपमा विकास गर्न ५०० शय्या क्षमताको भवन निर्माणको लागि खरिद प्रक्रिया शुरु भएकोमा यो वर्षसम्म पनि निर्माण कार्य प्रारम्भ भएको छैन । मुटु रोगीहरूको लागि आवश्यक पर्ने क्याथल्याव मेसिन गत वर्ष रू.४ करोड ९२ लाख १० हजारमा खरिद गरेकोमा भवन अभावका कारण प्रयोगविहीन अवस्थामा रहेको छ । त्यसैगरी अस्पतालमा रहेको सी.टी. स्क्यान मेसिन, इकोकार्डियो उपकरण मर्मत नगरेको एवं एम.आर.आई मेसिनको अभावमा बिरामीहरूले सेवा पाएका छैनन् । अस्पतालको पूर्वाधार विकास तथा उपकरण व्यवस्थापन गरी सेवा प्रवाहमा सुधार गर्नुपर्दछ ।

२५.३. रास्री स्वास्थ्य विज्ञान प्रतिष्ठानले एक निजी स्वास्थ्य संस्थासँग २०७५।९।१७ मा गरेको सम्झौता बमोजिम ३ महिनाभित्र ८ मेसिनबाट डाइलासिस सेवा उपलब्ध गराउनुपर्ने शर्त रहेकोमा प्रतिष्ठानले

उपलब्ध गराएको २ मेसिन मात्र सञ्चालनमा ल्याएको छ । डाइलासिस मेसिनको अभावमा सेवा प्रवाहमा असर परेको छ । सम्झौताको शर्त बमोजिम डाइलासिस मेसिनको व्यवस्था गरी सेवा विस्तार गर्नुपर्दछ ।

२५.४. बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुरमा रक्त क्यान्सरका बिरामीको बोनम्यारो ट्रान्सप्लाण्ट तथा क्यान्सरका अन्य बिरामीको लागि स्टिम सेल ट्रान्सप्लाण्ट उपचारमा प्रयोग हुने बोनम्यारो ट्रान्सप्लान्टेसन (बी.टी.एम.) मेसिन तथा क्यान्सर लागेर सेकाई गर्नुपर्ने बिरामीलाई उपचार गर्न प्रयोग गरिने सी.टी.स्क्यानसहितको अत्याधुनिक टोमोथेरापी मेसिन अभावमा अस्पतालले सोसम्बन्धी सेवा उपलब्ध गराउन सकेको देखिएन । आवश्यक मेसिनरी उपकरणको व्यवस्था गरी सेवा प्रवाहलाई थप सुदृढीकरण गर्नुपर्दछ ।

२६. **स्वास्थ्य उपकरणको प्राप्ति र उपयोग -** बिरामीहरूको उपचारको लागि स्वास्थ्य संस्थाहरूमा आवश्यक स्वास्थ्य उपकरणहरू चालू अवस्थामा रहनुपर्दछ । गुणस्तरीय स्वास्थ्य उपकरण उपलब्ध भएमा रोगको निदान, परीक्षण र उपचारलगायतका स्वास्थ्य सेवा थप प्रभावकारी र गुणस्तरीय हुन सक्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२६.१. स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० मा अस्पतालहरूको शय्या संख्याअनुसार उपकरणहरूको वर्गीकरण, जनशक्ति र भौतिक पूर्वाधारबारे उल्लेख छ । कोभिड १९ को समयमा अस्पतालहरू पूर्व तयारी अवस्थामा नरहनु र उपचारका लागि आवश्यक अक्सिजन सिलिण्डर, अक्सिजन प्लान्ट, बाईप्याप भेन्टिलेटर, हाइफ्लोनजल कानुला भेन्टिलेटरलगायतका उपकरणहरू पर्याप्त मात्रामा नहुनु, सञ्चालन गर्ने दक्ष जनशक्ति नहुनु, एम्बुलेन्समा क्रिटिकल केयरका सामानको अभावलगायतका कारण कतिपय बिरामीले ज्यान गुमाउनु परेको देखिन्छ । मापदण्डअनुसारको शय्या संख्या, स्वास्थ्य उपकरण, प्राविधिक जनशक्तिको पूर्ति नभएको अवस्था छ ।

२६.२. स्वास्थ्य उपकरणहरूको उत्पादन गर्ने देशअनुसारको मापदण्ड, गुणस्तर मापनमा आधारित रहेको हुन्छ। अस्पतालहरूमा आई.सी.यू, पी.आई.सी.यू, एन.आई.सी.यू जस्ता अतिसघन उपचार हुने विभागहरू रहेका छन् । ती विभागहरूमा दक्ष जनशक्ति नहुँदा बिरामीको उपचारमा प्रभाव परेको छ । नारायणी अस्पतालको एन.आई.सी.यू. प्यासेन्ट मनिटर नियोनेटल मोडमा सेट गर्नुपर्नेमा एडल्ट मोडमा सेट गरेको पाइयो । भेन्टिलेटर चलाउन हुमिडिफायरलाई पूर्णरूपमा टेम्प्रेचर प्रोब, हिटर वायर नजोडी चलाउँदा मेसिनले काम नगर्ने देखिँदा बिरामीको रेखदेखमा कमजोरी रहन गएको देखिन्छ ।

२६.३. स्वास्थ्य उपकरणहरू संवेदनशील हुने भएकोले ती उपकरणको प्रकृतिअनुसार तापक्रम, आर्द्रता र उचाइमा आधारित रही जडान गर्नुपर्ने हुँदा उपकरण सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्था हुनुपर्दछ । त्रि.वि.शिक्षण अस्पतालमा रहेको आर.ओ. मेसिनको समस्याले हेमोडाइलाइसिस मेसिनहरू बिग्रिने समस्या रहेको छ । नारायणी अस्पताल, वीरगन्जमा विगत २ वर्षदेखि क्याथ ल्याब जडान गर्नुपर्ने ठाउँको अभावले जडान नभएको, बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा बायोकेमिष्ट्री कोठा सानो भई परीक्षण गर्न कठिनाइ भएको देखिन्छ । प्रसूति गृह थापाथलीमा रहेको अक्सिजन प्लान्ट राख्ने ठाउँ नहुँदा भवनमुनि राखिएको, अक्सिजन सिलिण्डरहरू व्यवस्थित रूपमा नराखिएको र अटोमेटिक चेन्जओभर सिष्टमले काम नगरेको अवस्था देखिँदा अक्सिजन आपूर्ति प्रणालीमा बाधा परी सेवा प्रवाहमा असर परेको छ । कोशी अस्पताल, विराटनगरको अक्सिजन प्लान्ट पटक पटक बिग्रन गई भेन्टिलेटर, हाइफ्लो मेसिन, एनेस्थेसिया मेसिन र कोभिड-१९ का बिरामीहरूलाई अक्सिजन आपूर्ति गर्न सिलिण्डर खरिद गर्नु

परेको, सिलिण्डर नपाउने अवस्थामा विरामीले सेवा पाउनबाट वञ्चित हुनु परेको अवस्था सिर्जना भएको देखिन्छ ।

२६.४. अस्पताल प्रयोगशालाका लागि चाहिने ल्याब उपकरणहरू प्रायजसो क्लोज सिस्टमका रहेका हुन्छन् । मेसिनको मूल्य न्यून राखी रिएजेन्टको मूल्य बढी कायम गर्दा लामो समयसम्म सोही कम्पनीका मेसिन सञ्चालनमा ल्याउँदा अस्पताललाई नोक्सान हुने देखिन्छ । बोलपत्र आह्वान गर्दा मेसिनको मूल्य, खपत हुने रिएजेन्ट र त्यसको परिणाम राखी, मूल्याङ्कन हुने गरेको छैन ।

२६.५. अन्तराष्ट्रिय मापदण्डअनुसार साना खालका मेसिनहरू प्यासेन्ट मनिटर, इसीजी मेसिन, भेन्टिलेटर को सरदर आयु ५ वर्षको र ठूला मेसिनहरू सीटी स्क्यान, एम.आर.आई., एक्सरे, गामा क्यामेरा को आयु १० वर्षदेखि १५ वर्ष रहेको देखिन्छ । स्वास्थ्य सेवा विभागले प्रत्येक वर्ष विभिन्न दातृ संस्था वा निकायहरूबाट अनुदान प्राप्त स्वास्थ्य उकरणहरू अस्पतालहरूलाई उपलब्ध गराउने गरेको छ । नारायणी अस्पतालमा भेन्टिलेटरको आवश्यकता नभए पनि विभागबाट पठाएकोमा प्रयोगमा ल्याएको छैन । बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले कोभिड-१९ को लागि खरिद गरेका उपकरणहरू प्रयोगमा ल्याएको छैन । कतिपय अस्पतालहरूमा अक्सिजन मेसिनहरू, अल्ट्रासाउण्ड, प्यासेन्ट मनिटर, भेन्टिलेटरलगायतका उपकरण खरिद गरेकोमा प्रयोगमा नआउँदा बेचालु अवस्थामा रहेका छन् । आयु समाप्त भएका र उपयोगमा नआउने उपकरणको उचित विसर्जन हुन सकेको छैन।

अस्पतालमा उपकरण प्राप्ति, उपयोग, मर्मत र सञ्चालनमा दक्ष जनशक्तिको अभावलगायतका समस्या देखिएकोले मापदण्डअनुसार उपकरणको प्राप्ति, उपयोग, मर्मत तथा विसर्जनलगायतका व्यवस्था मिलाई स्वास्थ्य सेवाको गुणस्तरमा सुधार गर्नुपर्दछ ।

२७. **सेवाको पहुँच -** अस्पतालले बिरामीलाई सर्वसुलभ तथा छिटो छरितो सेवा प्रदान गर्नुपर्दछ । पन्ध्रौं योजनामा स्वास्थ्य उपचारमा व्यक्तिगत खर्च ५३ प्रतिशतबाट घटाई ४० प्रतिशत पुऱ्याउने उल्लेख छ। शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा ४४ जनाले मृगौला प्रत्यारोपण र २५० जनाले डाइलाइसिस सेवा नपाएको, बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एम.आर.आई.मेसिन अभावले बिरामीले सेवा प्राप्त गर्न नसकेको, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट एन्टी सी.पी.भी.टेष्ट इकाइनोकोसिस एन्टीबडी टेष्ट, इन्सुलिन लेबल टेष्ट, एच.बी. टेष्टलगायतका परीक्षण हुन नसक्दा निजी अस्पताल तथा बाह्य मुलुकसम्म जानुपर्ने बाध्यता रहेको, सरकारी अस्पतालहरूमा क्यान्सरको संक्रमण तथा फैलावट पत्ता लगाउन आवश्यक पर्ने पेट सी.टी. स्क्यान मेसिन उपलब्ध हुन नसकेकोले बिरामीलाई अन्यत्र रेफर गर्नु परेको छ।

अस्पतालहरूले शल्यचिकित्सासम्बन्धी दैनिक, मासिक र क्षेत्रगत तालिका तयार गरी उपलब्ध स्रोतको अधिकतम उपयोग गर्नुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा औंल्याइएकोमा अपेक्षित सुधार भएको छैन । नागरिकको मौलिकहकको रूपमा रहेको स्वास्थ्य सेवालाई सुनिश्चित गर्न स्वास्थ्य सेवा प्रवाहमा गुणात्मक सुधार गरी सेवाको सहज पहुँचको व्यवस्था गर्नुपर्दछ ।

२८. **खेर जाने दर -** प्रयोगशालामा खपत हुने केमिकल्स तथा रिएजेन्टलगायतका वस्तु अधिकतम उपयोग हुनेगरी खेर जाने दर तोकी उपलब्धिको नर्म्स स्वीकृत गर्नुपर्दछ । यो वर्ष राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले केमिकल तथा रिएजेन्टको लागि रू.७ करोड ६३ लाख खर्च गरेकोमा ९ देखि ६४ प्रतिशत, बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले २१ देखि ९७ प्रतिशत, जी.पी.कोइराला राष्ट्रिय श्वास प्रश्वास केन्द्रले ३० प्रतिशतसम्म रिएजेन्ट तथा केमिकल नोक्सान देखाएका छन् । केमिकल तथा

रिएजेन्टको खपत सम्बन्धमा नर्म्स स्वीकृत गरी खेर जाने दर निश्चित सीमाभित्र राखी लागत नियन्त्रण गर्नुपर्दछ ।

२९. **म्याद गुज्रेका औषधि** - स्वास्थ्य संस्थाले आपूर्तकबाट खरिद गरेको औषधिको म्याद समाप्त भएमा, टुटेफुटेमा वा बिक्री नभई अधिक मौज्दात रहेमा सम्झौताको शर्तअनुसार उक्त औषधि आपूर्तकबाट प्रतिस्थापन गर्नुपर्दछ । यो वर्ष स्वास्थ्य सेवा विभाग, जनस्वास्थ्य प्रयोगशाला, राष्ट्रिय क्षयरोग केन्द्र, राष्ट्रिय एड्स तथा यौनरोग केन्द्रमा रू.७ करोड ९५ लाख ५२ हजारका औषधि तथा रिएजेन्टको म्याद समाप्त भई प्रयोगमा आउन नसक्ने अवस्था रहेकोले सम्बन्धित बिक्रेताबाट ती औषधिको प्रतिस्थापन गर्नुपर्दछ ।

३०. **प्रयोगविहीन सामग्री** - मानसिक अस्पतालले कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचारको लागि २५ शय्याको हाई डिपेन्डेन्सी युनिट निर्माणको लागि दुई आपूर्तकबाट १२ प्रकारका स्वास्थ्य उपकरण खरिद गरी रू.१ करोड २८ लाख १८ हजार भुक्तानी दिएको छ । अस्पतालले खरिद गरेको स्वास्थ्य सामग्री प्रयोगविहीन अवस्थामा रहेको छ । सामग्री खरिद गरी मौज्दात राख्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

• राजस्व तथा भुक्तानी

३१. **मूल्य अभिवृद्धिकर** - मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करारअन्तर्गतको रकम आपूर्तकलाई भुक्तानी गर्दा मूल्य अभिवृद्धि करबापतको ५० प्रतिशत रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रकम मात्र भुक्तानी गर्ने व्यवस्था छ । यो वर्ष स्वास्थ्य तथा जनसंसख्या मन्त्रालय, कोशी अस्पताल, बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल लगायत १२ निकायले रू.२ करोड २० लाख ८ हजार मूल्य अभिवृद्धि कर आपूर्तकलाई नै भुक्तानी गरेको छ । उक्त रकम राजस्व दाखिला हुनुपर्दछ ।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ मा तोकिएको वस्तु वा सेवामा मात्र कर लाग्ने उल्लेख छ । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा यो वर्ष १३ आपूर्तकले विभिन्न मालसामान आपूर्ति गर्दा रू.१ करोड ९० लाख ८० हजारको बीजक जारी गरेकोमा सोमा मूल्य अभिवृद्धि करसमेत रू.२ करोड १९ लाख ३१ हजार भुक्तानी गरी रू.२८ लाख ५१ हजार बढी भुक्तानी दिएको छ। त्यसैगरी दफा ५ अनुसार सेनिटाइजर, इथानेलमा मूल्य अभिवृद्धि कर छुट भए तापनि ६ आपूर्तकलाई रू.२२ लाख १८ हजार करसमेत भुक्तानी दिएको छ । उक्त रकम असुल हुनुपर्दछ।

३२. **पूर्वनिर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकको ढिलाइका कारण खरिद सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । यो वर्ष स्वास्थ्य सेवा विभाग, बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, भरतपुर अस्पताल, बी.पी.कोइराला क्यान्सर अस्पताललगायत ११ निकायले समयमा कार्य सम्पन्न नगर्ने आपूर्तिकर्ता, निर्माण व्यवसायीबाट रू.४ करोड २२ लाख ३६ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरेका छैनन् । उक्त रकम सम्झौताको शर्तबमोजिम असुल गर्नुपर्दछ ।

३३. **पारिश्रमिक कर** - आयकर ऐन, २०५८ को दफा ८७ मा पारिश्रमिक भुक्तानी गर्दा पारिश्रमिक कर कट्टा गर्नुपर्ने व्यवस्था छ । यो वर्ष स्वास्थ्य सेवा विभाग, शुक्कराज ट्रपिकल तथा सरुवा रोग अस्पतालसमेत ९ निकायले पारिश्रमिक भुक्तानीमा रू.३६ लाख ५५ हजार कर कट्टी गरेका छैनन्। उक्त रकम असुल गर्नुपर्दछ ।

३४. **बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । यो वर्ष स्वास्थ्य सेवा विभाग, बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, शुक्कराज ट्रपिकल तथा सरुवा रोग अस्पताललगायत १४ निकायले बिलभन्दा बढी रू.२ करोड ७२ लाख ६ हजार भुक्तानी गरेका छन् । बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

३५. **सञ्चित कोष दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा आर्थिक वर्षको अन्तिममा खर्च नभई बाँकी रहेको रकम संघीय सञ्चित कोष फिर्ता गर्नुपर्ने उल्लेख छ। यो वर्ष बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, नारायणी अस्पताल, स्वास्थ्य तालिम केन्द्र, राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रले वर्षान्तमा बाँकी रहेको रू.१६ करोड ४९ लाख ९१ हजार सञ्चित कोष फिर्ता नगरेकोले उक्त रकम राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

३६. **विगतको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१३) मा चालु वर्षको बजेटले नखाम्ने गरी आगामी वर्ष भुक्तानी दिनुपर्ने भए भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित गराई आगामी वर्षको वार्षिक कार्यक्रममा समावेश गराउनुपर्ने व्यवस्था छ । यो वर्ष स्वास्थ्य सेवा विभाग, स्वास्थ्य बीमा बोर्ड, बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानलगायत ७ निकायले विगतको भुक्तानी दिन बाँकी रू.९ करोड ५४ लाख २२ हजार वार्षिक बजेट तथा कार्यक्रममा समावेश नगरी भुक्तानी गरेका छन् । विगत वर्षको भुक्तानी दिँदा चालु वर्षको कार्यक्रममा प्रभाव पर्ने भएकोले वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरेर मात्र दायित्व भुक्तानी गर्नुपर्दछ ।

३७. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । जनस्वास्थ्य प्रयोगशाला, बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, कोशी अस्पताललगायत १० निकायले स्वास्थ्य उपकरण, कार्यालय सामानलगायतका सामग्री प्रतिस्पर्धा नगराई रू.२७ करोड ६५ लाख ७६ हजारको औषधिलगायतका सामान सोझै खरिद गरेका छन । प्रतिस्पर्धा बेगरको खरिदमा नियन्त्रण गर्नुपर्दछ ।

३८. **केसको आधारमा भुक्तानी** - कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारबापत अस्पताललाई अनुदान उपलब्ध गराउने सम्बन्धी आदेश, २०७७ को दफा ७ मा सूचीकृत अस्पताललाई प्रतिकेशको आधारमा तोकिएको रकम अनुदान उपलब्ध गराउने व्यवस्था छ । मन्त्रालयले स्वास्थ्य सूचना प्रणालीको विवरणको आधारमा ४२ सूचीकृत अस्पताललाई रू.५५ करोड ९५ लाख ९८ हजार अनुदान उपलब्ध गराउने निर्णय गरेकोमा यो वर्ष रू.४२ करोड २२ लाख ६८ हजार भुक्तानी गरी रू.१३ करोड ७३ लाख ३० हजार भुक्तानी गर्न बाँकी देखाएको छ । मन्त्रालयले कोभिड-१९ बिरामीको लागि २१ दिनसम्मको केशवाइज अनुदान दिने व्यवस्था भए पनि सोभन्दा बढी दिनको समेत शोधभर्ना गरेको देखियो । अस्पतालले बिरामी वा सेवाग्राहीबाट समेत शुल्क नलिएको सुनिश्चित हुन अनुदान खर्च र सोको प्रगति विवरण लिई अनुगमन गर्नुपर्दछ।

३९. **अक्सिजन प्लाण्ट -** नारायणी अस्पतालले अक्सिजन प्लाण्ट स्थापनाको लागि रू.२ करोड ९३ लाख ८० हजारको लागत अनुमान स्वीकृत गरी बोलपत्रबाट छनोट भएको एक आपूर्तकसँग २०७८।३।३१ सम्म कार्य सम्पन्न गर्न रू.२ करोड ८२ लाख ५० हजारको खरिद सम्झौता भएकोमा निजले सम्झौता अवधिमा प्लाण्ट स्थापना गर्न नसकेको कारण २०७८ चैत्र मसान्तसम्म म्याद थप गरेको छ । विशेष परिस्थितिको प्रक्रियाबमोजिम खरिद सम्झौता गरेकोमा तोकेको समयावधिमा प्लाण्ट जडान नभएको कारण सेवा प्रवाहमा असर पर्न गएको छ । अस्पतालले यो वर्ष अक्सिजन फिलिङमा रू.१ करोड १ लाख ६१ हजार र सिलिण्डर खरिदमा रू.१० लाखसमेत रू.१ करोड ११ लाख ६१ हजार खर्च गरेको छ । अक्सिजन प्लाण्ट निर्माणको कार्य समयमै सम्पन्न गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

४०. **विशेष परिस्थितिको खरिद -** नारायणी अस्पतालले कोभिड महामारी नियन्त्रण तथा उपचारको लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ अनुसार ७ दिनको समय दिई सार्वजनिक सूचना प्रकाशन गरेको र ६ प्रकारका स्वास्थ्य उपकरण खरिदको लागि रू.२१ करोड १२ लाख ७० हजारको प्रस्ताव २०७८।२।२८ मा स्वीकृत गरेको छ ।

मन्त्रिपरिषद्ले २०७७।१०।११ मा कोभिड-१९ को कारण भएको बन्दाबन्दीले सम्पन्न हुन नसकेका सम्झौताको अवधि ठेक्का स्वीकृत गर्ने अधिकारीले ६ महिना म्याद थप गर्न सक्ने निर्णय गरेको छ । अस्पतालले कोभिड-१९ महामारीको प्रभाव नियन्त्रण गर्न सार्वजनिक खरिद नियमावलीबमोजिम विशेष परिस्थितिको खरिदसम्बन्धी प्रावधानबमोजिम ७ दिनको अवधि दिई बोलपत्र माग गरेको र एच.डी.यू. तथा आई.सी.यू.का सामग्रीहरू १५ दिनभित्र आपूर्ति गर्नुपर्ने व्यहोरा बोलपत्रको सूचनामा नै उल्लेख गरेको छ । अस्पतालले यो वर्ष उपकरण आपूर्तिसम्बन्धी खरिद सम्झौता गरेकोमा एक मात्र आपूर्ति भई बाँकी सामग्री आपूर्ति गर्न २०७८ चैत्र मसान्तसम्म म्याद थप गरेको पाइयो । कोभिड-१९ को उपचारको लागि एच.डी.यू., आई.सी.यू. सेटअप, अक्सिजन प्लाण्ट जडानलगायत संवेदनशील एवं विशेष परिस्थितिको खरिदलाई अन्य प्रकृतिको खरिद सरह म्याद थप गर्नु उपयुक्त देखिएन ।

स्वास्थ्य सेवा विभाग

सबै वर्ग, क्षेत्र र समुदायका नागरिकको स्वास्थ्य सेवामा पहुँच र सेवाको उपलब्धता सुनिश्चित गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न, नीति निर्माणलगायतका कार्यमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा पोषण, विस्तारित खोप, उपकरणहरू, परिवार नियोजनसम्बन्धी औषधि एवं साधनहरूको वितरणमा स्वास्थ्य संस्थालाई सहयोग र सहजीकरण गर्ने उद्देश्यले विभागको स्थापना भएको हो ।

४१. **भवन निर्माण तथा उपकरण खरिद -** स्वास्थ्य सेवा विभागलाई यो वर्ष के.एफ.डब्लू., जर्मनीबाट गैरआवासीय भवन निर्माण शीर्षकमा डडेल्धुरा जिल्लामा केन्द्रीयस्तरको अस्पताल निर्माण तथा विभिन्न जिल्लामा स्वास्थ्य भवन निर्माण गर्न र मेसिनरी औजार खरिदको लागि रू.५२ करोड ४३ लाख प्राप्त भएकोमा खर्च नहुँदा प्रगति शून्य देखिएको छ । विभागले प्राप्त बजेट खर्च गरी उपलब्धि हासिल गर्न कार्ययोजना बनाई सोको कार्यान्वयन गर्नुपर्दछ ।

४२. **खोपको उपयोग -** विभिन्न खोप दाताबाट अनुदानमा प्राप्त तथा विभागले खरिद समेत गरी नेपाल सरकारले निःशुल्क रूपमा लगाउँदै आएको छ । यस्तो खोप दिँदा खोप तालिका निर्धारण गरी खोप

लगाउने र प्राप्त भएका खोपहरू खेर नजाने गरी व्यवस्थापन गर्नुपर्दछ । यो वर्ष उपयोग भएको र खेर गएको खोपको स्थिति देहायअनुसार छः

खोपको नाम	खेप लगाएको संख्या	खर्च भएको संख्या	खेर गएको संख्या	खेर गएको प्रतिशत
बी.सी.जी.	५६२६९८	२६५८०९६	२०९५३९८	७८.८
पेन्टा डी.पी.टी.	१६२५८६२	२०९००१४	४६४१५२	२२.२
दादुरा रुवेला	९९२४०४	१९१९९३७	९२७५३३	४८.३
पोलियो (ओ.पी.भी.)	१५३२७५०	१९९६२६४	४६३५१४	२३.२
जे.ई.	५०२९६२	९३९४०८	४३६४४६	४६.५
टी.डी.	७३३६७१	११४७००४	४१३३३३	३६.०

खोप कार्यक्रम मितव्ययी र कुशल रूपमा सञ्चालन नभएकोले प्राप्त भएको खोप अस्वभाविक रूपमा खेर गएको देखिन्छ । खोप लिने तालिका बनाई व्यवस्थापन गर्नुपर्ने व्यहोरा गत विगत वर्षदेखि औंल्याउँदै आएकोमा यो वर्ष पनि सुधार भएको छैन । यस्तो नोक्सानीलाई नियन्त्रण गरी स्रोत र साधनको मितव्ययी रूपमा परिचालन गर्नुपर्दछ ।

४३. **सह-वित्तीयकरण -** मन्त्रालय तथा गाभी फण्डलगायतको सह-वित्तीय व्यवस्थाअन्तर्गत गाभी फण्डबाट प्राप्त हुने रकमबाट खरिद गर्नुपर्ने औषधिको रकम युनिसेफलाई भुक्तानी दिई सोमार्फत् खरिद गर्नेगरेको छ । यो वर्ष सोही व्यवस्थाअन्तर्गत युनिसेफलाई पेश्की जनाई रू.७ करोड ९० लाख ९३ हजार भुक्तानी गरेकोमा सो पेश्की फस्यौंट भएको पाइएन । बजेट प्रणालीबाट हुने खरिद दातृ निकायबाट गराउने कार्य मनासिब देखिएन ।

४४. **खोप कोष परिचालन -** खोप ऐन, २०७२ को दफा २१ ले खोप कार्यक्रमको विकास गर्न खोप कोषको व्यवस्था गरेको छ । सो कोषमा यो वर्षसम्म रू.१९ करोड २८ लाख ३ हजार मौज्दात रहेको छ। कोष सञ्चालनसम्बन्धी कार्यविधि तयार गरी कोषको परिचालन गर्नुपर्दछ ।

४५. **अधिक पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा कार्यक्रम सञ्चालन गर्दा लागत अनुमान तयार गरी आवश्यक पर्ने रकम मात्र पेश्की दिनुपर्ने उल्लेख छ। विभागले स्वीकृत बजेटबमोजिम कार्यक्रम बाँडफाँट नगरी एकमुष्ट रूपमा कर्मचारीलाई पेश्की दिने गरेको छ । एकै प्रकारका कार्यक्रम विभिन्न स्थान र समयमा गर्नुपर्ने, एकै कर्मचारीको नाममा आवश्यकताभन्दा बढी पेश्की दिँदा समयमा कार्य सम्पन्न नहुने र कतिपय स्थानमा कार्यक्रम सञ्चालन नै नभई पेश्की रकम फिर्ता हुने गरेको छ । यो वर्ष २९ कर्मचारीलाई दिएको कार्यक्रम पेश्की रू.४ करोड ४८ लाख ३० हजारमध्ये रू.१ करोड ७७ लाख ४६ हजार खर्च नभई फिर्ता भएको छ । प्रत्येक कार्यक्रमको लागि प्रस्ताव र लागत अनुमान तयार गरी आवश्यक रकम मात्र पेश्की लिने दिने गर्नुपर्दछ।

४६. **स्वास्थ्य उपकरण मर्मत -** विभागले २०७३।७४ मा विभिन्न ३ लटमा ७२ जिल्लाका स्वास्थ्य संस्थामा रहेका मेसिन उपकरण ४ वर्षसम्म मर्मत गर्ने गरी रू.५३ करोड ६५ लाख ६० हजारमा ३ सेवा प्रदायकसँग सम्झौता गरेकोमा लट-१ को २०२० जनवरी र लट-२ को २०२० जुलाईमा सम्झौता अवधि समाप्त भए तापनि तत्पश्चात् म्याद थप भएको छैन । लट १ र २ को मर्मत कार्यमध्ये सम्झौता अवधिमा ६२.५ प्रतिशत मात्र कार्यसम्पन्न भई रू.२५ करोड २३ लाख ५१ हजार भुक्तानी भएको छ। लट ३ को २०७८ आषाढ मसान्तसम्मको लागि म्याद थप भई ७५ प्रतिशत मर्मत सम्पन्न

गरेकोले रू.१४ करोड ३० लाख ६० हजार भुक्तानी भएको छ । सम्झौताअनुसार कार्यसम्पन्न नगर्ने सेवा प्रदायकलाई सार्वजनिक खरिद नियमावलीबमोजिम कारबाही गर्नुपर्दछ ।

साथै यो वर्ष ३ लटको मर्मत कार्य गरेबापत रू. ५ करोड ७ लाख ८१ हजार भुक्तानी दिँदा ठेक्का सम्झौतामा उल्लिखित मेसिनको परिमाणभन्दा बढी परिमाणको मर्मत कार्य गरेको जनाई रू.१ करोड १७ लाख ९१ हजार भुक्तानी दिएकोले सम्बन्धित सेवा प्रदायकबाट असुल गर्नुपर्दछ ।

४७. **भवन निर्माण -** विभागले आधुनिक केन्द्रीय भ्याक्सिन स्टोर निर्माण कार्यको लागि रू.१२ करोड ६३ लाख ३६ हजारको लागत अनुमान स्वीकृत गरी एक निर्माण व्यवसायीसँग रू.८ करोड ४० लाख २१ हजारमा २ वर्षभित्र निर्माण कार्यसम्पन्न गर्न २०७६।११।३० मा सम्झौता गरेको देखियो। सम्झौताअनुसार निर्माण व्यवसायीले निर्माण कार्य शुरु गर्दा जग खन्ने क्रममा लेदो माटो भेटिएकोले संघीय भवन निर्माण विभागबाट माटो परीक्षण गराउँदा भवनको डिजाइन परिवर्तन गरी रू.१३ करोड ६३ लाख ८२ हजारको संशोधित लागत अनुमान स्वीकृत गरी रू.९ करोड २३ लाख ७८ हजारमा सम्झौता संशोधन गरी २०७८।७।२८ मा कार्यादेश दिएको छ । खरिद सम्झौता गरेको एक वर्षपछि माटो परीक्षण गरी भवनको रिडिजाइन र संशोधित लागत अनुमानबमोजिम नयाँ सम्झौता गर्दा शुरु सम्झौता रकमभन्दा रू.८३ लाख ५८ हजार लागत बढेको छ ।

४८. **लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ बमोजिम मालसामानको लागत अनुमान तयार गर्नुपर्दछ । विभागले २०७६।७७ मा पोषिलो पीठो १३ लाख प्याकेट खरिदको लागि प्रतिप्याकेट मूल्य अभिवृद्धि करबाहेक रू.३०।३६ कायम गरी २०७६।९।८ मा लागत अनुमान स्वीकृत गरी बोलपत्र आव्हान गरेकोमा पेस भएका ३ बोलपत्र लागत अनुमानभन्दा बढी कबोल गरेको कारण अस्वीकृत गरेको छ । सोही अवधिमा युनिसेफले प्रतिप्याकेट रू.३०।९० मा आपूर्ति गरेको उक्त सामानको संशोधित लागत अनुमान प्रतिप्याकेट रू.४२।- कायम गरी एक आपूर्तकले कबोल गरेको प्रति प्याकेट रू.३९।८९ को दररेटलाई स्वीकृत गरी रू.५ करोड १८ लाख ८७ हजार भुक्तानी दिएको छ । विदेशबाट आयात हुने वस्तुको लागत अनुमान अन्तर्राष्ट्रिय बजार मूल्य, उत्पादक कम्पनीको मूल्य तथा समान प्रकृतिका संस्थाबाट वास्तविक मूल्य लिई लागत अनुमान तयार गर्नुपर्नेमा अन्तर्राष्ट्रिय मूल्यसँग मेल नखाने गरी लागत अनुमान तयार गरी प्रचलित बजार मूल्यभन्दा बढी मूल्यको बोलपत्र स्वीकृत गरी नेपाल सरकारलाई रू.१ करोड १६ लाख ८७ हजार बढी व्ययभार पारेको देखिएकोले यस सम्बन्धमा छानबिन गरी सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

४९. **जमानत जफत -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (७) मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौताबमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गरी सो काम बापत राखिएको जमानत जफत गरी दफा ६३ बमोजिम कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउनुपर्ने व्यवस्था छ । विभागले २०७३।७४ मा ७ लाख प्याकेट पोषिलो पीठो खरिदको लागि एक आपूर्तकसँग भारतीय रूपैयाँ १ करोड ३९ लाख १६ हजारमा सम्झौता गरी २०७४।४।२३ मा प्रतीतपत्र खोलेको छ । सम्झौतामा पहिलो लट ३ लाख ५० हजार प्याकेट प्रतीतपत्र खोलेको ९० दिनभित्र र दोस्रो लटमा ३ लाख ५० हजार प्याकेट १५० दिनभित्र आपूर्ति गरी सक्नुपर्ने व्यवस्था छ । पहिलो लट आपूर्ति गरेको र दोस्रो लटमा आपूर्ति गरेको सामान गुणस्तरहीन भएको जनाई विभागले स्वीकार गरेको देखिएन । दोस्रो लटको सामान पुनः आपूर्ति गर्न थप समय लाग्ने देखिएकोले

बाँकी सामान आपूर्ति नगर्ने गरी सम्झौता अन्त्य गरेको छ । आपूर्तिकर्ताको कारणबाट सम्झौताबमोजिमको कार्य सम्पन्न हुन नसकेकोमा निजको कार्यसम्पादन जमानत भारतीय रूपैयाँ ७ लाख २७ हजार जफत गरी कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउनुपर्नेमा सोसम्बन्धी कारबाही गरेको देखिएन । ऐनको व्यवस्थाबमोजिम कारबाही नगरी सम्झौताको अन्त्य गरेको उचित देखिएन ।

५०. **विपन्न नागरिक औषधि उपचार कोष** -विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को बुँदा नं.३ मा आर्थिक रूपले विपन्न नागरिकलाई विभिन्न ८ रोगको उपचार गराउँदा मृगौला प्रत्यारोपणका लागि बढीमा ४ लाखसम्म र अन्य रोगका लागि रू.१ लाख ५० हजारसम्म आर्थिक सहयोग दिने व्यवस्था छ। उक्त रोगहरूका लागि सम्बन्धित पालिका र प्रशासनको सिफारिसमा आर्थिक रूपमा विपन्न भएको प्रमाणित कागजातका आधारमा वा गरिब परिवार परिचय पत्रका आधारमा तोकिएका सूचीकृत अस्पतालबाट सो रकम बराबरको औषधि उपचार सेवा पाउने व्यवस्था छ । विगत तीन वर्षमा उपचार गराएका बिरामी र शोधभर्ना भएको रकम देहायबमोजिम छः

(रू. हजारमा)

क्र. सं.	रोग	२०७५।७६		२०७६।७७		२०७७।७८	
		बिरामी संख्या	भुक्तानी रकम	बिरामी संख्या	भुक्तानी रकम	बिरामी संख्या	भुक्तानी रकम
१	मृगौला	५६६५	१,११,७४,७२	७६२४	१,०९,५६,११	६९८९	१,०४,१९,४०
२	क्यान्सर	३७१२१	६१,९०,३६	३४६६७	५२,६९,३४	१५१८७	६४,१३,३३
३	मुटुरोग	६८२८	४४,९८,२३	५७६१	३६,४४,४०	४४१८	३५,२९,०६
४	हेड इन्जुरी	७६१	५,५०,७०	८४०	४,१४,३०	६०६	४,०५,८०
५	स्पाइनल इन्जुरी	१५४७	५,३९,३६	१८५६	५,६२,८९	८८१	४,८०,०९
६	पार्किन्सन्स	३७७	१९,८५	३६४	१६,७९	९३	९,२९
७	अल्जाइमर्स	१२१	६,६०	११७	७,६१	३२	४,९१
८	सिकलसेल एनिमिया	१०२६	६२,८०	३८०३	६४,११	११४०	७३,९४
	जम्मा	**५३३३०**	**२,३०,४२,६२**	**५४,८८६**	**२,०९,३५,५५**	**२९,३४६**	**२,१३,३५,८२**

यो वर्ष विभागले सेवा प्रवाह गर्ने अस्पतालहरूको अनुगमन गर्दा बिरामीलाई डायलासिस गर्ने कोठाहरू सानो भएको, बिरामीको फाइलहरू अद्यावधिक नगरेको, चिकित्सक र नर्सको पूर्णरूपमा व्यवस्था नभएको, भएकोमा पनि तालिम प्राप्त नभएका, मेसिनहरू पर्याप्त नभएको र मेसिन भएकोमा पनि पूर्ण सञ्चालन गर्न नसकेको, हेमोडायलासिस कक्षमा कम्प्युटर, प्रिन्टर र स्क्यानर मेसिन नभएको, फोहोरमैलाको उचित व्यवस्थापन गर्न नसकेको, आवश्यक औषधिहरू अस्पताल फार्मेसीमा नभएको जस्ता समस्याहरू देखिएका छन । सूचीकृत अस्पतालहरूमा उल्लिखित समस्यामा देखिएकोले सुधार गर्नुपर्दछ ।

विपन्न नागरिकको परिचयपत्र उपलब्ध गराउने, रोगको विश्लेषण गरी लागत रकम परिमार्जन गर्ने, स्थानीय तहमा विपन्न परिवार पहिचानका लागि उपयुक्त संयन्त्र बनाउने, स्थानीय तहसम्म सचेतना कार्यक्रम सञ्चालन गर्दै स्वास्थ्य बीमा कार्यक्रमसँग आबद्ध गरी विपन्न नागरिक र स्वास्थ्य सेवा एकद्धार प्रणालीबाट उपलब्ध गराउनुपर्दछ ।

५१. **सफ्टवेयर** - स्वास्थ्य संस्थाले दिने सेवाहरूको बारेमा नागरिकले सूचनाको पहुँचबाट उपचारको लागि स्वास्थ्य संस्था छनोट सुनिश्चित गर्ने उद्देश्यले "मेरो अस्पताल" एप्स निर्माण तथा बिरामीहरूको उपचार सम्बन्धी सम्पूर्ण विवरण विद्युतीय प्रणालीमा राखी रियल टाइममा बिरामीको उपचारसम्बन्धी तथ्याङ्क तुरुन्त उपलब्ध गराई स्तरीय उपचार गर्ने प्रणालीको विकास गर्न 'इलेक्ट्रोनिक हेल्थ रेकर्ड' सफ्टवेयर

निर्माण गरेबापत एक परामर्शदातालाई सम्झौताबमोजिम रू.४९ लाख ६० हजार भुक्तानी दिए तापनि सफ्टवेयर प्रयोगमा ल्याएको छैन । सरकारी, गैरसरकारी, सामुदायिक तथा निजी स्वास्थ्य संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तरलाई सुधार गर्न स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई आधुनिकीकरण, गुणस्तरीय एवं प्रविधिमैत्री बनाई एकीकृत स्वास्थ्य सूचना प्रणालीको विकास गर्न निर्माण भएका सफ्टवेयर प्रयोगमा ल्याउनुपर्दछ ।

५२. **कोभिड-१९ खर्च -** यो वर्ष मन्त्रालय र मातहतका निकायबाट कोभिड-१९ महामारी रोकथाम, नियन्त्रण र उपचारको लागि भएको खर्च रू.१० अर्ब ७३ करोड २२ लाखमध्ये कार्यालय सञ्चालनमा रू.२६ करोड ७८ लाख, कार्यक्रम खर्चमा रू.१ अर्ब १५ करोड ६५ लाख, सशर्त अनुदानमा रू.४ अर्ब ४ करोड ९ लाख, औषधि खरिदमा रू.४ अर्ब ७१ करोड ३५ लाख र पुँजीगततर्फ रू.५५ करोड ३५ लाख खर्च भएको देखिन्छ । महालेखा नियन्त्रक कार्यालयले पेस गरेको केन्द्रीय विवरणअनुसार रू.१० अर्ब ७१ करोड ३४ लाख खर्च भएको देखिन्छ । मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयको खर्चमा रू.१ करोड ८८ लाख फरक परेकोले सोको हिसाब मिलान गर्नुपर्दछ ।

५३. **कोरोना खोप प्राप्ति -** महामारीको अवस्थामा नेपाल सरकारले २०७७।९।२० मा खोप खरिदको अवधारणा स्वीकृत गरी २ करोड १८ लाख नागरिकलाई कोरोना विरुद्ध खोप लगाउने मार्गदिशा स्वीकृत गरेको छ । दातृ निकाय, कोभ्याक्स सुविधा, अन्य अनुदान र नेपालले खरिद गरेको २५ जनवरी २०२२ सम्मको प्राप्ति स्थिति निम्नानुसार छः

(खोप डोजमा)

क्र.सं	खोपको विवरण	खरिद	कोभ्याक्स सुविधामा प्राप्त	दातृ निकायबाट अनुदान प्राप्त	जम्मा
१	कोभिसिल्ड	२०,००,०००	६३,८७,०००	११,००,०००	९४,८७,०००
२	भेरोसिल	१,५९,३६,४००	–	३८,००,०००	१,९७,३६,४००
३	जोन्सन एण्ड जोन्सन	–	–	३७,११,५००	३७,११,५००
४	फाइजर	–	७,६५,१८०	–	७,६५,१८०
५	मोडर्ना	१६,६०,८००	३६,५१,२००	–	५३,१२,०००
६	अस्ट्रोजेनिका	–	७,१६,१००	२३,२१,४६०	३०,३७,५६०
	जम्मा	**१,९५,९७,२००**	**१,१५,१९,४८०**	**१,०९,३२,९६०**	**४,२०,४९,६४०**

उल्लिखित विवरणअनुसार कुल प्राप्त भएको ४ करोड २० लाख ४९ हजार ६४० डोज खोपमध्ये ४६.६० प्रतिशत खरिद गरेको, २७.४० प्रतिशत कोभ्याक्स सुविधामा उपलब्ध भएको र २६ प्रतिशत विभिन्न दातृराष्ट्रले अनुदानमा उपलब्ध गराएको देखिन्छ । प्राप्त खोपमध्ये ४६.९४ प्रतिशत भेरोसिल्ड २२.५६ प्रतिशत कोभिसिल्ड र अन्य ३०.५ प्रतिशत परिमाणको खोप प्राप्त भएको छ । यो वर्ष भारतको एक कम्पनीबाट कोभिसिल्ड र चीनको एक कम्पनीबाट भेरोसिलसमेत ६० लाख डोज खोप खरिद गरेको छ ।

५४. **खोप प्राप्ति, खर्च र मौज्दात -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०० मा कार्यालयले खरिद गरेको तथा वस्तुगत सहायताको रूपमा प्राप्त मालसामानको परिमाण र मूल्यसमेत खुलाई जिन्सी स्रेस्ता अद्यावधिक राख्नुपर्ने व्यवस्था छ ।विभागबाट प्राप्त विवरणअनुसार जनवरी, २०२२ सम्म कोभिड-१९ विरुद्ध ६ प्रकारका खोप खरिद र विभिन्न दातृ निकायबाट अनुदानमा

समेत ४ करोड २० लाख ४९ हजार ६४० डोज प्राप्त भएकोमा सो अवधिमा ३ करोड २२ लाख १३ हजार ३३६ डोज खर्च भएको देखिन्छ । जसअनुसार ९८ लाख ३६ हजार ३०४ डोज मौज्दात हुनुपर्नेमा ७३ लाख ६७ हजार ६०० डोज मौज्दात रहेको छ । विभागमा सो अवधिमा २४ लाख ६८ हजार ७०४ डोज खोप घटी मौज्दात देखिएको छ । सोही अवधिको छानबिन प्रतिवेदनमा खोप प्राप्तिबाट खर्च घटाउँदा ४ लाख ५५ हजार डोज बढी मौज्दात उल्लेख गरेकोले खोपको वास्तविक मौज्दात यकिन गर्न सकिएन । नियमावलीअनुसार जिन्सी स्रेस्ता दुरुस्त गर्नुपर्दछ ।

५५. **अक्सिजन प्लाण्ट -** कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ को दफा २६ मा कोभिड-१९ को रोकथाम नियन्त्रण, निदान र उपचारमा आवश्यक पर्ने औषधि, उपकरण अन्तर्राष्ट्रिय संस्थासँग नेपाल सरकारले स्वीकृत गरेको स्पेसिफिकेसन र दररेटको आधारमा सोझै खरिद गर्नसक्ने व्यवस्था छ । स्वास्थ्य सेवा विभागले यो वर्ष सात प्रदेशमा अक्सिजन जेनेरेसन प्लाण्ट र एक हजार थान कन्सन्ट्रेटर्स खरिद गर्न युनाइटेड नेशनल अफिस अफ प्रोजेक्ट सर्भिसले पेस गरेको प्रारम्भिक लागत अनुमानको आधारमा उक्त संस्थालाई अमेरिकी डलर ४५ लाख १७ हजार ३७८ भुक्तानी दिएको छ । सो संस्थाले पेस गरेको लागत अनुमानमा कन्टिन्जेन्सी, व्यवस्थापन र अप्रत्यक्ष खर्चबापत अमेरिकी डलर ८ लाख ३१ हजार ७७८ समावेश गरेकोले नेपाल सरकारलाई अतिरिक्त व्ययभार परेको छ ।

अक्सिजन जेनेरेसन प्लाण्ट नेपालको एक आपूर्तकसँग अमेरिकी डलर १९ लाख ३० हजार ६०० मा खरिद गरेको विवरण उक्त कोषले दिए पनि लागत अनुमानमा उल्लेख भएको अमेरिकी डलर २० लाख १४ हजार ६०० खर्च लेखेकोले अमेरिकी डलर ८४ हजार बढी खर्च दाबी गरेको, शेड कन्स्ट्रक्सनमा अमेरिकी डलर १ लाख ७५ हजार प्रस्ताव गरेकोमा अमेरिकी डलर १ लाख ६३ हजार मात्र खर्च लाग्ने जानकारी गराएको, अक्सिजन जेनेरेसन प्लाण्ट खरिदमा १ वर्ष कम्प्रिहेन्सिभ र ५ वर्ष कन्जुमेबल वारेन्टी रहेकोमा सञ्चालन र मर्मतमा दुई वर्षको लागि अमेरिकी डलर २ लाख ९४ हजार भुक्तानी दिएको छ । सेवा प्रदायकसँगको सम्झौतामा प्रस्ताव गरेको रकममध्ये बिडिङ प्रक्रियाबाट भुक्तानी हुँदा वास्तविक खर्चको आधारमा हिसाब गर्ने उल्लेख भएकोले वास्तविक खर्च यकिन गरी बाँकी रहेको रकम फिर्ता गर्नुपर्दछ ।

संस्थासँग २०७८।२।४ मा भएको सम्झौताबमोजिम अक्सिजन जेनेरेसन प्लाण्ट र १ हजार सेट अक्सिजन कन्सन्ट्रेटर खरिद कार्य २०७८।५।५ सम्म सम्पन्न गर्ने उल्लेख भएकोमा २०७८।१०।१० सम्म पनि हेटौंडा र पोखरामा ट्रान्सफर्मर जडान नभएको, दमकमा ट्रान्सफर्मर र इलेक्ट्रिकल कनेक्सन नभएको, सुर्खेतमा भोल्टेज घटबढका कारण प्लाण्ट जडान नभई सञ्चालनमा आएको छैन। हाल कोभिडको असर क्रमशः सामान्य भएकोले ७ वटै प्रदेशमा यी प्लाण्टबाट अक्सिजन उत्पादन भएको छैन । निश्चित समयसम्म यस्ता मेसिन प्रयोग नगरेको अवस्थामा ओभरहल मर्मतका कारणले व्ययभार बढ्ने अवस्था छ । स्वास्थ्य इमर्जेन्सीको खरिद कार्य तोकिएको समयमा सम्पन्न नहुँदा सेवा प्रवाहमा असर परेकोले तोकिएको स्पेसिफिकेसन र गुणस्तर परीक्षण गरी खरिद कार्य सम्पन्न गर्नुपर्दछ ।

५६. **किट खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(५) मा सार्वजनिक निकायले कुनै अन्तर्राष्ट्रिय अन्तर सरकारी संस्था वा विदेशी मुलुकको सरकार वा त्यस्तो मुलुकको सार्वजनिक निकायसँग कुनै मालसामान खरिद गर्नु पर्दा त्यस्तो संस्था, सरकार वा निकायबाट निर्धारित बिक्री मूल्यमा सोझै

खरिद गर्न सक्ने व्यवस्था छ । विभागले यो वर्ष कोभिड-१९ उपचारको लागि आवश्यक विभिन्न प्रकारका किट खरिद गर्दा देखिएका व्यहोरा देहायबमोजिम छन्:

५६.१. युनिसेफबाट १५ अप्रिल २०२१ मा १ लाख ५५ हजार सेट एन्टिजेन्ट किट खरिद गर्दा लागत अनुमानमा भाडा, बीमा र ह्याण्डलिङ चार्जसमेत समावेश गरिसकेपछि कन्टिन्जेन्सी बफरबापत अमेरिकी डलर २६ हजार ६४१ ले हुने रू.३२ लाख ८ हजारसमेत भुक्तानी दिएको छ । कन्टिन्जेन्सी बफरबापत भुक्तानी गर्नुपर्ने आधार प्रमाण पेस नभएकोले उक्त रकम फिर्ता गर्नुपर्दछ ।

५६.२. युनिसेफबाट ३० जून २०२१ मा ५ लाख सेट एन्टिजेन्ट किट खरिद गर्दा उक्त संस्थाले तयार गरेको लागत अनुमानअनुसार अमेरिकी डलर १४ लाख ७ हजार ५०० भुक्तानी गरेकोमा २० सेप्टेम्बर २०२१ मा पेस भएको बिल, बीजकअनुसार अमेरिकी डलर १३ लाख १० हजार १९ मात्र खर्च भएको देखिएकोले लागत अनुमानको आधारमा बढी भुक्तानी भएको अमेरिकी डलर ९७ हजार ४८१ को रू.१ करोड १५ लाख ४८ हजार फिर्ता गर्नुपर्दछ ।

५६.३. युनाइटेड नेसन अफिस फर प्रोजेक्ट सर्भिससँग २०७७।४।१५ मा सम्झौता गरी १ लाख रियल टाईम पी.सी.आर.किट प्रतिकिट रू.१,१७६।२९ का दरले रू.११ करोड ७६ लाख २९ हजार र ५० हजार आर.एन.ए. एक्स्ट्राक्सन किट प्रतिकिट रू.२५६।७५ का दरले रू.१ करोड २८ लाख ३७ हजारमा खरिद गरेको छ । बोलपत्रको माध्यमबाट एक आपूर्तकसँग २०७७।६।१ मा सम्झौता गरी सोही रियल टाईम पी.सी.आर.किट ३ लाख र आर.एन.ए. एक्स्ट्राक्सन किट ५० हजार प्रतिकिट क्रमशः रू.३४९।- र रू.१२६।- मा खरिद गरेको छ । छोटो समयको अन्तरालमा अन्तर्राष्ट्रिय निकायबाट सोझै खरिद गर्दा नेपाल सरकारलाई रू.८ करोड ९२ लाख ६७ हजार बढी व्ययभार परेको छ । विभागले मितव्ययी तथा प्रतिस्पर्धी तरिकाले खरिद कार्यको लागि बजारभाउ सर्वेक्षण नगरी अन्तर्राष्ट्रिय निकायबाट खरिद गर्नु पर्नाको कारण, आधार र औचित्य पुष्टि नभएकोले यस सम्बन्धमा छानबिन गरी सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

५६.४. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरूमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागतको आधारमा खरिद गर्नुपर्ने व्यवस्था छ । विभागले गत वर्ष १० हजार थान टु एगपाथ आईडी वन स्टेप रियल टाइम पी.सी.आर. किट खरिद गर्न प्रति इकाई रू.३२०।- का दरले लागत अनुमान तयार गरेकोमा एक आपूर्तकले प्रति इकाई रू.४८७।६७ कबोल गरेकोले लागत अनुमानभन्दा बढी भएको कारण खरिद कार्य भएको देखिएन। यो वर्ष सोही आपूर्तकले पेस गरेको दर प्रति इकाई रू.७५०।- लाई नै लागत अनुमान कायम गरी सोही मूल्यमा ५ हजार थान किट सोझै खरिद गरी रू.३७ लाख ५० हजार भुक्तानी दिएको छ । आपूर्तकले गत वर्ष कबोल गरेको दररेटलाई आधार नलिई निजले पेस गरेको दररेटमा सोझै खरिद गर्दा नेपाल सरकारलाई रू.१३ लाख १२ हजार बढी व्ययभार परेको छ ।

औषधि व्यवस्था विभाग

औषधि उत्पादन, बिक्री वितरण, निकासी, पैठारी, सञ्चयको व्यवस्थापन एवं नियन्त्रण गर्न औषधि ऐन, २०३५ अनुसार यस विभागको स्थापना भएको हो । गुणस्तरीय औषधिहरू उपलब्ध गराउने, औषधिको उपयोग

सम्बन्धमा प्रचारप्रसार गर्ने, औषधि उद्योगको स्थापना गर्ने, औषधिको आयात निर्यातको सिफारिस एवं औषधि उद्योग र बिक्रेताको निरीक्षण गर्ने विभागका प्रमुख कार्य रहेका छन् ।

५७. **अनुगमन -** औषधि ऐन, २०३५ र औषधि दर्ता नियमावली, २०३८ मा अनुज्ञापत्र दिने, नवीकरण गर्ने तथा नियमितरूपमा औषधि पसलको अनुगमन गर्नुपर्ने, अनुगमनबाट देखिएका कमी कमजोरी सुधार गर्न सचेत गराउने, निलम्बन गर्ने, मुद्दा चलाउने लगायतका नियमन कार्य गर्ने व्यवस्था छ। विभागले यो वर्षसम्म दर्ता भएका ३१ हजार १८१ औषधि बिक्रेता र १६५ स्वदेशी उद्योग तथा २४० औषधि आयातकर्तामध्ये ६४५ औषधि बिक्रेता, ६८ स्वदेशी उद्योगको अनुगमन तथा निरीक्षण गरेको छ । यसका अतिरिक्त ७२९ औषधिको नमूना परीक्षण, ६ उद्योगको प्रयोगशाला परीक्षण तथा १३५ औषधि आयात गर्ने फर्मको अनुगमन गरेको देखिन्छ । अनुगमनबाट ५६ औषधि बिक्रेतालाई निलम्वन गरेको, ४५ उपर मुद्दा दायर गरेको, ७ उद्योगको उत्पादन बन्द गराएको विवरण प्राप्त भएको छ । दर्ता भएको तुलनामा न्यून संख्यामा अनुगमन भएकोले अनुगमन कार्य थप प्रभावकारी रूपले सञ्चालन गर्नुपर्दछ।

५८. **नवीकरण -** यो वर्षसम्म काठमाडौं उपत्यकाभित्र १४ हजार ५०० औषधि पसल दर्ता भएकोमा ५ हजार ७८३ ले मात्र नवीकरण गराएका छन् । नवीकरण नगराउने बिक्रेतालाई कानूनबमोजिम कारबाही गर्नुपर्दछ ।

५९. **मूल्य निर्धारण -** औषधि ऐन, २०३५ को दफा २६ मा औषधि व्यवस्था विभागले आवश्यक देखेमा कुनै औषधिको मूल्य निर्धारण गरी नेपाल राजपत्रमा प्रकाशन गर्नसक्ने व्यवस्था छ । विभागले यो वर्षसम्म १४४ प्रकारका औषधिको मूल्य निर्धारण गरेकोमा ११७ प्रकारका औषधिको मूल्य मात्र राजपत्रमा प्रकाशित गरेको देखियो । विभागले भन्सार प्रयोजनको लागि औषधि तथा मोड्युकल दर्ता गर्दा समेत मूल्य निर्धारण गरेको छ । मूल्य निर्धारण भएका सबै औषधिको मूल्य सार्वजनिक गर्नुपर्दछ।

६०. **औषधिजन्य फोहोर व्यवस्थापन** - फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ४(२) मा औषधिजन्य फोहोर व्यवस्थापनसम्बन्धी व्यवस्था रहेको छैन । औषधि उत्पादक एवं बिक्रेता र अस्पतालहरूले म्याद समाप्त भएका, टुटफुट भएका वा अन्य अवस्थाको कारणबाट प्रयोगमा ल्याउन नमिल्ने औषधिहरूको उचित व्यवस्थापन सम्बन्धमा विभागले समेत कुनै कार्यविधि बनाएको छैन । विभागले विभिन्न समयमा बरामद गरेका औषधिहरूको व्यवस्थापन गरेको छैन । प्रयोग गर्न नमिल्ने क्यान्सर प्रतिरोधात्मक लगायतका औषधिहरू बढी घातक हुनसक्ने देखिएकोले औषधिजन्य फोहोर व्यवस्थापनको उपयुक्त व्यवस्था गरी सोको अनुगमनसमेत गर्नुपर्दछ ।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला

प्रयोगशालाले जनस्वास्थ्य एवं चिकित्सकीय सेवासँग सम्बन्धित रोगको खोजपड्ताल, निदान तथा अनुसन्धान र प्रयोगशालाहरूको नियमनसम्बन्धी कार्यहरू गर्दै आएको छ ।

६१. **प्रयोगशाला सेवा -** बजेट वक्तव्य २०७७।७८ मा केन्द्रीय जनस्वास्थ्य प्रयोगशालाको क्षमता विस्तार गरी अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको बनाइने उल्लेख छ । गत वर्ष प्रयोगशालाले २२६ किसिमका परीक्षण सेवा उपलब्ध गराएकोमा यो वर्ष १९६ किसिमका सेवा मात्र उपलब्ध गराएको छ ।

प्रयोगशालामा गत वर्षको तुलनामा १३.२७ प्रतिशतले परीक्षण सेवा घटेको छ । यो वर्ष प्रयोगशालाले परीक्षण गरेको संख्या ३ लाख ५४ हजार ८१६ मध्ये कोभिड-१९ परीक्षण ६१.७६ प्रतिशत रहेको छ ।

६२. **पूर्वाधार, जनशक्ति र सेवा प्रवाह -** प्रयोगशालाको सेवा प्रभावकारी बनाउन भौतिक पूर्वाधार, उपकरण र जनशक्ति व्यवस्थापन प्रभावकारी हुनुपर्दछ । अत्याधुनिक निदान केन्द्रको लागि गुरुयोजना तयार भए पनि प्रयोगशाला भवन निर्माण हुनसकेको छैन । प्रयोगशालामा पर्याप्त भवन तथा स्थानको अभावमा एउटै कोठामा बिरामीको रगत नमूना लिने तथा सोही कोठामा ५/६ जनासम्म बिरामी लाइनमा बसी प्रतीक्षा गर्नुपर्ने बाध्यता रहेको छ । प्रयोगशालाको लागि स्वीकृत दरबन्दी ६४ रहेकोमा ३९ पदपूर्ति भई माइक्रो बायोलोजिष्ट, टेक्नोलोजिष्ट, प्याथोलोजिष्ट, प्रमुख माइक्रो बायोलोजिष्ट, वरिष्ठ मेडिकल टेक्नोलोजिष्ट, बायोमेडिकल इन्जिनियरलगायतका २५ पद रिक्त रहेका छन् ।

प्रयोगशालामा भौतिक पूर्वाधार, जनशक्ति तथा आवश्यक मेसिन उपकरण नहुँदा अघिल्लो वर्ष उपलब्ध भएका २६ सेवा यो वर्ष प्रदान गर्न सकेको छैन । निजी प्रयोगशालाहरूले उपलब्ध गराइरहेका मानव अङ्ग प्रत्यारोपण गर्दा गरिने एच.एल.ए. टाइपिङ टेष्ट, बाथ रोग पत्ता लगाउन गरिने एच.एल.बी.२७ टेष्ट, बाथ रोगको अवस्था थाहा पाउन गरिने एन्टी सी.सी.पी.टेष्ट, कुकुरमा लाग्ने फित्ते जुका मानिसको शरीरमा पुगेको पत्ता लगाउन गरिने इकाइनोकोसिस एन्टिबडी टेष्ट, मानव शरीरमा ग्लुकोज घट्ने वा बढ्ने अवस्था पत्ता लगाउन गरिने इन्सुलिन लेवल टेस्ट, मानव जिनको अवस्था पत्ता लगाउन गरिने जेनेटिक टेष्ट, मानव जिन र क्रोमोजोमको अवस्था थाहा पाउन गरिने मोलिकुलर टेष्टलगायतका विभिन्न ३५ भन्दा बढी प्रकारका परीक्षण सेवा यस प्रयोगशालामा उपलब्ध हुनसकेको छैन ।

सामान्यदेखि अत्यन्त जोखिमजन्य तथा महामारीजन्य रोगहरूसमेतको परीक्षण गर्ने गरी स्थापना भएको देशको एक मात्र केन्द्रीय प्रयोगशालाबाट उल्लिखित परीक्षण सेवा प्राप्त हुन नसक्दा सम्बन्धित रोगबाट पीडित सर्वसाधारणले एन्टी सी.सी.पी.टेष्ट, इकाइनोकोसिस एन्टिबडी टेष्ट, इन्सुलिन लेवल टेष्ट, एच.एल.बी. टेष्टलगायतका परीक्षण निजी प्रयोगशालाबाट तथा अन्य कतिपय परीक्षण गर्न बाह्य मुलुकसम्म पुग्नुपर्ने बाध्यता रहेको छ । प्रयोगशाला भवन एवं पूर्वाधार र पर्याप्त दक्ष जनशक्तिको व्यवस्था मिलाई बिरामीलाई गुणस्तरीय सेवा प्रदान गर्नुपर्दछ ।

६३. **प्रयोगशाला सञ्चालन -** स्वास्थ्य नीति, २०७६ मा निदानात्मक सेवालाई आधुनिक एवं प्रविधिमैत्री बनाउँदै राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालालाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप सुदृढीकरण गर्ने उल्लेख छ। जीवाणु तथा विषाणुबाट हुने अत्यन्त जोखिमजन्य रोगहरूको नमूना प्रयोगशाला परीक्षणको लागि २०७१ मा बायोसेफ्टी लेभल-३ प्रयोगशाला स्थापना भई २०७२ मा विश्व स्वास्थ्य संगठनद्वारा प्रमाणीकरण समेत भएको छ । कोरोनाको नयाँ नयाँ भेरिएन्ट फैलिरहेको वर्तमान अवस्थामा समेत प्रयोगशालाले नयाँ भेरिएन्टको परीक्षणको लागि बायोसेफ्टी लेभल-३ प्रयोगशाला सञ्चालनमा ल्याएको छैन। आवश्यक जनशक्तिको व्यवस्था गरी प्रयोगशाला सञ्चालन गर्नुपर्दछ ।

६४. **समूह वर्गीकरण र अनुगमन -** स्वास्थ्य प्रयोगशाला स्थापना तथा सञ्चालन मापदण्डसम्बन्धी निर्देशिका, २०७३ ले सरकारी स्तरमा प्राथमिक स्वास्थ्य केन्द्र ५० शय्यासम्म, जनरल अस्पताल ५१ देखि २०० शय्यासम्म र २०० भन्दा बढी बेडका अस्पतालमा रहेका प्रयोगशालालाई क्रमशः ए देखि ई सम्म पाँच समूहमा वर्गीकरण गरेको छ । निजी अस्पताल समेत सोही मापदण्डअनुसार वर्गीकरण हुने

निर्देशिकामा उल्लेख छ । प्रयोगशाला सञ्चालनको लागि ए र बी समूहको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले, सी, डी र ई समूहको प्रदेश जनस्वास्थ्य प्रयोगशाला तथा स्थानीय तहले अस्थायी अनुमति दिने व्यवस्था छ । यस प्रयोगशालाको क्षेत्राधिकारमा पर्ने ए समूहका प्रयोगशाला यो वर्षसम्म २० र बी समूहका प्रयोगशाला ४० समेत ६० प्रयोगशाला सञ्चालनमा रहेका छन् ।

स्वास्थ्य प्रयोगशाला स्थापना तथा सञ्चालन मापदण्डसम्बन्धी निर्देशिका, २०७३ तत्कालीन स्वास्थ्य नीति, २०७१ तथा सङ्गठन संरचनालाई आधार लिई तर्जुमा भएको छ । साविकका क्षेत्रीय प्रयोगशालाहरू, जनस्वास्थ्य/स्वास्थ्य कार्यालयहरू प्रदेश तहमा हस्तान्तरण भएको र प्रदेश तथा स्थानीय तहमा पनि स्वास्थ्यसम्बन्धी केही अधिकार रहेको हालको परिप्रेक्ष्यमा उक्त निर्देशिका समसामयिक देखिएन। प्रदेश तथा स्थानीय तहहरूले हालसम्म यससम्बन्धी मापदण्ड तथा कार्यविधिहरू तयार नगरेकोले स्वास्थ्य प्रयोगशालाहरूको दर्ता नवीकरण तथा अनुगमन प्रक्रियामा द्विविधा रहेको छ । निर्देशिकालाई समयानुकूल परिमार्जन गर्नुपर्दछ ।

राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र

एच.आई.भी.एड्स र यौन रोगको संक्रमणलाई रोकथाम तथा नियन्त्रण गर्ने, चिकित्सा सेवा, शिक्षा सूचना तथा सञ्चारको माध्यमलाई सुदृढ, सशक्त र प्रभावकारी बनाउने र यस्तो रोगबाट मुलुकमा पर्नसक्ने दूरगामी असरमा कमी ल्याउने उद्देश्यले २०५२ मा केन्द्रको स्थापना भएको हो ।

६५. **एच.आई.भी. संक्रमण -** केन्द्रबाट प्राप्त विवरणअनुसार नेपालमा एच.आई.भी. संक्रमित तथा सोबाट मृत्यु हुनेहरूको पछिल्लो तीन वर्षको संख्या निम्नानुसार छः

(संख्यामा)

क्र.सं.	विवरण	२०७५।७६	२०७६।७७	२०७७।७८
१	अनुमानित एच.आई.भी. संक्रमित	३५०६२	३७५९६	४०३४१
२	संक्रमितमध्ये पुरुष	२१७१९	२३२९६	२५०७२
३	संक्रमितमध्ये महिला	१३३४३	१४३००	१५२६९
४	संक्रमित बालबालिका	२४८३	२५८२	२६६६
५	नयाँ एच.आई.भी.संक्रमण	२२९८	२४१६	२५७९
६	एच.आई.भी. को कारण मृत्यु	४१६	३८१	४८२
७	एच.आई.भी.उपचार लिइरहेका	१७९८७	१९२११	२०८८३

पछिल्लो तीन वर्षको तथ्याङ्क विश्लेषण गर्दा नयाँ संक्रमितको संख्या २०७५।७६ मा २ हजार २९८, २०७६।७७ मा २ हजार ४१६ तथा २०७७।७८ मा २ हजार ५७९ रहेको देखिन्छ। पछिल्लो वर्षहरूमा संक्रमण दर क्रमशः बढेको देखिन्छ । त्यस्तै एच.आई.भी. एड्सको कारणबाट हुने मृतकको संख्या गत वर्ष घटे पनि यो वर्ष वृद्धि भएको छ । एच.आई.भी. एड्सको कारणबाट हुने मृत्युदर घटाउन तथा नयाँ एच.आई.भी. संक्रमणको दरलाई घटाउन केन्द्रबाट प्रभावकारी रूपमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

६६. **युनिसेफमार्फत् खरिद -** सार्वजनिक खरिद ऐन तथा नियमावलीमा मालसामान खरिदमा ओभरहेड र कन्टिन्जेन्सीबापतको रकम भुक्तानी गर्न पाउने व्यवस्था छैन । केन्द्रले यो वर्ष युनिसेफमार्फत् १५ प्रकारका ए.आर.भी. औषधि खरिद गर्न लागत अनुमानबमोजिम रू.७ करोड २ लाख १२ हजार पेश्की

दिएको छ । उक्त रकममा ओभरहेड र कन्टिन्जेन्सीबापत रू.१ करोड ७ लाख ९० हजार समेत समावेश छ । सामग्री खरिदमा भुक्तानी गर्न नमिल्ने ओभरहेड र कन्टिन्जेन्सीबापतको रकम असुल गर्नुपर्दछ ।

राष्ट्रिय क्षयरोग केन्द्र

६७. **सेवा प्रवाह -** केन्द्रबाट प्राप्त विवरणअनुसार विगत तीन वर्षको क्षयरोगसम्बन्धी स्थिति निम्नानुसार छः

(संख्यामा)

क्रियाकलाप	२०७५।७६	२०७६।७७	२०७७।७८
क्षयरोगी पहिचान	३२,४७४	२७,७४५	२८,५८९
क्षयरोगबाट मृत्यु	१,०००	२,१६६	९००
औषधि प्रतिरोधी क्षयरोगी	४२०	८८५	४२२
बाल क्षयरोगी पहिचान	१,७८६	२,६६५	१,९०२
उपचार प्राप्त गर्ने	३२,४७४	२४,६९४	२७,२३१
निको भएका क्षयरोगी	२९,५५१	२४,४९९	२४,८२६

गत वर्ष क्षयरोगी पहिचान २७ हजार ७४५ भएकोमा यो वर्ष सो संख्यामा ३.०४ प्रतिशतले वृद्धि भई २८ हजार ५८९ पुगेको छ । गत वर्ष २ हजार १६६ क्षयरोगीको मृत्यु भएकोमा यो वर्ष ९०० रहेको छ । गत वर्ष बाल क्षयरोगी पहिचान २ हजार ६६५ रहेकोमा यो वर्ष सो संख्यामा कमी आएको देखिन्छ । गत वर्षको तुलनामा क्षयरोगीको संख्या बढेकोले प्रभावकारी तवरले कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

६८. **किट मौज्दात** - कोभिड कम्पनीले उत्पादन गरेको क्षयरोगको नियन्त्रण र रोकथाममा प्रयोग हुने जेने एक्सपर्ट कार्टिज किट गत वर्षसम्म १० हजार ५५० किट मौज्दात रहेकोमा यो वर्ष ८४ हजार ३०० किट वस्तुगत सहायता प्राप्त भई वर्षान्तमा ४९ हजार २०० मौज्दात रहेको छ । उक्त किटको लागत मूल्य अमेरिकी डलर ९.९८ बाट घटाई अमेरिकी डलर ४.९८ कायम गर्न विभिन्न देशका संस्था तथा व्यक्तिले माग गरे तापनि कम्पनीले बिक्री मूल्य खुलाएको छैन । किटको आयुसमेतलाई ध्यान दिई मौज्दात व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

अन्य संस्था र समिति

स्वास्थ्य बीमा बोर्ड

नेपाली नागरिकको स्वास्थ्य उपचारमा भइरहेको व्यक्तिगत खर्चलाई मितव्ययी तथा व्यवस्थित गरी सर्वसुलभ रूपमा गुणस्तरीय स्वास्थ्य पहुँच र उपयोगमा सुधार गर्न २०७१ देखि सामाजिक स्वास्थ्य सुरक्षा विकास समिति गठन भई बीमासम्बन्धी कार्य गर्दै आएकोमा बीमा ऐन, २०७४ बमोजिम स्वास्थ्य बीमा बोर्डको नामबाट कार्य हुँदैआएको छ ।

६९. **कार्यक्रम कार्यान्वयन -** नेपाल सरकारको नीति तथा कार्यक्रमअनुसार मुलुकभर स्वास्थ्य बीमा विस्तार गर्न यो वर्ष रू.७ अर्ब ५० करोड ३ लाख विनियोजन भएकोमा ७५ जिल्लामा मात्र कार्यक्रम लागू

गरी रू.७ अर्ब ३६ करोड १४ लाख खर्च गरेको छ । लक्ष्यअनुसार २ जिल्लामा कार्यक्रम सञ्चालन हुन नसकेकोले ती जिल्लाका नागरिक स्वास्थ्य बीमा कार्यक्रमबाट वञ्चित हुन पुगेका छन् । स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्न स्वास्थ्य बीमासम्बन्धी गुरुयोजना, दीर्घकालीन र अल्पकालीन योजना एवं रणनीतिक योजना बनाएको छैन । बोर्डले आवश्यक योजना र रणनीति तयार गरी लक्ष्यअनुसार कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

७०. **बीमा कार्यक्रममा सहभागिता -** स्वास्थ्य बीमा ऐन, २०७४ को दफा ३ मा प्रत्येक नेपाली नागरिक स्वास्थ्य बीमा कार्यक्रममा सहभागी हुनुपर्ने व्यवस्था छ । राष्ट्रिय जनगणना, २०६८ अनुसार नेपालको जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५०४ रहेकोमा यस कार्यक्रममा यो वर्षसम्म ४५ लाख ७२ हजार ९८९ (१७.२६ प्रतिशत) मात्र सहभागी भएको देखियो । गत वर्ष बीमित भएका ३२ लाख २५ हजार ७३ जनामध्ये यो वर्ष २० लाख ३६ हजार १३८ जना (६३.१३ प्रतिशत) ले मात्र बीमा नवीकरण गराएका छन् । प्रचार प्रसार तथा जनचेतनाको कार्यक्रमलाई व्यापक बनाई बीमा कार्यक्रममा सहभागिता वृद्धि गर्नुपर्दछ।

७१. **दिगोपना -** बोर्डले नेपाली नागरिकले जुनसुकै अस्पतालमा स्वास्थ्य उपचार गराए पनि उपचार खर्च शोधभर्ना हुने व्यवस्था गरेको छ । बीमा योजना कार्यक्रममा गत वर्षसम्म रू.२ अर्ब ८९ करोड २१ लाख प्रिमियम प्राप्त भएकोमा यो वर्ष रू.३ अर्ब ६७ करोड ५९ लाख प्रिमियम थप भई यो वर्षसम्म रू.६ अर्ब ५६ करोड ८० लाख प्रिमियम प्राप्त भएको छ । बीमितले स्वास्थ्य सेवा लिएको बिल भरपाईको आधारमा बोर्डले विभिन्न अस्पताललाई गत वर्षसम्म रू.९ अर्ब ५६ करोड ७५ लाख र यो वर्ष रू.४ अर्ब ८२ करोड ८९ लाख भुक्तानी गरेको समेत यो वर्षसम्म रू.१४ अर्ब ३९ करोड ६४ लाख शोधभर्ना भुक्तानी दिएको छ । हालसम्म बीमा योजनामा सहभागीबाट प्राप्त बीमा प्रिमियमभन्दा रू.७ अर्ब ८२ करोड ८४ लाख बढी खर्च भएको देखिएकोले दिगो रूपमा कार्यक्रम सञ्चालन गर्न कठिनाइ हुने देखिन्छ ।

७२. **जनशक्ति व्यवस्थापन -** स्वास्थ्य बीमा ऐन, २०७४ को दफा २६ मा बोर्डमा आवश्यक संख्यामा कर्मचारी रहने र कर्मचारीको नियुक्ति, पारिश्रमिक, सेवाका शर्त तथा सुविधा तोकिएबमोजिम हुने उल्लेख छ । बोर्डको कर्मचारीसम्बन्धी नियमावली तथा स्थायी संगठन संरचना निर्माण हुनसकेको छैन । बोर्डले अस्थायी संगठन संरचना स्वीकृत गरी सोहीबमोजिम बोर्डको केन्द्रीय कार्यालय, प्रादेशिक कार्यालय र कार्यक्रम लागू भएका जिल्लामा सम्पर्क शाखा कार्यालय स्थापना गरी सेवा प्रवाह गरिरहेको छ । बोर्डमा कार्यकारी निर्देशकसहित अधिकृतस्तर ३४ तथा सहायकस्तर ३३८ समेत स्वीकृत कुल अस्थायी दरबन्दी ३७२ रहेकोमा २१४ पदपूर्ति भई १५८ रिक्त रहेको छ । संगठन संरचना स्वीकृत गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ ।

७३. **हिसाब फरक -** बोर्डबाट सञ्चालन गरिएका बीमा आबद्धतासम्बन्धी सबै अभिलेखहरू सरकारी एकीकृत सूचना केन्द्रबाट सञ्चालन हुँदै आएको छ । यो वर्ष सङ्कलित बीमा प्रिमियम रकम सम्बन्धमा लेखा शाखाबाट प्राप्त तथ्याङ्क र सफ्टवेयरले देखाएको तथ्याङ्क एक आपसमा मेल खाएको छैन। यो वर्ष सङ्कलित प्रिमियम बीमा व्यवस्थापन सूचना प्रणाली सफ्टवेयरअनुसार रू.४ अर्ब ४ करोड ४७ लाख देखिएकोमा लेखा शाखाको अभिलेखअनुसार रू.३ अर्ब ६७ करोड ५९ लाख रहेको छ । दाबी भुक्तानी खर्च लेखा शाखाले रू.४ अर्ब ८२ करोड ८९ लाख देखाएकोमा सफ्टवेयरले रू.४ अर्ब ८३ करोड

४८ लाख देखाएको छ । लेखा शाखा र सूचना प्रणालीले देखाएको फरक हिसाब सम्बन्धमा यकिन गर्नुपर्दछ ।

७४. **बीमा आबद्धता -** स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम ३ मा राष्ट्रसेवक, प्रतिष्ठानमा कार्यरत श्रमिक तथा कर्मचारी, वृद्धाश्रम, अनाथालय, सुधारगृह, संरक्षणगृहलगायतका संस्थामा आश्रित सबै व्यक्ति तथा ७० वर्ष उमेर पुगेका प्रत्येक ज्येष्ठ नागरिकलाई कार्यक्रममा आबद्ध गर्नुपर्ने उल्लेख छ । नियमावलीको व्यवस्थाअनुसार सबै राष्ट्रसेवक कर्मचारी, प्रतिष्ठानका कर्मचारी तथा अन्य संस्थाका आश्रित व्यक्तिहरू कार्यक्रममा आबद्ध भएको देखिएन । स्वास्थ्य बीमा कार्यक्रममा लक्षित वर्गका सबै नागरिकलाई आबद्ध गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

७५. **कार्यक्रममा दोहोरोपना -** स्वास्थ्य बीमा नीति, २०७१ मा नेपाल सरकारले तर्जुमा गरेको स्वास्थ्य वित्त रणनीतिले विभिन्न लगानी संयन्त्रबीचमा अन्तरसम्बन्धको मार्गनिर्देश गर्ने व्यवस्था छ । नेपाल सरकारले ७५ वर्ष पूरा भएका ज्येष्ठ नागरिकलाई निःशुल्क उपचार गर्ने, सबै ज्येष्ठ नागरिकलाई औषधि उपचार खर्च बापत मासिक रू.२ हजार प्रदान गर्ने, सर्वसाधारण नागरिक तथा लक्षित वर्गलाई आधारभूत स्वास्थ्य सेवाअन्तर्गत ७० प्रकारका औषधि निःशुल्क वितरण गर्न, आमा सुरक्षा, महिलाको आङ खसेको निःशुल्क उपचार गरेको तथा मृगौला, क्यान्सरलगायतका ८ प्रकारका कडा रोगको उपचार सहुलियत दरमा गर्ने लगायतका सेवा उपलब्ध गराउँदै आएको छ । त्यसैगरी बीमा बोर्डले स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध परिवारलाई रू.१ लाखसम्मको उपचार खर्च उपलब्ध गराएको छ। बोर्डले सेवामा दोहोरोपना नहुने गरी सामाजिक सुरक्षा कार्यक्रमसँग समेत समन्वय गरी एकीकृत सेवा सञ्चालन हुने व्यवस्था मिलाउनुपर्दछ।

७६. **भुक्तानी बाँकी -** स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम २१ मा सेवा प्रदायकले ऐनको दफा ११ बमोजिम दाबी रकम मूल्याङ्कन सम्पन्न गरेको १५ दिनभित्र सेवा प्रदायकलाई भुक्तानी दिनुपर्ने उल्लेख छ। बोर्डले उपलब्ध गराएको विवरणअनुसार यो वर्षसम्म कुल १४ लाख ९ हजार ७१० दाबीबापत रू.२ अर्ब ८ करोड ३० लाख भुक्तानी गर्न बाँकी रहेको छ । बीमितको संख्या बढेसँगै दाबी भुक्तानी बढेको र हरेक आर्थिक वर्षको अन्त्यमा बोर्डले भुक्तानी गर्न बाँकी रहेको सेवा प्रदायकप्रतिको दायित्वमा पनि बढोत्तरी भइरहेको देखिन्छ । दायित्वलाई न्यूनीकरण गर्न बोर्ड व्यवस्थापनले उपयुक्त रणनीति अवलम्बन गर्नुपर्दछ ।

७७. **सेवा प्रदायकसँग सम्झौता -** स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम १९(१) मा सेवा प्रदायकले झुट्टा प्रतिवेदन पेस गरेमा, सम्झौता स्थगन वा रद्द गर्नसक्ने उल्लेख छ । यो वर्ष दाबी व्यवस्थापन शाखाले सेवाप्रदायक संस्थाबाट प्राप्त २२ लाख २६ हजार दाबीको रू.५ अर्ब ३ करोड १४ लाख दाबी रकममध्ये ४३ हजार दाबी पुष्ट्याइँ हुन नसकेको उल्लेख गरी रू.१९ करोड ६७ लाख भुक्तानी रद्द गरेको देखिन्छ । यस्तो दाबी भुक्तानी रद्द भएको रकम गत वर्ष रू.५ करोड ९७ लाख रहेकोमा यो वर्ष उल्लेख्य वृद्धि भएको छ । गलत प्रतिवेदन र झुट्टा विवरण पेस गरी बढी रकम दाबी गर्ने सेवा प्रदायकलाई दाबी रद्द गर्ने बाहेक अन्य कारबाही हुन नसक्दा वर्षेनी यस्तो प्रवृत्तिमा वृद्धि भएको देखिन्छ। गलत प्रतिवेदन र झुट्टा विवरण पेस गर्नेलाई नियमावलीबमोजिम कारबाही गर्नुपर्दछ ।

७८. **कोष परिचालन -** स्वास्थ्य बीमा ऐन, २०७४ को दफा २७ र २८ मा स्वास्थ्य बीमा कार्यक्रमको लागि एक स्वास्थ्य बीमा कोष रहने र बोर्डको तर्फबाट गरिने सम्पूर्ण खर्च कोषबाट व्यहोर्ने उल्लेख छ । यस वर्षसम्म बीमा प्रिमियमबापत सङ्कलन गरेको रू.६ अर्ब ५६ करोड ८० लाख लगानी तथा खर्च नगरी

मौज्दात रहेको र खर्च गर्न कार्यविधि तयार गरेको छैन । बोर्डबाट हुने सम्पूर्ण खर्चको लागि नेपाल सरकारले अनुदान उपलब्ध गराउँदै आएको छ । कोषमा प्रदेश तथा स्थानीय तहबाट हुने योगदानसम्बन्धी नीति तय भएको छैन । बीमा कार्यक्रमअन्तर्गत प्रदान गर्ने सुविधा सम्बन्धमा नेपाल सरकार प्रतिको निर्भरता कम गर्ने गरी स्रोतको परिचालन गर्नुपर्दछ ।

७९. **अनुगमन -** स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयन सम्बन्धमा नियमित अनुगमन मूल्याङ्कन गर्न बोर्डमा छुट्टै शाखाको व्यवस्था छ । यो वर्ष कोभिड-१९ महामारीको कारण नियमित अनुगमन कार्य गर्न नसकेको बोर्डले जनाएको छ । बोर्डबाट नियमित अनुगमन नहुँदा सेवा प्रदायक संस्थाले प्रभावकारी रूपमा सेवा प्रवाह गरे नगरेको आश्वस्त हुनसक्ने अवस्था छैन । बीमा कार्यक्रम २०७२ देखि शुरु भई ४५ लाख ७३ हजारसम्म पहुँच पुगेकोमा यो वर्ष २० लाख २६ हजारले मात्र नवीकरण गराएको अवस्था छ। कतिपय सेवा प्रदायक संस्थाले सेवा दिन इन्कार गरेको, सेवाग्राही सेवा लिन जाँदा अनावश्यक झमेला सिर्जना भई सहज रूपमा सेवा लिन नसकेको, प्रथम सेवा विन्दुका रूपमा रहेका सेवा प्रदायक संस्थाहरूमा सेवा उपलब्ध हुन नसक्ने अवस्था रहेको, सेवा प्रदायकले अनावश्यक र महंगो मूल्यका औषधिहरू सिफारिस गरेको, कतिपय सेवा प्रदायकले स्वास्थ्य बीमा कार्यक्रमबाट सेवा प्रदान गर्न छुट्टै डेस्क नराखेको लगायतका गुनासाहरू रहेकोले बोर्डले सेवा प्रदायक संस्था र सम्पादित सेवा प्रवाहको अनुगमन कार्यलाई प्राथमिकता दिई सेवाग्राहीका गुनासो सम्बोधन गर्नुपर्दछ ।

बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान

नेपाललाई स्वास्थ्य क्षेत्रमा आत्मर्निभर बनाउँदै लैजान, सर्वसाधारण जनतालाई स्तरीय स्वास्थ्य सेवा प्रदान गर्न तथा स्वास्थ्यसम्बन्धी उच्चस्तरीय अध्ययन र अनुसन्धानको लागि आवश्यक जनशक्ति तयार गर्न बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ अनुसार प्रतिष्ठान स्थापना भई सञ्चालन हुँदै आएको छ।

८०. **सञ्चालन स्थिति -** प्रतिष्ठानले यो वर्ष नेपाल सरकारको अनुदान रू.१ अर्ब ३ करोड २८ लाख र आन्तरिक स्रोतबाट रू.८७ करोड ७७ लाखसमेत रू.१ अर्ब ९१ करोड ५ लाख आय प्राप्त गरेकोमा रू.२ अर्ब ७१ करोड ९ लाख खर्च भई रू.८० करोड ४ लाख बढी खर्च गरेको छ । प्रतिष्ठानको कुल खर्चमध्ये तलब, भत्ता तथा ज्याला रू.१ अर्ब ३१ करोड १९ लाख र पुँजीगत खर्च रू.६७ करोड ५० लाख रहेको छ । यस स्थितिले प्रतिष्ठानको आन्तरिक आम्दानीले प्रशासनिक खर्च समेत व्यवस्थापन गर्नसकेको छैन। प्रतिष्ठानले आय वृद्धि गर्नुका साथै खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

८१. **रकमान्तर -** बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान नियमावली, २०५५ को नियम १४ (५) मा बजेटको २५ प्रतिशतभन्दा माथि कार्यकारिणी समितिले रकमान्तर गर्नसक्ने व्यवस्था छ । प्रतिष्ठानले यो वर्ष रकमान्तर स्वीकृति बेगर विभिन्न खर्च शीर्षकमा स्वीकृत बजेटको २५ देखि १७५ प्रतिशतसम्म रू.६ करोड २० लाख ५९ हजार बढी खर्च लेखेको छ। तोकिएको सीमाभित्र रही बजेट खर्च गर्नुपर्दछ।

८२. **दीर्घकालीन योजना -** बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान नियमावली, २०५५ को नियम ४.१(८) मा प्रतिष्ठानको उद्देश्य प्राप्तिका लागि कार्यकारिणी समितिले पठनपाठन, अनुसन्धान, शिक्षकहरूको वृत्ति विकास लगायतका विषयमा अल्पकालीन र दीर्घकालीन नीति, योजना र कार्यक्रम तर्जुमा गरी परिषद्मा पेस गर्नुपर्ने व्यवस्था छ । सर्वसाधारण जनतालाई स्तरीय, सुलभ स्वास्थ्य सेवा प्रदान गर्न,

स्वास्थ्यसम्बन्धी उच्चस्तरीय अध्ययन र अनुसन्धानको प्रवर्द्धन गर्न, आवश्यक जनशक्ति तयार गर्न तथा उच्च गुणस्तरीय प्रेषण स्वास्थ्य केन्द्रका रूपमा विकास र प्रवर्द्धन गर्ने प्रतिष्ठानको मार्गचित्र तयार गरेको पाइएन । अल्पकालीन र दीर्घकालीन योजना तथा रणनीतिक योजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

८३. **स्वास्थ्य एवं शैक्षिक सुविधा -** कार्यकारिणी समितिको २०७५।३।२९ को निर्णयअनुसार प्रतिष्ठानमा कार्यरत चिकित्सक, नर्स, कर्मचारी र अन्य पदाधिकारीहरू, ठेक्काअन्तर्गतका सेक्युरिटी सेवा, सरसफाइका कामदार र तिनका परिवारलाई स्वास्थ्य उपचार सेवामा ८० प्रतिशत छुट उपलब्ध गराई यो वर्ष रू.३ करोड २ लाख खर्च गरेको छ । त्यसैगरी समितिको २०५७।३।२ को निर्णयअनुसार प्रतिष्ठानमा कार्यरत चिकित्सक, नर्स, कर्मचारीका २१ वर्ष ननाघेका दुई जना सन्ततिको लागि नर्सरीदेखि कक्षा १२ सम्म भर्ना शुल्कमा पचास प्रतिशत र शिक्षण शुल्कमा २५ प्रतिशत अनुदान दिने निर्णयको आधारमा यो वर्ष रू.१ करोड १४ लाख २० हजार खर्च लेखेको छ । यो वर्ष रू.८० करोड ४ लाख घाटा व्यहोरेको प्रतिष्ठानले दीर्घकालीन असर पर्ने छुट र सुविधासम्बन्धी निर्णय गर्दा सेवामा लाग्ने न्यूनतम लागततर्फ समेत ध्यान दिनुपर्दछ ।

८४. **जनशक्ति -** प्रतिष्ठानमा कर्मचारी दरबन्दी ३ हजार २३९ स्वीकृत भएकोमा १ हजार ७६१ को पदपूर्ति भएको छ । सोमध्ये चिकित्सक ७६६ मध्ये ३०७, नर्स ९०८ मध्ये ६६१ र प्यारामेडिक्स २६० मध्ये १४५ मात्र पदपूर्ति भएको छ । प्रतिष्ठानको जनशक्ति सम्बन्धमा संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत एवं रिक्त पदको पदपूर्ति गरी सेवाको गुणस्तरमा सुधार गर्नुपर्दछ ।

८५. **विस्तारित सेवा -** प्रतिष्ठानलाई विस्तारित सेवाबाट गत वर्ष रू.१४ करोड ६२ लाख ४५ हजार आम्दानी भएकोमा यो वर्ष रू.२ करोड ६९ लाख ४१ हजार आम्दानी भएको छ । सोमध्ये चिकित्सक, प्राविधिक तथा अन्य कर्मचारीलाई रू.१ करोड ५८ लाख ३६ हजार वितरण गरी रू.१ करोड ११ लाख ५ हजार खुद आम्दानी भएको छ । यो वर्ष कोभिड-१९ को कारण विस्तारित सेवा पूर्णरूपमा सञ्चालन हुन नसक्दा अस्पतालको आम्दानीमा कमी आएको छ । विस्तारित सेवातर्फका अधिकांश सेवाको दस्तुर सामान्य सेवाको भन्दा बढी रहेको अवस्थामा अस्पताललाई प्राप्त हुने आम्दानीको अनुपात पुनरावलोकन गर्नुपर्दछ ।

८६. **स्वास्थ्य बीमा कार्यक्रम -** प्रतिष्ठानले २०७४।७५ देखि स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरेको छ। बीमित व्यक्तिको औषधोपचार रकम यस कार्यक्रमबाट व्यहोरिने र सोको शोधभर्ना स्वास्थ्य बीमा बोर्डबाट हुने गरेको छ ।प्रतिष्ठानले बिरामीहरूलाई उपचारात्मक सेवा प्रदान गरेको र औषधि बिक्रीको सेवा उपलब्ध गराएको छैन ।यो वर्षसम्म प्रतिष्ठानले रू.५० करोड ५७ लाख ९८ हजारको सेवा उपलब्ध गराए तापनि स्वास्थ्य बीमा बोर्डबाट रू.४४ करोड ६५ लाख १३ हजार दाबी रकम स्वीकृत भएकोले प्रतिष्ठानले रू.५ करोड ९२ लाख ८६ हजार व्ययभार व्यहोर्नु परेको देखियो । बीमितलाई सेवा उपलब्ध गराएको रकम समयमा नै दाबी नगरेको, दाबी गरेको रकमको आवश्यक प्रमाण पेस गर्न नसकेको, उपचारमा बीमा बोर्डले तोकेको दरभन्दा अस्पतालको दररेट बढी भएको लगायतका समस्या देखिएका छन । बिरामीलाई औषधि बिक्रीको सेवासमेत अस्पताल फार्मेसीले सञ्चालन गर्नुपर्ने, बिरामीको उपचारमा खर्च भएको रकम आवश्यक प्रमाणसहित समयमा नै दाबी गर्ने, उपचारमा तोकिएको दररेटको पुनरावलोकन गर्ने, सफ्टवेयर प्रणालीलाई सुदृढ गरी नियन्त्रणका उपायको अवलम्बन गरी प्रतिष्ठानको व्ययभार घटाउनुपर्दछ ।

८७. **अध्यापन कोटा -** एम.बी.बी.एस.तर्फ १५० तथा बी.डी.एस.तर्फ ६० विद्यार्थी अध्ययन गराउनसक्ने प्रतिष्ठानको भौतिक अवस्था र जनशक्ति व्यवस्था भए तापनि क्रमशः १०० र ५० को मात्र स्वीकृति पाएको छ । पूर्ण क्षमतामा शैक्षिक क्रियाकलाप सञ्चालन नहुँदा उच्च तहको जनशक्ति उत्पादन र प्रतिष्ठानको आम्दानीमा समेत प्रभाव परेको छ । शैक्षिक कार्यक्रमलाई पूर्ण क्षमतामा सञ्चालन गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

८८. **सेवा प्रवाह -** प्रतिष्ठानअन्तर्गतको अस्पतालबाट गत वर्ष ५ लाख ४७ हजारलाई अन्तरङ्ग तथा बहिरङ्ग सेवा दिएकोमा यो वर्ष ३ लाख ३६ हजारलाई सेवा प्रदान गरेको छ । अस्पतालमा एम.आर.आई मेसिन बिग्रेका कारण सेवा प्रवाह गर्न नसकेको, १५ डाईलासिस मेसिन जनशक्तिको अभावले सञ्चालन हुन नसकेको, होल्डर र ए.बी.पी. मेसिन चालु नहुँदा मुटुरोगीका लागि आवश्यक सेवा प्रवाह हुन नसकेको, पर्याप्त एक्सरे मेसिन नहुँदा रेडियोलोजीको सेवा प्रवाहमा कमी आएको, ८१३ शय्या क्षमताको अस्पतालमा ६४ शय्या मात्र आकस्मिक सेवाका लागि उपलब्ध भएकोले बिरामीलाई कोरिडोरमा राखी सेवा दिनु परेको देखिएको छ । आवश्यक मेसिनरी औजार तथा पूर्वाधारको व्यवस्था गरी सेवालाई प्रभावकारी बनाउनुपर्दछ ।

८९. **जग्गाको उपयोग -** बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान नियमावली, २०५५ को परिच्छेद-१५ मा जिन्सी सम्पत्तिको लेखा र सम्पत्तिको संरक्षण गर्नुपर्ने व्यवस्था छ । प्रतिष्ठानको नाममा धरान छाताचौकमा रहेको १ बिघा ४ कट्ठा १३.१ धुर जग्गामा सार्वजनिक सवारी पार्किङ तथा अतिक्रमण गरी घर टहरा बनाएको र मोरङको सुन्दर हरैचामा रहेको ९ बिघा १० कट्ठा १३.५ धुर जग्गा प्रयोगविहीन अवस्थामा रहेको छ। उक्त जग्गाको संरक्षण र उपयोग गर्नुपर्दछ ।

९०. **लगानी -** मोरङको सुन्दर हरैचामा रहेको प्रतिष्ठानको जग्गामा विगत वर्षमा एक निर्माणाधीन फर्मास्युटिकल्समा रू.४ करोड ४० लाख लगानी गरेको र सोही संस्थालाई रू.९३ लाख ३९ हजार पेश्की उपलब्ध गराएकोमा शेयर प्रमाणपत्र लिएको छैन । लगानीबाट यो वर्षसम्म कुनै प्रतिफल प्राप्त भएको देखिँदैन । प्रतिष्ठानको शेयर यकिन गरी लगानी उपयोग सम्बन्धमा आवश्यक कारबाही गर्नुपर्दछ।

९१. **लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधीनमा रही अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधारमानी लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । यो वर्ष विभिन्न प्रकारका ३८ लाख ३६ हजार थान मेडिकल ग्लोभ्स खरिदको लागि विभिन्न आपूर्तकसँग माग गरेको दररेट र अघिल्लो वर्ष खरिद गरेको दर समेतलाई आधार लिई लागत अनुमान तयार गर्नुपर्नेमा एकमुष्ट औसत दर कायम गरेकोले लागत अनुमान यथार्थपरक देखिएन। वोलपत्रदाताले प्रस्ताव गरेको दररेट वास्तविक कायम हुने लागत दरभन्दा बढी देखिएको र सोही आधारमा एक आपूर्तकको वोलपत्र स्वीकृत हुँदा प्रतिष्ठानलाई रू.२७ लाख ५९ हजार बढी व्ययभार परेको छ । यस सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

९२. **खरिद सम्झौता -** सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा खरिद कार्य मितव्ययी, प्रतिस्पर्धी र दक्षतापूर्वक गर्नुपर्ने व्यवस्था छ । खरिद सम्झौताको म्याद समाप्त भएपछि सार्वजनिक

खरिद कानूनबमोजिम नयाँ लागत अनुमान तयार गरी खरिद गर्नुपर्नेमा मर्मत तथा सरसफाइसम्बन्धी ४ सम्झौताको म्याद समाप्त भए तापनि सोही सम्झौतालाई निरन्तरता दिई यो वर्ष रू.४ करोड २९ लाख ७ हजार भुक्तानी दिएको छ । खरिद कार्य पारदर्शी र प्रतिस्पर्धात्मक बनाउनुपर्दछ ।

एक कम्पनीसँग इलेक्ट्रिकल अपरेसन एण्ड मेन्टिनेन्स कार्य र सोसँग सम्बन्धित ६ आइटमको लागि दुई प्याकेजमा बोलपत्र गरेकोमा दुवै प्याकेजको एकमुष्ट मूल्याङ्कन गरी खरिद गर्दा रू.२ करोड ५६ लाख २५ हजार प्रभावग्राही देखिएकोले २०७६।९।१ मा १ वर्षको लागि खरिद सम्झौता भएको छ । यो वर्ष दोस्रो प्याकेजको आइटम खरिद नगरी इलेक्ट्रिकल अपरेसन र मेन्टिनेन्स कार्यको लागि मात्र सोही सम्झौतालाई निरन्तरता दिएको छ । उक्त प्याकेजमा मात्र अर्को एक कम्पनीले रू.४७ लाख १२ हजार घटी कबोल गरेको देखियो । दुई प्याकेजको खरिद सम्झौतामध्ये एक प्याकेजको खरिदलाई मात्र निरन्तरता दिँदा रू.४७ लाख १२ हजार बढी व्ययभार परेको छ ।

९३. **सामग्री खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ मा तत्काल खरिद नगर्दा सार्वजनिक सुरक्षा हित तथा सामुदायिक स्वास्थ्य संकट पर्ने देखिएमा नियम ११ बमोजिमको लागत अनुमान तयार गरी प्रतिस्पर्धी र मितव्ययी आधारमा छोटो प्रक्रियाद्वारा खरिद गर्न सकिने व्यवस्था छ। यो वर्ष २५ बेडको एच.डी.यू.वार्ड स्थापना र सञ्चालन गर्न आवश्यक पर्ने ६ उपकरण खरिदमा अस्पताल निर्देशकको सिफारिसमा एक आपूर्तकको अधिक मूल्यको प्रस्ताव स्वीकृत गर्दा प्रतिष्ठानलाई रू.१९ लाख ४७ हजार बढी व्ययभार परेको छ । यस सम्बन्धमा छानबिन गरी सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

९४. **रिएजेन्ट प्राप्ति र खपतमा भिन्नता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५५(२) मा कार्यालयमा प्राप्त हुन आएको नगदी वा जिन्सी तोकिएको काममा बाहेक अन्य काममा प्रयोग गर्न नहुने उल्लेख छ । प्रतिष्ठानले खरिद गरेका रिएजेण्ट किट जिन्सी शाखाले खर्च जनाएको परिमाणभन्दा सम्बन्धित शाखाले रू.४९ लाख ३८ हजार बराबर घटी प्राप्त गरेको देखियो । जिन्सी आम्दानी खर्चको यथार्थ लेखा तयार गर्नुपर्दछ ।

९५. **बरबुझारथ -** बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान नियमावली, २०५५ को परिच्छेद १० मा सेवाबाट राजीनामा दिन चाहेमा अस्थायी शिक्षक तथा कर्मचारीले १ महिना र स्थायी शिक्षक तथा कर्मचारीले ३ महिनाको पूर्व सूचना दिनुपर्ने र पूर्व सूचना नदिएमा क्रमशः १ महिना र ३ महिनाको तलब जरिवानाबापत असूल गर्नसक्ने व्यवस्था छ । प्रतिष्ठानमा कार्यरत ८५ शिक्षक/कर्मचारीले पूर्व सूचना बेगर राजीनामा दिएकोमा बरबुझारथ समेत गरेको देखिएन । निज शिक्षक/कर्मचारीबाट नियममा व्यवस्था भएबमोजिम तलबबापतको रू.२९ लाख २० हजार जरिवाना असुल गरी बरबुझारथ गराउनुपर्दछ ।

९६. **भवन निर्माण -** प्रतिष्ठानले २०० शय्याको अंकोलोजी भवन र २०० शय्याको कार्डियोलोजी भवन निर्माण गर्न डिजाइन र लागत अनुमान तयारीको लागि एक परामर्शदातासँग २०७४।१।५ मा सम्झौता भएको देखिन्छ । निजलाई यस वर्षसम्म रू.७ करोड ६७ लाख १० हजार परामर्श शुल्क भुक्तानी भई सकेकोमा भवन निर्माणको कार्य हुनसकेको छैन । उक्त भवन निर्माणको लागि २०७३।७४ मा नेपाल सरकारबाट रू.१४ करोड निकासा भएकोमा सो रकम खर्च हुन नसकी मौज्दात रहेको छ। कार्यकारिणी समितिको २०७८।१।३ को निर्णयबमोजिम उक्त भवनहरूको निर्माण कार्य खारेज गरी

सोको सट्टा ६०० शय्याको अत्याधुनिक मल्टिस्पेसिलिटी सेण्टर निर्माणका लागि प्रस्ताव तयार गरेको छ । भवन निर्माणको कार्य हुन नसकेकोले परामर्श सेवाबापत खर्च भएको रकम तथा नेपाल सरकारले उपलब्ध गराएको रकम समेत उपयोगविहीन हुन गएको छ । प्रतिष्ठानको लक्ष्यअनुरूप संरचना निर्माणको कार्य अगाडि बढाउनुपर्दछ ।

९७. **आय लेखाङ्कन -** कार्यकारिणी समितिको २०७२।२।११ को निर्णयअनुसार स्वास्थ्य सेवासँग सम्बन्धित विषयमा शोध, अनुसन्धान र उपचार गर्ने उद्देश्यले संघ संस्थासँग अनुबन्धित भई सञ्चालन हुने कार्यक्रमको कुल बजेटको कम्तीमा १० प्रतिशत प्रतिष्ठानलाई उपलब्ध गराउनुपर्ने उल्लेख छ । प्रतिष्ठानले गत विगत वर्षमा विभिन्न विषयमा अध्ययन अनुसन्धान गर्न परियोजना सञ्चालनको स्वीकृति दिएकोमध्ये ४ कार्यक्रममा रू.४ करोड ८५ लाख ९३ हजार प्राप्त भएकोले सोको १० प्रतिशतले हुने रू.४८ लाख ५९ हजार प्रतिष्ठानले आय लेखाङ्कन गर्नुपर्दछ ।

९८. **फार्मेसी सञ्चालन -** जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २९(४) मा प्रत्येक सरकारी अस्पतालहरूले आफ्नै अस्पतालबाट फार्मेसी सञ्चालन गरी सुपथ मूल्यमा औषधिको नियमित उपलब्धता सुनिश्चित गर्नुपर्ने व्यवस्था छ । फार्मेसीबाट बिरामीलाई नियमित र अत्यावश्यक कतिपय औषधि उपलब्ध हुन नसकेकोले अधिकांश बिरामीले निजी फर्मेसीबाट औषधि खरिद गर्नुपरेको देखियो । ऐनको व्यवस्थाबमोजिम औषधिको नियमित आपूर्ति गरी फार्मेसी सेवा प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्दछ ।

९९. **खरिद फिर्ता -** फार्मेसीले आपूर्तकहरूबाट खरिद गरेको औषधिको म्याद गुज्रिएमा, बिक्री नभई अधिक मौज्दात रहेमा सम्झौताको शर्तअनुसार उक्त औषधि आपूर्तकबाट प्रतिस्थापन गर्नुपर्दछ । यो वर्षसम्म फार्मेसीले खरिद गरेको औषधिमध्ये म्याद गुज्रिएको वा अन्य कारणले आपूर्तकलाई फिर्ता गरेको औषधिको मूल्य रू.६१ लाख ४५ हजार असुल गर्नुपर्दछ ।

परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल

प्रसूति सेवा उपलब्ध गराउने उद्देश्यले यो अस्पताल २०१६ मा स्थापना भएको हो । स्वीकृत शय्या ४१५ रहेको यस अस्पतालले ४८९ शय्या सञ्चालन गरी सेवा प्रदान गरिरहेको छ । अस्पतालमा प्रसूति सेवासँगै परिवार नियोजन, पाठेघर खस्ने समस्या, क्यान्सर, स्क्रिनिङ्ग, बच्चाको खोप तथा स्याहार कार्यक्रम, सामान्य औषधि उपचारदेखि आई.सी.यू., एन.आइ.सी.यू, रेडियोलोजी लगायतका सेवा सञ्चालनमा छन् ।

१००. **जनशक्ति -** अस्पतालको स्वीकृत दरबन्दी ६४८ रहेकोमा ३०० स्वास्थ्यकर्मी र ३४८ प्रशासनिक कर्मचारीको दरबन्दी रहेको छ । स्वीकृत दरबन्दीमध्ये २६८ अस्पताल विकास समितितर्फको र ३८० नेपाल सरकारतर्फको रहेकोमा समग्रमा ८८ पद रिक्त रहेको देखिन्छ । तर मेडिकल अधिकृत, प्रयोगशाला कर्मचारी तथा नर्सिङ स्टाफतर्फका केही पदहरूमा स्वीकृत दरबन्दीभन्दा बढी जनशक्तिसमेत पूर्ति भएको छ । अस्पतालको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी आवश्यकताअनुसारको पदपूर्ति गरी सेवा प्रवाहमा सुधार गर्नुपर्दछ ।

१०१. **सेवा प्रवाह -** अस्पतालले यो वर्ष बहिरङ्ग र अन्तरङ्गसमेत १ लाख ७१ हजार ८१६ जनालाई सेवा प्रदान गरेको छ । यो वर्ष २२ हजार १४ जनाले प्रसूति सेवा प्राप्त गरेको र सोमध्ये ८ हजार १०८ को शल्यक्रिय भएको छ । यो समेत कुल १० हजार ९६१ शल्यक्रिया भएको छ । जीवित जन्म भएको २१

हजार ७०२ मध्ये ८ केशमा मातृ मृत्यु भएको छ । यो संख्या प्रतिलाखमा ३६.८६ हुन आउँछ । मृत्यु भएका मध्ये ४ जनाको कोभिड-१९ का कारण मृत्यु भएको, ३ जनाको गर्भावस्थासम्बन्धी विभिन्न अङ्गको समस्याका कारण र एकको प्रसूतिका क्रममा संक्रमण भई मृत्यु भएको विवरणबाट देखिएको छ ।

१०२. **प्रसूति तथा सिजरिन -** विश्व स्वास्थ्य संगठनको अध्ययनले शल्यक्रियाबाट प्रसूति गराउँदा १० प्रतिशतसम्मको शल्यक्रियाले मातृशिशुको मृत्युदरमा कमी ल्याउन प्रभावकारी भए तापनि सोभन्दा बढी मातृशिशुको मृत्युदरमा कमी ल्याउनेसँग सम्बन्धित नभएको र १० देखि १५ प्रतिशतसम्मको दरलाई आइडल दर हुने देखाएको छ । त्यसैगरी उक्त विधिबाट प्रसूति सेवा दिँदा आमा र बच्चामा अल्पकालीन तथा दीर्घकालीन असर पर्नेतर्फ समेत औंल्याएको छ । अस्पतालले उपलब्ध गराएको तथ्याङ्कअनुसार उक्त विधिबाट प्रसूति सेवा उपलब्ध गराएको तीन वर्षको स्थिति देहायअनुसार छ:

विवरण	२०७५।७६	प्रतिशत	२०७६।७७	प्रतिशत	२०७७।७८	प्रतिशत
जम्मा प्रसूति सेवा	२२,१४७	-	२२,४६१	-	२२,०१४	-
सामान्य प्रसूति	१२,४४५	५६.१९	१२,०५४	५३.६७	११,५०१	५२.२४
असामान्य प्रसूति	९,७०२	४३.८१	१०,४०७	४६.३३	१०,५१३	४७.७६
लोयर सेक्सन सिजरिन सेक्सन	७,३१८	३३.०४	७,९४५	३५.२८	८,१०८	३६.८३

उपर्युक्त तथ्याङ्कबाट विगत वर्षभन्दा यो वर्ष सामान्य रूपमा प्रसूति हुनेको दर घटेको र असामान्य प्रसूति हुनेको दर बढेको छ । कुल प्रसूति सेवाको तुलनामा सिजरिन सेक्सनअनुसार प्रसूति गराउनेको अनुपात गत वर्षभन्दा १.५५ र २०७५।७६ को तुलनामा ३.७९ प्रतिशतले बढेको देखिन्छ । विश्व स्वास्थ्य संगठनले उल्लेख गरेको दर १५ प्रतिशतभन्दा यो वर्ष २१.८३ प्रतिशत बढी शल्यक्रियाबाट प्रसूति भएको देखिएको छ ।

१०३. **मेसिन उपकरणको उपयोग -** अस्पतालको सेवा प्रभावकारी हुन आवश्यक उपकरण मौजुदा अवस्थामा रहनुपर्दछ । गत वर्ष अस्पतालले एम.आर.आई. मेसिनको अभावमा ४ हजार २०० बिरामीलाई अन्यत्र रेफर गर्नु परेकोमा यो वर्ष पनि स्थिति यथावत् छ । हाल अस्पतालमा कम क्षमताको एक मात्र अल्ट्रासाउण्ड मेसिन रहेकोले रोगको निदान गर्न कठिनाइ भइरहेको, बिरामीले ३।४ घण्टासम्म प्रतीक्षा गर्नुपर्ने, धेरै संख्याको स्क्यान गर्दा नतिजा फरक पर्नसक्ने लगायतका अवस्था रहेको छ। नवजात शिशुको उपचारका लागि रहेको नियोनाटोलोजी विभागमा पनि २४ घण्टे एक्स-रे सेवाको अभावले सेवा प्रवाहमा असर परेको छ । उक्त परीक्षणको लागि अस्पतालले रू.१ हजार शुल्क लिने गरेकोमा निजी क्षेत्रमा उक्त शुल्क रू.३ हजार लाग्ने गरेको देखिन्छ । अस्पतालले आवश्यक मेसिन उपकरण व्यवस्थापन गरी सेवालाई थप सुधार गरी सेवाग्राहीलाई सुलभ र सहज सेवा उपलब्ध गराउनुपर्दछ ।

१०४. **आई.भी.एफ. सेवा -** अस्पतालले २०६९ बाट आई.भी.एफ. (टेष्टट्युब बेबी) सेवा सञ्चालन गर्दै आएकोमा दक्ष विशेषज्ञ, भौतिक संरचनाको अभावलगायतका कारणबाट सो सेवा बन्द गरेको छ। सेवा बन्द भएको कारण नि:सन्तान दम्पत्तिले महंगो शुल्कमा निजी अस्पताल तथा अन्य मुलुकबाट यो सेवा लिनु परेको अवस्था छ । सुलभ र सहज रूपमा उक्त सेवा सञ्चालन गर्नुपर्दछ ।

१०५. **भुक्तानी कर कट्टी -** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम सेवा शुल्क भुक्तानी गर्दा सेवा प्रदायकलाई स्रोतमा १५ प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था छ ।अस्पतालले रू.४३ करोड ८०

लाखमा सम्पन्न हुने गरी सम्झौता भएको एक भवन निर्माण कार्यको लागि प्राविधिक सेवा प्रदान गरेबापत भवन निर्माण कार्यको सम्झौता रकमको २.५ प्रतिशत र रनिङ बिल तयार गरेबापत बिल रकमको १.२५ प्रतिशत शुल्क दिने गरी परामर्श सेवा प्राप्त गर्न त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थानसँग सम्झौता गरेको छ । अस्पतालले उक्त संस्थालाई यो वर्षसम्म रू.९७ लाख १२ हजार भुक्तानी गरेको छ । संस्थानले कर बीजक जारी नगरेकोमा ऐनको व्यवस्थाबमोजिम १५ प्रतिशतले गत वर्षको रू.१३ लाख ७१ हजारसमेत रू.१४ लाख ५७ हजार कर कट्टी गरेको छैन । कर रकम असुल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

भरतपुर अस्पताल

जनतालाई सर्वसुलभ रूपमा स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले स्थापित यस अस्पतालले बहिरङ्ग, आकस्मिक, अन्तरङ्ग, ए.आर.टी., पी.एम.टी., सी.टी., सुरक्षित मातृत्व तथा परिवार नियोजनलगायतका सेवा प्रवाह गर्दै आएको छ ।

१०६. **गुरुयोजना -** स्वास्थ्य मन्त्रालयबाट २०७४।२।२५ मा स्वीकृत अस्पतालको गुरुयोजनाअनुसार १ हजार शय्याको शैक्षिक प्रतिष्ठान, इमर्जेन्सी भवन, मेटरनीटी, पेडियाट्रिक, क्यान्सर, साइक्याट्रिक ब्लक, कर्मचारी आवास भवन निर्माण गर्ने उल्लेख भएकोमा उक्त कार्य आरम्भ भएको छैन । नेपाल सरकारले उक्त अस्पताललाई विशिष्टिकृत विशेषज्ञ सेवासहितको संघीय अस्पतालमा स्तरोन्नति गर्ने योजनाअनुसार गुरुयोजना तयार गरेकोमा सोअनुसारको भौतिक पूर्वाधारको निर्माण कार्यमा विलम्ब भएकोले सेवा प्रवाहमा असर परेको छ । गुरुयोजनाबमोजिमको कार्य समयमै सम्पन्न गर्नुपर्दछ ।

१०७. **जग्गा लिज तथा भोगाधिकार -** अस्पतालको नाममा रहेको जग्गा लिज तथा भोगाधिकार सम्बन्धमा निम्नानुसार देखिएको छः

१०७.१. सरकारी जग्गा दर्ता तथा लिजमा गराउने कार्यनीति, २०७१ मा भोगाधिकार दिएको जग्गा लिजमा परिणत गर्नुपर्ने उल्लेख छ । कार्यनीतिमा लिज रकम निर्धारण गर्दा मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको चालू वर्षको न्यूनतम मूल्याङ्कनको आधारमा गरिने र न्यूनतम वार्षिक लिज रकम न्यूनतम मूल्याङ्कनको १ प्रतिशत तोकेको छ । अस्पतालले ९ बिघा जग्गाको वार्षिक रू.९ लाख लिने गरी २०५०।४।२४ मा ४९ वर्षको लागि एक मेडिकल कलेजलाई लिजमा उपलब्ध गराएको देखियो। उक्त कलेजसँग भएको सम्झौताको बुँदा नं.२३ मा सम्झौताका शर्तहरू परिमार्जन र संशोधनसमेत गर्न सकिने प्रावधान रहेको छ । उक्त स्थानको जग्गाको मूल्य २०७७।७८ को न्यूनतम मूल्याङ्कन दर प्रति कट्ठा रू.६३ लाखले मूल्याङ्कन गर्दा रू.१ अर्ब १३ करोड ४० लाख हुन आउँछ । मालपोत ऐन, २०३४ को दफा २४(१) को प्रयोजनको लागि जारी भएको सरकारी जग्गादर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१ को अनुसूची १(३)ङ बमोजिम लिजमा परिणत भए यो वर्षको मात्र १ प्रतिशतले गणना गर्दा रू.१ करोड १३ लाख ३४ हजार लिज शुल्क हुने अवस्था छ। उपर्युक्त स्थितिमा सम्झौता परिमार्जन नगरी रू.९ लाखमात्र लिज रकम असुल गर्दा यो वर्ष रू.१ करोड ४ लाख ३४ हजार गुमेको अवस्था छ । गत विगत वर्षसमेत सो व्यहोरा उल्लेख गरिएकोमा स्थिति यथावत् छ ।

१०७.२. शुरु सम्झौतामा मेडिकल कलेजले भरतपुर अस्पतालका लागि ५०० शय्याको अस्पताल निर्माण गरीदिने उल्लेख भएकोमा सम्झौता भएको २८ वर्षसम्म पनि कार्यान्वयन हुनसकेको छैन । सम्झौताको शर्तहरूको पालना गराउन जिल्ला अदालतले करारको पक्षहरूले आपसी सहमतिमा करार सम्झौतामा परिमार्जन गर्नुपर्ने उल्लेख भए तापनि हालसम्म शर्तहरू संशोधन गरी करार सम्झौता गरेको पाइएन।

१०७.३. अस्पतालले नेपाल नेत्रज्योति संघ अन्तर्गत सञ्चालित भरतपुर आँखा अस्पताललाई ४ बिघा जग्गा भोगाधिकारमा दिएको देखिन्छ । सरकारी जग्गा दर्ता तथा लिजमा गराउने कार्यनीति, २०७१ बमोजिम उपर्युक्त जग्गा लिजमा समेत परिणत भएको देखिएन । भरतपुर वडा नं.१० मा रहेको एक रिसोर्टको जग्गा नेपाल नेत्र ज्योति संघको जग्गा रहेको र सो संघले आफ्नो जग्गा व्यापारिक प्रयोजनका लागि निजी क्षेत्रलाई लिजमा दिई अस्पतालको जग्गामा आँखा अस्पताल सञ्चालन गर्दै आएको देखियो। गुरुयोजनाअनुसारको सेवा विस्तार र संरचना निर्माणसमेतका लागि अस्पतालले जग्गा फिर्ता लिनुपर्ने र नेत्र ज्योति संघले आफ्नो जग्गामा सेवा सञ्चालन गरी अस्पतालको जग्गा खाली गराउनुपर्दछ ।

१०७.४. अस्पतालको मुख्य प्रवेशद्वारको दायाँतर्फ १ कट्ठाभन्दा बढीको जग्गामा नेपाल रेडक्रस सोसाइटीले २ तले भवन निर्माण गरी सो संस्थाको कार्यालय तथा ब्लड बैङ्क सेवा सञ्चालन गरेको छ । उक्त जग्गा भाडा, लिज वा अन्य कुनै तवरबाट सो संस्थाले भोगचलन गर्दै आएको सम्बन्धमा अस्पतालसँग कुनै कागजात रहेको देखिएन । यस सम्बन्धमा सम्बन्धित निकायले सरकारी जग्गा दर्ता तथा लिजमा गराउने कार्य नीति, २०७१ बमोजिम सम्झौता परिमार्जन र संशोधन गरी न्यूनतम लिज रकम असुल गर्नुपर्ने र आफ्नो स्वामित्वको जग्गा कानूनको रीत पुऱ्याई उपयोग गर्नुपर्ने व्यहोरा गत विगत वर्षको प्रतिवेदनमा समेत औँल्याइएकोमा सो सम्बन्धमा सुधार भएको छैन ।

१०७.५. विगतमा चिकित्साशास्त्र अध्ययन संस्थान, शिक्षा मन्त्रालय र स्वास्थ्य मन्त्रालयबीच भएको सम्झौता अनुसार भोगाधिकार प्राप्त ७ बिघा जग्गामा अ.न.मि. विस्तार क्याम्पस रहेको विवरणबाट देखिन्छ। त्रिभुवन विश्वविद्यालयले जग्गाको स्वामित्व भएको भरतपुर अस्पताललाई जानकारी नै नदिई २०५२।४।१९ मा सम्झौता गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्लाई दिएको देखिन्छ। स्कुल अफ हेल्थ साइन्सले परिषद्को विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन गरेकोमा हाल परिषद्को प्रदेशस्तरीय कार्यालय वाग्मती प्रदेश मुकाम हेटौंडामा स्थानान्तरण भएको छ । अस्पतालको गुरुयोजनाअनुसार दोस्रो चरणको संरचना र सेवा सञ्चालनका साथै अस्पतालको आफ्नै नर्सिङ कलेज सञ्चालनमा कठिनाइ परेकोले सरकारी अस्पतालको जग्गा अस्पताल प्रयोजनमा उपभोग हुने सुनिश्चतता गर्नुपर्दछ ।

१०८. **औषधि फिर्ता -** अस्पताल फार्मेसीले आपूर्तकबाट खरिद गरेका औषधिको म्याद समाप्त भएमा, टुटेफुटेमा वा बिक्री नभई अधिक मौज्दात रहेमा सम्झौताको शर्तअनुसार उक्त औषधि आपूर्तकबाट प्रतिस्थापन गर्नुपर्दछ । यो वर्ष अस्पताल फार्मेसीले खरिद गरेकोमध्ये रू.८७ लाख ६० हजार बराबरको औषधि खरिद फिर्ता गरेकोमा रू.२ लाख ३५ हजार मात्रको प्रतिस्थापन गरेकोले बाँकी रू.८५ लाख २४ हजार आपूर्तकबाट असुल गर्नुपर्दछ ।

शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र

विकास समिति ऐन, २०१३ अन्तर्गत नेपाल सरकारले मानव अङ्ग प्रत्यारोपण विकास समिति (गठन) आदेश, २०६८ जारी गरी केन्द्रको स्थापना गरेको हो ।

१०९. **सेवा प्रवाह -** केन्द्रले २०६९।१२।१६ देखि मृगौला प्रत्यारोपण कार्य शुरु गरेकोमा २०७८ आषाढ मसान्तसम्म ७४० बिरामीको प्रत्यारोपण गरेको छ । यो वर्ष ९६ बिरामीको मृगौला प्रत्यारोपण, १२ बिरामीको कलेजो प्रत्यारोपण, ५१ बिरामीको मुटुको शल्यक्रिया र ५०० बिरामीको डाइलाइसिस गर्ने लक्ष्य राखेकोमा मृगौला प्रत्यारोपण ४५, कलेजो प्रत्यारोपण एक जना, मुटुको शल्यक्रिया २ र औसतमा २१४ बिरामीको डाइलाइसिस गरेको छ । केन्द्रमा डाइलासिस गर्ने ४० मेसिनमध्ये ३२ मात्र सञ्चालनमा रहेको देखियो । डायलासिसको माग बढी भए तापनि राज्यले निःशुल्क उपलब्ध गराउने घोषित नीतिअन्तर्गतको सेवाको लागि पर्याप्त शय्या, जनशक्ति तथा पूर्वाधारको अभावले अपेक्षित स्तरको सेवा उपलब्ध हुनसकेको छैन । पूर्वाधारको उचित व्यवस्थापन गरी घोषित नीति अनुरूप सेवा उपलब्ध गराउनुपर्दछ ।

११०. **जनशक्ति -** मानव अङ्ग प्रत्यारोपण विकास समिति कर्मचारी प्रशासन नियमावली, २०६९ को दफा ६.१ मा स्थायी नियुक्ति तथा पदस्थापनाको व्यवस्था छ । अस्पतालमा कर्मचारीको स्वीकृत दरबन्दी ५०३ रहेकोमा स्थायी १४९, करार ९४ समेत २४३ पूर्ति भएको र १० कर्मचारी सेसन बेसिसमा कार्यरत रहेको पाइयो । रिक्त २५० पदमध्ये कन्सल्टेन्ट तथा अन्य चिकित्सकहरू ६६, नर्सिङ स्टाफ ८६, प्राविधिक अधिकृत १५, प्राविधिक सहायक ५७ र प्रशासन, लेखा र मेडिकल रेकर्डरतर्फका २६ कर्मचारी रहेका छन् । दरबन्दीअनुसार पदपूर्ति गरी सेवा प्रवाहमा सुधार गर्नुपर्दछ ।

१११. **उपकरणको उपयोग -** अस्पतालको सेवा प्रभावकारी हुन तोकिएबमोजिमका सेवा उपलब्ध भएको हुनुपर्दछ । केन्द्रले हप्तामा एक जनाको मुटुको शल्यक्रिया गर्ने लक्ष्य राखी इसीएमओ, हर्ट लङ्ग मेसिनलगायत रू.२ करोड ६९ लाख १३ हजार मूल्यका उपकरण जडान गरी मौजुदा अवस्थामा रहेको छ । केन्द्रले गत वर्षसम्म २० जनालाई सेवा उपलब्ध गराएकोमा यो वर्ष २ जनालाई उक्त सेवा दिएको छ । उपलब्ध स्रोत साधनको उपयोग गरी प्रभावकारी सेवा प्रदान गर्नुपर्दछ।

११२. **फार्मेसीको बिक्री आय -** फार्मेसी सेवा निर्देशिका, २०७२ अनुसार निश्चित रकम सीड मनिको रूपमा उपलब्ध गराई छुट्टै आयव्ययको लेखा राख्ने गरी फार्मेसी सञ्चालन गर्नुपर्नेमा केन्द्रले फार्मेसीको लागि रू.३ करोड ४९ लाख ४८ हजार बराबरको औषधि तथा सर्जिकल सामान नेपाल सरकारको अनुदानबाट खरिद गरी सोको बिक्री आय र नाफासमेत रू.४ करोड ६० लाख ३१ हजार समितिको खातामा राखेको छ । फार्मेसीको छुट्टै हिसाब किताब राख्न र नेपाल सरकारको अनुदानमा फार्मेसी सञ्चालन नगर्न गत वर्षको प्रतिवेदनमा समेत उल्लेख गरिएकोमा स्थिति यथावत् छ ।

११३. **एच.डी.यू. सञ्चालन -** कोभिड-१९ को उपचारको लागि २५ शय्याको एच.डी.यू. स्थापना गर्न रू.१ करोड ४ लाख ९४ हजारको खरिद सम्झौता भए पनि स्थान अभावको कारण अस्पतालको छतमा १२ शय्या सञ्चालन गरेको छ । मन्त्रालयले तोकेअनुसार २५ शय्याको लागि स्वास्थ्य उपकरण खरिद गरेको भए पनि १३ शय्याका स्वास्थ्य उपकरण प्रयोगविहीन अवस्थामा मौज्दात रहेको छ। सेवा सञ्चालनको लागि

स्थानको व्यवस्था नगरी स्वास्थ्य उपकरण खरिद गरी प्रयोगविहीन अवस्थामा राख्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र

नेपालमा दिन प्रतिदिन वृद्धि हुँदै गइरहेको मुटुरोगको रोकथाम, निदान, उपचार तथा हृदय रोगीहरूको पुनर्स्थापना गर्न आवश्यक उच्चस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ रूपमा स्वदेशमै उपलब्ध गराई हृदय रोगसम्बन्धी उच्चस्तरीय अध्ययन र अनुसन्धानको लागि आवश्यक दक्ष जनशक्ति तयार गर्ने उद्देश्यले केन्द्रको स्थापना भएको हो । नेपाल सरकारको अनुदान रू.४८ करोड १ लाख र आन्तरिक आय रू.१ अर्ब १ करोड ११ लाख रहेकोमा कुल खर्च रू.१ अर्ब ९० करोड ५६ लाखमध्ये तलब, भत्तामा रू.४० करोड ६६ लाख खर्च भएको छ।

११४. **विस्तारित सेवा** - केन्द्रमा गत वर्ष विस्तारित स्वास्थ्य सेवाबाट रू.९ करोड ३८ लाख प्राप्त भएको मध्ये चिकित्सक, नर्स तथा अन्य कर्मचारीलाई वितरण पश्चात् रू.५ करोड १९ लाख आम्दानी भएको देखिन्छ । यो वर्ष रू.५ करोड ५९ लाख प्राप्त भई वितरण पश्चात् रू.३ करोड ११ लाख केन्द्रको आम्दानी देखाएको छ। गत वर्षको तुलनामा आम्दानी घटेको कारण पहिचान गरी सुधार गर्नुपर्ने देखिन्छ । केन्द्रमा विस्तारित स्वास्थ्य सेवाको दस्तुर सामान्य सेवाको भन्दा बढी रहेको अवस्थामा केन्द्रलाई प्राप्त हुने आम्दानीको अनुपातसमेत पुनरावलोकन गर्नुपर्दछ ।

११५. **सेवा प्रवाह** - केन्द्रको लागि कुल २५० शय्या सञ्चालन स्वीकृत भएकोमा २११ शय्या सञ्चालनमा ल्याएको देखिन्छ । यो वर्ष १ लाख १ हजार ४३४ जनालाई सेवा दिएको केन्द्रले १५ वर्ष मुनिका बालबालिका ४९० र ७५ वर्ष माथिका ज्येष्ठ नागरिक ५४२ जना मुटु रोगीलाई निःशुल्क उपचार सेवा प्रदान गरेको छ। वाथ मुटुरोगीहरूको निःशुल्क भल्भरिङ्ग तथा शल्यक्रिया ३७२ जना, साँघुरिएको भल्ब खोल्ने निःशुल्क उपचार १८७ जना, स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत २ हजार ९९८ र विपन्न नागरिक उपचारअन्तर्गत १ हजार ९१० बिरामीलाई उपचार सेवा प्रदान गरेको छ । मुटुरोग अध्ययन अनुसन्धान कार्यलाई समेत महत्व दिई सेवा प्रवाह गर्नुपर्दछ ।

११६. **जनशक्ति** - केन्द्रको लागि ६०८ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा १९२ स्थायी र ३११ सेवा करारबाट पदपूर्ति भई १०५ रिक्त रहेको देखियो । सर्जरी, कार्डियोलोजी, नर्सिङ, प्याथोलोजीलगायत प्रमुख प्राविधिक पदपूर्ति नहुँदा सेवा प्रवाहमा असर परेको छ । केन्द्रले पर्याप्त जनशक्तिको व्यवस्थापन गरी सेवा प्रवाहको गुणस्तरमा सुधार गर्नुपर्दछ ।

११७. **जनशक्ति उत्पादन** - यो केन्द्र मुटु रोगीको उपचारमा केन्द्रित अस्पताल भए तापनि शैक्षिक कार्यक्रम सञ्चालन नगर्ने हुँदा मुटु रोगको उपचारमा आवश्यक दक्ष जनशक्ति उत्पादन हुनसकेको छैन । हाल मुटु रोगसम्बन्धी उच्च अध्ययनको लागि वैदेशिक अध्ययनमा नै भर पर्नुपर्ने अवस्था विद्यमान छ । देशमा अन्यत्र मुटु रोगसम्बन्धी अध्यापन हुने छुट्टै शैक्षिक संस्थासमेत नभएको अवस्थामा दीर्घकालीन नीति तयार गरी केन्द्रको क्षेत्र विस्तार भएमा दक्ष जनशक्ति उत्पादनमा टेवा पुग्ने देखिन्छ ।

११८. **बाल मुटु रोगको उपचार** - यो वर्ष बाल मुटुरोग उपचारमा ओ.पी.डी.तर्फ ९ हजार १५२ जना, मुटुको प्वाल टाल्ने उपचार २२२ जना तथा मुटुको शल्यक्रियातर्फ ८२३ जना, हृदयघात ५५ जना, मुटुको

भल्बमा कीरा परेका १४ जना, मुटुको चालको गडबडी ११ जना बालबालिकाको उपचार भएको देखिन्छ। बाल मुटु रोगी बिरामीको अधिक चाप तथा जन्मजात मुटु रोगी बालबालिकाको वृद्धि भएकोले हाल केन्द्रको बाल मुटु रोगीको लागि १२ शय्या पर्याप्त रहेको देखिएन । केन्द्रले बालबालिकाको लागि छुट्टै उपचार कक्ष, अपरेसन थिएटर तथा क्याथ ल्याब भवनको निर्माण गरी आवश्यक व्यवस्था गरेमा सेवा प्रवाहमा थप सुधार हुने देखिन्छ ।

११९. **सफ्टवेयर सञ्चालन** - केन्द्रले प्रशासन, लेखा, फार्मेसी, अस्पताल व्यवस्थापनमा एकीकृत सफ्टवेयर निर्माण गर्न एक कम्पनीसँग २०७४।३।३० मा रू.१ करोड ४० लाख ३८ हजारको सम्झौता गरेकोमा यो वर्षसम्म पनि उक्त कार्य सम्पन्न भएको छैन । सम्झौतामा कार्य सम्पन्न गर्नुपर्ने अवधि उल्लेख नभएको, कायसम्पादन जमानत नलिएको, निजलाई रू.१ करोड १९ लाख २९ हजार पेश्की उपलब्ध गराए तापनि पेश्की जमानत नलिएकोले सम्झौताबमोजिम कारबाही गर्न कठिनाइ परेको देखियो । सम्झौताअनुसार सफ्टवेयर निर्माण जडान र सञ्चालनको लागि सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई सफ्टवेयर पूर्णरूपमा सञ्चालनमा ल्याउनुपर्दछ ।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान

नेपाललाई स्वास्थ्य क्षेत्रमा आत्मनिर्भर बनाउँदै लैजान, स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन र अनुसन्धानको व्यवस्था गरी मुलुकलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्न तथा स्वास्थ्य सेवा प्रणालीलाई सुदृढीकरण गरी सर्वसाधारण जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ अन्तर्गत प्रतिष्ठानको स्थापना भएको हो ।

१२०. **सञ्चालन स्थिति** - प्रतिष्ठानले यो वर्ष नेपाल सरकारको अनुदान रू.१७ करोड ३८ लाख र आन्तरिक स्रोतबाट रू.१ अर्ब ७३ करोड ६१ लाखसमेत रू.१ अर्ब ९० करोड ९९ लाख आय प्राप्त गरेकोमा रू.१ अर्ब ९९ करोड १३ लाख खर्च गरेको देखिन्छ ।

१२१. **सेवा प्रवाह** - प्रतिष्ठानबाट प्राप्त विवरणअनुसार ६५० शय्यामा सञ्चालित अस्पतालमा गत वर्ष ३ लाख ४४ हजार ४९४ र यो वर्ष २ लाख ८ हजार ६१५ बिरामीले सेवा प्राप्त गरेको देखिन्छ । अस्पतालमा दैनिक १ हजारसम्म बिरामीको चाप रहेकोले एक जना चिकित्सकले १०० जनासम्म बिरामी परीक्षण गर्नुपर्दा सेवा लिन ३ देखि ६ घण्टासम्म प्रतीक्षा गर्नुपर्ने अवस्था छ । अस्पतालमा दूरविनको सहायताले गरिने शल्यक्रियाको लागि दुई महिना, युरो सर्जरी गर्न दुई हप्ता, नाक, कानको शल्यक्रिया गर्न ६ हप्ता, हेमोडाईलासिस सेवाको लागि ६ महिना, इण्डोस्कोपी गर्न ३ हप्ताभन्दा बढी समय प्रतीक्षा गर्नुपरेको अवस्था छ । विशेषज्ञ चिकित्सक तथा मेसिनरी उपकरणको अभावले डेण्टल इम्प्लाण्ट सेवा, थोरासिक उपचार सेवा, कार्डियाक भष्कुलर सेवा, आँखाको लेजर, रेटिना केयर, लेप्रोस्कोपीलगायतका सेवा उपलब्ध हुनसकेको छैन । अस्पतालले सेवालाई प्रभावकारी बनाई बढी समय प्रतीक्षा गर्नुपर्ने अवस्थाको अन्त्य गरी पूर्वाधार र दक्ष जनशक्तिको व्यवस्था मिलाई समयमै गुणस्तरीय सेवा प्रदान गर्नुपर्दछ ।

१२२. **विस्तारित सेवा** - प्रतिष्ठानलाई विस्तारित सेवाबाट यो वर्ष रू.६१ लाख ४१ हजारमात्र आम्दानी भएकोमा चिकित्सक, प्राविधिक तथा अन्य कर्मचारीलाई रू.४२ लाख ४६ हजार वितरण गरी रू.२६ लाख ३८ हजार खुद आम्दानी भएको छ । विस्तारित सेवातर्फका अधिकांश सेवाको दस्तुर सामान्य सेवाको भन्दा बढी रहेको अवस्थामा अस्पताललाई प्राप्त हुने आम्दानीको अनुपातमा पुनरावलोकन गर्नुपर्दछ ।

१२३. **मेसिन उपकरण मर्मत -** अस्पतालको सेवा प्रभावकारी हुन आवश्यक उपकरण दुरुस्त अवस्थामा रहनुपर्दछ । अस्पतालमा रहेको पोर्टेबल अल्ट्रासाउण्ड मेसिन १, एनेस्थेसिया मेसिन १, ई.सी.जी. मेसिन ३, पोर्टेबल अक्सिमिटर ५, सिरीञ्ज पम्प १०, इन्फ्युजन पम्प १० लगायतका उपकरण मर्मत नगरेकोले प्रयोगमा आएका छैनन् । बिरामी जाँचको लागि आवश्यक मेसिन उपकरण समयमा मर्मत नहुँदा सेवा प्रवाहमा असर परेकोले मर्मत गरी सेवा सञ्चालन गर्नुपर्दछ ।

१२४. **उपचारमा छुट -** पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान राहतकोष निर्देशिका, २०७० को बुँदा ३ मा अस्पतालले बिरामीलाई आर्थिक तथा अन्य अवस्थालाई विश्लेषण गरी उपचारमा लागेको खर्चमा आंशिक सहयोग गर्नसक्ने उल्लेख छ । ओ.पी.डी. तथा भर्ना भई उपचार गरेको बिरामीलाई गत वर्ष रू.८८ लाख ५९ हजार र यो वर्ष १ हजार ९२० बिरामीलाई शतप्रतिशत छुट दिई रू.७२ लाख ३६ हजार खर्च लेखेको छ । यस्तो छुट दिँदा अस्पतालको आम्दानीमा प्रत्यक्ष असर परी दिगो सञ्चालनमा कठिनाइ पर्ने देखिएकोले यसलाई निश्चित सीमाभित्र राख्नुपर्दछ ।

कान्ति बाल अस्पताल

बालबालिकासम्बन्धी उपचार सेवा प्रदान गर्नेगरी विशिष्टीकरण गर्ने र अस्पताललाई बाल स्वास्थ्यसम्बन्धी अध्ययन अनुसन्धान केन्द्रको रूपमा संस्थागत विकास गर्ने उद्देश्यले २०१९ मा स्थापित यो अस्पताल ३५२ शय्यासहित केन्द्रीय बाल अस्पतालको रूपमा सञ्चालन हुँदै आएको छ ।

१२५. **सञ्चालन स्थिति -** यो अस्पतालले बालबालिकासम्बन्धी स्वास्थ्योपचार सेवा प्रदान गर्ने प्रेषण अस्पतालका रूपमा सेवा प्रदान गर्दै आएको छ ।यो वर्ष अस्पतालको कुल खर्च रु ५० करोड ५ लाख ८१ हजारमध्ये कर्मचारीको तलब भत्ता र सुविधामा रू.२२ करोड ७२ लाख ३८ हजार खर्च भएको छ । अस्पतालले यो वर्ष १ लाख २ हजार ५०४ बालबालिकालाई सेवा प्रदान गरेको छ ।

१२६. **सेवा प्रवाह -** अस्पतालमा ५२ शय्याको आई.सी.यू.सेवा सञ्चालन गर्ने क्षमता रहेकोमा ३४ शय्या मात्र सञ्चालनमा रहेको र विशेषज्ञ चिकित्सक लगायतको पदहरू रिक्त रहेको तथा रोग परीक्षणका लागि अत्यावश्यक पर्ने एम.आर. आई.लगायतका मेसिनरी तथा उपकरणको अभावले बिरामीलाई अन्यत्र रेफर गर्नु परेको अवस्था छ । चिकित्सकको सेवा लिन बिहान ६ बजे नै टिकटको लागि लाइन बसी ४ देखि ७ घण्टा प्रतीक्षा गर्नुपर्ने र शल्यचिकित्सा सेवा लिन बिरामीले ७ महिनाभन्दा बढी समय प्रतीक्षा गर्नुपरेको स्थिति छ । अस्पतालमा आवश्यक जनशक्ति तथा उपकरणको व्यवस्थापन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

१२७. **उपदान कोष -** कान्ति बाल अस्पताल नियमावली, २०६३ को परिच्छेद ४ मा कर्मचारी सेवा निवृत्त हुँदा दिनुपर्ने सुविधा रकमका लागि अवकाश तथा उपदान कोषको व्यवस्था छ । गत विगत वर्षमा उपदान कोषमा रू.८ लाख ४१ हजार र कर्मचारी कल्याण कोषमा रू.३ लाख ६० हजार जम्मा भइरहेकोमा गत वर्षदेखि कोषमा रकम जम्मा भएको छैन । अवकाश प्राप्त कर्मचारीलाई अस्पतालको नियमित बजेटबाट यो वर्ष रू.२३ लाख ४५ हजार भुक्तानी दिएको छ । अस्पतालले कोष सञ्चालन कार्यविधि तयार गरी सेवा निवृत्त कर्मचारीले पाउने सुविधाको लागि योगदानमा आधारित सेवा निवृत्त कोष सञ्चालन गर्नुपर्दछ।

बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल

क्यान्सर रोगसम्बन्धी उच्चस्तरीय अध्ययन अनुसन्धानको लागि आवश्यक जनशक्ति तयार गरी यस क्षेत्रलाई आत्मनिर्भर बनाई क्यान्सर रोगको रोकथाम, निदान र उपचारको लागि उच्चस्तरीय स्वास्थ्य सेवा प्रदान गरी मानवोचित जीवनयापन गर्न सक्षम तुल्याउन राष्ट्रिय प्रेषण अस्पतालको रूपमा बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३ अन्तर्गत यो अस्पताल स्थापना भएको हो ।

१२८. **वित्तीय अवस्था -** यो वर्ष अस्पतालको आन्तरिक आय रू.३९ करोड ७४ लाख ७९ हजार रहेकोमा तलब भत्तामा रू.४४ करोड ४० हजार खर्च भएको छ । अस्पतालको आन्तरिक आयभन्दा तलब भत्तामा मात्र रू.४ करोड २५ लाख ६१ हजार बढी खर्च भएको छ। नेपाल सरकारबाट स्वास्थ्य कर कोष र अनुदान बापत यो वर्ष रू.६८ करोड २५ लाख प्राप्त भएको देखिन्छ । यस स्थितिले अस्पतालको वित्तीय अवस्था सबल देखिएन ।

१२९. **रेडियोथेरापी सेवा -** अस्पतालले यो वर्ष १ हजार ४६३ जनालाई रेडियोथेरापी सेवा उपलब्ध गराएको छ । रेडियोथेरापी गर्न २ देखि ४ हप्तासम्म प्रतीक्षा गर्नुपर्ने देखिन्छ । अस्पतालले उपकरण र जनशक्ति अभावका कारण उपचारमा ढिलाइ हुने गरेको उल्लेख गरेको छ । जनगुनासोलाई सम्बोधन हुनेगरी सेवा प्रवाह छिटो, छरितो र गुणस्तरीय बनाउनुपर्दछ ।

१३०. **जनशक्ति व्यवस्थापन -** अस्पतालमा ८४८ कर्मचारीको पद स्वीकृत भएको मध्ये ७०० पदपूर्ति भई १४८ पद रिक्त रहेका छन् । रिक्त पदमा १०३ जनालाई अस्थायी तथा सेवा करारमा नियुक्ति गरे तापनि रेडियोथेरापी कर्मचारी १३ र चिकित्सक १३ लगायतका पद रिक्त रहेको देखियो । अस्पतालको सेवा प्रवाह प्रभावकारी बनाउन चिकित्सकलगायत कर्मचारी कार्यालय समयभर अस्पतालमा उपस्थिति हुनुपर्नेमा कर्मचारी तथा चिकित्सकहरूलाई अन्यत्र काम गर्न दिइने स्वीकृतिको कारण रेडियोथेरापी सेवाको लागि ४ हप्तासम्म प्रतीक्षा गर्नुपर्ने अवस्था छ । दरबन्दीअनुसार पदपूर्ति गरी अन्य संस्थामा काम गर्न स्वीकृति दिने प्रावधानमा पुनरावलोकन गरी सेवा प्रवाहमा सुधार गर्नुपर्दछ ।

१३१. **भौतिक पूर्वाधार -** अस्पतालको स्वामित्वमा चितवन जिल्लामा ७५ बिघा १० कट्ठा २ धुर जग्गा रहेको छ । अस्पताल परिसरमा बहिरङ्ग, अन्तरङ्ग, चिकित्सक लगायतको आवासको लागि ९८ भवन रहेका छन्। अस्पतालमा मर्मत हुन नसक्ने उपकरणको विसर्जन गर्ने सम्बन्धमा उपयुक्त निर्णय हुनसकेको छैन । बिरामी कुरुवा घरको उचित संरक्षण हुन नसक्दा जीर्ण हुँदै गएको अवस्था छ । मूलतः क्यान्सर रोगको उपचार गर्ने उक्त अस्पतालमा रोग निदानको लागि पेट सिटी स्क्यान मेसिनको व्यवस्था हुनसकेको छैन । आवश्यक पूर्वाधारको व्यवस्था गरी सेवा प्रवाहको गुणस्तरमा सुधार गर्नुपर्दछ ।

१३२. **आवास सुविधा -** बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, कर्मचारी प्रशासन नियमावली, २०६६ को दफा १०१(२) बमोजिम आवास सुविधा उपयोग गर्ने कर्मचारीले उपभोग गरेको आवासको भौतिक सुविधाको आधारमा निजको शुरु तलबमानको ३ देखि ५ प्रतिशतका दरले हुने रकम अस्पतालको खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । अस्पताल हाताभित्र कर्मचारीहरूले २५९ भवनको उपयोग गरेकोमा रकम असुल गरेको छैन । आवास सुविधा प्राप्त गर्ने २५७ कर्मचारीबाट यो वर्ष मात्र मासिक तलब भुक्तानी भएको आधारमा औसत ४ प्रतिशतले गणना गर्दा रू.७६ लाख ६४ हजार अस्पतालको मर्मत सम्भार खातामा आम्दानी हुनुपर्ने देखिन्छ । नियमको व्यवस्थाअनुसार आवास सुविधा लिनेबाट शुल्क

कट्टा नगर्दा मर्मत सम्भारको अभावमा आवास भवन जीर्ण हुँदै गएको छ । नियमावलीको प्रावधानबमोजिम शुल्क असुल गरी मर्मत सम्भार कार्यमा उपयोग गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजू

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा खरिद योजना अनुसार खरिद नगरेको, दरबन्दीअनुसार पदपूर्ति नभएको, विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको मापदण्डअनुसार मेडिकल अडिट नगराएको, अस्पताल विकास समितितर्फको कार्यसञ्चालन कोष र विविध खातातर्फको आय-व्यय समावेश गरी केन्द्रीय आर्थिक विवरण तयार नगरेको, सोझै खरिद गरेको, भुक्तानीमा कर कट्टी नगरेको, पारिश्रमिक कर कट्टी नभएको, मन्त्रालयबाट छनोट भई छात्रवृत्तिमा गएका विद्यार्थीले सम्झौताबमोजिम कार्य गरे नगरेकोमा अद्यावधिक लगत नराखेको लगायतका व्यहोरा औंल्याएकोमा अधिकांश अस्पताल तथा स्वास्थ्य संस्था सोही अवस्थामा रहेको पाइयो । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छः
  - सरकारी कार्यालयतर्फ निकायमा रू.३ अर्ब १४ करोड ५३ लाख ३९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ निकायले रू.१ अर्ब ९२ करोड २५ लाख २१ हजार फर्स्यौंट गरेकोले रू.१ अर्ब २२ करोड २८ लाख १८ हजार बेरुजू बाँकी रहेको छ । सोमध्ये रू.६० करोड ४२ लाख १९ हजार म्याद नाघेको पेश्की रहेको छ । यस सम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - संगठित, अन्य संस्था र समिति २६ तर्फ रू.२ अर्ब ९ करोड ४७ लाख ५१ हजार बेरुजू देखिएकोमा फर्स्यौंट नगरेकोले बाँकी रहेको छ । सोमध्ये रू.३५ करोड ९० लाख ६३ हजार म्याद नाघेको पेश्की रहेको छ । यस सम्बन्धी विवरण अनुसूची १६ मा छ ।

राष्ट्रिय योजना आयोग

राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन - पहिलो संशोधन) आदेश, २०७५ बमोजिम राष्ट्रको तीव्र आर्थिक प्रगति र सन्तुलित तथा दिगो विकासको लागि दूरगामी सोचसहितको विकास योजनाको तर्जुमा गर्ने र त्यसको कार्यान्वयनमा सहजीकरण एवं अनुगमन तथा मूल्याङ्कन गरी नेपाल सरकारलाई सल्लाह सहयोग प्रदान गर्न विशिष्टिकृत निकायको रूपमा आयोगले कार्य गरिरहेको छ ।

१. **सरकारी कार्यालय -** राष्ट्रिय योजना आयोग र मातहतसमेत १२१ सरकारी कार्यालयको निम्नानुसार रू.९५ करोड ७ लाखको लेखापरीक्षण सम्पन्न भएको छ;

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
९३,२७	५१	१,१३	१६	९५,०७

२. **पन्ध्रौं योजनाको दोस्रो वर्षको उपलब्धि -** पन्ध्रौं योजना अवधि कार्यान्वयनमा आएको प्रथम वर्षको तुलनामा दोस्रो वर्षमा केही सूचकमा सुधार आए तापनि धेरै सूचकमा अपेक्षाकृत उपलब्धि हासिल भएको छैन । सूचकाङ्क तथा उपलब्धिको स्थिति निम्नानुसार छः

क्र.सं.	सूचक	आधार वर्ष (२०७५।७६)	२०७७।७८ को लक्ष्य	२०७७।७८ को प्रगति
१.	वार्षिक औसत आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा, प्रतिशत)	६.८	९.६	४.२५
२.	कृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	४.८	५.१	२.८५
३.	उद्योग क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	१२.२	१५.६	४.५१
४.	सेवा क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	७.९	१०	४.१९
५.	वार्षिक औसत मुद्रास्फीति (प्रतिशत)	४.६	६.०	३.६०
६.	प्रतिव्यक्ति राष्ट्रिय आय (अमेरिकी डलरमा)	१०४७	१२२२	१२४६
७.	गरिबीको रेखामुनिको जनसंख्या (प्रतिशत)	१८.७	१४.८	-
८.	मानव विकास सूचकाङ्क	०.५७९	०.६०२	०.६०२
९.	अपेक्षित आयु (जन्म हुँदाको समयमा, वर्ष)	६९.७	७१.२	७१.१७
१०.	खानेपानी सेवा पुगेको जनसंख्या (प्रतिशत)	८९	९४	९३.२३
११.	१५-२४ वर्ष उमेर समूहको साक्षरता दर (प्रतिशत)	९२	९४	९२
१२.	विद्युत उत्पादन (जडित क्षमता, मेगावाट)	१२५०	३१७९	१३८८
१३.	विद्युतमा पँहुच प्राप्त परिवार (प्रतिशत)	८८	९६	९१
१४.	सिँचाइ (हेक्टर लाखमा)	१४.७	१५.३५	-
१५.	इन्टरनेट सेवामा पँहुच प्राप्त जनसंख्या (प्रतिशत)	६५.९	७१	८२.७९

स्रोतः पन्ध्रौं योजना र आर्थिक सर्भेक्षण, २०७८।७९ र राष्ट्रिय योजना आयोगको बार्षिक प्रतिवेदन, २०७७।७८

उल्लिखित विवरणअनुसार वार्षिक आर्थिक वृद्धिदर, कृषि क्षेत्रको वार्षिक वृद्धिदर, उद्योग क्षेत्रको वार्षिक वृद्धिदर र सेवा क्षेत्रको वार्षिक वृद्धिदर क्रमशः ९.६ प्रतिशत, ५.१ प्रतिशत, १५.६ प्रतिशत र १० प्रतिशत हासिल गर्ने लक्ष्य रहेकोमा क्रमशः ४.२५ प्रतिशत, २.८५ प्रतिशत, ४.५१ प्रतिशत र ४.१९ प्रतिशत रहेको छ । खानेपानी सेवा पुगेको जनसंख्या ९४ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ९३.२३ प्रतिशत, विद्युत उत्पादन ३ हजार १७९ मेगावाट जडित क्षमता पुऱ्याउने लक्ष्य

रहेकोमा १ हजार ३८८ मेगावाट र विद्युत पँहुच प्राप्त परिवार संख्या ९६ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ९१ प्रतिशत पुगेको छ। गरिबीको रेखामुनिको जनसंख्या १४.८ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा प्रगतिको यकिन गरेको देखिएन । लक्ष्यअनुसार प्रगति हासिल गर्न उपयुक्त रणनीति तय गरी कार्यान्वयन गर्नुपर्दछ ।

३. **राष्ट्रिय विकास समस्या समाधान समिति** - विकास नीति, योजना, कार्यक्रम तथा आयोजनाको प्रगति समीक्षा, समस्याको समाधानलगायत नीतिगत विषयको काम गर्नको लागि अनुगमन तथा मूल्याङ्कन सम्बन्धी सर्वोच्च संयन्त्रको रुपमा प्रधानमन्त्रीको अध्यक्षतामा एक राष्ट्रिय विकास समस्या समाधान समिति रहने व्यवस्था छ । सो समितिको बैठक प्रत्येक चौमासिकमा एक पटक बस्ने गरी एक वर्षमा कम्तीमा ३ पटक वस्ने व्यवस्था राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनमा रहेको छ । यस आर्थिक वर्षमा सो समितिको ४८ औं बैठक २०७७ माघ २ गते एक पटक मात्र वसेको छ । राष्ट्रिय विकास समस्या समाधान समितिका निर्णय कार्यान्वयन र अनुगमन गरिनुपर्दछ ।

४. **नयाँ नेपाल निर्माण कोष** - नयाँ नेपाल निर्माण कोष सञ्चालन नियमावली, २०६८ को नियम ४ मा नयाँ नेपाल निर्माणका लागि आम नेपाली जनताको व्यापक जनसहभागितामा मुलुकको आर्थिक वृद्धि, रोजगारी सिर्जना, पूर्वाधार विकास एवं जनतालाई राहत पुऱ्याउने कार्यक्रम तथा योजना अभियानको रूपमा सञ्चालन गर्ने उद्देश्यले नयाँ नेपाल निर्माण कोषको स्थापना भएको उल्लेख छ । साथै नियम ६ मा कोषको तर्फबाट गर्ने सम्पूर्ण कामकारबाहीको सञ्चालन, रेखदेख तथा नियन्त्रण गर्न राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा सञ्चालक समिति रहने र समितिले नीति तथा योजना तयार गर्ने, लगानीको उपयुक्त योजना पहिचान गर्ने, योजना सम्पन्न गर्नुपर्ने अवधि र आकार तोक्ने, योजना प्रस्तावहरु अध्ययन तथा स्वीकृत गर्ने, योजना सञ्चालन मापदण्ड तथा कार्यविधि बनाउने, कार्यक्रम र बजेट स्वीकृत गर्ने लगायतका कार्यहरु गर्नुपर्ने उल्लेख छ । नयाँ नेपाल निर्माण कोषमा विगत वर्षदेखि नै विभिन्न ३ वाणिज्य बैङ्कमा रू.१ करोड १९ लाख मौज्दात रहेको देखिन्छ । नियमावलीमा उल्लेख भएबमोजिम कोष सञ्चालन हुनुपर्दछ ।

५. **प्राथमिकता प्राप्त आयोजना** - विभिन्न संघीय मन्त्रालय तथा निकायहरुवाट २०७७।७८ मा विभिन्न प्राथमिकताका आयोजनामध्ये २४ राष्ट्रिय गौरवका आयोजनासमेत २६० पहिलो प्राथमिकता प्राप्त आयोजना कार्यान्वयन भएको देखिन्छ । राष्ट्रिय गौरव र पहिलो प्राथमिकतामा रहेका २६० आयोजना मध्ये यो वर्ष वार्षिक ८० प्रतिशतभन्दा बढी प्रगति हुने आयोजना १०४, ५० देखि ७९ प्रतिशतसम्म प्रगति हुने ७६, ५० प्रतिशतभन्दा कम प्रगति हुने ५३ र प्रगति नखुलेका आयोजना २७ रहेका छन् । भौतिक प्रगति प्रतिवेदनअनुसार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका ५, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका ४, संघीय मामिला तथा सामान्य प्रशासन र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका ३/३, वन तथा वातावरण र अर्थ मन्त्रालयका २/२ आयोजना तथा अन्य विभिन्न ८ मन्त्रालयका १/१ समेत २७ आयोजनाको प्रगति नै नखुलेको, विभिन्न १२ मन्त्रालय तथा निकायका ५३ आयोजनाको भौतिक प्रगति ५० प्रतिशतभन्दा न्यून भएको देखिएको छ। प्राथमिकता प्राप्त आयोजनाको अनुगमन मूल्याङ्कन गरी प्रगतिमा तीव्रता दिनुपर्ने व्यवस्था रहे पनि प्राथमिकता प्राप्त कतिपय आयोजनाको समेत न्यून प्रगति रहेको र कुनै पनि आयोजना निर्धारित समयमा सम्पन्न नभएको अवस्थाले आयोजना अनुगमन मूल्याङ्कन प्रभावकारी बनाउनुपर्दछ ।

६. **मध्यमकालीन खर्च संरचना -** आयोगले दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकताका साथै सरकारको वार्षिक नीति तथा कार्यक्रम र दिगो विकासको लक्ष्य सन् २०३० को मार्गचित्रलाई समेत आधार लिई मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने गरेको छ । राष्ट्रिय योजना आयोगको बार्षिक प्रतिवेदन २०७७।७८ अनुसार २०७६।७७ को वास्तविक उपलब्धि र २०७७।७८ को मध्यमकालीन खर्च संरचनाको लक्ष्य तथा उपलब्धिको समष्टिगत आर्थिक खाका निम्नानुसार निर्धारण गरेको छ;

सि.न	सूचक/लक्ष्य	एकाई	२०७६।७७ को उपलब्धि	२०७७।७८ को लक्ष्य	२०७७।७८ को उपलब्धि
१.	वार्षिक आर्थिक वृद्धि दर	प्रतिशत	२.३	७.०	४.२५
	(क) कृषि	प्रतिशत	२.६	५.०	२.८५
	(ख) गैरकृषि	प्रतिशत	२.३	७.८	४.२५
	(ग) उद्योग	प्रतिशत	३.४	११.३	४.५१
	(घ) सेवा	प्रतिशत	२.०	६.९	४.१९
२.	मुद्रास्फीति दर	प्रतिशत	६.५	७.०	३.६
३.	चालु खाता सन्तुलन	रू. अर्ब	-१९०.४	-३८०.२	-३३३.७
४.	भुक्तानी सन्तुलन	रू. अर्ब	१०.०	-७५.०	१.२३
५.	प्रतिव्यक्ति कुल राष्ट्रिय आय	अमेरिकी डलर	१०९७	१२२२	१२४६
६.	आर्थिक जोखिम सूचकाङ्क	सूचकाङ्क	२६	२५	२४.२
७.	मानव सम्पत्ति सूचकाङ्क	सूचकाङ्क	७४	७५	७५

स्रोतः आर्थिक सर्भेक्षण,२०७८।७९ तथा राष्ट्रिय योजना आयोगको बार्षिक प्रतिवेदन, २०७७।७८

उल्लिखित लक्ष्यहरु विशेषत पन्ध्रौं योजनामा उल्लिखित आर्थिक वृद्धिदरको लक्ष्यका आधारमा खाका निर्धारण भएको छ। यो वर्ष लक्ष्यको तुलनामा प्रगति न्यून रहेको देखिँदा योजना अवधिको अन्त्यसम्म तोकिएको लक्ष्य हासिल गर्न चुनौतीपूर्ण देखिन्छ। तीन तहका सरकारमार्फत् सञ्चालन हुने विकास आयोजना बाँडफाँट सम्बन्धी मापदण्ड, राष्ट्रिय गौरवका आयोजना, रुपान्तरणकारी आयोजनामा आवश्यक बजेटको सुनिश्चितता गर्ने कोभिड-१९ को प्रभाववाट अर्थतन्त्रका विविध क्षेत्रमा पारेको असरलाई न्यूनीकरण गर्दै तोकिएको लक्ष्य हासिल गर्ने गरी विकास कार्यक्रमको तर्जुमा गर्नुपर्दछ ।

७. **आयोजना बैङ्क -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १७ मा संघ, प्रदेश तथा स्थानीय तहमा नेपाल सरकारले सञ्चालन गर्ने आयोजनाको वर्गीकरण, राष्ट्रिय योजना आयोगको सिफारिसमा नेपाल सरकारले गर्ने र योजना आयोगमा राष्ट्रियस्तरको एक आयोजना बैङ्क रहने उल्लेख छ।उल्लिखित व्यवस्थाअनुसार आयोजना कार्यान्वयनका लागि निर्धारित मापदण्डको आधारमा आयोजना प्रविष्टिका लागि आयोगले राष्ट्रिय आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली तयार गरी २०७९।२।९ सम्म विभिन्न मन्त्रालय तथा आयोग तथा संवैधानिक अङ्गसमेत ३३ निकायका कुल ७ हजार १८० आयोजना उक्त प्रणालीमा सूचीकृत भएको देखिन्छ। आयोगले तयार गरेको राष्ट्रिय आयोजना बैङ्कको आयोजना पहिचान, मूल्याङ्कन, छनौट तथा प्राथमिकीकरण मार्गदर्शन, २०२० मा भएको व्यवस्थाअनुसार यस अवधिमा सूचीकृत आयोजनामध्ये ९६६ आयोजना पहिचान चरण र

३९९ आयोजना मूल्याङ्कन चरण तथा छनौट तथा प्राथिमिकिकरण चरणमा रहेको देखिन्छ । देशको समग्र आर्थिक विकासको लागि सञ्चालन गरिने आयोजना प्रभावकारी कार्यान्वयन गर्न आयोजनाको पहिचान, मूल्याङ्कन, छनौट र प्राथमिकीकरण प्रकृया प्रभावकारी बनाउनुपर्ने, मार्गदर्शनबमोजिम आर्थिक तथा वित्तीय रूपमा सम्भाव्य आयोजना दोहोरो नपर्ने गरी छनौट गर्ने र छनौट भएका आयोजना समयमै सम्पन्न गरेर मात्र नयाँ आयोजनाको छनौट गर्नुपर्ने लगायतका पक्षहरुमा सम्बन्धित विषयगत मन्त्रालयलाई समेत जिम्मेवारी वहन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

केन्द्रीय तथ्याङ्क विभाग

८. **तथ्याङ्कको उपलब्धता** - दिगो विकास लक्ष्यहरू वर्तमान अवस्था र भावी मार्गचित्र (सन् २०१६-२०३०) मा केन्द्रीय तथ्याङ्क विभागको महत्वपूर्ण योगदान हुने व्यहोरा उल्लेख छ। नीति तथा योजना तर्जुमा गर्दा सम्वन्धित विषयको आवश्यकताअनुसार एकीकृत र खण्डीकृत दुवै अवस्थाका तथ्याङ्क उपलब्ध हुन सकेमा मात्र प्रमाणमा आधारित नीति र योजना तर्जुमा हुने र सोबाट नीति तथा योजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनमा सहजता हुन्छ।

सही र यथार्थ तथ्याङ्कको उपलब्धताका लागि तथ्याङ्क उत्पादक, तथ्याङ्क धारक र प्रयोगकर्ता बीच उपयुक्त समन्वय गर्न आवश्यक कानूनी र सञ्चालनगत व्यवस्था हुनुपर्दछ । तथ्याङ्कको वर्गीकरण, परिभाषा, अभिलेख र गोपनीयता सम्वन्धमा स्पष्ट नीतिगत र कानूनी व्यवस्था आवश्यक रहेको छ ।

अनुगमन तथा बेरुजू

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा सोझै खरिद, खर्च गर्ने अवधि र क्षमतामा सुधार, परामर्श सेवातर्फको खर्चको उपादेयता, अनुगमन तथा मूल्याङ्कन कार्यको प्रभावकारीता सम्बन्धमा सुझाव दिइएकोमा सोबमोजिम अपेक्षित सुधार गरेको देखिँदैन। विगतका ब्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।
- **बेरुजू स्थिति** - आयोग र मातहतसमेत ५६ निकायमा यो वर्ष रू.५ करोड २७ लाख ६२ हजार बेरुजू देखिएकोमा फर्स्यौट नगरेकोले बाँकी रहेको छ । सोमध्ये रू.६९ हजार म्याद नाघेको पेश्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

खण्ड - २

प्रदेश मन्त्रालय तथा निकाय

प्रदेश मन्त्रालय तथा निकाय

१. **संवैधानिक व्यवस्था -** नेपालको संविधानको धारा ५६ मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानूनबमोजिम गर्ने व्यवस्था छ । संविधानको धारा ५७ मा उल्लेख भएबमोजिम प्रदेशको अधिकार अनुसूची-६ मा उल्लिखित प्रदेश प्रहरी प्रशासन, घरजग्गा रजिष्ट्रेसन, विद्युत, सिँचाइ, खानेपानी, कृषि तथा पशु विकास, खानी अन्वेषणलगायत २१ विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग संविधान र प्रदेश कानूनबमोजिम हुने व्यवस्था छ । त्यस्तै अनुसूची-७ र ९ मा उल्लेखित साझा विषयमा संघ र स्थानीय तहसँग समन्वय गरी कार्य गर्नुपर्ने व्यवस्था छ ।

संविधानको धारा ५९ मा प्रदेशले आफ्नो अधिकारभित्रको आर्थिक अधिकारसम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने, प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नुपर्ने समेत उल्लेख छ । यसैगरी धारा ६० मा राजस्व सङ्कलन र बाँडफाँटसम्बन्धी व्यवस्था छ । उक्त संवैधानिक व्यवस्थाअनुसार प्रदेश सरकार गठन भई सञ्चालन हुँदै आएका छन्।

संविधानको धारा २९४ मा महालेखापरीक्षकले प्रदेशको काम कारबाहीको सम्बन्धमा लेखापरीक्षण गरी अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुखसमक्ष पेस गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा १९ बमोजिम सम्बन्धित प्रदेश प्रमुखसमक्ष पेस भएको प्रतिवेदन मुख्यमन्त्रीमार्फत् प्रदेश सभामा पेस हुने व्यवस्था छ । उक्त संवैधानिक तथा कानुनी व्यवस्थाअनुसार सबै प्रदेश सरकार र मातहत निकायको आर्थिक वर्ष २०७७।७८ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षण योजना तथा कार्यक्रम स्वीकृत गरी प्रदेश मन्त्रालय लेखा उत्तरदायी अधिकृतलाई कार्यतालिकाको जानकारी गराई नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीअनुसार विद्युतीय लेखापरीक्षण विधिबाट लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण प्रतिवेदन उपर प्राप्त प्रतिक्रियासमेतको आधारमा वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

२. **प्रदेशको गठन -** संविधानको धारा ५६(३) अनुसार अनुसूची-४ मा उल्लेख भएबमोजिम ७ प्रदेश रहने व्यवस्था छ । प्रदेशको राजनैतिक तथा प्रशासनिक विभाजन निम्नानुसार छः

क्र.सं.	विवरण	इकाई	नेपाल	प्रदेश १	मधेश	वागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम
१.	कुल क्षेत्रफल	वर्ग कि.मि.	१४७५१६	२५९०५	९६६१	२०३००	२१५०४	२२२८८	२७९८४	१९८७४
२.	जिल्ला	संख्या	७७	१४	८	१३	११	१२	१०	९
३.	संघीय निर्वाचन क्षेत्र	संख्या	१६५	२८	३२	३३	१८	२६	१२	१६
४.	प्रादेशिक निर्वाचन क्षेत्र	संख्या	३३०	५६	६४	६६	३६	५२	२४	३२
५.	गाउँपालिका	संख्या	४६०	८८	५९	७४	५८	७३	५४	५४
६.	नगरपालिका	संख्या	२७६	४६	७३	४१	२६	३२	२५	३३
७.	उपमहानगरपालिका	संख्या	११	२	३	१	०	४	०	१
८.	महानगरपालिका	संख्या	६	१	१	३	१	०	०	०
९.	जनसंख्या (२०७८)	हजारमा	२९१९२	४९७२	६१२७	६०८४	२४८०	५१२४	१६९४	२७११

३. **प्रदेशको कार्य सञ्चालन -** संविधानको भाग १३ मा प्रदेशको कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित हुने संविधान र अन्य कानूनको अधीनमा रही प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा प्रदेश मन्त्रिपरिषद्मा रहने व्यवस्था छ । त्यसैगरी, भाग १४ मा प्रदेशको

व्यवस्थापिकासम्बन्धी व्यवस्था र भाग १५ मा प्रदेश व्यवस्थापन कार्यविधि अन्तर्गत प्रदेशसभाको व्यवस्थापिकीय अधिकार, प्रदेश सभामा विधेयक प्रस्तुत गर्ने, पारित गर्ने, फिर्ता लिने, प्रमाणीकरण गर्ने, अध्यादेश एवं विधेयक प्रमाणीकरणसम्बन्धी कार्यविधि उल्लेख छ ।

४. **प्रदेश आर्थिक कार्यप्रणाली -** संविधानको भाग १६ मा प्रदेश आर्थिक कार्यप्रणाली अन्तर्गत कानून बमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने, प्रदेश सञ्चित कोष, उक्त कोषबाट व्यय र उक्त कोषमाथि व्ययभार हुने रकम, राजस्व र व्ययको अनुमान, प्रदेश विनियोजन ऐन, पूरक अनुमान, पेस्की खर्च, उधारो खर्च एवं प्रदेश आकस्मिक कोषसम्बन्धी व्यवस्था छ । त्यसैगरी प्रदेश ऐनबमोजिम विनियोजित रकम एक शीर्षकबाट अर्को शीर्षकमा रकमान्तर गर्ने र आर्थिक कार्यविधिसम्बन्धी अन्य व्यवस्था प्रदेश ऐनबमोजिम हुने उल्लेख छ ।

५. **प्रदेश सञ्चित कोष** - संविधानको धारा २०४ अनुसार गुठी रकम बाहेक प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, अनुदान, ऋणलगायतका रकम प्रदेश सञ्चित कोषमा आम्दानी बाँधिने र सोही कोषबाट खर्च गर्ने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयहरूबाट प्राप्त प्रदेशगत सञ्चित कोषको विवरणअनुसार २०७७।७८ मा रू.२ खर्ब ५१ अर्ब ३९ करोड २८ लाख आम्दानी भएकोमा रू.१ खर्ब ८९ अर्ब ५३ करोड ८५ लाख (७५.४० प्रतिशत) खर्च गरी रू.६१ अर्ब ८५ करोड ४३ लाख बाँकी रहेको छ । खर्चमध्ये प्रदेश नं. १ मा रू.२७ अर्ब ९५ करोड १२ लाख, मधेश प्रदेशमा रू.२२ अर्ब ५४ करोड ५८ लाख, वाग्मती प्रदेशमा रू.३५ अर्ब ५९ करोड ४८ लाख, गण्डकी प्रदेशमा रू.२५ अर्ब ६२ करोड ३४ लाख, लुम्बिनी प्रदेशमा रू.३२ अर्ब १० करोड ३० लाख, कर्णाली प्रदेशमा रू.२२ अर्ब ७५ करोड २० लाख र सुदूरपश्चिम प्रदेशमा रू.२२ अर्ब ९६ करोड ८३ लाख खर्च भएको छ ।

६. **विभाज्य कोष -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार सवारीसाधन कर बापतको रकम प्रदेश विभाज्य कोषमा जम्मा गरी सोको ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । प्रदेश विभाज्य कोषमा यो वर्ष रू.१६ अर्ब ७२ करोड ६५ लाख जम्मा भएको मध्ये रू.१६ अर्ब ६१ करोड ३२ लाख बाँडफाँट गरेको छ भने प्रदेश नं. १ को आर्थिक मामिला तथा योजना मन्त्रालयले रू.११ करोड ३३ लाख बाँडफाँट नगरी बाँकी राखेको छ। ऐनको व्यवस्थाबमोजिम उक्त रकम बाँडफाँट हुनुपर्दछ ।

७. **सरकारी कार्यालयको लेखापरीक्षण** - संविधानको धारा २४१ अनुसार प्रदेश सभा, प्रदेश सरकार एवं सबै प्रदेश सरकारी कार्यालयको लेखा कानूनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्थाबमोजिम यो वर्ष सात प्रदेश मातहतका १ हजार ११९ कार्यालयको रू.२ खर्ब ९७ अर्ब १५ करोड ३८ लाख र १२ कार्यालयको बक्यौता रू.२ अर्ब ४१ करोड ६८ लाखसमेत रू.२ खर्ब ९९ अर्ब ५७ करोड ६ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ।

८. **अन्य संस्था तथा समितिको लेखापरीक्षण** - संविधानको धारा २४१ बमोजिम प्रदेश सरकार मातहतका ७८ अन्य संस्था तथा समितिको रू.१५ अर्ब **१४** करोड **४६** लाख र ३ समितिको बक्यौता समेत लेखापरीक्षण सम्पन्न गरिएको छ । यससम्बन्धी विवरण अनुसूची-४ मा संलग्न छ ।

९. **लेखापरीक्षण बक्यौता** - नेपालको संविधान तथा प्रचलित कानूनअनुसार सबै सरकारी कार्यालय, अन्य संस्था तथा समितिको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराउनुपर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार प्रदेश १ को ६, मधेश प्रदेशको १, कर्णालीको ४ र सुदूरपश्चिम प्रदेशको १ समेत १२ र समितितर्फ प्रदेश नं. १ को ९, मधेश प्रदेशको १, लुम्बिनीको १ र सुदूरपश्चिम प्रदेशको १ समिति समेत कुल २४ निकायको रू.१ अर्ब २८ करोड २९ लाख लेखापरीक्षण बक्यौता रहेको छ । यससम्बन्धी विवरण अनुसूची-३ मा छ।

१०. **पेस्की बाँकी** - प्रचलित कानूनअनुसार कार्यक्रम सञ्चालन तथा निर्माण तर्फको कार्य परिचालन र संस्थागत एवं कर्मचारी पेस्की निर्धारित समयभित्र फर्स्यौट गरी सक्नुपर्ने व्यवस्था छ । उक्त व्यवस्थाअनुसार प्रदेश सरकार मातहत सरकारी कार्यालय, अन्य संस्था र समितिको विगतदेखि २०७८ आषाढसम्म फर्स्यौट हुन बाँकी रहेको पेस्की रू.४ अर्ब १० करोड ७ लाख रहेको छ । यससम्बन्धी विवरण अनुसूची-८ मा छ।

११. **असुली -** प्रदेश सरकार मातहतका निकायबाट गत विगत वर्षको बेरुजू सम्परीक्षणको क्रममा रू.८ करोड ५९ लाख, चालु वर्षको लेखापरीक्षणको क्रममा रू.२ करोड १४ लाख र प्रारम्भिक प्रतिवेदन पठाएपछि रू.७३ लाखसमेत रू.११ करोड ४६ लाख असुल भएको छ। यससम्बन्धी विवरण अनुसूची-९ मा संलग्न छ ।

• नीति तर्जुमा, कानून निर्माण र कार्यान्वयन

१२. **नीति तर्जुमा र कार्यान्वयन -** प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले मन्त्रालयगत रूपमा नीति तथा कानून तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने उल्लेख छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले कार्य विभाजन नियमावलीमा उल्लिखित प्रदेश स्तरको आर्थिक स्थायित्व र मूल्य स्थिरता, राजस्व चुहावट नियन्त्रण, तथ्याङ्क सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा नीति तर्जुमा गरेको देखिएन । त्यस्तै, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले भूमि व्यवस्थापन, जग्गा नापजाँच, भू-उपयोग, घर जग्गा रजिष्ट्रेसन, दाखिल खारेज, स्वामित्व हस्तान्तरण एवं सुकुम्बासी, दलित, मुक्त कमैया जस्ता कार्यक्षेत्रअनुसार कार्य व्यवस्थापन गर्न बाँकी रहेको देखिन्छ ।

त्यसैगरी, भौतिक पूर्वाधार विकास मन्त्रालयले ऊर्जा, विद्युत, सिँचाइ सेवा विस्तार, लगानी प्रवर्द्धन, राष्ट्रिय जलस्रोत, सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन, सुरक्षित बसोबास एवं जग्गा एकीकरणसम्बन्धी नीति र सामाजिक विकास मन्त्रालयले प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी, महिला हकसम्बन्धी, लोपोन्मुख, सीमान्तकृत, गरीब, ज्येष्ठ नागरिकसम्बन्धी, रोजगारी प्रवर्द्धन, भाषा, संस्कृति तथा धर्मको संरक्षण र सामाजिक सुरक्षा तथा ट्रेड युनियनसम्बन्धी प्रादेशिक नीति तर्जुमा गरेको देखिँदैन । समयमै उक्त नीतिहरू तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१३. **कानून निर्माण** - संविधानको धारा ५७ मा प्रदेशको अधिकार अनुसूची-६ मा उल्लिखित विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग संविधान र प्रदेश कानूनबमोजिम हुने, साझा अधिकार संविधान, संघीय कानून, प्रदेश कानून र गाउँसभा वा नगरसभाले बनाएको कानूनबमोजिम हुने व्यवस्था छ । प्रदेश संसदको प्रथम अधिवेशनदेखि २०७७।७८ सम्म सबै प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट कानून निर्माणको लागि सैद्धान्तिक स्वीकृति लिई प्रदेश सभाबाट पारित गरी लागू भएको र कानून निर्माणको चरणमा रहेको देहायबमोजिम देखिन्छ ।

प्रदेश	कानून पारित भएको संख्या	प्रदेश सभामा पेस भई पारित हुन बाँकी संख्या
प्रदेश नं. १	४९	४९
मधेश प्रदेश	४४	५७
वाग्मती प्रदेश	६२	६७
गण्डी प्रदेश	५०	५३
लुम्बिनी प्रदेश	६७	७६
कर्णाली प्रदेश	३६	५८
सुदूरपश्चिम प्रदेश	४२	४६
जम्मा	**३५०**	**४०६**

सेवा प्रवाह तथा कार्यसञ्चालनका लागि आवश्यक कानून निर्माण गरी कार्यान्वयन गर्नुपर्ने देखिएको छ ।

१४. **संसदीय समितिको निर्णय कार्यान्वयन** - संविधानको धारा १९३ मा प्रदेश सभाले कार्य प्रणालीलाई व्यवस्थित गर्न विषयगत समिति गठन गर्न सक्ने व्यवस्थाअनुसार प्रदेश सभाहरूले प्रदेश मामिला, अर्थ तथा विकास, सार्वजनिक लेखा, शिक्षा, स्वास्थ्य तथा कृषि र उद्योग, पर्यटन तथा वातावरण लगायतका समिति गठन गरेका छन् । यसरी गठन भएका समितिहरूले २०७४।७५ देखि २०७७।७८ सम्म वाग्मती प्रदेश सभाले ६९१, गण्डकीले ८५१ निर्णय गरेको देखिन्छ । अन्य प्रदेशको समितिबाट भएका निर्णय तथा निर्देशनहरूको अभिलेख र कार्यान्वयनको स्थितिसम्बन्धी विवरण अद्यावधिक गर्न बाँकी रहेको देखिन्छ । समितिको निर्णय तथा निर्देशनहरूको कार्यान्वयन र पालना सम्बन्धमा अनुगमन गरी कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ ।

• राजस्व प्राप्ति र बाँडफाँट

१५. **राजस्व अनुमान र प्राप्ति -** सात प्रदेश सरकारले बजेट वक्तव्यमार्फत् २०७७।७८ मा कर राजस्व, गैरकर राजस्व, बाँडफाँटबाट प्राप्त हुने राजस्व र बेरुजू समेत रू.१ खर्ब १९ अर्ब ८२ करोड ५१ लाख प्रक्षेपण गरेकोमा रू.९० अर्ब ८६ करोड ३४ लाख (७५.८३ प्रतिशत) प्राप्त गरेको देखिन्छ । प्रदेश सरकारको राजस्वको आधार तथा क्षेत्रगत असुली प्रक्षेपणको तुलनामा न्यून रहेको छ । प्रदेशगत राजस्व प्रक्षेपण र असुली स्थिति देहायबमोजिम रहेको देखिन्छः

(रू.लाखमा)

प्रदेश	राजस्व प्रक्षेपण	राजस्व प्राप्ति (अनुदान बाहेक)	प्राप्ति प्रतिशत
प्रदेश नं. १	२०७८६१	१३१५४९	६३.२९
मधेश प्रदेश	१९१५५१	१२५९५५	६५.७६
वाग्मती	२५९६७७	२६६०१३	१०२.४४
गण्डकी	१२८८२३	९८०९३	७६.१५
लुम्बिनी	१४२६३५	१३४००७	९३.९५
कर्णाली	७६९६२	६७७२८	८८.००
सुदूरपश्चिम	१९०७४२	८५२८९	४४.७१
जम्मा	**११९८२५१**	**९०८६३४**	**७५.८३**

उल्लिखित तालिकाअनुसार राजस्व प्रक्षेपणको तुलनामा सबभन्दा न्यून असुली सुदूरपश्चिम प्रदेशको ४४.७१ प्रतिशत र सबभन्दा बढी वाग्मती प्रदेशको १०२.४४ प्रतिशत रहेको देखिन्छ । प्रदेशहरूको प्रक्षेपणअनुसार राजस्व सङ्कलन नभएकोले राजस्वको आधार विस्तार गर्दै आन्तरिक स्रोत परिचालन अभिवृद्धि गर्नुपर्दछ ।

१६. **राजस्व बाँडफाँट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४(च) को खण्ड ३ र ४ मा ढुङ्गा, गिट्टी, बालुवामा सङ्कलन गरिने कर प्रदेश र स्थानीय तहको साझा अधिकारको रूपमा रहने र सोको दर प्रदेशले निर्धारण गर्ने र स्थानीय तहले सङ्कलन गरी प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी प्रदेशले लागू गरेको कानूनअनुसार बाँडफाँट हुने उल्लेख छ । राजस्व बाँडफाँटसम्बन्धी कानून तथा मापदण्ड तर्जुमा गर्दा संघीय कानूनसँग नबाझिने गरी स्पष्ट कानुनी व्यवस्था गर्ने र सोको आधारमा राजस्व सङ्कलन तथा बाँडफाँट गर्नुपर्दछ । संघीय आर्थिक ऐन, २०७५ द्वारा उक्त व्यवस्था खारेज गरी दफा ६२क थप गरेर ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको बिक्रीबाट प्राप्त रकम स्थानीय सञ्चित कोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहको एकल अधिकार कायम भएको तर सो अनुरूप प्रदेश कानून संशोधन नगरेकोले सङ्कलित राजस्व बाँडफाँटमा अस्पष्टता देखिएको छ । ऐनको संशोधित दफा ६२क विपरीत हुने गरी संघीय मन्त्रिपरिषदले ढुङ्गा, गिट्टी, बालुवा बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ जारी गरेकोले उक्त करमा प्रदेश र स्थानीय तहको साझा अधिकार कायम गरेको देखिएबाट थप अस्पष्टता सिर्जना हुन गएको छ।

१७. **अग्रिम कर** - आर्थिक ऐनबमोजिम प्रदेश सरकार मातहतका निकायले २०७७।७८ मा भुक्तानीको स्रोतमा कट्टा गर्नुपर्ने व्यवस्था छ । प्रदेश नं. १ का ७ निकायले रू.१० लाख, मधेश प्रदेशका १६ निकायले रू.४० लाख, वाग्मती प्रदेशका ९ निकायले रू.११ लाख, गण्डकी प्रदेशका १३ निकायले रू.७ लाख, लुम्बिनी प्रदेशका १९ निकायले रू.३० लाख, कर्णाली प्रदेशका १६ निकायले २० लाख र सुदूरपश्चिम प्रदेशका १४ निकायले रू.१४ लाखसमेत रू.१ करोड ३२ लाख अग्रिम कर कट्टा नगरेकोले असुल गर्नुपर्ने देखिएको छ । यससम्बन्धी विवरण अनुसूची -१२ मा संलग्न छ ।

• बजेट अनुमान र खर्च

१८. **मध्यमकालीन खर्च संरचना** —प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नु अघि आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयहरूले आम्दानी र खर्च प्रक्षेपण गरे तापनि कार्यक्रमको लागत र समय खुलाई प्राथमिकीकरण गरेको पाइएन। आवधिक योजना, मध्यमकालीन खर्च संरचना र बजेट तर्जुमा गर्दा दिगो विकासका सूचकसँग समन्वय हुने गरी तयार गर्नुपर्दछ ।

१९. **स्रोत अनुमान र खर्च सीमा** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्रस्तावित बजेटको पुष्ट्याइका लागि प्रस्तावित योजना, कार्यक्रम लगायतका विवरण संलग्न गर्नुपर्नेमा प्रस्तावित बजेटको पुष्ट्याई नहुँदा बजेट विनियोजन र उपयोग दक्षतामा सुधार गर्नुपर्ने देखिएको छ । सबै प्रदेश सरकारबाट संसदमा आय-व्ययको अनुमानसहित पेस भएको बजेट तथा वार्षिक कार्यक्रमको कार्यान्वयन पक्ष कमजोर रहेको, वस्तुगत आधार बेगर योजना तथा कार्यक्रम संशोधन

गरेको, अपेक्षित प्रगति हासिल नभएको, लागत र प्रतिफलबीच समन्वय नरहेको, कार्यक्रम कार्यान्वयन गर्न नसकी बजेट समर्पण गरेको लगायतका व्यहोरा देखिएको छ । वार्षिक नीति तथा कार्यक्रममा उल्लिखित योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ । बजेटको मार्गदर्शन र सीमा यथार्थपरक हुनुपर्ने साथै बजेटलाई दिगो विकास लक्ष्यसँग आवद्धसमेत गर्नुपर्दछ ।

२०. **बजेट तथा खर्च** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा प्रदेश अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको लागि प्रदेश सभासमक्ष राजस्व र व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्थाबमोजिम प्रदेश सभाबाट स्वीकृत भएको २०७७।७८ को बजेट र खर्चको स्थिति निम्नानुसार रहेको छः

(रू.लाखमा)

प्रदेश	वार्षिक बजेट	चालु खर्च	पुँजीगत खर्च	अन्य खर्च	कुल खर्च	खर्च प्रतिशत
प्रदेश नं. १	४०८९९९	१२०८५२	१५८६६०	०	२७९५१३	६८.३४
मधेश प्रदेश	३३५७७५	८६४०७	१३९०५१	०	२२५४५८	६७.१४
वाग्मती	५१४२७४	१४१८६६	२०००८२	१४०००	३५५९४८	६९.२१
गण्डकी	३४८४२२	८०२७९	१७५९५५	०	२५६२३४	७३.५४
लुम्बिनी	३९१५४२	१३५९८८	१८५०४२	०	३२१०३०	८१.९९
कर्णाली	३३७४१३	८४७६७	१४२७५३	०	२२७५२०	६७.४३
सुदूरपश्चिम	३४६४५०	१०३६६३	१२६०२०	०	२२९६८३	६६.३०
जम्मा	**२६८२८७५**	**७५३८२२**	**११२७५६३**	**१४०००**	**१८९५३८६**	**७०.६५**

प्रदेशहरुको औसत खर्च बजेटको तुलनामा ७०.६५ प्रतिशत रहेकोमा सबभन्दा बढी लुम्बिनी प्रदेशको ८१.९९ र सबभन्दा कम सुदूरपश्चिम प्रदेशको ६६.३० प्रतिशत खर्च भएको देखिन्छ। कार्यान्वयनयोग्य कार्यक्रम र खर्च सिर्जना गर्ने स्पष्ट आधार बेगर बजेट अनुमान तथा प्रस्तुतिका कारण मन्त्रालयको विनियोजनअनुसार खर्च हुन नसकेको देखियो । कार्यान्वयन योग्य कार्यक्रमको आधारमा बजेट प्रस्ताव तथा खर्चको स्पष्ट आधार किटान गरी विनियोजन दक्षतामा प्रभावकारिता ल्याउनुपर्ने देखिएको छ ।

२१. **अबण्डा बजेट** - प्रदेश आर्थिक कार्यविधि ऐनमा कार्यक्रम बजेट स्वीकृत गर्नुपर्ने व्यवस्था विपरीत अर्थ विविध शीर्षकमा कार्यक्रम स्वीकृत बेगर एकमुष्ट बजेट राख्ने र पछि बाँडफाँट गरी पठाउने गरेको देखियो । यो वर्ष ७ प्रदेशले रू.१६ अर्ब ७६ करोड ४ लाख बजेट अबण्डा राखेको र आर्थिक मामिला तथा योजना मन्त्रालयले पछि बाँडफाँट गरी खर्च गरेका छन् । अवण्डा बजेटबाट आर्थिक वर्षको अन्त्यमा बाडँफाँट गर्नु बजेट सिद्धान्त विपरीत देखिँदा यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

२२. **रकमान्तर** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार स्वीकृत बजेटको रकम एक बजेट उपशीर्षक, स्रोत वा खर्च शीर्षकबाट अर्का बजेट उपशीर्षक स्रोत वा खर्च शीर्षकमा रकमान्तर गर्ने अधिकार आर्थिक मामिला तथा योजना मन्त्रालयको हुने व्यवस्था छ । यो वर्ष ७ प्रदेशको शुरु बजेट विनियोजन रू.२६ खर्ब ८२ अर्ब ८ करोड ७५ लाख भएकोमा रू.४४ अर्ब ४८ करोड ७४ लाख रकमान्तर गरेको छ। रकमान्तरमध्ये २०७८ आषाढ महिनामा मात्र प्रदेश नं.१ ले रू.४ करोड ७६ लाख, मधेश प्रदेशले रू.५६ करोड ८ लाख, वाग्मती प्रदेशले रू.१ अर्ब ६ करोड ४९ लाख, गण्डकी प्रदेशले रू.३ अर्ब ७९ करोड ७८ लाख, लुम्बिनी प्रदेशले रू.२ अर्ब ५० करोड ४४ लाख, र कर्णाली प्रदेशले १ अर्ब २ करोड २८ लाख रकमान्तर गरेको छन् । वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

२३. **प्रदेश आन्तरिक स्रोत परिचालन -** प्रदेश सरकारहरूको २०७७।७८ को कुल खर्च रू.१ खर्ब ८९ अर्ब ५३ करोड ८६ लाख रहेकोमा आन्तरिक स्रोतबाट रू.१ खर्ब २ अर्ब ६ करोड ४२ लाख (५३.८५ प्रतिशत) खर्च गरेको देखिन्छ । प्रदेशगत खर्चको स्थिति यस प्रकार छः

(रू.लाखमा)

प्रदेश	कुल खर्च	प्रदेश स्रोतबाट खर्च	खर्च प्रतिशत
प्रदेश नं .१	२७९५१३	१४५७९०	५२.१६
मधेश प्रदेश	२२५४५८	१२५९५५	५५.८७
वाग्मती	३५५९४८	२२९६६६	६४.५२
गण्डकी	२५६२३४	१४४५५५	५६.४२
लुम्बिनी	३२१०३०	१८१३७९	५६.५०
कर्णाली	२२७५२०	६७७२८	२९.७६
सुदूरपश्चिम	२२९६८३	१२५५६९	५४.६७
जम्मा	**१८९५३८६**	**१०२०६४२**	**५३.८५**

प्रदेश सरकारहरूले यो वर्ष गरेको कुल खर्चमध्ये आन्तरिक स्रोतबाट औसतमा ५३.८५ प्रतिशत र संघीय सरकारको स्रोतबाट ४६.१५ प्रतिशत खर्च गरेको देखियो । आन्तरिक स्रोतअन्तर्गत सबैभन्दा घटी कर्णाली प्रदेशको २९.७६ प्रतिशत र सबैभन्दा बढी वाग्मती प्रदेशले ६४.५२ प्रतिशत खर्च गरेको छ । आन्तरिक स्रोत परीचालन प्रभावकारी बनाउनु पर्ने देखिएको छ।

२४. **वर्षान्तमा अख्तियारी** - प्रदेश आर्थिक कार्यविधि ऐन तथा नियमावलीअनुसार विनियोजन ऐन जारी भएको ७ दिनभित्र अख्तियारी दिनुपर्ने व्यवस्था छ ।

२४.१. वाग्मती प्रदेश, भौतिक पूर्वाधार विकास मन्त्रालयले खानेपानी तथा सरसफाइ डिभिजन, भक्तपुरलाई रू.१६ करोड ९५ लाख, प्रादेशिक सडक डिभिजन कार्यालय, नुवाकोटलाई रू.११ करोड ६५ लाख, प्रादेशिक सडक डिभिजन कार्यालय, खुर्कोटलाई रू.११ करोड ९० लाख, पूर्वाधार विकास कार्यालय, सिन्धुपाल्चोकलाई रू.५ करोड ७० लाख र पूर्वाधार विकास कार्यालय, रामेछापलाई रू.७५ लाख खानेपानी तथा सरसफाइ डिभिजन, रामेछापलाई रू.१२ करोड ५ लाख समेत रू.५९ करोडको अख्तियारी वर्षान्तमा दिएको छ ।

२४.२. प्रदेश नं. १, आर्थिक मामिला तथा योजना मन्त्रालयबाट पूर्वाधार विकास कार्यालय, मोरङलाई रू.१५ लाख, खुम्बु पासाङ्ल्हामु गाउँपालिका, सोलुखुम्बुलाई रू.२५ लाख, भौतिक पूर्वाधार विकास मन्त्रालय मातहतका कार्यालयहरूलाई दायित्व भुक्तानी गर्न अपुग रकमका लागि रू.४ करोड ३ लाख, सामाजिक विकास मन्त्रालयले स्वास्थ्य कार्यालय इलाम र मोरङलाई क्रमशः रू.५ लाख र रू.१५ लाख समेत रू.४ करोड ६३ लाख वर्षान्तमा निकासा गरेको छ ।

वर्षान्तमा अख्तियारी प्रदान गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ।

२५. **संघीय कार्यालयलाई निकासा** — संघ र प्रदेश सरकारको कार्य विभाजन नियमावलीअनुसार आ-आफ्नो कार्यक्षेत्रअनुसार कार्य सञ्चालन र व्यवस्थापनका लागि नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, अनुगमन मूल्याङ्कन गर्ने व्यवस्था छ । उक्त व्यवस्थाअनुसार प्रदेश सरकारबाट स्वीकृत भएको बजेट सोही उद्देश्यअनुरूप खर्च गर्नुपर्नेमा संघीय मन्त्रालय तथा निकायको कार्यक्षेत्रभित्र पर्ने

कार्यमा प्रदेश मन्त्रालयहरु मार्फत् २७५ संघीय निकायहरुलाई रू.३ अर्ब ७२ करोड २६ लाख निकासा दिएका छन् । कार्यक्षेत्र भित्रको कार्य सञ्चालन र व्यवस्थापन गरी बजेट उपयोग गर्नुपर्ने देखिन्छ ।

२६. **अनुदान फिर्ता -** संघीय विनियोजन ऐन, २०७७ को दफा ४(१२) बमोजिम फ्रिज हुने गरी निकासा भएको अनुदान रकम खर्च नभएकोमा संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । संघीय सरकारबाट सातै प्रदेशलाई सशर्त, विशेष र समपूरक अनुदानमा रू.५५ अर्ब १५ करोड ३० लाख निकासा भएकोमा रू.४० अर्ब ८२ करोड ५७ लाख खर्च भई रू.१४ अर्ब ३२ करोड ७३ लाख बाँकी रहेको छ । बाँकी रकम संघीय सञ्चित कोष दाखिला हुनुपर्दछ ।

२७. **रकम फिर्ता -** कर्णाली प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले विकट जिल्लामा खाद्यान्न ढुवानी गर्न खाद्य व्यवस्था तथा व्यापार कम्पनीलाई रू.४ करोड ८३ लाख ७० हजार भुक्तानी दिएकोमा रू.३ करोड ६१ लाख ९५ हजार खर्च भएको उल्लेख गरी रू.१ करोड २१ लाख ७५ हजार मन्त्रालयमा फिर्ता गरेको छ । उक्त फिर्ता भएको रकम मन्त्रालयले प्रदेश सञ्चित कोषमा दाखिला नगरी विविध खातामा दाखिला गरेको हुँदा उक्त रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्दछ । साथै कम्पनीले खर्च लेखेको रू.३ करोड ६१ लाख ९५ हजारको खर्चको विवरणसहितको श्रेस्ता लेखापरीक्षणको लागि पेस नभएकोले उक्त श्रेस्ता लेखापरीक्षणको लागि पेस हुनुपर्दछ ।

• संगठन संरचना र कार्यक्षेत्र

२८. **संगठन र कर्मचारी व्यवस्थापन** - नेपालको संविधानको धारा ३०२ मा प्रदेश सरकारी सेवाहरूको गठन र सञ्चालनसम्बन्धी व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरणअनुसार नेपाल सरकारले प्रदेश सरकार अन्तर्गतका १ हजार १३१ निकायको लागि २४ हजार ७७ दरबन्दी स्वीकृत भएकोमा १४ हजार ८५७ पदपूर्ति भई ९ हजार २२० पद (३८.२९ प्रतिशत) रिक्त रहेका छन् । यससम्बन्धी प्रदेशगत विवरण निम्नानुसार छः

प्रदेश नं.	मन्त्रालय र निकाय संख्या	कुल दरबन्दी संख्या	पदपूर्ति संख्या	रिक्त संख्या
प्रदेश नं. १	२०१	३८८२	२२४२	१६४०
मधेश प्रदेश	१३०	३१३३	२०३७	१०९६
वागमती	१८४	३९०१	२३३३	१५६८
गण्डकी	१५५	३१७८	२२९५	८८३
लुम्बिनी	१७२	४४३६	२५८३	१८५३
कर्णाली	१४५	२८४८	१७५९	१०८९
सुदूरपश्चिम	१४४	२६९९	१६०८	१०९१
जम्मा	**११३१**	**२४०७७**	**१४८५७**	**९२२०**

द्रष्टव्यः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त विवरणमा प्रदेश मन्त्रालय तथा निकायको दरबन्दी २२ हजार २९७ रहेको देखिन्छ ।

स्वीकृत दरबन्दीअनुसार पदपूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

२९. **दोहोरो संरचना** - संविधानको अनुसूची-६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम कृषि, पशु, शिक्षा, स्वास्थ्यलगायतका कार्यक्रमहरु स्थानीय तहमा हस्तान्तरण भएकोमा प्रदेश तहमा समेत

कार्यालय स्थापना भएको देखिन्छ । स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रमको लागि प्रदेश तहमा एवं संघीय सरकारले खारेज गरेका क्षेत्रीय निर्देशनालयहरू समेत प्रदेश तहमा निर्देशनालयहरू स्थापना भएबाट काममा दोहोरोपना एवं प्रशासनिक खर्चमा वृद्धि हुने अवस्था देखिएको छ । प्रदेश सरकारअन्तर्गत कामको आवश्यकताको आधारमा मात्र कार्यालय स्थापना र कर्मचारी व्यवस्थापन हुनुपर्दछ । यस सम्बन्धमा निम्नानुसार व्यहोरा देखिएका छन्:

२९.१. पूर्वाधार विकास कार्यालय, झापाले सुखानी-दानाबारी-चिसापानी सडकमा कालोपत्रेसहितको सडक निर्माण गर्न निर्माणका लागि रू.४५ करोड ४७ लाख १६ हजारको खरिद सम्झौता गरी हालसम्म रू.२५ करोड ८९ लाख ९७ हजार खर्च भएको र सब-बेस सम्मको काम चालु रहेको अवस्थामा सोही सडकमा मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालयले २०७७।७८ देखि सुखानी-दानाबारी खण्डमा ३ पुल समेत निर्माण गर्ने कार्यको सम्झौता गरी हाल पुल निर्माण चालु रहेको छ । प्रदेश सरकारको योजना सञ्चालन भइरहेको कार्यस्थलभित्रै संघीय सरकारको आयोजनाबाट थप काम गराउँदा काममा दोहोरोपना हुन गएको देखिन्छ ।

२९.२. मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले विभिन्न ६ संघीय निकायहरूको भवन मर्मत, पार्क निर्माण लगायतका कार्य गरी रू.३ करोड १९ लाख र आन्तरिक मामिला तथा कानून मन्त्रालयले विभिन्न संघीय निकायको लागि गाडी, मोटरसाइकल खरिद, भवन निर्माण लगायतका कार्य गरी रू.१४ करोड ३८ लाख खर्च गरेको छ । संघीय सरकारबाट समेत उक्त कार्यमा खर्च भएको हुँदा कार्यमा दोहोरोपना भएको अवस्था देखियो ।

२९.३. सिँचाइ प्रयोजनका लागि स्यालो ट्युबवेल जडान गर्ने कार्य संघीय सरकार मातहतको भूमिगत जलस्रोत विकास समितिले गर्ने गरेकोमा प्रदेश सरकार मातहतको कृषि ज्ञान केन्द्र, धनगढीले पनि सञ्चालन गरी २६९ स्यालो ट्युबवेलमा रू.२ करोड १४ लाख ८५ हजार खर्च गरेको देखियो । त्यस्तै डीप ट्युबवेल र पावर स्यालोको काम प्रदेश सरकार मातहतको भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजनबाट हुने गरेको देखिन्छ । उल्लिखित सबै प्रकारको काम स्थानीय तहबाट पनि हुने गरेको छ भने धनगढी उप-महानगरपालिकाले मात्र ७५ स्यालो ट्युबवेलको काम गरेको देखिन्छ ।

३०. **कार्यक्षेत्र -** कर्णाली प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार आन्तरिक मामिला तथा कानून मन्त्रालयको मुख्य कार्य प्रदेशभित्र शान्ति सुरक्षा कायम गर्ने, नीति नियम तर्जुमा गर्ने, अन्य मन्त्रालयबाट तर्जुमा हुने कानूनमा राय परामर्श दिने रहेको छ । उक्त मन्त्रालयले रकमान्तरबाट नरहरिनाथ गाउँपालिका, कालिकोटलाई प्रशासकीय भवन निर्माण गर्न रू.२ करोड ७५ लाख निकासा गरेको छ । कार्य विभाजन नियमावली विपरीत मन्त्रालयको कार्यक्षेत्र बाहिर पर्ने असम्बन्धित कार्यक्रममा खर्च गरेकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

३१. **कार्य जिम्मेवारी -** सुदूरपश्चिम प्रदेशको, आन्तरिक मामिला तथा कानून मन्त्रालयले प्रदेश प्रहरी मुख्यालय भवन निर्माणको लागि बहुवर्षीय कार्यक्रम स्वीकृत गरी रू.२३ करोड ७६ लाख ७ हजारको सम्झौता गरेको छ। प्रदेश प्रहरीको स्थापना तथा सञ्चालनसम्बन्धी आवश्यक कानून तर्जुमा नहुँदै, मुख्यालय भवन निर्माणको ठेक्कापट्टाको प्रक्रिया शुरु गर्नु उपयुक्त होइन । उक्त भवन निर्माणका अतिरिक्त अन्य तीन प्रहरी कार्यालयको भवन निर्माणको कार्य पनि मन्त्रालयले सञ्चालन गरी यस वर्ष रू.५ करोड २ लाख १८ हजार खर्च गरेको छ। निर्माण प्रक्रिया शुरु गरेको मुख्यालय भवन निर्माण स्थानको जग्गाको

स्वामित्व प्रदेश सरकार मातहत रहेको छैन । यस प्रकारका निर्माण कार्य सञ्चालनस्तरका कार्यालयबाट गराई मन्त्रालय आफ्नो भूमिका र जिम्मेवारीमा केन्द्रित हुनुपर्दछ।

• प्रगति स्थिति

३२. **एकीकृत केन्द्रीय प्रगति** - प्रदेश आर्थिक कार्यविधि ऐनमा मन्त्रालयले मातहत कार्यालयबाट वार्षिक प्रगतिको विवरण लिई एकीकृत केन्द्रीय प्रगति विवरण तयार गरी त्यसको भौतिक र वित्तीय पक्षको सामूहिक समीक्षा गर्नुपर्ने व्यवस्था छ । यसरी समीक्षा गर्दा प्रगति कम हुनुका कारण र सोको जिम्मेवार व्यक्ति पहिचान गरी सुधारका लागि चाल्नुपर्ने कदम र प्रगति न्यून भएको सम्बन्धमा जिम्मेवार व्यक्ति उपर आवश्यक कारवाही समेत गर्नुपर्ने उल्लेख छ । प्रदेश मन्त्रालयहरूले उक्त व्यवस्थाअनुसार सबै कार्यालयबाट प्रगति लिई केन्द्रीय प्रगति विवरण तयार नगरेको कारण समग्र खर्च र उपलब्धिको अवस्था मूल्याङ्कन गर्न सकिएन । तोकिएको समयमा प्रगति विवरण नपठाउने कार्यालय प्रमुखको तलबसमेत रोक्का गर्न सकिने व्यवस्था भए तापनि प्रगति विवरण नपठाउने कार्यालयलाई कुनै कारबाही गरेको छैन। ऐनको व्यवस्थाबमोजिम एकीकृत केन्द्रीय प्रगति विवरण तयार गरी समीक्षा गर्नुपर्दछ ।

३३. **दिगो विकास लक्ष्य** - प्रदेशमा दिगो विकासका बारेमा जनचेतना अभिवृद्धि गर्ने, राष्ट्रिय दिगो विकास लक्ष्यसँग सम्बन्धित रणनीतिहरूमा सामान्जस्यता गर्ने, राष्ट्रिय स्तरका लक्ष्यहरूलाई प्रादेशिक सन्दर्भ अनुरूप बनाउने, अनुगमन मूल्याङ्कन गर्ने, स्थानीय तहका विकासका क्रियाकलापहरूको योजना, ढाँचा निर्माण, कार्यान्वयन र अनुगमनमा संलग्न गराउने एवं योजना र नीति तथा कार्यक्रममा दिगो विकासका सूचकहरूलाई समाहित गराई सोको आधारमा सञ्चालित आयोजना तथा कार्यक्रमको उपलब्धि मापन गर्ने कार्य गर्नुपर्नेमा कतिपय प्रदेशले शुरु गरेका छैनन् । प्रदेश नीति तथा योजना आयोग मार्फत् संघीय सरकार एवम् राष्ट्रिय योजना आयोगसँग समन्वय गरी प्रदेश सरकारले दिगो विकास लक्ष्य (२०१६-२०३०) का सूचकहरूलाई आन्तरिकीकरण गर्नुपर्दछ।

• अनुदान प्राप्ति र उपयोग

३४. **अनुदान वितरण एवं उपलब्धि -** प्रदेशहरूले विभिन्न प्रकारका अनुदान वितरण गर्न कार्यविधिहरू तर्जुमा गरेको देखिन्छ। यो वर्ष प्रदेशअन्तर्गत भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र मातहत निकायमध्ये प्रदेश नं.१ बाट रू.१ अर्ब २३ करोड ६२ लाख, मधेश प्रदेशबाट रू.२४ करोड १ लाख, वाग्मतीबाट रू.९९ करोड २८ लाख, गण्डकीबाट रू.२८ करोड ३७ लाख, लुम्बिनी प्रदेशबाट रू.१ अर्ब २१ करोड ४४ लाख, कर्णाली प्रदेशबाट रू.५८ करोड ४३ लाख र सुदूरपश्चिम प्रदेशबाट रू.१ अर्ब २८ करोड १३ लाख समेत रू.५ अर्ब ८३ करोड २८ लाख अनुदान वितरण गरेको देखिन्छ ।

अनुदान वितरण गर्ने प्रयोजनका लागि तयार गरिएको कार्यविधिको प्रक्रिया पूरा गरेरमात्र अनुदान वितरण गर्ने र कार्यविधि तर्जुमा गर्दा कानुनी आधार समेत स्पष्ट गर्नुपर्दछ । यद्यपि उद्देश्य अनुरूप अनुदान उपयोग भए नभएको, कृषि उपज संकलन, भण्डारण तथा विक्री कार्यमा परेको प्रभाव लक्षित उपलब्धि हासिल सम्बन्धमा अनुदान प्रदान गर्ने निकायले अनुगमन गरी उद्देश्य अनुरूप सञ्चालन भएको सुनिश्चितता सम्बन्धमा अनुगमन गरेको नपाइएकोले सो सम्बन्धमा अनुगमन मूल्यांकन हुनुपर्दछ ।

३५. **एकद्वार नीति** - कृषि, पशु तथा मत्स्य विकास कार्यक्रमको अनुदान एकद्वार प्रणालीबाट सञ्चालन हुन सकेमा पारदर्शिता हुने तथा दोहोरो पनाको अवस्था रहँदैन । संघीय सरकार, प्रदेश मन्त्रालय, पशु तथा

मत्स्य विकास निर्देशनालय, कृषि विकास निर्देशनालय, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तथा स्थानीय तह समेतबाट स्पष्ट नीति तथा कार्यक्रम र सीमा निर्धारण नगरी एकै प्रकृतिका अनुदान कार्यक्रम एकभन्दा बढी निकायबाट दिने गरेको र दिएको अनुदानको केन्द्रीकृत अभिलेख राख्ने नगरेबाट एकै व्यक्ति एवं संस्था पटक-पटक लाभान्वित हुने अवस्था छ । अनुदानबाट कृषकको आयस्तरमा परेको प्रभाव, कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि तथा रोजगारी सिर्जनालगायतका विषयमा अनुगमन भएको छैन । स्पष्ट कार्यक्रम र नीति तथा सीमा निर्धारण गरी एकद्वार प्रणालीबाट अनुदान दिने र दिएको अनुदानको उपयोग र उपलब्धि सम्बन्धमा अनुगमन गरी पारदर्शिता कायम गर्नुपर्दछ ।

३६. **अनुदानको उपयोग -** प्रदेश सरकारहरुबाट शीतभण्डार, धुलो दूध उत्पादन, दुग्धजन्य वस्तु उत्पादन लगायतका कार्य गर्न विभिन्न सहकारी तथा संस्थालाई अनुदान निकासा दिएको छ । उपलब्ध गराएको अनुदान रकमको सदुपयोग सम्बन्धमा अनुगमन, मूल्याङ्कन गरेको छैन । यस सम्बन्धमा देखिएको प्रमुख व्यहोरा देहायअनुसार छन्:

३६.१. प्रदेश नं. १ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट जारी कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६ को बुँदा ५(७) मा प्रदेश सरकार र अन्तर्गतका निकायबाट रू.५ करोडभन्दा बढी अनुदान प्रदान गर्ने भएमा त्यस्ता अनुदानका कार्यक्रमहरूमा प्रदेश सरकारको शेयर रहन सक्ने र सोको सञ्चालन प्रक्रियासमेत प्रदेश सरकारले तोकेबमोजिम हुने उल्लेख छ । मन्त्रालयले सहकारी ऐन, २०७४ बमोजिम गठन भएको एक सहकारी संघ लिमिटेडसँग इटहरीमा धूलो दूध उत्पादन गर्ने कारखाना सञ्चालन गर्न लागत अनुमान रू.३१ करोड ६ हजारमध्ये प्रदेश सरकारबाट रू.२० करोड व्यहोर्ने गरी २०७७।१२।२२ मा सम्झौता गरेको छ । सम्झौतामा कार्यक्रम सञ्चालन प्रक्रिया प्रदेश सरकारले तोकेबमोजिम हुने उल्लेख भए तापनि सञ्चालन प्रक्रिया र प्रदेश सरकारको संस्थामा भएको लगानी सम्बन्धमा केही उल्लेख नै नगरी यो वर्ष रू.७ करोड ८८ लाख अनुदान प्रदान गरेको छ । लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्नुअघि कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधिबमोजिम लगानीको सुनिश्चितताको आधार स्पष्ट गरेको पाइएन । सहकारी ऐनद्वारा गठित संस्थामा तोकिएको सीमाभन्दा बढी लगानी गरेकोले प्रदेश सरकारले उचित निर्णय लिई लगानीलाई सुरक्षित गराउनुपर्दछ।

३६.२. मधेश प्रदेशको हुलाकी राजमार्ग लक्षित दुग्ध मिसन कार्यक्रमको प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०७७ को बुँदा १० (२) मा सार्वजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ बमोजिम कार्यक्रम सञ्चालन गर्ने अनुदानग्राहीलाई अनुदान रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ। प्रदेश अन्तर्गतका ८ जिल्लामा दुग्ध उत्पादन/कृषि सहकारी संस्था/दुध उत्पादनमा संलग्न संगठित कृषक समूह, समितिहरू मध्येबाट प्रत्येक जिल्लाका ३ वटाको दरले २४ वटा छनौट गरेकोमा सोमध्ये १८ वटा संस्थालाई रू.२ करोड १९ लाख ५१ हजार अनुदान दिएको छ । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले सहकारी संस्था मार्फत् गरेको खर्चबाट राजस्व, रोजगारी, उत्पादन, सेवा जस्ता क्षेत्रमा भएको उपलब्धि मूल्याकंन गरेको छैन । अनुदानग्राही संस्थाहरूले खरिद ऐन तथा नियमावलीमा व्यवस्था भएको खरिद विधि छनौटदेखि लागत अनुमान तयार गर्ने तथा लागत अनुमानको आधारमा प्रतिस्पर्धात्मक विधि छनौट गरी खरिद गर्ने र प्राप्त मालसमान स्पेसिफिकेशनबमोजिम समयमै प्राप्त भए नभएको यकिन गर्ने जस्ता कुनै पनि प्रक्रियाहरू अबलम्बन नगरी सिमित आपूर्तकसँग रु ५ लाख भन्दा बढीको एकै प्रकृतिका

मोटरसहितको चापकटर र मिल्क क्यान जस्ता सामानहरू खरिद गरी मन्त्रालयमा बिल भरपाई पेस गरेको आधारमा रकम निकासा भएको छ ।

त्यस्तै सञ्चालन कार्यविधि, २०७७ को बुँदा ९ (२) मा प्रदेश सरकारको कार्यक्रम कार्यान्वयनमा सम्बन्धित प्राविधिकबाट प्रमाणित गराउनुपर्ने र कार्य सम्पन्न प्रतिवेदन तथा सुपरिवेक्षकको सिफारिसको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेकोमा मन्त्रालयले भए तापनि गोठ मर्मत सुधार कार्यको कार्य सम्पन्न प्रतिवेदन बेगर १४ संस्थालाई रू.१ करोड ४६ लाख २९ हजार अनुदान दिएको छ । कार्यक्रम सञ्चालनसम्बन्धी विधि र मापदण्ड कार्यान्वयन नभएको अवस्थामा अनुदान भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

३६.३. वाग्मती प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको ७० प्रतिशत र साझेदार सहकारी संस्थाको ३० प्रतिशत लागत साझेदारीमा शीतभण्डार निर्माण कार्यको लागि ८ साझेदार संस्थाबाट रू.३१ करोड ८८ लाख ४२ हजार प्राप्त हुनुपर्नेमा रू.१६ करोड ५४ लाख ९ हजार मात्र प्राप्त भएको छ। साझेदार संस्थाले आफूले वहन गर्नुपर्ने ३० प्रतिशत रकम सम्बन्धित स्थानीय तहले व्यहोरेको देखिएकोले ८ साझेदार संस्थाबाट सम्झौताबमोजिम रू.१५ करोड ३४ लाख ३३ हजार प्राप्त हुन बाँकी देखिन्छ । उक्त रकम प्राप्त गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

लेखापरीक्षण अवधिसम्म रू.१८ करोड ८८ लाख २९ हजारको लागतमा निर्माणाधीन ५ शीतभण्डारहरूको लागि यो वर्ष रू.४ करोड ३४ लाख ४८ हजार खर्च भएको छ । साझेदार संस्थाहरूको लागत साझेदारीबाट प्राप्त रकम रू.६ करोड ३८ लाख २२ हजार समेत थप लगानी भएको छ । निर्माणाधीन ५ शीतभण्डारहरूको स्वामित्व सम्बन्धित साझेदार संस्थाहरूकै नाममा रहेको देखियो । शीतभण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ को दफा ४ अनुसार प्रदेश सरकारको एकल लगानीमा सञ्चालन हुने वा भएका शीतभण्डार गृहहरू बाहेक शीतभण्डार गृहको सम्पत्ति माथिको स्वामित्व सम्बन्धित स्थानीय तहको हुने व्यवस्था रहेको हुँदा शीतभण्डारको सम्पत्ति माथिको स्वामित्व, सञ्चालन व्यवस्थापनको जिम्मेवारी र प्राप्त प्रतिफल सम्बन्धित स्थानीय तहको हुनुपर्दछ ।

३६.४. विशेष अनुदानसम्बन्धी कार्यविधि, २०७५ मा प्रदेशको हकमा रू.१० करोड रुपैयाभन्दा कम लागत भएको आयोजनामा विशेष अनुदान प्रदान नगर्ने उल्लेख छ । यस वर्ष गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालयले स्वास्थ्य क्षेत्र सुदृढीकरण तथा शिक्षा क्षेत्रको विकास आयोजना अन्तर्गत रू.२२ करोड विशेष अनुदान प्राप्त गरेकोमा मन्त्रालयको लागि रू.१ करोड २३ लाख, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रलाई रू.८ करोड ६४ लाख, १२ अस्पताललाई रू.४ करोड ६ लाख तथा ११ स्वास्थ्य कार्यालयलाई रू.१ करोड ६ लाख समेत जम्मा रू.१४ करोड ९९ लाख बाँडफाँट गरी निकासा दिएको छ । संघीय विशेष अनुदान निश्चित आयोजनाको लागि खर्च गर्नुपर्नेमा प्रदेशस्थित सम्पूर्ण कार्यालयलाई बाँडफाँट गरेकोले अनुदानको उद्देश्य अनुरूप खर्च भएको देखिएन । कार्यविधिको पालना गरी निर्धारित आयोजनामा खर्च हुनुपर्दछ।

३६.५. लुम्बिनी प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयबाट १२ लाभग्राही समूह तथा फर्मलाई यस वर्ष रू.८ करोड ५८ लाख ७३ हजार भुक्तानी समेत हालसम्म रू.११ करोड ५५ लाख ४८ हजार भुक्तानी भएको छ । शीत भण्डार निर्माण अनुदान कार्यविधि, २०७५ को दफा ११ (ग) अनुसार अनुदान प्राप्त गर्ने संस्थाको नाममा जग्गा भएको वा २० वर्षको जग्गाको भोगाधिकारको करारनामा

पत्रको प्रतिलिपि पेश गर्नु पर्नेमा सोको प्रमाण पेश गरेको देखिएन। व्यक्तिको नाममा भएको जग्गामा २० वर्षे भोगाधिकार हुने शर्तमा करोडौं रकम लगानी गर्ने र त्यसबाट लाभग्राहीले पाउने प्रतिफल सुनिश्चित नहुने स्थिति छ । सम्झौताअनुसार अनुदान पाउने सहकारी संस्थाहरूले समूह सदस्यहरूलाई सुलभ सेवा दिनुपर्ने व्यवस्था भएकोमा मन्त्रालयबाट शीत भण्डार सञ्चालकले लाभग्राही समुदायसँग लिने सेवा शुल्क तथा भण्डारण अवधि सम्बन्धमा सम्झौता नहुँदै अनुदान दिने गरेबाट निर्मित शीतभण्डारबाट लाभग्राही समुदाय लाभान्वित हुनसक्ने अवस्था देखिएन । शीत भण्डार सञ्चालन सम्बन्धमा पर्याप्त अध्ययन विश्लेषण नगरी शीत भण्डार निर्माण अनुदान दिएकोले कृषकले उक्त शीतभण्डारबाट सहुलियत सेवा प्राप्त गर्नसक्ने देखिएन ।

३६.६. कर्णाली प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले उपलब्ध गराएको विवरणअनुसार ८ जिल्लाका १५१ उद्यमीले रू.३१ करोड ५७ लाख विभिन्न वित्तीय तथा सहकारी संस्थाबाट ऋण लिई उद्योग सञ्चालन गरेको उल्लेख गरी यो वर्ष रू.७५ लाख ३९ हजार व्याज अनुदान दिएको उल्लेख छ। मन्त्रालयले सम्बन्धित जिल्लाहरूबाट उद्यमीले लिएको ऋणको परिचालनबाट उद्योगजन्य गतिविधि सञ्चालन गरेको सुनिश्चित हुने तथा कार्यविधिले तोकेअनुसारको अनुगमन तथा प्रतिवेदन पेस गरेको छैन। मन्त्रालयबाट तोकिएको प्रयोजनमा ऋण प्रयोग भएको र प्रदेश सरकारले उपलब्ध गराएको ब्याज अनुदानको उपयोग भएको सम्बन्धमा आश्वस्त हुनुपर्दछ ।

३६.७. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सुदूरपश्चिमले कैलाली र कञ्चनपुर जिल्लाका कृषि रासायनिक मल वितरण गर्न ७० सहकारी संस्थालाई मल अनुदान दिएको छ । अनुदानका लागि मन्त्रालयले साल्ट ट्रेडिङ्ग कर्पोरेशनसँग सम्झौता गरी रू.७१ लाख ३६ हजार भुक्तानी गरेको छ। संघीय सरकारले मल खरिदमा अनुदान दिएको अवस्थामा प्रदेशले पनि छुट्टै सम्झौता गरी मल अनुदान दिएको छ । यस कार्यक्रमबाट ७५० कृषकलाई सहकारी मार्फत् न्यूनतम ५० बोरादेखि अधिकतम ५०० बोरा मल दिइएको छ। उक्त सहकारी संस्था मार्फत् कार्यक्रम सञ्चालन गर्ने कार्यविधि तयार नगरेको, मलको गुणस्तर नाँपजाँच नभएको र वितरणको आधार तयार गरेको छैन मल वितरण एवं प्रयोगको सम्बन्धमा अनुगमन गरी रासायनीक मलको प्रयोग सम्बन्धमा हुने दुरूपयोग नियन्त्रण गर्नुपर्दछ ।

३६.८. सुदूरपश्चिम प्रदेशको कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को बुँदा नं. ७ बमोजिम तोकिएको प्रक्रिया पूरा भएकासँग सम्झौता गरी अनुदान दिन सकिने व्यवस्था छ । कृषि ज्ञान केन्द्र, कन्चनपुरले निजी नाफामूलक उद्योगलाई व्यक्तिको नाममा कायम रहेका जग्गामा भवन निर्माणको अनुदान दिन बजेटमा रकम समावेश गरी मूल्याङ्कित रकमको ५० प्रतिशत अनुदान भनी रू.५४ लाख ५३ हजार भुक्तानी दिएको छ । व्यक्तिगत रूपमा फाईदा हुने गरी निजी फर्मलाई भुक्तानी दिन मिल्ने नदेखिएकोले कार्यक्रम स्वीकृत गर्नेलाई जिम्मेवार बनाई भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ।

• आर्थिक सहायता

३७. **आर्थिक सहायता -** असहाय, विपन्न वर्ग, अशक्त तथा गम्भीर प्रकृतिका रोगी आर्थिक सहायता वितरण गरेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरू देहायअनुसार छः

३७.१. मधेश प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत स्थापित मुख्यमन्त्री राहत कोषबाट आर्थिक सहायता उपलब्ध गराउनेसम्बन्धी निर्देशिका, २०७६ मा असहाय, विपन्न वर्ग, अशक्त तथा गम्भीर

प्रकृतिको रोग भएमा राहत कोषबाट बढीमा रू.३ लाख रुपैयाँ, र आर्थिक अवस्था कमजोर भएकालाई रू.५० हजारसम्म आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था छ। यो वर्ष राहत कोषबाट मन्त्रिपरिषद्को निर्णयअनुसार ५ जना पदाधिकारी, १०९ जना सर्वसाधारण व्यक्ति र १० संघ संस्थालाई रू.१५ हजार देखि रु १७ लाखसम्म भुक्तानी दिई रू.१ करोड ९० लाख ३० हजार आर्थिक सहायता दिएको छ। कोषबाट निर्देशिकामा उल्लेख भएको भन्दा वढी तथा निर्देशिकामा उल्लेख नभएको कार्यमा समेत आर्थिक सहायता दिएकोले निर्देशिका विपरीत आर्थिक सहायता दिने कार्यमा नियन्त्रण हुनुपर्दछ।

३७.२. गण्डकी प्रदेश सरकारले जारी गरेको आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०७६ मा व्यक्तिगत सहायता रू.२५ हजार र संस्थागत सहायता रू.१ लाखसम्म मुख्यमन्त्रीको तोकआदेशबाट सोझै र सोभन्दा माथिको रकम मन्त्रिपरिषद्को निर्णयबाट दिन सकिने व्यवस्था छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यस वर्ष विपन्न परिवारका सदस्यलाई औषधि उपचार, खेलकुद प्रतियोगिता, लोकसेवा तयारी कक्षा सञ्चालन लगायतको कार्यमा २६८ जनालाई रू.२ करोड आर्थिक सहायता वितरण गरेको छ । गत वर्ष रू.५८ लाख १५ हजार वितरण गरेकोमा यो वर्ष गत वर्षको तुलनमा ३.४४ गुणा बढी सहायता वितरण गरेको देखिन्छ। यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

३७.३. सुदूरपश्चिम प्रदेश सरकारले आर्थिक सहायता तथा उपचार खर्चसम्बन्धी निर्णय गर्दा मापदण्ड तयार नगरी प्रदेश मन्त्रिपरिषद्को पटके निर्णयको आधारमा आर्थिक मामिला तथा योजना मन्त्रालयले अर्थ विविध शीर्षकबाट रू.२५ लाख ९८ हजार निकासा दिएको छ । कार्यविधि तथा मापदण्ड तयार गरेरमात्र आर्थिक सहायता तथा उपचार खर्च दिने व्यवस्था गर्नुपर्दछ ।

• सार्वजनिक खरिद व्यवस्थापन

३८. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम प्रतिस्पर्धात्मक विधि र प्रक्रिया अवलम्बन गरी खरिद कार्य गर्नुपर्नेमा यो वर्ष ६ प्रदेशले रू.४७ करोड १५ लाख लागतको विभिन्न सडक र अन्य निर्माण कार्य सोझै गराई खर्च लेखेका छन्। मधेश प्रदेश, गण्डकी प्रदेश, कर्णाली र सुदूरपश्चिमसमेत ४ प्रदेशले रू.१८ करोड ६५ लाखको फर्निचर, ल्यापटप, प्रिन्टर, औषधि, आदि सामान सोझै खरिद गरेको छन् । सार्वजनिक खरिद ऐन तथा नियमको व्यवस्था पालना गर्नुपर्दछ ।

३९. **पाइप/फिटिङ्स मौज्दात -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा सार्वजनिक निकायले खरिद कारबाहीको तयारी गर्दा आवश्यकता पहिचान गर्नुपर्ने व्यवस्था छ । यो वर्ष ७ प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गतका ३१ निकायले आर्थिक वर्षको अन्तमा मौज्दात बाँकी रहने गरी रू.१ अर्ब २३ करोड २५ लाखका पाइप तथा फिटिङ्गस खरिद गरी मौज्दात राखेको पाइयो । आयोजनाको प्रगति र आवश्यकताको आधारमा खरिद गनुपर्नेमा बजेटको आधारमा खरिद गरेकोले मौज्दात रहन गएको देखिन्छ । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

४०. **सवारीसाधन खरिद -** सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नेसम्बन्धी मापदण्ड, २०७७ को दफा ७ (१) अनुसार नेपाल सरकार वा वैदेशिक ऋणको स्रोतबाट सवारीसाधन खरिद नगरिने र खरिद गर्नुपरेमा अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र खरिद गर्न सकिने व्यवस्था छ । यो वर्ष प्रदेश नं. १ ले रू.१४ करोड ५२ लाख, मधेश प्रदेशले रू.२४ करोड ७० लाख, वाग्मती प्रदेशले रू.१६ करोड ३४ लाख, गण्डकी प्रदेशले रू.९ करोड ९९ लाख, लुम्बिनी प्रदेशले रू.२१ करोड ८६ लाख, कर्णाली प्रदेशले रू.१

करोड ७२ लाख, र सुदूरपश्चिम प्रदेशले रू.७ करोड ६९ सहित रू.९६ करोड ८२ लाखको सवारीसाधन खरिद गरेको देखियो । सवारीसाधन खरिद गर्दा कतिपय कार्यालयले मापदण्डको पालना गरेको नदेखिँदा मापदण्डको पालना गरी सवारीसाधन खरिदमा मितव्ययिता कायम गर्नुपर्दछ ।

कर्णाली प्रदेश मन्त्रिपरिषद्बाट २०७५।२।२० गते प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को अधिनमा रही सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७५ जारी भएको छ । उक्त निर्देशिकामा सभामुखलाई बढीमा रू.७० लाखसम्मको सवारी साधन खरिद गर्नसक्ने व्यवस्था रहेको देखिन्छ । मन्त्रिपरिषद्बाट २०७५।८।२९ मा उक्त निर्देशिका पहिलो संशोधन गर्दा सवारी साधनको अधिकतम सीमाको मापदण्ड नै हटाएको देखियो । प्रदेश सभाले सभामुखको प्रयोजनको लागि आवश्यक सवारी साधन २०७६।११।१३ मा खरिद गरी २०७७।८।३० मा अर्थात् ९ महिनापछि रू.१ करोड ७२ लाख भुक्तानी दिएको छ। आवश्यकताको आधारमा संशोधित मापदण्डअनुसार खरिद गरेको उल्लेख गरे पनि मापदण्डको प्रस्तावनालाई ध्यानमा राखी खरिद कार्य भएको देखिएन । यस्ता विषयमा सुधार हुनुपर्दछ।

४१. **उपभोक्ता समिति परिचालन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रू.१ करोडसम्म लागत अनुमान भएको निर्माण कार्यमा वा सोसँग सम्बन्धित सेवा उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ । उल्लिखित व्यवस्था विपरीत उपभोक्ता समितिबाट कार्य गराएका केही उदाहरण देहायअनुसार छन्:

४१.१. प्रदेश नं. १ को उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले मूल्य अभिवृद्धि कर, ओभरहेड र कन्टेन्जेन्सीबाहेकको लागत अनुमान तयार गरी रू.२ करोड ६१ लाख ६३ हजारको २ योजनाको काम २ उपभोक्ता समितिबाट गराएकोले नियमसम्मत देखिँदैन ।

४१.२. मधेश प्रदेश अन्तर्गत पूर्वाधार विकास कार्यालय, धनुषा र रौतहटले सीमाभन्दा बढीका ३ सडक निर्माण कार्य उपभोक्ता समितिबाट गराई रू.२ करोड ७९ लाख २६ हजार भुक्तानी गरेको छ । त्यसैगरी पूर्वाधार विकास कार्यालय, धनुषाले महोत्तरी जिल्लाको गौशालामा एक बहुउद्देश्यीय भवन निर्माण गर्न रू.९९ लाख ७६ हजारको लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिबाट काम गराई रू.९९ लाख २६ हजार भुक्तानी गरेको छ। उक्त लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड र कन्टिजेन्सीको रकम समावेश गर्दा रू.१ करोड २९ लाख ६४ हजार हुने भएकाले सो कार्य उपभोक्ता समितिबाट गराएको कानून सम्मत देखिएन ।

४१.३. वाग्मती प्रदेश अन्तर्गत खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, मकवानपुरले राक्सिराङ खानेपानी आयोजनालाई ७ स्किममा विभाजन गरी रू.३ करोड ८७ लाख २५ हजारको कार्य उपभोक्ता समिति मार्फत् गराएको छ । यसैगरी सो कार्यालयले रू.१ करोड २२ लाख २६ हजारको आँपखोला खानेपानी योजना उपभोक्ता समिति मार्फत् गराई दुई रनिङ बिलबाट ओभरहेड घटाई रू.९६ लाख ६५ हजार भुक्तानी भएको छ । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, रामेछापले रू.१ करोड माथिका ७ योजनाहरू उपभोक्ता समितिसँग सम्झौता गरी रू.८ करोड ३५ लाख ६९ हजार भुक्तानी गरेको छ। शहरी विकास तथा भवन कार्यालय, मकवानपुरले एक उपभोक्ता मितिलाई बाटो ढलान गर्ने कार्यको दुई वटा प्याकेज बनाई रू.१ करोड ३० लाख ३३ हजारको कार्य गराई रू.९१ लाख १३ हजार भुक्तानी गरेको नियमसम्मत देखिँदैन ।

४१.४. गण्डकी प्रदेश अन्तर्गत खानेपानी तथा सरसफाई विकास डिभिजन कार्यालय, गोरखाले रू.४ करोड ७२ लाख ८८ हजार लागत अनुमान भएका ४ योजनाहरू र जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय, स्याङ्जाले रू.७ करोड ४९ लाख ९६ हजार लागत अनुमान भएको ७ निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराएको छ । तोकिएको सीमाभन्दा बढीको कार्य उपभोक्ता समितिबाट गराउन मिल्दैन ।

४१.५. लुम्बिनी प्रदेश अन्तर्गत खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बाँके, दाङ र पाल्पाले २३ खानेपानी आयोजनामा उपभोक्ता समितिहरूसँग रू.२४ करोड ५५ लाख लागत अनुमानका योजनाहरू सम्झौता गरी रू.१० करोड ५२ लाख भुक्तानी दिएकोले सीमाभन्दा बढीको कार्य गराउनु नियमसम्मत देखिएन।

४१.६. कर्णाली प्रदेश अन्तर्गत खानेपानी, सिँचाइ तथा ऊर्जा विकास निर्देशनालय, सुर्खेतले दुई उपभोक्ता समितिबाट रू.१ करोड ६१ लाख ४४ हजार, खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, मुगुले एक उपभोक्ता समितिबाट रू.१ करोड १ लाख ३५ हजार, जुम्लाले २ उपभोक्ता समितिबाट रू.२ करोड ९२ लाख २७ हजार र सल्यानले रू.१ करोड ४८ लाख ७८ हजार समेत रू.७ करोड ३ लाख ८४ हजारको सिँचाइ तथा खानेपानीसम्बन्धी काम गराई रकम भुक्तानी दिएको नियमसम्मत देखिँदैन ।

४१.७. सुदूरपश्चिम प्रदेश अन्तर्गत जलस्रोत तथा सिँचाइ विकास डिभिजन, दार्चुला र बाजुराले रू.१ करोडभन्दा बढी लागत अनुमान भएका ४ आयोजनाको कार्य उपभोक्ता समितिबाट गराई भुक्तानी दिएको देखियो। लागत सहभागिता बाहेक रू.१ करोडभन्दा बढीको लागत अनुमान हुने कामलाई प्रतिस्पर्धा नगराउने उद्देश्यले लागत सहभागिता समावेश नगरी ४ आयोजनाको रू.४ करोड ५१ लाख ४० हजारको कार्य उपभोक्ता समितिबाट गराउने कार्य नियमसम्मत देखिएन ।

४२. **जनसहभागिता -** उपभोक्ता समितिमार्फत् कार्य गराउँदा नियमानुसार जनसहभागिता कट्टा नभएका व्यहोरा निम्नानुसार छन्:

४२.१. खानेपानी नीति, २०७१ को दफा ९.१३ मा आधारभूत सेवास्तरको खानेपानी तथा सरसफाइ आयोजना निर्माण गर्दा खर्चको १० देखि २० प्रतिशतसम्म उपभोक्ता समुदायबाट योगदान गरिने व्यवस्था छ। सो बमोजिम सम्पूर्ण खानेपानी योजनाहरूमा २० प्रतिशतले जनसहभागिता रहने गरी लागत अनुमान स्वीकृत गरेकोमा खानेपानी तथा सरसफाइ डिभिजन, मकवानपुरले १३ खानेपानी योजनाको रू.५ करोड ३५ लाख ४९ हजार र सिन्धुपाल्चोकले ५४ खानेपानी योजनाको रू.३ करोड ६४ लाख ८ हजार र धादिङले १० खानेपानी योजनाको रू.१ करोड ५१ लाख ६३ हजार भुक्तानी दिँदा उपभोक्ता समितिको योगदान कट्टा नगरी पुरै भुक्तानी गरेको देखिन्छ । सम्झौताबमोजिम लागत सहभागिता रहने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

४२.२. गण्डकी प्रदेशको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापनसम्बन्धी कार्यविधि, २०७५ को दफा ६ (३च) र उपभोक्ता समितिसँग भएको सम्झौताअनुसार मन्त्रालयको अनुदान र उपभोक्ता समितिको श्रमदानलाई आधार मानी बिल भुक्तानी गर्दा उपभोक्ता समितिको योगदानको अंश कट्टा गरी भुक्तानी दिनुपर्दछ । सामाजिक विकास मन्त्रालयले १३ योजनामा उपभोक्ता समितिलाई भुक्तानी गर्दा सम्झौता अनुसार अनुपातिक रूपमा उपभोक्ताको योगदान कट्टी नगरी रू.३४ लाख ९४ हजार बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

४२.३. लुम्बिनी प्रदेश पूर्वाधार, खानेपानी, वन र कृषिसम्बन्धी ३ कार्यालयका ४० योजनामा रू.७४ लाख ५२ हजारको सम्झौता भन्दा कम जनसहभागिता प्राप्त भएको छ । उपभोक्ता समितिले रकम प्राप्त गर्ने काममा बढी आकर्षित हुने र जनसहभागिताको काममा ध्यान नदिने अवस्था देखिएकोले जनसहभागिताबाट गर्ने कामको लागि चाहिने रकम काम शुरु गर्नु अघिनै नगद योगदानको रूपमा जम्मा गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

४३. **जटिल प्रकृतिको कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, डोजर लगायत हेभी मेसिन प्रयोग गर्ने नपाइने व्यवस्था छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

४३.१. खानेपानी, सिँचाइ तथा ऊर्जा विकास निर्देशनालय, सुर्खेतले आर.सी.सी. फ्रेम स्ट्रक्चर सहितका पुल, कल्भर्ट, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराएको पाइयो । यो वर्ष २०४ उपभोक्ता समितिबाट खानेपानी, सिँचाइ कुलो, नदी नियन्त्रण तथा ऊर्जातर्फका योजनामा कार्य सम्पन्न प्रतिवेदनको आधारमा रू.२२ करोड ५६ लाख ५५ हजार भुक्तानी दिएको छ । ती योजनामा गुणस्तर र प्रतिस्पर्धा कायम हुने गरी ठेक्का व्यवस्थापन गरी व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट गराउनुपर्नेमा जटिल प्रकृतिको कार्य पनि उपभोक्ताबाट गराएको औचित्यपूर्ण देखिएन ।

४३.२. पूर्वाधार विकास कार्यालय, सुर्खेत र सल्यानका २७ उपभोक्ता समितिसँग नयाँ बाटो निर्माण गर्न तथा बाटो स्तरोन्नतिको कार्य गर्न सम्झौता गरी कार्यादेश दिएकोमा उपभोक्ताले उक्त कार्य आफैं नगरी निर्माण व्यवसायीबाट गराएको देखियो । कार्यालयले उपभोक्ताको अंश कट्टी नगरी रू.६६ लाख ३६ हजार बढी भुक्तानी गरेको छ । उक्त रकम असुल गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

४४. **अधुरा निर्माण कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा १२० मा खरिद सम्झौताको अवधि थप गर्न सकिने व्यवस्था छ । उल्लिखित व्यवस्थाबमोजिम म्याद नभएको तथा भएर पनि वर्षौंसम्म पनि कार्य सम्पन्न नभएको अवस्था देखिन्छ । यससम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

४४.१. जलश्रोत तथा सिँचाइ विकास डिभिजन, खोटाङले २०७६।७७ मा प्राप्त बजेटबाट २०७७।३।२५ भित्र सम्पन्न गर्ने गरी रू.२ करोड ७१ लाख २७ हजार लागत अनुमान रहेका ४ सिँचाइ योजनाहरू उपभोक्ता समितिबाट कार्य गराउन रू.२ करोड ४ लाख १३ हजारको सम्झौता गरी कार्य प्रारम्भ गरेकोमा १ योजनाका उपभोक्ता समितिलाई रू.५ लाख पेस्की दिएको र बाँकी ३ योजनामा रू.७० लाख ७३ हजार भुक्तानी भै सकेकोमा २०७७।७८ मा ती योजनामा बजेट स्वीकृत नभएका कारण अधुरो अवस्थामा रहेका छन् । योजना अधुरो रहँदा लगानीको प्रतिफल प्राप्त भएको छैन ।

४४.२. जलस्रोत तथा सिँचाइ विकास डिभिजन, धनुषा अन्तर्गत २२ ठेक्काको काम समयमा सम्पन्न नभई अधुरो अवस्थामा रहेको देखिएको छ। उक्त ठेक्कामध्ये २०७८ आषाढ मसान्तमा १९ ठेक्काको सुरु अवधि समाप्त भै सकेको र ४ वटाको थप भएको म्याद समेत समाप्त भैसके तापनि कार्य सम्पन्न नभएको र ती ठेक्काको म्याद थप गर्दै आएको देखिन्छ। २०६७।६८ देखि २०७४।७५ सम्मका १३ ठेक्काको सम्झौता रू.७७ करोड ८५ लाख ८२ हजारमध्ये रू.६० करोड ६१ लाख ९० हजार भुक्तानी भएको छ। उल्लेखित ठेक्कामध्ये १० ठेक्काका निर्माण व्यवसायीले यो वर्ष काम सुचारु गरेका छैनन् । दुई

निर्माण व्यवसायीलाई दिएको पेस्की रू.१ करोड १२ लाख ८० हजार जमानतको म्याद समाप्त भैसकेको एक निर्माण व्यवसायीसँग २०६७।६८ मा सम्झौता भएकोमा ८८ प्रतिशत भुक्तानी भैसक्दासमेत रू.९७ लाख ६ हजार पेस्की बाँकी नै रहेको देखिन्छ। उक्त पेस्कीको वार्षिक १० प्रतिशतले ब्याजसहित असुल हुनुपर्दछ। उक्त योजनाहरु १० वर्षदेखि अधुरो रहेकोले खरिद सम्झौताबमोजिम कारबाही गरी सम्पन्न गराउनुपर्दछ।

४४.३. जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, सप्तरीले २०७२।७३ र २०७३।७४ मा ठेक्का सम्झौता भई साविक जलउत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय, लहानबाट जिम्मेवारी सरी आएका ११ ठेक्काको सम्झौता रकम रु १८ करोड ६८ लाख ८० हजार रहेकोमा हालसम्म रू.११ करोड ५३ लाख ८९ हजार भुक्तानी भए तापनि योजनाहरू अधुरो अवस्थामा रहेका छन् । ती ठेक्काको लागि म्याद थप भएको अवधि समेत समाप्त भइसकेको छ । म्याद थपको लागि तालुक निकायमा फाइल पठाएको जनाए तापनि निर्णय भएको छैन । समयमा निर्माण कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई सार्वजनिक खरिद कानून तथा सम्झौताबमोजिम कारबाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

४४.४. शहरी विकास तथा भवन कार्यालय, मकवानपुरले भरतपुर महानगरपालिका वडा नम्बर २३ मा ज्येष्ठ नागरिक भवन निर्माण कार्यको लागि उपभोक्ता समितिसँग रू.२८ लाख ८० हजारको सम्झौता गरेकोमा प्राविधिक मूल्याङ्कनबमोजिम ४५.४२ प्रतिशत कार्यको भवनको विस्तृत आयोजना प्रतिवेदन र नक्साबेगर रू.१३ लाख ८ हजार भुक्तानी भएकोमा । आगामी वर्ष उक्त भवनको बाँकी कार्य गर्न बजेटसमेत विनियोजन नभएकोले भवन निर्माण कार्य अधुरो रहेको छ । सम्झौताबमोजिमको कार्य नभई अधुरो रहेको अवस्थामानै निर्माण सम्पन्न भएको सिफारिस गर्ने वडा अध्यक्ष प्राविधिकलाई जिम्मेवार बनाउनुपर्दछ।

४४.५. सडक पूर्वाधार कार्यालय, अर्घाखाँचीले बागी खोला सोते पुल २०७९।३।३० सम्म निर्माण गर्ने गरी २०७७।१२।२० मा एक निर्माण व्यवसायीसँग रू.२ करोड १४ लाख ४५ हजारको सम्झौता गरेकोमा निर्माण स्थलको छनौट, रुख कटान, मुआब्जा विवाद समाधान एवं वातावरणीय अध्ययन प्रतिवेदन लगायतका समस्या समाधान नभएको कारण पुल निर्माण कार्य सुरु भएको छैन ।

४४.६. पूर्वाधार विकास कार्यालय, कैलालीको कृष्ण मन्दिरदेखि गोदावरी-१२, बांद्रेखालसम्मको सडक निर्माणका लागि रू.९ करोड ३५ लाख ४७ हजार लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट २०७८।१०।१९ सम्ममा काम सम्पन्न गर्नेगरी एक संयुक्त उपक्रमसँग २०७७।०४।२० मा रू.५ करोड ८४ लाख २५ हजारको सम्झौता गरेको देखिन्छ । निर्माण कार्य समयमा शुरु नभएको र निर्धारित समयमा कार्य सम्पन्न हुने आधार नदेखिएकोले २०७७।११।२८ सम्ममा निर्माण कार्य अगाडि बढाउन निर्माण व्यवसायीलाई पटक- पटक पत्राचार गरेकोमा कुनै जवाफ पेस नगर्दा पनि सार्वजनिक खरिद कानूनअनुसार कारबाही गरेको छैन । सम्झौताको शर्त एवम् सार्वजनिक खरिद कानूनको प्रक्रिया पुरा गरी निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।

४५. **नर्म्स र दर विश्लेषण -** पूर्वाधार विकास कार्यालय, धनुषाले निर्माण कार्यको दर विश्लेषण गर्दा ढलान (कंक्रिटिङ्ग) कार्यमा मेसिन मिक्स र म्यानुयल मिक्स छुट्टाछुट्टै दर विश्लेषण तयार गरी दररेट निर्धारण गर्नुपर्नेमा म्यानुअल मिक्सको मात्र नर्म्स प्रयोग गरी दररेट तयार गरेको कारण सडक ढलान तथा

भवनको छत ढलान कार्यहरूमा पनि म्यानुअल मिक्सकै दरअनुसार मूल्याङ्कन गरी भुक्तानी गरेकोले ३३ योजनामा रू.१ करोड ४३ लाख ८९ हजार थप व्ययभार परेको छ ।

४६. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा एकमुष्ट कार्य सम्पादनको आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन गर्न नसकिने व्यवस्था छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा देहायअनुसार छन्:

४६.१. पूर्वाधार विकास कार्यालय, मोरङले ८ योजनामा मूल्य समायोजनबापत भुक्तानी गरेकोमा सम्झौता बमोजिम वीजक रकममा प्रोभिजनल सम, नयाँ आइटम र अग्रिम भुक्तानी घटाई मूल्य समायोजन गर्नुपर्दछ। अग्रिम भुक्तानी बाहेक अन्य रकम घटाएको देखिएन । कार्यालयले एउटै प्रकारका सम्झौता गर्दा ३ योजनामा अग्रिम भुक्तानी घटाएर समायोजन गणना गरेको र ८ योजनामा नघटाई रू.१ करोड ३८ लाख ९८ हजार बढी भुक्तानी गरेको छ । सबै योजनामा सम्झौतामा उल्लिखित रकम घटाएर मूल्य समायोजन दिनुपर्दछ ।

४६.२. पूर्वाधार विकास कार्यालय, पाँचथरले एक निर्माण व्यवसायीलाई पुल निर्माणको बिल भुक्तानी गर्दा कार्यालयले सम्झौतामा रहेको इक्युप्मेन्ट युसेजको इन्डेक्सबाट नगरी दुबै इन्डेक्सको औसत प्रयोग गरी मूल्य समायोजन गणना गरी भुक्तानी गरेकोले रू.१२ लाख ६ हजार बढी भुक्तानी दिएको छ ।

४६.३. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९(१) मा सार्वजनिक निकायले मूल्य समायोजन गर्न सकिने कुरा खरिद सम्झौतामा उल्लेख गर्नुपर्नेमा धनुषाको गणेशमान चारनाथ नगरपालिका स्थित बालुवा खोलामा पुल निर्माण कार्य गर्न एक निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको विशेष शर्तमा उक्त व्यवस्था नराखेकोले मूल्य समायोजन भुक्तानी गर्न मिल्ने देखिएन । पूर्वाधार विकास कार्यालय, धनुषाले निर्माण व्यवसायीलाई भुक्तानी दिएको मूल्य समायोजन रू.६३ लाख २५ हजार र सोको मूल्य अभिवृद्धि कर समेत रू.७१ लाख ४८ हजार असुल हुनुपर्दछ।

४६.४. यातायात पूर्वाधार निर्देशनालय, कास्कीले लमसम प्रकृतिको डिजाइन एण्ड बिल्ट कन्ट्रयाक्टको सम्झौता गर्दा सम्झौतामा मूल्य समायोजन भुक्तानी दिने प्रावधान राखी ३ ठेक्कामा रू.६१ लाख २९ हजार समेत रू.१ करोड ३२ लाख ७७ हजार मूल्य समायोजन बापत भुक्तानी गरेकोले थप व्ययभार परेको छ ।

४७. **कार्यसम्पादन जमानत -** प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, धनुषाले बोलपत्र मार्फत् दुई प्याकेजमा रू.६ करोड ४४ लाख ९१ हजारको मेसिन औजार खरिद गरेको छ। बोलपत्रदाताले पहिलो प्याकेजको लागत अनुमान रू.६ करोड ३२ लाख ४० हजार रहेकोमा रू.३ करोड ७५ लाख ३९ हजार (४०.६४ प्रतिशत घटी) मा कबोल गरेको र दोस्रो प्याकेजको सामानको लागत अनुमान रू.३ करोड २० लाख ४९ हजार रहेकोमा रू.२ करोड ६९ लाख ५३ हजार (१५.९० प्रतिशत घटी) मा कबोल गरेको छ। ऐनमा भएको व्यवस्थाबमोजिम उक्त दुई प्याकेजको लागि रू.९९ लाख ७२ हजारको कार्यसम्पादन जमानत लिनुपर्नेमा ५ प्रतिशतले हुने रू.१८ लाख ७७ हजार जमानत पेस गरी सम्झौता गरेकोले नपुग रू.८० लाख ९५ हजारको थप कार्यसम्पादन जमानत आपूर्तिकर्ताबाट पेस गराउनुपर्दछ ।

४८. **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रनिङ बिलको भुक्तानी गर्दा खरिद सम्झौतामा उल्लेखित काम सम्पन्न भएको आधारमा बिल तयार गरी भुक्तानी गर्नुपर्नेमा व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

४८.१. साझेदारीमा आधारित एक स्थानीय तह एक कृषि बाली उत्पादन विशेष कार्यक्रमको लागि कृषि विकास कार्यालय, जुम्लाले ४ योजनामा सम्झौताबमोजिम नभएको कामको समेत अनुपात निर्धारण गरी कार्यालयको अंश सबै भुक्तानी दिएको रू.८ लाख ४६ हजार, डिभिजन वन कार्यालय, उदयपुरले प्रोभिजनल सम आइटमको भुक्तानी गर्दा निर्माण व्यवसायीले रू.१० लाख ८९ हजार मात्रको बिल पेस गरेकोमा कार्यालयले उक्त आइटममा रहेको रू.२५ लाख नै भुक्तानी गरेकोले बिलभन्दा बढी भुक्तानी गरेको रू.१४ लाख ११ हजार, पूर्वाधार विकास कार्यालय, जुम्लाले लागत अनुमानको दरभन्दा बढी दरमा भुक्तानी गरेको रू.६० लाख ४० हजार, पूर्वाधार विकास कार्यालय, दैलेखले रामाघाट-कालिकोट सडक र महाबु अस्पताल भवन निर्माण गर्दा २ निर्माण व्यवसायीलाई नापजाँचभन्दा बढी परिमाणको भुक्तानी गरेको, क्रमशः रू.४ लाख ३४ हजार र रू.१८ लाख ४९ हजार समेत रू.२२ लाख ८३ हजार खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, मुगुले ३ उपभोक्ता समितिलाई क्यानल निर्माण, तटबन्ध र ढुङ्गा फिलिङ्ग कार्यको कामको बढी भुक्तानी तथा खरिद परिमाणभन्दा बिलमा बढी परिमाण राखी भुक्तानी दिएको रू.१२ लाख ७२ हजार सोही कार्यालयले १० उपभोक्ता समिति मार्फत् सिँचाइ योजनाको काम गर्दा आर.सी.सी.आइटमको काम तोकिएकोभन्दा बढी दरमा भुक्तानी दिँदा बढी भुक्तानी भएको रू.५४ लाख ७० हजार र खानेपानी तथा सरसफाइ डिभिजन, सप्तरीले जोडजम्मा फरक पारी २ योजनामा बढी भुक्तानी भएको रू.१९ लाख २७ हजार समेत रू.१ करोड ९२ लाख ४८ हजार बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

४८.२. कृषि विकास कार्यालय, मुगुले तीनमुखेदेखि लावाबान्नासम्म सिँचाइ योजनाको ६० एम.एम. साइजको एच.डी.पी.पाइप खरिद र खन्ने पुर्ने कार्य उपभोक्ता समिति मार्फत् गराई प्राविधिक कार्यालयले निर्माण कार्यको मूल्याङ्कन रू.२८ लाख ८६ हजार गरेको छ । उपभोक्ता समितिले एक आपूर्तकबाट १ हजार मिटर पाइप खरिद गरी रू.१४ लाख ६९ हजारको कर वीजक र निर्माण स्थलसम्म पाइप ढुवानी गरेको साधनको भरपाई पेस गरेको आधारमा कार्यालयले रू.२२ लाख २० हजार भुक्तानी गरेको देखियो । कार्यालयको २०७८।३।२५ को प्रतिवेदनमा पाइप खरिद भए पनि जडान हुन बाँकी रहेको उल्लेख गरेको छ । पाइपको लागि खाडल खन्ने पुर्ने काम सम्पन्न नहुँदै रू.९ लाख ४९ हजार मूल्याङ्कन भई भुक्तानी भएको र खरिद गरेको पाइप प्रयोग नभई हिनामिना हुने जोखिम रहेको देखियो । कार्य सम्पन्न नहुँदै नापी तथा मूल्याङ्कन गर्ने पदाधिकारी र भुक्तानी दिने समेतलाई जिम्मेवार बनाई सम्झौताअनुसारको कार्यसम्पन्न गराउनुपर्दछ ।

४९. **हेलिकोप्टर भाडा -** वाग्मती प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट सिन्धुपाल्चोकको लिदीमा २०७७।४।२६ गते गएको पहिरोबाट प्रभावित परिवारलाई रू.१ लाख ११ हजार मुल्यका मुल्यका दाल, चामल, स्वास्थ्य सामग्रीलगायतका राहत सामग्री वितरण गर्न मुख्य मन्त्रीसहितको टोलीले १२ पटक नेपाली सेनाको हेलिकोप्टर प्रयोग गरेको देखिन्छ । उक्त हेलिकोप्टरको भाडा बापत ३.१५ घण्टाको रू.२५ लाख ६८ हजार भुक्तानी दिएको देखिन्छ । त्यसैगरी एक निजी वायुसेवा कम्पनीको हेलिकोप्टर ३ पटक प्रयोग गरेबापत रू.३ लाख भुक्तानी दिएको छ । हेलिकोप्टर भाडामा लिई रू.१ लाख ११ हजारको राहत वितरण गर्न रू.२८ लाख ६८ हजार खर्च गरेको छ । यस्तो अनुत्पादक खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• आयोजना कार्यान्वयन

५०. **आयोजनाको स्वीकृति** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ तथा नियमावलीमा रू.१० लाखभन्दा बढी रकमको विकास आयोजनाको बजेट तर्जुमा गर्दा सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलसमेतको विचार गरी प्रदेश सरकारबाट आयोजना स्वीकृत भएको हुनुपर्ने र स्वीकृत आयोजनाको विस्तृत सर्वेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान निश्चित गरी वार्षिक बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था भए तापनि सोअनुसार कार्यान्वयन भएको देखिएन । ऐन नियमबमोजिम योजना छनौट तथा बजेट व्यवस्था गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन्:

५०.१. पूर्वाधार विकास कार्यालय, मोरङले यो वर्ष २१ परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदनको कार्य गराई रू.२ करोड १८ लाख ४३ हजार भुक्तानी गरेको छ । विस्तृत आयोजना प्रतिवेदन तयार गर्दा कार्यालयको जनशक्ति प्रयोग हुन नसक्ने कारण स्पष्ट गरेको छैन । सबै परामर्श कार्य मौजुदा जनशक्ति प्रयोग नगरी वाह्य जनशक्तिबाट नगराउने कार्यमा नियन्त्रण हुनुपर्दछ।

५०.२. पूर्वाधार विकास कार्यालय, धनुषाले १० योजनाको विस्तृत आयोजना प्रतिवेदन तयारीको लागि गरी रू.५१ लाख ८३ हजार खर्च लेखेको छ। सोमध्ये वार्षिक कार्यक्रममा समावेश नभएका ६ योजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गरी रू.२९ लाख ७५ हजार खर्च लेखेको छ । ती प्रतिवेदनहरू कार्यान्वयन हुने सुनिश्चितता देखिएन । यसरी स्वीकृत नै नभएको योजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

५०.३. यो वर्ष मधेश प्रदेश अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले पुँजीगत तर्फको सरसफाइ संरचना निर्माण शीर्षकबाट रू.६८ लाख ९६ हजार र पुँजीगत अनुसन्धान तथा परामर्श शीर्षकबाट रू.२ करोड १६ लाख ९ हजारसमेत रू.२ करोड ८५ लाख ५ हजार खर्च गरी ३२ योजना तथा कामको विस्तृत आयोजना प्रतिवेदन तयार गरेको देखियो। ती प्रतिवेदनहरू कार्यालयको जिन्सी खातामा अभिलेख नराखेको तथा आयोजनाहरू कार्यान्वयन हुने स्थिति समेत देखिएन। कार्यान्वयन हुन नसक्ने योजनाको विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

५०.४. वाग्मती प्रदेश भौतिक पूर्वाधार मन्त्रालय र मातहतका निकायहरूबाट सडक, सिँचाइ, खानेपानी, भवन, मठमन्दिर, धर्मशाला, सामुदायिक भवन, खेलकुद मैदान लगायतका निर्माणसम्बन्धी विभिन्न परियोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न पुँजीगत अनुसन्धान तथा परार्मशमा रू.४८ करोड ५३ लाख बजेट व्यवस्था भएकोमा यो वर्ष रू.२४ करोड ३५ लाख २२ हजार खर्च लेखेको छ । सोमध्ये रू.११ करोड ८९ लाख ७७ हजार मन्त्रालयले र बाँकी रू.१२ करोड ४५ लाख ४४ हजार मातहत कार्यालयहरूले विस्तृत आयोजना प्रतिवेदन निर्माण तथा अध्ययन अनुसन्धानमा खर्च गरेको देखिन्छ । कार्यक्रममा तहगत दोहोरोपना देखिएकोले तयार भएको डी.पी.आर. को कार्यान्वयन गर्ने प्रतिवद्धतासमेत नजनाएको, नीतिगत तथा रणनीतिगत कार्यान्वयनलाई आश्वस्तता दिने अवस्था पनि नरहेकोले खर्चको उपलब्धि मापन गर्न सक्ने अवस्था छैन ।

५०.५. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा विस्तृत परियोजना प्रतिवेदनसम्बन्धी व्यवस्था छ । सडक पूर्वाधार विकास कार्यालय, रोल्पा जिल्लाले वाग्दुला-बहाने-सौलिबाङ्ग सडकको चेनेज ०+०००

देखि ३+३८८ किलोमिटर सम्मको सडक निर्माण कार्यका लागि परामर्शदाताले पेश गरेको विस्तृत परियोजना प्रतिवेदनमा योजनाको लागत अनुमान रू.२२ करोड ६५ लाख ३८ हजार उल्लेख छ। कार्यालयबाट सडक विभागको स्वीकृत नर्म्स तथा स्पेसिफिकेशन र चालु वर्षको जिल्ला दररेट अनुसार परीक्षण गर्दा रू.९ करोड ८७ लाख ३८ हजार लाग्ने देखिएकोले मन्त्रालयबाट तयार गरिएको उक्त योजनाको विस्तृत लागत अनुमान अस्वाभाविक देखिएको छ । उक्त खर्चको छानबिन गरी परामर्श सेवा लिने र तयार गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

५०.६. सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालयले ५ विद्यालय निर्माणका लागि विस्तृत आयोजना प्रतिवेदन तयार गर्न रू.७८ लाख ६९ हजार खर्च गरेको मध्ये ४ वटामा संघीय सरकारको लागत सहभागिता हुने गरी विद्यालय भवनको संरचना निर्माण गर्न रू.९९ करोड १४ लाखको लागत अनुमान तयार भएकोमा संघीय सरकारबाट १ विद्यालयको लागि मात्र रू.१ करोड प्राप्त भएको छ । उक्त संरचनाहरू निर्माण गर्न स्रोत व्यवस्थापन हुने अवस्था नभए तापनि विना प्रतिस्पर्धा रू.७९ लाख ३३ हजारको परामर्श सेवा खरिद कार्य सोझै गराएको छ ।

• परामर्श सेवा खर्च

५१. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(१) मा कार्यालय जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्र बाह्य परामर्शदाताबाट सेवा खरिद गर्न सक्ने व्यवस्था छ । परामर्श सेवा खरिद सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन्:

५१.१. वाग्मती प्रदेश, भौतिक पूर्वाधार विकास मन्त्रालयले विभिन्न कार्यक्रमको सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन, गुरुयोजना अध्ययन प्रतिवेदन लगायतका परामर्श सेवामा १४९ योजनाको ८७ प्याकेज बनाई रू.११ करोड ८९ लाख ७७ हजारको विस्तृत परियोजना प्रतिवेदन लागत अनुमानकै हाराहारीमा बाह्य जनशक्तिबाट सेवा खरिद गरेको छ।

५१.२. भौतिक पूर्वाधार विकास मन्त्रालय, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय रूपन्देही, बाँके, प्युठान, सहरी विकास तथा भवन निर्माण कार्यालय दाङसमेतले योजनाहरूको सर्भे, डिजाइन, विस्तृत परियोजना प्रतिवेदन आदि कामको लागि परामर्श सेवा खरिद गरी रू.३५ करोड ६५ लाख ४४ हजार नर्म्स बेगर भुक्तानी गरेको देखियो । नर्म्स तर्जुमा गरी सो कार्यलाई व्यवस्थित गर्नुपर्दछ । सर्भे, डिजाइन, विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्यको लागि पूर्ण रूपमा परामर्शदातामाथि भर पर्ने गरेको विद्यमान अवस्थामा सुधार हुनुपर्दछ ।

५१.३. कर्णाली प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले उद्योग स्थापनाको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न १२ परामर्शदातालाई रू.१ करोड ४२ लाख १४ हजार भुक्तानी गरेको छ। उपलब्ध प्राविधिक जनशक्तिबाट विस्तृत परियोजना प्रतिवेदन तथा लागत अनुमानसम्बन्धी काम हुनसक्ने, नसक्ने विश्लेषण नगरी बाह्य परामर्शदाताको सेवामा खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

५१.४. प्रदेश सरकार मातहत रहेका कार्यालयको वार्षिक कार्यक्रम स्वीकृत गर्दा कार्यक्षेत्रको आधारमा गर्नुपर्ने व्यवस्था छ । प्रदेश नं. १ मा रहेका पूर्वाधार विकास कार्यालयको कार्यक्षेत्रमा सडक तथा पुल र झोलुङ्गेपुल एवं शहरी विकास तथा भवन कार्यालयको कार्यक्षेत्रमा सरकारी भवन तथा अन्य भवन निर्माणका पूर्वाधारहरू तोकिएको छ । शहरी विकास तथा भवन निर्माण कार्यालय ओखलढुंगामा आठौं

तहका प्राविधिक कर्मचारी प्रमुख र एक जना सेवा करारको इन्जिनियर मात्र कार्यरत रहेकोमा यो वर्ष ३ जिल्लाका ८ सडक योजनाको डी.पी.आर. तयार गर्ने कार्यमा परामर्श सेवाबाट गराई रू.४५ लाख ७० हजार खर्च गरेको छ । सम्झौतामा परामर्शदाताले विस्तृत परियोजना प्रतिवेदनको ड्राफ्ट प्रतिवेदन कार्यालय समक्ष पेस गर्ने र कार्यालयले औंल्याएको व्यहोरासमेत समावेश गरी फाइनल प्रतिवेदन दिनुपर्ने शर्त रहेको छ । परामर्शदाताको कामको मूल्याङ्कन गर्ने जनशक्ति बेगर तथा कार्य क्षेत्रमा नरहेको सडक निर्माण कार्यको विस्तृत परियोजना प्रतिवेदन तयार गरी खर्च गर्नु उपयुक्त देखिएन ।

• प्रदेश गौरवका आयोजना

५२. **कार्यान्वयन स्थिति -** प्रदेश नं. १, वाग्मती, गण्डकी र सुदूरपश्चिम प्रदेशले प्रदेश रुपान्तरणकारी आयोजनाका रूपमा प्रदेश गौरवका आयोजना सञ्चालन गरेको देखिन्छ । उक्त आयोजनाको बजेट व्यवस्थापन, प्रगति स्थिति र खर्च व्यवस्थापन सम्बन्धमा सुधार गर्नुपर्ने देखिएको छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा देहायबमोजिम छन्:

५२.१. प्रदेश नं १ सरकारले विराटचोक-घिनाघाट सडकलाई ४ लेनमा निर्माण गर्न प्रदेश गौरवको आयोजना घोषणा गरी २०७८।३।२९ सम्म सम्पन्न गर्ने लक्ष्य लिएकोमा यो वर्षसम्म रू.४६ करोड ८० लाख ६६ हजार खर्च गरी लागत अनुमानको ३६.६५ प्रतिशत मात्र भौतिक प्रगति भएको छ । उक्त सडक ३ प्याकेजमा ठेक्कापट्टा गरी सञ्चालन गरेकोमा ठेक्का अवधिभित्र सम्पूर्ण काम सम्पन्न हुन नसकी २०७९।३।२८ सम्म म्याद थप गरेको छ । थप भएको अवधि भित्र कार्य सम्पन्न गर्नुपर्दछ।

५२.२. वाग्मती प्रदेशले प्रदेश गौरवको रुपान्तरणकारी आयोजनाको रूपमा पोष्ट बहादुर बोगटी (भीमफेदी कुलेखानी) सुरुङ मार्ग को निर्माण कार्य संघीय सरकारको सहकार्यमा आगामी चार वर्षमा सम्पन्न गर्नेगरी घोषणा गरेको छ । स्वीकृत विस्तृत आयोजना प्रतिवेदनबमोजिम भीमफेदी बजारदेखि कुलेखानीसम्मको ३.४२५ किलोमिटर सुरुङ मार्ग निर्माणको लागि रू.१९ अर्ब ३२ करोड, लाग्ने देखिन्छ । तर यो वर्ष बजेट विनियोजननै गरेको देखिएन । यस कार्यको लागि विस्तृत परियोजना प्रतिवेदन तयारीमा गत वर्ष भएको खर्च रू.१ करोड ५५ लाख ५४ हजार र यस वर्ष सोही विस्तृत आयोजना प्रतिवेदनको पुनरावलोकन गर्न भनी रू.५१ लाख ९७ हजार खर्च भएको छ । योजना कार्यान्वयनको सुनिश्चितता नहुँदा परामर्शमा भएको खर्च प्रतिफलविहीन हुने देखिएको छ।

५२.३. गण्डकी प्रदेश सरकारले विशेष महत्वका आयोजना तथा कार्यक्रमहरूलाई विशेष सुविधा र प्राथमिकता निर्धारण गरेर कार्यान्वयन गर्न सार्वजनिक क्षेत्रले निर्माण गर्ने १३ र नेपाल सरकारसँग स्रोत माग गरिएका रुपान्तरणकारी आयोजना ५ समेत १८ आयोजनाहरुलाई प्रदेश गौरवको आयोजनाको रूपमा पहिचान गरी कार्यान्वयनमा ल्याएको छ । पहिचान भएका आयोजनाहरुको कूल लागत र अवधि नखुलाइएको, न्यून बजेट विनियोजन भएको र विनियोजित बेजेट पनि खर्च गर्न नसकेको, नियमित अनुगमन नभएको आदि कारणले आयोजनाको प्रगति हुन सकेको देखिएन यस्तो आयोजनाहरु प्रभावकारी रूपमा कार्यान्वयन हुनुपर्दछ ।

५२.४. सुदूरपश्चिम प्रदेशले सुदूरपश्चिम क्षेत्रको आर्थिक, सामाजिक एवं सांस्कृतिक रुपान्तरण गर्ने अपेक्षाकारी ९ सडक आयोजनालाई प्रदेश गौरव आयोजनाको रूपमा घोषणा गरी निर्माण कार्य चालू राखेकोमा विस्तृत सम्भाव्यता अध्ययन नगरेको कारण लागत अनुमान, आयोजनाको अवधि लगायतका विषयहरू

यकिन गरेको छैन। सम्भाव्यता अध्ययन भई बजेट व्यवस्था भएका आयोजनालाई स्रोतको न्यूनता नहुने गरी योजना सञ्चालन गर्नुपर्दछ ।

• संपत्ति संरक्षण र उपयोग

५३. **काठ दाउरा उपयोग -** वाग्मती प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत ११ जिल्लाका डिभिजन वन कार्यालयले यो वर्ष सालको काठ ६ लाख ६१ हजार ७६८ घन फिट तथा अन्य जातका काठ २ लाख ३७ हजार ५५१ घन फिट बिक्री गरी ५ लाख ३७ हजार ८८ घन फिट साल तथा ४१ हजार ५१ घन फिट अन्य जातका काठ मौज्दात रहेको देखिन्छ । मौज्दात विवरणअनुसार रू.१६ करोड ३५ लाख ४८ हजारको काठ रहेको देखिन्छ । मौज्दात रहेका काठ दाउरा समयमै लिलाम बिक्री गरी आन्तरिक स्रोत परिचालनलाई प्रभावकारी बनाउनुपर्दछ ।

५४. **लिज -** वन नियमावली, २०५१ को अनुसूची २० मा कबुलियती वनको वार्षिक दस्तुर उल्लेख गरेको र उक्त शुल्क प्रत्येक १० वर्षमा पुनरावलोकन गर्न सकिने व्यवस्था रहेको छ। गण्डकी प्रदेश क्षेत्रीय वन निर्देशनालय, पोखराले साविक बन्दीपुर ४ मा रहेको १९ रोपनी जग्गा एक रिसोर्टलाई होटल व्यवसाय सञ्चालन गर्न २०५४।११।२० मा प्रतिहेक्टर प्रतिवर्ष रू.७७२ का दरले ४० वर्षलाई लिजमा दिन निर्देशनालय र होटल विच सम्झौता भएको छ । सम्झौता भएको बखतकै मूल्यलाई आधार मानी हालसम्म रोयल्टी संकलन हुँदै आएकोमा समयानुकूल सम्झौता पुनरावलोकन गरेको छैन।

५५. **सम्पत्तिको एकीकृत विवरण —** प्रदेश सरकारहरुको (कार्य विभाजन) नियमावली, २०७४ ले प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । संघीय सरकार अन्तर्गत रहेका कृषि, वन, सिँचाइ, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरू प्रदेश सरकार अन्तर्गत रुपान्तरण तथा गाभिएको अवस्थामा साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गरी असुल उपर गर्ने कार्य भएको छैन। मातहत कार्यालयको सम्पत्ति तथा बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ ।

५६. **उपकरणको उपयोग —** खरिद गरी ल्याइएका तथा अन्य माध्यमबाट प्राप्त मेसिन उपकरणको उचित संरक्षण र उपयोग हुनुपर्दछ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

५६.१. मधेश प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयले मधेश भवन परिसरमा सुरक्षासम्बन्धी डिटेक्टर, स्क्यानर, कम्प्यूटर लगायतका उपकरणहरू रू.९८ लाख ४४ हजारमा खरिद गरेको छ। उपकरणहरू जडान गर्ने स्थान, भवन लगायतका पूर्वाधारहरू निर्माण नभएकोले ती उपकरणहरू उपयोगमा नल्याई भण्डारण गरेको छ। खरिद भइसकेका सामानको ग्यारेन्टी/वारेन्टी अवधि १ वर्ष रहेकोमा सो अवधि समाप्त हुँदा समेत सामान जडान गरी परीक्षण गरेको छैन । उपलब्ध सम्पत्ति समुचित उपयोग गर्नुपर्दछ।

५६.२. प्रदेश नं. १ को आन्तरिक मामिला तथा कानून मन्त्रालयले रू.६ करोड ३८ लाख २० हजारमा १४ बारुणयन्त्र खरिद गरी १४ स्थानीय तहलाई हस्तान्तरण गरेको छ। सम्बन्धित स्थानीय तहले वारुणयन्त्र सञ्चालनसम्बन्धी जनशक्तिको व्यवस्था तथा कार्यविधि तयार गरेको देखिएन ।

५६.३. प्रादेशिक अस्पताल, जनकपपुरले यो वर्ष एम. आर. आई. मेसिन खरिदको लागि रू.१४ करोड ५८ लाख ८७ हजारको लागत अनुमान स्वीकृत गरी अन्तर्राष्ट्रिय बोलपत्रको माध्यमबाट एक प्रस्तावदातासँग रू.१३ करोड ७० लाख ६४ हजारमा सम्झौता गरेको छ ।अस्पतालले नियममा उल्लेख भए अनुरूप लागत अनुमान तयार नगरी केही फर्मसँग दररेट माग गरी औसत दररेटको आधारमा मात्र लागत अनुमान तयार गरेको देखिन्छ। अस्पतालले प्रतीतपत्र मार्फत् सम्झौता रकममा अन्य खर्च समेत जोडी रू.१४ करोड ७३ लाख ८५ हजार भुक्तानी गरेकोमा सम्झौताअनुसार मेसिन आपूर्ति गर्ने समय अर्थात् २०७८।९।१८ सम्म मेसिन प्राप्त भएको देखिएन। त्यसैगरी धौलागिरी अञ्चल अस्पतालले १०० शय्या र प्यासेन्ट सिफ्टिङ ट्रली रू.६१ लाख १२ हजारको र मनाङ्ग अस्पतालले रू.४८ लाख ६० हजारको अक्सिजन प्लाण्ट जडान गरेकोमा सञ्चालनमा ल्याएको छैन ।

५७. **जिन्सी दाखिला** - मधेश प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले धनुषाको मुझेलिया स्थित कोभिड अस्पतालको लागि खानेपानी व्यवस्थापन, विद्युत व्यवस्थापन, सेनिटेसनलगायतका कार्य गर्न बिल अफ क्वान्टिटीको प्रोभिजनल सममा रहेको रू.२० लाखबाट रू.१९ लाख ४८ हजार भुक्तानी गरेकोमा सम्पन्न गरेको कामको विवरण नखुलेको, कार्यालयबाट पूर्व स्वीकृति नलिएको, खर्चको बिल भरपाई र नापी विवरण संलग्न भएको छैन । सम्झौताअनुसार सिलिङ पंखा, वाटर डिस्पेन्सर, हस्पिटल वेड, बेडसाइड लकर, बेडसिट, ब्लाङ्केट, म्याट्रेस, प्लास्टिक कुर्सी, काठको कुर्सी लगायत रू.१ करोड ५९ लाख ९३ हजारका सामानहरू अस्पतालमा बुझाएको तथा दाखिला गरेको प्रमाण पेस नहुँदै भुक्तानी गरेको छ । सम्झौताअनुसार सामानहरू अस्पतालमा बुझाएको, दाखिला भएको र प्रोभिजनल समबाट काम भएको सुनिश्चिता हुनुपर्दछ ।

• प्रशासनिक खर्च

५८. **पारिश्रमिक र सुविधा** - प्रदेश नं. १ को प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा २० मा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी पदाधिकारी वा सदस्यलाई मर्का नपर्ने किसिमबाट अनुसूचीमा हेरफेर गर्न सक्ने व्यवस्था छ । प्रदेश सरकारको २०७६।४।२८ को निर्णयअनुसार पारिश्रमिक र सुविधासम्बन्धी व्यवस्था २०७६।४।१ देखि लागू हुने गरी निर्णय भए तापनि राजपत्रमा प्रकाशन भएको देखिएन। प्रदेश सभा सचिवालयले पदाधिकारी तथा सदस्यहरूलाई साविकको दर र सुविधामा परिवर्तन गरी सभामुख र उपसभामुखको पारिश्रमिक तथा सुविधामा रू.२२ लाख २० हजार तथा प्रदेश सभा सदस्यको पारिश्रमिकमा रू.७ करोड ५४ लाख ४६ हजार तथा पदाधिकारीको इन्धन सुविधा मा रू.२० लाख २४ हजार खर्च भएको छ । जस अनुसार राजपत्रमा उल्लिखित सुविधाभन्दा रू.१ करोड १६ लाख २२ हजार बढी भुक्तानी भएको देखिएकोले यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

५९. **बैठक भत्ता** - सार्वजनिक खर्चमा मितव्ययितासम्बन्धी मापदण्ड, २०७७ मा अत्यावश्यक काम बाहेक अन्य नियमित कार्यमा बसेको बैठकको भत्ता खर्च गर्न नपाइने व्यवस्था छ। मधेश प्रदेश सचिवालयले विभिन्न कानून निर्माणको आनुसांगिक तथा शुद्धाशुद्धी हेरी मिलाउने कार्य गर्न एक जना बाह्य विज्ञसमेत सचिवालयका सचिवको संयोजकत्वमा ३ सदस्यीय समिति बनाएको र ३ जना अन्य व्यक्तिलाई आमन्त्रित सदस्यमा राखी १४९ बैठकको रू.१८ लाख ५८ हजार बैठक भत्ता खर्च लेखेको छ। नियमित कामको

लागि समेत समिति बनाएको, बिहान ६.०० बजेको समयमा समेत बैठक बसेको भनी उल्लेख गरेको सुद्धासुद्धी हेर्न छुट्टै विशेषज्ञ राखी खर्च गरेकोमा खर्च दोहोरो पर्न गएको, प्रत्येक दिन दफा दफाको सुद्धासुद्धी हेरेको भनी खर्च लेखेको छ। दोहोरो पर्ने गरी भुक्तानी बैठक भत्ता असुल गरी यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

६०. **मस्यौदा तयारी -** संघीय सरकारले तयार गरेको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा प्रदेश कानून अनुकूल हुनेगरी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयकको मस्यौदा तयार गरेको भनि मधेश प्रदेश अर्थ मन्त्रालयले ६७ बैठक बसी रू.१७ लाख ८ हजार भुक्तानी गरेको छ। सोको अतिरिक्त समितिले तयार गरेको विधेयकको मस्यौदामा सुधार गर्न मस्यौदा निर्देशन समितिको ५० बैठक बसी रू.१४ लाख १३ हजारसमेत रू.३१ लाख २१ हजार बैठक भत्ता भुक्तानी गरेकोमा संघीय सरकारद्वारा लागू गरेको ऐनमा प्रदेश अनुकुल हुने गरी सुधार गर्न पनि बैठक बसेको उल्लेख गरी बैठक भत्ता भुक्तानी गरेको उचित देखिएन ।

६१. **मापदण्ड -** कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐन, २०७५ अनुसार आवश्यकताको पहिचान, शैक्षिक योग्यता लगायतका मापदण्ड तयार नगरी प्रेस, राजनीतिक, जनसम्पर्क सल्लाहकार र समन्वय विज्ञ नियुक्त गरी रू.२५ लाख ८७ हजार तलब, आवास, इन्धन, सञ्चार र पोशाक सुविधामा खर्च लेखेको छ । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्न नियमित संरचनाबाट कार्य सम्पादन गरी राजनैतिक नियुक्तिमा नियन्त्रण गर्नुपर्दछ ।

• कोष व्यवस्थापन

६२. **युवा वैज्ञानिक प्रोत्साहन कोष** - वाग्मती प्रदेश, सामाजिक विकास मन्त्रालयले प्रदेशको आर्थिक विकास र नागरिकको समृद्ध जीवनका लागि उत्पादन, उत्पादकत्त्व, दिगो विकास, जनस्वास्थ्य तथा वातावरण संरक्षण लगायतका विषयमा सुधार गर्न वैज्ञानिक अनुसन्धान पद्धतिमा जोड दिँदै नयाँ ज्ञान विज्ञान तथा प्रविधिको विकास गर्ने उद्देश्यले स्थापित युवा वैज्ञानिक प्रोत्साहन कोषमा विगतको मौज्दात समेत रू.१४ करोड ८७ लाख ९९ हजार रहेकोमा उद्देश्य अनुरूपका कार्यक्रम सञ्चालन नगरी यस वर्ष बैठक भत्ता, कार्यालय सञ्चालन लगायत कार्यमा रू.९४ लाख ८४ हजार मात्र खर्च भएको छ । उद्देश्य अनुसार कोष परिचालन गर्नुपर्दछ ।

६३. **व्यवसाय जीवन रक्षा कोष** — कोभिड-१९ को प्रभावलाई न्युनीकरण गर्न व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ बमोजिम नेपाल राष्ट्र बैंकमा एक सोधभर्ना खाता खोली मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकीले एक अर्ब रुपैँयाको व्यवसाय जीवन रक्षा कोष स्थापना गरी सो कोषबाट व्यवसायीहरूलाई ऋण उपलब्ध गराउने वाणिज्य बैंकहरूलाई बैंकको आधार दरमा ३ प्रतिशत व्याज थप गरी सोधभर्नाको रूपमा नेपाल राष्ट्र बैंकले सम्वन्धित बैंकलाई व्याज उपलब्ध गराउने उल्लेख छ । उक्त कोषबाट उद्यमी तथा व्यवसायीहरूलाई बढीमा रू.१५ लाख सम्मको कर्जाको ३ वर्षसम्मको व्याज भुक्तानी गर्ने गरी यस वर्ष १७६ व्यवसायीहरू छनौट गरी सोधभर्ना खातामा रू.२५ करोड जम्मा गरेकोमा खर्च भएको छैन । कार्यालयले कोषबाट भुक्तानी गर्नुपर्ने दायित्व यकिन गरेको छैन । कोषबाट खर्च हुन नसकी बाँकी रहेको रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ ।

६४. **स्वरोजगार कोष -** सुदूरपश्चिम प्रदेशमा गरिबी निवारण तथा आर्थिक समानता कायम गर्न सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष ऐन, २०७५ बमोजिम प्रदेश सरकारले २०७५।७६ मा रू.१ अर्बको कोष खडा गरेको देखियो । यो वर्ष कोषको कार्यसञ्चालनका लागि रू.४० करोड बजेट विनियोजन गरेकोमा रू.१६ लाख १७ हजार खर्च गरेको छ । बचत रकम परिचालन गर्दा 'क' वर्गका वाणिज्य बैंकहरूको यो वर्षको निक्षेप संकलनको औषत लागत ९.९६ प्रतिशत भए पनि आवधिक वचतमा १० प्रतिशतसम्म व्याज भुक्तानी दिने गरेका छन् । तर यो कार्यक्रमबाट राष्ट्रिय वाणिज्य बैंकमा रू.१ अर्ब निक्षेप राख्दा कोषले कल डिपोजिटमा ब्याज लिने व्यवस्थासमेत नमिलाएकोले विगत वर्ष नै निकासा प्राप्त भएको रू.१ अर्ब खर्च नगरी पुरै रकम मौज्दात रहेकाले कोष सञ्चालनको औचित्य देखिएन । निकासा भएको उक्त रकम तत्काल फिर्ता गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

• विशेष कार्यक्रम कार्यान्वयन

६५. **जनता आवास कार्यक्रम -** नेपाल सरकारको स्वीकृत कार्यक्रम र जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को अधीनमा रही दलित, विपन्न, मुसलमान, लोपोन्मुख र अति सिमान्तकृत जाति तथा समुदायका विपन्न वर्गलाई भवन निर्माण गरी उपलव्ध गराउन प्रदेश १ अन्तर्गत ४ शहरी विकास तथा भवन कार्यालयहरूले यो वर्ष रू.२७ करोड ४३ लाख ८४ हजार खर्च गरेका छन् । यो कार्यक्रमका लागि ५ हजार ९७४ भवन निर्माण गर्न लक्ष्य तोकिएकोमा ४ हजार ८७४ को सम्झौता भई ३ हजार ४०० आवास सम्पन्न भएको मन्त्रालयको प्रगति विवरणमा उल्लेख छ। यो कार्यक्रम सम्पन्न गर्नुपर्ने वर्षसम्म लक्ष्यको तुलनामा ८१.५८ प्रतिशत सम्झौता भएको र ७० प्रतिशत मात्र काम सम्पन्न भएको छ । समयमा लक्ष्यअनुसार काम सम्पन्न नगर्दा विपन्न परिवारले अनुदान रकमबाट आवास निर्माण गर्न सक्ने अवस्था नरहने हुँदा कार्यक्रम समयमा नै सम्पन्न गर्नुपर्दछ ।

६६. **ज्येष्ठ नागरिक ग्राम निर्माण** - प्रदेश सरकार, स्थानीय तह तथा निजी क्षेत्रसँगको सहकार्यमा अत्याधुनिक जेष्ठ नागरिक ग्राम सञ्चालनगत ग्रामथान गाउँपालिका, मोरङमा गुठी संस्थानबाट १० विगाहा १४ कट्ठा २ धुर जग्गा रू.२ करोड ६७ लाख ६५ हजारमा खरिद गरी रू.१७ लाख १६ हजारमा जग्गाको सीमाङ्कनमा खर्च भई यो वर्ष भवन निर्माण कार्यको लागि रू.५ लाखमा विस्तृत परियोजना प्रतिवेदन तयारीमा गरेको छ । ज्येष्ठ नागरिक ग्राम निर्माणस्थलको २०७९।१।२३ मा स्थलगत निरीक्षण गर्दा गत विगतमा सीमाङ्कन भएको संरचना नदेखिएको तथा विगत वर्षदेखि २०/२५ परिवारहरूले उक्त जग्गामा अस्थायी घर, टहर निर्माण गरी भोग चलन गरेको देखिन्छ । अनधिकृत रूपमा बसोबास गर्ने परिवारलाई सो स्थानबाट हटाई उद्देश्यअनुसार जग्गाको उपयोग गर्नुपर्दछ ।

६७. **भ्यू-टावर निर्माण -** पर्यटन विकास आयोजना, हेटौंडाले यस वर्ष ककनी, मुढे, सिद्धबाबा चुचुरोमा भ्यू-टावर, जिरी हिल स्टेशन प्याकेज लगायत विभिन्न १० स्थानमा रू.३५ करोड ७२ लाख ४१ हजारको भ्यू-टावर निर्माण गर्न लागत अनुमान स्वीकृति गरी रू.२८ करोड ५५ लाख ४४ हजारको निर्माण सम्झौता गरेको छ । सम्झौताअनुसारको ककनी, चित्लाङ र मुढे सिन्धुपाल्चोकको कार्य मात्र सम्पन्न भएको छ। बाँकी निर्माणकार्यको प्रगति ६० प्रतिशतभन्दा न्यून रहेको छ । निर्माण कार्यमा ढिलाइले थप खर्चको दायित्व सृजना भई आगामी वर्षको बजेटमा समेत दबाब पर्ने देखिन्छ । भ्यू-टावरमा लगानी गर्दा पर्यटन लक्षित लाभ लागत विश्लेषण गरेको छैन । लाभ लागत विश्लेषणका आधारमा योजना छनौट गरी सुरु सम्झौता अवधिभित्रै सम्पन्न गर्ने गरी निर्माण कार्य व्यवस्थापन गर्नुपर्दछ।

६८. **स्विमिङ्ग पुल -** पर्यटन विकास आयोजना, हेटौंडाले समुदायमा आधारित पर्यटकीय पदमार्गमा पर्ने भोटेकोशी खोला किनारामा रू.४ करोड ८१ लाख ८ हजार लागतको प्राकृतिक स्विमिङ्ग पुल निर्माणका लागि २०७६।१०।२६ को निर्णयानुसार श्रोत सुनिश्चितता प्राप्त गरी निर्माण व्यवसायीसँग रू.३ करोड ८ लाख ३४ हजारको खरिद सम्झौता गरेको छ । पहिलो पटकका लागि २०७८।८।९ सम्म म्याद थप भएको कार्यमा तेस्रो रनिङ्ग बिलसम्म रू.२ करोड ३१ लाख ९९ हजार भुक्तानी भएको छ । नदी किनारामा स्वीमिङ्ग पुल बनाउने सम्बन्धमा माग एवं आवश्यकताको पहिचान र विश्लेषण गरेको देखिएन। नदी बहाबको जोखिम क्षेत्रमा निर्माणाधीन स्विमिङ्ग पुल नदीबाट सुरक्षित गर्न वार्षिक रूपमा थप लगानी आवश्यक पर्ने अवस्था छ । स्विमिङ्ग पुलबाट प्राप्त हुने प्रतिफल व्यवस्थापनका साथै सञ्चालनका सम्बन्धमा समेत नीतिगत स्पष्टता देखिँदैन। लाभ लागत विश्लेषणका आधारमा विस्तृत परियोजना प्रतिवेदन तयार गरी योजना कार्यान्वयन गर्नुपर्दछ ।

६९. **होम स्टे कार्यक्रम** — होम स्टे क्षमता तथा अभिवृद्धि सशक्तीकरण तथा पूर्वाधार विकास कार्य सञ्चालन कार्यविधि, २०७६ को दफा ११ मा होम स्टे क्षमता तथा अभिवृद्धि सशक्तिकरणको लागि एकल परियोजनालाई बढीमा रू.१५ लाख र संयुक्त परियोजनालाई बढीमा रू.३५ लाखसम्म अनुदान दिने व्यवस्था छ । पर्यटन कार्यालय, कास्कीले २०७७।०७८ मा ११७ होमस्टेको पूर्वाधार निर्माणको लागि रू.१३ करोड २५ लाख खर्च गरेको छ। अधिकांश होम स्टेमा सामुदायिक भवन निर्माण, भ्यू टावर निर्माण, पद मार्ग निर्माण, शौचालय निर्माण आदिमा खर्च भएको देखिन्छ। निश्चित व्यक्ति र समूहलाई मात्र फाइदा हुनेगरी अनुदान दिने र अनुदान प्राप्त गर्पश्चात होमस्टेबाट दिने सेवा, सुविधा सुनिश्चित नहुँदा अनुदानको सही सदुपयोग भएको भन्न सकिएन यस्तो अनुदान वितरणमा नियन्त्रण गर्नुपर्दछ ।

७०. **जग्गा चक्लाबन्दी प्रवर्द्धन कार्यक्रम -** गण्डकी प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले जग्गा चक्लाबन्दी कार्यक्रमको लागि विभिन्न ११ वटा समूह एंव संस्थालाई रू.४ करोड ६७ लाख ९२ हजार अनुदान सहयोग रकम उपलब्ध गराएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिँदा ओभरहेड भुक्तानी गर्न नमिल्ने उल्लेख छ । तर मन्त्रालयले चार जिल्लामा जग्गा चक्लाबन्दी कार्यक्रम अन्तर्गत प्लटको डिजाइनअनुसार जग्गा सम्याउने कार्यको लागि लागत अनुमानमा १५ प्रतिशत ओभरहेड जोडी सोही अनुरूप ११ अनुदानग्राहीहरूलाई ४ लाख ९९ हजार ५२१ घनमिटर कार्यको लागि जम्मा रू.४ करोड ६७ लाख ९२ हजार भुक्तानी गर्दा रू.६० लाख ५७ हजार ओभरहेड बापत भुक्तानी दिएको छ। उक्त रकम असुल गर्नुपर्दछ ।

७१. **लगानीको शेयर एवं प्रतिफल -** गण्डकी प्रदेशको काठेपोल प्रतिस्थापनसम्बन्धी कार्यविधि, २०७५ मा काठेपोल प्रतिस्थापन कार्यमा प्रदेश सरकारबाट लगानी गर्ने रकमको शेयर गण्डकी प्रदेश सरकारको नाममा आउने व्यवस्थाको लागि भौतिक पूर्वाधार विकास मन्त्रालयले नेपाल विद्युत प्राधिकरणलाई लेखी पठाउने उल्लेख छ । यस कार्यविधि अन्तर्गत रही मन्त्रालयले विभिन्न सिँचाइ कार्यालयहरूबाट पोल खरिद गर्न गत वर्ष रू.२२ करोड २१ लाख र यो वर्ष रू.८ करोड ८५ लाख ७४ हजार समेत रू.३१ करोड ६ लाख ७४ हजार निकासा गरेको छ । मन्त्रालयले विद्युत प्राधिकरणसँग समन्यय

नगरी कार्यविधि तर्जुमा गरेकोले शेयर प्राप्त गर्न सकेको छैन । प्रदेशले लगानी गरेको रकमको शेयर एवं प्रतिफल लिने व्यवस्था मिलाउनुपर्दछ।

७२. **समन्वय परिषद -** संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ दफा २४ को उपदफा (१) मा प्रदेश र स्थानीय तहबीच वा प्रदेशभित्रका एकभन्दा बढी जिल्लाभित्रका स्थानीय तहबीचको समन्वय वा अन्तरसम्बन्धलाई व्यवस्थित गर्न मुख्यमन्त्रीको संयोजकत्वमा समन्वय परिषद् रहने व्यवस्था छ । कर्णाली प्रदेश समन्वय परिषदको बैठकले मध्यमकालीन खर्च संरचना, आवधिक योजना र प्रोफाइल समन्वयात्मक रूपमा तयार गरी प्रदेश सरकारमा पठाउने, पन्ध्रौं योजनाले निर्धारण गरेको राष्ट्रिय सोच लक्ष्य र उद्देश्यसँग तादम्यता कायम गर्ने, स्थानीय तहबाट योजना निर्माणका चरण पूरा गरी तयार भएका योजनालाई समावेश गर्ने र राजस्व सङ्कलन र बजेट खर्चको विषयमा स्थापित विधिलाई पालन गर्ने लगायतका निर्णय कार्यान्वयन गएको देखिएन । परिषदबाट भएका निर्णयहरूको कार्यान्वयन हुनुपर्दछ ।

सुदूरपश्चिम प्रदेश समन्वय परिषद्को बैठकले २० निर्णय र ५ प्रतिबद्धता गरेको छ । बैठकले गरेका निर्णयमा कोभिड-१९ को व्यवस्थापनमा सहकार्य र समन्वय गर्ने, प्रदेश र स्थानीय सरकारबीचको वित्तीय सम्बन्धलाई थप सरल र प्रभावकारी बनाउने, बेरुजूको अवस्थामा सुधार ल्याउने, कर्मचारीको अभाव पूर्तिका लागि नेपाल सरकारलाई अनुरोध गर्ने, यस वर्ष सम्पन्न गर्नुपर्ने योजनाको कार्यतालिका बनाई जेठमसान्तमा सम्पन्न गर्ने लगायतका निर्णय गरेपनि यस्ता समस्याहरू यथावत् रहेकाले प्रदेश र स्थानीय तहको सेवा प्रवाहलाई थप विश्वसनीय, प्रभावकारी र जनमुखी तथा समन्वयकारी बनाउन परिषद्ले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्दछ ।

७३. **नमूना गाउँ निरन्तरता र विस्तार -** छायाँनाथ रारा नगरपालिकामा सहकारी नमूना गाउँ निरन्तरता तथा विस्तार कार्यक्रम मार्फत् सहकारीमा आवद्ध सदस्यहरूको रोजगारीको श्रृजना गरी थप सक्षम बनाउने उद्देश्यले २०७६।७७ देखि सञ्चालित कार्यक्रमबाट गत वर्षको भुक्तानी दिन बाँकी रू.१५ लाख ३० हजार यो वर्ष भुक्तानी गरेको छ। कार्यक्रमको कुल लागत रू.६५ लाख रहेकोमा कृषि विकास कार्यालय, मुगुले रू.५० लाख व्यहोर्ने गरी सम्झौता भएकोमा गत वर्षको रू.३१ लाख ५ हजार समेत कुल रू.४६ लाख ३५ हजार भुक्तानी गरेको छ ।

कृषि विकास कार्यालय, जिल्ला प्रशासन कार्यालय तथा जिल्ला समन्वय समितिका सदस्यसहितका प्रतिनिधिले अनुगमन गरी दिएको प्रतिवेदनमा कृषि उपज सङ्कलन केन्द्रको मर्मत तथा सञ्चालन, टेम्पु खरिद र ओखर खेती कार्य क्रमशः रू.१ लाख ५ हजार, रु ५लाख २० हजार र रू.४ लाख २१ हजार समेत रू.१० लाख ४६ हजारको कार्य नगरेको उल्लेख गर्दा समेत पुरै रकम भुक्तानी गरेकोले उक्त रकम असुल हुनुपर्दछ ।

७४. **सी.सी.टी.भी. क्यामेरा खरिद -** पूर्वपश्चिम राजमार्ग अर्न्तगत कैलालीको चिसापानीदेखि कञ्चनपुरको गड्डाचौकीसम्म र कैलालीको अत्तरियादेखि त्रिनगरसम्मका मुख्य स्थानहरूमा सी.सी.टी.भी. क्यामेरा जडान गर्ने कार्यक्रम राखी ७ थान फोर एमपी पीटीजेड र १३१ थान एट एमपी फिक्स क्यामेरा खरिद एवं जडान कार्यको लागि एक फर्मलाई रू.१ करोड ७१ लाख ३३ हजार भुक्तानी दिएकोमा सार्वजनिक खरिद नियमावलीको नियम ११ (२) मा उल्लिखित प्रक्रियाअनुसार मालसामानको लागत अनुमान तयार

गरी मन्त्रालयबाट स्वीकृत नगरेको तथा क्यामेरा जडान पश्चात् यसको उपयोगको व्यवस्था मिलाएको देखिएन ।

७५. **खाद्य वस्तुको गुणस्तर —** उद्योग पर्यटन तथा वातावरण मन्त्रालय, सुर्खेतले दुर्गम स्थानमा खाद्यान्न ढुवानी गर्न रू.३ करोड ६१ लाख ९५ हजार ढुवानी अनुदान खर्च गरेको छ । खाद्यान्न ढुवानी गर्न खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडलाई जिम्मा दिएकोमा उक्त कम्पनीको सुर्खेतमा रहेको गोदाम जिल्ला प्रशासन कार्यालय र खाद्य तथा गुणस्तर नियन्त्रण कार्यालय, सुर्खेतले २०७६ मा अनुगमन गर्दा १ हजार ९७५ क्विन्टल चामल खानयोग्य नभएकोले बेचबिखनमा रोक लगाई नष्ट गर्न सुझाव दिएकोमा सोमध्ये ५ हजार ८०० मेट्रिक टन चामल अन्य जिल्लामा पठाएको व्यहोरा सार्वजनिक भएपछि जिल्ला प्रशासन कार्यालय र खाद्य तथा गुणस्तर नियन्त्रण कार्यालय, सुर्खेतले पुनः सुर्खेतस्थित प्रादेशिक गोदामको अनुगमन गर्दा २ हजार क्विण्टल चामल गुणस्तरहीन रहेको उल्लेख गरी ४८७ क्विण्टल सील गरेको छ । सामग्री खरिद र वितरण व्यवस्थापनमा ध्यान नदिई सार्वजनिक स्रोतको संरक्षण नगर्ने, गुणस्तरहीन भइसकेपछि सोको यथोचित व्यवस्थापन नगर्ने उपर छानबिन गरी कारबाही गर्नुपर्दछ ।

• कोभिड-१९ रोकथाम तथा नियन्त्रण

७६. **कोष व्यवस्थापन** - प्रदेश सरकारहरूले कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारको लागि सामाजिक विकास मन्त्रालय मार्फत् कोभिड कोष सञ्चालन गरेका छन् । ती कोषहरूमा गत वर्षको मौज्दात रू.८७ करोड ८६ लाख र यो वर्ष संघीय कोभिड कोष, प्रदेश कोभिड कोष, प्रदेश सञ्चित कोष र प्रदेशस्थित संघ, संस्थाहरूबाट प्राप्त रू.२ अर्ब १६ करोड १८ लाख समेत रू.३ अर्ब ४ करोड ४ लाख आम्दानीमध्ये क्वारेन्टिन एवं आइसोलेशन केन्द्र निर्माण एवं व्यवस्थापन, स्वास्थ्य सामग्री उपकरण एवं औषधि खरिद, राहत सामग्री खरिद तथा वितरण, स्वास्थ्यकर्मीको पारिश्रमिक, जोखिम भत्ता वितरण समेतमा रू.२ अर्ब ११करोड ६७ लाख खर्च गरी रू.९२ करोड ३७ लाख मौज्दात रहेको छ । कोषमा उपलव्ध रकम कार्यविधिअनुसार माहामारी रोकथाम नियन्त्रण र उपचारमा खर्च गर्नुपर्दछ।

७७. **खाता सञ्चालन तथा मौज्दात -** सरकारी कारोबार निर्देशिका, २०७६ मा प्रदेश सरकारका सबै निकायहरूले आकस्मिक लगायतका विविध कोषको कारोबार गर्न प्रदेश लेखा नियन्त्रक कार्यालयमा खाता खोल्नुपर्ने उल्लेख छ। गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालयले कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत् राष्ट्रिय वाणिज्य बैंकमा एक विविध खाता सञ्चालन गरेकोमा सोही बैंकमा कोभिड चल्ती कोषको छुट्टै खाता सञ्चालन गरेको देखियो । आर्थिक वर्षको अन्तमा उक्त खातामा रू.५ करोड ४५ लाख १ हजार मौज्दात रहेको छ । निर्देशिका विपरीत खाता सञ्चालन गर्न मिल्ने देखिँदैन ।

मन्त्रालयले यो वर्ष कोष सञ्चालन तथा स्वास्थ्य उपकरण खरिद गर्न रू.२० करोड बजेट विनियोजन गरेकोमा रू.१ करोड ४८ लाख ४८ हजार खर्च गरी बाँकी रहेको रू.१८ करोड ५१ लाख ५२ हजार प्रदेश लेखा नियन्त्रक कार्यालयमा रहेको विविध खातामा पठाएको छ । स्वास्थ्य उपकरण खरिद नगरी फ्रीज नहुने खातामा बजेट सारी मौज्दात राख्नु बजेट सिद्धान्त विपरीत छ ।

७८. **जोखिम आँकलन र कार्ययोजना** - महामारी रोकथाम र नियन्त्रणको लागि महामारी शुरु हुनु पूर्व नै जोखिम आकलन र पूर्वतयारी गर्नुपर्दछ । प्रदेश सरकारले कोभिड-१९ को संक्रमणको जोखिम आकलन गरी पूर्वतयारी एवं महामारी रोकथाम, नियन्त्रण र व्यवस्थापन गर्न मुख्यमन्त्रीको संयोजकत्वमा उच्चस्तरीय निर्देशक समिति, कोष संचालक समिति, कार्यान्वयन समिति र प्राविधिक समिति गठन भएका छन् । विभिन्न स्रोतबाट रकम प्राप्त गरी प्रदेश कोभिड कोष समेत सञ्चालन भएको छ । प्रदेश सरकारले जोखिम आकलन तथा न्यूनीकरण कार्य योजना निर्माण, क्वारेन्टिन तथा आइसोलेसन केन्द्रको पर्याप्त व्यवस्थापन, कन्ट्रयाक्ट ट्रेसिङ्ग र अन्तर्राष्ट्रिय नाका अनुगमन, पूर्वाधारको व्यवस्थाको कार्य प्रभावकारी ढङ्गले गरेको देखिएन । महामारीको क्षति, न्यूनीकरण, संक्रमितको उपचार, आवश्यक औषधि उपकरणको व्यवस्थापन लगायतको कार्य पर्याप्त रूपमा गर्न सकेको देखिएन । एकद्वार प्रणालीबाट बजेट व्यवस्था नभई प्रत्येक कार्यालयले विनियोजित बजेटबाट ग्लोव, मास्क, सेनीटाइजर लगायतका सामान खरिद गरेको छ । कोभिड-१९ लगायत सम्भावित महामारीको रोकथाम तथा नियन्त्रणका लागि समयमै जोखिम आकलन तथा पूर्व तयारीको व्यवस्थापन मिलाउनुपर्दछ ।

७९. **उपकरण सञ्चालन र उपयोग** - धौलागिरी अञ्चल अस्पतालमा शय्या थप गर्ने कार्यका लागि रू.५५ लाख ३५ हजार मूल्यका उपकरण तथा रू.५ लाख ७७ हजार मूल्यको प्यासेन्ट सिफ्टिङ ट्रली खरिद गरेकोमा अन्य पूर्वाधार नभएकोले प्रयोगमा आउन सकेको छैन । मनाङ्ग अस्पतालले गत वर्ष खरिद गरेको रू.४८ लाख ६० हजारको अक्सिजन प्लान्टको पाइप लाइन जडान गरी सञ्चालन गर्न यो वर्ष रू.१२ लाख विनियोजन भएकोमा खर्च हुन नसकी प्लाण्ट सञ्चालनमा आएको छैन । त्यस्तै गरी मातृशिशु मितेरी अस्पताल, कास्कीले रू.८१ लाख ९२ हजारमा खरिद गरेको भेन्टिलेटर लगायतका मेडिकल उपकरणहरू विशेषज्ञ चिकित्सकको अभावमा हालसम्म पनि प्रयोगमा ल्याएको छैन । दमौली अस्पताल तनहुँले अक्सिजन प्लान्ट २०७८ जेष्ठ ३० मा जडान गर्ने गरी रू.५३ लाख ३९ हजारमा खरिद गर्न सम्झौता गरेमा समयमा अक्सिजन प्लान्ट जडान भएको छैन । प्रादेशिक अस्पताल, धनुषाले खरिद गरेको औषधि, सर्जिकल सामान उपकरणमा रू.३ करोड ३८ लाख २९ हजार खर्च गरेकोमा उपयोगको स्थिति यकिन छैन । गौर अस्पताल, रौतहटले रू.१ करोड ८० लाखमा भेन्टिलेटर खरिद गरेकोमा जनशक्तिको अभावमा उपयोग हुन सकेको छैन । उपकरण समयमै सञ्चालन एवं उपयोगमा नल्याउँदा सामग्रीको गुणस्तरमा ह्रास आउन सक्ने र वारेन्टी अवधि समेत सकिने भएकोले समयमै प्रयोगमा ल्याउनुपर्दछ।

८०. **विपद् व्यवस्थापन खर्च** - नेपाल सरकार, अर्थ मन्त्रालयको २०७८।१।२९ को पत्रअनुसार विपद् व्यवस्थापन कार्यक्रमबाट मधेश प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई फोहोर व्यवस्थापन गर्न विशेष अनुदान रू.८ करोड उपलब्ध गराएको छ । उक्त विशेष अनुदानबाट खानेपानी शुद्ध गर्ने फिल्टर ४८१ र डस्ट बिन १ हजार १३७ वटा खरिद गर्न रू.५ करोड ६५ लाख २९ हजारको लागत अनुमान स्वीकृत गरी बोलपत्र आह्वान गरेकोमा एक कम्पनीको रू.३ करोड २६ लाख ६० हजारको बोलपत्र स्वीकृत गरेको छ । उक्त आपूर्तकलाई १०० वटा फिल्टरको रू.२६ लाख ८७ हजार भुक्तानी गरेको छ। खरिद भएका फिल्टरहरू विभिन्न सरकारी कार्यालयहरूमा वितरण गरेको उल्लेख भएकोमा सम्बन्धित कार्यालयको जिन्सीमा आम्दानी गरेको प्रमाण पेस नभएको तथा उपयोगको स्थिति खुल्ने विवरण पेश भएन ।

८१. **सामान खरिद र दाखिला -** मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत रहेको कोभिड अस्पताल भवन संम्भार, मेडिकल लगायत अन्य सामग्री तथा सेवाहरू उपलब्ध गराई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट रू.४ करोड ९५ लाख ३४ हजार र प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट रू.७ करोड ३ लाख ९८ हजारको उपकरण तथा रू.१८ लाख ४५ हजारका रेम्डिसिभिर, अक्सिजन फ्लो मिटर, मास्क सेनिटाईजर, बेडशीट, पर्दा आदि सामग्री खरिद गरी उपलब्ध गराएको छ।

त्यस्तै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मणिपाल मेडिकल कलेजले निर्माण गरी खाली छाडेको जनकपुरस्थित मुझेलियामा रहेको भवनमा कोभिड अस्पताल सञ्चालन गर्न भवन मर्मत, मेडिकल उपकरण तथा अन्य सामग्रीहरू एक निजी कम्पनी मार्फत् गराई रू.२ करोड ५३ लाख ३३ हजार भुक्तानी गरेको छ । आपूर्तकलाई सम्झौताअनुसारका सामानहरू उक्त अस्पतालमा बुझाएको तथा दाखिला गरेको प्रमाण पेस नहुँदै रू.१ करोड ५९ लाख ९३ हजार भुक्तानी गरेको छ । खरिद भएका उपकरण तथा सामग्रीहरू खरिद परिमाण तथा स्पेशिफिकेशनबमोजिम अस्पतालमा मौजुदा रहे नरहेको एवं उपयोगको स्थिति सम्बन्धमा सम्बन्धित प्राविधिकहरूबाट छानविन गरी यकिन गरेको छैन।

८२. **जोखिम भत्ता** - नेपाल सरकारबाट जारी कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को आधारमा वितरण गर्नुपर्ने व्यवस्था छ। प्रदेश नं.१ सरकार सामाजिक विकास मन्त्रालयले २०७७ श्रावणदेखि मंसिरसम्म र २०७८ वैशाखदेखि आषाढसम्म रू.१ करोड २६ लाख १० हजार जोखिम भत्ता भुक्तानी गरेको छ। त्यस्तै, वाग्मती प्रदेश सामाजिक विकास मन्त्रालयले रू.१३ लाख ८५ हजार, भक्तपुर अस्पतालले रू.१ करोड २७ लाख ७८ हजार, सिन्धुली अस्पतालले रू.१ करोड ७८ लाख ९ हजार, हेटौंडा अस्पतालले रू.८१ लाख ८६ हजार, समेत रू.४ करोड १ लाख ५८ हजार जोखिम भत्ता वितरण गरेका छन् । अतिरिक्त भत्ता वितरण गर्दा वस्तुनिष्ठ कार्यसम्पादन सूचक तथा ई-हाजिरीका माध्यमबाट भुक्तानी भएको नदेखिँदा उल्लेखित व्यवस्था मिलाई जोखिम भत्ता तथा प्रोत्साहन खर्चमा मितव्ययिता अपनाउनुपर्दछ ।

८३. **अनुगमन -** नेपाल सरकारबाट जारी कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन निर्देशिका, २०७८ मा कोषबाट निकासा भएको रकमको उपयोग सम्बन्धमा समितिले अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने उल्लेख छ । प्रदेशस्थित सामाजिक मन्त्रालयमा रहेको कोषबाट क्वारेन्टिन एवं आइसोलेशन केन्द्र निर्माण एवं व्यवस्थापन, स्वास्थ्य सामग्री, उपकरण तथा औषधि उपकरण खरिद, राहत सामग्री खरिद तथा वितरण, स्वास्थ्यकर्मीको पारिश्रमिक, जोखिम भत्ता वितरण समेतको लागि विभिन्न निकायहरूलाई निकासा दिएकोमा अनुगमन गरेको देखिएन । यससम्बन्धी प्रमुख व्यहोरा निम्नानुसार छन्:

८३.१. मधेश प्रदेशले जनकपुरको प्रादेशिक अस्पताललाई स्वास्थ्य विज्ञान प्रतिष्ठानको रूपमा विकास गर्न रू.४५ करोड ५३ लाख र प्रत्येक जिल्लाको विपद् व्यवस्थापन समिति मार्फत् कार्यान्वयन हुने गरी रू.५ करोड ८० लाख निकासा दिएकोमा खर्चको उपलब्धि स्थिति अनुगमन गरेको छैन ।

८३.२. वाग्मती प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयले ११९ स्थानीय तह तथा १३ जिल्ला विपद् व्यवस्थापन समितिलाई रू.३८ करोड ४० लाख ५४ हजार र सामाजिक विकास मन्त्रालयले प्रदेश स्थित विभिन्न अस्पताल लगायत ४२ निकायलाई रू.१८ करोड ३५ लाख ३८ हजार निकासा दिएकोमा

कोरोना भाईरस संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार सहयोग कार्यविधि, २०७६ बमोजिम उक्त खर्चको उपलब्धि स्थिति अनुगमन गरेको छैन ।

८३.३. गण्डकी प्रदेशले ८५ स्थानीय तह, ११ जिल्ला प्रशासन कार्यालय, ३ मन्त्रालय, ११ आयुर्वेद स्वास्थ्य केन्द्र, ११ स्वास्थ्य कार्यालय, १२ अस्पताल, एक सामुदायिक लायन्स अस्पताल, एक प्राकृतिक चिकित्सालय, १ रेडक्रस सोसाइटी, र जीपी कोइराला राष्ट्रिय स्वासप्रश्वास उपचार केन्द्रलाई रू.१९ करोड ३३ लाख उपलव्ध गराएको छ ।यसरी निकासा उपलब्ध गराएको रकमको सदुपयोग सम्बन्धमा अनुगमन गरेको नपाइएकोले नियमित अनुगमन गरी खर्चको सुनिश्चतता यकिन गर्नुपर्दछ ।

८३.४. लुम्बिनी प्रदेश सामाजिक विकास मन्त्रालयले ४ कोरोना विशेष अस्पताल, ११ अस्पताल, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, १२ जनस्वास्थ कार्यालय, ६ स्थानीय तह, १२ जिल्ला प्रशासन कार्यालय, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई रू.२२ करोड ५८ लाख ७८ हजार निकासा गरेकोमा खर्चको अनुगमन गरेको छैन ।

८३.५. कर्णाली प्रदेशले ११ सुरक्षा निकायलाई रू.५५ लाख र १० जिल्ला प्रहरी कार्यालयलाई रू.५० लाख र उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयलाई रू.५० लाख गरी २२ कार्यालयलाई रू.१ करोड ५५ लाख निकासा निकासा दिएको छ । प्रदेश न १ ले विभिन्न ९८ निकाय तथा संघ संस्थाहरूलाई रू.१० करोड ४३ लाख ५९ हजार निकासा दिएको छ ।

• वित्तीय जवाफदेहिता

८४. **जिम्मेवारी र जवाफदेहिता** - प्रदेशहरूको आर्थिक कार्यविधि ऐनमा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । उक्त ऐनमा योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने जिम्मेवारी निकाय प्रमुख र विभागीय मन्त्रीको हुने, बेरुजू फछ्यौंट गर्ने गराउने उत्तरदायित्व कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृतको हुने, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाब केन्द्रीय हिसावमा समावेश गरे नगरेको जाँचबुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र विनियोजित बजेट लक्षित उद्देश्य अनुरूप खर्च गर्न नसकेमा सो को जिम्मेवारी निकाय प्रमुख, विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख भएकोमा सोअनुसार जिम्मेवारी र जवाफदेहिताको पालना भएको देखिएन । ऐनको व्यवस्थाअनुरूप जिम्मेवारी र जवाफदेहिता वहन गरी आर्थिक अनुशासन कायम गराउनुपर्दछ ।

८५. **लेखापरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । नेपाल सरकारको विकास सहायता नीति २०७१ को दफा २.२.९ मा पनि विकास सहायता राष्ट्रिय बजेट प्रणाली मार्फत् परिचालन गरिने कुरा उल्लेख छ । ग्रामीण पहुँच कार्यक्रम तेस्रो चरण परियोजना, मुगुले उक्त कार्यक्रमको लागि विनियोजन भएको रू.७० करोड ४८ लाख र प्रदेश नं. १ सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयको वार्षिक प्रतिवेदनअनुसार मार्च २०२० देखि जुन २०२१ सम्म प्राप्त हुने रू.३० करोड ५९ लाख ८८ हजारमध्ये यो वर्ष रू.३ करोड ५० लाख ५० हजार खर्च भएको उल्लेख गरेकोमा सम्झौताअनुसार उक्त रकमको लेखापरीक्षण गराएको छैन ।

लेखापरीक्षण बेरुजू

- **यो वर्षको बेरुजू** - प्रदेश सरकार मातहतका सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको २०७७।७८ को लेखापरीक्षण रकम र बेरुजू अङ्क निम्नानुसार रहेको छः

(रू.लाखमा)

प्रदेश	लेखापरीक्षण गरिएको कार्यालय संख्या	लेखापरीक्षण रकम	कुल बेरुजू रकम	पेस्की बाहेक बेरुजू रकम	बेरुजू प्रतिशत	पेस्की बाहेक बेरुजू प्रतिशत
प्रदेश नं.१	२०२	४५५९१८	१६२८६	१४८१८	३.५६	३.२५
मधेश	१३९	३९२८८६	२१३०६	१७८८५	५.४२	४.५५
वाग्मती	१९९	६८३०८०	१०९४४	८५०८	१.६०	१.२४
गण्डकी	१६७	४०५५५४	५१५४	४३३२	१.२७	१.०७
लुम्बिनी	१८८	५४३८४६	६४२२	६२२२	१.१८	१.१४
कर्णाली	१५१	३१०८९०	१६०१८	१४१५४	५.१५	४.५५
सुदूर पश्चिम	१६३	३५४९७९	७७२१	४८४२	२.१८	१.३६
जम्मा	**१२०९**	**३१४७१५३**	**८३८५१**	**७०७६१**	**२.६६**	**२.२५**

उपर्युक्त तालिकाअनुसार कुल बेरुजू रकमको तुलनामा सबभन्दा बढी बेरुजू मधेश प्रदेशको ५.४२ प्रतिशत र सबैभन्दा कम बेरुजू लुम्बिनी प्रदेशको १.१८ प्रतिशत रहेको छ ।

- **अद्यावधिक बेरुजू** - प्रदेश सरकार मातहत सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको गत वर्षसम्मको बाँकी बेरुजू रू.१२ अर्ब ९९ करोड १३ लाख रहेकोमा सम्परीक्षणबाट रू.१ अर्ब ७२ करोड ४६ लाख फर्स्यौट भई रू.११ अर्ब २६ करोड ६७ लाख बाँकी रहेको र यो वर्ष रू.८ अर्ब ३८ करोड ५१ लाख थप भई अद्यावधिक बेरुजू रू.१९ अर्ब ६५ करोड १८ लाख रहेको छ। सो रकममा रू.४ अर्ब १० करोड ७ लाख पेस्की रहेको छ । यससम्बन्धी प्रदेशगत विवरण देहायबमोजिम छः

(रू.लाखमा)

प्रदेश	गत सम्मको बाँकी	सम्परिक्षण	बाँकी	यो वर्षको थप	चौथो प्रतिवेदन सम्मको बाँकी	बेरुजू बाँकीमध्ये पेस्की
प्रदेश नं.१	२५१४३	३३९६	२१७४७	१६२८६	३८०३३	६९८६
मदेश	३६८९२	१३६३	३५५२९	२१३०६	५६८३५	१२१९३
वाग्मती	१३८५०	१५८९	१२२६१	१०९४४	२३२०५	४६२०
गण्डकी	१५३९७	२६५३	१२७४४	५१५४	१७८९८	७०७६
लुम्बिनी	१३२१२	२५६६	१०६४६	६४२२	१७०६८	९१७
कर्णाली	१३११६	११४७	११९६९	१६०१८	२७९८७	५४५९
सुदूर पश्चिम	१२३०३	४५३२	७७७१	७७२१	१५४९२	३७५६
जम्मा	**१२९९१३**	**१७२४६**	**११२६६७**	**८३८५१**	**१९६५१८**	**४१००७**

खण्ड - ३

स्थानीय तह

स्थानीय तह

जनताको सबैभन्दा नजिकको सरकारको रूपमा स्थानीय तहको गठन भई संविधान बमोजिम कानून निर्माण गर्ने, स्थानीय बासिन्दाको आवश्यकता, माग र प्राथमिकताका आधारमा योजना तर्जुमा गर्ने, आर्थिक स्रोत साधनको अनुमान, व्यवस्थापन र स्रोतको दक्षतापूर्ण उपयोग गर्ने, सहभागितात्मक तवरले विकास निर्माण सञ्चालन गर्ने र स्वामित्वबोध गराउने, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन तथा वन व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, स्थानीय सेवा प्रवाह, सार्वजनिक जग्गा संरक्षण र स्थानीय विवाद समाधान गर्ने, आफूले गरेका काम कारबाहीको तथ्याङ्क तथा अभिलेख राख्ने लगायतका कार्यहरू स्थानीय तहबाट सम्पादन भइरहेका छन् ।

नेपालको संविधानको अनुसूची-८ मा व्यवस्था भएका स्थानीय तहका एकल अधिकार एवं अनुसूची-९ मा भएको साझा अधिकारले परिलक्षित गरेका कार्यसम्पादन गर्न स्थानीय तहहरुबाट कानून निर्माण, आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन एवं परिचालन गरी स्थानीय तहमाबाट सेवा प्रवाह गर्न सुरूवात भएको छ । स्थानीय तहका पदाधिकारीको पहिलो कार्यकाल पुरा भई २०७९।१।३० मा दोस्रो कार्यकालको लागि निर्वाचन सम्पन्न भई हाल नयाँ पदाधिकारीले स्थानीय तहको जिम्मेवारी सम्हालेका छन् । स्रोतको आङ्कलन, राजस्व सङ्कलन, विकास निर्माण एवं सेवा प्रवाहमा स्थानीय तहले सम्पादन गरेका काम कारबाहीको विश्लेषण गर्दा कानून निर्माण र सोको परिपालना, जिम्मेवारी र जवाफदेहिता वहन, सार्वजनिक सम्पत्ति र स्रोतको उपयोग, सार्वजनिक निर्माण, सेवा प्रवाह र प्रतिवेदन प्रणालीमा सुधार गरी वित्तीय अनुशासन पालना गराउन ध्यान दिनुपर्ने देखिएको छ ।

आन्तरिक आय एवं राजस्वको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयस्रोतको पर्‍याप्त आधारबेगर राजस्व छुट दिएको, राजस्व बक्यौता असुली लक्ष्य अनुसार नभएको, बजेट अनुशासनको पालना नभएको, बजेट अबण्डा राखेको, खर्च गरेपछि वर्षान्तमा अनुमोदन गरेको, प्रशासनिक खर्चमा मितव्ययिता नआएको, अनुदानको बचत रकम फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी कार्यक्रममा खर्च गरेको, आयोजनाको प्राथमिकीकरण नगरी योजना सञ्चालन गरेको, संघीय तथा प्रदेश सरकारबाट प्राप्त अनुदान रकमबाट सवारी साधन खरिद गरेको आयोजनाहरुको लागत अनुमान तथा विस्तृत परियोजना प्रतिवेदन तयारीमा परामर्शदाता माथि निर्भरता रहेको, जटिल संरचनाको कार्य पनि उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, साधन स्रोत एवं सम्पत्तिको अभिलेख नराखेको, लेखाङ्कन, प्रतिवेदन र आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, आन्तरिक लेखापरीक्षण समयमा हुन नसकेको, बेरूजू फर्स्यौटमा तदारूकता नदेखाएको लगायतका व्यहोरा यो वर्ष पनि लेखापरीक्षणबाट देखिएका छन् । प्रचलित कानून अनुसार कार्यसम्पादन गरी स्थानीय तहबाट प्रदान गर्ने कार्यमा सुधार गरी सेवामा प्रभावकारिता ल्याउनुपर्दछ।

• संवैधानिक र कानूनी व्यवस्था

१. **संवैधानिक र कानूनी व्यवस्था -** नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानून को अधीनमा रही गाउँपालिका वा नगरपालिकामा निहित हुने र धारा २२१ मा व्यवस्थापकीय अधिकार गाउँ सभा र नगर सभामा रहने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँपालिका र नगरपालिकाको हुने उल्लेख छ ।

२. **काम, कर्तव्य र अधिकार -** संविधानको अनुसूची-८ मा उल्लेख भए अनुसार स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत स्थानीय कर, दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीयस्तरका विकास आयोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई, स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाइ, कृषि तथापशुपालन, ज्येष्ठ नागरिक, अशक्तहरूको व्यवस्थापन, नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन लगायतका विषय रहेका छन् । सोबाहेक स्थानीय तहले संघ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा उल्लेख छ । संघ वा प्रदेशले संविधान तथा प्रचलित कानून बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको कुनै विषय स्थानीय तहलाई कानून बनाई निक्षेपण गर्नसक्ने समेत व्यवस्था छ।

३. **स्थानीय तहको संरचना -** कुल ७५३ स्थानीय तहमध्ये प्रदेश नं.१ मा १३७, मधेश प्रदेशमा १३६, वागमती प्रदेशमा ११९, गण्डकी प्रदेशमा ८५, लुम्बिनी प्रदेशमा १०९, कर्णाली प्रदेशमा ७९ र सुदूरपश्चिम प्रदेशमा ८८ स्थानीय तह रहेका छन् । गाउँपालिकामा ५ देखि १५ सम्म वडा तथा नगरपालिकामा ९ देखि ३५ सम्म वडा रहने गरी स्थानीय तहको गठन हुने व्यवस्था छ । स्थानीय तहको संख्या सीमाना, जनसंख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता र भाषिक सांस्कृतिक तथा सामुदायिक बनौटको आधारमा ६ महानगरपालिका, ११ उप-महानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका रहेका छन् ।

४. **कानून निर्माण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ३० नमूना कानून उपलब्ध गराएको देखिन्छ । स्थानीय तहको लागि ४० भन्दा बढी कानून आवश्यक पर्ने अवस्था रहेको छ । स्रोत सङ्कलन विकास निर्माण तथा सेवा प्रवाहको लागि आवश्यक पर्ने सबै कानून स्थानीय तहले बनाएका छैनन् । आवश्यकता अनुसारका कानून बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा समेत प्रभावकारिता आउनसकेको छैन । कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक कानून निर्माणमा स्थानीय तह थप सक्रिय हुनुपर्ने व्यहोरा गत वर्ष औँल्याइएकोमा यो वर्ष पनि स्थिति यथावत् छ ।

५. **आर्थिक कार्यप्रणाली -** संविधानको धारा २२८ देखि २३० सम्म स्थानीय तहको आर्थिक कार्यप्रणाली सम्बन्धी व्यवस्था छ । कानून बमोजिम बाहेक स्थानीय तहमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाइने व्यवस्था छ । स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, पुँजी र श्रमबजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून बनाई कर लगाउनुपर्ने व्यवस्था छ । स्थानीय तहमा एक स्थानीय सञ्चितकोष रहने, सो कोषमा पालिकालाई प्राप्त हुने सबै प्रकारका राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा पालिकाले लिएको ऋण तथा अनुदान रकम र आन्तरिक रूपमा उठाएको राजस्व लगायतको रकम जम्मा हुने र स्थानीय कानून बमोजिम खर्च गर्ने उल्लेख छ । स्थानीय तहले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सभामा पेस गर्नुपर्ने उल्लेख छ । राजस्व सङ्कलन र खर्च व्यवस्थापनलाई व्यवस्थित गर्न स्थानीय तहहरूले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानून बनाउन बाँकी रहेको छ । आर्थिक कारोवार सञ्चालन गर्ने कार्य स्थानीय सरकार सञ्चालन ऐन

२०७४ को व्यवस्था अनुसार गरेको देखियो । वित्तीय अनुशासन, जवाफदेहिता र पारदर्शिता प्रर्वद्धन हुनेगरी आर्थिक कारोबार सञ्चालन गर्न तत्सम्बन्धी कानून बनाई लागू गर्नुपर्दछ ।

६. **समन्वय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट लगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ । सबै प्रदेशले प्रदेश समन्वय परिषद्को बैठक सम्पन्न गरे पनि प्रदेश सरकारले स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने साना योजनाहरू आफैंले सञ्चालन गरेको, स्थानीय तहले गर्ने कार्यको लागि समेत प्रदेशस्तरका कार्यालय स्थापना गरेको, स्थानीय तहले राजस्व बाँडफाँट गरी पठाउनुपर्ने सबै रकम प्रदेश सरकारलाई नपठाएको लगायतको स्थिति देखिएको छ । साझा अधिकार सूचीमा रहेका कार्यको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न नियमित रूपमा प्रदेश समन्वय परिषद्को बैठकबाट निर्णय गराई आफ्नो कार्यसम्पादनमा सहजता आउने गरी प्रदेश सरकार र स्थानीयतहबीच समन्वय कायम गर्नुपर्दछ ।

• वित्तीय विवरण

७. **समग्र आय व्यय -** महालेखा नियन्त्रक कार्यालयबाट प्रापप्त एकीकृत वार्षिक आर्थिक विवरण अनुसार यो वर्ष ७५३ स्थानीय तहहरूको कुल बजेट रू.५ खर्ब ३२ अर्ब ९८ करोड ३७ लाख रहेको छ । सो मध्ये संघ र प्रदेशबाट हस्तान्तरण भएको अनुदान रू.३ खर्ब ८ अर्ब ६० करोड ३३ लाख, संघ र प्रदेश सरकारको राजस्व बाँडफाँटबाट रू.७३ अर्ब ४० करोड, आन्तरिक आयबाट रू.३५ अर्ब ६२ करोड ७३ लाख र गत वर्षको मौज्दात रू.७५ खर्ब ३७ अर्ब ३३ लाख समेत रू.४ खर्ब ९३ अर्ब ३९ लाख आय प्राप्त गरेको देखिन्छ । प्राप्त आयबाट रू.३ खर्ब ९१ अर्ब ४३ करोड ६३ लाख खर्च गरी रू.१ खर्ब १ अर्ब ५६ करोड ७६ लाख मौज्दात रहेको छ । यस सम्बन्धी प्रमुख व्यहोरा निम्नानुसार छन्:

७.१. महालेखा नियन्त्रक कार्यालयले पेस गरेको आय-व्यय विवरणमा संघीय मन्त्रालय/निकाय ११ मा विनियोजन भई स्थानीय तहलाई अख्तियारी एवं निकासा दिएको रू.७८ अर्ब ७८ करोड ४७ लाख र पालिकाहरुले सञ्चालन गरेका विभिन्न कोषहरुको प्राप्ति रू.२० अर्ब ७३ करोड ७३ लाखलाई स्थानीय तहको समग्र आय-व्ययको विवरणमा समावेश गरेको देखिएन । सो रकम समावेश गर्दा स्थानीय तहको समग्र आय रू.६ खर्ब ३२ अर्ब ५० करोड ८७ लाख र व्यय रू.४ खर्ब ९० अर्ब ९५ करोड ८३ लाख हुन आउँछ । सबै कारोबारलाई समेटेर एकीकृत आय-व्यय विवरण तयार गर्नुपर्दछ ।

७.२. यो वर्ष लेखापरीक्षण भएका ७४४ स्थानीय तहको देहायअनुसार कुल बजेट रू.५ खर्ब ९७ अर्ब ४८ करोड ५१ लाख रहेको छ । कुल बजेटमध्ये रू.४ खर्ब ८७ अर्ब ८८ करोड १७ लाख (८१.६५ प्रतिशत) खर्च भएको छ । कुल खर्चमध्ये चालु खर्च रू.२ खर्ब ५० अर्ब ६४ करोड १७ लाख (५१.३७ प्रतिशत), पुँजीगत खर्च रू.१ खर्ब ६० अर्ब ३२ करोड ५८ लाख (३२.८६ प्रतिशत) र वित्तीय व्यवस्था तथा अन्यतर्फ रू.७६ अर्ब ९१ करोड ४२ लाख (१५.७७ प्रतिशत) खर्च भएको छ। यो वर्ष लेखापरीक्षण भएका ७४४ स्थानीय तहको २०७७।७८ को कुल आन्तरिक राजस्व रू.३५ अर्ब २८ करोड ५६ लाख, संघ तथा प्रदेश सरकारबाट राजस्व बाँडफाँट रू.६९ अर्ब १ करोड

६९ लाख, गत वर्षको मौज्दात रू.९१ अर्ब ७७ करोड ३८ लाखसमेत आन्तरिक स्रोततर्फ रू.१ खर्ब ९६ अर्ब ७ करोड ६३ लाख प्राप्त भएको छ ।

(रू. लाखमा)

स्थानीय तह	ले.प.गरिएका स्थानीय तह	सुरू मौज्दात	संघीयबाट अनुदान	प्रदेशबाट अनुदान	राजस्व बाँडफाँट	आन्तरिक आय	अन्य आय	कुल आय	चालु खर्च	पुँजीगत खर्च	वित्तीय व्यवस्थापन तथा अन्य खर्च	कुल खर्च	मौज्दात बाँकी
प्रदेश नं १	१३७	११२२८९	५३२३८९	३३४४९	११८२०४	४४९६०	११२१६५	९५३४४६	४३७९१६	२५९५४६	११५७२४	८१३१८६	१४०२७०
मधेश	१२८	१७९९३५	४६८५२६	२५२११	१०८२६२	२४९०१	१४८३७४	९५५२०९	३९६१७४	२७७१५७	१०७८४३	७८११७४	१७४०३६
वागमती	११९	३३५८५७	४९२५८६	६८५३७	१६८४५७	१८३७०९	१८९४६०	१४३८६०६	४७५२९७	३७७९८९	१५३६९०	१००६९७५	४३१६३०
गण्डकी	८५	८१६८२	३३९८८९	१९१८६	६२४११	३८७५७	६७४७९	६०९४०४	२८६६९५	१४६४५७	७३८२६	५०६९७९	१०२४२५
लुम्बिनी	१०९	११५८२७	४६७५९९	५३५३९	११६७४२	४००७८	१४३५१३	९३७२९८	३८४२१८	२५४६६६	१५७७७८	७९६६६२	१४०६३६
कर्णाली	७८	३९६६०	२६५५४७	२७१६२	४६३६४	६१६३	९१५०५	४७६४०१	२१६२४१	१२६०१२	८९०४७	४३१३००	४५१०२
सुदूरपश्चिम	८८	५२४८८	३६९४४०	२५९८०	६९७२९	१४२८८	७२५५२	६०४४७७	३०९८७६	१६१४३१	७१२३४	५४२५४१	६१९३६
जम्मा:	**७४४**	**९१७७३८**	**२९३५९७६**	**२५३०६४**	**६९०१६९**	**३५२८५६**	**८२५०४८**	**५९७४८५१**	**२५०६४१७**	**१६०३२५८**	**७६९१४२**	**४८७८८१७**	**१०९६०३५**

कुल खर्चको ३२.८६ प्रतिशत मात्र पुँजीगत खर्च भएको र चालु खर्च आन्तरिक आय र राजस्व बाँडफाँटको २.४० गुणा रहेको छ । यसस्थितिले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ (४) बमोजिम स्थानीय तहले आफुले उठाएको राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व तथा व्ययको अनुमान पेस गर्नुपर्ने प्रावधानको पालना हुनसकेको छैन ।

८. **घटी जिम्मेवारी -** स्थानीय तहहरूले प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्दा गत वर्षको मौज्दात यस वर्ष जिम्मेवारी सार्नुपर्दछ । जिम्मेवारी सार्ने क्रममा फरक परेमा सोको पुष्ट्याइँ उल्लेख गर्नुपर्दछ । यो वर्ष १६७ स्थानीय तहले रू.२ अर्ब २७ करोड ३९ लाख १९ हजार घटी जिम्मेवारी सारेकोमा कारण खुलाएका छैनन् । घटी जिम्मेवारीको कारण यकिन गरी आय लेखांकन गर्नुपर्दछ ।

९. **बैङ्क हिसाब मिलान -** स्थानीय तहहरूले मासिक रूपमा स्रेस्ता र बैङ्क खाताको हिसाब मिलान गरी म.ले.प.फा.नं. २१२ को ढाँचामा बैङ्क हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले यस्तो विवरण तयार गरेका छैनन् । यो वर्ष ८२ स्थानीय तहले स्रेस्तामा उल्लेख गरेको बैङ्कमा रू.६८ करोड ४३ लाख १४ हजार घटी मौज्दात रहेको देखिएको छ । बैङ्क हिसाब मिलान विवरण तयार गरी फरक परेको सम्बन्धमा छानबिन गरी हिसाब यकिन गर्नुपर्दछ ।

• योजना तर्जुमा, बजेट तथा कार्यक्रम

१०. **आवधिक योजना तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्नेमा अधिकांश स्थानीय तहले आवधिक योजना तयार गरेका छैनन् । आवधिक योजना तयार गर्ने स्थानीय तहहरूले पनि वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनामा समावेश भएका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरूमा ध्यान केन्द्रित गरेको देखिन्छ । स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

११. **वार्षिक योजना तथा बजेट तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रही आर्थिक अधिकारसम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था छ ।स्थानीय तहहरूले बजेटको पूर्व तयारी,

सीमा, विषयगत क्षेत्र, स्रोत अनुमान र आयोजना प्राथमिकीकरणका आधारमा बजेट तर्जुमा गर्दा प्राथमिकताक्रम निर्धारण नगरेको र बजेट तर्जुमा गर्नुपूर्व भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने प्रोफाइल तयार गरी सार्वजनिक गरेको देखिँदैन । योजना तर्जुमा, कार्यान्वयन, अनुगमनमा स्थानीय तहको सहभागिता सुनिश्चित हुने गरी कार्यक्रम सञ्चालन गर्ने कार्य हुनसकेको छैन ।

त्यस्तै सोही ऐनमा आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति रहने व्यवस्था छ । सो समितिले ऐनको दफा ६७ बमोजिम आगामी वर्षको बजेट, कार्यक्रम, सीमा, छनोट लगायतको प्रक्रियालाई सभामा पेस गरी योजना तर्जुमा एवं कार्यान्वयन गर्नुपर्नेमा लेखापरीक्षण गरिएका सबै स्थानीय तहले तद्अनुसार गरेको देखिएन । त्यस्तै यो वर्ष मधेश प्रदेशका ३२, प्रदेश नं.१ र बागमतीका २/२ तथा सुदूरपश्चिमको १ समेत ३७ ले २०७७ कार्तिक मसान्तसम्म पनि २०७७।७८ को बजेट तथा पारित गरेको देखिएन । उल्लिखित विषयहरू सभामा पेस गर्ने, सभाबाट अनुमोदन भएपछि अभिलेख राखी कार्यान्वयन गर्नुपर्दछ ।

१२. **स्रोतको अनुमान तथा बजेट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६, ६७ र ७१ बमोजिम वार्षिक आय-व्ययको प्रक्षेपण, वितरणको खाका र बजेट सीमाभित्र रही तयार गरेको अनुमान कार्यपालिकाबाट स्वीकृत गरी प्रत्येक वर्षको आषाढ १० भित्र सभामा पेस गरी सोही महिनाको अन्त्यसम्म बजेट पास गरिसक्नुपर्ने व्यवस्था छ । यो वर्ष संघ तथा प्रदेशबाट प्राप्त हुने राजस्व बाँडफाँट तथा वित्तीय हस्तान्तरण लगायत आन्तरिक स्रोततर्फको बजेट तथा कार्यक्रम बनाउँदा बेग्लाबेग्लै स्रोतगत खर्च देखिने गरी बजेट तयार गरेको देखिएन । राजस्व बाँडफाँट, वित्तीय समानीकरण र आन्तरिक स्रोत सबै रकमलाई एउटै बास्केटमा राखी बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारण नगरी चालु तथा पुँजीगत प्रकृतिको कार्यमा खर्च गरेको छ । स्थानीय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित स्रोत र साधनको सन्तुलित वितरणको खाकाको आधारमा बजेटको बाँडफाँट गर्नुपर्दछ ।

१३. **मध्यमकालीन खर्च संरचना** - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहित प्रस्तावित योजनाको उद्देश्य, खर्च छुटयाउन आवश्यकताको पुष्टयाईं, योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण, खर्च व्यहोर्ने स्रोत, प्रतिफल र उपलब्धिको प्रक्षेपण, योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादात्म्यता, गत आर्थिक वर्षमा छुटयाइएको खर्चअनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरणसहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । स्थानीयतहहरूले सो बमोजिम मध्यमकालीन खर्चको संरचना तयार गर्न बाँकी रहेको देखियो । ऐनमा व्यवस्था भएबमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्दछ।

१४. **दायित्व भुक्तानी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनुपर्ने उल्लेख छ । योजना तथा कार्यक्रम र भुक्तानी बाँकीको विवरण बेगर स्थानीय तह १९६ ले गतवर्षको दायित्व अन्तर्गत रू.४ अर्ब १६ करोड

२२ लाख खर्च गरेका छन् । चालु वर्षको कार्यक्रमलाई असर पर्ने गरी दायित्व सिर्जना गर्ने र पछिल्ला वर्ष भुक्तानी गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ ।

१५. **अबण्डा बजेट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यो वर्ष २३३ स्थानीय तहले रू.४ अर्ब ७३ करोड ३३ लाख ६७ हजार अबण्डा राखी बजेट तथा कार्यक्रम स्वीकृत गरेका छन् । अबण्डा रकम कार्यपालिकाको निर्णयबाट पछि बाँडफाँट गरी पटके आयोजना र कार्यक्रममा खर्च हुने एवं वित्तीय अनुशासन पालना नहुने लगायतका अवस्था रहेको छ । अबण्डा राखी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१६. **विद्युतीय लेखा प्रणालीको प्रयोग -** स्थानीय तहको कोष सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपकता र शुद्धता कायम गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोग गर्ने व्यवस्था महालेखा नियन्त्रकले मिलाएको छ । संघीय तथा प्रदेश अनुदानलाई स्थानीय तहहरुले सुत्रमा समावेश गरे तापनि राजस्व प्राप्ति ७४२ स्थानीय तहले धरौटीको विवरण ६३८ स्थानीय तहले मात्र सुत्रमा प्रविष्टि गरेको देखियो । सबै कारोबारलाई प्रणालीमा आवद्ध गराई एकरुपकता र सुद्धता कायम गर्नुपर्दछ।

• आन्तरिक स्रोत परिचालन

१७. **राजस्व परिचालन -** महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वार्षिक आर्थिक विवरण अनुसार स्थानीय तहहरूले यो वर्ष आन्तरिक आयबाट रू.२ खर्ब ३ अर्ब १७ करोड ९४ लाख प्राप्त गर्ने अनुमान गरेकोमा रू.१ खर्ब ८४ अर्ब ६५ करोड २७ लाख (९०.८८ प्रतिशत) प्राप्त गरेको छ । सोमध्ये गत वर्षको मौज्दात रू.७५ अर्ब ६३ करोड, राजस्व बाँडफाँटबाट रू.७३ अर्ब ४० करोड र आन्तरिक श्रोतबाट रू.३५ अर्ब ६२ करोड ७३ लाख प्राप्त भएको छ । नेपाल सरकारको अनुदानसमेतको कुल प्राप्ति रू.४ खर्ब ९३ अर्ब ३९ लाखमध्ये स्थानीय तहको यस वर्षको आन्तरिक स्रोतको आय ६.२२ प्रतिशत मात्र देखिएको छ । राजस्व तथा शुल्कको दायरा विस्तार एवं पुनरावलोकन गरी आन्तरिक स्रोत परिचालनमा ध्यान दिनुपर्दछ ।

महालेखा नियन्त्रक कार्यालयले गत वर्षको वित्तीय विवरणमा बैङ्क मौज्दात रू.८१ अर्ब ३५ करोड बाँकी देखाएकोमा यो वर्ष रू.७५ अर्ब ६३ करोड मात्र जिम्मेवारी सारेकोले देखाएकोले रू.५ अर्ब ७२ करोड फरक परेको सम्बन्धमा हिसाब मिलान गर्नुपर्दछ ।

१८. **बक्यौता असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्काबापत बक्यौता रकमसमेत असुली गर्ने व्यवस्था छ । यो वर्ष ३२ स्थानीय तहबाट रू.२६ करोड २५ लाख ६१ हजार असुल गर्न बाँकी रहेको र सोको लगत तयार गरेका छैनन् । बक्यौता राजस्वको लगत तयार गरी असुलीको कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ ।

१९. **राजस्व छुट -** स्थानीय तहहरूले ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन तथा बिक्री गर्न ठेक्का बन्दोबस्त गरेकोमा कोभिड-१९ महामारी लगायतको कारण कार्यपालिका एवं सभाको निर्णयको आधारमा यो वर्ष ५६ स्थानीय तहले रू.२३ करोड ३१ लाख ३७ हजार राजस्व छुट प्रदान गरेका छन् । ठेक्का सम्झौता गर्दा दैनिक सङ्कलन गर्न सक्ने परिमाण नखुलाएको, सङ्कलन र बिक्री गरेको अभिलेख नराखेको, ठेक्का अवधिमा सम्झौता

बमोजिमको परिमाण सङ्कलन गर्न नसकेको आधार स्पष्ट नगरी सम्झौता पश्चात् राजस्व छुट दिएको औचित्यपूर्ण देखिएन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा दहत्तर र बहत्तरको राजस्व छुट सम्बन्धमा प्रष्ट व्यवस्था नभएकोले प्रदेश कानून अनुसार राजस्व छुट सम्बन्धी निर्णय गर्नुपर्नेमा स्थानीय तहहरूले निर्णय गरी राजस्व छुट दिएको कानूनसम्मत देखिएन । कानून मा सुधार गरी पटके निर्णयको आधारमा छुट दिने विषयमा नियन्त्रण गर्नुपर्दछ ।

• कर कट्टी तथा दाखिला

२०. **भुक्तानीमा कर -** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टी गरी दफा ९० बमोजिम राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ । यो वर्ष ३७८ स्थानीय तहले नियमानुसार रू.८ करोड ८५ लाख ७४ हजार अग्रिम कर कट्टी नगरेको तथा कट्टी गरेकोमा पनि दाखिला नगरेकोले कर रकम सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

२१. **कर बीजक** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग कर बीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रीतपूर्वकको कर बीजकबेगर सामान खरिद गरी २१३ स्थानीय तहले रू.९ करोड ६२ लाख ५८ हजार खर्च लेखेका छन् । त्यस्तै २३५ स्थानीय तहले मूल्य अभिवृद्धि करमा नन्-फाइलर रहेकालाई रू.१५ करोड ५ लाख ८९ हजार भुक्तानी गरेका छन् । कानून को पालना नगरी खरिद गर्ने कार्यमा नियन्त्रण गरी भुक्तानी मूल्य अविवृद्धि कर समायोजन भएको प्रमाण पेस गर्नुपर्दछ ।

२२. **मूल्य अभिवृद्धि कर -** स्थानीय तहहरूले प्राकृतिक स्रोतको बिक्रीको लागि ठेक्का व्यवस्थापन गर्दा बिक्री मूल्यमा लाग्ने मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा ११७ स्थानीय तहले रू.२८ करोड १० लाख ४८ हजार असुल गरेका छैनन् । उक्त कर रकम असुल गरी सम्बन्धित राजस्व खातामा दाखिला हुनुपर्दछ।

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा ठेक्का वा करारअन्तर्गतको भुक्तानीमा मूल्य अभिवृद्धि कर रकमको ५० प्रतिशत(२०७८ जेष्ठ १६ पछि ३० प्रतिशत) कट्टी गरी सम्बन्धित राजस्व शीर्षकमा र बाँकी रकम सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । यो वर्ष २३७ स्थानीय तहले ठेक्का करारको भुक्तानीमा मूल्य अभिवृद्धि कर रू.१३ करोड १४ लाख ८८ हजार कट्टा नगरी सम्बन्धित फर्मलाई भुक्तानी दिएको छ । उक्त मूल्य अभिवृद्धि कर दाखिला भएको प्रमाण पेस गर्नुपर्दछ ।

• अनुदान प्राप्ति तथा फिर्ता

२३. **अनुदान -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त वित्तीय विवरण अनुसार अनुदानतर्फ संघीय तथा प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराएको अनुदानको ३ वर्षको अवस्था देहाय अनुसार रहेको छः

(रू.लाखमा)

आर्थिक वर्ष	समानीकरण अनुदान	सशर्त अनुदान	विशेष अनुदान	समपुरक अनुदान	जम्मा
संघीय सरकारबाट प्राप्त					
२०७५।७६	८५२८७९	१२५३४२७	२२७७०	३८५७३	२१६७६४९
२०७६।७७	८९९६५२	१५०९९४१	४८२८४	४७५४०	२५०५४१७
२०७७।७८	८९९७३२	१८३३०२५	५८३४१	५०८८६	२८४१९८४

आर्थिक वर्ष	समानीकरण अनुदान	सशर्त अनुदान	विशेष अनुदान	समपुरक अनुदान	जम्मा
प्रदेश सरकारबाट प्राप्त					
२०७५।७६	४४२०१	७९९४३	९४४७	१८६२३	१५२२१४
२०७६।७७	६२८०२	८२७७२	२५८४८	५७८१७	२२९२३९
२०७७।७८	५३५७६	८९४०९	७४४७९	२७७२६	२४५१९०

यस सम्बन्धी देखिएका व्यहोराहरू निम्नानुसार छनः

२३.१. उल्लिखित तथ्याङ्क अनुसार स्थानीय तहहरूमा संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान क्रमशः बढ्दै गएको छ।

२३.२. संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय अनुदान र राजस्व बाँडफाँटको परिचालन गर्ने स्पष्ट मार्गदर्शन तयार नहुँदा प्राप्त सबै रकम एउटै बास्केटमा राखी सोमा आन्तरिक आयसमेत थप गरी बजेट निर्माण र खर्च गरेका छन् । स्रोतको कुशल विनियोजन, प्रभावकारी कार्यान्वयन र अपेक्षित नतिजा प्राप्त हुनेगरी स्रोतको स्रोतगत वर्गीकरणका आधारमा बजेट स्वीकृत गरी आर्थिक कारोबार गर्ने व्यवस्था मिलाउनुपर्दछ।

२३.३. प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी रकमको निश्चित प्रतिशत त्यस्तै प्रकारको प्राकृतिक श्रोत संरक्षण र समग्र वातावरण संरक्षण कार्यमा प्रयोग हुने अन्तर्राष्ट्रिय असल अभ्यास रहे पनि स्थानीय तहहरूमा तद्अनुसार बजेट छुट्याई खर्च गर्ने प्रक्रिया अवलम्बन हुन बाँकी छ ।

२३.४. खर्चको आवश्यकता, उपलब्ध स्रोत, खर्च गर्ने क्षमतालगायतका सूचकाङ्कको आधारमा अनुदान बाँडफाँटको हिस्सा निर्धारण गर्नुपर्नेमा खर्चको आवश्यकता निर्धारणसम्बन्धी मापदण्ड एवं तत्सम्बन्धी अध्ययन हुन नसकेकोले स्थानीयतहहरुको पूर्वाधार, सामाजिक सेवासम्बन्धी आवश्यकताको पहिचान यथार्थपरक हुनसकेको छैन । स्थानीयतहहरुको खर्चको आवश्यकता पहिचान सम्बन्धी अध्ययन हुनुपर्दछ ।

२३.५. महालेखा नियन्त्रक कार्यालयले संघीय सरकारबाट स्थानीय तहलाई दिएको शशर्त समपुरक र विशेष अनुदानको रकम खर्च नभई बाँकी रहेको रू. ५ अर्ब ९१ करोड ६२ लाख संघीय सञ्चित कोषमा फिर्ता हुनुपर्ने देखाएको छ । त्यस्तै प्रदेश सरकारबाट स्थानीय तहहरुलाई उपलब्ध गराएको अनुदान मध्ये रू. ५० करोड ५२ लाख ३२ हजार फिर्ता गर्न बाँकी छ । उक्त रकम फिर्ता गरी सम्बन्धित सञ्चित कोषमा दाखिला हुनुपर्दछ।

• लेखापरीक्षण तथा सम्परीक्षण

२४. **लेखापरीक्षण -** यो वर्ष ७५३ स्थानीय तहमध्ये ७४४ स्थानीय तहको रू.९ खर्ब ९३ अर्ब ५९ करोड ३१ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । यो वर्ष बक्यौता लेखापरीक्षणतर्फ ५५ स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को रू.५७ अर्ब ५० करोड ५९ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । नियमित र बक्यौतासमेत यो वर्ष रू.१० खर्ब ५१ अर्ब ९ करोड ९० लाखको लेखापरीक्षण सम्पन्न भएको छ । प्रदेशगत स्थानीय तहको लेखापरीक्षण सम्बन्धी विवरण अनुसूची-२१ मा छ ।

२५. **बेरूजू फर्स्यौंट र सम्परीक्षण -** स्थानीय तहको बेरूजू फर्स्यौंट र सम्परीक्षण सम्बन्धमा निम्नानुसार देखिएको छः

२५.१. लेखापरीक्षण ऐन, २०७५ को दफा २० मा प्रत्येक गाउँपालिका र नगरपालिकाले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनुपर्ने, महालेखापरीक्षकले लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र यसरी जारी भएको प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम गाउँसभा वा नगरसभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था छ । अधिकांश स्थानीय तहहरूले यस सम्बन्धी कानून निर्माण गर्न बाँकी रहेकोले प्रतिवेदन छलफल र बेरूजू असुल फर्स्यौंट एवं नियमित गर्ने कार्यविधि सम्बन्धमा अस्पष्टता रहेको छ ।

२५.२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ मा सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति लगायतका समिति गठन गर्न सक्ने उल्लेख छ । यसरी गठन हुने लेखा समितिको प्रमुख जिम्मेवारी महालेखापरीक्षकको वार्षिक प्रतिवेदन उपर छलफल हुनुपर्नेमा समितिको कार्यक्षेत्र र जिम्मेवारी सम्बन्धमा स्पष्ट नगरेकोले लेखा समिति गठन भई बेरूजू फर्स्यौंट र कार्यपालिकालाई निर्देशन दिने कार्य गरी आर्थिक अनुशासन पालनामा प्रभावकारिता आउनसकेको छैन ।

२५.३. लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेरूजू फर्स्यौंटको सम्बन्धमा उल्लेख भएतापनि स्थानीय तहहरूले यस सम्बन्धी कार्यविधि सहितको कानून नबनाएको अवस्थाले अनियमित बेरूजू फर्स्यौंट गर्ने सम्बन्धमा अस्पष्टता रहेको छ । कतिपय स्थानीय तहहरूले लेखा समितिमा छलफल गराई सभाबाट नियमित गरेको, कतिपयले कार्यपालिकामा छलफल गराई सोझै सभामा पेस गरी नियमित गरेको अवस्था छ । सभाले के-कस्ता बेरूजू नियमित गर्न सक्ने भन्ने सम्बन्धमासमेत स्पष्ट नभएकोले कानूनमा व्यवस्था नभएका सुविधा भुक्तानी भई असुल गर्नुपर्ने देखिएका कानून विपरीत राजस्व छुट दिएका बेरूजूसमेत नियमित गरी सम्परीक्षणको लागि पठाउने गरेका छन् ।

स्थानीय तहले लेखा समितिको गठन, कार्यक्षेत्र, बेरूजू फर्स्यौंटको विधि र प्रक्रियासमेत खुलाई स्पष्ट कानूनी व्यवस्था गरी बेरूजू फर्स्यौंटमा तदारूकता ल्याउनुपर्दछ ।

२६. **बेरूजू असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा लेखापरीक्षण गराउने तथा बेरूजू फर्स्यौंट गर्ने, गराउने काम, कर्तव्य र अधिकार प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्ष लेखापरीक्षणको क्रममा बढी भुक्तानी गरेको, अग्रीम कर कट्टी नगरेको, संघीय सञ्चितकोष दाखिला नगरेको लगायतका व्यहोरा औंल्याइएपछि २५४ स्थानीय तहले रू.४९ करोड २५ लाख ५१ हजार र प्रारम्भिक प्रतिवेदन जारी गरेपछि २६५ स्थानीय तहले रू.४२ करोड ४५ लाख ३७ हजारसमेत रू.९१ करोड ७० लाख ८८ हजार असुली गरेका छन् । गत विगत वर्षको बेरूजू सम्परीक्षणको क्रममा ३१० स्थानीय तहबाट रू.४२ करोड ६३ लाख ५४ हजार असुल भई यो वर्ष कुल रू.१ अर्ब ३४ करोड ३४ लाख ४२ हजार असुल भएको छ । लिनदिन पाउनेभन्दा बढी भुक्तानीलाई न्यूनीकरण गर्न आन्तरिक नियन्त्रण एवं दण्ड र पुरस्कारको व्यवस्थाका अतिरिक्त आन्तरिक लेखापरीक्षणमासमेत प्रभावकारिता ल्याउनुपर्दछ।

२७. **लेखापरीक्षण बक्यौता -** लेखापरीक्षण ऐन, २०७५ को दफा २० अनुसार स्थानीय तहको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराउनुपर्ने व्यवस्था छ । यो वर्ष देहायअनुसार मधेश प्रदेशका ८ तथा कर्णाली प्रदेशको १ समेत ९ स्थानीय तहको लेखापरीक्षण गर्न बाँकी छ ।

क्र.सं.	प्रदेश	स्थानीय तह	जिल्ला	क्र.सं.	प्रदेश	स्थानीय तह	जिल्ला
१	मधेश	ब्रम्हपुरी गाउँपालिका	सर्लाही	६	मधेश	नवराजपुर गाउँपालिका	सिराहा
२	मधेश	विष्णु गाउँपालिका	सर्लाही	७	मधेश	धोबिनी गाँउपालिका	पर्सा
३	मधेश	बलरा नगरपालिका	सर्लाही	८	मधेश	औरही गाउँपालिका	धनुषा
४	मधेश	सम्सी गाउँपालिका	महोत्तरी	९	कर्णाली	त्रिपुरासुन्दरी नगरपालिका	डोल्पा
५	मधेश	रामगोपलपुर नगरपालिका	महोत्तरी				

२७.१. गत वर्ष कोभिड-१९ को कारण प्रदेश नं.१ का ४, मधेश प्रदेशका ५, वागमती प्रदेशका २१, लुम्बिनी प्रदेशका १४, कर्णाली प्रदेशका ६ र सुदूर पश्चिम प्रदेशका ९ गरी ५९ स्थानीय तहको २०७६।७७ को लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष ५५ स्थानीय तहले लेखापरीक्षण गराएका छन् । सर्लाहीको धनकौल गाउँपालिका, पर्साको पकहा मैनपुर गाउँपालिका, रौतहटको कटहरिया र गढीमाई नगरपालिकाले यो वर्ष पनि गत विगतको लेखापरीक्षण गराएका छैनन् ।

२७.२. धनुषाको जनकपुर उप-महानगरपालिका, सर्लाहीको कविलासी र बसबरिया, पर्साको ठोरी र रामेछापको लिखु तामाकोशी गाउँपालिकासमेत ५ स्थानीय तहले २०७५।७६ को बक्यौता यो वर्ष पनि लेखापरीक्षण गराएका छैनन् ।

२७.३. सर्लाहीको बलरा नगरपालिका र महोत्तरीको सम्सी गाउँपालिकाले २०७४।७५ मा स्रेस्ता पेस नगरको कारण लेखापरीक्षण बक्यौता रहन गएको र महोत्तरी जिल्लाका स्थानीय तह गौशाला, पिपरा, सम्सी र लोहारपट्टीलाई २०७३।७४ को स्रेस्ता पेस गरी लेखापरीक्षण गराउन अनुरोध गरिएकोमा यो वर्ष पनि लेखापरीक्षण गराएका छैनन् ।

लेखापरीक्षण ऐन र स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था भएबोजिम महालेखापरीक्षकको कार्यालयबाट २०७३।७४ देखि २०७७।७८ सम्मको लेखापरीक्षण नगराउने स्थानीय तहलाई संघीय तथा प्रदेश सरकारबाट दिने अनुदान रोक्का गर्नेसमेतको कारबाही गरी लेखापरीक्षण गराउने व्यवस्था हुनुपर्दछ।

२८. **आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ बमोजिम स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने र दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्ने व्यवस्था छ । यो वर्ष २५० स्थानीय तहले आन्तरिक लेखापरीक्षण गराएका छैनन् । स्थानीय तहले जोखिम क्षेत्रको पहिचान गरी आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नुपर्नेमा सोसमेत तयार गरेको नदेखिएकोले कानूनी व्यवस्थाको कार्यान्वयन गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सबल र सक्षम बनाउनुपर्दछ।

• पदाधिकारी सुविधा

२९. **पदाधिकारी सुविधा -** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफ्नो पदको काम कारबाही सुरू गरेको मितिदेखि अनुसूची-१ मा उल्लेख भएबमोजिमको रकम मासिक सुविधाबापत पाउने व्यवस्था छ । यो वर्ष १९ स्थानीय तहले ऐनमा व्यवस्था नभएको चाडपर्व खर्च रू.६१ लाख ७७ हजार, २२ स्थानीय तहले पोशाक सुविधामा रू.६९ लाख ४९ हजार र ऐनमा उल्लेख भएभन्दा फरक हुनेगरी २०१ स्थानीय

तहले यातायत तथा अनुगमन सुविधा लगायतमा रू.९ करोड ९८ लाख ७१ हजार भुक्तानी दिएका छन्। ऐनमा व्यवस्था नभएको उक्त रकम असुल गर्नुपर्दछ ।

३०. **बैठक भत्ता -** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन, २०७५ को दफा ४ सँग सम्बन्धित अनुसूचीमा उल्लेख भए अनुसार मात्र बैठक भत्ता पाउने व्यवस्था छ । कानूनीमा व्यवस्था नभएको र कानूनले तोकेभन्दा बढी हुनेगरी १५५ स्थानीय तहले रू.३ करोड ९२ लाख ७२ हजार बैठक भत्ता खर्च लेखेको रकम असुल गर्नुपर्दछ ।

३१. **स्वकीय सचिव र सल्लाहकार -** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयको २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्ने उल्लेख गरे तापनि सो अनुसार मापदण्ड बनाएको देखिएन । यो वर्ष २३२ स्थानीय तहले स्वकीय सचिव र सल्लाहकार नियुक्ति गरी रू.१० करोड २९ लाख २३ हजार पारिश्रमिक भुक्तानी गरेकोले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन

३२. **आयोगको परामर्श** - प्रदेश र स्थानीय तहको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ जारी भएको छ । उक्त ऐन अनुसार स्थानीय तहबाट निवृत्तिभरण पाउने पदको नियुक्ति गर्दा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तता, स्थानीय तहको संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारवाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ । आयोगको परामर्श बेगर १७ स्थानीय तहले कर्मचारीको स्तर वृद्धि गरी ती कर्मचारीलाई यो वर्ष रू.१ करोड ५५ लाख ९४ हजार भुक्तानी दिएको छ । आयोगको परामर्श बेगर स्तरवृद्धि गरी खर्च लेखेको रकम असुल हुनुपर्दछ ।

३२.१. प्रदेश लोकसेवा आयोगले स्थानीय तहको कर्मचारी व्यवस्थापन सम्बन्धमा आकर्षित हुने विभिन्न ऐन कानून मा भएका व्यवस्थाहरूको सम्बन्धमा सम्बन्धित निकायका प्रमुखहरूलाई जानकारी गराएको छ। यसैगरी स्थानीय तहहरूलाई छुट्टै कानून बनाई पदपूर्ति नगर्न ध्यानाकर्षण सहितको परिपत्र गरेको छ। आयोगको सक्रियताको बाबजुद स्थानीय तहहरूबाट खुला तथा बढुवा प्रकृयाबाट दरबन्दी पदपूर्तिको लागि माग प्राप्त नभएको स्थितिले आयोगबाट पदपूर्ति सम्बन्धी कार्य हुन सकेको छैन ।

३२.२. विराटनगर महानगरपालिका, ललितपुर महानगरपालिका र हेटौंडा उपमहानगरपालिकाबाट प्रदेश लोकसेवा आयोगको परामर्श वेगर गरिएको पदोन्नति लगायतका प्रक्रिया माथि उल्लेखित कानून सम्बत् देखिएको छैन। आयोगले कानून बमोजिम कारबाही गर्नुपर्दछ ।

३३. **कर्मचारी व्यवस्थापन -** स्थानीय तहको कार्य सञ्चालनभित्र पूर्वाधार निर्माण, शिक्षा, सामाजिक सुरक्षा, कृषि तथा पशु, स्वास्थ्य, कर तथा शुल्क, न्याय सम्पादन, बजेट नीति तथा योजना लगायतका कार्यसम्पादन गर्ने, विषयगत क्षेत्र तोकिएको छ । सो कार्य सम्पादन गर्न स्थानीय तहको लागि ६७

हजार ११९ कर्मचारी दरबन्दी स्वीकृत भएकोमा २०७७।०३।३१ सम्म निजामती सेवातर्फ ३२ हजार २२४ र अन्य सेवातर्फ १२ हजार ९७ समेत ४४ हजार ३२१ जनाको समायोजन भएको छ। विषयगत कार्यक्रम सञ्चालन गरी सेवाप्रवाह गर्न दरबन्दी बमोजिम जनशक्तिको पूर्ति नहुँदा कार्य सम्पादनमा असर परेको छ। रिक्त पदहरू पूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

३४. **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । यो वर्ष ५१२ स्थानीय तहले विभिन्न कर्मचारी करारमा राखी तलब भत्तामा रू.६ अर्ब २९ करोड ३४ लाख १९ हजार खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पल्म्बर, इलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । यो वर्ष २६४ स्थानीय तहले दरबन्दी नभएको तथा दरबन्दीभन्दा बढी करारमा नियुक्ति गरी रू.१ अर्ब ३१ करोड ४० लाख ५८ हजार तलब भत्ता भुक्तानी गरेको नियमसम्मत देखिएन ।

३५. **कर्मचारी कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाको दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । यो वर्ष २०० स्थानीय तहले अनुदानको रकमबाट कर्मचारी कल्याण कोषमा रू.४८ करोड १० लाख ४४ हजार ट्रान्सफर गरेका छन् । कोष सञ्चालन सम्बन्धी कानून को व्यवस्था भएको छैन । कानूनको व्यवस्था नगरी अनुदानबाट कोषमा रकम ट्रान्सफर गर्न मिल्ने देखिएन ।

३६. **प्रोत्साहन भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधासम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । यो वर्ष २७९ स्थानीय तहले कानून नबनाई कर्मचारी प्रोत्साहन भत्तामा रू.५५ करोड ६८ लाख ३७ हजार खर्च गरेका छन् । यस्तो खर्च कानूनद्वारा व्यवस्थित गर्नुपर्दछ ।

• खरिद व्यवस्थापन

३७. **चौमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम चौमासिक प्रगति विवरण तयार गरी पेस गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । यो वर्ष ५४७ स्थानीय तहले कुल रू.१ अर्ब १६ अर्ब २ करोड १५ लाख पुँजीगत खर्च गरेकोमा तेस्रो चौमासिकमा मात्र रू.७९ अर्ब ७७ करोड ६ लाख अर्थात् कुल खर्चको ६८.७५ प्रतिशत खर्च गरेका छन् । उक्त खर्च मध्ये आषाढ महिनामा मात्र रू.५२ अर्ब ७ करोड २८ लाख अर्थात कुल खर्चको ४४.८८ प्रतिशत खर्च गरेको देखिन्छ । आर्थिक वर्षको अन्तमा काम गराउँदा निर्माण कार्यको सुपरभिजन, वर्षातको

समय लगायतले कामको गुणस्तरमा असर पर्ने भएकोले चौमासिक रूपमा सन्तुलन मिलाई बजेट खर्च गर्नुपर्दछ।

३८. **पूर्व निधारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार काबु बाहिरको परिस्थितिले तोकिएको समयमा कार्य सम्पन्न नभएमा पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने व्यवस्था छ । यो वर्ष १८५ स्थानीय तहले ३९३ योजनामा सम्झौता अनुसारको समयभित्र कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीबाट रू.१५ करोड १८ लाख ९१ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरेको देखिएन । उक्त रकम असुल गर्नुपर्दछ।

३९. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू.५ लाखदेखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । यो वर्ष ५२३ स्थानीय तहले प्रतिस्पर्धा नगराई विभिन्न निर्माण कार्य एवं वस्तु तथा सेवा सोझै खरिद गरी रू.३ अर्ब ६९ करोड ७४ लाख ५३ हजार खर्च लेखेका छन् । सार्वजनिक ऐन, नियमअनुसार प्रतिस्पर्धा हुनेगरी खरिद गर्नुपर्दछ ।

४०. **सम्भाव्यता अध्ययन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्शदाताको लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा गत वर्षको नर्म्स, सोही प्रकृतिको कार्य गर्ने अन्य निकायले तयार पारेको नर्म्सलाई आधार लिई लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । यस वर्ष ३९५ स्थानीय तहले संभाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन एवं गुरू योजना तयारी कार्य बाह्य परामर्शदाताबाट गराइ रू.१ अर्ब ४१ करोड ६८ लाख १७ हजार खर्च गरेका छन् । परामर्श सेवाको लागत अनुमान तयार गर्ने नर्म्ससमेत स्वीकृत नभएको अवस्थामा गरेको यस्तो खर्च यथार्थमा आधारित देखिँदैन । यस्ता अध्ययन अनुसन्धान, प्रतिवेदन तयारीमा पालिकाका कर्मचारी परिचालन गरेर कार्य गराउनुपर्नेमा परामर्शदाता माथिको परनिर्भरता बढेको छ । जसको कारणले प्राप्त नतिजामासमेत अपनत्व कायम गर्नसकेको छैन ।

स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक विधि अवलम्वन गरी परामर्श सेवा खरिद गर्नुपर्नेमा सो अनुसार गरेका छैनन् । प्राप्त प्रतिवेदनको अभिलेख नराखेको र यसरी तयार भएका अधिकांश अध्ययन प्रतिवेदन कार्यान्वयनसमेत भएका छैनन् । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

४१. **सवारी साधन खरिद** - अर्थ मन्त्रालयद्वारा जारी निर्देशिका, २०७४ मा नेपाल सरकारबाट उपलब्ध गराएको बजेटबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाइने व्यवस्था छ। यो वर्ष १८४ स्थानीय तहले रू.३७ करोड ४४ लाख ६६ हजारको सवारी साधन खरिद गरेका छन् । सवारी साधन खरिद नगरेका स्थानीय तहले सवारी साधन भाडामा लिई प्रयोग गरेको देखिन्छ। केही स्थानीय तहले आन्तरिक आयबाट सवारीसाधन खरिद गरे तापनि अधिकांशले वित्तीय समानीकरण अनुदान रकमबाट सवारी साधन खरिद गरेकोले विकास निर्माण कार्यमा बाधा पर्न गएको छ । यसरी सवारी साधन खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

• वितरणमुखी खर्च

४२. **चालु प्रकृतिको खर्च** - पुँजी निर्माण तथा उत्पादन वृद्धिमा योगदान नगर्ने खर्चलाई नियन्त्रण गर्नुपर्नेमा पुँजीगत शीर्षकमा विनियोजन गरी चालु प्रकृतिका कार्यमा १३८ स्थानीय तहले रू.३५ करोड २० लाख १३ हजार खर्च गरेका छन् । पुँजीगत बजेटबाट चालु प्रकृतिका कार्यमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

त्यसैगरी यस वर्ष १९८ स्थानीय तहले वितरणमुखी कार्यमा रू.५४ करोड ९ लाख ९४ हजार खर्च गरेका छन् । वितरणमुखी खर्च नियन्त्रण गर्नुपर्दछ ।

४३. **विविध खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्च गर्दा मितव्ययिता अवलम्बन गर्नुपर्नेमा ५०२ स्थानीय तहले रू.१ अर्ब ४६ करोड २५ लाख ८६ हजार खर्च गरेका छन् । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

४४. **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिँदैन । यो वर्ष ४९१ स्थानीय तहले विभिन्न व्यक्ति तथा संस्थाहरूलाई रू.८८ करोड ६५ लाख ८६ हजार आर्थिक सहायता वितरण गरेका छन् । जसमध्ये २०७ स्थानीय तहले सहायता वितरण सम्बन्धी कार्यविधिसमेत तयार नगरी रू.३१ करोड ७० लाख ६४ हजार आर्थिक सहायता वितरण गरेका छन् । यस्ता संस्थालाई आर्थिक सहायता दिन मिल्ने कानूनी व्यवस्था नभएकोले अनुत्पादक आर्थिक सहायता खर्च नियन्त्रण गर्नुपर्दछ ।

४५. **अनुदान वितरण** - स्थानीय तहहरूले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद तथा विभिन्न सहकारी संस्थालाई बीउपुँजी लगायतका कार्यक्रममा यो वर्ष २३१ स्थानीय तहले विभिन्न प्रकृतिका सहकारी संस्थालाई रू.१ अर्ब ३४ करोड ६७ लाख ७० हजार अनुदान उपलब्ध गराएका छन्।नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने रोजगारी प्रवर्द्धन एवं राजस्वमासमेत योगदान पुग्ने योजना छनोट गरी सञ्चालन गर्नुपर्नेमा सहकारी संस्थालाई उपलब्ध गराएको अनुदानबाट प्राप्त हुने उपलब्धि सुनिश्चित हुने आधार भएन।

४६. **नाफामूलक संस्थालाई अनुदान** - अनुदान प्रदान गर्दा नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिँदैन । यस वर्ष ११४ स्थानीय तहले नाफा कमाउने उद्देश्यले स्थापना भएका ३१९ संस्थालाई रू.१७ करोड २८ लाख ६३ हजार अनुदान दिएका छन् । नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई दिएको अनुदान नियमसम्मत देखिएन।

• उपभोक्ता समितिमार्फत् कार्य

४७. **उपभोक्ता समिति दर्ता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सक्ने व्यवस्था छ । संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार कुनै पनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिँदैन । यो वर्ष विभिन्न निर्माण कार्य गर्न गठन भएका उपभोक्ता समितिहरू ऐनको व्यवस्थाअनुसार दर्ता भएको देखिएन । त्यस्ता समितिहरू स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रूपमा गठन हुने र कार्य सम्पन्न

पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरूले आय-व्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने गराउने गरी सुधार हुनुपर्दछ ।

४८. **जटिल संरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेसिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । यो वर्ष ३२३ स्थानीय तहले आर.सी.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड ट्याङ्की निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश भएका निर्माण कार्य उपभोक्ता समितिहरू मार्फत् गराई रू.२ अर्ब ९५ करोड ५८ लाख ९६ हजार खर्च लेखेका छन् । उपभोक्ता समितिसँग जटिल संरचना निर्माण कार्यको अनुभव, स्रोत साधनको न्यूनता, कानूनी व्यवस्था विपरीत भारी उपकरणको प्रयोग गरी जटिल संरचना निर्माणको कार्य गरेको देखियो । यस्ता कार्य व्यावसयिक रूपमा दर्ता भएका निर्माण व्यवसायीबाट प्रतिस्पर्धाको माध्यमबाट गर्नुपर्दछ ।

४९. **सीमाभन्दा बढीको काम -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड रूपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिमार्फत् गराउन सकिने व्यवस्था रहेकोमा यो वर्ष ५२ स्थानीय तहले रू.१ करोडभन्दा बढी लागत भएको रू.१ अर्ब ३ करोड ७२ लाख ७३ हजारको कार्य उपभोक्तामार्फत् गराई रू.८५ करोड ३१ लाख ८६ हजार भुक्तानी गरेका छन् । नियमको व्यवस्था पालना गरी सार्वजनिक निर्माण कार्य गराउनुपर्दछ ।

५०. **उपभोक्ताको योगदान** - उपभोक्ता समितिमार्फत् कार्य गराउँदा लागत अनुमानमा उल्लिखित रकममध्ये जनसहभागिताको अंश खुलाई उपभोक्ता समितिसँग सम्झौता गर्नुपर्ने व्यवस्था छ । यो वर्ष १५२ स्थानीय तहले १ हजार १७६ योजनामा सम्झौता बमोजिम रू.१४ करोड १८ लाख ३६ हजार उपभोक्ताको अंश कट्टा नगरी भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

५१. **निर्माण व्यवसायीको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समितिले पाएको कार्य गर्दा निर्माण व्यवसायीबाट गराउन नपाउने व्यवस्था छ । यो वर्ष १७० स्थानीय तहले १ हजार ४३४ योजना उपभोक्ता समितिबाट सञ्चालन हुनेगरी लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिले गर्नुपर्ने कार्य निर्माण व्यवसायीबाट गराएको बिल बीजक पेस गरी रू.१ अर्ब २० करोड ८३ लाख ७६ हजार भुक्तानी गरेको देखियो ।

लाभग्राहीहरू संलग्न हुने जनचेतनामूलक कार्यहरू मात्र गैरसरकारी संस्थाहरूबाट सम्पादन गर्न मिल्नेमा यो वर्ष १२३ स्थानीय तहले १ हजार ४० आयोजनामा गैरसरकारी संस्थामार्फत् कार्य गराई रू.४७ करोड १५ लाख ७४ हजार खर्च लेखेका छन् । सार्वजनिक निर्माण एवं सुधारसँग सम्बन्धित कार्यसमेत यस्ता संस्थाबाट गराउँदा गैरसरकारी संस्थाहरूले प्रचलित खरिद कानून को उचित पालना गरेको देखिएन । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

५२. **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । यो वर्ष ३४५ स्थानीय तहले सार्वजनिक निर्माणसम्बन्धी तोकिएको नर्म्सभन्दा बढी दर तथा परिमाणबाट लागत अनुमान स्वीकृत गरी ४ हजार ६६० योजनाका उपभोक्ता समितिहरूलाई रू.५४ करोड ९६ लाख ८६ हजार बढी भुक्तानी दिएको असुल गर्नुपर्दछ।

• विद्यालय शिक्षा कार्यक्रम

५३. **शैक्षिक तथ्याङ्क र मापदण्ड -** शैक्षिक तथ्याङ्क सङ्कलन कार्य प्रभावकारी नभएको तथा शिक्षक व्यवस्थापन सम्बन्धी मापदण्ड तयार नगरेकोले स्थानीय तहको शिक्षक व्यवस्थापनमा विविधता देखिएको छ । स्थानीय तहहरूले विद्यालयहरूबाट प्राप्त गर्नुपर्ने प्रतिवेदन, भुक्तानी खर्चको लेखाङ्कनका आधारमा एकीकृत तथ्याङ्क तयार गरेको देखिएन । पहाडी क्षेत्रमा शिक्षक विद्यार्थी अनुपात न्यून भई विद्यालयहरू एक अर्कोमा गाभी सञ्चालन गर्नुपर्नेमा विद्यार्थी नै नभएको अवस्थामासमेत शिक्षकहरूलाई तलब भत्तालगायत शीर्षकमा सञ्चालन खर्च निकासा दिएको देखिन्छ । तराईका जिल्लाहरूमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक संख्या न्यून भई राहत, स्वयंसेवक तथा निजी स्रोतका शिक्षकहरूद्वारा अध्यापन गराउनुपर्ने अवस्था रहेको छ । शिक्षक व्यवस्थापन मापदण्ड तथा कानूनी व्यवस्थाअनुसार शिक्षक दरबन्दी समायोजन गर्नुपर्दछ ।

५४. **विद्यालय पूर्वाधार -** कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ अनुसार विद्यालयमा आवासीय सुविधा, पुस्तकालय, खेलमैदान, वैकल्पिक विद्युतीय व्यवस्था, घेराबार तथा बगैंचा, प्रशासकीय भवन, शिक्षण भवन तथा कक्षाकोठा, प्रयोगशाला, खानेपानी तथा सरसफाइ लगायतका कार्य गर्न विद्यालय छनोट गरी पूर्वाधार विकास कार्यक्रम सञ्चालनमा रहेको छ । देशभरका २७ हजार ८१२ सामुदायिक विद्यालयमध्ये १ हजार ३२९ विद्यालयलाई पूर्वाधार विकासका लागि ३०० स्थानीय तहमार्फत् यो वर्ष रू.२ अर्ब ८४ करोड ७२ लाख निकासा गरेको छ । विद्यालयलाई आर्थिक वर्षको अन्त्यमा प्रदान गरेको रकमबाट निर्माण कार्य सम्पन्न भएको प्रतिवेदन प्राप्त गरी खर्चको सुनिश्चितता गर्नुपर्दछ ।

५५. **शिक्षक नियुक्ति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२ज) मा आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी अधिकार स्थानीय तहलाई प्रदान गरेको भए तापनि शिक्षकको दरबन्दी सिर्जना र नियुक्ति सम्बन्धमा उल्लेख छैन । कतिपय स्थानीय तहहरूले मापदण्डबेगर शिक्षक दरबन्दी सिर्जना गरी नियुक्ति गरेको देखिन्छ । शिक्षक दरबन्दी यकिन गरी प्रतिस्पर्धात्मक रूपमा शिक्षक नियुक्ति गर्नुपर्दछ ।

५६. **शिक्षकको तलब भत्ता -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । यो वर्ष २२८ स्थानीय तहले शिक्षकको दरबन्दी मिलान नगरी स्वीकृत दरबन्दीभित्र नपरेका एवं गत विगतदेखि नै विद्यालयको आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकको तलब भत्ताको लागि सशर्त अनुदानबाट रू.१ अर्ब ३६ करोड ५२ लाख निकासा गरेको छ ।

त्यसैगरी आवश्यक पूर्वाधारबेगर नै प्राविधिक धारको विषय समावेश गरेकोमा सम्बन्धित विषयका शिक्षकको उचित व्यवस्था नगरेको, नियुक्ति गरिएका शिक्षकको तलब भत्ता सशर्त अनुदानबाट निकासा गरेको देखिएकोले स्रोत साधनको व्यवस्थासहित दरबन्दी मिलान गरी शैक्षिक गुणस्तर कायम गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

५७. **बढी तलब निकासा -** कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शिक्षा विकास तथा समन्वय इकाईमार्फत् विद्यालय शिक्षक किताबखानाबाट तलबी प्रतिवेदन पारित गराई तलब भुक्तानी गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहहरूले शिक्षकहरूको तलबी प्रतिवेदन पारित नगरेको, बढी ग्रेड भुक्तानी गरेको, दोहोरो निकासा दिएको, दरबन्दीभन्दा बढी शिक्षकहरूको तलब निकासा गरेको देखिएको छ ।

यो वर्ष २४९ स्थानीय तहले शिक्षक तलबमा रू.६ करोड ५ लाख ५० हजार बढी निकासा दिएको देखिएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

५८. **पाठ्यपुस्तक र छात्रवृत्ति रकम निकासा -** कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएबमोजिम शैक्षिक व्यवस्थापन सूचना प्रणाली (ईएमआईएस) मा प्रविष्ट भएभन्दा १३६ स्थानीय तहले पाठ्यपुस्तकमा रू.२ करोड ५७ लाख ९३ हजार र १११ स्थानीय तहले छात्रवृत्तिमा रू.१ करोड ७१ लाख ३६ हजारसमेत रू.४ करोड २९ लाख २९ हजार बढी निकासा दिएका छन् । बढी निकासा दिनेलाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्दछ ।

५९. **दिवा खाजा -** कार्यक्रम कार्यन्वयन पुस्तिकामा विद्यार्थीको हाजिरीको आधारमा दिवा खाजाको रकम खर्च लेख्ने व्यवस्था छ । यो वर्ष १९२ स्थानीय तहले कोभिड-१९ लगायतको कारणले विद्यालय बन्द रहेको अवस्थामा पनि विद्यार्थीको प्रमाणित हाजिरी अभिलेखबेगर दिवा खाजामा रू.५८ करोड ९७ लाख ९४ हजार खर्च लेखेको देखिन्छ । विद्यार्थी हाजिर प्रमाणितअभिलेख लिई उक्त खर्चको यथार्थता यकिन गर्नुपर्दछ।

६०. **स्यानीटरी प्याड मौज्दात -** स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम सञ्चालन गरी अपेक्षित नतिजा प्राप्त गर्नुपर्दछ। वर्ष १५२ स्थानीय तहले ३५ लाख ५० हजार ८९८ पाकेट स्यानीटरी प्याड अन्तिम चौमासिक अवधिमा खरिद गरी रू.२२ करोड १७ लाख ७४ हजार खर्च लेखेकोमा उक्त सामग्री भण्डारमा मौज्दात रहेको देखिन्छ । मौज्दात रहने गरी खरिद गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

• सामाजिक सुरक्षा कार्यक्रम

६१. **बजेट निकासा -** नेपाल सरकारले ज्येष्ठ नागरिक, विधवा, पूर्ण अपाङ्ग, एकल महिला, बालबालिका, लोपोन्मुख/आदिबासी जनजातिसमेतलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ । यो वर्ष सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत सबै स्थानीय तहलाई रू.६८ अर्ब ५० करोड ६५ लाख ४१ हजार निकासा गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छनः

६१.१. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ मा सबै स्थानीय तहले लाभग्राहीको लगत अद्यावधिक गरी बैङ्कमार्फत् भत्ता वितरण गर्ने, नियमित रूपमा अनुगमन गर्ने, केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टि गरी लाभग्राहीको विवरण अधावधिक गर्ने व्यवस्था छ । स्थानीय तहले केन्द्रीय सूचना प्रणालीमा नाम समावेश गरी भत्ता वितरण गरेका छन् । यो वर्ष समाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता व्यवस्थापन सूचना प्रणालीमा अन्य कारण जनाई लाभग्राहीको लगत कट्टा गरेकोमा विगतमा ती लाभग्राहीलाई भुक्तानी भएको रकम यकिन गरी असुल भएको छैन ।

६१.२. यस वर्ष २१६ स्थानीय तहले नागरिकता नम्बर र जन्म मिति एउटै भएका लाभग्राहीलाई २ वा सोभन्दा बढी परिचयपत्र जारी गरेर दोहोरो हुनेगरी एवं मृत्यु भइसकेका लाभग्राहीको लगत कट्टा नगरी रू.६ करोड ५४ लाख ६८ हजार बढी खर्च गरेका छन्।बढी भुक्तानी दिनेलाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्दछ।

६१.३. सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा बचत खाता सञ्चालन गर्ने वित्तीय संस्थाले यस प्रकारका विवरण खाताहरूमध्ये निष्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र केन्द्रीय पञ्जीकरण विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ ।स्थानीय तह १२७ ले छुट्टै

खाता खोली बैङ्कमा ग्राहकको विवरण अद्यावधिक नगर्ने लाभग्राहीको निष्क्रिय मौज्दात र वितरण पश्चात् बैङ्कमा बचत रहेको रकमसमेत रू.५८ करोड ७१ लाख ६२ हजार बैङ्कबाट फिर्ता प्राप्त गरेको छैन। उक्त रकम फिर्ता प्राप्त गरी संघीय सञ्चित कोष दाखिला हुनुपर्दछ ।

६१.४. सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा लाभग्राहीको नाम केन्द्रीय सूचना प्रणालीमा प्रविष्टि गरी बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता विवरण गर्नुपर्ने व्यवस्था छ । यस वर्ष ९३ स्थानीय तहले केन्द्रीय सूचना प्रणालीमा नाम समावेश नभएका तथा नगद गरी विभिन्न व्यक्तिलाई रू.३ अर्ब ९७ करोड ७२ लाख २१ हजार भत्ता वितरण गरेको छ । सबै लाभग्राहीको विवरण केन्द्रीय सूचना प्रणालीमा आवद्ध गरी बैङ्कमार्फत् वितरण गर्नुपर्दछ ।

• सेवा प्रवाह

६२. **सेवा प्रवाह -** स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी शुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने दायित्व स्थानीय तहमा रहेको छ । स्थानीय तहमा दरबन्दीअनुसार कर्मचारी पदपूर्ति नभएको, कार्यालय भवन तथा अन्य पूर्वाधारको अभाव रहेको, भौगोलिक कठिनाइ लगायतका कारण सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन । गाउँ/नगर सभाबाट धेरै संख्यामा स-साना टुक्रे योजना पारित हुने, पारित योजनाहरू कार्यान्वयन नगरी योजनाको रकम अन्य शीर्षकमा रकमान्तर गर्ने, अनुत्पादक र वितरणमुखी कार्यक्रममा बढी खर्च हुने, खरिद प्रक्रिया कानून अनुसार नहुने, दिगो योजना नबनाउने लगायतका समस्या रहेका छन् । स्थानीय तह आफैंले गर्ने, निजी क्षेत्रले गर्ने, साझेदारीमा गर्ने र नागरिक संस्थामार्फत् गराउने कार्यहरूको पुनरावलोकन नहुँदा सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन ।

६३. **सूचना प्रविधिको प्रयोग -** सेवा प्रवाहलाई छिटो छरितो र व्यवस्थित गर्न सूचना प्रविधिको प्रयोग बढाउँदै लैजान आवश्यक छ । स्थानीय तहहरूले हरेक वर्ष राजस्व,लेखा, जिन्सी व्यवस्थापन सम्बन्धी सफ्टवेयर खरिद गरी प्रयोगमा ल्याएका छन् । केही नगरपालिकाहरूले घर नक्सा पासको प्रकृयालाईसमेत सूचना प्रविधिमा आवद्ध गरेकाले स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) ले लेखा अभिलेख र प्रतिवेदन कार्यलाई व्यवस्थित गर्न सहयोग पुगेको अवस्था छ । यो वर्ष १३४ स्थानीय तहले विभिन्न प्रकारका जिन्सी व्यवस्थापन आन्तरिक आय लेखाङ्कन एवं लेखा सम्बन्धी सफ्टवेयर खरिद गरी रू.१३ करोड ६ लाख ९७ हजार खर्च गरेका छन् । स्थानीय तहहरूमा सूचना प्रविधिसम्बन्धी अधिकृतस्तरको कर्मचारीसमेत कार्यरत रहेका छन् । सूचना प्रविधि क्षेत्रमा गरेको लगानी र प्रयासका बाबजुद सेवा प्रवाहमा अपेक्षित सुधार हुनसकेको छैन । स्थानीय तहले आ-आफ्नै प्रयासमा खरिद गरेका सफ्टवेयरहरू पूर्णरूपमा कार्यान्वयनमा ल्याउन नसकेको, पूर्वाधारको कमी, दक्ष जनशक्तिको अभाव लगायतका अवस्थामा सुधार गरी सूचना प्रविधिको उच्चतम प्रयोगबाट सेवा प्रवाहलाई चुस्त बनाउनु पर्दछ।

६४. **सार्वजनिक सुनुवाइ एवं परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम हरेक स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रम सञ्चालन गरी वित्तीय जवाफदेहितालाई प्रभावकारी बनाउने व्यवस्था छ । अधिकांश स्थानीय तहमा उपभोक्ता समितिमार्फत् सञ्चालित योजनाको आय-व्यय, कार्यसम्पादन स्थिति, उपभोक्ताको योगदान लगायतका विषयमा स्पष्ट

गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षण गरेकोले नपाइएकोले पारदर्शीता र जवाफदेहिताको पालना भएको सुनिश्चित गर्न सकिएन । ऐनको व्यवस्था कार्यान्वयन हुनुपर्दछ ।

• कोष तथा धरौटी

६५. **विविध कोष -** महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वार्षिक आर्थिक विवरणअनुसार स्थानीय तहहरूमा रहेको विविध खर्च खाता, विविध कोष खाता, आकस्मिक कोष खाता र स्थानीय तह प्रकोप व्यवस्थापन खातामा गत वर्षसम्मको मौज्दात रू.७ अर्ब ८१ करोड ६९ लाखमा यो वर्ष प्राप्त रू.११ अर्ब ५३ करोड ३७ लाखसमेत रू.१९ अर्ब ३५ करोड ६ लाखमध्ये रू.९ अर्ब ८६ करोड ५० लाख खर्च भई रू.९ अर्ब ४८ करोड ५६ लाख मौज्दात रहनेमा गत वर्षको मौज्दात घटी जिम्मेवारी सारेको, बैङ्क हिसाब विवरण भिडान नगरेको लगायतका कारणले रू.५ अर्ब ६६ करोड ४४ लाख मात्र बाँकी देखाएको छ । फरक रकम यकिन गरी हिसाब मिलान गरेको छैन । अधिकांश स्थानीय तहहरूले कोष सञ्चालन कार्यविधि एवं मापदण्ड बनाएका छैनन् । कार्यविधि बनाई कोष सञ्चालनलाई व्यवस्थित गर्नुपर्दछ ।

६६. **धरौटी मौज्दात -** प्रयोजन समाप्त भएको धरौटी फिर्ता वा सदरस्याहा गर्नुपर्दछ । महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वार्षिक आर्थिक विवरणअनुसार ६३८ स्थानीय तहको गत वर्षको धरौटी मौज्दात रू.३ अर्ब ८९ करोड २६ लाख र यो वर्ष प्राप्त रू.४ अर्ब ३३ करोड ४५ लाखमध्ये फिर्ता गरेको रू.२ अर्ब ४५ करोड ४९ लाख घटाउँदा रू.५ अर्ब ७७ करोड २२ लाख मौज्दात रहेको देखिन्छ । सबै स्थानीय तहहरूको धरौटी केन्द्रीय हिसाबमा समावेश गर्न बाँकी रहेको देखियो । सबै निकायको प्रयोजन समाप्त भएको धरौटी रकम यकिन गरी फिर्ता सदरस्याहा गर्नुपर्दछ।

• फोहरमैला व्यवस्थापन

६७. **फोहोरमैला वर्गीकरण -** फोहोरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहोरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको सुरूवात गर्न नसकेको कारण फोहोरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहोरको वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहोर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । स्थानीय तहहरूले प्लाष्टिकका झोला र प्लाष्टिकजन्य सामग्रीको प्रयोगमा नियन्त्रण गर्नुपर्दछ ।

६८. **डम्पिङ साइट -** फोहोरमैला व्यवस्थापन गर्ने जिम्मेवारी अनुसार आफ्नो क्षेत्रबाट उत्पादन हुने फोहरमैला व्यवस्थापनको लागि विसर्जन स्थलको व्यवस्था गर्नुपर्नेमा अधिकांश स्थानीय तहले यस्तो स्थलको उपयुक्त व्यवस्था नगरी वन जंगल, नदी किनारा, सडक लगायतका स्थानमा फोहोरमैला डम्पिङ गर्ने गरेका छन्। फोहोरमैला विसर्जन स्थल भएका स्थानीय तहहरूमा सोको उचित व्यवस्थापनमा समस्या देखिएकोले सुधार गर्नुपर्दछ ।

• अन्य

६९. **आचार संहिता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११२ मा स्थानीय तहहरूले निर्णय प्रकृयामा निजी स्वार्थ जोडिएका विषयमा संलग्न हुन नहुने, पारदर्शी, जवाफदेही कार्य प्रकृयाको अवलम्बन

गर्ने, सार्वजनिक सम्पत्तिको दुरूपयोग गर्न नहुने लगायतका विषय समावेश गरी आफ्ना सदस्य तथा कर्मचारीहरूको लागि आचार संहिता बनाई लागु गर्ने व्यवस्था छ । स्थानीय तहहरूले कानून मा व्यवस्था भए अनुसार आचार संहिता बनाई लागू गर्ने कार्य बाँकी रहेकोले समयमा नै पदाधिकारी तथा कर्मचारीको लागि अचार संहिता बनाई लागू गर्नुपर्दछ ।

७०. **वातावरणीय प्रभाव -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा वातावरण संरक्षण र जैविक विविधतासम्बन्धी स्थानीय नीति, कानून , मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन गर्न सक्ने, ढुङ्गा गिट्टी बालुवालगायतको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन गर्नसक्ने व्यवस्था छ । स्थानीय तहको क्षेत्रमा स्थल, जल, वायु तथा ध्वनि प्रदूषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोके पनि यो वर्ष विपद् व्यवस्थापन, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, वन तथा भू-संरक्षण, जलाधार संरक्षण कार्यमा आवश्यकताअनुसार बजेट एवं कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा सोअनुसार नगरेको, वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार नगरेको, ढल निर्माणको एकीकृत बहुवर्षीय योजना नबनाएको अवस्था छ। वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई कार्यक्रम सञ्चालन गरिनुपर्दछ ।

७१. **वैदेशिक सहायता र शोधभर्ना -** महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वार्षिक आर्थिक विवरण अनुसार यो वर्ष नेपाल सरकारले दाताहरूबाट प्राप्त सहायतामध्ये शोधभर्ना हुने अनुदान रू.५१ करोड २१ लाख र सोधभर्ना हुने वैदेशिक ऋण रू.१४ अर्ब ७४ करोड ३४ लाखसमेत रू.१५ अर्ब २५ करोड ५५ लाख स्थानीय तहहरूलाई उपलब्ध गराएको छ । उक्त अनुदान तथा ऋण रकमबाट खर्च गरेपछि शर्तअनुसार शोधभर्ना माग गर्नुपर्नेमा सो रकमलाई सरकारी स्रोतको रूपमा खर्च लेखाङ्कन गरेको छ । दातालाई खर्चको विवरण उपलब्ध गराई शोधभर्ना माग नगरेका कारण नेपाल सरकारको स्रोतमा व्ययभार परेको छ । कार्य प्रगतिको आधारमा शोधभर्ना माग गरी दाताको रकम खर्च हुनेगरी लेखाङ्कन पद्धतिमा सुधार गर्नुपर्दछ।

७२. **पेश्की -** स्थानीय तहले आर्थिक कार्यविधि कानून नबनाएसम्म पेश्की फर्स्यौंट कार्य आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) मा तोके अनुसार काम सम्पन्न भएको मितिले १५ दिनभित्र गरिसक्नुपर्ने उल्लेख छ । स्थानीय तहले यो वर्ष दिएको पेश्की बाँकीको विवरण अनुसार वर्षान्तसम्म फर्स्यौंट नभएको म्याद नाघेको पेश्की रू.४ अर्ब ७९ करोड ९८ लाख अर्थात् कुल बेरूजूको तुलनामा ११.६४ प्रतिशत रहेको छ । साथै मधेश प्रदेश अन्तर्गतका स्थानीय तहमा सबैभन्दा बढी रू.१ अर्ब ३५ करोड ६१ लाख पेश्की रहेको छ । यस्तो पेश्की रकम समयमा फर्स्यौंट गरी आर्थिक अनुशासन पालना गर्नुपर्दछ ।

७३. **प्राकृतिक स्रोतको कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को साविकको दफा ६४ मा ढुङ्गा, गिट्टी र बालुवाबाट सङ्कलन गरिने कर प्रदेश र स्थानीय तहको साझा अधिकारको रूपमा रहने र सोको दर प्रदेशले निर्धारण गर्ने र स्थानीय तहले सङ्कलन गरी प्रदेश कानून अनुसार बाँडफाँट गर्नुपर्ने व्यवस्था छ। तर उक्त ऐनको दफा खारेज भई ६२ (क) थप गरी ढुङ्गा गिट्टी बालुवा बिक्रीबाट प्राप्त रकम स्थानीय सञ्चितकोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहको एकल अधिकार कायम गरेको तर सोही अनुरूप प्रदेश कानून संशोधन नगरेको कारणले सो करबाट सङ्कलित राजस्व बाँडफाँटमा अस्पष्टता देखिएको अवस्थामा उक्त दफा विपरीत हुनेगरी संघीय मन्त्रिपरिषद्ले ढुङ्गा गिट्टी बालुवा बिक्री तथा

व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी उक्त कर प्रदेश र स्थानीय तहको साझा अधिकार कायम गरेको देखिएबाट थप अस्पष्टता सिर्जना गरेको छ । यो वर्ष लुम्बिनी प्रदेशका १०९ स्थानीय तहमध्ये ४५ स्थानीय तहले राजस्व असुल गरेको रकमको ४० प्रतिशतले हुने रू.६५ करोड ७९ लाख ८ हजार प्रदेशलाई पठाए तापनि अन्य स्थानीय तहहरूले असुल गरेको पूरै रकम आफ्नै सञ्चित कोषमा राखेका छन्।

गण्डकी प्रदेशका यो वर्ष १३ स्थानीय तहले गिट्टी, ढुङ्गा, बालुवा बिक्रीबाट प्राप्त गरेको राजश्व रू.१४ करोड ६१ लाख ६९ हजार बाँडफाँट गरेका छैनन् । राजस्व बाँडफाँट सम्बन्धी कानून तर्जुमा गर्दा संघीय कानून सँग नबाझिने गरी तयार गर्नुपर्दछ । स्पष्ट कानूनी व्यवस्था गरी प्राकृतिक स्रोतको उपयोग हुनुपर्दछ ।

७४. **लेखापरीक्षण रकम र बेरूजू -** स्थानीय तहको लेखापरीक्षण रकम र बेरूजू अङ्कको प्रदेशगत तथा स्थानीय तहगत विवरण निम्नानुसार रहेको छः

७४.१. देशभरिका ७५३ स्थानीय तहमध्ये यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ७४४ स्थानीय तहको लेखापरीक्षण रकम र बेरूजू स्थिति निम्नानुसार रहेको छः

(रू. लाखमा)

प्रदेश नं.	लेखापरीक्षण गरिएको स्थानीय तह संख्या	लेखापरीक्षण रकम	म्याद नाघेको पेश्कीसमेत बेरूजू	बेरूजूमध्ये पेश्की रकम	लेखापरीक्षणको तुलनामा बेरूजू प्रतिशत	पेश्की बाहेक बेरूजू प्रतिशत
प्रदेश नं.१	१३७	१६५४३५४	६९२१५	५२१३	४.१८	३.८७
मधेश	१२८	१५५६४४९	१३६३३७	१३५६१	८.७६	७.८९
वागमती	११९	२१०९७२३	७३३८८	११६८२	३.४८	२.९२
गण्डकी	८५	१०३४७०१	२३५३१	२४८५	२.२७	२.०३
लुम्बिनी	१०९	१६१८१३२	४३९७६	४६२५	२.७२	२.४३
कर्णाली	७८	८६८०४२	३४८३५	५६९३	४.०१	३.३६
सुदूरपश्चिम	८८	१०९४५३०	३०६९८	४६९७	२.८०	२.३८
जम्माः	**७४४**	**९९३५९३१**	**४११९८०**	**४७९५६**	**४.१५**	**३.६६**

माथिको तथ्याङ्कबाट लेखापरीक्षण अङ्कको तुलनामा सबै भन्दा बढी मधेश प्रदेशमा ८.७६ प्रतिशत र सबैभन्दा कम गण्डकी प्रदेशमा २.२७ प्रतिशत बेरुजू देखिएको छ ।

७४.२. देशभरिका ७५३ स्थानीय तहमध्ये यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ७४४ स्थानीय तहको लेखापरीक्षण रकम तथा बेरूजू स्थिति यस प्रकार रहेको छः

(रू. लाखमा)

स्थानीय तह	लेखापरीक्षण गरिएको स्थानीय तह संख्या	लेखापरीक्षण रकम	म्याद नाघेको पेश्कीसमेत बेरूजू	बेरूजूमध्ये पेश्की रकम	लेखापरीक्षणको तुलनामा बेरूजू प्रतिशत	पेश्की बाहेक बेरूजू प्रतिशत
महानगरपालिका	६	६०५०१२	३७०६३	५५६०	६.१३	५.२१
उपमहानगरपालिका	११	४२५९०५	१७९८३	२११०	४.२२	३.७३
नगरपालिका	२७३	४४९१६५६	१९४३०७	२४४५२	४.३३	३.७८
गाउँपालिका	४५४	४४१३३५८	१६२६२७	१५८३४	३.६८	३.३३
जम्मा	**७४४**	**९९३५९३१**	**४११९८०**	**४७९५६**	**४.१५**	**३.६६**

पालिकाको अवस्था विश्लेषण गर्दा महानगरपालिकाहरुमा लेखापरीक्षण अङ्कको तुलनामा ६.१३ प्रतिशत र गाउँपालिकामा ३.६८ प्रतिशत बेरुजू देखिएको छ ।

७४.३. विगत वर्षको बक्यौता रहेका ६८ स्थानीय तहको ७० आय वर्षको लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष ५५ स्थानीय तहले ५५ आय वर्षको बक्यौता लेखापरीक्षण गराएका छन् ।

(रू.लाखमा)

स्थानीय तह	लेखापरीक्षण गरिएको स्थानीय तह संख्या	लेखापरीक्षण रकम	म्याद नाघेको पेश्कीसमेत बेरूजू	बेरूजूमध्ये पेश्की रकम	लेखापरीक्षणको तुलनामा बेरूजू प्रतिशत	पेश्की बाहेक बेरूजू प्रतिशत
नगरपालिका	१४	२०६०८७	९५०२	९०७	४.६१	४.१७
गाउँपालिका	४१	३६८९७२	१७६१३	२१६२	४.५०	४.१९
जम्माः	**५५**	**५७५०५९**	**२७११५**	**३०६९**	**४.७२**	**४.१८**

७४.४. यो वर्ष ७४४ स्थानीय तहको रू.९ खर्ब ९३ अर्ब ५९ करोड ३१ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट रू.४४ अर्ब २४ करोड १३ लाख बेरूजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.३ अर्ब ४ करोड ३३ लाख फर्स्यौट गरेकोले रू.४१ अर्ब १९ करोड ८० लाख फर्स्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रू.५ अर्ब ६० करोड ५९ लाख, नियमित गर्नुपर्ने रू.३० अर्ब ७९ करोड ६५ लाख र म्याद नाघेको पेश्की रू.४ अर्ब ७९ करोड ५६ लाख बाँकी छ । त्यसैगरी ५५ स्थानीय तहको २०७६।७७ को रू.५७ अर्ब ५० करोड ५९ लाखको लेखापरीक्षणबाट रू.२ अर्ब ७१ करोड १५ लाख बेरूजू देखिएको छ।

७५. **बेरूजू फर्स्यौट तथा अनुगमन -** गत वर्षसम्मको कुल बेरूजू रू.१ खर्ब २ अर्ब ४३ करोड ९३ लाख रहेकोमा यो वर्ष समायोजन तथा सम्परीक्षणबाट रू.१० अर्ब ५५ करोड ४२ लाख फर्स्यौट भई बाँकी रहेको रू.९१ अर्ब ८८ करोड ५१ लाखमा यो वर्ष ७४४ स्थानीय तहको रू.४१ अर्ब १९ करोड ८० लाख र ५५ स्थानीय तहको बक्यौता लेखापरीक्षणबाट रू.२ अर्ब ७१ करोड १५ लाखसमेत रू.१ खर्ब ३५ अर्ब ७९ करोड ४६ लाख अद्यावधिक बेरूजू रहेको छ ।

गत वर्षको प्रतिवेदनमा बजेट व्यवस्थापन, आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क हिसाब मिलान नगरेको, अग्रिम कर कट्टा नगरेको, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, जिन्सी व्यवस्थापन, महामारी व्यवस्थापन, कर बीजक, सवारी साधन खरिद, ठेक्का स्वीकृत लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । उल्लिखित व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।

• महानगरपालिका

७६. **आय-व्ययको अवस्था -** यो बर्ष लेखापरीक्षण सम्पन्न भएका ६ महानगरपालिकाले आय-व्ययको स्थिति देहाय अनुसार छः

(रू. लाखमा)

महानगरपालिका	जिल्ला	सुरू मौज्दात	संघीयबाट अनुदान	प्रदेशबाट अनुदान	राजस्व बांडफांड	आन्तरिक आय	अन्य आय	कुल आय	चालु खर्च	पुँजीगत खर्च	अन्य खर्च	कुल खर्च	बाँकी
काठमाडौं	काठमाडौं	१०२२७९	२०९६७	७१७	१०११	४९९२०	४९४७३	२२४३६७	३४४१४	१३६७३	२७५८५	७५६७२	१४८६९४
भरतपुर	चितवन	१५२१०	१६४०६	१२९७	६८४६	३२६६३	११४०	७३५६२	२२२७८	१८१०६	१६८४१	५७२२४	१६३३८
पोखरा	कास्की	६७६१	२०९२७	६७४	६१२०	१६२०२	११२२७	६१९१०	२१५२६	१५३५६	१०११६	४६९९७	१४९१२
ललितपुर	ललितपुर	१७८७६	९८५४	५७६	३०७९	२२४४१	३४६२	५७२८७	१११६८	१७५०२	६५४	२९३२४	२७९६४
वीरगञ्ज	पर्सा	१००८२	१४३८६	४९१	२५३५	६७७४	१४८१३	४९०८१	२००२२	१६४०८	२४१२	३८८४३	१०२३८
विराटनगर	मोरङ	३२५१	१०४६२	५१६	८४८६	२३६९	८२७	२५९११	११०६३	८६१९	६१०	२०२९२	५६१९
	जम्मा:	**१५५४५९**	**९३००२**	**४२७१**	**२८०७७**	**१३०३६९**	**८०९४२**	**४९२११८**	**१२०४७१**	**८९६६४**	**५८२१८**	**२६८३५२**	**२२३७६५**

७७. **सम्पत्ति कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र सम्पत्ति कर लगाउन सक्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छनः

७७.१. काठमाडौं महानगरपालिका अन्तर्गत सम्पत्ति कर निर्धारण भएकामध्ये ९७ करदाताको फाइल परीक्षण गर्दा नियमानुसार निर्धारित हुने सम्पत्ति कर रू.१८ करोड ११ लाख ५६ हजार देखिए तापनि व्यापारिक प्रयोजनको सम्पत्ति घरायसी प्रयोजन देखाएको, घरजग्गाले चर्चेको भन्दा कम क्षेत्रफल देखाएको जस्ता कारणले रू.६ करोड ४ लाख २६ हजार मात्र कर दाखिला भएको देखिएकोले घटी कर रू.१२ करोड ७ लाख ३० हजार असुल हुनुपर्दछ।

७७.२. ललितपुर महानगरपालिकाको क्षेत्रभित्र रहेका घर, टहरा तथा भवनले चर्चेको जग्गामा सम्पत्ति कर निर्धारण भएकामध्ये ४४ करदाताको फाइल परीक्षण गर्दा घर तथा जग्गामा नियमानुसार निर्धारित हुने सम्पत्ति कर रू.१० करोड ६१ लाख ७५ हजार देखिए पनि व्यापारिक प्रयोजनको सम्पत्तिलाई घरायसी प्रयोजनको देखाएको, घर जग्गाले चर्चेकोभन्दा कम क्षेत्रफल देखाएको लगायतका कारणले रू.४ करोड ९४ लाख ६८ हजार मात्र कर तिरेको देखिएकोले घटी कर रू. ५ करोड ६७ लाख ७ हजार असुल हुनुपर्दछ।

७७.३. वीरगञ्ज महानगरपालिकाका ३९ ठूला करदाताबाट सम्पत्ति कर रू.६ करोड ६० लाख ९४ हजार र एक निजी विद्यालयले भवनको निर्माण सम्पन्न प्रमाणपत्र बमोजिमको क्षेत्रफलमध्ये ७० हजार ३५५ वर्गफिट समावेश नगरी मूल्याङ्कन गरेको कारण छुट भएको रू.३१ लाख ५१ हजारसमेत रू.६ करोड ९२ लाख ४५ हजार कर असुल गरेको छैन । त्यस्तै ५ सरकारी संस्थाको वक्यौता रू.८ करोड ५७ लाख ५५ हजार सम्पत्ति कर असुल गर्न बाँकी रहेकोले सो रकमसमेत असुल गर्नुपर्दछ ।

सोही महानगरपालिकाले भवन निर्माण सम्पन्न प्रमाणपत्र दिएका ७ फर्म तथा व्यक्तिको महानगरको राजस्व महाशाखासँग समन्वय नगरी कर निर्धारण हुँदा रू.१ करोड ६६ लाख ९६ हजार सम्पत्ति कर छुट भएकोले निर्माण सम्पन्न प्रतिवेदन अनुसार सम्पत्ति कर असुल गर्नुपर्दछ ।

७७.४. सम्पत्ति कर तथा भूमिकरको व्यवस्थित अभिलेख राखी कर असुल गर्नुपर्नेमा पोखरा महानगरपलिकाले अभिलेख व्यवस्थित गरेको छैन । लेखापरीक्षणका क्रममा छनोट गरी परीक्षण गरिएका ६२ करदाताबाट असुल गर्न बाँकी देखिएको कर रू..९ करोड ३७ लाख ६ हजार असुल गर्नुपर्दछ ।

७८. **घर बहाल कर** - काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०७७ को दफा ४ मा घर, पसल, वर्कशप, गोदाम, टहरा, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा लगाई हुने आम्दानीमा बहाल कर असुल गर्नुपर्ने व्यवस्था छ । नमूना छनोट गरि परीक्षण गरिएका १४ करदाताबाट रू.८९ लाख ६५ हजार असुल गर्नुपर्नेमा रू.२८ लाख ४ मात्र असुल गरेकोले रू.६१ लाख ६१ हजार र

महानगरपालिकाको आर्थिक ऐन, २०७७ को अनुसूची ६ (३) बमोजिम निर्धारण भएको ४१ करदाताको बहाल कर रू.५ करोड ५८ लाख १० हजार असुल गर्नुपर्नेमा रू.५३ लाख ६८ हजार मात्र असुल गरेकोले नपुग कर रू.५ करोड ४ लाख ४२ हजार असुल हुनुपर्दछ । त्यस्तै वीरगञ्ज महानगरपालिकाका ५७ करदाताबाट छुट भएको रू.३ करोड ४६ लाख १६ हजार बहाल कर असुल गर्नुपर्दछ ।

यसैगरी ललितपुर महानगरको आर्थिक ऐन, २०७७ को दफा ५ मा कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, गोदाम, टहरा, जग्गा बहालमा दिएकोमा बहाल रकममा १० प्रतिशत कर लगाई असुल हुने व्यवस्था छ । महानगरले १४ करदाताबाट निर्धारण गरेको बहाल कर रू.७५ लाख १४ हजारमध्ये रू.२ लाख ३२ हजार मात्र असुल भई बाँकी रहेको रू.७२ लाख ८२ हजार र सम्झौता अनुसार ७ करदाताले तिर्नुपर्ने बहाल कर रू.१ करोड १८ लाख ५५ हजारमध्ये रू.१६ लाख ८६ हजार मात्र तिरेकोले बाँकी रू.१ करोड १ लाख ६९ हजारसमेत रू.१ करोड ७४ लाख ५१ हजार असुल गर्नुपर्दछ।

७९. **घटी राजस्व** - पोखरा महानगरपलिकाले गरेको प्रारम्भिक वातवरणीय परीक्षण प्रतिवेदनमा उपल्लो गोस्ते लामाचौरघाटको ३ हजार ४२० घनमिटर र तल्लो गोस्तेघाटको ७ हजार २८० घनमिटर गरी १० हजार ७०० घनमिटर उत्खनन् गर्न सकिने जनाई न्यूनतम आय रू.७५ लाख ९७ हजार कायम गरेर २०७७।७।६ मा बोलपत्र प्रकाशन गरेकोमा एक बोलपत्रदाताले रू.७७ लाख कबोल गरेकोमा सम्झौता गरेको छैन । उपल्लो गोस्ते लामाचौरघाटमा ढुङ्गा, गिट्टी र बालुवा नभएको भनी तल्लो गोस्तेघाटको ७ हजार २८० घनमिटरको पनि ५० प्रतिशत घटाई ३ हजार ६४० घनमिटरको रू.२५ लाख ८४ हजार न्यूनतम मूल्य कायम गरेर बोलपत्र प्रकाशन गरेकोमा कसैले प्रस्ताव पेस नगरेको उल्लेख गरी पुनः परिमाण घटाई १ हजार ४०८ घनमिटरको न्यूनतम कबोल रू.९ लाख ९९ हजार न्यूनतम मूल्य कायम गरेर २०७७।११।२४ मा एक निर्माण व्यवसायीको रू.१० लाख १ हजारको प्रस्ताव स्वीकृत गरेको छ । निर्माण व्यवसायीले एकमुष्ट कबोल रकम बुझाउँदा ५ प्रतिशतले छुट दिई रू.९ लाख ५१ हजार असुल गरेको छ । प्रारम्भिक वातावरणीय प्रतिवेदनको जाँचबुझ विना ठेक्का व्यवस्थापन गरेको कारण राजस्व प्राप्तिमा न्यूनता आएको देखिन्छ । यस सम्बन्धमा निर्णय गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

८०. **प्यारागलाईडिङ्ग शुल्क** - पोखरा महानगरपालिकाको आर्थिक ऐन, २०७७ को अनुसूची १४ मा प्रत्येक प्यारागलाईडिङ्ग ब्यवसायीले वार्षिक रू.१ लाख प्यारागलाईडिङ्ग शुल्क बुझाउनुपर्ने व्यवस्था छ । पालिकाको क्षेत्राधिकारभित्र सञ्चालनमा रहेका ६३ मध्ये २९ प्यारागलाइडिङ व्यवसायीले मात्र दर्ता/नवीकरण गरेको पाइयो । दर्ता भएको प्यारागलाईलिङ्ग ब्यवसयीले बुझाउनुपर्ने विगतदेखिको व्यवसाय शुल्कबापतको शुल्क नबुझाएको रू.५३ लाख ५९ हजार असुल गर्नुपर्दछ ।

८१. **दृश्यावलोकन शुल्क** - पोखरा महानगरपालिकाले सेती खोंच दृश्यालोकनको लागि एक निर्माण सेवासँग रू.६६ लाख ६६ हजारमा सम्झौता गरेको छ । सम्झौता अनुसार २०७७ कार्तिकसम्ममा अन्तिम किस्ता बुझाउनुपर्नेमा रू.२९ लाख ९८ हजार मात्र बुझाएकोले नपुग शुल्क रू.३६ लाख ६८ हजार, मूल्य अभिबृद्धि कर रू.८ लाख ६७ समेत रू.४५ लाख ३५ हजार जरिबानासमेत असुल गर्नुपर्दछ ।

८२. **स्मार्ट विज्ञापन** - पोखरा महानगरपालिका र पोखरा उद्योग वाणिज्य संघबीच पोलमा स्मार्ट स्लिम लाईट बोर्ड विज्ञापन राख्नको लागि भएको सम्झौताको बुँदा नं.६.६ मा सम्झौता रद्द गर्दा पालिकालाई परेको हानि नोक्सानी दोस्रो पक्षले ब्यहोर्ने उल्लेख छ । पोखराको जिरो किलोमिटर देखि हल्लनचोकसम्मका ७४

लाईट बोर्डमा विज्ञापन राखेबापत २०७१ श्रावणदेखि २०७४ आषाढ मसान्तसम्मको रू.६६ लाख २० हजार र २०७४ श्रावण १ देखि २०७६ माघ १ सम्मको रू.९६ लाख १२ हजार बुझाउने गरी सम्झौता भए अनुसार बुझाउन बाँकी रहेको रू.६२ लाख २१ हजार जरिबानासहित असुल गर्नुपर्दछ । सो समय पश्चात सम्झौता रद्द पनि नगरेको र महसुल पनि प्राप्त नभएको सम्बन्धमा छानबिन गर्नुपर्दछ ।

सोही महानगरपालिकाले आफनो क्षेत्रभित्रको २ हजार ८८ सौर्य पोलहरूमा स्लिम लाईट बोर्ड राखी विज्ञापन गर्नको लागि एक निजी कम्पनीसँग ५ वर्षको लागि सम्झौता अङ्क रू.५ करोड ६७ लाखलाई १० किस्तामा तिर्नेगरी २०७५।११।३० मा सम्झौता गरेको छ । कम्पनीले ३ किस्ता बुझाएको र एक किस्ता बराबरको छुट गर्न दिएको निवेदनको आधारमा ६ किस्ता बुझाउन बाँकी छँदै स्पष्ट कारण उल्लेख नगरी उक्त फर्मसँग गरिएको सम्झौता रद्द गरेकोले रू.३ करोड ४० लाख २० हजार राजस्व गुमेको अवस्था छ । त्यस्तै बैङ्क जमानत वापत राखेको रू.१ करोड १३ लाख ४० हजार २०७७।१२।१२ मा फुकुवा गरेको छ । सम्झौता अनुसार प्राप्त हुनुपर्ने रू.३ करोड ४० लाख २० हजार प्राप्त नहुने गरी निर्णय गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

८३. **कवाडी निकासी कर -** पोखरा महानगरपालिका र एक निर्माण व्यवसायीबीच कवाडी निकासीबापत भएको सम्झौता अनुसार व्यवसायीले रू.१ करोड ३० लाख ६२ हजार बुझाउनुपर्नेमा रू.९६ लाख ३३ हजार मात्र बुझाएको देखिएकोले जरिबाना रू.४ लाख ९५ हजारसमेत रू.३९ लाख २४ हजार असुल गर्नुपर्दछ।

८४. **मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) मा दर्ता नभएको स्थानीय तहले मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा कर असुल उपर गर्नुपर्ने व्यवस्था छ । वीरगञ्ज महानगरपालिकाले ७ फर्मसँग भएको सम्झौतानुसार आय ठेक्कामा मूल्य अभिवृद्धि करबापत रू.१ करोड ३७ लाख ५९ हजार, १० व्यक्तिबाट रू.२६ लाख ३२ हजार र फोहोर मैला सेवा शुल्क सङ्कलन गर्ने दुई व्यवसायीबाट रू.२२ कर लाग्ने वस्तुको बिक्री गर्दा कर असुल उपर गर्नुपर्ने व्यवस्था छ । वीरगञ्ज महानगरपालिकाले ७ फर्मसँग भएको सम्झौतानुसार आय ठेक्कामा मूल्य अभिवृद्धि करबापत रू.१ करोड ३७ लाख ५९ हजार, १० व्यक्तिबाट रू.२६ लाख ३२ हजार र फोहोर मैला सेवा शुल्क सङ्कलन गर्ने दुई व्यवसायीबाट रू.२२लाख ८७ हजारसमेत रू.१ करोड ८६ लाख ७८ हजार मूल्य अभिवृद्धि कर असुल गरेको छैन । नियम अनुसार कर र जरिबाना असुल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्दछ।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ मा नेपालभित्र आपूर्ति हुने वस्तुको कारोबारमा मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था छ । पोखरा महानगरपालिकाले ११ नदी घाटको ढुङ्गा गिट्टी बालुवा उत्खनन् सङ्कलन र बिक्री वितरण र अन्य ६ आय ठेक्कामा विभिन्न व्यवसायीले कबोल गरेको रकमको मूल्य अभिबृद्धि कर रू.४ करोड २८ लाख ४८ हजार ४२ हजार असुल नगरेकोले असुल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

८५. **बक्यौता राजस्व** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ मा स्थानीय तहले बहाल विटौरी, सेवा शुल्क र प्राकृतिक स्रोतको उत्खनन् तथा बिक्रीमा कर लगाउनसक्ने व्यवस्था छ । पोखरा महानगरपालिकाले राष्ट्र बैङ्क चोक, महेन्द्रपुलमा ४६ व्यवसायीले लिएको सटरहरूको भाडा रू.८०

लाख ९६ हजार र विभिन्न निर्माण व्यवसायीसँग प्राकृतिक स्रोत बिक्रीबापत गत वर्षको समेत रू.१२ करोड ७५ लाख २१ हजार असुल गरेको छैन ।

वीरगञ्ज महानगरपालिकाको आर्थिक ऐन, २०७७ मा विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ। महानगरपालिकाले विगत र यो वर्ष आय ठेक्कामा लगाएका १२ व्यक्ति तथा व्यवसायीबाट रू.६ करोड ९७ लाख ३३ हजार असुल गर्न बाँकी छ । उक्त रकममा १० प्रतिशत जरिबानासमेत रू.७ करोड ७१ लाख ५८ हजार असुल गर्नुपर्दछ ।

८६. **बचत परिचालन -** काठमाडौं महानगरपालिकामा गत वर्षको जिम्मेवारी रू.१० अरब २२ करोड ७८ लाख सहित रू.२२ अर्ब ४३ करोड ६५ लाखको समष्टिगत आय विवरणमा तलब भत्ता, कार्यालय सञ्चालन, पूर्वाधार निर्माण, सामाजिक सुरक्षा लगायतमा रू.७ अरब ५६ करोड ७२ लाख अर्थात् ३३.७२ प्रतिशत खर्च गरी रू.१४ अर्ब ८६ करोड ९३ लाख बाँकी रहेको छ । वित्तीय स्रोत उल्लेख्य रूपमा बचत रहेकोले विकास, पूर्वाधार तथा सेवा प्रवाहसम्बन्धी कार्ययोजना बनाई स्रोतको प्रभावकारी रूपमा परिचालन गर्नुपर्दछ ।

८७. **स्मार्ट पार्किङ्ग** - काठमाडौं महानगरपालिका र एक कम्पनीबीच न्यूरोड तथा दरवारमार्गका केही भूभागमा आधुनिक प्रविधिको प्रयोग गरी सवारी साधन पार्किङ्ग गर्ने कार्यका लागि २०७५ साल माघ ८ मा ५ वर्षको लागि सम्झौता भएको छ । सम्झौतामा करार अवधिको अघिल्लो ३ वर्ष प्रति सवारी पार्किङ्ग शुल्कको २० प्रतिशत र त्यसपछिका वर्षमा ३० प्रतिशत महानगरले प्राप्त गर्ने उल्लेख भएकोमा ३ आर्थिक वर्षमा रू.७३ लाख ८२ हजार प्राप्त भएको छ । सवारी साधन पार्किङ्ग र राजस्व प्राप्तिको अद्यावधिक अभिलेख पेस गरेको छैन । सार्वजनिक निजी साझेदारी अवधारणा अनुरूप प्रतिस्पर्धा गराइ पार्किङ्ग व्यवस्थापन र राजस्व असुल गर्नुपर्दछ ।

८८. **भत्ता निकासा -** सामाजिक सुरक्षा कार्यविधि, २०७७ को दफा १५(२) २ मा भत्ता खाइपाई आएको कुनै व्यक्तिको मृत्यु भएमा मृत्यु भएको दिनसम्मको भत्ता भुक्तानी दिई बाँकी रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पोखरा महानगरपालिकाले मृत्यु दर्ता तथा लगत कट्टा पश्चात् १० वडाको लाभग्राहीको खातामा रू.११ लाख ६० हजार निकासा गरेको छ । बढी भुक्तानी भएको रकम फिर्ता गर्नुपर्दछ ।

त्यस्तै काठमाडौं महानगरका ११ वडाहरूका २०७५ लाभग्राहीको खातामा वर्षान्तमा रू.२ करोड १५ लाख ७८ हजार मौज्दात रहेको छ । यस प्रकार निष्क्रिय खातामा बाँकी रहेको रकम छानबिन गरी फिर्ता दाखिला गर्नुपर्दछ ।

८९. **थप सामाजिक सुरक्षा भत्ता -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १५ (२) मा सामाजिक सुरक्षा भत्ता पाइरहेका लाभग्राहीहरूका लागि संघीय सरकारबाट प्राप्त भत्ता रकममा स्थानीय सरकारले आफ्नो कोषबाट कुनै पनि रकम थप गरी प्रदान गर्न नसकिने व्यवस्था छ । पोखरा महानगरले जेष्ठ नागरिकलाई सामाजिक सुरक्षा सहायता थप शीर्षकमा रू.६ करोड बजेट विनियोजन गरी मासिक रू.२००।- थप गरी रू.३ करोड ६४ लाख २४ हजार भुक्तानी गरी व्ययभार बढाएको छ।

९०. **संरचनाको गुणस्तर -** पोखरा महानगरपलिकाले गत विगतमा रू.२८ करोड १९ लाख ८६ हजारको लागतमा कार्य सम्पन्न भएको ४ सिल्टेशन ड्याममध्ये रू.९ करोड ५ लाख ६५ हजारको लागतमा २०७७।३।१

मा निर्माण सम्पन्न भएको खहरे अँधेरी खोला, रू.७ करोड ८५ लाख ६८ हजार लागतमा २०७७।३।१ मा निर्माण सम्पन्न भएको हर्पन खोला सिल्टेशन ड्यामको २०७८।१२।३० मा स्थलगत अवलोकन गर्दा ड्यामको तल्लो भागमा ढुङ्गाको गाह्रो भत्किएको र लन्चिङ्गतर्फको मर्मत कार्य भएको देखिएन। उक्त कार्यको कार्यसम्पन्न प्रतिवेदनको परिमाण तथा दरको आधारमा मर्मत गर्न क्रमशः रू.६९ लाख ८२ हजार र रू.४९ लाख ८९ हजार लाग्ने देखिन्छ । गुणस्तरीय निर्माणमा महानगरपालिकाले ध्यान पुऱ्याएको देखिएन।

९१. **साइकल खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ मा बोलपत्र सम्बन्धी कागज तयार गरी बोलपत्रको माध्यमद्वारा खरिद गर्ने व्यवस्था छ । भरतपुर महानगरपालिकाले विपन्न परिवारका बालबालिकाको लागि एक साइकल स्टोर्ससँग रू.२१ लाख ३० हजारमा ३३३ थान साइकल खरिद गरेको छ । खरिद भएका साइकल वितरणका लागि विद्यार्थी छनोटको पारदर्शी आधार कायम गरेको देखिएन । साइकलको स्पेसिफिकेशन बनाउँदा इण्डियन लेडिज साइकल अफ्रो कम्पनी वा सो सरह उल्लेख गरेको छ। प्रतिस्पर्धी विधिबाट खरिद गर्ने मालसामानको स्पेसिफिकेशन तयार गर्दा निश्चित कम्पनीको ब्राण्ड तथा नाम राखी ठेक्का गरेकोले पर्याप्त प्रतिस्पर्धा भएको यकिन हुन सकेन ।

९२. **कार्यक्षेत्र** - ललितपुर महानगरपालिका अन्तर्गत कुपण्डोल पुल्चोक जावलाखेल लगनखेल, मंगलबजार पुल्चोक सडकमा साइकल लेन निर्माण गर्न रू.२८ लाख ३२ हजार कबोल गर्ने एक कम्पनीसँग सम्झौता भएको छ । साइकल लेन निर्माण भएका अधिकांश सडक खण्ड केन्द्रीयस्तरको सडक रहेकोमा उक्त कार्य गर्दा सडक विभागसँग समन्वय गरेको देखिएन। पालिकाले निर्माण गरेको साइकल लेन सडक विभागले कायम गरेको ४ लेन सडकमध्ये बायाँतर्फको लेनको आधा भागमा पर्नेगरी मार्किङ्ग गरेको छ । ठूला सवारीका लागि कायम गरेको लो स्पीड लेनको आधा भाग पर्नेगरी साइकल लेन मार्किङ्ग गर्दा साइकल सवारीलाई प्राथमिकता नदिएको, सुरक्षित रूपमा साइकल चलाउन समस्या हुने र ठूला सवारीको जोखिममा रहने अवस्था रहेको छ । सडक विभागसमेतको सहमति र सहकार्यमा यस्तो लेन निर्माण गर्नुपर्दछ।

सार्वजनिक सडक ऐन, २०३१ को दफा १९ अनुसार सडक विभागको स्वीकृति विना संघ अन्तर्गतको सडक संरचनामा कुनै सार्वजनिक निर्माण गर्न नहुने उल्लेख छ। वीरगञ्ज महानगरपालिकाले नेपाल सरकारको कार्यक्षेत्र अन्तर्गतको व्यापारिक मार्ग विस्तार योजना पथलैया-वीरगञ्ज ६ लेनको सडकमा घण्टाघरदेखि पावरहाउससम्म सडक मर्मत कार्य निर्माण व्यवसायीद्वारा गराई रू.२ करोड ४ लाख ९३ हजार भुक्तानी दिएको छ । संघीय सरकारको कार्य क्षेत्र रहेको सडकको निर्माण कार्य संघको अनुमतिबेगर गरेकोले समन्वय गरी निर्माण कार्य गर्नुपर्दछ ।

९३. **फोहरमैला व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ञ) मा वातावरण संरक्षण तथा वातावरणीय जोखिम न्यूनीकरणका सम्बन्धमा नगरपालिकाको काम कर्तव्य र अधिकार उल्लेख छ। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छनः

९३.१. भरतपुर महानगरपालिकाले वातावरण व्यवस्थापनमा यो वर्ष रू.२ करोड खर्च गरेको छ । वस्तुगत विवरण पुस्तिका, २०७७ मा उल्लेख भए अनुसार महानगरमा प्रतिदिन ६ हजार ५०० घनमिटर फोहर उत्पादन हुने गरेकोमा जैविक फोहर ५०, प्लाष्टिक ३०, कागज ७, शिशा ३, धातु ५, छाला रबर ३ तथा अन्य फोहर २ प्रतिशत रहने गरेको छ । महानगरले छेर्थालिङ्ग गुम्बा नजिकै रहेको २४ वडास्थित चिहानडाँडाको ध्रुब ल्याण्डफिल साइटमा जेष्ठदेखि पौषसम्म २९ वटै वडाको फोहरमैला विसर्जन गर्दै आएकोमा पहुँच मार्ग मर्मत लागत बढ्न गएका कारण माघबाट ३ वडास्थित नारायणी नदी किनार नजिकैको क्षेत्रमा

फोहरमैला विसर्जन गर्ने गरेको जानकारी भएको छ । सहरी फोहर नदीमा विसर्जन गर्ने कार्यले जलचर लगायतमा रोगको प्रकोप फैलन सक्ने देखिदा ल्याण्डफिल साइट स्थापना गरी फोहरमैला व्यवस्थापन गर्नुपर्दछ ।

९३.२. विराटनगर महानगरपालिका क्षेत्रको फोहोरमैला व्यवस्थापनसम्बन्धी कार्यका लागि सार्वजनिक निजी साझेदारी अवधारणा अनुरूप एक फर्मसँग वार्षिक रू.१ करोड ३६ लाख ८४ हजार भुक्तानी गर्ने गरी २०७८ वैशाख मसान्तसम्मको लागि सम्झौता भएको छ । सम्झौता अनुसार महानगरले उपलब्ध गराएको १० प्रतिशत जनशक्तिमध्ये दैनिक १० प्रतिशत अनुपस्थितसम्मको जनशक्ति दाबी गर्न नपाउने र १० प्रतिशतभन्दा बढी अनुपस्थित भएको अवस्थामा १० प्रतिशतबाहेक बाँकी अनुपस्थित वा विदाको रकम प्रतिव्यक्ति प्रतिदिन जिल्ला दररेटको आधारमा उपलब्ध गराउने उल्लेख छ । महानगरपालिकाले फोहोर व्यवस्थापनको १२ महिनाको भुक्तानी गर्दा गयल/विदाको रकम बढी भुक्तानी भएको रू.४ लाख ६ हजार र कार्यालयको हाजिरी रेकर्डबाट उपस्थिति देखिएका ६ जनाको वर्षभरि प्रतिदिन रू.५५५ दरले हुने रू.१२ लाख १५ हजारसमेत भुक्तानी भएको रू.१६ लाख २१ लाख असुल गर्नुपर्दछ ।

९३.३. पोखरा महानगरपालिकाले २०५७।५८ सालदेखि महानगर क्षेत्रका फोहोर वडा नम्बर १४ मा पर्ने सेती नदी किनारमा व्यवस्थापन गर्दै आएकोमा २०६१ सालदेखि सो स्थानमा १५ वर्ष फोहोर फाल्ने गरी स्थानीय वासिन्दासँग सहमति भएको छ । सहमति भएको अवधि समाप्त भइसकेको, हाल सञ्चालनमा रहेको विसर्जन केन्द्र पोखरा अन्तराष्ट्रिय विमानस्थल नजिक पर्ने र ल्याडफिल्डमा आउने चराका कारण विमानस्थल सञ्चालनमा समस्या आउने देखिएको छ । यो वर्ष ल्याण्डफिल्ड साइटको सम्भाव्यता अध्ययनको लागि रू.२५ लाख वजेट विनियोजन गरे पनि वैकल्पिक ल्याण्डफिल्ड साईटको टुङ्गो लागेको छैन ।

९३.४. काठमाडौं महानगरपालिकाले सिसडोल क्षेत्रको विकासका लागि धुनीबेसी नगरपालिका, धादिङ्ग र ककनी गाउँपालिका, नुवाकोटलाई रू.१ करोडका दरले रू.२ करोड निकासा गरेको छ । प्रभावित क्षेत्रमा यो वर्ष महानगर आफैले रू.१ करोड ३५ लाख ९३ हजार खर्च गरेको छ । ओखरपौवा-तिनपिप्ले सडक स्तरोन्नति कार्य डिभिजन सडक कार्यालय, नुवाकोटले गरिरहेको र महानगरपालिका लगायत सम्बन्धित स्थानीय तहले समेत उक्त स्थानमा कार्य गरेको छ । एकै स्थानमा विभिन्न निकायबाट एकै प्रकृतिका कार्य समन्वयात्मक तरिकाले नहुँदा प्रभावित क्षेत्रका वासिन्दाको फोहोरबाट सिर्जित समस्या समाधान हुन सकेको छैन । जसको कारणबाट स्थानीय वासिन्दाबाट फोहोर विसर्जन कार्यमा पटक पटक व्यवधान सिर्जना भई फोहोरको व्यवस्थापन प्रभावकारी हुनसकेको छैन । उक्त क्षेत्रमा काठमाडौं महानगर लगायत उपत्यकाका १३ स्थानीय तहको फोहोर फाल्ने कार्य भइरहेकोले फोहोर व्यवस्थापन स्थान एवं प्रभावित क्षेत्रको गुरूयोजना तयार गरी लागत साझेदारीमा समन्वयात्मक रूपमा कार्य गरेर दिगो रुपमा उपत्यकाको फोहोर विसर्जनको प्रवन्ध गर्नुपर्दछ ।

९३.५. फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा १५ मा निजी एवं सामुदायिक संस्थाबाट फोहोरमैला व्यवस्थापन गराउँदा बोलपत्र आह्वान गरी प्रतिस्पर्धात्मक तरिकाले गराउनुपर्ने व्यवस्था भए पनि काठमाडौं महानगरपालिकाले ३२ वटै वडाबाट निजीक्षेत्रमार्फत् विना प्रतिस्पर्धा सोझै गराएको छ । ती सेवा प्रदायकहरू महानगरमा दर्तासमेत भएका छैनन् । यस्ता संस्थाले पटके रसिदको आधारमा यो वर्ष रू.१ करोड ८ लाख १५ हजार मात्र राजस्व दाखिला गरेका छन् । प्रतिस्पर्धाबाट सेवा प्रदायक छनोट गरी फोहोर सङ्कलन र व्यवस्थापन गर्नुपर्दछ ।

९४. **ओभरहेड भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा परामर्श सेवाको लागत अनुमान गर्दा ओभरहेड समावेश गर्ने व्यवस्था छैन । वीरगञ्ज महानगरपालिकाले सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार फोहरमैला व्यवस्थापन गर्न २०७५।७६ देखि ५ वर्षको लागि एक संस्थासँग २०७६।२।२ मा सम्झौता गरेकोमा ओभरहेड वापत यो वर्ष रू.८५ लाख ९२ हजार भुक्तानी दिएकोले थप व्ययभार परेको छ । सम्झौता अनुसार महानगरपालिकामा कार्यरत जनशक्ति प्रयोग गर्नुपर्नेमा ट्रयाक्टर चालक १२ मध्ये ७, सह चालक २४ मध्ये १४, सडक सरसरफाई मजदुर ७० मध्ये ३२ जनालाई मात्र सरसफाई कार्यमा उपयोग गरेको छ । सम्झौतामा उल्लेख भए अनुसारको जनशक्ति उक्त कार्यमा प्रयोग नगरेकोले अन्य जनशक्ति प्रयोग गरेबापत उक्त संस्थालाई थप भुक्तानी दिनुपरेका कारण महानगरपालिकालाई रू.१ करोड ६१ लाख ३९ हजार थप व्ययभार परेको छ ।

९५. **सार्वजनिक निजी साझेदारी** - पोखरा महानगरपालिकाको राजस्वसम्बन्धी ऐन, २०७७ को दफा ५७ मा सार्वजनिक निजी साझेदारी व्यवस्था अन्तर्गत निर्माण एवं सञ्चालन करारको अवधि २० वर्षभन्दा बढी नहुने उल्लेख छ । फेवा जलाधार संरक्षण निर्माण कार्य अन्तर्गत ४ ठाउँमा बनेको सिल्टेशन ड्याम मर्मत तथा सो ठाउँबाट नदीजन्य सामग्री उत्खनन्, सङ्कलन तथा बिक्री वितरणलाई व्यवस्थित बनाउने उद्देश्यका साथ डिजाइन, निर्माण, सञ्चालन तथा हस्तान्तरण (बूट) मोडलमा पोखरा महानगरपालिका र एक निजी कम्पनीबीच वार्षिक रूपमा २४ वर्षसम्म रू.७१ करोड ३ लाख ११ हजार बुझाउने गरी २०७८।२।१७ मा सम्झौता गरेको कानून सम्मत देखिएन ।

महानगरपालिकाको वार्ता समिति र कम्पनीबीच २०७८।१।२४ मा सम्पन्न सम्झौताको बुँदा नं. ७ मा पहिलो वर्षको लागि कायम गरिएको रोयल्टी रू.२ करोड ६० लाख २१ हजार ५ वर्ष पछि लागू हुनेगरी वार्षिक ३ प्रतिशत वृद्धिदर कायम गरिने उल्लेख छ । तर पालिका र कम्पनीबीच भएको सम्झौतामा ५ वर्षपछि २ प्रतिशत कायम गरी सम्झौता गरेको छ । वार्षिक वृद्धिदर ३ प्रतिशत कायम गर्दा २४ वर्षमा रू.७७ करोड ७२ लाख ६४ हजार प्राप्त हुनेमा २ प्रतिशत कायम गरेको कारण रू.७१ करोड ३ लाख ११ हजार मात्र प्राप्त भई रू.६ करोड ६९ लाख ५२ हजार कम प्राप्त हुने देखिन्छ । घटी आय प्राप्त हुनेगरी सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

९६. **काठमाडौं टावर** - काठमाडौं महानगरपालिका र एक निर्माण व्यवसायीबीच सार्वजनिक निजी अवधारणामा काठमाडौं टावर निर्माण गरी सञ्चालन गर्न ३० वर्षको लागि २०७१।११।२० मा सम्झौता भएकोमा सम्झौताको शर्त र कार्ययोजना अनुसार निर्माण कार्य भएको छैन । सम्झौता अनुसार २०७१ देखि नै वार्षिक रू.७० लाखका दरले लिज भाडा बुझाउनुपर्नेमा बुझाएको नदेखिँदा थप छानबिन गरी रू.३ करोड ५० लाख असुल गर्नुपर्दछ ।

९७. **आकाशे पुल तथा नयाँ बसपार्कको आय -** काठमाडौं महानगरपालिकाले एक कम्पनीसँग सम्झौता गरी आकाशेपुल सञ्चालनको लागि ठेक्का गरेकोमा सम्झौताको व्यवस्था अनुसार निर्मित ६ आकाशेपुलको संरक्षण एवं सरसफाई हुनसकेको छैन भने तिनीहरूबाट प्राप्त हुनुपर्ने २०७७।७८ को आय रू.१ करोड ७ लाख प्राप्त भएको छैन ।

त्यस्तै नयाँ बसपार्कको सञ्चालनसम्बन्धी रोयल्टी प्रत्येक वर्ष असुल गर्नुपर्नेमा २०७७।७८ को रू.१ करोड १८ लाखसमेत रू.७ करोड २ लाख ५४ हजार असुल नगरेको अवस्था छ । उक्त बसपार्क सम्झौताको माष्टर प्लान अनुसार सञ्चालनसमेत भएको छैन ।

९८. **क्रिकेट रंगशाला** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले रू.२० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । भरतपुर महानगरपालिकाले गौतम बुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशाला निर्माण गर्न एक गैरसरकारी संस्थालाई रू.८ करोड ५ लाख भुक्तानी गरेकोमा खर्च तथा प्रगति स्थिति सम्बन्धमा अनुगमन गरेको देखिएन । लागत अनुमानमध्येको ८५ प्रतिशत कार्य भएको र बाँकी कार्य गर्न रू.४ करोड ९० लाख स्रोत अभाव भएको उल्लेख छ । महानगरको लगानी, रङ्गशालाको निर्माण र राष्ट्रिय खेलकुद परिषद्को मापदण्डलाई मध्यनजर गरेर निर्माण सम्पन्न गर्ने, स्वामित्व प्राप्ति र प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

९९. **धन जमानी** - ऋण तथा जमानत ऐन, २०२५ को दफा ४(२) मा कुनै संस्थालाई अर्को सस्थाबाट ऋण उपलब्ध गराउन जमानत दिँदा सस्थाले ऋण लिनुपर्ने कारण र तोकिएको समयमा ऋणको साँवा तथा व्याज चुक्ता गर्नसक्ने नसक्ने कुराको विचार गरी जमानत दिनुपर्ने उल्लेख छ । पोखरा महानगरपलिकाले सो पक्ष विचार नगरी निर्मल पोखरी बागमारा पुडी साना शहरी खानेपानी तथा सरसफाई आयोजनाको उपभोक्ता समितिले लिएको रू.९८ लाख ऋणको जमानत दिएको नियमित देखिएन ।

१००. **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १२३(१) मा सार्वजनिक निकायले खरिद सम्झौताको आधारमा नापी किताब, रनिङ बिल संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । विराटनगर महानगरपालिकाले क्षेत्रीय शहरी विकास परियोजनाको ड्रइङ्गमा चेम्बरको साइज १.०५ मिटर चौडाइ रहेकोमा १.६० मिटर, आरसिसिको कार्यमा कर्बस्टोनको ब्याक साइडको कङक्रिटिङ्ग परिमाणलाई आरसिसिको दर दिएको तथा ट्रान्सर्पोटेशन अफ म्यानहोल कम्पोनेन्टमा आरसीसी रिङ्गको कार्य गर्दा आरसीसी परिमाणसँग २.५ फ्याक्टरले गुणा गरी तौल निकाल्नु पर्नेमा रिङ्गको परिमाणले गरी दिएकोले १८ औं देखि २३ औं रनिङ्ग विलसम्म बढी भुक्तानी भएको रू.३ करोड ६२ लाख ५८ हजार असुल गर्नुपर्दछ।

१०१. **डिस्मेन्टलिङ्ग कार्य** - सार्वजनिक निकायको कुनै पनि संरचना भत्काउँदा प्राप्त हुने सामग्रीको मूल्याङ्कन गरी आम्दानी बाँध्नु पर्दछ । विराटनगर महानगरपालिकाले क्षेत्रीय शहरी विकास आयोजनाको २३ औं रनिङ्ग बिलमा इँटाको डिस्मेन्टलिङ्ग कार्य गराएकोमा सो बापत रू.१ करोड ४ लाख ५२ हजार आय लेखाङ्कन नगरेकोले निर्माण व्यवसायीको बिलबाट कट्टा गरी असुल गर्नुपर्दछ ।

१०२. **पूर्व निर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा सेवा प्रदायक वा निर्माण व्यावसायीको ढिलाइको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई १० प्रतिशत नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । विराटनगर महानगर पालिकाले मधुमारा-छायाँ मार्ग नाला मर्मतको कार्य गर्ने एक निर्माण व्यवसायीसँग रू.५ करोड १२ लाख ९० हजारको सम्झौता गरेको देखिन्छ । उक्त सम्झौताको म्याद पटक पटक गरी २०७७।३।१५ सम्म थप भएकोमा निर्माण कार्य २०७७।९।२६ मा कार्य सम्पन्न भएको पाइएकोले पूर्व निर्धारित क्षतिपूर्ति रू.५० लाख असुल गर्नुपर्दछ ।

१०३. **सीमाभन्दा बढीको कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत कार्य गर्दा ओभरहेड, मूल्य अभिवृद्धि कर, कन्टिन्जेन्सीसमेत रू.१ करोडसम्म लागत अनुमान भएको कार्य गर्नसक्ने उल्लेख छ । विराटनगर महानगरपालिकाले सोभन्दा बढी लागतका ११

योजनाहरू उपभोक्ता समितिमार्फत् गराई रू.१३ करोड ५७ लाख ९९ हजार भुक्तानी गरेको नियमित देखिएन ।

१०४. **लागत सहभागिता -** विराटनगर महानगरको २०७७।३।११ मा पारित नगर सभाको निर्णय नम्बर ४३ ले उपभोक्ता समिति मार्फत कार्य गराउँदा सडक कालोपत्रेमा १५ प्रतिशत, ग्राभेल इटा आर.सी.सी.मा २० प्रतिशत र माटो पुर्ने कार्यमा ३० प्रतिशत व्यहोर्नुपर्ने व्यवस्था गरेको छ । महानगरपालिकाले यो वर्ष १३५ योजनाहरूमा तोकेकोभन्दा कम जनसहभागिता प्राप्त गरेको देखिएकोले रू.१ करोड ७९ लाख ७८ हजार बढी भुक्तानी दिएकोले असुल गर्नुपर्दछ ।

१०५. **दिवा खाजा** - शैक्षिक कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७ को बुँदा ७.१ मा दिवा खाजा कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयमा कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरूलाई प्रतिदिन रू.१५ का दरले १८० दिनको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट प्रमाणित विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको संख्या यकिन गरी भुक्तानी दिनुपर्नेमा वीरगञ्ज महानगरपालिकाले विद्यार्थी संख्या र हाजिरीको प्रमाणित अभिलेख बेगर ८७ विद्यालयलाई रू.१ करोड ३८ लाख ९८ हजार निकासा गरेको छ । उक्त रकम बैङ्कमा रोक्का राखे पनि निर्देशिकाको व्यवस्था अनुसार हुने रकम यकिन गरी बढी रकम असुल गर्नुपर्दछ।

१०६. **निष्क्रिय खाता** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा २३ (५) मा सामाजिक सुरक्षा विशेष बचत खातामा जम्मा रहेको रकममध्ये खर्च नभएको वा निष्क्रिय रहेको रकम फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पोखरा महानगरपलिकाबाट प्राप्त विवरण अनुसार ८ वडाबाट प्राप्त बैङ्कका विवरण अनुसार १४६ खाता निष्क्रिय रहेको उक्त खातामा रू.६४ लाख २८ हजार रहेको देखिन्छ । काठमाडौं महानगरमासमेत १४ बैङ्कमा गत वर्षदेखि नै रू.७ करोड ३८ लाख ३० हजार मौज्दात राखेको छ । लाभग्राहीको अवस्था टुङ्गो लगाई बाँकी निष्क्रिय रकम संघीय सञ्चित कोष कोषमा फिर्ता हुनुपर्दछ ।

१०७. **सहकारी संस्था अनुगमन** - भरतपुर महानगरपालिकाले सहकारीको नियमन, सञ्चालन, कोष व्यवस्थापन जस्ता कार्य व्यवस्थित गर्न सहकारी ऐन, २०७५ कार्यान्वयनमा ल्याएको छ । महानगरमा सञ्चालित ३४३ सहकारी संस्थाको कुल शेयर पुँजी रू.४ अर्ब ७ करोड ८४ लाख ४० हजार, बचत निक्षेप रू.२१ अर्ब ४८ करोड ६९ लाख २१ हजार, ऋण लगानी रू.१८ अर्ब ६१ करोड ९१ लाख १९ हजार र संस्थागत पुँजी रू.९९ करोड ६८ लाख ३३ हजार रहेको सहकारी गतिविधि पुस्तिकामा उल्लेखित तथ्याङ्कबाट देखिन्छ। सहकारी संस्थाको कार्य व्यवस्थित गराउन महानगरअन्तर्गत रहेका सहकारी तथा रोजगार प्रवर्द्धन शाखामार्फत यो वर्ष रू.६७ लाख १८ हजार खर्च गरेको भएतापनि सहकारी संस्थाको कारोबारको सम्बन्धमा अनुगमन गरेको देखिएन । अन्य महानगरपालिकालेसमेत यस्ता सहकारी संस्थाको अनुगमन गरी प्रतिवेदन तयार गरेको नदेखिँदा जोखिममा आधारित अनुगमन प्रणाली तर्जुमा गरी सहकारी संस्थाको अनुगमन गर्नुपर्दछ।

१०८. **निर्माण कार्य परामर्श -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ बमोजिमको लागत अनुमानको आधारमा नियम २७ अनुसार योग्यता निर्धारण गरी परामर्श सेवा खरिद गर्ने व्यवस्था छ । ललितपुर महानगरपालिकाले लागत अनुमान तयार गर्ने देखि भुक्तानी चरण सम्मका कार्य गर्न ३६ महिना परामर्श सेवा प्रदान गर्ने गरी एक सेवा प्रदायकसँग सम्झौता गरेकोमा परामर्शदातालाई २०७८।१।२ सम्म २१ औं विलसम्म रू.५ करोड ६३ लाख ७९ हजार भुक्तानी भएको छ । निर्माण कार्यको संख्या यकिन नगरी परामर्श सेवाको लागि सम्झौता गरी मासिक आधारमा भुक्तानी गर्दा निर्माणकार्य समयमा सम्पन्न नभई म्याद

थप हुँदै जाँदा परामर्शदाताको सेवा उपलब्ध हुने अवधि समाप्त हुने र ती कार्यमा नगरपालिकाका प्राविधिक कर्मचारीको संलग्नता नहुने गरेकोले परामर्शदाताको म्याद थप्नुपर्ने अवस्था सृजना हुनेगरी कार्य गराएको देखिन्छ । पालिकाका जनशक्तिको क्षमता उपयोग हुने गरी निर्माणकार्य व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

१०९. **पदाधिकारी सुविधा -** मधेश प्रदेश सभाबाट स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ अनुसार पदाधिकारी तथा सदस्यले प्रत्येक महिनामा बढीमा ३ वैठकको बैठक भत्ता पाउने र सो अनुसार पदाधिकारी तथा सदस्यले मासिक ३ को दरले वर्षभरिमा ३६ बैठकको लागि मात्र भुक्तानी पाउने व्यवस्था छ । वीरगञ्ज महानगरपालिकाका १५७ पदाधिकारीलाई सम्बन्धित वडा र महानगरपालिकासमेतबाट दोहोरो बैठक भत्ता भुक्तानी लिएको रू.२७ लाख ६१ हजार र १५ पदाधिकारीलाई सवारी साधन उपलब्ध गराएकोमा अवस्थामासमेत यातायात खर्च रू.२४ लाख ४९ हजार भुक्तानी भएको छ । पदाधिकारीहरूलाई कानून मा उल्लेख भएभन्दा बढी सुविधा भुक्तानी भएको रू.५२ लाख १० हजार असुल गर्नुपर्दछ ।

११०. **लेखापरीक्षण तथा बेरुजू** - यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ६ महानगरपालिकाको लेखापरीक्षण रकम तथा बेरूजू स्थिति निम्नानुसार रहेको छः

(रू. लाखमा)

क्र. सं.	महानगरपालिका	लेखापरीक्षण रकम	म्याद नाघेको पेश्कीसमेत बेरूजू	बेरूजूमध्ये पेश्की रकम	लेखापरीक्षणको तुलनामा बेरूजू प्रतिशत	पेश्की बाहेक बेरूजू प्रतिशत
१	विराटनगर	४२९५२	७११५	६१७	१६.५७	१५.१३
२	वीरगञ्ज	७७८४२	७६२८	१३३	९.८०	९.६३
३	ललितपुर	६८७३५	५५४०	२७७२	८.०६	४.०३
४	काठमाडौं	१९७७६०	१०६७४	१५०६	५.४०	४.६४
५	पोखरा	१०२१४६	५४६१	१७९	५.३५	५.१७
६	भरतपुर	११५५७६	६४५	३५३	०.५६	०.२५
		६०५०११	**३७०६३**	**५५६०**	**६.१३**	**५.२१**

उल्लिखित विवरण अनुसार लेखापरीक्षणको तुलनामा विराटनगरमा बढी र भरतपुरमा घटी बेरुजू देखिएको छ ।

• उप-महानगरपालिका

१११. **आय-व्ययको अवस्था -** यस वर्ष लेखापरीक्षण सम्पन्न भएका ११ उप महानगरपालिकाले आय-व्ययको स्थिति देहाय अनुसार छः

(रू. लाखमा)

उपमहा नगरपालिका	जिल्ला	सुरू मौज्दात	संघीयबाट अनुदान	प्रदेशबाट अनुदान	राजस्व बांडफांड	आन्तरिक आय	अन्य आय	कुल आय	चालु खर्च	पुँजीगत खर्च	अन्य खर्च	कुल खर्च	बाँकी
हेटौंडा	मकवानपुर	१०७१८	१०४३३	८३६	६३२५	२१९९	५५०६	३६०१८	९९३८	८३८०	५९१२	२४२२९	११७८८
बुटवल	रुपन्देही	४८६४	८४४६	१२४४	३४६२	५२६५	५१८६	२८४६६	७१६३	८९६५	३८०५	१९९३२	८५३४
घोराही	दाङ	५२१३	१००४४	९०१	४१४४	१२२५	५५०१	२७०२६	१०७२८	७३१२	३९७	१८४३७	८५९०
नेपालगञ्ज	बाँके	३७५०	८९३१	८९२	३३८०	१४०२	८५१२	२६८६८	७७५९	६३७६	८३८२	२२५१८	४३५०
जीतपुरसिमरा	बारा	८८२६	८२६३	३६६	३९४०	८०८	३३४४	२५५४६	११४३८	६३५२	७३	१७८६२	७६८४
धनगढी	कैलाली	१९४४	१३३८४	७११	४१६५	२००१	१०३६	२३२४२	१२९२५	७५१३	०	२०४३८	२८०३
तुल्सीपुर	दाङ	२७९०	१००७०	८४९	२२७१	२५६५	४२३७	२२७८३	९५३८	६०५२	५३६८	२०९५८	१८२५

जनकपुरधाम	धनुषा	४८६२	१३०५२	३०६	२५१०	१२८८	५८५	२२६०३	१३३४२	४६१४	७५१	१८७०७	३८९६
इँटहरी	सुनसरी	३५९०	८१६५	२६८	४१४७	१९६९	२११४	२०२५२	८२५२	५१५८	२०८०	१५४९०	४७६२
धरान	सुनसरी	३६२४	८६९२	२६८	३००१	२१९१	१२४६	१९०२२	११५४५	५०५९	१९०	१६७९५	२२२७
कलैया	बारा	३९३७	१०२७५	३६५	२१८७	३८८	६२९	१७७८१	८८४१	५७७६	४३४	१५०५०	२७३१
जम्मा		**५४११८**	**१०९७५५**	**७००६**	**३९५३२**	**२१३०१**	**३७८९६**	**२६९६०७**	**१११४६९**	**७१५५७**	**२७३९२**	**२१०४१६**	**५९१९०**

११२. **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत स्थानीय तहले विभिन्न कर तथा शुल्क सङ्कलन गर्ने व्यवस्था छ । जीतपुर सिमरा उपमहानगरपालिकाले यो वर्ष निर्धारण गरेको व्यवसाय कर र सम्पत्ति कर रू.३ करोड १२ लाख असुल गरेको नदेखिएकोले उक्त रकम असुल हुनुपर्दछ ।

बुटवल उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख र सञ्चालन गरेको भवन, हाटबजार, पसल र सरकारी जग्गामा बनेको संरचना सञ्चालनको ठेक्कामार्फत् आन्तरिक आय सङ्कलन गर्ने गरेकोमा सम्झौता बमोजिम असुली गर्नुपर्ने रू.१ करोड ३८ लाख असुल नभएको हुँदा उक्त रकम असुल गर्नुपर्दछ ।

११३. **ढुङ्गा गिट्टी बालुवा ठेक्का** - जीतपुर सिमरा उपमहानगरपालिकाले यो वर्ष बालगंगा दुधौरा खोलामा ९३ लाख ५९ हजार घनमिटर नदीजन्य पदार्थको लागि न्यूनतम कबोल गर्नुपर्ने अङ्क रू.७ करोड ६० लाख ९४ हजार निर्धारण गरी बोलपत्र आव्हान गरेकोमा सो कार्यका लागि रू.१४ करोड ६७ लाख कबोल गर्ने एक सप्लायर्सले सम्झौता गर्न नआएकोमा निजलाई कालोसूचीमा राखेको छैन । दोस्रो बढी कबोल गर्ने निर्माण सेवाको कबोल अङ्क रू.१२ करोड ७६ लाख ७७ हजार मध्ये रू.९ करोड ६४ लाख ७८ हजार असुल गरेपनि रू.३ करोड १२ लाख असुल नभएको अवस्थामा निजले राखेको जमानतको म्याद समाप्त भइसकेको छ । जमानतको म्याद समाप्त भइसकेपछि पनि सरकारी रकम असुल नगर्नेलाई कारबाही भएको छैन । व्यवसायीले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भएको परिमाणभन्दा बढी उत्खनन् गरेको, पुल लगायतका संरचना रहेकै स्थानमा उत्खनन् गरेको स्थलगत निरीक्षणबाट देखिए पनि उक्त उत्खनन् कार्यको अनुगमन एवं पुल संरक्षणको लागि निर्देशन दिएको छैन। त्यस्तै सो व्यवसायीबाट दाखिला गर्नुपर्ने मूल्य अभिवृद्धि कर रू.१ करोड २५ लाख ४२ हजारसमेत असुल गर्न बाँकी छ ।

११४. **नदीजन्य पदार्थको ठेक्का** - धनगढी उपमहानगरपालिकामा नदीजन्य पदार्थ उत्खनन, सङ्कलन र बिक्री वितरणका लागि पहिलो सबैभन्दा बढी रू.३ करोड ५३ लाख ५१ हजार कबोल गर्ने एक आपूर्तिकर्ताले तोकिएको स्थानमा अन्य व्यक्तिले अवैध रूपमा केही परिमाण उठाइसकेको कारण जनाई सम्झौता गर्न नआएकोले पालिकाले निजको बिडबण्ड जफत गरी अवैध उठाएको परिमाणको आधारमा हुने रकम घटाई त्यसपछिको कबोल गर्ने व्यवसायीलाई पत्राचार गरेकोमा सम्झौता गर्न नआएकाले कार्यपालिकाले २०७७।९।२० मा निजको बिडबण्ड रकम जफत गर्ने निर्णय गरेको छ । कार्यपालिकाको निर्णय कार्यान्वयन नहुँदा रू.३१ लाख २५ हजार राजस्व प्राप्त भएको छैन । उक्त रकम असुल गर्नुपर्दछ ।

११५. **प्राकृतिक स्रोतको उत्खनन्** - हेटौंडा उपमहानगरको २०७७।१२।१० को निर्णयले २१ बालुवा तथा ऋसर व्यवसायीलाई ७ दिने सूचनाका आधारमा ६१ लाख २० हजार वर्गफिट नदीजन्य सामग्री उत्खनन् गर्न प्रति वर्गफिट रू.९ का दरले रू.५ करोड ५० लाख ८७ हजारमा सम्झौता गरेको छ । उपमहानगरपालिकाले वर्षान्तमा ती व्यवसायीहरूबाट रू.३ करोड ६४ लाख ९१ हजार मात्र राजस्व सङ्कलन गरेको देखिँदा थप छानबिन गरी छुट भएको रू.१ करोड ८५ लाख ९६ हजार असुल गर्नुपर्दछ।

त्यस्तै दहत्तर बहत्तक्रसर व्यवसायीलाई ७ दिने सूचनाका आधारमा ६१ लाख २० हजार वर्गफिट नदीजन्य सामग्री उत्खनन् गर्न प्रति वर्गफिट रू.९ का दरले रू.५ करोड ५० लाख ८७ हजारमा सम्झौता गरेको छ । उपमहानगरपालिकाले वर्षान्तरको ठेक्का लगाउँनु पूर्व विभिन्न व्यक्तिलाई सङ्कलन गर्न दिँदाको नगदी रसिद अनुसार रू.३२ लाख ९९ हजार असुल नगरेकोले शुल्कसहित असुल गर्नुपर्दछ ।

११६. **माछापोखरी भाडा** - जनकपुरधाम उपमहानगरपालिका र माछापोखरी सञ्चालन गर्न भाडामा लिने व्यवसायीबीच भएको सम्झौता बमोजिम २०७७।७८ मा प्राप्त गर्नुपर्ने आयमध्ये १२ व्यवसायीबाट रू.४० लाख ९२ हजार प्राप्त गर्न बाँकी रहेको रकम ब्याजसहित असुल हुनुपर्दछ । साथै पालिका मातहत ३६ पोखरी रहेकोमा २३ पोखरी मात्र ठेक्का व्यवस्थापन भएकोले बाँकी १३ पोखरीकोसमेत ठेक्का व्यवस्थापन गरी आय प्राप्त गर्नुपर्दछ।

११७. **कार्ययोजना** - ढुङ्गा गिट्टी बालुवा उत्खनन् तथा बिक्री व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को बुँदा ४ बमोजिम उत्खनन् तथा सङ्कलनसम्बन्धी कार्ययोजना तयार गरी कार्यपालिकाबाट स्वीकृत गर्ने व्यवस्था छ । धरान उपमहानगरपालिका, सुनसरीले प्रारम्भिक वतावरणीय परीक्षणबाट विभिन्न ५ खोला तथा नदीबाट ३ लाख १४ हजार घनमिटर नदीजन्य पदार्थको अनुमानित मूल्य रू.७ करोड ५२ लाख ७० हजार हुने देखिएकोमा सोमध्ये ३ खोलाको मात्र नदीजन्य पदार्थको बिक्री गर्न बढाबढ गरी ठेक्का लगाउँदा रू.५ करोड ५५ लाख ५१ हजार असुल भएको छ। बाँकी २ खोलाको नदीजन्य पदार्थ बिक्रीका लागि ठेक्का लगाएको देखिएन । मापदण्ड बमोजिम कार्ययोजना तयार नगर्दा नदीजन्य पदार्थबाट प्राप्त हुने आयको असुलीमा कमी भएको छ । कार्यविधि बमोजिम उत्खनन् तथा सङ्कलन सम्बन्धी कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

११८. **व्ययभार** - धरान उप-महानगरपालिकाले सेउती र सर्दु खोलाको नदीजन्य पदार्थ बिक्रीको लागि २०७७।१०।२८ मा ठेक्का आह्वान गरेकोमा बढी कबोल गर्ने २ निर्माण व्यवसायीको कबोल अङ्क क्रमशः रू.२ करोड ९१ लाख ५ हजार र रू.२ करोड ६१ लाख ४४ हजार भएकोमा सम्झौता गर्न नआएको कारण देखाई धरौटी जफत गरी दोस्रो बढी कबोल गर्नेको क्रमशः रू.१ करोड ७४ लाख १ हजार र रू.१ करोड ६७ लाख ९ हजारको ठेक्का स्वीकृत गर्दा रू.२ करोड ११ लाख ४० हजार घटी आम्दानी भएको छ । ठेक्का प्रक्रियामा सहभागी भई बढी अङ्क कबोल गरी सम्झौता गर्न नआउने दुई व्यवसायीलाई कालो सूचीमा राख्नको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाएको छैन ।

११९. **मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार कर लाग्ने वस्तु तथा सेवा विक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने व्यवस्था छ । धनगढी उप-महानगरपालिकाले यो वर्ष नदीजन्य पदार्थ सङ्कलन, कवाडी कर, बहाल बिटौरी कर, पार्किङ्ग शुल्क सङ्कलन र सरसफाई शुल्कबाट रू.३ करोड २ लाख ३२ हजार असुल गर्दा मूल्य अभिवृद्धि कर रू.३९ लाख ३१ हजार असुल गरेको छैन । जीतपुर सिमरा उपमहानगरपालिका, बाराले यो वर्ष एक फर्मसँग भएको सम्झौतानुसार ढुङ्गा गिट्टी बालुवा जस्ता नदी जन्य वस्तु बिक्रीबाट प्राप्त आय रू.९ करोड ६४ लाख ७८ हजारको १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर छुट भएको रू.१ करोड २५ लाख ४२ हजार असुल गर्नुपर्दछ ।

इटहरी उपमहानगरपालिकाले हाट बजारको ठेक्कामार्फत् रकम सङ्कलन गर्दा मूल्य अभिवृद्धि कर असुल गर्न छुटाएकोले सोबापतको रू.४२ लाख ८५ हजार र नेपालगञ्ज उपमहानगरपालिकाले बस पार्कमा पार्किङ्ग र सटरको ठेक्का लगाई सेवा सञ्चालन गर्न दिएकोमा असुर नगरेकोले मूल्य अभिवृद्धि करसमेत रू.२५ लाख ५ हजार असुल गर्नुपर्दछ।

१२०. **सार्वजनिक जग्गामा भवन निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई बोलपत्र आह्वान गर्न नहुने व्यवस्था छ । धनगढी उप महानगरपालिकाले पालिकाको स्वामित्वमा नभएको सार्वजनिक जग्गामा हेल्थ पोष्ट भवन ११ र वडा कार्यालय भवन ८ को रू.१२ करोड ७ लाख ४१ हजारको सम्झौता गरी निर्माण कार्य जारी रहेको छ। उक्त जग्गा नगरपालिकाको स्वामित्वमा ल्याउने तर्फ प्रयास गर्नुपर्दछ ।

१२१. **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार बिल बीजकको भुक्तानी गर्दा सम्झौताका शर्त र प्राविधिक नाप जाँचका आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । धनगढी उपमहानगरपालिकाको नयाँ प्रशासकीय भवन निर्माण कार्यको चौथो रनिङ बिलको रू.४८ लाख २३ हजार मात्र भुक्तानी गर्नुपर्नेमा रू.६० लाख ४ हजार भुक्तानी गरेकोले बढी भुक्तानी भएको रू.११ लाख ८१ हजार असुल गर्नुपर्दछ ।

सोही उप-महानगरपालिकाले एक निर्माण व्यवसायीलाई बीमाबापत एकमुष्ट रू.१४ लाख ५६ हजार भुक्तानी गरी सकेकोमा तेस्रो र चौथो रनिङ्ग बिलमा पुनः सो रकम समावेश गरी भुक्तानी दिएकोले दोहोरो भुक्तानी गर्नेलाई जिम्मेवार बनाई सो रकम असुल गर्नुपर्दछ ।

१२२. **फरक स्पेसिफिकेशन** - सडक तथा पुलको निर्माण कार्य सरल, सहज, गुणस्तरीय तथा गुणात्मक बनाउन सडक विभागद्वारा जारी गरेको स्टाण्डर्ड स्पेसिफिकेशन अफ रोड एण्ड ब्रिज, २०७३ को नर्म्स्अनुसार प्राइम कोट र ट्याक कोटमा प्रयोग हुने बिटुमिनको नर्म्स् इकाई दर प्रतिलिटरमा कायम गर्नुपर्ने व्यवस्था छ । बुटवल उपमहानगरपालिकाले २४ उपभोक्ता समितिलाई प्राइम कोट र ट्याक कोटको इकाई दर प्रतिलिटरमा कायम गरी सोही अनुसार दररेट निर्धारण गरी भुक्तानी दिनुपर्नेमा पालिकाले इकाई दर वर्गमिटरमा कायम गरी प्राइम कोटमा प्रति वर्गमिटर शून्य दशमलव एक किलोग्राम बढी परिमाणमा मूल्याङ्कन गरेको र ट्याक कोटमा प्रति वर्गमिटर शून्य दशमलव चार किलोग्राम बढी परिमाणमा मूल्याङ्कन गरी बढी भुक्तानी दिएको रू.१६ लाख २६ हजार र सडक विभागको स्टयाण्डर्ड स्पेसिफिकेशनको बिटुमिनस प्राइम कोटको स्प्रे रेट अधिकतम ०.९ लिटर प्रति वर्गमिटर तथा ट्याककोटको लागि अधिकतम स्प्रेरेट ०.६ लिटर प्रति वर्गमिटरका दरले प्रयोग गर्न सकिने व्यवस्था गरेकोमा उपमहानगरपालिकाले ६ उपभोक्ता समितिलाई वास्तविक गरेको कार्यभन्दा बढी परिमाणमा बिटुमिनको खपत देखाई बढी भुक्तानी गरेको रू.१५ लाख ९० हजारसमेत रू.३२ लाख १६ हजार असुल गर्नुपर्दछ ।

सोही उपमहानगरपालिकाले उपभोक्ता समितिहरूबाट कार्य गराउँदा स्वीकृत जिल्ला दररेट तथा सडक विभागको असफाल्ट कंक्रिटको नर्म्स भन्दा बढी दरमा कार्य गराई ५६ वटा उपभोक्ता समितिलाई बढी भुक्तानी दिएको रू.२० लाख ६७ हजार असुल गर्नुपर्दछ ।

१२३. **फरक नर्म्स** - सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार स्वीकृत नर्म्सको आधारमा दर विश्लेषण गरी भुक्तानी गर्नुपर्दछ । हेटौंडा महानगरपालिकाको छुट्टै नर्म्स नबनाएको अवस्थामा नेपाल सरकार सडक विभागले प्रयोग गरेको नर्म्सको आधारमा लागत अनुमान तयार गर्नुपर्नेमा खारेज भइसकेको

स्थानीय पूर्वाधार विकास तथा कृषि सडक (डोलिडार) को नर्म्स प्रयोग गरी लागत अनुमान तयार गरेर उपभोक्ता समितिमार्फत् कार्य गराउँदा २७ उपभोक्ता समितिलाई रू.१ करोड २३ लाख ९२ हजार बढी भुक्तानी भएको देखिन्छ। बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ ।

तुलसीपुर उपमहानगरपालिकाले जे.सी.बी.कटिङ्ग तथा मर्मत कार्यबापतको भुक्तानी गर्दा लागत अनुमान तयार नगरेको र भए गरेको कामको नापजाँच गरी प्राविधिक मूल्याङ्कन तयार नगरी समयको हिसाबले ४ निर्माण कम्पनीलाई रू.२ करोड ३६ हजार भुक्तानी गरिएको छ । ऐनमा व्यवस्था भएभन्दा फरक तवरले भएको भुक्तानी नियम सम्मत देखिँदैन ।

१२४. **बढी निकासा -** शिक्षा नियमावली, २०५९ अनुसार शिक्षकहरूको तलब शिक्षक किताबखानाले पारित गरेको तलबी प्रतिवेदनका आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । धनगढी उप-महानगरपालिकाले तलबी फारम अनुसार तेस्रो चौमासिकमा ३७ सामुदायिक विद्यालयमा कार्यरत शिक्षकलाई पारित तलबी विवरणको आधारमा रू.४ करोड ८४ लाख ३० हजार भुक्तानी गर्नुपर्नेमा रू.५ करोड १३ लाख १० हजार निकासा दिई बढी निकासा गरेको रू.२८ लाख ८० हजार असुल हुनुपर्दछ ।

१२५. **टायलको दर** - स्वीकृत नगर तथा जिल्ला दररेटमा प्रति वर्गमिटर इन्टरलकिङ कार्यमा प्रयोग हुने ८० एमएम मोटाई भएको टायलको मूल्य सादाको रू.१०३ र रंगिनको रू.१२० प्रतिवर्गफिट रहेको छ। स्थलगत अवलोकन गर्दा २२५x१२० एमएमको टायल करिब एक वर्गफिटमा २.९८ वटा प्रयोग हुने देखिएको छ । यसबाट प्रतिवर्गमिटरमा ३२ वटा टायल प्रयोग हुँदा नगर दररेटको हिसाबले प्रतिटायल मूल्य अभिवृद्धि करसमेत रू.३९ गणना गरी लागत अनुमान तयार गरी सोही बमोजिम भुक्तानी गरेकोमा उपभोक्ताले खरिद गरेको बिल बीजकबाट घटीमा रू.१९ प्रतिटायल (सादा) मात्र खरिद गरेको देखिएको छ । इटहरी उपमहानगरले घटी दरमा खरिद हुने आइटमको उच्च नगर दररेट निर्धारण गरी कार्यालयलाई थप व्ययभार परेको रू.२० लाख ८३ हजार सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

१२६. **गमला खरिद -** जनकपुरधाम उपमहानगरपालिकाले गमला खरिद कार्यक्रममा रू.१६ लाख ६७ हजार खर्च गरेको छ । एक इन्जिनियरिङ फर्मबाट खरिद गरेको गमलाको ५ नमूना परीक्षण गर्दा स्पेसिफिकेशनमा उल्लेख भएकोभन्दा गमलाको तलको ब्यास ०.५ इन्च कम रहेको र गमलाको तल प्वाल नपारेको देखिएको छ । यसरी सम्झौता विपरीतको सामान स्वीकार गरेको र उक्त गमलाहरू लेखापरीक्षण अवधि २०७८ फाल्गुणसम्म पनि प्रयोग नगरेकोले ती सामग्री फिर्ता गरी रू.१६ लाख ६७ हजार असुल गर्नुपर्दछ ।

१२७. **कार्यक्रम सञ्चालन** - कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ अनुसार धनगढी उप-महानगरपालिकाले शिक्षक तथा विद्यार्थीलाई क्लोज यूजर ग्रुप (सी.यू.जी.) सेवामा आवद्ध गर्न सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ४ देखि १२ सम्मका विद्यार्थी संख्याका आधारमा प्रति विद्यार्थी मासिक रू.१२५। का दरले ३ महिनाको लागि ७३ विद्यालयमा रू.९२ लाख २४ हजार निकासा दिए पनि सो कार्यक्रम सञ्चालन गरेको प्रमाण पेस नगरेकाले कार्यालयबाट यकिन गरी रू.९२ लाख २४ हजार असुल गर्नुपर्दछ।

१२८. **उपभोक्तामार्फत् खरिद -** नेपालगञ्ज उपमहानगरपालिकाले मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम तर्फ उपभोक्ता समिति मार्फत विभिन्न रू.३१ लाख ४८ हजारका ३५० थान साइकल, रू.५ लाख ५० थान सिलाइ मेशिन रू.६ लाखका ४८० थान व्यागसमेत रू.४३ लाख ४८ हजार मुल्यका

सामग्री उपभोक्ता समितिमार्फत् खरिद गरेको छ । नियम प्रतिकूल हुने गरी उपभोक्ता समितिमार्फत सिधै खरिद गर्नु उचित देखिएन । यस्ता कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१२९. **उपभोक्ता समितिलाई पेश्की -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ (५) मा उपभोक्ता समितिसँग सम्झौता भएबमोजिम सार्वजनिक निकायले त्यस्तो समितिलाई सम्झौता रकमको बढीमा एक तिहाई रकमसम्म पेश्की दिन सक्ने व्यवस्था छ। जनकपुरधाम उपमहानगरपालिकाले उपभोक्ता समितिसँग गरेको सम्झौता बमोजिम सम्झौता रकमको ३३ प्रतिशतका दरले २ पटक गरी ६६ प्रतिशत रकम पेश्की दिँदा १६ उपभोक्ता समितिलाई नियम विपरित रू.२ करोड ४२ लाख ९६ हजार बढी पेश्की दिएको छ। बढी पेश्की दिने पदाधिकारीलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५७ अनुसार आवश्यक कारबाही गर्नुपर्दछ ।

१३०. **मर्मत सम्भार कोष -** कलैया उपमहानगरपालिकाले आयोजना कार्यक्रम छनोट गर्दा ५० उपभोक्ता समितिको तर्फबाट नगद सहभागिता स्वरूप ४ प्रतिशतले हुने रू.२८ लाख २ हजार नगद रकम कार्यालयको मर्मत सम्भार कोषमा जम्मा गरेको छ । आयोजनाको सम्झौता गर्दा उपरोक्त बमोजिम लागत सहभागिता स्वरूप मर्मत सम्भार कोषमा जम्मा गरेको रकमसमेतबाट खर्च लेख्नुपर्नेमा कार्यपालिकाको निर्णयले सम्बन्धित उपभोक्ता समितिलाई नै फिर्ता गरी उक्त रकम खर्च भएको नदेखिँदा सञ्चित कोष फिर्ता दाखिला गर्नुपर्दछ ।

१३१. **सामग्रीको उपयोग** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ (६) अनुसार स्वीकृत रकम खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतलाई ध्यान दिई खर्च गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धी व्यहोरा निम्नानुसार छनः

१३१.१. घोराही उपमहानगरपालिकाले रू.१ करोड १ लाख ९९ हजारका विद्युत पोल १८७ थान, कन्डक्टर वायर १९६०० मिटर, जस्तापाता १ हजार ६८ वण्डल र प्लेनसिट १ हजार पाता खरिद गरेकोमा उक्त सामान प्रयोग भएको नापी किताब एवं कार्यसम्पन्न प्रतिवेदन तयार नगरेकोले उक्त प्रमाणहरू पेस हुनुपर्दछ।

१३१.२. धनगढी उप-महानगरपालिकाले विभिन्न आपूर्तिकर्ता तथा कम्पनीबाट रू.३२ लाख ९ हजार मूल्यका विभिन्न साइज र परिमाणका २३१ थान ह्युमपाइप, रू.१ लाख ८२ हजार मूल्यका २० थान विद्युतपोल र रू.१७ लाख ६३ हजार मूल्यका ४ थान ट्रान्सफरमर खरिद गरी रू.५१ लाख ५४ हजार भुक्तानी गरेकोमा उक्त सामान प्रयोग भएको स्थान, नापी किताब र कार्य सम्पन्न प्रतिवेदन पेस भएको छैन। उक्त प्रमाण प्राप्त गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।

१३१.३. नेपालगज उप-महानगरपालिका अन्तर्गत ७ वडा कार्यालयहरूले विभिन्न मितिमा पटक पटक गरी १७ लाख ४२ हजार मुल्यका सडक बत्ती खरिद गरी भुक्तानी गरेको पाइयो । खरिद भएका सामाग्रीहरूको जडान तथा मौज्दातको अवस्था खुल्ने प्रमाण वेगर खर्च लेख्ने कार्य नियमित देखिएन ।

सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरूलाई महिनावारीका समयमा आवश्यक पर्ने सेनिटरी प्याड निःशुल्क उपलब्ध गराउन रू.१६ लाख ३३ हजार मूल्यका ६६ हजार प्याकेट खरिद भएकोमा विद्यालयलाई हस्तान्तरण नगरी मौज्दातमा राखेको पाइयो ।

१३२. **सडक कालोपत्रे -** सडक तथा पुल निर्माणसम्बन्धी स्टाण्डर्ड स्पेसिफिकेशन, २०७३ अनुसार ट्याककोटमा प्रति वर्गमिटर ०.४ देखि ०.६ लिटर बिटुमिन लाग्ने उल्लेख छ । घोराही उपमहानगरपालिकाले विभिन्न ९ सडक कालोपत्रे गर्दा मापदण्ड अनुसार लागत अनुमान तयार गर्दा ४६ हजार ९१९ लिटर लाग्ने देखिन्छ

। उक्त कार्यको लागि उपभोक्ता समितिले पेस गरेको विल भरपाई अनुसार ३७ हजार १७५ लिटर बिटुमिन प्रयोग भएको देखिएकोले निर्माण सम्पन्न भएका सडकहरूको गुणस्तर यकिन गर्न सकिएन। साथै उपभोक्ता समितिबाट सडक कालोपत्रे जस्तो जटिल र प्राविधिक काम गराइ रू.१ करोड ५४ लाख ३७ हजार भुक्तानी दिएको नियमित देखिएन ।

१३३. **कार्यालय भवन -** जनकपुरधाम उपमहानगरपालिकाको कार्यालय भवन निर्माण गर्न एक संयुक्त उपक्रमसँग २०७५।१।३० मा रू.४ करोड ५९ लाख २० हजारको सम्झौता भएको र नगर कार्यपालिकाको निर्णय अनुसार २०७७।१०।३० सम्म म्याद थप गरेको छ । उक्त ठेक्कामा नगर कार्यपालिकाको २०७६।३।२ को निर्णयबाट १६.२९ प्रतिशतले भेरिएशन गरी सम्झौता रू.५ करोड ३४ लाख कायम गरेकोमा मूल्य समायोजन रू.१७ लाख ८५ हजारसमेत रू.५ करोड ३९ लाख ३४ हजार भुक्तानी गरेको छ। सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१३३.१.सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीले सम्झौता अवधिमा कार्य सम्पन्न नगरेमा पूर्व निर्धारित क्षतिपूर्तिको व्यवस्था छ । निर्माण व्यवसायीलाई २०७७।११।१ देखि २०७८।३।३० सम्म म्याद थप नभएको १५२ दिनको क्षतिपूर्ति रू.३० लाख ५० हजार असुल गर्नुपर्नेमा रू.५ लाख ८२ हजार मात्र असुल गरेकोले नपुग रू.२४ लाख ६८ हजार असुल गर्नुपर्दछ ।

१३३.२.भवनको छतको बाहिरी भागमा ठाउँठाउँमा पानी चुहिएको, शौचालयहरू प्रयोग गर्न योग्य नभई बन्द रहेको, प्लाष्टर ठाउँठाउँमा फुटेको, भुइँमा विच्छ्याएको टायलहरू ठाउँ ठाउँमा फुटेको, मार्बल धेरै ठाउँमा फुटेको, मार्बल नघोटेकोले रू.३५ लाख ४ हजार घटाई भुक्तानी गरे तापनि उक्त रकम घटाउँदाको आधार नखुलाएको स्थिति छ । भवन निर्माण कार्यमा विभिन्न कमीकमजोरी देखिएकोले गुणस्तर सम्बन्धमा आश्वस्त हुने स्थिति छैन । सम्बन्धित प्राविधिक र निर्माण व्यवसायीलाई जिम्मेवार बनाई उक्त कार्यको गुणस्तर कायम गर्नुपर्दछ ।

१३४. **कानून विपरीतको सुविधा** - इटहरी उपमहानगरपालिकाले संघीय र प्रदेश कानून विपरीत कर्मचारीको तह तथा स्तरवृद्धि सम्बन्धी ऐन, २०७७ को व्यवस्था गरी ५३ कर्मचारीको स्तरवृद्धि गरी रू.२० लाख ११ हजार खर्च गरेको छ । हेटौंडा उपमहानगरपालिकाले कानून मा व्यवस्था नै नभएका अवस्थामा कानून , प्रेस तथा राजनैतिक सल्लाहकार नियुक्ति गरी रू.९ लाख ५६ हजार खर्च लेखेको छ । प्रदेश कानून को पालना गरी यस्ता खर्चहरू नियन्त्रण हुनुपर्दछ ।

१३५. **कर्मचारी भर्ना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्थाअनुसार स्थानीय तहले कर्मचारी भर्ना गर्दा प्रदेश लोक सेवा आयोग मार्फत गर्नुपर्ने व्यवस्था छ । धरान उपमहानगरपालिका अन्तर्गतका १४ वटा वडा कार्यालयले विभिन्न ४५ पदका कर्मचारीहरू प्रतिस्पर्धाबेगर करारमा नियुक्ति गरी रू.९३ लाख २ हजार तलब भत्ता पोशाकलगायतमा खर्च गरेको छ । वडा कार्यालयलाई कर्मचारी भर्ना गर्ने कानूनी आधार छैन । रिक्त रहेका दरबन्दीमा कानूनबमोजिम पदपूर्ति गरी प्रतिस्पर्धाबेगर करारमा नियुक्ति गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१३६. **वडास्तरीय बैठक भत्ता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा प्रमाण कागजात तथा विल भरपाई राखी खर्च लेख्नुपर्ने व्यवस्था छ । जनकपुर उपमहानगरपालिकाले वडाहरूमा विभिन्न मितिमा बसेको बैठक भत्ताबापत रू.९२ लाख ८० हजार खर्च लेखेको छ । बैठकहरूको

कतिपय माइन्युट पेस नभएको र पेस भएका माइन्युटमासमेत कुनै एजेण्डा बेगर बैठक बसी उपस्थितिमा दस्तखत गरेको देखिन्छ । यसरी आवश्यकता र स्पष्ट एजेण्डावेगर बैठक बसी खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

१३७. **हेल्प डेस्क -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतनासम्बन्धी तालिम, सवलीकरण, मूल प्रवाहीकरण जस्ता कार्य गैरसरकारी संस्थामार्फत गराउँदा छिटो, छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा गैरसरकारी संस्थाबाट तोकिए बमोजिमको प्रक्रिया अपनाई गराउन सक्ने उल्लेख छ । नेपालगञ्ज उपमहानगरपालिकाले सेवाग्राहीलाई सहजीकरण र समन्वय गर्न एक गैरसरकारी संस्थासँग सम्झौता गरी हेल्प डेस्क सञ्चालन गरी खर्च लेखेको छ । कार्यालयको उपलब्ध जनशक्तिले गर्ने कार्यमासमेत गैर सरकारी संस्थासँग सम्झौता गरी हेल्प डेस्क सञ्चालनवापत रू.२० लाख ५१ हजार खर्च लेखेको उचित देखिएन । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

१३८. **वातावरणीय परीक्षण प्रतिवेदन** - वातावरण संरक्षण ऐन, २०५३ को दफा ३ मा प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । इटहरी उपमहानगरपालिकाले बुढीखोलाबाट नदीजन्य पदार्थ बिक्रीका लागि तयार पारेको प्रतिवेदन अनुसार विभिन्न ४ नाकाबाट ८० हजार ४४४ घन मिटर नदीजन्य पदार्थ निकाल्न मिल्ने देखिन्छ । वातावरणीय परीक्षण गरी परिमाणसमेत खुलाई ठेक्का हुँदाका बखतसम्म अमानतबाट बिक्री भएको परिमाण घटाइ ठेक्का सम्झौता हुनुपर्नेमा शुरू परिमाण बराबरकै परिमाणमा सम्झौता गरेकोले स्रोतको अधिक दोहन हुने र वातावरणमा नकारात्मक असरसमेत पर्ने सम्बन्धमा ध्यान दिएको देखिएन । ठेक्का सम्झौता गर्दा अमानतबाट उठाएको राजस्व रू.३२ लाख ८३ हजार घटाइ सम्झौता गरे तापनि नदीजन्य पदार्थको परिमाण नघटाएकोले ऐनको व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

१३९. **दर्तावेगर बीजक जारी**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा बीस हजारभन्दा माथिको खरिद गर्दा स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने, मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि बाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ । इटहरी उपमहानगरपालिकाले मूल्य अभिवृद्धि करमा दर्ता भएको फर्मले कर बीजक जारी नगर्दा मूल्य अभिवृद्धि कर घटी असुल भएको रू.१९ लाख १४ हजार कानूनबमोजिम असुल गर्नुपर्दछ।

१४०. **परामर्श सेवा खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७०(१) मा सार्वजनिक निकायले २० लाख रूपैयाँभन्दा बढी मूल्यको परामर्श सेवा खरिद गर्न ऐनको दफा ३० बमोजिम सूचना प्रकाशन गरी आशयपत्र माग गर्नुपर्ने उल्लेख छ । इटहरी उपमहानगरपालिकाले यो वर्ष सूचना प्रकाशन नगरी सूची दर्तामध्येबाट रू.१ करोड १४ लाख ३७ हजारको परामर्श सेवा सोझै खरिद गरेको छ । कानूनी व्यवस्था अनुसार प्रतिस्पर्धा गराएर मात्र परामर्श सेवा खरिद गर्नुपर्दछ ।

१४१. **टुक्रा खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रा टुक्रा पारी खरिद कार्य गर्न नपाइने व्यवस्था छ। कलैया उपमहानगरपालिकाले रू.५ लाख भन्दा कमको लागत अनुमान तयार गरी ९७ निर्माण व्यवसायीबाट रू.४ करोड ६ लाख ९८ हजारको निर्माण कार्य गराउँदा निर्माण व्यबसायीहरूले लागत अनुमानको शून्यदेखि २ प्रतिशतभन्दा घटीको कबोल अङ्कमा

सम्झौता गरेको पाइयो । ऐन र नियमावलीको प्रक्रिया पुरा नगरी अमानतबाटसमेत बिभिन्न प्रकृतिका कार्य गराई १५९ व्यक्तिबाट रू.१ करोड १४ लाख ७४ हजार खर्च लेखेको उचित देखिएन। उपयुक्त खरिद प्याकेज र लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक विधि अवलम्बन गरी खरिद गर्नुपर्दछ ।

१४२. **मौज्दात रकम** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १७ (३) अनुसार स्थानीय तहले भत्ता वितरणको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा बाँकी रकम नेपाल सरकारको संघीय कोषमा दाखिला गर्नुपर्दछ । तुलसीपुर उपमहानगरपालिकाले तीन चौमासिकमा १९ वडाको लागि १३ बैङ्कलाई रू.३१ करोड ६७ लाख ७६ हजार निकासा दिएकोमा बैङ्कले भत्ता वितरण गरी कार्यालयलाई पठाएको रिभर्स फिड अनुसार रू.२९ करोड १० लाख ९८ हजार वितरण गरी रू.२ करोड ५६ लाख ७९ हजार मौज्दात बाँकी रहेको देखिन्छ । बैङ्कहरूसँग बाँकी रहेको रकम यकिन गरी संघीय सञ्चित कोष फिर्ता हुनुपर्दछ ।

१४३. **लेखापरीक्षण तथा बेरुजू -** यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ११ उप महानगरपालिकाको लेखापरीक्षण रकम तथा बेरूजू स्थिति यस प्रकार छन्:

(रू. लाखमा)

क्र.सं.	उपमहानगरपालिका	लेखापरीक्षण रकम	म्याद नाघेको पेश्कीसमेत बेरूजू	बेरूजूमध्ये पेश्की रकम	लेखापरीक्षणको तुलनामा बेरूजू प्रतिशत	पेश्की बाहेक बेरूजू प्रतिशत
१	जनकपुरधाम	३६४४८	३३७४	५२३	९.२६	७.८२
२	जीतपुरसिमरा	३४५८२	२४०५	२३५	६.९५	६.२७
३	इटहरी	३२१५२	२२१५	४२	६.८९	६.७६
४	कलैया	२८८९४	१२५७	५	४.३५	४.३३
५	तुल्सीपुर	४०९५१	१७३७	१९	४.२४	४.२०
६	धरान	३२१९३	१२४०	६२	३.८५	३.६६
७	घोराही	४०२५०	१३७४	३	३.४१	३.४१
८	हेटौंडा	४९५२९	१५७१	१०६५	३.१७	१.०२
९	बुटवल	४३५३४	११८९	९४	२.७३	२.५२
१०	धनगढी	४१७३६	१०५२	१२	२.५२	२.४९
११	नेपालगञ्ज	४५६३६	५६९	५०	१.२५	१.१४
	जम्मा	**४२५९०५**	**१७९८३**	**२११०**	**४.२२**	**३.७३**

उप-महानगरपालिका ११ मध्ये सबभन्दा बढी बेरुजू जनकपुरधामको ७.८२ प्रतिशत र सबभन्दा कम नेपालगन्जको १.१४ प्रतिशत रहेको छ

• नगरपालिका

१४४. **आय-व्ययको अवस्था -** यो वर्ष लेखापरीक्षण सम्पन्न भएका २७३ स्थानीय तहको आय-व्यय स्थिति यस प्रकार छ:

(रू. लाखमा)

प्रदेश	नगरपालिका संख्या	सुरू मौज्दात	संघीयबाट अनुदान	प्रदेशबाट अनुदान	राजस्व बांडफांड	आन्तरिक आय	अन्य आय	कुल आय	चालु खर्च	पुँजीगत खर्च	अन्य खर्च	कुल खर्च	बाँकी
प्रदेश नं.१	४६	४८५७९	२३०४२८	१५८३५	५१३१३	२५६०१	५८२०१	४२९९५७	८११३३५	११६८०२	५८३२६	३७१४६९	५८४८८
मधेश	७१	९३७८२	२८२१९९	१३६४७	६६७५०	१३५५१	९१०१२	५६०९४०	१०२८०९८	१७०२७६	७५१७७	४७१८३१	८९१०९
बागमती	४१	१३३२४१	२०२६७३	२५३४१	९२०१४	६२४२५	७१४४७	५८७१४२	१०४१०४२	१८६०७५	४५३८६	४३५०१३	१५२१२८
गण्डकी	२६	२७३४७	१४०३१४	५४५४	२४२०५	१५७६३	३१४०१	२४४४८४	४६१६२०	५६९७५	३०६५१	२०८३७५	३६१०९
लुम्बिनी	३२	५०८१३	१७३५११	१७८७१	४६३३५	१७३५६	५०९२९	३५६८१५	६६२८१८	१००१९०	५८६१६	२९६९५७	५९८५८
कर्णाली	२४	१९७८०	१०८४७२	१०६८५	१८६४८	४६७९	४११६२	२०३४२७	३८७०७३	५१५७६	४००८२	१८१५९५	२१८३१
सुदूरपश्चिम	३३	३११४०	१७१५००	१०४१८	३२८३६	९६३६	३७८३६	२९३३६५	५५५५९१	७२६६२	३५०६८	२५४९६८	३८३९७
जम्मा	**२७३**	**४०४६८२**	**१३०९०९७**	**९९२५१**	**३३२१०१**	**१४९०११**	**३८१९८८**	**२६७६१३०**	**४९४७५७७**	**७५४५५६**	**३४३३०६**	**२२२०२०८**	**४५५९२०**

१४५. **आन्तरिक आय** - भीमदत्त नगरपालिका, कञ्चनपुरले महाकाली नदीको नदीजन्य पदार्थ सङ्कलन, सब्जीमण्डी, तरकारी लिलाम, महाकाली नदीको माछा र भारतबाट पैठारी भई आउने तरकारीको रोयल्टी सङ्कलन गर्न एक व्यवसायीसँग रू.३ करोड ६१ लाख ८४ हजारमा ४ वटा संझौता गरेकोमा रू.२ करोड ८४ लाख ४५ हजार असुल भई रू.७७ लाख ३९ हजार बाँकी रहेको र अर्को एक व्यवसायीसँग पटके सवारी कर सङ्कलनको रू.५७ लाख १३ हजारको संझौता गरेकोमा रू.४९ लाख १३ हजार असुल भई रू.८ लाख बाकी रहेको छ । उल्लिखित दुई व्यवसायीबाट असुल हुन बाँकी रहेको रू.८५ लाख ३९ हजार असुल गर्नुपर्दछ ।

१४६. **आय ठेक्का** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) अनुसार स्थानीय तहको क्षेत्रभित्र तोकिएको परिमाणमा ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको बिक्री गर्नसक्ने उल्लेख छ। बेनी नगरपालिकाले उक्त वस्तु बिक्रीको रू.२२ लाख ९९ हजार असुल गरेको छैन ।

गणेशमान चारनाथ नगरपालिका धनुषा र कर्जन्हा नगरपालिका सिरहाबीच भएको चारनाथ खोला र कमला नदी दोभान क्षेत्रको ७०० मिटरको वरिपरीबाट सङ्कलन हुने आयको ५०/५० प्रतिशत रकम प्राप्त हुनेगरी २०७७।७।२ मा सम्झौता भएको छ । प्राविधिकको प्रतिवेदनमा कमला नदीको पश्चिम महेन्द्र राजमार्गभन्दा करिब १ किलोमिटर दक्षिणमा दुई स्थानमा ढुङ्गा गिट्टी सङ्कलन भएको उल्लेख छ। यो वर्ष सङ्कलन भएको ८४ हजार ४५ घनमिटर (२९ लाख ६७ हजार ६२८ घनफिट) को प्रति घनफिट रू.४ का दरले नगरपालिकालाई बुझाउने गरी ठेक्का लगाएकोमा मूल्य अभिवृद्धि करसहित रू.१ करोड ३४ लाख १४ हजार आम्दानी भएको मध्ये यो नगरपालिकाले रू.६७ लाख ७ हजार प्राप्त गर्नुपर्नेमा रू.४५ लाख ८४ हजार मात्र प्राप्त गरेकोले प्राप्त हुन बाँकी मूल्य अभिवृद्धि करसहित रू.२१ लाख २२ हजार असुल हुनुपर्दछ ।

१४७. **नदीजन्य पदार्थ** - बाँसगढी नगरपालिका, बर्दियाले मानखोलाको नदीजन्य पदार्थ उत्खनन् एवं बिक्री वितरणका लागि १० लाख ५७ हजार ७२१ घनफिट परिमाणको बिक्रीको लागि रू.१ करोड २० लाख कबोल गर्ने एक व्यवसायीबाट रू.३४ लाख ९४ हजार मात्र असुल गरेकोले बाँकी रू.८५ लाख ६ हजारको जरिबानासमेत असुल गर्नुपर्दछ ।

मधुवन नगरपालिका, बर्दियाले कर्णाली नदीको नदीजन्य पदार्थ निकासीका लागि रू.२ करोड १८ लाख कवोल गर्ने एक उद्योगसँग सम्झौता गरेको छ । उक्त उद्योगले विभिन्न मितिमा रू.१ करोड ४५ लाख मात्र दाखिला गरेकोले सम्झौता अनुसारको बाँकी रू.७३ लाख असुल गर्नुपर्दछ ।

१४८. **बालुवा खानी सञ्चालन** - बेलकोटगढी नगरपालिका, नुवाकोटमा वालुवा खानी सञ्चालन गर्न बढीमा २० वर्षको लागि हरेक वर्ष नगर सभाले तोकेको राजस्व रकम दाखिला एवं नवीकरण गर्ने गरी २०७५।९।१ को निर्णय अनुसार एक बालुवा उद्योगलाई अनुमति दिएको छ । उक्त उद्योगबाट वार्षिक ३८ लाख ६७ हजार घनफिट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् हुने र नगरसभाले स्वीकृत गरेको दर प्रति घनफिट रू.३.८५ ले न्यूनतम रू.१ करोड ४८ लाख ८८ हजार राजस्व प्राप्त हुनुपर्नेमा उक्त उद्योगले रू.५३ लाख ३९ हजारमात्र दाखिला गरेकोले नपुग रू.९५ लाख ४९ हजार असुल गर्नुपर्दछ।

१४९. **घटी दर निर्धारण** - प्रदेश आर्थिक ऐनले तोकेको दर बमोजिम नदीजन्य पदार्थको बिक्री दर निर्धारण गर्नुपर्दछ । दुधौली नगरपालिका, सिन्धुलीले प्रदेश ऐनमा तोकेबमोजिमको दर भन्दा घटी दर निर्धारण गरी सङ्कलन तथा बिक्रीको ठेक्का लगाउँदा रू.१ करोड ५२ लाख १४ हजार घटी आय प्राप्त गरेको देखियो ।

पुतलीबजार स्याङ्जा, बेंसीशहर, लम्जुङ र बाग्लुङ नगरपालिकाले प्रदेश सरकारले तोकेको दरभन्दा कम दरमा ठेक्का लगाई रू.१ करोड ७९ लाख १० हजार घटी आम्दानी गरेको सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

१५०. **घटी आय** - गौरीगंगा नगरपालिका, कैलालीले नदीजन्य पदार्थको सङ्कलन तथा बिक्रीको लागि पटक पटक बोलपत्र आह्वान गर्दा प्रस्ताव पेस नभएकोले अमानतबाट राजस्व सङ्कलन गरेको छ । राजस्व सङ्कलन गर्न प्रयोग भएका नगदी रसिद केरमेट गरेको, नगरपालिकाको छाप नभएको तथा प्रमाणित गरेबाहेकको रसिद प्रयोगमा रहेको देखिएकोमा छानबिन गर्न अध्ययन टोली गठन गरी प्राप्त प्रतिवेदन अनुसार २०७८।७।२८ सम्म रू.९५ लाख ८२ हजार सङ्कलन गर्नुपर्नेमा घटी सङ्कलन भएको रू.३२ लाख छानबिन गरी उक्त रकममा असुल गर्नुपर्दछ ।

१५१. **घटी रोयल्टी** - लम्कीचुहा नगरपालिका, कैलालीले एक निर्माण व्यवसायीसँग कर्णाली नदीको नदीजन्य पदार्थ सङ्कलन तथा उत्खनन गर्न रू.३ करोड ७४ लाख ७४ हजारको सम्झौता गरेको छ । नगरपालिकाले सडक मर्मतमा प्रयोग गरेको सामग्रीको रू.१५ लाख १८ हजार कट्टा गरी रू.३ करोड ५९ लाख ५६ हजार दाखिला गर्नुपर्नेमा रू.३ करोड ६ लाख ४० हजार मात्र दाखिला गरेकोले नपुग रू.५३ लाख १६ हजार असुल गर्नुपर्दछ ।

१५२. **सटर भाडा** - टीकापुर नगरपालिका, कैलालीले कार्यालय परिसरमा रहेका सटरहरू भाडामा लगाउँदा गरेको संझौतामा लगातार ३ महिना भाडा नबुझाएमा असुल हुन बाँकी भाडा धरौटीमा मिलान गरी सटर खाली गरिने उल्लेख छ । केही व्यवसायीले यो वर्षको सटर भाडा बुझाउन बाँकी नै रहेकोमा धरौटीबाट भाडा असुल गरी हिसाब मिलान गरेको छैन । उठ्न बाँकी रू.३९ लाख ८८ हजारको १० प्रतिशतले हुने जरिबाना रू.३ लाख ९९ हजारसमेत रू.४३ लाख ८७ हजार असुल गर्नुपर्दछ।

१५३. **मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर नियमावली, २०५३ मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तु ठेक्का मार्फत बिक्री गर्दा वा सेवा शुल्क सङ्कलन गर्दा ठेक्का रकममा लाग्ने मूल्य अभिवृद्धि करसमेत दाखिला गर्नुपर्ने उल्लेख छ । गणेशमान चारनाथ नगरपालिका, धनुषाले यो वर्ष चारनाथ खोला र कमला खोलामा लगाएको ढुङ्गा, गिट्टी, बालुवाको ठेक्कामा दुई निर्माण व्यवसायीबाट रू.२१ लाख ४६ हजार, व्यास नगरपालिका, तनहुँले दहत्तर बहत्तर ठेक्कामा रू.६० लाख १० हजार र वालिङ्ग नगरपालिका,

स्याङ्जाले रू.१२ लाख २० हजार मूल्य अभिवृद्धि कर असुल गरेको पाइएन । उक्त रकम असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

१५४. **आय ठेक्कामा छुट** - आय ठेक्कामा कबोल गरेको रकममा मूल्य अभिवृद्धि करसमेतको एकमुष्ट रकम अग्रिम बुझाएमा ठेक्का रकमको १० प्रतिशत छुट दिन सकिने व्यवस्था सम्झौतामा उल्लेख छ । बेलबारी नगरपालिका, मोरङ्गले यो वर्ष लोहोन्द्र खोलामा ढुङ्गा, गिट्टी तथा बालुवाको रू. ठेक्का लगाएकोमा पटक पटक गरी रू.५ करोड ५७ लाख २३ हजार दाखिला गरेको छ। सम्झौता अनुसारको रकम एकमुष्ट नबुझाएकोमासमेत नगद छुट दिएको रू.४८ लाख ६६ हजार असुल गर्नुपर्दछ ।

१५५. **राजस्व छुट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रदेश कानून लगायतबाट दाखिला भैसकेको राजस्व फिर्ता दिनसक्ने व्यवस्था छैन । बेलकोट नगरपालिका, नुवाकोटले राजस्व परामर्श समितिबाट निर्णय गराइ २०७६/७७ मा सम्झौता भएको एक व्यवसायीलाई लकडाउन अवधि २०७६ चैत्र ११ देखि २०७७ बैशाख २९ सम्म ४९ दिनको क्षतिपूर्तिबापत रू.१ करोड २६ लाख ६२ हजार राजस्व फिर्ता गर्ने निर्णय गरेको छ । कार्यपालिकाको २०७७।३।२९ को निर्णयबाट थप १४ दिनको राजस्व रू.३६ लाख १७ हजार फिर्ता गरेको छ। छुट दिन नमिल्ने राजस्व असुल गर्नुपर्दछ ।

सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १४२(६) र सम्झौताको दफा ५ मा खरिद सम्झौता तोडेको अवस्थामा राजस्व परामर्श समितिको परामर्शमा बाहेक अन्य परिस्थितिमा मिनाहा एवं छुट दिन नसक्ने उल्लेख छ । शुक्ला गण्डकी नगरपालिका, तनहुँले एक संयुक्त उपक्रमले कबोल गरेको आय ठेक्काको रकम मध्येको ५० प्रतिशत प्राप्त गरेको र बाँकी रू.१ करोड ६० लाख ८७ हजारमध्येबाट रू.३४ लाख ८३ हजार छुट दिएको औचित्यपूर्ण देखिएन ।

१५६. **रसिदको प्रयोग** -मेचीनगर नगरपालिका झापाका कार्यपालिका सदस्य, वडाध्यक्ष तथा नगर प्रहरीले नगदी रसिद बुझिलिई नदीजन्य पदार्थ निकासीको कर संकलन गर्ने गरेकोमा सबै रसिदको आय यकिन गरेको छैन। दोहोरो रसिद नम्बर राखी रकम सङ्कलन गरेको छ । पालिकाको आन्तरिक छानबिनबाट एक सदस्यले फिर्ता नगरेको रसिदको उच्चतम दरको आधारबाट रू.१८ लाख ७५ हजार असुल गर्नुपर्ने ब्यहोराको प्रतिवेदन दिएकोमा रकम असुल गरेको छैन । कार्यालयबाट लिएका सबै रसिदको विवरणसहित असुली रकम र बाँकी रसिदको अवस्था यकिन गरी राजस्व प्राप्त गर्नुपर्दछ ।

१५७. **लागत अनुमान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४ मा लागत अनुमान स्वीकृत गर्नुपर्ने र नियम १२३ मा प्राविधिक नाप जाँच गरी कार्यसम्पादनको आधारमा रनिङ बिल भुक्तानी गर्ने व्यवस्था छ । गल्याङ नगरपालिका, स्याङ्जाले मर्मत र सडक सफाइमा डोजर भाडामा लिई रू.१ करोड २० लाख ७९ हजार र पालिकाका कर्मचारीद्वारा ४ डोजर सञ्चालन गरी इन्धन, मर्मत सम्भार र अपरेटर तथा हेल्परको तलब भत्तामा रू.१ करोड ६४ लाख ७० हजार खर्च गरेको छ । सम्पन्न कार्यको परिमाण यकिन हुनेगरी लागत अनुमान तथा प्राविधिक मूल्याङ्कन गरेको छैन । लागत अनुमानसहित प्राविधिक मूल्याङ्कनका आधारमा भुक्तानी गर्नुपर्दछ ।

१५८. **वन क्षेत्रमा लगानी** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले विनियोजन गरी खर्च गर्नु अगावै योजनाको क्षेत्र निश्चित गर्नुपर्ने व्यवस्था छ । बराहक्षेत्र नगरपालिका, सुनसरीले औद्योगिक ग्राम निर्माण गर्ने योजनामा यो वर्ष कम्पाउण्ड वाल लगाउने कार्यको ठेक्का सम्झौता गरी दोश्रो रनिङ्ग बिलसम्म रू.२० लाख ६९ हजार खर्च गरिसकेपछि डिभिजन वन कार्यालय, सुनसरीले निर्माणस्थल जंगल क्षेत्रमा

रहेको जनाई निर्माण कार्य रोक्का गरेको छ । कार्यक्षेत्र निर्धारण नभई योजना सञ्चालन गरेकोमा जवाफदेही बनाउनुपर्दछ ।

१५९. **सार्वजनिक जग्गामा भवन निर्माण -** भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५९(क) मा सरकारी प्रयोजनको लागि जग्गा आवश्यक देखिए नेपाल सरकारको स्वीकृति लिएर प्रयोग गर्न सकिने व्यवस्था छ। त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ (३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था गरी निर्माण कार्यको सम्झौता गर्नुपर्ने व्यवस्था छ । गोदावरी नगरपालिका, कैलालीले स्वामित्व नभएको सार्वजनिक जग्गामा वडा नं १ र ९ को कार्यालय भवन बनाउन १ उपभोक्ता समिति र १ निर्माण व्यवसायीसँग रू.२ करोड ३० लाख ३१ हजारको सम्झौता गरी हालसम्म रू.१ करोड ८० लाख ७४ हजार भुक्तानी गरेको छ । स्वामित्व भएको जग्गामा मात्र भवन निर्माण गर्नुपर्दछ ।

यसैगरी मेचीनगर नगरपालिका, झापामा बहुआयामिक सांस्कृतिक संग्रहालय निर्माणको लागि ३ वटा छुट्टाछुट्टै प्याकेज तयार गरी २०७५।७६ देखि कार्य सुरू गरेको र यो वर्षसम्म रू.८० लाख ५८ हजार भुक्तानी गरिसकेकोमा संग्रहालय नगरपालिकाको स्वामित्वमा आएको छैन ।

१६०. **भ्यूटावर निर्माण -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ मा खरिद सम्झौता सम्बन्धी व्यवस्था छ। मेचीनगर नगरपालिका, झापाले भ्यूटावर निर्माणका लागि रू.६ करोड ४५ लाख २६ हजारको लागत अनुमान तयार गरी एक निर्माण व्यवसायीसँग रू.३ करोड ७९ लाख ८६ हजारको सम्झौता गरेको छ । आगामी दिनमा संघीय सरकारबाट रकम प्राप्त भएमा वहुवर्षीय आयोजनाका रूपमा सञ्चालन हुने शर्त राखी निर्माण व्यवसायीसँग सम्झौता गरेकोमा बजेट सुनिश्चितता भएको देखिएन । निर्माणस्थलसमेत व्यवस्था नगरी निर्माण व्यवसायीलाई दिएको पेश्की रू.६५ लाख ९८ हजार नियमसंगत देखिएन ।

१६१. **दोहोरो भुक्तानी** - लमही नगरपालिका, दाङले यो वर्ष नारायणपुर-रातामाटा सडक निर्माण कार्यको लागि रू.४७ लाख ५ हजार टोल विकास संस्थालाई भुक्तानी दिएको छ । उक्त कार्यको लागत अनुमान तयार गरेको छैन । नापी किताव अनुसार चेनेज नं.०+००० देखि २+४०० सम्म २४०० मिटर नापी गरी भुक्तानी दिएकोमा यो वर्ष पनि चेनेज नं.०+००० देखि २+३६० सम्म २ हजार ३६० मिटर बाटो नापी गरी रू.४७ लाख ५ हजार भुक्तानी दिएको छ । एकै चेनेजमा दोहोरो नापी गरी भुक्तानी दिएको रकम यकिन गरी असुल हुनुपर्दछ।

१६२. **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भए अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कृष्णनगर नगरपालिका, कपिलवस्तुले एक निर्माण व्यावसायीसँग पुरूषोत्तमपुरदेखि त्रिलोकपुर हुँदै बगरीसम्म कालोपत्रे गर्ने कार्यको लागि रू.७७ लाख ४८ हजारको सम्झौता गरेको छ। निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन अनुसार निर्माण कार्यको रू.७४ लाख ९९ हजार भुक्तानी गर्नुपर्नेमा रू.९१ लाख ८१ हजार भुक्तानी गरेकोले बढी भुक्तानी भएको रू.१६ ललाख ८२ हजार निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ ।

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११९ मा मूल्य समायोजन गर्दा अपनाउनुपर्ने आधार उल्लेख छ । सूर्योदय नगरपालिका, इलामले टि टेस्टिङ्ग भवन निर्माणको प्रथम रनिङ्ग बिल भुक्तानी

गर्दा मूल्यवृद्धि १० प्रतिशतभन्दा बढी हुँदा मात्र मूल्य समायोजनको रकम भुक्तानी दिनुपर्नेमा ४.३ प्रतिशत मात्र मूल्यवृद्धि हुँदा भुक्तानी दिएको रू.६ लाख ८४ हजार निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ ।

१६३. **काम नभई भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । छायाँनाथ रारा नगरपालिका, मुगुले एक निर्माण व्यवसायीसँग वेलिब्रिज निर्माणका लागि २०७८।३।९ मा सम्झौता गरेकोमा १४ दिन पछि प्रथम रनिङ्ग बिलको रू.२९ लाख ५२ हजार भुक्तानी गरेको छ । उल्लिखित परिमाणको कार्य भुक्तानी अवधिमा प्राविधिक रूपमा सम्पन्न हुने सम्बन्धमा पर्याप्त आधार देखिएन । बजेट फ्रिज हुन नदिन नापी किताबमा प्रगति देखाई भुक्तानीको लागि सिफारिस गरेको पालिकाको भनाइ रहेको छ । निर्माणाधीन बेलिब्रिजको स्थलगत निरीक्षण गर्दा साइटमा ४०.५८ टन सामान प्राप्त नभई रू.१ करोड २९ लाख ८६ हजार भुक्तानी गरेको छ । सामान आपूर्ति नभई खर्च लेखेको छानबिन गरी रकम फिर्ता हुनुपर्दछ ।

१६४. **कालो सूची** -सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३(१) मा छनोट भएको बोलपत्रदाता सम्झौता गर्न नआएमा सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाई कालोसूचीमा राख्न सक्ने व्यवस्था छ। गणेशमान चारनाथ नगरपालिका, धनुषाले कमला नदीमा नदीजन्य पदार्थ सङ्कलन गर्न एक फर्मले रू.२ करोड ५१ लाख १ हजारको प्रस्ताव पेस गरी सम्झौता गर्न नआएकोले दोस्रो बढीवाला फर्मको रू.१ करोड ७४ लाख ११ हजारको प्रस्ताव स्वीकृत गरी ठेक्का लगाउँदा नगरपालिकालाई रू.७६ लाख ९० हजार घटी राजस्व प्राप्त भएको छ । प्रस्ताव पेस गरी सम्झौता गर्न नआउने बोलपत्रदातालाई ऐनको उक्त दफामा भएको व्यवस्था अनुसार कारबाही गर्नुपर्दछ ।

१६५. **भेरिएसन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा २५ प्रतिशतभन्दा माथिको भेरिएशन स्वीकृत गर्ने तह सम्बन्धी व्यवस्था छ । शिखर नगरपालिका, डोटीले कार्यालय भवन निर्माण गर्न एक निर्माण व्यवसायीसँग रू.१ करोड ९ लाख १२ हजारको सम्झौता गरेकोमा ८०.२३ प्रतिशतले हुने रू.८७ लाख ५५ हजारको भेरिएसन गरेको छ । यसैगरी इलाम नगरपालिकाले भवनको तला थप र सिटी मार्ट भवन निर्माण कार्यमा क्रमशः रू.२३ करोड ७९ लाख ७ हजार र रू.९ करोड ३८ लाख ५६ हजारको सम्झौता गरेकोमा नगर प्रमुखले सम्झौता रकमको क्रमशः ३१.९४ र ३३.९० प्रतिशत हुनेगरी भेरिएसन स्वीकृत गर्दा रू.३ करोड ९४ लाख १७ हजार थप व्ययभार परेको छ । खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न सकिने कार्यमा अधिक भेरिएशन गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

१६६. **मूर्ति निर्माण** - व्यास नगरपालिकाको शिवपाञ्चायन परिसरमा प्रस्ताव गरिएको १०८ फिट अग्लो श्री कृष्ण द्वैपायन व्यासको मूर्ति निर्माणको लागि नगरपालिकाको रू.१ करोड ५० लाख र शिवपाञ्चायन विकास कोषको रू.५ करोडबाट जमिनको सतहसम्मको सबस्ट्रक्चर कार्यहरू निर्माण गर्ने उल्लेख छ । निर्माण कार्य नगरपालिकाले गर्ने भएपछि कोषबाट रू.१ करोड ५० लाखमात्र प्राप्त भएकोले उक्त कोषबाट प्राप्त हुनुपर्ने बाँकी रू.३ करोड ५० लाखसमेत नगरपालिकाको कोषमा जम्मा हुनुपर्दछ ।

१६७. **गाउँ नगर साझेदारी कोष** - कोष सञ्चालन निर्देशिकामा ऋण लिने टोल विकास संस्थाले कोषसँग गरेको सम्झौता बमोजिमको भाखाभित्र ऋणको साँवा ब्याज तथा अन्य सेवा शुल्क बुझाउनुपर्ने व्यवस्था छ । व्यास नगरपालिकाले पेस गरेको गाउँ नगर साझेदारी कोषमा गत वर्षको जिम्मेवारीसमेत रू.१ करोड ७६ लाख १७ हजार आम्दानी भएकोमा रू.१ करोड १८ लाख ९० हजार ऋण लगानी गरी रू.५७

लाख २७ हजार बाँकी रहेको छ । कोषबाट लगानी भएको ऋणमध्ये रू.२९ लाख १६ हजार साँवा तथा सोको ब्याजसमेत प्राप्त नभएकोले असुल गर्नुपर्दछ ।

१६८. **पूर्वाधार विकास कार्यक्रम** -कमलामाई नगरपालिका, सिन्धुलीले सिन्धुलीगढी पूर्वाधार विकास कार्यक्रमबाट खर्च गर्नेगरी एक निर्माण व्यवसायीसँग रू.९२ लाख ७९ हजारमा ट्रस भवन निर्माण सम्झौता गरेकोमा रू.९२ लाख ७७ हजार भुक्तानी गरी निर्माण कार्य फरफारक गरेको छ । भाडा स्टलका लागि ३ कोठे ट्रस भवन र छुट्टै १ शौचालय निर्माण भएकोमा स्थलगत निरीक्षण गर्दा जमिनबाट फलामको स्ट्याण्ड उठाएर ट्रस बनाएको, ट्रस र शौचालय भासिएको तथा सिँढी फुटेकोले संरचना जोखिमपूर्ण अवस्थामा रहेको देखियो। ट्रस भवन निर्माणमा रू.५० लाख र शौचालय निर्माणमा रू.११ लाख ११ हजारसमेत रू.६१ लाख ११ हजार भुक्तानी गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ।

१६९. **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत् कार्य गराउनेसम्बन्धी व्यवस्था छ । छायाँनाथ रारा नगरपालिका, मुगुले उपभोक्तामार्फत् सडक निर्माण कार्य गराउँदा मेसिन प्रयोग गरे पनि मानिसबाट काम गरेको देखाई रू.५३ लाख २५ हजार बढी भुक्तानी गरेको छ । बढी भुक्तानी दिएको रकम सम्बन्धित समितिबाट असुल गर्नुपर्दछ।

१७०. **प्यारापिट निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रू.१ करोडभन्दा बढी लागत अनुमान भएको काम उपभोक्ता समितिबाट गराउन नसकिने व्यवस्था छ । भद्रपुर नगरपालिका, झापाले लागत अनुमान रू.१ करोड ३१ लाख ९२ हजारको मेची रंगशाला प्यारापिट निर्माण कार्यमा गत वर्षकोसमेत उपभोक्ता समितिलाई रू.१ करोड १६ लाख ८९ हजार भुक्तानी गरेको छ । नियमावलीले तोकेको सीमा र क्षेत्रभित्र रही उपभोक्ता समितिमार्फत काम गराउनु पर्दछ ।

१७१. **लागत सहभागिता** - पनौती नगरपालिका, काभ्रेपलाञ्चोकले यो वर्ष कृषकले रू.७८ लाख ९९ हजार लागत सहभागिता व्यहोर्ने गरी तीन बजेट उपशीर्षकबाट पशु खरिद गरेकोमध्ये रू.६० लाख २६ हजारमात्र दाखिला गरेको देखिएकोले लागत सहभागिता हुन बाँकी रू.१८ लाख ७२ हजार सम्बन्धित कृषकबाट असुल गरी दाखिला गर्नुपर्दछ।

१७२. **डोजर प्रयोग -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर बिटुमिन डिस्ट्रिब्युटर जस्ता हेभी मेसिन प्रयोग गर्न नमिल्ने व्यवस्था छ । उपभोक्ता समितिमार्फत कार्य गराई बडीमालिका नगरपालिका, बाजुराले रू.७० लाख १ हजार, बुढीनन्दा नगरपालिका, बाजुराले रू.४५ लाख ९१ हजार, भीमदत्त नगरपालिका, कञ्चनपुरले रू.५५ लाख २५ हजार भारी उपकरण प्रयोगमा खर्च गरेका छन् । उपभोक्ता समितिबाट भारी उपकरण प्रयोग हुने कार्य गराउन नियन्त्रण हुनुपर्दछ ।

१७३. **फरक दरको प्रयोग** - सार्वजनिक निकायले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० का आधारमा लागत अनुमान तयार गर्ने र नियम १२३ (ख) अनुसार निर्माण कार्यको नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । सूर्योदय नगरपालिका, इलामले १५ शैयाको आधारभूत अस्पताल भवन र टि-टेस्टिङ भवन निर्माणको लागत अनुमान तयार गर्दा माटो खन्ने पुर्ने कार्य मानिसबाट गर्ने गरी दर कायम गरेकोमा स्थलगत अनुगमन गर्दा मेसिन नै प्रयोग गरेको देखिएकोले रू.५८ लाख ७ हजार थप व्ययभार परेको छ। उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

१७४. **निर्माण सामग्री खरिद -** खरिद गरेका निर्माण सामग्री उपयोग भएको सुनिश्चित हुनुपर्दछ । गोदावरी नगरपालिका, कैलालीले यो वर्ष विभिन्न साइज र परिमाणका एच.डी.पी.ई.पाइप रू.४६ लाख ४६ हजार, ह्यूम पाइप रू.३९ लाख ९५ हजार र तारजाली रू.४६ लाख ४७ हजार तथा घोडाघोडी नगरपालिका, कैलालीले विभिन्न साइजको ह्युमपाइप रू.५९ लाख २ हजारको खरिद गरी प्रयोजन नखुलाई विभिन्न व्यक्तिलाई वितरण गरेको छ । निश्चित मापदण्डबेगर पाइप, ह्युमपाइप तथा तारजाली वितरण गर्ने कार्य मनासिब देखिँदैन ।

१७५. **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा लागत अनुमान तयार गरी मालसामान खरिद गर्नुपर्ने उल्लेख छ । मध्य नेपाल नगरपालिका, लमजुङले ३ साइजका १ हजार ३६५ थान जस्तापाता खरिदको लागत अनुमान तयार गर्दा जिल्ला दररेट अनुसार रू.१९ लाख ९८ हजार हुनुपर्नेमा जस्तापाता लगाउने जनशक्ति र अन्य सामग्रीकोसमेत दर राखी रू.४८ लाख ६४ हजार लागत अनुमान तयार गरी एक आपूर्तिकर्तालाई रू.३१ लाख ८४ हजार भुक्तानी गरेकोमा पालिकालाई रू.११ लाख ८६ हजार थप व्ययभार परेको छ। उक्त रकम सम्बन्धितबाट असुल हुनुपर्दछ।

१७६. **पाइप खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । दुल्लु नगरपालिका, दैलेखले वडा नं. ८ मा खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय दैलेखसँगको साझेदारीमा साङ्टा लिफ्टिङ्ग खानेपानी योजनाका लागि जी.आई. पाइप खरिद गर्न एक निर्माण व्यवसायीसँग रू.४९ लाख ६७ हजारको सम्झौता गरेको छ । निर्माण कार्यका लागि ८० एम.एम.को २ हजार २९० मिटर र १०० एम.एम.को १ हजार ४०० मिटर जी.आई.पाईप खरिदको ठेक्का बिल तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरी रू.४३ लाख ९५ हजार भुक्तानी भएको छ । पदाधिकारीसहित आयोजनाको स्थलगत अवलोकन गर्दा पाइप जडान भएको छैन । पाइप खरिद भएको प्रमाण पेस नभएकोले भुक्तानी दिनेलाई जिम्मेवार बनाई ब्याजसहित उक्त रकम असुल गर्नुपर्दछ ।

१७७. **बिल भरपाईबेगर खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा खर्च पुष्टि हुनेगरी बिल भरपाई संलग्न गर्नपर्ने उल्लेख छ । ठूलीभेरी नगरपालिका, डोल्पाले बिल भरपाईबेगर रू.५४ लाख ९२ हजार तथा सुदूरपश्चिम प्रदेशभित्रका कृष्णपुर, पुनर्बास, बुंगल, महाकाली, अमरगढीलगायत १२ नगरपालिकाले बिल बीजक तथा खर्चका प्रमाण कागजातबेगर रू.१७ करोड १४ लाख ९४ हजार खर्च लेखेका छन् । खर्चको पुष्ट्याइँ हुने प्रमाण बेगर खर्च गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

१७८. **यातायात खर्च -** स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधासम्बन्धी ऐन, २०७७ को दफा ४ अनुसार सम्बन्धित स्थानीय तहले पदाधिकारीलाई सवारी साधन उपलब्ध गराउनसक्ने व्यवस्था छ। राजपुर नगरपालिका रौतहटले वडा अध्यक्षहरूलाई मोटरसाइकल तथा इन्धन सुविधा उपलब्ध गराएपछि मासिक रू.१० हजारको दरले २०७६ कार्तिकदेखि २०७७ माघसम्मको यातायात सुविधा रू.१३ लाख ५७ हजार भुक्तानी गरेकोले दोहोरो सुविधा वापत भुक्तानी भएको असुल गर्नुपर्दछ ।

१७९. **व्यक्तिगत प्रयोजनका सामान** - स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ मा पदाधिकारीले मासिक सञ्चार सुविधा पाउने व्यवस्था भए पनि मोबाइल सेट पाउने व्यवस्था छैन। राजपुर नगरपालिका, रौतहटले उप-प्रमुख र वडा अध्यक्ष लगायतका पदाधिकारीका लागि ५२

थान मोबाइल खरिद गरी रू.१२ लाख ६४ हजार खर्च लेखेको छ । खरिद भएका मोबाइलमध्ये ४४ थान जिन्सी किताबमा अभिलेख समेत राखेको छैन । विनियोजित बजेटबाट व्यक्तिगत प्रयोग हुने मालसामान खरिद गरी वितरण गर्ने प्रवृत्ति नियन्त्रण हुनुपर्दछ ।

१८०. **बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा आवश्यक बिल भरपाई र कागजात संलग्न गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । परशुराम नगरपालिका डडेल्धुराले एक विद्यालय भवन निर्माणका लागि सम्झौता बमोजिम रू.५२ लाख ८६ हजार भुक्तानी दिनुपर्नेमा बढी भुक्तानी दिएको रू.१० लाख ४४ हजार असुल गर्नुपर्दछ ।

१८१. **सी.यू.जी.सेवा सञ्चालन -** कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ मा शिक्षक तथा विद्यार्थीलाई सी.यू.जी.सेवामा आवद्ध गर्न स्थानीय तहले सामुदायिक विद्यालयमा कक्षा ४ देखि १२ सम्म अध्ययनरत विद्यार्थी संख्याका आधारमा प्रतिविद्यार्थी मासिक रू.१२५ का दरले ३ महिनाको रकम विद्यालयलाई निकासा दिने व्यवस्था छ । सो कार्यका लागि कृष्णपुर नगरपालिका, कञ्चनपुरले ३३ विद्यालयलाई रू.३१ लाख र शुक्लाफाँटा नगरपालिका, कञ्चनपुरले ३० विद्यालयलाई रू.२८ लाख ५० हजार निकासा दिएको छ । विद्यार्थीको भौतिक उपस्थितिमा अध्ययन अध्यापन गराइएकोमा सफ्टवेयर प्रयोगमा ल्याएको नदेखिएकोले उक्त रकम संघीय सञ्चित कोषमा फिर्ता हुनुपर्दछ ।

१८२. **भत्ता वितरण -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १२ मा केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याई बैङ्कमार्फत वितरण गर्नुपर्ने व्यवस्था छ । बोदेबर्साइन नगरपालिका, सप्तरीको २०७५।७६ को सामाजिक सुरक्षातर्फको १० वडा सचिवको नाममा पेश्की बाँकी बेरूजु सम्परीक्षण गर्दा ३७० जना व्यक्तिलाई केन्द्रीकृत व्यवस्थापन सूचना प्रणालीमा दर्ता नगराइ रू.३१ लाख ५२ हजार भत्ता वितरण गरेको देखिएकोले छानबिन गरी यथार्थ रकम फर्स्यौंट गर्नुपर्दछ ।

सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ४ (१) बमोजिम दलित र एकल महिलाले ६० वर्ष उमेर पूरा गरेपछि र अन्य जेष्ठ नागरिकको हकमा ७० वर्ष उमेर पूरा गरेपछि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यवस्था छ । यस पालिकाले ७० वर्ष उमेर पूरा नगरेका ६४ ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता वितरण गरेको रू.७ लाख ९६ हजार असुल गर्नुपर्दछ ।

१८३. **निष्क्रिय खाता** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुँदा नं.१५(४) मा सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम खर्च नभई बाँकी रहेमा संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । लाभग्राहीका निष्क्रिय रहेका बैङ्क खातामा सामाजिक सुरक्षा भत्ताबापत त्रिवेणी नगरपालिका, बाजुराले रू.१ करोड १० लाख ६२ हजार र मेलौली नगरपालिका, बैतडीले रू.५४ लाख १५ हजारसमेत रू.१ करोड ६४ लाख ७७ हजार निकासा दिएकोले फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ। त्यसैगरी जयपृथ्वी नगरपालिका, बझाङले रू.२ करोड ३४ लाख ३८ हजार, पुचौंडी नगरपालिका, बैतडीले रू.४ करोड २ लाख ३२ हजार, लम्कीचुहा नगरपालिका, कैलालीले रू.२३ लाख ३७ हजार र टीकापुर नगरपालिका, कैलालीले रू.३३ लाख ७५ हजार मौज्दात रहेको रकम सञ्चित कोष फिर्ता गरेका छैनन् । सो रकम फिर्ता गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

१८४. **सञ्चित कोष फिर्ता -** आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा शर्तसहित प्राप्त रकम सम्बन्धित आर्थिक वर्षमा खर्च नभए फिर्ता गर्नुपर्ने व्यवस्था छ । गुलरिया

नगरपालिका, बर्दियाले २०७१ सालको बाढी पीडित राहतको लागि संघीय सरकारबाट प्राप्त रू.३ करोड ३७ हजार वितरण नगरी प्रकोप व्यवस्थापन कोषमा ट्रान्सफर गरेको छ ।त्यसैगरी कोष तथा लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयले आठबिस नगरपालिका दैलेखलाई भुक्तानी दिने गरी विविध कोष खाता खडा गरी रू.५ करोड २७ लाख ८३ हजार ट्रान्सफर गरेको छ । बचत रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

१८५. **दिवा खाजा** - शिक्षा विकास तथा मानवश्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ मा सामुदायिक विद्यालयका बालकक्षादेखि कक्षा ५ सम्मका विद्यार्थीका लागि दिवा खाजाको व्यवस्था छ । विदेह नगरपालिका, धनुषाले २ मदरसालाई दिवा खाजा एवं शिक्षण सिकाइ रकमसमेत रू.११ लाख ३ हजार तथा भानु नगरपालिका, तनहुँले ५७ विद्यालयका ३ हजार ६६२ विद्यार्थीका लागि माघदेखि वैशाखसम्मको ९९ दिनको रू.१५ को दरले रू.५४ लाख ३८ हजार दिवा खाजा रकम निकासा दिएको छ। विद्यालयको प्रमाणित हाजिरी रूजू गर्दा ४८ विद्यालयमा विद्यार्थीको हाजिरीभन्दा रू.१७ लाख ३४ हजार बढी भुक्तानी भएकोले उक्त रकम फिर्ता गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ।

१८६. **अनुत्पादक एवं वितरणमुखी कार्यक्रम** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले अधिकतम प्रतिफल दिने र पुँजी निर्माण हुने योजना छनोट तथा कार्यान्वयन गर्नुपर्ने उल्लेख छ । गुलरिया नगरपालिका, बर्दियाले यो वर्ष धोती, झुल, कम्बललगायतका वितरण सामग्री गरी रू.३८ लाख ५६ हजार खर्च गरेको छ । वितरणमुखी खर्च नियन्त्रण गर्नुपर्दछ ।

१८७. **प्रधानमन्त्री रोजगार कार्यक्रम** - प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ मा ज्याला रकम बैङ्क खाता मार्फत् भुक्तानी गर्नुपर्ने व्यवस्था छ । बागचौर नगरपालिका, सल्यानले डोर हाजिर, बिल, वीजक, नापी तथा कार्य सम्पन्न प्रतिवेदन संलग्न गरी ७८ योजनाका १ हजार ८० श्रमिकको ज्यालाबापतको रू.५ करोड ४३ लाख ४८ हजार बैङ्क खाता खोली नसकेको कारण जनाई रोजगार संयोजकको व्यक्तिगत बचत खातामा जम्मा गरेकोमा श्रमिकको खातामा ट्रान्सफर भएको छैन । वितरण हुन बाँकी रकम फिर्ता गरी सञ्चित कोष दाखिला हुनुपर्दछ ।

१८८. **ढुङ्गा खरिद** - प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम श्रमिकको दैनिक ज्याला रू.५१७ का दरले भुक्तानी गर्नुपर्ने व्यवस्था छ। बाह्रबिसे नगरपालिका, सिन्धुपाल्चोकले कार्यक्रम अन्तर्गत सञ्चालित २० योजनामा ढुङ्गा सोलिङ गर्ने कार्यमा ढुङ्गाको खरिद मूल्यसमेत समावेश गरी भुक्तानी गरेको छ। निर्धारित ज्यालामा थप भएको ढुङ्गा खरिदको भुक्तानी रू.३३ लाख ५४ हजार संघीय सञ्चित कोषमा फिर्ता हुनुपर्दछ।

१८९. **संरचना उपयोग** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहले सम्भाव्यता अध्ययन गरी प्राप्त सूचनाका आधारमा उपयुक्त योजना छनोट गरी लगानी गर्नुपर्ने व्यवस्था छ। माई नगरपालिका, इलामले २०७७।१०।२८ मा रू.४५ लाख ८४ हजार खर्च गरी निर्माण सम्पन्न गरेको शीत भण्डारमा २०७८।९।१५ सम्म प्यानल राखेको देखिएन । निर्मित संरचना सञ्चालन गरी सेवा उपलब्ध गराउनुपर्दछ।

१९०. **पेश्की** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(५) मा सार्वजनिक निकायले निर्माण व्यवसायीलाई दिएको पेश्की प्रत्येक रनिङ बिलबाट कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पथरी शनिश्चरे

नगरपालिका, मोरङ्गले विभिन्न ३ खरिद सम्झौताको अन्तिम बिल भुक्तानी गरिसकेकोमा मोबिलाइजेशन पेश्की रू.१६ लाख ९४ हजार कट्टा गरेको देखिएन । नियम अनुसार पेश्की असुल फर्स्यौंट हुनुपर्दछ।

१९१. **सवारी साधन प्रयोग** - पालिकाले आफ्नो स्वामित्वमा रहेको सरकारी सम्पत्तिको उपयोग तथा संरक्षण गर्नुपर्दछ। सुन्दरबजार नगरपालिका, लम्जुङले रू.१ करोड २ लाख ४० हजारमा ट्रिपर १ थान तथा नगर बस २ थान खरिद गरेकोमा उक्त सवारी साधन प्रयोगमा आएको छैन । खरिद गरेका सवारी साधन उपयोगमा ल्याउनुपर्दछ ।

१९२. **निष्क्रिय सम्पत्ति** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा उच्चतम प्रतिफल प्राप्त हुनेगरी खर्च गर्नुपर्ने व्यवस्था छ । रोल्पा नगरपालिका, रोल्पाले २०७५।७६ मा रू.३५ लाख ५५ हजार मूल्यका २ मिल्क ट्याङ्कर खरिद गरेकोमा प्रयोगमा नआई निष्क्रिय राखेको छ। त्यस्तै यो वर्ष रू.१४ लाख ५८ हजार मूल्यको ५०० लिटर क्षमताको स्वचालित दूध चिस्याउने उपकरण खरिद गरी भुक्तानी गरेकोमा उपकरण समेत प्रयोग नगरी भण्डारण गरेको छ । प्रयोगमा नआउने उपकरण खरिद गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

१९३. **विद्यालय दिवा खाजा** - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७७।७८ मा विद्यालयमा सञ्चालित दिवा खाजा कार्यक्रमको विद्यार्थीको उपस्थिति/हाजिरीसमेतको आधारमा खर्च गरिने व्यवस्था छ । कोरोना संक्रमणको कारण २०७८।१।१३ देखि विद्यालयहरू बन्द भई २०७८ आषाढ मसान्तसम्म सञ्चालन नभएकोमा प्रदेश नं.१ अन्तर्गतका कन्काई, मेचीनगर र दमक नगरपालिका लगायत १९ पालिकाले निकासा दिएको रू.६ करोड ९३ लाख ७० हजारमध्ये बन्दको अवधिमा खर्च नभएको रकम यकिन गरी फिर्ता लिएको छैन। खर्च गरी बाँकी रहेको रकम संघीय सञ्चित कोष फिर्ता गर्नुपर्दछ।

१९४. **निर्माणस्थल परिवर्तन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २० मा नियमावलीमा अन्यथा उल्लेख भएकोमा बाहेक खरिद सम्झौताका शर्तमा परिवर्तन गर्न नसकिने व्यवस्था छ । कालिका नगरपालिका, चितवनले रू.३० करोड २६ लाखमा बसपार्कको कम्पाउन्ड वाल निर्माण गर्न एक निर्माण व्यवसायीसँग निर्माण सम्झौता गरेको छ । निर्माणस्थलमा स्थानीयको अवरोधका कारण उल्लेखित स्थानमा कार्य गर्न नसकेको कारण वडा नम्बर ९ को निर्माणाधीन वडा कार्यालय भवनमा कम्पाउन्ड वाल निर्माण गर्नेगरी निर्माणस्थल परिवर्तन गरी कार्य गराएको छ । सम्झौताभन्दा फरक स्थानमा लागत अनुमान पुनरावलोकन नगरी कार्य गराइ भुक्तानी दिएको उपयुक्त देखिएन।

१९५. **ऋण लगानी** - संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना र जुटपानी खानेपानी तथा सरसफाई उपभोक्ता समितिबीच सहलगानीमा रू.३५ करोड २१ लाख ४२ हजारको खानेपानी आयोजना कार्यान्वयन गर्ने सम्झौता गरेको छ । कुल लगानी रू.१० करोड ५६ लाख ४२ हजार उपभोक्ता समितिले व्यहोर्ने गरी सम्झौता भएकोमा समितिले सापटी उपलब्ध गराउन नगरपालिकालाई पत्र लेखेको आधारमा कालिका नगरपालिका, चितवनले नगर सभाको बैठकबाट प्रस्ताव पारित गरी रू.१ करोड निर्व्याजी ऋण उपलब्ध गराएको छ । ऋण लगानीको रकम वित्तीय विवरणमा ऋणको रूपमा लेखाङ्कन नगरी खर्च लेखाङ्कन गरेको छ । प्रदान गरेको रकमको अभिलेख कायम गरी वित्तीय विवरणमा प्रस्तुत गर्नुपर्दछ ।

१९६. **सेवा करार भत्ता** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७८ आषाढको परिपत्र अनुसार आषाढ २ पछि मात्र करारका कर्मचारीलाई महङ्गी भत्ता भुक्तानी गर्न सकिने उल्लेख छ । महङ्गी भत्ता

र स्थानीय भत्ताबापत दैलेखमा आठबिस नगरपालिकाले रू.१५ लाख ४१ हजार र चामुण्डा बिन्द्रासैनी नगरपालिकाले रू.१४ लाख ६२ हजारसमेत रू.३० लाख ३ हजार खर्च लेखेको छ । परिपत्र मिति अघिको भत्ता असुल हुनुपर्दछ ।

१९७. **नगरपालिकाको लेखापरीक्षण रकम तथा बेरूजू** - यो वर्ष लेखापरीक्षण सम्पन्न भएका २७३ नगरपालिकाको लेखापरीक्षण रकम तथा बेरूजू स्थिति यस प्रकार रहेको छः

(रू. लाखमा)

प्रदेश	लेखापरीक्षण गरिएको नगरपालिका तह संख्या	लेखापरीक्षण रकम	म्याद नाघेको पेश्कीसमेत बेरूजू	बेरूजूमध्ये पेश्की रकम	लेखापरीक्षणको तुलनामा बेरूजू प्रतिशत	पेश्की बाहेक बेरूजू प्रतिशत
प्रदेश नं १	४६	७५२८४७	२९४४१	२८१५	३.९१	३.५४
मधेश	७१	९३८९८९	८६११६	९०६७	९.१७	८.२१
बागमती	४१	८८८९१४	२६२८७	४१२३	२.९६	२.४९
गण्डकी	२६	४२५५१२	८८७८	१४९५	२.०९	१.७४
लुम्बिनी	३२	६०२९५९	१४१३१	१६३२	२.३४	२.०७
कर्णाली	२४	३६५२४२	१३३४१	२६९३	३.६५	२.९२
सुदूरपश्चिम	३३	५१७१९३	१६११३	२६२७	३.१२	२.६१
जम्मा	**२७३**	**४४९१६५६**	**१९४३०७**	**२४४५२**	**४.३३**	**३.७८**

• गाउँपालिका

१९८. **आय-व्ययको अवस्था** - यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ४५४ स्थानीय तहको आय-व्यय स्थिति यस प्रकार छ ।

(रू. लाखमा)

प्रदेश	गाउँपालिका संख्या	सुरू मौज्दात	संघीयबाट अनुदान	प्रदेशबाट अनुदान	राजस्व बांडफांड	आन्तरिक आय	अन्य आय	कुल आय	चालु खर्च	पुँजीगत खर्च	अन्य खर्च	कुल खर्च	बाँकी
प्रदेश नं.१	८८	५३२४५	२७४६४१	१६५६२	५१२५७	१२८३१	४९७७९	४५८३१५	२१०७१५	१२३९०८	५४५१८	३८९१४१	६९१७४
मधेश	५३	५८४४७	१४०३५२	१००३६	३०३४१	२०९२	३७९९१	२७९२५९	११६१५३	७३७३२	२८९९६	२१८८८१	६०३७८
बागमती	७४	५६५३४	२३२२५३	३९७७०	५९१८२	१४०६०	५८४३२	४६०२३१	१९३९४७	१३४२५४	५७३१२	३८५५१३	७४७१८
गण्डकी	५८	४७५७४	१७८६४७	१३०५८	३२०८६	६७९३	२४८५२	३०३०११	१४४४२१	७४१२६	३३०५९	२५१६०६	५१४०४
लुम्बिनी	७३	४८३९७	२५६५९७	३१७८२	५७१५०	१२२६६	६९१४७	४७५३३९	२१०८७९	१२५७७१	८१२१०	४१७८६०	५७४७९
कर्णाली	५४	१९८८०	१५७०७५	१६४७७	२७७१६	१४८४	५०३४३	२७२९७५	१२६३०४	७४४३६	४८९६५	२४९७०५	२३२७०
सुदूरपश्चिम	५४	१९४०५	१८४५५५	१४८५१	३२७२८	२६५१	३३६७९	२८७८७०	१४९७१३	८१२५६	३६१६६	२६७१३५	२०७३५
जम्मा	**४५४**	**३०३४८२**	**१४२४१२०**	**१४२५३६**	**२९०४६०**	**५२१७७**	**३२४२२३**	**२५३७०००**	**११५२१३२**	**६८७४८३**	**३४०२२६**	**२१७९८४१**	**३५७१५८**

१९९. **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ मा स्थानीय सरकारको वित्तीय अधिकार क्षेत्रअन्तर्गत विभिन्न कर तथा शुल्क लगाउनेसम्बन्धी व्यवस्था छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा देहाय अनुसार छनः

१९९.१. ढुँङ्गा, गिट्टी तथा बालुवा बिक्रीबापतको अन्नपूर्ण गाउँपालिका, कास्कीले रू.२१ लाख ४१ हजार, मालिका गाउँपालिकाले रू.९ लाख ९३ हजार, विनयी त्रिवेणी गाउँपालिका, नवलपुरले रू.१ करोड ६ लाख ४३ हजार समेत रू.१ करोड ३७ लाख ७७ हजार दाखिला गरेका छैनन्।

१९९.२. रासीसोनारी गाउँपालिका, बाँकेले २ घाटको नदीजन्य पदार्थ निकासीका लागि एक निर्माण व्यवसायीसँग रू.४ करोड ५३ लाख ४५ हजारको सम्झौता गरेकोमा रू.५३ लाख ३५ हजार मात्र दाखिला गरी सम्झौतानुसार रू.४ करोड १० लाख दाखिला गरेको छैन ।

२००. **बढी परिमाण उत्खनन्** - नेपाल सरकार मन्त्रिपरिषद्ले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् र बिक्री तथा व्यवस्थापन मापदण्ड, २०७७ स्वीकृत गरी लागू गरेको छ । केराबारी र मिक्लाजुङ गाउँपालिका, मोरङले स्वीकृत वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लिखित परिमाणभन्दा बढी उत्खनन् भएको अनुगमन प्रतिवेदनमा उल्लेख छ । ठेक्का सम्झौतानुसार उत्खनन् र बिक्री गर्न पाउनेभन्दा बढी परिमाण उत्खनन् एवं बिक्री गरेको क्रमशः रू.९७ लाख ९४ हजार र रू.३३ लाख ८८ हजारसमेत रू.१ करोड ३१ लाख ८२ हजार असुल गर्नुपर्दछ।

२०१. **आय व्यवस्थापन** - वाग्मती प्रदेश आर्थिक ऐन, २०७७ को दफा ९ र अनुसूची-५ बमोजिम ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क प्रति घनफिट मूल्य अभिवृद्धि करबाहेक न्यूनतम रू.९ को दरले असुल गर्नु पर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः

२०१.१.प्राकृतिक श्रोत साधनको अनधिकृत प्रयोग सम्बन्धमा तारकेश्वर गाउँपालिका, नुवाकोटबाट गठित अध्ययन समितिले दिएको प्रतिवेदनअनुसार एक हाइड्रोपावर कम्पनीले उत्खनन् गरेको नदीजन्य पदार्थ अनधिकृत रूपमा एक निर्माण व्यवसायीलाई बिक्री गरेको १० लाख ४७ हजार ७१६ घनफिट डम्पिङ गरेको छ। सम्झौता विपरीत हुनेगरी उत्खनन् तथा बिक्रीबाट उठेको राजस्वको सम्बन्धमा छानबिन गरी डम्पिङमा राखेको परिमाणको प्रदेश कानून बमोजिम न्यूनतम रू.९४ लाख २९ हजार उक्त कम्पनीबाट असुल गरी कारबाहीसमेत हुनुपर्दछ ।

२०१.२.मनहरी गाउँकार्यपालिका, मकवानपुरको राजस्व परामर्श समितिले २०७७ पौष १ गते नदीजन्य पदार्थ बिक्री गर्ने ठेकेदारले कार्यालयबाट प्रमाणित भएको राजस्व रसिदभन्दा फरक रसिद प्रयोग गरी राजस्व छली तथा हानि-नोक्सानी गरेको सम्बन्धमा थप अध्ययन गरी प्रतिवेदन गर्ने निर्णय गरेको छ । नदीजन्य पदार्थबाट प्राप्त आम्दानीमध्ये २०७५।७६ सम्म रासी खोलाबाट औसत ८० प्रतिशत र मनहरी तथा लोथर खोलाबाट औसत २० प्रतिशत सङ्कलन भएको देखिएकोमा २०७७।७८ मा मनहरी र लोथर खोलाको आम्दानी शून्य देखाएको छ । गत वर्षको तथ्याङ्कको आधारमा २०७७।११।६ सम्म अमानतबाट उठाएको २४६ दिनको रू.१४ करोड ८० लाख ७६ हजारलाई आधार मान्दा उक्त २ खोलाबाट ३६५ दिनमा रू.५ करोड ४९ लाख २६ हजार आम्दानी हुने देखिन्छ । फरक रसिद प्रयोग गरी राजस्व छली भएको सम्बन्धमा छानबिन गर्नुपर्दछ ।

सोही गाउँपालिकाले आय ठेक्काको लागत अनुमान स्वीकृति पश्चात् १५ प्रतिशत ओभरहेड घटाई न्यूनतम कबोल अङ्क कायम गरेको छ । नदीजन्य पदार्थको ठेक्का लगाएको परिमाण १ करोड ३२ लाख २४ हजार घनफिट (३ लाख ७४ हजार ८२० घनमिटर) को न्यूनतम कबोल अङ्क मूल्य अभिवृद्धि करसमेत रू.१३ करोड ४४ लाख ८४ हजार कायम गरी बोलपत्र सूचना प्रकाशन गर्नुपर्नेमा ओभरहेड बापत रू.२ करोड १ लाख ७२ हजार घटाई न्यूनतम कबोल अङ्क कायम गरेको छ । नदीजन्य पदार्थको लागत अनुमान तयार गर्दा ओभरहेड घटाउन मिल्ने कानूनी आधार नदेखिएकोले घटी असुल भएको सम्बन्धमा छानबिन गरी न्यून लागत अनुमान तयार गर्नेलाई समेत जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्दछ ।

२०२. **दर घटाई आय ठेक्का -** वाग्मती प्रदेश आर्थिक ऐन, २०७७ को दफा ९ मा स्वीकृत खानी क्षेत्रबाहेक स्लेट ढुङ्गा उत्खननको दर प्रति वर्गफिट रू.९।- र ढुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलनमा प्रति घनफिट रू.९ मा नघट्ने गरी शुल्क लगाइने व्यवस्था छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा देहाय अनुसार छन्:

२०२.१. जुगल गाउँपालिका सिन्धुपाल्चोकबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनअनुसार ७ वडाको २६ स्थानमा सङ्कलन गर्न सकिने स्लेट ढुङ्गाको परिमाण २५ लाख २५ हजार वर्गफिट रहेको छ । परिमाणका आधारमा प्रति वर्गफिट शुल्क रू.९ का दरले गणना गर्दा रू.२ करोड २७ लाख २५ हजार हुने देखिन्छ । उक्त पालिकाले १८ लाख ९५ हजार वर्गफिटको लागत अनुमान रू.१ करोड ७० लाख ५५ हजार हुनेमा रू.१ करोड कायम गरी सूचना प्रकाशन गरेको र रू.१ करोड १ हजारमा एक निर्माण व्यवसायीसँग सम्झौता भएको छ । कानून ले तोकेको न्यूनतम दरभन्दा घटीमा सम्झौता गर्दा रू.७० लाख ५४ हजार नोक्सानी भएको छ । प्रदेश कानून ले तोकेको दरभन्दा न्यून दरमा सम्झौता गर्ने कार्यमा संलग्न पदाधिकारीहरूलाई जिम्मेवार बनाउनुपर्दछ ।

२०२.२. सुनकोशी गाउँपालिका, सिन्धुलीले नदीजन्य पदार्थको प्रति घनफिट रू.७।९६ दर कायम गरी ठेक्का लगाएको छ । ऐन विपरीत घटी दरमा सम्झौता गरेकोले पालिकालाई २३ लाख ६५ हजार घनफिट नदीजन्य पदार्थमा रू.२४ लाख ६० हजार न्यून आय प्राप्त भएकोले कानून विपरीत सम्झौता गर्नेबाट असुल गर्नुपर्दछ।

२०३. **कमिशन भुक्तानी -** नेपाल सरकार मन्त्रिपरिषद्ले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् र बिक्री तथा व्यवस्थापन मापदण्ड, २०७७ स्वीकृत गरी लागू गरेको छ । स्वीकृत मापदण्डमा स्थानीय तहले स्वीकृत वातावरणीय परीक्षण प्रतिवेदनको आधारमा तोकिएको नदी र नाकाबाट ठेक्कापट्टामार्फत् नदीजन्य पदार्थको उत्खनन् र बिक्री गर्न सक्ने व्यवस्था गरेकोमा मेचीनगर नगरपालिकाले संयुक्त ठेक्का लगाई सकेपछि पुनः छुट्टा छुट्टै नाकाबाट व्यक्तिगत सम्झौता गरी नदीजन्य पदार्थ बिक्री गराई कमिशनबापत रू.२४ लाख ३६ हजार आम्दानी गरेको छ । स्वीकृत वातावरणीय परीक्षणबाट संयुक्त ठेक्का भइसकेका नदीहरूमा पुनः छुट्टा छुट्टै सम्झौता गरी उत्खनन् र बिक्री कार्य गरेका कारण प्राकृतिक स्रोतको दोहन भएको छ । यसरी दोहोरो ठेक्का सम्झौता गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

२०४. **राजस्व दाखिला -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(२)मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको राजस्व सोही दिन वा त्यसको भोलिपल्ट दाखिला नगरे १० प्रतिशतले जरिबाना लिई दाखिला गराउनुपर्ने व्यवस्था छ । दोगडाकेदार गाउँपालिका, बैतडीले रू.१ करोड ७ लाख ८० हजार राजस्व असुली गरेकोमा रू.१३ लाख ५९ हजार सञ्चित कोष दाखिला गर्न बाँकी देखिएको छ। त्यसैगरी मायादेवी गाउँपालिका, रूपन्देहीको राजस्व शाखाबाट विभिन्न मितिमा प्रयोगकर्ताबाट सफ्टवेयरमा रद्द जनाईएका ३७ वटा रसिद नम्बरहरूको अभिलेख राखेको छैन । गाउँपालिकाले रद्द जनाएको रसिदको आम्दानी रू.२६ लाख ४४ हजारमध्ये लेखापरीक्षणको क्रममा रू.९ लाख ३२ हजार असुल भए तापनि बाँकी रू.१७ लाख १२ हजार हालसम्म असुल भएको छैन। उक्त रकम जरिबानासहित दाखिला हुर्नुपर्दछ।

२०५. **लोडर आम्दानी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ मा राजस्व आम्दानी तथा दाखिला सम्बन्धी व्यवस्था छ । गंगादेव गाउँपालिका, रोल्पासँग रहेको व्याकहो लोडर प्रति घण्टा

रू.२ हजारका दरले प्रयोग गर्ने र लोडर प्रयोग घण्टा वडाध्यक्षसहितको समितिले प्रमाणित गरेबमोजिम हुने गरी निर्णय गरेको आधारमा २०७६।७७ र २०७७।७८ मा ४ उपभोक्ता समितिसँग सम्झौता गरेको देखिन्छ । प्राप्त अभिलेख अनुसार उक्त मेसिन १ हजार ७३.६ घण्टा प्रयोग भएको आधारमा हुने रू.२१ लाख ६६ हजार दाखिला गरेको नदेखिएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

२०६. **दोहोरो भुक्तानी -** जुगल गाउँपालिका सिन्धुपाल्चोकस्थित नवज्योति आधारभूत विद्यालय भवन निर्माणमा तेस्रो बिलसम्म रू.९६ लाख ७१ हजार भुक्तानी भइसकेपछि संघीय सरकार सशर्त अनुदानबाट पुनः तेस्रो रनिङ्ग बिलबापत पहिलेकै नापी तथा प्राविधिक मूल्याङ्कन समावेश गरी निर्माण व्यवसायीले २०७८।३।२७ मा जारी गरेको बीजकको आधारमा कार्यालयले रू.३२ लाख ७८ हजार भुक्तानी गरेको छ । एउटै कार्यको फरक फरक शीर्षकबाट दोहोरो भुक्तानी भएको सम्बन्धमा भुक्तानी गर्नेलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ।

२०७. **शीत भण्डार -** बेनीघाट रोराङ्ग गाउँपालिका, धादिङ्गमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको शीत भण्डार संरक्षण कार्यक्रम सञ्चालित छ । ग्याबियन तथा म्यासनरी वाल लगाई शीत भण्डार संरक्षण गर्न उपभोक्ता समितिसँग सम्झौता भएअनुसार गाउँपालिकाले रू.४२ लाख ७ हजार भुक्तानी गरेको छ। उक्त कार्यको स्थलगत निरीक्षण गर्दा बलौटे माटो र खोँचमा रहेको बालुवाको थुप्रोमाथि भवन बनाएको, बालुवामाथि प्लाष्टिक बिछ्याई र माटो भरेर सिपेज टालेको, शीत भण्डारभित्रबाट पानी बगेको तथा भवन वरिपरीको ठाउँमा पानीले बालुवा खोलेर खाडल बनाएको देखियो । निर्माणस्थलको अध्ययन नगरी निर्माण कार्य गराउने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

२०८. **स्वीकृतिबेगर ट्रेल निर्माण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(३) मा वातावरणीय अध्ययन तथा विस्तृत ड्रईङ डिजाईन तयार गरी आयोजना स्वीकृत गर्नुपर्ने व्यवस्था छ। हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोकले ६० किलोमिटर लम्बाईको हिमालयन ग्रेट ट्रेल निर्माणमा रू.१ करोड २ लाख खर्च गरेको छ । संघीय तथा प्रदेश सरकारको समेत लगानी रहेको निर्माण कार्यमा वातावरणीय प्रभाव मूल्याङ्कन गरेको देखिएन । लाङटाङ राष्ट्रिय निकुञ्जको क्षेत्रभित्र पर्ने उक्त संरचना निर्माण गर्दा निकुञ्जको स्वीकृति लिएको समेत देखिएन ।

२०९. **बक्यौता असुली -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा सङ्कलन भएको नगद दाखिला गर्नेसम्बन्धी व्यवस्था छ । मकवानपुरगढी गाउँपालिका, मकवानपुरले दहत्तर बहत्तरको ठेक्का लगाउनु पूर्व विभिन्न व्यक्तिलाई कर असुल गर्न उपलब्ध गराएको रसिदबाट उठाएको रू.८ लाख ७७ हजार तथा ६ क्रसर उद्योगहरूबाट असुल भएको रू.१ करोड ९० लाख ३८ हजार स्थानीय सञ्चित कोष खातामा दाखिला गरेको छैन । उक्त रकम व्याजसहित असुल गरी दाखिला गर्नुपर्दछ।

२१०. **निर्माणस्थलको निश्चितता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा निर्माणस्थल निश्चित गरेर मात्र ठेक्कापट्टाको कार्य गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः

२१०.१. कमल गाउँपालिका, झापामा आधारभूत अस्पताल निर्माण गर्ने सम्बन्धमा विवाद भई सर्वोच्च अदालतमा मुद्दा परेकोमा अदालतबाट २०७७।११।२६ मा स्वास्थ्य मन्त्रालयले तोकेको मापदण्डभित्र पर्ने गरी हाल प्रयोगमा रहेको भवनलाईसमेत उपयोग गर्न मिल्ने नमिल्ने सम्बन्धमा स्थानीय सरोकारवाला तथा मन्त्रालयसँग परामर्श गरी प्राप्त हुने सुझावअनुसार अस्पताल निर्माणका सम्बन्धमा पुनः निर्णय गरी कार्य अगाडि बढाउनु भन्ने परमादेश जारी भएकोमा निर्माणस्थल निश्चित नहुँदै डी.पी.आर.गराई खरिद सम्झौता

गर्न स्वास्थ्य मन्त्रालयले २०७८।१।२४ मा सहमति दिएको छ । निर्माण व्यवसायीलाई काम हुने सुनिश्चितताबेगर यो वर्ष रू.१ करोड ९ लाख ४१ हजार मोबिलाइजेशन पेश्की उपलब्ध गराएकोले खरिद कार्यमा संलग्नलाई जिम्मेवार बनाई पेश्की रकम व्याजसहित असुल गर्नुपर्दछ ।

२१०.२.कालीगण्डकी गाउँपालिका, गुल्मीले १५ शैयाको अस्पताल भवन निर्माण कार्यको लागि एक संयुक्त उपक्रमको निर्माण व्यवसायीसँग रू.१२ करोड ३७ लाख १९ हजारको सम्झौता गरेको छ । सम्झौता मितिले २४ महिनाभित्र सम्पन्न गर्नेगरी २०७८।२।२५ मा खरिद सम्झौता भई रू.१ करोड २२ लाख पेश्की उपलब्ध गराएपछि निर्माणस्थल उपलब्ध नभएको कारण निर्माण कार्य शुरू गरेको छैन । निर्माणस्थलको सुनिश्चितता नगरी सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

२११. **जग्गाको स्वामित्व** - कञ्चन गाउँपालिका, रुपन्देहीले वार्षिक कार्यक्रममा समावेश गरी बहुवर्षीय योजनाको रूपमा प्रशासकीय भवन निर्माण गर्न एक निर्माण व्यवसायीसँग रू.५ करोड ३ लाख ७० हजारको सम्झौता गरेको छ । उक्त कार्यमा २९.५९ प्रतिशत भेरिएशन पछि कुल ठेक्का अङ्क रू.६ करोड ५२ लाख ११ हजार पुगेको छ । प्रशासनिक भवन निर्माण भएको जग्गा एक निजी व्यक्तिको नाममा दर्ता रहेकोमा पालिकाले नामसारी गरी जग्गाधनी प्रमाण पुर्जा लिएको छैन । स्वामित्वमा आई नसकेको जग्गामा भवन निर्माण गरेको उपयुक्त देखिएन ।

२१२. **ठेक्का हस्तान्तरण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ मा लागत अनुमान तयार गर्दा अन्य कुराका अतिरिक्त कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय र रकम उल्लेख गर्नुपर्ने व्यवस्था छ । रूरूक्षेत्र गाउँपालिका, गुल्मीले जनबोध माध्यमिक विद्यालय भवन निर्माण कार्यका लागि एक निर्माण व्यवसायीसँग रू.९८ लाख २० हजारको खरिद सम्झौता गरेको छ । बजेट फ्रिज हुन नदिने उद्देश्यले आषाढ मसान्तमा सम्झौताभन्दा बढी रू.१ करोड ६६ हजार विद्यालयको खातामा निकासा गरेको छ । निर्माण व्यवसायीसँग भएको सम्झौताभन्दा बढी हुनेगरी निर्माण कार्य नभएको अवस्थामा विद्यालयलाई निकासा गरेको सम्बन्धमा छानबिन हुनुपर्दछ ।

२१३. **भेरिएसन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ । चम्पादेवी गाउँपालिका, ओखलढुङ्गामा गत वर्षदेखि सञ्चालनमा रहेको रानीवन मोहोरिया सडक निर्माण कार्यमा रू.१ करोड ३३ लाख ५९ हजारको सम्झौता भएकोमा दोस्रो रनिङ बिलसम्म भेरिएसन आदेशबेगर रू.२४ लाख ३६ हजार बढी भुक्तानी गरेको छ । भेरिएशन स्वीकृत नगराई थप कार्यको भुक्तानी दिएको नियमसम्मत देखिएन ।

२१४. **सामग्री खपत र भुक्तानी** - सडकमा कालोपत्रे गर्ने कार्यको नापजाँच गरी भुक्तानी गर्नु अघि स्वीकृत स्टाण्डर्ड स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन गर्नुपर्ने व्यवस्था छ । भौतिक पूर्वाधार मन्त्रालयबाट स्वीकृत सडकमा कालोपत्रे गराउनेसम्बन्धी स्टाण्डर्ड स्पेसिफिकेशन बमोजिम ट्याक कोटको खपत प्रति वर्ग मिटर ०.६० लिटरसम्म भुक्तानी गर्न सकिने व्यवस्था छ । कमल गाउँपालिका, झापा र कानेपोखरी गाउँपालिका, मोरङ्गले कालोपत्रे गर्ने काम ठेक्कापट्टाबाट गराई भुक्तानी गर्दा स्वीकृत नर्म्सभन्दा बढी दरबाट ट्याक कोटको रकम भुक्तानी गरेको कारण यो वर्ष रू.३५ लाख ८ हजार बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

२१५. **भुक्तानीको आधार -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्नुअघि रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । चम्पादेवी गाउँपालिका, ओखलढुङ्गाले २०७६।७७ मा सञ्चालित ज्येष्ठ नागरिक दन्त उपहार कार्यक्रममा यो वर्ष रू.७ लाख सम्झौताभन्दा बढी भुक्तानी गरेकोले उक्त रकम असुल हुनुपर्दछ ।

२१६. **काम नभई भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ १ (ख) मा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२१६.१. सोरू गाउँपालिका, मुगुले सोरूकोट वृहत् खानेपानी आयोजना उपभोक्ता समितिलाई ७ हजार ४५२ घनमिटर पाइपलाइन खन्ने र पुर्ने कार्यमा खानेपानी सिँचाइ तथा उर्जा विकास कार्यालयले गरेको कार्यमा दोहोरो हुनेगरी डोर हाजिरको आधारमा रू.४३ लाख १६ हजार भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

२१६.२. खत्याड गाउँपालिका, मुगुले नेपाल राष्ट्रिय प्राथमिक विद्यालय माथि खर्कको भवन निर्माण गर्न एक निर्माण व्यवसायीसँग भएको सम्झौता अनुसार यो वर्ष अन्तिम बिलबापत रू.५९ लाख ७७ हजार भुक्तानी गरेकोमा रू.२० लाख ७२ हजारको माटो भर्ने, काठ, प्लाष्टरलगायतका कामको कार्य सम्पन्न भएको नदेखिएकोले उक्त रकम असुल हुनुपर्दछ ।

२१७. **सब-कन्ट्राक्टबाट कार्य -** सार्वजनिक खरिद ऐन, २०६४ को दफा ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण व्यवसायी वा सव-कन्ट्राक्टरबाट कार्य गराउन नसकिने व्यवस्था छ । गंगादेव गाउँपालिका, रोल्पाले यो वर्ष ७ योजनामा रू.३ करोड ५७ लाख ८ हजार लागत अनुमान स्वीकृत भई निर्माण सम्झौता गरेकोमा निर्माण व्यवसायीमार्फत् कार्य गराइ रू.२ करोड ९९ लाख ३० हजार भुक्तानी गरेको छ । उपभोक्ता समितिलाई प्राप्त काम निर्माण व्यवसायीबाट काम गराउने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

२१८. **उपभोक्ता समितिबाट कार्य** - लुम्बिनी प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ मा विशेष अनुदानबाट सञ्चालन हुने योजना उपभोक्ता समिति मार्फत गराउन नपाउने व्यवस्था छ । यस सम्बन्धी व्यहोरा देहाय अनुसार छनः

२१८.१. चन्द्रकोट गाउँपालिका, गुल्मीले प्रदेश समपूरक योजना अन्तर्गत रू.५९ लाख १३ हजारका ५ खानेपानी योजना उपभोक्ता समितिबाट गराई रू.४५ लाख ७८ हजार भुक्तानी दिएकोले उक्त कार्यविधिको पालना भएको देखिएन।

२१८.२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड रूपैयाँसम्म लागत अनुमान भएका निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउन सकिने व्यवस्था छ । चन्द्रकोट गाउँपालिका, गुल्मीले लागत अनुमान रू.१ करोड ३७ लाख ५१ हजार भएको ज्ञानोदय माध्यमिक विद्यालयको भवन निर्माण र सत्यवती गाउँपालिका, गुल्मीले रू.१ करोड २९ लाख ३९ हजार लागत अनुमान भएको बहुउद्देश्यीय सभाहलको निर्माण कार्य उपभोक्ता समितिमार्फत् गराएका छन् । सीमाभन्दा बढीको काम लाभग्राहीमार्फत् गराएको नियमसम्मत देखिएन । कानून को पालना गरी निर्माण कार्य गराउनुपर्दछ ।

२१९. **बाटो सफाइ -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा स्वीकृत सीमा र शीर्षकबाहिर गई खर्च गर्न नपाउने व्यवस्था छ । कालीगण्डकी गाउँपालिका, गुल्मीको सभाले यस वर्ष विभिन्न मूल बाटो र शाखा बाटो सरसफाइका लागि रू.८३ लाख २१ हजार बजेट विनियोजन गरेकोमा रकमान्तरबाट २६ पटक रू.७४ लाख ७८ हजार थप गरी बाटो सरसफाइमा रू.१ करोड ५७ लाख ९९ हजार खर्च गरेको छ । रकमान्तर गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२२०. **उपभोक्ता पेश्की -** सार्वजनिक खरिद नियमावली, २०६४, को नियम ९७ मा उपभोक्ता समितिलाई एक तिहाइसम्म पेश्की उपलब्ध गराउनसक्ने व्यवस्था छ । खजुरा गाउँपालिका, बाँकेले दुई उपभोक्ता समितिसँग रू.१ करोड ४६ लाख ४८ हजारको सम्झौता गरी ५१ प्रतिशतले हुने रू.७४ लाख ७० हजार पेश्की दिएको छ । संघीय अनुदानबाट तोकिएकोभन्दा बढी उपलब्ध गराएको पेश्की फिर्ता गराउनुपर्दछ ।

२२१. **खानेपानी पाइप** - वित्तीय हस्तान्तरण अन्तर्गत प्राप्त रकम तोकिएबमोजिम खर्च गर्नुपर्ने व्यवस्था छ । हल्दीबारी गाउँपालिकामा अल्पसंख्यक समुदाय लक्षित खानेपानी वितरण कार्यक्रममा पाइप तथा फिटिङ्स खरिद गर्न रू.१ करोड ९९ लाख ९७ हजारको लागत अनुमान स्वीकृत गरी बोलपत्र आह्वान भएकोमा रू.१ करोड २६ लाख २० हजारमा सम्झौता गरी पाइप तथा फिटिङ्स आपूर्ति गरेको छ। लागत अनुमानभन्दा घटीमा सम्झौता भएको कारण बचत भएको रकमको पुनः बोलपत्र गरी एक आपूर्तिकर्ताबाट रू.५५ लाख ४९ हजारको थप पाइप तथा फिटिङ्स खरिद गरेको छ। यो वर्ष खरिद गरीएका पाइपमध्ये रू.१ करोड ४० लाख बराबर मौज्दात नै राखिएको छ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १२३(१) मा सार्वजनिक निकायले खरिद सम्झौताको आधारमा नापी किताब, रनिङ बिल संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । रोङ गाउँपालिका, इलामले बरफल्याङ्ग सिँचाइ र टझा खोला माल्वासे लाप्चा गाउँ खानेपानी योजनाका एचडिपिई पाइप क्रमशः रू.२३ लाख ७८ हजार र रू.२६ लाख ९ हजारको जिन्सी दाखिला गरेको छैन भने विद्युतीकरण कार्यक्रमका लागि खरिद भएको रू.८७ लाख ४० हजार बराबरको विद्युत पोलहरू योजनामा जडान नगरी मौज्दात राखेको छ । आवश्यकताको पहिचान नगरी खरिद गर्ने कार्य नियन्त्रण हुनुपर्दछ ।

२२२. **अनुदान -** बुढीगंगा गाउँपालिका, मोरङ्गले एक खानेपानी उपभोक्ता समितिसँग २०७६।८।२३ मा गरेको सम्झौता बमोजिम रू.३ करोड ५० लाख अनुदान दिएको छ । उक्त उपभोक्ता समितिले संघीय खानेपानी तथा सरसफाइ कार्यालयमा कुल सम्झौतामध्ये ५० प्रतिशत नगद र २० प्रतिशत जनश्रमदान गर्नुपर्ने सम्झौता गरेको छ । यसरी उपभोक्ताले व्यहोर्ने कार्यको लागि गाउँपालिकाले अनुदान दिनु उपयुक्त देखिएन । गत वर्ष भुक्तानी भएको रू.१ करोड ७२ लाख र यो वर्ष भुक्तानी भएको रू.१ करोड २५ लाखसमेत रू.२ करोड ९७ लाख उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ।

२२३. **बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ बमोजिम भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी दिनुपर्ने व्यवस्था छ । बडीकेदार गाउँपालिका, डोटीले एफ.एम.रेडियो सञ्चालन गर्ने एक संस्थालाई रू.१५ लाख, सूर्नया गाउँपालिका, बैतडीले सामाजिक सुरक्षा भत्ता रू.४९ लाख २ हजार, सिगास गाउँपालिका, बैतडीले पाठ्यपुस्तक र बुक कर्नरमा रू.४४ लाख ८७ हजार, दोगडाकेदार गाउँपालिका, बैतडीले पाठ्यपुस्तकमा रू.१० लाख ८७ हजार तथा अजयमेरू

गाउँपालिका, डडेल्धुराले एक निर्माण व्यवसायीलाई रू.१३ लाख २२ हजारसमेत रू.१ करोड ३२ लाख ९८ हजार बढी भुक्तानी दिएको छ । उक्त रकम असुल गर्नुपर्दछ ।

२२४. **गैरसरकारी संस्थाबाट हेल्प डेस्क** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा भएको व्यवस्था बमोजिम जनचेतनासम्बन्धी तालिम, अभिमुखीकरण, सवलीकरण मुल प्रवाहीकरण जस्ता कार्य गैरसरकारी संस्थाबाट गराउनसक्ने व्यवस्था छ । बाँके जिल्लाका ७ र बर्दियाको १समेत ८ स्थानीयतहले २ गैरसरकारी संस्थासँग सम्झौता गरी नागरिक सहायता कक्ष सञ्चालनका लागि रू.१ करोड १० लाख ४० हजार भुक्तानी दिएका छन् । कार्यालयमा आउने सेवाग्राहीलाई समन्वय र सहजीकरण गर्ने कार्य स्थानीय तह स्वयंको नियमित काम भएकोमा सो कामसमेत गैरसरकारी संस्थाबाट गराउनु उचित देखिएन।

२२५. **फरक कार्यक्रम** - स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७७ को नियम ९(१) मा सार्वजनिक उपयोगका भौतिक पूर्वाधार विकास सम्बन्धी आयोजना छनोट गरी सञ्चालन गर्ने व्यवस्था छ । सिस्ने गाउँपालिका, रूकुम पूर्वले भवन निर्माण गर्न एक एफ.एम.रेडियोलाई रू.३५ लाख र एक सञ्चार केन्द्रलाई उपकरण तथा सामग्री खरिदको लागि रू.५ लाख उपलब्ध गराएको छ । स्वीकृत कार्यविधिभन्दा फरक किसिमको कार्यमा खर्च गरेकोले सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

प्रदेश पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ को नियम ८ (२) मा पूर्वाधार विकासको बजेटबाट, सामग्री खरिद गरी वितरण गर्न तथा गैरसरकारी संस्था वा सहकारी संस्था मार्फत् कार्य गराउन नपाइने व्यवस्था छ । जुगल गाउँपालिका सिन्धुपाल्चोकले प्रदेश पूर्वाधार विकासको विपद्, पूर्व सूचना, पूर्वाधार सहयोगको रू.२० लाख बजेटबाट सिन्धु सञ्चार केन्द्रको भवन निर्माणमा रू.६ लाख ५० हजार तथा वृत्तचित्र निर्माण तथा कम्प्युटर, ल्यापटप र फर्निचर खरिद कार्यमा रू.१९ लाख ४० हजार भुक्तानी गरेको छ । नियमावली अनुसार यस प्रकारका रकम साझेदारी विकास कार्यक्रमबाट भुक्तानी दिन मिल्ने देखिँदैन ।

२२६. **कर्मचारीबाट निर्माण कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा सार्वजनिक निकायले खरिद विधि छनोट गर्नुपर्ने उल्लेख छ । ऐनमा उल्लिखित खरिद विधिमा कर्मचारीबाट निर्माण कार्य गराउन सक्ने देखिँदैन। सोरू गाउँपालिका मुगुले १४ जना असिस्टेन्ट सब-इन्जिनियरलाई रू.४५ लाख ६२ हजार पेश्की दिई बाटो निर्माण, खानेपानी मर्मत लगायतको काम गराएको छ । प्राविधिक नाप जाँच गर्ने कर्मचारीलाई नै पेश्की उपलब्ध गराई काम गराउँदा स्वार्थ बाझिने भएकोले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

२२७. **संघ-संस्था स्थापना** - सरकारी निकायले कानून मा भएको व्यवस्था बाहेक संघ संस्था स्थापना तथा सञ्चालनमा खर्च गर्न हुँदैन । खत्याड गाउँपालिका, मुगुले टोल विकास संस्थामार्फत् मदिरा नियन्त्रणको लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा सेवा करारमा १० करार कर्मचारी राखी रू.१३ लाख ६० हजार, स्थानीय श्रमसेवा दलमार्फत् कर्मचारी करारमा नियुक्त गरी रू.१८ लाख, दलित उत्थान कार्यक्रममार्फत् उत्पादनमूलक कार्यक्रम सञ्चालनमा रू.९ लाख, र एन.जी.ओ. डेस्कले करारमा कर्मचारी नियुक्त गरी रू.६ लाखसमेत रू.४६ लाख ६० हजार खर्च गरेको छ । कानून मा भएको व्यवस्था बमोजिम खर्च गर्नुपर्दछ ।

२२८. **विविध खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ को दफा ३९ मा खर्च लेख्नु अघि भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । विभिन्न व्यावसायिक फर्मबाट अध्यक्ष तथा उपाध्यक्षका लागि व्यक्तिगत प्रयोगमा आउने दाल, चामल र तरकारी आदि खरिद गरी गुल्मी जिल्लाको धुर्कोट गाउँपालिकाले रू.७ लाख ९३ हजार र मदाने गाउँपालिकाले रू.१० लाख ७१ हजारसमेतको रू.१८ लाख ७१ हजार खर्च लेखेका छन् । गाउँपालिकाको बजेटबाट व्यक्तिगत प्रयोजनका सामान खर्च गर्नु नियमसम्मत देखिएन।

२२९. **नपाउने सुविधा -** प्रदेश नं.१ गाउँ तथा नगर सभाका सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५ मा सदस्यहरूलाई सञ्चार सुविधाको व्यवस्था रहेको छ । बुद्धशान्ति गाउँपालिकाले १४ पदाधिकारी तथा कर्मचारीको लागि स्मार्ट मोबाइल फोन उपलब्ध गरी यो वर्ष रू.१३ लाख ९ हजार खर्च गरेको छ । ऐनमा नभएको सुविधावापत खर्च लेखेको रकम असुल गर्नुपर्दछ ।

२३०. **साडी वितरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनोट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । बसबरिया गाउँपालिका, सर्लाहीले जनप्रतिनिधिमार्फत् रू.१६ लाख ४६ हजारको साडी खरिद गरी वितरण गरेको छ। प्रतिफल नदिने कार्यक्रम सञ्चालन गर्नु नियमसम्मत देखिएन । यस प्रकारको खर्च नियन्त्रण गर्नुपदर्छ ।

२३१. **दरबन्दी तथा पदपूर्ति** - निजामती सेवा नियमावली, २०४९ बमोजिम कार्यालयको दरबन्दी अनुसार स्थायी कर्मचारी पदपूर्ति पश्चात् सोही पदमा पुनः नियुक्ति गर्न नपाउने व्यवस्था छ । बढैयाताल गाउँपालिका बर्दियाले ईन्जिनियर तथा सब-ईन्जिनियर पदमा स्थायी पदपूर्ति भइसकेको अवस्थामासमेत सोही पदमा ३ कर्मचारी सेवा करारमा नियुक्त गरी १४ लाख खर्च गरेको नियमसम्मत देखिएन ।

२३२. **सेवा करार भत्ता -** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७८ आषाढको परिपत्र अनुसार आषाढ २ पछि मात्र करार कर्मचारीलाई महङ्गी भत्ता भुक्तानी गर्न मिल्ने उल्लेख छ । सो मिति अघि नै महङ्गी भत्ता र स्थानीय भत्ताबापत दैलेख जिल्लाको नौमुले गाउँपालिकाले रू.६ लाख ४८ हजार, भैरवी गाउँपालिकाले रू.२ लाख ९६ हजार, ठाँटीकाँध गाउँपालिकाले रू.७ लाख ७७ हजारसमेत रू.१७ लाख २१ हजार खर्च लेखेको छ । परिपत्र लागू हुने मिति अघिको भत्ता असुल हुनुपर्दछ ।

२३३. **सवारी साधन भाडा** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को निमय ३९(१०) मा सरकारी रकम खर्च गर्दा भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । नौमुले गाउँपालिका दैलेखले प्रयोजन नखुलाई सवारी साधन भाडामा रू.२४ लाख ५५ हजार खर्च लेखेको छ । यसरी प्रयोजन नखुलाई भाडा खर्च लेख्ने कार्य अनियमित देखिन्छ ।

२३४. **कट्टी रकम दाखिला -** कर्मचारीको मासिक तलब भुक्तानी गर्दा कट्टा गरिएको कर्मचारी संचयकोष लगायतका कट्टी रकम तोकिएको खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । फाकफोकथुम गाउँपालिका, इलामले कर्मचारीको तलब भत्ता भुक्तानी गर्दा कट्टा गरेको कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सावधिक जीवन वीमा कोष र सामाजिक सुरक्षा करसमेत रू.२७ लाख ८ हजार सम्बन्धित कोषमा दाखिला नगरी गाउँपालिकाको सञ्चित कोष खातामा दाखिला गरेको छ । कट्टा गरेको रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्दछ ।

२३५. **सोधभर्नाबाट भुक्तानी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(२) मा प्रमुख प्रशासकीय अधिकृतले शाखा, महाशाखा प्रमुख वा वडा सचिवलाई कार्यक्रम र बजेटसहित अख्तियारी दिनुपर्ने व्यवस्था छ । हतुवागढी गाउँपालिका, भोजपुरले वडास्तरका रू.१ लाखसम्मका योजनाहरू वडाध्यक्षले अमानतबाट कार्य गराइ सोधभर्ना माग गरेको आधारबाट यो वर्ष १३३ योजनाको रू.१ करोड १ लाख ७८ हजार भुक्तानी गरेको छ । पदाधिकारीले योजनाको कार्य गराई भुक्तानी माग गर्ने र खर्च गर्ने कार्यमा अनियमित देखिएकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

२३६. **खाद्यान्न ढुवानी तथा वितरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा सरकारी रकम खर्च गर्दा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । जगदुल्ला गाउँपालिका डोल्पाले खाद्यान्न उपलब्ध गराउन खाद्य व्यवस्था तथा व्यापार कम्पनीलाई रू.२८ लाख ५ हजार भुक्तानी दिएकोमा उक्त संस्थानले आर्थिक वर्षको अन्तसम्ममा पनि खाद्यान्न ढुवानी गरी वितरण गरेको छैन । त्यसैगरी सोरू गाउँपालिका, मुगुले एक ठेकेदारलाई चामल आपूर्ति गरेबापत खाद्य व्यवस्था तथा व्यापार कम्पनीमार्फत् रू.७५ लाख ८२ हजार भुक्तानी गरेको छ । आपूर्ति परिमाण र दर उल्लेख नगरी भुक्तानी दिएको सम्बन्धमा यकिन हुनुपर्दछ ।

२३७. **कार्यविधि** - फेदीखोला गाउँपालिका, स्याङ्जाले युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७६ बनाई उद्यमशीलता, सिर्जनशीलता तथा सीपको विकास गरी स्वरोजगार र समृद्ध गाउँपालिका निर्माण गर्ने उद्देश्य प्राप्तिको लागि १८ कृषक समूहलाई बढीमा ५ वर्षभित्रमा सबै रकम गाउँपालिकाको घुम्ती कोषमा फिर्ता गर्ने सम्झौता गरी रू.२ लाख ५० हजारका दरले जम्मा रू.४५ लाख उपलब्ध गराएको छ। घुम्ती कोषको छुट्टै खाता खोली लगानी र फिर्ता रकम स्पष्ट देखिने गरी अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

२३८. **अभिलेखबेगर तलब निकासा -** सूर्नया गाउँपालिका, बैतडीले गाउँपालिकाभित्र रहेका विद्यालयको स्वीकृत दरबन्दी, पदपूर्तिको अवस्था, सरूवाको विवरण, अवकाशको विवरण, विद्यालयबाट पेस भएको माग फाराम जस्ता अभिलेख फाँटवारीबेगर शिक्षकको तेश्रो चौमासिकको तलब रू.२ करोड ७९ लाख २६ हजार खर्च लेखेको छ । फाँटवारीबेगरको खर्च यकिन नभएकोले खर्च रकम पुष्टि हुने प्रमाण कागजात पेस हुनुपर्दछ।

२३९. **विद्यालय दिवा खाजा -** विद्यालयमा सञ्चालित दिवा खाजा कार्यक्रमको रकम खर्च गर्ने सम्बन्धमा कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७७।७८ अनुसार विद्यार्थीको उपस्थिति/हाजिरीसमेतको आधारमा खर्च गरिने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२३९.१. कोरोना संक्रमणको कारण २०७८।१।१३ देखि विद्यालयहरू बन्द भई २०७८ आषाढ मसान्तसम्म सञ्चालन नभएकोमा प्रदेश नं.१ अन्तर्गतका उदयपुरको रौतामाई, झापाको गौरीगञ्ज, भोजपुरको अरूण लगायत १८ गाउँपालिकाले निकासा दिएको रू.५ करोड ३ लाख ५५ हजारबाट बन्दको अवधिमा खर्च लेखेको रकम यकिन गरी फिर्ता लिएको छैन । खर्च गरी बाँकी रहेको रकम संघीय सञ्चित कोष फिर्ता गर्नुपर्दछ।

२३९.२. शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ मा तराईका जिल्लामा प्रति विद्यार्थी रू.१५ का दरले बढीमा १८० दिनको खाजा खर्च विद्यार्थी हाजिरीका आधारमा उपलब्ध गराइने व्यवस्था छ । एकडारा गाउँपालिका, महोत्तरीको ११२ दिन मात्र विद्यालय सञ्चालन भएकोमा १८० दिनको दिवा खाजा निकासा दिएकोले बढी निकासा रू.३७ लाख ६३ हजार असुल गर्नुपर्दछ ।

२४०. **सियुजी सिम** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ मा कोभिड-१९ महामारी फैलिएको अवधिमा पढाईलाई निरन्तरता दिन कक्षा ४ देखि माथिका विद्यार्थीलाई सिम कार्ड वितरण गरी अनलाइन कक्षा सञ्चालन गर्नुपर्ने उल्लेख छ । उक्त कार्यको लागि भगवतीमाई गाउँपालिका दैलेखले ३२ विद्यालयलाई रू.३१ लाख ८१ हजार र महाबु गाउँपालिका दैलेखले २७ विद्यालयलाई रू.१६ लाख ४४ हजार निकासा गरेको छ । यसरी निकासा दिएको रकमबाट सियुजी सिम खरिद गरी अनलाइन कक्षा सञ्चालन गरेको नदेखिएकोले उक्त रकम संञ्चित कोषमा फिर्ता हुनुपर्दछ ।

२४१. **विविध खाता-** प्रदेश समपूरक अनुदानसम्बन्धी कार्यविधि, २०७५ को दफा १० मा आयोजना समयमै सम्पन्न गर्नुपर्ने उल्लेख छ । बुढीगंगा गाउँपालिका, मोरङ्गले वडा कार्यालय भवन निर्माणको प्रदेश समपूरक अनुदान रू.५० लाख खर्च हुन नसकी मौज्दात रहेकोमा विविध खाता कोष ग २-७ मा ट्रान्सफर गरेको छ। खर्च नभई बाँकी रहेको उक्त रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ ।

२४२. **बाँकी रकम फिर्ता नभएको -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा २३ (५) मा सामाजिक सुरक्षा विशेष बचत खाता सञ्चालन गर्ने बैङ्क तथा वित्तीय संस्थाले निष्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र केन्द्रीय पञ्जीकरण विभागलाई दिनुपर्ने र उक्त खातामा जम्मा रहेको रकममध्ये केही वा सबै रकम रोक्का राख्न वा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२४२.१. जुगल गाउँपालिका, सिन्धुपाल्चोकले सामाजिक सुरक्षा भत्ता वितरण गर्न एक बैङ्कसँग सम्झौता गरेकोमा १५८ लाभग्राहीको नाममा २०७६।७७ र २०७७।७८ मा निकासा भएको रू.३५ लाख ३५ हजार र म्याग्दे गाउँपालिका, तनहुँका १५८ लाभग्राहीको रू.१० लाख ७८ हजार निष्क्रिय रहेको छ ।उक्त रकम संघीय सञ्चित कोष फिर्ता गर्नुपर्दछ।

२४२.२. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २५मा बैङ्कले लाभग्राहीको खातामा जम्मा रकमको विवरण सम्बन्धित स्थानीयतहलाई उपलब्ध गराउनुपर्ने व्यवस्था छ। तिलाठी कोइलाडी गाउँपालिका सप्तरीले दुई बैङ्क मार्फत रू.८ करोड ६२ लाख ३२ हजार निकासा गरेकोमा आर्थिक वर्षको अन्त्यसम्ममा रू.७ करोड ५८ लाख ८३ हजार वितरण गरी रू.१ करोड ३ लाख ४९ हजार, खप्तड छेडेदह गाउँपालिका, बाजुराले बैङ्क खाता अद्यावधिक नगरी निष्क्रिय रहेका २५२ खातामा पठाएको रकममध्ये रू.६७ लाख ३४ हजार मौज्दात राखेको देखिन्छ । आर्थिक वर्षको अन्तसम्मपनि वितरण नभई बैकमा बचत तथा निष्क्रिय रहेको रकम बैङ्कबाट फिर्ता लिई संघीय सञ्चित कोष फिर्ता गर्नुपर्दछ ।

२४३. **बढी दरमा भुक्तानी -** प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा नेपाल सरकारले विपन्न श्रमिकको दैनिक ज्याला रू.५१७।- निर्धारण गरेकोमा माई जोगमाई गाउँपालिका, इलामले २५ योजनाको जिल्ला दररेट रू.६२०।- को दरले लागत अनुमान स्वीकृत गरी सोही अनुसार कार्य गराई भुक्तानी गरेकोले रू.१९ लाख ७६ हजार थप व्ययभार परेको छ। तोकिएको दरभन्दा बढी दरबाट भुक्तानी गरेको नियमसम्मत देखिएन ।

२४४. **मुख्यमन्त्री रोजगार कार्यक्रम -** मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को परिच्छेद ३ मा लक्षित समूहको व्यवस्था गरेको छ ।तिनाउ गाउँपालिका, पाल्पाले अति विपन्नको स्पष्ट आधार एवं मापदण्ड नबनाई रू.५९ लाख ३१ हजार खर्च लेखी कार्यक्रम सञ्चालन गरेकाले वास्तविक लाभग्राही समावेश भए नभएको यकिन हुन सकेन । स्पष्ट आधार एवम् मापदण्ड बनाई खर्च लेख्नुपर्दछ ।

अदानचुली गाउँपालिका हुम्लाले ७ सडक योजनामा कम भरपाई राखी श्रमिकलाई भुक्तानी गरेको सम्बन्धमा छानबिन गरी भरपाईबेगर भुक्तानी गरेको रू.४५ लाख ४६ हजार असुल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

२४५. **निर्माण व्यवसायीको प्रयोग -** सार्वजनिक खरिद ऐन, २०६४ को दफा ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेमा गंगादेव गाउँपालिका, रोल्पाले २०७६।७७ मा रू.१ करोड ३० लाख उपलब्ध गराउने गरी रू.१ करोड ४५ लाख ३६ हजार लागत अनुमान रहेको १० योजना उपभोक्ता समिति मार्फत गर्ने गरी सम्झौता गरेकोमा निर्माण व्यवसायीहरूको रू.१ करोड २५ लाख ५५ हजारको बिल राखी रू.१ करोड २३ लाख ५२ हजार भुक्तानी गरेको देखियो।

२४६. **अनुदान फिर्ता** - संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम स्थानीय तहमा प्राप्त हुने समानीकरण बाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पाल्हीनन्दन गाउँपालिका, नवलपरासीले २०७६।७७ मा खर्च नभई बाँकी रहेको संघीय सरकारको रू.३ करोड र प्रदेश सरकारको रू.३७ लाख ८६ हजारसमेत जम्मा रू.३ करोड ३७ लाख ८६ हजार फिर्ता गरेको छैन ।

२४७. **बहुउद्देश्यीय सभाहल निर्माण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तरसमेत कायम हुनेगरी मितव्ययी तरिकाले गर्नुपर्ने तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३९(क) मा सार्वजनिक निकायले खरिद कारबाही गर्दा आवश्यकताको पहिचान गर्नुपर्ने उल्लेख छ। खजुरा गाँउपालिका, बाँकेले २०७६।७७ मा बहुउद्देश्यीय सभाहल निर्माणका लागि रू.७ करोड ४८ लाख २७ हजारको लागत अनुमान तयार गरी रू.५ करोड ४८ लाख ७४ हजार कबोल गर्ने एक निर्माण व्यवसायीसँग सम्झौता गरी कार्य सुचारू रहेको छ । गाउँपालिकामा कुल सभासदस्य संख्या ५२ मात्र रहेको, भविष्यमा सभाहल सञ्चालन लागत र प्राप्त हुने प्रतिफलको प्रक्षेपण भएको छैन । आवश्यकता र मितव्ययीतामा उचित ध्यान दिन नसकेको उक्त निर्माण कार्यलाई उचित मान्न सकिएन।

२४८. **गाउँपालिकाको लेखापरीक्षण रकम तथा बेरूजू -** यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ४५४ स्थानीय तहको चालु वर्षको र ४० गाउँपालिकाको वक्यौतातर्फको लेखापरीक्षण रकम तथा बेरूजू स्थिति यस प्रकार रहेको छः

(रू. लाखमा)

प्रदेश	लेखापरीक्षण गरिएको गाउँपालिका संख्या	लेखापरीक्षण रकम	म्याद नाघेको पेश्कीसमेत बेरूजू	बेरूजूमध्ये पेश्की रकम	लेखापरीक्षणको तुलनामा बेरूजू प्रतिशत	पेश्की बाहेक बेरूजू प्रतिशत
प्रदेश नं.१	८८	७९४२१०	२९२०३	१६७८	३.६८	३.४७
मधेश	५३	४३९६९३	३५५५८	३५९७	८.०९	७.२७
बागमती	७४	७८९२१०	२८६७०	१८६२	३.६३	३.४०
गण्डकी	५८	५०७०४३	९१९३	८११	१.८१	१.६५
लुम्बिनी	७३	८४४८०२	२४९७६	२८२८	२.९६	२.६२
कर्णाली	५४	५०२८००	२१४९४	३०००	४.२७	३.६८
सुदूरपश्चिम	५४	५३५६००	१३५३४	२०५८	२.५३	२.१४
जम्मा	**४५४**	**४४१३३५८**	**१६२६२७**	**१५८३४**	**३.६८**	**३.३३**

उपर्युक्त तालिका अनुसार गाउँपालिका तर्फ सबैभन्दा बढी बेरुजू मधेश प्रदेशको ८.०९ प्रतिशत र सबभन्दा कम गण्डकी प्रदेशको १.८१ प्रतिशत रहेको छ ।

परिच्छेद - ४

लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन स्थिति

१. **लेखापरीक्षण प्रतिवेदन** - नेपालको संविधानको धारा २४१ अनुसार संघीय र प्रदेशका सबै सरकारी कार्यालय. स्थानीय तह तथा कानूनद्वारा तोकिएका अन्य संस्थाको निर्धारित तरिकाबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी ५ हजार ७५८ निकायमा लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ । यो वर्षको लेखापरीक्षणबाट रू.१ खर्ब २७ अर्ब १९ करोड ४० लाख बेरुजू देखिएकोमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ बमोजिम बक्यौतासमेत २०७७।७८ को लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराएको ३५ दिनभित्र रू.१२ अर्ब १३ करोड ९० लाख फर्स्यौंट गरेकोले देहायबमोजिम रू.१ खर्ब १५ अर्ब ५ करोड ५० लाख फर्स्यौंट हुन बाँकी रहेको छः

(रू. लाखमा)

विवरण/इकाइ	प्रारम्भिक प्रतिवेदन		प्रतिक्रियाबाट फर्स्यौंट		यस वर्षको फर्स्यौंट हुन बाँकी	
	दफा	रकम	दफा	रकम	दफा	रकम
संघीय सरकारी कार्यालयहरू	२४११४	५४२८८४	३०१	४८१७७	२३८१३	४९४७०७
प्रदेश सरकारी कार्यालयहरू	६९९५	९४२१४	२१७	१९४०४	६७७८	७४८११
स्थानीय तह	५९७४७	४५४९५२	१९५३	१५८५७	५७७९४	४३९०९५
अन्य संस्था समिति (प्रदेश समेत)	३५३६	१७९८९०	७९	३७९५२	३४५७	१४१९३७
जम्मा	**९४३९२**	**१२७१९४०**	**२५५०**	**१२१३९०**	**९१८४२**	**११५०५५०**

त्यस्तै, छनौट गरिएका ७ विषयको कार्यमूलक लेखापरीक्षण, १ विषयको वातावरणीय लेखापरीक्षण, कोभिड-१९ को रोकथाम, नियन्त्रण र व्यवस्थापन विषयको विशेष लेखापरीक्षण र ३ विषयको सूचना प्रविधि लेखापरीक्षण गरी सुझावसहितको प्रतिवेदन जारी गरिएको छ । संस्थान, समिति तथा अन्य संस्थातर्फ ४५९ आय वर्षको लेखापरीक्षण गरी सञ्चालन नतिजासहितको लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ । स्थानीय तहतर्फ ७५३ मध्ये यो वर्ष ७४४ र बक्यौतातर्फ ५५ स्थानीय तहको लेखापरीक्षण गरी उपलब्ध गराएको प्रारम्भिक प्रतिवेदनउपर प्राप्त प्रतिक्रिया/जवाफ/प्रमाणको आधारमा अन्तिम प्रतिवेदन जारी गरिएको छ ।

२. **बेरुजूको लगत र अभिलेख** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३८ को उपदफा (१) मा बेरुजूको लगत कार्यालयस्तरमा राख्नुपर्ने तथा उपदफा (२) मा बेरुजूको केन्द्रीय लगत केन्द्रीयस्तरका निकायले राख्नुपर्ने व्यवस्था छ । त्यस्तै उपदफा (४) मा फर्स्यौंट वा फरफारक भएको बेरुजूको लगत अद्यावधिक गरी पछिल्ला अवधिको लेखापरीक्षण हुँदा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । बेरुजूको लगत तथा अभिलेख सम्बन्धमा ऐनमा भएको व्यवस्थाअनुसार केन्द्रीयस्तर र कार्य सञ्चालनस्तरका निकायले अभिलेख अद्यावधिक नगरेका कारण सम्बन्धित निकायमा बेरुजूका यथार्थ विवरण रहेको छैन ।साथै बेरुजू फर्स्यौंट तथा सम्परीक्षणको कार्य समेत प्रभावकारी हुनसकेको छैन । ऐनबमोजिम सम्बन्धित निकायले बेरुजूको अद्यावधिक लगत राखी फर्स्यौंट तथा सम्परीक्षणको कार्य प्रभावकारी बनाउनुपर्दछ ।

३. **बेरुजू फर्स्यौंट तथा सम्परीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा लेखापरीक्षणबाट औंल्याइएका बेरुजूका सम्बन्धमा प्रमाण पेस गरी वा नियमित गरी वा गराई वा असुलउपर गरी र लेखा उत्तरदायी अधिकृतले जाँचबुझ गराइ बेरुजू फर्स्यौंट गर्नुपर्ने व्यवस्था छ । यसरी बेरुजू फर्स्यौंट भएपछि महालेखापरीक्षकको कार्यालयबाट सम्परीक्षण गर्नुपर्ने व्यवस्थाअनुसार आर्थिक वर्ष २०६०।६१ देखिको बेरुजू फर्स्यौंट तथा सम्परीक्षणको स्थिति देहायबमोजिम छः

बेरुजू फर्स्यौंट तथा सम्परीक्षणको विवरण

(रू. लाखमा)

विवरण	विगतको बेरुजू	समायोजनबाट थप (घट)	फर्स्यौंट तथा सम्परीक्षण	विगतको खुद बाँकी	चालू वर्षको थप बेरुजू	अद्यावधिक बाँकी बेरुजू
संघीय सरकारी कार्यालयहरू	२३२५३७१	३३	३४८७३०	१९७६६७४	४९४७०७	२४७१३८१
प्रदेश सरकारी कार्यालयहरू	१२४७९०	-	१६८९०	१०७९००	७४८११	१८२७११
स्थानीय तह	१०३०३७७	(३६१)	१०५८८७	९२४१२९	४३९०९५	१३६३२२४
अन्य संस्था समिति (प्रदेश समेत)	७०७९६७	-	३१२५६	६७६७११	१४१९३७	८१८६४८
जम्मा	**४१८८५०५**	**(३२८)**	**५०२७६३**	**३६८५४१४**	**११५०५५०**	**४८३५९६४**

३.१. महालेखापरीक्षकको ५८ औं वार्षिक प्रतिवेदन २०७८ सम्म बाँकी रहेको कूल बेरुजू रू.४ खर्ब १८ अर्ब ८५ करोड ५ लाखमध्ये रू.५० अर्ब २७ करोड ६३ लाख (१२ प्रतिशत) फर्स्यौंट गरेको विवरण प्राप्त भएको छ । उक्त फर्स्यौंटमध्ये असुल भएको रू.२ अर्ब ७९ करोड १८ लाख (५.५६ प्रतिशत), नियमित वा प्रमाण पेस भएको रू.३१ अर्ब ३६ करोड ९६ लाख (६२.३९ प्रतिशत) र पेस्की फर्स्यौंट रू.१६ अर्ब ११ करोड ४९ लाख (३२.०५ प्रतिशत) रहेको छ ।

३.२. विगतदेखिको रू.४ खर्ब १८ अर्ब ८५ करोड ५ लाख बेरुजू बाँकी रहेकोमा यो वर्ष सम्परीक्षणबाट रू.५० अर्ब २७ करोड ६३ लाख फर्स्यौंट र समायोजनबाट रू.३ करोड २८ लाख घटेकोले विगतको बेरुजू रू.३ खर्ब ६८ अर्ब ५४ करोड १४ लाखमा यो वर्ष रू.१ खर्ब १५ अर्ब ५ करोड ५० लाख थप भई रू.४ खर्ब ८३ अर्ब ५९ करोड ६४ लाख बेरुजू बाँकी रहेकोछ ।

३.३. नेपाल सरकार मन्त्रिपरिषद्को २०६९।६।११ को निर्णयानुसार कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा २०५९।६० सम्मको बेरुजू लगत रहेकोमध्ये सरकारी कार्यालयतर्फ फर्स्यौंट भई लगत कट्टा भएको रू.१४ करोड ५० लाखमध्ये नियमित तथा मिनाहा भई रू.१४ करोड ४५ लाख तथा असुल भई रू.५ लाख र समिति तथा संस्थातर्फ रू.२ करोड ३५ लाखसमेत रू.१६ करोड ८५ लाख फर्स्यौंट भएको जानकारी प्राप्त भएको छ ।

४. **स्थानीय तहको बेरुजू फर्स्यौंट व्यवस्था** - लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) मा महालेखापरीक्षकले गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण गरी जारी गरेको प्रतिवेदन सम्बन्धित स्थानीय तहले गाउँसभा वा नगरसभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको नीति, ऐन, नियम तर्जुमा गर्ने गराउने, बजेट कार्यान्वयन गर्ने तथा बेरुजू नियमित एवं फर्स्यौंट गर्ने एउटै निकाय गाउँ/नगर सभा भएकोले बेरुजू फर्स्यौंट सम्बन्धमा स्वार्थ बाझिएको अवस्था छ । यसको लागि लेखापरीक्षण ऐन, २०७५ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका कानूनमा आवश्यक परिमार्जन गरी वित्तीय पारदर्शिता एवं जवाफदेहिताको लागि स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन माथि छलफल एवं अनुगमन गर्ने स्वतन्त्र र प्रभावकारी संयन्त्रको व्यवस्था गर्नुपर्दछ ।

५. **कार्य योजना -** लेखापरीक्षण ऐन, २०७५ को दफा २१ मा महालेखापरीक्षकले जारी गरेको प्रतिवेदनको कार्यान्वयन गर्नु सम्बन्धित जिम्मेवार पदाधिकारीको कर्तब्य हुने तथा प्रतिवेदनमा उल्लेख गरिएका विषयमा सुधार भए नभएको र सुझाव कार्यान्वयन भए नभएको सुनिश्चित गर्न लेखापरीक्षण गरिएका निकायबाट भएका कारबाहीको प्रतिवेदन लिने, कार्यान्वयनका लागि समयावधि तोक्ने र पुनः जाँच गर्ने तथा त्यस सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिनेलगायतका कार्य महालेखापरीक्षकले गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाअनुसार महालेखापरीक्षकको कार्यालयबाट मन्त्रालय तथा निकायका लेखाउत्तरदायी अधिकृतसँग महालेखापरीक्षकको विगतका वार्षिक प्रतिवेदनमा औँल्याइएका व्यहोराको कार्यान्वयन स्थिति र कार्यान्वयन कार्य योजना २०७८।५।२८ मा माग गरेकोमा अधिकांशबाट प्राप्त भएन । संघ, प्रदेश र स्थानीय तहका लेखापरीक्षण प्रतिवेदनहरू जारी भएपछि सम्बन्धित निकायहरूले गम्भीरतापूर्वक कार्यान्वयन गर्नुपर्दछ ।

प्रतिवेदनमा दिइएका सुझावहरूको उचित कार्यान्वयनको कमीले आर्थिक प्रशासन र वित्तिय अनुशासन पालनामा आशातीत सुधार हुन सकेको छैन । महालेखापरीक्षकका वार्षिक प्रतिवेदन र निकायगत रूपमा जारी हुने लेखापरीक्षण प्रतिवेदनहरूको कार्यान्वयनको अवस्था सन्तोषजनक नरहँदा एकै प्रकृतिका व्यहोरा वर्षौंदेखि दोहोरिँदै आएका छन् । प्रतिवेदनमा उल्लिखित रकमगत व्यहोराले प्राथमिकता पाए पनि कानूनी तथा नीतिगत सुधारजस्ता गैरवित्तीय प्रकृतिका विषय उपर ध्यान पुग्न सकेको छैन । यस्ता समस्याहरू उल्लेख्य रहेकोले प्रणालीगत रूपमा नै वित्तीय प्रभाव पारेको छ । प्रणालीगत तथा नीतिगत विषयका सुझावहरू कार्यान्वयन गरी वित्तीय र गैरवित्तीय प्रकृतिका समस्या समाधान गरिनुपर्दछ ।

६. **बेरुजू फर्स्यौंटमा भएको प्रयास -** कार्यालयबाट सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा सबै लेखा उत्तरदायी अधिकृतबीच वार्षिक लेखापरीक्षण योजनाबमोजिम लेखापरीक्षण व्यवस्थापन, बेरुजू फर्स्यौंट एवं न्यूनीकरणका सम्बन्धमा अन्तर्क्रिया गरिएको छ । यसैगरी नेपाल सरकारका मन्त्रालय र निकायका लेखाउत्तरदायी अधिकृत तथा सार्वजनिक संस्थानका प्रमुखसँग कार्यालयको वार्षिक लेखापरीक्षण योजना र कार्यक्रम तथा विगत वर्षहरूको प्रतिवेदन सम्बन्धमा पटक पटक छलफल तथा अन्तरक्रिया सम्पन्न गरिएको छ । यस्तै मधेश प्रदेश, वागमती प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा समेत प्रदेश स्तरीय लेखापरीक्षणसम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । उक्त कार्यक्रमहरूमा बेरुजू आउनमा कमी ल्याउन र आएको बेरुजू फर्स्यौंट गरी समग्रमा बेरुजूको आकारलाई घटाउन बेरुजू एवं वित्तीय अनुशासनलाई कर्मचारीहरूको वृत्ति विकासमा आवद्ध गर्न उपयुक्त नीतिगत तथा कानूनी प्रबन्ध गर्नुपर्ने सम्बन्धमा छलफल भएको छ । स्थानीय निर्वाचनमा असुल उपर गर्नुपर्ने र पेश्की बाँकीलगायत व्यक्तिगत बेरुजू भएका व्यक्ति उम्मेदवार हुन नपाउने व्यवस्थाको लागि निर्वाचन आयोगसँग समन्वय गरिएकोमा उक्त आयोगबाट उम्मेदवार हुन आचारसंहितामा उक्त प्रावधान राखेकोले बेरुजू फर्स्यौंटमा सहयोग पुगेको अवस्था छ । प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा समेत उक्त व्यवस्थालाई निरन्तरता दिनु आवश्यक देखिन्छ । उक्त प्रावधानले आर्थिक अनुशासन कायम गराउन थप मद्दत पुगेको अपेक्षा गरिएको छ ।

७. **प्रतिवेदन कार्यान्वयन -** नेपाल सरकारले आवधिक योजना, नीति, वार्षिक बजेट,कार्यगत र संरचनागत व्यवस्थाअनुरूप सम्पादन तथा सञ्चालन गरेका कार्यहरूको महालेखापरीक्षकको कार्यालयबाट जारी भएका

पचपन्नौ, छपन्नौ र सन्ताउन्नौ वार्षिक प्रतिवेदनमा दिइएका सुझावको कार्यान्वयनको अवस्था देहायबमोजिम देखिएको छः

७.१. बजेट तथा खर्चमा मितव्ययिता ल्याउन नेपाल सरकारले सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नेसम्बन्धी मापदण्ड, २०७७, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली २०७७ एवं कार्य सम्पादन करार गर्नेसम्बन्धी व्यवस्था लागू भई कार्यान्वयनमा आएका छन् ।

७.२. खरिद सम्झौताअनुसार तोकिएको अवधिमा काम सम्पन्न नगरी अधुरा रहेका निर्माण कार्यलाई सम्पन्न गर्न सार्वजनिक खरिद व्यवस्थापनमा सुधार गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा रहेको म्याद थपसम्बन्धी प्रावधानमा पटक पटक संशोधन भएको छ ।

७.३. राजस्व प्रशासनको सुधारसम्बन्धमा राजस्व व्यवस्थापनको तेस्रो सुधार कार्ययोजना २०७५।७६-२०७७।७८ लागू भएको, कर चुहावट नियन्त्रणका सम्बन्धमा दोस्रो रणनीतिक योजना २०१८।१९-२०२२।२३ लागू भएको, व्यवसाय दर्ता, आय विवरण, कर विवरण तथा अन्य शुल्क विवरण भर्ने निर्देशिका, २०७८ लागू भै कार्यान्वयनमा आएको, राजस्व छुटलाई न्यून गर्दै लगिएको छ । घ्यु, तेल, मोबाइलको मूल्य अभिवृद्धि कर हटाइएको छ । करको दायरा विस्तार एवं भन्सार विन्दुबाट नै आयकर सङ्कलन, गैरबासिन्दाबाट प्राप्त हुनुपर्ने अग्रिम कर सङ्कलन, व्यवसाय बिक्री वा अफसोर कारोबारको पुँजीगत लाभकर लिने व्यवस्थामा सुधार गरी अनुगमन कडा पारिएको छ । विद्युतीय व्यपारलाई करको दायरामा ल्याउने प्रयास भइरहेको छ । आन्तरिक राजस्व व्यवस्थापनको तेस्रो सुधार कार्य योजनामा व्यावसायिक तथा क्याडरमा आधारित जनशक्तिको विकास गर्ने कार्य संस्थागत गर्ने नीति लिएको छ ।

७.४. संगठनात्मक व्यवस्था तथा सेवा प्रवाहका सम्बन्धमा भूमि व्यवस्थापन विभागले विद्युतीय सुशासन गुरुयोजनाको मस्यौदा तयार गरेको, यातायात व्यवस्था कार्यालयले डिजिटल ढाँचामा स्रेस्ता राख्ने गरेको छ । विभिन्न निकायमा अनलाइन सेवा प्रणालीको शुरुवात हुनाको साथै क्षतिपूर्तिसहितको नागरिक बडापत्रको लागू गरेको छ ।

७.५. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आह्वान गर्न नहुने गरी आयोजना सञ्चालनको व्यवस्था गरेको छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २६ मा राष्ट्रिय आयोजना बैङ्कमा समावेश नभएको आयोजनाको लागि बजेट विनियोजन गर्न नपाउने व्यवस्था गरेको छ । सरकारको नीति तथा कार्यक्रममा संघ तथा प्रदेशमा आयोजना बैङ्क र एकीकृत आयोजना बैङ्कको व्यवस्था गरी सोही आधारमा आयोजना सञ्चालन वा छनौट गर्नुपर्ने व्यवस्था रहेको छ ।

७.६. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा संघ, प्रदेश तथा स्थानीय तहका कार्यालयले आफ्नो र अन्तर्गतका कार्यालयहरूको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्ने र आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण समिति गठन गरिने उल्लेख गरेको छ । महालेखा नियन्त्रक कार्यालयले २०७८।७९ देखि बेग्लै आन्तरिक लेखापरीक्षण गर्ने जनशक्ति तयार गरेको छ ।

७.७. लेखाङ्कन तथा प्रतिवेदन प्रणालीका विषयमा नेपाल सरकारी लेखामान लागू भै कार्यान्वयनमा आएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान लागू भएको, एकल खाता कोष प्रणालीअन्तर्गत विद्युतीय नगद ट्रान्सफर

गर्ने गरेको, कम्पुटराइज्ड सरकारी लेखा प्रणाली, राजस्व व्यवस्थापन सूचना प्रणाली जस्ता सफ्टवेयर प्रयोगमा ल्याइएको छ ।

७.८. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५२ ले आर्थिक प्रशासन सञ्चालन गर्न जिम्मेवारी तोकिएको, दफा ५३ मा सार्वजनिक जवाफदेहिताको पद धारण गरेको व्यक्तिलाई जवाफदेही बनाउन विभागीय मन्त्रीलाई पनि जिम्मेवार बनाउनाको साथै दफा ५७ मा जवाफदेही तथा उत्तरदायी नभएमा सजायको व्यवस्था गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा जिल्लागत वित्तीय विवरण तयार गर्नुपर्ने एवं केन्द्रीय लेखा तथा वित्तीय विवरण तयार गरी महालेखापरीक्षकको कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था रहेको छ ।

८. **वार्षिक प्रतिवेदन -** नेपालको संविधानको धारा २९४(१) मा महालेखापरीक्षकले राष्ट्रपतिसमक्ष प्रस्तुत गरेको प्रतिवेदन प्रधानमन्त्रीमार्फत् प्रतिनिधिसभामा पेस गर्ने व्यवस्था छ । त्यसैगरी महालेखापरीक्षकबाट संविधानको धारा २९४(३) मा प्रदेश प्रमुखसमक्ष पेस भएको प्रदेशको अलग अलग कामकारबाहीको प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा १९(५) बमोजिम मुख्यमन्त्रीमार्फत् प्रदेश सभामा पेस हुने व्यवस्था छः

८.१. महालेखापरीक्षकको वार्षिक प्रतिवेदनउपर प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिमा छलफल हुने व्यवस्थाअनुरूप गत वर्षको महालेखापरीक्षकको अन्ठाउन्नौं वार्षिक प्रतिवेदन २०७८ भाद्र ४ गते राष्ट्रपतिज्यूसमक्ष पेस भएकोमा प्रतिनिधिसभाको आठौं अधिवेशनमा २०७८ आश्विन १४ गते पेस भएको छ । महालेखापरीक्षकले वार्षिक प्रतिवेदन पेस गरे पश्चात् लगत्तै संघीय संसदमा प्रतिवेदन पेस भई समयमै छलफल र कार्यान्वयन गर्ने व्यवस्था मिलाउन आवश्यक देखिन्छ ।

८.२. सबै प्रदेशका प्रमुख समक्ष महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८।५।४ मा पेस भएकोमा सम्बन्धित प्रदेशका मुख्यमन्त्रीहरूबाट उक्त प्रतिवेदन प्रदेश नं.१ प्रदेश सभामा २०७८।११।१५ गते, वागमती प्रदेश सभामा २०७८।११।२९ गते, गण्डकी प्रदेश सभामा २०७८। १२ ।२५ गते र सुदूरपश्चिम प्रदेश सभामा २०७८।६।११ गते पेस भएको देखिन्छ । मधेश प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेशको प्रदेश सभामा हालसम्म पेस भएको छैन।

महालेखापरीक्षकले वार्षिक प्रतिवेदन पेस गरेपश्चात् तत्कालै सञ्चालन हुने प्रदेश सभा अधिवेशनमा प्रतिवेदन प्रस्तुत गरी यथासमयमा छलफल हुने व्यवस्था गरिनुपर्दछ । प्रदेश सभामा प्रस्तुत भई सम्बन्धित समितिमा छलफल हुने व्यवस्थाले मात्र आर्थिक अनुशासन र वित्तीय उत्तरदायित्व प्रवर्द्धनमा सहयोग पुग्ने देखिन्छ ।

९. **वार्षिक प्रतिवेदनमा छलफल -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४१ मा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएका बेरुजूको सम्बन्धमा प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिमा छलफल भई प्रतिनिधिसभामा पेस गरेको सुझाव स्वीकृत भएबमोजिम कार्यान्वयन गर्ने गराउने जिम्मेवारी महालेखापरीक्षक तथा सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

९.१. प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिको २१ औँ प्रतिवेदनअनुसार सर्वोच्च अदालत, संघीय संसद सचिवालय, निर्वाचन आयोग तथा अर्थ मन्त्रालय सहित १६ निकायको महालेखापरीक्षकको ५६ औँ र ५७ औं वार्षिक प्रतिवेदनमा समावेश भएका व्यहोराउपर छलफल तथा निर्णय भएको छ ।

९.२. सार्वजनिक लेखा समितिले महालेखापरीक्षकको वार्षिक प्रतिवेदनउपर छलफल गरी बेरुजूको लगत कट्टा गर्न दिएको निर्देशनअनुसार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको रू.१ करोड १८ लाख, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको रू.११ करोड १२ लाख बेरुजू लगत कट्टा गरी लेखाउत्तरदायी अधिकृतलाई जानकारी पठाइएको छ।

९.३. सार्वजनिक लेखा समितिले महालेखापरीक्षकको वार्षिक प्रतिवेदन उपर छलफल गरी बेरुजूको लगत कट्टा गर्न दिएको निर्देशनअनुसार बेरुजू नियमित गर्दा सो सम्बन्धमा सुधार भए नभएको छानबिन गरी सरकारी हानि नोक्सानी नभएको यकिन गर्नुपर्ने र पटक पटक नियमित गरेको व्यहोरा पुनः दोहोरिएमा कारबाही गर्ने, असुल उपर गरी गराई समितिलाई जानकारी गराउने, विभिन्न बेरुजूको सम्बन्धमा तीन महिनाभित्र सञ्चित कोष दाखिला गर्न, लेखापरीक्षण गराई समितिमा समेत पेस गर्ने निर्देशन सम्बन्धित निकाय, मन्त्रालय तथा विभागलाई दिएको छ । उक्त निर्देशनअनुसार महालेखापरीक्षकको कार्यालयमा सम्बन्धित फर्स्यौंट गर्ने कार्य तदारुकता नदेखिएको सार्वजनिक लेखा समितिको २१ औँ वार्षिक प्रतिवेदन, २०७८ को कार्यान्वयनमा ध्यान पुऱ्याउनुपर्ने र बेरुजू सम्परीक्षण गरी लेखाउत्तरदायी अधिकृतले लगत कट्टाको लागि हालसम्म पनि पूर्णरूपमा पेस नगरेको अवस्था देखिन्छ ।

१०. **बेरुजू फर्स्यौंट अनुगमन तथा मूल्याङ्कन समिति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३८(१)(२), ४०(३)(४), ४१(३) मा रहेका प्रावधान कार्यान्वयन गर्नका लागि नेपाल सरकारका बेरुजू फर्स्यौंट अनुगमन तथा मूल्याङ्कन समितिले २०७७।७८ मा बेरुजू फर्स्यौंट कार्ययोजना बनाई लागू गरेको छ । उक्त कार्ययोजनामा बेरुजू फर्स्यौंट गर्ने र न्यून राख्ने लक्ष्य निर्धारण गरी सोको वर्गीकरणसमेत गरेको छ । उक्त लक्ष्य प्राप्त गर्ने मन्त्रालय, विभाग, बोर्ड र समिति तथा संघ संस्थालाई बेरुजू शून्य वा कम र फर्स्यौंट गरिने निकायलाई पुरस्कृत गर्ने तथा कार्य सम्पादनमा न्यून देखिएकोमा कर्मचारीलाई जिम्मेवार बनाई कारबाहीसमेतको व्यवस्था लागू गरी कार्यान्वयनसमेत गर्दै आएको छ । तथापि अझ प्रभावकारी रूपमा सो समितिको कार्यविधिअनुरूप कार्य प्रगति हुन नसकेकोमा सम्बद्ध निकायको ध्यान जानुपर्दछ । यसले वित्तीय अनुशासन कायम गर्न सहयोग पुग्ने देखिन्छ ।

११. **बेरुजूका लगत कट्टा** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३८(१) र (२) मा बेरुजूको लगत कार्यालयस्तरमा र केन्द्रीय निकायले बेरुजूको केन्द्रीय लगत राख्ने व्यवस्था छ । यस्तै दफा ४०(३) मा प्रचलित कानूनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुगरेको तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी नभएको बेरुजू लेखाउत्तरदायी अधिकृतले नियमित गरी महालेखापरीक्षकको कार्यालयमा पठाउने र दफा ४०(४) मा लेखाउत्तरदायी अधिकृतले सात दिनभित्र महालेखापरीक्षकको कार्यालयमा अनुरोध गर्ने र ७ दिनभित्र महालेखापरीक्षकको कार्यालयले लगत कट्टा गरी जानकारी दिने उल्लेख छ। सोही ऐनको दफा ४१(३) मा प्रतिनिधि सभाबाट स्वीकृत सार्वजनिक लेखा समितिको प्रतिवेदनबमोजिम बेरुजूको लगत हटाउनुपर्ने विषय महालेखापरीक्षकले तीस दिनभित्र हटाई सोको जानकारी दिनुपर्ने उल्लेख छ ।

लेखापरीक्षण ऐन, २०७५ बमोजिम सम्परीक्षण लेखापरीक्षणकै एउटा प्रक्रिया रहेको र सो ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि निर्धारण गर्ने उल्लेख छ । उपर्युक्त ऐनहरूबीच सामञ्जस्यता देखिएन् । सर्वोच्च लेखापरीक्षण संस्थाको अन्तर्राष्ट्रिय सम्मेलनले सन् २०१० मा जारी गरेको मेक्सिको घोषणा पत्रमा समेत सर्वोच्च लेखापरीक्षण संस्थामा प्रभावकारी अनुगमन (सम्परीक्षण) प्रणाली हुनुपर्ने व्यवस्था रहेको र सन् १९७७ को लिमा घोषणा पत्रले समेत लेखापरीक्षण तथा सम्परीक्षणको विधि प्रक्रिया निर्धारण गर्न महालेखापरीक्षक स्वतन्त्र हुनुपर्ने मान्यता राखेकोमा सो विपरित कानूनी व्यवस्था गरेबाट महालेखापरीक्षकको कार्यात्मक स्वतन्त्रतामा असर परेको अवस्था छ । तसर्थ सर्वोच्च लेखापरीक्षण संस्थाको कार्यात्मक स्वतन्त्रतामा असर पर्ने कानूनी प्रावधानहरू पुनरावलोकन हुनुपर्दछ ।

परिच्छेद - ५

भविष्यमा गर्नुपर्ने सुधार

समग्रमा वित्तीय सुशासन कायम गर्न सार्वजनिक जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्नु आवश्यक छ। यसका लागि योजना, बजेट, खर्च व्यवस्थापन, प्रतिवेदन, लेखापरीक्षण एवं अनुगमन र मूल्याङ्कनलगायतका वित्तीय व्यवस्थापनका अवयवहरूमा निरन्तर सुधारको आवश्यकता रहन्छ । संघ, प्रदेश र स्थानीय तहको सार्वजनिक वित्तीय व्यवस्थापन, सेवा प्रवाह र कार्यसम्पादनमा सुधार गर्नुपर्ने विषयलाई देहायबमोजिम प्रस्तुत गरिएको छः

• अर्थतन्त्र, योजना र बजेट व्यवस्थापन

१. **आत्मनिर्भर अर्थतन्त्र निर्माण -** नेपालको संविधानले निर्देशित गरेको राज्यको आर्थिक उद्देश्य हासिल गर्न देहायको सुधार गर्नुपर्ने देखिन्छः

१.१. देशको अर्थतन्त्रको कुल संरचनामा कृषि क्षेत्रको हिस्सा करिब २४ प्रतिशत रहेको र कृषिको व्यवसायीकरण हुन नसकेको, मल बीउ अभाव रहेको सन्दर्भमा कृषि क्षेत्रलाई व्यावसायिक र आधुनिकीकरण गर्दै राष्ट्रिय अर्थतन्त्रमा योगदान पुग्ने गरी आवश्यक वित्तीय रणनीति र स्पष्ट सञ्चालनगत कार्यनीति लागू गर्नुपर्दछ ।

१.२. राष्ट्रिय अर्थतन्त्रको विकासका लागि स्वदेशी लगानी, श्रम, सीप र कच्चा पदार्थमा आधारित राष्ट्रिय उद्योगधन्दाको संरक्षण र प्रवर्द्धन गर्नुपर्दछ । यसका लागि आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनलाई बढावा दिनुपर्दछ ।

१.३. राष्ट्रिय हित अनुकूल हुने कुरा सुनिश्चित गरेर मात्र वैदेशिक पुँजी तथा प्रविधि भित्र्याउने व्यवस्था गर्नुपर्दछ।

१.४. राष्ट्रिय उपभोगको संरचनामा सुधार गरी बचतलाई प्रोत्साहन गर्न आवश्यक रणनीति तथा कार्यनीति लागू गर्नुपर्दछ । यसरी प्राप्त हुने बचतलाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

१.५. राष्ट्रिय उद्योगधन्दा र सामाजिक आर्थिक रुपान्तरणमा सकारात्मक योगदान गर्ने लगानीमैत्री राजस्व नीतिको अवलम्बन गर्नुपर्दछ ।

१.६. अत्यावश्यक र उच्च आर्थिक तथा सामाजिक प्रतिफल प्राप्त हुने क्षेत्रमा मात्र ऋण परिचालन गर्ने व्यवस्था गर्नुपर्दछ ।

१.७. वैदेशिक मुद्रा आर्जनको स्रोतमा आशातीत सुधार हुन नसकेको र बढ्दो आयातको अवस्थाले शोधनान्तर स्थितिमा चाप पर्न गएकोले व्यापार घाटालाई कुल गार्हस्थ्य उत्पादनको वाञ्छित सीमाभित्र राख्ने गरी वित्तीय तथा मौद्रिक रणनीति लागू गर्नुपर्दछ ।

१.८. सबै प्रकारका आर्थिक क्रियाकलापहरूको पहिचान गर्ने, तिनको तथ्याङ्क सङ्कलन गर्ने, उचित नियमनमार्फत् सबै प्रकारका औपचारिक तथा अनौपचारिक आर्थिक क्रियाकलापहरूलाई अर्थतन्त्रको दायरामा ल्याई

यसको आधार बृहत् बनाउन आवश्यक व्यवस्था गर्नुपर्दछ । सार्वजनिक, निजी र सहकारीक्षेत्रको सहभागितामार्फत् उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी राष्ट्रिय अर्थतन्त्रलाई आत्म निर्भर र सुदृढ बनाउनुपर्दछ ।

२. **दिगो विकास लक्ष्य -** संघीय, प्रादेशिक र स्थानीय सरकार तथा निजी, सहकारी एवं नागरिक समाजसमेतको संलग्नतामा दिगो विकास लक्ष्य प्राप्ति सम्बन्धमा देहायको सुधार गर्नुपर्ने देखिन्छः

२.१. तीनै तहका सरकारले दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरी सोलाई योजना, मध्यमकालीन खर्च संरचना तथा बजेटसँग आबद्ध गर्नुपर्दछ । लक्ष्य हासिलका लागि तीनै तहका सरकारबीच समन्वय, सहकार्य र अन्तरसम्बन्ध स्थापित हुनुपर्दछ ।

२.२. दिगो विकास लक्ष्य आफैंमा अन्तरसम्बन्धित रहेका छन् । उक्त लक्ष्य हासिल गर्नको लागि तीन तहका सरकार एवं विषयगत निकायबाट हुने योगदान पहिचान गरी प्रगतिको मापन, मूल्याङ्कन तथा विश्लेषण गर्नका लागि सूचकसहितको डाटा बेस तयार गर्नुपर्दछ । लक्ष्यको कार्यान्वयन तीन तहका सरकारबाट हुने हुँदा सोको तथ्याङ्क एवं सूचना प्रवाह एवं एकीकृत हुने व्यवस्था मिलाई सम्पूर्ण सरकार (होल अफ द गभर्नमेन्ट) को अवधारणाअनुरूप अनुगमन मूल्याङ्कन गर्नुपर्दछ ।

२.३. कोभिड-१९ ले कार्यक्रम कार्यान्वयन तथा लक्ष्य हासिलमा पारेको प्रभाव अध्ययन मूल्याङ्कन गरी सोको असरलाई सम्बोधन गरी बाँकी अवधिभित्र लक्ष्य हासिल गर्न आवश्यक पर्ने स्रोत व्यवस्थापनका लागि सम्बद्ध सबै पक्षसँग समन्वय र सहकार्य गर्नुपर्दछ । त्यसैगरी निर्धारित समयभित्र लक्ष्य हासिल गर्न स्पष्ट कार्ययोजना तयार गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

२.४. दिगो विकास लक्ष्य हासिल गर्नका लागि सरकार, निजी क्षेत्र, गैरसरकारी संस्थालगायत सबै पक्षको भूमिकालाई प्रभावकारी बनाउन विशेष व्यवस्था गर्नुपर्दछ । सबै पक्षहरूले स्वामित्व र अपनत्व लिने गरी आवश्यक व्यवस्था गर्नुपर्दछ ।

२.५. दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयन गर्न प्रदेश र स्थानीय तहमा समेत आवश्यक नीतिगत, कानूनी र संगठनात्कम संरचना निर्माण गर्नुपर्दछ ।

३. **बजेट व्यवस्थापन -** स्रोत साधनको कुशल बाँडफाँट गर्न बजेट निर्माण, कार्यान्वयन एवं नियन्त्रणसँग सम्बन्धित क्रियाकलापमा देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छः

३.१. बजेट तर्जुमा पूर्व नै कार्यक्रम निर्दिष्ट गरी सोहीअनुसार बजेट विनियोजन गर्नुपर्नेमा अनुमान गर्न सकिने प्रयोजनको लागि समेत अर्थ विविध वा अबण्डामा ठूलो बजेट राख्ने र वर्षान्तमा रकमान्तर गर्ने परिपाटी विद्यमान छ । जसले गर्दा वित्तीय नियन्त्रण तथा आर्थिक अनुशासन फितलो भएको र वर्षान्तमा भएको निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठेको हुँदा यस्तो प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

३.२. राष्ट्रिय बजेट प्रणाली बाहिर विभिन्न प्रकारका कोषहरू खडा गरी संसदीय निगरानीबेगर खर्च गरेको जस्ता विषय गत विगतदेखि औंल्याईंदै आएकोमा हालका दिनहरूमा प्रदेश सरकार र स्थानीय तहले समेत कानून बेगर विभिन्न कोषहरूको स्थापना गरी सञ्चालन गरेका छन् । नियमित र विद्यमान संरचनाबाट नै अपेक्षित कार्य सम्पादन गरी कोष खडा गरी बजेट प्रणाली बाहिरबाट खर्च गर्ने प्रवृत्तिमा सुधार गर्नुपर्दछ ।

३.३. रकमान्तर गर्दा प्रचलित विनियोजन ऐनले तोकेको सीमाभित्र रहेर मात्र गर्नुपर्दछ । रकमान्तरको सीमा लागू नहुने अनुदान संख्यामा ठूलो रकम विनियोजन गरी सोबाट अन्य अनुदान संख्यामा रकमान्तर गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्नु आवश्यक देखिन्छ ।

३.४. प्राप्तिको सुनिश्चितता भएपछि मात्र वैदेशिक सहायता बजेटमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । साथै यथार्थमा खर्च हुने सुनिश्चितता र मध्यमकालीन खर्च संरचनाको आधारमा मात्र बजेट विनियोजन गरिनुपर्दछ ।

३.५. सांसद, संसदीय समिति, सरोकारवालाबीच हुने पूर्व बजेट छलफललाई पारदर्शी एवं नतिजामूलक बनाउनुपर्दछ । बजेट तर्जुमा, मध्यावधि तथा वार्षिक समीक्षा तथा बजेट कार्यान्वयनसम्बन्धी पृष्ठपोषणलाई आगामी बजेट तर्जुमा गर्दा उपयोग गर्नुपर्दछ ।

३.६. पूर्व तयारी चरणमा गर्नुपर्ने कार्य सम्पन्न नभएका आयोजनामा वजेट विनियोजन गर्ने एवं बजेट खर्च हुन नसक्ने अवस्थामा समेत खर्चको आकारमात्र बढाउन फ्रिज नहुने खातामा राख्ने वा संघ संस्थाको खातामा रकम ट्रान्सफर गर्ने परिपाटीको अन्त्य गर्नुपर्दछ ।

३.७. बजेटले अन्तर्राष्ट्रिय तथा राष्ट्रिय परिवेशलाई विचार गरी आइपर्न सक्ने जोखिमहरूको पहिचान एवं विश्लेषण गर्दै भविष्यमा पर्ने सक्ने आकस्मिक दायित्व वा खर्चलाई मध्यनजर गरी बजेट तर्जुमा गर्नुपर्दछ।

३.८. बजेट तर्जुमा गर्दा नै प्रदेश तथा स्थानीय तहलाई प्रदान गरिने सबै कार्यक्रम र योजना समावेश गर्नुपर्ने र आर्थिक वर्षको बीचमा नयाँ कार्यक्रमको लागि प्रदेश तथा स्थानीय तहमा सशर्त अनुदान हस्तान्तरण गर्ने प्रक्रिया बन्द गरिनुपर्दछ ।

४. **आयोजना व्यवस्थापन -** आयोजना व्यवस्थापनका विभिन्न चरणमा देखिएका समस्या समाधान गर्न देहायबमोजिम सुधार गर्नुपर्दछः

४.१. विभिन्न प्रकारका दबाब तथा प्रभावका आधारमा आयोजना छनौट हुने परिपाटीको अन्त्य गर्दै खुद वर्तमान मूल्य, लागत लाभ विश्लेषण, आन्तरिक प्रतिफल दर, लागत फिर्ता हुने समयावधि आदिको आधारमा प्राथमिकीकरण गरी आयोजना बैङ्क तयार गर्नुपर्दछ । आयोजना बैङ्कभन्दा बाहिरका आयोजना बजेटमा समावेश नगर्ने व्यवस्था कडाइका साथ लागू गर्नुपर्दछ ।

४.२. आयोजनाको अनुगमन र मूल्याङ्कनलाई नतिजामुखी बनाई आयोजना कार्यालय, मन्त्रालयस्तर, राष्ट्रिय योजना आयोग र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आधुनिक विधिहरू प्रयोगमा ल्याई अनुगमन मूल्याङ्कन गर्नुपर्दछ । संघ र प्रदेशबाट सञ्चालन हुने आयोजना अनुगमन गर्न आयोजना व्यवस्थापन सूचना प्रणाली तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्दछ । आयोजना सम्पन्न भएपछि लागत प्रतिफल दरहरूको अवस्था मूल्याङ्कन एवं अनुगमन गर्ने व्यवस्था हुनुपर्दछ ।

४.३. आयोजनाको नेतृत्व र कर्मचारीहरूको कार्यसम्पादनलाई नतिजामुखी तुल्याउन कार्य सम्पादन करार गरी आयोजना अवधिभर आयोजना प्रमुख सरुवा नगर्ने नीति अवलम्बन गर्दै कार्य सम्पादनलाई वृत्ति विकाससँग आबद्ध गरी उत्तरदायित्व वहन गर्नुपर्ने संस्कृतिको विकास गर्नुपर्दछ । आयोजना व्यवस्थापनसम्बन्धी क्षमता अभिवृद्धि गर्न सर्टिफिकेसन कोर्सहरू सञ्चालन गर्नुपर्दछ ।

४.४. निश्चित सूचक र मापदण्डको आधारमा राष्ट्रिय गौरवका आयोजना घोषणा गर्ने तथा तोकिएको समय र लागतमा दक्षतापूर्वक आयोजना कार्यान्वयन गर्नुपर्दछ । यस्ता आयोजना कार्यान्वयनका लागि उपयुक्त अनुगमन संयन्त्रसहितको छुट्टै कानूनी व्यवस्था गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

४.५. जग्गाको मूल्याङ्कन वस्तुनिष्ठ नहुँदा क्षतिपूर्ति भुक्तानी सम्बन्धमा विवाद उत्पन्न हुने र न्यायालयमा मुद्दा दायरसमेत गर्ने प्रवृत्तिले आयोजना कार्यान्वयनमा समस्या परेको देखिन्छ । आयोजनाहरूको लागि आवश्यक जग्गा प्राप्ति र क्षतिपूर्ति वितरणको कार्यलाई सरलीकृत, वैज्ञानिक र व्यवस्थित गर्न उपयुक्त कानूनी व्यवस्था गर्नुपर्दछ ।

४.६. पर्याप्त अध्ययन र स्थलगत अवलोकन बेगर ड्रइङ डिजाइन तयार गरेको कारण निर्माण चरणमा आयोजनाको ड्रइङ डिजाइन परिवर्तन गर्नुपर्ने अवस्था सिर्जना भइरहेकोले पर्याप्त अध्ययन बेगर आयोजनाको डिजाइन तयार गर्ने प्राविधिक तथा परामर्शदातालाई जिम्मेवार बनाउनुपर्दछ ।

४.७. एउटै प्रकृतिका आयोजनाहरू विभिन्न निकाय तथा सरकारबाट कार्यान्वयन भैरहेको तथा आयोजना कार्यान्वयनको लागि अन्तरसम्बन्धित रहेका सडक, विद्युत, टेलिफोन, सिँचाइ, खानेपानी, वन जस्ता निकायहरूबीच समन्वयका आधारमा आयोजना कार्यान्वयन गर्नुपर्दछ ।

४.८. निर्माणका लागि आवश्यक पर्ने जनशक्ति, हेभी मेसिन, उपकरणहरू, निर्माण सामग्रीको उपलब्धता र व्यावसायिकता समेतलाई मध्यनजर राख्दै राष्ट्रिय निर्माण क्षमता विश्लेषण गरी राष्ट्रिय आवश्यकतासँग तादात्म्यता हुने गरी निर्माण क्षमता अभिवृद्धि गर्नुपर्दछ ।

• स्रोत व्यवस्थापन

५. **वैदेशिक सहायता -** वैदेशिक सहायता परिचालन गर्ने तथा सो सहायतालाई राष्ट्रिय बजेट र प्रतिवेदन प्रणालीभित्र ल्याउने तथा नतिजामा आधारित बनाउने सम्बन्धमा देहायबमोजिमका सुधार गर्नुपर्ने देखिन्छः

५.१. राष्ट्रको खर्च आवश्यकता र उपलब्ध राष्ट्रिय स्रोतबाट नपुग हुने अवस्थामा राष्ट्रिय हित र प्राथमिकतालाई आधार बनाउँदै वैदेशिक सहायता लिने प्रक्रियालाई थप पारदर्शी बनाउँदै प्राप्त हुने वैदेशिक सहायतालाई राष्ट्रिय बजेट प्रणाली र सञ्चित कोषमार्फत् परिचालन गर्नुपर्दछ ।

५.२. राष्ट्रिय हितअनुकूल उत्पादन र उत्पादकत्व वृद्धि हुने, रोजगारी सिर्जना हुने, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन हुने तथा उच्च प्रतिफल प्राप्त हुने र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा योगदान गर्ने क्षेत्र वा आयोजनाहरूको लागि मात्र विदेशी सहायता परिचालन गर्नुपर्दछ ।

५.३. वैदेशिक सहायता परिचालन कार्यमा संलग्न हुने जनशक्तिको ज्ञान, सीप एवं दक्षता अभिवृद्धि गर्ने तथा संस्थागत संरचनाहरूलाई सबल बनाउने र संलग्न संस्थाहरूबीच समन्वय गर्नुपर्दछ । ।

५.४. शर्तसहितको वैदेशिक सहायता सकेसम्म स्वीकार नगर्ने नीति अख्तियार गर्नुपर्दछ । आयोजना र कार्यक्रममा आधारित बहुक्षेत्र तथा बहुनिकायमा छरिएको सहयोगभन्दा राष्ट्रिय बजेट सहयोगमा प्राप्त हुने वैदेशिक सहायता प्राप्तिमा जोड दिनुपर्दछ ।

५.५. विकास सहायताको प्रतिबद्धता र यथार्थ प्राप्ति एवं प्राप्ति र उपयोगबीच ठूलो अन्तर देखिएकाले प्रतिवद्धताअनुसार विकास सहायता प्राप्त गर्न एवं प्राप्त भए अनुसार सहायता उपयोग गर्नेतर्फ क्रियाशील हुनुपर्दछ ।

५.६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूमार्फत् परिचालन हुने वैदेशिक सहायतालाई पारदर्शी र जवाफदेही बनाउन अनुगमन संयन्त्रको विकास गर्ने तथा सरकारी संरचनामार्फत् सहायता परिचालन गर्ने व्यवस्था गर्नुपर्दछ।

५.७. वैदेशिक सहायतामा सञ्चालित आयोजनामा समयमा शोधभर्ना नभएको कारणले राज्यले प्राप्त गर्नुपर्ने अनुदान गुमाउनुपर्ने र सरकारी स्रोततर्फ चाप पर्न जाने भएकोले समयमै शोधभर्ना प्राप्त गर्न थप प्रयास हुनुपर्दछ । प्रदेश तथा स्थानीयतहले खर्च गरेका वैदेशिक सहायताको संघीय सरकारमा प्रतिवेदन गर्ने र समयमै शोधभर्ना माग गर्ने उपयुक्त व्यवस्था मिलाउनुपर्दछ ।

५.८. अन्तर्राष्ट्रिय विकास सहायता परिचालन सम्बन्धमा सबै सरोकारवालाहरूबीच एकरूपता कायम गर्न र राष्ट्रिय प्राथमिकताका आधारमा सहायता परिचालन गर्न कार्यसञ्चालन निर्देशिका बनाई लागू गर्नुपर्दछ ।

६. **राजस्व परिचालन -** आयकर, मूल्य अभिवृद्धि कर, भन्सार, अन्तःशुल्कलगायत गैरकर राजस्व सङ्कलन एवं प्रशासनलाई व्यवस्थित गर्न देहायबमोजिमका सुधार गर्नुपर्दछः

६.१. अर्थतन्त्रका विभिन्न क्षेत्रहरू र व्यवसायको परिवर्तित स्वरूपसमेतको गहन अध्ययन गरी सबै क्षेत्र र व्यवसायलाई करको दायरामा ल्याउनुपर्दछ । खासगरी अनौपचारिक अर्थतन्त्रलाई करको दायरामा ल्याई राजस्व परिचालनमा दक्षता अभिवृद्धि गर्न अन्य सरकारी र नियमनकारी निकायसँग सघन समन्वय एवं सूचनाको अन्तरआबद्धता गर्नुपर्दछ ।

६.२. आर्थिक ऐन, विशेष ऐन, नियम, आदेश वा ऋण अनुदान सहायता सम्झौताअन्तर्गत प्रदान गरिएको राजस्व छुट तोकिएको शर्त तथा प्रयोजनमा सदुपयोग भएको सुनिश्चित गर्नुपर्दछ । आर्थिक ऐनको द्रष्टव्यबाट राजस्व छुट दिने परिपाटी उपर नियन्त्रण गरिनुपर्दछ । समग्र राजस्व छुटबाट गुम्ने राजस्वको एकीकृत रकमगत विवरण र सो छुटबाट अपेक्षा प्राप्त उपलब्धिलाई संसदमा पेस गर्ने व्यवस्था गर्नुपर्दछ।

६.३. कर असुली सम्बन्धमा विभिन्न कानूनमा व्यवस्था भएका तरिका, विधि र प्रक्रिया अपनाइ राजस्व बक्यौता असुली गर्नुपर्दछ । समयमा कर विवरण नबुझाउने, समयमा कर नतिरी बक्यौता राख्ने करदाताहरूलाई पछिल्ला वर्षमा छुट सुविधा दिने परिपाटीलाई अन्त्य गरिनुपर्दछ ।

६.४. कराधारलाई दिगो र मजबुत गर्न आयातमा आधारित राजस्वको हिस्सालाई घटाउँदै आन्तरिक राजस्वका क्षेत्रहरूको पहिचान र विस्तारमा ध्यान दिनुपर्दछ ।

६.५. भन्सारमा मालवस्तुको घोषणा, वर्गीकरण र मूल्याङ्कनलाई यथार्थपरक र कारोबार मूल्यमा आधारित बनाउन अन्तर्देशीय भन्सार प्रशासनसँग विद्युतीय सूचना आदान प्रदान गर्ने एवं भन्सार दरबन्दी व्याख्यालाई थप स्पष्ट गर्नुपर्दछ ।

६.६. सामाजिक संजाल, सोसियल मिडिया, भर्चुअल मिटिङ्ग प्लेटफर्म, अनलाइन व्यवसायलगायत भौगोलिक सीमाविहीन स्वरूपले हुने विद्युतीय कारोबारलाई करको दायरामा ल्याउनुपर्दछ ।

६.७. एकीकृत कर प्रणालीलाई सबल र सुरक्षित बनाउँदै जोखिमका आधारमा कर परीक्षण गर्ने पद्धतिलाई सुदृढीकरण गरिनुपर्दछ । कर परीक्षणकार्यलाई थप स्वच्छ, मितव्ययी र दक्ष बनाउन कर परीक्षणको क्रममा सम्पादन गरिने करदातासँग सूचना विवरण माग गर्ने, जवाफ लिनेलगायतका क्रियाकलापहरू र कर निर्धारण पश्चात् तयार गरिने प्रतिवेदनहरूसमेत यसै प्रणालीमा आबद्ध गर्नुपर्दछ । करपरीक्षणको अतिरिक्त नियमितरूपमा पेस भएका कर विवरणहरू योजनाबद्ध तवरले अनुगमन गर्ने र अस्वाभाविक देखिएमा शोधखोज एवं कर निर्धारण गर्न सक्ने व्यवस्था हुनुपर्दछ ।

६.८. राजस्वतर्फको आर्थिक विवरण स्वचालित रूपमा तयार हुने र बक्यौता असुलीलगायतका विवरणहरू स्वचालित रूपमा भिडान हुने गरी सूचना प्रविधिमा आधारित एकीकृत कर प्रणाली र राजस्व व्यवस्थापन सूचना प्रणालीका सूचना एक आपसमा भिडान हुने व्यवस्था गर्नुपर्दछ ।

६.९. अनुसन्धानात्मक परीक्षण बढाउँदै कर परीक्षणमा कृत्रिम बौद्धिकताको प्रयोग गर्नुपर्दछ । साथै कर परीक्षण प्रणालीलाई फेसलेस बनाउन प्रयास गर्नुपर्दछ ।

६.१०. राजस्व प्रशासनमा संलग्न जनशक्तिको सेवा प्रवेशको लागि विशिष्टिकृत योग्यता कायम गर्ने एवं कर्मचारीको क्षमता विकास कार्यक्रम सञ्चालन गर्नुपर्दछ । कर निर्धारणको अनुगमन, आन्तरिक एवं समकक्षी पुनरावलोकनमार्फत् सही कर निर्धारण हुने पद्धतिको अवलम्बन गर्नुपर्ने देखिन्छ ।

६.११. करदाताहरूले प्रयोग गर्ने बिलिङ्ग प्रणालीमा विभाग तथा कार्यालयहरूको पहुँच बढाई केन्द्रीय बीजक अनुगमन प्रणालीलाई सबै करदातासम्म लागू गर्नुपर्दछ । साथै बजार अनुगमनलाई प्रभावकारी बनाउनुपर्दछ ।

६.१२. करदाताको तर्फबाट आय विवरण प्रमाणीकरण गर्ने लेखापरीक्षकले न्यूनतम रूपमा परीक्षण गरी प्रमाणित गर्नुपर्ने विषय निर्धारण गरी सोको पालना नगर्ने लेखापरीक्षकलाई कारबाही गर्ने व्यवस्था हुनुपर्दछ ।

६.१३. भन्सारमा हुने न्यून मूल्याङ्कन, घर जग्गाको खरिद बिक्रीमा हुने मूल्याङ्कन, बजारमा वस्तु तथा सेवा बिक्री वितरणमा हुने न्यून बीजकीकरण र घर जग्गा बहालमा हुने न्यून आय घोषणालाई निरुत्साहन गर्न सम्बद्ध सबै निकायसँगको सूचना आदनप्रदान गर्ने र बजारको अनुगमनलाई प्रभावकारी बनाउनुपर्दछ ।

६.१४. उद्योग, व्यापार, पेशा, व्यवसाय, संस्था दर्ता गर्ने तथा नियमन गर्ने निकायहरू र कर प्रशासनबीच विद्युतीय माध्यमबाट सूचना प्राप्त गरी कर सूचना सञ्जाल स्थापना गर्नुपर्दछ ।

६.१५. कर निर्धारणसम्बन्धी विवादलाई समयमै निरूपण तथा समाधान गर्ने सम्बन्धमा अध्ययन गरी आवश्यकता र असल अभ्याससमेत विचार गरी उपयुक्त कानूनी र संरचनागत व्यवस्था गर्नुपर्दछ ।

६.१६. सम्बद्ध पक्षहरू बीच मूल्य हस्तान्तरण (ट्रान्सफर प्राइसिङ्ग), आयको खण्डीकरण र कर मुक्ति योजनाको प्रबन्ध हुने कार्यलाई रोकथाम गरी आर्म्स लेन्थ सिद्धान्तअनुरूप सही करारोपणका लागि विदेशी निकायबाट सूचना आदान प्रदान गर्न अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

६.१७. उत्पादनमूलक उद्योगहरूले कच्चा पदार्थको प्रतिलब्धि दर, नोक्सानी तथा जर्ती दावी जस्ता विषयहरूलाई यथार्थपरक बनाउन क्षेत्रगत विषयहरूको अध्ययन गरी सम्बन्धित नियमानकारी निकायसँग समेत समन्वय गरी खास मापदण्ड तय गरी राजस्व परिचालनमा सुधार गर्नुपर्दछ ।

६.१८. गैरकर राजस्वलाई लागत प्रभावी बनाई सेवाप्रवाह, लागत, सुविधा, प्रविधिको उपयोग र समयसमेतलाई ध्यान दिई समयानुकूल पुनरावलोकन गर्नुपर्दछ ।

७. **सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग -** सार्वजनिक निकायको स्वामित्वमा रहेका सम्पत्तिको अभिलेख, संरक्षण र उपयोगमा देहायबमोजिमका सुधार गर्नुपर्ने देखिन्छ

७.१. ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदाहरूको संरक्षण तथा उपयोग र सरकारी सार्वजनिक निकाय एवं विश्वविद्यालयको स्वामित्वमा रहेका सार्वजनिक जग्गाजमिनको अतिक्रमण हटाई संरक्षण गरिनुपर्दछ ।

७.२. सम्भव भएसम्म सार्वजनिक खरिद ऐन, २०६३ ले व्यवस्था गरेको बाई ब्याक मेथड खरिद विधि प्रयोग गरी सरकारी सवारीसाधनलगायतका पुराना सम्पत्ति व्यवस्थापन गर्ने र सम्भव नभए लिलाम बिक्री वा नष्ट गर्ने प्रक्रियालाई प्राथमकिताका साथ कार्यान्वयन गरिनुपर्दछ ।

७.३. सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीसम्बन्धी विद्युतीय प्रणालीलाई थप प्रभावकारी बनाई स्थानीय तहसम्म लागू गरी परम्परागत कागजातमा आधारित सम्पत्ति व्यवस्थापन प्रणालीलाई पूर्ण रूपमा विस्थापन गरिनुपर्दछ ।

७.४. सरकारी जग्गा तथा वन क्षेत्रको लिज, भोगाधिकार दिने तथा खानी उत्खनन्लगायत प्राकृतिक स्रोत साधनको उपयोगलाई व्यवस्थित गर्न स्पष्ट मापदण्ड तयार गरी सोको समुचित उपयोग र प्रतिफल प्राप्त हुने ढङ्गले व्यवस्थापन एवं अनुगमन गर्नुपर्दछ ।

७.५. राष्ट्रिय महत्वका अभिलेख, नक्सा, सन्धि सम्झौता तथा ऐतिहासिक दस्तावेजहरूलाई महत्वपूर्ण सम्पत्तिको रूपमा लिएर डिजिटाइजेसन गरी सुरक्षित गर्ने र त्यस्ता कागजातहरूलाई पाण्डुलिपिको रूपमा दीर्घकालसम्म रहने गरी कागजी रूपमै पनि सुरक्षित रहने गरी व्यवस्थापन गर्नुपर्दछ ।

७.६. सार्वजनिक प्रयोगको लागि अधिग्रहण गरिएका जग्गा जमिनको संरक्षण र उपयोग उद्देश्यबमोजिम भए नभएको नियमन गरिनुपर्दछ ।

• खर्च व्यवस्थापन

८. **खर्च नियन्त्रणः** अनुत्पादक खर्च नियन्त्रण गरी अधिक प्रतिफल प्राप्त हुने गरी खर्च व्यवस्थापन गर्न देहाय बमोजिम गर्नुपर्ने देखिन्छः

८.१. सार्वजनिक खर्चको कुशलतापूर्वक व्यवस्थापन गर्न चालु खर्चलाई वाञ्छित सीमाभित्र राख्ने प्रयास हुनुपर्दछ। सार्वजनिक ऋणलाई निश्चित सीमामा राख्ने र खर्चलाई प्रतिफलसँग आबद्ध गरी व्यवस्थापन गर्नुपर्दछ ।

८.२. मन्त्रालय तथा विभागबाट हुनसक्ने कार्यका लागि कोष, परिषद, आयोग, बोर्डजस्ता संस्था खडा गरिएकोमा खारेज गर्ने, गाभ्ने तथा प्रदेश र स्थानीय तहलाई तोकिएको कामको लागि संघीय सरकारको संरचना स्थापना गर्ने कार्य रोकिनुपर्दछ । साथै तीनै तहका सरकारसँग सम्बन्धित मन्त्रालय, विभाग तथा कार्यालय तहका सरकारी संयन्त्रलाई चुस्त र प्रभावकारी बनाउन संगठनात्मक सुधार गर्नुपर्दछ ।

८.३. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली २०७७ बमोजिम स्वीकृत बजेट, कार्यक्रम र उपलब्ध स्रोत समेतको आधारमा उच्च प्रतिफल र गुणस्तर कायम हुने गरी खर्च गर्न तथा वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्ने व्यवस्थाको प्रभावकारी तवरले कार्यान्वयन गर्नुपर्दछ ।

८.४. विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को महामारीको कारणले मुलुकको अर्थतन्त्र र सरकारी राजस्व आम्दानीमा ठूलो असर परेको छ । यस सन्दर्भमा अनुत्पादक खर्च नियन्त्रण गर्न सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शनलाई कडाइका साथ लागू गर्ने, महंगो सवारीसाधन खरिद नगर्ने, विविध खर्च नियन्त्रण गर्ने, बैठक, सभा सम्मेलन, भेला, वार्षिकोत्सव, विदेश भ्रमणलगायतमा हुने खर्चमा नियन्त्रण हुनुपर्दछ ।

८.५. सरकारी कार्यालय वा कर्मचारीले प्रयोग गर्ने भवन, अफिस कोठा, फर्निचर, उपकरण तथा सवारीसाधन सम्बन्धमा कार्यालयको आवश्यकता, कर्मचारी संख्या, कर्मचारीको स्तरसमेतलाई मध्यनजर गर्दै मापदण्ड निर्धारण गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनुपर्दछ ।

८.६. विद्यालय र विश्वविद्यालयका शिक्षकहरू तथा स्थानीय तहका कर्मचारीहरूको लागि समेत योगदानमा आधारित निवृत्तभरण प्रणाली लागू गर्नुपर्दछ ।

८.७. कार्यालय सञ्चालनका लागि आवश्यक पर्ने प्रशासनिक बजेट चालु बजेटमा विनियोजन गरी निर्माण कार्यको कन्टिन्जेन्सीबाट प्रशासनिक खर्च गर्ने परिपाटीको अन्त्य गर्नुपर्दछ ।

८.८. परामर्श सेवामा अत्यधिक खर्च भइरहेको परिप्रेक्षमा आयोजनाको ड्रइङ डिजाइन, लागत अनुमान तयारी, सर्वेक्षण, वित्तीय विवरण तयारी जस्ता कार्य विभागीय जनशक्तिबाट गराई वाह्य परामर्शदाताबाट गराउने परिपाटीको अन्त्य गरिनुपर्दछ ।

९. **सार्वजनिक खरिद व्यवस्थापन -** सार्वजनिक खरिद प्रक्रियालाई प्रतिस्पर्धी, स्वच्छ, जवाफदेही, पारदर्शी, मितव्ययी र गुणस्तरीय बनाउन देहायबमोजिमको सुधार गर्नुपर्ने देखिन्छः

९.१. खरिद कानूनमा व्यवस्था भएबमोजिम मालसामान, निर्माण कार्य र सेवाको आवश्यकता पहिचान, खरिद गुरु योजना तथा वार्षिक खरिद योजना तयारी गरिनुपर्दछ । योग्यताको आधार र स्पेशिफिकेशन तयार गर्दा केही निर्माण व्यवसायी, आपूर्तिकर्ता र परामर्शदातालाई मात्र अनुकूल हुने गरी तयार गर्ने, एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट कार्य थप गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

९.२. सार्वजनिक खरिद नियमावलीमा उल्लिखित सीमाभन्दा बढीको काम टुक्राटुक्रा पारी उपभोक्ता समितिलाई दिने, उपभोक्ता समितिहरूले निर्माण व्यवसायीबाट काम गराउने र बोलपत्रबाट खरिद गर्नुपर्ने सामान समेत उपभोक्ता समितिबाट सोझै खरिद गरेको देखिँदा यस्ता परिपाटी उपर कडाइका साथ नियन्त्रण

गर्नुपर्दछ । जटिल प्रकृतिका मेसिन प्रयोग गर्नुपर्ने काम उपभोक्ता समितिबाट गराउनु हुँदैन । सरकारी कोषबाट भुक्तानी लिने गरी उपभोक्ता समितिले गर्ने काममा सार्वजनिक खरिद कानूनको पालना हुनुपर्ने र लेखापरीक्षण सम्बन्धमा अनिवार्य व्यवस्था हुनुपर्दछ ।

९.३. विस्तृत परियोजना प्रतिवेदन तयारी, जग्गा प्राप्ति, रुख कटान, विद्युत पोलको स्थानान्तरण, वातावरणीय प्रभाव मूल्याङ्कन र सरोकारवालासँग समन्वयलगायतका सबै पूर्व तयारीका कार्य गरेपश्चात मात्र खरिद व्यवस्थापनको कार्य गर्नुपर्दछ ।

९.४. नेपालभरको निर्माण व्यवसायीले सम्पादन गरिरहेका ठेक्काको विवरण खुल्ने खरिद व्यवस्थापन सूचना प्रणालीको विकास गरी निर्माण व्यवसायीको स्रोत साधन परिचालनको आवधिक मूल्याङ्कन हुने व्यवस्था गर्ने र त्यस्ता व्यवसायीको कार्य संलग्नता एवं प्रगति र स्वामित्वमा रहेका उपकरण, चालु पुँजी, दक्ष जनशक्ति, अनुभव र व्यवस्थापकीय क्षमताको आधारमा निर्माण व्यवसायीले गर्नसक्ने कामको अधिकतम सीमा निर्धारण गर्ने नीति लिनुपर्दछ ।

९.५. सार्वजनिक खरिद प्रणालीको चरणहरू र कार्यप्रक्रिया व्यवस्थित गर्न सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्देशिका जारी गर्नुपर्दछ । उक्त निर्देशिकामा खरिदका नवीनतम मोडालिटीहरू जस्तै सार्वजनिक निजी साझेदारी, निर्माण स्वामित्व सञ्चालन हस्तान्तरण (बुट), इन्जिनियरिङ प्रोक्योरमेण्ट कन्ट्र्याक्ट एवं सञ्चालन तथा वित्तीय लिजको प्रस्ताव आह्वान एवं मूल्याङ्कन प्रक्रियासमेत समावेश गरिनुपर्दछ ।

९.६. बोलपत्रमा अत्यधिक न्यून दर कबोल गरेको कारण कामको गुणस्तरमा समस्या देखिएको एवं ठेक्का अधुरो छाडने प्रवृत्ति बढ्दै गएकोले सोलाई निराकरण गर्न न्यूनतम र अधिकतम कबोल गर्नेको बोलपत्रलाई हटाई बाँकी बोलपत्रको कबोल अङ्कलाई औसत गर्दा हुने रकमसँग नजिक कबोल अङ्क रहेको बोलपत्र स्वीकृत गर्ने कानूनी व्यवस्था हुनुपर्दछ ।

९.७. प्रदेश तथा स्थानीय तहले सार्वजनिक खरिदको कानूनी व्यवस्था गर्दा वर्तमान सार्वजनिक खरिद ऐनले अनुसरण गरेका सिद्धान्त र मान्यतामा प्रतिकूल नहुने व्यवस्था मिलाउनुपर्दछ । सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेका बोलपत्रसम्बन्धी कागजातहरू प्रदेश र स्थानीय तहले समेत कार्यान्वयन गर्नुपर्दछ ।

९.८. बोलपत्र वा प्रस्ताव मूल्याङ्कनबाट छनौट भएका आपूर्तिकर्ताहरूको कबोल मूल्यमा देशभरका सबै कार्यालयहरूले संरचनात्मक करार सम्झौता गरी तोकिएको मूल्यमा खरिद गर्न सक्ने व्यवस्था गर्नुपर्दछ।

९.९. विद्युतीय खरिद प्रणाली अनिवार्य रूपमा लागू गरी दातृ निकाय तथा राष्ट्रबाट गरिने खरिदमा समेत सो प्रणाली प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ । ठेक्काको कार्यान्वयन र भुक्तानीमा समेत उक्त प्रणाली प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

९.१०. खरिद एक प्राविधिक विषय भएकोले सार्वजनिक खरिद प्रक्रियामा संलग्न हुने कर्मचारिको दक्षता वृद्धि गरिनुपर्दछ ।

९.११. खरिद प्रक्रियामा हुने ढिलाइलाई न्यून गर्न बजेट सुनिश्चितताको आधारमा खरिद पूर्वका क्रियाकलापहरू जस्तै मानव संसाधनको तयारी, कार्यस्थल तयारी, ड्रइङ/डिजाइन तथा लागत अनुमान तयारी, बोलपत्र कागजात, सूचना प्रकाशन जस्ता कार्यहरू समयमै गरिनुपर्दछ ।

९.१२. भेरिएसन पश्चात् कार्य सम्पादन जमानतको रकम थप गर्ने वा नगर्ने तथा भेरिएसन जारी गर्दा प्रतिशतको आधारमा स्वीकृत गर्ने अधिकारी तोकिएको भए पनि प्रतिशत निर्धारण लागत अनुमान वा सम्झौता रकमका आधारमा गर्ने सम्बन्धमा अन्यौलता रहेकोले कानूनी स्पष्टता हुनुपर्दछ ।

९.१३. स्वदेशी वा विदेशी फर्मसंग ज्वाइन्ट भेन्चर गरी निर्माण कार्य गर्नको लागि छनौट हुने तर कम अनुभव भएको वा स्वदेशी फर्ममात्र संलग्न भई निर्माण कार्य गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न ज्वाइन्ट भेन्चर सम्बन्धी स्पष्ट व्यवस्था गर्नुपर्दछ । साथै एक प्रयोजनका लागि खडा गरिएको ज्वाइन्ट भेन्चरले निरन्तर कार्य गर्ने व्यवस्था अन्त्य गर्नुपर्दछ ।

९.१४. सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा विभिन्न श्रेणीका पदाधिकारीलाई खरिदसंग सम्बन्धित कार्य गर्ने अधिकार दिएको छ । प्रदेश तथा स्थानीय तहमा सोबमोजिमका पदाधिकारीहरू नहुने भएकाले अन्यौल रहेको छ । निकायको प्रकृतिअनुसार अधिकार सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था गर्नुपर्दछ ।

१०. **अनुदान -** कृषि, उद्योग तथा सेवा क्षेत्रलाई प्रोत्साहन गर्न अनुदान दिने र कमजोर वर्गलाई सहायता दिने परिपाटीलाई व्यवस्थित गर्न निम्नानुसार सुधार गर्नुपर्ने देखिन्छ :

१०.१. अनुदान तथा सहायता उपलब्ध गराउने कार्य आवश्यकतामा आधारित हुनुपर्दछ । अनुदान तथा सहायता प्रदान गर्दा राजस्व आम्दानी हुने, उत्पादकत्व वृद्धि गर्ने, क्षमता विकास हुने, रोजगारी सिर्जना हुने, पुँजी निर्माण हुने, सामाजिक आर्थिक रुपान्तरण हुने, व्यावसायिक दक्षता अभिवृद्धि हुने जस्ता पक्षमा ध्यान दिई सोको उपलब्धि सुनिश्चित हुने व्यवस्था मिलाउनुपर्दछ । वर्तमानमा रहेको आगत (इन्पुट) मा अनुदान दिने परिपाटीलाई अन्त्य गरी नतिजामा आधारित अनुदान प्रदान गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

१०.२. तीनै तहका सरकारबाट अनुदान र सहायता वितरण गर्ने परिपाटीमा बढोत्तरी भएको अवस्थालाई मध्यनजर गरी अनुदान र सहायता वितरणका लागि स्पष्ट कानूनी व्यवस्था हुनुपर्दछ ।

१०.३. अनुदान तथा सहायतामा संघ, प्रदेश र स्थानीय तहबाट दोहोरोपना नहुने, लाभग्राही छनौट पारदर्शी हुने, उपभोगका लागि अनुदान तथा सहायता प्रदान नगर्ने, सधै एउटै लाभग्राही लाभान्वित नहुने, अनुदानबाट व्यक्ति विशेषले भन्दा समुदायले लाभ लिने, लागत सहभागिताका आधारमा मात्र अनुदान प्रदान गर्ने जस्ता विषयलाई ध्यान दिई सोको लागि वस्तुगत मापदण्ड तथा विधि तय गर्नुपर्दछ । अनुदान र सहायताको विवरण सार्वजनिक गरी यसलाई पारदर्शी, मितव्ययी र जवाफदेही बनाउनुपर्दछ ।

१०.४. अनुदान तथा सहायता उपयोगको निरन्तर अनुगमन गर्नुपर्दछ । अनुदानबाट उत्पादन तथा उत्पादकत्वमा योगदान पुगेको र जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन आए नआएको सन्दर्भमा मूल्याङ्कन गर्नुपर्दछ । अनुगमन तथा मूल्याङ्कनको नतिजाका आधारमा अनुदान कार्यक्रम र कार्यविधिमा सुधार गर्नुपर्दछ ।

१०.५. नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई र प्रदेश सरकारले स्थानीय तहलाई अनुदान उपलब्ध गराउँदा उक्त तहको खर्चको आवश्यकता तथा राजस्व क्षमताका आधारमा उपलब्ध गराइने वित्तीय समानीकरणको हिस्सा वृद्धि गर्ने र सशर्त, समपूरक र विशेष अनुदानको हिस्सा कम गर्दै जानुपर्दछ । आन्तरिक आयबाट आत्मनिर्भर हुने स्थानीयतहलाई समेत समानरूपमा अनुदान दिने परिपाटी पुनरावलोकन गर्नुपर्दछ ।

• सेवा प्रवाह

११. **सार्वजनिक सेवा प्रवाह -** सार्वजनिक निकायले उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न देहायबमोजिमका सुधार गर्नुपर्दछः

११.१. सेवा प्रवाहको समय, दूरी र लागत घटाउने तथा त्यस्तो सेवा प्रवाहलाई सुरक्षित, भरपर्दो र दिगो बनाउन विद्युतीय तथा मोबाइल गभर्नेन्ससँग आबद्ध गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

११.२. सेवाग्राहीसँगको प्रत्यक्ष सम्पर्कका कारण सेवा प्रवाहमा हुने अनियमितता, ढिलासुस्ती, मोलाहिजा, व्यक्तिगत सम्बन्धका आधारमा प्राथमिकता र अधिकारको दुरुपयोगलगायतका गलत क्रियाकलाप नियन्त्रणका लागि विद्युतीय शासनको अवधारणाअनुरूप सूचना प्रविधि प्रणालीमा आधारित कागजरहित एवं फेसलेस सेवा प्रवाह गर्नुपर्दछ ।

११.३. सेवा प्रवाहमा संलग्न पदाधिकारी र जनशक्तिको विद्यमान घुमाउरो उत्तरदायित्व प्रणाली अन्त गरी सेवाग्राहीप्रति सीधै उत्तरदायी र जवाफदेही हुनुपर्ने प्रणाली लागू गर्नुपर्दछ । यसका लागि गुनासो व्यवस्थापनमा सामाजिक सञ्जाल र विद्युतीय माध्यमको प्रयोग गरी अनुगमन मूल्याङ्कन प्रणालीलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्नुपर्दछ ।

११.४. क्षतिपूर्तिसहितको नागरिक बडापत्र राखी सोबमोजिम सार्वजनिक निकायले सेवाप्रवाह गरे नगरेको, समयमै सेवा प्रवाह नगरेकोमा सेवाग्राहीलाई क्षतिपूर्ति दिने व्यवस्था लागू भए नभएको सम्बन्धमा प्रभावकारी अनुगमन हुनुपर्दछ ।

११.५. सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, सेवाग्राही सन्तुष्टि सर्वेक्षण, पत्रकार सम्मेलनका माध्यमबाट सार्वजनिक सेवाका सम्बन्धमा पृष्ठपोषण लिई सेवा प्रवाह सुदृढीकरण गर्नुपर्दछ।

११.६. सामाजिक सुरक्षा कार्यक्रम खण्डीकृत रूपमा विभिन्न निकायबाट सञ्चालित भएकोले सोलाई निराकरण गर्न सामाजिक सुरक्षासम्बन्धी एकीकृत नीति तयार गरी एक सामाजिक सुरक्षा समन्वय एकाइ स्थापना गरी सोमार्फत् सम्पूर्ण सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

११.७. सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन चक्रीय समय प्रणाली, टोकन प्रणाली, लेआउट व्यवस्थापन र हेल्पडेस्क, कार्यविधि, प्रक्रिया एवं फाराम सरलीकरणलगायतका व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्दछ ।

११.८. निजी तथा सार्वजनिक स्वास्थ्य सेवा प्रवाह गर्ने अस्पताल, क्लिनिक तथा विद्यालयहरूको सेवा सञ्चालन मापदण्ड, गुणस्तर र शुल्क निर्धारण गरी अधिकार क्षेत्रअनुसार संघ, प्रदेश र स्थानीय तहले नियमित अनुगमन गर्नुपर्दछ ।

११.९. सेवा प्रवाहमा सिर्जनशीलता र नवीन प्रविधिको प्रयोग बढाउने, अन्तर्राष्ट्रिय अनुभवको आदान-प्रदान तथा असल अभ्यासलाई सेवा प्रवाहको अवस्था हेरी प्रयोगमा ल्याउनुपर्दछ । संघ, प्रदेश र स्थानीय तह तथा अन्य सार्वजनिक निकायले गर्नुपर्ने सेवाप्रवाहमा दोहोरोपना नहुने व्यवस्था मिलाउनुपर्दछ ।

१२. **सूचना प्रविधिको उपयोग -** सूचना प्रविधिको उपयोग गरी संघ, प्रदेश र स्थानीय तहका निकायबाट प्रवाह हुने सेवा स्वच्छ, पारदर्शी र विश्वसनीय बनाउने सन्दर्भमा देहायबमोजिम सुधारहरू गर्नुपर्ने देखिन्छः

१२.१. संघ, प्रदेश र स्थानीय तहका निकायबाट प्रवाह हुने सबै सेवाहरूलाई सर्वसुलभ, भरपर्दो, विश्वसनीय र मितव्ययी बनाउन सूचना प्रविधिको उपयोगमा जोड दिनुपर्दछ ।

१२.२. सरकारी निकायहरूले प्रयोगमा ल्याएका सूचना प्रणालीहरूको अभिलेख राख्ने, प्रणालीलाई एकीकृत गरी नियमन गर्ने तथा निकायगत अन्तरसम्बन्धित सूचना आदानप्रदान एवं उपयोग गर्न सक्ने प्रणालीको विकास गर्नुपर्दछ ।

१२.३. सुचना प्रविधिको प्रयोगका लागि खरिद गरिने सफ्टवयर तथा उपकरणको प्राविधिक तथा सेक्युरिटि अडिट अनिवार्य गरी तोकिएको मापदण्ड बमोजिम सफ्टवयर निर्माण भएको सुनिश्चित गरे पश्चात् मात्र कार्यान्वयन गर्नुपर्दछ । एकीकृत कार्यालय व्यवस्थापन प्रणालीको कार्यान्वयन गरी कागजरहित सरकारको अवधारणालाई मूर्तरूप दिनुपर्दछ ।

१२.४. कार्य सञ्चालनमा एकरूपता ल्याउन निकायको कार्यप्रकृतिअनुरूप आवश्यक पर्ने सफ्टवेयर विकास गरी संघ, प्रदेश र स्थानीयतहका निकायले प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ । कार्यालयपिच्छे सफ्टवयर खरिद गर्ने कार्यलाई निरुत्साहित गर्नुपर्दछ ।

१२.५. विद्युतीय र डिजिटल कारोबार सञ्चालनलाई व्यवस्थित र विश्वसनीय बनाउन उपयुक्त कानूनी व्यवस्थाको तर्जुमाका साथै विद्युतीय हस्ताक्षरसम्बन्धी व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

१२.६. सरकारी निकायले छुट्टाछुट्टै डाटा सेन्टर सञ्चालन गर्ने कार्य आर्थिक, प्राविधिक एवं सुरक्षाको दृष्टिकोणले समेत चुनौतीपूर्ण देखिएकाले सरकारी एकीकृत डाटा सेन्टरलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप विकास गरी सबै सरकारी निकायले प्रयोग गर्ने अनिवार्य व्यवस्था मिलाउनुपर्दछ ।

१३. **संस्थान व्यवस्थापन -** सार्वजनिक संस्थानको वित्तीय व्यवस्थापनमा देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छः

१३.१. सार्वजनिक संस्थानको कार्यकुशलता अभिवृद्धि गरी प्रभावकारी रूपमा सञ्चालन र व्यवस्थापन गर्न संस्थान सञ्चालनको स्पष्ट नीति, एकीकृत कानून, रणनीतिक योजना तथा व्यावसायिक कार्ययोजना तर्जुमा गरी कार्यन्वयन गर्नुपर्दछ ।

१३.२. संस्थान सञ्चालक समितिमा व्यावसायिक दक्षता भएका विशेषज्ञलाई जिम्मेवारी दिने र व्यावसायिक कार्य योजनाको आधारमा प्रतिस्पर्धा गराई कार्यकारी प्रमुखको नियुक्ति गर्ने र कार्यकारी प्रमुखसँग कार्य सम्पादन करार गरी वार्षिक कार्यसम्पादन मूल्याङ्कनका आधारमा निरन्तरता दिने वा नदिने व्यवस्था मिलाउनुपर्दछ ।

१३.३. संस्थानको व्यावसायिक कार्ययोजना, कार्यक्षेत्र र कार्यबोझका आधारमा नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कर्मचारीको पद तथा संख्या यकिन गर्नुपर्दछ । कर्मचारीले सम्पादन गर्नुपर्ने कार्य विवरण

एवं कार्यसम्पादन सूचकका आधारमा कर्मचारीको मूल्याङ्कन गरी वृत्ति विकाससँग आबद्ध गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१३.४. सार्वजनिक संस्थानमा सरकारले गरेको शेयर तथा ऋण लगानी, ब्याज तथा लाभांश प्राप्तिको लेखाङ्कनलाई नियमित भिडान गरी अद्यावधिक गर्नुपर्दछ । वित्तीय योजना तयार गरी नेपाल सरकारलाई तिर्नुपर्ने ऋणको साँवा ब्याज समयमै भुक्तानी गर्नुपर्दछ ।

१३.५. सार्वजनिक संस्थानले प्रदान गर्ने सेवा, प्रतिस्पर्धात्मक क्षमता, सञ्चालन लागत एवं सान्दर्भिकता विश्लेषण गरी सञ्चालनमा रहेका संस्थानमध्ये सरकारी संलग्नता कायमै हुनुपर्ने, विनिवेश गर्नुपर्ने, व्यवस्थापन करार, नीजि क्षेत्रलाई सञ्चालन गर्न दिने, गाभ्ने वा खारेज गर्ने सम्बन्धमा स्पष्ट प्रारूपसहितको प्राथमिकता निर्धारण गर्नुपर्दछ ।

१३.६. संस्थानमा आर्थिक अनुशासन कायम गर्न नेपाल वित्तीय प्रतिवेदन मान पूर्णरूपमा कार्यान्वयन गरिनुपर्दछ। आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाई समयमै अन्तिम लेखापरीक्षण सम्पन्न गर्नुपर्ने र लेखापरीक्षणबाट देखिएका ब्यहोरा कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१३.७. सार्वजनिक संस्थानको स्वामित्वमा भएका जग्गा, जमिन, भवनलगायतका सम्पत्तिको उचित संरक्षण र उपयोग गर्दै सोको व्यवस्थित अभिलेख राखी नियमित प्रतिवेदन गर्नुपर्दछ ।

१३.८. संस्थानको सञ्चालन खर्चलाई वाञ्छित सीमाभित्र राख्न उपयुक्त नियन्त्रण पद्धति अवलम्बन गर्नुपर्दछ । प्रविधिमा आएको परिवर्तनसँगै संस्थानको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी पुनरावलोकन गर्नुपर्दछ ।

१३.९. निजीकरण गरिएका संस्थानमा समाधान हुन नसकेका विवाद निरुपण गर्नुपर्दछ । निजीकरण गरिएका संस्थानको सम्झौतामा उल्लिखित प्रावधान कार्यान्वयनको नियमित अनुगमन गर्नुपर्दछ । खारेज भएका वा सञ्चालनमा नरहेका संस्थानको मेसिनरी औजार, जग्गा, भवन, तथा उपकरणको लगत लिई उपयोगको व्यवस्था गर्नुपर्दछ ।

१४. **मानव संसाधन व्यवस्थापन -** संघ प्रदेश र स्थानीय तहमा मानवीय संसाधन व्यवस्थापनसँग सम्बन्धित देहायको सुधार गर्नुपर्ने देखिन्छ ।

१४.१. उपयुक्त व्यक्तिलाई उपयुक्त समय र स्थानमा पदस्थापनाको सिद्धान्तको व्यावहारिक प्रयोग गर्ने, कर्मचारी उत्प्रेरणा र मनोबल अभिवृद्धि गर्ने, सरुवा तथा बढुवालाई अनुमानयोग्य बनाउने र नेतृत्व क्षमता मूल्याङ्कन गरी विभागीय प्रमुख, आयोजना प्रमुखलगायतको जिम्मेवारी दिने व्यवस्था अवलम्बन गर्नुपर्दछ ।

१४.२. मानव संसाधन व्यवस्थापनमा रहेका समस्याहरू समाधान गर्न समसामयिक मानव संसाधन नीति, रणनीति एवं कार्यनीतिको व्यावहारिक कार्यान्वयनमा जोड दिने, सबै तहका सरकारबाट सुस्पष्ट मार्गचित्र सहितको एकीकृत मानव संसाधन विकास र व्यवस्थापन योजना निर्माण गर्नुपर्दछ ।

१४.३. प्रदेश र स्थानीय तहमा दरबन्दीबमोजिम जनशक्तिको पदपूर्ति यथासमयमा हुन नसकेकोले विकास निर्माणलगायतका कार्य सम्पादन गर्न सम्बन्धित क्षेत्रका प्राविधिकको कमी उल्लेखनीय रहेको स्थिति छ। तसर्थ दरबन्दी पुनरावलोकन गरी आवश्यक दरबन्दीअनुसार पदपूर्ति गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१४.४. प्रतिस्पर्धात्मक तवरले काम गर्न सक्ने ज्ञान, सीप तथा क्षमताको विकास गर्ने स्वदेशी तथा विदेशी तालिम प्रदान गरी त्यस्ता जनशक्तिको प्रभावकारी तवरले उपयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ । निजामती कर्मचारीको राष्ट्रिय तालिम नीति परिमार्जन गरी तालिमलाई ब्यावसायिक बनाउनुपर्दछ । राष्ट्र सेवकमा विषय सान्दर्भिक अद्यावधिक ज्ञान र सीपलाई निरन्तरता दिन र कुशलता अभिवृद्धिका लागि हरेक वर्ष न्यूनतम समयावधिको तालिम लिनुपर्ने व्यवस्था गर्नुपर्दछ ।

१४.५. निजामती सेवा र अन्य सरकारी सेवाको जनशक्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनुपर्दछ । विश्वविद्यालयको पाठ्यक्रममा निजामती वा अन्य सरकारी सेवामा आवश्यक पर्ने ज्ञान र सीप समावेश गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१४.६. निजामती र अन्य सरकारी सेवाबाट अवकाश प्राप्त जनशक्तिको ज्ञान, सीप र अनुभवलाई सरकारी सेवामा उपयोग गर्ने नीतिगत तथा कानूनी व्यवस्था मिलाउनुपर्दछ ।

१४.७. भविष्यमा आवश्यक पर्ने जनशक्तिको वैज्ञानिक प्रक्षेपण गरी सोहीबमोजिम जनशक्ति उत्पादन हुने व्यवस्था मिलाउनुपर्दछ ।

• लेखाङ्कन तथा प्रतिवेदनर आन्तरिक नियन्त्रण

१५. **लेखाङ्कन तथा प्रतिवेदन -** आर्थिक कारोबारको लेखा राख्ने र सरोकारवालाको आवश्यकताअनुरूप प्रतिवेदन गर्ने व्यवस्थामा देहायको सुधार गर्नुपर्दछ ।

१५.१. सरकारले अपनाएको नगदमा आधारित नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेप्सास) लाई अन्तर्राष्ट्रिय सार्वजनिक क्षेत्र लेखामान (इप्सास) मा भएको परिवर्तनबमोजिम अद्यावधिक गर्नुपर्दछ । नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेप्सास) को आधारमा महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्दछ । साथै कार्यात्मक वर्गीकरण, दिगो विकास लक्ष्य संकेत, लैंगिक उत्तरदायी बजेट संकेत, जलवायु परिवर्तन बजेट संकेतसमेतको आधारमा लेखाङ्कन र विवरण प्रस्तुत गर्ने व्यवस्था गर्नुपर्दछ।

१५.२. नगदमा आधारित लेखाप्रणालीले सबै वित्तीय कारोबारलाई समेटी समग्र आर्थिक अवस्था र वित्तीय कार्य सम्पादनलाई प्रस्तुत र चित्रण गर्न नसक्ने भएकोले नेपाल सरकारको नगदमा आधारित लेखा प्रणालीलाई सुधार गरी प्रोदभावी आधारको लेखा प्रणालीमा रुपान्तरण गर्ने तर्फ आवश्यक कार्य गर्नुपर्दछ ।

१५.३. राज्यका तीनवटै तहका सरकार र ती सरकारअन्तर्गतका सबै बजेटरी तथा गैर बजेटरी निकायहरूको कारोबारलाई समेटी एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ । वित्तीय हस्तान्तरणअन्तर्गत अनुदान निकासा गर्दा खर्च लेखाङ्कन हुने तर खर्च नभएको रकम आर्थिक वर्ष समाप्त भएपछि सम्बन्धित सरकारको सञ्चित कोषमा मौज्दात रहने भएकाले राजस्व र खर्च रकम यथार्थपरक नहुने अवस्थालाई निराकरण गर्न दोहोरो लेखाङ्कनलाई घटाई समायोजन गर्न उपयुक्त विकल्प प्रयोगमा ल्याउनुपर्दछ ।

१५.४. सबै सरकारी सम्पति तथा जायजेथा र दायित्वको विवरण एकीकृत गरी लेखाङ्कन तथा प्रतिवेदन गर्नु पर्दछ । बहुवर्षीय आयोजनाबाट वा अन्य तरिकाबाट सिर्जना हुने दायित्व तथा प्रतिवद्धताको लेखा राख्ने व्यवस्था गर्नुपर्दछ । साथै सरकार जमानत बसेको ऋणको समेत लेखाङ्कन गर्ने व्यवस्था हुनुपर्दछ ।

१५.५. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम बीच हुने राजस्व तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रकमका लागि खडा गरिएका विभाज्य कोषमा जम्मा हुने रकम तोकिएकै समयमा सबै तहमा बाँडफाँट गरी वर्षान्तमा रकम मौज्दात नरहने व्यवस्था मिलाउनुपर्दछ । संघ प्रदेश र स्थानीयतहको साझा अधिकार अन्तर्गत सङ्कलन भएको राजस्व सम्बन्धित विभाज्यकोषमा जम्मा हुनुपर्नेमा आफ्नै सञ्चित कोषमा जम्मा गर्ने गरेको समेत देखिएको छ । अतः यस्तो राजस्व विभाज्य कोषमा दाखिला गरी बीच गर्नुपर्दछ।

१५.६. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले तोकेबमोजिम सबै तहहरूको वित्तीय सूचना समावेश भएको एकीकृत वित्तीय विवरण अर्थ मन्त्रालयबाट प्रमाणित गरी पेस गर्ने व्यवस्था गर्नुपर्दछ। वित्तीय विवरण प्रकाशन गर्दा महालेखापरीक्षकको रायसहितको लेखापरीक्षण प्रतिवेदन र निजबाट प्रमाणित वित्तीय विवरणहरू संलग्न गरी प्रकाशन गर्ने व्यवस्था गर्नुपर्दछ ।

१५.७. लेखासम्बन्धी कागजात कम्प्युटरमा आधारित एकीकृत सरकारी लेखाप्रणाली (सिग्यास) प्रणालीमा अपलोड हुने व्यवस्था मिलाई कागजरहित लेखाप्रणालीको शुरुवात गरिनुपर्दछ । लेखाका आधारभूत विवरण स्वचालित रूपमा तयार हुने व्यवस्था गर्नुपर्दछ ।

१५.८. नेपालमा सार्वजनिक क्षेत्रमा सार्वजनिक वित्तसम्बन्धी दक्ष जनशक्तिको व्यवस्था गर्न वित्त व्यवस्थापन विज्ञ प्रमाणीकरण गर्ने तथा आर्थिक प्रशासनका जनशक्तिको क्षमता अभिवृद्धि गर्न उपयुक्त संरचना तथा नियमनको व्यवस्था मिलाउनुपर्दछ ।

१५.९. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा पेश्कीलाई बेरुजू नमान्ने व्यवस्था गरेको तर सरकारी कार्यालयले प्रदान गरेका प्रत्येक पेश्कीको खाता उतार गरी एकीकृत विवरण तयार गर्ने एवं प्रत्येक पेश्की जिम्मेवारी प्रमाणित गर्ने प्रयोजनको लागि बेग्लै फारम तयार गर्नुपर्दछ ।

१५.१०. संघीयताको सन्दर्भमा संघ, प्रदेश र स्थानीयतहलाई समेट्ने गरी एकीकृत सार्वजनिक वित्तीय व्यस्थापन सुधार रणनीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१६. **आन्तरिक नियन्त्रण एवं आन्तरिक लेखापरीक्षण -** सार्वजनिक स्रोत साधनको प्रभावकारी उपयोगको लागि आन्तरिक नियन्त्रण प्रणाली एवं आन्तरिक लेखापरीक्षणमा देहायको सुधार गर्नुपर्ने देखिन्छः

१६.१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिमको सबै तहका सरकार मातहतका कार्यालयले आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण समितिलाई सक्रिय बनाउनुपर्दछ । सबै सार्वजनिक निकायले आफ्नो सञ्चालनको उद्देश्य, कानूनको परिपालना र प्रतिवेदनसम्बन्धी उद्देश्यहरू प्राप्त गर्ने क्रममा आइपर्न सक्ने जोखिमको पहिचान गर्ने, आँकलन गर्ने, तिनको विश्लेषण गरी प्राथमिकताको आधारमा ती विषयलाई व्यवस्थापन गर्न आवश्यक आन्तरिक नियन्त्रण प्रणालीको विकास गर्नुपर्दछ ।

१६.२. सबै तहका सार्वजनिक जवाफदेहीको पदमा बहाल पदाधिकारीहरूका लागि प्रचलित ऐन कानूनमा उल्लेख भएका आचरणगत व्यवस्थाका अतिरिक्त आफ्नो कार्यालयको प्रकृतिअनुरूपको आचारसंहिता जारी गरी सोको कडाइका साथ परिपालना एवं अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्दछ । सार्वजनिक पदाधिकारी वित्तीय, पारिवारिक वा व्यावसायिकलगायतका स्वार्थ बाझिने क्रियाकलापमा संलग्न हुन नपाउने व्यवस्था गर्नुपर्दछ ।

१६.३. स्थानीय तहलगायत विश्वविद्यालय, समिति, बोर्ड, संगठित संस्थालगायत सार्वजनिक संस्थामा प्रभावकारी आन्तरिक लेखापरीक्षणको व्यवस्था गर्नुपर्दछ । आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन अन्तर्राष्ट्रिय असल अभ्याससमेतको आधारमा व्यवस्थापकीय तथा सञ्चालनगत जिम्मेवारीबाट स्वतन्त्र राख्न कानूनी र संरचनागत सुधार गर्नुपर्दछ ।

१६.४. आन्तरिक लेखापरीक्षण मानदण्ड र निर्देशिकाको विकास गरी प्रभावकारी तवरले कार्यान्वयन गर्ने, कर्मचारीको क्षमता विकास गर्ने, लेखापरीक्षण कार्यको अनुगमन निरीक्षण एवं सुपरिवेक्षण गर्ने, लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका विषयहरू आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण समितिमा छलफल गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा तोकिए बमोजिम समयमै फर्स्यौट गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१६.५. आन्तरिक लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्दै अन्तिम लेखापरीक्षण र आन्तरिक लेखापरीक्षण बीचको समन्वय बढाउनुपर्दछ । अन्य मुलुकको असल अभ्याससमेत विचार गरी महालेखापरीक्षकले आन्तरिक लेखापरीक्षकमार्फत् कतिपय कार्यहरू सम्पादन गर्न सक्ने गरी कानूनी व्यवस्था गरिनुपर्दछ।

• लेखापरीक्षण एवं नियमन

१७. **अन्तिम लेखापरीक्षण -** लेखापरीक्षणको गुणस्तर र प्रभाव अभिवृद्धि गर्न अन्तिम लेखापरीक्षणमा देहाय बमोजिम सुधार गर्नुपर्ने देखिन्छः

१७.१. सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठनको लिमा तथा मेक्सिको घोषणा र विभिन्न समयमा संयुक्त राष्ट्रसंघको महासभाले पारित गरेका प्रस्तावहरूले सम्बोधन गरेबमोजिम सर्वोच्च लेखापरीक्षण संस्थालाई वित्तीय एवं प्रशासनिक र कार्यात्मक स्वतन्त्रता कायम गर्न आवश्यक स्रोत साधन उपलब्ध हुने अवस्था सिर्जना गर्न विशेष प्रयास गर्नुपर्ने अवस्था छ ।

१७.२. जोखिममा आधारित लेखापरीक्षणको अवधारणाको प्रभावकारी कार्यान्वयन गर्ने, कार्यमूलक लेखापरीक्षणको दायरा विस्तार गर्ने र परिपालनाको बेग्लै लेखापरीक्षण गरी प्रतिवेदन गर्ने व्यवस्था मिलाउनुपर्दछ । सूचना प्रविधिको उच्चतम प्रयोग गरी दूर लेखापरीक्षण (रिमोट अडिट) पद्धतिअनुरूप लेखापरीक्षण गर्ने व्यवस्था गर्नुपर्दछ ।

१७.३. लेखापरीक्षणको विश्वसनीयता तथा प्रभावकारिता अभिवृद्धि गर्न कार्यालयबाट सम्पादन गरिने लेखापरीक्षण तथा अन्य कार्यहरूमा नागरिक समाज र सरोकारवालाको संलग्नतालाई बढाउनुपर्दछ। नागरिक समाजका संस्थाहरूसँग सहकार्य गर्दै सूचना तथा प्रमाण सङ्कलन र आदान प्रदान गर्न मोबाइल प्रविधि लगायतका पछिल्ला चरणमा विकास भएका प्रविधिको प्रयोग गर्नुपर्दछ ।

१७.४. महालेखापरीक्षकको कार्यालयबाट नियमित र परम्परागतरूपमा हुँदै आएको वित्तीय र परिपालना लेखापरीक्षणका अतिरिक्त सामयिक लेखापरीक्षण, विधि विज्ञान लेखापरीक्षण, विपद् तथा महामारीको लेखापरीक्षण, वातावरणीय लेखापरीक्षण, दिगो विकास लक्ष्य कार्यान्वयनलगायत अन्य समसामयिक र नवीनतम विषयहरूको विशेष लेखापरीक्षण गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१७.५. लेखापरीक्षणमा पेशागत विशेषज्ञहरूको संलग्नता बढाउने र निर्माण कार्यलगायतका अन्य प्राविधिक कार्यको गुणस्तर जाँच गर्न कार्यालयको आफ्नै प्रयोगशालाको व्यवस्था गर्नेतर्फ विचार गर्नुपर्ने अवस्था छ । यसका लागि लेखापरीक्षण अभिलेखालय तथा उत्कृष्टता केन्द्रको स्थापनालगायतको भौतिक पूर्वाधारको व्यवस्था मिलाउनुपर्दछ ।

१७.६. लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न लेखापरीक्षणमा संलग्न हुने कर्मचारीको क्षमता विकासलाई उच्च महत्व दिँदै आवश्यक स्रोत साधनको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

१७.७. वित्तीय विवरण तथा लेखा समयमा उपलब्ध नगराउने, लेखासँग सम्बन्धित कागजात पेस नगर्ने, तत्सम्बन्धी सूचना उपलब्ध नगराउने, तोकिएको ढाँचामा लेखा नराख्ने र लेखापरीक्षण नगराउनेलाई लेखापरीक्षण ऐनबमोजिम कारबाही गर्ने, लेखापरीक्षणबाट देखिएको कैफियत तथा सुझाव कार्यान्वयन सम्बन्धमा जिम्मेवार व्यक्तिले गरेको कार्यको प्रगति विवरण लिई सोको जाँच गरी प्रतिवेदन गर्ने व्यवस्था गर्नुपर्दछ ।

१७.८. महालेखापरीक्षकबाट पेस हुने वार्षिक प्रतिवेदन, प्रदेशको काम कारबाहीबारेको प्रतिवेदन तथा स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन समयमै सबै तहको सम्बन्धित व्यवस्थापिकीय अङ्गमा पेस गर्ने र छलफल हुने व्यवस्था गर्नुपर्दछ । प्रतिवेदनका महत्वपूर्ण विषयका सम्बन्धमा सार्वजनिक लेखा समितिलगायतमा पूर्व छलफल गर्ने, समन्वय तथा सहकार्य गर्ने व्यवस्था गर्नुपर्दछ ।

१७.९. लेखापरीक्षण कार्यमा संलग्न कर्मचारी तथा पदाधिकारीहरूले कार्यालयबाट जारी आचारसंहिता पालना गरे नगरेको निरन्तर अनुगमन गर्नुपर्दछ ।

१७.१०. लेखापरीक्षण ऐन, २०७५ को दफा १६ मा महालेखापरीक्षकद्वारा जारी मानदण्ड, नीति, निर्देशन, निर्देशिका तथा लेखापरीक्षण योजनाबमोजिम सम्पन्न गरेको लेखापरीक्षण कार्यबाट हुन गएको क्षति वा त्रुटिको लागि महालेखापरीक्षकको कार्यालयका कर्मचारी व्यक्तिगत रूपमा जिम्मेवार नहुने व्यवस्था छ। लेखापरीक्षण मानदण्ड, निर्देशिकाको आधारमा लेखापरीक्षण गर्दा पहिचान हुन नसकेका त्रुटि वा कमजोरीका विषयमा लेखापरीक्षण ऐन, २०७५ को दफा १४ बमोजिम समकक्षी पुनरावलोकन बाहेक लेखापरीक्षणको पुनरावलोकन गर्न नसिकने व्यवस्थाबारे आम सरोकारवालालाई जानकारी गराउने लगायतका विषयमा आवश्यक समन्वय गर्नुपर्ने अवस्था छ ।

१७.११. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४० बमोजिम लेखा उत्तरदायी अधिकृत र दफा ४१ बमोजिम सार्वजनिक लेखा समितिबाट निर्णय भै प्रतिवेदनमा समावेश व्यहोराहरू समय तोकेर फर्स्यौंट गर्नुपर्ने व्यवस्थाले लेखापरीक्षणको कार्यात्मक स्वतन्त्रतामा असर परेकोले यसमा सुधार हुनुपर्दछ । लेखापरीक्षण ऐन, २०७५ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनका बीचमा तादात्म्यता कायम गरिनुपर्दछ ।

१७.१२. जुनसुकै तहको निर्वाचनमा भाग लिनको लागि असुल गर्नुपर्ने बेरुजू र पेश्की बेरुजू कायम नरहेको हुनुपर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१८. **नियमन व्यवस्था -** संविधान र कानूनबमोजिम सरकारले गर्ने कतिपय कार्यहरू खुला र सहभागितात्मक आधारमा सीमित सरकारको अवधारणाअनुरूप व्यावसायिक कार्यको कानूनद्वारा व्यवस्थित गरी नियमन गर्नुपर्दछ । नियमन सम्बन्धमा देहायका सुधार गर्नुपर्ने देखिन्छः

१८.१. औषधि तथा औषधिजन्य पदार्थ र खाद्य पदार्थको गुणस्तर, निर्माण सामग्री तथा कार्यको गुणस्तर कायम गर्ने, अपराध अनुसन्धान, भ्रष्ट्राचार, सम्पत्ति शुद्धीकरण, राजस्व तथा कर छलीका विषयमा अनुसन्धान गरी मुद्दा दायर गर्ने नियमनकारी निकायहरूको क्षमता अभिवृद्धि गरिनुपर्दछ । नियमनकारी निकायहरूबीच सूचना आदान प्रदान गरिनुपर्दछ ।

१८.२. मालवस्तुको उत्पादन, पैठारी, ढुवानी, सञ्चय वा बिक्री वितरणमा लागेको लागत र तोकिएको भन्दा बढी मुनाफा लिई बिक्री वितरण गर्ने, बजारमा न्यून गुणस्तरीय, कम तौल तथा म्याद नाघेका वस्तु तथा सेवा आपूर्ति हुने, अत्यावश्यक वस्तुको अभावलगायतका समस्या रहेकोले सम्बद्ध निकायको समन्वयमा बजार अनुगमन तथा कारबाही गर्ने व्यवस्थालाई प्रभावकारी बनाउनुपर्दछ ।

१८.३. नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, कर्मचारी सञ्चय कोषलगायतका वित्तीय कारोबार गर्ने कोषहरूको नियमन गर्ने नियमनकारी निकाय स्थापना गरिनुपर्दछ ।साथै बैङ्क तथा वित्तीय संस्थाको नियमन प्रभावकारी बनाउनुपर्दछ ।

१८.४. संसदीय समितिहरूले दिएका निर्देशनको अभिलेख राखी पालना भए नभएको अनुगमन गर्नुपर्दछ ।

१८.५. सार्वजनिक निजी सेवा प्रदायक निकायको त्रुटिपूर्ण कार्यबाट उपभोक्ताालाई आर्थिक, भौतिक, शारीरिक वा अन्य किसिमको हानि नोक्सानी पुग्न गएमा त्यसको उचित क्षतिपूर्ति भरण गर्ने व्यवस्था मिलाई नियमित अनुगमन गर्नुपर्दछ ।

१८.६. सबै सरकारी निकाय तथा नियमनकारी निकायहरूबाट उदाहरणीय आर्थिक अनुशासन कायम गरी वित्तीय उत्तरदायित्वलाई सदैव उच्च महत्व दिई सार्वजनिक व्यवहार गर्नु पर्दछ ।

• संघीयता कार्यान्वयन

१९. **संघीयतामा वित्त व्यवस्थापन -** मुलुकका तिनै तहका सरकारबाट सम्पादन हुने विकासात्मक क्रियाकलाप, स्रोत परिचालन र सेवा प्रवाहलाई प्रभावकारी बनाउन निम्न सुधार गर्नुपर्ने देखिन्छः

१९.१. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसबमोजिम वित्तीय हस्तान्तरणवारेको सूचना तथा हस्तान्तरण गर्ने कार्य समयमै गरी गराई सबल बनाइनुपर्दछ ।

१९.२. प्रदेश लोक सेवा आयोगहरूको प्रभावकारिता अभिवृद्धि गरी प्रदेश र स्थानीय तहमा आवश्यक जनशक्ति व्यवस्थापन गर्नुपर्दछ ।

१९.३. स्थानीय तहमा संविधान प्रदत्त अधिकार सूचीअनुसारका बाँकी कानून निर्माण गर्ने कार्यलाई थप प्रभावकारी बनाउनुपर्दछ।

१९.४. संघीय एकाइबीचको सम्बन्ध सुमधुर र सहयोगात्मक हुनुपर्दछ । संघ, प्रदेश तथा स्थानीय तहबीच कुनै विवाद भएमा समयमै राष्ट्रिय समन्वय परिषद्बाट समाधान गर्ने व्यवस्था मिलाउनुपर्दछ। अन्तरप्रदेशमा

सञ्चालन हुने परियोजना सञ्चालन गर्दा तीनवटै तहबीच समन्वय हुनुपर्दछ । प्राकृतिक स्रोतको प्रयोग गर्दा लाभको वितरण समन्यायिक, सन्तुलित र पारदर्शी रूपमा गर्नुपर्दछ ।

१९.५. प्रदेश र स्थानीय तहको आन्तरिक आय र खर्च आवश्यकता बीचको खाडल पुरा गर्न स्थानीय सरकारलाई राजस्वको दायरा बढाउन प्रोत्साहित गर्नुको साथै साझा अधिकारअन्तर्गत सङ्कलित राजस्व सम्बन्धित विभाज्य कोषमा जम्मा गरी समयमै बीच गर्ने प्रावधानको प्रभावकारी कार्यान्वयन गरिनुपर्दछ ।

१९.६. संविधानमा उल्लिखित साझा अधिकारका विषयहरूमध्ये प्रदेश र स्थानीय तहलाई हस्तान्तरण गर्नुपर्ने कार्यक्रमहरूसमेत संघ र प्रदेशले राख्ने गर्दा सडक, सिँचाइ, कृषि, पशु, वन, स्वास्थ्यजस्ता विषयगत क्षेत्रहरूको कार्यक्रम कार्यान्वयनमा दोहोरोपन देखिएको छ । यसमा सुधार गर्नुपर्दछ ।

१९.७. विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँटसम्बन्धी मापदण्ड, २०७६ अनुसार संघ, प्रदेश तथा स्थानीय तहबाट आयोजना कार्यक्रम विभाजन तथा कार्यान्वयन हुनुपर्दछ । बजेटको दुईतिहाई भन्दा बढी संघीय सरकारबाट खर्च भएको वर्तमान अवस्थामा सुधार ल्याउन वित्तीय हस्तान्तरणमा जोड दिनु जरुरी छ ।

१९.८. प्रदेश तथा स्थानीय तहबाट भएको प्रशासनिक खर्चलाई मितव्ययी बनाउनु आवश्यक देखिन्छ । पदाधिकारी र कर्मचारीका सुविधा, सवारीसाधन, इन्धन, बैठक भत्ता, अनुगमनलगायतमा हुने खर्चमा कटौती गर्न सकिने देखिन्छ । प्रदेश र स्थानीय तहको खर्चसम्बन्धी व्यवस्था तथा पदाधिकारीलगायत कर्मचारी सुविधामा एकरूपता कायम गरी मितव्ययिता गर्न खर्चसम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्दछ । राजनीतिक दर तथा उम्मेदवारहरुले निर्वाचनमा गर्ने सीमा भन्दा बढी खर्चको उचित नियमन र नियन्त्रण हुनुपर्दछ ।

२०. **प्रदेश तहको वित्तीय व्यवस्थापन -** प्रदेश तहमा वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन देहायबमोजिमको सुधार गरिनुपर्दछः

२०.१. प्रदेशका नीति तथा योजना आयोगहरूको प्रभावकारिता अभिवृद्धि गरी प्रादेशिक विकासको लागि नीति, योजना तथा कार्यक्रम तर्जुमा, आयोजना बैङ्कको निर्माण, कार्यान्वयन पक्षको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गरिनुपर्दछ ।

२०.२. आवधिक योजना र प्रादेशिक वार्षिक बजेटबीचको अन्तराल पूरा गर्न मध्यमकालीन खर्च संरचनाको कार्यान्वयनलाई ३ वर्षीय आम्दानी र खर्चको प्रक्षेपणमा मात्र सीमित नराखी कार्यक्रमहरूको प्राथमिकीकरण, लागत र समयसमेत खुलाई सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

२०.३. नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेप्सास) बमोजिम प्रदेशका सबै मन्त्रालय तथा निकायले वित्तीय विवरण तयार गर्नुपर्दछ ।

२०.४. प्रदेश मन्त्रालय, विभाग तथा कार्यालयहरूको संरचनालाई चुस्त र छरितो बनाई सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । विकास निर्माणका क्रियाकलापहरू मन्त्रालय आफैंले सञ्चालन गर्ने कार्यलाई निरुत्साहित गर्दै नीति, योजना, कानून तथा मापदण्डको निर्माण तथा सोको कार्यान्वयन तथा अनुगमन मूल्याङ्कनमा केन्द्रित हुनुपर्दछ ।

२०.५. संघीय सरकार तथा स्थानीय तहबाट हुने वा भइरहेका कार्यहरूमा दोहोरोपना हुन नदिने तथा एकीकृत कार्यालयको अवधारणाअनुसार कार्यालय स्थापना गरी कार्यसम्पादन गर्नुपर्दछ ।

२१. **स्थानीय तहको वित्तीय व्यवस्थापन -** स्थानीय तहको वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउन देहायबमोजिमको सुधार हुनुपर्दछ ।

२१.१. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१(४) मा प्रदेश तथा स्थानीय तहले उठाएको राजस्व र यस ऐनबमोजिम प्राप्त हुने राजस्व बाँडफाँट रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व तथा व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था भएकोमा कतिपय स्थानीय तहले प्रशासनिक खर्चमा बढी रकम विनियोजन गर्ने गरेको छ । यस्तो कार्य नियन्त्रण हुनुपर्दछ ।

२१.२. दिगो विकास लक्ष्य, संघीय आवधिक योजना र प्रादेशिक आवधिक योजनासँग सामञ्जस्य हुने गरी स्थानीय स्तरमा आवधिक योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्दछ ।

२१.३. ससाना अनुत्पादक एवं वितरणमुखी टुक्रे आयोजना कार्यक्रमहरू छनौट गर्ने कार्यलाई निरुत्साहित गरी उत्पादन वृद्धि तथा स्थानीय जनताको आवश्यकतालाई सम्बोधन गर्ने योजना कार्यान्वयन गर्नेतर्फ ध्यान दिनु पर्दछ ।

२१.४. स्थानीय तहको वित्तीय लेखाङ्कनमा प्रयोग भएको सब नेसनल ट्रेजरी रेगुलेटरी एप्लिकेसनमा थप परिमार्जन गरी सबै पालिकाहरूले पूर्णरूपमा प्रयोग गर्ने, लेखा राख्ने जनशक्तिको क्षमतासमेत अभिवृद्धि गरी उक्त एप्लिकेसनबाट तयार हुने वित्तीय प्रतिवेदनले स्थानीय तहको सबै कारोबार समेटी यथार्थ चित्रण गर्न सक्ने बनाइनुपर्दछ ।

२१.५. स्थानीय तहमा स्थानीय नेतृत्व तथा जनशक्तिलाई सार्वजनिक खरिद तथा वित्त व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रमा सहभागी गराई क्षमता अभिवृद्धि गरिनुपर्दछ ।

२१.६. प्रत्येक स्थानीय तहको भौगोलिक अवस्था, खर्चको आवश्यकता, प्रवाह गर्नुपर्ने सेवा समेतको आधारमा यथार्थ दरबन्दी यकिन गरी तथा रिक्त दरबन्दी समयमै पदपूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

२१.७. स्थानीय तहमा महालेखापरीक्षकको कार्यालयबाट जारी भएको प्रतिवेदन उपर प्रचलित कानूनबमोजिम गाउँ सभा वा नगरसभामा प्रस्तुत हुने र लेखा समिति गठन गरी बेरुजू छलफल एवं फर्स्यौट गर्ने व्यवस्था छ । सभाका पदाधिकारी तथा पालिकाका कर्मचारीबाट सम्पादन भएको कार्य उपर देखिएको बेरुजूका सम्बन्धमा सभाबाट फर्स्यौट गर्दा स्वार्थ नबाँझिने सुनिश्चित गरी आवश्यक नीतिगत एवं कानूनी व्यवस्थामा सुधार हुनुपर्दछ ।

२१.८. स्थानीय तहको आन्तरिक लेखापरीक्षण व्यवस्थालाई स्वतन्त्र, विश्वसनीय र प्रभावकारी बनाउन सबै स्थानीय तहको लेखापरीक्षण गर्न आवश्यक व्यवस्था हुनुपर्दछ ।

परिच्छेद - ६

कार्यालय गतिविधि

संगठनात्मक क्षमता र पेशागत सक्षमता

१. **संगठन संरचना र दरबन्दी -** नेपालको संविधान र प्रचलित कानूनबमोजिम संघ, प्रदेश र स्थानीय तहको लेखापरीक्षण गर्न कार्यबोझका आधारमा संगठन तथा व्यवस्थापन सर्भे २०७८।५।३ मा स्वीकृत भएको छ । कार्यालयको नयाँ स्वीकृत दरबन्दीअनुसार ४ उप-महालेखापरीक्षक, १८ नायब महालेखापरीक्षक, ११३ निर्देशक, २५५ लेखापरीक्षण अधिकारी र अन्य कर्मचारीसहित ६४३ दरबन्दी कायम रहेको छ ।

२. **भौतिक पूर्वाधार -** सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट २०७८ मंसिर ९ गते अनामनगरस्थित कार्यालयको नवनिर्मित भवनको समुदघाटन भएको छ । वि. सं. २०७२ सालको विनाशकारी भूकम्प पश्चात् बबरमहल, पुल्चोक, ताहाचल, डिल्लीबजार, अनामनगरलगायत ६ स्थानबाट कार्यालय सञ्चालनको व्यवस्था हुँदै आएकोमा नयाँ भवन निर्माणसँगै वाग्मती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय बबरमहलस्थित पुरानो भवनबाट र अन्य सबै विभाग तथा महानिर्देशनालयहरूको नवनिर्मित भवनबाटै कार्य सञ्चालन भइरहेको छ ।

३. **जनशक्ति तथा क्षमता विकास -** कर्मचारीको ज्ञान, सीप र क्षमतामा निरन्तर बढोत्तरीको लागि यो वर्ष कार्यालयका विभिन्न २२ कार्यक्रममा पटक पटक गरी ५५२ कर्मचारीले स्वदेशी र विभिन्न १८ कार्यक्रममा ४० कर्मचारीले वैदेशिक तालिम एवं क्षमता विकाससम्बन्धी कार्यक्रममा भर्चुअल तथा भौतिक माध्यमबाट सहभागिता जनाएका छन् । यो वर्ष उपमहालेखापरीक्षक २, नायब महालेखापरीक्षक ७, निर्देशक ४४, लेखापरीक्षण अधिकारी ४४, लेखापरीक्षण अधिक्षक २७ र कम्प्युटर अपरेटर २ समेत जम्मा १२६ कर्मचारी लोक सेवा आयोगको सिफारिसमा खुला तथा बढुवा प्रक्रियाको माध्यमबाट पदपूर्ति भएको छ ।

४. **पदक तथा पुरस्कार -** संविधान दिवस २०७८ को अवसरमा नेपाल सरकारबाट प्रदान हुने विभूषण तथा पदकबाट महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल प्रसिद्ध प्रबल जनसेवाश्री (द्वितीय) बाट विभूषित हुनु भएको छ । त्यसैगरी निर्देशक श्री कुमार थापा प्रबल जनसेवा श्री (चतुर्थ) बाट विभूषित हुनुभएको छ। साथै उत्कृष्ट निजामती सेवा पुरस्कार, २०७८ बाट कार्यालयका निर्देशक श्री नेत्रप्रसाद पौडेल पुरस्कृत हुनुभएको छ ।

५. **संस्थागत सुदृढीकरण -** महालेखापरीक्षकको कार्यालयले चौथो रणनैतिक योजना (२०२१-२०२५) तर्जुमा गरी समयसापेक्ष रूपमा परिर्माजन गरी लेखापरीक्षण संस्थाको गन्तव्य, लक्ष्य, उद्देश्य र कार्यक्रम निर्धारण गरी कार्यान्वयन गरेको छ । रणनैतिक योजनाले जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गरी एक विश्वसनीय संस्था हुने दूरदृष्टि तय गरेको छ । त्यसैगरी राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा उपलब्ध गराउने गन्तव्य राखेको छ । महालेखापरीक्षकको कार्यालयका मूल्य मान्यतामा स्वतन्त्रता, निष्ठा, पारदर्शिता, जवाफदेहिता र व्यावसायिकता रहेका छन् । योजनामा

लेखापरीक्षण गुणस्तरमा सुधार तथा लेखापरीक्षण प्रभाव अभिवृद्धि गर्ने, कार्यालयको आन्तरिक सुशासन सुदृढीकरण तथा थप स्वतन्त्रता प्राप्त गर्ने, संस्थागत तथा व्यावसायिक सक्षमता सुदृढ गर्ने, वित्तीय अनुशासन र जवाफदेहिता प्रवर्द्धन गर्ने, सरोकारवालासँगको सम्बन्धमा थप सुधार गर्नेलगायतका रणनीतिक लक्ष्यहरू रहेका छन् । उक्त लक्ष्य हासिल गर्न १९ उद्देश्य तथा सो अन्तर्गत विभिन्न कार्यक्रम तथा क्रियाकलापहरू निर्धारण गरिएको छ । योजना कार्यान्वयन गर्न रू.१ अर्ब २४ करोड ७७ लाख बजेट खर्च हुने अनुमान गरिएको छ ।

कार्यालयको आन्तरिक सुशासन प्रणाली सुदृढ गर्न आन्तरिक कार्य संचालन कार्यविधि, आर्थिक कारोबार लेखाङ्कनका लागि सरकारी लेखा प्रणाली र सरकारी सम्पत्ति व्यवस्थापनका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली कार्यान्वयनमा रहेको छ ।

६. **कार्ययोजना कार्यान्वयन -** नेपालको संविधानको धारा २४० बमोजिम नेपालको महालेखापरीक्षकमा २०७४।२।८ मा नियुक्त हुनुभएका माननीय महालेखापरीक्षकले आफ्नो काम, कर्तव्य, अधिकार प्रभावकारी रूपमा सम्पादन गर्न ६ वर्षे कार्ययोजना (२०७४-२०८०) स्वीकृत गरेअनुरूप कार्यालयले कार्य सम्पादन गरिरहेको छ । कार्ययोजनामा संगठनात्मक व्यवस्था र कार्यप्रणालीमा सुधार, नीतिगत तथा कानूनी सुधार, लेखापरीक्षण प्रक्रियामा सुधार, लेखापरीक्षण प्रभावकारिता र गुणस्तर सुधार, वित्तीय अनुशासन तथा जवाफदेहिता, संस्थागत सम्बन्ध र सञ्चार रहेका छन् । सार्वजनिक लेखापरीक्षणको माध्यमबाट सार्वजनिक निकायमा जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्न कार्यालयबाट उपर्युक्त विषयमा सुधारका प्रयास हुँदै आएको छ ।

आन्तरिक सुशासन र वित्तीय व्यवस्थापन

७. **वित्तीय स्थिति र कार्यक्रम -** यस वर्ष २०७९ जेठ मसान्तसम्म संचितकोषमाथि हुने व्ययभारतर्फ रू.१८ लाख ४५ हजार खर्च भएको छ । सञ्चित कोषबाट व्यय हुने चालुतर्फ रू.४० करोड ५४ लाख ६२ हजार र पुँजीगततर्फ रू.९३ लाख ३ हजारसमेत रू.४१ करोड ४७ लाख ६५ हजार खर्च भएको छ। त्यसैगरी एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम (पेफा) तर्फ परामर्श सेवा, मेसिन उपकरण एवं फर्निचर खरिद तथा क्षमता विकास तालिम लगायतमा कुल रू.२ करोड ८१ लाख ३९ हजारसमेत रू.४४ करोड २९ लाख ४ हजार खर्च भएको छ ।

८. **आचारसंहिताको पालना -** कार्यालयले सर्वोच्च लेखापरीक्षण संस्थाको अन्तर्राष्ट्रिय संस्थाबाट जारी आचारसंहितालाई अनुसरण गर्दै लेखापरीक्षकको आचारसंहिता जारी गरेको छ । सोअनुसार लेखापरीक्षण टोलीमा संलग्न हुने कर्मचारीले लेखापरीक्षण पूर्व नै नैतिक आचारसंहिताको घोषणा गरी उक्त आचारसंहिताको प्रभावकारी रूपमा पालना गर्नुपर्ने व्यवस्था मिलाइएको छ । आचारसंहिता पालना भए नभएको अनुगमन गर्न अनुगमन समिति गठन गरिएको छ । लेखापरीक्षणको लागि खटिएका कुनै कर्मचारीको आचारसंहिता पालनामा गुनासो आएमा वा कमीकमजोरी देखिएमा तत्कालै सम्बोधन गरी कारबाही गर्ने गरिएको छ ।

लेखापरीक्षण गुणस्तर र प्रभाव अभिवृद्धि

९. **लेखापरीक्षण योजना तर्जुमा -** संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानूनद्वारा तोकिएका अन्य निकायको २०७७।७८ को लेखापरीक्षणका लागि माननीय महालेखापरीक्षकबाट वार्षिक लेखापरीक्षण योजना, २०७८ स्वीकृत भई सोको कार्यान्वयन गरिएको छ। उक्त योजना अनुसार २०७८ चैत्र मसान्तभित्र वार्षिक प्रतिवेदन पेस गर्ने कार्ययोजना रहेकोमा कोभिड- १९ महामारीका कारण वार्षिक प्रतिवेदन पेस गर्ने कार्यमा ढिलाइ भएको छ ।

लेखापरीक्षण योजना तर्जुमा र कार्यान्वयनका क्रममा सम्माननीय राष्ट्रपति, प्रधानन्यायाधीश, संघीय संसद प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, संघीय सरकारका पदाधिकारीहरू, लेखापरीक्षण सल्लाहकार समिति, प्राविधिक विशेषज्ञलगायतका पदाधिकारीहरूसँग लेखापरीक्षणका विविध पक्षबारे छलफल गरी प्राप्त सुझावसमेत समावेश गरिएको थियो । यसबाट लेखापरीक्षण योजना कार्यान्वयनमा सहजता भई लेखापरीक्षण कार्यसम्पन्न गर्न सहयोग पुगेको छ ।

१०. **विद्युतीय प्रणाली** - लेखापरीक्षणलाई सूचना प्रविधिको माध्यमबाट सम्पादन गर्ने सन्दर्भमा लेखापरीक्षण ऐन, २०७५ को दफा १७ बमोजिम लेखापरीक्षण गर्ने निकायको लेखापरीक्षण फाइल, कार्यपत्र तथा अन्य कागजात विवरणहरू विद्युतीय माध्यमबाट अभिलेख राख्न सोही ऐनको दफा २९ ले दिएको अधिकार प्रयोग गरी महालेखापरीक्षकबाट "नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७८" जारी भएको छ । कार्यालयले २०७८।८।१ देखि नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (न्याम्स) लागू गरेको छ । यो प्रणालीको कार्यान्वयनसँगै यो वर्षका लेखापरीक्षण तथा सम्परीक्षण कार्य यसै प्रणालीबाट सम्पन्न गरिएको छ । यो प्रणाली सञ्चालनका लागि सर्भर खरिद तथा जडान कार्य भइरहेको छ । उक्त प्रणालीमा अभ्यस्त गराउन कार्यालयका सबै कर्मचारीलाई उपस्थितिमा तालिम दिइएको छ ।

११. **लेखापरीक्षण व्यवस्थापन** - वार्षिक लेखापरीक्षण योजना, २०७८।५।२० गते स्वीकृत गरी पहिलो चरणमा विगतको जस्तै म्यानुअल प्रक्रियाबाट ३३ जिल्लाको लेखापरीक्षण सम्पन्न गरिएको थियो । दोस्रो चरणदेखिका सबै लेखापरीक्षण नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (न्याम्स) बाट सम्पादन गरिएको छ । पहिलो चरणमा म्यानुअल तरिकाबाट लेखापरीक्षण सम्पन्न भएका निकायको विवरण तथा प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनसमेत न्याम्समा प्रविष्टि गरी यो वर्षदेखि सबै लेखापरीक्षण विद्युतीय प्रणालीमा आधारित बनाइएको छ । वार्षिक लेखापरीक्षण योजनाले लेखापरीक्षण गरिने निकायहरूको उच्च, मध्यम र न्यून जोखिमयुक्त कार्यालयमा विभाजन गरेको थियो । उच्च जोखिममा रहेका निकायहरूको सम्बन्धित निकायमा उपस्थित भई विस्तृत रूपमा लेखापरीक्षण गरिएको छ । मध्यम जोखिमका निकायहरूको हकमा जोखिमयुक्त विषयको पहिचान गरी त्यससम्बन्धी विवरण तथा आर्थिक विवरण र आन्तरिक लेखापरीक्षण प्रतिवेदन विद्युतीय सूचना प्रणालीमार्फत् प्राप्त गरी छनौट गरिएका कारोबारको सम्बन्धित निकायमा नपुगी दूर लेखापरीक्षण विधिबाट लेखापरीक्षण सम्पन्न गरिएको छ । न्यून जोखिममा रहेका साना निकायको आर्थिक विवरण र आन्तरिक लेखापरीक्षण प्रतिवेदन नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीमा प्राप्त हुने व्यवस्था मिलाई दूर लेखापरीक्षण विधिबाट सम्पन्न गरिएको छ ।

१२. **सल्लाहकार समिति -** लेखापरीक्षणको विश्वसनीयता, गुणस्तर तथा प्रभाव अभिवृद्धि गर्दै यसका नीतिगत, कानूनी, प्रक्रियागत तथा व्यावहारिक पक्षहरूमा सुधार ल्याउने उद्देश्यले लेखापरीक्षण सल्लाहकार समितिको गठन गरिएको छ । सल्लाहकार समितिमा महालेखापरीक्षकको अध्यक्षतामा प्रशासनिक, आर्थिक, सामाजिक, साँस्कृतिक लगायत राष्ट्रिय जीवनका महत्वपूर्ण क्षेत्रमा कार्य अनुभव भएका तथा योगदान पुऱ्याएका २१ जना सदस्य रहेका छन् । समितिको कामलाई थप प्रभावकारी बनाउन प्रशासन तथा सुशासन, आर्थिक क्षेत्र, योजना पूर्वाधार, वित्तीय व्यवस्थापन र सामाजिक सेवासमेत ५ उपसमिति गठन गरिएको छ । समय समयमा समितिको बैठक बसी सुझावहरु लिने गरिएको छ ।

१३. **समकक्षी पुनरावलोकन -** सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तराष्ट्रिय संगठन (इन्टोसाई) ले स्वीकृत गरेको सर्वोच्च लेखापरीक्षण संस्थाको कार्यसम्पादन मापदण्ड, २०१६ अनुसार आफूले सम्पादन गरेको लेखापरीक्षण कार्यहरू समकक्षी बाह्य सर्वोच्च लेखापरीक्षण संस्थाबाट पुनरावलोकन गराउनुपर्ने असल अभ्यास रहेको छ । नेपालको सर्वोच्च लेखापरीक्षण संस्था महालेखापरीक्षकको कार्यालयले मूल्याङ्कन गर्न अनुरोध गरेबमोजिम थाइल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्था द स्टेट अडिट अफिस अफ द किङ्गडम अफ थाइल्याण्डबाट कार्यसम्पादनको मूल्याङ्कन गराई सोको अन्तिम प्रतिवेदन प्राप्त भएको छ। पुनरावलोकन प्रतिवेदनअनुसार नेपालको कार्यसम्पादनस्तर विभिन्न सूचकका आधारमा उच्च र सन्तोषजनक रहेको छ । समकक्षी पुनरावलोकनबाट प्राप्त सुझावहरूलाई चौथो रणनैतिक योजनामा समावेश गरी सुधारका कार्यक्रमहरू अगाडि बढाइएको छ ।

१४. **लेखापरीक्षणमा नागरिक सहभागिता -** कार्यमूलक लेखापरीक्षणका लागि आवश्यक सूचना सङ्कलन, लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, प्रतिवेदन तयारी, प्रतिवेदनको सम्प्रेषण र अनुगमन कार्यमा नागरिक समाज तथा सरोकारवालाको सहभागितालाई निरन्तरता दिइएको छ । यो वर्ष एक नागरिक संस्थाको सहकार्यमा विराटनगर र नेपालगन्जमा कार्यमूलक लेखापरीक्षणमा नागरिक सहभागितासम्बन्धी तालिम कार्यक्रम गरिएको छ । सो तालिम कार्यक्रममा ४३ जिल्लाका ९५ नागरिक समाज संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

१५. **गुणस्तर आश्वस्तता पुनरावलोकन -** कार्यालयले लागू गरेको गुणस्तर पुनरावलोकन निर्देशिका, २०६९ अनुसार लेखापरीक्षणका स्थापित मान्यता, नीति तथा कार्यविधि लेखापरीक्षणमा अनुशरण भएको सुनिश्चित गर्न सुपरिवेक्षण तथा आन्तरिक पुनरावलोकनलगायतका क्रियाकलापहरू सम्पादन हुँदै आएका छन् । यो वर्ष वार्षिक लेखापरीक्षण योजना, २०७८ बमोजिम उच्च जोखिमयुक्त निकायका रूपमा पहिचान भएका सबै सरकारी कार्यालयहरूको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीबाट प्रतिवेदन जारी गर्नु पूर्व सुपरिवेक्षक तहबाट पुनरावलोकन गरी प्रतिवेदन जारी गर्ने व्यवस्था मिलाइएको छ। उच्च तहबाट पुनरावलोकन नभएसम्म कुनै पनि लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन सम्प्रेषण नहुने नीति अवलम्बन गरिएको छ । लेखापरीक्षण प्रतिवेदन जारी पश्चातको पुनरावलोकनको लागि निर्देशकहरूको नेतृत्वमा २०७६।७७ मा लेखापरीक्षण सम्पन्न भएका ४१ फाइलको गुणस्तर आश्वस्तता पुनरावलोकन गरी प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदनमा उल्लेख भएका विषयहरू सम्बोधन हुने गरी नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (न्याम्स) तर्जुमा गरिएको छ ।

वित्तीय अनुशासन र जवाफदेहिता अभिवृद्धि

१६. **वार्षिक प्रतिवेदन -** नेपालको संविधानको धारा २९४(१) बमोजिम सम्माननीय राष्ट्रपतिज्यू समक्ष महालेखापरीक्षकको ५८ औं वार्षिक प्रतिवेदन, २०७८ भाद्र ४ मा पेस भएको थियो। त्यस्तै नेपालको संविधानको धारा २९४(३) अनुसार प्रदेश सरकारको काम कारबाहीको सम्बन्धमा प्रदेशगत रूपमा तयार पारिएको वार्षिक प्रतिवेदनसमेत सोही मितिमा ७ प्रदेशका माननीय प्रदेश प्रमुखसमक्ष माननीय महालेखापरीक्षकले भिडियो कन्फ्रेन्समार्फत् जानकारी गराई सूचना प्रविधिको माध्यमबाट उपलब्ध गराइएको थियो । लेखापरीक्षण ऐन, २०७५ को दफा २० बमोजिम बक्यौता ५ सहित ६९९ स्थानीय तहको अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गरिएको थियो ।

१७. **वैदेशिक सहायताको लेखापरीक्षण -** नेपाल सरकारले दातृ निकायबाट बजेटमा समावेश नभएका वा समावेश भएपनि दातृ निकायबाट सोझै भुक्तानी हुने संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमबाट सन् २०२१ मा कार्यान्वयन भएका आयोजना र अमेरिकी सहयोग नियोगले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालयले खर्च रकमको लेखापरीक्षण गर्न अनुरोध भए बमोजिम लेखा व्यवसायीको सेवा लिई लेखापरीक्षण प्रतिवेदन ती निकायलाई उपलब्ध गराइएको छ।

१८. **बेरुजू फर्स्यौंट स्थितिबारे छलफल -** महालेखापरीक्षकको वार्षिक प्रतिवेदन कार्यान्वयनका लागि सार्वजनिक निकायको भूमिकालाई जिम्मेवार र प्रभावकारी बनाउन सघाउ पुऱ्याउने उद्देश्यले महालेखापरीक्षकको कार्यालयले नेपाल सरकारका मुख्य सचिवसहित मन्त्रालय, संवैधानिक निकाय र आयोगका लेखाउत्तरदायी अधिकृतहरूको उपस्थितिमा यो वर्षको बेरुजू फर्स्यौंटको प्रगति स्थिति सम्बन्धमा छलफल कार्यक्रमको आयोजना गरिएको छ । सो कार्यक्रममा बेरुजू आउनमा कमी ल्याउन र आएको बेरुजू फर्स्यौंट गरी समग्रमा बेरुजूको आकारलाई घटाउन व्यक्तिगत बेरुजू एवं वित्तीय अनुशासनलाई कर्मचारीहरूको वृत्ति विकासमा आवद्ध गर्न उपयुक्त नीतिगत तथा कानूनी प्रबन्ध गर्नुपर्ने सम्बन्धमा छलफल भएको थियो । उक्त कार्यक्रममा बेरुजू फर्स्यौंटको प्रगति स्थिति सन्तोषजनक नदेखिएकोले यसमा तदारुकता देखाउन र बेरुजू आउने क्रममा कमी ल्याई वित्तीय अनुशासनलाई प्रवर्द्धन गर्न कानूनमा भएको व्यवस्थाअनुसार सबै सरकारी निकायले आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकता माथि जोड दिइएको थियो ।

सरोकारवालासँगको सम्बन्ध र सञ्चार

१९. **लेखापरीक्षण प्रवेश बैठक -** वार्षिक लेखापरीक्षण योजना, २०७८ बमोजिम वार्षिक लेखापरीक्षण कार्यतालिका सम्प्रेषण एवं बेरुजू फर्स्यौंट सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीज्यूको उपस्थितिमा नेपाल सरकारका मुख्य सचिव तथा सबै लेखाउत्तरदायी अधिकृतबीच छलफल कार्यक्रमको आयोजना गरिएको थियो। उक्त कार्यक्रममा लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन र बेरुजू फर्स्यौंटलाई प्राथमिकता दिँदै वित्तीय अनुशासन कायम गर्ने सन्दर्भमा सबै लेखा उत्तरदायी अधिकृतलाई सम्माननीय प्रधानमन्त्रीज्यू र माननीय महालेखापरीक्षकबाट निर्देशन भएको थियो ।

२०. **प्रदेशस्तरीय भेटघाट र अन्तरक्रिया -** महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनका लागि प्रदेश प्रमुखले निर्वाह गर्न सक्ने सकारात्मक भूमिकालाई प्रभावकारी बनाउन यो वर्ष २०७८ चैत्र र २०७९ वैशाखमा मधेश, वाग्मती, कर्णाली, सुदूरपश्चिम र गण्डकी प्रदेशका प्रदेश प्रमुखहरूसँग

महालेखापरीक्षकबाट भेटघाट गरिएको थियो । त्यसैगरी महालेखापरीक्षकको कार्यालयको आयोजनामा ती प्रदेशमा प्रदेशस्तरीय अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ । प्रदेशको लेखापरीक्षणको अवस्था र महालेखापरीक्षकको प्रदेशको वार्षिक लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन स्थितिका सम्बन्धमा प्रदेशका मुख्यमन्त्री, मन्त्रीहरू, प्रदेश प्रमुख सचिव तथा सचिवहरूको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा कार्यालयले कार्यान्वयनमा ल्याएको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली, लेखापरीक्षणको अवस्था, महालेखापरीक्षकको प्रदेशको वार्षिक प्रतिवेदनका प्रमुख व्यहोराहरू र तिनीहरूको कार्यान्वयनमा प्रदेशले खेल्न सक्ने भूमिका सम्बन्धमा छलफल भएको थियो । संघीयता कार्यान्वयनको प्रारम्भिक अभ्यासमा रहेका प्रदेशले सार्वजनिक खरिद ऐन, २०६३, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को व्यवस्था तथा प्रदेशसम्बन्धी आर्थिक कार्यविधि ऐन, कानून र नियमहरू अनुरूप प्रदेशका लेखा उत्तरदायी अधिकृत र जिम्मेवार पदाधिकारीले कार्य सम्पादन गरी आर्थिक अनुशासन, वित्तीय उत्तरदायित्व, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्नुपर्ने विषयमा जोड दिएको थियो।

२१. **अभिमुखीकरण कार्यक्रम -** कार्यालयले सार्वजनिक निकायको अन्तिम लेखापरीक्षणलाई सूचना प्रविधिको माध्यमबाट सम्पन्न गर्न यो वर्षदेखि कार्यान्वयनमा ल्याएको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (न्याम्स) को बारेमा जानकारी प्रदान गर्ने उद्देश्यले विभिन्न तहमा त्यससम्बन्धी अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरेको थियो । पहिलो कार्यक्रममा नेपाल सरकारका मुख्य सचिव, विभिन्न मन्त्रालय र संवैधानिक निकायका लेखाउत्तरदायी अधिकृतहरूको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा यो वर्षदेखि कार्यालयले म्यानुअल लेखापरीक्षण अन्त्य गरी पेपरलेस तथा फेसलेस बनाएको जानकारी दिइएको थियो । साथै कार्यालयले भर्चुअल मध्यमबाट महालेखा नियन्त्रक कार्यालयअन्तर्गतका लेखा समूहका कर्मचारीहरूसहित सातवटै प्रदेशका प्रमुख सचिव, सचिव, प्रमुख जिल्ला अधिकारी, कार्यालय प्रमुख, प्रदेश कोष नियन्त्रक, आर्थिक प्रशासन प्रमुख र विश्वविद्यालयहरुका सम्बद्ध पदाधिकारीहरू तथा जिम्मेवार व्यक्तिलाई नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको सञ्चालन सम्बन्धमा अभिमुखीकरण प्रदान गरिएको थियो । सो कार्यक्रममा २ हजार ५०० भन्दा बढी पदाधिकारी तथा कर्मचारीहरूको सहभागिता रहेको थियो ।

२२. **संस्थागत सम्बन्ध** – महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षण नतिजाको प्रभाव वृद्धि गर्दै प्रतिवेदन कार्यान्वयन पक्षलाई थप प्रभावकारी बनाउन संघीय संसद, संसदीय समिति, संघ, प्रदेश र स्थानीय तहका पदाधिकारी, सार्वजनिक संस्थानका प्रमुख, लेखापरीक्षक, सञ्चार माध्यम र अन्य सरोकारवालासँग निरन्तर अन्तर्क्रिया र छलफल गरिएको छ । स्थलगत लेखापरीक्षण कार्यक्रमको नियमित अनुगमन, छलफल तथा अन्तरक्रिया, प्रेस नोट, बुलेटिन प्रकाशन, लेखापरीक्षण पत्रिका, वेब–साइटमार्फत् सूचना प्रवाह तथा सञ्चार माध्यमसँगको सम्बन्ध सुदृढ गर्दै वित्तीय अनुशासन पालनाको अवस्थाबारे आम नागरिक तहसम्म जानकारी प्रवाह गरिएको छ ।

२३. **संसदीय समितिहरूसँगको सम्बन्ध -** लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्न संघीय संसदको सार्वजनिक लेखा समिति तथा प्रदेश सभाका सार्वजनिक लेखा समितिहरूसँग निरन्तर छलफल, सम्पर्क र अन्तरक्रिया गरिएको छ । प्रदेश सभाका सार्वजनिक लेखा समितिका सदस्यको क्षमता अभिवृद्धि सम्बन्धी कार्यशालामा कार्यालयका कर्मचारीहरूलाई सहभागी गराइएको छ । संसदीय समितिहरूले विभिन्न विषयउपर अध्ययन, अनुसन्धान र विश्लेषण गरी निकालेका निष्कर्ष समेतलाई लेखापरीक्षणको

आधारको रूपमा लिने गरिएको छ । यो वर्ष महालेखापरीक्षकबाट प्रदेश लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन सम्बन्धमा मधेश, वागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेश सभाका सार्वजनिक लेखा समितिका पदाधिकारीसँग छलफल गरिएको छ । संघीय संसद र प्रदेश सभाका सार्वजनिक लेखा समितिमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन उपर हुने छलफलमा कार्यालयका कर्मचारीहरूलाई सहभागी गराइएको छ ।

२४. **वार्षिकोत्सव समारोह -** महालेखापरीक्षकको कार्यालयको ६४ औँ वार्षिकोत्सव २०७९ असार १५ गते सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूको प्रमुख आतिथ्यमा शुभकामना, सम्मान तथा पुरस्कार वितरणसहितका कार्यक्रम आयोजना गरी सम्पन्न भयो । कार्यक्रमलाई सम्बोधन गर्दै सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले सबैलाई बधाई तथा शुभकामना प्रदान गर्नुहुँदै नवनिर्मित भवनबाट कार्यसञ्चालन तथा कार्यालयले यो वर्षबाट विद्युतीय लेखापरीक्षण प्रणाली थालनी गरेकोमा सराहना गर्नुभयो। तीनै तहका सरकारबाट हुने विकास निर्माण र सेवा प्रवाहमा पारदर्शिताको प्रवर्द्धन गर्न कार्यालय सक्षम हुनुपर्ने, सार्वजनिक निकायहरुबाट बेरुजु फर्स्यौटमा सक्रियता तथा एकै प्रकृतिका विषय र व्यहोरा नदोहोरिने व्यवस्था गर्न आवश्यक रहेको उल्लेख गर्नु भयो । कार्यालयको भौतिक पूर्वाधारको उपलब्धतासँगै कर्मचारीहरूको कार्य वातावरणमा सुधार एवं आधुनिक प्रविधिको प्रयोगमार्फत् सार्वजनिक क्षेत्रमा वित्तीय सुशासन तथा जवाफदेहिता प्रवर्द्धन गर्न मद्दत पुग्न सक्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा महालेखापरीक्षकबाट संवैधानिक जिम्मेवारी पूरा गर्दै यस वर्षदेखि विद्युतीय प्रणालीबाट लेखापरीक्षण गरेको, जोखिममा आधारित लेखापरीक्षण प्रक्रिया अवलम्वन गरिएको तथा सुशासन प्रवर्द्धन गर्न महालेखापरीक्षकको वार्षिक प्रतिवेदनको कार्यान्वयन गरी वित्तीय सुशासन कायम गर्नुपर्ने सम्बन्धमा प्रकाश पार्नुभएको थियो । कार्यालयले कार्यक्रममा यस वर्ष उत्कृष्ट कार्य सम्पादन गर्ने ७ कर्मचारीलाई पुरस्कृत गरिएको थियो । साथै नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली कार्यान्वयन गराउनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने ९ कर्मचारी र १ परामर्शदाता तथा महालेखा नियन्त्रक कार्यालयलाईसमेत सम्मान गरिएको थियो ।

२५. **अन्तर्राष्ट्रिय सम्बन्ध -** सार्वजनिक लेखापरीक्षणको क्षेत्रमा असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणलाई अन्तर्राष्ट्रिय स्तरअनुरूप बनाउने, अन्य मुलुकको लेखापरीक्षण अभ्यासबारे जानकारी लिने तथा कार्यालयले गरेका कामहरू अरु मुलुकलाई जानकारी गराउने उद्देश्यले अन्तर्राष्ट्रिय क्षेत्रमा सक्रियतापूर्वक सहभागी हुने नीतिअनुरूप यस वर्ष भएका गतिविधि देहायबमोजिम छन्:

२५.१. सर्वोच्च लेखापरीक्षण संस्थाहरूको एसियाली संगठन (एसोसाई) को सन् २०२१ को सेप्टेम्बरमा भर्चुअल रूपमा आयोजित ५६ औँ गभर्निङ बोर्ड बैठक र आठौं एसोसाई कार्यशालामा महालेखापरीक्षकको नेतृत्वमा कार्यालयका अन्य कर्मचारीहरूको सहभागिता रहेको थियो । कार्यक्रमको संयोजन थाइल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्था स्टेट अडिट अफिस अफ द किङ्गडम अफ थाइल्याण्डले गरेको थियो । सभाले सन् २०१८-२०२४ को वित्तीय प्रतिवेदन स्वीकृति र सन् २०२२-२०२४ को बजेट अनुमोदन गरी सन् २०२१-२०२४ को लागि गभर्निङ बोर्ड र लेखापरीक्षण कमिटीको निर्वाचन गरेको थियो ।

२५.२. संयुक्त अधिराज्य बेलायतको अक्सफोर्ड विश्वविद्यालयको ब्लाभेटनिक स्कुल अफ गभर्नमेन्टले सन् २०२१ देखि २०२४ सम्म भ्रष्टाचार नियन्त्रण र सदाचारिता संस्कृति प्रवर्द्धन विषयक च्यान्डलर सेसनमा नयाँ पुस्ताको रणनीतिसम्बन्धी अध्ययन कार्यक्रम सञ्चालन गर्दै आएको छ । सो कार्यक्रममा

नेपालका महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाललाई विश्वविद्यालयले छनौट गरी आमन्त्रण गरेअनुसार सहभागिता भइरहेको छ ।

२५.३. सर्वोच्च लेखापरीक्षण संस्थाहरूको एसियाली संगठन (एसोसाई) को १५औँ महासभाबाट गठन गरिएको दिगो विकास लक्ष्यसम्बन्धी एसोसाई कार्यसमूहको प्रथम बैठक २४ मे २०२२ मा भर्चुअल माध्यमबाट सम्पन्न भएको छ । उक्त बैठकको अध्यक्षता कुवेतको स्टेट अडिट ब्युरोले गरेको थियो । सो बैठकमा कार्यालयका एक नायब महालेखापरीक्षक र एक निर्देशकको प्रतिनिधित्व रहेको थियो ।

२५.४. इन्टोसाईको लेखापरीक्षण मानक विकास तथा परिमार्जनसम्बन्धी कार्य गर्ने फोरम फर इन्टोसाई प्रोफेसनल प्रोनाउन्समेन्ट नामक संस्थामा सन् २०२० देखि २०२२ सम्मको लागि कार्यालयको सहभागिता रहेको छ । सो संस्थामा इन्टोसाईबाट विश्वव्यापी प्रतिस्पर्धात्मक आधारमा छनौट भई नायब महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारीले प्रतिनिधित्व गरिरहनुभएको छ ।

२५.५. कार्यालयले इन्टोसाई डेभलपमेन्ट इनिसिएटिभ (आई.डी.आई.) तथा सर्वोच्च लेखापरीक्षण संस्थाहरूको एसियाली संगठनबाट सञ्चालित क्षमता अभिवृद्धि कार्यक्रमहरूमा कर्मचारीलाई सहभागी गराएको छ । उक्त संस्थाको अनुरोधमा कार्यालयका कर्मचारीहरूलाई ती संस्थाहरूले आयोजना गरेका कार्यक्रममा स्रोत व्यक्तिको रूपमा समेत पठाउने गरेको छ । एसोसाईले सन् २०२१ मा प्रभावकारी लेखापरीक्षणका लागि लेखापरीक्षण प्रक्रियामा सुधार नामक भर्चुअल सेमिनार कार्यक्रम आयोजना गरेको थियो । उक्त सेमिनारमा एसिया र अरब क्षेत्रका ३१ सर्वोच्च लेखापरीक्षण संस्थाका ३३ जनाको सहभागिता रहेको थियो । सो सेमिनारमा कार्यालयका एक नायब महालेखापरीक्षकले विषय विज्ञको रूपमा योगदान गर्नुभएको थियो ।

२५.६. इन्टोसाई डेभलपमेन्ट इनिसिएटिभ (आई.डी.आई) ले विश्वव्यापी कोभिड-१९ महामारीसँग जुध्न राष्ट्रहरूले प्रयोगमा ल्याएका आकस्मिक कोषको पारदर्शिता, जवाफदेहिता र समावेशिता पक्षको परिपालना लेखापरीक्षणसम्बन्धी कार्यक्रम सञ्चालन गरेको छ । उक्त कार्यक्रममा एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाका ७ सर्वोच्च लेखापरीक्षण संस्था सहभागी रहेका छन् । तीमध्ये बंगलादेश र किर्गिस्तानको सर्वोच्च लेखापरीक्षण संस्थाको लेखापरीक्षण टोलीलाई मेन्टोरिङ गर्न आई.डी.आई को अनुरोधमा कार्यालयले एक नायब लेखापरीक्षकलाई सहभागी गराएको छ ।

२५.७. सर्वोच्च लेखापरीक्षण संस्थाहरूको एसियाली संगठन (एसोसाई) द्वारा सञ्चालित अनुसन्धान परियोजनाअन्तर्गत दूर लेखापरीक्षणः भविष्य एवं चुनौती विषयको प्रथम बैठक १३ मे २०२२ मा भर्चुअल माध्यमबाट सम्पन्न भएको छ । उक्त कार्यक्रममा चीन, भारत, इन्डोनेसिया, फिलिपिन्स, थाइल्याण्ड, नेपाल, अष्ट्रिया, ब्रुनाईसहित १७ एसोसाई सदस्य राष्ट्रको सहभागिता रहेको थियो । बैठकमा कार्यालयका एक निर्देशकको प्रतिनिधित्व रहेको थियो ।

२५.८. पाकिस्तानको सर्वोच्च लेखापरीक्षण संस्थाले सन् २०२२ को फेब्रुअरी २१ देखि मार्च ११ सम्म भर्चुअल माध्यमबाट कार्यमूलक लेखापरीक्षणसम्बन्धी इन्टरनेसनल इन्टेन्सिभ तालिम कार्यक्रम सञ्चालन गरेको थियो । उक्त तालिम कार्यक्रममा कार्यालयले ४ जना लेखापरीक्षण अधिकारीलाई सहभागी गराएको थियो ।

अनुसूची - १

(प्रतिवेदनको परिच्छेद १,२ र ३ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका सरकारी कार्यालयहरुको विवरण
(विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

क्र.सं.	मन्त्रालय, निकाय र कार्यालयको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
१	राष्ट्रपतिको कार्यालय	१	०	०
२	उपराष्ट्रपतिको कार्यालय	१	१	०
३	संघीय संसद	१	१	२२९१
४	सर्वोच्च अदालत	१०५	८२	२०४७७
५	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	९	५	०
६	महालेखापरीक्षकको कार्यालय	१	०	०
७	लोक सेवा आयोग	१६	११	२४९२
८	निर्वाचन आयोग	७८	४१	५४९
९	महान्यायाधिवक्ताको कार्यालय	९८	५७	२४५३४
१०	न्याय परिषद्	१	१	०
११	प्रदेश प्रमुखको कार्यालय	७	३	१४५
१२	राष्ट्रिय मानव अधिकार आयोग	१०	५	११
१३	राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग	१	१	०
१४	राष्ट्रिय महिला आयोग	१	१	३३७
१५	राष्ट्रिय दलित आयोग	१	१	०
१६	राष्ट्रिय समावेशी आयोग	१	१	०
१७	आदिवासी जनजाति आयोग	१	१	५६
१८	मधेशी आयोग	१	१	३०
१९	थारु आयोग	१	१	०
२०	मुस्लिम आयोग	१	१	०
२१	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	९६	७	१६९२
२२	अर्थ मन्त्रालय	२१४	१०९	१९९२७०५१
२३	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	३०	१७	९९२८८२
२४	ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय	७७	६२	८७४३९१
२५	कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय	७	४	३१६८७
२६	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	२०१	१११	३४२९१७०
२७	खानेपानी मन्त्रालय	२९	२७	७३५१४०
२८	गृह मन्त्रालय	८४४	४४३	९२२३०८
२९	संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	१८	१२	४६९४७६

क्र.सं.	मन्त्रालय, निकाय र कार्यालयको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
३०	परराष्ट्र मन्त्रालय	४४	४४	८५३९१
३१	वन तथा वन मन्त्रालय	५९	४८	५९१२४४
३२	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय	२७०	१३७	४७५०३९१
३३	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	१३९	११९	६५७०९३२
३४	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	९	४	३११८
३५	युवा तथा खेलकुद मन्त्रालय	१	१	१९४८२
३६	रक्षा मन्त्रालय	३१२	१५८	१०९२६१५
३७	शहरी विकास मन्त्रालय	४४	४३	७०२८०५
३८	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	८४	५२	१०७५९१८
३९	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	८७	७९	३८७४५७२
४०	संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	९२	४६	६७६६४०
४१	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	१५	१५	१२२२८१८
४२	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	२१	१७	२५०१२३
४३	राष्ट्रिय योजना आयोग	१२१	५६	५२७६२
४४	राष्ट्रिय पुनर्निर्माण प्राधिकरण	८७	७०	१०६७१७०
	संघ तर्फको जम्मा	**३२३७**	**१८९६**	**४९४७०७००**
	प्रदेश तर्फ			
४४	**प्रदेश नं १**	**२१५**	**१५१**	**१५८९१३३**
४४.१	प्रदेश सभा सचिवालय	१	१	३१२
४४.२	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	१	३८८
४४.३	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२	२	३७४२०
४४.४	आर्थिक मामिला तथा योजना मन्त्रालय	१५	४	१६५०
४४.५	आन्तरिक मामिला तथा कानून मन्त्रालय	१६	५	८२५२२
४४.६	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	४०	३४	१४००७२
४४.७	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	३६	२४	१७१४५६
४४.८	भौतिक पूर्वाधार विकास मन्त्रालय	४८	४४	१०५३०१९
४४.९	सामाजिक विकास मन्त्रालय	५४	३४	१०१६७०
४४.१०	प्रदेश योजना आयोग	१	१	२४०
४४.११	प्रदेश लोकसेवा आयोग	१	१	३८४
४५	**मधेश प्रदेश**	**१२९**	**११२**	**१८११६६८**
४५.१	प्रदेश सभा सचिवालय	१	१	४३१८६
४५.२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३	३	५११४६८
४५.३	अर्थ मन्त्रालय	९	३	४५०८४
४५.४	आन्तरिक मामिला तथा कानून मन्त्रालय	१	१	३१५९०
४५.५	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	२२	१९	७४२३०

क्र.सं.	मन्त्रालय, निकाय र कार्यालयको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
४५.६	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	२७	२३	१०८४१७
४५.७	भौतिक पूर्वाधार विकास मन्त्रालय	३२	३२	८२७१०१
४५.८	महिला वालवालिका युवा तथा खेलकुद मन्त्रालय	१	१	५५
४५.९	सामाजिक विकास मन्त्रालय	३०	२६	१७०१७१
४५.१०	प्रदेश लोकसेवा आयोग	१	१	२४७
४५.११	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	१	१०९
४५.१२	प्रदेश नीति आयोग	१	१	१०
४६	**वाग्मती प्रदेश**	**१८९**	**११३**	**१०२३११६**
४६.१	प्रदेश सभा सचिवालय	१	१	२१२२
४६.२	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	०	०
४६.३	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२	१	२०८
४६.४	आर्थिक मामिला तथा योजना मन्त्रालय	१४	०	०
४६.५	आन्तरिक मामिला तथा कानून मन्त्रालय	२	२	५३०९५
४६.६	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	३६	२०	८२०२४
४६.७	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	३८	१७	१२६१७४
४६.८	भौतिक पूर्वाधार विकास मन्त्रालय	४७	४०	६८२१६६
४६.९	सामाजिक विकास मन्त्रालय	४६	३०	७७२२४
४६.१०	प्रदेश नीति तथा योजना आयोग	१	१	२८
४६.११	प्रदेश लोकसेवा आयोग	१	१	७५
४७	**गण्डकी प्रदेश**	**१५५**	**११९**	**४८८३२९**
४७.१	प्रदेश सभा सचिवालय	१	१	१२८
४७.२	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	१	०
४७.३	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२	२	८०२७
४७.४	आर्थिक मामिला तथा योजना मन्त्रालय	१३	२	०
४७.५	आन्तरिक मामिला तथा कानून मन्त्रालय	१	१	३
४७.६	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	३०	१९	२२०८४
४७.७	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	३५	२७	४३९६४
४७.८	भौतिक पूर्वाधार विकास मन्त्रालय	३५	३३	३१९६४४
४७.९	सामाजिक विकास मन्त्रालय	३५	३१	९४१९५
